नेवीरिवि पत्रावली

(भाग ३)

[illegible]

सा· ग्रा· द्र· ३

११|१२१ / द० ६४८०

आ० आ०नं०

आ० आरक्षित [illegible]रक्षक भार

मू० ५०।—

वा० वि० पी०

पुस्तकालय

KATHMANDU NEPAL

[illegible]रक्षक भार

वाल्मीकि [illegible]

पुस्तकालय

प्रकाशकः
श्री ५ को सरकार
सञ्चार मन्त्रालय
सूचना विभाग

सर्वाधिकार सुरक्षित

प्रथम संस्करण : १,००० प्रति
शुभ-राज्याभिषेक वर्ष, २०३१

मूल्य : ५०।—

मुद्रक :
गोरखापत्र संस्थानको छापाखाना
धर्मपथ, काठमाडौं
नेपाल ।

मेचीदेखि महाकाली

(भाग ३)

पश्चिमाञ्चल विकास क्षेत्र

प्रकाशकः
श्री ५ को सरकार
सञ्चार मन्त्रालय
सूचना विभाग

सर्वाधिकार सुरक्षित

प्रथम संस्करण : १,००० प्रति
शुभ-राज्याभिषेक वर्ष, २०३१

मूल्य : ५०।—

मुद्रक :
गोरखापत्र संस्थानको छापाखाना
धर्मपथ, काठमाडौं
नेपाल ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट
“मेचीदेखि महाकाली” को प्रकाशनमा बक्सेको सन्देश

नेपाली समाजको आधुनिकीकरण नै हामीहरूको आजको सर्वोपरी लक्ष्य भएको हुनाले देश विकास सम्बन्धी विभिन्न उपाय तथा विचारधाराहरू देखा पर्नु स्वभाविकै हो। तर यस्ता उपाय तथा विचारहरू देशमा विद्यमान रहेका वस्तुस्थितिसित मेल खाए मात्र देश विकासको निम्ति उपयोगी सिद्ध हुन्छन्। त्यसैले हाम्रो देशको भौगोलिक अवस्था तथा सांस्कृतिक परम्पराको विशिष्टताले गर्दा हाम्रो आर्थिक तथा सामाजिक समस्याहरूको समाधान अरूको अनुकरणले मात्र हुन सक्दैन। यसको निम्ति हामीले हाम्रो वास्तविकताको स्पष्ट बोध गरी त्यसको आधारमा आफ्नै किसिमका समाधानहरू पहिल्याउनु आवश्यक छ। त्यसैले पहिले आफ्नै मुलुकसँग परिचित हुनु नै हाम्रो आजको आवश्यकता हो।

“मेचीदेखि महाकाली” नामको यो पुस्तकले हाम्रो देशका जिल्लाहरूको परिचयात्मक विवरणहरू प्रस्तुत गरी एउटा खाँचो पूर्ति गर्ने प्रयत्न गरेको छ। सबै क्षेत्रका पाठकहरू यस प्रयासबाट लाभान्वित हुने छन् र यसमा देखिएका कमीहरूको भविष्यमा सुधार गर्दै यसलाई अझ परिष्कृत पार्दै लगिनेछ भन्ने हाम्रो आशा छ।

यस नौलो तथा महत्वपूर्ण प्रयासमा लागेका सबै हाम्रा धन्यवादका पात्र छन्।

द० ६४८०
अ० आ०नं०
अ० आरक्षित
वा० वि० पीठ, पुस्तकालय
आंशिक भार

भूमिका

आंशिक भार

शताब्दीयौंसम्मको सुषुप्तावस्थापछि नेपालमा केही दशक यतादेखि सञ्चालन हुन लागेका विकास अभियानहरू र नेपाली जनमानसमा सुदृढ हुँदै गएको राष्ट्रियताको भावनाले गर्दा नेपाल अधिराज्यको प्रत्येक भागले आज बढ्दो महत्वको अनुभव गरेको छ । केही दशक पहिलेसम्म पनि शिक्षित नेपालीहरूमा समेत आफ्नो देशको विभिन्न भाग तथा त्यहाँका निवासीहरूको अस्तित्वको बारेमा बहुतै सीमित ज्ञान मात्र हुन्थ्यो । तर विकास कार्यक्रमहरूको प्रभावमा अधिराज्यका विभिन्न भागका मानिसहरूको बीच सम्पर्क यति व्यापक र तीव्र हुन गएको छ कि आज सबै नेपालीहरू नेपालका विभिन्न भागले प्रस्तुत गरेको विविधता बारे बढी मात्रामा सचेत भएका छन् । त्यसमाथि पनि अधिराज्यमा पञ्चायत व्यवस्थाको प्रादुर्भाव भएपछि गाउँ र जिल्ला पञ्चायतहरूको स्थापनाद्वारा स्थानीय विकासको क्षेत्रमा मात्र बढी ध्यान गएको होइन कि यसले गर्दा देशका सम्पूर्ण भागहरूलाई राष्ट्रिय जीवन प्रवाहमा अझ प्रभावकारी रूपले संलग्न गरायो । केही वर्ष यता श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको सदिच्छा अनुसार देशमा विकास कार्यक्रमहरूको सञ्चालनमा क्षेत्रिय सन्तुलन ल्याउन अधिराज्यलाई चार विकास क्षेत्रमा विभाजन गरिनुको साथै देशका विभिन्न इलाकाहरूको विकास र तिनीहरूलाई आपसमा परिपूरक बनाउन राष्ट्रिय योजनाको प्रक्रयामा प्रादेशिक दृष्टिकोण अपनाइनाले नेपाल अधिराज्यको प्रत्येक भू-भाग तथा जन-समूहको महत्व झन् बढ्न गएको छ ।

देश विकासको यस बढ्दो गतिको परिप्रेक्षमा नेपालका वर्तमान जिल्लाहरू, यसमा समावेश भएका जनसंख्या र भू-इलाकाको परिमाणको कारणले विकास तथा प्रशासनको महत्वपूर्ण एकाईहरूको रूपमा विकसित हुँदै आइरहेका छन् । यसरी वर्तमान नेपालको ७५ वटा जिल्लाहरूको समष्टिले नै नेपालको प्रत्येक भू-भाग र गाउँ समाजको प्रतिनिधित्व गर्न लागेको छ ।

नेपालका जिल्लाहरूको यस्तो महत्वपूर्ण स्थान भए तापनि हालसम्म तिनीहरूको विषयमा समष्टि रूपले परिचय दिने कुनै पुस्तक तयार भइसकेको थिएन । श्री ५ को सरकार, पञ्चायत मन्त्रालयले २०२१।०२२ सालतिर विभिन्न जिल्लाहरूको छोटकरी परिचय दिने स-साना पुस्तिकाहरू निकालेको थियो । ती पुस्तिकाहरू सही दिशामा चालिएका पहिलो पाइला भए तापनि ती परिचयहरू अत्यन्त संक्षिप्त भएका हुनाले तिनीहरूको उपयोगिता पनि सीमित नै रह्यो । सोही मन्त्रालयबाट पछि पनि यस्ता पुस्तिकाहरू प्रकाशनमा आएका थिए, तर तिनीहरूको व्यापकतामा पनि खास वृद्धि हुन सकेन । यस्तै प्रकारको प्रयास अरू संस्थाहरूले पनि फाटफुट गरेको देखिन्छ । कपिलवस्तु जिल्ला पञ्चायतद्वारा २०२९ सालमा प्रकाशित श्रीवज्रानन्द वज्राचार्य लिखित “कपिलवस्तुको रूपरेखा” नामक पुस्तक र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले विश्व-कोश तयार गर्ने सिलसिलामा नमूनाको रूपमा २०३० सालमा निकालेको “पाल्पा” भन्ने पुस्तिका यस प्रकारको प्रयासका केही

उदाहरणहरू हुन् । तर ती प्रयासहरूमा समावेश गरिएका विषय वस्तुहरूको व्यापकता तथा गहिराइमा समेत एक आपसमा फरक छन् भने अर्कोतिर तिनीहरू सीमित जिल्लाहरूको बारेमा मात्र उपलब्ध छन् ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट श्री ५ युवराजाधिराज होइबक्सँदा नै २०२७ सालदेखि प्रारम्भ गरिबक्सेको अधिराज्यका विभिन्न भागहरूको अनौपचारिक सवारी भ्रमणमा जिल्लाहरू सम्बन्धी जानकारीको ठूलो अभाव अनुभव भयो । त्यसैले यस जाँचबुझ केन्द्रले मुख्यतः मौसूफ सरकारको सवारी भ्रमणको निमित्त आवश्यक पर्ने विभिन्न जिल्लाहरू सम्बन्धी जानकारी विभिन्न स्रोतहरूबाट सङ्कलन गर्न प्रारम्भ गऱ्यो । यसरी क्रमशः प्रत्येक जिल्लाको विषयमा केही बृहत् प्रतिवेदनहरू तयार भए, जुन पछि अत्यन्त उपयोगी सावित भए । यदि ती जानकारीहरूलाई सर्वसाधारणले समेत प्रयोग गर्न पाउने गरी प्रकाशमा ल्याउन सकेमा धेरै नेपालीहरू यसबाट लाभान्वित हुन सक्नेछन् भन्ने मौसूफ सरकारको सदिच्छाअनुसार यस केन्द्रको संयोजकत्वमा उक्त प्रतिवेदनहरूलाई एक रूपता दिनुको साथै तिनीहरूलाई प्रकाशनको लागि उपयुक्त तुल्याउने योजना सञ्चालन भयो । अन्दाजी डेढ वर्षको समयावधिमा धेरै जना विशेष अधिकृतहरूको परिश्रमको फलस्वरूप यस पुस्तकले वर्तमान रूप धारण गर्न सकेको छ । चार खण्डमा प्रकाशित यस "मेचीदेखि महाकाली" नामक पुस्तकलाई श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभ-राज्याभिषेकको महान् ऐतिहासिक वर्षमा अधिराज्यका प्रत्येक कुना कन्दरामा बस्ने नेपालीहरूको सुख दुःखप्रति मौसूफ सरकारको चिन्तनको प्रतीकको रूपमा प्रकाशमा ल्याउन पाउनु यस केन्द्रको लागि अत्यन्त ठूलो सौभाग्यको कुरा हो ।

"मेचीदेखि महाकाली" को संयोजनको उद्देश्य एक अर्थमा सीमित र अर्को अर्थमा व्यापक छ । सीमित यस अर्थमा छ कि यसले नेपालका प्रत्येक जिल्लाको विषयमा छुट्टाछुट्टै परिचयात्मक विवरण मात्र दिन प्रयत्न गरेको छ । यो पुस्तक नेपाल अधिराज्यको समष्टि रूपको परिचय होइन, किनभने नेपाल अधिराज्यको पूर्णता यसको ७५ वटा जिल्लाहरूको योगभन्दा व्यापक तथा गहिरो छ । साथै यसले कुनै पनि जिल्लामा पाइने कुनै खास सामाजिक तथा आर्थिक समस्याको बारेमा पूर्ण विश्लेषण पनि प्रस्तुत गर्दैन । जानकारीको उपलब्धिले भ्याएसम्म यस पुस्तकले ती समस्याहरूको उपस्थितिसम्म इङ्गित गर्ने प्रयत्न गरेको छ । तर यसको उद्देश्य व्यापक यी अर्थहरूमा छन् कि यसले प्रथमतः कुनै पनि जिल्लाको बारेमा भौगोलिक, ऐतिहासिक, सामाजिक, आर्थिक आदि सम्पूर्ण पक्षहरूमा जानकारी उपलब्ध गराउने चेष्टा गरेको छ र दोस्रो, यी परिचयात्मक ठेलीहरू कुनै वर्गविशेषको चाख वा आवश्यकताको पूर्तिको निमित्त मात्र लेखिएका नभई यिनीहरूले नेपालका अनुसन्धानकर्ता, योजनावेत्ता, प्रशासक, विद्यार्थी, पर्यटक तथा सामान्य पाठक सबैको निमित्त उपयोगी हुने जानकारीहरू उपलब्ध गराउने प्रयत्न गरेको छ। तर यस प्रयासमा हामी कहाँसम्म सफल भएका छौं भन्ने कुराको निरुपण पाठकवर्गले नै मात्र गर्न सक्दछन्। साथै यहाँ यो पनि उल्लेख गर्नु आवश्यक छ कि यस पुस्तकले नेपालका जिल्लाहरूका बारेमा यत्रतत्र छरिएर रहेका जानकारीहरूलाई सकेसम्म एकत्रित गरी जिल्ला जिल्लाको आधारमा प्रस्तुत गर्न मात्र खोजेको हो । यस पुस्तकमा समावेश भएका कुराहरू ती जिल्लाहरूको सम्बन्धमा कुनै आधिकारिक जानकारी होइनन् ।

यस परिचयात्मक पुस्तकको संयोजन माथि उल्लेख गरिएझैं चार खण्डहरूमा भएको छ । प्रत्येक विकास क्षेत्रको निमित्त एउटा ठेली तयार भएको छ । त्यसैले पूर्वाञ्चल विकास क्षेत्रसित सम्बन्धित खण्डमा उक्त क्षेत्रभित्र पर्ने जम्मा १६ वटा जिल्लाहरूका परिचयहरू, दोस्रो खण्डमा मध्यमाञ्चल विकास क्षेत्र भित्रका

१९ वटा जिल्लाहरूका परिचयहरू, तेस्रो खण्डमा पश्चिमाञ्चल विकास क्षेत्रका १७ वटा जिल्लाका परिचयहरू र चौथो खण्डमा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका २३ वटा जिल्लाहरूका परिचयहरू समावेश छन् । प्रत्येक खण्डमा सबभन्दा पहिले उक्त विकास क्षेत्रलाई समष्टि रूपले विचार गरी लेखिएको एउटा क्षेत्रिय सारांश छ। सो सारांशमा उक्त क्षेत्रको भौगोलिक, ऐतिहासिक, सांस्कृतिक, आर्थिक तथा सामाजिक आदि सम्पूर्ण दृष्टिकोणले विश्लेषण गरी त्यस क्षेत्रभित्र पर्ने विभिन्न इलाकाहरूको विशेषताहरूको चित्रण र ती इलाकाहरू बीच रहेका आपसी अन्तरक्रियाहरूलाई प्रस्तुत गरी उक्त क्षेत्रको वैशिष्टचताको एउटा पार्श्वदृश्य प्रस्तुत गर्ने प्रयत्न गरिएको छ । प्रत्येक सारांशको आखिरमा एउटा उपसंहार दिइएको छ जसमा मुख्यत: सो क्षेत्रको विकासको निमित्त अनुकूल र प्रतिकूल परेका तत्वहरूको चर्चा गर्नुको साथै यस क्षेत्रका विकास सम्बन्धी सम्भावनाहरू र त्यसको निमित्त उठाउनु पर्ने कदमहरूको समेत संक्षेपमा उल्लेख गरिएका छन् ।

प्रत्येक जिल्लाका वर्णनहरूमा पनि यस्तै प्रकारको ढाँचा अपनाई परिच्छेदहरूको विभाजन गरिएको छ। तर यी वर्णनहरू प्रत्येक जिल्ला विशेषका वर्णन भएको हुनाले यसमा उक्त जिल्ला सम्बन्धी विभिन्न पक्षहरूमा सविस्तार वर्णन गरिएको छ ।

प्रत्येक जिल्लाको वर्णन उक्त जिल्लाको सामान्य परिचयबाट शुरू हुन्छ, जसमा उक्त जिल्लाका भौगोलिक अवस्थिति, क्षेत्रफल, जनसंख्या जस्ता प्रारम्भिक जानकारीहरू र उक्त जिल्लाका विशेषताहरूको बारेमा संक्षिप्त टिप्पणी दिइएको हुन्छ । त्यसपछि प्राकृतिक स्वरूप र सम्पदाको परिच्छेद आउँछ । यसमा समावेश भएका मुख्य उप-शीर्षकहरूमा उक्त जिल्लाको भौगोलिक बनावट, नदी प्रणाली, हावापानी र प्राकृतिक वन-वनस्पति हुन् । हावापानीको सन्दर्भमा जुन जिल्लामा मौसम अवलोकन केन्द्र छैन त्यस जिल्लाको हावापानी सम्बन्धी चर्चा सो जिल्लाको प्राकृतिक अवस्थासित मोटामोटी रूपले मिल्ने देखिने नजीकको जिल्लाको जानकारीमा आधारित गरिएको छ । वन विकास सम्बन्धी कुराहरू पनि यसै परिच्छेदमा वन-वनस्पति उप-शीर्षक अन्तर्गत राखिएका छन् । जुन जिल्लामा खनिज पदार्थको महत्वपूर्ण भूमिका छ त्यस जिल्लामा यसै परिच्छेद अन्तर्गत खनिज पदार्थ सम्बन्धी पनि केही चर्चा गरिएको छ । अन्यथा खनिज पदार्थ सम्बन्धी चर्चा क्षेत्रिय सारांशहरूमा मात्र गरिएका छन् ।

तेस्रो परिच्छेदमा जिल्लाको ऐतिहासिक पृष्ठभूमि सम्बन्धी चर्चा गरिएको छ । हुनत: इतिहासको घटनाक्रमले सामान्यत: एउटा व्यापक भू-इलाका समेटेको हुन्छ । त्यसैले नेपालका वर्तमान जिल्लाहरूको सीमानाको आधारमा इतिहासको चर्चा गर्नु वास्तवमा एउटा कृत्रिम प्रयास मात्र हुनेछ तापनि नेपाली इतिहासको निर्णयमा वर्तमान जिल्लाको के भूमिका थियो भन्ने कुरा पाठकवर्गलाई चाखको विषय हुनुका साथै यस प्रकारको जानकारीले भविष्यमा इतिहास सम्बन्धी जिल्ला जिल्लामा गरिने सोधकार्यको निमित्त पनि सहयोग पुऱ्याउला भन्ने अभिप्रायले प्रत्येक जिल्लाको ऐतिहासिक पृष्ठभूमि पनि दिइएको हो । यसमा विभिन्न स्रोतबाट उपलब्ध भएसम्म प्राचीन ऐतिहासिक घटनाहरूको बारेमा समेत संक्षिप्त वर्णन गरिएको छ ।

यसपछिको परिच्छेदमा जिल्लामा केही प्रमुख स्थानहरूको विषयमा छुट्टाछुट्टै चर्चा गरिएको छ । यसमा सामान्यत: उक्त स्थानको अवस्थिति, त्यहाँ पुग्ने तरीका, ऐतिहासिक, धार्मिक अथवा व्यापारिक महत्व, मौजूद सामाजिक सुविधाहरू आदि विषयमा उल्लेख गरिएका छन् ।

पाँचौं परिच्छेद जनसंख्या र जनजीवनको हो। यस अन्तर्गत जिल्लाको कुल जनसंख्या, पुरुष, महिलाको अनुपात, घर परिवार, उमेर समूह, सक्षम तथा आश्रित जनसंख्याको अनुपात, वैवाहिक स्थिति, मातृभाषा, जन्मस्थान र गाउँ पञ्चायतहरूका जनसंख्या सम्बन्धी जानकारीहरू दिइएका छन्। जनजीवन उप–शीर्षक अन्तर्गत प्रत्येक जिल्लामा बस्ने विभिन्न जात जातिका बासिन्दाहरूमा आपसी सम्बन्धको एउटा स्वरूप प्रस्तुत गर्ने कोशिस गरिएको छ। यसको साथै कुनै कुनै जिल्लामा कुनै कुनै जातिविशेषको बारेमा पनि केही विस्तृत परिचय प्रस्तुत गरिएको छ। यस अन्तर्गत जानकारी उपलब्ध भएसम्म त्यस जातिको भाषा, भेषभूषा, सामाजिक संगठन, आर्थिक व्यवसाय, जीवनचक्र आदि विषयहरूमा चर्चा गरिएको छ। तर कुन जिल्लामा कुन जातिको बारेमा विस्तृत चर्चा गर्ने भन्ने बारेमा राष्ट्रिय जनगणनाको आधार लिइएको छ। उक्त जनगणनामा जम्मा १९ वटा मातृभाषाहरूको समूह दिइएका छन्, जसमध्ये १७ वटा छुट्टा छुट्टै मातृभाषा हुन् र बाँकी दुई वटा समूहहरूमा नेपालभित्र बोलिने स–साना मातृभाषाहरूको समूह– "स्थानीय जिल्लाका भाषाहरू" र विदेशी भाषाहरूको समूह– "अन्य भाषाहरू" पर्दछन्। यसरी जनगणनामा जुन जातिको मातृभाषा जुन जिल्लामा सबभन्दा बढी बोल्नेहरूको संख्या देखाइएको छ त्यसै जिल्ला र त्यसको वरिपरिको इलाकालाई त्यस जातिको मूल थलोको रूपमा मानेर उक्त जातिको सम्बन्धमा सो जिल्लाको परिचयमा विस्तृत जानकारी दिने प्रयास गरिएको छ। तर जुन मातृभाषा जनगणनामा यसरी छुट्टै दिइएको छैन ती मातृभाषा बोल्ने जातिको विशेष परिचय अन्य जानकारीको आधारमा जुन जिल्लामा तिनीहरूको सबभन्दा बढी जनसंख्या रहेको छ त्यस जिल्लाको वर्णनमा दिइएको छ। तर नेपाली समाजका जातहरू तथा अन्य धार्मिक समूहहरूका हकमा कुनै स्थानविशेषलाई तिनीहरूको मूल थलोको रूपमा मान्न नसकिने भएकोले तिनीहरूको विषयमा सामान्यतः कुनै पनि जिल्लाको परिचयमा विस्तृत जानकारी दिइएको छैन र त्यसको बदला त्यस जिल्लाको जनजीवनको समष्टि रूपको चर्चा गर्दा तिनीहरूको विषयमा जानकारी दिइएको छ। यसरी यस पुस्तकमा निम्नलिखित जातिहरूको विशेष परिचय निम्नलिखित जिल्लाहरूको वर्णन अन्तर्गत दिइएका छन्:–

जाति	जिल्ला	जाति	जिल्ला	जाति	जिल्ला
लिम्बू	पाँचथर	थामी	दोलखा	गुरुङ	लमजुङ
लेप्चा	इलाम	हायू	रामेछाप	थकाली	मुस्ताङ
राजवंशी	झापा	सुनुवार	रामेछाप	छन्तेल	म्याग्दी
मेचे	झापा	दनुवार	सिन्धुली	मगर	पाल्पा
सतार	झापा	तामाङ	काभ्रेपलाञ्चोक	राउटे	सल्यान
धिमाल	मोरङ	नेवार	काठमाडौं	राजी	दाङ
शेर्पा	सोलुखुम्बू	चेपाङ	मकवानपुर	थारू	कैलाली
राई	खोटाङ	माझी	चितवन	ब्याँसी	दार्चुला

कुनै कुनै जातिको नाम एउटै भए तापनि स्थानविशेषले तिनीहरू छुट्टै सांस्कृतिक अस्तित्व भएका पृथक समूहहरूका रूपमा पनि देखापरेका छन्। यस्तो समूहमा धनकुटामा पाइने आठपहरिया राई, चितौनिया थारूहरू, मनाङमा पाइने मनाङ्गे भोटेहरू, मुस्ताङमा पाइने भोटे, पुनेल, पाँच गाउँले, बाह्र गाउँले आदि, पश्चिम बागलुङमा पाइने मगरहरू, दाङमा पाइने डंगौरा थारू, डोल्पामा पाइने काइके भाषा बोल्ने मगरहरू, हुम्लामा पाइने हुम्ली तामाङ आदि हुन्। यी बाहेक जानकारीको उपलब्धिको साथसाथै व्यावसायिक तथा

१९ वटा जिल्लाहरूका परिचयहरू, तेस्रो खण्डमा पश्चिमाञ्चल विकास क्षेत्रका १७ वटा जिल्लाका परिचयहरू र चौथो खण्डमा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका २३ वटा जिल्लाहरूका परिचयहरू समावेश छन् । प्रत्येक खण्डमा सबभन्दा पहिले उक्त विकास क्षेत्रलाई समष्टि रूपले विचार गरी लेखिएको एउटा क्षेत्रिय सारांश छ। सो सारांशमा उक्त क्षेत्रको भौगोलिक, ऐतिहासिक, सांस्कृतिक, आर्थिक तथा सामाजिक आदि सम्पूर्ण दृष्टिकोणले विश्लेषण गरी त्यस क्षेत्रभित्र पर्ने विभिन्न इलाकाहरूको विशेषताहरूको चित्रण र ती इलाकाहरू बीच रहेका आपसी अन्तरक्रियाहरूलाई प्रस्तुत गरी उक्त क्षेत्रको वैशिष्ट्यताको एउटा पार्श्वदृश्य प्रस्तुत गर्ने प्रयत्न गरिएको छ । प्रत्येक सारांशको आखिरमा एउटा उपसंहार दिइएको छ जसमा मुख्यतः सो क्षेत्रको विकासको निमित्त अनुकूल र प्रतिकूल परेका तत्वहरूको चर्चा गर्नुको साथै यस क्षेत्रका विकास सम्बन्धी सम्भावनाहरू र त्यसको निमित्त उठाउनु पर्ने कदमहरूको समेत संक्षेपमा उल्लेख गरिएका छन् ।

प्रत्येक जिल्लाका वर्णनहरूमा पनि यस्तै प्रकारको ढाँचा अपनाई परिच्छेदहरूको विभाजन गरिएको छ। तर यी वर्णनहरू प्रत्येक जिल्ला विशेषका वर्णन भएको हुनाले यसमा उक्त जिल्ला सम्बन्धी विभिन्न पक्षहरूमा सविस्तार वर्णन गरिएको छ ।

प्रत्येक जिल्लाको वर्णन उक्त जिल्लाको सामान्य परिचयबाट शुरू हुन्छ, जसमा उक्त जिल्लाका भौगोलिक अवस्थिति, क्षेत्रफल, जनसंख्या जस्ता प्रारम्भिक जानकारीहरू र उक्त जिल्लाका विशेषताहरूको बारेमा संक्षिप्त टिप्पणी दिइएको हुन्छ । त्यसपछि प्राकृतिक स्वरूप र सम्पदाको परिच्छेद आउँछ । यसमा समावेश भएका मुख्य उप-शीर्षकहरूमा उक्त जिल्लाको भौगोलिक बनावट, नदी प्रणाली, हावापानी र प्राकृतिक वन-वनस्पति हुन् । हावापानीको सन्दर्भमा जुन जिल्लामा मौसम अवलोकन केन्द्र छैन त्यस जिल्लाको हावापानी सम्बन्धी चर्चा सो जिल्लाको प्राकृतिक अवस्थासित मोटामोटी रूपले मिल्ने देखिने नजीकको जिल्लाको जानकारीमा आधारित गरिएको छ । वन विकास सम्बन्धी कुराहरू पनि यसै परिच्छेदमा वन-वनस्पति उप-शीर्षक अन्तर्गत राखिएका छन् । जुन जिल्लामा खनिज पदार्थको महत्वपूर्ण भूमिका छ त्यस जिल्लामा यसै परिच्छेद अन्तर्गत खनिज पदार्थ सम्बन्धी पनि केही चर्चा गरिएको छ । अन्यथा खनिज पदार्थ सम्बन्धी चर्चा क्षेत्रिय सारांशहरूमा मात्र गरिएका छन् ।

तेस्रो परिच्छेदमा जिल्लाको ऐतिहासिक पृष्ठभूमि सम्बन्धी चर्चा गरिएको छ । हुनतः इतिहासको घटनाक्रमले सामान्यतः एउटा व्यापक भू–इलाका समेटेको हुन्छ । त्यसैले नेपालका वर्तमान जिल्लाहरूको सीमानाको आधारमा इतिहासको चर्चा गर्नु वास्तवमा एउटा कृत्रिम प्रयास मात्र हुनेछ तापनि नेपाली इतिहासको निर्णयमा वर्तमान जिल्लाको के भूमिका थियो भन्ने कुरा पाठकवर्गलाई चाखको विषय हुनुका साथै यस प्रकारको जानकारीले भविष्यमा इतिहास सम्बन्धी जिल्ला जिल्लामा गरिने सोधकार्यको निमित्त पनि सहयोग पुऱ्याउला भन्ने अभिप्रायले प्रत्येक जिल्लाको ऐतिहासिक पृष्ठभूमि पनि दिइएको हो । यसमा विभिन्न स्रोतबाट उपलब्ध भएसम्म प्राचीन ऐतिहासिक घटनाहरूको बारेमा समेत संक्षिप्त वर्णन गरिएको छ ।

यसपछिको परिच्छेदमा जिल्लामा केही प्रमुख स्थानहरूको विषयमा छुट्टाछुट्टै चर्चा गरिएको छ । यसमा सामान्यतः उक्त स्थानको अवस्थिति, त्यहाँ पुग्ने तरीका, ऐतिहासिक, धार्मिक अथवा व्यापारिक महत्व, मौजूद सामाजिक सुविधाहरू आदि विषयमा उल्लेख गरिएका छन् ।

पाँचौं परिच्छेद जनसंख्या र जनजीवनको हो। यस अन्तर्गत जिल्लाको कुल जनसंख्या, पुरुष, महिलाको अनुपात, घर परिवार, उमेर समूह, सक्षम तथा आश्रित जनसंख्याको अनुपात, वैवाहिक स्थिति, मातृभाषा, जन्मस्थान र गाउँ पञ्चायतहरूका जनसंख्या सम्बन्धी जानकारीहरू दिइएका छन् । जनजीवन उप–शीर्षक अन्तर्गत प्रत्येक जिल्लामा बस्ने विभिन्न जात जातिका बासिन्दाहरूमा आपसी सम्बन्धको एउटा स्वरूप प्रस्तुत गर्ने कोशिस गरिएको छ । यसको साथै कुनै कुनै जिल्लामा कुनै कुनै जातिविशेषको बारेमा पनि केही विस्तृत परिचय प्रस्तुत गरिएको छ । यस अन्तर्गत जानकारी उपलब्ध भएसम्म त्यस जातिको भाषा, भेषभूषा, सामाजिक संगठन, आर्थिक व्यवसाय, जीवनचक्र आदि विषयहरूमा चर्चा गरिएको छ । तर कुन जिल्लामा कुन जातिको बारेमा विस्तृत चर्चा गर्ने भन्ने बारेमा राष्ट्रिय जनगणनाको आधार लिइएको छ । उक्त जनगणनामा जम्मा १९ वटा मातृभाषाहरूको समूह दिइएका छन्, जसमध्ये १७ वटा छुट्टा छुट्टै मातृभाषा हुन् र बाँकी दुई वटा समूहहरूमा नेपालभित्र बोलिने स–साना मातृभाषाहरूको समूह– "स्थानीय जिल्लाका भाषाहरू" र विदेशी भाषाहरूको समूह– "अन्य भाषाहरू" पर्दछन् । यसरी जनगणनामा जुन जातिको मातृभाषा जुन जिल्लामा सबभन्दा बढी बोल्नेहरूको संख्या देखाइएको छ त्यसै जिल्ला र त्यसको वरिपरिको इलाकालाई त्यस जातिको मूल थलोको रूपमा मानेर उक्त जातिको सम्बन्धमा सो जिल्लाको परिचयमा विस्तृत जानकारी दिने प्रयास गरिएको छ । तर जुन मातृभाषा जनगणनामा यसरी छुट्टै दिइएको छैन ती मातृभाषा बोल्ने जातिको विशेष परिचय अन्य जानकारीको आधारमा जुन जिल्लामा तिनीहरूको सबभन्दा बढी जनसंख्या रहेको छ त्यस जिल्लाको वर्णनमा दिइएको छ । तर नेपाली समाजका जातहरू तथा अन्य धार्मिक समूहहरूका हकमा कुनै स्थानविशेषलाई तिनीहरूको मूल थलोको रूपमा मान्न नसकिने भएकोले तिनीहरूको विषयमा सामान्यतः कुनै पनि जिल्लाको परिचयमा विस्तृत जानकारी दिइएको छैन र त्यसको बदला त्यस जिल्लाको जनजीवनको समष्टि रूपको चर्चा गर्दा तिनीहरूको विषयमा जानकारी दिइएको छ । यसरी यस पुस्तकमा निम्नलिखित जातिहरूको विशेष परिचय निम्नलिखित जिल्लाहरूको वर्णन अन्तर्गत दिइएका छन्:–

जाति	जिल्ला	जाति	जिल्ला	जाति	जिल्ला
लिम्बू	पाँचथर	थामी	दोलखा	गुरुङ	लमजुङ
लेप्चा	इलाम	हायू	रामेछाप	थकाली	मुस्ताङ
राजवंशी	झापा	सुनुवार	रामेछाप	छन्तेल	म्याग्दी
मेचे	झापा	दनुवार	सिन्धुली	मगर	पाल्पा
सतार	झापा	तामाङ	काभ्रेपलाञ्चोक	राउटे	सल्यान
धिमाल	मोरङ	नेवार	काठमाडौं	राजी	दाङ
शेर्पा	सोलुखुम्बू	चेपाङ	मकवानपुर	थारू	कैलाली
राई	खोटाङ	माझी	चितवन	ब्याँसी	दार्चुला

कुनै कुनै जातिको नाम एउटै भए तापनि स्थानविशेषले तिनीहरू छुट्टै सांस्कृतिक अस्तित्व भएका पृथक सनूहहरूका रूपमा पनि देखापरेका छन् । यस्तो समूहमा धनकुटामा पाइने आठपहरिया राई, चितौनिया थारूहरू, मनाङमा पाइने मनाङ्गे भोटेहरू, मुस्ताङमा पाइने भोटे, पुनेल, पाँच गाउँले, बाह्र गाउँले आदि, पश्चिम बागलुङमा पाइने मगरहरू, दाङमा पाइने डंगौरा थारू, डोल्पामा पाइने काइके भाषा बोल्ने मगरहरू, हुम्लामा पाइने हुम्ली तामाङ आदि हुन् । यी बाहेक जानकारीको उपलब्धिको साथसाथै व्यावसायिक तथा

सांस्कृतिक विशेषताको कारणहरूले गर्दा गाइनेहरूको विषयमा कास्कीमा, कर्णालीका ठकुरीहरूलाई जुम्लामा र मतवाली क्षेत्रीहरूलाई तिन्निकोटमा वर्णन गरिएका छन् । तर यहाँ यो कुरा उल्लेख गर्नु आवश्यक छ कि उक्त वर्णनहरूले नेपालको सांस्कृतिक वैभवको सम्पूर्ण परिचय प्रस्तुत गर्दैनन्; जानकारीले भ्याएसम्म यी वर्णनहरूले विभिन्न समूहहरूको परिचय मात्र दिन खोजेका छन् ।

छैठौं परिच्छेदमा जिल्लाको आर्थिक व्यवस्था आउँछ । यसमा कृषि र उद्योग तथा व्यापार मुख्य दुई उप-शीर्षकहरू छन्। कृषि उप-शीर्षक अन्तर्गत भूमि व्यवस्था, पशुपालन, फलफूल खेती, सिचाइ, कृषि ऋण र खेती सम्बन्धी विकास कार्यक्रमहरू बारेमा चर्चा गरिएको छ । उद्योग व्यवसाय अन्तर्गत जिल्लामा भएका औद्योगिक प्रतिष्ठानहरू, तिनीहरूको सञ्चालन, घरेलु उद्योगहरू, अन्तःशुल्क आदिका बारेमा जानकारी दिइएका छन् । त्यस्तै व्यापार अन्तर्गत पनि जिल्लाका व्यापारिक केन्द्रहरू, आयात र निर्यात हुने सामानहरू र भन्सारहरू बारेमा चर्चा गरिएका छन् । यसपछि कृषि र गैर-कृषि व्यवसायमा लागेका जनसंख्याको तुलनात्मक विवेचना आउँछ, जहाँ यो परिच्छेदको अन्त्य हुन्छ । यातायात, सञ्चार र विजुली प्रत्येक जिल्ला वर्णनको सातौं परिच्छेद हो । यसमा यातायात अन्तर्गत जिल्ला भित्रका विभिन्न सडक, बाटोहरू, हवाइ सेवा, रोपवे, घाटहरू, जल मार्गहरू बारेमा आवश्यक जानकारी दिइन्छ । सञ्चार अन्तर्गत आकाशवाणी, टेलिफोन, हुलाक अड्डा र तिनीहरू स्थापित भएका स्थानहरूको बारेमा जानकारी दिइएको छ । त्यस्तै बिजुली भन्ने उप-शीर्षक अन्तर्गत विद्युत आयोजनाहरू, उत्पादन शक्ति र प्रणाली, वितरण प्रणाली र ग्राहकको विषयमा चर्चा गरिएको छ । आठौं परिच्छेदमा शिक्षा, स्वास्थ्य तथा खानेपानी राखिएको छ । यसमा शिक्षा उप-शीर्षक अन्तर्गत जिल्लाको साक्षरताको दर, त्यसको विश्लेषण, विद्यालय शिक्षा, उच्च शिक्षा र राष्ट्रिय शिक्षा पद्धतिको बारेमा चर्चा गरिएको छ । स्वास्थ्य उप-शीर्षक अन्तर्गत जिल्लास्थित अस्पताल, स्वास्थ्य केन्द्र र आयुर्वेदिक औषधालयहरू, जिल्लामा दुःख दिने मुख्य रोगहरू, स्थानीय चिकित्साको तरीका, औलो, बिफर आदिको नियन्त्रण कार्यक्रम, परिवार नियोजन आदि स्वास्थ्य कार्यक्रमहरूको विषयमा जानकारी दिइएका छन् । खानेपानी उप-शीर्षक अन्तर्गत जिल्लामा उपलब्ध खानेपानी सम्बन्धी व्यवस्थाको चर्चा गरिएको छ । प्रशासन र पञ्चायत प्रत्येक जिल्ला वर्णनको नवौं परिच्छेद हो । यसमा प्रशासन उप-शीर्षक अन्तर्गत जिल्लाको वर्तमान प्रशासनिक एकाईको वर्णन, जिल्लास्थित विभिन्न सरकारी, गैर सरकारी कार्यालयको फिहिरिस्त, जिल्लामा प्रहरी कार्यालयहरू रहेको स्थान, कारागार र न्याय प्रशासनको विषयमा जानकारी दिइएका छन् । पञ्चायत उप–शीर्षक अन्तर्गत पनि जिल्लाका गाउँ, नगर, जिल्ला पञ्चायतहरू, वर्गीय संगठनहरू र ठाउँठाउँमा अन्य सामाजिक संस्थाहरूको समेत चर्चा गरिएको छ । त्यसपछि जिल्ला वर्णनको अन्तिम परिच्छेदको रूपमा उपसंहार प्रस्तुत गरिएको छ । यसमा जिल्लाको सन्दर्भमा यसभन्दा अगाडिको परिच्छेदहरूमा दिइएका विभिन्न पक्षहरूको सारांश निकालेर त्यसैको परिप्रेक्षमा भविष्यमा यस जिल्लाको विकास सम्बन्धी सम्भावनाहरू कस्तो देखिन्छ त्यसको चर्चा गरिएको छ । यसरी यी सबै परिच्छेदहरूको आपसी संयोजनले प्रत्येक जिल्लालाई एउटा सबल एकाईको रूपमा प्रस्तुत गर्नेछ भन्ने आशा गरिएको छ । कुनै कुनै जिल्लामा श्री ५ को सरकारले अथवा निजी क्षेत्रले समेत विशेष योजना तथा कार्यक्रम सञ्चालन गरिराखेका छन् । यस्ता जिल्लाहरूमा माथि समावेश नभएको छुट्टै उप-शीर्षक दिएर आवश्यक विवेचना पनि गरिएका छन् । यसरी यी ठेलीहरूमा समावेश भएका जिल्लाका विवरणहरूमा विषय-सूची समान किसिमको भए तापनि जिल्ला अनुसार तिनीहरूको उप-शीर्षकहरूमा केही फरक पनि पर्न गएका छन् ।

यस पुस्तकमा समावेश भएका जानकारीहरूका निमित्त सकेसम्म विस्तृत स्रोतहरूको प्रयोग गरिएको छ । सर्वप्रथम माथि उल्लेख गरिएअनुसार जाँचबुझ केन्द्रमा तयार पारिएका जिल्ला प्रतिवेदनहरूलाई प्रयोगमा ल्याइएका छन् । अनि एउटा विस्तृत प्रश्नावली तयार पारी प्रत्येक प्रमुख जिल्ला अधिकारीको माध्यमद्वारा जिल्लाका सम्बन्धित कार्यालयहरूबाट आवश्यक जानकारीहरू सङ्कलन गरी प्रयोगमा ल्याइएको छ । साथै सम्बन्धित विषयहरूमा छापिएका पुस्तक, प्रतिवेदन, पत्र पत्रिका आदि पनि यथेष्ट रूपले उपयोगमा ल्याइएका छन् । जनसंख्या सम्बन्धी जानकारीको निमित्त केन्द्रीय तथ्याङ्क विभागद्वारा प्रकाशित २०२८ सालको राष्ट्रिय जनगणनाको प्रतिवेदन र कृषि सम्बन्धी धेरैजसो तथ्याङ्कको निमित्त खाद्य तथा कृषि मन्त्रालयबाट सन् १९७२ मा प्रकाशित नेपालको कृषि तथ्याङ्क (Agricultural Statistics of Nepal) नामक पुस्तकलाई सबैनै जिल्ला परिचयहरूमा आधारको रूपमा लिइएका छन् । यी बाहेक अन्य स्रोतहरू पनि प्रयोगमा आएका छन्, जसलाई सम्बन्धित स्थानहरूमा आभार प्रकट गरिएको छ । नेपालमा भएका विभिन्न जातजातिहरूमध्ये कतिपयको स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरूले अध्ययन गरेका छन् । त्यसैले यसरी अध्ययन गरिसकिएका जातजातिहरूको विषयमा जानकारी उपलब्ध गराइदिन केही अनुसन्धान कर्तालाई अनुरोध गरिएको थियो । विदेशी अनुसन्धानकर्ताहरूबाट आशा गरिए जति संख्यामा सहयोग उपलब्ध नभए तापनि जो जसले सहयोगको भावनाले जानकारीहरू उपलब्ध गराए, ती जानकारीहरूलाई आवश्यकता अनुसार सम्बन्धित जिल्ला परिचयहरूमा समावेश गरिएका छन् । यसैगरी अरू परिच्छेदहरूमा पनि एकाध ठाउँमा यस प्रकारका सहयोगहरू उपलब्ध गरिएका छन् ।

यसरी समय र साधनको सीमित परिधिभित्र रहेर सम्भव भएसम्मका जानकारी बटुली प्रत्येक जिल्लाका परिचयको मस्यौदा तयार गरिएको हो । धेरैजसो जिल्लाहरूको सन्दर्भमा ती मस्यौदाहरूलाई आवश्यक परेका ठाउँमा थप जानकारीहरूको साथै आफ्नो र स्थानीय जानकार व्यक्तिहरूको प्रतिक्रियाकोलागि सम्बन्धित प्रमुख जिल्ला अधिकारीहरू समक्ष पुनः पठाइयो । यस बाहेक उक्त जिल्ला सम्बन्धी जानकार व्यक्तिहरू उपलब्ध भएसम्म उहाँहरूसित पनि प्रतिक्रियाहरू लिइयो । यसरी उपलब्ध भएका थप जानकारी र प्रतिक्रियाहरूको आधारमा उक्त मस्यौदामा पुनः आवश्यक संशोधन र सुधार समेत गरी अन्तिम रूप दिइएको हो । त्यसैले प्रस्तुत पुस्तकमा समावेश भएका जानकारीहरू तथ्य र सही होउन् भन्ने दिशातिर सकेसम्म प्रयास गरिएको छ। तैपनि यसमा केही कमजोरीहरू अवश्य रहनगएका होलान् । प्रथमतः यस पुस्तक लेख्दा सकेसम्म ताजा तथ्याङ्क समावेश गर्ने प्रयत्न गरिएको छ तापनि धेरैजसो तथ्याङ्कको सम्बन्धमा यस पुस्तक प्रकाशित हुने समयसम्ममा ती भन्दा नयाँ तथ्याङ्कहरू प्रकाशमा आइसकेका हुन सक्छन्,जसलाई त्यतिञ्जेल सम्ममा यी पुस्तकहरूको छपाइको क्रम चलिसकेको हुनाले समावेश गर्न स्वतः असम्भव थियो । यस प्रकारको परिवर्तनको क्रम नेपाली समाजको अरू क्षेत्रमा पनि तीव्र गतिले चल्दै आएको छ, जसले गर्दा यस पुस्तकमा समावेश भएका कुराहरू क्रमशः पुराना हुँदै जाने छन् । त्यसैले यसमा समावेश भएका कुराहरूले यसै पुस्तक लेख्दाको समयको नेपालका जिल्लाहरूको वास्तविकताहरू बारे मात्र जानकारी दिने छ, जुन आफैमा एउटा महत्वपूर्ण उपलब्धिको रूपमा लिन सकिन्छ । दोस्रो कुरा, प्रस्तुत पुस्तकको चारवटा ठेलीमा समावेश भएका जिल्ला परिचय लेख्ने लेखकहरूको पृष्ठभूमि पनि समान किसिमको छैन । पेशाको दृष्टिकोणले यी लेखकहरू अधिकांश निजामती कर्मचारी अथवा प्राध्यापक छन् भने विषय-ज्ञानको दृष्टिकोणले तिनीहरूमा झन् ठूलो विविधता छ। कोही मानवशास्त्री छन् भने कोही वनस्पतिशास्त्र विशेषज्ञ, भूगोलशास्त्री, जलवायुविज्ञ, राजनैतिकशास्त्री, अर्थशास्त्री,

इतिहासकार, लेखा विशेषज्ञ, पत्रकार, साहित्यकार, आदि आदि । एक दृष्टिकोणले यो लाभदायक नै भएको छ किनभने यस विविधताले गर्दा एक अर्काको विषयमा एक आपसलाई प्रशस्त मद्दत पुगी विभिन्न विषयको प्रस्तुतीकरणमा एउटा व्यापक दृष्टिकोण अपनाउन सजिलो हुन गएको छ। तर अर्कोतिर प्रत्येक लेखकले लेखेको जिल्ला परिचयमा आफ्नो विषयवस्तु प्रति स्वभावतः रहने झुकावको साथै लेखन शैलीमा पनि यो विविधता प्रशस्त रूपले प्रतिबिम्बित भएको छ । त्यसैले कुनै जिल्लाको परिचयमा लेखकले वस्तुगत व्याख्या दिए तापनि सरसताको कमी देखिएको छ भने कसैले त्यही कुरालाई रोचक र सजिलैसित बुझिने भाषाले व्यक्त गर्न सकेका छन् । अझ कसै कसैको अभिव्यक्तिको दौडानमा आफ्नो पृष्ठभूमिको विवशता दर्शाउँदै भावनाको लहरसितै बगिगएका पनि छन् । कुनै कुनै जिल्लाका वर्णन एकभन्दा बढी लेखकहरूले पनि लेख्नु पर्ने स्थिति उत्पन्न हुन गयो र फलस्वरूप एउटै परिचयमा पनि विभिन्न शैलीहरू रहन गएका छन् । यसै विविधतालाई नियन्त्रण गर्न जिल्ला परिचय लेख्ने ढाँचामा पटक पटक छलफल गरी सकेसम्म एकरूपता ल्याउने कोशिस गरिएको छ । तर यसमा पनि हामीलाई कति सफलता हासिल भएको छ भन्ने कुराको अन्तिम निर्णायक स्वयं पाठकवर्ग नै मात्र हुनेछन् ।

तेस्रो कुरा, यस प्रकारको अन्य प्रयासमा जस्तै यो पुस्तक पनि माथि उल्लेख गरिए झैं सीमित साधन र समयको परिधिभित्र रहेर तयार गरिनु पर्‍यो, जसले गर्दा केही कमीहरू रहन गएका छन् । जस्तो कि यस किसिमको पुस्तकमा अत्यन्त महत्वपूर्ण हुने सूचीपत्र, नक्सा वा तस्वीरहरू समेत यसमा राख्न पाइएन । कतै कतै छपाइमा पनि अशुद्धता रहन गयो । यसको निवारणको निम्ति प्रत्येक खण्डको आखिरमा एउटा शुद्धिपत्र दिइएको छ । आशा छ पाठकवर्गले सो अनुसार पुस्तकमा सच्चाई पढ्ने कष्ट गर्नुहुनेछ ।

यसप्रकार यस प्रयासमा उपर्युक्त केही कमजोरीहरू अवश्य लुकेका छन्। तर यो पुस्तकको प्रकाशन नेपाली वाङमयको इतिहासमा प्रथम विस्तृत प्रयास भएको र यसलाई क्रमशः समय समयमा नवीकरण गर्दै लैजानु पर्ने भएको हुनाले आउने दिनहरूमा यसको बढी परिपक्व र उपयोगी रूप देख्न पाइएला भन्ने आशा गर्दै वर्तमान प्रकाशनमा रहेका कमजोरीहरूको निम्ति क्षमा याचना गर्नु यो केन्द्र आवश्यक ठान्दछ ।

अधिराज्यका ७५ जिल्लाहरूको परिचय र चार विकास क्षेत्रहरूको सारांश भएको यो पुस्तक तयार पार्न धेरैजनाले योगदान दिएका छन् । तर उहाँहरूको संख्या निक्कै ठूलो भएको हुनाले सबैलाई व्यक्तिगत रूपले आभार प्रकट गर्न सम्भव छैन । सर्वप्रथम, यस पुस्तकको निमित्त यस केन्द्रले तयार पारेको लामो प्रश्नावलीको उत्तर दिएर आधारभूत जानकारी उपलब्ध गराइदिनुभएकोमा र जिल्ला परिचयका मस्यौदा तयार भएपछि त्यसमा आवश्यक प्रतिक्रिया समेत दिनु भएकोमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित अन्य कार्यालय प्रमुखहरू र यस कार्यमा सहयोग दिनु भएका स्थानीय बुद्धिजीवीहरूप्रति यो केन्द्र धेरै आभार छ । यी जानकारीहरू जिल्लाहरूबाट सङ्कलन गर्ने कार्यमा सघाउ पुर्‍याइदिनु भएकोमा सम्बन्धित अञ्चलाधीश कार्यालयहरू प्रति पनि यो केन्द्र धन्यवाद व्यक्त गर्न चाहन्छ । यसै गरी श्री ५ को सरकारका विभिन्न मन्त्रालय तथा विभागहरूप्रति पनि यो केन्द्र धन्यवाद ज्ञापन गर्दछ । यस योजनाको प्रारम्भिक अवस्थामा आवश्यक सुझाव र प्रतिक्रियाहरू दिनु भएकोमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. हर्कबहादुर गुरुङलाई र पछि विभिन्न जिल्ला परिचयका मस्यौदाहरूमा प्रतिक्रिया दिनु भएका अन्य धेरै विद्वानहरूप्रति पनि यो केन्द्र कृतज्ञ छ ।

भूमिका

माथि उल्लेख गरिए झैं सम्बन्धित जिल्ला परिचयहरूको विभिन्न परिच्छेदमा समावेश गर्ने नेपालका विभिन्न जातिहरूको विषयमा र अन्य विषयहरूमा समेत यस केन्द्रको अनुरोधमा लेखहरू उपलब्ध गराई सहयोग गर्ने निम्नलिखित स्वदेशी तथा विदेशी विद्वानप्रति पनि जाँचबुझ केन्द्र कृतज्ञता ज्ञापन गर्न चाहन्छ । सर्वप्रथम लिम्बू जातिहरूको विषयमा फ्रेञ्च मानवशास्त्री श्री फिलिप साँग, राईहरूको विषयमा बेलायतका मानवशास्त्री डा.एन्.जे. एल्लेन, नेपालस्थित अमेरिकी मानवशास्त्री डा. चार्लस् माएकडुगल र त्रिभुवन विश्वविद्यालयका मानवशास्त्री श्री दिल्लीराम दाहाल,जिरेल र सुरेलहरूको विषयहरूमा फ्रान्सका मानवशास्त्री श्री एलान फुनेर, हायूहरूको विषयमा अमेरिकी भाषाविशेषज्ञ श्री बोएड माइकेलोवस्की,ओखलढुङ्गाको एउटा गाउँको विषयमा अमेरिकी अनुसन्धानकर्ता श्री पिटर प्रिण्डल, गुरुङहरूको विषयमा अमेरिकी मानवशास्त्री डा. डोनाल्ड मेसर स्मिड, थारूहरूको विषयमा त्रिभुवन विश्वविद्यालयका अनुसन्धानकर्ता श्री दुर्गाप्रसाद रजौरे, चेपाङहरूको विषयमा सोही संस्थाका अनुसन्धानकर्ता श्री नवीन राई, माझी, थकाली, भोटेहरूको विषयमा फ्रान्सका मानव शास्त्री डा. कोनिए जेष्ट, डोल्पाका भोटेहरूकै विषयमा अमेरिकी मानवशास्त्री डा. जिम् फिसर, गाइनेहरूको विषयमा फ्रेञ्च मानवशास्त्री मेरी एल्फर,छन्तेलहरूको विषयमा जर्मन मानवशास्त्री श्री वल्थ डिएटर माइकल, राजीहरूको विषयमा अमेरिकी मानवशास्त्री डा. जोहन राइह्लार्ड र हुम्ली तामाङहरूको विषयमा अमेरिकी अनुसन्धानकर्ता सुश्री नाएन्सी लेभाइनले लेखहरू उपलब्ध गराइदिनुभएको हुनाले यो केन्द्र उहाँहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । यसैगरी काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका ऐतिहासिक पृष्ठभूमि सम्बन्धी परिच्छेदहरू लेखिदिनु भए वापत त्रिभुवन विश्वविद्यालयका इतिहासकार श्री धनवज्र वज्राचार्यलाई र चारवटै विकास क्षेत्रहरूको भौगर्भिक बनावट र खनिज पदार्थका बारेमा छोटकरी विवरण लेखिदिनु भएकोमा श्री ५ को सरकार भौगर्भिक सर्वेक्षण विभागका श्री दिनेशराज भट्टराई र श्री रमेशप्रसाद वश्यालप्रति पनि यो केन्द्र आभार प्रकट गर्न चाहन्छ ।

तर सबभन्दा बढी धन्यवादका पात्र यस केन्द्रमा आई काम गर्नु भएका ती विशेष अधिकृतहरू हुनुहुन्छ जसले विभिन्न स्रोतबाट उपलब्ध भएका र आफअफैले समेत खोजीनीति गरी बटुलेका विभिन्न जानकारीहरूलाई क्रमबद्ध रूपले मिलाएर प्रत्येक जिल्लालाई एउटा सम्बद्धरूप दिन प्रयत्न गर्नु भयो । अन्त्यमा यस पुस्तकको प्रकाशनको व्यवस्था मिलाइदिएकोमा श्री ५ को सरकार सूचना विभागलाई, यस पुस्तकको पूर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्रको पूरै खण्डहरू र सुदूर पश्चिमाञ्चलको आधा भाग छापिदिएकोमा श्री ५ को सरकारको छापाखानालाई र पश्मिाञ्चल विकास क्षेत्रको पूरै खण्ड र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको आधा भाग छापिदिएकोमा गोरखापत्र संस्थानलाई र यस पुस्तकमा चारै विकास क्षेत्रका नक्साहरू समावेश गर्न सहयोग दिएकोमा श्री ५ को सरकार नापी विभागलाई यो केन्द्र हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

राजदरबार,
काठमाडौं, नेपाल ।
संवत् २०३१ फागुन २९ गते

जाँचबुझ केन्द्र
राजदरबार

विषय–सूची

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट बक्सेको सन्देश

भूमिका (क)-(ज)
क्षेत्रिय सारांश १-५२

गण्डकी अञ्चल

३६ गोरखा ५३
३७ मनाङ ११३
३८ लमजुङ १६५
३९ तनहूँ २२७
४० कास्की २९३
४१ स्याङजा ३६९
४२ पर्वत ४३५

धवलागिरि अञ्चल

४३ मुस्ताङ ४९३
४४ डोल्पा ५५१
४५ म्याग्दी ६११
४६ बागलुङ ६५७

लुम्बिनी अञ्चल

४७ गुल्मी ७११
४८ पाल्पा ७५७
४९ अर्घाखाँची ८१३
५० नवलपरासी ८७१
५१ रुपन्देही ९३५
५२ कपिलवस्तु ९९५

क्षेत्रिय सारांश

११/१२१/६४८०

क्षेत्रिय सारांश

नेपाल अधिराज्यको १४ अञ्चलहरूमध्ये गण्डकी, धवलागिरि र लुम्बिनी अञ्चलहरू मिलाई गठन गरिएको यो पश्चिमाञ्चल विकास क्षेत्र अधिराज्यका चार विकास क्षेत्रहरूमध्ये एक हो । यो क्षेत्रको कुल क्षेत्रफल ३६,२२,१०० हेक्टर अर्थात् ३६,२२१ वर्ग किलोमिटर (१३,९८५ वर्ग माइल) रहेको छ । यसमा अधिराज्यको कुल क्षेत्रफलको अन्दाजी २५ प्रतिशत भू-भाग पर्दछ । यसमा जम्मा १७ वटा जिल्लाहरू पर्दछन् । तीमध्ये तीनवटा हिमाली प्रदेशमा, ११ वटा मध्य पर्वतीय प्रदेशमा र बाँकी तीनवटा दक्षिणको समथर प्रदेश अथवा तराईमा पर्दछन् । यस क्षेत्रको १७ वटा जिल्लाहरूमा कुल ९४२ वटा पञ्चायतहरू छन् जसमध्ये चार वटा नगर पञ्चायतहरू छन् । यस क्षेत्रको कुल क्षेत्रफलमध्ये हिमाली क्षेत्रमा १३,९२,९०० हेक्टर (१३,९२९ वर्ग किलोमिटर) अर्थात् ३८.५ प्रतिशत, मध्य पर्वतीय प्रदेशमा १८,५४,१०० हेक्टर (१८,५४१ वर्ग किलोमिटर) अर्थात् ५१.२ प्रतिशत तथा तराईमा ३,७५,१०० हेक्टर (३,७५१ वर्ग किलोमिटर) अर्थात् १०.४ प्रतिशत पर्दछ ।[1]

यो क्षेत्रमा थकाली, लोपा, मनाङ्वा, गुरुङ, ब्राह्मण, क्षेत्री, नेवार, तामाङ, थारू, कुर्मी, मुसलमान आदि जातिहरूको बसोवास भएको छ । यो क्षेत्र शालिग्राम कुँद्ने काली गण्डकी लगायत मध्यनेपालको महत्व-पूर्ण गण्डकी जलाधार इलाकामा परेको छ । यसलाई उत्तरी खण्डमा रहेका धवलागिरि, मनासलु, अन्नपूर्ण आदि विश्व प्रसिद्ध गगनचुम्बी हिमालय पर्वतमालाहरूले सिंगारेका छन् । हिमालयदेखि दक्षिणमा फैलिएका पर्वत मालाहरूका सुन्दर डाँडाहरू, यी माथि रहेका ऐतिहासिक कोटहरू, हिमालयमा उत्पत्ति भई बगेका असंख्य जलाधारहरू तथा हिमालय पर्वतमाला प्रतिबिम्बित हुने मनमोहक तालहरू तथा तराईका रहरलाग्दा समथर मैदान आदि प्रकृतिका गरिमामय निधिहरूबाट बनेको छ यसको बाँकी स्वरूप । यसको दक्षिणी समथर प्रदेशको लुम्बिनी बगैंचामा आजभन्दा २,५९८ वर्ष पहिले एशियाका ज्योति गौतम बुद्धको जन्म भएको थियो ।

नेपाली राष्ट्र र राष्ट्रियताको उदय-भूमि यो क्षेत्रको विशिष्ट ऐतिहासिक महत्व रहेको छ । विक्रम सम्वत्को १९ सौं शताब्दीको पूर्वार्धमा यही क्षेत्रको गोरखाबाट उदय भएको एक अमर शक्तिले स-साना राजा रजौटाहरूमा विभाजित राज्यहरूलाई एकत्रित गरी नेपाल अधिराज्यको रूप दिएको हो । त्यस्तै नेपालका आदि-कवि भानुभक्तको पनि यही क्षेत्रको तनहुँ जिल्लाको रुम्घामा जन्म भएको हो । उनले यहींको वन पखेरामा हुर्केको घाँसीबाट समाजको सेवा गर्ने प्रेरणा पाए ।

---

[1] गोरखा जिल्लाको उत्तरी लार्के भोट इलाका हिमाली प्रदेशमा पर्ने भए तापनि सोको क्षेत्रफल एकीन गर्न नसकेकोले सम्पूर्ण जिल्लालाई यहाँ मध्य पर्वतीय प्रदेशमा राखिएको छ ।

जति विविधतापूर्ण प्राकृतिक सौन्दर्य छ यहाँ, जति महान् छन् यसका ऐतिहासिक उपलब्धिहरू उत्तिनै चर्को लहर छ यहाँ आधुनिकीकरण र विकासको । यस क्षेत्रको विकास केन्द्र पोखरा नगर हो जसले केही वर्ष यता निक्कै प्रगति गरिसकेको छ । पृथ्वी राजमार्ग र सिद्धार्थ राजमार्गको निर्माणले यस क्षेत्रको विकास संभाव्यताको परिधिलाई निक्कै फराकिलो बनाइदिएको छ ।

प्राकृतिक स्वरूप र सम्पदा

यो क्षेत्रको भौगोलिक स्वरूप हिमालय प्रदेश, मध्यपर्वतीय प्रदेश तथा तराई प्रदेश मिलेर बनेको छ । यहाँ समुद्रको सतहबाट अन्दाजी १२५ मिटर (अर्थात् ४१० फीट) को होचो भागदेखि अन्दाजी ८,१६७ मिटर (२६,७८८ फीट) सम्मको उच्च भूभाग पर्दछ। यो प्रदेशको उत्तरमा धवलागिरि, अन्नपूर्ण र मनासलु हिमाल पारी डोल्पा, मुस्ताङ, मनाङ तथा लार्के भोटहरू पनि पर्दछन् । यसरी यसको सीमा दक्षिणको तराईदेखि मध्यएशियाको उच्च मालभूमिसम्म फैलिएको छ । यो प्रदेश २७° १८′ उत्तर अक्षांशदेखि २९° ४३′ र ८२° २४′ पूर्व देशान्तरदेखि ८४° ५८′ को बीच अवस्थित छ । यसको कुल क्षेत्रफल ३६,२२१ वर्ग किलोमिटर अर्थात् १३,९८५ वर्ग माइल छ । यसको विभिन्न उचाइका भौगोलिक प्रदेशहरूमा विभिन्न हावा पानीको प्रभाव परेको छ। भौगोलिक बनावटको दृष्टिकोणले यो क्षेत्रलाई निम्न तीन भागमा विभाजन गर्न सकिन्छ :–

(१) तराई, भावर, चुरे डाँडा तथा भित्रीमधेशको उष्ण प्रदेश
(२) महाभारत तथा मध्यवर्ती पहाडी शीतोष्ण प्रदेश
(३) अति शीतप्रधान हिमाली प्रदेश

तराई, भावर चुरे डाडाँ तथा भित्री मधेशको उष्ण प्रदेश

यो प्रदेश महाभारत पर्वतमालादेखि दक्षिण भारतसँगको सीमासम्म पर्दछ र यो भागलाई सामान्यतया तराई प्रदेश अथवा मधेश भन्ने गरिन्छ । महाभारत पर्वतमाला र डाउन्नेको चुरिया पर्वतमालाको बीच रहेको नवलपुरको समथर भागलाई भित्रीमधेश र चुरिया पर्वतमालादेखि दक्षिण तर्फ फैलिएको समथरलाई तराई अथवा खास मधेश भन्ने गरिन्छ । यो प्रदेश पश्चिमाञ्चल विकास क्षेत्रको सम्पूर्ण इलाकामा सबभन्दा होचो छ । यो प्रदेश होचो हुनुको साथै कर्कट रेखाको नजीक पर्ने भएकोले क्षेत्रको उत्तरवर्ती पहाडी प्रदेशहरूमा भन्दा बढी गर्मी हुन्छ । यसको समथर भूमिमा प्रशस्त खेती हुन्छ। यहाँको जमीन उर्बर छ । धान, उखु, तोरी आदि यहाँको प्रमुख बाली हुन् ।

यो प्रदेशमा पश्चिमाञ्चल विकास क्षेत्रको कुल क्षेत्रफलको अन्दाजी १०.४ प्रतिशत अथवा २,७५,१०० हेक्टर (३,७५१ वर्ग किलोमिटर) जमीन परेको छ । यो प्रदेशमा भूमिगत जल स्रोत पत्ता लागेको छ। त्यही जमीन मुनीको पानीबाट सिचाइको व्यवस्था गरिएको छ । यो प्रदेशमा चुरिया पर्वतमाला र त्यसको दक्षिण फेदीमा बाक्लो वन रहेको छ । हाल पहाडतिर बसाइँ सर्नेको चापको कारणले यहाँको वन मासिँदै गएको छ । यो प्रदेशमा कपिलवस्तु, रूपन्देही र नवलपरासी गरी जम्मा तीनवटा जिल्लाहरू छन् । नवलपरासीको केही भाग पूर्वमा डाउन्ने पर्वतमालाको पारी भित्रीमधेशको रूपमा रहेको छ ।

महाभारत तथा मध्यवर्ती पहाडी शीतोष्ण प्रदेश

हिमालयको फेदीदेखि दक्षिणमा महाभारत पर्वतमालासम्मको भागलाई मध्यपर्वतीय प्रदेश भन्न सकिन्छ । यो प्रदेशलाई उचाइको हिसाबले साधारणतया तीन भागमा विभाजन गर्न सकिन्छः–(क) लेकाली भाग (ख) पहाडी भाग (ग) बेंसी । लेकाली भागमा सामायन्तया समुद्रको सतहभन्दा २,१०० मिटर अर्थात् अन्दाजी ६,८९० फीट र सोदेखि बृक्षरेखासम्मको शीतप्रधान उच्च पहाडी भाग समावेश गरिन्छ । लेकाली भागमा सीमित बसोबास र खेती हुन्छ । अधिकमात्रामा लेकाली प्रदेश कोणधारी वन र खर्कले ढाकेको हुन्छ जहाँ वर्षामा तलतिरबाट गोठहरू लैजाने र वर्षै बस्ती गर्न जाने गर्दछन् । त्यस भागमा हिउँदमा हिउँ पर्छ र वर्षामा शीतल हुन्छ । त्यहाँ फापर, जौ, आलु, गहुँ खेती गरिन्छ । त्यसभन्दा होचो पहाडी भागमा व्यापक मात्रामा पाखाहरू जोतिएका छन् । हावापानीको दृष्टिकोणले रमाइलो हुने हुँदा त्यस भागमा घना आवादी रहेको छ । त्यहाँ बसोबास गर्ने अधिक मानिसहरू जीविकाको लागि हिउँद, वर्षा दुवै याममा खेती गर्दछन् । मकै, कोदो, गहुँ आदि त्यस प्रदेशको मुख्य बाली हुन् । मध्यपर्वतीय प्रदेशका पहाडहरूका बीच बग्ने नदी खोलाका बेंसी तथा टारहरूको भौगोलिक रूपरेखा फरक छ । त्यस्ता बेंसी र टारहरूमा उष्ण तथा अर्ध उष्ण हावापानी हुन्छन् । त्यस्तो ठाउँमा धान, उखु आदिको खेती हुन्छ ।

यस विकास क्षेत्रको मध्यपर्वतीय प्रदेशमा धवलागिरि अञ्चलको बाग्लुङ, म्याग्दी, गण्डकी अञ्चलको पर्वत, कास्की, लमजुङ, गोरखा, स्याङ्जा, र तनहुँ र लुम्बिनी अञ्चलको अर्घाखाँची, गुल्मी र पाल्पा गरी जम्मा ११ वटा जिल्लाहरू पर्दछन । धवलागिरि र गण्डकीमा उत्तरतर्फ रहेका पर्वत, कास्की, लमजुङ, गोरखा जिल्लाहरूमा लेक, पहाड र बेंसीहरू उल्लेखनीय अनुपातमा रहेका छन् । अन्य पहाडी जिल्लाहरूमा लेकाली भागको अनुपात कम रहेको छ । यो क्षेत्रको मध्यपर्वतीय प्रदेशमा प्रशस्त मात्रामा बेंसी र टारहरू छन् । यहाँको अधिकांश गाउँहरू डाँडाहरूमा छन् । हाल औलोको नियन्त्रण भएपछि बेंसी तथा टारतिर आवादी बढ्न थालेको छ । यहाँका टारहरूमा आरुघाट टार, छेपेटारे, पालुङटार, रागिनाशटार, धमिलिकुवाटार, भोर्लेटार, चिसंखु करापुटार, रम्घाकुम्हालटार, हाँडे टार, बरे टार, हिलेटार, भन्सारटार, केशवटार, साँगेपटनीटार, शिशाघाटटार, खैरेनी टार, ज्ञादीचौर, चापाकोटटार, लसर्घाफाँट, रामपुरटार, डेडगाउँटार, बलेवा, वामी टक्सार, नयाँ गाउँ आदि हुन् । यो प्रदेशमा विकास क्षेत्रको कुल क्षेत्रफलको अन्दाजी ५१.२ प्रतिशत भू-भाग रहेको छ ।

अतिशीतप्रधान हिमाली प्रदेश

यो क्षेत्रको उत्तरमा रहेका पतरासी-कान्जिरोवा, धवलागिरि, अन्नपूर्ण, लमजुङ, मनासलु-हिमाल चूली आदि हिमालय पर्वतहरू लगायत उच्च भोट इलाकालाई यो प्रदेशमा राख्न सकिन्छ । पतरासी-कान्जिरोवा यस क्षेत्रको पश्चिमी सीमानामा अवस्थित छ । डोल्पा, मुस्ताङ र मनाङ तीन जिल्लाहरू यो प्रदेशमा परेका छन् । यसरी यसको कुल क्षेत्रफल १३,९२९ वर्ग किलोमिटर अर्थात् विकास क्षेत्रको कुल क्षेत्रफलको अन्दाजी ३८.५ प्रतिशत छ । यो प्रदेशमा पर्ने उच्च हिमालय टाकुराहरूमध्ये धवलागिरि ८,१६७ मिटर (२६,७८८ फीट), मनासलु ८,१५६ मिटर (२६,७५२ फीट) र अन्नपूर्ण प्रथम ८,०९१ मिटर (२६,४४० फीट) प्रमुख हुन् । उपर्युक्त टाकुराहरूमध्ये धवलागिरि, अन्नपूर्ण, मनासलु–हिमाल चूली आदि हिमालय शृङ्खलाहरूमा अरू धेरै चुचुराहरू रहेका छन् । गण्डकी नदी प्रणालीका सबैजसो नदीहरूको उत्पत्ति यही प्रदेशको हिमालय पर्वतहरूमा हुन्छ । साथै कर्णाली प्रणालीको एक प्रमुख धार मुगु कर्णालीमा परिणत हुने लांगु खोला यही प्रदेशमा उत्पत्ति भएको छ ।

यो प्रदेशको भौतिक स्वरूप हिम–भूमि हो। अति शीतप्रधान जल वायुको कारण प्रशस्त हिउँ पर्दछ। हिमरेखाको हाराहारी कतै कतै झ्याउहरू सीमित मात्रामा हुछन् र केही हिमाली पशु-पक्षीहरू पाइन्छन्। नेपाल अधिराज्यमा सबभन्दा होचो हिम–रेखा अन्दाजी ४,५८० मिटर (१४,७६० फीट) उच्च गोरखा जिल्लाको रूपिना ला मा रहेको कुरा स्वीस भौगर्भिक शास्त्री टोनी हचागेनले आफ्नो 'नेपाल' भन्ने पुस्तकमा उल्लेख गरेका छन्।

हिमालयका मुख्य शृङ्खलाहरूभन्दा उत्तर छार्का, मुस्ताङ, मनाङ तथा लार्के भोटहरूमा सीमित बसोवास भएको छ। छार्का भोट र दक्षिणी डोल्पाको इलाका कर्णाली जलाधार क्षेत्रमा परेको छ। लांगु खोला लगायत ठूली भेरी, सानी भेरीको उत्पत्ति यहीं प्रदेशमा भएको छ। ती भोट इलाकाहरूमा हिउँदमा प्रशस्त हिउँ पर्दछ। वर्षामा अन्दाजी आठ महीना हिउँले ढाकिने हुनाले त्यहाँका बासिन्दाहरू हिउँदमा उँधो झर्ने गर्दछन्। भोट इलाकामा आलु, उवा आदि केही बालीहरू पायक पर्ने ठाउँहरूमा लगाइन्छ। भोट इलाकाका बासिन्दाहरू तथा तिनीहरूको रहन सहन हिमालय पर्वतको दक्षिणतिरका बासिन्दाहरूकोभन्दा निक्कै फरक छ। भोटका बासिन्दाहरूको मुख्य व्यवसाय पशु पालन, तिब्बत व्यापार, घरेलु उद्योग आदि हुन्।

नदी प्रणाली

यो क्षेत्र गण्डकी तथा कर्णाली नदी प्रणालीका प्रमुख नदीहरू तथा तिनीहरूका असंख्य सहायक नदी खोलाद्वारा सिंचित छ। यसको उत्तरी भाग हिमालय पर्वतहरू लगायत उच्च हिमाली भूमिले भरिएकोले यहाँ रहेका हिमनदीहरू पग्लेर यहाँका महत्वपूर्ण नदीहरूको उत्पत्ति भएको छ। यसरी यो क्षेत्रको उत्तरी प्रदेशमा उत्पत्ति हुने नदीहरूमध्ये डोल्पा जिल्लामा पर्ने मोहला भञ्ज्याङ र छार्का भोटमा उत्पत्ति हुने लांगु खोला, मुकुट हिमालय शृङ्खलाबाट उत्पत्ति हुने ठूली भेरी र आठ हजार पर्वत इलाकामा उत्पत्ति हुने सानी भेरी कर्णाली जलाधारका सहायक नदीहरू हुन्। त्यस्तै गण्डकी नदी प्रणालीका अधिकांश सहयाक नदीहरू जस्तै बूढी गण्डकी, दरौंदी, मर्स्याङ्दी, मादी, सेती, मोदी, म्याग्दी, वरिगाड, आँधी आदि पनि यस क्षेत्रका हिमालय पर्वत तथा उच्च पहाडहरूबाट उत्पत्ति भएका छन्। काली गण्डकी यो क्षेत्रको सबभन्दा लामो तथा सबभन्दा महत्वपूर्ण नदी हो। काली गण्डकीको उत्पत्ति मुस्ताङ भोटदेखि उत्तर सीमान्त पर्वतमालामा भएको छ। गण्डकी नदी प्रणालीका सम्पूर्ण नदी खोलाहरू मिसिएर नारायणी नदी भई त्रिवेणी घाटको बाटो गरी भारत पसेको छ। साथै यो क्षेत्रको महाभारत र चुरिया पर्वतमालामा उत्पत्ति हुने नदी खोलाहरू पनि छन् जुन तराईको बाटो गरी भारतमा अलग्गै प्रवेश गर्दछन्। त्यस्ता नदी खोलाहरूमध्ये तिनाव, रोहनी, वाण गङ्गा, कन्चन, सुरै आदि उल्लेखनीय छन्।

यो क्षेत्रको उत्तरी भागमा उत्पत्ति भएका कर्णाली तथा गण्डकी नदीहरू हिम नदीहरूबाट उत्पत्ति भएका हुनाले हिउँदमा पनि ठूलै रहन्छन्। तर हिउँदमा परेको हिउँ थुप्रिई वर्षामा मात्र पग्लने र नदीको जलाधार क्षेत्रमा वर्षा पनि यसैबेला हुने हुनाले नदीहरूको जल प्रवाह हिउँदमा निम्नतम र वर्षामा अधिकतम हुन्छ।

सप्त गण्डकी अथवा नारायणगढ बजार नजीकैको जल प्रवाह मापन केन्द्रको अभिलेख अनुसार ई. सं. १९६३ देखि १९६८ सम्मको छ वर्ज को सरदर प्रवाह १,५७२ घन मिटर प्रति सेकेण्ड रहेको देखिन्छ। उपर्युक्त अभिलेख गरिएको अवधीमा सबभन्दा बढी ५ अक्टोबर १९६८ मा १०,१६० घन मिटर प्रति सेकेण्ड र सबभन्दा कम १३ अप्रिल १९६६ मा १८० घन मिटर प्रति सेकेण्ड रहेको देखिन्छ। सप्त गण्डकी अथवा नारायणी नदीको कुल प्रस्रवण क्षेत्रको अनुमान ३१,१०० वर्ग किलोमिटर छ। यसको अधिकांश सहायक नदीहरू धवलागिरि,

अन्नपूर्ण र मनासलु-हिमालचूली आदि हिमालयको हिमनदीहरूबाट उत्पत्ति भएका छन् । अन्नपूर्णा हिमालबाट निस्केका नदीहरू मर्स्याङ्दी, मादी, सेती र मोदी हुन् । धवलागिरि हिमालबाट निस्केका नदीहरू राहुघाट, म्याग्दी आदि हुन् । अन्य महत्वपूर्ण सहायक नदीहरूमध्ये बूढीगण्डकीको उत्पत्ति मनासलु,कुताङ हिमाल,दरौंदी र चेपेखोलाको बौद्ध हिमाल, बरिगाड खोलाको रिगनेटा डाँडा र आँधी खोलाको काफींनेटा डाँडाबाट भएको छ । यो क्षेत्रको डोलपा, कपिलवस्तु र रूपन्देही जिल्लाहरू बाहेक बाँकी १४ जिल्लाहरू सप्त गण्डकी अथवा नारायणी नदीको प्रस्रवण क्षेत्रमा परेका छन् । यो क्षेत्रको उत्तर-पश्चिम कुनामा अवस्थित डोलपा जिल्ला कर्णाली नदीको प्रस्रवण क्षेत्रमा पर्दछ । कपिलवस्तु जिल्ला वाणगङ्गा, सुरै खोला आदिको र रूपन्देही जिल्ला रोहनी, तिनाव र कञ्चन खोलाहरूको जलाधार क्षेत्रहरूमा रहेकाछन् ।

तातोपानीका मूलहरू

यो क्षेत्रको उत्तरमा रहेका हिमालय पर्वतमालाको फेदोतिर ठाउँ-ठाउँमा तातोपानीका मूलहरू पाइन्छन् । त्यस्ता मूलहरू अधिक संख्यामा ठूल-ठूला नदीका किनारहरूमा पाइन्छन् । नदीहरूले जमीनमा रहेका पत्रेदार तहहरूलाई काटेकाले जमीन मुनिबाट निस्कने तातोपानीमा रासायनिक मिश्रणहरू पाइन्छन् । धेरै जसो तातोपानीका मूलहरूबाट गन्धक मिसिएको पानी निस्केको देखिन्छ । यहाँको उल्लेखनीय तातोपानीका मूलहरूमा मनाङ जिल्लाको चामे नजीकै मर्स्याङ्दी नदीको किनार, मुस्ताङ जिल्लाको कालीगण्डकीको कीनारको विभिन्न ठाउँमा, कास्की जिल्लाको म्हिर्साको फेदीमा सेती गण्डकीको किनार र गोरखा जिल्लाको उहिया गाउँ पञ्चायतमा बूढी गण्डकीको किनार आदिमा मूलहरूलाई लिन सकिन्छ । ती ठाउँहरूको तातोपानीले नुहाएपछि लुतो, खटिराहरू निको हुन्छ भन्ने जनधारणा छ । ती तातोपानीका मूलहरूमा नुहाउने मेलाहरू पनि लाग्छन् ।

तालहरू

यो क्षेत्रका विभिन्न प्रदेशहरूमा धेरै तालहरू छन् । हिमाली प्रदेशको डोलपा जिल्लामा अन्दाजी ३,५९८ मिटर (११,७०० फीट) को उचाइमा रहेको फोकसुम्दो (रिङगमो) ताल यहाँ रहेका उच्च तालहरूमध्ये सबैभन्दा सुन्दर मानिएको छ । चारैतिरबाट अग्ला पहाडी शृङ्खलाद्वारा घेरिएको उक्त तालबाट एउटा सुन्दर झरना खसेको छ । सोही झरनाको पानी सुली गाड बन्न पुग्दछ र सो खोला ठूली भेरीमा मिसिन्छ ।

यो क्षेत्रको उल्लेखनीय उच्च हिमाली तालमा मनाङ र मुस्ताङ जिल्लाको सीमानामा अन्दाजी ५,१८० मिटर (१७,००० फीट) को उचाइमा अन्नपूर्णा हिमालको उत्तरी फेदीमा अवस्थित तिलिचो तालको उल्लेख गर्न सकिन्छ । उक्त ताल हिउँदमा जम्दछ । वसन्तको शुरूमा तालमा जमेको बरफ पग्लन लागेपछि कहिले काहीं बरफको टुक्राहरू पानीमा तैरिरहेको पाइन्छ ।

गोरखा जिल्लाको लार्के भोट इलाकामा अन्दाजी ३,६५० मिटर (१२,००० फीट) को उचाइमा अवस्थित काल्छुमा अथवा काल ताल पनि उल्लेखनीय छ । उक्त ताल पूर्व-पश्चिम अन्दाजी १.५ किलोमिटर लामो छ ।

माथि उल्लिखित फोकसुम्दो, तिलिचो, काल्छुमा तालहरू बाहेक यो क्षेत्रको हिमालय पर्वत मालाका विभिन्न भागहरूमा अनेकौं स-साना ताल र दहहरू छन् । तीमध्ये गोरखास्थित दूध पोखरी र नारद

कुण्ड, लमजुङस्थित बराहपोखरी, मनाङस्थित हिमलुङ हिमालयको दक्षिणी फेदीको हिमाली तालहरू उल्लेखनीय छन् ।

यो क्षेत्रको मध्यपर्वतीय प्रदेशस्थित विकास केन्द्र पोखरा नगरको आसपास सातवटा साना-ठूला तालहरू छन् । तीमध्ये फेवाताल अधिराज्यको दोस्रो सबभन्दा ठूलो मानिएको छ । त्यसको अतिरिक्त बेगनास रूपा, दिपाङ र मैदी तालहरू पनि निक्कै चर्चित छन् । फेवातालमा माछापुछ्रे लगायत अन्नपूर्ण हिमालयका टाकुराहरूको छायाँ पर्ने हुनाले पोखरा उपत्यकाका अन्य तालहरूभन्दा त्यसको महत्व बढी भएको मानिन्छ । फेवाताल पोखरा बजारको नजीक रहेको र हाल अञ्चल तथा जिल्लाको सदरमुकाम त्यसैको छेउमा निर्माण भएकोले यसको प्रशस्त प्रचार पनि भइसकेको छ । वास्तवमा फेवातालले पोखरालाई आकर्षक बनाइदिएको छ । सो तालको उत्तर किनारमा माझीहरूको एउटा चाखलाग्दो बस्ती छ । तालको दक्षिणमा रहेको हरियो पाखोमा तालपारी नाउँको गाउँ छ । उक्त तालको छेउमा "रत्न मन्दिर" पर्दछ । साथै तालको वरिपरि पर्यटकहरूको लागि केही होटेलहरू बनाइएका छन् । उक्त तालबाट उत्पत्ति भएको पार्दी खोलाको शिरमा बाँध बनाएर तालको पानीबाट जल विद्युत निकाल्नुको साथै सिचाइ समेत गर्ने गरिएको छ । उक्त बाँधको निर्माण भएपछि तालको क्षेत्रफल बढेको छ । पोखरा उपत्यका बाहेक यो क्षेत्रको अन्य जिल्लाहरूमा भएका ताल र दहमा पर्वत जिल्लाको नारच्याङ गाउँ पञ्चायतमा रहेको खँरिबराह ताल, तनहुँ जिल्लाको छाब्दी बराह, पाल्पा स्थित सत्यवती ताल, स्याङ्जास्थित रानीरह उल्लेखनीय छन् ।

झरनाहरू

यो क्षेत्रको उत्तरी भेकमा धेरै झरनाहरू छन् । धेरैजसो उचाइबाट बग्ने खोलाहरू झरनाको रूपमा बगेका छन् । यहाँका झरनाहरूमध्ये फोक्सुन्दोको झरना सबभन्दा ठूलो र लामो मानिएको छ । उक्त झरना फोक्सुन्दो तालदेखि सुली गाडको शिरसम्म अन्दाजी १८३ मिटर (६०० फीट) लामो छ ।

हावापानी

भौगोलिक विभिन्नताको कारण यो क्षेत्रमा विभिन्न हावापानी पाइन्छन् । यो क्षेत्रको हावापानीमा यहाँका विभिन्न भौगोलिक स्वरूपले यथेष्ठ प्रभाव पारेका छन् । मोटामोटी हिसाबले नेपाल अधिराज्यमा पाइने सम्पूर्ण हावापानीका प्रकारहरू यो प्रदेशमा पनि पाइन्छन् । यहाँको हावापानीमा सबभन्दा बढ्ता प्रभाव पार्ने यहाँका हिमालय पर्वतमालाहरू हुन् । यस क्षेत्रको पूर्वमा मनास्लुदेखि पश्चिममा कान्जीरोवासम्म फैलिएको हिमालय पर्वतमालाले यसको अधिकांश भागलाई उत्तरी एशियाको विशाल भूमिबाट छुट्याइदिएको छ । वर्षामा तिब्बतको उच्च मालभूमिमा सूर्यको उष्ण तापको कारण हावा तातेर उडेपछि हिन्द महासागरतिरका जलवाष्प बोकेका हावा त्यसतर्फ बहन थाल्छन् तर हिमालयको उच्च पर्वतमालालाई पार गर्नु अगाडि नै जलवाष्प पानीमा परिणत हुन्छ र हिमालयदेखि दक्षिणी भागमा पानी पर्छ । केही मात्रामा दक्षिणतिरबाट आएको हावा हिमालय पर्वतहरूको बीच रहेका खोंचहरूबाट उत्तर तर्फ पुग्दछ । त्यसरी मध्यएशियाको वायुमण्डलमा भएको रिक्ततालाई भर्ने दक्षिणतर्फबाट उत्तर लाग्ने हावालाई मनसुनी हावा अर्थात दक्षिण-पश्चिम मनसुनी हावा भनिन्छ । यो क्षेत्रमा पनि वर्षामा अधिराज्यको दक्षिण-पूर्वतिरबाट वरने मनसुनी हावाले यथेष्ट पानी पार्दछ । हिउँदमा पश्चिम एशियातिरबाट आउने हावाले केही पानी पार्दछ । यो क्षेत्रको कास्की, तनहुँ, स्याङ्जा आदि जिल्लाहरूलाई मध्यनेपालको असिना धेरै पर्ने इलाका मानिएको छ । हिमालय पारी रहेका लार्के, मनाङ, मुस्ताङ,

छार्का भोटहरू हिमालयको दक्षिणी ढालको दाँजोमा सुखा छन् । ती इलाकाहरू वृष्टि-छायाँमा परेको हुनाले वर्षामा पनि नगण्य वर्षा हुन्छ । डोल्पा जिल्लामा पर्ने दुनैनिर र त्यसको पश्चिमी भागमा पर्ने ठूली भेरी नदीको उपत्यकामा भूमध्य सागरको हावापानीसँग मिल्दी जुल्दो हावापानी पाइन्छ ।

पश्चिमाञ्चल विकास क्षेत्रका विभिन्न स्थानहरूको ई. सं. १९७० को तापक्रम

(सेण्टीग्रेडमा)

केन्द्र / महीना	मधेश अथवा तराई				मध्य पर्वतीय प्रदेश				हिमाली प्रदेश	
	भैरहवा		बुटवल		पोखरा		गोरखा		झोमसोम	
	१४० मि. (४५९ फीट)		२६३ मि. (८६३ फीट)		८५६ मि. (२८०८ फीट)		१,१३५ मि. (३,७२३ फीट)		२,६१५ मि. (८,५७७फीट)	
	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	२२.८		२२.७	१२.५	१९.४	४.७	१७.६	६.४	११.३	३.६
फेब्रुअरी	२५.१	११.४	२४.४	१३.७	२१.१	५.८	१९.६	७.८	१२.१	२.५
मार्च	३१.३	१४.०	३०.६	१७.७	२६.४	९.२	२५.१	१२.३	१६.१	०.२
अप्रिल	३६.८	२०.२	३५.८	२३.९	३०.३	१३.८	२९.४	१६.९	२०.७	४.२
मे	३७.९	२३.६	३७.०	२५.८	३१.१	१७.५	२९.९	१८.२	२३.१	७.३
जून	३३.२	२४.२	३२.६	२४.९	२८.९	१९.१	२८.०	१८.४	२४.३	११.३
जुलाई	३२.३	२५.०	३०.८	२५.७	२९.५	२०.४	२७.६	१९.१	२५.०	१३.२
अगष्ट	३२.७	२५.४	३१.१	२५.२	३०.०	२०.२	२७.८	१८.४	२४.९	१२.२
सेप्टेम्बर	३२.१	२३.७	३०.१	२४.६	२९.३	१९.३	२७.६	१८.१	२३.४	११.०
अक्टोबर	३१.१	२०.२	२८.६	२२.३	२८.०	१४.५	२६.०	१४.९	१९.७	५.१
नोभेम्बर	२८.३	११.१	२३.३	१७.१	२४.६	७.२	२२.८	१०.३	१५.०	०.३
डिसेम्बर	२४.०	६.२	२०.०	१३.६	२०.७	३.२	१९.३	६.९	११.४	३.७
वार्षिक औसत	३०.६		२८.९	२०.५	२६.६	१२.९	२५.०	१४.०	१८.९	६.२

उपर्युक्त तालिकाबाट तराई, पहाड र हिमालय (भोट) को तापक्रमको विभिन्नता प्रष्ट देखिन्छ । यसरी दक्षिणी सीमादेखि उत्तरी सीमासम्म तापक्रम घट्दै गएको देखिन्छ । पहाडी तथा हिमाली प्रदेशहरूमा माथि उल्लिखित केन्द्रहरूले सम्पूर्ण प्रदेशको तापक्रमलाई प्रतिनिधित्व गर्न सक्दैन । पहाडी तथा हिमाली प्रदेशहरूमा एउटै प्रदेश भित्र पनि धेरै भौगोलिक विषमताहरू छन् । विभिन्न उचाइका लेक, पहाड तथा बेंसीहरू हुने हुँदा ती विभिन्न गाउँहरूको तापक्रममा प्रशस्त भिन्नता हुन्छ । त्यस्तै हिमाली प्रदेशमा उचाइ अनुसार तापक्रममा ठूलो भिन्नता पाइन्छ । भू-स्वरूपको कारण हिमालय पर्वतको दक्षिणी तथा उत्तरी ढालहरूको तापक्रममा निक्कै ठूलो भिन्नता पाइन्छ । दक्षिणी ढालमाभन्दा उत्तरी ढालमा कम वर्षा हुन्छ । यसरी दक्षिणी ढालमा अन्दाजी

३,८०० मिटर अर्थात् १२,४६४ फीटको उचाइमा धेरै वर्षा र चिसोको कारण मकै, आलु आदि बालीहरू हुँदैनन् तर हिमाल पारी अन्दाजी ४,००० मिटर अर्थात् १३,१२० फीटसम्म आलुको खेती राम्ररी हुन्छ ।

यो क्षेत्रमा वर्षामा दक्षिण पश्चिम मनसुनी हावा र हिउँदमा पश्चिमी आँधीबयारीले पानी पार्दछ । विभिन्न, भौगोलिक प्रदेशहरूमा वर्षाको अनुपात पनि फरक हुन्छ । यो क्षेत्रको विभिन्न प्रदेशहरूमा रहेका निम्न मौसम अवलोकन केन्द्रहरूको वर्षाको अभिलेखबाट यहाँ हुने वर्षाको अनुमान गर्न सकिन्छ ।

पश्चिमाञ्चल क्षेत्रको विभिन्न ठाउँहरूको वर्षाको अभिलेख, १९७०

	मधेश अथवा तराई		मध्य पर्वतीय प्रदेश		हिमाली प्रदेश
महीना	बुटवल (रूपन्देही) २६३मि. (८६३ फीट)	भैरहवा (रूपन्देही) १४०मि. (४५९ फीट)	मालेपाटन पोखरा (कास्की) ८५६मि. (२८०८ फीट)	गोरखा बजार (गोरखा) १,१३५ मि. (३,७२३ फीट)	झोमसोम (मुस्ताङ) २,६१५मि. (८,५७७ फीट)
जनवरी	२६.२	१८.१	३०.५	२०.७	४.०
फेब्रुअरी	१५.८	१०.	५४.०	३१.५	६.०
मार्च	२०.६	११.७	१६.५	१६.८	२.०
अप्रिल	३५.२	०.०	५३.६	९०.१	९.०
मे	६१.९	२४.८	१२५.५	११२.८	०.०
जून	९७०.६	५११.६	७०१.५	३००.७	८१.०
जुलाई	१,१८८.४	५४०.०	१,३५९.०	४०१.४	४.२
अगष्ट	६२२.२	२७१.९	९०१.५	३८९.२	३४.५
सेप्टेम्बर	६७४.८	१३५.८	४७४.०	११६.०	३७.७
अक्टोबर	७७.४	६४.२	४४.१	१२.३	१०.०
नोभेम्बर	०.०	०.०	०.०	०.०	०.०
डिसेम्बर	०.०	०.०	०.०	०.०	०.०
वार्षिक जम्मा	३,६९३.१	१,५८८.४	३,७७०.२	१,४९१.५	१८९.३

माथि उल्लिखित तालिकामा दिइएको झोमसोम हिमालय पारी मुस्ताङ जिल्लामा पर्दछ । उक्तस्थानमा हिमालयको दक्षिण भागमाभन्दा निकै कम वर्षा भएको देखिन्छ । त्यस्तै पोखरा र गोरखा बजार मध्यपर्वतीय प्रदेशमा मध्य तथा पूर्वी इलाकामा पर्दछन् । गोरखा बजार पोखरादेखि दक्षिण पूर्व केही अग्लो ठाउँमा अवस्थित छ । यो क्षेत्रमा सबभन्दा बढी वर्षा पोखरामा नै हुन्छ । लगभग पोखराकै आक्षांश अथवा त्यसभन्दा उत्तरतर्फ हिमालय पहाडकै दक्षिणी शृङ्खलाको फेदीमा रहेको खुदी बजारमा वार्षिक वर्षा (ई. सं. १९७०) ३,५१२.० मिलिमिटर र बाग्लुङ बजारमा २,३३२.० मिलिमिटर भएको देखिन्छ । तराईमा चुरिया तथा महाभारतको फेदीमा रहेको बुटवलमाभन्दा भारतसँगको सीमा नजीकै रहेको भैरहवा विमान स्थलमा थोरै वर्षा भएको पाइन्छ ।

यसरी तापक्रम र वर्षाको विभिन्न अनुपात हुने यहाँका विभिन्न भौगोलिक प्रदेशहरूमा निम्न चार प्रकारका हावापानी पाइन्छन् ।

१. उष्ण मनसुनी हावापानी
२. शीतोष्ण मनसुनी हावापानी
३. लेकोली हावापानी
४. हिमाली अथवा ध्रुवीय हावापानी

उष्ण मनसुनी हावापानी

अति गर्मी वर्षा र शीतल हिउँद हुने यस हावापानी तराई, भित्रीमधेश र केही होचा बेंसीहरूमा पाइन्छ । यस हावापानी र औलो ज्वरोको कारण पहाडी प्रदेशमा बसोबास गर्ने मानिसहरू मधेशमा जान डराउँथे ।

शीतोष्ण मनसुनी हावापानी

चापाकोट, रामपुर जस्ता धेरै होचा उष्ण बेंसीहरू बाहेक मध्यपर्वतीय प्रदेशका अन्दाजी ३,३५५ मिटर (११,००० फीट) सम्मको इलाकामा शीतोष्ण हावापानी पाइन्छ । केही होचो अर्थात् अन्दाजी २,१०० मिटरसम्मको भू-भागमा न्यानो शीतोष्ण हावापानी पाइन्छ । त्यस्तो हावापानीमा गर्मीमा न्यानो र हिउँदमा केही जाडो हुन्छ । सोभन्दा अग्लोभागमा हिउँदमा सीमितमात्रामा हिउँ पर्ने भई ठण्डा हुने र वर्षामा शीतल हुने हुनाले ठण्डा शीतोष्ण हावापानी भएको मानिन्छ ।

लेकाली हावापानी

मध्यपर्वतीय तथा हिमाली (भोट इलाका) प्रदेशहरूमा ठण्डा शीतोष्ण हावापानीको प्रभाव पर्ने भू-भागभन्दा उच्च ठाउँमा लेकाली हावापानी हुन्छ । यस्तो हावापानीमा हिउँदमा प्रशस्त हिउँ परी मोटामोटी सालको आठ महीना हिउँले ढाकिन्छ । शीतको प्रचुरताको कारण यस्तो हावापानी लाग्ने ठाउँमा मानिसको बसोबास सीमित छ । यस्ता उच्च ठाउँमा बस्ने मानिसहरू हिउँदमा न्यानो भागतिर ओर्लने गर्दछन् । यस प्रकारको हावापानी हिमाली भोट इलाकाहरू तथा धवलागिरि, अन्नपूर्णा, मनासलु आदि हिमालयका दक्षिणी ढालमा रहेका गण्डकी तथा धवलागिरि अञ्चलका गोरखा, लमजुङ, कास्की, पर्वत, म्याग्दी, बाग्लुङ जिल्लाहरूमा पाइन्छ।

हिमाली अथवा ध्रुवीय हावापानी

सधैंभरी हिउँले ढाक्ने अर्थात् हिमरेखा र सोभन्दा उच्च हिमाली प्रदेशमा पाइने हावापानीलाई हिमाली हावापानी भन्न सकिन्छ । यस्तो हावापानी हुने भाग हिम भूमिको रूपमा रहेको हुन्छ । यो क्षेत्रको हिमाली प्रदेशमा हिम रेखाको उचाइ विभिन्न ठाउँहरूमा फरक छ । मनासलुको दक्षिणी ढालमा पर्ने रूपीनालामा अन्दाजी ४,५०० मिटर (१४,७६० फीट) मा हिम-रेखा छ भने त्यसको लगभग २० किलोमिटर अर्थात् छ कोस उत्तरमास्थित ग्यालामा अन्दाजी ५,८०० मिटर (१८,०२४ फीट) सम्म वर्षामा हिउँ नहुने ठाउँ छन् । साधारणतया ५,१८० मिटर अर्थात् १७,००० फीटको उचाइलाई हिम-रेखा मान्न सकिन्छ ।

वन तथा वनस्पति

यो क्षेत्रको विभिन्न हावापानी तथा उचाइको आधारमा विभिन्न प्रकारका वन वनस्पति पाइन्छन् । साधारणतया यहाँ तीन भौगोलिक प्रदेशहरूमा भिन्ना भिन्नै किसिमका वन-वनस्पति रहेको पाइन्छ । तराई र भित्रीमधेशको वन व्यापारिक दृष्टिकोणले बढी महत्वपूर्ण छ । त्यहाँका वनमा साल, सिसौ जस्ता कडा काठ हुने रूखहरू पाइन्छन् । तर वन र वन्य उपजहरू यहाँका पहाडी प्रदेशहरूमा बसोबास गर्ने मानिसहरूको जीवन-यापनको लागि पनि उत्तिकै आवश्यक छन् । मानिसहरू जाडोमा आफूलाई न्यानो राख्न, घर गोठ बनाउन, चूलो बाल्न आदि सम्पूर्ण कार्यको लागि स्थानीय वनमा आश्रित रहन्छन् । केही मानिसहरू यहाँको उच्च लेकाली र होचो उष्ण वनहरूबाट किसिम किसिमका जरीबूटीहरू संकलन गरी शहर बजारमा बेच-बिखन गरी आफ्ना आवश्यक नून, तेल जुटाउँछन् ।

जनसंख्या वृद्धि भई बढ्दो जनसंख्याको लालन पालनको लागि आवश्यक थप कृषि भूमि भइरहेको वन फाँडेर प्राप्त गर्ने प्रवृत्ति बढनुको साथै विदेश निकासीको लागि रूखहरू काट्ने सबेत भएबाट यो क्षेत्रको वन सम्पदामाथि प्रशस्त अतिक्रमण भएको पाइन्छ । त्यसरी मासिँदै गएको वन सम्पदालाई संरक्षण गरी वन सम्पदाको विकास गर्दै लैजाने विभिन्न वन विकास सम्बन्धी कार्यक्रमहरू संचालन गरिएका छन्। मधेशमा बुटवल-स्थित नर्सरीमा टीक रूखहरूको परीक्षण खेती भएको छ । वृक्षारोपण कार्यक्रम चलाइने ठाउँमा टीकका बोटहरू लगाइने भएका छन् साथै पहाडी प्रदेशमा पनि ठाउँ ठाउँमा वन संरक्षण र वृक्षारोपण कार्यक्रमहरू संचालन गरिएका छन् ।

तराई, भित्रीमधेश तथा चुरे पर्वतमालामा पाइने उष्ण प्रदेशीय वन वनस्पति पनि विभिन्न प्रकारका छन् । त्यस प्रदेशलाई साधारणतया उष्ण प्रदेशीय वन वनस्पति पाइने ठाउँ भन्न सकिन्छ तापनि त्यहाँ पाइने वन–वनस्पतिलाई चार किसिममा विभाजन गर्न सकिन्छ ।

त्यसमध्ये सँधैभरी हरियो रहने वनलाई सदावहार वन, हिउँद महीनामा पात झर्ने रूखको प्राधान्य भएको वनलाई पतझड वन, उपर्युक्त दुवै किसिमका रूखहरू मिसिएको वनलाई मिश्रित वन र नदी खोलाको किनारहरू तथा ज्यादै बलौटे ठाउँमा घाँसे चौरहरू पाइन्छन् । यहाँका सदाबहार वनमा पाइने रूखहरू मध्ये साल, बाँझी, बोट धँयारो, हर्रो,बर्रो, विजयशाल, जामुन, टुनी, सिरिस, लामपाते, असना आदिप्रमुख हुन् पतझड वनमा पाइने रूखहरूमा खयर, सिसौ, सिधुरे, सिमल, सिरिस, आदि मुख्य हुन् । त्यस्तै मिश्रित वनमा माथि उल्लिखित रूखहरूको साथै कुसुम, हल्दु, चाँप, कदम, काउलो, आँप आदि पाइन्छन् । तराईका अधिकांश समथर भूमि आवाद भइसकेको छ । हाल मधेशमा वनले ढाकेको बाँकी भाग चुरे पर्वतमालाको फेदीदेखि दक्षिण तर्फ तराईको मध्यभागसम्म रोहिणी नदीको दुवै किनार, कपिलवस्तु र रूपन्देहीको सीमाना, वाणगङ्गाको पश्चिमी किनारदेखि तराईको पश्चिम सीमानासम्म सीमित रहेका छन् । ती वनहरूको छेउछाउमा ठाउँ ठाउँमा अतिक्रमण भएको छ ।

यस क्षेत्रको मध्यपर्वतीय तथा हिमाली प्रदेशहरू पनि वन तथा वन्य उपजहरूबाट सम्पन्न छन् । यस क्षेत्रको वन सम्पदाको प्रमुख भाग हाल मध्यपर्वतीय र हिमाली प्रदेशहरूको सीमानामा बाँकी रहेको छ । मध्यपर्वतीय प्रदेशको अधिकांश होचा पाखाहरू र बेंसीहरूमा आवादी भइसकेकोले वनले ढाकेको भाग कम छ । त्यस्तै हिमाली प्रदेशको अति शीतप्रधान भागमा वन हुर्केको देखिन्न ।

ती प्रदेशहरूमा उचाइको भिन्नताले गर्दा वन वनस्पतिका प्रकारहरू विभिन्न छन् । गण्डकीको न्यानो बेंसीहरूमा अर्ध-उष्ण वन वनस्पतिमा हुने खयर, सिसौ,बयर, अमला, भलायो, सिरिस आदिका पतझड वन पाइन्छ। कतै कतै साल,असना, सिंधुरे,मौवा, अंजिर, फलाँट,कटुस, चिलाउने आदि समेतका मिश्रित वनहरू हुन्छन् । केही उठेको भागमा सल्लोको स-साना वनहरू पनि देखिन्छन् । सँधैं हरियो हुने कोणधारी रूखहरू र फराकिलो पात भएका रूखहरूको मिश्रित वन समशीतोष्ण वनहरूमा उत्तिस, हिंगुवाको झार, अंगेरी, गुराँश, बाँझ, काउलो, दालचिनी, रक्तचन्दन, चैयूँ, बंसी, फिर्फिरे आदि विभिन्न जातिका रूखहरू पाइन्छन् । मध्यपर्वतीय प्रदेशको उच्च भागमा अनुमानित ३,००० देखि ४,००० मिटर (अन्दाजी ९,८०० देखि१३,००० फीट)सम्म कोणधारी सदाबहार रूखका वनहरू पाइन्छन् । त्यस्ता वनहरूमा धेरै संख्यामा धुपी, ठिंग्रेसल्लो, गोब्रेसल्लो, गुराँश आदि रूखहरू हुन्छन् । समुद्रको सतहबाट अनुमानित ४,००० मिटर (१३,००० फिट) देखि उँभो वृक्षरेखा वरिपरि भोजपत्र, ठिंग्रे, चिमाल आदि रूखहरूको लेकाली वन पाइन्छ । वृक्ष रेखादेखि हिम-रेखासम्म लेकाली चौरहरू छन् । ती उच्च घाँसे डाँडाहरूमा बज्रदन्ते, प्रिमूला, स्याकसीफ्रागा आदि लगायत रङ्गी–बिरङ्गी फूलहरू फुल्दछन् । कतै कतै सुनपाते, भैरुङपाते आदिका बुटाहरू पनि पाइन्छन् । हिमालय पारीका भोट इलाकामा साधारणतया ठूल ठूला रूखहरू छैनन् । कतै कतै बाङ्गाटिङ्गा अथवा राम्ररी हुर्कन नसकेका धूपी, सोमलता, कारागाना, वर्येसका स-साना बिरुवा आदि पाइन्छन् । मुक्तिनाथ इलाकामा लेकाली लहरे पीपलका रूखहरू पाइन्छन् ।

नेपाल अधिराज्यको वन वनस्पतिको विभिन्नता उचाइको आधारमा उत्तर-दक्षिणमा मात्र सीमित नभई पूर्वी तथा पश्चिमी भागमा पनि विभाजित छन् । पूर्वी नेपालमा पाइने बंसी, म्याग्नोलिया आदि पूर्वीय वन वनस्पति यो क्षेत्रमाभन्दा पश्चिममा नभएको तथा सुदूर पश्चिममा पाइने एक विशिष्ट प्रकारको धूपी (Cypress), झुलो (Picea Sonithiana), नारू (लेक प्राँग्रा) यो क्षेत्रभन्दा पूर्वपट्टि देखिदैन । यसरी पूर्वी तथा पश्चिमी हिमालय प्रदेशका वन वनस्पतिको भौगोलिक सीमाको रूपमा रहनु नै यो क्षेत्रको वन–वनस्पतिको एक प्रमुख विशेषता हो ।

पशु-पक्षी

यो क्षेत्रको विभिन्न उचाइमा अवस्थित भिन्नाभिन्नै हावापानी लाग्ने इलाकाहरूमा विभिन्न पशु-पक्षी पाइन्छन् । कुनै कुनै पशु-पक्षीहरू मौसमअनुसार उत्तर-दक्षिण अर्थात् विभिन्न उचाइमा बसाइँ सर्दछन् । साधारणतया अधिराज्यमा अन्यत्र पाइने अधिकांश पशु-पक्षीहरू यहाँ पनि पाइन्छन् । ती बाहेक यहाँको नवलपरासीको भित्रीमधेश र डोल्पा, मुस्ताङ, मनाङ, लार्के भोटमा दुर्लभ किसिमका पशु-पक्षी पाइन्छन् । डोल्पा र मुस्ताङ इलाकामा जङ्गली याक र फेय (डोल्पाको स्थानीय नाम) भनिने जङ्गली भेडा पाइन्छ भन्दछन् ।

यहाँको भोट इलाकामा नावर प्रशस्त संख्यामा हुने हुनाले नावर शिकार गर्ने पशुहरू जस्तै हिम चितुवा, भोटे ब्वाँसो, जङ्गली कुकुर आदि पनि धेरै पाइन्छन् । डोल्पा र मुस्ताङको सीमानेर जङ्गली घोडाहरू पनि पाइन्छन् । साथै यहाँका भोटहरू तथा हिमालयका दक्षिणी ढालतर्फका उच्च वन भएका भागहरूमा कस्तुरी, झारल, घोरल, भालू, बाँदर, लंगूर, मलसाँप्रो, लिंडेमूसा, लोखर्के, थार, बँदेल, चितुवा आदि पशुहरू पाइन्छन् ।

भित्रीमधेशको बाक्लो उष्ण वनमा बाघ, गैंडा, हात्ती आदि महत्वपूर्ण दुर्लभ जन्तुहरू पाइन्छन् । नारायणी नदीको बीचमा बन्न गएका टापूहरूको वनमा गैंडा हुन्छन् । त्यस्तै नारायणी नदीमा गोही, सोंजगोंज (ग्यांजेटिक डोल्फिन) आदि पनि हुन्छन् । साथै यस भित्रीमधेश तथा तराईका बनहरूमा बाघ, भालू, चितुवा, ब्वाँसो, सोनिहार, विगवा, गौरीगाई, निगाले चितुवा, वन बिरालो, ढेंड्डु, खरायो, बाँदर, फ्याउरो, स्याल आदि पशुहरू हुन्छन् । तीमध्ये बाघ, गैंडा र जङ्गली हात्तीको संख्या घट्दै गएकोले विश्व वन्य जन्तु संरक्षण अभियानको सिलसिलामा यस क्षेत्रको घट्दै गएका जन्तुहरूको संरक्षण कार्य जारी छ । मधेशमा रहेका वनहरूमा बढी अतिक्रमण हुन गएकोले त्यहाँको वन्य जीव जन्तु पनि लोप हुन गइरहेको छ । त्यस्तै पहाडी क्षेत्रमा पनि बढ्दै गएको जनसंख्याको आवश्यकताअनुसार आवादी बढ्न गएकोले वन इलाकाहरू माँसिदै गइरहेछन् ।

यो क्षेत्रका विभिन्न भौगोलिक प्रदेशहरूमा विभिन्न प्रकारका पक्षीहरू पाइन्छन् । यहाँको तराई इलाकामा सारस, धनेश, काकाकुल, लाँहाचे, मुजूर, वकुल्ला, तित्रा, हाँस, पानीहाँस, राजहाँस, ढुक्कुर, सुगा, मैना, फिस्टे, जुरेली, भद्राई, कोइली, चिबे, धोबिचरा, बट्टाइँ, रानीचरी, चमेरो, हलेसो, गौंथली, मुनिया, तोपचरो, लामपुच्छ्रे, सारौं, न्याउली, नीलकण्ठी, कोकले आदि चराचुरुङ्गीहरू पाइन्छन् ।

भोट इलाकामा मध्य एशियामा पाइने एक किसिमको भोटे परेवा, भोटे च्याखुरा, पहेंलो चुच्चो भएको काग, भोटे भँगेरा पाइन्छन् र हिमालयको दक्षिणीको भागको लेकाली र हिमाली भागमा डाँफे, मुनाल आदि पनि पाइन्छन् । डोल्पा जिल्लाको फोकसुमदो ताल इलाका वरिपरि चराचुरुङ्गी धेरै पाइन्छन् ।

यहाँको मध्यपर्वतीय इलाकामा साधारणतया अधिराज्यको त्यस्तै पहाडी भेकमा पाइने चराहरू जस्तै डाँफे, मुनाल, कालिज, तित्रा, बट्टाई, ढुक्कुर, जुरेली, सुगा, सारौं, वौडाई, लाटोकोसेरो, कलचुंडे, चाँचर आदि पाइन्छन् ।

यो क्षेत्रको तराई र भित्रीमधेश इलाकामा अनेक किसिमका सर्पहरू हुन्छन् । यहाँ पाइने सर्पहरू– मध्ये गोमन, धामन, करेट, हरेऊ, अँधवा (दुईमुखे) चितन, अजिंगर, पानीसाँप आदि प्रमुख हुन् । मधेशमा पाइने सर्पहरूमा गोमन, करेट आदि असाध्य विषालु हुन्छन् । तराईमा धेरै किसिमका विच्छीहरू पनि छन्, पहाडी भेकमा हुने सर्पहरू धेरै विषालु हुँदैनन् ।

भौगर्भिक बनावट

भौगर्भिक बनावटको दृष्टिकोणले यस क्षेत्रलाई पाँच विभिन्न भौगर्भिक स्वरुपमा विभाजन गर्न सकिन्छ ।

१. तराईको मैदान
२. चुरे पर्वत श्रृङ्खला
३. महाभारत पर्वत श्रृङ्खला
४. उच्च हिमाली श्रृङ्खला
५. "टिबेटियन टेथिस" पर्वतमाला

अधिराज्यका अन्य विकास क्षेत्रहरूको तराई प्रदेश झैं यस क्षेत्रको तराई प्रदेश पनि उर्वरा माटोले बनेको छ । भौगर्भिक दृष्टिकोणबाट यो प्रदेश भारतको गङ्गाको पाँगो माटोले बनेको मैदानको उत्तरी खण्ड हो । यस प्रदेशको केही भागमा बालुवा, रोडा आदि मिसिएको पाइन्छ । यो प्रदेश समुद्र सतहबाट अन्दाजी १२५ मिटर (४१० फीट) देखि ३०० मिटर (९८४ फीट) सम्म फैलिएको छ ।

यस विकास क्षेत्रमा तराईको समथर मैदान नवलपुर इलाकामा बाहेक अन्यत्र चुरे पर्वतमालाको फेदीमा टुङ्गिएको छ। चुरे पर्वत श्रृङ्खला पूर्व–पश्चिम फैलिएको छ। यी पर्वतमाला समुद्रको सतहबाट अन्दाजी १,००० मिटर (३,२८० फीट) देखि २,००० मिटर (६,५६० फीट) सम्म अग्ला छन् । चुरे पर्वतमालालाई तल्लो, बीचको र माथिल्लो गरी तीन खण्डमा विभाजन गर्न सकिन्छ। यो माथिल्लो खण्डको सतह कंग्लोमेराइट (Conglomerite), शेल (Shale) र कंकडले ढाकेको छ । बीचमा र तल्लो भागमा सायण्डस्टोन (Sandstone) आदि हुन्छन् । यस चुरे श्रृङ्खलालाई महाभारत पर्वतमालाबाट मेन बाउण्ड्री फल्ट (Main Boundry Fault) ले छुट्याउँछ ।

यहाँ महाभारत पर्वतमालामा दुई भौगर्भिक पक्षहरू रहेको देखिन्छ । एक पक्ष प्यूठान–नुवाकोट–नाप्पे हो जुन गोरखा, स्याङजा र कास्कीमा प्रष्टसँग देखिन्छ। यस भागमा फिलाइट, क्वार्जहट (Quartzite), स्लेट (Slate), सायण्डस्टोन (Sandstone), लाइमस्टोन (Limestone) आदि चट्टानहरू पाइन्छन् । दोस्रो किसिम काठमाडौं नाप्पेको छ । यस विकास क्षेत्रको महाभारत पर्वतमालामा विभिन्न भौगर्भिक बनावटहरू छन् जसले गर्दा त्यस इलाकाको भौगर्भिक व्याख्या कठिन तुल्याएको छ । महाभारत पर्वत श्रृङ्खलालाई मेन सेण्ट्रल थ्रष्ट (Main Central Thrust) ले उत्तरतिरको उच्च पर्वतमालाबाट छुट्याइएको छ ।

विभिन्न प्रकारका नाइस (Gneiss) हरूबाट बनेको हिमाली पर्वत श्रृङ्खलामा विभिन्न उच्च पर्वत समूहहरू छन् । हिमाली पर्वत श्रृङ्खलाको उत्तरी भेकमा "टिबेटियनटेथिस" सेडिमेण्ट प्रष्टसँग देखिन्छ। उक्त इलाकामा विभिन्न प्रकारका फोसिल (Fossil) भएका सेडिमेण्टहरू पाइन्छ । त्यस्ता फोसिल भएका सेडिमेण्टहरू अधिक ठाउँमा उच्च हिमाली श्रृङ्खलामा पाइने प्रि–क्याम्ब्रियन (Pre-Cambrian) चट्टानहरूका माथि रहेका छन् । सम्पूर्ण हिमालय पर्वतमाला श्रृङ्खला पाइने भौगर्भिक प्रकारहरू यस प्रदेशमा पनि पाइने भएकोले हिमाली पर्वतमालाको भौगर्भिक अध्ययन तथा अन्वेषणको लागि यस विकास क्षेत्र सबभन्दा बढी उपयुक्त ठानिएको छ ।

खनिज पदार्थ

यो क्षेत्रमा धेरै वर्ष पहिलेदेखि विभिन्न खानीहरू फेला पारी स्थानीय प्रविधिहरूद्वारा धातु गाल्ने काम हुँदै आएको छ। यहाँका प्रसिद्ध खानीहरूमा तनहूँ ढोरको फलामखानी, स्याग्दी–बागलुङका तामा खानीहरू आदि हुन् । मर्स्याङदी र काली गण्डकीका बेंसीहरूमा खानेनून खानीहरू सञ्चालन हुन्थ्यो । पछि ती खानीहरू बन्द भए । बन्दीपुरको स्लेट खानी पनि ख्यातिप्राप्त छ । त्यस्तै कास्कीको भराभरीको स्लेट खानी उल्लेखनीय छ ।

हाल पश्चिमाञ्चल विकास क्षेत्रको खनिजधनलाई आधुनिक प्रविधिबाट प्रशोधन गर्ने सिलसिलामा यहाँको करीब ५,१८० वर्ग किलोमिटर (२,००० वर्ग माइल) को भौगर्भिक नक्शा तयार गरिसकेको छ र त्यस इलाकाको प्रारम्भिक भौगर्भिक तथ्यहरू पनि सङ्कलन गरिसकेको छ। यस क्षेत्रको विभिन्न खनिजहरूको डिपोजिट हुन सक्ने ठाउँहरू धेरै देखिन्छन् ।

बागलुङ–म्याग्दीको इलाकामा रहेका २२ खानीहरू तामाको लागि अधिराज्यभरि नै प्रख्यात छन् । त्यहाँ पाइएका तामाको धाउमा चाल्कोपाइराइट (Chalcopyrite), अजुराइट (Azurite), बोर्नाइट (Bornite), मालकाइट (Malachite) आदि मुख्य छन्। त्यस इलाकाको ओखरबोट भन्ने ठाउँमा स्थानीय तरीकाबाट तामाको धाउबाट तामा उत्पादन भइरहेको छ । बागलुङ जिल्लाको काँडेवास भन्ने ठाउँमा शिशाको खानी पाइने सम्भावना देखिएको छ । उक्त शिशा खानी सम्बन्धमा वैज्ञानिक अन्वेषण जारीनै रहेको छ ।

माथि उल्लिखित विभिन्न खानीहरू बाहेक यहाँको उत्तरी इलाकामा काली, सेती, मर्स्याङदी, बूढी आदि गण्डकीहरूको किनारामा तातोपानीका मूलहरू निस्केका छन् । ती तातोपानीमा गन्धक र अन्य रसायनहरू मिसिएका हुन्छन् । ती मूलका पानीमा नुहाएपछि छाला सम्बन्धी विभिन्न रोगहरू निको हुन्छ भन्ने विश्वास जनसाधारणमा रहेको छ ।

ऐतिहासिक पृष्ठभूमि

पश्चिमाञ्चल विकास क्षेत्रमा रहेका धवलागिरि, गण्डकी र लुम्बिनी अञ्चलहरूको इतिहास धेरै पुरानो छ । यस क्षेत्रमध्ये केही भागमा मात्र ऐतिहासिक उत्खनन, खोज र शोध कार्य भएको छ तापनि यसबाट यहाँको इतिहासको अध्ययनलाई मद्दत पुगेको छ । अरू बढी खोज र शोध कार्य भएको खण्डमा क्रमानुबद्ध इतिहास प्रष्ट हुन आउने छ भन्ने आशा गरिन्छ ।

यस क्षेत्रमा रहेको नवलपरासीमा खोज कार्य गर्दा पुरापाषाण युगका सामानहरू फेलापरेका छन् ।[1] उक्त सामानहरू अनुसार करीब दुईलाख वर्ष अघि यस क्षेत्रमा बसोबास भइसकेको कुरा स्पष्ट हुन्छ । यसप्रकार यस क्षेत्रको इतिहास करीब दुईलाख वर्ष अघि देखि नै शुरु भएको देखिन्छ ।

कपिलवस्तु जिल्लास्थित पिपरीमा कक्रुच्छन्द बुद्ध जन्मेका थिए । गोटिहवा स्थित अशोक स्तम्भले पनि यस कुरालाई प्रमाणित गर्दछ ।

कपिल मुनिले तिलौराकोट निरबाट बगिरहेको बाणगङ्गाको किनारामा कुटी बनाई तपस्या गरी बसेको समयमा इक्षाकु वंशका राजा ओकाकका[2] राजकुमार र राजकुमारीहरू कपिल मुनिको आश्रममा आई त्यहाँ उनीहरूले कपिल मुनिको अनुमतिले उनैका नाममा "कपिलवस्तु" नामक शहर बसाले । यी राजकुमारहरूले शाक्य वंशको नामबाट यहाँ शाक्य गणराज्य चलाए ।

यस क्षेत्रको तिलौराकोट र लुम्बिनीमा भएका उत्खनन कार्यबाट धेरै पुरातात्विक वस्तुहरू र शहरी क्षेत्र पनि फेला परेका छन् । तिलौराकोटको उत्खनन कार्य गर्दा फेला परेका अनेक वस्तुहरूमध्ये "ग्रेवेर"

---

1. Banerjee, N. R.—Discovery of the Remains of Prehistoric Man in Nepal, Ancient Nepal, Dept. of Archaeology, H.M.G., No. 6, pp. 6-8

२. भिक्षु अमृतानन्द– बुद्धकालीन ब्राह्मण, संग्रह १, आनन्दकुटी विद्यापीठ, काठमाडौं, २०२८, पृष्ठ २६–६१

प्राचीन कपिलवस्तुको पुरातात्विक आधार: तिलौराकोट ढिस्को ५ पूर्वाभिमुख भित्तो


१
२
कुषाण
३
४
शुङ्ग
५
६
मौर्य
७
८
एन.बी.पी.
९
१०
११
११
ग्रे वेयर
१२
१३
उत्खनन नभएको क्षेत्र
स्केल ० ४८ ९६ से.मी.
+

① धरण
② ईटाका टुक्रा धेरै मिसिएको खुकुलो माटो
③ कम खपटा र ईटा पाइने कालो किसिमको खुकुलो माटो
④ धेरै खपटा भेटिने कसिएको माटो
⑤ केही कोइला र ढुंगा पाइने खुकुलो कैलो माटो
⑥ खपटा र कोइला पाइने ढकेको माटो
⑦ केही खपटा पाइने कसिएको कैलो माटो
⑧ कसिएको ढकेको माटो
⑨ कोइला मिसिएको कसिएको कैलो माटो
⑩ खरानी र कोइला मिसिएको खुकुलो खैरो माटो
⑪ खपटा मिसिएको ढकेको माटो
⑫ कंकड र खपटा मिसिएको पहेंलोटे कसिएको कैलो माटो
⑬ कंकड, कोइला, खरानी मिसिएको साह्रो वलौटे कैलो माटो
+ कपकडकर गिर्खा मिसिएको साह्रो कैलो प्राकृतिक माटो

सौजन्य: श्री ५ को सरकार, पुरातत्व विभाग


प्राचीन कपिलवस्तुको आकृति
(तिलौराकोट)
वाणगंगानदी
वर्तमानतह
चौथोतह
तेस्रोतह
दोस्रोतह
पहिलोतह
स्तूप द्वय
धमनीहवा
गोटीहवा
उ
पोखरी
शिवगढ
नहर
तौलिहवा
३·०
२·०
२·५
३·५
१·५
१·०
१·००
०·५
संकेतः—
पुरानो आवादी क्षेत्र
उत्खनित कुण्ड
प्राचीन परिखा
आकृति रेखा
सडक
० ५० १०० १५० २०० मी

सौजन्य: श्री ५ को सरकार पुरातत्व विभाग

'यन.वि.पि.' माटाका भाँडा कुँडाहरू र अरू सामानहरू पनि छन् ।[1] भारतमा'ग्रेवेर' भाँडाकुँडाहरू हस्तिनापुरमा फेला परेका छन् । यी 'ग्रेवेर' माटाका भाँडाकुँडाहरू भारतको इतिहासको सन्दर्भमा ईशापूर्वको करीब एघारौं देखि आठौं शताब्दी पुराना मानिएका छन् । यस प्रकार तिलौराकोटका "ग्रेवेर" माटाका भाँडा कुँडाहरूबाट ईशाको करीब एघारौं शताब्दीदेखि नै यस क्षेत्रमा बसोबास भइसकेको प्रमाणित हुन्छ । 'यन. वि. पि', सामानहरू बुद्धकालदेखि मौर्यकालसम्मका हुन् ।

हालको कपिलवस्तु, रुपन्देही र नवलपरासी जिल्लामा ईशापूर्व सातौं र छैठौं शताब्दीमा शाक्य र कोलीहरूका गणराज्यहरू थिए । कपिलवस्तु गणराज्यमा ईशापूर्व सातौं शताब्दीमा शुद्धोदन राजा थिए । राजा शुद्धोदनकी रानी मायादेवीको गर्भबाट ईशापूर्व ६२३ मा[2] सिद्धार्थ गौतमको जन्म लुम्बिनीमा भएको थियो। यिनै शाक्य वंशका राजकुमार गौतमले बुद्धत्व प्राप्त गरी महापुरुष बनेका हुँदा 'शाक्य सिंह' भनी प्रख्यात भए । तिलौराकोटमा हालसम्म भइरहेको उत्खनन कार्यबाट फेला परेका कतिपय प्राचीन वस्तुहरू, दुई स्तूपहरू[3] तथा अन्य भग्नावशेषको आधारमा तिलौराकोटलाई नै राजा शुद्धोदनको खास राजधानी कपिलवस्तु भन्न सकिने बलियो आधार पाइएको छ । झण्डै ८० वर्ष अगाडि उत्खनन कार्य गर्ने पुरातत्वविद् पी. सी. मुखर्जीले तिलौराकोटलाई राजा शुद्धोदनको राजधानी कपिलवस्तु भनी औंल्याएका थिए ।[4] प्राचीन कपिलवस्तु ठहराइएको तिलौराकोट झण्डै चारपाटे आकारको छ र यसको भित्री घेरामा १२ फीट चौडाइको पक्की इँटबाट बनेको पर्खाल छ। पर्खालको बाहिर हालसम्म ठाउँ ठाउँमा खाईहरू फेला परेका छन्। तिलौराकोटको व्यास करीब एक माइलको छ जसको उत्तर–दक्षिण लम्बाइ १,७०० फीट तथा पूर्व–पश्चिमको चौडाइ १,३०० फीट छ । यस प्रकार एक माइलको व्यासमा ठूलो भवनको भग्नावशेष रहेको र यस स्थललाई पर्खाल र खाईले घेरा हालेको हुनाले यस स्थललाई प्राचीन कपिलवस्तु भन्ने कुरा प्रमाणित हुन्छ ।

सिद्धार्थ गौतम (गौतम बुद्ध) को मावली खलक कोलीहरू थिए । कोलीहरूको राजधानी रामग्राममा थियो जुन हाल रुपन्देही जिल्लाभित्र पर्दछ । छैठौं शताब्दी ईशापूर्वका गणराज्यहरूमा कोलीहरू र शाक्यहरूका राज्यहरू प्रख्यात थिए ।

---

1. Mitra, D.—Excavations at the Tilaurakot and Kodan and Exploration in the Nepalese Tarai, Dept. of Archaeology, H.M.G., Nepal, 1972, p. 23 ff; Deo, S.B.—Archaeological Investigations in the Nepal Tarai, 1964, p. 7 ff; Rijal, B. K.—Excavation and other Archaelogical Activities in Tilaurakot (Ancient Kapilavastu) 1973--74, Ancient Nepal, Dept. of Archaeology, H. M. G., Nepal; No. 26; Rijal, B.K.—Excavation, Exploration, and other Archaelogical Activities in Tilaurakot 1972-73, Ancient Nepal, No. 22, pp. 60-71
2. Smith, V.—The Early History of India, Oxford Clarendon Press, 1V Edition, p. 60

३. यी दुई स्तूपहरूमध्ये एउटा ठूलो छ जसको व्यास ५२ फीट छ र अर्को सानो छ । सानो स्तूपको व्यास २६ फीट छ । यी दुई स्तूपहरूलाई राजा शुद्धोदन र मायादेवीको स्मृतिस्तूप भनिन्छ ।

4. Mukherjee, P.C.-Antiquities in The Tarai, Nepal, The Region of Kapilavastu, Calcutta, 1901

बुद्धत्व प्राप्त गरिसकेपछि गौतम बुद्ध कपिलवस्तुमा पनि आए । यिनले कपिलवस्तुमा धेरै व्यक्तिहरूलाई बौद्ध धर्ममा दीक्षित गरेको कुरा जातक कथाहरूमा पाइन्छ । गौतम बुद्धको जन्म शाक्य वंशको राजपरिवारमा भएकोले कोशलका राजा प्रसेनजितले शाक्य वंशकी कन्या वासभखतिया (वासवदत्त) लाई विवाह गरेका थिए । यी शाक्य कुमारीलाई पुराना ग्रन्थमा शाक्य राज वंशका मठचाहा कन्या थिइन् भन्ने कुरा उल्लेख भएको छ । प्रसेनजित र वासभखतियाबाट सन्तान भयो जसको नाउँ बिरूढक राखियो । बिरूढक आफ्नो मावली कपिलवस्तु आउँदा शाक्यहरूले जातीय अभिमान देखाई उनको अपमान गरेको हुँदा यिनले शाक्यहरूमाथि बदला लिने विचार गरे । मौका पाएपछि बिरूढकले कपिलवस्तुमाथि हमला गरे । शाक्यहरू भागाभाग भए । कोही काठमाडौं उपत्यकामा आए, कोही वैशाली र छिमेकका राज्यहरूमा भागे र कपिलवस्तुमा केही शाक्यहरूमात्र बाँकी रहे । यसप्रकार बुद्धकै जीवनकालमा बिरूढकद्वारा कपिलवस्तु ध्वस्त भएको थियो । यसै समय कोलीहरू पनि भागी काठमाडौं उपत्यकामा आइबसे । तिनीहरूले बसोबास गरेको क्षेत्र "कोलीग्राम" थियो भन्ने कुरा लिच्छविकालीन अभिलेखमा उल्लेख भएको छ । आजभन्दा २५१८ वर्ष अघि गौतम बुद्धले महानिर्वाण प्राप्त गरे ।

गौतम बुद्धको महानिर्वाण भएको २९४ वर्षपछि अथवा ईशापूर्व २४९ मा मौर्य वंशज सम्राट् अशोकले आफ्ना गुरु उपगुप्तका साथ लुम्बिनीमा आई बुद्धको जन्मस्थलमा शिलास्तम्भ खडा गरे। उक्त शिलास्तम्भाभिलेखअनुसार उक्त समयमा कपिलवस्तु क्षेत्र अशोकको साम्राज्यभित्र रहेको बुझिन्छ । अशोकको अर्को स्तम्भाभिलेखअनुसार मौर्य सम्राट्ले निग्लीहवा, जुन हाल कपिलवस्तु जिल्लामा पर्दछ, मा कनकमुनि बुद्धको चैत्यलाई पहिलेकोभन्दा दोब्बर ठूलो बनाउन लाएका थिए । निग्लीहवामा र लुम्बिनीमा सम्राट् अशोकका शिलास्तम्भहरू अद्यापि छन् । यस क्षेत्रको उतखनन कार्यबाट शुंग र कुशान वंशकालिक सामानहरू र टकहरू प्राप्त भएका छन् ।

चीनिया यात्री फाइयान र हुएन सांगले पनि कपिलवस्तुको बारेमा बयान गरेका छन् । ईशाको चौथौं शताब्दीमा चन्द्र गुप्त विक्रमादित्यको शासनकालमा फाइयानले भारतको यात्रा गरेका थिए । यिनले कपिलवस्तुको पनि यात्रा गरेका थिए। कपिलवस्तुको बारेमा फाइयानले यस प्रकार वयान गरेका थिए– "कपिलवस्तु नगर उजाड छ । यहाँ करीब दश घर जति श्रमजीवीहरू छन् । यस स्थानमा जाँदा बाटोमा सेतो हात्ती र सिंहको डर छ ।"[1] उक्त कथनअनुसार ईशाको चौथौं शताब्दीमा कपिलवस्तु उजाड भइसकेको थियो । कपिलवस्तु जाने बाटोमा सेतो हात्ती र सिंहहरूको डर थियो भनी उल्लेख भएबाट उक्त बेला त्यहाँ सेतो हात्ती र सिंहहरू रहेको प्रमाणित हुन्छ । तर आजकल उक्त स्थानमा सेतो हात्ती र सिंहहरू पाइँदैनन् । हुएन सांगले ईशा संवत्को सातौं शताब्दीको पूर्वार्द्धमा भारतमा यात्रा गरेका थिए । यिनी पनि कपिलवस्तुमा आएका थिए । यिनले पनि कपिलवस्तु उजाड नै पाएका थिए ।[2]

नेपालको इतिहासमा प्रथम शताब्दीदेखि लिच्छविहरूले शासन गरेको आभास हुन्छ । लिच्छविहरूले करीब करीब वर्तमान नेपालकै जत्रो अधिराज्यमा राज्य गरेका थिए । लिच्छवि अभिलेख कुँदिएका

---

[1] सत्यकेतु विद्यालंकार– प्राचीन भारतका इतिहास, पृष्ट ५४७

[2] Beal, S. (ed.)- Travels of Heouin Thsang, Sushil Gupta (India) Pvt. Ldt., Calcutta, 1958, pp. 268-77

माटाका ससाना चैत्यहरू जुम्लामा फेलापरेको देखिएबाट पनि यसलाई प्रमाणित गर्दछ ।[1] लिच्छवि राजा शिवदेव द्वितीय र जयदेव द्वितीयका अभिलेखहरू गोरखामा पनि पाइएका छन् ।[2]

यस प्रकार लिच्छवि शासकहरूले वर्तमान पश्चिमाञ्चल विकास क्षेत्रका प्रायः सबै भागमा राज्य गरेको प्रमाणित हुन्छ । लिच्छविहरूको पतन पछि काठमाडौं उपत्यकामा नुवाकोटे ठकुरीहरूले शासन गर्दा एघारौं शताब्दीसम्म लमजुङ र गुल्मीसम्म राज्य गरेका थिए । तर पश्चिमका खशिया मल्लहरूको अभ्युदय भएपछि काठमाडौं उपत्यकाका शासकहरूले त्रिशूली गण्डकी पारीका क्षेत्र गुमाए ।

करीब दशौं शताब्दीमा पश्चिमी नेपालको खारी प्रदेशमा नागराज वंशको अभ्युदय भयो ।[3] नागराज वंशहरूले आफ्ना राज्य विस्तार गरी पूर्वमा त्रिशूली गण्डकीदेखि पश्चिममा गढवाल उत्तरमा ताकलाकोटदेखि दक्षिणमा तराई भागसम्ममा शासन गरेका थिए। नागराज वंशजहरूलाई खशिया मल्ल भनिन्थ्यो । खशिया मल्ल राजाहरूका ताम्रपत्रहरू पश्चिमाञ्चल विकास क्षेत्रभित्र पर्ने गोरखा, कपिलवस्तु र लुम्बिनीमा पाइएका छन् ।

यी खशिया मल्लहरू मध्येका जितारी मल्लले जुम्लाबाट पूर्वमा हमला गर्न शुरू गरे । जितारी मल्लले ई. सं. १२८८, १२८९ र १२९० मा काठमाडौं उपत्यकामा हमला गरेका थिए। यसपछि यिनका उत्तराधिकारीहरू आदित्य मल्ल र पुण्य मल्लले काठमाडौंमा हमला गरे । यस प्रकारले काठमाडौं उपत्यकाका राजाहरू कमजोर भएको हुँदा लमजुङ र गुल्मी मात्र गुमेको नभई काठमाडौं उपत्यकामा समेत खशिया मल्ल राजाहरूले बराबर हमला गरेका थिए ।

खशिया मल्लहरूले करीब दशौं शताब्दीदेखि चौधौं शताब्दीसम्म शासन गरे । ई. सं. १३६१ सम्मका अभय मल्लका ऐतिहासिक सामग्री गोरखामा पाइएको छ । ई. सं. १३९३ मा मेदिनी बर्मा जुम्लाको राजाको रूपमा देखापरेको हुनाले अभय मल्लपछि खशिया मल्लहरूको पतन भएको बुझिन्छ ।

खशिया मल्लहरूको पतन भएपछि गण्डकी प्रश्रवण क्षेत्रमा चौबीसी र कर्णाली क्षेत्रमा बाइसी राज्यहरूको उदय भएको देखिन्छ । भारतमा भइरहेको मुसल्मानी आतङ्कबाट आफ्नो ज्यान, स्वाभिमान र धर्म रक्षा गर्न धेरै हिन्दू धर्मावलम्बीहरू नेपालभित्र पसेका थिए । यिनै आप्रवासीहरूले बाइसी चौबीसी राज्य खडा गर्नमा महत्वपूर्ण भूमिका खेलेका थिए ।

वर्तमान पश्चिमाञ्चल विकास क्षेत्रभित्र पर्ने डोल्पा जिल्लाको धेरै भाग मध्यकालमा जुम्ला राज्यको अधीनमा थियो ।[4] त्यस बेला जुम्ला राज्यमा कल्याल वंशको शासन थियो । कल्याल वंशले ई. सं.

---

१. धनवज्र वज्राचार्य– लिच्छविकालका अभिलेख, पृष्ठ ५९८

२. तुलसीराम वैद्य र धनवज्र वज्राचार्य (सं.)–गोरखाको ऐतिहासिक सामग्री, नेपाल अध्ययन संस्थान, २०२८, पृष्ठ ११–१४; ई. सं. ४६४ को चाँगुको अभिलेखअनुसार मानदेव प्रथमले गण्डकी नदी पश्चिमको मल्लपुरी विजय गरेका थिए भन्ने देखिन्छ ।

३. पृथ्वी मल्लको स्तम्भाभिलेखमा उल्लिखित पाल वंश र नागराज वंशको राज्य इलाकाको बारेमा विभिन्न मतहरू छन् ।

४. जनकलाल शर्मा– डोल्पो र केही अन्य स्थलका पुरातात्विक उपलब्धि, प्राचीन नेपाल, संख्या १५, पृष्ठ १–२८

चौधौं शताब्दीको आखिरी दशकदेखि ई. सं. १७९० (वि. सं. १८४६) सम्म शासन गरे। मध्यकालमा पहिलेदेखि मुस्ताङमा तिब्बत मूलक शासकहरूले राज्य गर्दै आएका थिए। मुस्ताङ र जुम्ला बीच लडाईं भइरहन्थ्यो। मुस्ताङका शासक र गोरखाधिपति पृथ्वीनारायण शाहको बीचमा धर्म सन्धि भए अनुसार मुस्ताङी राज्य नेपाल अधिराज्यको अधीनमा रहने भयो। उक्त बेला मुस्ताङ राज्यको फैलावट पनि विस्तृत थियो।

मध्यकालमा भारतबाट नेपालभित्र पसेका समूहमध्ये सेनहरू नै प्रमुख थिए। यिनीहरू सिसौदिया राजपूतहरू हुन्। ती सेनहरू नेपालमा आई धेरै वर्ष बितिसकेपछि राजा भए।[1] विभिन्न मतहरू मध्ये एकमत अनुसार तुथा सेन रिसियाङमा आइबसे।[2] रिसियाङ भन्ने स्थान बुटवल र पाल्पाको बीचमा पर्दछ। पछि तुथा सेनका पुत्रले रिब्दीकोट नामक स्थानमा राज्य बसाए। तुथा सेनका वंशज रुद्र सेनले पाल्पामा आफ्नो राज्य सारे। यिनको शासनकाल ई. सं. १५१३ देखि १५४० सम्म रहेको थियो।[३] यिनका छोरा मुकुन्द सेन प्रथम एक महत्वाकांक्षी राजा थिए। यिनले करीब ३५ वर्षको शासनकालमा (ई. सं. १५४०–७५) पूर्वमा दूधकोशीसम्म विजय गरेका थिए। पूर्वतिरको विजय कार्यमा यिनका पुत्र लोहाङ सेन सक्रिय थिए। यस प्रकार तत्कालीन वृहत् सेन राज्यलाई बुटवल, पाल्पा, तनहूँ र मकवानपुर गरी चार भागमा आफ्ना चार छोराहरूमा विभाजित गरिदिए।[4] यस विभाजनपछि यो सेनराज्य पछि गएर झन बढी टुक्रिँदै गयो। यस प्रकार सेन परिवारका शाखाहरू विभिन्न ठाउँमा फैलिई स-साना राज्यहरू खडा भए। ती स-साना राज्यहरूमा रिसिङ, घिरिङ, गजरकोट आदि राज्यहरू थिए।

मध्यकालको पर्वत राज्य चौबीसी राज्यहरूमध्ये एक थियो जसलाई सोह्र हजार पर्वत भनिन्थ्यो। पर्वत एक विशाल राज्य थियो। यस राज्य अन्तर्गत हालको म्याग्दी, डोल्पाको केही भाग, बागलुङ र पर्वत जिल्लाहरू पर्दथे। यस राज्यमा वि. सं. १५४५ मा डिम्ववम नामका प्रख्यात राजा थिए।[५] यिनले समस्त पर्वत एकीकरण गरी शान्ति सुव्यवस्था कायम गरे। यी बम परिवारले पछि "मल्ल" पदवी दिल्लीका बादशाहबाट पाए[6] र पछि यस वंशका राज परिवारले "मल्ल" भन्ने उपाधि धारण गरे। मल्ल परिवारका एकशाखाले गलकोटमा गई एक स्वतन्त्र राज्य खडा गरे। यस राजपरिवारलाई समाल परिवार भनिन्थ्यो।

गण्डकी प्रश्रवण क्षेत्रमा चौबीसी राज्यहरू खडा भएको कुरा माथिनै उल्लेख भएको छ। खाँची र धुर्कोटको राजवंश मेधाशी भनिन्थ्यो। गुल्मी, अर्घा र इस्माका राजाहरूलाई काला मकवानी भनिन्थ्यो। मेघाशी र काला मकवानीको नामकरण कसरी भयो भन्ने कुराको शोध कार्य हुन बाँकी नै छ।

---

1. Hamilton, F.B.—An Account of the Kingdom of Nepal, pp. 129-32
2. Ibid, p. 31
३. बाबुराम आचार्य–श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग १, पृष्ठ ६
4. Hamilton, F.B.— op. cit. ,p. 132; शङ्करमान राजवंशी (सं.) –सेन वंशावली, पुरातत्व र संस्कृति विभाग, श्री ५ को सरकार, २०२०
५. मोहन बहादुर मल्ल– पर्वतको इतिहास, प्राचीन नेपाल, संख्या १६, पृष्ठ ४५
6. Hamilton, F.B.—op. cit., p. 271

मध्यकालमा भीरकोट, नुवाकोट, गह्रुँ, ढोर, सतहुँ, कास्की, लमजुङ र गोरखा[1]मा शाह वंशीहरूको राज्य थियो। "आठ टीका शाह वंशावली"मा उल्लेख भएका शासकहरूका नाम र राजा राम शाहको शासनकालमा चित्रबिलासले लेखेको शाह वंशावलीमा उल्लेख भएका नामहरूमा केही फरक देखिन्छ ।

शाह परिवार चितौरका सिसौदिया राजपूतहरू थिए ।[2] तिनीहरू नेपालमा पसी रिडिघाटको वारिपट्टि रहेका लसर्घामा आइबसे । उक्त बेला जेत खानले पछि भीरकोटमा आफ्नो राज्य खडा गरे र कान्छा भाइ मिन्चा खानले नुवाकोट (स्याङजा) मा गई राज्य गरे । दुई भाइहरूका परिवार पछि अरू राज्यहरूमा फैलिए । कुलमण्डन खानले "शाह" भन्ने पदवी धारणा गरे । यस प्रकार शाह पदवी धारण गर्ने प्रथम शासक कुलमण्डन शाह थिए । कास्कीका राजकुमार यशोब्रह्म शाह लमजुङका राजा भए । लमजुङमा पनि शाह परिवारले करीब सोह्रौं शताब्दीको शुरूमा राज्य गर्न शुरू गरे । यशोब्रह्म शाहका दुई पुत्रहरू थिए जसको नाम यस प्रकार छः नरहरि शाह र द्रव्य शाह । यशोब्रह्म शाहको मृत्युपछि नरहरि शाह लमजुङका राजा भए । गोरखाको राजनैतिक र समाजिक अस्थिरताको फाइदा उठाई कान्छा भाइ द्रव्य शाह ई. सं. १५५९ मा गोरखाका राजा भए ।[3]

गोरखा राज्यको अभ्युदय भएदेखि लमजुङ र गोरखा राज्यको बीच वैमनस्यता पैदा भयो । लमजुङ गोरखा माथि आफ्नो प्रभुत्वको लागि र गोरखाली आफ्नो सुरक्षाको लागि लड्थे। गोरखा राज्यको संस्थापक द्रव्य शाह थिए भने राम शाहले (ई. सं. १६०९–१६३६) यस राज्यमा आर्थिक, सामाजिक र प्रशासनिक सुधार गरी नेपाल एकीकरणको आदर्शको निर्माण गरी गोरखालीहरूलाई उत्साहित गरे। राजा पृथ्वीपति शाहले गोरखा राज्यलाई सैनिक दृष्टिकोणबाट अरू शक्तिशाली बनाए। चौबीसी राज्यहरूको समुदाय भित्र गोरखा राज्य परेको देखिन्न । गोरखामा राजा प्रजाको बीचमा राम्रो सम्बन्ध थियो । यस एकताले नै गर्दा गोरखालीहरू नेपाल एकीकरण गर्ने महान् अभियानमा सफल भए । चौबीसी राजाहरूको आपसमा रहेका ईर्ष्या, द्वेश र कलह आदिले गर्दा एक अर्कामा मेलमिलाप कहिल्यै भएन । यस्तो परिस्थितिको फाइदा गोरखाका राजाले उठाए । राम शाहको आदर्शलाई पृथ्वीनारायण शाहले साकार पारे ।

"दिव्य उपदेश" मा उल्लेख भए अनुसार त्यस ताकको शक्तिको सन्दर्भमा लमजुङलाई गरुड, गोरखालाई सर्प र काठमाडौं उपत्यकालाई (मल्लराज्यहरू) भ्यागुतोको संज्ञा दिइएको थियो । भ्यागुतो खानलाई सर्पले गरुडको आँखा छल्नु पर्छ भन्ने यसै सुझाव अनुसार पृथ्वीनारायण शाहले कान्तिपुर राज्य अन्तर्गतको नुवाकोट माथि चढाइ गर्नु अघि लमजुङ र अरू चौबीसी राज्यहरूसँग सन्धि गरे । पहिलेको प्रयासहरू विफल भएको हुँदा पृथ्वीनारायण शाहले बनारसबाट पनि तत्कालीन समयका विकसित हतियारहरू ल्याएका थिए र साथै गोरखामा पनि अनेक हातहतियारहरू बनाउन लगाएका थिए ।

---

१. योगी नरहरिनाथ (सं.) – इतिहास प्रकाश, अंक १, पृष्ठ ६७–६८

२. योगी नरहरिनाथ (सं.) – गोरखा वंशावली, आर्यवीर संघ, काशी, २०२१, पृष्ठ २६–३१

३. ऐजन, पृष्ठ ४

यस प्रकार आन्तरिक र वाह्य सुरक्षाको बन्दोवस्त गरी ई. सं. १७४४ को भाद्र महीनामा पृथ्वीनाराय शाहले काठमाडौं उपत्यकाको पश्चिमी प्रवेशद्वार नुवाकोट विजय गरे। नुवाकोटको विजयले गोरखालीहरूको उत्साह झन् बढायो। त्यस पछि काठमाडौं उपत्यकाको पूर्वी क्षेत्र माथि विजय प्राप्त गरे। यस प्रकारको गोरखालीहरूको बढ्दो शक्ति देखी लमजुङ र अरू चौबीसी राज्यहरूले गोरखा माथि हमला गरे। एवम् प्रकारले नेपाल राष्ट्र निर्माता पृथ्वीनारायण शाहले तीतो मीठो अनुभव गर्दै आफ्नो विजय अभियानलाई अगाडि बढाउँदै गए। चौबीस वर्षको संघर्ष पछि पृथ्वीनारायण शाहले ई. सं. १७६८ मा कान्तिपुर र ललितपुर विजय गरे र ई. सं. १७६९ मा भक्तपुर विजय गरे। यस अवधिभित्र लमजुङ, तनहूँ, मकवानपुर आदिका राजाहरूले पृथ्वीनारायण शाहको यस अभियानमा बाधा हाल्दै गरेका थिए तर सफल हुन सकेनन्।

मकवानपुरका राजाले काठमाडौं उपत्यकाका मल्ल राजाहरूलाई मद्दत गर्ने सम्भावना भएको हुँदा पृथ्वीनारायण शाहले ई. सं. १७६२ मा मकवानपुरमाथि हमला गरी विजय प्राप्त गरेका थिए। त्यस्तै तनहूँका राजा त्रिविक्रम सेनले मल्ल राजाहरूलाई मद्दत दिने प्रयास गरेको हुँदा उक्त राजालाई नुवाकोटमा केही दिनको लागि थुनेका थिए। लमजुङले बराबर गोरखा माथि हमला गर्ने हुँदा गोरखालीहरूले लमजुङको हमलालाई रोकथाम गर्ने पूरा बन्दोवस्त मिलाएका थिए।

राष्ट्र निर्माता पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकाको विजय गरी सकेपछि चौबीसी राज्य विजय गर्ने प्रयास गरे। ई. सं.१७७० मा काजी वंशराज पाँडे, सरदार केहर सिंह बस्नेत, प्रभु मल्ल आदिको नेतृत्वमा गोरखाली फौज काठमाडौंबाट प्रस्थान गरे। गोरखाली फौजले भण्डारीढिकमा कास्कीलाई पराजित गरी नुवाकोट (पश्चिम ४ नं.) माथि जाइलागे। तर नुवाकोटेहरूले गोरखालीको यस प्रयासलाई विफलपारिदिए।

ई. सं. १७७२ मा फेरि तिनै फौजी अधिकृतहरूको नेतृत्वमा गएका फौजहरूले रिसिङ, ढोर,गरहुँ, पैयँ र भीरकोट सर गरे। ती गोरखालीहरूले नुवाकोट र कास्की उपर हमला गर्दा पर्वत राज्यले कास्की र नुवाकोटको सहायतार्थ फौज पठाई मद्दत गरे। चौबीसीहरू र गोरखालीहरू बीच भएको युद्धमा सरदार केहर सिंह बस्नेत मारिए र काजी वंशराज पाँडेलाई पर्वते फौजले समाती लगे। यस प्रकार पृथ्वीनारायण शाहको पश्चिम नेपाल विजय गर्ने प्रयास सफल हुन सकेन।

पृथ्वीनारायण शाहको ई. सं. १७७५ मा देहावसान भएपछि प्रतापसिंह शाह राजगद्दीमा बसे। तर प्रतापसिंह शाहको शासनावधि जम्मा दुई वर्ष नौ महीना रह्यो। यस छोटो अवधिमा उपरदाङगढी र चितौन क्षेत्र नेपाल अधिराज्यमा समावेश भए।

प्रतापसिंह शाहको मृत्यु पछि ई. सं. १७७७ मा नाबालक रणबहादुर शाह राजगद्दीमा बसे र राजमाता राजेन्द्र लक्ष्मी देवीले नायब भई शासन चलाइन्। बहादुर शाहलाई बेतियाबाट झिकाइयो। तर देवर भाउजुमा पछि झगडा भयो र केही वर्ष पछि बहादुर शाह फेरि बेतियामा गई बसे।

रणबहादुर शाहको समयमा पश्चिम नेपाल माथि विजय गर्न फौज पठाइयो। नेपाली फौज तनहूँमा पुग्दा तनहूँका राजा हरकुमारदत्त सेन भागेर पाल्पामा शरण लिन गए। यस बखत पाल्पाका राजा मुकुन्द सेन

द्वितीय, पर्वतका राजा कीर्तिवम मल्ल र तनहूँका राजा हरकुमारदत्त सेन एक गुट भएका थिए । ई. सं. १७७९ मा लडाईंमा परास्त भई हरकुमारदत्त सेन भारत भागे । ई.सं. १७८१ मा लमजुङ, तनहूँ, पर्वत आदि राज्यहरू मिली गोरखा माथि जाइलागे । तर सिह्लानचोकको युद्धमा चौबीसीहरू हारे ।

गोरखाली फौजले कास्की, लमजुङ र तनहूँ ई.सं. १७८२ मा विजय गरी नेपाल अधिराज्यको अभिन्न भाग बनाए। राजमाता राजेन्द्र लक्ष्मीले पाल्पा, नुवाकोट र पैयूँ पनि सरगर्न प्रयास गरेकी थिइन् तर असफल भइन्। राजमाता राजेन्द्र लक्ष्मीले करीब नौ वर्षको नायबीकाल लडाईंको व्यवस्थामा बिताइन् ।[1] ई.सं. १८८६ तिर राजमाता राजेन्द्र लक्ष्मीको देहान्त भयो। पृथ्वीनारायण शाहको सपना केही हदसम्म राजेन्द्र लक्ष्मीले साकार गरिन् र बहादुर शाहले पूरा रूपमा साकार पारे ।

राजमाता राजेन्द्र लक्ष्मीको देहान्तको खबर सुनी बहादुर शाह नेपाल फर्केर नायब भई शासनभार सम्हाले । बहादुर शाहले वृहत् नेपाल सिर्जना गर्ने महान् अभियानलाई साकार पार्न पाल्पाका राजपरिवारसित वैवाहिक सम्बन्ध जोडे ।[2] त्यसपछि पश्चिम नेपाल विजय गर्न सैनिक प्रबन्ध गरे । सैनिक प्रबन्ध पूरा गरिसकेपछि बहादुर शाहले दामोदर पाँडेलाई पश्चिम विजय गर्न पठाए । पाल्पाको र नेपालको संयुक्त फौजले नुवाकोट, अर्घा, खाँची, गुल्मी, इस्मा, बागलुङ, पर्वत, भीरकोट आदि विजय गरे ।

यस विजयमा पाल्पाले नेपाल सरकारलाई सहयोग दिएको हुँदा पाल्पालाई अर्घा, खाँची र गुल्मी दिइयो । पछि रणबहादुर शाहले गुल्मीको राजकुमारी विवाह गरेको हुँदा गुल्मीलाई नेपालको एक अधीनस्थ राज्यको रूपमा रहन दिइयो । चौबीसी राज्यहरू माथि विजय गरेतापनि नायब बहादुर शाहको समयमा पाल्पा एक स्वतन्त्र राज्य थियो । मुस्ताङ, भीरकोट, गलकोट, गह्रौंकोट, पर्वत, नुवाकोट, गुल्मी आदि राज्यहरूका राजाहरू नेपाल अधीनस्थ रजौटाका रूपमा रहे ।

बहादुर शाहले जुम्ला माथि वि. सं. १८४६ मा विजय प्राप्त गरे । यस प्रकार नायब बहादुर शाहले पाल्पा बाहेक अरू सबै चौबीसी र बाइसी राज्यहरू माथि विजय प्राप्त गरेका थिए ।

पाल्पा राज्य ई. सं. १८०६ सम्म स्वतन्त्र रह्यो । ई. सं. १८०६ मा काठमाडौं उपत्यकामा गीर्वाण यद्ध विक्रम शाहका मुख्तियारको रूपमा रहेका रणबहादुर शाहलाई शेर बहादुर शाहले मारे। यस पछि भीमसेन थापालाई प्रशासनको भार सुम्पिई मुख्तियारको रूपमा काम गर्न दिइयो । भीमसेन थापाले सोही वर्ष नै पाल्पा विजय गर्न आफ्ना पिता अमर सिंह पठाए । यस प्रकारले पाल्पा माथि विजय प्राप्त भयो ।

---

१. योगी नरहरिनाथ (सं.)– इतिहास प्रकाश, अङ्क २ भाग ३, पृष्ठ ४३३–४३६

२. ऐजन, पृष्ठ ४३६

पाल्पा विजय पछि नेपाल सरकार र इष्टइण्डीया कम्पनी सरकारका बीचमा बुटबल र स्यूराज को विषयलाई लिएर सीमाना सम्बन्धी गडबडी हुन लाग्यो। पाल्पाका सेन राजाहरूले उक्त बुटवल र स्यूराज इलाका जमीन्दारीको रूपमा लखनउका नवाव वजीरसँग लिई राखेका थिए। यस इलाकालाई कारण बनाई ई. सं. १८१४ मा कम्पनी सरकारले नेपाल माथि आक्रमण गरी युद्धको घोषणा गरे। ई.सं.१८१५ नोभेम्बर २८ तारीखको सुगौली सन्धिमा नेपाल तर्फका दूत राजगुरु गजराज मिश्रले हस्ताक्षर गरे पछि उक्त सन्धिमा अँग्रेजतर्फबाट ब्रेडशाले सही गरिदिए। तर यस सन्धिअनुसार खास बुटवल बाहेक नेपालले सबै तराई भाग गुमाउनु पर्ने भयो। अन्तिम शर्तअनुसार निश्चित समय (पन्ध्र दिन) भित्र नेपाल सरकारले उक्त सन्धि प्रस्तावलाई स्वीकार गर्नु पर्दथ्यो, तर यो कुरा हुन सकेन। अंग्रेजहरूले युद्ध पुनःप्रारम्भ गरे। अंग्रेजी कमाण्डर अक्टरलोनी मकवानपुर भई काठमाडौंतिर बढ्दै आइरहेको समाचार पाएपछि नेपाल तर्फबाट सन्धिको कुरा शुरू भयो। अंग्रेजहरू पनि नेपालसँग लड्दा लड्दा थाकिसकेका थिए। भारतमा पिंडारीहरू र मराठाहरूले युद्ध छेड़लान् भन्ने डर भइरहेको थियो। यस प्रकार दुवैतिरबाट लडाईं टुङ्ग्याउनु श्रेय सम्झी ई. सं. १८१६ डिसेम्वरमा सन्धि हस्ताक्षर भयो। जुन सुगौली सन्धिको नाउँले प्रसिद्ध छ।

यस सन्धिअनुसार बाँके, बर्दिया, कैलाली र कञ्चनपुर बाहेक तराईका सबै भाग नेपाल सरकार ले फिर्ता पायो। पश्चिममा महाकाली र पूर्वमा मेची नेपाल अधिराज्यको सीमाना भयो।

यस प्रकार पश्चिमाञ्चल विकास क्षेत्रको लामो इतिहासमा विभिन्न समयमा विभिन्न राज्यहरू खडा भएका थिए। विशेष महत्वको कुरा यो छ कि यसै क्षेत्रभित्र रहेको एक सानो तर दरिलो गोरखा राज्यले विशाल नेपाल अधिराज्यको सिर्जना गर्ने श्रेय लियो।

जनसंख्या र जनजीवन

यो क्षेत्रको भोट, पहाड, बेंसी, मधेश आदि विभिन्न उचाइका विभिन्न हावापानी लाग्ने ठाउँहरूमा विभिन्न जातिका मानिसहरूले बसोबास गरेका छन्। हिमालय पर्वतमालाको उत्तर रहेका भोट इलाकाहरूमा डोल्पो, लोपा, थकाली, मनाङ्वा (नेसाङ र नार)नुब-रीहरू आदि बसेका छन्। हिमालयको दक्षिणी ढालमा धवलागिरि र लुम्बिनी अञ्चलहरूमा मगर, गण्डकीमा गुरुङ र हो चो पहाड र बेंसीहरूमा बाहुन, क्षेत्री, घर्ती, कामी, दमाई, सार्की आदि र मधेशमा कुर्मी, थारू आदि जातिका मानिसहरू बस्दछन्। यहाँका विभिन्न जातिहरूले विभिन्न संस्कृति र परम्पराहरूलाई अँगालेका छन्। यसरी यहाँको सामाजिक जीवन सांस्कृतिक विविधताले भरिएको छ। यहाँका विभिन्न जातिका मानिसहरूले परस्पर प्रेम, सद्भावना र सहयोगको वातावरणमा आफू पनि बाँच्ने र अरूलाई पनि बाँच्न दिने गरेका छन्।

यो क्षेत्रको तीन अञ्चलहरूको क्षेत्रफल, जनसंख्या, पञ्चायत संख्या र जन घनत्व निम्नबमोजिम छः–

अञ्चल	क्षेत्रफल (हेक्टरमा)	जनसंख्या	पञ्चायत संख्या	जन घनत्व (प्रति हेक्टरमा)
मण्डकी	११,७८,४००	१०,२३,११०	३८७	.८७
धवलागिरि	१५,४६,७००	२,७६,७२९	१२७	.१८
लुम्बिनी	८,९७,०००	११,६५,७०१	४२८	१.३०
	३६,२२,१००	२४,६५,५४०	९४२	.६८

वि. सं. २०२८ को राष्ट्रिय जनगणनाअनुसार यहाँको कुल २४,६५,५४० जनसंख्यामध्ये पुरुष १२,१९,८८३ अर्थात् ४९.५ प्रतिशत र महिला १२,४५,६५७ अर्थात् ५०.५ प्रतिशत छन्। उक्त संख्या अधिराज्यको कुल जनसंख्या (१,१५,५५,९८३) को अन्दाजी २१.३ प्रतिशत हुन आउँछ। यहाँको जन घनत्व प्रति हेक्टर .६८ व्यक्ति अर्थात् प्रति वर्ग किलोमिटरमा ६८ व्यक्ति पर्दछन्। तर यहाँको विभिन्न भौगोलिक प्रदेशहरूमा भिन्नाभिन्नै जन घनत्व रहेको छ। यहाँको विभिन्न भौगोलिक प्रदेशहरूको जनसंख्या र जन घनत्व सम्बन्धी विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ :–

विभिन्न भौगोलिक प्रदेशहरूको जनसंख्या र जन घनत्व, २०२८

प्रदेश	जिल्ला को संख्या	क्षेत्रफल (हेक्टर)	जनसंख्या	जन घनत्व (प्रति वर्ग किलोमिटर)
हिमाली	३	१३,९२,९००	५३,४९०	.०३८
पहाडी	११	१८,६४;१००	१८,१६,९४०	.९७५
तराई	३	३,६५,१००	५,९५,११०	१.६३०
क्षेत्र	१७	३६,२२,१००	२४,६५,५४०	.६८१

उपर्युक्त तालिकाले विभिन्न प्रदेशहरूको जनसंख्याको तुलनात्मक चित्र स्पष्ट गरेको छ। तराईमा जीविका उपार्जनको लागि यथेष्ट जमीन उपलब्ध भएकोले त्यहाँ सबभन्दा बढी जनभार रहेको देखिन्छ। जनसंख्याको अत्यधिक भाग हालसम्म पनि पौराणिक व्यवसायमा निर्भर रहेकोले यहाँको जनसंख्या वितरण र जीविकाको साधनको उपलब्धताको सोझो सम्बन्ध रहेको अनुमान गर्न सजिलो छ। यहाँका तीन विभिन्न भौगोलिक प्रदेशहरूमा रहेका १७ वटा जिल्लाहरूमा कुल ९४२ वटा पञ्चायतहरू (गाउँ तथा नगर) गठन भएका छन्। तीमध्ये हिमाली प्रदेशमा ४६, मध्यपर्वतीय प्रदेशमा ६८६ र तराईमा २१० वटा छन्। यहाँ चारवटा नगर पञ्चायतहरू पर्दछन्। यहाँका नगर पञ्चायतहरू र नगरहरूको जनसंख्या निम्नबमोजिम छ :–

नगर पञ्चायत	वडा संख्या	जनसंख्या
पोखरा, कास्की	१३	२०,६११
तानसेन, पाल्पा	९	६,४३४
बुटवल, रूपन्देही	१९	१२,८१५
भैरहवा, रूपन्देही	९	१७,२७२
		५७,१३२

यहाँका नगर पञ्चायतहरूमध्ये सबभन्दा धेरै जनसंख्या पोखरा नगर पञ्चायतमा छ । दोस्रो सबभन्दा धेरै जनसंख्या भैरहवा नगर पञ्चायतमा छ । यस क्षेत्रको नगर पञ्चायतहरुको कुल जनसंख्या ५७, १३२ अर्थात् क्षेत्रको कुल जनसंख्याको २.३ प्रतिशत छ ।

यो क्षेत्रमा कुल ४,५६,७७० वटा घर परिवार छन् । यो क्षेत्रको जनसंख्यामा घर परिवारमा बसोबास गर्ने संख्या २४,६१,४७० छ । यहाँको कुल घर परिवारमध्ये सबभन्दा बढी अर्थात् ७०,३८३ वटा पाँच सदस्यीय घर परिवार छन् । यहाँको औसत घर परिवारको साइज ५.४ रहेको छ ।

यहाँको कुल जनसंख्याको उमेर र लिङ्गको अनुपात निम्नबमोजिम छः–

क्षेत्रको जनसंख्याको उमेर र लिङ्ग अनुसार विभाजन, २०२८

उमेर समूह	पुरुष	प्रतिशत	महिला	प्रतिशत	जम्मा	प्रतिशत
०–५ वर्ष	२,१०,५३९	१७.२६	२,१५,९९१	१७.३४	४,२६,५३०	१७.३
६–१५ वर्ष	३,१८,१०७	२६.०८	२,९२,७७२	२३.५०	६,१०,८७९	२४.८
१६ वर्ष र माथि	६,९१,२३७	५६.६६	७,३६,८९४	५९.१६	१४,२८,१३१	५७.९
कुल	१२,१९,८८३	१००.०	१२,४५,६५७	१००.०	२४,६५,५४०	१००.०

माथि प्रस्तुत तालिकाबाट यो क्षेत्रमा १५ वर्षसम्म उमेर पुगेका मानिसहरू कुल जनसंख्याको अन्दाजी ४०.८ प्रतिशत रहेको देखिन्छ । यस क्षेत्रको कुल जनसंख्यामध्ये १० वर्षदेखि ५९ वर्षसम्मको जनसंख्यालाई आर्थिक दृष्टिकोणले सक्षम हुने ठानिएमा यहाँ आश्रित र अनाश्रित जनसंख्याको अनुपात निम्नबमोजिम हुन्छ :–

विवरण	जनसंख्या	प्रतिशत	आश्रित जनसंख्याको अनुपात
अनाश्रित अथवा सक्षम	१६,१३,६८०	६५.४५	१००:३५
आश्रित	८,५१,८६०	३४.५५	
	२४,६५,५४०	१०.००	

साधारणतया १० वर्ष उमेर पुगेका सबै तरूणहरू आर्थिक लाभ हुने काममा पूरा मात्रामा संलग्न हुने र ५९ वर्षभन्दा बढी उमेर पुगेका सब आश्रित हुने हुँदैनन् ।

यो क्षेत्रको कुल जनसंख्यालाई पाँच वर्षहरूको फरक पारी प्रत्येक चार वर्षको उमेर समूहको औसत साइजलाई तुलनात्मक अध्ययनको लागि निम्नबमोजिम प्रस्तुत गरिएको छ । यसमा महिला र पुरुष जनसंख्याको अनुपात अलग अलग देखाइएको छ ।

पश्चिमाञ्चल विकास क्षेत्रको जनसंख्याको उमेर समूहको तुलनात्मक स्वरूप, २०२८

पश्चिमाञ्चल विकास क्षेत्र

उमेर अनुसार जनसंख्याको बनावट

(AGE PYRAMID)



माथि प्रस्तुत गरिएको उमेर समूहको तुलनात्मक स्वरूपले पिरामिडको आकार लिएको छ। उपर्युक्त पिरामिडअनुसार यो क्षेत्रमा तरूण अथवा कम उमेर समूहको संख्या बढी रहेको छ। तल्लो अथवा कम उमेर समूहको संख्या धेरै हुनुको कारण जन्मदरमा वृद्धि तथा बाल मृत्यु दर कम हुनु हो। यसरी जन्मदर बढी भएको हुनाले जनसंख्या वृद्धि हुँदै जाने देखिन्छ।

उपर्युक्त पाँच वर्षको समूहमा सबभन्दा धेरै अर्थात् १४.५ प्रतिशत पाँच वर्षदेखि नौ वर्षको उमेर समूहमा, १३.६ प्रतिशत ० देखि चार वर्षको उमेर समूहमा, ११.७ प्रतिशत १० वर्षदेखि १४ वर्षको समूहमा र २.७ प्रतिशत ६० वर्षदेखि ६४ वर्षको समूहमा रहेका छन्। ६५ वर्ष र सोभन्दा बढी उमेर पुगेकाहरू ३.८ प्रतिशत छन्।

यो क्षेत्रमा अधिराज्यका अन्य क्षेत्रमा झैं विभिन्न धर्मावलम्बीहरूले बसोबास गरेका छन् । संख्याको दृष्टिकोणले सबभन्दा धेरै हिन्दू धर्मावलम्बीहरू छन् । त्यसपछि दोस्रो स्थान बुद्धमार्गीहरूको र तेस्रो स्थान मुसलमानहरूको हुन आउँछ । यो क्षेत्रमा विभिन्न धार्मिक मतका मानिसहरू आपसमा मिलेर बसेका छन् । यो क्षेत्रको रूपन्देही जिल्लाको दक्षिण पश्चिममा तथागत गौतम बुद्धको जन्मस्थल लुम्बिनी छ भने यहाँको काली गण्डकीमा हिन्दूहरूले पूजा गर्ने शालिग्राम पाइन्छ । गण्डकी नदीहरूमा देवघाट, रानीघाट, त्रिवेणीघाट, रिडीघाट, दमौली आदि स्थानहरूमा हिन्दूहरूको ठूलठूला मेलाहरू लाग्दछन् । यहाँका मुसलमानहरूले पनि आफ्ना मस्जिदहरू निर्माण गरेका छन् । यसरी विभिन्न धर्मावलम्बीहरू आ-आफ्ना विश्वास अनुसारको धर्ममा शान्तिपूर्वक लागेका छन् ।

यहाँका विभिन्न डाँडाहरू र ती अग्ला होचा डाँडाहरूको बीच बग्ने नदी खोलाको बेंसी, फाँट र टारहरूमा बस्ने विभिन्न जातिका मानिसहरू भिन्नाभिन्नै भाषा र बोलीहरू बोल्दछन् । धवलागिरि, अन्नपूर्ण मनासलुको सेरोफेरो, गण्डकीका बेंसी, फाँट र टारहरू तथा लुम्बिनीका मैदानहरू आपसमा फरक भए जस्तै ती विभिन्न आबहवामा बाँच्ने मानिसहरू पनि फरक फरक बोलीहरूको प्रयोग गर्दछन् । विकासको अभियानमा विभिन्न ठाउँहरूमा बस्ने विभिन्न भाषा बोल्ने मानिसहरूका बीच सहयोग तथा सम्पर्क बढ्न गएपछि राष्ट्र भाषाको प्रचार अझ विस्तृत हुन गएको छ भन्न सकिन्छ । हिजो आज नेपाली भाषालाई अन्य भाषा बोल्ने मानिसहरूले समेत बढी प्रभावकारी ढङ्गले बोल्न र बुझ्न सक्दछन् । वि.सं. २०२८ को राष्ट्रिय जन-गणनानुसार विभिन्न भाषा बोल्नेहरूको संख्या निम्नबमोजिम छ :—

भाषाभाषी	संख्या	प्रतिशत
नेपाली	१५,८५,९९९	६४.३
गुरुङ	१,४१,८८७	५.८
मगर	१,४९,७९०	६.१
अवधी	२,७०,६४२	११.०
भोजपूरी	१,१८,८८६	४.८
थारू	६६,७६०	२.७
नेवारी	३९,५०६	१.६
भोटे शेर्पा	८,५२४	०.३
अन्य	८३,५४६	३.४
	२४,६५,५४०	१००.०

उपर्युक्त विभिन्न भाषा भाषी बोल्ने मानिसहरूमध्ये गुरुङ भाषा बोल्नेहरू गण्डकी अञ्चल, मगर भाषा बोल्नेहरू धवालागिरि ,गण्डकी र लुम्बिनी अञ्चलहरू, अवधी, थारू, भोजपुरी बोल्ने मानिसहरू लुम्बिनी अञ्चलका तराई, भोटे शेर्पा बोल्नेहरू धवलागिरि, नेवारी बोल्नेहरू मुख्यतया पोखरा, तानसेन, बुटवल, बाग्लुङ र अन्य बजारहरू तथा अन्य भाषा भाषी बोल्नेहरू यस क्षेत्रका विभिन्न ठाउँमा फैलिएका छन् । ती विभिन्न भाषाभाषीहरूको एक अर्कोसँग कुरा गर्दा नेपाली भाषालाई सञ्चारको माध्यम बनाएका छन् ।

यो क्षेत्रको विभिन्न भाषा बोल्ने जातिहरू विभिन्न भौगोलिक प्रदेशहरूमा बसोबास गर्दछन् । उदाहरणको लागि भोट प्रदेशको डोल्पामा डोल्पोहरू; मुस्ताङमा लोपा, थकालीहरू, मनाङमा मनाङवाहरू (नेसाङ र नारहरू); लार्केमा नुव–रीहरू बसेका छन् । गत केही वर्षदेखि उपर्युक्तमध्ये मुस्ताङको थाक खोला इलाकाका थकालीहरूमा निक्कै परिवर्तन आएको देखिन्छ । हिमालय पर्वतमालाको दक्षिणमा महाभारत पर्वतमालासम्मको पहाडी प्रदेशमा विभिन्न धर्मावलम्बी तथा भाषा बोल्ने जातिहरूले बसोवास गरेका छन् । गण्डकी अञ्चलको उत्तरी पहाडी भेकमा गुरूङहरूको बस्ती छ । गुरूङहरू अधिक मात्रामा लमजुङ, कास्की, गोरखा, स्याङ्जा, पर्वत, तनहूँका उच्च भागहरूमा केन्द्रित छन् । ती जिल्लाहरूका होचा पहाडी भाग तथा बेंसी, फाँट र टारहरूमा ब्राह्मण, क्षेत्री आदि जातिहरू छन् । गण्डकी अञ्चलको दक्षिणी भेक अर्थात् तनहूँ र स्याङ्जाको दक्षिणी भागमा तथा लुम्बिनी अञ्चलको उच्च भागमा मगरहरूले बसोबास गरेका छन् । पाल्पा जिल्ला मगरहरूको गढको रूपमा रहेको छ । मगर जातिका मानिसहरू धवलागिरि अञ्चलको बाग्लुङ र म्याग्दी जिल्लाहरूमा पनि धेरै संख्यामा पाइन्छन् । त्यस्तै लुम्बिनी अञ्चलको तराईमा भूमिहार, यादव, तेली, कायस्त, ब्राह्मण, कुर्मी, मुसलमान आदि र भित्री मधेशमा थारूहरूले बसोबास गरेका छन् । धवलागिरि अञ्चलको बाग्लुङ जिल्लाको उत्तर-पश्चिममा निसी खोला, भुजी खोला र पानम खोला इलाका तथा म्याग्दी जिल्लाको आठ हजार पर्वत इलाकामा बसोबास गर्ने छँटेलहरू यो क्षेत्रको एक चाखलाग्दो अल्पसंख्यक जाति हो । ती छँटेल बाग्लुङ र म्याग्दी जिल्लाहरूमा रहेका तामा खानीहरूबाट तामा निकाल्ने काम गर्छन् । उनीहरूले बसोबास गरेका गाउँहरू गुर्जाखानी, कुइने खानी आदि हुन् । ती गाउँहरू स्थानीय तामाखानीहरूसँग सम्बन्धित रहेको अनुमान गरिन्छ । यी छँटेल जाति त्यस इलाका बाहेक अधिराज्यको अन्य स्थानमा नभएको अनुमान छ । त्यस्तै गण्डकी अञ्चलको लमजुङ जिल्लाको दुरा डाँडा र सोको वरिपरि पाइने दुरा जाति अधिराज्यको अन्य स्थानमा पाइन्न । अधिराज्यका अन्य क्षेत्रहरूमा झैं यहाँको बजारहरूमा पनि नेवारहरूले बसोबास गरेका छन् । तानसेन, बुटवल, पोखरा, बन्दीपुर, बाग्लुङ, मुसीकोट, रिडी, गोरखा, पुतलीखेत आदि यस क्षेत्रका प्रमुख व्यापारीकि केन्द्रहरूमा नेवारहरू बहुसंख्यक रूपमा बसेका छन् । यस क्षेत्रमा नेवारहरूका साथै व्यापारमा सफलता प्राप्त गर्ने जातिहरूमा थकालीहरू पनि उल्लेखनीय छन्। थकाली व्यापारीहरूले यहाँको व्यापारमा केही अंग ओगटेका छन् । केही थकालीहरूले म्याग्दी वेनी, पोखरा, स्याङ्जा, वालीङ, खस्यौली, भैरहवा आदिमा पसलहरू थापी खुद्रा तथा थोक व्यापार गर्न लागेकाछन् । तराईमा रहेका बजारहरू जस्तै भैरहवा, तौलिहवा र कृष्णनगर, बुटवल-खस्यौली आदिमा मारवाडी व्यापारीहरूको ठूलो संख्या छ। यो क्षेत्रको तराईको बाटो गरी भारतसँग हुने निकासी र पैठारी व्यापारको अधिक भाग ती मारवाडीहरूको हातमा छ ।

यो क्षेत्रको अर्को महत्वपूर्ण समूह क्षेत्रभरी नै अल्पसंख्यकको रूपमा फैलिएर बसेका कामी, दमाई, सार्की, आदि व्यावसायिक जातिहरू पनि हुन् । यी जातिहरू पहाडी हुन् तर मधेशतिर पनि त्यस्तै व्यावसायिक जातिहरू छन् जसलाई स्थानीय भाषामा चमार, लोहार आदि भनिन्छ । कामी, दमाई, सार्की आदि व्यावसायिक जातिका मानिसहरू यस क्षेत्रको मध्यपर्वतीय प्रदेशका प्रायः सबैजसो गाउँहरूमा पाइन्छन् । ती गाउँहरूमा कामीले कृषि औजार, भाँडा-कुँडा बनाउने, दमाईले लुगाहरू सिउने, सार्कीले जुत्ता सिउने आदि कामहरू गर्दछन् । साथै धेरै जसो गाउँहरूमा ती जातिका मानिसहरू कृषि श्रमिकको रूपमा बसेका हुन्छन् । यी व्यावसायिक

जातिका मानिसहरू ग्रामीण जीवन र स्थानीय व्यवसायहरूको लागि निकै महत्वपूर्ण हुँदा हुँदै पनि आर्थिक दृष्टिकोणले ज्यादै पिछडिएका छन् ।

यिनीहरू जस्तै आर्थिक दृष्टिकोणले पिछडिएको अर्को अल्पसंख्यक पहाडी समूहमा गाइनेहरू पनि एक हो । गाइने एक यस्तो जाति हो जसले एउटा सारङ्गीको धूनहरूमा लोकगीत गाएर र मागेर निर्वाह गर्दछन् । अधिराज्यको अन्य क्षेत्रहरूभन्दा यसक्षेत्रमा सबभन्दा धेरै गाइनेहरू बसोबास गरेका छन्[1] । गाइनेहरूले लोक संस्कृतिलाई गीतको प्रवाहमा संरक्षण गर्ने भएकोले यस जातिलाई महत्वपूर्ण मानिएको छ । कतिपय महत्वपूर्ण घटना, व्यक्तित्व आदिलाई साधारण जनजीवनमा गीतको रूपमा प्रस्तुत गरेर गाइनेहरूले यस क्षेत्रको एक विशिष्ट परम्परालाई संरक्षण गरेका छन् । यो क्षेत्रमा सबभन्दा धेरै गाइने कास्की जिल्लामा बस्दछन् ।

यो क्षेत्रको विभिन्न भौगोलिक प्रदेशहरूमा बसोबास गर्ने विभिन्न जातिका मानिसहरू यता केही वर्षदेखि बासस्थान परिवर्तन गर्न लागेका छन् । विशेषगरेर तराई, भित्रीमधेश र गण्डकी नदीहरूका बेंसी तथा टारहरूमा व्यापकरूपमा रहेको औलो उन्मूलन गरिएपछि उच्च डाँडाहरूमा रहेका गाउँहरूबाट होचो बेंसी, टारतिर; पहाडी प्रदेशबाट तराई र भित्री मधेशतिर बसाई सर्न थालेका छन् । शिक्षाको प्रसार तथा विकास परियोजनाहरूको कार्यान्वयन पछि धेरै मानिसहरू गाउँहरूबाट नगर, बजारहरूमा सर्न लागेका पनि छन् । पहाडी प्रदेशमा जनसंख्याको वृद्धि भई तराई तथा टार बेंसीतिर बसाइँ गर्ने क्रियालाई गत दशक (संवत् २०१८ देखि २०२८) को एक महत्वपूर्ण घटना मानिएको छ । यसरी विभिन्न जातिका मानिसहरू विभिन्न भौगोलिक इलाकाहरूबाट सर्न लागेपछि जातीय स्वभावहरूमा प्रशस्त परिवर्तन भएको छ । विभिन्न प्रदेशमा केन्द्रित भएका जातिविशेषका मानिसहरू अन्य प्रदेशमा गई अन्य जातिहरूका मानिसहरूसँग उठ-बस हुन जानाले विभिन्न जातिहरूका बीच रहेका भिन्नताहरू बिस्तारै हराएर गएको महसूस गरिएको छ । त्यसको साथै राष्ट्र भाषाको प्रयोग बढी मात्रामा हुन गएको छ । यसरी यहाँका विभिन्न जातिहरू परस्परमा बढी मात्रामा निर्भर हुन गई सामाजिक समझदारी, सहयोग र भ्रातृत्वको विकास अझ बढी हुन गएको छ ।

अन्त्यमा यस क्षेत्रको वर्तमान जनजीवनलाई सरसर्ती हेर्दा यहाँको समाजले आजको नेपालको वस्तुस्थितिबाट प्रभावित एउटा नयाँ स्वरूपलाई स्वीकार्न लागेका छन् । कृषि व्यवसायमा आधारित पौराणिक अवस्थाबाट गुज्रेर आधुनिक युगमा प्रवेश गर्न लागिरहेको संक्रमण अवस्थाको यहाँको समाजमा एकातिर केही रूढिवादी परम्परा माथि आशंका गर्न लागेको छ भने अर्कोतिर आधुनिक युगको ज्ञानबाट प्रेरित भएर वैज्ञानिक प्रविधिको सहायताबाट महत्वपूर्ण सांस्कृतिक परम्परा तथा निधिहरूको संरक्षण गर्ने व्यापक चासो पनि बढ्न लागेको छ । यहाँको समाजले समयानुसार आफूलाई बदल्दै लैजाने क्रम थालेको देखिन्छ ।

आर्थिक व्यवस्था

अधिराज्यका अन्य विकास क्षेत्रहरू झैं यहाँको अर्थ व्यवस्थामा पनि कृषिको स्थान सर्वोपरि छ । भूमिगत आम्दानी नै यहाँको वहुसंख्यक जनताको मुख्य आर्थिक स्रोत रहेको छ । विकासको प्रारम्भिक अवस्थामा रहेको यो क्षेत्रमा भर्खर मात्र यातायात, सञ्चार, सामाजिक सेवा सम्बन्धी सहुलियत उपलब्ध हुन थालेका

---

[1] Helffer, Mireille, *C.N.R.S.*, Paris

हुनाले अधिकांश मानिसहरूले परिवर्तनप्रति भर्खर मात्र केही चासो देखाउन थालेका छन् । अधिक मानिसहरू निर्वाहको लागि हालसम्म पनि कृषि, फलोद्यान, पशुपालन आदि प्रारम्भिक पेशाहरूमा निर्भर रहेका छन् । केही पायक परेका शहर बजारहरूमा विशेष गरेर तराईमा मात्र केही उद्योगहरू संचालन हुन लागेका छन् । सीमित मात्रामा ग्रामीण उद्योगहरू पारिवारिक पेशाको रूपमा ठाउँ ठाउँमा पाइन्छन् । तर कुल प्रादेशिक अर्थव्यवस्थामा उद्योग र त्यस सम्बन्धी व्यवसायहरूबाट हुने आम्दानी हालसम्म पनि धेरै कम रहेको छ । हालसम्म प्रादेशिक आयको अनुमान प्राप्त नभइसकेको हुँदा विभिन्न आर्थिक पक्षहरूको देन निश्चित् गर्न सकिएको छैन । सरदर कुल प्रादेशिक आयको अनुमानित ८० प्रतिशत कृषि, पशुपालन, फलोद्यान आदिबाट प्राप्त हुने देखिन्छ ।[1] बाँकी २० प्रतिशत उद्योग , व्यापार, निर्माण, सामाजिक सेवा तथा अन्य गैह्र कृषि पेशाहरूबाट प्राप्त हुन्छ ।

यहाँको कृषिमा अत्यधिक मात्रामा आधारित अर्थ व्यवस्थाको सबभन्दा ठूलो समस्या सीमित कृषियोग्य भूमिमा रहेको जनभार हो । गत केही वर्षदेखि जनसंख्या वृद्धिको असर बढी मात्रामा महसूस हुन गएको छ । निर्वाहको लागि पारिवारिक स्तरमा गरिने यहाँको (खास गरेर पहाडी प्रदेशको) सीमान्त खेतीमा जनसंख्या वृद्धिको कारण बढेको श्रमलाई उचित रोजगारी प्राप्त नभएकोले धेरै मानिसहरूले रोजगारी अथवा निर्वाहको लागि तराई, भित्री मधेश, शहर बजारमा बसाइँ सार्नलागेका छन् । अधिकांश खेतीमा लागेका किसान परिवारहरूको खेत सानो भएकोले तथा प्रविधिहरूमा सुधार नभइसकेकोले उत्पादन थोरै हुन्छ र यसै कारणले कृषक परिवारहरूको आर्थिक स्थिति गतिलो छैन । हाल केही वर्षदेखि स्थानीय आर्थिक स्थितिलाई सघाउ पुऱ्याउने उद्देश्य लिई श्री ५ को सरकारको तर्फबाट गरिएको कृषि विकास कार्यक्रम तथा अन्य सेवाहरूको विस्तारको फलस्वरूप कृषि उत्पादनमा अनुकूल प्रभाव पर्न लागेको छ ।हालसम्म यो क्षेत्रको अधिकांश मानिसहरूको आर्थिक स्तर निम्न हुनुको साथै उनीहरूको क्रयशक्ति कमजोर नै रहेको छ ।

यहाँको स्वदेशी तथा विदेशी सैनिक वा अन्य सेवामा गाउँहरूबाट बाहिर गएका थोरै मानिसहरूको आर्थिक क्षमता बढ्ता छ । विशेष गरेर विदेशी सैनिक सेवामा लाग्ने मानिसको परिवारहरू अन्य कृषक परिवारहरूभन्दा आर्थिक दृष्टिले सम्पन्न रहन सकेका छन् ।

यो क्षेत्रको अर्थव्यवस्थामा यहाँका विभिन्न भौगोलिक प्रदेशहरूले निर्णायक रूपमा प्रभाव पारेका छन् । हिमालय, मध्यपर्वतीय तथा तराईको समथर प्रदेशको प्राकृतिक स्वरूप र हावापानीले वास्तवमा यहाँको अर्थव्यवस्थाको स्वरूप र क्षमताको निर्धारण गरेका छन् । हिमालय तथा त्यसको हाराहारीका उच्च भोट प्रदेशमा खाद्यान्न खेती अति सीमान्त रहेको छ त पशुपालन बढी मात्रामा भएको देखिन्छ तर त्यस सम्पूर्ण प्रदेशलाई वाह्य संसारको सम्पर्कको सहूलियत प्राप्त नभएकोले त्यहाँको अर्थ व्यवस्था पनि कुण्ठित नै रहेको छ । त्यस प्रदेशमा बसोबास गर्ने अधिकांश मानिसहरू उच्च हिमाली भञ्ज्याङहरूको बाटो गरी नून, ऊन आदि सामानमा आधारित सीमित व्यापार तिब्बती बजारहरूमा गर्दछन् र सीमित मात्रामा स्थानीय आवश्यक सामग्रीहरू उपलब्ध गर्दछन् । त्यस क्षेत्रका अधिकांश मानिसहरू हिउँदमा अति हिमपातलाई छल्न हिमालय वारीका कम उच्च इलाकामा आई बस्ने तथा व्यापार गर्ने गर्दछन् । त्यसरी व्यापार गर्ने हरूमध्ये सबभन्दा बढी सफल

---

[1] U. N. Draft Report: H.M.G. U.N. Survey Mission For The Gandaki-Lumbini Region, 1973, Page 36.

र निपुण मुस्ताङ जिल्लाका मार्फा, टुकुचे, झोमोसोम आदि इलाकाका थकालीहरू तथा मनाङ जिल्लाका मनाङ्वा अथवा नेसाङहरू उल्लेखनीय छन् । साधारणतया उक्त प्रदेश खाद्यान्न अभाव-ग्रस्त नभए तापनि अन्य निर्वाहका साधनहरूको कमीले गर्दा आबादी पनि कम नै रहेको छ ।

मध्यपर्वतीय प्रदेशका मध्यम उचाइका पाखा र बेंसी टारहरूमा प्रशस्त आवादी भएको पाइन्छ । त्यस प्रदेशमा पोखरा उपत्यका बाहेक अन्य ठूलो समथर जमीन नभएको हुनाले गाउँहरू छरिएका छन् । त्यहाँको भौगोलिक स्वरूप पनि पहाडी शृङ्खला र असंख्य नदीनालाबाट बनेको हुनाले आवागमनको सुगमता छैन । त्यस प्रदेशको बेंसी र पाखाहरूमा प्रशस्त खेती गर्ने गरिएको भए तापनि जनसंख्याको अत्यधिक भारको कारण उपलब्ध कृषि भूमिबाट हुने उत्पादनले मात्र संपूर्ण मानिसहरूलाई सन्तोषजनक आर्थिक स्तर दिन सकेको छैन । वर्तमान कृषिको स्थितिमा स्थानीय उत्पादनले स्थानीय खाद्यान्नको माग पूरा गर्न सकेको छैन। साथै यहाँको जनसंख्या पहाड,बेंसीहरूमा छरिएका हुनाले पोखरा बजार, बाग्लुङ,तानसेन, स्याङजा,पुतलीखेत बाहेक अन्य नगर तथा बजारहरूको विकास नभएकोले सन्तोषजनक परिमाणमा गैह्र–कृषि व्यवसायहरूको सिर्जना हुन सकेको छैन । यसरी पहाडी प्रदेश पनि हालसम्म आर्थिक दृष्टिकोणले पिछडिएकै छ । स्थानीय उपजबाट पूरा नहुने आफ्ना आवश्यकताहरू किनमेल गर्न चाहिने नगद विदेशी फौज आदिमा काम गर्ने तथा घ्यू, सूठो, जरीबूटी आदिको व्यापार गरेर प्राप्त गरिरहेका छन् । त्यस प्रदेशको वर्तमान तथा बढ्दो जनभारलाई विदेशिन नदिन आवश्यक खाद्यान्नको उत्पादन गर्नु तथा आवश्यक मात्रामा गैह्र–कृषि रोजगारी बढाउनु वास्तवमा यो विकास क्षेत्रको सबभन्दा महत्वपूर्ण आवश्यकता भएको छ। हालसम्म त्यस प्रदेशको व्यापार सम्पूर्ण प्रायः पैठारी स्वरूपको छ । त्यहाँ भित्र्याउने खाद्यान्न तथा विभिन्न उपभोग्य वस्तुहरूको बदलामा धेरै थोरै मात्रामा फलफूल, सूठो, घ्यू, जरीबूटी आदि निकासी गरिन्छ । हालसम्म धेरै मात्रामा निकासी हुने त भ्रम नै हो ।

तराई मात्र सम्पन्न प्रदेशको रूपमा रहेको छ । त्यहाँ हुने उत्पादनबाट स्थानीय खाद्यान्नको माग पूरा गरी केही परिमाण पहाडतर्फ र धेरै परिमाण विदेश निकासी गरिन्छ । औद्योगीकरणको लागि पनि त्यही प्रदेश सबभन्दा सम्भाव्य इलाका मानिएको छ । त्यहाँका बजारहरू जस्तै कृष्णनगर, तौलिहवा, बुटवल, भैरहवा, परासी आदिमा रहेका धान कुट्ने र तेल पेल्ने स-साना कलहरू बाहेक हाल भैरहवा, बुटवल–खरयौली आदि इलाकामा केही उद्योगहरू सञ्चालन हुन लागेका छन् र ती स्थानहरूमा औद्योगीकरण हुँदै जाने ठूलो सम्भावना पनि देखिएको छ ।

यो क्षेत्रको अर्थव्यवस्थामा हालसालै पर्यटन विकासले नयाँ सम्भावनाहरूको सिर्जना गरिदिएको छ । हिमालय पर्वतमालाको दृश्यावलोकन गर्न आउने विदेशी पर्यटकहरू पोखरा, मुस्ताङ आदि जिल्लाहरूमा र गौतम बुद्धको जन्मस्थल लुम्बिनी भ्रमण गर्न आउने बौद्ध तीर्थ यात्रीहरू भैरहवा (रूपन्देही) मा बढी संख्यामा आउने-जाने गर्न थालेका छन् । त्यसरी पर्यटन उद्योग, विशेष गरेर पोखरा र मुस्ताङमा आर्थिक आम्दानीको एक महत्वपूर्ण स्रोत बन्न गएको छ ।

ती विभिन्न भौगोलिक प्रदेशको आर्थिक स्थिति र विकास गर्ने क्षमता समान छैन । ती प्रदेशहरूका बीच रहेको आर्थिक विषमता यहाँको घतलाग्दो यथार्थ हो । हिमाली भोट र मध्यपर्वतीय प्रदेशभन्दा तराई धनाढ्य छ । सोही कारण तराईमा अन्य प्रदेशहरूमाभन्दा बढी जनभार (घनत्व) रहेको छ ।

कृषि

पश्चिमाञ्चल विकास क्षेत्रको आर्थिक सन्तुलनको सबभन्दा महत्वपूर्ण आधार बनेको यहाँको कृषि हालसम्म अधिक मात्रामा पुरानै किसिमको छ । युगौंदेखि रहिआएको मानिस र जमीनको सम्बन्धको परिधि र रूपरेखामा विशेष परिवर्तन नभइसकेको हुँदा यहाँको कृषि प्रणाली, खेती गरिने बालीहरू, उब्जनी, मलजलको प्रयोग आदि पक्षहरूमा पनि खास परिवर्तन आइसकेको छैन । अतः यहाँ कृषि व्यवसाय निर्वाहको लागि सीमान्तस्तरमा सञ्चालित छ ।

यो क्षेत्रमा कुल आवादी जमीन ३,४७,५०० हेक्टर छ ।[1] यहाँको कुल आवादी जमीनको प्रत्येक हेक्टरमा अनुमानित ७.१ व्यक्तिको घनत्व रहेको छ। उक्त कुल आवादी जमीनमध्ये हिमाली प्रदेशमा ७,२०० हेक्टर अर्थात् २.१ प्रतिशत, मध्यपर्वतीय प्रदेशमा १,४३,३०० हेक्टर अर्थात् ४१.२ प्रतिशत र तराईमा १,९७,००० हेक्टर अर्थात् ५६.७ प्रतिशत रहेको छ। सोही हिसाबले प्रत्येक हेक्टर आवादी जमीनमा हिमाली प्रदेशमा ७.४ व्यक्ति, मध्यपर्वतीय प्रदेशमा १२.७ व्यक्ति र तराईमा ३.० व्यक्ति आश्रित रहेका छन् ।

यो क्षेत्रको विभिन्न भौगोलिक प्रदेशहरूमा विभिन्न बालीहरू लगाइन्छन् । आर्थिक वर्ष २०३०।०३१ मा श्री ५ को सरकार खाद्य, कृषि सिचाइ मन्त्रालयबाट प्राप्त कृषि तथ्याङ्कअनुसार यहाँका प्रमुख बालीहरूको क्षेत्रफल र अनुमानित उत्पादन निम्न बमोजिम छन् :–

कृषि उत्पादनको तालिका (आ. व. २०३०।०३१)

बालीहरू	बालीले ढाकेको क्षेत्रफल (हेक्टरमा)	अनुमानित उत्पादन (मेट्रिक टनमा)	उत्पादकत्व (प्रति हेक्टर)
धान	२,१२,९११	४,५३,०२८	२.१२० मे.टन
गहुँ	५५,३०२	६६,१४८	१.१९० मे.टन
मकै	९९,६४६	१,८५,६४१	१.८५० "
कोदो फापर	४३,४६०	५१,५४९	१.१९० "
जौ	६,११५	५,५३६	०.९०५ "
आलु	८,६८०	४९,९७५	५.२९७ "
तोरी	१०,८७०	५,२६८	०.४८५ "
उखु	४,९६५	७९,१६४	१७.०६० "
सबै बालीहरू	४,४१,९४९		

उपर्युक्त तालिकानुसार यो क्षेत्रमा माथि उल्लिखित प्रमुख बालीहरू ४,४१,९४९ हेक्टर जमीनमा लगाइएको देखिन्छ । उक्त क्षेत्रफल यहाँको कुल आवादी जमीनभन्दा ९४,४२९ हेक्टर अर्थात् २७.२ प्रतिशत बढी छ । सोही तथ्याङ्कको आधारमा यहाँ कृषि सघनताको अनुपात १:१.२७ रहेको छ । उपर्युक्त आर्थिक वर्षमा यहाँ धान, मकै, गहुँ, कोदो, फापर, जौको कुल उत्पादन ७,६०,९०२ मेट्रिक टन भएको देखिन्छ। यहाँ सबभन्दा धेरै उत्पादन हुने खाद्यान्न धान हो । यहाँको कुल धान उत्पादन मध्ये ३,२४,१६० मेट्रिक टन अर्थात् ७१.६ प्रतिशत तराईको तीन जिल्लाहरूमा भएको छ । धान वाहेक यहाँ अन्य महत्वपूर्ण खाद्यान्नहरू

---

[1] HMG, Ministry of Food and Agriculture, Agricultural statistics 1972 table 6

मध्ये मकै, गहुँ, कोदो, फापर आदि हुन् । यहाँको कुल मकै उत्पादनमध्ये १,४२,५८० मेट्रिक टन अर्थात् ७७.२ प्रतिशत मध्य पर्वतीय प्रदेशमा हुन्छ । त्यस्तै कोदो, फापर पनि बढी मात्रामा मध्यपर्वतीय प्रदेशमा उत्पादन हुन्छ । यो क्षेत्रमा हुने कुल उखु उत्पादनमध्ये ६८,६३७ मेट्रिक टन अर्थात् ८६.९ प्रतिशत तराईमा हुन्छ । यो क्षेत्रको प्रमुख बालीहरू मध्ये धान, मकै, गहुँ, कोदोको उत्पादकत्व प्रति हेक्टरमा २.१२; १.८५; १.१६; १.१९ मेट्रिक टन छ । आलु प्रत्येक हेक्टरमा ५.३ र उखु १७.१ मेट्रिक टन उत्पादन हुन्छ। आर्थिक वर्ष २०२७।२८मा यहाँको विभिन्न भौगोलिक प्रदेशमा रहेको खाद्यान्न स्थितिअनुसार हिमाली प्रदेशमा ५,५१३ र तराईमा ९३,५१२ गरी कुल ९९,१०५ मेट्रिक टन बचत र मध्यपर्वतीय प्रदेशमा २६,६९५ मेट्रिक टन न्यून हुन गएको देखिन्छ । उक्त हिसाबले यो क्षेत्रमा उक्त वर्ष जम्मा ७२,४१० मेट्रिक टन खाद्यान्न बचत भएको अनुमान गर्न सकिन्छ । आर्थिक वर्ष २०२९।०३० मा यो क्षेत्रको खाद्यान्न बचत अनुमानित ७७,२१४ मेट्रिक टन पुगेको देखिन्छ ।[1]

माथिको तालिकामा उल्लेख गरिएका बालीहरू बाहेक यहाँका विभिन्न प्रदेशहरूमा अन्य खाद्यान्न, नगदे बाली तथा फलफूल तरकारीहरूको पनि खेती गरिन्छ । माथि उल्लेख नभएका यहाँका खाद्यान्न बालीहरूमा भटमास, सिमी, केराउ, मास, गहत आदि अन्न र दालहरूको पनि यथेष्ट खेती गरिन्छ । नगदे बालीहरूमा अदुवा यस क्षेत्रको महत्वपूर्ण बाली हो । व्यापार प्रबर्द्धन केन्द्रबाट भएको एक सर्वेक्षणको प्रतिवेदनमा तनहूँ, स्याङ्जा र पाल्पा जिल्लाहरूका कुल ६१ गाउँ पञ्चायतहरूमा अनुमानित १५,०४८ रोपनी जमीनमा अदुवा खेती हुने भएको कुरा उल्लेख गरिएको छ । उक्त तीन जिल्लाहरूमा मात्र १३,१९५ मेट्रिक टन अदुवा उत्पादन हुने अनुमान गरिएको छ ।[2] त्यस्तै यो क्षेत्रको पहाडी प्रदेशमा विभिन्न फलफूलहरूको खेती हुन्छ ।

यो क्षेत्रको कृषिमा आधुनिकीकरण सन्तोषजनक परिमाणमा नभइसकको कुरा माथि नै उल्लेख भइसकेको छ । अधिकांश कृषकहरू अशिक्षित, गरीब भएको तथा जमीनको खण्डित स्वामित्व अर्थात् कित्ताहरू ज्यादै स-साना भएको समेतले गर्दा यहाँ कृषि उत्पादनमा सन्तोषजनक वृद्धि गर्न सकिएको छैन । हुन त तराईमा जमीनको कित्ता ठूलो हुन्छ तापनि पहाडमा जत्ति उब्जनी हुँदैन । त्यसो हुनुको कारण पहाडी प्रदेशमा भएको सीमित आवादी जमीनमा बढी जनघनत्व भएकोले तराईको अनुपातमा प्रत्येक कित्तामा बढी मल र श्रम लाग्ने भएकोले हो भन्ने अनुमान गरिन्छ ।

यहाँको उपलब्ध आवादी जमीनमा हिउँद-वर्षा सिचाइको व्यवस्था नभएकोले पनि कृषि पैदावार बढाउन सकेको छैन । स्थानीय कृषकहरूले सा-साना खोलाहरूबाट कच्ची कुलो बनाएर सिचाइ गर्ने गर्दछन् । यसको अतिरिक्त केही सिचाइका आयोजनाहरू गाउँ पञ्चायत मार्फत् स्थानीय विकास कार्यक्रम अन्तर्गत कोर्यान्वित गरिएका छन् । ती बाहेक यो क्षेत्रका हाल निर्माणाधीन उल्लेखनीय सिचाइ आयोजनाहरूमध्ये वाणगङ्गा ६,००० हेक्टर (कपिलवस्तु), चापाकोट टार २,००० हेक्टर (स्याङजा), हाँडेटार २१६ हेक्टर (लमजुङ),

---

[1] श्री ५ को सरकार बजार सेवा विभागबाट प्राप्त तथ्याङ्कअनुसार

[2] व्यापार प्रवर्द्धन केन्द्र, सूठो, असोज, २०३१ पेज ४०
केन्द्रीय तथ्याङ्क बिभागबाट प्राप्त प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष ०२४।२५मा रू. ९,७३, ३८४। को सूठो भैरहवा र कृष्णनगरबाट निकासी भएको छ । सूठो निकासी हुने अर्को महत्वपूर्ण माध्यम त्रिवेणी बजार पनि हो ।

पुसाहा ९६० हेक्टर (नवलपरासी), बडेला ६४० हेक्टर (रूपन्देही), डेडगाउँ टार २४० हेक्टर (पाल्पा) जवई ८०० हेक्टर(कपिलवस्तु), काठेखोला १९२ हेक्टर (बाग्लुङ), रम्घाटार ९६ हेक्टर (लमजुङ) आदि हुन् । यो क्षेत्रमा निर्माण गरिएको सिचाइ आयोजनाहरूमध्ये कास्कीको विजयपुर नहर, रूपन्देहीमा तिनाव नहर आयोजनाहरूको पुनर्निर्माण हुनु पर्ने भएको छ। यस क्षेत्रको अर्को महत्वपूर्ण सिचाइ आयोजना गण्डक पश्चिम नहर हुनेछ । उक्त नहर गण्डक योजनाको भागको रूपमा बनाइने भएको छ । उक्त नहरबाट यो क्षेत्रको तराई प्रदेशका तीन जिल्लाहरूमा २६,८४० हेक्टर जमीन सिचाइ हुनेछ ।

यो क्षेत्रका विभिन्न प्रदेशहरूमा खेतबारीमा अधिकांश कृषकहरूले स्थानीय पशुमल नै प्रयोग गर्दछन् । धेरै ठाउँहरूमा कमसल खालको मल प्रयोग हुने हुनाले उब्जनी पनि कम रहेको छ । खासगरेर ठूला टार बेंसीमा मलको अभावले गर्दा कृषि उब्जनी निकै घट्न गएको देखिन्छ । अधिकांश साना कृषकहरूलाई ज्ञानको कमी र गरीब हुनाको कारण आफ्ना खेतबारीमा आवश्यक लगानी गर्न सक्दैनन् । केही वर्ष यतादेखि तराई र मध्यपर्वतीय प्रदेशका केही जिल्लाहरू (कास्की, तनहुँ, स्याङजा, पाल्पा, पर्वत आदि) मा रासायनिक मलखादको प्रयोग हुन लागेको छ । आर्थिक वर्ष २०२९।३० मा यस क्षेत्रमा कुल ३,४६४ मेट्रिक टन विभिन्न रासायनिक मलखादहरू प्रयोग भएको देखिन्छ ।[1] त्यसमध्ये अनुमानित २,३८८ मेट्रिक टन अर्थात ६८.९ प्रतिशत तराईमा र बाँकी ३१.१ प्रतिशत पहाडी जिल्लाहरूमा प्रयोग भएको छ । त्यस्तै आर्थिक वर्ष २०३०।३१ मा यहाँ कुल २,४४४मेट्रिक टन विभिन्न किसिमको रासायनिक मलखाद प्रयोग भएको पाइन्छ । उक्त वर्ष तराईमा २,१२९ मेट्रिक टन अर्थात् ८३ प्रतिशत प्रयोग भएको छ । बाँकी १७ प्रतिशत पहाडी प्रदेशमा खपत भएको छ ।

रासायनिक मलखादको प्रयोगको साथै यहाँको कृषिलाई आधुनिकीकरण गर्दै लैजाने सिलसिलामा असल खालका बीउ बीजन, कृषि औजार तथा कीटनाशक औषधिहरूको प्रचार तथा प्रसार कार्यक्रम अनुसार उक्त वर्ष तराईमा धानको बीउ ९५ मेट्रिक टन, गहुँको १८४ मेट्रिक टन र मकैको १.८ मेट्रिक टन भएको छ । त्यस्तै पहाडी प्रदेशमा पनि धानको ११ मेट्रिक टन, गहुँको १६५ मेट्रिक टन र मकैको ११ मेट्रिक टन बीउहरू प्रयोग भएको पाइन्छ । यो क्षेत्रमा उक्त वर्ष रू ७१,१८,५३७। को विभिन्न कृषि औजारहरू बिक्री वितरण भएको तथ्याङ्क पाइएको छ । सोमध्ये रू. ७०,८०,६९२। को बराबरको सामान तराईको रूपन्देही जिल्लामा प्रयोग भएको छ । यहाँको पहाडी प्रदेशमा हालसम्म पनि पुरानो किसिमको हलो, कोदालो, हँसिया आदि प्रयोग गरिन्छन्। त्यस्ता कृषि औजारहरू अधिक मात्रामा स्थानीय कामीहरूबाट बनाइन्छ । माथि उल्लिखित वर्षमा पहाडी प्रदेशमा रू. २०,९०७। मात्रको कृषि औजारहरू कृषि खरीद बिक्री संस्थानबाट बिक्री वितरण भएको पाइन्छ ।

विभिन्न बालीहरूमा लाग्ने बाली रोग र कीराहरूलाई नियन्त्रण गर्न पहाडी प्रदेशमा रू.२४,०६४। र तराईमा रू ३३,७५०। बराबरको विभिन्न कीटनाशक औषधिहरू प्रयोग गरिएको देखिन्छ ।

गरीब कृषकहरूलाई बीउ, बीजन, मलखाद, औजार तथा निर्वाहकै लागि पनि धेरथोर ऋणको आवश्यकता पर्दछ । यहाँ हालसम्म कृषकहरूको हितको लागि व्यवस्था गरिने संस्थागत कृषि ऋण सबै ठाउँमा उपलब्ध नभइसकेकाले गाउँहरूमा अधिक कृषकहरू परम्परादेखि चलिआएको व्याजदरमा स्थानीय साहूहरूबाट आवश्यक ऋणहरू प्राप्त गर्दछन् । केही वर्ष यतादेखि संस्थागत ऋण उपलब्ध गराउने दिशातर्फ

---

[1] Agricultural Marketing Corporation Important Statistics, July 1974, Page 2

उल्लेखनीय प्रगति भएको छ । विशेष गरेर गण्डकी कृषि विकास आयोजना क्षत्र तथा तराईमा संस्थागत ऋण उपलब्ध गराइएकोछ । आर्थिक वर्ष २०३०।३१ मा पहाडी प्रदेशमा रू. ३४,१८,०००। र तराईमा रू. १,०६,८७,०००। गरी रू. १,४४,०५,०००। ऋण वापत कृषि विकास बैंकबाट मात्र वितरण गरिएको छ। यो क्षेत्रमा उक्त वर्षको अन्त्यसम्म उक्त बैंकबाट रू १,९१,७०,०००। ऋण लगानी भइराखेको पाइन्छ। उक्त ऋण रकम कृषि व्यवसाय तथा स-साना कृषि उपजमा आधारित उद्योगहरूको सञ्चालनको लागि समेत दिइने गरिएको छ ।

यो क्षेत्रमा विभिन्न भौगोलिक प्रदेशमा खाद्यान्न संरक्षणको लागि गोदाम घरहरू निर्माण गरिएका छन् । आर्थिक वर्ष २०३०।०३१ मा हिमाली प्रदेशमा १००, मध्यपर्वतीय प्रदेशका विभिन्न आठवटा जिल्लाहरूमा गरी ४,६०० र तराईका तीन जिल्लाहरूमा ३,००० समेत गरी कुल ७,७०० मेट्रिक टन क्षमताका गोदाम घरहरू निर्माण गरिएका छन् ।

फलफूल खेती

यो क्षेत्रको विभिन्न प्रदेशहरूमा विभिन्न किसिमका फलफूलहरू पाइन्छन् । पहाडी प्रदेशमा शीतोष्ण फलफूल र तराई तथा न्यानो बेंसीहरूमा उष्ण प्रदेशीय फलफूलहरू पाइन्छन् । यो क्षेत्रको पोखरा उपत्यका सुन्तला, केरा आदि फलफूलको लागि प्रसिद्ध छ । हाल पोखरा उपत्यकाको सुन्तला बारीहरूमा रोग फैलिएकोले बाटुले चौरस्थित सुन्तला बारी मासिएको छ । तराईमा आँप, लिची आदि फलफूलहरू पाइन्छन् । स्याङ्जा जिल्लाको दक्षिण सीमा वा कालीगण्डकीको उत्तर किनारस्थित चापाकोट टार आँप बगैंचाको लागि प्रसिद्ध छ । पोखरामा एउटा बागबानी केन्द्र स्थापना गरिएको छ साथै तानसेन नजीकै श्रीनगरमा पनि फलफूलको बगैंचा लगाइएको छ । यहाँ स्थापित फलोद्यान केन्द्रहरूमध्ये सबैभन्दा चाखलाग्दो मार्फा फलोद्यान केन्द्र हो जहाँ अन्य शीतोष्ण फलफूलको साथै अंगूरको खेती समेत भइरहेको छ । मार्फा स्थित केन्द्रमा विभिन्न तरकारीहरू सफलताका साथ खेती गरिएका छन् । ओखर, कागजीबदाम आदिको खेती राम्रो भएको छ ।

यो क्षेत्रमा फलोद्यान विकासको लागि फलफूलको बोट बिरूवा र तरकारीका बीउ बीजनहरू प्रायः प्रत्येक जिल्लामा वितरण गरिएका छन् । हालसम्म तरकारी तथा फलफूल खेती व्यापारिक दृष्टिकोणबाट अर्थात् नगदे बालीको रूपमा सञ्चालन भइसकेको छैन ।

पशुपालन

पशुपालन यो क्षेत्रका बासिन्दाहरूको एक महत्वपूर्ण सहायक व्यवसाय हो । यहाँ विभिन्न उद्देश्यले पशुपालन गरिन्छ । यहाँ पाइने पालुवा पशुहरू मध्ये गाई, भैंसी, गोरु, भेडा, बाख्रा, सुंगुर, घोडा, खच्चर आदि र पालुवा चराचुरूङ्गीमा कुखुरा मुख्य हुन् । तराई तथा बेंसी टारहरूमा ज्यादा गरी गाई–भैंसी पाल्ने चलन छ । खेतबारी जोत्न तराई तथा मध्यपर्वतीय प्रदेशहरूमा गोरु पालिएका हुन्छन् । वास्तवमा पशुपालन कृषिको पूरक व्यवसायको रूपमा रहेको छ । खेतबारी जोत्नुको साथै मलको लागि पनि गाउँहरूमा कृषकहरूले पशुपालन गरेका हुन्छन् । साथै यो क्षेत्रमा पालिने गाई तथा भैंसीबाट हुने घ्यू स्थानीय बजारहरूमा बेचबिखन हुन्छ । यहाँ मुख्यतया म्याग्दी, बाग्लुङ, गुल्मी, अर्घाखाँची, स्याङजा, पर्वत, तनहूँ, लमजुङ आदि पहाडी जिल्लाहरूमा गाई र भैंसीको दूधबाट घ्यू बनाइन्छ । यसरी बनाएको घ्यू सङ्कलन गरी बुटवल, कृष्णनगर, नारायणघाट आदि

बजारहरूमा बेचन लगिन्छ । आर्थिक वर्ष २०२४।२०२५ मा भैरहवा र कृष्णनगरबाट मात्र रू. ६२,३८,१४०। को घ्यू भारत निकासी भएको छ ।[1] त्यसरी यस क्षेत्रबाट प्रशस्त मात्रमा घ्यू निकासी हुने भए तापनि हालसम्म यहाँका दुधालु वस्तुहरूको तथ्याङ्क उपलब्ध छैन । यो क्षेत्रको उत्तरी भेकमा पनि प्रशस्त मात्रामा पशुपालन हुन्छ । हिमालो प्रदेशको भोट इलाकामा हिमाली गाई, साँढे लगायत गाई, भैंसी, गोरु पनि पालिएका छन् । त्यस इलाका तथा हिमालयदेखि दक्षिणतर्फ रहेका उच्च भागमा भेडा पालन हुन्छ । यहाँका उत्तरी भेकका मानिसहरूको आर्थिक जीवनमा भेडापालनको भूमिका निक्कै महत्वपूर्ण छ। यो क्षेत्रमा चार लाख भेडा पालिएको अनुमान गरिएको छ । स्थानीय मानिसहरू भेडाका ऊनबाट बख्खु, राडी, पाखी आदि बनाउँछन् । भेडा पालन व्यवसायमा आवश्यक सुधार ल्याई ऊनमा आधारित घरेलु उद्योगलाई आधुनिककीरण गर्न सकेमा उक्त भेकका मानिसहरूको आर्थिक स्तर उठाउन सकिने देखिन्छ ।

माछापालन

पोखरा उपत्यकामा रहेका फेवा, वेगनास र रूपा तालहरूमा श्री ५ को सरकार, कृषि विभागको बन्दोवस्तमा माछा पाल्ने गरिएको छ । ती तालहरू माछा पालनको लागि उपयुक्त छन् । हालसम्म माछापालन सुव्यवस्थित ढङ्गबाट गर्न सकिएको छैन । स्थानीय माझीहरूलाई नाइलनको असल खालका जालहरू वितरण गरिदिएपछि तालबाट बढी माछा पकड्न लागेकोले माछाको संख्या कम हुन गएको छ भनिन्छ । ती तालहरूका अतिरिक्त यस क्षेत्रका विभिन्न नदी खोलाहरूमा पनि प्रशस्त माछा पाइन्छ । मादी गण्डकी, मर्दीखोला, आँधीखोला, दरौंदी आदि खोलाहरूमा पाइने माछा ज्यादै स्वादिलो हुन्छ भनिन्छ । मादी गण्डकी ठूलो नदी भए तापनि गाउँ गाउँ मिलेर दुवाली लाउने गर्दछन् । आँधीखोलाका दहहरूमा जिलेटिन प्रयोग गर्ने गरिएको हुनाले हाल माछा कम हुन गएको छ।

कृषि विकास कार्यक्रम

यो क्षेत्रको कृषि विकासको लागि श्री ५ को सरकारको तर्फबाट यथेष्ट प्रयास जारी छ । यहाँको तराईमा (भैरहवा) क्षेत्रिय कृषि विकास कार्यालयको साथै विभिन्न जिल्लाहरूमा कृषि विकास कार्यालयहरू स्थापना गरिएका छन् । साथै स्थानीय हावापानी र माटो सुहाउँदो कृषि कार्यक्रम सञ्चालन गर्न भैरहवा र गोरखामा कृषि केन्द्रहरू स्थापना गरिएका छन् । साथै गण्डकी अञ्चलका लमजुङ तनहूँ, गोरखा, कास्की र स्याङजामा विदेशी सहयोगमा कृषि विकास आयोजना सञ्चालन गरिएको छ ।

खाद्यान्न उत्पादनको लागि सीमान्त पाखोहरूमा फलफूल खेतीको प्रचार तथा प्रसारको लागि मुस्ताङ जिल्लाको थाकमार्फा, पोखरा र तानसेनमा वागवानी केन्द्रहरू शुरु गरिएका छन् । साथै जिल्ला कृषि विकास कार्यालयहरूबाट फलफूलको बोट विरुवाहरू वितरण गरिएका छन् । त्यस्तै तराईका तीन जिल्लाहरूमा नगदेबाली विकास कार्यक्रम सञ्चालन गरिएको छ ।

यहाँको पशु धनको संरक्षण र सम्बर्द्धनको लागि पशु विकास तथा चिकित्सा सम्बन्धी अनेक कार्यक्रमहरू पनि सञ्चालन गरिएका छन् । यहाँको प्रादेशिक विकास केन्द्र पोखरामा पशु विकास फाराम, मत्स्य विकास केन्द्र, भेडा पालन केन्द्र, भैरहवामा मत्स्य विकास केन्द्र स्थापना गरिएका छन् । त्यस्तै भैरहवा, पालपा, पोखरा

---

[1] केन्द्रीय तथ्याङ्क विभाग

बन्दिपुर, बाग्लुङ, मुस्ताङमा पशु चिकित्सालयहरू खोलिएकाछन् । कपिलवस्तु, नवलपरासी, स्याङजामा भेटेरिनरी डिस्पेन्सरीहरू र बुटवलमा चेक पोष्ट पनि स्थापना गरिएका छन् । भैरहवा र पोखरामा कृत्रिम गर्भादान योजनाहरू सञ्चालन गरिएका छन् । कृषि, पशुपालन, फलोद्यान विकासको लागि आवश्यक नयाँ प्रविधि र ज्ञानको प्रचार गरी कृषक समुदायमा व्यावसायिक चेतना दिलाउन हाल भैरहवा र पाल्पामा ग्रामीण युवा कार्यक्रमहरू चलाइएका छन् ।

कृषक तथा कृषि उत्पादनमा आधारित उद्यम गर्ने व्यक्तिहरूलाई संस्थागत ऋण उपलब्ध गराई कृषि क्षेत्रमा रहेको लगानीको न्यूनतालाई घटाउन यो क्षेत्रमा कृषि विकास बैंकका शाखा, उपशाखा तथा एजेण्ट कार्यालयहरू स्थापना गरिएका छन् । त्यस्तै कृषि उपकरणहरू विक्री वितरण र गोदामको बन्दोबस्त गर्न यहाँका विभिन्न जिल्लाहरूमा कृषि खरीद विक्री संस्थानका शाखा तथा उपशाखा कार्यालयहरू खोलिएका छन् । कृषि विकास बैंक र कृषि खरीद विक्री संस्थानका शाखा कार्यालयहरू भैरहवामा राखिएका छन् ।

ब्रिटिश फौजबाट अवकाश पाएका मानिसहरू जो आफ्ना घरबारीमा नै खेती गरी बस्न चाहने हुन्छन् उनीहरूलाई कृषिको आधुनिक पक्षहरू सम्बन्धमा तालीम दिने उद्देश्यले कास्की जिल्लाको पाउँदूर गाउँ पञ्चायतको लुम्ले भन्ने स्थानमा लुम्ले कृषि केन्द्र शुरू गरिएको छ । अनुमानित ११६ हेक्टर जमीनमा शुरू गरिएको उक्त केन्द्रको सञ्चालनमा केही नेपाली प्राविधिकहरूपनि काममा लागेका छन्। उक्त केन्द्रमा तालीम प्राप्त कृषकहरूले आफूले प्राप्त गरेको ज्ञान र शीप व्यवहारमा ल्याएका छन् छैनन् हेर्ने कार्यक्रमहरू पनि चलाइने गरिएका छन् ।

उद्योग

यो क्षेत्रमा औद्योगिक विकासको लहर भर्खर मात्र फैलिएको हो । यहाँको ग्रामीण अर्थव्यवस्थामा घरेलु उद्योगले पहिलेदेखि नै स्थान पाएको भए तापनि पूर्णतया औद्योगिक व्यवसायलाई जनव्यवसायको रूपमा पोखरा, पुतलीखेत, बाग्लुङ, बन्दीपुर, तानसेन, बुटवल, भैरहवा, कृष्णनगर, तौलिहवा, परासी, रिडी आदि शहर बजारका सीमित मानिसहरूले मात्र लिन लागेका छन् । यहाँको कुल आम्दानीमा उद्योगको देन हालसम्म पनि धेरै कम रहेको छ । हुन त केही वर्ष पहिलेसम्म यो क्षेत्रको विभिन्न ठाउँहरू जस्तै तनहूँको रिसिङ घिरिङ, प्रर्वतको नार्चेङ, स्याङजाको पुतलीखेत, बलम भञ्ज्याङ, पाल्पाको तानसेन, कास्कीको पोखरा बजार, बाग्लुङ गुल्मीको रिडी, मुसिकोट आदिमा स्थानीय कपास अथवा विदेशी धागोबाट सूती कपडा बुन्ने काम हुन्थ्यो । केही स्थानमा हालसम्म पनि सीमित मात्रामा बुन्ने कार्य चलेको छ। तर विदेशबाट सस्तो मोलमा राम्रो कपडा उपलब्ध हुन थालेपछि स्थानीय सूती उद्योग प्रायः बन्द हुन गएको छ । यहाँको भेडा पालन गरिने उत्तरी भेकमा ऊनबाट राडी, पाखी, बख्खु आदि बुन्ने काम गरिन्छ । स्थानीय ऊनमा आधारित यस्तो उद्योग परिवारका महिला सदस्यहरूले मात्र फुर्सतको समयमा गर्ने हुँदा मूल व्यवसायको रूपमा लिइएको पाइन्न । गाउँहरूमा बाँस निगालोबाट डोको, चित्रा, मान्द्रो, थुन्चे, सोली आदि बुन्ने पनि चलन छ । कतै कतै पुवा तथा अन्य प्राकृतिक रेसाबाट कपडा बुन्ने पनि गर्दछन् । यसरी पारिवारिक स्तरमा आत्मनिर्भर हुनु पर्ने अथवा हुने अर्थव्यवस्था भएको गाउँहरूमा प्रायः प्रत्येक कृषक परिवारमा महिला तथा पुरुषहरूले पनि खेतीबाट आम्दानी गर्ने गरे तापनि यस्तो कामबाट जीविका चलाउनेमा कामी, दमाई, सार्की आदि व्यावसायिक जातिका मानिसहरूलाई मात्र लिन सकिन्छ । कामीले फलामको औजार, भाँडा कुँडा, दमाईले लुगा सिउने, सार्कीले जुत्ता सिउने कार्य गरी जजमानहरूबाट

खाद्यान्न दर्माहा लिई निर्वाह गर्दछन्। यस्तो व्यक्तिगत स्तरमा सञ्चालित उद्योगलाई संगठन गर्ने प्रयास भएको छैन। ठाउँ ठाउँमा मकै, गहुँ आदि अन्नहरूलाई घट्टमा पिध्ने र धानलाई ढिकीमा कुट्ने गरिन्छ। हालसालै केही पाएक परेका दोभान, बजार आदिमा धान कुट्ने, मकै पिध्ने कलहरू शुरू गरिएका छन्। यस प्रदेशका विभिन्न ठाउँमा रहेका खानीहरू खन्ने र प्राप्त भएका खनिज पदार्थमा आधारित घरेलु उद्योगहरू सञ्चालन गरिएका थिए। हाल स्लेट, ढुङ्गा आदि बाहेक खानीहरू प्रायः बन्द हुन गएका छन्। कास्कीको च्यामलुङ गाउँ पञ्चायतस्थित स्लेट ढुङ्गाको खानी, बन्दीपुरको स्लेट खानी, बाग्लुङ घुम्टेको स्लेट खानी, दरौं, स्याङजाको सल्यान ढुङ्गा खानी आदि खानीहरूमा हाल पनि काम भइरहेको छ। बाग्लुङ र म्याग्दीका तामाखानी, ढोर तनहूँको फलाम खानी आदि ठूला खानीहरू हाल बन्द छन्।

बाग्लुङ, पोखरा, तानसेन, बुवटल-खस्यौली, भैरहवा, बहादुरगञ्ज, तौलिहवा, कृष्णनगर, परासी आदि बजारहरूमा केही वर्ष पहिलेदेखि स-साना धान कुट्ने, तेल पेल्ने कारखानाहरू लगायत अन्य धातु, बनउपज, कृषिउपज आदिमा आधारित उद्योगहरू सञ्चालित छन्। पहाडी प्रदेशको दाँजोमा तराईमा बढी औद्योगिकीकरण भएको छ। श्री ५ को सरकार उद्योग विभागमा २०३१ कात्तिक ४ गतेसम्म दर्ता भएको यो क्षेत्रका विभिन्न उद्योगहरूमा भएको लगानी रू. ९,१९,९७,२७५। मध्ये ६,५५,८६,९६३। अर्थात् कुल प्रादेशिक औद्योगिक लगानीको अनुमानित ७१ प्रतिशत तराईका तीन जिल्लाहरूमा केन्द्रित भएको देखिन्छ। त्यस्तै पोखरामा रू. १,२७,१५,७००। लगानी भएको छ। यो लगानी कुल प्रादेशिक लगानीको अनुमानित १४ प्रतिशत छ। अनुमानित १२ प्रतिशत तानसेन पाल्पामा र बाँकी यस क्षेत्रका अन्य जिल्लाहरूमा लगानी भएको छ। उक्त लगानी रकममा स-साना कल कारखानाहरू, "लज-रेष्टुराँ" आदिमा भएको लगानी रकम समावेश भएको छैन। ती मध्ये चीनी र मह्वामा रू. १,२०,१५,०००।, होटेल व्यवसायमा रू. १,२९,५२,०००।, यातायातमा रू. ४८,११,०००।, घ्यू प्रशोधनमा रू.११,००,०००।, सूठो प्रशोधनमा रू.१७,००,०००।, हस्तकलामा रू. ३,५०,०००। छाला उद्योगमा रू. ४,००,०००।, ऊनी र सूती उद्योगमा रू. ५,९७,०००। र धान, पीठो, तेल आदि उद्योगमा रू.७९,८८,२००। लगानी भएको देखिन्छ। माथि उल्लिखित लगानीमा समावेश भएको बाहेक यी क्षेत्रको तीन अञ्चलहरूमा रहेका स-साना धान कुट्ने, पीठो पिध्ने र तेल पेल्ने मीलहरूको संख्या ३९३ वटा छन्। यहाँका केही महत्वपूर्ण आधुनिक उद्योगहरूमध्ये प्लाइउड, चीनी, धान तेल, सलाई आदिका कारखानाहरू उल्लेखनीय छन्।

पर्यटन उद्योग

यो क्षेत्रमा पर्यटक आकर्षणका धेरै ठाउँहरू छन्। यहाँका विभिन्न आकर्षणहरूको कारण गत केही वर्षदेखि विभिन्न ठाउँहरूमा स्वदेशी तथा विदेशी पर्यटकहरूको आवागमन बढेको छ। यो क्षेत्रको पर्यटन उद्योग विकासको ठूलो सम्भावना हुने ठाउँहरू पोखरा, मुस्ताङ जिल्लाको काली गण्डकी उपत्यकाको मार्फा—झोमसोम-मुक्तिनाथ, लुम्बिनी, गोरखा आदि प्रमुख हुन्। हाल पोखरा यहाँको सबभन्दा ठूलो पर्यटन क्षेत्र बन्न गएको छ। शायद काठमाडौंपछि दोस्रो धेरै पर्यटक जाने ठाउँमा पोखराको गणना हुन्छ। गत केही वर्ष भित्र पोखरा भ्रमणको लागि जाने पर्यटकहरूको संख्यामा ठूलो वृद्धि हुन गएको मानिन्छ। सोही कारण पोखरामा पर्यटक स्तरका होटेलहरूको संख्यामा पनि वृद्धि भएको छ। पोखरा उपत्यका प्राकृतिक दृश्यावलीले भरिपूर्ण हुनुको साथै त्यहाँ रहेका, फेवा, रूपा, बेगनास आदि तालहरूले गर्दा त्यसको आकर्षण अरू बढ्न गएको छ। नेपाल भ्रमण गर्न आउने

विदेशी पर्यटकहरूको लागि काठमाडौं पछि पोखरा एक अर्को केन्द्र हुनुको साथै धवलागिरि तथा अन्नपूर्णहिमालयको सेरोफेरोमा पैदल भ्रमण गर्ने, हिमालय आरोहण गर्न जाने आदि पर्यटकहरूको लागि पोखरा एक महत्वपूर्ण ठाउँ बनेको छ। आ. व.२०३०।३१मा पोखरा वरिपरि जाने पर्यटकहरू२५,०००जति पुगेको छ। वास्तवमा हिमालय पर्वत अधिराज्यको एक मुख्य पर्यटक आकर्षण हो । त्यस्तै यस क्षेत्रमा पनि धवलागिरि, अन्नपूर्ण, लमजुङ, मनसलु-हिमालचूली आदि हिमालय पर्वतहरूको बढी आकर्षण छ। मुस्ताङ जिल्लाको मार्फा, झोमसोम, मुक्तिनाथ आदि ठाउँहरूमा पैदल भ्रमण गर्नेहरूको संख्या पनि प्रतिवर्ष बढ्दै गएको देखिन्छ । पूर्वाञ्चल क्षेत्रमा नाम्चे-बजार-त्याङबोचे,मध्यमाञ्चल क्षेत्रमा हेलम्बू-लाङटाङमा जस्तै प्रशस्त विदेशी पर्यटकहरूले पोखराबाट मार्फा-झोमसोममा पैदल भ्रमण गर्ने गर्दछन् । आर्थिक वर्ष २०२९।०३० मा ३,९०१ जना पर्यटकहरूले झोमसोम पैदल भ्रमण गर्ने इजाजत लिएकोमा आर्थिक वर्ष २०३०।०३१ मा ४,५५३ जनाले इजाजत लिएको देखिन्छ । झोमसोममा विदेशी पर्यटकहरू जाने जस्तै मुक्तिनाथमा तीर्थ गर्न धेरै संख्यामा हिन्दूहरू जान्छन् ।

यो क्षेत्रको अर्को महत्वपूर्ण पर्यटन क्षेत्र लुम्बिनी बगैंचा हो । भगवान् गौतम बुद्धको जन्मस्थल भएकोले लुम्बिनी संसारभरका बौद्ध धर्मावलम्बीहरूको लागि एउटा पवित्र तीर्थस्थल मानिएको छ र त्यहाँ प्रत्येक वर्ष हज्जारौं श्रद्धालुहरू तीर्थ गर्न जान्छन् । निकट भविष्यमा नै संयुक्त राष्ट्रसंघ विकास कोषको आयोजनामा लुम्बिनी विकास आयोजना कार्यान्वयन हुने भएको छ। उक्त आयोजना पूरा भएपछि श्रद्धालुहरूको लागि भ्रमण, बस्ने, खाने आदि व्यवस्था हुने हुँदा आगन्तुकहरू धेरै बढ्ने आशा गरिएको छ ।

त्यसरी बढ्दो र आशातीत पर्यटन उद्योगको विकासको वातावरणमा होटेल र पर्यटन सेवामा प्रशस्त लगानी हुन थालेको छ । श्री ५ को सरकार उद्योग विभागमा दर्ता भएका विभिन्न होटेलहरूको अधिकृत पुंजी रू.१,२६,५२,०००। रहेको देखिन्छ । उक्त रकममा स-साना "लज" र "रेष्टुराँ" हरूको लगानी हिसाब गरिएको छैन । उपर्युक्त लगानीमध्ये रू. ४,००,०००। झोमसोम, रू. ५०,६५,०००। रूपन्देही र गुल्मीमा, बाँकी पोखरामा नै लगानी भएको देखिन्छ । यसरी यहाँको बढ्दो पर्यटन उद्योगमा लगानी बढ्नुको साथै त्यसबाट बढी रोजगारीको अवसर पनि पाइँदै आएको छ ।

व्यापार

यो क्षेत्रको अधिकांश भू-भागमा व्यापार र विनिमयको सन्तोषजनक सुविधा प्राप्त छैन । विशेष गरेर आवागमनको असुविधा भएका इलाकाहरूमा बजारहरूको व्यवस्था हुन नसकेकोले पोखरा, स्याङजा-पुतलीखेत, तानसेन बगलुङ आदि केही पहाडी बजारहरू र पत्थरकोट, बुटवल खस्यौली, परासी, त्रिवेणीघाट, कृष्णनगर, भैरहवा आदि मधेशका बजार तथा व्यापार केन्द्रहरूबाट यहाँको आन्तरिक व्यापार नियन्त्रित भएकोछ । यस क्षेत्रको पूर्वी पहाडी भागका केही जिल्लाहरू जस्तै गोरखा, लमजुङ, तनहूँका मानिसहरू व्यापार र विनिमयको लागि नारायणी अञ्चलको चितवन स्थित नारायणघाट बजार जाने गर्दछन्। यहाँको वाह्य व्यापार (निकासी-पैठारी) को अधिक भाग मधेशका कृष्णनगर, भैरहवा, बुटवल, त्रिवेणीघाट, परासी, तौलिहवा, पत्थरकोट आदि बजारहरू मार्फत् हुन्छ ।

सिद्धार्थ राजमार्गलाई यो क्षेत्रको प्रमुख व्यापार मार्ग मान्न सकिन्छ । सोही मार्गलाई योजनाकारहरूले यसको विकासको मेरुदण्ड मानेका छन् । यो मार्ग यस क्षेत्रको तराईदेखि हिमाली प्रदेश तथा जनवादी

गणतन्त्र चीनको तिब्बत स्वशासित क्षेत्रसम्म फैलिएको ऐतिहासिक व्यापार मार्गमा परेको छ। यो मार्ग भविष्यमा मुस्ताङ जिल्लासम्म विस्तार गर्ने योजना छ।

पूर्वी पहाडी भागमा रहेका डुम्रे, बन्दीपुर, विमलनगर, गोरखा, आरूघाट, तार्कुघाट, खुदीबेनी, फलेसाँगु, कुन्छा, सुन्दरबजार, ठाँटीपोखरी आदि बजारहरूमा बेचन ल्याइने सामानहरू नारायणघाट, हेटौंडा, वीरगञ्ज आदि मध्यमाञ्चल क्षेत्रका बजारहरूबाट ल्याइएका हुन्छन्। यसरी यो क्षेत्रको पूर्वी पहाडी भाग यसको मूल व्यापार तथा विनिमय रेखा तथा केन्द्रहरूबाट पर रहेको देखिन्छ।

त्यस्तै पश्चिमी भागमा स्थित गुल्मी, अर्घाखाँची, बाग्लुङ, म्याग्दीका पश्चिमी इलाकाहरू र डोल्पा जिल्लाको व्यापार पनि यस प्रदेशको मुख्य व्यापार रेखा मार्फत हुँदैन। अर्घाखाँची र गुल्मीको केही व्यापार पत्थरकोट र कृष्णनगरका बजारहरू मार्फत् हुन्छ। आर्थिक वर्ष २०२४।०२५ मा कृष्णनगरस्थित भन्सार कार्यालयको अभिलेखअनुतार उक्त बजार मार्फत् रू. ९२,२०,२०८। बराबरको सामानहरू पैठारी भएको छ र रू. १,५४,५३,८५५। को सामान निकासी भएको छ। डोल्पा जिल्लाको व्यापार भेरी नदीको किनारको बाटोबाट सुदूर पश्चिमाञ्चल क्षेत्र स्थित बजारहरू मार्फत् हुन्छ। उक्त जिल्ला धवलागिरि र मुकुट हिमालय पर्वतमालाहरूको उत्तर पश्चिममा अवस्थित भएकोले भौगोलिक परिवेशले आवागमन र सामान ढुवानी सुदूर पश्चिमाञ्चल क्षेत्रतर्फ नै सजिलो बनाएकोले यसो हुन गएको हो।

मुस्ताङ भोटको बाटो गरी यो क्षेत्रको तिब्बतसँग व्यापार हुन्थ्यो। तिब्बतबाट ऊन, नून, चौरी, भेडा आदि ल्याउने र उतातिर खाद्यान्न, सख्खर, तेल आदि निर्यात गरिन्थ्यो। मुस्ताङ जिल्लाको थकाली सुब्बा भन्ने दर्जा सोही व्यापारमा लगाइने भन्सार दस्तूर ठेक्का पाउनेले पाएका थिए। उक्त व्यापार यस क्षेत्रको महत्वपूर्ण आर्थिक कारोबार मानिन्थ्यो। यस्तै मर्स्याङदी गण्डकीको किनार हुँदै मनाङ जिल्लाको लाजिङला र गोरखा जिल्लाको लार्केभोटको बाटो गरी पनि तिब्बत व्यापार हुन्थ्यो। बूढी गण्डकीको बाटो गरी लार्केभोटको बाटो गरी पनि तिब्बत व्यापार हुन्थ्यो। बूढी गण्डकीको बाटो गरी लार्केभोट मार्फत हुने व्यापार गोरखाका राजा रामशाहको राज्यकालदेखि नै महत्वपूर्ण मानिएको पाइन्छ।

हिजो आज यो क्षेत्रको सबभन्दा बढी महत्वपूर्ण व्यापार पोखरा, स्याङ्जा, बुटवल, भैरहवाको बजारहरू हुँदै भारतसँग हुन्छ। आर्थिक वर्ष २०२४।०२५ मा भैरहवा स्थित भन्सार कार्यालयको अभिलेखअनुसार रू. १,१७,१९,९१५। बराबरको सामान निकासी र रू. ४,४२,९९,५८४। बराबरको सामान पैठारी भएको पाइएको छ। यस क्षेत्रबाट भारततर्फ निकासी हुने वस्तुहरूमा धान, चामल, घ्यू, सूठो, खलीपीना आदि मुख्य हुन्। कृष्णनगर र भैरहवा भन्सारहरूको अभिलेखअनुसार आर्थिक वर्ष २०२४।०२५मा मात्र रू. २,७१, ७३,७७०। को सामान निर्यात भएको छ। त्यस्तै यस क्षेत्रमा पैठारी गरिनेमा सूती कपडा, मट्टीतेल, नून, गाई, भैंसी, राँगा, औषधिहरू, सिंगारका सामान, मेशिन औजारहरू, खनिज इन्धन, रङ्गरोगन, पेट्रोल डिजेल, सुर्ती आदि प्रमुख हुन्। उपर्युक्त आर्थिक वर्षमा माथि उल्लिखित दुई भन्सारबाट मात्र रू. ५,३५,१९,७९२। बराबरको सामान पैठारी भएको छ। भैरहवा र कृष्णनगर बाहेक त्रिवेणीघाट बजार, नारायणघाट र हेटौंडा-वीरगञ्ज आदि मार्फत हुने यस क्षेत्रको वाहृय व्यापारको आँकडा उपलब्ध नभएकोले सो को परिमाण किटान गर्न सकिएन।

बैंक

यो क्षेत्रको विभिन्न नगर र बजारहरूमा बैंकका स्थानीय कार्यालयहरू स्थापना गरिएका छन् । यहाँका सम्पूर्ण जिल्लाहरूमा आर्थिक कारोवार बराबर परिमाणमा नभएको हुनाले कम आर्थिक कारोवार हुने बजारहरूमा बैंक कार्यालयहरू स्थापना गरिएका छैनन् । यहाँका प्रमुख व्यापारिक केन्द्रहरू जस्तै भैरहवा, बुटवल, तौलिहवा, कृष्णनगर, परासी, तानसेन, स्याङ्जा, पोखरा, बाग्लुङ, बन्दीपुर आदिमा नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंकका कार्यालयहरू छन् । भैरहवा र पोखरामा नेपाल राष्ट्र बैंकको शाखा तथा उपशाखा कार्यालयहरू छन् । बैंकिङ सेवालाई प्रादेशीकरण गर्ने सिलसिलामा नेपाल बैंक लिमिटेडले पोखरामा क्षेत्रिय शाखा स्तरको कार्यालय सञ्चालन गरेको छ। यो क्षेत्रमा दुई वटा राजमार्ग निर्माण पछि व्यापार विकासको गति-अनुसार बैंकहरूको शाखा कार्यालयहरू पनि बढ्दै गएका छन् । साथै यहाँका नगर तथा बजारहरूमा बसोबास गर्ने मानिसहरूको बैंकसित कारोवार गर्ने प्रवृति बढ्दै गएको पाइन्छ । व्यापारको विविधीकरणको कारण देश-विदेशसँगको व्यापारको लागि बैंकहरूको सेवा अपरिहार्य भएको छ ।

यातायात

सिद्धार्थ र पृथ्वी राजमार्गहरूको निर्माणपछि यो क्षेत्रको केही भागको आवागमन र ढुवानीमा निक्कै ठूलो परिवर्तन हुन गएका छन् । खास गरेर ती सडक परेका जिल्लाहरू जस्तै रूपन्देही, पाल्पा, स्याङ्जा, पोखरा, तनहूँको जीवनमा अत्यन्त गहिरो प्रभावहरू पर्न गएका छन् । यी दुबै राजमार्गहरूको भेट यस क्षेत्रको विकास केन्द्र रहेको पोखरामा पुगेर हुन्छ । साथै यहाँको मधेशको उत्तरी भेकलाई पूर्वदेखि पश्चिमसम्म पूर्व-पश्चिम राजमार्गले छिचोलेको छ । उक्त राजमार्गले चितवन जिल्लाबाट नारायणी नदीलाई नाघेर नवलपरासी, रूपन्देही, कपिलबस्तु हुँदै डुण्डुवा पर्वतमालाको पूर्वी घाँचबाट दाङदेउखुरी जिल्लातर्फ गएको छ । यी सडकहरू बनाउनु अघि तराईको समथर भूमिमा चलाइने गाडा र सीमित यान्त्रिक वाहनहरू बाहेक सम्पूर्ण क्षेत्रमा आवागमन र ढुवानीको लागि पैदल तथा घोडा, खच्चर मात्र प्रचलनमा थिए । हालसम्म पनि सडक नपुगेका ठाउँहरूमा मानिसहरू पैदल हिड्ने, घोडा चढ्ने तथा खच्चर हिंडाउने गरी आवागमन तथा मालसामान ढुवानी गर्ने गराउने गर्दछन् । यान्त्रिक यातायातको सुविधा प्राप्त नभएका ठाउँहरूमा मानिसहरू भारी बोक्नु नै जीवन धाउने उपाय हो भन्ने ठान्दछन् । उँधौली, उँभौली गोरेटाहरूमा भरीया, घोडा, खच्चर नहिडाए त्यहाँको व्यापार विनिमय नै हुँदैन । आज भोलि पनि हिउँदमा गाउँ बेंसी, शहर-बजार व्यापार गर्दै हिंड्ने थकाली व्यापारीहरूको खच्चर खाद्यान्न तथा विभिन्न उपभोग्य सामानहरूको भारीहरू ओसार्ने काममा लगाइएका हुन्छन् । यहाँका गोरेटाहरूमा धेरै उँभो-उँधो गरी बाटो चिन्हिसकेका खच्चरहरूलाई टाउकोमा रङ्गीबिरङ्गी चमर र ध्वजा राखेर अगुवा बनाइएका हुन्छन् । यिनीहरू आफ्ना घाँटीमा झुण्डाइदिएको घण्टा बजाउँदै हिड्ने गर्दछन् । यी खच्चरहरू यस क्षेत्रको तिब्बतसितको व्यापारका लागि झोमसोम, मुस्ताङ र सीमा पारीसम्म पनि प्रयोग गरिन्थ्यो । मनाङ, लार्केमा अधिक मानिसहरूले प्रायः भारी बोक्ने गर्दछन् । छार्का भोटमा प्रायः झोपा, डोलपाको दक्षिण भेकमा भेडालाई पनि भारी बोकाउने गर्दछन् ।

यस क्षेत्रको क्षेत्रिय व्यापार र आवागमनका प्रमुख घोडेटा र गोरेटाहरू काली गण्डकी, मर्स्याङदी गण्डकी र बूढीगण्डकीको किनारहरूबाट गएका छन् । तीमध्ये काली गण्डकीको किनारबाट बाग्लुङ, बेनी, दाना, मार्फा, झोमसोम हुँदै जाने बाटो सबभन्दा बढी चल्ती थियो ।

यहाँका हिमाली तथा मध्यपर्वतीय प्रदेशमा सडक यातायात उपलब्ध नभएको ठाउँमा एक ठाउँबाट अर्को ठाउँमा जान र सामान ढुवानी गर्न अनगिन्ती गोरेटा र घोडेटाहरू पाइन्छन् । केही वर्ष यता त्यस्ता बाटाहरूमध्ये भीर र अप्ठेरो पहाडमा पर्ने भागलाई धेरै मात्रामा सजिलो पारिएका छन् । काली र मर्स्याङदी गण्डकीको किनारको मूल बाटोमा पर्ने भीरहरूमा बाटोलाई सजिलो गर्ने उल्लेखनीय काम भएको छ । हालसम्म पनि ठाउँ ठाउँमा अप्ठेरा बाटाहरू बाँकी नै छन् ।

यो क्षेत्र हिमालयको हिउँ पग्लेर बगेका गण्डकी नदीहरू र तिनीहरूका असंख्य सहायक खोलाहरूको घर भएकोले कैयौं गोरेटा घोडेटाहरू माथि अझ पनि उपयुक्त पुल, साँघुहरू हाल्न सकिएको छैन । त्यस्ता आवश्यक पुलहरू विभिन्न आयोजना अन्तर्गत श्री ५ को सरकार तथा स्थानीय जनताको सहयोगबाट वर्षेनी निर्माण गर्ने गरिएका छन् । राष्ट्रव्यापीरूपमा फैलिएको विकासको लहरको फलस्वरूप यी क्षेत्रका कैयौं डरलाग्दा बाटाहरू सुध्रनुको साथै कैयौं नदी-खोलाहरू माथि पुल, साँघुहरू बनाइएका छन् । विशाल गण्डकी नदीहरूमा पुल हाल्न नसकिएका ठाउँहरूमा यात्रीहरूलाई डुङ्गाले नदी तार्ने गरिन्छ ।

सिद्धार्थ राजमार्ग

यो क्षेत्रको दक्षिण सीमानास्थित सुनौली भन्ने ठाउँदेखि पोखरा बजारसम्म करीब २०५ किलोमिटर लामो यस राजमार्गले यहाँ यातायातको सुविधा उपलब्ध गराएको छ । उक्त राजमार्गले यस क्षेत्रको तराईको प्रमुख व्यापारिक केन्द्रलाई पोखरासित सिधा सम्पर्क गराइदिएको छ । यस क्षेत्रको प्रादेशिक विकासको एक प्रमुख मेरुदण्डकोरूपमा रहेको उक्त राजमार्गको निर्माणले मधेश र पहाडको सम्पर्क र व्यापारमा निकै ठूलो योगदान दिएको छ । यो राजमार्ग सुनौलीबाट उत्तरतर्फ लागेपछि भैरहवा, खस्यौली हुँदै तीनाव खोलाको खोंचको बाटो गरी चुरिया र महाभारत छिचोलेर तानसेन बजारको फेदमा अवस्थित वर्तुङ पुग्दछ । त्यहाँबाट तानसेन उक्लने एक सहायक शाखा मार्ग पनि बनेको छ । पाल्पा जिल्लाबाट उत्तर हान्निए पछि रामदीघाट माथि बनेको पुल हुँदै यसले स्याङजा जिल्लाको गल्याङ भञ्ज्याङ चढ्छ र गल्याङ भञ्ज्याङबाट उँधो झरी आँधीखोलाको किनारमा पुगेपछि किनारै किनार वालिङ बजार, स्याङजा-पुतलीखेत, नागढुङ्गा, कुभिण्डे भञ्ज्याङ हुँदै पोखरा प्रवेश गर्दछ । यो राजमार्गमा हाल बस सेवा चल्दछ ।

पृथ्वी राजमार्ग

धादिङ जिल्लाको नौबिसेदेखि पोखरासम्मको पृथ्वी राजमार्ग तयार भएपछि अधिराज्यको राजधानी काठमाडौंदेखि पोखरासम्मको यातायातमा निकै सुविधा भएको छ । यो मार्ग १५६ किलोमिटर लामो छ । यस मार्ग काठमाडौं–वीरगञ्ज जोड्ने त्रिभुवन राजपथमा नौबिसेमा जोडिएको हुनाले वीरगञ्ज हिटौंडा र काठमाडौंबाट पोखरा जान आउन सकिने भएको छ । अधिराज्यमा मध्यपर्वतीय प्रदेशमा रहेका दुई महत्वपूर्ण उपत्यकाहरूलाई जोड्ने उक्त राजमार्गको विशेष महत्व रहेको छ ।

उक्त राजमार्ग नौबिसेबाट महेश खोलाको किनार हुँदै पूर्वबाट पश्चिमतिर बग्ने त्रिशूली नदीको किनारबाट गजुरी, बेनीघाट हूँदै मुगलिङटार पुगेपछि मर्स्याङदी र त्रिशूलीको संयुक्त जलाधारलाई पक्का झोलुङ्गे पुलबाट तरेर तनहूँ जिल्लाको विमलनगर, डुम्रेतर्फ उत्तर लाग्दछ । डुम्रेबाट पश्चिम दमौली, खैरेनीटार हुँदै पोखरा उपत्यकामा प्रवेश गर्दछ । यो सडकले पोखरा उपत्यकाको पूर्वी मैदानहरू (अर्घौं, शिशुवा र सात

मुहाने फाँटहरू) लाई पनि सुगम यातायात प्रदान गरेको छ । मध्यमाञ्चल र पश्चिमाञ्चललाई पहाडी भेकमा जोड्ने यस मार्गले धादिङ, गोरखा, तनहूँ, लमजुङ र कास्कीको आर्थिक व्यवस्थामा नयाँ सम्भावनाहरू सिर्जना गरेको छ र ती जिल्लाका सामाजिक, आर्थिक जीवनमा आमूल परिवर्तन ल्याउन सहयोग दिएको छ । यो राजमार्गमा डमौलीनिर मादी गण्डकी माथि हालिएको पुल निक्कै लामो छ ।

पूर्व–पश्चिम राजमार्ग

अधिराज्यको पूर्वी सीमानादेखि पश्चिमी सीमानालाई जोड्ने पूर्व-पश्चिम राजमार्ग अर्थात् महेन्द्र राजमार्गको नारायणी नदीदेखि पश्चिम नवलपरासी जिल्लाको बेल्डीहादेखि पश्चिमाञ्चल क्षेत्रको पश्चिमी सीमानासम्म अन्दाजी २२६ किलोमिटर लामो सडक यो क्षेत्रभित्र पर्दछ । उक्त राजमार्ग पूरा भएपछि राप्ती अञ्चलका केही जिल्लाहरूको व्यापार कृष्णनगर, बुटवल, खस्यौलीतिर हुने हुँदा यसको आर्थिक प्रभाव महत्वपूर्ण हुनेछ । साथै उक्त मार्गको माध्यमबाट मध्यमाञ्चल क्षेत्रको चितवनस्थित नारायणगढ बजार लगायत हेटौंडा, वीरगञ्ज आदि व्यापारिक केन्द्रहरू र यस क्षेत्रको मधेश तथा पहाडी बजारहरूको बीच सम्पर्क बढ्न जानेछ । यस राजमार्ग र यहाँको उत्तर दक्षिण सिद्धार्थ राजमार्गको बुटवलमा भेट हुन्छ । उक्त मार्गले बुटवललाई पत्थरकोटसँग पनि जोड्ने छ ।

डुम्रे–वेसी शहर मार्ग

पृथ्वी राजमार्गमा पर्ने तनहूँ जिल्लाको डुम्रेबाट लमजुङ जिल्लाको सदरमुकाम रहेको बेंसी शहरसम्म अन्दाजी ५१ किलोमिटर अर्थात् १६ कोस लामो सहायक मार्ग निर्माण गर्ने कार्यक्रम छ । उक्त मार्गलाई बेंसी शहरदेखि मनाङको सदर मुकाम चामेसम्म घोडेटो बाटोले जोड्ने छ । उक्त बाटोको निर्माण भएपछि लमजुङ, र गोर्खाको पश्चिमी भाग (पालुङटार, गाइखुर आदि) र मनाङलाई सुगम यातायातको व्यवस्था हुनुको साथै दक्षिणी लमजुङको कृषि विकासलाई ठूलो टेवा प्राप्त हुनेछ । उक्त बाटो मर्स्याङदी नदीको किनारबाट बन्ने भएको छ ।

मझुवा-गोर्खा मार्ग

पृथ्वी राजमार्गको मर्स्याङदी नदीको किनारमा रहेको मझुवाबाट गोरखा जोड्ने अन्दाजी २५ किलोमिटर अर्थात् करीब आठ कोस लामो सहायक मार्ग बनाउने कार्यक्रम छ । उक्त बाटोले दरौंदी नदीको किनारको साथै र गोरखाको ऐतिहासिक स्थललाई आधुनिक यातायात उपलब्ध गराउने छ ।

तानसेन–रिडी मार्ग

तानसेनदेखि गुल्मी जिल्लाको रिडी बजारसम्मको अनुमानित २५ किलोमिटर अर्थात् आठ कोस लामो सडक बनेमा पाल्पाको उत्तरी भाग र गुल्मीको पूर्वी भागलाई सिद्धार्थ राजमार्गसँग जोड्ने छ । उक्त सडकको निर्माण भएपछि रिडी बजारको व्यापारिक महत्व बढ्नको साथै वरिगाड उपत्यका लगायत गुल्मीको विकासमा ठूलो टेवा मिल्ने छ ।

कृष्णनगर–राजमार्ग सडक

नेपाल–भारत सीमानामा रहेको कृष्ण नगरको बजारलाई महेन्द्र राजमार्गसँग जोड्ने कार्यक्रम छ । उक्त मार्गको निर्माण भएपछि कृष्णनगरको बजारको व्यापारिक महत्व अझ बढ्ने छ ।

सुनवल–परासी मार्ग

यो क्षेत्रको तराईको पूर्वी भागको महत्वपूर्ण बजार परासीलाई महेन्द्र राजमार्गसँग जोड्ने सुनवल–परासी मार्ग अन्दाजी ११ किलोमिटर लामो छ ।

पत्थरकोट–नरपानी मार्ग

कपिलवस्तु जिल्ला र अर्घाखाँचीको सीमानामा रहेको पत्थरकोटदेखि अर्घाखाँचीको सदरमुकाम नरपानीसम्म करीब ५८ किलोमिटर अर्थात् १८ कोस लामो बाटो जनश्रमबाट निर्माण शुरु गरिएको छ । उक्त मार्गको रेखाङ्कन भइसकेको छ ।

पुतलीखेत(स्याङजा)–बाग्लुङ मार्ग

हिमाली तथा तराई प्रदेशहरूलाई सडक मार्गले जोडी उत्तर दक्षिण फैलिएका विकास रेखाहरूको परिकल्पनालाई साकार गर्न अधिराज्यको चारैवटा क्षेत्रहरूमा उत्तर – दक्षिण सडकहरूको निर्माण भइरहेको छ । यस क्षेत्रमा पनि रूपन्देहीदेखि कास्कीसम्म बनिसकेको सिद्धार्थ राजमार्गको पुतलीखेत इलाकाबाट प्रथम चरणमा बाग्लुङसम्म मार्ग बनाउने आयोजना छ । उक्त मार्ग अनुमानित ८० किलोमिटर अर्थात् २५ कोस लामो हुनेछ । पछि त्यस मार्गलाई मुस्ताङ जिल्लाको झोमसोमसम्म विस्तार गर्ने लक्ष राखिएको छ । उक्त मार्ग निर्माण भएपछि यो क्षेत्रको विकासरेखाको प्रथम चरण पूरा हुनेछ ।

डुम्रे–बन्दीपुर मार्ग

पृथ्वी राजमार्गको डुम्रेबाट बन्दीपुर बजारसम्म अन्दाजी नौ किलोमिटर अर्थात तीन कोस लामो सहायक सडक बनाउने कार्य चालू छ । उक्त बाटो बनेपछि तनहूँको सदरमुकाम सरेपछि उजाड भएको बन्दीपुर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरू को लागि सुगम बन्ने छ । बन्दीपुर यो क्षेत्रको सुन्दर बजारहरूमध्ये एक मान्न सकिन्छ । त्यहाँबाट हिमालचुली, मनासलु, लमजुङ र अन्नपूर्ण हिमालयका चित्ताकर्षक टाकुराहरू राम्ररी देखिन्छन् ।

भैरहवा–लुम्बिनी मार्ग

भैरहवा बजारबाट लुम्बिनी बगैंचा जाने एउटा सडक रहेको छ । लुम्बिनी बगैंचाको विकास परियोजना कार्यान्वयन हुने भएको छ । लुम्बिनी बगैंचाको तीर्थ गर्न तथा भ्रमण गर्न आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरूको संख्या धेरै हुने हुनाले भैरहवादेखि लुम्बिनीसम्मको करीब १८ किलो मिटर अर्थात् साढे पाँच कोस लामो सडकमा काम शुरू भइसकेको छ । हाल पनि प्रशस्त मानिसहरू लुम्बिनी बगैंचामा तीर्थ गर्न तथा भ्रमण गर्न जान्छन् । यसरी लुम्बिनी जाने मानिसहरू अधिक संख्यामा भारतको नौगढको बाटोबाट जाने गरेका छन् ।

माथि उल्लिखित सडकहरू बाहेक तराईका विभिन्न बजारहरूमा हिउँदमा मोटर चल्न सक्ने कच्ची सडकहरू छन् । अक्सर तराई समथर भएको हुनाले सुखा याममा बयलगाडी चल्ने बाटोमा मोटर चलाउन सकिन्छ । त्यस्ता कच्ची सडकहरू जताततै छन् । भैरहवाबाट परासी, त्रिवेणी र तौलिहवा, बहादुरगञ्ज आदि जाने कच्ची बाटोहरू पनि छन् ।

जल मार्ग

यो क्षत्रको तराईको पूर्वी सीमानामा रहेको नारायणी नदीको किनारमा अवस्थित विभिन्न घाटहरूमा डुङ्गाहरूबाट आवागमन र सामान ओसार पसार गर्ने गरिन्छ । यस क्षेत्रको विभिन्न ठाउँहरूमा ठूल ठूला नदीहरूमा वारपार गर्न डुङ्गाको प्रयोग पनि हुन्छ । साथै भारततर्फ निकासी गर्ने काठलाई नारायणी नदीमा बगाउने पनि चलन छ ।

हवाइ यातायात

यो क्षेत्रको विभिन्न जिल्लाहरूमा साना ठूला विमानस्थलहरू छन्। भैरहवा, पोखरा, पालुङटार (गोरखा), ढोर पाटन, बलेवा (बाग्लुङ), झोमसोम (मुस्ताङ)मा विमानस्थलहरू छन् । भैरहवामा मझौला खालको हवाइ जहाज प्रयोग गर्न सकिने पक्की विमानस्थल छ । पोखरामा अर्धपक्की हवाइ मैदान छ । पोखरा उपत्यकामा उक्त मैदानलाई छोडेर अर्को हवाइ मैदान निर्माण गर्ने कार्यक्रम छ ।

अन्य विमानस्थल कच्ची छन्। हाल पोखरा, पालुङटार, भैरहवामा शाही नेपाल वायुसेवा निगमले नियमित हवाइ सेवा उपलब्ध गराएकोछ । बलेवा र झोमसोममा पनि मौसम राम्रो हुने याममा हवाइ सेवा उपलब्ध गराइन्छ । बलेवा र झोमसोममा सानो (स्टोल) हवाइ जहाजहरू मात्र चलाउने गरिन्छ ।

यस क्षेत्रमा रहेका विभिन्न विमानस्थललाई आधुनिकीकरण गर्ने तथा उड्डयन सेवा उपलब्ध गराउने कार्यक्रम जारी रहेको छ ।

हुलाक

हुलाक यो क्षेत्रको सञ्चारको एक प्रमुख साधन हो । यहाँका विभिन्न जिल्लाहरूमा विभिन्न तहका हुलाक कार्यालयहरू स्थापना गरिएका छन् । एक ठाउँबाट अर्को ठाउँमा चिठ्ठी पत्र, पुलिन्दाहरू ओसार पसार गर्ने हुलाकीहरू हुन्छन् । पहाडी भेकमा कुनै कुनै मूल बाटोहरूलाई हुलाकी हिंड्ने हुनाले हुलाकी बाटो भन्ने गरिन्छ । पहिले राजधानीबाट पश्चिम तथा सुदूर पश्चिमतिर डाँक चलाउने कार्यमा त्यस्तै हुलाकीहरूलाई प्रयोग गरिएको थियो । सञ्चार सेवालाई व्यापक बनाउने उद्देश्यले विभिन्न स्तरका हुलाक कार्यालयहरू स्थापना हुँदै छन् । हाल यो क्षेत्रका सबै भागहरूमा हुलाक कार्यालयहरू स्थापना गरी यहाँका जनतालाई हुलाक सेवा उपलब्ध गराइएको छ ।

आकाशवाणी र टेलिफोन

यो क्षेत्रका जिल्लाहरूका बीच तथा अधिराज्यका विभिन्न जिल्लाहरूका बीच छिटो सञ्चार सुविधा उपलब्ध गराउन अधिकांश जिल्लाहरूमा आकाशवाणी केन्द्रहरू स्थापना गरिएका छन् । प्रत्येक अञ्चल सदर मुकाममा एक एक इलाका नियन्त्रण कार्यालयहरू राखिएका छन् ।

यहाँका प्रमुख नगरहरू जस्तै पोखरा र भैरहवामा टेलिफोन सेवा उपलब्ध गराउने कार्यक्रम अन्तर्गत पोखरामा १५० सि. वि. टेलिफोन लाइन वितरण गरिएका छन् र उक्त संख्यालाई बढाएर ३०० लाइन पुऱ्याउने लक्ष राखिएको छ । भैरहवामा पनि १०० सि. वि. लाइन भएको आन्तरिक टेलिफोन सेवा उपलब्ध गराइएको छ ।

अणु तरङ्ग (माइक्रोवेभ) अन्तर्गत काठमाडौं र भैरहवाका बीच रेडियो एच. एफ. ट्रङ्क सेवा उपलब्ध गराइने कार्यक्रम छ । त्यस्तै पोखरामा "माइक्रोवेभ टर्मिनल स्टेशन" र "रिफ्लेक्टर" तथा गोरखामा

"माइक्रोवेभ रिपिटर स्टेशन" राखिने भएको छ ।

साथै भैरहवाबाट गोरखपुर मार्फत अन्तर्राष्ट्रिय टेलेक्स सेवा सञ्चालन गर्ने विषयमा अध्ययन हुने भएको छ ।

बिजुली

यो क्षेत्रका विभिन्न नगरहरू विद्युतीकरण भैसकेका छन् । यो क्षेत्रको मधेशमा अवस्थित कृष्णनगर तौलिहवा, बहादुरगञ्ज, भैरहवा, बुटवल र पहाडी भेकको तानसेन, पोखरामा विद्युतीकरण भइसकेका छन् । पोखरा र बुटवलमा जल विद्युत् आयोजनाहरूबाट बिजुली उत्पादन गरिएका छन् । पोखरामा फेवा तालको पार्दीमा बाँध बनाएर अनुमानित १,००० किलोवाट क्षमताको बिजुली घर निर्माण भएको छ । बुटवलमा तिनाव खोलामा भूमिगत बिजुली घरबाट ५० किलोवाट बिजुली उत्पादन भइरहेकोमा त्यहाँ हाल १,०००किलो वाट बिजुली उत्पादन गर्ने सम्बन्धी आयोजना कार्यान्वयन भइरहेको छ। भैरहवा, कृष्णनगर, तानसेन, तौलिहवा, बहादुरगञ्ज आदि अन्य बजारहरूमा डिजल प्लाण्टहरूबाट बिजुली उत्पादन गरिएको छ ।

भैरहवामा ५०० किलोवाट, तानसेनमा ३०० किलोवाट, कृष्णनगरमा १३५ किलोवाट, बहादुरगञ्जमा २५ किलोवाट र तौलिहवामा ७५ किलोवाटका डिजल जेनेटरहरूबाट बिजुली वितरण भइरहेकोमा हाल कृष्णनगर र भैरहवामा भारतबाट विद्युत् शक्ति उपलब्ध गरी वितरण गरिएको छ ।

यस क्षेत्रको दक्षिण–पूर्व सीमानामा निर्माण गरिएको गण्डक आयोजनाबाट १०,००० किलोवाट विद्युत् शक्ति प्राप्त हुने भएको छ । उक्त विद्युत् शक्तिलाई मध्यमाञ्चल क्षेत्रको विद्युत् प्रणालीमा मिलाउन हिटौंडासम्म १३२ के. भि. प्रसारण लाइन निर्माण गर्ने कार्यक्रम छ । साथै गण्डकी आयोजनाबाट प्राप्त हुने बिजुलीलाई यस क्षेत्रका तराईका बजारहरू र तानसेनमा समेत वितरण गर्न परासी-बुटवल, भैरहवा–लुम्बिनी, तौलिहवा र बुटवल–तानसेन गरी जम्मा तीन वटा ३३ के. भि. विद्युत् प्रसारण लाइनहरूको निर्माण गर्ने कार्यक्रम रहेको छ । यसरी निकट भविष्यमा यस क्षेत्रको विद्युत् प्रसारण प्रणाली पनि मध्यमाञ्चल क्षेत्रको प्रणालीसँग मिसिने देखिन्छ ।

शिक्षा

गत केही दशक भित्र यो क्षेत्रमा शिक्षाको ठूलो विकास भएको छ । २००७ सालको राजनैतिक परिवर्तन पछि शिक्षा प्रचारको दिशामा आएको लहरले यो क्षेत्रका जनतामा शिक्षाप्रतिको आस्था धेरै बढायो । फलस्वरूप यहाँको पाखा, बेंसी, र मधेशमा विद्यालयहरू ठूलो संख्यामा स्थापना भए । धेरै गाउँका मानिसहरूले शिक्षा प्रचारको लागि दिनु पर्ने सहयोगलाई सामाजिक दायित्वको रूपमा स्वीकार गरेका हुनाले पहाड, बेंसी र मधेशका कुना कुनासम्म विद्यालयहरू खुल्न गए र त्यसरी खोलिएका विद्यालयहरूमा काठमाडौं लगायत अधिराज्यका अन्य जिल्लाहरूबाट समेत शिक्षकहरू ल्याइए । अति दुर्गम इलाकामा बाहेक हाल बिरलै कुनैबाक्लो गाउँ होला जहाँ विद्यालय खोलिएको छैन । त्यसरी प्रशंसनीय जनअभिरुचि र सहयोगको कारण भौगोलिक कठिनाई र आर्थिक कमजोरी जस्ता तगारोहरू हुँदा हुँदै पनि यो क्षेत्रमा शिक्षाको उल्लेखनीय प्रगति भएको छ ।

वि. सं. २०२८ मा लिइएको राष्ट्रिय जनगणनानुसार यो क्षेत्रको ६ वर्ष र सोभन्दा बढी उमेर पुगेको कुल जनसंख्या २०,३६,०१० मध्ये ३,३७,८२४ अर्थात् १६.६ प्रतिशत मानिस साक्षर भएको देखिन्छ । नेपाल

अधिराज्यको औसत साक्षरता दर १३.९ प्रतिशत भएको तथ्यलाई हेर्दा यो क्षेत्र साक्षरताको दिशामा अधिराज्यको औसतभन्दा अगाडि रहेको देखिन्छ। उक्त साक्षरताको अनुपात यहाँको विभिन्न भौगोलिक प्रदेशहरूमा फरक रहेको छ। हिमाली प्रदेशको कुल जनसंख्या उमेर पुगेका ४५,२८६ मध्ये ५,६२३ अर्थात् १२.४ प्रतिशत, मध्यपर्वतीय प्रदेशका छ वर्ष र सोभन्दा माथिका जनसंख्या १५,०१,९५३ मध्ये २,६०,७१४ अर्थात् १७.४ प्रतिशत र तराईमा ४,९१,७७१ मध्ये ७१,४८७ अर्थात् १४.५ प्रतिशत साक्षर रहेका छन्। तर यहाँको जनसंख्यामा पुरुषकोभन्दा महिलाको संख्या बढी भए तापनि महिलाहरूको साक्षर जनसंख्या निकै कम रहेकोछ। यहाँको कुल साक्षर जनसंख्यामध्ये महिला साक्षर संख्या ४०,४५६ अर्थात् १२ प्रतिशत मात्र रहेको छ। यसरी यो क्षेत्रमा भएको शैक्षिक प्रगतिमा पुरुष र महिलाको बीच ठूलो फरक छ। हाल महिलाहरूलाई पुरुषहरूसँगसँगै शिक्षा हासिल गर्ने अवसर बढी मात्रामा उपलब्ध गरिएको हुनाले महिला साक्षर संख्या पनि बढ्दै जाने देखिन्छ।

यस क्षेत्रमा कुल १,९२८ वटा प्राथमिक विद्यालयहरू, ३६३ वटा निम्न माध्यमिक र १२१ वटा माध्यमिक विद्यालयहरू छन्। ती मध्ये हिमाली प्रदेशमा ११३ वटा प्राथमिक, ९ वटा निम्न माध्यमिक र तीनवटा माध्यमिक विद्यालयहरू रहेका छन्। मध्यपर्वतीय प्रदेशमा १,५२१ वटा प्राथमिक, ३०२ वटा निम्न माध्यमिक र ९७ वटा माध्यमिक विद्यालय छन्। अरू बाँकी २९४ वटा प्राथमिक, ५२ वटा निम्न माध्यमिक २१ वटा माध्यमिक विद्यालयहरू तराईमा रहेका छन्। उपर्युक्त तथ्याङ्क अनुसार यो क्षेत्रको मध्यपर्वतीय प्रदेशमा शिक्षाको प्रचार बढी भएको देखिन्छ।

यहाँको विभिन्न स्तरका विद्यालयहरूमा छ वर्ष देखि १५ वर्षको विद्यालयमा पढ्न सक्ने कुल जनसंख्या ६,१०,८७९ मध्ये फागुन २०३० मा अध्ययन गरिरहेको संख्या १,५४,४४४ देखिन्छ। सोमध्ये हिमाली प्रदेशको १२,१७४ विद्यालय जान सक्ने उमेरको जनसंख्यामा ३,५५६ अर्थात् २९.२ प्रतिशत, मध्यपर्वतीय प्रदेशको ४,६५,१४३ मा १,२२,३४३ अर्थात् २६.३ प्रतिशत र तराईको १,३३,५६२ मा २८,५४५ अर्थात् २१.४ प्रतिशत विभिन्न स्तरको विद्यालयहरूमा अध्ययन गरिरहेका छन्।

उपर्युक्त विद्यार्थीहरूमध्ये प्राथमिक स्तरमा १,०२,२१५; निम्न माध्यमिकमा ४०,२०६ र माध्यमिक स्तरमा १,२,०२३ छन्। उक्त संख्यामध्ये हिमाली प्रदेशमा क्रमशः २,८२६; ६०६ र १२४ मध्यपर्वतीय प्रदेशमा क्रमशः ८२,५१४; ३०,५६६ र ९,२६३ तथा मधेशमा क्रमशः १६,८७५; ९,०३४ र २,६३६जना रहेका देखिन्छन्।

यस क्षेत्रको विभिन्न भौगोलिक प्रदेशहरूको तुलनात्मक शैक्षिक स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छः–[1]

	प्राथमिक			निम्न माध्यमिक			माध्यमिक		
प्रदेश	विद्यालय संख्या	शिक्षक संख्या	विद्यार्थी संख्या	विद्यालय संख्या	शिक्षक संख्या	विद्यार्थी संख्या	विद्यालय संख्या	शिक्षक संख्या	विद्यार्थी संख्या
हिमाली	११३	१८६	२८२६	९	२९	६०६	३	१८	१२४
पहाडी	१,५२१	३,६९२	८२,५१४	३०२	१,२०२	३०,५६६	९७	७९८	९,२६३
मधेश	२९४	६९७	१६,८७५	५२	२३५	९,०३४	२१	१७३	२,६३६
जम्मा	१,९२८	४,५७५	१०२,२१५	३६३	१,४६६	४०,२०६	१२१	९८९	१२,०२३

---

१. श्री ५ को सरकार, शिक्षा मन्त्रालय, तथ्याङ्क उपशाखाबाट प्राप्त (२०३० फागुनको) तथ्याङ्कअनुसार

वि. सं. २०२८ मा लिइएको राष्ट्रिय जनगणनाअनुसार यहाँको छ वर्ष र सोभन्दा बढी उमेर भएको कुल जनसंख्या २०,३९,०१०मध्ये विभिन्न प्रदेशहरूमा विभिन्न स्तरको विद्यालयहरूमा अध्ययन गरिरहेको संख्या निम्नबमोजिम रहेको छ :–

प्रदेश	६ वर्ष र सो माथिको जनसंख्या	विभिन्न स्तरका विद्यालयहरूमा दर्ता भएको संख्या					
		प्राथमिक	निम्न माध्यमिक	माध्यमिक	प्रमाणपत्र	स्नातक	स्नातकोत्तर
हिमाली	४५,२८६	२,७५५	३९५	१२१	१५	२	१
मध्यपर्वतीय	१५,०१,९५३	९२,५१८	२१,१७३	९,८६०	१,९२९	५२५	१११
मधेश	४,९१,७७१	२३,१०७	६,७८३	२,९८३	६३३	१७७	३८
जम्माः–	२०,३९,०१०	१,१८,३८०	२८,३५१	१२,९६४	२,३७७	७०४	१५०

यस क्षेत्रको छ वर्ष र सोभन्दा बढी उमेर पुगेको जनसंख्या २०,३९,०१० मध्ये १,६२,८७३ अर्थात् करीब आठ प्रतिशतमात्र विभिन्न स्तरका विद्यालयहरूमा भर्ना भएको देखिन्छ। उक्त तथ्याङ्क २०३० मा प्राप्त भएको माध्यमिक स्तरसम्मको विद्यार्थी संख्याभन्दा बढी देखिएको छ। माथिल्लो स्तरको विद्यालयहरूमा तल्लो स्तरमाभन्दा विद्यार्थी कम हुँदै जाने अर्थात् प्राथमिक कक्षामा भर्ना हुने संख्याभन्दा प्राथमिक स्तरको शिक्षा पूरा गर्ने संख्या कम हुँदै जाने देखिन्छ। त्यस्तै प्राथमिक शिक्षा पूरा गर्नेभन्दा निम्नमाध्यमिक र माध्यमिक स्तरमा भर्ना हुने संख्या कम हुँदैजान्छ। यस क्षेत्रमा स्तरअनुसार क्रमशः घट्दै गई प्राथमिक कक्षाहरूको १,१८,३८० स्नातकोत्तर स्तरमा पुगेपछि कुल १५० मा टुँगिन गएको देखिन्छ।

यो क्षेत्रको केही जिल्लाहरूमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भइसकेको छ। अधिराज्यमा पहिलो वर्ष राष्ट्रिय शिक्षा योजना लागू गरिएका दुई जिल्लाहरूमध्ये एउटा कास्की हो। हालसम्ममा यहाँको कास्कीमा पहिलो वर्ष; बाग्लुङ, रूपन्देहीमा दोस्रो वर्ष; मनाङ, गोरखा, लमजुङ तनहूँ, स्याङजामा तेस्रो वर्ष; मुस्ताङ म्याग्दी, पर्वत, गुल्मी, अर्घाखाँची, पाल्पा, नवलपरासी र कपिलवस्तुमा चौथो वर्षमा गरी जम्मा १६ जिल्लाहरूमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भइसकेको छ।

यो क्षेत्रमा जेहेनदार छात्रछात्राहरूलाई माध्यमिक स्तर उत्तीर्ण भइसकेपछि विभिन्न विषयमा प्रमाणपत्र र स्नातक स्तरसम्मको उच्च शिक्षा प्राप्त गर्ने सुविधा पनि उपलब्ध छ। यहाँको पोखरा (कास्की), बागलङ (बाग्लुङ), तानसेन (पाल्पा), बुटवल (रूपन्देही), भैरहवा (रूपन्देही) मा विभिन्न स्तरका उच्च शिक्षाका क्याम्पसहरू स्थापना गरिएका छन्:–

यस क्षेत्रमा उच्च शिक्षाका निम्न क्याम्पसहरू निम्नाङ्कित ठाउँहरूमा रहेका छन्ः—

	पोखरा	बाग्लुङ	तानसेन	बुटवल	भैरहवा
शिक्षा	१			१	
मानविकी तथा समाज शास्त्र	१	१	१		१
साधारण विज्ञान	१				
व्यापार प्रशासन तथा वाणिज्य	१		१		
चिकित्सा शास्त्र	१		१		
इन्जिनीयरिंङ				१	
जम्मा	५	१	३	२	१

उपर्युक्त तालिकाअनुसार यस क्षेत्रमा चिकित्सा शास्त्र सम्बन्धी दुईवटा नन्-क्रेडिट क्याम्पसहरू सहित १२ वटा विभिन्न क्याम्पसहरू छन् । तीमध्ये पाँचवटा पोखरामा, तानसेनमा तीनवटा, बुटवलमा दुई वटा र भैरहवा र बाग्लुङ एक एउटा क्याम्पसहरू रहेका छन् । यस क्षेत्रका कुल चारवटा स्नातक स्तरका क्याम्पसहरूमध्ये पोखरामा मानविकी तथा समाज शास्त्र सम्बन्धी एउटा, तानसेनमा मानविकी तथा समाज शास्त्र सम्बन्धी र व्यापार प्रशासन तथा वाणिज्य सम्बन्धी समेत गरी दुईवटा र बुटवलमा शिक्षा शास्त्र सम्बन्धी एउटा क्याम्पसहरू रहेका छन् ।

स्वास्थ्य [1]

यो क्षेत्रको विभिन्न भौगोलिक प्रदेशहरूमा रहेका जिल्लाहरूमा आधुनिक उपचारका साधन र प्रविधिहरू उपलब्ध गराउने सिलसिलामा विभिन्न स्तरका उपचार तथा चिकित्सा केन्द्रहरू स्थापना गरिएका छन् साथै राष्ट्रव्यापीरूपमा सञ्चालन गरिएका बिफर, औलो आदि संक्रामक रोग विरुद्धको प्रतिकारात्मक कार्यक्रमहरू पनि यहाँ सञ्चालन गरिएका छन् । यहाँको आवादी डाँडा, तराई, मधेश भोट आदि भौगोलिक तगारोहरूको माझमा यत्रतत्र फैलिएको हुनाले सम्पूर्ण क्षेत्रिय जनसंख्यालाई समानरूपले उपचार र चिकित्साको सहूलियत पुर्याउन सकेको देखिदैन । खास गरेर हिमाली प्रदेश र यातायातको सुविधा नहुने पहाडी जिल्लाहरूमा स्वास्थ्य सेवालाई सन्तोषजनकरूपले विस्तार गर्न सकिएको छैन ।

हालसम्म हिमाली प्रदेशका मुस्ताङ जिल्लामा एउटा अस्पताल स्थापना गरिएको छ । यहाँ भएका अस्पतालहरू अधिक मात्रामा केही पहाडी र तराई जिल्लाहरूमा रहेका छन् । यस क्षेत्रमा भएको कुल १६ वटा अस्पतालहरूमध्ये हिमाली प्रदेशको झोमसोममा एउटा, पोखरामा दुईवटा, गोरखामा दुई वटा, तानसेनमा दुईवटा, बन्दीपुर, बाग्लुङ, गुल्मीमा एक एक गरी पहाडी प्रदेशमा नौवटा र तौलिहवा, स्यूराज, बुटवल, भैरहवा, परासी तथा पक्लिहवामा एक एक वटा गरी मधेशमा छ वटा रहेका छन् ।

---

[1] स्वास्थ्य सेवा सम्बन्धी तथ्यांक श्री ५ को सरकार स्वास्थ्य सेवा विभागको साउन २०३० को प्रकाशन अनुसार रहेको छ ।

अस्पतालको सेवा उपलब्ध नभएका जिल्ला तथा भेकमा स्वास्थ्य केन्द्रहरू राखी उपचार र चिकित्साको सेवा उपलब्ध गराउने उद्देश्यले स्याङ्जा, बेसी शहर, खाँची डाँडा, डोलपा, मुस्ताङ, बेनी र धुरकोटमा स्वास्थ्यकेन्द्रहरू स्थापना गरिएका छन् । स्वास्थ्य केन्द्र नभएको तथा भएको स्वास्थ्य केन्द्रको सेवा पर्याप्त नहुने जिल्लाहरूमा स्वास्थ्य चौकीहरू स्थापना गरिएका छन् । यस क्षेत्रमा सबै जिल्लाहरूमा गरी कुल ५८ वटा स्वास्थ्य चौकीहरू छन् । तीमध्ये मनाङमा तीनवटा, डोल्पामा तीनवटा, मुस्ताङमा दुइटा गरी हिमाली प्रदेशमा आठवटा, पर्वतमा पाँचवटा, कास्कीमा छवटा, स्याङ्जामा नौवटा र लमजुङमा छवटा, तनहूँमा छवटा, गोरखामा सातवटा, गुल्मीमा दुइटा, अर्घाखाँचीमा दुइटा, पाल्पामा दुइटा, म्याग्दीमा दुइटा, बाग्लुङमा एक गरी कुल ४८ वटा र रूपन्देहीमा एक, नवल परासीमा एक गरी मधेशमा दुइटा रहेका छन्। त्यस्तै यहाँ रहेका कुल २५ वटा आयुर्वेदीय औषधालयहरूमध्ये हिमाली प्रदेशमा चारवटा, पहाडी प्रदेशमा २० वटा र मधेशमा एउटा छन् ।

माथि उल्लिखित विभिन्न तथ्याङ्क अनुसार यो क्षेत्रको सम्पूर्ण इलाकामा स्वास्थ्य सेवा सम्बन्धी सहूलियत पुर्‍याइएको देखिन्छ । तर भौगोलिक तथा आवादीको कारण सबै जिल्लाहरूमा चाहिएको मात्रामा सेवा पुगिनसकेको कुरा माथि उल्लेख भइसकेको छ ।

मोटामोटी हिसावले यस क्षेत्रको विभिन्न भौगोलिक प्रदेशहरूमा स्वास्थ्य सेवा सम्बन्धी सुविधाहरूको तुलनात्मक अध्ययनको लागि निम्न तालिका प्रस्तुत गरिएको छ ।

प्रदेश	जनसंख्या	अस्पताल संख्या	शय्या संख्या	जनघनत्व प्रति शय्या	स्वास्थ्य केन्द्र संख्या	स्वास्थ्य चौकी	आयुर्वेदीय औषधालय संख्या
हिमाली	५३,४९०	१	१५	३,५६६	२	८	४
पहाडी	१८,१६,९४०	९	२०५	८,८६३	५	४८	२०
मधेश	५,९५,११०	६	१२२	४,८७८	–	२	१
जम्माः–	२४,६५,५४०	१६	३४२	७,२०९	७	५८	२५

उपर्युक्त तालिकानुसार हिमाली प्रदेशको ५३,४९० जनसंख्याको लागि १५ शय्याको एउटा अस्पताल, दुईवटा स्वास्थ्य केन्द्र, आठवटा स्वास्थ्य चौकी र चारवटा आयुर्वेदीय औषधालयको सेवा मात्र उपलब्ध भएको देखिन्छ । पहाडी प्रदेशका ११ जिल्लाका १८,१६,९४० जनसंख्याको लागि पाँचवटा स्वास्थ्य केन्द्र, ४८ वटा स्वास्थ्य चौकी र २० वटा आयुर्वेदीय औषधालय लगायत २०५ शय्याको नौवटा अस्पतालको सेवा उपलब्ध हुन्छ । त्यसरी प्रत्येक ८,८६३ व्यक्तिलाई एक अस्पताल शय्याको दरले अस्पतालको सेवा उपलब्ध हुन्छ। मधेशको ५,९५,११० जनसंख्याको लागि छवटा अस्पताल, दुई वटा स्वास्थ्य चौकी र एउटा आयुर्वेदीय औषधालयको सेवा प्राप्त हुन्छ । मधेशमा रहेको छवटा अस्पतालमा कुल १२२ वटा शय्या रहेका छन्। त्यसरी मधेशमा प्रत्येक ४,८७८ व्यक्तिको भागमा एक अस्पताल शय्या पर्दछ। यस क्षेत्रको कुल १६ वटा अस्पतालमध्ये हिमाली प्रदेशमा एउटा, पहाडी प्रदेशमा तीनवटा, मधेशमा एउटा गरी चारवटा जिल्लाहरूमा चारवटा अस्पतालहरू र यसको १०० शय्या विदेशी समाजसेवीहरूबाट सञ्चालित छन् । गोरखाको लिगलिग कोटमा १५ शय्याको एक, पोखरामा ५०

शय्याको एक, तानसेनमा २०शय्याको एक गरी तीन वटा पहाडी प्रदेशका अस्पतालहरू विभिन्न ईसाइ मिशनहरूबाट र पकलीहवा स्थित २०शय्याको एक वटा ब्रिटिश गोरखा सैनिक पकलीहवा क्याम्पबाट चलाइएका हुन् । हालसालै ती सबै अस्पतालहरूलाई श्री ५ को सरकारको स्वास्थ्य सेवा विभागबाट नियन्त्रण गर्ने गरिएको छ ।

यहाँका विभिन्न अस्पताल र स्वास्थ्य केन्द्रहरूमा परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवाहरू पनि उपलब्ध गरिएका छन्। परिवार नियोजनतर्फ यस क्षेत्रका विभिन्न भागमा जनताले बढ्दो अभिरुचि देखाएका छन् ।

यो क्षेत्रमा रोगादिको उपचारार्थ आधुनिक सहूलियत उपलब्ध भइसकेको भए तापनि गाउँहरूमा परम्परागत धामी, झाँक्रीबाट उपचार गराउने चलन बाँकी नै रहेको छ । खासगरेर स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा अस्पतालबाट टाढा पर्ने दुर्गम गाउँहरूमा त्यस्तो पुराना विश्वासहरूलाई चलन चल्तीमा ल्याउने चलन छ । हाल स्वास्थ्य चौकीहरू बढी संख्यामा ठाउँ-ठाउँमा खोल्दै गएपछि आधुनिक उपचार जनप्रिय हुँदै गएको छ। त्यस्तै विभिन्न रोगहरू र बाल रोगहरूको उपचारको सुविधाको कारण मृत्यु दर उल्लेखनीय अनुपातमा घट्न गएको छ ।

उपसंहार

संतुलित राष्ट्रिय विकासको लक्ष्यलाई हासिल गर्न विकास योजनामा प्रादेशिक आवश्यकतालाई उचित ध्यान पुऱ्याउन अधिराज्यलाई चार विकास क्षेत्रहरूमा विभाजन गरिएको छ । यसै सिलसिलामा धवलागिरि, गण्डकी र लुम्बिनी अञ्चलहरूलाई समावेश गरी यस पश्चिमाञ्चल विकास क्षेत्रको गठन गरिएको छ । यस क्षेत्रको समयोचित विकासको फाइदालाई सामाजिक न्यायको दृष्टिकोणले क्षेत्रभरि नै फिजाउन दक्षिणी तराईदेखि उत्तरी भोट इलाकालाई आपसमा जोड्न भैरहवादेखि बुटवल, तानसेन, स्याङ्जा, पोखरा, कुश्मा, बाग्लुङ,बेनी दाना हुँदै झोमसोमसम्मको एक विकासरेखाको परिकल्पना गरिएको छ । उक्त मार्गको भैरहवादेखि पोखरासम्मको भाग निर्माण भइसकेको छ । तराईको अनुपातमा पहाडी तथा हिमाली भेक बढी उपेक्षित रहेकोले ती पिछडिएका भेकहरूका उपजहरू सजिलैसित दक्षिणका बजारसम्म पुऱ्याउन तथा कृषि तथा ग्रामीण उद्योगका आधुनिक उपकरणहरू दक्षिणबाट पहाडी तथा हिमाली भेकमा लैजान सकियोस् भन्ने उद्देश्यले विकास मार्गको आवश्यकता महसूस गरिएको हो । यसरी उपेक्षित पहाडी तथा हिमाली भेकहरूको विकास सम्भाव्यताहरूको विस्तृत अनुसन्धान गरी ती ठाउँमा सुहाउँदो व्यवसायहरूको प्रबर्द्धन समेत गर्न प्रादेशीकरणको नीति सफल हुने देखिन्छ ।

प्रादेशिक विकास नीतिको प्रतिपादन भएपछि अधिराज्यका चार क्षेत्रहरूमध्ये तुलनात्मक दृष्टिले कम विकसित क्षेत्रहरूमा सरकारी लगानीको अनुपात बढाउँदै लैजाने उद्देश्यअनुसार यस क्षेत्रमा श्री ५ को सरकारको विकास लगानीमा वृद्धि गर्दै लगेको देखिन्छ ।

आर्थिक वर्ष २०२९।३० मा यस क्षेत्रमा राष्ट्रिय बजेटको अनुमानित १०.४ प्रतिशत लगानी भएकोमा आर्थिक वर्ष २०३१।३२ मा १२.६ प्रतिशत अर्थात २.२ प्रतिशत बढी लगानी हुने देखिएको छ । उक्त रकम रू. १४,५३,३३,६९६। मध्ये कृषि, सिचाइ, वन-वनस्पति आदिमा २३.१५ प्रतिशत; मिर्माण, सञ्चार तथा यातायातमा ३९.८८ प्रतिशत; उद्योग, वाणिज्य, विद्युत आदिमा १०.५७ प्रतिशत र सामाजिक सेवा तथा विविधमा २६.४० प्रतिशत खर्च गरिने देखिएको छ ।

अधिराज्यका अन्य विकास क्षेत्रहरूमा झैं यो क्षेत्रमा पनि पहाडी तथा हिमाली भेकभन्दा आर्थिक दृष्टिकोणले तराई प्रदेश सम्पन्न भएको कुरा यहाँको आर्थिक स्थितिको वर्णन अन्तर्गत नै उल्लेख भइसकेको छ । विकास सम्भाव्यता पनि पहाडी इलाकामाभन्दा तराईमा बढी भएकोले धेरैजसो औद्योगिक तथा सोसँग सम्बन्धित आर्थिक कार्यकलापहरू तराईका बजारहरूमा केन्द्रित हुन गएका छन् । यसरी तराईमा हुनगएको औद्योगिक विकास भौगोलिक कारणहरूले गर्दा दक्षिणी सीमा पारीका बजारहरूतर्फ झुक्न गएको हुँदा त्यसको औद्योगीकरणबाट पहाडी भेकका आर्थिक समस्या समाधान गर्ने दिशातर्फ चाहिँदो टेवा प्राप्त नभएकोले तराईमा हुन गएको लगानीबाट भएको तथा हुने विकासले राष्ट्रिय विकासको लक्ष्यहरू हासिल गराउनु आवश्यक भएको छ । शताब्दियौंदेखि भौगोलिक तगारो तथा सामाजिक बन्धनहरूमा जुनिएका अधिकांश पहाडी भेकमा विकासको आवश्यकता जरूरी छ ।

यसरी विकासको बढी सम्भाव्यता भएको तराई र पहाडी अर्थव्यवस्थालाई परस्परमा आबद्ध गरी उपेक्षित रहन गएको भेकमा विकास परियोजनाहरू सञ्चालन गर्नुपर्ने तथ्यलाई हृदयङ्गम गरेर विकास क्षेत्रका विषमताहरू बिस्तारै घटाउँदै लैजाने कार्यक्रमहरू कार्यान्वित गरिएका छन् । यसै सिलसिलामा कृषि-प्रधान अर्थव्यवस्था भएको अधिराज्यमा कृषि उत्पादनको आर्थिक महत्व अत्यधिक रहिरहने तथ्यलाई बुझेर खाद्यान्न खेती राम्ररी हुने ठाउँमा खाद्यान्न उत्पादन बढाउने, खाद्यान्नको लागि सीमान्त रहने कृषि भूमिमा फलफूल खेती गर्ने र लेकाली खर्कहरूको सहूलियत हुने उच्च भूमिमा पशुपालनको विकास गर्दै लैजाने कार्यक्रम रहेकोछ। खाद्यान्न उत्पादनमा वृद्धि गर्दै लैजाने उद्देश्यअनुसार तराईमा भूमिगत जल तथा उपलब्ध नदी खोलाबाट सिचाइ गर्ने आयोजनाहरू तथा पहाडी भेकमा टारहरूको सिचाइ गर्ने आयोजनाहरू सञ्चालन गरी हिउँदे बाली, नगदे बाली तथा सघन कृषि विकास जस्तो कार्यक्रमहरू पनि सञ्चालित छन् । हालसम्म केही पहाडी जिल्लाहरूमा फलफूल खेतीको प्रचार भएको भए तापनि सो दिशातर्फ अझ बढी प्रयासको आवश्यकता छ ।

कृषि उत्पादनमा वृद्धि गरी खाद्यान्न उत्पादनको दृष्टिकोणले सीमान्त भूमिमा फलफूल खेती व्यापक रूपमा प्रसार गराई जनताको क्रयशक्ति बढाउनुको साथै यहाँको अर्थव्यवस्थालाई औद्योगीकरण गर्दै लैजानु पर्ने आवश्यकता हुन्छ ।

सोही आवश्यकता अनुरूप श्री ५ को सरकारले बुटवल र पोखरामा औद्योगिक क्षेत्रहरू स्थापना गर्ने कार्यक्रम सञ्चालन गरेको छ । हालसम्म पोखराको बजार वरिपरि बस्ने मानिसहरूको खरीद बिक्री गर्ने बजार रहेको छ । त्यसको आफ्नै उत्पादन क्षमता प्रायः शून्य छ । तर औद्योगिक क्षेत्र स्थापना भएपछि पोखरा नगरको रूपमा आमूल परिवर्तन हुनेछ । त्यस्तै बुटवलमा अहिले पनि स-साना उद्योगहरू चलिसकेका छन् र औद्योगिक क्षेत्रको स्थापनापछि बुटवल नगर यस क्षेत्रको सम्भवतः सबभन्दा ठूलो औद्योगिक केन्द्र बन्न जानेछ ।

पोखरामा औद्योगिक क्षेत्रको स्थापनाको साथै पर्यटन उद्योगको ठूलो सम्भाव्यता छ । नेपाल भ्रमणमा आउने पर्यटकहरूमध्ये पोखरा र पोखरा मार्फत् यस क्षेत्रका अन्य इलाकाहरू (धवलागिरि, अन्नपूर्णका हिम शृङ्खलाहरूको फेदीहरू आदि) भ्रमण गर्ने पर्यटकको संख्या एक आर्थिक वर्षमा २५,००० भन्दा बढी पुगिसकेको छ । औद्योगीकरणको अभियानमा पोखरा र त्यसको वरिपरिको प्राकृतिक आकर्षणहरूलाई क्षति नपुर्‍याउने व्यवस्था हुनु पर्दछ । अतः पोखरामा गरिने औद्योगीकरणलाई पर्यटन उद्योगसित सम्बन्धित स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूमा सीमित राख्नु उचित हुने हुन्छ ।

पोखरा यस विकास क्षेत्रको केन्द्र भएकोले यसको जनसंख्या र कार्यकलापको वृद्धि हुँदै जाने देखिन्छ। पोखरा नगरको विकास र त्यहाँ हुने पर्यटन उद्योग आदिबाट त्यसको छिमेकमा रहेका जिल्लाहरू समेत लाभान्वित हुन सक्ने गरी लमजुङ, तनहूँ, स्याङजा, पर्वत आदि जिल्लाहरूमा व्यापारिक रूपमा पशुपालन, फलफूल तथा तरकारी खेती, घरेलु उद्योग आदि कार्यहरू चलाउनु पर्ने देखिन्छ।

हिमालय तथा त्यस वरिपरिका गाउँहरूको दृश्यावलोकन गर्न जाने पर्यटकहरूबाट बढी आर्थिक फाइदा उठाउन पर्वत, मुस्ताङ, म्याग्दी, लमजुङ, गोरखा आदि जिल्लाहरूका मूलबाटोहरू तथा गाउँहरू (घान्द्रुक, शिखा, तातोपानी, दाना, मार्फा, टुकुचे, झोमसोम, बेनी, बाग्लुङ, कुश्मा आदि) मा खाने, बस्ने, मनोरञ्जनका साधनहरू, भ्रमणका साधनहरू, उपहारहरू आदि उपलब्ध गराउने कार्यक्रम चलाउनु पर्दछ। यहाँका विभिन्न मूलबाटोमा पर्ने ठाउँहरूमा हुने स्थानीय भट्टीहरूलाई आधुनिकीकरण गरी यस क्षेत्रमा भ्रमणगर्न आउने पर्यटकहरूलाई खाने, बस्ने आदि सुविधाहरू पुऱ्याउन सकिन्छ। यहाँको प्रमुख भ्रमण मार्गहरूमा त्यस्ता भट्टीहरूलाई स्थानीय आकर्षणको रूप दिनु राम्रो हुने देखिन्छ।

निकट भविष्यमा कालीगण्डकी उपत्यकाबाट तिलिचो तालको बाटो अथवा मुक्तिनाथको बाटो भई मर्स्याङदी गण्डकीको उपत्यकामा अन्नपूर्ण र लमजुङ, हिमालय पर्वतमालाहरूको उत्तरबाट पैदल भ्रमण गर्ने मार्गको विकास गर्न सकेमा मुस्ताङ र मनाङ जिल्लाको आर्थिक उन्नति गर्न पर्यटन विकासबाट निकै सहायता मिल्ने देखिन्छ। त्यस्तै अन्य पहाडी बजारहरूमा गर्मीमा भारतबाट गर्मी छल्न आउने भारतीयहरूलाई आकर्षण गर्न सकिने देखिन्छ। त्यस्तो पहाडी आकर्षणहरू धेरै छन्। उदाहरणको लागि बन्दीपुर, खाचीकोट, मुसिकोट, गलकोट, वगनास, तानसेन, कास्की, गाउँशहर, दुरा डाँडा, मिर्लुङ, गोरखा आदिको नाउँ लिन सकिन्छ। लुम्बिनी यो क्षेत्रमा एक अन्य महत्वपूर्ण पर्यटन आकर्षण हो। लुम्बिनी बगैंचाको पुनःनिर्माणको लागि अन्तर्राष्ट्रिय कार्यक्रम सञ्चालन हुने भएको छ। पर्यटकहरूको लागि आवश्यकीय यातायात, होटेल र भ्रमण सम्बन्धी सुविधाहरूको व्यवस्था हुन गएपछि भविष्यमा लुम्बिनी क्षेत्रमा ठूलो पर्यटन उद्योग हुन जाने आशा गरिन्छ। त्यसरी त्यहाँको हिमालय, पोखरा र लुम्बिनीमा हुने पर्यटन संयोजन गर्न खोज्नु पर्दछ जसबाट पर्यटकहरूलाई यो क्षेत्रमा बढी समयसम्म आकर्षित गर्न सकिने हुन्छ।

विकासको प्रक्रिया अनुरूप जनसंख्या नगर, बजार आदि स्थानतर्फ आकर्षित हुँदै जाने हुँदा भविष्यमा यस क्षेत्रमा पनि पोखरा, बुटवल, भैरहवा, परासी, पत्थरकोट आदि बजारहरूलाई शहरीकरण गर्दै लैजाने कार्यक्रम हुनु आवश्यक छ। त्यसरी बढ्दै जाने बजार, शहरहरूको औद्योगिक तथा व्यापारिक गतिविधिलाई प्रादेशिक विकास लक्ष्य अनुरूप ग्रामीण इलाकामा हुँदै जाने व्यावसायिक विकासलाई मद्दत पुग्ने गरी डोऱ्याउनु पर्नेछ। उदाहरणको लागि कालीगण्डकीको किनारमा स्थित टारहरूमा हुने अदुवा खेतीको लागि स्थानीय किसानहरूलाई बजार सेवा प्रदान गर्नुको साथै सोको प्रशोधनबाट हुन सक्ने फाइदा लिन सूठो प्रशोधन कारखानाहरू सञ्चालन गर्ने र पहाडी भेकमा हुने फलफूल उत्पादनलाई आवश्यकीय बजार उपलब्ध गराउने र कोल्ड स्टोरेजहरू सञ्चालन गरी सोको विक्री वितरणको व्यवस्था गर्ने आदि कार्य गरी यस क्षेत्रका शहरहरूको विकासबाट ग्रामीण अर्थ व्यवस्थालाई लाभान्वित गर्ने योजना हुनुपर्ने देखिन्छ। त्यस्तै शहर बजारबाट आशातीत फाइदा लिन लगाउन ग्रामीण इलाकाहरूलाई सक्षम बनाउनु पर्ने हुन्छ।

गोरखा

विषय-सूची

परिचय ५७

प्राकृतिक स्वरूप र सम्पदा ५८

ऐतिहासिक पृष्ठभूमि ७०

प्रमुख स्थानहरू ७४

जनसंख्या र जनजीवन ७७

आर्थिक व्यवस्था ८४

यातायात र सन्चार ९७

शिक्षा, स्वास्थ्य तथा खानेपानी १०२

प्रशासन र पञ्चायत १०७

उपसंहार १११

परिचय

विशाल नेपालका द्रष्टा पृथ्वीनारायण शाहको गोरखा राष्ट्रिय एकताको प्रतीक भइआएको छ । आधुनिक नेपाली इतिहासको स्रष्टा यो गोरखा वीर गोरखालीको प्रेरणास्रोत भइआएको छ । गोरखाको गरिमा गहिरो छ । गोरखाको महत्ता विशिष्ट छ । राष्ट्रिय एवं अन्तर्राष्ट्रिय अभिलेखहरूमा गोरखाले महत्वपूर्ण स्थान पाएको छ । प्रत्येक नेपाली ढुकढुकीले गोरखाको गौरव-गीत गाएको छ ।

यो गोरखा जहाँबाट राम शाहले राज्यको आर्थिक, सामाजिक एवं न्यायिक परिपाटीहरूको प्रारम्भ गरे र अद्यापि नेपालीहरू भन्दैछन् "न्याय नपाए गोरखा जानु" वास्तवमा न्यायकै मन्दिर भएको छ । यो गोरखा जहाँबाट पृथ्वीनारायण शाहले राज्यको विस्तार गरी नेपाल र नेपालीको अस्तित्व कायम गरे र आज हामीले हामी भन्न पाएका छौं, वास्तवमा विशाल अधिराज्यको सिर्जना स्रोत भइरहेको छ ।

दक्षिणपट्टि वक्रेश्वर तथा महाभारत उभिएका छन् भने उत्तरपट्टि हिमचुली र मनासुलु अग्लिएका छन । पूर्वपट्टि बूढी गण्डकी बगिरहेको छ भने पश्चिम पट्टि चेपे र मर्स्याङ्दी बगिरहेका छन् । इष्टदेवता गोरखनाथ र गोरखकालीको गोरखा धार्मिकस्थलहरूले भरिपूर्ण छ । कलापूर्ण दरबार र किल्लाहरूको गोरखा पुरातात्विक अभिलेखहरूले परिपूर्ण छ ।

गोरखाको पूर्वमा धादिङ, पश्चिममा तनहूँ, लमजुङ, मनाङ र उत्तरमा चीनको तिब्बत प्रदेश र दक्षिणमा चितवन जिल्लाहरू पर्दछन् । यो जिल्ला ८४° २७' देखि ८४°५८' पूर्व देशान्तर तथा २७°१५' देखि २८°४५' उत्तर अक्षांशसम्म फैलिएको छ । उत्तरपट्टि ग्याला भञ्ज्याङ र भृङ्गी हिमाल, दक्षिणपट्टि त्रिशूली, पूर्वपट्टि बूढी गण्डकी र पश्चिमपट्टि मर्स्याङ्दी, चेपे तथा मनासुलु भृङ्खला गोरखा जिल्लाका प्राकृतिक सीमाना हुन् । गोरखकालीको दक्षिणी पाखोमा अवस्थित पोखरीथोकमा गोरखाको सदरमुकाम रहेको छ । यो जिल्लाको क्षेत्रफल २,५०५ वर्ग किलोमिटर छ ।

यहाँका लेक, बेंसी र पाखाहरूमा जम्मा ६३ वटा गाउँ पञ्चायतहरू छन् । यी पञ्चायतहरूमा ८८,७०६ जना पुरुष र ८९,५५९ जना महिला गरी जम्मा १,७८,२६५ जना मानिसहरू बसोबास गर्दछन् । यो संख्या विभिन्न भाषा बोल्ने र विभिन्न धर्म परम्परामा विश्वास राख्ने नेपालीहरूको समष्टि रूप हो । क्षेत्री, बाहुन पछि यहाँको दोस्रो बहुसंख्यक जाति गुरुङ हो । यो जिल्लाका अधिकांश निवासीहरू कृषि व्यवसायमा निर्भर छन् ।

प्राकृतिक स्वरूप र सम्पदा

महाभारत शृङ्खलाको उत्तरी भू–भागबाट उठेर मनकामना, गोरखनाथ र लार्के भोट हुँदै ग्याला भञ्ज्याङसम्म फैलिएको गोरखा जिल्लाको भौगोलिक स्वरूप लेक, बेंसी र हिमाली पर्वतहरूले बनेको छ। चेपेको शिरमा बौद्ध हिमाल उठेको छ भने चुलिङको भीरमा हिमालचुली। जिल्लाको पश्चिमोत्तर भेकमा मनासुलु र पूर्वोत्तर भेकमा शृङ्गी हिमाल अग्लिएका छन्। ग्याला र लार्के भञ्ज्याङदेखि अनन्त हिमनदीहरूबाट पानी लिई बगेको बूढीगण्डकी स्यार खोलाको दोभानबाट गोरखाको पूर्वी सीमाना हुनथाल्छ। मनाङभोट काटेर लमजुङ हुँदै झरेको मर्स्याङदी चेपेको सङ्गममा पुगेर गोरखालाई छुन थाल्छ। यहाँका बेंसी र टारहरू समुद्र सतहबाट करीब ४८८ मिटर (१,६०० फीट) मात्र अग्लिन सकेका छन् भने यहाँका हिमाली चुचुराहरू ८,१५६ मिटर(२६,७५२फीट)माथिसम्म चुलिएका छन्। जिल्लाको उत्तरी भागमा सधैं हिउँ पर्छ। जिल्लाको दक्षिणी खोंचमा गर्मी हुन्छ। यहाँको एक तिहाई दुर्गम क्षेत्रमा तीनवटा मात्र गाउँ पञ्चायतहरू छन् भने बाँकी भागमा साठीवटा पञ्चायत छरिएका छन्। लेकाली पाखोमा शेर्पा केटी चौंरी चराइरहेकी हुन्छे भने बेंसीको पाटीमा कुमाल केटो चक्र घुमाइरहेको हुन्छ। कतै नाङ्गा डाँडाहरू छन् भने कतै गुराँस घारी छन्। यस्तै छन् यहाँका भौगोलिक विभिन्नताहरू र यिनै विभिन्नताको संयुक्त रूप हो गोरखा।

भौगोलिक बनावट

भौगोलिक बनावटको दृष्टिकोणबाट गोरखा जिल्लालाई मोटामोटी निम्न चार भागमा विभाजन गर्न सकिन्छ :–

(१) हिमाली प्रदेश
(२) भोट तथा लेकाली प्रदेश
(३) पहाडी प्रदेश
(४) बेंसी तथा टारहरू

हिमाली प्रदेश

जिल्लाको उत्तरी खण्डमा अवस्थित ५,०३० मिटर (१६,५०० फीट) भन्दा उच्च खण्डमा बाह्रै महीना हिउँ पग्लिदैन। यस्ता प्रदेशलाई हिमाली प्रदेश भनिन्छ। यो प्रदेशको सबैभन्दा उच्च ठाउँ मनासुलु हिमाल हो। यो हिमाल ८,१५६ मिटर(२६,७५२ फीट)अग्लो छ। ७,८९४ मिटर (२५,८९५ फीट)अग्लो हिमालचुली, ७,१७७ मिटर(२३,५४४ फीट)अग्लो शृङ्गी हिमाल तथा ६,६७४ मिटर (२१,८९० फीट) अग्लो बौद्ध हिमाल

र आसपासका हिमाली थुम्काहरू यही क्षेत्रमा पर्दछन् । रूपीनाला पहाड, सिर्दिवास पहाड, लार्के भञ्ज्याङ, ग्याला भञ्ज्याङ आदि ठाउँहरू पनि यहाँको हिमाली प्रदेशमा पर्दछन् । प्रोक गाउँ पञ्चायत अन्तर्गत पर्ने कालुछुमा ताल (काल ताल), बुद्ध हिमाल नजीकैको दूधपोखरी तथा दरौंदीको शिरमा रहेको नारदकुण्ड आदि रमणीय जलाशयहरू हिमालकै काखमा रहेका छन् । गोरखा जिल्लामा बग्ने चेपे तथा दरौंदी खोला र बूढीगण्डकीको मुहान पनि यही हिमाली प्रदेश हो । दुर्गम क्षेत्रमा पर्ने लापु पञ्चायत बाहेक गुम्दा, लाप्राक, उहिया, सिर्दिवास, प्रोक र ल्हो पञ्चायतहरूको अधिकांश-भू भाग यस्तै हिमाली प्रदेशमा पर्दछ ।

भोट तथा लेकाली प्रदेश

यो जिल्लाको उत्तरी भागमा बौद्ध हिमाल, हिमालचुली, मनासुलु, शृङ्गी हिमाल, रूपीनाला, सिर्दिपहाड, लार्के भञ्ज्याङ, ग्याला भञ्ज्याङ, शृङ्खला तथा लार्के भोटको करीब २,५०० मिटर (८,२५० फीट) माथिको क्षेत्र लेकाली प्रदेशमा पर्दछ । यो प्रदेशको धेरैजसो भागमा निरन्तर हिउँ परिरहन्छ । । प्रोक र ल्हो पञ्चायत क्षेत्रमा असोज-कात्तिकदेखि हिउँ पर्छ र चैत–वैशाखमा पग्लिन्छ । सामदो, सामागाउँ अर्थात् लार्के भोट क्षेत्रका गाउँलेहरू हिउँदमा जिल्लाको अन्य भागमा गई बस्दछन् । यस क्षेत्रमा मानिसहरू अस्थायीरूपमा भेडा च्याँग्रा र चौंरी पाल्दछन् । जाडोको बेलामा यी पाल्तु जीवजन्तु मात्र होइन वर्षामा लगाएको आलु, जौ आदि सीमित अन्नपातसमेत लिएर मानिसहरू जिल्लाको होचो भागतिर सर्छन् । अतः लार्के भोटमा पर्ने कतिपय गाउँहरूलाई त वर्षे बस्ती मात्र भने पनि हुन्छ । हिम रेखाभन्दा मुनि वृक्षरेखाभन्दा माथि रहेको भागमा केही हिमाली झारपात र वनस्पति पाइन्छ । वृक्षरेखाभन्दा तलका डाँडाहरूमा भने लेकाली वन देखिन्छ । यो क्षेत्रमा पनि हिउँदमा ज्यादा हिउँ पर्ने हुँदा मानिसको बस्ती ज्यादै कम छ ।

पहाडी प्रदेश

हिमाली प्रदेशको दक्षिण तर्फ २,५०० मिटर (८,२५० फीट) भन्दा मुनि करीब ९०० मिटर (२,९७० फीट) सम्मको भागमा पर्ने डाँडाकाँडा तथा भञ्ज्याङ र बस्तीहरूलाई पहाडी प्रदेश मान्न सकिन्छ । थार्चेको पहाड, सिरानचोक, सुलीकोट, उपल्लोकोट आदि पहाडी शृङ्खला पहाडी प्रदेशमा पर्ने उच्च भागहरू हुन् । यी पहाडका मुख्य चुलीहरूमा बस्ती बसेको पाइँदैन । छापथोक, पोखरीथोक, तार्कुकोट, चिप्लेटी तथा रिपडाँडाको अग्लो भाग पनि यही पहाडी प्रदेशमा पर्दछ । पहाडी प्रदेशमा हराभरा वनहरू छन् । यो भागमा सल्लो, गुराँस र धूपीका वृक्षहरू भएको कोणधारी वन देखिन्छ ।

यो जिल्लाका अधिकांश बस्तीहरू यही भूभागमा छन् । यहाँ पाखो बाली लाग्ने बारीहरू निकै देखिन्छन् । यो पहाडी प्रदेशमा भीर, पाखा पखेरा खोला खहरे र खोलसाहरू प्रशस्त छन् । यहाँको हावापानी स्वास्थ्यकर छ ।

बेंसी तथा टारहरू

बूढीगण्डकी, दरौंदी, चेपे, मर्स्याङ्दी तथा दक्षिणपट्टिको त्रिशूली तिरमा पर्ने समथर भूमि र पालुङ्टार, छेपेटार, महटार, पोखरीटार, मल्लटार, ठाँटी पोखरी, बाह्रपिर्के, च्याङलीटार, गाईखुरटार, कुन्दुरटार, ध्यालचोकटार, क्यामुन्टार आदि स्थानहरू बेंसी वा टार प्रदेशमा पर्दछन् । १,२२० मिटर (४,००० फीट) भन्दा मुनिको यो भागमा टार, बेंसी फाँटहरू मात्र होइन गोरखकाली, मनकामना, आँपपीपल, खाञ्चोक तथा

पहाडी प्रदेशको होचो भागमा पर्ने बस्तीहरू पनि पर्दछन् । जिल्लामा अत्यधिक खाद्यान्न उत्पादन हुने क्षेत्र यही नै हो । हाल यहाँको बेंसी र टारबाट औलो उन्मूलन भइसकेकोले पहाडी प्रदेशमा बस्ने मानिसहरू बेंसी र टारतिर झर्न थालेका छन् । यो क्षेत्रमा उष्ण वा अर्ध-उष्ण जलवायु पाइने हुँदा धान खेती राम्रो हुन्छ । सिचाइ हुन बाँकी फराकिलो टार तथा पाटाहरूमा कोदो, मकै, भटमास, मास, पिंडालु, तिल र घैया खेती पनि राम्रो हुन्छ । केही फाँटहरूमा उखु र सुर्ती जस्ता नगदे बाली पनि राम्रो भएको देखिन्छ साथै यहाँ आँप, लीची, रूखकटहर, भूईंकटहर, केरा तथा सेवा जस्ता फलफूल पनि पाइन्छन् । यो क्षेत्रमा साल, चाँप खयर, कदम तथा सिमल जस्ता बोट वृक्ष र बाघ भालू तथा मृग आदि वन्य जन्तुहरू पनि छन् ।

हिमाली पर्वतहरू

गोरखा जिल्लामा पर्ने हिमाली पर्वतहरूमध्ये मनासुलु र हिमालचुली मुख्य हुन । पर्वतारोहणको इतिहासमा यी पर्वतहरूको पनि विशेष स्थान छ । अतः मनासुलु र हिमालचुलीको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।

मनासुलु हिमालः नेपाल अधिराज्यका उच्च हिमाली पर्वतहरूको समूहमा वर्गीकरण गर्न सकिने ८,१५६ मिटर (२६,७५२ फीट)[1] अग्लो मनासुलु गोरखा जिल्लाको उत्तर पश्चिम सीमानामा छ । यसको उत्तर–पूर्व पाखोबाट बगेका सहस्र हिमखोलाहरूले बूढीगण्डकीको सिर्जना भएको छ भने पश्चिमपट्टिका खोल्साहरूले मर्स्याङ्दीको सहायक नदीको काम गरेका छन् । मनासुलु शृङ्खला उत्तरमा लार्के भञ्ज्याङ र दक्षिणमा बौद्ध हिमालसम्म फैलिएको छ । यो बीचमा ६,०९६ मिटर (२०,०००फीट) देखि ७,६२० मिटर (२५,००० फीटसम्म) अग्ला अरू चुचुराहरू पर्दछन् । नेपालका अग्ला अग्ला हिमालहरू आरोहण गर्ने सिलसिलामा विभिन्न मित्रराष्ट्रहरूबाट आएका पर्वतारोहण दलले मनासुलु हिमालको टाकुरामा पनि दृष्टि दिनथालेका छन् । ई. सं. १९५२ देखि १९५५ सम्म जापानी पर्वतारोहण दलहरूले प्रत्येक वर्ष यो टाकुरामा चढ्ने असफल प्रयत्न गरे । कैयन धन-जनको क्षति भएपछि ई. सं. १९५६ मा जापानी पर्वतारोहण दलका श्री तोशीरो इमानुसी, ग्यालीसेन नोर्बु (शेर्पा) के. कातो र हिगेता पहिलो पटक मनासुलुको शिखरमा पुग्न सफल भए । तत्पश्चात् पनि विभिन्न पर्वतारोहण दलहरूले मनासुलुमाथि जाने प्रयासलाई जारी नै राखे । सन् १९७१ मा जापान र कोरियाका पर्वतारोहीहरूबाट प्रयत्न भयो । १९७२ मा अष्ट्रियन र कोरीयनहरूबाट पुनः प्रयास भयो । यसपटक कोरियाको पर्वतारोहण दलका १५ जना सदस्यहरू हिम पैरोमा परी मरे । १९७३ मा संघीय जर्मनीका पर्वतारोहीहरू मनासुलुको शिखरमा पुग्न सफल भए । सोही वर्ष स्पेनका पर्वतारोहीहरूबाट पनि असफल प्रयत्न गरियो । सन् १९७४ मा जापानको महिला पर्वतारोहण दलले यो पर्वतको चुलीमा टेक्न सफल भयो । यसरी हिमालय पर्वतारोहणको इतिहासमा मनासुलु हिमाल पर्वतारोहीको प्रेरणा र आकांक्षाको प्रतीक बनेको छ ।

हिमालचुलीः गोरखा जिल्लामा अवस्थित दोस्रो सबैभन्दा अग्लो पर्वत हिमालचुली हो। यसको उचाइ ७,८६४ मिटर (२५,८९५ फीट) छ । बौद्ध हिमालको उत्तरपट्टि गोरखा र लमजुङको सीमानामा पर्ने हिमाल चुलीको उत्तरी पाखोमा बग्ने हिमखोलाहरू बूढीगण्डकीमा मिल्छन् भने दक्षिणतिर बग्ने हिमाली खोल्साहरू मर्स्याङ्दीमा मिसिन्छन् ।

---

[1] Hagen, Toni-Nepal, 3rd. Edition, 1971, P. 71

ई. सं. १९५५ मा पहिलोपटक बेलायतका पर्वतारोहीहरूले यो पर्वत आरोहण गर्न खोजेका थिए । यो प्रयासमा दलका नेता अर्थर फीरमेनले आफ्नो ज्यान गुमाउनु पर्‍यो । प्रयत्न असफल भयो । १९५८ र १९५९ मा जापानीहरूले हिमालचुली आरोहण गर्ने असफल प्रयास गरे । १९६० मा जापानको केइओ विश्वविद्यालय पर्वतारोहण दल हिमालचुलीको शिखरमा पुग्न सफल भयो । त्यसपछि १९७० मा डच पर्वतारोहीहरूलाई यसको चुलीमा पुग्ने सफलता मिल्यो । काठमाडौंको दक्षिणी भागबाट समेत राम्रो देखिने यो पर्वत पर्वतारोहीको मात्र प्रेरणा नभएर पर्यटकहरूको दृश्यावलोकन विन्दु पनि भएको छ ।

नदीनालाहरू

यो जिल्ला गण्डकी नदी प्रणालीको क्षेत्रमा पर्नआउँछ । मध्यनेपालका दुई मुख्य नदी मर्स्याङ्दी र बूढीगण्डकीको बीचमा अवस्थित गोरखा जिल्लामा चेपे र दरौंदी लगायत अरू कैयन् खोलाहरू अविरल बगिरहेका छन् । गोरखाको दक्षिणपट्टि बूढीगण्डकी र त्रिशूलीको संगमस्थल बेनीघाटदेखि मर्स्याङ्दीको दोभान त्रिवेणीसम्म पूर्वबाट पश्चिम बगेको त्रिशूली नदी पर्दछ । यो जिल्लाको बीचमा तथा सीमानामा बग्ने नदी र खोलाहरूको विवरण निम्नानुसार छः–

बूढीगण्डकी

लार्के र ग्याला भञ्ज्याङ क्षेत्रका खोलाहरूबाट प्रारम्भ भएर मनासुलु र हिमालचुलीका उत्तरी पाखोमा बग्ने अटूट हिमखोला तथा शृङ्गी हिमालको पश्चिमी भेकमा बग्ने खोलाहरूको पानी बोकी स्यार खोलाको दोभानदेखि धादिङ र गोरखाको बीचबाट दक्षिण बगेको बूढी गण्डकी बेनीघाटमा पुगेपछि त्रिशूलीमा मिसिन्छ । लार्के भोटबाट महाभारतको उत्तरी घाँचसम्म अविरल बगिरहने यो नदीले गोरखा जिल्लाको प्राकृतिक ढलको काम गरेको छ । ग्याला भञ्ज्याङदेखि स्यार दोभानको बीचमा रहेका लार्के, सामा गाउँ, ल्हो, स्यो, लि डाँडा, वरजम, प्रोक, विही तथा दर्जुङ आदि बस्ती र खर्कहरू बूढीगण्डकीको आसपासमा रहेका छन् । स्यार खोलाको दोभानबाट दक्षिण लागेपछि कैयन बेंसी, खोंच र कन्दरा हुँदै यो नदी आरूघाट पुग्छ । त्यसपछि पनि सल्यानटार, पीपलटरा, सिमलटार तथा फूजेल र दर्भुङ हुँदै बेनीघाटमा त्रिशूलीमा मिसिन्छ । यो नदीको मुहानदेखि बेनीघाटसम्म यसमा मिल्ने सहायक खोलाहरू क्रमशः मवाङ खोला, शृङ्गी खोला, स्यार खोला, हुलिङ खोला, भालू खोला, माछे खोला, नौली खोला, मौदी खोला, तान्डरङ खोला, ज्यादुल खोला, आँखु नदी, फुजेल खोला र कौदी खोला हुन् । बूढीगण्डकीको तीरैतीर अनन्त भीर तथा पहरा हुँदै लार्के भोट जाने एक मात्र बाटो आरूघाटबाट प्रारम्भ हुन्छ । बोर्लाङ घाटमा डुङ्गा लाग्छ । आरूघाट, लापु बेंसी, पाँचेखोला दोभान उहिया भालू गाउँ, फिलिम, न्याक, दर्जुङ, ड्याङ र विहीर छाकमा यो नदी माथि पुल बनेका छन् । बूढीगण्डकीको आसपासमा टारमात्र होइन, स-साना फाँटहरू मात्र होइन, कैयौं हरिया वन पाखा र रसिला बेंसीहरू पनि छन् । अन्ततः यो बूढीगण्डकी साधारण नदी मात्र नभएर गोरखाको प्राकृतिक ढल तथा लार्के जाने मूल बाटोको आधार पनि भएको छ ।

चेपे नदी

सिर्दिवास गाउँ पञ्चायतको पश्चिमी सीमानामा अवस्थित विशाल बौद्ध हिमालका खोलाहरूबाट शुरू भएको चेपे नदी दूध पोखरीको निकास समेत आफूमा समावेश गर्दै गोरखाको पश्चिम सीमानामा बग्छ । बूढी–

गण्डकी जस्तो विशाल नदी नभए तापनि चेपेको महत्व कम छैन । हिम खोलाहरूबाट बनेको अटूट बग्ने यो चेपे रागिनास टारको पुछारमा पुगेपछि मर्स्याङ्दीमा मिसिन्छ । बौद्ध हिमालदेखि रागिनासको पुछारसम्म गोरखाको पश्चिमी सीमाना भएको यो नदीको आसपासमा रागिनासटार, अल्कारटार, साईंलीटार, ठाँटी पोखरी, मल्लाटार र बुद्धसिङ टार जस्ता फराकिला टारहरू पर्दछन् । पालुमटार, आँप पीपल, हर्मो, यालाजुङ, सिरानचोक, केराबारी, अजिरकोट, हंसपुर र खरीबोट पञ्चायत क्षेत्रका बेंसीहरू चेपेको वरपर पर्दछन् । च्यादी खोला, साँघी खोला, अँधेरी खोला, सान्दी खोला, खार खोला, मिर्दिखोला चेपे नदीका सहायक खोलाहरू हुन् । यो नदीको आसपासमा विशाल टारहरू मात्र होइन मलिला खेत, बारी, बेंसी, हराभरा वन, र चरनहरू छन्। यो नदीको जलाधारबाट माथि उल्लेखित टारहरूको सिचाइ गर्न सकिने सम्भावना छ ।

दरौंदी खोला

बौद्ध हिमाल, रूपीनाला र नारदकुण्डको जलस्रोत संकलन भई जिल्लाको बीचैंबीच उत्तरबाट दक्षिण बगेको दरौंदी मझुवा खैरेनीमा पुगेपछि मर्स्याङदीमा मिलेको छ। चेपे नदीको आसपासमा जस्तै दरौंदीको वरपर पनि टार, बेंसी र फाँटहरू छन् । अविरल बगिरहने यो नदीबाट वरपरका बस्तीहरूलाई जति फाइदा पुगेको छ, त्यस्तै वेफाइदा पनि भएको छ । मसेल दोभान निमेलदेखि कुन्दुर छाप गाउँसम्म करीब १३ किलोमिटर अर्थात चार कोशको भू भागमा दरौंदी नदी निकै फैलिएर बगेको छ। प्रायः प्रत्येक वर्ष यस क्षेत्रका धान खेतहरू दरौंदीले बगाएको हुन्छ । हिउँदमा सङ्घार तर्न सकिने यो नदी वर्षामा विशाल भेल भएर बग्छ । खेत, बारी र बाँसहरू लग्छ । यो क्षेत्रमा दरौंदी नदीको नियन्त्रण गर्नु आवश्यक छ । सिमजुङ, वारपाक, सौरपानी, मुचोक लाकुँरीवोट, गाँखु, भोंक्तेनी, गोरखकाली, मिरकोट, देउराली, कालिका, तारानगर र मनकामना पञ्चायत क्षेत्र हुँदै बगेको यो नदीबाट छेपेटार, राजटार, महटार, मुचोकटार, पोखरीटार तथा आसपासको समथर भू–भाग सिचाइ गर्न सकिने संभावना छ । चोरकोटे, गाईखु र बेंसी, घुनचोक, काली बोटे र ध्याचोकमा यो नदी माथि झोलुङ्गे पुलहरू छन्। यसका शाखाहरूमध्ये राङरूङ खोला, लाङ्दी खोला, स्याङ्दी खोला,लुङ्दी खोला, जराङ खोला, मसेल खोला, बेनी खोला, मुन्सुदी खोला, खार खोला, सोर्द खोला मुख्य हुन् ।

मर्स्याङ्दी नदी

गोरखा जिल्लाको दक्षिण पश्चिमपट्टि सीमानामा मर्स्याङ्दी नदी बगेको छ । यो नदी दामोदर, अन्नपूर्ण, पेरी र लेगुला हिमालयतिरका हिमखोलाहरूबाट शुरू भई गोरखाको उत्तर–पश्चिमपट्टिको छिमेकी जिल्ला मनाङमा बग्छ । मनाङबाट दक्षिण–पूर्व बगेको मर्स्याङ्दीमा लार्के हिमाल, हिमालचुली र मनासुलु हिमालतिरबाट झरेका खोलाहरू मिसिन्छन् । त्यसपछि लमजुङ जिल्ला हुँदै झरेको मर्स्याङ्दीले तार्कु घाटभन्दा केही तल रागिनास टारको दक्षिण छेउमा पुगेपछि सहायक नदी चेपे पनि भेट्छ र गोरखा जिल्लाको दक्षिण पश्चिम पालुटार, गाईखु टार, च्यालिटारको छेउमा बग्न थाल्छ । चेपेको दोभानदेखि पालुङटारको पश्चिम किनारा हुँदै दक्षिण बगेको यो नदी फाउँदी, चुदिखोला र दरौंदीको पानीलाई समेत लिई मुङलीन नजीक पुगेपछि त्रिशूली गण्डकीमा मिसिन्छ । यो नदीको आसपासमा कतै फराकिला टार छन् भने कतै घना जङ्गल छन् र कतै घसिला बेसी । चेपेको दोभान र मुङलीनको बीचमा केही घाटहरू छन् । पालुङटार नजीकै डुङ्ग

लाग्छ । सतीघाट र मझुवा खँरेनीमा झोलुङ्गे पुल हालिएको छ । यही नदीको पश्चिमी किनार भएर डुमरे-बेंसी शहर बाटो लमजुङ र मनाङ जाँदैछ । मर्स्याङदी नदीबाट उत्पादन हुन सक्ने विद्युत् शक्तिको सम्भाव्यता अध्ययन भएको छैन ।

ताल, दह र तातोपानी

गोरखा जिल्लामा हिमाली चुचुरा, विशाल टार तथा नदीहरू मात्र होइन सुन्दर तालहरू पनि छन् । यी ताल तथा दहहरू यस प्रकार छन्:–

कालुछुमा ताल–	समुद्र सतहबाट ५,०९१ मिटर अर्थात् १६,७१५ फीट अग्लो भू-भागमा अवस्थित कालुछुमा ताल प्रोक पञ्चायतको दक्षिणी सीमानामा पर्दछ । "पूर्व-पश्चिम फैलिएको यो ताल १.५ किलोमिटर (आधा कोश) लामो छ ।"[1]
ठूलो दूधपोखरी–	यो दह उहिया गाउँ पञ्चायतमा पर्दछ । यहाँ जनैपूर्णिमाको बेलामा मेला लाग्छ । निकै टाढा टाढाबाट पनि मानिसहरू मेलाभर्न आउँछन् ।
सानो दूधपोखरी–	बौद्ध हिमालको दक्षिण फेदीमा रहेको यो दह खरीबोट पञ्चायतको उत्तरी छेउमा पर्छ । यहाँ पनि जनैपूर्णिमाका दिनमा मेला लाग्छ ।
नारदकुण्ड–	दरौंदी नदीको मुहानमा अवस्थित यो कुण्ड पनि धार्मिक दृष्टिकोणबाट प्रसिद्ध छ । यहाँ पनि जनै पूर्णिमाको समयमा रमाइलो मेला लाग्छ ।
तातो पानी–	उहिया गाउँ पञ्चायतको पूर्वपट्टि छेउमा तातो पानी छ । जाडोको समयमा पनि तातो भइरहने यो तातोपानी बूढीगण्डकीमा मिसिएको छ ।
भूलभूले खार–	भूलभूले खारको पानी तातो मात्र होइन पूरै बिरेनून जस्तो बास्ना आउँछ । खोप्लाङ गाउँ पञ्चायतमा पर्ने यो तातोपानी खार खोलामा मिसिन्छ ।

हावापानी

गोरखा जिल्लामा सामान्यतः दक्षिण पश्चिम मनसुनी हावाको प्रभाव परेको छ । यहाँको वर्षा साधारणतः जेठ महीनामा शुरू भएर असोजमा टुङ्गीन्छ । कात्तिकदेखि वैशाखसम्म अर्थात हिउँदताका पश्चिमबाट आएको जलवाष्पपूर्ण हावाले केही वर्षा गराउँछ तर मनसुनी हावाबाट हुने वर्षाको तुलनामा हिउँदे वर्षा नगन्य हुन्छ । हिमाली प्रदेश, पहाडी प्रदेश र टार तथा बेंसी जस्ता भौगोलिक विभिन्नता भएको गोरखा जिल्लाको सबै ठाउँमा एउटै प्रकारको हावापानी पाइदैन । लार्के भोटमा सँधै जाडो भइरहन्छ भने बेंसी तथा टारमा सँधै जसो गर्मी नै हुन्छ ।

करीब १,१३५ मिटर (३,७२३ फीट) अग्लो गोरखामा रहेको तापक्रम मापक यन्त्र भएको मौसम अवलोकन केन्द्रको ई. सं. १९७० को तापक्रमको अभिलेख तल प्रस्तुत गरिएको छ । यसबाट यो जिल्लाको लार्के भोट क्षेत्र र ज्यादै होचो बेंसी र खोंचको तापक्रम नदेखिए तापनि अधिकांश डाँडा पाखाका बस्तीहरूमा हुने तापक्रमको अन्दाज अवश्य हुन्छ ।

---

[1] Sharma, Chandra K-- Geology of Nepal, 2030, Kathmandu, page 20

तापक्रमको तालिका

(सेन्टिग्रेडमा)

वर्ष	१९७०		१९६८ देखि १९७० सम्म तीन वर्षको औसत	
महीना	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	१७.६	६.४	१७.०	६.६
फेब्रुअरी	१९.६	७.८	२०.२	८.५
मार्च	२५.१	१२.३	२५.३	१३.२
अप्रिल	२९.४	१६.९	२९.३	१७.२
मे	२९.९	१८.२	३०.२	१८.६
जून	२८.०	१८.४	२८.२	१८.८
जुलाई	२७.६	१९.१	२७.६	१९.३
अगष्ट	२७.८	१८.४	२६.६	१९.३
सेप्टेम्बर	२७.६	१८.१	२७.१	१८.२
अक्टोबर	२६.०	१४.९	२५.४	१४.३
नोभेम्बर	२२.८	१०.३	२२.६	१०.९
डिसेम्बर	१९.३	६.९	१९.४	७.७
वार्षिक औसत	२५.०	१४.०	२४.९	१४.४

उपर्युक्त तालिकाको तापक्रम हेर्दा तीन वर्षको औसत अधिकतम तापक्रम २४.९ तथा न्यूनतम तापक्रम १४.४ सेण्टिग्रेड देखिन्छ। गोरखा अवलोकन केन्द्रको अनुसार १९६८ को मे महीनाको १३ तारीखमा अधिकतम तापक्रम ३४.६ र जनवरी १५ मा न्यूनतम तापक्रम ३.४ सेण्टिग्रेड थियो। त्यस्तै सन् १९६९ को मे २४-२५ मा अधिकतम ३५.० र जनवरी १५ का दिन न्यूनतम ३.७ सेण्टिग्रेड थियो। १९७० को मे १४ को दिन अधिकतम ३३.९ सेण्टिग्रेड पुगेको थियो र जनवरी १३ मा ४.३ सेन्टीग्रेडमा झरेको थियो। यसबाट के प्रष्ट हुन्छ भने गोरखा जिल्लाको पहाडी भेकमा मे महीनामा निकै गर्मी र जनवरी महीनामा जाडो हुँदोरहेछ।

यहाँको बेंसी भागमा मौसम अवलोकन केन्द्र छैन तर गोरखा जिल्लाको बेंसी र टारमा पर्ने भू-भाग छिमेकी लमजुङको बेंसी तथा टार जस्तै भएकोले करीव ८२३ मिटरको अग्लाइमा रहेको खुदी बजारस्थित तापक्रम अवलोकन केन्द्रको अभिलेख यहाँ प्रस्तुत गरिएको छ। खुदी बेंसीको हावापानी गोरखाको बेंसी भागको हावापानीसँग मिल्दोजुल्दो हुनेहुँदा ई. सं. १९६९ मा खुदी बजारमा लिइएको तलको अभिलेखबाट गोरखाको होचो भागको तापक्रम थाहा पाउन केही मद्दत मिल्ने छ।

तापक्रमको तालिका

(सेन्टिग्रेडमा)

वर्ष	१९६९		१९६८ देखि १९७० सम्म तीन वर्षको औसत	
महीना	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	१८.३	७.२	४१.१	६.८
फेब्रुअरी	२१.९	९.५	२१.०	८.४
मार्च	२६.७	१४.६	२६.०	१३.१
अप्रिल	३०.२	१७.९	२९.५	१६.९
मे	३०.४	१९.४	३०.९	१८.४
जून	२९.९	२०.८	२८.८	२०.५
जुलाई	२९.२	२१.२	२८.७	२१.५
अगष्ट	२८.४	२०.८	२८.८	२०.९
सेप्टेम्बर	२७.६	१९.५	२८.१	१९.९
अक्टोबर	२६.२	१४.५	२६.२	१४.७
नोभेम्बर	२३.५	११.७	२३.५	११.३
डिसेम्बर	२०.२	८.७	२०.३	७.७
वार्षिक औसत	२६.०	१५.५	२५.९	१५.०

टार र बेंसीहरूको तापक्रम देखाउन उल्लिखित उपर्युक्त तापक्रमको तालिकाबाट तीन वर्षको सालाखाला अधिकतम तापक्रम २५.९ र न्यूनतम १५.० सेण्टिग्रेड देखिन्छ । खुदी बेंसी अवलोकन केन्द्रबाट देखिए अनुसार १९६८ को मे १३, १९६९ को मे २४ र १९७० को मे १४ का दिन अधिकतम तापक्रम क्रमशः ३४.०, ३६.१ र ३५.९ थियो। न्यूनतम तापक्रम १९६८ को जनवरी १७ मा तीन सेण्टिग्रेड, १९६९ को जनवरी १५ मा ४.५ सेण्टिग्रेड र १९७० को जनवरी १५ तथा डिसेम्बर २८ मा ६.० सेण्टिग्रेड थियो ।

हिन्द महासागरमा पैदा भई समुद्रको जलवाष्प बोकी ल्याउने दक्षिण पश्चिम हावाले वर्षा याममा र भूमध्य सागरबाट उठी आउने हावाले हिउँदताका गोरखा जिल्लामा वर्षा गराउँछ । गोरखा र आरूघाटमा रहेका वर्षा अवलोकन केन्द्रहरूको अभिलेखबाट यस भेकमा हुने वर्षाको गतिविधि बुझ्न सकिन्छ । ई. सं. १९६९ र १९७० दुई वर्षको वर्षा अभिलेख यसप्रकार छः—

वर्षाको तालिका

(मिलिमिटरमा)

महीना	गोरखा (१,१३५ मिटर)		आरूघाट (५४९ मिटर)	
	१९६९	१९७०	१९६९	१९७०
जनवरी	११.०	२०.७	२२.०	६२.४
फेब्रुअरी	१.६	३१.५	०.०	७.४
मार्च	५०.६	१६.८	८३.६	१४.९
अप्रिल	५४.३	९०.१	२०.२	१४९.६
मे	७७.१	११२.८	३७.०	४३.४
जून	२०१.४	३००.७	३०५.२	६९१.८
जुलाई	४२५.८	४०१.४	५३१.६	७४४.०
अगष्ट	२१६.७	३८९.२	५११.४	५११.०
सेप्टेम्बर	३१२.५	११६.०	५१४.८	४८४.२
अक्टोबर	१०.५	१२.३	२८.८	४०.०
नोभेम्बर	०.४	०.०	१.०	०.०
डिसेम्बर	०.०	०.०	०.०	०.०
वार्षिक औसत	१,३६२.१	१,४९१.५	२,०५६.२	२,७४९.३

गोरखामा १९६९को सेप्टेम्बर ३ र १९७० को जुलाई १६ का दिन २४ घण्टाभित्र क्रमशः ५८.४ र १११.८ मिलिमिटर पानी परेको थियो । त्यस्तै आरुघाटमा १९६९ को जुलाई ३१ का दिन २४ घण्टा भित्र ९२.६ र १९७० को जून १६ का दिन १३२.२ मिलिमिटर पानी परेको थियो ।

माथि उल्लिखित तालिकाबाट देखिएअनुसार गोरखा जिल्लामा जूनदेखि सेप्टेम्बरसम्म ज्यादा वर्षा हुन्छ । नोभेम्बर र डिसेम्बरताका करीब दुई महीनासम्म वर्षा नै नहुने कुरा पनि उपर्युक्त तालिकाबाट देखिन्छ ।

गोरखा जिल्लामा विभिन्न स्थानको उच्चाइमा फरक परेको कारणबाट तापक्रम र वर्षामा फरक पाए जस्तै यी हावापानीबाट प्रभावित क्षेत्रहरूमा बेग्लाबेग्लै खालको हावापानी पाइनु स्वाभाविकै हो । यहाँको हावापानीलाई मोटामोटी पाँच भागमा विभाजन गर्न सकिन्छ ।

१. अति शीतप्रधान हिमाली हावापानी
२. शीतप्रधान लेकाली हावापानी
३. शीतोष्ण हावापानी
४. न्यानो शीतोष्ण हावापानी
५. अर्ध–उष्ण हावापानी

अति शीतप्रधान हिमाली हावापानी

समुद्र सतहबाट ५,००० मिटर (१६,५०० फीट) माथिको उच्चाइमा अवस्थित भू-भाग र हिमाली पर्वतहरूमा अति शीतप्रधान हिमाली हावापानीको प्रभाव परेको पाइन्छ । यो हावापानी भएका मुख्य मुख्य ठाउँहरू बौद्ध हिमाल, हिमालचुली, मनासुलु, काल्छुमा तालको सेरोफेरो, लार्के भञ्ज्याङ र ग्याला भञ्ज्याङको पाखो, शृङ्गी खोला र मवाङ खोलाका मुहानहरू, दूधपोखरी क्षेत्र तथा रूपीनाला हुन् । उपर्युक्त सबैजसो ठाउँमा सधैं हिउँ जमेको हुन्छ । हिमरेखाभन्दा माथि पर्ने यो निर्जन भागमा कुनै किसिमको वन वनस्पति हुँदैन ।

शीतप्रधान लेकाली हावापानी

हिमरेखा ५,००० मिटर (१६,५०० फीट) भन्दा मुनि र वृक्षरेखा ४,००० मिटर (१३,२०० फीट) भन्दा माथिको भागमा हिउँदमा हिउँ पर्ने र वर्षामा पनि तापक्रम निकै कम हुने हुँदा यहाँको हावापानीलाई शीतप्रधान लेकाली हावापानी भन्न सकिन्छ । यो भागमा सुनपाती, भैंगुनपाती र स-साना काँढेदार बुटाहरू उम्रेको देखिन्छ । लार्के भोटका केही बस्तीहरू, उहिया, खरीबोट, सिमजुङ, वारपाक, लाप्राक, गुम्दा, सिर्दिवास, प्रोक तथा ल्हो पञ्चायतका केही भागमा यो खालको हावापानी पाइन्छ । वर्षायाममा यो भागमा हिउँ पग्लने हुँदा केही आलु खेती गरिन्छ । भेडा–च्यांग्राको गोठहरू राखिन्छन् र चौंरी पालन पनि गरिन्छ ।

शीतोष्ण हावापानी

वृक्ष-रेखाभन्दा मुनि २,००० मिटर (६,६०० फीट) सम्मको भू-भागमा शीतोष्ण हावापानीको प्रभाव परेको हुन्छ । यो भागमा हिउँदताका निकै ठण्डा र वर्षामा शीतल हुन्छ। यस भागको उच्च स्थानहरूमा पुस-माघ महीनामा अलि अलि हिउँ पनि पर्दछ। शीतोष्ण हावापानीको प्रभाव परेको यो भागमा हराभरा कोणधारी वन निकै पाइन्छन् ।

न्यानो शीतोष्ण हावापानी

करीब २,००० मिटर (६,६०० फीट) भन्दा मुनिको र १,२०० मिटर (४,००० फीट) भन्दा माथिको पाखा-पखेरा, फाँट, बेंसी तथा डाँडामा न्यानो शीतोष्ण हावापानीको प्रभाव परेको पाइन्छ । यो भागमा हिउँदमा केही जाडो र वर्षामा गर्मी हुन्छ । यो हावापानी भएको क्षेत्रमा जिल्लाको अधिकांश गाउँ बस्ती र खेतीपाती केन्द्रित छन् । यो भागमा मकै, कोदोको खेती धेरै गरिन्छ ।

अर्ध–उष्ण हावापानी

बूढीगण्डकी, त्रिशूली, मर्स्याङदी र चेपे तथा दरौंदीका आसपासमा निकै होचो खोंच परेको भागमा वर्षामा निकै गर्मी हुन्छ । अतः यो भागमा अर्ध–उष्ण हावापानीको प्रभाव परेको छ । गोरखाको अधिकांश कृषि-योग्य जमीन पनि यही भागमा रहेको छ । यहाँको समथर भागमा साल, सिसौ र सिमल तथा खयर आदिको मिश्रित जङ्गल पाइन्छ ।

प्राकृतिक वनस्पति

विभिन्न प्रकारको हावापानीबाट प्रभावित गोरखा जिल्लाको वन्य सम्पदामा पनि विभिन्नता पाइनु स्वभाविकै हो । सामान्यतः यहाँ लेकाली वन वनस्पति, कोणधारी वन–वनस्पति र मिश्रित तथा पतझड वन-वनस्पतिहरू पाइन्छन् । हिम-रेखाभन्दा मुनि तथा वृक्ष-रेखाभन्दा माथि काँढेदार बुटाहरू र साधारण झारपात मात्र उम्रन्छन् । वृक्षरेखाको आसपासमा भैंगुनपाती, सुनपाती र स-साना धूपीका बोटहरू पनि हुन्छन् । वृक्ष-रेखा अर्थात् ४,००० मिटर (१३,२०० फीट) भन्दा केही माथि र यसको वरपर विशेष प्रकारको वन्य सम्पदा पाइन्छन् । यस भेकमा पाइने नीरमसी, जटामसी तथा पाँचऔंले आदि ज्यादै प्रसिद्ध छन् । वृक्ष-रेखाको आसपासमा पाइने जटामसी र नीरमसीको अतिरिक्त यो जिल्लाको लेकाली भागमा कुडकी, पदमचाल, अल्लो, सेतो विष, नीलोविष, यार्चागुम्बा जस्ता जरीबूटीहरू पनि पाइन्छन् । २,१३४ मिटर (७,००० फीट) देखि वृक्ष-रेखाको बीचमा सदावहार कोणधारी वन पाइन्छ । यो क्षेत्रको वन पनि निकै महत्वपूर्ण मानिन्छ । यहाँ सल्लो, गुराँस, खस्रु तथा धूपीका बोटहरू छन् । यो कोणधारी वन क्षेत्रमा निगालोधारी पनि ठाउँठाउँमा देखिन्छ । कोणधारी वनबाट तल लागेपछि यहाँका पाखा र समथर भूमिमा मिश्रित तथा पतझड जङ्गल पाइन्छन्। यी जङ्गलमा पाइने मुख्य वृक्षहरूमा साल, सिमल, खयर, चिलौने, कटुस, आँप, वर पीपल, चाँप, ओखर, धाक्रे र बुढघेंरो आदि हुन् । गोरखा जिल्लाको विभिन्न ठाउँमा पाइने अन्य वृक्षहरूमा टुनी, उतिस, लाँकुरी, समी, सिरिस, नागेश्वर, जामुनो, वेल, काफल, भलायो, असना, कर्मा, पैंयु, किम्बु आदि पनि हुन् । जिल्लाको मध्यभागतिर पाइने जरीबूटीहरू नागवेली, टिमुरे, दालचीनी, धतुरो, असुरो, लाजवन्ती, बुकीफूल, रुद्राक्ष, सतावरी, हर्रो, बर्रो, अमला तथा घोडताप्रे हुन् । यसरी विभिन्न प्रकारका वृक्ष र जरीबूटीले ढाकिएको गोरखा जिल्ला पहाडी जिल्ला भएर पनि वन्य सम्पदामा धनी छ । यस जिल्लावासीहरूको घाँस, दाउरा तथा घर कटेरो निर्माण समेत यहींको वन जङ्गलबाट सम्भव भएको छ। जिल्लाको उत्तरी भेकमा त उज्यालोको लागि बत्ती र न्यानो पार्ने साधन पनि यिनै वनका दाउरा र मूढा हुन् ।

गोरखा जिल्लाको वन सीमाना छुट्याई ब्लकहरूमा विभाजन गर्ने काम भएको छैन । यहाँको वन जङ्गल अतिक्रमण भएको पाइँदैन । तर केही वस्तीहरूमा खोरिया फाँडेर खेती गरेको र बारीको छेउछाउमा पर्ने वन अलि अलि मिचेको देखिन्छ। यो जिल्लाका बनहरू यत्रतत्र छरिएका छन्। धेरैजसो पञ्चायतहरूले आ-आफ्नो क्षेत्रमा पर्ने वन क्षेत्रको चार किल्ला खोली पुर्जी लिइसकेका छन् । पञ्चायतको माध्यमबाट पनि यी वनहरूको संरक्षण भएको छ ।

पशु-पक्षी

दक्षिणपट्टिको गर्मी भू-भागदेखि लार्के भोटसम्म फैलिएको गोरखा जिल्लामा अनेक प्रकारका वन्य पशु-पक्षीहरू पाइन्छन् । यहाँ पाइने वन्य पशुहरूमा बाघ, भालू, चितुवा, घोरल, झारल, मृग, कस्तूरी, थार, वन चौंरी, स्याल, खरायो, दुम्सी, वन बिरालो, नावर, बादर आदि हुन् र पक्षीहरूमा ढुकुर, जुरेली, मलेवा, कोइली, हलेसो, धनेष, बाज, ठेउवा, फिष्टु, रानीचरी आदि हुन् । संरक्षणको लागि खास केही कार्य क्रम भएको पाइँदैन ।

खनिज पदार्थ

गोरखा जिल्लाको कतिपय पञ्चायत क्षेत्रमा तामा, अभ्रख, कोइला, फटकिरी, वीरेनून, फलाम

आदि खनिजपदार्थहरू भएको अनुमान गरिए तापनि संगठित रूपबाट खानी झिक्न र सर्वेक्षण एवं सम्भाव्यता अध्ययन भएको पाइँदैन । घर छाउने ढुङ्गा तथा चून ढुङ्गा स्थानीय जनश्रमबाट स्थानीय आवश्यकता पूर्तिको लागि प्रयोगमा ल्याएको देखिन्छ । खार खोलाको तातोपानी क्षेत्रमा बीरेनून खानीको सम्भावना छ तर विशेषज्ञहरूबाट यसको मूल्याङ्कन हुन बाँकी नै छ । जराङ खोला र ताल खोलाको मुहानतिरको तामा खानीमा राम्रो तामा पाइएकोले स्थानीय कामीहरूलाई ठेक्का दिइएको थियो । हाल यो ठेक्का पट्टा बन्द छ ।

यस जिल्लाको विभिन्न स्थानमा चून ढुङ्गा पाइएको छ र स्थानीय मानिसहरूले प्रयोगमा पनि ल्याएका छन् । त्यस्तै घर छाउने ढुङ्गा पनि धेरै ठाउँमा पाइएको छ । प्रयोगमा ल्याइएका केही स्लेट ढुङ्गा र सम्भावित तामा खानीको विवरण यसप्रकार छः–

खानीको नाम		पञ्चायत	सम्भावित तामा खानी		पञ्चायत
आरवाङ	ढुङ्गाखानी	आरू आरवाङ	ग्याजी	तामाखानी	ताकु कोट
सुन्तले	ढुङ्गाखानी	खोपलाङ	कोजे	तामाखानी	वारपाक
सिरान डाँडा	ढुङ्गाखानी	सिमजुङ	अँधेरी खोला	तामाखानी	सौरपानी
ढाँडबेसी	ढुङ्गाखानी	बोरलाङ	औलेमाडी	तामाखानी	मुचोक
लौसी चौर	ढुङ्गाखानी	भीरकोट	चित्रे	तामाखानी	छोप्राक
हिकलुङ	ढुङ्गाखानी	मुचोक	देवीथान	तामाखानी	भुमलीचोक
पाखुरी	ढुङ्गाखानी	सातबीस थुमी	धावे	तामाखानी	रानीस्वाँरा
पाण्डे गाउँ	ढुङ्गाखानी	धुवाँकोट	हुँडीखोला	तामाखानी	दरभुङ

ऐतिहासिक पृष्ठभूमि

गोरखा जिल्ला प्राचीनकालमा नेपालका लिच्छवि शासकहरूको अधीनमा थियो । मानदेव प्रथमको ई. सं. ४६४ को चाँगु अभिलेखमा गण्डकी पारीको मल्ल पुरी जितेको वयान छ । त्यस्तै शिवदेव द्वितीय र जयदेव द्वितीयका अभिलेखहरू गोरखामा पाइएका छन् ।[1] लिच्छवि अभिलेखहरू ठाउँ ठाउँमा बिग्रेको हुँदा उक्त बेला गोरखाको के नाम थियो भन्न सकिएको छैन । जयदेव द्वितीयको अभिलेखमा गोरखा इलाकालाई "जनपद" भनि उल्लेख गरिएको छ । 'जनपद' भन्नाले सामन्ती इलाका नभई केन्द्रबाट शासित इलाका भनेर बुझिन्छ ।

ऐतिहासिक दृष्टिकोणबाट यस ठाउँको नाम योगी गोरखनाथबाट गोरखा भएको देखिन्छ । एघारौं शताब्दीसम्म काठमाडौं उपत्यकाका शासकहरूका अधीनमा गुल्मी र लमजुङ भएको हुँदा गोरखा पनि काठमाडौं उपत्यकाको अधीनमा रहेको देखिन्छ । पश्चिममा खशिया मल्लहरूको चकचकी हुँदा गोरखा जिल्ला ती खशिया मल्लहरूका अधीनमा थियो । खशिया मल्ल राजा अभय मल्लको अभिलेख गोरखामा पाइएको छ । खशिया मल्लहरूले करीब दशौं शताब्दीदेखि चौधौं शताब्दीसम्म राज्य गरेका थिए । खशिया मल्लहरूको पतन भएपछि खशिया मल्ल राज्य टुक्रिंदै गयो ।

ईशा संवत्‌को सोह्रौं शताब्दीको पूर्वार्द्धमा गोरखा कोटमा खड्काहरू राज्य गर्दथे । तत्कालीन लमजुङ राजा यशोब्रम्ह शाहका छोराहरूमध्ये नरहरि शाह लमजुङका राजा भए र द्रव्य शाह गोरखातिर लागे । त्यस्ताक गोरखाको लिगलिगमा घलेहरूको राजकाज थियो । घलेहरूको लिगलिग आफ्नो अधीनमा लिएपछि गोरखाकोटतर्फ द्रव्य शाहको दृष्टि पऱ्यो । गोरखाली खड्काहरूसित द्रव्य शाहले पहिलोपटक हार मान्नु परेतापनि ई.सं. १५५९मा विजय प्राप्त भयो र द्रव्य शाहकै हातबाट खड्का राजाको मृत्यु भयो ।[2] यस युद्धमा द्रव्य शाहले भगीरथ पन्त, गणेश पाण्डे, गङ्गाराम राना, नारायण अर्याल, सर्वेश्वर खनाल, केशव वोहोरा तथा मूर्ति खवास आदि गोरखाली नागरिकहरूको सहायता पाएका थिए । गोरखा र लमजुङको राज्य व्यवस्था सम्बन्धलाई लिएर द्रव्य शाह र नरहरि शाहको बीचमा आपसी वैमनस्य सिर्जना भए तार्पनि आमाको मध्यस्थताबाट दुई राज्यको सीमाना निश्चित गरी गोरखालाई स्वतन्त्रता दिइयो । तत्पश्चात् द्रव्य शाहले आफ्नो राज्य विस्तार

---

[1] तुलसीराम वैद्य र धनवज्र वज्राचार्य (सं.)–गोरखाको ऐतिहासिक सामग्री, नेपाल अध्ययन संस्थान, २०२८, पृष्ठ ११–१४

[2] बालचन्द्र शर्मा–नेपालको ऐतिहासिक रूपरेखा, वि. सं. २०२७, पृष्ठ २१०

गर्ने सिलसिलामा सिरानचोक र अजीरगढ पनि विजय गरे । आफ्नी आमा दिवंगत भएपछि नरहरि शाहले भाइ द्रव्य शाहको गोरखामाथि पुनः कुदृष्टि दिन थाले । आपसी रीस, इवी र षड्यन्त्र चली नै रहे । एघार वर्षसम्म राज्य गरी ई. सं. १५७० मा गोरखाका श्रष्टा द्रव्य शाहको नृत्यु भयो । त्यसपछि पूर्ण शाह (पुरन्दर शाह) गोरखाका राजा भए । पुरन्दर शाहको शासनकालमा पनि लमजुङसित लडाइं भइरह्यो । वारपाकका शासकसित पनि लड़ाईं भयो र यस लडाईंको असरको रूपमा गोरखामा वारपाकबाट आउने नून र पाखी बन्द भयो । गोरखालीहरूले दुःख पाए।उक्त समयमा लमजुङ र तनहूँ बीच लडाईं भइरहेको हुनाले तनहूँका शासकले गोरखाका राजा पुरन्दर शाहलाई हात्ती सौगात पठाई मित्रता कायम गरे । यस प्रकार गोरखा राज्यको महत्व बढ्यो । वरपाकका शासनसित पनि मित्रता कायम गरी वर्षको एक्काईस मुरी नून गोरखा राज्यमा पठाउने वारपाकका शासकले वाचा गरे ।[1] पुरन्दर शाहले ई. सं. १५७० देखि १६०५ सम्म शासन गरे ।[2] त्यसपछि उनका छोरा छत्र शाह गोरखाका राजा भए । वंशावली अनुसार उक्त राजा १६०५–१६०६ मा राजा भएको देखिन्छ तर पुरातात्विक सामग्री अनुसार छत्र शाह ई. सं. १६०९ मा गोरखाका राजा थिए । गोरखा दरबार रङ्गमहलमा रहेका दुईवटा ठूल ठूला नगराहरूमध्ये एक नगरामा "श्रीशाके १५३१ (ई. सं. १६०९) मासे ५ श्री महाराज छत्र साहस्यकृति" भनी अभिलेख कुँदिएको छ ।[3] यस प्रकार वंशावलीमा लेखिएको कुरा र पुरातात्विक सामग्रीमा मेल खाँदैन ।

छत्र शाह निःसन्तान भई परलोक भएपछि उनका भाइ राम शाह गोरखाको राजगद्दीमा ई.सं. १६०९ मा बसे । राम शाहले माना पाथीको व्यवस्था मात्र गरेनन्, ऋण दिने लिने सम्बन्धमा ब्याज दरको पनि निश्चित नियम बनाए । यिनले पाती पँधेरो, राजस्व, गौचर, बाटोघाटो, शासन व्यवस्था, न्याय कानून, दरबारी चलन तथा कतिपय सामाजिक एवम् आर्थिक नियमहरू बनाए र जनतालाई सुविधा पुर्‍याएका थिए । पहाडी प्रदेशको अनिश्चित राजनैतिक अवस्थामा राम शाहले बनाएका दैनिक जीवनोपयोगी पञ्चायती परिपाटी, राज्य प्रशासन, विदेश नीति, गृहनीति, कृषि तथा वाणिज्य नीतिहरू निकै लोकप्रिय भए ।[4] छिमेकी राजाहरूले पनि राम शाहका थितिहरूमा उपयोगिता अनुभव गरेर उनको प्रशंसा गरेको कुरा गोरखा वंशावलीमा पाइन्छ ।

राम शाहको पालामा गोरखा र लमजुङको सम्बन्ध त्यति राम्रो हुन नसके तापनि अन्य छिमेकी तथा काठमाडौं उपत्यकाका राज्यहरूसितको सम्बन्ध मैत्रीपूर्ण भएको थियो । गोरखा तथा ललितपुरको प्रथम सम्बन्ध राम शाहका पालामा भएको थियो ।[5] राम शाहले आन्तरिक सामाजिक व्यवस्था र अन्य राज्यहरूसँग मैत्रीपूर्ण व्यवस्थामात्र गरेका होइनन्, यिनको पालामा गोरखा राज्यको सीमाना पनि निकै फैलिएको थियो । मझुवा, वारपाक, स्यार्तान, अठारसय खोला, सल्यानकोट, चरङ्गे, निभारचोक, धादिङ, फिर्केप तथा रुद्रभोट आदि स्थानमा राम शाहको प्रभुत्व कायम भयो । राजा राम शाहको समयदेखि गोरखालीहरू काठमाडौं

---

१. योगी नरहरिनाथ (सं.)– गोरखा वंशावली, आर्यवीर संघ, काशी, २०२१, पृष्ठ ७

२. ऐजन, पृष्ठ ८

३. तुलसीराम वैद्य र धनवज्र वज्रचार्य (सं.)को माथि उल्लिखित किताब, पृष्ठ १४

४. योगी नरहरिनाथ (सं.)– गोरखा वंशावली, पृष्ठ २०–२६

५. सूर्य विक्रम ज्ञवाली – नेपाल उपत्यकाको मध्यकालीन इतिहास, रायल नेपाल ऐकेडेमी, २०१९, पष्ठ १९४; योगी नरहरिनाथ (सं.) – इतिहास प्रकाश, अङ्क २ भाग ३, पृष्ठ ४२५

उपत्यकाको राजनीतिमा विशेष चाख लिन थाले । यही कारण ललितपुरका राजा सिद्धिनरसिंह र कान्तिपुरका राजा प्रताप मल्लका बीचमा युद्ध हुँदा गोरखाले ललितपुरलाई सैनिक मद्दत दिएको थियो ।

लमजुङसँग पनि पटक पटक युद्ध भइरहन्थ्यो । लमजुङले उचालेकोले घलेहरूबाट कति छलकपट भोग्नु पर्‍यो । तर साहसी र महत्वाकांक्षी राम शाहले आफ्नो राज्य विस्तार गर्न छोडेनन् । राम शाहले त्रिशूली उपत्यकाको उत्तरपट्टि केरुङ र कुकुरघाटसम्म पनि आफ्नो अधिकार जमाएका थिए । यो युद्धमा सरदार भवानी पाण्डेले ज्यानै गुमाउन पर्‍यो तापनि यसबाट गोरखाको वाणिज्य व्यापारको उत्तरी मूलद्वार खुल्न गएको थियो । त्यसताका गोरखाको परिधि मर्स्याङ्दीदेखि त्रिशूलीसम्म फैलिएको थियो । करीब १,००० वर्ग माइलको गोरखा राज्य स्थापना गरी समाज सुधारक राजा राम शाह ई. सं. १६३६ मा परमधाम भए । "न्याय खोज्न गोरखा जानु" भन्ने लोकोक्तिबाट नेपाली जनतामा राम शाहको स्मृति सधैं ताजा हुन्छ । गोरखा राज्यको विकास र विस्तार कसरी भयो भन्ने सन्दर्भमा राम शाहले व्यवस्था गरेका आर्थिक, न्यायिक, सामाजिक, धार्मिक तथा राजनैतिक विभिन्न २६ किसिमका थितिहरूको कारण देखाइएको छ ।[1] नेपाल अधिराज्यको एकीकरण गर्ने काममा राम शाहलाई अग्रदूत मान्न सकिन्छ । राजा राम शाहले ई. सं. १६०९ देखि १६३६ सम्म शासन गरेको देखिन्छ ।

राम शाहपछि डम्बर शाह गोरखाका राजा भए । राजा डम्बर शाहले ललितपुरका राजा सिद्धिनरसिंहलाई कान्तिपुरका राजा प्रताप मल्लको विरुद्ध सैनिक मद्दत गरेका थिए । यी राजाका पुरातात्विक सामग्रीहरू वि. सं. १६९९ देखि १७०८ सम्मका पाइएका छन् ।[2] डम्बर शाह पछि कृष्ण शाह गोरखाका राजा भए । कृष्ण शाहको शासनकालमा (ई. सं. १६५९) "चौर पञ्चाशिका" लेखिएको थियो ।[3] यी राजाको मृत्यु पछि यिनका छोरा रुद्र शाह गोरखाका राजा भए । उक्त बेला गोरखाको आर्थिक अवस्था राम्रो थिएन । यसैकारण रुद्र शाहले वि. सं. १७३० मा पर्तिमन उपाध्यायसँग सयकडा साढे बाह्र ब्याज तिर्ने गरी रू. १२०। सापट लिएका थिए ।[4] रुद्र शाह पछि पृथ्वीपति शाह राजा भए ।

यिनको शासनकालमा पुरानो शत्रु लमजुङले चेपे सीमाना छोडेर दरौंदीको किनारसम्म आफ्नो अधिकार जमायो तर पछि पृथ्वीपति शाहका छोरा रणदुल्ल शाहको चलाखी र वीरताबाट लमजुङले पुरानो सीमानामा फर्कन पर्‍यो । पृथ्वीपति शाहले गोरखा राज्यको सैनिकशक्ति अरू मजबुत बनाए। यी राजाले काठमाडौंमा दुई चोटी आई कान्तिपुरका राजा नृपेन्द्र मल्ल र पार्थिवेन्द्र मल्लसँग मित्यारी लगाए । काठमाडौं उपत्यकाको राजनीतिमा पृथ्वीपति शाहले प्रभावशाली भूमिका खेले । गोरखा राज्यलाई शक्तिशाली बनाउनमा पृथ्वीपति शाहको ठूलो देन छ । यिनैको पालामा राजकुमार चन्द्र रूप शाहले एक ठूलो तोप बनाएका थिए । युवराज वीरभद्र शाह आफ्नो बाबुकै शासनकालमा मृत्यु भएको बेला उनकी रानी माइती (तनहूँ) मा थिइन् । तनहूँमा नै युवराज नरभूपाल शाहको जन्म भएको थियो । तनहूँबाट युवराज नरभूपाल शाहलाई गोरखामा नपठाउँदा

---

[1] योगी नरहरिनाथ (सं.)—इतिहास प्रकाश, अङ्क २ भाग ३, पृष्ठ ४१९—२५

[2] दिनेश राज पन्त— डम्बर शाहको राज्यकालमा एक विचार, पूर्णिमा, पूर्णाङ्क ३१, पृष्ठ १७१—८३

[3] तुलसीराम वैद्य र धनवज्र वज्राचार्य (सं.)को—माथि उल्लिखित कताब, पृष्ठ ३३

[4] रामजी तिवारी आदि (सं.)—ऐतिहासिक पत्र संग्रह, भाग दोस्रो, पृष्ठ १०—१५

गोरखाका राजकुमार चन्द्ररूप शाहले चलाखी साथ युवराजलाई गोरखामा ल्याए । तत्पश्चात ई. सं. १७१६ मा पृथ्वीपति शाहका नाति नरभूपाल शाहले गोरखाको राजकाज गर्न थाले । यिनको पालामा पनि लमजुङले तनहूँको मद्दत लिएर गोरखामाथि आक्रमण गऱ्यो । परन्तु नरभूपाल शाहले यो आक्रमण विफल तुल्याइदिए ।

नरभूपाल शाह पनि उत्साही र महत्वाकांक्षी राजा थिए । यिनी बागमती उपत्यकालाई लक्ष गर्दै पूर्वतिर बढ्न थाले । काजी जयन्त राना मगर र महेश्वर पन्तको नेतृत्वमा गएका फौजले ई. सं. १७३७ मा नुवाकोटमाथि आक्रमण गरे तर असफल भए । नुवाकोट पराजयबाट नरभूपाल शाहमा केही खिन्नता आयो । उनी बढी पूजा पाठ र धर्म कर्ममा समय दिने भए । रानी चन्द्र प्रभावतीको सहयोगबाट राज्यको सुरक्षा र प्रशासन सम्भव भयो । ई. सं. १७४३ मा नरभूपाल शाहको स्वर्गवास भयो र त्यसपछि युवराज पृथ्वीनारायण शाह गोरखाको राजगद्दीमा बसे ।

ई. सं. १७२३ मा नरभूपाल शाहकी माहिली रानी कौशल्यावतीको गर्भबाट शाहवंशका ज्योतिर्मय गहना तथा नेपाल राज्यका श्रष्टा पृथ्वीनारायण शाहको जन्म भएको थियो । पृथ्वीनारायण शाह बालक कालदेखि नै प्रतिभाशाली थिए । बाल्यकालमा नै यिनी चतुरा, प्रभावशाली र होनहार थिए । द्रव्य शाह, राम शाह र नरभूपाल शाहले थालेको राज्य विस्तार गर्ने कार्य पृथ्वीनारायण शाहले विशाल नेपालको सिर्जना गरी पूरा गरे ।

कुशल राजनीतिज्ञ, कूटनीतिज्ञ, सूर-वीर, महत्वाकांक्षी, पृथ्वीनारायण शाहको पौरखबाट नेपाल र नेपालीको अस्तित्वको बीजारोपण भएको हो । प्रत्येक नेपाली राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको आभारी छ । गोरखा, जहाँबाट आधुनिक नेपालको इतिहास आरम्भ हुन्छ, हाम्रो गौरवको प्रतीक हो । गोरखा, जहाँबाट नेपाल र नेपालीको सम्वर्धन र विस्तारको लागि शाह वंशको संगठित नेतृत्व प्राप्त भयो हाम्रो एकताको प्रतीक हो । अतः गोरखा, शाहवंश र नेपाली इतिहास अन्योन्याश्रित रहिआएका छन्, नेपाल र नेपालीको संरक्षक भइआएका छन् ।

मन्दिर, गुम्बा, कोट र गुफाहरू

विशाल नेपालको स्रोत यो गोरखामा कैयन् पुरातात्त्विक महत्वका कोटहरू छन् । इष्ट देवता गोरखनाथको थलो यो गोरखामा कैयन् महत्वपूर्ण मन्दिरहरू छन् । लार्के भोट र लेकाली बस्तीभरि हिमाली जातिले बसोबास गरेको गोरखामा कैयन् गुम्बा र घ्याङहरू छन् । महान् ऋषिमुनिहरूले तपस्या गरेको हिमाली ऋङ्खलाको काखमा अवस्थित गोरखामा कैयन् पवित्र गुफाहरू छन् । यी कोट, मन्दिर, गुम्बा र गुफाहरूमध्ये अद्यापि महत्वपूर्ण मानिएका केही यहाँ उल्लेख गरिएका छन् ।

पुरातात्त्विक स्थानहरू

(१) गोरखादरबार (२) पोखरी थोक (३) भीमसेन थापाको घडेरी (४) वारपाक कोट
(५) सिरानचोक कोट (६) लिगलिग कोट (७) उपल्लो कोट (८) धुवाँकोट र अरू कोटहरू

मुख्य मन्दिरहरू

(१) गोरखकाली (२) गोरखनाथ (३) मनकामना (४) महादेव मन्दिर, पोखरी थोक
(५) विष्णु मन्दिर (६) गणेश मन्दिर, पोखरी थोक (७) हनुमान ढोका (८) राम मन्दिर, खोपलाङ (९) शिवालय लुइँटेल (१०) भीमसेन मन्दिर, आरुघाट (११) कोट काली, आरुघाट (१२) कामधेनु, गाईखुर ।

मुख्य गुम्बाहरू

(१) नामला गुम्बा, नामरुङ (२) कर्जुछिलिङ, सामागाउँ (३) ऋङ्गी गुम्बा, प्रोक गाउँ
(४) मनासलु गुम्बा, ह्लो गाउँ ।

मुख्य गुफाहरू

(१) गोरखनाथ गुफा, गोरखा (२) सीता गुफा, सुलीकोट (३) सिद्ध गुफा, ध्यालचोक
(४) वक्रेश्वर गुफा, मनकामना ।

प्रमुख स्थानहरू

पोखरीथोक

गोरखा जिल्लाको सदरमुकाम करीब १,५२४ मिटर (५,००० फीट) अग्लो पोखरीथोकमा रहेको छ। कालिका मन्दिर तथा गोरखनाथको दक्षिणपट्टि पाखोमा अवस्थित पोखरीथोक यस भेकको सबैभन्दा रमणीय ठाउँ हो। यहाँबाट दक्षिणतिर पर्ने वक्रेश्वरको डाँडो मनकामनाको श्रृङ्खला ज्यादै राम्रो देखिन्छ। पोखरीथोकको वरपरबाट बेंसीमा नागबेली परेर बग्ने दरौंदीको सुन्दर दृश्य देखिन्छ भने लेकतिर अग्ला डाँडा र भञ्ज्याङहरू। यहाँबाट धवलागिरि, अन्नपूर्ण, माछापुच्छ्रे, लमजुङ हिमाल, मनासुलु, हिमालचुली, बौद्ध हिमाल, श्रृङ्गी हिमाल र गणेश हिमालको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ। यो ठाउँको हावापानी स्वास्थ्यकर छ।

यो ठाउँमा पोखरीथोक, पाटेचौर र छिपटोल धारापानी गरी तीनवटा बजार छन्। यी तीनैवटा बजारमा करीब २०० जति घरहरू छन्। यहाँ कपडा, खाद्यान्न पसल, भाँडा पसल, बाँडा पसल र किराना माल पसलहरू छन्। गोरखाको पुरानो टुँडिखेल यही ठाउँमा छ। यसको अतिरिक्त रानीपोखरी, सोह्रखुट्टे पाटी तथा नारायण आदि मन्दिरहरू पोखरीथोकमा नै छन्। यहाँ एउटा पुरानो दरबार पनि छ।

पोखरीथोक र यसको आसपासमा अवस्थित गुफा, मन्दिर र थलीबाट थालनी भएको हो आधुनिक नेपालको इतिहास।

प्रमुख जिल्ला अधिकारीको कार्यालय र जिल्ला पञ्चायत लगायत सबैजसो जिल्लास्तरीय सरकारी एवं अर्ध-सरकारी कार्यालयहरू पोखरीथोकमा रहेका छन्। यहाँ एक माध्यमिक विद्यालय र १५ शय्याको अस्पताल पनि छन्। यो ठाउँ गोरखकाली र रानीस्वाँरा पञ्चायतमा पर्दछ र यहाँको जनसंख्या ४,८३२ छ।

वारपाक

दरौंदी नदीको पूर्वपट्टि भेकमा वारपाक पर्दछ। मसेल दोभानबाट लाँकुरी बोट तथा सौरपानी हुँदै उत्तर गएपछि यहाँ एउटा ठूलो घले–गुरुङ गाउँ छ। डाँडाको थलीमा अवस्थित यो घले–गुरुङ गाउँ ज्यादै सफा र सुन्दर छ। दोस्रो महायुद्धमा भी. सी. पाउने गजे घलेको यो वारपाकले कैयन् लडाका वीरहरू जन्मायो। अहिले पनि यहाँका गुरुङ युवकहरू स्वदेश र विदेशको सैनिक सेवामा प्रशस्त छन्। यो गाउँको प्रायः प्रत्येक घरमा एकजना पेन्सनवाला र एक जना बहालवाला लाहुरे छन्। यो गाउँको परम्परागत गुरुङ संस्कृतिलाई बाह्य प्रभावले अझै छुन सकेको छैन। यहाँका केटाकेटीहरू सानै उमेरदेखि रोदीघरमा भेला हुने र घाँटु नाच्ने गर्दछन्।

यो ठाउँमा लेकाली हावापानी छ । यहाँ धान खेती गर्ने ठाउँको अभाव छ । आलु, मकै, कोदो, फापर आदि पाखेबाली लगाइन्छन् । यहाँको घले गुरुङहरू भेडा पाल्दछन्। यिनै भेडाबाट प्राप्त ऊनबाट राडी, पाखी र बख्खु पनि बुन्दछन् । यहाँ एक अतिरिक्त हुलाक र एक प्राथमिक विद्यालय छन् । यहाँको जनसंख्या १,८९० छ ।

आरूघाट बजार

काठमाडौंबाट पोखरा जाने पुरानो मूलबाटोमा पर्ने आरुघाट बजार बूढीगण्डकीको तिरमा अवस्थित छ । यहाँ कपडा पसल र अन्य किराना पसल गरी करीब एक सय घरहरू छन् । बूढीगण्डकीको पुलको मुखमा रहेको यो बजार यस भेकका लेकाली वस्तीहरूको वाणिज्य केन्द्र भइआएको छ । बूढी गण्डकीको तीरैतीर लार्के भोट जाने बाटो पनि यही बजारबाट उत्तर लाग्छ । यो बजार आरु चनौटे गाउँ पञ्चायतमा पर्दछ र यहाँको जनसंख्या २,२५१ छ । यहाँ एक छोटी हुलाक, एक स्वास्थ्य चौकी र एक माध्यमिक विद्यालय छन् । आसपासका गाउँहरूमा क्षेत्री, बाहुन र गुरुङहरूको संख्या ज्यादा भएतापनि आरुघाट बजारमा नेवारहरूको आधिक्य पाइन्छ।

खानचोक

आरुघाटबाट मोदी खोलाखोलै पश्चिम लागेपछि यसको मुहानमा खानचोक पर्दछ । पुरानो पूर्व-पश्चिम बाटोमा पर्ने यो खान्चोकमा केही भट्टी र पसलहरू भएको सानो बजार छ । यो ठाउँमा पाखो पखेरो र सुख्खा बारी भएकोले मकै, कोदो आदि पाखेवाली ज्यादा हुन्छ । यहाँ सानो खानचोकमा एक अतिरिक्त हुलाक छ । खानचोक घ्याम्पेसालमा एक स्वास्थ्य चौकी पनि छ ।

खोपलाङ बजार

चोरकाटे टारमा दरौंदीको नयाँ साँगु तरेर पश्चिम लागेपछि खोपलाङ बजार पुगिन्छ । यो पनि पोखरा जाने पुरानो मूलबाटोमा पर्दछ । खोपलाङमा केही वर्ष पहिलेसम्म ठूलै बजार थियो । अहिले यहाँका बजारियाहरू ठाँटी पोखरी तथा आसपासका समथर भू-भागतिर झर्न थालेकाले खोपलाङ बजारको चहलपहल घटेको छ । पृथ्वीराजमार्ग खुलेदेखि खोपलाङको बाटोगरी हिंड्ने यात्रुहरूको संख्या पनि निकै कम भएको छ । खोपलाङ पञ्चायतको जनसंख्या ३,६९९ छ । यो पञ्चायतमा तीनवटा प्राथमिक विद्यालयहरू छन् ।

ठाँटी पोखरी

खोपलाङबाट पश्चिमपट्टि पालुङटारको उत्तरमा ठाँटी पोखरी पर्दछ । ठाँटी पोखरी साधारण टार थियो । गर्मी र औलोको कारणले पातलो बस्ती भएको ठाँटी पोखरीमा पालुङटारमा विमानस्थल बनेर हवाइ सेवा चालू भएपछि विशेष चहलपहल थपियो । यस भेकबाट औलो उन्मूलन भएकोले वरपरका डाँडा र भञ्ज्याङमा बस्नेहरू ठाँटी पोखरीतर्फ झर्न थाले । यस भेकका भूतपूर्व सैनिकहरूको लागि यहाँ पेन्सन क्याम्प खुलेपछि र शाही नेपाल वायु सेवा निगमले आफ्नो कार्यालय पनि यही ठाउँमा राखेपछि ठाँटी पोखरीको महत्व झन् झन् बढ्न थाल्यो । अहिले यहाँ सानो बजार भइसकेको छ । आसपासको फराकिलो टार पनि गुल्जार हुँदैछ । ठाँटी पोखरीबाट दक्षिणपट्टि क्रमशः पालुङटार, गाईखुरटार तथा च्याङलीटारहरू छन् । चेपे नदीबाट नहर

ल्याएर ठाँटी पोखरी र अन्य टारहरूको सिचाइ गर्न सकिने देखिन्छ। यहाँबाट केही पश्चिमपट्टि चेपे र मर्स्याङ्दी बगेका छन्। ठाँटी पोखरीको सेरोफेरो पालुङ्टार पञ्चायत अन्तर्गत पर्दछ। यहाँको जनसंख्या ४,६२४ छ। यो पञ्चायतमा तीन वटा प्राथमिक विद्यालय, एउटा प्रारम्भिक विद्यालय, एउटा निम्न माध्यमिक विद्यालय र एउटा माध्यमिक विद्यालय छन्।

यसको अतिरिक्त जिल्ला प्रमुख आयुर्वेदिक औषधालय, प्रहरी थाना, टेलिफोन कार्यालय, शाही वायु सेवा निगमको कार्यालय, ब्रिटिश पेन्सन क्याम्प र भारतीय पेन्सन क्याम्प समेत छन्।

आँपपीपल

ठाँटी पोखरीभन्दा उत्तर तथा हर्मीभन्दा दक्षिणपट्टि आँपपीपल पर्दछ। गोरखा जिल्लाका रमणीय स्थानहरूमध्ये आँपपीपल भञ्ज्याङ पनि एक हो। यो भञ्ज्याङको दक्षिणपट्टि १,४३२ मिटर अर्थात ४,७०० फीट अग्लो रीप डाँडो पर्दछ। यहाँको हवापानी ज्यादै स्वास्थ्यकर छ। यहाँ १५ शय्याको एक मिशन अस्पताल र यस अन्तर्गत केही क्लिनिकहरू खोलिएका छन्। २,६०१ जनसंख्या भएको आँपपीपल पञ्चायतमा तीनवटा प्राथमिक विद्यालय र एउटा निम्न माध्यमिक विद्यालय छन्। आँपपीपलमा एउटा पुस्तकालय र एउटा छोटी हुलाक पनि छन्।

अन्य स्थानहरू

मनकामना, छेपेटार, तारानगर, श्रृङ्गी गुफा, लिगलिग, हर्मी, बाह्लपिके, नारद कुण्ड, दूध पोखरी, लार्के भञ्ज्याङ आदि ठाउँहरूमा पनि केही स्थानीय विशेषताहरू छन्। कहीं देवदेवीका प्रसिद्ध मन्दिर छन् भने कहीं पवित्र तीर्थ स्थल। कहीं फराकिला टार छन् भने कहीं स-साना बजार। यो जिल्लाका विभिन्न नदीको छेउ-छाउमा रहेका घाटहरूमा समय समयमा मेला लाग्ने हुँदा यी ठाउँलाई पनि स्थानीय प्रमुख स्थान मान्न सकिन्छ।

जनसंख्या र जनजीवन

जनसंख्या

वि. सं. २०२८ सालमा श्री ५ को सरकार, तथ्याङ्क विभागबाट लिइएको जनगणना अनुसार गोरखा जिल्लाको कुल जनसंख्या १,७८,२६५ छ । यसमध्ये ८८,७०६ पुरुष र ८९,५५९ महिला छन्। छिमेकी जिल्ला तनहूँमा जस्तै गोरखामा पनि पुरुषभन्दा महिलाहरू ज्यादा रहेछन् भन्ने कुरा माथिको तथ्याङ्कबाट प्रष्ट हुन्छ। गण्डकी अञ्चलको कुल जनसंख्याको १७.४ प्रतिशत मानिसहरू यस जिल्लामा बसोबास गर्दछन्। जनसंख्याको दृष्टिबाट गण्डकी अंचलका अरू छ जिल्लासित तुलना गर्दा गोरखा जिल्ला दोस्रो सबैंभन्दा बढी जनसंख्या भएको जिल्ला देखिन्छ अथवा बढी जनसंख्या हुनेमा स्याङजा पछि गोरखाको स्थान छ । नेपाल अधिराज्यका ७५ जिल्लाको जनसंख्यालाई हेर्दा गोरखाको स्थान बाईसौं हुन आउँछ । यो जिल्लाको कुल क्षेत्रफल २,५०५ वर्ग किलोमिटर छ । यहाँको जनधनत्व ७१ व्यक्ति प्रतिवर्ग किलोमिटर हुन आउँछ ।

गोरखा जिल्लामा मानिसहरू बसोबास गरेको जम्मा घर परिवारको संख्या ३२,२४६ देखिएको छ । अन्य पहाडी जिल्लाहरूमा जस्तै यहाँ पनि घटीमा एक जना सदस्य तथा बढीमा बीस जनाभन्दा पनि केही बढी सदस्य भएका परिवारहरू छन् । २०२८ सालको जनगणनामा उल्लिखित पारिवारिक बनोट हेर्दा पाँच जना सदस्य भएको परिवार संख्या सबैंभन्दा बढी अर्थात् ५,१५५ छ । जिल्लाको कुल जनसंख्याको हिसाब गर्दा प्रति परिवारमा सालाखाला पाँच व्यक्ति पर्न आउँछ ।

यो जिल्लाको कुल जनसंख्यामध्ये विद्यालय जान नसक्ने केटाकेटी, विद्यालय तथा महाविद्यालय जाने र आर्थिक दृष्टिबाट सक्षम तथा आश्रित मानिसहरूलाई विभिन्न उमेर समूहमा विभाजन गर्दा त्यसको रूपरेखा यस्तो देखिन्छ :–

उमेर समहको तालिका

	पुरुष		महिला		जम्मा	
उमेर समूह	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
०–५	१४,८५६	१६.७	१५,६५०	१७.५	३०,५०६	१७.१
६–१५	२३,३९३	२६.४	२१,५९५	२४.२	४४,९८८	२५.३
१६ तथा सो भन्दा माथि	५०,४५७	५७.०	५२,३१४	५७.४	१,०२,७७१	५७.७
जम्मा	८८,७०६	१००	८९,५५९	९१	१,७८,२६५	१००

यसप्रकार गोरखाको जनसंख्यालाई विभिन्न उमेर समूहमा बाँडेर ६० वर्षभन्दा माथि र नौ वर्षभन्दा मुनिको उमेर भएका बृद्ध एवं केटाकेटीलाई आर्थिक दृष्टिकोणबाट आश्रित अर्थात् जीविकाको निम्ति अरूमा भरपर्नु पर्ने जनसंख्या मान्ने हो भने तिनीहरूको संख्या ६१,४४५ (३४.५ प्रतिशत) हुन आउँछ। अर्कोतर्फ १० देखि माथि ५९ वर्षसम्म उमेर भएको जनसंख्यालाई आर्थिक दृष्टिबाट सक्षम अर्थात् काम गरी कमाउन सक्ने जनश्रम मानेमा तिनीहरूको संख्या १,१६,८२० (६५.५ प्रतिशत) हुन्छ। यसबाट के देखिन्छ भने यो जिल्लाको कुल १,७८,२६५ जनसंख्या मध्ये ६५.५ प्रतिशत मात्र सक्षम रहेछन्। अतः आर्थिक दृष्टिबाट सक्षम अर्थात् काम गर्न सक्ने उमेर भएको व्यक्ति माथि सरदर १.५ आश्रित व्यक्तिको आर्थिक भार परेको पाइन्छ। अर्को शब्दमा भन्ने हो भने १०० जना सक्षम मानिसले १५० जनालाई पाल्नु पर्दछ। यस हिसाबबाट हेर्दा गोरखा जिल्लामा आर्थिक निर्भरताको अनुपात १००:५० हुन आउँछ।

गोरखा जिल्लाका मानिसहरू सानै उमेरदेखि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आर्थिक उपार्जन कार्यमा लाग्ने र साठी वर्ष पुग्दा बृद्धावस्था भइसक्ने अनुमान गरी माथि १० वर्षदेखि ५९ वर्षको उमेर समूहलाई आर्थिक दृष्टिबाट सक्षम जनश्रम मानिएको हो। यसलाई अन्तर्राष्ट्रिय चलन चल्ती अनुसार हेर्ने हो भने उपर्युक्त हिसाबमा केही भिन्नता हुन आउँछ। अन्तर्राष्ट्रिय नियम अनुसार १५ देखि ६४ वर्षसम्मको उमेर समूहलाई सक्षम र बाँकी जनश्रमलाई आश्रित जनसंख्या भनिन्छ। यस प्रकारको उमेर समूह विभाजन गरी हेर्दा गोरखा जिल्लाको सक्षम जनसंख्या १,००,३४५ अर्थात् ५६.३ प्रतिशत हुन्छ। आश्रित जनसंख्या ७७,९२० अर्थात् ४३.७ प्रतिशत छ। यसबाट के देखिन आउँछ भने प्रत्येक सक्षम व्यक्तिमाथि सरदर १.७ व्यक्ति आश्रित छन्। अर्थात् १०० जना सक्षम मानिसले आफू बाहेक अरू ७० जनाको पनि आर्थिक गुजारा चलाउनु पर्छ। यसरी अन्तर्राष्ट्रिय चलन चल्तीको आधारमा हिसाब गर्दा गोरखाको आर्थिक निर्भरताको अनुपात १००:७० हुन आउँछ।

यो जिल्लाको वैवाहिक स्थितिलाई हेर्दा ३९,३८७ पुरुष र ४३,८२८ महिला विवाहित छन् भने ३२,२३५ पुरुष एवं २३,७३७ महिलाहरू आजीवन अविवाहित नै बसेको देखिन्छ। तर तथ्याङ्क विभागबाट २०२८ सालमा लिइएको तथ्याङ्कमा छ वर्षभन्दा माथिको उमेर समूहमा पर्ने सबैलाई एकमुष्ट हिसाब गरिएको हुँदा अविवाहितहरूको संख्या ज्यादा देखिएको छ। छ वर्षदेखि १४ वर्षसम्मका केटीहरूको संख्या १९,३९६ छ भने छ वर्षदेखि १९ वर्षभित्रको उमेर समूहमा पर्ने केटाहरूको संख्या ३०,३६० छ। यी केटा - केटीहरूले उमेर पुगेपछि विवाह गर्ने भएकाले उपर्युक्त आजीवन अविवाहितहरूको वास्तविक संख्या निकै कम हुन जाने देखिन्छ। १५ वर्षदेखि २९ वर्ष उमेर समूहमा पर्ने केटा-केटीहरू ज्यादा संख्यामा विवाहित भएको देखिन्छ र यो उमेर समूहमा केटाहरूभन्दा केटीहरू नै बढ्ता विवाहित छन्। यहाँ २,२१३ जना विधुर र ६,११५ जना विधवाहरू छन्।

नेपाल अधिराज्यका अन्य जिल्लाहरूमा जस्तै यो गोरखामा पनि विभिन्न जातजातिले बसोबास गरेका छन्। यी बासिन्दाहरू राष्ट्रभाषा नेपालीको अतिरिक्त आ-आफ्नो घर परिवारमा आ-आफ्ना जातीय भाषाका माध्यमद्वारा आफ्ना दुःख सुख र अनुभूतिहरू आदान प्रदान गर्छन्। २०२८ को जनगणना अनुसार भाषाभाषीको आधारमा यो जिल्लाको जनसंख्या विभाजन यस प्रकार गरिएको छ–

बोलिने भाषाभाषी	बोल्नेको संख्या
नेपाली भाषा	१,४४,४७३
तामाङ भाषा	२,६५३
नेवारी भाषा	१,७०२
मगर भाषा	३,६६६
गुरुङ भाषा	२०,७८१
शेर्पा भाषा	२,१३३
अन्य भाषा	२,५५७
जम्मा:–	१,७८,२६५

माथि उल्लिखित अन्य भाषा बोल्नेहरूको समूहमा मैथिली, लिम्बू, राजवंशी, दराई आदि भाषाभाषीहरू समावेश गरिएका छन्। यी भाषा बोल्ने जातिहरू जिल्लाको यत्र तत्र छरिएर बसेका छन् र यिनीहरूको संख्या ज्यादै थोरै छ। गुरुङ तथा मगर भाषा बोल्नेहरू यहाँका विभिन्न लेकाली गाउँमा संगठित रूपले बसेका पाइन्छन्। शेर्पा भाषा बोल्नेहरू ज्यादा त लार्के भोट तथा जिल्लाको उत्तरी क्षेत्रमा बसोबास गरेका हुन्छन्। नेवारी भाषा बोल्नेहरू आरुघाट, पोखरीथोक, खान्चोक, खोपलाङ आदि स्थानका स-साना बजारहरूमा ज्यादा बसेका छन्।

गोरखा जिल्लामा जम्मा ६३ वटा गाउँ पञ्चायतहरू छन्। यी पञ्चायतमा बस्नेहरूको संख्या निम्नानुसार छ:–

पञ्चायत	जनसंख्या	पञ्चायत	जनसंख्या
१. अजिरकोट	२,०५४	२. आँपपीपल	३,६०१
३. आरू खारवाङ	३,३४७	४. आरू चनौटे	२,२५१
५. आरू पोखरी	३,६३०	६. असराङ	२,४४२
७. उहिया	१,५२२	८. कालिका द्यौराली	२,६३७
९. खरीबोट	२,७७५	१०. खोपलाङ	३,६९९
११. गाईखुर	३,३३०	१२. गाखु	१,८४६
१३. गोहारे	२,४७८	१४. गुम्दा	१,९१६
१५. गोरखकाली	४,८३२	१६. घेरूङ	३,५०९
१७. घ्यालचोक	३,०४४	१८. च्याङली	३,२५२
१९. छेपे तारानगर	२,६८९	२०. छोप्राक	४,४३१
२१. जौबारी	२,९५४	२२. ताङलीचोक	२,८६६
२३. ताकलुङ	४,०५४	२४. ताकुलांकुरी	२,०१०
२५. ताकुकोट	३,०२८	२६. तान्द्राङ	३,६८१
२७. तापले बगुवा	२,०९७	२८. तापले कोखे	३,२००

२९. दरभुङ	३,२२१	३०. धूवाँकोट	२,०७३
३१. धावा	२,४२६	३२. नारेश्वर भोगटेनी	३,०७७
३३. नामजुङ	२,८०४	३४. पन्द्रुङ	२,२३१
३५. पालुङटार	४,९२४	३६. प्रोक	८१९
३७. फिनाम	२,३१६	३८. फुजेल	३,५८६
३९. बक्राङ	३,२२७	४०. बारपाककोट	१,८९०
४१. बारपाक पनेरा	१,७७३	४२. बोरलाङ	३,२५५
४३. वुङकोट	५,००६	४४. भीरकोट	३,१२८
४५. भुमलीचोक	२,३५१	४६. मर्कैसिङ	१,७३३
४७. मनकामना	३,८२२	४८. मीरकोट	३,१२८
४९. मुचोक	२,८१२	५०. मसेल	३,०६३
५१. रानी स्वाँरा	४,१२१	५२. लापु	१,२२५
५३. ह्लो	१,३३९	५४. लापराक	१,८७८
५५. सिरानचोक थालाजुङ	२,९६३	५६. सिरानचोक केराबारी	१,७३०
५७. सिमजुङ	४,१२८	५८. स्वाँरा	२,९९४
५९. सिर्दिवास	८१६	६०. सातवीस थुमी	२,८६२
६१. सौरपानी	४,७६१	६२. हर्मी	३,६७७
६३. हंसपुर	२,०५२		

माथिको तालिकाबाट देखिएअनुसार सबैभन्दा बढी अर्थात् ५,००६ जनसंख्या हुने पञ्चायत बुङकोट हो र सबैभन्दा थोरै अर्थात् ८१६ तथा ८१९ जनसंख्या हुने पञ्चायत क्रमशः सिर्दिवास र प्रोक हुन् । यी दुवै पञ्चायत जिल्लाको उत्तरी भागमा दुर्गम क्षेत्रभित्र पर्दछन् । यहाँका अधिकांश पञ्चायतहरू २,००० देखि ३,९९९ को जनसंख्या समूहभित्र पर्दछन् ।

जनजीवन

पृथ्वीनारायण शाहको चार वर्ण छत्तीस जातको फूलबारी यो गोरखामा क्षेत्री, बाहुन, गुरूङ, मगर, नेवार, शेर्पा, तामाङ, चेपाङ, कामी, दमाई तथा सार्की एवं गाइने आदि विभिन्न जातिहरू बसोबास गर्दछन् । क्षेत्री, बाहुन तथा नेवार जातिमा जस्तै अन्य जातिमा पनि विभिन्न थर र उपथरहरू छन् । बाहुनहरूमा खास गरेर अर्जेल, खनाल, देवकोटा, धिताल, न्यौपाने, पाण्डे, पन्त, बिष्ट एवं तिवारीहरू छन् । त्यस्तै क्षेत्रीहरूमा थापा, खड्का, कार्की, महत आदि करीब २५ थरीका छन् । यिनमा प्रशस्त उपथरहरू हुन्छन् । जस्तो– बगाले थापा, सुंएल थापा, पराजुली थापा इत्यादि । गुरुङहरू घले, घोताने, लामा, लामिछाने जस्ता मुख्य चार समूहमा विभाजित छन् । यिनै मुख्य चार समूहबाट अरू विभिन्न थर र उपथरहरू बनेका छन् । माथि उल्लिखित अन्य जातिका पनि फरक फरक थर तथा उपथरहरू हुन्छन् । एउटै थर भएका जातिमा पनि उपथर फरक छ भने बिहाबारी चल्छ । जस्तो पराजुली थापाले सुंएल थापाको चेलीबेटी विवाह गर्न सक्छ । यी सबै

जातिको रहनसहन ज्यादात हिन्दू संस्कृतिबाट प्रभावित भएकोले धेरै मिल्दो जुल्दो हुन्छ। तर जिल्लाको उत्तरी भागतिर बस्ने शेर्पा अर्थात हिमालीहरूको संस्कृति भने दक्षिणपट्टिको रीतिस्थितिबाट त्यति प्रभावित भएको पाइँदैन। बाहुन, क्षेत्री तथा ठकुरीहरूको जीवन चक्रमा न्वारान, अन्न प्राशन, उपनयन, समावर्तन, विवाह, मृतलाश जलाउने अन्त्येष्टि काजक्रिया गर्ने र मृत्यु पछि श्राद्ध आदि गर्ने चलन छ। गुरुङ तथा शेर्पा जातिको जीवन चक्रमा भने न्वारान, विवाह र मृतलाश गाड्ने जस्तो सामान्य कर्महरू मात्र हुन्छन्।

यो जिल्लामा नेपाली मातृ भाषा बोल्नेहरूको संख्या ज्यादा भएको कुरा माथि उल्लिखित भाषा भाषीको तालिकाबाट प्रष्ट हुन्छ। भाषाभाषीकै आधारमा विश्लेषण गर्दा यहाँको दोस्रो बहुसंख्यक जाति गुरुङ भाषा बोल्ने गुरुङहरूलाई मान्नु पर्दछ। २०२८ सालमा लिइएको तथ्याङ्कबाट गुरुङ भाषा बोल्नेहरूको संख्या २०,७८१ देखिन्छ। तर जिल्लाको दक्षिण भागतिर छरिएर बसेका केही गुरुङहरूले नेपाली भाषालाई नै मातृ भाषाको रूपमा प्रयोग गर्न थालेका हुँदा भाषाको आधारमा मात्र गुरुङको संख्या किटान गर्न सकिँदैन। अतः गोरखा जिल्लामा गुरुङको संख्या २०,७८१ भन्दा केही बढी नै होला। धौलागिरिदेखि मनासुलुसम्म हिमाली शृङ्खलाको दक्षिणी पाखो पखेरोलाई आफ्नो मुख्य थलो बनाएर बसोबास गर्दै आएका गुरुङहरूको विस्तृत विवरण लमजुङ जिल्ला परिचयमा दिइएको छ तापनि गोरखाको दोस्रो बहुसंख्यक जन शक्ति गुरुङ जातिको सम्बन्धमा यहाँ पनि केही उल्लेख गरिएको छ।

गोरखाली गुरुङ

गोरखाली गुरुङहरूको शारीरिक गठन, रूप रङ्ग तथा कद र पहिरन थकाली र मगरसित मिल्न खोज्छ। तर भाषा भने तिब्बती बर्मेली परिवारको भए तापनि मगर, थकाली तथा राई, लिम्बूकोभन्दा फरक छ। धार्मिक परम्परा तथा कतिपय साँस्कृतिक परिपाटीहरू गोरखा जिल्लाको उत्तरी भेकको लार्के भोट क्षेत्रमा बस्ने शेर्पाहरूसँग मिल्न खोज्छ। तर जिल्लाको दक्षिणी भागतिर असंगठित रूपले बसोबास गर्ने गुरुङहरूको रहन सहन भने क्षेत्री बाहुनको सामाजिक परम्पराबाट प्रभावित भएको छ। जिल्लाको मध्यभाग अर्थात लाप्राक बारपाक, उहियाक, सिर्दिबास, गुम्दा, सिमजुङ, खरीबोट आदि ठाउँमा बस्नेहरू कसैको रीतिस्थितिबाट कमै प्रभावित भएको पाइन्छ। यिनीहरू आफ्नै झाँक्री धर्मअनुसार सामाजिक चाहाड पर्व र जीवनका अत्यधिक कर्म काण्डहरू मनाउँछन्।

यहाँका गुरुङहरू आफ्नो समुदायमा आफ्नै भाषा बोल्छन्। आफ्नै भाषामा आ–आफ्ना दुःख–सुख र प्रेमका अनुभूतिहरू आदान-प्रदान गर्छन्। आफ्नो लयमा गाउँछन् र आफ्नै तालमा नाच्छन्। तर यहाँका गुरुङहरू सबै राष्ट्र भाषा नेपाली राम्रोसँग बोल्न सक्छन्। सार्वजनिक चाहाड पर्व र मेलामा आसपासका अन्य जातिहरू सँगसँगै नेपाली भाषा बोल्ने, यसैमा गाउने र यसैको अनुभूतिमा रमाउने गर्दछन्। आफ्नो उत्तरी भेकको पुरानो थलो छोडेर दक्षिणी पाखोतिर बसाइँ सरेका गुरुङहरू त आफ्नो समुदायमा पनि नेपाली भाषा नै बोल्छन्।

गोरखा राज्यका संस्थापक द्रव्य शाह गोरखामा प्रवेश गर्नुभन्दा पहिले यो जिल्लाको लिग लिग कोटमा घले राजाहरू थिए भन्ने कुरा इतिहासकारहरूले प्रमाणित गरेका छन्। यसबाट के प्रष्ट भएको छ भने चार-पाँच सय वर्ष पहिलेदेखि नै गुरुङहरूले गोरखामा महत्वपूर्ण स्थान ओगटेका छन्। विशाल नेपालको सिर्जना गर्ने सिलसिलामा यहाँका गुरुङहरूले पृथ्वीनारायण शाहलाई प्रशस्त मद्दत पुर्‍याएका थिए। यहाँका सिधासादा

बहादुर गुरुङहरूले स्वदेशी र विदेशी सैनिक सेवामा निकै नाम कमाएका छन्। दोस्रो महायुद्धमा भी.सी. पाउने वीर गजेघले गोरखाली गुरुङ थिए। वीर चक्र तथा अन्य विभूषणद्वारा सुशोभित भएका गुरुङ त गोरखामा कति छन् कति। अहिले पनि नेपाली, भारतीय र बृटिश सेनामा यहाँका गुरुङहरूले निकै नाम र विश्वास कमाएका छन्। वास्तवमा गोरखाली गुरुङको मुख्य कमाइ सैनिक सेवाबाट हुने आम्दानी नै हो। सैनिक सेवा त गोरखाली गुरुङको जनजीवनको अभिन्न अङ्ग भइसकेको छ।

सैनिक सेवामा नलागेका र भूतपूर्व सैनिकहरूले कृषि व्यवसायलाई आफ्नो मुख्य पेशा बनाएका हुन्छन्। यिनीहरूको खेती धान, मकै, कोदो र आलु नै मुख्य हुन्। यो जिल्लाको लेकाली बस्तीमा बस्ने गुरुङहरू निकै भेडा पनि पाल्ने गर्दछन्। मल र मासुको लागिभन्दा पनि ऊनको लागि भेडा पालिएको हुन्छ। भेडाबाट प्राप्त हुने ऊन प्रयोग गरी यहाँका गुरुङसेनीहरू राम्रो राम्रो राडी, पाखी र बख्खु आदि बुन्दछन्। आफ्नो घरायसी आवश्यकता पूरा गरी बचेको राडी,पाखी बिक्री गरेर आएको आमदानीले दैनिक उपभोगका अरू सामान खरीद गर्दछन्। प्रायः प्रत्येक घर परिवारमा केही भेडा पालिएको हुन्छ। हरेक घरका भेडा एकैसाथ गरी दुई-तीन सयको बथान बनाएर वन पाखोमा चरनको लागि लगिन्छ। भेडा बथानको रेख देख गर्न गोठालो केटा केटी जान्छन्। यस कार्यमा यी केटाकेटीलाई सघाउन भोटे कुकुरहरू पनि पालिएका हुन्छन्। यी कुकुरहरूले भेडालाई स्याल, ब्वाँसो, चितुवा आदि वन्य जनावरबाट बचाउँदछन्। जाडोताका बेंसीमा र गर्मीताका लेकतिर खर्क कायम गरी भेडालाई चरनको व्यवस्था गरिन्छ। वर्षको दुईपल्ट अक्सर वैशाख र असोजमा भेडाको भुत्ला कत्रिने काम हुन्छ। यो जिल्लाका गुरुङहरू गोरस र मलको निमित्त गाई र भैंसी पनि पाल्ने काम गर्दछन्। निकै खेत बारी हुनेहरूले जोत खनको निम्ति गोरु पनि पालेका हुन्छन्।

यहाँका गुरुङ र गुरुङसेनीहरूको भेषभूषा अन्य जातिकोभन्दा केही फरक हुन्छ। पुरुषहरू ज्यादा जसो भोटो र कछाड लगाउन मन पराउँछन्। भोटोमाथि कोट वा इष्टकोट लगाएका हुन्छन्। उमेर केही ढल्केकाहरू कम्बरमा सानो पटुका बान्दछन्। तर तन्नेरी केटाहरूले भने अक्सर रातो रुमाल बाँधेका हुन्छन्। इष्टकोटको टाँक लगाउने घरमा चाँदीको सिक्री झुण्ड्याएको पनि पाइन्छ। राम्रोसित कोरेको कपालमाथि ढाका वा कालो भादगाउँले वा टोप्रेलको टोली ढल्काएर लगाएका हुन्छन्। सैनिक सेवामा लागेका केटाहरूको भेषभूषामा केही विदेशी प्रभाव परेको पाइन्छ। गुरुङ जातिका महिलाहरू चोलो र फरिया लगाउँछन्। कम्वरमा पटुका बाँध्छन्। सबैजसो गुरुङसेनीहरू घलेक पार्न मनपराउँछन्। गलामा पोते, माला र नौगेडी तथा हातमा काँड वाला र चुरा आदि लगाउँछन्। नाकमा झुम्के बुलखी र फुली, कानमा ढुंग्री, मुन्द्री र चारपाटे आदि गहनाले सिंगार्छन्।

लमजुङ, मनाङ र कास्की जिल्लामा जस्तै गोरखामा पनि चार जाते तथा सोह्र जाते गुरुङहरू बसेका छन्। चार जातेलाई घले, घोताने, लामा र लामिछाने भन्दछन्। सोह्र जातेमा रिमाली, दार्जाली, ध्यात्रे, थोजे आदि थर तथा उपथरहरू हुन्छन्। लामा बाहेक अरू गुरुङ जातिका मानिसहरू ध्यात्रेलाई आफ्नो पुरोहित मान्दछन्। लामाको पुरोहित लामा नै हुन्छ। क्षेत्री बाहुनको समाजमा जस्तो गुरुङ समाजमा पुरोहित काम ज्यादा पर्दैन। मानिस जन्मेको बेलामा र मृत्यु संस्कार गर्दा पुरोहितको आवश्यकता पर्दछ। प्रायः प्रत्येक गाउँमा केही मूल घरहरू हुन्छन्। यो घरलाई गुरुङ भाषामा "चिवा" भनिन्छ। मुख्य मुख्य चाहाड पर्वमा गुरुङहरू यो चिवामा भेला भएर पूजा आजा तथा टीका टालो गर्दछन्,

भोज खान्छन् र रमाइलो गर्छन् । गुरुङहरूको यो "चिवा" नेवारहरूको गुठी जस्तो देखिन्छ । चिवामा भेला भएर भोज खानको निमित्त सबै मिलेर केही खेतबारी राखिएको हुन्छ । यस्तो खेतबारीलाई "कामरुडा" भन्ने चलन छ ।

यो जातिमा बिहाबारी गर्दा मामा चेला फुपू चेली अथवा मामा चेली फुपू चेला गर्ने प्रथा छ । तर यहाँका गुरुङहरू यो प्रथाप्रति त्यति कट्टर छैनन् । घाँस-दाउरा, मेलापात र रोदी घरमा नाचगान गर्दा माया प्रिति गाँसेर पनि केटाकेटीहरूले बिहे गरेको पाइन्छ । बिहे गर्दा केही गुरुङहरू बाजा बजाए र जन्ती सहित दुलहीको घरमा जान्छन् । तर धेरै जसो गोरखाली गुरुङहरू केही साथी भाइ र छर छिनेकी मात्र गएर दुलही ल्याउने गर्दछन् । बिहे गरेको केही दिन भित्रै दुलही माइती घरमा गई बस्ने चलन छ । छोराछोरी भएपछि मात्र केटीहरू स्थायी रूपले केटोको घरमा बस्न थाल्छन् । यसरी केटीले केटाको घरमा बस्न थालेपछि मात्र बाबु आमाले छोरीलाई आफू सक्दो उपहार दिन्छन् । छोरा छोरी जन्मेपछि ठूलो उत्सव गरी नाचगान र रमाइलो मनाउने गुरुङहरूको चलन छ ।

यहाँको गुरुङ समाजमा मृत लाश गाड्ने चलन छ । तर मर्दाखेंरीको ग्रह नक्षत्र हेरी कुनै बेला जलाउने पनि चलन छ । मृत लाशलाई गाड्न वा जलाउन गुरुङहरूले आ-आफ्नो गाउँको आसपासमा एउटा सामूहिक ठाउँ बनाइराखेका हुन्छन् । यो ठाउँ अक्सर अलिकति अग्लो डाँडामा हुन्छ । यस्तो ठाउँलाई "चिहान डाँडा" भन्ने पनि चलन छ । मृत व्यक्तिका छोराल छ महीना वा एक वर्ष र जुठो लाग्ने दाजु भाइले १३ दिनसम्म जुठो वा वरषी वार्ने गर्दछन् । वर्ष दिन पुगेपछि "पाए" भन्ने कर्म गरिन्छ । यो कर्म गर्दा ध्यान्रेले मृत व्यक्तिको पुत्ला बनाएर आँगनमा राखी भेडाको पाठो सहित पूजा गर्दछन् । पूजा सकेपछि दोबाटोमा लगी पाठो काटेर प्रेत मनाउने कर्म हुन्छ । यो कर्म सकेपछि प्रेतात्मा स्वर्ग जान्छ र पितृ हुन्छ भन्ने गुरुङहरूको विश्वास छ । यसपछि मृत व्यक्तिको नाममा सबै मिलेर चौतारो अर्थात् पोखरी बनाउने पनि चलन छ ।

गोरखाली गुरुङहरूको आफ्नो संस्कृतिहरूमध्ये रोदी घर पनि एक हो । प्रायः प्रत्येक गाउँमा एउटा रोदी घर हुन्छ । उमेर पुगेका केटाकेटीहरू बेलुका यो घरमा भेला भएर नाच गान र ठट्टा रमाइलो गर्दछन् । कुनै कुनै रोदी घरमा नेवा आवा र नेवा आमा हुन्छन् । यिनीहरूले केटाकेटीलाई नाच्न गाउन सिकाउने र नेतृत्व दिने काम गर्दछन् । यो रोदी घर कुनै पनि आधुनिक क्लबभन्दा कम रमाइलो हुँदैन । यो रमाइलोले गाउँलेको दिनभरिको थकाइ पनि बिर्साइदिन्छ । आपसी मेलमिलाप बढाउन र हाँसी खुशीले जीवन निर्वाह गर्न रोदी घरको भूमिका महत्वपूर्ण छ । गोरखाली गुरुङहरूको जन जीवनमा रोदी घर एउटा अभिन्न अङ्ग भएको छ ।

आर्थिक व्यवस्था

चेपे, दरौंदी, मर्स्याङदी र त्रिशूलीको वरपर केही समथर भू-भाग भए तापनि गोरखा जिल्लाको अधिकांश भूमि पर्वत, पाखा र पैरोले बनेको छ । यी सबै डाँडा, भीर तथा हिमाली भू-भागमध्ये करीब ११,००० हेक्टर मात्र आवादी भएको छ । खेती-योग्य जमीन यस्तो कम भएको गोरखा जिल्लामा पनि अत्यधिक जनसंख्या कृषिमा आधारित छ । यसबाट गोरखाबासीहरूको आर्थिक स्थिति नाजुक रहेछ भन्ने सङ्केत हुन्छ ।

कृषि

कृषि तथ्याङ्क २०२८ अनुसार यो जिल्लामा सालाखाला खाद्यान्न उत्पादन वार्षिक २८,००० मेट्रिक टन हुन्छ । यो कुल उत्पादनमध्येवाट बीज बीजनको लागि र विभिन्न कारणबाट क्षति हुन सक्ने वार्षिक ३,००० मेट्रिक टन घटाउँदा २५,००० मेट्रिक टन मात्र बाँकी रहन्छ । यसमा पनि कुटफलगरी भूस तथा धूलो आदि अलग गरेपछि खान-योग्य खाद्यान्न २०,००० मेट्रिक टन मात्र बाँकी हुन आउँछ । गोरखा जिल्लाको १,७८,२६५ जनसंख्याको निम्ति प्रतिव्यक्ति वार्षिक अन्दाजी १६० किलोग्रामका दरले खाद्यान्न हिसाब गर्दा २८,५२२ मेट्रिक टन आवश्यक पर्न आउँछ । जिल्लामा उत्पादित खान-योग्य खाद्यान्न २०,००० मेट्रिक टन मात्र भएकोले बाँकी ८,५२२ मेट्रिक टन अनाज अन्यत्रबाट आयात गर्नु पर्ने कुरा प्रष्ट हुन आउँछ । यहाँ आलु तथा अन्य नगदे बाली समावेश गरिएको छैन । नगदेबाली र आलु खेती नगण्य भए तापनि खाद्यान्न न्यून हुँदा यसबाट केही अंशमा मद्दत हुने हुँदा आयात गर्नु पर्ने उपर्युक्त तथ्याङ्क अलिकति घट्न जाने देखिन्छ । अतः गोरखा जिल्ला खाद्यान्न न्यून भएका पहाडी जिल्लाहरूको समूहमा पर्न आउँछ ।

नेपाल अधिराज्यका अन्य पहाडी जिल्लाहरूमा जस्तै गोरखाको आर्थिक गतिविधि पनि ज्यादा त कृषिमा नै केन्द्रित हुँदै आएको छ । यो जिल्लामा हुने मुख्य खाद्यान्न धान, मकै, गहुँ, कोदो, जौ आदि हुन् । दलहनमा तोरी, तील तथा नगदे बालीमा उखु र सुर्ती हुन्छन् । गण्डकी अञ्चलका अन्य जिल्लाहरूको तुलनामा गोरखा जिल्लामा आलु खेती निकै गरिन्छ । आर्थिक वर्ष २०२४।२५ देखि यताको कृषि तथ्याङ्क हेर्दा यहाँ धानभन्दा मकै बालीले बढी क्षेत्र ओगटेको पाइन्छ । त्यस्तै उत्पादनमा पनि मकै ज्यादा भएको देखिन्छ । गोरखा जस्तो समथर फाँट र खेत कम भएको तथा सिचाइको व्यवस्था नभएको जिल्लामा खेतबाली अर्थात् धानभन्दा पाखा बाली अर्थात् मकै, कोदो ज्यादा हुनु स्वाभाविक कुरा हो । समथर भू-भागबाट औलो उन्मूलन भएको हुँदा डाँडाको भेकमा बस्ने मानिसहरूमा बेंसीतिर झर्ने प्रवृत्ति बढ्न थालेको छ ।

यसैले गर्दा बेंसीको समथर भागमा धान खेतीको वृद्धि हुन थालेको देखिन्छ । तर समथर भागमा धेरैजसो सुख्खाटारहरू भएकोले धान खेतीको प्रगति राम्रो हुन सकेको छैन । यहाँको धान खेतीको वृद्धि गरी खाद्यान्नको न्यूनता पूर्ति गर्न टारहरू सिचाई गर्ने तर्फ विषेश जोड दिनु पर्ने देखिन्छ ।

यो जिल्लाका विभिन्न खेती-बालीले ढाकेको जमीन र ती बालीहरूको उत्पादन क्षमता फरक फरक छ । कृषि तथ्याङ्क २०२८ अनुसार यहाँका मुख्य बालीले ओगटेको जमीन र उत्पादन प्रक्रिया यसप्रकार छन् :–

क्षेत्रफल र उत्पादनको तालिका

क्षेत्र– हेक्टरमा
उत्पादन– मेट्रिक टनमा

वर्ष	धान		मकै		गहुँ		कोदो	
	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
२०२४।२५	४,१००	९,६३५	७,५००	११,४००	६२५	७५०	२,८००	३,३२६
२०२५।२६	४,२००	९,६६०	६,०००	११,८८०	६२५	७५०	२,९००	३,४२२
२०२६।२७	४,२००	९,८२८	६,१००	१२,२००	६५०	८१२	२,९५०	२,५१०
२०२७।२८	४,३००	१०,३२०	६,४००	१३,०५६	६५०	६३०	३,०००	३,६००
२०२८।२९	४,४००	१०,३४०	६,३००	८,९२१	६५०	६४३	–	–
२०२९।३०	४,४००	१०,५६०	६,४००	१६,१९५	६५०	७६१	३,१००	२,७२०

वर्ष	जौ		आलु		तेलहन		उखु		सुर्ती	
	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
२०२४।२५	२४०	२१२	९००	४,५००	१७५	८३	७०	१,०९२	३	२
२०२५।२६	२५०	२२१	९२०	४,६००	१७५	८७	७०	१,०९२	३	२
२०२६।२७	२५०	२२५	९५०	४,७५०	२००	१०४	७५	१,२००	३	२
२०२७।२८	२६०	२३४	१,०००	५,०००	२००	१०५	८०	१,२८०	५	३
२०२८।२९	–	–	–	–	–	–	–	–	–	–
२०२९।३०	२७५	२४७	१,०२०	४,९४७	२००	१००	८०	१,२८०	५	३

उपर्युक्त तालिकाहरूअनुसार आर्थिक वर्ष २०२४।२५ देखि यस जिल्लाको खाद्यान्न तथा नगदे बाली उत्पादन र यी खेतीहरूले ढाकेको क्षेत्रफल पनि क्रमशः वृद्धि हुँदै आएको देखिन्छ । २०२७।०२८ को गहुँ बाली केही कम भएको र सुर्ती खेती प्रायः यथावत स्थितिमा रहेको पाइन्छ । यसबाट के कुराको सङ्केत हुन्छ भने गहुँ खेती गर्नेतर्फ जिल्ला बासीहरू त्यति अग्रसर नभएका र सुर्ती खेतीको हकमा पहाडतर्फ यसलाई नगदे बालीको रूपमा नलिएर स्थानीय आवश्यकताको लागि मात्र प्रायः प्रत्येक परिवारले थोर बहुत खेती गर्नेतर्फ मात्र मानिसहरूको परम्परा रहेको महसूस हुन्छ । आलु खेतीतर्फ भने मानिसहरूले निकै चाख राख्न थालेको देखिन्छ । खासगरेर जिल्लाको उत्तरी भागमा पर्ने भोट र लेकाली क्षेत्रमा मानिसहरू वर्षे आलु खेती धेरै गर्ने हुँदा यहाँको आलु खेतीको आँकडा राम्रो देखिएको हुन सक्छ । धान, मकै, कोदो आदि मुख्य बालीहरू उत्पादनको

साथसाथै यी बालीले ढाकेको जमीन पनि बढ्दै गएकोबाट के कुरा पनि प्रष्ट हुन्छ भने सघन कृषि कार्यक्रमको फलस्वरूप मात्र यहाँको उत्पादन बढेको होइन क्षेत्रफल विस्तार हुन गएबाट पनि वृद्धि भएको हो । यो जिल्लाको मुख्य नगदेबाली उखु लगाएको क्षेत्रफल र यसको उत्पादन वृद्धिको प्रक्रियामा खास घटबढ भएको पाइँदैन । गोरखा जिल्लामा उखु खेती गर्नेहरू तराईतिर जस्तो नगद आर्जनको उद्देश्यले गर्दैनन् । घरायसी कार्यमा आवश्यक गुलियो टार्नकोलागि खुँदो र सक्खर बनाउने उद्देश्यबाट प्रायः प्रत्येक परिवारले आ-आफ्नो गाउँ बसीमा एक-दुई हलको मेलो उखु लगाएका हुन्छन् । घरायसी प्रयोगभन्दा बढी भएको सखर तथा खुँदो स्थानीय बजारमा खरीद बिक्री गरिन्छ । जिल्लाको उत्तरी भाग र लेकाली बस्तीहरूमा उखु खेती हुँदैन । दरौंदीको तीरमा अवस्थित जरेवरको फाँटमा निकै राम्रो उखु खेती हुन्छ । यसको अतिरिक्त यहाँ नगदे बालीको रूपमा कपास, तोरी, अदुवा तथा हलेदो खेती पनि लगाएको पाइन्छ। तर ती खेतीहरू पनि स्थानीय प्रयोगमा नै सीमित छन् ।

गोरखा जिल्लाको ज्यादाजसो आर्थिक गतिविधि कृषिमा केन्द्रित छ भन्ने कुरा माथि पनि उल्लेख भइसकेको छ । साधारण उद्योग व्यवसायमा लाग्नेहरू पनि जिल्लामा छन् । तर कृषि पेशामा लाग्नेहरूको तुलनामा अन्य पेशेवारको संख्या नगण्य छ । जिल्लाका क्षेत्री, बाहुन, गुरुङ, मगर आदि प्रायः सबै जाति कृषि व्यवसायमा लागेका पाइन्छन् । नेवार जातिका मानिसहरू अक्सर व्यापारमा लागेका हुन्छन् र गुरुङ, मगरहरू भेडा पालन गरी ऊनबाट राडी, पाखी र बख्खु बुन्ने जस्ता घरेलु उद्योग व्यवसायमा लागेका हुन्छन् । तर यस्ता कामहरू ज्यादातः कृषि व्यवसायबाट बचेको फुर्सदको समयमा गरिन्छ । कच्चा पदार्थको कमी र उत्पादित वस्तुको लागि आवश्यक बजार व्यवस्था नभएबाट राडी, पाखी बुन्ने वारपाकका गुरुङहरूको शीप र श्रमले पूरा व्यवसायको रूप लिन सकेको छैन ।

जिल्लावासीहरू आफ्नो खेतीपाती गर्दा वरपर एकले अर्कोलाई आलोपालो गरी सघाउने चलन छ । यो चलनलाई भारोपर्म भनिन्छ । खासगरेर धान रोप्दा, घैया गोड्दा, कोदो रोप्दा र दाँइ गर्दा एकै पटकमा ज्यादा श्रमको आवश्यकता पर्ने हुँदा भारोपर्म गरी सबैले सबैको सामूहिक श्रमको आवश्यकता पूर्ति गरेका हुन्छन्। जिल्लावासीहरूमा परम्परागत चलिआएको सहकारी भावना ज्यादै प्रशंसनीय मान्नु पर्छ । केही धनी परिवारले भने भारोपर्मको सट्टा ज्याला दिएर काम लगाउँछन् । यसरी ज्याला दिनुलाई जिल्लामा मजुरी दिने पनि भन्दछन्। ज्याला दिंदा पुरुषलाई प्रति दिन रू.चार र महिलालाई रू. पाँच मोहर दिनुपर्छ। काम लगाउनेले दिउँसो खाजा खुवाउने चलन छ । यसरी जग्गा धेरै हुने र जग्गा कम हुने वा जग्गा नहुने समेत प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट ज्यादात कृषि व्यवसायमा नै भर परेका हुन्छन् ।

अनिश्चित वर्षा अर्थात् अतिवृष्टि र अनावृष्टिको कारणबाट यो जिल्लामा समय समयमा अनिकाल परेको देखिन्छ । खासगरेर वर्षे बाली खाइसकेको र हिउँदे बाली भित्री नसकेको बेला अर्थात् चैत, वैशाख र जेठताका यहाँ अन्नाभाव भएको पाइन्छ । हाल छिमेकी जिल्ला तनहूँबाट पृथ्वीराजमार्ग गइदिएकोले हेटौंडा तथा भैरहवातिरबाट आउने खाद्यान्नले यहाँको खाँचो टार्न सजिलो भएको छ । देश विदेशमा नोकरी गर्नेहरू तलबबाट बचेको रकमले बेसाहा खान्छन् भने नोकरी नहुनेहरू बाख्रो पाठो बेचेर तथा ज्यालादारी गरेर खाद्यान्न खरीद गर्छन् ।

भूमि व्यवस्था

वि. सं. २०२८ को कृषि तथ्याङ्क अनुसार यो जिल्लामा करीब ११,००० हेक्टर जमीन आवादी भएको छ । यहाँको कुल क्षेत्रफलमध्ये करीब २,३९,५०० हेक्टर जमीन भीर,पर्वत तथा वन जङ्गलले ढाकेको छ र यो भागमा खेती-योग्य जमीन छैन । गोरखा जिल्लाबासीहरूलाई खेती गरिएको जमीन प्रतिव्यक्ति .०६ हेक्टर अर्थात् .२ रोपनी मात्र पर्न आउँछ । यो जिल्लाको कुल परिवार संख्या ३२,२४६ देखिन्छ । आवादी भएको जमीन र घर परिवार संख्या हेर्दा प्रतिपरिवार .३ हेक्टर अर्थात् छ रोपनी पर्न आउँछ ।

यो जिल्लामा २०२२ सालमा भूमिसुधार लागू भएपछि ऋण निश्चित गर्ने, बचत संकलन गर्ने र मोहियानी हक प्रदान गर्ने जस्ता कार्यहरू हुन थाले । ऋण निश्चित गर्ने कार्यक्रम अनुसार हालसम्म जम्मा ११,३४,५१५। रकमको ऋण निश्चित गर्ने कार्यवाही भयो । यसमध्ये रू. ३,८७,५७७। मिन्हा गरियो । मिन्हा भएको रकममध्ये ८६,१३०। कृषि ऋण र ३,०१,४४७ । अन्य ऋण देखिएको थियो । यो रकम मिन्हाको सिलसिलामा आसामीले करीब ८० हेक्टर अर्थात् १,५९५ रोपनी जमीन भोगबन्दकीबाट फिर्ता समेत पाएको देखिन्छ ।

गोरखा जिल्लामा भूमिसुधार कार्यक्रम लागू भएपछि अहिलेसम्म जिन्सी तर्फ १२,५५१ मुरी अनाज र नगद तर्फ रू. ६४,३२८। बचत संकलन भएको छ । जिन्सी बचत केही बिक्री वितरण भई नगदमा परिणत भइसकेको छ । नगद बचतमध्ये रू. १,४०,४०६। कृषि विकास बैंकमा जम्मा भइसकेको छ । बाँकी रहेको जिन्सी तथा नगदी बचत ग्राम समिति मार्फत किसानहरूलाई कृषि औजार किन्ने, मालपोत तिर्ने, औषधि किन्ने, खाद्यान्न खरीद गर्ने, मलखाद तथा उन्नत जातको बीउ किन्ने कार्यको लागि ऋण वितरण गरिएको छ । मोहियानी हक कायम गराउने सम्बन्धमा परेको निवेदनहरूमध्ये १९९ लाई सो हक प्रदान गरिएको थियो । त्यस्तै मोहीबाट छोड पत्र गरिपाउँ भनी निवेदन गर्नेहरूमा १०७ वटा छोड पत्र भएको देखिन्छ । गोरखा जिल्लामा जग्गाधनीहरूको संख्या यसप्रकार छः–

९० रोपनीभन्दा धेरै जग्गा हुनेको संख्या	२५
५० रोपनीभन्दा माथि जग्गा हुनेको संख्या	१०३
२० रोपनीभन्दा माथि जग्गा हुनेको संख्या	८८४
१० रोपनीभन्दा माथि जग्गा हुनेको संख्या	३,६८१
५ रोपनीभन्दा माथि जग्गा हुनेको संख्या	८,०६३
५ रोपनीभन्दा कम जग्गा हुनेको संख्या	२०,४५६
जम्माः–	३३,२१२

यसप्रकार यहाँ जग्गाधनीको जम्मा संख्या ३३,२१२ छ । गोरखा जिल्लामा पाँच रोपनीभन्दा कम जग्गा भएकाहरूको संख्या ज्यादा देखिन्छ । ९० रोपनीभन्दा बढी जग्गा हुनेहरूको संख्या २५ देखिए तापनि नापी गरी वास्तविक छानवीन गर्दा खास बढी देखिन नआएकोले वितरण सम्बन्धी केही कारवाही भएको छैन ।

जिल्लाभित्र लगतबाट देखिएका घरघूरी जम्मा ३६,६४१ छन् । यी घर घूरीले चर्चेको मोड नम्बरी खेत पाखोहरू वि. सं. १९९५ देखि २०२६ सालसम्म निम्नअनुसार देखिन्छः–

अब्बल खेत	३४ बीज मुरी
दोयम	२११ बीज मुरी
सीम	१,११७ बीज मुरी
चाहार	२,३११ बीज मुरी
किसिम नखुलेको	१३० बीज मुरी

अन्दाजी १० बीज मुरी खेत र पाँच बीज मुरी पाखो दर्ता नभएको देखिन्छ । यसरी दर्ता भएको र नभएको गरी जम्मा पाखो मुरी १,०२७ तथा खेत सबै किसिमको ३,८१५ देखिन आउँछ । खेतबाट वार्षिक रू. १,८७,६९९। र पाखोबाट रू. २४,९०९। मालपोत उठ्छ । यहाँ तालुकदारी प्रथाअनुसार नै मालपोत असूल उपर गरिन्छ । यो जिल्लामा खेतको मालपोत उठाउने जिम्मावाल २८१ जना र पाखाको सेर्मा उठाउने मुखिया ९४६ गरी जम्मा १,२२७ जना तालुकदारहरू छन् । यसमध्ये हाल १६ जना जिम्मावाल र १०४ जना मुखिया खाली भएको हुँदा सो स्थानमा माल अड्डाबाट नै अमानत तहसिल भइरहेको छ । यो जिल्लामा जम्मा ९८ वटा मौजाहरू छन् ।

पशुपालन

छिमेकी जिल्ला धादिङमा जस्तै यहाँ पनि फरक फरक हावापानीबाट प्रभावित क्षेत्रमा फरक फरक पशुहरू पालिएका पाइन्छन् । लार्के भोट र आसपासको लेकाली भागमा भेडा,च्यांग्रा, घोडा, कुकुर तथा चौंरी पालिन्छन् भने तलको होचो भागमा गाई, भैंसी, गोरु, बाख्रा आदि पालिन्छन् । पशु पालनको काम जाति विशेषमा पनि भर पर्दछ जस्तो क्षेत्री तथा बाहुनहरू गाई, गोरु, भैंसी र बाख्रा मात्र पाल्छन् भने मगरहरू सुंगुर पनि पाल्छन्। लेकतिर बस्ने गुरूङ र हिमाली जातीहरू चौंरी, भेडा र कुकुर ज्यादा पाल्छन् । यहाँ गाई र भैंसी गोरसको लागि पालिन्छ र गोरु खेतबारी जोत्ने कामको निम्ति । बाख्रा खासगरेर मासुको लागि पालिएको हुन्छ । भेडा मासु र ऊनको लागि प्रयोग गरिन्छ । चौंरीबाट पनि भारी बोकाउने र दूध खाने जस्ता दुई काम लिन सकिन्छ । कुकुरबाट घरबारी तथा खर्कको संरक्षणको काम लिइन्छ ।

यो जिल्लाको उत्तरी भेक जस्तै खरीबोट, सिमजुङ, वारपाक, लाप्राक, गुम्दा, उहिया आदि क्षेत्रहरूमा प्रशस्त भेडा पालिन्छ । वारपाकका करीब ३० प्रतिशत किसानको पेशा नै भेडा पालन भएको छ। एक परिवारले करीब २० देखि ४०० सम्म भेडा पालेको हुन्छ । यस क्षेत्रमा करीब ३,००० भेडा भएको अनूमान गर्न सकिन्छ । गोरखामा साझा (सहकारिता) को आधारमा पशु-पालन व्यवसायको विकास र विस्तार गर्न सकिने देखिन्छ । पाल्तु पशुहरू जस्तै जिल्लामा पाल्तु पक्षीहरू पाइन्छन् । यहाँका पाल्तु पक्षीहरूमा खासगरेर कुखुरा, परेवा र हाँस प्रचलित छन् ।

पशु–पालनमा साना जातको बाख्राको प्रचार भएको छ । ह्वाइटलेगहर्न, न्यू ह्याम्प–सायर जस्ता उन्नत जातका कुखुराको पनि जिल्लामा प्रचार हुन थालेको पाइन्छ । आँपपीपल, हर्मी, छोप्राक, गाईखुर,

पालुङ्टार, तारानगर तथा सिरानचोक आदि गाउँ पञ्चायत क्षेत्रहरूमा मुर्रा जातको राँगा र सानन जातको बोकाबाट नश्लसुधार कार्य भइरहेछ । यी उन्नत जातका पशु–पक्षीहरू र यिनको पालन पोषण सम्बन्धी आधुनिक तरीका गाउँलेहरूले मनपराएका छन् । गोरखा जिल्लामा हालसम्म पशुचिकित्सालय स्थापना भएको छैन ।

फलफूल खेती

अन्य पहाडी जिल्लामा जस्तै गोरखामा पनि विभिन्न किसिमका फलफूलहरू पाइन्छन् । केही शीतल हावापानी भएको ठाउँमा सुन्तला, कागती, निबुवा, नासपाती, ज्यामिर आदि पाइन्छन् भने केही गर्मी बस्तीमा भूइँकटहर, आँप, बेलौती, मेवा, केरा र लिची पाइन्छन्। यहाँको केरा, भूइँकटहर तथा कागती भने काठमाडौं र पोखरातिर प्रशस्त जान थालेको देखिन्छ ।

यो जिल्लाको कतिपय ठाउँहरूमा रहरलाग्दा आँपका बगैंचाहरू छन् । क्यामुनाटारमा करीब ५०० बोट, आरु चनौटेमा १०० बोट र पालुङ्टार, छेपेटार, गाईखुरटार, ध्यौराली आदि स्थानमा पनि यत्रतत्र आँपका बोटहरू छन् । भीरकोट, वकराङ, फिनाम, गाईखुर, रानीस्वाँर, मनकामना आदि ठाउँहरूमा सुन्तलाका बोटहरू छन् । लुइँटेल, खोपलाङ, पालुङ्टार आदि स्थानमा भूइँकटहर खेती प्रसिद्ध छ । पतझड फलफूल जस्तै स्याउ, आरु, ओखर, नासपाती आदिका बोटहरू कतै कतै पाइन्छन् । यस जिल्लामा एक सघन बागबानी विकास कार्यक्रम संचालन गरी लेकाली फलफूल हुने क्षेत्रमा लेकाली बगैंचा एक स्थापना गर्ने, किसानहरूलाई उन्नतजातका फलफूलका बिरुवा वितरण गर्ने, फलफूल खेती सम्बन्धी व्यावहारिक तालीम दिने र बिरुवा उत्पादन केन्द्रको शुरूआत गर्ने कामहरू हुनु आवश्यक देखिन्छ । गोरखा जस्तो पहाडी जिल्लाको फलफूल विकासको विभिन्न निकायमा साझा सहकारी पद्धति उपयोगी हुन सक्छ ।

गोरखाको कृषि विकास कार्यालय मार्फत यहाँको फलफूल खेती विकास र विस्तार गर्नेतर्फ प्रयासहरू भइरहेका छन् ।

कृषि विकास

वि. सं. २०१८ सालमा यो जिल्लामा ग्राम विकास केन्द्र खुलेदेखि नै कृषि विकास सम्बन्धी आधुनिक तरीकाहरूको प्रचार प्रसार हुँदै आएको थियो । २०२४ सालमा कृषि विकास कार्यालय स्थापना भएपछि यस भेकको कृषि व्यवसायमा केही आधुनिकीकरण भएको देखिन थालेको छ। किसानहरूले उन्नत बीउ, कीटाणु नाशक औषधि तथा रासायनिक मलको प्रयोग गर्न थालेका छन्। त्यस्तै पशु–पालन, फलफूल खेती र कुखुरा पालनमा पनि आधुनिक तरीकाहरू प्रयोग हुन थालेको पाइन्छ । यो जिल्लामा पहिले गहुँ लगाउने चलन ज्यादै कम थियो । यो खेती गर्नेतर्फ अहिले कृषकहरू प्रयत्नशील रहेका देखिन्छन् । माथि उल्लिखित विभिन्न बालीले ढाकेको जमीन र उत्पादन प्रक्रया तालीकाबाट पनि गहुँ खेतीको स्थिति झल्किन्छ। थोर बहुत नगदे बाली लगाउने तर्फ पनि किसानहरू लागेका देखिन्छन् । साथै कृषि विकासको लागि हाल विभिन्न श्रोतबाट कृषकहरूलाई कृषि ऋणको पनि व्यवस्था गरिएको छ । कृषि विकासको लागि आवश्यक केही मल, बीउ तथा औजारहरू कृषि विकास कार्यालयबाट बिक्री वितरण गरिएको छ। २०२७।२८ देखि २०२९।३० सम्म तीन बर्षको बिक्री वितरण यसप्रकार छ:–

सामान	२०२७।२८	२०२८।२९	२०२९।३०
उन्नत बीज	१५.५६ मेट्रिक टन	९.१९	४९.३६
उन्नत मल	३३.० "	६०.४०	११७.१६
उन्नत औजार	–	–	२८ हलो, ८ रेक
औषधि (फलिडल)	१०.४९ लिटर	७.५१	४०
औषधि (फलिडल डष्ट)	४९ के. जि.	५०	–
औषधि (डिप्टेक्स)	–	३५६ के. जि.	३५० लिटर
औषधि (मेटासिटक)	–	–	२४ लिटर

यसरी गोरखा जिल्लाको कृषि विकासमा विगत एक दशकदेखि केही प्रयासहरू हुँदै आएका छन् तापनि टारहरूको सिचाइ नभएकोले खाद्यान्न उत्पादन उत्साहप्रद भएको मान्न सकिन्न । खाद्यान्न न्यूनताले गर्दा प्रायः प्रत्येक वर्ष गोरखाबासीहरूलाई बेसाहा खोज्नुपरेको छ । त्यस्तै पशु–पालनमा पनि केही विकास भएको मान्नु पर्छ तर पशु चिकित्सालय नभएबाट यो क्षेत्रमा मानिसहरू असजिलो अनुभव गरिरहेछन् ।

सिचाइ

गोरखा जिल्लाको करीब ५० प्रतिशत खेतमा स्थानीय जन श्रमबाट तयार गरिएका स-साना कच्चीं वर्षे कुलोहरूबाट सिचाइ भएको छ भने ५० प्रतिशत जमीनमा आकाशे पानीको भर गर्नु पर्छ। यो जिल्लाका नदी नालाहरू सिचाइकार्यको लागि प्रयोगमा ल्याउन सकिएका छैनन्। यहाँका धेरै टारहरूमध्ये केही बाँझैछन् र केहीमा घैया, पिंडालु, मास, मकै जस्ता पाखेबाली लगाइन्छन्। यी टारहरू सिचाइ गर्न सकेमा जिल्लाको खाद्यान्न न्यूनता मात्र पूर्ति नभएर छिमेकी जिल्लाहरूलाई समेत गोरखाले पालन सकिने देखिन्छ । जिल्ला पञ्चायत र स्थानीय जनश्रमबाट वनेका केही कच्ची र अस्थायी कुलोहरू यसप्रकार छन्:–

कुलोको नाम	लम्बाइ		क्षमता		
हर्मी भञ्जाङ कुलो	५,८८०	फीट	४००	मुरी धान	उत्पादन हुन सक्ने
अलैंचे फुजेल कुलो	९,२००	"	३००	"	"
मर्कैसिङ्बुटार कुलो	१४,५४५	"	६००	"	"
सिमजुङ्कलङ्डुङ कुलो	८,७१२	"	२००	"	"
गोहोरे फाँट कुलो	१३,३०५	"	७००	"	"
फिनाम जामुने कुलो	२१,५४९	"	५००	"	"
ताङलीचोक गोर्दी कुलो	१५,५१२	"	१,५००	"	"
ताकलुङ ठगुवा कुलो	१५,२१२	"	१,३००	"	"
फिनाम बेलटारी कुलो	१,२१४	"	२००	"	"
बुङकोट कुलो	१२५	"	१००	"	"

आधुनिक तरीकाबाट यहाँका टारहरू सिचाइ गर्ने सम्बन्धमा उल्लेखनीय प्रगति केही भएको पाइँदैन। छेपेतारानगर गाउँ पञ्चायत अन्तर्गत सिर्दी खोलाबाट नहर ल्याई छेपेटार सिचाइ गर्ने बारे नहर विभागबाट एक पक्की नहर निर्माण कार्य भइरहेछ। । यो नहर योजना पूरा भएपछि २,८०० रोपनी जमीन सिचाइ हुनेछ।

सिचाइको सम्भाव्यता

यहाँका विभिन्न टारहरू जिल्लाको बीचमा र सीमानामा बग्ने खोलाहरूबाट सिचाइ गर्न सकिने सम्भावना छ। यी खोला, टार तथा सम्भावित योजनाबाट सिचाइ हुन सक्ने अन्दाजी क्षेत्रफल यहाँ उल्लेख गरिएको छ।

श्रोत	सिचाइ हुन सक्ने अन्दाजी क्षेत्र	टार
चेंपेखोला	५०,००० रोपनी	पालुङटार, गाईखुरटार, बेलटार, चयाङलीङटार र र्हमिको तल्लो भाग लमजुङ जिल्लाका रागिनासटार, साइलीटार र अलकाटार पनि सिचाइ हुन सक्ने
लुदी खोला	३,००० ”	गडतोला टार, कुन्दूर टार
मुसुण्डी खोला	२,००० ”	चोरकाटेटार
छादी खोला	१,५०० ”	मजुवाटार
अँधेरी खोला	१,००० ”	भइसेटार
झ्याल्ला खोला	१,२०० ”	मुचोकटार
कोकदी खोला	३,००० ”	दरबुङ टार
कोकदी खोला	१,००० ”	फुजेल खुटीटार
ज्यादुल खोला	३,००० ”	क्यामन टार
अँधेरी खोला	१,००० ”	महादेव टारको पुछार
नामजुङ फुजेल खोला	५०० ”	घट्टटार
तान्द्राङ खोला (भीमसेनथापाको कुलो)	७०० ”	घाटबेंसी र बोर्लाङ
बुरलुङ तान्द्राङ खोला	५०० ”	धावा टार
इस्तुल खोला	२,००० ”	आरुटार
दरौंदी नदी	२०,००० ”	छेपेटार, नयाँ साँधु, खर र बेंनी खोलाको बीचमा र ज्यादुल खोलाको तीनवटा गल्छी

कृषि ऋण

वि.सं. २०२२ सालमा भूमिसुधार लागू हुनुभन्दा पहिले यहाँका कृषकहरूको लागि आवश्यक ऋण उपलब्ध गर्ने श्रोत साहू महाजन मात्र थिए। अहिले भूमिसुधार कार्यालय, सहकारी संस्था, ग्राम समिति र कृषि विकास बंक जस्ता सरकारी तथा अर्ध सरकारी संस्थाहरूबाट कृषि ऋण उपलब्ध गराउने व्यवस्था भइरहेछ।

संस्थागत ऋणमा केही नियमहरू पूरा गर्नु पर्ने र आवश्यक परेको क्षणमा तत्कालै उपलब्ध गर्न पनि असजिलो हुने हुँदा किसानहरू अझै पनि साहूको घरमा दगुर्छन् । संस्थाहरूले दिने ऋण छिटो छरितो र साधारण कागजी प्रक्रयाको भएमा गरीब कृषकहरू केही साहू महाजनको शोषणबाट मुक्त हुनेछन् ।

सहकारी संस्था

यस जिल्लामा २०१६ सालदेखि २०२४ सालसम्ममा पटक पटक गरी १८ वटा सहकारी संस्थाहरू खुलेको देखिन्छ। यी संस्थाहरूमा कुटीर उद्योग सम्बन्धी एक, कृषि सम्बन्धी एक र बहुमुखी १६ थिए । यी संस्थाहरूको जम्मा सदस्य संख्या ३६६ र शेयर पूँजी २६,५६५। थियो । यी संस्थाहरूबाट चिताए जस्तो सुधार काम नभएकोले २०२४ सालमा विघटन गरिएको र भूमि सुधार कार्यक्रमको साथै सहकारी कार्यालय स्थापना भएको देखिन्छ । अब कृषि विकास बैंकबाट निर्दिष्ट सहकारी कार्यक्रम सञ्चालन गरिने व्यवस्था भएकोले सहकारितामा विश्वास राख्नेहरू आशावादी भएका छन् । यहाँ २०३० सालमा कृषि विकास बैंकको उपशाखा खुल्नु अघि तनहूँ जिल्लाको खैरेनीटारमा अवस्थित शाखा कार्यालयबाट कृषिऋणको व्यवस्था गरिएको थियो। हाल कृषि बैंकसित सम्बन्धित सबै कार्यहरू गोरखामा खुलेको जिल्लास्तरीय कार्यालयबाट भइरहेछ । यो बैंकले ग्राम समिति र सहकारी संस्था मार्फत किसानहरूलाई ऋण दिने गरेको छ। यसरी दिइने ऋण खासगरेर धान,गहुँ र मकै जस्ता बाली उत्पादन, नगदे बाली विकास, कृषि सामग्री खरीद, सिचाइ, कृषि उद्योग, बेचबिखन, पशुपालन तथा फलफूल खेती विकासको लागि गएको पाइन्छ । आवश्यकता हेरी व्यक्तिविशेषलाई पनि बैंकले सोझै ऋण दिएको देखिन्छ । २०३० साउन मसान्तसम्म कृषि विकास बैंकले गोरखा जिल्लामा वितरण गरेको ऋणको विवरण यसप्रकार छः—

ऋण शीर्षक	ऋण रकम	ऋण शीर्षक	ऋण रकम
धान खेती	१८,३२०।	पावर टिलर, पम्पसेट	१४,०८२
गहुँ खेती	१६,४१०।	भैंसी पालन	८,२६४।
मकै खेती	३४,६६६।	फलफूल खेती	५,७००।
तोरी खेती	३७५।	बाख्रा पालन	५,०००।
मिल स्थापना	६८,०००।	सुंगुर पालन	७,२४३।
उपभोक्ता भण्डार	१०,०००।		

उपर्युक्त ऋण लिने संस्था, ग्राम समिति र व्यक्ति गरी जम्मा संख्या ७६४ छ ।

उद्योग

गोरखा जिल्लामा संगठितरूपले कुनै उद्योग व्यवसाय सञ्चालन भएको देखिदैन । यहाँ चार वटा स-साना चामल मिलहरू र रजिष्टर्ड गरी चलाएको देखिन्छ । असंगठितरूपले अर्थात् घर घरमा चर्खा र तान राखेर जिल्लाको उत्तरी क्षेत्रमा राडी, पाखी, गलैंचा आदिको कुटीर उद्योग व्यवसाय गरेको देखिन्छ । त्यस्तै देउराली, मनकामना, भूंलीचोक, मर्कसिङ आदि ठाउँहरूमा स्थानीय कपासको धागोबाट घरबुना र खाँडी कपडाहरू बुनेको पाइन्छ । यो जिल्लाका कपितय गाउँ्वासीहरू मौरोपालनमा पनि लागेका छन् । यहाँका वनहरूमा दार, कालीकाठ, कटहर जस्ता काठहरू पाइने हुँदा चुँदार जातिका केही मानिसहरू काठका ठेकी, फाँम आदि कुँद्ने काममा लागेका हुन्छन् । साथै केही लेकाली गाउँहरूमा स्थानीय साधनद्वारा नेपाली कागज बनाएको

पनि देखिन्छ। लापुबेंसीमा नेपाली कागज उद्योग खोल्न इजाजत पनि दिइएको छ। यसरी जिल्लाभरी छरिएर असंगठितरूपमा चल्दै आएका कुटीर उद्योगबाट उत्पादित वस्तुहरूको लागि बजारको व्यवस्था नभएबाट उत्पादकहरूले उचित मूल्य पाउन सकेका छैनन्। अतः यहाँ सञ्चालन हुन सक्ने कृषि र वन्य सम्पदामा आधारित घरेलु उद्योगहरूको लागि आवश्यक पूँजी, प्राविधिक ज्ञान र बजारको व्यवस्था भएमा अनुत्पादक भई कृषिमा आधारित जनश्रम उद्योग व्यवसायमा लाग्न सक्ने छ र जिल्लाबासीहरूको नाजुक आर्थिक स्थितिमा केही सुधार हुनेछ। कृषि विकास बैंक, साझा सहकारी संस्था र घरेलु विभागको संयुक्त प्रयासबाट गोरखाको घरेलु उद्योग विकास विस्तार गर्न सकिने देखिन्छ।

सम्भावित उद्योगहरू

यस जिल्लामा पाइने कच्चा पदार्थ, यातायात र विद्युत् शक्तिको अभाव तथा बजार व्यवस्था र चालू कुटीर उद्योगलाई हेर्दा यहाँ निम्नि उद्योगहरू स्थापना गरी सञ्चालन गर्न सकिने देखिन्छ :–

(१) डेरी उद्योग (पशु पालन) (२) सूती कपडा उद्योग (३) मौरीपालन उद्योग (४) राडी पाखी उद्योग (५) निगालो उद्योग (६) नेपाली कागज उद्योग (७) काठका भाँडा र फर्निचर उद्योग।

डेरी उद्योग (पशु पालन)

यस जिल्लामा चरणको सुव्यवस्था गरी बेंसीतिर गाई, भैंसी, बोका, खसीको पालन गर्न सकिने देखिन्छ। उक्त काम सहकारिताको आधारमा असल जातका पशुहरूको पालन वैज्ञानिक तवरबाट गर्न सकेमा, दूधबाट बन्ने पदार्थ तथा मासुको लागि खसीहरू छिमेकी जिल्लाहरू वा शहरहरूमा पठाउन सकिने छ। यसको अतिरिक्त कृषिको निमित्त आवश्यक मलको पनि केही मात्रामा पूर्ति हुनजाने छ।

यी पशुहरूबाट उत्पादित दूध, दही, चीज र घ्यू जस्ता पदार्थहरू तयार गर्ने उद्योगको स्थापना गर्न सकिने देखिन्छ। यी दुग्ध व्यवसाय सम्बन्धी उद्योग पनि सहकारिताको आधारमा साझा संस्था, कृषि विकास बैंक र स्थानीय व्यक्तिहरूद्वारा चलाउनु उपयुक्त हुनेछ।

सूती कपडा उद्योग

यस जिल्लाको मनकामना, बोर्लाङ, क्यामुन्टार, नामेजुङ, भूमलीचोक आदि ठाउँहरूमा कपासको खेती हुन्छ। यसको तुरुन्त बिक्री गर्न नसकेको कारणबाट कृषकहरूले कपासको खेतीमा त्यतिको ध्यान नदिएर अन्न उत्पादनमा बढी ध्यान दिएको पाइन्छ। जिल्लाको आर्थिक स्थितितर्फ विचार गर्दा यस कपासको खेती जहाँ जुन ठाउँमा हुन सक्दछ सो स्थानहरूमा उन्नत बीउ, मल आदिद्वारा कपासको खेती वृद्धि गर्नु आवश्यक छ। यसको उत्पादन वृद्धि भएमा यस जिल्लामा कपडा बुन्ने उद्योग बढ्न सक्दछ जसबाट स्वदेशमा उद्योगको विकास तथा विस्तार हुन जानेछ र अर्कोतिर बेरोजगारी समस्या पनि केही मात्रामा हल हुनजानेछ। आधुनिक ढाँचाबाट कपडा तयार गर्न यो जिल्लाका व्यावसायिक तथा दिलचस्पी भएका केही व्यक्तिहरूलाई श्री ५ को सरकारको घरेलु विभागमा तालीम दिनु आवश्यक छ। यसको अतिरिक्त यस घरेलु उद्योगको निमित्त आवश्यक औजार

सामानहरू तथा आर्थिक सहायता सो विभागबाट प्रबन्ध हुनु पर्ने देखिन्छ । यस किसिमको व्यवस्था भएमा कृषकहरूले उत्पादन गरेका कपास ती उद्योगीहरूले खरीद गर्नेछन् ।

मौरी पालन

बेंसीतिर धेरैजसो घरमा मौरी पाल्ने काम गरेको देखिन्छ । यसबाट उत्पादन हुने मह आयुर्वेदिक औषधि, कन्फेक्सनरी जस्ता कार्यमा प्रयोग हुन्छ । विदेशतर्फि पनि यसको निकासी गर्न सकिन्छ । यो पनि एक किसिमको लाभदायक उद्योग देखिन्छ । यसको विस्तृत उत्पादन गर्न यस काममा लागेका तथा दिलचस्पी भएका जिल्लाका केही व्यक्तिहरूलाई मौरीपालन र महको उन्नत तरीकाबाट प्याकिङ गर्ने काममा तालीम दिलाउनु पर्ने हुन्छ । आवश्यकतानुसार तालीम प्राप्त व्यक्तिहरूलाई यस उद्योग स्थापना गर्न औजार तथा आर्थिक सहायताको प्रबन्ध हुनु पर्ने देखिन्छ ।

राडी पाखी उद्योग

यस जिल्लाको बारपाक, लाप्राक, लार्केभोट, उहिया, गुम्दा तथा अन्य लेकतिर प्रशस्त भेडा च्याँग्रा पालनगरेको पाइन्छ। यस व्यवसायलाई वैज्ञानिक तवरबाट विस्तार गर्नु आवश्यक छ। असलजातका भेडाहरूको पालन, चरनको सुव्यवस्था र उपचार आदिको व्यवस्था हुनु जरूरी छ । यस किमिसको ज्ञान यस व्यवसायमा लागेका जनताहरूसँग बहुतै कम देखिन्छ । तसर्थ तिनीहरूलाई भेडापालन सम्बन्धी तालीम, असल जातका भेडाहरूको बिक्री वितरण विधि आदिको ज्ञान दिलाउनु पर्दछ। जिल्लामा प्रचलित ऊनका सरसामानहरू उत्पादन गर्ने तरीका र औजार सामानहरू पनि पुरानै किसिमको देखिन्छ । यस व्यवस्थामा काम गरिरहेका र अरू चाहने व्यक्तिहरूलाई आधुनिक औजार माल–सामानहरू प्रयोग गर्ने तालीमको व्यवस्थाको साथै त्यस्ता औजार यस जिल्लामा उपलब्ध गर्ने प्रबन्ध पनि गर्नु पर्दछ। यस किसिमको व्यवस्थाबाट उत्पादन क्षमतामा वृद्धि हुने र उत्पादित सरसामानहरू पनि आधुनिक ढाँचाको हुन गई यसको बिक्री काठमाडौं तथा वरपरका जिल्लाहरूमा पनि हुन सक्दछ ।

निगालो उद्योग

यस जिल्लाको विभिन्न स्थानहरूमा निगालो पाइन्छ। यसबाट डोको, डालो, चित्रो, भकारी, मान्द्रो, थुन्से, स्याखु, छत्री तयार गरिन्छन् । यी वस्तुहरू यस जिल्लाको निमित्त आवश्यक छन् । आधुनिक तरीकाबाट यसको उद्योगमा वृद्धि हुन गएमा केही मात्रामा जनताको आर्थिक स्तर वृद्धि हुन जानेछ । यस निगालोबाट नौलो वस्तुहरू उत्पादन गर्नुको साथै भइरहेको उत्पादित वस्तुहरू पनि आधुनिकीकरण गर्न यस व्यवसायमा लागेका केही व्यक्तिहरूलाई तालीम दिने व्यवस्था हुनु पर्ने देखिन्छ । यस उद्योगको उत्पादन क्षमतामा वृद्धि हुनुको साथै उत्पादित वस्तुको गुण तथा हेराइमा राम्रो भएमा, काठमाडौं तथा वरपरका जिल्लाहरूमा पनि यसको बिक्री वितरण हुन सक्ने देखिन्छ ।

नेपाली कागज

यस जिल्लामा विद्यालयहरूको संख्या तथा कार्यालयहरू पनि बढ्दै गइरहेको हुँदा कागजको माग

बढी हुनु स्वाभाविकै देखिन्छ । यसको आवश्यकता पूर्ति गर्न सकेमा देशको धन बाहिर नजानुको साथै देशको कच्चा माल सामान उपयोग हुनु र बेकारी समस्या पनि केही मात्रामा हल हुन सक्ने देखिन्छ । जिल्लामा यस उद्योग तर्फ विचार गर्दा यसको लागि आवश्यक कोरा सामान दुईमा, लार्के,गुम्दा, लाप्राक, फिनाम आदि स्थानहरूमा पाइने हुँदा यी ठाउँहरूको केन्द्र पर्ने गरी कागजको उद्योग स्थापना गर्नु पर्ने देखिन्छ । यस्तो उद्योग आधुनिक तवरबाट गर्न यस व्यवसायमा लागेका केही योग्य व्यक्तिहरूलाई तालीमको प्रबन्ध हुनु पर्ने देखिन्छ ।

यस जिल्लाको यातायात, बजार, विद्युत् शक्तिको खपत आदिको विचार गर्दा ठूला उद्योगहरू सञ्चालन गर्न हालको स्थितिमा सम्भावना देखिदैन । चौतर्फी यातायातको विकास नभएसम्म सिर्फ घरेलु तथा ग्रामीण उद्योगको मात्र विकास गर्ने काममा ध्यान एकत्रित गर्नु उचित देखिन्छ ।

काठका भाँडा र फर्निचर

जिल्लाको दक्षिण धुवाकोट, च्याङ्ली र आरूघाटतर्फ समेत ठेकी भाँडाको काम चुनराहरूबाट भइरहेकै छ । साथै गोरखाको जङ्गलमा चाँप,दार जस्ता काठ पाइने हुँदा फर्निचर उद्योग राम्रोसँग चल्ने देखिन्छ ।

अन्तःशुल्क

यो जिल्लामा अन्तःशुल्क तिर्ने औद्योगिक प्रतिष्ठानहरू ज्यादै कम छन् । त्यसकारण यहाँ छुट्टै अन्तःशुल्क कार्यालयको स्थापना भएको छैन । अन्तःशुल्क उठाउने काम हाल माल कार्यालयले गरिआएको छ । अन्तःशुल्क तिर्ने उद्योगहरूमा १९ अश्व शक्तिका दुई र १० अश्व शक्तिका दुई गरी जम्मा चारवटा चामल मिलहरू छन् । मदभट्टीठेक्का र मादक पदार्थ इजाजत दस्तूरबाट पनि केही अन्तःशुल्क जम्मा हुन्छन् ।२०२६।२७ देखि २०२९।३० सम्म जम्मा चार वर्षको अन्तःशुल्क रकम यसप्रकार छः–

२०२६।२७	रू. ४५३।
२०२७।२८	रू. २,९१५।
२०२८।२९	रू. १,९८०।
२०२९।३०	रू. १३,४९६।

व्यापार

गोरखा जिल्लाको व्यापारिक गतिविधिमा उल्लेखनीय चहल पहल छैन । थोर बहुत जिल्लास्तरीय खरीद बिक्री तथा आयात निर्यात जे जति हुन्छ त्यसको लागि पोखरीथोक बजार र आरूघाट बजारको प्रमुख भूमिका रहेको देखिन्छ । यसको अतिरिक्त मनकामना, लुइँटेल, बाह्रपिर्के, छेपेटार, ठाँटीपोखरी जस्ता स-साना बजारमा केही व्यापारिक कारोबार हुन्छ हालै मात्र जिल्लाको सदरमुकाममा व्यापार संघको स्थापना भएको छ । यस जिल्लाको लार्के भोट र लेकाली वनहरूमा पाइने जरीबूटी, ऊन, चौंरीको पुच्छर र केही राडी पाखीहरू यहाँबाट निर्यात हुने मुख्य वस्तु भन्नु पर्दछ । यसको अतिरिक्त जिल्लाको बेंसी भागतिरबाट केहीमात्रामा घ्यू, भटमास र फलफूल निर्यात हुन्छ । यहाँको लागि आवश्यक कपडा, नून, तेल, मसला जस्ता दैनिक आवश्यक

सामग्रीहरू काठमाडौं, वीरगञ्ज र भैरहवातिरबाट आयात गरिन्छ । पोखरीथोक र आरूघाट बजारमा केही थोक विक्रेताहरू पनि छन् । व्यापारमा लाग्नेहरूमा खास गरेर नेवार जातिहरू छन् । यो जिल्लामा विदेशी व्यापारीहरू छैनन् । जिल्लाका अन्य जातिहरू अधिकांश कृषि व्यवसायमा नै लागेको पाइन्छ । कामी, दमाई, सार्की आदि जातिका मानिसहरू क्रमशः भाँडा कुँडा र कृषि औजार बनाउने, लुगा सिउने र जुत्ता सिउने जस्ता परम्परागत पेशामा लागेका हुन्छन् ।

भन्सार

यस जिल्लाको उत्तरमा चीन छोएको र ग्याला भञ्ज्याङमा नाका परेकोले मालसामान निकासी पैठारी हुने हुँदा भन्सार कार्यालय रहेको छ । यस भन्सारको नाम सिर्दिवास हो । यो भन्सार सिर्दिवास गाउँ पञ्चायत मा पर्दछ । यो ठाउँ नाका परेको ग्याला भञ्ज्याङबाट २१ कोस दक्षिणमा पर्छ । यस भन्सारले लार्के भोट र धादिङको स्यारभोट समेतको काम गर्दछ । असोजदेखि वैशाखसम्म हिउँको कारणबाट उक्त भञ्ज्याङबाट निकासी पैठारी नहुने हुनाले सो समयमा सिर्दिवासबाट नै कार्यालयले काम गर्दछ । अन्य महीनामा अर्थात् जेठ देखि भदौसम्म आवत जावत पनि हुने र निकासी पैठारी पनि चल्ने हुनाले उक्त भन्सार कार्यालयबाट गोरखाको लार्के बाबुमा र धादिङको स्यार भोटमा शाखा खोली भन्सार लिने काम गरिन्छ ।

बैंक सेवा

गोरखा जिल्लाको सदरमुकाम पोखरीथोकमा राष्ट्रिय वाणिज्य बैंकको एक शाखा कार्यालय छ । यो बैंकले यस भेकका सरकारी, अर्ध सरकारी तथा गैर सरकारी संघ, संस्था, पञ्चायत र व्यक्तिहरूको डिपोजिट राख्ने, कर्जा दिने, हुण्डी तथा मेलट्रान्स्फरको भुक्तानीको व्यवस्था गर्ने जस्ता कार्यहरू गरिआएको छ । यहाँ सुन, चाँदी धितो राखेर कर्जा लिनेहरूको संख्या ३,२०९; बैंकमा चल्ती तथा मुद्दती खाता खोली रकम जम्मा गर्नेहरूको संख्या ४००; रकम स्थानान्तरण गर्नेहरूको संख्या ७०० र रकम भुक्तानी लिनेहरूको संख्या ११,००० पुगेको छ । यो बैंकले सुन, चाँदीको अतिरिक्त लत्ता, कपडा, सरकारी तथा गैर सरकारी कागजात, गल्ला अन्नपात र केही धातुहरू धितो राखेर पनि लगानी गर्ने गरेको छ । २०३० असार मसान्तसम्म यस बैंकले गरेको कर्जा लगानी जम्मा रू. १४,८५,६०१। पुगेको थियो । वाणिज्य बैंक भएर पनि बैंकले राष्ट्र बैंकको पनि काम गरेको पाइन्छ । सरकारी मौद्रिक कारोबार तथा राजस्व सम्बन्धी काम पनि यही बैंक मार्फत् हुन्छ ।

यातायात र सञ्चार

यातायात

प्रस्तावित गोरखा–मजुवा खैरेनी मोटर बाटो तयार नभएसम्म यो जिल्लाको यातायात समस्या यथावत नै रहने छ । परम्परागत गोरेटो, घोडेटो र गल्लीहरूबाट गोरखाबासीले गाउँ, बेंसी गरेका छन् । भीर, पाखा र पहरामा पाइतलासम्म अटाउने साधनको सिर्जना गरी लार्केबासीहरू समथर भू-भागतिर झरेका छन् । नजीकैबाट पृथ्वी राजमार्ग पोखरा गएपनि यातायातको दृष्टिबाट गोरखा जिल्ला निकै पिछडिएको छ । गोरखाबाट छिमेकी जिल्लाहरूमा जाने मूल बाटो र वरपरका केही मुख्य गोरेटोहरू यसप्रकार छन्ः–

पूर्व–पश्चिम मूल बाटो

काठमाडौंबाट पोखरा जाने पुरानो मूल बाटो गोरखा जिल्ला भएर गएको छ । यो साविकको मूल बाटो आरूघाट बजारदेखि चेपेको साँगुसम्म करीब २८ किलोमिटर (नौ कोस) लामो छ । आरूघाटबाट पश्चिम लागेपछि इस्तुल खोलाको काठे पुल तरेर यो बाटो खानचोक भञ्ज्याङतिर लाग्छ । यो बीचमा पर्ने मोदी खोला कमसेकम ८० ठाउँमा तरेपछि कुवै पानी र खानचोक आइपुग्छ । त्यसपछि मसेल खोलाको तीरैतीर मसेल दोभान पुगेर दरौंदीको नयाँ साँगु तर्नु पर्छ । दरौंदी तरेपछि यो बाटो चोरकोटे, खोपलाङ, पुतलीखेत, लुइँटेल, वारपिर्के र ठाँटी पोखरी हुँदै राइनासटार नजीकै चेपेको दोभानमा पुग्छ । चेपेको पुल तरेपछि लमजुङ, तनहूँ र कास्की हुँदै यो मूल बाटो पोखरा जान्छ । पृथ्वी राजमार्ग नबनेसम्म यो बाटो ज्यादै चल्तीको थियो । छिमेकी जिल्लाहरूमा आवत-जावत गर्ने र पैदल काठमाडौं जाने सोझो र सजिलो बाटो भएकोले अझ पनि यसको महत्व छँदैछ । आरूघाट बजारमा बूढी गण्डकी माथि झोलुङ्गे पुल छ । मोदी र मसेर खोलामा पुल छैन । आरूघाट,खानचोक, खोपलाङ, लुइँटेल तथा ठाँटी पोखरीमा स-साना बजारहरू पनि छन् । वटुवालाई खाने बस्ने पसल र भट्टीहरू छन् । यो बाटोको आसपासमा ठाँटी, पाटी, पौवा र चौताराहरू प्रशस्त छन् । यिनै चौतारामा भरियाहरू थकाई मार्छन् ।

उत्तर–दक्षिण बाटो

आरूघाटबाट बूढीगण्डकीको आसपास हुँदै लार्के भञ्ज्याङ र ग्याला भञ्ज्याङ जाने पुरानो गोरेटो बाटो छ । लार्के भोट तथा नेपाल–तिब्बत सीमानासम्म जाने जिल्लाको एक मात्र यो उत्तर–दक्षिण बाटो

ज्यादै विकट छ । यो बाटोमा अठार सय खोला, आरखेत खोला, सोदी खोला, नौली खोला, मच्छे खोला, तातोपानी, हलचोक, ठाडो भञ्ज्याङ, भालू खोला, भृङ्गी खोला, ल्हो खोला र माया खोला जस्ता खोलाहरू पर्दछन् । आरूचनौटे, अरवाङ, थुमी स्वाँरा, लापु, गुम्दा, उहिया, सिर्दिवास, प्रोक तथा ल्हो पञ्चायत क्षेत्र हुँदै ग्याला जाने यो बाटोमा पुलहरूको अभाव छ । तातोपानीमा तुहिन र ठाडो भञ्याङमा झोलुङ्गे पुलको मात्र व्यवस्था छ । करीब ११२ किलोमिटर अर्थात् ३५ कोस लामो यो बाटोमा पुलहरूको कमीले गर्दा वर्षामा आवागमन ज्यादै गाह्रो छ । हिउँदको हिउँ खप्न नसकी दक्षिणतिर झरेको लार्के भोटबासीहरू वर्षायाममा हिउँ पग्लेपछि आ-आफ्नो बस्तीमा फर्कन चाहन्छन् तर वर्षाको बाढी पैरोबाट खहरेहरू समेत बढ्ने र बूढीगण्डकीले पनि डरलाग्दो रूप लिने हुँदा यिनीहरूको लेक बेंसी गर्ने प्रक्रुया ज्यादै डरलाग्दो भएको छ ।

गोरखा–सतीघाट बाटो

यो ज्यादै पुरानो र चल्तीको बाटो हो । दरौंदी र मर्स्याङदीमा झोलुङ्गे पुल तरेपछि तनहूँ जिल्लाको भन्सारटार निस्केर बन्दीपुर हुँदै नारायणगढतिर जाने यो मूल बाटो गोरखादेखि सतीघाटसम्म करीब १९ किलोमीटर अर्थात् छकोस लामो छ । बीच बाटोमा पर्ने खारखोलो तीन ठाउँमा तर्नुपर्छ । सतीघाटमा डुङ्गा पनि लाग्छ । खार खोलाबाट उत्तर–पश्चिम लाग्यो भने यो बाटो पालुङटार तथा ठाँटी पोखरी हुँदै चेपेको दोभान नजीक पुग्छ । यहाँ मर्स्याङ्दीमा डुङ्गा तरेर तनहूँ जाने बाटो छ ।

गोरखा सदरमुकामबाट पृथ्वी राजमार्ग छुने गोरेटोहरू

गोरखा सदरमुकामबाट १६ किलोमिटर अर्थात् पाँच कोस दक्षिण–पश्चिम हिंडेपछि तनहूँ जिल्लाको खैरेनी मझुवा निस्कने पुरानो गोरेटो छ । खैरेनी मझुवामा पुगेपछि पृथ्वी राज़मार्ग लाई छुने यो बाटोमा पर्ने दरौंदी र मर्स्याङ्दीमा पुल तर्नुपर्छ । त्यस्तै गोरखा सदरमुकामबाट दरौंदी, खार खोला, चुक्ती खोला र मर्स्याङ्दी हुँदै तनहूँको विमलनगर निस्कने २५ किलोमिटर (आठ कोस) लामो बाटो छ । दरौंदीमा पुल र मर्स्याङ्दीमा डुङ्गा तरेर विमलनगर जाने यो बाटो पनि निकै चल्तीको बाटो हो ।

गोरखाको सदरमुकामबाट मनकामना हुँदै दक्षिणतिर जाने १६ किलोमिटर (पाँच कोस) लामो बाटो छ । मनकामनाबाट झरेर मुङ्लिन घाट तरेपछि यो बाटोले पनि चितौन जिल्लामा पृथ्वी राजमार्गलाई छुन्छ । बीचमा पर्ने लुदी खोलामा काठेपुल र मुङ्लिनमा झोलुङ्गे पुल तर्नुपर्छ । मनकामनाको दर्शनार्थ आवत-जावत गर्ने यात्री र यस भेकका मानिसको ओहोर दोहोरले गर्दा यो बाटो निकै चल्तीको देखिन्छ । गोरखाबाट दक्षिण–पूर्व लागेर धादिङ जिल्लाको बेनी घाटमा पुगेपछि पृथ्वी राजमार्ग छुने ३२ किलोमिटर (दस कोस) लामो एउटा अर्को बाटो छ । यो पनि निकै चल्तीको बाटो हो । गोरखाबाट कुरीनघाट जाने एउटा अर्को बाटो छ । करीब १८ किलोमिटर (छ कोस) लामो यो बाटो गोरखा वरपरका मानिसले नून, तेल र अन्य सामान आयात गर्ने मुख्य बाटो हो । लुदी खोला र जुग्दी खोलामा जङ्घार तरेपछि कुरीन घाटमा तुहिन तर्नु पर्ने यो बाटोले पनि चितौन जिल्लामा पृथ्वी राजमार्ग छुन्छ । कुरीन घाटमा पुल निर्माण हुँदैछ ।

अन्य बाटोहरू

नेपाल अधिराज्यका अरू पहाडी जिल्लामा जस्तै गोरखामा पनि एक गाउँबाट अर्को गाउँ तथा गाउँ-

बाट बेसी र एक पञ्चायतबाट अर्को पञ्चायतसम्म आवत जावत गर्ने कैयौं गोरेटो, घोडेटो र गल्लीहरू छन् । कैयन् भीर, पाखा र पहराका उकाला ओराला नागेर घर माइती गर्छन् यहाँका गाउँलेहरू । कैयन् खहरे, खोला र भञ्ज्याङहरू डुलेर घाँस दाउरा खेप्छन् यहाँका गाउँलेहरू । यहाँका असजिला गल्लीहरू र गोरेटाहरू गोरखाबासीको निमित्त अभिन्न अङ्ग भइसकेका छन् ।

विमान स्थल

गोरखा जिल्लाको पालुङटारमा ४,००० फीट लम्बाइ र ४०० फीट चौडाइ भएको एक विमानस्थल छ । यो विमानस्थलबाट गोरखा जिल्ला मात्र होइन छिमेकी तनहूँ र लमजुङ जिल्ला समेत लाभान्वित भएका छन् । सदर मुकामबाट पश्चिमपट्टि मर्स्याङदीको किनारामा अवस्थित यो विमानस्थल अझै फराकिलो पार्न सकिने ठाउँ छ तापनि १९ किलोमिटर अर्थात छकोस दक्षिणपट्टि पृथ्वी राजमार्गमा बस सेवा उपलब्ध भएकोले विमान सेवाको माग दिन प्रतिदिन घटेकोले विमानस्थल बढाउन पर्ने आवश्यकता महसूस भएको छैन ।

घाटहरू

यो जिल्लामा बग्ने चेपे, दरौंदी तथा बूढीगण्डकी र सीमानामा बग्ने त्रिशूली एवं मर्स्याङदीमा कैयन घाटहरू छन् । यी घाटहरू यातायातको दृष्टिबाट त उपयोगी छँदैछन् साथै धार्मिक चाहाड पर्वमा लाग्ने मेलाहरू पनि प्रायः नदी किनाराका घाटहरूमा नै लाग्ने हुँदा सांस्कृतिक तथा धार्मिक दृष्टिबाट पनि महत्वपूर्ण छन् । गोरखा जिल्लाका केही घाटहरू यसप्रकार छन् :–

खोला घाट	मर्स्याङदी	डुङ्गा लाग्ने
चेपे घाट	मर्स्याङदी	डुङ्गा लाग्ने
कुरेनी घाट	त्रिशूली	डुङ्गा लाग्ने
चरौंदी घाट	त्रिशूली	डुङ्गा लाग्ने
बोर्लाङघाट	बूढीगण्डकी	डुङ्गा लाग्ने
वेनी घाट	त्रिशूली	डुङ्गा लाग्ने
भूमली चोक	त्रिशूली	तुहिन लाग्ने
वुङकोट घाट	बूढीगण्डकी	तुहिन लाग्ने
ज्यामिरे घाट	त्रिशूली	तुहिन लाग्ने
अरखेत घाट	बूढीगण्डकी	तुहिन लाग्ने
तातोपानी	बूढीगण्डकी	तुहिन लाग्ने
सतीघाट	मर्स्याङदी	झोलुङ्गेपुल
देउदी घाट	मर्स्याङदी	झोलुङ्गेपुल
मझुवा घाट	मर्स्याङदी	झोलुङ्गेपुल
मुङलिन घाट	त्रिशूली	झोलुङ्गेपुल
दर्मुङ घाट	बूढीगण्डकी	झोलुङ्गेपुल
ठाडो भरेङ घाट	बूढीगण्डकी	झोलुङ्गेपुल

बुर्धासिङ घाट	चेपे नदी	झोलुङ्गेपुल
पाँडे बेसी	चेपे नदी	झोलुङ्गेपुल
इस्तुल खोलो	आरूघाट	झोलुङ्गेपुल
नयाँ साँग घाट	दरौंदी	झोलुङ्गेपुल
भालू स्वाँरा	दरौंदी	झोलुङ्गेपुल
रामदी दोभान	दरौंदी	झोलुङ्गेपुल
आरूघाट	बूढीगण्डकी	झोलुङ्गेपुल

यी घाटहरूमा हिउँदताका निकै मानिसहरू ओहोर–दोहोर गर्दछन् । माथि उल्लिखित घाटहरूमध्ये ठेक्का पट्टा गरिएका केही घाटहरूको आम्दानी निम्न बमोजिम छ :–

घाट	वार्षिक आम्दानी
बोर्लाङ घाट	रू. ७००।
बुङकोट घाट	रू. ३०५।
बेनी घाट	रू. ९६५।
चरौंदी घाट	रू. ३९०।
कुरेनी घाट	रू. ४,०१०।
मझुवा घाट	रू. ६,७७५।
सती घाट	रू. ४,८३८।
जम्मा सात घाटबाट	रू. १७,९८३।

बेनी घाट, चुम खोला, कुरेनी घाट, लुदी खोला, बालुवा वारपाक, झ्याल खोला, हुँडी खोला, केराबारी तथा फाउदी दोभानमा झोलुङ्गे पुल निर्माण कार्य सञ्चालन भइरहेका छन् ।

सञ्चार

गोरखा जिल्लाको सदरमुकाममा एक आकाशवाणी केन्द्र स्थापना गरिएको छ। आर्थिक वर्ष २०२९।३० मा यो आकाशवाणी केन्द्रबाट १,६३६ खबर लिएको र १,५३८ खबर दिएको देखिन्छ । यस केन्द्रबाट गण्डकी अञ्चलका सबै जिल्लासित सम्पर्क राख्न सकिन्छ । साथै अञ्चल कार्यालय पोखरा तथा राजधानीसित पनि सोझै सम्पर्क हुन्छ । अन्यत्र सम्पर्क कायम गर्नुपर्दा काठमाडौं मार्फत् गर्नु पर्दछ ।

वि. सं. २००६ सालमा निर्माण गरिएको काठमाडौं–भैरहवा ट्रंक टेलिफोनलाइन त्रिशूली, धादिङ गोरखा, कुन्छा, पोखरा तथा पाल्पा हुँदै गएको छ। तर यो लाइन ठाउँ ठाउँमा मर्मत गर्नु पर्ने भएकोले हाल जिल्ला भित्र मात्र सीमित छ । यो लाइनबाट काठमाडौं वा पोखरामा सम्पर्क हुन सकेको छैन । यो टेलिफोनको मुख्य लाइनबाट पालुङटारको विमानस्थल र प्रमुख जिल्ला अधिकारीको कार्यालयसम्म टेलिफोनलाइन जडान गरिएको छ ।

गोरखा उपल्लाकोटमा माइक्रोवेभ (टावर) जडान कार्य प्रायः समाप्त भइसकेको छ। यहाँबाट पोखरा र काठमाडौंसँग सम्पर्क कायम छिटै हुने भएको छ।

हुलाक

गोरखा जिल्लाको विभिन्न ठाउँमा छवटा छोटी हुलाक र छवटा अतिरिक्त हुलाक गरी जम्मा १२ ठाउँमा हुलाकहरू छन्। यी हुलाकहरू रहेको पञ्चायत र स्थान तथा हुलाकको स्तर यसप्रकार छन्:–

हुलाकको नाम र किसिम	पञ्चायत	स्थान
गोरखा छोटी हुलाक	गोरखकाली	पोखरीथोक
लुइँटेल छोटी हुलाक	गाईखुर	लुइँटेल बजार
आँप पीपल छोटी हुलाक	आँप पीपल	आँप पीपल भञ्ज्याङ
भच्याक छोटी हुलाक	हंसपुर	भच्याक बजार
आरूघाट छोटी हुलाक	आरूचनौटे	आरू घाट बजार
बतासे छोटी हुलाक	ताङलीचोक	कुवापानी
वारपाक अतिरिक्त हुलाक	वारपाककोट	वारपाक
ध्याम्पेसाल अतिरिक्त हुलाक	मसेल	सानोखाञ्चोक
ताकु पालफु अतिरिक्त हुलाक	ताकुकोट	ताकु भञ्ज्याङ
बुङकोट अतिरिक्त हुलाक	बुङकोट	हरिया
मनकामना अतिरिक्त हुलाक	मनकामना	बजार
धुवाँकोट अतिरिक्त हुलाक	धुवाँकोट	भीरबास

उपर्युक्त विभिन्न हुलाकहरू मार्फत् आर्थिक वर्ष २०२९।३० मा यो जिल्लामा आएका र यहाँबाट बाहिर पठाइएका पत्रहरूको विवरण निम्नानुसार छः–

विषय	का. स.	रजिष्टर्ड	बीमा	चिठी	एरोग्राम	छापा
दर्ता चलान भएको	१४,००८	११,१५१	१९	१,४१,७३०	६,५९०	–
डेलिभरी गरेको	१३,८९५	११,४४७	२६८	२,३४,६१०	४८,४३५	१३,७०२

यसरी गोरखा जिल्लाबाट एक वर्षमा चलेको जम्मा १,७३,४९८ र यस जिल्लामा आएको जम्मा २,९४,१५७ गरी कुल ४,६७,६५५ थान चिठी पत्रहरू आवत जावत भएको देखिन्छ। यो जिल्लाको जिल्लास्तरीय कार्यालयहरू भएको ठाउँ पोखरीथोक क्षेत्रमा बढी संख्यामा चिठीपत्र आउने जाने देखिन्छ। त्यसपछि उत्तरी भेकका गुरुङ बस्तीहरू बाक्लो भएको पञ्चायत क्षेत्रमा धेरै चिठी पत्र आवत-जावत हुन्छ। यी गुरुङ जातिहरू देश विदेशको सैनिक सेवा तथा अन्य पेशामा निकै लाग्ने हुँदा गोरखा जिल्लामा गुरुङहरूको चिठी पत्र अत्यधिक आएको र गएको पाइन्छ।

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

साक्षरताको क्षेत्रमा गण्डकी अञ्चलको स्थान उत्साहबर्धक मानिएको छ तर यो अञ्चलमा पर्ने सात जिल्लाको शैक्षिक गतिविधिलाई तुलनात्मक दृष्टिले हेर्दा गोरखाकोस्थिति सन्तोषप्रद छैन । यहाँको साक्षरता प्रतिशत कास्की जिल्लाको साक्षरताभन्दा १३.१ प्रतिशत कम छ र मनाङकोभन्दा ६.९ प्रतिशत मात्र माथि छ । अतः गण्डकी अञ्चलका सात जिल्लाहरूमा गोरखाको स्थान छैठौं हुन आउँछ । जिल्लाको मध्य एवं दक्षिणी भागमा शैक्षिक गतिविधि प्रशस्त देखिन्छ तर उत्तरी भागमा अवस्थित कैयन् गाउँ बेंसी र बस्तीहरू ज्यादै पिछडिएकोले यहाँको साक्षरताको प्रतिशत यसरी घट्न गएको हुनसक्छ तर गोरखा जस्तै लेक, बेंसी र हिमाली पाखाहरूले बनेको छिमेकी जिल्ला धादिङको ५.२ प्रतिशत साक्षरताको तुलनामा भने यसको ११.६ प्रतिशत साक्षरता प्रशंसनीय मान्नुपर्दछ ।

यो जिल्लामा छ वर्षभन्दा माथि उमेर भएका मानिसहरूको संख्या जम्मा १,४७,७५९ छ । यसमध्ये ७३,८५० जना पुरुष र ७३,९०९ जना महिला छन् । यो जनसंख्यामा पुरुष १५,३७२ अर्थात् २०.८ प्रतिशत र महिला १,७६० अर्थात् २.४ प्रतिशत गरी जम्मा १७,१३२ जना (अर्थात कुल जनसंख्याको ११.६ प्रतिशत) साक्षर छन् अथवा गोरखा जिल्लामा पुरुष र महिला गरी जम्मा १,३०,६२७ जना अर्थात् ८८.४ प्रतिशत जनता निरक्षर छन् । पाँच वर्षभन्दा माथिको उमेर समूहमा पर्ने १७,१३२ साक्षर जनसंख्यालाई विभिन्न उमेरमा विभाजन गरी हेर्दा त्यसको रूपरेखा निम्नानुसार देखिन आउँछः–

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६ – ९	९,४५०	१,४०९	१४.९	९,१९३	३४९	३.८	१८,६४३	१,७५८	९.४
१० – १४	११,४६०	३,६४८	३१.८	१०,२०३	६०६	५.९	२१,६६३	४,२५४	१९.६
१५ – १९	९,४५०	२,९८८	३१.६	८,८८४	३५७	४.०	१८,३३४	३,३४५	१८.२
२० – २४	६,९९१	१,९१५	२७.४	७,३०४	१६८	२.३	१४,२९५	२,०८३	१४.६
२५ – २९	६,०८१	१,२५९	२०.७	६,७५९	८४	१.२	१२,८४०	१,३४३	१०.५
३० – ३४	५,३११	९५२	१७.९	५,९७०	५५	.९	११,२८१	१,००७	८.९
३५ – ३९	५,३१५	७८१	१४.७	५,४८०	४६	.९	१०,७९५	८२७	७.७
४० – ४४	४,५५८	६१०	१३.४	४,८८९	२२	.४	९,४४७	६३२	६.७
४५ – ५४	७,००३	९७४	१३.९	६,८२६	३४	.५	१३,८२९	१,००८	७.३
५५ – ६४	४,६७९	५०४	१०.८	४,८४५	२२	.५	९,५२४	५२६	५.५
६५ माथि	३,५५२	३३२	९.३	३,५५६	१७	.५	७,१०८	३४९	४.९
जम्मा	७३,८५०	१५,३७२	२०.८	७३,९०९	१,७६०	२.४	१,४७,७५९	१७,१३२	११.६

यो तालिका अनुसार छदेखि नौ वर्षको उमेर समूहमा पर्ने ९.४ प्रतिशत मात्र केटाकेटी साक्षर भएको र १० देखि १४ वर्षको उमेर समूहमा सबैभन्दा धेरै अर्थात् १९.६ प्रतिशत साक्षर रहेको देखिन्छ। १५ वर्षभन्दा माथिको उमेर समूहमा साक्षरताको प्रतिशत क्रमशः कम हुँदै गएको पाइन्छ। छ वर्षदेखि १४ वर्षको उमेर भित्र पर्ने केटीहरूमा साक्षरताको प्रतिशत उत्साहप्रद नै मान्नुपर्दछ। त्यसपछि यो प्रतिशत पनि घट्तै जान्छ तापनि २४ वर्षसम्मका महिलाहरूको साक्षर संख्या त्यति निराशपूर्ण छैन। यसबाट के अनुमान गर्न सकिन्छ भने देशमा प्रजातन्त्रको प्रादुर्भाव भएपछि महिला जगत्‌मा पनि लेखपढ गर्ने जागृति आएको देखिन्छ।

गोरखा जिल्लामा छ वर्षदेखि नौ वर्षसम्मका बालक बालिकाहरूको संख्या १८,६४३ छ। तर यसमध्ये १,७५८ मात्र साक्षर छन्। यसबाट के देखिन्छ भने शिक्षोपार्जनको लागि विद्यालयमा जानुकोसट्टा केटाकेटीहरू गोठालो जान्छन् र प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट आर्थिक गतिविधिमा भाग लिन्छन्। आर्थिक वर्ष २०२९।३० मा साक्षरता अभियानको सिलसिलामा ७५ कक्षाहरू खोली सञ्चालन गरिएको थियो। नेपाल महिला संगठनबाट पनि २२ कक्षाहरू सञ्चालन भएका थिए।

यो जिल्लाका ६३ वटा गाउँ पञ्चायतमा विभिन्न स्तरका १५५ वटा शिक्षण संस्थाहरू सञ्चालन भइरहेका छन्। यो संख्यामध्ये सातवटा माध्यमिक विद्यालय, १६ वटा निम्न माध्यमिक विद्यालय र १३२ वटा प्राथमिक विद्यायल छन्। उपर्युक्त सातवटा माध्यमिक विद्यालयहरू रहेका स्थान र तिनीहरूमा अध्ययन गर्ने छात्रछात्राहरू तथा पढाउने शिक्षक शिक्षिकाहरूको संख्या यसप्रकार छः–

विद्यालय	पञ्चायत	माध्यमिक शिक्षक संख्या	माध्यमिक छात्रछात्रा संख्या
अमर ज्योति विद्यालय	पालुङटार	७	९६
विजय भवानी विद्यालय	मर्कैसिङ	५	४९
मण्डली माध्यमिक विद्यालय	छोप्राक	६	५०
परोपकार आदर्श विद्यालय	जौबारी	५	५९
शक्ति विद्यालय, पाटेचौर	रानीस्वाँरा	८	२५७
लक्ष्मी हाई स्कूल	गाईखुर	६	१०६
भीमोदय हाई स्कूल	आरूचनौटे	७	७१
	जम्मा	४४	६८८

प्राथमिकदेखि माध्यमिकसम्मका विभिन्न तहमा २०३१ असार मसान्तमा अध्यन गर्ने छात्र छात्राको छुट्टा छुट्टै संख्या र तिनीहरूमा पढाउने शिक्षक शिक्षकहरूको विवरण यसप्रकार छः–

स्तर	छात्र	छात्रा	जम्मा	शिक्षक	शिक्षिका	जम्मा
माध्यमिक	६५२	३६	६८८	४०	४	४४
निम्न माध्यमिक	१,८३४	२४७	२,०८१	७२	३	७५
प्राथमिक	६,३०८	९८६	७,२९४	४११	१५	४२६

गोरखा जिल्लामा २०३० सालदेखि नयाँ शिक्षा योजना लागू भइसकेको छ । जिल्ला शिक्षा समितिको सरसल्लाह लिई जिल्ला शिक्षा अधिकारी कार्यालयबाट यहाँका शिक्षण संस्थाहरूको प्रशासनिक व्यवस्था हुन्छ । यहाँ शिक्षकलाई तालीम दिने कुनै संस्था छैन तर पोखरा स्थित शिक्षक तालीम संस्थानबाट यो व्यवस्था मिलाइएको छ । यो जिल्लाका शिक्षण संस्थामा काम गर्ने शिक्षकहरूले श्री ५ को सरकारको सम्बन्धित नियमानुसार तलब, भत्ता र अन्य सहूलियतहरू पाउँछन् । आर्थिक वर्ष २०२९।३० मा यहाँको शिक्षा प्रचार प्रसारको लागि श्री ५ को सरकारबाट रू. २,६५,९२३। प्राप्त भएको थियो । यसको अतिरिक्त स्थानीय जनताबाट नगद र जिन्सी गरी करीब ३,९२,०५६। रकम शिक्षा विकासमा खर्च गरिएको थियो । जिल्लाबासीहरूको आर्थिक स्थिति त्यति राम्रो नभएकोले शिक्षाको लागि स्थानीय अनुदान कम हुन सक्ने देखिन्छ ।

वि. सं. २०२८ सालमा श्री ५ को सरकार तथ्याङ्क विभागबाट लिइएको जनगणनाअनुसार देखिने छ वर्षभन्दा माथि उमेर भएको १,४७,७५९ जनसंख्या मध्ये १,३९,१६६ ले कुनै पनि तहको शिक्षण संस्थामा प्रवेश नै नगरेको देखिन्छ । बाँकी संख्या मध्ये ६,४२२ ले प्राथमिक तहमा, १,४२० ले निम्न माध्यमिक तहमा, ६२८ ले माध्यमिक तहमा र इण्टरमिडियट, स्नातक तथा स्नातकोत्तर तहमा क्रमशः ८६; ३१ र ६ जनाले प्रवेश गरेको पाइन्छ । प्राथमिक शिक्षाको तहमा प्रवेश गर्नेहरूको संख्या उल्लेखनीय नै मान्नु पर्दछ । तर माध्यमिक र उच्च शिक्षाको तहमा पुग्दा यो संख्या निकै कम भएकोबाट के प्रष्ट हुन्छ भने शिक्षामा अभिरुचि लिएर प्राथमिक विद्यालयमा प्रवेश गर्ने केटाकेटीहरूले पनि आर्थिक एवं अन्य समस्याहरूको कारणबाट अगाडि बढ्न पाएका छैनन् । उपर्युक्त तथ्याङ्कको अर्को एक तालिकाबाट के पनि देखिन्छ भने प्राथमिक तहमा ३,०६९; निम्न माध्यमिकतहमा ६१०; माध्यमिक तहमा ६२६ र इण्टरमिडियट,स्नातक तथास्नातकोत्तर तहमा क्रमशः ६३; ६३ तथा ५जनाले मात्र शिक्षा पूरा गरेको पाइन्छ। अन्ततः माथिका विभिन्न तथ्याङ्कहरूबाट के प्रष्ट हुन आउँछ भने गोरखा जिल्लामा वाञ्छित मात्रामा शिक्षा विकास भइसकेको छैन तापनि यहाँको शैक्षिक गतिविधि निराशापूर्ण छैन ।

स्वास्थ्य

गोरखा जिल्लाको सदरमुकाम पोखरीथोकमा १५ शय्या भएको एक अस्पताल छ । यो अस्पतालमा तीन जना चिकित्सक,एक जना स्वास्थ्य परिचारिका तथा नौ जना स्वास्थ्य सहयोगीहरूको दरबन्दी छ। यातायातको कठिनाइले गर्दा यो अस्पतालमा आउने बिरामीहरूको संख्या निकै कम छ । आँप पीपल भञ्ज्याङमा मिशन अस्पताल भएकोले त्यस भेकका मानिसहरू सोही अस्पतालमा उपचार गर्ने, दक्षिण भेकका मानिसहरूलाई पृथ्वी राजमार्ग भएर बन्दीपुर वा पोखरा गई उपचार गराउन सजिलो पर्ने हुँदा पनि गोरखा अस्पतालमा बिरामीको संख्या कम भएको हुन सक्छ । आर्थिक वर्ष २०२९।३० मा ६,५९५ पुरुष, ३,१४२ महिला र २,७३९ शिशु समेत गरी जम्मा १२,४७६ बिरामीलाई सेवा उपलब्ध गराइएको थियो ।

पोखरीथोकको सरकारी अस्पताल र आँप पीपलको मिशन अस्पतालको अतिरिक्त यस जिल्लाका विभिन्न स्थानमा जम्मा सातवटा स्वास्थ्य चौकी र तीनवटा औषधालयहरू रहेका छन् । यी स्वास्थ्य चौकी तथा औषधालय रहेको स्थान र यिनीहरूबाट सेवा पुऱ्याएको बिरामीहरूको संख्या निम्नानुसार देखिन्छः—

नाम	गाउँ पञ्चायत	बिरामी संख्या
जौबारी स्वास्थ्य चौकी	जौबारी	७,०३५ जना (एक वर्षको)
खानचोक चौकी	मसेल	नयाँ खुलेको
धुवाँकोट चौकी	धुवाँकोट	३४० जना (एक महीनाको)
लार्के चौकी	प्रोक	–
मर्कैसिङ चौकी	मर्कैसिङ	१,१५७ जना (एक महीनाको)
आरूचनौटे चौकी	आरूघाट चनौटे	–
गुम्दा चौकी	गुम्दा	–
जिल्ला प्रमुख औषधालय	पालुङटार	५,३०८ जना (एक वर्षको)
मनकामना औषधालय	मनकामना	५,२४६ जना (एक वर्षको)
दर्मुङ फुजेल औषधालय	फुजेल	५,७७६ जना (एक वर्षको)

गोरखा जिल्लामा उल्लेखनीय नौलो रोग केही छैन। खासगरेर पौष्टिक आहारको कमी र पानीको खराबीबाट हुने रोगहरू नै ज्यादा देखिन्छन्। धामी झाँक्रीद्वारा फुकफाक गरेर उपचार गर्न खोज्ने परम्परागत अन्धविश्वास यो जिल्लाका केही गाउँहरूमा अझै पनि पाइन्छ। खासगरेर खरानी मन्तर गरी खाने, कुचोले झारफुक गर्ने, देवदेवीको भाकल गरी बलि चढाउने र ज्यूमा द्यौता प्रवेश गराएर झाँक्री बस्ने तथा खली खेल्ने जस्ता प्रचलनहरू प्रयोगमा ल्याएको देखिन्छ। यस किसिमबाट उपचार गर्न प्रयास गर्नेहरूलाई धामी, झाँक्री, लामा, वैद्य, जैसी, जान्ने आदि भन्दछन्।

यस जिल्लामा २०२६ सालमा परिवार नियोजन तथा मातृ शिशु कल्याण केन्द्रको स्थापना भएको थियो तत्पश्चात् यो कार्यालयले जिल्लाबासीहरूलाई परिवार नियोजनको महत्व बोध गराउँदै आएको छ।

गोरखा जिल्लाका ६३ गाउँ पञ्चायतमध्ये ५३ पञ्चायतहरूमा औलो उन्मूलन संघको कार्य क्षेत्र बनेको छ। यी पञ्चायत क्षेत्रमा १,११८ गाउँका १९,३६९ घरमा बस्ने १,१०,५९६ जनताहरूले औलो उन्मूलन सम्बन्धी मासिक सेवा पाइरहेका छन्। यो सेवाको सिलसिलामा प्रत्येक महीना ज्वरको रोगीहरूको रगत जाँच गरी औषधोपचार गरिन्छ। आर्थिक वर्ष २०२९।०३० मा २६,६७३ जना रोगीहरूलाई ५४,५०० चक्की क्लोरोकुइन र ३०० चक्की प्रिमाकुइन वितरण गरिएको थियो। औलो उन्मूलन नभइसकेको क्षेत्रमा चैत-वैशाख ताका डी. डी. टी. छर्ने काम गरिन्छ। यो औलो उन्मूलन कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट यहाँका जनतामा राम्रो असर परेको छ। औलो र गर्मीको डरले वर्षौं देखि उपेक्षित बेंसी र टारहरू आवाद हुन थालेका छन्। यसबाट जिल्लाको कृषि उत्पादन वृद्धि गर्ने तर्फ मद्दत पुगेको छ।

वि. सं. २०२७ सालमा गोरखामा बिफर उन्मूलन कार्यको लागि जिल्ला स्तरीय कार्यालय स्थापना भएको थियो। त्यसपछि यहाँ बिफर विरुद्ध खोप लिनु पर्ने र यसको लागि जनता सक्रिय हुनु पर्ने कुराको जिल्लामा व्यापक प्रचार गरियो। २०३० सालमा १०,७१३ प्रथम खोप र ५७,७४८ पुनः खोप गरी जम्मा ६८,४६१ खोपहरू गरिएको थियो। जिल्लाको कुल जनसंख्याको अनुपातमा यहाँका करीब ३८ प्रतिशत जनता बिफर उन्मूलन कार्यबाट लाभान्वित भएका छन्। प्रारम्भदेखि अहिलेसम्म बिफर बिरुद्ध २,७७,४७१ खोपहरू गरिएको कुरा सम्बन्धित कार्यालयका जिल्ला अभिलेखबाट देखिन्छ। गोरखाबासीहरूले यस कार्यक्रमप्रति ज्यादै चाख लिएका छन्।

उपर्युक्त स्वास्थ्य संस्था र कार्यक्रमको अतिरिक्त गोरखा जिल्लाको आँपपीपल भञ्ज्याङमा १५ शय्याको एक अस्पताल र यस अन्तर्गत केही क्लिनिकहरू छन्। यो संस्थाले पनि यस भेकमा जनतालाई सन्तोषजनक सेवा दिंदै आएको छ।

खानेपानी

अन्य पहाडी जिल्लामा जस्तै गोरखामा पनि खानेपानीको मुख्य स्रोतहरू खोला, खोल्सा, ढुङ्गे, पँदेरा कुवा र पोखरी नै हुन्। डाँडाको थली र भञ्ज्याङमा बस्नेहरूको लागि दुई–तीन घण्टा तल फेदीबाट पानी खेपेर खानु पर्ने समस्या गोरखा र यसको छिमेकी जिल्लाहरूको साझा समस्या हो तर अहिले जिल्ला पञ्चायत, गाउँ पञ्चायत, स्थानीय जनश्रम र स्थानीय विकास विभागको सहयोगबाट यो जिल्लाको केही स्थानहरूमा खाने पानीको राम्रो व्यवस्था भइसकेको छ। चालू भइसकेका केही खाने पानी योजनाहरू यसप्रकार छन्ः–

पञ्चायत वा स्थान	धारा संख्या	लाभान्वित जनसंख्या
आँपपीपल	२	३००
गोरखकाली	१	१,२००
बुङकोट	५	१,१००
मर्केसिङ	४	४००
देउराली	१	२००
हर्मी	१	१००
सौरपानी	१	५००
ध्यालचोक	१	२००
छोप्राक	१	२००
तौलीचोक	१	१,५००
गाँखु	१	२००
धुवाँकोट	१	१,०००

प्रशासन र पञ्चायत

प्रशासन

आजभन्दा करीब चारसय वर्ष पहिलेसम्म मुख्य गोरखाकोट र यसको आसपासको क्षेत्र खड्का राजाहरूद्वारा प्रशासित थियो । लिगलिंगमा घले राजाहरू प्रशासन गर्दथे र अन्य केही कोटहरूमा पनि स्थानीय राजाहरू थिए । त्यसपछि यी खड्का, घले र अन्य स-साना कोटहरू विजय गरी द्रव्य शाहले यहाँको राज्य व्यवस्था र दैनिक प्रशासन चलाउन थाले । रामशाहको पालामा गोरखा राज्यको सामाजिक, राजनीतिक, न्यायिक एवं आर्थिक क्षेत्रमा प्रशस्त प्रशासनिक सुधारहरू भए । पृथ्वीनारायण शाहले विशाल नेपालको सिर्जना गरी काठमाडौं उपत्यकामा देशको राजधानी कायम गरेपछि यो गोरखा जिल्लाको प्रशासनिक व्यवस्था पश्चिम दुई नम्बर गोश्वारा मार्फत हुन थाल्यो । पछि यहाँ बडाहाकिम रहने व्यवस्था भयो । पञ्चायती व्यवस्थाको सूत्रपात भएपछि नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरियो । तत्पश्चात गण्डकी अञ्चलाधीश कार्यालय पोखराको मातहतमा रही प्रमुख जिल्ला अधिकारी मार्फत यो जिल्लाको प्रशासकीय व्यवस्था भएको छ । अञ्चल र जिल्ला विभाजन भएपछि जम्मा ३६ वटा पुराना कोट र थुमहरू यो गोरखा जिल्लामा परेका छन् । यी कोट र थुमहरू निम्नानुसार छन् :—

१. पोखरी थोक
२. बराह थोक
३. छीपथोक
४. मैदान
५. राना थोक
६. गुवाथोक
७. हटिया थोक
८. पीपल थोक
९. पदैल थोक
१०. कान्तै स्वाँरा
११. रानीस्वाँरा
१२. भोगटेनी
१३. मसेल
१४. बगुवा
१५ खानचोक
१६. बुङकोट
१७. गुरुङथोक
१८. घेरुङ
१९. अजिर कोट
२०. स्यारताङ
२१. अपुन
२२. छोप्राक
२३. खोपलाङ
२४. विरिंचोक (सात)

२५. कुन्दुर (सात घर)
२६. लामगरा
२७. मिरकोट
२८. धुवाँकोट
२९. हर्मी
३०. तान्द्राङ
३१. दरभूङकोट
३२. वोर्लाङकोट
३३. अश्राङकोट
३४. आरूकोट
३५. लिगलिग कोट
३६. लकाङकालीकोट

गोरखा जिल्लाको सदरमुकाम गोरखकालीको नजीक दक्षिणपट्टि पाखामा अवस्थित पोखरीथोकमा रहेको छ। जिल्लास्तरीय धेरैंजसो सरकारी एवं अर्ध-सरकारी कार्यालयहरू यही थोकमा रहेकाछन्। यी कार्यालयहरूको फेहरिस्त यसप्रकार छ :–

कार्यालयको नाम	कार्यालय रहेको गाउँ पञ्चायत स्थान
प्रमुख जिल्ला अधिकारीको कार्यालय, गोरखा	गोरखकाली गाउँ पञ्चायत अन्तर्गत पोखरीथोक
जिल्ला कृषि विकास कार्यालय, गोरखा	,, ,,
जिल्ला अदालत	,, ,,
जिल्ला प्रहरी ईन्स्पेक्टर कार्यालय	,, ,,
जिल्ला भूमिसुधार कार्यालय	,, ,,
गोरखा माल कार्यालय	,, ,,
जिल्ला शिक्षा कार्यालय	,, ,,
गोरखा अस्पताल	रानीस्वाँरा गाउँ पञ्चायत पाटेचौर
नेपाल परिवार नियोजन तथा मातृशिशु कल्याण योजना जिल्ला कार्यालय	,, ,,
विफर उन्मूलन कार्यालय	,, ,,
प्राविधिक शाखा	,, ,,
सरकारी वकील शाखा	गोरखकाली गाउँ पञ्चायत पोखरीथोक
सहकारी कार्यालय	,, ,,
औलो उन्मूलन संघ	,, ,,
गोरखा कारागार कार्यालय	,, ,,
गोरखा निर्वाचन आयोग जिल्ला शाखा	,, ,,
तथ्याङ्क सङ्कलन कार्यालय	,, ,,
जिल्ला पञ्चायत कार्यालय गोरखा	,, ,,
राष्ट्रिय वाणिज्य बैंक गोरखा	,, ,,
कृषि विकास बैंक गोरखा शाखा	,, ,,
टेलिफोन कुन्छा फाँट	,, ,,
टेलिफोन कार्यालय	,, ,,
आकाशवाणी स्याटेलाइट	,, ,,
नेपाल वायु सेवा निगम कार्यालय	,, ,,
	पालुङटार गाउँ पञ्चायत ठाटीपोखरी

प्रहरी

गण्डकी अञ्चल एस.पी. कार्यालय अन्तर्गत गोरखा जिल्ला प्रहरीको संगठन भएको छ । पोखरीथोकमा अवस्थित प्रहरी निरीक्षक कार्यालयको मातहतमा यहाँ प्रहरी थाना, चौकी र चेकपोष्टहरू सञ्चालन भएका छन् ।

यी थाना, चौकी र चेकपोष्टको अतिरिक्त शान्ति सुरक्षाको दृष्टिले आवश्यक देखिएको सिर्दिबास, खैरेनी मुझुवा आदि स्थानमा अस्थायी चौकीको व्यवस्था गरिएको छ ।

कारागार

जिल्लाको सदरमुकाम पोखरीथोकमा एक कारागार छ । यो कारागार भवन ज्यादै पुरानो भइसकेको छ । कारागारभित्र कैदीहरूलाई कुटीर उद्योग व्यवसाय सम्बन्धी कुनै काम सिकाउने व्यवस्था छैन तापनि केही कैदीहरू आफ्नै निजी प्रयासबाट डोको, चित्रो, डालो आदि बुन्ने काम गर्दछन् ।

सरकारी वकील

सरकारी वकील सम्बन्धी नियम २०२८ को व्यवस्था अनुसार यहाँ राजपत्र अनंकित प्रथम श्रेणी तहको वकीलको दरबन्दी छ । जिल्लामा भइपरिआउने सरकारवादी मुद्दाहरू कानूनी कारवाहीको लागि अगाडि बढाउन र कानूनी सरसल्लाह दिन यो वकीलको मुख्य काम हो । २०२७।२८,२०२८।२९,२०२९।३०मा २३, २५ र १९ गरी जम्मा ६७ मुद्दाहरू सरकारी वकीलले हेर्नु परेको कुरा त्यस सन्बन्धी अभिलेखबाट देखिन्छ ।

जिल्ला अदालत

मुद्दा कारवाही र किनारा गर्न यहाँ एक जिल्ला अदालतको व्यवस्था छ । यो अदालतमा विभिन्न प्रकृतिका मुद्दाहरू पर्दछन् र कानून अनुसार किनारा गरिन्छ ।

आर्थिक वर्ष २०२७।२८ देखि २०२९।३० सम्ममा विभिन्न किसिमका जम्मा १,९०३ मुद्दाहरू परेको र जम्मा १,१९२ फछ्र्यौट भएको देखिन्छ । फछ्र्यौट भएका मुद्दाहरू ज्यादा त जाहेरी, तजवीज, मिलापत्र, डिसमिस, खारेजी, सरूवा, एक तर्फी र तामेली आदि शीर्षक अन्तर्गत गरिएको पाइन्छ ।

पञ्चायत

गोरखा जिल्लाको जिल्ला पञ्चायत कार्यालय पोखरीथोकमा रहेकोछ । यो जिल्लामा जम्मा ६३ वटा गाउँ पञ्चायतहरू छन् । गोरखाबासीहरूको आर्थिक स्थिति त्यति राम्रो नभएकोले यहाँका पञ्चायतहरूको कोषमा पनि उल्लेखनीय आय नहुनु स्वाभाविकै हो । स्थानीय स्रोतबाट हुने पञ्चायतहरूको आय वार्षिक सालाखाला रू. ४५५। देखिन्छ । २०३० सालको अभिलेख हेर्दा सबैभन्दा बढी अर्थात् रू. १,३८१। आम्दानी गर्ने पञ्चायत पालुङटार हो र सबैभन्दा कम अर्थात् रू. १४९। आम्दानी गर्ने पञ्चायत पन्द्रुङ हो । यहाँको जिल्ला पञ्चायत कोषमा सालाखाला वार्षिक रू. ३३,०००। हुन्छ तर आर्थिक वर्ष २०२९।३० मा यहाँ जिल्ला सभा कोषमा रू. २९,१६७। मात्र जम्मा हुनसकेको थियो । जिल्ला पञ्चायतको आय स्रोत धुरीकर, घर कर, रेडियो

अनुमति पत्र, टिकट दस्तूर, टेण्डर फाराम विक्री, घाट कर, माछा ठेक्का आदि हुन् । गाउँ पञ्चायतका आयस्रोतहरूमा मुख्यतः टिकट दस्तूर, व्यवसाय कर, मिलापत्र दस्तूर, दाउरा कर, हाट बजार कर इत्यादि हुन् । जिल्ला पञ्चायत र गाउँ पञ्चायतहरूले भइपरिआउने स्थानीय कामहरूको साथसाथै स-साना विकास कार्यहरूमा समेत सहयोग गर्दै आएको पाइन्छ ।

यो जिल्लामा युवक संगठन, महिला संगठन, किसान संगठन र भूतपूर्व सैनिक संगठनहरू छन् । यी संगठनहरूको प्रारम्भिक समिति एवं सदस्य संख्या यसप्रकार छन्ः–

संगठन	प्रारम्भिक समिति	सदस्य संख्या
नेपाल युवक संगठन	१३	१४३
नेपाल महिला संगठन	१४	१५४
नेपाल किसान संगठन	१९	२०९
नेपाल भूतपूर्व सैनिक संगठन	११	१२९

उपसंहार

गोरखा जिल्लामा हालसम्म भएका र हुनलागेका साना-ठूला विकास कार्यहरू माथि विभिन्न शीर्षक अन्तर्गत केही चर्चा गरिएको छ। यहाँ जिल्लाको भावी विकास कार्यक्रमको तर्जुमा गर्न सम्भाव्य देखिएका कुराहरू मात्र औंल्याउने प्रयास भएको छ। गोरखाको विकास सम्बन्धी कुरा हुँदा प्रथमतः यहाँको खाद्यान्न न्यूनता र फराकिला टारहरूको सम्झना हुन्छ। टारको आसपासमा सततः बगिरहेका खोलाहरू अर्थात् खोलाको वरपर वर्षौंदेखि बाँझो परेका टारहरूलाई हेर्दा यो जिल्लामा विद्यमान खाद्यान्नको न्यूतना अस्थायी प्रकृतिको हो भन्न करै लाग्छ। अतः चेपे, दरौंदी, खारखोला, चिलाउने खोला, ईस्तुल खोला, तालखोला र लुदी खोलाबाट नहर ल्याएर पालुङटार, छेपेटार, उल्टेटार, क्यामुनटार, मजुवाटार आदि टारहरूमा करीब ५,००० हेक्टर (एक लाख रोपनी) जमीन सिचाइ हुनसक्ने देखिन्छ। यो जिल्लाको एक हेक्टर जमीनमा करीब दुई मेट्रिक टन खाद्यान्न उत्पादन हुन्छ। यस हिसाबबाट नयाँ सिचाइ हुने ५,००० हेक्टरमा १०,००० मेट्रिक टन उत्पादन भई गोरखाको वार्षिक सालाखाला ६,००० मेट्रिक टन खाद्यान्न न्यूनता पूरा हुन जानेछ।

मनासुलु, हिमालचुली, बौद्ध हिमाल तथा शृङ्गी हिमालका मनमोहक हिमाली शृङ्खला र लेक एवं बूढीगण्डकी र मर्स्याङ्दीले परिवेष्टित यो गोरखा जिल्लाले सबैको दृष्टि छुन्छ। पूरातात्विक महत्वका पुराना दरबार, कोट र देवालयहरू बोकेर महाभारतको उत्तरी खोंचदेखि लार्के भोटसम्म फैलिएको विशाल नेपालको स्रष्टा यो गोरखा जिल्लालाई नजीकबाट हेर्ने सबैको रहर हुन्छ। अतः गोरखालाई पृथ्वी राजमार्गमा जोडेर यस भेकका नेपाली भट्टीहरूको केही आधुनिकीकरण गरेमा यो जिल्लामा पर्यटन उद्योगको विकास र विस्तार हुने सम्भावना छ।

गोरखाको उत्तर भेकमा पर्ने खरीबोट, सिमजुङ, वापारक, लाप्राक, गुम्दा तथा उहिया पञ्चायत क्षेत्रका बहुसंख्यक बासिन्दाहरूको मुख्य पेशा नै भेडापालन भएको छ तसर्थ यहाँका मानिसहरूलाई पशुपालन सम्बन्धी आधुनिक तरीका सिकाएर, आवश्यक ऋण उपलब्ध गराएर उन्नत जातका पशुहरू पालन गर्न लगाएर, पशु चिकित्सालय स्थापना गरी औषधोपचारको सुविधा दिएर यो जिल्लामा भेडा तथा अन्य पशु पालनको विकास गर्न सकिन्छ। यस किसिमको पशु-पालन कार्य साझा पद्धतिमा आधारित भएमा कम खर्चिलो र बढी लाभप्रद हुने देखिन्छ।

जमीनको बनोट, यहाँको हावापानी, माटो तथा उचाइको विभिन्नतालाई हेर्दा गोरखा जिल्लामा ट्रपिकल, सब-ट्रपिकल र लेकाली फलफूल हुन सक्ने क्षेत्रहरू पाइन्छन्। आरूचनौटे, पालुङटार, छेपेटार, गाई-

खुर र क्यामुनाटारमा प्रशस्त आँप फलेको देखिन्छ । त्यस्तै कतिपय बेंसीहरूमा रूखकटहर तथा लुइँटेल क्षेत्रमा निकै भूइँकटहर, केरा र मेवा खेती हुन्छ । केही अग्लो भागमा सुन्तला, कागती, स्याउ तथा नासपाती हुनसक्छ । हाल यहाँको फलफूल खेती संगठित तरीकाबाट गरिएको छैन र विभिन्न प्रकारका रोग र कीटाणुबाट नोक्सान भएको पाइन्छ । अतः उन्नत जातका बोट बिरुवा रोपेर, कीटाणुनासक औषधि प्रयोग गरी संगठित रूपमा फलफूल खेती गर्ने प्रयास भएमा गोरखा जिल्लामा यसको विकास हुन सक्छ । यो जिल्लामा राडी, पाखी, गलैंचा, घरबुना बुन्ने जस्ता उनी सूती उद्योग, डोका, डाला, भकारी, स्याखु बुन्ने जस्ता वेत बाँस उद्योग र नेपाली कागज बनाउने, मौरी पाल्ने आदि स-साना घरेलु उद्योगहरू सञ्चालन गरी अत्यधिक कृषिमा निर्भर भएको जनतालाई उद्योग व्यवसाय तर्फ केही मात्रामा भएपनि पेशानान्तरण गर्नसकिने सम्भावना छ । गोरखा जस्तो स्थानीय स्रोतहरू छरिएर रहेको पहाडी जिल्लामा स-साना उद्योग व्यवसाय, पशुपालन तथा फलफूल खेती विकासको लागि गरिने प्रयासहरू घरेलु विभाग, कृषि विकास बैंक तथा साझा संस्थाहरूको संयुक्त प्रयासबाट हुन युक्तिसंगत देखिन्छ ।

मनाङ

विषय–सूची

परिचय ११७
प्राकृतिक स्वरूप र सम्पदा ११९
ऐतिहासिक पृष्ठभूमि १२७
प्रमुख स्थानहरू १३०
जनसंख्या र जनजीवन १३४
आर्थिक व्यवस्था १४०
यातायात र सञ्चार १५०
शिक्षा, स्वास्थ्य तथा खानेपानी १५४
प्रशासन र पञ्चायत १५९
उपसंहार १६३

परिचय

अन्नपूर्ण, लमजुङ, मनासुलु आदि प्रसिद्ध हिमाली टाकुराहरूको उत्तरमा स्थित मनाङ जिल्ला पहिले मनाङ भोटको रूपमा प्रख्यात थियो। पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चलको उत्तरी हिमाली क्षेत्रको रूपमा अवस्थित मनाङ जिल्ला अति दुर्गम तथा अविकसित मानिन्छ।

तिब्बती क्षेत्रसँगै जोडिएको हुनाले मनाङ जिल्लामा तिब्बती संस्कारले धेरै प्रभाव पारेको छ। जिल्लाको नामकरणले पनि तिब्बती संस्कृतिसितको सम्बन्धलाई संकेत गर्दछ। यस जिल्लाको नाम जिल्लाभित्रको सबभन्दा ठूलो गाउँ मनाङबाट लिइएको छ। तिब्बती शब्द "म्हनाङ" को अपभ्रंश भई आएको मनाङ शब्दको अर्थ "सहायता देउ" अर्थात् तिब्बती भाषामा "म्ह" माने सहायता "नाङ" को माने देउ भन्ने जनाउँछ। यस शब्दबाट वर्तमान अवस्थालाई पनि पुष्टि गरेको बुझिन्छ किनकि ज्यादै अविकशित जिल्ला भएको हुँदा यसले अन्य जिल्लाहरूको भरमा बाँच्नु पर्दछ।

अधिराज्यलाई १४ अञ्चल र ७५ विकास जिल्लामा विभाजन गरिनुभन्दा पहिले लमजुङकै एक अङ्गको रूपमा रहेको यस जिल्ला पश्चिम तीन नम्बर गोश्वारा अन्तर्गत थियो।

गण्डकी अञ्चलको उत्तरी भागमा अवस्थित यस जिल्लाको धेरैजसो भाग हिमाली तथा भोट क्षेत्रको रूपमा रहेको छ। क्षेत्रफलको आधारमा यो जिल्ला अञ्चलभरिमा दोस्रो सबैभन्दा ठूलो छ तापनि यहाँ सबैभन्दा कम जनसंख्या रहेको छ। वि. सं. २०२८ सालको राष्ट्रिय जनगणनाअनुसार यहाँको कुल संख्या ७,४३६ जनामध्ये पुरुष ३,९०४ अर्थात ५२.५ प्रतिशत र महिला ३,५३२ जना अर्थात् ४७.५ प्रतिशत छन्। उक्त जनगणना अनुसार हाल यस जिल्लाभित्रको क्षेत्रलाई पाँचवटा पञ्चायतमा विभाजन भएको देखाइए तापनि वास्तवमा जिल्लामा चार गाउँ पञ्चायत मात्र छन्।

करीब २,१६८ वर्ग किलोमिटरको क्षेत्रफलमा फैलिएको मनाङ जिल्लाको आकार पूर्व-पश्चिम लामो र उत्तर-दक्षिण चौडा छ। भौगोलिक सीमानाको रूपमा उत्तरमा हिमलुङ र पेरी हिमाल, पूर्वमा मनासुलु र लार्के घाँटी, दक्षिणमा लमजुङ र अन्नपूर्ण हिमाल तथा पश्चिममा दामोदर हिमाल र मुक्तिनाथ डाँडाहरूले अन्य जिल्लाहरूसित छुट्याउँछन्। यसको उत्तरमा जनवादी चीनको तिब्बत श्वशासित क्षेत्र, पूर्वमा गण्डकी अञ्चलको गोरखा जिल्लला, दक्षिणमा पनि गण्डकी अञ्चलकै पर्वत, कास्की तथा लमजुङ जिल्लाहरू तथा पश्चिममा धौलागिरि अञ्चलको मुस्ताङ जिल्ला पर्दछन्।

भौगोलिकस्थिति अनुसार मनाङ जिल्ला २८° २७' उत्तरदेखि २८° ५४' उत्तरी अक्षांश र ८३° ४९' पूर्वी देशान्तरदेखि ८४° ३४' पूर्वी देशान्तरसम्मको बीचमा फैलिएको छ ।

मनाङ जिल्लाको सदरमुकाम चामे गाउँ जिल्लाको मध्यभागमा रहेको छ । यसभन्दा पहिले सदरमुकाम थोंचेमा थियो । उचाइको हिसाबले चामे गाउँ २,५९२ मिटर (८,५०० फीट) को उच्च ठाउँमा पर्दछ । यो गाउँदेखि अञ्चलको सदरमुकाम पोखरासम्म पुग्न करीब हप्ता दिन लाग्दछ ।

जिल्लामा बसोबास गर्ने मुख्य जातिहरू गुरुङ र नेसाङ (मनाङ)हरू हुन् । यिनीहरूको मुख्य पेशा व्यापार नै हो । आर्थिक स्थितिको दृष्टिकोणले यो जिल्ला निक्कै पिछडिएको अवस्थामा छ । जिल्लाका काम गर्न सक्ने सबै मानिसहरू आफ्ना दैनिक उपभोगका सामानहरू जुटाउनमा लागेका हुन्छन् । लोग्नेमानिसहरू विदेशी व्यापारको लागि निस्कँदा आइमाईहरू दक्षिणतिरका लमजुङ, कास्कीमा अन्न बेसाउने काममा लागेका हुन्छन् ।

प्राकृतिक स्वरूप र सम्पदा

डोल्पा तथा मुस्ताङ भोटहरू पछि सबभन्दा सानो र पूर्वमा परेको यस मनाङ भोट गण्डकी अञ्चलको उत्तरी सिरानमा स्थित छ । जिल्लाको प्राकृतिक स्वरूप हावापानी तथा वनस्पति अञ्चलका अन्य जिल्लाहरूभन्दा भिन्दै किसिमका छन् । चारैतिर अग्ला हिमालयहरूले भरिपूर्ण भई बीचबाट मर्स्याङ्दी नदी बगेको छ । जिल्लाको कुनै पनि भाग १,८३० मिटर (६,००० फीट) भन्दा होचो छैन । मर्स्याङ्दी नदी तथा अरू साना-ठूला खोलाहरूको बेंसी भाग बाहेक जिल्लाको सम्पूर्ण भाग नङ्गा पर्वतमाला तथा हिम-टाकुराहरूले भरिएको छ । मनाङ जिल्लालाई चारैतिर हिमालय पर्वतमालाहरूले घेरेका छन् । यस जिल्लाको चारैतिर फैलिएका हिमालयहरूमध्ये अन्नपूर्ण, लमजुङ, मनासुलु, चियो, हिमलुङ, पेरी, दामोदर, मुक्तिनाथ आदि प्रख्यात छन् ।

भौगोलिक बनावट

सम्पूर्ण जिल्ला हिमाली भागमा परेको भए तापनि भू-बनोट तथा उचाइको दृष्टिकोणले यसलाई तीन भिन्ना भिन्नै प्राकृतिक स्वरूपमा विभाजन गर्न सकिन्छः—

(१) हिमाली प्रदेश
(२) भोट तथा लेकाली क्षेत्र
(३) नदीले बनाएका बेंसी

हिमाली प्रदेश

सधैं हिउँले ढाकिने हिमालयका श्रेणीहरूले जिल्लालाई चारैतिरबाट घेरिराखेका छन् । यो प्रदेश उचाइको दृष्टिकोणले ४,८७८ मिटर (१६,००० फीट) भन्दा माथि पर्दछ । यस क्षेत्रमा पर्ने हिमालहरूको नाम माथि उल्लेख भइसकेको भए तापनि प्रमुख हिमाली टाकुराहरूको रूपमा मनासुलु ८,१५६ मिटर (२६,७५२-फीट), अन्नपूर्ण प्रथम ८,०९१ मिटर (२६,५३८ फीट), अन्नपूर्ण दोस्रा ७,९३९ मिटर (२६,०४१ फीट) र अन्नपूर्ण तेश्रो ७,५५७ (२४,७८७ फीट), अन्नपूर्ण चौथा ७,५२७ मिटर (२४,६८८ फीट) आदि हुन् । यी ७,००० मिटरभन्दा अग्ला टाकुराहरू बाहेक ६,००० मिटर (१९,६८० फीट) भन्दा उच्च अनगिन्ति टाकुराहरूले जिल्लालाई सिंगारेका छन् ।

यिनै हिमाली टाकुराहरूका हिमनदीहरू पग्ली उत्पति भएका नदीहरूमध्ये जिल्लाभित्रबाट बग्ने मर्स्याङ्दी, नार खोला तथा दूध खोला मुख्य हुन् । सधैं हिउँ जमिरहने उच्च भू-भाग भएकोले यो प्रदेश पर्वता-

रोहणको लागि बाहेक अन्य प्रयोगमा आएको छैन । जिल्लाको दक्षिण सीमानास्थित अन्नपूर्ण र लमजुङ हिमालको उत्तरी ढाल ज्यादा भिरालो परी धेर तलसम्म हिउँले ढाकिरहने हुन्छ । अर्को श्रेणी जिल्लाको उत्तरी भागमा तिब्बती क्षेत्रसित सीमानाको रूपमा फैलिरहेको छ । यसमा पेरी, हिमलुङ र चियो हिमालहरू प्रमुख हुन् । पूर्व र पश्चिमका हिमालहरूको बीचमा अर्को जिल्लातर्फ जाने लार्के, मुक्तिनाथ, तिलिचोका अग्ला घाँटीहरू छन् ।

भोट तथा लेकाली क्षेत्र

हिम-रेखाभन्दा मुनि करीब ३,०५० मिटर (१०,००० फीट) सम्मको भू–भाग यस क्षेत्रभित्र पर्दछ । एकातिर अग्ला अग्ला हिमालयका श्रृङ्खलाहरूका बीचमा सुखा, उच्च समथर भाग पाइने हुँदा यसलाई भोट प्रदेश भनिन्छ भने यहाँ पाइने घाँसहरूले गर्दा पशुचरनको लागि उपयुक्त भई गर्मीमा आवाद समेत हुने हुँदा यसलाई लेकाली क्षेत्र पनि भन्न सकिन्छ । मुक्तिनाथ-दामोदर हिमालले मुस्ताङ भोटबाट छुट्याएको यस जिल्लाको पश्चिमी भागलाई यस प्रदेशमा राखन सकिन्छ । उक्त भोट इलाकाको क्षेत्रफल अन्दाजी ३०९ वर्ग किलोमिटर (८०० वर्ग माइल) छ ।[1] यो प्रदेश अलि ज्यादै सुख्खा भए तापनि हिमनदीले बनाएका तालहरूले गर्दा पूर्व भागभन्दा फराकिलो पाइएको छ । पश्चिम भागमा अन्नपूर्ण हिमालको उत्तरी ढालबाट पग्लेर आएका केही हिमनदीहरू बेंसीसम्म छुन पुग्दछन् । तर यसको पूर्व र दक्षिण पूर्व को भागमा तुलनात्मक दृष्टिले बढी वर्षा हुने हुँदा बढी छिया छिया पर्नुको साथै साँगुरो पनि छ ।

यसकै वरिपरिका लेकाली भागमा गर्मीमा हिउँ पग्लन थालेपछि जताततै उम्रने घाँसहरूमा रङ्गी बिरङ्गी फूलहरू फुल्न थाल्दछन् । त्यसबेला आफ्नै तालमा गाउँदै हिड्ने गोठाला युवक युवतीहरूले गर्दा यस भेकको वातावरणलाई निक्कै रमाइलो तुल्याउँछ । हिउँदमा यी प्रदेशहरूमा हिउँ परी निक्कै जाडो हुने हुँदा सबै मानिसहरू तल गाउँ झर्दछन् ।

नदीले बनाएका बेंसी

अन्नपूर्ण र लमजुङ हिमाल तथा जिल्लाको उत्तरमा सीमानाको रूप लिएका विभिन्न हिमाली श्रृङ्खलाको बीचबाट बगेको मर्स्याङदी नदी तथा अन्य साना ठूला खोलाहरू जस्तै नार खोला र दूध खोलाले बनाएको बेंसीलाई यस क्षेत्रमा लिन सकिन्छ । मनाङ जिल्लाका सम्पूर्ण गाउँहरू यिनै नदी तथा खोलाहरूको वारीपारी रहेका छन् । यिनै नदीद्वारा ठाउठाउँमा काटेर बनाइएका बेंसी जग्गा नै यस जिल्लाको खेतीयोग्य भूमि बन्न गएको छ । साधारणतया २,४४० मिटर (८,००० फीट) भन्दा माथि परेका पहाडी जग्गामा गर्मीमा पलाउने घाँसले गर्दा पशु चरनको लागि उपयुक्त ठाउँ बनेको छ । त्यसैले यस प्रदेशमा परेको जग्गा भू-उपयोगको दृष्टिकोणले निक्कै महत्वपूर्ण छ । त्यसो त कहीं कहीं नदीले गहिरो पारी काटेको गल्छीको दुवैतिरका ठाडो भीरले गर्दा मानिसहरूको आवागमनमा वाधा पुऱ्याउँछ । अलि उच्च भागमा नाङ्गा पर्वतमालाहरू पनि पाइन्छन् । कहीं कहीं बाक्लो जङ्गलले ढाकेको पाइन्छ ।

Burathokey, J.B.S. and Malla, U.M.-The Physical Aspects of the Kingdom of Nepal, 1968, page 8.

नदी नालाहरू

मर्स्याङ्दी नदी

जिल्लाको मुख्य नदीको रूपमा बगेको मर्स्याङ्दी नदी सातवटा गण्डकी नदीहरूमध्ये एक हो । यो नदी जिल्लाको पश्चिममा पर्ने मुक्तिनाथ डाँडाको पूर्वी ढालबाट उत्पत्ति भई सीधा पूर्वतर्फ बगेर जान्छ । जिल्ला भित्र हिउँ पग्ली बगेर आएका अनगिन्ती खोलाहरूको पानी सहित थोंचे नजीकै आएर यो नदी दक्षिणतर्फ मोडिन्छ । त्यसपछि लमजुङ र मनासुलु हिमाललाई काटेर गहिरो खोंच बनाई लमजुङ जिल्ला भित्र पस्दछ । जिल्लाभित्र यसको उद्गम स्थानदेखि तल अथवा लमजुङ र मनाङको सीमानासम्म यसको लम्बाइ ७० किलो मिटर (२२ कोस) छ । यस नदीको दयाँ बायाँ बनेका फराकिला बेंसी–फाँटहरू खेतीको लागि प्रयोगमा ल्याइएका छन् । ज्यादै उच्च भागबाट बगेर आएको हुँदा यस नदीको जोड निकै छ । भविष्यमा लाखौं किलोवाट विद्युत् शक्ति निकाल्ने क्षमता भएको यस मर्स्याङ्दी नदी मनाङबासीहरूको लागि मुख्य जीवनाधारको रूपमा रहेको छ । जिल्लाभित्र यस नदीमा जम्मा १३ ठाउँमा काठका पुलहरू राखिएका छन् । नदीको किनारमै पर्ने मुख्य गाउँ बस्तीहरूमा थोंचे, बगर छाप, चामे, मनाङ भोट, खाङसार आदि हुन् । यही नदीको किनारै किनार भएर जिल्ला बासीहरू पहिलेदेखि व्यापार गर्दै आएका छन् ।

दूध खोला

मर्स्याङ्दी नदीकै सहायक नदीको रूपमा रहेको दूध खोला जिल्लाको पूर्वी भागबाट बगेर आएको छ । हिमलुङ तथा चियो हिमालको दक्षिण ढालबाट उत्पत्ति भई पोंकार तालको पानी सहित यो दक्षिण पूर्वतिर बग्दछ । लार्के तर्फबाट बगेर आउने खोलाहरू मिलेपछि यो खोला दक्षिण-पश्चिम मोडिन्छ र थोंचे नजीकै मर्स्याङ्दी नदीमा मिसिन्छ । यस खोलाको पानी दूध जस्तै भएको हुनाले यसलाई दूध खोला भन्ने गरेको हुनु पर्दछ । यही नदीको खोंच भएर मानिसहरू लार्के भञ्ज्याङ काटी व्यापार गर्दछन् । यो खोलाको किनारमा पर्ने गाउँहरूमा तिल्चे, बुम्ताथोको तथा थोंचे हुन् ।

नार खोला

दामोदर हिमालको हिउँ पग्ली बगेर आउने यो खोलाको नाम नार गाउँको नामबाट नार खोला रहेको छ । नार गाउँबाट तीन किलोमिटर (एक कोस) जति तल अर्को फूगाउँको सिरानमा पर्ने पेरी हिमालबाट उत्पत्ति भएर आएको फूखोला मिलेपछि यस खोलाले ठूलो रूप लिन्छ । त्यहाँबाट सीधा दक्षिणतर्फ बग्दै कुम गाउँ नजीकै मर्स्याङ्दी नदीमा मिल्न पुग्दछ । नार र फूगाउँका मानिसहरू यिनै खोलाको किनारको बाटो गरी आवत जावत गर्दछन् ।

माथि उल्लिखित नदी तथा खोलाहरू बाहेक यस जिल्लाभित्र बग्ने अनगिन्ती सहायक खोलाहरू जिल्लाभित्र जाल झैं छरिएर रहेका छन् ।

ताल तथा झरनाहरू

जिल्लाको सम्पूर्ण भाग अग्ला अग्ला हिमालय तथा पहाडहरूले भरिपूर्ण भएको हुँदा ठाउँ ठाउँमा

हिउँ पग्ली बनेका धेरै साना–ठूला ताल तथा पोखरीहरू छन् । अग्ला होचा पहाडहरूका बीचबाट बगेर आउने खोला तथा नदीहरूमा अग्ला अग्ला झरनाहरू पाउनु कुनै नौलो कुरा हुँदैन । यसरी जिल्लाका ठूला-साना ताल तथा पोखरीहरूमा तिलिचो, पोंकार, ङोम्ल, हिम्म पोखरी, धर्म पोखरी प्रमुख मान्न सकिन्छन् । तिनीहरूमध्ये सबभन्दा ठूलो र महत्वपूर्ण ताल तिलिचोलाई लिन सकिन्छ ।

तिलिचो ताल

मनाङ जिल्लाको पश्चिममा मुस्ताङ जिल्लासित जोडिएको यो ताल जिल्लाको सबभन्दा ठूलो ताल हो । करीब ४,८८० मिटर (१६,००० फीट) को उचाइमा रहेको यो ताल मुक्तिनाथ डाँडाको बीचको एउटा खाल्टोमा अवस्थित छ । उत्तरमा नीलगिरि हिमाल र दक्षिणमा अन्नपूर्ण हिमालको मध्यभागमा परेको यस ताल पर्यटकहरूको लागि एक आकर्षक केन्द्र बन्न गएको छ । काठमाडौंबाट यस तालसम्म पुग्ने मुख्य दुईवटा बाटाहरू छन्– एक मुस्ताङ जिल्लाबाट र अर्को मनाङ जिल्लाभित्र पर्ने मर्स्याङ्दी नदीको किनारै किनार । यो ताललाई अधिराज्यका उच्च तालहरूमध्येमा गणना गर्न सकिन्छ । हिमालय पर्वतको उच्च भागको हिउँ पग्ली बनेको यो ताल हिउँद महीनामा जम्दछ । यस तालको आसपासमा कुनै गाउँ नभए तापनि गर्मी महीनामा चौंरी, झोपाहरू चराउन ल्याउँदा बस्ने खर्कहरू धेरै छन् । गर्मी महीनामा तालको पानी पग्लन थालेपछि निक्कै रमाइलो देखिन्छ । यसको वरपरका चौरहरूमा फुल्ने रङ्गी बिरङ्गी फूलहरूले मीठो बासना दिनुको साथै वातावरणलाई आकर्षक तुल्याइ दिन्छन् ।

यसरी विभिन्न तालहरूको साथै मर्स्याङ्दी नदी बाहेक मनाङ जिल्लाभित्र बग्ने असंख्य ठूला–साना खोलाहरूद्वारा बनाइएका झरनाहरू पनि यहाँ प्रशस्त मात्रामा पाइन्छन् ।

हावापानी

मनाङ जिल्लाको हावापानी ठण्डा प्रकृतिको छ । अधिराज्यको पूर्वी भागबाट बहने दक्षिण–पश्चिम मनसुनी हावालाई अन्नपूर्ण, लमजुङ तथा मनासुलु जस्ता अग्ला अग्ला हिमालयहरूले छेक्नुको साथै ज्यादै उच्च भूमिमा अवस्थित भएको हुँदा यस जिल्लामा निक्कै ठण्डा र सुख्खा हुन्छ । कात्तिकदेखि चैतसम्म जिल्लाको प्रायः सम्पूर्ण भागमा हिउँ पर्दछ । वैशाख महीनाको आधा आधीदेखि हिउँ पग्लन थाल्दछ । यहाँ असारदेखि भदौसम्म तीन महीना अलि अलि वर्षा हुन्छ । विशेषगरी तल्लो मनाङ अर्थात् धारापानी, थोंचे, बगरछाप र तातोपानी गाउँ पञ्चायतहरूका १८ वटा गाउँहरूमा बढी वर्षा हुन्छ । मर्स्याङ्दी नदीको बेंसी तथा घामकोसम्मुख परेका पहाडी ढालहरूमा हावापानी त्यतिको शीतप्रधान छैन ।

जिल्लामा मौसम अवलोकन केन्द्र नभएकोले जिल्लाको तापक्रम र वर्षाको अभिलेख पाइन्न । माथिल्लो मनाङ अर्थात् खाङसार, मनाङ, भ्राका, पिसाङ, ङावल, घ्यारू, भ्राताङ आदि ठाउँहरूमा अधिकतम तापक्रम १० डिग्री सेन्टिग्रेडभन्दा बढी हुँदैन । वर्षभरिमा सम्पूर्ण मनाङ जिल्लामा अन्दाजी २५० मिलिमिटर देखि २,००० मिलिमिटरसम्म पानी पर्ने ठाउँहरू छन् ।[1]

---

[1] Department of Irrigation and Metereology H. M. G., Rainfall of Nepal, 1970 (Cover Page)

मनाङ जिल्लाको हावापानी सम्बन्धी मोटामोटी ज्ञान पाउन यसै जिल्लासँगैको मुस्ताङ जिल्ला स्थित थाक मार्फा गाउँको अवलोकन केन्द्रबाट सङ्कलित अभिलेख प्रस्तुत गरिएको छ । उक्त गाउँको उचाइ समुद्रको सतहबाट २,९५५ मिटर माथि पर्दछ ।

वर्षा र तापक्रमको तालिका

महीना	अधिकतम तापक्रम (सेन्टिग्रेडमा)	न्यूनतम तापक्रम (सेन्टिग्रेडमा)	सापेक्षिक आर्द्रता (प्रतिशतमा) (बिहान ८.४० बजे)	जम्म वर्षा (मिलिमिटरमा)
जनवरी	९.७	१.३	६४	२०.४
फेब्रुअरी	१०.१	०.२	६०	३०.०
मार्च	१४.०	२.२	५४	३४.०
अप्रिल	१८.५	६.०	४५	३७.६
मे	१९.८	८.९	५५	३४.८
जून	२०.९	१२.२	७१	१०६.८
जुलाई	२१.२	१४.३	७८	४०.४
अगष्ट	२१.२	१३.४	७६	७०.४
सेप्टेम्बर	१९.८	११.९	७९	६३.८
अक्टोबर	१७.४	६.१	७७	२३.६
नोभेम्बर	१३.६	२.१	६८	५.६
डिसेम्बर	१३.२	१.४	६३	०.०
वार्षिक औसत	१६.६	६.४	६५	४९९.४

माथि उल्लिखित अभिलेखअनुसार उक्त ठाउँको औसत अधिकतम र न्यूनतम तापक्रम क्रमशः १६.६° र ६.४° सेण्टिग्रेड हुन आउँछ। यसले मनाङ जिल्लालाई पूर्णरूपमा प्रतिनिधित्व नगरे तापनि जिल्लाको अधिकांश भागसित मिल्ने देखिन्छ। यसमा जुलाई र अगष्ट महीना सबभन्दा बढी गरम र फ्रेब्रुअरी महीना सबभन्दा कम भएबाट जिल्लाको हावापानी पनि केही हदसम्म यसैअनुसार होला भन्ने अनुमान लगाउन सकिन्छ।

उक्त अबलोकन केन्द्रमा बिहान ८.४० बजे लिइएको रिकर्डअनुसार औसत सापेक्षिक आर्द्रता ६५ प्रतिशत हुन आउँछ । सबैभन्दा बढी जूनदेखि अक्टोबर महीनासम्ममा देखिन्छ ।

मनाङ जिल्ला वृष्टि छायाँमा परेको कुरा अगाडि उल्लेख भइसकेको छ । त्यसैले यहाँ नेपाल अधिराज्यका अन्य पहाडी भागहरूमाभन्दा कम वर्षा हुनु स्वाभाविक छ । यहाँ सालभरमा मोटामोटी २५० देखि २,००० मिलिमिटरसम्म वर्षा हुने अनुमान छ । यसैको छिमेकी मुस्ताङ जिल्लाभित्र पर्ने मार्फा गाउँमा परेको वर्षाको रिकर्ड अनुसार १९७० को सालभरमा यहाँ जम्मा ४९९.४ मिलिमिटर वर्षा भएको थियो । यहाँ जून महीनादेखि सेप्टेम्बरसम्म बढी वर्षा भएको देखिन्छ । २४ घण्टाभित्रमा सबैभन्दा बढी वर्षा जुलाई १७ को दिन भएको थियो । उक्त दिनमा जम्मा वर्षा ३७.६ मिलिमिटर रिकर्ड गरिएको छ ।

मनाङ जिल्लाको विभिन्न स्थानमा पाइने हावापानीलाई विचार गर्दा यसलाई मोटामोटी निम्नलिखित भागमा विभाजन गर्न सकिन्छः–

हिमाली हावापानी
लेकाली हावापानी
ठण्डा शीतोष्ण हावापानी

हिमाली हावापानी

सधैं हिउँले ढाकिरहने हिमाली टाकुराहरू जस्तै दामोदर पेरी, हिमलुङ, चियो, मनासुलु, लमजुङ तथा अन्नपूर्ण हिमालहरू मनाङ जिल्लाको चारैतिर रहेका छन् । ती टाकुराहरूमा प्रायःजसो ४,८८० मिटर (१६,००० फीट) भन्दामाथि सधैं हिउँले ढाक्ने हुँदा निकै जाडो हुन्छ । ग्रीष्म ऋतुमा पनि निकै जाडो हुनुको कारणले यहाँ जीव जन्तु तथा मानिसहरूका बस्तीहरू हुँदैनन् । नेपाल अधिराज्यको उत्तरी सीमावर्ती क्षेत्रमा पर्ने सबै जिल्लाहरूमा यस हिमाली हावापानी पाइन्छन् । यहाँ वर्षाको नाउँमा खालि हिउँ मात्र पर्दछ । ज्यादै उच्चा ठाउँमा परेको हुँदा निक्कै ठण्डा स्याँठ (हिमाली प्रदेशमा निक्कै जोड्ले चल्ने चीसोहावा) बहन्छ ।

लेकाली हावापानी

हिम रेखा अर्थात् ४,८८० मिटर (१६,००० फीट) भन्दा मुनि करीब ३,६६० मिटर (१२,०००-फीट) सम्मका उच्च भागमा यस लेकाली किसिमको हावापनी पाइन्छ । यो प्रदेश यस जिल्लामा मर्स्याङदी नदीको बेंसी र हिमाली क्षेत्रको बीच भागमा पर्दछ । यहाँ जाडोमा निकै जाडो र गर्मीमा शीतल किसिमको मौसम हुन्छ । हिउँदको धेरै जसो समय हिउँले ढाक्ने र ग्रीष्ममा हिउँ पग्लन थालेपछि जताततै हरियो भई विभिन्न किसिमका फूलहरू फुल्न थाल्दछन् । त्यसबेला तल्लो भागमा बस्ने गाउँलेहरू आफ–आपना पशुहरू लिएर चराउँन उँभो जाने गर्दछन् । त्यस्तो हावापानी हुने ठाउँमा असारदेखि भदौसम्म अलिअलि वर्षा हुन्छ ।

ठण्डा शीतोष्ण हावापानी

मनाङ जिल्लाको बाँकी सबै भाग यस ठण्डा शीतोष्ण हावापानीको प्रभाव क्षेत्रभित्र पर्दछ । त्यस किसिमको हावापानी विशेषगरी मर्स्याङदी नदी र तिनका सहायक खोलाहरूको बेंसी भागमा पाइन्छ । ३,६६० मिटर (१२,०००फीट) भन्दा मुनिका भागहरू तुलनात्मक दृष्टिकोणले बढी गरम हुने हुँदा जिल्लाको सबै गाउँ बस्तीहरू यसै क्षेत्रमा पर्दछन् । हिउँदमा अलि चीसो र गर्मी महीनामा रमाइलो हुने हुँदा यस बेला गाउँमा सबै मानिसहरू मेला हुन्छन् । हिउँदमा कहिले कही हिउँ पर्दछ र दुई तीन दिनमा नै बिलाउँछ । जिल्लाको सबभन्दा गर्मी भाग यसै भागमा पर्दछ । भू-उपयोगको दृष्टिकोणले पनि यो क्षेत्र ज्यादै महत्वपूर्ण छ । नदीका बेंसीहरूमा खेती गरिने र अलि भिरालो पाखाहरूमा गाउँ बस्ती रहेका छन् । यस क्षेत्रका धेरै जसो भाग विभिन्न किसिमका रूखहरूले ढाकिएका छन् ।

प्राकृतिक वनस्पति

मनाङ जिल्ला १,८३० मिटर (६,००० फीट) देखि ८,१५६ मिटर (२६,७५२ फीट) सम्मको

उचाइमा रहेको छ । यसरी उचाइको विभिन्नताले गर्दा विभिन्न किसिमका हावापानीको साथै विभिन्न किसिमका वनस्पतिहरू पनि पाइन्छन् । यो जिल्ला प्राकृतिक वनस्पतिमा सम्पन्न रहेको छ । यहाँ अनेक किसिमका लेकाली रूख, झारपात तथा वनस्पतिहरू पाइन्छन् ।

यो जिल्लामा सबभन्दा बढी वन वनस्पतिहरू जिल्लाको बीचमा मर्स्याङ्दी नदीको बेंसी र यसको वरपरका पाखा पखेरामा पाइन्छन् । यहाँ पाइने प्राकृतिक वनस्पतिहरूको प्रकारअनुसार यस मनाङ जिल्लालाई निम्नलिखित भागमा विभाजन गर्न सकिन्छ ।

हिमाली क्षेत्रका वनस्पति
लेकाली घाँसे वनस्पति
कोणधारी सदाबहार वन

हिमाली क्षेत्रका वनस्पति

सधैं हिउँले ढाक्ने क्षेत्र अर्थात् ४,८८० मिटरभन्दा माथिका भागमा ज्यादै जाडो हुने हुँदा कम वनस्पतिहरू पाइनु स्वाभाविक नै छ । यहाँ पाइने वनस्पतिहरूमा झ्याउ नै मुख्य हो । यिनीहरू हिउँले छोडेको नाङ्गो पत्थरहरूमा पाइन्छन् । यसलाई ठण्डा मरूभूमिको वनस्पति पनि भनिन्छ ।

लेकाली घाँसे वनस्पति

भोट तथा लेकाली क्षेत्र अर्थात् ४,८८० मिटरभन्दा मुनि ३,९६५ मिटरसम्म उम्रने यस घाँस शीतोष्ण तृण भूमिको नाउँले प्रख्यात छ । हिउँदमा हिउँ जम्ने तथा गर्मीमा यिनै हिउँ पग्लन थालेपछि यी घाँसहरूमा नयाँ बुकीहरू पलाउन थाल्दछन् । गर्मीको तीन महीना अर्थात् असार, साउन र भदौमा घाँस बाहेक अनेक जातका रङ्गी बिरङ्गी बासना आउने फूलले गर्दा बटुवाहरूको मन मोहित पार्दछ । यिनै विभिन्न जातका फूलहरूका जराहरूलाई मानिसहरू विभिन्न किसिमका जरीबूटीको रूपमा प्रयोग गर्दछन् । अलि होचा ठाउँमा साना–साना झाडीहरू तथा बुट्यानहरू पनि पाइन्छन् । पशु वस्तुको लागि ज्यादै उपयोगी हुने हुनाले यस घाँसे क्षेत्रमा पशु वस्तु लैजाने गरिन्छ ।

कोणधारी सदाबहार वन

जिल्लाको अन्य सबै भाग प्रायः कोणधारी सदाबहार वनले भरीपूर्णछ । सधैं हरियो हुने कोणधारी वनहरूको प्रधानता भएको यस किसिमको वनस्पतिमा अधिक संख्यामा सल्लोको रूख पाइन्छ । सल्लो बाहेक धूपी, सिर्लिगे, किर्सिंग, कल्ता, देवदारू, गुराँस, ओखर, आरु, चिउली, खस्रु, भोज आदि जातका रूखहरू पनि पाइन्छन् । जिल्लाको सबभन्दा बाक्लो वन पनि यसै क्षेत्रमा पाइन्छ ।

बनक्षेत्र र विकास

मनाङ जिल्लाको वन सम्बन्धी सर्वेक्षण हालसम्म नभएबाट उपयुक्त तथ्याङ्क प्राप्त हुन नसके तापनि जिल्लाको तल्लो भेकमा बाक्लो वन पाइन्छ भन्ने कुरामा कुनै शंका छैन । केही वन जङ्गलहरू बगरछाप, तिमाङ,

थोंचे र पिसाङमा छन् । जिल्लाभित्रका वनहरू प्राय: २,१३५ मिटर(७,०००फीट) देखि ३,९६५ मिटर(१३,०००फीट) भित्र पर्दछन् ।

जिल्लाको दक्षिण भागमा हुने रूखहरूमध्ये सल्लोले प्रमुख स्थान ओगटेको कुरा माथि नै उल्लेख भइसकेको छ । अन्य रूखहरूमा रातो सिलिङ्गे काठ तराईको साल जत्तिकै बलियो हुने हुँदा स्थानीय मानिसहरू घरको दलिन बनाउनमा प्रयोग गर्दछन् । उत्तर–पश्चिम भागमा भोजपत्र र धूपी अधिक मात्रामा पाइन्छन् । ओखर र कटुसको रूखहरू थाङ्चोक र बगरछापको वरपर पाइन्छन् । जिल्लाभित्र पाइने झाडीहरूमा केर्पा, तिस्ची, ब्रम्से र लोग्मा प्रमुख छन् । तिस्ची झाडीमा कालो गेडा फल्दछ । गाउँलेहरू यसबाट तेल निकाली खाने तेलको रूपमा प्रयोग गर्दछन् । काँडादार झाडीहरूमा ब्रम्सेमा फल्ने राता र पहेंला गेडाबाट अमिलो झोल निकाली अचार आदि बनाउनमा र रङमा मिसाई लुगा रङ्गाउने काममा प्रयोग गरिन्छ । सल्लोको पातहरू कुहाई गोवरसित मिसाएपछि मलकोरूपमा प्रयोग गर्दछन् ।

जिल्लाभित्र पाइने विभिन्न किसिमका जरीबूटीहरूमा निरमसी, जटा मसी, पाँच औले (हाते जरो), पदम चाल, भुतेकेश, याचिका गुम्बा, कटुंकी, भोटे खय, चन्दुक आदि हुन् । यिनीहरूमध्ये निरमसी, भुतेकेश, याचिका गुम्बा ङावल र नार खोलातिर पाइन्छन् ।

वन जङ्गलहरूको जथा भावी कटानी गर्ने तथा वन जन्तुहरूको अवैधरूपले शिकार गर्ने कुरा जिल्लाको मात्रै नभई अधिराज्यका सबै जिल्लाहरूका समस्या हो । स्थानीय मानिसहरूको भनाइअनुसार यहाँबाट वर्षमा लाखौं रूपियाँको रूख कटानी हुन्छ । जिल्लामा यसरी नराम्रो तरीकाबाट मासिएर गइरहेका वन जङ्गलको संरक्षण गर्नु आवश्यक भइसकेको छ ।

पशु–पक्षी

मनाङ जिल्लामा पाइने वन जन्तुहरूमा कस्तूरी, नाउर, झारल, घोरल, सेतो भालू, हिमाली मूसो आदि हुन् । कस्तूरी र नावर तल्लो मनाङमाभन्दा माथिल्लो मनाङ क्षेत्रमा अधिक मात्रामा पाइन्छ । अन्य पक्षीहरूमा डाँफे, मोनाल, च्याखुरा, ढुक्कुर, मलेवा , कालिज, प्युरा आदि हुन् ।

वन जङ्गलको ह्रासको साथ साथै यी पशु पक्षीहरूको पनि निक्कै नै क्षति हुन गइरहेको छ । कस्तूरीको चोरी शिकार देशको राष्ट्रिय सम्पतिको क्षति मान्न सकिन्छ । च्याखुरा, डाँफे आदि पक्षीहरूको ठूलो क्षति हुन गइरहेको पाइन्छ ।

ऐतिहासिक पृष्ठभूमि

मनाङ भोटको प्राचीन इतिहास जनश्रुतिकोरूपमा मात्रै छ । यस जिल्लाको इतिहास शुरूदेखि जिल्लाको दक्षिण भागमा परेको लमजुङ राज्यसितै गाँसिएको छ ।

लमजुङ राज्यमा गाभिनुभन्दा पहिले यस जिल्लाको अधिक भाग घले राजाहरूको अधीनमा रहेको एउटा स्वतन्त्र राज्य थियो । त्यसबेला यस राज्यको सीमाना पश्चिममा मुस्ताङ जिल्ला, पूर्वमा चामेको सुके खोला, उत्तरमा तिब्बत राज्य र दक्षिणमा अन्नपूर्ण र लमजुङ हिमालसम्म फैलिएको थियो । त्यसबेला घले राजाले ङावल र घ्यारू बीचको डाँडाको कोखामा दरबार बनाए र बसेका थिए । यस दरबारलाई त्यहाँका जनताले "ख्यूजोंग" भन्ने गरेका छन्। सुरक्षाको दृष्टिकोणबाट डाँडाको चुचुरोमा ढुङ्गाहरूले बनेको ख्यूजोंग दरबारको भग्नावशेषहरू अझ पनि उक्त ठाउँमा छँदैछ । अहिलेका घलेहरू तिनै राजाका सन्तान हौं भन्दछन् । यिनीहरूको पुर्खौली नाम खुर्सानी घले र वानर घले भन्दथे। यिनीहरू जिल्लास्थित ताचै गाउँमा बस्ने गरेका थिए । तिनीहरू यस जिल्लाका पुरुषार्थी मानिसहरूमा गणना हुन्थे । त्यसबेला राजा हुन पुगेका ती घले जातिलाई हालसम्म पनि राजा घलेको रूपमा सम्बोधन गर्दछन् । ताचै गाउँबाट यी घलेहरू मनाङ क्षेत्रमा गई राजा भएको बारेमा एउटा रोचक कथा यसप्रकार छः–

एकचोटी खोर्सानी घले र वानर घले शिकार खेल्न नार र फूखोलातिर गएछन् । त्यसैबेला खोलाले फापरको भूस र आगोको अँगार बगाएर ल्याएको देख्दा अवश्य पनि माथितिर कोही मान्छे बसेको हुनु पर्दछ भन्ने अनुमान गरी पत्ता लगाउन हिंडे । तिनीहरूमध्ये एउटाले शंख, घण्टा, ढाल, तरवार र अर्काले डोरी बोकी खोलै खोलाको बाटोगरी जाँदा नार खोला आइपुग्दा डोरीको सहायताबाट तरेर नार गाउँतिर लागे । नार गाउँमा पुग्दा घर देखियो । त्यहाँका मानिसहरूले अर्कै मानिस आएको देखेर आफूलाई मार्ने शंका गरी ढोका थुनेर घरभित्र लुक्न पुगे । ती दुई जना घलेले घरको ढोका खोल्न सकेनन् । एकछिन विचार गरी एउटाले किला ल्याएर घरमा ठोक्दै माथि छानामा उक्ले । धुँवा आउने प्वालबाट हेर्दा भित्र लुकेका मानिसहरूको डरलाग्दो अनुहार र नाङ्गो शरीर देखेर तल ओर्लिंदा मारिदिने हो कि भनेर दुवैले सल्लाह गरे । आफू तरेको डोरीमा शंख, घण्टा, ढाल, तरवार सबै बजाउँदै दुलोबाट तल खसाले । त्यस आवाजले गर्दा भित्र रहेका मानिस आँत्तिए । आँत्तिएको आवाजमा नबुझ्ने भाषाको माध्यमद्वारा हामीलाई नमारी देउ बरु तिमीहरूले जे भने पनि मान्छौं भनेर हातको इशाराले संकेत दिए । बाचा कबूलबमोजिम दुवै थरीमा मित्रता भयो । यस घटना पछि ती घले जातिले त्यस क्षेत्रको शासन चलाउन थालेको हो भन्ने जनश्रुति छ ।

त्यसबेलादेखि अहिलेसम्म खुर्सानी घले र वानर घलेको गाउँमा कोही मऱ्यो भने नार, फू गाउँको लामा आउनै पर्दछ । नआएमा थितिबमोजिम सजाय हुन्छ । तर नार र फू गाउँको मानिस मर्दा घलेहरू जानु जरूरी छैन ।

हाल यिनै घले राजाका सन्तानहरू ङावल, घ्यारू, मनाङ, खाङसार, टंकी र पिसाङमा छन् ।

मनाङ सहितको लमजुङ राज्यकै पनि तथ्यपूर्ण वंशावलिको अभावमा यहाँको इतिहास कुलमण्डन शाहको पालादेखि मात्र दिन सकिने भएको छ । कुलमण्डन शाहका सात छोराहरूमध्ये पिताको शेषपछि जेठो कास्कीको राजगद्दीमा बसे । दोस्रो छोरा कालु शाहलाई कुलमण्डन शाहकै जीवनकालमा वर्तमान लमजुङ जिल्लाभित्र पर्ने दुरा डाँडाका दुराजातिले आफ्नो क्षेत्रको राजा बनाउन मागेर लगेका थिए । तर उनलाई शेषान्त जातिका मानिसहरूले शिकार खेल्ने निहुँले जङ्गलमा लगी विषालु वाणद्वारा हत्या गरिदिएकोले ती दुराहरू फेरि कुलमण्डन शाहसित अर्को छोरा माग्न गएका थिए । पहिले आफ्नो माहिलो छोरा मारिएको सम्झी अर्को दिन राजी भएका थिएनन् । तर तिनीहरूले आफ्नो निर्दोषिता देखाएपछि मात्रै यस कुरालाई मानियो । तिनले जेठो छोरा बाहेक एकलाई रोजेर लैजानु भन्ने अनुमति दिए । ती दुराहरूले सबै दाज्यु भाइहरू लाममा सुतेको बेला कान्छा युवराज यशोब्रह्म शाह अलि छुट्टिएर सुतेको हुँदा उनलाई नै रोजेर लगेका थिए । यसरी लामबाट झिकेर लगिएको राजाको नामबाट त्यस क्षेत्रको नाउँ लामजुङ अर्थात् लमजुङ हुन गएको भन्ने जनश्रुति छ। यस विषयमा अर्कोथरिका भनाइअनुसार यशोब्रह्म शाहका बाबुको नाम विचित्र खान हुने र उनका छोरा नरराज खानले "खान" को ठाउँमा शाही उपाधि लिएकोले यशोब्रह्म पनि शाही कहलिएको भन्ने धारणा छ । यसरी लमजुङ क्षेत्रमा बहुसँख्यामा रहेका गुरुङ तथा दुराहरूले यशोब्रह्म शाहलाई राजा मानी पाल्पाली राजा रूद्र सेनको हमलाबाट बचन लमजुङ राज्यलाई बलियो तुल्याएका थिए । त्यसबेलादेखि यता लमजुङ राज्य मध्यनेपालको राजनैतिक घटनाबाट कहिल्यै अलग्ग भएन ।

लमजुङमा शाहवंशको उदय भएपछि आफ्नो राज्य बढाएर हालको मनाङ जिल्लासम्म पुगेका थिए । त्यहाँका घले राजाहरूलाई हराई मनाङ क्षेत्र पनि लमजुङ राज्य अन्तर्गतमा गाभियो । यसरी मनाङ सहितको लमजुङ राज्यमा शाहवंशको राज्यपरम्परा कायम गर्ने यशोब्रह्म शाह हुन् भन्ने कुरामा कुनै मतभेद छैन । यिनका छोराहरूमध्ये जेठा छोरा नरहरि शाह् आफ्ना बाबुपछि लमजुङको राजा भए र अर्को द्रव्यशाहले सन् १५५९ मा गोरखा विजय गरी आफ्ना स्वतन्त्र राजवंश चलाए ।

आफ्ना भाइ द्रव्य शाह गोरखाका राजा भएको देख्ता यहाँका राजा नरहरि शाहलाई डाहा भयो । त्यसैले शुरूदेखि लमजुङ र गोरखाका बीचको संघर्ष भइ नै रहेको थियो । द्रव्य शाहबाट संस्थापित गोरखा राज्यमा कालान्तरमा राम शाह, पृथ्वीनारायण शाह जस्ता प्रतापी राजाहरू जन्म हुन पुगे । पछि यिनै राजाहरूमध्येको पृथ्वीनारायण शाहबाट विशाल नेपाल अधिराज्यको सिर्जना हुन गएकोले लमजुङ मध्यनेपालको चौबीसे राज्यमध्ये एक सानो टाकुरे राज्यमा सीमित रहन गएबाट यसको वंशावलि सन्तोषजनक परिणाममा निस्कन सकेन । पृथ्वीनारायण शाहबाट नेपाल एकीकरण हुनुभन्दा अगाडिसम्म लमजुङ एक महत्वपूर्ण राज्यको रूपमा रही तत्कालीन इतिहासमा सक्रिय नै देखिन्थ्यो । लमजुङले गोरखासँग आफ्नो पुर्खाली शत्रुतालाई सधैं जियाइराखेको थियो । यो झगडा पृथ्वीनारायण शाहको पालामा पनि अन्त हुन सकेन । पृथ्वीनारायण शाहले पूर्वको राज्यमा आक्रमण गर्नुभन्दा पहिले लमजुङसित एउटा सन्धिपत्र गरेका थिए । उक्त सन्धिअनुसार

एकले अर्काको शत्रुलाई शत्रु र मित्रलाई मित्र ठान्ने गरेका थिए । त्यस ताका यस लमजुङका राजा रिपूमर्दन शाह कास्कीको मातहतमा रहेको अर्घौंथुम आफ्नो राज्यमा मिलाउनेतर्फ विचार गरिरहेका हुँदा गोरखासँग मैत्री सन्धि गर्न राजी भएका थिए । तर राजा रिपूमर्दन शाहको देहावसान पछि उक्त सन्धिको कदर भएन । त्यसैले पृथ्वीनारायण शाहको शासनकालसम्म पनि यस लमजुङ प्रदेशबाट गोरखामाथि आफ्नो अधिकारको लागि आक्रमण गर्दै रहे । साथै गोरखाको बढ्दो शक्तिलाई देखेर लमजुङ सहित पर्वत, तनहूँ, कास्कीले ई. सं. १७५५ मा संयुक्त आक्रमण गरी सिरानचोक गढी दखल गरेका थिए । तर सिपाहीहरूको राशन कमी भई बन्दोबस्त नहुने मौका पारी गोरखाली फौजले तिनीहरूलाई धपाए । चारवटा चौबीसे राज्यहरूको उक्त संयुक्त प्रयास विफल भएपछि पनि लमजुङको गोरखामाथि रहेको रिस मरेको थिएन । त्यसैले पृथ्वीनारायण शाहले नेपाल उपत्यका भित्रको कीर्तिपुर दखल गरेको समयमा लमजुङको फौज गोरखा भित्र पस्न नसकी आफ्नै सीमानाभित्र रहेको लाखाजुङमा मोर्चा कसेर बसे । सबैतिर भइरहेको विजयले उन्मत्त गोरखाली फौजले लाखाजुङमा गई आक्रमण गर्दा लमजुङको फौज अड्न नसकी भागेर फर्के । लमजुङतर्फबाट सरदार कुँवर भण्डारी र पारथ भण्डारी सहित दुईसय चालीस जना सैनिकले गोरखा राजासित आत्मसमर्पण गरी मिलेको हुँदा लमजुङको पुर्खौली कामना माटोमा मिल्न गयो । पृथ्वीनारायण शाहले नेपाल उपत्यका लगायत पूर्वमा विजयपुरसम्मको भू–भागलाई कब्जा गरी विशाल नेपाल राज्यको जग बसालि सक्दा पनि लमजुङ एउटा स्वतन्त्र राज्यको रूपमा रहेको थियो ।

गोरखा राजवंशका पृथ्वीनारायण शाहले वि. सं. १८२५ मा नेपाल उपत्यका विजय गरिसकेपछि पश्चिममा सप्त गण्डकी विजय गर्ने योजना बनाउँदा त्यसबेला बलियो राज्यको रूपमा रहेको लमजुङ, कास्की र पर्वतलाई नलडाई सोझै रूपले आफू सफल हुन नसक्ने देखेर कास्कीका बिरुद्ध लमजुङलाई सहायता दिइयो । ठीक त्यसैबेला कास्की र लमजुङको सीमा विवाद चलिरहेको थियो । तर यो सपना पृथ्वीनारायण शाहको पालामा पूरा हुन सकेन । मर्स्याङदी नदी पारी राज्य बिस्तार गर्ने प्रयास वहाँ पछिका उत्तराधिकारीहरूले पनि गर्दै रहे । फलस्वरूप सन् १७८१ मा लमजुङ, पर्वत र अरू चौबीसे राज्यहरू फेरि एकपल्ट संगठित भएर गोरखा उपर आक्रमण गर्दा महारानी राजेन्द्र लक्ष्मीको नायवी कालमा अन्य चौबीसे राज्यहरूसहित यो लमजुङ पनि पराजित भयो । त्यसबेलादेखि मनाङ पनि सधैंको लागि नेपाल अधिराज्यमा गाभिएको हो ।

प्रमुख स्थानहरू

चामे

लमजुङ हिमालको उत्तर मर्स्याङदी नदीको किनारस्थित चामे गाउँ मनाङ जिल्लाको वर्तमान सदरमुकाम हो। यो ठाउँ समुद्रको सतहबाट करीब २,५९२ मिटर (८,५०० फीट) को उचाइमा छ। यस जिल्लाको सदरमुकाम पहिले थोंचेमा राखिएको थियो। २०२८ साल असोज महीनादेखि यस ठाउँमा सारिएको हो।

तातोपानी पञ्चायत अन्तर्गतको यो गाउँमा करीब ३२ वटा घरहरू छन्। करीब १५० जनसंख्याले बसोबास गरेको चामे गाउँको दुई तिहाई जनता मनाङ्वा र एक खण्ड मात्रै गुरुङहरू छन्। चारैतिर अग्ला अग्ला भीर पहराको खोचमा रहेको चामे गाउँमा सियालतर्फ परेको हूँदा थोरै समयको लागिमात्र घाम आउँछ। त्यसैले यहाँ निक्कै जाडो हुन्छ। चामे गाउँ दुई खण्डमा विभाजन भई मर्स्याङ्दी नदीको वारीपारी रहेको छ। धेरैजसो सरकारी कार्यालयहरू मर्स्याङ्दी नदीको दक्षिण किनारमा पर्दछन्। चामे गाउँ नजीकै एउटा तातो पानीको मूल छ। त्यस मूलको पानीमा गाउँका धेरै मानिसहरू नुहाउने गर्दछन्। यस मूलको पानीलाई नुहाउने देखि लिएर भाँडा माझ्ने, लुगा धुने, कोदो पखाल्ने आदि कामको लागि प्रयोग गरिन्छ। गाउँको चारैतिर सल्ला, धुपी र भोजका रूखहरू छन्।

यहाँको मुख्य उत्पादन उवा हो। यस बाहेक गहुँ, मकै, फापर र आलु पनि उब्जाइन्छन्। गान्टेमूला र केही सागपात सीमित मात्रामा पाइन्छ। कुखुराको साथै यहाँका मानिसहरू भेडा र लूलू नाउँ गरेको गाई पाल्ने गर्दछन्।

सदरमुकामको नाताले यहाँ आकाशवाणी र स्वास्थ्य चौकी बाहेक अन्य कार्यालयहरू जस्तै प्रमुख जिल्ला अधिकारीको कार्यालय, जिल्ला पञ्चायत कार्यालय, प्रहरी चेकपोष्ट, प्रहरी थाना, माल कार्यालय, जिल्ला शिक्षा निरीक्षक कार्यालय, हुलाक, तथ्याङ्क, निर्वाचन आदि कार्यालयहरू स्थापना भएका छन्। यहाँ हालसालै खोलिएको एउटा प्राथमिक विद्यालय र एउटा निम्न माध्यमिक विद्यालय छन्।

यहाँ एउटा गुम्बा पनि छ। यहाँ एउटा पसलमा मट्टितेल, तेल, चुरोट, सलाई, साबुन, नून आदि सामानहरू विक्री हुन्छ। यहाँ वर्षको एकचोटी जेठ महीनामा मेला लाग्दछ। सो मेलामा राम्रो लुगा लगाउने, मीठो रोटी तथा खाना खाई र रक्सी पिई निक्कै रमाइलो गर्ने चलन छ। त्यस दिन गाउँका मानिसहरू नाचेर र गीत गाए र दिन बिताउँछन्।

मनाङ भोट

समुद्रको सतहबाट करीब ३,७१२ मिटर (१२,५०० फीट) माथि रहेको मनाङभोट जिल्लाको सबभन्दा ठूलो गाउँ हो । वर्तमान सदरमुकाम चामेबाट यहाँसम्म पुग्न साधारण हिंडाइमा तीन दिन लाग्दछ जबकि स्थानीय मानिसहरू दुई दिनमै पुग्दछन् । मर्स्याङ्दी नदीदेखि उत्तरको टारजस्तो ठाउँमा रहेको मनाङ गाउँमा दिनभरी नै पारीलो घाम लाग्दछ । गाउँको पारी अर्थात् दक्षिणी भागमा एउटा अति सुन्दर ताल छ । अन्नपूर्ण हिमालयको फेदीमा त्यसैको हिउँबाट बनेको यो निर्मल पोखरी मर्स्याङ अथवा मनाङ तालको नामले प्रसिद्ध छ ।

तीनैतिरबाट हिमालहरूले घेरिएको यो भूमिमा पानी बोकी आएका दक्षिण–पश्चिम मनसुनी हावालाई अन्नपूर्ण, लमजुङ तथा मनासुलु जस्ता हिमालयहरूले छेक्दछन् र यहाँ वर्षाको नाउँमा हिउँ मात्रै पर्दछ । त्यसैले यहाँ प्रायः सुखा भइरहन्छ । हिउँद महीनामा असाध्य जाडो हुन्छ र धेरै हिउँ पर्दछ । त्यस याममा अधिकांश गाउँलेहरू जिल्ला बाहिर जाने गर्द छन् । गर्मी महीना लागेपछि हिउँ पग्लन थाल्दछ र यस समयमा चारैतिर हरिया घाँसहरू पलाउने हुँदा यहाँ निक्कै रमाइलो हुन्छ । यहाँ खेत बारीहरूमा वर्षको एक बाली मात्रै पाक्दछ । यहाँ हुने बालीमा जौ, उवा, मूला, आलु, फापर र अलिअलि गहुँ फल्दछन् । छ्याङ बनाउन कोदो र मकै तथा भात खानलाई चामल बाहिरबाट ल्याइन्छ ।

यस मनाङ भोट गाउँमा पञ्चायत गठन गरिएको छैन । यहाँ परम्परा अनुसार दुई वर्षको एकचोटी यिनीहरूको नाइके अथवा धावा फेर्ने चलन छ । धावा बाहेक गाउँमा चुनिने व्यक्तिहरूमा शेर्पा र कटुवाल पनि छन् । यस गाउँको धावा अन्य गाउँहरूको पनि प्रमुख मानिन्छ ।

खेतीपातीबाट मात्र गुजारा चलाउन नपुग्ने हुँदा यहाँका अधिकांश मानिसहरू व्यापारमा निर्भर रहन्छन् । सबैजसो तरुण केटाहरू समुद्रपार जस्तै– हङकङ, मलाया, सिंगापुर, पेनाङ, बैंकक आदि सुदूर पूर्व र दक्षिण पूर्व एशियाका बजारहरूमा गई जरीबूटी, कस्तुरी आदिको व्यापार गर्दछन् ।

करीब ४११ घर परिवार भएको यो गाउँका सबै घरहरू सानो ठाउँमा गुचम्मुच परेका छन् । यहाँको जनसंख्या करीब २,०५५ छ । गाउँको बीचमा एउटा ठूलो गुम्बा छ । यहाँ चाहाडपर्वको दिन धेरै मानिसहरूको भीड लाग्दछ ।

थोंचे

पश्चिमबाट आएको मर्स्याङ्दी र उत्तर–पूर्वबाट बगेको दूधखोलाको दोभानस्थित थोचे गाउँको उच्चाई समुद्रको सतहबाट करीब २,१६५ मिटर (७,३०० फीट) छ । जिल्लाको सदरमुकाम चामेमा सार्नुभन्दा पहिले यसै ठाउँमा राखिएको थियो । अहिलेसम्म पनि आकाशवाणी र स्वास्थ्य केन्द्र यसै ठाउँमा छन् ।

करीब ४०।४२ घर भएको यस गाउँको अधिकांश जनता गुरुङ जातिका हुन् । तीनवटा बाटो जस्तै लार्के, मनाङ भोट र लमजुङको संगम स्थल भएको हुँदा प्राचीनकालदेखि नै यो ठाउँ व्यापारिक दृष्टिकोणले निकै महत्वपूर्ण छ । लमजुङतर्फबाट जाने ढाक्रेहरू यहाँ पुगी आफूले ल्याएका चामल, मकै, गहुँ आदि अन्न बेची

ऊन, नून लिएर जाने प्रथा अद्यापि चालू नै छ । तर हाल जिल्लाको उत्तरमा पर्ने तिब्बतसितको व्यापार कम हुन गएपछि यहाँको ऊन, नून तथा अनाजको व्यापारमा अलि शिथिलता आएको छ । यस ठाउँमा चिया पसल तथा अन्य उपभोग्य सामानहरू खुद्रा बिक्री गर्ने पसलहरू पनि छन् ।

मनाङ जिल्लाभित्र सबभन्दा होचो ठाउँमा रहेको यो गाउँको जलवायु अन्य गाउँहरूको दाँजोमा न्यानो छ । यहाँ मकै, जौ, गहुँ, फापर, आलु, मूला आदि उब्जनी हुन्छ । यस ठाउँमा जिल्लाको सबभन्दा पहिले खोलिएको एक निम्न माध्यमिक र एक प्राथमिक गरी जम्मा दुईवटा विद्यालयहरू छन् ।

थाङ्चोक

जिल्लाको सदरमुकाम चामेदेखि करीब ६.४ किलोमिटर (दुई कोस) पूर्व एउटा टार जस्तो ठाउँमा अबस्थित यस थाङ्चोक गाउँ करीब २,४४० मिटर (८,००० फीट) को उचाइमा रहेको छ । खोलाको बगरमा ज्यादै फराकिलो जग्गा भएको तथा दिनभरी पारीलो घाम लाग्ने हुँदा विभिन्न किसिमका अनाजहरू उब्जन्छन् । यहाँ उब्जने अन्नहरूमध्ये जौ, गहुँ, करु, उवा, मकै, आलु, मूला आदि प्रमुख छन् । यस गाउँका बासिन्दाहरूमा गुरुङहरू प्रमुख हुन् । गुरुङका घरहरू छुट्टा छुट्टै समूहमा बनाइएका छन् । घर बस्तीहरू एकै ठाउँमा गुचमुच्च परेको भई प्रायः सबै जसो घरका छानाहरू काठका फल्याकले छाएको पाइन्छ । यस ठाउँमा आरु, ओखर र स्याउका चार पाँचवटा बोटहरू छन् । यहाँ एउटा प्राथमिक विद्यालय पनि छ ।

विम्दाकोठी

मनाङ जिल्लाको सबभन्दा पूर्वमा पर्ने यस विम्दाकोठी भन्ने ठाउँ दूध खोलाको मुहाननिर रहेको छ । यो ठाउँ समुद्रको सतहबाट करीब ३,८१२ मिटर (१२,५०० फीट) को उचाइ मा छ । गोरखा जिल्लाको उत्तरमा पर्ने लार्के भोट र मनाङ भोटको बीचमा अवस्थित यो ठाउँको व्यापारिक महत्व पहिले धेरै थियो । तिब्बतबाट नून, ऊन, भेडा, च्याँग्रा, घोडाहरू निक्कै मात्रामा यहाँ आउने र यहाँबाट काठ, खाद्यान्न तथा अन्य उपभोगका सामानहरू जाने गरेकोले यहाँ एउटा भन्सार अड्डा पनि छ । व्यापारीहरूको सुविधाको लागि बस्ने पाटीहरू भएको यस विम्दाकोठी हिमालयको काखमा रहेको छ । लार्केसितको सम्बन्धले गर्दा जिल्ला भित्रका अधिकांश गाउँलेहरूका लागि यो ठाउँ महत्वपूर्ण छ ।

नाचैगाउँ

थोंचे गाउँबाट करीब ४.८ किलोमिटर (डेढ कोस) दक्षिणमा पर्ने यो गाउँ थोंचेभन्दा निक्कै माथि पर्दछ । यस ठाउँमा जाने दुईवटा मात्र बाटाहरू छन् । ती बाटाहरू निक्कै साँगुरो र डरलाग्दा छन् । कुनै कुनै स्थानमा लिस्नोमा चढेर जानु पर्दछ । करीब २,२५७ मिटर (७,५०० फीट) को उचाइमा रहेको यो गाउँ मर्स्याङदी नदीको पूर्व किनारमा एउटा ठूलो टारमा स्थित छ । स्थानीय मानिसहरूको भनाइअनुसार यस ठाउँमा गाई वस्तु लैजाँदा पनि सानै उमेरमा अथवा बाछा छँदैमा बोकेर लै जानु पर्दछ । करीब ४० वटा घरहरू भएको

यो गाउँमा बस्ने सबै मानिसहरू गुरुङ जातिका हुन् । यहाँ कै केही गुरुङहरूले गाउँभन्दा मुनिको मुख्य बाटोमा अर्थात धारापानी भन्ने गाउँमा पसल थापी बसेका छन् । यहाँ मकै, उवा र जौ बाहेक गहुँ, बोडी, कोदो, भटमास आदि अन्नहरू फल्दछन् । टारभित्रै पनि घरबस्तो अलि माथि बनाई अन्य बेंसी भागमा खेती गरिएको छ ।

मनासुलु हिमाल चढ्न आउने पर्यटकहरूको मुख्य बाटोमा परेको हुँदा यो ठाउँ निक्कै महत्वपूर्णको छ । यहाँ समय समयमा पर्वतारोहण दलहरू आएर बास बस्ने गर्दछन् ।

जनसंख्या र जनजीवन

जनसंख्या

वि. सं. २०२८ सालमा लिइएको जनगणनाअनुसार मनाङ जिल्लाको जम्मा जनसंख्या ७,४३६ मध्ये पुरुष ३,९०४ अर्थात् ५२.५ प्रतिशत र महिला ३,५३२ अर्थात ४७.५ प्रतिशत छन् । यसबाट जिल्लामा महिलाहरूभन्दा ३७२ जना पुरुष बढी रहेको देखिन्छ । अञ्चलभित्रका सात जिल्लाहरूमध्ये मनाङ सबभन्दा कम जनसंख्या भएको अर्थात् ०.७ प्रतिशत मात्रै जनसंख्या भएको जिल्ला हो । मनाङ जिल्लाको जम्मा क्षेत्रफल २,१६,८०० हेक्टर अथवा २,१६८ वर्ग किलोमिटर छ । जनसंख्याको आधारमा यो जिल्ला अधिराज्यकै पनि सबभन्दा कम जनसंख्या भएको जिल्ला हो । यस जिल्लाको कुल जनसंख्या र यहाँको क्षेत्रफलको अनुपात एक हेक्टर बराबर .०३ जना अर्थात् हरेक १०० हेक्टर (एक वर्ग किलोमिटर) मा तीन जना मानिस मात्रै बसोबास गरेको पाइन्छ । जिल्लाको कुल जनसंख्या जम्मा १,२६९ घर परिवारमा मिलिजुली बसिरहेका छन् ।

जिल्लामा हाल चारवटा गाउँ पञ्चायतहरू तातोपानी, थोंचे, धारापानी र बगर छापको गठन भइसकेको छ। राष्ट्रिय जनगणनाको प्रकाशित तथ्याङ्कमा पञ्चायत गठन हुन बाँकी गाउँहरू जस्तै मनाङ, खाङसार, भ्राका, ङावल, घ्यारू, पिसाङ, टंकी, नार र फू गाउँको एक मुष्ट जनसंख्या मनाङ गाउँ पञ्चायत अन्तर्गत राखिएको छ। जिल्लाका चार पञ्चायतहरू र पञ्चायत गठन हुन बाँकी माथिल्लो मनाङ गाउँको जनसंख्या र घरसंख्या निम्नअनुसार छः–

पञ्चायत	पुरुष	महिला	जम्मा	घरसंख्या
तातोपानी	१७२	१५८	३३०	६५
थोंचे	२०५	१९७	३०२	७४
धारापानी	२८५	२७३	५५८	९४
बगर छाप	१६४	१७२	३३६	६५
मनाङ[1]	३,०७८	२,७३२	५,८१०	९७१
	३,९०४	३,५३२	७,४३६	१,२६९

---

[1] मनाङ गाउँको साथै अन्य आठ गाउँहरूको जनसंख्या एक मुष्ट दिइएको छ

माथि उल्लिखित तथ्याङ्कको आधारमा पञ्चायत गठन भइसकेका माथिल्ला चार पञ्चायतहरूमध्ये सबभन्दा बढी जनसंख्या धारापानीको छ । यहाँ जम्मा ५५८ जना मानिसहरू बसोबास गर्दछन् । सबभन्दा कम जनसंख्या तातोपानी गाउँ पञ्चायतको छ जसको जनसंख्या ३३० जना मात्रै छ ।

पारिवारिक संरचनाको दृष्टिले मनाङ जिल्लामा एक व्यक्तिदेखि १९ व्यक्तिसम्म सदस्य भएका परिवारहरू छन् । धेरैजसो परिवारहरूमा चार देखि पाँच व्यक्ति भएको पाइन्छन् । यस जिल्लाको औसत परिवार करीब छ जनाको छ ।

उमेर समूहको दृष्टिबाट यस जिल्लाको जनसंख्यालाई विभाजन गर्दा विभिन्न समूहमा निम्नबमोजिम रहेको देखिन्छः–

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
पाँच वर्ष र सोभन्दा मुनि	४३३	११.०	५३८	१५.२	९७१	१३.१
छ वर्ष देखि १५ वर्षसम्म	९८०	२५.०	८२२	२३.३	१,८०२	२४.१
१६ वर्षदेखि माथि	२,४९१	६३.९	२,१७२	६१.५	४,७६३	६२.८
	३,९०४	१००.०	३,५३२	१००.०	७,४३६	१००.०

माथि उल्लिखित तालिकाअनुसार पाँच वर्ष र सोभन्दा मुनिका नाबालकहरू यस जिल्लामा जम्मा ९७१ जना अर्थात् १३.१ प्रतिशत छन् । त्यस्तै छ वर्षदेखि १५ वर्षसम्मको संख्या जम्मा १,८०२ अर्थात् २४.१ प्रतिशत छ । १६ वर्ष र सोभन्दा माथि उमेरको जनसंख्या ४,६६३ अर्थात् ६२.८ प्रतिशत हुन आउँछ ।

यहाँको कुल जनसंख्यामध्ये १० वर्षदेखि ५९ वर्ष उमेर पुगेकालाई आर्थिक दृष्टिकोणले सक्षम ठानिएमा यहाँको सक्षम जनसंख्या ५,२२७ अर्थात् कुल जनसंख्याको ७०.३ प्रतिशत र आश्रित जनसंख्या २,२०९ अर्थात् २९.७ प्रतिशत हुन आउँछ । सो हिसाबले यहाँको आर्थिक निर्भरताको अनुपात १००:४२ अर्थात् प्रत्येक एक सय सक्षम मानिसमाथि थप ४२ जनाको आर्थिक भार पर्ने हुन्छ ।

अन्तर्राष्ट्रिय चलनअनुसार १५ वर्ष देखि ६४ वर्षसम्मको समूहलाई सक्षम र बाँकी जम्मै आश्रित मानिन्छ । यस समूहमा मनाङ जिल्लामा जम्मा ४,६२९ अर्थात् ६२.३ प्रतिशत पर्न आउँछ । बाँकी संख्या २,८०७ अर्थात् ३७.७ प्रतिशत आश्रित जनसंख्या मानिन्छ उपर्युक्त हिसाबले प्रत्येक सक्षम व्यक्तिमाथि ६१ व्यक्तिको आर्थिक निर्वाहको भार परेको देखिन्छ । अर्थात् प्रत्येक एक सय सक्षम व्यक्तिमाथि थप ६१ व्यक्ति आश्रित रहन्छन् । यसरी यस जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:६१ हुने आउँछ ।

यस जिल्लाका निवासीहरूमध्ये ७,३११ जना अर्थात् ९८.३ प्रतिशत अधिराज्यभित्र जन्मेको र बाँकी विदेशमा जन्मेको पाइन्छ । विदेशमा जन्मनेहरू १२५ जना अर्थात् १.७ प्रतिशत छन् ।

वि. सं. २०२८ सालको जनगणनाअनुसार यस जिल्लामा सबभन्दा बढी बोलिने भाषा गुरुङ भाषा हो। कुल संख्यामध्ये ३,६९९ जना अर्थात् ४९.७ प्रतिशतले यस भाषालाई मातृभाषाको रूपमा प्रयोग गरेको देखिन्छ। दोस्रो समूहमा स्थानीय भाषालाई लिइएको छ। नेपाली भाषालाई मातृभाषाको रूपमा प्रयोग खालि ८४ जना अर्थात् १.१ प्रतिशतले गरेका छन्। जिल्लाका तरुण तथा वयस्कहरूले नेपाली भाषामा कुराकानी गर्न सक्दछन्। खास गरेर अधिराज्यका विभिन्न जिल्लाहरूमा व्यापार गर्न जानेहरूले नेपाली भाषालाई राम्रो बुझ्न र बोल्न सक्दछन्। मनाङ गाउँ र वरिपरिका अन्य गाउँहरूमा केटाकेटी र बूढाबूढीहरू स्थानीय भाषाहरू मात्र जान्दछन्। जनगणना अनुसार यो जिल्लामा विभिन्न भाषाभाषीलाई मातृभाषाको रूपमा बोल्नेहरूको संख्या निम्नबमोजिम छ :–

मातृ भाषा	जनसंख्या	प्रतिशत
गुरुङ	३,६९९	४९.७
शेर्पा	१,१५९	१५६.
नेपाली	८४	१.१
अन्य स्थानीय भाषा	२,४९४	३३.६
	७,४३६	१००.०

यस जिल्लाका अधिकांश बासिन्दाहरू बौद्ध धर्मावलम्बी छन्। यहाँको दोस्रो धार्मिक समूह हिन्दू धर्मावलम्बीहरूको छ।

वि. सं. २०२८ सालको राष्ट्रिय जनगणना अनुसार जिल्लामा छ वर्ष र सोभन्दा माथि उमेर पुगेका पुरुष ३,४७१ र महिला २,९९४ जनामध्ये १,४६१ पुरुष र १,२९९ महिलाले विवाह गरेको पाइन्छ। यस जिल्लाको विवाहित जनसंख्यामा १४ वर्षभन्दा कम उमेरका केटा र केटीहरूमा एउटैमात्र केटीको विवाह भएकोबाट यस जिल्ला अधिराज्य अन्य जिल्लाहरूको तुलनामा फरकनै भएको पाइन्छ। किनकि अन्य जिल्लाहरूमा १४ वर्षभन्दा मुनिका केटा र केटीहरूले पनि धेरै संख्यामा विवाह गरेको पाइन्छ। विवाहित संख्यामध्ये सबभन्दा बढी संख्या २५ वर्षदेखि २९ वर्षको बीचमा पाइन्छ। यस जिल्लामा विधुर पुरुषहरूभन्दा विधुवा नारीहरू बढी देखिन्छन्। विधुर १३२ को तुलनामा विधुवा २५५ छन्। विवाह गरी पारपाचुके गर्नेहरूको संख्या जम्मा १०० जनामध्ये पुरुष ४२ र महिला ५८ छन्।

जनजीवन

मनाङ जिल्लामा बसोबास गर्ने जातिहरूमा गुरुङ र नेस्याङ्ग (मनाङ्वा) जाति मुख्य हुन्। अधिराज्यका अन्य जिल्लाहरूको तुलनामा यस जिल्लामा बसोबास गर्ने जातिहरूको संख्या धेरै कम छ। प्रायः सम्पूर्ण मानिसहरू बौद्ध धर्मावलम्बी भए तापनि जातिहरूको भौगोलिक स्थितीकरणको आधारमा दुई भागमा विभाजन गर्न सकिन्छ – छ सूम मनाङ र तीन गाउँ मनाङ। जिल्लाका जातिहरूमध्ये पहिलो गुरुङ्ग, दोस्रो नेस्याङ (मनाङ्वा) लाई लिन सकिन्छ।

जिल्लाको पूर्वी भाग अथवा तल्लो तीन गाउँ मनाङका गुरुङ जातिका मानिसहरूको रहनसहन भाषा तथा संस्कृति दक्षिणतिरका अन्य गुरुङहरूसित निक्कै फरक देखिए तापनि केही मात्रामा समान पनि छन्। गुरुङ जातिको जनजीवनबारेमा लमजुङ जिल्ला परिचयमा उल्लेख भएकोले यहाँ दोहऱ्याइएको छैन। यस परिच्छेदमा मनाङवाहरूको जनजीवनबारेमा छोटकरी वर्णन गरिन्छः–

मनाङ्वा

छसूम अथवा माथिल्लो मनाङका मानिसहरू पहिले आफूलाई घले गुरुङ भनी मानिआएका थिए तर पछि तिनीहरू लामामा परिगत भएका हुन् भनिन्छ। यसरी यिनीहरू गुरुङ घोषित भए तापनि दक्षिणतिरका गुरुङहरूले अहिलेसम्म मान्दैनन्। यिनीहरूले बसोबास गरेको क्षेत्रलाई नेस्याङ्ग भनिन्छ। त्यसैले यिनीहरूलाई नेस्याङ्गवासी पनि भनिन्छ तर साधारणतया अन्य जिल्लाका मानिसहरू यिनीहरूलाई मनाङ्वा भन्ने गर्छन्।[1] यी मनाङ भोटका गाउँहरू छसूम अथवा स्थानीय भाषामा छ वटा गाउँ भन्ने उल्लेख भए तापनि छ वटाभन्दा बढी छन्– जस्तै खङसार, मनाङ, आका, ङावल, घ्यारू, पिसाङ, नार, फू, टंकी आदि। आजकल यिनीहरूले आफूलाई घले गुरुङ लेख्न शुरू गरेका छन्। कसैले यिनीहरूलाई के जात हो भनी सोद्धा घले लेखे पनि हुन्छ भनी जवाफ दिन्छन्। जिल्लामा वसोबास गरेका मनाङवा जातिको भाषा, रहनसहन, लवाइ खुवाइ, संस्कृति तिब्बती बासिन्दाहरूसित मिल्दो जुल्दो भए तापनि तिब्बतमा विवाह गर्न मन पराउँदैनन्।

मनाङवाहरूमा पनि धेरै किसिमका जात जातिहरू पाइन्छन्। यिनीहरूमध्ये क्ले, स्योल्मी, घीलाई चार जात अथवा माथिल्लो जातिमा गणना गरिन्छ। अन्यलाई बाँकी सोह्र जातमा गणना गरिन्छ। क्ले जातिमा पनि अन्य तीनवटा थरहरू हुन्छन् जस्तै– छ्यामा थाप्की, फ्राकलम र ओसेर्वन्ढवन्दीलम। फ्राकलम र घी जातका बीच वैवाहिक सम्बन्ध चल्दैन। खास मनाङ गाउँमा धेरै जसो स्योल्मी थरका मानिसहरू हुन्छन्। यिनीहरूलाई गुरुङ जातिको लामीछाने थरको स्तरमा राखिन्छ। यस जाति समूहमा यदि एउटा केटोले अर्को जातिबाट स्वास्नी विवाह गऱ्यो भने आफ्नो घरमा फर्केपनि बाबुको पुर्खासित मिल्दैन। यदि यस जातिको केटीले अर्को जातिको केटोसित गएको खण्डमा त्यसलाई आमाबाबुको घरमा भित्र्याउँदैनन्।

शारीरिक बनावटअनुसार मनाङवाहरू गुरुङ जातिसित मिल्दो जुल्दो छन्। यिनीहरू तिब्बतीहरूसित पनि धेरै कुराहरूमा मिल्दछन्। अन्य हिमाली जातिहरूभन्दा केही अग्ला हुन्छन्। गोलो आँखा, पहेलो रङ, दाह्री जुँगा कम, चेप्टो नाक आदि यिनीहरूको अन्य महत्वपूर्ण शारीरिक गुण हुन्। यिनीहरूलाई मङ्गोल वर्गमा राख्न सकिन्छ। यिनीहरूको भेषभूषा नेपाल अधिराज्यका अन्य हिमाली क्षेत्रका मानिसहरूसित मिल्दो जुल्दो भए तापनि यहाँ धेरै जसो तरुण केटाहरूले विदेश गई व्यापार गर्ने भएका हुँदा पाश्चात्य पहिरन अपनाउन थालेका छन्। नार र फूगाउँका मानिसहरू बाहेक अन्य गाउँका धेरैजसो मानिसहरू कपाल काट्ने, नाइलनका लुगा लगाउने आदि नयाँ पहिरन गरी हिंड्छन्। तर पुराना विचारका मानिसहरू ठण्डी ठाउँको नाताले भेडा तथा च्याँग्राको ऊनबाट बुनेको लुगा तथा छालाकै लुगा पनि प्रयोग गर्दछन्।

यस जातिका गाउँहरूमा १५।२० देखि बढीमा ५०० सम्म घर भएको पाइन्छ। यसमा सबभन्दा ठूलो गाउँ खास मनाङ हो। दोस्रोमा भ्राका गाउँ आउँछ। एकै ठाउँमा एक गुचमुच्च परेर बनेका घरहरूको बीच

---

[1] Bista, Dor Bahadur— People of Nepal, 1972, page 189

बीचमा स-साना गल्लीहरू हुन्छन् । विशेषगरी दुईदेखि तीन तल्लासम्म हुने यी घरहरू राम्ररी नछाँटिएका ढुङ्गाहरू, काठ तथा माटो हाली बनाइन्छन् । भित्रका कोठाहरू अँध्यारै हुन्छन् । भूइँ तल्लामा गाईवस्तु राख्ने गर्दछन् । गोठ माथिको तल्ला मानिसहरूको खाने, सुत्ने तथा सामान राख्ने काममा प्रयोग गरिन्छ । सबै घरका छाना चेप्टो भई ढुङ्गा माटो इत्यादि राखी ठोकिएको हुन्छ । छानामा अन्न सुकाउने गर्दछन् । घरको एक तल्लाबाट अर्को तल्लामा जान रूखको मुढालाई टासेर बीच बीचमा टेक्ने खोपिल्टाहरू भएको लिस्नो प्रयोग गरिन्छ । प्रायः सबै गाउँका घरहरू पहाडी ढालको ज्यादै भिरालो परेको भागमा बनाइन्छन् ।

छसुम गाउँका सबै मानिसहरू मनाङी भाषा बोल्दछन् जुन गुरुङ भाषासित पनि मिल्दो जुल्दो छ । यसमा करीब आधा गुरुङ भाषा मिसिएको छ । भाषा अन्वेषकहरूको भनाइमा यिनीहरूको भाषा तिब्बती भाषाबाट निक्कै फरक भएको पाइन्छ[१] । प्रायः सबै मनाङ्वाहरू बौद्ध धर्ममा लागेका छन् । तिनीहरूको जीवन चक्र तथा अन्य काज क्रियाहरू सबै बौद्ध लामाद्वारा नै सञ्चालित छन् । खास मनाङमा एउटा ठूलो गुम्बा छ ।

ज्यादै उच्च भूमिमा बसेका हुँदा यी मनाङ्वाहरू खेतीमाभन्दा पनि बढी अन्य पेशामा लागेका छन् । धेरै ठण्डा हुने हुँदा फापर, गहुँ, जौ, मकै, आलु, मुला आदि नै यिनीहरूको मुख्य कृषि उपज हुन् । खेतीबाट भएको उत्पादनबाट यिनीहरूलाई तीन चार महीनाभन्दा बढी नपुग्ने हुँदा यिनीहरूको मुख्य पेशाको रूपमा व्यापारलाई लिन सकिन्छ । पहिलेदेखि व्यापार गर्नेमा शिपालु भएका मनाङ्वाहरू उत्तरमा तिब्बत र दक्षिणमा लमजुङ जिल्लाको बीचमा मध्यस्थको काम गरिरहेका थिए । दक्षिणबाट आउने अन्नहरूसित उत्तरबाट ल्याइएका ऊन, नून आदिको विनिमय गरी आफ्नो जीवन पालिराखेका थिए । यस बाहेक यिनीहरू दक्षिण-पूर्व एशियाका विभिन्न देशहरूसम्म पुगी गाउँबाट मूल्यवान् पत्थरहरू, जरीबूटी, कस्तुरी आदि लगेर बेची घडी, ट्रान्जिस्टर, रेडियो तथा अन्य लुगा लत्ताकपडाहरू पैठारी गरी ल्याउँछन् । यिनीहरू काठमाडौं, पोखराआदि शहरमा बाहिरबाट ल्याइएका सामानहरू बेच्ने गर्दछन् । यिनीहरूको व्यापारको लागि कार्तिक महीनातिर गाउँ छाड्ने र वैशाख तिर फर्कने गर्दछन् । व्यापारीहरूमध्ये कुनै कुनै वर्ष दिनसम्म पनि विदेशमा बस्ने गर्दछन् । हिउँद महीनामा बूढाहरू र गोठालाहरू बाहेक गाउँका सबै मानिसहरू तल्लो भेकमा झर्दछन् । लोग्ने मानिसहरू विदेशीएको बेला आइमाईहरू लमजुङ, तनहूँ आदि ठाउँबाट अन्न ओसार्ने काम गरिरहेका हुन्छन् । यसमध्ये केही खानको लागि राख्दछन् र केही मात्रामा बेच्ने काम पनि गर्दछन् । वि.सं. २०१९।०२० सम्म यिनीहरूलाई निःशुल्क आयात निर्यात गर्ने अनुमति दिइएको लालमोहर थियो । हाल यस लालमोहरमा परिवर्तन भएको छ । अहिले यिनीहरूलाई राहदानीको सुविधामात्र दिने गरिएको छ । विदेशको व्यापारमा यिनीहरूको आफ्नै नियमअनुसार आइमाईहरूलाई विदेश जान मनाही गरिएको छ ।

यहाँ पाकेको अन्न काट्ने आफ्नै प्रकारको चलन छ । अन्न काट्ने पहिलो दिन (जसलाई टाँकीपिवा भन्दछन्) शेर्पाले गाउँका सबै मानिसहरूलाई बोलाउँछन् । त्यसदिन सबै खेतमा भेला हुने भए तापनि एक परिवारले धावा (गाउँको मुख्य मानिस) ले भने जति मात्र काट्न पाउँछ । त्यसभन्दा बढी काट्नु परेमा धावालाई एक सीसी रक्सी र खाता चढाउनु पर्दछ । टाँकिपिवाको एक हप्तापछि मात्र आफ्नो इच्छाअनुसार सबै अन्न काट्न सकिन्छ । यस नियमलाई नमानेको खण्डमा धावाले जरीवाना गर्न सक्दछ । आइमाईहरूले खेतो गरिएको

---

1. David Snel Grove--Himalyan Pilgrimage, Oxford, 1961, P. 205

जग्गामा कहिले पनि सिचाइ गर्न सक्दैनन् । त्यसो गरेमा धावाले रू. ५००। सम्म जरीवाना गर्न सक्तछ । खेती बाहेक यिनीहरू भेडा, बाख्रा, चौरी, घोडा आदि पाल्ने काम पनि गर्दछन् । यसलाई व्यापार पछिको दोस्रो ठूलो पेशाको रूपमा लिन सकिन्छ ।

छसूम इलाकामा धेरै पहिलेदेखि चलिआएको यिनीहरूको आफ्नै प्रकारको पञ्चायत हुन्छ । हरेक दुई वर्षमा गाउँको नाइके चुनिन्छ । अर्को शब्दमा हरेक दुई वर्षमा एक परिवारको पालो आउँछ भने पनि हुन्छ । गाउँको मुख्य मानिसलाई धावा भन्ने चलन छ । त्यसपछि शेर्पा र कटुवालहरू हुन् । धावाले बोलेको कुरालाई कसैले पनि काट्दैन । उसले भनेको कुरा गाउँका सबै व्यक्तिले मान्नु पर्दछ । गाउँमा कसैलाई समातेर ल्याउनु पर्दा शेर्पा जानुपर्दछ । कटुवालले गाउँमा हुने सभाको लागि सबै मानिसलाई खबर गर्ने गर्दछ । हरेक गाउँमा एक जना धावा, एक शेर्पा र एक कटुवाल हुन्छन् । तर खास मनाङ गाउँमा भने हरेक पदमा दुई दुई जना छन् । यसको मुख्य कारण ठूलो गाउँ भई जनसंख्या धेरै भएकोले हुन सक्तछ । सबै गाउँको मुख्य धावाको रूपमा मनाङ गाउँको धावालाई मानिएको छ । उ सबै धावाहरूभन्दा शक्तिशाली हुन्छ । आवश्यकता परेमा धावाले गाउँका सबै मानिसहरूलाई सभाको लागि बोलाउन सक्दछ । खास मनाङ गाउँ बाहेक अन्य छसूमका गाउँहरूमा समस्या परेमा उक्त गाउँको धावाले मनाङ को धावालाई खबर गर्नुपर्दछ । धावाले एकजना मुखिया मनोनीत गर्दछ । मुखियाको काम गाउँमा सभा हुँदा अन्य मानिसहरूको विचार सङ्कलन गर्ने हो । धावा एक किसिमले गाउँका नाइके अथवा सभाको सभापति भने पनि हुन्छ । धावा हरेक दुई वर्षमा फेरिने कुरा माथि उल्लेख भईसकेको छ । यस बाहेक शेर्पा र कटुवाल एक वर्षमा फेरिन्छन् । दुई वर्षको लागि धावा भइसकेको मानिस अर्को वर्षको लागि शेर्पा बन्दछ । यसमा पनि आइमाईले भाग लिन पाउँदैनन् । एक गाउँबाट अर्को गाउँमा बसाइँ सर्ने मानिसले धावा बन्न पाउँदैन । तर क्ले घले जातको मानिस अर्को गाउँमा गएपनि धावा बन्न सक्तछ। अर्को नियमअनुसार ६० वर्ष नाघेको बूढा गाउँको सभामा उपस्थित हुन पाउँदैन यदि भएमा रू. ५००। सम्मको जरीवाना लाग्न सक्नेछ ।

मनाङ जिल्लाको अधिकांश भागमा गुरु, पुरोहित लामा हुन्छ । तल्लो मनाङमा झाँक्री र धामीहरूको पनि चलन छ । न्वारान, व्रतवन्ध आदिमा विशेष कार्य गरेको पाइँदैन । विवाहमा भोजादिको व्यवस्था गरी नाच गान गर्ने चलन छ । मृत्यु संस्कारमा लामाले जे जस्तो अनुमति दिन्छ जलाउने, पुर्ने, बगाउने, काटी टुक्रा पारी फ्याँकिदिने त्यही गर्ने प्रथा छ । माथिल्लो मनाङको गुम्बा घरमा पूजा आजा र प्रार्थना गरिन्छ ।

यो माथिल्लो भेकमा बस्ने छसूम मनाङ र अन्य जातिको रहन सहन रीतिस्थिति, भाषा,धर्म र संस्कृति समान छ । यिनीहरूको सबभन्दा ठूलो चाहाड तारो हान्ने (वैशाख जेठतिर) र लोशर (माघ, फागुनतिर) मनाइन्छन् । लोशरको अर्थ वर्षारम्भ हो अर्थात् "लो" माने साल र "शर" को माने सरेको। बौद्ध धर्मवलम्बीको नाताले गुम्बाहरूमा राखिएका विभिन्न किसिमका मूर्तिहरूको पूजा गर्ने, माने घुमाउने, माला (ॐ मणी पद्मे हूँ) आदि जप्ने, हातमा लिइएको सानो माने घुमाउने आदि गरिन्छ । घट्टको जस्तो चक्कालाई पानीद्वारा निरन्तर घुम्ने माने ठाउँ ठाउँमा राखिएको हुन्छ । माथिल्लो अर्थात् छसूमका सबै गाउँहरूमा तथा तल्लो तीन गाउँमै पनि थोंचे र बगर छापमा गुम्बाहरू छन् ।

यी माथि उल्लिखित मनाङवाहरू बाहेक मनाङ जिल्लामा भर्खरै बसोबास गर्न आएका तिब्बती शरणार्थीहरू पनि छन् । यिनीहरूलाई यहाँ ढोकपा भनिन्छ । गोठाला काम गरी जीविका चलाउने गर्दछन् । यिनीहरू भेडा, बाख्रा, चौंरी, झोपा आदि पालि बसेका छन् ।

आर्थिक व्यवस्था

अधिराज्यका अन्य जिल्लाहरूभन्दा मनाङ विभिन्न विषयमा फरक छ । यो जिल्ला आर्थिक स्थितिको दृष्टिकोणबाट पनि अन्य हिमाली जिल्लाहरूभन्दा फरक देखिन्छ । अधिकांश जिल्लाबासीहरूको आर्थिक सन्तुलन कृषिमाभन्दा बढी व्यापारमा आधारित छ। जिल्लाको प्रायः धेरैजसो भाग हिउँले ढाकिरहने, नङ्गा पर्वतमालाहरू, नदीहरूले काटी बनाएका गहिरा खोंच, भीर तथा पहराहरू आदिको कारणले यहाँ खेतीयोग्य जमीन सीमित छ । खाद्य, कृषि मन्त्रालयद्वारा प्रकाशित तथ्याङ्कमा खाद्यान्न बचत देखाइएतापनि यहाँको कृषि उत्पादनबाट जिल्लाको खाद्यान्नको आवश्यकता पूरा हुँदैन[1] । आर्थिक स्थितिलाई सन्तुलनमा राख्न यहाँका बासिन्दाहरू अन्य पेशा जस्तै व्यापार, पशु-पालन, घरेलु उद्योग आदि काम गर्ने गर्दछन् । यिनीहरूको सबभन्दा महत्वपूर्ण पेशा व्यापारलाई नै लिन सकिन्छ ।

यहाँका जिल्लाबासीहरू आन्तरिक तथा बाह्य व्यापारको लागि निपुण छन् । यिनीहरू जिल्ला भित्र बाहेक अधिराज्यका अन्य जिल्लाहरू जस्तै लमजुङ, गोरखा, मुस्ताङ, कास्की, काठमाडौंको साथै भारत, तिब्बत, बर्मा,थाइल्याण्ड, सिंगापुर, हङकङ आदि ठाउँमा गई व्यापार गर्ने गरिरहेका छन् । यसबाहेक जिल्लामै उत्पादित विभिन्न किसिमका पशुहरूको ऊनबाट राडी,पाखी,गलैंचा आदि बुन्ने काम पनि गर्दछन् ।

कृषि

यस जिल्लामा आर्थिक दृष्टिकोणले व्यापार नै सबभन्दा बढी महत्वपूर्ण भए तापनि धेरै प्रतिशत मानिसहरू कृषिमै संलग्न भएको कुरा २०२८ को जनगणनाले देखाउँछ । उक्त तथ्याङ्कअनुसार १० वर्ष र सोभन्दा माथिका जनसंख्यामध्ये काममा लागेको कुल जनसंख्या ३,४४५ मध्ये ३,१३८ अर्थात् ९१.० प्रतिशत कृषि व्यवसायमा लागेको देखाइएको छ । यहाँ कृषि व्यवसाय भन्नाले पशुपालन पनि समावेश हुन्छ । बाँकी नौ प्रतिशत मात्र अन्य व्यवसायमा लागेको देखाइएको छ ।

अधिराज्यमा यही एउटा जिल्लामा धानको खेती गरिंदैन । अन्यथा ७५ जिल्लामध्ये ७४ जिल्लाहरूमा केही न केही मात्रामा धानको खेती गरिएको पाइन्छ । मनाङ जिल्लापछि धान कम हुने अर्को जिल्ला

---

[1] पञ्चायत कोचिङ इन्स्टिच्यूट—मनाङ जिल्लाको आर्थिक सामाजिक सम्भाव्यता अध्ययन, २०३०, पेज ७२

रसुवा हुनआउँछ । यसको मुख्य कारण जिल्लाको अधिकांश भाग भोट क्षेत्रमा परेकोले वृष्टि छायाँमा परी अपर्याप्त मात्रामा वर्षा हुनु, अति-शीत प्रदेशले गर्दा कम तापक्रम पाइनु, धेरैजसो उपलब्ध जमीन ढुङ्गा र कङ्कडहरूले ढाकिनु, मलिलोमाटोको अभाव आदि हुन् ।

त्यसैले जिल्ला भित्र कुनै पनि ठाउँमा धान खेती गरेको पाइँदैन। प्रयोगात्मक रूपमा एकचोटी बगरछाप भन्ने गाउँमा धानबाली लगाएकोमा विरुवा फस्टाए पनि राम्ररी धानको गेडा लाग्न सकेन र बीउ तथा परिश्रम सबै खेर गयो भन्ने स्थानीय कृषकहरूको भनाइ छ ।

जिल्लाभित्र पाइने अन्य बालीहरूमा फापर, गहुँ, करु (गहुँ जस्तो), मकै, जौ, कोदो, तोरी आदि हुन् । कृषि उत्पादन र उब्जनी हुने ठाउँको दृष्टिकोणले जिल्लाको कृषि प्रणालीलाई दुई खण्डमा विभाजन गर्न सकिन्छ - माथिल्लो मनाङ अथवा छसूम र तल्लो मनाङ अथवा तीन गाउँ । माथिल्लो मनाङ ज्यादै उचाइमा परेको र अति शीतप्रदेश भएको हुँदा यहाँ वर्षको एक बाली मात्र पाक्छ तथा सीमित बालीहरूको मात्रै खेती गरिन्छ तर तल्लो मनाङ अथवा तीन गाउँमा वर्ष को दुई बाली पनि लगाउन सकिन्छ । तुलनात्मक रूपमा माथिल्लो भागमाभन्दा बढी बालीहरू पनि तल्लो भागमा पाइन्छन् । माथिल्लो छसूम मनाङमा पाइने मुख्य बालीहरू फापर, गहुँ, करु, मूला र आलु हुन् । यिनीहरू प्रायः सबै वैशाखमा छरिन्छन् र जेठ र असारमा गोडिन्छन् । त्यसपछि आलु बाली साउनदेखि खन्न थालिन्छ । अन्य सबै बालीहरू असोजमा भित्र्याइन्छन् र हिउँ पर्नुभन्दा अगाडि नै थन्काइसक्तछन् । यस भेकमा प्रायः सबै ठाउँमा सिचाइको व्यवस्था छ ।

तल्लो तीन गाउँ मनाङमा वर्षको दुई बालीसम्म लगाइन्छ। यहाँ पाइने मुख्य बालीहरूमा मकै, फापर, उवा, गहुँ, जौ, कोदो, आलु आदि हुन् । वर्षे बालीहरूमा मकै, फापर, कोदो, चैत–वैशाखमा लगाइन्छ, प्रायः असारमा गोडमेल गरी साउनदेखि असोजसम्ममा भित्र्याइ सक्छन् । हिउँदे बाली जस्तै गहुँ, जौ, उवा, कात्तिकमा लगाएपछि एकैचोटी वैशाख जेठमा काटिन्छन् । हिउँदे बालीमा गोडमेल गर्ने चलन छैन ।

जिल्लामा हालसम्म विदेशी अथवा रासायनिक मलको प्रयोग भएको देखिंदैन । पशुको मल ज्यादै कम मात्रामा प्रयोग गरिन्छ । सल्ला तथा धूपीका रूखहरूको पात कुहाएर बाटोघाटो, छिडी आदि ठाउँमा राखी पशुहरूको सोत्तर कुहाएको मिसाई मलको रूपमा प्रयोग गरिन्छ ।

कृषि औजारको क्षेत्रमा परम्परागत रूपमा चल्दै आएका स्थानीय हलो, कुटो, फाली, कोदालो, काउसो, हँसिया आदि प्रयोगमा ल्याइएको देखिन्छ। यी माथि उल्लिखित कृषि औजारहरू प्रायः जसो हरेक गाउँमा पाइने एकाध कामीहरूद्वारा बनाइन्छन् । यिनीहरू बन्चरो, स्यागे, खुर्पा, कुटो, चुपी आदि बनाउनमा सिपालु छन् । यहाँ आधुनिक औजारहरूको प्रयोग हालसम्म भएको देखिंदैन ।

यस जिल्लाभित्र आफ्नो खेत जग्गा हुने सबै परिवारहरू आफ्नो काम आफै गर्दछन् । कुलो तथा सिचाइको लागि भने गाउँका सबै मानिसहरू एकै जमात भई काम गर्दछन् । यिनीहरूमा परिमा प्रथा पनि चल्दछ । यसलाई स्थानीय भाषामा ल्यारे भन्दछन् । यस बाहेक आवश्यक परेमा ज्यालामा पनि काम लगाइन्छ। यसरी ज्यालामा लिदा बिहान, बेलुका खान र दिउँसो खाजा दिई लोग्नेमानिसलाई पाँच रुपियाँ र स्वास्नीमानिसलाई तीन रुपियाँसम्म दिने गरेको पाइन्छ ।

यहाँ कुनै जातिविशेषले खेतीमा विशेष भूमिका खेलेको देखिदैन । बेचबिखनमा पनि कुनै परिवार तथा जातिमा सीमित नरही बढी हुनेले अन्न बेच्ने गर्दछन् ।

यस जिल्लाको मुख्य खाद्यान्न उत्पादनको रूपमा मकैलाई लिन सकिन्छ । कृषि तथ्याङ्क २०२८ साल मा उल्लेख भएअनुसार यस जिल्लामा आर्थिक वर्ष २०२४।२५ देखि आर्थिक वर्ष २०२९।३० सम्मको मुख्य मुख्य बालीले ढाकेको क्षेत्रफल र उत्पादन यस प्रकार छः–

क्षेत्रः हेक्टरमा
उत्पादनः मेट्रिकटनमा

क्षेत्रफल र उत्पादनको तालिका

वर्ष	धान		मकै		गहुँ		कोदो	
	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
२०२४।२५	१७५	३७६	१,१००	१,९८०	५५०	७१५	२२५	२२४
२०२५।२६	१७५	३८२	१,३००	२,३४०	५५०	७१५	३२५	३९६
२०२६।२७	२००	४४०	१,५००	२,७००	५७५	७५७	३५०	४२०
२०२७।२८	२००	४४०	१,६००	२,९१२	६००	६००	४००	४८८
२०२८।२९	१८८	४०४	१,५००	२,७००	५००	५५०	×	×
२०२९।३०	२००	४२०	१,५५०	२,७९०	५००	४५१	४५०	५५१

वर्ष	जौ		आलु		तोरी		जम्मा क्षेत्र
	क्षेत	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	
२०२४।२५	५५०	५६४	५००	२,७५०	२५	९	३,११५
२०२५।२६	५५०	५६४	५००	२,७५०	२५	९	३,४२५
२०२६।२७	५५०	५६९	५२५	२,८३५	२५	९	३,७२५
२०२७।२८	५६०	५८०	५३८	२,८६२	३०	११	३,९२८
२०२८।२९	×	×	×	×	×	×	×
२०२९।३०	५७०	५८४	५५०	२,९१५	३०	९	३,८५०

माथि उल्लिखित तथ्याङ्कअनुसार यस जिल्लामा आर्थिक वर्ष २०२९।०३० मा जम्मा ३,८५० हेक्टर जग्गामा खेती भएको देखिन्छ । यसमध्ये सबैभन्दा बढी क्षेत्र मकैले ढाकेको छ । उक्त सालमा जम्मा १,५५० हेक्टरमा मकैको बाली लगाइएको थियो जसबाट जम्मा २,७९० मेट्रिकटन उत्पादन भएको थियो । धानबालीको हकमा यस तथ्याङ्कमा २०० हेक्टरमा खेती भएको देखाइएतापनि वास्तवमा यस जिल्लामा हाल यसको खेती नभएको व्यहोरा स्थानीय प्रशासनको प्रतिवेदनबाट देखिन्छ ।

यसै तथ्याङ्कअनुसार जिल्लाको मुख्य बालीको रूपमा आउने मकै बालीको क्षेत्रफल र उत्पादन साल बसाली वृद्धि हुँदै गइरहेको पाइन्छ ।

भूमि व्यवस्था

यस जिल्लाको पूरै भागमा भूमिसुधार लागू नभएको हुँदा जिल्लाभित्रको कुल खेती-योग्य जग्गा देखाउन अलि अप्ठ्यारो पर्दछ । भू–स्वामित्व र भूमि व्यवस्थाको दृष्टिकोणले जिल्लालाई दुई भागमा विभाजन गर्न सकिन्छ ।

(क) माथिल्लो अथवा छसूम मनाङमा यस इलाकाको चामेगाउँ नजीकको सुके खोलादेखि पश्चिममा सबभन्दा छेउमा पर्ने खाङसार गाउँसम्मको भाग पर्दछ ।

(ख) तल्लो अथवा तीन गाउँ मनाङमा सुके खोलादेखि पूर्वमा जिल्लाको सीमाना तालसम्म पर्दछ ।

उपर्युक्त विभाजनअनुसार माथिल्लो अथवा छसूम मनाङको भूमि व्यवस्था आफ्नै प्रकारको छ ।

समय समयमा गरिएको अध्ययन टोलीको तथ्याङ्कको आधारमा यस क्षेत्रमा मोटामोटी ३०० हेक्टर (६,००० रोपनी) खेतीयोग्य-जग्गा भएको अनुमान छ । यसअनुसार यहाँको जनसंख्यासितको अनुपात प्रतिव्यक्ति ०.०६ हेक्टर (१.३ रोपनी) तथा प्रतिपरिवार ०.३० हेक्टर (६.१ रोपनी) पर्न आउँछ । यहाँ सबै परिवारको आ–आफ्नो जमीन छ । तर खेतीयोग्य जमीनको विवरण समान छैन । कसैको ०.०५ हेक्टर (एक रोपनी) जमीन छ भने कसैको ०.४ हेक्टर (आठ रोपनी) सम्म भएको पाइन्छ । मुख्य हकवालाको मृत्युपछि तीन भाग छोराहरूको र एक भाग छोरीको हक लाग्ने चलन छ ।

यस इलाकामा भूमि सम्बन्धी कुनै लिखित तथ्याङ्क छैन । जग्गाको बेचबिखनमा धावा मार्फत पञ्चकिर्ते मोल कायम गरी खरीद बिक्री गर्दछन् । भूमि सम्बन्धी झै झगडा यहाँ निक्कै कम भएको देखिन्छ ।

यस भेकमा जग्गाको मालपोत सालिन्दा रू. १,७८४। धावाहरूले उठाई स्थानीय मालपोत अड्डामा दाखिल गर्दछन् । यिनीहरूले जमीनको स्वरूप, बालीको परिमाण आदिको आधारमा मालपोत रकम असूल गर्दछन् र यसरी प्राप्त भएको रकम ठेक्का स्वरूप माल अड्डालाई बुझाउँछन् । यसमा उनीहरूले पाँच प्रतिशत कमिशन पाउँछन् ।

तल्लो मनाङ अथवा तीन गाउँमा २०२३ सालमा सात नम्बरको फाराम भरेअनुसार यस इलाकामा करीब ६६ हेक्टर (१,३२२ रोपनी) जग्गा रहेको देखिन्छ । यहाँबाट सालिन्दा मालपोत बापत तालुकदार मार्फत रू. १,६५२। उठ्दछ । यहाँ केही संख्यामा मोहीहरूको व्यवस्था भएको पाइन्छ ।

वि.सं. २०२६ सम्म सात नम्बर फाराम भरी दाखिल गर्नेमध्ये जग्गावालाको संख्या ५३२ र मोही संख्या २४३ भएको देखिन्छ । जोताहाको अस्थायी निस्सा जम्मा ३८ जनालाई वितरण भएको देखिन्छ ।

मालपोत बाहेक यस जिल्लामा निम्नबमोजिमका विभिन्न किसिमका कर उठाइन्छन् । जस्तै-

महभीर रकम	रू. ६।०४	भीरमा मह काटे बापत ।
वलक	रू. २४।५०	नजराना स्वरूप ।
पट्टा दस्तूर	रू. ३३।७८	पट्टा लालमोहर वा विभिन्न किसिमको पट्टा दिए बापत।
मेगजिन रकम	रू. –।६४	खानीको लागि वा कामीको लागि लागेका रकम ।
हरसाला रकम	रू. ४४।५०	गाउँको रीतिथिति मिलाई तालुकदारी, धावागी गरी बस्नु भन्ने भएको लालमोहरको लागि हरसाल बुझाउने वा घोडा गोठमा लागिआएको रकम ।

त्यस्तै माथिल्लो अथवा छसूम मनाङबाट कस्तूरी मारे बापतको कस्तूरी बिना १, दोच्ची २ र नम्बु–२ आदि बुझाउने गरिआएकोमा हाल श्री ५ महाराजाधिराज सरकारबाट माफी बक्सेको छ ।

यस जिल्लामा ऋण रकम रू. १३,१८१। मध्ये कसैलाई पनि ऋण मिनाहा गरिएको छैन । यस जिल्लामा अनिवार्य बचतबाट जिन्सीमा अन्न १९ मुरी र नगदमा रू. १,११४। उठ्ती भएकोछ ।

फलफूल खेती

जिल्लाका विभिन्न स्थानमा जस्तै जिल्लाको सदरमुकाम चामे, ओडार गाउँ, तिमाङ, थान्चोक आदिमा व्यक्तिगत तथा प्रयोगात्मक रूपमा केही स्याउको खेती भएको भए तापनि यहाँ आरू र ओखर सिवाय अन्य फलफूलको खेती भएको छैन । शीत-प्रधान जलवायु पाइने भएकोले शीतोष्ण प्रदेशका फलफूलहरूको लागि यो जिल्ला ज्यादै सुहाउँदो छ । विशेषज्ञहरूको भनाइअनुसार यस जिल्लामा खास गरेर अङ्गूर र स्याउको खेती निक्कै राम्रो हुन सक्छ । यसैको सिलसिलामा २०२८ सालमा श्री ५ को सरकारको तर्फबाट यस जिल्लामा वितरण गरिएका ६,००० स्याउका बोटहरू जिल्लाको विभिन्न स्थानहरूमा रोपिसकिएका छन् । दुई तीन वर्ष पछि नै फल दिन थाल्नेछन् । यसरी वितरण भए तापनि राम्ररी संरक्षण र हेरविचारको कमीले गर्दा बोट बिरूवाहरू मर्ने सम्भावना छ । त्यसैले यसको लागि प्राविधिक सरसल्लाह श्री ५ को सरकारका बागवानी अनुसन्धान केन्द्रहरूबाट उपलब्ध गराउन् पर्ने देखिन्छ । माथि उल्लिखित फलफूलहरू बाहेक यस जिल्लामा उत्पादन हुन सक्ने अन्य फलफूलहरूमा केशर, कागजी बदाम, खुर्पानी आदि पनि हुन् ।

पशुपालन

मनाङ उत्तरी भेकस्थित हिमाली जिल्ला भएकोले खाद्यान्न खेतीपातीको विकासको सम्भावना सीमित छ तसर्थ आर्थिक दृष्टिकोणले व्यापार पछि यस जिल्लाको सबैभन्दा महत्वपूर्ण पेशा पशुपालन हो । यस जिल्लालाई पशुपालनको दृष्टिकोणबाट दुई भागमा बाँड्न सकिन्छ-तल्लो भेक र माथिल्लो भेक । प्राकृतिक वातावरण अर्थात् जलवायु, प्राकृतिक वनस्पति जस्तै घाँस, झारपात आदि कारणबाट तल्लो मनाङमा गाई, गोरु, झोपा, च्याङ्ग्रा, भेडा आदि हुन्छन् । मनाङ जिल्लाको आर्थिक सामाजिक सम्भाव्यता अध्ययनका आधारमा यस जिल्लाको मोटामोटी पशु संख्या निम्न देखाइएको छ ।

पशुहरूको नाम	पशु संख्या
चौंरी	२,५००
झोपा	२००
घोडा	४९६
गोरु	१,२४०
गाई	१,६२०
भेडा च्याँग्रा	८,०८५
कुखुरा	३,३४०
जम्मा–	१७,४८१

उपर्युक्त तथ्याङ्कअनुसार जिल्लामा सबभन्दा बढी संख्या भेडा च्याँग्राको र सबैभन्दा कम झोपाको देखिन्छ । माथिल्लो मनाङमा विशेषतः कात्तिक महीनादेखि फागुन महीनासम्म सँधै नै हिउँ पर्ने हुँदा त्यहाँ चौंरी, झोपा, भेडा तथा च्याँग्राहरू मात्र बढी मात्रामा पालिन्छन् तर तल्लो मनाङमा भने बढी भीर, वन–जङ्गल भएको तथा केही न्यानो हुने हुदा यिनीहरूको संख्या कम हुन गएको हो । मानिसहरूबाट भन्दा घोडा र झोपाबाट बढी परिमाणमा तथा कम खर्चमा ढुवानी गर्न सकिने हुँदा यी पशुहरूलाई परिवहनको लागि प्रयोग गरिन्छ ।

खेतीपातीको दृष्टिकोणले निक्कै पिछडिएको यस मनाङ जिल्लामा पशु–पालन व्यवसायले निक्कै महत्वपूर्ण भूमिका खेल्न सक्ने सम्भावना छ । परापूर्वकालदेखि जिल्लामा पशु–पालन व्यवसाय हुँदै आएको छ तर हाल यस जिल्लाको पशु–पालन व्यवसायमा सन्तोषजनकरूपमा प्रगति गर्न सकेको छैन । त्यसैले यसको विकासको लागि श्री ५ को सकारको पशु विकास कार्यक्रम अन्तर्गत आवश्यक जातका पशुहरूको वितरण, पशुचिकित्साको व्यवस्था तथा पशुहरूको लागि राम्रो आहारा तथा गोठहरूको व्यवस्था हुनु अति जरूरी छ ।

यस जिल्लामा भएका पशु–वस्तुहरूमध्ये चौंरी र झोपा आवागमनको साधनको रूपमा प्रयोग गरिने कुरा माथि नै उल्लेख भइसकेको छ । यस बाहेक माथिल्लो मनाङ इलाकामा जोत्ने काममा पनि प्रयोग गरिन्छ । यिनीहरूको ऊनबाट तयार गरिने विभिन्न किसिमका राडी–पाखीहरू अधिराज्यभर प्रख्यात छन् । भेडा, बाख्रा तथा च्याँग्राहरू मल, मासु तथा ऊनको लागि पालिन्छन् । तल्लो भेकमा पालिने गाईवस्तुहरू विशेष गरी मल, दूध, हल गोरुको लागि नै पालिएका हुन्छन् । घोडा खासगरी चढ्नको लागि नै पालेको हुन्छ ।

सिचाइ

मनाङ जिल्ला मुख्य हिमाल पारी रहेको एक भोट जिल्ला भएको हुँदा ग्रीष्मयाममा बहने मनसुनी हावाको दृष्टि छायाँमा पर्दछ । त्यसैले यहाँ निक्कै कम वर्षा हुनु स्वाभाविक हो । यस जिल्लाका अधिकांश मानिसहरू आकाशको भरमाभन्दा सानातिना अस्थायी कुलोहरू मार्फत खेती गर्दछन् । २०२४ सालमा एक स्वतन्त्र जिल्लाकोरूपमा गठन भएदेखि यता मात्रै यस जिल्लामा सिचाइको व्यवस्था शुरु भएको हो । जिल्ला पञ्चायतको जानकारी अनुसार आर्थिक वर्ष २०२३।२४ देखि २०२९।३० सम्ममा श्री ५ को सरकारको सहयोग र

जिल्ला पञ्चायतको अनुदान तथा गाउँ पञ्चायतको श्रमदानबाट रू.१,४७,०३३।[1] खर्च गरी जिल्लामा १६ वटा सिचाइ आयोजनाहरू कार्यान्वयन गरिएका छन्। यसमा जिल्ला पञ्चायतको अनुदान स्वरूप रू. १,२६,३२२। र स्थानीय जनसहयोग अर्थात् श्रमदान रु. १७,७११। हुन आउँछ।

उक्त आयोजनाहरूमध्ये खाङसार कुलोको निर्माणमा आर्थिक वर्ष २०२९ मा रू. ४२,०००। खर्च भएको थियो। दुर्गम क्षेत्र विकासको सिलसिलामा असार महीनामा निर्माण भएको उक्त आयोजनामा ७० प्रतिशत जति काम पूरा भएको छ।

यस योजना पूरा भएपछि सिचाइ कुलोको लम्बाइ ११.२ किलोमिटर (३.५ कोस) लामो भइ करीब ३५ हेक्टर (७०० रोपनीमा) सिचाइ हुनेछ।

त्यस्तै रू. २३,०००। को लागतमा निर्माण भएको पहराका चट्टान फोडी ल्याइएको करीब एक कोस लामो पिसाङ पाखोबारी सिचाइ कुलोबाट हाल करीब १५ प्रतिशत भूमिमा सिचाइ हुन सकेको छ। यसबाट करीब २५ हेक्टर (५०० रोपनी) जमीनमा सिचाइ हुनेछ। उक्त कुलोको पानीबाट ७०।७५ घरको खाने पानीको समस्या समाधान हुनुकासाथै अनाज पिध्न घट्ट सञ्चालन समेत गर्न सकिने छ।

त्यस्तै अन्य धेरै आयोजनाहरू हाल जिल्लामा सञ्चालन हुँदैछन्।

उद्योगधन्धा र व्यापार

अति दुर्गम मानिएको यस मनाङ जिल्लामा ठूलठूला उद्योग धन्धाहरूको स्थापना असम्भव नभए तापनि ज्यादै कठिन हुन्छ। जिल्लाका कृषि उत्पादन ज्यादै कम हुनाको कारणबाट यहाँका जिल्लाबासीहरू आफ्नो खाद्यान्नको समस्या समाधान गर्न दक्षिणतिरका अन्य जिल्लाहरूबाट खाद्यान्न पैठारी गर्दछन्। जिल्लाबासीहरू कृषि बाहेक व्यापार, पशुपालन, घरेलु उद्योग आदि व्यवसायहरूमा लागेका छन्। यिनीहरूको घरेलु उद्योग तथा व्यापार आदिको व्यवस्था अन्य जिल्ललाहरूमाभन्दा भिन्नै देखिन्छ। यस जिल्लाको आर्थिक स्थितिको राम्रो सर्वेक्षण नभएबाट उक्त आर्थिक व्यवस्थाको बारेमा प्रकाश पार्न अलि मुस्किल पर्ने भए तापनि जिल्लामा सञ्चालित घरेलु उद्योग तथा व्यापार बारेमा छोटकरी टिप्पणी तल दिइन्छः—

उद्योग

हिमाली प्रदेशमा अति दुर्गम रूपमा रहेको मनाङको आर्थिक व्यवस्थामा आधुनिकयुगका प्रभाव कम मात्रै परेको छ। हुनत यस क्षेत्रका मानिसहरू देश विदेशमा गई बन्द व्यापार गर्ने गरेको हुँदा बाहिरिया देखासिकीमा भएपनि केही प्रभाव पर्नु पर्ने थियो। तर अधिकांश जनता अशिक्षित भई पुरानै परम्परामा हुर्केका हुँदा यसबाट कुनै असर पार्न सकेको छैन। यस जिल्लाका अधिकांश जनताहरू स्थानीय कच्चामालमा आधारित घरेलु उद्योग व्यवसायमा लागेका छन्। यस जिल्लामा पशुपालनको प्रचलन भएको हुँदा यहाँ पशु उपजमा आधारित राडी, पाखी, भुल्ले गलैंचा, फेर्पा, गलबन्दी, पटुका, लुगा आदिको घरेलु उद्योग धन्धाहरू पाइन्छन्। यस बाहेक अन्य प्रकारको उद्योग धन्धा नभएको देखिन्छ।

---

[1] मनाङ जिल्लाको आर्थिक सामाजिक सम्भाव्यता अध्ययन, २०३०, पृष्ठ ६६

अति ठण्डा मौसममा न्यानो लुगा लगाउन पर्ने भएकोले ऊनमा आधारित घरेलु उद्योग धन्धा जिल्लामा प्राचीनकालदेखि चलिआएको हुनुपर्दछ । वर्ष भरी नै झैं अति जाडो भइरहने हुँदा फुर्सतको समय र साधारणतया आफ्ना परिवारको उपभोगको लागि मात्र यी उद्योगहरू चालू राख्दछन् । वर्ष भरीमा तीन चार महीना मात्र यस्तो काम गरिन्छ । एक परिवारले खास गरी एकै किसिमको सामान मात्र उत्पादन गर्दछन् । एउटै परिवारले सबै वस्तुहरू उत्पादन गर्ने गर्दैनन् ।

विभिन्न गाउँका मानिसहरूले विभिन्न किसिमका वस्तुहरू उत्पादन गर्ने यहाँको विशेषता हो । उदाहरणको लागि भुत्ले र गलैंचा थोचेमा, राडी–पाखी, गलबन्दी र अन्य लुगा नाचै, ताचै, तिल्चे र ङावलमा तथा फेर्पा (छोरा वा चौरीपोट) नार र फूगाउँमा बनाइन्छ । यस बाहेक उक्त नार र फू गाउँमा ल्यू (सानो), थाकपा (ऊनीको डोरी) आदि पनि बनाउँदछन् । यी जम्मै घरेलु उद्योगहरू असंगठित रूपमा हुने गरेको छ ।

जिल्लाभित्र उत्पादित विभिन्न वस्तुहरूको २०३० सालमा स्थानीय मूल्य रू. निम्न प्रकार रहेको छः–[1]

वस्तुको नाउँ	मूल्य ठूलो नमूना	 सानो नमूना
राडी	६०।	३५।
पाखी	१००।	७५।
गलैंचा	६०।	४०।
गलबन्दी	३०।	२०।
भोटेकोट	३५०।	२००।
फेर्पा	७५।	५५।

उपर्युक्त दर भाउमा यस जिल्लामा प्रत्येक परिवारले प्रत्येक वर्ष अन्दाजी रू. ४००। बराबरको सामान बनाउँछ । ती सामानहरू जिल्लाभित्रै पनि उपभोग गरिन्छ । सो बाहेक सालिन्दा रू. २६,०००। बराबरको सामानहरूलमजुङ तर्फ निकासी हुने अनुमान छ ।

घरेलु उद्योगका यी उत्पादनहरू विशेषतः आफ्नो प्रयोगका लागि बनाइन्छन् र बढी भएका सामानहरू गाउँ घरमै बिक्री हुन्छन् र केही मात्रामा जिल्ला बाहिर बिक्रीको लागि लगिन्छ । यी उद्योगको लागि चाहिने काठका साधारण चर्खा, औजार, साँचो, तान, ऊन, पश्मीना आदि गाउँ घरमा तयार गरिन्छ र नपुग ऊन, धागो, रङ आदि मुस्ताङ, लार्के, लमजुङ, पोखरा तथा काठमाडौंबाट पैठारी गरिन्छ ।

यस जिल्लामा विभिन्न गाउँहरूमा गरी जम्मा ८० वटा घट्टहरू छन् । जिल्लाको सम्पूर्ण खाद्यान्न पिध्ने काम यिनै घट्टहरूद्वारा गरिन्छ ।

माथि उल्लिखित उद्योगहरू बाहेक यस जिल्लामा सम्भावित उद्योगहरू सल्लाको रूखबाट खोटो निकाल्ने, नेपाली कागज, वनौषधि सङ्कलन, फलफूल आदि पनि हुन् ।

---

[1] मनाङ जिल्लाको आर्थिक, सामाजिक सम्भाव्यता अध्ययन, २०३०, पृष्ठ १०६

पर्यटन उद्योग

जिल्लामा सञ्चालन गर्न सकिने विभिन्न उद्योगमध्ये एक पर्यटन उद्योग पनि हो । यस जिल्लाबाट देखिने अनेक रमणीय तथा दर्शनीय हिम पर्वतमालाहरू, ठाउँ ठाउँमा मर्स्याङदी तथा यिनका सहायक नदीहरूले बनाइएका खोंच, भीर तथा झरनाहरू, हरियो घाँसहरूलेयुक्त अग्ला डाँडाहरू, ठाउँ ठाउँमा भएका बाक्ला कोणधारी जङ्गलहरू, उक्त जङ्गलहरूमा पाइने अनेक जातका चरा चुरुङ्गी तथा पशुहरू आदि प्राकृतिक वस्तुहरूको साथै मानिसहरूद्वारा बनाइएका गुम्बा तथा अन्य धार्मिक स्थलहरू, विभिन्न किसिमका पहिरन लगाइएका मानिसहरूको हँसिलो अनुहार, आफ्नै प्रकारको रीतिरिवाज भएका संस्कृति, धर्म तथा चाहाड पर्व आदि पर्यटन आकर्षणको कारण यहाँ पर्यटकहरूलाई आकर्षण गर्न सकिने देखिन्छ ।

आजकाल पनि यहाँ समय समयमा पर्वतारोहण दलहरू तथा पैदल यात्रा गर्ने विभिन्न विदेशी पर्यटकहरूको आवागमन हुन्छ तर हालसम्म जिल्लाभित्र सुव्यवस्थित बास गाँसको ठेगाना नभएबाट तथा पथप्रदर्शकहरूको कमी भएबाट जिल्लाले वाञ्छित फाइदा र बढी पर्यटकहरूलाई आकर्षित गर्नसकेको छैन । त्यसैले जिल्लाको विभिन्न स्थानहरूमा राम्रो होटलहरूको स्थापना, बाटोघाटो सुगम बनाउने तथा पथप्रदर्शकहरू तयार पार्ने जस्ता कार्यहरू निक्कै आवश्यक भईसकेको छ जसले गर्दा यहाँ पर्यटन उद्योगको विस्तार हुन गई जिल्लाबासीहरूको क्रय-शक्ति बढाउनमा मद्दत मिल्ने छ ।

व्यापार

विकट भौगोलिक स्थिति तथा खेतीयोग्य भूमिको कमी भएबाट यस मनाङ जिल्लाबासीहरू आफ्नो जीविकोपार्जनको लागि बन्द–व्यापार गर्ने गर्दछन् ।

मनाङ जिल्लाले प्राचीनकालदेखि उत्तरमा तिब्बत र दक्षिणमा अधिराज्यका अन्य जिल्लाहरूको बीचमा एउटा मध्यस्थको रूपमा काम गरिआएको छ । पहिले जिल्लाको उत्तरी भेकमा स्थित तिब्बती प्रान्तबाट नून र ऊनसित र दक्षिणको अन्य जिल्लाहरूबाट आउने खाद्यान्नको विनिमय सम्बन्धी कारोबार थोंचेमा हुने गरेको थियो । पछि दक्षिणी भागमा भारतीय सावरी नूनको उपयोग बढ्न थालेको तथा तिब्बती क्षेत्रसितको व्यापार कम हुन गएकोले उक्त विनिमय व्यापार कम हुन गएको छ । त्यसैले यहाँका बासिन्दाहरू जिल्ला बाहिर गई व्यापार गर्न थालेका छन् । तिनीहरू विशेष गरी दक्षिण-पूर्व एशियाका प्रायः सबै ठूल-ठूला शहरहरू जस्तै बर्मा, मलाया, सिङ्गापुर, थाइल्याण्ड, हङकङ आदि स्थानमा व्यापार गर्न जान्छन् । यस बाहेक अधिराज्यभित्र पोखरा, काठमाडौंमा पनि व्यापार गर्न जाने गर्दछन् ।

यस जिल्लामा खेतीलायक जग्गा अति नै कम भएको कारणबाट तत्कालीन नेपालका प्रधानमन्त्री जुद्ध शम्शेरबाट १९९७ सालमा मनाङ जनताका प्रत्येक घरले हर साल महसूल वापत ४० रूपैयाँ माल अड्डामा बुझाउने र यसका अतिरिक्त अन्य कुनै प्रकारको भन्सार महसूल तिर्न नपर्ने गरी व्यापारको सुविधा प्रदान गर्दै लालमोहर दिइएको थियो । हाल उक्त सुविधा हटाइएको छ तर अहिलेसम्म राहदानीको सुविधा दिने गरिएको छ ।

व्यापारका लागि यिनीहरू विशेष गरी असोज कात्तिक–महीनातिर बाहिर जान्छन् र वैशाख महीनातिर गाउँमा फर्कन्छन् । हिउँदको समयमा गाउँमा खालि बृद्ध तथा गोठाला केटाकेटीहरूमात्रै हुन्छन् । कुनै कुनैले त विदेशमा वर्षौं बिताएर आउँछन् । हालसाल केही धनी व्यापारीहरू काठमाडौं तथा पोखरामा व्यापार गरी स्थायी तवरले रहन थालेका छन् । हिउँद महीनामा वयस्क युवकहरू विर्देशिदा महिलाहरू छिमेकी जिल्लाहरूमा गई बाटोको जहाँतहीं होटेल तथा भट्टी स्थापना गरी गुजारा गर्दछन् ।

जिल्लाको सबभन्दा बढी निकासी पैठारी नजीकको छिमेकी जिल्लाको रूपमा रहेको लमजुङसित हुने गरेको छ । मनाङ जिल्लाबाट लमजुङ जिल्लातर्फ निकासी हुने जम्मा सामान लगभग रू. ८६,३५०। मूल्य बराबरको देखिन्छ ।[१]

लार्केबाट मनाङमा पैठारी हुने सालाना लगभग रू. १,१६,०००। मूल्य बराबरको देखिन्छ ।[२] यसमा सबैभन्दा बढी घोडाको स्थान छ । त्यस्तै मुस्ताङबाट करीव रू. २६,५००। सम्मको सामान आउँछन् । जिल्लाको दक्षिणमा पर्ने लमजुङ जिल्लाबाट यस जिल्लाभित्र पैठारी हुने सामानहरूको विशेष गरेर खाद्यान्नको अंश धेरै हुन्छ ।

मनाङको बाटो गरी लार्के, मुस्ताङ तथा तिब्बतसम्म पनि जाने भएको हुँदा यति रकम देखिन आएको हुन सक्दछ नत्र जिल्लाको जनसंख्यालाई विचार गर्दा यति रकमको सामानको आवश्यकता नहुने बुझिन्छ ।

यसरी व्यापारको मुख्य केन्द्र भए तापनि बाटोघाटोको असुविधा, बैंकको अभावको साथै तिब्बतसितको व्यापारमा शिथिलता आदि कारणबाट यहाँका स्थानीय जनताहरूले चाहिँदो मात्रामा फाइदा गर्न सकेका छैनन् ।

---

[१] मनाङ जिल्लाको आर्थिक सामाजिक सम्भावित अध्ययन, २०३०, पृष्ठ ११२

[२] ऐजन पृष्ठ ११३

यातायात र सञ्चार

यातायात

चारैतिर पर्खालझैं उभिएका हिमालहरू तथा अग्ला डाँडाहरूलाई अँगालेर बसेको मनाङ जिल्ला यातायातको दृष्टिकोणले ज्यादै नै पिछडिएको छ। केही वर्ष अगाडिसम्म यो जिल्लाभित्र पर्ने लहरामा झुण्डिएर पहरा पार गर्नु पर्दथ्यो। कैयन् मानिसहरू यस प्रक्रियामा दुर्घटनामा परेर मरेका कुरा स्थानीय मानिसहरू अहिलेसम्म सुनाउँछन् तर हाल स्थानीय तथा दुर्गम क्षेत्र विकास समितिद्वारा ठाउँ ठाउँमा पहाडलाई काटेर घोडेटो बाटो बनाईदिदा मानिसलाई आवत-जावत गर्न धेरै नै सुविधा भएको छ तैपनि विभिन्न ठाउँमा घोडा खच्चर इत्यादिसम्म हिंड्न सक्ने बाटोको अभावले जिल्लाबासीहरूको आर्थिक अवस्थाको सुधार र विकासमा गतिरोध रहेको अनुभव हुन्छ। दैनिक आवश्यकताका चीजहरू मानिसले पीठ्यूँमा बोकी ल्याउनु पर्दा लामो समय र अत्यधिक खर्च पर्न जाने हुन्छ।

जिल्लाको कुनै भाग पनि सडक र राजमार्गबाट ७०।८० किलोमिटरभन्दा बढी टाढा पर्दछ। अञ्चल सदर मुकाम पोखराबाट चामेसम्म पुग्न करीब हप्ता दिन लाग्दछ। निक्कै जोडले बग्ने नदीहरूमा जलमार्गको काम लिन असम्भव हुन्छ। हालसम्म जिल्लाभित्र विमानघाट निर्माण भएको छैन। यस जिल्लामा गोरेटो बाटो सिवाय आवागमनको लागि अन्य सहूलियत पाईंदैन। यस जिल्लाभित्र जाने मुख्य तीन वटा घाँटीहरूमध्ये मर्स्याङ्दीको किनारै किनार जाने बाटो नै यहाँको मुख्य तथा चल्तीको बाटो हो। अन्य दुईवटा बाटोहरूमा अग्ला अग्ला भञ्ज्याङ काट्नु पर्ने भएको हुँदा वर्षमा बढीमा छ महीनामात्रै चालू रहन्छन्। यिनीहरूमध्ये एक जिल्ला सदरमुकामबाट मनाङ भोट भई मुक्तिनाथ हिमाललाई काटेर मुस्ताङ जाने र अर्को सदरमुकामबाट थोंचे, विम्दाकोठी भई लोर्के भञ्ज्याङ काटेर गोरखाको लार्के भोट जाने। जिल्लाभित्रै पनि एक गाउँबाट अर्को गाउँमा जानु परेमा ठाँड परी हिंड्न ज्यादै कठिन हुन्छ तर मनाङ जिल्ला पस्ने बाटोभन्दा जिल्लाभित्रका पैदल बाटोहरू तुलनात्मक दृष्टिकोणले सुगम भएको मान्नु पर्दछ। जिल्लाभित्र प्रयोगमा ल्याउने यातायातका साधनहरूमा घोडा मुख्य हुन्। मानिसहरूले पीठ्यूँमा बोक्ने बाहेक चौंरी, झोपा, भेडा, बाख्रा आदिमा लादेर सामान ढुवानी गर्ने गरिन्छ।

यस जिल्लाभित्रका केही महत्वपूर्ण घोडेटो तथा गोरेटो बाटाहरू र तिनीहरूको छोटकरी बयान तल गरिएको छ:—

चामे (सदरमुकाम)– लमजुङ जिल्लाको सीमानासम्मको बाटो

अञ्चल सदरमुकाम तथा अन्य जिल्लाहरूबाट मनाङ जाने एउटैमात्र प्रमुख बाटो लमजुङ र मनाङ जिल्लाको सीमाना तालदेखि चामे (सदरमुकाम) सम्मको बाटो हो । सदरमुकामदेखि लमजुङ जिल्लाको सीमानासम्म यसको लम्बाइ १९ किलोमिटर (छ कोस) लामो पर्दछ । मर्स्याङदीको किनारै किनार जानु पर्ने भएको हुँदा ठाउँ ठाउँमा भीर पहरा आदिबाट जानु पर्दछ । नदीको किनार भएर जाने भएको हुँदा त्यति उकालो लाग्नु नपरेतापनि तिमाङ गाउँ नजीकै एउटा ठाडो उकालो उक्लनु पर्दछ । यो बाटो प्राचीनकालदेखि मनाङ र लमजुङ जिल्लाका मानिसहरूको आवत जावत गर्ने मुख्य बाटोको रूपमा रहेको छ । वर्षातको समयमा दुई-तीन महीना बाहेक अरू समयमा दिनहुँ लमजुङ, तनहुँ तथा मनाङ जिल्लाका धाक्रेहरू भारी बोकी हिड्ने गर्दछन् । विशेष गरी तालदेखि थोंचेसम्मको बाटो ब्यापारिक दृष्टिकोणले अझै महत्वपूर्ण छन् । जिल्लाको सदरमुकाम चामेमा जाने सरकारी कागजात तथा चिट्ठी पत्रहरू लैजाने हुलाकीको साथै कर्मचारीहरूले पनि यसै बाटोलाई प्रयोगमा ल्याउने गरेका छन् । कस्सिएर हिड्दा तालदेखि चामेसम्म एक दिनमा पुग्न सकिन्छ । यस बाटोको किनारमा पर्ने मुख्य गाउँहरू धारापानी, थोंचे, बगरछाप, तिमाङ, थाङचोक आदि हुन् । फराकिलो बाटो भएको हुँदा घोडा, चौंरी, भेडा, बाख्राहरू सजिलैसित हिंडाउन सकिन्छ ।

यही बाटो भई लार्के जाने तथा मुस्ताङ जान पनि सकिने हुँदा यस बाटोलाई जिल्लाको मेरुदण्डको रूपमा पनि लिन सकिन्छ ।

चामे-मनाङ भोट-मुक्तिनाथ (मुस्ताङ) बाटो

जिल्लाको सदरमुकाम चामेदेखि खास मनाङ भोट भई मुक्तिनाथ अथवा मुस्ताङ जिल्ला पस्ने बाटो जिल्ला भरीमा दोस्रो महत्वपूर्ण बाटोको रूपमा लिन सकिन्छ । हुन त यसलाई तालदेखिकै एउटै बाटोको रूपमा पनि लिन सकिन्छ । मर्स्याङदी नदीको किनारै किनार जिल्लाको बीचबाट गएको यो बाटो एक दुई ठाउँलाई छाडेर पैदलको लागि सुगम नै मात्रपर्दछ । जिल्लाभित्र सदर मुकामदेखि मुक्तिनाथ डाँडाको भञ्ज्याङसम्म यसको लम्बाइ ४९ किलोमिटर ($15\frac{1}{2}$ कोस) जति लामो छ । मनाङ भोटबाट यो घोडेटो दुई हाँगामा फाटिन्छ । एक हाँगा मनाङ गाउँबाट सिधा उत्तर पश्चिम उक्लेर थोरूङत्से र मुक्तिनाथ डाँडाको बीचबाट मुस्ताङ जिल्ला पस्दछ । अर्को मनाङ गाउँबाट खाङसार गाउँ हुँदै तिलिचो ताल हुँदै दाना पुग्दछ । मुस्ताङ र मनाङको बीचमा हुने नून, ऊन र अनाजको ब्यापार यही बाटोद्वारा हुने तथा हाल माथिल्लो मनाङमा पर्ने सबै गाउँहरू सदरमुकाम चामेसित सम्बन्धित भएको हुँदा यो बाटो निक्कै चल्ती हुन गएको छ । मनाङबाट मुस्ताङ जाँदा मुक्तिनाथ डाँडामा उच्च भञ्ज्याङ नाघ्नु पर्दछ । हिउँद याममो चार पाँच महीनासम्म हिउँले पुर्ने हुँदा यी भञ्ज्याङहरू काट्न प्रायअसम्भव हुन्छ । मनाङ भोटका मानिसहरू विदेश यात्रा गर्नु परेमा पनि यही बाटोलाई प्रयोगमा ल्याउँछन् । यस बाटोमा पर्ने मुख्य मुख्य गाउँहरू पिसाङ, ङावल,भ्राका, खास मनाङ, खाङसार आदि हुन् । यस बाटोले मर्स्याङदी नदीलाई ठाउँ ठाउँमा काटेको हुँदा ती ठाउँहरूमा काठका पुलहरू बनाइएका छन् ।

थोंचे–विम्दाकोठी–लार्के बाटो

यस जिल्लाको पुरानो सदरमुकाम तथा प्रसिद्ध व्यापारिक केन्द्र थोंचेदेखि उत्तर पूर्वतिरबाट विम्दाकोठी भई गोरखा जिल्लाभित्र पर्ने लार्के भोटतर्फ जाने यो बाटो दूध खोलाको किनारै किनार भएर जान्छ । यहाँबाट लार्के भञ्ज्याङ काटेर मनाङबासीहरू तिब्बतसम्म पनि पुग्दछन् । हाल तिब्बतसितको ब्यापारमा शिथिलता आएदेखि यसको महत्व घटेको छ । थोंचे गाउँदेखि यस जिल्लाको सीमानासम्म जिल्लाभित्र पर्ने यस बाटोको लम्बाइ २३.० किलोमिटर (साढेसात कोस) लामो छ । यो बाटोमा ज्यादै साँगुरो तथा डरलाग्दा भीरहरू काटेर जानु पर्दछ । त्यसैले थोंचेदेखि तिल्चे गाउँसम्म यो बाटोको मरमतको आवश्यकता छ ।

कुम गाउँ (मर्याङदी बेसी)–फू गाउँसम्मको बाटो

चामे गाउँदेखि करीब १.६ किलोमिटर पूर्व मर्स्याङदी नदीको बेंसीदेखि सीधा उत्तरमा फू गाउँसम्म गएको यो बाटो नार खोलाको किनारै किनार भएर जान्छ । यस बाटोले बीचमा परेको नार गाउँलाई पनि जोड्दछ । कुम गाउँ नार खोला र मर्स्याङदी नदीको संगमस्थलदेखि फू गाउँसम्म यस बाटोको लम्बाइ ३० किलोमिटर (साढे नौ कोस) लामो पर्दछ । यो बाटो साह्रै साँगुरो भई कैयौं ठाउँमा ठूल ठूला भीर भएर जानु पर्दछ । वर्षातको समयमा बाढीले गर्दा बाटोको छेउ छाउ काटी लैजाने हुँदा यो बाटो काट्न मुश्किल पर्दछ ।

ङावल-नार गाउँ बाटो

ङावल गाउँदेखि नार गाउँसम्म अग्लो लेक काटी जाने यो बाटो गर्मी मौसमका मात्रै चालू रहन्छ । हिउँदमा लेकमा हिउँ पर्नाले बाटो थुनिन्छ । मनाङ भोटतर्फका गाउँलहरू गाउँ घरको कामको लागि तथा ब्यापार गर्न यस बाटोलाई प्रयोगमा ल्याउँछन् । अन्य सरकारी कर्मचारीहरू यस बाटोलाई बिरलैमात्र प्रयोग गर्ने गर्दछन् । जेठदेखि असोज महीनासम्म चल्ने यस बाटोको लम्बाइ करीब १६ किलोमिटर (पाँच कोस) लामो छ ।

माथि उल्लिखित बाटोहरू बाहेक जिल्लाभित्र एक गाउँबाट अर्को गाउँमा जाने तथा चौंरी झोपाको खर्कहरूसम्म पुग्ने अनेक बाटा घाटाहरू पनि छन् । अर्को तिमाङ गाउँको सीधा दक्षिण लमजुङ हिमालको नामुन भञ्ज्याङ काटी जाने एक बाटो पनि छ । यी बाटोहरू ज्यादै अप्ठ्यारो भएको हुँदा स्थानीय मानिसहरू बाहेक अरूले प्रयोग गर्दैनन् ।

सञ्चार

सञ्चारको क्षेत्रमा पनि यस जिल्ला पछि परेको छ । २०२३ सालसम्म पनि स्थानीय ठालुहरूमध्ये कसैलाई तालुकदार, कसैलाई धावा, कसैलाई शेर्पाको पदवी दिई लालमोहर प्रदान गरी उनीहरूकै मातहतमा जिल्लाको प्रशासन चलिआएको थियो । २०१७ सालको ऐतिहासिक परिवर्तनपछि २०२४ सालसम्म यस जिल्लाको प्रशासनिक नियन्त्रण लमजुङ स्थित बाहुनडाँडाबाट हुन गएकोले जिल्लाको सञ्चार प्रणालीमा पनि केही व्यवस्था हुन पाएन। २०२४ सालपछि मात्र यस जिल्लाको सञ्चार प्रणालीको विकासमा तीव्रता आएकोछ।

हाल यस जिल्लामा हुलाक कार्यालय र आकाशवाणी केन्द्र रहेका छन् । गाउँभित्र धेरैंजसो हुनेखानेहरूका घरमा एउटा ट्रान्जिष्टर हुन्छ । माथिल्लो मनाङ भोटका गाउँहरूका मानिसहरू विदेश व्यापार गर्न जाने भएको हुँदा तिनीहरू फर्कंदा प्रत्येकले हातमा ट्रान्जिष्टर बोकेर ल्याएका हुन्छन् । अखबार तथा पत्रिकाहरू यहाँ पुग्दासम्ममा खबरहरू निक्कै पुराना भइसकेका हुन्छन् ।

हुलाक

हाल जिल्लामा रहेका दुईवटामध्ये एक छोटी हुलाक चामेमा र अर्को अतिरिक्त हुलाक धारापानीमा छ । यस जिल्लाको मूल हुलाक कार्यालय २०२२ सालमा मात्र स्थापना भएको हो । त्यसभन्दा पहिले लमजुङबाटै यस जिल्लालाई हुलाक सेवा प्रदान गरिन्थ्यो । उक्त हुलाक कार्यालय अन्तर्गत हाल २६ जवान कर्मचारीहरू काम गर्छन् । उक्त कार्यालय मात हतमा तीनजना हल्काराहरूले माथिल्लो मनाङमा पर्ने खास मनाङ ,खाङसार, भ्राका, टंकी, पिसाङ, ङावल, ध्यारू, नार, फू आदि गाउँहरूमा दैनिक हुलाक सेवा पुर्‍याउँछन् । तल्लो धारापानी स्थित अतिरिक्त हुलाकामा एकजना हल्कराले भ्याएको छ ।

काठमाडौंबाट मूल हुलाक चामेसम्म चिट्ठी पत्र, रजिष्टरी, पुलिन्दा आदि सबै १६।१७ दिनमा मात्रै आइ पुग्दछन् । यस जिल्ला स्थित मूल हुलाकबाट जिल्ला भित्रकै गाउँहरू थाङचोक, तिमाङ, बगरछाप, ताल हुँदै लमजुङ जिल्लाभित्र जान्छन् । यस हुलाकबाट बीमा, हुलाक आदेश, बीमा पुलिन्दा, साधारण पुलिन्दा, रजिष्टरी, साधारण चिट्ठी, बूक पोष्ट, हवाइ पत्रहरू आदिको काम समेत गरिन्छ । जिल्लामा आउने र जाने चिट्ठी पत्रहरूमध्ये सरकारी कार्यालयका का.स. बढी हुन्छन् ।

आकाशवाणी

२०१४ सालमा छुट्टै जिल्लाको गठन भई थोंचेमा सदरमुकाम कायम भएपछि यस जिल्लाको सञ्चार व्यवस्थामा पनि एउटा नयाँ अध्याय शुरू भयो । जनता तथा स्थानीय प्रशासनको आवश्यकतालाई ध्यानमा राखी जिल्लामा आकाशवाणी केन्द्रको व्यवस्था गरीएको हो । जिल्लाभरिमा यही एकमात्र सार्वजनिक उपयोगको सञ्चार माध्यम भएको हुँदा यसबाट निक्कैनै सहयोग पुर्‍याएको छ । यस केन्द्र मार्फत करीब १,३०० जति खबरहरू आदान प्रदान हुन्छ जसमध्ये १२।१३ वटा अन्तर्राष्ट्रिय र बाँकी अधिराज्यभरीका लागि हुन्छन् । यस आकाशवाणी केन्द्रलाई हाल जिल्लाको सदरमुकाम भएको ठाउँमा सार्नु विभिन्न दृष्टिकोणले उपयुक्त छ । यस केन्द्रबाट काठमाडौं, पोखरा तथा अञ्चलभित्रका सबै जिल्लाहरूमा सोझै सम्पर्क हुन्छ ।

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

शैक्षिक क्षेत्रमा यो मनाङ जिल्ला निक्कै पिछडिएको छ । २०२४ सालदेखि यता यस जिल्लामा केवल एउटा निम्न माध्यमिक र १६ वटा प्राथमिक विद्यालयहरूमात्र स्थापना हुन सकेको छ ।

जनशक्तिको गुणात्मक विकास गर्ने कार्यमा शिक्षाको महत्वपूर्ण स्थान भएको कुरा महसूस गरी अधिराज्यको विभिन्न जिल्लाहरूमा राष्ट्रिय शिक्षा पद्धति योजना लागू गर्ने सिलसिलामा मनाङ जिल्लामा पनि २०३० पुष १ गतेदेखि शिक्षा योजना लागू भएको छ ।

राष्ट्रिय जनगणना २०२८ को तथ्याङ्क अनुसार मनाङ जिल्लाको छ वर्षदेखि माथि उमेर पुगेको कुल जनसंख्या ६,४६५ जनामध्ये ३०६ जना अर्थात् ४.७ प्रतिशतमात्रै साक्षर भएको देखिन्छ । त्यसमा पनि पुरुष ७.४ प्रतिशतको तुलनामा महिला १.६ प्रतिशतमात्रै साक्षर भएको पाइन्छ । नेपाल अधिराज्यको साक्षर जनसंख्याको प्रतिशतको तुलनामा यो संख्या धेरै कम छ तर अन्य दुर्गम जिल्लाहरूमा पनि साक्षर जनसंख्या कम नै रहेको छ ।

मनाङ जिल्लाकै छिमेकी रूपमा रहेका गण्डकी अञ्चलभित्रका अन्य छ जिल्लाहरूको छ वर्षदेखि माथि उमेर पुगेकामध्ये साक्षर संख्या र प्रतिशतको तुलनात्मक तालिका निम्नप्रकार छः–

अञ्चलभित्रका जिल्लाहरू	छ वर्षभन्दा बढी उमेर पुगेका जनसंख्या	साक्षर संख्या	प्रतिशत
गोरखा	१,४७,७५९	१७,१३२	११.६
मनाङ	६,४६५	३०६	४.७
लमजुङ	१,२०,०२९	२१,२०६	१७.७
कास्की	१,२६,५११	३१,२१६	२४.७
पर्वत	९७,८२८	१७,०९१	१७.५
तनहूँ	१,३०,०४९	२३,२०७	१७.८
स्याङ्जा	२,२०,५५२	४०,३७४	१८.३
गण्डकी अञ्चलको जम्मा	८,४९,१९२	१,५०,५३८	१७.७

उपर्युक्त तालिकाअनुसार गण्डकी अञ्चलभित्रका सात जिल्लाहरूमध्ये साक्षरताको दृष्टिकोणले मनाङ जिल्ला सबभन्दा कम छ ।

जिल्लाको छ वर्षभन्दा माथिको जनसंख्या र साक्षर संख्या विभिन्न उमेर समूहमा निम्नअनुसार देखिन्छः–

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			जम्मा		
	जनसंख्या	साक्षर	प्रतिशत	जनसंख्या	साक्षर	प्रतिशत	जनसंख्या	साक्षर	प्रतिशत
६ वर्षदेखि ९ वर्षसम्म	४२४	१४	३.३	३७२	६	१.६	७९६	२०	२.५
१० " १४ "	४५३	५२	११.५	३६८	१४	३.८	८२१	६६	८.०
१५ " १९ "	५१०	४८	९.४	३४२	९	२.६	८५२	५७	६.७
२० " २४ "	४३०	५१	११.९	३२२	११	३.४	७५२	६२	८.२
२५ " २९ "	३२६	४५	१३.८	३१३	३	१.०	६३९	४८	७.५
३० " ३४ "	२१८	१५	६.९	१९१	४	२.१	४०९	१९	४.६
३५ " ३९ "	२३५	१७	७.२	२२६	–	.०	४६१	१७	३.७
४० " ४४ "	१९०	४	२.१	१८१	१	.६	३७१	५	१.३
४५ " ५४ "	३६३	६	१.७	३६०	–	.०	७२३	६	.८
५५ " ६४ "	२२१	४	१.८	२०१	–	.०	४२२	४	.९
६५ र सो भन्दा माथिका	१०१	२	२.०	११८	–	.०	२१९	२	.९
जम्मा	३,४७१	२५८	७.४	२,९९४	४८	१.६	६,४६५	३०६	४.७

माथि उल्लिखित तालिकाबाट सबभन्दा बढी साक्षर प्रतिशत २० वर्षदेखि २४ वर्षको उमेर समूहमा देखिएको छ । त्यसपछि १० देखि १४ वर्षको समूहमा छ । यिनीहरूको प्रतिशत क्रमशः ८.२ र ८.० छन् । ४५ वर्षदेखि माथिका उमेर समूहमा तुलनात्मक दृष्टिकोणले निक्कै कम साक्षर भएको देखिन्छ ।

शिक्षा योजना लागू हुनुभन्दा पहिले मनाङ जिल्लामा १२ वटा प्राथमिक विद्यालयहरू र एउटा निम्न माध्यमिक विद्यालय थिए । उक्त निम्न माध्यमिक विद्यालय थोंचे गाउँ पञ्चायत अन्तर्गतको थोंचे गाउँमा स्थित छ । यस विद्यालयमा पढ्ने जम्मा विद्यार्थीहरूमध्ये १८ जना केटा र चारजना केटीहरूलाई तीनजना शिक्षकहरूले पढाइराखेका थिए । यस बाहेक १२ वटा प्राथमिक विद्यालयहरू रहेका ठाउँ, विद्यार्थी संख्या तथा शिक्षक संख्याको तालिका निम्नअनुसार छः–

विद्यालयको नाम र गाउँ	विद्यार्थी संख्या	शिक्षक संख्या
हिमालय महेन्द्र ज्योति प्राथमिक विद्यालय – तिल्चे	३०	४
प्रकाश ज्योति प्राथमिक विद्यालय – थोचे	१९	२
मनासुली प्राथमिक विद्यालय – नाचै	३१	३
सरस्वती प्राथमिक विद्यालय – ओडार गाउँ	१९	१
पशुपति प्राथमिक विद्यालय – बगर छाप	२६	४
जन विकास प्राथमिक विद्यालय – ताचे	२६	३
लोकप्रिय प्राथमिक विद्यालय – चामे	१६	२
दीन दयालु प्राथमिक विद्यालय – थानचोक	२४	२
अन्नपूर्ण प्राथमिक विद्यालय – मनाङ	३५	१
भ्राका प्राथमिक विद्यालय – भ्राका	२६	१
ङावल प्राथमिक विद्यालय – ङावल	२४	१
पिसङ प्राथमिक विद्यालय – पिसाङ	१४	१
जम्माः–	२९०	२५

शिक्षा योजना लागू भइसकेपछि यहाँको कुल विद्यालयहरूको संख्या १३ वटाबाट बढाएर १७ वटा पुन्याइएको छ। जिल्लाभित्र विभिन्न विद्यालयहरूमा पढ्ने विद्यार्थी संख्या ३१२ जनामध्ये छात्राहरू ८१ जना र अरू बाँकी अर्थात् २३१ जना छात्रहरू छन्। त्यस्तै यस जिल्लामा अध्यापन कार्य गरिरहेका शिक्षक शिक्षिकाहरू जम्मा २८ पुगेका छन्। तिनीहरूमध्ये शिक्षक २५, शिक्षिका तीनजना छन्। जिल्लाभरीमा शिक्षकहरू बाहिर छिमेकी जिल्लाहरूबाट आई काम गरिरहेका छन्। त्यसरी बाहिरबाट आएका शिक्षकहरू विशेष गरी लमजुङ जिल्लाका हुन्।

गत २०२९।३० आर्थिक वर्षमा निरक्षर प्रौढ पुरुष तथा महिलालाई साक्षर बनाउने शिक्षकहरूलाई शिक्षार्थीको अनुपातमा पारिश्रमिक दिने गरी विद्यालयको माध्यममा ३५ जना महिला र ४६ जना पुरुषलाई साक्षर बनाइएका थिए।

योजना लागू हुनुभन्दा अगाडिका जिल्लाभित्रका १३ वटा विद्यालयहरूमध्ये नौवटाको निजी पक्की भवनहरू थिए। बाँकी चारवटा विद्यालयहरू स्थानीय गुम्बा तथा गाउँलेहरूको घरमा सञ्चालन भइरहेको थियो।

शिक्षण संस्थाहरूको आफ्नै निजी आर्थिक स्रोत नहुँदा अधिकांश विद्यालयहरू श्री ५ को सरकारद्वारा दिइने अनुदानको रकममै आधारित छन्। श्री ५ को सरकारबाट २०२९।३० सालमा निकासा भएको जम्मा रकम रू. ६०,७३७। पुगेको थियो। शिक्षा योजना लागू भएपछि उक्त रकम बढेर रू. ८७,१५७। पुगेको छ।

यस जिल्लामा बौद्ध गुम्बाहरूमा परम्परागत धार्मिक शिक्षा दिने चलन छ। त्यसैले पनि जिल्लामा प्राथमिक तथा निम्न माध्यमिक विद्यालयहरूभन्दा गुम्बाहरू प्रायः आकर्षणका केन्द्र बनेका छन्। प्रत्येक

गाउँमा जसो गरी जिल्लाभरीमा १०।१२ वटा गुम्बाहरू विद्यमान छन् । गुम्बामा दिइने शिक्षा प्रणाली अनौठो प्रकारको छ । प्रत्येक गुम्बाका लामाले शिक्षार्थीलाई गुम्बामै राखी धर्म सम्बन्धी अध्यापन कार्य गर्दछन् । यी गुम्बाहरूमा अध्ययन गर्ने प्रशिक्षार्थीहरूलाई लामाले तीन वर्षसम्म नैतिकता, आचरण र धर्म सम्बन्धी शिक्षा तिब्बती भाषामा लेखिएका पुस्तक र लामाको आफ्नै किसिमका शिक्षाको माध्यमद्वारा दिन्छन् । अनुशासनमा रही तीन वर्षको अवधिपछि ज्ञान प्राप्त गर्ने व्यक्तिलाई घेलोङ्गको उपाधि प्रदान गरिन्छ । यो उपाधि प्राप्त गर्ने व्यक्तिले विवाह नगरी धर्म प्रचार र धार्मिक सेवामा व्यस्त हुनु पर्दछ । लामा, लामिछाने परिवारका माहिला छोराहरूले यस प्रकारको शिक्षा अनिवार्य रूपमा ग्रहण गर्ने चलन छ ।

स्वास्थ्य

चारैतिर हिमाच्छादित पहाडहरूले घेरिएको तथा स्वस्थ हावापानीले युक्त भए तापनि मनाङ जिल्लामा फोहर मैला तथा पुरानो रुढीवादी परम्पराको कारण मानिसहरू विभिन्न रोगले पीडित छन् । यस जिल्ला स्वास्थ्यको क्षेत्रमा निकै पछाडि परेको छ । आधुनिक औषधि र उपचार सम्बन्धी ज्ञानको कमीको साथै स्वास्थ्य सेवा सम्बन्धी सहूलियतहरू पर्याप्त मात्रामा उपलब्ध भइसकेको छैन ।

हाल यस जिल्लामा तीनवटा स्वास्थ्य चौकीहरू रहेका छन् । तीमध्ये एक चामे हेल्थपोष्ट जिल्लाको सदरमुकाम रहेको तातोपानी आदर्श गाउँ पञ्चायत अन्तर्गत चामे गाउँमा स्थित छ। अर्को दुईवटा हेल्थ पोष्टहरूमध्ये एक थोंचे गाउँमा र अर्को मनाङ गाउँमा भ्राका हेल्थपोष्टको नाउँले २०३० साल भादौ महीनामा खुलेको छ । यस बाहेक बगरछाप गाउँ पञ्चायतमा जिल्ला प्रमुख आयुर्वेदीय औषधालय रहेको छ ।

जिल्लाबासीहरूले आधुनिक औषधोपचारको लागि यात अञ्चल सदरमुकाम पोखरा अथवा गोरखा जिल्ला स्थित मिसनरी अस्पताल आँपपीपल जानुपर्दछ । यी ठाउँहरूमा पुग्न कम्तीमा जिल्लाको नजीकको गाउँबाट क्रमशः सात र पाँच दिन लाग्दछ ।

यस जिल्लामा देखापरेका विभिन्न रोगहरूमा आँखा दुख्ने, पेट दुख्ने, कमर, घाँटी शरीरका कतिपय जोर्नी दुख्ने, बात रोग, आउँ, टाइफाइड, जुगा पर्ने, निमोनिया आदि हुन्। यी माथि उल्लिखित रोगहरूमध्ये ज्यादै ठण्डाले गर्दा हिउँ पर्दा चश्माको प्रयोग नहुनु, काँचो चीसो धूवाँ आउने दाउराको आगो ताप्नु आदि कारणले विशेष गरी आँखा दुख्ने रोग लाग्ने देखिन्छ । बात रोग ठण्डीको कारणबाट, आयोडिनरहित पानीले गाँडको रोग, त्यस्तै अन्य विभिन्न किसिमका रोगहरू ज्यादातर जाँड रक्सीको सेवन गर्नु, मैला लुगा लगाउनु, पुरानो सडेको तथा गनाएको मासुको सेवन गर्नु, बस्ने घर तथा कोठाहरूको सर सफाइ नहुनु आदि कारणहरूबाट हुन जाने हुन्छ ।

जिल्लाबासीहरू बिरामी भएमा विशेष गरी लामाद्वारा फुक्म लगाउने, माला जप गराउने, पाठ पूजा गराउने, लामाको अनुमतिबिना डाक्टरी औषधि नगर्ने तथा लामाले दिएको जरीबूटीको प्रयोगले गर्दा रोगहरू झन चर्कने तथा पुरानो हुन जाने हुन्छन् । केही मात्रामा धामी झाँक्रीहरूको पनि प्रयोग गरिन्छ तर हाल यस क्षेत्रको अलग्गै जिल्ला कायम भई कर्मचारीसँगको सम्पर्कबाट एलोप्याथिक र आयुर्वेदीय औषधिहरूको प्रयोग क्रमशः बढ्दै गइरहेको बुझिन्छ । स्थानीय मानिसहरूले इन्जेक्सनमा पनि विशेष अभिरुचि लिन थालेका छन् ।

यस जिल्लामा परिवार नियोजन, औलो उन्मूलन, बिफर उन्मूलन, कुष्ठ रोग निवारण जस्ता अन्य संक्रामक रोगका रोकथामको लागि कुनै योजना सञ्चालन भएको देखिदैन ।

खानेपानी

जीवनयापनको निमित्त अति आवश्यक वस्तु खाने पानीको व्यवस्थाको लागि हालसम्म यस जिल्लाले सन्तोषजनक प्रगति गर्न सकेको छैन। अधिकांश जिल्लाबासीहरू स्थानीय खोला, नाला आदि पानीको स्रोतमा आश्रित छन् । आदिकालदेखि सोही स्रोतहरूमा आश्रित रहेका छन् । हालसालै खानेपानी सम्बन्धी आयोजनाहरू सञ्चालन भएका छन् । जिल्ला पञ्चायतबाट उपलब्ध जानकारीबमोजिम खानेपानीको लागि आर्थिक वर्ष २०२९।३० सम्ममा अनुदान र श्रमदान गरी जम्मा रू. ६२,९३३। खर्च भएको देखिन्छ ।

सदरमुकाम रहेको गाउँ चामेमा तातोपानी आदर्श गाउँ पञ्चायत अन्तर्गत खानेपानी आयोजना बाहेक भविष्यका लागि खानेपानीको योजना तपसीलबमोजिम छन्ः–

आयोजनाको नाम	योजना सम्पन्न हुने गाउँ पञ्चायतको नाम	धाराको संख्या	लाभान्वित हुने जनसंख्या
काठको धारा	घेलाङ्चोक	१	६०
कलधारा	थानचोक	१	१५०
कलधारा	भ्राका गाउँ	१	१,५००
कलधारा	ह्यारू गाउँ	१	५००
कुवा	नाचै गाउँ	१	२५०

यसरी माथि उल्लिखित आयोजनाहरू सम्पन्न गर्न सकेको खण्डमा करीब ३,४६० मानिसहरूको खानेपानीको समस्या समाधान हुने देखिन्छ । माथिल्लो मनाङ भोटतर्फका मानिसहरू काठको बीचमा तामा अथवा पित्तलको गाग्रीमा टाढा टाढाबाट पानी ल्याई खाने गर्दछन् । समय समयमा यिनीहरूलाई ज्यादै कठिनाइ पर्दछ ।

प्रशासन र पञ्चायत

प्रशासन

नेपाल अधिराज्यमा गाभिनुभन्दा पहिले यो जिल्ला लमजुङ राज्यकै एक अङ्गको रूपमा रहेको थियो। यसभन्दा पनि पहिले जिल्लाको अधिकतर भाग घले राजाहरूको अधीनमा रहेको एउटा स्वतन्त्र राज्यको रूपमा रहेको थियो । सन् १७८१ मा रणबहादुर शाहको शासन कालमा लमजुङ माथि अधिकार भएपछि यस मनाङ जिल्ला सँधैंको लागि नेपाल राज्यभित्र गाभिएको छ ।

त्यसपछि यो जिल्ला पश्चिम तीन नम्बर गोश्वारा अन्तर्गत रही पोखरा स्थित बडा हाकिम मार्फत प्रशासित थियो । वि.सं. २०१८ सालमा अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गर्दा मनाङ गण्डकी अञ्चल भित्रका सात जिल्लाहरूमध्ये एक अलग्ग जिल्लाको रूपमा गठन भएको हो। जिल्ला गठन भई सक्दा पनि धेरैजसो प्रशासनिक कार्य सञ्चालन लमजुङ जिल्लाको तत्कालीन सदरमुकाम कुन्छाबाट हुन्थ्यो । यस जिल्लाको सदरमुकाम २०२४ सालसम्म बाहुन डाँडा (लमजुङ) मा त्यसपछि थोंचे (मनाङ) मा रही हाल चामेमा छ । यहाँको प्रशासन गण्डकी अञ्चलाधीश अन्तर्गत प्रमुख जिल्ला अधिकारीद्वारा सञ्चालन भएको छ । जिल्लाको शान्ति सुरक्षा कायम गर्न, जनताहरूको विभिन्न समस्याहरू तथा शीघ्र आवश्यक कार्य गर्न, विकास कार्यहरूको रेखदेख आदि प्रशासनिक कार्यहरूका लागि प्रमुख जिल्ला अधिकारीलाई नै अधिकार दिइएको हुँदा सोहीअनुसार स्थानीय प्रशासन सञ्चालन भई आएको छ। अझै पनि कुनै कुनै कार्यालय जिल्ला बाहिर छन् । उदाहरणको लागि वर्तमान न्यायको काम मनाङ तथा लमजुङ जिल्ला अदालत बेसी शहर र वन सम्बन्धी काम मनाङ तथा लमजुङ रेञ्ज कार्यालय कुन्छाबाट सञ्चालन भइआएको छ ।

प्रमुख जिल्ला अधिकारी कार्यालयको साथै यस जिल्लाभित्रका प्रायः सरकारी तथा अन्य कार्यालयहरू जिल्लाको सदरमुकाम सहित जिल्लाको विभिन्न गाउँहरूमा छन् । यिनीहरूको नाम र रहेका ठाउँ यसप्रकार छ :–

सरकारी कार्यालयहरू

कार्यालयको नाम	पाइने स्थान
प्रमुख जिल्ला अधिकारीको कार्यालय	चामे
प्रमुख जिल्ला अधिकारीको कार्यालय प्राविधिक शाखा	चामे
प्रमुख जिल्ला अधिकारीको कार्यालय कृषि शाखा	चामे

प्रमुख जिल्ला अधिकारीको कार्यालय भूमिसुधार शाखा	चामे
जिल्ला शिक्षा अधिकारी कार्यालय	चामे
जिल्ला प्रहरी थाना	चामे
प्रहरी चेकपोष्ट	चामे
मनाङ माल कार्यालय	चामे
छोटी हुलाक कार्यालय	चामे
निर्वाचन आयोग जिल्ला शाखा	चामे
चामे स्वास्थ्य चौकी	चामे
भ्राका स्वास्थ्य चौकी	मनाङ गाउँ
थोंचे स्वास्थ्य चौकी	थोंचे गाउँ
जिल्ला आयुर्वेदीय औषधालय	बगर छाप

अन्य कार्यालयहरू

१. जिल्ला पञ्चायत कार्यालय	चामे
२. आकाशवाणी स्याटेलाइट कार्यालय	थोंचे
३. अतिरिक्त हुलाक कार्यालय	थोंचे

प्रहरी

यस जिल्ला भित्र हाल दुईवटा प्रहरी कार्यालयहरू छन्। तिनीहरू दुवै जिल्लाको सदरमुकाम चामेमा छन्। यस बाहेक एउटा अस्थायी प्रहरी चौकी धारापानी गाउँ पञ्चायत अन्तर्गतको धारापानी गाउँमा रहेको छ। प्रहरी चेक पोष्ट र जिल्ला प्रहरी थाना एकै स्थानमा छन्।

न्याय

मनाङ र लमजुङको संयुक्त जिल्ला अदालत लमजुङ जिल्लाको सदरमुकाम बेसी शहरमा रहेको छ। यो जिल्लाका बासिन्दाहरू मुद्दा छिन्न सकेसम्म अदालत जाने गर्दैनन्। मनाङ र लमजुङको संयुक्त अदालतमा यस जिल्लाको कम मुद्दाहरू मात्र परेको देखिन्छ।

यस जिल्लाको प्रमुख जिल्ला अधिकारीको अनुभवमा कुनै खास किसिमको राजनैतिक कारणबाट प्रेरित भएको मुद्दा मात्र अदालतमा जाने गरेकोछ। यो जिल्लामा पहिले पाएको लालमोहर र पूर्व परम्परा-अनुसार गाउँको रीतिस्थिति, व्यवस्थाअनुसार विभिन्न झगडा, अपराधहरू सरकारी कार्यालयमा समेत जानकारी नदिई आफै मिलाउने गरी आएको देखिन्छ।

पञ्चायत

पञ्चायतको प्रादुर्भाव भएपछि नै नेपाल अधिराज्यको ७५ जिल्लामध्ये एक जिल्ला हुन गएको यो मनाङ जिल्लाको आर्थिक स्थिति ज्यादै पिछडिएको छ। यस जिल्लाको तल्लो इलाकामा चारवटा गाउँ

पञ्चायत कायम भएका छन् तर जनसंख्यामा तल्लोभन्दा माथिल्लो मनाङ इलाकामा ज्यादा भएतापनि उक्त इलाकामा पञ्चायत गठन गरिसकेको छैन । स्थानीय गाउँ पञ्चायतको माध्यमबाट नै स्थानीय विकासका आयोजनाहरू सञ्चालन गर्नु पर्ने भएकोले र खास मनाङ इलाकामा गाउँ पञ्चायतहरूको गठन नभइसकेकोले २०२५ सालसम्म यस क्षेत्रमा विकास योजनाहरू सञ्चालन भएको देखिन्न । २०२५ सालदेखि यता मात्रै यो क्षेत्रमा श्री ५ को सरकारबाट मनोनीत जिल्ला सभासदहरूको माध्यमबाट विकास योजनाहरू सञ्चालन हुँदै आएको छ ।

बन्दूकको लाइसेन्स रिन्यू गर्ने र रेडियो लाइसेन्स रिन्यू गर्ने आदि यहाँका गाउँ पञ्चायतहरूको मुख्य आय स्रोत रही आएका छन् । यसबाट हुने गाउँ पञ्चायतको वार्षिक औसत आम्दानी १५०। छ ।

जिल्ला पञ्चायतले जिल्ला सभा कोष वृद्धि गर्ने हेतुले जनतामा बिस्तारै कर तिर्ने बानी बसाल्नेतिर कदम बढाउन थालेकोछ । हाल यस जिल्ला सभा कोषको लागि रेडियो लाइसेन्स र पुरानो माल सामान लिलाम बिक्री नै दुईवटा मुख्य स्रोतको रूपमा रहेका छन् । यसअनुसार उक्त सभा कोषमा सालको औसत आम्दानी रू. २५०। जति हुन्छ । आर्थिक वर्ष २०२९।३० सालको खूद आम्दानी तपसीलबमोजिम रू. ३०१। थियो ।

तपसील

रेडियो लाइसेन्सबाट	रू. २३९।
पुरानो मालसामान लिलाम बिक्रीबाट	रू. ५५।
फुटकर	रू. ५।
जम्माः—	३०१।

यस जिल्लाका पञ्चायतहरूको लागि आर्थिक वर्ष २०२९।३० मा जम्मा नौवटा आयोजानाहरू सञ्चालन भएकोमा आठवटा सम्पन्न भएका छन् । यिनीहरूको विवरण निम्न प्रकारको भएको छ ।

योजनाको नाम	गाउँ वा गाउँ पञ्चायतको नाम	प्रगति
खाने पानी योजना	थोंचे आदर्श गा. प.	सम्पन्न हुन बाँकी
पटकया कुलो योजना	मनाङ गाउँ	सम्पन्न भएको
चिकट्चाङ कुलो मरमत योजना	भ्राका गाउँ	सम्पन्न भएको
सिचाइ कुलो योजना	टंकी गाउँ	सम्पन्न भएको
सिचाइ कुलो योजमा	खाङसार	सम्पन्न भएको
गुम्बा घर मर्मत	ङावल गाउँ	सम्पन्न भएको
गुम्बा घर मर्मत	चामे तातोपानी	सम्पन्न भएको
ताम्राराङ गुम्बा मर्मत	थोंचे आदर्श गा. प.	सम्पन्न भएको
गुम्बा मर्मत	नार गाउँ	सम्पन्न भएको

यस बाहेक जिल्लाभरीको २०३०।३१ सालको लागि खाने पानीको योजनाबारे यसै परिचयको खानेपानीको परिच्छेदमा परिसकेको छ ।

यस जिल्लाभित्र भएका वर्गीय संगठनहरूका प्रारम्भिक समिति तथा यिनीहरूको सदस्य संख्या निम्न लिखितबमोजिम छ ।

संगठनको नाम र किसिम	संगठन संख्या	सदस्य संख्या
नेपाल महिला संगठन प्रारम्भिक समिति	५	५७
नेपाल युवक संगठन प्रारम्भिक समिति	४	४६
नेपाल किसान संगठन प्रारम्भिक समिति	२	२३

वर्गीय संगठनहरूको आयको स्रोत सदस्यता शुल्क मात्र भएको र हाल सदस्य बनाउने अभियान बन्द रहेको र पहिले सदस्य बनाउँदा भएको आम्दानी खर्च भैसकेको हुँदा यी संगठनहरूको मौज्दात रकम छैन ।

यो जिल्लामा वर्गीय संगठनहरू सक्रिय भइसकेका छैनन् । अधिराज्यका विभिन्न जिल्लाहरूमा जस्तै यस जिल्लामा पनि प्रमुख जिल्ला अधिकारीको रेखदेखमा बाल संगठन कायम गरी कार्य सञ्चालन हुदै आएको छ । तर आर्थिक संकटकारणले बालमन्दिर निर्माण हुन सकेको छैन । आर्थिक वर्ष २०२९।०३० मा श्री ५ बडा मुमा महारानी सरकारबाट यस जिल्लामा बाल मन्दिर निर्माणका लागिरु. १०,०००। बक्सेकोछ ।

उपसंहार

गण्डकी अञ्चलभित्रका सातवटा जिल्लाहरूमध्ये सब भन्दा पछाडि परेको मनाङ जिल्लाको विकासको पथमा धेरै अवरोधहरू छन् । जिल्लामा सञ्चालित केही विकास आयोजनाहरू यसै जिल्ला परिचयमा अगाडि उल्लेख भएका विभिन्न शीर्षकहरूमा पनि समावेश भइसकेका छन् । त्यसको अतिरिक्त सामाजिक न्याय को दृष्टिकोणले प्राथमिकताक्रमको आधारमा निम्नलिखित विकास कार्यक्रमहरू कार्यान्वयन हुनुपर्ने देखिन्छ ।

जिल्लाको सर्वोपरि विकास जस्तो–कृषि, व्यापार, उद्योग, शिक्षा, पशुपालन आदि विकासको लागि यातायात नै सबभन्दा ठूलो गतिरोधको रूपमा आउने हुँदा यसैलाई प्राथमिकता दिइनु नितान्त आवश्यक छ । जिल्लाभित्र घोडेटोसम्मको अभावमा विभिन्न किसिमका साधनहरू निष्क्रिय भइरहेका छन् । यसैले हाललाई मोटरको बाटो नभए तापनि घोडेटोसम्मको निर्माणको सुविधा पनि यस जिल्लाको लागि एउटा वरदान सिद्ध हुनेछ । जिल्लाभित्र हाल भएका गोरेटोहरूमध्ये मेरुदण्डको रूपमा रहेको तालदेखि खाङसारको बाटोमा पहरा फोड्ने, सम्याउने, चौडा गर्ने, पुल पुलेसा हाल्ने आदि निर्माण सम्बन्धी कार्यहरू गरी दिएमा जिल्लाको विकास सम्भाव्यता बढ्न जानेछ । यसबाट जिल्लाभित्रका अन्य सहायक बाटोमा सुधार हुनुको साथै मनाङ जिल्ला भित्र आयात गरिने दैनिक उपभोग्य सामानहरूको ढुवानी भाडामा धेरै घट्न जानेछ ।

यस जिल्लाभित्र हुने कृषि उत्पादनबाट जिल्लाबासीहरूलाई चार पाँच महीनाको लागि मात्र खान पुग्दछ । यहाँ कृषिको सुधारको लागि ठाउँ–ठाउँमा सिचाईको सुविधाको साथै उन्नत जातको बीज, बीजन, मल, प्राविधिक सर सल्लाह समेत भएमा जिल्लाको कृषि उत्पादन बढाउन सकिने आशा गरिन्छ ।

कृषि बाहेक पूरक पेशाको रूपमा चलाउन सक्ने पशुपालन तथा फलफूल खेती पनि हुन् । जिल्ला भित्र यथेष्ट मात्रामा पाइने चौर तथा पाटनहरू पशुपालनको लागि उपयुक्त छन् । त्यस्तै शीतप्रधान क्षेत्र भएको हुँदा यहाँ शीतोष्ण प्रदेशमा पाइने जस्तै– स्याउ, अंगूर, केसर, आरू, चुर्ली, ओखर आदि फलफूलको लागि पनि यो जिल्ला निक्कै उपयुक्त छ । त्यसैले पशुपालन तथा फलफूल खेतीको विकासको लागि चाहिने आवश्यक साधनहरू जस्तै– पशु विकास केन्द्र तथा चिकित्सालय, बागबानी केन्द्र आदि जिल्लाभित्रै खोलिनु जरूरी देखिन्छ । यसबाट जिल्लाबासीहरूलाई ऊनको उपलब्धिको साथै छालाको निकासीमा पनि टेवा मिल्न सक्दछ । त्यस्तै फलफूलको बिक्री वितरणद्वारा जनताको क्रय शक्ति पनि दरिलो हुन जानेछ ।

यो जिल्लामा उच्च हिमाली चुचुराहरू, उच्च तालहरू, झर्नाहरू, सँधै हरियो हुने कोणधारी वनहरू, रङ्गी बिरङ्गी फूल तथा फराकिलो पाटन आदि प्राकृतिक आकर्षणहरूमा आधारित पर्यटनउद्योगको सम्भावना

छ । यी सबै भौतिक आकर्षणहरूसम्म आवागमनको सुविधा प्रदान गर्न सकेमा यो जिल्ला भविष्यमा पर्यटन उद्योगको एउटा महत्वपूर्ण स्थान बन्न जानेछ । प्रतिवर्ष सयौं संख्यामा विदेशी पैदल यात्रीहरू यदि मुस्ताङतर्फ गइराखेका छन् भने मनाङमा पनि आउने सम्भावना नभएको होइन । यसको लागि बाटो घाटोको सुविधाको साथै ठाउँ ठाउँमा बस्ने, सुत्ने तथा खाने व्यवस्था हुनु पर्दछ । यसरी पर्यटकहरूको लागि चाहिने विश्राम गृह अथवा होटेलहरूको स्थापनाबाट जिल्लाबासीहरूको लागि लाखौं रूपैयाँको आम्दानी समेत हुनेछ ।

ऊन, फलफूल, छाला, वन्य उपज आदि स्थानीय वस्तुमा आधारित स-साना घरेलु उद्योगहरूको विकास गर्न सकेको खण्डमा कृषिबाट फुर्सत पाएको बेलाको सदुपयोग हुनुको साथै जिल्लाबासीले थप आय स्रोत भेट्टाउने छन् । जिल्लामा हुने खाद्यान्नको न्यूनतालाई संस्थागत व्यवस्थाबाट जिल्लामा ढुवानी गराउन सकेमा जिल्लाबासीहरूलाई अन्न ओसार्ने समस्या नपर्ने हुन्छ । साथै विभिन्न औद्योगिक सामानहरूको क्रय विक्रय तथा उपभोगको सामग्रीको बेचबिखनको लागि जिल्ला भित्र स-साना बजारहरूको व्यवस्था हुनु पर्ने देखिन्छ ।

यस जिल्लालाई वर्तमान हीन सामाजिक आर्थिक अवस्थाबाट उम्काउन एउटा दीर्घकालीन योजना सञ्चालन हुनुपर्ने देखिन्छ । नयाँ आवश्यकतानुरूप जिल्लाबासीहरूलाई नयाँ ज्ञान र शीप उपलब्ध गराउन शिक्षा प्रसारमा जोड दिनु पर्दछ । शिक्षित जनताले विकासको आवश्यकतालाई राम्ररी बुझ्ने र सोको भार वहन गर्न राजी हुने हुनाले मनाङबासीहरूलाई शिक्षित बनाउन सकेमा यसको विकासको बाटो सुगम हुँदै जाने आशा गर्न सकिन्छ ।

लमजुङ

[illegible] सुविधा प्रदान गर्न सकेमा यो [illegible]

[illegible]

[illegible]

[illegible]

विषय-सूची

परिचय १६९
प्राकृतिक स्वरूप र सम्पदा १७१
ऐतिहासिक पृष्ठभूमि १८२
प्रमुख स्थानहरू १८६
जनसंख्या र जनजीवन १९१
आर्थिक व्यवस्था २०५
यातायात र सञ्चार २१३
शिक्षा, स्वास्थ्य तथा खानेपानी २१७
प्रशासन र पञ्चायत २२२
उपसंहार २२५

परिचय

दक्षिणतर्फ टारहरूबाट शुरू भई उत्तरमा अन्नपूर्ण, लमजुङ तथा हिमालचुली–मनासुलुमा सीमाबद्ध भएको यो जिल्लाको स्वरूप अधिराज्यको एक सानो प्रतिमूर्ति जस्तो छ। मध्य नेपालको सबभन्दा अग्लो टाकुरा मनासुलु लगायत हिमालचुली, अन्नपूर्ण दोस्रो, लमजुङ हिमाल तथा ती हिमालहरूबाट झरेका मादी, मिदिम, मर्स्याङ्दी, खुदी, ङादी, दोर्दी, चेपे आदि नदी-खोलाहरूको मनोरम घाँटीहरूले सुशोभित यो जिल्ला भौगोलिक विविधताले भरिएको छ। यो जिल्ला अधिराज्यको मध्य भागमा अवस्थित छ अर्थात् यसको मध्यपूर्वबाट अधिराज्यको मध्य देशान्तर (८४° १५' पूर्व) गएको छ।

यसको भौगोलिक सीमाना पश्चिममा मादी नदी, उत्तरमा अन्नपूर्ण, लमजुङ तथा मनासुलु हिमालय श्रृङ्खला, पूर्वमा हिमालचुली, बौद्ध हिमालयका टाकुराहरू तथा चेपे खोला र दक्षिणमा रिस्ती, नाउँदीपाउँदी खोलाहरू तथा मर्स्याङ्दी नदी हुन्।

यो जिल्लाको सदरमुकाम जिल्लाको मध्यभागमा मर्स्याङ्दी नदीको पश्चिम किनारमा अन्दाजी ७९३ मिटर अर्थात २,६०१ फीटको उचाइमा अवस्थित बेंसी शहरमा छ। उक्त ठाउँमा प्रसिद्ध लमजुङ दरबार रहेको छ। यो ठाउँ जिल्लाको चारै सीमानाबाट क़रीब करीब बीचमा पर्दछ।

यो जिल्ला गण्डकी अञ्चलको मध्य भागमा रहेको छ। यसको उत्तरमा मनाङ, पश्चिममा कास्की, दक्षिणमा तनहूँ र पूर्वमा गोरखा जिल्ला पर्दछन्।

यसको कुल क्षेत्रफल १,९३४ वर्ग किलोमिटर अर्थात् ७४७ वर्गमाइल छ। क्षेत्रफलको हिसाबले यो गण्डकी अञ्चलको दोस्रो सबभन्दा ठूलो जिल्ला हो। उक्त क्षेत्रफल गण्डकी अञ्चलको कुल क्षेत्रफल ११.८ वर्ग किलोमिटरको अन्दाजी १६.४ प्रतिशत छ। यो जिल्लाको आकार डमरूको जस्तो छ। यसलाई मर्स्याङ्दी नदीले उत्तरदेखि दक्षिणसम्म झण्डै पूरै काटेर गएको छ। यहाँ ६० वटा गाउँ पञ्चायतहरू छन्।

यो जिल्लामा वि. सं. २०२८ को राष्ट्रिय जनगणनानुसार जम्मा १,४०,२२६ विभिन्न जात–जातिका मानिसहरूले बसोबास गरेका छन्। यहाँका कुल बासिन्दाहरूमध्ये महिला ७१,६७१ अर्थात् ५१.१ प्रतिशत र पुरुष ६८,५५५ अर्थात् ४८.९ प्रतिशत छन्। यहाँ गण्डकी अञ्चलको १३.७ प्रतिशत र अधिराज्यको अन्दाजी १.२ प्रतिशत जनआवादी रहेको छ। यहाँ प्रतिवर्ग किलोमिटरमा ७२.५ व्यक्ति अर्थात् प्रतिवर्गमाइलमा १८८ व्यक्तिको जनघनत्व रहेको छ।

यहाँ बसोबास गर्ने जातिहरूमा गुरुङहरूलाई मुख्य मान्न सकिन्छ । उपर्युक्त जनगणनानुसार गुरुङ भाषा बोल्नेको संख्यामा यहाँ ३६,७४२ अर्थात् कुल जनसंख्याको २६.२ प्रतिशत छ । अन्य बढी संख्यामा रहेका जातिहरू ब्राम्हण, क्षेत्री, तामाङ, कामी हुन् । ती बाहेक यहाँ मगर, घर्ती, नेवार, ठकुरी, सार्की, दमाई, कुम्हाल, गिरी आदि जातिहरू छन् । यो जिल्लाका केही पञ्चायतहरूमा दुरा भन्ने एक विशिष्ट जातिका मानिसहरूले बसोबास गरेका छन् । तिनीहरूको बढी आवादीको कारण एउटा डाँडाको नाम नै दुराडाँडा रहन गएको छ । दुराहरू यहाँ बाहेक अधिराज्यका अन्य जिल्लामा पाइएको अभिलेख प्राप्त छैन ।

यहाँका बासिन्दाहरूको जीविकोपार्जनको मूल आधार कृषि नै रहेको छ । दक्षिणी भेकका टार–बेंसीहरूमा बसोबास गर्ने मानिसहरू पूर्णरूपले कृषि पैदावारमा आधारित छन् । उत्तरी भेकका उच्च डाँडाहरूमा बस्ने मानिसहरूले केही मात्रामा भेडी–गोठ, भैंसी–गोठहरू चलाउने गरेका छन् । भेडापालन एक महत्वपूर्ण सहायक पेशा हो । केही मात्रामा भेडा पालनबाट प्राप्त हुने ऊनमा आधारित घरेलु उद्योग धन्धाहरू चलेका छन् । केही मानिसहरूले भैंसीपालनबाट केही घ्यू सङ्कलन गर्दछन् । उत्तरी भेक तथा मध्य लमजुङका डाँडाहरूमा बस्ने गुरुङ, मगर, घर्ती, क्षेत्रीहरू स्वदेशी तथा विदेशी फौजहरूमा भर्ती हुने पनि गर्दछन् । त्यसरी सैनिक सेवाबाट प्राप्त हुने रकमले यहाँको आर्थिक सन्तुलनलाई कायम राखेको छ ।

आधुनिक यातायातको सहूलियत प्राप्त नभएकोले यहाँका बासिन्दाहरूको अन्य जिल्ला तथा बाह्य संसारसँग सम्पर्क सीमित रहेको छ । कृषि–योग्य जमीन बढी भए तापनि सिचाइको व्यवस्था नभएकोले सन्तोषजनक परिमाणमा कृषि पैदावार उब्जाउन सकेको छैन । भूमिगत पेशामा आधारित मानिसहरू अधिक संख्यामा सीमान्तक अर्थ व्यवस्थामा झुण्डेका छन् । यहाँ पैठारी गरिने विभिन्न उपभोग्य वस्तुको बदलामा यहाँबाट निकासी हुने मुख्यतः श्रमशक्ति नै हो । सीमित परिमाणमा घ्यू, जरीबूटी, राडी-पाखी आदि पनि निकासी हुन्छन् । जिल्लाका विभिन्न भेकमा स-साना बजारहरू बस्न लागेका छन् । तर यहाँको सीमित भूमिमा ठूलो जनभार रहेकोले खाद्यान्नको बचत नहुने तथा अन्य सामानहरू निर्यात नहुने भएकोले जिल्लाबासीहरूको क्रयशक्ति कमजोर रहेको छ ।

प्राकृतिक स्वरूप र सम्पदा

हिमालको दक्षिण काखमा अवस्थित यो लमजुङ जिल्लालाई गण्डकी नदी प्रणालीका महत्वपूर्ण सहायक नदीहरूले घेरेका छन् । मनाङ भोटमा उत्पत्ति भइ दक्षिण बग्ने मर्स्याङदी नदीले यसलाई पूर्व पश्चिम दुई भागमा विभाजन गरेको छ । यो जिल्लालाई पश्चिममा मादी नदी (माहेन्द्री गङ्गा) र पूर्वमा चेपेखोला (चम्पावती गङ्गा)ले घेरेका छन् । यसको उत्तर-पूर्वमा मध्य नेपालको सबभन्दा अग्लो हिमाल चुचुरा मनासुलु (८,१५६ मिटर अर्थात् २६,७५२ फीट) पर्दछ । उत्तरी सीमानामा रहेका अन्नपूर्ण, लमजुङ हिमाल, मनासुलुबाट र बौद्ध शृङ्खलाहरूबाट दक्षिण फैलिएका पर्वत श्रेणीहरू तथा तिनीहरूका उपत्यकाहरूमा बग्ने नदी-खोलाहरूबाट यो जिल्लाको भौगोलिक स्वरूप बनेको छ । यो जिल्लाको विभिन्न भौगोलिक इलाकाहरूमा विभिन्न किसिमको हावापानी पाइने भएकोले ती ठाउँहरूमा बसोबास गरिरहेका मानिसहरूका आर्थिक कार्यकलाप तथा रहनसहन पनि फरक फरक छन् । यो जिल्ला नेपाल अधिराज्यको मध्यभागमा अन्दाजी ८४°५' देखि ८४°४१' पूर्व देशान्तर तथा अन्दाजी २८°३' देखि २८°३३' उत्तर अक्षांशभित्र रहेको छ ।

भौगोलिक बनावट

भौगोलिक बनावटको दृष्टिकोणले यो जिल्लालाई चार विभिन्न प्रदेशहरूमा विभाजन गर्न सकिन्छः—

(१) हिमाली प्रदेश
(२) लेकाली प्रदेश
(३) पहाडी प्रदेश
(४) नदी खोलाका बेंसी तथा टारहरू

हिमाली प्रदेश

अन्नपूर्ण हिमाल, लमजुङ हिमाल तथा मनासुलु—बौद्ध हिमाल शृङ्खलामा पर्ने अति उच्च पर्वतहरूको इलाकालाई हिमाली प्रदेश भन्न सकिन्छ। यो जिल्लाको हिमाली प्रदेशलाई मर्स्याङदी नदीले बीचमा काटेको हुनाले यसको उत्तर तथा उत्तर-पश्चिममा अन्नपूर्ण र लमजुङ हिमालको शृङ्खला र पूर्व तथा उत्तरमा बौद्ध, हिमालचुली तथा मनासुलुको शृङ्खला रहेका छन् । यसको उत्तर-पूर्व सीमानामा अवस्थित मनासुलु (८,१५६ मिटर-

अर्थात् २६,७५२ फीट) मध्य नपालमको सबभन्दा अग्लो चुचुरा हो । अन्दाजी ४,८७८ मिटर अर्थात् १६,००० फीटभन्दा माथि सधैंभरी हिउँले ढाकिराख्ने हुनाले यस प्रदेशमा कुनै किसिमको वनस्पति पाईंदैन र मानिसहरूको पनि आवादी हुँदैन ।

जिल्लाभित्र बग्ने मध्य नेपालको गण्डकी नदीप्रणालीमा मिसिने केही उल्लेखनीय नदीहरूको यही प्रदेशमा उत्पत्ति भएको छ । हिमचुली शृङ्खलाबाट हिउँ पग्ली बग्ने नदीहरूमा बाह्रै महीना पानी हुन्छ । यो प्रदेशमा उत्पत्ति हुने यस जिल्लाको केही उल्लेखनीय नदीहरूमध्ये अन्नपूर्ण हिमालबाट निस्केको मादी (माहेन्द्री गङ्गा), लमजुङ हिमालबाट निस्केको खुदी खोला, मनासुलु-बौद्ध शृङ्खलामा उत्पत्ति भएका ङादी खोला, दोर्दी खोला, चेपे खोला (चम्पावती गङ्गा) आदि हुन् ।

यो प्रदेशमा रहेका प्रमुख हिमाली टाकुराहरूमा मनासुलु ८,१५५ मिटर (२६,७५२ फीट), अन्नपूर्ण दोस्रो ७,९३९ मिटर (२६,०४१ फीट), मनासुलु दक्षिण ७,८३७ मिटर (२५,७०५ फीट) हिमालचुली ७,६४७ मिटर (२५,०८१ फीट), लमजुङ चुली ६,९८८ मिटर (२२,९२१ फीट), बौद्ध हिमाल ६,६७४ मिटर (२१,८९० फीट) हुन् ।

यो जिल्लाबाट लमजुङ हिमालको पूर्वी शृङ्खलामा अन्दाजी ५,७८५ मिटर (१८,९७६ फीट) अग्लो भञ्ज्याङ छिचोलेर मनाङ जिल्लामा जाने बाटो गएको छ । उक्त बाटो वर्षाको केही महीनामात्र चल्छ ।

लेकाली प्रदेश

हिमालय पर्वतशृङ्खलाको मुनि उच्च लेकाली भागको रूपमा रहेका इलम पोखरी, बराहपोखरी, तेलव्रुङ, रामव्रोङ आदि डाँडाहरूलाई यो प्रदेशमा समावेश गर्न सकिन्छ । हिमरेखादेखि होचो भागमा घाँस तथा सीमित मात्रामा काँढादार झार र बुट्टाहरू हुन्छन् । यो प्रदेशमा हिउँदमा निक्कै हिउँ पर्छ र वर्षामा हिउँ पग्लेपछि ओभानो परेका ठाउँमा घाँस तथा अन्य वनस्पति पलाउँछन् । यहाँ शीतप्रधान जलवायु हुने हुँदा मानिसहरूको बस्ती छैन । वर्षामा मात्र यहाँ भेडी गोठहरू लगिन्छन् । यो प्रदेशमा केही होचो भाग अन्दाजी २,९६३ मिटर (१३,००० फीट) भन्दा तल बाक्लो लेकाली वन पाइन्छ । जिल्लाको मुख्य वनसम्पदा यही भागमा सीमित रहेको छ । यो प्रदेशको खर्कहरूमा लमजुङवासीहरूको भेडापालन हुन्छ । यो प्रदेशमा सीमित मात्रामा खेती गरिएको छ ।

पहाडी प्रदेश

समुद्रको सतहदेखि अन्दाजी २,१३४ मिटर (७,००० फीट) भन्दा होचो पहाडी भागलाई यो प्रदेशमा राख्न सकिन्छ । यो जिल्लाको होचो पहाडी भागमा यहाँका अधिकांश गाउँहरू रहेकाछन् । जिल्लाको अधिक खेतीयोग्य पाखो जमीन पनि सोही प्रदेशमा रहेकोछ । हिमालय तथा उच्च पहाडी भागमा उत्पत्ति भएका अनगिन्ती नदी खोलाहरूले छियाछिया पारेर काटिएका डाँडाहरूले बनेको यो प्रदेशलाई अधिक मात्रामा आवाद गरिसकेको छ । यहाँ शीतोष्ण जलवायुको प्रभाव छ। कतै कतै होचा पाखाहरूमा न्यानो शीतोष्ण जलवायुको प्रभाव परेको देखिन्छ । यो प्रदेशमा पनि कतै कतै स-साना मिश्रित वनहरू छन् ।

बेंसी तथा टारहरू

प्रमुख नदी तथा खोलाहरूले बनाएका बेंसीहरू तथा जिल्लाको दक्षिण भेकमा रहेका समथर टारहरूलाई यो प्रदेशमा समावेश गर्न सकिन्छ । पहाडी जिल्ला भए तापनि यहाँ धेरै समथर जमीन भएकोले यो जिल्लामा खाद्यान्न खेती धेरै हुन्छ । यहाँको समथर जमीनमा मादी नदीको किनारमा रहेका करावुटार, भौर्लेंटार, रम्घा, कुह्यालटार, मर्स्याङदीको किनारमा रहेका तार्कुटार, बेंसी शहर, चेपे खोलाको किनारमा रहेका अल्काटार, घमिलिकुवाटार, रागिनासटार, पाउँदी खोलाको किनारमा रहेका हाँडेटार, रिस्ती फाँट आदि उल्लेखनीय छन् । नदी-खोलाका बेंसी तथा टारहरूमा अधिकांश खेतहरू छन् । यो प्रदेश समुद्रको सतहबाट ज्यादा अग्लो नभएकोले यहाँ अर्धउष्ण जलवायुको प्रभाव परेको छ । यहाँ वर्षामा गर्मी र हिउँदमा शीतल हुन्छ । कतै कतै हिउँदमा धेरै शीत पर्ने भएकोले ठण्डा पनि हुन्छ । केही वर्ष पहिलेसम्म यो प्रदेशमा अन्दाजी १,२२०मिटर(४,००० फीट) भन्दा होचो ठाउँमा औलोको प्रकोप थियो । हाल औलो प्रायः उन्मूलन भइसकेकोले यो प्रदेशमा आवादी बढ्न गएको छ ।

यो जिल्लाको अधिक टारहरूमा पक्की कुलोहरू तथा स्थायी सिचाइको व्यवस्था भइसकेको छैन । एक दुई ठाउँमा भर्खर सिचाइ आयोजनाहरू सञ्चालन गरिएका छन् । हाँडेटार, करावुटार आदि ठाउँमा झैं अन्य टारहरूमा पनि सिचाइ हुनगए पछि यो प्रदेशमा हुने कृषि उत्पादनले जिल्लाका तमाम बासिन्दाहरूको खाद्यान्नको आवश्यकता पूरा गरी मनाङ, गोरखा तथा पोखराको बजारमा समेत निर्यात गर्न सकिनेछ ।

नदी नाला

यो जिल्ला गण्डकी नदी क्षेत्रमा पर्दछ । गण्डकी नदी प्रणालीका महत्वपूर्ण नदीहरू र तिनीहरूका सहायक खोलाहरूले यो जिल्लालाई घेरेका छन् । मर्स्याङदी र मादी यहाँका दुई महत्वपूर्ण जल प्रवाह प्रणाली हुन् । ती दुई नदी प्रणालीहरूलाई लमजुङ हिमालबाट दक्षिणतर्फ फैलिएर तेलबुङ, घनपोखरी, पुरानोकोट, तुर्लुङकोट हुँदै कुन्छा डाँडा मिलुङ कोटमा मिसिएको पर्वत शृङ्खलाले छुट्याएको छ । ती दुवै नदीहरू हिमालयका हिम–नदीहरूबाट उत्पत्ति भएका हुन् र दुवै गण्डकी प्रणालीका महत्वपूर्ण नदीहरू हुन् ।

मर्स्याङदी नदी

गण्डकी नदी प्रणालीको एक प्रमुख सहायक यो नदी लमजुङ जिल्लाको सबभन्दा ठूलो नदी हो । मनाङ भोटको पश्चिमी भेकमा मुक्तिनाथ हिमालको पूर्वी ढालबाट यसको उत्पत्ति भएको छ । अन्नपूर्ण तथा लमजुङ हिमालका उत्तरी ढालमा बग्ने पानी बटुलेर केही कोस पश्चिमतिर बगेपछि यसमा पेरी लुगुला हिमालको दक्षिण ढालबाट बगेको नारफु खोला मिसिन्छ । नारफु मिसिने दोभानदेखि केही किलोमिटर पर लार्के हिमालको पश्चिमी ढालबाट निस्केको दूध खोला यसमा मिसिएपछि यसले लमजुङ हिमाल र मनासुलु हिमालको बीचबाट खोंच काटेर ताल भन्ने ठाउँमा लमजुङ जिल्लामा प्रवेश गर्दछ । मर्स्याङदी नदीले यो जिल्लालाई मध्यभागमा काटेको छ । यसरी यो नदीले लमजुङ जिल्लालाई पूर्व र पश्चिमका दुई झण्डै बराबर भागमा विभाजित गरेको छ । यो नदी तार्कुघाट बजारबाट केही किलोमिटर दक्षिण–पूर्वमा चेपे खोला मिसिएपछि लमजुङको सीमाना नाघेर गोरखा र तनहूँको सीमाको रूपमा दक्षिण बग्छ र मुगलिङ घाटमा पुगेर त्रिशूली गण्डकीमा मिसिन्छ । यो नदीले मनाङ

जिल्लाबाट लमजुङ प्रवेश गरेपछि मनासुलु–बौद्ध हिमाल र लमजुंङ हिमालबाट निस्केको नदी खोलाहरूको पानी बटुलेर लैजान्छ । यसरी यो जिल्लाभित्र यसमा मिसिने प्रमुख सहायक खोलाहरू निम्न छन् :–

ङादी खोला

यो खोला मर्स्याङदी नदीको प्रमुख सहायहरूमध्ये एक हो । यसको उत्पत्ति मनासुलु हिमालको पश्चिमी तथा दक्षिणी हिमनदीबाट भएको छ । यसमा हिमालचुली हिमालको पश्चिमी ढालको पानी र बाह्रपोखरी लेकको उत्तरी ढालको पानी समेत मिसिन्छ । यो खोलालाई ताराचोकदेखि माथि सुसीखोला पनि भनिन्छ । यो खोला बाहुन डाँडा, दक्षिण बेंसी नजीकै मर्स्याङदीमा मिसिन्छ । भुलभुलेबाट बाहुन डाँडा भएर मनाङ जाने बाटोमा यो खोला माथि झोलुङ्गे पुल राखिएको छ ।

खुदी खोला

यो खोलाको उत्पत्ति लमजुङ हिमालको दक्षिणी ढालबाट भएको छ ।यो खोलामा तलबुङको पूर्वी ढाल र सुन्दार डाँडाको पश्चिमी ढालको पानी समेत मिसिएको छ । यो खोला घनपोखरी बेंसीभन्दा अन्दाजी एक कोस दक्षिण–पूर्व मर्स्याङदीमा मिसिन्छ । यो खोलाको पानी स्वच्छ भएकोले स्थानीय मानिसहरूले खान्छन् । मर्स्याङदीको दोभान नजीकै यो खोला माथि एउटा पक्की झोलुङ्गे पुल बनाइएको छ र सो पुलको उत्तरमा एउटा सानो बजार बसाइएको छ ।

दोर्दी खोला

यो खोला पनि मर्स्याङदीको एक महत्वपूर्ण सहायक हो । यसको उत्पत्ति हिमालचुलीको हिमनदीहरू तथा बाह्रपोखरी लेकबाट भएको छ । बौद्ध हिमाल तथा दूधपोखरी पर्वत शृङ्खलाको पश्चिमी ढालको पानी समेत यो खोलामा मिसिएको छ । यो खोला चितिआँमडाँडा नजीकै मर्स्याङदी नदीमा मिसिन्छ । यो खोलाको दक्षिणी पाखोमा फलेनी नाम गरेको एक ख्यातिप्राप्त सुन्दर गुरुङ गाउँ रहेको छ ।

पाउँदी खोला

पुरानोकोटको दक्षिणी पाखामा उत्पत्ति भएको यो खोला तार्कुघाट बजार नजीकै मर्स्याङदीमा मिसिन्छ । यसमा बरेटार नजीकै वखमन कुन्छा डाँडाको पूर्वी पाखोबाट निस्केको नाउँदी खोला मिसिएको छ । पाउँदी खोलाको किनारमा हाँडेटार, बरेटार आदि प्रसिद्ध समथर कृषियोग्य जमीनहरू छन् । यो खोला हिउँदमा सानो र वर्षामा ठूलो हुन्छ ।

चेपे खोला

मर्स्याङदी नदीको एक अर्को महत्वपूर्ण सहायक चेपे खोला हो । यो खोलाको उत्पत्ति बौद्ध हिमालको दक्षिण काखमा अवस्थित दूधपोखरीबाट भएको छ । यो खोलाले गोरखा जिल्लासँगको सीमानाको काम गरेको छ । यसलाई चम्पावती नदी पनि भनिन्छ । यो खोलाको किनारमा साइलीटार, अलकाटार, रागिनास

टार आदि धेरै समथर टारहरू छन् । यो खोला घमिलिकुवाटारको दक्षिणमा चेपेघाट नजीकै मर्स्याङ्दी नदीमा मिसिन्छ । गोरखा जिल्लाको पालुङ्टार विमानस्थलबाट लमजुङ जाने बाटोमा यो खोला माथि पुल बनाइएको छ । केही वर्ष पहिले भलायखर्क नजीकै यो खोलामाथि बाँध बाँधेर लमजुङ, गोरखा तथा तनहूँको समथर टारहरूको सिचाइ गर्ने आयोजना सम्बन्धी अध्ययन भएको थियो ।

मादी नदी

मादी नदी, जसलाई माहेन्द्री गङ्गा पनि भनिन्छ, गण्डकी नदी प्रणालीको एक महत्वपूर्ण सहायक नदी हो । यो नदी लमजुङ जिल्लाको दोस्रो महत्वपूर्ण जलप्रवाह हो । यसको उत्पत्ति अन्नपूर्ण हिमालको हिमनदीहरूबाट भएको छ । लमजुङ हिमालको दक्षिण–पश्चिममा यसले सीमानाको काम गरेको छ । यो नदी स्वादिलो माछाको लागि प्रसिद्ध छ । हिउँद महीनामा नदीको प्रवाह कम भएपछि वरिपरिका गाउँहरू मिली यसमा दुवाली थुनी माछा मार्ने गरिन्छ । सीसाघाट बजार नजीकै रिस्ती खोलाको दोभानबाट यो नदी लमजुङ जिल्लाको सीमा नाघेर तनहूँमा प्रवेश गर्दछ । यसको मध्यउत्तरी भागमा ताङतिङ, याङ्जाकोट आदि ठूलठूला गुरुङ बस्तीहरू छन् । कास्की जिल्लाको सिकलिस भन्ने प्रसिद्ध गुरुङ बस्ती पनि यही नदीको दाहिने पाखोमा रहेको छ। लमजुङ भित्र यो नदीमा मिसिने यसका केही महत्वपूर्ण सहायक खोलाहरू निम्न हुन्:–

छार खोला

लमजुङ हिमालको दक्षिणी ढालमा उत्पत्ति भएको यो खोलामा रामब्रोङ डाँडाको दक्षिण–पश्चिम ढालको पानी समेत मिसिएपछि कास्की जिल्लाको सिकलिस भन्ने गाउँ भन्दा केही उत्तरमा मादी नदीमा मिसिन्छ।

रुदी खोला

यो खोला रामब्रोङ डाँडाको दक्षिणी ढालमा उत्पत्ति भई गोर्जेदेखि केही किलोमिटर दक्षिणमा मादी नदीमा मिसिन्छ । यसका दायाँ बायाँ पाखाहरूमा पाखरीकोट, यस गाउँ आदि सुन्दर गुरुङ गाउँहरू रहेका छन् ।

मिदिम खोला

लमजुङ हिमालको दक्षिणी शृङ्खलाबाट उत्पत्ति भएको यो खोला मादी नदीको सबभन्दा महत्वपूर्ण सहायक खोलाहरूमध्ये एक हो । यो खोला भोर्लेटार नजीकै मादी नदीमा मिसिन्छ । यसको किनारमा भुजुङ भन्ने एक बाक्लो गाउँ रहेको छ । यो खोला मादी नदीमा मिसिने दोभानमा दुई ठूला टारहरू छन् । यी टारहरू दुई मध्ये होचो कशपुटारमा सिचाइको व्यवस्था गरिएको छ ।

रिस्ती खोला

यो खोलाले लमजुङको पश्चिम भागको केही अंशमा जिल्लाको दक्षिणी सीमानाको काम गरेको छ । यो खोलाको उत्पत्ति कुन्छा डाँडाको पश्चिमी ढालमा भएको छ । कुन्छा डाँडाबाट यो खोला पश्चिमतिर बगेर सीसाघाट बजारदेखि केही दक्षिणमा मादीमा मिसिन्छ । यसको उत्तर–दक्षिण किनारहरूमा कृषियोग्य फाँटहरू रहेका छन् । यसको र मादीको दोभानदेखि उत्तर रम्घा कुम्हालटारको ठूलो फाँट छ ।

ताल र दहहरू

यो जिल्लामा कुनै उल्लेखनीय ताल छैन । यहाँको हिमाली भू–भागमा केही दहहरू छन् । तीमध्ये बाह्रपोखरी आदि उल्लेखनीय छन् । दूध पोखरीलाई धार्मिक महत्व दिइएको छ । यो कुण्डमा मानिसहरू तीर्थ गर्न जाने गर्दछन् । वराहपोखरी डाँडाहरूमा वर्षामा भेडा, गाई, भैंसीको गोठ सारिने गरिन्छ ।

हावापानी

मध्यनेपालका अन्य पहाडी जिल्लाहरू झैं यो जिल्ला पनि दक्षिण–पश्चिमी मनसुनी जलवायुको प्रभाव क्षेत्रमा पर्दछ । यहाँ असारदेखि भदौसम्म मनसुनी हावाले पानी पार्दछ । हिउँदमा एशिया महाद्वीपको पश्चिमी भागमा उत्पत्ति भई पूर्व बहने आँधीबेरीले केही पानी पार्दछ । यो जिल्लाको भौगोलिक स्वरूप विभिन्न उचाइको भू–सतहबाट बनेको हुनाले विभिन्न उचाइका भागमा तापक्रम फरक तथा भौगोलिक विभिन्नताको कारण वर्षाको परिमाण पनि फरक हुन्छ । जिल्लाको उत्तर भेकको उच्च पर्वतहरूमा सधैंभरि हिउँ पर्दछ र जिल्लाको दक्षिणी भेकका होचा टारहरूमा धेरै गर्मी हुन्छ ।

यो जिल्लाको मध्यभागमा मर्स्याङ्गदी र खुदी खोलाको दोभान नजीकै अन्दाजी ८२३ मिटर (२,६९९ फीट) को उचाइमा रहेको खुदी बजारमा स्थापित मौसम अवलोकन केन्द्रमा अभिलेख गरिएको ई. सं. १९७०र ई.सं. १९६८ देखि १९७० सम्मको वायुको औसत तापक्रमको अभिलेख तल प्रस्तुत गरिएको छः

तापक्रमको तालिका

(सेन्टिग्रेडमा)

वर्ष	१९७०		तीन वर्षको औसत (१९६८ देखि १९७०)	
महीना	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	१८.०	७.०	१७.५	६.८
फेब्रुअरी	२०.१	८.४	२१.०	८.४
मार्च	२५.४	१२.७	२६.०	१३.१
अप्रिल	३०.०	१८.०	२९.५	१६.९
मे	३१.२	१९.८	३०.९	१९.१
जून	२८.८	२०.३	२८.९	२०.५
जुलाई	२८.८	२१.१	२८.७	२१.२
अगष्ट	२९.०	२०.६	२८.८	२०.९
सेप्टेम्बर	२८.३	१९.९	२८.१	१९.९
अक्टोबर	२६.७	१६.०	२६.२	१४.७

नोभेम्बर	३६.६	१०.९	२३.५	११.३
डिसेम्बर	१९.९	६.५	२०.३	७.७
वार्षिक औसत	२५.८	१५.१	२५.९	१५.०

उपर्युक्त तापक्रमको तालिकाअनुसार खुदी बजारको उक्त तीन वर्षको औसत अधिकतम तापक्रम २५.९ सेन्टिग्रेड र औसत न्यूनतम तापक्रम १५.० सेन्टिग्रेड रहेको छ । उक्त तीन वर्षमा सबभन्दा धेरै गर्मी अर्थात् ३६.१ सेन्टिग्रेड १९६९ को मे २४ मा भएको थियो । त्यस्तै सबभन्दा धेरै जाडो अर्थात् ३.० सेन्टिग्रेड ई. सं. १९६८ को जनवरी १७ को दिन भएको थियो । माथिको अभिलेखबाट खुदी बजारको हावापानीमा उष्णताको प्राधान्य रहेको देखिन्छ । अर्धउष्ण बेंसीमा अभिलेख गरिएको उपर्युक्त तापक्रमले जिल्लाका समान उचाइका बेंसीहरूको मात्र प्रतिनिधित्व गर्न सक्ने देखिन्छ । साधारणतया जति उचाइ बढ्दै जान्छ उति नै ठण्डी बढ्दै गएको देखिन्छ । धेरै उच्च पहाडी भागमा तापक्रम कम हुनुको साथै हिउँदमा हिउँ पर्ने तथा तापक्रम सधैं बरफ विन्दुको हाराहारीमा रहने गर्छ ।

माथि उल्लेख गरिए झैं यो जिल्लामा वर्षामा हिन्द महासागरमा उठेको हावाले बङ्गालको खाडीको बाटो गरी पूर्व हिमालयमा ठक्कर खाएपछि पश्चिमतिर फैलिने मनसुनी हावाले र हिउँदमा एशिया महाद्वीपको पश्चिम भागबाट आउने आँधीबेरीले पानी पार्दछ । हिउँदको दाँजोमा वर्षामा निक्कै धेरै वर्षा हुन्छ । साधारणतया जून अथवा मध्यअसारदेखि सेप्टेम्बर अर्थात् मध्यभदौसम्म वर्षा हुन्छ । यो जिल्लाको कुन्छा डाँडा (अन्दाजी ९९७ मिटर अर्थात् ३,२७० फीट) र खुदी बजार (अन्दाजी ८२३ मिटर अर्थात् २,६९९ फीट) मा रहेको मौसम अवलोकन केन्द्रहरूमा लिइएको ई.सं. १९७० र ई. सं. १९६८ देखि १९७० सम्मको वर्षाका अभिलेख तल प्रस्तुत गरिएको छ :–

वर्षाको तालिका

(मिलिमिटरमा)

वर्ष / महीना	खुदी बजार		कुन्छा डाँडा	
		तीन वर्षको औसत		तीन वर्षको औसत
	१९७०	(१९६८ देखि १९७०)	१९७०	(१९६८ देखि १९७०)
जनवरी	३८.१	४६.४	३.०	१७.३
फेब्रुअरी	६४.४	३६.०	०.०	१४.७
मार्च	४१.०	७२.७	४.०	४०.४
अप्रिल	४७.८	६९.५	१०६.०	६१.२
मे	१२२.६	१५७.१	१००.०	१५८.४
जून	६११.६	४६६.३	५०३.०	४८७.०

जुलाई	१,२८१.८	६२५.६	४५७.२	४८९.५
अगष्ट	७३५.५	७०१.१	५३१.०	३४५.७
सेप्टेम्बर	५२३.४	४४२.७	३५३.६	३१५.८
अक्टोबर	४५.८	७४.७	०.०	५५.५
नोभेम्बर	०.०	१.३	०.०	०.०
डिसेम्बर	०.०	१.०	०.०	१.७
जम्मा	३,५१२.०	२,६६४.४	२,०५७.८	१,६८७.२

माथि दिइएको अभिलेखअनुसार कुञ्छा डाँडामाभन्दा खुदी बजारमा बढी वर्षा हुन्छ । खुदी बजारमा उपर्युक्त तीन वर्षमा औसत वर्षा २,६६४.४ मिलिमिटर थियो । उक्त वर्षमा सबभन्दा धेरै अर्थात् ३,५१२.० मिलिमिटर वर्षा १९७० मा भएको थियो । यहाँ धेरैजसो पानी वर्षामा विशेष गरेर असारदेखि भदौभित्र पर्दछ । कुञ्छामा तीन वर्षको औसत वर्षा १,६८७.१ मिलिमिटर रहेको छ । उक्त तीन वर्षमा सबभन्दा धेरै वर्षा १९६८ मा परेको थियो । कुञ्छामा पनि अधिक पानी असारदेखि भदौभित्र नै परेको देखिन्छ । त्यहां नगण्य मात्रामा हिउँदे वर्षा भएको देखिन्छ ।

माथि उल्लिखित दुई स्थानहरूको वर्षाको अभिलेखहरूबाट यो जिल्लाको विभिन्न भागमा वर्षाको अनुपात फरक रहेको देखाउँछ । भौगोलिक विभिन्नताको कारण र स्थानीय प्रभावहरूको भिन्नताले गर्दा वर्षाको अनुपात फरक हुन्छ ।

यहाँको विभिन्न तापक्रम र वर्षाको अनुपात भएका विभिन्न भौगोलिक प्रदेशहरूमा विभिन्न किसिमका हावापानीको प्रभाव परेको छ । साधारणतया यो जिल्लामा निम्न चार प्रकारका हावापानी पाइन्छ :–

(क) अतिशीत प्रधान हिमाली हावापानी
(ख) शीत प्रधान लेकाली हावापानी
(ग) ठण्डा शीतोष्ण हावापानी
(घ) न्यानो शीतोष्ण हावापानी

अतिशीत प्रधान हिमाली हावापानी

हिम-रेखाको हाराहारी तथा सोभन्दा माथिका हिमालय पर्वतमालामा अतिशीत प्रधान हिमाली हावापानीको प्रभाव परेको देखिन्छ । अन्नपूर्ण, लमजुङ हिमाल, मनासुलु, बौद्ध हिमाल तथा दूध पोखरी आदि उच्च हिमाली क्षेत्रमा यो हावापानी पाइन्छ । यस्तो हावापानीको प्रभाव पर्ने जिल्लाका उच्च पर्वत शृङ्खलाहरूमा प्रायः वर्षभरि नै हिउँ रहन्छ । दक्षिणी ढालमा कतै कतै वर्षामा हिउँ पग्लने भए तापनि अति जाडो हुने भएकोले त्यहाँ ठूलो प्रकारको वनस्पति हुँदैन । कतै कतै झ्याउ, काई र कठचाँग्रिएका झारहरूमात्र उम्रन्छन् । हावाको तापक्रम वर्षभरि नै बरफ बिन्दुको वरपर रहेको हुन्छ । हिउँदमा तापक्रम निकै घट्छ र चीसो सिरेटो चल्दछ । यस्तो हावापानीको प्रभाव परेको भाग हिमाली मरुभूमि सरह हुन्छ । मध्यनेपालमा अन्दाजी ४,८७८ मिटर अर्थात् १६,००० फीटलाई हिमरेखा मान्ने गरिएको छ ।

शीत–प्रधान लेकाली हावापानी

हिमरेखादेखि मुनि वृक्ष-रेखा अन्दाजी ३,९६३ मिटर (१३,००० फीट) सम्म शीत–प्रधान लेकाली हावापानीको प्रभाव पर्दछ। यस्तो हावापानी हुने ठाउँमा वर्षभरी नै शीतको प्राधान्यता रहने हुँदा हिउँदमा प्रशस्त हिउँ पर्ने तथा वर्षामा वायुको तापक्रम निकै कम रहेको देखिन्छ। हिम रेखाको नजीकै त वर्षामा पनि हिउँ पर्छ। धेरै ठण्डा हुने भएकोले ठूलो प्रकारको वनस्पति तथा अग्ला रूखहरू हुँदैनन्। शीतप्रधान हावापानीमा हुर्कने सुनपाती, भैरुमपाती आदिको साथै स-साना काँढेदार झार र बुट्टाहरूमात्र हुन्छन्। गर्मीमा हिउँ पग्लेपछि माटो भएका डाँडाहरूमा घाँसहरू पल्लाउन थाल्छन्। यसरी पल्लाउने खर्कहरूमा वर्षामा भेडी, गाई, भैंसीका गोठहरू लैजाने गरिन्छ। यस्तो हावापानी बराहपोखरी लेक, तेलब्रुङ तथा रामब्रोङ लेकहरूको उच्च भागहरूमा पाइन्छन्।

ठण्डा शीतोष्ण हावापानी

यो जिल्लाको जङ्गलले ढाकिएका सुन्दर डाँडाहरू जस्तै इलम पोखरी, बराह पोखरी, तेलब्रुङ, ताराचोक, रामब्रोङ आदि स्थानमा ठण्डा शीतोष्ण हावापानी पाइन्छ। साधारणतया वृक्ष-रेखादेखि अन्दाजी २,१३४ मिटर (७,००० फीट) सम्मका ठाउँहरूमा यस्तो हावापानी पाइन्छ। यो हावापानी पाइने ठाउँमा हिउँदमा कतै कतै हिउँ पर्ने भई केही बढी ठण्डा हुन्छ र वर्षामा शीतल हुन्छ। यो हावापानीको प्रभाव परेको ठाउँमा जिल्लाको अधिकांश वन-सम्पदा तथा जीवजन्तुहरू रहेका छन्। त्यस्ता वनमा कोणधारी रूखहरू बढी छन्।

न्यानो शीतोष्ण हावापानी

यस जिल्लाको होचो डाँडाहरू र उच्च बेंसी र समथर भूमिमा न्यानो शीतोष्ण हावापानी पाइन्छ। दक्षिण सीमावर्ती मादी, मर्स्याङदी तथा चेपे खोलाका किनारमा रहेका टाकुराहमा अर्ध-उष्ण हावापानीको प्रभाव परेको पाइन्छ। न्यानो शीतोष्ण हावापानी पाइने होचा डाँडाहरूमा यो जिल्लाको अधिकांश गाउँहरू रहेका छन्। ती डाँडाहरूमा हिउँदमा केही ठण्डा र वर्षामा केही बढी गर्मी हुन्छ। अर्ध-उष्ण हावापानी पाइने टार तथा समथर भागमा वर्षामा बढी गर्मी हुन्छ। सो जिल्लाको अधिकांश पाखो जमीन होचो डाँडाहरूमा र खेतहरू अर्धउष्ण टारहरूमा सीमित रहेका छन्।

प्राकृतिक वनस्पति

यो जिल्लाको विभिन्न हावापानी पाइने विभिन्न भौगोलिक प्रदेशहरूमा भिन्दाभिन्दै वन वनस्पति पाइन्छन्। जनसंख्याको बढ्दो चापको कारण यहाँको वनसम्पदा मासिंदै गएको छ। यहाँको उच्च पहाडी भागमा हालसम्म पनि बाक्लो वन छँदैछ। यहाँ पाइने विभिन्न वन वनस्पतिलाई साधारणतया चार किसिममा विभाजन गर्न सकिन्छ।

(क) ठण्डा मरुभूमिमा पाइने वनस्पति
(ख) लेकाली वनस्पति

(ग) ठण्डा शीतोष्ण सदाबहार कोणधारी वन
(घ) पतझड तथा मिश्रित वन

ठण्डा मरुभूमिमा पाइने वनस्पति

हिम-रेखा प्रदेशमा कतै कतै सीमित परिमाणमा शीतप्रधान जलवायुमा हुने झ्याउ आदि हिमाली वनस्पति पाइन्छ । हिउँदमा हिउँले पुरिने हुँदा वर्षामा हिउँ पग्लेको बेला हुने तापको सहारामा बाँच्ने त्यस्तो वनस्पति देखापर्दछ ।

लेकाली वनस्पति

हिम–रेखादेखि वृक्ष–रेखासम्मको भू–भागमा स-साना काँढेदार बुटाहरू, झारहरू, घाँस आदि वनस्पति पाइन्छन् । त्यस्तो कठ्याङ्ग्रिएका झार बुटाहरूको साथै अनेकौं दुर्लभ जरीबूटीहरू पनि उम्रेका हुन्छन् । उच्च लेकहरूलाई हिउँदमा प्रायः हिउँले ढाक्छ । वर्षामा हिउँ पग्लेपछि तापक्रमको अनुपात बढेर अनेक किसिमका रङ्गीबिरङ्गी फूलहरू फुल्ने घाँस र झ्याउहरू उम्रन्छन् । त्यस्तो लेकाली घाँसमा भेडी, गाई, भैंसीका गोठहरू लगिन्छन् ।

ठण्डा शीतोष्ण सदाबहार कोणधारी वन

ठण्डा शीतोष्ण हावापानीको प्रभाव पर्ने उच्च पहाडी भागमा सदाबहार कोणधारी वन पाइन्छ । यस्तो वन वृक्ष-रेखादेखि तल अन्दाजी १,८३० मिटर अर्थात् ६,००० फीटसम्म फैलिएको छ । सधैंभरी हरियो रहने सबभन्दा बढी महत्वपूर्ण वन सम्पदा यही नै हो । जिल्लाका अधिक जीवजन्तुहरू पनि सोही वनमा पाइन्छन् । उक्त वनमा पाइने मुख्य रूखहरूमा सल्लो, गुराँस, धूपी आदि हुन् । कुनै कुनै ठाउँमा निगालोका झाडीहरू पनि पाइन्छन् ।

पतझड तथा मिश्रित वन

जिल्लाको होचो डाँडाहरू तथा टार बेंसीहरूमा पाइने सदाबहार वनमा सँधैं हिउँदमा पात झर्ने (पतझड) रूखहरू मिसिएको वन पाइन्छ । यो वनमा पाइने चिलाउने , खयर, सिमल, चाँप, कटुस, दार, साघन, आँप, पीपल, बर, ओखर आदि रूखहरू हुन् ।

विभिन्न औषधोपचारका लागि उपयोगी जरीबूटीहरू पनि यही वनमा पाइन्छन् । यहाँ पाइने जरीबूटीहरूमध्ये पाँच औंले, नीरमसी, कुटकी, पदमचालनु, जेठीमधु, हरिताल, अल्लो, कागजीपाट आदि प्रमुख हुन् ।

पशु–पक्षी

जिल्लाको विभिन्न किसिमको वन वनस्पति भएका प्रदेशहरूमा विभिन्न किसिमका पशु–पक्षीहरू पाइन्छन् । यहाँ पाइने पशुहरूमा चितुवा, बँदेल, भालू, घोरल, थार, झारल, नावर, लंगूर, कस्तूरी, वनमुसो

मलसाँप्रो आदि मुख्य हुन् । यहाँ पाइने पक्षीहरूमा डाँफे, मोनाल, कालिज, तित्रा, प्यूरा, ढुकुर, बट्टाई, जुरेली, सुगा, सारूङ, वौडाई, धोवी, लाटोकोसेरो, हलेसो, चाँचर, कलचौंडा, लाहाँचे आदि हुन् ।

खनिज पदार्थ

यो जिल्लामा व्यापारिक दृष्टिकोणबाट महत्त्वपूर्ण मानिने ठूला खानीहरू छैनन् । तर जिल्लाको विभिन्न ठाउँमा सिङ्गमरमर, अभ्रख, नून आदिका खानीहरू पाइएका छन् । मर्स्याङदी नदीको किनारमा तराँचे गाउँको मुनि र उत्तर मनाङ जाने बाटोतिर ठाउँ ठाउँमा नुनिलो पानीको मूलहरूबाट नून बनाउने गरिएको थियो । हालसम्म पनि नून बनाउन पानी सुकाउने सुखा तलाउहरू देखिन्छन् । वरिपरि रहेका खहरेहरू (राईदु खोला, ताव्रुङ खोला)मा बाढी आउँदा बगाइएका ढुङ्गा, माटोले पुरिएका हुँदा मर्स्याङदी नदीको किनारलाई धेरै माथि उठाइदिएको छ ।

ऐतिहासिक पृष्ठभूमि

मध्यकालमा चौबीसीहरूका इतिहासमा लमजुङको प्रभुत्व ज्यादा थियो । शक्तिको सन्दर्भमा लमजुङलाई गरुडको, गोरखालाई सर्पको र काठमाडौं उपत्यकालाई भ्यागुतोको संज्ञा दिइएको थियो ।[1]

लमजुङको इतिहास शाह वंशकै इतिहास र उत्थानसँग गाँसिएको छ । गोरखा राजवंशका पहिला राजा द्रव्य शाह लमजुङे राजा यशोब्रह्म शाहका पुत्र हुन् । राजा यशोब्रह्म शाहको शेषपछि उनका जेठा छोरा नरहरि शाह लमजुङको राजगद्दीमा आरोहण हुने भएपछि राजकुमार द्रव्य शाहलाई चेपे खोला पारीको इलाकामा अधिकार जमाउन खटाईएको थियो । त्यस समय गोरखामा खड्का थरका खसहरू रजाइं गर्दै थिए । यिनीहरूको धार्मिक र जातीय पक्षपातले राज्यका मगर, ब्राह्मण र क्षेत्रीहरू खड्का राजालाई रुचाउन्नथे । त्यसै अवसरमा नारायण र गणेश पाँडेसित द्रव्यशाहको सम्पर्क भयो । उनीहरू खड्का राजाको स्थानमा द्रव्य शाहलाई गोरखाको राजा बनाउने उद्योगमा लागे । लिगलिगको घलेहरूलाई दशैंको घोडा दौडको मेलामा हमला गरी घलेलाई अपदस्थ गरी लिगलिग कोट अधिकार गरेपछि गोरखामा समेत कब्जा गरी ई . स. १५५९ को भाद्र कृष्ण अष्टमीको राति द्रव्य शाह गोरखाका राजा भए भन्ने कुरा इतिहासकार श्री बालचन्द्र शर्माले लेखेका छन् ।

लमजुङमा शाह वंशको राज्य शुरू हुनगएको विषयमा इतिहासमा विभिन्न मतहरू छन् । एकथरी इतिहासकारहरूको भनाई अनुसार वर्तमान स्याङजा जिल्लाको आँधिखोलाको किनारमा स्थापना भएको खान राज्यका संस्थापक जैन खानको वंशको पाँचौ पुस्ताका कुल मण्डन खान कास्कीको राजगद्दीमा थिए । उनले दिल्लीस्थित मुगल वादशाह बाट "शाह" भन्ने उपाधि पनि पाएका थिए । कुलमण्डन शाहका छोराहरूमध्ये कालु शाहलाई लमजुङका दुरा भन्ने जातिका मानिसहरूले लमजुङ लगेर राजा बनाएका थिए । तर उनीहरूलाई शिकार खेल्ने निहुँगरी शेषान्त जातिका मानिसहरूले विषालु बाण हानी हत्या गरिदिएकाले लमजुङेहरू फेरि कुलमण्डन शाहससँग अर्को छोरा माग्न गएका थिए । पहिले आफना छोरा त्यसरी मारिएको हुनाले अर्को छोरा दिएर पठाउन उनी राजी भएका थिएनन् । लमजुङेहरू आफ्नो निर्दोषिता देखाएपछि कुलमण्डन शाहले जेठा छोरा बाहेक अरू कुनै एक जनालाई रोजेर लैजाने अनुमति दिए । लमजुङेहरूले कान्छा युवराज यशोब्रह्म शाहलाई छानेर लगी लमजुङमा आफ्नो राजा स्थापना गरेका थिए । अर्कोथरीले यशोब्रम्ह शाहका बाबुको नाम विचित्र खान हो र उनका छोरा राजा नरराजले "खान" को ठाउँमा "शाही" उपाधि

---

[1] योगी नरहरिनाथ (सं.)– दिव्यउपदेश, २०११, पृष्ठ ५

लिएकोले यशोब्रह्म पनि शाही भए । कास्की राज्यदेखि पूर्वपट्टिका दुरा जातिका मानिसहरूले ठकुरी राजा भएको ठाउँमा सुख समृद्धि बढेको देखेर आफ्नो क्षेत्रमा पनि ठकुरी राजा स्थापना गर्न कास्कीका राजा विचित्र खानबाट उनका छोरा यशोब्रह्म शाहलाई मागेर ल्याई लमजुङमा राजा स्थापना गरेका थिए । उक्त क्षेत्रमा बहु संख्यामा रहेका गुरुङहरूले यशोब्रह्म शाहलाई राजा भनी मानी पाल्पाली राजा रुद्र सेनको हमलाबाट बच्न लमजुङ राज्यलाई बलियो तुल्याए ।[1] त्यसपछि लमजुङ राज्य मध्यनेपालको राजनीतिबाट पूरा मात्रामा कहिल्यै अलग्ग रहेन ।

लमजुङबाट शाह वंशको राज्य परम्परा कायम गर्ने यशोब्रह्म शाह हुन् भन्ने कुरामा कुनै मतभेद भएको पाइन्न । लमजुङबाट छुट्टिएर द्रव्य शाहले चेपे खोलाको साँध बनाई गोरखा राज्य स्थापना गरेपछि गोरखामा राम शाह, पृथ्वीनारायण शाह जस्ता प्रतापी राजाहरूबाट नै विशाल नेपाल अधिराज्यको सिर्जना हुन गएकोले लमजुङ चाहिं चौबीसे राज्यमध्ये एक सानो टाकुरे राज्यमा सीमित रहन गयो । यसो हुँदा यसको इतिहासको सङ्कलन समेत सन्तोषजनकरूपमा भएन । तैपनि पृथ्वीनारायण शाहबाट नेपाल एकीकरण हुनु अगाडि गोरखा-राज्यको छिमेकीको रूपमा लमजुङ राज्य सक्रिय एवं महत्वपूर्ण थियो । लमजुङहरूले गोरखासँगको पुर्खौली शत्रुतालाई जियाइराखेका थिए । बेला बेलामा लमजुङ र गोरखाको लडाईं हुँदै रह्यो । राजा राम शाहको पालामा पनि लमजुङ र गोरखाको धेरैपल्ट मुठभेट भयो तर सधैं नै लमजुङहरूको हार भयो । त्यस्तै ई. सं. १६६३ मा गोरखालीहरूलाई नेपाल उपत्यकाबाट सहायता नआउने ठानेर लमजुङका राजा हरिनारायण शाहले पहिलेदेखि लमजुङको आँखा लागेको चेपे पारी डाँडामा रहेको लिगलिगकोट दखल गरे । त्यस बेला गोरखाको राजगद्दीमा राजा पृथ्वीपति शाह थिए । गोरखाको इलाकाबाट शत्रुलाई धपाउनको लागि राजा पृथ्वीपति शाहबाट खटिएका माहिला राजकुमार रणशार्दूल शाहले लमजुङहरूलाई चेपे खोला पारी सीमित राख्न सफल भए ।

चौबीसी राज्यको गुटबन्दीमा लमजुङले सैद्धान्तिक तवरले तनहूँ र कास्कीसँगको गुटको नेतृत्व गरेको थियो । लमजुङको दवदवा र वैमनस्यताले गर्दा गोरखालाई चौबीसी राज्य समूहमा रहन दिएन ।[2] लमजुङको महत्व यति थियो कि गोरखाले आफ्नो राज्य विस्तार गर्नु अघि चौबीसीहरूसँग सन्धि गर्न खोज्दा अरू चौबीसीहरूले लमजुङको विचार अनुसार मात्र सन्धिको कुरा गरेकोले गोरखाले लमजुङसँग सन् १८४३ मा सन्धि गऱ्यो । यस अनुसार गोरखाको राज्य वृद्धि भएमा लमजुङलाई "लाखा विस" दिने शर्त थियो । पृथ्वीनारायण शाह र रिपुमर्दन शाहको बीच व्यक्तिगत तवरले कुरा पनि भएको थियो । काजी कालु पाण्डेको कूटनैतिक चातुर्यले गर्दा गोरखा र लमजुङ बीच सन्धि भएको थियो । तर यो सन्धि चिरस्थायी भएन ।

'गोरखाले लमजुङसँग शान्ति सन्धि गर्नुको कारण यो थियो कि गोरखाले कान्तिपुरमाथि आक्रमण गर्दा लमजुङले पश्चिमबाट आफूमाथि हमला नगरोस् । गोरखाको दुवै पक्षसँग लड्न सक्ने क्षमता नभएकोले लमजुङलाई आफ्नो सीमानाबाट परै राख्न उक्त योजना ज्यादै लाभदायक थियो । लमजुङका राजा रिपुमर्दनको

---

[1] बाबुराम आचार्य– श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग १, पृष्ठ ३

[2] Vaidya, T.R.—Prithvinarayan Shah and His Times, Unpublished Thesis submitted in Allahabad University for D. Phil. 1973, p. 49

देहावसान पछि उक्त सन्धिको महत्व तथा मर्यादा हरायो तैपनि गोरखा राज्यको इतिहासको त्यस निर्णायक समयमा लमजुङ पनि अति नै महत्वपूर्ण राज्य भएको कुरालाई उपर्युक्त घटनाले प्रमाणित गर्दछ । वास्तवमा शाहवंशको मूल राज्य लमजुङ नै थियो । गोरखा राज्य त लमजुङबाट छुट्टिएर बनेको थियो । सोही कारण पृथ्वीनारायण शाहको शासनकालसम्म पनि लमजुङेहरूले गोरखामाथि आफ्नो अधिकार हुनु पर्दछ भन्ने धारणालाई पूरा गर्न आक्रमण गर्दै रहे । साथै गोरखाको बढ्दो शक्तिलाई दबाउन पर्वत, तनहूँ, कास्की तथा लमजुङले ई. सं. १७५५ मा संयुक्त आक्रमण गरेर सिरानचोक गढी दखल गरे । सिरानचोक दखल गरेर गोरखाली फौजसँग मुठभेटको लागि पर्खेका चौबीसे फौजको राशन आदि केही महीनापछि सिद्धिएको र वर्षातको बेला लमजुङका जनता रोपाइँमा लाग्न् पर्ने भई राशनको बन्दोबस्त नहुने मौका पारी गोरखाली फौजले तिनीहरूलाई धपाएका थिए । चारवटा चौबीसे राज्यहरू उक्त संयुक्त प्रयास विफल भइसकेपछि पनि लमजुङको गोरखामाथि रहेको रीस मरेको थिएन । अतः गोरखाली फौजले नेपाल उपत्यकाभित्रको कीर्तिपुर दखल गरेको समाचार सुनेपछि लमजुङे राजा वीरमर्दन शाहले रिसाएर गोरखामाथि आक्रमण गर्न पठाएका थिए । तर लमजुङे फौजले गोरखाभित्र पस्न नसकी आफ्नै सीमानाभित्र रहेको लाखाजुङमा मोर्चा कसेर बसे । चारैतर्फको विजयले उत्साहित गोरखाली फौजले लाखाजुङमा नै आक्रमण गर्दा लमजुङे फौज अड्न नसकेर तितरवितर भयो ।

शत्रुको सामना गर्न तम्सेका लमजुङे सरदार कुँवर भण्डारी र पारथ भण्डारी समेत दुई सय चालीस जनाले आत्मसमर्पण गरे । लमजुङ राज्यको आँट टुट्यो । लमजुङको बिग्रँदो परिस्थितिको कारण सरदार पारथ भण्डारीले गोरखाको जागीर खाएपछि गोरखाली फौजको सरदारसम्म बन्न पुगे । त्यसरी नेपाल एकीकरण गर्ने महत्वाकांक्षा बोकेका गोरखा अधिपति पृथ्वीनारायण शाहको समयमा आएर गोरखा दखल गर्ने लमजुङको पुर्ख्यौली कामना पानी भयो । त्यसपछि पृथ्वीनारायण शाहले नेपाल उपत्यका लगायत पूर्वमा दूध-कोशीसम्मको भू-भागमाथि अधिकार जमाई विशाल नेपाल अधिराज्यको जग बसाले र मर्स्याङ्दी पारीका चौबीसे राज्यहरू लाई पनि आफ्नो राज्यमा गाभ्ने इच्छालाई कार्यान्वयन गर्न लागे तर उनको जीवन कालसम्ममा नेपाल अधिराज्यको पश्चिम सीमानाले मर्स्याङ्दी नदी र चेपे खोला नाघ्न सकेन । पृथ्वीनारायण शाहको शेषपछिसम्म पनि लमजुङ एक स्वतन्त्र राज्यको रूपमा नै रह्यो ।

पृथ्वीनारायण शाहको उत्तराधिकारी प्रतापसिंह शाहको मृत्युपछि नेपालको दरबारमा बहादुर शाह र राजमाता राजेन्द्रलक्ष्मीको बीचमा अधिकार आफ्ना आफ्ना हातमा राख्ने विषयमा झगडा चल्दै रह्यो । तीन वर्षका बालक रणबहादुर शाहलाई काखमा राखी नेपालको शासन चलाउन खोज्ने ती दुवैको तीन वर्षसम्मको चालबाजी र संघर्षपछि राजमाता राजेन्द्रलक्ष्मी देवीले नै अधिराज्यको शासनको नायबी पाइन् । नेपाल अधिराज्यको दरबारभित्रको षड्यन्त्रहरूको फाइदा उठाउन ई. सं. १७८२ मा चौबीसे राज्यहरूले मिलेर गोरखामाथि आक्रमण गरे । राजमाता राजेन्द्रलक्ष्मीले साहस र धैर्यको प्रदर्शन गरिन् । उनले चौबीसेहरूको आक्रमणलाई रोकी राज्यको सीमा विस्तार गर्न अमर सिंह थापाको नेतृत्वमा पठाएको फौजले चौबीसे राज्यको आक्रमणलाई विफल गरी मर्स्याङ्दी नदी तरेर तार्कु घाटमा चौबीसे फौजसँग मुकाबिला गरी पराजित गरे । सोही लडाईंमा कैद परेका लमजुङे फौजका अगुवा भक्ति थापाले नेपाली जागीर स्वीकार गरे । उनले नेपालको सुदूर पश्चिमतिरको लडाईंमा ठूलो योगदान दिए ।

विजयश्रीले अँगालिएका गोरखाली फौजले तनहूँ, कास्की र लमजुङमाथि पनि कब्जा गरे । लमजुङका राजा वीरमर्दन शाह तराईतर्फ भागे । यसरी ई. सं. १७८२ मा लमजुङ राज्य गोरखालीले सिर्जना

गरेको विशाल नेपाल अधिराज्यमा सम्मिलित भयो । राजेन्द्रलक्ष्मी देवीको नायबी कालमा नेपालको अधिकार सप्त गण्डकी प्रदेशसम्म फैलिएको बेलामा लमजुङको मर्कं डाँडामा गोरखाली फौजले पर्वतको एक ठूलो फौजसँग पुनः एकपल्ट निर्णायक लडाईं लडे । परास्त भएका पर्वते फौज लमजुङको इलाका छोडेर भागे ।

चौबीसी राज्यहरूमध्ये एक शक्तिशाली राज्य लमजुङ राजेन्द्रलक्ष्मी देवीको नायबीकालमा वृहत् नेपाल अधिराज्यको अभिन्न अङ्ग भयो। यस राज्यमा शासन गर्ने राजाहरूका नाम यसप्रकार छन्: यशोब्रह्म शाह, नरहरि शाह, चूडा शाह, अचिन्द्र शाह, नरेन्द्र शाह, केहरिनारायण शाह, भीम शाह, रिपुमर्दन शाह, वीरमर्दन शाह र वीरभूपाल शाह । मध्यकालमा गोरखा राज्यलाई सैनिक दृष्टिकोणबाट शक्तिसम्पन्न राज्य बनाउनलाई लमजुङको अप्रत्यक्ष देन थियो ।

प्रमुख स्थानहरू

बेंसी शहर

मर्स्याङ्दी नदीको पश्चिम किनारमा अवस्थित यस बेंसीमा हाल (वि. सं. २०२८ वैशाखदेखि) लमजुङ जिल्लाको सदरमुकाम रहेको छ । यसको ठूलो ऐतिहासिक महत्व छ । लमजुङ राज्यको राजा हिउँदमा लमजुङ दरबारबाट तल बेंसीमा बस्न जाने गरेको कारणले उक्त बेंसीलाई बेंसी शहर भनिएको भन्ने जनश्रुति छ । यसको उचाइ समुद्रको सतहबाट अन्दाजी ७९३ मिटर अर्थात् २,६०० फीट छ । यहाँको ऐतिहासिक दरबार भत्किसकेको छ र पुराना झिंगटी र इँटका टुक्राहरू अझै पाइन्छन्। यहाँ एउटा नारायणको मन्दिर भएकोले बेंसी शहरलाई बेंसी शहर नारायणस्थान भनिन्छ । यो ठाउँ लमजुङ जिल्लाको लगभग मध्यभागमा पर्दछ ।

यहाँ अन्दाजी ५०।५५ घरहरू छन् । हाल श्री ५ को सरकारको प्रमुख जिल्ला अधिकारीको कार्यालय, माल कार्यालय, कारागार भवन आदि घरहरू निर्माण भएका छन् ।

यो बेंसीमा निकै राम्रो खेती हुन्छ । यो ठाउँ खोंचमा परेकोले वर्षा ऋतुमा निकै वर्षा हुन्छ । यहाँ खानेपानीको समस्या छ । यहाँ एउटा निम्न माध्यमिक विद्यालय पनि छ । हालसम्म श्री ५ को सरकारको जिल्लास्तरीय सबै कार्यालयहरू यहाँ सरिसकेका छैनन् ।

कुन्छा बजार

लमजुङको दक्षिणी सीमाना रिस्ती खोला र नाउँदी खोलाको जल विभाजक डाँडामा अवस्थित यो सानो बजार रमाइलो छ । यहाँ पहिले लमजुङको सदरमुकाम थियो । हालसम्म पनि कृषि विकास कार्यालय, आकाशवाणी केन्द्र, टेलिफोन कार्यालय, छोटी हुलाक, प्रहरी चौकी आदि यहीं रहेका छन् । यो बजारको तल्लो भाग समुद्रको सतहबाट अन्दाजी ९७६ मिटर अर्थात् ३,२०० फीटमा छ । काठमाडौंबाट गोरखा हुँदै पोखरा जाने मुख्य पैदल बाटोमा परेकोले यो बजारमा मानिसहरूको आवत जावत धेरै भइरहन्छ । लमजुङको सदरमुकाम छँदा यो बजार निकै गुल्जार थियो । यो बजार रहेको गाउँ पञ्चायतमा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयहरू रहेका छन् ।

यहाँ विशाल नेपाल अधिराज्यको निर्माणको सिलसिलामा पश्चिमतर्फ बढेका फौजका तत्कालीन बीर योद्धा अमरसिंह थापाले निर्माण गर्न लगाएको एउटा पाटी छ ।

तार्कुघाट बजार

यो लमजुङको दक्षिण सीमामा मस्याङ्दी नदीको उत्तर–पूर्वी किनारमा रहेको एउटा महत्वपूर्ण बजार हो । यहाँ मर्स्याङ्दी नदीमाथि एउटा पक्की झोलुङ्गे पुल स्थापना गरिएको छ। ऐतिहासिक रागिनासकोटको दक्षिण फेदीमा रहेको रागिनास टारको छेउमा अवस्थित यो बजार दक्षिणतिरबाट मध्य लमजुङको बाटो गरी मनाङ जाने घोडेटोमा परेको छ । काठमाडौंबाट पश्चिम जाने मूलबाटो पनि यही बजार भएर गएकोले यो बजार बढी गुल्जार थियो । यो बजार क्षेत्रमा नेपाल एकीकरण गर्ने सिलसिलामा नेपाली फौजले लमजुङको फौजलाई हराई लमजुङे सरदार भक्ति थापालाई बन्दी बनाइएको थियो । पछि भक्ति थापाले नेपाली पगरी स्वीकार गरी सुदूर पश्चिमाञ्चल लडाइँमा ठूलो बहादुरी देखाए ।

यहाँ एउटा माध्यमिक विद्यालय र एउटा आयुर्वेदिक औषधालय पनि छन्। हाल पृथ्वी राजमार्गको निर्माणको साथै डुम्रे, बिमलनगर आदि स्थानहरूमा बजार बस्न गएपछि यसको व्यापारिक महत्व घट्न गएको छ । हालसम्म पनि यो बजार पूर्वी तथा मध्य लमजुङको लागि निकै महत्वपूर्ण बजार रहेको छ ।

गाउँशहर

लमजुङ राज्य नेपाल अधिराज्यमा समावेश गराइनु अघि यो डाँडामा लमजुङ राजाको निवासस्थान थियो । राजा बस्ने गरेको ठाउँ भएकोले गाउँ शहर भनिएको भन्ने जनश्रुति छ। नेपालको शाहवंशको उदय यहींबाट भएकोले यसको ऐतिहासिक महत्व धेरै छ । यहाँ लमजुङे राजाको दरबार अद्यापि छँदैछ । उक्त दरवारको सँगै कालिकाको मन्दिर रहेको छ। उक्त मन्दिरमा हालसम्म विभिन्न पर्वहरूमा पूजादि गर्ने गरिन्छ। यहाँ एउटा भीमसेनको सानो मन्दिर पनि स्थापना गरिएको छ । यहाँ एउटा सानो बजार भएको ठाउँमा जिल्लाभूमिसुधार कार्यालय र एक माध्यमिक विद्यालय पनि छन् ।

यो ठाउँ समुद्रको सतहबाट अन्दाजी १,२१२ मिटर अर्थात् ४,००० फीटको उचाइमा छ । यहाँबाट मनासुलु, हिमाल चुली तथा लमजुङ हिमालका हिम–टाकुराहरू छर्लङ्ग देखिन्छन् ।

चितितिलाहार

यो मर्स्याङ्डी नदी र दोर्दी खोलाको बीचको डाँडामा रहेको छ। बेंसी शहरबाट अन्दाजी १० किलोमिटर (६ माइल) दक्षिण पूर्वमा रहेको छ । यहाँ धेरै सम्पन्न ब्राम्हण–क्षेत्रीहरू बसोबास गरेका छन् । यो ठाउँमा लक्ष्मी माता आई यहाँका मानिसहरूलाई सदा सम्पन्न भई बस्ने वरदान दिएकी हुनाले पनि यसको नाम तिलाहार राखिएको भन्ने लोक कथन छ । यो ठाउँसमुद्र सतहबाट अन्दाजी ९६४ मिटर (३,२०० फीट) को उच्च डाँडामा छ । यो डाँडाको श्रृङ्खला उत्तर पूर्व हुँदै वराह पोखरीसम्म अग्लिँदै गएको छ ।

यहाँको सुन्दर डाँडामा एउटा माध्यमिक विद्यालय छ । यहाँ सुन्तलाका बगैंचाहरू छन् ।

फलेसाँगु

मर्स्याङदी नदीमा राखिएको पक्की काठे पुल भएकोले यसलाई फलेसाँगु भनिएको हो । यसलाई बलाल पनि भनिन्छ । यहाँको अन्दाजी २० घरको एउटा सानो बस्तीमा एउटा बजार बसेको छ । उक्त बजार

हिउँदमा उत्तरतर्फका मनाङेहरू आउन थालेपछि निकै गुल्जार हुन्छ। मनाङका धेरै मानिसहरू आएर बस्ने हुनाले यसलाई मनाङे–बेंसी पनि भनिन्छ। यहाँको बजार लमजुङको प्रमुख बजारहरूमध्ये एक हो।

यो बजार समुद्रको सतहबाट अन्दाजी ६७२ मिटर अर्थात् २,२०४ फीटको उचाइमा छ। यसको नजीक मर्स्याङदी नदीमाथि पुल नभएको हुनाले धेरै मानिसहरू यहाँबाट आउने–जाने गर्दछन्। यो बेंसी शहरबाट अन्दाजी ११ किलोमिटर (सात माइल) दक्षिणमा रहेको छ।

खुदी–बजार

यो लमजुङ जिल्लाको मध्यभागमा खुदी खोला मर्स्याङदी नदीमा मिसिने दोभानदेखि केही माथि रहेको बजार हो। यो बजार जिल्लाको प्रमुख बजारमध्ये एक हो। यो बजार बेंसी शहरबाट अन्दाजी आठ किलोमिटर (पाँच माइल) उत्तरमा खुदी खोलाकोउत्तर–पूर्व किनारमा रहेको छ। बजार नजीकै खुदी खोलामा एउटा फलामे झोलुङ्गे पुल राखिएको छ। यो बज़ार पोखराबाट मनाङ जाने मूल बाटोमा पर्दछ। यहाँ पहिले ब्रिटिश गोरखा कल्याण अफिस रहेको थियो।

यहाँ अस्थायी स्वीकृति पाएको माध्यमिक विद्यालय, प्राथमिक विद्यालय, स्वास्थ्य चौकी, शाखा हुलाक, प्रहरी चौकी आदि छन्। यो बजार घनपोखरा बेंसी नजीक भएको हुनाले घनपोखरा गाउँबाट बेंसी झरेका मानिसहरूले यहाँ व्यापार गर्न थालेका छन्।

भुलभुले

मर्स्याङदी नदीको दक्षिण–पूर्व किनारको टारमा बसेको यो एक सानो बजार हो। यसको नजीकै मर्स्याङदी नदीमा झोलुङ्गे पुल राखिएको थियो। उक्त पुल बगाएको हुनाले हाल यहाँ फड्के राखिएको छ। यहाँ एउटा धारा छ। यहाँ धेरैजसो लुगा सिउने दमाईहरू छन्। यो बजार नजीकै मर्स्याङदी नदीको किनारमा नूनपानीको मूल छ। केही वर्ष पहिलेसम्म यहाँ नून बनाउने गरिन्थ्यो तर पहिरोले नून पानीको मूल छोपेको हुनाले हाल काम बन्द रहेको छ।

सुन्दर बजार

यो बजार लमजुङ जिल्लाको दक्षिणी भेकमा रहेको बेरटारमा हालसालै मात्र बनेको हो। औलो ज्वरोको प्रकोपलाई नियन्त्रण गरिएपछि लेकबाट मानिसहरू बेंसीमा झरेर पसलहरू थाप्न लागेका छन्। यसको पश्चिम तथा दक्षिणमा पाउँदी खोला छ। पाउँदी खोला पारी दक्षिणमा मानेचोक भन्ने तनहूँको पुरानो बजार छ।

यो बजारमा एउटा धान कुट्ने मील र एउटा कुखुरापालन उद्योग छ। यहाँ गण्डकी कृषि विकास कार्यक्रम अन्तर्गत रासायनिक मल, बीउ–बीजन विक्री डिपो राखिएको छ। यहाँ बिफर उन्मूलन कार्यक्रमको जिल्लास्तरीय कार्यालय रहेकोछ। यो बजार समुद्रको सतहबाट अन्दाजी ५७० मिटर अर्थात १,८७० फीटको उचाइमा रहेको छ।

यहाँ कृषि उपकरणहरूको साथै दैनिक उपभोगका किराना सामानहरू, लत्ता–कपडा आदिको बेचबिखन गर्ने केही पसलहरू छन् । यहाँ केही घर अस्थायीरूपमा काठले बनाइएका र केही पक्की घरहरू पनि छन् । कुञ्छा डाँडाबाट सदरमुकाम सारिएपछि यसको चल्ती घट्न गएको छ । यहाँ चिया चमेनाको लागि साना पसलहरू पनि छन् ।

सोती पसल

कुञ्छा डाँडादेखि अन्दाजी १० किलोमिटर (छ माइल) पश्चिममा रिस्ती खोलाको फाँटमा अवस्थित यो बजार वरिपरिका मानिसहरूको किन–बेच गर्ने ठाउँ हो । आदिकवि भानुभक्तको कवितामा उल्लेख भएका गजाधर सोतीको गाउँ भएकोले यसलाई सोती पसल भन्ने गरिएको हो भनिन्छ । यहाँ केही पक्की घरहरू, पौवा, चौताराहरू आदि छन् । यहाँ वर्षामा चार–पाँच फसल हुन्छन् । हिउँदमा वरिपरिका गाउँहरूबाट किन–बेच गर्न मानिसहरू झर्ने तथा बाटो हिंड्ने मानिसहरू धेरै हुने हुँदा ठूलो बजार बसाइन्छ । हिउँदमा यहाँ थाक खोलातिरबाट आउने थकालीहरूले भट्टीहरू राख्ने तथा थोक व्यापार गर्ने गर्दछन् ।

यहाँ एउटा धान कुट्ने मिल, एउटा कम्पाउण्डर सहितको औषधि पसल र एक शाखा हुलाक कार्यालय पनि छन् । कुञ्छाबाट रिस्ती खोला फाँटको बाटो गरी पोखरा जाने बाटोमा यो ठाउँ पर्दछ । यो ठाउँ समुद्रको सतहबाट अन्दाजी ४८५ मिटर (१,६०० फीट) को उचाइमा छ ।

सीसाघाट बजार

लमजुङ जिल्लाको दक्षिण–पश्चिम कुनामा मादी नदी तर्ने घाट नजीकै रहेको यो बजार कुञ्छाबाट पोखरा जाने पैदल बाटोमा पर्दछ । यहाँनिर मादी फराकिलो भएर बगेको हुनाले डुङ्गा चल्छ । यसको पारी तनहूँको सीमाभित्र सीसाघाट बजार छ ।

यो ठाउँमा हिउँदमा मानिसहरूको बढी आवतजावत हुने हुनाले थकालीहरूका भट्टी र किनारा पसलहरू छन् । यसको नजीकै रहेको रम्घा कुम्हालटारमा एउटा सिचाइ आयोजना कार्यान्वित भएको छ । यहाँ गण्डकी कृषि विकास कार्यक्रम अन्तर्गत रासायनिक मल, उन्नत जातको बीउ–बीजन बिक्री डिपो पनि छ ।

दुरा डाँडा

पहिले दुरा जातिका मानिसहरूले बढी मात्रामा बसोबास गरेको डाँडा भएकोले यसलाई दुराडाँडा भनिएको भन्ने जनश्रुति छ । यही डाँडाका मानिसहरूले राजा यशोब्रम्ह शाहलाई कास्कीका राजा कुलमडण्नसँग मागेर ल्याई लमजुङका राजा बनाएको कुरा इतिहासकारहरूले उल्लेख गरेका छन् ।

हालसम्म पनि लमजुङको सामाजिक, राजनैतिक जीवनमा दुरा डाँडाको ठूलो भूमिका रहेको छ । जिल्लाको पहिलो माध्यमिक विद्यालय २००८ सालमा यहीं स्थापना गरिएको हो । उक्त सर्वोदय माध्यमिक विद्यालय हालसम्म पनि चलेको छ । यो डाँडाको वरिपरि आठवटा प्राथमिक विद्यालयहरू छन् ।

यो डाँडाको माथिल्लो भागमा "चिहान पाटा" भनिने पहिले दुराहरूको मूर्दा गाड्ने ठाउँ छ । २००२

सालमा उक्त पाटामा चन्द्रेश्वर महादेव स्थापना गरिएकोले हाल यो ठाउँको गाउँ पञ्चायतको नाम पनि चन्द्रेश्वर गाउँ पञ्चायत रहेको छ। यो डाँडा समुद्रको सतहबाट अन्दाजी १,२१२ मिटर (४,००० फीट) को उचाइमा छ।

चिसंखु खहरे बजार

मिदिम खोलाको पश्चिम किनार करापुटारमा रहेको यो बजार हिउँदमा ठूलो हुरी वर्षामा शून्य प्रायः हुन्छ। यसको दक्षिण–पूर्वमा मिदिम पारी भोर्लेटार छ चिसंखु बजारदेखि केही पश्चिम मादी नदी पर्दछ। मादी नदीमा हिउँदमा धूलेपुलद्वारा मानिसहरू आवत–जावत गर्दछन्।

भुजुङ

मिदिम खोला शिरको तुलवुङ डाँडाको पश्चिम फेदीमा अन्दाजी १,५४० मिटर (५,००० फीट) को उचाइमा रहेको भुजुङ लमजुङको एक प्रमुख गुरुङ गाउँ हो। यो गाउँ निकै बाक्लो छ। वि. सं. २०२८ को जनगणनाअनुसार यहाँको कुल घर धुरी ३०० मा १,५९५ जनसंख्या छ। यस गाउँमा ९९ प्रतिशत गुरुङहरूले बसोबास गरेका छन्। यहाँका मानिसहरू अधिक मात्रामा खेती र पशु–पालन गरी जीवन निर्वाह गर्दछन्। यहाँका बासिन्दाहरूमध्ये थोरै मात्र विदेशी सैनिक सेवामा जान्छन्।

जनसंख्या र जनजीवन

लमजुङ जिल्लामा बाहुन, क्षेत्री, तामाङ, कामी, सार्की, दमाई, घर्ती, दुरा, नेवार, मगर, ठकुरी, कुम्हाले जातिका मानिसहरूले बसोबास गरेका छन् तापनि गुरुङ जातिको आधिक्य छ । यो जिल्लाको उत्तरी भाग अति उच्च पहाडी शृङ्खला र हिमाच्छादित टाकुराहरूले बनेको हुँदा अधिकांश जनसंख्या मध्यभागको होचो पहाडी भाग र दक्षिणतर्फको बेंसी, टारहरूमा बसोबास गरेका छन् । यहाँका बासिन्दाहरूले परम्परादेखि चलिआएका मान्यताहरूलाई अँगालेर बाँचेका छन् । कृषि उत्पादनबाट निर्वाह चल्न नसकी यहाँका कयौं मानिसहरू विदेशी फौज तथा अन्य सेवामा काम गर्न विदेशिन्छन् । यहाँ विभिन्न सांस्कृतिक समुदायका मानिसहरू परस्परमा भाइचारा, मित्रता र सहयोगको भावनाले जीवनयापन गर्दछन् ।

जनसंख्या

वि.सं. २०२८ मा लिइएको राष्ट्रिय जनगणनाअनुसार यो जिल्लाको जम्मा १,४०,२२६ जनसंख्या छ । उक्त जनसंख्यामध्ये महिला ७१,६७१ अर्थात् ५१.१ प्रतिशत र पुरुष ६८,५५५ अर्थात् ४८.९ प्रतिशत छन् । गण्डकी अञ्चलको १३.७ प्रतिशत जनसंख्या यस जिल्लामा भएको देखिन्छ । जन–आवादीको दृष्टिकोणले यो जिल्ला अधिराज्यभरको चालीसौं र पहाडी क्षेत्रको जन–आवादीको दृष्टिकोणले पच्चीसौं स्थानमा आउँछ ।

आजसम्म प्रकाशित तथ्याङ्क अनुसार क्षेत्रफलको दृष्टिकोणले यो जिल्ला गण्डकी अञ्चलको दोस्रो ठूलो जिल्ला हो । यहाँ उक्त अञ्चलको अन्दाजी १६ प्रतिशत क्षेत्रफल परेको छ । यसको कुल क्षेत्रफल १,९३४ वर्ग किलोमिटर अर्थात् ७४७ वर्ग माइल छ । यहाँको जनघनत्व प्रति हेक्टरमा .७२ व्यक्ति अर्थात् प्रति वर्ग किलोमिटरमा ७२ व्यक्ति छ ।

यो जिल्लामा जम्मा २६,२९१ घर परिवारहरू छन् । यहाँको विभिन्न आकारका घर परिवारहरूको संख्याले गर्दा पाँच जना हुने परिवार धेरै अर्थात् ४,१९० छन् । यो जिल्लाको सम्पूर्ण परिवारहरूको औसत आकार (साइज) ५३३ छ । विदेशीफौजमा अथवा अन्य व्यवसायमा विदेश गएका गुरुङ जातिका अधिक मानिसहरू संयुक्त परिवारहरूमा बस्ने गर्दछन् । धेरै दाजु–भाइ हुने परिवारमा एक जना अथवा एकभन्दा बढी विदेश गए पनि घरमा रहने अरू भाइले घर व्यवहार धान्दछन् ।

यो जिल्लाको जम्मा जनसंख्यामा उमेर र लिङ्ग को अनुपात निम्नबमोजिम छ :–

उमेर सभूहको तालिका

उमेर समूह	जम्मा	प्रतिशत	महिला	पुरुष
० वर्ष देखि ५ वर्षसम्म	२०,१९८	१४.४	१०,४३६	९,७६२
६ देखि १५ वर्षसम्म	३४,१००	२४.३	१६,८००	१७,३००
१६ र सोभन्दा माथि	८५,९२८	६१.३	४४,४३५	४१,४९३
जम्मा:–	१,४०,२२६	१००.०	७१,६७१	६८,५५५

यो जिल्लाको जनसंख्यामा तरुणहरूको संख्या धेरै छ । जिल्लाको सम्पूर्ण जनसंख्यामध्ये २४ वर्षसम्म उमेर पुग्नेहरूको संख्या ७७,६०८ अर्थात् ५३.३ प्रतिशत छ ।

जिल्लाको जम्मा जनसंख्यामध्ये १० वर्षदेखि ५९ वर्ष सम्मको उमेर भएका मानिसहरूलाई आर्थिक दृष्टिकोणले सक्षम मानिन्छ ।

सोबमोजिम यहाँ आर्थिक दृष्टिकोणले व्यवसायमा लाग्न सक्नेको संख्या जिल्लाको कुल जनसंख्याको ९५,६८४ अर्थात् ६८.३ प्रतिशत छ । लमजुङ जिल्लाको ग्रामीण आर्थिक व्यवस्था खेती एवं पशुपालन व्यवसायमा आधारित छ । कतिपय व्यावहारिक कठिनाइले गर्दा सानै उमेरदेखि शिक्षा हासिल गर्ने मौकाबाट वञ्चित भएर कैयौं केटाकेटीहरू पारिवारिक काममा लागेका हुन्छन् तर १० वर्ष पुग्ने बित्तिकै अथवा १० वर्षदेखि अन्दाजी १४ वर्षसम्मका सबै जीविकोपार्जनको लागि व्यवसायमा लागेका छैनन् । केही वर्ष यतादेखि यो जिल्लामा भएको शैक्षिक सुविधाहरूको संख्यात्मक तथा गुणात्मक वृद्धिले गर्दा धेरैजसो १० वर्षदेखि १४ वर्षसम्मको उमेर समूहका मानिसहरू अध्ययन कार्यमा लागेका छन् । साथै विद्यालय नजानेहरूमध्ये पनि कतिपय केटाकेटीहरू शारीरिक दुर्बलताको कारण पूर्णतया आर्थिक लाभ हुने काममा सक्रिय हुन सक्दैनन् । यस्तै ५९ वर्ष र सो भन्दा बढी उमेर पुगेका कैयौं मानिसहरू पनि व्यवसायहरूमा पूर्णतया सक्रिय रहेका छन् ।

त्यसरी १० वर्षदेखि ५९ वर्षसम्म उमेर पुगेको जनसंख्यालाई आर्थिक दृष्टिकोणले सक्षम ठानिएमा यो जिल्लामा आर्थिक निर्भरताको अनुपात अन्दाजी १००:४७ अर्थात् १०० जना मानिस माथि थप ४७ व्यक्ति निर्भर रहेको देखिन्छ । त्यस्तै अन्तर्राष्ट्रिय परिपाटी अनुसार १५ वर्षदेखि ६४ वर्षसम्मका उमेर समूहलाई सक्षम ठानिएमा यहाँको आर्थिक निर्भरताको अनुपात १००:६८ अर्थात् १०० जना सक्षम व्यक्ति माथि अन्दाजी १६८ व्यक्तिहरूको निर्वाहको भार पर्ने अथवा प्रत्येक १०० जनामाथि थप ६८ जना व्यक्ति निर्भर रहने देखिन्छ ।

यो जिल्लाको कुल जनसंख्याको छ वर्ष र सोभन्दा माथि उमेर पुगेको संख्या १,२०,०२८ मध्ये ७५,६२४ अर्थात् ६३ प्रतिशत विवाहित छन् । उक्त संख्यामध्ये ३६,९३२ महिला र ३२,०७५ पुरुष दाम्पत्य जीवन बिताइरहेका छन् । यहाँको विवाहित जनसंख्यामध्ये ४,८१२ विधवा र १,४०७ विधुर छन् । यहाँ विवाह गरेर पारपाचुके लिने महिला २६१ र पुरुष १३७ छन् । यो जिल्लामा वाल–विवाहको प्रथा अझै पनि केही मात्रामा छँदै छ ।

वि. सं. २०२८ मा लिइएको राष्ट्रिय जनगणनाअनुसार यो जिल्लामा बोलिने भाषा-भाषी निम्नबमोजिम छ :–

बोलिने भाषा	जनसंख्या	प्रतिशत
नेपाली	९५,९८५	६८.४
गुरुङ	३६,७४२	२६.२
तामाङ	५,५९०	४.०
अन्य भाषा-भाषी	१,९०९	१.४
जम्माः–	१,४०,२२६	१००.०

यो जिल्लामा नेपाली भाषालाई मातृभाषाको रूपमा बोल्ने मानिस जिल्लाको कुल जनसंख्याको अन्दाजी ६८.४ प्रतिशत मात्र भए तापनि जिल्लाका अधिकांश अन्य भाषा बोल्नेहरूले नेपाली भाषामा बोल्न र बोलेको बुझ्न सक्दछन् । यो जिल्लाका विभिन्न भाषा-भाषी बोल्नेहरू परस्परमा कुराकानी गर्दा नेपाली भाषाको नै प्रयोग गर्दछन् ।

यो जिल्लामा हिन्दू-धर्मावलम्बीहरू अत्यधिक संख्यामा भए तापनि बौद्ध-धर्मावलम्बीहरू पनि छन् ।

यो जिल्लालाई ६० वटा गाउँ पञ्चायतहरूमा विभाजित गरिएको छ । प्रत्येक गाउँ पञ्चायतमा सरदर २,३३७ जनाको आवादी रहेको छ । यहाँको प्रत्येक गाउँ पञ्चायतमा भौगोलिक कारणहरूले गर्दा समान आवादी भएको छैन । यो जिल्लाको अधिक जनसंख्या मध्यभागका होचा डाँडाहरूमा रहेको छ । उत्तरी तथा उच्च भागमा गुरुङ जातिका मानिसहरू र होचो डाँडा तथा बेंसी टारहरूमा बाहुन, क्षेत्रीहरू बस्तछन् । यहाँका गाउँ पञ्चायतहरूको नामावली र जनसंख्या निम्नबमोजिम छः–

गाउँ पञ्चायतको नाम	जनसंख्या	गाउँ पञ्चायतको नाम	जनसंख्या
१. अर्चलबोट	२,५८७	२. अलकाटार	२,५३४
३. उदीपुर	१,९०६	४. कल्लावारी	१,७५७
५. कुञ्छा आमडाँडा	२,८२४	६. कोल्की	२,३५३
७. खुदी	३,४००	८. गाउँ शहर	५,२३३
९. गिलुङ	१,४५३	१०. गोर्जे	२,२९३
११. गौंडा	३,७१५	१२. घनपोखर (पोखरा)	२,५६३
१३. घले उत्तरकन्या	१,५८९	१४. चन्देश्वर दुराडाँडा	२,९९६
१५. चिती आमडाँडा	२,१३७	१६. चितीतिलाहार	२,४३१
१७. चिसंखु	१,७३२	१८. जिता सप्तधारा	३,२०१
१९. ठूली बेंसी पटांगिनी	२,०६०	२०. डडुवा धुर्छा	२,४०६
२१. ढोडेनी काल्चे	२,५१५	२२. ताघ्रिङ श्रीकालिका	१,५८२

२३. ताद्राङ टक्सार	१,७२५	२४. तार्काङ माझदिही	१,५८३
२५. तार्कुठाँटी	२,६७१	२६. तुर्लुंङ कोट	२,३५३
२७. थाकन कालिका देवी	२,२९९	२८. थार्नासिंगवाग्रे	२,४२०
२९. धमिली कुवा	२,२९८	३०. धुसेनी	२,५३६
३१. नामार्जुङ देउराली	१,४४२	३२. नाल्मा	१,५८५
३३. नौथरशीख्	३,१३४	३४. परेवा डाँडा देउराली	२,१६८
३५. पसगाउँ ठाँटी	२,०४०	३६. पाखुरीकोट	१,९४३
३७. पुरानोकोट	१,६५५	३८. फलेनी	२,५५०
३९. बाँझाखेत	७४४	४०. बागलुङपानी	३,२२१
४१. बाहुन डाँडा महेन्द्रोदय	२,५३१	४२. बाह्रथर टक्सार	३,७५७
४३. बिचौर ठाँटी	२,२२७	४४. बेंसी शहर	४,०९७
४५. भलायखर्क	१,७७९	४६. भाचौक सिद्ध	१,३०५
४७. भुजुङ युम्पो	१,५९५	४८. भुलभूले अन्नपूर्ण	१,४१९
४९. भोजे	२,७४५	५०. भोर्लेटार	१,४३५
५१. मालिङ ग्रामोदय	१,८४७	५२. याङ्जाकोट	२,२०१
५३. रम्घा	१,७७७	५४. रागिनास शिख्	३,६०२
५५. सानु काभ्रे	१,९३६	५६. सिउँडीबार	२,७०७
५७. सूर्यपाल	२,४२३	५८. सैमराङ	१,९३०
५९. श्री मञ्ज्याङ	१,५९६	६० हिमालय प्यार्जुंङ	३,६८३

उपर्युक्त गाउँ पञ्चायतहरूलाई जन आवादीको आधारमा विभिन्न समूहमा वर्गीकरण गर्दा सबैभन्दा धेरै अर्थात् ३६ वटा गाउँ पञ्चायतमा २,००१ देखि ५,००० जना मानिसहरू रहेको देखिन्छ। १,००१ देखि २,००० जना भएको पञ्चायत संख्या २२ छ।

यी गाउँ पञ्चायतहरूमध्ये सबभन्दा बढी अर्थात् ५,२३३ जनसंख्या हुने गाउँ शहर पञ्चायत हो। यहाँको सबभन्दा कम जनसंख्या हुने गाउँ पञ्चायत बाँझाखेत हो जहाँ कुल ७४४ जनाको आवादी छ। ती दुवै गाउँ पञ्चायतहरू जिल्लाको मध्यभागमा मर्स्याङदी नदीको वारीपारी रहेका छन् ।

जनजीवन

यस जिल्लामा गुरुङ, बाहुन, क्षेत्री, मगर, तामाङ, नेवार, दुरा, कामी, सार्की, दमाई आदि विभिन्न जातिको बसोबास भएकोले यहाँको जनजीवन पनि विभिन्न संस्कृतिहरूको सँगालोलाई अँगालेर हुर्केको छ। विभिन्न जातिहरूका आफ्नै परम्परामा आधारित रीतिस्थिति, संस्कारहरू हुने भएकोले प्रायः आफ्नै जातिभित्र नै वैवाहिक सम्बन्ध जोड्छन् तापनि यहाँका मानिसहरूमा धार्मिक, सांस्कृतिक एवं जातीय सहिष्णुता कायमै रहेको हुँदा प्रत्येक वर्ष यहाँका विभिन्न ठाउँहरूमा लाग्ने मेला, पर्वहरूमा विभिन्न जातिका मानिसहरू एकै स्थानमा मेला भई नाच-गान, हाँस-खेल गर्ने गर्दछन् ।

यहाँका विभिन्न जातिहरूमध्ये गुरुङ तथा बाहुन, क्षेत्रीहरू अत्यधिक मात्रामा छन्। गुरुङहरू धेरै जसो १,२२० मिटर देखि २,१३५ मिटरसम्म (४,००० देखि ७,००० फीटसम्म) को उच्च पहाडी भागमा र बाहुन, क्षेत्रीहरू कोही होचा भाग तथा टार, बेंसीहरूमा बसोबास गर्दछन्। यहाँ सबभन्दा बढी छरिएर बस्ने मानिसहरू कामी, दमाई, सार्की जातिका हुन्। यिनीहरू व्यावसायिक खालका भएकाले पहाड, बेंसी टारका सबैजसो गाउँहरूमा अल्पसंख्यकको रूपमा रहेका छन्। यहाँका धेरै मानिसहरू अझै पनि धामी झाँक्री माथि विश्वास गर्दछन्।

नेपाल अधिराज्यको अन्य जिल्लामा बसोबास गरेको नपाइएको दुरा जाति यहाँ भएकोले यसै जातिको र यस जिल्लाको प्रमुख जाति गुरुङको सांस्कृतिक परिचय यहाँ प्रस्तुत गरिन्छ।

दुरा

लमजुङको एउटा रमाइलो डाँडामा दुरा जातिको बस्ती भएकोले यसलाई दुरा डाँडा भनिन्छ। नेपाल अधिराज्यको अन्य भागमा यो जातिले बसोबास गरेको पाइन्न। दुरा डाँडा बाहेक तुर्लुङ कोट, नाल्पा तथा कुञ्छा आम डाँडा गाउँ पञ्चायतहरूमा पनि सीमित संख्यामा दुराहरूले बसोबास गरेका छन्।

लमजुङको दक्षिणी भेकको अन्दाजी १,२२० मिटर (४,००० फीट) उच्च पहाडी भागमा दुराहरूले कहिलेदेखि बस्ती बसालेको भन्ने कुरा थाहा भइसकेको छैन। तर लमजुङको दरबारमा शाहवंशलाई स्थापना गर्नमा स्थानीय दुराहरूको निकै महत्वपूर्ण भूमिका रहेको कुरा इतिहासमा पाइएको छ। यो जातिको पुर्खाहरू भारतका राजपूतको दरबारहरूमा नोकरी गर्दथे। पछि भारततिर मुसलमान आक्रमण बढेपछि राजपूत महिलाहरू आपना नोकरहरूसँगै भागेर लमजुङमा बसोबास गरेका थिए। तिनैबाट जन्मेका सन्तानहरू दुरा भएका हुन् भन्ने स्थानीय किम्वदन्ति छ।

दुरा जातिको मानिसहरूको शारीरिक आकृति हेर्दा गुरुङ जस्तो देखिए तापनि रीतिस्थिति, भाषा, शैली तथा आचार, व्यवहारमा गुरुङ जातिभन्दा भिन्नै छ। दुराहरू आफूलाई पूरा हिन्दू स्वीकारेर बाहुनलाई पुरोहित मान्दछन्। उनीहरू चैत दशैंको पर्वलाई धुमधामसँग मनाउँछन्। त्यस दिन उनीहरू छेलो हान्ने अर्थात् हातले ढुङ्गा फाल्ने प्रतियोगिता गर्दछन्। उहिले लमजुङमा घले राजाहरू छँदा त्यस्तै ढुङ्गा फाल्दा सबैभन्दा टाढा फाल्न सक्नेलाई राजा रोज्ने प्रचलन थियो भन्ने लोक कथन छ। हालसम्म ढुङ्गा फाल्ने प्रतियोगितामा जित्नेलाई लावा, अबीर छर्केर ठूलो सम्मान गरिन्छ।

दुराहरूको वैवाहिक सम्बन्ध सोही जातिभित्र मात्र सीमित हुन्छ। साधारणतया विवाह दुई तरीकाले गरिन्छ। एक त दुलहा दुलहीको राजी खुशीले दुलहीलाई भगाएर लैजाने, अर्को परिवारले मिलाई सम्बन्ध जोडिदिने। परिवारले मिलाइदिने विवाह ज्यादै खर्चिलो र लामो हुन्छ। भगाएर विवाह गर्दा दुलही घरभित्र पस्ने बेला दैलोमा एउटा कुखुरालाई भोग दिने गरिन्छ। त्यसरी कुखरा भोग दिएपछि विवाहको विधी सम्पन्न भएको मानिन्छ। दुराहरू जिल्लाका अन्य जाति खासगरेर लमजुङे गुरुङहरूले जस्तै लुगा लगाउने गर्दछन्। पुरुषहरू भोटो, पटुका र कछाड लगाई टाउकोमा टोपी लगाउदछन्। महिलाहरूले चोलो, घलेक, पटुका गुन्यू, पोते आदि लगाउँछन्।

गुरुङ*

यो जिल्लालाई गुरुङ जातिको मूल थलो मानिएको छ। गुरुङहरूले मुख्यतया गण्डकी अञ्चलको पश्चिमी सीमा काली गण्डकीदेखि बागमती अञ्चलको धादिङ जिल्लाको मध्य भागमा आँखु खोलासम्मको मध्य नेपालको मध्यपहाडी इलाकामा बसोबास गरेका छन्। यसरी गुरुङ बस्ती गणेश हिमालको पश्चिम दक्षिण ढालदेखि अन्नपूर्णा हिमालको दक्षिण ढालको मध्य उचाइको डाँडा, पाखाहरूमा केन्द्रित भएका छन्। केही संख्यामा अधिराज्यको अन्य भागमा पनि फैलिएका छन्। केही गुरुङ बस्तीहरू पूर्वमा अरुण र तमोर नदीका क्षेत्रहरू तथा अधिराज्यमा पूर्वी सीमानानिर समेत पाइन्छन्। त्यस्तै सगरमाथा अञ्चल, ओखलढुङ्गाको रुम्जाटार गुरुङ बस्तीको रूपमा प्रसिद्ध छ। बसाइँ सरेको ठीक ठीक समय पत्ता नलागे तापनि रुम्जाटारे गुरुङका पुर्खाहरू मध्यनेपालबाट पृथ्वीनारायण शाहको सेनामा भर्ती भई नेपाल एकीकरण अभियानमा पूर्वतिर लड्दै जाँदा कोही त्यतै बिर्ता लिई बसोबास गर्न थाले र तिनैबाट फैलिएका पूर्वेली गुरुङ हुन्। बसाइँ सरी गएका गुरुङहरू नेपाली भाषामा कुरा गर्दछन्। वि. सं. २०२८ सालमा लिइएको राष्ट्रिय जनगणनानुसार अधिराज्यभरीमा गुरुङ भाषा–भाषीहरूको कुल संख्या १,७१,६०९ पुगेको छ।

बसाइँ सर्ने गुरुङहरूको हालसालै सबभन्दा ठूलो संख्या चितवनमा र केही संख्यामा अधिराज्यका अन्य भागमा पनि छन्। सम्वत् २०२८को राष्ट्रिय जनगणनामा गुरुङ जातिको मूल बासस्थान बाहेक ५०० भन्दा बढी संख्यामा गुरुङ भाषा बोल्ने भनी देखाएको तथ्याङ्क अनुसार चितवनमा ६,३५५; मुस्ताङमा ३,२७९; ताप्लेजुङ्गमा १,८८४; इलाममा १,७०९; संखुवासभा १,६१८; रूपन्देहीमा १,३२१; काठमाडौंमा १,१०२; तेह्रथुममा ९१८; नवलपरासीमा ९०१; सुनसरीमा ८९६; सिन्धुपाल्चोकमा ८५२; ओखलढुङ्गामा ७२८; दैलेखमा ६७३; झापामा ६२४; रसुवामा ५६२ र गुल्मीमा ५०८ छन्। ५०० भन्दा घटी गुरुङहरू भएको अधिराज्यका अन्य ठाउँहरूको यहाँ उल्लेख गरिएको छैन। बागमती अञ्चलको धादिङ जिल्ला र सम्पूर्ण गण्डकी अञ्चलमा बाहेक अधिराज्यका अन्य जिल्लाहरूमा २८,४६३ गुरुङहरू छन्। यो संख्या कुल गुरुङ भाषा बोल्नेहरूको १६.६ प्रतिशत छ।

गुरुङहरू मङ्गोल मूलका मानिस हुन्। यिनीहरू गुरुङ भाषा बोल्दछन्। यस भाषालाई तिब्बती–बर्मेली भाषा समूहमा वर्गीकरण गर्न सकिन्छ। गुरुङहरूको शरीर हृष्टपुष्ट र छोटोकदको हुन्छ।

---

*गुरुङ जनजीवन सम्बन्धी विवरण निम्न पुस्तक तथा लेखहरूमा आधारित छः–

Bista, Dor Bahadur — People of Nepal, Ratna Pustak Bhandar, Kathmandu, 1972.
Mcfarlane, A.D.J. — Population and Economy in Central Nepal, Ph. D. Dissertation, University of London.
Pignede, Bernard — Clan Organization and Heirarchy Among the Gurungs (Mimeographed)
Messerschmidt, Don — Gurungs of Nepal (Monograph)
Anders, Allen — The Rodighar and Its Role in Gurung Society INAS Ashar 2031, Tribhuvan University.

उनीहरूको अनुहार फराकिलो, नाक नेप्टो हुन्छ । पुरुषहरूको बाक्लो दाह्री जुँगा हुँदैन । महिलाको केश बाक्लो, कालो र लामो हुन्छ । हात गोडाहरू छोटा–मोटा र टम्म परेका हुन्छन् । अनुहार गोलाकृतिको हुन्छ । नाकमा झुम्के बुलाकी लगाउँछन् ।

गुरुङजातिको आफ्नै विशिष्ट संस्कृति छ । यो जातिको संस्कृतिको मूल धार्मिक आधार तिब्बती लामा धर्म नै रहेको मानिन्छ । कालान्तरमा भौगोलिक कारणहरूले गर्दा हिमालय तथा उत्तरी सीमा पारीका संस्कृतिसँगको यिनीहरूको सम्पर्क कम हुन गयो । पछि स्थानीय वातावरणसँग मिल्दो जुल्दो जीवन पद्धतिको विकास हुन थालेपछि भाषा, भेष, रहन, सहन, आदिमा परिवर्तन हुन गएको हुन सक्दछ । फलस्वरूप गुरुङ संस्कृति र सभ्यताले आफ्नै विशेष रूप धारण गर्न पुग्यो । गुरुङ जातिका मानिसहरूको बसोबास भएको डाँडाहरूको फेदीतिर बाहुन, क्षेत्री तथा अन्य व्यावसायिक जातिहरू (कामी, दमाई, सार्की) आदिको बस्ती वढ्न थालेपछि गुरुङहरूको सम्पर्क तथा लेनदेन नवागन्तुक हिन्दू धर्मावलम्बीहरूसँग नै हुन गयो र उत्तरी छिमेकीहरूसँगको सम्पर्क घट्न गई पछि नून, ऊन जस्तो केही दैनिक उपभोगका सामानहरूको व्यापार विनिमयमा सीमित हुन गयो । बिस्तारै गुरुङ समाजमा हिन्दू धर्मको प्रभाव पर्न थाल्यो । उनीहरूको जीवनमा बौद्ध ग्रन्थहरू र वेद, उपनिषद् आदि हिन्दू ग्रन्थहरूको समन्वय हुन गएको छ । इतिहास र जातिको विकासको क्रममा गुरुङ जातिका पेशामा पनि धेरै परिवर्तनहरू हुन गएका छन् । यो जाति तिब्बततिरबाट हिमाल पार गरेर हिमालयको दक्षिणी ढालहरूमा बसाइँ सर्दा (सोको तिथि निश्चित् नभइसकेको) यिनीहरू आफ्ना भेडी गोठसँग नै वास सर्दै जाने गर्दथे । बिस्तारै हिमालको दक्षिणी भेकका पाखाहरूमा खेती गरी गाउँहरू बसाउन थाले । केही कालपछि यिनीहरूको मुख्य पेशा कृषि हुन पुग्यो र भेडा–पालन, घोडा–पालन आदि सहायक व्यवसायहरू पनि अपनाउन थाले । घले राजाहरूको पतन भएपछि उदय भएका शाह राजाहरूको सैन्यमा काम गर्न थाले । नेपाल र इष्ट इण्डिया कम्पनीको सन्धि भएपछि नेपालीहरूलाई ब्रिटिश भारतको फौजमा भर्ती हुने व्यवस्था मिलाइएको थियो । कालान्तरमा नेपालका अन्य जातिहरू सरह गुरुङहरू पनि विदेशी सैनिक सेवामा भर्ना हुन थाले । हाल सैनिक सेवाबाट प्राप्त हुने रकम उनीहरूको अर्थ व्यवस्थाको एक मूल आधार बन्न गएको छ । विदेशी सैनिक सेवामा लाग्दा यिनीहरूले देखाएका वीरता, साहस, इमान्दारी आदिको कारण यिनीहरू संसारभर प्रख्यात भएका छन् । ती सब परिवर्तनहरूको फलस्वरूप भेडा-पालन तथा ऊनमा आधारित घरेलु उद्योगको भाग गुरुङहरूको अर्थ व्यवस्थामा सानो हुन गएको छ ।

गुरुङ समाज चारजाते र सोह्रजाते भन्ने दुई विभिन्न समूहहरूमा बाँडिएका छन् ।

चारजाते गुरुङहरूको थरहरूमा घले, घोताने, लामा र लामिछाने हुन् । अरू थरहरूलाईभन्दा घलेलाई बढी सामाजिक मान्यता प्राप्त छ भनिन्छ । शाह वंशको उदय हुनुभन्दा पहिले लमजुङ र गोरखाका केही कोटहरूमा घले राजाहरू राज्य गर्थे भन्ने ऐतिहासिक वर्णनहरू पाइन्छन् । घले थरकाले कुखुरा, राँगाको मासु खाँदैनन् । केही घलेहरूले आफूलाई गुरुङभन्दा बेग्लै भन्ने पनि गर्दछन् । केही घलेहरूले आफ्ना पैत्रिक स्रोत तिब्बत भन्छन् त केहीले भारत देखाउने गर्दछन् ।

लामा थरका गुरुङहरू पुरोहित भई कर्मकाण्ड चलाउने गर्दछन् । विभिन्न तिब्बती बौद्ध ग्रन्थहरू पढेर लामा विद्या अभ्यास गर्ने गुरुङहरू पनि लामा नै भनिन्छन् । लामालाई गुरुङ समाजमा सम्मानको दृष्टिले हेरिन्छ । पढेर लामा भएका मानिसहरूका सन्तानले पनि पछि लामा थर अपनाउने गर्दछन् । लामाहरूको

कर्मकाण्ड लामाबाट नै हुनु पर्ने र सोह्रजाते गुरुङहरू छ्याप्रिङ पुरोहितबाट पनि गराउँदछन् । सोह्रजाते भन्ने समूहमा १६ भन्दा बढी थरहरू रहेको देखिन्छ । सोह्र जाते गुरुङ समुदायमा केही थाहा पाइएको थरहरू तल उल्लेख गरिएका छन्ः–

ङोम्जे
चोर्मे
दोर्जाली
योज्मे
क्यब्जे
जंग्रे
पाइगी
रिलामे
खाव्र
थीमे
पोंमे
सोगुन
खोलाली
थोर्जामी
ह्यज्यु
घ्याब्रे
थोर्छे
मिगी

सोह्रजाते गुरुङहरू आफ्ना नाम लेख्दा थर नलेखी गुरुङ नै लेख्ने गर्दछन् । कुनै कुनै सोह्रजाते गुरुङहरूले चारजाते गुरुङहरूसँग वैवाहिक सम्बन्ध जोडेको पाइन्छ ।

गुरुङ समाजमा नेवार जातिको गुठी झैं एक किसिमको जातीय संगठन छ । उक्त संगठन कहीं एक थरभित्र रहेका विभिन्न पाडहरूमा सीमित हुन्छ त कतै खास निश्चित् भौगोलिक इलाकाभित्रका एउटै थरका सम्पूर्ण गुरुङहरू समावेश भएका हुन्छन् । उदाहरणको लागि चार जाते गुरुङहरूमध्ये घले थरका चार पाडहरू छन् । उक्त पाडहरूलाई "टु, पुरू, को र किदु" भनिन्छ । गुठी वा संगठनका एउटा जेठो सदस्यलाई "चिवा (ङ्वा)" भनिन्छ । दशैंको टीकाका दिन टीका थाप्न गुठियारहरू चिवाको घरमा जान्छन् । त्यसरी चिवा (ङ्वा)बाट टीका थाप्न जानेहरूले आफूले बलि दिएको बोको, भेडा, आदिको टाउको बोकेर जान्छन् । त्यस दिन चिवाको घरमा भोजको व्यवस्था गरिन्छ । त्यस्तो भोजको लागि केही कृषि योग्य भूमि छुट्याइएको हुन्छ । उक्त जमीनको आयस्ता चिवाले लिने गर्छ । त्यस्तो जमीनलाई ङामारुङ टीकाखेत (टेमङ्रों) अथवा मूली जमीन भनिन्छ । चार जाते समूहमध्ये घलेहरूले हालसालसम्म पनि त्यसरी बोका, भेडाको टाउको बोकेर मूलीको घरमा टीका थाप्न तथा भोजमा सामेल हुन जाने गरेका छन्। अन्य थरका मानिसहरूले त्यस प्रथालाई व्यापक रूपले मान्ने गर्दैनन् । केही कारणवश गुठियारहरूमा झगडा परेमा विरोधी पक्षले मूलगुठीबाट छुट्टिएर मली खेतको हिस्सा लिएर अर्को समूहको संगठन गर्ने पनि गर्दछन् ।

गुरुङ जातिका मानिसहरूको भेषभूषा आफ्नै किसिमको हुन्छ । खासगरेर वाह्य प्रभावमा नपरिसकेका गुरुङहरू साधारण किसिमको खस्रो कपडाको लुगा लगाउँछन् । गुरुङ जातिका पुरुषहरू शरीरको माथिल्लो भागमा भोटो लगाई जाङमा कछाड र त्यसको भित्र लगौंटी बाँधेका हुन्छन् । तन्नेरीहरूले कछाडको माथि कम्मरमा कम्मर पेटी र शीरमा टोपी लगाउँछन् । केहीले भोटोमाथि कालो रङको कपडाको इष्टकोट लगाउँछन् । हिउँदमा उच्च डाँडाहरूमा धेरै जाडो हुने हुँदा बाक्लो ऊनको बक्खु ओड्छन् । वर्षा ऋतुको पानीमा पनि सोही बक्खु ओड्छन् । व्यापार तथा अन्य कारणको लागि भ्रमण गर्दा पनि गुरुङ पुरुषहरू बक्खुलाई ओढ्ने तथा ओछ्याउने काममा पनि प्रयोग गर्दछन् । बक्खु नलगाउँदा भोटोमाथि ऐंठे (भाङ्ग्रा) भनिने कपडाले बेरेका हुन्छन् । सैनिक सेवामा भर्ती भएका पुरुषहरूले पैण्ट, कट्टु, कमिज, कोट, गञ्जी, स्वेटर आदि लगाउने गर्दछन् । कुनै भूतपूर्व सैनिकहरू विभिन्न बेलामा आफूलाई गरिएको सम्मानका पदक, तक्मा आदि पनि लगाउने गर्दछन् ।

गुरुङ महिलाहरू शरीरको माथिल्लो भागमा चोलो र तल्लो भागमा गुन्यू भनिने छोटो फरिया

लगाउँछन् । फरिया पटुकाले टम्म कस्सिएको हुन्छ र पछिल्तिर कम्मर मुनि मखमल (कालो) को तीन कुने कपडा लगाउने गर्छन् यसलाई ताम्लो (टीको) भनिन्छ र माथि घरबुनाको घलेक (स्यामा) लाउने गर्छन् । यो अलि प्रौढ महिलाहरूमा मात्र सीमित हुन गएको छ । युवतीहरू बढी मात्रामा रङ्गीन कपडाहरू प्रयोग गर्दछन् । विदेशी सैनिक सेवामा लागेका मानिसका परिवारका महिलाहरूले मखमलको चोलो, नाइलन सारी, छापिएका रङ्गी लुंगी आदि प्रयोग गर्दछन् । गुरुङ युवतीहरू नाकमा झुम्केबुलाकी, फूली, बाला, शिरफूल, ढुङ्ग्री, लेस, पोते आदि लगाउँछन् । धेरैजसो सम्पन्न परिवारका महिलाहरू नाडीमा सुनको बाला र चुरी विभिन्न रङका काँचका चुराहरू, गलामा सुनको हार इत्यादि र कानमा माडवाली (बाघमुखे बुट्टा काटिएको मुन्द्री) पनि लगाउँछन् । विधुवा स्त्रीले काँचको चुरी र पोते लाउँदैनन् ।

बच्चा जन्मेको छ अथवा ११ दिनमा लामा अथवा घ्याप्रिङद्वारा न्वारान गराई दिदी बहिनीहरूलाई दक्षिणा दिन्छन् । छोरो भएमा जन्मेको तीन वर्षभित्र घरको आँगनमा "पुटपुटे" भनिने एक नाचको व्यवस्था गरिन्छ । सो नाच गाउँले र मावाली दुई पक्षकाले नाच्दछन् । त्यसरी नाच्ने मानिसहरूलाई केही रकम बच्चाको बाबुले दिनु पर्दछ । बच्चाको मावली तथा अन्य नातेदारहरूले बच्चाको लागि लुगा कपडाहरूको कोशेली दिने गरिन्छ । उक्त बच्चा पाँच छ वर्षको उमेर पुगेपछि बालकको घाँटीमा डोरी अल्झाई एउटा काठको खम्बामा बाँधेर आमा चाहिँले घर भित्रबाट बिरालोलाई बोलाए झैं "सूरी सूरी" भन्छे र बालकले "म्याउ म्याउ" भन्दै घरभित्र पस्ने विधि पुऱ्याउँछन् । उक्त विधि पुऱ्याउँदा नातेदार र छिमेकीहरूलाई भोज खुवाउने गरिन्छ ।

धेरै जसो गुरुङहरू आफैंले छानेर विवाह गर्दछन् । केही परिवारमा आमा बाबु तथा अन्य नातेदारहरूले मिलाइदिएको जोडीहरू पनि हुन्छन् । खास गरेर "रोदी घर" को चलनले गर्दा विवाहयोग्य उमेर पुगेका तन्नेरी तथा तरुनीहरूले आफूलाई मन पर्नेसँग माया प्रीति गाँसिसकेका हुन्छन् । त्यसरी आपसमा बिहे गर्न चाहने मायालु तन्नेरीले आफ्नो परिवारबाट रक्सीको पुङ र कुखुरा कोशेलीको साथ केटी माग्न मायालु तरुनीको परिवारमा आफ्नो बाबु अथवा नातेदारलाई पठाउँछन् । त्यस्तो कोशेली स्वीकार गरिएपछि उक्त विवाहको प्रस्ताव स्वीकृत भएको मानिन्छ र तन्नेरीले एकजना साथीसँग तरुनीको घर गएर आफ्नो मायालुलाई घरमा ल्याउँछ । हाल त्यसरी दुलही लिन जाँदा बाजा सहित जन्ती लिएर जाने चलन देखापरेको छ । दुलहीलाई "छैटो" भनिन्छ । दुलही केही दिनसम्म बसेर माइती फर्किन्छे । बच्चा भएपछि स्थायी रूपले घर व्यवहारमा लाग्छे। बच्चा सहित पोइको घर जान लागेको छोरी, बहिनीलाई माइतीघरबाट दाइजो सहित बिदा गरी पठाउने गर्दछन् । विवाह अक्सर मामा–चेला, फुपू–चेलाहरूसँग गर्ने गर्दछन् । माया प्रीति गाँस्दा पनि बिहे चल्ने चेला–चेलीहरूप्रति बढी आकर्षण हुन्छन् ।

गुरुङहरूको मृत्यु हुँदा अन्त्येष्टिक्रिया लामा वा–घ्याप्रिङको निर्देशानुसार जलाएर, बगाएर वा गाडेर सम्पन्न गर्ने गरिन्छ । गाउँहरूमा मुर्दा गाड्ने चिहान पाटो हुन्छ । मुर्दा गाड्दा एक टुक्रा सुन अथवा सुगा, चाँदी मृतकको मुखमा र केही खाने कुरा, रक्सी आदि मुर्दामाथि राखी अक्षता छरेर माटोले पुरिदिने गर्छन् ।

मुर्दा जलाउने चिहान ढुङ्गाको बनेको हुन्छ । उक्त ढुङ्गामा तलतिर तीनवटा प्वालहरू बनाएका हुन्छन् । जहाँबाट दाउरा घुसाएर मुर्दा जलाइन्छ । पुरुषहरू मर्दा मृत व्यक्तिको "आस्यो" मामा अथवा सालो वा जेठान मलामी जानु पर्ने हुन्छ र महिलाहरू मर्दा मृतकको "आमयुं" दाइ, भाइ मलामी जानेमा हुनुपर्छ । अन्त्येष्टिकार्यमा मृतकको दिदी बहिनी तथा अन्य महिला नातेदारहरू सामेल हुने गर्दछन् । मरेको दिनदेखि

तेह्र दिनसम्म क्रिया बस्ने गरिन्छ । त्यस्तो क्रिया मृतकको सबै दाजु, भाइहरू, भतिजाहरू तथा नजीकका अन्य नातेदारहरूले समेत बस्नु पर्ने हुन्छ। मृत व्यक्तिको छोराहरूले छ महीना अथवा एक वर्षसम्म शोक कार्य मनाउँछन्। त्यस्तो बरखी बारेको समयमा मासु, रक्सी आदि खाने पिउने गर्दैनन् । तेह्रदिन जूठो बार्ने व्यक्तिहरूले नूनसम्म पनि खाँदैनन् । छ महीना अथवा वर्ष दिनमा "पाये" भन्ने विधि गरी बरखी फुकाउने गर्दछन् । "पाये" भन्ने विधि गर्दा बाँसको टुक्रामा सेतो कपडाको पुतला बनाएर त्यसलाई सुनका गहनाहरूले सिंगारेर "लानासों" अथवा स्वर्गमा पठाउने भनी घरको उत्तरतिर पठाइदिइन्छ । त्यस्तो "पाये" को विधिमा ज्यादै खर्च लाग्ने हुनाले धेरै परिवारहरू मिलेर मरेको धेरै वर्ष पछि पनि गर्ने गरिन्छ । त्यस्तो विधि गर्दा नातेदार र छिमेकीहरूलाई भेडा काटेर भोज ख्वाउनु पर्दछ । मान्छे मर्दा धेरै वर्षसम्म "पाये" को सम्पूर्ण विधि सम्पन्न नगरेसम्म मृत व्यक्तिको आत्माले तर्साउन आउँछ भन्ने विश्वास गरी गाउँका डाँडामा एउटा चैत्य बनाई सो स्थानमा मृत व्यक्तिको आत्माको लागि खाने कुरा चढाउने गर्दछन् । पायेको विधि पुऱ्याएपछि उक्त चैत्य भत्काइदिने गर्दछन् ।

गुरुङ गाउँमा मान्छे मर्दा मलामी जाने मानिसहरूले आफ्नो मृत नातेदारहरूको नाममा बनाइएका चैत्यहरूमा खानेकुरा चढाउन लैजान्छन् । पायेको विधि गर्दा बनाइएको पुतलालाई डोरीको एक छेउले बाँधी अर्को छेउले घर आँगनको बाहिर राखिएको भेडालाई बाँध्ने गरिन्छ । उक्त भेडालाई दानादिई गाउँको दोबाटोमा लगेर बलि दिइन्छ । उक्त विधिमा निम्त्याइएका छिमेकीहरू तथा नातेदारहरूले कपडा अथवा गहना ल्याएर पुतलामा चढाउने गर्दछन् । उक्त पुतलालाई विधि समाप्त भएपछि लामा वा घ्याब्रिङले लिई मृत व्यक्तिको आत्माले गाउँ अथवा घरमा फर्कन नपाउने गरी कुखुरालाई बलि दिने गर्छन् । केही पुरुष नातेदारहरूले मृत व्यक्तिको आदरको रूपमा "स्यर्ग" भनिने नाच नाच्ने गर्दछन् । कतैकतै मान्छे मरेको दिनमा मुर्दा बाहिर लैजानु अगाडि स्यर्ग नृत्य नाच्ने गर्दछन् । लामा पुरोहित हुने गुरुङहरूले काटमार आदि गर्दैनन् । कसै कसैले मृत नातेदारको नाममा चौतारो आदि बनाईदिने गर्छन् । कोही आइमाईले लोग्ने मरे जीवनभर विधुवा भएर बस्छन् तर गुरुङ समाजमा विधुवा विवाहको लागि छेक थुन छैन । विधुवा भाउज्यूलाई देवरले विवाह गर्ने चलन पनि छ ।

गुरुङहरू अधिक मात्रामा एकै ठाउँमा गुचुमुच्च घर बनाएर बसेका हुन्छन् । कुनै कुनै गुरुङ गाउँहरू ज्यादै बाक्लो हुन्छ । कास्की जिल्लाको पूर्व सीमानास्थित सिकलिस भन्ने गाउँ सबभन्दा बाक्लो गुरुङ गाउँ हो उक्त गाउँमा अन्दाजी ७०० घर परिवार छन् । त्यस्तै लमजुङमा पनि बाक्लो गुरुङ गाउँहरू धेरै छन् । उदाहरणको लागि मुजुङ युम्पो, घनपोखरा, याङजाकोट, घलेगाउँ, पसगाउँ, सिङ्दी, भोजे, वारचोक, भाचोक आदि गाउँहरूलाई लिन सकिन्छ ।

धेरै जसो गुरुङहरूले ढुङ्गाको भूईंतले घर बनाएर बसेका हुन्छन् । उनीहरूको घरमा खर, ढुङ्गा आदिले छाइएको हुन्छ । ढुङ्गाको छानोलाई आर्थिक सम्पन्नताको चिन्ह मानिन्छ । घरको अघिल्लो भागमा पिंढी बनाइएको हुन्छ । कतै कतै गुरुङहरूको घरको आकार गोलो र छाना पनि गोलाकार गरी गुमोजको रूपमा राखिएको हुन्छ । सम्पन्न गुरुङहरूले ठूलो र तला भएको घर बनाएका हुन्छन् । अधिकांश गुरुङहरूको घरमा झ्याल हुँदैन । घरको मुख्य भागमा एउटा सानो आँखिझ्याल राखिएको हुन्छ । ठूलठूला घरमा माथिल्लो तलामा स-साना झ्यालहरू राखिएका हुन्छन् ।

प्रायः जसो गुरुङहरूको घरमा एउटै कोठा हुन्छ । भूईंतलाको बीच भागमा अगेना राखिएको हुन्छ । अगेनामाथि बाँस अथवा निगालोबाट बुनिएको सारन (सरङ) राखिएको हुन्छ जसमा खाद्यान्न तथा अन्य सामान सुकाउने गरिन्छ । धेरै जसो गुरुङ घरहरूमा उज्यालो र भेन्टिलेशनको (हावा प्रणाली) राम्रो व्यवस्था नभएकोले दिउँसो पनि अँध्यारो र आगो बालेको वखत धूवाँ रूमल्लिरहन्छ ।

अधिकांश गुरुङहरूको अगेनामा आगो रहिरहन्छ । पितृ रिसाउँछन् भनेर यिनीहरूले आफ्नो अगेना अन्य जातिका मानिसलाई छुन दिदैंनन् । तर यो विश्वास बिस्तारै हट्दै जान लागेको छ ।

गुरुङहरूको अर्थ व्यवस्था मिश्रित छ । साधारणतया अधिकांश पहाडी क्षेत्रका बासिन्दाहरू झैं गुरुङहरू पनि कृषिमा नै आश्रित छन् । कृषिका साथै गुरुङहरू गाई, भैंसी, भेडा पालन पनि गर्दछन् । गुरुङ जातिको तेस्रो महत्वपूर्ण पेशा सैनिक सेवामा भर्ती हुने हो । विशेष गरेर भारतीय र अंग्रेजी सैनिक सेवामा बढी मानिसहरू संलग्न रहेका छन् । सैनिक सेवाबाट हुने आम्दानीले गुरुङ जातिको आर्थिक सन्तुलनलाई कायम राखेका छन् । जुन परिवारमा बढी मानिसहरू विदेशी सैनिक सेवा (खास गरेर अंग्रेजी सैनिक सेवा) मा लागेका हुन्छन् त्यस परिवार आर्थिक दृष्टिकोणले सम्पन्न हुन्छ ।

विदेशी सैनिक सेवा कालमा गरिएको विभिन्न अनुभवले गुरुङहरूको जीवनको हरक्षेत्रमा प्रभाव पारेको हुँदा यता केही दशकदेखि गुरुङ समाजमा निकै ठूलो परिवर्तन आएको छ ।

जीवनका महत्वपूर्ण हिस्सा सैनिक अनुशासन र विभिन्न कार्य क्षेत्रमा बिताएर आएका मानिसहरूले गाउँघरमा रहेको अशिक्षालाई हटाउन श्री ५ को सरकारले राष्ट्रियस्तरमा चलाइएको अभियानलाई सहयोग गर्न थाले । त्यसैले गुरुङ समाजमा लाहुरेहरू परिवर्तन र प्रगतिका माध्यम भएका छन् ।

साधारणतया गुरुङहरू परम्परामा सहयोग गर्दछन् । गुरुङहरु धेरै मिलनसार हुन्छन् । आपसमा मिलेर सामुदायिक मेला, पर्वहरू मान्छन् । दाउरा पात लिन तथा खेतबारीमा काम गर्न गुरुङहरूले एकले अर्कोलाई भारा पर्मद्वारा मद्दत गर्दछन् ।

गुरुङ समाजमा घर परिवारको अर्थ व्यवस्था सम्बन्धी काममा महिलाहरू धेरै मात्रामा संलग्न हुन्छन् । यस समाजमा महिलाहरूलाई प्रशस्त मात्रामा स्वतन्त्रता र सम्मान दिएका छन् ।

रोदी घर गुरुङ समाजको एक अत्यन्त महत्वपूर्ण संस्कृति हो । गुरुङ गाउँहरूमा तन्नेरी तरुनीहरू कुराकानी गर्ने, हाँसखेल, ठट्टा गर्ने, गीत गाउन साँझमा भेला हुने ठाउँलाई रोदीघर भनिन्छ । धेरै जसो रोदी जाने गरेका तरुनीहरू आफ्ना आमाबाबुको घरमाभन्दा रोदी घरमा नै सुत्ने गर्दछन् । रोदी तन्नेरी तरुनीहरूको अंकुरित प्रेमालापको भावना पोख्ने मनोरञ्जन स्थल मात्र नभई उनीहरूको जीवन र संस्कृतिको एउटा अभिन्न अङ्ग नै बनेको छ । वास्तवमा रोदी घरको प्रथाले सम्पूर्ण गुरुङ समाज र संस्कृतिलाई अँगालेको हुन्छ । विभिन्न ठाउँहरूमा रोदी घरको रूपरेखा र कार्यक्रमहरू विभिन्न छन् ।

एउटै गाउँमा विभिन्न उमेर समूहको लागि अलग अलग रोदीघरहरूको संगठन गरिएका हुन्छन् । रोदी वास्तवमा बालक कालदेखि सँगसँगै खेल्ने गरेका केटाकेटीहरू मिलेर साँझमा एउटा घरमा भेला हुन्छन् । त्यसरी भेला हुने गरेका दुई तीन वर्ष पछि बेलुकीको खाना खाएर रोदी घर जाने र त्यहीं सुत्ने गर्दछन्। रोदी घरको

संस्थापन हुन थालेपछि गाउँ घरका दौंतरी केटाहरू पनि केटीहरूसँग कुराकानी गर्न, ख्यालठट्टा गर्न, गीत गाउन भेला हुन थाल्छन् र अबेरसम्म त्यहीं बसेर आफ्ना घरमा सुत्न जाने गर्दछन् । केटाहरू मादल बजाएर गाउने नाच्ने गर्दछन् । बिस्तारै नाचहरू सिकाई एक नृत्य मण्डली तयार गरिन्छ । सोही रोदी समूहका सदस्यहरूमध्ये बढी उमेरका र अरूमन्दा सिपालु केटा वा केटीद्वारा अरू केटा केटीहरूलाई नाच्न र गाउन सिकाइन्छ ।

निश्चित रूपमा संगठन भएको एक दुई वर्षपछि रोदी दरेवा अथवा रोदी (घाँटो) घर पक्का बनाउने सामूहिक उत्सव मनाइन्छ । रोदी दरेवा मानेपछि उक्त रोदी समूह र उनीहरूले बस्ने घरलाई गाउँलेहरूबाट स्वीकृति प्राप्त हुने ठानिन्छ । उक्त समारोहको लागि गाउँका प्रमुख मान्छेले साइत निकाल्दछ । समारोहमा धार्मिक नृत्यहरूको व्यवस्था गरिन्छ । रोदीका सबै महिला सदस्यलाई नर्तकहरूले आशिष दिने गरिन्छ र गाउँका भलाद्मीले केटीहरूलाई मिलेर बाच्ने महत्व र भविष्यको लागि आफूलाई योग्य बन्ने सल्लाहको रूपमा एउटा भाषण दिन्छ । उक्त समारोहको नर्तकहरू र गाउँका प्रमुख र भलाद्मीहरूलाई खाने पिउने व्यवस्था रोदीघरको केटीहरूबाट हुन्छ ।

बिहे हुन थालेपछि रोदीका तरुनीहरू बिस्तार बिस्तार लोग्नेको घरमा जाने भई रोदीको सदस्य संख्याकम हुँदै जान्छ र सदस्य संख्या धेरै कम भएपछि उक्त रोदी मास्सिएर जान्छ । एउटै केटा धेरै रोदीघरहरूको सदस्य बन्न सक्छ । कहिलेकाहीं कार्यक्रम संचालन गर्दा केटाहरू एकै समूहमा मिलेर बसेका हुन्छन् । केटीहरूले एउटा रोदीमा जाने गरेपछि अर्कामा जाने गर्दैनन् । र आफ्नै समूह र रोदीघर प्रति इमान्दार रहन्छन् । बिहे भइसकेपछि पनि लोग्नेको घरमा बस्न नगएसम्म आफ्नो रोदीघरमा जाने गर्दछन् । तर विवाहित महिलाहरूको हाजिरी कम नियमित हुन्छ ।

रोदी घरमा कुनै किसिमको सामाजिक तथा आर्थिक भेदभाव राखिदैन । धनी, गरीब सबै परिवारका केटीहरू एउटै रोदी समूहमा सम्मिलित हुन्छन् । केही वर्ष पहिलेसम्म रोदीको संगठन गरिंदा चार जाते गुरुङको घरमा रोदी बस्ने गरिन्थ्यो । हाल सोह्र जातेहरूको घरमा पनि रोदी बस्न लागेको छ । केटाहरूको समूह मिलेर अन्य गाउँका केटीहरूको रोदीमा सामेल हुन जाने पनि गर्दछन् । कहिलेकाहीं केटा र केटीका समूहहरूले परस्परमा भोजादिको निम्तो साँटासाँट गर्ने गर्दछन् । केटाहरूले केटीहरूलाई कोशेली (छोनाम) दिने गर्दछन् र त्यसको बदलामा केटीहरूले पनि केटाहरूलाई (फोनाम) कोशेली दिने गर्दछन् । त्यस्तै भोज खानका लागि पनि केटा केटीहरूमा पालैपालोसँग निम्त्याइने गरिन्छ । मेलापर्वको बेलामा केटीहरूको रोदीले विशेष कामहरू गर्ने गर्दछन् । त्यस्तो वेला सहयोगको लागि केटाहरूलाई निम्त्याइन्छन् । केटीहरूलाई मद्दत गर्न केटाहरूका विभिन्न समूहहरूको बीच प्रतिस्पर्धा हुन्छ ।

रोदी घरको संगठन गर्दा उक्त घरको केटीको आमालाई रोदी आमा र बाबुलाई रोदी आबा भनिन्छ । रोदी आमा रोदीका सदस्यहरूसँग घनिष्ट रूपले सम्बन्धित हुन्छे र रोदी घरमा नै सुत्ने गर्दछे । रोदी घरमा आवश्यक पर्ने ओढ्ने ओछ्याउने, बत्ती आदिको व्यवस्था उसैले गरिदिने हुनाले रोदी घरको सम्पूर्ण कार्यकलापमा उसको व्यक्तित्वको गहिरो प्रभाव परेको हुन्छ ।

रोदी बस्ने सँगिनीहरू सबैलाई अलग्ग नाम दिइएका हुन्छन् । रोदी बस्ने घरको केटीलाई "रोदिबें" अथवा "घरपति" भन्ने गरिन्छ । अरूहरूलाई उनीहरूको गाउँ घरको आधारमा जस्तै डाँडा घरे, माझ घरे, बल्लो घरे, पल्लो घरे, शिरान घरे आदि नामबाट सम्बोधन गरिन्छ ।

रोदी घरको मूल आधार मित्रता, सहयोग र भ्रातृत्व हुन्। रोदीका सँगिनीहरू बीच स्नेह र सद्भावना हुन्छ। खेती पातीको कामको अत्यधिक भीड पर्ने बेला एक परिवारले अर्को परिवारलाई सहायता पुऱ्याउनु "नोगोर" भनिने संगठन रोदी घरमा बनाइएको हुन्छ। धेरै जसो नोगोरका मुख्य सदस्यहरू एकै रोदीका मानिसहरू अथवा रोदी मित्रहरू हुन्छन्। रोदी समूहमा बढी मात्रामा महिलाहरू हुने हुनाले एउटै रोदीको दुई तीन नोगोरहरू संगठन गरी प्रत्येक नोगोरलाई बढी काम लाग्ने र दक्ष बनाउन पुरुषहरूलाई सदस्य बनाउने गर्दछन्। कहिलेकाहीं विभिन्न नोगोरमा महिलाहरू बढी दक्ष पुरुषहरूलाई आफ्ना समूहमा ल्याउन होडबाजी गर्दछन्।

एकले अर्कोलाई सघाउ पुऱ्याउने अर्को प्रथा पनि छ त्यसलाई "ल्होवा" भनिन्छ। ल्होवाको अर्थ मद्दत गर्नु हो। ल्होवाको व्यवस्था रोदीको घरपति मित्र अथवा "रादिर्बे" को काममा सघाउने गरिन्छ। त्यसरी रोदी घरको संचालन गर्ने उसको परिवारले गरेको काम र खर्चको बदलामा सबै रोदी सदस्यहरू मिलेर त्यस घरको काममा सघाउ पुऱ्याउने गरिन्छ। त्यस्तै रोदी घरका तरुनीहरूलाई अनेक कोशेली दिने अथवा विभिन्न बेलामा मद्दत गर्ने केटाहरूको काममा पनि सघाउने गरिन्छ।

गुरुङ समाजको रोदी घरको प्रथाले उक्त समुदायको एक महत्वपूर्ण संस्कृतिलाई जोगाएर राखेको छ। घाटु–नृत्यको परम्परा निश्चय नै गुरुङ संस्कृतिको एक उत्कृष्ट पक्ष मानिन्छ। रोदी घरको संगठन भएपछि अन्य आवश्यकीय कामहरूबाट फुर्सत पाएको बेला घाटु–नाचको प्रदर्शनको व्यवस्था गरिन्छ। महीनौंसम्म अनुशासित ढङ्गले अथक परिश्रम गरी रोदी घरका तरुनीहरू र सहयोगी तन्नेरीहरूको संयुक्त प्रयासमा घाटु नाचलाई प्रदर्शनयोग्य बनाइन्छ।

घाटु नाच दुई प्रकारका हुन्छन्– सती घाटु र बाह्रमासे घाटु। सती घाटु वैशाखे पूर्णिमाको दिनमा लाग्ने मेलामा मात्र प्रदर्शन गरिने र बाह्रमासे घाटु वर्षको अरू कुनै बेलामा गाउँ घरमा मनोरञ्जनको लागि प्रदर्शन गरिन्छ। प्रत्येक रोदीघरमा घटीमा दुई जना तरुनीहरूलाई घाटुनाच सिकाइएको हुन्छ। प्रत्येक रोदी समहले उक्त नाच देखाउन सक्दछ। विशेषगरेर गाउँमा पाहुनाहरू आउँदा तथा गाउँका लाहुरेहरू बिदामा गाउँ घरमा आएको बेलामा बाह्रमासे घाटुनाच देखाउने गरिन्छ। त्यस्तो नाचको प्रदर्शन गर्दा नर्तकीहरूले पाहुनाहरूलाई "आशीक" भनी अभिवादन गरेपछि पाहुनाहरूबाट चन्दाको आशा गरिन्छ। उठेको चन्दा रकममध्ये केही रकम नर्तकीहरू, पार्श्वगायक र बाजा बजाउनेहरूलाई दिई बाँकी रकम रोदीको कोषमा संकलन गरिन्छ। सोही चन्दा रकमबाट नृत्य प्रदर्शनको खर्चपनि व्यहोरिने गरिन्छ। त्यसरी धेरै पल्ट प्रदर्शन गरेपछि संकलनहुने रकमबाट पछि भोजको आयोजना गरी रोदीको सदस्यहरू, उनीहरूका नातेदारहरू, सहयोगी गाउँलेहरू समेतलाई निम्त्याउने गर्दछन्। गाउँका भद्र भलाद्मीहरूले र कुनै एक वा दुई रोदीघरको समूहको सहायता लिई घाटु–नाच देखाउने कार्यक्रम चलाउने गर्दछन्। त्यस्तो प्रदर्शनमा गाउँका तर्फबाट विशेष गरी जुवाइँ, चेली, अरू पाहुनाहरू बोलाइएका हुन्छन् र प्रदर्शन पछि उनीहरूबाट प्राप्त हुने चन्दा रकम गाउँले कोषमा जम्मा गरी पछि सो धनराशिबाट गाउँमा सामूहिक भोजको आयोजना गर्ने गर्दछन्।

गुरुङ समाजमा वैशाखको चण्डीपूर्णिमालाई ठूलो पर्वको रूपमा मानिन्छ। उक्त दिनको पुण्य तिथिको अवसरमा सतीघाटु नाचको आयोजना हुन्छ। त्यस पर्वमा जाँड, रक्सी मासुको प्रशस्त उपभोग गरिन्छ। सतीघाटुको नाच तीन दिन प्रदर्शन गरिन्छ। अक्सर एक रोदी समूहले तीन वर्ष लगातार नचाउने गर्दछ।

सतीघाटु एक प्रकारको धार्मिक नृत्यको रूपमा रहेको छ । उक्त नाचको आयोजना गर्दा देवी देवताहरूलाई पूजादि पनि गरिन्छ र नर्तकीहरूभित्र देउता चड्ने विश्वास गरिन्छ। चण्डी पूर्णिमाको नाच संचालन गर्दा बाजा बजाउने दमाईहरू पनि बोलाइएका हुन्छन् । गाउँका प्रधान पञ्च अथवा मुख्य मान्छेले पूर्णिमाको पर्वमा खानापिना सबै थोकको व्यवस्था गर्न केटाहरूको एक रोदी समूहलाई जिम्मा लगाइदिएको हुन्छ । उक्त सम्पूर्ण कार्यक्रमको खर्च पालो पर्ने रोदी समूह तथा त्यसलाई सहयोग गर्ने केटाहरूको समूहले आफ्नो संचित कोषबाट व्यहोर्छन् ।

रोदी प्रथाको एक अर्को विशेषता यता केही वर्षदेखि थेटर भनी नाच गानको व्यवस्था पनि हो । थेटरको कार्यक्रममा विशेष गरी रेडियोमा बजाइएका गीतहरूमा आधारित नाचहरू हुन्छन् । थेटर पनि गाउँ आउने पाहुनाहरूलाई देखाई चन्दा संकलन गरिन्छ । कुनै कुनै गाउँमा एक अथवा एकभन्दा बढी रोदीघरहरू मिलेर थेटर समूह बनाइएको हुन्छ । कतै कतै रोदीघर नबस्ने ठाउँमा पनि तन्नेरी तरुनीहरू मिलेर थेटर अथवा नृत्य मण्डली बनाउँछन् ।

गुरुङहरूको जीवनमा रोदीघर एउटा यस्तो प्रशिक्षण स्थलको रूपमा रहेको छ जहाँ तरुणहरूले आफ्नो जातीय संस्कृतिलाई बुझ्न पाउँछन् । रोदीघरको स्नेह र सद्भावनापूर्ण वातावरणमा एकले अर्कोलाई सहयोग गर्ने, मायागर्ने तथा विभिन्न रुचि भएका व्यक्तिहरूसँग मिलेर बस्ने जस्तो अमूल्य गुणहरूको विकास गर्ने मौका प्राप्त गर्छन् । रोदीघरको परम्परामा यसरी गुरुङ समाजको सांस्कृतिक परिपाटी जोगिन गएको छ।

यता केही वर्षदेखि अधिराज्यको अन्य पहाडी जिल्लाहरूमा झैं गुरुङ बस्ती भएको गण्डकीको पहाडी जिल्लाहरूमा प्रशस्त मात्रामा जन जागरण बढ्न लागेको छ । शिक्षाको प्रसार–प्रचार, पञ्चायतको गठन र स्थानीय विकासको सम्भावना, यातायातको बन्दोबस्त, नयाँ आवश्यकता र सम्भावनाहरूका ज्ञानका साथै जनसंख्याको अत्यधिक वृद्धिको कारण गुरुङहरूको आर्थिक, सामाजिक जीवनका धेरै कुराहरूमा परिवर्तन हुन गइरहेको छ । फलस्वरूप धेरै मानिसहरूले रोदी घरको प्रथाको उपादेयता हराउँदै गएको महसूस गरेका छन् ।

अर्कोतिर रोदीघर चलाउने तन्नेरी तरुनीहरूले परस्परमा कोशेली, भोजादिको निम्ताहरू, छोनाम, फोनाम आदि लिने दिने गर्दा धेरै धन र खाद्यान्नको व्यय हुने भई परिवर्तित आर्थिक सन्तुलनको स्थितिमा रोदीघरको प्रथा ज़्यादै खर्चालु भएको ठानी सोको विरूद्ध ठाउँ ठाउँमा अभियानहरू चलाएका छन् । कति गाउँहरूमा रोदीको प्रथा परित्याग गरिसकिएको छ । केही गाउँहरूमा रोदीघरमा प्रौढ कक्षाहरू संचालन गरिएका छन् । मूल थलोबाट अरू स्थानमा बसाइँ सर्ने गुरुङहरूले पनि रोदीको प्रथालाई छोडिसकेका छन् ।

घाटु र थेटर बाहेक गुरुङ तन्नेरी तरुनीहरू सोरठी र कृष्ण चरित्र आदि गीति नाटकहरूको तयारी र प्रदर्शन गर्दछन् । विशेषगरेर दशैंको पर्वमा दशमीको दिन मुखिया अथवा गाउँका ठालुबाट टीका ग्रहणको साथै सोरठी र कृष्ण चरित्र गीति नाटकहरू देखाइन्छ । उक्त समयमा परिवारका बाहिर गइरहेका सदस्यहरू तथा नाता कुटुम्बसँग भेटघाट हुने भइ भोज भतेरको साथै गाउँघरमा हर्ष र उल्लासको वातावरण छाएको हुन्छ ।

आर्थिक व्यवस्था

नेपाल अधिराज्यका अन्य मध्यपहाडी भागका जिल्लाहरू झैं लमजुङको मुख्य आर्थिक आधार कृषि नै भए तापनि यसको अर्थ व्यवस्थाको सन्तुलनलाई कायम राख्न स्वदेशी तथा विदेशी सैनिकसेवा, पशुपालन आदि पेशाहरू निकै ठूलो मात्रामा सहायक भएका छन् । विशेष गरेर टार, बेंसीहरूमा बसोबास गरिरहेका बाहुनहरू कृषिमा मात्र लागेका हुन्छन् र अन्य जातिहरू जस्तै गुरुङ, मगर, क्षेत्री आदि स्वदेशी तथा विदेशी सैनिक सेवामा पनि लागेका छन् । उत्तरी भेकमा बसोबास गर्ने गुरुङहरूले उत्तरतर्फको उच्च खर्कहरूमा भेंडा पालन पनि गर्दछन् ।

जिल्लाको सबै भागमा एकैनासको कृषियोग्य भूमि नभएको हुनाले सबै ठाउँका मानिसहरूले समान रूपले कृषिमा लाग्न सकेको देखिन्न । केही उत्तरतर्फका ठाउँहरूमा सीमित पाखा बालीहरू मात्र लाग्नुको कारणले खाद्यान्नाभावको स्थिति भए झैं जिल्लाका दक्षिण भागका टार, बेंसीहरूमा प्रशस्त कृषियोग्य भूमि भएकोले त्यहाँ खाद्यान्नको बचत हुन्छ ।

केही वर्ष यतादेखि जनसंख्याको अत्यधिक वृद्धिको कारण यहाँको कृषि भूमिमाथि ठूलो चाप पर्न गइरहेको छ । बढ्दो जनसंख्याको बढ्दो खाद्यान्नको मागलाई हालसम्म यहाँको उत्पादनले भ्याउन सकेको छैन। लमजुङका विशाल उच्च खर्कहरूमा चर्ने भेंडीगोठबाट प्राप्त हुने ऊनमा आधारित घरेलु स्तरको उद्योगहरू यहाँ युगौंदेखि चलेको छ । ऊनमा आधारित उक्त उद्योगको सबभन्दा महत्वपूर्ण उत्पादन बहुउद्देश्यीय बक्खु हो ।

यो जिल्लाको मर्स्याङदी नदीको उपत्यका, मादी नदीको किनार तथा दक्षिणी भेकका अन्य स्थानहरूमा बजार पसलहरू भए तापनि जिल्लाका केही गाउँहरूमा अझैसम्म पनि वस्तु विनिमयमा आधारित व्यापार चलेको छ ।

कृषि

यो जिल्लाको अर्थ व्यवस्थामा कृषिको महत्व अत्यधिक छ । जिल्लाका बहुसंख्यक मानिसहरूको जीविकोपार्जनको आधार कृषि नै रहेको छ। जिल्लाका कृषियोग्य जमीन मध्ये अधिक मात्रामा पाखाहरू छन् । यो जिल्लामा अन्दाजी ९,६०० हेक्टर अर्थात् १,९२,२०० रोपनी जमीनमा खेती गरिएको छ ।[1]

---

[1] Food and Agriculture Ministy, HMG—Agricultural Statistics of Nepal, 1972

उक्त जमीन जिल्लाको कुल क्षेत्रफलको १,९३,४०० हेक्टर अन्दाजी ५.० प्रतिशत हुन्छ। बाँकी ९५.० प्रतिशत जमीनमा हिमालय,उच्च निर्जन डाँडाहरू, वन, नदीनाला, गाउँ, भीर पहरा आदि छन्। यहाँको कुल जनसंख्यालाई खेती गरिएको जमीन अन्दाजी प्रति व्यक्ति .०७ हेक्टर अर्थात् प्रत्येक व्यक्तिलाई अन्दाजी १.४ रोपनीको हिसाबले भाग लाग्ने देखिन्छ। उक्त खेती गरिएको जमीन पारिवारिक इकाईमा भाग लगाउदा प्रत्येक परिवारलाई अन्दाजी .३६ हेक्टर अर्थात् ७.३ रोपनी पर्ने देखिन्छ। खण्डित भूस्वामित्वको कारण साना रहन गएका कित्ताहरूमा पुरानो खालका औजारहरूको मात्र प्रयोग भइरहेको छ। खास गरेर नयाँ निर्वाहको लागि मात्र खेती गरिने हुँदा यहाँको कृषि व्यवसायमा बढी तथा थप उपकरणहरू सजिलैसित उपलब्ध गर्न सकिएको छैन।

यो जिल्लामा वैज्ञानिक नापी नभइसकेकोले वि.सं. १९९०।९१ को सरपट जाँच नापी र हाल आवादी नापी जाँचको आधारमा जग्गा दर्ता गरिएको छ। जिल्ला माल कार्यालय लमजुङको अभिलेखानुसार यस जिल्लामा जम्मा खेत ५,४९२।९२।१७।४ अर्थात् अन्दाजी १,३७,३२३ रोपनी खेत र १,०७४।१५।२।७ अर्थात् अन्दाजी २६,८५४ रोपनी पाखो जग्गा दर्ता भएको देखिन्छ। यहाँ केही जमीन महभीर र खर्चरीको लागि पनि दर्ता भएको छ। यहाँ प्रति वर्ष रू. ३०,३६९। मालपोत उठ्छ। यहाँ तालुकदारद्वारा मालपोत असूल गरिन्छ। तालुकदार, जिम्मावाल, मुखिया र तालुकदार नभएको ठाउँमा माल कार्यालयबाट मालपोत उठाउने गरिएको छ। हालसम्म यहाँ ३७३ जना तालुकदारहरू छन् तर तालुकदारहरूको संख्या घट्दै गएको छ।

जिल्लाको प्रमुख बालीहरू धान, मकै, गहुँ, कोदो, फापर, जौ, आलु, तोरी, मास, भटमास, सिमी, घैया आदि हुन्। कृषि तथ्याङ्क पुस्तिकाअनुसार वि.सं. २०२९।३० को आर्थिक वर्षमा बालीहरूको क्षेत्रफल र उत्पादन निम्नबमोजिम छः–

बाली र उत्पादनको तालिका

बालीहरू	ढाकेको क्षेत्रफल (हेक्टरमा)	कुल उत्पादन (मेट्रिक टनमा)	उत्पादकत्व (मेट्रिक टन प्रति हेक्टरमा)
धान	४,७८३	१०,९९६	२.३
मकै	६,२०८	१०,५५७	१.७
गहुँ	७१२	७७२	१.०
कोदो	२,४४२	२,९६४	१.२
जौ	२००	२०२	१.०
आलु	८००	३,९६०	४.९
तोरी	८०	३२	०.४
उखु	२७	३९७	१४.७

माथि उल्लिखित तालिकामा उब्जा हुने अरू बालीहरू जस्तै भटमास, सिमी, फापर आदिको क्षेत्रफल र उत्पादन देखाइएको छैन। यो जिल्लामा उपर्युक्त तालिकानुसार विभिन्नबालीहरूले ओगटेको क्षेत्रफल १५,२५२ छ। यो जिल्लाको खेती गरिएको जमीन ९,६०० हेक्टरको अनुपातमा यहाँको कृषिको सघनता अन्दाजी १: १.६ छ । जिल्लामा उब्जाइने अन्य बालीहरूको क्षेत्रफल समेत जोडिएमा यहाँको सघनताको अनुपात बढी हुन्छ। यहाँ प्रत्येक हेक्टर जमीनमा २.३ मेट्रिक टन धान उत्पादन हुने देखिन्छ।

सिचाइको अभावले गर्दा आकाशबाट झरेको पानीमा निर्भर गर्नु पर्दछ । अति वृष्टि वा खडेरी हुँदा यहाँको कृषि उब्जनीमा समेत निकै थपघट हुनेहुन्छ । धेरै राम्रो उब्जनी भएको वर्ष यहाँको खाद्यान्न उत्पादनले जिल्लाबासीहरूको आवश्यकता पूरा हुने अनुमान गरिन्छ । मर्स्याङ्दी नदीको किनारको टारबेंसीहरूमा भएको उत्पादनमध्ये केही अंश मनाङतिर पनि निकासी हुन्छ । केही मात्रामा यहाँको कृषि उत्पादन गोरखा र कास्कीमा पनि निर्यात गरिन्छ । जिल्लाको उत्तरी भेकमा कृषियोग्य भूमिको कमी भएको कारण त्यहाँको खाद्यान्नको उत्पादनले स्थानीय माग पूरा गर्न सक्दैन । त्यसरी जिल्लाको दक्षिणी भेकको खाद्यान्न बचत हुने इलाकाबाट उत्तरी भेकमा आपूर्ति गर्ने गरेको छ । साधारणतया जिल्लाको सम्पूर्ण मानिसको आवश्यकता यहाँको उत्पादनबाट पूरा भइरहेको छैन । त्यसमाथि पनि मनाङ, उत्तरी गोरखामा निर्यात हुने हुँदा यहाँ खाद्यान्नको अभाव भइरहन्छ। आर्थिक वर्ष २०२७।२८ मा यहाँ अन्दाजी १,०७४ मेट्रिक टन खाद्यान्न अभाव भएको देखिन्छ। खेतीको काममा एकले अर्कोलाई मद्दत गर्ने प्रथालाई यहाँ भारापर्म भनिन्छ । यहाँ बढी मात्रामा खेतालाहरूद्वारा नै काम गराइन्छ। यस्ता खेतालालाई खाद्यान्न तथा नगद दुवै किसिमका ज्याला दिने गरिन्छ। ज्याला दिंदा पुरुष श्रमिकलाई प्रति दिनको रू. पाँच र महिलाहरूलाई रू. तीनका दरले दिइन्छ। श्रमिकहरूलाई दिउँसो खाजा खुवाउने पनि गरिन्छ।

यहाँका कृषकहरूले खेती गर्दा हलो, दाँदे, कोदाली, कुटो, हँसिया, खुर्पा आदि प्रयोग गर्दछन् । काठको औजारहरू जस्तै हलो, दाँदे, जुवा आदि स्थानीय वनको काठबाट बनाइन्छ । फलामको औजारहरू बजारबाट फलाम किनेर ल्याई कामीहरूलाई बनाउन लगाउँछन् ।

यो जिल्लाको विभिन्न भौगोलिक प्रदेशहरूमा विभिन्न बालीहरू लगाइन्छ। विभिन्न ठाउँमा भू–स्वरूप, उचाइ र हावापानीमा समेत फरक हुन जाने हुनाले बाली प्रणाली पनि भिन्न भिन्न हुन्छ। खेतमा लाग्ने मुख्य बाली धान, गहुँ र मकै हो। धान जेठ, असार र साउनतिर रोपिसकेर भदौ असोजसम्ममा गोडी कात्तिक महीनासम्ममा काटिन्छ। गहुँ मंसीर-पुसमा छरी वैशाख महीनातिर बाली उठाइन्छ। पाखोमा लाग्ने मुख्य बाली मकै, कोदो, घैया आदि हुन्। मकै फागुन - चैतमा छरेर वैशाख - जेठमा गोडमेल गरी असार - साउनतिर भाँचिन्छ भने कोदो साउन - भदौसम्ममा रोपी भदौ - असोजमा गोडेर कात्तिक मंसीरतिर बाली काटिन्छ।

मास, भटमास, मस्याङ, बोडी आदि सबै हिउँदे पाखे बाली हुन् । यो जिल्लाका बासिन्दाहरूको खुराकमा त्यस्ता दलहनको ठूलो महत्व छ। खुराकमा धेरै मात्रामा पौष्टिक तत्त्वहरू सोहीबाट उपलब्ध हुन्छ।

यो जिल्लामा वि.सं. २०२५ सालदेखि रासायनिक मलको प्रयोग हुन थालेको हो । विशेष गरेर गण्डकी कृषि विकास कार्यक्रम अन्तर्गत दक्षिणी भेकको १९ गाउँ पञ्चायतको इलाकामा रासायनिक मल जस्तै कम्प्लेसाल, युरिया, एमोनियम सल्फेट, पोटास आदि खेत बारीमा लगाउन थालिएकोछ। हालसम्म पनि

जिल्लाको अधिकांश भागमा गोबर, पात आदिबाट बनाइने मल नै प्रयोग हुन्छ । अक्सर खेत बारीमा मल छरेर जोत्ने गर्दछन् । स्थानीय मल प्रयोग गर्दा एक रोपनीमा अन्दाजी २५ डोकोसम्म हाल्दछन् । विभिन्न ठाउँमा मलको अभावले गर्दा बढी उत्पादन हुन सकेको छैन ।

फलोद्यान

यो जिल्लामा विभिन्न किसिमका फलफूलहरू पाइन्छन् । यहाँको विभिन्न उचाइमा उष्ण (ट्रपिकल) हावापानीमा पाइने फलफूलहरूदेखि ठण्डा शीतोष्ण (कोल्ड टेम्परेट) हावापानी हुने ठाउँमा पाइने फलफूलहरू पाइन्छन् ।

पहिलेदेखि यहाँको घरबारीमा सुन्तला, कागती, निबुवा, केरा, ज्यामिर, हलुवावेद आदि फलफूलहरू लगाउने गरिआएको छ । होचो बेंसीटारहरूमा सुन्तलाका बगैंचाहरू रहेका छन् । यहाँ फल्ने फलफूलहरू गाउँ गाउँमा विक्री गर्न सकिन्न । कुनै कुनै बजार सेवा उपलब्ध भएका ठाउँहरू जस्तै तार्कुघाट, चिसंखु, सुन्दरबजार, फले साँगु, खुदीबजार, कुन्छा आदि स्थानहरूमा केही मात्रामा सुन्तला, कागती, केरा, ज्यामिर आदि फलफूलहरू विक्री गरिन्छ ।

यता केही वर्षदेखि जिल्ला कृषि विकास कार्यालयबाट स्याउ, नासपाती, आरु, खुर्पानी आदि फलफूलहरूको बोट वितरण गरिएको छ । केही बोटहरूमा फलहरू फल्न लागिसकेका छन् तर यहाँ हालसम्म फलोद्यान विकास सम्बन्धी विशेष कार्यक्रम संचालन भइसकेको छैन ।

खाद्यान्न खेतीको लागि रहेका यहाँका पाखाबारीहरूमा फलफूलको बगैंचाहरू लगाउन सकेमा फलफूल खेतीलाई व्यावसायिक रूप दिन सकिने देखिन्छ । खासगरेर पृथ्वी राजमार्गसित जोडिने बेंसी सहर–डुम्रे (तनहुँ जिल्ला) मार्ग निर्माण भए पछि यहाँको बगैंचाहरूमा फलेका फलफूलहरूलाई काठमाडौं तथा पोखराको बजारमा बेच–बिखनको व्यवस्था मिलाउन सकिने देखिन्छ ।

पशुपालन

नेपाल अधिराज्यको अन्य पहाडी जिल्लाहरूमा झैं यो जिल्लामा पनि खेतीपातीको साथै पशुपालन गरिन्छ । खेत बारी जोत्ने र मल, गोरस, मासु आदिको लागि यहाँ पशुपालन गरिन्छ । जिल्लाका दक्षिणी भेकमा रासायनिक मल विक्री वितरण हुन थालेको भए तापनि मध्य तथा उत्तरी भेकमा जमीनको उत्पादकत्वलाई बचाउन वस्तुको मल मात्र उपलब्ध हुन सक्छ । अतः धेरैजसो कृषकहरूले यस भेकमा गोरु, गाई, भैंसी, बाख्रा पालेका हुन्छन् । धेरै मानिसले गाई भैंसीको दूधबाट घ्यू बनाई आफूले खाने तथा पैसाको लागि बेच्ने गर्दछन् । यहाँका कैयौं कृषक परिवारहरूले घ्यू र बाख्रा बेचेर आफूलाई तथा आफ्नाछोरा छोरीलाई दशैं तिहारमा नयाँ लुगा दिने र नन मट्टीतेलको आवश्यकता पूरा गर्ने गर्दछन् ।

यो जिल्लाको पशुपालनमध्ये आर्थिक दृष्टिकोणले सबभन्दा बढी महत्वपूर्ण भेडा पालन मान्नु पर्दछ । हुनत गाई, भैंसीको मल नै यहाँको कृषि उत्पादनको महत्वपूर्ण आधार हो तर भेडा पालन गाई, भैंसी, बाख्रा जस्तो सहायक पेशाको रूपमा नभई एक पूर्ण आर्थिक व्यवसायको रूपमा लिन सकिन्छ । यो जिल्लाको इलम पोखरी, बराहपोखरी, रामश्रोङ, तेलब्रुङ, ताराचोक आदि उच्च डाँडाहरूमा पाइने चरणमा प्रशस्तमात्रामा भेडा पालन

गरिन्छ। यहाँ १२० जति भेडी गोठ छन्। एउटा गोठमा सरदरमा अन्दाजी २०० भेडाहरू हुन्छन्।

यहाँ पालिने भेडाहरू हिउँदमा होचो भागमा र वर्षामा उच्च भागमा सारिन्छन्। भेंडाको ऊनबाट बक्खु, काम्लो, राढी, पाखी आदि बुन्ने गरिन्छ। यता केही वर्षदेखि शिक्षाको प्रचारको कारण गोठालो जाने उमेरका केटाकेटीहरू विद्यालयमा पढ्न लागेकाले पनि भेडा गोठमा गोठालो जाने केटाहरूको अभावको कारण भेडा गोठहरू घट्दै गएका छन्। रोग फैलिनाको कारणले पनि भेडा गोठको संख्या घट्दैगएको हुँदा गुरुङहरूको आर्थिक अवस्थामा प्रतिकूल प्रभाव पर्न थालेको छ।

कृषि विकास

यो जिल्लामा जिल्ला कृषि विकास कार्यालयको स्थापना भइसकेको छ। आर्थिक वर्ष २०२५।२६ देखि यो जिल्लाको दक्षिणी भेकको १९ गाउँ पञ्चायत क्षेत्रमा गण्डक कृषि विकास आयोजना अन्तर्गत कृषि विकास सम्बन्धी कार्यक्रम संचालन गरिएको छ।

यो जिल्लामा कृषि विकासको ठूलो सम्भावना छ। यसको दक्षिणी भेकमा रहेको समथर टारहरूमा बिस्तारै बिस्तारै सिचाइको सुविधा पुऱ्याउन लागिएको छ। हालसम्म अधिक जमीनमा पक्की बाँध र कुलोको व्यवस्था भइसकेको छैन।

यहाँ कृषि विकास कार्यक्रम अन्तर्गत विभिन्न उन्नत बीउहरूको प्रचार र वितरण गरिएको छ। आर्थिक वर्ष २०२७।२८ मा गहुँको बीउ ६,००० के. जी., मकैको १,००० के. जी. प्रयोग भएको थियो। सोही साल फलफूलका ५,००० बिरुवाहरू पनि वितरण भएको थियो। उक्त सालमा४,५०० रोपनी जमीनमा उन्नत मकै बीउ र २,५००रोपनी गहुँको बीउले ढाकेको थियो र कुल६०,०००के.जी. रासायनिक मल प्रयोग भएको थियो। कीटमाशक औषधिको रूपमा सोही वर्ष फोलिडल १,२०० सी. सी., सिरसान २५ के. जी., फोलिडल धूलो ३०के. जी, डिप्लेक्स ५० के. जी. पनि प्रयोग भएको थियो।

यस जिल्लाको कृषि विकास कार्यक्रमको सिलसिलामा विभिन्न प्रकारका बीउ बीजन, रासायनिक मल, कीटनाशक औषधिको प्रयोग र पशु धनको विकासार्थ, उन्नत जातका चल्ला, माछा, सुंगुर, बाखा आदि सर्वसाधारण जनताहरूमा बिक्री वितरण गरिएका छन्।

सिचाइ

यो जिल्लामा भएको आवादी जमीनमध्ये अन्दाजी ५० प्रतिशत जमीनमा वर्षामा कच्ची कुलोद्वारा सिचाइ गरिन्छ। हिउँदे बालीको लागि आवश्यक पर्ने पानी ती कुलोहरूबाट प्राप्त हुँदैन। लगभग २० प्रतिशत जमीनमा हिउँदमा पनि सिचाइ हुन्छ। यो जिल्लाको दक्षिणी भेकमा रहेका समथर भूमिमध्ये हाँडेटार र रम्घा कुम्हाल टारमा पक्की कुलाहरू निर्माण भइरहेका छन। ती बाहेक बरेटार, भोर्नेटार, रागिनासटार आदि समथर जमीनमा सिचाइ व्यवस्था भइसकेको छैन।

यहाँ स्थानीय विकास कार्यक्रम अन्तर्गत केही गाउँ पञ्चायत स्तरका सिचाइ आयोजनाहरू प्रत्येक वर्ष कार्यान्वित भएका छन्। जिल्लाको अधिकांश उच्च पाखाहरूमा सिचाइको सन्तोषजनक व्यवस्था छैन।

सिचाइका सुविधा कम भएकोले यहाँको जमीनबाट सन्तोषजनक मात्रामा उत्पादन बढाउन सकेको देखिदैन। अतः अल्काटार, धमिलीकुवाटार, रागिनासटार आदि विशाल समथर भूमिमा सिचाइ गर्न चेपे खोलाको पानी लाई उपयोग गर्न सकिएमा जिल्लाको खाद्यान्न उत्पादनमा अभिवृद्धि हुने कुरो निश्चित छ।

कृषि ऋण

यहाँका अधिक गरीब किसानहरू आवश्यक कृषि ऋण स्थानीय साहू महाजनहरूबाट प्राप्त गर्दछन्। त्यसरी ठाउँ ठाउँमा लिने दिने ऋणको देखावटी व्याज दर १० प्रतिशत भए तापनि धेरै ठाउँमा पुरानै दर रेट कायम रहेको छ। यता केही वर्षदेखि तनहूँ खैरेनीटारमा रहेको कृषि विकास बैंकबाट यो जिल्लाको गण्डक कृषि विकास आयोजनाभित्र पर्ने १६ गाउँ पञ्चायतहरूका किसानहरूलाई कृषि ऋण वितरण गरिन्छ। उन्नत जातको बीज–बीजन, रासायनिक मल आदि ऋणको रूपमा दिई सो बाली भित्र्याउने बेला १० प्रतिशतका दरले साँवाव्याज असुल उपर गरिन्छ। फलफूल खेती र धान कुट्ने मिलहरू स्थापना गर्न ऋण उपलब्ध गराइएको छ। कृषि ऋणको स्रोत मानिने सहकारी संस्थाहरूको स्थापना पनि यहाँ भइसकेको छैन।

उद्योग

यहाँका बासिन्दाहरूले स्थानीय कच्चा सामानहरूमा आधारित असंगठित रूपका घरेलु उद्योग व्यवसायहरू चलाउँदै आएका छन्। घरेलु तथा ग्रामीण उद्योगलाई आधुनीकरण गर्न सकेको छैन। कृषि, वन, पशु पालन आदिबाट उपलब्ध हुने कच्चा सामानहरूमा आधारित विभिन्न व्यवसायहरू कृषि तथा अन्य व्यवसाय बाट फुर्सत पाएको बेलामा गर्ने गरिन्छ। यहाँ चलेको औद्योगिक व्यवसायहरू अधिक मात्रामा पारिवारिक स्तरमा संचालित छन्। धेरैले आफ्नै परिवारको आवश्यकता पूरा गर्ने तथा दिन काट्ने मेलाको रूपमा विभिन्न कामहरू गर्ने गर्दछन्। थोरै मानिसले मात्र व्यापारिक दृष्टिकोणले विभिन्न उद्योगहरू गर्ने गर्दछन्। यहाँको असंगठित कुटीर उद्योगलाई व्यापारिक रूपमा परिणत गर्न सकिएको छैन। जिल्लामा पहिलेदेखि कपासबाट कपडा बुन्ने भेडाको ऊनबाट काम्लो, राडी, पाखी, बक्खु बुन्ने, (हात्तीकाने सिस्नोको पाट) पुवाबाट भाङ्ग्रा बुन्ने, बाँस र निगालोबाट मान्द्रो, चित्रा, डोको, थुन्से, भकारी, नाङ्लो, नाम्लो, सोली, डालो, पेरुँगो आदि; पराल र छ्वाली बाट गुन्द्री, काठबाट भाँडाहरू आदि बनाउने उद्योगहरू चलाइआएका छन्। हाल कपास खेती प्रायः बन्द भइसकेको छ। विदेशबाट आउने धागो, कपास, सस्तो पर्न जाने र जनसंख्या वृद्धिको कारणले अधिक खाद्यान्नको आवश्यक परेकोले कपास खेती गरिने जग्गाहरूमा अन्नको खेती गर्नथालियो।

चोया, पुवा, पराल आदिबाट बन्ने अधिक सामानहरू आफ्नै घरायसी उपयोगको लागि प्रयोग हुन्छ। अतः त्यस्तो उद्योगबाट आर्थिक स्रोतको विशेष वृद्धि हुन जाने देखिन्न। अपर्याप्त जमीन भएका केही परिवारका मानिसहरू काम नहुने बेला पराल, चोया आदिबाट विभिन्न सामानहरू बनाई केही थप आम्दानी गर्दछन्।

आर्थिक दृष्टिकोणले हालसम्म पनि यो जिल्लाको सबभन्दा महत्वपूर्ण घरेलु उद्योग भेडाको ऊनबाट काम्लो, राडी, पाखी, बक्खु आदि बुन्ने हो। यहाँको बक्खु निकै बाक्लो हुन्छ र त्यसबाट पानी छिर्दैन। मानिसहरू टाढा हिँड्दा त्यही बक्खु ओढेर बाटोमा सुत्छन्। यो जिल्लाको लेकाली मानिसहरूले बक्खुलाई विभिन्न ऋतुको विभिन्न अवस्थामा प्रयोग गर्दछन्।

यहाँ तयार हुने ऊनका सामानहरू केही मात्रामा पोखराको बजारमा पनि निर्यात गरिन्छ।

यहाँका वनमा पाइने कागतेपाटबाट बनेका कागज पोखरा, नारायणगढ तथा काठमाडौंमा समेत बेच्न लैजाने गरिन्छ ।

यस जिल्लामा धान कुट्ने, मकै, गहुँ पिध्ने चारवटा मिलहरू छन् । पानीबाट चल्ने घट्टमा मकै कोदो, गहुँ पिध्ने पनि गरिन्छ ।

पर्यटन उद्योग

यो जिल्लाको पूर्व–उत्तर सीमानामा मध्य नेपालको सबभन्दा अग्लो हिमालय पर्वत मनासुलु लगायत हिमालचुली, बौद्ध र उत्तर तथा उत्तर–पश्चिम सीमाना लमजुङ हिमाल र अन्नपूर्ण हिमालयका उच्च चुलीहरू भएर पनि यहाँका बासिन्दाहरूले पर्यटन उद्योगबाट खास फाइदा पाउन सकेका छैनन् । हिमालय आरोहण गर्न आउने विदेशीहरूको भारी बोकेर केही मात्रामा आर्थिक लाभ हुन्छ । मनासुलु, हिमालचुली, लमजुङ हिमाल आदि पर्वतहरू चढ्न आउने पर्यटक बाहेक यो जिल्लामा अन्य पर्यटकहरूको आवत जावत नगण्य रहेको छ । गण्डकी अञ्चलको अन्य जिल्लाहरूमा जस्तै यहाँ पनि खान र बस्नको सुविधाको लागि चालू बाटोमा भट्टीहरू थापिएका छन् । धेरैजसो भट्टीहरू मुस्ताङ जिल्लाका मार्फा तिरबाट आएका थकालीहरूले सञ्चालन गरेका छन् । प्रायः जसो थकालीहरू ग्रीष्म ऋतु शुरू भएपछि थाकखोलामा फर्कने गर्दा भट्टीहरू पनि बन्द हुन्छन् ।

मनाङ जिल्ला जाने मुख्य बाटो यही जिल्लाको मर्स्याङदी नदीको किनार हुँदै जाने हुँदा तार्कुघाट बजार, भोटेबजार, फलेसाँगु, बेंसी शहर, खुदी बजार, भुलभुले, बाहुनडाँडा आदि स्थानमा मनाङ जाने र त्यहाँबाट फर्कने यात्रुहरूबाट खाना, बास तथा अन्य किनमेलको सिलसिलामा केही रकम प्राप्त हुन्छ ।

व्यापार

यो जिल्लाको विभिन्न ठाउँमा स्थायी बजारहरू छन् । तर बजारबाट टाढा रहेका उच्च गाउँहरूमा केही अंशमा वस्तु विनिमय व्यापार पनि प्रचलनमा रहेको छ । यहाँ को प्रमुख बजारहरुमा सीसाघाट बजार (अक्सर हिउँदमा मात्र हुने) चिसंखु खहरे बजार, कुञ्छा बजार, सुन्दर बजार, तार्कुघाट बजार, फलेसागु, बेंसी शहर, खुदी बजार, भुलभुले, गौंडा, तीनपीपले अल्काटार आदि प्रमुख हुन् । ती बजारहरूमा दैनिक उपभोगका सामानहरू सीमित मात्रामा बेचबिखन हुन्छ ।

यो जिल्लाका विभिन्न बजारमा बेच्न ल्याइने दैनिक उपभोगका सामानहरू नारायणगढ बजार, डुम्रे, तथा पोखराबाट ल्याइन्छ । यस जिल्लाका पश्चिमी भेकका मानिसहरूले पोखराबाट सामान ल्याउँछन् । पूर्वी भेकका व्यापारीहरूले नारायणगढ र हाल डुम्रेबाट ल्याउने गर्दछन् । हाल गाउँमा समेत एक दुई खुद्रा विक्रेताहरूले साना–साना पसलहरू थाप्न थालेका छन् ।

यहाँ आयात हुने सामानहरू मुख्यतया नून, मट्टीतेल, साबुन, खानेतेल, चुरोट, सलाई, चिनी, टर्च, टर्चको मसला, लुगा, कपडा, जुत्ता, सिंगारको सामग्री आदि हुन् ।

त्यस्तै निकासी हुने सामानहरू मुख्यतया घ्यू, ऊनबाट बनेको काम्लो, पाखी, राडी, बक्खु आदि र जरीबूटीहरू, कागज, बदाम, लसुन, मकै, धान, गहूँ, भटमास आदि हुन् ।

यहाँको खास व्यापार घाटामा चलेको छ। यहाँबाट कम रकमको सामान निकासी हुन्छ र धेरै रकमको पैठारी हुन्छ। उक्त घाटा विदेशी, जङ्गी तथा अन्य सेवामा लागेका लाहुरेहरूले गर्ने आम्दानीको रकममध्येबाट पूर्ति हुने देखिन्छ।

यहाँको बासिन्दाहरूको मुख्य पेशा कृषि नै हो तापनि पशुपालनबाट प्राप्त हुने ऊनमा आधारित उद्योग र स्वदेशी तथा विदेशी सैनिक सेवा आदि यहाँको आर्थिक सन्तुलन कायम राख्न निकै महत्वपूर्ण सहायक पेशा भएका छन्। वि. सं. २०२८ मा लिइएको राष्ट्रिय जनगणना अनुसार यहाँ विभिन्न व्यवसायहरूमा लागेका मानिसहरूको तथ्याङ्क यसप्रकार छः–

व्यवसाय	व्यवसायमा लागेका संख्या	प्रतिशत
कृषि, वन पशुपालन आदि	६१,६९१	९८.५०
उद्योग धन्धा आदि	२९७	०.४७
व्यापार	२०५	०.३३
यातायात, सञ्चार तथा निर्माण	१८	०.०३
लगानी तथा व्यापारिक सेवा व्यक्तिगत तथा सामाजिक सेवा	४१७	०.६७
	जम्माः– ६२,६२८	१००.००

यो जिल्लामा १० वर्ष र सोभन्दा माथि उमेर पुगेका कुल जनसंख्या १,०६,१८४ मध्ये ६२,६२८ अर्थात् ५९.० प्रतिशत मानिसहरू आर्थिक लाभ हुने काममा सक्रिय रहेको देखिन आउँछ। उपर्युक्त तालिकानुसार आर्थिक व्यवसायमा सक्रिय जनसंख्यामध्ये ६१,६९१ अर्थात् ९८.५ प्रतिशत कृषि, पशुपालन, वन आदि प्रारम्भिक व्यवसायमा लागेका छन्। अन्य व्यवसायहरूमा नगण्य रूपमा लागेको देखिन्छ।

यातायात र सञ्चार

यातायात

यो जिल्ला यातायातको दृष्टिकोणले गण्डकी अञ्चलको सबभन्दा अविकसित जिल्लाहरूमा गणना हुन्छ । धेरै उच्च डाँडाहरू र कैयौं नदी–खोलाहरूले भरिएको हुँदा यहाँको आन्तरिक पैदल यातायात पनि कष्टदायक नै छ। हालसम्म यहाँ आधुनिक अर्थात् यान्त्रिक यातायातको विकास भएको छैन । हालसालै पृथ्वी राजमार्गको डुम्रेबाट यो जिल्लाको सदरमुकाम जोड्ने सडक निर्माण सम्बन्धी प्रारम्भिक कार्यहरू हुन लागेका छन् । यहाँका मानिसहरूको आवत जावतको लागि गोरेटो, घोडेटोहरू मात्र उपलब्ध छन् । यहाँका मूल पैदल बाटोहरूमा कतिपय ठाउँहरूमा पर्ने ठूला नदी खोलाहरूमा गतिला पुल, साँगुहरू नभएकाले आवत जावत गर्न डरलाग्दो छ । मालसामान ढुवानीको माध्यम यहाँ घोडा तथा मानिस नै रहेको छ ।

राजधानी शहर काठमाडौंबाट लमजुङ जिल्लामा दुई किसिमले पुग्न सकिन्छ ।

१. हवाइ जहाजबाट पालुङटार अथवा पोखरा गई ती स्थानहरूबाट घोडा वा पैदल ।

२. पृथ्वी राजमार्ग भई डुम्रे अथवा दमौलीबाट घोडा वा पैदल । निकट भविष्यमा पृथ्वी राजमार्गको डुम्रे बजारबाट बेंसी शहर जोड्ने सडक मार्गको निर्माण भएपछि लमजुङले पनि यान्त्रिक यातायात सेवा प्राप्त गर्नेछ ।

काठमाडौंबाट हवाइ जहाजमा पालुङटार भई जाँदा नजीक पर्दछ र छिटो पुगिन्छ । पालुङटारबाट यो जिल्लाको सदरमुकाम बेंसी शहर पुग्न अन्दाजी छ घण्टा पैदल हिंड्नु पर्दछ । पोखराबाट हिंड्दा लमजुङको चिसंखु खहरे बजार पुग्न अन्दाजी सात घण्टा लाग्छ । पालुङटारबाट जाँदा चेपे खोला र मर्स्याङ्दी नदीलाई बेपेघाट, सिङ्गीबाटामा तर्नु पर्दछ । ती दुवै स्थानमा झोलुङ्गे पुलहरूको निर्माण गरिएका छन् । पोखराबाट जाँदा मादी नदीलाई धुलेपुल अथवा डुङ्गाबाट तर्नुपर्दछ । खहरे बजार अथवा भोर्लेटारबाट बेंसी शहर पुग्न अन्दाजी १० घण्टा पैदल हिड्नु पर्दछ ।

डुम्रेबाट बेंसी सहर पैदल बाटोबाट जाँदा अन्दाजी १० घण्टा लाग्दछ । डुम्रेबाट पृथ्वी राजमार्गको सहायक सडकको रूपमा बेंसी शहरसम्म मोटर सडकको निर्माण हुने योजना छ । उक्त योजना पूरा भएपछि लमजुङको सदरमुकाममा मोटर यातायातको सुविधा प्राप्त हुनेछ ।

हाल लमजुङमा आवागमनको लागि गोरेटो घोडेटोहरू मात्र छन् । जिल्लामा एक ठाउँबाट अर्को ठाउँ जाने अनगिन्ती गोरेटो तथा घोडेटोहरू छन् । पोखरा तथा तनहूँबाट मनाङ जाने घोडेटोहरू यही

जिल्ला भएर गएका छन् । यस जिल्लाको मर्स्याङदी नदीको किनाराको बाटो बढी प्रचलित छ । अर्को बाटो घनपोखरा हुँदै तेलबुङ डाँडा भएर लमजुङ हिमालस्थित अन्दाजी ५,४८६ मिटर (१८,००० फीट) उच्च भञ्ज्याङ नाघेर जान्छ । मर्स्याङदी नदीको किनारबाट मनाङ जाने बाटो यो जिल्लाको बेंसी शहर हुँदै गएको छ । उक्त घोडेटोमा बेंसी शहरसम्म खास कुनै अप्ठ्यारो भाग पर्दैन । अरू बाटो खुदी बजारमा खुदी खोलामाथि एउटा पक्की झोलुङ्गे पुल थापिएको छ । खुदी बजारदेखि अन्दाजी आधा कोस पूर्व भुलभुले नजीकै मर्स्याङदी नदीमाथि थापिएको झोलुङ्गे पुल भत्केकोले हाल बाँसको कच्चा धुले पुल थापिएको छ । यहाँ उत्तरबाट दक्षिण तर्फ बग्ने धेरै नदी खोलाहरूमा पुल साँगुहरू नभएको हुनाले पैदल यातायात सुगम छैन ।

यो जिल्लाको पूर्वी तथा पश्चिमी भागबाट सदरमुकाम बेंसीशहर पुग्ने मार्गहरू छन् । पूर्वी लमजुङको कल्लाबारीबाट बिचौर ठाँटी, चिती तिलाहार, बाँझाखेत हुँदै मर्स्याङदी नदी तरेर बेंसीशहर पुग्न सकिन्छ । पश्चिमी लमजुङबाट नामार्जुङ, याङ्गजाकोट, गोर्जे गिलुङ्ग आदि स्थान हुँदै बाग्लुङपानी निस्केर बेंसी शहर पुग्ने पैदल मार्ग छ । त्यस्तै पसगाउँ, भुजुङ्ग, घलेगाउँ, मालिङ्ग, भोंजेबाट पनि बाङ्लुङपानी खुदी बजार हुँदै सदरमुकाम पुग्ने बाटो छ । रम्घा, भोर्लेटार, सूर्यपाल, जिता, कुन्छा आदिबाट पनि तुर्लुङकोट, डुराडाँडा, पुरानो कोट हुँदै गाउँ शहर निस्केर बेंसीशहर जाने बाटो छ ।

यो जिल्लाको पश्चिमी सीमामा रहेका गाउँहरूको बढी सम्पर्क पोखराको बजारसित रहेको छ । ती स्थानहरूबाट भगवतीको पुल, खहरे बजारको धुले-साँगु भएर पोखरा जाने गरिन्छ ।

यो जिल्लाको उत्तरमा मर्स्याङदी नदीको किनारस्थित ताग्रिङ्ग, ठूलीबेंसी भीरपुस्तुन (बाहुन डाँडा) आदि स्थानहरूबाट सदरमुकाम जाँदा मर्स्याङदीको किनारबाट जाने मूल घोडेटो भएर जान सकिन्छ ।

डुम्रे–बेंसीशहर मोटर सडक

पृथ्वी राजमार्गको डुम्रेबाट मर्स्याङदी नदीको किनारै किनार बेंसीशहरसम्म एउटा सहायक मोटर सडक बनाउने श्री ५ को सरकारको कार्यक्रम छ । उक्त सडकको कुल लम्बाई ५१ किलोमिटर अर्थात् अन्दाजी १६ कोस लामो हुनेछ । यस सडकले दक्षिणी लमजुङको चौतर्फी विकासमा ठूलो टेवा दिंदै यसले बरेटार, सिउडीटार, तार्कुटार, रागिनासटार, धर्मिलिकुवाटार, अल्काटार, हाँडेटार आदि समथर कृषियोग्य भूमिमा सिचाइ, बीज, बिजन र मलखादको प्रबन्ध गर्न थप लगानीको सम्भावना बढाउन सजिलो गराउनेछ । साथै उत्तरी भेकको क्षेत्रतिर र डुम्रे–पोखरा–काठमाडौंको बजारमा समेत उत्पादित खाद्यान्न पुऱ्याउन सकिने छ । अतः उक्त सडकको निर्माण भएपछि यस जिल्लाका किसानहरू प्रशस्त मात्रामा लाभान्वित हुनेछन् ।

उक्त सडक बनाउन चुदी खोला, फाउँदी खोला,पाउँदी खोला लगायत अन्य सा–साना खोलाहरूमा समेत गरी जम्मा २१ वटा पुलहरू, ३७ वटा पुलेसाहरू र आठ वटा कजवेहरूको आवश्यकता पर्दछ । सडक विभागबाट गरिएको प्रारम्भिक सर्वेक्षणको प्रतिवेदनअनुसार डुम्रेबाट बेंसीशहरसम्मको जम्मा ५१ किलोमिटरको निर्माणको कुल खर्च सात करोड रुपयाँ जति लाग्ने अनुमान छ ।

दमौलीबाट भोर्लेटार जाने प्रस्तावित सडकमा कलेस्ती, रिस्ती, पिस्ती आदि खोलाहरूमा पुल थाप्नु पर्ने हुन्छ । त्यस बाहेक अन्य ठूला खोलाहरू नपर्ने भएकोले र प्रायः जसो मादी नदीको बाँया किनारबाट लैजाने

प्रस्तावित सडक पाउँदी खोला दक्षिणी किनारबाट लगेमा कुनै ठूलो पुलको आवश्यकता पर्दैन । ती दुई सडकहरू निर्माण भएमा लमजुङको दक्षिणी भेक र तनहूँको मध्य तथा उत्तरी भागमा एउटा महत्वपूर्ण चक्रपथ तयार हुन जानेछ ।

उपर्युक्त सर्वेक्षणअनुसार बेंसीशहर–बाहुन डाँडा सडकको रेखाङ्कन दुई ठाउँहरूबाट हुन सक्छ–एक बेंसीशहर मर्कैडाँडा–खुदी हुँदै मर्स्याङदीमा पुल थापेर भुलभुले र अर्को बेंसीशहर मुनि मर्स्याङदीमा पुल थापेर बाँझाखेत–देवानथोक–सिमलचौर हुँदै भुलभुले अनि त्यहाँबाट उस्ता नजीक ङादी नदीमा पुल थापेर बाहुन डाँडा । त्यस प्रस्तावित सडकको अनुमानित लमाइ २६ किलोमिटर अर्थात् १६.३ माइल अर्थात् आठ कोस हुन्छ । उक्त सडकमा मर्स्याङदी र ङादीमा दुईवटा ठूला पुलहरूको आवश्यकता छ । बाहुन डाँडादेखि उत्तर सडकको सट्टा घोडेटो बनाइनु पर्दछ भन्ने मन्तव्य पनि सर्वेक्षण प्रतिवेदनमा दिइएको छ ।

यो जिल्लामा डुङ्गा खियाई नदी तार्न एउटा घाट छ । उक्त घाट जिल्लाको पश्चिम दक्षिण कुना सीसाघाटमा रहेको छ । सो घाटनिर एउटा सानो बजार पनि बसेको छ । जिल्लामा धेरै नदी खोलाहरू भए तापनि अधिकांश नदी खोलामा डुङ्गा लाग्दैन ।

सञ्चार

हुलाक

यो जिल्लामा जम्मा २१ वटा विभिन्न हुलाक कार्यालयहरू छन् । तीमध्ये चार वटा छोटी हुलाकहरू कुञ्छा बजार (कुञ्छा आम डाँडा गाउँ पञ्चायत), खुदी बजार (खुदी बेनी गाउँ पञ्चायत), गौंडा बजार (गौंडा गाउँ पञ्चायत) र फलेसाँगु बजार (चिती आमडाँडा गाउँ पञ्चायत) मा रहेका छन् । बाँकी १० वटा अतिरिक्त हुलाक र सातवटा सहकारी हुलाकहरू निम्नस्थानमा रहेका छन्ः–

हुलाकको नाम र स्थान		गाउँ पञ्चायत
अतिरिक्त हुलाक,	गाउँ शहर	बेंसी शहर
अतिरिक्त हुलाक	सोती पसल	टक्सार
अतिरिक्त हुलाक	भोर्लेटार	भोर्लेटार
अतिरिक्त हुलाक	तार्कुघाट	रागिनास शिखू
अतिरिक्त हुलाक	बाग्लुङपानी	बाग्लुङपानी
अतिरिक्त हुलाक	सुन्दरबजार	तार्कुघाट ठाँटी
अतिरिक्त हुलाक	घनपोखरा	घनपोखरा
अतिरिक्त हुलाक	बाहुन डाँडा	बाहुन डाँडा
अतिरिक्त हुलाक	भिलुङ	भिलुङ
अतिरिस्त हुलाक	याङजाकोट	याङजाकोट
सहकारी हुलाक	बिचौर	बिचौर

सहकारी हुलाक	फलेनी	फलेनी
सहकारी हुलाक	अल्काटार	अल्काटार
सहकारी हुलाक	बाखूं जगत	नाल्मा
सहकारी हुलाक	दुराडाँडा	चन्द्रेश्वरी
सहकारी हुलाक	नादीधार	पाखुरी कोट
सहकारी हुलाक	भोटेवडार	सिउँडीबार

यो जिल्लामा एक वर्षमा अन्दाजी १,१८,००० चिट्ठी पत्रहरू भित्रिने र ७०,००० जति यहाँबाट बाहिरिने गर्दछन् । सैनिक सेवामा विदेश गएका मानिसहरू र तिनका परिवारहरूका बीच धेरै चिट्ठी पत्रहरू आदान प्रदान हुन्छन् ।

आकाशवाणी

यो जिल्लामा एउटा आकाशवाणी केन्द्र छ । उक्त केन्द्र कुञ्छा बजारमा रहेको छ । उक्त केन्द्रबाट गण्डकी अञ्चलका अन्य जिल्लामा रहेका केन्द्रहरू तथा काठमाडौं स्थित केन्द्रसँग सीधा सम्पर्क कायम हुन्छ । उक्त केन्द्र पहिले सदर मुकाम कुञ्छा हुँदा यहाँ राखिएको हो ।

टेलिफोन

काठमाडौंबाट पोखरा जाने टेलिफोन लाइन यो जिल्ला भएर गएको छ । उक्त लाइनको कुञ्छा बजारमा एउटा रिसिभर राखिएको छ । त्यहाँबाट पहिले पालुङ्टार, आरुवाट लगायत काठमाडौं र पोखरासँग सम्पर्क हुन्थ्यो । हाल बीचवीचमा लाइनमा गडबडी भएकोले पालुङ्टार र आरुघाटसँगमात्र सम्पर्क हुन्छ । उक्त टेलिफोन रिसिभर कार्यालयले सर्वसाधारणको सुविधाको लागि खबरहरू आदान प्रदान गर्ने गरेको छ । प्रत्येक अन्तरदेशीय खबरको एक अक्षरको पाँच पैसा र अंग्रेजी लवजको १५ पैसाको दरले महसूल लिइन्छ । उक्त टेलिफोनबाट कुरा गर्दा प्रत्येक मिनेटको रू. पाँच दरले महसूल लिइन्छ ।

उक्त टेलिफोनको सुविधा २००७ वैशाख १८ गतेदेखि सर्वसाधारणलाई उपलब्ध गराइएको हो । हाल उक्त टेलिफोन दूर सञ्चार समितिले सञ्चालन गरेको छ ।

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

करीब दुई दशक यतादेखि यहाँका केही चेतनशील युवकहरूल अशिक्षा र अज्ञानतालाई हटाई ज्ञानको नयाँ ज्योति बाल्न गरेको अविस्मरणीय प्रयासको फलस्वरूप हाल यहाँ शिक्षाको क्षेत्रमा ज्यादै नै उत्साहवर्धक प्रगति हुन गएको छ। सर्व साधारण जनताले शिक्षाको प्रचार र विकासमा गहिरो अभिरुचि लिन लागका छन्। शिक्षाको क्षेत्रमा भएको उत्तरोत्तर प्रगतिको प्रभाव स्थानीय जनजीवनमा स्पष्टतया पर्न लागेको छ। श्री ५ को सरकाबाट राष्ट्रव्यापीस्तरमा सञ्चालित शिक्षा विकास सम्बन्धी कार्यक्रमको कार्यान्वियनमा जनताल सहयोग गरेका छन्। सोही कारणले गर्दा यहाँ विद्यालयहरूको संख्यामा अत्यधिक वृद्धि भएको छ।

यो जिल्लाको शैक्षिक क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ। दुराडाँडास्थित माध्यमिक विद्यालय यस जिल्लाको पहिलो माध्यमिक विद्यालय हो। उक्त विद्यालय जनसहयोगबाट वि. सं. २००८ सालमा सञ्चालन गरिएको हो। यहाँ निम्नमाध्यमिक र धेरै प्राथमिक विद्यालयहरू पनि छन्। वि. सं. २०२८ मा लिइएको राष्ट्रिय जनगणनानुसार यो जिल्लामा जम्मा २१,२०६ साक्षर छन्। उक्त संख्यामा जिल्लाको छवर्ष र सोभन्दा माथि उमेर पुगेका कुल जनसंख्या १,२०,०२८ को १७.७ प्रतिशत छ। यहाँको कुल साक्षर जनसंख्यामध्ये २,३५० अर्थात् ११.१ प्रतिशत महिला र १८,८५६ अर्थात् ८८.९ प्रतिशत पुरुष छन्। यो जिल्लाको छ वर्ष र सोभन्दा माथिको पुरुष जनसंख्या ५८,७९३ मध्ये ३२.१ प्रतिशत साक्षर छन्। सोही उमेरका महिला जनसंख्या ६१,२३५ मध्ये ३.८ प्रतिशत मात्र साक्षर छन्।

यहाँ पुरुषहरूको दाँजोमा महिलाहरू बढी निरक्षर हुनुको मुख्य कारण छोरी-चेलीहरूलाई लोग्ने छोराहरूसँगै राखेर वा अलग्गै पनि विद्यालयमा पठाउन हुँदैन भन्ने धारणा अझसम्म प्रबल रहेकोले हो। हालसालै मध्य तथा उत्तरी भेकका मानिसहरूले आफ्ना छोरी-चेलीहरूलाई विद्यालयमा पढाउन थालेका छन्। दक्षिण भेकमा जहाँ जिल्लाको बढी विद्यालयहरू छरिएका छन्, पुरुषहरूको अनुपातमा निकै कम मात्र महिलाहरूलाई विद्यालय पठाउने गरेका छन्।

यो जिल्लाको कुल साक्षर जनसंख्या विभिन्न उमेर समूहहरूमा निम्नानुसार छः—

साक्षरताको तालिका

	पुरुष			महिला			जम्मा		
उमेर समूह	जम्मा	साक्षर संख्या	प्रतिशत	जम्मा	साक्षर संख्या	प्रतिशत	जम्मा	साक्षर संख्या	प्रतिशत
६– ९	६,८८२	१,२९४	१८.८	६,९६२	३४५	५.०	१३,८४४	१,६३९	११.८
१०–१४	८,५७४	३,८२९	४४.७	८,०२३	७१०	८.८	१६,५९७	४,५३९	२७.३
१५–१९	७,१५०	३,१८९	४४.६	७,६९०	५००	६.५	१४,८४०	३,६८९	२४.९
२०–२४	५,४८९	२,१४८	३९.१	६,६४०	२४०	३.६	१२,१२९	२,३८८	१९.७
२५–२९	४,६५५	१,५५६	३३.४	५,५४३	१४८	२.७	१०,१९८	१,७०४	१६.७
३०–३४	४,७४७	१,७४२	३६.७	४,८९९	१११	२.३	९,६४६	१,८५३	१९.२
३५–३९	४,५६८	१,३३१	२९.१	४,४०६	६८	१.५	८,९७४	१,३९९	१५.६
४०–४४	४,१०१	१,१५१	२८.१	३,९५२	८४	२.१	८,०५३	१,२३५	१५.३
४५–५४	५,६९६	१,४१०	२४.८	५,६५२	७४	१.३	११,३४८	१,४८४	१३.१
५५–६४	३,९७३	७६४	१९.२	४,२६५	४२	१.०	८,२३८	८०६	९.८
६५ र माथि	२,९५८	४४२	१४.९	३,२०३	२८	.९	६,१६१	४७०	७.६
जम्माः–	५,८७९३	१८,८५६	३२.१	६१,२३५	२,३५०	३.८	१,२००२८	२१,२०६	१७.७

उपर्युक्त तालिकानुसार यो जिल्लाको साक्षर जनसंख्या १० वर्षदेखि २४ वर्षसम्मको उमेर समूहमा बढी छ। उक्त उमेर समूहको छ वर्ष र सोभन्दा माथि उमेर पुगेका कुल जनसंख्या ४३,५६६ मा साक्षर संख्या १०,६१६ अर्थात् २४.४ प्रतिशत छ।

यहाँ २०३० पुसदेखि राष्ट्रिय शिक्षा योजना लागू गरिएको छ। शिक्षा योजना लागू गरिएपछि यहाँको शिक्षण संस्थाहरू तथा विद्यार्थी संख्यामा प्रशस्त वृद्धि हुन गएको छ। साथै विद्यालयहरूको सञ्चालन राम्रो हुन गएको छ। यो जिल्लामा प्राथमिक विद्यालयहरूको कुल संख्या १६१ छ। शिक्षा योजना लागू हुनु अगाडिसम्म यहाँ जम्मा १२८ विद्यालयहरू थिए। सोमध्ये १०१ प्राथमिक विद्यालयहरूलाई स्थायी स्वीकृति प्राप्त भई श्री ५ को सरकारबाट आर्थिक सहायता उपलब्ध थियो। बाँकीमध्ये १८ अस्थायी स्वीकृति प्रदान गरिएको थियो र नौ वटा पूर्ण सरकारी भाषा पाठशालाहरू थिए। यहाँ जम्मा ३१ निम्न माध्यमिक तथा ११ माध्यमिक विद्यालयहरू छन्। शिक्षा योजना लागू हुनुभन्दा पहिले यहाँ जम्मा १० निम्न माध्यमिक विद्यालयहरू मात्र थिए।

यो जिल्लाको प्रत्येक गाउँ पञ्चायतमा घटीमा एउटा प्राथमिक विद्यालय सञ्चालन गरिएको छ। धेरैंजसो गाउँ पञ्चायतहरूमा दुई विद्यालयहरू छन्। कुनै कुनैमा तीन-चार प्राथमिक विद्यालयहरू छन्। यहाँको

कुनै कुनै निम्न माध्यमिक विद्यालयहरूमा एकदेखि सात कक्षासम्म सञ्चालन गरिएका छन् । यहाँको ३१ निम्न माध्यमिक विद्यालयहरू जिल्लाभरी फैलिएका छन् । तर यहाँको माध्यमिक विद्यालयहरू अधिक मात्रामा जिल्लाको दक्षिणी भेकमा छरिएका छन् । यहाँका माध्यमिक विद्यालयहरू अल्काटार, चिती तिलाहार तार्कुघाट, भोटेवडा, र गाउँशहर, खुदी, धुस्यानी, कुञ्छा आम डाँडा, दुरा डाँडा, भोर्लेटार र मकैखोलामा रहेका छन् ।

यहाँ २०३१ साल वैशाखमा उपर्युक्त ११ माध्यमिक विद्यालयहरूमा अध्ययन गरिरहेका जम्मा ८४२ छात्र–छात्राहरूमध्ये ७९९ छात्र र ४३ छात्रा छन् । त्यस्तै यहाँका ३१ वटा निम्न माध्यमिक विद्यालयहरूमा २,१०० छात्र र १९३ छात्रा गरी २,२९३ तथा १६१ प्राथमिक विद्यालयहरूमा ६,४३५ छात्र र १,४४४ छात्रा गरी जम्मा ७,८७९ अध्ययन गरिरहेका छन् । यसबाट जिल्लामा भएको विभिन्न तहका विद्यालयहरूमा जम्मा ११,०१४ छात्र छात्राहरू पढिरहेका छन् भन्ने देखिन्छ ।

यहाँको विभिन्न विद्यालयहरूमा कुल ६०५ जना शिक्षक शिक्षिकाहरूले अध्यापन गरी आएका छन् । तीमध्ये माध्यमिक विद्यालयहरूमा काम गर्ने १३८ मध्ये १० जना तालीम पाएका छन् । त्यस्तै निम्न माध्यमिक विद्यालयहरूमा काम गरिरहेका कुल १४८ जनामध्ये ३० जनाले तालीम पाएका छन् । उपर्युक्त दुवैतहको विद्यालयहरूसा काम गरिरहेका शिक्षक, शिक्षिकाहरूमध्ये केहीबाट सम्बन्धित विद्यालयहरूमा प्राथमिक कक्षाहरू समेतको पठन पाठन हुने भएकोले प्राथमिक शिक्षक, शिक्षिकाको रूपमा पनि काम गरिरहेका छन् । त्यस बाहेक यहाँको १६१ प्राथमिक विद्यालयहरूसा २८९ जनाले काम गरिरहेका छन् । तिनीहरूमध्ये ७९ जनाले तालीम लिएका छन् ।

यो जिल्लामा प्रौढ कक्षाहरू पनि सञ्चालन गरिएका छन् । आर्थिक वर्ष २०२९।३० मा यहाँ ७८ वटा प्रौढ साक्षर कक्षाहरू सञ्चालन गरिएका थिए । यता केही वर्षदेखि कक्षाहरू लोकप्रिय हुन गएका छन् । साथै उत्तरी भेकमा सञ्चालन हुने प्रौढ कक्षाहरूमा महिलाहरूले पनि भाग लिन थालेका छन् । केही गुरुङ गाउँहरूमा परम्परागत रोदी घरहरूमा पनि प्रौढ शिक्षाका कक्षाहरू सञ्चालन गरिन्छन् ।

वि. सं. २०२८ को राष्ट्रिय जनगणनानुसार यस जिल्लाको कुल जनसंख्यामध्ये छ वर्ष र सोभन्दा माथि उमेर पुगेका जम्मा संख्या १,२०,०२८ मा विभिन्न स्तरको शैक्षिक संस्थाहरूमा प्रवेश भइरहेका शिक्षार्थीहरूको संख्या८,५२७रहेको देखाइएको छ । तीमध्ये प्राथमिक स्तरमा ५,९३३ ; निम्न माध्यमिक स्तरमा१,६३२ ; माध्यमिक स्तरमा ८११ ; इन्टरमिडियट स्तरमा ११६ ; स्नातक स्तरमा २९ र स्नातकोत्तर स्तरमा छ जना छन् । ती बाहेक उपर्युक्त उमेर पुगेका जनसंख्यामा शिक्षा हासिल गरी व्यवसायमा लागिसकेका व्यक्तिहरू पनि छन् ।

स्वास्थ्य

यो जिल्लामा आधुनिक स्वास्थ्य सेवा सम्बन्धी सीमित कार्यक्रमहरू मात्र सञ्चालन गरिएका छन् । यहाँ धामी झाँक्रीको जडातनवादी उपचारहरू व्यापक रूपमा चलेका छन् । कोही कोहीले स्थानीय वनस्पतिहरूलाई औषधि-मूलोको रूपमा प्रयोग गर्दछन् ।

जिल्लाको पूर्वी सीमानापारी गोरखा जिल्लाको लिगलिगकोट नजीकै रहेको आँप पीपल डाँडामा एउटा मिशन अस्पताल रहेको छ। पूर्वी लमजुङका निवासीहरू उपचारको लागि उक्त अस्पतालमा जाने गर्दछन्।

जिल्लाको सदरमुकाम बेंसी शहरमा एउटा स्वास्थ्य केन्द्र रहेको छ। सदरमुकाममा रहेको स्वास्थ्य केन्द्र भएकोले उक्त केन्द्रमा जिल्लाको विभिन्न भेकबाट उपचारको लागि रोगीहरू आउने तथा ल्याउने गरिन्छ।

उक्त केन्द्र बाहेक यो जिल्लामा निम्नस्थानहरूमा स्वास्थ्य चौकीहरू रहेका छन्:—

१. खुदी बजार
२. साल्मे भञ्ज्याङ
३. कुन्छा बजार
४. गौंडा
५. चिसंखु खहरे बजार
६. याङजाकोट

साथै तल उल्लिखित स्थानहरूमा आर्थिक वर्ष २०३०।३१ भित्र थप स्वास्थ्य चौकीहरूको स्थापना गरिने कार्यक्रम रहेको छ :—

१. चौयाबोट (चिति तिलाहार)
२. सातबिसे बगचा (अलकाटार)
३. चिहान पाटा (चन्द्रेश्वर दुरा डाँडा)
४. बिचौर ठाँटी (बिचौर)
५. सोती पसल (सूर्यपाल)

उपर्युक्त चालू तथा प्रस्तावित स्वास्थ्य केन्द्र र चौकीहरू बाहेक यो जिल्लामा दुईवटा आयुर्वेदीय औषधालयहरू तार्कुघाट बजार र बाहुन डाँडामा रहेकाछन्। ती औषधालयका कविराजहरूले केन्द्रीय वैद्यखानामा तयार गरिएका औषधिहरूको साथै स्थानीय वन पाखामा पाइने जरीबूटीहरूको प्रयोग पनि गर्ने गरेका छन्।

यो जिल्लामा धामी,झाँक्रीबाट औषधोपचार गराउने चलन हालसम्म पनि व्यापकरूपमा रहेतापनि आधुनिक उपचार र रोगादिको रोकथाम सम्बन्धी कार्यहरूमा जनविश्वास बढ्दै गएको देखिन्छ। साधारणतया यहाँका मानिसहरूमा पानीबाट हुने पेट सम्बन्धी विभिन्न किसिमका जूका, झाडा, आउँ-रगत आदि रोग हुन्। पौष्टिक आहारको अभावको कारण क्षयरोग जस्तो रोग पनि लागदछ। उच्च डाँडाहरूमा निकै जाडो हुने भएकोले त्यहाँ बसोबास गर्ने मानिसहरू ब्रोङकाइटिस, निमोनिया आदि रोगहरूद्वारा पनि सताइएका छन्।

बेंसी शहरस्थित स्वास्थ्य केन्द्रमा परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी एउटा चिकित्सा केन्द्र सञ्चालन गरिएको छ। आर्थिक वर्ष २०३०।३१ मा थप चिकित्सा केन्द्रहरू स्थापना गर्ने कार्यक्रम छ।

यो जिल्लामा विभिन्न रोगहरूलाई रोकथाम गर्ने सिलसिलामा बिफर उन्मूलन, औलो उन्मूलन आदि कार्यक्रमहरू पनि सञ्चालन गरिएका छन्। बिफर उन्मूलनको सिलसिलामा जिल्लाव्यापी रूपमा खोपाउने कार्य भइराखेको छ। बिफर उन्मूलन जिल्ला कार्यालय सुन्दरबजारमा रहेको छ।

यहाँ औलो उन्मूलन सम्बन्धी कार्यक्रम पनि चालू नै रहेको छ । यहाँको जिल्ला औलो उन्मूलन कार्यालय अन्तर्गत जिल्लाको विभिन्न ठाउँमा चारवटा शाखा कार्यालयहरू छन् । फलतः यहाँका टार र बेंसीहरूमा औलोको प्रकोपको नियन्त्रण हुन गएकोले प्रशस्त मानिसहरू डाँडाहरूबाट बेंसी तथा टारहरूमा बसाइँ सर्न थालेका छन् ।

खानेपानी

यो जिल्लामा खानेपानीको स्रोत मुख्यतया, पधेंरो, कुवा, कुलो,खोला आदि हुन् । उच्च डाँडाहरूमा रहेको मूलको पानी स्वास्थ्यकर हुन्छ । यहाँका असंख्य डाँडा र पाखाहरूमा रहेका गाउँहरू नजीकै स्वस्थकर पानीको स्रोत नभएकोले खानेपानीको अभावको समस्या छ । केही उच्च डाँडाहरूमा रहेका गाउँहरूमा पानीका मूलहरू सुक्दै गएका हुनाले मानिसहरू बेंसीतिर झर्न लागेका छन् । यहाँका विभिन्न गाउँहरूको लागि स्वास्थ्यकर पानीको समस्यालाई समाधान गर्न गत १४ वर्षदेखि खानेपानी सम्बन्धी ५८ विभिन्न आयोजनाहरू सञ्चालन गरिएका छन् । ती आयोजनाहरूबाट अन्दाजी २०,००० जनतालाई खानेपानीको व्यवस्था भएको अनुमान छ । ती बाहेक श्री ५ को सरकारले यहाँको केही क्षेत्रमा केन्द्रीय स्तरमा खानेपानी सम्बन्धी आयोजनाहरू सञ्चालन गरेको छ । आर्थिक वर्ष २०३१।३२ मा रू. १,९५,०००। को लगतबाट बेंसी शहरमा पनि एउटा खानेपानी आयोजना सञ्चालन गर्ने कार्यक्रम छ ।

प्रशासन र पञ्चायत

नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ विकास जिल्लामा विभाजन गरी लमजुङलाई एक छुट्टै जिल्ला बनाउनुअघि यो जिल्लाको सम्पूर्ण भाग पोखरास्थित पश्चिम तीन नम्बर गोश्वारा मार्फत प्रशासित थियो।यहाँ रहेको माल कार्यालयवाट मनाङ जिल्ला इलाकाको समेत मालपोत उठाउने गरिन्थ्यो । हालसम्म पनि यहाँको अदालतले मनाङ जिल्लाको मुद्दाहरू हेर्ने गर्दछ । विकेन्द्रीकरण योजनाअनुसार ७५ जिल्लालाई प्रशासनिक जिल्लाको रूप दिएपछि यहाँको सदरमुकाम कुञ्छा बजारमा रहेको थियो । वि. सं. २०२५ देखि यहाँ पनि प्रमुख जिल्ला अधिकारीको कार्यालय रहेको छ । यो जिल्लाको सदरमुकाम २०२८ वैशाख ५ गतेदेखि कुञ्छा बजार बाट बेंसी शहरमा सरेको छ । यहाँका जिल्लास्तरीय कार्यालयहरू बेंसी शहर, कुञ्छा बजार तथा सुन्दर बजारमा रहेका छन् । प्रमुख जिल्ला अधिकारीको कार्यालय समेत यहाँ रहेका श्री ५ को सरकारको तथा अन्य कार्यालयहरू निम्न हुन् :–

कार्यालय	कार्यालय रहेको स्थान
प्रमुख जिल्ला अधिकारीको कार्यालय	बेंसी शहर
लमजुङ माल	बेंसी शहर
जिल्ला शिक्षा अधिकारीको कार्यालय	बेंसी शहर
कारागार कार्यालय	बेंसी शहर
निर्वाचन आयोग जिल्ला शाखा	बेंसी शहर
जिल्ला प्रहरी थाना	बेंसी शहर
मनाङ तथा लमजुङ जिल्ला अदालत	बेंसी शहर
जिल्ला भूमिसुधार कार्यालय	बेंसी शहर
सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालय	बेंसी शहर
कृषि विकास कार्यालय	कुञ्छा बजार
रेञ्ज कार्यालय	कुञ्छा बजार
जिल्ला औलो उन्मूलन कार्यालय	कुञ्छा बजार

जिल्लामा रहेका अन्य कार्यालयहरू:–

जिल्ला पञ्चायत कार्यालय	बेंसी शहर
आकाशवाणी कार्यालय	कुञ्छा बजार
टेलिफोन कार्यालय	कुञ्छा बजार

प्रहरी

यस जिल्लामा रहेका जिल्ला प्रहरी थाना कार्यालय अन्तर्गत निम्नलिखित प्रहरी चौकीहरू निम्नलिखित स्थानहरूमा छन्:–

प्रहरी चौकी	खुदी बजार
प्रहरी चौकी	गौंडा बजार
अस्थायी प्रहरी चौकी	कुञ्छा बजार

कारागार

जिल्लाको सदरमुकाम कुञ्छाबाट सरेपछि कारागार कार्यालय पनि बेंसी शहरमै सारी गाउँ पञ्चायत कार्यालय भवनमा राखिएको छ। २५ जना महिला र २५ जना पुरुष गरी ५० जना अट्ने छुट्टै दुई कोठा भएको पक्की कारागार बन्दैछ।

न्याय

यो जिल्लामा एउटा जिल्लास्तरीय अदालत रहेको छ। उक्त अदालतले मनाङ जिल्लाबासीहरूलाई समेत न्याय सम्बन्धी सेवा पुऱ्याएको छ। उक्त अदालतले जिल्लामा परेका सरकारवादी तथा दुनियावादी, फौजदारी र देवानी मुद्दाहरूमाथि आवश्यक कारवाही गर्दछ।

यहाँ एक सहायक सरकारी अभियोक्ताको कार्यालय पनि रहेको छ। यस कार्यालयले सरकारवादी हुने मुद्दाहरूको सम्बन्धमा अदालत र सम्बन्धित अधिकारीको समक्ष मुद्दा दायर गर्ने, बहस पैरवी गर्ने गर्दछ। साथै सरकारवादी हुने चोरी, डकैती, ज्यान आदि सम्बन्धी घटना हुँदा प्रहरीको साथै घटनास्थलमा गइ तहकीकात सरजमीन गरी अभियुक्त उपर मुद्दा चलाइने, नचलाइने बारे राय समेत पेश गर्दछ।

यहाँको अदालतमा मुद्दाहरू धेरै जसो जग्गा, लेनदेन, अंशबण्डा, कीर्ते, ठगी, लुटपीट, गाली–बेइजती, कुटपीट आदि हुन्। केही मात्रामा ज्यान सम्बन्धी, चोरी, करणी, निर्वाचन, भ्रष्टाचार आदि सम्बन्धमा पनि मुद्दाहरू पर्दछन्। विगत तीन वर्ष अर्थात् २०२७।२८ मा ३४७ वटा, २०२८।२९ मा ३६९ वटा र २०२९।३० मा ३०१ वटा विभिन्न किसिमका मुद्दाहरू परेका थिए।

पञ्चायत

यो जिल्लामा ६० वटा गाउँ पञ्चायतहरू छन् । यसलाई एकजना सदस्यले राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्द छन् । यहाँका अधिक गाउँ पञ्चायतहरू दक्षिणी तथा मध्यभागमा रहेका छन् ।

यहाँका गाउँ पञ्चायतहरूले आफ्ना इलाकामा विभिन्न किसिमका करहरू उठाउने गरेका छन् । ती गाउँ पञ्चायतहरूको आमदानीको स्रोत जिल्ला पञ्चायतलाई घरधुरीकर उठाइदिए बापत पाउने कमिशन, व्यापार कर, मेला बजार कर आदि हुन् । जिल्लाको सम्पूर्ण गाउँ पञ्चायतहरूमध्ये सबभन्दा बढी आम्दानी रू. १,६२०। बेंसीशहर गाउँ पञ्चायतको छ । सबभन्दा कम आमदानी अर्थात रू. १३०। पाखुरीकोट गाउँ पञ्चायतको छ ।

यहाँको जिल्ला सभा कोषले आर्थिक वर्ष२०२६।०२७ देखि २०२८।०२९ को तीन वर्षमा औसत आमदानी रू. १९,६६४। प्राप्त गरेको थियो । आर्थिक वर्ष २०२९।३० को खास आमदानी रू. १५,०८८। थियो।

स्थानीय गाउँ पञ्चायत तथा जिल्ला पञ्चायतलाई आफ्नै आर्थिक स्रोत र साधनबाट विकास आयोजना तर्जुमा गर्ने तथा कार्यान्वियन गराउने नीति अनुरूप यहाँ पनि गाउँ तथा जिल्लास्तरीय विकास आयोजनाहरू सञ्चालन गरिएका छन्। त्यस्ता आयोजनाहरूमा स्थानीय स्रोतलाई परिचालन गरी श्री ५को सरकारको तर्फबाट समेत लागतको केही प्रतिशत आर्थिक अनुदान उपलब्ध गराइन्छ । त्यसरी जिल्ला पञ्चायत तथा गाउँ पञ्चायतहरूलाई विकास कार्यमा संलग्न गराएपछि यहाँ कुलो, खानेपानी, यातायात, शिक्षालय भवन, पञ्चायत भवन, सार्वजनिक भवन, पुल आदि धेरै आयोजनाहरू सम्पन्न भइसकेका छन् ।

यो जिल्लामा किसान, भूतपूर्व सैनिक, महिला तथा युवक संगठनहरूका जिल्ला कार्य समिति गठन भएका छन् । यहाँ रहेका वर्गीय संगठनहरू सक्रय नै रहेका छन् । ती संगठनहरूको जिल्ला कार्य समितिहरूको बैठकहरू बराबर हुन्छन् । विभिन्न वर्गीय संगठनहरूको प्रारम्भिक समिति संख्या, सदस्य संख्या निम्नबमोजिमछः—

संगठनको नाम	प्रारम्भिक समिति संख्या	कुल सदस्य संख्या
नेपाल जिल्ला किसान संगठन	३४	३७४
नेपाल जिल्ला भूतपूर्व सैनिक संगठन	११	१२१
नेपाल जिल्ला महिला संगठन	२६	२८६
नेपाल जिल्ला युवक संगठन	३९	४२९

उपसंहार

यातायातको कठिनाइले गर्दा नै लमजुङ जिल्ला विकट र अविकसित रहन गएको हो । हुन त दक्षिणी लमजुङका केही ठाउँमा गत दुई दशकदेखि यथेष्ट विकास र परिवर्तन भए तापनि यहाँका अधिकांश मानिसहरू अझसम्म परम्परागत खेती, पशुपालन आदि व्यवसायहरूमा लागेका छन् । कृषि नै यहाँका बासिन्दाहरूको जीविकोपार्जनको मूल आधार हो ।

यो जिल्लामा राष्ट्रियस्तरका ठूला सिचाइ, सडक, जलविद्युत् आदि सम्बन्धी आयोजनाहरू सञ्चालन गर्न नसकेको भए तापनि गत १२।१३ वर्षदेखि यहाँ विकासका विभिन्न कार्यक्रमहरू कार्यान्वित भएका छन् । यसरी यो जिल्लाका बासिन्दाहरूलाई प्रगतिको मार्गमा अग्रसर गराउन शिक्षा, स्वास्थ्य,सञ्चार, यातायात, कृषि आदि विषयमा धेरै कार्यहरू सम्पादन गरिएका छन्।

स्थानीय समस्याहरूलाई जनताकै प्रयास र इच्छाबमोजिम समाधान गरी ग्रामीण जनताको जीवनलाई सुगम बनाउने हेतुले यस जिल्लाका विभिन्न ठाउँमा सञ्चालन गरिएका विकास कार्यहरूको उत्साहवर्धक प्रगति भएको छ । खास गरी पञ्चायती व्यवस्थाको प्रादुर्भाव भएपछि यस जिल्लाका विभिन्न ठाउँहरूमा खानेपानी, सिचाइ, पुल, विद्यालय भवन, बाटोघाटो आदि विकास कार्यहरू प्रचुर मात्रामा सम्पन्न गरिएका छन् । यसरी स्थानीय विकास कार्यक्रम शुरू भएपछि आर्थिक वर्ष २०१७।०१८ देखि २०२६।०२७ सम्मको १० वर्ष भित्र यो जिल्लामा रू. ११,४०,०६८। को लागतमा जम्मा १६१ वटा विभिन्न विकास आयोजनाहरू सञ्चालित भए । ती आयोजनाहरूको लागत व्यहोर्ने सिलसिलामा यहाँका गाउँ पञ्चायतहरूले रू. ६,२३,५२२। श्रमदान प्रदान गरे र बाँकी रकम श्री ५ को सरकारको तर्फबाट अनुदानको रूपमा उपलब्ध गराइएको थियो ।

उपर्युक्त दशकभित्र विभिन्न गाउँ पञ्चायत क्षेत्रमा काठे, साँगुर झोलुङ्गे पुल गरी २१ वटा, ५० वटा सिचाइ कुलोहरू, ५६ वटा खानेपानी तथा १४ वटा गोरेटा, घोडेटाहरू निर्माण गरिए । आर्थिक वर्ष २०२३।२४ सम्म मात्र बाटो निर्माण सम्बन्धी आयोजना स्थानीय विकास कार्यक्रम अन्तर्गत भएको थियो । त्यसपछि गोरेटा तथा घोडेटाहरूको निर्माण गाउँफर्क राष्ट्रिय अभियान अन्तर्गत गरिएका छन्।

यहाँ शिक्षाको क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ । यहाँको ६० वटा गाउँ पञ्चायतहरूमा १६१ वटा प्राथमिक विद्यायलहरू सञ्चालन भइरहेका छन् । त्यस्तै ३१ वटा निम्न माध्यमिक र ११ वटा माध्यमिक विद्यालयहरू छन् । त्यस्तै स्वास्थ्य सेवाको क्षेत्रमा पनि जिल्लाको विभिन्न भेकमा स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा आयुर्वेदिक औषधालयहरू स्थापना गरिएका छन् ।

माथि उल्लिखित कार्यहरू बाहेक यो जिल्लामा श्री ५ को सरकारद्वारा केन्द्रीय स्तरमा खानेपानी तथा सिचाइका आयोजनाहरू स्थापना गरिएका छन्।

लमजुङ जिल्लाको दक्षिणी भेकमा कृषि विकासको ठूलो सम्भावना छ । त्यस इलाकामा बेंसी र टारहरूमा आवश्यक सिचाइ तथा कृषि प्रसार कार्यक्रम सञ्चालन भएमा कृषि उत्पादन बढाउन सकिनेछ। हालसम्म श्री ५ को सरकार तथा स्थानीय पञ्चायतले करापुटार, रम्घा कुम्हाल टार, हाँडेटार आदिमा लघु सिचाइ कार्यक्रम चलाइसकेका छन्।त्यस्तै भोर्लेटार, बरेटार, रागिनासटार, धमिलिकुवाटार, अल्काटार आदि टारहरूमा सिचाइको व्यवस्था मिलाउन सकेमा यो जिल्लामा हुने कृषि उत्पादनबाट यहाँका जनताको खाद्यान्नको आवश्यकता पूरा भई बचत खाद्यान्न तथा अन्य उपजहरू मनाङ र उत्तरी गोरखाको अभावग्रस्त इलाकाहरूमा समेत निर्यात गर्न सकिनेछ । यो जिल्लाको आर्थिक स्थितिमा सुधार ल्याउन जिल्लाको दक्षिणी भेकमा सिचाई व्यवस्थाको अविलम्ब व्यवस्था हुनु पर्ने देखिन्छ । उपर्युक्त टारहरूमा सिचाइको व्यवस्था गर्दा निम्नलिखित ठाउँमा निम्नलिखित जल स्रोतहरूलाई उपयोग गर्नुपर्ने देखिन्छ :–

ठाउँ	स्रोत
भोर्लेटार	भिदिम खोला
बरेटार	किरिङ्चेखोला, पाउँदी खोला
अल्काटार	चेपेखोला
रागिनासटार	चेपेखोला
धमिलिकुवाटार	चेपेखोला

माथि उल्लिखित टारहरूमा सिचाइ कार्यक्रम सञ्चालन हुनुको साथै उपर्युक्त इलाकाहरूलाई पृथ्वी राजमार्गसँग जोड्ने तनहूँ जिल्लाको डुम्रे तथा दमौलीबाट दुईवटा सहायक सडकहरूको निर्माण हुनु पर्ने देखिन्छ। डुम्रेबाट बेंसी शहर जोड्ने सहायक सडकको निर्माणले लमजुङको भविष्य निश्चय पनि उज्ज्वल हुनेछ ।

सडक निर्माण भएपछि यहाँ भित्रिने विभिन्न दैनिक उपभोगका सामग्रीहरू सस्तो दर भाउमा बढी मात्रामा आयात हुन जाने भएपछि सोही अनुपात वा सोभन्दा बढी परिमाणमा जिल्लाभित्र हुन सक्ने उत्पादनहरू निर्यात गर्नु पर्ने हुन जान्छ । अतः कृषि विकासको साथै व्यापकरूपमा विभिन्न फलफूलका खेती समेत गरी उत्पादित वस्तुहरू पोखरा तथा काठमाडौंका बजारहरूमा पुऱ्याउने व्यवस्था हुनु पर्छ । साथै उत्तरी भेकमा भेडा पालन उद्योगलाई वैज्ञानिक तरीकाले विस्तार गरी ऊनमा आधारित घरेलु उद्योगको विकास गर्दै लैजान सकेमा कृषि विकासको सम्भावना कम हुने उच्च डाँडाहरूमा रहेका जिल्ला बासीहरूको आर्थिक स्थितिमा सुधार हुनेछ । उत्तरी भेकका वन खर्कहरूमा पाइने जरीबूटीहरू खोज्ने कार्यलाई व्यवस्थित ढङ्गले चालू गरी वन सम्पदा समेतको राम्ररी जगेर्ना गरेमा यसबाट पनि प्रशस्त फाइदा हुने सम्भावना छ ।

तनहूँ

विषय–सूची

परिचय २३१
प्राकृतिक स्वरूप र सम्पदा २३२
ऐतिहासिक पृष्ठभूमि २४३
प्रमुख स्थानहरू २४७
जनसंख्या र जनजीवन २५४
आर्थिक व्यवस्था २६१
यातायात, सञ्चार र बिजुली २७५
शिक्षा, स्वास्थ्य तथा खानेपानी २८१
प्रशासन र पञ्चायत २८७
उपसंहार २९१

परिचय

आदि कवि भानुभक्त आचार्यको जन्म थलो तनहूँको सौम्य पर्वत, सुन्दर नदी र सम्म फाँटहरूको सशक्त शृङ्गार देखेर एक दिन कवि श्री म. वी. वि. शाहले लेखेका थिए –

"बन्दीपुर उकालो लामो, मर्स्याङदी डुङ्गाले तरेर
वनवनै ढाकेर फुल्ने, लालुपाते झुलेको देखेर ।"

हो लालुपातेले रातै छ तनहूँ । अनन्त लेक, बेंसी र च्यौरालीले सुशोभित छ तनहूँ । यो तनहूँ काली, सेती र मर्स्याङदीको कलरवले परिवेष्टित छ । नरभूपाल शाहको मावली यो तनहूँ नेपाली इतिहासको विभिन्न अध्यायमा वर्णित छ । पहिलो नेपाली महाकाव्य रामायणको स्रष्टा यो तनहूँ नेपाली साहित्याकासमा पनि अविस्मरणीय छ ।

काठमाडौंबाट पोखरा जाने पृथ्वी राजमार्गको निकै भाग बोकेर आधुनिकीकरण हुन लागेको तनहूँ औद्योगीकरणको लागि मर्स्याङदीबाट हुन सक्ने विद्युत् उत्पादनको सम्भाव्यता कुरिरहेछ । टारैटार र खोलैखोलाको तनहूँ सिचाइको सफल कार्यान्वयन र कृषि व्यवसायको प्रवर्द्धन पर्खिरहेछ ।

पूर्व-पश्चिम तथा उत्तर-दक्षिण क्रमशः गोरखा, स्याङजा, कास्की र लमजुङ तथा पालपा, नवलपुर र चितवन गरी सात जिल्लाले घेरिएको तनहूँ ८३° ५७' देखि ८४° ३४' पूर्व देशान्तर र २७° ३६' देखि २८° ०५' उत्तर अक्षांशभित्र पर्दछ । उत्तरपट्टि रिस्ती र नाउँदी खोला, पूर्वमा मर्स्याङदी, दक्षिणपट्टि नारायणी र काली गण्डकी तथा पश्चिममा ढोर थाम डाँडा र साल्दी अनि कोत्रे खोला यस जिल्लाका भौगोलिक सीमाना हुन् । तनहूँको सदरमुकाम दमौली हो । यो जिल्लाको क्षेत्रफल १,५५१ वर्ग किलोमिटर छ ।

यो जिल्लाका टार, पाखा र भञ्ज्याङमा विभिन्न ४३ गाउँ पञ्चायतहरू छरिएका छन् । यी पञ्चायतहरूमा ७६,८१६ जना पुरुष र ८१,३२० जना महिला गरी जम्मा १,५८,१३६ जनाले बसोबास गरेका छन् । नेपालका अन्य पहाडी जिल्लाहरू जस्तै तनहूँ पनि विभिन्न भाषा बोल्ने विभिन्न जातको फूलबारी हो । क्षेत्री, बाहुन तथा नेपाली मातृभाषा बोल्नेको संख्या ज्यादा छ । दोस्रो बहुसंख्यक जाति मगर हुन् । यहाँका अधिकांश जनताहरू कृषिमा निर्भर छन् ।

प्राकृतिक स्वरूप र सम्पदा

नेपाल अधिराज्यको करीब मध्यभागमा अवस्थित गण्डकी अञ्चलको दक्षिणी भागमा रहेको तनहूँ जिल्ला भौगोलिक विभाजनअनुसार मध्यपहाडी क्षेत्रमा पर्दछ। मेचीदेखि महाकालीसम्म फैलिएको महाभारत पर्वत शृङ्खलामा पर्ने अन्य पहाडी भू-भाग जस्तै यो जिल्लामा पनि लेक, बेंसी र टारहरू छन्। यो जिल्लाले उत्तर-पश्चिममा रहेको थप्रेक डाँडा, घ्यौराली भञ्ज्याङ हुँदै हिमाली शृङ्खलाहरू छोइदिन पुग्छ। अनि दक्षिण-पूर्वमा रहेको गेंडाकोट भने भित्रीमधेश भइदिन पुग्छ। यस्तै भौगोलिक विभिन्नताको सिङ्गो रूप हो तनहूँ जिल्ला।

भौगोलिक बनावट

भौगोलिक बनावटको दृष्टिबाट तनहूँ जिल्लालाई सामान्यतः तीन भागमा बाँड्न सकिन्छः–

(१) पहाडी प्रदेश
(२) बेंसी तथा टार
(३) भित्रीमधेश

पहाडी प्रदेश

यहाँ १,२२० मिटर अर्थात् ४,००० फीटभन्दा माथिको भू-भागलाई पहाडी प्रदेशमा समावेश गरिएको छ। यो भागमा छिम्का लेक र मिर्लुङ कोट जस्ता उच्च पहाड मात्र होइन धेरै भीर, पाखा तथा खोरिया र खर्कहरू पर्दछन्। यो पहाडी प्रदेशमा पर्ने १,२२० मिटर(४,००० फीट)भन्दा उच्च केही पहाडहरू निम्नबमोजिम छन्:–

छिम्कालेक २,१३४ मिटर (७,००० फीट)
मिर्लुङ्कोट १,६५१ मिटर (५,४१५ फीट)
वन्दीपुर (मुचुक) १,३४४ मिटर (४,४०८ फीट)
तनहूँसुर १,२४१ मिटर (४,०७२ फीट)
हिलेखर्क १,६४६ मिटर (५,४०० फीट)
स्यानथोक १,२८४ मिटर (४,२१३ फीट)
सिंच्याङ डाँडो १,६३४ मिटर (५,३६० फीट)

यी पहाडहरूको आसपासमा रहेको भू-भागको अतिरिक्त ९१५ मिटर(३,०००फीट) देखि १,२२० मिटर (४,००० फीट) को बीचमा पर्ने महिवल, मानुङ थपरेक, उमाचौक, रिसिङ, घिरिङ, गुनादी, काहुँ

शिवपुर, पुर्कोट, वयापानीकोट, दलभञ्ज्याङ र वसन्तपुर आदि क्षेत्रहरू पनि पहाडी प्रदेशमा नै पर्दछन् । छिमकाको लेक र मिर्लुङ कोटमा बस्तीहरू छैनन् । करीब १,५२४ मिटर अर्थात ५,००० फीटको उचाइभन्दा मुनि पर्ने भू–भागमा तनहूँ जिल्लाका अधिकांश बस्तीहरू बसेका छन् । समशीतोष्ण हावापानी भएको यो भागमा वर्षामा ज्यादा गर्मी हुँदैन र हिउँदमा पनि ज्यादा जाडो हुँदैन । छिम्काको लेक जस्तो उच्च भागमा भने ठण्डा शीतोष्ण हावापानी हुने हुँदा हिउँदमा निकै जाडो हुन्छ । यहाँ पुस–माघमा अलिअलि हिउँ पर्छ तर छिटै पग्लेर जान्छ । यो जिल्लाको पहाडी प्रदेशमा सुन्तला, कागती, नासपाती तथा निबुवा आदि फलफूल पाइन्छन् ।

बेंसी र टार

करीब १,२२० मिटर (४,००० फीट) भन्दा मुनिको क्षेत्र वेंसी वा टार भागमा पर्दछ । औलो उन्मूलन नभएसम्म यो भागमा मानिसहरू बसोबास गर्न चाहँदैनथे । रसिला फाँटहरूमा वर्षे बाली धान मात्र लगाइन्थ्यो । अर्ध-उष्ण हावापानी भएको यी टार र फाँटभन्दा माथि नै ज्यादाजसो मानिसको गतिविधि सीमित थियो । यो गर्मी समथर क्षेत्रबाट औलो उन्मूलन भएको र यही भागमा पर्ने धेरैं जसो ठाउँमा बाटोघाटो पनि गएको हुनाले बढी जनसंख्या भएका गाउँहरूबाट मानिसहरू बेंसीतिर झर्न थालेका छन् । वर्षे बाली मात्र लाग्ने फाँटहरूमा तीन खेतीसम्म गर्न थालेका छन् ।

तनहूँ जिल्लाको बेंसी वा टार भागमा पर्ने मुख्य ठाउँहरू यसप्रकार छन्:–

पुर्कोट बेंसीमा पर्ने फाउँदी खोला आसपासको फाँट तथा टार ।
चुँदी खोला आसपासको फाँट र भन्सार तथा भला टार ।
कलेस्ती खोलाको आसपासको बेंसी र फाँट ।
मादीको तटवर्ती भू–भाग र पतेनी टार तथा साँगे फाँट ।
खैरेनीटार र वरपरको बस्ती ।
मैंदी खोलाको आसपासको बेंसी ।
सेती र कालीको तटवर्ती इलाका तथा दमौली टार, कालिका टार, रूपाटार, पीपलटार, केशव टार र खहरे टार ।
फिर्दिफाँट तथा हिले टार ।
गुनादी र बुल्दी खोलाको फाँट ।
मर्स्याङदीको पश्चिम किनार तथा मझुवा खैरेनी ।
छाब्दी खोला वरपरको फाँट ।

बेंसी तथा टार भागमा पर्ने उपर्युक्त ठाउँहरूमध्ये केही बेंसी र फाँटहरूमा स्थानीय जनता मिलिजुली साधारण कुलो ल्याएर सिचाइ गरेको देखिन्छ । खैरेनी टार, भन्सार टार, केशवटार, हिलेटार आदिमा सिचाइको राम्रो व्यवस्था छैन । यहाँ सामान्यतः घैया, मकै कोदो तथा मास जस्ता पाखेबाली हुन्छन् । पतेनीटारमा भने सिचाइको व्यवस्था भइरहेको छ । यो भागमा सालका रूख समेत भएको मिश्रित वनहरू निकै छन् । यो क्षेत्रमा आँप, कटहर जस्ता फलफूलहरू पाइन्छन् ।

भित्री प्रदेश

काली गण्डकीको दक्षिणपट्टिको गैंडाकोट पञ्चायत क्षेत्र भौगोलिक दृष्टिबाट भित्रीमधेशमा पर्दछ । काली र गण्डकीको संगमस्थल देवघाटदेखि नारायणगढ बजारको पश्चिमसम्म फैलिएको तनहूँ जिल्लाको

यो गैंडाकोट क्षेत्र पनि उष्ण तथा अर्धउष्ण हावापानीबाट प्रभावित क्षेत्र हो । यहाँ वर्षामा निकै गर्मी हुन्छ। नारायणगढबाट पश्चिम लागेपछि यही गैंडाकोट क्षेत्र भएर महेन्द्र राजमार्ग बुटवलतर्फ गएकोछ । यहाँ थारू लगायत अन्य विभिन्न जातिहरूले बसोबास गरेका छन् ।

यहाँ पनि वरपर बाक्लो मिश्रित जङ्गल देखिन्छ । यो भेकमा कोदो र फापर जस्ता पाखेबाली बाहेक सबै प्रकारका खाद्यान्न, तेलहन र दलहन उत्पादन हुन्छन् ।

नदीनालाहरू

तनहूँ जिल्लामा काली, सेती र मर्स्याङदी जस्ता प्रसिद्ध नदीहरूको अतिरिक्त अरू कैयन् खोला, खोल्सा र खहरेहरू छन् । यो जिल्ला भएर बग्ने र सीमानामा बग्ने केही प्रमुख नदी र खोलाहरू निम्नबमोजिम छन्ः–

मर्स्याङ्दी नदी

तनहूँ जिल्लाको पूर्व सीमानामा मर्स्याङ्दी नदी बगेको छ । यो नदी अन्नपूर्ण, दामोदर, पेरी तथा लुगुला हिमालयबाट प्रारम्भ भई पूर्वपट्टिको मनाङ जिल्लातिर बग्दछ । मनाङको सदरमुकाम चामे नजीकै आइपुगेपछि लार्के हिमालपट्टिबाट आएको अर्को एउटा खोला मिसिन्छ । त्यसपछि क्रमशः गोरखा हिमालको पश्चिमी पाखोबाट बगेको ङखोलो, लमजुङ हिमालतिरबाट झरेको खुदी खोला र फेरि गोरखा हिमालपट्टिबाट आएको दोर्दी खोला मिसिन्छन् । यसरी मर्स्याङ्दीले विभिन्न खोलाहरू आफूमा समावेश गर्दै मनाङ र लमजुङ जिल्लाका कैयौं कन्दरा तथा फाँटहरू पारगरिसकेपछि तनहूँको पूर्वोत्तर कुनामा कुञ्छा, कोइरालाफाँट र ढोरसिङतिरबाट पूर्व बगेको फाउँदी खोला मिसिन्छ । यही फाउँदी मिसिएको दोभानदेखि मर्स्याङ्दी नदी तनहूँको पूर्वी सीमाना भएर दक्षिणतिर लाग्छ । तत्पश्चात् तारुघाटभन्दा तल पालुङटारभन्दा माथि गोरखाको उत्तरी भेकबाट दक्षिण–पश्चिम बगेको चेपे मिसिन्छ । अनि क्रमशः पुर्कोट बेंसीबाट आएको फाउँदी खोला र गोरखातिरबाट आएको दरौंदी पनि यसमा मिल्दछन् । यसरी धेरै पर्वत पाखा–पखेरा हुँदै कैयन् खोला, खोल्सा र खहरेको पानी बोक्दै बगेको मर्स्याङ्दी मझुवा खैरेनीको दक्षिणमा मुङलिनटार नजीकै पुगेपछि विशाल त्रिशूली नदीमा मिसिन्छ ।

यो नदीको जलाधारबाट उत्पादन हुन सक्ने विद्युत् शक्तिको क्षमता र यसको सम्भाव्यता अध्ययन हुन बाँकी नै छ । यसबाट सिंचित हुन सक्ने आसपासका टारहरूमा सिचाइ सुविधा पुराउनेतर्फ योजनाबद्ध पाइलो चाल्ने बेला आइसकेको छ । यो नदीको तार्कुघाट, सतीघाट, मझुवा खैरेनी, फाउँदी, विमलनगर र सत्रसय फाँटमा झोलुङ्गे पुल र मुङलिनमा पक्की पुलहरू छन् ।

काली नदी

मुस्ताङ भोटको उत्तरी सीमान्त शृङ्खलाहरूबाट प्रस्फुटन भई नीलगिरि, दामोदर, धौलागिरि र मुकुट हिमालका हिम-नदीहरूबाट उत्पन्न भएका कैयन् नदीनालालाई समेट्दै जोमसोम, बाग्लुङ र कुस्मा भएर झरेको काली नदीले दमौलीको दक्षिण-पश्चिममा रहेको गजरकोट पञ्चायत क्षेत्रमा आईपुगेर तनहूँ जिल्लालाई छुन्छ। त्यसपछि पश्चिमबाट पूर्व बगेको यो नदी कोटाघाट नजीकैको कालिकाटारसम्म जिल्लाको दक्षिणी सीमाना हुन्छ । यो नदी गजरकोटमा आईपुग्नुभन्दा पहिले यसमा म्याग्दी, मोदी, आँधी, वरी तथा रिडी

जस्ता ठूल-ठूला खोलाहरू मिसिन्छन् । तर तनहूँ जिल्लातिर लागेपछि भने साल्दी खोला तथा केही खोल्सा र खहरे बाहेक कुनै पनि उल्लेखनीय खोला मिसिंदैन ।

गजरकोटदेखि पूर्व बगेको यो नदीले तनहूँ जिल्लाको दक्षिणी भेकमा पर्ने पञ्चायत निवासीहरूको लागि पीपलटार, रूपाटार, फलामीटार तथा कालिकाटार जस्ता फराकिला टार र मलिला फाँट एवं रसिला बेंसीहरू सिर्जना गर्दै देवघाटमा पुगेपछि त्रिशूलीसँग मिसिन्छ र सप्तगण्डकीमा परिणत हुन्छ । त्रिशूली र यसलाई नारायणी पनि भनिन्छ । काली गण्डकीको संगमस्थल देवघाट तनहूँ जिल्लाको महत्वपूर्ण ऐतिहासिक धर्म-स्थल हो। यो नदीमा हाल निर्माण भइरहेको कालिकाटार झोलुङ्गे पुल बाहेक अरू पुल छैनन् । केही घाटहरूमा डुङ्गाबाट मानिसहरू वारपार गर्दछन् ।

सेती नदी

अन्नपूर्ण हिमालका हिम-खोलाहरूबाट सिर्जना भएर कैयन् गाउँ, बेंसी र बस्तीहरू पार गर्दै पोखरा उपत्यकाबाट दक्षिण-पूर्व बगेको सेती थानथोकको पश्चिमपट्टि कोत्रे दोभानमा आइपुगेर तनहूँ जिल्लामा प्रवेश गर्दछ । कोत्रे दोभानबाट फिर्दी, खैरेनी, छाङ, गुनादी, दमौली, हर्कपुर तथा साराङघाट हुँदै पूर्व दक्षिण बगेको सेतीले तनहूँ जिल्लालाई करीब करीब बीचैमा चिरेको छ । पोखराको फेवा, रूपा, वेगनास, बईदाङ आदि ताल-हरूको निकास र बाटोमा पर्ने ठूला-साना खोला खोल्साहरू आफूमा संलग्न गर्दै तनहूँतिर लागेको यो नदीले दमौलीमा आइपुगेर एउटा ठूलो सहायक नदी मादी भेट्टाउँछ । त्यसपछि छाब्दी खोला, साम्दी खोला, बकर खोला र नालवुङ खोलाहरूको समेत पानी बोकी सिंचाङ गढीको दक्षिणपट्टि गाईघाटमा पुगेर विशाल त्रिशूली-मा मिसिन्छ ।

जिल्लाको बीचैबीच बग्ने यो नदीबाट तनहूँको आर्थिक विकासमा खास उल्लेखनीय उपलब्धि केही हुन सकेको छैन। पोखरा उपत्यकामा प्रवेश गरेपछि आसपासको चून ढुङ्गा काटेर खेतीयोग्य जमीनभन्दा निक्कै तल घसिएर बगेको सेतीले तनहूँ जिल्लामा पनि आफ्नो प्रकृति फेरेको छैन । खैरेनीटार, हिलेटार र केशवटार बाँझै छन्। यो नदीको आसपासमा मादी, रिस्ती र कलेस्ती खोलाको आसपासमा जस्तो रसिलो फाँट र बेंसी पनि छैनन्। लुक्दै, भासींदै, छहरा पर्दै बगेको सेतीमा जल मार्ग को सम्भाव्यता पनि ज्यादै कम छ । ढोरबाराही, भिमाद, कुंडुले, चुलेसी, हुसे, हात्ती सुँडे तथा सारङघाटमा झोलुङ्गे पुलहरू छन् । दमौलीको दक्षिणपट्टि र अन्य विभिन्न ठाउँमा डुङ्गा पनि लाग्दछ ।

मादी नदी

सेती जस्तै अन्नपूर्ण हिमालका खोल्साहरूको समष्टि हो मादी । यसका पनि थुप्रै सहायक खोलाहरू छन् । लमजुङ हिमालतिरबाट झरेको रूदी खोला मादीमा मिसिन्छ । त्यसपछि मिदिम, वार्दी, ईङदी, पिस्ती, रिस्ती र कलेस्ती पनि मिल्न पुग्छन् । यी शाखा खोलाहरूमा सबैभन्दा ठूलो मिदिम हो । कास्की र लमजुङको सीमाना हुँदै आएको मादी नदी शिशाघाटमा पुगेर तनहूँ जिल्लामा प्रवेश गर्छ । शिशाघाटदेखि करीब पाँच कोस दक्षिणमा साँगेको दोभानभन्दा पश्चिमतिर पतेनीटार छ । यो टार तनहूँ जिल्लाका गतिला टारहरूमध्ये एक हो । यहाँ सिचाइको व्यवस्था भईरहेको छ । शिशाघाटदेखि दमौलीसम्म मादी नदीको आसपासमा फराकिला फाँटहरू छन् । यी फाँटहरूमा धान र गहुँ खेती गरिन्छ । शिशाघाट र दमौलीको बीचमा पश्चिमबाट पूर्व बगेर मादीमा मिसिने गुनादी तथा साँगे र पूर्वबाट पश्चिम बगेर मादीमा मिल्ने रिस्ती, कलेस्ती र बुल्दी

खोलाहरूको दोभान वरपर पनि रसिला खेतहरू छन् । वर्षा याममा मादी नदीले आसपासका धान खेतहरूको निक्कै नोक्सान गरेको देखिन्छ । यो नदीमा भेल नियन्त्रणको व्यवस्था हुनु आवश्यक छ । मादी नदीमा दमौली नजीकै पृथ्वी राजमार्गको पुल छ । दमौलीको दक्षिणपट्टि झोलुङ्गेपुल पनि छ । हाल सत्रसय फाँटमा पुल बन्दै छ। शिशाघाटमा डुङ्गा लाग्छ । दमौलीबाट केही दक्षिणपट्टि सेतीमा मिलेपछि मादी नदी पनि सेतीको नामले बग्न थाल्छ ।

फाउँदी खोला

तनहूँ जिल्लाको उत्तर पूर्वमा एउटा सानो खोला पश्चिमबाट पूर्व बगेर मर्स्याङदीमा मिसिएको छ । यसलाई फाउँदी खोलो भन्छन् । यो खोला पुर्कोट र वसन्तपुरको दक्षिणी पाखो तथा दोरदोरको उत्तरी पाखोमा बग्ने स-साना खोल्साहरू मिलेर बनेको छ । यो खोलाको आसपासमा केही बेंसी र फाँटहरू छन् । यहाँ दोरदार थुमको उत्तरपट्टि फेदीमा फाउँदीटार छ । यो टारमा सिचाइको व्यवस्था भएको छैन । फाउँदी खोलाबाट फाउँदीटार सिचाइ गर्न सकिने सम्भावना छ ।

चुँदी खोला

मिर्लुङकोट, ज्यामरुक, चोक तथा लौडारी भञ्ज्याङको दक्षिणी पखेरोबाट बग्ने खोल्साहरूबाट म्याकुरे र अँधेरी दुईवटा खोला बनेका छन् । चन्द्रावती महादेव स्थान नजीकै यी दुई खोला मिसिएपछि यसलाई चुँदी खोला भनिन्छ । टुहुरे पसल, जोतें ठाँटी, रम्घा बेंसी तथा भन्सारको पश्चिम किनार हुँदै दक्षिण बगेको यो चुँदी खोलो डुम्रे बजारमा पुगेपछि पूर्व बग्न थाल्छ । पृथ्वी राजमार्गमा पर्ने विमलटार नजीकै पुगेपछि यो खोला पनि मर्स्याङदीमा मिल्छ । चन्द्रावतीदेखि भन्सार नजीकैको वाँगीरहसम्म यो खोलाको आसपासमा रसिला फाँट र बेंसी तथा बस्तीहरू छन् । आसपासका फाँटहरू ज्यादात यही खोलाको पानीबाट सिचाई भएका छन् तर वर्षा याममा यो खोलाले धेरै धान खेतमा हानि नोक्सानी पुऱ्याएको हुन्छ । यो खोलाको पानी नियन्त्रण गरी भन्सार टार, भलाटार तथा नारेश्वर टार सिचाइ गर्न सकिने देखिन्छ। यो खोलामा डुङ्गा लाग्दैन । यो खोलाको आसपासमा बन्नलागेको भानुमार्गमा पर्ने डुम्रे र वाँगीरहमा पक्की पुल तथा चन्द्रावतीमा झोलुङ्गे पुल नबनेसम्म यस भेकको यातायातको समस्या समाधान नहुने देखिन्छ ।

रिस्ती र नाउँदी खोला

मिर्लुङकोट डाँडाको उत्तरी घाँचमा अवस्थित कुञ्छाबजारको पश्चिमी ढलोबाट रिस्ती र पूर्वी ढलोबाट नाउँदी खोलाको आरम्भ हुन्छ । यी खोलाहरू क्रमशः पश्चिम र पूर्व दिशातर्फ बग्छन् । यी दुवै खोलाले तनहूँ र लमजुङ बीचमा सीमानाको काम गरेका छन्। वयापानी भञ्ज्याङ राइपाली तथा चोक डाडाँबाट उत्तरपट्टि खस्ने खोल्साहरू नाउँदीमा मिसिए जस्तै दल भञ्ज्याङ, चियान डाँडा तथा बाहुन पोखरीबाट उत्तर बग्ने स–साना खहरेहरू रिस्तीमा मिल्न जान्छन् । रिस्ती खोला रिस्ती फाँटैफाँट सोती पसल तथा रम्घा वेंसी हुँदै शिशाघाटमा पुगेर मादीमा मिल्दछ । नाउँदी खोला नाउँदी फाँटको बीचबाट टुहुरे पसल, पुतली बगैंचा र मानेचोका हुँदै फाउँदीसित मिलेर अन्ततः मर्स्याङदीमा मिसिन्छ । यी दुवै खोलामा पुल छैनन् ।

कलेस्ती खोला

समजुरको पश्चिमी पाखो र दलभञ्ज्याङ तथा वयामिन छापथोकको दक्षिणपट्टिका मूलहरू मिलेर बगेको कलेस्ती खोलो नरङ्गा बेंसी हुँदै मादीमा गएर मिल्छ । यसको आसपासमा चौडा र निक्कै मलिलो

फाँट छ। यही फाँटको सेरोफेरो तथा वरपरका बेंसीहरूबाट यस भेकका बासिन्दाहरूको खाद्यान्न उत्पादन भएको छ।

अन्य खोलाहरू

सदरमुकामको वरपर रहेका छाब्दी खोला, बुल्दीखोला, गुनादीखोला, मैदी अर्थात् साल्दी खोला पनि तनहूँ जिल्लाका ठूलै खोलाहरू हुन्। यी खोलाहरूको आसपासमा केही बेंसी र खेतहरू छन्।

हावापानी

साधारणतः तनहूँ जिल्लामा दक्षिण–पश्चिम मनसुनी हावापानीको प्रभाव परेको छ। यहाँ सामान्यतः जेठदेखि असोजसम्म वर्षा हुन्छ। पश्चिमी भेकबाट बहने जलवाष्पपूर्ण हिउँदे हावाले हिउँदताक पनि अलिअलि पानी पार्छ। नेपालका अन्य पहाडी जिल्लामा जस्तै तनहूँ जिल्लामा पनि समुद्र सतहबाट हुने उचाइको विषमताले गर्दा विभिन्न स्थानमा विभिन्न प्रकारका हावापानी देखिन्छन्। २,१३४ मिटर अर्थात् ७,००० फीट अग्लो छिस्काको लेक र अन्य उच्च स्थानमा ठण्डा शीतोष्ण हावापानी पाइन्छ भने यसभन्दा तलको बेंसी वा टारी भागमा अर्धउष्ण हावापानीको प्रभाव परेको देखिन्छ। उचाइको विभिन्नता तथा भू-स्वरूपअनुसार विभिन्न स्थानमा हुने तापक्रम र वर्षा पनि फरक हुन्छ। तनहूँ जिल्लामा वायुको तापक्रम अभिलेख गर्ने मौसम अवलोकन केन्द्र नभएकोले गोरखामा रहेको अवलोकन केन्द्र र खुदी बजार अवलोकन केन्द्रको अभिलेख यहाँ प्रस्तुत गरिएको छ। १,१३५ मिटरको उचाइमा रहेको गोरखा अवलोकन केन्द्रको अभिलेखबाट तनहूँको पहाडी भाग र ८२३ मिटरको उचाइमा रहेको खुदी बजार अवलोकन केन्द्रको अभिलेखबाट यो जिल्लाको टार र बेंसी भागको तापक्रमको प्रतिनिधित्व हुनसक्ने देखिएकोले निम्नतालिकाहरू दिइएका छन्:–

गोरखाको तापक्रमको तालिका (सेन्टिग्रेडमा)

वर्ष	१९६९		तीन वर्षको औसत (१९६८–१९७०)	
महीना	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	१७.८	६.८	१७.०	६.७
फेब्रुअरी	२१.७	९.४	२०.२	८.५
मार्च	२६.६	१४.५	२५.३	१३.२
अप्रिल	२९.८	१७.२	२९.३	१७.३
मे	२९.६	१८.५	३०.२	१८.६
जून	२९.१	१९.३	२८.२	१८.८
जुलाई	२७.९	१९.४	२७.६	१९.३
अगष्ट	२७.१	१९.०	२७.७	१८.९
सेप्टेम्बर	२६.३	१७.९	२७.१	१८.२
अक्टोबर	२५.७	१४.४	२५.४	१४.३
नोभेम्बर	२२.८	११.४	२२.६	१०.९
डिसेम्बर	१९.६	८.१	१९.४	७.७
वार्षिक औसत	२५.३	१४.७	२५.०	१४.४

उपर्युक्त तालिकाको तापक्रम हेर्दा तीनवर्षको औसत अधिकतम तापक्रम २५.० तथा न्यूनतम तापक्रम १४.४ सेन्टिग्रेड देखिन्छ। गोरखा अवलोकन केन्द्रका अनुसार सन् १९६८ को मे महीनाको १३ तारीखमा अधिकतम तापक्रम ३४.६ सेन्टिग्रेड र जनवरी १५ मा न्यूनतम तापक्रम ३.४ सेन्टिग्रेड थियो। त्यस्तै १९६९ को मे २४ र २५ मा अधिकतम ३५.० सेन्टिग्रेड र जनवरी १५ का दिन न्यूनतम ३.७ सेन्टिग्रेड थियो। १९७० को मे १४ का दिन अधिकतम ३३.९ सेन्टिग्रेड पुगेको थियो र जनवरी १३ मा ४.३ सेन्टिग्रेडमा झरेको थियो। यसबाट के प्रष्ट हुन्छ भने गोरखा र तनहूँका पहाडी भेकमा मे महीनामा सबभन्दा गर्मी र जनवरी महीनामा निकै जाडो हुन्छ।

खुदी बजारको तापक्रमको तालिका

(सेन्टिग्रेडमा)

वर्ष	१९६९		१९७०		तीन वर्षको औसत (१९६८–१९७०)	
महीना	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	१८.३	७.२	१८.०	७.०	१७.५	६.८
फेब्रुअरी	२१.९	९.५	२०.१	८.४	२१.०	८.४
मार्च	२६.७	१४.६	२५.४	१२.७	२६.०	१३.१
अप्रिल	३०.२	१७.९	३०.०	१८.०	२९.५	१६.९
मे	३०.४	१९.४	३१.२	१९.८	३०.९	१९.१
जून	२९.९	२०.८	२८.८	२०.३	२८.९	२०.५
जुलाई	२९.२	२१.२	२८.८	२१.१	२८.७	२१.२
अगष्ट	२८.४	२०.८	२९.०	२०.६	२८.८	२०.९
सेप्टेम्बर	२७.६	१९.५	२८.३	१९.९	२८.१	१९.९
अक्टोबर	२६.२	१४.५	२६.७	१६.०	२६.२	१४.७
नोभेम्बर	२३.५	११.७	२३.६	१०.९	२३.५	११.३
डिसेम्बर	२०.२	८.७	१९.९	६.५	२०.३	७.७
वार्षिक औसत	२६.०	१५.५	२५.८	१५.१	२५.८	१५.०

टार तथा बेंसीहरूको तापक्रम देखाउन उल्लिखित उपर्युक्त तापक्रमको तालिकाबाट तीन वर्षको सालाखाला अधिकतम तापक्रम २५.८ सेन्टिग्रेड र न्यूनतम १५.० सेन्टिग्रेड देखिन्छ ।

जिल्लाको दक्षिणी–पूर्व कुनामा काली नदीभन्दा दक्षिणपट्टि रहेको गैंडाकोट जस्तो भित्रीमधेश र कछारका केही गर्मी खोंचहरूको तापक्रम तालिकामा देखिएकोभन्दा बढी हुन सक्छ। खुदी बेंसी अवलोकन केन्द्रबाट देखिएअनुसार १९६८ मे १३; १९६९ मे २४ र १९७० मे १४ का दिन अधिकतम तापक्रम क्रमशः ३४.०; ३६.१ र ३५.९ सेन्टिग्रेड थियो। न्यूनतम तापक्रम १९६८ को जनवरी १७ मा ३ सेन्टिग्रेड, १९६९ को जनवरी १५ मा ४.५ सेन्टिग्रेड र १९७० को डिसेम्बर २८ मा ४.१ सेन्टिग्रेड थियो। यसप्रकार बेंसी भागको तापक्रममा अधिकतम र न्यूनतमको बीचमा ३० डिग्री सेन्टिग्रेडभन्दा बढी अन्तर देखिन्छ।

यो जिल्लामा दक्षिण–पश्चिमी जलवाष्पपूर्ण मनसुनी हावाले समान्यतः जेठदेखि असोजसम्म पानी पार्दछ साथै हिउँद महीनामा पश्चिमतिरबाट बहने हावाले अलिअलि पानी पार्दछ। यो जिल्लाको बन्दीपुरमा रहेको वर्षा अवलोकन केन्द्र तथा उत्तरपट्टिको सीमानास्थित कुन्छामा रहेको वर्षा अवलोकन केन्द्रबाट देखिएको अभिलेखअनुसार १९६८, १९६९ र १९७० मा भएको वर्षाको स्थिति निम्नतालिकामा दिइएको छः–

वर्षाको तालिका

(मिलिमिटरमा)

महीना	बन्दीपुर (१,११२ मिटर)			कुञ्छा (९९७ मिटर)		
	१९६८	१९६९	१९७०	१९६८	१९६९	१९७०
जनवरी	६४.०	९.२	२३.४	४१.०	८.०	३.०
फेब्रुअरी	०.०	०.०	७७.६	३३.०	११.०	०.०
मार्च	७३.४	२१.२	५८.८	१०५.२	१२.०	४.०
अप्रिल	१५.२	७१.६	२२.६	३.०	७४.६	१०६.०
मे	१८०.८	२०.६	९४.२	२७४.०	१०१.२	१००.०
जून	३३४.६	२१२.४	४००.७	६२३.०	३३५.०	५०३.०
जुलाई	४९०.४	३२७.२	८३५.०	३३४.०	६७७.२	४५७.२
अगष्ट	५८२.६	३०३.०	५२५.८	१७६.४	३२९.६	५३१.०
सेप्टेम्बर	२०३.०	२४७.०	३२६.०	३४७.८	२४६.०	३५३.६
अक्टोबर	३४.७	४.४	२१.२	१३९.४	२७.०	०.०
नोभेम्बर	११.०	०.०	०.०	०.०	०.०	०.०
डिसेम्बर	०.१	०.०	०.०	५.०	०.०	०.०
वार्षिक जम्मा	१,९९०.८	१,२१९.६	२,३८५.३	२,०८१.८	१,८२१.६	२,०५७.८

बन्दीपुरमा १९६९ को अगष्ट २२ र १९७० को अगष्ट २९ मा २४ घण्टाभित्र क्रमशः ८८.२ तथा १७६.४ मिलिमिटर वर्षा भएको थियो। त्यस्तै कुञ्छामा १९६८ को जून १६ मा, १९६९ को जुलाई २२ मा र १९७० को जून २८ मा २४ घण्टाको अवधिमा क्रमशः १२६.०, १२०.० तथा १२७.० मिलिमिटर पानी परेको थियो। यो जिल्लामा खासगरेर जेठ, असार, साउन, भदौ र असोज महीनामा ज्यादा वर्षा हुने कुरा माथिको तालिकाबाट प्रष्ट हुन आएको छ।

हिउँदका दिनहरूमा खास गरेर पुस, माघ, र फागुनमा ज्यादै कम वर्षा हुन्छ। हिउँदमा यसरी वर्षा कम हुनुको कारणले गर्दा अधिकांश खेती आकाशे पानीको भरमा गर्नु पर्ने यो जिल्लामा हिउँदे बाली कम हुन्छ।

हावापानीको दृष्टिकोणबाट यो जिल्लालाई मोटामोटी तीन भागमा बाँड्न सकिन्छः—

(क) ठण्डा शीतोष्ण हावापानी

(ख) समशीतोष्ण हावापानी

(ग) अर्धउष्ण हावापानी

ठण्डा शीतोष्ण हावापानी

करीब १,५२४ मिटर (५,०००फीट) भन्दा अग्लो सिंच्याङ डाँडो, हिलेखर्क, मिर्लुङकोट र छिम्काको लेकको अधिकांश भागमा ठण्डा शीतोष्ण हावापानीको प्रभाव परेको पाइन्छ। यी पहाडका मुख्य थलोमा मानिस-

हरूको बस्ती छैन तर आसपासका पाखाहरूमा भने खेतीपाती र केही घरहरू देखिन्छन् । छिम्काको लेकमा पुस र माघमा हिउँ पनि पर्छ । तर यो हिउँ अस्थायी प्रकृतिको हुन्छ र छिटै पग्लेर जान्छ । डाँडाका यी थलीहरूमा घना वन देखिँदैन साधारण बुट्यान मात्र हुन्छ । मिर्लुङकोटको टापूमा रूखहरू छैनन् । यहाँ फराकिलो चौर छ । यो ठाउँ छहरे, मूलाबारी र मर्डकिना गाउँको गौचरनको रूपमा रहिआएको छ । छिम्काको लेकमा भने सानो हरियो वन देखिन्छ । यहाँ लाली गुराँसका बोटहरू पनि पाइन्छन् ।

समशीतोष्ण हावापानी

करीब ६०९ मिटर (२,००० फीट) भन्दा माथि १,५२४ मिटर (५,००० फीट) सम्मको पाखा, पखेरा, डाँडा र भञ्ज्याङ भागमा समशीतोष्ण हावापानीको प्रभाव परेको छ । तनहूँ जिल्लाका अधिकांश मानिसहरू यही भागमा बसोबास गर्दछन् । यो भागमा ज्यातात कोदो, फापर, कागुनो र जुनेलो जस्ता खाद्यान्न, तोरी, तिल र बदाम जस्ता तेलहन र मास, मसेङ, गहत, भटमास, बोडी र सिमी जस्ता दलहन आदि पाखेबाली लगाइन्छन् । स–साना खोला र खोल्साहरूको कुलो लाग्ने गरा परेको ठाउँमा र मूल तथा पँधेराको आसपासमा धान खेत पनि देखिन्छ ।

यो भागमा बाँझ, गुराँस, काफल र अन्य विभिन्न जातका साना रूखहरू भएको हराभरा वन देखिन्छ। यही वनबाट यस क्षेत्रका मानिसको घाँस, दाउराको समस्या समाधान हुन्छ । यो भागको हावापानी ज्यादै स्वास्थ्यकर भएको हुँदा गाउँ र बेंसीका लामालामा उकाला र ओराला हिंडेर पनि अधिकांश बासिन्दाहरू यहीं नै बसोबास गर्न मन पराउँछन् । यो भागमा सुन्तला, कागती, ज्यामिर, निबुवा र काफल तथा ऐंसेलु निकै पाइन्छन् ।

अर्धउष्ण हावापानी

यो जिल्लाको सबै टार, बेंसी र फाँट परेको भागमा अर्धउष्ण हावापानी पाइन्छ । यो क्षेत्रमा निकै गर्मी र औलो हुने हुँदा मानिसहरू बस्न डराउँथे तर अब औलो उन्मूलन भइसकेको हुँदा पहाडी भागमा बस्ने मानिसहरू पनि बेंसीतिर झर्न थालेका छन् । यो क्षेत्रमा वर्षमा निकै गर्मी र हिउँदमा जाडो हुन्छ । कात्तिक मंसीर, पुस र माघ महीनामा यो भागमा प्रायः प्रत्येक दिन ढीलोसम्म कुइरो लागेको हुन्छ ।

प्रांकृतिक वनस्पति

यो जिल्लाका विभिन्न ठाउँहरू विभिन्न उचाइमा रहेका र विभिन्न हावापानीद्वारा प्रभावित भएकाले यहाँ धेरै किसिमका वन्य पैदावार पाइन्छन् । यहाँको धेरैजसो वन क्षेत्र होचो पहाडी भाग र समथर भूमिमा रहेको छ । औलो भाग र मधेश भागमा पाइने मुख्य रूखहरूमा साल, खयर, चिलौने, कटुस, टुनी, सिमल, सिनकौली, बुढधइरो, साज, पडके, बेल, आँप, रिठ्ठा, अमला, हर्रो आदि हुन् । केही अग्लो ठाउँमा सल्लो, चाँप र लाली गुराँस पनि पाइन्छन् । यो जिल्लाको वनहरूमा बेत, बाँस र निगालो पनि पाइन्छन् । कृषि व्यवसायमा लागेका मानिसहरूको जनजीवनमा अन्य पैदावारको भूमिका ज्यादै महत्वपूर्ण रहेको हुन्छ । कृषिको लागि अत्यावश्यक मल खादका स्रोत भेडा, बाखा र गाई भैंसीका निमित्त चरन र घाँस मात्र होइन हलो, जुवा र घोचो, साठो

समेत यही वनबाट उपलब्ध भएको छ। घर छाउने खर मात्र होइन घर बनाउने डाँडा-भाटा, नाल–दलिन, थाम तथा खाँवा र झ्याल ढोका समेत यिनै वनहरूले पूर्ति गर्दै आएका छन्। अतः जिल्लाबासीहरूको जन्मदेखि मरणसम्म वन्य पैदावारले महत्वपूर्ण भूमिका ओगटेको हुन्छ।

वैज्ञानिक तरीकाबाट यो जिल्लाको वन सीमाना निर्धारण हुन बाँकी नै छ। साधारणतः पूर्वमा मर्स्याङदी नदी, पश्चिममा क्यादी खोला तथा स्याङ्जा जिल्लाको साँध, उत्तरमा कोत्रेखोला, रिस्ती खोला र नाउँदी खोला तथा दक्षिणमा काली नदी, देवघाट तथा नारायणी नदी यहाँको वन सीमाना मानिएको छ। यो जिल्लाको वन क्षेत्रलाई कुनै ब्लकमा छुट्टचाएको छैन। पहाडी जिल्ला भएर पनि प्रशस्त पानी र प्रशस्त टार भए जस्तै यहाँ प्रशस्त वन पनि छ। मर्स्याङदी नदीको किनार, मादीको आसपास, चुँदी खोलाको आसपास, भन्सार टारको वरपर, सेती, काली र नारायणीको नजीकै तथा गैंडाकोट क्षेत्रमा ठूल-ठूला रूखहरू भएका घना वन–जङ्गलहरू छन्।

मुङलिनटारदेखि दमौलीसम्म पृथ्वी राजमार्गको दाया बाँया पनि राम्रो वन थियो। यो राजमार्ग खुलेपछि यस भेकका मानिसहरूमा बाटोको छेउ छाउमा बसोबास गर्ने प्रवृत्ति बढेकोले वन केही नोक्सान न थालेको छ। खासगरेर आवादी जग्गासित जोडिएको वनहरू बिस्तार बिस्तार फाँडेर आवाद गर्ने मनोवृत्ति मानिसमा हुने हुँदा वन क्षेत्र छुट्टचाई बार लगाउनु आवश्यक भइसकेको छ। खोरिया फाँड्ने र डढेलो लाउने जस्ता कार्यकलापबाट पनि वनको क्षति भएको देखिन्छ।

तराई नभएर पनि साल, खयर र टुनी जस्ता रूखहरू प्रशस्त पाइने तथा हिमाली प्रदेश नभएर पनि सल्लो, गुराँस र चाँप जस्ता वृक्षहरू पाइने यो जिल्लाको वन जङ्गलमा वन्य फलफूल र जरीबूटी पनि पाइन्छन्। वनमा पाइने फलफूलमा ऐंसेलु,काफल, कटुस,कामुनो, तिंदु,फलाँट, जामुनो, दमाहागेडी र गोल काँक्री मुख्य हुन्। जरीबूटीमा अमला, हर्रो, बर्रो, दालचीनी तथा गुँदरगानो आदि हुन्। वन्य फलफूलहरू स्थानीय गोठाला, खेताला-हरूले मात्र टिपी घर लान्थे तर पृथ्वी राजमार्ग खुलेपछि काफल र ऐंसेलु जस्ता फलफूलहरू स्थानीय बजार पार गरी काठमाडौं र पोखरासम्म पुग्न थालेका छन्। त्यस्तै जरीबूटी पनि केही मात्रामा बाहिर पठाइन्छ।

पशु पक्षी

तनहूँ जिल्लाको वन जङ्गलमा विभिन्न किसिमका पशु पक्षीहरू पाइन्छन्। यहाँ पाइने वन्य पशुहरूमा बाघ, भालू, चितुवा, मृग, स्याल, मलसाँप्रो, दुम्सी, बँदेल, खरायो, बाँदर, लंगूर, वनबिरालो आदि हुन्। त्यस्तै पक्षीमा मयूर, कालिज, लुइँचे, तित्रा, ढुकुर, हलेसो, हुटिट्याउँ, कोकले, लाहाचे, जुरेली, बट्टाई, साउङ (डाँग्रे) सुगा, तोरीगाँडा, लामपुच्छ्रे, न्याउली, ढेडुवा, कुथुर्के, लाटोकोसेरो, काग, चिल, हुन्द्रंग, रानीचरी, फिस्टो, कोटेरो चिवे, धोबिनी चरी आदि छन्।

खनिज पदार्थ

तनहूँ जिल्लाको ढोर फिर्दी गाउँ पञ्चायतको मिनम कोट, छाब्दी, साँखे र क्याङदी भन्ने ठाउँमा राम्रो फलाम खानी छ। यी ठाउँहरू खैरेनीटार नजीकैको नयाँ गाउँबाट पश्चिमपट्टि सेती नदी पारी रहेका

छन्। सम्वत् २०१८ सालसम्म त्यस भेकका कामीहरूले यी खानीबाट फलाम झिकेर स्थानीय प्रयोगको लागि भाँडाकुँडा र फाली, कोदाली जस्ता कृषि औजारहरू बनाउथे। यो पञ्चायतभन्दा दक्षिणपट्टि सेती नदीमा बनेको भिमाद झोलुङ्गे पुलमा प्रयोग गरिएका फलामका लट्ठाहरू ढोर फलाम खानीको फलामबाट बनाइएको हो। तत्पश्चात यी खानीहरूबाट फलाम झिक्न रोकलगाइएको छ। कीमल डाँडा र पानी स्वाँरामा तामा खानी छ। पहिले पहिले यो तामा खानीबाट पनि स्थानीय कामीहरूले तामा झिकेर भाँडाकुडाँ बनाउथे तर फलाम खानीमा जस्तै यो तामाखानीबाट तामा झिक्न रोक लगाइएपछि यो बन्द भएको छ। साथै बन्दीपुरको दक्षिण पूर्वपट्टिको हिलेखर्क पञ्चायतको भूत खोलाको सिरानमा र मिर्लुङ कोटको पहरामा तामा खानी भएको अडकल गरिएको छ।

तनहूँ जिल्लाको बन्दीपुर बजारबाट नजीकै रहेको घर छाउने ढुङ्गा (स्लेट) खानी प्रसिद्ध छ। यस जिल्लाको बन्दीपुर बजारका छानाहरू मात्र होइन वरपरका कतिपय घरहरू यहींको ढुङ्गाबाट छाइएका छन्। यसको अतिरिक्त ज्यामरुङ पञ्चायतको बिसौनी डाँडा, क्यामिन र अन्य स्थानमा स-साना ढुङ्गा खानीहरू छन्। पृथ्वी राजमार्गबाट बन्दीपुरसम्म मोटर चल्ने बाटो बन्दै गरेकोले यहाँका सुन्दर ढुङ्गाहरू आसपासका बजारमा मात्र सीमित नभई पोखरा तथा काठमाडौंका घरहरूमा छाना छाउन आइपुग्ने विश्वास गरिएको छ।

ऐतिहासिक पृष्ठभूमि

प्राचीनकालमा तनहूँ नेपालका लिच्छविहरूको अधीनमा थियो । लिच्छविहरूले यहाँ करीब ईशाको नवौं शताब्दीसम्म शासन गरेका थिए । लिच्छविहरूको पतन भएपछि नुवाकोटे ठकुरीहरूको अधीनमा तनहूँ पनि रहेको देखिन्छ । ईशाको तेह्रौं शताब्दीमा कर्णाली क्षेत्रका खसिया मल्ल राजा जितारी मल्लले पूर्वतिर विजय गरी काठमाडौंमा समेत हमला गरेका थिए । त्यसबेला खसिया मल्ल राज्यको पूर्वी साँध त्रिशूली गण्डकोसम्म पुगेको हुँदा तनहूँ पनि सो राज्य अन्तर्गत नै रहेको देखिन्छ । ईशाको चौधौं शताब्दीसम्म खसिया मल्ल राज्य कायम थियो र चौधौं शताब्दीको अन्त्यमा खसिया मल्लहरूको पतन भएपछि तनहूँमा मगरहरूले शासन गर्न थालेको देखिन्छ ।

नेपालमा सेन वंशको उदय हुनुभन्दा अघिसम्म तनहूँ जिल्लाका विभिन्न इलाकामा मगरहरूकै राज्य थियो । पाल्पामा सेन वंशी राजाहरूको प्रभुत्व कायम भएपछि छिमेकी तनहूँका मगर राज्यहरू पनि क्रमशः पाल्पा राज्यमा मिल्न गए । पाल्पाका प्रसिद्ध राजा मुकुन्द सेनले पछि गएर आफ्नो राज्य आफ्ना सन्तानलाई बाँडि दिए । पैतृक सम्पत्ति बाँडफाँड हुँदा साँहिला छोरा भृङ्गी सेनको भागमा तनहूँ पर्न गयो । तत्पश्चात् तनहूँसुरलाई आफ्नो राजधानी कायम गरी भृङ्गी सेनले ई. सं. १५७५ देखि यस भेकको राजकाज गर्नथाले ।

यो जिल्लाको रिसिङमा मुकुन्द सेनका भतिजा राम सेन राज्य गर्दथे । तनहूँका राजा भृङ्गी सेनका छोरा हंवीर सेनको पालामा रिसिंगे राम सेन निःसन्तान परलोक भएकाले रिसिङ पनि तनहूँमा गाभियो । हंवीर सेनपछि उनका छोरा त्रिविक्रम सेन (प्रथम) तनहूँको गद्दीमा बसे । यी त्रिविक्रम सेन निक्कै महत्वाकांक्षी र शूरा राजा थिए । आपनो राज्य विस्तार गर्ने सिलसिलामा यिनले गोरखामाथि आक्रमण गरे । तर गोरखाका राजा राम शाहद्वारा त्रिविक्रम सेन पराजित भए । "राम शाहका पालामा गोरखामा मात्र होइन तनहूँमा पनि खस मगरहरू सभ्य र बलवान हुँदै आएका थिए । यसकारण यिनको अन्तिम समयभन्दा एक आध वर्ष पहिले तनहूँका राजा तुला सेन (त्रिविक्रम सेन) ले सैनिकदल पठाई मर्स्याङ्दी पार गराएर गोरखामा आक्रमण गरेका थिए, तर गोरखाली सैनिकहरूले तनहूँका सैन्य दललाई भगाई सीमानापार कटाइदिएका थिए ।"[१] त्यसपछि वि. सं. १७१० मा दामोदर सेन राजा भए । यिनको पालामा राजपुरका निःसन्तान राजा परलोक भएकाले सो राज्य पनि तनहूँमा गाभियो र तनहूँ राज्य तराईको समथर भू-भागसम्म फैलियो । तर

---

[१] बाबुराम आचार्य– श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग १, श्री ५ महाराजाधिराजका प्रेस सचिवालय, राजदरबार, २०२४, पृष्ठ ११

दामोदर सेनका भाइहरूमा मेल मिलाप हुनसकेन र तनहूँ राज्य पुनः टुक्रिने स्थितिमा पुग्यो । फलतः भाइ मधुसूदन सेन रिसिङमा गई त्यस भेकको राजकाज गर्न थाले । यो विभाजन धेरै समयसम्म स्थायी रहेन। तनहूँसुरमा दिग्विजय सेन राजा भएपछि गृह कलह साम्य भयो ।

तनहूँमा दिग्विजय सेनले शासन गरेकैताक भारतका मुगल बादशाह औरङ्गजेबले हिमाली भू-भागमा कुदृष्टि लगाएका थिए । नेपालका तत्कालीन बाइसी–चौबीसी राजाहरू औरङ्गजेबसित सतर्क भए तर तनहूँका राजा दिग्विजय सेन भने औरङ्गजेबको कूटनीतिक चालबाजीमा फस्न पुगे । यिनले औरङ्गजेबबाट "राजा" भन्ने पदवी पाए र मुगलका जागीरदार जस्तो भए ।[1] तनहूँ राज्य अन्तर्गत पर्ने दक्षिणपट्टिको भू–भागमा मुगलहरूले अधिकार जमाइसकेका थिए । तनहूँका राजाहरूको कार्यकलापबाट वरपरका बाइसी–चौबीसी राजाहरू बडो भयभीत भएका थिए । तनहूँलाई अगाडि सारेर अप्रत्यक्ष रूपबाट मुगलहरू घुस्लान् भनी गोरखालीहरू पनि सतर्क भएका थिए । यसताक गोरखामा पृथ्वीपति शाह राजा थिए । गोरखा र लमजुङको बीच राम्रो सम्बन्ध थिएन । दिग्विजय सेनले आफ्ना दुई बहिनीहरूको विवाह गोरखाली राजकुमार वीरभद्र शाहसँग गरिदिएका र आफ्नो छोरा कामराजदत्त सेन र तत्कालीन लमजुङ राजा केहरिनारायण शाहकी छोरीको बीचमा वैवाहिक नाता जोडेको हुनाले लमजुङ र गोरखा दुवैसँग तनहूँको राम्रो सम्बन्ध थियो र साथै आफ्ना वरपरका अरु राज्यहरूसित मैत्रीपूर्ण सम्बन्ध राख्न पनि दिग्विजय सेन सफल भएका थिए ।

यसपछि कामराजदत्त सेन तनहूँको राजगद्दीमा बसे । यिनले गोरखा र लमजुङको साथै कान्तिपुरका राजा जगज्जय मल्लसित पनि राम्रो मित्रता कायम गरेका थिए । वि. सं. १७८२ देखि १७८७ सम्म भएको ललितपुर, भक्तपुर तथा कान्तिपुरको झगडामा तनहूँ र गोरखाले भक्तपुरलाई सहायता दिए । यो झगडाको क्रममा तनहूँ र गोरखाली सेनाले ललितपुरको लामीडाँडा हात पारेका थिए । कान्तिपुरे राजा जगज्जय मल्लको सहयोगबाट यो लामीडाँडा तनहूँ राज्यमा मिल्यो । यसबाट तनहूँ र गोरखाको मित्रतामा केही आँच आएको आभास हुनथाल्यो । आफ्नो माइती (तनहूँ) मा आएको बेलामा मल्लिकावतीबाट नरभूपाल शाहको जन्म भएपछि दुई राज्यको बीचको सम्बन्धमा अरू नराम्रो वातावरण देखिन थाल्यो । केही कालसम्म नरभूपाल शाहका आमा छोरालाई तनहूँलीहरूले गोरखा पठाएनन् । तनहूँलीहरूले आफ्ना बुहारी र नातिलाई नपठाएको देख्दा पृथ्वीपति शाहलाई ठूलो चोट परेको थियो । यहाँनिर गोरखा र तनहूँको सम्बन्ध ज्यादै नराम्रो हुने सम्भावना थियो । तर त्यति नराम्रो रूप लिन पाएन कारण गोरखाका युवराज नरभूपाल शाहलाई गोरखामा ल्याउने कार्यमा गोरखाका राजकुमार चन्द्ररूप शाहको ठूलो योगदान छ । चन्द्ररूप शाहकै बुद्धिमत्तापूर्ण प्रयासले तनहूँका पण्डित गौरेश्वरद्वारा युवराज नरभूपाल शाहलाई गोरखामा ल्याइयो । यस सम्बन्धमा एक रोचक घटना घटेको थियो । तनहूँको दरबारमा गौरेश्वर नाम गरेका एकजना पण्डित थिए । यिनी कामराजदत्त सेनका गुरु मात्र होइन राजसभाका परामर्शदाता पनि थिए । तनहूँ दरबारमा आफ्नो स्थान सजबूत पार्न सफल भएका गौरेश्वरले गोरखा दरबारमा पनि घुस्ने अभिप्राय लिई मल्लिकावतीलाई सम्झाउन थाले "हजुरका छोरालाई मेरो छोराले मन्त्र सुनाउने अधिकार राजा पृथ्वीपति शाहबाट प्राप्त गराई दिनु भएमा हजुरलाई छोरा सहित गोरखामा जाने अनुमति दिलाई दिन्छु । यसबाट हजुरको गोरखा राज्यको र मेरो

---

[1] तोत्रराज पाण्डे र नयराज पन्त – नेपालको संक्षिप्त इतिहास, २००४, पृष्ठ ९७

समेत कल्याण हुनेछ" ।[1] गौरेश्वरको सल्लाहबमोजिम मल्लिकावतीले ससुरा पृथ्वीपति शाहलाई खबर गर्दा नाति आउने आशाले पृथ्वीपति शाहले सोबमोजिम गर्ने स्वीकृति दिई पठाए । तत्पश्चात् गौरेश्वरले तनहूँका राजालाई सम्झाई बुझाई मल्लिकावती र नरभूपाल शाहलाई गोरखा पठाइदिए ।

पृथ्वीपति शाहको शेषपछि नरभूपाल शाह गोरखाको गद्दीमा बसे । कामराजदत्त सेनको र नरभूपाल शाहको बीचमा राम्रो सम्बन्ध भयो । रामनगर तलहट्टीका जमीन्दारी-पाएका तनहूँका राजासित मैत्री सम्बन्ध बढाई राख्नुपर्छ भन्ने नरभूपाल शाहको विचार थियो । त्यतिबेला ललितपुरको अधीनमा रहेको जोगीमारा भन्ने ठाउँका चेपाङहरूले गोरखाली र तनहूँका यात्रुहरूलाई ज्यादै दुःख दिएका थिए । तनहूँका राजाले ललितपुरे विष्णु मल्लसँग आफ्नो उपरदाङ गढी र देवघाटको पायक पर्ने जोगीमाराको माग पेश गरे । जोगीमारा नदिएमा बलपूर्वक लिने पनि धम्की दिए । तनहूँले दिएको यो हाँकसित गोरखालीको पनि सहमति भएको हुनुपर्दछ । शक्तिशाली तनहूँ र गोरखालाई शत्रु बनाउनुभन्दा जोगीमारा दिनुमै कल्याण ठानी विष्णु मल्लले सो ठाउँ छोडिदिए । यसरी कामराजदत्त सेन र नरभूपाल शाहको आपसी मित्रता र सहयोगमा राज्यको विस्तार हुँदै गयो । यस्तैमा कामराजदत्त सेनको मृत्यु भयो ।

कामराजदत्त सेनको शेषपछि वि. सं. १७६८ मा त्रिविक्रम सेन द्वितीय तनहूँका राजा भए ।[2] त्रिविक्रम सेन र पृथ्वीनारायण शाह समकालीन राजाहरू थिए । गोरखा र तनहूँ मिलेर जितेको लामीडाँडा जुन तनहूँको अधीनमा थियो, पृथ्वीनारायण शाहले त्रिविक्रम सेनसित माग गरे । आफूले करीब १५ वर्ष भोग गरिसकेको लामीडाँडा गोरखालाई दिन त्रिविक्रम अनकनाएपछि पृथ्वीनारायण शाहले अरू उपाय सोच्न थाले । नरभूपाल शाहका गुरु अर्थात् गौरेश्वरका छोरा गोकुलविलास पाण्डेका सन्तानको सहायता लिई त्रिविक्रम सेनलाई कैद गरी लामीडाँडा हत्याउने योजना बनाए । गौरेश्वरका नाति नारायण पाण्डे तनहूँ दरबारमा विश्वासी पण्डित भएर बसेका थिए । यिनै मार्फत त्रिविक्रम र पृथ्वीनारायण शाहको आपसी भेटघाट गर्ने दिन तोकियो । वार्ता स्थलमा दुवै तर्फका अधिकृतहरूले केही हतियार नलग्ने व्यवस्था भयो । तर पृथ्वीनारायण शाहले वार्ता हुनुभन्दा अगावै ज्यामीरघाटको आसपासमा हतियार लुकाउन लगाए । भेट गर्ने मिति आइपुग्यो । तनहूँका त्रिविक्रम सेन र नारायण पाण्डे ज्यामीरघाटमा आइपुग्दा पृथ्वीनारायण शाहले ठूलो स्वागत गरी थर्पुमा राखे । त्यसपछि पृथ्वीनारायण शाहका अङ्गरक्षकहरूले बालुवा मुनी लुकाइराखेको हतियार झिकी त्रिविक्रम सेनका अङ्गरक्षकहरू माथि जाइलागे । त्रिविक्रम सेनलाई नुवाकोटमा बन्दी बनाइयो ।[3] यसै समयमा गोरखालीहरूले लामीडाँडा माथि आक्रमण गरी लामीडाँडालाई गोरखा राज्यमा समावेश गरे । केही काल कैद गरी त्रिविक्रमलाई सत्कारपूर्वक मर्स्याङ्दी पारीसम्म लगी छोडियो । तत्पश्चात् त्रिविक्रम सेन र तत्कालीन लमजुङ राजा वीरमर्दन शाहले जीवनभर गोरखामाथि दागा धरी नै रहे ।

नवाब मीरकासीम चम्पारन आई त्यसतर्फको स्थिति अध्ययन गरेको देख्दा तनहूँसम्म आउने हुन् कि भन्ने त्रिविक्रम सेन द्वितीयलाई त्रास थियो । तर मीरकासीम तनहूँतर्फ नआई मकवानपुरतिर लागे । मक-

---

१. बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ २३

२. गङ्गा विष्णु कृत सेन वंशावली ई. सं. १७५२ मा राजा त्रिविक्रम सेनको आज्ञाले गङ्गा विष्णु पण्डितले लेखेका थिए ।

३. पृथ्वीनारायण शाहको नुवाकोट दरबार स्थित अभिलेख

वानपुरमा आइपुगेका मीरकासीमका सैनिकलाई पृथ्वीनारायण शाहले पराजित गरी धपाइदिएकाले तनहूँका राजा त्रिविक्रम ढुक्क भएर बसे। यसपछि त्रिविक्रम सेनले लमजुङे राजा वीरमर्दन शाह र पर्वतका राजा शाहबम मल्ललाई समेत आफ्नो पक्षमा लिएर गोरखामाथि आक्रमण गर्ने योजना बनाउन थाले। कास्कीका राजा सिद्धिनारायण शाह भने तनहूँको गुटमा थिएनन्। त्यस बेला पृथ्वीनारायण शाहले आफ्नो राज्य पूर्वतिर विस्तार गरिरहेका थिए। गोरखा राज्य यसरी विस्तार भएको देखेपछि तनहूँगुटमा सामेल हुनु कास्कीको लागि कल्याण सम्झी सिद्धिनारायणले पनि तनहूँको साथ दिए। यसरी चार चौबीसी राज्यको संयुक्त प्रयासबाट बलियो भएको तनहूँ गुटले वि. सं. १८१२ को लगभगमा अचानक गोरखाको सिरानचोकमा हमला गऱ्यो। त्यस बेला पृथ्वीनारायण शाह पूर्वतिर महादेव पोखरीमा परशुराम थापासँग युद्ध गरिरहेका थिए। सिरानचोकमा चौबीसीहरूले आक्रमण गरेको खबर सुनेर पृथ्वीनारायण शाह त्यसतर्फ लागे। कालु पाण्डे लगायत वीर गोरखालीहरू र चौबीसी सैन्यका बीच सिरानचोकमा भीडन्त भएपछि अन्तमा गोरखालीकै जित भयो। चौबीसी राज्यको संयुक्त बल छिन्नभिन्न भयो। लडाईंको गतिविधि हेर्न भनी तनहूँको उत्तरी सीमानाको नाउँदी र पाउँदी खोलाको दोभानमा मानेचौका वरपर आइबसेका पर्वतका राजा शाहबम मल्ल पनि त्यहाँबाट भागे।

त्रिविक्रम सेनको शेषपछि वि. सं. १८२५ मा यिनका छोरा कामारिदत्त सेन तनहूँका राजा भए। यिनले राज्यारोहण गरेको करीब दुई वर्षपछि वि. सं. १८२७ को फागुन महीनामा गोरखाली सैन्य दल अचानक तनहूँ घेर्न पुग्यो। यस घटनाको समयमा राजा कामरिदत्त सेनले आत्महत्या गरे भन्ने केही इतिहासकारहरूको भनाइ छ। यिनका भाइ हरकुमारदत्त सेनले पृथ्वीनारायण शाहसित मिलापत्र गरी तनहूँको राजकाज चलाउन थाले।

तत्पश्चात् वि. सं. १८३५ मा गोरखालीहरूले तनहूँमा आक्रमण गरे। पराजित भई पाल्पामा शरण लिन गएका हरकुमारदत्त सेनले पर्वत र पाल्पाको सहयोग मागे र वि. सं. १८३६मा आफ्नो राज्य फिर्ता लिए। तनहूँका राजाको नेतृत्वमा चौबीसी राज्यका योद्धाहरू संगठन गरी वि. सं. १८३८ मा गोरखाको सत्ता उठाउने प्रयत्न भयो। यो प्रयत्नलाई गोरखालीहरूले असफल तुल्याई दिए। हरकुमारदत्त सेनको यस कारवाइले गर्दा तनहूँको स्थिति नाजुक हुँदै गयो। वि. सं. १८४० सम्ममा तनहूँ राज्यको सबैजसो भू-भाग नेपाल अधिराज्यमा गाभियो। त्यस भेकमा चौबीसीमध्ये सबैभन्दा बलियो तनहूँले हार खाएपछि वरपरका अरू राज्यहरू पनि एक पछि अर्को गरी नेपाल अधिराज्यमा समावेश हुन थाले।

प्रमुख स्थानहरू

दमौली

तनहूँ जिल्लाको सदरमुकाम यो दमौली मादी र सेती नदीको दोभान नजीकै अवस्थित छ । समुद्र सतहबाट करीब ३६५ मिटर (१,२०० फीट) को उचाइमा रहेको यो ठाउँ महाभारत शृङ्खलाको उत्तरी घाँचमा पर्दछ । यसलाई दमौली टार पनि भनिन्छ । यसको उत्तर पश्चिमपट्टि खैरेनीटारको सेरोफेरो तथा मादी नदीको आसपासको समथर भूमि छ भने दक्षिण पश्चिममा मानुङडाँडा उठेको छ । उत्तरी भेकमा तनहूँसुरका शाखा उप–शाखाहरू पसारिएका छन् त दक्षिण–पूर्वमा बन्दीपुरका शृङ्खलाहरू रहेका छन् । हराभरा बन तथा रसिला फाँट र नदीहरूका साथमा रहेको छ यो दमौली । गर्मी, औलो तथा सीमित परिधिले गर्दा पहिले देखि उपेक्षित दमौलीमा जिल्लाको सदरमुकाम सरेपछि चहल-पहल देखिन थालेको छ । काठमाडौंबाट पोखरा जाने पृथ्वी राजमार्ग दमौली भएर गईदिएको हुनाले यहाँको महत्व झन् बढन गएको छ । औलो उन्मूलन भइसकेको हुनाले डाँडा र पाखामा बस्नेहरू दमौलीमा झर्न थाले, वरपरका बस्तीहरू बाटोको छेउमा सर्न थाले, चिया पसलहरू देखिए, भोजनालयहरू खुले र सानो बजारको सिर्जना भयो । प्रशासकीय भवनहरू बने, सरकारी तथा अर्ध सरकारी कार्यालयहरू बसे, माध्यमिक विद्यालय स्थापना भयो, व्यापारिक गतिविधि बढ्न थाल्यो, नेपाल बैंक पनि यहाँ आफ्नो शाखा खोल्न पुग्यो । पछि जिल्ला पञ्चायतको माध्यमद्वारा योजनाबद्ध तरीकाले यहाँको नगर निर्माण हुन थाल्यो । त्यो सुनसान र उपेक्षित दमौली अहिले एउटा गुल्जार तथा रमाइलो सदरमुकाम भएको छ ।

सेती र मादीको संगम नजीकै एउटा ऐतिहासिक गुफा छ । यसलाई पराशर गुफा भनिन्छ । पराशर ऋषिले यहाँ तपस्या गरेको हुनाले यसलाई पराशर गुफा भनिएको हो र यही स्थानमा महाभारतका लेखक वेदव्यास ऋषिको जन्म भएको थियो भन्ने स्थानीय जनश्रुति छ । प्रत्येक माघे संक्रान्तिका दिन यस ठाउँमा ठूलो मेला लाग्छ । चौमासका एकादशीहरूमा भक्तजनहरू यहाँ स्नान गर्न भेला हुन्छन् ।

दमौलीबाट मादीको पूर्व किनारै किनार शिशाघाट भएर लमजुङ जाने बाटो छ । त्यस्तै मादी र सेतीको संगममा डुङ्गा तरेर रिसिङतिर जाने पुरानो मूल बाटो छ । बन्दीपुर, गैंडाकोट तथा चुँदी रम्घातिर जाने गोरेटोहरू पनि दमौलीबाट प्रारम्भ हुन्छन् ।

यो ठाउँ फराक चौर गाउँ पञ्चायतमा पर्दछ । यहाँका बासिन्दाहरूको संख्या २,८२८ छ । जिल्ला पञ्चायत, नेपाल बैंक र माध्यमिक विद्यालयको अतिरिक्त यहाँ प्रमुख जिल्ला अधिकारीको कार्यालय, जिल्ला

अदालत, माल कार्यालय, जिल्ला प्रहरी थाना, कृषि विकास कार्यालय, जिल्ला शिक्षा कार्यालय, भूमि सुधार कार्यालय, सहकारी कार्यालय, परिवार नियोजन कार्यालय, स्वास्थ्य चौकी, ग्रामीण उद्योग कार्यालय, छोटी हुलाक, कारागार, औलो उन्मूलन कार्यालय, कृषि खरीद विक्री संस्थान तथा सरकारी वकीलको कार्यालय आदि छन् ।

बन्दीपुर

करीब १,३४२ मिटर (४,४०८ फीट) अग्लो महाभारतको थलीमा अवस्थित तनहूँ जिल्लाको पुरानो सदरमुकाम बन्दीपुर यस भेकको सबैभन्दा सुन्दर बस्ती हो । यहाँबाट धौलागिरि, अन्नपूर्ण, लमजुङ हिमाल र हिमालचुली जस्ता प्रसिद्ध हिमशिखरको मनमोहक दृश्य देखिन्छ । यसको दक्षिण–पूर्वपट्टि तनहूँ जिल्लाको सबैभन्दा अग्लो करीब २,१३३ मिटर (७,००० फीट) को छिमका लेक पर्दछ । यहाँबाट उत्तर पट्टिको तनहूँ सुर र मिर्लुङकोट तथा गोरखा जिल्लामा पर्ने मनकामना एवं गोरखा दरवारको पाखो पखेरो सुन्दर देखिन्छ ।

करीब सात वर्ष पहिलेसम्म यो बन्दीपुर तनहूँ जिल्लाको सदरमुकाम मात्र थिएन, मुख्य वाणिज्य केन्द्र पनि थियो । स्वास्थ्यकर हावापानी भएको यो स्थानमा एउटा ठूलो बजार बसिसकेको थियो। यहाँको बजार र आसपासका घरहरू सबैजसो पक्की तथा नेपाली कलाले सिंगारिएका छन् । बजारबाट नजीकै रहेको प्रसिद्ध बन्दीपुरे ढुङ्गा खानीको स्लेटले यहाँका घरहरू छाइएका छन् । यहाँ खानेपानीको दुःख थियो तर सदरमुकाम दमौलीमा सर्नुभन्दा केही वर्ष पहिले छिमका लेकपट्टिवाट पानी ल्याएर यसको अभाव पूरा गरिएको छ।

हेटौंडादेखि नारायणगढसम्म बाटो बन्यो । चितौनबाट औलो उन्मूलन हुन थाल्यो । कृषि व्यवसायमा लागेका बन्दीपुर निवासीहरूले चितौनको सेरोफेरोमा आफ्नो भविष्य उज्यालो हुने सम्भावना देखे। महत्वाकांक्षी व्यापारीहरूको लागि बन्दीपुरको स्वास्थ्यकर हावापानी र प्राकृतिक सौन्दर्य मात्र भएर पुगेन। नारायणगढतिर सर्न थाले । यस्तैमा महाभारत डाँडाको उत्तरी घाँच भएर पृथ्वी राजमार्ग पोखरा गइदियो। चितौन झर्न बाँकी बन्दीपुरवासीहरू पृथ्वी राजमार्गमा पर्ने मुङलिनटार, विमलनगर, डुम्रे र दमौलीतिर लागे। बन्दीपुरको गतिविधि सेलाउँदै गयो । सुनसानप्राय यो सुन्दर थली एउटा बूढो शहर, एउटा अस्पताल, एउटा माध्यमिक विद्यालय र स–साना गाउँहरू वोकेर बसेको छ ।

बन्दीपुर गाउँ पञ्चायतमा पर्ने यस भेकमा ५,२७६ जना बसोबास गरेका छन् । पर्यटकहरूको सुविधाको लागि पृथ्वी राजमार्गको डुम्रेबाट बन्दीपुरसम्म करीब सात किलोमिटर (दुई कोस) लामो बाटो निर्माण भइरहेछ । यहाँको बजार क्षेत्रमा नेवार जातिको बस्ती छ र नजीकैको मुचुक गाउँ तथा आसपासमा मगरहरूको संख्या ज्यादा देखिन्छ ।

चुँदी रम्घा र टुहुरे पसल

कुनै दिन आदिकवि भानुभक्त आचार्यले आफ्नो परिचय दिंदै भनेका थिए–

घर मेरो तनहुँ त बेंसी चुँदो हो
गाउँ त रम्घा महाँ … … ।

आदिकविको जन्मस्थान यो रम्घा गाउँ चुँदी खोलाको पूर्वपट्टि पर्दछ । पृथ्वी राजमार्गमा पर्ने डुम्रे बजारबाट उत्तर लागेर भन्सार हुँदै रम्घा पुग्न करीब तीन घण्टा हिंड्नु पर्छ । यो गाउँमा भानुभक्त सम्बन्धी ऐतिहासिक वस्तुको संरक्षण तथा आदिकविको प्रतिमा स्थापना गर्ने कार्य भइरहेछ ।

यो गाउँबाट नजीकै चुँदी खोलाको तीरमा टुहुरे पसल छ । यहाँ सानो बजार छ । यस भेकको व्यापारिक केन्द्र यही टुहुरे पसल हो । यहाँ एक माध्यमिक विद्यालय, एक शाखा हुलाक तथा एक आयुर्वेदिक औषधालय छन् । दोरदोर, पुर्कोट, ज्यामरुक, मिर्लुङ, समजुर, गद्दी चौतरा आदि पञ्चायतबासीहरूको बेंसी यो चुँदी फाँटको सेरोफेरो निक्कै फराकिलो छ । जिल्ला पञ्चायतको रेखदेखमा डुम्रेदेखि टुहुरे पसलसम्म बाटो (भानु मार्ग) निर्माण हुँदै छ । यस भेकका जनताले यो भानुमार्ग निर्माणको लागि निक्कै जाँगर र हौसला लिएर काम गर्दै आएका छन् । तर डुम्रे र बाँगीरहमा पुल निर्माण नभएकोले बाटो तयार हुन सकेको छैन । यी पुलहरू निर्माण कार्यमा श्री ५ को सरकारबाट पूरा सहयोग प्राप्त भएमा चुँदी रम्घा तथा आसपासका गाउँ बेंसीको आर्थिक विकासमा गतिशीलता र परम्परागत सामाजिक परिपाटीमा समयानुकूल परिवर्तन आउने कुरा अवश्यंभावी छ ।

खैरेनीटार

खैरेनी टार दमौलीबाट पश्चिमपट्टि पर्दछ । पृथ्वी राजमार्ग यो टारको बीचबाट गएको छ । यो बाटो निर्माण हुनुभन्दा पहिले सुख्खा खैरेनीटारमा खास केही उल्लेखनीय गतिविधि थिएन । पृथ्वी राजमार्गले यहाँ एउटा नयाँ चहल-पहल ल्याएको छ । पूर्व-पश्चिम फैलिएर रहेको तनहूँ जिल्लाको प्रमुख टारहरूमध्ये एक यो खैरेनीटारमा गण्डकी अञ्चल कृषि विकास योजना सञ्चालन भइरहेछ । यो कृषि कार्यालय नजीकै बाटोको किनारमा एउटा सानो बजार बसिसकेको छ । तनहूँ जिल्ला पञ्चायतले यहाँ पञ्च नगरको नामले एक सुन्दर नगर निर्माण गर्ने योजना गरेको छ ।

सिचाइको राम्रो व्यवस्था नभएको यो ठाउँमा हाल एक माध्यमिक विद्यालय, स्वास्थ्य चौकी र प्राथमिक विद्यालय रहेका छन् । उदेन ढुङ्गा बनकेवा गाउँ पञ्चायतमा पर्ने यस ठाउँको जनसंख्या ४,८७२ छ ।

तनहूँसुर

करीब १,२४० मिटर अर्थात् ४,०७२ फीटको उचाइमा रहेको तनहूँसुर ऐतिहासिक र पुरातात्त्विक महत्वको स्थान हो । पालपाली राजा मुकुन्द सेनका छोरा भृङ्गी सेनले यही सुरलाई आफ्नो राजधानी कायम गरी तनहूँ राज्यको श्रीगणेश गरेका थिए । यो ठाउँमा सेन राजाको दरबारको भग्नावशेष छ । यसको नजीकै एक चौतारो छ । यसलाई गद्दी चौतारो भन्दछन् । स्थानीय मानिसहरू यसलाई राजगद्दी भन्ने ठान्दछन् र बटुवाहरू यसमा बस्तैनन् ।

यहाँको तनहूँसुर हटियाको एउटा घरको कोठा कहिल्यै पनि खोलिएको छैन । त्यो कोठा भित्र के राखिएको छ भन्ने कुरा घरको मालिकलाई पनि थाहा छैन । तनहूँ राजाको एकजना विश्वासपात्रको घर हो, त्यसैले सधैं बन्द राखिएको हो भन्ने स्थानीय मानिसहरूको भनाइ छ । वि. सं. १८२७ को फागुन महीनामा गोरखाली सैन्यले अचानक तनहूँसुरलाई घेर्दा तत्कालीन तनहूँका राजा कामारीदत्त सेनले आत्महत्या गरे

भन्ने केही इतिहासकारहरूको भनाइ छ । आजसम्म बन्द रहँदै आएको त्यो कोठामा यिनै कामारीदत्त सेनले आत्महत्या गरेका त थिएनन् ? यो सबै खोजीको विषय भएको छ ।

यो तनहूँसुरको जीर्ण दरबारको दक्षिणपट्टि भगवतीको पुरानो मन्दिर छ । यसलाई बूढी भगवतीको मन्दिर भनिन्छ । यो मन्दिरको भित्र सानो पानीको कुवा छ । भनिन्छ, यो कुवाको पानी कहिल्यै पनि घटबढ हुँदैन । यो तनहूँसुरबाट दक्षिणपट्टिको छिम्का लेक, पूर्वपट्टिको गोरखा भेक र उत्तरपट्टिको मिर्लुङकोट मात्र होइन हिमाली शृङ्खला पनि राम्रो देखिन्छ ।

हाल यो तनहूँसुर गह्री चौतारा गाउँ पञ्चायतमा पर्दछ । यहाँ २,२७७ जनता बसोबास गर्दछन् । यिनीहरूको बेंसी उपल्ला चुँदीफाँट हो । पृथ्वी राजमार्गमा पर्ने डुम्रेबाट उत्तर लागेर भन्सार, बाँगीरह तथा शेपा बगैंचा हुँदै तनहूँसुरमा जाने बाटो छ । तनहूँसुरको गाउँ र चुँदी फाँटको बेंसीको बीचमा असजिलो उकालो बाटो पर्ने र डाँडाको बस्ती साँगुरो भएकोले यो भेकका मानिसहरू बसीतिर बसाइँ सर्न थालेका छन् । भानु मार्ग तयार नभएसम्म यस क्षेत्रको यातायातको समस्या समाधान नहुने देखिन्छ ।

छाब्दी बराह

बन्दीपुरको उत्तर-पश्चिमपट्टिको पहाडी शृङ्खलामा पर्ने महिवल र कर्लुङ पञ्चायत क्षेत्रबाट पश्चिम तिर बगेर सेती र मादीको संगमस्थलभन्दा दक्षिणपट्टि मिसिन पुगेको एउटा खोला छ । यसलाई छाब्दी खोलो भनिन्छ । यही खोलाको तीरमा, दमौलीबाट करीब आठ किलोमिटर अर्थात् अढाई कोस पूर्वतिर छाब्दी बराह देवीको मन्दिर छ । तनहूँ जिल्लाको कुना कुनाबाट भक्तजनहरू बराहलाई बलि चढाउन आउँछन् । बराहलाई बोका पाठाको अतिरिक्त हाँस र परेवा पनि बलि दिइन्छ । बराह मन्दिरको नजीकै दाहिनेपट्टि एउटा सानो पोखरी छ । यहाँ रजवाम र शहर जस्ता ठूला ठूला माछाहरू छन् । यहाँका मगर पुजारीले बराहलाई बलि चढाएर हाँस तथा परेवाहरू उपर्युक्त पोखरीमा फालिदिन्छन् । यसलाई माछाहरू लुछाचुँड गरेर खान्छन् । बराहलाई भाकल गरेर पूजा गऱ्यो भने मनोरथ पूर्ण हुन्छ भन्ने मानिसहरूको विश्वास छ । स्वर्गीय श्री ५ महेन्द्रबाट यो बराह मन्दिरको जीर्णोद्धार गर्न सहायता प्राप्त भएको थियो ।

यो मन्दिरको तल छाब्दी खोलाको आसपासमा ज्यादै रसिलो फाँट छ । यसको वरपर मगरका बस्तीहरू निकै देखिन्छन् ।

ढोर बाराही

ढोर फिर्दी गाउँ पञ्चायतमा पर्ने ढोर बाराही पनि छाब्दी बराह जस्तै पूजनीय धार्मिक ठाउँ हो । खैरेनीटारको ठीक पश्चिमपट्टिको सेती नदी पार गरेपछि ढोर बाराही पुगिन्छ । यहाँ भक्तजनहरू प्रशस्त बोका पाठा चढाई पूजा गर्दछन् । यहाँको बाराही मन्दिरमा एउटा विशेषता के छ भने प्रत्येक तीस मिनेटमा "गुड गुड" आवाज गर्दै पानी निस्कन्छ र सुक्छ । बराह भगवान् समुद्रमा पृथ्वी झिक्न हामफाल्दा आएको छालको आवाज हो भन्ने स्थानीय किम्वदन्ति छ ।

यो मन्दिरको आसपासमा एउटा फाँट र नजीकै एउटा टार पनि छ । यो फाँटलाई फिर्दी फाँट र टारलाई हिलेटार भन्दछन् । ढोरफिर्दी गाउँ पञ्चायतको जनसंख्या ५,७९५ छ ।

ज्यामरुक वयापानी भञ्ज्याङ

समुद्र सतहबाट करीब १,२२० मिटर (४,००० फीट) को उचाइमा अवस्थित ज्यामरुक वयापानी भञ्ज्याङ पनि तनहूँ जिल्लाका प्रमुख ठाउँहरूमध्ये एक हो । यो ठाउँ तनहूँ जिल्लाको उत्तरी भेकको पूर्वपट्टिको मर्स्याङदी नदीदेखि उठेर पश्चिमपट्टिको मादी नदीसम्म फैलिएको डाँडाको थलीमा पर्दछ । यो डाँडाको उत्तरी पाखोमा बग्ने खोल्साहरू मिलेर जिल्लाको उत्तरी सीमाना रिस्ती र नाउँदी खोला बग्दछन् भने दक्षिणी पाखोमा बग्ने खोल्साहरूको संगमबाट चन्द्रावती र कलेस्ती खोलाको सिर्जना हुन्छ । तनहूँ जिल्लाको दोस्रो सबैभन्दा अग्लो अर्थात् १,६७६ मिटर (५,५०० फीट) को मिर्लुङकोट पर्वतको पूर्वपट्टि रहेको यो वयापानी भञ्ज्याङबाट माछापुच्छ्रे, धवलागिरि, अन्नपूर्ण, लमजुङ हिमाल र हिमालचुलीको सुन्दर दृश्य छर्लङ्ग देखिन्छ ।

नारायणी अञ्चलको नारायणगढबाट बन्दीपुर तथा भन्सार र चुँदी फाँट हुँदै लमजुङ जाने बाटो यही भञ्ज्याङ भएर जान्छ । त्यस्तै मर्स्याङदीको तारुघाटबाट लौडारी, चोक, मिलुंङ र शिशाघाट भएर पोखरा जाने पहाडी बाटो पनि यही भञ्ज्याङ हुँदै जान्छ । यसरी यो वयापानी भञ्ज्याङ चारै दिशाका मूल बाटाहरूको संगम स्थल भएको छ । यसको उत्तरी बेंसीमा नाउँदी फाँट र दक्षिण भेकमा चन्द्रावती तथा चुँदी फाँट पर्दछन् । यहाँबाट करीब छ किलोमिटर (दुई कोस) उत्तर-पश्चिममा कुञ्छा बजार र करीब यति नै दूरीमा उत्तर-पूर्वपट्टि मानेचौका पर्दछन् ।

यो भञ्ज्याङको तपसी चौरमा एक निम्न माध्यमिक विद्यालय र आसपासमा पाँचवटा प्राथमिक विद्यालयहरू छन् । ज्यामरुक पञ्चायतको सदरमुकाम यो भञ्ज्याङमा मिर्लुङकोटको छहरे मूलबाट खानेपानी ल्याइने भएको छ । यहाँ सानो बजार छ र यही बजारको पूर्वी छेउमा द्यौराली पुस्तकालय र अतिरिक्त हुलाक रहेका छन् । चोक, ज्यामरुक, मिर्लुङ तथा समजुर पञ्चायत क्षेत्रको केन्द्र पर्ने यो ठाउँमा डुम्रेबाट टुहुरे पसलसम्म भानु मार्ग बनेपछि टुहुरे पसलबाट समजुर, पोखरी छाप तथा मिर्लुङ हुँदै मोटर चल्ने बाटो बनाउन सकिने सम्भावना छ । यो ज्यामरुक पञ्चायतको वयापानी कोटमा करीब ५० घर भएको सार्की गाउँ छ । ओख्ले, राईपाली, घलेगाउँ, पीपलथोक, मडकिया, मुलाबारी तथा छहरे गाउँहरूमा गुरुङहरूको बस्ती छ । वयापानी भञ्ज्याङ नजीकै मगरहरूको बस्ती छ र वयापानी, कवाजीत, आहाले, घलेछाप, रतनपुर, तथा रूपाकोटमा बाहुन क्षेत्रीको बाक्लो बस्तीहरू छन् । यहाँको जनसंख्या ६,८६२ छ ।

रिसिङ

यो ठाउँ दमौलीबाट दक्षिण–पश्चिमको डाँडामा पर्दछ । बाईसी–चौबीसीको समयभन्दा पहिले यहाँ मगरहरू राज्य गर्दथे भन्ने केही इतिहासकारहरूको धारणा छ । वि. सं. १६१० तिर पाल्पाका राजा मुकुन्द सेनका भतिजा राम सेनले यहाँ राज्य गरेको र पछि यिनी निःसन्तान परलोक भएपछि तनहूँको राज्यमा गाभिएको कुरा इतिहासबाट देखिन्छ । रिसिङको आसपासमा रहेका थुप्रै मगर बस्तीहरू हेर्दा यहाँ पहिले

मगरहरूकै राज्य थियो र यहाँका आदिम जाति पनि मगरै हुन् भन्ने कुराको पुष्टि हुन्छ। रिसिङको प्रसिद्ध रानीपोखरी मगर राजाको पालामा बनेको हो वा सेन राजाको पालामा यकीन भन्न गाह्रो छ । यो रानीपोखरीको पश्चिमपट्टि एउटा सानो पानीको कुवा छ। यो कुवामा उत्तरबाट सेती नदीको तथा दक्षिणबाट काली नदीको पानी आएको छ र पानी सेचन गरेपछि रोग व्याध लाग्दैन भन्ने स्थानीय किम्वदन्ति सुनिन्छ। स्थानीय जनताको भनाइअनुसार पहिले सत्य युगमा यहाँ शृङ्ग ऋषि आएर तपस्या गरेका थिए र यिनै ऋषिको नाम अपभ्रंश भएर यो ठाउँको नाम रिसिङ भएको हो ।

करीब १,२२० मिटर अर्थात् ४,००० फीटको उच्चाइमा रहेको यो ठाउँ निक्कै सुख्खा पाखो पखेराले ढाकिएको छ। आसपासमा रसिला फाँटहरू छैनन्। यो रिसिङ पञ्चायतका २,३६७ जनता ज्यादातर पाखेबालीमा भर पर्दछन्। यसको दक्षिणमा रिसिङ रामजाकोट र रिसिङकोट दरवार पञ्चायत क्षेत्र पर्दछ। उत्तरमा गुनादी र छाङ तथा दक्षिण–पश्चिममा साङमु, सुनधारा, घिरिङ र गजरकोट पञ्चायत छन् ।

थर्नु

सदरमुकाम दमौली र खैरेनी टारको बीचमा एउटा निक्कै चल्तीको बजार छ। यसलाई थर्पु भनिन्छ। छाङ बजार पञ्चायत अन्तर्गत पर्ने यो थर्पु बजार पृथ्वी राजमार्गको छेउमा पर्दछ । यसको वरपर बडो रसिलो र मलिलो स्याग्दे फाँट छ। छाङ र मनपाङ क्षेत्रको व्यापारिक केन्द्र थर्पु नै हो। यहाँ एउटा माध्यमिक विद्यालय रहेको छ ।

देवघाट

देवघाट तनहूँ जिल्लाको दक्षिणपट्टि गण्डकी र काली नदीको संगमस्थलमा पर्दछ । धार्मिक दृष्टिबाट यो ज्यादै प्रसिद्ध स्थान हो। गण्डकी र कालीको संगमस्थलभन्दा केही उत्तरमा एउटा गुफा छ। यो गुफामा वशिष्ठ ऋषिले तपस्या गरेका थिए भन्ने जनश्रुति रहिआएको छ। देवघाटमा पाल्पाका मुकुन्द सेनले तपस्या गरेका थिए भनिन्छ ।

गाईघाट तथा देवघाट भएर तनहूँ र लमजुङका मानिसहरू चितौन जाने गर्दछन् । यी घाटहरू जिल्लाको दक्षिणी मूलद्वारको रूपमा रहिआएका छन् भन्न सकिन्छ। यहाँ नजीकैबाट महेन्द्र राजमार्ग गएको हुनाले यस भेकको आर्थिक तथा सामाजिक गतिविधिमा विशेष चहल पहल देखिन थालेको छ। हिले खर्क, सिचाङ गढी, काफल डाँडा, गैंडाकोट र छिपछिपे क्षेत्रलाई पायक पर्ने यो राजमार्गबाट तनहूँ जिल्लाको दक्षिणी भाग निक्कै लाभान्वित भएको छ। अवागमनको सुविधा बढ्दै गएकोले देवघाटको महत्व पनि बढ्दै छ। यहाँ माघे संक्रान्तिको दिन ठूलो मेला लाग्छ। नेपाल अधिराज्यका विभिन्न भागबाट र भारतबाट समेत भक्तजनहरू यहाँको मेला भर्न आउँछन् ।

भीमाद

दमौलीबाट करीब २७ किलोमिटर (नौ कोस) पश्चिममा भीमाद भन्ने ठाउँ छ । यो ठाउँ सेती नदीको किनारमा पर्दछ। ढोरका खानीबाट फलाम झिकेर स्थानीय कालीगढहरूले बनाएको यहाँको झोलङ्गे

पुल हेर्न लायक छ। यहाँ एउटा सानो बजार छ र यही नै रिसिङ र कछार क्षेत्रको व्यापारिक केन्द्र हो । भीमादमा एउटा छोटी प्रहरी थाना पनि रहेको छ। यो स्थान साभुँ भगवतीपुर गाउँ पञ्चायतमा पर्दछ। यो पञ्चायतको जनसंख्या ७,३६३ छ ।

अन्य स्थानहरू

पृथ्वी राजमार्गको सफल कार्यान्वय पश्चात् विस्तार हुन थालेका डुम्रे बजार र विमलनगर पनि यो जिल्लाका उल्लेखनीय ठाउँ हुन् । यसका अतिरिक्त जिल्लाको पश्चिमपट्टि राजमार्गको नजीकै सेतीको किनारमा अवस्थित चुहुने मूढा, दमौलीको पश्चिममा पतेनीटारसँगैको साङ्गेफाँट, जिल्लाको पूर्वमा पृथ्वी राजमार्गको उत्तरपट्टि मर्स्याङदीको किनारमा रहेको मझुवा खैरेनी, डुम्रे बजारबाट उत्तरपट्टि भन्सार र दमौली-बाट करीब २५ किलोमिटर (आठ कोस) दक्षिणपूर्वमा सिचाङ गढी पनि तनहूँ जिल्लाका उल्लेखनीय स्थान हुन् ।

जनसंख्या र जनजीवन

जनसंख्या

वि. सं. २०२८ सालमा श्री ५ को सरकार तथ्याङ्क विभागबाट लिइएको जनगणनाअनुसार तनहूँ जिल्लाको कुल जनसंख्या १,५८,१३९ छ। यो जनसंख्यामध्ये ७६,८१९ पुरुष र ८१,३२० महिला छन्। गण्डकी अञ्चलको कुल जनसंख्याको १५.५ प्रतिशत मानिस यो जिल्लामा बसोबास गरेको देखिन्छ। यस दृष्टिकोणबाट गण्डकी अञ्चलका अरू छ जिल्लासित तुलना गर्दा तनहूँ जिल्लाको स्थिति तेस्रो अर्थात् स्याङ्जा र गोरखापछि हुन आउँछ । नेपाल अधिराज्यका ७५ जिल्लाको जनसंख्यालाई हेर्दा तनहूँ जिल्लाको स्थान ३१ सौं हुन आउँछ। गण्डकी अञ्चलको जम्मा ११,७८४ वर्ग किलोमिटर जमीनमध्ये तनहूँ जिल्लाले १,५५१ वर्ग किलोमिटर ओगटेको छ। यस जिल्लाको जनघनत्व १०२ व्यक्ति प्रति वर्ग किलोमिटर हुन आउँछ।

यो जिल्लामा मानिसहरू बसोबास गरेको घर परिवारको संख्या २८,८६६ छ। नेपालका अन्य जिल्लाहरूमा जस्तै यो तनहूँमा पनि घटीमा एक सदस्य र बढीमा २० जनाभन्दा बढी सदस्य भएको संयुक्त परिवारहरू पाइन्छन् । तथ्याङ्क विभागबाट लिइएको २०२८ सालको जनगणनाअनुसार यो जिल्लामा पाँचजना सदस्य भएको परिवार संख्या ४,३०६ अर्थात् सबैभन्दा बढी देखिन्छ। यहाँको कुल जनसंख्या र परिवारको बनावट हेर्दा प्रतिपरिवारमा सालाखाला पाँच व्यक्ति पर्न आउँछन् ।

तनहूँमा हुर्कंदै गरेका केटाकेटी तथा विद्यालय जाने र उच्च शिक्षामा अध्ययन गर्ने विभिन्न उमेर समूहको वर्गीकरण गर्दा त्यसको रूपरेखा यस्तो देखिन्छः–

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
० – ५	१३,६१७	१७.७	१४,४७३	१७.८	२८,०९०	१७.८
६ – १५	२१,३७७	२७.९	२०,१९३	२४.७	४१,५७०	२६.३
१६ तथा सो भन्दा माथि	४१,८२५	५४.४	४६,६५४	५७.५	८८,४७९	५५.९
जम्मा :–	७६,८१९	१००.०	८१,३२०	१००.०	१,५८,१३९	१००.०

जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गरी नौ वर्षभन्दा मुनिको र ६० वर्ष र सोभन्दा माथिको समूहलाई आर्थिक दृष्टिबाट आश्रित जनसंख्या मान्ने हो भने तिनीहरूको संख्या ५५,६९३ अर्थात् ३५.३ प्रतिशत हुन आउँछ । अर्कोतर्फ १० वर्षदेखि ५९ वर्षभित्रको उमेर समूहभित्र पर्ने जनसंख्यालाई आर्थिक दृष्टिबाट सक्षम अर्थात् काम गर्न सक्ने क्षमता भएको जनशक्ति मान्ने हो भने तिनीहरूको संख्या १,०२,४४६ अर्थात् ६४.७ प्रतिशत हुन आउँछ । यस हिसाबले तनहूँ जिल्लामा आर्थिक दृष्टिबाट सक्षम अर्थात् काम गर्न सक्ने उमेर भएको व्यक्तिमाथि सालाखाला १.५ आश्रित व्यक्तिको भार पर्दछ । अतः तनहूँ जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:५० छ ।

सानै उमेरदेखि प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट कृषि व्यवसायसम्बन्धी काममा भाग लिने र ६० वर्ष उप्रान्त वृद्धावस्था हुने हाम्रो आर्थिक तथा जीवनचक्रको वास्तविक स्थितिलाई ध्यानमा राखी १० वर्ष देखि ५९ वर्षको उमेर समूहलाई काम गर्न सक्ने सक्षम श्रम मानिएको हो । आर्थिक दृष्टिकोणबाट सक्षम र आश्रित जनसंख्याको अनुपात देखाउन अन्तर्राष्ट्रिय चलनअनुसारको आधारलाई मान्ने हो भने यो जिल्लाको निर्भरताको अनुपात पनि फरक पर्न जान्छ । अन्तर्राष्ट्रिय चलन चल्तीअनुसार काम गर्न सक्ने श्रमको उमेर समूह १५ देखि ६४ सम्म मानिएको छ । यो जिल्लामा १५ देखि ६४ वर्षको उमेर समूहमा पर्ने जनसंख्या ८६,७१२ अर्थात् ५४.८ प्रतिशत छ । १५ वर्ष मुनि तथा ६५ वर्षमाथि उमेर भएको जनसंख्या ७१,४२७ अर्थात् ४५.२ प्रतिशत छ ।

यसबाट के प्रष्ट हुन आउँछ भने प्रत्येक सक्षम व्यक्तिमाथि सालाखाला १.८ व्यक्ति आश्रित रहेका छन् अथवा एक व्यक्तिले आफू बाहेक अन्य ८० जनालाई पाल्नु पर्छ अर्थात् १०० जना सक्षम नागरिकले आफू समेत १८० जनाको आर्थिक निर्वाह गर्नुपर्छ । यसरी अन्तर्राष्ट्रिय आधारबाट हिसाब गर्दा तनहूँ जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:८० देखिन्छ ।

यो जिल्लामा छ वर्ष र सोभन्दामाथि उमेर भएका मानिसहरूको संख्या १,३०,०४९ छ । यसमा ३२,५२१ पुरुष र ३८,६७६ महिला विवाहित छन् भने २८,८७१ पुरुष तथा २२,३४७ महिलाले विवाह नै नगरेको देखिन्छ । तर यो अविवाहित संख्यामा छ वर्षभन्दा माथिको उमेर समूहमा पर्ने सबै समावेश भएको र १८ वर्ष मुनि उमेर भएका केटा र १४ वर्षमुनि उमेर भएका केटीहरू उमेर पुगेपछि विवाह गर्ने हुँदा अविवाहितहरूको संख्या बढ्न जान्छ । यहाँ २० देखि २४ वर्षको उमेर भएका विवाहित केटीहरूको संख्या बढी अर्थात् ६,१६१ देखिन्छ भने २५ देखि २९ वर्ष भएका केटाहरूको विवाहित संख्या बढी अर्थात् ४,२१९ छ । १५ वर्षदेखि २९ वर्षको उमेर समूहमा केटाहरूभन्दा केटी नै बढ्ता विवाहित छन् । तनहूँ जिल्लामा विधुवाको संख्या ५,७३४ तथा विधुरको संख्या १,७२९ छ ।

नेपाल अधिराज्यका अन्य जिल्लाहरूमा जस्तै तनहूँ जिल्लामा पनि विभिन्न जातजातिले वसोबास गरेका छन् । यी जातिहरू राष्ट्रभाषा नेपालीको अतिरिक्त आ-आफ्नो मातृभाषाद्वारा आपसमा कुरा गर्छन् । भाषाभाषीको आधारमा यो जिल्लाबासीहरूको भाषा विभाजन यसप्रकार गर्न सकिन्छः—

बोलिने भाषा	बोल्नेको संख्या
नेपाली भाषा	१,०३,६१७
मगर भाषा	२९,२७०
गुरुङ भाषा	१३,०३१
नेवारी भाषा	९,१३०
अन्य भाषा	३,०९१
जम्मा–	१,५८,१३९

अन्य भाषाको समूहमा मैथिली, भोजपुरी, तामाङ, थारू, लिम्बू, शेर्पा, दनुवार आदि भाषा भाषी बोल्नेहरूको संख्या समावेश भएको छ। तनहूँमा यी भाषा बोल्नेहरू विभिन्न स्थानमा छरिएर बसेका छन्। राष्ट्रभाषा नेपालीपछि मगर भाषा बोल्नेहरूको संख्या ज्यादा देखिन्छ। रिसिङ, घिरिङ तथा बन्दीपुरको मुचुक भन्ने ठाउँहरूमा मगरहरूको बाक्ला बस्तीहरू छन्। विभिन्न ठाउँमा छरिएर बसेका मगरहरू धेरैजसो नेपाली भाषा नै प्रयोग गर्दछन्। तनहूँ जिल्लामा मगर भाषा बोल्नेहरूको संख्या २९,२७० मात्र देखिनुको मुख्यकारण पनि कतिपय मगरहरूले नेपाली भाषालाई आफ्नै मातृभाषाको रूपमा बोल्न थालेकोबाट हुनसक्छ। नेवारी भाषा बोल्ने नेवारहरू साँभु, भगवतीपुर, हटिया, तनहूँसुर, बन्दीपुर, डुम्रेबजार तथा विमलनगरको वरपर बसेका छन्। यिनीहरू प्रायः व्यापारिक कारोवारमा लागेका छन्। तनहूँसुर, पुर्कोट, हटिया र यस्तै गाउँघरमा बस्ने नेवारहरू ज्यादै कम नेवारी बोल्छन्। यी गाउँले नेवारहरू कृषिको अतिरिक्त घरबुना तथा खाँडी कपडा बुन्ने काममा लागेका देखिन्छन्।

तनहूँ जिल्लामा जम्मा ४३ वटा गाउँ पञ्चायतहरू छन्। यी पञ्चायतको जनसंख्या निम्नानुसार छः–

पञ्चायत	जनसंख्या	पञ्चायत	जनसंख्या
१ उदेन ढुङ्गा	४,८७२	२ कुर्लुङ	२,८२८
३ काहुँ शिवपुर	४,४४९	४ छ डाँडा केशवटार	५,६१६
५ क्यामिन छापथोक	३,७३३	६ गह्री चौतारा	२,२७७
७ गुणादी महेन्द्रपुर	२,०२७	८ गैंडाकोट	३,७७२
९ घिरिङगजरकोट	३,५३३	१० चोक चिसापानी	४,५७१
११ घिरिङ सुन्धारा	५,२०६	१२ जामुने भञ्ज्याङ	३,९००
१३ छाङ वजार	३,१९८	१४ ढोर थाम डाँडा	३,२४५
१५ ज्यामरुक वयापानी	६,८६२	१६ ढोर फिर्दी	५,७९५
१७ ढोर लामा गाउँ	३,२४५	१८ दल भञ्ज्याङ	१,७७०
१९ थपरेक	२,१७७	२० घवादी पार्वतीपुर	५;२०६
२१ दोरदोर	५,१४७	२२ पुर्कोट	६,४३२
२३ नावरुङ	२,०४७	२४ बन्दीपुर	५,२७६
२५ फराक चौर	४,४४८	२६ बाह्र डाँडा परम्पानी	३,१२१

२७	भीरकोट द्यौराली	२,९१६	२८	पनपाङ	४,१४७
२९	मिर्लुंङ ठूलढुङ्गा	३,१४८	३०	मैवल हटिया	२,६००
३१	रिसिङ रानीपोखरी	२,३६७	३२	रिसिङ कोटदरबार	४,३५९
३३	समजुर	१,४५१	३४	रिसिङ रामजाकोट	२,३६४
३५	साँजा	१,४०८	३६	सत्रसय आवु	४,९५८
३७	सिंचाङ काफलडाँडा	२,९०४	३८	साभु भगवतीपुर	७,३६३
३९	वैंदी सानो भञ्ज्याङ	३,५२४	४०	सिंचयाङ छिपछिपे	४,१२८
४१	स्यामघा हटिय	२,८०८	४२	स्थानथोक	२,४९५
४३	तेह्र बिसे हिले खर्क	३,९६६			

उपर्युक्त तालिकाबाट देखिएअनुसार सबैभन्दा बढी अर्थात् ७,३६३ जनसंख्या भएको पञ्चायत साँभु भगवतीपुर हो र सबैभन्दा कम अर्थात् १,४०८ जनसंख्या हुने पञ्चायत साँजा हो ।

जनजीवन

नेपाल अधिराज्यका अन्य पहाडी जिल्लाहरू जस्तैं तनहूँ पनि विभिन्न जातिको साझा फूलबारी हो। क्षेत्री, बाहुन, मगर, गुरुङ, नेवार, मुसलमान, कुमाल, बोटें, दराई, घर्ती, दमाई, कामी, सार्की तथा गाइने आदि जातिका मानिसहरू यहाँ बसोबास गर्दछन् । यी जातिहरूमध्ये क्रमशः क्षेत्री, बाहुन, मगर, गुरुङ तथा नेवारको आधिक्य रहेको पाइन्छ । क्षेत्रीहरूमा थापा, अधिकारी, बस्नेत आदि भए जस्तैं सबै जातिमा आ-आफ्नो थर तथा उपथर भएको देखिन्छ ।

नेवार जातिमा पाइने मुख्य थरहरू :– श्रेष्ठ, मूल, व्याधा, वतास, ज्यापू, खनीया, मल्ल, वाटाजु, वाठक, प्रधान, पालिखे, ठेका, भूमि, प्रधानाङ्ग, जोशी, कायस्थ, पीपा, नगरकोटी र प्रजापति आदि हुन् ।

त्यस्तैं मगर जातिमा राना, थापा, आले र पून, पन्थी, पल्ली, मगरबाट विभिन्न थरहरूको सृजना भएको बुझिन्छ तापनि यस तनहूँ जिल्लामा राना, थापा र आले मगरबाट सृजना भएका थरहरू जस्तैं राना, थापा, आले, रिलामी, दर्लामी, ठाडा, सिजाली, नामजाली, रामजाली, वरगाउली, सारू, मर्याक, गरंजा, गास्की, फेवाली, दुरुङच्याङ, हुञ्जाली, माकिम, मश्राङगी, लामिछाने, विर्ता, वरै, रूवाले, पाङमी, आले, पछायाली, सोराङगी, छाङआले, मुसाल, भुजेल, झ्याडी, सुसुलिङ, बराल, ढेंगा, लंकापति, कोक्मी, गान्छागी, ताछांगी, पाटा, पूवार, ढेडे, मादी र गुर्माछान आदि थर नैं मुख्य हुन् ।

गुरुङ जातिमा पनि घले, घोताने, लामा र लामिछाने यी चार थरे र सोह्र थरे भन्ने थरहरू छन् ।

यस तनहूँ जिल्लामा बाहुन, क्षेत्री, ठकुरी, घर्ती, दमाई, कामी, सार्की, नेवार आदि जातिहरूको भेषमा त्यति फरक पाइँदैन । पुरुष जातिले लवेदा अथवा भोटो- सुरुवाल, पटुका, टोपी, लगाउने र गाउँ घरमा धेरैजसो भोटो र कछाड लगाउने चलन छ । बाहुनहरूको लबेदाको साथमा धोती लगाउने पनि चलन छ । स्त्री जातिले चोलो-गुनियो र घलेक लगाउँछन् र मयत्रो (पछ्यौरा) ओढ्ने तथा घाँटीमा तिलहरी, पोते, मुगा, नौंगेडीको माला, नाकमा फूली, बुलाकी, कानमा सुनका ठूला ठूला सुन र चारपाटे ढुंग्री र आजभोलि

शिलमुन्द्री पनि धेरैंजसोले लगाउँछन् । हातमा सुनका अथवा चाँदीका बाला र काँचका चुरा, औंलामा असर्फी औंठी पनि लगाउँछन् । कपाल बाट्ने चलन छ । कपाल बाट्दा कसैले तालुदेखि नै बाट्ने पनि गर्दछन् । तर नेवार जातिको भने नाक छेड्ने चलन छैन र सुन, चारपाटे लगाउँदैनन् ।

ठकुरी बाहेक उल्लिखित जातिको शरीर पातलो, अलि अग्लो, मुखाकृतिमा नाक लामो, धेरैंजसोमा आँखा अलि भित्र पसेको र गहुँगोरो पाइन्छ ।

मगर, गुरूङ, बोटे र दरै जातिको स्त्री र पुरुषहरूको शारीरिक आकृतिमा त्यति फरक पाइँदैन। अनुहार गहुँ गोरो, बाटुलो, धेरै जसो नाक केही थेप्चो, जीउ बाक्लो, पिंडौला गठिलो र आँखा अन्य जातिकोभन्दा बाहिर निस्केको पाइन्छ । पुरुष जातिको पहिरनमा भोटो, धोतीको कछाड र गाजो भिर्ने तथा मखमलको वेस्टकोटमा चाँदीको कम्पनीको टाँक सिक्रीले उनेको लगाउँदछन् । कसै कसैले ठूलो भइसकेपछि पनि कानमा (हाँसको फुलको आकारमा बनेको) सुनको मुन्द्री लगाएका हुन्छन् । प्रायः हातमा सुनका बेरूवा औंठी लगाउँछन् । स्त्री जातिमा छिटको फरिया त्यसमाथि पटुका र मखमलको चोलो पहिरने र कर्म्री (पछ्यौरा) ओड्ने चलन छ । फरिया लगाउँदा धेरै जसो मुजा कोखामा पार्दछन् । गहना आदिमा नाकमा फूली थेप्चो खालको र झम्के बुलाकी, कानमा सुन, सुनको चारपाटे, हातमा सुनैको औंठी, बाला तथा चाँदीको काँडा निकालेको बाला पनि लगाउँछन् र साथै काँचका चुरा पनि लगाउँछन् । घाँटीमा लामो तिलहरी, पोते, नौगेडी (नौगेडीको गेडामा बुट्टा भएको), धनीहरूले असर्फीको माला र सुनका तथा चाँदीका झुम्का भएको जन्तर, मुगा आदि लगाउँदछन् ।

पहिले बालक जन्मेपछि जन्मेको छैठौं दिनमा छैटी गर्ने, एघार दिनमा न्वारान गरी चोख्याउने सबै जातिको चलन छ । तर नेवार र दरै बोटेहरूले छ दिन र नौ दिनमा पनि सुतक चोख्याउने गर्दछन् । केटीलाई गुनियो चोलो दिने र केटोलाई छेवर गर्ने चलन पनि यस तनहूँ जिल्लाका प्रायः सबैजसो जातिमा पाइन्छ । तर गुरुङ, मगर, दरै र बोटेहरूमा व्रतबन्ध गर्ने चलन पाइँदैन ।

बाहुन, क्षेत्री, ठकुरी, नेवार आदि जातमा व्रतबन्ध गर्दा विवाह जस्तै जग्गे बनाई बाहुनबाट विधिपूर्वक, पूजा होम, रुद्रि आदि गर्ने एवं कपाल छेवर गरी त्यस दिन केटालाई गेरू वस्त्र पहिऱ्याई सबैसँग भिक्षा माग्न पठाउने र सो कार्यको निमन्त्रणामा आएका, आमन्त्रितजनहरूबाट भिक्षा दिने चलन छ । यसरी प्राप्त गरिएको भिक्षा भेटी आदि सबै सङ्कलन गरी दीक्षा दिने (मन्त्र सुनाउने) गुरुलाई दिने, त्यसै कार्यको सिलसिलामा विद्या अध्ययनको लागि काशी जाने भनी केटा भाग्ने र भागेको बेलामा आफ्नो मामाबाट सम्झाई बुझाई गरी फर्काई ल्याउने चलन छ । तर कुनै कुनै नेवार जातिको व्रतबन्ध गर्दा जग्गे (मण्डप) बनाउने चलन नभएको पनि देखिन्छ ।

प्रायः सबै जातिहरूले विवाह गर्दा व्रतबन्धमाझैं जग्गे आदि बनाई आफ्ना सबै नाता, कुटुम्ब, छर-छिमेकी, इष्टमित्रलाई निमन्त्रणा गरिन्छ । बाहुनद्वारा वैदिक विधिअनुसार मन्त्रोच्चारण गरी पूजा आजा गरी त्यसपछि आमन्त्रितजनहरू समेत दुलाहालाई डोली वा घोडामा राखी एक ठूलो समूहका साथ दुलही (केटी) को घरमा दुलहीको बाबुसँग कन्यादान लिन जान्छन् । यसलाई 'जन्ती जाने' भनिन्छ । यसभन्दा पहिले विवाहको लागि केटा र केटीतर्फबाट कन्या माग्ने र दिनेका साथै विवाहको दिन निश्चित गर्नको

लागि केही खास व्यक्तिहरू बसी कन्या दिने नदिने निश्चित गर्ने र जन्ती आउने दिनको निश्चित निर्णय गर्दा बाहुन, क्षेत्रीहरूमा जनै सुपारी गर्ने चलन छ। कन्यादानपछि दुलहीका साथ जन्ती घर फर्कन्छ र दुलही भित्र्याउने काम हुन्छ । त्यसपछि दुलही फर्काउने भनी दुलहा दुलही दुवै दुलहीको माइती घरमा गएर एक दुई रात बसेर फर्कने चलन छ ।

मृत्यु संस्कारमा मानिस मरेपछि दागबत्ती गरी जलाउने चलन छ । जलाएपछि सबै मलामीका साथ क्रियापुत्रीले चिताबाट एउटा ढुङ्गा लिई आउँदछन् र त्यसलाई प्रेतात्माको रूपमा राखी १३ दिनसम्म क्रिया गरी जूठो उम्काउने चलन छ। क्रिया दुई किसिमसँग बसिन्छ । ठाडो क्रिया र दश क्रिया । दश क्रिया बस्दा दागबत्ती दिएकै दिनदेखि कपाल खौरेर बस्तछन् । ठाडो क्रिया चाहिं आठौं दिनदेखि बस्ने चलन छ। ११ दिनमा शय्या दान गरी १२ दिनमा सपिण्डी जोड्ने भनी मृत प्रेतात्मालाई पितृपंक्तिमा मिलाउने र १३ दिनमा सबैंजूठो उम्काउन चलन छ । छोराहरू एक वर्षसम्म वरखी बसी एकसरो सेतो लुगा लगाउँछन् । वर्ष दिनसम्म कुनै घाहाडबाड पूजा आजा नगरी शोक मनाइन्छ । मगर जातिमा पनि सबै बाहुन क्षेत्रीकै झैं गर्ने चलन छ।

नेवार जातिमा पनि सबै उस्तै छ तापनि विवाह गर्दा कसै कसैको दुलाहा जाने चलन छैन । कुमारी केटीहरूलाई विवाह गरी दिनुभन्दा पहिले १२ दिनसम्म गुफा राख्ने र त्यसपछि बेलसँग विवाह गर्ने गर्दछन् र छोरीको कर्म चलाउँदछन् । मृत्यु संस्कारमा कसैको डानुमा भनेर पाँचौं दिनमा र कसैको ह्नुनुमा भनेर सातौं दिनमा मृत व्यक्तिको नाममा भात दिने चलन छ । यो दिंदा भात सहित अन्य खाने चीजबीज र एकजोर लुगा दिने चलन छ । अरू जातिको बाहुनलाई शय्या दान दिए झैं हो भनेर भन्दछन् र यो दान कुसले जातिलाई दिइन्छ ।

गुरुङ जातिमा पनि जन्मेपछि न्वारान, क्षोर कर्म गरिन्छ । व्रतबन्ध गर्ने चलन देखिंदैन । विवाह गर्दा सबै अन्य जाति सरह नै हो तर कसै कसैको दुलाहा घरमा नभए पनि आफ्नी चेलीबेटी पठाई दुलही घरैमा ल्याई राख्ने गरेको पनि पाइन्छ ।

मृत्यु संस्कारमा मृत शरीरलाई गाड्ने गर्दछन् । क्रिया बस्ता अघौं गर्ने चलन छ। अघौं गर्दा अन्य जातिको काज क्रिया गर्दा पुरोहितबाट गराए झैं आफ्नै जातिको लामाबाट गराइन्छ । यसलाई घ्याप्रिङ भनिन्छ । यो अवसरमा राँगो, भेडा आदि काट्ने चलन छ । अन्तिम दिनमा घ्याप्रिङले ढ्याङ्ग्रो र झ्याली बजाई नाच्दै घाटमा लगी मृत व्यक्तिको पुतला सेलाउँछन् र त्यसदिनदेखि प्रेतात्मास्वरूप रहेको मृत व्यक्तिलाई पितृमा मिलाउँछन् ।

दरै जातिमा बालक पैदा भएपछि छ दिनबाट ११ दिनसम्ममा न्वारान गर्ने प्रथा छ । त्यसपछि पास्नी गरिन्छ । यिनीहरूको पनि व्रतबन्ध गर्ने चलन छैन । क्षोर मात्र गर्दछन् । विवाह गर्दा दरै जातिको पहिले केटाले केटीलाई आफू खुशी ल्याउँछन् । केटा केटीहरू दम्पतीको रूपमा बस्दछन् । पछि आफ्नो अनुकूल अवस्थामा जुनसुकै महीनामा पनि नाता कुटुम्ब बोलाई चार-पाँच दिनसम्म एकै ठाउँमा बसी बाजा बजाएर धूम-धामसँग विवाह गर्दछन् । विवाहमा जाँड रक्सी खूब खाने खुवाउने चलन छ । गर्भ धारणकै बखत र सन्तान भइसकेपछि पनि विवाह गर्ने चलन छ । कुमारी केटीको कथंकदाचित जुनसुकै जातका अज्ञात व्यक्तिबाट गर्भ रहन गयो भनेपनि आफ्नै जातिको केटालाई विवाह गरिदिन्छन् र केटोले पनि निःसंकोच विवाह स्वीकार

गर्दछ । मृत्युसंस्कारमा दरै जातिमा सोराहे (अर्घौङ्गैं) गर्ने चलन पाइन्छ । सोराहे नगरेसम्म दरै जातिले आशोच बार्ने चलन छ । मानिस जैलेसुकै मरे पनि तिहारे औंसीमा मात्र चोखिने चलन छ ।

व्रतबन्ध बाहेक बोटे जातिको विवाह आदि सबै चलन बाहुन क्षेत्रीहरूकै जस्तो हो । यिनीहरू पनि दरै जातिहरूको जस्तै सोराहे गरी मत्यु संस्कार गर्दछन् ।

यस तनहूँ जिल्लामा बस्ने बासिन्दामध्ये बहुसंख्यक बाहुन, क्षेत्री, गुरूङ, मगर आदिको मुख्य पेशा कृषि नै हो । केही बाहुन, क्षेत्री, गुरुङ र मगरहरू स्वदेश र विदेशमा नोकरी गर्दछन् । सो बाहेक जाति विशेषको आर्थिक पेशामा नेवार जातिमा व्यापार; दमाई जातिमा कपडा सिलाइ; सार्की जातिमा छालाको काम; सुनारमा गहना बनाउने काम, कामी जातिमा फलामको भाँडा औजार बनाउने विशेष पेशा देखिन्छ तापनि यिनीहरूको पनि साधारणतया पेशा कृषि नै हो ।

आर्थिक व्यवस्था

तनहूँ जिल्लाको अधिकांश आर्थिक गतिविधि कृषिमा आधारित छ। यहाँको कुल जमीन १,५५,१०० हेक्टर भए तापनि करीब १५,००० हेक्टर मात्र आवादी भएको पाइन्छ। तनहूँ एउटा पहाडी जिल्ला भएर पनि यहाँ टार र नदीहरूको आसपासमा प्रशस्त समथर भूमि देखिन्छ। यहाँ वार्षिक ३६,००० मेट्रिक टन खाद्यान्न उत्पादन हुन्छ। यो उत्पादनमध्येबाट बीज बीजनको लागि ७०० मेट्रिक टन र विभिन्न कारणवश क्षति हुन सक्ने करीब ३,६०० मेट्रिक टन कटाउँदा ३१,७०० मेट्रिक टन बाँकी हुन आउँछ। यसमध्येबाट कुटीफली गरी भूस फालेपछि खानयोग्य खाद्यान्न २६,२०० मेट्रिक टन मात्र रहन आउँछ। एक व्यक्तिको लागि सालाखाला वार्षिक १६० किलोग्रामको दरले तनहूँको कुल १,५८,१३९ जनसंख्यालाई खाद्यन्न उपलब्ध गराउँदा जम्मा २५,३०२ मेट्रिक टन खर्च भएर ८९८ मेट्रिक टन बढी हुन आउँछ। अतः पहाडी जिल्ला भएर पनि यो तनहूँ खाद्यान्न वचत हुने जिल्लाहरूको समूहमा पर्दछ।

कृषि

यो जिल्लामा हुने खाद्यान्न मुख्यतः धान, मकै, कोदो, मास, गहुँ र जौ हुन्। नगदे बालीमा उखु र सुर्ती तथा तेलहनमा तोरी र तिल मुख्य हुन्। यहाँ आलु खेती पनि गरिन्छ र जिल्लावासीहरू यसलाई नगदे बालीको रूपमा लिन्छन्। माथि उल्लेख गरिए जस्तै टार तथा बेंसी भागमा सिचाइको राम्रो व्यवस्था नभएको र पहाडी जिल्ला भएको हुनाले यहाँ धानभन्दा मकै खेतीले बढी जमीन ढाकेको र बढी उत्पादन यहीं खेतीबाट भएको देखिन्छ। औलो र गर्मीको कारणले वर्षौंदेखि उपेक्षित समथर भू–भागमा सर्ने प्रवृत्ति मानिसहरूमा बढेको देखिन्छ। तर सिचाइको अभावले गर्दा समथर भागमा पनि धानको सट्टा मकै र कोदो जस्ता पाखोबाली नै लगाउनु पर्ने हुँदा पाखोबालीको उत्पादन ज्यादा देखिएको हुन सक्छ। कुलो लाग्न सक्ने र खोलाहरूको आसपासमा रहेको रसिलो जमीन सीमान्त भइसकेको हुनाले यो जिल्लामा सघन कृषि कार्यक्रमबाट मात्र धानबालीको उत्पादन बढ्न सक्तैन। सिचाइको व्यवस्था गरी धानखेती गर्न योग्य खेतहरू थप्दै जान पर्ने देखिन्छ। अन्य कतिपय जिल्लाहरूको तुलनामा यहाँको आवादी जमीनको उर्वरा शक्ति पनि त्यति निम्नकोटिको छैन। ४,४०० हेक्टर खेतमा ११,४४० मेट्रिक टन धान र ७,९०० हेक्टर जमीनमा १६,९८५ मेट्रिक टन उत्पादन भएको पाइन्छ। अतः यहाँको टारहरूको सिचाइ पश्चात् यस जिल्लाको आवादी जमीन मात्र होइन उत्पादन पनि प्रशस्त बढ्न जाने कुरा सहजै अनुमान गर्न सकिन्छ।

कृषि तथ्याङ्क २०२८ अनुसार यो जिल्लामा विभिन्न बालीले ढाकेको क्षेत्रफल र ती बालीहरूको उत्पादन यसप्रकार छः –

क्षेत्रफल र उत्पादनको तालिका

क्षेत्रफल– हेक्टरमा
उत्पादन– मेट्रिक टनमा

वर्ष	धान		मकै		कोदो		गहुँ		जौ	
	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
२०२४।२५	४,०००	९,८००	७,१००	१४,५५५	५,४००	६,४१५	१७५	२१३	१४०	१२४
२०२५।२६	४,२००	१०,५००	७,३००	१४,९६५	५,६००	६,६०८	१५०	१८७	१५०	१३३
२०२६।२७	४,३५०	११,०९३	७,५००	१५,७५०	४,८००	६,९०२	१५०	१९१	१५०	१३५
२०२७।२८	४,४००	११,४४०	७,९००	१६,९८५	६,०००	७,२००	२४५	१४६	१६०	१४४
२०२८।२९	५,०००	१२,०००	५,९०१	१२,६८७	—	—	२४५	२४५	—	—
२०२९।३०	४,६००	११,९६०	७,९००	१३,०८५	६,०५०	७,२९०	६६६	८६२	१६५	१४८

वर्ष	आलु		तेलहन		उखु		सुर्ती	
	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
२०२४।२५	१२५	६७५	१८०	१०४	७०	१,०१५	५	३
२०२५।२६	१५०	८१०	१८०	९७	७०	९५२	८	५
२०२६।२७	१७०	९३५	२००	११६	७५	१,०८०	१०	६
२०२७।२८	२००	१,१००	२००	११८	८०	१,१७६	१०	७
२०२८।२९	–	–	–	–	–	–	–	-
२०२९।३०	२००	१,०७८	२००	८०	८०	१,१७६	१२	८

उपर्युक्त खाद्यान्नको तालिकाअनुसार आर्थिक वर्ष २०२४।०२५ देखि २०२८।०२९ सम्म धान बालीको क्षेत्र र उत्पादन बढ्दै गएको देखिन्छ। त्यस्तै मकैले ढाकेको जमीन र यसको उत्पादन पनि २०२७।०२८ सम्म क्रमशः वृद्धि हुँदै आएको छ। तर आर्थिक वर्ष २०२८।०२९ मा भने मकै उत्पादन मात्र होइन यसले ढाकेको जमीन पनि घटेको छ। कोदो खेतीमा पनि क्रमशः वृद्धि हुँदै आएको देखिन्छ। गहुँ र जौ खेतीमा मानिसहरू त्यति लागिसकेको जस्तो देखिंदैन। अतः धान, गहुँ र जौभन्दा यो जिल्लामा मकै र कोदो नै बढी जमीनमा खेती गरिएको र बढी उत्पादन भएको पाइन्छ।

आलु, तेलहन र नगदे बालीमा उखु तथा सुर्ती खेतीमा उल्लेखनीय घटबढ भएको देखिंदैन। उखु र सुर्ती नगदे बाली भए तापनि तराईतिर जस्तो नगद उपार्जनको उद्देश्यले खेती गरिएको हुँदैन। प्रायः प्रत्येक कृषक परिवारले व्यक्तिगत आवश्यकता परिपूर्तिको लागि उखु तथा सुर्ती खेती गरेको देखिन्छ। व्यक्तिगत आवश्यकताभन्दा बढी भएको खुदो र तमाखु, कक्कड तथा सुर्ती स्थानीय हाट बजारमा केही खरीद विक्री गरिन्छ। गर्मी हावापानी भएका बेंसीहरूमा उखु खेती निकै राम्रो हुन्छ। तर यस भेकमा चीनी कारखाना नभएकोले यसको उत्पादनमा कृषकहरूले त्यति चाख देखाएको पाइँदैन। केही वर्ष पहिलेसम्म यो जिल्लाका

मानिसहरू अन्यत्रबाट आलु आयात गर्थे । तर हिजोआज मंसीरमा धान काटेपछि खेतमा आलु रोप्ने प्रवृत्ति बढेको छ । माथिको तालिकाबाट पनि आर्थिक वर्ष २०२४ देखि आलु खेती गरिएको क्षेत्रफल र यसको उत्पादन क्रमशः वृद्धि हुँदै गएको देखिन्छ । यो जिल्लाका अधिकांश बासिन्दाहरूले नगदे बालीको रूपमा आलु खेती गर्न थालेको पाइन्छ । रिसिङ, घिरिङ र खैरेनीको वरपर अदुवा खेती निकै हुन्छ । यसको सुठो नगदे बालीको रूपमा विक्री गरिन्छ । यो जिल्लाको अत्यधिक आर्थिक गतिविधि कृषिमा भरपर्दै आएको बेहोरा माथि पनि उल्लेख भइसकेको छ । कृषिको अतिरिक्त व्यापार वा औद्योगिक व्यवसायमा लागेर जीवन निर्वाह गर्नेहरूको संख्या नगण्य छ । अधिकांश जनताको मुख्य पेशा कृषि भएको यो जिल्लाका मानिसहरू आपसमा मिलिजुली असारमा रोपाइँ गर्न र मंसीरमा दाइँ गर्नेदेखि लिएर कोदो रोप्ने,धान गोड्ने र घैया गोड्ने जस्ता काममा भारो पर्म गरी काम गर्दछन् । असारमा धानको रोपाइँ गर्दा पुरुषहरू आली लगाउने र बाउसे गर्ने काम गर्दछन् र महिलाहरू बीउ काड्ने र रोप्ने काम गर्दछन् । मंसीरमा दाइँ गर्दा पुरुषले धान झाँट्ने र परालका भारी बाँध्ने तथा महिलाहरूले परालका भारी बोक्ने चलन छ । यसरी एक परिवारका सदस्यहरू अर्को परिवारको काममा गएर पर्म लगाउँछन् र आलो पालो गरी सबैले सबैको काममा सहयोग पुऱ्याएका हुन्छन् । यहाँ अप्रत्यक्ष रूपबाट सहकारिताको सिद्धान्त अनुरूप कामकाज भएको देखिन्छ । भारो पर्म गरी नभ्याइने कामको लागि ज्याला दिएर खताला लगाउने पनि चलन छ । यसरी ज्याला लिएर वा वार्षिक मजूरी लिएर काम गर्नेहरू केही कम जमीन भएका वा जमीनै नभएका मानिसहरू हुन्छन् । यसरी काम लगाउँदा पुरूषलाई प्रतिदिन रू. चार र महिलालाई प्रति दिन रू. तीन ज्याला दिनुपर्छ । काम लगाउनेले दिउँसो खाजा पनि खुवाउनु पर्छ ।

कृषि व्यवसायमा ज्यादातर परम्परागत तरीका नै प्रचलनमा आइरहेको देखिन्छ । स्थानीय काठको हलो,फाली, कुटो, कोदालो र खुर्पी तथा दाँते नै प्रयोग भएको पाइन्छ । केही सम्पन्न परिवारहरू आफूलाई बढी हुने खाद्यान्न विक्री गर्दछन् । विक्री गर्दा कुनै बजारसम्म लगेर गोदाम गरी विक्री गर्ने चलन छैन । अन्नाभाव भएका मानिसहरू बेसाहा खोज्दै घरघरमा हिंड्दछन्, त्यतिबेला विक्री गरिन्छ । आफ्नो जमीन नहुनेहरू वा कम जमीन हुनेहरू पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट ज्याला, मजूरी र बेसाहा गरेर ज्यादातर कृषिमा नै निर्भर रहेका हुन्छन् ।

भूमि व्यवस्था

वि. सं. २०२२ सालमा यो जिल्लामा भूमिसुधार कार्यक्रम लागू भएपछि पेश भएको ऋण र कम निश्चित गर्ने फाँटवारी अनुसार कुल रू२१,९८,१२७। देखिएको थियो । यो रकममध्ये रू. ६,९५,१५०। ऋण निर्धारण भयो र रू. २,८७,०४०। किसानले साहूलाई तिर्न नपर्ने गरी मिनाहा गरियो । यो जिल्लामा आफ्नो र अर्काको जग्गा कमाउनेको संख्या २,४२५ र अरूको मात्र जग्गा कमाउनेको संख्या ११९ गरी जम्मा मोहीको संख्या २,५४४ देखिन्छ । भूमिसुधार लागू भएदेखि अनिवार्य बचत जिन्सीमा १८,१८७ मुरी र नगदमा रू. १,२२,०२४। ग्राम समिति र वडा समिति मार्फत सङ्कलन भएको छ । सो सङ्कलित अनिवार्य बचतमध्ये केही रकम मालपोत तिर्न, गोरु, बीउ र कृषि औजार खरीद गर्न ऋण दिइएको छ । अरू रकम बचतसंस्थान (हाल कृषि विकास बैंक) मा जम्मा गरिएको थियो । बाढी पीडित र अन्नाभाव भएकाहरूलाई पनि बचत रकमबाट सहायता पुऱ्याइएको थियो । यस जिल्लामा अनिवार्य बचतको सुव्यवस्था तथा पुनरलेखन गर्ने सिलसिलामा ४३ गाउँ पञ्चायतको ३८३ वार्डमा लेखा परीक्षण कार्य सम्पन्न भयो र आएका बेरूजुहरू पनि असूल उपर गर्ने कार्य

पनि साथ साथै भएको छ । ३३८ वार्डका २५,९६४ जना बचतकर्ताहरूलाई बचतको प्रमाण–प्रत्र वितरण गरिएको छ । २६९ वार्डका १६,२६२ जना बचतकर्ताहरूलाई रू. ६७,८४१। पारिश्रमिक दिइयो ।

यस जिल्लाबाट तत्कालीन बचत संस्थान र हाल कृषि विकास बैंकमा रू. १,८९,३९८। जम्मा गरिएकोछ । भूमिसुधारमा पेश भएको सात नं. फारामअनुसार यो जिल्लाका जग्गाधनीहरूको संख्या यस प्रकार छः–

१.	हदबन्दीभित्र चार हेक्टर (८० रोपनी) भन्दा बढी जग्गा हुनेको संख्या	५५
२.	तीन हेक्टरदेखि चार हेक्टर (६०देखि ८० रोपनी) बढी जग्गा हुनेको संख्या	७८
३.	२.५ हेक्टरदेखि तीन हेक्टर (५० देखि ६० रोपनी) बढी जग्गा हुनेको संख्या	१५८
४.	१.५ हेक्टरदेखि दुई हेक्टर (३० देखि ४० रोपनी) बढी जग्गा हुनेको संख्या	५६६
५.	एक हेक्टरदेखि १.५ हेक्टर (२० देखि ३० रोपनी) बढी जग्गा हुनेको संख्या	१,३२३
६.	एक रोपनीदेखि २० रोपनीसम्म जग्गा हुनेको संख्या	२६,९१५
७.	जग्गा नै नहुनेको संख्या	११९

तनहूँ जिल्लामा एक रोपनीदेखि २० रोपनीसम्म जग्गा हुनेहरूको संख्या धेरै देखिन्छ । ११९ जना जग्गा नै नहुनेलाई वितरण गर्नको लागि यो जिल्लामा आबादी जग्गा बढी भएको भूमिसुधारको विवरणबाट देखिंदैन । तर हालसम्म जग्गा नापी भई नसकेको हुँदा जमीनको वास्तविक रूपरेखा देखिन बाँकी नै छ ।

मालपोत

तनहूँ जिल्लाको जग्गा नापी भइसकेको छैन । सम्वत् १९६५ सालको नापीको आधारमा यहाँको मालपोत तालुकदार, जिम्मावाल र मुखिया मार्फत् यो जिल्लाको मालपोत असूल उपर गरिन्छ । यहाँको खेतबाट रू. १,५०,९११ । र पाखोबाट रू. ३९,८३६ । गरी वार्षिक जम्मा रू. १,९०,७४७ । मालपोत उठ्छ। यस जिल्लामा जम्मा ८१० मौजाहरू छन् । जिम्मावाल ४०२ र मुखिया ८१० गरी जम्मा तालुकदार १,२१२ छन् । जिम्मावाल र मुखिया नभएका गाउँमा माल कार्यालयबाट सोझै मालपोत उठाउने व्यवस्था छ । माथि उल्लिखित मालपोतको अतिरिक्त जग्गा रजिष्ट्रेशन दस्तूरबाट वार्षिक सालाखाला रू. ३,४०,०८९। आम्दानी हुन्छ ।

पशुपालन

यो जिल्लामा हुने पाल्तु पशुहरूमा गाई, भैंसी, गोरु, राँगो, भेडा, बाख्रा मुख्य हुन् । पाल्तु पक्षीहरूमा कुखुरा, हाँस, परेवा आदि देखिन्छन् । पहाडी जिल्लाको कृषि व्यवसायमा पाल्तु पशु-पक्षीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । गोरसको लागि मात्र गाई र भैंसी र मासुको लागि मात्र भेडा बाख्रा पालिएको हुँदैन । मलको निमित्त पनि यी गाईवस्तुहरू नपाली हुन्न । गाई भैंसीको गोबर र भेडा बाख्राको जुत्तोले यहाँको खेतबारी मलिलो पारेको हुन्छ । खेत बारी जोत्ने काम गोरुबाट गरिन्छ । यसरी गाई, भैंसी, भेडा, बाख्रा र गोरु यो जिल्लाको कृषि व्यवसायमा अभिन्न अङ्ग हुँदै आएको देखिन्छ । दमाई, कामी, सार्की तथा मगरहरूले सुंगुर पनि पालेका हुन्छन् । सुंगुरपालन प्रायः मासुकै लागि मात्र गरिन्छ । व्यक्तिगत तरीकाबाट पालन भएका

पशु-पक्षीहरूको अतिरिक्त गण्डकी अञ्चल कृषि विकास योजना अन्तर्गत खैरेनी कृषि फार्ममा पनि केही उन्नत जातका पशुहरू पालिएका छन् । आर्थिक वर्ष २०२९।३० मा यहाँबाट २६६ सुंगुर, ६,९२८ कुखुराको चल्ला, १६ वटा राँगो, २१ वटा भेडा र १७ वटा भैंसी वितरण गरिएको थियो । उन्नत जातका पशु-पक्षीहरू पाल्नेतर्फ स्थानीय मानिसहरूको अभिरुचि बढेको पाइन्छ । कृषि तथ्याङ्क २०२८ अनुसार तनहूँ जिल्लामा गाई ४८,०००; गोरु ३९,०००; भैंसी ३४,००० र ६८,००० बाख्रा भएको देखिन्छ ।

पशु–चिकित्सालय

तनहूँ जिल्लाको सदरमुकाममा २०२२ सालदेखि एक पशु-चिकित्सालय स्थापना भएको छ । यहाँ एक सहायक स्तरको पशुचिकित्सक रहन्छ । आर्थिक वर्ष २०२९।०३० मा यस चिकित्सालय दमौलीबाट उपचार गरिएका विभिन्न जातका पशुहरूको संख्या १५,५६६ पुगेको थियो । यो जिल्लाको कुनै पनि पशुलाई संक्रामक रोग लाग्यो भने यही अस्पतालबाट विशेषज्ञहरूको टोली गई औषधोपचार गर्ने व्यवस्था भइरहेको छ । २०२९।०३० मा यसरी विभिन्न स्थानमा गएर १,९७१ पशुहरूलाई उपचार गरिएको थियो ।

फलफूल खेती

अन्य पहाडी जिल्लाहरूमा जस्तै तनहूँ जिल्लामा पनि विभिन्न प्रकारका फलफूलहरू पाइन्छन् । समथर भू-भाग तथा बेंसी परेको गर्मी ठाउँमा भूइँ कटहर, रूख कटहर, आँप र लिची पाइन्छन् । पाखा-पखेरा तथा डाँडाका बस्ती र खासगरेर उत्तरपट्टि फर्केका बस्तीहरूमा सुन्तला, कागती, ज्यामिर, भोगटे, निबुवा, काठे, चाक्सी, नासपाती, स्याउ र अमला जस्ता फलफूलहरू फलेको देखिन्छ ।

यहाँ संगठितरूपबाट फलफूल खेती गरिएको देखिएको छैन । तर धेरैजसो बस्तीहरूमा प्रायः प्रत्येक परिवारले आ-आफ्नो बेंसी र भित्री बारीमा दुई चार बोट फलफूल लगाएको देखिन्छ । कृषि तथ्याङ्क-अनुसार यो जिल्लामा २४,००० आँप, ७,००० सुन्तला, २,००० नासपाती, २,००० स्याउ, ३,००० मेवा, ५५,००० केरा, २,००० कागती, १,००० रूख कटहर र ४०,००० बेलौतीका बोटहरू छन् ।

अञ्चल कृषि विकास योजनाले यो जिल्लाको फलफूल विकासमा सहयोग पुऱ्याएको छ । सम्वत् २०२५ सालदेखि योजनाबाट विभिन्न उन्नत जातका फलफूलका बिरुवाहरू वितरण गरिएका छन् । आर्थिक वर्ष २०२५।२६ देखि २०२९।३० पाँच वर्षसम्म वार्षिक क्रमशः १०,१८२; ३,१३२; १६,११६ र ४८,३०५ बिरुवा वितरण गरिएको थियो । बन्दीपुर र आसपासको पाखो-पखेरो तथा मिर्लुङकोटको श्रृङ्खलामा सुन्तला, कागती, निबुवा र ज्यामीर जस्ता सिट्रेस फलफूल र बेंसीहरूमा भूइँकटहर, मेवा तथा बेलौती खेती राम्रो हुने देखिन्छ । यातायातको सुविधा उपलब्ध भइसकेको यो जिल्लामा विद्युत्शक्ति प्राप्त भएपछि फलफूल उद्योगको स्थापना र विकास गर्न सकिन्छ ।

कृषि विकास

यहाँका भीर, डाँडा र बगर बाहेक खेती-योग्य जमीनमा कृषकहरूले तीन बालीसम्म पनि लगाएका छन् । एक रोपनीदेखि बीस रोपनीसम्म जमीन हुने जग्गाधनीहरू धेरै भएको यो जिल्लामा खेतीपातीको लागि

आवश्यक मल, जल र स्याहार सुसार प्रशस्त पुऱ्याएको देखिन्छ । कृषि तथ्याङ्क २०२८ अनुसार एक हेक्टर जमीनमा दुई मेट्रिक टन मकै, १.५ मेट्रिक टन कोदो र २.५ मेट्रिक टन धान उत्पादन हुनुलाई निकै राम्रो मान्नु पर्छ । साँगुरो जमीनमा धेरै मानिसले निर्वाह गर्नपर्ने हुँदा यहाँ अप्रत्यक्षरूपबाट सघन खेती भइरहेको छ । यो जिल्लाको कृषि विकास गर्दा सिचाइलाई प्राथमिकता दिई खेती-योग्य जमीन सिर्जना गर्नेतर्फ ध्यान दिनु आवश्यक छ ।

तनहूँ जिल्लामा कृषि विकासको लागि आवश्यक मल, बीउ, औजार तथा कोटनाशक औषधिहरू सहकारी संस्था, कृषि खरीद विक्री संस्थान र कृषि कार्यकर्ताहरूको सहयोगबाट उपलब्ध गराइएको छ । आर्थिक वर्ष २०२८।०२९ र २०२९।०३० मा यहाँ निम्न रकमको कृषि सामग्रीहरू विक्री वितरण भएको थियो:–

कृषि सामग्री	२०२८।०२९	२०२९।०३०
कम्प्लेक्स मल	रू. १,५०,१३०।	रू. १,५६,२०८।
युरिया मल	–	रू. १८,४२०।
एमोनियम सल्फेट	रू. ७१२।	रू. २,४४२।
पोटास मल	–	रू. २,१५८।
लेर्मा गहुँको बीउ	रू. ५,५१२।	रू. १४,०९९।
मकैको बीउ	रू. ७८४।	रू. १,५५२।
कृषि औजार	रू. ४०४।	रू. २,००२।
आर. आर. २१ गहुँ	–	रू. ३९,५१५।

यसको अतिरिक्त आवश्यक कोटनाशक औषधि र धानको बीउ पनि विक्री वितरण गरिएको छ । प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको छ । उन्नत जातको धानको बीउ प्रयोग गरी पानी लाग्ने खेतमा हिउँदमा पनि धान खेती गर्न थालिएको छ ।

यहाँ कृषि विकास सम्बन्धी अरू पनि विभिन्न कामहरू भइरहेछन् । यी विकास कार्यक्रमहरूमध्ये गण्डकी अञ्चल कृषि विकास योजना उल्लेखनीय छ । २०२५ सालमा प्रारम्भ भएको यो योजनाले यस क्षेत्रको कृषि विकासका लागि १.१६ करोड रूपियाँ खर्च गरिसकेको छ ।

गण्डकी कृषि विकास योजना

श्री ५ को सरकार र संघीय जर्मन गणतन्त्र सरकारका बीचमा २०२५ सालमा भएको सम्झौता-अनुसार गण्डकी कृषि विकास योजनाको स्थापना भएको हो । यस योजनाको केन्द्रीय कार्यालय तनहूँ जिल्लाको खैरेनीटारमा रहेको छ । यसको उप-शाखा कार्यालय पोखरामा छ । खैरेनीटारमा रहेको यो कृषि योजनाबाट आर्थिक वर्ष २०२५।०२६ देखि २०२९।०३० सम्म भएको कार्य प्रगति यसप्रकार छ:–

विवरण	२०२५।०२६	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
फलफूल वितरण र संख्या	१०,१८२	३,१३२	१४,८५३	१६,११६	४८,३०५
पशु पक्षी वितरण (चल्ला)	१,६२०	१,१२८	७६५	३,३३३	६,९२८
(सुंगुर)	६	२४	८२	१५०	२७७
माछा	६,६००	१,५२६	४३,४०३	९४,०१५	४४,७०७
राँगो	–	–	–	३	१६
भेंडा	–	–	–	१०	२१
भैंसी	–	–	–	–	१७
रासायनिक मल (मिट्रिक टन)	५२.४०	९४४.३०	६०६.४९	८४०.०२	१,२१५.२१
उन्नत बीउको प्रयोग धान (मेट्रिक टन)	–	–	–	३.२६	३०.२३
गहुँ "	–	–	२२८.४०	२४१.७७	२६३.२३
मकै "	–	–	१२.९७	१३.२७	३४.०२
आलु "	–	–	–	–	३.८२
तोरी "	–	–	–	–	१.४६
उन्नत बीउले ढाकेको क्षेत्रफल					
धान (हेक्टर)	७२२.८०	११९.७०	–	६५	१,०५६.०
गहुँ (हेक्टर)	२,११४.९०	३,४२१.०	३,६३५.०	३,७८२	४,५२२.४५
मकै (हेक्टर)	१८५.१०	८५८.२०	१,१६२.०	८२३	२,०१९.३५

यो कृषि सामग्रीहरू वितरणको साथसाथै कीटाणु-नाशक औषधि, कृषि औजार तथा तरकारीका बिरुवा पनि वितरण गरिएका छन् । परम्परागत प्रचलनमा आइरहेको हलो फाली तथा कुटो कोदालोलाई थोरै मात्रामा भए पनि आधुनिक कृषि औजारले स्थानापन्न गर्न थालेको देखिन्छ । गण्डकी कृषि विकास योजनाबाट अहिलेसम्म १,६८८ कृषि औजार वितरण गरिसकेको छ । यो योजनाबाट आर्थिक वर्ष २०२९।३० मा २८,५७४ वटा तरकारीका बिरुवा वितरण गर्नुको साथै २१ जना जे. टी. ए. र ४८ जना कृषकलाई कृषि तालीम दिएको थियो ।

कृषि ऋण

बहुसंख्यक जनता कृषि व्यवसायमा लागेको यो जिल्लामा समय समयमा कृषि ऋणको आवश्यकता पर्नु स्वाभाविक नै हो । यहाँका कृषकहरूको ऋण स्रोत प्रथमतः साहू महाजन नै हुन् । हाल कृषि ऋण उपलब्ध गराउने स्रोतहरूमा कृषि विकास बैंक र सहकारी संस्थाहरू मुख्य भएका छन् ।

यो जिल्लामा तीनवटा सहकारी संस्थाले निर्दिष्टरूपमा आठवटा पञ्चायत क्षेत्रमा किसानहरूलाई सहकारी सेवा उपलब्ध गराउँदै आएका छन् । यही आर्थिक वर्ष २०३०।०३१ मा एक अर्को सहकारी

संस्था स्थापना गर्ने पनि लक्ष्य राखिएको छ । आफ्नो कार्यक्षेत्रभित्र पर्ने कृषकहरूलाई उन्नत बीउ, कृषि औजार, औषधि, मल खरीद गर्न यी सहकारी संस्थाहरूले ऋण उपलब्ध गराउँदै आएका छन् । साथै यी संस्थाहरूले उपभोक्ता भण्डार स्थापना गरी स्थानीय आवश्यकताअनुसार विभिन्न कृषि सामग्री र दैनिक उपभोगका वस्तुहरू खरीद बिक्री गर्ने काम पनि गर्न थालेका छन् । कृषि विकास बैंक तथा सहकारी संस्थाको अतिरिक्त जिल्ला भूमिसुधार कार्यालयले पनि ग्राम समितिहरू मार्फत् कृषि ऋण उपलब्ध गराएको छ ।

यो जिल्लाका कृषकहरूको आर्थिक स्थिति त्यति राम्रो नभएकोले ऋण उपलब्ध गराउने स्रोतको रूपमा रहेका निर्दिष्ट सहकारी संस्थाहरू अरू खोल्नु पर्ने देखिन्छ ।

यो जिल्लामा २०२६ सालदेखि कृषि विकास बैंकको शाखा स्थापना भएको छ । यो बैंकले खाद्यान्न उत्पादन, पशुपालन, फलफूल खेती, नगदे बाली विकास र सिचाइ कार्यमा कृषकहरूलाई कृषि ऋण उपलब्ध गराउँदै आएको छ । आर्थिक वर्ष २०२९।०३० मा यस जिल्लाका २,५१४ जना किसानहरूलाई कृषि ऋण वितरण गरेको थियो ।

सिचाइ

यो जिल्लामा सिचाइ सुविधा ज्यादै कम छ । साँगे खोलाबाट पानी ल्याएर पतेनीटारको ५० हेक्टर अर्थात् १,००० रोपनी जमीन सिचाइ गर्ने व्यवस्था भएको थियो । तर खोलाको बाढीले नहरको बाँध बिगारेकोले हाल बाँध मरमत गर्ने काम भइरहेछ । यही आर्थिक वर्ष २०३०।०३१ मा यो बाँध मरम्मत गर्ने काम समाप्त भएपछि साँगे पतेनीटारको अधिकांश भाग सिचाइ हुनेछ । भन्सारटार र अतरौलीटार सिचाइ गर्ने सम्बन्धमा श्री ५ को सरकारले संघीय जर्मनीको नापी टोलीद्वारा सम्भाव्यता अध्ययन गराइरहेछ ।

केही कुलोहरू जनताले आफ्नै श्रम र खर्चद्वारा निर्माण गरी सिचाइको व्यवस्था मिलाएका छन् । तर पक्की बाँधहरू नभएकाले सानो बाढीले पनि बाँध बगाइदिने हुँदा मध्य असारमा खेतहरू सुकेका हुन्छन् । ठूला ठूला सिचाइ योजनाहरूको अतिरिक्त लघु सिचाइ योजना अन्तर्गत स-साना कुलोहरूको बाँध पक्की बनाइ दिनेतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ । यहाँका विभिन्न खोलाहरूमा साना-ठूला गरी करीब १०० वटा कुलोहरू छन् । तीमध्ये २५ हेक्टर (५०० रोपनी) भन्दा बढी सिचाइ गर्ने केही कुलाहरू निम्नबमोजिम छन्:—

कुलोको नाम	खोलाको नाम	फाँटको नाम	सिचाइ क्षमता (रोपनीमा)[1]	
चार हजारे कुलो	साँगे खोलो	साँगेफाँट	१,००० रोपनी	चालू
अँधेरी कुलो	अँधेरी खोलो	सत्रसय आवु	५०० ”	”
रिस्ती कुलो	रिस्ती खोलो	सत्रसय फाँट	५०० ”	”
नरङ्गे कुलो	नरङ्गे खोलो	नरङ्गा फाँट	१,१०० ”	”
नरङ्गा कुलो	नरङ्गा खोलो	अम्बेको फाँट	१,२०० ”	”
कलेस्ती कुलो	कलेस्ती खोलो	डोटेल फाँट	५०० ”	”
बाउसे रह कुलो	चुँदी खोलो	रम्घा फाँट	१,००० ”	”

---

१. एक हेक्टरमा करीब २० रोपनी जमीन हुन्छ

द्रौपदी कुलो	रिन्दी खोलो	नयाँटार	१,०००	रोपनी चालू
हिलेटार कुलो	सुरौदी खोलो	हिलेटार	१,२००	निर्माण नभएको
बैरनी कुलो	कलेस्ती खोलो	वैरेनी टार	१,२००	रोपनी चालू
अन्नौली कुलो	मैदी खोलो	अन्नौली र पुटार	२,५००	" "
छाङ कुलो	म्याग्दे खोलो	छाङ पाटन फाँट	५००	" "
एक्ले कुलो	फुसरे खोलो	एक्ले खेत	१,५००	" "
म्याग्दे कुलो	म्याग्दे खोलो	ठूलो खेत	५००	" "
खैरेनी कुलो	साँगे र जामदी	खैरेनी टार	१,०००	" निर्माण नभएको
पञ्चनगर कुलो	गछेपानी खोलो	खैरेनी टार	१,८००	" चालू
भन्सार कुलो	चुँदी खोलो	भन्सार टार	१,२००	" "
रिस्ती नहर	रिस्ती खोलो	बोटेटार आदि	१,२००	" "
दमौली कुलो	बुल्दी खोलो	दमौली टार	१,२००	" "

यी कुलोहरूमध्ये धेरै जसो ज्यादै पुरानो र कच्ची कुलो छन् । प्रायः प्रत्येक कुलोको बाँध प्रत्येक वर्ष बगाएको हुन्छ । गाउँलेहरू हरेक वर्ष हारगुहार गरेर बाँध लगाउँछन् । यहाँ सेती, मादी र मर्स्याङदी जस्ता नदीहरू बगिरहेछन् । कैयन् खोला र खहरेहरूले खेत बगाएर लगिरहेछन् । यहाँका टारहरू अझै बाँझै छन् । अनन्त बगिरहने खोलाहरूको पानीले यहाँ कैयन् टारहरूलाई सिंच्ने बेला आएको छ ।

उद्योग

काठमाडौं र पोखरा जस्ता विशाल बजारसित राजमार्गद्वारा सोझै सम्पर्क स्थापना भइसक्दा पनि तनहूँमा आधुनिक उद्योग व्यवसायको सिर्जना नहुनुको मुख्य कारण विद्युत् शक्तिको अभाव नै हो भन्न सकिन्छ । यहाँ कृषि तथा वनबाट उपलब्ध हुन सक्ने कच्चा पदार्थमा आधारित उद्योगहरू सञ्चालन गर्न सकिने सम्भावना छ । तर माथि भनेजस्तै औद्योगिक संस्थाहरू चलाउन अत्यावश्यक विद्युत् शक्तिको अभावमा यातायात, सञ्चार तथा कच्चा पदार्थ र बजार मात्र भएर उद्योग व्यवसायको विकास हुन सक्तैन । बिजुलीको व्यवस्था भएपछि यहाँ फलफूल उद्योग, काठ उद्योग, माछा उद्योग, कपडा उद्योग, दालचीनी उद्योग, मौरी पालन, अदुवा अर्थात् सुठो जस्ता उद्योग व्यवसायहरू सञ्चालन हुन सक्ने देखिन्छ । गण्डकी अञ्चल कृषि विकास योजनाद्वारा आफ्नै योजनाको लागि सुरौदी खोलाबाट हिउँदमा ६० र वर्षामा १२० किलोवाट विद्युत् शक्ति निकाल्ने काम भइरहेछ ।

परम्परागत चलिआएका केही कुटीर उद्योग, केही चामल कारखाना र ग्रामीण उद्योग कार्यालयद्वारा भएका सामान्य गतिविधिहरू नै हुन्-यो जिल्लाको वर्तमान औद्योगिक उदाहरणहरू । कृषि व्यवसायबाट बचेको समयमा खास गरेर हिउँदताका मात्र मानिसहरू अतिरिक्त आय गर्ने उद्देश्यले केही अस्थायी खालको उद्योग धन्धामा लागेका हुन्छन् । कृषिसित सम्बन्धित गतिविधिको तुलनामा औद्योगिक कार्यकलाप नगण्य छ । यहाँको करीब ९५ प्रतिशत जनशक्ति कृषिमा नै केन्द्रित भएको छ । २०२८ सालको जनगणनाअनुसार आर्थिक दृष्टिबाट सक्षम अर्थात् १० वर्षभन्दा माथि उमेर भएका काम गर्न सक्ने मानिसहरूको संख्या ७७,७१२

छ । यसमध्ये कृषि सम्बन्धी पेशामा लाग्नेहरूको संख्या ७६,३०५ छ । अन्य शिक्षण पेशा, प्रशासन, खरीद विक्री तथा उद्योग व्यवसायमा लाग्नेहरूको कुल संख्या १,५०८ मात्र छ । अतः यो जिल्लाका अधिकांश मानिसहरू कृषि व्यवसायमा नै लागेका रहेछन् भन्ने कुरा प्रष्ट हुन आउँछ ।

कुटीर उद्योग

यो जिल्लाको रिसिङ, घिरिङ, पुर्कोट, ज्यामरूक, चोक, केशवटार तथा अन्य केही पञ्चायत क्षेत्रमा स्थानीय कपासको काँचो धागोबाट घरबुना र खाँडी कपडा बुनेको देखिन्छ । यसरी कपडा बुन्नेहरूमा धेरैजसो नेवार, गुरुङ तथा मगर जाति हुन्छन् । घरघरमा चर्खा र स-साना तानहरू राखेर तयार गरिने घरबुना र खाँडी आ-आफ्नो घरायसी आवश्यकता पूर्ति गरी बाँकी रहेमा गाउँ घरमा तथा स्थानीय बजारमा नगद वा जिन्सी लिएर विक्री गरिन्छ । यो जिल्लाको भीर, पाखो र बारीको कान्लाहरूमा प्रशस्त बाबियो, केतुकी, भोर्ले, सनपाट, पाखुरी तथा काभ्रो आदि पाइन्छन् । यसबाट डोरी बाटेर नाम्लो, दाम्लो, जोतारो, डोरी तथा बरियो बनाइन्छ । यी सामग्रीहरू धेरैजसो घरायसी प्रयोगको लागि नै बनाइएका हुन्छन् - खास खरीद विक्री भएको देखिंदैन। यसको अतिरिक्त यहाँका वन, पाखा र बेंसीमा हुने बेत, बाँस र निगालोबाट डोको, डालो, नाङलो, सोली, थुन्से, मान्द्रो, चित्रो, भकारी तथा कोक्रो बनाएको देखिन्छ । निगालोको मसिनो चोया काडेर राम्रा राम्रा स्याखु र छत्री पनि बनाउने गरेको पाइन्छ । यी सामानहरू स्थानीय हाट बजारमा निकै खरीद-विक्री भएको देखिएको छ । यहाँका सार्कीहरू जुत्ता सिउने काममा लागेका हुन्छन् भने कामीहरू भाँडाकुँडा र कृषि औजार बनाउने काममा तर यी कामहरू उद्योग व्यवसायको रूपमा नभएर जातिगत पेशाको रूपमा गर्दै आएको देखिन्छ । केही मानिसहरूले सिकर्मी काम गरेर आफ्नो गुजारा गरेको पनि देखिन्छ । यहाँका कर्मीहरू झ्याल ढोका र ठाँटी पाटीका पाखुरी तथा थाममा आकर्षक बुट्टा भर्न ज्यादै सिपालु छन् । खानीबाट छाउने ढुङ्गा झिक्ने र घर बनाउने जस्ता उद्योगहरूमा पनि केही मानिस लागेका हुन्छन् । बाँस र निगालोको चोयाबाट हाते झोला, काइँयो र टोप बनाउने जस्तो मसिनो र शीपपूर्ण काम पनि गाउँलेहरू गर्छन् । तर उपर्युक्त कुनै पनि उद्योग व्यवसाय संगठित रूपमा सञ्चालन भएका छैनन् । अतः श्री ५ को सरकार, कृषि विकास बैंक र साझाको संयुक्त प्रयासबाट सहकारिताको आधारमा जिल्लामा भएको साधन र जिल्लाबासीहरूको शीप तथा श्रमलाई संगठित गरी तनहूँमा स्वदेशी उद्योग व्यवसायको विकास गर्न सकिने देखिन्छ ।

आधुनिक उद्योग

धान कुट्ने, तोरी पेल्ने र मकै पिंध्ने केही मिलका अतिरिक्त अन्य केही घरेलु उद्योगहरूको पनि संगठित रूपमा प्रादुर्भाव हुन थालेको छ र यी यसप्रकार छन् :–

मिलको नाम	अश्व शक्ति	मिल रहेको स्थान
अमृत पूर्ण राइस एण्ड आयल मिल	१४	थर्पु
लक्ष्मी राइस एण्ड आयल मिल	१४	सिसाघाट
निर्माण राइस एण्ड आयल मिल	१४	बन्दीपुर
गण्डकी राइस एण्ड आयल मिल	१४	बन्दीपुर

घनसुर राइस एण्ड आयल मिल	१४	विमलनगर
पन्त राइस मिल	१४	पुरानो डिही
चन्द्र राइस एण्ड आयल मिल	१६	दमौली
सिद्धिहर्ष राइस एण्ड आयल मिल	१६	भन्सार
जनशक्ति राइस एण्ड आयल मिल	१६	खैरेनी
केशर राइस एण्ड आयल मिल	१५	भिमाद
भगवत राइस एण्ड आयल मिल	१०	गजरकोट
छिम्केश्वरी राइस एण्ड आयल मिल	१४	आबु खैरेनी
भानु राइस एण्ड आयल मिल	१४	चुंदी
शाही राइस एण्ड आयल मिल	१६	मनपाङ
ढोरवाराही फ्लोर एण्ड आयल मिल	१५	ढोरफिर्दी
भगवती राइस मिल	१६	कलेस्ती दोभान
सुयाल राइस मिल	१६	जामुने भञ्ज्याङ
नारायणी राइस मिल	१६	भगेर टार
सूर्य पतना राइस आयल एण्ड फ्लोर मिल	२६	गेंडा कोल
व्यास चन्द्र राइस मिल	१६	दमौली

अन्य उद्योगहरू

उत्तर सोडा भण्डार	दमौली बजार
दुर्गा पाउरोटी भण्डार	दुले गौंडा
जय नेपाल पाउरोटी भण्डार	विमलनगर
रूफिङ एण्ड फ्लोरिङ स्लेट उद्योग	बन्दीपुर
भानु ग्रामीण कपडा उत्पादन केन्द्र	चुंदी

यी मिलहरूमा धान कुट्ने, गहुँ पिंध्ने, मकै पिंध्ने र तोरी पेल्ने काम गरिन्छ। प्रत्येक मिलमा सालाखाला चारजना कामदारहरू काम गर्दछन्। सदरमुकाम दमौली र खैरेनी तथा थर्पुमा अवाल राखी इँट बनाएको देखिन्छ। जिल्लामा ज्यादातर ढुङ्गाको प्रयोग गरिने हुँदा इँट उत्पादन ज्यादै सानो लागतमा सञ्चालन गरिएको पाइन्छ। यो जिल्लामा अन्तःशुल्क उठाउने छुट्टै कार्यालय छैन। यहाँको माल कार्यालयबाट यो काम गरिएको छ। यहाँ अन्तःशुल्क तिर्ने उद्योगहरू माथि उल्लिखित २० वटा मिलहरू नै हुन्। यी मिलहरूबाट आर्थिक वर्ष २०२६।०२७ देखि २०२९।३० सम्म जम्मा रू. १,२२,८१२। अन्तःशुल्क बुझाइएको थियो।

ग्रामीण उद्योग

श्री ५ को सरकार घरेलु विभाग अन्तर्गत पोखरामा सञ्चालित ग्रामीण उद्योग कार्यालय २०२६ सालदेखि स्थानान्तरण भई यस जिल्लाको सदरमुकाम दमौलीमा स्थापना भएकोछ। २०२७ सालदेखि यो कार्यालयले दमौलीमा सातवटा तान राखेर सूतीकपडा उत्पादन गर्दैआएको छ। २०२९।३० आर्थिक वर्षबाट

तालीम शाखाको पनि व्यवस्था गरी सूती कपडा बुन्ने सम्बन्धमा प्रशिक्षार्थीहरूलाई तालीम दिन थालेको छ । यहाँ एक विक्री भण्डारको व्यवस्था गरी स्थानीय ग्रामीण उद्योग कार्यालय र काठमाडौं घरेलु विभागबाट उत्पादित सामग्री विक्री वितरण गरिएको छ। साथै उद्योग व्यवसायमा इच्छुक स्थानीय मानिसहरूलाई आधुनिक उद्योग सम्बन्धी राय सल्लाह पनि दिने व्यवस्था छ। यो ग्रामीण उद्योग कार्यालयले समय समयमा औद्योगिक प्रदर्शनी को आयोजना गरी जिल्लामा घरेलु उद्योगको प्रचार पनि गर्दैआएको छ ।

वि. सं. २०३० साल पुसदेखि यस कार्यालयले ५० हजारसम्मको पूँजी लगाई सञ्चालन हुने उद्योग तथा मिलहरूको इजाजत प्रदान गर्ने, रजिष्ट्रेशन गर्ने तथा सम्बन्धित ऐन नियम अन्तर्गतका उद्योग प्रशासन सम्बन्धी कामहरू गर्दैआएको छ ।

अन्ततः तनहूँ जस्तो पहाडी जिल्लामा यत्रतत्र छरिएको साधन र जनताको शीप, श्रम तथा हौसला सञ्चय गरी संगठित रूपले उद्योग व्यवसाय सञ्चालन गर्नको निमित्त सहकारी पद्धतिलाई अगाडि सानु पर्ने देखिन्छ। कृषि विकास बैंक, साझा केन्द्रीय समिति तथा घरेलु विभाग र सहकारी विभागको संयुक्त प्रयास भएमा जिल्लामा निर्दिष्ट सहकारी उद्योग धन्धाहरूको विकास गर्न सकिन्छ ।

व्यापार

यो जिल्लाको व्यापारिक गतिविधि सामान्यतः दैनिक प्रयोगका वस्तु र केही कृषिजन्य मालसामानमा आधारित छ। मुङलिनदेखि कोत्रे दोभानसम्म पृथ्वी राजमार्गको आसपासमा यहाँको व्यापारिक कार्यालय केन्द्रित हुन थालेको छ। विमलनगर र डुम्रे बजारहरूमा थोक विक्रेताहरू पनि छन् । मझुवा खैरेनी, वेलचौतारा, थर्पु बजार, दमौली, बन्दीपुर, टुहुरे पसल, भन्सार, गुणादी, सिसाघाट र खैरेनीमा पनि व्यापारिक केन्द्रहरू सिर्जना भइरहेछन् । सदरमुकाम दमौलीमा नसारिएसम्म यो जिल्लाको मुख्य व्यापार केन्द्र बन्दीपुर थियो। सरकारी, अर्ध सरकारी तथा जिल्लास्तरीय सबैजसो कार्यालयहरू दमौलीमा सरे। त्यसपछि बन्दीपुरका बजारियाहरू डुम्रे, दमौली र नारायणगढतिर झरे। बन्दीपुरको व्यापारिक चहलपहल सेलाउँदै गयो। तर २०२३ सालमा स्थापना भएको तनहूँ जिल्ला वाणिज्य संघ भने अहिलेसम्म पनि बन्दीपुरमा नै रहिरहेछ।

यस जिल्लामा बाहिरबाट आयात गरिने वस्तुहरूमा कपडा, नून, मट्टीतेल, मसला, चुरोट, सलाई, चिनी, साबुन, औषधि आदि मुख्य हुन्। चीनीको सट्टा खुदो, साबुनको सट्टा पीना, खरानी र रिठ्ठा, औषधिको सट्टा जरीबूटी र धामीझाँकी, चुरोटको सट्टा तमाखु र कक्कड, सलाईको सट्टा झूलो चकमाको प्रयोग यदाकदा अझै पनि पाइने हुँदा यी वस्तुहरूको आयात त्यति धेरै छैन । जिल्लामा अझै दाउराको अभाव नभएकोले बत्ती बाल्नको लागि मात्र केही मट्टीतेल आयात गरिएको हुन्छ। बत्ती बाल्ने कामको लागि तोरीको तेल पनि प्रयोग भएको पाइन्छ। तर नून, कपडा र मसलाको कुनै पनि स्थानीय विकल्प नभएको हुँदा यी तीन चीजको आयात ज्यादा भएको देखिन्छ। यहाँ चिया पनि निकै आयात हुनथालेको छ । यी वस्तुहरू मुख्यतः वीरगञ्ज, बुटवल, नारायणगढ तथा काठमाडौंबाट आयात गरिन्छन् ।

यो जिल्लाबाट बाहिर निकासी हुने सरसामानहरूमा घ्यू, अदुवा, सिनकौलीको बोक्रा, सुर्ती, खसीबोका, राँगो र फलफूल हुन्। यसरी बाहिर निर्यात गरिने सामानहरूको परिमाण आयात हुने वस्तुको परिमाणको

तुलनामा नगण्य भन्न सकिन्छ । यहाँ व्यापार गर्नेहरूमा अधिकांश नेवारहरू नै हुन्छन् । थकालीहरू पनि व्यापारमा निकै अगाडि बढेका पाईन्छन् ।

माथि उल्लिखित उद्योग व्यवसाय र व्यापारिक गतिविधिबाट के कुराको पुष्टि हुन्छ भने यो जिल्लावासीहरूको मुख्य आय स्रोत नै कृषि हो । कृषिजन्य कारोबारमा जिल्लाको अधिकांश आर्थिक गतिविधि आधारित छ। जनताको शीप, श्रम र लगानी कृषि व्यवसायमा नै केन्द्रित छ । विकल्पकोरूपमा गुरुङ र मगर जातका युवकहरूले भारतीय तथा बेलायती सेनामा सेवा गरी केही रकम आर्जन गरेको पाइन्छ ।

बैंक

दमौलीमा कृषि विकास बैंकको उप–शाखा एक र नेपाल बैंक लिमिटेडको उप–शाखा एक गरी यो जिल्लामा जम्मा दुईवटा संस्थाले बैंक सम्बन्धी कार्य सम्पादन गरिरहेका छन् । कृषि विकास बैंकले कृषिजन्य काम कार्यवाही मात्र हेर्ने हुँदा यसको साधारण गतिविधिमाथि कृषि ऋण सहकारी संस्था शीर्षकहरूमा चर्चा गरिएको छ । नेपाल बैंक लिमिटेड दमौली उप–शाखाको वाणिज्य गतिविधि छोटकरीमा यसप्रकार छः–

यो बैंकले डिपोजिट राख्ने, कर्जा दिने, हुण्डी तथा मेल ट्रान्सफरको भुक्तानी व्यवस्था मिलाउने जस्ता कार्यहरू गर्दै आएको छ । नेपाल बैंकका यी कार्यहरूबाट यस भेकका सरकारी, अर्ध सरकारी तथा गैर सरकारी संघ संस्था र व्यक्तिहरूलाई प्रशस्त मद्दत पुगेको छ । यहाँ भएको डिपोजिट तथा लगानीको फाँटवारी निम्नबमोजिम देखिन्छ ।

डिपोजिट

चल्ती खाता ग्राहक संख्या	१२१,	डिपोजिट रकम	रू. ९,२३,०००।
बचत खाता ग्राहक संख्या	३७४,	डिपोजिट रकम	रू. ४,९३,०००।
मुद्दती खाता ग्राहक संख्या	५०,	डिपोजिट रकम	रू. २,९०,०००।
जम्माः–	५४५	जम्मा	रू. १७,०६,०००।

लगानी

सुन चाँदी धितोमा गएको रकम	रू. ४,२३,०००।
लत्ता कपडा धितोमा गएको रकम	रू. १४,०००।
मुद्दती डिपोजिट रसीद धितोमा गएको रकम	रू. ४५,०००।
हायर पर्चेज	रू. ६३,०००।
ओभर ड्राफ्ट	रू. १,१९,०००।
जम्मा	रू ६,६४,०००।

यो जिल्लामा उद्योग र व्यापारिक कारोबार सीमित मात्रामा हुने हुँदा नेपाल बैंकको शाखाले डिपोजिट हुन आएको रकमको अनुपातमा लगानी गर्न सकेको छैन। किस्ताबन्दी जस्तो कर्जा लिनेतर्फ यस भेकका मानिसले निकै चाख राखेको देखिन्छ तापनि व्यापारिक कारोबारको लागि अल्पकालीन लगानी बढ्नेतर्फ कुनै सम्भावना देखिएको छैन।

यातायात, सञ्चार र बिजुली

यातायात

वर्षौंदेखि भीर, खोला र कन्दराहरूमा कुण्ठित तनहूँ जिल्ला पृथ्वी राजमार्गको सफल कार्यान्वयन पश्चात् प्रगतिको प्रथम चरणमा प्रवेश गरेको छ । अहिले यहाँको वातावरणमा विकासका सङ्केतहरू छाएका छन् । यहाँको समाजमा आधुनिक चहलपहल आएका छन् ।

यो जिल्लामा जे जति यातायात सुविधा उपलब्ध हुन सकेको छ, जिल्लाका विभिन्न कुना काप्चामा छरिएर बस्नेहरूको आवश्यकताको तुलनामा त्यो नगण्य भए तापनि नेपालका अन्य कतिपय पहाडी जिल्लाहरूलाई हेर्दा यहाँ निकै भएको जस्तो देखिन्छ । नेपालका थोरै महत्वपूर्ण राजमार्गहरूमध्येको एक पृथ्वी राजमार्गको करीब ७२.५ किलोमिटर (२३ कोस) लामो भाग तनहूँ जिल्लाको बीचमा पर्नु कम महत्वपूर्ण कुरा होइन । यहाँ विशेष उल्लेखनीय कुरा के छ भने नेपाल अधिराज्यको राजधानी काठमाडौं र पोखरा, वीरगञ्ज तथा बुटवल जस्ता व्यापारिक केन्द्रहरूसित राजमार्गद्वारा जोडिने सुविधा यो जिल्लालाई प्राप्त भएको छ ।

पृथ्वी राजमार्ग तथा परम्परागत मूल बाटाहरूको अतिरिक्त हाल निर्माण भइरहेका डुम्रे–बन्दीपुर सडक, डुम्रे–टुहुरे पसल सडक (भानु मार्ग) र डुम्रे–बेंसी सहर सडकहरूबाट पनि यहाँको यातायात क्षेत्रमा थप विकास हुन जाने छ । तनहूँ जिल्लामा भएका राजमार्ग, कच्ची सडक तथा मुख्य मुख्य मूल बाटो एवं गोरेटोहरू यसप्रकार छन् :

पृथ्वी राजमार्ग

त्रिशूली र मर्स्याङदीको संगम नजीकै मुङलिनदेखि कोत्रेदोभानसम्म पूर्व-पश्चिम गएको पृथ्वी राजमार्ग ले तनहूँ जिल्लालाई करीब करीब बीचैमा काटेको छ । यो राजमार्ग मुङलिनबाट मर्स्याङदीको पश्चिम किनारै किनार मझुवा खैरेनी पुगेपछि केही पश्चिमतिर लाग्छ । त्यसपछि विमलनगर, डुम्रेबजार तथा घाँसीको कुवा हुँदै बुल्दिखोलाको फाँटै फाँट तनहूँको सदरमुकाम दमौली निस्कन्छ । त्यसपछि हालसम्म नेपाल अधिराज्यमा निर्मित पुलहरूमध्ये सबैभन्दा लामो (३७० मिटर) मादीको पुल तरेर गुणादी खोलाको आसपास हुँदै जामुने भञ्ज्याङ, छाङ तथा मनपाङ पञ्चायतहरू छुँदै खैरेनीटार पुग्छ । तत्पश्चात् सेती नदीको पूर्व भेकबाट उत्तर लागेको यो राजमार्ग कोत्रेदोभान गएर कास्की जिल्लातिर पस्छ । तनहूँ जस्तो पहाडी जिल्लामा बनेको भए

तापनि कहीं खास चढाइ र ओर्लाई नहुनु मार्ग निर्माण कलाको विशेषता भन्नु पर्छ । मर्स्याङदीदेखि सेतीसम्म टार, खोला, बेंसी र फाँटहरू हुँदै समथर भू–भागमा हिंडेको यो राजमार्ग ट्राफिक सुरक्षाको दृष्टिबाट मात्र होइन आर्थिक दृष्टिबाट पनि उपयोगी र महत्वपूण भएको छ ।

जिल्लाको आधुनिकीकरण तथा औद्योगीकरणको लागि अत्यावश्यक आर्थिक पृष्ठभूमिहरूमध्ये यातायातको भूमिका महत्वपूर्ण हुन्छ । तनहूँ जिल्लाको पहिलो पृष्ठभूमिको रूपमा देखापरेको यो पृथ्वी राजमार्गले जिल्लाबासीको यातायातको समस्या मात्र समाधान गरेको छैन यहाँको सामाजिक, आर्थिक तथा बौद्धिक विकासका निमित्त प्रारम्भिक वातावरणको सिर्जना गरिसकेको छ । व्यापारिक गतिविधि बढेको छ । डाँडा, भञ्ज्याङ र पाखाहरूमा खुम्चेर बस्नेहरू राजमार्ग वरपरको फराकिलो फाँटमा सर्नथालेका छन् । उपेक्षित खोंच र खरबारीहरूमा खेती गर्न थालेका छन् । चार दिनको बाटो पर रहेको काठमाडौं र दुई दिनको बाटो पर रहेको पोखरा केही घण्टा मात्र टाढा भएका छन् ।

सबै दृष्टिकोणबाट बाटोको उपादेयता महत्वपूर्ण भएर पनि यसबाट जनताले अत्यधिक फाइदा उठाउन सकेको भने देखिन्न । यस भेकका मानिसहरूको जनजीवनमा नयाँ नयाँ वस्तुहरूको प्रयोग बढ्न थालेको छ । स्थानीय सातु–सामलको भरमा काठमाडौं, पोखरा तथा आवश्यक स्थानमा पैदल आवत– जावत गरी काम पट्याउने जिल्लाबासीहरू अब बस, ट्रक र ट्याक्सीद्वारा यात्रा गर्न थालेका छन् । यस बाटोको कारण मानिसमा रहरहरू बढेका छन् । यी रहर र आवश्यकता परिपूर्तिको लागि आवश्यक जनताको आय स्रोत जमीनको सीमान्त उत्पादकत्वमा आधारित छ । अतः स्थानीय शीप, श्रम र कच्चा पदार्थमा आधारित स–साना उद्योग व्यवसायहरू खोलेर तथा वरपरका टारहरू सिचाइ गरी उत्पादन बढाएर जनताको आय वृद्धि गराइनु अत्यावश्यक छ । प्रत्येक बाटो निर्माणको साथसाथै यसको आसपासमा आर्थिक गतिविधिको सिर्जना गर्दै जानु पर्ने देखिन्छ ।

महेन्द्र राजमार्ग

यो राजमार्ग नारायणगढ बजारको उत्तरबाट नारायणी नदी तरेपछि यस जिल्लाको सबैभन्दा तल्लो पञ्चायत गैंडाकोटमा प्रवेश गर्दछ । यो राजमार्गले चितौन, नवलपरासी र तनहूँलाई जोड्दछ । यस राजमार्गबाट गैंडाकोट, सिंचाङ, काफल डाँडा, सिंचाङ छिपछिपे गाउँ पञ्चायत क्षेत्रका जनतालाई ज्यादै उपयोगी सिद्ध हुनेछ ।

गाईघाट–कुन्छा बाटो

यो जिल्लाको दक्षिण-पूर्व कुनामा पर्ने गाईघाटबाट जिल्लाको उत्तरी सीमानामा पर्ने कुन्छा भञ्ज्याङसम्म एउटा पुरानो मूलबाटो प्रयोग भई आएको पाइन्छ। जिल्लाको सबैभन्दा लामो चल्तीको मूल बाटो यही नै हो । सेती र त्रिशूलीको दोभानदेखि करीब डेढ किलोमिटर (एक माइल) तल पर्ने गाईघाटलाई तनहूँको पूर्वी भेक तथा लमजुङको समेत मूलद्वार भन्नु अत्युक्ति नहोला । यही बाटोबाट नारायणगढ र ठोरीको नून तेल खेपेर यस भेकका मानिसहरू निर्वाह गर्दथे। पृथ्वी राजमार्ग खुलेपछि गाईघाट–कुन्छा बाटोको प्रयोग केही कम भएको छ । गाईघाटमा डुङ्गा तरेर उकालो लागेपछि सिचाङ गढी आउँछ । त्यहाँबाट ओरालो झर्नु पर्छ र सेतीमा बनेको

सारङ घाटको पुल तर्नु पर्छ । त्यसपछि बकर खोलो, हुसलाङ, मुस्ती खोला र पार्चे हुँदै यो बाटो बन्दीपुर बजार निस्कन्छ । बन्दीपुरबाट ठाडै ओरालो झरेपछि डुम्रे बजार आउँछ । यो बजार नजीकै चुँदी खोलो तरेपछि भन्सारटार हुँदै चुँदी फाँटै फाँट भानुभक्तको बेंसीमा निस्केर यो मूल बाटो टुहुरे पसल तथा चन्द्रावती पुग्छ । यहाँबाट एउटा बाटो अँधेरी खोलैखोला लौडारी भञ्ज्याङ तिर लाग्छ । अर्को उकालो लागेर घलेछाप, ज्यामरूक, बयापानी भञ्ज्याङ हुँदै कुञ्छा जान्छ ।

यसरी दक्षिणको भित्रीमधेश क्षेत्रबाट शुरू भएको करीब ६७ किलोमिटर (२१ कोस) लामो यो बाटो लेक, बेंसी र द्यौराली हुँदै नदी, खोला र खहरे हुँदै १,६४६मिटर(५,४१५फीट)अग्लो मिर्लुङ कोटको उत्तरी घाँचमा अवस्थित कुञ्छा भञ्ज्याङमा पुग्छ । यो बाटोको आसपासमा सिचाङ, काफलडाँडा, घरमपानी, महिवल, नावरूङ, समजुर, पुर्कोट, ज्यामरूक र मिर्लुङ पञ्चायतहरू पर्दछन् । गाईघाटबाट कुञ्छासम्म पैदल हिंड्न करीब तीन दिन लाग्छ ।

दमौली सिसाघाट बाटो

तनहूँको सदरमुकाम दमौलीबाट मादीनदीको पूर्व किनारै किनार सिसाघाट जाने बाटो छ । करीब १६किलोमिटर(पाँच कोस)लामो यो बाटो निक्कै प्रचलित बाटो हो । यो बाटोको बीचमा कलेस्ती खोलो, रिस्ती खोलो तर्नु पर्छ । यी खोलाहरूमा पुल छैनन् । वर्षा याममा बटुवाहरूलाई असुविधा हुन्छ । साँगे खोला र मादीको दोभानभन्दा ठीक पश्चिमपट्टि साँगे पतेनीटार छ । फराकचौर, क्यामिन तथा दल भञ्ज्याङ पञ्चायत निवासी र छिमेकी लमजुङ जिल्लाका सूर्यपाल, रम्घा तथा भोर्लेटार र करापुटारका मानिसहरूलाई यो बाटोले पृथ्वी राजमार्गसित जोड्दछ । सिसाघाटबाट रिस्ती खोलोको तीरैतीर पूर्व लाग्यो भने लमजुङको पुरानो सदरमुकाम पुगिन्छ । दमौलीबाट सिसाघाट र सोती पसल हुँदै जाने यो बाटो स्थानीय जनश्रमबाट राम्रो बनाउन सकिने देखिन्छ ।

दमौली–नारायणगढ बाटो

सदरमुकाम दमौलीभन्दा दक्षिणपट्टि मादी नदीमा झोलुङ्गे पुल छ । यो पुलबाट करीब डेढ किलोमिटर (आधाकोश) हिंडेपछि सेती नदीको हुसे पुल आइपुग्छ । यो पुल तरेर ठाडै उकालो चढेपछि सेटाङ हुँदै काँहु शिवपुर पुगिन्छ । त्यहाँबाट भीरकोट निस्केर नारायणगढ जाने पुरानो गोरेटो बाटो छ । रिसिङ, घिरिङ, र ढोर आसपासका मानिसहरू ज्यादातर यही बाटो भएर नारायणी अञ्चलतिर जाने आउने गर्दछन् । दमौलीबाट नारायणगढसम्म करीब ४५ किलोमिटर (१४ कोस) लामो यो बाटो पर्दछ ।

खैरेनी–गैंडाकोट बाटो

पृथ्वी राजमार्गमा पर्ने खैरेनी टारबाट यो जिल्लाको दक्षिणी कुनामा रहेको गैंडाकोट पञ्चायतसम्म जाने मूल बाटो छ । खैरेनीको दक्षिणपट्टि भीमादमा सेतीनदी तरेपछि त्यहाँको बजारको बाटो गरी बुढ्वा खोला निस्कनु पर्छ । दमौली–नारायणगढ बाटो जस्तै यो बाटो पनि भीरकोट पञ्चायतको दक्षिणी भेकमा निस्कन्छ । त्यसपछि कालीको तीरैतीर गएर कोटा घाटमा डुङ्गा तर्नु पर्छ । यसपछि केही वन पाखा र खोल्साहरू पार गर्दै गैंडाकोट पुगिन्छ । ठोरी तथा नारायणगढबाट यस भेकका मानिसले नून, तेल, बोक्ने बाटो यही नै हो ।

गैंडाकोटमा पर्ने महेन्द्र राजमार्गबाट भीरकोटसम्म केन्द्रीय स्तरबाट सडक निर्माण भएमा स्थानीय जनश्रमद्वारा खैरेनीसम्म २०२४ सालमा खनिएको मोटर बाटो पूरा हुन सकिने सम्भावना देखिन्छ। यो बाटो निर्माण गर्दा कोटा घाटमा र भीमादमा मोटर चल्न सक्ने पुल हाल्नु पर्ने हुन्छ।

डुम्रे–बन्दीपुर बाटो

श्री ५ को सरकार तथा स्थानीय विकास विभाग र स्थानीय जनताको संयुक्त प्रयासबाट पृथ्वी राजमार्गमा पर्ने डुम्रे बजारदेखि बन्दीपुर बजारसम्म करीब आठ किलोमिटर (२.५ कोस) लामो मोटर बाटो निर्माण भइरहेको छ। यो बाटोको सफल कार्यान्वयन पश्चात् तनहूँ जिल्लाको पुरानो सदरमुकाम बन्दीपुर बजार र डुम्रे बजार यातायातका आधुनिक साधनद्वारा जोडिने छन्।

डुम्रे–बेंसी शहर बाटो

लमजुङ जिल्लाको सदरमुकाम बेंसी शहरलाई पृथ्वी राजमार्गमा जोड्ने यो प्रस्तावित डुम्रे–बेंसी शहर मोटर बाटोको करीब २२ किलोमिटर (सात कोस) तनहूँ जिल्लामा पर्न आउँछ। डुम्रेमा चुँदी खोलो तरेपछि भन्सारटार भएर यो बाटो मर्स्याङदीको पश्चिमबाट उत्तर लाग्छ। सेती फाँट, फाउँदी खोलो, बाईस जङ्गरे, बडरे, चिती खोला, तार्कुघाट तथा पाउँदीको डिकहूँदै यो बाटो लमजुङ जिल्लामा पस्छ। यो बाटोले तनहूँ जिल्लाका दोरदोर, पुर्कोट र चोक पञ्चायतलाई छोएको छ। यो बाटोको आसपासमा भन्सार टार, नारेश्वर टार तथा फाउँदी टार पर्दछन्। यो बाटोबाट नजीकै मर्स्याङदीको पूर्व किनार तथा चेपेको वरपर मालुङटार, राइनास टार, साँहिलीटार, धमिली कुवाटार र अलका टार जस्ता विशाल टारहरू छन्। यी टारहरू सिचाइ गरी यस भेकको कृषि उत्पादन वृद्धि गर्न सकेमा डुम्रे–बेंसी शहर बाटोको वास्तविक उपादेयता प्रमाणित हुनेछ।

यो जिल्लामा विमानस्थल बनेको छैन। तर मर्स्याङदी नदीको पूर्वपट्टि गोरखा जिल्लामा पर्ने विमानस्थलबाट तनहूँ जिल्लाबासीहरूलाई पनि पायक पर्दछ। यो जिल्ला भित्र र सीमानामा ठूला ठूला नदीहरू भएकाले यहाँ निक्कै घाटहरू छन्। यी घाटहरूमध्ये केही तनहूँ जिल्ला पञ्चायतले ठेक्का पट्टा गरेको छ र केही छिमेकी जिल्लासित मिलेर संयुक्त रूपमा ठेक्का रकम असूल उपर गर्ने व्यवस्था गरिएको छ। यहाँका मुख्य मुख्य घाटहरू र यी घाटहरूको ठेक्का पट्टाबाट आर्थिक वर्ष २०३०।३१ मा भएको आय यसप्रकार छः–

घाटको नाम	ठेक्का व्यवस्था	वार्षिक रकम
सेती नदी हुसे पुल	तनहूँको मात्र	रू. १,०००।
सेती नदी सारंघाट पुल	तनहूँको मात्र	रू. १,१५०।
काली नदी कोटाघाट डुङ्गा	तनहूँको मात्र	रू. ३,१८१।
चेपे घाट मर्स्याङदी नदी डुङ्गा	तनहूँ र गोरखाको संयुक्त	रू. ६००।
सतीघाट मर्स्याङदी नदी डुङ्गा	तनहूँ र गोरखाको संयुक्त	रू. ८,६७६।
खोलाघाट मर्स्याङदी नदी डुङ्गा	तनहूँ र गोरखाको संयुक्त	रू. ७८१।
मझुवाघाट मर्स्याङदी नदी पुल	तनहूँ र गोरखाको संयुक्त	रू. १३,५५०।
काली नदी भतेरी घाट डुङ्गा	तनहूँ पाल्पाको संयुक्त	रू. १५०।

काली नदी खाल्टेघाट डुङ्गा	तनहूँ पाल्पाको संयुक्त	रू. १००।
काली नदी जलदेवीघाट डुङ्गा	तनहूँ पाल्पाको संयुक्त	रू. ५०५।
काली नदी गडगडीघाट डुङ्गा	तनहूँ पाल्पाको संयुक्त	रू. १,८५०।
काली नदी घुमौरीघाट डुङ्गा	तनहूँ पाल्पाको संयुक्त	रू. १,४१०।
काली नदी पुटारघाट डुङ्गा	तनहूँ पाल्पाको संयुक्त	रू. ६१५।
काली नदी वालीघाट डुङ्गा	तनहूँ पाल्पाको संयुक्त	रू. ४,२००।
बरलाङघाट त्रिशूली नदी डुङ्गा	तनहूँ चितवनको संयुक्त	रू. १३,५००।
गाईघाट त्रिशूली नदी	तनहूँ चितवनको संयुक्त	रू. ११,०००।
देवघाट त्रिशूली नदी	तनहूँ चितवनको संयुक्त	रू. ८,५००।
नारायणघाट, नारायणीनदी डुङ्गा	तनहूँ चितवनको संयुक्त	रू. ५९,९९९।
सिसाघाट मादी नदी डुङ्गा	तनहूँ, लमजुङ, र कास्कीको संयुक्त	रू. ५,५००।

यी घाटहरूमध्ये डुङ्गा भएका घाटहरू जेठ, असार र साउनको मध्यवर्षामा त्यति प्रयोग हुँदैनन् । खासगरेर चैत, वैशाख, असोज, कार्तिक, मंसीर, पुस, माघ र फागुन महीनामा बढी चल्ती भएको देखिन्छ । यी घाटहरूमा प्रतिदिन आवत-जावत गर्नेहरूको संख्या सालाखाला ५० हुन्छ ।

सञ्चार

तनहुँ जिल्लाको पुरानो सदरमुकाम बन्दीपुरमा एक जिल्लास्तरीय आकाशवाणी केन्द्र रहिआएको छ। यहाँबाट कुरा गर्ने समेत गरी वार्षिक सालाखाला २,२८६ खबरहरू आदान प्रदान हुन्छ । यो आकाशवाणी केन्द्रबाट काठमाडौं, पोखरा, भरतपुर, स्याङजा, पर्वत, मनाङ, लमजुङ र गोरखासित सोझै सम्पर्क स्थापना गर्न सकिन्छ ।

हुलाक

यो जिल्लामा हालसम्म छ वटा छोटी हुलाक, छ वटा अतिरिक्त हुलाक र एउटा सहकारी हुलाक समेत गरी जम्मा १३ वटा हुलाकहरू खुलिसकेका छन् । यी हुलाकहरू रहेको स्थान, गाउँ पञ्चायत र हुलाकको स्तर यसप्रकार छ :—

स्थान	स्तर	पञ्चायत
दमौली	छोटी हुलाक	फराक चौर
बन्दीपुर	छोटी हुलाक	बन्दीपुर
टुहुरे पसल	छोटी हुलाक	गह्री चौतारा
भीमाद	छोटी हुलाक	साबुङ भगवतीपुर
सीसाघाट	छोटी हुलाक	साँजा
ढोर बराही	छोटी हुलाक	ढोर फिर्दी
सिंचाङ गढी	अतिरिक्त हुलाक	सिंचाङ काफल डाँडा
केशवटार	अतिरिक्त हुलाक	केशवटार

जामुने भञ्ज्याङ	अतिरिक्त हुलाक	जामुने भञ्ज्याङ
साँभु भगवतीपुर	अतिरिक्त हुलाक	साँभु भगवतीपुर
रिसीं गोठादी	अतिरिक्त हुलाक	कोट दरबार
रानी पोखरी	अतिरिक्त हुलाक	रिसीं रानीपोखरी
काहुं शिवपुर	सहकारी हुलाक	काहुँ शिवपुर
बयापानी	सहकारी हुलाक	ज्यामरूक (प्रस्तावित)

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

नेपाल अधिराज्यका अन्य पहाडी जिल्लाहरूको साक्षरता गतिविधिलाई हेर्दा तनहूँको स्थान उत्साह वर्धक नै मान्नु पर्दछ । २००७ सालभन्दा पहिले यो जिल्लाका विभिन्न स्थानमा भाषा पाठशालाहरू खुलेका थिए । साथै यहाँका मानिसहरू आफ्ना केटाकेटीलाई गुरुको घर घरमा पठाएर र हिउँदको समयमा अस्थायी पाठशालाको व्यवस्था गरेर पनि शिक्षा दीक्षा दिलाउँथे । हुने खाने परिवारका युवकहरू बनारसमा गएर संस्कृत शिक्षा हासिल गर्थे । २००७ सालमा देशमा प्रजातन्त्रको प्रादुर्भाव भएपछि सर्वत्र शिक्षाको प्रचार हुन थाल्यो । पहिलेदेखि नै शिक्षामा चाख राख्ने तनहूँबासीहरूमा पनि देशमा आएको शिक्षा प्रचारको लहरको प्रभाव पर्‍यो । फलस्वरूप बाक्लो बस्ती र बजार भएका केन्द्र स्थलहरूमा प्राथमिक, माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरू खुल्न थाले । २०१५ सालमा जिल्लाको पहिलो माध्यमिक विद्यालय बन्दीपुरमा स्थापना भयो । त्यसपछि यहाँका गाउँ, बेंसी र बस्तीहरूमा विभिन्न स्तरका शिक्षण संस्थाहरू स्थापना भए । साक्षरताको अभियान चल्यो । प्रौढ शिक्षाका कक्षाहरू पनि खुले ।

यो जिल्लामा छ वर्षभन्दा माथि उमेर भएका जनताको संख्या १,३०,०४९ छ । यसमध्ये ६३,२०२ पुरुष र ६६,८५७ महिला छन् । यो जनसंख्यामा २०,६९२ अर्थात् ३२.७ प्रतिशत पुरुष र २,५१५ अर्थात् ३.८ प्रतिशत महिला गरी जम्मा २३,२०७ अर्थात् १७.८ प्रतिशत जनता साक्षर छन् । पुरुष र महिला गरी तनहूँ जिल्लामा १,०६,८४२ अर्थात् ८२.२ प्रतिशत मानिस निरक्षर भएको व्यहोरा २०२८ सालमा तथ्याङ्क विभागबाट लिइएको जनगणनाबाट देखिन्छ । छ वर्षभन्दा माथि उमेर भएको २३,२०७ साक्षर जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गर्दा त्यसको रूपरेखा निम्नानुसार देखिन आउँछ ।

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६ देखि ९ वर्ष	८,९८७	१,७४२	१९.२	८,८६०	४३९	५.०	१७,८४७	२,१८१	१२.२
१० – १४	१०,३४२	४,६८६	४५.३	९,४२८	७८१	८.३	१९,७७०	५,४६७	२७.७
१५ – १९	८,२१८	३,७८१	४६.०	७,८५९	४४७	५.७	१६,०७७	४,२२८	२६.३

२०देखि २४	५,९९३	२,४८७	४१.५	६,७४४	२७०	४.०	१२,७३७	२,७५७	२१.६
२५ – २९	४,८७३	१,६७१	३४.३	६,११६	१४४	२.४	१०,९८९	१,८१५	१६.५
३० – ३४	४,३८५	१,३६४	३१.१	५,१९३	१२०	२.३	९,५७८	१,४८४	१५.५
३५ – ३९	४,३४४	१,१६१	२६.७	४,७८३	८८	१.८	९,१२७	१,२४९	१३.७
४० – ४५	३,५५२	९२४	२६.०	४,३१२	७८	१.८	७,८६४	१,००२	१२.७
४६ – ५४	५,९८०	१,५५४	२६.०	६,२३०	८४	१.३	१२,२१०	१,६३८	१३.४
५५ – ६४	३,८९५	८५०	२१.८	४,२३५	४८	१.१	८,१३०	८९८	११.०
६५ र माथि	२,६३३	४७२	१७.९	३,०८७	१६	.५	५,७२५	४८८	८.५
जम्मा	६३,२०२	२०,६९२	३२.७	६६,८४७	२,५१५	३.८	१,३०,०४९	२३,२०७	१७.८

माथि उल्लिखित साक्षरताको तालिकाअनुसार १० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहमा साक्षरता बढिरहेको देखिन आउँछ। ३० वर्षदेखि माथिको उमेर समूहमा पर्ने महिला वर्गमा साक्षरता ज्यादै कम पाइन्छ। तर ३० वर्षभन्दा मुनिको उमेर समूहमा पर्ने साक्षर महिलाहरूको संख्या हेर्दा भने गत ३० वर्ष यता यो वर्गमा पनि साक्षरताको महत्व बढ्न थालेको महसूस हुन्छ। यस जिल्लामा निरक्षरको प्रतिशत ८२.२ रहनुको मुख्यकारण गरीब नै हो।

यो जिल्लाका ४३ गाउँ पञ्चायत क्षेत्रमा विभिन्न स्तरका जम्मा १७६ शिक्षण संस्थाहरू स्थापना भइ सञ्चालन भइरहेको देखिन्छ। जिल्लामा खुलेका यी शिक्षणसंस्थाहरूको स्तरअनुसारको संख्या यसप्रकार छ :–

स्तर	संख्या
माध्यमिक विद्यालय	७
निम्नमाध्यमिक विद्यालय	२४
प्राथमिक विद्यालय (भाषा पाठशाला समेत)	१४५
जम्मा:–	१७६

उपर्युक्त सात वटा माध्यमिक विद्यालयहरू रहेको स्थान, शिक्षक संख्या र छात्रछात्राको संख्या निम्नानुसार देखिन्छ।

विद्यालय	पञ्चायत	शिक्षक संख्या	छात्रछात्राको संख्या
भानु माध्यमिक विद्यालय	बन्दीपुर	७	१०७
मीन माध्यमिक विद्यालय	छाङ बजार थर्पु	७	८१
गाउँ फर्कोदय माध्यमिक विद्यालय	ढोर फिर्दी	६	५३
खैरेनी माध्यमिक विद्यालय	उदेन ढुङ्गा खैरेनी	६	११०
चन्द्रावती माध्यमिक विद्यालय	गह्री चौतारा	६	१३०
त्रिभुवन माध्यमिक विद्यालय	चोक मानेचौका	६	८९
निर्मल माध्यमिक विद्यालय	कर्लुङ (दमौली)	७	१५६
	जम्मा:–	४५	७२६

प्राथमिकदेखि माध्यमिकसम्मका विभिन्न स्तरमा अध्ययन गर्ने छात्रछात्रा तथा शिक्षक र शिक्षिकाहरूको संख्या यस प्रकार देखिन्छ :–

स्तर	छात्र	छात्रा	जम्मा	शिक्षक	शिक्षिका	जम्मा
माध्यमिक	६७८	४८	७२६	४५	–	४५
निम्न माध्यमिक	२,०८६	२५४	२,३४०	१११	२	११३
प्राथमिक (भाषा पाठशाला समेत)	६,३४९	१,२६६	७,६१५	३०३	११	३१४

तनहूँ जिल्लामा २०३० साल पुस महीनादेखि नयाँ शिक्षा योजना लागू भएको छ। जिल्ला शिक्षा समितिको रेखदेखमा जिल्ला शिक्षा कार्यालयबाट यहाँका शिक्षण संस्थाहरूको आर्थिक एवं प्रशासनिक व्यवस्था गरिन्छ। यहाँ शिक्षकलाई तालीम दिने कुनै संस्था नभए तापनि छिमेकी जिल्ला कास्कीको शिक्षा शास्त्र अध्ययन संस्थानबाट यस सम्बन्धी सहूलियत प्राप्त हुनसकेको छ। विभिन्न स्तरका शिक्षण संस्थामा काम गर्ने शिक्षक शिक्षिकाहरूको तलब दरबन्दी उनीहरूको योग्यता र तालीमको आधारमा राष्ट्रिय शिक्षा समितिले तोकेबमोजिम हुन्छ ।

यहाँ चलिरहेका १७६ शिक्षण संस्थाहरूमध्ये ९७ वटाको आफ्नै पक्की भवन छ। बाँकी ७९ वटा कच्ची भवनमा निर्वाह गरिरहेका छन्। श्री ५ को सरकारबाट यस जिल्लाको शिक्षा प्रचार प्रसारको लागि आर्थिक वर्ष २०२९।३० मा जम्मा रू. २,२०,८७७। सहायता प्राप्त भएको थियो।

वि. सं. २०२८ सालमा लिइएको जनगणनाबाट देखिएअनुसार यो जिल्लामा छ वर्षभन्दा माथि उमेर भएको जनसंख्या १,३०,०४९ छ। यसमध्ये १,२०,१२४ जनाले विद्यालयमा प्रवेश नै नगरेको देखिन्छ। बाँकी ९,९१५ जनामध्ये ७,५७० ले पाँच वर्षे प्राथमिक विद्यालय, १,४४९ ले दुई वर्षे निम्न माध्यमिक, ७२७ले दुई वर्षे माध्यमिक, १३० ले इण्टरमिडियट, ४२ जनाले स्नातकस्तर र सात जनाले स्नातकोत्तर विद्यालयमा प्रवेश गरेको पाइन्छ। यसरी शिक्षा आर्जनमा अभिरुचि लिई प्राथमिक विद्यालयमा प्रवेश गरेको उल्लेखनीय संख्या माध्यमिक र उच्च शिक्षाको तहमा पुग्दा निक्कै घटेको देखिन्छ। यसबाट के कुराको सङ्केत हुन्छ भने मानिसहरूमा शिक्षाको महत्व बीजारोपण भइसकेको छ। कति आशा, उमंग र हौसला लिएर आफ्ना केटाकेटीलाई प्राथमिक विद्यालयमा भर्ती गराउने प्रवृत्ति बाबु आमाहरूमा प्रादुर्भाव भइसकेको छ। तर आर्थिक बाध्यताको कारणबाट ती आशा र हौसलाहरू सेलाउँदै जान्छन्। अन्ततः ४२ जना केटाकेटीका आमाबाबुले मात्र आफ्ना छोराछोरी स्नातक स्तरमा अध्ययन गर्न पुगेको देख्न पाउँछन्।

यसै सिलसिलामा लिइएको अर्को तथ्याङ्क तालिकाबाट के देखिन्छ भने छ वर्षभन्दा माथि उमेर भएका पुरुष तथा महिलाहरूमध्ये ५,१०५ जनाले प्राथमिक शिक्षा, ८६२ जनाले निम्न माध्यमिक शिक्षा, ६८८ जनाले माध्यमिक शिक्षा, ९१ जनाले इण्टरमिडियट, ५६ जनाले स्नातक र ११ जनाले स्नातकोत्तर शिक्षा पूरा गरेका छन्। अन्ततः अन्य कतिपय पहाडी जिल्लाहरूको तुलनामा तनहूँको शैक्षिक गतिविधि निश्चय पनि उत्साहवर्धक छ। सालाखाला १३.९ प्रतिशत जनता साक्षर भएको यो देशमा १७.८ प्रतिशत तनहूँ जिल्लाबासीहरू साक्षर हुनु शिक्षाको क्षेत्रमा भएको प्रगतिको नमूना हो ।

स्वास्थ्य

तनहूँ जिल्लाको बन्दीपुर बजारमा १५ शय्या भएको एक अस्पताल छ । स्वास्थ्यकर हावापानी भएको सुन्दर बन्दीपुरमा अवस्थित यो अस्पतालमा तनहूँ जिल्लाका कुनाकाप्चाबाट मात्र होइन गोरखा जिल्लाको दक्षिण पश्चिम भेकबाट पनि मानिसहरू औषधोपचारको लागि आउँछन् । यो अस्पतालमा रोगीहरूको स्वास्थ्य परीक्षण गरी औषधि वितरण गर्नुको साथसाथै प्राथमिक स्वास्थ्योपचार सम्बन्धी शिक्षा पनि दिइन्छ । यहां अस्पतालमा भर्ना भएर उपचार गर्नेहरूको संख्या ३२० र चिकित्सकहरूको निर्देशनमा घरैमा बसी उपचार गर्नेहरूको संख्या १०,००० पुग्छ । यसरी यो अस्पतालमा उपचारार्थ आउने बिरामीहरू ज्यादातर आउँ-रगत, दम-खोकी, गानो गोला आदिबाट पीडित हुन्छन् ।

यस जिल्लामा बन्दीपुर अस्पतालको अतिरिक्त विभिन्न पञ्चायत क्षेत्रमा स्वास्थ्य चौकी तथा आयुर्वेदिक औषधालयहरू रहेका छन् । यी स्वास्थ्य चौकी र औषधालयबाट पनि जन स्वास्थ्य सुधारमा सहयोग पुगेको छ । भूत-प्रेत पन्साएर, धामी झाँक्री लगाएर तथा देवदेवी भाकल गरी बलि चढाएर बिरामीको रोग निको पार्न खोज्ने जस्ता परम्परागत अन्धविश्वासी तरीकाहरू अझै प्रचलनमा रहेको पाइन्छ । कुनै पनि रोग लाग्दा उपचारको लागि अस्पतालमा वा स्वास्थ्य चौकीमा जानुको सट्टा धामी झाँक्री बोलाएर फुकफाक गराउने पुरानो धारणा गाउँबासीहरूको हराइसकेको छैन । तर स्वास्थ्य चौकी स्थापना भएको स्थानबाट नजीक पर्ने गाउँहरूमा भने आधुनिक औषधोपचारपट्टि विश्वास बढ्न थालेको देखिन्छ । अतः स्वास्थ्यचौकीको संख्यात्मक एवं गुणात्मक वृद्धि हुनु आवश्यक छ । यो जिल्लामा हालसम्म खुलेका स्वास्थ्य चौकी र यी स्वास्थ्य चौकीहरू रहेको स्थान तथा पञ्चायत यसप्रकार छ :–

स्वास्थ्य चौकी	पञ्चायत	स्थान
दमौली स्वास्थ्य चौकी	फराक चौक	दमौली
खैरेनी स्वास्थ्य चौकी	उदेन ढुङ्गा	खैरेनीटार
सामुङ स्वास्थ्य चौकी	भगवतीपुर	सामुङ हटिया
कात्तिके चौर स्वास्थ्य चौकी	क्यामिन छापथोक	कात्तिके चौर
छिपछिपे स्वास्थ्य चौकी	छिपछिपे	छिपछिपे (सारङघाट)
मनपाङ स्वास्थ्य चौकी	मनपाङ	मनपाङ डाँडा (क्षेत्र भञ्ज्याङ)

यी सबै स्वास्थ्य चौकीहरूमा एकजना हेल्थ असिस्टेण्ट र तीनजना जति स्वास्थ्य कार्यकर्ताको दरबन्दी रहेको हुन्छ । एक पञ्चायतमा रहेको स्वास्थ्य चौकीमा छिमेकी पञ्चायतहरूबाट पनि प्रशस्त बिरामीहरू उपचारको लागि आउने गर्दछन् । त्यसकारण स्वास्थ्य चौकी स्थापना गर्दा भौगोलिक एवं यातायातको दृष्टिबाट चार-पाँच वटा पञ्चायतलाई केन्द्र पर्ने गरी स्थापना गरिएको छ । यी स्वास्थ्य चौकीहरूमा वार्षिक सालाखाला २,००० जति रोगीहरू उपचारार्थ आउने गर्दछन् । तर सदरमुकाम दमौलीमा रहेको स्वास्थ्य चौकीमा भने धेरै मानिसको जमघट हुने र जिल्लास्तरीय सबैजसो कार्यालयका कर्मचारी बस्ने तथा यातायातको सुविधा पर्ने हुँदा वर्षेनी २०,००० रोगीहरूले उपचार गरेको पाइन्छ । आर्थिक वर्ष २०२९।३० मा विभिन्न स्वास्थ्य चौकीमा आएका रोगीहरूको संख्या निम्नबमोजिम छ :–

स्वास्थ्य चौकी	रोगीको संख्या
दमौली स्वास्थ्य चौकी	२१,९३६
खैरेनी स्वास्थ्य चौकी	२,०००
साँभुङ स्वास्थ्य चौकी	२,४००
कात्तिकेचौर स्वास्थ्य चौकी	२,०००
छिपछिपे स्वास्थ्य चौकी	(हालमात्र चालू)
मनपाङ स्वास्थ्य चौकी	२,२००

तनहूँ जिल्लाका विभिन्न स्थानमा रहेका आयुर्वेदीय औषधालयहरू निम्नानुसार छन् :–

औषधालय	पञ्चायत	रहेको स्थान
जिल्ला प्रमुख औषधालय	साँजा	सिसाघाट बजार
जामुने औषधालय	जामुने भञ्ज्याङ	जामुने भञ्ज्याङ
टुहुरे पसल औषधालय	गद्दी चौतरा	टुहुरे पसल
केशवटार औषधालय	छ डाँडा केशवटार	केशवटार

यो औषधालयहरूबाट पनि गाउँलेहरूको स्वास्थ्य परीक्षण गरी आयुर्वेदिक औषधि वितरण गर्ने, स्वास्थ्य रक्षा सम्बन्धी प्राथमिक शिक्षा दिने गरिएको छ। यस भेकका केही बूढा पुराना मानिसहरू आयुर्वेदिक औषधोपचारमा बढी विश्वास गर्दछन्। प्रत्येक औषधालयमा वर्षेनी १,५०० जति रोगीहरूको उपचार भएको देखिन्छ ।

वि. सं. २०२८ सालदेखि यो जिल्लामा परिवार नियोजन तथा मातृ शिशु कल्याण योजनाको जिल्ला कार्यालय खुलेको छ। यो योजनाकाअनुसार तनहूँ जिल्लाको कुल जनसंख्यामध्ये २५ प्रतिशत जनतालाई परिवार नियोजन गर्नु आवश्यक छ। यस अनुसार कार्यान्वयन गर्न जिल्लाका विभिन्न स्थानमा शाखाहरू खोल्ने कार्यक्रम छ। आर्थिक वर्ष २०२९।०३० देखि बन्दीपुर अस्पतालमा परिवार नियोजन तथा मातृ शिशु कल्याण योजनाको क्लिनिक खोली सञ्चालन भएको छ। आर्थिक वर्ष २०३०।०३१ मा अन्य दुई ठाउँमा क्लिनिक खोल्ने व्यवस्था भएको छ। २०२९।०३० मा ९८३ परिवारले परिवार नियोजनको साधन प्रयोग गरेका थिए।

यो जिल्लामा पनि औलो उन्मूलन कार्यक्रम लागू भइसकेको छ। यहाँका बेंसी, टार तथा १,२२० मिटर (४,००० फीट) को अग्लाइसम्म रहेका बस्तीहरूमा डी.डी. टी. छर्ने काम भएको छ। हाल यहाँ औलो रोगीहरूको खोजी गरी परीक्षण गर्दा सबै क्षेत्रमा औलो कम भएको छ। औलो रोग आक्रमण अवस्थाबाट रेख-देख अवस्थामा परिणत भएको छ। आर्थिक वर्ष २०२९।०३० मा रगतको नमूना सङ्कलन २४,२०४ गरिएको थियो। यी नमूनाहरूमध्ये ४६ जना मात्र औलोका रोगीहरू पाइएका थिए। यी रोगीहरूमा १९ जनालाई स्थानीय औलो लागेको र बाँकी सबैलाई जिल्ला बाहिरबाट औलो रोग लागेको थियो। यसबाट के प्रष्ट भएको छ भने तनहूँका बेंसीहरूबाट औलो उन्मूलन हुन लागिसकेको छ। तर बाहिरबाट लागेर आउने औलोले भने दुःख दिइनै रहेको छ। अतः जिल्लाबाट औलो उन्मूलन गर्ने कार्यको साथसाथै बाहिरबाट आउने औलो रोकथामको लागि आवश्यक व्यवस्था गर्नु पर्ने देखिन्छ। औलो उन्मूलन भएका बेंसी र टारहरूमा गाउँलेहरू सर्न थालेकोले

कृषिको परिधि फराकिलो हुन थालेको छ । औलोको डरले साँगुरा डाँडा र पाखामा बस्ती बसाली गुजारा गर्नेहरूले फराकिलो समथर भूमिमा सरी आफ्नो कृषि व्यवसाय बढाउन पाउनु राम्रो कुरा हो ।

वि. सं. २०२६ सालदेखि यहाँ बिफर उन्मूलन आयोजना लागू भयो । यो जिल्लाको बिफर उन्मूलन कार्यालयबाट कर्मचारीहरू गाउँ गाउँमा गई बिफरको बिरामी खोज्ने खोपाउने जस्ता कामहरू भइरहेका छन् । आर्थिक वर्ष २०२९।०३० मा यहाँका ११,६४५ जनालाई प्रथम खोप र ७७,३२३ लाई पुनः खोप दिइएको थियो । २०३०।०३१ मा २४,००० जनतालाई बिफर विरुद्ध खोप दिने कार्यक्रम छ । बिफर खोजी कार्य भइरहेको छ । अस्थायी र समूह खोपलाईभन्दा प्राथमिक खोपलाई बढी महत्व दिइएको छ ।

यो जिल्लामा हैजा र टाइफाइड जस्ता सरूवा रोगहरू बराबर देखिन्छन् । यसको रोकथामको लागि रेडक्रसबाट सूइहरू समय समयमा प्राप्त भएको छ । बन्दीपुर अस्पताल र स्वास्थ्य चौकीहरूबाट सूईदिने काम हुन्छ । २०२९।०३० मा १०,००० जनालाई हैजा र टाइफाइड निरोधक सूइ दिइएको थियो । यहाँ प्राथमिक स्वास्थ्य शिक्षाको प्रचारको कमी छ ।

खानेपानी

अधिकांश तनहूँ जिल्लावासीहरूको खानेपानीको स्रोत कुवा र ढुङ्गे धारा नै हुन् । २०२०।०२१ सालदेखि २०२९।०३० सम्ममा स्थानीय जनश्रम र जिल्ला पञ्चायतको सहायताबाट यहाँका विभिन्न ठाउँमा कलधारा तथा पानी टङ्कीहरू निर्माण भएका छन् । कुवा, पोखरी तथा पँदेराहरू मरमत भएका छन् । सदरमुकाम दमौली सर्नुभन्दा पहिलेदेखि नै बन्दीपुर बजारमा खानेपानीको राम्रो व्यवस्था छ । यसको अतिरिक्त हालसम्म निम्न सामुदायिक खानेपानी योजनाहरू पूरा भई विभिन्न गाउँ पञ्चायतहरूका बासिन्दाहरू लाभान्वित भएका छन् ।

योजना	लाभान्वित संख्या	धारा संख्या	पञ्चायत
खैरेनी खानेपानी	५,०००	६	उदेन ढुङ्गा
डुम्रेबेंसी खानेपानी	१,०००	३	गजरकोट
धरम पानी खानेपानी	१,५००	३	धरमपानी
दमौली खानेपानी	३,५००	९	फराकचौर
आँबु खानेपानी	१,५००	७	आँबु सत्रसय
ज्यामरूक खानेपानी	निर्माणाधीन	–	ज्यामरूक
स्यानथोक	निर्माणाधीन	–	स्यानथोक
ढोरफिर्दी गणपतेटार	निर्माणाधीन	–	ढोरफिर्दी
रटिया खानेपानी	निर्माणाधीन	–	स्याम्घा हटिया

प्रशासन र पञ्चायत

प्रशासन

सेन वंशी राजाहरूद्वारा प्रशासित हुँदै आएको चौबीसी राज्यहरूमध्ये एक तनहूँ इलाका वि. सं १८४० मा नेपाल राज्यमा समावेश भयो र यसको प्रशासनिक रेखदेख राजधानी काठमाडौंबाट हुन थाल्यो। नेपाल अधिराज्यलाई १४ अञ्चल तथा ७५ जिल्लामा विभाजन नगरेसम्म यो इलाका पश्चिम तीन नम्बर पोखरा गोश्वाराद्वारा प्रशासित थियो। त्यतिवेला तनहूँलाई विभिन्न इलाका र थूमहरूमा विभाजन गरिएको थियो। हाल तनहूँ, रिसिङ, घिरिङ र ढोर इलाका यस जिल्लामा पर्दछन्। यी इलाकाहरू अन्तर्गत रहेका जम्मा ३० थूमहरू अहिले पनि तनहूँ जिल्लाभित्र पर्दछन्। यी थूमहरूको नामावली यसप्रकार छ :–

१ गैंडाकोट
२ क्यामिन
३ सिंचाङ
४ मिर्लुङ
५ काँहु
६ ज्यामरूक
७ कोठथोक
८ चोक
९ बाह्लडाँडा
१० पुरकोट
११ घिरिङ
१२ दोरदोर
१३ जगरकोट
१४ ढोर
१५ तनहूँ सुर
१६ दुरूङ चुङ
१७ नावरूङ
१८ थप्रेक
१९ मँवल
२० बजर्कोट
२१ कर्लुङ
२२ मनपाङ
२३ छ डाँडा
२४ दभुङ
२५ बन्दीपुर
२६ गलेखाम
२७ वसन्तपुर
२८ मानुङ
२९ छाङ
३० उमाचोक

तनहूँ जिल्लाको सदरमुकाम पहिले बन्दीपुरमा थियो। २०२५ सालदेखि दमौलीमा सरेको छ। हाल नेपालका अन्य जिल्लाहरू जस्तै यो जिल्ला पनि गण्डकी अञ्चल प्रशासनको मातहतमा रही जिल्ला प्रमुख अधिकारीद्वारा प्रशासित छ। यो जिल्लामा रहेका सरकारी, अर्ध सरकारी तथा गैर सरकारी कार्यालयहरूको फेहरिस्त यस प्रकार छ :–

प्रमुख जिल्ला अधिकारीको कार्यालय, दमौली
जिल्ला अदालत, दमौली
जिल्ला भूमिसुधार कार्यालय, दमौली
जिल्ला शिक्षा कार्यालय, दमौली
जिल्ला पञ्चायत कार्यालय, दमौली
चारनं. नापी गोश्वारा, दमौली
जिल्ला प्रहरी थाना, दमौली
माल कार्यालय, दमौली

परिवार नियोजन कार्यालय, दमौली
सरकारी सहायक अभियोक्ता कार्यालय, दमौली
बिफर उन्मूलन कार्यालय, बन्दीपुर
निर्वाचन आयोग जिल्ला शाखा कार्यालय, दमौली
सवारी कर कार्यालय, डुम्रे
कृषि विकास कार्यालय, दमौली
रेन्ज कार्यालय, खैरेनी
कृषि खरीद बिक्री संस्थान, शाखा कार्यालय, खैरेनी
कृषि विकास बैंक, दमौली
आकाशवाणी कार्यालय, बन्दीपुर
कारागार कार्यालय, दमौली
ग्रामीण उद्योग कार्यालय, दमौली
नेपाल औलो उन्मूलन कार्यालय, दमौली
सवारी कर कार्यालय, खैरेनी
जिल्ला सहकारी कार्यालय, दमौली
गण्डकी कृषि विकास योजना, खैरेनी
पृथ्वी राजमार्ग उप-कार्यालय, दमौली
कृषि खरीद बिक्री संस्थान उप-शाखा कार्यालय, दमौली
नेपाल बैंक लिमिटेड, दमौली

प्रहरी

यो जिल्लाको सदरमुकाम दमौलीमा जिल्ला प्रहरी थाना रहेको छ। यो थाना अन्तर्गत जिल्लाको विभिन्न पञ्चायत क्षेत्रमा छोटी प्रहरी थाना र प्रहरी चौकीहरू रहेका छन्।

जिल्लामा शान्ति सुरक्षा कायम राख्ने कार्यमा प्रमुख जिल्ला अधिकारीलाई सहयोग पुर्‍याउने, कारागार तथा अन्य झैपरिआउने काममा पहरा दिने, पृथ्वी राजमार्गमा ट्राफिक सुरक्षाको व्यवस्था गर्ने र विभिन्न किसिमका अपराधहरूको अनुसन्धान गरी नियन्त्रण गर्ने आदि प्रहरीका मुख्य काम हुन्।

कारागार

सदरमुकाम दमौलीमा सरेपछि पनि केही वर्षसम्म यो जिल्लाको कारागार भवन बन्दीपुरमा रहेको थियो। पुरुष तथा महिला गरी २५ जनासम्म मानिसहरू राख्न सकिने क्षमता भएको नयाँ कारागार भवन हालै दमौलीमा निर्माण भएको छ।

सरकारी वकील

यहाँ एक सरकारी वकीलको कार्यालय छ। राजपत्र अनङ्कीत प्रथम श्रेणीको वकीलको दरवन्दी भएको यो कार्यालयको काम यहाँका जिल्लास्तरीय सरकारी कार्यालयहरूलाई कानून सम्बन्धी सल्लाह दिनुको साथै सरकारवादी मुद्दाहरू अदालतमा दायर गरी बहस पैरवी गर्नु हो। यसको अतिरिक्त निर्वाचन सम्बन्धमा झैपरिआउने काम, मादक पदार्थ तथा आय कर बारे पनि समय समयमा कानूनी राय सल्लाह दिनु पर्ने हुन्छ। खास गरेर सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को अनुसूची १ मा अङ्कित फौजदारी मुद्दाहरूको सरजमीन र तहकीकात सम्बन्धी कार्यमा प्रहरी कर्मचारीको साथ दिनु सरकारी वकीलको काम हो।

जिल्ला अदालत

यहाँ एक जिल्ला अदालत रहेको छ। न्याय प्रशासन र (विविध व्यवस्था) ऐन २०१८ बमोजिम गठित यो जिल्ला अदालतले आफ्नो परिधिभित्र पर्ने फौजदारी तथा देवानी दुवैथरीका मुद्दाहरू हेर्दछ। यो

जिल्ला अदालतले प्रचलित कानूनमा अर्को व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकार क्षेत्रभित्र पर्ने सबै मुद्दाहरू शुरू कारवाही र किनारा गर्दछ। २०२७।०२८ देखि २०२९।०३० सम्म यस अदालतमा परेका मुद्दाहरूको संख्या निम्नानुसार देखिन्छ :–

वर्ष	देवानी	फौजदारी
२०२७।०२८	२२१	२१६
२०२८।०२९	१०१	८२
२०२९।०३०	१८९	२३२

यसरी जिल्ला अदालतमा पर्न आएका देवानी एवं फौजदारी मुद्दाहरूमध्ये २०२७।०२८ देखि २०२९।०३० भित्रमा जाहेरी १२, तजवीज ३१४, मिलापत्र १६४, डिसमिस १३२, खारेज ४३, मुलतबी १२, सरूवा र एकतर्फी ५१ गरी जम्मा ७३० मुद्दाहरू फछ्र्यौट भएका छन्। यो जिल्लामा जग्गा लेनदेन, अंश बण्डा, पारिवारिक, कीर्ते, ठगी, गाली र बेइज्जती, कुटपीट तथा ज्यानसम्बन्धी, लुटपीट, गर्भ पतन, चोरी, करणी आदि विषयमा मुद्दाहरू पर्दछन्। यीमध्ये ज्यादातर जग्गा सम्बन्धी, लेनदेन र लुटपीट मुद्दा नै परेको पाइन्छ।

आयकर

यो तनहूँ जिल्लामा आयकर कार्यालय छैन। कर उठाउने काम गण्डकी धौलागिरि कर कार्यालय पोखराबाट हुन्छ। आर्थिक वर्ष २०२९।०३० मा यो जिल्लाबाट रू.२३,३८५। कर रकम उठेको देखिन्छ।

सवारीकर

पृथ्वी राजमार्गमा पर्ने खैरेनीटार र डुम्रे बजारमा २०३० सालदेखि कर कार्यालयहरूको स्थापना भएको छ। यी सवारी कर कार्यालयबाट प्रतिदिन सरदर रू. ५०। आय भएको पाइन्छ। सवारी संख्या दिन-प्रतिदिन वृद्धि हुँदै गएकोले आय रकममा पनि वृद्धि हुने प्रक्रया देखिन्छ।

पञ्चायत

यहाँको जिल्ला पञ्चायत कार्यालय दमौलीमा रहेको छ। यो जिल्लामा ४३ वटा गाउँ पञ्चायतमा १,५८,१३९ जनता बसोबास गर्दछन् भन्ने कुरा माथि जनसंख्या र जनजीवन शीर्षकमा पनि उल्लेख भइसकेको छ। यहाँका अत्यधिक बासिन्दाहरूको आर्थिक स्थिति त्यति बलियो नभएकोले पञ्चायतको कोषमा पनि कम आम्दानी हुन्छ। गाउँ पञ्चायतहरूको सालाखाला औसत आम्दानी वार्षिक २,०००। जति हुन्छ। सबैभन्दा बढी आम्दानी अर्थात् वार्षिक रू. ६,२१०। आम्दानी भएको पञ्चायत गैंडाकोट पञ्चायत हो र सबैभन्दा कम अर्थात् रू. ५००। मात्र आय हुने पञ्चायत छिपछिपे हो। जिल्ला पञ्चायत कोषमा आय हुने मुख्य स्रोत घाटकर हो। पृथ्वी राजमार्ग खुलेपछि यहाँका विभिन्न घाटहरू भएर आवत जावत गर्ने यात्रुहरूको संख्या कम भएकोले जिल्ला पञ्चायतको आय पनि कम हुन गएको छ। वार्षिक सालाखाला १,००,०००। मात्र हुन्छ। आर्थिक वर्ष २०२९।०३० मा जिल्ला पञ्चायत कोषको आय रू. १,३०,४२९। थियो। उपर्युक्त

पञ्चायतहरूको आय स्रोत घाट करको अतिरिक्त हाटकर, पेशाकर, घरीकर आदि हुन्। यो जिल्लाबाट राष्ट्रिय पञ्चायतमा एक जना प्रतिनिधिद्वारा प्रतिनिधित्व गरिन्छ।

तनहूँ जिल्ला पञ्चायतले आर्थिक वर्ष २०२१।०२२ देखि नै विभिन्न गाउँ पञ्चायत र स्थानीय जनताको श्रमदानबाट पानी टङ्की बनाउने, कुलो, पुल तथा बाटो मरमत गर्ने, विद्यालय भवन र पञ्चायत भवन निर्माण गर्ने जस्ता स्थानीय महत्वका विकास कार्यहरू गर्दै आएको छ। यो जिल्लाका विभिन्न क्षेत्रमा किसान, महिला, युवक तथा भूतपूर्व सैनिक संगठनहरू पनि खुलेका छन्। यी संगठनका प्रारम्भिक समिति तथा सदस्य संख्या यसप्रकार छन् :–

संगठन	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
युवक संगठन	३७	४०७
महिला संगठन	१६	२०६
भू.पू. सैनिक संगठन	१४	१५४
किसान संगठन	२३	२५३

यी सबै संगठनहरू वार्षिक चाहाडपर्व, राष्ट्रिय दिवस र खेलकूद आदिमा भाग लिएर मेला, प्रदर्शनी तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरी रमाइलो वातावरणको सिर्जना गर्छन्। साथै समय समयमा स्थानीय विकास कार्यहरूमा भाग लिएर सघाउ पुऱ्याउँछन्।

उपसंहार

तनहूँ जिल्लामा भएका विकास कार्यक्रमहरू माथि विभिन्न शीर्षक अन्तर्गत टीका टिप्पणी गरिएको छ । यो जिल्लामा पर्ने पृथ्वी राजमार्गले यस भेकको चौतर्फी विकासमा प्रमुख भूमिका ओगटेको छ । वास्तवमा यो राजमार्गले जिल्लाबासीहरूमा विकासशील धारणाहरूको बीजारोपण गरेको छ भने पनि हुन्छ । फलतः कृषिमा आधारित यहाँको जनश्रम केही उद्योग व्यवसाय र व्यापारमा लाग्न थालेको छ । यो जिल्लाका विकास कार्यक्रमहरूमध्ये गण्डकी कृषि विकास योजना पनि उल्लेखनीय छ । यसबाट यहाँका कृषकहरूले आफ्नो परम्परागत कृषि व्यवसायमा केही आधुनिक सामग्री प्रयोग गरी उत्पादन वृद्धि गर्न सकेका छन्। यसको अतिरिक्त स्थानीय विकास विभाग र जनसहयोगबाट पूरा भएको ग्रामीणस्तरका विभिन्न विकास कार्यहरूबाट पनि जिल्लाको प्रगतिमा भरपर्दो टेवा पुगेको छ ।

औलो उन्मूलन कार्यक्रमको सफलताले गर्दा यो जिल्लाको विकासमा निकै मद्दत पुगेको छ । डाँडा, पाखा र साँगुरो बस्तीमा बस्नेहरू बेंसीको फराकिलो मैदानमा सर्न थालेका छन् । यसबाट कृषिको क्षेत्र बढ्नुको साथसाथै उत्पादन पनि वृद्धि भएको छ । फराकिलो फाँट तथा टारहरू सिंचेर कृषि उत्पादन बढाउने र आवादी भएका ठाउँमा दुई–तीन बाली लगाउने प्रवृत्ति मानिसहरूमा देखिन थालेको छ । तनहूँ जस्तो कृषिप्रधान-जिल्लाको लागि यो राम्रो कुरा हो ।

शिक्षाको क्षेत्रमा यो जिल्लाको विकास उत्साहवर्धक छ। जिल्लाको आधुनिकीकरण तथा औद्योगीकरणको लागि अत्यावश्यक जनचेतना अर्थात् रिजनिङको स्रोत शिक्षा नै हो । अतः शिक्षाको उपादेयता प्रति बढेको जनताको अभिरुचिले जिल्लाको उज्ज्वल भविष्यको सङ्केत गर्दछ ।

बाँझा टारहरूको सिचाइ, जल विद्युत् गृहको निर्माण, स-साना उद्योग व्यवसायको स्थापना र फलफूल खेती तथा पशुपालन आदि यो जिल्लाका विकास सम्भाव्यताहरू हुन् । खैरेनीटार, भन्सारटार तथा मादी, सेती, काली र मर्स्याङ्दी नदीका आसपासमा अवस्थित फराकिला टारहरू जलाधारबाट बिजुली उत्पादन गरी उद्योग व्यवसायको निमित्त आवश्यक शक्तिको सिर्जना गर्न सकिन्छ । पृथ्वी राजमार्ग र प्रस्तावित डुम्रे बेंसीशहर बाटोको वरपर स्थानीय वन तथा कृषि सम्पदामा आधारित स-साना उद्योगहरू खोल्न सकिन्छ । गर्मी हावापानी भएका बेंसीहरूमा भूइँकटहर, रूखकटहर, बेलौती, केरा, मेवा तथा आँप र पहाडी भागमा सुन्तला, स्याउ, नासपाती र कागती जस्ता सिट्रस फलफूल खेती गर्न सकिन्छ ।

यहाँका घाँसिला वन पाखा र रसिला फाँट – बेंसीहरूमा भैंसी तथा बाख्रा पालन व्यवसाय राम्रो हुन सक्छ । यी सम्भावित योजना र उद्योग व्यवसाय विना राजमार्गको आर्थिक पक्ष दुरुपयोग हुने मात्र होइन जनताको परम्परागत आय र क्रय शक्तिमा समेत अतिरिक्त भार पर्न जाने छ ।

कास्की

विपाक

विषय–सूची

परिचय २९७
प्राकृतिक स्वरूप र सम्पदा २९९
ऐतिहासिक पृष्ठभूमि ३०९
प्रमुख स्थानहरू ३१४
जनसंख्या र जनजीवन ३१९
आर्थिक व्यवस्था ३३२
यातायात, सञ्चार र बिजुली ३४८
शिक्षा, स्वास्थ्य तथा खानेपानी ३५२
प्रशासन र पञ्चायत ३६१
उपसंहार ३९६

परिचय

पश्चिमाञ्चल विकास क्षेत्र र गण्डकी अञ्चलको केन्द्रस्थलको रूपमा रहेको कास्की जिल्ला अलौकिक प्राकृतिक सौन्दर्य र आर्थिक तथा सामाजिक विकासको एउटा पवित्र संगमस्थलको रूपमा अवस्थित छ। यस जिल्लाको सदरमुकाम पोखरा बजारबाट उत्तरतिर देखिने अन्नपूर्ण हिमाली शृङ्खला र माछापुच्छ्रेको विहङ्गम दृश्य, यसै पोखरा उपत्यकाको दक्षिण पश्चिम कुनामा रहेको विशाल फेवाताल, पोखरा बजारकै बीचबाट गहिरिएर बगेको सेती गण्डकी यस जिल्लाले प्रदान गरेका आकर्षक प्राकृतिक दृश्यहरूका केही नमूना हुन्। यसै गरी २००७ सालमा प्रजातन्त्रको प्रादुर्भाव भएपछि मात्र विकासको पथमा अग्रसर भएको यो जिल्लाको आर्थिक सामाजिक विकासका उपलब्धिहरू पनि उत्तिकै उदाहरणीय छन्।

वि.सं. २००६ सालमा यहाँ हवाइ जहाजले बोकेर मोटर गाडी ल्याइदिएपछि मात्र मोटर सवारीको प्रारम्भ भएको यो जिल्ला आज १७६ किलोमिटर लामो राजमार्गले काठमाडौंसित र २,००५ किलोमिटर लामो राजमार्गले दक्षिणमा भारतको सीमानासित जोडिसकिएको छ। फेवातालबाट निकालिएको बिजुली, आन्तरिक टेलिफोनको साथै माइक्रोवेभ प्रणालीबाट स्थापना भएको बाहिरी संसारसितको सम्बन्ध, यहाँ बढ्दो संख्यामा खुल्दै गएका बढ्दो स्तरका होटेल र चमेना गृहहरू, विस्तृत हुँदै गएका सामाजिक सेवाहरू यहाँका विकासका केही उदाहरणहरू हुन्। पोखराले प्राप्त गरेको ख्यातिले गर्दा यहाँ वर्षेनी आउने स्वदेशी र विदेशी पर्यटकहरूको संख्या दशौं हजार पुगिसकेको छ। लगानी र जीवन–यापनको निम्ति उपलब्ध अवसरहरूले गर्दा वरिपरिका जनसंख्याको बढ्दो मात्रामा पोखरा नगर पञ्चायतमा आप्रवजन हुन लागेको छ। त्यसैले यहाँ बजार लाइनमा नेवार जातिका बस्ती हुने र बजारबाट भित्र पर्ने ठाउँमा बाहुन, क्षेत्री, दमाई, सार्कीको बस्ती हुने जुन बसाईं सम्बन्धी परम्परागत प्रारूप छ त्यसलाई गतिशील बनाउँदै वरिपरिका इलाकाबाट थकाली र गुरुङहरूको आप्रवजनले यहाँको जनजीवनको क्षेत्रमा निक्कै रोचक विविधता थपिएको छ। १

कास्की जिल्लाको नाउँ यस जिल्लाको मध्यभागमा रहेको ऐतिहासिक महत्व भएको कास्की डाँडा र कास्कीकोटबाट आएको हो। यस जिल्लाको भौगोलिक अवस्थिति २८° ७′ उत्तर अक्षांशदेखि २८° ३६′ उत्तर अक्षांश र ८३° ४६′ पूर्व देशान्तरदेखि ८४° १२′ पूर्व देशान्तरभित्र परेको छ। यस जिल्लाको आकार त्रिकोण परेको छ जसमा पूर्व-उत्तरको रेखामा पश्चिमतिर चापेर केही गहिरिएकोछ। यसको पूर्वमा गण्डकी अञ्चलकै लमजुङ जिल्ला, दक्षिणमा तनहूँ र स्याङजा जिल्ला, पश्चिममा पर्वत जिल्ला र उत्तर-मा मनाङ जिल्लाहरू पर्दछन्। यस जिल्लाको कुल क्षेत्रफल १,३२२ वर्गकिलोमिटर भित्र २०२८ सालको

जनगणना अनुसार १,५१,७४९ जना मानिसहरू बस्दछन् । यहाँ जम्मा ५९ गाउँ पञ्चायतहरू र एउटा नगर पञ्चायत छन् । जिल्लाको उत्तरी पहाडी भेकतिर मुख्यतया गुरुङ बस्ती धेरै छन् भने दक्षिणी भागमा बाहुन, क्षेत्री तथा अन्य जातहरूको मिश्रित बस्ती पाइन्छ । पोखरा बजारको उत्तरतिर पर्ने बाटुले चौर पञ्चायतभित्र अधिराज्यको सबभन्दा ठूलो गाइने गाउँ अवस्थित छ ।

आर्थिक आधारको दृष्टिकोणले यो जिल्ला परम्परागत कृषि व्यवसायमा नै निर्भर रहेको छ । औद्योगिक विकासको क्षेत्रमा हालसालै फष्टाउन लागेको पर्यटन उद्योग र केही स-साना चामल कुट्ने कारखानामा नै सीमित छ भनेपनि हुन्छ । व्यापारिक क्रियाकलाप मुख्यतया पोखराबजारमा नै सीमित छ, जुन परापूर्वकालदेखि नै उत्तर-दक्षिण व्यापारको केन्द्रको रूपमा रहिआएको छ । यस जिल्लाका बासिन्दाहरूमा गुरुङहरू विदेशी सेनामा भर्ती हुने र अन्य जातका मानिसहरू भारतको विभिन्न स्थानमा काम गर्न जाने हुनाले तिनीहरूले यस जिल्लाको निम्ति थप आय मात्र होइन कि नौलो विचार र प्रविधिको स्रोतको रूपमा पनि काम गरेका छन् । समाजको विकासको एउटा महत्वपूर्ण मापदण्ड शिक्षालाई मान्नेहो भने यस क्षेत्रमा काठमाडौं उपत्यका बाहिर यो जिल्लाको जति प्रगति नेपाल अधिराज्यमा अन्यत्र छैन । छ वर्षदेखि माथिका जनसंख्यामा यहाँको साक्षरताको दर २४.७ प्रतिशत छ जसलाई काठमाडौं उपत्यका भित्रका जिल्लाहरूको साक्षरता दरले मात्र नाघ्न सकेको छ । शिक्षण संस्थाहरूको दृष्टिकोणले पनि यहाँ प्राप्त सुविधाहरू काठमाडौं उपत्यकादेखि बाहिर अधिराज्यको कुनै पनि पहाडी भागमा पाइँदैन । सारांशमा कास्की जिल्लालाई नेपाल अधिराज्यमा तीव्र रूपले विकास भइरहेका पहाडी जिल्लाहरूको एउटा उत्साहवर्धक उदाहरणको रूपमा लिन सकिन्छ ।

प्राकृतिक स्वरूप र सम्पदा

अन्नपूर्ण हिमालको दक्षिणस्थित यस कास्की भौगोलिक बनावटको दृष्टिकोणले निक्कै भिन्नता भएको जिल्ला हो। दक्षिणमा करीब ४५० मिटर (१,५०० फीट) देखि उत्तरमा ७,९३९ मिटर (२६,०४१ फीट) सम्मका अग्ला होचा भागहरू यसै जिल्लाभित्र पर्दछन्। उच्चा हिमाली चुचुराहरू, छिया छिया परेका डाँडाहरू तथा पोखरा उपत्यकाका समथर भूमि, तालहरू आदि यस जिल्लाको विशेष स्वरूपहरू हुन्।

मध्यपहाडी प्रदेशमास्थित पोखरा उपत्यकाको आफ्नै विशेषता भएको छ भन्नुमा अत्युक्ति नहोला। तुलनात्मक दृष्टिकोणले त्यतिकै मात्रामा चाकलो नभए तापनि पूर्व–पश्चिम लम्बिएर रहेको यस उपत्यका पनि अधिराज्यको महत्वपूर्ण खाल्डाहरूमध्ये एक हो।

जिल्लाको उत्तरमा अन्नपूर्ण हिमाली श्रृङ्खलाका एक अन्नपूर्ण दोस्रो चुचुरा नै यस जिल्लाको सबभन्दा अग्लो टाकुरा हो। यसको उचाइ समुद्रको सतहबाट ७,९३९ मिटर (२६,०४१ फीट) माथि पर्दछ। यस बाहेक जिल्लाको सम्पूर्ण भाग पहाड, डाँडा तथा बेंसीले बनेको छ।

भौगोलिक बनावट

उत्तरमा हिमाली क्षेत्रदेखि दक्षिणमा बेंसी प्रदेशसम्म फैलिएको यस कास्की जिल्लालाई भू–बनावट तथा उचाइको आधारमा मोटामोटी चार भागमा विभाजन गर्न सकिन्छः–

(१) हिमाली प्रदेश
(२) लेकाली प्रदेश
(३) पहाडी प्रदेश
(४) उपत्यका, बेंसी तथा टार प्रदेश

हिमाली प्रदेश

सधैं हिउँले ढाक्ने हिमालय श्रेणीले जिल्लाको उत्तरी भागमा मनाङ जिल्लासित सीमानाको काम दिएको छ। विश्व प्रसिद्ध अन्नपूर्ण हिमालकै श्रेणीको एक भागको रूपमा रहेको यस हिमालय पर्वतमाला पूर्व-पश्चिम लम्बिएर रहेको छ। यस क्षेत्रमा अन्नपूर्ण दोस्रो ७,९३९ मिटर(२६,०४१ फीट), अन्नपूर्ण तेस्रो ७,५५६ मिटर (२४,७४७ फीट), अन्नपूर्ण चौथो ७,५२५ मिटर (२४,६८८ फीट) को साथै प्रख्यात माछापुच्छ्रे ६,९९४

मिटर (२२,९४२ फीट) का चुचुराहरू पर्दछन् । उचाइको हिसाबले ४,८८० मिटर (१६,००० फीट) भन्दा माथि पर्ने भएको हुँदा यहाँ सधैं हिउँले ढाकिने गर्दछ । वर्षाको नाउँमा खाली हिउँ मात्रै पर्ने भएको हुँदा प्रायः अतिशीत प्रदेशमा पाइने वनस्पति मात्रै हुन्छन् ।

यिनै हिमाली प्रदेशबाट हिउँ पग्ली उत्पत्ति भएका नदीहरूमध्ये मोदी, सेती तथा मादी मुख्य हुन् । निक्कै उचाइमास्थित भई अतिशीत हावापानीको क्षेत्रमा परेको हुँदा हिमाल चढ्ने पर्वतारोहीहरूको लागि आकर्षक तुल्याउने बाहेक भू–उपयोगको दृष्टिले अन्य कामको लागि प्रयोगमा ल्याउन सकेको छैन । पूर्व–पश्चिम फैलिएको अन्नपूर्णकै श्रेणी बाहेक यिनै शाखाको रूपमा छरिएका उत्तर–दक्षिण श्रेणी निक्कै तलसम्म पनि पुगेका छन् ।

लेकाली प्रदेश

हिमाली शृङ्खलाको दक्षिणमा हिमरेखाभन्दा मुनि करीब २,३०० मिटर (सात-आठ हजार फीट) भन्दा माथिको भागलाई लेकाली प्रदेश भन्दछन् । यहाँ हिउँद भरी हिउँले पुरिने र गर्मीमा हिउँ पग्लन थाले पछि अलि फराकिलो ठाउँहरूमा घाँस तथा रङ्गी बिरङ्गी फूलहरू फुल्न थाल्दछन् । स्थायी बस्ती बसाल्न अतिशीत हावापानीले नदिने भएको हुँदा गर्मी यामभरी यस क्षेत्रमा भेडा, भैंसी, गाई गोठहरू लैजाने गर्दछन् । अलि तल्लो भागमा गुराँस, भोजपत्र आदिका लेकाली वनहरू हुन्छन् । यस क्षेत्रका उच्चा भाग ज्यादै तीखा धारहरूले युक्तभई प्रायः नाङ्गो अवस्थामा हुन्छन् । हिमालय पर्वत श्रेणीकै हाँगाको रूपमा फैलिएको यस प्रदेशको दक्षिणतिर ज्यादै भिरालो परी प्रत्येक एक कोसमा ६७१ मिटर (२,२०० फीट) होचिंदै गएको छ ।[1]

पहाडी प्रदेश

लेकाली भाग अर्थात् २,३०० मिटर (सात-आठ हजार फीट) भन्दा मुनि र बेंसी तथा उपत्यकाभन्दा माथिको क्षेत्रलाई नै पहाडी प्रदेशको रूपमा लिन सकिन्छ । जिल्लाभित्रका अधिकांश गाउँ बस्तीहरू यसै क्षेत्रभित्र पर्दछन् । यिनै पहाडी ढालहरूमा खोपेर बनाइएका गराहरू नै जिल्लाको मुख्य पाखो जग्गाको रूपमा लिन सकिन्छ । यहाँ विभिन्न किसिमका पाखो बालीहरू लाग्दछन् । सिचाइको सुविधा भएको ठाउँमा धान बाली पनि लाग्छ । जिल्लाको उत्तरी भागमा परेका हिमाल तथा लेकाली भागबाट उत्पति भएका नदी तथा खोलाहरूले यस प्रदेशलाई छिया छिया पारेका छन् । शीतोष्ण प्रदेशको जल वायुले प्रभाव पारेको हुँदा यस प्रदेश निक्कै रमाइलो छ । पोखरा उपत्यकाको दक्षिणमा परेको डाँडाको उत्तरी ढाल दक्षिणी ढालभन्दा भिरालो परेको छ ।

उपत्यका, बेंसी तथा टार प्रदेश

पोखरा उपत्यका जिल्लाको मध्यदक्षिण भागमा फैलिएको छ । उत्तरमा भराभुरेदेखि दक्षिणमा जिल्लाको सीमानासम्म यसको लम्बाइ करीब ३८.४ किलोमिटर १२ कोस लामो पर्दछ । यसको चौडाइ सबै ठाउँमा एकनास छैन । सबभन्दा चौडा ठाउँमा ६.४ किलोमिटर (दुई कोस) फराकिलो पर्दछ । यस उपत्यकाको आकार मुख्यतया सेती नदीको मोडसित सम्बन्धित छ । ठाउँ ठाउँमा सेती नदीमा मिल्न आउने यिनका सहायक

---

[1] Gurung, Harka-"Geomorphology of Pokhara Valley", The Himalayan Review, vol. II-III(1969/70) p. 29

खोलाहरूले थुपारेको पाँगा माटोले गर्दा फराकिलो तुल्याइदिएका छन् । यस उपत्यकाको कुल क्षेत्रफल १२४ वर्ग किलोमिटर (४८ वर्ग माइल) मा फैलिएको छ ।[1] यस उपत्यकाको सिरानदेखि दक्षिणमा दोभानसम्मको उचाइमा (२,८२६ फीट) फरक छ । नदीले बनाइएको पुरानो खाल्डो माथि दायाँ बायाँ ठाउँ ठाउँबाट बगाईल्याएको माटो आदिले पुरिदिएको पङ्खे आकारको स्वरूपले गर्दा यसले मैदानको रूप लिएको छ । पछि यिनै मैदान माथि बगेर गएका अनगिन्ति खोलाहरूले काटी बनाइएका गराहरू प्रशस्त पाइन्छन् । त्यसैले यस मैदानी भागमा धेरै जसो नदी तथा खोलाहरू जमीनको सतहभन्दा निक्कै तल पुग्न गएका छन् । यसले गर्दा माथिल्लो सतह टारको रूपमा रहेका छन् । तर यस मैदानी भागको वरपरका नदी तथा खोलाहरू थुनेर बनेका तालहरूको आसपासको जगा प्रायः जसो धापिलो भई बाह्रै महीना पानी पाइन्छ । यस किसिमका तालहरूमा मुख्यतया फेवाताल, रूपा ताल, बेगनास ताल, दिपाग ताल, मैदी ताल आदि हुन् । उचाईको हिसाबले जिल्लाको सबभन्दा होचो ठाउँमा स्थित भएको हुँदा यहाँ निक्कै गरम हुन्छ । त्यसैले यहाँ गर्मी प्रदेशमा पाइने फलफूलहरू समेत उत्पादन हुन्छन् ।

नदीनालाहरू

यहाँ धेरै ठूल ठूला नदीदेखि स-साना खोलाहरू पनि छन् । उत्तरी भागस्थित हिमालयका हिउँ पग्ली उत्पति भएका नदीहरूमा बाह्रै महीना पानी पाइन्छन् । वास्तवमा कास्की जिल्ला उत्तरी भागलाई छाडी अन्य सबैतिर खोला तथा नदीहरू नै प्राकृतिक सीमानाको रूपमा रहेका छन् । जिल्लाको मुख्य नदीका रूपमा सेती गण्डकीलाई लिन सकिन्छ । यो नदी जिल्लाको बीचबाट बग्ने भएको हुँदा यसले जिल्लालाई मोटामोटी दुई भागमा बाँडेको छ । यहाँ बढी वर्षा हुने हुनाले वर्षामा नदीखोलाहरू ठूलै रहन्छन् । जिल्लाभित्र बग्ने ठूला–साना सबै नदीहरूको छोटकरी वर्णन निम्न प्रकारकाछन् :–

सेती नदी

जिल्लाको सबभन्दा ठूलो तथा महत्वपूर्ण जलाधारको रूपमा सेती नदीलाई लिन सकिन्छ । यो नदी प्रसिद्ध अन्नपूर्ण हिमालको दक्षिण ढालबाट उत्पति भई सीधा दक्षिण बग्दछ । जिल्लाभित्र यस नदीमा मिल्न आउने सहायक नदीहरूमा साधु, भलौदी, सर्दी, मर्दी, याङदी, काली, फुस्रे, विजयपुर, खुदी, ताल तथा आँपु खोलाहरू प्रमुख हुन् । छोटो दूरीभित्रै निक्कै उचाइबाट तल झर्ने भएको हुँदा यस नदीको जमीन खियाउने शक्ति बढी छ । त्यसैले यसको धेरै जसो भाग जमीनको सतहभन्दा निक्कै तलबाट बग्दछ । कतै कतै यस नदीले सयौं मिटर गहिरो गल्छी बनाई बगेको छ । आर्थिक दृष्टिकोणले यस नदीमा स्थानीय मानिसहरूले माछा मार्ने सिवाय अन्य कामको लागि प्रयोग गर्न सकेको छैन । ज्यादै तलबाट बगेको हुँदा सिचाइको लागि प्रयोग गर्न निक्कै मुस्किल पर्दछ । यस नदीको मुहानदेखि दक्षिणमा जिल्लाको सीमानासम्म यसको लम्बाई करीब ६४ किलोमिटर (२० कोस) लामो पर्दछ । यस जिल्लाबाट बाहिर गएपछि यो नदी तनहूँ जिल्लाभित्र पस्दछ । तनहूँ जिल्लाको मध्यभागमा मादी नदी मिल्न आएपछि यस नदीले ठूलो रूप लिन्छ । यो नदी गण्डकी नदी प्रणालीको एक महत्वपूर्ण सहायक नदी हो । कास्की जिल्लाभित्र यस नदीमा मिल्न आउने सहायक खोलाहरूमा साना ठूला कच्ची कुलाहरू निकालिएका छन् । तर विजयपुर खोलामा बाँध बाँधी एउटा पक्की नहर निकालिएको छ ।

---

१. हर्क गुरुङको माथि उल्लिखित किताब, पृष्ठ ४३

हाल यस मुख्य नदीमा कुनै किसिमको योजना सञ्चालन छैन तापनि भविष्यमा यस नदीबाट लाखौं किलोवाट बिजुली निकाल्न सकिने छ। यो नदी माथि पोखरा नगर पञ्चायतभित्र केही पक्की पुलहरू निर्माण गरिएकाछन्।

मादी नदी

मादी नदी कास्की जिल्लाभित्रको दोस्रो ठूलो नदी हो। यो नदी जिल्लाको पूर्वबाट बगेको छ। यसले कास्की र लमजुङ जिल्लाको सीमानाको काम गरेको छ। मादी नदी, जसलाई माहेन्द्री गङ्गा पनि भन्दछन्, सप्तगण्डकीका महत्वपूर्ण सहायक नदीहरूमध्येकै हुन्। यो नदी अन्नपूर्ण हिमालबाट उत्पत्ति भएका हिम नदी पग्लेर बगेको छ। स्थानीय मानिसहरूको भनाइअनुसार यसमा स्वादीला माछाहरू प्रशस्त पाइन्छन्। लमजुङ तथा कास्की जिल्लाबाट यस नदीमा मिल्न आउने सहायक खोलाहरू प्रशस्त छन्। यिनीहरूमध्ये मुडक्युं छार, रुदी, मिडिम, रिस्ती, विर्धी, खाल्टे आदि प्रमुख हुन्। यसको उद्गम स्थानदेखि जिल्लाको दक्षिण सीमानासम्म यसको लम्बाई करीब ५४.४ किलोमिटर (१७ कोस) लामो पर्दछ। मत्स्य पालनको साथ साथै भविष्यमा यस नदीमा ठूल ठूला सिचाइ योजनाको सञ्चालन हुन सक्ने सम्भावना छ।

मोदी खोला

मोदी खोला अन्नपूर्ण तेस्रो र माछापुच्छ्रेका चुचुराहरूको पश्चिम ढालबाट उत्पति भई कास्की र पर्वत जिल्लाको साँधको रूपमा दक्षिण पश्चिम दिशातर्फ बग्दछन्। यस खोलामा मिल्न आउने महत्वपूर्ण सहायक खोलाको रूपमा भुर्रङदी खोला, पाटी खोला, रति खोला र जोर खोलाहरू हुन्। पछि यो खोला कुश्मा नजीकै काली गण्डकी नदीमा मिसिन्छ। यसको मुहानदेखि जोर खोलाको दोभानसम्म यसको लम्बाई अन्दाजी ४८ किलोमिटर (१५ कोस) लामो छ। हिमालय पर्वतकै हिउँ पग्ली उत्पत्ति भएको हुँदा यसमा बाह्रै महीना पानी अटूट रहन्छ। यो खोलाले यस जिल्लाको पश्चिमी सीमाको काम गरेको छ।

यी माथि उल्लेखित ठूल-ठूला नदी तथा खोलाहरू बाहेक यस जिल्लाभित्र अरू अनगिन्ति स-साना खोलाहरू पनि छन्।

ताल र झरना

यो जिल्लामा उल्लेखनीय झरनाहरू नभए तापनि जिल्लाको ठाउँ ठाउँमा एक दुईवटा झरनाहरू जिल्लाको दक्षिण भागमा स्थित पोखरा उपत्यकामा नदी तथा खोलाहरू थुनी बनेका केही महत्वपूर्ण तालहरू छन्। यिनीहरूमध्ये सबभन्दा ठूलो फेवा ताल हो। त्यस बाहेक रूपा ताल, बेगनास ताल, दिपाङ्ग ताल, मैदी ताल, खाल्टे ताल आदि पनि छन्। यिनीहरूमध्ये केही महत्वपूर्ण तालहरूको वर्णन तल दिइन्छ।

फेवा ताल

कास्की जिल्लाको दक्षिण सीमानाको नजीकै दुई वटा डाँडाहरूको बीचमा पर्ने फेवा ताल अधिराज्यकै पनि निक्कै राम्रो तालहरूमा गनिन्छ। पोखरा विमान स्थलबाट करीब एक किलोमिटर पश्चिममा रहेको यो तालको क्षेत्रफल करीब चार वर्ग किलोमिटर (१.८५ वर्ग मिलमा) छ।[1] यसको आकार पूर्व-पश्चिम लम्बिएर

---

[1] हर्क गुरुङको माथि उल्लिखित किताब पृष्ठ ५२

उत्तर-दक्षिण चौडाईको रूपमा रहेको छ । पश्चिमबाट मर्सी खोला यस तालमा खसेको छ भने पूर्वतर्फ पार्दी खोलाको नाउँबाट यिनै पानी निष्काशन पनि हुन्छन् र पछि फुस्रे खोलामा मिसिन्छ । यसठाउँमा तालको पानी थुन्ने एउटा बाँध बाँधी करीब १,००० किलोवाटको विद्युत् शक्ति निकालिएको छ। यसैबाट पोखरा बजार तथा आसपासका गाउँहरूमा बिजुली वितरण गरिएको छ।[1] समुद्रको सतहबाट ७८४ मिटर (२,५७२ फिट) को उचाइमा स्थित उक्त ताल आजभन्दा पहिले निक्कै ठूलो रूपमा भएको अनुमान गर्न सकिन्छ । किनकि पश्चिमतिरको मर्सी खोलाले बगाइल्याएको ढुङ्गा, बालुवा तथा माटो पुरिनाले करीब २.६० वर्ग किलोमिटर (एक वर्ग मिल) भन्दा बढी भाग ढाकिसकेको देखिन्छ । यस किसिमको प्रकृया अझैं पनि चालू नै रहेको बुझिन्छ ।

यसको उत्पत्ति बारेमा विभिन्न मानिसहरूले आफ्नै किसिमका विचारहरू पोखेका छन् । प्रसिद्ध भू-गर्भ शास्त्री टनी हेगेनको भनाइमा यस पोखरा उपत्यका पनि प्राचीन कालमा काठमाडौं जस्तै एउटा ठूलो तालको रूपमा थियो । महाभारत पर्वत तथा हिमालयका बीचमा परेको सबै पहाडी भाग उठ्नुको कारणले यस क्षेत्रको पानी बगेर गई कुनै कुनै खाल्डोभित्रको पानी जान नसकी अहिलेसम्म तालको रूपमा रहेको छ भन्ने विश्वास गरिन्छ तर भूगोल वेत्ता हर्क गुरुङका अनुसार पोखरा उपत्यकाको फेवा सहित अन्य सबै तालहरू उत्तरबाट हिउँ सँगै बगेर आएका ढुङ्गा, कङ्कड, बालुवा तथा माटो यस क्षेत्रमा आई मुख्य नदीको बेंसीमा पुरिनाले दायाँ बायाँबाट बगेर आउने सहायक खोलाहरूको पानी जम्मा भई बनेको हो ।[2]

सिद्धार्थ राजमार्ग तथा पृथ्वी राजमार्ग बनेदेखि यता पोखरा तथा आसपासका स्थानहरू बाहिरिया मानिसहरूको लागि एउटा आकर्षक केन्द्र बन्न गएको छ । फेवा ताल पनि त्यस्तै जिल्लाभित्रकै मानिसहरू तथा बाहिरबाट आउने पर्यटकहरूको जमघट हुने स्थान बनिसकेकोछ । निर्मल पानी, वरपरका डाँडाहरू, तालको पानीमा देखिने माछापुच्छ्रे लगायत अन्नपूर्ण हिमाल श्रेणीका छायाँ यसको किनारमै स्थित रत्न मन्दिर तथा तालको बीचमा एक टापुमा स्थित बाराहीको मन्दिर आदि विभिन्न किसिमका पर्यटकको लागि लोभ्याउने पर्याप्त साधनहरू हुन् । पोखरा नगरबासीहरूको लागि हरेक बिदाको दिन पिकनिक मनाउने महत्वपूर्ण स्थान बन्न गएको छ । यस तालमा प्राचीन कालदेखि नै रूखको मुढालाई तासेर डुङ्गाहरू बनाई स्थानीय माझीहरूले खियाउन काम गरिरहेका छन् । हाल यहाँ श्री ५ को सरकार कृषि विभागबाट सञ्चालित एक मत्स्य पालन केन्द्र पनि छ ।

रूपा तथा बेगनास ताल

पोखरा बजारबाट करीब १२.८ किलोमिटर (आठ माइल) पूर्वमा रहेका दुईवटा तालहरू पनि त्यसै समयमा उत्पति भएका हुन् जुन बेला फेवा ताल बनेको थियो । वरपरका हरिया डाँडाहरूको खाल्टोमा स्थित यी तालहरूलाई छुट्याउने बीचमा एउटा पचबैयाको डाँडा छ । उक्त डाँडाको बीचमा उभिंदा उत्तर र दक्षिण दुवैतिर तालको दृश्य देख्न सकिन्छ । यी दुईमध्ये बेगनास ताल अलि कोण परी ठूलो देखिन्छ । रूपा ताल केही मात्रामा उत्तर दक्षिण लाम्चिएर फैलेको छ । ती तालको वरीपरिको रङ्गी बिरङ्गी फूलहरू, तालमा पौडी खेल्ने हाँस, हरिया चौर तथा शान्त वातावरणले कुनै पनि यात्रीहरूलाई आकर्षण तुल्याउँछ । बेगनास तालको पानी खुदी खोलाको रूपमा निष्काशन भएको छ भने रूपा तालको पानी ताल खोलाको रूपमा निस्केको छ । यी दुवै

---

१. २०३१ पुसमा उक्त बाँधको केही भाग भत्केकोले पोखरामा बिजुली वितरण बन्द हुन गएको छ।

२. हर्क गुरुङको माथि उल्लिखित किताब, पृष्ठ २५

खोलाको पानी तल गएर आँपु खोलामा मिसिई सेती नदीमा खस्तछन् । यी दुवै तालहरू भौगोलिक प्रकृयाले गर्दा सुकेर गईरहेका छन् । रूपाताल पहिले निक्कै लामो थियो त्यस्तै बेगनास तालको पश्चिमी किनारको भाग पानी सुकेर छाडेको हुँदा अझै धापिलो अवस्थामा छ ।

हावापानी

अन्नपूर्ण हिमालको दक्षिण काखमा स्थित कास्की जिल्लाको हावापानी मध्यनेपालका अन्य पहाडी जिल्ला सरह नैं दक्षिण-पश्चिम मनसुनी जलवायुको प्रभाव क्षेत्रमा पर्दछ । अधिराज्यका ७५ जिल्लाहरूको तुलनामा सबैभन्दा बढी वर्षा हुने जिल्लाको नाताले नेपालको चेरापुञ्जी भनेमा अत्युक्ति नहोला । गर्मी याममा हिन्द महासागरतर्फबाट आउने मौसमी हावा बङ्गालको खाडी भई पूर्वतर्फबाट बहेर आउँछ । जिल्लाको उत्तरी भाग स्थित अन्नपूर्ण हिमालमा ठक्कर खाई प्रशस्त वर्षा हुने गर्दछ । तैंपनि उचाइको हिसाबले दक्षिणबाट उत्तरतर्फ निक्कै भिन्नता भएको हुँदा यहाँ एकै किसिमको हावापानी हुँदैन । त्यसैले जिल्लाको दक्षिण-पूर्वी भाग उष्ण हावापानीको क्षेत्रभित्र पर्दछ भने उत्तरतिर सधैं हिउँले ढाकिने अति शीतप्रधान जलवायु क्षेत्रमा पर्दछ ।

यसै जिल्लाको पोखरा अस्पताल र पोखरा विमान स्थलको अवलोकन केन्द्रबाट सङ्कलित तथ्याङ्कद्वारा यस जिल्लाको सबै भागलाई प्रतिनिधित्व नगरे तापनि जिल्लाको हावापानी सम्बन्धी मोटा मोटी ज्ञान पाउन सकिन्छ । यी दुवै ठाउँ समुद्रको सतहबाट क्रमशः ९१८ मिटर र ८५४ मिटर उचाइमा स्थित छन् । उक्त केन्द्रहरूबाट ई. सं. १९७० मा सङ्कलन गरिएको तापक्रम यसप्रकार छ ।

तापक्रमको तालिका

(सेन्टिग्रेडमा)

महीना	पोखरा अस्पताल		पोखरा विमान स्थल	
	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	२०.४	९.०	१८.५	५.२
फेब्रुअरी	१३.३	७.५	२०.४	६.३
मार्च	२६.०	१३.३	२५.८	१०.२
अप्रिल	३०.५	१७.९	३०.४	१४.७
मे	३१.०	२०.२	३१.१	१८.२
जून	२९.०	२१.२	२९.१	२०.२
जुलाई	२९.१	२२.२	२९.३	२१.३
अगष्ट	२९.४	२१.८	२९.५	२१.२
सेप्टेम्बर	२८.९	२१.३	२९.१	२०.५
अक्टोबर	२७.१	१७.५	२६.९	१७.१
नोभेम्बर	२३.५	११.६	२३.५	१०.९
डिसेम्बर	२०.३	७.५	२०.५	६.१
वार्षिक औसत	२६.१	१५.९	२६.२	१४.३

उपर्युक्त तालिकानुसार यस जिल्लाको औसत अधिकतम तापक्रम २६.१° से. र औसत न्यूनतम करीब १५° से. हुन आउँछ। गर्मी महीनाको अप्रिलदेखि सेप्टेम्बरसम्मको मात्रै औसत लिने हो भने अधिकतम २९.६° से. र न्यूनतम करीब २०.७° से. पर्न आउँछ। सबभन्दा बढी गर्मी हुने मे महीना हो। यसै महीनामा ५ तारीखको दिन पोखरा अस्पतालमा ३४.६° से. सम्म पुगेको थियो भने पोखरा विमान स्थलमा एक दिन अगाडि अर्थात् ४ तारीखको दिन ३५° से सम्म पुगेको तथ्याङ्क छ। अक्टोबरदेखि तापक्रम घट्न थाल्दछ। जनवरी महीना सबभन्दा जाडो महीना हो। यसै महीनाको १३ तारीखको दिनमा पोखरा विमान स्थलमा १.८° से. सम्म तापक्रम ओर्लेको थियो।

वर्षा

कास्की जिल्ला अन्नपूर्ण हिमालको दक्षिण भाग अर्थात् हावाको सन्मुख ढालमा परेको कुरा अगाडि उल्लेख भइसकेको छ। त्यसैले यहाँ दक्षिण-पश्चिम मनसुनी हावा जब अधिराज्यको पूर्वी भागबाट बहेर आउँछ त्यसबेला उक्त हिमालमा ठक्कर खाई यस जिल्लामा प्रशस्त वर्षा गराईदिन्छ। जिल्लाभित्रै पनि उचाइअनुसार वर्षा फरक भएको हुन्छ। पोखरा उपत्यकाको दुई ठाउँ अस्पताल र विमान स्थलमा ई. सं. १९७० मा लिइएको वर्षाको तालिकाबाट यस जिल्लाको वर्षा स्थिति मोटा मोटी रूपमा बुझ्न सकिन्छ।

वर्षाको तालिका

(मिलिमिटरमा)

महीना	पोखरा अस्पताल	पोखरा विमान स्थल
जनवरी	२७.८	२९.५
फ्रेब्रुअरी	५५.९	५८.०
मार्च	२६.०	१९.०
अप्रिल	५१.८	४७.२
मे	१७४.३	१९३.२
जून	६७६.८	७९२.६
जुलाई	१,३८५.२	१,१९६.०
अगष्ट	९०८.६	८५७.०
सेप्टेम्बर	५२८.५	४४१.०
अक्टोबर	४५.४	३७.९
नोभेम्बर	०.०	०.२
डिसेम्बर	०.०	०.०
वार्षिक जम्मा	३,८८०.३	३,६७१.६

माथि उल्लिखित तालिकाबाट यस पोखरा उपत्यकामा सालाखाला वार्षिक ३,७०० मिलिमिटर वर्षा हुने देखिन्छ। पोखरा अस्पताल विमान स्थलबाट केही माथि डाँडाहरूको नजीकै स्थित भएको हुँदा त्यहाँ अलि बढी वर्षा भएको उक्त तालिकाबाट देखिन्छ। उक्त वर्षामा पोखरा विमान स्थलमा जम्मा ३,६७१.६ मिलिमिटरको बदलामा पोखरा अस्पतालमा ३,८८०.३ मिलिमिटर वर्षा भएको छ।

वर्षा प्रायःजसो मे महीनादेखि सेप्टेम्बरसम्म हुन्छ । उक्त पाँच महिनाभरीमा ९५ प्रतिशत वर्षा भएको र बाँकी पाँच प्रतिशत अन्य सात महीनाभरीमा हुने गर्दछ । त्यसमा पनि नोभेम्बर र डिसेम्बर महीना प्रायः सुख्खा नै भन्ने पनि हुन्छ । सबैभन्दा बढी वर्षा हुने महीना जुलाई हो । उक्त महीनामा मात्रै विमान स्थलमा १,१९६.०मिलिमिटर अर्थात् ३२ प्रतिशत वर्षा भएको थियो। त्यस्तै पोखरा अस्पतालमा उक्त महीनामा मात्रै १,३८५.२ अर्थात् ३५ प्रतिशत वर्षा भएको थियो । २४ घण्टाभित्रमा सबैभन्दा बढी वर्षा सात अगष्टको दिन भएको छ । उक्त दिनमा पोखरा अस्पतालमा २०४.२ र विमान स्थलमा १५६.० मिलिमिटर वर्षा भएको थियो।

सापेक्षिक आर्द्रताको हकमा उक्त अवलोकन केन्द्रमा बिहान ८.४० बजे लिइएको तथ्याङ्क अनुसार वार्षिक औसत ७० देखि ७५ प्रतिशतसम्म पुग्दछ । सबैभन्दा बढी प्रतिशत आर्द्रता भएको महीना जुलाई हो। कास्की जिल्लाको विभिन्न स्थानहरूमा पाइने तापक्रम, वर्षा, आर्द्रता आदिलाई विचार गर्दा यस जिल्लामा निम्नलिखित हावापानी पाइन्छः–

(१) हिमाली हावापानी
(२) लेकाली हावापानी
(३) ठण्डा शीतोष्ण मनसुनी हावापानी
(४) अर्ध उष्ण हावापानी

हिमाली हावापानी

जिल्लाको उत्तर तर्फको भाग जुन ४,८८० मिटर (१६,००० फीट) भन्दा माथि पर्ने भएको हुँदा यहाँ हर हमेसा हिउँले ढाक्ने गर्दछ । यस श्रेणीको अतिरिक्त यसमा परेका अनेकौं चुचुराहरू सहितको भाग ग्रीष्म ऋतुमा पनि निक्कै जाडो हुनाको कारणले मानिसहरूको बस्ती हुँदैन । यहाँ वर्षाको नाउँमा खालि हिउँमात्र पर्दछ ।

लेकाली हावापानी

हिमरेखाभन्दा मुनि करीब २,३०० मिटर (सात-आठ हजार फीट) सम्मको भागमा गर्मीमा ठिक्क किसिमको तथा जाडोमा निक्कै जाडो हुने गर्दछ। हिउँदमा अलि अग्लो भागमा हिउँ पनि पर्न थाल्दछ । गर्मीको दुई–तीन महीना केही मात्रामा वर्षा हुन्छ । यसप्रकारको हावापानीलाई लेकाली हावापानी भन्दछन् । गर्मीको महीनामा हिउँ पग्लन थालेपछि जताततै हरिया घाँसहरू तथा बुकीहरू पलाउन थाल्ने भएको हुँदा उक्त समयमा रमाइलो लाग्दछ । यस बेला तल्लो भेकमा बस्ने मानिसहरू भेडा, बाख्रा आदि चराउन लैजान्छन् । तल्लो भेकमा बढी वर्षा र गरम हुने भएको हुँदा अलि बाक्लो कोणधारी जङ्गलहरू पाइन्छन् ।

ठण्डा शीतोष्ण मनसुनी हापावानी

लेकाली हावापानीको क्षेत्रभन्दा मुनि करीब करीब १,००० मिटर अर्थात् तीन-चार हजार फीटको प्रदेशमा ठण्डा शीतोष्ण हावापानी पाइन्छन् । यहाँ गर्मी र जाडो दुवै मौसममा सहिनसक्नु गरम र जाडो हुँदैन। वर्षा धेरैजसो गर्मी महीनाहरूमा हुन्छ । हिउँदमा अलि अलि मात्र वर्षा हुन्छ । लेकको अग्लो टाकुराहरूमा कहिले काहीं हिउँदमा हिउँ पर्ने गर्दछ तर छिट्टै बिलाउँछ पनि । औलो उन्मूलन हुनुभन्दा पहिले जिल्लाको अधिकांश

बासिन्दाहरू यस प्रदेशमा बसोबास गर्दथे। हाल तल बेंसी तथा उपत्यकातर्फ झर्न थालेका छन्। यस प्रदेशमा बसोबास गर्ने मानिसहरू हिउँदमा बेंसीतर्फ र गर्मीमा लेकतर्फ जाने पनि गर्दथे। कास्की जिल्लाको अधिकांश भाग यस प्रदेशभित्र पर्दछ। यही भागमा जिल्लाको अधिकांश वन सम्पदा र जीवजन्तु पनि रहेका छन्।

अर्ध उष्ण हावापानी

जिल्लाको सबभन्दा होचो अर्थात् ९१५ मिटर (३,००० फीट) भन्दा मुनिको भागमा यसप्रकारको हावापानी पाइन्छ। पोखरा उपत्यका लगायत जिल्लाभित्र बग्ने ठूला साना नदी तथा खोलाहरूले बनाइएको बेंसी तथा टारहरू यस प्रदेशमा पर्दछन्। यहाँ गर्मीमा ज्यादै गरम र जाडोमा ठिक्क मौसम हुने हुँदा यहाँ प्रशस्त मात्रामा बालीहरू लाग्दछन्। गर्मीमा अधिकतम तापक्रम सालाखाला २६.६° से. भन्दा बढी पुग्दछ। जाडोमा यहाँ सुख्खा मौसम हुन्छ। पोखरा उपत्यका अग्ला पहाडी भागको काखैमा बसेको हुँदा लेकतिरबाट झर्ने चीसो हावाको प्रभाव क्षेत्रमा पर्दछ। तापक्रम र वर्षा बढी हुनाको कारणले यहाँ सालको रूख जस्तो उष्ण प्रदेशीय वन पनि पाइन्छ।

प्राकृतिक वनस्पति

यहाँ उष्ण प्रदेशमा पाइने सालको जङ्गलदेखि लिएर अतिशीत प्रदेशमा पाइने झ्याउ पनि यहाँ पाइन्छन्। तर जनसंख्याको बढ्दो चापले गर्दा होचो ठाउँमा पाइने सालको जङ्गल करीब करीब मासिइसकेको छ। जिल्लाका प्राकृतिक वनस्पतिको आधारमा यसलाई मोटा मोटी चार भागमा विभाजन गर्न सकिछ।

(१) हिमाली क्षेत्रको वनस्पति
(२) लेकाली घाँसे वनस्पति
(३) कोणधारी सदाबहार वनस्पति
(४) अर्ध उष्ण प्रदेशको मिश्रित तथा पतझड वनस्पति

हिमाली क्षेत्रको वनस्पति

जिल्लाको उत्तरी क्षेत्रको धेरैजसो भाग हिम रेखा अर्थात् ४,८८० मिटर (१६,००० फीट) भन्दा माथि हिउँले छाडेको नङ्गा पर्वत तथा भीर पाखोमा अलि अलि हरियो दूबोहरू अर्थात् झ्याउ आदि उम्रन्छन्। यस किसिमको वनस्पतिलाई ठण्डा मरूभूमिको वनस्पति पनि भन्दछन्। आर्थिक दृष्टिकोणले यी वनस्पतिहरूको प्रयोजन सीमित छ।

लेकाली घाँसे वनस्पति

हिमरेखाभन्दा मुनिदेखि वृक्षरेखाको बीचको भाग हावापानीको दृष्टिकोणले प्रायः ठण्डा प्रकारकै हुन्छन्। हिउँदमा छ महीनाभन्दा बढी समयसम्म हिउँले ढाकिने र गर्मी महीना लागेपछि हिउँ पग्ली तिनै स्थानहरूमा छोटो छोटो घाँसहरूको साथै विभिन्न किसिमका फूलका बोटहरू उम्रन थाल्दछन्। मध्यवर्षातको समयमा यी बोटहरूमा रङ्गी बिरङ्गी फूलहरू फुलेर आसपासका जग्गाहरू समेतलाई वासनामयी तुल्याइदिन्छ। यस किसिमको वनस्पतिलाई शीतोष्ण तृण भूमि पनि भन्दछन्। यी घाँस तथा फूलका बोटहरूमध्ये कुनै कुनै जराहरू वन औषधिको रूपमा प्रयोग गरिन्छ। उक्त तृण भूमि यस जिल्लाको चरन (खर्क भूमि) को रूपमा रहेको छ।

कोणधारी सदाबहार वनस्पति

लेकाली घाँसे क्षेत्रभन्दा मुनि अर्थात् २,३०० मिटर (छ-सात हजार फीट) को भागसम्म यसप्रकारको वनस्पतिको प्रधानता रहेको हुन्छ । कम तापक्रमको कारणले कमै मात्र वर्षा भए तापनि जमीनको पानी सुक्ने हुँदैन । त्यसैले यहाँ बाह्रै महीना हरियो हुने वनस्पतिहरू पाइन्छन् । विशेष गरी सल्ला, धुपी, भोज, श्रीखण्ड आदि जातका रूखहरू हुन्छन् । त्यस बाहेक आरु, ओखर, गुराँसका रूखहरू पनि प्रशस्त मात्रामा पाइन्छन् ।

अर्ध उष्ण प्रदेशको मिश्रित तथा पतझड वनस्पति

जिल्लाको निक्कै होचो भाग विशेषगरी पोखरा उपत्यका क्षेत्र तथा नदीका बेंसीहरूमा गर्मीमा निक्कै गरम र जाडोमा ठीक्क किसिमको मौसम हुने भागहरूमा अर्ध उष्ण प्रदेशका वनस्पति पाइन्छन् । यसप्रकारको वनस्पति पाइने स्थानहरूमा गर्मीको याममा सुख्खा हुने तथा ठाउँ ठाउँमा घाँस झार पातहरू समेत पाइने हुँदा यस किसिमको वनस्पतिलाई मिश्रित तथा पतझड वन पनि भन्ने गर्दछन् । निक्कै होचो क्षेत्रमा सधैं हरियो हुने सालको वन पनि पाइन्छन् तर यस वन क्षेत्रलाई फाडी आवादी गरिसकेको हुँदा यस्ता वनहरू प्रायः मासिइसकेका छन् । यहाँ पाइने विभिन्न किसिमका रूखहरूमा साल, चाँप, ढार, कटुस उत्तिस, वर पीपल आदि प्रमुख हुन् । यिनीहरू मानिसहरूको विभिन्न किसिमको दैनिक उपयोगकोलागि प्रयोगमा ल्याइने भएको हुँदा आर्थिक दृष्टिकोणले निक्कै महत्वपूर्ण छन् ।

वन क्षेत्र र वन सम्पदा

यस जिल्लाको सदरमुकाम पोखरामा वन विभाग अन्तर्गत फरेष्ट डिभिजन कार्यालय स्थापना भएको छ । यस डिभिजन अन्तर्गत यस जिल्लामा रेन्ज कार्यालयहरू छन् । तर यस जिल्लामा कुनै ब्लक फरेष्ट छैन । यहाँ टुक्रिएका स-साना वन धेरै संख्यामा छन् । तर वन सर्वेक्षण नभइसकेको हुनाले यस जिल्लामा कति वन छन्, र त्यसका चार किल्ला यकीन हुन सकेको छैन । वन सीमाना लगाउने काम क्रमशः भइरहेको छ । फेवा ताल वारी रानी वनमा तारको बार लगाई खाली ठाउँहरूमा वृक्षरोपण समेत भएको छ । यसै गरी चिसा खोला, जय कोट सेदी डाँडामा पनि यसप्रकारका केही प्रयत्नहरू भएका छन् ।

यस जिल्लाका वनमा पाइने रूखहरूमा ओखर, चाँप, दार, साल, खैर, चिलाउने, कटुज, उत्तिस, सिमल, साज, कर्मा, टुनी अदि हुन् । यहाँ वनबाट उत्पादन हुने अन्य वन पैदावारहरूमा सिनकौलीको बोक्रा, निर मसी, पाँच औंले, पिपला, बोझो आदि हुन् । स्थानीय जनता काठ र दाउरा बाहेक जङ्गलबाट बाँस र निगालोको निम्ति पनि आश्रित छन् ।

कास्की जिल्लाको जङ्गलमा पाइने जङ्गली जन्तुहरूमा उच्च पहाडीभागतिर कस्तुरी र अन्यत्र चितुवा, भालू भैंसे, भालू काठे, घोरल, दुम्सी, खरायो, बाँदर, ढेडुवा, स्याल, मलसाप्रो आदि हुन् । पक्षीहरूमा डाँफे, मुनाल, पिउरा, कालिज, तित्रा, च्याखुरा, ढुकुर, हलेसो, लुइचे आदि हुन् ।

ऐतिहासिक पृष्ठभूमि

वर्तमान कास्की जिल्लाको आफ्नै इतिहास मध्यकालदेखि शुरू हुन्छ । यस बारेमा पनि तथ्यपूर्ण र वैज्ञानिक इतिहासको लागि शोध कार्य हुनु बाँकी नै छ । यसको फलस्वरूप इलाकाको इतिहासका सम्बन्धमा जति कुराहरू थाहा लाग्न सकेको छ ती सबै यस नेपाल अधिराज्यको इतिहासमा विभिन्न ठाउँमा बेलाबेलामा देखिएका शक्तिशाली शासकहरूको विजय अभियान सित नै धेरैजसो सम्बन्धित छ । नेपालमा जुनबेला लिच्छवि शासन थियो, त्यतिबेला नेपालको सीमाना वर्तमान नेपाल अधिराज्यको सीमाना सरह नै भएको देखिन्छ । यो कुरा समुद्र गुप्तको पालाको शिलालेख[1] र ह्वेनसाँगको वृतान्तबाट[2] पनि स्पष्ट हुन्छ । त्यसैले वर्तमान कास्की जिल्ला पनि त्यसबेला लिच्छवि शासन अन्तर्गत नै रहेको देखिन आउँछ ।

मल्लकाल

करीब ईसाको दसदेखि चौधौं शताब्दीको बीचमा पश्चिममा खसिया मल्लहरूको शक्ति बलियो भएको र तिनीहरूको राज्यको इलाका पूर्वमा त्रिशूली गण्डकी, पश्चिम गढवालसम्म फैलिएको हुनाले कास्की त्यतिबेला उक्त मल्ल राजाहरूको शासनाधीन थियो भन्ने कुरा प्रमाणित हुन्छ ।[3] तत्पश्चात् काठमाडौंका मल्ल राजाहरूको शक्ति बढ्दै गएको र पश्चिममा खसिया मल्ल राजाहरूको शक्तिहीन हुँदै गएको देखिन्छ । यज्ञ मल्ल (१४२८–८२ ई. सं.) ले आफ्नो राज्य पश्चिममा पालपासम्म विस्तार गरेको हुनाले केहीकाल यस जिल्ला काठमाडौंका मल्लहरूको अधीनमा रहेको थियो ।[4]

---

१. समुद्रगुप्तको प्रयाग स्तम्भ अभिलेख

2. Watters, T.-- On Yuan Chwang's Travels in India, Munshi Ram Manohar Lal, Delhi, 1961, p. 83--84; इतिहास संशोधन मण्डल–इतिहास संशोधनको प्रमाणप्रमेय, जगदम्बा प्रकाशन, काठमाडौं, पृष्ठ २१–२८; Beal, S (transiater)- Travels of Hiouen Thsang, Sushil Gupta (India) Limited, Calcutta, 1958. p. 318

३. धनवज्र वज्राचार्य– कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा, भीमप्रसाद श्रेष्ठ सम्पादित कर्णाली प्रदेश जुम्ला पृष्ठ ११–६२

४. जगज्योतिर्मल्ल– नरपति जय चर्चा स्वरोदय टीका; Kirkpatrick-- An Account of the kingdom of Napaul, London, 1811, p. 266

तर कान्तिपुरका मल्लहरूको केन्द्रीय शासनमा आपसी कलहले गर्दा राज्य साँगुरिदै गयो। त्यसैबेला नै गण्डकी इलाकामा शाहवंशको उदय भएको देखिन आउँछ।

मुसलमानी आतङ्कबाट बची मनमथ राणाजी रावको कान्छो छोरा भूपाल राणाजी राव पहिले रिडीमा आई बसे। पछि सन् १४९५ मा उनी रिडीबाट बसाइँ सरी भीरकोट आएर बसे। त्यहाँबाट पनि उनका दुई छोराहरूमध्ये कान्छा मिचा खानले नुवाकोट गई राज्य गर्न लागे। यसै राज्यमा क्रमशः जयन खान, सूर्य खान, मिचा खान, विचित्र खान र जगदेव खानले राज्य गरे।[१]

यिनै जगदेव खानका छोरा कुल मण्डनले कास्कीको छुट्टै राज्य कायम गरी राज्य गर्नलागे र दिल्ली सम्राटलाई यिनले रिझाएका हुनाले उनीबाट "शाह" भन्ने पदवी पनि पाएका थिए। डानियल राइटले कास्कीमा शाहवंशको उत्थान यसरी दर्शाएको थियो। तर इतिहास शिरोमणि स्व. बाबुराम आचार्यकाअनुसार "मिचा खानका छोरा विचित्र खानले गुरुङको आवादी भएका कास्की प्रदेशमा प्रवेश गरेर दरिलो ठकुराई स्थापना गरेको" भनी उल्लेख गरेका छन्।[२] अर्को अनुसार कास्कीका ठकुराईका शासकहरूको क्रममा सर्वप्रथम विचित्र खान र त्यसपछि नराज खान, जगती खान, जलाल साही, राजसाही, नारायण साही, नरेन्द्र साही, नरज साही, शिउ साही, जिल्ल साही, प्रताप साही, सिद्धिनारायण साही र नरनारायण साहीले क्रमशः शासन चलाए।[३] यस बाहेक गोरखाका राजा रामशाहका पालामा चित्रविलासद्वारा लिखित वंशावलीअनुसार विचित्र खानको छोरा यशोब्रम्ह शाह थियो।[४] यही कुरालाई बाबुराम आचार्यले पनि दर्शाउनुको साथै "विचित्र खानका उत्तराधिकारी कस्केली राजा नरराजले "खान" उपाधि छोडेर "साही" उपाधि लिएकाले लमजुङका ठाकुर यशोब्रम्ह पनि साही कहलाए भनी उल्लेख गरेका छन्।[५]

यसरी शाह वंशका शासकहरू क्रमशः नुवाकोट, कास्की, लमजुङ र त्यहाँबाट गोरखामा पनि फैलिदै गए। जब गोरखाको शाहवंशमा नेपाल राष्ट्का निर्माता श्री ५ पृथ्वीनारायण शाहको जन्म भयो, उनको विजय यात्राहरूको फलस्वरूप पुनः कास्कीको इतिहास सम्बन्धी जानकारी उपलब्ध हुन आउँछ। पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामाथि आधिपत्य जमाउन आफ्नो मामाको छोरा पालपाली राजकुमार उद्योत सेनको सल्लाहअनुसार पश्चिम तिरको आफ्नो चिर शत्रु लमजुङसित मित्रता राख्न आफ्नो प्रथम कूटनैतिक अभियान शुरू गरे जसको फलस्वरूप गोरखा र लमजुङको बीच सन्धिपत्रमा हस्ताक्षर भयो। सो अनुसार लमजुङ र

---

[१] Wright, D.(ed)--History of Nepal, Sushil Gupta (India) Pvt. Ltd.,Calcutta, 1958, p. 169

[२] बाबुराम आचार्य– श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, श्री ५ महाराजाधिराजका प्रेस सचिवालय, राज दरवार २०२४, पृष्ठ २

[३] योगी नरहरिनाथ (सं.)– इतिहास प्रकाश, अङ्क १, इतिहास प्रकाश मण्डल, २०१२, पृष्ठ ६७

[४] Vaidya, T. R.--Prithvinarayan Shah and His Times, (unpublished D. Phil. Thesis), University of Allahabad, 1973, Appendix No. 6.

[५] बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ३, यसप्रकार चित्रविलासको वंशावलीमा कुलमण्डल शाहको उल्लेख छैन। पुरातात्विक शोधकार्य भएमा मात्र यथार्थ ज्ञात हुन्छ। डेनियल राइटको वंशावली र अरू केही वंशावलीहरूमा कुलमण्डल शाहको बारेमा उल्लेख छ।

गोरखाले एकको शत्रु तथा मित्रलाई दुबैले सोही बमोजिम मान्ने र कास्कीमाथि आक्रमण गरी अर्घा थुमलाई आफ्नो राज्यमा मिलाउने लमजुङको इरादामा गोरखाले सहमति जनाएको देखिन्छ ।[1] सन्धिअनुसार कास्की र लमजुङको सीमाना सम्बन्धी झगडामा भएको युद्धमा पृथ्वीनारायण शाहले आफ्ना सरदार विष्णु पन्त र भद्र शाहको नेतृत्वमा एक फौज पनि पठाए तर यस युद्धमा लमजुङको हार भयो ।[2] कास्की राज्य त्यतिबेला यस गण्डकी प्रदेशको चौबीसी राज्यमा एक शक्तिशाली राज्यको रूपमा देखा पर्दछ ।

नुवाकोटको विजयपछि पृथ्वीनारायण शाह अझ पूर्वतिर राज्य विस्तार गर्न लाग्दा लमजुङले गोरखाको विरोध गरेको हुनाले पृथ्वीनारायण शाहले कास्कीसँग सम्बन्ध जोडे । कास्कीले मद्दत् माग्दा पृथ्वीनारायण शाह काठमाडौं उपत्यकाको साँखु र चाँगु हमला गर्न लागिरहेकोले कास्कीको पण्डित राजिवलोचनलाई एक पत्र लेखको व्यहोरा यसप्रकार छ– "उप्रान्त गोर्खा चिन्हि कास्किले अर्को ठाउँ कहाँ जानुछ भनी न्हाँ हाम्रा धनि छेउ विन्ति गऱ्याँ भनि लेखनु भएछ. तहाँ भाइका (प्रताप शाही) पाउमा भलो विन्ति गर्नु भएछ योग्यै हो. कास्किलाई छोडि गोर्खाले कहाँ जानुछ. गोर्खालाई छोडि कास्किले पनि कहाँ जानुछ. आज कास्किबाट काज भएन तापनि काह्ल कास्किबाट काज भै गोर्खाको वनला. आज गोर्खाबाट काज भएन तापनि काह्ल गोर्खाबाट काज भइ कास्किको वनला. परन्तु गोर्खाको र कास्किको रेषजोष गर्नु ढुंगो हो. आज काज भएन तापनि काह्ल होला. कामले लामु छोटो पऱ्या पनि लंजुं (लमजुङ) घटाई भाइको काज वनाउन्यै आकांछा छ"[3]

लमजुङ, पर्वत र तनहूँ गोरखाको विरोधी भइसकेको थियो । पृथ्वीनारायण शाहको इरादा यी चौबीसी राज्यहरू बीच आपसमा फाटो ल्याई राख्न सके पश्चिमतिरबाट आफूलाई खतरा नहुने हुनाले यसको निमित्त कास्कीलाई आफ्नो मित्र बनाइराख्ने थियो ।

भक्तपुरका रणजित मल्लका उमराव परशुराम थापाले आफ्नो भाइ मार्फत गुप्त रूपले कास्कीको राजा सिद्धिनारायण शाही समक्ष रणजीत मल्लको खबर पठाए कि यदि कास्की पनि अरू चौबीसी राज्यसँग मिली पश्चिमतिरबाट हान्ने हो भने पूर्व र पश्चिमको संयुक्त शक्तिले गोरखालाई ढाल्न सकिनेछ । तर यस प्रकारको खबर पठाएको कुरा पृथ्वीनारायण शाहले चाल पाई एउटा झागल गुरुङ भन्नेलाई गाइनेको भेषमा पठाई एकलै परेको बखत परशुराम थापाको भाइलाई मार्न लगाए ।[4] यस हत्यालाई कास्कीको सिद्धिनारायण शाहले आफ्नै अपमान सम्झी चौबीसीको गुटमा सामेल भयो र ती चारै राज्यको संयुक्त शक्तिले गोरखा राज्य अन्तर्गत रहेको सिरानचोक गढीमा आक्रमण गरी थर्पु थापी बसे । तर ठीक यसै समयमा मलमास परेकोले सो अवधिमा लडाइँ नलडिने हुनाले यसै मौका पारी गोरखाली सैनिकले ठूलो तैयारी गर्न लागे र पछि भएको लडाइँमा चौबीसीको संयुक्त फौजको हार भयो ।[5]

---

[1] १. बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ १३३–४

[2] २. बालचन्द्र शर्मा– नेपालको ऐतिहासिक रूप–रेखा, वाराणसी, २०२७, पृष्ठ २२०

[3] ३. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल (सं.)–ऐतिहासिक पत्र संग्रह भाग १, नेपाल सांस्कृतिक परिषद्, काठमाडौं, २०१४, पृष्ठ २०

[4] ४. बाबुराम आचार्यको माथि उल्लिखित किताब, भाग २, पृष्ठ ३३३–६

[5] ५. ऐजन भाग ३, पृष्ठ ४३७

त्यसको केही वर्षपछि पृथ्वीनारायण शाहले कीर्तिपुर दखल गरेको समाचार सुनेपछि लमजुङे राजा वीरमर्दन शाहले दाउले गोरखामाथि आक्रमण गरेकोमा लमजुङले हार खाई १७६६ मा आत्मसमर्पण गरेका थिए । त्यसपछि पनि पृथ्वीनारायण शाहले पश्चिमतिरको आफ्नो प्रयत्नहरू छाडेका थिएनन् । काठमाडौं उपत्यकामाथि कब्जा भइसकेपछि ललितपुरका प्रमानहरू र जयप्रकाश मल्लले काँगडाबाट झिकाएका नगरकोटीहरूको सफाइ गरिएको समाचार सुनेपछि तनहूँका राजा र त्यसपछि लमजुङका राजा पनि सन् १७७१ सम्ममा नेपाल सरकारको आश्रयमा बस्न मन्जूर गरिसकेको थियो । यसपछि पृथ्वीनारायण शाहले आफ्नो सीमाना कालीगण्डकीसम्म बढाउने विचारले काजी वंशराज पाण्डेलाई उत्तरी भेकबाट र बख्शी कहरसिंह बस्न्यातलाई दक्षिणी भेकबाट खटाए । पहिलो फौज मादी पार गरी कास्कीको भण्डारढिकमा बास गर्दा कास्कीका राजा सिद्धिनारायण शाहले अड्न नसकी गोरखालीको स्वागत गरी कास्कीको ठकुराईको सीमाना पार गरेर नुवाकोट (वर्तमान स्याङ्जा जिल्लामा) को सीमानाभित्र गोरखालीलाई घुस्न दिए । तर पर्वतको राजा कीर्तिबम मल्लको आड पाएको हुनाले नुवाकोटले नेपाल सरकारकै आश्रयमा बस्न मञ्जूर गरेनन् । त्यसैले वंशराज पाण्डेले आक्रमण गरे । तर सतहूँ र पर्वतको समेतका फौज सम्मिलित भएको हुनाले नुवाकोट हराउन सकेका थिएनन् । उता कहरसिंहले लडाइँको दौरानमा तनहूँबाट ल्याएका ९६ जना सैनिकलाई "कुल्याहा" भनी काटिदिएपछि तनहूँका राजा हरकुमार दत्त सेनले रिसाई नेपाल सरकारको आश्रयलाई छोडी शत्रु बनेको हुनाले यिनीहरूको काठमाडौंसितको सम्पर्क टुट्यो । करीब छ महीनाको समयसम्म वंशराज पाण्डे र कहरसिंह बस्न्यातले शुस्ती गरी समय बिताईदिदा उता तनहूँमा शत्रु सैनिकहरू जम्मा हुँदै गए । त्यसमा कास्की र लमजुङका सैनिकहरू पनि सम्मिलित भए । त्यसपछि सतहूँमा भएको लडाइँमा गोरखाली फौजको हार भयो । गोरखालीको बाँकी रहेको फौज केही दिन ढोरमा बसी त्यहाँबाट चौबीसीको घेरामा पारी पछि हातहतियार शत्रुलाई बुझाई १७७२ को मार्च महीनामा फर्के ।[1]

तर पृथ्वीनारायण शाहको ध्यान यसतिरबाट अझै फर्केको थिएन । उनले सिद्धिनारायण शाहलाई उचालेर लमजुङे राजा वीरमर्दन शाहसँग फुटाई लमजुङमाथि कस्केलीको आक्रमण गराउन असफल प्रयत्न गरेका थिए । पछि लमजुङ र पर्वत मिली कास्कीको ठकुराई मासी आपसमा बाँडेर लिने उद्देश्य गरेकोले युद्ध छेड्यो । त्यसै युद्धमा कास्कीको सहायता गर्ने निहुँले पृथ्वीनारायण शाहले गोरखाली सैनिक दल पठाएका थिए ।[2] पृथ्वीनारायण शाह चौबीसीलाई घेर्नलाई जुम्लासित मित्रता बढाउँदै थिए र गोरखादेखि पश्चिम जुम्ला जाने बाटो चौबीसीले रोकेको हुनाले गोरखाको रूही (हाल चीनमा) बाट मुस्ताङ भई जुम्ला निस्कने बाटोसम्म पनि पैल्याई सन् १७७४ तिर जुम्लासित सम्बन्ध बढाउने नै प्रयत्नमा लागेका थिए ।[3]

तर १७७५ जनवरी ११ तारीखका दिन पृथ्वीनारायण शाहको स्वर्गवास भयो । उनका उत्तराधिकारीहरूमा पनि पश्चिम विजयको इच्छा प्रबल नै रह्यो । पछि १७७८ मा बहादुर शाहले बालक राजा रण बहादुर शाहका नायवी हस्तगत गरेपछि चौबीसी राज्य जित्न एउटा ठूलो फौज पठाएको थियो । प्रारम्भमा तनहूँको राजा हरकुमार दत्त सेन भागेर पालपा गए तापनि पछि पालपा, पर्वत र तनहूँको संयुवत फौजले पछि

---

१. बाबुराम आचार्यको माथि उल्लिखित किताब, भाग ३, पृष्ठ ५७०–७४

२. योगी नरहरिनाथको माथि उल्लिखित किताब, पृष्ठ १५१–५२

३. ऐजन, पृष्ठ १५२

पुनः तनहूँमा आक्रमण गरी कब्जा गरे। तर १७७९ ई. मा नेपालबाट नयाँ आइपुगेको गोरखाली फौजले चितौनमा चौबीसीको शक्तिलाई परास्त गरिदिएको हुनाले हरकुमारदत्त सेन भागी हिन्दुस्थान पसे।

ठीक यसै बेला नेपालमा राजेन्द्रलक्ष्मी देवीले बहादुर शाहलाई हटाई नायवी आफ्नो हातमा लिएको मौका पारी तनहूँ, लमजुङ, पर्वत आदि मिली गोरखा उपर आक्रमण गरेको थियो। तर अमरसिंह थापाको नेतृत्वमा गएको फौजले चेपेपारी चिप्लेटीमा भएको युद्धमा चौबीसी शक्तिलाई परास्त गरेपछि उक्त चौबीसीले युद्धबाट भएको क्षतिको पूर्ती गर्न कास्कीमाथि कब्जा जमायो र कास्कीका राजा सिद्धिनारायण शाह भागेर गोरखामा शरण लिन पुगे।[1] यसको केही समयपछि फेरि पर्वत र लमजुङको संयुक्त फौजसित तार्कुंघाटमा लडाइँ पर्‍यो। त्यतिबेला पनि चौबीसी फौज परास्त भयो र यस युद्धपछि चौबीसीको अधिकारमा परेको कास्की नेपाल राज्यमा सम्मिलित भयो।

---

[1] योगी नरहरिनाथ (सं.)–इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, पृष्ठ ११. कास्कीको राजा सिद्धिनारायण शाह र नेपालका राजा रणबहादुर शाहको बीचमा सन्धि भएको थियो।

प्रमुख स्थानहरू

पोखरा बजार

कास्की जिल्लाको दक्षिणी सीमानामा पर्ने यो बजार पश्चिमाञ्चल विकास केन्द्र र गण्डकी अञ्चल तथा कास्की जिल्लाको सदरमुकाम हुनुको साथै पश्चिम नेपालको नै एउटा अत्यन्त महत्वपूर्ण स्थान हो । नेपाल अधिराज्यमै यो एउटा अत्यन्त सुन्दर स्थान हो । यहाँ प्रकृतिले दिल फुकाएर विभिन्न चित्ताकर्षक दृश्यहरू प्रदान गरेको छ । पोखराबाट उत्तरतिर देखिने माछापुच्छ्रेको अलौकिक सुन्दरता र अन्नपूर्ण हिम शृङ्खलाका मनोरम दृश्यहरू एकातिर छन् भने पोखरा उपत्यकाभित्र नै बजारको दक्षिणतिर विशाल फेवा ताल र बजारको बीचमा जमीनलाई सोझै चिरेर सयौं फीट तलबाट बगेको साँगुरो सेतो र गहिरो सेती गण्डकी नदी त्यत्तिकै आकर्षक छन्। यी सबै कारणहरूले गर्दा पोखरा नेपाल अधिराज्यको एउटा अत्यन्त महत्वपूर्ण पर्यटन केन्द्रको रूपमा विकसित हुँदै गइरहेको छ । अझ यो स्थान पश्चिम नेपालका विभिन्न हिम चुचुराहरू आरोहण गर्ने संयोजन स्थल बन्नुको साथै काली गण्डकी उपत्यकातिर पैदल यात्रा गर्ने पर्यटकहरूको आधार शिविर पनि हुन पुगेको छ । उत्तरदेखि दक्षिणसम्म फैलिएको यो बजार जम्मा छ किलोमिटर लामो छ । यसको दक्षिणी छेउमा डेविड फल भन्ने ठाउं छ जहाँ फेवा तालबाट बाहिर निस्केको पानी जमीन मुनि दबेर जान्छ। यसै ठाउँमा डेविड भन्ने एक व्यक्ति खसेर मृत्यु भएको हुनाले स्थानीय नामको अलावा सो स्थानलाई डेविड फल भन्ने नाम दिइएको हो ।

वि. सं. २०२८ सालको जनगणना अनुसार पोखरा नगर पञ्चायत इलाकाको जनसंख्या २०,६११ छ, जसमध्ये पुरुष ९,९९३ र महिला १०,६१८ छन् । यो नगर पञ्चायत १३ वटा वडाहरूमा विभाजन भएको छ । यस स्थानलाई नगर इलाका भनी संज्ञा दिइए तापनि यहाँको यस नगर पञ्चायत इलाकाभित्र प्रशस्त ग्रामीण इलाका पनि समावेश छ । यो इलाका उत्तरमा भीमकाली पाटनबाट शुरू हुन्छ र त्यहाँबाट दोहरो बजार रेखा हुँदै क्रमशः दक्षिण दिशामा विन्दवासिनी, मोहरीया टोल, भैरव टोल (अथवा लामो चौतारा) हुँदै नालामुख आइपुग्दछ जुन ठाउँमा उक्त सडक दुईवटा मूल बाटोमा विभाजित हुन्छ । यहाँ हवाई जहाज अथवा मोटर यातायातको व्यवस्था हुनुभन्दा पहिले यसै नालामुखमा आइपुग्दा बुटवल र काठमाडौंतिर जाने बाटोहरू छुट्टिन्थे। बुटवल जाने बाटो सोझै नालामुखबाट दक्षिण रामकृष्ण टोल भएर तल पार्दी फुस्रे खोला निस्कन्थ्यो । कुन्छा, गोरखा अथवा काठमाडौंतिर जाने हो भने उक्त नालामुखबाट पूर्वतिर तेर्छापट्टि भन्ने बाटो गई साँगुको मुख भन्ने स्थानमा सेती गण्डकीमाथिको काठे पुल तरेर पूर्वतिर लाग्नु पर्दछ । यसै स्थानमा २०१७ सालमा श्री ५ महेन्द्रबाट शिलान्यास भई २०२२ सालमा पूरा भएको महेन्द्र पुलको नामबाट प्रख्यात फलामे "ट्रस" पुल निर्माण भएको छ । पहिलेदेखि यहाँ बजारको विकास यसै बाटोको दायाँ बायाँतिर मात्र भएको छ । २००९ सालमा

हवाइ सेवाको आगमन र केही वर्ष यता दक्षिणमा भैरहवातिर जाने सिद्धार्थ राजमार्ग र पूर्वतिर जाने पृथ्वी राजमार्ग खुलेपछि यहाँको आर्थिक जीवनमा निकै ठूलो प्रभाव पर्न थालेको छ। पर्यटकहरूको संख्या बढ्न थालेको छ। एउटा तथ्याङ्कअनुसार यहाँ२०१९ सालतिर एक वर्ष सात महीनाको अवधिमा जम्मा२४ देशबाट६८१ जना मात्र पुगेको पर्यटकहरूको संख्या २०२८ सालमा एक वर्षमा ६,८२६ हुन गएको छ। यसमा मोटरबाट भ्रमण गर्ने र भारतीय पर्यटकहरू समावेश छन्।[1] यहाँ आउने आगन्तुकहरूको खाना र आवासको समस्यालाई स्थानीय थकाली भट्टीहरूले समाधान गर्दै आएकोमा उक्त भट्टीहरू नेवार र गुरुङ जातिका मानिसहरूले पनि थाप्न थालेका छन्। यहाँ उच्च कोटीका पर्यटकहरूका सुविधाको निम्ति खुलेका होटेलहरूमा फिसटेल लज, क्रीष्टल होटेल र अन्नपूर्ण होटेल पार्दीमा र वर्तमान विमान स्थल वरिपरि अवस्थित छन्। यी बाहेक रोदी होटेल महेन्द्र पुलमा र त्यस्तै अन्य होटेलहरू ठाउँ-ठाउँमा खुलेका छन्।

यहाँ २०21 सालसम्म पनि बजारको बाटो ढुङ्गाले छापिएको थियो। मोटर यातायात र बयल गाडा बहुतै कम थिए। २०२०सालसम्म यस बजारमा जम्मा१२ वटा गाडी थिए यसमध्ये चालू हालतमा चार-पाँच ओटा मात्र हुन्थे। उत्तरबाट दक्षिण तिर भिरालो परेर बसेको बजारमा यहाँ हुने अतिवृष्टिको कारणले बजारको बीचबाट बग्ने भेलले पनि यो ढुङ्गा छापिएको बाटो भएको हुनाले बाटो बिगार्न पाउदैनथ्यो। आज ती सम्पूर्ण ठाउँमा कालो पत्रे सडक र त्यसको दाँया बायाँ ठाउँ ठाउँमा कुलाहरूको व्यवस्था भएको छ। यहाँ पार्दी विमान स्थल देखि बगरसम्म विभिन्न किसिमका भाडाको गाडीहरूद्वारा नियमित सेवा उपलब्ध छ। यस व्यवसायमा मुख्य भूमिका यस बजारमा चारैतिरबाट बसाइँ सरिआएका भू. पू. सैनिकहरूको छ। फेवा तालको बाँधबाट पानी लगेर उत्पादन गरिएको विद्युत् शक्ति, भोटे खोलाबाट ल्याइएको खानेपानी र हालै स्थापना गरिएको आन्तरिक टेलिफोन आदिले गर्दा यहाँको शहरी सुविधाहरूमा निकै वृद्धि भएको छ। शिक्षाको क्षेत्रमा यहाँ २०२०।२१ सालमा नै यस नगर पञ्चायतभरी अनिवार्य निःशुल्क प्राथमिक शिक्षा लागू गरिएको थियो। अहिले यहाँको छ वर्षभन्दा माथि उमेरको जनसंख्यामा ४३ प्रतिशत साक्षर छन्। उक्त उमेर समूहको पुरुषहरूमा मात्र कुल संख्याको ६५.३ प्रतिशत साक्षर छन् जुन कुरा नेपाल अधिराज्यमा बहुतै कम ठाउँमा पाइन्छ। यहाँ आजकाल १४ वटा प्राथमिक विद्यालयहरू, आठ वटा निम्नमाध्यमिक विद्यालयहरू र एउटा व्यवासायिक माध्यमिक विद्यालय समेत गरी पाँच वटा माध्यमिक विद्यालयहरू छन्। उच्च शिक्षाको स्तरमा यहाँ विज्ञान विषय समेत समावेश भएको विभिन्न इन्स्टिटच्यूट अन्तर्गत एउटा बहुमुखि पृथ्वीनारायण क्याम्पस र शिक्षा शास्त्र इन्स्टिच्यूट अन्तर्गत प्रमाणपत्र स्तरको एउटा क्याम्पस समेत यहाँ सञ्चालित छन्। यसैगरी स्वास्थ्यको क्षेत्रमा पनि यहाँ श्री ५ को सरकारको ५० शय्याको एउटा अस्पताल छ जहाँ सिभिल सर्जन बाहेक छ जना पुरुष र महिला डाक्टरको व्यवस्था छ। यस अस्पताल बाहेक यूनाइटेड मिसनद्वारा सञ्चालित साइनिङ्ग अस्पताल नामक अर्को अस्पताल र कुष्ट रोगीहरूको निम्ति एउटा "लेपरसारयम" पनि सञ्चालित छ।

पश्चिमाञ्चल विकास केन्द्र लगायत गण्डकी अञ्चल र कास्की जिल्लाको सदरमुकाम भएको नाताले यहाँ विभिन्न स्तरका ४६ वटा सरकारी कार्यालयहरू र १६ वटा अर्ध तथा गैर सरकारी कार्यालयहरू स्थापना भएका छन्। यसमा माथि उल्लिखित शिक्षण संस्थाहरू समावेश छैनन्। यसरी यहाँ विभिन्न नयाँ संस्था तथा कार्यालयहरूको स्थापना बढ्दो संख्यामा पर्यटकहरूको आगमन, व्यापार लगानी तथा रोजगारीको अवसर

---

1. Shrestha, Bihari K.- Equality of Access of Women to Education in Pokhara, CEDA, 1973, p. 27

तथा जीवन अनुकूल सामाजिक सुविधाहरूले गर्दा यहाँको जनसंख्याको क्रमशः वृद्धि हुँदै गएको छ। यी सम्पूर्ण कारणले गर्दा यहाँ विकसित हुँदै गएको शहरलाई अझ व्यवस्थित रूप दिन श्री ५ को सरकारले यहाँ नगर योजना लागू गरेको छ जसले गर्दा खेती योग्य उर्वरा जमीनलाई जोगाउनुको साथै बढ्दै गएको जनसंख्या र व्यावसायिक अवसरहरू अनुकूल व्यवस्थित शहरीकरणको सिलसिला बस्न जाने छ। तर पोखरा कुनै औद्योगिक केन्द्र होइन। यहाँको आर्थिक आधार अहिले पनि मुख्यतया कृषि नै हो र मूल बजारबाट भिन्न पस्नासाथ यहाँ नगर पञ्चायत इलाका भए तापनि ग्रामीण अवस्था नै व्याप्त छ। यहाँको कुल जनसंख्यामा आर्थिक दृष्टिकोणले क्रियाशील कुल ८,५०६ जनामध्ये ५,४६० जना अर्थात ६४.२ प्रतिशत खेतीपाती र सो सम्बन्धी काममा नै लागेका छन् र बाँकी ३५.८ प्रतिशत मात्र उत्पादन, सेवा, व्यापार आदि गैर कृषि व्यवसायमा लागेका छन्। यहाँको मुख्य बजारमा नेवार जातिका मानिसहरूको प्रधानता भए तापनि सम्पूर्ण नगर पञ्चायत इलाकाको जनसंख्यालाई हेर्‍यो भने बाहुनहरूको बहुसंख्या भएको पाइन्छ।

यसरी पोखरालाई व्यापक दृष्टिकोणबाट हेर्ने हो भने यो एउटा मुख्यतया परम्परागत मान्यता र विश्वासमा आधारित ठाउं हो जुन केही वर्ष यतादेखि महत्वपूर्ण र तीव्र संक्रमणको प्रक्रियाबाट गुज्रिरहेको छ र जसले बाहिरबाट यहाँ आइपुगेको परिवर्तनका नयाँ लहरहरूसित अभ्यस्त हुँदै त्यसबाट फाइदा उठाउन प्रयत्न गरिरहेको छ। आउँदो वर्षहरूमा यसको प्रभाव झन् स्पष्ट रूपले देखिने छ।

अर्घा शिसुवा

यो स्थान पृथ्वी राजमार्गमा पोखरा बजारदेखि अन्दाजी ११ किलोमिटर पूर्वमा पर्ने शिसुवा गाउं पञ्चायतमा पर्दछ। यो गाउँ पञ्चायतको २०२८ सालको जनसंख्या ४,२३६ छ र यो यस जिल्लाको सबभन्दा ठूलो गाउँ पञ्चायत हो। पृथ्वी राजमार्ग बन्नु भन्दा पहिले पनि यो बजार काठमाडौं–पोखरा बाटोमा पर्दथ्यो र त्यसैले यसको पहिलेदेखि नै महत्व थियो। यो ठाउँ सेती गण्डकीको उत्तरतिर सम्म परेको फाँटको रूपमा रहेको हुनाले खेतीपातीको दृष्टिकोणले र यातायातको दृष्टिकोणले निकै लाभको स्थान ओगटेको छ। अहिले पृथ्वी राजमार्ग पनि यही ठाउँबाट गएकोले यो ठाउँको महत्व अझ बढ्न गएको छ।

बाटुले चौर

पोखरा बजारको उत्तरी सीमानामा बग्ने सेती गङ्गामाथि रहेको पक्की पुल तरेपछि बाटुले चौर गाउँ पञ्चायतको इलाका शुरू हुन्छ। पोखराको एउटा पर्यटक आकर्षणको रूपमा रहेको महेन्द्र गुफा पनि यही पञ्चायतमा पर्दछ। यो स्थान पहिलेदेखि नै निकै चेतनशील ठाउँ हो। पश्चिम नेपालको सबभन्दा ठूलो गाइने गाउँ यसै पञ्चायत इलाकाभित्र पर्दछ। पोखरा उपत्यकामा सुन्तलाको बिरुवामा रोगलागी नष्ट हुनुभन्दा पहिले यो गाउँ सुन्तलाको घरै थियो भने पनि हुन्छ। एउटा भव्य आधुनिक भवन समेत भएको विन्ध्यवासिनी माध्यमिक विद्यालय पनि यहाँ नै रहेको छ। यहाँ मुख्यतया बाहुन क्षेत्रीहरूको बस्ती छ।

नौ डाँडा

बाग्लुङ–वेनी जाने पहिलेको पैदल हिड्ने मूल बाटो छँदा यो एउटा सानो तर महत्वपूर्ण बजार र यात्रुहरूको बास बस्ने स्थानको रूपमा थियो। तर सिद्धार्थ राजमार्ग निर्माण भएपछि कुश्मा, बाग्लुङतिर लाने

यात्रुहरू स्याङजाको कार्कीनेटा भन्ने ठाउँ भई हिंड्न लागे। त्यसैले यस ठाउँको महत्व निकै घटेको छ। तर अहिले पनि पर्वत जिल्लाको विरेठाँटीतिर जाने र मुस्ताङको थाक खोलाबाट ल्याइने खच्चड हिडाउने र त्यातातिरको व्यापारको बाटो बनेर बसेको छ। यो ठाउँ सुइ खेतबाट उकालो सकिएपछि एउटा डाँडा माथि रहेको छ। यस डाँडाबाट सुइखेत उपत्यका र वरिपरिका आरामदायक र शान्तमय दृष्य हेर्नको निम्ति अहिले पनि पर्यटकहरू त्यहाँ जाने गर्दछन्।

ह्याङजा

पोखराबजारबाट पश्चिम कास्कीतिर लाग्दा बाटोमा पर्ने याम्दी नदी तरेपछि ह्याङजाको इलाका शुरू हुन्छ। यस इलाकामा पहिले ह्याङजा भन्ने पउटा निकै ठूलो पञ्चायत भएकोमा पछि सो पञ्चायत उपल्लो ह्याङजा र तल्लो ह्याङजा भनी दुई वटा गाउँ पञ्चायतहरूमा विभाजन भएका छन्। ह्याङजा इलाका सम्म परेको रमणीय छ। यो पनि पहिले सुन्तलाको निकै खेती हुने ठाउँ थियो। यहाँ खानेपानी र सिचाइको राम्रो व्यवस्था हुनुको साथै एउटा माध्यमिक विद्यालय पनि छ। पोखरा बजारबाट यहाँसम्म मोटर ल्याउन सकिन्छ। तल्लो ह्याङजाको इलाकाभित्र एउटा तिब्बती शरणार्थी क्याम्प पनि छ जुन धेरै वर्षदेखि अन्तर्राष्ट्रिय रेडक्रसले व्यवस्था गरिराखेको थियो। यस क्याम्पमा राम्रा–राम्रा तिब्बती गलैंचाहरूको निर्माण हुन्छ जुन पोखरा र काठमाडौंमा विक्री हुनुको साथै विदेशतिर पनि निर्यात गरिन्छ। दुवै पञ्चायतमा गरी यहाँको जनसंख्या ४,९४१ छ र यसमा मुख्यतया बाहुन क्षेत्रीहरू नै धेरै पाइन्छन्।

लुम्ले

पोखराबाट अन्दाजी २७ किलोमिटर पश्चिमतिर पाङदुर धारापानी गाउँ पञ्चायत अन्तर्गत लुम्ले भन्ने स्थानमा २०२५साल पुस महीनादेखि अंग्रेजी सेनामा काम गरी फर्केका नेपालीहरूलाई आफ्नो गाउँमा उन्नत किसिमको खेती पाती गरी जीवन यापन गर्ने तरीका सिकाउन ब्रिटिश गोरखा "रिइन्टग्रेसन" तालीम योजना अन्तर्गत एउटा कृषि केन्द्रको स्थापना गरेको छ। अंग्रेजी सेनामा काम गर्ने नेपालीहरूको संख्या पश्चिम नेपालको यस भेकमा ज्यादा भएको र तिनीहरू यस्तै पहाडी वातावरणमा खेतीपाती गर्ने भएकाले यस स्थानमा उक्त केन्द्र स्थापना गरिएको हो। दक्षिण फर्केको जम्मा करीब ११७ हेक्टर अर्थात २८० एकड जमीन भएको यो डाँडा श्री ५ को सरकारले मुआवजा तिरेर यस योजनालाई उपलब्ध गराइ दिएको हो। यहाँ ४,८०० फीट देखि ५,७०० फिट (१,४६३ मिटर देखि १,७३७ मिटर) को उचाइमा विभिन्न किसिमको खेतीहरू गरिएका छन्। यो सम्पूर्ण इलाकालाई सघन कृषि फलोद्यान तथा वन विकास सम्बन्धी प्रयोगमा ल्याइएको छ। यहाँ अंग्रेजी सेनामा काम गरेका भूत पूर्व सैनिकहरूलाई विभिन्न विषयमा पाँच हप्ताको तालिम दिइन्छ। आजकाल यसरी तालीमको निम्ति मानिसहरू ल्याइँदा एउटै गाउँबाट धेरैको संख्यामा ल्याईन्छ जसले गर्दा खेती पातीको क्षेत्रमा त्यस गाउँमा ठूलै समूहको सामुहिक प्रभाव पार्न सकियोस्। साथै यहाँबाट समय समयमा विशेषज्ञहरू घर घरमा गई अनुसरणको काम पनि गर्दछन्। यहाँ श्री ५ को सरकारका अधिकृतहरू पनि काजमा खटिएर जान्छन् र बेलायती अधिकृतहरूको साथमा योजना तर्जुमा र कार्यान्वियन गर्दछन्। कास्की जिल्लामा यो एउटा रमणीय र गमनयोग्य स्थानको रूपमा विकसित भएको छ। यहाँ जेनेरेटरको प्रयोगद्वारा बिजुलीको पनि व्यवस्था गरिएको छ। यहाँबाट नजीकै खुल्दी भन्ने स्थानमा भेडा विकासको आयोजना पनि शुरू गरिएको छ।

उपर्युक्त स्थानहरू बाहेक यस जिल्लामा अरू पनि स–साना महत्वपूर्ण स्थानहरू छन् । जस्तै कवि शिरोमणि लेखनाथको जन्मस्थल भएको गाउँ पञ्चायत अर्चले यहीं छ । कालिका भगवतीको मन्दिर रहेको चौबीसे राजाको पालामा कास्की राजाको ग्रीष्म निवासको रूपमा रहेको कास्कीकोट पनि यहीं छ । यहाँ बडा दशैंमा दशै दिन पूजा गर्ने र बलि चढाउने गरिन्छ । यसैको शृङ्खलामा पूर्वपट्टि सराङकोट अन्दाजी १,३७२ मिटर (५,५०० फीट) मा अवस्थित छ । त्यहाँबाट पोखरा उपत्यका लगायत चारैतिर अत्यन्त मनोरम दृश्यहरू देखिन्छ। यस्तै गरी पोखरा उपत्यकाको मध्यभागमा रहेको काहुँ डाँडाबाट पनि यसप्रकारको दृष्यहरू देखिन्छ । यहां धार्मिक र पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण स्थानहरूमा पोखरा बजारका विन्ध्यवासिनी मन्दिर, बुद्धविहार, र नारायण स्थान, रामघाट, र ढुङ्गे साँगु, तल्लो हेम्जा गाउँ पञ्चायतमा पर्ने ऋषि कुल आश्रम, पुरन्चौर गाउं पञ्चायतको चुरूङ्गा सेवालय,उपल्लो हेम्जामा मरिङ घाट शिवालय आदि हुन् । प्राकृतिक सुन्दरताको दृष्टिकोणले फेवा_ताल बाहेक बेगनास ताल र रूपा ताल पनि चित्ताकर्षक स्थानहरू हुन् ।

जनसंख्या र जनजीवन

भौगोलिक सुन्दरताको दृष्टिकोणले कास्की जिल्लाको स्थान जति महत्वपूर्ण छ, यहाँका निवासीहरू पनि त्यत्तिकै आकर्षक छन् । जिल्लाको सदरमुकाम पोखरा र दक्षिणी भेकमा बस्ने विभिन्न जातजातिले नेपालको पहाडी पृष्ठभूमिमा आपसी सहयोग र सहिष्णुता प्रदर्शन गरेकाछन् भने यहाँको पहाडी गाउँ घरमा सदियौंदेखि बसोबास गरी आएका मिहेनती र मिलनसार गुरुङहरूले यहाँको रमणीय बातावरणलाई अझ कलापूर्ण अभिव्यक्ति प्रदान गरेका छन् ।

जनसंख्या

वि. सं. २०२८ सालमा लिइएको राष्ट्रिय जनगणनाअनुसार यस जिल्लामा जम्मा १,५१,७४९ जनसंख्या छ जसमध्ये पुरुष ७३,५९० र महिला ७८,१५० छन् । यस जिल्लामा गण्डकी अञ्चलको जम्मा जनसंख्याको १४.८ प्रतिशत जनसंख्या छन् । जनसंख्याकै हिसाबले नेपाल अधिराज्यमा यस जिल्लाको ३५ सौं स्थान छ । अञ्चलमा यस कास्की जिल्लाको स्थान स्याङजा, गोरखा र तनहूँ जिल्लापछि मात्र आउँछ ।

यस जिल्लाको क्षेत्रफल १,३२२वर्ग किलोमिटर अर्थात् लगभग १,३२,२००हेक्टर छ । यस हिसाबले यस जिल्लामा प्रति हेक्टर जन घनत्व १.१ पर्न आउँछ । अर्थात् प्रत्येक १० हेक्टर जमीनमा ११ जना मानिसहरूको बसोबास छ ।

यस जिल्लामा जम्मा घर परिवारको संख्या २९,६६५ छन् जसमा १,५१,२९१ जना मानिसहरू बस्दछन् । यस जिल्लाको माथि दिएको कुल जनसंख्याभन्दा यो घर परिवारमा बस्ने जनसंख्या कम हुनुको कारण के हो भने यसमा होटेल, होष्टेल, कैदखाना आदि स्थानमा बसेका जनसंख्याको गणना नहुने हुँदा यस संख्यामा जिल्लाको कुल जनसख्या १,५१,७४९ भन्दा ४५८ जना घटी देखिन गएको हो । यसरी घर परिवारमा बस्ने जनसंख्याको मात्र हिसाब गर्दा यस जिल्लामा प्रति परिवार औसत ५.१ जना पर्न आउँछ । सानो परिवारमा यहाँ एक जना मात्र सदस्य संख्या भएको घर परिवार १,९४२ छन् भने ठूलोमा २० जना र सो भन्दा बढी सदस्य भएको घर परिवारको संख्या ४० छन्। तर धेरैजसो परिवारमा पाँच जना मात्र सदस्य छन् र त्यस्तो परिवारको संख्या जिल्लामा ४,७४२ छन् । यस जिल्लामा भएका जनसंख्यालाई तीन वटा महत्वपूर्ण उमेर समूहहरूमा विभाजन गरी यसको विश्लेषण गर्न सकिन्छ ।

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
पाँच वर्ब र सोभन्दा मुनि	१२,१९६	१६.६	१३,०४२	१६.७	२५,२३८	१६.६
छ वर्षदेखि १५ वर्षसम्म	२०,५०३	२७.९	१८,७६७	२४.०	३९,२७०	२५.९
१६ वर्षदेखि माथि	४०,८९१	५५.६	४६,३५०	५९.३	८७,२४१	५७.५
जम्माः–	७३,५९०	१००.१	७८,१५९	१००.०	१,५१,७४९	१००.०

स्रोत : राष्ट्रिय जनगणना, २०२८

उपर्युक्त तालिकाबाट यस जिल्लाको जनसंख्या बारे के देखिन्छ भने यहाँको जनसंख्यामा पाँच वर्षदेखि मुनिको समूहमा २५,२३८ जना अर्थात कुल जनसंख्याको १६.६ प्रतिशत छन् भने सोभन्दा माथि छदेखि माथि १५ वर्ब अर्थात् जम्मा १० वर्षको उमेर समूहभित्र ३९,२७० अर्थात् कूल जनसंख्याको २५.९६ प्रतिशत छन्। यी दुवै मिलाउँदा जम्मा १५ वर्षको उमेर समूहभित्र जम्मा जनसंख्याको ४२.५ प्रतिशत र १६ वर्षदेखि माथिको उमेर समूहमा बाँकी जनसंख्या पर्न आउँछ। यसरी जति जति सानो उमेर समूह छ उति उति बढी परिमाणमा जनसंख्या भएको देखिन आउँछ। यसरी यस तालिकाले यस जिल्लामा जनसंख्या तीव्रगतिले वृद्धि भइरहेको कुरातिर सङ्केत गर्नुको साथै आउँदा दिनहरूमा यहाँको बढ्दो जनतालाई मानवोचित जीवनयापन गर्ने मौका प्रदान गर्ने शिक्षा, स्वास्थ्य आदि सामाजिक सेवाको क्षेत्रमा र पछि तिनीहरूलाई रोजगारीको अवसर प्रदान गर्न कति ठूलो प्रयासको जरूरत पर्दछ भन्ने कुराको स्पष्ट सङ्केत प्रदान गर्दछ।

सक्षम तथा आश्रित जनसंख्याको अनुपात

कुनै पनि ठाउँको जनसंख्या विभिन्न उमेर उमूहमा पर्ने भएकोले तिनीहरूलाई समेरको कारणले सक्षम अथवा आश्रित मान्ने चलन छ। यस विषयमा एक प्रचलनअनुसार नेपालमा १० वर्षभन्दा मुनिको उमेर र ६० वर्षभन्दा माथिको उमेर आश्रित मानिन्छ र बाँकी उमेर सक्षम मानिन्छ। फेरि अन्य प्रचलन अनुसार १४ वर्षसम्मको र ६५ वर्षर सोभन्दा माथिको उमेर समूहलाई आश्रितर बाँकीलाई सक्षम मान्ने परम्परा भएको हुनाले यस जिल्लाको जनसंख्यामा उमेरको कारणले सक्षम र आश्रित अनुपात निकाल्दा यी दुवैलाई अनुसरण गरी छुटा छुट्टै दिइएका छन्।

सक्षम तथा आश्रित जनसंख्याको अनुपात १

उमेरको कारणले आश्रित जनसंख्या

उमेर समूह	संख्या
नौ वर्ष र सोभन्दा मुनि	४१,७४२
६० वर्ष र सोभन्दा माथि	९,४०३
	५१,१४५

उमेरको कारणले सक्षम जनसंख्या

उमेर समूह	संख्या
१० देखि ५९ वर्ष	१,००,६६४
	१,००,६०४

उक्त तालिकाअनुसार यस जिल्लामा उमेरको कारणले सक्षम मान्न सकिने १,००,६०४ जना माथि उमेरको कारणले ५१,१४५ जना आश्रित रहेका देखिन्छन्। यस अनुसार यहाँको सक्षम आश्रित अनुपात

१००:५१ छ अर्थात प्रत्येक १०० जना उमेरको कारणले सक्षम जनतामाथि ५१ जना आश्रित रहेको देखिन्छ ।

सक्षम आश्रित जनसंख्याको अनुपात २

उमेरको कारणले आश्रित जनसंख्या		उमेरको कारणले सक्षम जनसंख्या	
उमेर समूह	संख्या	उमेर समूह	संख्या
१४ वर्ष र सोभन्दा मुनि	६०,५८१	१५ देखि ६४ वर्ष	८५,८६६
६५ वर्ष र माथि	५,२९९		
	६५,८८०		८५,८६६

सक्षम आश्रित अनुपातमा उपर्युक्त समूहहरू लिने हो भने यस जिल्लामा उमेरको कारणले सक्षम मानिने ८५,८६६ जनसंख्यामा ६५,८८० जना मानिसहरू उमेरको कारणले आश्रित देखिन्छन् । यसरी यस हिसाबले यस जिल्लामा सक्षम आश्रितको अनुपात १००.७५ रहेको देखिन्छ ।

यस जिल्लाका मानिसहरूको वैवाहिक स्थिति नेपालको अरू जिल्लाभन्दा फरक छैन । यहाँ पनि साधारणतया केटाकेटीहरूको सानो उमेरमा विवाह गरिदिने प्रचलन छ । जनगणनाअनुसार २०२८ सालमा छदेखि नौ वर्षको ८,३९१ केटा र ८,११३ केटीहरूमा ३९ जना केटा र ३३ जना केटीहरू विवाह भइसकेको देखिन्छ । हुनत यो संख्या त्यति ठूलो होइन तापनि यो सामाजिक कुरीति यहाँ अझ पनि रहेछ भन्ने कुरा स्पष्ट देखिन्छ ।

यस जिल्लाको बोलीचालीको भाषा जताततै नेपाली नै भए तापनि मानिसहरूको जातिअनुसार आफ्नो परिवारमा बोलिने मातृभाषा फरक हुन सक्दछ । तर यस जिल्लामा बहुसंख्यक जनताले नेपाली भाषा नै मातृभाषाको रूपमा बोल्दछन् भन्ने कुरा तलदिइएको मातृभाषा बोल्नेहरूको तालिकाबाट देखिन्छ ।

मातृभाषा	२०२८ मा बोल्नेहरूको संख्या
नेपाली	१,१८,०८२
गुरुङ	२५,४६६
नेवारी	४,२९४
मगर	१,३५७
तामाङ	१,२२५
एक हजारभन्दा कम संख्याले बोल्ने भाषाहरू	९६२
अरू भाषा	३६३
जम्मा:–	१,५१,७४९

उपर्युक्त तालिकामा नेपाल अधिराज्यका विभिन्न भाषाहरूमध्ये यस जिल्लामा एक हजारभन्दा कम मानिसले बोल्ने भाषालाई एकै ठाउँमा राखिएका छन् र ती सबै गरी बोल्नेहरूको संख्या ९६२ देखिन्छ । साथै नेपाल भित्रको भाषा नभइ कुनै बाहिरी भाषा जस्तै हिन्दी, अंग्रेजी आदि मातृभाषाहरूलाई अरू भाषामा राखिएका छन् । यसरी उपर्युक्त तालिका हेर्दा यस जिल्लामा अत्यधिक बहुमतले नेपाली नै आफ्नो मातृभाषाको रूपमा बोल्ने र त्यसपछि गुरुङ भाषाको स्थान आउने स्पष्ट देखिन्छ । पोखरा बजारमा नेवारहरूको संख्या ठूलो भए तापनि जिल्लाभरीको हिसाबबाट तिनीहरूको स्थान ठूलो छैन भन्ने कुरा पनि उक्त तालिकाबाट देखिन आउँछ ।

यो जिल्लामा जम्मा ५४२ जना पुरुष तथा ४५२ जना महिला गरी कुल ९९४ जना मानिस अर्थात् कुल जनसंख्याको ०.७ प्रतिशत मानिसहरू विदेशमा जन्मिएका छन् । तुलनाको निम्ति कुनै एक दुई ठाउंबाट उदाहरण लिने हो भने झापामा यो परिमाण १३.७ र बारामा १०.४ छन् । यस जिल्लाका बाँकी स्वदेशमा जन्मिएका जनसंख्यामध्ये धेरै जसो (पुरुष ७२,४९६ र महिला ७६,९९०) गण्डकी अञ्चलमै जन्मिएका छन् र बाँकी मात्र अरू अञ्चलमा जन्मिएका छन् । तीमध्ये धवलागिरि अञ्चलमा जन्मिएका ४८४, लुम्बिनी अञ्चलमा जन्मिएका १९२ र राप्ती अञ्चलमा जन्मिएका ६७ जना देखिएका छन् ।

नागरिकताको हिसाबले पनि यहाँ विदेशी नागरिकता भएका जनसंख्या बहुतै कम छ । यहाँ जम्मा १७९ पुरुष र १५४ महिला मात्र विदेशी नागरिकता भएका छन् जसमध्ये भारतीय नागरिकता भएकाको संख्या क्रमशः ३२ र २६ मात्र छन् ।

राष्ट्रिय जनगणनाअनुसार यस जिल्लाका जनता निम्नलिखित संख्यामा निम्नलिखित धर्मका अनुयायी भएर बसेको देखिन्छ ।

धर्म	संख्या
हिन्दू धर्म	१,४४,५६८
बुद्ध धर्म	६,४९३
इस्लाम धर्म	६६५
जैन धर्म	५
अन्य धर्म	१८
जम्मा	१,५१,७४९

गाउँ तथा नगर पञ्चायतहरूको जनसंख्याः कास्की जिल्लाको जम्मा ५९ वटा गाउँ पञ्चायतहरू र एउटा नगर पञ्चायतमा २०२८ सालमा उपस्थित जनसंख्यालाई वर्णानुक्रमानुसार तल दिइएको छः-

पञ्चायतहरू	जनसंख्या	पञ्चायतहरू	जनसंख्या
१. अर्घौं पौवा	३,२८३	२. अर्मला पातले	१,६९६
३. आर्वा	१,९१७	४. उपल्लो घाचोक	१,५६६
५. उपल्लो ह्याङ्जा	३,०२९	६. कन्धनी डाँडा	२,७३८
७. काहुँ मेलवोट	१,२२४	८. खाल्टे खोला	२,४२२
९. गर्लाङ	२,२७२	१०. ग्यारजाती	१,३०१
११. घलेल फेदी	२,५७०	१२. चापाकोत	२,७१५
१३. च्याङ्लुङ	१,२२५	१४. छिनेडाँडा	३,७६४
१५. झाजरमारे	१,९३८	१६. ठूलास्वारा	१,३३०
१७. तप्राङ	१,५९५	१८. तल्लो घाचोक	१,५१३
१९ तल्लो ह्याङ्जा	१,९१२	२०. तानचोक	२,३८०
२१. थाक	१,७३४	२२. देउराली	२,५९१
२३. धम्पुस	२,३५२	२४. धिताल	२,२४३
२५. नौडाँडा	२,५३७	२६. पदेली	१,८२३
२७. पाउँदुर	२,८१५	२८. पार्चे	३,१३८
२९. पुम्दी	३,२५०	३०. पुरुंचौर	२,५३६
३१. फल्याङ्कोट	१,५७७	३२. बाटुलेचौर	२,२४४
३३. विजयपुर	१,२१९	३४. वेगनास	२,१४३
३५. भगवती टार	१,८७४	३६. भलाम	२,१५२

३७. भिच्चोक	१,१७९	३८. भीरचोक	१,८०२
३९. भुर्जुङ खोला	१,७३७	४०. भुम्दी	२,३१६
४१. माझगाउँ	२,७५५	४२. माझठाना	२,१२७
४३. माझभदौरे	२,६३४	४४. मान्द्रेढुङ्गा	२,३३५
४५. मौजा	१,८२५	४६. रजस्थल	२,५१५
४७. राम्जा चित्रे	१,९१९	४८. राम्जा तिलाहार	२,६२०
४९. राम्जा देउराली	२,०१०	५०. राम्जा पकुवा	२,०७०
५१. रिवान	१,२६२	५२. रूपाकोत	३,८५५
५३. लामाचौर	३,०५९	५४. लाहाचोक	२,६१३
५५. ल्वाङ	१,११४	५६. सल्यान	३,०७९
५७. सिर्कुतान	१,८७३	५८. सिशुवा	४,२३६
५९. स्याकलुङ	१,५८५	६०. पोखरा (नगर पञ्चायत)	२०,६११

जनजीवन

कास्की जिल्लाको भौगोलिक बनावटमा जुन तरीकाले पहाड र बेंसीको जमघट भएको छ सोही अनुरूप त्यहाँ बस्ने बासिन्दाहरूको सांस्कृतिक र जातिय पृष्ठभूमि पनि फरक छ। माथि जनसंख्याको बारेमा छलफल गर्दा यो उल्लेख गरिसकिएको छ कि यहाँको भाषा भाषीहरूमा नेपाली मातृभाषा भएकाको जनसंख्या एकलाख भन्दा बढी छ र दोश्रो सबभन्दा महत्वपूर्ण मातृभाषा गुरुङ हो। त्यसपछि मात्र नेवार, मगर, तामाङ आदि जातिहरूको भाषाको स्थान आउँदछ। नेपाली भाषालाई मातृभाषाको रूपमा बोल्ने मानिसहरूमा बाहुन, क्षेत्री, जोगी, कामी, दमाई, सार्की, गाइने आदि विभिन्न जातहरू पर्दछन्। तर गुरूङ, नेवारी तथा तामाङ मातृ भाषा बोल्नेहरूको नेपाली भाषा बोल्नेहरू भन्दा सांस्कृतिक पृष्ठभूमिमा मात्र फरक नभई शारीरिक बनावट पनि फरक रहेको देखिन्छ। जब कि माथि उल्लिखित नेपाली भाषा बोल्नेहरूको भाषा इण्डोआर्य समूहमा पर्दछ। र शारीरिक बनावटको पृष्ठभूमिले यिनीहरू ककेशियाली जातिका छन् भने उपर्युक्त गुरुङ तथा तामाङ जातिहरूको भाषा तिब्बती–बर्मेली समूह भित्र र शारीरिक बनावटको दृष्टिकोणले मङ्गोली समूह भित्र पर्दछन्। नेवारहरूको भाषा तिब्बेती-बर्मेली समूहभित्र पर्दछ भने शारीरिक बनावटको दृष्टिकोणले ककेशियारी र मङ्गोली दुवै किसिमका जातिय रूपरेखाहरू यिनीहरूमा पाइन्छन्। यहाँ कास्की जिल्लाकै पृष्ठभूमिमा विचार गर्ने हो भने नेवार, तामाङ तथा यस्तै अन्य जातिहरू अलप संख्यामा भएका हुनाले यहाँ मुख्य चर्चायोग्य जातजातिहरू नेपाली मातृभाषा भएका जातहरू र गुरूङ मातृभाषा भएका मात्र हुन्।

तर यी जातिहरू कास्की जिल्लामा मात्र विशेषताको रूपमा पाइने होइनन्। अपितु यिनीहरू नेपाल अधिराज्यमा अन्यत्र पनि पाइने जात जातिहरू हुन्। जहाँसम्म हिन्दूधर्म अन्तर्गतको जात प्रथामा पर्ने बाहुन, क्षेत्री, जोगी, कामी, दमाई आदि जातिहरू छन् यिनीहरू अधिराज्यव्यापी हिन्दूधर्म र हिन्दू सभ्यताको फैलावटको सिलसिलामा यहाँ पनि फैलिन आएको हो। यी जातहरूमा कसैको पनि आफ्नै मौलिक भौगोलिक परिवेश छैन। तर जहाँसम्म गुरुङहरुको उपस्थितिको प्रश्न छ गण्डकी अञ्चलको पहाडी भाग नै यिनीहरूको मूल थलो हो। यस अञ्चलको सीमानाको आधारमा गुरुङ जातिको परिवेशलाई हेर्दा यस अञ्चलमा गुरुङ जातिको सबभन्दा

बङ ो संख्या लमजुङ जिल्लामा देखिन आउँछ । त्यसैले यस जातिको विशेष जानकारी उक्त जिल्लाकै परिचयमा दिइएको छ ।

हिन्दू परम्पराको जात विभाजनभित्र पर्ने भए तापनि यस जिल्लामा पाइने गाइनेहरू साधारणतः अरू जिल्लामा जताततै पाइँदैनन् । यस जिल्लामा पोखरा बजारको उत्तरतिर बाटुले चौर पञ्चायतमा पाइने गाइने गाउँ नेपाल अधिराज्यमा अन्यत्र पाइने गाइने गाउँको तुलनामा सबभन्दा ठूलो हो । यिनीहरूको परम्परा, आर्थिकआधार, व्यावसायिक विशेषता आदिले गर्दा यिनीहरू एउटा चाखलाग्दो समूहको रूपमा देखापर्न आउँछन् । त्यसैले यिनीहरूको विषयमा यस परिच्छेदको अन्त्यमा केही विशेष वर्णन गरिएको छ ।

यस जिल्लामा विभिन्न जात जातिहरूको फैलावटको प्रारूपमा केही विशेषता भएको पाइन्छ । यहाँ गुरुङ जातिका मानिसहरूको मुख्य बस्ती पहाडतिर नै पाइन्छ । यहाँका पञ्चायतहरूमा विजयपुर, मौजा, थाक, तप्राङ, सिकलेस, अर्मला, गर्लाङ, लाहाचोक, तल्लो धाचोक, उपल्लो धाचोक, भुर्जुङ खोला, च्याङलुङ रिवान, ल्वाङ, घलेल फेदी आदि सबै गुरुङ बस्ती हुन् । हुन त यी ठाउँहरूमा पनि बीच बीचमा अन्य जातका मानिसहरू नभएका होइनन्, तर प्रधानता गुरुङहरूको नै छ । यहाँ पाइने गुरुङहरूमा चार जाते र सोन्ह जाते दुवै पाइन्छन् ।

गुरुङहरूको बस्तीको ठीक विपरीत बाहुन, क्षेत्रीहरूको बस्ती प्रायः बेंसी भागमा हुन्छ । त्यसैले यस जिल्लाको दक्षिणी भागमा धेरैजसो गुरुङ बस्ती छैनन् । पोखरा बजारको पूर्वपट्टि पर्ने कन्डनीडाँडा, अर्घौं पौवा, सिशुवा, अर्वले, रूपाकोट आदि बेंसीपर्ने ठाउँहरूमा र त्यसको वरिपरिका डाँडा पाखामा धेरैजस्तो यी जातहरूको नै बसाइ छ । यही कुरा पश्चिम कास्कीतिर पनि सत्य हो । सार्की, दमाई, कामीहरूको सा-साना गाउँहरू ठाउँ ठाउँमा छुट्टै बसेका हुन्छन् ।

कास्की जिल्लाको जनजीवनमा जुन किसिमको विविधता पाइन्छ, त्यसको एउटा विस्तृत नमूना बजारमा नै पनि पाइन्छ । यहाँको छ किलोमिटर जतिको उत्तर दक्षिण लम्बाइ र अन्दाजी पाँच किलोमिटरको पूर्व पश्चिम चौडाइभित्र धेरै समूहका जात जातिहरूको बसोबास भएको छ । एउटा सर्वेक्षणकाअनुसार पोखरा नगर पञ्चायत क्षेत्रभित्र २० थरीभन्दा बढी जात जातिका मानिसहरू बस्दछन् । यसमा बहुसंख्यक बाहुन (अन्दाजी ७,०००) छन् र बाँकीमा नेवारहरू (अन्दाजी ५,०००), क्षेत्रीहरू (अन्दाजी ३,०००) गुरुङहरू (अन्दाजी २,०००), सार्कीहरू (अन्दाजी१,०००), जोगीहरू (अन्दाजी १,०००), मुसलमानहरू (अन्दाजी ५००) र अन्य स-साना जात जातिहरू जस्तै थकाली, मगर, घर्ती, कामी, तामाङ, ठकुरी, धोबी, भोटे, गाइने, राई आदि पर्न आउँदछन् ।[1]

साथै यी जात जातिहरूको शहर भित्रको बसाइ केही सामाजिक तथा आर्थिक मान्यताहरूद्वारा निर्देशित भएको पाइन्छ । उदाहरणार्थ नेवार जातिका मानिसहरूको बसाइ मुख्यतया बजारको बीचमा भएको पाइन्छ । यहाँका नेवारहरूमा काठमाडौं उपत्यकाको भक्तपुर र पाटनबाट आएका जम्मा दुई समूह छन् र सोही अनुसार उनीहरूले मात्रै कुनै कुनै चाहाडवाडमा फरक पाइन्छ । कास्की जिल्लामा भएका सम्पूर्ण नेवारहरूको एक मात्र बस्ती यही हो भने पनि हुन्छ । तर मुख्य बजारबाट बाहिर मुख्यतया बाहुन, क्षेत्री, जोगी, सार्की आदि जातका मानिसहरूको बस्तीहरू छन् ।

---

१. विहारीकृष्ण श्रेष्ठको माथि उल्लिखित प्रतिवेदनको पृष्ठ ३०–३१ मा आधारित

उपर्युक्त नेवार तथा अन्य जातको बीच रहेको बसोबास सम्बन्धित भिन्नतामा तिनीहरूको व्यावसायिक पृष्ठभूमि सम्बन्धी भिन्नता प्रतिबिम्बित हुन्छ । जब कि नेवारहरूको मुख्य व्यवसाय व्यापार हो, यहाँ बाहुन क्षेत्रीहरूको मुख्य व्यवसाय खेती नै हो। तर बसोबासको इलाका सम्बन्धमा व्यावसायिक भिन्नताको साथै जात सम्बन्धी भिन्नता पनि पाइन्छ । जस्तो कि अधिकारी बाहुनहरू अधिकारी थोकमा, कामीहरू कामी गाउँमा, सार्कीहरू सार्की गाउँमा, पोडेहरू पोडे टोलमा बस्दछन् भने मुसलमानहरू कुँडाहरमा झुम्मीएर बसेका छन् ।

यहाँ यातायातको सुविधा, विकास कार्यहरूको वृद्धि र बढ्दो सामाजिक सेवाहरूको उपलब्धिको कारणहरूले गर्दा विभिन्न दिशाबाट यहाँ आप्रवजन हुन थालेको छ । यसप्रकारका आप्रवजन तथा बढ्दो शहरीकरणको कारणले यस बजारको जनजीवनको क्षेत्रमा पनि परिवर्तनका नयाँ लहरहरू देखापरेका छन् । व्यापारको सम्भावना भएका ठाउँहरूमा माथि उल्लिखित जातीय भेदमा आधारित बसाइको तरीका परित्याग गरिन थालेको छ । मुस्ताङ जिल्लाबाट थकाली जातिका व्यापारीहरूको आगमन तथा परम्परागत दृष्टिकोणले हेर्दा व्यापार व्यवसायमा नलाग्ने बाहुन क्षेत्रीहरूले पनि यहाँको व्यापारी जगतमा भूमिका खेल्नाले यस क्षेत्रमा नेवार व्यापारीहरूको एकाधिकार अन्त्य भएको छ । चेतनशीलताको अभिवृद्धिको कारणले दमाई तथा सार्की जातका मानिसहरूले पनि शिक्षा, स्वास्थ्य जस्तो सामाजिक सेवा उपभोग गर्नुको साथै आर्थिक क्षेत्रमा पनि विभिन्न रोजगारीहरू हासिल गरी यहाँको सामूहिक जीवन प्रवाहमा समानताको आधारमा बढी सक्रिय रूपले भाग लिन थालेका छन् ।

यस जिल्लामा मनाइने चाहाडपर्वहरू नेपालको अरू भागमा जस्तै दशैं, तिहार, माघेसंक्रान्ति, चैतेदशैं, साउने संक्रान्ति, तीज, जन्माष्टमी, रामनवमी, शिवरात्रि आदि हुन् । दशैंको बेलामा पोखरामा विन्ध्यबासिनीमाईलाई भोग दिई पूजा आजा गरिन्छ । यी देवी यहाँ निकै प्रसिद्ध छन् । भनिन्छ कि उहिले कास्कीका राजाले कास्की कोटमा स्थापना गर्नलाई यस देवीलाई विन्ध्याचल पर्वतबाट मगाएर ल्याउँदा पोखरामा यिनको वर्तमान स्थानमा ल्याई विश्राम गराउँदा यहाँबाट उचालेर लैजान नसकेको हुनाले यही स्थापना गरिएका हुन् । कास्कीकोटमा अवस्थित कालीका मन्दिरमा पनि बडादशैं र चैते दशैंमा विशेष समारोहकासाथ आराधना गरिन्छ ।

यहाँ अर्को पवित्र मानिने तीर्थ स्थान रामघाटमा रहेको राम मन्दिर हो । जहाँ तीज, हरितालिका र ठूलो एकादशीमा विशेष जात्रा लाग्दछ । यसको नजीकै अर्को ढुङ्गे साँगु भन्ने स्थान छ जहाँ सीताका पाइला भन्ने पवित्र स्थल छ । यहाँ माघे संक्रान्तिको दिन ठूलो मेला लाग्दछ । यी बाहेक यहाँ पुरन्चौर पञ्चायतमा अवस्थित चुरुङ्ग शिवालय र उपल्लो ह्याङजा गाउँ पञ्चायतमा अवस्थित मरिङघाट शिवालयमा शिवरात्रि मेला लाग्दछ ।

गाइनेहरू [1]

पश्चिम र सुदूर पश्चिम नेपालको पहाडी भागमा पाइने गाइनेहरू एउटा आफ्नै किसिमको जात हुन् । ऐतिहासिक परम्परा, सामाजिक संगठन, आर्थिक आधार, अन्य जात जातिका मानिसहरूसितको सम्बन्ध आदि सबै कुरामा यिनीहरू अरूभन्दा निकै नै फरक छन् । यसैले गर्दा २००७ साल पश्चात नेपालमा विदेशीहरूको आगमन शुरू भएपछि पाश्चात्य देशका अनुसन्धानकर्ताहरूले यिनीहरूप्रति यथेष्ट ध्यान दिन

---

[1] गाइने सम्बन्धी यसमा दिइएको धेरैजसो जानकारीहरू सुश्री मिरेय एल्फयर नाम गरेकी फ्रेन्च मानव शास्त्रीले फ्रेन्च भाषामा लेखेको लेखलाई सुश्री मार्टिन माजाडोले अंग्रेजी भाषामा गरिदिएको अनुवादमा आधारित छ ।

थाले । यिनीहरूको प्रथम अध्ययन श्री ए. ए. वेक भन्नेले २०१३ सालमा गरेका थिए । त्यसपछि प्रो. एलेक्जेण्डर माएकडोनाल्डले २०१८ सालमा काठमाडौं उपत्यकामा र २०२४ सालमा सल्यानका गाइनेहरूको अध्ययन गरेका थिए । यसै गरी फ्रान्सिसी अनुसन्धानकर्ताहरूमा कोरने जेष्टले २०२२ सालमा, सुश्री मिरेय एल्फयरले २०२३ सालमा र मार्क ग्यार्वोरियोले २०२३ र २०२५ सालमा विभिन्न ठाउँका गाइनेहरूको अध्ययन गरेका थिए । यिनीहरूको विषयमा धेरै लेखहरू लेखेर प्रकाशित भएका छन ।

तर गाइनेहरूलाई नेपालभित्र प्रचार गर्ने श्रेय जनकवि केशरी श्री धर्मराज थापालाई छ । उनले गाइनेका गीतहरूको मौलिकता र नेपालको मौखिक साहित्यको संरक्षण र सम्बर्धन गर्ने कार्यमा तिनीहरूको महत्वपूर्ण भूमिकालाई प्रकाशमा ल्याइदिएका छन् ।

यिनीहरूले बसोबास गरेका इलाकाको हकमा यिनीहरू भेरी अञ्चलमा दैलेख र सुर्खेत जिल्लाहरूको साथै ठूलो संख्यामा जाजरकोट जिल्लामा, राप्ती अञ्चलमा सल्यान र प्यूठान जिल्लाहरूमा, लुम्बिनी अञ्चलमा गुल्मी जिल्लामा, धवलागिरि अञ्चलमा बाग्लुङ जिल्लामा, गण्डकी अञ्चलमा स्याङ्जा, कास्की, लमजुङ, गोरखा र तनहूँ जिल्लाहरूमा, वाग्मती अञ्चलमा काठमाडौं उपत्यकाको देवपाटन, कीर्तिपुर, पाटन र भादगाउँमा र काभ्रेजिल्लाको बनेपामा, सगरमाथा अञ्चलमा ओखलढुङ्गा र नारायणी अञ्चलमा चितौन जिल्लामा पाइन्छन् । यी सबैमध्ये यिनीहरूको सबभन्दा ठूलो संख्या गण्डकी अञ्चलमा पाइन्छ र कास्की जिल्लाको बाटुले चौरस्थित गाइने गाउँ देश भरीमा सबभन्दा ठूलो गाउँ हो जहाँ यिनीहरूको ३२ वटा घर परिवार छन्। यसरी नेपाल अधिराज्यमा यिनीहरूको कुल घर संख्या ३५० जति र जनसंख्या १,७५०जति अनुमान गरिएको छ । हुनत कवि श्री धर्मराज थापाले यिनीहरूको कुल जनसंख्या ४,००० छन् भनी अनुमान गर्नु भएको छ ।

आफ्नो उत्पत्तिको बारे गाइनेहरूको आफ्नै कहावत छ । शुरूमा ब्रह्माजीले चार जना ऋषि, चार वर्ण र छत्तीस जातको सृष्टि गर्नु भयो । ती ऋषिहरूमध्ये गान्धर्व ऋषि पनि थिए जो अरू ऋषिभन्दा कम चलाक थिए । त्यसैले बाँकी तीन जनाले उनलाई आफ्नो समूहबाट हटाउने उद्देश्यले उनलाई गाईको खुट्टा प्रयोग गरी "अवरिहा" भन्ने शब्द प्रयोग गरी मागेर ल्याउनु भनी पठाए । तर जब उनले तिनीहरूले भने अनुसार गरी मागेर ल्याए उनले गाईको खुट्टा प्रयोग गरी मागेर ल्याएको हुनाले उनी अबउप्रान्त अछुत भए र मागेर नै जीवन यापन गर्नु पर्छ भनिदिए । यसरी गाइनेहरू गान्धर्व ऋषिका सन्तान भएका हुनाले अछूत हुनजानुको साथै उनीहरूले प्रयोग गर्ने अर्वाजो भन्ने बाजाको उत्पत्ति भएको हो । अर्को कहावत अनुसार विभिन्न ऋषिहरूको काम वितरण हुन लागेको वेलामा गान्धर्व ऋषि अप्सराहरूको नाच हेरिरहेका हुनाले उनलाई गीत गाउने काम दिइयो । यसरी गान्धर्व ऋषिका सन्तान मानिने गाइनेहरूको व्यवसाय गीत गाउने हुन गयो ।

तर ऐतिहासिक दृष्टिकोणले बाटुले चौरका गाइनेहरू कास्कीका राजा जगती खानसित आएका हौं भन्दछन् । तर तिनीहरूको पहिलो उल्लेख पृथ्वीनारायण शाहको दिव्य उपदेशमा भएको देखिन्छ । हुनत काठमाडौं उपत्यकामा जयस्थिति मल्लको पालामा जातहरूको विभाजन हुँदा गायना भन्ने जातको पनि उल्लेख भएको देखिन्छ । तर काठमाडौंका गाइनेहरू पृथ्वीनारायण शाहसित मात्र गोरखाबाट आएका हौं भनी दावी गर्दछन् ।

गाइनेहरूको सामाजिक स्तरको हकमा आजको नयाँ मुलुकी ऐनको कारगले कानूनको अगाडि भेदभाव निर्मूल भइसकेको छ । तर पहिले नेपाल अधिराज्यमा जङ्गवहादुरको प्रधान मन्त्रित्वकालमा बनेको

मुलुकी ऐनमा गाइनेहरूको जात "छोइ छिटो हाल्नु पर्ने" हुनुको साथै दमाईभन्दा तल र वाडी भन्दा माथि राखिएको थियो ।

गाइनेहरू अन्तर वैवाहिक जात हुन् अर्थात् यिनीहरूको विवाह आफ्नै जातभित्र मात्र हुन्छ । यिनीहरूको सामाजिक संगठनमा थर अत्यन्त महत्वपूर्ण छ । हुनत थरलाई उनीहरूले थर गोत्र अथवा पद जुन पायो त्यही शब्द प्रयोग गर्दछन् तापनि यो यिनीहरूको समाजमा अत्यन्त महत्वपूर्ण सामाजिक एकाई हो । किनभने थर बाह्य वैवाहिक हुन्छ अर्थात् एकै थरभित्र उनीहरूले वैवाहिक सम्बन्ध स्थापना गर्न सक्दैनन् । गाइनेहरूको थर धेरै किसिमका छन् । ती हुन्: अधिकारी, बुढाथोकी, कायस्थो (अथवा कायस्थ वा काइते), कालो गोपाल नायक, काला कोशिक, काला पौडेल, ठकुरी (चन्द ठकुरी वा झर्रा मल्ल ठकुरी), समुद्री, सुरसामन, वैठ (अथवा वशिष्ठ) र विश्वकर्मा । यी बाहेक वैकार भन्ने शब्दद्वारा चिह्निने अरू थरहरू पनि छन् । जस्तो कि ब्रह्मा वैकार, जोगी वैकार, कर्म वैकार, लमली वैकार, समुद्र वैकार र तुर्की वैकार । यी थरहरू बाहेक धर्मराज थापाले २०२२ सालको आफ्नो लेखमा अरू थरहरू जस्तै भाट, भुसाल पर्वते, वोगते, हुकचिङराना, कालिचन, महेश्वर, मेघनाथ, नियाभैकार, साई, सेतापर्व्रते, सेतीचन, विष्णु पद उल्लेख गरेका छन् । बाटुलेचौरको गाइने गाउँमा जहाँ २०२३ सालमा ३२ घरमा १२० जना गाइने बसोबास गर्दथे, तिनीहरूमा जम्मा आठवटा थरहरूमात्र थिए ।

गाइनेहरू साधारणतया मामाको छोरी विवाह गर्न रूचाउँछन् । तर फुपूको छोरी विवाह गर्न मनाही छ । यसरी एक थरबाट सधैं नै स्वास्नी लिइन्छ भने अर्को थलरलाई आफ्नो छोरी बेटी दिइ नै रहने अवस्था पर्दछ । गाइनेले कुनै सार्की अथवा कामीको स्वास्नी अथवा कुनै सार्की अथवा कामीले गाइनेको स्वास्नीलाई जारी गरी लग्यो भने जारी तिर्नु आवश्यक छैन । गाइनेले पोडेनी स्वास्नी ल्यायो भने गाइने स्वयं पोडे हुन्छ ।

आर्थिक व्यवस्थाको दृष्टिकोणले गाइनेहरूको एक मात्र व्यवसाय गीत गाएर मागी खानु नै हो । यिनीहरूको गाउँमा बस्नसम्मको निमित्त स-सानो घर भए तापनि खेती गर्ने जमीन हुँदैन । यस अवस्थालाई गाइनेहरूले आफ्ना गीतमा मार्मिक रूपल व्यक्त गरेका छन् :—

खेतीको नाममा प्रभु खोर्सानी रोप्ने थाम छैन

जात बुझ म गाइने जगत मुलुक मागिकन प्राणनी राख्छ ।

वास्तवमा प्राण धान्न यिनीहरू जगत् मुलुक नै डुल्नु पर्दछ । पोखरामा हवाइ मैदानमा विदेशी पर्यटकहरू समक्ष अथवा पोखरा बजारको पसल, रेष्टुराँ अगाडि अथवा चौबाटोमा भेटिने बटुवा समक्ष आफ्नो सारङ्गीको धूनमा गीत गाई तिनीहरूको खुशीले दिने सुका मोहर नै यिनीहरूमध्ये धेरैको दैनिक आम्दानीको स्रोत हो । तर यिनीहरूको मुख्य आम्दानीको बेला हिउँदको समयमा शुरू हुन्छ जब गाउँ घरमा मकै र धानबाली भित्र्याइसकेको हुन्छ । त्यती बेला तिनीहरू लमजुङ, तनहूँ, स्याङजा जिल्लाका गाउँहरूमा धेरै दिनको यात्रामा गई घर घरं डुलेर गीत गाएर अनाज र अरू चीज बीजहरू मागेर ल्याउँछन् । यसरी दिइने अनाजलाई बया भनिन्छ जुन उनीहरूले लगाएर हिड्ने बर्को भन्ने कपडामा हालिन्छ । यसरी तिनीहरूले यस समयको लामो भ्रमण पछि केही महीनासम्म पुग्ने अनाजको जगेर्ना गर्दछन् ।

यिनीहरूमध्ये कोही कोही त अझ कलकत्ता र आसाममा त्यहाँको नेपालीहरूको बस्तीमा गई गीत गाई पैसा कमाएर ल्याउने गर्दछन् । विदेशमा बस्ने नेपालीको लागि सारङ्गीको धूनमा गाइनेले गाएको गीत सुनेर आफ्नो मातृभूमीको संस्मरण गर्न पाएपछि अवश्य पनि दिल फुकाएर ती गाइनेलाई बक्सीस दिंदाहुन् । यसरी नै घुमी घुमी गाइनेको जीवनयापन हुन्छ । एक थरीको भनाइ छ कि चार थरीको जीवात्मा एकै ठाउँमा मात्र कहिल्यै बस्दैनन् । ती हुन् बाघ, सर्प, जोगी र गाइने । गाइनेले यस आह्वानलाई वास्तविक जीवनमा चरितार्थ गरिदिएको छ । तर यस बाहेक गाइने तथा तिनका आइमाईहरूले नदीनालाबाट आफूले खानुको साथै बेच्नलाई पनि माछा मारेर ल्याउँछन् । उनीहरूले जाल बुन्छन्, काँगियो बनाउँछन् र बेच्दछन् । कहिले काहीं ज्यालामा काम पनि गर्न जान्छन् । यस्तै प्रकारले गाइनेको गुजारा चलेको हुन्छ ।

गाइनेले गाउने गीतहरू मुख्यतया तीन किसिमका हुन्छन् । पहिलो किसिमको गीत हो कर्खा जुन कुनै वीर पुरुषको वीरताको गाथा हो । गोरखाका गाइनेहरूको भनाइ अनुसार कुनै ठूलो मानिस मर्दा उनको परिवारले गाइनेलाई बोलाएर उनको जीवनकालको कीर्तिमय घटना र उपलब्धिहरूको बारेमा जानकारी दिन्छन् र गाइनेले पहिलो वार्षिक श्राद्धको समयमा गीतको रूपमा गाउनु पर्दथ्यो । गाइनेहरूको यसप्रकारको सङ्कलनमा श्री ५ पृथ्वीनारायण शाहको काठमाडौं उपत्यका विजय यात्राको सन्दर्भका छन् भने कुनै कर्खाहरू वीर भक्ति थापा, अमर सिंह थापाका देश सेवा र वीरताका बारेमा छन् । अझ कुनै कुनै कर्खा नेपाल–तिब्बत युद्ध, लखनउको विजय अथवा जङ्गबहादुरको मृत्युको बारेमा पनि छन् । आधुनिक घटनाहरू पनि गाइनेको कर्खाको निम्ति उपयुक्त विषय वस्तु नै हुन्छन् । स्व. श्री ५ त्रिभुवनको स्वर्गवासको दुःखद घटनालाई गाइनेहरूले आफ्नै दृष्टिकोणले सविस्तार वर्णन गरेका छन् । यसरी पुराना इतिहासका घटना र वीर पुरुषहरूको गाथा सम्बन्धी आफ्ना सङ्कलनमा नवीनतम घटनाहरूको वर्णन समेत थप्दै गाइनेहरूले आफ्नो कर्खाका माध्यमद्वारा नेपालका गाउँ घरमा एकप्रकारको ग्रामीण साहित्यलाई अनुपोषित र निरन्तरता प्रदान गर्दै लगेका छन् ।

हुनत गाइनेहरूका यी गीतहरूले सम्बन्धित घटनाको क्रम अथवा व्यक्तिको जीवन बारेमा तथ्य जानकारी नै मात्र दिएको हुँदैन किनभने धेरैजसो यस्ता गीतका लेखक निरक्षर गाइने स्वयं नै हुन्छन् । उदाहरणार्थ, श्री ५ त्रिभुवनको स्वर्गवासको घटनालाई एउटा लामो कर्खाको रूपमा वर्गन गर्दा त्यसमा श्री ५ त्रिभुवनको स्वीट्जरलैण्डमा स्वर्गवास हुँदाको अवस्था यसरी चित्रण गरेका छन् :–

> "चार बजे टाइममा त्रिभुवन तास कुचिन मखमलमा सुकुला भयो
> डाक्टरले ऐना देखाइ दियो त्रिभुवन मूर्छा परिरहे
> दसजना डाक्टरले त्रिभुवनको भुँडी चिरीकन
> आन्द्रा भुँडी जम्मै बाहिर राख्यो एक पाथी जति रगतगयो त्रिभुवनको त्यहाँ
> मुटुको तीन वटा खटीरा चिरिदियो डाक्टरले पनि त्यहाँ
> आन्द्रा भुँडी जम्मै भित्र हाली जम्मै तयार हुने टाइममा
> चार मिनेट ढिलो हुँदाखेरि त्रिभुवनको पवन उडाइ लग्यो......"[१]

यसरी वास्तविक घटनासँग यिनीहरूको कर्खाको वर्णन फरक पर्न गएको कारण यिनीहरूले कर्खा बनाउँदा आफ्नो काल्पनिक शक्तिमा भरपरेको कुरा माथिका पङ्क्तिहरूमा राम्रैसँग देखिन्छ । तर तैपनि यी कर्खा सुन्ने असंख्य ग्रामीण नरनारी जसले यस प्रकारका विषयहरूसित अरू श्रव्य अथवा दृश्य साधनबाट

---

[१] Macdonald, A. W.– Some Observations on Nepali Sung verse (I) (unpublished)

परिचित हुने मौका पाउँदैनन्, तिनीहरूलाई आफ्नो देशमा घटेका विभिन्न घटनाहरूको बारेमा मोटामोटी जानकारी दिएर यी गाइनेहरूले नेपाली समाजलाई नै ठूलो योगदान दिइआएका छन् ।

गाइनेहरूले गाउने दोस्रो प्रकारका गीतहरू धर्म कर्मसित सम्बन्धित हुन्छन् । यसमा रामायण र महाभारत जस्ता पुराणहरूबाट लिइएका धार्मिक गीतहरूका साथै विभिन्न स्तुति, भजन र मङ्गलगानहरू पर्दछन् । यसमा दशैंको समयमा दुर्गा भवानीको नाममा गाइने मालश्री गीत प्रमुख छन् । कुनै कुनै बेला यिनीहरूले शिक्षाप्रद गीतहरू पनि गाउँछन् जसलाई यिनीहरू निर्गुन भजन भन्दछन् । यसको एउटा उदाहरण–

"राजारानी पंडित ज्ञानी
भिष्म जस्ता अनेक शुरविर
मैहुँ भन्ने रणवीर
जानु पर्छ आखिर
यो जिउ पापी रहने छैन थीर
चार दिन बस्नलाई के को तन्ता पिर......"

गाइनेहरूको गीतको अन्तिम किसिम झ्याउरे हो । यसमा विभिन्न ठाउँमा परम्परागत भाखाहरू पनि प्रयोग हुन्छन् । गीतका विषयहरू कुनै पनि हलुका किसिमको तथा प्रेम विनोद सम्बन्धी पनि हुन सक्छ। यस्तै कुनै दुःख पाएको विवाहित आइमाई अथवा कुनै विधुवाको विषयमा पनि हुन सक्छ । कहिले काहीं परदेशमा मरेको सिपाहीको विषयमा पनि हुन सक्छ । यिनीहरूले पत्र पत्रिकामा खबर दिइने खालका घटनाहरू जस्तै भूइँचालो, नहर निर्माण, आमचुनाव, स्व. श्री ५ महेन्द्रको स्वदेश भ्रमण अथवा बहु–विवाह गर्न नपाइने कानूनी व्यवस्था आदि कुनै पनि विषयमा यसप्रकारको गीतहरू बनाइन्छन् । कहिले काहीं अज्ञ समाजमा देखापरेका अवाञ्छनीय प्रवृत्तिलाई समेत आलोचना गरी गीत बनाइएका हुन्छन्

गाइनेहरूको गीत संकलनमा एउटा रोचक गीतमध्ये "डाँफे चरी" हो । गाइनेको कल्पनाले रचिएको परम्परादेखि चलिआएको यो गीतमा एउटा डाँफे चरीको जीवन चक्रनै वर्णन गरिएको छ । यौवन, शृङ्गार, सुख तथा दुःखको राम्रो सन्तुलन समावेश भएको यो गीतलाई गाएर एउटा दक्ष गाइनेले श्रोतावर्गलाई आँसु र हाँसोको गहिरो अनुभूति प्रदान गर्न सक्दछ । यसलाई गाइनेका गीत सङ्कलनमा एउटा खण्ड काव्यको रूपमा लिन सकिन्छ ।

गाइनेहरूको गीत गाउँदा बजाउने बाजा मुख्यतया सारङ्गी नै हो जसले पुरानो अर्वाजो भन्ने बाजाको ठाउँ लिएको छ । कुनै कुनै गाइनेको भनाइ बमोजिम गाइनेहरूले प्रयोग गर्ने बाजाहरू विष्णुले मारेर टुक्रा टुक्रा पारेको राक्षसको अङ्ग प्रत्यङ्गबाट बनाइएको हो । यसअनुसार उक्त राक्षसको ढाडबाट ढोल, कानबाट झ्याली (जसलाई गाइनेहरू कम्सताल भन्दछन्), छातीबाट फेवारी भन्ने एउटा बाजा, भुँडीबाट टयाम्को, दाहिने हातबाट पखवाज (जुन एक किसिमको ढोल नै हो), वायाँहातबाट एकतार सीतार र सारङ्गी र उसको लिङ्गबाट सहनाई बनाइए ।यसरी गाइनेका साजहरूको उत्पति भएका हुन् ।

सारङ्गी जुन अहिले मुख्य प्रचलित साज हो, एउटा सिङ्गो काठको टुक्राबाट बनाइएको हुन्छ । यो एउटा भाँडोको आकार आउने गरी खोक्रो पारिएको हुन्छ । यसमा माथितिर चारवटा किली हुन्छन् जसले त्यस

बाजाको तार तन्काएका हुन्छन् । पहिले पहिले बाखाको आन्द्राको तार प्रयोग गर्दथे । तर आजकाल बिजुलीको तार अथवा नाइलनको तार प्रयोग गर्दछन् ।

धार्मिक दृष्टिकोणले गाइनेहरू हिन्दू धर्मावलम्बी नै हुन् । तर सामाजिक विभाजनमा यिनीहरू "अछूत" को समूह भित्र परेको हुनाले यिनीहरूको विभिन्न धार्मिक संस्कारहरूमा ब्राह्मणको प्रयोग हुँदैन। गाइनेहरूले मान्ने पर्वहरूमा दशैं,नाग पञ्चमी हुन्। दशैंको र चैत अष्टमीको दिन यिनीहरूले आफ्नो बाजाहरू अर्वाजो र सारङ्गीको पूजा गर्दछन् । यिनीहरूले मान्ने देवताहरूमा महादेव, पार्वती, गणेश, सरस्वती हुन् । यी बाहेक यिनीहरू माई, देवी, चन्दी र सत्यनारायणको पनि पूजा गर्दछन् । यिनीहरूमा अकालले मरेका मानिसहरू वाई हुन्छन् भन्ने विश्वास र तिनीहरूको मृत्यु संस्कार राम्रोसँग भएको मानिंदैन । त्यसैले समय समयमा खोला किनारमा वाई (अथवा वायु) को पूजा गर्दछन् ।

गाइनेहरूमा बच्चा जन्मने वित्तिकै एउटा पण्डित समक्ष ग्रह जचाउँन जान्छन् । यदि शुभ-ग्रह छैन भने बच्चाको बाबु अथवा आमाले बच्चाको मुख हेर्नु नहुने हुन्छ । यदि ग्रह खराव भए तापनि त्यति धेरै खराब छैन भने एउटा पूजा गरी स्वस्ती शान्ति गर्दछन् । जन्मेको छ दिनमा छैत हुन्छ । सो दिनमा एउटा बाहुनद्वारा बच्चाको कुण्डली बनाउन लगाउँछन् र बच्चालाई नाम दिन्छन् । नौ दिनको दिन सबै नातादारहरूलाई निम्त्याई एउटा भोजको आयोजना गरिन्छ । बच्चा जन्मेको छैठौं महीनामा बाहुनको सल्लाह अनुसार भात ख्वाउँछन् र रूपैयाँ पैसा अथवा गहनाको रूपमा केही उपहारहरू दिन्छन् ।

बच्चा ठूलो भएपछि केटा छ भने व्रतबन्ध जस्तो एउटा समारोह हुन्छ । सो दिन उक्त गाइने केटोले एउटा धोती र एउटा टोपी पाउँछ र भोजमा सामेल हुन्छ जहाँ उसलाई जाँड रक्सी ख्वाइन्छ । यो समारोह हुनुभन्दा पहिले बच्चा मर्‍यो भने आफ्नो परिवारले मात्र दुःख बारे पुग्दछ। तर यस समारोह पछि उक्त बालकले वयस्कको स्तरमा पदार्पण गर्दछ ।

गाइनेको विवाह गर्ने बेला भएपछि एउटा लमीलाई केटीको घर पठाइन्छ । यदि केटीको बाबुलाई उक्त विवाह मञ्जूर छ भने केटा र केटीको कुण्डलीहरू जुदाइन्छ । यदि तिनीहरू मिल्ने रहेछ भने त्यसलाई विवाह जुर्नु भनिन्छ । यस पछि केटाले केटीको बाबुलाई एक रूपैंयाँ दाम पठाइदिन्छ र त्यसैबाट उनीहरूको विवाह पक्का हुन्छ । त्यसपछि दुवै परिवार मिलेर एउटा भोजको आयोजना गर्दछन् र केटा र केटीको विवाहको निमित्त लुगा र गहना किन्न जाने दिन तय गर्दछन् । कपडा किनेर ल्याइसके पछि एक दिन उक्त कपडा लाई पूजा गरिन्छ। सो दिन मङ्गलगानहरू गाइन्छन् र फेरि एउटा भोजको आयोजना गरिन्छ । सो भोजमा एउटा राँगो काटिन्छ। राँगोको एउटा साप्रो केटीको मामालाई दिइन्छ र त्यसको बदलामा उनले पनि केटोलाई एक माना नून दिन्छ। सो दिनदेखि केटाले उनलाई मामा ससुरा भनी सम्बोधन गर्दछ । राँगाको टाउको लमीलाई दिइन्छ र बाँकी मासु पकाएर वितरण गरिन्छ । त्यसको एक हप्ता जति पछि विवाह सम्पन्न गरिन्छ । विवाहको समयमा मौका अनुसार विभिन्न गीतहरू गाइन्छन् । केटाको घरमा आइमाईहरू रत्यौली खेल्छन् । केटी आफ्नो माइती घरबाट निस्कँदा ख्याली गीत गाइन्छ । तर यिनीहरूको विवाहको कार्यमा नगाइ नहुने गीत 'जयमलपत्ता' हो । साथै, विवाहको समयमा गाइनेहरूले अर्वाजो र सारङ्गी दुवै प्रयोग गर्नु पर्दछ । कारण अर्वाजो भाले बाजा र सारङ्गी पोथी बाजा हुन् भन्ने विश्वास गर्दछन् ।

मृत्युको समयमा पनि यिनीहरू अरू जातहरूको जस्तै दाहसंस्कार गर्दछन् र दुःख बार्ने चलन छ।

देशमा आएको परिवर्तनका लहरले गाइनेहरूलाई पनि समेटेको छ। मुलुकी ऐनमा छुआछुतको व्यवस्था अन्त भएपछि यिनीहरूमा नयाँ विश्वासको सञ्चार भएको छ। केही संख्यामा गाइनेहरूले तराईमा जग्गा पाएका छन्। साथै गाइनेहरूले अझ रेडियो नेपालमा नोकरी पाएका छन् र आफैंले र अरूले लेखेका गीतहरू गाउँछन्। केही संख्यामा गाइने केटाकेटीहरू विद्यालय पनि जान थालेका छन्। यसले गर्दा तिनीहरूले आपनो परम्परागत व्यवसायलाई नै अपनाइराख्ने सम्भावना कम छ।

आर्थिक व्यवस्था

कास्की एउटा पहाडी जिल्ला भए तापनि खाद्यान्न बचत हुने जिल्ला हो । अझ अधिराज्यको सम्पूर्ण पहाडी जिल्लाहरूसितको तुलनामा यो सबभन्दा बढी अन्न बचत हुने जिल्ला हो । यहाँ अन्यत्र जस्तै धान, मकै, कोदो आदि खाद्यान्नहरू नै उत्पादन गरिन्छ । केही वर्ष पहिले रोगले ध्वस्त नपारेसम्म सुन्तला उत्पादनको क्षेत्रमा पश्चिम नेपालमा नै यस जिल्लाले एउटा प्रमुख स्थान ओगटेको थियो । यसैगरी फेवा तालको शहरमाछा पनि नेपाल प्रसिद्ध नै छ । यहाँ कृषि व्यवसाय बाहेक गाउँ घरमा सानातिना घरेलु उद्योगधन्धा पनि सञ्चालित छन् जसबाट उनीहरूले आफ्नो आवश्यकता पूरा गर्नुको साथै केही बेचबिखन पनि गर्दछन् । यसकोसाथै यस जिल्लाको उत्तरी भागमा बस्ने गुरुङहरूले भारतीय र बिलायती सेनामा भर्ती भएर कमाएर ल्याएका तलब, पेन्सन र अरू जातका मानिसहरूले भारतका विभिन्न औद्योगिक प्रतिष्ठानहरूमा काम गरी कमाएका धनले पनि तिनीहरूको अर्थ व्यवस्थामा निकै महत्वपूर्ण स्थान ओगटेको छ । हालसालै मात्र भए तापनि यस जिल्लालाई पूर्वमा पृथ्वी राजमार्गले काठमाडौंसँग र दक्षिणमा सिद्धार्थ राजमार्गले भैरहवासँग यातायात सम्बन्ध जोडी दिएकोले यसको आर्थिक विकासको सम्भाव्यता बढाइदिएको छ । साथै केही वर्ष यतादेखि यहाँ कृषि विकासको निम्ति सिचाइ, प्राविधिक ज्ञान तथा उत्पादन साधनहरू उपलब्ध गराउने सम्बन्धी विकास कार्यक्रम सञ्चालन हुँदै आएको छ । यसरी कास्की जिल्लाको आर्थिक व्यवस्था क्रमशः प्रगतिको मार्गतिर लम्किदै गइरहेको छ । यसको विभिन्न पक्षहरूको विषयमा तल सविस्तार व्याख्या गरिएको छ ।

कृषि

जग्गा जमीन

कास्की जिल्लामा जग्गाको विधिवत नापी २०१८ सालदेखि नै शुरु भएको हो तापनि यहाँ उक्त नापी कार्य विभिन्न समस्याहरूको कारणले स्थगित गरिएको थियो । यसैले यहाँको जग्गाको वर्तमान लगत यस जिल्लामा सम्वत् १९९० सालमा भएको खेततर्फको महाजाँच र १९९१ सालमा भएको पाखोतर्फको महाजाँचमै खडा भएको मोठ श्रेस्ता र त्यसपछि साल-सालमा नम्बरी भएका नम्बरी मोठ समेतमा आधारित छ । यस जिल्लामा आधुनिक किसिमले नापी गर्ने कार्यक्रम पाँचौं पञ्चवर्षीय योजनामा समावेश भएको छ । पोखरा नगर पञ्चायत क्षेत्रको मात्र नापी कार्य २०२९।३० सालदेखि हुँदै आएको छ । यसरी सम्पूर्ण जिल्लाको वैज्ञानिक नापी नभएसम्म यहाँ भएको जग्गाको ठीक ठीक नाप निकाल्न सकिंदैन ।

हाल यहाँ रहेको लगतबमोजिम खेत र पाखो निम्नलिखित परिमाणमा छ। परिमाण यहाँ पहिलेदेखि चलिआएको नापमा नै दिइएको छ।

खेततर्फ

खेतको किसिम	परिमाण (माटोमा)				
	खेत	मुरी	पाथी	माना	मुठी
अब्बल	४१६	६८	१	२	९
दोयम	१,१५७	९	१२	–	६
सीम	२,७८४	८२	१७	५	३
चाहार	३,९६८	८५	७	६	४
किसिम नखलेको	१७९	४७	११	४	–
जम्मा:–	८,५०६	९३	१०	३	२

उपर्युक्त तालिकामा दिइएको परम्परागत नाप अनुसार १० मुट्ठी माटो बराबर एक माना, आठ माना बराबर एक पाथी, २० पाथी बराबर एक मुरी र १०० मुरी बराबर एक खेत हुन्छ। यहाँ खेत तर्फ मात्र जम्मा ८,५०६ खेत, ९३ मुरी, १० पाथी, तीन माना र दुई मुट्ठी जग्गा भएको देखिन्छ।

पाखोतर्फ यहाँ बीजनको हिसाबले जग्गा देखाइएको छ। तर कति बीजन जग्गाको कति नाप हुन्छ भन्ने कुनै वैज्ञानिक परिवर्तन तालिका हुन नसक्ने भएको हुनाले यहाँपनि जग्गा नापीकै ठूलो आवश्यकता छ। हाल रहेको तथ्याङ्कअनुसार यस जिल्लामा १,१६६ मुरी १० पाथी सात माना नौ मुठी बीजन बराबरको पाखो जग्गा भएको देखिन्छ।

यी बाहेक पाखो तर्फ महभीर, अलैंची र खर्चरी भन्ने जग्गाहरू पनि यहाँ भएको देखिन्छ। यी जग्गाहरूमा महभीरभन्दा माहुरी पाल्नको निम्ति आफूले पोत तिरेर राखेको, अलैंची भन्दा अलैंची उत्पादनको निमित्त कर तिरेको जग्गा र खर्चरी भन्दा भेडाको चरनको निम्ति कर तिरेर चरनको निम्ति राखेको जग्गा भन्ने ज्ञान हुन आउँछ। तर यीमध्ये कतिपय जग्गामा अनाज खेती पनि गरिएको छ।

त्यसैले यस परिचयको विश्लेषणको निम्ति उपरोक्त जग्गाका किसिमहरूमध्ये खेत र पाखो जग्गाको सम्बन्धमा परम्परागत नापकै आधारमा केही विश्लेषण गर्न सकिन्छ। खेतको नाप सम्बन्धी परिवर्तनको तरीका माथि उल्लेख गरी सकिएको छ। पाखो तर्फको खेत गरिने जग्गाको हकमा एउटा अनुमानअनुसार एक पाथी मकैको बीउ जाने जग्गाको नाप बराबर ३.०८ रोपनी जग्गा हुन आउँछ।[1] यसरी माथि उल्लेख गरिएको कास्की जिल्लाको पाखो तर्फको बीजन १,१६६।१०।७।९ बराबर ७१,८५९.४८ रोपनी जग्गा हुन आउँछ जसलाई पुनःमुरी माटोमा परिवर्तन गर्दा २,८७,४३८ मुरी माटो हुन आउँछ। यस्मा माथि उल्लिखित खेत जग्गालाई पनि सबै माटो मुरीमा परिवर्तन गर्दा ८,५०,६९४ माटो मुरी हुन आउँछ। यसरी दुवै किसिमको जग्गा मिलाउँदा यस जिल्लामा जम्मा ११,३८,१३२ माटो मुरी जग्गा हुन आउँछ। तर एउटा अन्य अनुमानअनुसार यस जिल्लामा

---

[1] श्री ५ को सरकार, कृषि बजार सेवा विभागले प्रदान गरेको जानकारीमा आधारित

जम्मा १७ हजार हेक्टर जमीनमा खेती हुन्छ।[1] उक्त जमीन प्रतिहेक्टर बराबर ७८.६ माटो मुरीको हिसावले लगभग १३,३६,२०० माटो मुरी हुन आउने रहेछ। यी दुई तथ्याङ्कमा झण्डै दुई लाख माटो मुरीको फरक पर्न आउँछ। तर यी दुई तथ्याङ्कमा यही नै बढी विश्वासनीय छ भन्न निकै कठिन छ। त्यसैले हाललाई माथि शुरुमा उल्लिखित स्थानीय माल अड्डाले दिएको तथ्याङ्कलाई नै आधार मानेर विश्लेषण गर्दा यस जिल्लामा प्रतिव्यक्ति ७.५ मुरी अर्थात् ०.१ हेक्टर जग्गा पर्न आउँछ। उक्त तथ्याङ्कको आधारमा हेर्दा यहाँ प्रतिव्यक्ति जग्गा निकै कम देखिन्छ। अर्कोतिर हाम्रो देशमा जतातत‌ै जग्गाको वितरण असमान भएको हुनाले यस जिल्लाको जनतामा मात्र यहाँको आवादी जग्गा समान रूपले वितरण भएको छ भन्न कठिन पर्दछ। त्यसैले एकातिर औसत प्रति व्यक्ति जग्गा साह्रै कम छ भने अर्कोतिर यस असमान वितरणले गर्दा यहाँ निकै खेतीको दृष्टिकोणले सीमान्त किसिमका घर परिवारहरू धेरै नै छन् भन्ने अनुमान लगाउन सकिन्छ।

यस जिल्लामा भूमि सुधार लागू भए पछि जम्मा १,१०५ रोपनी, तीन पैसा अर्थात् लगभग ५५ हेक्टर जमीन हदबन्दीभन्दा बढी फेला परेको थियो जसमध्ये ११७रोपनी, पाँच आना वितरण भएको छ। बाँकी जमीनलाई पनि वितरण गर्ने सम्बन्धमा जग्गा नापी भएपछि मात्र यकीन थाहा लाग्ने भएको हुनाले जग्गा वितरण स्थगित गरिएको छ।

भूमिसुधार पछि यस जिल्लामा ३,६१३जवान आफ्नो साथै अरूको जग्गा पनि कमाउने र १९१ जवान अरूको मात्र जग्गा कमाउने समेत गरी जम्मा ३,८०४जवान मोहीहरूलाई मोहियानी हक प्रदान गरिएको छ। तर कूतको सम्बन्धमा यहाँ अझै मुख्यबालीको अधिया नै प्रचलन छ। श्री ५ को सरकारले यहाँ निश्चित कूत तोकिसकेको छैन।

मालपोतको प्रयोजनको निम्ति यस जिल्लालाई जम्मा ७२ मौजाहरूमा विभक्त गरिएको छ। २०२३ साल अगाडिसम्म यहाँ जिम्मावाली प्रथाबाट मालपोत असूल तहसील गरिएकोमा सो सालदेखि अमानत प्रथाबाट मालपोत असूलीको कार्य सञ्चालन गरिएको छ। यहाँ उठ्ती हुने मालपोत रकम २०३०मा रू.४,७०,२३३। थियो।

अनिवार्य वचत कार्यक्रम भूमिसुधार कार्यक्रमको अभिन्न अङ्गको रूपमा सञ्चालन भई२०२५सालमा बन्द भएको थियो तर उक्त समयभित्र बुझाउनु पर्ने नबुझाएको अनिवार्य बचत हालसम्म पनि उठाउँदै आएका छन्। यसरी हालसम्ममा यस जिल्लामा नगद रू. ५,०६,२९५। र जिन्सी ५,२०१ मुरी, १० पाथी, चार माना, छ मुठी अनिवार्य बचतको रूपमा उठ्ती भएको छ र यस बचतबाट ग्राम समितिहरू मार्फत कृषकहरूलाई ऋण पनि उपलब्ध गरिआएको छ।

भूमिसुधार कार्यक्रम अन्तर्गत ऋण निश्चित गर्ने कार्यक्रम बमोजिम यहाँ जम्मा १८,६८,३२५। को ऋण निश्चित भएको थियो जसमध्ये रू. ४,४५,९०६। साहूलाई तिर्न नपर्ने गरी निर्णय भएको थियो।

यस जिल्लामा लाग्ने बालीहरूमा खेत तर्फ धान, गहुँ र मकै तथा पाखोतर्फ कोदो र घैया छन्। स्थान विशेषको आधारमा कहीं कहीं काउनो, तोरी र फापर पनि लगाइन्छ।

---

[1] His Majesty's Government Ministry of Food and Agriculture, Agricultural Statistics of Nepal, 1972, p. 16

पहाडी जिल्लामा पनि कास्की जिल्लाको कुल खेती गरिएको जग्गामा पाखो जग्गाभन्दा खेत जग्गा नै बढी छ भन्ने कुरा माथि जग्गा सम्बन्धी दिइएको तथ्याङ्कबाट देखिएको छ । हुनत पाखोमा बीजनको आधारमा जग्गा नापी गर्दा धेरै ठूलो जग्गालाई पनि थोरै बीजनको दर्ता गरिएको हुन्छ। त्यसैले यस जिल्लामा खेतको तुलनामा पाखो कति छ भन्ने कुरा पनि निश्चित रूपले भन्न सकिन्न। माथि उल्लिखित कृषि तथ्याङ्कलाई हेर्ने हो भने कास्की जिल्लामा सन् १९७०।७१ मा जम्मा १० हजार हेक्टरमा धान र सात हजार हेक्टरमा कोदो लगाएको देखाइएको छ । यहाँ धान मुख्यतया खेतमा लगाइने र कोदो मुख्यतया पाखो जग्गामा लगाउने बालीहरू भएको हुनाले उक्त धानबाली लगाइएको इलाकाले धेरै हदसम्म खेत र कोदोले धेरै हदसम्म पाखोजग्गालाई नै सङ्केत गर्दछ भन्ने अनुमान गर्न सकिन्छ । यसरी यस तथ्याङ्कले पनि यस जिल्लामा पाखो जग्गाभन्दा खेत जग्गा नै बढी छ भन्ने कुरालाई स्पष्टसँग दर्शाउँछ । फरक आपसी परिमाणको मात्र छ । हुन पनि कास्की जिल्लामा एकातिर भिरालो पहाडहरू धेरै कम छ भने अर्कोतिर यहाँ अर्घौं फाँट, शिशुवा फाँट, गौनगौंडा पुरन्चौरफाँट, फेवा खेत, ह्याङ्जा फाँट जस्ता ठूला ठूला धान खेतका फाँटहरू प्रशस्त भएकोले पनि खेत जग्गाको परिमाण पाखोभन्दा बढी हुन गएको हो ।

पशु धन

यहाँ पालिने वस्तुहरूमा अन्यत्र जस्तै गाई, भैंसी, गोरु, खसी–बोका, कुखुरा आदि हुन् । यस बाहेक यस जिल्लाको पहाडी भागमा गुरुङहरूको बस्ती भएको र तिनीहरूको एउटा मुख्य आर्थिक आधार भेडा पालन पनि भएको हुनाले यस जिल्लामा ठूलो संख्यामा भेडाहरू पनि पाइन्छन् । तर यहाँ भेडाहरूको संख्या कति छ भन्ने तथ्याङ्क उपलब्ध छैन। अरू पाल्तु वस्तुहरू एउटा तथ्याङ्क अनुसार २०२६।२७ सालमा यस जिल्लामा ३३ हजार गाई, २० हजार गोरु, ७७ हजार भैंसी, एक हजार राँगो र ४८ हजार बाख्रा थिए ।

फलफूल खेती

पहाडी इलाका भए तापनि यो जिल्लामा धेरैजसो भागमा अर्ध उष्ण हावापानी भएको हुनाले यहाँ सोअनुसारकै फलफूलहरू जस्तै केरा, सुन्तला, कागती, अम्बा, रूखकटहर इत्यादि पाइन्छन्। केही वर्ष अगाडिसम्म यस ठाउँलाई पश्चिम नेपालको सुन्तलाको भण्डारको रूपमा लिइन्थ्यो । तर पछि गएर यहाँको ती सुन्तलाका बिरुवा "ग्रीनिङ भाइरस" भन्ने रोगका शिकार भए । एक बखत सुन्तलाको बोटले भरिएको बाटुले चौर, पुरन्चौर इलाकामा पछि गएर त्यहाँका बासिन्दाले सुन्तला बाहिरबाट आयात गरेर खानुपर्‍यो। पश्चिम कास्कीमा राम्जा इलाकातिर मात्र आजकल केही सुन्तला पाइन्छ । तर आजकल भूइँ कटहरको खेतीतिर पनि कृषकहरूको अभिरुचि बढेको देखिएको छ ।

कृषि विकास

यहाँ खेतीपातीको विकासको निम्ति श्री ५ को सरकारले धेरैवर्षदेखि विभिन्न किसिमको कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। जसै जसै यहाँ कृषि विकासका नयाँ सम्भावनाहरू देखिए नयाँ तथा बढी व्यापक कृषि विकासका कार्यक्रमहरू सञ्चालन गरिए । यसरी यस जिल्लाको कृषि व्यवस्था एउटा गतिशील पथमा अग्रसर हुँदै गइरहेको छ ।

कृषि प्रसार कार्यक्रम

पश्चिमाञ्चल क्षेत्रिय कृषि निर्देशनालय यहीं अवस्थित भए तापनि यस्मा निहित संगठनात्मक प्रारूपअनुसार यस जिल्लाको कृषि प्रसार कार्यक्रम स्थानीय कृषि विकास कार्यालयद्वारा सञ्चालन गरिन्छ। यो कार्यालय गण्डकी अञ्चल कृषि विकास योजनाको एउटा भाग हो। आर्थिक वर्ष २०२४।२५ सालमा उक्त योजना शुरू भएको थियो यसको मुख्य कार्यालय तनहूँ जिल्लाको खैरेनीटारमा रहेको छ र पोखरामा यसको एउटा सब स्टेशन राखिएको छ।

कृषि प्रसार कार्यक्रम अन्तर्गत मुख्यतया उन्नत बीउको प्रचार, बाली संरक्षण, उन्नत मलको प्रयोग घुम्ती बालीको प्रचार, तरकारी खेती आदि विषयको प्रचार प्रसार गरिन्छ। यसरी कृषकहरूको खेतीपातीको तरीकामा वैज्ञानिकता ल्याउने यसको मूल उद्देश्य हो। पशुपालनको क्षेत्रमा पनि उन्नत जातका पशुहरू वितरण गरी स्थानीय पशुवस्तुको नश्ल सुधार गर्ने कार्य पनि यस कृषि प्रसार कार्यक्रममा समाविष्ट छ।

मत्स्य विकास केन्द्र

पोखरा उपत्यकामा अवस्थित फेवा तालमा एउटा मत्स्य विकास केन्द्र पनि सञ्चालन गरिएको छ। बेगनास, रूपा तालमा यसका प्रशाखाहरू खोलिएका छन्। यी कार्यालयहरूको मुख्य कार्यक्रम उन्नत जातका माछाहरूको प्रजनन र उत्पादन गर्ने हो। साथै यिनीहरूले गाउँ गाउँको पोखरीहरूमा माछा पालनको निम्ति माछा वा भूराहरू पनि उपलब्ध गराउँछन्।

पशु चिकित्सालय

यहाँ २०११ सालमा स्थापना भएको भेटेनरी डिस्पेन्सरी २०१८ सालमा पशुचिकित्सालयमा परिणत भयो जुन पोखराको माटेपानीमा अवस्थित छ। यसले पशुहरूको उपचारको साथै नश्ल सुधार कार्य पनि गर्दछ। २०२९।०३० को आर्थिक वर्षमा यस चिकित्सालयले १९,१०० पशुपक्षीको उपचार, १५ वटा पशुहरूको कृत्रिम गर्भाधान, ३९६ वटालाई खसी पर्नुको साथै पाएरासाइट नियन्त्रण र बेला बेलामा फैलिने संक्रामक रोगको विरुद्ध भ्याक्सिनेसनको कार्यक्रमहरू सञ्चालन गर्ने गरिन्छ।

पशु विकास फारम

यस जिल्लामा छिने डाँडा गाउँ पञ्चायतमा एउटा पशु विकास फार्म पनि रहेको छ। पहिले २०१८।१९ सालतिर यो फार्म भेडा फार्मको रूपमा मात्र थियो र पछि गएर यसको कार्य क्षेत्र विस्तृत गरियो। हाल यहाँ भेडा र भैंसीमा स्थानीय र उन्नत जातका बीच मिश्रित प्रजनन गर्नुको साथै बंगुर र बाख्राको उत्पादन कार्यक्रमहरू सञ्चालित छन्। भेडाको सुधारको निम्ति पोल्वर्थ भेडा तथा नश्ल सुधारिएको स्थानीय कागे भेडाको थुमा, मुर्रा जातको राँगो तथा लण्डरेस तथा हेम्पसायर जातका बंगुरहरू यस फारमबाट कास्की जिल्लाको साथै बाग्लुङ, भैरहवा, पाल्पा, स्याङजा र पर्वत जिल्लाहरूमा पनि उपलब्ध गराइन्छन्। यिनीहरूको वितरण गर्दा साधारणतः कृषि प्रसार कार्यक्रमको माध्यमबाट गरिन्छ।

बागवानी अनुसन्धान केन्द्र

पोखराको माले पाटनमा एउटा बागबानी अनुसन्धान केन्द्र पनि छ। यसको मुख्य कार्यक्रम बागबानी अनुसन्धान, बोट बिरुवा उत्पादन, तरकारी बीउको उत्पादन र वितरण गर्नु हो। गाउँ गाउँमा जिल्लाको कृषि

प्रसार कार्यक्रमको माध्यमबाटै बागबानी सम्बन्धी प्रसार कार्य हुन्छ। पहिले पहिले यहाँ सुन्तलाको बोटहरू भारतबाट आयात गरी परीक्षण गर्दा त्यतैबाट ग्रीनिङ भाइरस भन्ने रोग अन्यत्र सारी पोखराको सुन्तला नाश भयो भन्ने विश्वास लिइएको छ। आजकाल यस केन्द्रमा सुन्तलाको प्रजनन गरिँदैन। यस केन्द्रबाट मुख्य रूपमा प्रजनन गरी बिक्री वितरण गरिने फलफूलका बोटहरूमा अम्बा, रूखकटहर, भूइँकटहर, कागती, लिची र केरा छन्।

खेतीपातीको क्षेत्रमा अर्को महत्वपूर्ण संस्थागत व्यवस्था कृषि खरीद बिक्री संस्थान हो। उक्त संस्थानको पोखरास्थित शाखाले २०२९।३० को आर्थिक वर्षमा १३० मे. ट. रासायनिक मल, २० मे. ट. उन्नत जातका बीउहरू र रू. १४,४३९। को कीटनाशक औषधि बिक्री वितरण गरेको देखिन्छ।[1] पोखरामा यस संस्थानको चारवटा संस्थागत र पाँचवटा व्यक्तिगत डीलरहरू नियुक्त भएका छन्। संस्थागत डीलरहरू यहाँको सहकारी संघ तथा सहकारी संस्थाहरू हुन्।

लुम्ले कृषि केन्

पोखराको अन्दाजी २७ किलोमिटर पश्चिममा पर्ने पाउँदुर धारापानी गाउँ पञ्चायत अन्तर्गतको लुम्ले कृषि केन्द्र पनि यस जिल्लामा कृषि कार्य सम्बन्धी एउटा महत्वपूर्ण विकास कार्यक्रम हो। भूतपूर्व ब्रिटिश गोरखा सैनिकहरूको निम्ति "ब्रिटिश गोरखा रिइन्टेग्रेसन ट्रेनिङ स्कीम" को नाउँले कृषिको विभिन्न क्षेत्रमा उन्नत तथा वैज्ञानिक तरीकाको ज्ञान दिलाउन स्थापना भएको यस केन्द्रको विषयमा यस जिल्ला परिचयको प्रमुख स्थान भन्ने शीर्षक अन्तर्गत पनि केही चर्चा गरी सकिएको छ। संक्षेपमा यस केन्द्रले उक्त भूतपूर्व सैनिकहरूलाई वैज्ञानिक तरीकाले भू–उपयोग गर्न तथा पशुपालन विधि सिकाउन यस केन्द्रमा सघन खेती, फलोद्यान, वन विकास, पशु पालन, जल नियन्त्रण तथा माटो संरक्षण कार्यमा विभिन्न प्रदर्शनहरू गरेका छन्। त्यस भेकका सामान्य किसानहरूले गर्ने खेतीमा जुन किसिमको र जति मात्रामा साधनहरू उपलब्ध छन् तिनीहरूकै प्रयोगद्वारा कृषिमा उन्नति गर्ने उद्देश्य यस केन्द्रले लिएको छ। यस दृष्टिकोणले सामान्य कृषककै अवस्थासँग मिल्दोजुल्दो हुने गरी वातवरण सृजना गरी कृषि विकासको निम्ति प्रयत्न गर्ने यो तालीम तथा अनुसन्धानात्मक केन्द्र अधिराज्यमा नै पहिलो हो।

सिचाइ

यस जिल्लामा ठूला फाँटहरू भएको हुनाले यो पहाडी जिल्ला भए तापनि सिचाइको आयोजनाहरू सञ्चालन गर्न सकिने सम्भावना ठाउँ ठाउँमा मौजुद छ। यहाँ हाल चालू सिचाइको आयोजनाहरू विजयपुर सिचाइ योजना र फेवा ताल सिचाइ योजना हुन् जसका विषयमा तल क्रमैसँग जानकारीहरू दिइएको छ।

विजयपुर सिचाई योजना

यो योजना पोखरा बजारदेखि पूर्व पर्ने विजयपुर खोलामा कण्डनी डाँडा गाउँ पञ्चायत इलाकामा निर्माण भएको छ। यो नहर २०१७ सालमा कुल रकम सात लाख ७६ हजार रूपैयाँको लागतमा सम्पन्न भएको थियो। यो खोला थाक गाउँबाट आएको हुनाले यसको पानीमा गोठको मलको रस मिसिएको हुन्छ। त्यसैले यो सिचाइको निमित्त अत्यन्त उपयोगी मानिएको छ। यस योजनाको शुरूको उद्देश्य विजयपुर नदीको पूर्व

---

[1] Agricultural Marketing Corporation, Important Statistics, Sept. 1973.

तिर पर्ने अर्घौं, कण्डनी डाँडा र शिशुवा गाउँ पञ्चायतको ६० हजार रोपनी जमीनमध्ये ५२,००० रोपनीलाई सिचाइ गर्ने थियो । तर विजयपुर खोला ठूलो भएतापनि एक त निर्माण भएको नहर सानो क्षमताको अर्कोतिर नहरमा पानीको चुहावट भएकोले प्रति क्युसेक ८० एकड सिचाइं गर्ने उद्देश्य राखिएंको भएतापनि यस नहरबाट आजकाल "प्रति क्यूसेक ३० एकड" मात्र सिचाइ भएको छ । २०३०।०३१ सालको एउटा आधिकारिक प्रतिवेदन अनुसार नहरको लम्बाइ करीब पाँच किलोमिटर (तीन माइल) लामो छ र जम्मा ४,६०० रोपनी जमीनमा बाह्रै महीना सिचाइ हुने गरेको छ । तर यसबाट १६,२०० रोपनीसम्म सिचाइ हुन सक्ने सम्भाव्यता छ ।

फेवा ताल सिचाइ योजना

फेवातालमा बाँध बनाएर सिचाइ र विद्युत्को निमित्त पानी उपलब्ध गर्न बाँध निर्माण र विद्युत् केन्द्रको स्थापनाको निमित्त स्थानको निर्धारण २०१४ सालमा भएको थियो । सो अनुसार उक्त योजनाको प्रथम अङ्क फेवा ताल बाँध तथा कुलो २० लाख रूपियाँको लागतमा २०१७ सालमा तयार भई सोही साल माघ ३ गते (१८ नोभेम्बर १९६१) का दिन स्व. श्री ५ महेन्द्रको बाहुलीबाट उद्घाटन सुसम्पन्न भएको थियो। यस योजनाको नहर करीव पाँच किलोमिटर (तीन माइल) लामो छ र यसको क्षमता १५० क्यूसेक पानीको छ। शुरूमा १,२०० एकड अर्थात् लगभग ९,६०० रोपनी जमीनलाई सिचाइ सुविधा पुर्‍याउने लक्ष्य भएको भए तापनि यसबाट ६,५०० रोपनी जमीनमा आसारदेखि असोजसम्म जम्मा चार महीना सिचाइ सुविधा उपलब्ध हुन्छ ।

सिचाइको क्षेत्रको उपर्युक्त दुईवटा पक्की योजनाहरू बाहेक यहाँका गाउँ घरमा स्थानीय श्रम र साधनबाट सञ्चालित धेरै स-साना कच्ची योजनाहरू छन् र तीबाट धेरै मानिस लाभान्वित भएका छन् । एउटा अनुमान अनुसार यस जिल्लामा २०२३।०२४ सालमा अन्दाजी ३,१०० हेक्टर अर्थात् ६२,००० रोपनी जग्गामा सिचाइ सुविधा उपलब्ध थियो । अर्को स्रोतमा आधारित अनुमानअनुसार २०२४।०२५ सालमा यस जिल्लाको सिचाइ क्षमता २९२ हेक्टर अर्थात् ५,८४० रोपनीको निमित्त थियो भने सो साल वास्तविक सिचाइ सुविधा २,७०० हेक्टर अर्थात् ५४,००० रोपनी जमीनलाई उपलब्ध भएको थियो ।[1]

यहाँको अवस्थाको वास्तविकतालाई हेर्ने हो भने एकातिर यहाँ धेरै नै थप सिचाइका सुविधाहरूको आवश्यकता छ भने अर्कोतिर यहाँका सम्भव स्रोतहरू पनि अझै प्रयोगमा आउन बाँकी नै छ । उदाहरणार्थः माथि उल्लिखित योजनाहरूमा विजयपुर सिचाइ योजनालाई निकै नै विस्तृत पारी सिचाइको क्षमता प्रशस्त बढाउन सकिने सम्भावना देखिन्छ । त्यस्तै विभिन्न ठाउँमा स-साना सिचाइको योजनाहरू सम्भव छन् ।

कृषि ऋण

यस जिल्लामा पनि कृषि ऋणको परम्परागत स्रोत गाउँ घरका साहू महाजनहरू नै छन् तर यस जिल्लामा केही वर्ष पहिलेदेखि सहकारी कार्यक्रम शुरू गरी कृषि ऋणको क्षेत्रमा केही आधारभूत परिवर्तन ल्याउन खोजिएको छ । यसै क्षेत्रमा २०२४ सालदेखि कृषि विकास बैंकको स्थापनाद्वारा अझ गतिलो पाइला चाल्न लागिएको छ ।

---

[1] माथि उल्लिखित कृषि तथ्याङ्क, पृष्ठ ५४ मा उक्त दुवै अनुमानहरू दिएका छन् ।

सहकारिता कार्यक्रम

यस जिल्लामा सहकारी कार्यक्रमको जन्म श्री त्रिभुवन ग्राम विकास कार्यक्रमको सिलसिलामा भएको थियो । २०२२।०२३ को आर्थिक वर्षसम्ममा यस जिल्लामा जम्मा ४० वटा सहकारी संस्थाहरूको संगठन भई रजिष्ट्रेशन भएको थियो र तिनीहरूको संयुक्त शेयर पूँजी ३,३२,६२१। रूपियाँ भएको थियो। तर २०२७।०२८ सालमा सहकारी संस्थाहरूको संख्यात्मक वृद्धिभन्दा गुणात्मक स्तर वृद्धि गरी आफ्नो खुट्टामा उभिन सक्ने तुल्याउनलाई छानिएका जिल्लाहरूमा निर्दिष्ट सहकारी कार्यक्रमको शुरूआत भएको थियो । यसरी यहाँ पुराना संस्थाहरूलाई विघटन गर्दै जाने क्रमअनुसार २०२९।०३० सम्ममा १८ वटाको रजिष्ट्रेशन खारेज गरिएको र चारवटा विघटन गरी सकिएको छ। बाँकी संस्थाहरूको क्रमशः खारेज अथवा विघटन हुँदै जाने भएको छ ।

निर्दिष्ट सहकारी कार्यक्रम अन्तर्गत यहाँ तीनवटा ग्रामस्तरीय बहुमुखी सहकारी संस्थाहरू र एउटा जिल्लास्तरीय सहकारी संघ कायम गरिएका छन्। उक्त चारवटा निर्दिष्ट सहकारी संस्थामा जम्मा ६०० सदस्यहरू र रू. ५६,०४६। को शेयर पूँजी रहेको छ । २०२९।०३० को आर्थिक वर्षमा यी संस्थाहरूले १७,१२,८२५। रूपियाँको व्यापारिक कारोवार गरेका छन् । सो सालमा उक्त संस्थाहरूलाई विभिन्न कारोवारको लागि रू. ३,७९,३९२। को ऋण उपलब्ध गराइएको थियो । उपर्युक्त तीनवटा ग्रामस्तरीय संस्थाहरूमध्ये माझठान गाउँ पञ्चायत स्थित सहकारी संस्थामा बाटो घाटोको राम्रो व्यवस्था नहुँदा मल बीउको ढुवानीको मोल बढ्न जाने भई त्यहाँका सदस्यहरूको धेरै अभिरुचि नभएको हुँदा सो संस्था अरूको तुलनामा त्यति राम्रो सञ्चालन हुन सकेको छैन ।

सहकारी संघको हकमा यसमा पहिले व्यक्तिहरू पनि सदस्य हुन पाउनेमा आजकल संस्थामात्र सदस्य हुने व्यवस्थाले गर्दा सदस्य संख्या पहिलेभन्दा घट्न गई हाल २९ मात्र छन् र यसको शेयर पूँजी जम्मा रू. ४१,६८४। छ । यस संघको मुख्य कार्य क्षेत्रमा सदस्य संस्थाहरूलाई नून, मट्टीतेल, चीनी जस्ता उपभोगका वस्तुहरू बिक्री वितरण गर्ने व्यवस्था छ । मल, बीउ आदिको हकमा यहाँ गण्डकी कृषि विकास योजना सञ्चालन भइरहेको हुँदा कृषि खरीद बिक्री सँस्थानबाट संस्थाहरूले सोझै खरीद गर्दा उक्त योजनाले संस्थासम्म नै मोटरबाट निःशुल्क ढुवानी गर्ने व्यवस्था भएकोले सहकारी संघले यस क्षेत्रमा हात हाल्नु परेको छैन । २०२९।०३० को आर्थिक वर्षमा यस संघले जम्मा रू. १५,१०,२३३। को व्यापारिक कारोवार गर्‍यो ।

कृषि विकास बैंक

माथि भनिएझैं कृषि ऋणको क्षेत्रमा एउटा गहकिलो कदम कृषि विकास बैंकको स्थापना हो जसको शाखा कार्यालय यस जिल्लाको सदरमुकाम पोखरा बजारमा २०२४ सालमा स्थापना भएको थियो । तर यसको कार्य क्षेत्र यस जिल्लामात्र नभै गण्डकी अञ्चलका अन्य जिल्लाहरू र धवलागिरि अञ्चल समेत पर्दछन् ।

यस बैंक शाखाबाट २०३० साल पौष मसान्तसम्ममा खाद्यान्न बालीमा जम्मा २,२९१ वटा ऋणहरू प्रदान गरिएका छन् । यिनीहरूमा धान, गहुँ र मकै बालीहरूको निम्ति प्रदान गरिएको रू. ३,६८,०७१ को ऋणहरू पर्दछन् । सबभन्दा बढी संख्यामा ऋणहरू (१,१३६ वटा) गहुँ खेतीको निम्ति दिइएका छन् र जसमा लगभग एक लाख ६८ हजार रूपियाँ लगानी भएको छ । खाद्यान्न बालीमा बाहेक "कृषि व्यवसाय" को

अन्य क्षेत्रमा प्रदान गरिएका ऋणहरूमध्ये माछा पालनको निम्ति दुईवटा र भेडा पालनको निम्ति एउटा समेत गरी जम्मा ४३ वटा ऋणहरूमा रू. ३,५७,३०३। को लगानी भएको छ। यी वाहेक कृषि सामग्री बेचबिखन गर्ने दुईवटा डीलरशीपलाई रू. ६५,५३६।, कृषि उद्योग सम्बन्धी १३ वटा ऋणलाई रू. २,७३,६८०।, सिचाइ कुलोको ११ वटा ऋणमा रू. ५२,२५०।, गोरु, खरीदको निम्ति दुईवटा ऋणमा रू. ८४,६८१। उपभोक्ता भण्डार एउटाको लागि रू. १,३६,४५८। र फलफूल खेतीको तीनवटा ऋणको लागि रू. ३६,२००। को ऋण लगानी भएको छ। यसरी सबै ऋणहरू जम्मा गर्दा २,३६७ वटा ऋणहरूमा रू. १४,१६,३४१। को लगानी भएको छ। तर उक्त ऋणहरू कास्की जिल्लामा मात्र सीमित नभइ सम्पूर्ण गण्डकी र धवलागिरि अञ्चलहरूमा फैलिएका छन्।

कृषि विकास बैंकद्वारा गरिएको एउटा अध्ययनले कास्की जिल्लामा विभिन्न किसिमका फलफूल खेती (सुन्तला, कागती, जुनार, अम्बा, नासपाती, भूइँकटहर र केरा) को निम्ति विरूवा किन्न, बार लगाउन र अन्य उत्पादन सामग्रीहरूको निम्ति दीर्घकालीन तथा मध्यकालीन ऋणहरू उपलब्ध गराउन सकिने सम्भावना दर्शाएको छ।[1]

उद्योग तथा व्यापार

सञ्चार तथा यातायातको क्षेत्रमा आधुनिक सहूलियतहरू यस जिल्लामा हाल सालैमात्र प्राप्त भएका हुन्। यहाँ २००६ सालमा प्रथमपटक हवाइ सेवाको शुरू भएको र सिद्धार्थ राजमार्गको निर्माणपछि पहिलोपटक मोटरद्वारा पोखराको अन्य स्थानसँग सम्वन्ध कायम हुन गएको हो। यसरी यहाँ यसभन्दा पहिले औद्योगिक विकासको लागि आवश्यक आधारशिला नै तयार भएको थिएन।

तर व्यापारको दृष्टिकोणले यसको इतिहास अलि भिन्दै किसिमको छ। यस जिल्लाले पहिलेदेखि वर्तमान गण्डकी तथा धवलागिरि अञ्चलमा पर्ने इलाकाहरूको मूल व्यापारको स्थानको रूपमा महत्वपूर्ण भूमिका खेल्दैआएको हो। चौबीसे राजाहरूको पालामा भोटसितको व्यापारमा पोखरा बजार एउटा महत्वपूर्ण व्यापारिक केन्द्रको रूपमा रहेको थियो। हिउँद लागेपछि मुस्ताङतिरबाट आउने भोटे तथा थकालीहरू तल ओर्लने गर्दथे र तिनीहरूले साथमा भारी बोकाएर ल्याउने गधा तथा खच्चरका ठूला ठूला बथानहरू र तिनीहरूको घाँटीमा झुण्ड्याएका घण्टाको सामूहिक ध्वनिले पोखरा बजारको वातावरणलाई नै रमणीय पारिदिन्थ्यो। यत्रो ठूलो भेकको व्यापारको एटा केन्द्रीय थलो भएको हुनाले नै यस व्यापार मार्गमा पर्ने पोखरा उपत्यकाको बाटोको दायाँ वायाँ बजार विकसित हुन पुगेको छ जुन आज पोखरा बजारको रूपले अवस्थित छ। तर यहाँ सिद्धार्थ राजमार्ग र पृथ्वी राजमार्गको निर्माण पछि पोखरा बजारको त्यस प्रकारको भूमिकामा ह्रास हुन गएको छ, कारण पहिले यहाँबाट सामान जाने स्थानहरूले उक्त राजमार्गहरूको माध्यमबाट सोझै भैरहवा र काठमाडौंसित सम्पर्क कायम गर्न थालेका छन्। तर अर्को दृष्टिकोणले पोखरा पश्चिमाञ्चल क्षेत्रिय विकास केन्द्रको रूपमा स्थापित हुनु, पर्यटन उद्योगमा प्रशस्त वृद्धि हुनु आदिले गर्दा भएको महत्वमा फेरि नयाँ आयामहरू पनि थपिँदै गइरहेका छन्।

---

[1] Agricultural Development Bank; Intensive Horticultural Development Project, Kathmandu, 1974, p. 5--7.

उद्योग

औद्योगिक क्षेत्रमा यो जिल्ला पिछडिएको पाइन्छ । यहाँ परम्परादेखि चलिआएको घरेलु उद्योगहरू र केही आधुनिक र बढी संगठित उद्योगहरू छन् । त्यस्ता उद्योगहरूमा यहाँ धेरैजसो धानकुट्ने र तेल पेल्ने मिलहरू नै धेरै छन् । यस जिल्लाभरी गरी २०३० साल आश्विन महीनासम्मको जानकारीअनुसार जम्मा ३१ वटा राइस मिल अथवा राइस तथा आयल मिलहरू जसमध्ये आधा जति पोखरा नगर पञ्चायत भित्र नै अवस्थित छन् । यी चामल, तेल मिलहरू अश्व शक्ति १० देखि २० सम्मका मात्र छन् । सबभन्दा ठूलो स्याङजामा अवस्थित माछापुच्छ्रे हिमाल राइस मिल हो जसको २६ अश्व शक्ति छ ।

यहाँका जम्मा पाँचवटा काठ चिरानी र फर्निचर उद्योगहरू सबै नै पोखरा नगर पञ्चायत इलाकामा नै छन् । यी प्रत्येक काठ मिलहरू अश्वशक्ति १० देखि २० सम्म क्षमताका छन् । अन्दाजी १०।१२ वर्ष पहिले श्री नेपाल सलाइ कम्पनी प्रा. लि. पोखरा नामक एउटा आधुनिक सलाइ कारखाना स्थापना भएको थियो जुन केही समय मात्र चालू भई हाल बन्द अवस्थामा रहेकोछ ।

उपर्युक्त उद्योगहरू बाहेक यस जिल्लामा संगठित उद्योगहरूको रूपमा गणना गर्न सकिने निम्नलिखित प्रतिष्ठानहरू निम्नलिखित संख्यामा छन्

बाँस निगालो उद्योग	१	धातुको भाँडा बनाउने	३
छापाखाना	३	पाउरोटी	४
मोटर मर्मत	३	होजियरी	२
इँटाभट्टा	३		

उपर्युक्त उद्योगहरूमा धातुको भाँडा बनाउने उद्योग यहाँको एउटा परम्परागत उद्योग हो । यसमा नेवार जातका मानिसहरू संलग्न छन् । यसको मुख्य बजार पनि पोखरा नै हो । हाल यहाँ विकास हुन लागेको उद्योगमा पर्यटन र होटेल व्यवसाय हो जसको विषयमा तल छुट्टै चर्चा गरिने छ ।

माथि उल्लिखित संगठित उद्योगहरूमध्ये यस जिल्लाका गाउँ घरमा विभिन्न वस्तुहरूको उत्पादन गरिन्छ । तिनीहरूको एउटा छुट्टै व्यवसायको रूपमा चली फुर्सदको समयलाई उपयोग गरी आफ्नो घरको प्रयोग र विक्री भएमा केही नगद आम्दानी पनि गर्ने हेतुले सञ्चालन गरिन्छन् । माथि कृषि सम्बन्धी चर्चा गरिँदा उल्लेख गरिएअनुसार जिल्लाको उत्तरी भेकमा गुरुङहरू भेडा पालन गर्दछन् । भेडाबाट प्राप्त हुने ऊनबाट गुरुङसेनीहरूले राडी पाखीहरू बुन्दछन् जुन आफू पनि प्रयोग गर्दछन् र बजारतिर पनि विक्री गर्दछन् । यस बाहेक यहाँका गुरुङहरू तथा अन्य बाहुन, क्षेत्री, नेवार जातिका मानिसहरूले पनि बेत, बाँस र निगालोका सामानहरू, अल्लो र सूतीका झोलाहरू र खुदो, सक्खर उत्पादन र छ्वालीबाट विभिन्न किसिमका सामानहरू बनाउने काम गर्दछन् ।

यस जिल्लामा ग्रामीण तथा घरेलु उद्योगको व्यापकता भएको हुनाले केही वर्ष यता देखि यहाँ ग्रामीण उद्योग तालीम केन्द्र पोखरा नगर पञ्चायत इलाकामा स्थापना भएको छ । यसको मुख्य उद्देश्य घरेलु उद्योगको निमित्त तालीमप्राप्त कामदारहरू तयार पार्नु, नयाँ उद्योग सञ्चालन गराउनु, सञ्चालित उद्योगको विस्तार गराउनु, उत्पादनको गुणात्मक स्तर वृद्धि गर्न सहयोग पुऱ्याउनु, नयाँ उद्योगहरूको सम्भाव्यता अध्ययन गर्नु आदि छन् । यस अन्तर्गत यस केन्द्रले २०२९।३० को आर्थिक वर्षमा ८६ जवानलाई फर्निचर, बेत, बाँस, सूती

बुनाइ, रङ्गाइ, छपाइ, होजियरी र सिलाइमा तालीम प्रदान गरेको थियो र तालीमको सिलसिलामा लगभग२३ हजार रूपैयाँ बराबरको सामानको उत्पादन भएको थियो। साथै सोही वर्ष ५४ जवान व्यक्तिहरूलाई व्यवस्थापन र सेवाकालीन तालीम पनि प्रदान गरेको थियो। यसै गरी यस केन्द्रले विभिन्न उद्योगहरूलाई आर्थिक सहायता तथा मेशीन औजार तथा कोरा मालको पनि सहयोग उपलब्ध गराउँदै आएको छ।

पर्यटन उद्योग

पोखरा एउटा रमणीय स्थल भएतापनि यहाँ आउने पर्यटकहरूको संख्या केही वर्ष अगाडिसम्म धेरै थिएन। उदाहरणको निमित्त २०२० साल तिर एक वर्ष सात महीनाको अवधिमा २४ देशवाट जम्मा ६८१ जवान मात्रपर्यटकहरू पोखरा आएका थिए।[1] अर्को एउटा अनुमानअनुसार यहाँ आउने पर्यटकहरूको संख्या २०१४ सालमा (सन् १९५७) ११९ जना, २०१९ साल (सन् १९६२) मा ४९४ जना, २०२५ साल (सन् १९६८) मा १,९३८; २०२६ साल (सन् १९६९) मा २,४०५ जवान र २०२७ साल (सन् १९७०) मा ३,०१८ थियो।[2] स्थानीय प्रहरी निरीक्षक कार्यालयको जानकारीअनुसार २०२८।२९ को आर्थिक वर्षमा पोखरा आउने पर्यटकहरूको संख्या ६,८२६ थियो जसमा भारतीय र मोटरबाट आउने पर्यटकहरू संख्या (जुन कुल पर्यटक संख्याको अन्दाजी पाँच प्रतिशत हुने) समावेश छैन। यसप्रकार पोखरामा पर्यटकहरूको संख्या बहुतै तीव्र गतिले बढिरहेको स्पष्ट देखिन आउँछ।

पर्यटकहरूकै कारणले पोखरामा होटेल व्यवसायको पनि निकै विकास हुँदै गइरहेको छ। यहाँ २०२० सालतिरसम्म जम्मा दुई तीनवटा मात्र होटेलहरू थिए। तीमध्ये "होटेल सन् एण्ड स्नो" नामक एउटा सानो आलमोनियमको छाप्रोमा स्थापना गरिएको एउटा होटेल र एउटा तिब्बती शरणार्थीद्वारा सञ्चालित अन्नपूर्ण होटेल नामक अर्को प्रमुख थिए। तर आज फेवा तालको पारी फिष्टेल लज, क्रिष्टल होटेल र स्नो भ्यू होटेल नामका आधुनिक होटेलहरूको साथै माथि उल्लिखित तर विस्तृत गरिएको अन्नपूर्ण होटेल स्थापना भइसकेका छन्। यसको साथै महेन्द्र पुलमा अवस्थित रोदी होटेल र बजार भित्र अन्यत्र रहेका प्रिन्स, लेकाली होटेल आदि मध्यमस्तरीय होटेलहरूको रूपमा काम गर्ने स्थानीय भट्टीहरू र रेष्टुराँहरू यत्रतत्र स्थापना भइसकेका छन्।

पोखरा आउने पर्यटकहरू एक रातदेखि आठ रातसम्म पोखरामा बिताउँछन्। तर धेरैजसोले यहाँ एक रातमात्र बिताएर जान्छन।[३] प्रत्येक पर्यटकहरूको यहाँ प्रति दिनको खर्च १० डलर अर्थात् १०० रूपैयाँ मात्र छ।[४] पर्यटकहरूको बसाइको अवधि र खर्च गर्ने उपाय बढाउने निकै गुन्जाइस र पछि गएर पर्यटनले पोखराको आर्थिक व्यवसायमा निकै टेवा पुऱ्याउने आशा गर्न सकिन्छ।

---

1. Gurung, Harka— Report on a Geographical Survey of Pokhara Valley, Dept. of Geography, School of Oriental and African Studies, University of London, 1965, p. 39 (Unpublished Thesis)
2. Sharma, V.R. and others— Impact of Development Programmes in Pokhara Valley, CEDA, Kathmandu, 1972, p. 38

३. ऐजन, पृष्ठ ४१

४. ऐजन, पृष्ठ ४१

पोखरा आउने पर्यटकहरूमध्ये धेरैले यहाँबाट अन्यत्र ठाउँ जस्तै जोमसोमतिर पैदल यात्रामा पनि जान मन गर्दछन् । कोही कोहीको पर्वतारोहण पनि यही स्थलबाट शुरू हुन्छ । एउटा अनुमानअनुसार पोखरा आउने पर्यटकहरूमध्ये ५० प्रतिशतले पैदल यात्रामा जाने गर्दछन् । यसरी पोखरा उपत्यकाको आफ्नै सौन्दर्यको कारणले मात्र यहाँ पर्यटकहरू आउने होइनन् कि यस भेकमा यत्रतत्र छरिएर रहेका सुन्दर उपत्यकाहरू र डाँडा काँडाहरूले पनि पर्यटकहरूलाई आकर्षित गरी पोखरा उपत्यकालाई पश्चिम नेपालमा एउटा प्रमुख पर्यटन केन्द्रको रूपमा विकसित गरी लगिरहेको छ ।

व्यापार

माथि ठाउँ ठाउँमा उल्लेख गरिए जस्तै कास्की जिल्लाको केन्द्रीय स्थल पोखरा बजार अहिले मात्र होइन कि पहिलेदेखि नै यसले उत्तर तथा दक्षिणको व्यापारमा एउटा प्रमुख व्यापारिक केन्द्रको रूपमा भूमिका खेल्दै आइरहेको छ । अझ चौबीसे राजाहरूको पालामा समेत भोटसितको व्यापार सम्बन्ध भएको हुनाले यसले कास्कीको तत्कालीन शासकहरूको गोरखासितको सम्बन्धमा समेत प्रभाव पारेको थियो जुन कुरा यस परिचयको ऐतिहासिक पृष्ठभूमिमा उल्लेख गरिसकिएको छ। यता केही वर्षदेखि यस भेकमा भइ रहेको यातायात र सञ्चारको विकास, विभिन्न सामाजिक तथा आर्थिक विकास कार्यक्रमहरूको कार्यान्वयन आदिले गर्दा कास्की जिल्ला र यसको सदरमुकाम पोखराको भूमिकामा तीव्रगतिले एउटा संक्रमणको प्रक्रिया चालू रहेको छ जसको प्रभाव यहाँको व्यापारको प्रकृतिमा पनि परेको छ । जुनबेला यस भेकमा मोटर यातायातको विकास भएको थिएन त्यतिबेला पोखराको बजारको विकास मूलबाटोको दायाँ वायाँ मात्र भएको थियो । यस परम्परालाई आज पनि पोखरा बजारको उत्तर छेउदेखि पार्दीसम्म बिछ्याइएका बजार रेखाहरूले दर्शाइरहेका छन् । तर यसभन्दा पहिले उल्लिखित विकास कार्यहरूको प्रभावमा आएर पोखरा बजार भित्रको व्यापारिक क्रियाकलापमा निकै परिवर्तन आएको छ ।

वर्तमान पोखरामा प्रमुख व्यापारिक केन्द्रहरूमध्ये महेन्द्रपुल, नालामुख, मोहरिया, बागबजार, पार्दीबजार र कुँडहर हुन् । पोखरा नगर पञ्चायत बाहिरका अन्य व्यापारिक महत्वका ठाउँहरूमा अर्घौं, शिशुवा, खुदी, सात मुहाने, देउराली, खाल्टे, तप्राङ, ह्याङजा, नौ डाँडा र भदौरे देउराली हुन् । तर यी स्थानहरूमा खुद्रा व्यापार मात्र चल्दछ र पोखरा बजारमा मात्र थोक बिक्रेताहरू पाइन्छन् । पोखरामा पोखरा व्यापार संघ नामक व्यापारीहरूको एउटा संस्था पनि सञ्चालित छ ।

यस जिल्लामा प्रयोग हुने सबै किसिमका विकासका सामग्रीहरू र धेरैजसो उपभोगका वस्तुहरू आयात गरिन्छ । यहाँ मुख्यतया भैरहवा, बुटवल र काठमाडौं आदि स्थानहरूबाट आयात गरिन्छ । तर कपडा, विभिन्न मसला र केही विलासका सामानहरू सोझै भारतबाट पनि आयात गरिन्छ । यहाँबाट विदेश निर्यात गरिने वस्तुहरू बहुतै कम छन् । त्यसैले यहाँको निर्यात व्यापार भारत र अन्य ठाउँबाट आयात गरिएका वस्तुहरू नै यस भेकको भित्री भागहरूमा पठाउनमा सीमित छ । यहाँबाट यसरी निर्यात गरिने स्थानहरूमा मुख्यतया मुस्ताङ र अन्य उत्तरी भेकका गाउँहरू हुन् । सिद्धार्थ र पृथ्वी राजमार्गहरू बन्नुभन्दा पहिले बागलुङ, स्याग्दी, लमजुङ आदि जिल्लाहरूले आवश्यकीय वस्तुहरू पोखराबाट आयात गर्दथे। तर यी बाटोहरूको निर्माणपछि पोखराको यसप्रकारको निर्यातमा निकै ह्रास भएको छ ।

तैपनि पोखरामा व्यापारिक प्रतिष्ठानहरूको संख्या कम भएको छैन । हालसालै यहाँ ठूलो संख्यामा विभिन्न किसिमका व्यापारिक प्रतिष्ठाहनरू स्थापना हुँदै गएका छन्। यस नगर इलाकाको मूल सडकहरूमा जताततै नयाँ नयाँ पसलहरू खोलिएका पाइन्छन् । पुराना पसलहरू समेतको व्यापारको आयतनमा वृद्धि भएको देखिन्छ । यसै कारणले नै होला कि यहाँको व्यापार जगत्मा परम्परादेखि एकलौटी अवसर उपभोग गरी आएका नेवारहरू र केही समयदेखि थकालीहरू समेतको प्रतिस्पर्धामा गुरुङ, क्षेत्री, भोटे र बाहुनहरू समेतले यस व्यवसायमा गहिरो अभिरुचि देखाइसकेका छन् । त्यसले एकातिरबाट यसको निर्यात क्षमतामा भएको ह्रासलाई जनसंख्या वृद्धि, पर्यटकहरूको आगमन, विकास कार्यक्रमहरू र यसका कर्मचारीहरू आदि कारण आन्तरिक मागको परिमाण निकै बढ्न गएको छ ।

तर अधिराज्यका अन्य व्यापार केन्द्रका प्रकृति विपरीत यहाँ अहिलेसम्म कुनै ठूलो विदेशी व्यापारीको आगमन भएको छैन । तर यस प्रकारका स-साना व्यापारीहरू भने यहाँ आउन थालेका छन् । तिनीहरूले बाह्य वस्तुहरू घरघर घुमाई बिक्री गर्न लागेका छन् ।

पोखराको व्यापारको अर्को विशेषता के हो भने यहाँ जाडोको समयमा मनाङ, मुस्ताङ आदि उत्तरी इलाकाबाट व्यापारीहरू आउँदछन् र व्यापारमा संलग्न हुन्छन् । त्यसैले यस याममा यहाँ थकालिनीले थाप्ने भट्टीको संख्यामा वृद्धि हुन्छ भने बाटोको छेउमा सामान फिंजाएर बिक्रीगर्ने भोटे व्यापारी पनि निकै देखिन्छन्। धार्मिक पर्वहरू, औंसी र पूर्णेमा वरिपरिका गाउँघरमा कृषकहरूले कृषि कार्यबाट फुर्सद लिने सांस्कृतिक परम्परा भएको हुनाले ती दिनहरूमा पोखरा बजारमा अरू दिनभन्दा बढी मानिसहरू आउने गर्दछन् जसले स्थानीय व्यापारीहरूको निम्ति व्यापारको थप अवसर प्रदान गर्दछ ।

बैंक तथा वित्तीय संस्थाहरू

यहाँको उद्योग तथा वाणिज्यको क्षेत्रमा लगानी र अन्य वित्तीय सेवा उपलब्ध गराउने बैंकहरूमा नेपाल राष्ट्र बैंक, नेपाल बैंक लिमिटेड र कृषि विकास बैंकका इकाईहरू छन् । यीमध्ये कृषि विकास बैंकको सम्बन्धमा माथि कृषि विकासको विषयमा चर्चा गर्दा आवश्यक विवरण दिइसकिएको छ । जहाँसम्म नेपाल राष्ट्र बैंकको प्रश्न छ यसले केन्द्रीय बैंकको हैसियतले नेपाल राष्ट्र बैंकको पोखरा स्थित उप–शाखाले सरकारी निक्षेपको सञ्चालन, विदेशी मुद्राको खरीद बिक्री, रकमको स्थानान्तरण गराउने आदिको अतिरिक्त यस जिल्लाको आर्थिक गतिविधि सम्बन्धी सर्वेक्षण तथा तथ्याङ्कहरूको सङ्कलन गर्ने गराउने कार्यहरू गरिआएको छ ।

यहाँ नेपाल बैंक लिमिटेडको क्षेत्रिय पोखरा कार्यालय रहेको छ । यस बैंकबाट २०३० श्रावण समान्तसम्ममा भएको कुल लगानी रू. ४१,१०,०००। मध्ये २६,६१,०००। सुन चाँदी तर्फ, बस ट्रक किन्न हाएर पर्चेज ऋणमा रू. २,१६,०००। तथा कपडाको सुरक्षणमा रू. ५,३३,०००। लगानी भएको देखिन्छ । सो अवधिसम्ममा उक्त क्षेत्रहरूमा क्रमशः ३,०७८; ३ र ३९ ऋणहरू वितरण भएको देखिन्छ । तराईमा जस्तो खाद्यान्न तर्फ हुने लगानी यहाँ छैन। यो पहाडी जिल्ला भएको हुनाले प्रायः सुन चाँदी धितो राखी कारोबार गर्नु नै यस इलाकाको बैंकिङ सेवाको विशेषता हो । यसैले यस बैंकको २०३० भदौको आखिरसम्ममा सुन चाँदी तर्फका ग्राहकहरूको संख्या २,८०० थियो जबकि चल्ती हिसाबमा १,४००; बचत हिसाबमा १,८००; मुद्दतीमा ६०० जना ग्राहकहरू थिए ।

विदेशी सेवा

यस जिल्लाका निवासीहरूको निम्ति विदेशमा गई काम गरी पैसा कमाई ल्याउने पनि एउटा आर्थिकोपार्जनको उपायको रूपमा रहेको छ। यस जिल्लाको उत्तरी भेकमा बस्ने गुरुङहरू सकेसम्म ब्रिटिश गोरखा पल्टनहरूमा र नभए भारतको गोरखा फौजहरूमा भर्ती हुनखोज्दछन्। यसै गरी अन्य जातहरूमा क्षेत्रीहरूले पनि विदेशी फौजमा काम गर्न खोज्दछन्। तर तिनीहरूले उपलब्ध गर्न सक्ने मौका गुरुङहरूसितको तुलनामा बहुतै कम छ। तर यसले तिनीहरूलाई विदेशमा काम गर्नबाट वञ्चित गर्दैन। तिनीहरू भारतको आसाम, कलकत्ता आदि ठाउँहरूमा गई औद्योगिक प्रतिष्ठान अथवा अन्य कहीं पनि काम गरी आफ्नो जीवनको पाँच-दश वर्ष बिताई आउँदछन् र आफूले बचाउन सकेको जे जति रकम छ, त्यसलाई ल्याई आफ्नो गाउँ घरमा खेत पाखो जोत्ने, भैंसी किन्ने, घर छाउने आदि काममा खर्च गर्दछन्। अझ कसै कसैले त आसाम र बर्माका जङ्गलमा गई गाई, भैंसी पालेर त्यसैबाट पनि पैसा आर्जन गरेर ल्याउँछन्। तर साधारणतः सैनिक भर्तीबाट तलब र पेन्सनको रूपमा जति आय हुन्छ त्यो गैर सैनिक कार्यबाटभन्दा धेरै हुन्छ। उदाहरणको रूपमा एउटा कुरा के प्रस्तुत गर्न सकिन्छ भने पोखरामा आजकाल चलन थालेको जति भाडाका गाडीहरू छन् तीमध्ये अत्यधिक गाडीहरू गुरुङहरूका हुन् र धेरैजसोको त्यस व्यवसायमा लगाएका पैसा सबै आफ्नो सैनिक सेवाकालमा जम्मा गरेको धन र पेन्सनबाट आएको आय नै हो। यसप्रकारको सैनिक सेवा रकमको स्थानीय जीवनमा कति भूमिका छ भन्ने कुरा यस सम्बन्धमा इण्डियन पेन्सन पेइङ्ग क्याम्प र ब्रिटिश पेन्सन क्याम्पका शाखाहरू यस पोखरा उपत्यकामा स्थापना गरी पेन्सन वितरण गर्ने व्यवस्था मिलाएकोबाट पनि ज्ञान हुन्छ।

यसरी विदेश सेवामा लाग्ने मानिसहरूको यकीन संख्या थाहा लाग्न नसक्ने भए तापनि केही उपलब्ध जानकारीहरूका आधारमा अनुमान लगाउन सकिन्छ। एउटा जानकारीअनुसार यहाँ अवस्थित ब्रिटिश पेन्सन क्याम्पले सन् १९७१ (सम्वत् २०२८) मा स्याङ्जा, पर्वत, कास्की, लमजुङ र तनहूँका गरी जम्मा ३,५१८ पेन्सिङ्गेलाई पेन्सन वितरण गर्दथ्यो।[१] यसअनुसार कास्की जिल्लामा मात्र लगभग सातसय ब्रिटिश गोरखा पेन्सिङ्गे थिए। तर इण्डियन पेन्सन क्याम्पले सन् १९७० (सम्वत् २०२७) मा जम्मा १७,६७३ जना पेन्सिङ्गेलाई १,१६,८८,८८८। रूपैयाँ पेन्सन वितरण गरेको देखिन्छ।[२]

यस संख्यामध्ये कास्की जिल्लाका पेन्सिङ्गे मात्र २,६२३ थिए।[३] यसरी यी दुवै देशको गरेर कास्की जिल्लामा मात्र त्यतिबेला लगभग साढे तीन हजार पेन्सिङ्गेहरू थिए। साथै उक्त देशका फौजहरूमा बहालवाला सैनिकहरू त्यसभन्दा बढी संख्यामा काम गरिरहेका छन् भन्ने अनुमान लगाउन सकिन्छ।

यस बाहेक पोखरा नगर पञ्चायत इलाकामा छवटा जात जातिहरूको गरिएको सर्वेक्षणअनुसार नमूना भित्र परेका जम्मा ३५० जना पुरुष घरमूलीहरूमध्ये १२१ जना अर्थात् उक्त कुल संख्याको ३४.६ प्रतिशतले विदेशमा भ्रमण गरेको कुरा उल्लेख गरेका छन्। साथै त्यस्तो भ्रमण कसैको पनि एक वर्षभन्दा कम अवधिको थिएन। ती विभिन्न जात जातिका घरमूलीहरूमध्ये भ्रमणमा जानेहरूको संख्या यसप्रकार छः- बाहुनहरू २६.० प्रतिशत, क्षेत्रीहरू ४४.० प्रतिशत, नेवारहरू १३.८ प्रतिशत, गुरुङहरू ७६.१ प्रतिशत,

---

१. भी.आर. शर्मा र साथीको माथि उल्लिखित किताब, पृष्ठ ११५

२. ऐजन, पृष्ठ ११७

३. ऐजन, पृष्ठ ११७

दमाईहरू ६.१ प्रतिशत र सार्कीहरू २४.२ प्रतिशत।[1] पोखरा नगर पञ्चायत जहाँ तुलनात्मक दृष्टिकोणले केही मात्रामा भए पनि ग्रामीण इलाकामाभन्दा केही बढी व्यावसायिक विविधता र रोगजारी सम्बन्धी मौका उपलब्ध छ, त्यहाँबाट त प्रत्येक तीनजना पुरुष घरमूलीमा एकजना विदेश भ्रमणमा गएका छन् भने ग्रामीण इलाकामा यो परिमाण अझ बढी नै होला भन्ने अनुमान लगाउन सकिन्छ। साथै सो विदेश भ्रमणको उद्देश्य रोजगारी नै मुख्य हो भन्ने पनि अनुमान लगाउन सकिन्छ। यसरी विदेश सेवाले यस जिल्लाको आर्थिक जीवनमा निकै महत्वपूर्ण भूमिका खेलेको छ भन्ने कुरा स्पष्ट रूपले देखिन आउँछ।

कृषि तथा गैर कृषि व्यवसायको अनुपात

यस जिल्लाको आर्थिक व्यवस्थाको विभिन्न आधारहरूमा कृषि व्यवसाय, औद्योगिक व्यवसाय, होटेल तथा पर्यटन उद्योग ,व्यापार व्यवसाय र विदेश सेवा आदिको चर्चा पछि यहाँका बासिन्दाहरूको जीवनमा कुन व्यवसायले कस्तो किसिमको र कति मात्रामा भूमिका खेलेको छ भन्ने चर्चा गर्नु अप्रासङ्गिक हुने छैन। २०२८ सालको राष्ट्रिय जनगणनामा यस जिल्लाका १० वर्ष र सोभन्दा माथिका उमेरका पुरुष तथा महिलाहरूको बारेमा तिनीहरू मध्ये कति आर्थिक दृष्टिकोणले सक्रिय छन्, ती सक्रियमध्ये कति जना कुन कुन व्यवसायमा लागेका छन् भन्ने जानकारी उपलब्ध गराएको छ। सोअनुसार १० वर्ष र सोभन्दा माथिका जनसंख्यामा १,१०,००७ जनामध्ये पुरुष ३७३९६ अर्थात् उक्त उमेरका कुल पुरुष संख्याको ७०.६ प्रतिशत र २८,१२८ अर्थात् उक्त उमेर समूहको कुल महिला संख्याको ४९.३ प्रतिशत आर्थिक दृष्टिकोणले क्रियाशील मानिएका छन्। बाँकी निस्क्रय मानिएका कुल १५,६०७ पुरुषमा १०,२२० त छात्रकै अवस्थामा छन् भने महिलाहरूमा बाँकी २८,८७६ जनामध्ये २३,४२९ जना त गृहिणी भएको कारणले निष्क्रिय मानिएका छन्। बाँकी पुरुष र महिला विभिन्न कारण जस्तै कुँजिएको, मानसिक स्थिति ठीक नभएको आदि कारणहरूले गर्दा निष्क्रिय रहेका हुन्। तैपनि यो जिल्लामा तराईको जिल्लाको दाँजोमा क्रियाशील महिलाहरूको प्रतिशत निकै नै बढी छ। उदाहरणको निम्ति नारायणी अञ्चलको बारा जिल्लामा १० वर्षदेखि माथिका पुरुषहरूमा ८५.१ प्रतिशत र महिलाहरूमा ७.२ प्रतिशत गरी कुल जनसंख्यामा जम्मा ५२.१ प्रतिशत आर्थिक दृष्टिकोणले क्रियाशील मानिएका छन् भने कास्की जिल्लामा पुरुषहरूमा ७०.६ प्रतिशत र महिलाहरूमा ४९.३ प्रतिशत गरी जम्मा ५९.६ प्रतिशत क्रियाशील रहेका छन्। त्यसैले आर्थिक क्षेत्रमा यस जिल्लाका महिलाहरूको भूमिका तुलनामक दृष्टिकोणले बढी देखिन्छ।

आर्थिक दृष्टिकोणले क्रियाशील जनसंख्यामा पुरुषहरूमा ३३,३५३ कृषि, वन तथा माछापालन सम्बन्धी व्यवसायमा र बाँकी ४,०४३ जना औद्योगिक उत्पादन, बिजुली, ग्यास तथा पानी, निर्माण, वाणिज्य, यातायात तथा सञ्चार, वित्तीय तथा व्यापार व्यवसाय र व्यक्तिगत तथा सामाजिक सेवा आदि जस्ता गैर कृषि व्यवसायमा लागेका छन्। त्यसैगरी महिलाहरूमा पनि कुल आर्थिक दृष्टिकोणले क्रियाशील जनसंख्यामा २७,०१२ कृषि तथा सो सम्बन्धी व्यवसायमा र बाँकी १,११६ उपर्युक्त विभिन्न गैर कृषि व्यवसायमा लागेका छन। यसरी पुरुषहरूमा कुल क्रियाशील जनसंख्यामा ८९.२ प्रतिशत कृषि र सम्बन्धित व्यवसाय र १०.८ प्रतिशत गैर कृषि व्यवसायमा र महिलाहरूमा ९६.० प्रतिशत कृषि तथा सो सम्बन्धी व्यवसायमा र ४.० प्रतिशत गैर कृषि व्यवसायमा लागेका देखिन्छन्। यसरी कुल क्रियाशील जनसंख्यामा ६०,३६५ अर्थात् ९२.१ प्रतिशत कृषि र सो सम्बन्धी व्यवसायमा र बाँकी ५,१५९ अर्थात् ७.९ प्रतिशत गैर कृषि व्यवसायमा लागेका छन्।

---

[1] विहारीकृष्ण श्रेष्ठको माथि उल्लिखित किताब, पृष्ठ ८५–८६

उपर्युक्त गैर कृषि व्यवसायको क्षेत्रमा काम गर्ने जनसंख्यामध्ये धेरैजसो पोखरा नगर पञ्चायतमा नै केन्द्रित छन् । उक्त नगर पञ्चायतमा आर्थिक दृष्टिकोणले क्रियाशील कुल ४,८८५ जना पुरुषहरूमा २,२९९ जना अर्थात् ४७.१ प्रतिशत गैर कृषि व्यवसायमा लागेका छन् । यसै गरी महिलाहरूमा पनि आर्थिक दृष्टिकोणले क्रियाशील मानिएका कुल ३,६२१ जनसंख्याममध्ये ७१७ अर्थात् १९.८ प्रतिशत गैर कृषि व्यवसायमा लागेका छन् । यसरी जिल्ला भरमा रहेका गैर कृषि व्यवसायमा लागेका कुल पुरुष तथा महिला पोखरा नगर पञ्चायत क्षेत्रमा नै केन्द्रित छन् । त्यसैले ग्रामीण इलाकालाई नगर इलाकाबाट हटाई हेर्ने हो भने पोखरा नगर पञ्चायत बाहिरका कुल ५९ वटा गाउँ पञ्चायतमा आर्थिक दृष्टिकोणले क्रियाशील मानिएका कुल पुरुष ३२,५११ र महिला २४,५०७ गरी जम्मा ५७,०१८ रहन आउँछ । पोखरा नगर पञ्चायत शहर इलाका भएको हुनाले त्यहाँ केही मात्रामा गैर कृषि व्यवसायको मात्रा बढी देखिए तापनि यस नगर क्षेत्रमा समेत कृषि व्यवसायकै प्रधानता रहेको समेत स्पष्ट देखिन्छ ।

यातायात, सञ्चार र बिजुली

यातायात

यो जिल्लामा यातायात, सञ्चार तथा विद्युत्को क्षेत्रमा निकै नै उन्नति भएको मान्नु पर्दछ । यद्यपि जिल्लाको उत्तरी भेक अझै यी सुविधाहरूबाट वञ्चित नै छन् । यहाँ खागसरी जिल्ला तथा अञ्चलको सदर-मुकाम पोखरालाई विभिन्न भागबाट जोड्ने प्रमुख दुईवटा सडकहरू छन् : पृथ्वी राजमार्ग र सिद्धार्थ राजमार्ग। अधिराज्यको राजधानी काठमाडौंबाट नौबीसे भई पृथ्वी राजमार्गद्वारा मोटरमा पोखरा पुग्न सकिन्छ, त्यसरी [नै नेपाल-भारत सीमाना सुनौलीदेखि सिद्धार्थ राजमार्ग भएर पोखरा पुग्न सकिन्छ ।

सिद्धार्थ राजमार्ग

यो राजमार्ग पोखरादेखि नेपाल-भारत सीमानामा रहेको सुनौलीसम्म २०५ किलोमिटर लामो मानिन्छ । कालोपत्रे गरी पक्की बनाइएको यो मार्ग सुनौलीदेखि भैरहवा, बुटवल (रूपन्देही जिल्ला) तानसेन (पाल्पा), स्याङ्जा (स्याङजा) आदि प्रमुख स्थान हुँदै जिल्लाको मध्यदक्षिणी भागमा कुभिण्डे भञ्ज्याङ पार गरेर पोखरा उपत्यकाभित्र प्रवेश गर्दछ । त्यसपछि यो मार्ग पुम्दी गाउँ पञ्चायत क्षेत्र हुँदै फेवा तालको पूर्वी किनारबाट पोखरा नगर पञ्चायत क्षेत्रभित्र पुग्दछ । यस जिल्लाभित्र मात्र यो राजमार्गको लगभग १२ किलोमिटरको भाग पर्दछ । २०२७ सालतिर यो राजमार्गको निर्माण पूरा भएको थियो ।

पृथ्वी राजमार्ग

यो राजमार्गको कुल लम्बाइ नौबीसेबाट पोखरासम्म १७६ किलोमिटर छ । काठमाडौंबाट हेटौंडातर्फ जाने त्रिभुवन राजपथको बाटो गरी मोटरद्वारा नौबीसेमा उक्त पृथ्वी राजमार्गलाई भेटी त्यहाँबाट महेश खोला, त्रिशूली गण्डकी (नदी), मर्स्याङदी गण्डकी र त्यसपछि सेती गण्डकीको किनारै किनार हुँदै यो राजमार्ग पोखरा पुग्दछ । यस बीचमा नौबीसे (धादिङ जिल्ला) बाट मुङलिङ (चितौन), डुम्रे, दमौली, खैरेनीटार (तनहूँ जिल्ला) आदि महत्वपूर्ण स्थानहरू हुँदै जिल्लाको दक्षिण पूर्वी भागबाट पोखरा उपत्यकामा प्रवेश गर्दछ । यस मार्गले पोखरा नगर पञ्चायत नजीकै सेती नदी (गण्डकी) माथि बनाइएको पुल नाघेपछि नगर पञ्चायत इलाकामा प्रवेश गर्दछ । यस जिल्ला भित्र यो सडकको लगभग १८ किलोमिटर लम्बाइको भाग पर्दछ ।

पोखरा शहरी सडक

पोखरा शहरी क्षेत्र र निकटवर्ती गाउँहरूमा आउने जाने जम्मा ४० किलोमिटर जति लम्बाइका सडकहरू यहाँ छन् । यस मध्ये पोखरा शहरी क्षेत्र भित्र लगभग २० किलोमिटर लामो सडकलाई कालोपत्रे गरी पक्की गरिएको छ । पाँच किलोमिटरमा रोडा, ढुङ्गा बिछ्याइएको र १५ किलोमिटर जति सडक कच्ची छ । पोखरा नगर पञ्चायतबाट लगभग ११ किलोमिटर उत्तर-पश्चिम ह्याङ्जा गाउँ पञ्चायतसम्म र उत्तरतर्फ करीब पाँच किलोमिटर लामाचौर गाउँ पञ्चायत क्षेत्रसम्मको कच्ची सडकहरू उपर्युक्त कच्ची सडकको तथ्याङ्कमा समावेश गरिएको छ । लामाचौर गाउँ पञ्चायत जाने बीच बाटोमा सेती नदी पर्दछ । त्यहाँ एउटा पक्की पुल निर्माण भएको छ ।

उपर्युक्त मोटर हिड्ने सडकहरूको अतिरिक्त जिल्लाको बाँकी भागमा एक गाउँदेखि अन्य गाउँमा आउने जाने गोरेटो तथा घोडेटो बाटाहरू माकुराको जाल झैं रहेका छन् । पोखरा नगर पञ्चायत इलाकादेखि पश्चिमतर्फ ग्यारजाती, पदेली, मान्द्रेढुङ्गा, रजस्थल आदि गाउँ पञ्चायत इलाका हुँदै नौ डाँडासम्म लगभग १८ किलोमिटर (साढे पाँच कोस) लामो पैदल हिड्ने मूल सडक उल्लेखनीय छ । त्यस्तै नौ डाँडा गाउँ पञ्चायत इलाकाबाट पश्चिमतर्फ तान्चोक गाउँ पञ्चायततिर जाने र दक्षिणतर्फ पाउँदुर, राम्जा तिलाहार आदि हुँदै पर्वत जिल्लातिर जाने मूल बाटो पनि राम्रो छ ।

हवाइ यातायात

यस जिल्लाको पोखरा उपत्यकामा पोखरा नगर पञ्चायत अन्तर्गत नागढुङ्गामा एउटा कच्ची विमान घाट छ । यहाँबाट नियमित रूपमा काठमाडौं पोखरा विमान सेवा उपलब्ध हुन्छ । यसको धावन मार्ग (रन्वे) को लम्बाइ लगभग १,५७० मिटर (५,१५० फीट) र चौडाई १५२ मिटर (५०० फीट) छ । यो विमान स्थल उत्तर-दक्षिण फैलिएकोले र दुवैतिर नजीकै पहाडहरू भएको हुँदा अर्कै उपयुक्त स्थान छिने डाँडा गाउँ पञ्चायत इलाकामा एउटा अर्को पूर्व पश्चिम फर्केको विमानस्थल निर्माण हुने भएको छ । यस निर्माणको प्रारम्भका सम्भाव्य मिति २०३१।३२ को मध्यतिर भई २०३५ सालतिर निर्माण समाप्त हुने सम्बन्धित क्षेत्रबाट अनुमान गरिएको छ । यसको निर्माणमा करीब चार करोड रूपैयाँको खर्च हुनेछ । ३,२५० मिटर लामो र ४२५ मिटर चौडा जगगामा निर्माण हुने यो विमान स्थलको लम्बाइ १,८९० मिटर र चौडाइ १५० मिटर (५०० फीट) को हुनेछ । खूद धावनमार्ग (रन्वे) को लम्बाई १,७४० मिटर र चौडाइमा सोल्डर बाहेक ३० मिटरको हुनेछ । साथै यसमा १७० मिटर लम्बाइ, २३ मिटर चौडाइको ट्याक्सी वे र २०० मिटर लम्बाइ, ८२ मिटर चौडाईको एप्रोन पनि हुनेछ । निर्माण भएपछि यो विमान स्थल एच. एस् ७४८, एप. २८ र बाइ. एस. ११ ए. किसिमका हवाइ जहाजहरूको निम्ति उपयुक्त हुनेछ ।

सञ्चार

सञ्चार क्षेत्रमा यस जिल्लाको खास गरी पोखरामा विभिन्न माध्यमहरू विकसित भएका छन् । यहाँबाट साप्ताहिक दुई-तीन वटा पत्र-पत्रिका प्रकाशित भइरहेका छन् । २०३० भाद्र महीनादेखि स्वचालित नभएपनि हाते टेलिफोन सेवा उपलब्ध हुन थालेको छ । त्यसको वर्तमान क्षमता १५० लाइंन मात्र छ । हाललाई पोखरा

नगर पञ्चायत इलाकामामात्र सम्पर्क स्थापना हुन्छ तर यहाँ स्थापना गरिएको अणुतरङ्ग (माइक्रोवेभ) प्रणालीको माध्यमद्वारा यहाँबाट सोझै काठमाडौंसँग कुरा गर्न सकिन्छ। यो अणुतरङ्ग सञ्चार सेवाको व्यवस्था हाल यहाँ परीक्षण सफल भैसकको छ। यसको विशेषता तारको प्रयोग विना विभिन्न स्थानहरूलाई छुट्टाछुट्टै कुरा गर्न तथा खवरहरूको आदान-प्रदान गर्ने प्रणाली उपलब्ध गराउनु हो । यसमा हालको टेलिफोनमा झैं कुनै दुई लाइन बीच भइरहेको कुरालाई अन्य लाइनबाट सुन्न अथवा हालको आकाशवाणीको जस्तै एक पटकमा एक ठाउँबाट एक जनाले मात्र कुरा गर्नु पर्ने नभई दुई इलाकामा केही प्वाइन्टहरूले एकैपल्ट कुरा गर्न सकिने छ। हाल यस पोखरा केन्द्रलाई यो अणुतरङ्ग सञ्चार व्यवस्थाको आठवटा च्यानेल उपलब्ध भएको छ र यसबाट एकै समयमा विभिन्न आठ जनासम्मले आफ्नो टेलिफोनद्वारा काठमाडौंका आठवटा टेलिफोनमा कुरा गर्न सक्ने छन्। तर यसो गर्न अगाडि आफ्नो क्षेत्रको सञ्चार केन्द्रसँग आफूलाई कुरा गर्न चाहिएको लाइन माग गर्नु पर्नेछ ।

पोखरामा धेरै वर्ष अगाडिदेखि आकाशवाणी केन्द्र रहिआएको छ। यो केन्द्र अञ्चलस्तरीय भएकोले यहाँबाट गण्डकी अञ्चलका सबै सातवटै जिल्लाहरूसँग र अधिराज्यका धौलागिरि, लुम्बिनी, भेरी, राप्ती, सगरमाथा, कर्णाली, कोशी, सेती, महाकाली र वाग्मती गरी १० अञ्चलका क्षेत्रिय आकाशवाणी केन्द्रसँग सम्पर्क स्थापना गर्न सकिन्छ। नियमित रूपमा यहाँबाट बराबर कुरा भइरहने चल्तीको केन्द्र चाहिं वाग्मती अञ्चलको काठमाडौं केन्द्र हो ।

हुलाक

पोखरामा विभिन्न सञ्चार साधनहरू उपलब्ध भएतापनि हुलाकको भूमिका यहाँ सर्वोपरि रहिआएको छ। हुलाक व्यवस्था माथि रेखदेख गर्न पोखरामा हुलाक नियन्त्रण कार्यालय स्थापना भएको छ र जिल्लाका विभिन्न स्थानहरूमा जम्मा ११ वटा हुलाकहरू छरिएर रहेका छन् यी हुलाकहरूको स्तर र स्थापना भएका पञ्चायत क्षेत्रहरू यसप्रकार छन् :–

पोखरा मुख्य हुलाक, पोखरा नगर पञ्चायत
पार्दी छोटी हुलाक, पोखरा नगर पञ्चायत
लामाचौर अतिरिक्त हुलाक, लामाचौर गाउँ पञ्चायत
ह्याङजा अतिरिक्त हुलाक, उपल्लो ह्याङजा गाउँ पञ्चायत
लुकुमस्वाँरा अतिरिक्त हुलाक, पुम्दी गाउँ पञ्चायत
देउराली अतिरिक्त हुलाक, देउराली गाउँ पञ्चायत
सातमुहाने अतिरिक्त हुलाक, रूपाकोट गाउँ पञ्चायत
शिशुवा सहकारी हुलाक, शिशुवा गाउँ पञ्चायत
नौडाँडा सहकारी हुलाक, नौडाँडा गाउँ पञ्चायत
ठूला स्वाँरा सहकारी हुलाक, ठूला स्वाँरा गाउँ पञ्चायत
सिकलिस सहकारी हुलाक, पार्चे गाउँ पञ्चायत

यस जिल्लामा सबभन्दा बढी चिट्ठी पत्रको आदान–प्रदान पोखरा नगर पञ्चायतमा हुने गर्दछ।

बिजुली

यस जिल्लाको पोखरा उत्पयकामा विद्युत् शक्ति उपलब्ध छ। पोखरामा अवस्थित फेवा ताल बाँधबाट करीब तीन किलोमिटर लामो नहरद्वारा पानी डोऱ्याएर जल अन्तरग्रहणमा पुऱ्याइएको छ र ७५ मिटर (२४६ फीट) को अग्लाइबाट झरी यो पानी विद्युत् शक्ति केन्द्रको २५० किलोवाट क्षमता भएका चार युनिटहरूमा पुग्दछ। यस जल-विद्युत् केन्द्रको सम्पूर्ण क्षमता १,००० किलोवाट भए पनि लगातार उत्पादन गर्न सकिने विद्युत् शक्ति ७५० किलोवाट मात्र छ र चारमध्ये एउटा जेनेरेटरलाई जगेडाको रूपमा रहेको मात्र सकिन्छ। जिल्लामा विद्युत् शक्तिको वितरण आर्थिक वर्ष २०२४।२५ देखि भए तापनि यस जल–विद्युत् योजनाको समुद्घाटन स्वर्गीय श्री ५ महेन्द्र सरकारबाट २०२६ साल जेठ ३० गते सम्पन्न भएको थियो।

यस योजनाबाट उत्पादित जल-विद्युत् पोखरा, छिनेडाँडा, बाटुले चौर, लुकुम्स्वाँरा, काहुँ (बौद्ध मन्दिर) आदि गाउँ पञ्चायत क्षेत्रहरूमा वितरण भइसकेको छ। लामाचौर गाउँ पञ्चायत क्षेत्रमा पनि लाइन टाङने काम पूरा भैसकेकोले चाँडै नै यस पञ्चायत क्षेत्रको गाउँहरूको पनि विद्युतीकरण हुने भएको छ। यहाँ धेरैजसो विद्युत् शक्तिको प्रयोग घरायसी कामकै निम्ति हुन्छ। २०२९।३० मा औद्योगिक ग्राहकहरूमध्ये पोखरा नगर पञ्चायतमा २३ जना, छिनेडाँडामा चार र लुकुमस्वाँरा (पुम्दी पञ्चायत) मा एक थिए। बिजुली उपयोगको क्षेत्रमा घरायसीतर्फ ५,६५,००० युनिट, औद्योगिक १,६२,००० युनिट, व्यावसायिक ३३,००० युनिट र सडकमा ५०,००० युनिट र अन्यमा ४०० युनिट गत आर्थिक वर्ष २०२९।३० मा खपत भएको थियो।[1]

---

[1] २०३१ साल पुसमा फेवा तालको बाँध बगाएको हुनाले सोको उचित मरमत नभएसम्म पोखरामा डिजेल जेनेरेटरबाट विद्युत् वितरण गर्ने अस्थायी व्यवस्था मिलाइँदै छ।

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

नेपालको आधुनिक शिक्षाको प्रचार तथा विकासको इतिहास साँच्चै भन्ने हो भने दुई दशकभन्दा लामो छैन । विगत दुई दशकदेखि भने जोडतोडका साथ अधिराज्यका प्रत्येक जिल्लामा एउटा अभियानकै रूपमा शिक्षाको महत्वबारे प्रचार तथा विकास हुँदै आइरहेकोछ । तर काठमाडौं उपत्यकालाई छाडेर अधिराज्यका बाँकी जिल्लाहरूमध्ये यो कास्की जिल्लामै सबभन्दा उत्साहवर्धक उपलब्धि भएको तथ्य देखापरेको छ । पोखरामा २०११ सालतिरै एक छुट्टै कन्या माध्यमिक विद्यालयको स्थापना गर्ने संगठन शुरू भई २०२३ सालमा स्थापना सम्पन्न भएको थियो । त्यस्तै आर्थिक वर्ष २०२१।०२२ तिर प्रयोगात्मक रूपमा निःशुल्क अनिवार्य प्राथमिक शिक्षा लागू गरियो । बाल बालिकालाई विद्यालयमा पढ्न नपठाउने आमा-बाबुले जरीवाना तिर्नु पर्ने व्यवस्था भएकोले आर्थिक कमजोरी भएका परिवारले पनि आफ्ना बाल-बालिका पढ्न पठाएका हुँदा पोखरा नगर पञ्चायतका १३ वार्डमा भइरहेका सात वटा प्राथमिक विद्यालयको संख्या बढेर १७ वटा पुग्यो। तर यो योजनाले स्थायी रूप लिन सकेन । २०२२ सालमा पोखरा नगर पञ्चायतमा प्राथमिक विद्यालयको प्रथम कक्षामा प्रवेश गर्ने ६९२ बालक र ९६७ बालिका गरी जम्मा १,६५९ थिए भने २०२५ सालमा यो संख्यामा २५१ प्रतिशत घटेर जम्मा संख्या ६६० मात्र कायम हुन पुगेको थियो । जे होस् कास्की जिल्लाबासीको शिक्षा विकास प्रतिको अभिरुचि तथा लगनशीलता उल्लेखनीय रहिआएको छ ।

गण्डकी अञ्चलका सात जिल्लाहरूमध्ये यो कास्की जिल्ला साक्षरताको दृष्टिकोणबाट प्रथम त छँदैछ र अधिराज्यमै सबभन्दा बढी साक्षरताको प्रतिशत हुने काठमाडौं (३८.३) र ललितपुर जिल्ला (२५.०) पछि तृतीय स्थानमा यसै जिल्लाको नाम आउँदछ । यहाँ यो साक्षरताको प्रतिशत २४.७ छ । गण्डकी अञ्चलमा १७.७ र नेपाल अधिराज्यमा यो अनुपात १३.९ प्रतिशत मात्र छ ।

वि. सं. २०२८ सालको राष्ट्रिय जनगणनाअनुसार बाल्यकालमै साक्षर बन्नसक्ने उमेर छ वर्षदेखि माथिका जम्मा जनसंख्या यो जिल्लामा १,२६,५११ छ । यसमध्ये ३१,२१६ अर्थात् जम्मा जनसंख्याको २४.७ प्रतिशत साक्षर छन् । यो जम्मा संख्यामा पुरुषमध्ये २६,६८९ अर्थात् ४३.५ प्रतिशत र महिला संख्यामध्ये ४,५२७ अर्थात् ७.० प्रतिशत साक्षर देखिएका छन् । जिल्लाका मानिसहरूमध्ये विभिन्न उमेर समूहमा रहेको साक्षरताको प्रतिशत यहाँ प्रस्तुत गरिएको छ ।

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुलसंख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६–९ वर्ष	८,३९१	२,८३३	३३.८	८,११३	८८६	१०.९	१६,५०४	३,७१९	२२.५
१०–१४	९,९९१	६,५८६	६५.९	८,८४८	१,६४०	१८.५	१८,८३९	८,२२६	४३.७
१५–१९	७,६६६	४,९३७	६४.४	७,५९९	१,००७	१३.३	१५,२६५	५,९४४	३८.९
२०–२४	५,८१७	३,१९८	५५.०	६,४१५	४४१	६.९	१२,२३२	३,६३९	२९.७
२५–२९	४,७३०	२,०६७	४३.७	५,८२२	२१५	३.७	१०,५५२	२,२८२	२१.६
३०–३४	४,२७१	१,५७६	३६.९	५,६६९	११२	२.७	९,९४०	१,६८८	१७.०
३५–३९	४,४३५	१,३४१	३०.२	४,९७४	६७	१.३	९,४०९	१,४०८	१५.०
४०–४४	३,८२८	१,१३७	२९.७	४,३६५	५१	१.२	८,१९३	१,१८८	१४.५
४५–५४	५,९६१	१,६९७	२८.५	६,२७६	५८	०.९	१२,२३७	१,७५५	१४.३
५५–६४	३,८१३	८५४	२२.४	४,२२८	३४	०.८	८,०४१	८८८	११.०
६५ र माथि	२,४९१	४६३	१८.६	२,८०८	१६	०.६	५,२९९	४७९	९.०
जम्माः–	६१,३९४	२६,६८९	४३.५	६५,११७	४,५२७	७.०	१,२६,५११	३१,२१६	२४.७

उपर्युक्त तालिकाअनुसार साक्षर समूहमा १० देखि २४ वर्षको युवा पींढी सबभन्दा बढी साक्षर देखिएको छ। यसको मुख्य कारण विगत दुई दशकदेखि प्रभावकारी रूपमा शिक्षाको महत्वको बढी प्रचार तथा प्रसार हुँदै आएकोले हो भन्न सकिन्छ। छदेखि नौ वर्षको बाल बालिकाको समूह भने १० देखि १४ वर्षका केटाकेटीहरूको समूहको तुलनामा निकै घटी साक्षरताको प्रतिशत देखिन्छ। यसको धेरै कारणहरूमध्ये प्रमुख चाहिं यो हो कि सबै गाउँमा विद्यालय स्थापना गर्न नसकिने भएकोले कलिला उमेरका बाल बालिकाहरू घरदेखि धेरै टाढाको विद्यालयमा पढ्न जान सक्दैनन् र केही उमेर छिपिएपछि मात्र शिक्षण संस्थामा प्रवेश गर्ने भएकोले नै हो भन्न सकिन्छ। यस उमेर समूहको बाल बालिकाको संख्या जम्मा १६,५०४ जना छ र यो संख्यामध्ये केवल ३,७१९ अर्थात् २२.५ प्रतिशत मात्र हाल साक्षर बन्न सकेका छन् र बाँकी मध्ये केही प्रतिशतले भविष्यमा केही बढेपछि मात्र साक्षर बन्ने कुरो माथिको तथ्यले स्पष्ट गर्दछ। देशबाट निरक्षरता हटाउने अभियानमा यहाँ पनि २०२९ सालतिर प्रौढ साक्षरता कक्षाहरू सञ्चालन भएका थिए।

यो जिल्लामा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ सालदेखि लागू भएको छ। यहाँ २०३० सालसम्ममा एउटा शिक्षा शास्त्र अध्ययन संस्थान र अर्को एउटा बहुमुखी क्याम्पस स्थापना भएका छन्। २०३० सालको तथ्याङ्कअनुसार शिक्षा शास्त्र अध्ययन गर्ने जम्मा ३२१ जना विद्यार्थीमध्ये नन–क्रेडिटमा ६४ जना छात्र तथा २८ जना छात्रा र प्रमाणपत्र तहमा अध्ययन गर्ने २०४ जना छात्र तथा ४३ जना छात्रा थिए। सोही सालको तथ्याङ्कअनुसार बहुमुखी क्याम्पस अन्तर्गत मानविकी तथा सामाजिक शास्त्रका विभिन्न विषयमा प्रमाण

पत्र तहमा अध्ययन गर्ने १३९ छात्र तथा २१ जना छात्रा र स्नातक स्तरमा ३४ जना छात्र र दुई जना छात्रा गरी जम्मा १९६ जना विद्यार्थीहरू देखिएका थिए। त्यसै गरी विज्ञान सम्बन्धी विषयहरूमा प्रमाणपत्र तहमा अध्ययन गर्ने ९७ जना छात्र र पंच जना छात्रा गरी जम्मा १०२ जना विद्यार्थीहरू थिए।

उपर्युक्त क्याम्पसहरूको अतिरिक्त यहाँ २०३० सालसम्ममा १७७ वटा विभिन्न तहका विद्यालयहरू स्थापना भएका छन्। यिनीहरूको स्तरअनुसारको संख्या यसप्रकार छः—

प्राथमिक विद्यालय			१२५
निम्न-माध्यमिक विद्यालय			३६
माध्यमिक विद्यालय			१६
	क. व्यावसायिक	१	
	ख. संस्कृत	१	
	ग. कन्या	१	
	घ. प्रौढ	१	
	ङ. साधारण	१२	
			१७७

उपर्युक्त माध्यमिक विद्यालयहरूमा कतिपय निम्न-माध्यमिक तथा प्राथमिक विद्यालयहरू पनि गाभिएका छन् र त्यसै गरी निम्न माध्यमिक विद्यालयहरूमा पनि १९ वटा जति प्राथमिक विद्यालय गाभिएका छन्। यी विभिन्न स्तरका शिक्षण संस्थाहरू जिल्लाका विभिन्न भागमा स्थापना भएका छन्। यो जिल्लाको ६० पञ्चायतको पृष्ठभूमिमा उपर्युक्त शिक्षण संस्थाहरूको औसत अनुपात विचार गर्ने हो भने दुईवटा प्राथमिक विद्यालय प्रत्येक पञ्चायतमा र एउटा निम्न-माध्यमिक विद्यालय प्रत्येक दुईवटा पञ्चायत क्षेत्रमा पर्ने जस्तै हरेक चारवटा पञ्चायत क्षेत्रमा एउटा माध्यमिक विद्यालय औसत रहने कुरो देखिन आउँदछ। तर तीमध्ये पोखरा नगर पञ्चायतमा छवटा र बाँकी दशवटा माध्यमिक विद्यालयहरू बाटुले चौर, डाँडाखोर लामाचौर, शिशुवा, सातमुहाने देउराली, अर्वां झाझरमारे, ह्याङ्जा, नौ डाँडा, रामजादेउराली र धिताल गाउँ पञ्चायतहरूमा अवस्थित छन्। २०३० सालको तथ्याङ्कबमोजिम उपर्युक्त विभिन्न तीन स्तरका विद्यालयहरूमा अध्ययन गर्ने छात्र–छात्रा तथा अध्यापकको संख्या निम्नअनुसार देखिएको छः

छात्र, छात्रा तथा अध्यापक संख्याको तालिका, २०३०

विद्यालयको स्तर	जम्मा विद्यार्थी	छात्र	प्रतिशत	छात्रा	प्रतिशत	अध्यापक
प्राथमिक	६,८२३	५,१६८	७५.७	१,६५५	२४.३	३९२
निम्न माध्यमिक	४,५३७	३,८४१	८४.६	६९६	१५.४	२३२
माध्यमिक	३,९२३	३,३३७	८५.१	५८६	१४.९	१२६
जम्मा	१५,१८३	१२,३४६	८०.८	२,९३७	१९.२	७५०

यस तालिकाअनुसार प्राथमिक विद्यालयमा प्रवेश लिएका जम्मा ६,८२३ जना बाल–बालिकामध्ये २४.३ प्रतिशत बालिकाको संख्या देखिएको छ। तर बालकको अनुपातमा देखिएको बालिकाको यो प्रति-

शत निम्न–माध्यमिक विद्यालयमा क्रमशः घट्दै गएको देखिन्छ । उपर्युक्त शिक्षण संस्थाहरूमा जम्मा ७५० जना अध्यापकहरूले पढाइरहेका छन् । यो संख्यामध्ये ५१२ जना अर्थात् ६८ प्रतिशत अध्यापकहरूले तालीम पाइसकेका छन्। यस कास्की जिल्ला बाहिरका ८० जना बाहेक बाँकी सबै स्थानीय शिक्षकहरू छन् । १८६ वटाका शिक्षण संस्थाका पक्की र ११ वटा कच्ची भवनमा सञ्चालित छन् । यी शिक्षण संस्थाहरूको सञ्चालनको लागि आर्थिक वर्ष २०२९।०३० मा सरकारी अनुदान रू. ११,२५,०००। र शिक्षण शुल्कबाट आमदानी भएको रू. ४,८७,०००। गरी जम्मा १६,१२,०००। खर्च भएको थियो ।

माथि दिइएको तथ्याङ्कले कास्की जिल्लामा रहेकै शिक्षण संस्थाहरूकै तथ्याङ्क भए तापनि यहाँ बाहिरबाट पनि आएर पढ्न सक्ने भएको हुनाले यसले यहाँका जनसंख्यामा कति विद्यालय जान्छन् र जादैनन् भन्ने कुरा देखाउन सक्दैन । यसप्रकारको जानकारी २०२८ सालको राष्ट्रिय जनगणनामा पाइन्छ । सोअनुसार कास्की जिल्लामा छ वर्षदेखि नौ वर्षसम्मको चार वर्षको उमेर समूह, त्यसपछि पाँच-पाँच वर्षको उमेर समूहहरू र ४५ वर्ष पछि बाँकी सबै उमेरहरूको समूह गरी पुरुष तथा महिलाहरूको विद्यालय भर्ना सम्बन्धी जानकारी दिइएकोछ । तर कुन कुन उमेर समूहका मानिसहरूले कति कति संख्यामा विद्यालय गइरहेका छन् अथवा जान पाएका छैनन् र यसप्रकार विद्यालय जानेहरूको संख्यामा केही प्रगति देखिन्छ भन्ने जानकारी उपयुक्त देखिन्छ जुन निम्नबमोजिम छ ।

कास्की जिल्लाको जनसंख्यामा केही उमेर समूहहरूमा विद्यालय भर्ना सम्बन्धी जानकारी, २०२८

	पुरुष			महिला		
उमेर समूह	जम्मा संख्या	विद्यालयमा भर्ना रहेका	विद्यालयमा कहिल्यै भर्ना नभएका	जम्मा संख्या	विद्यालयमा भर्ना रहेका	विद्यालयमा कहिल्यै भर्ना नभएका
६ देखि ९वर्ष	८,३९१	२,५५७	५,८३४	८,११३	७८१	७,३३२
प्रतिशत		(३०.५)	(६९.५)		(९.६)	(९०.४)
१०–१४ वर्ष	९,९९१	६,२४८	३,७४३	८,८४८	१,५२५	७,३२३
प्रतिशत		(६२.६)	(३७.५)		(१७.२)	(८२.८)
१५–१९	७,६६६	३,६६७	३,२५१	७,५९९	५९८	६,७५४
प्रतिशत		(४७.८)	(४२.४)		(७.९)	(८८.९)
२०–२४ वर्ष	५,८१७	१,१४४	३,४३९	६,४१५	१०६	६,१०८
प्रतिशत		(१९.७)	(५९.१)		(१.७)	(९५.२)
२५–२९ वर्ष	४,७३०	३४६	३,६२९	५,८२२	१८	५,७०७
प्रतिशत		(७.३)	(७६.७)		(०.३)	(९८.०)

स्रोतः राष्ट्रिय जनगणना, २०२८

उपर्युक्त तालिकामा छ वर्षदेखि २९ वर्षसम्मको जम्मा पाँचवटा उमेर समूहमा कति संख्यामा पुरुष तथा महिलाहरू विद्यालय भर्ना भएका छन् र कतिले कहिल्यै पनि विद्यालय जान पाएका छैनन भन्ने

देखिन्छ। तर यी दुई कलम बाहेक कुनै समय स्कूलमा पढी छोडेको पनि मानिस हुन्छन् जुन माथिको तालिकामा समावेश छैन। त्यसबारे तल चर्चा गरिनेछ। त्यसैले कुनै कुनै उमेर समूहमा त्यस्तो जनसंख्या पनि पाइने हुनाले तिनीहरूमा विद्यालयमा भर्ना रहेका र विद्यालयमा भर्ना कहिल्यै नभएका भन्ने दुई कलमको "जम्मा" सँग मिलन आउँदैन। सो तालिकाबाट यस जिल्लामा स्कूल भर्ना सम्बन्धी व्यवहारमा निम्न लिखित जानकारी पाइन्छः (क) यहाँ सर्वप्रथम छदेखि नौ वर्षको उमेर समूहमा पनि केही केटाकेटीहरू अझै विद्यालय नजाने हुन्छन्। त्यसमा पनि अझ केटीहरूमा त बहुतै कम संख्यामा विद्यालय जाने गर्दछन् अर्थात् यहाँ केटाकेटीको विद्यालय जाने उमेर अलि ढीलो नै रहेछ। (ख) दोस्रो कुरा, कहिल्यै विद्यालयमा भर्ना नभएका भन्ने समूहमा पुरुषभन्दा महिलाको परिमाण निकै बढी छ। उदाहरण स्वरूप १० देखि १४ वर्षको उमेर समूहमा ३७.५ प्रतिशतमात्र केटाहरू विद्यालय कहिल्यै भर्ना नभएका छन् भने केटीहरूमा यो परिमाण ८२.८ प्रतिशत देखिन्छ। (ग) तेस्रो कुरा, यहाँ छदेखि नौ वर्षको उमेर समूहमा बाहेक अन्य उमेर समूहहरूको आपसमा तुलनात्मक अवलोकन गर्ने हो भने विद्यालय कहिल्यै भर्ना नभएकाहरूको परिमाण क्रमशः घट्दै आइरहेको छ। जति जति सानो उमेर छ त्यति त्यति बढ्दो संख्यामा केटाकेटीहरू विद्यालय पढ्न थालेका छन्। तर जुन गतिले केटाहरूले यो लाभ उठाउन लागेका छन् त्यसको तुलनामा केटीहरूको गति असाध्यै मन्द देखिन्छ।

२०२८ सालको जनगणनाअनुसार यहाँ छ वर्षदेखि माथिका जम्मा जनसंख्या १,२६,५११ मध्ये विभिन्न स्तरका शिक्षण संस्थाहरूमा प्रवेश गरिराखेको १७,२६३ जना अर्थात् जम्मा जनसंख्याको १३.६ प्रतिशत देखिएको छ। यस तथ्याङ्कबमोजिम प्राथमिक तहमा प्रवेश भैराखेको जम्मा १०,८८३ जना छ र यसमध्ये छदेखि नौ वर्ष उमेरका बालक २,५५७ र बालिका ७८१ मात्र छन्, बाँकी १० देखि ४५ वर्ष र सोभन्दा माथि उमेरका जम्मा ७,५४५ जनाले पनि यो स्तरमा पढिरहेको उक्त तथ्याङ्कबाट देखिएको छ। निम्न माध्यमिक विद्यालयमा प्रवेश भइराखेका जम्मा ३,६३९ मध्ये ३,१३४ छात्र र ५०५ छात्रा छन् भने माध्यमिक विद्यालय जाने १,८२३ छात्र र ५०५ छात्रा छन् भने माध्यमिक विद्यालय १८२३ छात्र र २९१ छात्रा गरी जम्मा २,११४ जना विद्यार्थीहरू देखिएका छन्। जिल्लामै तथा जिल्ला बाहिर उच्च शिक्षा अध्ययनार्थ विभिन्न स्तरमा प्रवेश गरिराखेका विद्यार्थीहरूमध्ये इण्टरमिडियटमा ४६१ जना छात्र तथा ५२ जना छात्रा र स्नातक स्तरमा अध्ययन गरिराखेका १०४ जना विद्यार्थीमध्ये १०० जना छात्र र चार जना छात्रा देखिएका छन्। स्नातकोत्तर स्तरका १० जनामध्ये नौ जना पुरुष र एक जना महिला छन्।

यो तथ्याङ्क सङ्कलन गर्दा (अर्थात् २०२८ मा) शिक्षण संस्थामा प्रवेश नगरेको देखिएको संख्या १,०९,२४८ जनामध्ये ४,५९५ जनाले विभिन्न स्तरका शैक्षिक योग्यता हासिल गरेर अध्ययन पूरा गरिसकेका थिए। यी ४,५९५ जनामध्ये १,४७० ले प्राथमिक, १,२७४ ले निम्न माध्यमिक, १,३३२ ले माध्यमिक, ३२५ जनाले इण्टरमिडियट ,१५२ ले स्नातक र ४२ ले स्नात्तकोत्तर स्तरमा अध्ययन पूरा गरेका थिए। उच्च शिक्षा हासिल गर्ने जम्मा संख्यामध्ये इण्टरमिडियट स्तरमा २३ जना, स्नातकमा पाँच जना र दुई स्नातकोत्तर स्तरमा; तीन जना छात्रा बाहेक बाँकी सबै छात्रहरू थिए।

पोखरामा २०२९ सालमा छवटा जात जातिहरू (बाहुन्, क्षेत्री, गुरुङ, नेवार, सार्की र दमाई) को केटाकेटीहरूको स्कूल जाने व्यवहार सम्बन्धी गरिएको श्री बिहारी कृष्ण श्रेष्ठको सर्वेक्षणअनुसार गुरुङ

र नेवारहरूमा छ देखि १५ वर्षका केटीहरूमा क्रमशः ६३.० प्रतिशत र ५२.२ प्रतिशत स्कूल जान्छन् भने बाहुन र क्षेत्रीहरूमा क्रमशः २७.१ र २२.२ छन् । दमाईहरूमा यो परिमाण १६.७ र सार्कीहरूमा छँदैछैन । तर सोही उमेरका केटाहरूमा हेर्ने हो भने गुरुङहरूका ८० प्रतिशत, नेवारहरूको ७६.७ प्रतिशतसित बाहुनहरूको ७८.१ प्रतिशत र क्षेत्रीहरूको ६६.७ तुलनायोग्य नै छ भन्नु पर्दछ । तर दमाई र सार्कीहरूमा यो परिमाण क्रमशः ३०.० र २७.३ मात्र छन् । साथै आर्थिक अवस्थाको आधारमा पनि यसप्रकारको फरक देखिएको छ । धनी मानिसले धेरै परिमाणमा केटाकेटी पढाउँछन् भने गरीबले पढाउन सक्दैनन् ।

स्वास्थ्य

यस जिल्लाको सदरमुकाम पोखरामा तीनवटा अस्पताल छन् । यीमध्ये गण्डकी अञ्चल अस्पतालको क्षमता ५० शय्याको छ र यहाँ छ जना डाक्टरहरूको सेवा उपलब्ध हुँदै आइरहेको छ । आर्थिक वर्ष २०२९।३० मा १,४०० जना बिरामीहरूले अस्पतालमा भर्ना भई औषधोपचार गरेका थिए भने लगभग ५६,००० जनाले अस्पतालको आउट-डोर विभागबाट उपचार सेवा प्राप्त गरेका थिए । साइनिङ अस्पताल (मिशन) मा कुष्ट रोग विशेषज्ञ समेत पाँच जना डाक्टरहरू छन् र उक्त वर्षमा यस अस्पतालबाट ४,३०० जनाले अस्पतालमा भर्ना भई औषधोपचार गराएका र लगभग ५३,००० जनाले आउट-डोर विभागबाट उपचार सेवा पाएका थिए । यस स्थानको निकटवर्ती क्षेत्रमा अन्य अस्पताल नभएकोले गण्डकी तथा धवलागिरि अञ्चल समेतका बिरामीहरू यही पोखरामै आई औषधोपचार गराउने गर्दछन् ।

कुष्ठ रोग नियन्त्रण

उपर्युक्त दुई अस्पतालका अतिरिक्त यहाँ छिने डाँडा गाउँ पञ्चायतमा मिशनरीद्वारा नै सञ्चालित २० शय्या क्षमता भएको एउटा कुष्ठ रोग अस्पताल छ । साधारण कुष्ठ रोगीहरूलाई रोग निवारणका लागि औषधि यहाँबाट दिइन्छ । तर रोगले निकै ग्रस्त पारेका बिरामीलाई भने अस्पतालमै भर्ना गरी औषधि उपचार गरिन्छ । २०२९ साल भरमा यस अस्पतालले १८७ कुष्ठ रोगी भर्ना गरी उपचार गरेको र १,२०० जति कुष्ठ रोगीहरूलाई जाँच गरी आवश्यक सेवा प्रदान गरेको थियो । यस बाहेक गण्डकी अञ्चल अस्पतालभित्र हरेक आइतबार कुष्ठ रोगका बिरामीहरूको लागि एउटा क्लिनिकको व्यवस्था गरिएको छ । यहाँ २०२९।३० मा ४६ जना कुष्ठ रोगीहरूको उपचार भएको थियो । कुष्ठ रोग अन्य संक्रामक रोग झैं सामान्य सम्पर्क तथा हेलमेलबाट सर्नेखालको सरुवा रोग होइन, तर रोगको स्वभाव सम्बन्धी ज्ञानको अभाववश कुनै कुनै अबुझ मानिसहरू गलत विचार लिई यस रोगीलाई नै अलि बेग्लै व्यवहार गर्दछन् । पोखराको हरियो खर्क अस्पतालबाट निको भएर फर्केकी एउटी केटीलाई तिनका गाउँलेहरूले छ महीनासम्म जङ्गलमा राखेछन् र सो समयसम्म पनि तिनीबाट उक्त रोगको भय उत्पन्न नभएपछि गाउँलेले तिनलाई गाउँभित्र आई बस्न दिएछन् ।

अन्य स्वास्थ्य संस्थाहरू

उपर्युक्त अस्पतालहरूको अतिरिक्त जिल्लाका अन्य स्थानहरूमा छवटा स्वास्थ्य चौकी तथा दुई वटा आयुर्वेदीय औषधालयहरू पनि रहेका छन् । यी स्वास्थ्य संस्थाहरू रहेका विभिन्न स्थानको नामावली यहाँ प्रस्तुत गरिएको छ ।

स्वास्थ्य संस्था	गाउँ पञ्चायत	कैफियत
बाटुलेचौर स्वास्थ्य चौकी	बाटुलेचौर गाउँ पञ्चायत	
देउराली स्वास्थ्य चौकी	देउराली गाउँ पञ्चायत	
सिक्लिस स्वास्थ्य चौकी	पार्चे गाउँ पञ्चायत	
पोखरा स्वास्थ्य चौकी	पोखरा नगर पञ्चायत	अञ्चल अस्पतालमै गाभिएको
नौ डाँडा स्वास्थ्व चौकी	नौ डाँडा गाउँ पञ्चायत	
राम्जातिलाहार स्वास्थ्य चौकी	राम्जातिलाहार गाउँ पञ्चायत	
अञ्चल आयुर्वेदीय औषधालय	बेगनास गाउँ पञ्चायत	
हंसपुर आयुर्वेदीय औषधालय	माझ गाउँ गाउँ पञ्चायत	

जिल्लामा खास दुःख दिने रोगहरूमध्ये खानेपानीको खराबीबाट उत्पन्न हुने पेट सम्बन्धी रोगहरू, भोजनमा आयोडिनको कमीबाट गला बढ्ने (गाँड) तथा पौष्टिक आहाराको न्यूनताबाट हुने रोगहरू, टी. बी., एनिमिया आदि उल्लेखनीय छन् । नेपाल अधिराज्यको अन्य जिल्लाहरूमा झैं यहाँ पनि परम्परागत अन्धविश्वासमा आधारित धामी, झाँक्रीद्वारा झार-फुक, पूजा-आजा, देवता बोलाई पशु-पक्षीको बलिदिएर बिरामीको उपचार गर्ने प्रथा कायमै रहेको पाइन्छ । तर बढ्दो शिक्षाको प्रभाव तथा स्वास्थ्य सेवाहरूको उपलब्धिले गर्दा धामी झाँक्रीमाथिमात्र बिरामीको मर्ने बाँच्ने भाग्य निर्भर गराउने प्रथा हट्दै आइरहेको देखिन्छ। यस्ता धामी, झाँक्रीमाथिको जन-आस्था तथा विश्वास अब घट्दै आइरहेको प्रशस्त उदाहरणहरू देख्न पाइन्छ।

बिफर उन्मूलन

यस जिल्लामा बिफर उन्मूलन कार्य अञ्चल जन स्वास्थ्य कार्यालय अन्तर्गत यस रोगको निगरानी, आम खोप कार्य, खत सर्वेक्षण आदि कार्य हुँदै आइरहेको छ । प्रायः हिउँदका महीनाहरूमा आम जनतालाई बिफर विरुद्ध खोपाउने कार्य गरिन्छ । २०२९ सालको पुस र माघ महीनामामात्र ५३,१०० जनालाई बिफर विरुद्ध खोप प्रदान गरिएको थियो। २०२९ सालमा १८ वटा गाउँ पञ्चायतहरूमा आम खोप मूल्याङ्कनको निमित्त खत सर्वेक्षण गरिएको थियो । त्यसबेला ९७.७ प्रतिशत जनसंख्या बिफरबाट सुरक्षित भएको पाइएको छ । त्यसबेला एउटा बिफरको बिरामी फेला परेको थियो र उक्त बिफरको रोग भारतबाट पैठारी भएको सिद्ध भएको छ । बिफरको खोप एकफेरा लिएपछि आजीवन पुग्छ र कहिल्यै बिफर लाग्दैन भन्ने जन-भावना अहिले स्वास्थ्य शिक्षा प्रचारको फलस्वरूप बदलिंदै आएको छ र हरेक तीन वर्षमा पुनः खोपाउनेको संख्यामा निरन्तर वृद्धि हुँदै आइरहेको छ । २०३४ सालसम्ममा नेपाल अधिराज्यभित्र बिफर उन्मूलन गरी सक्ने लक्ष्य अनुरूप यस जिल्लामा पनि सोही समयमा बिफर उन्मूलन गरी सक्ने लक्ष्य राखी काम भइरहेको छ ।

औलो उन्मूलन

समुद्र सतहदेखि लगभग १,२२० मिटर (४,००० फीट) सम्म उचाइको क्षेत्र अर्थात् यो जिल्लाको ४४ पञ्चायत क्षेत्र औलो ग्रसित भेक मानेर २०१६ सालदेखि यहाँ औलो उन्मूलन अभियान सञ्चालन भएको थियो । आर्थिक वर्ष २०२६।२७ सम्ममा औलो रोगको प्रसारणमा धेरै हदसम्म रोकथाम सम्भव भएपछि यहाँका औलोग्रस्त क्षेत्रमा डी.डी.टी. छर्किरहनु नपर्ने र औलो रोगीहरूको खोजी गरी उपचार गर्दै जाने गरी

रेखदेखको अवस्थामा राखिएको थियो । तर औलो रोगी फेरि निकै मात्रामा देखापर्न थालेकाले औलो प्रसारणमा रोकथाम गर्न पुनः डी.डी.टी. छर्कने कार्य भएको थियो । २०२९।३० सालमा यस जिल्लामा १०,८८२ जना व्यक्तिहरूको रक्त स्लाइड सङ्कलन गरिएको थियो जसमध्ये ५५ जना औलो लागेको फेला परेको थियो । यी रोगीहरू यहाँको नेपाल औलो उन्मूलन संघको नियमअनुसार पाँच दिनसम्म आमूल उपचार गरिएको थियो ।

परिवार नियोजन

यो जिल्लालाई नेपाल परिवार नियोजन तथा मातृ शिशु कल्याण योजनाको सेवा विगत केही वर्षदेखि प्राप्त हुँदै आइरहेको छ । परिवार नियोजनका विभिन्न साधनहरूको वितरण गर्नाको साथै यस योजनाले ३७६ पुरुषलाई स्थायी परिवार नियोजन (भ्यासेक्टोमी अप्रेशन) सेवा गत आर्थिक वर्ष २०२९।३० मा मात्र उपलब्ध गराएको थियो । सोही वर्षमा पाँच वर्षमुनिका २,१५२ जना शिशु र २६६ जना सुत्केरीहरूलाई आवश्यक उपचार प्राप्त भएको थियो ।

क्षयरोग

गण्डकी अञ्चल अस्पतालमा हाल हरेक महीनाको पहिलो मङ्गलबारका दिन १५ वर्षमुनिका बालबालिकालाई क्षयरोग निरोधक बी.सी.जी. सूई दिने व्यवस्था भएको छ तापनि साइनिङ अस्पतालको सहयोगद्वारा कास्की जिल्लाको हरेक गाउँ पञ्चायतमा गएर यस्ता सूईहरू दिने गरिएको छ । २०२९।३० सालमामात्र ३५,९७६ जना बाल-बालिकालाई क्षयरोग निरोधक सूई दिइएको थियो । यसै गण्डकी अञ्चल अस्पतालमा क्षयरोगीहरूको उपचारार्थ एउटा क्लिनिक पनि राखिएको छ २०२९।३० मा उक्त क्लिनिकमा क्षयरोग यकीन गरी उपचार गरेका बिरामी संख्या ४१७ पुगेको थियो ।

यस जिल्लामा २०२८ साल मंसीर महीनादेखि अगुवा स्वास्थ्य एकीकरण योजना चालू भएको छ । यस अन्तर्गत कास्की जिल्लाको सम्पूर्ण जनसंख्या र लमजुङ जिल्लाभित्रको केही इलाकाको ४,५२२ जना समेत यस योजनाको प्रभावमा आएका छन् । यस योजनाको एउटा आफ्नै प्रयोगशाला पनि छ ।

खानेपानी

नेपाल अधिराज्यको अन्य स्थानमा जस्तै यस जिल्लामा पनि ठाउँ ठाउँमा खानेपानीको व्यवस्था भएको छ । तर पनि यस जिल्लाका कतिपय गाउँ पञ्चायतहरूमा अझै पनि नदी, कुवा अथवा ताल आदिको भर पर्नु परिरहेकै छ । नेपालका धेरै पहाडी इलाकामा जस्तै यहाँ पनि छोरी दिएर पठाउन दुलहा खोज्ने बेलामा त्यस गाउँमा पानी लिन दुःख छ छैन बुझेर मात्र दिने गर्दछन् र कहीं कहीं पानी ल्याउन गाह्रो पर्ने ठाउँमा बुहारी ल्याउन पनि गाह्रो नै पर्दछ ।

पोखरा बजारमा खानेपानीको निमित्त कलधाराको व्यवस्था सवभन्दा पहिले सम्वत् १९७६ सालमा बाल शम्शेर भन्नेले गरेका थिए । त्यसैले उक्त वितरण प्रणालीको नाम बाल धारा रहन गएको छ । उक्त प्रणालीबाट कुंडहर, विमानस्थल इलाका, मोहरियाटोल, पर्सा आदि टोलहरूमा पानी वितरण भएको थियो । पछि २०१८ सालदेखि यहाँ निर्माण हुन थालेको भोटेखोला खानेपानी योजना अन्तर्गत अमलबिसाउनीमा ब्रेक प्रेसर च्याम्बर राखी विन्ध्यवासिनीमा एक लाख २० हजार ग्यालन क्षमताको रिजर्भ्वाएर बनाएको थियो र

सो भन्दा माथिको क्षेत्रमा मूल पाइपबाटै पानी वितरण गर्ने गरिएको थियो । यसरी बाल धाराबाट प्रतिदिन ८८,००० ग्यालन र भोटेखोलाबाट प्रतिदिन तीन लाख ७४ हजार ग्यालन पानी समेत गरी जम्मा ४,६२,००० ग्यालन पानी प्रतिदिन वितरण गरिन्छ ।

उपर्युक्त दुवै वितरण प्रणालीहरूबाट २०३१ साल कात्तिक मसान्तसम्ममा निजी ८४७, सार्वजनिक १७० र सरकारी कार्यालयहरूमा ९० समेत गरी जम्मा १,१०७ वटा धाराहरू वितरण भएको छ ।

तर पोखरा नगर पञ्चायत इलाकामा पर्यटन उद्योगको विकास, जनसंख्याको वृद्धि, शहरको विस्तृतीकरण आदिले गर्दा खानेपानीको कमी क्रमशः महसूस हुँदै आइरहेको छ । यस समस्यालाई समाधान गर्न ४२ लाख रूपैयाको लागतमा कालीमुढा योजना कार्यान्वयन हुने भएको छ जस अन्तर्गत काली खोला, माझकुना र घट्टे खोलाबाट पानी ल्याई वितरण गरिनेछ । यो योजना २०३४ सालमा पूरा भएपछि पोखरामा जम्मा प्रतिदिन १४ लाख आठ हजार ग्यालन पानी प्राप्त हुनेछ ।

यस बाहेक वर्तमान वितरण प्रणालीमा पनि सुधार गर्न अमलबिसौनीमा एकलाख २० हजार ग्यालन क्षमताको पानी पोखरी (रिजरभ्वाएर) निर्माण भइसकेको छ र त्यहाँबाट विध्यवासिनी पानी पोखरीसम्म आठ इन्च व्यासको पाइप बिछाउने काम पनि भइरहेको छ ।

माथि शुरूमा उल्लेख गरिए जस्तै पोखरा नगर इलाकामा बाहेक यस जिल्लाको गाउँ घरमा पनि स्थानीय प्रयासबाट कलधाराहरूको व्यवस्था भएको छ । उदाहरणको निमित्त थाक गाउँमा त्यहाँको धनी गरीब सबैको संयुक्त प्रयासबाट फलामे पाइपद्वारा पानी वितरण हुँदै आएको छ । यसभन्दा पनि अझ मार्मिक उदाहरण च्याङलुङ गाउँको हो । त्यहाँ धेरै वर्ष पहिले गाउँलेहरू मिली बास काटेर कोसौं टाढाको मूलबाट बाँसको ढुङ्गो बाट पानी ल्याएर गाउँमा वितरण गरेका थिए । पछि उक्त बाँसको पाइपले काम दिन छाडेपछि जिल्ला पञ्चायतको आर्थिक अनुदान र ग्रामीण जनताको ठूलो प्रयासबाट पक्की धाराको निर्माण गरी खानेपानीको व्यवस्था गरिआएका छन् ।

केही वर्ष यता यस जिल्लामा गाउँस्तरीय भएतापनि ठूलठूला खानेपानी आयोजनाहरू निर्माण भएका छन् । रू. एक लाख ८३ हजारको लागतमा पुरन्चौर गाउँ पञ्चायतमा, ७७ हजारको लागतमा आर्वा गाउँ पञ्चायतमा र एक लाख २७ हजारको लागतमा राम्जातिलाहार गाउँ पञ्चायतहरूमा खानेपानी योजनाहरू सम्पन्न भएका छन् । यस्तै प्रकारले खाँदरजुङ (भुर्जुङ खोला), ठूला स्वाँरा र माझ ठाना गाउँ पञ्चायतहरूमा पनि कलधाराको व्यवस्था भइसकेको छ । अन्य पञ्चायतहरूमा पनि गाउँमा पानी वितरण प्रणालीहरूको निमित्त अथवा टङ्की मात्र निर्माण गर्नको निमित्त पनि कास्की जिल्ला पञ्चायतबाट अनुदानहरू वितरण भएका छन् । यसरी यस जिल्लामा खानेपानी विकासको क्षेत्रमा यत्रतत्र निकै सफल प्रयासहरू भएका छन् । तर सबै ठाउँको खानेपानीको समस्या समाधान गर्न अझ बढी प्रयासको आवश्यकता छ ।

प्रशासन र पञ्चायत

प्रशासन

अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा प्रशासनिक विभाजन गर्ने क्रममा यस जिल्लाको पनि सृजना भएको हो । यस अगाडि यो जिल्ला पश्चिम तीन नम्बर गोश्वाराबाट प्रशासित हुँदै आइरहेकोथियो । २०२२ सालदेखि गण्डकी अञ्चल प्रशासन अन्तर्गत प्रमुख जिल्ला अधिकारीद्वारा यो जिल्ला प्रशासित हुँदै आइरहेछ । यसको सदरमुकाम पोखरामा छ । यहाँ प्रमुख जिल्ला अधिकारीको कार्यालय, जिल्ला पञ्चायत कार्यालय लगायत श्री ५ को सरकारको अन्य कतिपय क्षेत्रिय तथा अञ्चल तथा जिल्लास्तरीय कार्यालयहरू छन् ।

२०३० सालको अन्त्यसम्ममा यहाँ स्थापित सरकारी कार्यालयहरू निम्नलिखित बमोजिम छन् :–

गण्डकी अञ्चलाधीश कार्यालय
प्रमुख जिल्ला अधिकारीको कार्यालय
गण्डकी अञ्चल अदालत
कास्की जिल्ला अदालत
एस. पी. कार्यालय
जिल्ला प्रहरी निरीक्षक कार्यालय
क्षेत्रिय शिक्षा निर्देशनालय
क्षेत्रिय सिंचाइ निर्देशनालय
प्रादेशिक योजना कार्यालय
नेपाल लोक सेवा आयोगको प्रादेशिक कार्यालय
पञ्चायत अग्रणी प्रशिक्षण केन्द्र
सरकारी अधिवक्ता तथा सरकारी अभियोक्ताको कार्यालय
परिवार नियोजन क्षेत्रिय कार्यालय
जिल्ला परिवार नियोजन कार्यालय
फरेष्ट डिविजन कार्यालय
सडक डिभिजन

सडक सब–डिभिजन
खानेपानी तथा ढल निकास विभागको कार्यालय
हुलाक नियन्त्रण कार्यालय
पोखरा मुख्य हुलाक कार्यालय
कर कार्यालय
स्थानीय विकास विभाग क्षेत्रिय कार्यालय
जिल्ला शिक्षा अधिकारीको कार्यालय
जिल्ला कृषि विकास कार्यालय
ग्रामीण उद्योग तालीम केन्द्र
सार्वजनिक निर्माण कार्यालय
मत्स्य विकास केन्द्र
जल विद्युत् केन्द्र
सूचना केन्द्र
पर्यटन सूचना केन्द्र
बागबानी अनुसन्धान केन्द्र
पशु चिकित्सालय
जिल्ला सहकारी कार्यालय
हवाइ कार्यालय
कारागार कार्यालय
माल कार्यालय
जिल्ला भूमिसुधार कार्यालय
राष्ट्रिय यातायात व्यवस्था उप–शाखा कार्यालय
जिल्ला तथ्याङ्क कार्यालय
जिल्ला औलो उन्मूलन कार्यालय
पोखरा नगर योजना कार्यान्वयन समितिको कार्यालय

उपर्युक्त बाहेक यस जिल्ला स्थित केही अन्य महत्वपूर्ण कार्यालयहरू निम्नलिखित छन् :–

जिल्ला पञ्चायत कार्यालय
पोखरा नगर पञ्चायत
संयुक्त संगठन कार्यालय
कृषि विकास बैंक
नेपाल राष्ट्र बैंक
नेपाल दूर सञ्चार समिति
नेपाल बैंक लिमिटेड
कृषि खरीद बिक्री संस्थान

जिल्ला सहकारी संघ (प्रा. लि.)
नेपाल औद्योगिक विकास निगम
गण्डकी कृषि विकास योजना उप–केन्द्र
पोखरा व्यापार संघ
नेशनल ट्रेडिङ लिमिटेड
साल्ट ट्रेडिङ कर्पोरेशन
नेशनल कन्स्ट्रक्सन कम्पनी, नेपाल

प्रहरी

यस जिल्लाको प्रहरी निरीक्षकको कार्यालय पोखरामा छ। यो कार्यालय अन्तर्गत विभिन्न स्थानमा प्रहरी चौकीहरू रहेका छन्। ती स्थानको नाम र प्रहरी चौकी यसप्रकार छन्:–

प्रहरी चौकी भदौरे देउराली, भदौरे तमागी गाउँ पञ्चायत
प्रहरी चौकी सातमुहाने, देउराली गाउँ पञ्चायत
प्रहरी चौकी, शिशुवा आदर्श गाउँ पञ्चायत
प्रहरी चौकी (अस्थायी), पार्दी गाउँ पञ्चायत

यस बाहेक यहाँ ट्राफिक प्रहरी पनि छ। साथै पोखरा अञ्चल सदरमुकाम भएको हुनाले गण्डकी अञ्चलको एस. पी. कार्यालय पनि यहीं छ जसको अन्तर्गत एउटा सशस्त्र प्रहरी गुल्म राखिएको छ।

कारागार

पोखरा रत्नपुरीमा ५० जवान (पुरुष, महिला) अटाउने क्षमता भएको एउटा कारागार भवन छ। जिल्लाका कैदीहरू मात्र राख्ने अनुमानबाट यो भवनको निर्माण भएको थियो तर हालसम्म अञ्चलभरकै कैदीहरू राख्ने व्यवस्था गरिएको छ।

कर कार्यालय

यहाँ स्थित कर कार्यालयको नाम कर कार्यालय, गण्डकी–धवलागिरि अञ्चल हो। यो कार्यालय २०२२ साल फागुन महीनामा स्थापना भएको हो। २०२९।३० सालमा गण्डकी अञ्चलबाट यसको आय रू. ६,२६,६१९। थियो। कास्की जिल्लाबाट मात्र सो समयमा करदाताहरू जम्मा २६० जना व्यापारीहरू र १४० जना कर्मचारी थिए।

न्याय

यो जिल्लाको जिल्लास्तरीय अदालत पोखरामा छ। यहाँ सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ताको कार्यालय पनि छ। यस कार्यालयले सरकारवादी हुने मुद्दाको तहकीकात गर्ने, मुद्दा दायर गर्ने तत्सम्बन्धमा बहस गर्ने र सरकारी कार्यालयहरूले मागेमा कानूनी राय सल्लाहहरू उपलब्ध गराउने काम गर्दछ। यहाँ धेरैजसो चोरी मुद्दाहरू पर्दछन्। २०२९।३० मा यस कार्यालयले सरकारवादी हुने, दायर गरेका मुद्दा जम्मा ७५ थिए जसमा चोरी मुद्दा ४२, ज्यान ११, राजकाज चार, हातहतियार खरखजाना तीन, सार्वजनिक अपराध तीन र अरू १२ थिए।

यहाँको जिल्ला अदालतमा पर्ने मुद्दाको किसिम यसप्रकारको छः–

जग्गा, लेनदेन, अंशवण्डा, पारिवारिक, कीर्ते, ठगी, लुटपीट, गाली बेइज्जती र अपहेलना, कुटपीट, ज्यान, चोरी, करणी, भ्रष्टाचार, नाबालखको अपराध, आत्महत्या, विविध ।

यस जिल्ला अदालतमा २०२७।२८ देखि २०२९।३० सम्म जम्मा तीन वर्षमा परेका मुद्दाहरू निम्नअनुसार छन्ः–

वर्ष	देवानी	फौज्दारी	जम्मा
२०२७।२८	५७४	४८४	१,०५८
२०२८।२९	५३०	४३६	९६६
२०२९।३०	४८५	३९०	८७५

उपर्युक्त मुद्दाहरूमा देवानीतर्फ जग्गा सम्बन्धी र फौज्दारीमा लुटपीट सम्बन्धी मुद्दा बढी परेको देखिन्छ ।

पञ्चायत

माथि ठाउँ ठाउँमा उल्लेख गरिए जस्तै यस जिल्लामा ५९ वटा गाउँ पञ्चायतहरू र एउटा नगर पञ्चायत छन् । यहाँको नगर पञ्चायतमा १३ वटा वडाहरू छन् । प्रत्येक गाउँ पञ्चायतका सदस्यहरूबाट एक जना र प्रत्येक नगर पञ्चायतबाट कुल निर्वाचित सदस्य संख्याको एक तिहाई सदस्यहरूले निर्वाचनद्वारा जिल्ला सभामा प्रतिनिधित्व गर्न पाउने भएको हुनाले कास्की जिल्ला सभामा जम्मा ६३ जना सदस्यहरू छन् जसमध्ये ११ जना कास्की जिल्ला पञ्चायतका सदस्य छन् । यस जिल्लाबाट एक जना सदस्यले राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्दछन् ।

पहाडी जिल्ला भएको हुनाले यहाँको गाउँ तथा जिल्ला पञ्चायतहरूमा आयस्रोत सीमित छ। त्यसैले यहाँको गाउँ पञ्चायतहरूमा विकास आयोजनाहरूमा स्थानीय अनुदान मुख्यतया श्रमदानकै रूपमा रहन्छ र अन्य विकास सामग्रीहरूको निम्ति बाह्य सहायताको आवश्यकता पर्दछ। यहाँ कार्यान्वित गरिने विकास आयोजनाहरूमा मुख्यतया सानाठूला खानेपानी आयोजनाहरू, सिचाइ कुलो, झोलुङ्गेपुल, बाटोघाटो, स्कूल भवन आदि हुन् ।

जिल्ला पञ्चायतको स्थानीय आयस्रोतहरूमा घरधुरी कर, घाटकर, रेडियो इजाजत पत्र वितरण र नवीकरण आदि हुन्। आर्थिक वर्षहरू २०२७।२८; २०२८।२९ र २०२९।३० मा यहाँ जिल्ला सभा कोषमा क्रमशः २५ हजार, २१ हजार र ४० हजार आय भएको थियो ।

यस जिल्लामा नेपाल बाल संगठन, नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन र नेपाल भूतपूर्व सैनिक संगठनका जिल्लास्तरीय संगठनहरू छन् ।

प्रस्तावित पोखरा नगर विकास योजना[1]

पोखरा नगर पञ्चायतको वियषमा केही आधारभूत जानकारीहरू यस परिचयको प्रमुख स्थानहरू भन्ने परिच्छेदमा दिइसकिएको छ। यस पोखरा नगरइलाका समेत समावेश भएको एउटा वृहत् इलाकामा

---

[1] An Outline of Physical Development Plan of Pokhara, HMG, 2031

श्री ५ को सरकारले २०३० साल मंसीर महीनादेखि लागू गरेको छ। यस योजनाको दीर्घकालीन उद्देश्य पोखराको प्राकृतिक स्वरूपलाई कायम राखी यसलाई एउटा हरियालीयुक्त शहर बनाउनुको साथै पश्चिमाञ्चल क्षेत्रमा यसलाई एउटा स्वास्थ्यकर र सुविधायुक्त बृहत् शहरमा परिणत गर्नु हो। पोखराको शहर विकासलाई एउटा निश्चित दिशातिर निर्देशित गर्नु यस प्रकाको नियन्त्रण र निर्देशन गर्ने एउटा योजनाको व्यवस्था गर्नु, भौतिक आधारशिलाको निर्माणमा समन्वय ल्याउनु र पर्यटन उद्योगको तीव्रतर विकासको निम्ति आवश्यक आधारशिला तयार गर्नु पनि यसको उद्देश्य रहेको छ।

प्रस्तावित पोखरा नगर योजना भित्र परेको इलाकाको चार किल्ला निम्नबमोजिम छन्: पूर्वमा रूपाकोट डाँडाको पश्चिमी भेक (पानीढलो) हुँदै कोत्रे खोला र सेती नदीको दोभान, पश्चिममा फुस्रे खोलाबाट लुकुमस्वाँरा गाउँ, पुम्दी डाँडा, निमाने गाउँ र चन्खपुर गाउँ हुँदै सारानकोट डाँडा, याम्दी खोला र सेती नदीको दोभान। दक्षिणमा सेती नदी र फुस्रे खोला। उत्तरमा याम्दी खोला र सेती नदीको दोभानबाट लामाचौर, अमला बिसौनी, बाट्ुले चौर र काली खोला हुँदै तुलसीघाट, काहुँ डाँडा, आर्वा डाँडा, सुन पनेली, अर्घौं डाँडा र बेगनास डाँडा हुँदै ताल बेंसीसम्म।

उपर्युक्त चार किल्ला भित्रको वर्तमान जनसंख्या (२०२८) ५४,४१७ मानिएको छ र जनसंख्याको २.०७ प्रतिशतको वार्षिक राष्ट्रिय वृद्धिको आधारमा २०३८ र २०४८ मा क्रमशः ७५,००० र ९२,००० पुग्ने अनुमान गरिएको छ। पोखरा नगर पञ्चायत क्षेत्र जुन यस नगर योजनाको मूल केन्द्र हो, त्यस भित्रको जनसंख्या मात्र पनि वर्तमान २०,६११ (२०२८) बाट बढेर २०४८ मा ५७,००० पुग्ने अनुमान गर्न सकिन्छ। यसै गरी पर्यटकहरूको संख्या पनि तीव्र रूपले बढ्दै जाने आशा गर्न सकिन्छ। हालसालै पश्चिमाञ्चल विकास क्षेत्रको विकास केन्द्रको रूपमा पोखराको भूमिकामा नयाँ आयाम थपिनाले यसले पनि यहाँ धन र जनको बढी परिचालन गर्ने आशा गर्न सकिन्छ। यी सबै कारणहरूले गर्दा यहाँको भू उपयोग, आर्थिक कारोबार, यातायात र सञ्चार सुविधा, शहरी सुविधाहरू जस्तै शिक्षा, स्वास्थ्य, मनोरञ्जन, आवास आदिका आवश्यकताहरूलाई ध्यानमा राखी प्रस्तावित नगर योजनाको तर्जुमा भएको छ। यस योजनाअनुसार प्रस्तावित नगर क्षेत्र भित्र जम्मा निम्नलिखित तोकिएका इलाकाहरू हुनेछन्। आवासीय इलाकाहरू (जस्तै निजी, सरकारी आदि) मिश्रित बसोबास तथा बजार इलाका, संस्थाहरू (जस्तै सरकारी कार्यालय इलाका, शैक्षिक इलाका, स्वास्थ्य सेवा इलाका, सैनिक इलाका, प्रहरी इलाका, केन्द्रीय संस्थाहरू) खेलकूद, इलाका, विभिन्न संरक्षण इलाकाहरू (ताल र वन इलाकाहरू, नियन्त्रित संरक्षण इलाका, विशेष संरक्षण इलाका, सिमल चौर उद्यान इलाका, संरक्षित खुला चौरहरू), प्राकृतिक पार्क तथा धार्मिक स्थलहरू, विमान स्थल, सवारी सेवा इलाका, औद्योगिक इलाका, नियन्त्रित पर्यटन विकास इलाका र गाउँ तथा कृषि इलाकाहरू। उपर्युक्त मूलभूत सिद्धान्त अनुसार पोखरा नगर विकास योजनाको कार्यान्वयनको निम्ति आवश्यक तयारी र कार्यक्रम सञ्चालन गर्ने गण्डकी अञ्चलाधीशको अध्यक्षतामा १७ जनाको एउटा समिति गठन गरिएको र एउटा कार्यालय समेत स्थापनाभइ कार्य सञ्चालन भइसकेको छ।

उपसंहार

यस जिल्ला सम्बन्धी विभिन्न प्राकृतिक, ऐतिहासिक, आर्थिक तथा सामाजिक आयामहरूको बारेमा परिचयात्मक चर्चा गरिसके पछि ती सबैलाई पुनः एक पटक समष्टिरूपले विचार गरी यस जिल्लाको सम्भाव्यताहरू बारेमा केही चर्चा गर्नु आवश्यक देखिन्छ । माथि उल्लेख गरिएअनुसार यहाँको आर्थिक व्यवस्थाको मूल आधार कृषि नै हो जुन अहिलेसम्म परम्परागत प्रविधिमा नै निर्भर रहेको छ । कृषि भन्नाले अन्न खाद्यान्न उत्पादन मात्रलाई लिने हो भने यस जिल्लामा भएका फाँटहरूको बाबजुद यो एउटा पहाडी जिल्ला नै भएको हुनाले यसको उत्पादनको सम्भावना यहाँको भूस्वरूपले नै सीमित पारिदिएको छ । यसै गरी व्यापारको क्षेत्रमा पनि यस जिल्लाबाट निकासी हुन सक्ने वस्तुहरू कम छन् । दोस्रो कुरा, पोखराले परम्परागत रूपले उत्तर–दक्षिण व्यापार मार्गमा जुन महत्वपूर्ण भूमिका खेल्दै आएको थियो र वरिपरिका जिल्लाहरूको निमित्त एउटा खरीद केन्द्रको रूपमा रहेको थियो अब चारैतिर यातायातको विकासले वाणिज्य जगत्मा पनि यस जिल्लाका परम्परागत व्यापार केन्द्रहरू, मुख्यतया पोखराको भूमिका कम महत्वपूर्ण हुन गएको छ । यसै गरी औद्योगिक क्षेत्रमा हेर्ने हो भने यहाँ केही धान कुट्ने मिलभन्दा बाहेक अरू उद्योगहरू स्थापना भइसकेका छैनन् । उपलब्ध तथ्याङ्क अनुसार खाद्यान्नको क्षेत्रमा यो जिल्ला बचत हुने भएतापनि यो कुनै मोटो बचत होइन ।

तर माथि उल्लिखित कुराबाट कास्की जिल्लाको अवस्था उति उत्साहवर्धक नदेखिएतापनि अरू क्षेत्रमा त्यतिकै उत्साहवर्धक पनि छ । सर्वप्रथम त प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस जिल्लाको पोखरा उपत्यका यातायातको सुविधा हुनुभन्दा पहिलेदेखि नै एउटा अत्यन्त रोचक पर्यटन केन्द्रको रूपमा विकसित हुँदै आइरहेकोछ र फलस्वरूप होटेल व्यवसायमा बाहिरको र भित्री लगानी बढ्दै गएको छ । अधिराज्यका दुई ठूला ठूला राजमार्गहरू, सिद्धार्थ र पृथ्वी राजमार्ग हरू निर्माण भए पछि तिनीहरूले यस जिल्लाको आर्थिक विकासको आधारलाई फराकिलो पारिदिएका छन् । एकातिर पर्यटकहरूको संख्या तीव्र रूपले बढ्दै गएको छ भने अर्कोतिर होटेलहरूको संख्या क्रमशः बढ्दै गए को छ । कृषिको क्षेत्रमा पनि यातायातको सुविधाको कारणले यस जिल्लाबाट फलफूलहरू क्रमशः बाहिर निकासी हुन थालेको छ र कृषि विकास बैंकले फलफूल खेतीको निमित्त ऋण उपलब्ध गराउने दिशातिर कार्यक्रम तर्जुमा गर्न लागेको बारेमा माथि सम्बन्धित परिच्छेदमा चर्चा गरिसकिएको छ । यसरी यस जिल्लाको आर्थिक विकासको सम्भाव्यताको वृद्धि हुँदै गएको छ ।

तर सबभन्दा ठूलो परिवर्तन त यस प्रदेशको परिवेशमा यस जिल्लाको स्थान अथवा भूमिकामा नै आयो ।

यसको भौगोलिक स्थानको कारणले गण्डकी अञ्चलको सदरमुकामको रूपमा पहिलेदेखि नै रहिरहेकोमा अधिराज्यमा विभिन्न विकास क्षेत्रहरूको गठन हुँदा पश्चिमाञ्चल विकास क्षेत्रको पनि यो केन्द्रीय स्थान हुन आएको छ । यसरी यसको बढ्दो भूमिका, यहाँ उपलब्ध भएको सञ्चार, यातायात र अन्य सामाजिक सुविधाले गर्दा नेपालको पश्चिम पहाडमा यो स्थान सबभन्दा महत्वपूण केन्द्रको रूपमा विकास हुनआएको छ । प्रस्तावित पोखरा नगर विकास योजना यस वास्तविकताको आवश्यकता अनुरूप अगाडि आएको छ । व्यापारको क्षेत्रमा पनि यहाँबाट अन्य जिल्लातिर हुने गरेको निकासीको बदलामा यस बढ्दो क्रियाकलापले जिल्ला भित्र नै बढी मागको सिर्जना हुन गएको छ । यसरी यस जिल्लाको आर्थिक जीवनमा एउटा नौलो संक्रमण शुरू भएको छ । यसले क्रमशः परम्परागत आर्थिक आधारलाई परित्याग गरी नौलो आर्थिक आधार सिर्जना गरेको छ ।

साथै यस जिल्लाले सामाजिक क्षेत्रमा पनि उल्लेखनीय प्रगति गरेको छ । उदाहरणको निमित्त साक्षरताको क्षेत्रमा यस जिल्लाको स्थान नेपाल अधिराज्यमा काठमाडौं र ललितपुर पछि आउँछ । शिक्षाको क्षेत्रमा पनि यसको पहिलेदेखिकै भूमिका प्रगतिशील रहेकोछ । त्यस्तै यहाँको जनसंख्यामा पनि धेरै मानिसहरू विदेशी सेनामा काम गरी देश देशावर देख्न बुझ्न पाएका हुनाले स्थानीय जनजीवनमा युगानुकूल परिवर्तन प्रति यथेष्ट चासो पैदा भएको पाइन्छ । स्वास्थ्यको क्षेत्रमा यहाँ भएका अस्पतालहरूको सुविधा उल्लेखनीय छँदै थिए, त्यसमाथि हालै सञ्चालित अगुवास्वास्थ्य एकीकरण योजनाले स्वास्थ्य सेवाको क्षेत्रमा अझ प्रभावशाली उपलब्धि हुने देखिन्छ । हालसम्म पर्यटन उद्योगबाट स्थानीय जनताले वाञ्छित फाइदा उठाउन सकेको छैन । यहाँसम्म पर्यटकहरूले पोखराबाट किनेर लैजाने हस्तकलाका सामानहरूसम्म पनि यहाँ उत्पादन भइसकेको छैन । पथ प्रदर्शन यात्रा व्यवस्था आदिको बन्दोबस्त गर्न सकेमा पर्यटन उद्योगबाट थप आर्थिक फाइदाहरू प्राप्त गर्न सकिने देखिन्छ । यस्तै फलफूल खेतीको सम्बन्धमा पनि यहाँको हावापानी र प्राकृतिक स्वरूपले गर्दा यस जिल्लामा हुन सक्ने फलोद्यान विकासको फाइदा जनतालाई प्रदान गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन हुन आवश्यक छ । अतः माथि उल्लिखित क्षेत्रहरूमा सचेत प्रयत्नहरू गरी रोजगारीको नयाँ अवसरहरू सिर्जना गरी यस जिल्लाको आर्थिक अवस्थामा देखापर्न थालेको गतिशिलताबाट यहाँको बढीसेबढी जनताको जीवनस्तर उठाउनु नै आजको सबभन्दा ठूलो चुनौती हो ।

स्याङ्‌जा

विषय-सूची

परिचय ३७३
प्राकृतिक स्वरूप र सम्पदा ३७५
ऐतिहासिक पृष्ठभूमि ३८४
प्रमुख स्थानहरू ३८९
जनसंख्या र जनजीवन ३९४
आर्थिक व्यवस्था ४००
यातायात, सञ्चार र बिजुली ४१६
शिक्षा, स्वास्थ्य तथा खानेपानी ४२२
प्रशासन र पञ्चायत ४२८
उपसंहार ४३२

परिचय

गण्डकी अञ्चलको दक्षिणी भागमा अवस्थित स्याङ्जा जिल्ला मध्यम उचाइका पहाडहरू, नदीनालाहरू र फाँटहरूको योगले बनेको छ। शाहवंशीय राजाका मूल पुरुष जैन खानले सर्वप्रथम राज्यको जगहाल्न उपयुक्त ठह्‍र्याएको यो भूमि आज अधिराज्यको सबैभन्दा बढी जनसंख्या भएको पहाडी जिल्लाहरूमध्ये एक हो। त्यसैले यहाँ जनसंख्याको चाप ज्यादै बढी छ।

केही वर्ष अघिसम्म सुषुप्त रहेको स्याङ्जा जिल्ला आज जमजमाएर विकासको पथमा लम्कन लागिरहेको महसूस हुन्छ। यस जिल्लाको मध्यभागबाट सिद्धार्थ राजमार्ग गएको छ। मध्यपहाडी क्षेत्रमा सबैभन्दा ठूलो सिचाइ योजना यही जिल्लाको चापाकोट टारमा सञ्चालित हुँदैछ र पश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रिय केन्द्रको वरिपरि रहेका जिल्लाहरूमध्ये सबैभन्दा नजीकै स्याङ्जा नै रहेको छ। त्यसको अतिरिक्त यो जिल्ला भैरहवा–जोमसोम विकासरेखामा पर्दछ। यसबाट परम्परादेखि नै विभिन्न जात-जातिको साझा वासस्थलको रूपमा रहेको स्याङ्जाले चाँडै नै काँचुली फेर्ने आशा गर्न सकिन्छ।

नेपाल अधिराज्यको पूर्वी भागमा किरात प्रदेश रहे झैं प्राचीनकालमा स्याङ्जा जिल्ला मगरात प्रदेशमा पर्न गएको देखिन्छ। मगर समुदायका विभिन्न थरमध्ये एक सिंजाली थर पनि हुन्छ। जनश्रुतिका-अनुसार त्यही सिंजाली शब्दबाट अपभ्रंश भएर स्याङ्जा नाम रहन गएको हो।

यो जिल्ला गण्डकी अञ्चलको दक्षिण र पश्चिम च्यापेर बसेको छ। यसको पूर्वमा तनहूँ, पश्चिममा पर्वत र गुल्मी, उत्तरमा कास्की र दक्षिणमा पाल्पा जिल्ला रहेका छन्। यो जिल्ला २७° ५२′ देखि २८° १३′ उत्तरी अक्षांश, ८३° २७′ देखि ८४° ६′ पूर्वी देशान्तरका बीचमा पर्दछ। मानचित्रमा हेर्दा यो जिल्ला मध्यभागमा फुकेको र दक्षिण–पश्चिममा निकै परसम्म टुँडो परेर गएको देखिन्छ। यसको कुल क्षेत्रफल १,२०८ वर्ग किलोमिटर छ। जिल्लाको सदरमुकाम स्याङ्जा बजार जिल्लाको उत्तरी भागमा रहेको छ।

राष्ट्रिय जनगणना २०२८ अनुसार यस जिल्लाको कुल जनसंख्या २,६८,६०६ छ। त्यसमध्ये पुरुषको संख्या १,२९,६१४ र महिलाको संख्या १,३८,९९२ छ। यहाँ बाहुन, क्षेत्री, ठकुरी, नेवार, गुरुङ, मगर, थकाली, घर्ती, कामी, दमाई, सार्की आदि जातिका मानिसहरू बसोबास गर्दछन्।

यस जिल्लामा १०७ गाउँ पञ्चायतहरू छन्। संख्याको दृष्टिले मध्यपश्चिमको पहाडी क्षेत्रमा सबैभन्दा धेरै गाउँ पञ्वायत यहीं छन्।

यहाँका बासिन्दाको मुख्य आर्थिक आधार कृषि, कृषिजन्य पेशा र असंगठितरूपमा गरिने घरेलु उद्योग हो। यहाँ उपलब्ध खेतीयोग्य जमीनको तुलनामा जनसंख्या ज्यादै बढी रहेको छ। यसैले हाल यो जिल्ला खाद्यान्नमा आत्मनिर्भर छैन। यहाँका बासिन्दाहरू निकै ठूलो संख्यामा ब्रिटिश र भारतीय फौजमा नोकरी गर्न जाने गर्छन्। सैनिक सेवामा बहाल रहेका र भूतपूर्व सैनिकको निवृत्तिभरणबाट हुने आम्दानीले जिल्लाको आर्थिक व्यवस्थामा ठूलो सघाउ पुऱ्याएको छ। त्यसका अतिरिक्त हजारौंको संख्यामा यहाँका मानिसहरू हिउँदे रोजगारीका निमित्त जिल्ला बाहिर जाने गर्छन्। हाल सिद्धार्थ राजमार्ग चालू हुनुका साथै यहाँ विकासका विभिन्न आयोजना सञ्चालित भएकोले जिल्लाको आर्थिक स्थितिमा क्रमशः सुधार हुन थालेको छ।

प्राकृतिक स्वरूप र सम्पदा

भौगोलिक बनावट

स्याङ्जा जिल्ला नेपालको मध्यपहाडी प्रदेशको झण्डै मध्यभागमा पर्न आउँछ । यसले उत्तरमा हिमालय वा दक्षिणमा महाभारत लेक दुवैलाई छोएको छैन । यस जिल्लाको अधिकांश भू-भाग घुमाउरो पर्वत श्रेणी र होचा डाँडाकाँडाले भरिएको छ । जिल्लाको उत्तरी सीमान्त प्रदेश र उत्तर-पश्चिममा रहेका एक दुई अग्ला पर्वतका टुप्पाहरू बाहेक सामान्य अन्य सबै पहाडहरू उत्तरबाट दक्षिणमा होचिँदै गएका र सौम्य प्रकृतिका छन् ।

यिनै पहाडहरूलाई छिचोलेर जिल्लाका विभिन्न भू-भागबाट बेग्ला बेग्लै दिशातिर अनेकौं खोला नालाहरू गएका छन् । यहाँ पाइने अनेकौं साँघुरा खोंच, भीर पखेरा, डाँडाका थुम्का तथा टार र फाँटहरूले यहाँको भू-दृश्यलाई रमणीय तुल्याएको छ ।

यस जिल्लामा पाइने सबैजसो पर्वत श्रेणी र डाँडाहरूको उचाइ र अन्य प्रकृतिमा समेत कुनै खास विषमता पाइँदैन तापनि यहाँ घटीमा ३६६ मिटर (१,२०० फीट) देखि लिएर २,५१५ मिटर (८,२५० फीट) सम्मको उच्च भू-भागहरू छन् । अतः यहाँको भू-प्रकृतिलाई ध्यानमा राख्दै यस जिल्लालाई दुई मुख्य प्राकृतिक भागमा विभाजन गर्न सकिन्छ ।

(१) पहाडी प्रदेश
(२) बेंसी

पहाडी प्रदेश

यहाँ साधारणतः ९१५ मिटर (३,००० फीट) देखि माथिको भू-भागलाई पहाडी प्रदेश मान्न सकिन्छ । माथि उल्लेख गरिए झैं यस जिल्लामा उच्च पहाडी भागको अनुपात ज्यादै कम रहेको छ । यस जिल्लाको उत्तरी सीमाना (कास्की जिल्लासँगको सीमाना) मा जिल्लाको सबैभन्दा अग्लो चुचुरा पञ्चासेको लेक २,५१५ मिटर (८,२५० फीट) उचाइमा र उत्तर-पश्चिम क्षेत्रमा सतौं डहरेको लेक २,२६९ मिटर (७,४४३ फीट) को उचाइमा रहेका छन् । यी उच्च स्थानहरू हिउँदयाममा वर्षा हुँदा प्रायः हिउँ पर्छ र घाम लागेपछि पग्लेर जान्छ । यहाँ कुनै किसिमको आवादी भएको पाइँदैन । यस क्षेत्रमा खस्रु, गुराँस, ठिंग्रे सल्लो र गोब्रेसल्लो आदि रूखहरू पाइन्छन् । स्थानीय मानिसहरू यहाँ केही मात्रामा भेडा र भैंसी गोठ लगी चराउने गर्छन् ।

यस बाहेक जिल्लाको अधिकांश भू-भाग पहाडी प्रदेशमा पर्दछ । यस प्रदेशमा होचा र सौम्य पहाडहरू भएकोले कम भिरालो परेका पाखा पखेराहरू पाइन्छन । विशेष गरी फुस्रो तथा रातो माटोले भरिपूर्ण यस प्रदेशमा स्वास्थ्यकर हावापानी पाइने भएकोले परम्परादेखि नै खेतीपाती र वना बस्तीको लागि प्रयोगमा ल्याइएको छ । यहाँ कोदो, मकै, जौ, आलु, अदुवा आदि बाली लगाइन्छन् ।

यस क्षेत्रमा पहाडको फेदीदेखि झण्डै टुप्पासम्म सिंढीदार गरेगरा परेको आवादी जमीनका पाटाहरू र गाउँहरू जताततै देख्नपाइन्छ । आवादी र चरनले गर्दा धेरैजसो डाँडाहरू नाङ्गा र खुइलिएका देखिन्छन् । यहाँ कतै कतै चिलाउने, कटुस आदि रूख पाइने पातला वन जङ्गलहरू छन् । धेरैजसो वन क्षेत्रमा केही मात्रामा बुटचान र झाडीहरू मात्र पाइन्छन । वन-जङ्गलको कमी र अभावले गर्दा बाढी, पैरो र भू-क्षयको समस्या यहाँ चर्कंदै गएको छ ।

बेंसी

यस जिल्लाको पश्चिमी भागबाट शुरू भएर सम्पूर्ण दक्षिणी सीमाना कायम गर्दै काली गण्डकी बगेको छ । जिल्लाको झण्डै मध्यभागबाट आँधी खोलो, उत्तरी भागबाट फुस्रे खोला, पूर्वी भागबाट सुरौदी खोला बगेर गएको छ । यी नदी खोलाहरूका किनारामा अनेकौं ठूला साना टार र फाँटहरू बन्न गएका छन् । यसरी टार र फाँटहरूबाट बनेको प्रदेशलाई जिल्लाको बेंसी भाग भनिएको छ ।

नदी नालाको किनारमा स्थित यी टार र फाँटहरू पहाडको फेदीमा निकै कम उचाइमा रहेका छन् । यी टारहरूमध्ये काली नदीले बनाएको टार र फाँटहरू सबभन्दा कम उचाइमा रहेका छन् । उदाहरणका लागि चापाकोट र त्यसका वरपरका टारहरू मोटामोटी ३६६ मिटर (१,२०० फीट) को उचाइमा रहेका छन् ।

यस भू-भागमा प्रायः एक डेढ फूट मुनि गोलढुङ्गा, बालुवा र गेग्रेटो माटो पाइन्छ । तर सतहमा भने पांगो र मलिलो माटो पाइन्छ । त्यसैले यो भू-भागमा खेतीपातीको दृष्टिले अत्यन्त महत्वपूर्ण मानिन्छ । यहाँ धान, कोदो र मकै बाली लाग्दछन् । शुरूमा, औलोको डरले बेंसी प्रदेशमा पातलो बसोबास रहेको थियो । स्याङजा जस्तो बढी जनधनत्व भएको जिल्लामा समेत केही वर्षअघिसम्म चापाकोट टारमा ज्यादै पातलो बस्ती भएको पाइन्थ्यो । तर २०१६ सालदेखि औलो उन्मूलन हुन थालेपछि र हाल सिचाइ योजना सञ्चालन भएपछि यहाँ आवादी बढ्दै गएको छ । जिल्लाका अन्य बेंसी भागमा पनि पहाडमा बसी बेंसीमा खेती गर्ने चलन थियो । हाल पहाडबाट बेंसीतिर सर्ने प्रवृत्ति बढेको छ । जिल्लाको प्रमुख बजार र सदरमुकाम समेत यही प्रदेशमा रहेका छन् ।

नदी नालाहरू

यस जिल्लामा उत्पन्न भएका वा जिल्ला बाहिर उत्पत्ति भई यस जिल्लाको भू-भाग भएर जाने अनेकौं ठूला साना नदी नालाहरूले स्याङजालाई रसिलो बनाएका छन् । तिनीहरूमध्ये मुख्य नदी र खोलाहरू बारे तल चर्चा गरिएको छ ।

काली गण्डकी

मुस्ताङ जिल्लामा उत्पत्ति भएर आएको यो नदीले यस जिल्लाको पश्चिमी भागमा रहेको डुम्रे-

चौरदेखि स्याङ्जा र गुल्मी जिल्लालाई छुट्ट्याउँदै दक्षिणतिर लागेको छ। त्यहाँदेखि केही पश्चिमतिर लागी रिडीदेखि सीधा पूर्वतिर हानिएर जाँदा यो नदीले जिल्लाको दक्षिणी सीमानाको काम गरेको छ र यस जिल्ला लाई पाल्पासँग छुट्याएको छ। यो नदीले वड्घानेरबाट कपालमा लाउने काँटा जस्तो घुमाउरो र लामो मोड लिएको हुनाले यहाँबाट भविष्यमा जल विद्युत् निकाल्न सकिने सम्भावना रहेको छ।[1] तर जिल्लाको खेतीयोग्य भू-भागभन्दा धेरै तलबाट गहिरिएर बगेकोले यस नदीको जललाई सिचाइको निम्ति उपयोग गर्न सकिएको छैन ।

यस जिल्लाको सबैजसो महत्वपूर्ण खोला नाला अन्ततः काली गण्डकीमा मिलेका छन्। यस नदीमा रानीघाट, केलादीघाट आदि ठाउँमा डुङ्गा पाइन्छ र राम्दी र भृगुतेश्वरमा झोलुङ्गे पुल हालिएका छन्।

नेपाल अधिराज्यभित्र यो नदीको लम्बाइ करीब ३५८ किलोमिटर (११२ कोस) र जिल्ला भित्र ७४ किलोमिटर (२४ कोस) छ। डुम्रे चौर (सेती वेनी निर) सन् १९६४ देखि १९६८ सम्म लिएको एकनाप-अनुसार नदीको औसत जलप्रवाह २५.२६ क्यूविक मिटर प्रतिसेकेण्ड छ। यसको जलोत्सारण क्षेत्र ६,६९० वर्ग किलोमिटर छ ।[2]

आंधी खोला

यो जिल्लाको एक महत्वपूर्ण खोला हो। यसको उद्गम स्रोत कार्कीनेटादेखि दक्षिण पूर्वपट्टि पर्ने डहरे लेकको पश्चिमी भागको एक पर्वत हो।

यो खोला जिल्लाको उत्तर पश्चिमी भागबाट शुरू भई अनेकौं मोडलिंदै स्याङ्जा पुतलीखेतसम्म पूर्वतिर र त्यहाँदेखि वालिमसम्म झण्डै सीधा दक्षिण भएर बगेको छ। वालिम भूमरेदेखि यस खोलाले गहिरो खोंच पारेर पश्चिम हानिंदै गएको छ र अन्ततः गुरुङदी हुँदै आँधी मोहन पुगेपछि काली नदीमा मिसिएको छ। शिरदेखि पुछारसम्म यो खोला करीब ६६ किलोमिटर (२० कोस) लामो छ। यस खोलामा आर्थर खोला, सेती खोला, भाट खोला, बाढ खोला आदि विभिन्न खोलाहरू मिसिएका छन्। जिल्लाका अरू खोलाका तुलनामा आँधी खोला लामो छ र यसको जलोत्सारण क्षेत्र पनि बढी छ। यसमा हिउँदमा पनि निकै मात्रामा पानी रहिरहन्छ। आँधी खोलाको पुछारनेर डुम्रेचौरमा लिएको नापअनुसार सन् १९६४-६८ को पाँच वर्षमा यसको औसत जल प्रवाह ३०.८५ क्यूविक मिटर प्रतिसेकेण्ड भएको देखिन्छ।[3] वर्षा याममा यो खोला प्रचण्ड रूपले बढ्ने गर्दछ।

यस खोलाको शिरदेखि वालिम भूमरेसम्म किनारामा दुवैतिर ठूला ठूला धान खेती हुने फाँट छन्। यस क्षेत्रको अधिकांश भू-भाग आँधी खोलाको पानीद्वारा परम्परागत रूपमा कुलो काटी सिचाइ गर्ने गरिन्छ। एकातिर आँधी खोलाले हजारौं मुरी धान उब्जाउनमा मद्दत गर्छ भने अर्कातिर वर्षभा बाढीले सयकडौं रोपनी खेतलाई बगाएर लगिदिन्छ। यस खोलामा प्रशस्तमात्रामा असला लगायत विभिन्न जातका माछाहरू पाइन्छन्।

---

1. Burathokey, J.B.S. & Malla, U.M.—The Physical Aspects of the Kingdom of Nepal, 1968, p. 11
2. Dept. of Hydrology and Metereology, Surface Water Records of Nepal Supplement No. 3, 1960, p. 21
3. Ibid

यस खोलाको किनारामा रङ्गेठाटी, सेती दोभान, स्याङ्जा पुतलीखेत, वालिम भूमरे आदि महत्वपूर्ण घाट, बजारहरू रहेका छन् ।

शुरूमा परम्परागत मूल बाटो यही आँधी खोलाको छेउ छाउबाट वारिपारि हुँदै गएको थियो। सिद्धार्थ राजमार्ग पनि यही आँधी खोलाको बायाँतिरबाट गएको छ । राजमार्ग चालू भए तापनि परम्परागत मूल बाटो पनि यथावत् चालू नै रहेका छन् । यस खोलामा सेती दोभान, सतौं, भूमरे आदि ठाउँमा पुल हालिएका छन् । वर्षायामसा मात्र कतै कतै डुङ्गा लाग्दछ ।

दरौं खोला

डहरे लेक र खानी गाउँनेरको पहाडबाट निक्लेको दरौं खोला जिल्लाको सबैभन्दा पश्चिमको एक मुख्य खोला हो । यसको एक सहायक खोला दरौं गाउँबाट निक्लेको हुनाले यसलाई दरौं भन्ने गरिएको हो । यो खोला करीव १३ किलोमिटर (चार कोस) लामो छ । यो सतौं हटियानेर आँधीमा मिसिन्छ । यसले वर्षायाममा निकै बाढी पैरो ल्याउने गर्छ। मुख्यतः खहरे प्रकृतिको भएकोले यसमा हिउँदमा केही मात्रामा मात्र पानी रहन्छ । यस खोलाको शिर र मध्यभागका किनारमा धान बाली लाग्ने फाँटहरू छन् । माझपाटानेर यस खोलामा एक झोलुङ्गे पुल हालिएको छ ।

भाट खोला

यो खोला जिल्लाको सबैभन्दा उच्च भाग पञ्चासेको लेकको पूर्वपट्टिको एक पहाडबाट दक्षिणतिर लागेको छ । यस खोलाको छेउमा भाट खोलाका ठूल-ठूला फाँटहरू छन् । अन्य स-साना खोलाहरूलाई समेटेर बगुवानेर यो खोला आँधी खोलामा मिसिन पुग्छ । यो पनि विशेषतः खहरे प्रकृतिकै खोला हो । यसमा हिउँदमा निकै कम पानी रहन्छ । यस खोलामा ठाउँ-ठाउँमा झोलुङ्गे र काठे पुल हालिएका छन् ।

सुरौदी खोला

यो जिल्लाको पूर्वी भागको एक महत्वपूर्ण खोला हो । यो खोला पौवैको डाँडाबाट उत्पन्न भएर शुरूमा उत्तरतिर र पछि पुनः दक्षिण लाग्दै वाघाटा निर सेती नदीमा मिसिन्छ । यो खोलाको छेउमा सुरौदी फाँट रहेको छ ।

यस खोलामा टक्सार वाविया डाँडा, मगर नाथ र रगुवा आदि स्थानबाट निस्केका स-साना खोलाहरू मिसिएका छन् । आफ्नो उद्गम स्थलबाट सेतीमा सम्मिलित हुंदासम्म यो खोलाको लम्बाइ करीब १२ किलोमिटर (आठ कोस) छ ।

वर्षायाममा यो खोला निक्कै बढ्छ र पैरो, बाढी ल्याउने गर्छ ।

फुस्रे खोला

यो खोला कास्की जिल्लामा पर्ने काब्रेगाउँनिरबाट निस्केर दक्षिण-पूर्व दिशामा बगेको छ र स्याङ्जा र कास्की बीचको सीमाना कायम गर्दै अन्तमा सेती नदीमा मिसिन्छ ।

यो खोलाको दुवै किनारामा ठूला-ठूला फाँटहरू छन् ।

ज्याग्दी खोला

यो जिल्लाको दक्षिण-पूर्वी भागको एक महत्वपूर्ण खोला हो । यसको जलोत्सारण क्षेत्र पनि निकै ठूलो छ । भुसनापुर, काउले चन्द्र कोट, घोबादी, वानेथोक र साल्डाँडा आदि स्थानका स-साना खोला र विरुवा खोला समेत मिलेर दिसिङकोटनिर पुगेपछि यो ज्याग्दी खोलाको नामले प्रसिद्ध छ । अन्त्यमा चापाकोट टारनिर काली गण्डकीमा मिसिन्छ ।

यस खोलामा हिउँदको शुरूसम्म पनि निकै पानी रहन्छ । वर्षा याममा यो खोलो बढ तापनि आँधी खोला जस्तो विध्वंसकारी भएको देखिंदैन । ज्याग्दी दारसिङनिर यस खोलामा चापकोट टार सिचाइ योजना अन्तर्गत एक बाँध निर्माण गरिएको छ । यसबाट चापकोटको २,००० हेक्टर (४०,००० रोपनी) जग्गा सिचाइ गर्ने लक्ष्य राखिएको छ ।

यस खोलाका कामी मारे, चिन्नेबास आदि स्थानमा झोलुङ्गे पुल हालिएका छन् । खोलाको शिरदेखि पुछारसम्म धान बाली लाग्ने अनेकौं ठूला-साना फाँटहरू रहेका छन् ।

हावापानी

मध्यपहाडी क्षेत्रमा अवस्थित स्याङ्जा जिल्लामा ठूलो भौगोलिक विषमता नभएकोले यहाँको जलवायुमा धेरथोर एकरूपता भएको पाइन्छ । अधिराज्यका अन्य भागमा जस्तै दक्षिण-पश्चिमी मनसुनी हावाले यहाँको जलवायुमा प्रभाव पार्दछ । यहाँ असारदेखि भदौसम्म मनसुनी हावाले वर्षा गराउँछ भने हिउँदमा भू-मध्य सागरबाट उत्पत्ति भई पूर्व बहने हावाले हुरी बतास ल्याउने र केही मात्रामा वर्षा गराउने गर्छ ।

अधिकांश भू-भाग होचा पहाडहरू र टार तथा बेंसीहरूले भरिएका छन् । कतै कतै केही मात्रामा उच्च पहाडहरू छन् । उचाइको दृष्टिले ज्यादा विषमता नरहे पनि विभिन्न उचाइका भू-सतहबाट यो प्रदेश बनेको छ । उदाहरणको लागि पन्चासे र डहरेको लेकमा हिउँदताका हिउँ पर्छ भने चापाकोट जस्ता टारहरू गरम प्रदेश मानिन्छन् ।

यस जिल्लामा चापाकोट टारस्थित वर्षा मापक केन्द्र बाहेक अन्यत्र मौसम अवलोकन केन्द्र रहेको छैन । त्यसैले चापाकोट केन्द्रबाट वर्षा सम्बन्धी अभिलेख लिन मिल्ने भएतापनि वायुको तापक्रम सम्बन्धी जानकारीका लागि जलवायुका दृष्टिले स्याङ्जा जिल्ला सरहका अन्य जिल्लाको मौसम केन्द्रबाट अभिलेख लिनुपर्ने हुन्छ । त्यसैले पोखरा विमानस्थल मौसम अवलोकन केन्द्रको अभिलेखलाई यहाँ प्रस्तुत गरिएको छ ।

पोखरा विमानस्थल मौसम अवलोकन केन्द्र करीब स्याङ्जा बजारकै उच्चाइमा समुद्रको सतहबाट ८५४ मिटर (२,८०२ फीट) को उचाइमा रहेको छ । १३ सेप्टेम्बर १९६५ मा स्थापित यस केन्द्रकाअनुसार १९७० को वायुको तापक्रम निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तापक्रमको तालिका

(सेन्टिग्रेडमा)

पोखरा विमानस्थल मौसम अवलोकन केन्द्र

महीना	औसत अधिकतम तापक्रम	औसत न्यूनतम तापक्रम
जनवरी	१८.५	५.२
फेबुअरी	२०.४	६.३
मार्च	२५.८	१०.२
अप्रिल	३०.४	१४.७
मे	३१.१	१८.२
जून	२९.१	२०.२
जुलाई	२९.३	२१.३
अगस्त	२९.५	२१.२
सेप्टेम्बर	२९.१	२०.५
अक्टोबर	२६.९	१७.१
नोभेम्बर	२३.५	१०.९
डिसेम्बर	२७.५	६.१
वार्षिक	२६.२	१४.३

माथिको तालिकाअनुसार पोखरा विमानस्थल मौसम अवलोकन केन्द्रको औसत अधिकतम तापक्रम २६.२° सेन्टिग्रेड र औसत न्यूनतम तापक्रम १४.३° सेन्टिग्रेड रहेको छ।[1]

सन् १९७० को ४ मे का दिनमा वायुको तापक्रम ३५° सेन्टिग्रेड पुगी सबैभन्दा बढी गर्मी भएको थियो। त्यस्तै १३ जनवरीका दिन १.८° सेन्टिग्रेड तापक्रम पुगी सबैभन्दा बढी जाडो भएको थियो। यसबाट साधारणतः नोभेम्बर, डिसेम्बर र जनवरीमा बढी जाडो हुने र अप्रिल र मे मा बढी गर्मी हुने देखिन्छ। जून, जुलाई, अगष्ट, सेप्टेम्बरसम्म गर्मी रही नै रहेतापनि सो महीनाहरूमा वर्षा हुने भएकाले अप्रिल र मे मा जस्तो बढी चर्को गर्मी हुने गर्दैन।

सोही मौसम केन्द्रकाअनुसार वार्षिक औसत सापेक्षिक आर्द्रता ७६ प्रतिशत छ। यो जुलाईमा सबैभन्दा धेरै अर्थात् ८६ प्रतिशत र अप्रिलमा सबैभन्दा थोरै अर्थात् ५५ प्रतिशत पुग्दछ।

साधारणतः यहाँ जून महीनादेखि सेप्टेम्बरसम्मको चार महीनाभरी वर्षा हुन्छ। हिउँदको प्रायः सुख्खा मौसममा समेत यदाकदा हिउँदे झरी पर्छ।

---

[1] पोखरा विमानस्थल मौसम अवलोकन केन्द्रको १९६८ र १९६९ को मौसम अभिलेख अपूरो भएकोले १९७० को अभिलेख मात्र समावेश गरिएको छ।

यहाँ चैत र वैशाखतिर हुरी बतास चल्ने गर्छ। यो जिल्लाभित्र हिमाली प्रदेश नपरे तापनि यसको उत्तरमा अन्नपूर्ण हिमाल रहेको छ । माथि उल्लेख गरे जस्तै यहाँको वर्षाको स्थितिलाई उक्त हिमालयहरूको अवस्थितिले ठूलो प्रभाव पारेको छ । गत २०२४ सालदेखि यस जिल्लाको खासगरी उत्तरी भेकमा प्रत्येक वर्ष जसो चैत, वैशाख, असोज र कात्तिकमा असीना पर्ने गरेको छ । चैत, वैशाखभन्दा असोज र कात्तिकमा पर्ने असिनाले मुखमा आएको धान र कोदो बालीलाई ठूलो नोक्सान पुर्‍याउँछ ।

यस जिल्लाको दक्षिणी सीमान्त काली गण्डकीको किनारमा रहेको चापाकोटमा जिल्लाको एक मात्र वर्षामापक केन्द्र रहेको छ । ४१७ मिटर (१,३६८ फीट) को उचाइमा रहेको यो केन्द्रको स्थापना फेब्रुअरी ३,१९५७ मा भएको थियो । सो केन्द्रमा सन् १९७० मा लिइएको वर्षाको अभिलेख निम्न तालिकामा दिइएको छः–

वर्षाको तालिका

(मिलिमिटरमा)

चापाकोट मौसम अवलोकन केन्द्र

महीना	वर्षा	महीना	वर्षा
जनवरी	२६.०	फेब्रुअरी	१२.८
मार्च	४.२	अप्रिल	५२.८
मे	५९.०	जून	४०१.८
जुलाई	६०४.२	अगष्ट	१८५.४
सेप्टेम्बर	८७.२	अक्टोबर	४.२२
नोभेम्बर	४.६	डिसेम्बर	०.०
		बार्षिक जम्मा	१,४६२.२

उपर्युक्त तालिकाअनुसार चापाकोटमा १९७० को वर्षभरीमा १,४६२.२ मिलिमिटर वर्षा भएको देखिन्छ । यहाँ साधारणतः अधिक वर्षा जून, जुलाई र अगष्ट महीनामा हुने गर्छ । १९७० मा यहाँ जम्मा ६४ दिन पानी परेको थियो र २४ घण्टामा सबैभन्दा बढी वर्षा १२३ मिलिमिटर जून महीनाको १७ तारीखको दिन भएको थियो ।

चापाकोट यस जिल्लाको सबैभन्दा दक्षिणमा पर्छ र त्यसको नजीकै दक्षिणमा महाभारत लेकको उत्तरी ढाल रहेको छ । अर्कोतिर जिल्लाको उत्तरी भाग हिमालयको नजीकमा रहेको छ । यसैकारण चापाकोटको वर्षा सम्बन्धी तथ्याङ्कको आधारमा जिल्लाको वर्षाको स्थितिबारे किटान गरेर भन्न सकिँदैन तैपनि हिमाली र नजीकको क्षेत्रको तुलनामा त्यहाँ कम वर्षा हुन्छ ।

जिल्लाको विभिन्न भागमा वायुको तापक्रम र वर्षाको परिमाणको स्थिति भिन्न भिन्न भएकोले साधारणतः यहाँ निम्न दुईप्रकारको हावापानी पाइन्छ ।

(क) ठण्डा-शीतोष्ण मनसुनी हावापानी

(ख) अर्ध–उष्ण हावापानी

ठण्डा–शीतोष्ण मनसुनी हावापानी

जिल्लाको अधिकांश भाग (१,००० मिटरभन्दा माथि पर्दछ) मा यस ठण्डा-शीतोष्ण मनसुनी हावापानी पाइन्छ । यसलाई पतझड मनसुनी प्रदेश भन्न सकिन्छ । तर जिल्लाको पञ्चासे लेक पर्ने उत्तरी भाग र पश्चिमी भागको हरेको लेकहरूमा भने गर्मीमा शीतल र हिउँदमा अति जाडो हुन्छ । कहिले काहीं हिउँ पनि पर्ने गर्दछ । यस बाहेक अन्य सबै पहाडी भागको हावापानी गर्मी र जाडो दुवै ऋतुमा न त धेरै गरम न धेरै जाडो नै हुन्छ । औलो उन्मूलन हुनुभन्दा पहिले जिल्लाको अधिकांश बासिन्दाहरू यसै क्षेत्रमा बसोबास गर्दथे । त्यसबखत हिउँदमा बेंसी झर्नु र गर्मीमा लेकतर्फ लाग्नु यिनीहरूको साधारण नियम थियो ।

हाल धेरै जसो मानिसहरू बेंसीतर्फ झरिसकेका छन् । ग्रीष्म र हिउँद ऋतु प्रायः सुख्खा भई यस क्षेत्रको ९० प्रतिशतभन्दा बढी वर्षा जूनदेखि सेप्टेम्बरभित्रमा हुन्छ ।

अर्ध-उष्ण हावापानी

जिल्लाको दक्षिणी भाग तथा ठूला साना नदीहरूका बेंसीहरू अर्थात् १,००० मिटरभन्दा मुनिको भागहरूमा यस अर्ध-उष्ण हावापानीको प्रधानता रहेको हुन्छ । यहाँ गर्मीमा निकै गरम र जाडोमा ठीक मौसम हुने गर्दछ । गर्मीमा तापक्रम अधिकतम २६° ।२७° सेन्टिग्रेडभन्दा बढी रहन्छ । जाडोमा मौसम प्रायः सुख्खा भई कम तापक्रम रहन्छ । यस प्रकारको हावापानी हुने ठाउँमा तापक्रम बढी हुनाको कारणले सधैं हरियो हुने खालका अर्थात् साल, सिसौ जस्ता रूखहरूको साथै प्रशस्त मात्रामा बालीहरू लाग्दछन् ।

प्राकृतिक वनस्पति

भू-सतहको उचाइ र जलवायुको विविधताअनुसार यहाँ खासगरी निम्नकिसिमको वन वनस्पति पाइन्छ :–

(१) सदाबहार कोणधारी वन
(२) पतझड तथा मिश्रित वन

सदाबहार कोणधारी वन

ठण्डा-शीतोष्ण हावापानीको प्रभाव रहेको यस जिल्लाको पहाडी प्रदेशमा सदाबहार कोणधारी वन पाइन्छ । यहाँ हिउँदमा ठण्डा र गर्मीमा ठीक्क किसिमका हावापानी भई करीब ८९० मिलिमिटर (३०–४०-इन्च) पानी पर्दछ । यस क्षेत्रमा सधैंजसो हरियो वन देख्न पाइन्छ । यहाँ धूपी, सल्लो र गुराँसका रूख, निगालोको घारी र सिनकौली, बोझा जस्ता अनेकौं जरीबूटीका बिरूवाहरू पाइन्छन् ।

पतझड तथा मिश्रित वन

यस जिल्लाको होचो पहाडी प्रदेश र बेंसीमा पाइने वनहरू पतझड तथा मिश्रित वनको वर्गमा पर्न आउँछन् । यहाँ ओखर, चाप, दार, साल, खयर, चिलाउने, कटुस, उत्तिस, सिमल, साज, कर्मा, टुनी, वर र पीपल आदि जातका वृक्षहरू पाइन्छन् । कतै कतै डाँडाको घाँचमा र टुप्पामा सल्लाको रूखको

सानो भए पनि सिङ्गै वन पाइन्छ । मिश्रित वनका ठूला वृक्षहरू मुनि सिंदुरे, धाइरो, खिर्रो, डम्बर र भिकिम्ले आदिका बुटचानहरू हुन्छन् । हिउँदमा यी धेरैजसो रूख वृक्षको पात झर्ने गर्छ । काली गण्डकीको किनारमा कतै कतै सधैं हरियो रहने उष्ण प्रदेशीय वन वनस्पतिका वनहरू पनि छन् ।

दाउरा, घाँस, घर, गोठ, हलो, बिड (विभिन्न औजारमा हाल्ने) आदिका निम्ति किसानहरूको एकमात्र स्रोत यिनै पातलिंदै गएका वनहरू हुन् । जिल्लाको होचो भू-भागमा वन मासिंदै गएकोले दाउरा घाँसको निमित्त विकट समस्या उत्पन्न हुँदै गइरहेको छ ।

वन क्षेत्र र वन सम्पदा

माथि उल्लेख गरिए झैं यहाँ साँध तोकिएको कुनै विशेष वन क्षेत्र छैन । प्रत्येक गाउँ वा दुई गाउँका बीचमा वनहरू रहेको पाइन्छ । त्यसैले यहाँको वन क्षेत्रको परिमाणको अनुमान गर्न कठिन हुन्छ ।

यस जिल्लामा रहेको रेञ्ज कार्यालयलाई पनि आर्थिक वर्ष २०३०।३१ मा यहाँबाट हटाई पोखरा वन डिभिजन कार्यालयमा गाभिएकोले यस जिल्लाको वन संरक्षणको कार्य हाल सीधै वन डिभिजन कर्यालय पोखराबाट सम्पन्न हुने गरेको छ । यहाँ वन क्षेत्रको सर्वेक्षण नभएकोले वन सीमाना लगाउने कार्य भएको छैन । गत केही वर्षअघि कास्की जिल्लाको पोखरा क्षेत्रमा वृक्षारोपण कार्यक्रम चल्दा यस जिल्लामा पनि केही संख्यामा वृक्षारोपण गरिएको थियो ।

पशु-पक्षी

यहाँ विभिन्न किसिमका जङ्गली पशु पक्षीहरू पाइन्छन् । यहाँ पाइने उल्लेखनीय जङ्गली पशुहरूमा चितुवा, भालू, दुम्सी, खरायो, बाँदर, ढेडुवास्याल, मलसाँप्रो, मृग, वन बिरालो आदि र पक्षीमा पिउरा, कालिज, तित्रा, च्याखुरा, ढुकुर, हलेसो, लुइँचे, सुगा, जुरेली, भद्राई, चाँचर, रानी चरी र कोइली आदि हुन् ।

वन क्षेत्र टुक्रिएको र विस्तृत भएकोले खासगरी जङ्गली पशु पक्षीको प्रभावशाली संरक्षण हुन अत्यन्त गाह्रो हुन्छ ।

खनिज पदार्थ

यो जिल्लाको विभिन्न भागमा विभिन्न किसिमको खनिज पदार्थ पाइने अनुमान गरिएको छ । हाल यहाँ सबभन्दा बढी मात्रामा घर छाउने स्लेट ढुङ्गा र घरको गारो लगाउने असल खालका ढुङ्गा आदि प्रयोग गरिएका छन् । सेती दोभान पञ्चायतमा वि.सं. १९२५ सालसम्म तामाखानी चालू थियो । त्यस्तै श्रीवारी, पलाकोट, चिन्नेबास, ढुङ्गेठाटी, अरुणोदय रजस्थल, दिर्सिकोट, सेखाम, नामसिकोटमा तामा, गृहकोटमा फलाम र कटुवा चोपारीको दउतले बहार तथा पिंडेखोलामा सुन, किउँ वडहर भञ्ज्याङमा तथा तीन दोबाटोमा सिसा खानी र सतौं ,दरौंमा सिंगमरमरको खानी रहेको अनुमान गरिएको छ । तर यी खानीहरूको विस्तृत सर्वेक्षण नगरी हाल केही भन्न सकिंदैन ।

ऐतिहासिक पृष्ठभूमि

नेपाल अधिराज्यको पूर्वमा किरात प्रदेश रहे झैं पश्चिमको मगरात प्रदेशमा स्याङ्जा इलाका पनि पर्न आउँदथ्यो । त्यसैले यहाँ शुरूदेखि नै मगर जातिको बसोबास र एक प्रकारको आधिपत्य समेत रहेको अनुमान गरिन्छ । यस तथ्यलाई झल्काउने गरी स्याङ्जा,[१] आँधी, ज्यागदी र मल्वाङदी[२] जस्ता मगर जाति र भाषालाई जनाउने शब्दहरू उहिलेदेखि नै व्यापक प्रचलनमा रहिआएकै छन् । त्यसताका यहाँ आधुनिक अर्थमा विधिवत् राज्य खडा भएको थिएन । बाहिरी प्रभाव पर्नुभन्दा अघि मगर जातिको शासन प्रवन्धबारे हेमिल्टनले लेखेका छन् । भनिन्छ कि राजपूतहरू आउनुअघि यो जाति बाह्र थुम वा वंशमा विभाजित रहेको थियो र प्रत्येक थुम वा वंशका पुरुष सदस्यहरू एउटै बाबु-बाजेको सन्तान हौं भन्ने सम्झन्थे । प्रत्येक थुम एक प्रधानबाट शासित हुन्थ्यो जो यस वृहत र साझा परिवारको प्रमुख मानिन्थ्यो ।[3]

तुलनात्मक दृष्टिले हेर्ने हो भने गण्डक प्रदेशमाभन्दा पहिला कर्णाली प्रदेशमा भोट, पहाडी भू-भाग र मधेश समेतको एउटा विशाल राज्य स्थापना भएको थियो । तर ईस्वी सन् १३७८ मा त्यस राज्यको अन्तिम राजा अजय मल्लको पतन भएपछि कुमाउदेखि सल्यानसम्मका महत्वाकांक्षी र साहसी ठकुरीहरूले कर्णाली प्रदेशको पूर्वमा समेत अनेकौ नयाँ राज्य रजौटाहरू खडा गरे । ई. सन् १४०० देखि १५०० सम्मको एक सय वर्षको बीचमा प्यठान , पर्वत, इश्मा, मुसिकोट, धुरकोट, गुल्मी, अर्घा र खाँची जस्ता राज्यहरू खडा भए । त्यसैं बखत रूद्र सेनले पाल्पा राज्य (१५१३ ई. मा) खडा गरेका थिए ।

यसरी काली गण्डकीको पश्चिममा उपर्युक्त राज्यहरू रहेकाले नयाँ राज्य खडा गर्न अप्ठेरो थियो । त्यसैकारण शाहवंशका मूल पुरुष जैन खानले काली गण्डकीको पश्चिम किनारामा रहेको रिडिघाट तरी त्यसको पारीपट्टि लसर्घा भन्ने स्थानमा एक राज्य खडा गर्ने कार्यको शुभारम्भ गरे । बाबुराम आचार्यकोअनुसार पनि "काली गण्डकीको रिडिघाटदेखि वारिपट्टि यस नदीका वायाँ किनारामा रहेको बैघा नामक डाँडामा लसर्घा नामक एक सानो बस्ती रहेको छ । त्यहीं आएर जैन खानले पहिला अल्पकालीन स्थायी बास जमाएको

---

१. मगर जातिको एक थर सिंजाबाट स्याङ्जा हुन गएको भन्ने जनश्रुति छ ।

२. उपर्युक्त सबै खोलाका नाम हुन् प्रत्येक नामको पछिल्तिर (डी) शब्द जोडिएको छ । मगर भाषामा "डी" को अर्थ पानी हुन्छ ।

3. Hamilton, F.B.—An Account of Kingdom of Nepal, 1971, p. 27

देखिन्छ ।[1] तर लसर्घाको पश्चिम र दक्षिणमा माथि उल्लिखित नौ राज्यहरूलाई काली गण्डकीले छुट्टाएकोले त्यतापट्टि राज्य विस्तृत गर्ने कार्य सम्भव नहुने र यो स्थान केही साँघुरो र भिरालो पनि भएकोले पायक परेको र फुकेको स्थानको खोजी गरिएको अनुमान गरिन्छ । परिणामस्वरूप ईस्वी सन् १५०१ मा जैन खानले लसर्घादेखि उत्तर-पूर्वमा आँधी खोलाको दायाँ किनारामा खिलुङ नामक बन्जर जमीन आवाद गरी रैती रसाई बोलाएर भीरकोट नामक ठकुराईको जग बसाएको देखिन्छ ।[2]

भीरकोट राज्यको स्थापनापछि जैन खानका छोरा सूर्य खानका पालासम्म भीरकोटदेखि क्रमशः उत्तर र पश्चिममा रहेका सतौं र गरौंमा पनि अर्को दुई राज्य खडा गरिए । यी दुई राज्य सूर्य खानका दुई छोरामध्ये एउटा खान्चा (हरिहर सिंह) ले लिए र तेस्रो ठकुराई मिचा (अजय सिंह) ले लिए ।[3] तर नयाँ ठकुराईमा रजस्थल (राजा बस्ने स्थान) को निम्ति नयाँकोट बनाइएकोले त्यसलाई नयाँकोट अर्थात् नुवाकोट भनियो । त्यसका अतिरिक्त खान्चाका वंशधरले भीरकोटबाट ढोर नाम गरेको एक सानो प्रदेश छुटाई लिएकोले जैन खानको तेस्रो पुस्ताभित्रै यस प्रदेशमा पाँचवटा खान राज्यहरू स्थापित भईसकेका थिए ।

उपर्युक्त राज्यहरूमध्ये नुवाकोट उत्तर पूर्वमा रहेको थियो । यस राज्यको निम्ति पूर्वतिर राज्य विस्तार गर्ने राम्रा सम्भावनाहरू थिए । त्यसैले मिचा खानका अर्का छोरा विचित्र खानले कास्की प्रदेशमा गएर निकै ठूलो राज्यको जग बसाल्न सकेका थिए । लमजुङका दुराहरूले ठकुरी राजा भएका ठाउँमा सुख समृद्धि बढेको देखेर कस्केली विचित्र खानका यशोब्रह्म नामक छोरा मागी ल्याएर लमजुङ नामक नयाँ ठकुराईको जग वसाले ।[4] यिनै यशोब्रह्म शाहले[5] जेठो छोरा नरहरि शाहलाई आफ्ना साथमा राखी माहिला छोरा द्रव्य शाहलाई मर्स्याङदी र चेपे नदीदेखि पूर्वपट्टि भागमा बस्ती बसाई अधिकार जमाउने कार्यमा खटाएका थिए । फलस्वरूप गोरखा राज्यको स्थापना हुन आयो ।

यही गोरखा राजघरानामा जैन खानका पन्ध्रौं पुस्तापछि जन्म लिएका पृथ्वीनारायण शाहले विभिन्न भागमा टुक्रिएका नेपाललाई एक सूत्रमा बाँधेर विशाल नेपाल निर्माण गरेको गौरवमय इतिहासबाट सबै परिचित छन् ।

हुनत शाहवंशीय राजाहरूको राज्य स्याङ्जादेखि पूर्वतिर फैलिंदै गए तापनि मूल थलो स्याङ्जामा भने जैन खानका तीन-चार पुस्तापछि केही ओइलाउँदै गएको देखिन्छ । दक्षिणतिर पाल्पाली सेनवंश, पश्चिममा

---

[1] बाबुराम आचार्य-श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, वि.सं. २०२४ भाग १, पृष्ठ २

[2] ऐजन, पृष्ठ २

[3] Shah, Rishikesh—Heroes and Builders नामक किताबमा उल्लेख गरिएअनुसार यी दुवैको मगर भाषाको शुद्ध उच्चारण कर्हान्चा र मिर्हान्चा हो । यसको अर्थ पहिलो र दोस्रो छोरा भन्ने हुन्छ, पृष्ठ ४३

[4] बाबुराम आचार्यको माथि उल्लिखित किताब, पृष्ठ ३

[5] विचित्र खानका उत्तराधिकारी कस्केली राजा नरराजले "खान" उपाधि छाडेर "शाही" उपाधि लिएकाले यशोब्रह्म समेत उनका वंशधर शाही कहलाउन थाले ।

साँध जोडिएको पैयूँमा पनि सेन वंशकै एक शाखा, उत्तरमा पर्वतका मल्ल राजाहरूको चकचकी र पूर्वमा जैनखानकै शाखा सन्तानहरूको दरो राज्यहरू खडा भएकोले यिनीहरूका चेपुवामा परेको भीरकोट गरौं, सतौं र नुवाकोटले समृद्ध र शक्तिशाली हुने अवसर त्यति नपाएको देखिन्छ ।

यी राज्यहरूमध्ये शुरूमा स्थापित भीरकोट एउटा सानो इलाकामा मात्र फैलिएको थियो । यहाँ कुनै किसिमको खानी वा उल्लेखनीय बजार आदि केही थिएन । तर आँधी खोलाको उपत्यकाका सबैजसो राज्यहरू भीरकोटको नेतृत्वलाई मानिआएका थिए । माथि उल्लेख गरे जस्तै भीरकोटको प्रथम राजा खान्चाका नाती सूर्यखान भएका थिए । यिनका वंशले यहाँ १३ पुस्तासम्म राज्य गरेको थियो ।

भीरकोटको पारी पश्चिममा गरहूँ राज्य थियो । यस राज्यको राजधानी पहाडको टुप्पानिर थियो। त्यहाँबाट खाने पानी लिन समेत एक कोस जति टाढा पुग्नु पर्दथ्यो । त्यसैले यहाँको बस्ती पातलो थियो। राजदरबारको वरिपरि ५०।६० घरहरू रहेका थिए । यस राज्यमा खान्चाका नाती दशरथ खानका वंशधरले १० पुश्तासम्म राज्य गरेका थिए । यहाँका अन्तिम राजा शिवनारायण थिए ।

उपर्युक्त राज्यहरूको उत्तर पश्चिममा सतौं राज्य रहेको थियो । यस राज्यभित्र झाँदी जस्ता उल्लेखनीय स्थानहरू पर्दथे । यसको राजधानी पनि झाँदीमा एक पहाडमा रहेको थियो । यहाँ करीब २५० घरहरू र तिनका बीचमा राजाको दरबार थियो । सम्पूर्ण राज्यमा करीब १,५०० घरहरू थिए । राजस्वबाट उठ्ती भएमध्ये करीब रू. २,०००। वार्षिक राजा कहाँ जान्थ्यो । अन्य राज्यहरू भीरकोटको पछि लाग्थे भने सतौं प्रायः कास्कीको इशारामा नाच्थ्यो । यस राज्यमा धेरै जसो रैतीहरू खस जातिका थिए । यस राज्यमा मिन्चाका माहिला छोरा श्री ब्रह्म प्रथम राजा भएका थिए ।

आँधी खोला उपत्यकामा रहेका राज्यहरूमध्ये नुवाकोट राज्य आँधीको वायाँ किनारामा र स्याङजाको उत्तरमा रहेको थियो । यो राज्य पनि निकै सानो क्षेत्रमा सीमित थियो । यसको राजधानी नुवाकोटको अग्लो टाकुरामा रहेको थियो । यहाँ खानी आदि निकाल्ने गरेको थाहा पाइँदैन तापनि यस राज्य अन्तर्गत लिमी जस्ता उल्लेखनीय स्थानहरू पर्दथे ।

यस राज्यमा मिन्चापछि भक्तिखान प्रथम राजा भएका थिए । यिनको वंशको ११ पुस्तासम्म नुवाकोट राज्य कायम रहेको थियो ।[1]

साधारणतः शुरूका थुमे प्रधान (भुरे राजा) को तुलनामा नयाँ राजाहरूले शासन प्रवधन्को क्षेत्रमा निकै ठूलो सुधार ल्याइएको पाइन्छ । त्यसैताक यहाँ प्रत्येकगाउँमा एक उमराव र प्रत्येक आठ-१० गाउँको लागि एक देशाली हुन्थ्यो । कुनै किसिमको झगडा पर्‍यो भने गाउँका उक्त प्रमुखहरूले पञ्च भलाद्मी बोलाएर पञ्चायतद्वारा झगडा छिन्ने प्रयास गर्थे । असन्तुष्ट रहेको झगडिया राजाकहाँसम्म पुग्न सक्दथ्यो । राजाको दरबारमा रहेको विचारीले सबै कुरा बुझेर मुद्दा छिन्ने गर्दथ्यो ।

---

[1] उपर्युक्त राजाहरूको वंशाधरले शासन गरेको पुस्ता आदि प्रो. तोव्रराज, पं.नयराजद्वारा लिखित किताब 'नेपालको संक्षिप्त इतिहास' पृष्ठ १०० मा र अन्य कुराहरूHamiltonको किताब An Account of the Kingdom of Nepal पृष्ठ २४२–२४४ मा आधारित छन् ।

तर यदि झगडियामध्ये कसैलाई चित्त बुझेन वा निकै गम्भिर प्रवृतिको मुद्दा भएको खण्डमा विचारी मार्फत मुद्दा राजाको मन्त्री (जसलाई काजी भनिन्थ्यो) कहाँ पुग्दथ्यो। पुनः पञ्च भलाद्मी र पञ्चायतबाट आवश्यक बुझ्न लगाएर प्रायः धर्माधिकारका राय लिएर राजाद्वारा मुद्दा छिन्ने गरिन्थ्यो। मुद्दामा साक्षी बक्दा वा बकाउँदा हरी वंश (पुस्तक) हातमा राख्न लगाइने गरिन्थ्यो । त्यसताका अपराध हेरी सर्वस्वहरण, सारा परिवार सहित देश निकाला, जातपतित गरिदिने, तल्लोहर भाँचिदिने र घाँटी काटेर मारिदिनेसम्म सजाय गरिन्थ्यो।[1]

राज्यको मुख्य आय जग्गा जमीनको तिरो भरो, भन्सार, खानी र जरिवाना आदिबाट हुन्थे। गाउँ गाउँबाट राजस्व उठाउने अभिभारा पनि उमराव र देशालीको हुन्थ्यो।

राजाको मुख्य सल्लाहकार चौतरिया प्रायः राजाकै माहिला भाइ हुने गर्थे। अर्को प्रमुख अधिकृत काजी पनि राजाकै नाता सम्बन्धी हुन्थे। सैनिकहरूमा प्रमुख अधिकृतलाई सरदार भन्ने गरिन्थे। राजा र राजाका नातेदार बाहेक अन्य जङ्गी र निजामतीतर्फको सबै कर्मचारीलाई जागिरको रूपमा जग्गा दिने गरिन्थ्यो।

यस प्रकार जैनखान र उनका एक थरी वंशधरले खडा गरेका स्याङ्जा इलाकामा पर्ने चार राज्य (भीरकोट, गरौं, सतौं र नुवाकोट) चौबीसे राज्यहरूमध्ये ज्यादै शक्तिशाली नमानिए तापनि ईस्वी सन् १५०१ देखि १७८५ सम्म करीब २८४ वर्षसम्म कायम रहन समर्थ भएका थिए। जैन खानकै अर्को थरी वंशधर अर्थात् उनको पन्ध्रौं पुस्तामा गोरखामा जन्म लिन पुगेका पृथ्वीनारायण शाहले ईस्वी सन् १७६९ मा काठमाडौं विजय गरेको एक वर्ष अर्थात् १७७० मा उपर्युक्त राज्य लगायतका चौबीसी राज्य विजय गर्न काजी वंशराज पाण्डे, सरदार कहर सिंह बस्नेत र प्रभू मल्ल आदिलाई पश्चिमतिर खटाएका थिए। यो फौज तनहूँ र कास्कीलाई शर गर्दै दक्षिणतिरबाट स्याङ्जा इलाकामा प्रवेश गर्‍यो। तर नुवाकोटको राजधानी अग्ला डाँडामा रहेकोले नुवाकोट फेदीमा रहेको स्याङ्जाबाट वंशराज पाण्डेले नुवाकोटका राजालाई फकाई फुलाई आत्म समर्पण गराउने प्रयास गरे। त्यसबाट केही नलागेपछि नुवाकोट माथि आक्रमण गरे। तर सतौं र पर्वत तथा नुवाकोटको संयुक्त शक्तिले वंशराजको फौजलाई पछि धकेली दियो। दक्षिणतिरबाट प्रवेश गरेको केहर सिंहको फौजले भीरकोटमाथि आक्रमण गर्‍यो र त्यस अन्तर्गतको किहूँ गृहाकोट र क्याग्मीमाथि अधिकार गर्‍यो। तर निर्णायक लडाइँ लड्नु बाँकी नै थियो त्यसै वर्षको हिउँदमा पर्वत लगायत स्याङ्जाका चार राज्यका संयुक्त फौज र नेपाली फौजका बीच सतौंमा घमासान युद्ध भयो। आखिर गोरखाली फौजको हार भयो। सतौंको लडाइँ भएको करीब तीन वर्षपछि अर्थात् १० जनवरी १७७५ मा नुवाकोटको देवीघाटमा पृथ्वीनारायण शाहको स्वर्गारोहण भयो। तत्पश्चात् उनका नाति रणबहादुर शाहका पालामा राजेन्द्र लक्ष्मीले नायवी चलाएका बखत् पुनः पश्चिम हान्ने योजना बनाइयो। ईस्वी सन् १७८२ को कात्तिक महीनामा तनहूँ र लमजुङ नेपाल राज्यमा सम्मिलित गराइएपछि राजेन्द्र लक्ष्मीले सोही फौजलाई अघि बढ्न आदेश दिइन्। परिणाम स्वरूप ईस्वी सन् १७८५ मा बिना कुनै विशेष संघर्ष नुवाकोट पनि नेपाल

---

[1] ह्यामिल्टनको माथि उल्लिखित किताबमा आधारित, पृष्ठ १०१–१०३

अधिराज्यमा एकीकृत गरियो । तर यसै बीच चौबीसी संयुक्त शक्तिले नेपाली फौज अन्तर्गत आइसकेको लमजुङ मकै डाँडामा एकत्रित भई लमजुङ अधिकार गर्न खोजेको थियो । त्यसले गर्दा अभिमान सिंह बस्नेत अन्तर्गतको नुवाकोटमा भएको र पाल्पा हान्न गएको गोरखाली फौज समेत मिली यस संयुक्त शक्तिसँग मुकाविला गर्नुपर्ने परिस्थिति पैदा भयो । मकै डाँडामा भएको यस निर्णायक युद्धमा गोरखाली फौज विजयी भयो । यही विजयको अभियानलाई अघि बढाउँदै सो फौजले सतौं, भीरकोट, गरौं राज्यहरूलाई नेपाल अधिराज्यमा सदाका लागि एकीकृत गराइयो ।

प्रमुख स्थानहरू

स्याङ्जा

जिल्लाको सदरमुकाम स्याङ्जा बजार हो । यो स्थान सुनौलीबाट सिद्धार्थ राजमार्गको १५१ किलोमिटर (करीब ४७ कोस) उत्तरमा र पोखरादेखि ३३ किलोमिटर (१६ कोस) दक्षिणमा पर्दछ । यो पहाडको फेदीमा आँधी खोलाको वायाँ किनारामा पर्दछ । यो ठाउँ आँधी खोलाभन्दा करीब ३० मिटर (१००फीट) माथि उठेको भू-भागमा स्थित छ । समुद्रको सतहबाट यो स्थान ८५२ मिटर (२,८०० फीट) को उचाइमा रहेको छ । यहाँको जलवायु साधारणतः अर्धउष्ण किसिमको छ । गृष्म ऋतुमा बढी गर्मी हुने भए तापनि खोलानालाको चिसो हावाले केही शीतल पार्छ ।

ऐतिहासिक दृष्टिले समेत स्याङ्जा यस क्षेत्रको एक उल्लेखनीय स्थानको रूपमा रहिआएको छ । ईस्वी सन् १७७० ताका नुवाकोट लगायत गण्डक प्रदेशलाई नेपालमा एकीकरण गर्न पृथ्वीनारायण शाहद्वारा खटाइएका वंशराज पाण्डे जस्ता सेनानीहरूले यहाँ महीनौंसम्म मुकाम बनाई बसेका थिए । तर शुरूमा यो स्थान एक बाक्लो गाउँको रूपमा रहेको थियो । सात-आठ वर्षअघि नुवाकोटबाट यहाँ सदरमुकाम सरेको र यस स्थानबाट सिद्धार्थ राजमार्ग गएकोले यहाँ एउटा महत्वपूर्ण बजारको विकास हुन गयो ।

हाल यो बजारको एक भाग सिद्धार्थ राजमार्गको दायाँ वायाँ किनारामा र अर्को एक भाग राजमार्गदेखि पश्चिम र दक्षिणतिर केही तलसम्म फैलिएको छ । पहिलो भागतिर होटेल र भट्टी पसलहरू रहेका छन् भने दोस्रोमा यहाँका ठूला पसलहरू छन् । धेरैजसो घरहरू हालै मात्र निर्माण गरिएका छन् । प्रमुख जिल्ला अधिकारीको कार्यालय लगायत जिल्लाका सबैजसो सरकारी कार्यालय यहीं रहेका छन् । धेरैजसो सरकारी र गैरसरकारी कार्यालयका भवनहरू आधुनिक ढाँचामा खडा गरिएका छन् भने तिनै भवनका वरपर फुसका छाना भएका छाप्राहरूको संख्या पनि कम छैन । यस बजारमा सबै गरी लगभग ३०० घरहरू छन् ।

यहाँ मुख्यत नेवार, बाहुन र पछि सरिआएका गुरुङ र थकाली आदि जातिहरू बसोबास गर्दछन् । यो बजार स्याङ्जा पुतलीखेत बजार गाउँ पञ्चायत अन्तर्गत पर्दछ र यस पञ्चायतको जनसंख्या ५,०७९ छ । जिल्लाको सबैभन्दा धेरै जनसंख्या भएको पञ्चायत यही हो ।

यस बजारमा सीमित जनसंख्यालाई पुग्ने गरी कल धाराबाट पानी दिने व्यवस्था गरिएको छ बढ्दो जनसंख्या र बजारको चलितलाई हेर्दा पछि खानेपानीको समस्या बढ्दै जाने देखिन्छ । बजारको सबै भागमा सिद्धार्थ राजमार्ग निर्माण हुँदा खेरी नै पक्का पीच गरिएको सडक पुगेको छ ।

यहाँ माध्यमिक स्तरका दिनमा र रातमा चल्ने दुई विद्यालयहरू र एउटा पुस्तकालय रहेका छन्। यहाँबाट एउटा मासिक पत्रिका पनि निस्कन्छ। यहाँ एक स्वास्थ्य केन्द्र र निजी चिकित्सालयहरू छन्।

सिद्धार्थ राजमार्गको किनारैमा रहेकोले यो बजार भएर दिनमा कैयन् मोटरहरू ओहर दोहर गर्दछन्। त्यसैले यस ठाउँको उत्तरमा पोखरा र दक्षिणमा तानसेन, बुटवल र भैरहवासँगै अटूट सम्बन्ध रहेको छ। यसबाट जिल्लाको व्यापारमा वृद्धि हुनुका साथै यात्रुहरूलाई पनि ठूलो सुविधा प्राप्त भएको छ। स्याङ्जादेखि उत्तर पश्चिममा रहेका बागलुङ, कुश्माबाट व्यापार वा अन्य कामले आउने जाने मानिसको पनि यहाँ घुइँचो लागिरहन्छ। यसरी गत पाँच सात वर्षभित्र यो स्थान एक साधारण गाउँबाट विकासशील बजारको रूपमा परिणत भएको छ। जुन परिमाणमा यो बजार बढ्दै गएको र बढ्दै जाने सम्भावना छ त्यसलाई हेर्दा यहाँ चाँडै नै थप बजार बस्नको लागि भूमिको निकै कमी हुने देखिन्छ।

पुतलीखेत बजार

स्याङ्जाको हाराहारीमा रहेको पुतलीखेत बजार यस जिल्लाको एक प्रमुख व्यापारिक केन्द्र हो। यो बजार आँधी र अन्य दुई खोलाको संगम स्थलमा रहेको छ। बजारको पुछारतिर दोहोरो र तेहोरो पंक्तिमा समेत बजार फैलिएको छ। शिरानतिर सीधा दोहोरो लहरमा घरहरू उभिएका छन्। बजार भित्र पुराना ढाँचाका भए पनि पक्की घरहरू बनेका छन्। कतै कतै मात्र फुसको छाना भएका घरहरू पाइन्छन्। यस बजारमा करीब ४००।५०० घरहरू छन्।

बजार भित्रको सडक साँघुरो र खाल्टा खुल्टी परेको छ। नजीकै रहेको खोलाको तीरबाट उठाएर ल्याइएका गोल ढुङ्गाहरू सडकमा बिछ्याइएकोले वर्षामा हिलो नभए पनि यो सडकबाट हिंड्नु असुविधा हुन्छ। बजारको पारीपट्टिबाट सिद्धार्थ राजमार्ग गएको र बीचमा पर्ने खोलाले वर्षामा बाढी पैरो ल्याउने भएकोले यहाँको सडकमा कालोपत्र हाल्ने काम भएको छैन।

यो बजारलाई पूर्व र पश्चिम दुवैतिरबाट खोलाले च्यापेर ल्याएकोले सालसालै खतरा बढ्दै गएको छ। खोलालाई नियन्त्रण गर्न यहाँ हरेक जसोवर्ष भकारी हालेर अस्थायी रूपमा तटबन्ध हाल्ने गरिन्छ तापनि वर्षा लागेपछि खोलाको जगजगी कायमै रहन्छ। यो सबै भए पनि सिद्धार्थ राजमार्ग चालू भएपछि यहाँको सुकेको बजारमा एउटा नयाँ गति आएको छ। जिल्ला भित्रका व्यापार बाहेक जिल्लाको उत्तर पश्चिममा रहेका पर्वत, म्याग्दी, डोल्पा, मुस्ताङ र बागलुङबाट समेत यहाँ खरीद विक्री गर्न आउँछन्। हाल निकै संख्यामा थोक र खुद्रे दुवै किसिमका व्यापारीहरू यहाँ पाइन्छन्। हिउँदमा मुस्ताङका व्यापारीहरू खोलाको बगरमा भट्टी र पसल राख्ने गर्छन्। यहाँ धेरैजसो नेवार र केही संख्यामा थकाली जातिका व्यापारीहरू छन्।

यहाँ नेपाल बैंकको उप-शाखा कार्यालय खोलिएको छ। यसबाट स्थानीय व्यापारी र जनतालाई ठूलो सुविधा भएको छ। अन्य सामाजिक र स्वास्थ्य सम्बन्धी सुविधा नजीकै रहेको स्याङ्जाबाट प्राप्त गरिन्छ। यहाँ कुवा र खोलाबाट खानेपानी उपलब्ध गर्दछन्। यहाँको हावापानी झण्डै स्याङ्जाकै जस्तो छ।

नुवाकोट

यो स्थान स्याङ्जा बजारदेखि करीब तीन किलोमिटर (दुई माइल) उत्तरमा अवस्थित नुवाकोट डाँडामा रहेको छ। नुवाकोट लगायत यस क्षेत्रका राज्य नेपालमा एकीकरण गरिएपछि पनि यसै स्थानमा यस इलाकाको सदरमुकाम रहेको थियो।

गत छ–सातवर्ष अघि यस स्थानबाट स्याङ्जामा सदरमुकाम सारियो। हाल यहाँ जिल्लाको कारागार रहेको छ। धेरैंजसो सरकारी कार्यालय भवनहरू खाली हुन गएका छन्। हाल यस स्थानको महत्व घटेर गए तापनि ऐतिहासिक दृष्टिकोणले नुवाकोट महत्वपूर्ण रहेको छ। यो नुवाकोट पञ्चायतमा पर्दछ।

सेती दोभान

यो स्थान स्याङ्जा बजारबाट करीब तीन किलोमिटर (एक कोस) उत्तरमा सेती र आँधी खोलाको दोभानमा रहेको छ। जताततैबाट दोबाटोमा पर्न आउने भएकाले शुरूमा यहाँ छाप्रा र टहरा भएको एक सानो बजार रहेको थियो। हाल यो बजार बढ्दै गएको छ र यहाँ केही पक्की घरहरू पनि बन्न लागेका छन्।

यो बजारभन्दा करीब एक किलोमिटर माथि रहेको नागडाँडाबाट सिद्धार्थ राजमार्ग गएको छ। यो बजारसँग राजमार्गको सीधा सम्बन्ध छैन तापनि राजमार्गको कारणले बढ्दै गएको पुतलीखेत र पर्वत, म्याग्दी, बागलुङ र मुस्ताङ आदि जिल्ला बीचको व्यापार मार्ग सेती दोभान भएर गएको छ। त्यसैले यो बजार पनि निकै चालू हुन गएको छ। यस बजारमा कच्ची र पक्की गरेर करीब ३०।४० वटा घरहरू छन्। धेरैंजसो बजारमा नेवारहरूले व्यापार गरेको भए तापनि यही एउटा बजार छ जहाँ शुरुदेखि बाहुन, क्षेत्रीहरू मुख्य व्यापारीको रूपमा रहिआएका छन्। यस बजारलाई आँधी र नारायणी दुवै खोलाबाट वर्षामा खतरा हुन्छ। यो बजार सेती दोभान पञ्चायतमा पर्दछ। सेती दोभानबाट करीब एक किलोमिटर उत्तरमा रङ्गेठाटी रहेको छ। यहाँ एक सानो बजार छ। यहाँ एक माध्यमिक विद्यालय सञ्चालित छ।

कार्कीनेटा

स्याङ्जा र पर्वत जिल्लालाई छुटाउने सीमानाको रूपमा रहेको कार्कीनेटा स्याङ्जा बजारबाट करीब १६ किलोमीटर (पाँच कोस) उत्तर पश्चिममा रहेको डाँडाको टुप्पामा छ। पुतलीखेत बजार, कुश्मा मूलबाटोमा परेकोले यहाँ पुग्न दुवैतिरबाट ठाडो उकालो चढ्नु पर्दछ। यहाँ तीन–चार वटा पसलहरू छन्।

घाट परे पनि बजार बसाउन लायक जग्गाको कमी छ। यहाँ एक अतिरिक्त हुलाक कार्यालय र एक निम्न माध्यमिक विद्यालय छन्।

कोलमा बराहा चौर

स्याङ्जा बजारबाट करीब पाँच किलोमिटर (डेढ कोस) पूर्वमा रहेका बराहचौर कोल्मा डाँडाको टाकुरामा अवस्थित छ। यहाँ उत्तर–दक्षिण फैलिएको एक सानो चौर छ। जिल्लाको पूर्वी र मध्यभागबाट आउने जाने मूलबाटो पनि यही स्थान भएर गएको छ।

शुरूमा बसोबासको निमित्त मानिसहरू रुचाउँदैनथे। कोल्मा निवासीहरूको उत्साह र सरकारी तथा अन्य सहयोगबाट यहाँ विद्यालय खडा गराउन ठूलो प्रयास गरियो। गत दुई दशकको शैक्षिक गतिविधिले गर्दा नै जिल्लाको निकै चर्चामा आएको स्थानहरूमध्ये यो पनि एक हुन गयो। यहाँ हाल एक माध्यमिक विद्यालय सञ्चालित छ। विद्यालय भवन र छात्राबास भवनको अतिरिक्त यहाँ दुई चार वटा पसलहरू पनि छन्।

कोलमा बराह चौरबाट घाम लागेको समयमा माछा पुच्छ्रे को सुन्दर दृश्य देखिन्छ।

वालिम बजार

यो स्थान स्याङ्जा बजारबाट ३२ किलोमिटर (१० कोस) दक्षिण आँधी खोलाको किनारामा स्थित छ। यो जिल्लाको मध्यभागको व्यापारिक केन्द्र रहेको छ। यो जिल्लाको दक्षिण पूर्वी भागमा पर्ने जगत भञ्ज्याङ, चापाकोट र ज्यागदी खोलाका आसपासका गाउँहरूको मुख्य बजार हो। त्यस्तै यस जिल्लाको दक्षिण पश्चिमी भाग र पर्वत जिल्लाको मध्य र दक्षिणी भागका बासिन्दाहरूका निमित्त पनि वालिम बजार महत्वपूर्ण रहेको छ। यहाँ पुराना ढाँचाका भए पनि निकै संख्यामा पक्की घरहरू बनेका छन्। छेउछाउमा फुसका छाना भएका अनेकौं घरहरू पनि छन्। यस बजारमा सबै गरेर जम्मा करीब १५०।२०० घरहरू छन्। नेवारहरू नै यहाँका मुख्य व्यापारी हुन्।

बजारभन्दा करीब ३०० फीट पूर्वबाट सिद्धार्थ राजमार्ग गएको छ। यसले गर्दा उत्तर दक्षिण जाने विभिन्न यात्रुहरूको यहाँ घुइचो लागिरहन्छ। बजारको व्यापार पनि निकै बढ्दै गएको छ। वर्तमान गतिमा विकास हुँदै गएमा यो बजार केही वर्षमा जिल्लाको सम्भवतः ठूलो बजारमा परिणत हुने देखिन्छ। त्यसका लागि यहाँ खुला जग्गा प्रशस्त मात्रामा छ।

सिद्धार्थ राजमार्ग निर्माण हुँदा यस बजारको सडक पनि कालोपत्र गराइएको थियो। यहाँ खानेपानीको स्रोत भने मुख्यतः आँधी खोला नै रहेको छ।

यहाँ प्रहरी थाना, सवारी कर कार्यालय आदि रहेका छन्। समुद्रको सतहबाट ७०१ मिटर (२,३०० फीट) को उचाइमा रहेको वालिम गाउँ पञ्चायतको जनसंख्या ४,९७६ छ।

वालिम बजारदेखि केही दक्षिणमा भूमरे बजार रहेको छ। यो एक सानो तर पुरानो बजार हो। यहाँ एक माध्यमिक विद्यालय सञ्चालित छ। वालिम र भूमरे एउटै पञ्चायतमा पर्दछन्।

गल्याङ भञ्ज्याङ

यो स्थान स्याङ्जादेखि ४८ किलोमिटर (१५ कोस) दक्षिणमा सिद्धार्थ राजमार्गको किनारामा रहेको छ। यसलाई वम भञ्ज्याङ पनि भनिन्छ। यहाँबाट चापाकोट टार पैदल जाने एउटा छोटो बाटो गएको छ।

गल्याङ भञ्ज्याङको नजीकमा तीनदोबाटो भन्ने स्थान रहेको छ। यहाँ प्रत्येक साल माघ सात गते ठूलो मेला लागदछ। यो मेला लाग्ने चलन २०१५ साल देखि शुरू भएको हो।

चापाकोट

जिल्लाको सदरमुकामबाट यो स्थान करीब ५७ किलोमिटर (१८ कोस) दक्षिणमा कालीको किनारामा रहेको छ। केही भिरालो परेको पहाडको फेदीमा अवस्थित चापाकोट स्याङ्जा जिल्लाको सबभन्दा ठूलो टार हो। यो पूर्व–पश्चिम लम्बिएको छ।

यो स्थान समुद्रको सतहबाट करीब ३६६ किलोमिटर (१,२०० फीट) उचाइमा रहेको छ र जिल्लाको सबैभन्दा होचो भू-भागमध्ये एक हो। त्यसैले शुरूमा यहाँ औलोको प्रकोपले मानिसहरूलाई सताउँथ्यो। यहाँ

ज्यादै पातलो बस्ती रहेको थियो । तर औलोको प्रभावशाली नियन्त्रण र चापाकोट टार सिचाइ योजनाले गर्दा हाल चापाकोटको महत्व निकै बढ्न गएको छ । यहाँ जनसंख्या पनि तीव्रगतिले बढ्दै गएको छ । चापाकोट टारमा रहेका दुई पञ्चायतमा ४,६२० जनसंख्या छ ।

यो स्थानबाट सिद्धार्थ राजमार्ग करीब २६ किलोमिटर (आठ कोस) पश्चिममा रहेको छ । राजमार्गबाट चापाकोटलाई जोडेर त्यसको (काली गण्डकी) पारी रामपुर फाँट हुँदै पाल्पा जाने एक सहायक मार्ग निर्माण भएमा यस क्षेत्रको महत्व अझ बढ्ने छ । गल्याङ र ज्याग्दी भञ्ज्याङको बाटो गरी जिल्लाको मध्यभागबाट चापाकोट जाने दुईवटा मार्गहरू छन् ।

यहाँ एक मौसम अवलोकन केन्द्र, चापाकोट टार सिचाइ योजना कार्यालय आदि रहेका छन् ।

चापाकोट रत्नपुर गाउँ पञ्चायत नजीकै सुन्तौली टार रहेको छ । यहाँ पनि प्रशस्त फुकेको जग्गा छ । चापाकोट टारको सिचाइ व्यवस्थाबाट खाद्यान्न र नगदेबाली उत्पादन हुने र सुन्तौली टारमा बजार विकास भएमा व्यापारिक गतिविधि बढ्ने देखिन्छ । चापाकोटमा आँपको बगैंचाहरू छन् ।

राम्दी

यो स्थान स्याङ्जाबाट ६१ किलोमिटर (१६ कोस) को दूरीमा जिल्लाको दक्षिणी सीमानाको रूपमा रहेको छ । यहाँ पाल्पा र स्याङ्जा जिल्लालाई छुट्याउँदै बगेको काली नदी माथि एक पक्की र दोहोरो मोटर चल्ने पुल हालिएको छ ।

परापूर्वकालदेखि नै राम्दी धार्मिक दृष्टिले महत्वपूर्ण रहेको थियो । यहाँ विभिन्न देव देवताका मन्दिर र शिलाहरू छन् । पर्व पर्वमा यहाँ गङ्गा स्नान गर्नेहरूको घुइँचो हुन्छ र मेला लाग्छ । सिद्धार्थ राजमार्ग यही स्थान भएर गएकोले र पाल्पा र स्याङ्जाको दोसाँध परेकोले यस स्थानमा व्यापार पनि बढ्दै गएको छ । यहाँ भट्टी पसलहरू र केही संख्यामा अरू किसिमका पसलहरू पनि थापिएका छन् ।

यो स्थान मालुङ्गा टुनीबोट पञ्चायतमा पर्दछ । यस पञ्चायतको जनसंख्या २,५१६ छ । यहाँ प्रहरी चेक पोष्ट कार्यालय र कुष्ठ रोगी आश्रम रहेका छन् ।

जनसंख्या र जनजीवन

जनसंख्या

पहाडी जिल्लाहरूमा काठमाडौंलाई छोडेर सबैभन्दा धेरै जनसंख्या हुने जिल्ला स्याङ्जा हो। २०२८ सालको राष्ट्रिय जनगणनाअनुसार यस जिल्लाको कुल जनसंख्या २,६८,६०६ भएको देखिन्छ। यसमध्ये पुरुषहरूको संख्या१,२९,६१४ र महिलाको संख्या१,३८,९९२ छ। यसबाट जिल्लामा पुरुषभन्दा ९,३७८ बढी महिलाहरूभएको देखिन्छ।

गण्डकी अञ्चलको कुल जनसंख्या १०,२३,११० मध्ये यस जिल्लामा २६.३ प्रतिशत जनसंख्या रहेको देखिन्छ। जनसंख्याको दृष्टिले अधिराज्यका ७५ जिल्लाहरूमध्येको जिल्ला काठमाडौं, धनुषा, महोत्तरी, रौतहट, सप्तरी, सिराहा र मोरङ पछि आठौं स्थानमा यो स्याङ्जा जिल्ला पर्न आउँछ। जनघनत्वको दृष्टिले हेर्दा यस जिल्लाको कुल क्षेत्रफल १,२०८ वर्ग किलोमिटर भएकोले यहाँ प्रतिवर्गकिलोमिटरमा २२२ व्यक्ति बसोबास गरेको पाइन्छ।

यस जिल्लामा कुल घर परिवार संख्या ५१,८४१ छ। यहाँ एकदेखि २० र २० भन्दा बढी सदस्य संख्या भएका घर परिवारहरू छन्। यहाँ सबभन्दा धेरै पाँच सदस्य हुने परिवारसंख्या८,१३२ र सबैभन्दा थोरै २० र २०भन्दा बढी सदस्य हुने परिवार संख्या ७२ छन्। यहाँ प्रतिपरिवार औसत सदस्य संख्या ५.२ रहेको छ।

यस जिल्लाको जनसंख्यालाई विभिन्न उमेर समूहमा निम्न तालिकाअनुसार विभाजन गरिएको छः-

उमेर समूहको तालिका

	पुरुष		महिला		जम्मा	
उमेर समूह	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
०–५वर्ष	२३,९५८	१८.५	२४,०९६	१७.४	४८,०५४	१७.९
६–१५वर्ष	३४,६६६	२६.८	३२,४५५	२३.३	६७,१२१	२५.०
१६ र माथि	७०,९९०	५४.७	८२,४४१	५९.२	१,५३,४३१	५७.१
जम्माः–	१,२९,६१४	१००.०	१,३८,९९२	९९.९	२,६८,६०६	१००.०

माथिको तालिकाअनुसार पाँच वर्ष र सोभन्दा मुनिका शिशुहरूको संख्या ४९,०५४ (१७.९ प्रतिशत) र छवर्ष देखि १५वर्षको उमेर समूहको संख्या ६७,१२१ (२५.० प्रतिशत) छ। यी दुवै उमेर समूहको जम्मा संख्या १,१५,१७५ अर्थात् जिल्लाको कुल जनसंख्याको (४२.९ प्रतिशत) हुन आउँछ। यसबाट यहाँ तरुण-हरूको निकै ठूलो संख्या रहेको देखिन्छ।

उपर्युक्त तालिकाको आधारमा जिल्लाको जनसंख्याको मुख्य लक्षणको जानकारी हुनुकासाथै उमेरको आधारमा सक्षम र आश्रित जनसंख्याको स्थितिको पनि अनुमान गर्न सकिन्छ। तर नेपाल अधिराज्यमा सानै उमेरदेखि केही मात्रामा केटाकेटीहरूले समेत आर्थिक उत्पादनको कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान दिने तथ्यलाई ध्यान राख्दै यहाँ १० वर्षको उमेरदेखि माथि ५९ वर्षसम्मका उमेर समूहलाई सक्षम र बाँकी अन्य उमेर समूहलाई आश्रित मानिएको छ। यस हिसावबाट यस जिल्लामा सक्षम मान्न सकिने (अर्थात् १० देखि ५९ वर्ष सम्मको उमेर समूहको जनसंख्या)को संख्या १,७२,१९८ र आश्रित (० देखि नौ वर्ष र ५९ देखि माथिको उमेर समूह) को संख्या ९६,४०८ देखिन्छ। यस जिल्लाको १०० जना सक्षम माथि थप ५६ जना आश्रित रहेका छन्। यसैले यस जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:५६ भएको देखिन्छ।

अन्तर्राष्ट्रिय परिपाटीअनुसार १५ वर्षदेखि र ६४ वर्ष सम्मका उमेर समूहलाई मात्र सक्षम र बाँकीलाई आश्रित मान्ने गरिन्छ। तदनुसार यहाँ सक्षमहरूको संख्या १,४८,३०४ र आश्रितहरूको संख्या १,२०,३०२ हुन आउँछ। यहाँ प्रत्येक १०० सक्षम माथि ८१ व्यक्ति आश्रित रहेका छन्। तसर्थ आर्थिक निर्भरताको अनुपात १००: ८१ हुन आउँछ।

यस जिल्लामा आ–आफ्ना परम्परा र विशेषता अँगालेको विभिन्न जात जातिहरूमध्ये कतिपयमा अझै पनि बाल विवाहको प्रचलन रहेको देखिन्छ। राष्ट्रिय जनगणनाको नतीजा अनुसार छदेखि नौ वर्षको उमेर समूहका ४८ वटा केटा र ४५ वटा केटी र १० देखि २४ वर्षको उमेर समूहमा २५० केटा र ९४७ केटीहरूको विवाह भइसकेको छ। तर शिक्षा प्रचारका साथै हाल यस प्रवृत्तिमा केही परिवर्तन आउन लागेको छ।

विभिन्न जात जातिको साझा बासस्थलको रूपमा रहेको स्याङजामा भाषागत विविधता पाइन्छ। प्रायः सबैजसो समुदायको आ–आफनै मातृ भाषा हुन्छ। प्रत्येक समुदायले राष्ट्रभाषा नेपाली पनि राम्ररी बुझ्न र बोल्न सक्छन्। राष्ट्रिय जनगणनाअनुसार यस जिल्लामा विभिन्न भाषा भाषी बोल्नेहरूको संख्या निम्न-अनुसार छः–

मातृभाषा	जनसंख्या
नेपाली	१,९८,४८६
मगर	३७,३७३
गुरुङ	२५,६२०
नेवारी	५,४१५
अन्य भाषा	१,७१२

उपर्युक्त भाषाहरूमध्ये स्थानीय जिल्ला भाषा र अन्य भाषामा माझी, थकाली, उर्दू भाषा आदि पर्न आउँछन्।

पहाडी जिल्ला भए तापनि यस जिल्लामा शुरूदेखि नै घना बस्ती रहेको र बढी जनसंख्या भएको पाइन्छ। त्यसैले यहाँ मुलुकका अन्य भागबाट हाल बसाइँ सरी आउनेको संख्या नगण्य छ। बरु यस जिल्लाका बासिन्दाहरू विशेषत चितौन र तराईका अन्य भागका जिल्लाहरूमा निकै संख्यामा बसाइँ सरी गएका छन्।

यस जिल्लामा जम्मा १०७ गाउँ पञ्चायत छन्। पञ्चायतहरूको नाम र जनसंख्या तल दिइएको छः–

पञ्चायत	जनसंख्या	पञ्चायत	जनसंख्या
१. अर्चलेभञ्ज्याङ	१,७३८	२. अरमादीधनुवासे	२,४०४
३. अरुणोदय	२,६३६	४. आमबोटभुक्रे	२,२०८
५. आरथर पोखरी चौर	२,६०९	६. आरथर मेथा भुरुङ	३,२०४,
७. आरुखर्क	१,७३९	८. आलम देवी लसर्घा	२,०९२
९. एलादी खाल्टे	२,१५०	१०. कटुवा चौपारी	१,३८९
११. करेन्डाँडा	३,०९९	१२. कारिकोट चण्डी भञ्ज्याङ	३,३४०
१३. किचनाश देवीस्थान	२,११७	१४. किचनाश नागस्थान	१,८३९
१५. किहुँबडहर भञ्ज्याङ	३,०४७	१६. कुवाकोक	३,९६९
१७. केवरे भञ्ज्याङ	३,०४१	१८. कोटाकोट बेलधारा	१,४०४
१९. कोल्मा बराह चौर	२,०४२	२०. क्याक्मी दग्धी	४,९०४
२१. कृष्णगण्डकी	४,३०९	२२. कृम्ति नाच्ने चौर	२,५२२
२३. खिलुङखाल्टे शीतल चौपारी	२,१५४	२४. खिलुङतिस्यादी देउराली	३,२४५
२५. खिलुङ मेहल्टारी	३,५३७	२६. खोला लाँकुरी	३,३४१
२७. गणेशपुर	२,२००	२८. गल्याम रापु	१,१४९
२९. गेंझा गौमुखे	२,१३७	३०. धुरङखा डाँडाखर्क	१,८७४
३१. चापाकोट रत्नपुर	२,१६९	३२. चिलाउनेवास	१,७९७
३३. चित्रे भञ्ज्याङ	१,५२३	३४. चोक ठाटी	२,०३४
३५. जगतभञ्ज्याङ	३,२९०	३६. ज्याग्दीचिन्नेवास	४,३४९
३७. टक्सार खलङ्गो	२,२४७	३८. ठूलाडिही	२,१८८
३९ ठूली पोखरी	२,१८४	४०. डाँडाखर्क रानीचौर	१,००९
४१. ढापुक समल भञ्ज्याङ	२,६४०	४२. ढुङ्गेठाँटी गृहेकोट	२,३५४
४३. तले भञ्ज्याङ	१,९४०	४४. तीन दोबाटे	२,७०४
४५. तुल्सी भञ्ज्याङ	२,८८६	४६. थुम पोखरा	२,४९१
४७. दभूँठाँटी	२,९५६	४८. दरौंसतौं	२,४११
४९. दार्सिङ दहथुम	३,८९६	५०. दाम गाडे	२,१६२
५१. दिसिङकोट	२,६६७	५२. निर्मल पोखरी	२,३३५
५३. नुवाकोट देउराली	२,३४४	५४. पकवादी	३,३५९

५५. पाङमी भानुमति	३,९७४	५६. प्यारसिङ	१,९७६
५७. पिंढीखोला	३,२११	५८. पेखुवाधखोर	२,५९१
५९. पेल्को चौर	२,३८८	६०. पेलाकोट	२,५४२
६१. पौबेगोंडे	२,१५८	६२. फोक्सीङ शिवालय	१,५४०
६३. बम भञ्ज्याङ	३,३८५	६४. बलाम जगन्नदेवी	२,८९१
६५. बहाकोट भञ्ज्याङ	२,०८१	६६ बाङ्गे फट्के	१,४८०
६७. बाङसिङ देउराली	२,३६४	६८. बाँस्तरा मालमूल	१,६५१
६९. बितलव पीपलटारी	२,०२७	७०. बानैंथोक वाँस्तरा देउराली	३,१३८
७१. बिर्धा अर्चले चौपारी	१,९८२	७२. भरत पोखरी	२,२७६
७३. भाट्खोला	१,६५३	७४. भोटे पोखरी	२,५४९
७५. मग्याम चिसापानी	२,३०७	७६. मट्टी खान	२,३२३
७७. मल्पाङ कोटच्यारे भञ्ज्याङ	२,९४५	७८. माफकटरी	१,३९२
७९. माझकोट शिवालय	१,९७८	८०. मालुङ्गा टुनिवोट	२,५१६
८१. मिर्मीढाव	१,८६६	८२. रघु	१,६६४
८३. रंगेठाटी	२,८३१	८४. रजस्थल	२,१३२
८५. राङभाङ	३,२४६	८६. राङरुङ बर पीपल	२,०६६
८७. रापाकोट	४,१५४	८८. लामागे	१,८८७
८९. लुङछाप छापखोर डाँडा	१,१८१	९०. वद्धूधा भञ्ज्याङ	२,२३८
९१. वरस्टे	२,१७७	९२. वालिम	४,९७६
९३. साँखर परसार	२,११२	९४. साँखर मोहमी	१,८९०
९५. सातुपसल	२,६९९	९६. साल डाँडा	२,०६५
९७. स्याङ्जा पुतलीबजार	५,०७९	९८. सिर्कोट कोल थोक थुम्का	२,३८३
९९. सिर्कोटगडेरे	२,६९५	१००. सिर्कोट देउराली	२,४६५
१०१. सिल्मीरानीस्वाँरा	९२७	१०२. श्रीवारी	३,५८५
१०३. सेखाम	३,५०५	१०४. सेती दोभान	२,२४४
१०५. सुन्तौलीटार चापाकोट	२,४५१	१०६. सोरेक तिलाहार	२,८१७
१०७. सोरेक महापुर	२,५८०		

उपर्युक्त १०७ पञ्चायतको कुल जनसंख्या २,६८,६०६ भएकोले यहाँ प्रतिपञ्चायत औसत जनसंख्या २,५१० भएको देखिन्छ। त्यसमध्ये सबैभन्दा धेरै जनसंख्या हुने स्याङ्जा पुतलीबजार र सबै भन्दा कम जनसंख्या हुने सिल्मी रानीस्वाँरा गाउँ पञ्चायत हुन् ।

जनजीवन

स्याङ्जा जिल्ला परम्परादेखि नै विभिन्न जात जातिको साझा बासस्थलको रूपमा रहेको छ। जिल्लाको उत्तरी भागको उच्च भू–भागमा गुरुङहरू र मध्य तथा दक्षिण पूर्वी भागका डाँडाहरूमा प्रायः मगर

जातिका गुचमुच्च परेर बसेका गाउँहरू रहेका छन् । अन्य जातिहरूमा धेरैजसो बाहुन, क्षेत्री होचा भाग र बेंसीमा र धेरैजसो तिनीहरूकै आसपासमा धर्ती, बोटे, गाइने, कामी, दमाई तथा सार्कीहरू बसेको पाइन्छ । यहाँको होचो प्रदेशमा खासगरी दोबाटो परेका स्थान र बजारहरूमा नेवार, मुसलमान र केही संख्यामा थकाली जातिको बसोबास रहेको छ । अघिल्ला समूहमा पर्ने सबैजसो जातजाति विशेषतः खेतीपाती, पशुपालन र वैदेशिक सेनामा नोकरी गर्ने गर्छन् भने पछिल्ला समूहका नेवार, थकाली र मुसलमान व्यापार गरेर बसेका छन् ।

यी विभिन्न जात जातिका विभिन्न थरहरू छन् । तिनीहरूमध्ये यहाँ बसोबास गरेका बाहुनहरूमा तिमिल्सिना, पन्त, अधिकारी, पौडेल, ढकाल, पाण्डे, आचार्य, पराजुली, कोइराला, पोखरेल, रेग्मी, ढुङ्गाना, पाठक, सुवेदी, पनेरू, तिवारी, भूसाल, कापले, चापागाइँ, खनाल, भट्टराई, लामिछाने आदि थरहरू उल्लेखनीय छन् । क्षेत्रीहरूमा बाहुनहरूसँग मिल्ने उक्त कतिपय थर बाहेक थापा, कार्की, घर्ती, रोका, भाट्, गोदार आदि थरहरू छन् । ठकुरीहरूमा शाह, सिंह, मल्ल, हमाल र खाँण आदि थरहरू पाइन्छन् । मगरहरूमा पनि धेरै थरहरू पाइन्छन् । तिनीहरूमध्ये यहाँका मगरहरूका राना, थापा, बुढाथोकी, सिंजाली, सोमआले, सारू, मर्साङ्गी, देगा, विरकट्टा, साल्मी, गाहा, रेश्मी, लामिछाने, हिस्क, चौतरी, पुन आदि थरहरू हुन्छन् । त्यस्तै नेवारमा श्रेष्ठ, जोशी, कर्माचार्य, पालिखे, वज्राचार्य र थकालीमा सेरचन, गौचन, भट्टचन, तुलाचन आदि छन् । यसरी जातजातिको दृष्टिले मात्र होइन थरहरूको दृष्टिले समेत यहाँ रोचक विविधता रहेको पाइन्छ ।

उपर्युक्त जात जातिको आ–आफ्नै सिकिमको शारीरिक बनौट र भेषभुषा हुन्छन् । मङ्गोलसित सम्वन्धित मगर, गुरुङ, थकाली आदिकोथेप्चो नाक, उठेको गाला, बदामे आँखा र गोल अनुहार र सामान्यतः होचो कद हुन्छ । आर्यहरूमा बाहुन र क्षेत्रीको नाक चुच्चो, खुला आँखा, लाम्चो अनुहार र साधारणतः पातलो र केही अग्लो कद हुन्छ ।

जिल्लाको सबैजसो बासिन्दाहरूले साधारणतः कछाड, भोटो र टोपी लगाउँछन् । त्यसका अतिरिक्त गुरुङ, मगरहरू भाङरा र बाहुन क्षेत्री धोतीको बढी उपयोग गर्दछन् । सबै जातका स्वास्नी मानिसहरू गुनियो, चोलो, पटुका लाउँछन् तापनि बाहुन र क्षेत्री आइमाईहरू रातो रङ र अन्य जातका आइमाईहरू रातोबाहेक अरू चहकिलो रङको पोशाक मन पराउँछन् । गुरुङ र मगर आइमाईहरू घलेक र तमला पनि लाउँछन् । गहनाहरूमा ढुंग्री, बुलाकी, मारवली सबै जातले लाउँछन् । विशेषतः गुरुङ र मगर आइमाईहरू चाँदीको काँडा उठेको रैया र बाला लगाउँछन् । बाहुन, क्षेत्री स्वास्नीमान्छेहरू सावले (काँडा उठेको) बाला लाउँछन् । तर पोशाक र गहना गुरियाको प्रयोगमा क्रमशः आधुनिकताको प्रभाव बढ्दै गईरहेको छ । परिणामस्वरूप लोग्ने मानिसहरू पाइण्ट र कमिज तथा आइमाईहरूमा ब्लाउज र सारीको प्रचलन बढ्न लागेको छ ।

यस जिल्लामा बहुसंख्यक बासिन्दा हिन्दू छन् । त्यसपछि क्रमशः बौद्ध र इश्लाम धर्मावलम्बीहरू पर्न आउँछन् । यहाँका बासिन्दाहरूमा कुनै धार्मिक कट्टरता, घृणा वा द्वेषको भावना नभएकोले एक अर्काको धर्मप्रति सम्मान र सहिष्णुताको भावना राख्ने गर्छन् । यसका साथै प्रत्येक जात जातिको आ–आफ्नै रीति चाल चलन र जन्मदेखि मृत्युसम्म गरिने नै आ–आफ्नै कर्म र विधि विधान हुन्छन् । यस्ता कार्यहरू विशेषतः परम्परा र धर्म विशेषका आधारमा सम्पन्न गरिन्छन् ।

बाहुन क्षेत्रीहरू वैदिक विधि अनुसार छैंटी, न्वारान, पास्नी व्रतबन्ध, विवाह अन्तेंष्टि (क्रिया) र श्राद्ध आदि गर्ने गर्दछन् । आ–आफ्नै विधिअनुसार भए तापनि कामी, दमाई र सार्कीहरू पनि बाहुन क्षेत्रीहरूकै

जस्तो कर्म गर्दछन् । गुरुङ, मगर र थकाली आदिमा शुरूमा बौद्ध धर्मको प्रभाव रहेको र सबैजसो कर्महरू लामा झाँक्रीहरूबाट सम्पन्न हुने गर्दथ्यो । हाल मगर र केही मात्रामा थकालीहरूले पनि बाहुन पुरोहितद्वारा यस्ता कर्म–काण्ड गराउने गर्दछन् । त्यसैले यिनीहरूको विधि विधान पनि बाहुन क्षेत्रीको जस्तै हुँदै गइरहेको छ। यस प्रक्रियाबाट गुरुङहरू अक्षुब्ध रहेका छैनन् तापनि यिनीहरूले जिउँदा मर्दाका सबै कर्महरू लामा झाँक्रीद्वारा नै गराउँछन् । यिनीहरूमा मृतक परेको करीब एक वर्षपछि "अर्घुं" (क्रियाको अन्तिम चरण) गर्ने चलन छ ।

यहाँका बहुसंख्यक जनताको ठूलो चाहाड बडा दशैं र तिहार हुन् । यसका साथै वैशाख संक्रान्ति, श्रावण संक्रान्ति, नागपञ्चमी, कृष्ण अष्टमी, राम नवमी, जनैपूर्णिमा, तीज, बाला चतुर्दशी, माघे संक्रान्ति फागू पूर्णिमा, श्री पञ्चमी, कुशे औंसी, स्वस्थानी पूर्णिमा, शिवरात्रि र चैत्राष्टमीका पर्वहरू मनाइछन् । ती अवसरहरूमा ठाउँ ठाउँमा ठूला ठूला मेलाहरू लाग्छन् ।

यहाँका मुसलमानहरू ईद, रोजा, वक्रेइद, मुहर्रम आदि मान्दछन् । यसप्रकार यस जिल्लाका विभिन्न जात जातिहरूले आपसमा मिलिजुली सांस्कृतिक विविधतामा जुन एकताको परिचय दिइरहेकाछन् त्यसैबाट यथार्थमा यो जिल्ला चार जात छत्तीस वर्णको फूलबारीको रूपमा रहेको छ ।

आर्थिक व्यवस्था

राष्ट्रको कुल श्रम शक्तिको ९४.४ प्रतिशत कृषि व्यवसायमा लागेको हाम्रो मुलुकमा स्याङ्जा जिल्लाको अर्थतन्त्र पनि कृषि र कृषिजन्य कार्यकलापमा आधारित छ। यो जिल्ला मध्यपहाडी क्षेत्रमा रहेकोले यहाँ कृषियोग्य जमीनको कमी त छँदैछ त्यसमाथि जिल्लाको जनघनत्व गण्डकी अञ्चलका जिल्लाहरूमध्ये मात्र होइन सम्पूर्ण पहाडी प्रदेशमा समेत सबैभन्दा बढी रहेको छ। त्यसैले एकातिर भीर, पहरा र वनक्षेत्र बाहेकका अधिकांश भू–भाग आवाद गरी जताततै गरै गरा बनाइएका छन् भने अर्कोतिर वन जङ्गलको ह्रासले बाढी पैरोलाई साल–सालै क्षति पुगेको पाइन्छ। त्यसमाथि गत २०२४ सालदेखि यस भेकमा कात्तिक मंसीरतिर वा चैत वैशाखतिर प्रायः असिना पर्ने गरेकोले बाली नालीलाई हानि नोक्सानी हुने गरेको छ। यी सबै कारणहरूले जिल्लामा उत्पादित खाद्यान्न यथेष्ट नभई प्रत्येक वर्ष जिल्ला बाहिरबाट खाद्यान्न मगाउनु पर्ने हुन्छ। जिल्लाबाट निकासी गरिने वस्तुहरूमा उल्लेखनीय घ्यू, सूठो र राडी पाखी आदि हुन्। त्यसका अतिरिक्त यस जिल्लाको आर्थिक टेवाको रूपमा विदेशी सेना भर्ती र हिउँदे रोजगारी रहेका छन्।

आर्थिक वर्ष २०२८–०२९ सालदेखि सिद्धार्थ राजमार्ग चालू भएकोले यस जिल्लाको अवरुद्ध रहेको आर्थिक जीवनमा नयाँ आयाम थपिएको छ। अब यहाँ पहिलाभन्दा धेरै संख्यामा बजार विकास भएका छन्, त्यही अनुपातमा व्यापारिक गतिविधि पनि बढेको देखिन्छ। केही संख्यामा धान र तोरी तेल प्रशोधन गर्ने मिलहरू समेत खुलेका छन्। परम्परागत रूपमा नेवार, थकाली जाति मात्र व्यापारमा लाग्थे भने अब बाहुन, क्षेत्री, गुरुङ र मगरहरू समेत यस क्षेत्रमा प्रवेश गर्न थालेका छन्। तर यी नयाँ क्रियाकलापले जिल्लाको आर्थिक जीवनमा निर्णायक र स्थायी प्रभाव पार्न बाँकी नै छ।

कृषि

जिल्लाको आर्थिक जीवनमा कृषिले ठूलो भूमिका खेलेको कुरा माथि उल्लेख भइसकेको छ। जिल्लाको अधिकांश भू–भागलाई डाँडा काँडा, भीर, पखेराले ढाकेका छन्। यिनै पहाडका पाखा र खोंचमा जिल्लाका विभिन्न खोलानालाले वनाएका साना ठूला फाँट र टारहरू छन्। यहाँ धान बाली लाग्ने उल्लेखनीय फाँटहरूमा चिलाउने बास, झारखाम दोभान, ठूली बेंसी, भाट् खोला, ञादी सिल्मी, मल्याङदी माइटारी, लत्रे पीपल, बिरुवा ज्याग्दी चिन्ने बास, भगेम पौवै, सरौदी र जमके आदि हुन्। तिनै फाँटभन्दा केही उचाइबाट शुरू भएर डाँडाका टुप्पासम्म जिल्लाको झण्डै सबैजसो भागमा पाखावारीका पाटाहरू फैलिएर गएको पाइन्छ। खोला नालाले वर्षामा बगाएर ल्याएको मलिलो माटो र पात पतिङ्गरले गर्दा बेंसी प्रदेशको माटो नरम, चीसो र उर्वरापूर्ण हुन्छ भने

पाखो जग्गामा सुक्खा र ढुङ्गे माटो हुन्छ । यसैले एक रोपनी अब्बल खेतमा धान चार मुरी उब्जनी हुन्छ भने पाखोमा कोदो दुई मुरी हुन्छ । तर खेत र पाखामा स्थानीय विशेषता र आवश्यकता हेरी थरी थरीका बाली लाग्ने भएकाले यी दुवै प्रकारका जग्गा एक अर्काका पूरकका रूपमा रहेका हुन्छन् ।

यस जिल्लामा वि. सं. १९२५ मा जग्गा नापी भएको थियो । यसबेला र पछि आएर पनि पटक पटक जग्गा नापी गर्दा खेत जग्गामा जन्जीर हाली नापी गरिएको थियो । तर पाखो जग्गामा भने अन्दाजी परिमाण मात्र तोक्ने गरिएको थियो । त्यसकारण खेत जग्गाको किसिम र परिमाणको मोटा मोटी अन्दाज लगाउन सकिन्छ तापनि पाखो जग्गाको निम्ति सो कुरा लागू हुँदैन । आगामी पञ्च वर्षीय योजनावधिमा गण्डकी अञ्चलमा जग्गानापी हुने कार्यक्रम रहेकोले सो नापी भएपछि नै यहाँको जग्गा जमीनको यथार्थ स्थिति थाहा हुन सक्नेछ ।

कृषि विभागबाट २०२८ मा प्रकाशित एक तथ्याङ्कअनुसार यस जिल्लाको कुल क्षेत्रफल १,२०,८०० हेक्टरमध्ये २१,९०० हेक्टर आवाद भएको देखिन्छ । यस हिसाबबाट कुल जमीनको १८ प्रतिशत जग्गामा खेती भएको देखिन्छ ।

जिल्ला माल कार्यालयकोअनुसार यहाँ जग्गा जमीनको स्थिति निम्नअनुसार छः—

खेत जग्गा

जग्गाको किसिम	खेत मुरी पाथी माना
अब्बल	२३।४।१७।३
दोयम	३।७०।१८
सिम	२१।९७
चाहार	१०९।७७।१८।६
किसिम नखुलेको	३,०६७।९९।५।५।२

माथिको तालिकामा प्रति खेत १०० मुरी, प्रतिमुरी २० पाथी, प्रति पाथी आठ मानाको नापले हिसाब गरिएकोछ । त्यसअनुसार स्याङ्जा जिल्लामाजम्मा ३,२२,६५० मुरी (माटो) खेत (८०,६६२ रोपनी) भएको देखिन्छ । यसमध्ये सबैभन्दा धेरै खेत किसिम नखुलेको (जुन चाहार सरह मानिन्छ जसमाथि निकै कम मालपोत लाग्छ) शीर्षकमा परेको देखिन्छ ।

पाखो जग्गा

(माटो मुरी रोपनीमा)

जग्गाको किसिम	संख्या	नाप	परिमाण
हल	५,१४२	४ रोपनी	८२,२७२ मुरी (२०,५६८ रोपनी)
पाटे	३,७९८	२ रोपनी	३०,३८४ मुरी (७,५९६ रोपनी)
कोदाले	२३,१६७	१ रोपनी	९२,६६८ मुरी (२३,१६७ रोपनी)
बीजन	२५ मुरी	१ मानाको १ रोपनी	१६,००० मुरी (४०० रोपनी)
जम्मा			२,२१,३२४ मुरी (५५,३३१ रोपनी)

उपर्युक्त तालिकामा प्रति हल चार रोपनी, प्रति पाटे दुई रोपनीको दरले एक रोपनी र प्रति एक माना बीजनले एक रोपनी जग्गा ढाक्छ भन्ने हिसाबले जग्गाको परिमाण निकालिएको छ।[१] अर्को कुरा माथि देखाइएको पाखोतर्फको जग्गाको परिमाण केवल मालमा दर्ता भएअनुसार छ। वास्तविक वस्तुस्थितिको जानकारीका लागि नापी हुनु बाँकी नै छ। माथिको तालिकामा देखाइएअनुसार यस जिल्लामा जम्मा पाखो जग्गा २,२१,३२४ (मुरी माटो) अर्थात् ५५,३३१ रोपनी भएको देखिन्छ। यसरी खेत र पाखो दुवै तर्फको जमीन (८०,६६२ रोपनी खेत र ५५,३३१ रोपनी पाखो) जोड्दा यहाँ कुल आवादी जमीन १,३५,९९३ रोपनी (६,८०० हेक्टर) भएको देखिन्छ।

कृषि विभागबाट प्रकाशित माथि उल्लिखित तथ्याङ्क र जिल्ला माल कार्यालयबाट प्राप्त तथ्याङ्क मिलाई हेर्ने हो भने निकै ठूलो फरक पर्न गएको देखिन्छ। जिल्ला माल कार्यालयकाअनुसार नापी भएको खण्डमा माल कार्यालयको दर्ता लगतमा देखिएकोभन्दा करीब तीन खण्ड बढी जग्गा देखिने सम्भावना छ। त्यस हिसाबले हो भने माल कार्यालयकाअनुसार हाल देखिएको ६,७९९ हेक्टर जमीन र कृषि तथ्याङ्कमा देखिएको २१,९०० हेक्टर जमीनमा धेरै फरक नपर्ने स्पष्ट छ।

हाल अन्य भरपर्दो तथ्याङ्कको अभावमा जिल्लाको कुल आवाद जमीनको अनुमान अध्ययन गर्न कृषि विभागबाट प्रकाशित तथ्याङ्क र अन्य कुराको निम्ति माल कार्यालयबाट प्राप्त तथ्याङ्कमा नै सीमित रहनु पर्ने देखिन्छ। जग्गाको वास्तविक परिमाण र दर्ता हुन बाँकी रहेको जग्गा समेत के कति छ यकीन गर्न मुश्किल पर्दछ।

वि.सं. २०२२ सालदेखि यस जिल्लामा भूमि सुधार कार्यक्रम लागू भएको छ। पहाडी जिल्ला भएकोले यहाँ मधेश क्षेत्रमा जस्तो असमान भूस्वामित्वको समस्या थिएन तापनि भूमि सुधार कार्यक्रमले भूमिमा आधारित सामन्ति शोषणबाट किसानहरूलाई मुक्त गर्नुको साथै भूमिमा हदवन्दी कायम गरिदिएको छ। जिल्ला भूमि सुधार कार्यालय स्याङ्जाकोअनुसार यस जिल्लाको जग्गा जमीन र जग्गाधनीको स्थिति यसप्रकार छः—

जग्गा जमीन	जग्गाधनीको संख्या	प्रतिशत
६ देखि ९ रोपनीसम्म जग्गा हुने	४२,२३४	८७.७
१० देखि १९ रोपनीसम्म जग्गा हुने	३,९९४	८.३
२० देखि २९ रोपनीसम्म जग्गा हुने	१,५३०	३.२
३० देखि ४९ रोपनीसम्म जग्गा हुने	२७९	०.६
५० देखि ७९ रोपनीसम्म जग्गा हुने	१२९	०.२
८० देखि माथि रोपनीसम्म जग्गा हुने	९	०
जम्मा	४८,१७५	१००.०

माथिको तालिकाअनुसार यस जिल्लामा भूमि सम्बन्धी ऐन, २०२१ ले पहाडी क्षेत्रको निम्ति तोकेको हदवन्दी (८० रोपनी) भन्दा बढी जग्गा हुनेको संख्या नगण्य छ। यहाँका बहुसंख्यक किसानहरूको जग्गा छदेखि नौ रोपनीको बीचमा रहेको कुरा माथिको तथ्याङ्कले देखाउँछ।

---

[१] पाखो जग्गाको परिमाण निकाल्ने मापदण्डमा एकरूपता नपाइएकोले यहाँ उपयोग गरिएको मापदण्ड अनुमानित र स्वेच्छिक हुन्।

यस जिल्लाको कुल आवादी जमीन २१,९०० हेक्टर र जम्मा जग्गाधनीको संख्या ४८.१७५ देखिएकोले यहाँ औसत प्रतिजग्गाधनीलाई ०.५ हेक्टर (९.० रोपनी) जग्गा पर्नआउँछ । यस जिल्लामा कुल परिवार संख्या ५१,८४१ छ । सो संख्याले यहाँको कुल जमीन २१,९०० हेक्टरलाई भाग लगाउँदा प्रतिपरिवार औसत ०.४ हेक्टर (आठ रोपनी) पर्न आउँछ ।

अधिराज्यको औसत भू-स्वामित्व १.५ हेक्टर (३० रोपनी) को तुलनामा यस जिल्लाको ०.४ हेक्टर (आठ रोपनी) निकै कम हो तापनि पहाडी प्रदेशका जिल्लाहरूको तुलनामा यो औसत अस्वाभाविक होइन। यसका साथै यस जिल्लामा सुकुम्बासीहरूको संख्या ८५ भएको देखिन्छ ।

यहाँ धेरैजसो किसानहरूको केही न केही आ–आफ्नो जग्गा जमीन भएको र एउटै व्यक्तिको हातमा अत्यधिक जग्गा जमीन केन्द्रित नभएकोले यहाँ मोहियानी हकको समस्या विशेष जटिल देखिंदैन । यहाँका कतिपय मोहीहरूले आफ्नो र अरूको समेत जग्गा कमाउने गर्छन् । तिनीहरूमध्ये कतिपय मोही र जग्गाधनीको सामाजिक र आर्थिक स्थितिमा समेत फरक हुँदैन । भूमि सुधार कार्यक्रम लागू भएदेखि यहाँ मोहियानी हक पाउनेको संख्या २,७४६ पुगेको छ । २०२९ सालसम्म मोहियानी हकको विषयलाई लिएर ४९ वटा मुद्दा परेका थिए । त्यसमध्ये २० जना मोहीलाई मोहियानी हक कायम हुने गरी मुद्दा छिनिएको थियो ।

यस जिल्लामा हालसम्म कानून बमोजिम कूत तोक्ने कार्य भएको छैन । त्यसैले परम्परागत रूपमा जग्गावालाले कूत लिने गर्छ । यसअनुसार एक थरीले जग्गाबाट उत्पादित सबै बाली आधा आधी (अधिया) गर्ने गर्छन् भने अर्को थरीले केवल मुख्य बाली (खेत भए धान र पाखो भए कोदो) मात्र लिने गर्छन् । कूतको निर्धारण जग्गाको माटो मुरीअनुसार हुन्छ । त्यसो गर्दा मोहिले प्रायः उत्पादित सबै मुख्य बाली जग्गावालालाई बुझाउनु पर्ने हुन्छ । त्यस स्थितिमा मुख्य बाली बाहेक उत्पादित अन्य सबैजसो मोहीले नै स्याहार्ने गर्छ ।

मालपोत

यहाँ अझै पनि जिम्मावाल र मुखियाद्वारा मालपोत उठाउने गरिन्छ । जिल्लामा जम्मा ८३३ वटा तालुकदारहरू छन् । खेततर्फ जिम्मावाल र पाखोतर्फ मुखियाले मालपोत उठाउने गर्छन् । आ–आफ्नो गाउँ मौजाको सम्बन्धित जग्गाको राजस्व उठाई मालमा बुझाएवापत मालले सम्बन्धित तालुकदारहरूलाई पाँच प्रतिशत पारिश्रमिक दिने गरेको छ । यस जिल्लाका खेत र पाखा जग्गाबाट आर्थिक वर्ष २०२९।३० मा जम्मा रू. १,९०,४६४। राजस्व उठेको देखिन्छ ।

भूमिसुधार कार्यक्रम अन्तर्गत २०२२ सालदेखि २०२९ सालसम्म यहाँ नगद रू. २,५८,८६६। र जिन्सीमा १९,७३० (मुरी) उठ्ती भएको देखिन्छ । उक्त नगदी र जिन्सीमध्ये रू. ३,९७,०३२। बचत संस्थान (पछि कृषि विकास बैंक) मा जम्मा गरिएको र बाँकी रकम ग्राम समिति मार्फत् स्थानीय कृषकहरूलाई ऋण वितरण भई गएको देखिन्छ ।

विभिन्न वालीहरू

यहाँ मध्यपहाडी क्षेत्रमा लाग्ने सबैजसो बालीहरू लगाइन्छन् । खेतमा धान, मकै, गहुँ, प्याज, उखु, भटमास र पाखामा मकै, कोदो, आलु, तोरी, मास, भटमास, बदाम, केराङ, फापर, खुर्सानी, मूला, भण्टा र अन्य सागपातमा सिमी, बोडी, गहत, सिल्टुङ्ग, काउनु र अदुवा आदि बाली लगाइन्छ। खेतको मुख्य बाली धान र पाखाको मुख्य बाली मकै र कोदो हुन् ।

यी विभिन्न वालीहरूमध्ये खेततर्फ धान तथा मकै फागुनमा लगाइन्छ र वैशाखमा गोडी असारमा काट्ने काम हुन्छ । धानको अर्का बाली असार-साउनमा लगाइन्छ र भदौमा गोडेपछि कात्तिकमा काटिन्छ। गहुँ भने कात्तिक मंसीरमा रोपी फागुन चैतमा काटिन्छ । पाखातर्फ मकै चैत-वैशाखमा लगाइन्छ र जेठ असारमा गोडी भदौमा भाँचिन्छ । त्यस्तै कोदो छर्नेकाम साउन भदौमा हुन्छ र कात्तिक मंसीरमा काटिन्छ । आलु बाली कात्तिकमा रोपी माघ फागुनमा खनिन्छ ।

उपर्युक्त बालीहरूमध्ये धान, मकै र कोदो नै यहाँको मुख्य खाद्यान्न बालीहरू हुन् । अधिकांश जग्गामा धानको खेती गरिन्छ र धानबालीप्रति यहाँका किसानको विशेष अभिरुचि भएको पाइन्छ । त्यसका अतिरिक्त बासिन्दाको दैनिक आहाराको रूपमा मकै र कोदोबाली रहेका छन् । यहाँ बाली लगाउने, गोड्ने, काट्ने र मल हाल्ने आदि सबै सामूहिक रूपले गर्नु पर्ने कृषि कार्यमा भारोपर्म र ज्यालादारी दुवै प्रथा चलेका छन्। जिल्लामा परम्परागत कृषि प्रविधि र कृषि औजारकै व्यापक प्रयोग भएको पाइन्छ । नयाँ जातका रासायनिक मल, कीटनाशक औषधि, आधुनिक कृषि औजार आदिसँग किसानहरू केही मात्रामा परिचित हुन थालेका छन् ।

यहाँ आजभोलि धानको दुई बाली लगाउने चलन बढ्दै गएको छ । पहिलो धानबाली फागुनमा लगाई असारमा काटिन्छ र दोस्रो असार-साउनमा लगाएर कात्तिकतिर काटिन्छ ।

आर्थिक वर्ष २०२६।२७ देखि २०२९।३० को चार वर्षमा यस जिल्लाको बाली उत्पादनको प्रवृत्ति हेर्न यहाँ लगाइएको विभिन्न बाली, बालीक्षेत्र र उत्पादनको तालिका तल दिइएको छ ।

क्षेत्र र बाली उत्पादनको तालिका

उत्पादनः मेट्रिक टनमा

क्षेत्रफलः हेक्टरमा

खाद्यान्न	२०२६।२७		२०२७।२८		२०२८।२९		२०२९।३०	
	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
धान	८,६००	२०,२१०	८,६५०	२०,७६०	८,५३७	१९,९९७	८,६००	२०,१२४
मकै	५,८००	११,८३२	६,१००	१२,६२७	५,८००	८,२१९	५,२००	१०,०३३
गहुँ	७२५	९४२	१,०००	१,०४६	१,०००	१,१२५	१,५५५	१,६४४
कोदो	८,०००	९,६००	८,२००	९,९२२	—	—	९,६००	११,६६४
जौ	२५	२५	३०	३०	—	—	३५	३५
आलु	१५०	८७०	२००	१,१६०	—	—	१८१	६७७
तेलहन	४२५	१७७	४५०	१९१	—	—	४५०	२२७
उखु	२५	३४५	२५	२४५	—	—	२५	३४५

उपर्युक्त तालिकाअनुसार उत्पादन र क्षेत्रफलको दृष्टिले समेत यस जिल्लामा सबैभन्दा महत्वपूर्ण बाली धान रहेको देखिन्छ। आर्थिक वर्ष २०२६।२७ देखि २०२९।३० सम्म चार वर्षको अवधिभर धान बाली लगाइएको क्षेत्र र उत्पादनमा केही विशेष परिवर्तन आएको देखिंदैन। वास्तवमा खेतीयोग्य जमीन सबै आवाद भइसकेकोले नयाँ खेत जग्गा थप्न सकिने सम्भावना छैन। बरु पाखातर्फ भने नयाँ खोरिया फाँडेर थप पाखो जग्गा जोड्न सकिन्छ। सम्भवतः यसैकारणले मकै र कोदो बाली लगाइएको क्षेत्र र उत्पादन समेत उक्त चार वर्षको अवधिमा निकै वृद्धि भएको देखिन्छ। बाली लगाइएको क्षेत्र र उत्पादनका दृष्टिले हेर्ने हो भने उक्त चार वर्षको अवधिमा सबैभन्दा राम्रो स्थिति गहुँ बालीको रहेको छ।

यो बाली आर्थिक वर्ष २०२६।२७ मा ७२५ हेक्टर जमीनमा लगाइएको र उत्पादन ९४२ मेट्रिक टन मात्र थियो भने २०२९।३० मा १,५५५ हेक्टर जमीन ढाकेको र उत्पादन १,९४४ मेट्रिक टन पुगेको देखिन्छ। सरसरी हेर्दा चार वर्षमा झण्डै दुई गुना बढेको देखिएको छ। किसानहरूमा गहुँबाली जनप्रिय हुँदैगएको तथ्यलाई मान्नु पर्छ।

त्यसका अतिरिक्त आलु, उखु र तेलहन जस्ता नगदेबालीको उत्पादन पनि केवल पारिवारिक उपयोगमा नै सीमित रहेको छ।

माथि उल्लिखित कृषि तथ्याङ्कअनुसार यस जिल्लाको लागि कुल ४१,०९९ मेट्रिक टन खाद्यान्न आवश्यक हुन्छ। तर कुल खानयोग्य अवस्थामा ३१,२०० मेट्रिक टन खाद्यान्न बाँकी रहन्छ। यस हिसाबले स्याङजा जिल्लामा वार्षिक १०,७४१ मेट्रिक टन खाद्यान्न नपुग हुने देखिन्छ।[1] यसरी गण्डकी अञ्चलमा सबभन्दा बढी खाद्यान्न कमीहुने जिल्ला स्याङजा नै हुन आएको छ। माथिको तालिकामा देखाइएअनुसार उत्पादन वृद्धि र बढ्दो जनसंख्यालाई ध्यानमा राख्दा आउने वर्षहरूमा बढ्दो परिमाणमा खाद्यान्न अपुग हुँदै जाने सम्भावना देखिन्छ तापनि यातायात सुविधाले बुटवल, भैरहवा र पोखराबाट खाद्यान्न ल्याई सो कमी पूरा गर्न सम्भव भएको छ।

बाली उत्पादनको तालिकामा उल्लेख गरिएका तेलहन, उखु र आलु जस्ता नगदेबालीका सम्बन्धमा अघि नै केही चर्चा गरिसकिएको छ। तर त्यहाँ उल्लेख नभएको यस जिल्लाको एक महत्वपूर्ण नगदेबालीको रूपमा सूठो रहेको छ।

सूठो अदुवाबाट तयार पारिन्छ। यो औषधि र मसलाको रूपमा प्रयोग हुन्छ। यसको उत्पादन यस जिल्लाको केही पहाडी प्रदेशमा पर्ने २५ गाउँमा गरिन्छ।[2] यो व्यवसायमा विशेषतः मगर जातिका मानिसहरू लागेका हुन्छन्। प्रत्येक गाउँका करीब आधाजसो परिवार सूठो उत्पादनमा संलग्न भएको पाइन्छ। एक अध्ययन टोलीको प्रतिवेदनअनुसार तनहूँमा १२० हेक्टर अर्थात् २,४०० रोपनीमा (२०,६४,४८० के जी. उत्पादन),

---

[1] कृषि विभागद्वारा प्रकाशित माथि उल्लिखित किताब, तालिका १८–१

[2] किहुँ वडर भञ्ज्याङ, किहुँ रहु, रापाको, रामरूङ वरपीपल, किहुँ अरुणोदय, पैलाकोट, लमागे, रत्नपुर, (चापाकोट) मालुङ्गा, तुलसी भञ्ज्याङ, अर्चले भञ्ज्याङ, मालमूल, सातूपसल, करेन डाँडा, च्यारे भञ्ज्याङ, धापुक सिमल भञ्ज्याङ, केवरे भञ्ज्याङ, तर्ले भञ्ज्याङ, वम भञ्ज्याङ, रजस्थल, वहाकोट भञ्ज्याङ, जगत भञ्ज्याङ, गोरे डाँडा, चित्रे र पेल्का चौर।

स्याङजामा ३४१ हेक्टर अर्थात् ६,८२५ रोपनीमा (५१,१८, ७५० के. जी.) र पाल्पामा २९१ हेक्टर अर्थात् ५,८२३ रोपनीमा (६०,११,६४० के. जी.) अदुवा उत्पादन हुने अनुमान गरिएको छ ।[1]

अदुवालाई घाममा वा आगोमा पोलेर सुकाइन्छ । त्यसरी प्रशोधन गर्दा अदुवाबाट अन्य तत्व पोलिएर वा उडेर गई बाँकी करीब १४ प्रतिशत भाग मात्र सूठो बाँकी रहन्छ । यस हिसाबले तनहूँमा ३,५२,३३० के. जी., पाल्पामा ६,०१,७२६ के. जी. र स्याङजामा ७,६६,८१३ के. जी. सूठो उत्पादन हुन्छ । यसप्रकार पश्चिमाञ्चल विकास क्षेत्रका यी तीन जिल्लाहरूमा उत्पादन हुने कुल २०,२३,८६९ के. जी. मध्ये स्याङजा जिल्लामा ३८ प्रतिशत सूठो उत्पादन भएको देखिन्छ ।

यस जिल्लामा उत्पादित सूठोको अधिकांश भाग उत्पादनकर्ता आफैंले बुटवलमा लगी बिक्री गर्ने गर्छन् र त्यसबाट प्राप्त रूपैयाँले नून, तेल, मट्टीतेल र कपडा आदि घरेलु उपभोगका वस्तुहरू खरीद गरी ल्याउँछन् । अधिकांश सूठो बुटवलबाट व्यापारीहरूले भारत निकासी गर्दछन् ।

प्रशोधन विधि र उत्पादन दक्षताअनुसार गोला र राखी दुई स्तरका सूठो हुन्छन् ।

हालसम्म नेपाली सूठोको परम्परागत बजार भारत नै रहेको छ । भारतमा पनि यसको खेती गर्ने गरिन्छ र केही मात्रामा समुद्रपार निकासी पनि गर्ने गरिन्छ । अन्तर्राष्ट्रिय बजारमा सिएरालिओन र नाइजेरिया आदि देशमा उत्पादन हुने सूठो प्रख्यात छ । यसको खरीदकर्ताहरूमा मुख्य अमेरिका, पश्चिम जर्मनी र जापान आदि हुन्। नेपाली सूठोलाई अन्तर्राष्ट्रिय बजारमा बिक्री गराउनाका निम्ति सरकारी स्तरमा प्रोत्साहन र सुविधा प्रदान गर्नुको साथै सूठो उत्पादनकर्ताहरूले मालको गुणमा वृद्धि र उत्पादन लगत घटाउनु पर्ने हुन्छ ।

पशुपालन

झण्डै प्रत्येकजसो कृषक परिवारमा केही न केही पाल्तु पशु हुन्छन् । यहाँ पशुमा गाई, भैंसी, गोरु, राँगा, भेडा, बाख्रा र पक्षीमा कुखुरा, परेवा तथा केही मात्रामा हाँस पाल्ने गरिन्छ ।

जिल्लाको लेकाली भागमा केही मात्रामा भेडा पालिन्छ तापनि अधिकांश परिवारले बाख्रा पाल्ने गर्छन् । दरौं सिरूबारीतिर कागे भेडा पाल्ने चलन छ । जिल्लाबासीहरूमध्ये बाहुन क्षेत्रीले परेवा, नेवारहरूले हाँस र सबैजसोले कुखुरा पाल्ने गर्छन् । एक सर्वेक्षण अध्ययनअनुसार यहाँ १,३५,००० गाई; ९३,००० गोरु र १,०१,००० भैंसी छन् ।[2] हुनत जिल्लामा पालिएका पशुहरूको यथार्थ स्थिति र संख्या बारे भरपर्दो तथ्याङ्कको अभाव रहेको छ तापनि २०१८ (ईस्वी सन् १९६२) मा दूध दिइरहेका भैंसीको संख्या अत्यधिक (अन्य जिल्लाको तुलनामा) स्याङजामा नै रहेको थियो ।[3] त्यस्तै अनुरूप घ्यू उत्पादनमा पनि यो जिल्लाको स्थिति राम्रो भएको अनुमान गरिन्छ ।

---

१ व्यापार प्रवर्द्धन केन्द्र, काठमाडौंद्वारा प्रकाशित सूठो (प्रतिवेदन), आश्विन २०३१, पृष्ठ ४०

2 H. M. G. Agricultural Statistics of Nepal, p. 43

3 Okada, Ferdinand E.- Preliminary Report on Regional Development Areas in Nepal, National Planning Commision, H. M. G., July 1970, p. 59

यस जिल्लाको आँधी खोला लगायत अन्य खोलाहरूमा असला, मोटी, हिले र रजवाम जस्ता माछाहरू निकै मात्रामा पाइन्छन् ।

फलफूल खेती

यस जिल्लामा अर्ध उष्ण जलवायुमा हुन सक्ने विभिन्न फलफूलहरू पाइन्छन् । यहाँ सुन्तला, अम्बा, केरा, आँप, रूखकटहर, भूइँकटहर, दारिम, मेवा आदि फलफूल लाग्दछन् । सिद्धार्थ राजमार्ग चालू भएपछि यहाँको सुन्तला लुम्बिनी अञ्चलतिर निकासी गरिन्छ । यहाँ उत्पादित फलहरू खास गरी पारिवारिक र स्थानीय उपभोगको लागि नै प्रयोग हुन्छन् ।

कृषि विकास कार्यक्रम

वि.सं. २०१४ मा यहाँ त्रिभुवन ग्राम विकास कार्यक्रम अन्तर्गत एक कार्यालय स्थापना भएको थियो र पछि आएर स्याङ्जा बजारमा जिल्ला कृषि विकास कार्यालय स्थापना गरिएको हो । यस कार्यालयले हाल मुख्यत उन्नत बीउ, बीजन, रासायनिक मल, उन्नत कृषि औजार प्रयोग गर्ने किसानहरूलाई प्रोत्साहन दिनुका साथै उन्नत कृषि पद्धतिको प्रचार प्रसार गर्ने गराउने कार्य गरेको छ । त्यसका अतिरिक्त पशुपालनमा नश्ल सुधार गर्न, फलफूल र तरकारी खेती कार्यमा किसानहरूलाई सरीक गराउने प्रयास गरिएको छ । यस जिल्लामा सहकारिता र भूमिसुधार कार्यक्रमको सफल कार्यान्वयनले प्रभावकारी परिणाम ल्याउने निश्चित छ । गत केही वर्षमा यहाँ गहुँ बालीको उत्पादन तेब्बर हुनु, उन्नत जातका फलफूल खेतीप्रति किसान समुदाय आकर्षित हुनु तथा रासायनिक मलको प्रयोग बढ्दै जानु आदि तथ्यले कृषि क्षेत्रमा आउन लागेको नयाँ परिवर्तनको सङ्केत दिन्छन् ।

पशुको नश्ल सुधारको क्षेत्रमा यहाँ स्याङ्जा गाउँ पञ्चायतको वार्ड नं. पाँचमा एक उन्नत नश्लको राँगो राखेर भैंसीलाई गर्भाधान गराउने व्यवस्था गरिएको छ । निश्चय नै पूरा जिल्लालाई ध्यानमा राख्दा यो सुविधा पर्याप्त देखिंदैन । तर प्रारम्भिक चरणमा किसानहरूलाई नश्ल सुधार कार्यक्रम र त्यसैको परिणामबाट परिचित गराउन यो सेवाको महत्व कम छैन ।

यसका साथै २०२६ सालमा यहाँ एक पशु चिकित्सालय खोलिएको छ । यहाँका पशुहरू भ्यागुते, पट्के, गोगटी, लुतो, खोरेत, रगतमुतुवा र कुखुराहरू कलेरा र रानीखेत आदि रोगले पीडित हुने गर्छन् । २०२६ साल देखि २०२९ सालसम्म जम्मा १४,२१३ बिरामी पशुहरूलाई यस चिकित्सालयमा उपचार गरिएको थियो ।

यस अञ्चलका गोरखा, लमजुङ, तनहूँ र कास्की जिल्लाका चुनिएका गाउँ पञ्चायतहरूका साथै भौगोलिक इकाईको आधारमा यो जिल्लाको ४५ पञ्चायतहरू गण्डकी अञ्चल कृषि विकास योजना[1] अन्तर्गत पर्छन् । यस आयोजना क्षेत्र भित्रका कृषकवर्गहरूमा आधुनिक खेतीप्रति विश्वास दिलाई उनीहरूलाई चाहिने

---

[1] यो योजना श्री ५ को सरकार र संघीय जर्मन गणतन्त्र सरकारको संयुक्त आयोजनामा नेपालमा सर्वप्रथम सञ्चालन गरिएको क्षेत्रिय सघन कृषि विकास आयोजना हो । यस आयोजनाको रेखदेख तथा नीति निर्धारणको निमित्त श्री ५ को सरकारले एक विज्ञप्ति जारी गरी गण्डकी अञ्चल कृषि विकास समिति खडा गरेको छ । सो समितिका विषय र नीतिअनुसार यस आयोजनाको कार्यक्रम कार्यान्वयन गरिन्छ ।

कृषि सामग्रीहरू पनि आयोजनाले नै विक्री वितरण र सरल तरीकाले उपलब्ध गर्ने प्रबन्ध गरी प्रयोग गर्न लगाउनु र कृषि उत्पादनमा वृद्धि गराउने यस आयोजनाको मुख्य उद्देश्य हो । यस आयोजना अन्तर्गत तनहूँ जिल्लाको खैरेनीटारमा ३० हेक्टर जमीनमा अनुसरणित अनुसन्धान गर्ने एक फार्म स्थापना गरिएको छ । त्यहाँ अन्न बाली तथा नगदेबाली, पशु तथा कुखुरा पालन र फलफूल तथा तरकारी गरी तीन इकाई खडा गरिएको छ।

यस फार्ममा उपयुक्त ठहरिएका जातका पशु-पक्षीहरू, खाद्यान्न र नगदेबाली तथा फलफूलका बिरुवा, किसानहरूलाई वितरण गर्ने व्यवस्था गरिएको छ । त्यसका अतिरिक्त यस क्षेत्रका कृषकहरूलाई चाहिने ऋण पनि खैरेनीटारमा स्थित कृषि विकास बैंकबाट दिने व्यवस्था मिलाइएको छ ।

यस क्षेत्रिय योजनाबाट स्याङ्जाका ४५ पञ्चायत क्षेत्र भित्र पर्ने किसानहरू निकै लाभान्वित भएका छन् । यस जिल्लाका १० सूठो उत्पादनकर्तालाई हालसम्म कृषि विकास बैंकको खैरेनीटार उप-शाखाबाट रू. ५८,०६३। ऋण प्रदान गरिएको छ । गण्डकी अञ्चल कृषि योजनाका अतिरिक्त जिल्ला कृषि विकास कार्यालय स्याङ्जा पनि जिल्लाको कृषि विकास कार्यक्रममा लागेकोले यी दुवैका बीच राम्रो समन्वय स्थापित हुनु जरूरी छ ।

कृषि विकास कार्यक्रमको प्रचार प्रसार र त्यसप्रति यहाँका किसानहरूको बढ्दो चाख र आस्थाको कारण थोरै परिमाणमा भएपनि यहाँ उन्नत बीउ बीजन, रासायनिक मल, कीटनाशक, औषधि र आधुनिक कृषि औजार प्रयोग हुन थालेको छ । उदाहरणका लागि यहाँका किसानहरूले सन् १९७१–७२ मा गहुँ करीब १४ मेट्रिक टन, मकै करीब आधा मेट्रिक टन, धान करीब डेढ मेट्रिक टन र सन् १९७२–७३ मा गहुँ करीब १९ मेट्रिक टन, मकै करीब १९ मेट्रिक टन, धान करीब तीन मेट्रिक टनको उन्नत जातको बीउ लगाएका थिए ।[1]

त्यस्तै यस जिल्लामा सन् १९७०–७१ मा ५० मेट्रिकटन, सन् १९७१–७२ मा १८२ मेट्रिक टन, र सन् १९७२–७३ मा २२१ मेट्रिक टन रासायनिक मल किसानहरूले खरीद गरी लगेका थिए ।[2] यसका साथै कोटनाशक औषधि र सुधारिएको कृषि औजारको पनि यहाँ उपभोग बढ्दैछ । उपर्युक्त कृषि सामग्री उपलब्ध गराउन यस जिल्लाको सदरमुकाममा कृषि खरीद विक्री संस्थानको एक उप–शाखा कार्यालय रहेको छ ।

कृषि विकास कार्यक्रमको सफल कार्यान्वयनका लागि कृषिमा आवश्यक परिवर्तन ल्याउन पर्ने कुरा माथि उल्लेख भइसकेको छ । यस जिल्लामा २०२२ सालदेखि भूमिसुधार कार्यक्रम लागू भएको छ । सो कार्यक्रम अन्तर्गत ऋण निश्चित गर्ने कार्यले युगौंदेखि भूमिपति र महाजनहरूद्वारा थिचिएका किसानहरूले त्राण पाएका छन् । यस जिल्लामा जम्मा रू. १८,५४,३७८। रकमको ऋण निश्चित गर्ने कार्य भएकोमा रू. १,०५,२६५। ऋण आसामीले तिर्नु नपर्ने ठहराएको थियो ।

यी सबै कुराहरूलाई ध्यानमा राख्दा अब यहाँका किसानहरू पनि पुराना कृषि पद्धतिलाई बिस्तारै त्यागी उन्नत कृषि पद्धतिलाई अपनाएर बाली विविधीकरणका साथै उत्पादन बढाउन कटिबद्ध हुने आशा गर्न सकिन्छ ।

---

[1] Agricultural Marketing Corporation, Important Statistics, July 1974, p. 20

[2] Ibid, p. 10

सिचाइ

यस जिल्लाको दक्षिण-पश्चिममा काली गण्डकी, उत्तर-पश्चिममा मोदी नदी, उत्तरपूर्वमा फुस्रे खोलो जिल्लाको सीमानाका रूपमा रहेका छन् र जिल्लाभित्र आँधी, ज्याग्दी, दरौं, लुद्री र सुरौंदी आदि अनेकौं खोलाहरू विभिन्न दिशाबाट बगेर गएका छन् । काली नदी बाहेक धेरैंजसो खोलाको पानीबाट परम्परागत रूपमा कच्ची बाँध र कुलो निर्माण गरी छेउछाउका होचा जग्गा सिचाइ गरिएको छ । यी खोलाहरूमध्ये आँधी खोला यस जिल्लाको मध्यभागबाट बगेर गएकोले दुवै किनारामा रहेका ठूला ठूला फाँटहरूमा सिचाइ सुविधा पुगेको छ । जिल्लाको कुलो लाग्ने उल्लेखनीय फाँटहरूमा सोरेक, महापुर, मालमूल, रानीखटा, पेंखु, बाँधखोर, दार्सिङ, मल्याँकोट, गल्यान, सेती दोभान, स्याङ्जा, रङ्गेठाँटी, दर्भूठाँटी, ठूला डिंही, कुवाकोट, खाल्टे सितल, चौपारी, वाङसिङ देउराली, गणेशपुर, लमागें, चिन्नेबास आदि हुन् ।[1] परम्परागत कुलोका अतिरिक्त जिल्ला पञ्चायतका तत्वावधानमा यहाँ कतिपय स्थानमा कुलो र बाँध (कच्ची) को निर्माण भएको छ । गत आर्थिक वर्ष २०२९।३० मा चिलाउनेबास, चिन्नेबास र चापाकोटमा जम्मा करीब रू. ३०,००० । को लागतमा तीनवटा कुलोहरूको निर्माण भएको थियो । उक्त कुलो लाग्ने फाँटहरू बाहेक पहाडको उचाइमा रहेका खेतहरू मूलपानीबाट सिंचित हुन्छन् । त्यस्ता खेतहरूमा वर्षामा मूसलधारे पानी परेपछि मूल फुट्न थाल्छ । कतिपय यस्ता मूलहरूमा हिउँदमा समेत पानी पाइन्छ । तर यो किसिमको पानीबाट सिंचित हुने धेरै जग्गा छैन ।

उपर्युक्त परम्परागत ढाँचाको सिचाइ साधनबाट बाह्रै महीना सिचाइ सुविधा उपलब्ध हुँदैन । वर्षायाममा मुख्य धान बालीलाई मात्र पानी पुग्छ । अनावृष्टि भयो भने धेरै जसो कुलोहरू सुखा हुन जान्छन् । त्यसैले यस जिल्लाको सिचाइ प्रणाली पनि आकाशे पानीमा भर पर्छ भन्न सकिन्छ ।

यस जिल्लामा प्रायः नदीका किनारामा ठूल ठूला चौर र टारहरू छन् । मोदी नदी र मल्याङ्दी खोलाको छेउछाउमा मल्याङ्दी चौर र ज्ञादी सुवेदी चौर, खनाल्देही, सिंनाखोर, चाँपाटारी, टिमुरे, मराडी खोर, लौसी पाटी, ठाडो खोर, पीपल खण्ड, भरखाज," माझखण्ड, छेउ खण्ड, लामपाता, गुठी हाटिया, कारवारी, कुजेबिसाउना, मारती खोर, देउतीबारी, हजार फाँट, आग्नेय बगर, पडिखेत, धारापानी आदि टारहरू छन् । यी टारहरूको सिचाइको लागि मल्याङ्दी खोलाको पानीलाई उपभोग गर्न सकिए तापनि सो पानी पर्याप्त हुने देखिंदैन । त्यस्तै ज्याग्दी खोलाको आसपासमा रहेका बराङ, टारठिके, पुराना डिही, असर डाँडा आदि र फुस्रे खोलाको किनारामा रहेका निर्मल पोखरी, भोटे पोखरी र भरत पोखरी जस्ता जग्गाहरूमा सिचाइ सुविधा उपलब्ध गराउन सकिएमा जिल्लाको खाद्यान्न उत्पादन निकै वृद्धि हुने देखिन्छ । यस जिल्लाको दक्षिणमा काली नदीका किनारामा जिल्लाका ठूल ठूला टारहरूमध्ये सुन्तलीटार र चापाकोट टारको नाम उल्लेखनीय छन् । यी दुवै टार जोडिएका छन् । हाल चापाकोट टार सिचाइ योजना निर्माणाधीन रहेको छ ।

पहाडी क्षेत्रका सबैभन्दा ठूला सिचाइ योजनाहरूमध्ये चापाकोट टार सिचाइ योजना एक हो । यसको सम्पूर्ण खर्च श्री ५ को सरकारले बेहोरेको छ । २०२३ सालमा यस योजनाको सर्वेक्षण कार्य समाप्त भई २०२६ सालदेखि निर्माण कार्य शुरू गरिएको थियो । यो योजनाको करीब ६० प्रतिशत काम पूरा भईसकेको छ ।

---

[1] गृह पञ्चायत मन्त्रालयबाट प्रकाशित गण्डकी अञ्चल परिचय २०२८, पृष्ठ ७

यस योजना अन्तर्गत ३२ किलोमिटर (१० कोस) लामो नहर र ज्याग्दी दार्सिङ्मा एक बाँध निर्माण भएको छ । यस योजनाको बाँधदेखि पहिलो सात किलोमिटर अर्थात् चार माइलसम्म भीर, पहरो र चट्टान धेरै भएको, त्यसपछिको १५ किलोमिटर (१० माइल) सम्म भिरालो डाँडाबाट नहर काट्नु पर्ने र त्यस क्षेत्रमा बाढी पैरो ज्यादा आउने भएकोले नहर निर्माण कार्य गाह्रो र खर्चिलो हुन गएको छ ।

यस नहरबाट ९० क्यूसेक पानी लैजाने आशा गरिएको छ । त्यसबाट चापाकोट टारको २,००० हेक्टर (४०,००० रोपनी) जग्गा सिचाइ गर्ने लक्ष्य राखिएको छ । यसबाट पूरै चापाकोट टार र सुन्तली टारको केही भाग समेत सिंचित हुने भएको छ । सिचाइ सुविधा उपलब्ध भएपछि मोटामोटी रूपमा एक रोपनीमा चार मुरी अन्न उत्पादन हुने हिसाबले अब यहाँ एक लाख ६० हजार मुरी अनाज उत्पादन हुने अनुमान गरिन्छ । केही वर्ष अघिसम्म चापाकोट टारमा औलो र गर्मीका डरले मानिसहरू बसोबास गर्न डराउँथे । सम्पूर्ण टारमा ४,००० भन्दा बढी जनसंख्या थिएन । हाल यस टार इलाकामा जनसंख्या ८,००० पुगिसकेको छ ।

कृषि ऋण

किसानलाई बीउ, गोरु, गाई, भैंसी किन्न र खेती बाली लगाउन प्रायः ऋणको आवश्यकता पर्दछ । भूमिसुधार कार्यक्रम अन्तर्गत यस जिल्लाको करीब रू.१८ लाखको ऋण निश्चित गर्ने कार्य भएको कुरा माथि उल्लेख भइसकेको छ । परम्परागत कृषि पद्धति अपनाउँदा त त्यत्रो रकमको ऋण आवश्यक हुन्छ भने उन्नत कृषि पद्धतिलाई अँगाल्ने हो भने ऋणको निकै ठूलो रकम आवश्यक हुने निश्चित छ ।

तर हाल बहुसंख्यक किसानहरूलाई संस्थागत ऋणबाट लाभान्वित गराउन सहकारिता कार्यक्रमले एक महत्वपूर्ण भूमिका खेल्न सक्छ । यस कार्यक्रमको प्रारम्भिक इतिहास त्यति सन्तोषजनक थिएन । हाल यस जिल्लामा सो स्थितिमा निकै परिवर्तन आएको छ ।

यस जिल्लामा २०१८ सालदेखि नै सहकारी कार्यक्रम शुरू भएको छ । त्यसपछिको करीब एक दशकको अवधिमा यहाँ १५ वटा सहकारी संस्थाहरू र एक जिल्ला सहकारी संघ स्थापना गरिए । यी सबैको सदस्य संख्या ६,८७८ र शेयर पूँजी रू. ४१,११०। पुग्यो । तर यी संस्थाहरू संगठित भएको दिनदेखि नै उति क्रियाशील हुन नसकेकोले विघटित जस्तै रहेका थिए । हाल अधिराज्यभरी नै श्री ५ को सरकारले २०२८ देखि निर्दिष्ट सहकारी कार्यक्रम प्रारम्भ गर्‍यो । सो कार्यक्रमअनुसार हाल यहाँ निम्न निर्दिष्ट सहकारी संस्थाहरू सञ्चालित रहेका छन्:–

संस्थाको नाम	स्थान	सदस्य संख्या	शेयर पूँजी	लगानी रकम
आदर्श बहुमुखी सहकारी संस्था	वालिम	२२२	रू.३,१९०।	रू १,३४,५६८।
जनकल्याण बहुमुखी सहकारी संस्था	सेती दोभान	१५४	रू.१,६६०।	रू. ५०,६४०।
जनसहयोग बहुमुखी सहकारी संस्था	फेदीखोला	१५६	रू.१,५७०।	रू. २७,८२६।
	जम्मा:–	५३२	रू.६,४२०।	रू. २,०८,०६४।

उपर्युक्त संस्थाहरूमध्ये वालिमको सहकारी संस्थाले यसको वरपरको चार पञ्चायतलाई सेवा उपलब्ध गराउँदै आएको र अरूहरूको तुलनामा निकै ठूलो परिमाणमा लेनदेन गरेको छ । यस संस्थाले कृषि

सामग्री लगायत उपभोग्य पदार्थको डीलरशीपमा समेत प्राथमिकता पाउने गरेको छ । त्यसैले संस्था नाफामा चलेको छ। बाँकी दुई संस्था पनि क्रियाशील रहेको पाइएको छ। यी सबै संस्थाहरूले वार्षिक रू. ५,००० भन्दा बढी नै नाफा कमाएका छन् ।

गत एकदशकको अनुभव पछि अब जिल्लामा सहकारिता कार्यक्रमले जरा गाड्न थालेको छ। यसको संगठन र सञ्चालन विधिमा ठूलो फरक ल्याइएको छ। प्रत्येक सहकारी संस्थालाई सञ्चालन गर्न कृषि विकास बैंक उप-शाखा स्याङ्जाबाट कर्मचारी खटाइएको हुन्छ ।

गण्डकी अञ्चल कृषि विकास योजना अन्तर्गत खैरेनीटार स्थित कृषि विकास बैंकको उप-शाखाले यहाँका कृषकहरूलाई शुरूमा रू. १,०००। र पछि आएर रू. ५००। सम्म व्यक्तिगत ऋण प्रदान गरेको थियो। पछि आएर जिल्लाका सूठो उत्पादकलाई पनि उक्त बैंकबाट ऋण उपलब्ध गराइएको कुरा माथि उल्लेख गरिएको छ। त्यसका अतिरिक्त २०२९ साल मंसीरमा कृषि विकास बैंकको उप-शाखा कार्यालय जिल्लाको सदरमुकाममा नै स्थापना गरिएको छ । त्यसैले कृषि ऋणका लागि किसानहरूलाई खैरेनीटारसम्म जानु नपर्ने भएको छ। यस बैंकले कृषिजन्य उद्योग स्थापना गर्न, जिल्लाको कृषि उत्पादन वृद्धि गर्न, सदरमुकाममा कृषि सामग्री खरीद गर्न र पशुपालन र फलफूल खेती गर्न कृषकहरूलाई व्यक्तिगत रूपमा र सहकारी संस्था वा ग्राम समिति मार्फत ऋण दिन्छ ।

वि. सं. २०२९ साल मंसीरदेखि २०३० साल पुस अर्थात मोटामोटी एक वर्षको अवधिमा यस बैंकले जिल्लाको १,४५० कृषकहरूलाई कुल रू. ४,६४,०००। को विभिन्न प्रकारको कृषिऋण दिएको छ। सो रकममध्ये रू. २,०८,०६४। सहकारी संस्था मार्फत र बाँकी रू. २,५५,९३६। रकम अन्नबाली, नगदेबाली (अदुवा, उखु, आलु, तोरी आदि) उत्पादन वृद्धि, सिचाइ व्यवस्था गर्न, पम्पसेट किन्न र कुलो निर्माण गर्न तथा कृषिजन्य उद्योग र गोदाम घर, पशुपालन आदिका लागि ऋण स्वरूप गएको छ ।

उद्योग

यस जिल्लामा सिद्धार्थ राजमार्ग चालू भएपछि नै विशेषतः यहाँको बन्द व्यापार बढ्नुका साथै जिल्लाबासीहरूले उद्योग धन्धातिर पनि चाख देखाएका छन् ।

जिल्लाको आर्थिक आधार कृषि भएको र यहाँको मुख्य बाली धानबाली नै भएकोले जिल्लाको सबैभन्दा पहिले खुलेका केही उद्योगहरू पनि धानबाली माथि आधारित हुन गएको देखिन्छ । परिणामस्वरूप यहीं १५ देखि २९ अश्वशक्तिका दुई-चारवटा धान मिलहरू, विशेषतः आँधी खोला उपत्यकाको विभिन्न भागमा स्थापना गरिएका छन् ।

यी मिलहरू एक सिलिण्डर भएको डिजेल इन्जिनद्वारा सञ्चालित हुन्छन् र बढीमा तीन जनासम्म कामदारहरू लागेका हुन्छन् ।

यस जिल्लामा ठूला उद्योगहरू नभए तापनि परापूर्वकालदेखि चलिआएका कुटीर उद्योग यहाँको जन-जीवनको अभिन्न अङ्गको रूपमा रहेका छन् । डोको, नाम्ला, दाम्ला, सेखु, चित्रा, मान्द्रो, डालो, सुम्लो आदि निगाला बाँसबाट तयार हुने र ठेकी, मदानी, गवुवा जस्ता काठबाट निर्मित हुने वस्तुहरू जिल्लामा नै उत्पादित

हुन्छन् । यहाँ माटाका भाँडा उद्योग पनि परम्परादेखि चलिआएको छ । त्यसका अतिरिक्त खिलुं देउराली, दरौं, श्रीवारीका विशेषतः गुरुङ जातिका मानिसहरूले कागे भेडाको ऊनबाट राडी, पाखी बुन्ने काम गर्दछन् र वालिम, वलेम भञ्ज्याङ, कोटाकोट र लसर्घाका बासिन्दाहरू चरी तानबाट घरबुना कपडा बुन्ने गर्छन् । तर विदेशबाट पैठारी गरिएका (मेशिनद्वारा निर्मित) मालसामानको तुलनामा यी हातबाट बनाइएका काम्लो र कपडा महँगो र मोटा खालको हुने भएकोले बजारमा त्यति बिक्दैन त्यसैले घरेलु उद्योग विकास नभएको देखिन्छ ।

यस जिल्लाको अर्थतन्त्रमा सूठो उद्योगको निकै महत्व रहेको छ । यहाँ वार्षिक ७,६९,८१३ के. जी. सूठो उत्पादन हुन्छ । हालको बजार भाउ अर्थात् एक के.जी. को करीब रू. दुई मात्र राखे पनि त्यसबाट वार्षिक रू. १५,००,०००। आम्दानी हुने देखिन्छ । यसका साथै यो जिल्लाको अर्को उल्लेखनीय घरेलु उद्योगमा घ्यू उत्पादन पनि हो । गण्डकी अञ्चलमा सबै जिल्लाको तुलनामा स्याङजा जिल्लामा गाई–भैंसीको संख्या निक्कैबढी रहेको देखिन्छ। घ्यू उत्पादनमा यस जिल्लाको स्थिति तुलनात्मक रूपले राम्रो रहेको छ। लुम्बिनी अञ्चलको भैरहवाबाट ईस्वी सन् १९६७ मा रू. ५२,०१,०००।[1] को घ्यू निकासी गरिएको थियो। सोमध्ये के कति रकमकोघ्यू यस जिल्लाबाट निकासी भएको छ यकीन गर्न कठिन भए तापनि घ्यूबाट हुने आम्दानीले यहाँका बासिन्दाहरूले सालबसाल लत्ताकपडा (ओढापैरी) र नून–तेल आदि गर्न सकेका छन्।

वि. सं. २०१९ सालमा यहाँ जिल्लाको सदरमुकाम स्याङजामा घरेलु इलम केन्द्रको एक कार्यालय खोलिएको थियो । तर हाल सो बन्द गरिएको छ ।

व्यापार

केहीवर्ष अघिसम्म यस जिल्लाको व्यापारिक गतिविधि जिल्लालाई आवश्यक पर्ने विशेषतः भारतबाट ल्याइने उपभोगका सामानको खरीद विक्रीमा सीमित रहेको थियो । त्यसताक यहाँका स–साना बजार र व्यापारिक गतिविधि ज्यादै शिथिलरूपमा रहेका थिए । सिद्धार्थ राजमार्ग चालूभएपछि यहाँको व्यापारिक र व्यावसायिक क्षेत्रमा समेत निकै ठूलो परिवर्तन आएको छ । पहिलेका बजारहरूमा चहलपहल आउनुका साथै राजमार्गको छेउमा एकाएक साना ठूला बजारहरू खडा हुन गएका छन् । पोखरामा हवाइ यातायातको सुविधा प्राप्तभएपछि पोखराबाट समेत मालसामान आयात गर्ने गरिन्थ्यो । तर हाल सिद्धार्थ राजमार्ग स्याङजा भएर पोखरापुग्ने भएकोले कतिपय मालसामान पोखरामाभन्दा स्याङजामा सस्तो पर्न आउँछ। स्याङजादेखि उत्तर पश्चिममा रहेको पर्वत जिल्ला र धौलागिरि अञ्चलका बागलुङ, म्याग्दी, मुस्ताङ र डोल्पा आदि जिल्लाकाव्यापारीहरू समेत पहिला झैं सोझै बुटवल, भैरहवामा नगई स्याङजामा नै मालसामान खरीद विक्री गर्दछन् ।

उपभोगका वस्तुको विक्री विनिमयमा बाहेक यहाँका केही स्थानीय मानिसहरू ट्रक र बस सञ्चालन गर्ने कार्यमा पनि लागेका छन् । नेवार र थकाली जस्ता जातिहरू मात्र बन्दव्यापारमा लाग्छन् भन्ने परम्परागत विश्वासको विपरीत हाल यहाँका गुरुङ, मगर, क्षेत्री र बाहुन जातिका मानिसहरूले समेत केही मात्रामा व्यापारिक क्षेत्रमा हात हाल्न थालेका छन् ।

---

[1] फर्डिनेण्ड ई. ओकडाको माथि उल्लिखित प्रतिवेदन, पृष्ठ ६६

व्यापारिक केन्द्रहरू

यस जिल्लाका मुख्य व्यापारिक केन्द्रहरू पुतलीखेत, स्याङजा बजार, सतौं हटिया, अर्जुन चौतारा, कुविण्डे भञ्ज्याङ, वालिम भूमरे, वम भञ्ज्याङ, राम्दी विरुवा तथा सेती दोभान हुन् । यिनीहरूमध्ये पुतलीखेत र स्याङजा बजारबाट स्थानीय जनताले आवश्यक वस्तु खरीद गरेर लैजानुका साथै यी बजारहरू पर्वत, बागलुङ, म्याग्दी, डोल्पा र मुस्ताङ जिल्लाहरूको मालसामान आयात निर्यात गर्ने केन्द्रका रूपमा समेत रहेका छन्। पुतलीखेत बजार जिल्लाको सबैभन्दा ठूलो बजार हो । यो बजार र स्याङजा बजारको व्यापारमा अधिकांश नेवार जाति र कम संख्यामा रहेको भए पनि थकाली जातिका मानिसहरूको प्रभाव रहेको छ । यहाँ थोक र खुद्रा दुवै थरीका व्यापारीहरू पाइन्छन् । राजमार्गका छेउका अन्य प्रमुख बजारहरूमा उल्लेखनीय वालिम भूमरे बजार हुन् । यहाँ थोक र फूटकर दुवै किसिमका व्यापारीहरू पाइन्छन् । जिल्लाको दक्षिण पूर्वी र दक्षिण पश्चिमी भागका बासिन्दाहरू यही बजारमा मालसामान खरीद विक्री गर्ने गर्छन् ।

यस जिल्लामा अधिराज्यको पूर्वी भाग वा तराई क्षेत्रमा जस्तो प्रत्येक हप्ता हाट बजार लाग्ने चलन नभएतापनि पर्व पर्वमा मेला लाग्ने गर्दछ । यसबाट यहाँको व्यापारमा वृद्धि हुनाका साथै वस्तु विनिमय गर्न सजिलो हुन जान्छ । उक्त मेलाहरू निम्न स्थानमा लाग्दछन् ।

घाङछाङदी
झापाकोट
ज्याग्दीघाट
नार्से बजार
कान्छी बजार
बाह्रबिसे बजार
स्याल ढुङ्गा
माझ मुनी
काभ्रे बजार वलाछी
वटुल्पे चौर
रङ्गेठाटी
घैंटे बजार
देवी स्थान, अखछी
मिर्दी एक्ले पीपल
पोखरी चौर
आरथर
हुँगीघाट
खोरिया घाट
मग्याम, चिसापानी

यस जिल्लामा कपडा नून, मसला, साबुन, चीनी, धातुका भाँडा कुँडा, औषधि, मट्टीतेल, डिजेल, पेट्रोल, जुत्ता आदि भारतमा उत्पादित हुने वस्तुहरू भैरहवा र बुटवलबाट ल्याइन्छन् । ढाकाको र भादगाउँले टोपी, पेटी र ढाकाको खास्टो तथा समुद्रपारबाट आयात गरिएका मिहिन कपडा आदि काठमाडौंबाट झिकाइन्छन् । त्यसका अतिरिक्त खाद्यान्नमा चामल भैरहवाबाट र मकै कास्की जिल्लाको लाचोक, थाचोक आदि स्थानबाट ल्याइन्छन् ।

यस जिल्लाबाट निर्यात हुने वस्तुहरूमा मुख्य घ्यू, सूठो, काँचो छाला, सिन्काउली, जरीबूटी र सुन्तला आदि धेरैजसो बुटवल र भैरहवातिर निकासी गरिन्छ । उपर्युक्त वस्तुहरूमध्ये जिल्लाबासीको आम्दानीको मुख्य स्रोत सूठो हो ।

सिद्धार्थ राजमार्ग चालू भएपछि यस जिल्लामा यातायात सेवा पुऱ्याउने साझेदारी व्यापारी प्रतिष्ठानहरू खुलेका छन् । यस्ता प्रतिष्ठानहरूमा २०२६ मा स्थापना गरिएको स्याङजा यातायात सेवा (पूँजी रू. २,७०,०००।) र २०२७ मा स्थापित गण्डकी ट्रांसपोर्ट (पूँजी रू. २,४०,०००।) उल्लेखनीय छन् ।

पर्वत जिल्ला बाहेक गण्डकी अञ्चलको कर सम्बन्धी सबै कार्यवाही २०२२ सालदेखि कर कार्यालय गण्डकी–धवलागिरि अञ्चल पोखराबाट भइआएको छ । आर्थिक वर्ष २०२९।०३० मा स्याङ्जा जिल्लामा कुल रू. १,०३,०८५। विभिन्न करबाट राजस्व असूल भएको थियो ।

यस जिल्लामा सर्वप्रथम २०२५ सालमा पुतली खेत बजारमा नेपाल बैंक लि. र स्याङ्जा बजारमा २०२९ मार्गमा कृषि विकास बैंकका उप–शाखा कार्यालय खुलेका छन् ।

नेपाल बैंक लिमिटेडले सरकारी अड्डाखाना, पञ्चायत, कृषि विकास बैंक र सर्वसाधारण जनताको चल्ती, बचत, मुद्दती, नन–अपरेटिभ खाताहरू खोली रकम लिने दिने गर्छ । यसका अतिरिक्त ड्राफ्ट, टी. टी. र मेल ट्रान्सफरहरूको भुक्तानी लिने तथा पठाउने र सर्वसाधारण जनता तथा व्यापारीहरूलाई सुन, चाँदी, तामा, कपडा आदि धितो राखी ऋण लगानी गर्ने गरेको छ । यस बैंकले हालसम्म रू. १९।२० लाख सुन चाँदीमा, रू. ७५।८० हजार तामामा र अन्य बस्तुहरूमा रू तीन–चार लाखसम्म ऋण लगानी गरेको छ। प्रत्येक हिउँदमा रू. चार–पाँच लाख गल्लामा लगानी हुने गरेको छ। साथै यस बैंकले विदेशी मुद्राको सटहीको कारोबार पनि गरेको छ ।

व्यापार वृद्धिको अनुपातमा बैंक कारोबार बढ्दै गएको छ ।

राष्ट्रिय जनगणना २०२८ अनुसार यस जिल्लामा १० वर्ष र सोभन्दा माथिको कुल जनसंख्या १,९१,४९६ मध्ये आर्थिक दृष्टिले क्रियाशील जनसंख्या १,३०,६४० (६८.२ प्रतिशत) रहेको देखिन्छ। यसबाट सो उमेर समूहको ६०,८५६ (३१.८ प्रतिशत) निष्क्रिय रहेको देखिन्छ ।

यस जिल्लाका १० र सोभन्दा माथिका पुरुष जनसंख्यामध्ये आर्थिक दृष्टिकोणले सक्रिय रहेका ७०,१४४ छन् । तिनीहरूमध्ये ९५.७ प्रतिशत कृषि तथा सम्बन्धित व्यवसायमा लागेका छन् । बाँकी ४.३ प्रतिशत जनसंख्या उत्पादन, सेवा, व्यापार, प्राविधिक र प्रशासन आदि गैर कृषि व्यवसायमा लागेका छन् । त्यस्तै यस जिल्लामा कुल सक्रिय महिलाहरूको संख्या ६०,४९६ रहेको छ जसमध्ये ९८.९ प्रतिशत कृषि तथा सो सम्बन्धी व्यवसायमा र बाँकी १.१ प्रतिशत मात्र अन्य व्यवसायमा लागेका छन ।

यस जिल्लाका पुरुषहरू निकै संख्यामा विदेशतिर रोजगारीका लागि जाने भएकाले त्यस्ता परिवारमा सबैजसो कार्य महिलाहरूले नै गर्नुपर्ने हुन्छ ।

रोजगारी र विदेशी फौजमा भर्ती

यस जिल्लामा भूमिको अनुपातमा जनसंख्या निकै बढी रहेको छ । एकातिर परम्परागत कृषिप्रणाली कायमै रहेकोले जति उत्पादन र आय हुनु पर्ने हो सो भएको छैन भने अर्कोतिर जमीनको खण्डीकरणले समस्या जटिल बनाएको छ। त्यसैले कृषि क्षेत्रलाई चाहिनेभन्दा बढी श्रम शक्ति यस जिल्लाबाट सालसालै बाहिर रोजगारी खोज्न र खास गरी विदेशी फौजमा भर्ती हुन जाने परम्परा बसेको छ ।

डा. हर्क गुरुङ्काअनुसार सन् १९५४ मा स्याङ्जा र कास्की दुवै जिल्लाको कुल जनसंख्याको ८.१ प्रतिशतले कमसेकम छ महीनाका लागि घर छोडेको थियो भने १९६१ मा यो परिमाण बढेर पहिलो

जिल्लाको १३.४ प्रतिशत र दोस्रो जिल्लाको १०.९ प्रतिशत पुगेको थियो।[1] यसबाट कास्कीको तुलनामा स्याङजा जिल्लामा रोजगारीको समस्या बढी जटिल भएको देखिन्छ।

जिल्ला बाहिर जानेमध्ये एकथरी मुलुकभित्रै विभिन्न अस्थायी इलम वा काम खोजेर हिउँदभरी कमाई गरी घर फर्कन्छन्। त्यसमध्ये केही भारतको आसाम वा कलकत्तामा गैर-सैनिक नोकरीमा लाग्छन्। तर अर्काथरी खासगरी मगर र गुरुङ जातिका १७।१८ देखि २५।२६ वर्ष उमेरका अधिकांश तन्नेरीहरू प्रत्येक बडादशैंको समयदेखि ढीलोमा चैत दशैंसम्म पक्लिहवा र गोरखपुर भर्ती केन्द्रमा भर्ना हुन जान्छन्।

लाहुरे हुने परम्पराको आरम्भ सर्वप्रथम सन् १८१४ पछि[2] भएको हो। शुरूमा भर्ती हुन जानेको संख्या ज्यादै कम हुन्थ्यो। त्यसैले, गल्लावाला[3] ले गाउँका ठिटाहरूलाई अनेकौं प्रकारले फकाई फुलाई लैजाने गर्थे। पछि स्थिति उल्टो भयो र भर्ती हुन जानेको संख्या बढ्न थाल्यो। प्रथम महायुद्ध (सन् १९१४–१९१९) ताक गोरखपुर र घुममा गरी भर्ती हुन जानेको संख्या दुई लाख पुगेको थियो। दोस्रो महायुद्धताक ब्रिटिश फौज अन्तर्गत ४५ ओटा गोरखा बाहिनी खडा गरिएको थियो। यस युद्धमा नेपालीहरूले इराक, मलाया, वर्मा, पर्सिया, साइप्रस र इटाली आदि युद्ध क्षेत्रमा लड्नु परेको थियो।[4]

करीब ४३,००० नेपालीले विदेशीको लडाइँका निमित्त ज्यान फालेका थिए र अत्युच्च वीरताका फबरस्वरूप (सन् १९१५ देखि १९४५ मा) १२ वटा भिक्टोरिया क्रस प्रदान गरिएका थिए। सन् १९४७ पछि गोरखा ब्रिगेडको १० रेजिमेन्टमध्ये छ भारतीय सेनामा र चार ब्रिटिश सेनामा राख्ने व्यवस्था गरियो।

उपर्युक्त सैनिकहरूले ल्याएको रूपैयाँको मुख्य हिस्सा खाद्यान्न र लत्ता कपडा, नून, मट्टीतेल आदिका निम्ति नै खर्च गरिन्छ। त्यसमध्ये केहीले जग्गामा रूपैयाँ लगानी गर्दछन्। पूँजीको कमी भएको यस जिल्लामा उपर्युक्त स्रोतबाट आएको रकम उद्योगमा लगानी हुन सकेको छैन। हाल सिद्धार्थ राजमार्ग चालू भएपछि यस जिल्लाका केही भूतपूर्व सैनिकहरू बस र ट्रक सञ्चालन गर्ने जस्ता काममा लागेका छन्।

वर्तमान आयको दृष्टिले मात्र होइन विकासका दृष्टिले समेत भूतपूर्व सैनिकहरूको उत्तिकै महत्व छ। यिनीहरू आफ्नो प्रशिक्षणको क्रममा लेखपढ गर्न सक्ने हुन्छन्। तिनीहरूमध्ये कतिपयले निर्माण र मेशिन सम्बन्धी काममा तालीम पाएका हुन्छन्। यिनीहरूमा सामूहिक रूपमा काम गर्ने र नेतृत्व प्रदान गर्न सक्ने क्षमता र अनुशासन हुन्छ। यिनीहरूले देश विदेश देखेका हुनाले गाउँका निम्ति पथ प्रदर्शकका रूपमा रहेका छन्।

---

[1] फर्डिनेण्ड ई. ओकडाको माथि उल्लिखित प्रतिवेदन, पृष्ठ ७६ मा उल्लेख गरे अनुसार।

[2] Hagen, T. --The Kingdom in the Himalayas, 1970, p. 105-106

[3] ठिटाहरू बटुलेर भर्ती गर्न लैजाने पेशामा लागेका व्यक्ति, जो प्रायः भूतपूर्व सैनिक हुन्छ।

[4] टनी हृयागनको माथि उल्लिखित किताब, पृष्ठ १०५-१०६।

यातायात, सञ्चार र बिजुली

यातायात

नदी नाला र डाँडा काँडाले भरिएको स्याङ्जा जिल्ला केही वर्ष अघिसम्म दुर्गम र विकट क्षेत्रमध्ये एक मानिन्थ्यो । निश्चय नै यातायात, सञ्चार र बिजुली जस्ता विकासका आधार स्तम्भ खडा गर्ने कुरा कमसेकम यस जिल्लाका निम्ति एक मधुर स्वप्नको रूपमा रहेको थियो । सञ्चारको नाउँमा हुलाक र आकाशवाणी सेवा र यातायातको क्षेत्रमा पूरा पूर्वकालदेखि चल्ती भएका मूल बाटा र गोरेटाहरूबाट सन्तोष गर्नु परेको थियो। तर २०२८।२९ सालदेखि सिद्धार्थ राजमार्ग चालू भएकोले यहाँको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा समेत दूरगामी परिवर्तन ल्याउने एक महत्वपूर्ण आधार खडा हुन गएको छ ।

सिद्धार्थ राजमार्ग

शुरूमा सुनौली–पोखरा राजमार्गको नामले सुपरिचित यो राजमार्ग यस जिल्लाको महत्वपूर्ण जीवनरेखाको रूपमा रहेको छ । यसले यो जिल्लालाई पोखरा (पश्चिमाञ्चल विकास केन्द्र) र लुम्बिनी अञ्चलको तराई क्षेत्रसित घनिष्टरूपले जोडि दिएको छ । आज जे जति आर्थिक र अन्य गतिविधि स्याङ्जा जिल्लामा देखिन्छ सो धेरै मात्रामा यही राजमार्गबाट प्राप्त यातायात सुविधाबाट प्रभावित भएको छ ।

सुनौलीदेखि पोखरासम्म यो राजमार्ग कुल २०५ किलोमिटर लामो छ र जिल्लाको दक्षिणी सीमानाको रूपमा रहेको राम्दीघाटदेखि कुविण्डे भञ्ज्याङसम्म ७९ किलोमिटर (२५ कोस) लामो भाग यस जिल्ला भित्र परेको छ । यस हिसाबले यो राजमार्ग अन्य जिल्लाको तुलनामा सबैभन्दा धेरै स्याङजाको भू-भाग भएर गएको छ । साधारणतः यसको चौडाइ ६.१ मिटर (२० फीट) र घुम्तीमा १० मिटर (३२ फीट) छ। राम्दीघाटबाट यो राजमार्ग मालुङ्गा गलेम भञ्ज्याङ हुँदै वालिममा निक्लन्छ । त्यहाँदेखि आँधी खोलाको किनारै किनार स्याङजा वजार हुँदै उत्तर लाग्दछ र नौडाँडाबाट भालूपहरालाई छिचोलेर सेती खोलाको किनारै किनार कुविण्डे भञ्ज्याङ पुग्दछ र पोखरा उपत्यका तिरलाग्दछ ।

राम्दीमा (काली नदीमाथि) यस राजमार्गमा निर्माण गरिएका पुलमध्ये सबैभन्दा ठूलो पक्की पुल हालिएको छ। त्यसका अतिरिक्त विभिन्न ठाउँमा पाँच वटा ठूला र १० वटा साना पुल र करीब २०० वटा पुलेसा हालिएका छन्। आँधी खोलाको उपत्यका क्षेत्र बाहेक अन्यत्र यो सडकमा धेरै घुम्तीहरू छन् ।

सिद्धार्थ राजमार्गको निर्माण कार्य सन् १९६४ अक्टोबरदेखि शुरू गरिएको र सन् १९७१–७२ मा पूरा गरिएको थियो ।

राजमार्ग निर्माणको साथै त्यसका सहायक सडकहरूको ठूलो महत्व हुने छ र त्यसका निम्ति स्थानीय जनतामा ठूलो उत्साह रहेको देखिन्छ । श्री ५ को सरकार र संयुक्त राष्ट्र संघको तत्वावधानमा गरिएको एक सम्भाव्यता सर्वेक्षणअनुसार जिल्लाको यस खण्डको सिद्धार्थ राजमार्गसित जोड्ने गरी पुतलीखेत–बागलुङ सडक निर्माणका लागि सर्वेक्षण र सिफारिश समेत भइसकेको छ । तर यसका साथै सिद्धार्थ राजमार्गसँग चापाकोट लाई जोड्ने सडकको पनि सम्भाव्यता सर्वेक्षण गर्न सिफारिश गरिएको छ ।[1]

स्याङजा–कुस्मा मूल बाटो

परापूर्व कालदेखि चालू हुँदै आएको यस जिल्लाको उत्तर पश्चिमी सीमानालाई छिचोलेर पर्वत जिल्लामा प्रवेश गरेको छ । जिल्लाको सीमाना भित्र यो मार्ग स्याङजा बजारदेखि शुरू भएर आँधी खोलाको तीरैं तीर सेती दोभान, रङ्गेठाँटी चिलाउने वास हुँदै कार्कीनेटासम्म गएको छ । यस मार्गबाट यात्रा गर्दा आँधी खोलालाई धेरै पटक वारपार गर्नु पर्ने हुन्छ । आँधी, सेती र बाटामा पर्ने अन्य खोलाहरूमा झोलुङ्गे पुलहरू हालिएका छन् । यी पुलहरू खास गरी वर्षामा मात्र खोला बढेको बेलामा मात्र प्रयोग गरिन्छन् । हिउँदमा भने ठाउं ठाउँमा फट्के र काठे पुल हालेर वा जङ्गार तरेर काम चलाइन्छ । स्याङजादेखि कार्कीनेटासम्म यस मार्गको कुल लम्बाइ करीब ३२ किलोमिटर (१० कोस) र जिल्लाभित्र स्याङजादेखि कुस्मासम्म १६ किलोमिटर (पाँच कोस) छ ।

आजभोलि यो मार्ग बढी चल्ती हुँदै गएकोले ठाउँ ठाउँमा फराकिलो र सुविधाजनक बनाइएको छ । पर्वत जिल्ला र धवलागिरि अञ्चलका बागलुङ, म्याग्दी, डोल्पा, मुस्ताङ आदि जिल्लाको आयात निर्यात व्यापार यही मार्ग भएर हुने गरेको छ । उक्त जिल्लाका निवासीहरू यही बाटो हुँदै स्याङजा पुतलीखेत आइपुग्छन् । धेरैजसोले त्यहीं मालसामान किन बेच गरेर फर्कन्छन् । यस क्षेत्रमा शुरूको बुटवल बजारको जुन महत्व रहेको थियो सोही महत्व हाल स्याङजा र पुतली बजारको रहन गएको छ । खासगरी हिउँदमा सयकडौंको संख्यामा ढाक्रे, वटुवा र व्यापारीहरू आवत जावत गर्ने हुनाले यस मार्गका घाटहरूमा भट्टी र अन्य साना साना पसलहरू निकै संख्यामा बढ्दै गएको पाइन्छ । यस मार्गमा निकै चाँडो विकास हुँदै गएका बजारहरूमध्ये सेती दोभान र रङ्गेठाँटी उल्लेखनीय छन् ।

यस भेकमा मुख्यतः मानिसहरूद्वारा बोकेर नै ढुवानी गरिन्छ । हिउंदमा मुस्ताङ निवासीहरूले ल्याएको घोडा, खच्चरद्वारा पनि ढुवानीको काम गराइन्छ ।

स्याङजा–पोखरा मूल बाटो

सिद्धार्थ राजमार्ग चालू हुनुभन्दा अघि स्याङजा वा नुवाकोटबाट उत्तरतिर रहेको पोखरा वा काठमाडौंसम्म आउन जानका लागि यही मात्र चल्तीको मुख्य बाटो रहेको थियो । यो बाटो स्याङजादेखि उत्तरतिर नुवाकोट डाँडाको टाकुरासम्म ठाडो उकालो चढ्दै जानु पर्ने हुन्छ र नुवाकोटदेखि मट्टीखानसम्म

---

[1] H. M. G. / U. N., Preliminary Survey Mission for the Gandaki / Lumbini Region of Nepal, United Nations, Feb. 1973, New York, p. 88

डाँडै डाँडा भएर गएको छ। त्यहाँदेखि ओरालो झरेपछि कास्की र स्याङ्जा जिल्लाको सीमानामा पर्ने फुस्रे खोलामा पुगिन्छ। जिल्लाभित्र यसको लम्बाइ करीब १३ किलोमिटर (चार कोस) छ। नाला केही पर्दैन। हाल यो बाटो पहिले जस्तो व्यापक प्रयोगमा छैन।

स्याङ्जा–श्रीवारी मूल बाटो

यो बाटो स्याङ्जादेखि दक्षिणमा रहेको सातुपसल हुँदै पुनः उत्तर पश्चिम लागेर गएको छ। यसले स्याङ्जादेखि ठीक पश्चिममा रहेको दरौं श्रीबारी, रापाकोट आदि गाउँहरूलाई सदरमुकामसँग जोडेको छ।

यस बाटोमा राउकोटदेखि तल दरौं खोलामा एक झोलुङ्गे पुल हालिएको छ।

स्याङ्जा–राङरुङ मूल बाटो

यस बाटोले जिल्लाको पूर्वी भेक र जिल्लाको सदरमुकामलाई जोडेको छ। यो मार्ग स्याङ्जादेखि वाहाकोट र बराहचौरसम्म सीधा पूर्वतिर गएको छ र त्यहाँदेखि सालडाँडासम्म सीधा दक्षिणतिर लागेको छ। त्यसपछि प्यारसिं र भानुमती हुँदै राङरुङसम्म पुगेको छ। त्यहाँदेखि पूर्वमा तनहूँ जिल्ला पर्न आउँछ। यही मार्गमा पर्ने सालडाँडा हुँदै पश्चिम चापेर अर्को एक बाटो गएको छ। यस बाटोबाट किचनास हुँदै ज्याग्दी खोलाको किनारै किनार चिन्नेवास, दार्सिङ, र चापाकोट पुग्न सकिन्छ।

यस मार्गमा ठाउँ ठाउँमा विभिन्न उकालो ओरालो पार गरेर जानुपर्छ। ज्याग्दी खोलामा कामीमारे र चिन्नेवास आदि ठाउँमा झोलुङ्गे पुल हालिएका छन्।

वालिम–पींढीघेला मूल बाटो

यस मार्गले जिल्लाको दक्षिणी पश्चिम भाग र मध्यभागलाई जोडेको छ। यो मार्ग वालिमदेखि चोक र पेलाकोट हुँदै पींढी खोलासम्म गएको छ। यस भेकका निवासीहरू नून, तेल, लुगा फाटाका लागि यही बाटो भएर वालिम आउने जाने गर्छन्। यस मार्गबाट वालिमदेखि पर्वत जिल्लाको दक्षिण भाग गएर गुल्मीको पूर्तिघाट आउने जाने पनि गरिन्छ।

गल्याम विर्घा अर्चले मूल बाटो

यो यस जिल्लाको दक्षिण पश्चिमी भेकको चल्तीमा रहेको एक प्रमुख मूल बाटो हो। यो मार्ग गल्याम भञ्ज्याङबाट आँधी खोलाको छेउछाउ हुँदै गुरुङदीसम्म केही उत्तरतिर लाग्छ र त्यहाँदेखि परापूर्वकालदेखि चलिआएको बुटवल-मुस्ताङ मूलबाटोमा मिस्सिएर दक्षिण लाग्छ र मिर्मी तथा विर्घा अर्चले पुग्दछ। यो बाटोको एउटा शाखाले विर्घाबाट पश्चिमतिर रहेको लसर्घा कारीकोट हुदै भृगुतेश्वरघाट (जहाँबाट काली नदी तरेर रिडी पुगिन्छ) सम्म गएको छ। अर्को बाटो विर्घाबाट सीधा दक्षिण तिर लाग्छ र वैघा डाँडा काटेर यो जिल्ला भित्रको रानीघाटको पारीपट्टीसम्म गएको छ।

यस क्षेत्रका बासिन्दाहरू जिल्ला सदरमुकाम वा वालिम आउन जान पर्‍यो भने गल्याम भञ्ज्याङसम्म पैदल हिड्छन् र त्यहाँदेखि मोटर सवारी उपयोग गर्दछन्। तर दक्षिणमा बुटवल र भैरहवा आदि स्थान जान परेमा रानीघाट डुङ्गाबाट तरेर तानसेन पाल्पा निस्कन्छन्।

वालिम–चापाकोट मूलबाटो

यो बाटोले जिल्लाको दक्षिणी भाग र जिल्लाको सदरमुकामलाई जोड्दछ । हाल चापाकोट टार सिचाइ योजनाले गर्दा यो बाटो बढी प्रयोगमा आएको छ । यो बाटो मिरघीखोला (आँधीको सहायक खोला) को किनारै किनार वालिमबाट पूर्व तिर गएको छ र निकै ठाडो उकालो चढेपछि ज्याग्दी जगत भञ्ज्याङ हुँदै ज्याग्दी दारसिङ पुगिन्छ र ज्याग्दी खोलाको तीरै तीर यो बाटो चापाकोटसम्म गएको छ । सिद्धार्थ राजमार्गबाट चापाकोट जाने अर्को एक बाटो पनि छ । यो बाटो गल्यामबाट दक्षिण पूर्व तिर लाग्छ र कालीको तीरै तीर आँधी गाउँ हुँदै चापाकोटसम्म गएको छ ।

यसरी यो जिल्लाको विभिन्न भागलाई अनेकौं मूल बाटा र असंख्य गोरेटाहरूले जेलेका छन् । जिल्लाको आर्थिक व्यवस्था र जनजीवनमा यी मूल बाटाहरूको ठूलो महत्व छ । शुरूमा प्रत्येक बडादशैंको औसरमा मूल बाटाहरूको मरमत हुने गर्दथ्यो । मोटर चल्ने सडकको कल्पनाले गर्दा आजभोलि यी मूल बाटाहरूको उचित स्याहार सम्भारप्रति स्थानीय बासिन्दाहरूको ध्यान गएको पाइँदैन ।

पुलहरू

बाटाघाटाका अभिन्न अङ्गकोरूपमा जिल्लाका पुलहरू रहेका छन् । माथि उल्लेख भएका मार्गहरूमा धेरै नदी नाला पर्ने भएकाले स्याङ्जा जस्तो पहाडी जिल्लामा पुलको विशेष महत्व रहेको छ । यहाँ विभिन्न नदीमा हालिएका झोलुङ्गे र काठे पुल निम्नअनुसार छन्ः–

नदी	पुल रहेको ठाउँ
काली गण्डकी	रानी घाट, पक्की पुल (सिद्धार्थ राजमार्गमा पर्ने)
	राम्दी घाट झोलुङ्गे पुल
	मिनी घाट
	देउपाटन
आँधी खोला	सेती दोभान
	रङ्गेठाटी
	दहथुम
	मोहन घाट
	वलाम घाट
	पेल्ली घाट
	सतौं घाट
ज्याग्दी खोला	वनकटा घाट
	कामीमारे घाट
	भुवन घाट
फुस्रे खोला	मट्टीहान

मल्याङदी खोला	कुटदा चौपारी
मोदी नदी	मोदी वेनी घाट
सेती खोला	सेती दोभान सेती खोला घाट गाघरे घाट
भाट खोला	भाट खोला घाट
दरौं खोला	दरौं खोला घाट ठूलो खोला घाट

उपर्युक्त झोलुङ्गे पुल बाहेक कारीकोट र रिडीका बीच काली नदी माथि भृगुतेश्वर घाटमा करीब रू. २,५०,०००। को लागतमा एक झोलुङ्गे पुल निर्माण हुँदैछ ।

घाटहरू

यहाँ खासगरी काली गण्डकीमा र आँधी खोलामा डुङ्गा लाग्ने घाटहरू निम्नअनुसार छन्:-

काली नदी	केलादी घाट खोरिया घाट डुङ्गी घाट रानी घाट
आँधी	आँधी मोहन

उपरोक्त घाटहरूमा जिल्ला पञ्चायतले ठेक्का लगाएको छ ।

सञ्चार

आकाशवाणी र हुलाक सेवा नै यस जिल्लाको सञ्चारका मुख्य साधन हुन् ।

आकाशवाणी

यस जिल्लाको सदरमुकाम स्याङ्जामा सर्वप्रथम २०२० सालमा आकाशवाणी (स्याटेलाइट) कार्यालयको स्थापना भएको थियो ।

गत २०२९।०३० र २०३०।०३१ साल मा यस कार्यालयबाट ३,२०० र ४,००० खवरहरू क्रमशः आए गएका थिए । हाल यस कार्यालयबाट गण्डकी अञ्चलका पर्वत, कास्की, गोरखा, मनाङ, लमजुङ, तनहूँ र अञ्चल बाहिर काठमाडौंसँग सोझै सम्पर्क राख्न सकिन्छ । अन्य जिल्लाहरूसँग सम्बन्ध राख्न परेमा काठमाडौं मार्फत राख्न सकिन्छ ।

हुलाक

यस जिल्लाको सदरमुकाममा एक छोटी हुलाक कार्यालय रहेको छ। आर्थिक वर्ष २०२९।०३० मा यस हुलाकबाट रजिष्ट्री, पुलिन्दा, सरकारी कागज, हुलाक पत्रहरू बाहेक देश भित्रबाट आए गएका चिट्ठीहरूको संख्या ५,२९२ र विदेशबाट आए गएका पत्रहरूको संख्या १,६२,८९० भएको देखिन्छ। मुलुकभित्र-भन्दा मुलुक बाहिरबाट आउने जाने चिट्ठीको संख्या धेरै देखिनुको मुख्य कारण विदेशी सैनिक भर्ती हो।

स्याङ्जा बजारमा रहेको छोटी हुलाक बाहेक जिल्लाका विभिन्न स्थानमा रहेका विभिन्न स्तरका हुलाकहरू निम्नअनुसार छन्:—

हुलाकको स्तर	हुलाक रहेको स्थान	गाउँ पञ्चायत
छोटी हुलाक	झार्खाम	दहथुम
छोटी हुलाक	भुम्रे	वालिम
अतिरिक्त हुलाक	विर्घा	विर्घा अर्चले
अतिरिक्त हुलाक	गल्याम	गुरुङदी
अतिरिक्त हुलाक	गह्रौंथुम	थुम पोखरा
अतिरिक्त हुलाक	सुन्तौलीटार	चापाकोट
अतिरिक्त हुलाक	दग्दी भञ्ज्याङ	क्याक्मी
अतिरिक्त हुलाक	मालमूल स्यानी चौर	विरूवा
अतिरिक्त हुलाक	चिसापानी	मगयाम
अतिरिक्त हुलाक	पेल्का चौर	पेल्काचौर
अतिरिक्त हुलाक	कोल्मा चौर	कोल्मा
अतिरिक्त हुलाक	मट्टीहान	मट्टीहान
अतिरिक्त हुलाक	थानचौर	दामगाडे
अतिरिक्त हुलाक	रङ्गेठाँटी	रङ्गेठाँटी
अतिरिक्त हुलाक	चिलाउनेवास	चिलाउनेवास
अतिरिक्त हुलाक	श्रीबारी	श्रीबारी

तुलनात्मक दृष्टिले हेर्ने हो भने पहाडी क्षेत्रमा पर्ने यस जिल्लामा तीन छोटी हुलाक र १४ अतिरिक्त हुलाक रहनु सञ्चारको दृष्टिले उल्लेखनीय कुरा हो।

बिजुली

यस जिल्लामा हालसम्म बिजुली उपलब्ध हुन सकेको छैन। तर खोला नालाको आधिक्य र तिनीहरूको बगाइको मोड र स्थितिलाई हेर्दा यस जिल्लामा विद्युत् उत्पादन गर्न सकिने प्रचुर सम्भावना नभएको होइन। विशेषतः कालीगण्डकीबाट वृहत् स्तरमा जल विद्युत् उत्पादन गर्न सकिने सम्भावनालाई विशेषज्ञहरूले औंल्याएका छन्।[1]

---

[1] यसबारे नदी नाला अनुच्छेदमा हेर्नुहोस्

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

शैक्षिक गतिविधिको दृष्टिले खासगरी गत १२–१५ वर्ष अघिदेखि यो जिल्लामा उल्लेखनीय प्रगति भएको देखिन्छ । जिल्लाका प्रमुख स्थानहरूमा मात्र होइन कुना कुनाका प्रत्येक पञ्चायतमा प्रायः एकभन्दा बढी विद्यालयहरू खोलिएको पाइन्छ । वि. सं. २०३१ देखि यस जिल्लामा पनि शिक्षा योजना लागू भएकोले जिल्लाबासीको शिक्षा प्रतिको चाहना र उत्साह अनुरूप कार्यमूलक शिक्षाको सफल संगठन हुने आशा गर्न सकिन्छ ।

आधुनिक शिक्षाको क्षेत्रमा यस जिल्लाको गतिविधि हाल मात्र शुरू भएकोले त्यही अनुरूप शैक्षिक प्रचार प्रसारको स्थिति रहनु स्वाभाविक हो । त्यसैले पुरानो पींढीको तुलनामा नयाँ पींढीका बालक-बालिकाले निकै ठूलो संख्यामा विद्यालय प्रवेश गरेको पाइन्छ । पुरानो पींढीका शैक्षिक स्थिति बारे पनि यस जिल्लाको स्थिति ज्यादै नराम्रो थिएन । जिल्लाबासीहरूमध्ये निकै ठूलो संख्या बाहुनहरूको रहेकोले शुरू देखि नै परम्परागत शास्त्रीय शिक्षाको अध्ययन अध्यापन हुने गर्थ्यो । यस जिल्लामा भूतपूर्व सैनिकहरूको संख्या पनि निकै रहेकोले तिनीहरूले आफू साक्षर हुनुका साथै जिल्लामा शिक्षा प्रचार प्रसारको निम्ति अनेकौं प्रयास गरेका छन् । यो सबै भएर पनि पुरानो पींढीमा उच्च शिक्षा त के साक्षर हुनेकै संख्या पनि ज्यादै कम रहेको छ । तर गण्डकी अञ्चलका जिल्लाहरूलाई हेर्ने हो भने सबैभन्दा बढी साक्षरता भएको कास्की जिल्लापछि अर्थात् अञ्चलमा दोस्रो स्थानमा स्याङजा जिल्ला पर्न आउँछ । नेपाल अधिराज्यको १३.९ प्रतिशत साक्षरता दरको तुलनामा गण्डकी अञ्चलका विभिन्न जिल्लाको साक्षरताको स्थिति निम्नअनुसार छः–

गोरखा	११.६	प्रतिशत
मनाङ	४.७	प्रतिशत
लमजुङ	१७.७	प्रतिशत
कास्को	२४.७	प्रतिशत
पर्वत	१७.५	प्रतिशत
तनहूँ	१७.८	प्रतिशत
स्याङजा	१८.३	प्रतिशत

यस जिल्लामा छ वर्ष र सोदेखि माथिको जनसंख्या २,२०,५५२ मध्य पुरुषको संख्या १,०५,६५६ र महिलाको संख्या १,१४,८९६ छ। यिनीहरूमध्ये ३६,५४६ पुरुष र महिला ३,८२८ गरी जम्मा ४०,३७४ (जिल्लाको कुल जनसंख्याको १८.३ प्रतिशत) साक्षर छन्। यहाँ विभिन्न उमेर समूहमा रहेको साक्षरताको स्थिति निम्नअनुसार छः–

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			जम्मा		
	जनसंख्या	साक्षर संख्या	प्रति शत	जनसंख्या	साक्षर संख्या	प्रति शत	जनसंख्या	साक्षर संख्या	प्रति शत
६–९	१४,६५६	३,५०२	२३.९	१४,३८१	७४०	३.३	२९,०५६	४,२४२	१४.६
१०–१४	१६,६४६	९,७८५	५८.८	१४,९४८	१,३९७	९.३	३१,५९४	११,१८२	३५.४
१५–१९	१३,३०१	७,३६८	५५.४	१३,३२२	७८९	५.९	२६,६२३	८,१५७	३०.६
२०–२४	९,२२२	३,८४१	४१.७	११,६४४	३१९	२.७	२०,८६६	४,१६०	१९.९
२५–२९	७,६०६	२,५५१	३३.५	१०,५८०	१९०	१.८	१८,१८६	२,७४१	१५.१
३०–३४	७,२१२	१,९५७	२७.१	९,०२८	१०५	१.२	१६,२४०	२,०६२	१२.७
३५–३९	७,३१८	१,८११	२४.७	८,३९१	७६	.९	१५,७०९	१,८८७	१२.०
४०–४४	६,४३८	१,४४५	२२.४	७,४५२	५९	.८	१३,८९०	१,५०४	१०.८
४५–५४	१०,३३७	२,३६८	२२.९	११,१८०	८१	.७	२१,५१७	२,४४९	११.४
५५–६४	७,२६८	१,१८१	१६.२	८,००५	४१	.५	१५,२७३	१,२२२	८.०
६५ देखिमाथि	५,६३३	७३७	१३.१	५,९६५	३१	.५	११,५९८	७६८	६.६
जम्मा :–	१,०५,६५६	३६,५४६	३४.६	१,१४,८९६	३,८२८	३.३	२,२०,५५२	४०,३७४	१८.३

माथिको तालिकाअनुसार यहाँ सबैभन्दा धेरै साक्षरताको परिमाण १० देखि १४ वर्षको उमेर समूहमा रहेको पाइन्छ। यस उमेर समूहको जम्मा साक्षर संख्या ११,१८२ मध्ये ९,७८५ (८७.५ प्रतिशत) पुरुष र १,३९७ (१२.५ प्रतिशत) महिला छन्। यस समूहमा पुरुषहरूको मात्र होइन कि स्त्रीहरूको (अरू उमेर समूहका स्त्रीहरूको साक्षरताको तुलनामा) समेत पनि सबैभन्दा धेरै साक्षरताको प्रतिशत भएको देखिन्छ। यसबाट यहाँका बासिन्दामा शिक्षाप्रतिको आस्था बढ्दै गएको र नारी शिक्षाप्रति समेत सकारात्मक प्रवृत्ति बढ्दै गएको पाइन्छ।

माथि उल्लिखित १० देखि १४ वर्षको उमेर समूहदेखि जति माथि गयो उति क्रमशः साक्षरताको प्रतिशत घट्दै गएको देखिन्छ तापनि सो उमेर समूहदेखि ३०–३४ सम्मको उमेर समहमा नगण्य मात्रामा साक्षरता रहेको देखिन्छ। त्यसमाथि माथिल्ला (बढी उमेरको) उमेर समूहमा महिलाहरूमा साक्षरता झन् कम हुँदै गएको पाइन्छ। यसका अतिरिक्त ४५–५४ को उमेर समूहमा सोदेखि ठीक माथि र मुनिका उमेर समूहमाभन्दा केही बढी साक्षरता भएको देखिन्छ। यस उमेर समूहमा जम्मा २,४४९ (११.४ प्रतिशत) जना साक्षरमध्ये २,३६८

पुरुष र ८१ जना महिला साक्षर छन् । प्रौढ उमेर समूहमध्ये यसै उमेर समूहमा केही बढी साक्षरहरू पाउनुको खास कारण सम्भवतः जिल्लामा हाल भएका भूतपूर्व सैनिकहरूमा यही उमेर समूहको आधिक्य भएको हुनसक्छ।

यस जिल्लामा शिक्षाप्रति जनताको बढ्दो अभिरुचिकै परिणामस्वरूप जिल्लाका कुनाकुनाका गाउँ गाउँहरूमा समेत खास गरी प्राथमिक विद्यालयहरूको स्थापना र सञ्चालन भएको पाइन्छ ।

यस जिल्लामा भएका विभिन्न स्तरका विद्यालयहरू र हाल पढिरहेका छात्र छात्राको संख्या तथा तिनीहरूको अनुपात तलको तालिकामा देखाइएको छः–

विभिन्न स्तरका विद्यालय र छात्र छात्राको संख्या

	विद्यालय	छात्र		छात्रा		जम्मा छात्र छात्रा	
विद्यालयको स्तर	संख्या	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
प्राथमिक विद्यालय	२०५	१२,७४५	८९.०	१,५८२	११.०	१४,३२७	१००
निम्न माध्यमिक विद्यालय	२९	१,३३२	९५.५	६३	४.५	१,३९५	१००
माध्यमिक	१०	१,५२१	९४.७	८५	५.३	१,६०६	१००
जम्मा–ः	२४४	१५,५९८	९०.१	१,७३०	९.९	१७,३२८	१००

उपर्युक्त तालिकामा देखाइएअनुसार यहाँ प्राथमिक २०५, निम्न माध्यमिक २९ र माध्यमिक १० गरी जम्मा २४४ विद्यालयहरू छन् । १०७ पञ्चायत भएको जिल्लामा २४४ विभिन्न स्तरका विद्यालयहरू सञ्चालित रहेकोले प्रत्येक पञ्चायतमा विभिन्न स्तरका गरी दुईभन्दा बढी विद्यालय सञ्चालित भएको देखिन्छ। यी विद्यालयहरूमध्ये केही अस्थायी वा स्वीकृति नपाएका विद्यालयहरू पनि छन् । साधारणतः धेरैजसो विद्यालयको शक्षिक स्तर र आर्थिक स्थिति त्यति राम्रो देखिंदैन । त्यसमाथि स्वीकृति नपाएका वा अस्थायी विद्यालयको आर्थिक स्थिति प्रायः गए गुज्रेको हुन्छ । उक्त २४४ विद्यालयमा जम्मा १७,३२८ विद्यार्थी हाल पढिरहेको देखिएकोले यहाँ प्रति विद्यालय औसत ७१ जना विद्यार्थी भएको देखिन्छ । तर छात्र र छात्राको औसत संख्या भने निकै असन्तुलित रहेको छ । माथिको तालिकाअनुसार यहाँ पढिरहेका विद्यार्थीहरूमध्ये १५,५९८ अर्थात् ९०.१ प्रतिशत छात्र र १,७३० अर्थात् ९.९ प्रतिशत मात्र छात्राहरू छन् । यहाँ यी विद्यालयहरूमा अध्यापन गर्ने जम्मा शिक्षकहरूको संख्या ७५४ छ । तिनीहरूमध्ये १२३ ले तालीम प्राप्त गरेका छन् । यस हिसाबले यहाँ शिक्षक विद्यार्थी अनुपात १:२३ प्रतिशत रहेको छ । अर्को शब्दमा यहाँ एक शिक्षकले औसत २३ जना विद्यार्थीलाई पढाउनु पर्ने हुन्छ ।

वि. सं. २०२८ को राष्ट्रिय जनगणनाअनुसार यस जिल्लामा छ वर्षभन्दा माथिको उमेरका कुल २,२०,५५२ जनसंख्यामध्ये १५,३११ ले प्राथमिक; ३,४३४ जनाले माध्यमिक; १८९ जनाले इन्टरमिडियट; ७० जनाले स्नातक र सात जनाले स्नातकोत्तर कक्षामा गरी कुल २०,३१३ ले अध्ययनमा लागेको देखिन्छ । सोही स्रोतअनुसार यस जिल्लामा ६,६९८ जनाले प्राथमिक; १,८०२ जनाले निम्न माध्यमिक; १,३६१ जनाले माध्यमिक; १७४ जनाले इन्टरमिडियट; १४४ जनाले स्नातक र २३ जनाले स्नातकोत्तर स्तरको शिक्षा पूरा गरेको देखिन्छ । यिनीहरूमध्ये महिलाहरूमा ६२ जना माध्यमिकमा; छ जना इन्टरमिडियटमा; तीन जना स्नातकमा र एक जना स्नातकोत्तर स्तरमा शिक्षा हासिल गरेका छन् ।

यहां चलिरहेको प्रत्येक विद्यालयको आ-आपनो सञ्चालक समितिहरूको सट्टा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि सल्लाहकार समिति गठन गरिएको छ । जिल्ला शिक्षा अधिकारीको सामान्य निर्देशनमा विद्यालयका निम्ति आवश्यक आर्थिक स्रोतको सङ्कलन गर्ने, विद्यालय भवन निर्माण गर्ने र स्थानीय जनतामा शैक्षिक जागरण ल्याउने आदि कार्य यही समितिले गर्दछ । विद्यालयको आर्थिक स्रोत सरकारी अनुदान, चन्दा र विद्यार्थी शुल्क आदि हुन् । यस जिल्लाका शिक्षण संस्थाहरूलाई सरकारी अनुदानको रूपमा आर्थिक वर्ष २०२९।०३० मा जम्मा रू. ३,७४,९५५। दिइएको र जनताबाट अन्दाजी रू. ७,४९,९१०। बेहोरिएकोले यहाँ शैक्षिक कार्यको लागि वर्षमा मोटामोटी रू. ११,२४,८६५। खर्च भएको देखिन्छ ।

यहाँ जम्मा ८१ वटा विद्यालयहरूको मात्र पक्की भवनहरू बनेका छन् । बाँकी विद्यालयहरूले कच्ची भवनबाट काम चलाउनु परिरहेको छ । सबैजसो विद्यालयमा फर्निचर, पाठ्यपुस्तक र प्रयोगका सामानको कमी रहेको देखिन्छ ।

गत केही वर्षदेखि यहाँ छ महीने प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गर्ने गरिएको छ। आर्थिक वर्ष २०३०।०३१ मा जिल्लाका विभिन्न विद्यालयहरूमा ५८ वटा प्रौढ कक्षाहरू खोलिएको र ९३१ पुरुष तथा ५१३ महिला प्रौढलाई साक्षर बनाइएको थियो ।

स्वास्थ्य

शुरूमा यस जिल्लाको सदरमुकाम नुवाकोटमा छँदा नुवाकोट डाँडाको टाकुरामा स्वास्थ्य केन्द्र रहेको थियो र पछि आएर स्याङजामा पनि सोल्जर्सबोर्ड चिकित्सालय खोलिएको थियो । उक्त स्वास्थ्य संस्थाहरू जिल्लाको सदरमुकाम र त्यसैको छेउमा खोलिएको र यहाँको जन घनत्व तथा यातायातको असुविधा आदि कुरालाई ध्यानमा राख्दा त्यसताक ज्यादै सीमित क्षेत्रमा मात्र स्वास्थ्य सेवा उपलब्ध हुन सक्तथ्यो । तर हाल सो स्थितिमा परिवर्तन आएको छ ।

माथि उल्लिखित सोल्जर्सबोर्ड चिकित्सालयलाई समेत गाभी हाल स्याङ्जा बजारमा एक स्वास्थ्य केन्द्र राखिएको छ । यस केन्द्रका लागि एकजना डाक्टर रहने व्यवस्था गरिएको छ । स्याङ्जा पुतलीखेत बजार लगायत कोलमा वाहाकोट, पौवे, सेती दोभान, रामकोस, सर्तौं, सातुपसल आदि जस्ता वरपरका स्थानका बिरामीलाई समेत यस केन्द्रमा उपचार गर्न ल्याउने गरिन्छ । आर्थिक वर्ष २०२९।३० मा यस केन्द्रमा जम्मा १८,००० रोगीहरूको उपचार गरिएको थियो ।

उक्त स्वास्थ्य केन्द्रका अतिरिक्त यस जिल्लाका विभिन्न भागमा नौवटा स्वास्थ्य चौकीहरू खोलिएका छन् । यस्तो प्रत्येक चौकीमा एक हेल्थ असिष्टेण्ट वा सिनियर अग्जुलरी हेल्थ वर्कर र दुईजना असिष्टेन्ट मिडवाइफ वा जुनियर हेल्थ वर्कर रहेका हुन्छन् । उक्त स्वास्थ्य चौकीहरू रहेको स्थान निम्न-अनुसार छः—

स्वास्थ्य चौकीको नाम	स्थान
गल्लौंध्याङलिङ स्वास्थ्य चौकी	वालिम
विरुवा स्वास्थ्य चौकी	विरुवा
भोर्कोट स्वास्थ्य चौकी	भीर्कोट
चिलाउनेबास स्वास्थ्य चौकी	चिलाउनेबास
चापाकोट स्वास्थ्य चौकी	सुन्तौलीटार
माझकटेरी स्वास्थ्य चौकी	माझकटेरी
अरुणोदय स्वास्थ्य चौकी	अरुणोदय
बिर्घा अर्चले स्वास्थ्य चौकी	बिर्घा अर्चले
कृस्ती नाच्नेचौर स्वास्थ्य चौकी	कृस्ती ताभेचौर

यी स्वास्थ्य चौकीमा प्रतिदिन घटीमा चार–पाँचदेखि लिएर बढीमा ८७ जनासम्म रोगीहरू औषधोपचारको निम्ति जाने गर्छन्। गाउँ गाउँमा औषधोपचारको उपयोगिता बारे मानिसहरूमा चेतना बढ्दै गएको देखिन्छ तर पनि यहाँ लामा झाँक्रीद्वारा झारफूक गराउने प्रचलन कायम छ। स्वास्थ्य चौकी रहेका स्थानहरूमा भने धेरैजसो रोगीहरू औषधोपचारको निम्ति स्वास्थ्य चौकीमा नै जाने गर्छन्।

सरकारी स्तरमा सञ्चालित सबै स्वास्थ्य संस्थाहरूले जनताको निःशुल्क सेवा गरिआएका छन्। यसका अतिरिक्त यहाँ विभिन्न प्रमुख स्थानमा निजी तवरमा सञ्चालित क्लिनिकहरूले पनि उपचार तथा औषधि बिक्री गरेर स्वास्थ्य सेवा पुर्‍याएका छन्।

यहाँ रहेका बिफर उन्मूलन कार्यालय र औलो उन्मूलन कार्यालय पोखरामा सारिएका छन्। यहाँ उपर्युक्त रोगहरूको निकै सफल नियन्त्रण भइसकेको छ। समय समयमा पोखराबाटै आई आवश्यकताअनुसार अध्ययन र उपचार हुने गर्छ।

जिल्लाको सदरमुकाम स्याङजामा नेपाल परिवार नियोजन तथा मातृ शिशु कल्याण योजनाको जिल्ला कार्यालय रहेको छ। यस केन्द्रले गर्भवती र सुत्केरी आमाको उपचार, शिशुको सेवा र गर्भ निरोधक साधनहरूको वितरण तथा प्रचार प्रसार कार्य गरिआएको छ। यस कार्यालय अन्तर्गत जिल्लाका विभिन्न चारवटा स्वास्थ्य चौकीमा चारवटा परिवार नियोजन सम्बन्धी क्लिनिकहरू खोलिएका छन्। उक्त क्लिनिकहरूले परिवार नियोजनका विभिन्न साधन वितरण गर्नुका साथै तिनलाई लोकप्रिय गराउन आवश्यक प्रचार प्रसार गर्दछन्।

मालुङ्गा कोढीखाना

राणाकालीन समयदेखि नै मालुङ्गामा कुष्ठ रोगीहरूलाई राख्ने व्यवस्था गरिएको थियो। वि.सं. २०१७ सालदेखि सोझै स्वास्थ्य सेवा विभागद्वारा उक्त कोढीखानाको रेखदेख गर्ने गरिएको छ।

हाल यस कोढीखानामा मर्दाना ९४, जनाना ६६ गरी जम्मा १६० कुष्ठरोगी र रोगीका छोराछोरी ४६ जना निवास गर्दछन्। उक्त रोगीहरूलाई खान, बस्न र उपचारका निम्ति प्रत्येक वर्ष

बजेट रकम छुट्ट्याइएको हुन्छ । आ.व. २०३१।३२ मा मालुङ्गा कोढीखानाका निम्ति रू. २,८८,८६९। छुट्ट्याएको छ ।

कोढीखानामै उपचार गर्ने व्यवस्थाका लागि एक असिस्टेन्ट हेल्थ वर्करको दरबन्दी छ। साधारण उपचारका अतिरिक्त रोगको गम्भीरता हेरी गण्डकी अञ्चल अस्पतालको डाक्टरको सेवा पनि उपलब्ध गराइएको छ ।

खानेपानी

यस जिल्लाका अधिकांश स्थानहरूमा खानेपानीको निम्ति परम्पराअनुसार नदी, खोला, कुलो, कुवा र ढुङ्गेधारा आदि प्रयोगमा ल्याइन्छ । जिल्लाका कतिपय प्रमुख स्थान गाउँहरूमा समेत सरकारी अनुदान र जनश्रमदानबाट कलधारा, पाटी, टङ्की र इनारको व्यवस्था भएको छ । त्यस्ता स्थानहरूमध्ये मट्टिखान, रामादी, नुवाकोट देउराली, पेल्काचौर, स्याङ्जा, वहाकोट, ओरेष्टे, चिन्नेबास, आमडाँडा, श्रीबारी, ढकालथोकदरौं भेंडाबारी, दरौं मुखराबारी, भिमाल्टारी, रैते, खिलुँ घनथान, किचनास दैवीस्थान, खादीवम भञ्ज्याङ, ढायुक सिमल भञ्ज्याङ, नेपालडाँडा, चापाकोट मालागिरि, पकवादी आदिमा कलधारा जडान गरिएको छ । यी कलधाराहरू गाउँको पायक पर्ने ठाउँहरूमा राखिएका हुन्छन् । त्यस्तै पुतलीबजार, तुल्सी भञ्ज्याङ, वम भञ्ज्याङ, सेती दोभान, चिलाउने वास, तिलहार, धुरूंखा, नुवाकोट देउराली, माझ कटेरी राङभाङ, सातुपसल, भरत पोखरी, चापाकोट, भेथा भुरुँग, राङरुङ शेखाम, भेंडाबारी, घुमपोखरा, निर्मल पोखरी र कुस्तीनाच्ने चौरमा पानी टङ्की र कुवाको व्यवस्था गरिएको छ ।

उक्त स्थानहरू बाहेक जिल्लामा खानेपानीको विकट समस्याले पीडित अनेकौं गाउँ र पञ्चायतहरू रहेका छन् । यस्ता स्थानहरूमा पानीको स्रोत ज्यादै टाढा हुनु, पानी स्वच्छ नहुनु, नजीकमा भएको पानी पर्याप्त नहुनु आदि मुख्य समस्याहरू छन् । खानेपानी योजनाको दृष्टिले गत केही वर्षदेखि सिमेण्ट, बालुवा र पाइप तथा छड आदि बजारमा उपलब्ध नहुनु पनि उत्तिकै अप्ठ्यारो समस्याको रूपमा आएको छ । तर पनि स्थानीय विकास विभाग र जिल्ला सभाको अनुदानमा यहाँ कतिपय खानेपानी योजना सञ्चालित भएका छन् ।

प्रशासन र पञ्चायत

इतिहास परिच्छेदमा उल्लेख गरिएझैं शुरूमा यो क्षेत्रमा गरौं, सतौं, भीरकोट, नुवाकोट र पंयू, (चौबीसे राज्यहरू) मा छुट्टाछुट्टै राजाहरू रहेका र उनीहरूद्वारा नै आ-आफ्नो ढङ्गले शासित हुने गरेका थिए। विभिन्न स-साना राज्यहरूलाई नेपाल अधिराज्यमा एकीकृत गराइएपछि सुरक्षा र प्रशासनिक दृष्टिले विभिन्न समयमा विभिन्न किसिमका प्रशासनिक इकाईहरू खडा गरिएका थिए। यस्ता प्रशासनिक इकाईलाई इलाका भनिन्थ्यो। ईस्वी सन् १८९५ तिर प्रधानमन्त्री वीर शमशेरको पालामा प्रशासनिक पुनर्व्यवस्था हुँदा पहाडी क्षेत्रका २३ इलाका वा तहसीलमध्ये एक स्याङ्जा नुवाकोट पनि थियो। काठमाडौंदेखि पूर्व र पश्चिमका इलाकालाई नम्बरका आधारमा उल्लेख गर्ने प्रचलनअनुसार स्याङ्जा नुवाकोटलाई पनि पश्चिम चार नं.इलाका भन्ने गरिन्थ्यो।

यस्ता इलाकामा शुरूमा सुब्बा, हाकिम र पछि आएर मधेश इलाकामा जस्तै बडाहाकिम राख्ने प्रथा चल्न थाल्यो। भौगोलिक, सामाजिक र परम्परागत कारणहरूले स्याङ्जा नुवाकोट इलाकामा गरौं, सतौं, पंयू र पर्वत आदि क्षेत्रमा परेका थिए। स्याङ्जा नुवाकोटमा एक गोश्वारा रहेको थियो। यी विभिन्न इलाकाहरूलाई तिनीहरूको अवस्थिति, आर्थिक अवस्था, राजस्व उठ्ती, क्षेत्रफल र जनसंख्या हेरी तीन स्तरमा (क, ख, ग) मा विभाजित गरिएका थिए। पहाडी क्षेत्रका गौंडा गोश्वारामा पाल्पा र धनकुटा मात्र "क" श्रेणीमा र स्याङ्जा नुवाकोट "ग" श्रेणीमा पर्दथ्यो। "ग" श्रेणीको तलब खान्गी र सुविधा पाउने गरी यहाँ एक बडाहाकिम राखिएको हुन्थ्यो। स्याङ्जा नुवाकोट गोश्वाराले धेरै वर्षसम्म पाल्पा गौंडाको सामान्य रेखदेखमा रहेर काम गर्ने गर्दथ्यो।

अन्य पहाडी इलाकामा जस्तै यहाँ पनि केही गाउँहरूलाई मिलाएर थुमहरू खडा गरिएका थिए। थुमहरूको मुख्य काम मालपोत उठाउनमा सहायता पुऱ्याउनु नै हुन्थ्यो।

वि.सं. २०१९ मा अधिराज्यलाई ७५ विकास जिल्ला र १४ अञ्चलमा विभाजन गर्दा पश्चिम चार नं. स्याङ्जा इलाकामा पर्ने पर्वतको पूर्व र दक्षिणी भाग र पंयू (यी दुई क्षेत्र जोडेर २०२१ मा पर्वत जिल्ला खडा गरिएको हो) लाई अलग्याएर बाँकी गरौं, सतौं, भीरकोट र नुवाकोट मिलाई वर्तमान स्याङ्जा जिल्ला कायम गरियो। यसप्रकार गण्डकी अञ्चलमा पर्ने स्याङ्जा जिल्ला हाल प्रमुख जिल्ला अधिकारीद्वारा प्रशासित हुँदै आएको छ।

शुरूमा यस इलाकाको सदरमुकाम नुवाकोटमा रहेको थियो। केही वर्षअघि सदरमुकाम स्याङ्जामा सारियो। हाल यस जिल्लाको सदरमुकाममा रहेका विभिन्न जिल्लास्तरीय कार्यालयहरू निम्नअनुसार छन्ः–

कार्यालयको नाम	स्थान
प्रमुख जिल्ला अधिकारीको कार्यालय	स्याङ्जा
स्याङ्जा जिल्ला अदालत	स्याङ्जा
सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालय	स्याङ्जा
माल कार्यालय	स्याङ्जा
जिल्ला भूमिसुधार कार्यालय	स्याङ्जा
कारागार कार्यालय	स्याङ्जा
छोटी हुलाक कार्यालय	स्याङ्जा
आकाशवाणी कार्यालय	स्याङ्जा
जिल्ला शिक्षा कार्यालय	स्याङ्जा
जिल्ला कृषि विकास कार्यालय	स्याङ्जा
निर्वाचन उप–शाखा कार्यालय	स्याङ्जा
जिल्ला सहकारी कार्यालय	स्याङ्जा
परिवार नियोजन कार्यालय	स्याङ्जा
कृषि विकास बैंक कार्यालय	स्याङ्जा
कृषि खरीद विक्री संस्थान (उप–शाखा) कार्यालय	स्याङ्जा
नेपाल बैंक लि. (उप–शाखा) कार्यालय	पुतलीखेत

जिल्लाको सदरमुकाममा रहेका कार्यालय र तिनीहरूसँग सम्बन्धित माथि उल्लिखित कार्यालयका अतिरिक्त सोझै विभाग वा अञ्चलस्तरीय कार्यालय अन्तर्गतका यहाँ भएका केही अन्य कार्यालयहरूको नाम र रहेको स्थान निम्नअनुसार छ :–

चापाकोट टार सिचाइ योजना कार्यालय	चापाकोट
सवारी कर कार्यालय	वालिम
सडक सबडिभिजन कार्यालय	वालिम
मालुङ्गा गोदाम कार्यालय	मालुङ्गा

यस जिल्लाको वन जङ्गलको संरक्षण र कर सम्बन्धी कार्य क्रमशः पोखरा वन डिभिजन कार्यालय र कर कार्यालय गण्डकी-धवलागिरि अञ्चल, पोखराद्वारा गरिन्छ ।

प्रहरी

यस जिल्लामा २०१२ सालदेखि प्रहरी कार्यालय स्थापना गरिएको छ। हाल गण्डकी अञ्चल एस. पी. कार्यालय अन्तर्गत जिल्लाको सदरमुकाममा जिल्ला प्रहरी निरीक्षक कार्यालय रहेको छ। यस कार्यालयको मातहतमा रहने गरी जिल्लाको विभिन्न भागमा प्रहरी थाना, चौकी र चेकपोष्ट रहेका छन् ।

कारागार

यस जिल्लाको कारागार कार्यालय नुवाकोट (पहिलाको सदरमुकाम) मा रहेको छ। राणाकालीन समयमा बनेकोले जिल्लाको कारागार भवन पुरानो ढाँचाको छ। यसमा २५।३० जनासम्म बन्दीहरू राख्न सकिन्छ।

न्याय

स्याङ्जा जिल्ला अदालतमा देवानी र फौज्दारी गरी आर्थिक वर्ष २०२७।०२८ मा १,०१६; २०२८।०२९ मा १,०८७ र २०२९।०३० मा १,०८५ मुद्दाहरू परेका थिए। त्यसमध्ये झण्डै ५० प्रतिशत मुद्दाहरू प्रति वर्ष किनारा लागेको देखिन्छ। परेका मुद्दाहरूमध्ये ५० प्रतिशत जति देवानी र ५० प्रतिशत फौज्दारी थिए। देवानीमा जग्गा खिचोला मुद्दा र फौज्दारीमा लुटपीट मुद्दाको संख्या सबैभन्दा बढी भएको देखिन्छ।

साना तिना झै झगडा गाउँ पञ्चायतले नै टुंग्याउँछ। अदालतमा परेका मुद्दाहरूको साक्षी र सरजमीन बुझ्दा समेत गाउँ पञ्चायतले सत्य, साँचो कुरा केलाउन महत्वपूर्ण योगदान दिन्छ। हालै पोखरा विकास केन्द्रमा क्षेत्रिय अदालतको स्थापनाले गर्दा गरीबहरूले समेत न्याय माग्न माथिल्लो अदालतसम्म धाउन सक्ने भएका छन्।

पञ्चायत

पञ्चायत व्यवस्थाको सूत्रपातपछि यस जिल्लामा पनि १०७ वटा गाउँ पञ्चायत गठन गरिए। प्रत्येक गाउँ पञ्चायतलाई प्रतिनिधित्व गर्दै जिल्ला सभाका निमित्त छानिएर आएका १०७ जिल्ला सभासद्हरूले जिल्ला पञ्चायतका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्दछन्। जनसंख्याकाअनुसार यस जिल्लालाई राष्ट्रिय पञ्चायतमा दुई जनाले प्रतिनिधित्व गर्दछन्।

गाउँ र जिल्लाको विकास मूलतः स्थानीय श्रमको परिचालनमा निर्भर गर्दछ तापनि यसको लागि आवश्यक आर्थिक स्रोत समेत जुटाउनु पर्ने हुन्छ। त्यसको निम्ति गृह पञ्चायत मन्त्रालय अन्तर्गत स्थानीय विकास विभागले एकातिर साल सालै केही न केही अनुदान दिने गरेको छ भने अर्कोतिर जिल्ला सभाले नियमअनुसार धुरीकर, घाट ठेक्का आदिबाट आय सङ्कलन गर्ने गर्दछ। आर्थिक वर्ष २०२९।०३० मा कुल रू. १,०८,६८०। स्याङ्जा जिल्ला सभा कोषमा आम्दानी भएको थियो। उक्त आर्थिक वर्ष बाहेक अन्य वर्षहरूको हिसाब समेत हेर्दा स्याङ्जा जिल्ला सभाको वार्षिक औसत आम्दानी रू. १,०५,५५०। भएको देखिन्छ। स्याङ्जा एउटा पहाडी जिल्ला भएकोले स्थानीय स्रोतबाट हुने गरेको आम्दानी त्यति धेरै देखिंदैन।

गाउँ पञ्चायतहरूको आम्दानी हेर्ने हो भने आर्थिक वर्ष २०२९।०३० मा सबैभन्दा धेरै स्याङ्जा पुतलीखेत गाउँ पञ्चायतको रू. १०,०००। र सबैभन्दा कम आम्दानी लाँकुरी गाउँ पञ्चायतको रू. २००। वार्षिक आम्दानी भएको देखिन्छ। गाउँ पञ्चायतले भरुवा बन्दूक, रेडियो नवीकरण र दर्खास्त दस्तूर आदिबाट आम्दानी गर्ने गर्दछन्।

स्थानीय विकास योजनामा विशेषतः खानेपानी, सानोतिनो बाटो घाटो, कुलो, नहर, झोलुङ्गे पुल र पञ्चायत भवन निर्माण आदि आयोजनाहरू हुन्छन्। उक्त आयोजनाहरूलाई जिल्ला सभा कोष वा स्थानीय विकास विभागको अनुदानबाट ५० प्रतिशत र स्थानीय श्रमदानबाट ५० प्रतिशत गरी सम्पन्न गर्ने लक्ष्य राखिएको

हुन्छ । यस्ता आयोजनाहरू प्राय: रू. १०,०००।भन्दा कम लागतका हुन्छन् । स्याङ्जा जिल्लामा हरेक वर्ष पाँच-सातवटा यस्ता आयोजनाहरू शुरू गरिएको पाइन्छ । तर विभिन्न कारणले कतिपय आयोजनाहरू पूरा भएका छैनन् ।

यस जिल्लामा युवक संगठन, किसान संगठन, महिला संगठन र भूतपूर्व सैनिक संगठन समेत जम्मा चारवटा वर्गीय संगठनहरूका जिल्लास्तरीय इकाईहरू स्थापना गरिएका छन् । यिनीहरूको संयुक्त कार्यालय स्याङ्जामा रहेको छ ।

उपर्युक्त विभिन्न संगठनहरूको प्रारम्भिक समितिको संख्या निम्नअनुसार छ : –

किसान संगठन	२३
युवक संगठन	२५
महिला संगठन	१९
भूतपूर्व सैनिक संगठन	१२

उक्त संगठनहरूको आयको स्रोत सदस्य शुल्क चन्दा र कहिले काहीं केन्द्रबाट मिल्ने अनुदान आदि हुन् ।

उपसंहार

नेपाल अधिराज्यको पूर्वदेखि पश्चिम करीब मध्यभागमा रहेको स्याङ्जा जिल्लामा मध्यम उचाइका होचा र सौम्य पहाडको प्राध्यान्य रहेको छ। यहाँ आँधीबेंसी, चापाकोट टार जस्ता सम्म परेका भू-भागहरू पनि छन्। त्यसैले कृषि उत्पादनको दृष्टिले यी क्षेत्र महत्वपूर्ण रहेका छन् र सुन्तला र सूठो जस्ता महत्वपूर्ण बालीहरूका लागि राम्रा सम्भावना देखिन्छन्। गण्डकी अञ्चलमा सबैभन्दा धेरै गाई भैंसी यही जिल्लामा पालिएकोले घ्यू निर्यातमा पनि यो जिल्लाको उल्लेखनीय स्थान रहेको र भविष्यमा समेत यस क्षेत्रमा उल्लेखनीय प्रगति गर्न सकिने देखिन्छ। सिद्धार्थ राजमार्ग यस जिल्लाको मध्यभागबाट गएकोले यहाँ पहिलाभन्दा धेरै गुना व्यापार वृद्धि हुनुका साथै जिल्लाको पूर्वोत्तर भागमा रहेका पर्वत, बागलुङ, म्याग्दी, डोल्पा र मुस्ताङ जिल्लाको समेत व्यापारिक केन्द्रको रूपमा आज स्याङ्जा रहेको छ। यहाँ केही संख्यामा धान र पीठो पिन्ने मिलहरू खोलिएका छन्। त्यसका अतिरिक्त यस जिल्लाको नजीकैमा क्षेत्रिय विकास केन्द्र, पोखरा रहेको र यो जिल्ला भैरहवा-जोमसोम विकास रेखामा परेकोले यस जिल्लाको विकासमा तीव्रता आउनु अवश्यम्भावी भएको छ।

केही वर्ष अघिसम्म सुषुप्त र दुर्गम रहेको स्याङ्जामा आज चारैतिरबाट परिवर्तनका लहरहरू आएका छन्। पहाडी क्षेत्रमा सञ्चालित सबैभन्दा वृहत् सिचाइ योजना यही जिल्लाको चापाकोट टारमा सञ्चालित हुँदैछ। श्री ५ को सरकार र संयुक्त राष्ट्र संघका तत्वावधानमा एक विशेषज्ञ दलले पुतलीखेत—बागलुङ मोटर मार्गको सर्वेक्षण र त्यसको निर्माणका निमित्त सिफारिश गरेको छ। चापाकोट टारलाई सिद्धार्थ राजमार्गसँग जोड्ने सहायक सडकको सर्वेक्षण गर्न पनि सिफारिश गरिएको छ। कालीगण्डकी र त्यस्तै जिल्लाका अन्य नदीनालाबाट भविष्यमा जल विद्युत् निकाल्न सकिने प्रचुर सम्भावना छ। यहाँ तामा, फलाम र सिंगमरमरका खानीको पनि राम्रो सम्भावना रहेको अनुमान गरिन्छ। यी सबै कुरालाई ध्यानमा राख्दा स्याङ्जा जिल्लामा विकासका मुख्य आधार—स्तम्भहरू खडा हुँदै जान लागेको देखिन्छ। निश्चय नै जिल्लाको चौतर्फी विकासको दृष्टिले यी कुराहरू प्रारम्भिक स्थितिको मात्र मान्नु पर्ने हुन्छ।

यो जिल्ला परम्परादेखि नै विभिन्न जात जातिको साझा बासस्थलको रूपमा रहेको छ। यी विभिन्न जात जातिका बीच सुमधुर, सामञ्जस्यपूर्ण सम्बन्ध रहेको हुनु विकासको निमित्त अर्को महत्वपूर्ण पूर्वाधार हो। त्यस माथि भूतपूर्व सैनिकहरू जिल्लाको प्रशिक्षित र अर्ध-प्रशिक्षित श्रमशक्ति र पूँजीको ठूलो स्रोतको रूपमा रहेका छन्। गण्डकी अञ्चलका अन्य जिल्लाका तुलनामा यस जिल्लाको साक्षरताको परिमाण र शिक्षाप्रतिको जागरण उल्लेखनीय छ। राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएकोले केही वर्षपछि प्रशिक्षित जनशक्तिको परिमाणमा अझ वृद्धि हुने स्पष्ट छ।

तर विकासको निमित्त जिल्लामा केही अडचन र समस्या नभएका होइनन् । सबैभन्दा पहिले त यहाँ खेतीयोग्य जमीनको अनुपातमा ज्यादै बढी जनसंख्या छ । त्यसैले प्रतिवर्ष हजारौं टन खाद्यान्न जिल्ला बाहिरबाट आयात गर्नु पर्ने हुन्छ । अर्को कुरा बढ्दो जनसंख्याको अनुपातमा यहाँको परिस्थितिमा ठूलो असन्तुलन आएको छ । वन जङ्गल मासिनुको साथै बाढी पैरोले भू-क्षयको समस्या यहाँ गम्भीर हुँदै गएको छ । आँधी खोलाले मात्र वर्षेनी हजारौं रोपनी धान खेतलाई नोक्सान पुऱ्याउँछ ।

जिल्लाको अर्को महत्वपूर्ण समस्या बेरोजगारी हो । प्रत्येक वर्ष यहाँको कैयौं बासिन्दाहरू जिल्ला बाहिर वा विदेशमा सैनिक भर्तीमा वा अन्य कामको खोजीमा जाने गर्छन्। यस्तो श्रम शक्तिको दुरुपयोग हुनु वा खेर जानु विकासको दृष्टिले अपूरणीय क्षति हो। त्यसैले क्रमशः जिल्लाभित्रै रोजगारी दिने खालका व्यवसाय र उद्योग धन्धा खोल्न सम्बन्धित क्षेत्रले प्रोत्साहन र जोड दिनु पर्ने हुन्छ। हाल पढे लेखेका युवकहरूमा विदेश भर्तीमा जानुको सट्टा जिल्लाभित्रै अन्य पेशा र विशेषतः शिक्षक भएर काम गर्ने प्रवृत्ति बढेको छ ।

उपर्युक्त सबै कुरालाई ध्यानमा राख्दा हाल यस जिल्लामा विशेषतः कृषिको आधुनिकीकरण र पशुपालन (गाई–गोरु), नगदेबालीमा सूठो र फलफूलमा सुन्तला विकासको अत्यन्त राम्रा सम्भावना देखिन्छन् ।

पर्वत

पर्वत

विषय–सूची

परिचय ४३९
प्राकृतिक स्वरूप र सम्पदा ४४०
ऐतिहासिक पृष्ठभूमि ४५१
प्रमुख स्थानहरू ४५७
जनसंख्या र जनजीवन ४६२
आर्थिक व्यवस्था ४६८
यातायात, सञ्चार र बिजुली ४७८
शिक्षा, स्वास्थ्य तथा खानेपानी ४८३
प्रशासन र पञ्चायत ४८९
उपसंहार ४९२

परिचय

यस जिल्लाको नाम पर्वत साँच्चिकै सार्थक हुने गरेर प्रकृतिले अनेकौं अग्ला–होचा पर्वत र पृथ्वीको सुन्दरतम अन्नपूर्ण हिमशिखरहरूले यस जिल्लालाई सुशोभित गरेको छ। यही जिल्लालाई दक्षिण बगेर गएको काली गण्डकीले आफ्ना किनारामा स्वर्णकण अर्पेर गएको छ भने अर्कातिर मोदी नदीले यस प्रदेशलाई शीतलता प्रदान गर्नुका साथै सिंचित पनि गरेको छ। यिनै नदीहरूले बनाएका खोंच, डाँडा, पाखा र पखेरा तथा फाँटहरू नै पर्वतबासीहरूको प्राकृतिक सम्पत्ति हो। यहाँका लेक र वेंसीमा विभिन्न जात जातिका मानिसहरू परस्परमा मिलेर बसोबास गरेका छन् ।

ऐतिहासिक कालदेखि नै यो जिल्लाको धेरैजसो भाग पर्वत राज्य (चौबीसे राज्य) मा पर्दथ्यो । त्यसबेलादेखि नै यस क्षेत्र पर्वत नामबाट प्रख्यात थियो। अजङ्ग–अजङ्गका पहाड पर्वतहरूले भरिपूर्ण यस जिल्लाको नाम अनायास "पर्वत" हुन गएको देखिन्छ। यही ऐतिहासिक र भौगोलिक तथ्यलाई ध्यानमा राखेर होला २०१८ सालमा अञ्चल र विकास जिल्लाको विभाजन हुँदा यस क्षेत्रको नाम "पर्वत"लाई यथावत कायम राखियो।

गण्डकी अञ्चलमा पर्ने यो पर्वत जिल्ला उक्त अञ्चलको पश्चिमी सीमाको रूपमा रहेकोछ । यस जिल्लाको पूर्वमा स्याङजा र कास्की जिल्ला, पश्चिममा बागलुङ, तथा उत्तरमा मुस्ताङ र मनाङ जिल्ला पर्छन्। यो जिल्ला २७° ५८' देखि २८° ३९' उत्तरी अक्षांश र ८३° ३४' देखि ८३° ५९' पूर्वी देशान्तर भित्र पर्दछ। यस जिल्लाको कुल क्षेत्रफल १,०९६ वर्ग किलोमिटर छ। यो जिल्ला पूर्व-पश्चिम साँघुरिएको र उत्तर–दक्षिण लम्बिएर गएको तथा सदरमुकाम कुश्मानिर कट्टी छिनेको जस्तो देखिएको छ। राष्ट्रिय जनगणना २०२८ अनुसार यस जिल्लाको कुल जनसंख्या १,१८,६८९ छ। त्यसमध्ये पुरुषहरूको संख्या ५६,९३० र महिलाहरूको संख्या ६१,७५९ छ। विभिन्न जात जातिको साझा बासस्थलको रूपमा रहेको पर्वत जिल्लामा बाहुन क्षेत्रीको संख्या बढी छ। यहाँ जम्मा ५० गाउँ पञ्चायतहरू छन्। बहुसंख्यक बासिन्दाको मुख्य पेशा कृषि र पशुपालन हो। त्यसका अतिरिक्त असंगठित रूपमा रहेको भए पनि घरेलु र कुटीर उद्योग, वैदेशिक सेना सेवा तथा अन्य रोजगारी आदिबाट जिल्लाबासीहरूको थप आय हुने गर्छ।

प्राकृतिक स्वरूप र सम्पदा

पर्वत जिल्ला नेपालको मध्यपहाडी भागमा रहेको छ। यसको उत्तरमा अन्नपूर्ण हिमशिखर र त्यहाँबाट जति दक्षिण लाग्यो उति होचिँदै गएका अनेकौं अग्ला र होचा पहाड र बेंसी तथा टारहरू छन्। यिनै पर्वत रसाएर निक्लेका अनेकौं खोलानालाहरू जिल्लाका दुई प्रमुख नदी काली र मोदीमा मिसिन पुग्छन्। यस क्षेत्रमा अनेकौं खोंच र साँघुरा तथा भिराला भू-भागहरू छन्। तर जिल्लाको दक्षिणी प्रदेश अर्थात् सदरमुकाम कुश्मादेखि तल भने केही अग्ला पहाडहरू बाहेक अधिकांश भू–भाग होचा पहाड र बेंसी तथा टारहरूले भरिएको छ। यहाँ समुद्रको सतहबाट घटीमा ७६२ मिटर (२,५००फीट)देखि बढीमा ८,०९१ मिटर (२६,५३८ फीट) सम्मका विभिन्न उचाइका भू–भागहरू छन्।

भौगोलिक बनावट

भौगोलिक बनावटको दृष्टिकोणबाट यस जिल्लालाई मोटामोटी चार भागमा विभाजन गर्न सकिन्छ :–

(१) हिमाली प्रदेश
(२) लेकाली प्रदेश
(३) पहाडी प्रदेश
(४) बेंसी र टार प्रदेश

हिमाली प्रदेश

नेपाल अधिराज्यको उत्तरमा पूर्वदेखि पश्चिम फैलिंदै गएको हरबखत वा प्रायः हिउँले पुरि रहने उच्च क्षेत्रलाई हिमाली प्रदेश भनिन्छ। यस जिल्ला भित्र पूर्वमा माछापुछ्रे हिमालबाट छुट्टिएर पश्चिम नीलगिरि हिमालसम्म फैलिएको अन्नपूर्ण हिमशिखरका धेरैजसो चुलीहरू पर्न आउँछन्। यी चुलीहरूमध्ये अन्नपूर्ण प्रथम ८,०९१ मिटर (२६,५३८ फीट), अन्नपूर्ण तेस्रो ७,५४८ मिटर (२४,७६४ फीट), फङ दक्षिणी चुचुरो ७,६२४ मिटर (२५,०१३ फीट), मोडिपिक ७,१४० मिटर (२३,४२५ फीट), फलुलेट पिक ६३९० मिटर (२०,९६५ फीट), पाताल हिम चुली ६,३३७ मिटर (२०,७९० फीट), टेण्ड पिक ५,५१० मिटर (१८,०७७ फीट), गङ्गापूर्ण हिमाल ७,४२६ मिटर (२४,३६३ फीट), उल्लेखनीय छन्। यिनीहरूमध्ये सबैभन्दा अग्लो अन्नपूर्ण प्रथम (८,०९१ मिटर अर्थात् २६,५३८ फीट) अन्य चुलीहरूको झण्डै बीचमा रहेको छ।

अन्नपूर्ण हिमालले यस जिल्लालाई उत्तरमा मुस्ताङ जिल्ला र उत्तर–पूर्वमा मनाङ जिल्लालाई छुट्याएर सीमानाको रूपमा काम गरेको छ। यो हिमाल जिल्लाको उत्तरमा करीब २६ किलोमिटर (आठ कोस) पूर्व–पश्चिम फैलिएको छ। उक्त शृङ्खलाको पश्चिमी सीमाका केही भाग मात्र यो जिल्लामा परेको छ। जिल्लाको दक्षिणमा यो सबैभन्दा बढी करीब १६ किलोमिटर (पाँच कोस) सम्म र ४,८८० मिटर (१६,००० फीट) को उचाइसम्म आएको छ। यस जिल्लाको शिरको रूपमा रहेको अन्नपूर्ण हिम शृङ्खला पृथ्वीको सबैभन्दा सुन्दर हिमालय मानिन्छ। नेपालमा १९५० तिर पर्वतारोहणको अभियानको श्री गणेश अन्नपूर्ण प्रथमको आरोहणबाट भएको थियो।[1] यस हिमालयको अवस्थितिले यहाँको जलवायुमा धेरै असर पार्नुका साथै दक्षिण–पूर्वी मनसुनी हावा हिमालयमा ठोकिएर जिल्लामा भारी वर्षा हुन्छ।

यस जिल्लाको ४,८८० मिटर (१६,००० फीट) देखि माथि सदा हिमाच्छादित रहने हिमाली भू–भाग खेतीपातीको लागि उपयुक्त छैन।

अन्नपूर्ण हिमालयबाट मृस्ती खोला र मोदी नदी लगायत अन्य खोलानालाको उत्पत्ति भएको छ। यस हिमालमा अहिलेसम्म कुनै किसिमको खनिज पदार्थ भएको पत्ता लागेको छैन। यसमा विशेषतः पत्रे चट्टान ढुङ्गाहरू पाइन्छन्।

लेकाली प्रदेश

समुद्रको सतहबाट ४,८८० मिटर (१६,००० फीट) देखि तलको भू–भागलाई मध्यपहाडी प्रदेशमा लिइएको छ। यस दृष्टिले यस प्रदेशभित्र लेकाली भाग पर्छ भन्न सकिन्छ।

माथि उल्लेख गरिए झैं अन्नपूर्ण हिमालसँग जोडिएका उच्च पर्वत श्रेणीहरू र दक्षिणतिरका उच्च पहाडहरू लेकाली प्रदेशमा पर्छन्। यस्ता उच्च पर्वत श्रेणीहरू २,१३५ मिटर (७,००० फीट) देखि ४,८८० मिटर (१६,००० फीट) को उचाइमा रहेका छन्। यस क्षेत्रमा कात्तिक–मंसीरदेखि माघ–फागुनसम्म हिउँ परिरहन्छ। तर चैत–वैशाखदेखि हिउँ पग्लन शुरू हुन्छ र हिउँले पुरेको भू–भागमा मसिनो तर पोसिला हरिया घाँसहरू देखा पर्न थाल्छन्। त्यसैले वर्षा याममा यहाँका खर्क र चरनहरूमा विशेषतः भेडा चराउन लगिने गरिन्छ।

यसदेखि मुनिको लेकाली प्रदेशमा उच्च पहाडहरू कम संख्यामा रहेका छन्। यिनीहरूमध्ये घोडेपानीको लेक करीब (२,८९६ मिटर अर्थात् ९,५०० फीट) र बनुको हंपाल लेक तथा लंखु देउरालीको डहरेको लेक आदि उल्लेखनीय छन्। यी लेकहरूमा हिउँदको समयमा कँले काहीं हिउँ पर्ने र बढी ठण्डा हुने तथा सिरेटो चल्ने गर्छ। यस भागमा खस्रु, गुराँस, ठिंग्रे सल्लो र गोब्रे सल्लो आदिका रूखहरू पाइन्छन्। यसका अतिरिक्त यहाँ प्रशस्त मात्रामा निगालोको घारी पाइन्छ। लेकाली भू-भागको कम उचाइ भएका स्थानहरूमा अनेकौं गाउँ बस्तीहरू पाइन्छन्। यस जिल्लाको सबैभन्दा बढी उचाईमा रहेका गाउँमा नारच्याङ पञ्चायत २,५९१ मिटर अर्थात् ८,५०० फीटको उचाइमा रहेको छ। त्यसको अतिरिक्त धान्द्रुक र सावेत आदि गाउँहरू २,१३५ मिटर (७,००० फीट) देखि २,२८७ मिटर (७,५०० फीट) सम्मको उचाइमा छन्। यहाँ तुलनात्मक दृष्टिले आवादी जग्गा र मानिसको अनुपात निकै थोरै छ। यहाँ मकै, कोदो र आलुको खेती गरिन्छ।

---

[1] Gurung, H. B.- Annapurna to Dhaulagiri, Dept. of Information, Ministry of Information and Broadcasting, H.M.G. 1968, p. 9

पहाडी प्रदेश

यस लेकाली प्रदेशदेखि मुनि अर्थात् २,१३५ मिटर (७,०००फीट) देखि ९१२ मिटर (३,००० फीट) सम्मको उचाइमा रहेको भू–भागलाई पहाडी प्रदेश मानिन्छ ।

यस भागमा निकै बाक्लो बस्ती बसेको र यहाँको पाखा पखेरामा गरै गरा पारेर मकै, कोदो, आलु आदिको खेती गरेको देखिन्छ । यस भेकमा केही गरम हुने र निकै वर्षा हुने भएकोले ओखर, चिलाउने, कटुस आदिको वन जङ्गल पाइन्छ । तर जनसंख्याको चाप बढ्नाको साथै वन वनस्पति मासिंदै गएको छ । वास्तवमा प्रकृति माथि मानिसको अतिक्रमणको गहिरो छाप यही भू–भागमा परेको देखन सकिन्छ ।

बेंसी र टार प्रदेश

जिल्लाको सबैभन्दा होचो भू–भाग बेंसी तथा टारहरू हुन्। समुद्रको सतहबाट यो भू–भाग लगभग ७६० मिटर (२,५०० फीट) को उचाइमा रहेको छ। जिल्लाका प्रमुख नदीहरू काली र मोदीका छेउ छाउमा नै धेरैजसो ठूला ठूला फाँट र टारहरू छन् । यहाँ मल्लाज, धाईरिंग पाँग, अर्मादी, बाछा, फलेबास, बिहादीमा ठूला ठूला फाँटहरू र टारहरू छन् । नदी र खोलाले बगाएर ल्याएको मलिलो माटोले गर्दा यी फाँटहरूमा धान तथा अन्य बाली राम्रो हुन्छ । त्यसैले यो भू–भाग जिल्लाबासीहरूको अन्न भण्डारको रूपमा रहेको छ ।

जिल्लाको यस भू-भागमा सबैभन्दा बढी र बाक्लो बसोबास भएको पाइन्छ । साथै औंलो उन्मूलनले गर्दा लेकतिरका मानिसहरूमा पनि बेंसीमा बसाइँ सर्ने प्रवृत्ति बढेको छ ।

यस प्रदेशमा साल, चिलाउनी, खयर र धायँर आदि जातका रूखहरू पाइन्छन् । तर गाई, वस्तुहरू लाई धाँस र दाउराका निम्ति पातलो वन बुटयान बाहेक यहाँ घना जङ्गल पाइँदैन ।

नदीनालाहरू

यो जिल्लाको मुख्य नदी काली र मोदीमध्ये मोदी नदी र मृस्ती खोला अन्नपूर्ण हिमालबाट उत्पत्ति भई बगेका छन् । अन्य खोलानालाहरू मूल फुटेर वा डाँडा काँडा रसाएर निक्लेका छन् । तिनीहरूमध्ये जिल्लाका उल्लेखनीय नदी तथा खोलाको छोटकरी विवरण तल दिइएको छः–

काली गण्डकी

मुस्ताङबाट दक्षिण बगेर आएको काली गण्डकीले नारच्याङ पञ्चायतदेखि केही तलबाट पर्वत जिल्लाको उत्तर–पश्चिम सांध कायम गर्दै दक्षिणतिर लाग्छ । त्यहींनिर अन्नपूर्ण हिमालबाट दक्षिण–पश्चिम लाग्दै बगेको मृस्ती खोला कालीमा मिसिन्छ । यस काली नदीले शुरूमा पर्वत जिल्लालाई मुस्ताङबाट अनि म्याग्दी, बागलुङ र गुल्मी जिल्लालाई छुटयाएको छ । यस क्रममा काली गण्डकीमा घार खोला, बॅंसरी खोला, पुँदी खोला, लुहुदी खोला, लस्ती खोला, खहरे खोला, रीठे खोला, लमाए खोला, बाच्छा खोला, सेती खोला

र जिल्लाको दक्षिणी सीमानानिर पर्ने खहरे खोला आदि मिसिन्छन्। मोदी नदी पनि आफूसँग अनेकौं साना ठूला खोलालाई समेटेर कुश्मादेखि केही दक्षिणमा मोदीबेनी भन्ने स्थानमा कालीमा मिसिन्छ।

काली गण्डकीको तीरमा पर्ने मल्लाज, खनियाघाट आदि स्थानका विशेषगरी माझीहरूले उक्त नदीको बालुवालाई धेरै दिन मेहनत लगाई चालेर केलाएर त्यसबाट सुनका कणहरू जम्मा गर्छन्। यो सुन असल खालको नभएपनि बजारमा बिक्री हुन्छ र माझीहरूको आयको स्रोत बनेको छ।

यो नदीले धेरै गहिरो खोंच पारेर बगेको छ। जिल्लाको उत्तर–पश्चिम भाग लगायत मुस्ताङ, म्याग्दी र बागलुङ जिल्लाका निवासी समेत कालीको किनारै किनार मूलबाटोबाट कुश्मा हुँदै पोखरा वा बुटवल आउने जाने गर्छन्।

जिल्लाको दक्षिण भागमा सेती बेनीमा लिएको नापअनुसार काली गण्डकीको सन् १९६४–७१ को आठ वर्षको औसत जलाधार २७० क्यूविक मिटर प्रति सेकेण्ड भएको देखिन्छ। यसको जलोत्सारण क्षेत्र करीब १६,७७३ वर्ग किलोमिटर (६,६३० वर्ग माइल) छ।

मोदी नदी

अन्नपूर्ण हिमशिखरको पूर्वी भाग र माछापुछ्रेको पश्चिमी भागबाट उत्पन्न भएर मोदी नदी सोझै दक्षिण–पश्चिम लागेर झरेको छ। जिल्लाको सदरमुकामदेखि करीब डेढ किलोमिटर (आधा कोस) दक्षिणमा पर्ने मोदी बेनीमा पुगेपछि मोदी नदी काली गण्डकीमा मिसिन्छ। यो नदी जिल्लाभित्रै शुरू हुन्छ र जिल्लामै कालीमा मिल्न पुग्छ।

यो नदीले आपनो शिरदेखि नै पर्वत जिल्ला र कास्की जिल्लालाई छुट्याउँदै आएको छ। क्युमोङ खोला, छुम्रो खोला, भुरुङ्दी खोला, पाती खोला, जारे खोला, रती खोला, अम्बोटे खोला, मल्याङदी खोला यस नदीका सहायक खोलाहरू हुन्।

यो नदीको किनारै किनार कहिले दाँया कहिले वायाँ हुँदै हिमाली प्रदेशसम्म गोरेटो बाटो पुगेको छ। गुरुङहरूको प्रख्यात गाउँ घान्द्रुक यस नदीको दायाँतिर पर्छ। पोखराबाट नौ डाँडा र वीरे ठाँटी हुँदै घोडेपानी उकालो चढेर मुस्ताङदाना निस्कने जिल्लाको निकै चलतीको बाटो पनि यही नदी तरेर जान्छ। पोखरादेखि पश्चिममा पर्ने पर्वत, बागलुङ र म्याग्दी जिल्ला आउने जाने अर्को चलतीको बाटो भदौरे हुँदै रती खोलाको किनारै किनार दोबिल्ला भन्ने स्थानमा पुगेर यो नदी माथिको झोलुङ्गे पुल पार गरेर जान्छ।

यो नदीले कालीको तुलनामा मक साँघुरो र गहिरो खोंच पारेर तीव्रगतिले बगेको देखिन्छ तापनि यसका पुछारका तटहरूमा रसिला फाँटहरू पाइन्छन्।

मृश्ती खोला

अन्नपूर्ण हिमालको उत्तर पश्चिम भागबाट पश्चिम च्याप्दै बगेको यो खोला नारच्याङ गाउँ पञ्चायतको केही तल गएर काली गण्डकीमा मिल्दछ।

हिउँ पग्लेर निक्लेको यो खोलाको सँग्लो पानी पहाडहरूका बीच साँघुरो खोंचबाट गहिरिएर बगेको छ। हिमाली प्रदेशबाट निस्केका अनेकौं स-साना खोलाहरू यसमा मिसिन्छन्। खोलाको शिरबाट कालीमा मिसिंदासम्म यो खोला करीब २६–२७ किलोमिटर (नौ कोस) लामो छ। सो लम्बाइमध्ये करीब दुई तिहाइ भाग हिमाली प्रदेशमा र बाँकी उच्च पहाडी भागमा पर्दछ। यस खोलामा ठाउँ ठाउँमा पानी जम्मा भई दह बनेको र झरनाहरू खसेको पाइन्छ।

घार खोला

करीब ३,०४८ मिटर (१०,००० फीट) अग्लो पहाडबाट निक्लेर आउने घारखोला, घार गाउँदेखि करीब पाँच किलोमिटर (डेढ कोस) तल काली गण्डकीमा मिल्दछ। घार भन्ने गाउँनेर गण्डकीमा मिसिने भएकोले यो खोलालाई घार खोला भनिएको हो भनिन्छ।

यो खोलामा वर्षाको समयमा निकै बाढी आउँछ। दक्षिणबाट मुस्ताङ जिल्ला जाने मूल बाटोमा पर्ने भएकोले वर्षादको समयमा केही वर्ष अघिसम्म खोलाले निकै जनधनको क्षति पुऱ्याउने गर्थ्यो। हाल यस खोलामा एक काठे पुल हालिएको छ।

लुहुदी खोला

मल्लाजनिरको हम्पाल डाँडाबाट निक्लेर आएको लुहुदी खोलाले मल्लाज पञ्चायतमा पर्ने कालीको छेउको निकै ठूलो फाँट (धान खेत) लाई सिंचित गर्छ। यो खोलाले वर्षामा बाढी पैरो ल्याएर निकै नोक्सानी पुऱ्याउँछ। मूल बाटो पर्ने ठाउँको खोलामा झोलुङ्गे पुल हालिएको छ।

लमागे खोला

यो खोला घण्टे देउराली भन्ने स्थानबाट मूल फुटेर पश्चिममा काली नदीमा मिसिएको छ। लामो खोला भएकोले नै यसको नाम लमागे खोला हुन गएको अनुमान गरिन्छ। यो खोला करीब १० किलोमिटर (तीन कोस)लामोछ। फलेबास र कुर्घाको जग्गालाई सिचाइ गर्न यसै खोलाको पानीलाई उपयोग गरिएकोछ।

बाच्छा खोला

यो खोला भोक्सीङको डाँडाबाट मूल फुटेर निक्लेको छ र त्यसमा अन्य शाखा खोलाहरू पनि मिलेका छन्। यो खोला करीब १० किलोमिटर (तीन कोस) लामो छ र अन्तमा गएर काली गण्डकीमा मिसिन्छ।

यो खोलाले एक समयमा गाईको बाच्छो बगाएर लगेको हुनाले यसलाई बाच्छा खोला भन्ने गरिएको हो भन्ने किम्वदन्ति छ। यस खोलाबाट परम्परागत किसिमको कुलो काटेर पाङ्गराङ्ग, करनास र बाछाका हजारौं मुरी धान आउने फाँटहरू सिंचित हुन्छन्।

यो खोला पनि कालीको किनारै किनार गएको मूल बाटोमा पर्ने भएकोले यस माथि एक काठे पुल हालिएको छ।

सेती बेनी खोला

जिल्लाको दक्षिणी सीमानानिर बगेको सेती बेनी खोलाको उद्गम स्थल धुवाँकोटको डाँडा हो। यसमा अन्य विभिन्न सहायक खोलाहरू मिसिएका छन्। उत्तर पूर्वबाट बग्दै आएको यो खोला पैंग्यूं हुवास, सिम्ले धर्मपानी र टकलाक आदि गाउँहरू हुँदै सेती बेनीनिर काली गण्डकीमा मिसिन्छ।

केही वर्षअघि मात्र सेती बेनीमा एक झोलुङ्गे पुल हालिएको छ। यस जिल्लाबाट पाल्पा र बुटवल तिर आउने जाने मूलबाटोमा रहेको यो पुल निकै उपयोगमा आएको छ। सेती बेनी खोलामा पुल हाल्नु अघि यहाँ वर्षामा डुङ्गा लाग्दथ्यो।

भुरुङदी खोला

जिल्लाको उत्तरी भागको हिमाली प्रदेशबाट निस्केर आउने यो खोला तल आएर केही पूर्वतिर लागेको छ र उल्लेरी र सोबेत हुँदै ताङ्गलेनिर मोदी नदीमा मिसिएको छ। कालीको किनारै किनार उत्तर जाने मूल बाटो भुरुङदी खोला भएर गएको छ।

झरना तथा ताल

यस जिल्लाको उल्लेखनीय झरनाको नाम "ससुरधारा" अर्थात् सहस्रधारा हो। पाँग पञ्चायतमा पर्ने यो झरना एउटै सोतो भएर झरेको नभई केही उठेको पहाडबाट विधिन्न धारामा छरिएर झरेकोले नै "सहस्र धारा" भनिएको हो।

जिल्लाको उत्तरी भागका अग्ला पहाडहरूको बीचमा ताल तथा दहहरू छन्। तीमध्ये उल्लेखनीय मल्लाज माज फाँट पञ्चायतको शिर पुरानो गाउँमा एउटा सुन्दर तलाउ छ। कास्कीका राजा राकशे गुरुङले हमला गरेको समयमा त्यहाँ स्थानीय घर्ती क्षेत्रीहरूले भाडा कुँडा लुकाएका थिए भनिन्छ। त्यस्तै पाउदर गाउँ पञ्चायतको धुरीमा खैरी बराह ताल र हिस्तान पञ्चायत अन्तर्गत पर्ने अग्लो डाँडामा प्यास बराइ नामक मनमोहक दहहरू छन्।

हावापानी

भौगोलिक विविधता भएको पर्वत जिल्लामा विशेषतः धरातलको उचाइको फरकले हावापानीलाई निर्धारण गरेको छ। यो भू-भाग समुद्र सतहबाट ७६२ मिटर (२,५०० फीट) देखि ८,०९१ मिटर (२६,५२८ फीट) सम्मको उचाइमा पर्छ। यस जिल्लाको उत्तरी भेक अर्थात् हिमाली र लेकाली प्रदेशमा अत्यन्त जाडो हुन्छ भने दक्षिण–पूर्वी र दक्षिणी भागमा धेरै जाडो वा धेरै गर्मी हुँदैन। पहाडको फेंदी वा टार र बेंसीतिर हिउँदमा केही जाडो र गर्मीमा बढी गर्मी हुन्छ।

यस जिल्लाको सदरमुकाम कुश्मामा १४ मे, १९६९ देखि वर्षामापक केन्द्र राखिएको छ तापनि हालसम्म यस जिल्लामा तापमापक केन्द्र राखिएको छैन। त्यसैले मोटामोटी तुलनात्मक अध्ययनको लागि पर्वत जिल्ला जस्तै मध्यपहाडी क्षेत्रमा पर्ने र लगभग समान उचाइमा रहेको पोखरा विमान स्थल मौसम अवलोकन

केन्द्रको अभिलेखलाई यहाँ लिइएको छ। कुश्मा समुद्रको सतहबाट ८७९ मिटर (२,८८४ फीट) को उचाइमा रहेको छ र पोखरा विमान स्थल ८५४ मिटर (२,८०२ फीट) को उचाइमा अवस्थित छ। पोखरा विमान स्थलको मौसम अवलोकन केन्द्रमा अभिलेख गरिएअनुसार सन् १९७० को वायुको तापक्रमको तालिका निम्नबमोजिम छः–

तापक्रमको तालिका

(सेन्टिग्रेडमा)

महिना	औसत अधिकतम तापक्रम	औसत न्यूनतम तापक्रम
जनवरी	१८.५	५.२
फेब्रुअरी	२०.४	६.३
मार्च	२५.८	१०.२
अप्रिल	३०.४	१४.७
मे	३१.१	१८.२
जून	२९.१	२०.२
जुलाई	२९.३	२१.३
अगष्ट	२९.५	२१.२
सेप्टेम्वर	२९.२	२०.५
अक्टोबर	२६.९	१७.१
नोभेम्बर	२३.५	१०.९
डिसेम्बर	२०.५	६.१
वार्षिक औसत	२६.२	१४.३

माथिको तालिकाअनुसार पोखरा विमानस्थल र सो सरहको कुश्मामा वायुको वार्षिक औसत अधिकतम तापक्रम २६.२ र न्यूनतम १४.३ पुगेको देखिन्छ। यसबाट जिल्लाको होचो भू–भागमा साधारणतः धेरै जाडो वा धेरै गर्मी नहुने अर्ध–उष्ण हावापानी भएको देखिन्छ। यहाँ मार्च महीनादेखि गर्मी शुरू हुन्छ र सेप्टेम्बर महिनासम्म गर्मी नै रहन्छ। पोखराको उपर्युक्त अभिलेखअनुसार सन् १९७० मा ४ मेको दिन वायुको तापक्रम ३५.० सेन्टिग्रेड पुगी सबभन्दा बढी गर्मी भएको थियो। त्यस्तै १३ जनवरीको दिन तापक्रम १.८ सेन्टिग्रेडसम्म झरेर सबभन्दा बढी जाडो भएको थियो। साधारणतः अक्टोबरदेखि फेब्रुअरी महीनासम्म जाडो हुने गर्छ र तापक्रम निक्कै कम हुन्छ। तर जिल्लाको हिमाली र लेकाली प्रदेशको जलवायुको स्थिति बिलकुल भिन्न हुने कुरा स्पष्ट छ।

सोही मौसम अवलोकन केन्द्रको अभिलेखअनुसार औसत वार्षिक सापेक्षिक आर्द्रता ७६ प्रतिशत पुग्छ। यो हिउँदमाभन्दा वर्षा याममा बढेर खासगरी जुलाई महीनामा ८६ प्रतिशतसम्म पुग्दछ। अक्टोबरबाट घट्दै गई अप्रिलमा सबभन्दा कम अर्थात् ५५ प्रतिशतसम्म पुग्छ।

नेपालका अन्य भू-भागमा जस्तै यस जिल्लामा पनि दक्षिण-पश्चिम मनसुनी हावाले वर्षा गराउँछ । यहां असारदेखि वर्षा शुरू भएर सामान्यतः भदौ-असोजसम्म पानी परिरहन्छ । पश्चिमबाट बहने हावाले पनि हिउँदमा पानी पार्छ । माघे वा पुसे झरी लाग्यो भने निकै जाडो हुन्छ र लेकतिर हिउँ पर्छ । जिल्लाको उत्तरी भागमा होचो भू–भागबाट एकै चोटी ८,०९१ मिटर (२६,५३८ फीट) को उचाइमा अन्नपूर्ण हिमाल उठेकोले यसबाट यहाँको जलवायुमा विशेषतः वर्षाको स्थितिमा निकै ठूलो प्रभाव पार्छ । चैत महीनादेखि नै अपरान्ह पछि आकाशमा बादल जम्मा हुन थाल्छ र मेघ गर्जनुका साथै प्रायः असिना पनि पर्ने गर्छ । खाद्यान्न बालीलाई यस ताक पर्ने असिनालेभन्दा असोज-कात्तिकमा पर्ने असिनाले ठूलो क्षति पुऱ्याउँछ ।

यस जिल्लाको सदरमुकाम कुश्मामा रहेको वर्षा मापण केन्द्रको अभिलेखअनुसार यस जिल्लामा सन् १९७० को वर्षाको स्थिति निम्नप्रकार छ :–

वर्षाको तालिका

(मिलिमिटरमा)

महीना	जनवरी	फेब्रुअरी	मार्च	अप्रिल	मे	जून
	३०.५	९.३	४.०	३४.६	२७७.४	३,६७६.६
महीना	जुलाई	अगष्ट	सेप्टेम्बर	अक्टोबर	नोभेम्बर	डिसेम्बर
	६०१.४	४२९.३	२८५.४	१०.८	०.०	०.०

वार्षिक जम्मा:– १,९५०.३

उपर्युक्त तालिकाअनुसार जिल्लाको सदरमुकाम र त्यसै सरहको जिल्लाको अन्य भू-भागमा मे-देखि केही बढी वर्षा हुन शुरू भई जुलाई महीनामा सबैभन्दा धेरै वर्षा अर्थात् ६०१.४ मिलिमिटर पानी परेको देखिन्छ । अक्टोबर, जनवरी, फ्रेब्रुअरी र मार्च प्रत्येक महीनामा झण्डै १० मिलिमिटरभन्दा घटी पानी परेको र नोभेम्बर तथा डिसेम्बरमा वर्षा नै नभएको देखिन्छ । सामान्यतः जून महीनाबाट शुरू भएर सेप्टेम्बरसम्म अर्थात् चार महीनासम्म मनसुनी वर्षा भएको थियो । २४ घण्टामा सबभन्दा धेरै वर्षा अगष्ट महीनाको २५ तारीखका दिन भएको थियो ।

माथि उल्लिखित तापक्रम र वर्षाको तथ्याङ्कले जिल्लाको हिमाली र लेकाली क्षेत्रको जलवायुलाई प्रतिनिधित्व गर्दैन । त्यसबाट जिल्लामा होचो पहाडी प्रदेश र बेंसी तथा टारको जलवायुको स्थितिलाई मोटामोटी रूपमा अन्दाज मात्र गर्न सकिन्छ ।

यस जिल्लामा मोटामोटी हिसाबले निम्न चारप्रकारका हावापानी पाइने देखिन्छः–

१ हिमाली हावापानी
२ लेकाली हावापानी
३ ठण्डा शीतोष्ण हावापानी
४ समशीतोष्ण हावापानी

हिमाली हावापानी

यस जिल्लाको उत्तरी भाग अर्थात् ४,८८० मिटर (१६,००० फीट) देखि माथि र ८,०९१ मिटर (२६,५३८ फीट) सम्म प्रायः सधैंजसो हिउँले ढाकेको प्रदेशमा हिमाली हावापानी पाइन्छ। यस क्षेत्रमा वाह्रै महीना अतिशीतप्रधान हिमाली हावापानी हुन्छ। उक्त हिम मरुभूमि प्रदेशमा कुनै किसिमको वनस्पति पाइँदैन।

लेकाली हावापानी

उच्च हिमालय मुनिको हिमरेखा ४,८८० मिटर (१६,००० फीट) देखि तल र ३,९९६ मिटर (१३,००० फीट) देखि माथिको प्रदेशमा लेकाली हावापानी पाइन्छ। यस भागमा ग्रीष्ममा शीतल हुन्छ र हिउँदमा हिउँ पर्ने भएकोले निकै जाडो हुन्छ। यस बेला सिरेटो पनि चल्ने हुँदा झन् जाडो हुन्छ। त्यस उच्च पहाडी भागमा मसिनो झारपात, काँडादार झाडी, बुट्यान, निगालोको झाडी र भेडा चर्ने खर्कहरू हुन्छन्।

ठण्डा शीतोष्ण हावापानी

जिल्लाको उत्तरी भागको २,१३५ मिटर (७,००० फीट) देखि ३,९६२ मिटर (१३,००० फीट) सम्मको उचाइमा ठण्डा शीतोष्ण हावापानी पाइन्छ। लेकाली जलवायुभन्दा धेरै फरक नभए पनि यो भू-भागमा वर्षामा शीतल र हिउँदमा जाडो भई कतै कतै बरफ पर्ने गर्छ। यस क्षेत्रमा धान्द्रुङ, नारच्याग आदि गाउँ पर्छन्। यहाँनिरबाट केही बाक्लो वन पाइन थालिन्छ। जिल्लाको उत्तरी भेकका बासिन्दाहरूको वन–वनस्पतिको मुख्य सम्पदा यही प्रदेशमा पाइन्छ।

समशीतोष्ण हावापानी

यस जिल्लाको बाँकी भू-भाग अर्थात् नदी नालाको छेउछाउका बेंसी र टारहरूमा समशीतोष्ण जलवायु पाइन्छ। यहाँ हिउँदमा केही ठण्डा हुने, शीत पर्ने गर्छ र वर्षामा न्यानो हुन्छ। जिल्लाको सदरमुकाम कुश्मा र काली गण्डकीको तीरका फलेबास, बाछा विहादी वा सेती बेनी खोलाको किनारको वहाकी, उराम आदि स्थानहरूमा यो किसिमको हावापानी पाइन्छ। जिल्लाका अधिकांश बासिन्दाहरू यही भू-भागमा बस्दछन्।

प्राकृतिक वनस्पति

यस जिल्लामा जलवायुअनुसार विभिन्न प्रकारको वन वनस्पति पाइन्छ। साधारणतः यहाँ निम्न चार किसिमका वन वनस्पति छन्:–

(१) हिमाली वनस्पति
(२) लेकाली वनस्पति
(३) कोणधारी सदाबहार वन
(४) मिश्रित तथा पतफड वन

हिमाली वनस्पति

हिमाली प्रदेशमा सधैं जसो हिउँले पुरिरहने र अति–शीत प्रधान जलवायु हुने हुनाले वन वनस्पति उम्रन वा हुर्कन सम्भव छैन। त्यस क्षेत्रमा हिउँ नरहेको स्थानमा कतै कतै झ्याउ, लेउ हुन्छ।

लेकाली वनस्पति

लेकाली प्रदेशमा पनि अत्यन्त जाडो हुने र वर्षको करीब आठ महीना हिउँले ढाकिरहने हुनाले ज्यादै जाडो खप्न सक्ने खालका झार र बुट्यानहरू पाइन्छन्। यसै भागमा मृत सञ्जीवनी देखिलिएर अन्य धेरै उपयोगी बुटाहरू पाइन्छन्। यहाँ अन्य जनावर लगायत कस्तुरी, डाँफे तथा मुनाल जस्ता चराहरू पाइन्छन्। वर्षामा हिउँ पग्लेपछि यस भागमा भेंडी गोठ लैजाने गरिन्छ।

कोणधारी सदावहार वन

करीब २,१३५ मिटर (७,००० फीट) सम्मको उचाइमा कोणधारी वन वनस्पति पाइन्छ। यस वनमा धेरै जसो सल्ला, गुराँस, ओखर, धूपी, खस्रु, भोज आदिका रूखहरू हुन्छन्। यही प्रदेशमा निगालोका बाक्ला घारीहरू हुन्छन्। यस जिल्लाको दक्षिण भागमाभन्दा उत्तरी भागमा बढी बाक्लो वन रहेको देखिन्छ।

मिश्रित तथा पतझड वन

यस जिल्लाको होचो पहाडी भाग र नदी तथा खोलाको किनारमा रहेका वन जङ्गललाई नै मिश्रित तथा पतझड वन भन्न सकिन्छ। यस्तो वनमा चिलाउने, साज, साल, खएर र केही मात्रामा सल्लो पनि पाइन्छ। हिउँदमा यी रूखहरूको पात झर्छ। प्रायः यी वनहरूभित्र अनेकौं काँढेदार सानातिना रूख र झाडीहरू हुन्छन्।

वन क्षेत्र र वन सम्पदा

मध्यपहाडी भागमा पर्ने यस जिल्लामा उल्लेखनीय रूपमा वन जङ्गल भएको पाइँदैन। उत्तरतिरको हिमाली प्रदेशमा हिउँ र ठण्डीको कारणले ठूला ठूला रूख हुँदैनन्। दक्षिणको बढी आवादी गरिएको प्रदेशमा वन र बुटाहरू क्रमशः मासिंदै गएका छन्। जिल्लाका मध्यभागमा पर्ने बनुङ झिंलिबरेङ, शिखधारा आदि गाउँहरूको आसपासमा र काली गण्डकी, मोदी र अन्य खोलाका तीरहरूमा अन्यत्रभन्दा बढी वन जङ्गल कायम भएको देखिन्छ। मोटामोटी किसिमले हेर्दा जिल्लाको सम्पूर्ण भू–भागको करीब एक चौथाइ क्षेत्रमा वन जङ्गल, झाडी र बुट्यान भएको पाइन्छ।

यहाँका वनहरूमा साल, सल्लो, चाँप, ओखर, उत्तिस, चिलाउने र टुनी आदि पाइन्छन्। तिनीहरूमध्ये सल्लो, उत्तिस, र चिलाउने बढी मात्रामा पाइन्छन्। प्रायः उत्तरतिरका वनहरूमा निकै मात्रामा निगालो र जरीबूटीमा नीरमसी, पाँचऔंले, सत्तुवा आदि हुन्छन्।

उपर्युक्त वनहरूबाट मानिसहरूले घर बनाउनको लागि काठ काट्ने गर्छन्। त्यसको लागि पर्वत रेञ्ज कार्यालयबाट नियमानुसार पूर्जी लिनु पर्ने हुन्छ। जिल्लाबासीहरूको घाँस, दाउरा (सुकेको काठ मुडा)

को स्रोत पनि यीनै वनहरू हुन्। प्रायः यी वनहरूका खर र बाबियो घाँस काटेर मानिसहरूले आफ्नो घरको छाना छाउने गर्छन्।

यस जिल्लामा प्रायः प्रत्येक पञ्चायत इलाकाभित्र पर्ने वन जङ्गल सामान्यत सो पञ्चायतले नै उपयोग गरेको पाइन्छ। यस्ता वनहरूको सीमानासम्म धेरै जसो आवादी जमीन पुगेको हुन्छ। स्थायी वन सीमाना लगाइएको छैन। पूरा जिल्लाको वन–जङ्गलको संरक्षण कार्य पर्वत रेन्ज कार्यालयले गर्दछ तापनि आवश्यक मानिसहरूलाई नियमअनुसार सम्बधित गाउँ पञ्चायतले कटानी गर्न इजाजत दिन सक्छ।

पशु–पक्षी

यस जिल्लाको उत्तरी भेकको जङ्गलमा झारल, घोरल, मृग, थार, चितुवा, भालू र अन्य चरा चुरुङ्गीमा पिउरा, मुनाल, चिर, च्याखुरा, कालिज, हलेसो, लुइचे इत्यादि पाइन्छन्। दक्षिणी प्रदेशको वनमा चितुवा, स्याल, वन बिरालो र बाँदर आदि धेरै पाइन्छ। पक्षीहरूमा कालिज, तित्रा, सुगा, तोरी, गाँडा, कोकले आदि चराहरू दक्षिणी भागमा बढी पाइन्छन्। यदा कदा चोर शिकारीद्वारा यी पशु पक्षीको हानि नोक्सानी हुने गर्छ।

खनिज पदार्थ

यस जिल्लाको उल्लेखनीय फलाम खानी धुवाकोट देउरालीमा छ। यो स्थान जिल्लाको पूर्व–दक्षिण भाग लुँखु पञ्चायत अन्तर्गत पर्दछ। धुवाकोटको फलामखानीबाट केही वर्ष अघिसम्म परम्परागत ढङ्गबाट धुवाकोटे कामीहरूले फलाम झिक्ने गर्थे। धुवाकोट फलामबाट बनेका कृषि औजारहरू जिल्लामा निकै चलत हुने गर्थ्यो।

उक्त खानीमा छदेखि सात मिटरसम्म (२० देखि २५ फीट) चौडाइ र ९१५ मिटरदेखि १,२१८ मिटर (३,००० देखि ४,००० फीट) सम्म लम्बाई भएको डोलोमाइटको खानी छ। उक्त खानीको धाउमा ४० प्रतिशत फलाम भएको पाइएको छ। यसको साथै यहाँ तामा र सिसाको खानी भएको अनुमान गरिएको छ।[1]

यस जिल्लाको दक्षिणी भाग वाछा बिहादीमा औद्योगिक रङको निकै उल्लेखनीय स्रोत भएको समेत अनुमान गरिएको छ।[2]

जिल्लाको उत्तरी भागमा पर्ने हिमालय पत्रे चट्टानबाट बनेकोले त्यहाँ अनेकौं मूल्यवान खानीहरू हुने आशा गरिन्छ। हाल यस जिल्लामा कुनै किसिमको खानी उद्योग सञ्चालन भएको छैन।

---

1. Rimal, D. N. —Summary of Geological Reports of Nepal, 1962, p. 145
2. Ibid, p. 145

ऐतिहासिक पृष्ठभूमि

वर्तमान पर्वत जिल्ला मध्यकालको पर्वत राज्यको एक सानो भू–भाग मात्र भएकोले यस क्षेत्रको इतिहासको अध्ययन गर्दा मध्यकालमा शक्तिशाली भएर रहेको पर्वत राज्यको इतिहासको ऐतिहासिक विश्लेषण गर्नु पर्दछ । वि. सं. १८४४ तिर पर्वत राज्य नेपाल अधिराज्यमा गाभिनु अगाडि पर्वत राज्यको सीमाना उत्तरमा भोट, दक्षिणमा गुल्मी र गलकोट, पूर्वमा मोदी खोला र पश्चिममा जुम्ला राज्यसम्म फैलिएको थियो ।[1]

लिच्छवि अभिलेख कुँदिएका माटाका चैत्यहरू जुम्लासम्म पाइएको हुँदा[2] यस जिल्ला पनि नेपालका लिच्छवि राजाहरूको अधीनमा रहेको प्रमाणित हुन्छ । पुरातात्विक साधनको अभावले यस क्षेत्रको इतिहास वंशावलीहरू र जनश्रुतिको आधारमा लेख्नुपरेको छ ।

करीब ईशाको नवौं शताब्दीमा लिच्छविहरूको पतन भएपछि बृहत् लिच्छवि राज्य कमजोर भयो। यसै अवस्थामा पश्चिम नेपालको कर्णाली क्षेत्रमा करीब ईशाको दशौं शताब्दीतिर नागराज वंशको उदय भयो। नागराज खारी प्रदेशका राजा थिए । उनले आफ्नो राज्य विस्तार गरी सिंजामा शीतकालीन राजधानी बनाए । यसै वंशका चाप, चापिल्ल, क्राशिचल्ल, क्राधिचल्ल, क्राचल्ल, अशोक चल्ल, जितारी मल्ल, आदित्य मल्ल र प्रताप मल्ल आदि नागराजपछि कर्णाली क्षेत्रका शासक भए । तर जितारी मल्लले आफ्नो राज्य पूर्वतिर विस्तार गरी त्रिशूली गण्डकीसम्म आफ्नो राज्य फैलाई काठमाडौं उपत्यकामा ई. सं. १२८८, १२८९ र १२९० मा हमला गरे ।[3] यस प्रकार हालको पर्वत जिल्ला उक्त समयमा जितारी मल्लको अधीनमा थियो । यी खशिया मल्लहरूको चकचकी ईशाको चौधौं शताब्दीसम्म रह्यो । यस वंशका अन्तिम शासक अभय मल्लको वि. सं. १४४८ (ई. सं. १३९१) सम्मको पुरातात्विक सामग्री पाइएको छ। त्यसपछि वि. सं. १४५० (ई. सं. १३९३) मा अर्कै परिवारका मेदिनी बर्मा जुम्लाका शासकको रूपमा देखापरे । एइटा भनाइअनुसार भीम बम शाही वि. सं. १४१७ मा जुम्लाका राजा थिए[4] भनिएतापनि उक्त समयमा खशिया मल्ल वंशी पृथ्वी मल्ल या उनका छोरा अभय मल्ल जुम्लाका राजा थिए[5] भन्ने कुरा ऐतिहासिक तथ्यले प्रष्ट गर्छ । यस प्रकार अभय मल्ल

---

[1] मोहनबहादुर मल्ल– पर्वतको इतिहास, प्राचीन नेपाल, संख्या १६, पृष्ठ ४२

[2] धनवज्र वज्राचार्य– लिच्छविकालका अभिलेख, पृष्ठ ५९८

[3] गोपालराज वंशावली, पृष्ठ २६ र ४०

[4] मोहनबहादुर मल्लको माथि उल्लिखित लेख, पृष्ठ ४४

[5] पृथ्वी मल्लको वि.सं. १३९५ देखि १४१५ र उनका छोरा अभय मल्लका वि.सं. १४३३ देखि १४४८ का पुरातात्विक सामग्री पाइएका छन् ।

वि. सं. १४४८ सम्म राजा भएकाले वि. सं. १४२९ मा जुम्लाको राजगद्दीमा मलेबम (मलेबम प्रथम) बसेको कुराको ऐतिहासिक प्रमाण केही पाइँदैन। अरू शोधकार्य भएपछि मात्र यस कुराको तथ्य पछि खुल्न जानेछ।

खशिया मल्लहरूको पतन पछि खशिया मल्ल राज्य टुक्रिँदै गएर धेरै स–साना राज्यहरू खडा भए। जसको फलस्वरूप ताकुम (हाल म्याग्दी जिल्लामा) मा थापाहरूले आफ्नो हातमा शक्ति लिएर शासन गर्न शुरू गरे। उक्त समयमा रूकुममा जेतुबमले राम्रो शासन गरेको देखेर सोलेपारका निसेल भुजेल भनिने चारहजार पर्वतका मगरहरूले जेतु बमका छोरा आनन्दलाई मागी ल्याई ढोरका राजा बनाए। यस प्रकार उक्त समयमा ताकुममा थापाहरूले र ढोरमा आनन्द बमले शासन गरे। करीब वि. सं. १५१० मा आनन्द बम राजा भएका थिए।

राजा आनन्दले करीब दुई दशक शासन गरे। त्यसपछि उनका छोरा चन्द्रबम राजा भए। चन्द्रबम आफू निःसन्तान भएकोले नाता पर्ने डिम्बलाई चन्द्रबमले उत्तराधिकारी बनाए। ह्यामिल्टनका अनुसार जारिया (सम्भवतः) मगर जातको एक प्रधानको एक मात्र छोरी र उत्तराधिकारीले गौतमिया ब्राह्मण डिम्बरायसँग विवाह गरेकी थिइन्।[1]

राजा भएपछि डिम्बराय राज्य विस्तारको काममा लाग्न थाले। त्यही समयतिर ताकुमका क्षेत्रीय राजाहरूको अत्याचार खप्न नसकी मगर जातिका प्रमुख मानिसहरू डिम्बको सहायता माग्न आए। उनको लागि यो राम्रो अवसर थियो। उनले वि. सं. १५४५ मा ताकुम माथि हमला गरे। यो लडाइँमा थापाहरूको हार भयो। आफ्नो विजय भए तापनि भाग्न लागिरहेका थापाहरूलाई उनले सम्झाई बुझाई हातलिए। उनीहरूको सहयोगमा गल्कोट, चन्द्रकोट र बिउकोट आदि पनि आफ्नो राज्यमा गाभे। यसैताक व्यापार विषयलाई लिएर मुस्ताङसँग खटपट परेको थियो। आफ्ना छोरा नागबमलाई आक्रमण गर्न पठाएर यिनले मुस्ताङ पनि आफ्नो राज्यमा मिलाए। यसरी यिनको पालामा उत्तरमा मुस्ताङ, पश्चिममा गल्कोट, दक्षिणमा गुल्मी र पूर्वमा मोदी नदीसम्म राज्य विस्तार भएको थियो। यिनी ८४ वर्षको उमेरमा रहस्यमय ढङ्गले मरे भनिन्छ।

त्यसताक कर्णाली प्रदेश र गण्डक प्रदेशका राजाहरूले दिल्लीका बादशाह सुल्तान सिकन्दर लोदी कहाँ सिर्तो[२] बुझाउन लैजाने गर्थे। डिम्बका जेठाछोरा नागबम वि. सं. १५३० तिर पर्वत राज्यको सिर्तो बुझाउन दिल्ली गएका बखत सुल्तानका दरबारमा एक पहलवानसँग कुस्ती पर्दा विजयी भएकाले स्यावास् "मल्ल" भन्दै इनाम पाए र त्यहाँदेखि डिम्बका सन्तानहरूले "मल्ल" पदवीलाई आफ्नो नामको पछाडि जोड्ने गरेका हुन् भनिन्छ।[३]

वि. सं. १५९० तिर नागबम मल्लका जेठा छोरा प्रतापी नारायण पर्वतका राजा भएका थिए।[४] त्यसताक पर्वत राज्यको प्रतिष्ठा र शक्ति खूबै बढेको थियो। भोटसँगको व्यापारले नून, ऊन, सुन र घोडा पर्वतमा आउँथ्यो भने पर्वतेहरूले खाद्यान्न, सूती कपडा, कागज, धातुका भाँडा आदि भोटतिर पठाउँथे। पर्वतको आसपासका अन्य राज्यहरूलाई समेत कतिपय कुरामा पर्वतले मद्दत दिने गर्थ्यो। डिम्बका नाति प्रतापी नारायण-

---

[1] Hamilton, F. B.-An Account of the Kingdom of Nepal, Manjusri Pulishing House, Delhi, 1971, p. 270

[२] सामन्त राजा वा रजौटाहरूले ठूला राजा वा सम्राट्लाई बुझाउने कर वा रकम।

[३] मोहन बहादुर मल्लको माथि उल्लिखित लेख, पृष्ठ ४५

[४] ऐजन, पृष्ठ ४६

ले पनि आफ्ना बाबु बाजेको परम्परालाई कायम राख्दै पर्वतको राज्य विस्तार गर्ने कार्यलाई छोडेका थिएनन् । त्यसमाथि पाल्पाका राजा मुकुन्द सेन (प्रथम) ले यिनलाई आफ्नी छोरी दिएकाले यो नयाँ सम्बन्धले गर्दा प्रतिष्ठा र शक्ति दुवै झन् बढेको थियो । मुकुन्द सेनका छोरा लोहाङ सेनले पूर्व हाने जस्तै, प्रतापी नारायणले पनि मोदी पारीको भू–भाग जित्दै सेती नदीसम्म आफ्नो राज्यको विस्तार गरेका थिए ।

वि. सं. १६३१ (ई. सं. १५७४) मा प्रतापी नारायण काशीबास गर्न गएको भनी एक लेखकले लेखे तापनि[1] गोरखा वंशावली अनुसार प्रतापी नारायण गोरखाका राजा राम शाह (ई.सं. १६०९–३६) का समकालीन राजा थिए। राजा प्रतापी नारायणले आफू काशीबास जानुअघि तीनजना छोरालाई आफ्नो राज्य बाँडिदिए । त्यसअनुसार जितारीलाई गल्कोट, माहिला राजबमलाई पर्वत र कान्छालाई कास्की राज्य भाग वण्डा लगाइयो । परिणामस्वरूप पर्वत राज्य पहिलाभन्दा निकै सानो भयो । राजा राजबमको पाँच पुस्तापछि वि. सं. १७४३ तिर मलेबम द्वितीय पर्वतका राजा भए। यिनले वि. सं. १७६१ मा काली र म्याग्दीको दोभान बेनीलाई आफ्नो राजधानी बनाए । यहाँ उनले तेलिया इँटको बडा सुन्दर राज भवन र शिवालय आदि बनाउन लगाएका थिए । यिनी हिउँदमा बेनी र वर्षामा ढोलथानमा बसी राजकाज चलाउँथे । त्यसैले यहाँको एक पुरानो लोकगीतमा अझै पनि “कहिले राजा ढोल थान, कहिले राजा बेनी” भनेर गाएको सुन्न पाइन्छ ।

यिनी विद्वान्हरूको आदर सत्कार गर्दथे । यिनका दरबारका विद्वान्हरूमध्ये प्रेमनिधि पन्तले प्रायश्चित प्रदीप र मलेबम महात्म्य नामक ग्रन्थ लेखेका थिए ।[2]

वि. सं. १७९१ मा आफ्ना जेठा छोरा शाहबमलाई राजकाज दिई मलेबम काशीबास गए । शाहबमले वि. सं. १८१५ सम्म शासन गरे । शाहबम पछि उनका छोरा कीर्तिबम पर्वतका अन्तिम राजा भए । यही समयतिर पृथ्वीनारायण शाहद्वारा नेपालको एकीकरण गर्ने कार्यको सूत्रपात हुन थालेको थियो । गोरखाबाट पर्वत राज्य टाढा र पायक समेत नपर्ने भएकोले गोरखाको नेपाल एकीकरण गर्ने अभियानको तत्कालिक लक्ष्यस्थल पर्वतलाई हुन परेन । तर यी दुई राज्यका बीच मनमुटाव र इवी थियो । चौबीसीहरूमा शक्तिशालीमध्ये एक गनिएको पर्वतलाई गोरखालीहरूले कसरी हाँक दिएका थिए त्यसको अनुमान तलको प्रकरणको अध्ययनबाट हुन्छ ।

> “सम्पूर्ण बाइसी चौबिसी राजा गोरखा समेत मेहलको रूख गाडी होली गर्थ्यो । पर्वत्या राजाले एक छते चीर गाडी होली गर्थ्यो । अरू कसै राजाले एक छते चीर गाड्यो भने पर्वत्या राजाले सुन्यै मात्रै लस्कर लिई उसलाई जिती चीर च्याती दिन्थ्यो ।”
>
> “यो खबर पृथ्वीनारायण शाह महाराजबाट सुन्नु भयो र लौ च्यातोस् पर्वते राजा भनी तीन छते चीर गाडी होली गर्नु भयो । यो खबर पर्वते राजाले सुनी चीर च्यात्न मनुसुवा गर्थ्यो । बीचमा लमजुङ हुनाले आउन भएन ।”[3]

त्यसताक पर्वत र गोरखाको बीच सीधा संघर्ष नभए तापनि पर्वतले गोरखाको शत्रु राज्यहरूलाई सधैं जसो समर्थन र सहयोग दिने गरिरहेको थियो । वि. सं. १८१२ मा लमजुङ लगायत चौबीसी राज्यका फौजले गोरखाको विरुद्ध लडेको सिह्लानचोकको युद्धमा पर्वतको फौज पनि सामेल भएको थियो । यो युद्धमा गोरखाली-

---

[1] मोहनबहादुर मल्लको माथि उल्लिखित लेख, पृष्ठ ४८

[2] योगी नरहरिनाथ (सं.)– इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, पृष्ठ ५४४–४७

[3] देवी प्रसाद भण्डारी आदि (सं.)– श्री ५ पृथ्वीनारायण शाहको उपदेश, पृष्ठ ७८७

हरूको विजय भएको थियो । यही बीचमा एकातिर गोरखालीहरूले काठमाडौंको विरुद्ध नाकाबन्दीको घेरा कस्दै लगेका थिए भने वृद्ध भइसकेका शाहबम मल्लले आफ्ना छोरा कीर्तिबम मल्ललाई राजकाज सुम्पी आफू काशीतिर लागेका थिए ।

वि.सं. १८२५ (२५ सेप्टेम्बर १७६८) का मध्यरातमा काठमाडौं र क्रमशः पाटन र भक्तपुर पनि गोरखालीको कब्जामा परे । पृथ्वीनारायण शाहको नेपाल खाल्डो हात पार्ने बाल्यकालदेखिको सपना पूरा भयो । तर विशाल नेपाल निर्माण गर्ने महान् अभियानको बाटोमा अझ धेरै बिघ्न बाधाहरू थिए । त्यसैले वि. सं. १८२६ मा तनहूँलाई सैनिक सन्धि गर्न बाध्य गराई वि. सं. १८२७ मा वंशराज पाण्डे र सरदार केहर सिंह बस्नेत समेतको फौजलाई तनहूँबाट पश्चिम हान्न पठाइयो । यो फौजले रिसिङ घिरिङ, ढोर, गह्रौं, भिरकोट पैयूँ र नुवाकोट माथि विजय प्राप्त गर्‍यो तर सतौं निकै बलियो भएकोले वंश राजको फौज उत्तरी नुवाकोट (पल्लो) बाट र केहर सिंहको फौज पैयूँ धुवाकोट तिरबाट सतौंका सिखारी भन्ने स्थानमा जम्मा भए । यसै समयमा सतौंको डहरेको लेकमा दुश्मनलाई छलेर बसेका पर्वतका शम्भु नारायण मल्ल, सरदार कृष्ण कार्की र बलिबन्दन मल्लका जिम्माका फौज र सतौंका केही फौज समेत भई गोरखालीका विरुद्ध लडाईंमा भिडिए । यस लडाईंमा पर्वतेहरूले अत्यन्त बहादुरीका साथ लडेका थिए र गोरखाली फौजलाई नराम्रोसँग हराए । गोरखाली फौजका केहर सिंह मारिए । वंशराज घाइते अवस्थामा बन्दी बनाएर गोरखाली फौजलाई पर्वते फौजले ढोरसम्म लखेट्दै लग्यो । पर्वतेहरूले गोरखालीहरूले छोडेर गएका नयाँ हात हतियार पनि फेला पारे । यस लडाईंको परिणाम के भयो भने पश्चिमतिर गोरखाले जितेको सबैजसो राज्यहरू स्वतन्त्र भए । यस हारले गोरखालीहरूको पश्चिमतिरको विजयलाई १६ वर्षसम्म स्थगित गरिदियो ।[1] यस लडाईंको अर्को परिणाम के निस्क्यो भने चौबीसे राजाहरूले पर्वतको मुख ताक्न थाले । चौबीसे राज्यमध्ये कास्कीको नीति जहिले पनि अस्थिर रहनेखालको थियो । वि.सं. १८३० मा कास्की राज्यको पाङ्दुर भन्ने स्थानसम्म घुसेर पर्वते फौजले कस्केली राजालाई आछु आछु खेलाई चौबीसेहरूसित एकगठ हुन मौखिक रूपमा मात्र भए पनि बाध्य पारेको थियो ।

वि. सं. १८३१ (सन् १७७५) मा पृथ्वीनारायण शाहको स्वर्गारोहण भयो । त्यसबेलासम्म उनले आफ्नो राज्य उत्तरमा रसुवा गढी, दक्षिणमा मोरङ हनुमाननगर, पूर्वमा दार्जीलिङ र पश्चिममा मर्स्याङ्दी र चेपेसम्म वितृस्त पारिसकेका थिए ।[2]

पृथ्वीनारायण शाहपछि उनका जेठा छोरा प्रतापसिंह शाहको दुई वर्ष नौ महीना जतिको राज्यकालमा पनि नेपाल अधिराज्यको एकीकरण प्रक्रिया रोकिएको थिएन । त्यसैले वि. सं. १८३४ मा तनहूँको तराई प्रदेश चितवन र उपरदाङ गढीलाई गोरखालीहरूले जितेका थिए । तनहूँका तत्कालीन राजा हरकुमार दत्त सेनको अनुरोधमा पर्वतले गोरखालीको विरुद्ध पुनः लडाईंमा भाग लिने भयो । तनहूँ, पाल्पा र पर्वतको संयुक्त फौजले बलीथुमको लडाईंमा गोरखालीहरूलाई फेरि एकपटक हराए । गोरखाली फौजको सरदार बली बनिया मारिए। एक क्षणका लागि चितवन फिर्ता लिइए तापनि काठमाडौंबाट चौ. जीव शाह लगायतको नेतृत्वमा गएको फौजले पुनः चौबीसेहरूको संयुक्त फौजलाई हराई गोरखाली फौजले चितवन कब्जा गरिछाड्यो ।

---

१. मोहन वहादुर मल्लको माथि उल्लिखित लेख, पृष्ठ ५०

२. बालचन्द्र शर्मा– नेपालको ऐतिहासिक रूपरेखा, वाराणसी, २००८, पृष्ठ ५५ र २३४

राजेन्द्र लक्ष्मी देवी र बहादुर शाहका बीच नायबीलाई लिएर आपसमा ठूलो हानथाप परेको औसर पारी भागेर गएका तनहूँका राजा हरकुमार दत्त सेनले पाल्पा र पर्वतको सहायताले तनहूँको पहाडी भाग पुनः कब्जा गरेका थिए । बहादुर शाहको पतन पछि झन् उत्साहित भएका लमजुङ र तनहूँले पर्वतको सहायता लिएर पुनः गोरखामाथि आक्रमण गरे । वि. सं. १८३८ मा चिप्लेटी र सिह्लानचोकमा यस संयुक्त फौजलाई अमरसिंह थापा आदिको गोरखाली फौजले परास्त पारिदिएको थियो । त्यसपछि यस संयुक्त फौज र गोरखाली फौजको अर्को लडाईं तार्कुघाटमा भएको थियो । यस लडाईंमा पुनः गोरखालीहरूको जित भयो । पर्वते सेनापति बली बन्दन मल्ल र लमजुङ्का काजी भक्ति थापा पक्राउमा परे । पर्वतका ठूला सेनानी बली बन्दन मल्ल गोरखालीको कैदमा छँदै गाईखुरमा मरे ।[1] गोरखालीहरूको पश्चिम विजय अभियानमा यो लडाईं निर्णायक रह्यो । किनभने यस जितले तनहूँका राजा हरकुमार र लमजुङ्का राजा वीर मर्दन शाही भागेर पर्वतमा शरण लिन पुगे । उता अमरसिंह थापाको नेतृत्वमा रहेको गोरखाली फौज तनहूँ, लमजुङ र कास्की दखल गर्दै नुवाकोट (पल्लो) सम्म पुग्यो । अर्कोतिर अभिमान सिंह बस्नेतको नेतृत्वमा पाल्पा हान्न गएको फौजले वीरकोटको लडाईंमा पाल्पालीलाई परास्त गर्दै तानसेन पुग्नआँटेको थियो । तर गोरखा अन्तर्गत आइसकेको लमजुङमाथि पर्वतेहरूको नेतृत्वमा चौबीसे राज्यको संयुक्त फौजले ठूलो आक्रमण गर्न लागेको थाहा पाएर पाल्पा र पैयूँमा भएका गोरखाली फौज लमजुङ सुरक्षा गर्न फर्केर आए। लमजुङको सकै डाँड़ामा गोरखाली र पर्वते फौजका बीच घमासान युद्ध भयो । तर आखिर चौबीसी संयुक्त फौजको हार भयो ।

यसैताक राजेन्द्रलक्ष्मी देवीको मृत्यु भएकोले बहादुर शाह पुनः रबणहादुर शाहका नायब भए । उनले पनि भाउजुले थालेको पश्चिम विजयको कार्य यथावत राखे । तर उनले आफ्नो कार्यपद्धतिमा बल र अक्कल दुवैको बडो चलाखीसाथ उपयोग गरे । त्यसैले गण्डकी प्रदेशको मुख्य राज्य पाल्पालाई हात लिने विचार गरे । त्यसका लागि सर्वप्रथम पाल्पाका राजा महादत्त सेनकी छोरीलाई विवाह गरे । यसका साथै पाल्पासित एक गोप्य सन्धि गरे । यस अनुसार पाल्पाले नलडीकनै गोरखाले जितेको भू–भागको हिस्सा पाउने भयो । बहादुर शाहको त्यस प्रपञ्चले त्यस भेकका अन्य राज्यहरू स्वतः कमजोर हुन गए । चौबीसीमध्ये शक्तिशाली पर्वत एक्लो पर्न गएको थियो ।

बहादुर शाहले पाल्पाबाट गोरखा आई पश्चिमतर्फको विजय गर्न चाँजो–पाँजो मिलाउन थाले । त्यसअनुसार लमजुङलाई झैं पर्वतलाई पनि तीनतिरबाट हमला गर्ने नीति अपनाइयो । त्यसो गर्नलाई सर्वप्रथम वि.सं. १८४३मा काजी जीव शाह समेतको गोरखाली फौजले पर्वत पारीको गुल्मीलाई दखल गर्‍यो । गोरखालीहरूको चाललाई बुझेर नै पर्वतका काजी शम्भुनारायण मल्ल र सरदार कृष्ण कार्कीसँगको फौजले अर्घामा जम्मा भइरहेको गोरखाली फौजमाथि हमला गर्‍यो । तर पर्वतेहरूको हार भयो । पर्वतेहरू पछि हटेर कुस्मालाई बलियो बनाउन थाले । त्यहाँ पनि गोरखालीहरूले सफल आक्रमण गरे । त्यसपछि गोरखालीहरू पश्चिमतिरबाट पर्वतमा घुस्ने प्रयास गर्न थाले। पर्वत जिल्लाको पूर्वी दिशाबाट काजी दामोदर पाण्डे, काजी जगजित पाण्डे मातहतको विशाल गोरखाली फौजले पर्वतमाथि आक्रमण गर्‍यो । तीन महिनासम्म पर्वतेहरूले गोरखाली फौजलाई मोदी नदी पार गर्न दिएका थिएनन् । उता बागलुङ र दुर्लुङ्मा समेत सेनापति धर्मराज मल्ल र भीम दत्त मल्लका फौजले गोरखालीलाई पर्वतभित्र प्रवेश गर्न असमर्थ बनाइरहेका थिए । यसै ससयमा चन्द्रकोट

---

[1] मोहनबहादुर मल्लको माथि उल्लिखित लेख, पृष्ठ ५५

सर गरी अमरसिंह थापा सुब्बा जोगमल्ल[1] अन्तर्गतको फौज बलेवा हुँदै बागलुङ पुगेकोले बागलुङमा पर्वतेहरूको शक्ति क्षीण हुन गयो। बागलुङबाट गोरखाली फौज बेनी पुग्यो। पर्वतको पूर्वी मोर्चाको फौजले सो कुरा थाहा पाएर पर्वतको राजधानी बेनी रक्षा गर्न रातारात आइपुगे। उनीहरूको पछि पछि दामोदर पाण्डे अन्तर्गतका फौज पनि कालीको किनारै किनार बेनी आइपुग्यो। तर त्यसबेलासम्म कीर्तिबम मल्ल म्याग्दी खोलाको बाटो पश्चिमतिर लागेर काशी पुगे। कीर्तिबम मल्ल भागेर गए तापनि उनका पाँच भाइमध्ये तीन भाई जेजात, जामुनी र बौद्धले गोरखालीहरूको विरुद्ध लडेर वीर गति प्राप्त गरे। यसरी रणबहादुर शाहको पालामा वि. सं. १८४३ मा पर्वत जिल्लाको साथै गल्कोट, मुसीकोट र इस्मा एकसाथ नेपालको अभिन्न भागको रूपमा एकीकृत भए। गोरखालीहरूबाट पराजित भई बनारसमा गई बसेका पर्वतका राजा कीर्तिबम बिफरले मरे। उनका छोरा नरसिंहबम पनि भारतमै मरे। निजका छोराहरू राजविक्रम र विक्रमार्कलाई भीमसेन थापाले वि. सं. १८७५ मा मदनीपुरबाट झिकाई भीरकोटमा खर्च दिई राखे। राजविक्रमका छोरा विजयबमलाई वि. सं. १८९४ मा नेपाल सरकारको अधीनस्थ रजौटाको रूपमा पर्वतमा रहन दिइयो। २०१७ सालको राज्य रजौटा ऐनअनुसार पर्वतका राजाले जीवनभर भत्ता पाउने व्यवस्था गरिएको छ।

पर्वत राज्यको उदयकालमा मुस्ताङ पनि पर्वतमा गाभिएकोले भोटसँगको व्यापारले गर्दा पर्वतका बासिन्दाहरूको आर्थिक स्थिति साधारणतया राम्रो थियो। खेतीभन्दा पशुपालन मुख्य सम्झिन्थ्यो। सुन, चाँदी, नून र घोडा भोटबाट ल्याइन्थ्यो। पर्वतेहरूलाई चाहिने धातुहरू पर्वतकै खानीबाट निकालिन्थे। राजाहरू कोटको किल्लाभित्र बस्थे। उनीहरूका साथमा भारदार, थर घर र अङ्ग रक्षकहरू बस्दथे। राज्यको गौंडा गौंडामा राजाका भाइ छोरालाई केही सैन्यका साथ राखिने गरिन्थ्यो। लडाईंका समयमा गाउँका युवकहरूलाई जम्मा गरेर केही महीना अगावै तालीम दिएर राखिन्थ्यो। हिउँदमा शिकार खेलिने हुँदा धनु काँड, ढाल तरवार चलाउनमा मानिसहरू प्रायः प्रवीण हुन्थे।

राजा र प्रजाको राम्रो सम्बन्ध हुन्थ्यो। राजालाई रैतीले जिन्सी तिरो बुझाउने गर्थे। जिन्सीमा अन्न, कपडा, धातु आदि लिइन्थ्यो। राजाका थर घरहरूलाई पनि दर्जा माफिक जिन्सी तिरो बुझाउने गरिन्थ्यो।

---

[1] यिनी कीर्तिबमका माहिला काका अरिमर्दनका छोरा थिए। पर्वते राजासित चिढिएर गोरखाको शरणमा गएका थिए। त्यसैले यिनलाई पर्वतको सबै कुरा थाहा थियो।

प्रमुख स्थानहरू

कुश्मा

सुन्दर फूलहरू अर्थात् कुसुमहरूले ढकमक्क भएको देखेर मुक्तिनाथ जाने एक योगीले शुरूमा कुसुम नामकरण गरेको र पछि कुश्मा भएको यो स्थान जिल्लाको एक मुख्य बजार र सदरमुकाम हो ।

यो स्थान जिल्लाको दक्षिणी भागमा काली र मोदी नदीको संगम हुने मोदी बेनी नामक तीर्थ स्थलबाट केही उच्च टारमा रहेको छ । निकै ठूलो र फराकिलो चौर भएकोले यहाँ ठूलो बजार बनाउन जग्गाको कमी देखिंदैन। वर्तमान कुश्मा बजार ज्यादै ठूलो छैन तापनि परापूर्वकालदेखि नै यो स्थान महत्वपूर्ण रहिआएको छ। तर २०१८ सालदेखि मात्र यो स्थानमा जिल्लाको सदरमुकाम राखिएको हो । यहाँ दोहोरो लाइन परेका करीब १५० घरहरू भएको एक सानो बजार छ । यस बजारमा विशेषतः नेवार र केही मात्रामा थकालीहरू बसेका छन् । यिनीहरू मुख्यतः कपडा ,मट्टितेल, मरमसला विक्री गर्ने पसल र सानातिना होटल चलाउने गर्छन् ।

परापूर्वकालदेखि बुटवलबाट मुक्तिनाथ जाने मूल बाटो कुश्मा बजार मुनि कालीको किनारै किनार उत्तर लागेको छ । त्यसका अतिरिक्त आज भोलि निकै चल्तीमा आएको स्याङजा-कुश्मा-बागलुङ मूल बाटो कुश्मा बजार भएर गएको छ। खास गरेर हिउँदमा यहाँको बजार निकै चालू रहन्छ । अरू बेला पनि जिल्लाका सबैजसो प्रमुख कार्यालय यहीं रहेकोले जिल्ला र अरू ठाउँका मानिसहरूको समेत निकै जमघट भई गुल्जार रहन्छ । सरकारी र अर्ध-सरकारी नयाँ कार्यालय भवनको अतिरिक्त स्थानिय बासिन्दाहरूले समेत नयाँ भवन निर्माण गरेकाले यो बजार बढ्दै गइरहेको छ। आगामी वर्षदेखि निर्माण हुने पोखरा-सुर्खेत राजमार्ग यही स्थान भएर गएमा यसको विकासमा नयाँ आयाम थपिने छ ।

यस स्थानमा खानेपानीको निकै दुःख थियो । हाल स्थानीय विकास विभागको अनुदानमा थालिएको खानेपानी योजना प्रायः सम्पन्न भएको छ । ठाउँ ठाउँमा सार्वजनिक धारा समेत राखिएकोले स्थानीय जनता र आगन्तुकलाई निकै सुविधा पुगेको छ ।

यहाँ प्रमुख जिल्ला अधिकारीको कार्यालय र जिल्लास्तरीय सबैजसो कार्यालय रहेका छन् । यहाँ एक माध्यमिक विद्यालय र एक पुस्तकालय चालू छन् ।

कुश्मा बजार कुश्मा गाउँ पञ्चायत अन्तर्गत पर्दछ। यस पञ्चायतको जनसंख्या ३,२५० छ। जिल्लाको सबैभन्दा होचो भू-भागमध्ये कुश्मा पनि एक पर्न आउँछ। यो स्थान समुद्रको सतहबाट ८७९ मिटर (२,८८४फीट) को उचाइमा रहेको छ। त्यसैले यहाँ गर्मीमा केही गर्मी र हिउँदमा जाडो हुने र शीत पर्ने गर्छ।

कुश्मा बजारबाट पश्चिमपट्टि भिरालो परेको स्थानमा गुप्तेश्वरको गुफा रहेको छ। करीब ४५७ मिटर (१,५०० फीट) लम्बाइ भएको यो गुफाभित्रको कडा चट्टानमा शिवलिङ्ग, विष्णु भगवान् र पञ्च पाण्डब आदिको मूर्ति खोपिएको देखिन्छ। यहाँ पर्व पर्वमा मेला लाग्दछ। यस बजारको करीब एक कोस दक्षिणमा पर्वत जिल्लाको एक प्रमुख तीर्थ स्थल मोदीबेनी रहेको छ। कुश्मा बजारको पारी करीब तीन किलोमिटर (एक कोस) पश्चिम बलेवामा (बागलुङ जिल्ला) ष्टोल विमानसेवा चालू रहेको छ।

मोदीबेनी

कुश्मादेखि करीब तीन किलोमिटर (एक कोस) दक्षिण काली नदीको तीरमा मुक्तिनाथ जाने मूल बाटोमा पर्वत जिल्लाको एक मुख्य तीर्थस्थल मोदीबेनी रहेको छ। यहाँ नृसिंह भगवानको सुन्दर मूर्ति र मन्दिर छन्। त्यसैका छेउमा योगी र तीर्थयात्रीहरूको लागि धर्मशाला बनाइएको छ। हालै करीब पाँच लाखको लागतमा मोदी बेनीनिर मोदी नदी माथि नयाँ पक्की झोलुङ्गे पुल हालिएको छ। यसबाट उक्त तीर्थस्थल वा मुक्तिनाथ र कुश्मासमेत जान आउन सुविधा भएको छ।

यहाँ हरेक एकादशी, माघे संक्रान्ति, श्रीपञ्चमी, फागुन पूर्णिमा र शिवरात्रिमा मेला लाग्दछ। उक्त पर्वहरूमा कुश्मा, फलेबास, बाछा र (काली पारी) बलेवाका मानिसहरू समेत मेला भर्न आउँछन्।

फलेबास

यो स्थान जिल्लाको सदरमुकाम कुश्माबाट करीब तीन किलोमिटर (एक कोस) दक्षिणमा पर्दछ। यसको पश्चिममा नजीकैबाट निकै धस्सिएर काली गण्डको र दक्षिणमा लमागे खोलो बग्दछन्। भौगोलिक दृष्टिले जिल्लाको सदरमुकाम कुश्मा र फलेबासको स्थिति धेरै कुरामा समान छ। त्यसैले समुद्रको सतहबाट यो स्थान झण्डै कुश्मा बराबरको उचाईमा रहेको छ। यहाँ ठूला ठूला टार र फुकेका चौरहरू छन्।

धेरैजसो चौरहरू बाँझो रहेका छन्। त्यसमध्ये केही भू-भाग लमागे खोलाको पानीबाट सिंचित हुने गरेको छ। यहाँ लाग्ने मुख्य बाली मकै, कोदो आदि हुन्। त्यसका अतिरिक्त कालीको किनारमा र कतै कतै मूल फुटेका स्थानहरूमा धान वाली लाग्ने गरेको पाइन्छ।

वुटवलदेखि मुक्तिनाथ जाने मूल बाटो र जिल्लाको दक्षिणी भागबाट पूर्व अर्थात् स्याङ्जा, पोखरा जाने मूल बाटो फलेबास भएर गएका छन्। त्यसैले यी स्थान मूलतः एक गाउँ भए तापनि यहाँ चहलपहल र रमाइलो हुन्छ। यिनै मूल बाटोको छेउमा विशेषतः नेवार जातिका मानिसहरूका घर पसलहरू छन्। यहाँ नारायणको एक सुन्दर मन्दिर पनि छ।

टारको कुना कुनासम्म वाहुन, क्षेत्री, कुम्हाल आदिका घर जग्गाहरू छरिएर रहेका छन्। यो स्थान फलेबास पञ्चायतमा पर्दछ र फलेबासको जनसंख्या ३,५०६ छ।

यस जिल्लामा शिक्षा प्रचार र प्रसारको क्षेत्रमा फलेबासको स्थान उल्लेखनीय मानिन्छ । यहाँ एक माध्यमिक विद्यालय र एक पुस्तकालय सञ्चालित छन् ।

वीरे ठाँटी

सदरमुकामदेखि करीब १० किलोमिटर (तीन कोस) उत्तरका मोदी नदी र भुरूङदी खोलाको दोभानमा रहेको वीरे ठाँटी बजार जिल्लाको उत्तर पूर्वी सीमान्तको एक उल्लेखनीय बजार हो । यस बजारमा केही भट्टी पसल, किराना र कपडा दुकानहरू छन् । यहाँ कच्ची र पक्की गरी करीब ४०।५० घरहरू छन् । यहाँ खास गरी थकाली र केही संख्यामा गुरुङ, मगर र नेवार जातिका मानिसहरू छन् । दाङसिङ पञ्चायतमा पर्ने यस बजारको जनसंख्या करीब ३०० छ ।

करीब ८०।९० वर्ष अघिसम्म यो स्थान दाह संस्कार गर्ने एक घाटको रूपमा रहेको थियो । त्यसैताक एक व्यक्तिले यहाँ ठाँटी बनाएको र त्यसपछि यहाँ क्रमशः बसोबास बस्न थालेकाले उनकै नाममा यो स्थान वीरे ठाँटी नामले परिचित हुन गएको छ ।

पोखराबाट मुस्ताङ वा बागलुङ जाने मूल बाटो यही वीरे ठाँटी बजार भएर गएको छ। जिल्लाका धान्द्रुक जस्ता उल्लेखनीय गुरुङ गाउँ जाने बाटो पनि यही बजार हुँदै जानु पर्छ । जिल्लाको यस भेकमा यो स्थान जतातातैबाट घाट पर्न गएको र मूल बाटोमा रहेकोले बजारको चल्ती बढ्दै गएको छ। तर व्यापारिक र अन्य दृष्टिले यो बजार पोखरासित बढी सम्बन्धित रहेको छ ।

यहाँ प्रहरी चौकी, अतिरिक्त हुलाक कार्यालय तथा एक प्राथमिक विद्यालय छन् ।

पहाडको फेदीमा रहेकोले यहाँ ग्रीष्ममा बढी गर्मी हुने गर्छ ।

सेती बेनी

सेती खोला र काली गण्डकीको दोभानमा जिल्लाको दक्षिणी सीमान्तको रूपमा रहेको सेती बेनी बजार सदरमुकाम कुश्माबाट १६ किलोमिटर (पाँच कोस) को दूरीमा छ। बुटवलबाट मुक्तिनाथ जाने परम्परागत मूल बाटो बेनी भएर गएको छ । यहाँ दुई-चारवटा पसलहरू छन् ।

जिल्लामा यो स्थान विशेषतः एक तीर्थस्थलको रूपमा रहेको छ । बजारको छेउमा कालीको किनारमा एक विशाल शीला रहेको छ । सेती खोला र काली नदीमा आएका ठूला ठूला बाढीले पनि यसलाई बगाउन सकेका छैनन् । शायद यही शक्तिको कारण यस शीलालाई अलौकिक शक्तिको द्योतकको रूपमा लिइन्छ र पूजा गरिन्छ । यहाँ कात्तिक, माघ र वैशाख महीनाको संक्रान्तिमा मेला लाग्दछ । यस भेकका टक्लाक, विहादी, जोगीमरा, पैय्यूँ, होश्राङदी गाउँ लगायत गुल्मी जिल्लाका लुम्पेक, दबुं आदि गाउँबाट समेत मानिसहरू उक्त मेला भर्न आउँछन् ।

यहाँ एक अस्थायी प्रहरी चौकी राखिएको छ ।

बेनी

म्याग्दीखोला र काली गण्डकीको संगम हुने स्थलनिर बेनी बजारस्थित छ। बेनी बजार काली नदीको दुवै किनारामा रहेको छ । वारी बेनी पर्वत जिल्लाको मल्लाज पञ्चायतमा पर्दछ। बेनीलाई

पर्वतका मल्ल राजाहरूमध्ये मलेबमले आपनो राजधानी बनाएकोले यो स्थान ऐतिहासिक दृष्टिले उल्लेखनीय छ। सम्पूर्ण पर्वतका शासन व्यवस्था यहींबाट हुने गर्थ्यो। अन्तिम राजा कीर्तिबम मल्लको राजधानी पनि बेनीमा रहेको थियो। यसै स्थानमा कीर्तिबमका भाइहरू र गोरखाली फौजका बीच घमासान लडाइँ भएको थियो।

यहाँ हाल २०।२५ घर भएको एक बजार छ। यहाँ एक विद्यालय छ। तर वारी बेनी हाल जिल्लाको आर्थिक र सामाजिक जीवनमा त्यति प्रकाशमा आएको देखिंदैन।

घान्द्रुक

पर्वत जिल्लाको सुपरिचित घान्द्रुक गाउँ जिल्लाको सदरमुकाम कुश्माबाट करीब २९ किलोमिटर (नौ कोस) उत्तरमा रहेको छ। यहाँ जानलाई मोदी नदीको तीरैतीर वीरे ठाँटी बजार भएर सीधा उत्तरतिर लाग्नु पर्छ। यो स्थान समुद्रको सतहबाट करीब २,१३४ मिटर (७,००० फीट) उचाइ मा रहेकोले यहाँ हिउँदमा अत्यन्त जाडो र गर्मीमा शीतल हावापानी पाइन्छ।

यस स्थानबाट माछापुछ्रे हिमालको दुवै चुचुरा (स्थानीय गुरुङहरू माछापुछ्रे हिमाललाई 'काफे' भन्दछन्) र अन्नपूर्ण हिमालका सबै जसो हिम-शिखरहरूको दृश्यावलोकन गर्न सकिन्छ। दक्षिणतिरबाट अन्नपूर्ण हिमाल आरोहण गर्ने पर्वतारोही दलहरू यही घान्द्रुक गाउँ भएर जाने गर्दछन्। यहाँबाट आधार शिविरसम्म पुग्न करीब दुई दिन लाग्छ। उक्त आधार शिविर पुग्नुभन्दा केही वर तीन चार सय मानिस बस्न र सुत्न सक्ने ठूला ठूला ओडारहरू छन्।

घान्द्रुक पञ्चायतमा सातवटा गाउँहरू पर्दछन्। यस पञ्चायतको जनसंख्या ३,९१५ छ। सबैजसो गाउँमा केही कामी जातिका परिवार बाहेक गुरुङहरूको नै मुख्य बस्ती छ। घरहरू गुजमुज्ज परेर रहेका छन्।

यस भेकका गुरुङहरूको घरको आगनमा ध्वजा गाडिएका हुन्छन् र गाउँमा प्रवेश गर्नुभन्दा वरै गाडिएका ढुङ्गामा अक्षरहरू खोपिएका हुन्छन्।

जिल्लामा अघि अघि घान्द्रुक जानु भनेको "मौग्लान" गए सरह मानिन्थ्यो। बाटाको विकटता, दूरी तथा बाक्लो गाउँ भएकोले त्यसो भनिने गरिएको हो। तर हाल पहिलाभन्दा बाटोघाटोमा धेरै सुधार भइसकेको छ। घान्द्रुक गाउँदेखि तल मोदी नदीमा एक झोलुङ्गे पुल हाल्न सकिएमा बाटो धेरै छोटिन गई स्थानीय जनताले धेरै सुविधा पाउने थिए।

घान्द्रुकका गुरुङहरू खेती र पशुपालनमा सिपालु छन्। जिल्लाको दक्षिणी भागको तुलनामा रूखो र पत्थरिलो माटो हुने यस भेकमा यिनीहरूले मकै, गहुँ, कोदो, जौ, उवा र आलु उत्पादन गर्छन्। खेतीका अतिरिक्त यहाँका गुरुङहरूले निकै ठूलो संख्यामा भेडा पाल्ने गर्छन्। हालै केही उद्यमशील गुरुङहरूले स्याउको परीक्षणात्मक खेती गर्न शुरू गरेका छन्। यस बाहेक हाल बढ्दो संख्यामा विदेशी पर्यटकहरू यहाँ भ्रमण र दृश्यावलोकनका लागि आउने गर्छन्।

घान्द्रुक गाउँ पञ्चायतले उपभोग्य पदार्थ अर्थात् चुरोट, नून, चीनी आदि ठेक्कामा तोकिएको व्यक्तिले मात्र बेच्न पाउने व्यवस्था गरेको छ। ठेक्काबाट उठ्ने रकम गाउँको विद्यालय कोषमा जम्मा हुने व्यवस्था गरिएको छ।

यहाँ एक निम्न माध्यमिक विद्यालय छ। नजीकको दाङसिङ पञ्चायतमा एक स्वास्थ्य चौकी राखिएको छ।

शीखा र घार

यी दुवै गाउँ पञ्चायतहरू जिल्लाको सदरमुकामबाट अन्दाजी २४ किलोमिटर (साढेसात कोस) उत्तरमा पर्छन्। कुश्माबाट उक्त स्थानहरूमा पुग्न वीरे ठाँटीबाट घोडेपानीको लेक उक्लेर वा कालीको तीरैतीर बेनी, राखु, तिप्लिङ र तातोपानी भएर जानु पर्दछ। तर पछिल्लो बाटो बढी घुमाउरो छ।

शीखा र घार दुई अलग पञ्चायत हुन् तापनि यिनीहरू एक अर्काबाट नजीक भएको र अन्य धेरै कुरामा निकै समान भएकोले शीखाघार पनि भन्ने गरिन्छ। यी दुवै स्थानमा जाडोमा निकै जाडो र गर्मीमा शीतल हावा चल्ने गर्छ। यस इलाकामा वर्षामा प्रायः कुइरो लाग्ने गर्छ। तर मौसम सफा भएको बेलामा यहाँबाट धवलागिरि, नीलगिरि तथा गण्डकी अञ्चलका हिम शिखरहरूको दृश्यावलोकन गर्न सकिन्छ। शीखा र घारको क्रमशः १,८७९ र १,३८३ जनसंख्या छ। घान्द्रुकमा गुरुङहरूको घना बस्ती रहे जस्तै शीखा घारमा बहुसंख्या मगरहरूको छ। तर यहाँ केही संख्यामा क्षेत्री, बाहुन र थकालीहरू पनि छन्।

यस इलाकामा गहुँ, मकै, जौ, र कोदो बाली लगाइन्छन्। खेतीयोग्य जमीनको कमीले गर्दा वर्ष दिन गरेको खेतीको उत्पादनबाट स्थानीय खाद्यान्नको आवश्यकता पूरा हुँदैन।

शीखा पञ्चायतमा केही वर्ष अघि पृथ्वीको गुरुत्वाकर्षणबाट चल्ने रज्जुमार्ग (रोपवेको) निर्माण गरिएको छ।[१] यहाँ उक्त योजनाका साथै खानेपानीको योजना पनि सम्पन्न भएकोले शीखा गाउँको विद्यालय निरको पानीको कल धारा र टयाङ्कीबाट स्थानीय जनताले खानेपानी उपलब्ध गरेकाछन्। यातायात र अन्य कठिनाइ हुँदा हुँदै पनि यहाँका शिक्षा-प्रेमी जनताको प्रयासको फलस्वरूप यहाँ एक माध्यमिक विद्यालय स्थापना गरिएको छ। यहाँ एउटा अतिरिक्त हुलाक र एक स्वास्थ्य चौकी पनि छन्।

घोडेपानी

उपर्युक्त शीखा गाउँदेखि करीब दुई किलोमिटर (आधा कोस) जति उत्तरमा २,८९६ मिटर (९,५०० फीट) को उचाइमा घोडेपानीको लेक अवस्थित छ। यस लेकबाट स्वच्छ मौसम भएमा उत्तर र दक्षिणका टाढा टाढाको प्रदेशहरू समेत देखिन्छ। यहाँ अत्यन्त स्वास्थ्यकर हावापानी पाइन्छ। केही वर्षअघिदेखि उक्त लेकमा निजी तवरले स्याउको खेती गर्न प्रयास गरिएको छ।

घोडेपानी लेकदेखि केही तल स्थित घोडेपानी गाउँमा आठ-नौ दुकान र भट्टी पसलहरू छन्। यो गाउँ मुस्ताङ जिल्ला जाने मूल बाटोमा पर्ने भएकोले यो स्थान भएर यस क्षेत्रका मानिसहरूका साथै विदेशी पर्यटकहरू पनि निकै संख्यामा आवत जावत गर्दछन्।

---

[१] यस बारे थप जानकारी यातायात, सञ्चार र बिजुली परिच्छेदमा दिइएको छ।

जनसंख्या र जनजीवन

जनसंख्या

२०२८ सालको राष्ट्रिय जनगणनाअनुसार पर्वत जिल्लाको कुल जनसंख्या १,१८,६८९ छ। त्यसमध्ये पुरुषहरूको संख्या ५६,९३० र स्त्रीहरूको संख्या ६१,७५९ भएको देखिन्छ । गण्डकी अञ्चलका सात जिल्लाहरूको १०,२३,११० जनसंख्यामध्ये पर्वत जिल्लामा ११.६ प्रतिशत जनसंख्या छ। अधिराज्यका ७५ जिल्लामा जनसंख्याको परिमाणको हिसाबले यो जिल्ला ५२ औं स्थानमा छ । यस जिल्लाको कुल क्षेत्रफल १,०९६ वर्ग किलोमिटर छ । जिल्लाको कुल क्षेत्रफल र संख्या हेर्दा यहाँ प्रति वर्गकिलोमिटर जन घनत्व १०८ व्यक्ति रहेको देखिन्छ ।

यस जिल्लाको कुल परिवार संख्या २३,३०६ छ । उक्त परिवारहरूमध्ये पाँच सदस्य भएको परिवार सबैभन्दा धेरै अर्थात् ३,६९५ छन् । जिल्लामा एक सदस्य संख्या भएको परिवारको संख्या १,३०४ बाट क्रमशः पाँच सदस्य संख्या नपुग्दासम्म परिवार संख्या बढ्दै गएको र छ सदस्य संख्या भएको परिवारदेखि परिवार संख्या घट्दै गएको देखिन्छ । यसमध्ये २० र सो देखिमाथि सदस्य संख्या हुने परिवार जम्मा २१ मात्र देखिएकोले धेरै ठूलो सदस्य संख्या हुने संयुक्त परिवारपट्टि साधारण प्रवृत्ति नभएको देखिन्छ। यस जिल्लामा प्रतिपरिवारको औसत सदस्य संख्या ५.१ छ ।

जिल्लाको आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा समेत विभिन्न उमेर समूहको आ-आफ्नो उमेर र लिङ्गअनुसारको भूमिका हुने भएकोले जिल्लाको कुल जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजित गरेर तलको तालिकामा देखाइएको छ ।

उमेर समूहको तालिका

उमेर समूह	पुरुष	प्रतिशत	महिला	प्रतिशत	जम्मा	प्रतिशत
० – ५	१०,५३०	१८.५	१०,३३१	१६.७	२०,८६१	१७.६
६ – १५	१५,५००	२७.३	१४,६९१	२३.७	३०,१९१	२५.५
१६ देखिमाथि	३०,९००	५४.३	३६,७३७	५९.६	६७,६३७	५७.०
जम्मा	५६,९३०	१००.१	६१,७५९	१००	११८,६८९	१००.१

माथिको तालिकामा ० देखि पाँच वर्ष उमेरका शिशुहरू, छ देखि १५ वर्षका विद्यालय जाने उमेर पुगेका बालकबालिका र १६ वर्षदेखि माथिका अर्थात् वयस्कहरू गरी जम्मा तीन उमेर समूहमा महिला पुरुष-

हरूको संख्या र तिनीहरूको प्रतिशत समेत देखाइएको छ। माथि उल्लेख गरिएअनुसार यस जिल्लामा शिशुहरूको जम्मा संख्या २०,८६१ छ। तिनीहरूमध्ये १०,५३० (१८.५) प्रतिशत पुरुष र १०,३३१ (१६.७ प्रतिशत) महिलाहरू छन्। जिल्लाको कुल जनसंख्याको १७.६ प्रतिशत शिशुहरू मात्र छन्।

दोस्रो उमेर समूह अर्थात् छ देखि १५ वर्ष पुगेका बालकबालिकाहरूलाई विद्यालय जाने उमेरको मानिएको छ। माथिको तालिकाअनुसार जिल्लामा उक्त उमेर समूहका बालकबालिकाहरूको संख्या ३०,१६१ भएको देखिन्छ। त्यसमध्ये बालकहरूको संख्या १५,५०० र बालिकाहरूको संख्या १४,६६१ भएको पाइन्छ।

माथिको तालिकाअनुसार यस जिल्लामा तेस्रो उमेर समूह अर्थात् १६ देखि माथिको वयस्कहरूको संख्या ६७,६३७ (५७.० प्रतिशत) छ। तिनीहरूमध्ये पुरुषहरूको संख्या ३०,९०० (५४.३ प्रतिशत) र महिलाहरूको संख्या ३६,७३७ (५९.६ प्रतिशत) भएको देखिन्छ। यसरी यस उमेर समूहमा पुरुषहरूको तुलनामा महिलाहरूको संख्या ५,८३७ बढी छ। यसो हुनामा एउटा कारण के हुन सक्छ भने यस जिल्लाका लोग्नेमानिसहरू निकै संख्यामा विदेशमा खासगरी भारत, मलाया र हङकङ आदि स्थानमा गई फौजमा वा अन्य नोकरीमा लागी काम गरेका हुन्छन्।

मानिसको उत्पादकत्व मुख्यतः उमेर माथि भर पर्ने भएकोले उमेरको आधारमा यस जिल्लामा भएका सक्षम र आश्रित जनसंख्याको स्थिति हेर्नु उपयुक्त हुनेछ।

नेपाल अधिराज्यमा ० देखि नौ वर्ष र ६० र सो माथिको उमेरका मानिसहरूलाई आश्रित समूह मानिन्छ भने १० देखि ५९ वर्षका मानिसहरूलाई सक्षम समूह मानिन्छ। यस हिसाबले यस जिल्लामा ० देखि नौ वर्षका आश्रित समूहको जम्मा संख्या ३३,८४८ (२८.५ प्रतिशत) र ६० र सोभन्दा माथिको उमेर समूहको जम्मा संख्या ८,८२४ (७.४ प्रतिशत) गरी जिल्लाको कुल जनसंख्या १,१८,६८९ मध्ये जम्मा ४२,६७२ (३५.९ प्रतिशत) आश्रित रहेका छन्। जिल्लामा सोदेखि बाहेक अर्थात् १० देखि ५९ वर्षको उमेर समूहको संख्या ७६,०१७ (६४.१ प्रतिशत) छ। यो उमेर समूहलाई सक्षम मानिएको छ। यसरी ७६,०१७ संख्या भएको सक्षम उमेर समूह माथि ४२,६७२ संख्या भएको आश्रित उमेर समूहको भार परेको देखिन्छ। यस हिसाबले यहाँ १०० जना सक्षमले आफू बाहेक थप ५६ जना आश्रितलाई पाल्नुपर्ने हुन्छ। त्यसकारण यस जिल्लाको आर्थिक निर्भरताको अनुपात १००: ५६ हुन आउँछ।

तर अन्तर्राष्ट्रिय परिपाटीअनुसार १५ देखि ६४ वर्षको उमेर समूहलाई सक्षम र त्यसदेखि बाहेकलाई आश्रित समूह मानिन्छ।

यस जिल्लामा (० देखि १४ वर्ष र ६५ वर्ष र सो देखिमाथि) आश्रित उमेर समूहको जम्मा संख्या ५३,५७३ (४५.१ प्रतिशत) र सक्षम उमेर समूह (१५ वर्षदेखि ६४ वर्ष) को संख्या ६५,११६ (५४.८ प्रतिशत) छ। यहाँ प्रति सक्षम १०० व्यक्तिले आफू बाहेक थप ८२ आश्रित व्यक्तिको भार बोक्नपर्ने हुन्छ। यसरी हेर्दा यस जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:८२ हुन आउँछ।

यस जिल्लामा छ वर्षदेखि माथिको जनसंख्या जम्मा ९७,८२८ भएको पाइन्छ। त्यसमध्ये पुरुषहरूको संख्या ४६,४०० र महिलाको संख्या ५१,४२८ भएको देखिन्छ। यिनीहरूमध्ये विवाह गरेका महिला र पुरुषको संख्या क्रमशः २९,९१९ र २३,४४० र विवाह नगरेकाको संख्या क्रमशः १६,३२१ र २१,६५४ छ।

विवाह गरेकामध्ये विधुरहरूको संख्या १,१८३ छ भने अर्कोतिर बिधुवाहरूको संख्या निकै बढी अर्थात् ४,९५६ भएको देखिन्छ ।

यस जिल्लामा छदेखि नौ वर्षका बीचका विवाहित वालक-बालिकाको संख्या क्रमशः १७ र २२ तथा १० देखि १४ वर्षको समूहबाट विवाहित हुने केटाहरूको संख्या ९३ र केटीहरूको संख्या ४३९ भएकोले बाल-विवाहको प्रथा केही मात्रामा कायमै रहेको देखिन्छ ।

२०२८ को राष्ट्रिय जनगणनाअनुसार यस जिल्लाको १,१८,६८९ जनसंख्यामध्ये १,०७,२१७ जना (९३.३ प्रतिशत) ले मातृभाषाको रूपमा राष्ट्रभाषा नेपाली बोल्छन् । बाँकीमा गुरूङ, नेवारी र मगर भाषालाई मातृभाषाको रूपमा प्रयोग गरी बोल्नेको संख्या क्रमशः ९,७७९; १,३९४ र ७७ भएको देखिन्छ।

गुरुङहरू आपसमा कुरा गर्दा भने प्रायः गुरुङ भाषामा बोल्छन् । बेंसीतिरका गुरुङहरू भने खस बाहुनका माझमा बसेको हुनाले आपसमा समेत नेपाली भाषामा कुरा गर्छन् । स्वभावतः लेकतिरका गुरुङभन्दा बेंसीतिरका गुरुङहरू बढी शुद्ध नेपाली बोल्छन् । जिल्लाको उत्तरी भेकमा बस्ने धेरैजसो मगरहरू पनि नेपाली भाषा बोल्छन् । पाल्पातिरका मगरहरू जस्तो यिनीहरूले आफ्नो मातृभाषा प्रयोग गरेको पाइँदैन। जिल्लामा बजार र हटियामा बस्ने सबैजसो नेवारहरू नेवारी र नेपाली दुवै बोल्छन् ।

यस जिल्लामा हाल जम्मा ५० गाउँ पञ्चायतहरू छन् ।[1] यी गाउँ पञ्चायतहरूको नाम र जनसंख्या तल दिइएको छः—

गाउँ पञ्चायतको नाम	जनसंख्या	गाउँ पञ्चायतको नाम	जनसंख्या
१. आठ घरे	१,४६८	२. आरू चौर	१,९४०
३. उ राम पोखरा	३,६५७	४. कार्कीनेटा	१,४२७
५. क्याङ	१,८७५	६. कुर्घा तिपलासे	२,०६४
७. कुश्मा शिवालय	२,१७९	८. खुर्कोटे	२,७३७
९. घण्टे देवराली	२,३०९	१०. घान्द्रुक	३,९१५
११. चुवा	९४८	१२. ठाना मौलो	१,५८५
१३. घार गाउँ	१,३३	१४. थापाठाना	२,९३२
१५. दाङसिङ	१,६८५	१६. दुर्लुंङ	२,८०५
१७. देउपुर काडेन	२,१९८	१८. घाइरिङ	२,९९६
१९. नागी	२,१०३	२०. नारच्याङ	१,४७८

---

[1] राष्ट्रिय जनगणना २०२८ अनुसार पर्वत जिल्लामा जम्मा ४९ गाउँ पञ्चायत र १,१८,६८९ जनसंख्या छ । तर जनगणना हुँदा भोकसिङ गाउँ पञ्चायतलाई समावेश गरिएको थिएन । त्यसैले हाल जिल्लाको कुल पञ्चायत संख्या ५० भए तापनि यस परिच्छेदमा जनसंख्या सम्बन्धी सबै तथ्याङ्क राष्ट्रिय जनगणनाबाटै लिइएको छ ।

२१. पाखापानी	३,८५७	२२. पाङ वडहरे	४,५२७
२३. पाङ राङ	१,२५९	२४. पाउदार	१,३४५
२५. फलेबास	३,५०६	२६. बाछा मसा हरा	१,६२३
२७. बाझुङ	२,९३८	२८. बराचौर	२,२०१
२९. भङ्गारा	२,३७४	३०. भुक देवराली	२,५५५
३१. भोर्ले	२,६७७	३२. मल्लाज माज फाँट	३,६५६
३३. मुडीकुवा	२,०२६	३४. रानीपानी	२,२६५
३५. राम्चे	१,४१७	३६. लाङ्दी	१,२९५
३७. लिमी ठाना	१,९५५	३८. लुँखु देउराली	३,७७९
३९. लेख फाँट	२,२९४	४०. वाहाकी ठाँटी	३,४८१
४१. सावेंत	१,१२३	४२. सालिजा	१,९६६
४३. शङ्कर पोखरी	३,७७२	४४. शीखा	१,८७९
४५. शींगार कोश	१,६६५	४६. हिस्ताङ	३,०१८
४७. हुवास	३,७४८	४८. होश्राङ्दी	१,८२२
४९. त्रिवेणी	४,९८२		

यस जिल्लामा भएको ५० गाउँ पञ्चायतहरूमध्ये सबैभन्दा धेरै गाउँ पञ्चायत (२० वटा) मा ९४८ देखि १,९६६ जनसंख्या रहेको पाईन्छ । त्यसपछि २,०२६ देखि २,९९६ जनसंख्या भएको १८ वटा गाउँ पञ्चायत छन् । ४,००० भन्दा बढी जनसंख्या भएको जम्मा दुईवटा गाउँ पञ्चायत भएको देखिन्छ ।

उपर्युक्त पञ्चायतहरूमध्ये उच्च पहाडी भाग अर्थात् लेकाली प्रदेशका धेरैजसो पञ्चायतहरूमा गाउँ पञ्चायतहरूको जनसंख्या निकै कम र टार तथा बेंसी भागमा भने निकै घना जनसंख्या भएको देखिन्छ । यस जिल्लाको सबैभन्दा धेरै जनसंख्या भएको गाउँ पञ्चायतमा त्रिवेणी गाउँ पञ्चायत (४,९८२) र सबैभन्दा कम चुवा गाउँ पञ्चायत छ । यस जिल्लाको कुल जनसंख्या १,१८,६८९ र जम्मा गाउँ पञ्चायतको संख्या ५० भएकोले औसत गाउँ पञ्चायतको जनसंख्या २,४२२ भएको देखिन्छ ।

जनजीवन

पर्वत जिल्लाको साँघुरो भौगोलिक परिधि भित्र अनेकौं जातजातिहरू बसोबास गर्दछन् । अन्नपूर्ण हिमालमुनिको लेकाली भागमा एकातिर घान्द्रुक, लान्द्रुक, सावेंत र मोरिया जस्ता गुजमुज्ज परेका गुरुङ गाउँ छन् भने अर्कोतिर नारच्याङ, शीखा घार र हिस्ताङमा मगरहरूको उस्तै खालको बसोबास रहेको छ ।

जिल्लाको दक्षिणी भेकका होचा पहाडी भागमा र बेंसीमा बाहुन, क्षेत्री, नेवार, घर्ती, कुमाल, दमाई, कामी, सार्की जातिका मानिसहरू बस्दछन् । यिनीहरूसँगै केही मात्रामा मगर, थकाली र निकै ठूलो मात्रामा गुरुङहरू समेत मिसिएर बस्ने हुनाले होचो भू-भागमा मिश्रित गाउँहरूको संख्या बढी पाइन्छ ।

कृषि नै जीविकोपार्जनको मुख्य आधार हो तापनि स्थानविशेषको भौगोलिक वातावरणअनुसार यी विभिन्न जात-जातिको लवाइ-खवाइ, स्वभाव र पेशामा केही न केही भिन्नता पाइन्छ । बेंसीका मानिस-

हरूको तुलनामा लेकतिरका बासिन्दाहरूले पशुपालनमा बढी जोड दिन्छन् । यहाँ नेवार र थकालीहरू पनि निवास गर्छन् । यी जातिहरू खेतीपातीमाभन्दा बढी वाणिज्यमा लागेका हुनाले अधिकांश हाट बजारमा बस्दछन् । यस जिल्लामा भक्तपुर, पाटन र बनेपाबाट बसाइँ सरी आएका नेवारहरूको संख्या बढी पाइन्छ। भक्तपुरे नेवारहरूले विस्केट् यात्रा, बनेपालीले चण्डीपूर्णे र ललितपुरेले अक्षय तृतीयालाई मनाउने गर्दछन्। त्यस्तै थाकखोलाबाट बसाइँ सरी आएको थकाली जातिको संख्या यहाँ थोरै छ । नेपालको पूर्वी भागमा किरातहरू जस्तै गण्डक क्षेत्रमा मगरहरू पनि पुराना बासिन्दा हुन् । यस जिल्लाको मगरहरू सबैले नेपाली भाषा बोल्छन् । हालसम्म पनि केही संख्यामा खास गरी उत्तरी भेकका मगरहरूले बुद्ध धर्म र लामा धर्म मान्ने गरेको पाइन्छ । यिनीहरूमध्ये केहीले भाञ्जाकोसट्टा बाहुनलाई पुरोहित बनाउन थालेका छन् र जूठो बार्नेदेखि लिएर अन्य कर्मकाण्ड आदि गर्ने गर्छन् । त्यसकासाथै भूमे र भैरव आदि देव-देवताको पूजा पनि गर्दछन् । यिनीहरू ज्यादै सोझा, सहनशील र सरल स्वभावका हुन्छन् ।

यहाँको वासिन्दाको उल्लेखनीय चाड पर्वहरूमा बडादशैं, तिहार, माघे संक्रान्ति, श्रीपञ्चमी, नागपञ्चमी, साउने संक्रान्ति र जनैपूर्णे आदि हुन् । यी पर्वहरूमा झण्डै सबैजसो जात जातिले हिन्दू परम्पराअनुसार उत्साहका साथ भाग लिन्छन् र मनाउँछन् । यसरी सयकडौं वर्षदेखि एकसाथ बसिरहेका यी विभिन्न जात जातिका बीचको लामो अन्तर्सम्वन्धको प्रक्रियाले एक-अर्कालाई प्रभावित पार्दै लगेको छ ।

गण्डक क्षेत्र गुरुङ जातिको प्राचीनकालदेखिकै बासस्थानको रूपमा रहेको छ । गुरुङ जातिको पुर्ख्यौलीस्थल लमजुङ र त्यस वरपरको स्थलहरू नै हुन् । सम्भवतः जनसंख्या बढी हुँदै गएपछि यो जाति अन्यत्र फैलिंदै गयो । यस जिल्लाको मोदी उपत्यकाका गुरुङहरू आजभन्दा १० देखि ३० पुस्ता अघिसम्म लमजुङ र त्यस वरपरका क्षेत्रबाट बसाइँ सरी आएका थिए भन्ने कुरा हाल यहाँ भएका र लमजुङका गुरुङहरूको वंश र नाता सम्बन्धी तथ्याङ्कको अध्ययनले देखाउँछ ।[१]

वि. सं. २०२८ को राष्ट्रिय जनगणनाअनुसार गण्डकी अञ्चलका सात जिल्लामा गुरुङ भाषा बोल्नेहरूको कुल संख्या १,२२,०८७ छ । त्यसमध्ये पर्वत जिल्लामा ६,७७६ (आठ प्रतिशत) मातृभाषा गुरुङ हुनेहरू छन् ।

गुरुङ जाति "चारजात" र "सोह्र जात" मा विभाजित भएको पाइन्छ तापनि चारजाते तथा सोह्रजाते दुवैको सांस्कृतिक र शारीरिक समानताले सम्पूर्ण गुरुङहरू एउटै बाबु-बाजेका शाखा सन्तान हुन् भन्ने कुरामा सन्देह छैन । स्वभावतः बहुसंख्यक गुरुङहरू चारजाते र सोह्रजातेका विभाजनलाई कृत्रिम, अनावश्यक र अनुचित ठह्र्याउँछन् । यी दुवै समूहका धार्मिक कृत्यहरू एउटै छन् । सम्पूर्ण धार्मिक र सामाजिक कृत्य चाड र पर्वहरूमा दुवैले समानरूपले भाग लिन्छन् । यसका साथै यिनीहरूका सामाजिक शिष्टाचार आदिमा समेत जातको कारणले कुनै विशेष विषमता देखिनेखालका व्यवहारहरू भएको पाइँदैन । आज गुरुङ समुदाय महत्वपूर्ण परिवर्तनको प्रक्रियाबाट गुज्रेर गइरहेको छ ।

---

१. हामीसँग उपलब्ध हुन आएको फ्रेन्च मानवशास्त्री Bernhard Pignede को An Organisation and Hierarchy among the Gurungs (Mimeograph), १९५६, पृष्ठ २ मा आधारित

गुरुङ जातिको परम्परागत विचार र व्यवहारमा परिवर्तन ल्याउने विभिन्न महत्वपूर्ण कारणहरू छन्। त्यसमध्ये लाहुरे अर्थात् विदेशी सेनामा भर्ना हुने व्यवसाय पनि एक हो। यो व्यवसायमा लाग्नेहरूमा सबैभन्दा धेरै संख्या मगर र दोस्रोमा गुरुङ जाति पर्न आउँछ। त्यसैले प्रायः गुरुङ जातिको प्रत्येक परिवारको एउटा न एउटाले विदेशी सेनाको अनुभव पाएको हुन्छ।

यसबाट गुरुङहरूका बीचको सामाजिक भेदभाव र आर्थिक असमानतालाई केही हदसम्म कम गर्नमा मद्दत मिल्यो। विदेशी सेनामा काम गर्दा चारजाते वा सोह्रजातेका आधारमा होइन कि व्यक्तिगत योग्यतामाथि पदोन्नति हुने र देश-विदेशका विभिन्न गतिविधि र प्रविधिहरू समेतबाट लाहुरेहरू परिचित भई आउने भएकोले परम्परागत संस्कार र प्रवृत्तिहरू स्वतः कमजोर हुन थाले।

धेरैजसो गाउँका जिम्मावाल, मुखिया पुस्तैनी रूपमा चारजाते गुरुङहरूले चलाईआएका थिए जसले गर्दा तिनीहरूको निकै ठूलो आर्थिक अधिकार र सामाजिक प्रतिष्ठा हुन्थ्यो। तर प्रजातन्त्रोत्तर नेपालमा जिल्ला र केन्द्रका बीच बढी सम्पर्क हुनथाल्यो र केन्द्रीय सरकारले यस्ता कदमहरू उठाउन थाल्यो जसले गर्दा परम्परागत रूपमा शक्तिशाली भएको सम्पूर्ण समूहको स्थिति निकै कमजोर हुनथाल्यो। यस्ता कदमहरू मध्ये जिम्मावाल, मुखियाले बेठ बेगार पाउने अधिकारको उन्मूलन पनि एक हो।

यसै समयतिर नेपालको राष्ट्रिय राजनीतिले दूरगामी परिवर्तन ल्याउने किसिमले कोल्टे फेर्‍यो। २०१९ सालदेखि पञ्चायत प्रणालीको सूत्रपात गरियो। यस प्रणालीको सबैभन्दा ठूलो विशेषता गाउँलाई कार्यक्षेत्र बनाउनु हो। गाउँ पञ्चायत ऐनले गाउँको भाग्यको निर्णय एकाध ठूला ठालुले होइन कि प्रजातान्त्रिक पद्धति अनुसार जनताले निर्वाचन गरेका पञ्च प्रतिनिधिद्वारा निर्णय हुने भयो। गुरुङ जातिका बीच रहेको जातिभेद र वर्णानुक्रमको आधारमा चलिआएको श्रेणीबद्ध सामाजिक विशेषाधिकारलाई भत्काएर पञ्चायत व्यवस्थाको प्रयोगले गहकिलो प्रभाव पार्ने खालका सुधारहरू ल्याएको छ जसबाट ग्रामीण समाजलाई राष्ट्रिय जीवनमा एकीकृत गर्ने कार्य हुनगएको छ।[1]

यसकासाथै केही वर्षदेखि सडकहरूको निर्माण र हवाइ सेवा आदिले विभिन्न जातिहरूको सामाजिक सम्बन्धलाई गतिशील बनाइदिएको छ। अब गुरुङहरू केवल खेती गर्न वा लाहुरे हुनमा मात्र सीमित छैनन्। उनीहरू बन्द व्यापार, स्वदेशको सरकारी वा गैर सरकारी नोकरीमा प्रवेश गर्नुका साथै पञ्चायती राजनीतिक गतिविधिमा संलग्न रहेका छन्। त्यसका अतिरिक्त कुना कुनाका गुरुङ गाउँहरूमा विद्यालयहरू खोलिएका छन्। जसले गर्दा यिनीहरूमा व्यापक चेतनाको लहर फैलिँदै गइरहेको छ। यस प्रक्रियामा गुरुङहरूले जाति विशेषको छुट्टै अस्तित्वभन्दा पनि तीव्रगतिले विकास गरिरहेको राष्ट्र (नेपाल) मा व्यापक र सामञ्जस्यपूर्ण अस्तित्वलाई अँगाल्न पुगिरहेका छन्।[2]

---

1. Messerschmidt, Donald--The Gurungs of Nepal. (Monograph) 1974, p.41
2. Ibid

आर्थिक अवस्था

यो जिल्लामा कृषियोग्य जमीनको कमी रहेको छ तापनि मुलुकका अन्य भागमा झैं यहाँका बासिन्दाको मुख्य आर्थिक आधार कृषि र पशुपालन हो । कृषि बाहेक जिल्लाबासीको आयको थप स्रोत परम्परादेखि चालिआएका कुटीर उद्योग, विदेशी सेना भर्ती र हिउँदे रोजगारी हुन् ।

कृषि

यस जिल्लामा खेतमा धान, मकै, गहुँ, आलु, प्याज, केराउ आदि र पाखामा मकै, कोदो, फापर, आलु, जुनेलो, गहुँ, उवा, सिमी, बोडी आदि लगाइन्छन् । त्यसका अतिरिक्त केही मात्रामा तोरी र उखुको खेती गरिन्छ ।

यहाँका किसानहरूले धेरैजसो खेतमा चैतमा मकै छर्छन् र असारमा मकै भाँचेपछि धान रोप्न शुरु गर्छन् । मकै नलगाएको खेतमा असारको पहिलो हप्तातिर नै धान बाली लगाउन थालिन्छ । साउन–भदौतिर गोडमेल गरेपछि कात्तिकको पहिलो हप्तातिरबाट धान काट्ने काम हुन्छ । धानबाली भित्र्याएको केही हप्ताभित्रै आलु, प्याज वा गहुँ आदि बाली लगाइन्छ र फागुनको अन्तसम्ममा सो बालीहरू थन्क्याएपछि मकै छर्ने काम हुन्छ । यसरी यहाँको खेतको अधिकांश भागमा वर्षमा दुई वा तीन बाली लाग्छ ।

लेकाली पाखो जग्गामा फागुनमा र बेंसीतिर वैशाखमा मकै बाली लगाइन्छ । मकै बालीलाई दुई पटक जति गोड्ने काम गरिन्छ । यसरी गोडमेल गरेपछि कोदो रोप्न थालिन्छ । भदौको पहिलो हप्तातिर बेंसीमा र त्यसभन्दा केही हप्ता अघि लेकमा मकै भाँचने काम गरिन्छ । कोदो टिप्ने काम कात्तिक महीनाको दोस्रो हप्तातिरबाट शुरू हुन्छ । कृषि तथ्याङ्क २०२८ अनुसार आर्थिक वर्ष २०२४।०२५ देखि २०२९।०३० सम्म यस जिल्लामा भएको मुख्य बालीहरूको उत्पादन निम्नप्रकार छः–

क्षेत्र र उत्पादनको तालिका

क्षेत्रः हेक्टरमा
उत्पादनः मेट्रिकटनमा

वर्ष	धान		मकै		गहुँ		कोदो	
	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
२०२५।०२६	१,८००	४,५००	३,५००	६,५१०	९५०	१,२३५	२,२००	२,६४०
२०२६।०२७	१,८००	४,५००	३,६००	६,८०४	९७५	१,२६७	२,२००	२,६४०
२०२७।०२८	१,८२५	४,६५४	३,८००	७,२२०	९७५	९७५	२,३००	२,७८३
२०२८।०२९	१,६०८	४,३३४	३,६००	४,४३५	९००	९९०	—	—
२०२९।०३०	१,८२५	४,३८०	३,७००	५,१८०	९००	८१०	२,४००	२,९१६

क्षेत्र र उत्पादनको तालिका

क्षेत्रः हेक्टरमा
उत्पादनः मेट्रिक टनमा

वर्ष	जौ		आलु		तेलहन	
	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
२०२५।०२६	३५०	३५९	४५०	२,४७५	७५	३१
२०२६।०२७	३५०	३६२	४५०	२,३८५	७५	३१
२०२७।०२८	३६०	३७३	५००	२,६५०	१००	४२
२०२८।०२९	—	—	—	—	—	—
२०२८।०३०	३७०	३८२	५००	२,७००	१००	४०

उपर्युक्त तालिकाले २०२५।०२६ देखि २०२९।०३० सम्मको पाँच वर्षको अवधिमा यस जिल्लाको कृषि गतिविधिलाई करीब करीब एकनाशको भएको देखाउँछ । २०२५।०२६ मा धान लगाइएको क्षेत्र १,८०० हेक्टर थियो र २०२९।०३० मा त्यो क्षेत्र बढेर १,८२५ पुगेको छ। उत्पादनको क्षेत्रमा शुरू वर्षमा अर्थात् २०२४।०२५मा ४,५०० मेट्रिक टन धान उत्पादन भएको थियो भने पाँच वर्षको अवधिभर त्यो परिमाणमा कुनै खास वृद्धि भएको देखिंदैन । यही कुरा अन्य सबै जसो बालीलाई लागू हुन्छ । तर सो पाँच वर्षको अवधिमा मकै र कोदो बाली लगाउने क्षेत्र र उत्पादन समेत केही वृद्धि भएको देखिन्छ । मकै बाली शुरू वर्ष २०२५।०२६ मा ३,५०० हेक्टरमा लगाइएको र उत्पादन ६,५१० मेट्रिक टन थियो । २०२७।०२८ मा सो वृद्धि भएर ३,८०० हेक्टर र उत्पादन ७,२२० मेट्रिक टन पुगेको देखिन्छ । बढी उत्पादन र उपभोग हुने भएकोले मकैलाई नै यहाँको मुख्य बाली मान्नु पर्ने हुन्छ । केही वर्ष अघि देखि यहाँ गहुँ बाली लगाउन थालिएको छ । तर यो बालीको महत्व र जनप्रियता अनुसार शुरू वर्षदेखि लगाइएको क्षेत्र र उत्पादनमा खास वृद्धि भएको देखिंदैन । दोस्रो मुख्य मुख्य बालीमा लगाइने क्षेत्र र उत्पादनको हिसाबले कोदो आउँछ । कोदो र मकै पाखे र वर्षे बाली भएकोले एक साथै लाग्छन् त्यसैले मकै लगाइने क्षेत्रको वृद्धि भएपछि कोदो लगाइने क्षेत्र पनि बढ्दछ । माथिको तथ्याङ्कले गत पाँच वर्षमा कोदो र मकै उत्पादनमा साधारण वृद्धि बाहेक अन्य खाद्यान्न उत्पादनको स्थिति अपरिवर्तित रहेको देखाउँछ ।

कृषि तथ्याङ्क २०२८ अनुसार यस जिल्लामा २१,१०० मेट्रिक टन कुल खानयोग्य खाद्यान्न उत्पादन हुन्छ । तर यस जिल्लाका कुल बासिन्दाका निम्ति वार्षिक १९,६०० मेट्रिक टन खाद्यान्न आवश्यक हुन्छ । यस हिसाबले पर्वत जिल्लामा प्रत्येक वर्ष नपुग हुने ७,५०० मेट्रिक टन खाद्यान्न जिल्ला बाहिरबाट आयात गर्नु पर्ने हुन्छ ।

यस जिल्लाको नगदे बालीमा उल्लेखनीय आलु हो । आलु खेती विशेषत जिल्लाको उत्तरी भेकमा र केही मात्रामा दक्षिणी भागमा समेत लगाउने गरेको पाइन्छ । यहाँ २०२९।०३० मा सबैभन्दा बढी अर्थात् २,७०० मेट्रिक टन आलु उत्पादन भएको थियो । ती हुन् तरकारीको अभाव भइरहने भएकोले जिल्लाका विभिन्न भागबाट उत्तरतिरका आलु उत्पादन गर्नेकहाँ सोझै आलु खरीद गर्न मानिसहरू जाने गर्छन् । बाँकी रहेको आलु स्याङ्जा र पोखराको बजारमा लगी बिक्री गरिन्छ । अन्न सङ्कटको बेलामा उत्तरतिरका बासिन्दाहरू आलुसँग अन्न सटही गर्न भारीका भारी आलु लिएर दक्षिणी भागमा आउँछन्। गत केही वर्षमा आलु लगाइने क्षेत्र र उत्पादनमा केही न केही बढ्दै गएको कुरा माथिको तालिकाले समेत देखाएको छ ।

यहाँ बाली लगाउने र थन्काउने याममा विशेष गुरुङ जातिमा "पर्म" लगाएर काम गर्ने व्यापक प्रचलन छ । यो प्रथा अनुसार सहयोग गर्न आएको मानिसलाई "अर्नी" अर्थात् खाजा दिने गरिन्छ । तर नगद ज्याला दिईंदैन । एउटालाई पर्दा अर्को आएर काम गर्छ अर्थात् "पर्म" लगाउँछ । र "पर्म" बाट नै सो तिरिन्छ । त्यसका अतिरिक्त खेती लगाउन "हली" राख्ने पनि चलन छ, हलीले उत्पादित मुख्य बालीको प्रति मुरी एक पाथीको दरले वार्षिक पाउँछ । यहाँ कृषि मजदूरलाई दिनको रू. पाँच–छ सम्म ज्याला दिने गर्छन् ।

यस जिल्लामा आगामी पञ्चवर्षीय योजनाकाल भित्र नापी हुने भएको छ । नापी नहुँदासम्म यस जिल्लाको खेत, पाखो, जग्गाको वास्तविक परिमाण पत्ता लगाउन कठीन भएको छ । जिल्ला भूमि सुधार कार्यालयले प्राप्त गरेको जमीन सम्बन्धी विवरणबाट पनि जग्गावालाले आफूखुशी अन्दाजी परिमाण तोकेर दिएबाट यथार्थ चित्र देखिन आउँदैन । त्यसमाथि उपलब्ध तथ्याङ्कहरूमा एकरूपता पाइँदैन । कृषि तथ्याङ्क २०२८ अनुसार यस जिल्लामा कुल ८,००० हेक्टरमा खेतीपाती गरिएको छ । यसबाट जिल्लाको कुल सात प्रतिशत जमीन आवाद रहेको देखिन्छ । जिल्ला माल कार्यालयकाअनुसार वि. सं. १९९५ सालको पाखा घरदर वि. सं. १९९९ सालको खेततर्फको तीन महले मोठ र त्यसपछि सालसालै हुने गरेका नम्बरीका आधारमा यस जिल्लामा अब्बल, दोयम, सीम, चाहार र किसिम नखुलेको गरी जम्मा १,३५,५०० माटो मुरी खेत जग्गा छ । एक रोपनीमा चार मुरी माटो हुन्छ । यस हिसाबले यस जिल्लामा जम्मा करीब ३३,८७५ रोपनी खेत भएको देखिन्छ । त्यस्तै पाखो तर्फ हल, पाटे, कोदाले, फटके र किसिम नखुलेको समेत गरी जम्मा करीब १,२४,००० माटो मुरी अर्थात् ३१,००० रोपनी पाखो जग्गा भएको देखिन्छ । जिल्ला माल कार्यालयअनुसार खेत पाखो दुवै गरी कुल आवाद जमीन ६४,८७५ रोपनी (३,२४४ हेक्टर) छ । यसरी माथि उल्लिखित कृषि तथ्याङ्क र माल कार्यालयको तथ्याङ्क भिडाउँदा निक्कै ठूलो फरक पर्न आउँछ । यसो हुनुमा अन्य कारण लगायत कतिपय हाल आवादी जग्गा वा रैकरमा परिणत गर्नु पर्ने जग्गा हालसम्मदर्ता वा नम्बरी नहुनु पनि एक मुख्य कारण हुनसक्छ । यस जिल्लामा बिर्ता सम्बन्धी कतिपय कारवाही अझै टुङ्गिएका छैनन् । बिर्ता उन्मूलन ऐन २०२६ अनुसार रैकरमा परिणत गरी पाउँ भन्ने निवेदनहरू स्थानीय माल कार्यालयमा परेका छन् ।

यस जिल्लामा भूमिपतिहरूको जम्मा संख्या २४,५३३ छ । तिनीहरूको संख्या र तिनीहरूको अधीनमा रहेको जग्गा निम्नअनुसार छः–

जग्गाको परिमाण	जग्गा धनी
एक रोपनीदेखि २० रोपनीसम्म	२४,१५२
२० रोपनीदेखि ३० रोपनीसम्म	२८२
३० रोपनीदेखि ४५ रोपनीसम्म	६३
४५ रोपनीदेखि ६० रोपनीसम्म	१९
६० रोपनीदेखि ८० रोपनीसम्म	१३
८० रोपनीदेखि बढी हुनेको	४
जम्माः–	२४,५३३

माथि देखाइएअनुसार भूमि सम्बन्धी ऐन २०२१ ले तोकेको हदबन्दीभन्दा बढी (पहाडी जिल्ला भएकोले ८० रोपनीभन्दा बढी) जग्गा हुने जग्गाधनीको संख्या यहाँ जम्मा चार मात्र भएको देखिन्छ । पहाडी जिल्ला भएकोले धनीभन्दा धनी किसानको पनि १०० रोपनीभन्दा बढी जग्गा बिरलै हुन्छन् । जिल्लाको

जग्गाधनीको कुल संख्या २४,५३३ मध्ये २४,१५२ अर्थात् ९८.४ प्रतिशतको स्वामित्व एकदेखि २० रोपनी सम्म भएको देखिन्छ ।

कृषि तथ्याङ्क २०२८ अनुसार यस जिल्लाको कुल आवाद जमीन ८,००० हेक्टर भएको र यहाँ परिवार संख्या जम्मा २३,३०६ भएकोले प्रतिपरिवारलाई ०.३४ हेक्टर (करीब सात रोपनी) पर्न आउँछ ।

जिल्लामा वैज्ञानिक किसिमले नापी नहुँदासम्म हदबन्दीभन्दा बढी जग्गाको वास्तविक क्षेत्रफल यकीन गर्न सम्भव भएको छैन। त्यसैले श्रेस्तामा जे जति हदबन्दीभन्दा बढी जग्गा देखिएको छ सो हालसम्म वितरण गरिएको छैन ।

यस जिल्लामा दुई किसिमका मोहीहरू छन् । आफ्नो र अर्काको समेत जग्गा कमाउने मोहीको संख्या १,९०८ र अर्काको जग्गामात्र कमाउने मोहीको संख्या ८० गरी जम्मा मोहीको संख्या १,९८८ छ । जिल्लाको आवाद जमीनको परिमाण ज्यादै कम भएको र बहुसंख्यक मोहीले आफ्नो र अरूको समेत जग्गा कमाई गर्ने गरेकोले यहाँ मोहियानी हकलाई लिएर खिचोला हुँदैन । आफूले कमाई गरिआएकोले आफ्नो मोहियानी हक साधारणतः सुरक्षित भएको मानिए तापनि भूमिसुधार कार्यक्रम अन्तर्गत मोहीको हक कायम गरी मोहीलाई निस्सा दिने कार्य हालसम्म यस जिल्लामा भएको छैन । त्यस्तै मोहीले जग्गावालालाई बुझाउनु पर्ने कूतको सम्बन्धमा पनि परम्परागत रूपमा मुख्य बालीको आधा उत्पादन बुझाउने चलन कायमै छ । कुनै कुनै जग्गावालाले प्रत्येक बाली उत्पादनको आधा (अधिया) लिने पनि गर्छन् । हालसम्म यहाँ कूत निश्चित् गरिएको छैन

यस जिल्लामा अनिवार्य बचतको रूपमा नगदीमा जम्मा रू. १,०१,४७५। र जिन्सीमा ३,४६० मुरी खाद्यान्न सङ्कलन गरिएको छ । सो मध्येबाट कृषि कार्यका लागि वा खाद्यान्न सङ्कटका समयमा सम्बन्धित ग्राम समिति मार्फत् किसानलाई अन्न ऋण दिइन्छ ।

मालपोत

यस जिल्लामा अझै पनि परम्परागत ढङ्गले राजस्व असूल तहसील गर्ने गरिन्छ । यस कार्यका लागि यहाँ खेततर्फ १४७ जिम्मावाल र पाखातर्फ १८७ गरी जम्मा ३३४ जिम्मावाल, मुखिया तैनाथ गरिएका छन् । यिनीहरूले प्रत्येक पञ्चायतबाट जग्गाको प्रकारअनुसार तोकिएको मालपोत किसानहरूबाट उठाएर जिल्ला माल कार्यालयमा बुझाउँछन् । उठाएको रकमको पाँच प्रतिशत कमिशन पाउने गरेका छन् । यस बाहेक यिनीहरूलाई सरकारी तथा गैर-सरकारी अरू कुनै विशेषाधिकार दिइएको हुँदैन तापनि जिम्मावाल, मुखिया पद अझै पनि प्रतिष्ठाको विषय मानिन्छ । यस जिल्लामा जग्गाजमीनबाट वार्षिक रू. ७९,००२। मालपोत उठ्ती हुने गर्छ ।

पशुपालन

कृषि कार्यसित पशुपालनको घनिष्ठ सम्बन्ध भएकोले जिल्लाका सबैजसो किसानले साधारणतः गाई, भैंसी, गोरु, बाख्रा, भेडा, पक्षीमा कुखुरा, हाँस र परेवा पाल्ने गर्छन् । धेरैजसो गाउँहरूमा एउटा वा दुइटाभन्दा बढी राँगो पाल्ने गर्दैनन् । यस जिल्लाबाट निकै मात्रामा जिल्ला बाहिर घ्यू निकासी गरिन्छ । तर जिल्लामा उत्पादित राँगा, बोका, खसी सबैजसो जिल्लामा नै खपत हुन्छ ।

जिल्लाको उत्तरी भागमा विशेषतः भेडा पालनको लागि उपयुक्त जलवायु र पोसिलो घाँस पाइने ठूला ठूला चरन र खर्कहरू पाइन्छन् । त्यसैले लेकाली भागमा परम्परागत ढङ्गले निकै मात्रामा भेडा पालन

गरिन्छ। वैशाख–जेठतिर हिउँ पग्लन शुरू भएपछि लेकाली प्रदेशमा भेडा गोठ लैजाने गरिन्छ। भदौ–असोजतिर हिउँ पर्न थालेपछि भेडा गोठलाई तल गाउँतिर ओरालिन्छ। यसरी भेडागोठ माथि तल लाँदा ल्याउँदा तीन दिनभन्दा बढी भेडा चरन उपयोग गरे बापतमा सम्बन्धित पञ्चायतलाई केही रूपैयाँ दस्तूर बुझाउने चलन छ। तर बाँझो खेत र बारीमा केही दिन भेडी गोठ राखेमा दस्तूर लिने गरिंदैन। फागुन–चैत र भदौ-असोज तिर वर्षमा दुई पटक भेडाको ऊन काट्ने गरिन्छ।

यस जिल्लामा खासगरी घान्द्रुक, लाङदी, सावेत तिरका गुरुङहरू र शीखाघार तिरका मानिसहरू भेडा पालन गर्छन्। साधारणतः एक परिवारको १० देखि २५ वटा भेडाहरू हुन्छन्। विभिन्न परिवारका सबै भेडाहरू मिलाएर करीब करीब २०० देखि ४०० सम्मको ठूलो बथानले एक भेडी गोठ बन्छ। यी भेडी गोठहरू हरबखत एक ठाउँबाट अर्को ठाउँमा लैजाने गर्दा अनेकौं समस्याहरू आइपर्छन्। एक अनुमानअनुसार ५० प्रतिशतभन्दा बढी भेडाका पाठा पाठीहरू मर्छन्।

उत्तरी भागका निवासीहरूको निम्ति भेडापालन एक महत्वपूर्ण आर्थिक स्रोतको रूपमा रहिआएको छ। तर क्रमशः वैज्ञानिक ढङ्गले भेडा पालन, आवश्यक सहूलियत र प्रोत्साहन दिन आवश्यक भएको छ।

यहाँका गाई वस्तुहरू भ्यागुते, लोहुमुते, खोरेत, नाम्ले र चरचरे आदि रोगबाट पीडित हुने गर्छन्। यस जिल्लामा पशु चिकित्सालय नभएकोले संक्रामक रोगको प्रकोप भएको समयमा पोखरा पशु-चिकित्सालयबाट सम्बन्धित विशेषज्ञ मगाएर उपचार गर्ने गरिएको छ।

यस जिल्लाका किसानहरू उन्नत नश्लका राँगा, साँढे, कुखुराका चल्ला प्राप्त गर्न उत्सुक छन्। जिल्लाका किसानहरूको कठोर आर्थिक जीवनलाई ध्यानमा राख्दा र पर्वत जिल्लाका निकै जसो बासिन्दाहरू देश विदेश घुमी कतिपय आधुनिक प्रविधिबाट समेत परिचित भएकोले कृषि विकास कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्न यिनीहरूबाट खँदिलो योगदान हुन सक्छ।

फलफूल खेती

यस जिल्लाको मध्य र दक्षिणी भागमा अर्ध उष्ण हावापानीमा हुने आँप, रूख र भूइँकटहर, केरा, अम्बा, (स्थानीय भाषामा "बेलौती") नासपाती, आरू, आलुबखडा, दारिम र सुन्तला जस्ता फलफूलहरू पाइन्छन्। उत्पादित फलफूलहरू सबैजसो जिल्लामा नै खपत हुन्छन्। यातायातको कठिनाइले गर्दा र फलफूल चाँडै सड्ने भएकोले पनि जिल्ला बाहिर फलफूल निकासी हुँदैन।

जिल्लाको उत्तरी भागमा पर्ने घोडेपानीको लेकमा शीखाघार गाउँका केही उद्यमशील भूतपूर्व सैनिकहरूले लेकाली हावापानी सुहाउँदो स्याउ, आरू र हाडे ओखरको खेती केही वर्ष अघिदेखि गर्न थालेका छन्। यो प्रयासको सफलताले फलफूल खेतीको लागि जिल्लामा नयाँ प्रेरणा दिनेछ। यस जिल्लामा कृषियोग्य भूमिको कमी रहेको र यहाँका जलवायुलाई ध्यानमा राखेर श्री ५ को सरकारले अन्य पहाडी जिल्लामा झैं फलफूल खेती कार्यक्रम लागू गर्ने भएको छ।[1]

कृषि विकास

गण्डकी अञ्चलको सबैभन्दा पश्चिममा परेको पर्वत जिल्लामा विशेषतः यातायातको असुविधाले व्यवस्थित ढङ्गबाट कृषि विकास कार्यक्रम सञ्चालन हुन सकेको छैन। हालसम्म यहाँ जिल्ला कृषि विकास कार्यालय स्थापना भएको छैन।

---

१. कृषि विकास योजना २०३०– श्री ५ को सरकार खाद्य कृषि तथा सिचाइ मन्त्रालय, पृष्ठ २१

कृषि उत्पादन बढाउन आवश्यक विभिन्न कृषि सामग्रीहरू, उन्नत जातका बीउ बीजन, रासायनिक मल, कीटाणुनाशक औषधि र आधुनिक कृषि औजार खरीद गर्न यहाँका किसानहरूलाई स्याङजा वा बागलुङमा जानु पर्छ । यहाँ कृषि खरीद बिक्री संस्थानको कार्यालय खुलिनसकेकोले केही मात्रामा उन्नत जातका बीउबीजन र कीटाणुनाशक औषधि क्षेत्रिय कृषि निर्देशनालय पोखराबाट ल्याई उपयोग गरिछ ।

असंगठित र अनियमितरूपमा भए पनि २०२७–२०३० सम्मको तीन वर्ष भित्र यस जिल्लामा प्रयोग गरिएका उन्नत बीउ, बिरूवा र विभिन्न कृषि सामग्रीहरूको परिमाण निम्नबमोजिम छः–

बीउः

(क) धान	०.३० मेट्रिक टन
(ख) गहुँ	१३.६ मेट्रिक टन
(ग) मकै	०.२१ मेट्रिक टन

बोट बिरूवाहरूः

(क) फलफूलका बिरूवाहरू	२१७

रासायनिक मलः

(क) एमोनियम सल्फेट	१८७ मेट्रिक टन
(ख) कमप्लेस् मल	११.२७५ मेट्रिक टन
(ग) युरिया	४५० मेट्रिक टन

कीटनाशक औषधिहरूः

(क) फलिडल	३,७०९ सी. सी.
(ख) डिप्तरेकस ग्रोनुयल	३ के. जी.
(ग) डाइथेंन जेड् ७८	२५० ग्राम

यहाँका किसानहरूको बीचमा खासगरी लेर्मा ५२ गहुँ, खुमलटार पहेंलो मकै र ताइचुङ धान निकै लोकप्रिय भएको पाइन्छ ।

सिचाइ

यो जिल्लाको सम्पूर्ण सिचाइ व्यवस्था परम्परागत किसिमको छ । जिल्लाका विभिन्न भागबाट अनेकौं साना ठूला खोला र नदीहरू बगेर गएका छन् । तर सिचाइका दृष्टिले खासगरी जिल्लाको दक्षिणी भागको निम्ति यी साना साना खोलाहरू अत्यन्त महत्वपूर्ण छन् । यहाँ खोलामा सकेसम्म माटो, ढुङ्गा र स्याउला हालेर कच्ची बाँध बाँध्ने गरिन्छ । बाँध प्रायः प्रत्येक साल बनाउनु पर्ने हुन्छ र कुलोहरूमने बालुवा र ग्रेग्रेटो फाल्ने र मर्मत गरे मात्र पुग्छ । किसानहरूले पहिलेदेखि बसेको थितिअनुसार पालो–पालो गरेर खेत भिजाउँछन् ।

यहाँ सिचाइको लागि उपयोग गरिएका खोलाहरूमध्ये लश्ती र लुहुँदीले मल्लाज फाँट, दयवर खोलाले पाँग फाँट, लमागे खोलाले फलेबास, बाछा खोलाले बाछा फाँट, सेती खोलाले उराम र बाहाकी फाँट,

आदिलाई सिंचित गरेका छन्। मोदी नदीले चुवा पञ्चायत र त्यसको आसपासमा जमीनलाई पटनी गरेको छ। त्यसका अतिरिक्त सानातिना मूलहरूले पनि केही मात्रामा सिंचित भूमिको परिमाणलाई बढाएका छन्।

यो किसिमको सिचाइ व्यवस्थाबाट सालभरीमा मुश्किलले पाँच महीना जमीन पटनी हुन्छ। किसानहरूले धानवालीलाई बढी प्रश्रय दिने गर्छन्। त्यसैले वर्षाको छ महीना कुलो चली दिएमा सन्तुष्ट हुन्छन्। हिउँदे बालीको निम्ति चाहिने पानीको ठूलो कमी हुन्छ। प्रायः धेरै जसो खहरे प्रकृतिका खोला भएकाले सुख्खा परेमा पानी पाइँदै पाइँदैन। कच्ची बाँध राखिने हुनाले प्रत्येक वर्ष नयाँ बाँध हाल्नु पर्ने हुन्छ। यो सब भएर पनि सिमेण्ट छड आदि आधुनिक निर्माण सामग्रीहरूको प्रयोग नगरेर खहरे खोलाहरूलाई यसरी नियन्त्रण र उपयोग गरिन्छ। त्यो विशेष सीप र दक्षताले मात्र सम्भव हुन्छ।

यहाँ जिल्ला पञ्चायतको अनुदानमा पुराना कुलोहरूको मरमत कार्य र सानातिना नयाँ कुलोहरूको निर्माण पनि भएको छ। जिल्लाका ठूला नदी काली र मोदी खेतीयोग्य जमीनभन्दा धेरै तलबाट बगेका छन्। पटनी हुन योग्य भूमिको परिमाण हेर्दा यस जिल्लामा वृहत् सिचाइ योजनाको काम छैन। तर लघु सिचाइ योजनाको भने ठूलो महत्व छ।

कृषि ऋण

यस जिल्लामा पनि परम्परागतरूपमा साहू महाजनबाट प्रचलित व्याज दरमा किसानहरूले ऋण लिने गर्थे। २०२३ सालदेखि जिल्लामा भूमि सुधार कार्यक्रम लागू भएपछि भोगबन्धकीको रकम निश्चित गरिएको मात्र रू. ६,५९,६४६। थियो र त्यसमध्ये असामीहरूले साहूलाई तिर्नु नपर्ने मिनाहा गरिएको रकम रू. १,९५,०३१। थियो। यसबाट किसानहरूले युग युगदेखिको ऋणको भारबाट मुक्ति समेत पाएका थिए। किसानहरूलाई संस्थागत ऋण दिने दक्ष प्रणालीको विकास भइनसकेकोले किसानहरूलाई मर्का पर्ने गर्छ। यहाँ किसानहरूलाई संस्थागत ऋण प्रदान गर्ने दिशामा महत्वपूर्ण ठहरिसकेको जिल्ला सहकारी कार्यालय पनि विभिन्न कठिनाइले गर्दा २०२६ देखि बन्द गरिएको छ। सम्वत् २०२६ साल अघि खोलिएका वहुमुखी संस्थाहरू निष्क्रिय रहेका छन्। यस स्थितिमा भूमि सुधार कार्यालयद्वारा सञ्चालित ग्राम समिति बाहेक संस्थागत ऋण प्रदान गर्ने अन्य स्रोत देखिँदैन।

वि. सं. २०२९ साल पुसदेखि नेपाल बैंक लि. को शाखा जिल्लाको सदरमुकाममा खोलिएको छ। सुन चाँदी जिन्सी धितो लिएर वर्षेनी रू. तीन लाख जति ऋण लगानी गर्ने गरिएको छ। यसबाट विशेषतः व्यापारी वर्गलाई सुविधा भएको छ।

उद्योग

यस जिल्लामा आधुनिक मिशिन जडान गरिएका उद्योग धन्धा भएको पाइँदैन। तर पनि गत दुई-चार वर्षदेखि यस जिल्लाको सदरमुकाम कुश्मामा सानोस्तरको धान र तेल मिल खोल्ने कार्य शुरु गरिएको छ।

जिल्लाको सामाजिक र सांस्कृतिक पृष्ठभूमिमा अरूभन्दा हस्तशील्प र घरेलु उद्योगको ठूलो महत्व छ। खेतीको काम परेको बेला बाहेक अन्य समयमा कृषक परिवारहरूलाई केही न केही फुर्सद मिलेको हुन्छ।

सम्भवतः आत्मनिर्भर रहने किसानहरूको प्रवृत्तिले गर्दा नै शुरूमा कुटीर उद्योग थालिएको हुनुपर्छ। स्थानीय मानिसहरूले बाजुबाजेको पालादेखि गरिआएको काम धन्धालाई आज पनि चलाइरहेका देखनपाइन्छ।

यस जिल्लामा विशेषतः गुरुङ, मगर, क्षेत्री, चुंदार, सार्की आदि जातिका मानिसहरू घरेलु वा कुटीर उद्योगमा लागेको पाइन्छ।

धान्द्रुक, दाङसिङ, मुक, साबेत र दुर्लुङ गाउँका गुरुङ जाति, विशेषतः गुरुङसेनीहरूले, भेडाको ऊन र च्याङग्राको रौं बाट राडी, पाखी, काम्लो, थैलो र पस्मिना उत्पादन गर्छन्। त्यस्तै नारच्याँङ, शिखाधार गाउँका मगरनीहरू सूतीको धागोबाट अत्यन्त मिहीन र बुट्टेदार खाँडी आदि बुन्ने गर्दछन्। यही उत्तरी भेकतिर प्रशस्त मात्रामा निगालो, बाँस पाइने भएकोले गुरुङ, मगर जातिका मानिसहरू त्यसबाट डोको, नाम्लो, सान्द्रो, स्याखु, पेरुङ्गो आदि बुन्ने काम गर्दछन्। पाङ, मल्लाज र धाइरिङ पञ्चायतका क्षेत्रीहरू "बरूवा" को बोक्राबाट सुपरिचित नेपाली कागत उत्पादन गर्दछन्। जिल्लाको दक्षिणी भेक कुश्माका सार्कीहरूले मृगको छालाबाट नरम र आरामदायक सावरको जुत्ताहरू तयार पार्दछन्। जुत्ताको रङ र रूपमा पनि समयअनुसार निकै परिवर्तन ल्याएको पाइन्छ। यहीका चुंदारहरूले दार काठबाट किसानहरूलाई नभई नहुने ठेकी, गबुवा, फुरू र हर्फीहरू बनाउँछन्। कुश्मामा कुमालेहरूले माटाका अनेकौ भाँडाकुँडा बनाएर जिल्ला र जिल्ला बाहिर बेच्न लैजाने गर्छन्। वर्तमान अविकसित अवस्थामा पनि एक अनुमानअनुसार यस जिल्लाको औद्योगिक उत्पादन वार्षिक रू. १० लाख जतिको हुन्छ।[१]

यहाँ उत्पादित मालको धेरै भाग जिल्ला बाहिर विशेषतः पोखरा, स्याङ्जा र काठमाडौंमा बिक्री हुने गर्छन्। तर यस्ता उत्पादनहरू परिष्कृत नहुने हुनाले मेशिनद्वारा उत्पादित सामानको तुलनामा महँगो पर्ने हुन्छ।

व्यापार

कुनै पनि जिल्लाको व्यापारिक गतिविधि त्यस जिल्लाको उद्योग र यातायातको विकासमा निर्भर गर्छ। व्यापारिक गतिविधि बढ्ने प्रक्रियाको साथै व्यापारिक केन्द्रका रूपमा शहर-बजारको विकास हुन्छ। यस जिल्लाका विभिन्न भागमा केही संख्यामा स्थायी बजारहरू छन्। कम्तीमा चार-पाँचवटा पसलहरू भएका बजारहरूको संख्या १० छ र पूरा जिल्लामा जम्मा ७० वटा जति पसलहरू छन्।[२] उल्लेखनीय बजारहरूमा जिल्लाको सदरमुकाम कुश्मा, फलेबास, मल्लाज, कार्कीनेटा, वीरेठाँटी, सेती बेनी र त्रिवेणी आदि हुन्। यी भन्दा पनि स-साना बजारहरू लुम्खु, थापाठाना, शङ्कर पोखरी, हवाइ, घण्टे देउराली, घाइरिङ, फोर्से, घार, वाजुङ, कर्नास रानीपानी, पाङराङ र मुडिकुआ आदि हुन्।

यस जिल्लाको व्यापारिक गतिविधिमा मुख्यतः नेवार, बाहुन र थकाली जातिका मानिसहरू लागेका हुन्छन्।

कुश्मा लगायत उपर्युक्त ठूला-साना बजारहरूमा अन्दाजी वार्षिक रू. ५,६०,०००। जतिको मालसामान बेच-बिखन हुने गर्छ।[३] यस्ता मालसामानहरूमा अधिकांश भारतबाट मगाइएका नून, मट्टीतेल,

---

[१] शिवनाथ शर्मार दयाराम श्रेष्ठ–पर्वतजिल्लाको आर्थिक सर्वेक्षण प्रतिवेदन, २०२९, पृष्ठ २

[२] ऐजन, पृष्ठ ३

[३] ऐजन, पृष्ठ ३

मसला, कपडा आदि हुन्छन् । खाद्यान्न कमी भएको जिल्ला भए पनि यस जिल्लाबाट सालिन्दा अन्दाजी पाँच-छ हजार मुरी खाद्यान्न मुस्ताङ, बागलुङ र स्याग्दीतिर र ११।१२ हजार टीन घ्यू जिल्ला बाहिर जान्छ । करीब डेढ लाख जतिको कागज चितौन, भैरहवा, पोखरा र स्याङजातिर र रू. ६०।७० हजार रूपियाँ लागतको राडी-पाखी र थैलो बागलुङ, स्याङजा, पोखरामा बिक्री गरिन्छ । त्यस्तै केही मात्रामा कच्चा ऊन र जरीबूटी पनि जिल्ला बाहिर जान्छ । यस जिल्लाको लगभग रू. १० लाख जतिको औद्योगिक उत्पादनका वस्तुहरू-मध्ये अधिकांश जिल्ला बाहिर लगिन्छ ।

आर्थिक दृष्टिले यस जिल्लाको 'श्रम निकासी' अर्थात् वैदेशिक सेनामा भर्ती भएर वा विदेशमा अन्य नोकरी र व्यवसायमा लागेर गरिएको आम्दानीले पनि यस जिल्लालाई महत्वपूर्ण आर्थिक टेवा दिएको छ। यसका अतिरिक्त प्रत्येक वर्ष हिउँदमा हजारौंको संख्यामा जिल्लाबाहिर विशेषतः स्याङजा, पोखरा र अन्य स्थानमा गई भारी बोक्ने र अन्य कडा शारीरिक मिहेनत गर्नुपर्ने काममा लागी केही आम्दानी गरी वर्षा लाग्न थालेपछि जिल्लातिर फर्कन्छन् ।

यस जिल्लामा उपभोग्य वस्तुहरू जस्तै नून, मट्टीतेल, साबुन, मसला, चीनी, कपडा, धातुका सामान-हरू नजीकको जिल्ला स्याङजा र बुटवल तथा भैरहवाबाट मगाइन्छ । यसका साथै स्याङजा, भूमरे र कास्की जिल्लाबाट समेत खाद्यान्न ल्याइन्छ । जिल्लाबासीहरूमध्ये मध्य र दक्षिण भागका बासिन्दाले मुस्ताङतिर खाद्यान्न लैजान्छन् भने अर्कोतिर विशेषतः उत्तरी भेगका बासिन्दाहरूले जिल्ला बाहिरबाट खाद्यान्न ल्याउँछन् ।

यस जिल्लामा अधिराज्यको पूर्वी भागतिर जस्तो हाट-बजार लाग्ने चलन छैन । गुप्तेश्वर गुफा, मोदी बेनी र सेती बेनीमा पर्व पर्वमा मेला लाग्दछ र केही मात्रामा किनबेच र विनिमयको काम हुन्छ ।

बैंक

जिल्लाको एक मात्र बैंक, नेपाल बैंक लि. को शाखा, जिल्लाको सदरमुकाम कुश्मामा २०२६ सालमा स्थापना गरिएको थियो ।

यो बैंकले निक्षेप स्वीकार गर्ने, कर्जा दिने, हुण्डी तथा मेल ट्रान्सफरको भुक्तानी गर्ने आदि कार्य गर्दछ। यस बैंकबाट स्थानीय व्यापारी र जनतालाई आर्थिक कारोवारमा निक्कै मद्दत पुगेको छ । स्थापना भएको मितिदेखि हालसम्म सुनचाँदी, जिन्सी धरौट राखी रू. तीन लाख जति लगानी भएको छ । सरकारी कार्यालय-हरूको नगदी कारोवार पनि यसै बैंकद्वारा गरिन्छ । विदेशी मुद्राको सटही पनि यहीं हुने भएकोले सम्बन्धित व्यक्ति र विदेशी पर्यटकहरूलाई समेत निक्कै सुविधा भएको छ ।

यस जिल्लामा १० वर्ष र सोदेखि माथिका अर्थात् आर्थिक दृष्टिले क्रियाशील मानिसहरू जम्मा संख्या ६५,७२० भएको देखिन्छ । तिनीहरूमध्ये विभिन्न व्यावसायिक क्षेत्रमा काम गर्ने महिला र पुरुषको संख्या र प्रतिशत निम्नप्रकार छः–

व्यवसाय	जनसंख्या	प्रतिशत
कृषि वन तथा माछा पालन	६४,६१८	९८.३
उत्पादन सम्बन्धी	३७६	०.६
सामुदायिक सेवा	१	०.४
निर्माण	४	
व्यापार	२२०	
यातायात तथा सञ्चार	१२	
वित्तीय तथा व्यापारिक सेवा	४	
वैयक्तिक तथा सामाजिक सेवा	४८५	०.७
जम्मा	६५,७२०	१००.०

माथिको तालिकाअनुसार यस जिल्लामा आर्थिक दृष्टिले क्रियाशील मानिसहरूको संख्या ६५,७२० मध्ये ६४,६१८ (९८.३ प्रतिशत) मानिसहरू कृषि तथा सोसँग सम्बन्धित व्यवसायमा लागेको देखिन्छ। बाँकी (१.३ प्रतिशत) मात्र अन्य विभिन्न व्यवसायमा लागेका छन्।

जनसंख्या सम्बन्धी परिच्छेदमा उल्लेख गरिए झैं लोग्ने मान्छेहरूको निक्कै ठूलो संख्या विदेशी सेनामा वा अन्य रोजगारीको खोजीका लागि जिल्ला बाहिर र विदेशतिर जाने भएकाले यिनीहरूको अनुपस्थितिमा जिल्लामा गरिने कृषि कार्यको मुख्य बोझ महिलाहरूमाथि पर्न जान्छ।

यातायात र सङ्चार

यातायात

आधुनिक यातायात सुविधाको दृष्टिले यो जिल्ला पिछडिएको छ तापनि परापूर्वकालदेखि चलिआएका मूलबाटोहरू र गोरेटोहरूले जिल्लाका विभिन्न भागलाई जेल्नुका साथै यहाँको सामाजिक र आर्थिक जीवनमा महत्वपूर्ण स्थान ओगेटेका छन्। यहाँ भएका मूल बाटोहरूको संक्षिप्त विवरण तल दिइएको छः-

स्याङ्जा–कुश्मा–बागलुङ मूलबाटो

जिल्लाको सदरमुकामबाट पूर्वतिर स्याङ्जा, पोखरा वा दक्षिणको बुटवल र भैरहवा आउने जाने र सम्पूर्णजसो माल सामान यही बाटो भएर लाने–ल्याउने गरिने भएकोले पर्वत जिल्लाको लागि यो बाटो जीवन रेखाको रूपमा रहेकोछ। त्यही कुरो धेरै मात्रामा धौलागिरि अञ्चलको बागलुङ,मुस्ताङ र डोल्पा आदि जिल्लाहरूका लागि समेत लागू हुन्छ ।

यो बाटो कुश्माबाट केही दक्षिण-पूर्व च्याप्दै मोदी नदी पार गरी कार्कीनेटा हुँदै आँधीको किनारै किनार सेती दोभानमा पुग्दछ। सो दोभानबाट केही उकालो चढेर नाग डाँडा बस बिसौनी (सिद्धार्थ राजमार्ग) मा पुगिन्छ। सेती दोभानबाट पुतलीखेत करीब तीन किलोमिटर (एक कोस) दक्षिणमा रहेकोले आँधीको किनारै किनार यो मूल बाटो गएको छ। जिल्लाभित्र (कुश्मा बाटनाउ डाँडास्थानसम्म) यस बाटोको लम्बाई अन्दाजी २६ किलोमिटर (आठ कोस) छ । तर स्याङ्जादेखि बागलुङसम्मको दूरीलाई लिने हो भने यसको लम्बाइ अन्दाजी ४२ किलोमिटर (१३ कोस छ)। हिउँदमा यस बाटोबाट आउने– जाने गर्दा आँधी खोलामा कमसेकम सात ठाउँमा जङ्गार तर्नु पर्छ। वर्षे बाटो खेत, बारी र पाखाबाट गएको छ र साँगुरो, कष्ट अप्ठेरो र चिप्लो हुने भएकोले बटुवाहरूलाई निक्कै हुन्छ। मोदी नदी र आँधी खोलामा ठाउँ-ठाउँमा झोलुङ्गे पुल हालिएकाछन्। हिउँदमा मुस्ताङ जिल्लाका बासिन्दाहरूद्वारा ल्याइएको खच्चर नै मुख्य ढुवानीका साधन हुन्। खच्चर बाहेक भरियाहरूले पिठ्यूँमा भारी बोकेर पनि माल सामान ढुवानी गर्छन् ।

कुश्मा–वीरे ठाँटी मूलवाटो

शुरूमा कुश्मावाट पूर्वोत्तर लागे तापनि वीरे ठाँटी पुगेपछि सीधा उत्तरतिर हानिएर जाने यो मूल बाटो मोदी नदीको तीरैतीर घान्द्रुकसम्म पुग्छ। उत्तर नलागेर वीरे ठाँटीको मोदी नदी माथिको पुल तर्ने हो भने कास्की जिल्लामा पुगिन्छ र पोखरा जाने बाटो शुरू हुन्छ ।

यो बाटोले जिल्लाको उत्तरी र दक्षिणी भागलाई जोड्नुको साथै पर्वत र कास्की जिल्लाको सम्पर्कलाई पनि बढाएको छ। यो बाटो कुश्मादेखि वीरे ठाँटीसम्म १० किलोमिटर (३.५ कोस) लामो छ।

वीरे ठाँटी–धारमूल बाटो

जिल्लाभित्र यो बाटो वीरे ठाँटीबाट मुरुङ्दी खोलाको तीरैतीर भूक गाउँ हुँदै घोडेपानीको लेक र शिखा गाउँ र त्यहाँबाट ओरालो झरेपछि धार खोलासम्म गएको छ। त्यहाँदेखि उत्तर लागेपछि यस बाटोले मुस्ताङ जिल्लामा प्रवेश गर्दछ। यो बाटोबाट धेरै नदी नाला तर्नु पर्दैन। तर लेकै लेक भएर जानु पर्ने भएकोले घोडे पानी र भूकको ठाडो उकालो र बाटाको घुमाउरोपनले यात्रुहरूलाई बढी थकित तुल्याउँछ। त्यसदेखि बाहेक यहाँ पाटे जुगाले पनि दुःख दिन्छ। यस बाटोबाट स्थानीय मानिसहरू निक्कै संख्यामा ओहोर–दोहोर गर्छन्। विशेषतः वर्षायाममा पोखरातिरबाट मुस्ताङ जिल्ला जानु परेमा यही मार्ग भएर जाने गरिन्छ। आज-भोलि घोडे पानीको लेकबाट हिमालको दृश्यावलोकन गर्न यही बाटोबाट निक्कै पर्यटकहरू पनि आउने–जाने गर्छन् वीरे ठाँटीबाट धारसम्म यो बाटोको लम्बाइ २६ किलोमिटर (आठ कोस) छ।

काली गण्डकी किनारको मूलबाटो

यो मार्ग जिल्लाको सबैभन्दा लामो र सम्भवत सबैभन्दा पुरानो मूल बाटो हो। सिद्धार्थ राजमार्ग बन्नुभन्दा अघि पर्वत लगायत धौलागिरि अञ्चलको सबै जसो निकासी–पैठारी व्यापार र मानिसहरूको आवत-जावत हुने गर्थ्यो। तर आज भोलि उति चालू छैन। जिल्ला बाहिर यो बाटो बुटवलबाट शुरू भई पाल्पादेखि रानी-घाट, आँधी मोहन, मोदी बेनी, बेनी हुँदै मुस्ताङ जिल्लासम्म पुगेको छ। यही मूल बाटोको दायाँ–वायाँ अनेकौं रसिला फाँट र बाक्ला बस्तीहरू पाइन्छन्।

जिल्लाको दक्षिणी सीमा सिगारकोश पञ्चायतदेखि उत्तरी सीमानासम्म जिल्लाको भू-भाग भित्र मूल बाटो करीब ४० किलोमिटर (१२.५ कोस) लामो छ।

यस मूलबाटोमा ठाउँ–ठाउँमा काठे र झोलुङ्गे पुल हालिएका छन्। यसमा पर्ने सेती बेनी खोला, बाछा खोला, समाए खोला, मोदी बेनी र बेनीमा झोलुङ्गे पुलहरू भएकोले यात्रुहरूलाई सुविधा भएको छ। ठाउँ–ठाउँमा अनेकौं पाटी, पौवा र चौताराहरू छन्। पहिले ठाउँ ठाउँमा निक्कै भट्टी पसलहरू थिए तर चल्ती कम हुँदै गएको ले आज–भोलि कम छन्। जिल्लाको सदरमुकाम कुश्मा यही बाटोमा पर्दछ। अर्माधीनिर पुगेपछि यो बाटो र स्याङ्जा–कुश्मा–बागलुङ मूल बाटो मिल्दछन्। त्यहाँदेखि उत्तरतिर गएपछि यो बाटोको अझ बढी उपयोग हुन्छ।

फलेवास–कार्कीनेटा मूलबाटो

माथि उल्लिखित काली किनारको मूल बाटो उत्तरतिर लाग्छ भने फलेबासबाट कार्की नेटासम्म अर्को एउटा मूल बाटो गएको छ। फलेबासबाट दुई किलोमिटर (आधा कोस) जति पूर्व तिर उकालो चढ्दै गए-पछि यो बाटो डाँडै डाँडा राङ्कर पोखरी र ठापा ठाना आदि हटियाहरू हुँदै कार्कीनेटासम्म पुग्छ। यो बाटोको लम्बाइ आठ किलोमिटर (२.५ कोस छ)।

जिल्लाको मध्य र दक्षिणी भेकका जनता स्याङ्जा र पोखरा जान पर्‍यो भने यही बाटोबाट आउने-जाने गर्छन् ।

सेती बेनी-भिर्कोट-भूमरे मूलबाटो

यो बाटो जिल्लाको दक्षिणी भागबाट स्याङ्जा र विशेषतः सिद्धार्थ राजमार्गलाई भेट्टाउन जाने निकै चालूको मूल बाटोमध्ये एक हो ।

यो बाटो, सेती–कालीको दोभान सेती बेनी बजारबाट शुरू भएर सेती बेनी र पैंयूँ खोलाको किनारै किनार त्रिवेणी हुवास, भोले र सिर्कोट हुँदै पूर्वतिर लाग्छ । अन्ततः बायाँ खोलाको बाटो भूमरे हुँदै सिद्धार्थ राजमार्ग सम्म पुगेको छ ।

सिद्धार्थ राजमार्ग चालू भए पछि यो बाटो पनि निकै प्रयोगमा आएको छ । स्थानीय जनताको निम्ति स्याङ्जा, पोखरा, काठमाडौं आउन जान वालिम र भूमरे आदि बजारबाट खाद्यान्न खरीद गरी लैजान यो बाटोको ठूलो उपयोग भएको छ । यस मार्गमा ठाउँ ठाउँमा झोलुङ्गे पुल र काठे पुल हालिएका छन् ।

झोलुङ्गे पुल

पहाड र खोला, नाला धेरै भएको यस जिल्लामा पुल–सुविधाको विशेष महत्व छ । श्री ५ को सरकारको अनुदान र स्थानीय जनताको सक्रियताले गर्दा यस जिल्लाका विभिन्न खोलानालाहरूमा, विभिन्न स्थानहरूमा झोलुङ्गे पुल हालिएको पाइन्छ । यस्ता झोलुङ्गे पुलहरूमा उल्लेखनीय निम्नअनुसार छन्ः–

पुलको प्रकार	नदी	स्थानको नाम वा पञ्चायत
झोलुङ्गे पुल	मोदी	वीरे ठाँटी
झोलुङ्गे पुल	मोदी	चुवा पञ्चायत
झोलुङ्गे पुल	मोदी	झाप्रे बगर, मोदी बेनी
झोलुङ्गे पुल	काली	पागराङ पञ्चायत
झोलुङ्गे पुल	काली	रानीपानी पञ्चायत
झोलुङ्गे पुल	काली	खनियाघाट, पाङ पञ्चायत
झोलुङ्गे पुल	काली	बेनी मल्लाज गाउँ पञ्चायत
झोलुङ्गे पुल	काली	हिस्तान पञ्चायत
काठे पुल	काली	नारच्याङ पञ्चायत
झोलुङ्गे पुल	पाती खोला	चुवा पञ्चायत
झोलुङ्गे पुल	भुरुङदी खोला	सावेत पञ्चायत
झोलुङ्गे पुल	लमागे खोला	फलेबास पञ्चायत
झोलुङ्गे पुल	पैंयूँ खोला	त्रिवेणी पञ्चायत
झोलुङ्गे पुल	सेती बेनी खोला	सिगारकोश पञ्चायत
काठे पुल	बाछा खोला	बाछा

यस जिल्लाको सामाजिक र आर्थिक जीवनमा उपयुक्त मूल बाटो र झोलुङ्गे पुलहरूले अत्यन्त महत्वपूर्ण स्थान ओगटेको कुरा माथि उल्लेख गरिसकेको छ । यहाँ सम्बन्धित गाउँहरू मिलेर प्रत्येक बडादशैंको समयमा आफ्ना खण्डका मूल बाटोहरूको मरमत र सुधार कार्य गर्ने चलन छ । बाटो घाटो र पुल निर्माणका लागि आफ्नो गच्छेअनुसार चन्दा अर्थात् दान दिने प्रवृत्ति समेत यहाँका केही धार्मिक र उदार प्रवृत्ति भएका मानिसहरूमा पाइन्छ । परापूर्वकालदेखि चलिआएका मूल बाटो र गोरेटोहरूकै आधारमा जिल्लाको विकासका हाँकहरूलाई पूरा गर्न अब सम्भव नहुने स्पष्टै छ । त्यसैले पर्वतबासीहरूले बागलुङ-पुतलीखेत मोटर सडक निर्माण र हालमा प्रस्तावित सुर्खेत–पोखरा राजमार्ग निर्माण योजनाप्रति ठूलो आशा राखेका छन् । यस राजमार्गको प्रारम्भिक सर्वेक्षण र रेखाङ्कन कार्य प्रायः समाप्त भइसकेको छ ।

जिल्लाको सदरमुकाम कुश्मादेखि तीन किलोमिटर (एक कोस) पश्चिम बलेवा (बागलुङ जिल्ला) मा ष्टोल विमान उत्रन सक्ने एक कच्ची हवाई विमानस्थल छ । यस जिल्ला भित्र विमानस्थल नभए पनि उक्त ष्टोल विमान सेवाले स्थानीय जनतालाई सुविधा भएको छ । नदीका धेरैजसो घाटमा हाल झोलुङ्गे पुल हालीसकेकोले डुङ्गाको प्रचलन कम छ ।

सञ्चार

यस जिल्लाको सदरमुकाममा सार्वजनिक प्रयोगका निम्ति दूर सञ्चार समिति अन्तर्गत एक स्याटेलाइट ष्टेशन (आकाशवाणी केन्द्र) राखिएको छ ।

उक्त केन्द्रबाट आर्थिक वर्ष २०३०।०३१ मा जम्मा १,१०० खबरहरू (अन्तर्राष्ट्रिय सहित) गएको र १,११३ प्राप्त गरिएको थियो । यस केन्द्रबाट बागलुङ, म्याग्दी, मुस्ताङ, डोल्पा र गण्डकी अञ्चलका सबै जिल्लाहरू र काठमाडौंसँग सोझै सम्पर्क राख्न सकिन्छ ।

हुलाक

यस जिल्लाको महत्वपूर्ण सञ्चार साधनमध्ये हुलाक सेवा एक हो । जिल्लाको सदरमुकाम कुश्मामा छोटी हुलाक कार्यालय र त्यस अन्तर्गत खोर पोखरा र बीरे ठाँटीमा शाखा हुलाक कार्यालयहरू छन् । त्यसदेखि बाहेक जिल्लाका निम्न स्थानहरूमा अतिरिक्त हुलाक कार्यालयहरू छन्:—

शिखा आदर्श गाउँ पञ्चायत
धार गाउँ पञ्चायत
कार्कीनेटा पञ्चायत
फलेबास पञ्चायत
धुवाँकोट लुङखु पञ्चायत
सालिजा पञ्चायत

उपर्युक्त विभिन्न स्तरका हुलाक कार्यालयबाट वार्षिक अन्दाजी ७२,९६० थान चिट्ठीपत्रहरू आउने र ४८,५५० जिल्लाबाट चलान हुने गर्छन् । यहाँ गैर-सरकारी पत्रहरूमा विदेशी सेनामा नोकरी गर्ने मगर र गुरुङ जातिका मानिसहरूको चिट्ठीनै धेरै संख्यामा आवत–जावत हुने गर्छ ।

शिखा रज्जुमार्ग (रोपवे)

शिखा गाउँ पञ्चायत यस जिल्लाको उत्तरी खण्डमा पर्दछ र विशाल पहाडहरू र साँघुरा खोंचहरूले गर्दा खेतीपाती, घाँस, दाउरा, पानीका लागि समेत ठाडो र कहाली लाग्ने उकालो ओरालो हिंड्नु पर्छ । शिखा

एउटा अनकण्टार गाउँ भए तापनि १९७० मा यहाँ पृथ्वीको गुरुत्वाकर्षणबाट चल्ने रज्जुमार्ग जडान गरियो। यसद्वारा वन–जङ्गल र जग्गा–जमीनबाट दाउरा, घाँस, खेतीको लागि मल, घर बनाउने ढुङ्गा आदि ढुवानी गरिन्छ।

यो रज्जुमार्गको तार शिखा गाउँदेखि ४२० किलोमिटर (१,३७६ फीट) को दूरीमा गाउँको वन-जङ्गलसम्म लगिएको छ। बीचमा पाँच ठाउँमा खम्बाहरू गाडिएका छन्। यसको तार जमीनको सतहबाट २४ डिग्रीको झुकावमा जडान गरिएको छ। यसले गर्दा कुनै शक्ति प्रयोग नगरी माथिदेखि तलसम्म माल सामान ओसार्न सम्भव हुन्छ। यसले एक पटकमा ५० के. जी. माल सामान ओसार्न सक्छ। माथिबाट रज्जुमार्गको तारमा माल सामान चढाएको दुई मिनेटमा तल आइपुग्छ। यसरी सामान आउँदा जति तल आयो उति गति बढ्दै जाने गर्छ। त्यसैले सामान उत्रनुभन्दा केही पहिले नै गति नियन्त्रण गर्नु पर्छ। त्यसका लागि भूइँबाट हातले घुमाएर चल्ने तारसित जडिएको एक गति नियन्त्रकको उपयोग गर्नु पर्ने हुन्छ।

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

शास्त्रीय शिक्षा दीक्षाको दृष्टिले यो जिल्लाका केही खास स्थानहरू सुपरिचित छन् ।[1] आधुनिक शिक्षाको प्रचार र प्रसारमा विभिन्न कारणले यो जिल्ला पछिपरेको छ । जिल्लामा केही माध्यमिक विद्यालयहरू सञ्चालित छन् । विद्यार्थीहरू उच्च शिक्षाका लागि यहाँका निकटवर्ती जिल्ला बागलुङ, कास्कीमा जाने गर्दछन् । राष्ट्रियस्तरमा आएको शिक्षा जागरणको प्रभाव र जिल्लाका हजारौं भूतपूर्व सैनिकहरूको प्रयासले पनि यस जिल्लामा शिक्षाको महत्वको प्रचार र प्रसार बढेको छ । यहाँको वयस्क जन संख्याको ठूलो हिस्सा निरक्षर छ । २०२८ सालमा लिइएको राष्ट्रिय जनगणनाअनुसार यस जिल्लाको छ वर्षदेखि माथिको उमेर समूहका मानिसको संख्या ९७,८२८ भएको देखिन्छ । उक्त उमेर समूहमा महिला र पुरुषको साक्षरताको संख्या र प्रतिशत तलको तालिकामा देखाइएको छः–

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	संख्या	साक्षर	प्रतिशत	संख्या	साक्षर	प्रतिशत	संख्या	साक्षर	प्रतिशत
६– ९	६,५७८	१,२४१	१८.९	६,४०९	२२७	३.५	१२,९८७	१,४६८	११.३
१०–१४	७,४९५	३,९८५	५३.२	६,८६९	६१४	८.९	१४,३६४	४,५९९	३२.०
१५–१९	५,७८९	३,१६०	५४.६	६,०१४	३८९	६.५	११,८०३	३,५४९	३०.१
२०–२४	३,८२३	१,६४०	४२.९	४,९४०	१८४	३.७	८,७६३	१,८२४	२०.८
२५–२९	३,१६९	१,००१	३१.६	४,६७८	७५	१.६	७,८४७	१,०७६	१३.७
३०–३४	३,१६९	९३१	२९.४	४,२१२	३५	.८	७,३८१	९६६	१३.१
३५–३९	३,१६१	८३१	२६.३	३,७००	३५	.९	६,८६१	८६६	१२.६
४०–४४	२,८६९	७५४	२६.३	३,३४०	२३	.७	६,२०९	७७७	१२.५
४५–५४	४,३९४	१,०५६	२४.०	४,९७९	३५	.७	९,३७३	१,०९१	११.६
५५–६४	३,२५९	५४२	१६.६	३,६२०	१७	.५	६,८७९	५५९	८.१
६५ र माथि	२,६९४	३१४	११.७	२,६६७	८	.३	५,३६१	३२२	६.०
जम्माः–	४६,४००	१५,४५५	३३.३	५१,४२८	१,६४२	३.२	९७,८२८	१७,०९७	७८.५

माथिको तालिकाअनुसार साक्षरहरूको सबैभन्दा बढी संख्या १० देखि १४ वर्षको उमेर समूहमा पाइन्छ । उक्त उमेर समूहको जम्मा संख्या १४,३६४ मध्ये साक्षरहरूको संख्या ४,५९९ छ । तर यही उमेर

---

[1] यस्ता स्थानहरूमध्ये जिल्लाको पाँग पञ्चायतमा अन्य विषय लगायत ज्योतिष शास्त्रको अध्ययन अध्यापन हुन्छ ।

समूहमा लिङ्गका आधारमा साक्षरतालाई हेर्ने हो भने उक्त साक्षर ४,५९९ मध्ये पुरुषहरूको संख्या ३,९८५ र महिलाहरूको संख्या ६१४ मात्र छ । उक्त उमेर समूहबाट जति माथि गयो उति साक्षरताको परिमाण घट्दै जान्छ । यहाँसम्म ६५ देखि माथिको उमेर समूहमा समेत पाइने साक्षरहरूको संख्या ३२२ मध्ये ३१४ जना पुरुषहरू र आठ जना मात्र महिलाहरू छन् ।

माथिको तालिकामा देखाइए झैं यस जिल्लाको छ वर्षदेखि माथिको उमेर समूहको जम्मा संख्या ९७,८२८ मध्ये साक्षरहरूको जम्मा संख्या १७,०९७ छ । त्यसमध्ये पुरुषहरूको जम्मा जनसंख्या ४६, ४०० मध्ये १५,४५५ जना साक्षर छन् भने त्यसै उमेर समूहका महिलाहरूको जम्मा ५१,४२८ जनामध्ये केवल १,६४२ जना मात्र साक्षर भएको देखिन्छ ।

यो जिल्लामा महिलाहरूको साक्षरतामा पनि क्रमशः वृद्धि हुँदै जान लागेको देखिन्छ । तर पुरुषहरूमध्ये साक्षर हुनेको परिमाण ३३.३ प्रतिशत पुग्नु र महिलाहरूमा केवल ३.२ प्रतिशत हुनु निकै ठूलो विषमता हो । अन्य कुरा लगायत यसको मुख्य कारणहरूमा उक्त साक्षर पुरुष समूहको निकै ठूलो अंश विदेशमा गई भर्ती भएर वा अन्य नोकरीमा लागी केही न केही लेखपढ गर्नु पर्ने स्थिति आएकोले पनि पुरुष साक्षरहरूको संख्या बढी भएको हो । जे भए तापनि यस जिल्लाको शैक्षिक पृष्ठभूमिलाई हेर्दा यहाँको जम्मा जनसंख्याको साक्षरता परिमाण १७.५ प्रतिशत हुनु उल्लेखनीय कुरा हो । यस जिल्लाको साक्षरताको स्थितिलाई तुलनात्मक आधारमा अध्ययन गर्न अधिराज्य, गण्डकी अञ्चल, अञ्चलका अन्य जिल्लाहरूको स्थिति तलको तालिकामा देखाइएको छ ।

	जम्मा जनसंख्याको साक्षरता दर	पुरुष साक्षरताको प्रतिशत	महिला साक्षरताको प्रतिशत
नेपाल अधिराज्य	१३.९	२३.६	३.९
गण्डकी अञ्चल	१७.७	३२.४	३.८
गोरखा	११.६	२०.८	२.४
मनाङ	४.७	७.४	१.६
लमजुङ	१७.७	३२.१	३.८
कास्की	२४.७	४३.५	७.०
तनहूँ	१७.८	३२.७	३.८
स्याङ्जा	१८.३	३४.६	३.३
पर्वत	१७.५	३३.३	३.२

माथिको तालिकाले गण्डकी अञ्चलका मनाङ र गोरखा जिल्लामाभन्दा पर्वत जिल्लामा निकै बढी साक्षरताको परिमाण भएको देखिन्छ ।

पर्वत जिल्लाको विभिन्न भागमा माध्यमिक विद्यालय सात, निम्न माध्यमिक विद्यालय १५, प्राथमिक विद्यालय १०९ र पूर्ण सरकारी पाठशाला पाँच छन् ।

यी विभिन्न स्तरका विद्यालयमा पढिरहेका विभिन्न कक्षाको छात्रछात्राको संख्या र प्रतिशत तलको तालिकामा दिइएको छ :

विद्यालयको स्तर	जम्मा	छात्र	प्रतिशत	छात्रा	प्रतिशत
प्राथमिक	७,१८६	६,११९	८५.२	१,०६७	१४.८
निम्न माध्यमिक	८६०	७८६	९१.४	७४	८.६
माध्यमिक	६८५	६५०	९४.९	३५	५.१
जम्माः—	८,७३१	७,५५५	८६.५	१,१७६	१३.५

माथिको तालिकाअनुसार प्राथमिकदेखि माध्यमिक तहका विभिन्न कक्षाहरूमा केवल छात्रहरूको मात्र अत्यधिक संख्या भएको देखिन्छ । यो लक्षण जति माथिको कक्षामा गयो उत्ति बढ्दै गएको छ । प्राथमिक तहको कक्षामा समेत ८५.२ प्रतिशत छात्रहरू र १४.८ प्रतिशत मात्र छात्राहरू भर्ना भएको देखिन्छ । तर स्थितिमा केही परिवर्तन आएको सङ्केत प्राथमिक कक्षामा पढ्ने छात्राहरूको बढ्दो संख्याले दिएको छ ।

यस जिल्लामा कुल शिक्षक संख्या ५२९ छ । तिनीहरूमध्ये ८० जना तालीम प्राप्त शिक्षकहरू छन् । यहाँ शिक्षक छात्र अनुपात १:१६ छ । यसरी एक जना शिक्षकले सालाखाला १६ जना विद्यार्थीलाई पढाउन पर्ने हुन्छ ।

वि. सं. २०२८ सालको जनगणनाअनुसार यस जिल्लामा छ वर्षदेखि माथिका उमेर समूहको संख्या ९७,८२८ मध्ये ६,१६७ प्राथमिक विद्यालय; १,५१९ निम्न माध्यमिक; ६४४ माध्यमिक र ६२ जना इन्टरमिडियर; ३२ जना स्नातक र १० जना स्नाकोत्तर स्तरमा भर्ना भएका देखिन्छन् ।

सोही २०२८ को राष्ट्रिय जनगणनाको तथ्याङ्कअनुसार यस जिल्लामा २,४५९ जनाले प्राथमिक, ६५२ जनाले निम्न माध्यमिक,६२१जनाले माध्यमिक, ९४ जनाले इन्टरमिडियट र ४३ जनाले स्नातक र आठ जनाले स्नातकोत्तर अध्ययन पूरा गरेका छन् । यिनीहरूमध्ये इन्टरमिडियट र स्नातक परीक्षा पास गरेका महिलाहरूको संस्ख्या क्रमशः चार र दुई छ ।

जिल्लाका माथि उल्लिखित विभिन्न विद्यालयहरूको सञ्चालनको लागि प्रत्येक विद्यालयको आ-आफ्नै सञ्चालक समिति हुन्छ । यिनै सञ्चालक समितिद्वारा विद्यालयको भवन, फर्निचर, शिक्षकहरूको तलब आदिको प्रबन्ध मिलाइएको हुन्छ ।

यहाँ भएका विद्यालयहरूमध्ये ११२ को आफ्नै पक्की भवन र २६ वटाको कच्ची भवन छन् । यस जिल्लाको शैक्षिक कार्यका लागि श्री ५ को सरकारले आर्थिक सहायतास्वरूप रू. २,००,८४५। र जनताबाट व्यहोरिएको रू. ४,१८,५६७। गरी जम्मा रू. ६,१९,४१२। वार्षिक खर्च हुन्छ । यसरी २०३२ देखि यस जिल्लामा लागू हुने राष्ट्रिय शिक्षा पद्धतिको योजनाका लागि आवश्यक पृष्ठभूमि तयार भएको देखिन्छ ।

आर्थिक वर्ष २०३०।०३१ मा यस जिल्लामा ९३ स्थानमा प्रौढ शिक्षा कक्षाहरू सञ्चालित गरिएका थिए । प्रत्येक वर्ष यो कार्यक्रम सञ्चालन गर्दै लैजाने लक्ष्य राखिएको छ ।

स्वास्थ्य

यस जिल्लामा हालसम्म अस्पताल नभएकोले कडा किसिमको रोगको उपचार गर्न यहाँका बासिन्दाहरू पोखरा वा पाल्पाका अस्पतालमा जान्छन् । तर पेट सम्बन्धी रोगले निकै मानिसहरू पीडित हुन्छन् । साधारणतः जिल्लाको हावापानी राम्रो भए तापनि पौष्टिक आहारको कमी, स्वच्छ खाने पानीको अभाव आदिले जिल्लाबासीहरूलाई साधारणतया विभिन्न रोगहरू लाग्ने हुन्छन् ।

यस जिल्लाका विभिन्न भागमा राखिएका स्वास्थ्य चौकी र आयुर्वेदीय औषधालयहरू र २०२९।०३० मा उपचार गरिएको बिरामी संख्या निम्नअनुसार छन्ः—

औषधालयको स्तर प्रकार	राखिएको स्थान	बिरामीको संख्या
स्वास्थ्य चौकी	कुश्मा	८,७२६
स्वास्थ्य चौकी	दाङसिङ	३,४३४
स्वास्थ्य चौकी	शिखा	३,०००
स्वास्थ्य चौकी	लुंखु	
स्वास्थ्य चौकी	मागफाँट मल्लाज	
आयुर्वेदीय औषधालय	आरू चौर	
आयुर्वेदीय औषधालय	पैय्यूं हटिया (हुवास गाउँ पञ्चायत अन्तर्गत)	

यस्ता स्वास्थ्य चौकीमा हेल्थ असिस्टेण्ट एकजना, असिस्टेण्ट हेल्थ वर्कर एकजना र हेल्थ एड दुई जना हुन्छन् । आयुर्वेदीय औषधालयमा एक जना कविराज मात्र हुन्छन् । उपचार गराउन आउने रोगीहरूलाई निःशुल्क उपचार र औषधि दिने प्रबन्ध गरिएको छ ।

क्रमशः स्थानीय बासिन्दाहरूमा साधारण स्वास्थ्य सम्बन्धी चेतना बढ्दै आएको कुरा उपर्युक्त स्वास्थ्य चौकीहरूमा उपचारका लागि आउने रोगीहरूको संख्याले देखाउँछ । तैपनि यहाँ परम्परागत किसिमको जरीबूटी र लामा झाँक्रीद्वारा झारफूक गराउने प्रचलन कायमै छ ।

जिल्लाको दक्षिणी भागमा २०१६ देखि औलो उन्मूलन कार्यक्रम लागू भएको र पटक पटक कीटनाशक औषधि छर्ने काम भएको थियो । २०२९।०३० सालमा यो जिल्लामा औलो उन्मूलन प्रायः भइसकेको थियो । जिल्ला बाहिरबाट औलो ग्रस्त मानिसहरू आइनैरहने हुनाले अझै पनि औलो संक्रमण हुने सम्भावना रहन्छ ।

जिल्लास्थित बिफर उन्मूलन कार्यालयअनुसार यहाँ २०१८ देखि आधिकारिक रूपमा खोप कार्य शुरू गरिएको थियो । हालसम्म २५,००० व्यक्तिहरूलाई खोप दिइसकिएको छ । यहाँ आगामी २०३४ सम्म बिफर उन्मूलन गर्ने लक्ष्य राखिएको छ ।

कुश्मा स्वास्थ्य चौकीमा परिवार नियोजन तथा मातृ शिशु कल्याण केन्द्रको कार्यालय खोलिएको छ । शिखा र दाङसिङ स्वास्थ्य चौकीमा पनि चाँडै नै परिवार नियोजन तथा मातृ शिशु कल्याण केन्द्रको कार्यालय खोलिने भएको छ ।

खाने पानी

जिल्लाको सबैजसो भागमा खानेपानीको विकट समस्या छ भन्न सकिन्छ। यहाँ ढुङ्गेधारा, कुवा र खोलाको पानी ल्याएर काम चलाइन्छ।

धेरैजसो गृहिणीको समय खानेपानी ओसार्दैमा बित्ने भएकोले तिनीहरूले अन्य काममा समय दिन पाउँदैनन्। उपलब्ध खानेपानी रासायनिक दृष्टिले छानबीन नगरी खानु पर्ने हुन्छ। वास्तवमा यहाँ जस्तो भए पनि सङ्लो पानी भए पुग्छ। पानीको स्वच्छतातिर जनसाधारणले त्यति ध्यान पुऱ्याएको देखिंदैन। यसले गर्दा जिल्लाको दक्षिणी भागमा पेटका अनेकौं रोगहरू फैलिने सम्भावना हुन्छ र उत्तरी भागमा निकै संख्यामा गलगाँडको रोगले मानिसहरू पीडित हुन्छन्।

जिल्लाको सदरमुकाम कुश्मामा मूलबाट निक्लेको ढुङ्गेधारा र कुवाबाट गुजारा गरिएको थियो। बढ्दो जनसंख्या र यहाँ आउने जाने मानिसहरूको बढ्दो संख्याले गर्दा खानेपानीको समस्या विकट भएको थियो। आर्थिक वर्ष २०२७।०२८ देखि यहाँ रू. ६० हजारको लागतमा एक खानेपानी योजना शुरू गरिएकोछ। उपलब्ध पानी एउटा ट्याङ्कीमा जम्मा गरी व्यवस्थित किसिमले कलधाराबाट पानी वितरण गर्ने व्यवस्था मिलाइएको छ। सार्वजनिक समेत गरी यहाँ जम्मा ११ वटा कल धारा जडान गरिएका छन्। यसबाट स्थानीय र बाहिरबाट काममा केही समयको लागि कुश्मा आउने मानिसहरूलाई सुविधा पुग्न गएको छ।

यसका अतिरिक्त जिल्ला पञ्चायतको अनुदान र स्थानीय जनताको श्रमदानमा आर्थिक वर्ष २०२९।०३० मा यहाँ ११ वटा गाउँ पञ्चायतहरूमा ट्याङ्की र धारा जडान गरिएका छन्। तिनीहरूको विवरण निम्नअनुसार छ –

गाउँ पञ्चायतको नाम	योजनाको नाम	धारा संख्या
त्रिवेणी	ट्याङ्की पाइप	४
फलेबास	ट्याङ्की पाइप	५
नागी	ट्याङ्की पाइप	३
भगारा	ट्याङ्की पाइप	३
पाङ बडहरे	ट्याङ्की पाइप	२
मल्लाज लेख फाँट	ट्याङ्की पाइप	३
पाखापानी	ट्याङ्की पाइप	२
मुडिकुवा	ट्याङ्की पाइप	४
देउपुर कडेन	ट्याङ्की पाइप	८
जिल्ला पञ्चायत कार्यालय पर्वत	ट्याङ्की पाइप	११
दाङसिङ	ट्याङ्की पाइप	५
भोकिसङ	ट्याङ्की पाइप	६
नारच्याङ	ट्याङ्की पाइप	४
मल्लाज माझ फाँट	ट्याङ्की पाइप	९

साबेत	ट्याङ्की पाइप	४
उराम पोखरा	ट्याङ्की पाइप	३
आरूचौर	ट्याङ्की पाइप	४

उपर्युक्त आयोजनाहरूबाट करीब १८,००० जनालाई फाइदा पुगेको छ। यसका साथै जिल्लाको उत्तरी भाग शिखा गाउँमा सन् १९७० मा एक खानेपानी योजना सम्पन्न गरिएको छ। उक्त गाउँदेखि करीब १,००० मिटर(३,२८१ फीट) को दूरीबाट भिनाइल क्लोराइडको पाइप जडान गरी पानी ल्याइएको छ। गाउँको सबै भागको सुविधा र दूरी हेरी पानी ट्याङ्की कलधारा गाउँको विद्यालयनिर राखिएको छ।

प्रशासन र पञ्चायत

प्रशासन

वि. सं. १८४३ मा पर्वत (चौबीसी राज्य) नेपाल अधिराज्यमा समावेश नगरिंदासम्म यो क्षेत्र मल्ल राजाहरूद्वारा स्वशासित थियो। गोरखाली फौजद्वारा विजित हुनुभन्दा अघि यो प्रदेश मल्ल राजाहरूमध्ये अन्तिम कीर्तिबम मल्लद्वारा प्रशासित थियो । पछि पृथ्वीनारायण शाह र उनका उत्तराधिकारी तथा राणा शासकहरूले प्रशासनिक सुविधाका दृष्टिले नेपाल राज्यलाई साना साना इलाकाहरूमा विभाजित गरे । यसरी क्रमशः पल्लो नुवाकोट, भिर्कोट, गह्रौं, सेतो पैयूँ जस्तै यो क्षेत्र पनि पश्चिम चार नम्बर इलाका भित्र पर्न गयो । राणा प्रधान मन्त्री वीर शम्शेरको पालादेखि गौंडा गोश्वारामा बडाहाकिम राख्ने व्यवस्था अनुसार पर्वत क्षेत्रको प्रशासन पनि पाल्पा गौंडा अन्तर्गत नुवाकोटको गोश्वाराबाट हेर्न थालियो। यसका अतिरिक्त पर्वत क्षेत्रको राजस्व र माल सम्बन्धी कार्यका लागि समेत नुवाकोटमा माल अड्डा राखिएको थियो। तर अदालती कारवाइका लागि बागलुङ अमीनीमा जानु पर्दथ्यो । २०१८ सालमा नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ विकास जिल्लामा विभाजन गरिए पछि यस क्षेत्रको ऐतिहासिक र भौगोलिक विशेषतालाई ध्यानमा राख्दै गण्डकी अञ्चल अन्तर्गत रहने गरी पर्वत जिल्ला खडा गरियो । त्यहाँदेखि यो जिल्ला गण्डकी अञ्चल प्रशासन अन्तर्गत प्रमुख जिल्ला अधिकारीद्वारा प्रशासित हुँदै आएको छ ।

यस जिल्लामा भएका विभिन्न सरकारी र अन्य कार्यालयहरू निम्नअनुसार छन्ः–

सरकारी कार्यालयहरू

प्रमुख जिल्ला अधिकारीको कार्यालय, कुश्मा
जिल्ला अदालत कार्यालय, कुश्मा
छोटी हुलाक कार्यालय, कुश्मा
जिल्ला शिक्षा निरीक्षक कार्यालय, कुश्मा
पर्वत रेञ्ज कार्यालय, कुश्मा
निर्वाचन कार्यालय, जिल्ला शाखा, कुश्मा
जिल्ला तथ्याङ्क सङ्कलन कार्यालय, कुश्मा
जिल्ला प्रहरी ठाना कार्यालय, कुश्मा
सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ता कार्यालय, कुश्मा
जिल्ला भूमिसुधार कार्यालय, कुश्मा

स्वास्थ्य चौकी (हेल्थपोष्ट), कुश्मा
विफर उन्मूलन आयोजना, जिल्ला कार्यालय, कुश्मा
आकाशवाणी (स्याटेलाइट) कार्यालय, कुश्मा

अन्य कार्यालयहरू

जिल्ला पञ्चायत कार्यालय, कुश्मा
नेपाल बैंक लि, कुश्मा

उपर्युक्त कार्यालयहरूमध्ये जिल्ला प्रहरी ठाना कार्यालयले पोखरा स्थित अञ्चल प्रहरी उपरीक्षक (एस. पी.) कार्यालय अन्तर्गत रहेको छ। यस जिल्लामा कर र अन्तःशुल्क कार्यालय नभएकोले तत्सम्बन्धी कारवाही र राजस्व असूल उपर क्रमशः बागलुङ स्थित शाखा कार्यालय र भैरहवा स्थित अन्तःशुल्क कार्यालयबाट गर्ने गरिएको छ।

माथिको फेहरिस्तमा उल्लिखित कार्यालयहरूमध्ये धेरैको सम्बन्धित परिच्छेदमा चर्चा भइसकेकोले त्यसदेखि बाहेकका केही महत्वपूर्ण कार्यालयहरू बारे यहाँ केही चर्चा गरिन्छ।

प्रमुख जिल्ला अधिकारीको कार्यालय : विकेन्द्रीकरण योजनाअनुसार जिल्लामा बडाहाकिम राख्ने पुरानो पद्धति खारेज भएपछि गण्डकी अञ्चल कार्यालय अन्तर्गत यहाँ एक प्रमुख जिल्ला अधिकारी राखिएको छ। जिल्लाको शान्ति सुरक्षा कायम गर्नुका साथै यस जिल्लामा प्रमुख जिल्ला अधिकारीले विभिन्न समस्याहरूको सामना गर्नु पर्ने हुन्छ।

प्रहरी

जिल्लाको सदरमुकाम कुश्मामा प्रहरी ठाना कार्यालय छ। यस ठाना अन्तर्गत जिल्लाको दुई स्थानमा पुलिस चौकीहरू राखिएका छन्।

कारागार

यस जिल्लामा हालसम्म कारागार भवन नभएकोले कैदमा राख्नु पर्ने अपराधीहरूलाई स्याङ्जा जिल्लाको कारागारमा पठाउने गरिएको छ।

जिल्ला अदालत

जिल्लाको सदरमुकाम कुश्मामा पर्वत जिल्ला अदालत छ। न्याय प्रशासन (विविध व्यवस्था) ऐन २०१८ अन्तर्गत गठित यस अदालतले आफ्नो अधिकार भित्रको फौजदारी र देवानी मुद्दा हेर्दछ। २०२७ साल देखि २०३० सालसम्म यस अदालतमा परेका मुद्दाहरूको प्रकार र संख्या निम्नअनुसार छः–

वर्ष	देवानी मुद्दा	फौजदारी मुद्दा
२०२७।२८	१९५	१९१
२०२८।२९	२०६	१६७
२०२९।३०	२४३	१७७
२०३०।३१	२३०	२४१

पञ्चायत

यस जिल्लामा जम्मा ५० गाउँ पञ्चायत छन् । जिल्ला पञ्चायतको कार्यालय जिल्लाको सदरमुकाम कुश्मामा छ । यस जिल्लाबाट एकजनाले राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्दछन् ।

जिल्ला पञ्चायत स्थानीय विकासको निम्ति एक महत्वपूर्ण निकाय हो । यस जिल्ला पञ्चायतको साधारण र विकास खर्चको निम्ति चाहिने आयको स्रोत धुरीकर, घाट ठेक्का, चन्दा र श्री ५ को सरकारले दिने वार्षिक अनुदान आदि हुन् । आर्थिक वर्ष २०२९।०३० मा यस जिल्लाको जिल्ला सभाकोषमा स्थानीय स्रोतबाट रू. ९,४६६। र स्थानीय विकास विभागबाट दिइएको अनुदान रू. ९६,५००। गरी जम्मा १,०५,९६६। आम्दानी भएको देखिन्छ ।

यस जिल्लामा धेरैजसो आयोजना खाने पानी, सिचाइ र बाटो निर्माण सम्बन्धी छन् । माथि उल्लेख गरिए झैं यी आयोजनाहरू स्थानीय विकास विभागबाट प्राप्त भएको अनुदान र जन श्रमदानबाट पूरा गरिन्छ । आर्थिक वर्ष २०२०।०२१ देखि हालसम्म जे जति आयोजना कार्यान्वित भएका छन् त्यसबाट जनतामा विकास कार्यक्रम कार्यान्वयन गर्ने उत्साह र जाँगरको कमी देखिंदैन ।

यस जिल्लामा भएका वर्गीय संगठन र ठाउँ ठाउँमा संगठित गरिएका प्रारम्भिक समिति र तिनीहरूको सदस्य संख्या निम्नअनुसार छन्:–

संगठन	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
युवक संगठन	२९	३१९
किसान संगठन	२९	३१७
महिला संगठन	२३	२५३
भूतपूर्व सैनिक संगठन	१७	१८५

उपर्युक्त सबै वर्गीय संगठनहरूको संयुक्त कार्यालय जिल्लाको सदरमुकाम कुश्मामा छ ।

उपसंहार

पर्वत जिल्लाको अत्यधिक जनसंख्या कृषिमाथि निर्भर रहेको छ तापनि कृषियोग्य भूमिको अभाव र बढ्दो जनसंख्याको अनुपातमा परम्परागत कृषि प्रणालीको अनुत्पादकताले यस जिल्लामा हरेक वर्ष निकै ठूलो परिमाणमा खाद्यान्न नपुग हुने गर्छ । परिणामस्वरूप हरेक वर्ष एकातिर सयकडौंको संख्यामा रोजगारीको खोजीका निम्ति जिल्ला बाहिर वा विदेशतिर जाने प्रवृत्ति पाइन्छ भने अर्कातिर जिल्लाको हिमाली, लेकाली तथा बेंसी क्षेत्रका महत्वपूर्ण प्राकृतिक र अन्य स्रोतको राम्ररी उपयोग हुन सकेको छैन । हिमाली क्षेत्रमा उन्नत ढङ्गले पशुपालन गर्ने, लेकाली क्षेत्रमा जलवायु सुहाउँदो फलफूल खेती गर्ने र बेंसी क्षेत्रमा सघन कृषि कार्य गर्न सकिने राम्रो सम्भावनाहरू यहाँ नभएका होइनन् ।

कुनै खास संरक्षण र प्रोत्साहन बेगर पनि परम्परागत रूपमा नेपाली कागज, पशिमना, घ्यू आदि अनेकौं वस्तुहरू जिल्लामा उत्पादन गरिन्छन् र जिल्ला बाहिर पनि निर्यात गरिन्छन् । मूलतः स्वदेशी शीप, कच्चा पदार्थ र बजारमा आधारित यी उद्योगहरूले समुचित प्रोत्साहन र संरक्षण पाएमा जिल्लाबासीहरूको सीमित आयमा निकै ठूलो वृद्धि हुन सक्छ ।

विकास कार्यक्रमका दृष्टिले हालसम्म अपाएकमा परेको भएतापनि पश्चिमाञ्चल विकास क्षेत्रको विकास केन्द्र नजीकै पोखरामा परेकोले, पर्वत बासीहरू निकै बढी उत्साहित छन् । भोगौलिक विवशता र यातायातको विकटता नै यस जिल्लाको प्रगतिका लागि मुख्य तगारोका रूपमा रहेकोमा अब मध्यपहाडी क्षेत्र भएर जाने प्रस्तावित पोखरा-सुर्खेत राजमार्गको निर्माणले यस जिल्लाको विकासमा महत्वपूर्ण आधारशिलाको कार्यगर्ने आशा गर्न सकिन्छ ।

नजीकैबाट अन्नपूर्ण हिमालय र माछा पुच्छ्रेको दुवै चुचुरा हेर्न लालायित विदेशी पर्यटकहरू यस जिल्लामा निकै संख्यामा आउन थालेका छन् । विशेषतः घान्द्रुक जस्ता गाउँहरूमा स्थानीय विशेषता भएको तर सुविधायुक्त स-साना होटलहरू चल्ने राम्रो सम्भावना देखिन्छ ।

यस जिल्लाको आर्थिक टेवाको रूपमा रहेका विदेशी सेनामा काम गरेका व्यक्तिहरूमध्ये भूतपूर्व सैनिकहरू प्रशिक्षित श्रम शक्तिको स्रोत हुन् । उक्त श्रम शक्तिलाई संगठित किसिमले कृषि, पशुपालन वा निर्माण कार्यमा फलदायी ढङ्गले उपयोग गर्न सकिन्छ । विदेशी सेनामा भर्ना हुने संख्यामा कमी हुँदै गइरहेको छ र सधैंनै यस्तो सेवामा स्वाभिमानी नेपालीलाई उपयोग हुन दिनु नैतिक दृष्टिले समेत उचित मानिंदैन ।

मुस्ताङ

विषय सूची

परिचय	४९७
प्राकृतिक स्वरूप र सम्पदा	४९९
ऐतिहासिक पृष्ठभूमि	५०९
प्रमुख स्थानहरू	५१४
जनसंख्या र जनजीवन	५१९
आर्थिक व्यवस्था	५३१
यातायात र सञ्चार	५३८
शिक्षा, स्वास्थ्य तथा खानेपानी	५४१
प्रशासन र पञ्चायत	५४६
उपसंहार	५४९

परिचय

अधिराज्यमा आधी हिस्सा हिमालय पारी र आधी हिस्सा वारी भएको यस मुस्ताङ जिल्ला पूर्व, पश्चिम र उत्तर तीनै दिशामा जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित क्षेत्रसँग सीमाना गाँसिन पुगेको एक मात्र जिल्ला हो । विश्वका सर्वोच्च हिम शिखरहरूमध्ये ठहरिएको धवलागिरि पर्वत--शृङ्खलाले सुशोभित यो जिल्लामा नदी नालाले भूमि चिरेर बनाएका कैयौं अति गहिरा गल्छी पनि छन् र कसै–कसैको अनुमानमा यहाँको एक गल्छी संसारकै सबैभन्दा गहिरा गल्छीहरूमध्ये गणनामा हुन्छ । यो जिल्ला २८° २४′ देखि २९° २०′ उत्तरी अक्षांश र ८३° ३०′ देखि ८४° १०′ पूर्वी देशान्तर भित्र पर्दछ ।

प्राचीन मुस्ताङ राज्य आफूमा समेटेर बसेको यो जिल्ला ऐतिहासिक दृष्टिले पनि विशेषतापूर्ण भू-भाग हो । अधिराज्यका चार रजौटाहरूमध्ये एउटा यस जिल्लामा पनि पर्छ ।

हिन्दू र लामा दुवै धर्मावलम्बीहरूले जीवनमा एकचोटि दर्शन गर्ने आकांक्षा लिएका तीर्थस्थलहरू मध्येको प्रमुख एक तीर्थस्थल मुक्तिनाथ यसै जिल्लामा पर्दछ । ज्वालामाई मन्दिर र निकटको गुम्बा एक अर्काको हाराहारी बसेका बाहेक ब्राम्हण पूजारी र बौद्ध लामाहरूद्वारा संयुक्त रूपमा रेखदेख गर्ने प्रथाले नेपालको धार्मिक सहिष्णुताको परम्परा अक्षुण्ण रहेको अर्को उदाहरण मुस्ताङको मुक्तिनाथले दर्शाउँछ । विश्वविख्यात शालिग्रामको खोजमा आउने यात्रुहरूको प्रमुख आकर्षण केन्द्र पनि मुक्तिनाथ क्षेत्र हो ।

शालिग्राम बटुल्ने, दामोदर कुण्ड र तातोपानी कुण्डमा नुहाएर पाप हरण गर्न चाहने वा स्वास्थ्य लाभ गर्न खोज्ने इत्यादि किसिमका यात्रुहरू मात्र परम्परादेखि आएको मुस्ताङमा आज पर्यटकहरूको पनि बढ्दो संख्यामा आगमन भएको देखिन्छ । यी आगन्तुकहरूमा पर्वतारोही पर्यटकहरूको संख्या बढी देखिन्छ । पर्वतारोही तथा पर्यटकहरूको बढ्दो आगमनले गर्दा जिल्लाको अर्थ–व्यवस्थामा निकट भविष्यमा पर्यटन उद्योगको निकै महत्वपूर्ण भूमिका हुन सक्ने आशा गर्न सकिन्छ ।

दुर्गम क्षेत्रका जिल्लाहरूमध्ये एक भएर पनि तुलनात्मक दृष्टिकोणले बाटाघाटाको धेरै सुविधा भएको तथा राजधानीसँग जोड्ने विमान सेवादेखि लिएर जिल्लाका विभिन्न भागमा घोडा, खच्चर आदि यातायातका साधन पनि प्राप्य हुने भएकोले मुस्ताङलाई एक दृष्टिकोणले सुगम जिल्ला मान्नुपर्छ ।

केवल खेती वा नोकरीमा जीविकाको निम्ति आश्रित रहने सामान्य प्रवृत्तिले जेलिएको नेपाली समाजमा व्यापारलाई एक स्वागतयोग्य विकल्पको रूपमा सफलतासित पेश गरी नेपालीहरूलाई यस क्षेत्रमा प्रेरित गर्ने ल्होवा र थकाली दुवै जातिको बसोबास यहाँ पाइन्छ । मुस्ताङ जिल्लाको थकाली थलो थाक खोला प्रदेश

अतिथि सत्कारको लागि प्रख्यात छ । हङकङ, सिङ्गापुर आदि परसम्म गएर पत्थर इउँ आदिको पसल थाप्ने मनाङहरूले झैं मुस्ताङहरूले पनि बाहिरी विश्वमा आफ्नो व्यापारिक दक्षताको प्रमाण दिएको पाइन्छ ।

हालको मुस्ताङ गाउँको परम्परागत नाउँ ल्हो मन्थाङबाट अपभ्रंश भएर मुस्ताङ शब्दको उत्पत्ति भएको हो भन्ने कसै कसैको भनाइ छ । ल्हो मन्थाङका जनतालाई 'ल्होवा' भन्ने गरेकोले उत्तरी भेकमा मुस्ताङ-हरू पनि यो नाउँले चिनिने गर्दछन् ।

यो जिल्लाको भौगोलिक सीमानाको विशेषता उत्तर, पूर्व र पश्चिममा चीनको तिब्बती क्षेत्रले घेरिएको हुनु हो भन्ने कुरो माथि उल्लेख भइसकेको छ । तर पूर्व-पश्चिमको माथिल्लो क्षेत्रमा मात्र उक्त तिब्बती क्षेत्रसम्म यसको सीमाना गाँसिएको छ, पूर्वको तल्लो भेकमा दामोदर र नीलगिरि हिमालले यो जिल्लालाई गण्डकी अञ्चलको मनाङ जिल्लासँग छुट्याउँछ भने पश्चिमतिरको तल्लो भागलाई मुकुट हिमालले धवलागिरि अञ्चलकै डोल्पा जिल्लाबाट अलग्याउँछ ।

जिल्लाको उत्तरपट्टि चीनको तिब्बती क्षेत्रसँग भौगोलिक रूपमा मुस्ताङ भोट हिमालले यसलाई छुट्याएको मानिन्छ तर वास्तवमा उक्त भोटमा पर्ने कोरेल भञ्ज्याङबाट पनि करीब दुई किलोमिटर उत्तरमा नेपाल–चीनको अन्तर्राष्ट्रिय साँध छुट्याएको छ । दक्षिणी साँधमा रघु गङ्गाले यसलाई म्याग्दी जिल्लाबाट छुट्याएको छ ।

समुद्र सतहदेखि २,६०० मिटर (८,४०० फीट) को उचाइमा रहेको जोमसोम यो जिल्लाको सदर मुकाम हो ।

जिल्लाको कुल क्षेत्रफल ३,६६८ वर्ग किलोमिटर देखिएको छ। धवलागिरि अञ्चलको कुल क्षेत्रफल-सँग दाँज्दा यो जिल्लाको क्षेत्रफल २३.७ प्रतिशत हुन आउँछ ।

वि. सं. २०२८ को जनगणनाले जिल्लाको जनसंख्या २६,९४४ देखाएको छ। आबादीको दृष्टिकोणले यो जिल्ला अधिराज्यको पाँचौं सबभन्दा कम जनसंख्या भएको जिल्ला हुन पुगेको छ ।

कृषि, पशुपालन र व्यापार जिल्लावासीका प्रमुख पेशा हुन् र उत्तरी भेकका जनता चीनको तिब्बत क्षेत्रमा खाद्यान्न पठाएर सटही व्यापार गरी नून, सुन र अन्य सामानहरू आयात गर्छन् ।

आधुनिक शिक्षाको दृष्टिमा यो जिल्ला पछौटे देखिए तापनि परम्परागत धार्मिक शिक्षा मुस्ताङ र थकाली परिवारहरूमा निकै प्रचलित छ । विशेष गरी उत्तरी भेकमा प्रत्येक घरको माहिलो छोरोलाई गुम्बामा लामा बनाई धर्म-शिक्षा दिने प्रथा यथावत नै छ ।

हरेक गुम्बामा प्राचीनकालदेखि हस्तलिखित धर्म ग्रन्थहरू सुरक्षित रहेकाले सांस्कृतिक दृष्टिबाट तिनलाई धनाढ्य मान्नुपर्छ । कलात्मक भित्ता–चित्रहरू र मूर्तिहरूले सुसज्जित ती गुम्बाहरूले मुस्ताङको कला परम्परा वैभवशाली भएको प्रमाणित गर्छन् ।

प्राकृतिक स्वरूप र सम्पदा

मुस्ताङ जिल्लाको भौगोलिक स्वरूप तिब्बती माल भूमिको टुक्रा, धवलागिरि र नीलगिरि हिमालयहरू, भित्री हिमाली उपत्यका र दक्षिणका होचा टार–बेंसीहरूले बनेको छ। उत्तरी भेकको माल भूमि क्षेत्रको मध्यम उचाइ औसत ३,४१५ मिटर (११,२००, फीट) छ र ८,१६७ मिटर (२६,७८८ फीट) अग्लो धवलागिरि हिमाल पनि यसै जिल्लामा छ। दक्षिण भेकमा पर्ने काली गण्डकीका बगर र बेंसीहरू औसत १,४०६ मिटर (४,५०० फीट) को होचो क्षेत्रमा छन्। यो जिल्ला नेपाल अधिराज्यको उत्तर–पश्चिममा हिमालय पर्वत शृङ्खलाको दक्षिण र उत्तर दुवैतिर फैलिएर रहेको छ। यो जिल्लाको प्रमुख नदी काली गण्डकीको सिह्रान पनि यहीं छ। अनि यसै नदीले जिल्लालाई उत्तरदेखि दक्षिणसम्म माझमा छुट्याएर दुई भागमा बाँडेको पनि छ।

भौगोलिक बनावट

भू–स्वरूपको दृष्टिकोणले यो जिल्लालाई मोटामोटी तीन भागमा विभाजन गर्न सकिन्छः–

(१) हिमाली प्रदेश
(२) भोट तथा लेकाली प्रदेश
(३) पहाडी प्रदेश

हिमाली प्रदश

हिमालय पर्वतमालाले दक्षिण भागमा बाहेक यस जिल्लालाई तीनतिरबाट घेरेका छन्। यो क्षेत्र उचाइको हिसाबले ४,८८० मिटर (१६,००० फीट) भन्दा माथि पर्दछ। नेपाल अधिराज्यको पाँचौं सबैभन्दा अग्लो धवलागिरि (८,१६७ मिटर अर्थात् २६,७८८ फीट), धवलागिरि प्रथम (८,०९१ मिटर अर्थात् २६,५३८ फीट), ६,४७७ मिटर अर्थात् २१,२४५ फीट अग्लो मुस्ताङ हिमालको गचे र टुकुचे, दामोदर हिमाल तथा मुकुट हिमालयहरू यस जिल्लाका प्रमुख पर्वतहरू हुन्। उत्तरमा हिमरेखाभन्दा अग्ला चिसो माल भूमिहरू पनि छन्। यी उच्च हिमाली पर्वत शृङ्खला र उक्त पठार भूमि दुवैमा कुनै हरियो परियो देख्न नपाइनु यस हिमाली प्रदेशको एक सामान्य र संयुक्त विशेषता हो। धमीदेखि उत्तर मुस्ताङ सात थपोला क्षेत्र यो प्रदेशभित्रै पर्दछ। यस बाहेक ६,१०० मिटर अर्थात् २०,००० फीटभन्दा अग्ला अनगिन्ती टाकुराहरूले यस जिल्लालाई घेरेका छन्।

यिनै हिमाली टाकुराहरूको हिउँ पग्ली उत्पत्ति भएका जिल्लाभित्रका मुख्य काली गण्डकी नदी तथा त्यसका सहायक नदीहरू उत्तरबाट दक्षिणतिर बगेका छन्। जिल्लाको पूर्व-पश्चिम सीमानामा फैलिरहेका अन्नपूर्ण, नीलगिरि, मुक्तिनाथ, दामोदर, धवलागिरि, मुकुट हिमालहरूमा पर्वतारोहण दलहरू समय समयमा

आउने गरेको पाइन्छ । यस बाहेक यो प्रदेश अन्य भू-उपयोगको दृष्टिकोणले कुनै कामको छैन । यिनै हिमालयहरूको र खोंचबाट काटेर जाने निकै अग्ला अग्ला घाँटीहरू पनि छन् । यसमध्ये कोरेल, थुरुङ तिलिचो, सागदा घाँटीहरू प्रख्यात छन् ।

भोट तथा लेकाली प्रदेश

जिल्लाको पूर्वतर्फ अन्नपूर्ण, मुक्तिनाथ, दामोदर र पश्चिममा धवलागिरि, मुकुट आदि हिमालको बीचमा पर्ने ज्यादै फराकिलो भूमिलाई नै मुस्ताङ भोटको रूपमा लिन सकिन्छ । काली गण्डकी नदी तथा त्यसको सहायक नदीहरूको सिह्रानमा स्थित यो भोटको क्षेत्रफल मोटामोटी ३४३ वर्ग किलोमिटर (९०० वर्ग माइल) हुन आउँछ ।[1] उत्तर–दक्षिण लाम्चिएर फैलिरहेको यो क्षेत्र कुनै समयमा एउटा तालको रूपमा भएको कुरा यसको उत्तरमा थुप्रेर रहेको पत्रे चट्टानहरूद्वारा पुष्टि हुन्छ । मुस्ताङ भोटको स्वरूप करीब करीव समथर रूपमा रहेको बेंसी जग्गा भने पनि हुन्छ । उदाहरणको लागि स्थानीय खोलानालाले ल्याएको बालुवा, कङ्कड आदि माटोले पुरिनाले जिल्लाको उत्तरी भागमा स्थित "ल्हो" अथवा ल्हो मन्थाङ क्षेत्र मरुभूमि जस्तै बनिसकेको छ । तर यस प्रदेशको दक्षिण भागमा पुगेपछि नदीको बेग बढी हुने हुँदा जमीन खियाउने शक्ति बढिसकेको हुन्छ । त्यसैले यस ठाउँमा नदीका बेंसीहरू साँगुरो र गहिरो देखिन्छन् ।

यही भोट क्षेत्रको कुनै कुनै भागमा पाइने घाँसे जग्गाहरू पशु–वस्तु चराउनको लागि ज्यादै उपयुक्त हुने हुँदा यसलाई लेकाली प्रदेशको रूपमा पनि राख्न सकिन्छ । पूर्वमा मनाङ भोट तथा पश्चिममा डोल्पा भोटको बीचमा परेको यो मुस्ताङ भोटमा निकै कम पानी पर्ने भएको हुँदा तिब्बती भूमिसित दाँज्न सकिन्छ। तर वर्षातको समयमा पर्ने अलि अलि वर्षाले गर्दा त्यसबेला हरिया घाँसहरूको साथै रङ्गी-बिरङ्गी फूलहरू फुल्न थालेपछि जताततै रमाइलो देखिन्छ ।

यस क्षेत्रको वरपरका कैयौं मुस्ताङ डाँडाका चुचुराहरू कुनै एक अदृश्य शक्तिले मिहेनत साथ खुर्केर गोलाकार पारिदिएको जस्तो देखिन्छ । दामोदर कुण्ड र काली गण्डकी भेकमा पाइने शालिग्रामहरूले पनि लाखौं वर्ष अघि यो सम्पूर्ण हिमाली क्षेत्र कुनै विशाल समुद्रको सतहमा थियो होला भन्ने अडकलको परिपुष्टि गर्दछ ।

यो क्षेत्रको वर्णन गर्दै मिसेल पिसेल एक ठाउँमा लेख्छन्:– "मुस्ताङको सबैभन्दा उत्तरमा स्थित गाउँ नामद्रोल हो । यो सानो गाउँ साँच्चै नै पृथ्वीको छानामै भए झैं लाग्छ र यसका दुई–चारवटा सेता घरहरू र ठूला ठूला छोर्तेनहरू एउटा ठाडो भित्तामा झुण्डिएर अल्झेका जस्तै देखिन्छन् ।"

"यो ठाउँमा उक्लिएर दक्षिणतिर हेर्दा मैले सम्पूर्ण मुस्ताङ देखे झैं लाग्यो । दुइवटा पहाड–शृङ्खलाहरूको माझमा पोखिएर बगेको एक फोसिल–समुद्र जस्तो यो भू–भागको दक्षिणी क्षितिज धवलागिरि र अन्नपूर्णका सेता हिम वुलोसम्म फैलेको देखिन्छ । यो ठाउँदेखि धवलागिरिको फेदी १२८ किलोमिटर (४० कोस) भन्दा टाढा होला । यहाँबाट हेर्दा ती होचा डाँडा झैं देखिन्छन् ।"

---

[1] Burathokey, J. B. S. & Mall, U. M.,-- The Physical Aspects of the kingdom of Nepal, 1968, p.8

पहाडी प्रदेश

जिल्लाको सम्पूर्ण दक्षिणमा पर्ने २,५९० मिटर (८,४९५ फीट) भागलाई भन्दा होचो पहाडी प्रदेशमा लिन सकिन्छ । पूर्व–पश्चिम फैलिएका हिमालयका चुचुराहरूकै श्रेणीको रूपमा रहेका यी श्रेणीहरू जिल्लाभित्र उत्तर–दक्षिण फैलिइरहेका छन् । जिल्लाभित्र यस्ता श्रेणीहरू दुईवटा छन् । एक नीलगिरि हिमालकै श्रेणीको रूपमा आएको नृस्ती खोला र काली गण्डकीको बीचको श्रेणी र अर्को धवलागिरिबाट शुरू भएको रघुगाड र काली गण्डकीको बीचका श्रेणीहरू हुन् । यसमा काली गण्डकीको बेंसी भागलाई छाडेर अरू सबै भाग यस पहाडी प्रदेशभित्र पर्दछ । काली गण्डकी नदीमा मिल्न आउने अनगिन्ती सहायक खोलाहरूले काटेका हुँदा यस पहाडी प्रदेश ज्यादै छिया छियारूपमा रहेको छ । यही पहाडी प्रदेशभित्र नै जिल्लाका मुख्य बस्तीहरू छन् । जिल्लाको सबैभन्दा गर्मीप्रदेश भएको हुँदा यस भेकका पाखाहरूमा विभिन्न प्रकारका बालीहरू लाग्दछन् ।

नदी–नालाहरू

काली गण्डकी

मुस्ताङ जिल्लालाई काली गण्डकी नदी प्रणालीको क्षेत्र भने हुन्छ । जिल्लाको उत्तरी सीमा क्षेत्रको मुहान भएको यो नदी र यसका विभिन्न हाँगा-बिंगाले जिल्लाका विभिन्न भाग सिञ्चित गरेका छन् भने जिल्लाको एक मात्र ठूलो नदीको रूपमा यो दक्षिण सीमा पनि छिचोलेर उँधो बगेको छ र यस क्रममा यो नदीले जिल्लालाई माझबाट उत्तरदेखि दक्षिणसम्म मोटामोटी दुई फ्याक पारेको छ ।

नेपाल र चीनको सीमानाको रूपमा रहेको करीब ४,८७५ मिटर (१५,६०० फीट) को मुस्ताङ भीटको पारी तिब्बती मालभूमि क्षेत्रबाट नूप छु र शार छु खोला मिलेर दक्षिण बग्दै आएका छन् र यिनै दुईको सङ्गमले उत्तर मुस्ताङ क्षेत्रमा दमखोला बनेको छ ।

यो दमखोला पनि दक्षिण बग्दै आउँदा पश्चिमी मुस्ताङ जिल्ला र तिब्बतीक्षेत्र बीचको हिमाली सीमाना क्षेत्रबाट पूर्व बगी आउने तथा मुस्ताङको पूर्वी भाग र तिब्बतीक्षेत्र बीचको सीमानाबाट पश्चिम बगी आउने शाखा खोलाहरूको पानी आफूमा समेटेर एउटा ठूलो नदी बनेर जान्छ । मुस्ताङ (ल्हो मन्थाङ), चाराङ र तेहचाङ क्षेत्र नाघेर दक्षिण लम्किन लागेपछि यसको नाउ फेरि मुस्ताङ खोला हुन आउँछ ।

करीब ४,२४० मिटर (१३,९०७ फीट) को "होचो" इलाकामा यो नदी ओर्लेपछि यसको सङ्गम पश्चिम मुकुट हिमालबाट पूर्व बाईं आएको क्युगोमा खोलासँग घिलिङ गाउँ नजीकमा हुन्छ । हुनत यो सङ्गम हुनुभन्दा अघि पनि यसको पूर्वबाट पश्चिम बगेका अन्मा खोला, तङ्गेचाङ खोला र ताले खोलालाई यसले आफूमा आत्मसात गरिसकेको हुन्छ तापनि क्युगोमा र मुस्ताङको मित्यारी पछि मात्र काली गण्डकीको "जन्म" हुन्छ ।

यसमा मिल्ने खोलाहरूमध्ये टुकुचे हिमालको उत्तरी भेकबाट आएका पश्चिमाली लुङ्गपा खोला देम्बुस खोला र दामोदर हिमालबाट आए को पूर्वेली नर्सिङ खोला पनि छन्। पश्चिम धवलागिरि पर्वत शृङ्खलामा मुहान भएको रघुगङ्गा पनि पूर्वतिर तानिंदै आएर यो नदीसँग तातोपानीभन्दा करीब चार किलोमिटर उत्तर डाँडाबेंतमा मिसिन पुगेको छ भने नीलगिरि हिमालको काखमा तिलिछो तालको सन्तान स्वरूप

तिरिष्टि खोला पनि दक्षिण–पश्चिम हान्निदै आएर तातोपानीकै नजीक यो नदीसँग मिल्न पुग्छ । घासा नामक स्थानमा यसको भेट फेरि नीलगिरिको फेदीबाट आउने गजदिउँ खोलासँग हुन्छ र त्यसपछि यी सबै सबैले मिलेको काली गण्डकी मुस्ताङ जिल्लाबाट दक्षिणतिर ओर्लन्छ ।

काली गण्डकीमा शुरूमा कसरी विभिन्न नाउँका खोला नाला भिसिंदै गएर यो नदी बन्यो भन्ने भायिको प्रचलित उल्लेख छ भने उता मिसेल पिसेल नामक एक फ्रान्सेली यात्रुले[1] काली गण्डकीको वास्तविक मुहान मुस्ताङको उत्तरी भेकको नामद्रोल नामक गाउँमा पत्ता लाएको दावी गरेका छन् र सो पत्ता लगाउने प्रथम व्यक्ति आफूलाई सगर्व घोषित पनि गरेका छन् । तर उनको यो घोषणाको प्रामाणिक आधार थाहा नलागेकोले त्यसलाई कुनै महत्व दिनु आवश्यकता देखिन्न ।

ताल, कुण्ड र तातोपानी

जिल्लाको पूर्वपट्टि नीलगिरि हिमालको काखमा रहेको प्रसिद्ध र मुख्य तिलिछो ताल यहाँका प्रमुख आकर्षणहरूमध्ये एक हो । यो करीब ४,८७८ मिटर (१६,००० फीट)को उचाइमा अवस्थित छ । यहाँबाट नीलगिरि तथा अन्य हिमालयहरूको मनोरम दृश्य देखिन्छ ।

दामोदर कुण्ड यस जिल्लाको अर्को मनोरम आकर्षण हो । यो तातोपानीको कुण्डले एक प्रमुख तीर्थको रूपमा मान्यता पाएको हुनाले टाढा नजीकबाट यात्रुहरू यहाँ नुहाउन र श्राद्ध गर्न आउँछन् । यस कुण्डको वरिपरि शालिग्रामहरू पनि पाइन्छन् ।

जिल्लामा दुईवटा तातोपानी कुण्डहरू छन्– एउटा दानादेखि करीब डढ किलोमिटर दक्षिणमा काली गण्डकीको तीरमा स्थित छ र अर्को मुस्ताङ (ल्हो मन्थाङ) गाउँदेखि करीब तीन किलोमिटर पूर्वमा रहेको छ । पहिलो तातोपानी कुण्डको नजीकै भएको बजारको नाउँ पनि तातोपानी बजार हो ।

झरना

यो जिल्लामा रूप्से नामक एक अति रमणीय र भव्य झरना छ । अधिराज्यका सुन्दर झरनाहरूमा सहज गणना गर्न सकिने यो रूप्से झरना घासा गाउँदेखि दक्षिण भागमा स्थित छ ।

हावापानी

मुस्ताङ जिल्ला नेपाल अधिराज्यको मध्यउत्तरी भागमा रहेको भोट प्रदेश हो र यसको हावापानी पनि अधिराज्यको विभिन्न भागकोभन्दा भिन्नै किसिमको छ । पूर्वो दिशावाट बहने दक्षिण–पश्चिमी मनसुन हावालाई अन्नपूर्ण, मुकुट, धवलागिरि जस्ता अग्ला हिमालहरूले छेकिदिने हुँदा यहाँको हावापानी निकै सुखा तथा ठण्डा प्रकृतिको छ । जिल्लाको अधिकांश भागमा छ महीनाभन्दा बढी हिउँ जमिरहन्छ ।

मुख्य हिमालय पारीको जिल्ला भएकोले जिल्लाको उत्तरी सीमावर्ती क्षेत्रको हावापानी तिब्बती प्रान्तसित मिल्दोजुल्दो हुनु स्वाभाविक छ । जिल्लाको दक्षिण भाग मात्र अलि रमाइलो भई मनसुनी हावापानी सित धेरै मिल्न आउँछ । वर्षातको समयमा यहाँ दुई तीन महीना वर्षा भई मिश्रित वनस्पति पाइन्छ ।

---

[1] Peissel, Michel--Mustang: A Lost Tibetan kingdom, London, 1962, p. 215

उत्तरी भागमा विशेषगरी हिउँ पर्ने तथा तिब्बती क्षेत्रबाट बहने चीसो बतासले गर्दा बाटोमा हिंड्ने मानिसहरूलाई एक ठाउँबाट अर्को ठाउँ जान निकै कठिन हुन्छ ।

तापक्रम

यो जिल्लामा मौसम अवलोकन केन्द्र सन् १९६९ सम्म सदरमुकाम जोमसोममा मात्र थियो र पछि सन् १९७० मा मार्फामा पनि एउटा केन्द्र स्थापना भयो । अरू तथ्याङ्कको अभावमा हाल यिनै दुई केन्द्रमा अभिलेख गरिएको सन् १९७० को जानकारीबाट जिल्लाको तापक्रम सम्बन्धी पाइने आभास निम्नप्रकार छः–

तापक्रमको तालिका

(सेन्टिग्रेडमा)

	जोमसोम		मार्फा		दुई ठाउँको औसत	
महीना	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	११.३	−३.६	९.७	−१.३	१०.५	−२.४
फेब्रुअरी	१२.१	−२.५	१०.१	−०.२	११.१	−१.३
मार्च	१६.१	०.२	१४.०	२.२	१५.०	१.२
अप्रिल	२०.७	४.२	१८.५	६.०	१९.६	५.१
मे	२३.१	७.३	१९.८	८.९	२१.४	८.१
जून	२४.३	११.३	२०.९	१२.२	२२.६	११.७
जुलाई	२५.०	१३.२	२१.२	१४.३	२३.१	१३.७
अगष्ट	२४.९	१२.२	२१.१	१३.४	२३.०	१२.८
सेप्टेम्बर	२३.४	११.०	१९.८	११.९	२१.६	११.४
अक्टोबर	१९.७	५.१	१७.४	६.१	१८.५	५.६
नोभेम्बर	१५.०	०.३	१३.६	२.१	१४.३	१.२
डिसेम्बर	११.४	−३.७	१३.२	१.४	१२.३	−१.१
वार्षिक औसत	१०.५	४.५	१६.६	६.४	१७.७	५.५

जोमसोम र मार्फा दुवै जिल्लाको दक्षिणी भेकमा छन् र दुवैको उचाइ ३,००० मिटर ननाघेकोले जिल्लाका अरू तीनथरी हावापानी (उत्तरी भेकका अतिशीतप्रधान हिमाली र शीतप्रधान लेकाली तथा दक्षिणको न्यानो अर्धउष्ण हावापानी) कुनैको तापमान पनि उक्त तथ्याङ्कले प्रतिनिधित्व गर्दैन ।

तर जे होस् उक्त तालिकाअनुसार मुस्ताङ जिल्लाको मध्यमभेकको तापक्रमको मोटामोटी आभास दिन्छ । यसअनुसार मार्फा, जोमसोम क्षेत्रमा उक्त वर्षमा औसत अधिकतम तापक्रम १७.७ डिग्री सेन्टिग्रेड, न्यूनतम तापक्रम ५.५ डिग्री सेन्टिग्रेड भएको पाइन्छ । तर मार्फाभन्दा जोमसोम अलि उचाइमा भएकोले

त्यहाँ गर्मीमा कम गर्मी र जाडोमा बढी जाडो भएको पाइन्छ । उक्त वर्षमा जोमसोममा सबैभन्दा कम गर्मी र जाडोमा बढी जाडो भएको पाइन्छ । उक्त वर्षमा जोमसोममा सबैभन्दा चर्को गर्मी भएको दिन जून २९ तारीख थियो र सबैभन्दा चर्को जाडो फेब्रुअरी ६ तारीखका दिन भएको थियो । यी दुई दिनको तापक्रम क्रमशः २९.६ डिग्री सेन्टिग्रेड र –७.४ डिग्री सेन्टिग्रेड थियो । मार्फाको हकमा सबैभन्दा चर्को गर्मी भएको मिति ३० अगष्ट थियो र सो दिनको तापक्रम २७.८ डिग्री सेन्टिग्रेड थियो । सबैभन्दा चर्को जाडोको दिन मार्फामा पनि फेब्रुअरी नै थियो र सो दिनको तापक्रम –५.० डिग्री सेन्टिग्रेड थियो ।

वर्षा

यस जिल्लामा चार ठाउँमा वर्षा नाप्ने केन्द्रहरू राखिएका छन् । यी चार केन्द्रहरूमध्ये जोमसोम र मार्फा एक अर्काका नजीक छन् र तापक्रमको छलफलमा माथि उल्लेख भए झैं ठण्डा समशीतोष्ण भेकमा पर्दछन् । तेस्रो केन्द्र तातोपानी काली गण्डकीको गढ तीरमा करीब १,३०० मिटर अर्थात् ४,२६४ फीटमा भएकोले हावापानीको दृष्टिले उक्त केन्द्र जिल्लाको न्यानो अर्ध उष्ण भेकमा पर्दछ । चौथो केन्द्र ३,५८० मिटर (११,७४० फीट) अग्लो मुक्तिनाथमा पर्दछ । ती केन्द्रहरूद्वारा सन् १९७० को बाह्र महीनामा अभिलेख गरिएको वर्षाको तालिका तल दिइएको छः–

वर्षाको तालिका

(मिलिमिटरमा)

महीना	जोमसोम (२,६१५ मिटर)	मार्फा (२,५४५ मिटर)	तातोपानी (१,३०० मिटर)	मुक्तिनाथ (३,५८० मिटर)
जनवरी	४.०	२०.४	३१.५	०.०
फेब्रुअरी	६.०	३०.०	२३.९	०.०
मार्च	२.०	३६.०	५२.९	५.०
अप्रिल	९.०	३७.६	४१.२	३.०
मे	०.०	३४.८	७१.०	५.०
जून	८१.०	१०६.८	१५७.९	–
जुलाई	४.२	७०.४	२९१.७	–
अगष्ट	३४.५	७०.४	३२५.४	–
सेप्टेम्बर	३७.७	६३.८	२६३.९	१९३.०
अक्टोबर	१०.९	२३.६	६१.९	२५.०
नोभेम्बर	०.०	५.६	०.४	१.०
डिसेम्बर	०.०	०.०	०.०	०.०
वार्षिक जम्मा	१८९.३	४९९.४	१,३२१.७	–

माथिको तालिकाअनुसार सन् १९७० मा जोमसोममा सबभन्दा बढी वर्षा ५०.० मिलिमिटर जूनको १७ तारीखमा र मार्फामा ३७.६ मिलिमिटर जनवरी १७ तारीखमा भएको थियो । यस्तै तातोपानीमा सबभन्दा बढी वर्षा ४०.२ मिलिमिटर अगष्ट ६ तारीखका दिन भएको थियो ।

उपर्युक्त तालिकामा दिइएको तातोपानीको वर्षा तथ्याङ्कअनुसार सन् १९७० मा पुरा भएकोले जोमसोम र मार्फाको सोही वर्षको तथ्याङ्कसँग मात्र यसको तुलना गर्न सकिन्छ। जोमसोम, मार्फा र तातोपानीमा क्रमशः १८९.३, ४९९.४ र १,३२१.७ मि. मि. वर्षा भएको देखिएको छ। यसैले तातोपानीलाई हाल जिल्लाको सबैभन्दा बढी वृष्टि हुने ठाउँ मान्न सकिन्छ। यस तालिकाबाट मुक्तिनाथमा वृष्टि कम हुने देखिन्छ।

बङ्गालको खाडीबाट उत्तर बगेर हिमालयको फेदीबाट फेरि पश्चिमतिर बढ्दै आई नेपाल अधिराज्यका विभिन्न भेकमा वर्षा ल्याउने जुन दक्षिण–पश्चिम मनसुनी हावा बहन्छ, सो हावालाई मुस्ताङ जिल्लाको दक्षिण-पूर्वमा स्थित अन्नपूर्ण पर्वत शृङ्खलाले रोकेर उत्तरतिर जान दिंदैन। मुस्ताङ जिल्लाका मार्फा र जोमसोम क्षेत्र यो पर्वत शृङ्खलाको मोटामोटी उत्तर–पश्चिममा भएकोले र मनसुनी हावा सोझैं त्यहाँसम्म नपुगेर काली गण्डकीको छेडोबाट छिर्न सकेको केही हावाले पारेको पानी मात्र त्यहाँ पुग्ने हुनाले तातोपानीमाभन्दा धेरै कम पानी त्यहाँ परेको हो। मुस्ताङका जिल्लामा कहीं कुनै ठाउँमा वर्षा कम र कहीं बढी हुनाका कारणहरूमध्ये मनसुनी हावा एक प्रमुख कारण मानिनु पर्दछ।

यस जिल्लाको भौगोलिक बनावटलाई विभिन्न थरीमा विभाजन गरेझैं विभिन्न उचाइको आधारमा तापक्रम र वर्षा पनि विभिन्न रूपको पाइन्छ र यिनलाई निम्न मोटामोटी रूपमा वर्गीकरण गर्न सकिन्छः–

(१) अतिशीतप्रधान हिमाली हावापानी
(२) शीतप्रधान लेकाली हावापानी
(३) ठण्डाशीतोष्ण हावापानी
(४) अर्धउष्ण हावापानी

अतिशीतप्रधान हिमाली हावापानी

धौलागिरि, नीलगिरि आदि पर्वत शृङ्खलाका माथिल्लो भाग अर्थात् करीब ४,८७८ मिटर (१६,०० फीट) को हिम-रेखाभन्दा उँभोका भागमा वर्षभरी नै हिउँ जमिरहने र अति जाडो हुने हुन्छ। त्यो क्षेत्रमा कुनै प्रकारको वन-वनस्पति पनि उम्रदैन र यहाँको मौसमलाई अति शीतप्रधान हिमाली हावापानीको क्षेत्र नामकरण गरिएको छ।

शीतप्रधान लेकाली हावापानी

करीब ३,९६३ मिटर (१३,०००फीट) देखि उँभो हिम-रेखासम्मको भूभागलाई शीतप्रधान लेकाली हावापानीको क्षेत्र भन्न सकिन्छ। यो क्षेत्रमा हिउँदमा प्रायः सम्पूर्ण इलाकामा हिउँले ढाक्छ तापनि वर्षमा चार पाँच महीना हिउँ पग्लेर केही घाँस–पात र बाली बिरुवा उम्रने हुनाले वर्षामा भेडा–चौंरीको चरनसम्म राख्न सकिन्छ। तर वर्षामा पनि यो क्षेत्रमा निकै जाडो नै हुन्छ।

ठण्डाशीतोष्ण हावापानी

तेस्रो मौसमी वर्गीकरणमा ठण्डा शीतोष्ण हावापानीको क्षेत्र पर्छ। यस क्षेत्रका अग्ला स्थानहरूमा हिउँदमा हिउँ पर्दछ र प्रशस्त जाडो हुन्छ तापनि यो धेरै दिनसम्म रहँदैन र वर्षका अरू महीनामा शीतल हावापानी रहन्छ। वृक्ष-रेखाभन्दा मुनि पर्ने यस क्षेत्रमा धूपी–सल्ला जस्ता कोणधारी वनस्पतिका बाक्ला पातला जङ्गल भेटिन्छन् र यहाँ विशेषतः पाखो बाली लाग्ने खेत-बारी हुने हुनाले मानिसहरूको बसोबास निकै पाइन्छ। यो साधारणतः २,१३४ देखि ३,९६३ मिटर (७,०००देखि १३,००० फीट) सम्मको क्षेत्र हो।

अर्धउष्ण हावापानी

मुस्ताङ जिल्लाको दक्षिणी भेकमा कालीगण्डकीको किनारमा टार बेंसीदेखि लिएर उत्तरतिर करीब २,१३४ मिटर (७,००० फीट) सम्मको भू-भागमा पाइने हावापानीलाई न्यानोशीतोष्ण (अर्ध–उष्ण) हावापानी भन्न सकिन्छ । यस भेकका खोंच बेंसीमा वर्षाको याममा गर्मी भए तापनि अरू अग्ला ठाउँहरूमा हिउँदमा बाहेक अरू महीनामा मधुरो न्यानो हुन्छ । जिल्लाका अधिकांश जनताले बसोबास गर्ने यो क्षेत्रमा धान लगायत विभिन्न बालीनालीहरू र फलफूलहरू लगाइन्छन् ।

प्राकृतिक वनस्पति

वन तथा वनस्पति जिल्लाको भौगोलिक स्थिति र हावापानीकै उपज भएकोले यी दुवै दृष्टिबाट प्रशस्त विषमताले भरिएको मुस्ताङ जिल्लामा वन–वनस्पति पनि विभिन्न किसिमका हुनु स्वाभाविकै छ। त्यसैले हावापानी वर्गीकरणको आधारमा जिल्लाका वन वनस्पति निम्नरूपमा विभाजन गर्न सकिन्छ :–

(१) हिमाली क्षेत्रको वनस्पति
(२) लेकाली घाँसे वनस्पति
(३) कोणधारी सदाबहार वनस्पति
(४) पतझड मनसुनी वनस्पति

हिमाली क्षेत्रको वनस्पति

जिल्लाको वरपर फैलिराखेका हिमाली शृङ्खलाहरू ४,८८० मिटर (१६,००० फीट) भन्दा माथि परेको हुँदा सधैं हिउँले ढाकिरहन्छ। त्यसैले यस क्षेत्रमा निकै जाडो भई कम वन वनस्पति पाइने गर्दछ। त्यसैले हिउँले छाडेको नाङ्गो पत्थर तथा माटोमा अलि अलि झ्याउ र काई बाहेक अन्य वनस्पति शून्य नै हुन्छ। यस किसिमका वनस्पतिलाई ठण्डा मरुभूमि प्रदेशको वनस्पति पनि भन्दछन् ।४,८८० मिटरको वरपरका क्षेत्रहरूमा अलि अलि झाडीहरू पनि देखा पर्दछन् । यस प्रदेशमा अधिकांश जमीनका स्वरूपहरू नाङ्गै अवस्थामा देखापर्दछन् ।

लेकाली घाँसे वनस्पति

हिमरेखाभन्दा मुनि करीब ३,६६० मिटरसम्मको भोट प्रदेशमा खालि घाँसै घाँस मात्र उम्रने गर्दछ। पहाडी क्षेत्रमा पाइने यस प्रकारको घाँसलाई लेकाली घाँसे वनस्पति अथवा शीतोष्ण तृण भूमि भन्दछन्। हिउँदमा हिउँ जम्ने तथा गर्मीमा यिनै हिउँ पग्लन थाले पछि यस क्षेत्रमा नयाँ घाँस तथा बुकीहरू पलाउन थाल्दछन्। घाँस बाहेक झारपात काँढाको बुट्यान, पोथ्रा पोथ्राहरू पनि प्रशस्त मात्रामा पाइन्छ। वर्षातको समयमा यी घाँसे क्षेत्र भित्र विभिन्न जातका रङ्गीबिरङ्गी फूलहरू पनि फुल्न थाल्ने भएको हुँदा त्यसबेला निकै राम्रो वातावरण सिर्जना गर्दछ। यिनै विभिन्न जातका फूलहरूमध्ये कुनै कुनै बोटका जराहरूलाई जरीबूटीको रूपमा पनि प्रयोग गर्दछन् । गर्मी महीनामा घाँसहरू पलाउन थालेपछि जिल्लाबासीहरू आ–आफना पशु वस्तुहरू लिएर चराउन आउँछन्। त्यसैले यस क्षेत्र भू-उपयोगको दृष्टिकोणले निकै उपयोगी देखिन्छ।

कोणधारी सदाबहार वनस्पति

वृक्षरेखाभन्दा मुनि करीब २,१३५ मिटर (७,०००फीट) सम्मका भू-भाग यस प्रदेश भित्र पर्दछन्। गर्मीमा कहीं वर्षा र हिउँदमा हिउँबाट प्राप्त हुने पानीले गर्दा सँधै हरियो हुने यस किसिमका रूखहरूमध्ये खासगरी सल्ला, धूपी, श्री खण्ड, देवदार, भोटे पीपल गुराँस, ओखर, चुली, आरू, भोज, निगालो आदिको प्राधान्य हुन्छ । जिल्लाको सबभन्दा बाक्लो वन यसै क्षेत्र भित्र पर्दछ । जिल्लाबासीहरू यिनै वनका काठहरूलाई बाल्नेदेखि लिएर घर बनाउने, छाना छाउने आदि काममा प्रयोगमा ल्याउँछन् ।

झतपड मनसुनी वनस्पति

२,१३५ मिटरभन्दा होचो भाग खास गरी जिल्लाको दक्षिणी भेकमा यस किसिमका वनस्पतिहरू पाइन्छन्। गर्मीमा अलि गरम र जाडोमा ठीक मौसम रही प्रायः गर्मी महीनामा मात्रै वर्षा हुने हुँदा यी वनस्पतिहरू केही महीनाको लागि आफ्ना पातहरू झार्दछन् । त्यसैले यसलाई पतझड मनसुनी वनस्पतिको नामकरण गरिएको हो । यस प्रकारको वनस्पतिमा पाइने रूखहरूमा डार, सादन, कटुस, चाँप, चिलाउने, उत्तीस, पीपल, बर, सिमल आदि प्रमुख रूपमा आउँछन् । ठाउँ ठाउँमा कागती, अम्बा, केरा, निबुवा आदि फलफूलहरू पनि पाइन्छन् ।

पशुपक्षी

प्राकृतिक वनस्पतिमा विभिन्नता भए झैं पशुपक्षीमा पनि यस जिल्ला केही विभिन्नथरीको पशुपक्षीले सम्पन्न छ। उत्तरको हिमाली क्षेत्रमा न्यार, कस्तुरी, वन–बिरालो, वन–चौंरी, फुस्रे भालू आदि छन् त होचो दक्षिणी भेकमा बाँदर, मलसाँप्रो, स्याल, फ्याउरो आदिको नाउँ लिन सकिन्छ । पक्षीहरूमा डाँफे–मुनाल जस्ता लेकाली चराहरूदेखि लिएर कालिज, लाटोकोसेरो, लाहाचे, बकुल्ला, रूपी, गौंथली, भँगेरासम्म देख्न पाइन्छ ।

खनिज पदार्थ

परम्परागत "बाइसखानी" नाउँ कमाई आएको धवलागिरि अञ्चलको एक जिल्ला हुन पुगेको मुस्ताङ पनि खनिज पदार्थको दृष्टिले धनी छ भन्ने साधारणतः अडकल गरिन्छ। उत्तरी मुस्ताङको भेक सिद्धान्ततःतिब्बत मालभूमिकै एक भौगोलिक विस्तार भएकोले यस जिल्लामा पेट्रोल र यूरेनियम समेत हुन सक्छ भन्ने एक फ्रान्सेली भूगर्भ शास्त्रीको कुरा सुनिएको छ । जोमसोम-कागवेनी क्षेत्रका चून ढुङ्गा र दामोदर कुण्डका शालिग्राममा पाइने सुनको धाउ त प्रख्यात नै भंइसकेका छन् ।उता मुक्तिनाथको ज्वालामाई मन्दिरमा माटो, ढुङ्गा र जमीनबाट निस्केको पानीमा समेत आगो बलेको देखनेले त्यहाँको भूगर्भमा पेट्रोल वा ग्यासको भण्डार भएको अनुमान गर्नु स्वाभाविक छ ।

उत्तरी भेककै नर्सिङ खोलाको तीरमा स्थित तेताङ क्षेत्रका जनताले त आजसम्म नून किनेर खान परेको छैन भन्ने सुनिन्छ । स्थानीय नून खानीका ठेकेदारले वर्षमा १५० मन नून झिकी बिक्री गर्ने गरेका, मुस्ताङ (हो मन्थाङ)पूर्वमा सामान्यतः नून पानी उम्लिरहेको देखिने तथा कालीगण्डकी कै तीरमा पनि

विशेषज्ञले आधुनिक तरीकाहरूबाट ती ठाउँहरूबाट वर्षमा करीब १६,००० मानिसलाई पुग्ने करीब ८६ टन निकाल्न सकिने सम्भावना प्रकट गरेका छन् ।

मिसेल पिसेलको भनाइमा उत्तरी मुस्ताङमा "साल्टपीटर" को खानी छ जसबाट स्थानीय मानिसहरू भरूवा बन्दूकको बारूद बनाउँछन् ।

ऐतिहासिक पृष्ठभूमि

मुस्ताङ क्षेत्रको प्राचीन नाउँ “ल्हो राज्य” थियो भन्ने उल्लेख पाइन्छ । पाश्चात्य ऐतिहासिक स्रोतहरू केलाउँदा वि. सं. १८१६ (सन् १७५९) तिर बेतिया (भारत) बाट गिसेप मारिया द गर्गनानो नामक एक इसाई पादरीले लेखेको एक पत्रमा मुस्ताङ शब्दको उल्लेख पाइन्छ । सो पत्रसँग गाभिएको एक मानचित्रमा मुस्ताङ र ल्हासाको भौगोलिक स्थिति पनि देखाइएको छ । सातौं दलाई लामाको मृत्यु भएको खबर पाएपछि तिब्बतमा गएर धर्म प्रचार केन्द्र खोल्न सकिने सम्भावना प्रकट गर्दै लेखिएको उक्त पत्रमा मुस्ताङको वर्णन निम्न प्रकारले गरिएको छ :–

“पर्वतीय क्षेत्रमा स्थित मुस्ताङ क्षेत्र विशाल तिब्बत राज्यको अङ्ग हो, तर ल्हासाबाट यो स्वतन्त्र छ । मैले सुनेकोबाट (हिमालय) पर्वतको शिखरमा पुग्न १६ दिनको बाटो छ र त्यहाँबाट दुई-तीन दिनमा मुस्ताङ पुगिन्छ । ल्हासामाभन्दा मुस्ताङ राज्यमा हामी (धर्म प्रचार गर्न) बढी सफल होउँला ।”[1]

वि.सं. १८४८ (सन् १७९१) मा नेपाल प्रवेश गर्ने अंग्रेज दूत विलियम कर्कप्याट्रिकले पनि मुस्ताङको विषयमा सुनेका रहेछन् र अंग्रेजी साहित्यमा मुस्ताङको उल्लेख पहिलो पटक उनकै कृतिमा पाइन्छ जुन निम्न प्रकार छः–

“बेनीको सोझै उत्तरमा पर्ने हिम–मा–लेहको भागलाई मुक्तिनाथ (वा श्री मुक्तिनाथ) भनिन्छ र यसको आधा माइल पर गण्डकीको नाउँ शालिग्रामी भएको छ । यो नदीको मुहान मुक्तिभन्दा उत्तर, मुस्ताङको दिशामा पर्छ भन्ने सुनिन्छ । माथिल्लो तिब्बत (वा भोट) मा पर्ने मुस्ताङ धेरथोर नाउँ चलेको ठाउँ हो र बेनी शहरबाट त्यहाँ पुग्न बाह्र दिनको बाटो पर्दछ ।[2]

वि. सं. १८५९ (सन् १८०२) मा अर्का अंग्रेज फ्रान्सिस हामिल्टनले मुस्ताङका राजालाई नै भेटेको उल्लेख गरेका छन् र भन्छन्:–[3]

“भारतमा गण्डकी भनिने यो नदीको सिह्रानको भागलाई काली भनिन्छ र यो नदी दामोदर कुण्ड नामक ठाउँ निरबाट शुरू भएर मुस्ताङ राजा नामक भोटे शासकको सरहदबाट बगेको छ । यी राजालाई सन् १८०२ मा मैले भेटेको हुँ र कमसेकम त्यसबेलासम्म यी गोरखाका अधीनमा थिए ।”

---

1. Peissel, Michel--Mustang: A Lost Tibetan Kingdom, Collins and Harvill Press London, 1968, p. 276
2. Kirkpatrick, W. J.-- An Account of the Kingdom of Nepaul, London, 1811, .p. 287
3. Hamilton, Francis Buchanan-- An Account of the Kingdom of Nepal, Edinburg, 1819, p. 272

करीब पाँच वर्ष नेपालमा बसेर गएका क्याप्टन स्मिथले पनि मुस्ताङको उल्लेख गरेका छन्। हामिल्टनले आफ्नो पुस्तकमा सन् १८०२ पछि मुस्ताङ र केरुङ क्षेत्र नेपाल सरकारले करवश चीनलाई सुम्पिनु परेको थियो भन्ने जुन आशङ्का प्रकट गरेका थिए त्यसको पनि खण्डन गरेका छन् । वि.सं.१९०७(सन्१८५०) मा इङ्गल्याण्ड आएका "नेपालका एक उच्च अधिकारी" बाट प्राप्त पत्रको आधारमा नेपालको उत्तर-पश्चिम सीमाना हिमालयको पल्लोपट्टिसम्म फैलेको र मुस्ताङ पनि नेपाल सरहद भित्रै परेको कुरा स्मिथले किटानसाथ वर्णन गरेका छन् ।[1]

एक नामहीन स्थानीय व्यक्तिको यात्रा–वर्णनको आधारमा लेफ्टनेन्ट कर्नेल टी. बी. अन्टगोमेरीले प्रथमचोटि "ल्हो मुस्ताङ" को तीनपाना वर्णन गरेका छन् । यसअनुसार हाल मुस्ताङको राजधानीको नाउं "ल्हो मन्थाङ" हो तापनि अघि जम्मै मुस्ताङलाई पनि "ल्हो मन्थाङ" भनिने गरेको रहेछ कि शङ्का गरेको छ। उक्त वर्णनमा ल्हो मुस्ताङका राजालाई "भोटे" भनिएको छ र तिनले नेपालका "महाराज" लाई दुई हजारदेखि तीन हजार रूपैयाँसम्म नजराना बुझाउँछन् भन्ने उल्लेख गरिएको छ ।

हेनरी ओल्डफिल्डको अनुसार "मुस्ताङ घाँटी देवलिगिरि भन्दा ४० माइल जति पूर्वमा पर्दछ। यो घाँटी भएर जाँदा त्यसै नाउँको एक राज्यमा पुगिन्छ, तर यो राज्य देवलिगिरिको उत्तर अर्थात् तिब्बतपट्टिको काखमा स्थित छ। त्यहाँका राजाले नेपालको आधिपत्य स्वीकार गरेका छन् अनि यसैका आधारमा नेपालीहरू गोसाईंथानभन्दा पश्चिममा उनीहरूको सीमाना हिमालयको दुवै भित्तामा फैलेको छ भन्ने घमण्ड गर्दछन् । मुस्ताङबाट मुक्तिनाथ आठ दिनको र धवलागिरिको फेदीमा स्थित मालिबुमको राजधानी बेनी शहरबाट चार दिनको बाटो पर्दछ। "[2]

उता एकाइ कावागुची नामक एक जापानी यात्रीले वि. सं. १९६६ (सन् १९०९) मा प्रकाशित आफ्नो पुस्तकमा मुस्ताङ अन्तर्गतको चराङ क्षेत्रमा एक वर्ष बसेको उल्लेख गरेका छन्, तर मुस्ताङको राजा र राजधानीको उल्लेख गरेका छैनन् ("सुन्दर चराङ तर फोहोरी चराङ्गेहरू" को उनको वर्णनमा चराङलाई "ल्हो प्रदेशको अन्तर्गत" मात्र भनिएको छ) ।[3]

त्यसै वर्षमा प्रकाशित हेडिनको पुस्तकमा चाहिं मुस्ताङमा भएका राजाको निम्न प्रकारको उल्लेख छ:–

"ल्हो ग्याबो एक सीमावर्ती रजौटा हुन् । तिनले नेपालका महाराजालाई सिर्तो (नजराना) चढाउँदैनन् तर हरेक पाँच वर्षमा "हिज हाइनेस" लाई भेट्न जानु पर्दछ । उनका प्रजाहरूको संख्या ५०० छ।"

---

1. Smith, T.— "Narrative of A Five-year Residence At Nepaul" London, 1852, First Print, pp. 53-54
2. Oldfield, H.A.— Sketches from Nipal, London, 1880, Part I, p.8
3. Kawagachi, Ekai— Three year In Tibet, Madras, 1909
4. Hedin, Sven— Discoveries And Adventures in Tibet, London, 1909, pp. 77-82

वि. सं. १९७३–१९७९ (सन् १९१६–१९२२) को बीचमा प्रकाशित यिनै हेडिनको नौ खण्डमा विभाजित पुस्तकमा उनी स्वयं कोरे-ला नामक घाँटीबाट भएर मुस्ताङ ओर्लेको र “ल्हो ग्याबो” (अर्थात् दक्षिणका राजा) का दूतहरूसँग भेट भएको वर्णन गरेका छन्।[1] साथै एक स्थानीय यात्रीले वि. सं. १९२९ (सन् १८७३) मा मुस्ताङको भ्रमण गरेको उल्लेख पनि उनले गरेका छन्।[2]

मुस्ताङ विषयमा यसरी पूर्वीय र पाश्चात्य विद्वान्हरूले समय-समयमा विभिन्नथरीका मत प्रकट गरेको बाट वास्तवमा मुस्ताङ गई आँखाले देख्ने अवसर कमैले पाएका हुनाले र धेरै सुनेको आधारमा लेखेका हुनाले मतैक्य हुन नसकेको हो भन्न सकिन्छ।

मुस्ताङको इतिहास सम्बन्धी अझ बढी प्रकाश ल्हो मन्थाङका राजाहरूको एक वंशावलीले पार्दछ। सात-आठ वर्ष अघि मुस्ताङको गार्फुस्थित गुम्बामा फेला परेको र अथुपाद्वारा रचित ‘मोल्ला”नामक यो हस्तलिखित तिब्बती भाषाको ग्रन्थको आधारमा मुस्ताङको प्राचीन कथा छोटकरीमा निम्नलिखित छः–

“तिब्बतका प्रतिष्ठाता राजा स्रोङ्चेनगेम्पोका छोराले तिब्बतमा राज्य गरेको समयमा राजा ठिरोङ देवचेनका दुई नाति मध्ये माहिलाले उत्तरमा गएर एक धनी केटीसँग बिहे गरे र तिनीहरूका तीनजना छोरा भए। यिनै तीनजना मध्येका जेठा छोरा गुण्दे ङोमा वुम आमा-बाबुलाई छोडेर दक्षिण लागे औ “ल्हो” मा आएर बसोबास गर्न लागे। उनी “लो” प्रदेशमा आउँदा त्यहाँ निकै स्वतन्त्र गढीहरू थिए।

ङोमा वुमका नाति अमिपालले त्यहाँ एक भव्य गढी निर्माण गरे तर तिनताक त्यस क्षेत्रको मालिक दुविङ राब्जेन (अर्थात् राक्षस-कालो बाँदर) ले उनलाई यसरी हपाऱ्यो, घर बनाउन भनेर तिमीलाई मैले जमीन दिएँ, तर तिमीले आफ्नो घरको कुना मेरो दरबारतिर फर्काएकोले यसलाई तुरुन्त भत्का। अमिपाललाई सो घर भत्काउन करै लाग्यो र त्यसै ठाउँमा एउटा पूर्व ढोका भएको भव्य गोलाकार गढी निर्माण गरे।”

हाल भग्नावशेषको रूपमा रहेको विशाल केचर जोङ्को आकार गोलो छ र ढोका पनि पूर्व फर्केको छ। हुनसक्छ अमिपालले बनाएको गढी त्यही नै हो।[3]

उपर्युक्त “मोल्ला” तथा अन्य ग्रन्थहरूको सहायताले मिसेल पिसेलले “‘ल्हो” राज्य वि. सं. १४३७ तिर (सन् १३८० मा) स्थापना भएको अनुमान गरेका छन्।

---

1. Hedin, Sven--Southern Tibet, Discoveries in Former Times Compared with my Own Researches, Stockholm, 1916, vol. II, p. 320
2. Ibid, vol. III, p. 153
3. Peissee, M. op. cit. pp. 226--227

काली गण्डकीको माथिल्लो क्षेत्र आज पनि २२ भन्दा बढी प्राचीन गढी र दुर्गहरूको निम्ति प्रख्यात छ जसमध्ये धेरैजसो जीर्ण अवस्थामा छन् र कतिपयको भग्नावशेष मात्र बाँकी छ। यी गढीहरूमध्ये धेरैजसो अमिपालकै राजत्वकालमा बनेका हुन् भन्ने पनि अनुमान गरिएको छ ।

अमिपालका तीन भाइ छोरा भए। आफ्नो वृद्ध अवस्थामा अमिपालले ङोर्चेन कुंगा नामक तिब्बतका एक ठूला लामालाई "ल्हो" मा निम्त्याए तर कति चिठ्ठी पत्र लेख्ता पनि ती लामा नआएकोले आफ्ना छोराहरू पठाएर तिनलाई "ल्हो" मा झिकाए । "ल्हो" प्रदेशमा यी लामाले कैयौं गुम्बा र पुस्तकालय निर्माण गराए र यिनीहरूमध्ये एकमा काँग्यूर नामक धर्मग्रन्थका जम्मै खण्डहरूको एक एक प्रति सुनका अक्षरले लेख्न लगाए। चाडैंनै "ल्हो" प्रदेश एक ठूलो धार्मिक र विद्याको केन्द्र भयो। यसरी एक राज्यको पनि सिर्जना भयो। पछि ङोर्चेन कुंगा अरू दुईपल्ट यहाँ आए। उनको दोस्रो र तेस्रो यात्रा वि. सं. १४९३ (सन् १४३८) र वि. सं. १५०४ (सन् १४४७) तिर भएको अडकल लगाइएको छ ।

धवलागिरि पर्वतको पश्चिममा आज जुम्ला नामक एक सानो जिल्ला छ। तर कुनै समयमा यो जुम्ला एक विशाल राज्य थियो जसले दक्षिणमा तराई र उत्तरमा तिब्बतका कतिपय पश्चिमी प्रदेशहरू आफूभित्र समेटेको थियो। तर एक समयमा नेपाल सरहदभित्र मात्र धेरै राजा-रजौटाहरू यसको छत्रछायामा बाँचेका थिए भन्ने कुरामा मत वैभिन्य हुने कमै ठाउँ छ ।

यिनै जुम्लीहरूको आक्रमणको डरले अमिपालले वरिपरि पर्खालले घेरेर "ल्हो मन्थाङ" शहर निर्माण गराए र आफ्नो राजधानी त्यहाँ सारेका हुन् भनिन्छ। आज पनि त्यस शहरका ढोकाहरू हरेक राती बन्द गर्ने परम्परा छँदैछ ।

वि. सं. १७९७ (सन् १७४०) तिर जुम्लासँग मुस्ताङले २० वर्ष युद्ध शुरू गर्‍यो तर अन्तमा मुस्ताङे राजा अँजिया दोर्जेको केही शीप लागेन। मुस्ताङले जुम्लाको आधिपत्य स्वीकार गर्‍यो ।

तर त्यसपछि जुम्लाको रजाइँ पनि धेरै दिन टिकेन। जुम्लीले मुस्ताङलाई कजाएको समयतिर (वि. सं. १७९९ मा) नै गोरखा राज्यको बागडोर सम्हाल्न पुगेका पृथ्वीनारायण शाहले मध्यनेपालमा आफ्नू विजयको दुन्दूभी बजाउन लागिसकेका थिए। यसको थोरै समयपछि उनका सन्तानले जुम्लालाई पनि उम्कन दिएनन्। यसरी जुम्ला अन्तर्गतका राजा– रजौटाहरू स्वतः एकमुष्ट भने झैं विशाल नेपाल राष्ट्रका सदस्य हुन पुगे जसमध्ये मुस्ताङ पनि एक थियो। वि. सं. १८५९ मा मुस्ताङका राजा काठमाडौं गए र त्यहीं फ्रान्सिस ह्यामिल्टन नामक अँग्रेजसँग पनि उनको भेट भयो ।

"ल्हो" प्रदेशका अँजिया थोन्डुप राजाको मृत्युको समयमा उनकी रानी गर्भवती थिइन्। पछि राजाका भाइले राजगद्दीको निमित्त खिचोला झिक्दा रानीको गर्भबाट जन्मेको छोरो मृत राजाको होइन भन्ने दावी गरे। ल्होका सात जिल्लाका प्रतिनिधिमण्डल लिएर रानी काठमाडौंमा उजूर गर्न आइन्। काठमाडौंले रानीको छोरोलाई नै गद्दीको हकदार ठहर्‍यायो ।

रणबहादुर शाहको राज्यकाल तथा चौतरिया बहादुर शाहको नायवी कालमा हाल मुस्ताङ जिल्लाको उत्तरी भेक तिनताकको मुस्ताङ राज्यमा र दक्षिणी भेक तिनताकको पर्वत राज्यमा पर्थे। बीचको भागमा

कैयौं स-साना ठकुरी राज्यहरू थिए। वि. सं. १८४५-४६ सालतिर अधिकांश पश्चिम नेपालका ठकुरी राज्यहरू नेपाल अधिराज्यमा गाभिएका बेला यी टुक्रा-टाक्री रजौटाहरू पनि स्वतः वृहत्तर नेपाल राज्यको अङ्ग हुन पुगेको मात्र सकिन्छ। वि. सं. १८४६ सालमा छिनासिमबाट गोरखाली सेनानी काजी शिवनारायण खत्री र सरदारप्रवल रानाले मुस्ताङी राजा अोंग्याल दोर्जेलाई वहाली पत्र लेखी पहिले श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट दिइएको लालमोहरलाई थामी आफ्नो क्षेत्रमा भोग गर भनी लेखी दिएका थिए।[1] यही वहाली पत्रलाई पछि रणबहादुर शाहले वि. सं. १८४७ मा कायम गरी मुस्ताङी राजालाई पठाएका थिए।[2]

वि. सं. १९१२ मा नेपाल-तिब्बत युद्ध हुँदा मुस्ताङे राजा जमियाङ बाङदुले आफ्नो एकजना भाइलाई जङ्गबहादुरको फौजमा शामेल हुन पनि पठाए। यो युद्धमा तिब्बतको साङ गुम्बाबाट नेपालीहरूले ल्याएका मूल्यवान मूर्तिहरू र प्राचीन ग्रन्थहरू ल्हो मन्थाङ गुम्बाका पुस्तकालयमा राखिएका छन् भन्ने विश्वास गरिन्छ।

जिग्मी परवल विष्ट मुस्ताङका हालका राजा हुन्। यिनी अमिपाल वंशका पच्चीसौं राजा हुन्।

---

१. योगी नरहरिनाथ (सं.)–इतिहास प्रकाशमा सन्धि पत्र संग्रह, पृठ ५५

२. ऐजन, पृष्ठ ६७१

प्रमुख स्थानहरू

जोमसोम

मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोम हो । तिब्बती भाषाको "जोङ साम्बा" (नयाँ किल्ला) बाट अपभ्रंश भई जोमसोम भनिन लागेको यो मनोहर बजार काली गण्डकीको तीरमा अवस्थित छ । अधिराज्यको ७५ जिल्लाका सदरमुकामहरूमध्ये सबैभन्दा उचाइमा स्थित जोमसोम समुद्र सतहबाट करीब २,६१२ मिटर (८,५६७ फीट) अग्लोमा छ ।

यहाँ जिल्ला स्तरीय सबै कार्यालयहरू छन् । साथसाथै उत्तरी सीमा प्रशासन कार्यालय, एक प्रहरी चेकपोष्ट, एक स्वास्थ्य चौकी, एक माध्यमिक विद्यालय, एक हुलाक कार्यालय आदि यहाँ स्थापना भइसकेका छन् । यहाँ एउटा हवाइ मैदान भएकोले र शाही नेपाल वायु सेवाको ष्टोल विमान सेवा चल्ने गरेकोले बागलुङ, पोखरा र काठमाडौंसँग जोमसोमको सोझो हवाइ यातायात स्थापना भएको छ । वर्षभरी सेताम्मे भई हिउँ ढाकिएर रहने नीलगिरि हिमालको काखैमा बसेको जोमसोमबाट देखिने रमणीय दृश्यले गत दुई–चार वर्षदेखि निकै ख्याति कमाएको छ । फलस्वरूप जोमसोम बढ्दो मात्रामा पर्यटकहरूको आकर्षणको स्थान हुँदै गइरहेको छ । जोमसोमको प्राचीन गाउँ ठिनी हो । हाल पनि जोमसोम बजार मास्तिर ठिनी नामक गुम्बासहितको एक गाउँ छ ।

मुस्ताङ (ल्हो मन्थाङ)

समुद्र सतहदेखि करीब ३,७८१ मिटर (१२,४०२ फीट) उचाइको एक उपत्यकामा अवस्थित मुस्ताङ बजार अधिराज्यका सबभन्दा अग्ला घना बस्तीहरूमध्ये एक मान्न सकिन्छ । अन्नपूर्ण र धौलागिरि पर्वत शृङ्खलाहरूभन्दा केवल १६ किलोमिटर (१० माइल) मात्र परतिर रहेको यो स्थानमा मुस्ताङ राज्य स्थापना भएदेखि कैयौं शताब्दीसम्म मुस्ताङ राजाको राजधानी थियो । हाल पनि त्यहाँ मुस्ताङ राजाको दरबार छ ।

चारैतिरबाट अग्लो पर्खालले घेरेको मुस्ताङलाई टाढाबाट हेर्दा एउटा विशाल दुर्ग जस्तो देखिन्छ र बाहिरबाट हेर्दा त्यसभित्र एक घना बस्ती होला भन्ने अनुमान गर्न गाह्रो पर्छ । यो पर्खालको एक ठाउँमा एउटै मात्र तर अति विशाल काठको ढोका छ, जुन हरेक रातमा बन्द गरिन्छ । हरेक ५०-५० मिटर जति फरक

गरी निर्मित एक प्रकारका बुर्जा यो विशाल पर्खालबाट उठेका छन् श्रौ पर्खालको थाप्लोमा भित्रपट्टि एक छेउबाट अर्को छेउसम्म वरिपरि एक "बार्दली" छ जसमा मानिस हिंडन सक्छन् र पर्खाल माथिबाट बाहिरको गतिविधि हेर्न सक्छन् ।

उत्तर–दक्षिण फैलिएको यो गाउँको लम्बाइ करीब २८० मिटर (९१८ फीट) तथा चौडाइ (पूर्व-पश्चिम) १६० मिटर (५२५ फीट) मात्र छ । उत्तर–पूर्व कुनामा पर्खाल अलिकति भित्रतिर घुसेको छ । यहाँको घर संख्या करीब १२० र जनसंख्या करीब १,२०० छ । यहाँका घरहरू एक अर्कोसँग काँधमा काँध जोडेर भने झैं उभिएका छन् । र छाना मुडुला र थ्याप्चा छन् एउटा घरको छानाबाट अर्कोमा उफ्रँदै पनि सम्पूर्ण "शहर" छिचोल्न सकिने जस्तो देखिन्छ । तर दुई घरका बीचमा पर्खाल माथि दाउराको कमी पूरा गर्न र बारको काम गर्न राखिएका काठे झ्याङहरूले छेक्ने हुनाले यसो गर्न सम्भव हुँदैन ।

चार टोलमा विभाजित मुस्ताङको प्रमुख "दे" नामक टोलमा राजाको पाँच तले दरबार छ र सो सेतो दरबारभन्दा अग्लो भवन त्यहाँको गुम्बा मात्र छ । शहरको चारै कुनामा एक एक वटा छोर्तेन छन् ।

पर्खाल बाहिर केवल एकथरीका मानिस बस्छन् र ती हुन् गारा अर्थात् कामीहरू, बीस बाइस घरमा बसेका यी गारा पर्खाल भित्रका शहरियाहरूको अन्न कुट्ने पिस्ने काम गर्दछन् ।

उक्त पर्खाल बाहिर देखिने दुईवटा नामी रूखहरू हुन् । कोसौंसम्म वरिपरि रूखपात नदेखिने रूखो बाँझो मुस्ताङ पाखाका मानिसहरूको निमित्त यी दुई रूख यति प्रिय छन् कि उनीहरूले ती दुईको नाउँ राखेका छन् ।[1]

ट्रेंकर

मुस्ताङ राजाको यो ग्रीष्म निवास हो । प्रख्यात तिब्बती धर्मग्रन्थ ताग्यूरका १०८ खण्डहरूमध्ये त्यहाँ प्राप्त एक खण्ड साँचो अर्थमा सुनको अक्षरले लेखिएको रहेछ भनी विदेशी पर्यटकहरूले वर्णन गरेका छन् । राजाको निजी गुम्बामा सुरक्षित राखिएका सो पुस्तक मुस्ताङका संस्थापक अमिपालको समयमा उनको गुरु लामा ङोरचनले लेखाएका हुन् भनिएको छ ।

"विश्वमा अन्यत्र कहीं नदेखिएको" भनी वर्णित उक्त पुस्तकको लमाइ तीन फीट र चौडाइ एक फूट छ । काठको बाहिरी गातामा सुनको कारिगरी छ । भित्र चाँदीको पातामा एक फूट अग्लो र शिशा कलम जति मोटा सुनका अक्षरहरू छन् । किताबका अरू पाना सुनौला रङमा कागजभन्दा माथि उठेका अक्षरहरूले पूरा गरिएको छ भनिन्छ ।

मुक्तिनाथ क्षेत्र

मुक्तिनाथ क्षेत्र जोमसोमबाट एकै दिनमा पुगेर फर्किन सकिन्छ । यहाँ मुक्तिनाथ र ज्वालामाईका मन्दिरहरू छन् । ज्वालामाईको मन्दिर भित्र ढुङ्गा, पानी र माटोबाट दिन रात निस्किरहने बल्दो दीपशिखाले

---

[1] ल्हो मन्थाङको नाउँ सं. १९१२ मा "मुस्ताङ" भएको हो भन्ने मिसेल पिसेलको भनाइ छ तर यसको प्रामाणिक आधार उनले पेश गरेका छैनन् । पृष्ठ १२७

गर्दा अधिराज्यमा सो ठाउँ हिन्दू र बौद्ध दुवै धर्मका जनताको निम्ति एक प्रमुख तीर्थस्थानको रूपमा प्रख्यात भएको छ। उक्त मन्दिरको नजीकै १०८ वटा धारा छन् जसलाई लामा धर्मीहरू "छुमेगङ्या" (अर्थात् एक सय धारा, आगो र पानी) भन्छन् ।

रानी सुवर्ण प्रभाको नाउँमा निर्मित रानी पौवा र प्राचीन झारकोट दरबारको भग्नावशेष पनि त्यहाँ छन् । हिउँदमा हिउँले त्यहाँ पुग्न असम्भव हुने हुनाले नेपाल र भारतबाट वर्षेनी मुक्तिनाथको दर्शनको निमित्त जाने यात्रीहरू गर्मी महीनालाई उपयुक्त ठान्दछन् ।

घमी

मुस्ताङ (लो मान्ताङ) जस्तै वरिपरि पर्खालले घेरेर बनाइएको यो एक आकर्षक सानो बजार हो। यहाँको किल्ला पनि हेर्न लायक छ। तर यहाँको प्रमुख आकर्षण एक विशाल "प्रार्थना पर्खाल" हो। रातो र पहेंलो रङले रङाइएको यो भव्य पर्खाल वरिपरि सिलौटा जस्ता हजारौं ढुङ्गाका फल्याकहरूमा भक्तहरूले ठूला ठूला अक्षरमा "ओम मणि पद्मे हुँ" वा "आ शा सम हा" कुँदेर चढाएका छन् ।

टुकुचे

काली गण्डकी र थाक खोलाहरूको बीचमा स्थित यो सानो बजार मार्फदिखि करीब तीन किलोमिटर दक्षिणमा छ। नेपाल र तिब्बत बीच नून र ऊनको ठूलो व्यापार हुने समयमा यो एक प्रसिद्ध व्यापारको केन्द्र थियो तर सो व्यापारको ह्रास सँगसँगै टुकुचेमा यसको असर परेको पाइन्छ । फलस्वरूप, यहाँका धेरैजसो परम्परागत थकाली व्यापारी परिवारहरू पोखरा, भैरहवा तथा अन्यत्र बसाइँ सरिसकेका छन् । यस अतिरिक्त दुईतिरबाट नदीहरूले पनि यस गाउँलाई पेल्दै ल्याइरहेछन् भने हरेक वर्ष गइरहने पैरोको प्रकोपबाट टुकुचेलाई ठूलो नोक्सान पुगेको छ ।

क्यूपर र रानी गुम्बा त्यहाँका अलि ठूला गुम्बाहरू हुन् । यहाँ एक निम्न माध्यमिक विद्यालय र एक प्राथमिक विद्यालय सञ्चालन भइरहेका छन् ।

दाना

जिल्लाको सदरमुकाम जोमसोम तोकिनुभन्दा अगाडि दानामा नै यस जिल्लाको सदरमुकाम रहेको थियो । यहाँ हिउँदमा जाडो छल्न आउने उत्तरी भेकका मानिसहरूले गर्दा केही चहल पहल हुने गर्छ । यो औलो लाग्ने ठाउँ हो पनि भनिन्छ। यहाँ एक निम्न माध्यमिक विद्यालय र एक प्राथमिक विद्यालय छन् ।

तातोपानी

रोगहरणको दृष्टिले वा पुण्य कमाउने उद्देश्यले नुहाउन जाने व्यक्तिहरूले गर्दा ख्याति कमाएको मुस्ताङ जिल्लाका दुई तप्त कुण्डहरूमध्ये यो एक हो। यी कुण्डहरू दानाभन्दा करीब दुई किलोमिटर दक्षिणमा काली गण्डकीको किनारामा छन्। युगौंदेखि सुषुप्त रहेको सानो तातोपानी बजार पर्यटकको बढ्दो संख्याले बिस्तारै प्रख्यात हुँदै आएको छ ।

चाराङ

एक गहिरो, कहाली लाग्दो खाडीबाट उठको अग्लो चुचुरामा एक बस्ती छ – चाराङ । त्यसैको भव्य पृष्ठभूमि बनाएर खडा छ मुस्ताङको सबैभन्दा ठूलो चौकुने किल्ला जो कुनै समय मुस्ताङ राजाको दरबार थियो। यो किल्लाको नजीकै देखिने अर्को अझ प्राचीन भवनको भग्नावशेषले र किल्लाको दाहिनेपट्टि अलि होचोमा निर्मित रङ्गी बिरङ्गी गुम्बाले यहाँको वातावरणमा रोमाञ्चकारी प्रभाव पार्दछ ।

किल्लाको सबैभन्दा तल्लो तलामा झ्यालहरू जमीनभन्दा नौ मिटर(३० फीट) अग्लोमा छन् । यही अनुपातमा यो विशाल किल्ला पाँच तलासम्म अग्लिएको छ ।

चाराङको प्रमुख नाम चापलुङ संस्त्राङ अर्थात् "भालेको सिउर" थियो भनिन्छ। आज पनि भालेको सिउर झैं पहाडको टुप्पामा स्थित उक्त पाँच तले किल्ला मुस्ताङ जिल्लामा पाइने थोरै भव्य किल्लाहरूमध्ये एक मानिन्छ ।

नाम्ग्याल गुम्बा र केंचर जोङ

लो मान्ताङबाट उत्तरपट्टि हेर्दा देखिने चट्टानी डाँडाहरूको सिह्लानमा स्थित दर्शनीय गुम्बा हो- नाम्ग्याल र उत्तरी मुस्ताङलाई पूर्वी र पश्चिमी दुई उपत्यकामा भाग लाउने डाँडामा नाम्ग्याल गुम्बा नजीकै रहेको किल्ला हो केंचर जोङ । मुस्ताङ राज्यका प्रथम संस्थापक राजा अमिपाल यसका निर्माता हुन् भनिन्छ ।

सामदुलिङ गुम्बा

अङि पेमो एक प्राचीन भिक्षुनी थिइन्। उनले आजीवन व्रत लिएकी थिइन् र हरेक एघार दिनमा केवल एकपल्ट मात्र अन्न खान्थिन् । ती धर्मात्मा नारीको स्मारकस्वरूप सामदुलिङ गुम्बा मुस्ताङभरि कादजुपा पन्थी बौद्ध मार्गीहरूको एकमात्र गुम्बा भएकोले उनीहरूको प्रसिद्ध तीर्थस्थान हो ।

निम्फू गुम्बा

काली गण्डकीको मुहानभन्दा अलि तल पूर्वपट्टिको उपत्यकाबाट करीब ३०५ मिटर (१,०००फीट) ठाडे उठेको डाँडामा प्रख्यात निम्फू गुम्बा छ । त्यसको फेदीमा स्थित निम्फू गाउँ साँचै एक काखको बच्चा जस्तो देखिन्छ।

सो डाँडाको भित्तामा पनि धेरै अग्ला अग्ला ठाउँसम्ममा मान्छे छिर्न हुने आकारका अनेकौं चारकुने र काला टोडकाहरू छन् । उहिले कुनै जमानामा यो डाँडाभित्र मानिसहरू गुम्बा बनाएर बस्थे र तीनै तले तला गुफाका ओडारमा छिर्ने यी टोडकाहरू हुन् भन्ने व्यापक विश्वास छ।

यहाँका उल्लेखनीय कुराहरूमध्ये एउटा गुफा गुम्बा छ। यहाँका गुफाहरूको माझमा एउटा विशाल गुम्बा पहाडको भित्ताबाट बाहिर उछिट्टिएर आएको छ र हावामा त्यहाँ झुडिंरहेको आभास प्रदान गर्दछ । यो चमत्कारपूर्ण गुम्बामा मानिस कसरी पुग्ला भन्ने नै बुझ्न गाह्रो छ तर रङ लगाइएका त्यसका पर्खालहरू कुनै पनि दर्शकको निमित्त मानव–श्रम र प्रतिभाको नमूनाको रूपमा रहेका छन् ।

यसरी यी ओडारहरू, गुफाहरू र गुम्बाहरू विश्वका कैयौं आश्चर्यहरूमध्ये एक हुन सक्तछन् भनेर नै होला एक दर्शकले यिनलाई "वाल्ट डिस्नेको उर्वर कल्पनाको उपज" जस्तो भनी वर्णन गरेका छन् ।[1]

गोर्फु गुम्बा

मुस्ताङ क्षेत्रमा प्राचीन निङमार्पा पन्थी बौद्धहरूको एक मात्र गुम्बा गोर्फु भएकोले यसलाई पनि भक्तजनहरू विशेष श्रद्धाको दृष्टिले हेर्छन् र प्रमुख तीर्थस्थान मान्छन् ।

लो गेकार गुम्बा

मुस्ताङ जिल्लाका गुम्बाहरूमा कलात्मक शृङ्गारको निमित्त प्रख्यात यो गुम्बा गेकाट गाउँमा रहेको छ । यसका पाँचवटा कोठाका भित्ता चित्रहरू र विशेष गरी स-साना काठका फ्रेममा सजाइएका कलाकृतिहरू दर्शनीय छन् । यस्ता फ्रेमहरूले ती कोठाहरूलाई भूइँदेखि दलीनसम्म ढाकेका छन् र हरेक फ्रेम भित्र ढुङ्गाहरू कुँदेर रङाई एक विशेष किसिमको कलाकारिताको प्रदर्शन गरिएको छ ।

गुम्बा नजीकैको एक गुफाको नाउँ "आमा" छ । कुनै समयमा त्यो गुफामा एउटा सानु बच्चा बेपत्ता भएको थियो र आज पनि आधारातमा यो गुफातिरबाट कुनै बच्चाले आफ्नी आमालाई बोलाएको जस्तो सुनिने एक तिखो आवाज वरिपरिका पहाड कन्दराहरूमा प्रतिध्वनित हुन्छ भन्ने स्थानीय मानिसहरूमा विश्वास छ ।

तुब्लितिङ गुम्बा ध्वंशावशेष

कुनै समयमा नाहान गैल्सिङ नामक एक राजाका कान्छा छोराले दाज्यूको मृत्युपछि भाउज्यूसँग सहवास गर्ने गरेको थियो । तिनताक मुस्ताङमा तिलुङ्ग नामक एक ठूलो तलाउ पनि थियो र एकदिन अचानक सो तलाउको बाँध फुटेर आएको बाढीले तुब्लितिङ गुम्बा भत्काएको कथा पनि सुन्न पाइन्छ ।

आज पनि सामजोङ किल्लाबाट "ल्हो मन्थाङ" जाने बाटोमा एउटा गहिरो खोंचबाट बगेको खहरेको दुवैतिर देखिएको भग्नावशेष उक्त गुम्बाको हो भन्ने सुन्दा नाहान गैल्सिङको कथा साँचै थियो कि भन्ने लाग्न थाल्छ ।

गुफा घरहरू

माथि निम्फू गुम्बाको सन्दर्भमा उल्लेख गरिएका झैं गुफा–घरहरू मुस्ताङ जिल्ला र निकटवर्ती इलाकामा चमत्कारपूर्ण विशेषता नै हुन् भन्न सकिन्छ । दक्षिणमा टुकुचेबाट उँभो लागेपछि मुस्ताङका विभिन्न ठाउँमा यी गुफा घर देखा पर्छन् जसमध्ये कुनै कुनै त पहाडका ठाडा भित्तामा जमीनबाट करीब ९० मिटर (३०० फीट) सम्मको उचाइको बनेका छन् । मानिसको हातले पहाड खोपेर यी गुफाहरू बनाएको हुनुपर्छ भन्नेमा शङ्का हुन सक्तैन तर कुन युगमा कुन किसिमका मानिसले कुन कारणले वाध्य भएर यस्तो आश्चर्यका घरहरू बनाएका होलान् यो कल्पना नै मात्र पनि रोमाञ्चकारी हुन पुग्छ ।

---

१. पिसल मिचेलको माथि उल्लिखित किताब, पृष्ठ २२१

जनसंख्या र जनजीवन

जनजातिको दृष्टिकोणबाट मुस्ताङजिल्लालाई तीनभागमा वर्गीकरणगर्न सकिन्छ। (१)जोमसोम भन्दा उत्तरी सीमानासम्मको माथिल्लो भेक (२) जोमसोमदेखि घाससम्मको मझौला भेक र (३) घासादेखि राखुसम्मको दक्षिणी भेक ।

उत्तरी भेकको अधिकांश भू–भाग तिब्बती मालभूमिकै भाग भएकोले त्यहाँका वासिन्दा पनि प्रायः शत प्रतिशत तिब्बती मूलका छन् र भाषा, वेश भूषा, रहन सहन पनि तिब्बतीहरूसँग मिल्दाजुल्दा छन्। अघि यो क्षेत्र एक छुट्टै राजा छँदा यसको राजधानीलाई ल्हो मन्थाङ भनिने गरेकाले सो वरिपरिका जनजातिलाई "लोवा" नामकरण गरिएको थियो र कसैले हिजो आज पनि तिनलाई लोवा भन्ने गर्छन् । तर अधिराज्यमा तिनीहरू मुस्ताङे नामले परिचित छन् ।

गाभूको भेकमा थकालीहरूको बस्ती छ । हुन तयी पनि तिब्बती मूलका हुन् तर नेपाली सामाजिक र धार्मिक परम्पराले प्रभावित भएर नेपाली भाषा अपनाउँदै, हिन्दू रीतिथिती अँगाल्दै आएकोले हिजो आज थकाली परम्परावादीहरू र आधुनिकतावादीहरूमा प्रशस्त पार्थक्य देखिन लागेको छ । यो क्षेत्रमा क्षेत्री, ठकुरी, बाहुन, नेवार आदि पनि केही संख्यामा बस्छन् ।

जिल्लाको दक्षिणी भेकमा मगरहरूको प्राधान्य छ, यद्यपि यो क्षेत्रमा हिजो–आज बाहुन, क्षेत्री, नेवार, गुरुङ र अन्य जातिको पनि आवादी बढ्दै गइरहेको छ ।

जनसंख्या

अधिराज्यका सबैभन्दा कम जनसंख्या हुने जिल्लाहरूमा मुस्ताङ पनि एक हो । २०२८ सालको जनगणनाको आधारमा यो जिल्लाको जनसंख्या २६,९४४ देखिए छ र यसलाई ७५ जिल्लाको जनसंख्यासँगै तुलना गर्दा यसको स्थान सत्तरीऔं पर्न जान्छ अर्थात् अधिराज्यमा यसकोभन्दा कम जनसंख्या हुने अरू पाँच वटा मात्र जिल्ला छन् । ती जिल्ला निम्न प्रकार छन्:–

मुगु	२५,७१८
डोल्पा	१९,११०
रसुवा	१७,५१७

तिन्निकोट	१०,०१७
मनाङ	७,४३६

यस जिल्लाको जनसंख्यामध्ये पुरुष संख्या १३,७१० र महिला संख्या १३,४३४ छ अर्थात् महिलाहरूकोभन्दा पुरुषहरूको संख्या २७६ मात्र बढी छ । जिल्लाको यस जनसंख्यालाई धवलागिरि अञ्चलको र अधिराज्यको जनसंख्यासँग तुलना गर्दा क्रमशः ९.७ प्रतिशत र ०.२ प्रतिशत देखिन आउँछ ।

मुस्ताङ जिल्लाको कुल क्षेत्रफल ३,६६,८०० हेक्टर अर्थात् ३,६६८ वर्ग किलोमिटर छ । यो क्षेत्रफललाई जनसंख्यासँग दाँजेर हेर्दा जमीन मानिस अनुपात १३.६ अर्थात् प्रति व्यक्तिको भागमा १३.६ हेक्टर जमीन पर्न आएको देखिन्छ। अर्को शब्दमा भन्ने हो भने यहाँको जनघनत्व प्रति हेक्टरमा .०८ व्यक्ति अर्थात् प्रति हेक्टरमा आठजना मानिस बसोबास गरेका छन् । जिल्लाको अधिकांश भाग अग्ला पहाड पर्वत वा ठण्डा मरुभूमि आदिले ढाकेको हुँदा बसोबासको निम्ति अनुपयुक्त नहुनु नै जिल्लाको जन आवादी यति थोरै हुनुको एक प्रमुख कारण हो ।

यो जनसंख्या ५,१५४ परिवारमा विभाजन भएको छ र परिवारहरूमा औसत सदस्य संख्या ५.०४ छन्। जिल्लाबासीहरूको पारिवारिक संगठन हेर्दा राष्ट्रिय जनगणनाअनुसार यहाँ तीन देखि छ जनासम्म सदस्य भएका परिवार सबैभन्दा बढी छन् र २० भन्दा बढी सदस्य भएका परिवार केवल पाँच छन् ।

जिल्लाको जनसंख्यालाई ० देखि ५ वर्ष, ६ देखि १५ वर्ष र १६ वर्ष र सोदेखि माथिका तीन समूहमा विभाजन गर्दा कुलको क्रमशः १४.६, २२.६ र ६२.८ प्रतिशत देखिन आउँछ । ६ वर्षदेखि १५ वर्षको बीचका केटाकेटीहरूको समूहमध्ये ६ वर्ष देखि ९ वर्ष बीचकालाई प्राथमिक विद्यालय स्तरमा र १० देखि १५ वर्ष बीचकालाई साध्यमिक स्तरका केटाकेटीको रूपमा छुट्याउँदा क्रमशः ९.२ र १३.४ प्रतिशत हुन आउंछ ।

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
०–५	१,९२९	१४.३	१,९९५	१४.८	३,९२४	१४.६
६–१५	३,१२६	२३.२	२,९४९	२२.०	६,०७५	२२.६
१६ र माथि	८,४५५	६२.५	८,४९०	६३.२	१६,९४५	६२.८
जम्मा	१३,५१०	१००.०	१३,४३४	१००.०	२६,९४४	१००.०

यदि १० देखि ५९ वर्षका मानिसहरूलाई आर्थिक दृष्टिकोणबाट सक्षम र अनाश्रित मात्रै हो भने यस जिल्लामा यस्ता मानिसहरूको संख्या १८,७७२ (६९.७ प्रतिशत) छ । उनीहरू माथि जीवनयापनको लागिआश्रित भएका नौ वर्षका केटाकेटीहरू र ६० वर्षभन्दा माथिका बूढाबूढीको संख्या क्रमशः ६,४१३ (२३.८ प्रतिशत) र १,७६९ (६.६ प्रतिशत) भएको पाइन्छ । यस आधारमा विश्लेषण गर्दा यहाँका ६९.६ प्रतिशत

अर्थात् १८,७७२ जनसंख्या माथि बाँकी ३०.४ प्रतिशत अर्थात् ८,१८२ जनता आर्थिक दृष्टिकोणबाट आश्रित भएको पाइन्छ । कुल सक्षम र अनाश्रित जनसंख्यालाई पुरुष र महिलामा वर्गीकरण गर्दा दुवै वर्गको बरोबर (६९.८ र ६९.६ प्रतिशत) देखिन्छ । तर जस्मै सक्षम जनता वास्तवमा सक्रिय पनि छन् भन्ने अर्थ विभिन्न व्यवसाय वा पेशामा काम गरिरहेका जनसंख्याको तस्वीर निम्न तालिकाले पेश गर्दछः–

विभिन्न व्यवसाय	१० वर्षभन्दा माथि कामना लागेका जनसंख्या	काममा लागेका कुल जनसंख्याको प्रतिशत
कृषि, वन र माछापालन व्यवसाय आदि	१२,४५६	९३.७
उद्योग व्यवसाय आदि	२१८	६.३
निर्माण सेवा आदि	२	
वाणिज्य सेवा आदि	१३७	
यातायात र सञ्चार सेवा आदि	७	
लगानी तथा व्यावसायिक सेवा आदि	२	
व्यक्तिगत र सामुदायिक सेवा आदि	४६४	
जम्मा	१३,२८६	१००

यो तालिकाको आधारमा ९३.७ प्रतिशत जिल्लाबासीले खेतीपाती, पशुपालन आदिलाई नै प्रमुख व्यवसाय बनाएको देखिन्छ । दोस्रो प्रमुख व्यवसायमा सामुदायिक र व्यक्तिगत सेवा आउँछ, तर खेती पाती आदिमा लागेका जनसंख्याको तुलनामा यस क्षेत्रमा लागेका जनताको अनुपात नगण्य नै मान्नुपर्छ ।

जिल्लामा छ वर्षभन्दा बढी उमेरको जनसंख्या २३,०२० छ । कुल अविवाहित पुरुष जनसंख्या र विवाहित पुरुष जनसंख्या क्रमशः ५,७८९ र ५,१९४ अर्थात् ४९.९ र ५० प्रतिशत हुन आउँछ। यसबाट दुवैको संख्या करीब बराबर रहेको पाइन्छ । महिलाहरूमा चाहिं अविवाहित र विवाहितको संख्या क्रमशः ४,७९९ र ५,४५० अर्थात् करीब ४७ र ५३ प्रतिशत छ जसबाट पुरुषको अनुपातमा नारीहरूमा बिहे गर्ने प्रवृत्ति बढी भएको अडकल गर्न सकन्छि ।

बाल विवाह पनि जिल्लामा केही मात्रामा प्रचलित देखिन्छ । २०२८ सालमा १४ वर्षभन्दा मुनि उमेरका केटाकेटीमा विवाहित केटा १५ जना र केटी २२ जना भएको राष्ट्रिय जनगणनाबाट देखिन्छ ।

भाषा–भाषी

जिल्लाको जनसंख्यालाई भाषाको आधारमा वर्गीकरण गर्दा ५५.६ प्रतिशत नेपाली भाषा बोल्न सक्ने देखिन आएको छ। दोस्रो स्थान स्थानीय भाषाको आउँछ जसमध्ये थकाली, पुनेल मुस्ताङे आदि हुन् । यिनीहरूको कुल अनुपात १७.४ प्रतिशत छ । तामाङ, गुरुङ र मगरहरूको संयुक्त जनसंख्या करीब २६ प्रतिशत देखिन्छ । जिल्लाको दक्षिणी भेकमा मगरहरूको बाक्लो बस्ती भए तापनि त्यस क्षेत्रका धेरै जसो मगरहरूले नेपाली भाषा नै बोल्ने हुनाले मगर कुरा मात्र बोल्नेहरूको संख्या धेरै कम भएको अनुमान गर्न सकिन्छ। यस सम्बन्धी तालिका निम्न प्रकार छ :–

भाषा–भाषी	संख्या
नेपाली	१४,९९२
तामाङ	३,८५३
गुरूङ	३,२७९
अन्य	४,८२०
जम्मा	२६,९४४

यस जिल्लामा केवल हिन्दू र बौद्ध धर्मको मात्र प्राधान्य छ र अन्य धर्मावलम्बीहरूको संख्या नगण्य नै छ ।

मुस्ताङको जनसंख्यालाई विभिन्न पञ्चायतहरूको आधारमा वर्गीकरण गर्दा आठ वटा गाउँ पञ्चायतको आवादी १,००० भन्दा कम र १० वटाको २,००० भन्दा कम देखिएको छ । दुई हजारभन्दा बढी जनसंख्या भएको गाउँ पञ्चायत केवल तीन वटा छन् र यसरी कुल गाउँ पञ्चायतहरू २१ वटा छन् ।

उक्त गाउँ पञ्चायतहरूको नामावली र जनसंख्या निम्नबमोजिम छः–

गाउँ पञ्चायत	जम्मा	गाउँ पञ्चायत	जम्मा
१. कोबाङ	७०६	१२. बार्द्धुक	५५१
२. कागबेनी	८७८	१३. बेग	१,१२८
३. चाराङ	१,६७२	१४. भुरुङ तातोपानी	६३२
४. चिमखोला	१,५४०	१५. संगलेखानी	६५२
५. छुसाङ	१,२८४	१६. मार्फा	१,००८
६. टुकुचे	५५७	१७. मुक्तिनाथ	१,२८६
७. ठिनी जोमसोम	१,८९०	१८. मुस्ताङ	२,२०१
८. दागनाम	८७४	१९. राखु कटुवालटार	२,४५९
९. दाना	१,६६०	२०. राखु भगवती	२,९६९
१०. दार्मिजा	४४४	२१. लेते	१,४४८
११. दीना	१,०९६		२६, ९४४

जनजीवन

जनजीवनको दृष्टिवाट यो जिल्लाको अध्ययन निकै नै रोचक छ । यो अध्यायको थालनीमा भौगोलिक आधारमा जिल्लाका जनजातिलाई जुन तीन भागमा विभाजन गरिएको छ सो वर्गीकरणअनुसार उत्तरी भेकमा लोवा र माझ भेकमा थकालीहरूको प्राधान्य देखाइएको छ । तर एकातिर यी दुईथरीसँग कतिपय अर्थमा मिल्ने तर अर्कातिर आफूलाई एक छुट्टै एकाई भन्ने जनजातिहरू पनि यस जिल्लामा छन् जसलाई अर्को नाउका अभावमा "पाँचगाउँले" र "बाह्रगाउँले" भनेर सम्बोधन गरिन्छ । यसै वर्गीकरणको आधारमा यस अध्ययनलाई पनि पाँच भागमा विभाजन गरिएको छ-- लोवा, थकाली, पाँचगाउँले, बाह्रगाउँले र मगर ।

लोवा

मुस्ताङ जिल्लाको उत्तरी सीमानामा बसोबास गर्ने तिब्बती मूलका जनतालाई "लोवा" वा "लो" भन्ने चलन छ। परम्परागत मुस्ताङ राज्यको राजधानीको नाउँ ल्हो मन्थाङ भएकोले त्यहाँ (हाल मुस्ताङ गाउँ) का बासिन्दालाई जनाउने यो शब्द सिर्जना गरिएको हो। "मुस्ताङ सात थपौले" प्रदेश भन्नाले घमी गाउँभन्दा उत्तरको मनाङ जिल्लालाई बुझाउने हुनाले नेपालीहरूले मुस्ताङ वा लोवाजातिलाई "सात थपौले भोटे" पनि भन्ने गरेका छन्।

सामाजिक दृष्टिले लोवा वा मुस्ताङहरू तीन वर्गमा विभाजित छन्– कुडाक, सेल्भा र रिगहीन। कुडाकको अर्थ तिब्बती भाषामा उच्च घरानीयाँ वा राजकुल हुन्छ। सेल्भाले आफ्नो जातको परिचय दिंदा वा थर बुझाउँदा बिष्ट वा ठकुरी भन्ने गर्छन्। मुस्ताङ राज परिवार यसै कुडाक वंशीय हो र त्यो परिवारका कतिपय सदस्यहरूले आफ्नू नाउँ पछिल्तिर ठकुरी वा बिष्ट लेख्न पनि थालेका छन्। साधारणतः कुडाकले कुडाक, सेल्भाले सेल्भा र रिगहीनले रिगहीन नै बिहे गर्न रुचाउँछन्। उदाहरणस्वरूप बाह्रगाउँले कुडाकहरूको बिहेबारी सात थपौले कुडाकहरूसँग चल्दछ। थकालीहरू र सात थपौले कुडाकहरूले आफूलाई क्रमिक रुपमा ठकुरी भन्न थाले झैं बाह्रगाउँले सेल्भा र रिगहीनहरू पनि एक–दुइ, एक–दुइ गर्दै "गुरुङ" बन्दै गएको कुरो रोचक छ।

सामाजिक प्रचलनहरूमा लोवाहरूको प्रमुख विशेषता नै साझा पत्नी बिहे हो। चार–पाँचजना दाजु–भाइ मिलेर एउटै साझा पत्नी बिहे गर्ने अथवा जेठा दाइकी स्वास्नीलाई अरू भाइहरूले पनि राख्ने यो अनौठो प्रथा तिब्बतबाट आएको हो; सात थपौले र बाह्रगाउँले दुवै इलाकामा यो प्रथा प्रचलित छ। अन्य नेपाली समाजको प्रभावमा पर्दै गएका मुस्ताङहरूमा यो साझा स्वास्नी प्रथा केही कम हुन लागेको छ तापनि स्वास्नी मानिसहरू हत्तपत्त विधवा हुन नपर्ने, अंशबण्डाको दृष्टिकोणले सन्तान नियन्त्रित हुने आदि कुराहरू विचार गरेर होला बूढा–पुरानाहरू यो प्रथाबाट सन्तान र समाज विमुख भएको हेर्न रुचाउँदैनन्। त्यसैकारण भाउज्यूको सहपति भएर दाज्यूसँग बस्न नचाहने भाइले घर छोडेर जानु पर्छ र अंशमा उसको हक पनि लाग्दैन। भाउज्यूसँग बस्न नचाहनेहरूको एक जमातले ल्हो मन्थाङभन्दा तीन किलोमिटर पूर्वमा एउटा घुराङ नामक गाउँ नै बसाएका छन्।

घर रङाउनको निम्ति केवल कमेरो माटो प्रयोग गरिने हुनाले मुस्ताङका जम्मै घर प्रायः सेतै हुन्छन्। घर–निर्माणमा प्रमुख रूपले ढुङ्गा प्रयोग गरिन्छ र छानाहरू पनि ढुङ्गाका पातला चौकुने टुक्रा काटेर बनाइएका हुन्छन्। झिंगटी वा जस्तापाताको प्रयोग नगरिने हुँदा घरका टुप्पा धुरीबाट होचिंदै आएका नभई सिमेन्ट ढलान गरिएका आधुनिक शहरिया घरहरू झैं "शिरकट्टा" देखिन्छन्। छानाका चारै कुनामा स-साना चौकुने छोर्तेन (माने), कपडाका प्रार्थना छापिएका ठाडा झण्डा आदि पनि मुस्ताङ घरका परिचायक विशेषता हुन्। सेता घरका छानामा राता माने आकर्षक देखिन्छन्।

धेरैजसो घरहरू एक अर्कासँग जोडेर बनाइएका हुनाले लोवा बस्तीले काठमाडौं, पाटन र भादगाउँ शहरी क्षेत्रका पुराना बस्तीहरूको आभास दिन्छ। मुस्ताङ क्षेत्रमा प्रशस्त हुरी चल्ने हुनाले, साथै सुरक्षाको दृष्टिकोणले पनि, घरहरूका बाहिर फर्केका भित्तामा झ्यालको सट्टा धेरैजसो स–साना प्वालहरू मात्र बनाइएका पाइन्छन्। प्रायः दिनहुँ दुई पहरमा अति जोडको बतास आउने हुनाले पनि (विशेष माथिका तलाहरूमा) झ्याल नराखिएका हुनसक्छन्। ल्हो मन्थाङ क्षेत्रमा एउटै घर पनि दक्षिण फर्केका नहुने कारण पनि यही हो।

गर्मीमा यी घरमा प्रशस्त हावा नपाइनाले मानिसहरू छानामा गएर सुत्छन् । मुस्ताङेहरूको घर पोत्ने र रङ लउने प्रथा पनि रोचक छ हातले रङ नलगाई उनीहरू बाल्टीन वा भाँडोमा रङ भरेर भित्तामा घोप्ट्याउँछन् त्यसैले घरहरू टाटे–पाटे देखिन्छन् ।

लोवा समाज आफ्नै किसिमको सामन्ती प्रथाले पीडित पनि छ । लुम्बो (खानदानी जमीन्दार) हरूले तीन तले घर बनाउन पाउने तर साधारण जनताले दुई वा बढी तला राख्न नपाउने, पर्खालले घेरिएको सुरक्षित "शहर" हरूभित्र अरूले घर बनाउन र बसोबास गर्न पाउने तर गेरा (कामी, तेली आदि पेशेवार जनता) ले नपाउने इत्यादि प्रतिबन्धहरू त्यहाँ अझै पाइन्छन् ।

लेङकार जस्ता कतिपय अपवादलाई छोडेर मुस्ताङका अरू घर--बस्ती पानी–सतहभन्दा अग्ला स्थानमा बनेका पाइन्छन् । जमीन खनेर गहिरिंदै बगेका मुस्ताङे खोलाहरू कताकता तल बग्ने, खेती–योग्य जमीन कता–कता माथि हुने हुनाले खानेपानी र सिंचाइको व्यवस्था मिलाउने काम यो क्षेत्रमा निकै कठिन छ । ल्हो मन्थाङमा ल्याएको पानीको स्रोत करीब छ किलोमिटर टाढा छ ।

लोवा पुरुष र नारी दुवैको पहिरन पनि अन्य तिब्बतीय मूलका जनताबाट भिन्न देखिन्नन् । उनीहरूको मुख्य वस्त्र बक्खु (वा छुबा) र दोचा (घुँडासम्म आउने कपडाको जुत्ता) हो । पुरुषले पनि नारीले झैं लामा–लामा केश पालेर कोरी–बाटी गर्ने प्रचलन कम हुँदै गएको भए तापनि खतमै भइसकेको छैन । ठूला-ठूला राता, निला पोते जस्ता पत्थर (इउँ)को माला र मालामा देखिने गरी झुन्ड्याइएका देवदेवीका तस्वीर सहितका स–साना घर गहनाहरू लाउने पुरुष–नारी दुवै वर्गमा चलन छ । औकात हेरी यस्तै ठूला–साना पत्थरहरू जडेका छालाका पेटीहरू कुनै–कुनै स्वास्नीमानिसले स्तूँदो काटेको ठाउँबाट पछिल्तिर लगी काँधसम्म झर्ने गरी लगाएका पनि हुन्छन् । यस्ता कुनै–कुनै पत्थरहरू नारी–घडी जस्ता ठूलठूला पनि हुन्छन् र एउटा यस्तो पेटीमा ३२ वटासम्म पत्थर जडिएको देखेको एक लेखकले उल्लेख गरेका छन्– निश्चय नै तिनको मोल प्रशस्त हुनपर्छ र यो लगाउन स्वास्नीमानिस साँच्चै सम्पन्न परिवारको हुनुपर्छ भन्ने तिनले अडकल काटेका छन् ।

लोवा लोग्नेमानिसहरूका पटुका वा कमर--पेटीमा एउटा सानो छालाको बट्टामा विभिन्न आकारका साना–ठूला सियो राखिएका हुन्छन् । केटा केटीहरूले पनि यस्तै सियोको बट्टा भिरेर हिंड्छन् र फुर्सतका समयमा भुईंमा खोपिल्टा खनेर सियो तिनमा फसाउने खेल खेल्दछन् ।

मुस्ताङे राजाका परम्परागत सिपाहीहरूको औपचारिक पहिरनमध्ये पश्मिनाको भित्री भएका राता भुत्ले टोपी, निला र सुनौला रङ मिसिएका रेशमका छुबा आदि हुन्छन् ।

एक विशेष किसिमको परम्परागत मान्यताको आधारमा लोवा पारिवारिक संगठनको सिर्जना भएको जस्तो देखिन्छ । यो पुर्ख्यौली परम्पराअनुसार पारिवारिक भूसम्पत्तिको हकदार जेठो छोरा मात्र हुन्छ र माहिलो छोरो भिक्षु (लामा) हुन गुम्बामा प्रवेश गर्दछ । कान्छो छोरा जेठोको सहभागी हुनसक्छ वा भिक्षु (लामा) नै हुनसक्छ वा घर छोडेर अन्यत्र गई स्वावलम्बी हुनसक्छ । तर उसले जेठो दाज्यूको सहभागी हुन चाहेको खण्डमा घर सम्पत्तिको उपभोगमा उसको अधिकार रहन्छ ।

यस्तै अर्को अनौठो पारिवारिक परम्परा "अवकाश" सम्बन्धी छ । जेठो छोरोको विहे सम्पन्न गरिदिएपछि बाबुले कमसेकम औपचारिक अर्थमा पारिवारिक उत्तरदायित्वबाट अवकाश लिन्छ । अन्य नेपाली

सम्प्रदायहरू धेरैजसोमा बाबुले आफ्नो जीवन–कालमा अंशबण्डा नगरिदिएको खण्डमा छोराहरूले पारिबारिक सम्पत्तिको उत्तराधिकार बाबुको शेषपछि मात्र पाउने प्रचलन छ तर लोवाहरूमा जेठो छोराको बिहे भएपछि उ स्वतः पैतृक सम्पत्तिको मालिक हुन पुग्छ ।

पारिवारिक एकाइलाई लोवाहरू "लोम्पा" भन्दछन् । कार्य–विभाजनको आधारमा पनि कैयौं जात वर्ग सिर्जना भएका छन् । विशेष गरी लो मान्ताङ क्षेत्रका विभिन्न परिवारहरूमा राजाका घर–घरायसी काम गरिदिन जिम्मा लगाइएको हुन्छ । कुनै परिवारका छोराहरूले राजाका अंगरक्षक बन्नुपर्छ भने अरू कसैले राजाको घरमा दाउरा पुन्याउनु पर्छ, जो काटेर थन्क्याइदिनु पर्छ इत्यादि । यसरी पुस्तौंदेखि चलिएआएको कर्तव्य–वर्गीकरणको परम्पराको आधारमा पनि लोवाहरूमा एक किसिमको "जात–पात" को भावना पाइन्छ ।

तिब्बती लामा–धर्मी लोवाहरू धर्मभिरू छन् । उत्तरी मुस्ताङमा प्राचीन दुई तिब्बती मत–"शाक्यपा" र कग्यूपाको प्राधान्य छ, यद्यपि सुदूर भूटानमा प्रचलित कग्यूपा मतले पनि यहाँ कुनै समयमा प्रवेश पाएको रहेछ भन्ने प्रमाण लोरी गाउँमा स्थित एक मात्र डुक्पा गुम्बाले पुष्टि गर्छ । कुनै प्राचीन मुस्ताङे राजाले आफ्नी भोटाङे रानीको कुरा हार्न नसकी उक्त गुम्बा बनाएका हुन् भनिन्छ । यो गुम्बा भएको ठाउँमा जमीन मनि निर्माण गरिएका गुफामा धेरै साना–ठूला बौद्ध मठहरू छन् जसमध्ये एउटा विशाल माने पनि छ । काठका भन्याङहरूबाट ओर्लेर उक्त गुफामा पस्नु पर्छ ।

माथि उल्लेख गरेअनुसार साधारणतः प्रत्येक परिवारको माहिलो छोरो भिक्षु बन्ने हुनाले मुस्ताङमा यिनीहरूको संख्या प्रशस्त छ । यी भिक्षुहरू गुम्बामै पनि बस्छन् वा गाउँ घरमा बसेर कामको वखतमा गुम्बा जाने पनि गर्छन् । यी भिक्षुहरूका टाउकेलाई "उन्जे" भनिन्छ । उनका सहायकहरूमध्ये कुनैले "प्रहरी भिक्षु" को रूपमा उन्जेका आदेशहरूको पालन गराउँछन्, कुनैले गुम्बाको सम्पत्तिको सुरक्षा गर्दछन् र कुनै गुम्बाको जमीनमा खेतीपाती वा अन्य काम गर्छन् । गुम्बाको जमीनमा गरिएको खेतीको आम्दानी भिक्षुहरूमा वितरण गरिन्छ । यसै कारण धनी–धनी गुम्बाहरूमा धेरै भिक्षुहरू भेला हुन पुगेका हुन् भनिन्छ ।

लोवाहरूका चार प्रमुख चाडपर्व गिने, न्युने, गेन्सु र गेलुङ हुन् । यीमध्ये न्युने वर्षमा दुई तीन चोटी मनाइन्छ र चार–चार दिनको हुन्छ । साधारणतः यी उत्सवमा पालन गर्नुपर्ने पाँचवटा नियमहरूमध्ये ४८ घण्टा उपवास बस्ने, कसैसँग नबोल्ने, पूजा वा दान–पुण्य गर्ने तथा पति–पत्नीमा सहवास नगर्ने आदि हुन् । व्रत सिद्धिएपछि भुटेको जौको पीठो (चम्पा) बाट बनाइएका तोर्मा प्रसादको रूपमा सबैलाई वितरण गरिन्छ ।

लोवाहरू प्रायः सम्पूर्णरूपले नै तिब्बती मूलका भएका हुनाले तिनीहरूको जीवनचक्र साधारणतः तिब्बतीहरूको जस्तो नै हुन्छ । यस दृष्टिकोणले हेर्दा पूर्वी नेपालको ओलाङचुङगोला र सोलुखुम्बूदेखि लिएर पश्चिममा हुम्लासम्मको हिमाली क्षेत्रका नाका–नाकामा फैलिएर बसेका शेर्पा, लार्केली, हुम्ली आदिसँग यिनीहरू अलि भिन्न छन् तापनि यिनीहरूको रीतिरिवाज र धार्मिक–सामाजिक परम्परा प्रायः शतप्रतिशत मिल्न जाने हुनाले केवल एक दुई प्रमुख रीति–थितिको उल्लेख मात्र यहाँ गरिएको हो ।

लोवा परिवारमा बच्चा जन्मेको तीन दिन पछि नामकरण गरिन्छ । लामाले राखेको वा औपचारिक नाउँ बाहेक आमा बाबुले बोलाउने नाउँ एक र कुनै–कुनै अवस्थामा मन्त्रदान गर्ने गुरुले दिएको अर्को नाउँ पनि हुन्छ । मन्त्रदानको समयमा दिइएको नाउँ सो व्यक्तिले प्रचार गर्नु–नगर्नु उसको इच्छा माथि निर्भर गर्छ,

यद्यपि त्यसलाई भरसक गोप्य राख्नु पर्छ भन्ने विश्वास पनि व्यापक छ । यो तेस्रो नाउँ कागजमा लेखेर तामा वा पित्तलको सानो जन्तर भित्र राखी गलामा बाँधेको पनि देखिन्छ । मृत्यु भएपछि सो व्यक्तिको गलाबाट लामाले जन्त्र फुकाई सो कागज झिक्छन्, नाउँ पढ्छन् र कागज जलाइदिन्छन् ।

थकाली

मुस्ताङ जिल्लाको थाक खोला क्षेत्रलाई पितृथलो मान्ने हुनाले यो जातिलाई थकाली भनिएको हो तापनि यिनीहरू स्वयंले आफूलाई सिंजाली राजघरानाका ठकुरी हौं भन्ने दावी गर्छन् । कुनै समयमा सिंजाका एक राजकुमार थाकखोला क्षेत्रको ठिनीमा बसोबास गर्न आएका थिए र त्यहाँकी एक ठिन्यालनीपट्टिबाट उत्पन्न सन्तान नै थकालीहरूका पूर्वज थिए भन्ने कथा प्रचलित छ । थकालीका यी पूर्वजले थापाखोलाको किनारमा बस्ती बसालेकाले तिनलाई वरिपरिका मानिसले "थापाली" भन्न लागे र यसैका परिवर्तित रूप थकाली हो भन्ने अडकल गर्नेहरू पनि छन् ।

तर प्राचीन सिंजाली नाग राजहरू भोट–बर्मेली मूलका थिए वा वास्तविक ठकुरीहरू नै थिए भन्ने तथ्यको टुङ्गो अझ लागिनसकेकोले थकालीहरूका उक्त पूर्वजको बारेमा किटानसाथ केही भन्न सकिंदैन भन्ने पनि विद्वान्हरू छन् । यो किम्वदन्तिको ऐतिहासिक पक्ष प्रमाणित गर्न प्रर्याप्त अध्ययनको जरूरत पर्ने त छँदैछ तर "थकाली" शब्दको व्युत्पत्ति "ठकुरी" बाटै भएको पनि हुन सक्छ, किनभने तिब्बती मूलका मुस्ताङहरूको क्षेत्रमा गएर बसेका ठकुरीलाई उनका छिमेकीहरूले ठकुरी वा थकुली भन्न लागे र त्यसैको अपभ्रंश थकली वा थकाली भयो होला भन्ने अनुमान गर्न सकिन्छ ।

मुस्ताङ जिल्लाको टुकुचेलाई "थाक सातसय (सातसय घर भएको थकाली प्रदेश) को परम्परागत "राजधानी" हो भन्न सकिन्छ र यो अध्ययनमा पनि टुकुचेदेखि घासासम्मको थाकखोला क्षेत्रलाई थकाली क्षेत्र मानिएको छ । हुन त ठिनी, जोमसोम, स्याङ, छेरो आदि गाउँमा केन्द्रित ठिन्यालहरू पनि रहन–सहन र रीति-थितिको समानताको आधारमा आफूलाई थकाली नै भन्दछन् र त्यस्तै मार्फा क्षेत्रका हिराचन, जवाहरचन, लालचन, भट्टचन थर अपनाएका पुन्याल वा मार्फालीहरू थकाली भनी दावी गर्दछन् तर यिनीहरूलाई पाँच गाउँले, बाह्रगाउँले आदिमा पनि वर्गीकरण गर्ने परम्परा अपनाएर तिनको छुट्टै वर्णन गर्नु उचित देखिन्छ ।

थकालीहरू एक अर्कालाई आपसी सम्बोधन गर्दा "तानाङ" शब्द प्रयोग गर्छन् ।

आकृति र भाषा: थकालीहरूको अनुहार मङ्गोल प्रकृतिको हुन्छ । गोलो मोहडा, अलि होचो नाक, अग्ला गाले हाड, बदामी आँखा र गहु गोरो रङ थकाली आकृतिका परियाचक गुणहरू हुन् । थकाली बोली तिब्बती–बर्मेली परिवारको बोली हो र मगर, गुरूङ आदिको बोलीकै समूहमा यसलाई लिन सकिन्छ ।

सामाजिक संगठन:– थकाली समाज चार वर्गमा विभाजित छ र हरेक वर्ग वा घरका आफ्ना आफ्नै कुलदेवता छन् ।

कुल देवता	प्राचीन थर नाम	आधुनिक थर नाम
ड्रागन	च्योकि	गौचन
हात्ती	साल्की	तुलाचन
सिंह	घिमजेन	शेरचन
चौंरी	भुर्की	भट्टचन

यी चार थर पनि विभिन्न परिवार समूहमा विभाजित छन् जसलाई "फोवे" वा "घ्युवा" भनिन्छ । तर थकालीहरूको घ्युवा एकदमै आपसी परिचयात्मक शब्द हो र अरू जातिका मानिसहरूको सामु आफ्नो घ्युवा खोल्दैनन् । आफ्ना कुलदेवताको पूजा वा देवाली गर्दा घ्युवा परिवार समूहका जम्मै सदस्य भेला हुनुपर्छ । यी परिवार समूहको पुर्ख्याँली गाउँ वा माउथलोमा "खिमी" नामक एक मठ पनि हुन्छ । करीब १०–१२ वर्ग फीट चाक्लो र चार फीट जति अग्लो माने जस्तो यो मोटो र ढुङ्गाले बनेको खिमीको भित्र एउटा खोपिल्टो पारिएको हुन्छ । परिवार–समूहका कुनै व्यक्तिको मृत्यु भएपछि उसको अस्थि त्यसै खोपिल्टामा राखिन्छ । उक्त चार थरका थकालीहरू सामाजिक र धार्मिक दृष्टिले समान छन् तर कुलदेवताको पूजा वा पर्व उत्सवमा गौचनले प्राथमिकता पाउँछन्, त्यसपछि तुलाचन, शेरचन र भट्टचनको पालो आउँछ ।

अघि अघि थाक सातसय प्रदेशका एक गण्यमान्य थकालीलाई छानेर अमाली पद प्रदान गरिन्थ्यो । तामाङहरूको मुल्मी र लिम्बूहरूमा सुब्बा झैं यो अमाली खान्की पाएको व्यक्ति स्थानीय प्रशासन, मालपोत, शान्ति सुरक्षा आदिको निम्ति पनि जिम्मावार ठहरिन्थ्यो र स–साना झैं–झगडा मिलाउँथ्यो । अमाली पाएको व्यक्तिलाई सुब्बा उपाधि प्रदान गरिन्थ्यो ।

थकाली सामाजिक संगठनमा "मुखिया" हरूको पनि प्रमुख स्थान छ । थाक सातसय प्रदेशलाई परम्परागत हिसाबमा १३ एकाइमा बाँढी यिनै १३ मुखियाहरूको सभाले प्रशासित गरिन्थ्यो र यसलाई सरकारी मान्यता पनि प्राप्त थियो । हाल गाउँ पञ्चायतहरूले यो सभाको ठाउँ ओगटतै लगेको हुनाले परम्परागत मुखियाहरूको बोलवाला घट्दै गएको देखिएको छ ।

थकालीहरूको "ढिगुर" नामक परम्परागत संस्था अत्यन्त चाखलाग्दो मात्र नभई कुनै पनि व्यापार-प्रवृत्ति समाजले अनुकरण गर्न लायकको पनि छ । यो एक साझा संस्था हो र थकालीहरूको आर्थिक समृद्धि र स्थायित्वमा यसले ठूलो भूमिका खेलेको मान्नु पर्छ । कुनै व्यक्तिलाई व्यापार गर्न पूँजी चाहियो भने आफ्नो साथी, सँगी वा नाता कुटुम्बहरूलाई भेला गरेर "ढिगुर" शुरू गर्छ, जसमा सदस्य हुने सबैले एक तोकिएको रकम वर्षेनी बुझाउँछन्। ढिगुर संगठन गर्ने व्यक्तिले ती सदस्यहरूबाट उठेको पहिलो किस्ता रकम जम्मा गरेर आफ्नो काम चलाउँछ वा कुनै व्यापारमा लाउँछ र त्यसपछिका वर्षहरूमा सदस्यले पालै पालो गरेर एक वर्षको जम्मा रकम लिंदै जान्छन् ।

साधारण एक ढिगुरमा २५ देखि ४० सदस्य हुन्छन् र प्रत्येक सदस्यबाट वर्षेनी सयदेखि हजार रुपैयाँ सम्म उठाइन्छ । जति सदस्य छन् त्यति वर्षसम्म ढिगुर जारी रहन्छ र जम्मै सदस्यले पालै पालो एकमुष्ट, रकम लिइसकेपछि सो ढिगुर स्वतः खारेज हुन्छ । एक मुष्ट रकम लिइसकेको व्यक्तिले सो रकम फिर्ता गर्नु पनि पर्दैन, केवल वर्ष–वर्षमा तिर्नुपर्ने आफ्नो तोकिएको रकममात्र तिर्दै जानु पर्छ । थकाली समाजमा सयौं यस्ता ढिगुरहरू सँधै सञ्चालित भइरहेकै हुन्छन् र वर्षेनी कतिपय ढिगुरको म्याद सिद्धेर बन्द हुँदै अरू कतिपय खोलिंदै पनि जान्छन् ।

धर्मः परम्परागत रूपमा लामाधर्म, झाँक्रीधर्म र बोंपोधर्म मानेर आएका केही थकालीहरू हिजो-आज बढ्दो संख्यामा हिन्दूधर्मपट्टि ढल्किंदै गएका छन् । हिन्दू रीति–रिवाजको बढ्दो मोहमा थकालीहरूले आफ्ना पुर्ख्याँली बोली र वेश–भूषा समेत त्याग्दै लगेका छन् । अघि–अघि झैं लामा–झुंमा बस्ने प्रथा पनि हराउँदै गएको

छ र केही पुराना भिक्षु-भिक्षुनीले आफ्नो धार्मिक आस्था कायम राखेका देखिए तापनि राजधानीमा बसोबास गरिरहेका समृद्ध र प्रबुद्ध थकालीसमाज लामा-धर्म वा बौद्धधर्मबाट बढ्दो मात्रामा विमुख भइरहेको जस्तो देखिन्छ ।

थकालीहरूमा पितृ-पूजा प्रचलित छ । हरेक परिवार-समूहको मूलघरमा "घुतिङ्चा" (पितृ-देव) को प्रतिनिधित्व गर्ने दुइवटा स-साना तामाका अम्खोरा हुन्छ । पितृदेव राखिएको पूजा-कोठामा बाहिरिया व्यक्तिहरूलाई हुल्दैनन् । मूलघर (भ्यतिम)मा वर्षेनी वा चार-पाँच वर्षमा एक पटक धूमधाम सित पितृ-पूजा गरिन्छ जसमा झाँक्रीले पुरोहित्याइँ गर्छन् ।

सामाजिक मान्यताहरू: थाक सातसय क्षेत्रका थकालीहरूमा परम्परागत थकाली-मान्यताहरू बिलकुलै कम पाइन्छ । बाह्रगाउँले र पाँचगाउँले थकालीहरूमा भने पुराना चालचलन अझै प्रचलित छन् । तर आधुनिक थकाली सोचाइको प्रतिनिधित्व गर्ने थाक सातसयका बासिन्दाहरूमा झैं प्रचलित सामाजिक मान्यताहरूको क्षेत्रमा विभिन्न परिवारहरू बीच एकरूपता नआइसकेकोले परम्परागत थकाली आचार-व्यवहारको प्रतिनिधित्व उत्तरी भेकले बढी गरेको मान्न सकिन्छ ।

पाँचगाउँले र बाह्रगाउँले क्षेत्रका जनतामा जातभातको भावना कम पाइन्छ तर थाक सातसय क्षेत्रका जनताले उक्त दुई गाउँका जनतासन्दा आफूलाई भिन्न ठानेर उनीहरूसँग उठ बस गर्न रुचाउँदैनन् । थाक खोलाका थकालीहरूले ठकुरीहरूले[1] झैं पश्चिम फर्केर प्रार्थना गर्छन्, चोरी विहे गर्दैनन्, थकाली बाहेक अरूलाई चूल्हामा लैजाँदैनन्, र १३ दिन जूठो बार्छन् । तर उत्तरी भेकका बासिन्दाहरूको निम्ति यस्ता कतिपय आचरणहरू नौला र अनौठा छन् भने हुन्छ ।

जन्म-मृत्यु सम्बन्धी संस्कारहरू, पास्नी बिहेका चार-तरीकाहरू आदिमा पनि थकालीहरू बीच यस्तै विसमता पाइने हुनाले कुनै एक पक्षीय रीति-रिवाजले थकाली समाजको प्रतिनिधित्व गर्छ भन्न सकिन्न तापनि निम्न प्रचलनहरू विशेष उल्लेखनीय छन् ।

साङतेनी: बच्चा जन्मेको तेस्रो दिनमा स्थानीय झाँक्री वा लामाले चाख्याउने प्रथालाई थकालीहरू साङतेनी भन्दछन् ।

छेवर: छेवर वा चूडाकर्मलाई थकालीहरू "बोकोर" गर्ने भन्छन् । पाँचदेखि १२ वर्ष उमेरका थकाली ठिटाहरूको बोकोर बिजोर वर्ष पारेर गरिन्छ । यस अवसरमा केश खौरने अभिभारा मामाको हुन्छ । कुनै लामा वा झाँक्री नचाहिने यो प्रथाको प्रवेश पनि थकाली समाजमा भर्खरै भएको हो भन्ने हेमेन्डर्फको धारणा छ ।

स्यार्बेलावा: आधारभूत रूपमा लामाहरूद्वारा केटाहरूलाई गुम्बामा दीक्षा दिने प्रथालाई स्यार्बेलावा भनिने गरिएको हो तापनि यसको आधुनिक नाउँ कुमार गावा वा "व्रतबन्ध" हुन गएको छ । यो जनै-विहीन

---

1. Haimendorf, Christoph Von Fuhrer- Caste And Kin In Nepal, India And Ceylon. p. 148

व्रतबन्ध भदौमा गरिन्छ र वर्षभरि छेवर गरिएका ठिटाहरूलाई सिंगारी घोडा चढाएर सामूहिकरूपमा जुलूस निकालिन्छ । यस उत्सवलाई भदौगावा पनि भनिन्छ ।

विवाहः थकालीहरूका माथि उल्लिखित चारथरहरूको आपसमा बिहेवारी चल्छ, तर आफ्नै थरभित्र भने चल्दैन । तामाङ र गुङरूहरूमा झैं मामा–चेला फुपु–चेली बीच बिहे हुनसक्छ । साधारणतया चोरी बिहे प्रचलित छ तापनि मागी बिहेको प्रचलन प्रशस्त बढ्दैछ । छिमेकी लोवा वा बाह्रगाउँलेहरूमा झैं बहु–पत्नी प्रथा थकालीहरूमा छैन ।

चाड पर्वः थकालीहरूको प्रमुख चाड ह्ला फेवा हो । तिब्बतीय पात्रोअनुसार हरेक बाह्र वर्षमा आउने "बाँदरवर्ष" पारेर कात्तिक महीनामा गरिने यो उत्सवलाई बाह्र वर्षे जात्रा वा "कुम्भ मेला" पनि भन्ने चलनछ । सात दिनव्यापी यो जात्रा थकालीहरूको देवाली वा कुल देवता पूजा हो र यसमा चारै थरका थकालीहरूका कुल देवताको जुलूस निकालिन्छ । "ह्ला फेवा" एक तीब्बती शब्द हो र यसको अर्थ "ईश्वरको आगमन" हो । हरेक कुलदेवताको पूजारी (पाण्डे) बेग्लै हुन्छ र यो अवसरमा तिनीहरूले हरेक घरका आदि पुरुषको जीवनी र यात्रा–वर्णन भएको धार्मिक ग्रन्थ पाठ गर्छन् ।

पाँचगाउँले (पुनेल)

टुकुचे र कागबेनी गाउँ बीचको क्षेत्रलाई "पाँचगाउँ" भनिन्छ । जोमसोम, ठिनी, स्याङ, मार्फा, चिवाङ र छैरो नामक पाँचवटा गाउँहरू मिलेर बनेको यस क्षेत्रका बासिन्दा पाँचगाउँले नाउँले परिचित छन् । यी पाँचगाउँलेहरू पनि आफूलाई थकाली भन्न रुचाउँछन् र थकालीहरूको सिको गरी नेपाली वेश–भूषा लाउन थालेका छन् । हिन्दू रीति रिवाज अनुसरण गर्न लागेका छन् तथा थकाली बोलीकै एक अलि भिन्न रूप प्रयोग गर्छन् । पाँचगाउँले समाज पनि थकाली समाज झैं चार थरमा विभाजित भएको छ र यी थरहरूको नाउँ पनि थकालीको झैं नै छ– हिराचन, ज्वाहरचन, पन्नाचन, लालचन । तर यिनीहरू थकालीहरू होइनन् पुनेल हुन् भन्ने विद्वान्हरूको मत छ ।

यिनीहरूको घर पनि थकालीका जस्ता नै हुन्छन्, ढुङ्गा र माटाले बनेका, थेप्चा छाना भएका । व्यापारमा पनि यिनीहरू थकालीसँग होड गर्न लागेका छन् र भैरहवा बुटवलदेखि लिएर लमजुङसम्म बाटा–बाटामा भट्टी पसल राख्ने काम यी पनि गर्दछन् ।

पुनेलहरूका स्थानीय नाउँ पनि हुन्छन्, जस्तै ठिनी निवासीको नाउँ ठिनेल, स्याङ निवासीको स्याङदेल आदि । लामाधर्म, बोंपो र झाँक्रीधर्म यिनका मुख्य धर्म हुन् तर हिजोआज यी क्रमशः हिन्दूधर्मको प्रभाव क्षेत्रमा पर्दछन् ।

मंसीर महीनामा एक ठूलो मेला लाग्छ र यो क्षेत्रको प्रमुख उत्सव हो । यस पर्वमा गाउँ घरका युवक–युवतीहरू गुम्बामा भेला भएर नाच–गान र रमाइलो गर्छन् । यो उत्सव कैयौं दिनसम्म चल्छ ।

बाह्लगाउँले

ल्हो मन्थाङदेखि दक्षिण र पाँचगाउँभन्दा उत्तरको क्षेत्रलाई बाह्लगाउँ भनिन्छ र त्यस क्षेत्रका बासिन्दालाई बाह्लगाउँले । यो क्षेत्रमा अघि–अघि बाह्रवटा गाउँमात्र हुँदा हुन् तर हिजो आज १८ गाउँ छन् जसमध्ये मुक्तिनाथ क्षेत्रका छ गाउँ पनि पर्दछन् । भाषा र वेश–भूषाको दृष्टिबाट यिनीहरू लोवा जस्तै तर पाँचगाउँले र थकालीहरूभन्दा भिन्न छन् । लोवाहरूभन्दा व्यापारमा बढी सफल यी बाह्लगाउँलेहरू थकाली जति सफल चाहिं छैनन् र धेरै बाह्लगाउँलेहरू थकालीहरूको ऋण तिर्न नसकी आफ्ना साहूहरू कहाँ नोकरी गरी बसेका पाइन्छन् ।

कुनै कुनै गाउँका बासिन्दाहरू आपसमा मात्र बिहेबारी चलाउँछन्, यद्यपि यो प्रथा हिजो–आज कम हुँदै गएको छ । यिनीहरूमा सबैभन्दा ठूला जातले आफूलाई बिष्ट–ठकुरी भन्छन् र सामान्यतया अरूसंग बिहेवारी चलाउँदैनन् तर यिनका चेलीबेटी अरूले बिहे गरेको खण्डमा १०० रूपैयाँ "शिर उठाउन" तिर्नु पर्छ। साधारणतया बाह्लगाउँलेहरूको बिहेमा पनि केटापट्टिकाले केटीपट्टिकालाई रूपैयाँ तिर्नु पर्छ, जो सामान्यतः नौ–दस रूपैयाँ हुन्छ ।

केटी भगाएर लगेपछि तिनका आमा–बाबुसँग माफ माग्ने प्रथा रोचक छ । भगाएको भोलिपल्ट केटापट्टिबाट छाङको सिसी लिएर एकजना व्यक्ति केटीको घरमा जान्छन् तर घरसम्म नपुगी करीब १०० गज टाढैबाट माफी मागेर कराउँछन् । त्यसपछि ५० गज जति नजीक पुगेर फेरि कराउँछन् र यसैक्रमले कराउँदै कराउँदै केटीको घरसम्म पुग्छन् । त्यहाँ पुगेपछि दुई पक्षमा बाझाबाझ र कुटाकुट हुन पनि बेर लाउँदैन, तर साधारणतः दिनभर गर्मागर्मी भएपछि दुवै तर्फको मेल हुन्छ । "शिर उठाउने" तिरेपछि बिहेको इन्तजाम हुन थाल्छ ।

यिनीहरूमा पनि बहुपति प्रथा देखिन्छ तर शेर्पाहरूमा जस्तो जम्मै भाइको एकैसाथ एउटै केटीसँग बिहे नभएर जेठोको मात्र बिहे गर्ने हक हुन्छ । जेठा दाज्यूसँग नछुट्टिउन्जेल भाउज्यू माथि र सम्पत्तिमाथि अरू भाइको हक लाग्छ, छुट्टिएपछि लाग्दैन ।

यिनीहरूका प्रमुख चाडपर्वहरूमध्ये "यार्तुङ" एक हो । भाद्र पूर्णिमामा मनाइने यो एक वृहत् मेला हो जसमा सम्पूर्ण बाह्लगाउँले र वरिपरि क्षेत्रबाट हजारौं घोडचढीहरू भेला हुन्छन् । धार्मिक कार्यक्रमहरू सँगसँगै घोडदौड तथा अन्य कार्यक्रमहरूको पनि आयोजना गरिन्छ ।

यहाँ पनि "ह्योक्याप्सी" नामक उत्सवमा १८ देखि २५ वर्ष युवक-युवतीहरू गुम्बाहरूमा भेला भएर पाँच दिन आठै पहर रमाइलो गर्छन् । पूर्वमा (तेङ्वोचे क्षेत्रका) शेर्पाहरूको मानिरिम्दु मेला जस्तो यो उत्सवलाई स्थानीय गाउँलेहरू विशेष महत्व दिन्छन् र बाहिर गएका बाह्लगाउँलेहरू यो उत्सव भेट्न आई पुगेनन् र चित्तबुझ्दो कारण देखाउन सकेनन् भने तिनलाई समेत दण्ड लाग्छ भनिन्छ। दण्डको रकम साधारणतः रू. २०। प्रति व्यक्ति हुन्छ ।

आर्थिक व्यवस्था

विक्रम सम्वत् २०२८ को जनगणनाअनुसार यस जिल्लामा १० वर्ष र सोभन्दा माथिका आर्थिक दृष्टिकोणले सक्षम जनसंख्या २०,५४१ भएका देखिएको छ, जसमध्ये १३,२८६ व्यक्ति (अर्थात् करीब ६४ प्रतिशत) कुनै न कुनै पेशामा लागेका छन् । विभिन्न व्यवसायमा लागेको यो जनसंख्यामध्ये पनि १२,४५६ (अर्थात् करीब ९३.७ प्रतिशत) को प्रमुख पेशा कृषि, वन र पशुपालन नै देखिएको छ । यो कुरा निम्न तालिकाबाट स्पष्ट हुन्छः–

पेशा	जनसंख्या	कुल सक्षम जनसंख्याको अनुपात (मोटामोटी)
कृषि, वन र पशुपालन	१२,४५६	९३.७
व्यापार	१३७	६.३
उद्योग	२१८	
वैयक्तिक र समुदायिक सेवा	४६४	
यातायात र सञ्चार	७	
अर्थ र वाणिज्य सेवा	२	
निर्माण	२	
	१३,२८६	१००.००

सम्पूर्ण जिल्लालाई एक मुष्ट अध्ययन गर्दा उत्तर–दक्षिण भेकका जनताको आर्थिक व्यवसाय सम्बन्धी पार्थक्य नछुट्टिने हुँदा पनि जिल्लामा व्यापार र उद्योगमा लागेका जनताको संख्या नगण्य जस्तो देखिन आएको हुन सक्छ । दोस्रो, व्यापारलाई नै एक मात्र प्रमुख पेशाको रूपमा अपनाएका जनताको मात्र गणना गरिएकोले पनि यसो भएको हुन सक्छ । नत्र जिल्लाका थकाली जनताले खेतीसँगै व्यापारलाई पनि उत्तिकै प्राथमिकता दिने र उत्तरी भेकका सक्षम मुस्ताङेहरूमा पनि वर्षको कुनै समय खेती, कुनै समय पशुपालन र कुनै समय व्यापार गर्ने प्रवृत्ति देखिएको तथ्यहरूको पृष्ठभूमिमा जिल्लाबासीहरूको पेशेवार वर्गीकरण अलि भिन्नै रूपले गरेमा त्यहाँको वास्तविक चित्र मिल्ने थियो । यो सन्दर्भमा मिसेल पिसेलले एक ठाउँमा लेखेका छन्ः–

"प्रायः जम्मै मुस्ताङेहरूले पेटपालनाको दृष्टिकोणले, तीन विभिन्न जीवन–क्रम अपनाएका हुन्छन् । वसन्त र ग्रीष्म ऋतु खेतीको याम हुनाले परिवारका सबै सक्षम सदस्यहरू त्यसैमा लागेका हुन्छन् । खेतीको काम सिद्धिएपछि भेडा, च्याँग्रा, चौरी, घोडा, खच्चर आदिको गोठ लेकतिर सार्ने बेला हुन्छ र कतिपय

बूढा–बूढी र केटाकेटी छोडेर अरू व्यक्तिहरू त्यतै लाग्दछन् । हिउँद लाग्दा गोठ ओह्लाल्ने काम भइसक्छ र त्यस पछिको फुर्सदका दुई–चार महीनामा हिंड–डुल गर्न सक्ने प्रायः सबै नै "परदेश" लाग्छन् । यो अवधिमा मुस्ताङेहरू टाढा–टाढा गई व्यापार गर्ने गर्दछन् । यसरी खेती, पशुपालन र व्यापार तिनै कुरामा तालीम प्राप्त मुस्ताङेहरूको आर्थिक अवस्था पनि तुलनात्मक दृष्टिबाट असलै जस्तो देखिन्छ ।"

कृषि

जिल्लाको धेरै जसो भू–भाग ढुङ्गे र बलौटे मालभूमि हुनाले जे–जति खेतीपाती गरिन्छ सो केवल नदीका होचा किनारहरूमा सीमित छ भन्न सकिन्छ । जिल्लाको दक्षिणी भेकमा विशेष गरी थाक खोला क्षेत्रमा धानको पनि केही खेती गरिन्छ, तर यहाँका प्रमुख बाली आलु, गहुँ, जौ र उवा नै हुन् । दक्षिणी क्षेत्रमा मकै, कोदो र फापर पनि लगाउने गरिन्छ ।

कृषि उत्पादनको दृष्टिबाट मुस्ताङलाई तीन भागमा बाँढ्न सकिन्छ । दक्षिणी भेक (राखुदेखि घासासम्म), मध्यभेक (घासादेखि मुस्ताङ सम्म) र उत्तरी भेग (छुस्याङदेखि नेपाल चीन सीमानासम्म)। दक्षिणी भेकको मुख्य बाली धान, मकै, गहुँ र कोदो हुन् भने मध्य भेकको जौ, फापर र उवा औ उत्तरी भेकको आलु, गहुँ र जौ हुन् । मुस्ताङ (लो मान्ताङ) वरिपरि केराङको खेती पनि निकै गरिन्छ ।

भूमि व्यवस्था

यो जिल्लामा १९९४ सालदेखि यता नापी भएको छैन । उक्त नापीको आधारमा खेततर्फ छ वटा र पाखातर्फ २६ वटा मौजा गरी जम्मा ३२ वटा मौजा छन् । जिम्मावाल र मुखिया तालुकदारको संख्या पनि क्रमशः छ र २६ पाइएको छ ।

भूमि–सुधार लागु भएपछि यस जिल्लामा पनि अन्यत्र सरह ऋण निश्चित गर्ने कार्य थालनी गरिएको थियो तर २०२५ सालदेखि सो कार्यक्रम स्थगित गरिएको छ । भूमि-सुधारका विभिन्न पक्षको वि. सं. २०३० सालसम्मको सर्सर्ती प्रगति निम्न प्रकार देखिएको छ :–

कार्य	रकम
ऋण निश्चित गरिएको	रू. २७,३००।
ऋण मिनाहा गरिएको	रू. २,६००।
अनिवार्य बचत उठेको	रू. ५,०००।

वि. सं. २०२८ सालमा प्रकाशित कृषि तथ्याङ्क पुस्तिकाको आधारमा यस जिल्लाको कुल क्षेत्रफलमध्ये २,५०० हेक्टरमा मात्र खेतीपाती लगाएको देखिएको छ । कुल क्षेत्रफलको अनुपातमा जिल्लाको आवादी जमीन ०.८ प्रतिशत मात्र भएको यसबाट देखिन्छ । उत्तरका पर्वतीय जिल्लाहरूमा खेतीयोग्य जमीन अति कम हुने तथ्य त सामान्य नै हो तर प्रमुख हिमालय पर्वत–शृङ्खलाभन्दा पनि उत्तरसम्म यो जिल्ला फैलिएको हुनाले यहाँ आवादी जमीनको अनुपात पनि बढी नै मान्नु पर्दछ, किनभने धवलागिरि अञ्चल-भित्रैको अर्को छिमेकी पर्वतीय जिल्ला डोल्पाको क्षेत्रफल मुस्ताङकोभन्दा दोब्बरभन्दा बढी छ तापनि आवादी जमीन मुस्ताङको बराबर (२,६०० हेक्टर) मात्र छ ।

उक्त कृषि तथ्याङ्क पुस्तिकाको आधारमा मुस्ताङ जिल्लाको कुल आवादी जग्गा तथा उत्पादित विभिन्न बालीहरू निम्न तालिकामा उल्लेख गरिएको छ ।

क्षेत्रफल र उत्पादन तालिका

क्षेत्रफल– हेक्टरमा
उत्पादन– मेट्रिक टनमा

आर्थिक वर्ष	२०२४।०२५		२०२५।०२६		२०२६।०२७		२०२७।०२८	
बालीको किसिम	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन
धान	६००	१,१७०	६५०	१,२६१	६५०	१,२६८	६८०	१,३६०
मकै	१,०५०	१,८६९	१,०५०	१,७८५	१,०५०	१,८२७	१,२००	२,११२
गहुँ	७२५	१,०८७	७२५	१,०१५	७५०	१,०५०	७००	७३५
कोदो	४००	५००	५००	६२५	५००	६२०	५५०	६८२
जौ (उवा)	५७५	५६९	६००	५९४	६००	६००	६१०	६१०
आलु	१७५	८७५	२००	१,०००	२००	१,०००	२४०	१,२००
तोरी	२५	९	२५	९	२५	९	३०	११

क्षेत्रफलको दृष्टिकोणबाट गहुँ खेतीको बाहेक अन्य सबै बालीको क्षेत्रफलमा वृद्धि भएको देखिन्छ । जस्तो आर्थिक वर्ष २०२४।०२५ को तुलनामा आर्थिक वर्ष २०२७।०२८ मा धानको बालीमा ८० हेक्टर, मकै बालीमा १५० हेक्टर र कोदो बालीमा १५० हेक्टर क्षेत्रफल बढेको छ । तर गहुँको बालीमा भने २५ हेक्टर क्षेत्रफल घटेको देखिन्छ । तोरीको खेती एकमात्र प्रमुख नगदेबाली रहेको छ र यसको क्षेत्रफल २०२४।०२५ मा २५ हेक्टरबाट २०२७।०२८ मा ३० हेक्टर मात्र भएको छ ।

उपर्युक्त बालीको उत्पादनमा केही वृद्धि भएको देखिन्छ जस्तै आर्थिक वर्ष २०२४।०२५ को तुलनामा आर्थिक वर्ष २०२७।०२८ मा धानको खेतीमा १९० मेट्रिक टन, मकैको खेतीमा २४३ मेट्रिक टन, कोदोको खेतीमा १८२ मेट्रिक टन, जौको खेतीमा ४१ मेट्रिक टन र आलुको खेतीमा ३२५ मेट्रिक टन उत्पादन वृद्धि भएको छ । तर गहुँको खेतीमा भने ३५२ मेट्रिक टन घटेको देखिन्छ ।

जिल्लाको दक्षिणी र मध्यभेकमा वर्षमा दुई बाली हुन्छ भने उत्तरी भेकमा केवल एक बाली मात्र लाग्दछ । दानादेखि तल्लो भेकमा बाली क्रम साधारणतः अधिराज्यको अन्य पहाडी जिल्लामा सरह हुन्छ । घासादेखि टुकुचेसम्मको क्षेत्रमा कात्तिकतिर जौ लगाई वैशाखमा काट्छन् । त्यसपछि छरेको मकै भदौ–असोजमा पाक्तछ ।

छुस्याङदेखिको उत्तरी भेकमा केवल एक प्रमुख बाली हुन्छ र ठाउँ हेरी कतै उवा, कतै गहुँ र कतै केराउका खेती गरिन्छ । उवा र गहुँ लगाउनेहरू फागुनमा छर्छन् र भदौमा काट्छन् । फापर हो भने जेठमा छरिन्छ, भदौ–असोजमा पाक्छ । मुस्ताङ (ल्हो मन्थाङ) तिर गहुँ बाहेक केराउ पनि निकै लगाइन्छ, जुन फागुनमा छरेपछि भदौ–असोजमा तयार हुन्छ ।

जिल्लाको कृषि परम्परा र पद्धतिहरूमा नवीनता र आधुनिकताको आभास खोज्नु पर्‍यो भने मार्फाको कृषि र बागवानी केन्द्रलाई मात्र औंल्याउनु पर्छ। बाँकी जिल्लाभरका सामान्य कृषि परिवारहरूमा आधुनिक औजार, कीटनाशक औषधिहरू, उन्नत बीउ र रासायनिक मलहरूको प्रयोग हालसम्म नगण्य मात्रामा छ वा छँदैछैन भने हुन्छ।

स्थानीय कृषिमा उपयोग गरिने परम्परागत औजारहरूमध्ये हलो र बाङसो प्रमुख छन्। मुस्ताङको माथिल्लो भेकमा याक वा झोपाको गोबरसित खरानी मिसाएर मलको काम लिइन्छ भने मध्यभेकमा गोबरसंग सल्लाको खर मिलाई मल बनाउने प्रथा जनप्रिय छ। तल्लो भेकमा गाई वस्तुको मल नै विशेष प्रयोग गरिन्छ।

मुस्ताङको उत्तरी भेकमा प्रचलित अर्को अनौठो परम्पराअनुसार हरेक वर्ष लामाहरूले पात्रो हेरेर खेत जोत्ने र बीउ छर्ने दिन तोक्छन्, जुन साधारणतः जेठमा पारिन्छ। गहुँको खेती सम्बन्धी सम्पूर्णअधिकार वर्ष दिनको पालै पालो गरी कुनै बूढो पाको व्यक्तिलाई दिइन्छ र विभिन्न परिवारबाट खटिएर आएका व्यक्तिहरूलाई यिनै "खेतीका मुखिया" ले जरूरत हेरी काममा लगाउँछन्।

मुस्ताङहरू घोडा खच्चर पनि प्रशस्त पाल्दछन् तापनि उत्तरी भेकमा हलो जोत्ने काममा चौंरी वा झोपा नै प्रयोग गरिन्छ। हलो जोत्ने अधिकार लोग्ने मानिसलाई मात्र छ।

फलफूल खेती

मुस्ताङको सबभन्दा बाक्लो र ठूलो गाउँ भन्न सकिने गाउँ मार्फामा २०२३ सालमा स्थापित बागवानी केन्द्रले छोटो समयमा फलफूल तथा सागसब्जीको क्षेत्रमा निकै ख्याति कमाएको छ। जोमसोमभन्दा करीब दुई किलोमिटर दक्षिणमा रहेको यो केन्द्रले प्रयोग र प्रसारको दुवै काम गरिआएको छ। यस केन्द्रमा लगाइएका सागपातहरूमध्ये काउली र बन्दा, मूला, चंसूर, मेथी आदि प्रमुख छन् र सागपातको खेतीको आधुनिक तरीकामा प्रायः सम्पूर्णरूपले अनभिज्ञ मुस्ताङे जनतामा यस केन्द्रले एक पथ–प्रदर्शकको भूमिका खेलिरहेछ।

दुर्गम क्षेत्र विकास समितिको आयोजनामा त्यहाँ अगूङरको खेती गर्न थालिएको छ र निकै सफल पनि हुन लागेको छ। त्यहाँ लगाइएका फलफूलहरूमध्ये स्याउ, आरू, बदाम, ओखर आदि प्रमुख छन्। मार्फा कृषि फार्मको सफलताबाट स्थानीय जनताले चिमाङ गाउँमा निकै विस्तृत इलाकामा फलफूल खेती थालिसकेका छन्।

यो केन्द्रमा गरिने प्रयोगहरू सम्बन्धी ज्ञान–प्रसार गर्ने कार्यक्रम अन्तर्गत जमीनको तयारी, मलजलका तरीकाहरू, बिरूवाको संरक्षण र स्याहार सुसार, कलमी तथा औषधि उपयोग आदि कार्य संलग्न छन्।

आर्थिक वर्ष २०३३।०३४ सम्म यहाँ स्याउ र अगूङरको फसल निस्कन थाल्ने अनुमान छ।

पशुपालन

मुस्ताङको जन-जीवनमा घरपालुवा पशुहरूको महत्व तिनीहरूका कैयौं लोक कथा र किंवदन्तिहरूमा पनि झल्किन्छ। प्राचीन मुस्ताङ राज्यको स्थापनाको कथासँग पनि भेडा बाख्रा नै सम्बन्धित हुन आएका हुनु यसै महत्वको सूचक हो भनिन्छ। मुस्ताङका संस्थापक राजा अमेपाल एक भेडा गोठाला थिए भनिन्छ।

एक दिन उनका भेडा हराएका हुनाले खोज्दै–खोज्दै मुस्ताङ (लो मान्ताङ) निर आइपुग्दा त्यहाँ एक हरियो दूबोले भरिभराउ चौरमा आफ्ना हराएका भेडाहरू चरिरहेको भेटे र त्यसै ठाउँमा आफ्ना परिवार र गाउँ छिमेकहरूको बसोबास गराई राज्य स्थापना गरे भनिएको छ ।

जोमसोमभन्दा उत्तरका मुस्ताङ (लो मान्ताङ), चराङ आदि पञ्चायत क्षेत्रहरू स्याङलुङ, भेडा, च्याँग्रा, चौंरी, झोपा, याक र लुलुगाई पालनका केन्द्र हुन् । जोमसोम र अरू दक्षिणी भेकमा विशेषरूपले खसी-बाखा, च्याँग्रा- भेडा, गाई, गोरु, सुंगुर आदि पालिन्छन् । भैंसी-पालन जिल्लामा नौलो कुरो जस्तै छ, यद्यपि दानाको नजीकमा कतिपय गाउँहरूमा फाट्टफुट्ट भैंसी पालेको पनि देखिन्छ ।

घरपाला पशुहरूमध्ये घोडा, खच्चर र गधा पनि जनप्रिय छन् । याक, झोपा, लुलुगाई आदि दूध, घ्यू, छुर्पी आदिको निमित्त विशेषरूपले पालिने भए तापनि उत्तरी भेकमा भारी बोकाउने काममा पनि याक र झोपाको नै उपयोग गरिन्छ, तर यी पशुहरू गर्मीतिर ओर्लन नसक्ने हुँदा लेते गाउँ पञ्चायत तथा त्यसको दक्षिणी भेकतिर घोडा, खच्चर र गधा प्रमुख सवारी साधन हुन पुगेका छन् ।

च्याँग्रा–भेडाको रौंबाट बन्ने पस्मीना र ऊन स्थानीय जनताको निम्ति जाडोको कपडाको प्रमुख स्रोत हो । तर यिनको उपयोगिता यतिमै सीमित छैन किनभने नेपाल–चीन सीमावर्ती माथिल्लो मुस्ताङ भेकमा नून बोकेर हिंड्नमा यिनलाई याकले पनि नभेट्टाउने हुनाले यातायातको साधनको रूपमा पनि यी उपयोगी छन् । यस कारणले पनि स्थानीय जनतामा याक र झोपाभन्दा भेडा-च्याँग्रा पाल्नपट्टि बढी अभिरुचि देखिन लागेको छ ।

चुङचुङ गाउँ जस्ता मुस्ताङका कुनै कुनै क्षेत्रमा परिवार पिच्छे १,०००–१,२०० च्याँग्रा-भेडा हुनु कुनै असाधारण मानिंदैन, किनभने परम्परागत रूपमा चीनको तिब्बती क्षेत्रमा गोठ राखी भेडा च्याँग्रा पाल्ने गरेका त्यहाँका कतिपय परिवारहरूलाई आज पनि ती गोठ उठाउन पर्ने बाध्यता आइपरेको छैन ।

सवारीको साधनको रूपमा प्रयोग गरिने मुख्य पशु घोडा नै छ । मुस्ताङ घोडाहरू नामुद पनि हुन्छन् र प्रायः प्रत्येक हुने खाने परिवारले घोडा पालेका हुन्छन् ।

पशुचिकित्सा

दानास्थित जिल्लाको एकमात्र पशु-चिकित्सालयको स्थापना वि.सं. २०२२ मा गरिएको हो । एक सुपरभाइजरद्वारा सञ्चालित यो चिकित्सालयमा आर्थिक वर्ष २०३०–०३१ मा २,३०० भन्दा बढी पशुपक्षीको उपचार गरिएको थियो, जसमध्ये गाई, बाखा, घोडा-खच्चर आदि प्रमुख थिए ।

सिचाइ

मुस्ताङको माथिल्लो भेकमा प्रायः जम्मै खोला-नालाहरू हिउँ पग्लेर बनेका हुनाले तिनमा बाह्रै महीना पानी प्राप्य हुन्छ र सिचाइ सम्भव हुन्छ । तर साथै यी खोला-नाला धेरै गहिरोसम्म जमीन काटेर बग्ने हुनाले तिनीहरूका दायाँ बायाँका साह्रै साँगुरा खेतमामात्र सजिलो सिचाइ हुने गर्छ । नदीको सतहभन्दा अग्ला ठाउँमा रहेका धेरै जसो खेतबारीमा सिचाइ पुऱ्याउन निकै गाह्रो पर्न जान्छ ।

मुस्ताङ (लो मान्ताङ) गाउँमा सिचाइको निमित्त करीब ६.४ किलोमिटर (चार माइल) टाढाबाट कुलो काटर ल्याएको छ । तर त्यहाँ सिचाइ कार्यमा एक विशेष किसिमको परम्परागत कृषि अनुशासन र नियमको पनि पालन गरिन्छ। यहाँ साठी साङ[1]भन्दा बढी जमीन हुने सबै जग्गा धनीहरूले सिचाइको निमित्त आफ्नो परिवारबाट एकजना मानिस खटाउनु पर्छ र गाउँका कुला–नहरहरूको देखरेख र मरमत गर्ने तथा जम्मै खेतहरूमा पानी पुगे नपुगेको हेर्ने जिम्मा यसरी खटाइएका व्यक्तिहरूको हुन्छ । यस्ता व्यक्तिहरू गाउँको पर्खाल बाहिर बस्तछन् र खेतहरूमा पानी भरिएपछि राती जुन बेला पनि भित्र आउन सक्छन् भन्ने उद्देश्यले पर्खालको मूलढोका यो अवधिमा राती पनि बन्द गरिंदैन ।

उद्योग

व्यक्तिगत र असंगठित रूपमा तान चलाउने तथा राडी–पाखी बुन्ने प्रथा मुस्ताङ जिल्लामा प्रायः घर–घरै पाइन्छ । तर संगठित रूपमा चलेका उद्योगमा नाउँ लिन सकिने केवल दुईवटा छन् : (१) मार्फा गाउँ पञ्चायतको छेरोमा तिब्बती शरणार्थीहरूद्वारा सञ्चालित गलैंचा कारखाना र (२) कोवाङ पञ्चायतको तेल मिल । उक्त गलैंचा कारखाना दर्ता नगरी चलाइएको हुनाले कोवाङको तेल मिललाई नै जिल्लामा दर्ता गरिएको एकमात्र औद्योगिक प्रतिष्ठान हो भन्न सकिन्छ । यहाँको तेल मिललाई चाहिने काँचो माल (तोरी) जिल्लामै पाइन्छ र यसको उत्पादन पनि जिल्लामै खपत हुन्छ ।

ऊनमा आधारित घरेलु उद्योगहरूमध्ये धेरैजसो जिल्लाको उत्तरी र मध्यभागमा स्थित छन् । तर हिजो आज चीनबाट ऊन आउन कम भएकोले यिनीहरूमध्ये धेरैजसो काँचो मालको अभावले पीडित छन् । जिल्लाका अरू उत्पादनहरूमध्ये चौरीको घ्यू, छुर्पी आदि छन् ।

व्यापार

एकातिर नेपाल र चीन बीचको र अर्कोतिर नेपाल र भारत बीचको परम्परागत व्यापारमा थकालीहरू उहिलेदेखि नै संलग्न भएर आएका छन् । राणाकालीन नेपालमा पनि थकालीहरूले यस क्षेत्रको नून र ऊनको व्यापारमा एकाधिकार प्राप्त गरेका थिए र तिब्बत–नेपाल सीमानाको भन्सारको ठेक्का पनि यिनैको थियो । दक्षिणमा भैरहवा र बुटवलदेखि उत्तरमा थाक खोला पुग्ने बाटा–बाटामा थकालीहरूले थापेका भट्टी पसलहरूबाट यस भेकका जनताको व्यापारिक प्रवृत्ति झल्किन्छ । मुस्ताङेहरू पनि मनाङेहरू झैं समुद्रपारका (विशेष गरी दक्षिण–पूर्व एशियाका) कतिपय देशहरूमा गई पत्थर आदि बेच–बिखन गर्ने काममा समेत लागेका छन् ।

तर यो क्षेत्रको प्रमुख परम्परागत व्यापार खाद्यान्न (मुख्यतः पीठो, स्याउ, केराउ, उवा आदि) हो । नेपाली कागज, खुर्सानी, सखर, भटमास, मरमसला, लत्ता–कपडा आदिको निकासी तिब्बतमा गरेर तिब्बतबाट नून, ऊन, भेडा, च्याँग्रा, चिया आदि पैठारी गर्ने पनि हो । हाल यो व्यापार केही मात्रामा कम हुन लागिरहेछ तापनि जिल्लाको उत्तरी भेकमा निकै मानिसहरूले अझ पनि यो प्रचलन त्यागिहालेका छैनन् र चीनको

---

[1] साङ– उत्तरी मुस्ताङको जमीन नाप्ने एकाई हो । एक साङ एक माना बराबर हुन्छ अर्थात् एक माना बीउ जाने बारीलाई एक साङ भनिन्छ ।

तिब्बत क्षेत्रबाट जिल्लामा जुत्ता, जिन–कपडा आदि ल्याएर उपयोग वा बिक्री गर्ने व्यक्तिहरू पाइन्छन् । नेपाल–चीन सीमामा मुस्ताङ जिल्लास्थित छोटी भन्सारको आम्दानीको तथ्याङ्कबाट पनि यो कुराको पुष्टि हुन्छ ।

यो जिल्लामा उत्पादन नहुने दैनिक उपभोगका वस्तुहरू विशेषगरी पोखरा र बागलुङतिरबाट पैठारी गरिन्छ । पोखरा तथा काठमाडौं भएर विदेशमा निकासी गरिने वस्तुहरूमध्ये ऊनी गलैंचा, पस्मीना आदि छन्, तर यो धन्धा उल्लेखयोग्य रूपमा वृद्धि हुन सकेको छैन ।

पर्यटन

पर्यटन उद्योगको भविष्य भने यो जिल्लामा उज्ज्वल देखिन लागेको छ । पाँच–सात वर्ष अघि वर्षमा एक–दुई पैदल यात्रीहरू फाटफुट आउने जाने गर्ने गरेकोमा हाल प्रत्येक महीना औसत १५० विदेशी पदयात्रीहरू जोमसोमसम्म आउन लागेका छन् । यी पर्यटकहरू धेरजसो जिल्लाको उत्तरी भेकका गुम्बाहरू, मुक्तिनाथको मन्दिर, मुस्ताङेहरूको हिमाली रहन सहन र रीतिस्थितिहरू हेर्नरूचाउँछन् । अर्को एक थरी पर्यटकहरू धवलागिरि, नीलगिरि, टुकुचे हिमाल र अन्नपूर्ण हिमालहरूका रमणीय हिम–शृङ्खलाको दृश्य, तातोपानी र रूप्से छहराको सौन्दर्य आदि हेर्न यहाँसम्म धाएर आउँछन् ।

मुस्ताङ जिल्लाको कुनै यस्तो भाग छैन जसलाई पर्यटनको दृष्टिकोणले विकसित पार्न नसकियोस् । पर्यटन उद्योगले यस जिल्लामा सबभन्दा महत्वपूर्ण भूमिका खेल्ने आशा गर्न सकिन्छ किनभने तिब्बत नगइकन परम्परागत तिब्बती संस्कृतिको साँचो र जोगाइरहेको रूप हेर्न चाहने पर्यटकहरूलाई मुस्ताङ ठूलो आकर्षणको केन्द्र बन्न सक्ने देखिन्छ । हाल धेरै रूपैयाँ खर्चगरी हवाइ जहाज "चार्टर" गरेर कतिपय पर्यटकहरू यहाँ पुग्दछन् भने शाही नेपाल वायु सेवा निगमले नियमित रूपमा सेवा शुरू गरेदेखि यो उद्योगलाई अझ ठूलो टेवा पुग्नेछ ।

भन्सार

जिल्लाको उद्योग व्यापार सम्बन्धी स्थिति बुझ्नको निम्ति यहाँको कर तथा अन्तः शुल्क सम्बन्धी तथ्याङ्क पनि सहयोगी हुन्छ । मुस्ताङ जिल्लाको कर र अन्तः शुल्क व्यवस्था बागलुङ स्थित अञ्चलस्तरीय कार्यालयहरूबाट नै गरिन्छ तापनि जिल्लाको एकमात्र भन्सार कार्यालय मुस्ताङ गाउँ पञ्चायत अन्तर्गत नेजुङ भन्ने ठाउँमा छ । नेपाल र चीनको सीमाना निरको यो ठाउँमा हिउँ पर्न लागेपछि व्यापारीहरूको आवत जावत पनि बन्द हुने र जाडोले कर्मचारीहरूलाई पनि बसिनसक्नु हुने हुनाले मंसीरदेखि चैतसम्मको पाँच महीना यो भन्सार कार्यालयले जोमसोममा ओर्लेर थकाई मार्छ ।

यस नेजुङ भन्सारबाट तिब्बततिर उवा, फापर, पीठो, केराउ आलु आदि निकासी गरिएको देखिन्छ । अनि नून र ऊन पैठारी गरिएको देखिन्छ । गत चारवर्षमा उक्त भन्सारबाट उठेको राजस्वको निम्न तथ्याङ्क हेर्दा २०२९।०३० मा यो क्षेत्रको व्यापार निकै घटेको स्पष्ट हुन्छः–

आर्थिक वर्ष	रकम
२०२६।२७	रू. २,२६६।
२०२७।२८	रू. २,६३३।
२०२८।२९	रू. २,२४१।
२०२९।३०	रू. १,६४२।

यातायात र सञ्चार

यातायात

यातायातका आधुनिक साधनहरू प्राप्त हुने ठाउँलाई सुगम र नहुनेलाई दुर्गमको नाउँ दिने सर्वमान्य परम्पराको पृष्ठभूमिमा हेर्ने हो भने अधिराज्यको दोस्रो उच्च शिखर धवलागिरिलाई पनि छिचोलेर उत्तरमा रहेको र प्रचलित नाउँ पनि मुस्ताङ "भोट" राखिएको यो जिल्लाको अधिकांश भागलाई सुगमको संज्ञा दिन गाह्रो पर्छ । तर अधिराज्यको उत्तर-पश्चिमी भेकमा सबैभन्दा अनकन्टार जिल्लाहरूमध्ये एक ठानिएको भए तापनि कैयौं अर्थमा यो जिल्ला त्यतिको दुर्गम छैन जति साधारणतः अनुमान गरिन्छ ।

मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोमसँग अञ्चल सदरमुकाम बागलुङ, पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम पोखरा र अधिराज्यको राजधानी काठमाडौंसँगै सोझै हवाइ-सेवाद्वारा सम्पर्क रहन गएकोले सो जिल्लाको अनकण्टारपन स्वतः घट्न गएको छ । घोडा-खच्चर तथा चौंरीहरूको माध्यमबाट मानिसहरू आवत जावत र सर सामानको ढुवानी गराउन सकिने फराकिला बाटा घाटाहरू पनि जिल्लाभरी नै भने झैं प्राप्त हुने हुनाले मुस्ताङ जस्तो सुगम जिल्ला हाम्रो अधिराज्यको उत्तरी हिमाली भेकमा कमै पाइन्छन् ।

मूल बाटो

अञ्चल सदरमुकाम बागलुङदेखि बेनी, दाना, जोमसोम आदि ठाउँहरू हुँदै काली गण्डकी नदीको किनारै किनार उत्तर-दक्षिण गएको जिल्लाको मूल सडक (घोडेटो) चेले गाउँसम्म पुगेको छ । काली गण्डकी नदीगाथि टिपलाङ र तातोपानीमा भएका पक्की झोलुङ्गे पुल तथा जोमसोम र चेलेमा भएका बुटाना काठेपुल बाहेक घासामा दुर्गम क्षेत्र विकास समितिले अर्को नयाँ झोलुङ्गे पुल पनि हालै निर्माण गरेको छ । बादरजुङ देखि पैरोथाप्लोसम्म र भानु ओडारदेखि घासा पुच्छुरसम्म करीब दुई मिटर चौडा घोडेटो निर्माण गरेकोले यातायात अझ सजिलो भएको छ । रूप्से छहरामा यसै नदीमाथि एक अर्को पक्की पुल पनि छ ।

चेले गाउँबाट मुस्ताङ (लो मान्ताङ) हुँदै नेपाल–चीन सीमानासम्म पुग्ने घोडेटो तिब्बती मालभूमिको दक्षिणी भेकमा पर्ने हुनाले घोडा दौडाएर लग्न सकिने किसिमको समथर र फराकिलो छ ।

बागलुङबाट मुस्ताङको सदरमुकाम जोमसोम पुग्न करीब चार दिन लाग्छ र यस बीचमा बेनी, राखु, टिपलाङ, तातोपानी, दाना, रूप्से छहरा, घास , लेते, कोवाङ, टुकुचे र मार्फामा कहीं पनि बास बस्न

जान सकिन्छ । जोमसोमबाट लो मान्ताङ जाने बाटोमा कागबेनी, छुसाङ, चेले, स्मर, घिलिङ, धमी र चराङमा बस्ने खाने प्रबन्ध छ । जोमसोमबाट हिंडेको एक दिनमा चेले र चेलेबाट दुई तीन दिनमा मुस्ताङ गाउँ पुगिन्छ ।

मुस्ताङ–पोखरा घोडेटो

यो जिल्लाको तातोपानी नामक ठाउँबाट कालीगण्डकी पार गरी पर्वत जिल्लाको बाटो हुँदै सिखघार, घोडेपानी, विरेठाटी जस्ता मनोरम दृश्यहरू भएका गाउँहरू हेर्दै दक्षिण ओर्लिदा कास्की जिल्लाको लुम्लेमा पुगिन्छ। तातोपानीबाट लुम्ले तीन दिन र लुम्लेबाट पोखरा एक दिन लाग्छ । यहाँ पनि बाटा बाटामा थकालीहरूका भट्टी पसल र अन्य व्यवस्था भएकोले खाने बस्ने सुविधा पाइन्छ ।

मुस्ताङ–मनाङ बाटाहरू

मुस्ताङलाई पूर्वेली छिमेकी जिल्ला मनाङसँग जोड्ने दुई प्रमुख बाटाहरूमध्ये एउटा मुक्तिनाथ र थुरङ भञ्ज्याङ भएर र अर्को तिलिछो भएर जान्छन् । थुरुङ भञ्ज्याङको बाटो गए करीब तीन दिनमा थुनाङ पुगिन्छ । तिलिछो तालको बाटो योभन्दा अलि छोटो छ, तर मनाङहरूको धार्मिक विश्वासमा आघात पर्ने हुँदा यो बाटो यात्रुहरू हिंडेको उनीहरूले रुचाउँदैनन् भनिन्छ । यी दुवै बाटाहरू हिउँदमा दुई महीना जति हिउँले गर्दा बन्द रहन्छन् ।

मुस्ताङ–डोल्पा बाटाहरू

छिमेकी डोल्पा जिल्ला जानलाई पनि मुस्ताङबाट दुइवटा बाटाहरू छन्– मुस्ताङ (लो मान्ताङ) बाट छार्का भएर जाने एउटा र जोमसोमबाट साङदा र छार्का भएर जाने अर्को। साङदा भएर डोल्पा जाने बाटा पनि दुईवटा छन्– एउटा– ६,४०३ मिटर (२१,००० फीट) अग्लो कोग हिमाल काटेर जाने बाटो र अर्को खोलै-खोला भएर जाने सेर पठाङको बाटो । खोलै खोला भएर जाने भए तापनि सेर पठाङको बाटो ठाउँ–ठाउँमा भेडाबाख्रासम्म हिंड्न नसक्ने अत्यन्त विकट भएकोले खच्चर, चौंरी आदि लिएर हिंड्ने यात्रुहरू अरू १०।१२ किलोमिटर घुमेर भए पनि कोग हिमालको बाटो नै हिंड्न रुचाउँछन् । तर यो बाटो वर्षमा आठ-नौ महीना र सेर पठाङको बाटो तीन-चार महीना हिउँले बन्द हुने अौ बास बस्ने ठाउँहरू पनि नपाइने हुनाले यी बाटाहरू डोल्पालीहरूले बाहेक अरूले प्रायः प्रयोग गर्दैनन् ।

विमान सेवा

जोमसोममा एक "स्टोल" विमान ओर्लन सक्ने हवाइ मैदान भएको कुरा माथि उल्लेख भएको छ । समुद्र सतहदेखि करीब २,९५३ मिटर (९,४५० फीट) मा स्थित यो हवाइ मैदान अधिराज्यका सबैभन्दा अग्ला हवाइ मैदानहरूमध्ये एक हो । यहाँ शाही नेपाल वायु सेवा निगमद्वारा सञ्चालित स्टोल विमान सेवाले यस जिल्लाका बासिन्दाहरूलाई बागलुङ, पोखरा तथा काठमाडौंसँग सम्पर्क राख्न सजिलो भएको छ ।

सञ्चार

यस जिल्लामा प्राप्त सञ्चार सुविधाहरूमध्ये आकाशवाणी प्रमुख हो । जिल्ला सदरमुकाम जोमसोममा एक आकाशवाणीको "स्याटलाइट स्टेशन" मुस्ताङ गाउँ प्रहरी चेक पोष्ट मा र जोमसोम

प्रहरी चेक पोष्टमा एक-एक वटा आकाशवाणीद्वारा यो जिल्लाको सम्पर्क अधिराज्यका अन्य स्थानहरूसँग स्थापित गरिएको छ ।

जोमसोमस्थित जिल्लाको आकाशवाणी कार्यालयको नियन्त्रण बागलुङस्थित आकाशवाणी एरिया कण्ट्रोल कार्यालयबाट हुन्छ । दिनहुँ एक पटक यो माध्यमबाट जोमसोमको सम्पर्क केन्द्रीय आकाशवाणी कार्यालय काठमाडौंसित र दुईपटक अञ्चल आकाशवाणी कार्यालयसित हुन्छ । धवलागिरि अञ्चलका दुई अरु जिल्ला डोल्पा र म्याग्दीसँग पनि यसबाट सम्पर्क स्थापना गर्न सकिन्छ । आर्थिक वर्ष २०२९।०३० मा जोमसोमस्थित आकाशवाणी कार्यालयबाट पठाइएका समाचार (मेसेज) संख्या ९८५ र प्राप्त मेसेज संख्या १,१५६ थिए । सो वर्ष यस आकाशवाणी केन्द्रको आम्दानी करीब रू. ४,०००। थियो ।

हुलाक सेवा

हालसम्म मुस्ताङ जिल्लाका निम्न स्थानहरूमा गरेर पाँचवटा छोटी हुलाक र दुई अतिरिक्त हुलाक अड्डाहरू स्थापित भइसकेका छन् । जो न् :–

स्थान र गाउँ पञ्चायत	हुलाक अड्डाको स्तर
ठिमी जोमसोम गाउँ पञ्चायत	छोटी
दाना गाउँ पञ्चायत	छोटी
राखु भगवती गाउँ पञ्चायत	छोटी
मुस्ताङ (ल्हो मन्थाङ) गाउँ पञ्चायत	छोटी
लेते गाउँ पञ्चायत	अतिरिक्त
थाक टुकुचे गाउँ पञ्चायत	छोटी
चिमखोला गाउँ पञ्चायत	अतिरिक्त

यस जिल्लामा वर्षेनी करीब २७,८०० चिटठी-पत्रको आदान-प्रदान हुने अनुमान गरिएको छ ।

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

मुस्ताङ भन्ने नाम सुन्दै साधारणतः एक अत्यन्त दुर्गम र अविकसित जिल्लाको कल्पना हुन्छ तापनि शिक्षा प्रसार र साक्षरता सम्बन्धी यो जिल्लाको तथ्याङ्क हेर्ने हो भने केही चाखलाग्दा कुराहरू फेलापर्छन्। वि.सं. २०२८ को जनगणनाअनुसार यो जिल्लामा छ वर्षदेखि माथिका २३,०२० जनसंख्यामध्ये ४,४८२ (अर्थात् १९.५ प्रतिशत) साक्षर देखिन्छन् र पुरुषहरूमध्ये त यो अनुपात ३०.५ प्रतिशत छ। यस दृष्टिकोणबाट हेर्दा अधिराज्यका कैयौं जिल्लाहरूमाभन्दा साक्षरता मुस्ताङमा बढी भएको देखिन्छ।

शिक्षाको क्षेत्रमा मुस्ताङको स्थिति अझ स्पष्टसँग बुझ्नलाई यो जिल्लाको साक्षरता सम्बन्धी तथ्याङ्कलाई यसको तीन छिमेकी जिल्ला मनाङ, डोल्पासम्म दाँजेर पनि हुनु पर्छ। तुलनात्मक स्थिति निम्न प्रकार छ। :–

जिल्ला	साक्षरताको अनुपात
मुस्ताङ	१९.५
मनाङ	४.७
डोल्पा	५.३

मुस्ताङ जिल्लाको शैक्षिक स्थिति तुलनात्मक रूपले यति भिन्न देखिएको कारण केलाउँदा यसको उत्तरी भेकको एउटा विशेषता औंल्याउनु जरूरी देखिन्छ। सो भेकका मुस्ताङ, चराङ र छुस्याङ आदि जस्ता भोटे भाषा–भाषीहरूको प्राधान्य भएको क्षेत्रमा नेपाली भाषाको प्रचलन अति कम छ र आधुनिक शिक्षा केन्द्रहरू पनि कम छन्, तापनि तिनीहरूको प्रत्येक गुम्बामा परम्परागत धार्मिक शिक्षा दिइने प्रथा भएकोले त्यहाँ बस्ने जतिले तिब्बती धर्मग्रन्थहरू बाँच्ने ज्ञान प्राप्त गरेका हुनु स्वाभाविक छ।

उक्त उत्तरी भेकलाई छोडेर दक्षिणतिर ओर्लंदा जोमसोमदेखि लेते पञ्चायततिर बहुसंख्यामा रहेका थकालीहरूमा देश-विदेश घुमी व्यापार गर्ने प्रवृत्ति भएकोले शिक्षातर्फ उनीहरूको पनि अभिरुचि प्रशस्त देखिन्छ। त्यस्तै जिल्लाको तल्लो भेकको मगर जातिमा प्रशस्त जवानहरू नेपाली, भारतीय र ब्रिटिश फौजमा भर्ना भएर जीविका आर्जन गर्ने परम्परामा हुर्केका हुनाले तिनीहरूमा पनि शैक्षिक जागरणको विस्तार हुन लागेको पाइन्छ। यो भेकमा बाहुन, क्षेत्री र ठकुरी परिवारहरू पनि शिक्षा क्षेत्रमा प्रगतिशील नै देखिएका छन्।

साक्षरता सम्बन्धी जिल्लाको तथ्याङ्कलाई उमेर समूहको आधारमा वर्गीकरण गर्दा निम्न प्रकारको स्थिति देखिन्छ :–

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६– ९	१,२८४	३७१	२८.९	१,१३५	१७१	१४.३	२,४७९	५४२	२१.९
१०–१४	१,५११	८९५	५९.२	१,४४९	४१८	२८.८	२,९६०	१,३१३	४४.४
१५–१९	१,३६३	६३४	४६.५	१,३३७	२१५	१६.१	२,७००	८४९	३१.४
२०–२४	१,२३५	४२८	३४.७	१,२१५	७०	५.८	२,४५०	४९८	२०.३
२५–२९	१,११३	२८१	२५.२	१,१०५	७०	२.७	२,२१८	३११	१४.०
३०–३४	९५५	२२४	२३.५	९५४	१८	१.९	१,९०९	२४२	१२.७
३५–३९	९२५	२०३	२१.९	८८९	१०	१.१	१,८१४	२१३	११.७
४०–४४	७६८	१५१	१९.७	७७३	६	०.४	१,५४१	१५७	१०.२
४५–५४	१,१६१	२११	१८.२	१,२००	६	०.५	२,३६१	२१७	९.२
५५–६४	७९०	९९	१२.५	७८५	६	०.८	१,५७५	१०५	६.७
६५ र माथि	४७६	३५	७.४	५३७	–	०:०	१,०१३	३५	३.५
जम्मा:–	११,५८१	३,५३२	३०.५	११,४३९	९५०	८.३	२३,०२०	४,४८२	१९.५

एउटा ठिनी जोमसोममा र अर्को राखु भवगतीमा गरी यस जिल्लामा दुईवटा माध्यमिक विद्यालयहरू छन् । २०३० मा ठिनीको विद्यालयमा छात्र ७१ र छात्रा ७ तथा राखुको विद्यालयमा छात्र ७० र छात्रा ७ देखिएकोले जिल्लाको माध्यमिक शिक्षास्तरमा महिलाहरू पुरुष संख्याको १० प्रतिशत देखिन आउँछ जुन कुरो एक पछौटे जिल्लाको सूचक हुँदाहुँदै पनि तुलनात्मक दृष्टिले अरू यस्तै क्षेत्रका कतिपय जिल्लाकोभन्दा वेसै हो भन्नुपर्छ । माध्यमिक विद्यालयका १४ जना शिक्षकहरूमा पनि दुईजना नारी छन् । दुवै विद्यालयले श्री ५ को सरकारबाट छ–छ हजार रूपियाँको वार्षिक अनुदान पाउने गरेका छन् ।

निम्नमाध्यमिक विद्यालयहरू जिल्लामा ६ वटा छन् तर यीमध्ये तीनवटाले मात्र सरकारी आर्थिक सहायता पाउने गरेका छन् । यी सबै विद्यालयहरूको २०३० सालको कुल छात्र संख्या २०८ मध्ये ६७ जना (अर्थात् करीब ३२ प्रतिशत) बालिकाहरू देखिएका छन् तर यो स्तरका विद्यालयमा काम गर्ने २० जना पुरुष शिक्षकहरूको तुलनामा महिला शिक्षक एकजना मात्र भएको देखिन्छ ।

जिल्लाका ३७ वटा प्राथमिक विद्यालयहरूमध्ये तीनवटा मात्र आर्थिक सहायता नपाउने छन् । अरू ३४ वटा आर्थिक सहायता पाउने विद्यालयहरूमध्ये कुनैको अनुदान वार्षिक रू. १,६००। मात्र छ भने

कुनैले रू. ४,४००। सम्म पाएका पनि देखिएको छ । प्राथमिक स्तरमा पढ्ने जिल्लाको कुल विद्यार्थी संख्या १,६१० देखिएकोले औसत प्रति विद्यालय करीब ५२ जना छात्रहरू पर्न आउछन् । निम्न माध्यमिक विद्यालयहरूको औसत शिक्षार्थी संख्या ४६ हुन आउँछ र माध्यमिक विद्यालयमा औसत विद्यार्थीसंख्या ७७ छन् । तर शिक्षक संख्यामा भने जिल्लाको प्राथमिक स्तरमा महिलाहरूको अनुपात १० प्रतिशत देखिएको छ ।

माध्यमिक, निम्नमाध्यमिक विद्यालय र प्राथमिक विद्यालयहरू सम्बन्धी केही तथ्याङ्क निम्न तालिकाका उल्लेख गरिएको छ ।

विद्यालयको किसिम	विद्यालय संख्या		शिक्षक संख्या		भवन भएका		भवन	छात्र–छात्रा	
	सहायता प्राप्त	अप्राप्त	तालीम प्राप्त	अप्राप्त	पक्की	कच्ची	नभएका	छात्र	छात्रा
माध्यमिक	२	–	–	१२	२	–	–	१४१	१४
निम्नमाध्यमिक	३	३	–	२१	५	–	१	२०८	६७
प्राथमिक	३४	३	२९	७९	३५	–	२	१,४०२	५०७
	३९	६	२९	११२	४२	–	३	१,७५१	५८८

यो जिल्लामा राष्ट्रिय शिक्षा योजना २०३१ पुस १ गतेदेखि लागू भएको छ ।

स्वास्थ्य

मुस्ताङबासीहरूको जीवनमा अझ पनि भूत–प्रेत आदिको विश्वासले घर गर्न छोडेको छैन । उनीहरूको परम्परागत विश्वासअनुसार मानिसलाई ४२४ प्रकारका रोग लाग्न सक्तछ र यी रोगहरूका कारण-स्वरूप मुख्य १,०८० प्रकारका भूत–प्रेत छन् । केवल केटाकेटीका रोग सम्बन्धी भूतहरू मात्र पनि १५ थरीका भएको विश्वास तिनीहरू गर्छन् तर साथै धामी–झाँक्रीलाई रोग निको पार्नमा सघाउने देवताहरू पनि आठ थरीका छन् र मुस्ताङेहरू धामी–झाँक्री शक्तिमा निक्कै विश्वास गर्दछन् । यी आठथरीका "चिकित्सक" देव–देवीहरूमध्येका प्रमुखको नाउँ साँजी मेका हो र मुस्ताङे धामी–झाँक्रीका इष्टदेवता पनि यिनै हुन् ।

परम्परागत मुस्ताङे उपचार–पद्धति पनि रोचक छ । कुनै रोगीलाई औषधि दिनुभन्दा अघि यी मुस्ताङे "डाक्टर" हरू आफ्नै परम्परागत तरीकाबाट पिशाब जाँच्दछन् । रोगीको पिशाब एउटा कचौरामा राखेर त्यसमा कतिपय जरीबूटीसँग रासायनिक पदार्थ (साधारणतः गन्धक आदि) छर्दछन् । यी जरीबूटीहरू डुबे भने वा तर लागे भने सो औषधि रोगीलाई दिइँदैन तर काठले चलाउँदा बिलायो भने उपयुक्त ठानेर त्यही औषधि सेवन गराइन्छ । यो दुई हजार वर्षभन्दा पुरानु एक चिनिया प्रणाली हो भनिन्छ । रोग पत्ता लगाउने अर्को रोचक पद्धतिअनुसार फोक्सो सम्बन्धी रोग पत्ता लाउन परे रोगीको कान पछिल्तिर हेरिन्छ, आँखा र पेट दुखेकोमा चाहिं जिब्रो हेर्ने चलन छ ।

मुस्ताङ जिल्लामा आधुनिक स्वास्थ्य सेवाको क्षेत्रमा एक स्वास्थ्य केन्द्र, दुई स्वास्थ्य चौकी र दुई आयुर्वेदिक औषधालयहरू निम्न ठाउँहरूमा छन् :–

एकाई	स्थान
स्वास्थ्य केन्द्र	ठिनी जोमसोम
स्वास्थ्य चौकी	भुरूङ, तातोपानी गाउँ पञ्चायत
स्वास्थ्य चौकी	चराङ गाउँ पञ्चायत
आयुर्वेदिक औषधालय	दाना गाउँ पञ्चायत
आयुर्वेदिक औषधालय	राखु कटुवाल गाउँ पञ्चायत

सदरमुकाम जोमसोम स्थित स्वास्थ्य केन्द्र २०२२ सालमा स्थापना गरिएको हो। एउटा भवनबाट शुरू गरिएको सो स्वास्थ्य केन्द्रमा स्थानीय जनताको श्रमदानबाट २०२८ को अन्ततिर छवटा शय्या र शल्य चिकित्सा कोठा सहितको एक भवनको निर्माण गरिएको थियो। २०३० सालको अन्तसम्ममा त्यहाँ रेडक्रसको सहयोगद्वारा सात शय्या सहितको तेस्रो भवन, मुस्ताङ राजा र स्थानीय पञ्चायतहरूको सहयोगबाट आठ शय्याको अर्को भवन र तिब्बती शरणार्थीहरूको सहयोगबाट छ शय्याको अझ अर्को भवन गरी जम्मा २३ जना रोगीहरूलाई एकपल्टमा स्वास्थ्य केन्द्रमा राखी उपचार गर्न सकिने व्यवस्था छ। स्थानीय प्रतिष्ठित व्यापारीहरूको सहयोगबाट एक चिरफार (शल्य चिकित्सा) कोठा र एक भान्छा घर र गोदाम पनि निर्माण भएको छ।

यस स्वास्थ्य केन्द्रले शुरूको वर्षमा केवल ६७५ रोगीहरूको उपचार गरेको थियो जसमध्ये पुरुष ३९०, महिला १७० र केटाकेटी ११५ थिए यो संख्या क्रमशः बढ्दै गएर २०२९ सालमा जम्मा रोगी संख्या १०,१०६ पुगेको थियो जसमध्ये ६० जना रोगीलाई केन्द्रमा भर्ना गरेर उपचार गरिएको थियो।

स्वास्थ्य केन्द्र सञ्चालनको निमित्त एक डाक्टर, एक स्वास्थ्य सहायक (हेल्थ असिष्टेण्ट), एक अक्जुलरी हेल्थ वर्कर, एक सहायक परिचारिका (नर्स मिड्वाइफ) तथा एक स्यानिटेरियन्को व्यवस्था छ।

मुस्ताङ तातोपानी गाउँ पञ्चायतको तातोपानी गाउँमा २०२९ सालमा एक स्वास्थ्य चौकी स्थापना भएको हो। तातोपानी स्वास्थ्य चौकीमा घासादेखि तल्लो भेकका जिल्लाबासी लगायत पर्वत जिल्लाको केही क्षेत्रका मानिसहरू पनि उपचारका लागि आउँछन्। २०३० साल असार मसान्तसम्ममा यो केन्द्रले उपचार गरेका रोगीहरूको संख्या करीब ३,१५० पुगेको थियो।

जिल्लाको उत्तरी भेकको निमित्त २०३० वैशाख २१ मा स्थापना भएको चाराङ स्वास्थ्य चौकीमा उपचार गराउन छुस्याङ तथा मुस्ताङ (लो मान्ताङ) बाट पनि मानिसहरू आउँछन्। स्थापना भएको सात महीनाभित्रमा यस चौकीमा उपचार गराउन आएका व्यक्तिहरू करीब १,६५० पुगेका थिए।

जिल्लाका दुई आयुर्वेदिक औषधालयहरूमध्ये दानास्थित औषधालयलाई जिल्लास्तरीय मान्यता प्राप्त छ।

जिल्लामा बिफर, हैंजा र थाङ्ने (टाइफाइड) आदिका रोकथामबारे गत केही वर्षदेखि नियमित रूपमा चेष्टा भइरहेको छ। २०३० मा दानामा परिवार नियोजन तथा मातृशिशु कल्याण योजना अन्तर्गतको जिल्ला कार्यालय स्थापना भएदेखि यो कार्यक्रमतर्फ पनि जनताको अभिरुचि बढेको छ।

खानेपानी

यस जिल्लामा खानेपानीको आधुनिक योजनाहरू केही वर्ष अगाडिदेखि मात्र कार्यान्वित हुन लागेका हुन्। २०२८सालमा जोमसोम खानेपानी योजना र राखु कटुवाल खानेपानी योजना शुरू भएदेखि अन्य क्षेत्रमा पनि खानेपानी योजनातर्फ स्थानीय जनता जागरुक हुँदै गइरहेछन् । हाल जिल्लामा आधुनिक खानेपानी व्यवस्थाको स्थिति यसप्रकार छ :–

योजनाको नाउँ	पानी ट्याङ्की संख्या	सार्वजनिक धारा	निजी धारा	लाभान्वित जनसंख्या
जोमसोम खानेपानी योजना	१	१	–	१००
राखु कटुवाल खानेपानी योजना	१	४	२	४००
राखु भगवती खानेपानी योजना	१	६	३	१,०००
छेरो रेडक्रस योजना	१	५	–	४००

जिल्लाको उत्तरी भेकमा खानेपानीको निकै दुःख छ । उदाहरणस्वरूप मुस्ताङ (ल्हो मन्थाङ) गाउँका दुईसय परिवारहरूको पानीको स्रोत पर्खाल बाहिर बगेको एउटा कुलो छ । छुस्याङ गाउँका मानिसहरूको खानेपानीको स्रोत पनि खोला नै छ, तर त्यो पानी प्रशस्त धमिलो भएकोले गाग्रोमा भरेर निथ्रेर राखेपछिमात्र सङलेर खान सकिने हुन्छ । मार्फा गाउँका जनता काली गण्डकीको पानी खान्छन् । जिल्लाका अन्य गाउँ पञ्चायत क्षेत्रहरूमा पनि खानेपानीको प्रमुख स्रोत नदीनाला, कुवा र पँधेरा आदि नै छन् ।

प्रशासन र पञ्चायत

नेपाल अधिराज्यको एकीकरण हुनुभन्दा अघि यस भेकका बाइसी–चौबीसी राज्यहरू जस्तै मुस्ताङ पनि छुट्टै राज्य थियो । तर उस बेलाको मुस्ताङ राज्य वर्तमान मुस्ताङ जिल्लाको उत्तरी भेकको सात थोपला क्षेत्रमा मात्र सीमित थियो । उक्त मुस्ताङ क्षेत्र सातवटा प्रशासनिक एकाइहरूमा विभाजित थियो । यी प्रत्येक एकाइ अन्तर्गत दुईदेखि पाँच गाउँ हुन्थे र ती एकाइका टाउकेलाई लुम्बो भनिन्थ्यो । हरेक गाउँका मुखियालाई गेम्बा भनिन्थ्यो र यिनीहरूले लुम्बोलाई प्रशासनमा सघाउँथें । "मिस्से" साधारण रैतीहरूको बोलाउने नाउँ थियो ।

मुस्ताङ जिल्लाको बीचको भाग पनि तिनताक स–साना ठकुरी राज्यहरूमा टुक्रिएको थियो श्रौ यस जिल्लाको दक्षिणी भेकको केही भाग पर्वत राज्यभित्र पर्दथे । त्यस अवस्थामा विभिन्न राज्यमा बेग्लाबेग्लै शासन–पद्धति थियो भन्ने अनुमान गर्न सकिन्छ ।

वि. सं. २०१९ मा अधिराज्यलाई ७५ विकास जिल्लामा विभाजन गर्दा हालको मुस्ताङ जिल्लाको सिर्जना भयो । त्योभन्दा अघि यसको प्रशासन बागलुङ गौंडाद्वारा हुने गर्दथ्यो ।

जम्मा २१ वटा गाउँ पञ्चायत भएको यस जिल्लाको उत्तरी भेकमाभन्दा दक्षिणी भेकमा बढी आवादी भएकोले पञ्चायतहरूको संख्या पनि दक्षिणमै बढी छ ।

यस जिल्लाको सदरमुकाम पहिले दानामा रहेको थियो हाल दानाबाट जोमसोममा सदरमुकाम सरेको छ ।

हाल जिल्लाका प्रशासनिक एकाइहरू दानाबाट प्रायः सबैजसो जोमसोममा सरिसकेका छन् । यहाँ रहेका विभिन्न कार्यालय र स्थान निम्नानुसार छन् ।

कार्यालय	स्थान
प्रमुख जिल्ला अधिकारीको कार्यालय	जोमसोम
धवलागिरि अञ्चलाधीश कार्यालय, मुस्ताङ शाखा	जोमसोम
जिल्ला पञ्चायत कार्यालय	जोमसोम
उत्तरी सीमा प्रहरी निरीक्षक कार्यालय	जोमसोम

मुस्ताङ माल	जोमसोम
जिल्ला अदालत	दाना
स्वास्थ्य केन्द्र	दाना
कारागार	दाना
आकाशवाणी केन्द्र	जोमसोम
पशु चिकित्सालय	दाना
छोटी हुलाक	जोमसोम
प्रहरी थाना	जोमसोम
सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालय	जोमसोम
निर्वाचन आयोग	जोमसोम
नेपाल बैंक उप–शाखा	जोमसोम

वन र भूमि–सुधारको काम पनि प्रमुख जिल्ला अधिकारीको कार्यालयले हेर्दछ ।

प्रहरी

मुस्ताङ जिल्लाको प्रहरी संगठन अन्तर्गत उत्तरी सीमा प्रहरी निरीक्षण कार्यालय ठिनी जोमसोममा छ । दानामा एउटा प्रहरी ठाना छ । त्यस्तै मुस्ताङ गाउँ र राखु भगवतीकालागि एक एकवटा चेक पोष्ट छन् ।

न्याय

जिल्लाको न्याय प्रशासनको सिलसिलामा मुस्ताङ गाउँ पञ्चायत (ल्हो मन्थाङ) क्षेत्रको परम्परागत न्याय–प्रणाली सम्बन्धी उल्लेख गर्नु पनि रोचक हुन आउँछ । त्यहाँ चलिआएको प्राचीन न्याय व्यवस्था अन्तर्गत तीन किसिमले न्याय दिइन्थ्यो । अझै पनि ल्हो मन्थाङ निवासीहरूको आपसी झै झगडामा त्यही नै तरीकाले धेरैजसो छलफल र निर्णय गर्ने गरेका छन् । यीमध्ये एकथरी हो लामाहरूद्वारा सञ्चालित प्रथा जसको धर्म र नैतिकता सम्बन्धी फैसलालाई स्थानीय जनता मान्यता दिन्छन् । चोरी–ठगीका मुद्दाहरू र जग्गा जमीन सम्बन्धी कारवाईको लागि परम्परागत ग्रामीण न्याय व्यवस्था पनि छ । पहिले पहिले यी दुई थरीबाट उचित निर्णय हुन नसकेको खण्डमा वा यिनको निर्णयले चित्त नबुझेको खण्डमा गाउँलेहरू मुस्ताङ राजा समक्ष पनि जाने गर्दथे । तर यो अन्तिम उपायलाई मुस्ताङहरूले व्यङ्ग गरी "सुनौलो जुवा" भन्ने गर्दथे । हार्ने जित्ने दुवैथरीले आखिरीमा राजालाई निकै रकम जरीवाना वा नजराना रूपमा चढाउनु पर्ने हुनाले त्यहाँ मुद्दा लैजानु केही फायदा छैन भन्ने अर्थमा सो नामकरण गरिएको हो भनिन्छ ।

मुस्ताङ जिल्ला अदालत हाल दानामा छ । यस जिल्लामा देवानी मुद्दाहरूतर्फ जग्गा सम्बन्धी र लेनदेन सम्बन्धी नै बढी देखिन्छन् । अंशबण्डा आदिका मुद्दा कम छन् । फौजदारीतर्फ पनि धेरै मुद्दा नपरेको देखिन्छ । जिल्ला अदालतको गत २०२७।२०२८ देखि २०२९।०३० सम्मको तीन वर्षमा मुद्दा मामिला सम्बन्धी तथ्याङ्क निम्न प्रकार थियो:–

	देवानी	फौजवारी
परेका मुद्दा	५८	९७
फछ्र्योट भएका	४१	७६
जम्माः–	९९	१७३

यीमध्ये १७ वटा मुद्दा मिलापत्रद्वारा टुङ्गिए ।

कारागार

जिल्लाको एकमात्र कारागार दानामा छ ।

पञ्चायत

यहांको जिल्ला पञ्चायतको कार्यालय जोमसोममा छ । जिल्लाका २१ गाउँ पञ्चायतहरूमध्ये सबैभन्दा बढी जनसंख्या भएका पञ्चायतहरू दक्षिणी भेकमा, केही मध्यभेकमा र एक दुई मात्र उत्तरी भेकमा पर्दछन् भन्ने तथ्य जनसंख्याको परिच्छेदमा देखिएको छ ।

जिल्लाका धेरैजसो गाउँ पञ्चायतहरूको आर्थिक स्थिति उति बलियो छैन । तिनीहरूका आय स्रोतहरू प्रमुख दुईथरीका छन्—कर र दस्तूर । कतिपय स्थानीय करहरूमध्ये ढुङ्गा खानी कर, दाउरा कर, जनावर माथिको कर, होटल कर, बिक्री कर, बन्दूक कर आदि छन् । रेडियो अनुमति पत्र नवीकरण दस्तूर, सिफारिश दस्तूर, दरखास्त दस्तूर, मिलापत्र दस्तूर, चरन दस्तूर आदि स्थानीय गाउँ पञ्चायतहरूले उठाउने दस्तूरहरू हुन् । जिल्ला पञ्चायत र कतिपय गाउँ पञ्चायतहरूको वि. सं. २०२९।०३० को आम्दानी रकमले तिनीहरूको कमजोर आर्थिक स्थिति छर्लङ्ग्याउँछ, जुन निम्न प्रकार छः—

पञ्चायत	आम्दानी रकम (मोटामोटी)
जिल्ला पञ्चायत	रू. १३,२१८।
राखु कटुवालटार	रू. २४०।
राखु भगवती	रू. ४९८।
चिमखोला	रू. ९५५।
दाना	रू. १,१६५।

गत केही वर्षमा मुस्ताङ जिल्लामा कार्यान्वित भएका विकास योजनाहरूमध्ये मार्फाको बागवानी केन्द्र, जोमसोमको हवाइ मैदान, राखुको खानेपानी योजना आदिको उल्लेख गर्न सकिन्छ । यस क्षेत्रको विकासमा दुर्गम क्षेत्र विकास समितिले विशेष चाख लिएर कतिपय योजनाहरू कार्यान्वित गरेको छ भने स्थानीय जिल्ला पञ्चायत तथा गाउँ पञ्चायतहरूले आफ्ना सीमित साधन र आर्थिक स्रोतलाई पनि केही मात्रामा विकास कार्यतिर लगाएको देखिएको छ ।

आर्थिक वर्ष (२०२८।०२९ र २०२९।०३०) मा काम भइरहेका जिल्ला र गाउँ पञ्चायत स्तरीय योजनाहरू ३५ वटा थिए, तर तीमध्ये १६ वटाको निर्माण सम्पन्न भएको थियो ।

यस जिल्लाका वर्गीय संगठनहरूले तोकेका प्रारम्भिक समितिहरू पनि मुख्यतया दक्षिणी भेकमै मात्र सीमित छन् । नेपाल महिला संगठन, किसान संगठन, युवक संगठन र भूतपूर्व सैनिक संगठनका जिल्लास्तरीय एकाइहरूको सदस्य संख्या २०२९।०३०मा क्रमशः ८८; ११०; ९९ र ६६ थियो ।

उपसंहार

मुस्ताङ जस्तो सुदूर हिमाली जिल्लाको विकासको आधारभूत स्तम्भ यातायात हो । भौगोलिक दृष्टिकोणले मुस्ताङ जिल्लाको अधिकांश भाग तिब्बतको मालभूमिको एक अङ्ग भएकोले यसको उत्तरी भेकमा अधिराज्यका अन्य बिकट पहाडी जिल्लामा झैं फराकिला सडकहरू बनाउन गाह्रो छैन । विशेषगरी हाल योजना तर्जुमा गरिन लागेको पोखरा-सुर्खेत सडक म्याग्दी खोलाको छेउ छाउबाट जाने सम्भावनाको पृष्ठभूमिमा सो खोलाबाट मुस्ताङ जिल्लासम्म मोटर हिंड्ने बाटो जोड्न ठूलो समस्या नपर्ने जस्तो देखिन्छ ।

मार्फाको बागबानी केन्द्रमा फलफूल र तरकारी खेतीको प्रयोग सफल भइरहेको तथ्यलाई ध्यानमा राख्दा जिल्लामा कृषि विकासका नौला सम्भावनाहरू देखापरेका छन् । सिचाइको सुविधा विस्तार गर्न सके जिल्लाका कतिपय खेती-योग्य बाँझो फाँटहरूबाट कृषि उत्पादनमा निकै वृद्धि गर्न सकिन्छ । साथै चरनहरूको कमीले ह्रास हुँदै गएको पशुपालन जस्तो जिल्लाको परम्परागत व्यवसायलाई पनि पुनर्जीवन प्रदान गर्न सकिने भएकोले यसतर्फ पनि सम्भाव्यता अध्ययनको र सुनियोजित कार्यक्रमको मात्र खाँचो भएको छ ।

मुस्ताङ (ल्हो मन्थाङ) गाउँ पञ्चायत क्षेत्रमा तोरीको खेतीलाई एक महत्वपूर्ण कृषिबालीको रूपमा विकसित गर्न सकिने सम्भावना पनि छ । मुस्ताङ क्षेत्रमा दिनहुँ बहने तेज हुरी बतासबाट आधुनिक वैज्ञानिक र संयन्त्रको सहायताद्वारा हवाइ घट्टहरू चलाउन सकेमा उक्त बतास अभिशाप नभई जिल्लाकै निम्ति बरदान हुनजान्छ । यस शक्तिमा आधारित सानातिना उद्योगहरू पनि चल्न सक्ने सम्भावना देखिन आउँछ ।

चौंरी, च्याङग्रा र भेडापालनको प्राचीन मुस्ताङे परम्परालाई चरनहरूको विकासले जीवित राख्न सकिने कुरा माथि उल्लेख भएको छ । यिनै पशुहरूबाट प्राप्त ऊनमा आधारित राडी-पाखी र गलैंचा उद्योगले मुस्ताङ जिल्लाका निवासीहरूको आर्थिक स्थिति सुधार्ने दिशामा महत्वपूर्ण भूमिका खेल्न सक्दछ ।

दामोदर पहाड मुनि नर्सिङ खोलाको शिरमा भएको नून खानी जस्तै जिल्लाको अन्यत्र ठाउँमा पनि भौगर्भिक सर्वेक्षणले नून खानीहरू पत्ता लगाउन सक्यो वा वैज्ञानिक उपायहरूद्वारा तिनको संरक्षण र सदुपयोग गरियो भने धेरै हदसम्म मुस्ताङको आर्थिक स्थिति सुध्रन सक्ने छ । जिल्लाको उत्तरी भेकमा र दामोदर पहाडमा पाइने शालिग्रामहरूमा लागेको सुनको दागबाट मुस्ताङ जिल्लामा सुनको खानी पनि खोजे फेला पर्ला कि भन्ने अडकल गर्न सकिन्छ । यो स्रोत पत्ता लाग्यो र आर्थिक दृष्टिले त्यसको उत्खनन् फायदाजनक प्रमाणित भयो भने सो खानी प्रशोधनको लागि यस जिल्लामा ठूलो धनराशीको लगानी हुने देखिन्छ । त्यस्तै

ज्वालामाईको मन्दिरमा दिनरात बलिरहने आगोको ज्वालाले यस क्षेत्रमा प्राकृतिक ग्यासको भण्डार हुनसक्ने देखिन्छ ।

धवलागिरि, अन्नपूर्ण र नीलगिरि जस्ता हिमाच्छादित शिखरहरू, तातोपानीका कुण्डहरू, मुक्तिनाथ र ज्वालामाईका मन्दिर, प्राचीन दर्शनीय किल्लाहरू, जिल्लाभरी छरिएका गुम्बाहरू, प्राचीन मुस्ताङ राज्यले प्रतिनिधित्व गर्ने एक अनौठो सभ्यता र संस्कृति आदि सम्पूर्ण आकर्षणहरूले आज विश्व पर्यटकहरूको ध्यान मुस्ताङतिर आकर्षित गरिसकेको छ । मुस्ताङ भ्रमणको लागि यातायात अझ सुगम भइदिएमा र गांसबासको बढी सुविधाहरू प्रदान गर्न सकेमा तथा स्किइङ जस्ता हिउँदका खेलहरू सो क्षेत्रमा विकास गर्नसकेका खण्डमा बढीभन्दा बढी विश्व पर्यटकहरूलाई यस मुस्ताङ जिल्लामा आकर्षित गरी पर्यटन उद्योगबाट जिल्लाबासीहरूको आय बढाउन सकिने देखिन्छ ।

डोल्पा

विषय-सूची

परिचय ५५५
प्राकृतिक स्वरूप र सम्पदा ५५७
ऐतिहासिक पृष्ठभूमि ५६९
प्रमुख स्थानहरू ५७१
जनसंख्या र जनजीवन ५७६
आर्थिक व्यवस्था ५८७
यातायात र सञ्चार ५९८
शिक्षा, स्वास्थ्य तथा खानेपानी ६०२
प्रशासन र पञ्चायत ६०६
उपसंहार ६०८

परिचय

क्षेत्रफलको हिसाबले नेपालको सबभन्दा ठूलो जिल्ला भए तापनि जनसंख्याको दृष्टिकोणबाट सबैभन्दा कम जनसंख्या भएका जिल्लाहरूमा डोल्पाको गणना हुन आउँछ। मध्यकालमा पश्चिम नेपालको प्रसिद्ध मल्ल राज्यको एक अङ्गको रूपमा रहेको यस जिल्ला हाल धवलागिरि अञ्चलका चार जिल्लामध्ये एक भएको छ। जिल्लाको नामकरणको सम्बन्धमा यहाँकै निवासीहरूको भनाइअनुसार एक पटक यस जिल्लाको सर्वेगर्दा एकजना अंग्रेज छार्का भोटतर्फ रहेका धो तराप गाउँहरूमा पुगेको थियो। यिनैमध्ये धो गाउँको नामबाट धोल्पा र पछि सोही नामको अपभ्रंशबाट यस जिल्लाको नाम डोल्पा रहन गएको कुरा जिल्लामा प्रचलित छ।

पश्चिम नेपालको सबंभन्दा अग्लो तथा प्रसिद्ध धवलागिरि हिमालको उत्तरी खण्डमा स्थित डोल्पा जिल्ला संसारकै पनि बसोबास भएको सबभन्दा उच्च भू-भागको रूपमा मानिन्छ। जिल्लाबासीहरू खासगरी ३,६६० मिटर (१२,००० फीट) देखि ४,२७० मिटर (१४,००० फ़ीट) को उचाइमा बसोबास गरेका छन्। चारैतिर अग्ला हिमालहरूले भरिपूर्ण यस जिल्लाको भू-भागलाई भौगोलिक दृष्टिबाट डोल्पा भोट भन्ने गरिएको छ। यसको उत्तरमा पालुङ हाँगा हिमालले जनवादी गणतन्त्र चीनसित र पूर्वमा सुकुट हिमालले मुस्ताङ जिल्लासँग सीमाना छुट्याएको छ। दक्षिणमा धवलागिरि हिमालले र द्वारी लेकले म्याग्दी, बागलुङ, रूकुम तथा जाजरकोटसँगको सीमानाको काम गरेका छन् भने पश्चिममा डोल्पा जिल्लालाई तिब्रिकोट तथा मुगु जिल्लाबाट पतरासी हिमाल, जगदुल्ला लेक, कान्जीरोवा आदि हिमालले सीमाना छुट्याउँछन्।

राजनैतिक सीमानाअनुसार डोल्पा जिल्लाको उत्तरमा जनवादी गणतन्त्र चीन पर्दछ। पूर्वमा धवलागिरि अञ्चलकै मुस्ताङ जिल्ला पर्दछ। दक्षिणमा पर्ने जिल्लाहरूमा धवलागिरि अञ्चल भित्र पर्ने म्याग्दी र वागलुङ जिल्लाहरू र रापती अञ्चलका रूकुम तथा भेरी अञ्चलको जाजरकोट जिल्लाहरू हुन्। पश्चिम सीमानामा कर्णाली अञ्चलका दुई जिल्लाहरू तिब्रिकोट र मुगु हुन्। यस जिल्लाको सदर मुकाम दुनै हो।

भौगोलिक स्थितिअनुसार यो जिल्ला २८° २४' देखि २९° ४३' उत्तरी अक्षांशसम्म तथा ८२° २४' देखि ८३° ३८' पूर्वी देशान्तरभित्र रहेको छ। जिल्लाको आकार करीब गोलो भई जम्मा ८,०९३ वर्ग किलोमिटरको क्षेत्रफलमा फैलिएको छ।

वि.सं. २०२८ मा लिइएको राष्ट्रिय जनगणनाअनुसार डोल्पा जिल्लाको कुल जनसंख्या १९,११० मध्ये पुरुष ९,५१५ अर्थात् ४९.८ प्रतिशत र महिला ९,५९५ अर्थात् ५०.२ प्रतिशत छन्। यो जनसंख्या

धवलागिरि अञ्चलभित्रको कुल जनसंख्याको अनुपातमा खालि ६.९ प्रतिशत पर्न आउँछ। जिल्लाका अधिकांश मानिसहरू डोल्पो मगर, मतवाली क्षेत्री, ठकुरी, बाहुन जातिकै छन् । जिल्लाको दक्षिण भेक अर्थात् भेरी नदीको बेंसीहरूमा बढी जनघनत्व भएको पाइन्छ । जिल्लामा विभिन्न जात जातिहरू बसोबास गरेका भए तापनि बसोबासको दृष्टिकोणबाट मुख्य रूपमा दुई भिन्दा भिन्दै भागमा विभाजन गर्न सकिन्छ। उत्तरी सीमावर्ती क्षेत्रका डोल्पोहरूको रहन सहन तथा संस्कृति सबै तिब्बती क्षेत्रसित मिल्दोजुल्दो छ भने दक्षिणतिरका मानिसहरूलाई कर्णाली प्रदेशका मानिसहरूसित तुलना गर्न सकिन्छ । यिनीहरूको मुख्य पेशा कृषि नै भए तापनि विशेष गरी उत्तरी भागका मानिसहरूको लागि व्यापार तथा पशुपालन नै मुख्य पेशाहरूको रूपमा लिन सकिन्छ ।

अग्ला अग्ला हिमालय पारी भोट क्षेत्रमा अवस्थित भएकोले डोलपा जिल्ला, प्रशासनिक दृष्टिले पनि दुर्गम मानिएको, एउटा निक्कै पिछडिएको जिल्ला हो । जनवादी गणतन्त्र चीनको तिब्बती क्षेत्र तथा अधिराज्यका दक्षिणी भागका मध्य पहाडी प्रदेशको बीच नून, ऊन, तथा खाद्यान्नको बिक्री वितरण यस जिल्लाको बाटो गरी नै हुन्छ । जिल्लाको मुख्य उत्पादनको रूपमा चौंरी पालनलाई लिन सकिन्छ जुन पश्चिम नेपालमा मात्र नभई अधिराज्य भर नै प्रख्यात छ ।

यातायातको असुविधाले गर्दा यो जिल्ला अहिलेसम्म बाहिरी तथा आधुनिक प्रभावबाट निक्कै पर रहन गएको छ ।

प्राकृतिक स्वरूप र सम्पदा

अधिराज्यका ठूल-ठूला भोट क्षेत्रहरूमध्ये एक यस डोल्पा भोट (जसलाई छार्का भोट पनि भनिन्छ) समुद्रको सतहबाट निक्कै अग्लो ठाउँमा रहेको छ। जिल्लाभित्र १,५२५ मिटर (५,००० फीट)देखि ७,६२५ मिटर(२५,००० फीट)सम्म अग्लो, होचो जमीन चारैतिर फैलिएर रहेका छन्। जिल्लाको दक्षिण--पश्चिम भागलाई छाडेर अरू सबै भागलाई उच्च हिमालय पर्वतमालाले घेरिराखेको छ। यसमा धवलागिरि हिमाल विशेष उल्लेखनीय छ। यस बाहेक मुकुट हिमाल,कान्जिरोवा हिमाल, सिस्ने हिमाल, पतरासी, पालचुङ हाम्गा हिमाल आदि पनि प्राकृतिक सौन्दर्यको प्रतीकस्वरूप जिल्लामा फैलिरहेका छन्। जिल्लाभित्र बगिरहेका नदीहरूको आधारमा यस जिल्लालाई दुई प्राकृतिक भागमा विभाजन गर्न सके तापनि भू-बनोटको दृष्टिकोणले यो जिल्लाको सम्पूर्ण भाग हिमाली प्रदेश तथा उत्तरी सीमावर्ती क्षेत्रभित्र पर्दछ। दक्षिण-पश्चिमको केही भागमात्र माथि उल्लिखित क्षेत्रहरूबाट बाहिर अर्थात् मध्यपहाडी भाग तथा उपत्यकाहरूभित्र पर्न आउँछ। ठूल-ठूला नदीले बनाएका बेंसीहरूमा एक दुईवटा फाँटहरू बाहेक जिल्लाको सम्पूर्ण भागमा समथर जग्गा पाउन मुश्किल पर्दछ। विशेषगरी जिल्लाको उत्तरी सीमावर्ती क्षेत्र तीखा धार भएका नाङ्गा पर्वतहरूले भरिपूर्ण छन्।

भौगोलिक बनावट

भू-प्रकृतिको आधारमा यस जिल्लालाई मुख्य चार भागमा विभाजन गर्न सकिन्छ।

१. भोट प्रदेश
२. हिमाली प्रदेश
३. लेकाली प्रदेश
४. पहाडी प्रदेश

भोट प्रदेश

डोल्पा जिल्लाको प्रायः सम्पूर्ण उत्तरी क्षेत्र यस प्रदेशभित्र पर्न आउँछ। यस क्षेत्रको उचाइ ३,६६० मिटर (१२,००० फीट) देखि ४,८७८ मिटर (१६,००० फीट) सम्म रहेको छ।

उत्तरमा सीमावर्ती श्रेणी र दक्षिणमा मुख्य हिमाली प्रदेशको बीच भागमा पर्ने उच्च पठारी भागलाई नै भोट प्रदेशको संज्ञा दिइन्छ। यसको उत्तरी भाग डोल्पा भोट र दक्षिणी भाग छार्का भोटको नाउँले सिद्ध छन्। मुगु कर्णाली अथवा लांगु नदीको सिरानमा स्थित यो भू-भाग करीब १,१५८ वर्ग किलोमिटर

(३,००० वर्ग माइल) मा फैलिई अधिराज्यको सबभन्दा ठूलो सुख्खा ठाउँ मानिन्छ ।[1] यसको धेरै जसो भाग बलौटे जग्गा र स्क्री अथवा ढुङ्गा र कङ्कडहरूले भरिपूर्ण छ। धवलागिरि तथा कान्जिरोवा हिमालको पारी परेको हुँदा यो प्रदेश बृष्टि छायाँमा परी सुख्खा भएको हो। यसलाई संसारको सबभन्दा उच्च बस्ती भएको ठाउँ मानिन्छ । यसमध्ये से गुम्बा, माझ गाउँ, तिन्जे गाउँ आदि उल्लेखनीय छन्। यिनीहरू सबैको उचाइ ३,९६५ मिटर (१३,००० फीट) देखि ४,८७८ मिटर (१६,००० फ़ीट) को बीचमा पर्दछ । डोल्पा भोटको दक्षिणमा र धवलागिरि हिमालको उत्तरी भागमा एउटा सानो भोट पर्दछ। यसलाई धो तराप तथा छार्का भोट भन्दछन् । वास्तवमा यो भोट उत्तरको डोल्पा भोटबाट अलग्ग छुट्टिए तापनि यसलाई पनि डोल्पा भोट क्षेत्र मै गणना गरिन्छ । बरबुङ खोला अर्थात् ठूली भेरी नदीको सिरानमा रहेको यो प्रदेशका मुख्य गाउँहरूमा छार्का भोट गाउँ र तराप गाउँ हुन् ।

यी जम्मै भोट क्षेत्रहरूमा पर्ने ठूल-ठूला खोलाहरूको बगरमा केही मात्रामा खेती गरिन्छ। यहाँ फापर, उवा, आलु, मुला(चोथो) र अलि अलि तोरी उब्जनी हुन्छन् । ज्यादै चीसो तथा सुख्खा हुनाको कारणले यो प्रदेश नेपालको सबभन्दा कम जनघनत्व भएको क्षेत्र मानिन्छ ।

हिमाली प्रदेश

नेपाल अधिराज्यको पूर्वी सीमानादेखि पश्चिमसम्म फैलिएर रहेको र हिउँले सँधै ढाकिएको प्रदेशलाई नै हिमाली प्रदेश भनिन्छ । डोल्पा जिल्लाभित्र यस भागको दुईवटा ठूल-ठूला श्रेणीहरू पूर्व-पश्चिम लम्बिएर गएका छन् । यी धवलागिरि र कान्जिरोवा हिमाल हुन् । मुगु, तिब्रिकोट र डोल्पा जिल्लाको सङ्गमस्थलनिर सिस्ने हिमालदेखि शुरू भएको कान्जिरोवा हिमालले केही हदसम्म मुगु र डोल्पाको सीमानाको काम गरेको छ । जगदुल्ला तालको ठीक उत्तरबाट यो पहाड दक्षिणतिर लाग्दछ र करीब २२.४ किलोमिटर (सात कोस) दक्षिणमा आएपछि यसलाई कागमारा लेक भनिन्छ। यहाँबाट एक हाँगा सिधा दक्षिण गई पाइले लेकनिर अन्त हुन्छ र अर्को हाँगा पूर्वतिर गई फोक्सुम्दो तालको पश्चिममा अन्त हुन्छ । यसको सबभन्दा अग्लो चुचुरा ७,०४४ मिटर (२३,१०७ फ़ीट) अग्लो छ ।

जिल्लाको अर्को महत्वपूर्ण हिमाल धवलागिरि हो । यो हिमाल जिल्लाको दक्षिण-पूर्वमा रहेको छ। जिल्लाभित्र मध्य-दक्षिण सीमानामा पर्ने जेङला भञ्ज्याङको करीब आठ किलोमिटर (अढाइ कोस) पूर्वबाट शुरू भई मुकुट हिमालमा नमिलेसम्म यसको लम्बाइ करीब ४८ किलोमिटर (१५ कोस) छ । यसले म्याग्दी र डोल्पा जिल्लाको बीचमा सीमानाको काम गर्दछ । सम्पूर्ण श्रेणीलाई धवलागिरि हिमाल भने तापनि ठाउँ ठाउँमा यसका नाम बेग्लाबेग्लै छन् जस्तै पुत्था हिउँचुली (७,०३८ मिटर अर्थात् २३,०८५ फीट), चुरेन हिमाल (७,३४८ मिटर २४,१०१ फीट) आदि । यसको सबभन्दा अग्लो चुचुरो जिल्ला बाहिर पर्दछ, जसको उच्चाइ ८,२२४ मिटर (२६,९७५ फ़ीट) छ । उच्चाइको हिसावले यो नेपालको पाँचौं अग्लो चुचुरा हो । जिल्लाको पूर्वी सीमानामा पर्ने हिमाललाई मुकुट हिमाल भनिन्छ जुन मुस्ताङ जिल्ला र यस डोल्पा जिल्लाको बीचै बीचबाट उत्तर गई उत्तरी सीमावर्ती श्रेणीसित मिल्दछ। यसको सबभन्दा अग्लो टाकुरा ६,७७२ मिटर (२२,२१२ फीट) अग्लो छ ।

---

1. Burathôky, J.B.S. & Malla, U.M. — The Physical Aspects of the Kingdom of Nepal, 1968, p. 8

हिमाली प्रदेशको अर्को एक हाँगा करीब करीब हिमाली प्रदेशसित समानान्तर भई सीमावर्ती श्रेणीको रूपमा रहेको छ । हाल यो पाल्चुङ हाँग हिमालको नामले प्रख्यात छ । यो श्रेणी पहिले कान्ति तथा गौतम हिमालको नाउँले प्रसिद्ध थियो । अरनिको चुली ६,५८४ मिटर(२१,५९६ फीट)देखि पश्चिममा मरेम भञ्ज्याङसम्मको क्षेत्रलाई गौतम हिमाल र यसभन्दा पश्चिममा परेको श्रेणीलाई कान्ति हिमाल भनिन्थ्यो । यसमा सबभन्दा अग्लो टाकुरा पिन्दू भञ्ज्याङभन्दा दक्षिणमा पर्दछ जसको उचाई ६,६४६ मिटर (२१,८०० फीट) छ । यस श्रेणीको उत्तरमा जनवादी गणतन्त्र चीनको तिब्बती क्षेत्र पर्दछ । यसको ढाल उत्तरमा भन्दा दक्षिणमा ज्यादै भिरालो परेको छ र हिउँ पग्ली उत्पत्ति भएका धेरै साना-ठूला खोलाहरू सबै पछिगएर पान्जाङ खोला अर्थात् लांगु नदीमा मिसिन्छन् । यस श्रेणीको बीच बीचमा डोल्पा जिल्लाबाट तिब्बती क्षेत्रमा जाने ज्यादै अग्ला अग्ला भञ्ज्याङहरू छन । यिनीहरूमध्ये पिन्दू भञ्ज्याङ, मरेम भञ्ज्याङ, यानांग भञ्ज्याङ, चाला भञ्ज्याङ, माई भञ्ज्याङ, खुङ खोलाको भञ्ज्याङ, मेतखोलाको भञ्ज्याङ आदि महत्वपूर्ण छन्। यिनीहरू विशेषगरी वर्षको तीन महीना मात्र खुल्दछन् ।

करीब ४,८६९ मिटर (१५,९७० फीट) देखि माथि परेको हुँदा यस प्रदेशलाई सधैं हिउँले ढाकेको हुन्छ । यहाँबाट हिउँ पग्ली नदी तथा खोलाहरू उत्पत्ति हुने भएकोले यसको केही महत्व छ तर अरू कुनै किसिमको भू-उपयोगको लागि काम लाग्दैन । यही हिमाली प्रदेशबाट उत्पत्ति भई बगेर गएका ठूली भेरी, लांगु नदी नै जिल्लाका ठूल-ठूला नदीहरू हुन् । यो प्रदेशमा धेरैजसो पत्रे चट्टानहरू हुन्छन् । यी पहाडी ढालहरूलाई हिउँले खियाउने हुँदा स्वभावैले तीखा धार भई यसका चुचुराहरू जनावरको सिङ जस्तो चुच्चो परेका हुन्छन् ।

लेकाली प्रदेश

मुख्य हिमाली प्रदेशकै हाँगाको रूपमा चारैतिर फैलिरहेका अग्ला अग्ला लेक तथा श्रेणीहरू जिल्लाभित्र विशेष गरी दक्षिण-पश्चिम सीमानामा फैलिएर रहेका छन् । यस क्षेत्रभित्र पर्ने मुख्य मुख्य लेक तथा पहाडहरूको नाउँहरूमध्ये भालु लेक, सुण्डकला डाँडा,नौ धारी लेक, सिस्ने लेक, द्वारी लेक आदि प्रमुख हुन्। यिनै लेकहरूमा अग्ला अग्ला भञ्ज्याङहरू पनि छन्-जस्तै जेङला भञ्ज्याङ, कुल्टा भञ्ज्याङ, मौर्य लाग्ना, भालु लाग्ना, बरबरीया लाग्ना आदि । यस भागमा हिउँदमा हिउँ पर्ने तथा गर्मीमा हिउँ पग्ली घाँसहरू उम्रने भएको हुँदा पशु चरनको लागि महत्वपूर्ण हुन्छ ।

पहाडी प्रदेश

ठूल-ठूला नदी तथा खोलाको बगर अथवा बेंसीदेखि माथि ३,६६० मिटर (१२,००० फीट) सम्मको बीचको भागलाई होचो पहाडी भाग मानिन्छ ।

यस पहाडी प्रदेशका ढालहरूमा मुख्य रूपले जिल्लाका बस्तीहरू रहेका छन् । यिनै पहाडी ढालहरूमा खनेर बनाइएका गराहरूमा विभिन्न पाखोबालीहरू लगाइन्छन् । यी प्रदेशमा ग्रीष्म ऋतुमा अलि गर्मी भई बढी वर्षा हुने हुँदा बाक्ला जङ्गलहरू पनि पाइन्छन् । जिल्ला भित्रका ठूल-ठूला नदी तथा यिनका सहायक खोलाहरूले काटी छिया छिया परेका बेंसीहरू पनि यसै क्षेत्रभित्र पर्दछन् । यो क्षेत्र विशेष गरी ठूली भेरी नदीको दायाँ बायाँ किनारमा पर्दछ । सुहाउँदो माटो तथा सिचाइ गर्न सकिने भाग भएको हुँदा जिल्लाको सबभन्दा बढी अन्न उब्जाउ पनि यसै क्षेत्रमा हुन्छ । यो बेंसी तथा टार प्रदेश बढीमा चार किलोमिटर(१.३ कोस) सम्म फराकिलो भई ठाउँ ठाउँमा गहिरा गल्छीहरू पनि बनेका छन् । उचाइको हिसाबले यस जिल्लामा यो प्रदेश

१,५२५ मिटर (करीब ५,००० फीट) को भागमा पर्न आउँछ। बेंसीमा बर्षेनी बाढीले ल्याएको मलिलो माटोल गर्दा विभिन्न किसिमका अन्न उब्जाउ हुन्छन्। जिल्लाको सदरमुकाम दुनै पनि यही बेंसी भागमा रहेको छ।

नदीनालाहरू

नदी नालाहरूको दृष्टिकोणबाट डोल्पा जिल्लालाई दुई भिन्दा भिन्दै भागमा छुट्याउन सकिन्छ। पश्चिममा कान्जिरोवा हिमाल तथा त्यसका श्रेणीहरूले जिल्लाभित्र बगेका मुख्य मुख्य नदीको बीचको भागमा पानी ढलोको काम दिन्छ। यसले गर्दा ती दुई ठूल-ठूला नदीहरूलाई भिन्दा भिन्दै ठाउँमा बग्न बाध्य तुल्याउँछ। जिल्लाको उत्तरी भोट क्षेत्रमा उत्पत्ति भएका साना-ठूला खोलाहरू मिली पान्जाङ खोला अर्थात् लांगु नदीको नाउँले पश्चिममा गएर मुगु कर्णालीमा मिल्न पुग्छ। जिल्लाको दक्षिण भागमा पर्ने ठूली भेरी नदी पनि सिधा पश्चिम बगी दक्षिण– पश्चिममा पुगेपछि जाजरकोटतर्फ लाग्दछ। जिल्ला भित्र बग्ने मुख्य मुख्य यिनै दुइ वटा नदी तथा बीचमा मिल्न आउने केही प्रमुख नदीहरूको छोटकरी वर्णन यस प्रकार छः–

ठूली भेरी नदी

यो जिल्लाभित्र बग्ने नदीहरूमा सबभन्दा ठूलो र लामो नदी भएकोले जिल्लाका अधिकांश गाउँहरू यसैको किनारमा पर्दछन्। मुकुट हिमालको उत्तर-पश्चिम ढालबाट हिमनदी पग्लेर उत्पत्ति भएका तुजा र ताहाना खोला सहितको थाजाङ खोला उत्तरतिर बगेपछि गौतम हिमाल (हाल पाल्चुङ हाम्ला हिमालको पूर्वी श्रेणी) को दक्षिण ढालहरूबाट बगेर आउने नखेम खोलासित मिलेपछि यो बरबुङ खोलाको नाउँले प्रख्यात हुन्छ। छार्का भोट गाउँसम्म पुग्दा यसमा मन्थाङ र जङखेल खोला मिसिन आउँछन्। छार्का भोट गाउँबाट करीब ४.८ किलोमिटर पश्चिम बगेपछि यो खोला सिधा दक्षिण झर्दछ। छार्केलुङ लेकबाट झरेको चाल्ना खोलाको पानी बोकेर ढाड गाउँ हुँदै तेराङ गाउँ पुग्दछ। यहाँनिर मुकुट हिमालबाट उत्पति भएको मुकुट खोला र फार खोला मिल्दछन्। त्यसपछि यो खोला फेरी पश्चिम मोडिन्छ। घिरीङ गाउँ र पिमरीङ गाउँको बीचमा तान खोला उत्तरबाट मिल्न आउँछ। धवलागिरि हिमालबाट चूरेन खोला, काया खोला र मुसी खोला मिल्न आउँछन्। छेडुल गुम्बानिर धो तरापबाट बगेर आउने ठूलो तराप खोला मिलेपछि यो खोलाले पनि ठूलो रूप लिन थाल्छ। ताराकोटनिर आइपुगेपछि यो खोला ठूली भेरी नदीको नाउँबाट प्रख्यात भई उत्तर-पश्चिम बग्न थाल्दछ। दुनैसम्म पुग्दा यसमा दायाँ बायाँबाट बग्ने अनगिन्ति खोलाहरू मिसिन पुग्दछन्। दुनैदेखि करीब ४.८ किलोमिटर (डेढ कोस) मा जिल्लाको प्रसिद्ध तथा सबभन्दा ठूलो ताल फोक्सुन्दोबाट उत्पत्ति भएको सुलिगाड र दक्षिणतिरबाट भएको रुपागाडको पानीले यो नदीलाई अझै ठूलो पार्दछ। त्यहाँबाट कोट गाउँको केही दक्षिण भागबाट पलाङ हुँदै शर्मा नजीकै भेरी नदीको पानी सहित विशाल रूप लिई जाजरकोट र रुकुम जिल्लाको सीमाना भएर बग्दछ। त्यहाँबाट यो भेरी नदी सुर्खेत जिल्ला हुँदै कुने घाट नजीक विशाल कर्णालीको सहायक नदी हुन पुग्दछ।

जिल्लाभित्र यो नदीको सिरानदेखि जाजरकोट जिल्लाको सीमानासम्मको लम्बाइ अन्दाजी १४१ किलोमिटर (४४ कोस) छ। जिल्लाका अधिकांश मानिसहरू यसै नदीको खोंच भई जाजरकोट तथा तराईतिर व्यापारको लागि आउने जाने गर्दछन्। ठाउँ ठाउँमा यस नदीले बनाएका फराकिला फाँट तथा बेंसीहरूमा विभिन्न किसिमका अन्नहरू उब्जाइन्छन्। जिल्लाभित्र यस नदीबाट ठूल–ठूला सिंचाई योजना कार्यान्वियन गर्न सकिएको छैन तापनि यस नदीमा मिल्न आउने सहायक नदीहरूबाट ल्याइएका कैयौं लामा कच्ची कुलाहरू पनि कम महत्वका छैनन्। भविष्यमा यस नदीमा ठूल-ठूला बहुमुखी योजनाहरू कार्यान्वयन गर्न सकिने सम्भावना रहेको छ।

पान्जाङ अथवा लांगु खोला

जिल्लाको दोस्रो ठूलो नदी उत्तरी डोल्पा भोट क्षेत्रबाट बगेर जाने पान्जाङ अथवा लांगु खोला हो। डोल्पा जिल्लाभित्र यो खोला पान्जाङ नाउँले प्रसिद्ध छ। मुगु जिल्लाभित्र पसेपछि यसलाई लांगु खोला भनिन्छ। भोट तर्फबाट बगेर आएको मुगु नदी मिलेपछि यो मुगु कर्णाली नदी बन्न पुग्दछ। जिल्लाभित्र यो खोलाको सिरानदेखि मुगु जिल्लाको सीमानासम्मको दूरी करीब १४ किलोमिटर (४.४ कोस) छ ।

यो खोलाको उद्‌गमस्थान छार्का भोट गाउँको उत्तरी श्रेणी मोहला भञ्ज्याङनिर छ। यहाँबाट खहजेना खोलाको नाउँबाट शुरू भई बगेको यो खोलामा तिन्जे गाउँ नजीकै कुलाटा खोला मिलेपछि यसलाई पान्जाङ खोला भनिन्छ। त्यहाँबाट उत्तर-पश्चिम दिशातर्फ बग्दै गएको यो खोलाको किनारमा माझ गाउँ, सिमेन गाउँ, निजाल गाउँ, लुरी गाउँ, कुगाउँ, फोलगाउँ आदि पर्दछन्। यस जिल्लालाई पार गरेर मुगु जिल्लाभित्र पसेपछि यो लांगु खोला बन्न पुग्दछ। यो खोलामा उत्तर तथा दक्षिण किनारी भागमा हिउँ पग्ली मिल्न आउने कैयन सहायक खोलाहरू छन्। तिनीहरूमध्ये उत्तरी पाल्चुङ हाम्गा हिमालबाट मिल्न आउने खोलाहरू सुकडेन खोला, भेट खोला, चाला खोला, मई खोला, खुङ्ग खोला, पाइ खोला, छोङलुङ खोला, रिगाङ्ग खोला, सेङजा खोला आदि हुन्। त्यस्तै दक्षिणतर्फबाट मिल्न आउने सहायक खोलाहरूमा कोमा खोला, नामजुङ खोला र सिबु खोलाहरू उल्लेखनीय छन्।

यो खोलाको पानी ज्यादै उच्च भागबाट बगेर जाने हुँदा निकै चिसो हुनाको साथै हिउँद महीनामा जम्ने गर्दछ। स्थानीय मानिसहरूले यो खोलाको पानीलाई खाने काममा तथा घट्ट चलाउनको लागि बाहेक कुनै किसिमको प्रयोगमा ल्याइएको पाईंदैन ।

सानो भेरी नदी

प्रसिद्ध कान्जिरोवा हिमालको दक्षिण खोपमा रहेको हिमनदीबाट उत्पत्ति भएको यो खोलालाई शुरूमा जगदुल्ला खोला भन्ने नाम दिइएको छ। यसको केही पूर्वमा पर्ने जग्दुल्ला तालको पानी पनि सहायक खोलाको रूपमा मिल्न आउँछ। त्यहाँबाट यो सिधा दक्षिण बगेर जान्छ। यसमा मिल्ने खोलाहरूमा ठूलीपाल्ला, ताङलुङ, गारपुङ तथा दूध कुण्डबाट निस्केको पानीपाल्ला मुख्य हुन्। हुरीकोट गाउँमा पुगेपछि यसलाई भेरी नदी भनिन्छ। यसको नजीकै फोइगाड खोला मिसिन आउँछ। त्यहाँबाट काइगाउँ हुँदै सिधा पश्चिम बगेर जान्छ। छाचुगाउँनिर आइपुगेपछि यो दक्षिण मोडिन्छ र शर्मी गाउँको नजीकै घुमेर फेरी पूर्वतर्फ लाग्दछ। शर्मी गाउँ नजीकै भालु खोला र नागबेनीको संयुक्त खोला मिल्न आउँछ। रालगाड र फेदी खोला मिलेपछि यसले ठूलो रूप लिन्छ र सिधा दक्षिण बगी ठूली भेरीमा मिल्न जान्छ। निकै अग्लो भागबाट आएको हुँदा यस नदीको धार तेजिलो छ र त्यसैले यसको किनारमा फराकिला बगर र बेंसी पाउन मुस्कील छ। भविष्यमा यो नदी जल विद्युत् शक्ति उत्पादन गर्न उपयुक्त हुन सक्छ ।

सुलिगाड

कान्जिरोवा हिमालको पूर्वी ढालबाट हिमनदी पग्ली बनेको यो खोला फोक्सुम्दो तालमा खस्नुभन्दा केही माथि फोक्सुम्दो खोलाको नाउँले प्रख्यात छ। जिल्लाको सबैभन्दा ठूलो तथा राम्रो फोक्सुम्दो तालमा अर्को सगर खोला पनि मिल्न आउँछ। तालको दक्षिण भागबाट निस्केर गएको पानीलाई बाउलीगाड भन्ने नामले चिनिन्छ। तालको दक्षिण किनार स्थित रिग्मी गाउँबाट करीब १.६ किलोमिटर (आधा कोस) तल यो

खोला ठूलो छाँगाको रूपमा खस्तछ । यस झरनाको उचाइ करीब १६७ मिटर (५५० फीट) अग्लो छ । पूर्वतिर बाट यसमा मरवा खोला मिल्न आउँछ । त्यस्तै पुग्मी खोला , रिमाजी खोला, चुक्पा खोला , साजवा खोला, फाक्चु खोला, थपाली खोलाको पानी सहित ठूली भेरी नदीमा मिल्न जान्छ । ठूलो ताल तथा झरनाको बाटोगरी बगेर आएको हुँदा भविष्यमा यस नदीबाट ठूलो आर्थिक लाभ गर्न सकिन्छ ।

यिनीहरू बाहेक यस जिल्लामा स्थायी तथा अस्थायी रूपले बग्ने खोला तथा नदीहरूको साथै उच्च भागहरूमा अनगिन्ती हिमनदीहरू पनि छन् । धेरैजसो नदीहरूमा वर्षातको समयमा बाढी आउने गर्दछ ।

ताल तथा झरनाहरू

डोल्पा जिल्लाको सम्पूर्ण भाग हिमाली तथा पहाडी प्रदेशभित्र पर्दछ । तसर्थ जिल्लाको जमीन ठूला साना डाँडाहरूको साथै अग्ला अग्ला हिमालय पर्वतमालाहरूले भरिएको छ । यसैले यस जिल्लाभित्र बग्ने खोला तथा नदीहरू ठूलो बेगले बग्नु स्वाभाविक हो । ठूलो जोडले बग्ने यिनै नदी तथा खोलाहरूले जमीनलाई काटेर ठाउँ ठाउँमा गहिरा गल्छीहरू बनाउने र झरनाको रूपमा खस्ने पनि गर्दछन् । यसरी अग्लो ठाउँबाट खसिरहेका कैयौं झरनाहरू जिल्लाभित्र छरिएर रहेका छन् । यिनीहरूमध्ये फोक्सुम्दो तालबाट निस्केर आउने बाउलीगाडले बनाएको झरना जिल्लाको मात्रै नभई अधिराज्यको पनि एउटा ठूलो र सुन्दर झरना मानिन्छ । त्यस्तै पहाडी भागको खोपहरूमा हिउँ पग्ली अथवा नदीहरू थुनिनाले बनेका साना-ठूला ताल तथा पोखरीहरूमध्ये ठूलोमा फोक्सुम्दो ताल, जगदुल्ला ताल तथा सानोमा सुन दह, चामा कुनी दह आदि प्रख्यात छन् । यिनीहरूको छोटकरी वर्गन तल दिइन्छ ।

बाउलीगाडको झरना

जिल्लाको प्रख्यात तथा सबभन्दा ठूलो ताल फोक्सुम्दोबाट निस्केको पानीलाई बाउलीगाड भनिन्छ । तालबाट निस्केको पानी करीब १.६ किलोमिटर (आधा कोस) दक्षिण गएपछि ठूलो झरनाको रूपमा तल खस्दछ । यो ठाउँ समुद्रको सतहबाट करीब ३,३५३ मिटर (१०,९९८ फीट) को उचाईमा रहेको छ । पूर्वी ढालतर्फ झरिरहेको यो झरनाको दृश्य यसको पारीबाट हेर्दा निक्कै रमाइलो देखिन्छ । ज्यादै अग्लो ठाउँबाट खसिरहेको हुँदा यसको आवाज त्यहाँबाट एकदिन टाढाको दुरीमा पनि सुनिन्छ भन्ने स्थानीय निवासीहरूको भनाइ छ । माथिबाट पानी खस्दा यसबाट निस्केको पानीका थोपाहरू फिजको रुपमा फैलिन्छन् र सूर्योदयको समयमा कैयौं इन्द्रधनुषहरू देख्न सकिन्छ ।

फोक्सुम्दो ताल

डोल्पा जिल्लाको करीब मध्यभागमा स्थित यो काललाई स्थानीय मानिसहरू रिग्मो ताल भन्दछन् । यसको नाम फोक्सुम्दो कसरी रहन गएको भन्ने कुरामा अन्वेषण गर्नु बाँकी नै छ । फोक्सुम्दो अथवा रिग्मो ताल कान्जिरोवा हिमालको दक्षिण काखमा स्थित नेपालका ठूल–ठूला तालहरूमध्ये एक हो । यस लेकाली ताल नेपालको सुन्दर प्राकृतिक स्थलहरूमध्ये एक मान्न सकिन्छ । यो ताल समुद्रको सतहबाट ३,६१३ मिटर (११,८४९ फीट) को उचाइमा छ । तालको आकार उत्तर-दक्षिण लम्बिएर पूर्व–पश्चिम चौडा भई अंग्रेजी अक्षर (वाई) को आकारमा फैलिएको छ । उत्तर–दक्षिण तालको एक छेउदेखि अर्को छेउसम्म करीब ४.८ किलोमिटर (१.५ कोस) लामो र पूर्व-पश्चिम करीब १.२ किलोमिटर (करीब आधा कोस) चौडा छ ।

यसको प्राकृतिक स्थिति अनौठो किसिमल बनेको छ । लामो खोंच परेको ठाउँमा चारैतिर घेरिराखेका नाङ्गा पहाडहरूको बीचमा दुईवटा खोलाहरू फोक्सुन्दो खोला र सगर खोलाको सङ्गम स्थलमा यो ताल रहेको छ । यस तालमा जम्मा भइरहेको शुद्ध, सफा, निर्मल पानी आज पनि त्यही अवस्थामा छ जुन पहिले उत्पत्ति भएको बेलामा थियो ।

तालको दक्षिणतिर रहेको समथर भूमिमा रिग्मी गाउँको बस्ती छ । गाउँको चारैतिर खेती–योग्य जग्गाहरू छन् जहाँ आलु, फापर, तोरी तथा केही मात्रामा गहुँ लगाइन्छ । यसको दक्षिण-पूर्वी किनारमा सल्लाका बाक्ला वनहरू छन् । गाउँका वरपरका समथर भूमिमा हरियो घाँस देखिन्छ । तालको दक्षिण-पूर्वी भागमा एउटा गुम्बा छ । डेविड स्नेलग्रोभले एक दृष्टिमा यस ताललाई हेर्दा बौद्धिक स्वर्गको प्रदेश भन्ने संज्ञा दिएका छन् ।[1] तालबाट चारैतिर हेर्दा छिया छिया परेका नाङ्गा चुचुराहरू सँधै हिउँले ढाकिएका हुन्छन् । वरपर नदीका बगरहरू तथा समथर घाँसे जमीन गर्मी महीनामा विशेषगरी साउनदेखि असोजसम्म विभिन्न रङ्का फूलहरूले सिंगारिएका हुन्छन् । फोक्सुन्दो तथा सगर खोला भएको उत्तरी भागमा प्रशस्त मात्रामा भूजका रूखहरू पाइन्छन् । यहाँ फराकिला चौर (पाटन) मा चौंरी, झोपा, भेडा, बाख्रा जस्ता हिमाली पाल्तु जन्तुहरू गर्मी महीनामा चराउन ल्याइन्छन् ।

ठाडो नाङ्गो पर्वतमालाले सूर्यको किरणबाट आउने ताप तथा हावालाई रोक्दछ र यसले ताललाई आफ्नै विशेषता दिएको छ । बब् स्यूह भन्ने लेखकले यस ताललाई अमेरिकाको ग्राण्ड क्याननको क्षेत्रसित तुलना गरेका छन्। उनकै भनाइमा यो ताल रारादह भन्दा सानो तथा फेवा तालभन्दा ठूलो र गहिरो मान्न सकिन्छ ।

जगदुल्ला ताल

कान्जिरोवा हिमालको दक्षिण काखमा रहेका तालहरूमध्ये यो पनि एक हो । हिउँले खियाएर बनाएको खोल्सोमा हिउँ पग्लेर उत्पत्ति भएको यो ताल जिल्लाको पश्चिम किनारमा रहेको छ । यस तालबाट निस्केको पानी पछि गएर जगदुल्ला खोलासँग मिल्न जान्छ । करीब ४,२६८ मिटर (१४,००० फीट) को उचाइमा रहेको यो ताल फोक्सुन्दोभन्दा केही सानो आकारको छ र हिउँद महीनामा जम्दछ। तर यसलाई जिल्लाको दोस्रो ठूलो ताल मान्न सकिन्छ । चारैतिरबाट हिउँ पग्ली बगेर आएका नदीहरू यसमा खस्ने भएको हुँदा पग्लने समयमा तालको पानी निकै सफा देखिन्छ । गर्मी महीनामा वरपर फुल्ने फूलहरूले यसको सुन्दरतालाई अझै बढाउँछन् ।

सुन दह

जिल्लाको दक्षिण सीमानामा द्वारी लेकको सिरानमा दुईवटा साना साना दहहरू पर्दछन् । कुलटा भञ्ज्याङ र जेङला भञ्ज्याङको बीचमा पर्ने यी दुवै दहहरू हिउँ पग्लेर आएको पानीले बनेका हुन् । यहाँ वर्षेनी साउन र असोज पूर्णिमाका दिन मेला लाग्दछ । त्यसबेला वरपरका गाउँलेहरू मेला भर्न आउँछन् । धार्मिक दृष्टिकोणले महत्वपूर्ण यो दह डोलपा र बागलुङ जिल्लाको सीमानामा पर्दछ ।

चामाकुनी दह

व्यास ऋषि लेकको दक्षिण काखमा एउटा अर्को सानो दह छ जसलाई चामाकुनी दह भन्दछन् । यो दहबाट करीब २.४ किलोमिटर (पौने एक कोस) पूर्वमा व्यास ऋषि भन्ने तीर्थस्थान पर्दछ। साउन पूर्णिमाको

---

[1] Snellgrove, D.- Himalayan **Pilgrimage, London,** 1961, p.60

दिन यस तीर्थस्थानमा मेला भर्न आउने तीर्थ यात्रीहरू यस दहमा नुहाई उक्त स्थानमा रहेको देवताको दर्शन गर्न जाने गर्दछन् । यो दह समुद्रको सतहबाट ४,७२५ मिटर (१५,५०० फीट) को उचाइमा पर्दछ । निकै माथि परेको हुँदा वर्षको तीन महीना मात्र पानी पग्लिन्छ भन्ने स्थानीय मानिसहरूको भनाइ छ ।

हावापानी

नेपाल अधिराज्यको पूर्वी भागबाट बहने दक्षिण–पश्चिम मनसुनी हावालाई धवलागिरि, मुकुट हिमाल जस्ता अग्ला पहाडहरूले छेकिदिने तथा ज्यादै उच्च भूमिमा अवस्थित भएको हुँदा डोल्पा जिल्ला निकै सुख्खा तथा ठण्डा हावापानीको प्रभावमा परेको छ । जिल्लाको सम्पूर्ण भागमा छ महीनाभन्दा बढी हिउं जमि-रहन्छ। एक ठाउँबाट अर्को ठाउँमा जाँदा बाटाहरूमा पर्ने अग्लाअग्ला लेकहरू त नौ महीनासम्म हिउँले ढाकिएका हुन्छन् । जिल्लाको उत्तरी सीमावर्ती क्षेत्रको हावापानी जनवादी गणतन्त्र चीनको तिब्बती प्रदेशसित मिल्दो जुल्दो छ । यस जिल्लाको दक्षिण–पश्चिम भागमा मात्र मनसुनी हावापानीको प्रभाव रहेको देखिन्छ । यहां गर्मीको दुई–तीन महीना वर्षा हुन्छ र अरू महीना प्रायः सुख्खा नै रहन्छ । हिउँदमा पश्चिमतिरबाट बहने आँधी बेरी द्वारा नेपालको सुदूर पश्चिमाञ्चल क्षेत्रको पहाडी भागमा वर्षा हुँदा यस जिल्लामा पनि केही मात्रामा वर्षा हुन्छ । त्यसबेला उत्तरी भागमा हिउँ पर्दछ । जिल्लाको दक्षिण भागमा परेको हिउँ एक दुई दिनपछि पग्लेर जान्छ तर लेक तथा घामको विमुख ढालमा कात्तिकमा परेको हिउँ वैशाखको अन्तिम हप्तामा मात्र पग्लन्छ।

जिल्लामा हालसम्म मौसम अवलोकन केन्द्र नभएबाट जिल्लाको हावापानी सम्बन्धी वास्तविक वर्णन गर्न गाह्रो पर्दछ । तर डोल्पा जिल्लाको पूर्वी सीमानामा रहेको मुस्ताङ जिल्लाको थाक मार्फा गाउँको अवलोकन केन्द्रबाट सङ्कलित तथ्याङ्कको आधारमा मोटामोटी रूपमा जिल्लाको तापक्रम र वर्षा प्रस्तुत गर्ने प्रयास गरिएको छ । उक्त गाउँको उचाई समुद्रको सतहबाट २,९५५ मिटर (९,६९२ फीट)छ । सन् १९७० मा मार्फामा लिइएको तापक्रम र वर्षा यस प्रकार छ :–

तापक्रम, सापेक्षिक आर्द्रता र वर्षाको तालिका

तापक्रम– सेन्टिग्रेडमा
वर्षा– मिलिमिटरमा
सापेक्षिक आर्द्रता– प्रतिशतमा

महीना	अधिकतम तापक्रम	न्यूनतम तापक्रम	सापेक्षिक आर्द्रता बिहान ८.४०	वर्षा जम्मा
जनवरी	९.७	–१.३	६४	२०.४
फेब्रुअरी	१०.१	–०.२	६०	३०.०
मार्च	१४.०	२.२	५४	३६.०
अप्रिल	१८.५	६.०	४५	३७.६
मे	१९.८	८.९	५५	३४.८
जून	२०.९	१२.२	७१	१०६.८
जुलाई	२१.२	१४.३	७८	७०.४
अगष्ट	२१.१	१३.४	७६	७०.४
सेप्टेम्वर	१९.८	११.९	७९	६३.८
अक्टोवर	१७.४	६.१	७७	२३.६
नोभेम्वर	१३.६	२.१	६८	५.६
डिसेम्वर	१३.२	१.४	६३	०.०
वार्षिक औसत	१६.६	६.४	६५	४९९.४

माथि उल्लिखित तालिकाअनुसार उक्त ठाउँको औसत अधिकतम तापक्रम १६.६° सेन्टिग्रेड र औसत न्यूनतम तापक्रम ६.४° सेन्टिग्रेड हुन आउँछ । यस ठाउँको तथ्याङ्कले डोल्पा जिल्लाको सम्पूर्ण भागलाई प्रतिनिधित्व नगरे तापनि जिल्लाको अधिकांश भागसित करीब करीब मिल्दछ । उक्त तालिकाअनुसार अप्रिल महीनादेखि तापक्रम बढ्न थाल्दछ । जुलाई र अगष्ट महीनामा सबभन्दा गर्मी भई तापक्रम फेरि झर्दछ । उक्त सालमा त्यस ठाउँमा सबभन्दा बढी तापक्रम अगष्टको ३० तारीखमा २७.८° सेन्टिग्रेडसम्म पुगेको थियो । सोही अवलोकन केन्द्रअनुसार नोभेम्बरदेखि मार्च महीनासम्म तापक्रम निक्कै कम भई फेब्रुअरी महीनामा सबभन्दा कम तापक्रम भएको देखिन्छ । सो महीनाको ६ तारीखका दिन शून्यभन्दा ५° सेन्टिग्रेड तलसम्म झरेको थियो ।

अन्नपूर्ण तथा धवलागिरि हिमाल पारका प्रदेशहरू विशेषगरी मुस्ताङ, डोल्पा तथा कर्णाली अञ्चलका सम्पूर्ण जिल्लाहरू वृष्टिछायाँमा परेको कुरा पहिले नै उल्लेख भइसकेको छ । त्यसैले उक्त ठाउँहरूमा नेपाल अधिराज्यका अरू मध्यपहाडी भागमाभन्दा निक्कै कम वर्षा हुन्छ । मुस्ताङ जिल्लाको थाक मार्फाको वर्षा सम्बन्धी अभिलेखलाई हेर्दा यहाँ जम्मा वार्षिक वर्षा ४६९.४ मिलिमिटर मात्रै हुन आउँछ जबकि बागलुङमा उक्त सालमा २,३३२.९ मिलिमिटर पानी परेको थियो । यसबाट अधिराज्यमा पहाडी प्रदेशमाभन्दा उत्तरी हिमाली क्षेत्रमा तथा पूर्वमाभन्दा पश्चिमका जिल्लाहरूमा तुलनात्मक रूपले कम वर्षा हुने कुराको पुष्टि हुन्छ ।

यही कारणले गर्दा यस डोल्पा जिल्लामा पनि नेपालका अन्य मध्यपहाडी भागहरूमाभन्दा निक्कै कम वर्षा हुने अनुमान गर्न सकिन्छ । माथि उल्लिखित तथ्याङ्कको आधारमा यस जिल्लामा पनि धेरै जसो पानी जूनदेखि सेप्टेम्बरसम्ममा पर्दछ । सन् १९७० मा सबभन्दा बढी वर्षा जून महीनामा भएको थियो र २४ घण्टाभित्र सबैभन्दा बढी वर्षा जूनको १७ तारीखको दिन भएको थियो । उक्त दिनमा जम्मा ३७.६ मिलिमिटर पानी परेको अभिलेख गरिएको छ ।

हावापानीको आधारमा डोल्पा जिल्लालाई मोटामोटी निम्न चार भागमा विभाजन गर्न सकिन्छः

(क) हिमाली हावापानी
(ख) लेकाली हावापानी
(ग) ठण्डा शीतोष्ण हावापानी
(घ) समशीतोष्ण हावापानी

हिमाली हावापानी

जिल्लाभित्र फैलिएर रहेका हिमालयका टाकुराहरू जस्तै धवलागिरि, मुकुट, कान्जिरोवा, पतरासी, पाल्चुङ हाम्गा आदि ४,८७८ मिटर (१६,०००फीट) भन्दा माथि परेका हुँदा जिल्लाको हिमाली भागमा निक्कै जाडो हुन्छ । यस क्षेत्रलाई सधैं हिउँले ढाकिरहेको हुन्छ र ग्रीष्म ऋतुमा समेत निक्कै जाडो हुने भएकोले यहाँ जीवजन्तु तथा मानिसहरूको बस्ती प्रायः शून्य छ । यस किसिमको हावापानीलाई ठण्डा हिमाली मरुभूमि प्रदेश पनि भन्दछन् । नेपाल अधिराज्यका प्रायः सबै उत्तरी सीमावर्ती जिल्लामा यस्तो प्रकारको हावापानी पाइन्छ। यहाँ जतिसुकै गरम भए तापनि करीब १०° सेन्टिग्रेडभन्दा बढी तापक्रम चढ्दैन भन्ने अनुमान गरिन्छ। यहाँ वर्षाको नाउँमा खालि हिउँ मात्रै पर्दछ ।

लेकाली हावापानी

जिल्लाको ३,९६३ मिटर(१३,००० फीट)देखि हिमरेखा अर्थात् ४,८७८ मिटर(१६,०००फीट) सम्मको प्रदेशमा लेकाली हावापानी पाइन्छ। जिल्लाको अधिकांश उत्तरी भोट क्षेत्र तथा दक्षिण भेकका अग्ला अग्ला डाँडाहरू माथिका भाग यस प्रदेशभित्र पर्दछन् । यहाँ गर्मीमा ठिक्क किसिमको गर्मी र हिउँदमा निक्कै जाडो हुन्छ। यस भागमा ग्रीष्म ऋतुको तीन महीना मात्र हिउँ पग्लने हुँदा त्यसबेला जताततै हरियो भई अनेक जातका फूलहरू फुल्न थाल्दछन् । यहाँ सालाखाला तापक्रम १०° सेन्टिग्रेड जति रहने अनुमान गरिन्छ र दुई-तीन महीनासम्म केही मात्रामा वर्षा हुन्छ ।

ठण्डा शीतोष्ण हावापानी

जिल्लाको अधिकांश क्षेत्र ठण्डा शीतोष्ण हावापानी हुने प्रदेशमा पर्दछ । जमीनको उचाइअनुसार यस्तो प्रदेश २,१३४ मिटर (७,००० फीट) देखि ३,९६३ मिटर (१३,००० फीट) को बीचमा पर्न आउँछ। जिल्लाको सबभन्दा रमाइलो भाग यसै प्रदेशलाई मान्न सकिन्छ । हिउँदमा लेकाली भागमा केही महीनाको लागि हिउँ जम्ने गरे तापनि गर्मी मा हिउँ पग्लन थालेपछि रङ्गी बिरङ्गी फूलहरू फुल्न थाल्दछन् । नदीका बगरहरू अथवा बेंसीमा त्यसबेला ठिक्क किसिमको मौसम हुन आउँछ । दिउँसो अलि गर्मी हुछ तापनि चीसो हावा बहने हुँदा चीसो हुन्छ। जिल्लाका धेरै जसो गाउँहरू पनि यसै क्षेत्रमा पर्दछन् । यस प्रदेशका धेरै जसो पाखा पखेरामा बाक्लो सल्लाका वनहरू पाइन्छन् ।

समशीतोष्ण हावापानी

जिल्लाको दक्षिण-पश्चिम भागमा भेरी नदीले बनाएका बेंसीमा न्यानो समशीतोष्ण हावापानीको प्रभाव पाइन्छ। यो भागमा हिउँदमा अलि चीसो भए तापनि गर्मी महीनामा निक्कै गर्मी हुन्छ। उचाइको दृष्टिकोणले यो प्रदेश २,१३४ मिटर अर्थात् (७,०००फीट) भन्दा मुनि र जिल्लाको सबभन्दा होचो ठाउं १,५२५ मिटर (५,००० फीट) सम्मको क्षेत्रभित्र पर्दछ। जिल्लाबासीहरू यस प्रदेशलाई औल जग्गा पनि भन्दछन् । मिश्रित वनले ढाकिएको यस क्षेत्रमा उष्ण प्रदेशमा पाइने बालीहरू पनि लगाइन्छन् ।

प्राकृतिक वनस्पति

अधिराज्यको सबभन्दा ठूलो जिल्ला भएकोले जिल्लाभित्र पाइने विभिन्न किसिमको जमीनको स्वरूप, उचाइको विभिन्नता तथा विभिन्न प्रकारका हावापानी बारेमा माथि नै वर्णन भइसकेको छ। फलस्वरूप यहाँ विभिन्न किसिमका वनस्पतिहरू पाइनु स्वाभाविक नै हो ।

डोल्पा जिल्लाको उत्तरी सीमावर्ती क्षेत्र तथा धेरै उचाइका हिउँले ढाकिने क्षेत्रहरूमा ठण्डा मरुभूमिमा हुने किसिमका वनस्पतिहरू पाइन्छन् अर्थात् वनस्पतिको नाउँमा काई, झ्याउ बाहेक अरू केही पाईदैन। यस क्षेत्र बाहेक अरू सम्पूर्ण भागमा विभिन्न किसिमका घाँस, झारपात तथा रूखहरू पाइन्छन्। जिल्लाभित्र पाइने प्राकृतिक वनस्पतिहरूलाई मोटामोटी चार प्रकारमा बाँड्न सकिन्छ :–

(१) हिमाली क्षेत्रको वनस्पति
(२) लेकाली घाँसे वनस्पति

(३) कोणधारी सदाबहार वन
(४) पतझड मनसुनी वन

हिमाली क्षेत्रको वनस्पति

हिमरेखा अर्थात् ४,८७८ मिटर (१६,००० फीट) भन्दा माथिको हिमाली क्षेत्र सधैं हिउँले ढाकिने हुँदा यहाँ ज्यादै कम वनस्पति पाइन्छ। हिउँ जम्न नसक्ने ठाउँहरू जस्तै ढुङ्गाका काप कापमा मात्र केही झ्याउ र काई जस्ता वनस्पतिहरू हुन्छन्। यिनीहरूलाई ठण्डा मरुभूमिको वनस्पति पनि भनिन्छ। जिल्लाका धवलागिरि, मुकुट, कान्जिरोवा, पाल्चुङ हाम्गा तथा पतरासी हिमालहरूमा यस किसिमका वनस्पति पाइन्छन्।

लेकाली घाँसे वनस्पति

हिमरेखाभन्दा मुनि करीब ३,९६३ मिटर (१३,००० फीट) सम्मको उचाइमा यस किसिमको वनस्पति पाइन्छ। वर्षको छ महीनासम्म यो भाग हिउँले ढाकिएको हुन्छ। गर्मी लागेपछि हिउँ पग्लन्छ र बिस्तारै बिस्तारै हरिया घाँसहरू पलाउन थाल्दछन्। मध्यवर्षातको समयमा घाँसहरू बाहेक अनेक रङ्गका बासना आउने फूलहरू पनि फुल्न थाल्दछन्। यी फूलहरूका जरालाई जरीबूटीको रूपमा प्रयोग गरिन्छ। यस क्षेत्रमा पाइने जरीबूटीहरूमा हाते जरो (पाँच औंले), ममयो, भुल्टचा, जटामसी, उत्तिस आदि प्रख्यात छन्। वर्षातको समयमा जता हेर्‍यो उतै हरिया घाँस तथा फूलहरूले भरिपूर्ण हुन्छन्। अलि होचो ठाउँमा कतै कतै स-साना झार तथा बुट्यानहरू पनि उम्रन्छन्। यिनै चौरहरूको अलि फराकिलो ठाउँलाई स्थानीय भाषामा पाटन भनिन्छ। वर्षातको मौसममा आसपासका गाउँलेहरू आ-आफ्नो बस्तुहरू लिई यस्ता ठाउँमा चराउन आउने गर्दछन्।

कोणधारी सदाबहार वन

जिल्लाको २,१३४ मिटर (७,००० फीट) देखि ३,९६३ मिटर (१३,००० फीट) को बीचमा पर्ने सबै जसो भागहरूमा सँधै हरियो रहने कोणधारी वनहरू पाइन्छन्। तुलनात्मक दृष्टिले होचो ठाउँमा भन्दा कम वर्षा भए तापनि तापक्रमको कमीले यस क्षेत्रले प्राप्त गर्ने पानी थोरै मात्रामा मात्र जलवाष्प भई उड्ने हुँदा यहाँ बाक्लो जङ्गल भएको हो। यस क्षेत्रमा पाइने रूखहरूमा सल्लाकै प्रधानता छ। यस बाहेक धूपी, देवदार, ठिंगो, गुराँस, लउंठ, ओखर, आरु, चिउली, खर्सु, भोज आदि जातका रूखहरू पनि उम्रन्छन्। विशेषगरी सियाला (घामको विमुख परेको पहाडी ढाल) मा यस प्रकारको वन-जङ्गल बाक्लो अवस्थामा पाइन्छ। पहाडामा (घामको सम्मुख परेको पहाडी ढालमा) छरिएका अवस्थामा सल्लाका रूखहरू तथा लामा लामा घाँसहरू पाइन्छन्।

पतझड मनसुनी वन

जिल्लाको २,१३४ मिटर (७,००० फीट) भन्दा होचो भू-भागमा गर्मीमा पात झर्ने किसिमका रूखहरू पाइन्छन्। यिनीहरूलाई पतझड मनसुनी वन भनिन्छ। गर्मीमा निक्कै गर्मी हुने र हिउँद महीनामा ठिक्क किसिमको हावापानी भई जिल्लाको सबैभन्दा बढी वर्षा हुने क्षेत्र भएको हुँदा यस किसिमका वनस्पति यहाँ पाइएको हो। यहाँ औले सल्लो भन्ने रूख निकै ठूलो मात्रामा पाइन्छ। यस बाहेक बरको रूख, अलि उचाइमा गुराँसको रूखको साथै चाँप, ओखर, दार, खर्सु, कटुस, उत्तिस आदि जातका रूखहरू पनि पाइन्छन्। यस किसिमको वन जङ्गल जिल्लाको दक्षिण-पश्चिम भागमा पाइन्छ।

वन क्षेत्र र वन विकास

जिल्लाभित्र पाइने विभिन्न वनहरूको राम्ररी संरक्षण हुन सकेको छैन । जिल्लावासीहरू यिनै वनहरूको आधारमा बाँचिरहेका छन् । यी वनका पैदावारहरूलाई जिल्लाबासीहरूले विभिन्न कामको लागि प्रयोग गर्दछन् । दाउरा बाल्न, घर निर्माण गर्न र पूल बनाउनको लागि सल्लाको काठ, अन्न खाडलमा थुपार्न तथा वर्षातको समयमा ओढ्ने स्याकु अथवा घुम बनाउन भोजपत्रका पातहरू, घोडा र झोपामा सामान लाद्न काठी बनाउने काममा ओखरको काठ, पशु वस्तुहरूको लागि चराउने काममा, जरीबूटी कोरेर बेच्ने काममा र राती अँध्यारो भएको बेलामा दियालोको सट्टामा बाल्ने काममा यिनै वन जङ्गलमा भर पर्दछन् । यसरी यहां वन जङ्गलको ह्रास हुँदै गएकोले वन संरक्षण र वन विकास सम्बन्धी कार्यक्रमहरूको ठूलो महत्व रहेको छ।

पशुपक्षी

डोल्पा जिल्लाको वन जङ्गलहरूमा विभिन्न किसिमका वन्यजन्तुहरू पाइन्छन् । तिनमा सबभन्दा महत्वपूर्ण कस्तूरी नै हो । कस्तूरी बाहेक यस जिल्लामा पाइने अन्य जनावरहरूमा घोरल, थार, झारल, नाउर, स्याल, भालू, बँदेल, वन बिरालो, चितुवा, डुम्सी, पण्डा आदि पनि हुन् । त्यस्तै पक्षीहरूमा डाँफे, मोनाल, कालिज, च्याखुरा, बाज, परेवा, ढुकुर आदि हुन् । जिल्लाभित्रका अथवा बाहिरबाट आउने मानिसहरूबाट वनजन्तुको शिकार भइरहेबाट यहाँ वन जन्तुको ह्रास हुनगएको छ। जिल्लामा वन जन्तु संरक्षणको सम्बन्धमा कुनै किसिमको कार्य सञ्चालन भएको छैन । त्यसैले अधिराज्यका अरू विभिन्न ठाउँमा झैं यहाँ पनि वनजन्तु संरक्षण सम्बन्धी कार्य छिट्टै शुरू गर्नु अति जरूरी भइसकेको छ ।

ऐतिहासिक पृष्ठभूमि

लिच्छविकालमा नेपालको सीमा करीब वर्तमान कालकै जस्तो थियो भन्ने कुरा ऐतिहासिक प्रमाणहरूका आधारमा सिद्ध भइसकेको छ। त्यसैले हालको डोल्पा जिल्ला समेत गाभिएको काठमाडौंदेखि सयौं किलोमिटर टाढा पर्ने कर्णाली प्रदेश पनि नेपाल राष्ट्र अन्तर्गत नै थियो। पछि लिच्छविहरूको पतन भएबाट शासनमा कमजोरी आउन थाल्यो। यसले गर्दा राजधानीबाट टाढा परेका प्रदेशमा नियन्त्रण हुन सकेन।[1] यही कमजोरीको फाइदा उठाई पश्चिम नेपालमा पर्ने कर्णाली प्रदेशमा अर्को बलियो राज्य स्थापना भयो।

लिच्छवि राज्यको पतन भएपछि पश्चिम नेपालको कर्णाली प्रदेशमा खशिया मल्लहरूको अभ्युदय भयो।

यस शक्तिशाली मल्ल राज्यको संस्थापकको रूपमा नागराजलाई लिइएको छ। नागराजपछि उनैका वंशजहरूले यस कर्णाली प्रदेशमा राज्य गरेका थिए। यो राज्य "खस देश" को नाउँले प्रख्यात छ। यसको राजधानी सिंजा लामाठाडामा रहेको थियो। यस राज्यको विस्तार पूर्वमा त्रिशूली गण्डकी, पश्चिममा कुमाउ-गढवाल, उत्तरमा गुगे प्रदेश तथा मानसरोवर क्षेत्र (हाल तिब्बतमा) र दक्षिणमा तराई भागसम्म फैलिएको कुरा फेला परेका ऐतिहासिक तथ्यहरूबाट स्पष्ट हुन्छ। यसरी हिमालयका उत्तरी तथा दक्षिणी प्रदेशहरू समावेश भएको विशाल मल्ल राज्य चौधौं शताब्दीमा आएर अभय मल्लको पालोमा पतन भयो। त्यसपछि उक्त राज्य अनेक टुक्रामा विभाजन भए। कल्याली राजाहरूले यस क्षेत्रमा राज्य गर्न थाले।[2] जुम्ला राज्य यिनै अनेक टुक्रामा विभाजित राज्यहरूमध्ये एक हो। जुम्ला राज्यको इतिहासमा राजा मेदनी वर्मा र बलिराज प्रख्यात छन्।[3] बलिराजको छैठौं पुस्तापछि उनको उत्तराधिकारी भई राजा विक्रम शाही जुम्लाको राजगद्दीमा बसे। विक्रम शाहीको राज्यकाल वि. सं. १६५६ देखि १६७७ सम्म[4] भएको कुरा इतिहासकारहरूको अनुसन्धानबाट देखिएको छ। यसभन्दा पहिले पनि डोल्पा जिल्ला छुट्टै राज्यको रूपमा रहेको थियो। त्यसबेला यस जिल्लामा जक्तुसिंह नामक सामन्त राजाले कोटगाउँ स्थित तिब्रिकोटमा बसी राजकाज

---

[1] धनवज्र वज्राचार्य–कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा, कर्णाली प्रदेश एक बिटो अध्ययन, पृष्ठ ११–६२

[2] योगी नरहरिनाथ (सं.)–इतिहास प्रकाश, अंक २: भाग १, पृष्ठ १२८ उप्रान्त

[3] ऐजन, पृष्ठ १०३–११

[4] ऐजन, पृष्ठ १३१–३३

चलाइराखेका थिए । पछि जुम्ली कल्याली राजाले छलकपट गरी जक्तुसिंहलाई हराएको हुँदा जक्तुसिंह जिल्ला छोडी जाजरकोटतर्फ भागेका थिए । त्यसै समयदेखि डोल्पा जिल्ला जुम्लामा गाभियो । त्यसबेला जुम्ला राज्यको विस्तार पूर्वमा मुक्तिनाथसम्म फैलिएको थियो । छार्का भोटको तिन्जे भन्ने गाउँमा कल्याली राजाको सात तले दरबारको भग्नावशेष हालसम्म भएकोले डोल्पा क्षेत्र जुम्लाको कल्याली राजाकै अन्तर्गत भएको कुरा स्पष्ट हुन्छ । वि. सं. १७९७ तिर मुस्ताङी राजासँग जुम्ली राजाको लडाइँ पनि भएको थियो। करीब २० वर्षसम्मको लडाइँपछि डोल्पा क्षेत्रभित्र पर्ने दक्षिण–पश्चिम भाग जुम्लाको अधीनमा र उत्तर–पूर्वको भाग मुस्ताङी राजाको अधीनमा परेको देखिन्छ। मुस्ताङबाट डोल्पा जाने छार्का भोटको बाटो मुस्ताङी राजाले बनाएको कुरा मुस्ताङको इतिहासमा उल्लेख छ । मुस्ताङी राजालाई गोरखा अधिपति पृथ्वीनारायण शाहले एक सन्धिगरी जुम्लाले विजय गरिलिएको हालको डोल्पा जिलामा रहेका क्षेत्र फिर्ता दिने लालमोहर गरिदिएका थिए ।[1] यहि लालमोहरलाई मान्यतादिई रणबहादुर शाहले अर्को सन्धि ई.सं. १७९० मा गरेका थिए ।[2]

वि. सं. १८२५ मा गोरखा अधिपति पृथ्वीनारायण शाहले नेपाल उपत्यकाको एक प्रमुख राज्य कान्तिपुरलाई जितेको बेला जुम्लामा शोभन शाहीको शासन चलेको थियो भन्ने कुरा इतिहासमा उल्लेख भएको छ । पछि रणबहादुर शाहको शासनकालमा बहादुर शाहको नायबीमा पश्चिम नेपाल हान्ने सिलसिलामा काजी शिवनारायण खत्री, सरदार प्रवल रानाको नेतृत्वमा गोरखाली फौजको दुई कम्पनीलाई जुम्ला सर गर्न पठाइएको थियो ।[3] सो फौजले युद्ध नगरी मुस्ताङ राज्य नेपालको अधिनस्थ गरे । वि. सं. १८४२ तिर जुम्ला सर गर्नुअघि गोरखाली फौज कोटगाउँ (त्रिपुरासुन्दरीको मन्दिर रहेको ठाउँ) मा कोट बनाई जुम्लासित लडेको थियो । तर जुम्ला विजय गर्न गोरखालीहरूलाई निकै बल र जुक्ति जुटाउन परेको थियो। तीन वर्षपछि अर्थात् वि.सं. १८४६ असोज ३ गतेका दिन जुम्लाको राजधानी छिनासिम दखल गर्न गोरखालीहरू सफल भए ।[4] तत्कालीन जुम्ला राज्यका शासक शोभन शाही हुम्लातर्फ भागेका थिए । उनी पछि तिब्बत पसी मरेको अनुमान गरिएको छ । यस प्रकार गोरखाली फौजले डोल्पा जिल्ला सहित जुम्ला राज्यलाई विशाल नेपाल अधिराज्यमा मिलाएको थियो ।

---

[1] योगी नरहरिनाथ (सं.)– इतिहास प्रकाशमा सन्धि-पत्र संग्रह, पृष्ठ ५५

[2] ऐजन, पृष्ठ ६७१

[3] भीमप्रसाद श्रेष्ठ –जुम्ला क्षेत्रीय प्रशासनको डिलबाट, कर्णाली प्रदेश एक बिटो अध्ययन, पृष्ठ ६५

[4] योगी नरहरिनाथ (सं.)– इतिहाश प्रकाश, अंक २ भाग ३, पृष्ठ ४३८

प्रमुख स्थानहरू

दुनै

दुनै डोल्पा जिल्लाको सदरमुकाम हो। यो ठाउँ ठूली भेरी नदीको किनारामा रहेको छ। यस ठाउँको उचाइ समुद्रको सतहबाट २,४०८ मिटर (७,९०० फीट) छ। यसको पश्चिममा पर्ने छिमेकी जिल्ला तिब्रिकोटको सदरमुकाम देपाल गाउँ अथवा जुम्लाबाट यहाँ पुग्न पाँच दिन लाग्छ। त्यस्तै अञ्चल सदरमुकाम बागलुङबाट यहाँ पुग्न करीब १० दिन लाग्छ। डोल्पा जिल्लाको सदरमुकाम भइरहेको यस ठाउँमा करीब २० वटा घर कुरियाहरू छन्। ग्रीष्म ऋतुमा गर्मी भई हिउँदमा रमाइलो किसिमको मौसम हुन्छ।

सदरमुकाम भएकोले यहाँ प्रमुख जिल्ला अधिकारीको कार्यालय सहित अन्य कार्यालयहरू जस्तै– प्रहरी थाना, जिल्ला पञ्चायत कार्यालय, माल, शिक्षा शाखा, हुलाक, दुर्गम क्षेत्र विकास समितिको जिल्ला कार्यालय, आकाशवाणी, जिल्ला अदालत, स्वास्थ्य केन्द्र, कारागार आदि छन्।

ठूली भेरीको सहायक नदी भैरवीको किनारामा एउटा सरस्वतीको मन्दिर भएको हुँदा दुनैलाई सरस्वती तीर पनि भन्दछन्।[1] यस मन्दिरको निर्माण वि. सं. १९८३ पछि भएको हो। मन्दिरभित्र सरस्वती बाहेक गणेश, चतुर्भुज नारायण, आर्यतारा, हरगौरी सहित पृथ्वीनारायण शाहको मूर्ति पनि राखिएको छ।

जुम्लाबाट ताराकोट हुँदै बागलुङ अथवा छार्काभोट भएर मुस्ताङ जान यही बाटो गरि जानु पर्ने हुँदा पहिलेदेखि यो चल्तीको ठाउँ बनेको छ। गाउँमा विशेषगरी ठकुरी, क्षेत्री तथा अरू जातका मानिसहरूको बसोबास छ। भेरी नदीको किनारको खेती-योग्य भूमि नै यहाँको मुख्य आर्थिक स्रोत मात्र पर्दछ। यसको वरपरका जगाहरू खालि घाँसले मात्र ढाकेको हुँदा अलि उजाड देखिन्छ। यो स्थान जिल्लाको सदरमुकाम बनेको धेरै वर्ष भइसक्यो। तापनि हालसम्म धेरै सरकारी कार्यालयहरूको भवनहरू बनेका छैनन्।

कोटगाउँ (तिब्रिकोट)

कोटगाउँ जिल्लाको सदरमुकाम दुनैबाट करीब १५ किलोमिटर (५ कोस) पश्चिममा पर्छ। यो ठाउँ धार्मिक तथा ऐतिहासिक दृष्टिकोणले जिल्लाको सबभन्दा महत्वपूर्ण ठाउँ हो। यो भेरी नदी र

---

[1] जनकलाल शर्मा–डोल्पा र केही अन्य स्थलको पुरातात्विक उपलब्धि, प्राचीन नेपाल, अंक १५ (२०२८), पृष्ठ १२

छलगाड (खोला) को सङ्गमनिर रहेको उच्च टाकुरामा अवस्थित छ, जसले गर्दा बाहिरबाट आउने मानिसहरूले टाढैबाट यस कोटलाई देख्न सक्छन्। यो ठाउँ समुद्रको सतहबाट २,१५९ मिटर (७,०८२ फीट) माथि पर्दछ। जिल्लाका अरू ठाउँहरूको दाँजोमा यहाँ निकै कम जाडो हुन्छ। यस गाउँको नजीकै रहेको त्रिपुरासुन्दरी देवीको नामबाट नामाङ्कित तिब्रिकोटलाई हाल तिब्रिकोट भन्दछन् । सर्वप्रथम अञ्चल तथा जिल्ला-विभाजन हुँदा यो ठाउँ तिब्रिकोट जिल्लाको सदरमुकाम बनाइएको थियो । हाल डोल्पा जिल्लाभित्र पर्ने गरी सीमा निर्धारण गरिएको छ। डाँडाको टुप्पोमा रहेको घर प्राचीनकालको किल्ला अथवा कोट भएको मानिन्छ। समय समयमा यस ठाउँलाई किल्ला बनाई विभिन्न शासकहरूले रजाइँ गरेका कुराहरू इतिहासले बताउँछ। काठमाडौं उपत्यकामा पृथ्वीनारायण शाहको विजयपछि पश्चिममा काजी शिवनारायण खत्री र सरदार प्रवल रानाको नेतृत्वमा गएका नेपाली फौजले वि. सं. १८४६ तिर यही ठाउँमा बसी कोट बनाई तत्कालीन जुम्ला राज्यलाई सर गरेको भन्ने जनश्रुति छ ।

कोटको टुप्पोमा रहेको मन्दिरको पूर्वी भागको केही तल सार्की जातिको बस्ती छ । मन्दिरको पूर्वतिर बाहुन, क्षेत्रीको छ्यासमिसे बस्ती छ। यी दुवै गाउँलाई मिलाएर कोट गाउँ भनिन्छ ।

यहाँ रहेको त्रिपुरासुन्दरीको मन्दिरभित्र मुख्य मूर्ति भगवतीको भए तापनि यसमा भैरव तथा अनेक देव–देवीका मूर्तिहरूको साथै एउटा बुद्धको मूर्ति पनि पाइन्छ । भित्तामा धेरैजसो बुद्धधर्मका चित्रहरू लेखिएका छन् ।

नेपालको सुदूर पश्चिम जाने मुख्य बाटोमा परेको हुँदा यस ठाउँको व्यापारिक महत्व निकै छ। उत्तरी भोटतर्फबाट ल्याइने ऊन र नूनसित दक्षिण जाजरकोटबाट ल्याइने खाद्यान्न यहीं ल्याएर साट्ने काम हुन्छ ।

ताराकोट

जिल्लाको सदरमुकाम दुनैबाट करीब १६ किलोमिटर(पाँच कोस) दक्षिण–पूर्व स्थित ताराकोट जिल्लाको ठूल–ठूला गाउँहरूमध्ये गनिन्छ। समुद्रको सतहबाट यो ठाउँ करीब २,७४४ मिटर (९,००० फीट) माथि स्थित छ । भेरी नदीको पश्चिम भागमा पर्ने डाँडाको पूर्व ढालमा रहेको ताराकोट जिल्लाको उच्च भागमा रहेका गाउँहरूमध्ये एक हो । डोल्पा जिल्लाको सदरमुकाम पहिले यहाँ रहेको थियो ।

अञ्चल सदरमुकाम बागलुङबाट यस जिल्लामा आउँदा भञ्ज्याङ काटी सकेपछि सबभन्दा नजीकको गाउँ यही हो । यो ठाउँ शहरतारा, गुम्बातारा, टुप्पातारा आदि गाउँहरू मिलेर बनेको छ। वहाँका मुख्य वासिन्दा मगरहरू हुन् । तर यिनीहरू ताराकोटमा रहने हुँदा तरालीको नामले प्रख्यात छन्। यिनीहरू व्यापारको लागि प्रख्यात छन्। डोल्पा जिल्लाको दक्षिण भागको व्यापार यिनीहरूको हातमा छ । बागलुङबाट नजीकै परेकोले त्यहाँका व्यापारीहरूको आवत–जावत भइरहन्छ ।

यहाँ एउटा आयुर्वेदिक औषधालय पनि छ ।

शहरतारा, टुप्पातारा तथा गुम्बाताराको समेत मिलाई यहाँ १५७ घर कुरियाहरू छन् । मुख्य जाति मगर भए तापनि यिनीहरू मगर भाषा बोल्दैनन्। धेरैजसोले "काइके" भाषा बोल्दछन्।[1] काइके भाषा

---

[1] जनकलाल शर्माको माथि उल्लिखित पत्रिकाको लेख, पृष्ठ १५

सम्भवतः मोन खमेर परिवारको हो। यहाँ धेरै गुम्बाहरू छन्। यी गुम्बाहरू डोल्पा जिल्लाका महत्वपूर्ण गुम्बाहरूमध्ये मानिन्छन्। ती गुम्बाहरूको नाम यस प्रकार छ: टुप्पो गुम्बा, तल्लो माधाङ गुम्बा, माथिल्लो माधाङ गुम्बा, नामग्याल गुम्बा, समथलिङ गुम्बा, घाङसा गुम्बा, टेवा गुम्बा, खारूङ गुम्बा, धाइसा गुम्बा, मनि पेमे गुम्बा, ह्लिसोल गुम्बा, लोमजुङ गुम्बा। यिनीहरू सबै ताराकोटको वरपरका गाउँहरूको माथिल्ला भागमा छरिएर रहेका छन्।

शहरतारागाउँको पुछारमा यस गाउँको एउटा पनेरो छ। यस ठाउँमा गाउँका जनताले ढुङ्गाको गारो लगाएर चौतारो बनाएका छन् र यहाँ लहरै तीनवटा धाराहरू छन्। बीचको धारा गोमुखी र अरू दुई धारा अजामुखी छन्। तीनवटै धारोको मुख धातुको छ र सबैमा सुनको जलप लगाइएको छ।

तराप गाउँ

तराप खोलाको किनारामा स्थित यो गाउँ जिल्लाको करीब करीब बीचमा पर्दछ। यो गाउँ समुद्रको सतहबाट करीब ४,०९३ मिटर (१३,४२०फीट) माथि पर्दछ। खोलाको बगरमा गरिने सीमित खेतीबाट केही महीनाको लागि मात्र पुग्ने खाद्यान्न उत्पादन गर्न सकिन्छ। गाउँका अधिकांश मानिस भोटे जातिका हुन्। यिनीहरू बाहेक एक दुई घर थकाली र केही तिब्बतबाट आएका शरणार्थीहरू छन्। ताराकोटबाट उत्तर डोल्पा भोटमा जाँदा बीच बाटोमा पर्ने हुँदा अरू गाउँहरूभन्दा यो बढी चल्तीको छ। ज्यादै उचाइमा रहेको हुँदा यहाँ निक्कै जाडो हुन्छ। वरपरका डाँडाहरू हिउँदमा हिउँले ढाकिएका हुन्छन्।

रिग्मो गाउँ

जिल्लाको प्रसिद्ध फोक्सुम्दो तालको दक्षिण भागमा स्थित रिग्मो गाउँ सदरमुकामबाट ३५ किलोमिटर (११ कोस) उत्तरमा पर्दछ। यो ठाउँ समुद्रको सतहबाट करीब ३,३५३ मिटर (११,००० फीट) को उचाइमा रहेको छ। यस स्थान फोक्सुम्दो तालबाट निस्कने सुलीगाड खोलाको किनारामा पर्छ। ज्यादै उचाइमा परेको हुँदा यहाँका मानिसहरू छ महीना माथिल्लो गाउँ र छ महीना तल्लो मुरवा गाउँमा बस्ने गर्दछन्। यहाँका लामा जातिका मानिसहरूले तितो फापर, आलु, गहुँ, कालो चिनो, तोरी र चोटो (गोलो मुला) आदि उत्पादन गर्नुको अलावा चौंरी, झोपा तथा गाईवस्तु पालनको साथै व्यापार पनि गर्दछन्। तालको दक्षिण-पूर्वी किनारामा एउटा ठूलो वोन्पो गुम्बा छ। यहाँ धेरै वर्षदेखि बसोबास गरिरहेका तिब्बती लामा छन्। उपल्लो गाउँमा करीब १५।२० वटा घरहरू छन्। गाउँको आसपास फराकिला चौरहरू पनि छन् तर तालको वरपर भने नाङ्गा पर्वतहरू छन्। डोल्पा जिल्लामा यो ठाउँ उत्तरी भेकका बौद्ध–मार्गी र दक्षिणका शैव–मार्गीको सङ्गमस्थल बनेको छ।

छार्का भोट गाउँ

यो गाउँ बारबुङ खोलाको किनारमा करीब ४,२७९ मिटर (१४,०३० फीट) को उचाइमा स्थित छ। छार्का भोट गाउँ जिल्लाका दुर्गम गाउँमध्ये एक मानिन्छ। सदरमुकामबाट यो ठाउँ पुग्न करीब पाँच दिन हिंड्नु पर्दछ। भोट क्षेत्रको १० थाप्लामध्ये छार्का भोट एक थाप्ला हो। यो ज्यादै पुरानो बस्ती हुनुको अलावा एउटा व्यापार केन्द्र पनि हो, किन कि यहाँबाट पूर्वमा मुस्ताङ, पश्चिममा तराप, ताराकोट, तिब्रिकोट

आदि गाउँ तथा उत्तरमा डोल्पा भोटको धेरै गाउँको सङ्गममा रहेको छ । यो गाउँको आसपासमा सीमित मात्रामा खेती–योग्य जमीन छ, जसमा फापर, आलु तथा चोटो सिवाय अरू केही उब्जदैन । यहाँ एउटा गुम्बा पनि छ । गाउँबाट धवलागिरि हिमालयको अति मनमोहक दृश्य देखिन्छ । यस गाउँभन्दा करीब ५.६ किलोमिटर (पौने दुई कोस) पश्चिममा बारबुङ खोला र महोला खोलाको सङ्गममा नून मिसिएको पानीका मूलहरू धेरै पाइनाले यस क्षेत्रमा नूनको खानी हुन सक्ने सम्भावना धेरै छ । हाल यस ठाउँबाट निस्केको पानी पशुवस्तुलाई ख्वाउने काममा प्रयोग गरिन्छ ।

सेगुम्बा

यो ठाउँ करीब ४,८७८ मिटर (१६,००० फीट) को उचाइमा सेबु खोला र हुबालु खोलाको सङ्गमस्थलमा पर्दछ ।[1] यो ठाउँ बौद्धमार्गीहरूको लागि प्रसिद्ध तीर्थस्थलको रूपमा रहेको छ । यहाँको गुम्बा डोल्पा जिल्लामा मात्रै नभई मुस्ताङ, मुगु, तिब्रिकोटतर्फ पनि प्रख्यात छ । गुम्बाको वरिपरि केही घरहरू छन् । यस गुम्बाको वरपर खेती-योग्य जमीन छैन । यहाँ बस्ने प्रायः सबै मानिसहरू बाहिरबाट अन्न ल्याई खाने गर्दछन् । यिनीहरूको अर्को व्यवसाय चौंरी पालन हो । यो क्षेत्रलाई राजनिकुञ्जमा परिणत गर्ने योजना छ ।

बिजेर गाउँ

यो गाउँ डोल्पा जिल्लाको सबभन्दा उत्तरी भागमा पर्दछ । यो गाउँ फू खोलाको किनारमा करीब ३,४९७ मिटर (११,४७० फीट) को उचाइमा स्थित छ । १५।२० वटा घरहरू भएको यो गाउँको आसपासमा अन्दाजी १.२ वर्ग किलोमिटर खेती-योग्य जमीन छ । यस गाउँबाट करीब ४.८ किलोमिटर (डेढ कोस) दक्षिणमा यसैको शाखाको रूपमा रहेको अर्को बिजेर गाउँ छ जसलाई टाटा गाउँ पनि भन्दछन् । यिनीहरूको मुख्य आर्थिक स्रोत पशुपालन र चौंरी तथा भेडाको ऊनबाट तयार हुने सामान बुन्ने काम हुन् ।

सालदाङ

डोल्पा जिल्लाको उत्तरमा पर्ने उच्च गाउँहरूमध्ये ठूलो गनिएको सालदाङ गाउँ नागोंङ खोलाको किनारमा करीब ३,९६३ मिटर (१३,००० फीट) माथि स्थित छ । यहाँ खोलाको किनारमा खेती-योग्य जग्गा पाइन्छ । केही ठाउँमा फापर, जौ, आलु आदि उब्जनी हुन्छ । वरपर सबै गाउँको मिलाई करीब ६०।७० घरहरू छन् । उत्तर भोटतर्फ जाने मुख्य बाटोमा पर्ने हुँदा यो ठाउँ त्यति उचाइमा परेर पनि महत्वपूर्ण भएको छ ।

याङजेर गुम्बा

नागोंङ खोला र पान्जङ खोलाको दोभानमा स्थित याङजेर गुम्बा पनि डोल्पा जिल्लाको नाम चलेका गुम्बाहरूमध्येकै मानिन्छ । यसको आसपासमा निसाल गाउँ र ह्लोरी गाउँ पर्दछन् । खोलाको बगरमा गाउँको उचाइ समुद्रको सतहबाट ३,८६६ मिटर (१२,६८० फीट) माथि पर्दछ । तर गुम्बा भएको ठाउँ अझ माथि पर्न आउँछ । याङजेर शब्दले दायाँ किनार भन्ने बुझाउँछ । ह्लोरी गाउँमा करीब २० वटा घरहरू छन् । जिल्लाको उत्तरी सीमावर्ती क्षेत्रमा पर्ने यी गाउँहरूसम्म सदरमुकामबाट पुग्न कम्तीमा पनि छ-सात दिन लाग्दछ ।

---

[1] स्नेल ग्रोभ्को माथि उल्लिखित किताब, पृष्ठ ७३

जनसंख्या र जनजीवन

जनसंख्या

वि.सं. २०२८ को राष्ट्रिय जनगणनाअनुसार यस जिल्लाको कुल जनसंख्या १९,११० छ जसमध्ये ९,५१५ जना पुरुष र ९,५९५ जना महिला छन् । यसरी यहाँ पुरुषभन्दा महिला ८० जनामात्र बढी देखिन्छ । धवलागिरि अञ्चलका चार जिल्लाहरूमध्ये यहाँ सबभन्दा कम अर्थात् ६.९ प्रतिशत मात्र जनसंख्या रहेको छ । जनसंख्याकै हिसाबले नेपाल अधिराज्यमा यस जिल्लाको ७२ रौं स्थान छ र यस जिल्लाको भन्दा कम जनसंख्या भएका बाँकी तीनवटा जिल्लाहरू क्रमशः रसुवा, तिब्रिकोट र मनाङ हुन् । श्री ५ को सरकार नापी विभागबाट प्राप्त जानकारीअनुसार यस जिल्लाको क्षेत्रफल ८,०९३ वर्ग किलोमिटर छ । यसरी यहाँको जनघनत्व प्रति वर्गकिलोमिटरमा २.४ व्यक्ति पर्न आउँछ, जुन अधिराज्यका अन्य जिल्लाहरूको दाँजोमा सबभन्दा कम हो ।

डोल्पा जिल्लालाई २० गाउँ पञ्चायतहरूमा विभाजन गरिएको छ । यिनीहरूमा सबभन्दा बढी जनसंख्या भएको कोट गाउँ पञ्चायत हो जसको जनसंख्या १,४२४ छ । त्यस्तै यहाँका पञ्चायतहरूमा सबभन्दा कम जनसंख्या बिजेर गाउँ पञ्चायतको छ जसको जनसंख्या ४४७ जनामात्रै छ । यस जिल्लाका २० वटा गाउँ पञ्चायतमा बसोबास गरिरहेको जनसंख्या निम्नअनुसार छ :–

गाउँ पञ्चायत	जनसंख्या	गाउँ पञ्चायत	जनसंख्या
१. कोट गाउँ (तिब्रिकोट)	१,४२४	२. छार्का ढाडगाउँ	८९७
३. जियालास	७३९	४. जुफाल,	१,०१६
५. तिन्जे	७७३	६. दुनै	७६८
७. धोतराप	५५२	८. नर्कु	८१०
९. पहाडा	९४९	१०. भिजेर	४४७
११. माझफाल	१,०६७	१२. मुहुँ	१,०२९
१३. रीमी	१,१६९	१४. लावन	१,१३४
१५. लाहान	६८१	१६. लुहुन	८०९
१७. सहर तारा	१,३८९	१८. सर्मी	१,२०५
१९. सालदाङ	१,३८५	२०. सुहुं	८६७
		जम्मा	१९,१००

उपर्युक्त लगतअनुसार यस जिल्लाका अधिकांश पञ्चायतहरूको जनसंख्या १,००० भन्दा कमै छ। जम्मा नौ वटा पञ्चायतहरूमा १,००० भन्दा बढी जनसंख्या छन्।

डोल्पा जिल्लाको कुल जनसंख्या जम्मा ३,७७५ घर परिवारमा बसेका छन्। यहाँको औसत घर परिवारको सदस्य संख्या ५.०६ छ। यहाँ एक जनामात्र सदस्य भएको परिवार संख्या १९५ र २० जना र सोभन्दा बढी सदस्य भएका परिवार संख्या तीन वटा छन्। यहाँ चार सदस्य भएका घर परिवारहरूको सबभन्दा बढी संख्या अर्थात् ६७३ छ।

यस जिल्लाको जनसंख्यालाई निम्नलिखितअनुसार तीन मुख्य उमेर समूहमा विभाजन गरिएको छ।

उमेर समूहको तालिका

उमेर समूह	पुरुष संख्या	पुरुष प्रतिशत	महिला संख्या	महिला प्रतिशत	जम्मा संख्या	जम्मा प्रतिशत
०–५	१,५१८	१५.९	१,७९१	१८.६	३,३०९	१७.३
६–१५	२,२०८	२३.२	२,०८९	२१.८	४,२९७	२२.६
१६ र माथि	५,७८९	६०.९	५,७१५	५९.६	११,५०४	६०.१
जम्माः–	९,५१५	१००.०	९,५९५	१००.०	१९,११०	१००.०

उपर्युक्त तालिकाअनुसार यहाँको जनसंख्यामा ० देखि ५ सम्मको उमेर समूह भित्र १७.३ प्रतिशत जनसंख्या र ६ देखि १५ वर्षसम्मको उमेर समूह भित्र २२.६ प्रतिशत गरी जम्मा १५ वर्षसम्मको उमेर समूहमा कुल ३९.९ प्रतिशत जनसंख्या भएको देखिन्छ। बाँकी उमेर समूहमा करीब ६० प्रतिशत जनसंख्या रहेको देखिन्छ।

यहाँ १० वर्षदेखि ५९ वर्षसम्मको जनसंख्यालाई सक्षम मानी ० देखि ९ वर्ष र ६० वर्ष र सोदेखि माथिको उमेरका मानिसहरूलाई आश्रित मानेमा यहाँ सक्षम जनसंख्या १३,००० र आश्रित जनसंख्या ६,११० हुन्छ। यसरी यहाँको कुल जनसंख्यामध्ये ६८ प्रतिशत सक्षम र ३२ प्रतिशत आश्रित छन्। यसअनुसार यस जिल्लामा सक्षम र आश्रित जनसंख्याको अनुपात १००:४७ अर्थात् उमेरको कारणले सक्षम मानिने प्रत्येक १०० जना माथि उमेरको कारणले आश्रित मानिएका ४७ जना निर्भर रहेका छन्।

अन्तर्राष्ट्रिय परिपाटीअनुसार १५ देखि ६४ वर्षसम्मको जनसंख्यालाई सक्षम मान्यो भने यस जिल्लामा ११,४८६ सक्षम रहेको पाइन्छ र १४ वर्षसम्मको र ६५ वर्ष र सोभन्दा माथिको जनसंख्यालाई आश्रित मानेमा ७,६२४ जना आश्रित जनसंख्या भएको पाइन्छ। यस परिपाटीअनुसार हिसाब गर्दा आर्थिक निर्भरताको अनुपात १००:६६ रहेको देखिन्छ।

राष्ट्रिय जनगणना २०२८ अनुसार यस जिल्लामा बसोबास गरिरहेका कुल १९,११० मानिसहरू मध्ये १८,९४९ अर्थात् ९९.२ प्रतिशत मानिस स्वदेशमा जन्मेका र बाँकी १६१ जना अर्थात् ०.८ प्रतिशत मात्रै विदेशमा जन्मेका देखिन्छन् । विदेशमा जन्मिएकामध्ये धेरैजसो अर्थात् १३४ जना चीनमा जन्मेका र पाँच जनामात्र भारतमा जन्मेको देखिन्छ ।

यस जिल्लामा र उत्तर-दक्षिण भागमा भाषा र धर्म सम्बन्धी निकै भिन्नताहरू पाइन्छन् । जिल्लाका उत्तरतर्फका मानिसहरू प्रायः भोटे भाषा बोल्ने तथा बौद्ध धर्म मान्ने गर्दछन् तर जिल्लाको दक्षिणी भागका निवासीहरू भने धेरैंजसो हिन्दू धर्म मान्ने भई नेपाली भाषा बोल्ने गर्दछन् । यहाँको नेपाली भाषा धेरै मात्रामा कर्णाली अञ्चलतर्फका बोलिने नेपाली भाषासित मिल्दो-जुल्दो छ । जिल्लाभित्र बोलिने भाषा भाषीको संख्या निम्न बमोजिम छः—

भाषा भाषी	संख्या	प्रतिशत
नेपाली	१४,५७७	७६.३
भोटे शेर्पा	४,४०६	२३.०
मैथली	४५	०.७
गुरुङ	३७	
स्थानीय भाषा	२५	
अन्य	२०	
जम्मा:—	१९,११०	१००.०

माथि उल्लिखित तथ्याङ्कअनुसार नेपाली र भोटे शेर्पा बाहेक अन्य भाषाहरू जस्तै मैथली, गुरुङ पनि केही मानिसहरूले बोल्ने गरेका छन् । गुरुङ भाषा यस जिल्लामा हुनु कुनै अस्वाभाविक कुरा होइन । तर तराई प्रदेशमा बोलिने भाषा मैथली यस डोल्पा जिल्लामा पनि पाइनु एक आश्चर्य लाग्दो कुरो हो तापनि यहाँका शिक्षकहरू धेरै तराईबाट आएका हुनाले यो मातृभाषा पनि यहाँ देखिन आएको अनुमान लगाउन सकिन्छ । नेपाली भाषा भाषीको संख्या १४,५७७ अर्थात् ७६.३ प्रतिशत छन् ।

धर्म अनुसार यस जिल्लाबासीहरूलाई मुख्य रूपले दुई भागमा बाँड्न सकिन्छ। जिल्लाका अधिकांश वासिन्दाहरू हिन्दू समूहमा पर्दछन् र दोस्रो समूहमा बौद्ध धर्म आउँछ। बौद्ध धर्मावलम्बीहरू अधिक संख्यामा जिल्लाको उत्तरी भेकमा रहेका छन् ।

वि. सं. २०२८ को जनगणनाअनुसार डोल्पा जिल्ला भित्र छ वर्ष र सोभन्दा माथिका जनसंख्या १५,८०१ छन्। यिनीहरूमध्ये पुरुष ७,९९७ र महिला ७,८०४ पर्न आउँछ । यहाँ छ वर्ष र सोभन्दा माथिको उमेर समूहमा विवाहिता पुरुष ३,८१० र महिला ३,९७७ छन् । उक्त तथ्याङ्कै आधारमा १४ वर्षभन्दा मुनिका केटाकेटीहरूमध्ये विवाहित केटाहरूको संख्या ३३ र केटीहरू ६९ जना भई जम्मा १०२ पुग्न आउँछ । यसबाट यस जिल्लामा बाल विवाहको प्रथा केही मात्रामा चालू नै छ भन्ने देखिन्छ । बाल विवाह गर्नेहरूमा केटाहरूकोभन्दा केटीहरूकै संख्या बढी भएको देखिन्छ । विवाहित जनसंख्या भित्र विधुर पुरुषको दाँजोमा विधवा आईमाईहरू बढी छन् । यिनीहरूको संख्या क्रमशः ५४६ र ९२५ छ ।

जनजीवन

नेपाल अधिराज्यका अन्य उत्तरी सीमावर्ती जिल्लाहरूमा जस्तै यस जिल्लामा पनि विभिन्न जात जातिको बसोबास छ। जिल्लाको उत्तरतर्फ डोल्पाली भोटेहरू, तल्लो भागमा बाहुन, क्षेत्री, मतवाली क्षेत्री, ठकुरी, सार्की, कामी, दमाई, मगर अथवा तराली आदि जातिहरू छन्।

विभिन्न जात जातिको आफ्नो आफ्नो सांस्कृतिक परम्परा र मान्यताहरू भए तापनि यहाँका सम्पूर्ण मानिसहरूलाई धार्मिक र सांस्कृतिक दृष्टिकोणले हिन्दू र बौद्ध गरी दुई समूहमा वर्गीकरण गर्न सकिन्छ। हिन्दू धर्मावलम्बीहरूमा क्षेत्री, बाहुन, ठकुरी, कामी, दमाइ, सार्की पर्दछन्। यिनीहरू जिल्लाको दक्षिण भागमा बसोबास गर्दछन्। सामान्य परिभाषामा हिन्दू भए तापनि यिनीहरूले कर्णाली अञ्चलभरिमा प्रचलित इष्ट देवता र नवदुर्गा भवानीको पनि आराधना गर्दछन्। यस दृष्टिकोणले यिनीहरूले बसोबास गर्ने यस जिल्लाको दक्षिण-पश्चिमी भाग कर्णाली अञ्चलको सांस्कृतिक इलाकाको एक भागको रूपमा देखिन आउँछ। इष्ट देवता सम्बन्धी परम्परा जुम्ला जिल्लाको परिचयमा विस्तृत रूपले वर्णन गरिएको छ।

जिल्लामा बौद्ध धर्म मान्नेहरूमा विशेषगरी डोल्पाली भोटेहरू, लामाहरू तथा तिब्बती-शरणार्थीहरू हुन्। यस बाहेक यहाँ ताराकोटमा बस्ने तराली मगरहरू पनि छन् जसको भाषा र परम्पराको कारणले यिनीहरू एउटा छुट्टै सांस्कृतिक समूहको रूपमा देखापर्न आउँदछन्। त्यसैले यस परिचयमा डोल्पाली भोटेहरू र तराली मगरहरूको बारेमा मात्र केही विस्तृत जानकारी प्रस्तुत गर्ने प्रयास गरिएको छ।

डोल्पाली भोटेहरू

यस जिल्लाका आफ्नै परम्परा, धर्म र समाजको परिधिमा बस्ने खास निवासीहरू यहाँका आदिबासी भोटेहरू नै हुन् भन्नुमा अत्युक्ति हुँदैन। सम्भवतः संसारका सबभन्दा उच्च भागमा बसोबास गर्ने यिनीहरूलाई तल्लो भेकका अरू मानिसहरूले डोल्पाली भोटे भन्ने गरेका छन्। यिनीहरू विशेषगरी ३,६६० मिटर अर्थात् करीब १२,००० फीटदेखि ४,२७० मिटर अर्थात् करीब १४,००० फीटको उचाइमा बस्दछन्। डोल्पा जिल्लाको प्रायः सम्पूर्ण उत्तरी खण्ड तथा केही मात्रामा मध्यखण्डमा समेत यस जातिको बसोबास छ। जिल्लाका २० पञ्चायतहरूमध्ये यिनीहरूले बसोबास गरेका पञ्चायतहरू रीमी, बिजेर, सालदाङ, तिन्जे, छार्काभोट र धो गरी जम्मा छ पञ्चायतहरू हुन्। यसै इलाकालाई नै डोल्पा भनिन्छ र डोल्पा जिल्लाको नाउँ यही इलाकाको नामबाट रहन गएको हो भनिन्छ। यस इलाकालाई पश्चिममा सिस्ने र कान्जिरोवा हिमालले र दक्षिण र पूर्वमा धवलागिरि हिमालले घेरेका छन्।

डोल्पाली भोटेहरू यस जिल्लामा कहाँबाट र कहिले आएको हो भन्ने सम्बन्धमा जानकारी छैन तापनि यिनीहरूको पूर्खा पश्चिम तिब्बतबाट आएको हुनुपर्छ भन्ने एउटा फ्रान्सिसी मानवशास्त्री करनीए जेष्टले अनुमान लगाएका छन्। उनको भनाइअनुसार चरनको खोजीमा यहाँ आइपुगी डोल्पाको वर्तमान शिखर उपत्यकाहरूमा आई बस्न पुगेका हुन् किनकि यहाँको भाषा पश्चिम तिब्बतको भाषासित मिल्नुको साथै लुगा र पोशाक पनि तिनीहरूसित मिल्ने खालको छ।

जुम्ला राज्यको वंशावलीमा एघारौं शताब्दीदेखि डोल्पा भन्ने स्थानको उल्लेख छ।[1] स्नेल ग्रोभको

---

1. Tucci,G. -Preliminary Report on Two Scientific Expeditions in Nepal, Rome, 1956 लाई Corneille Jest को माथि उल्लिखित लेखमा उध्दृत गरिएको।

अनुसार यस इलाकाले अठारौं शताब्दीसम्म जुम्लाका राजालाई र मुस्ताङका शासकलाई रकम तिर्ने गरेको थियो ।

डोलपाली भोटेहरूको शारीरिक बनावटअनुसार मङ्गोल आकृतिसित मिल्दो जुल्दो छ । उनीहरूको नाक चेप्टो र आँखा बदामे आकारका हुन्छन् । यिनीहरू धेरैजसो मुगु जिल्लाका मुगालीहरू तथा मुस्ताङ जिल्लाका लोपाहरूसित मिल्दो जुल्दो छन् । लोग्नेमानिसहरूको दाह्री जुँगा कम हुन्छ तथा स्वास्नी मानिसहरूको केश लामो हुन्छ ।

घरबस्ती: ज्यादै उच्च भागमा अवस्थित भएको हुँदा यहाँ हिउँदमा सिरेटो चल्ने गर्दछ । त्यसैले यस ठाउँका बासिन्दाहरूको घर आफ्नै प्रकारको छ । प्राय: जसो घरहरू दुइ तले हुन्छन् । फल्याक जस्तो ढुङ्गाले बनाएको हुनाले यिनीहरू किल्ला जस्तो देखिन्छन् । घरको तला होचो हुन्छ र झ्याल नभएकोले अन्धकार हुन्छ । घरको छाना सम्म परेको र माटोले पुरेर बनाइएका हुन्छन् । धेरैजसो भूइँ तलामा पशु आदि राख्ने गरिएको हुन्छ । चरनतिर जाँदा यिनीहरू याकको छालाबाट बनाइएका पालहरूमा बस्दछन् ।

सामाजिक बनावट: यस जातिमा कुनै जात भातको प्रथा नभए तापनि आपसमा चार स्तरहरू छुटयाएका छन् । पहिलो 'सिमी' अर्थात रैथाने, दोस्रो छोग्मी अर्थात् केही पुस्ता पहिले "बाहिरबाट आएका", तेस्रो गारा अर्थात् फलामको काम गर्ने अथवा कृषकहरू र चौथो बेरा जसको उत्पतिको कुनै जानकारी छैन । तीमध्ये गारा र बेरा लामा बन्न पाउँदैनन् । यस बाहेक यी डोल्पालीहरूमा विभिन्न थरहरू हुन्छन् । डोरबहादुर बिष्टका अनुसार यिनीहरूको थर मध्ये हावा, स्यूरो, लामा यांङगडुङ, बुरा, धारा, ठानी, आनी, पूरा, नूप्री, रोका, गुगी र लामा हुन् ।

कुनै कुनै थरहरूको आफ्नो थर सम्बन्धी चिन्ह हुन्छ जसबाट उनीहरू आफ्नो थरको उत्पत्ति भएको थियो भन्ने मान्दछन् । हावा जातिको भेडा चिन्ह, स्यूरो जातिको बाख्रा चिन्ह, लामा याङगड्डुङको घोडा यस्ता चिन्ह छन् । यिनीहरू आफ आफ्नो चिन्ह भएको जन्तुको मासु खाँदैनन् ।[1] यिनीहरूले आफ्नै थर भित्र विवाह गर्नुहुँदैन । यिनीहरू मामा चेला फुपू चेली विवाहलाई नै उत्तम मान्दछन् ।

भेषभूषा: ज्यादै चिसो ठाउँमा बस्ने भएको हुँदा डोलपालीहरू बाक्लो लुगा लगाउँछन् । कसै कसैले ऊनी बक्खु लगाउने गर्दछन् ।

डोलपाली आइमाईहरू रातो नीलो आदि गाढा रङको कपडा र महँगो गहनाहरू प्रयोग गर्दछन् । साधारणतया यिनीहरू कमिज माथि घुँडाभन्दा तलसम्म पुग्ने लामो बख्खु लगाई भित्र सुरुवाल लगाउँछन् । आफैले बुनेका रङ्गिन पेटी बाँधी निक्कै आकर्षक देखिन्छन् । अगाडिको कपाल काटी पछिल्तिरको कपाल बाटेर छाडेको हुन्छ । विवाहित आइमाईहरू कपाल ढाक्ने धातुको किलिप लगाउँदछन् । गहनाहरूमा चुरी,

---

[1] Bista, Dor Bahadur-People of Nepal, Ratna Pustak Bhandar, Kathmandu. p. 187

माला प्रमुख हुन्। चाँदीको सेतो चुरा जस्तो सरतोव (औंठी) लगाउने चलन छ। लोग्नेमानिसहरू भित्र कमिज लगाई बाहिर लामो बख्खु लगाउने गर्दछन् । ऊनबाट बुनेको सुरुवाल तथा दोचा लगाउने चलन छ। कसै कसैले भेडाको छालाबाट बनेको लुगा पनि लगाउँछन् ।

आर्थिक व्यवस्था: शीत प्रधान प्रदेश भएको हुँदा यहाँ धेरै किसिमका अन्नहरू पैदा हुँदैनन् । वास्तवमा यिनीहरूका एक मात्र बाली जौ हो । १४,००० फीटभन्दा तलको उचाइमा वर्षामा गहुँ पनि लगाउँछन्। आलुको अन्दाजी ६० वर्ष पहिले यहाँ प्रचार भएको भए तापनि धार्मिक कारणले गर्दा सीमित इलाकामा मात्र लगाइन्छ । तर यहाँको खाद्यान्नको उत्पादनबाट वर्षभरी खानलाई पुग्दैन । यिनीहरूको अर्को पेशा पशुपालन हो । यिनीहरू चौंरी र भेडा च्याङ्ग्रा पाल्छन् । तर चरन र हिउँदको निमित्त घाँस पातको कमीले गर्दा यिनीहरूले आफ्नो पशुवस्तु ठाउँ ठाउँमा सारिरहनु पर्दछ । वसन्त र वर्षा ऋतुतिर आफ्नै गाउँको नजीकै पर्ने ठाउँमा पशुवस्तुलाई चराउँछन् ।

जाडोमा चौंरीलाई घरकै गोठभित्र पाल्दछन् र अन्य वस्तुलाई होचो भेकतिर ओह्राल्ने गर्दछन्। पशुपालनमा वर्षा यामको काम बहुतै गाह्रो हुन्छ । छ-सात महीनासम्म दुहुने, मखन र नौनी बनाउने काम गर्नु पर्दछ । जाडोमा ऊनको विभिन्न मालसामान तयार पार्दछन् । लोग्नेमान्छे धागो कात्छन् र स्वास्नीमान्छे बुन्छन् । यिनीहरूको मुख्य खाना चम्पा र भोटे चिया हो । यिनीहरू छ्याङ खान असाध्यै रुचाउँछन् ।

यिनीहरूको आर्थिक व्यवस्थाको अर्को महत्वपूर्ण आधार व्यापार हो । चाङपाका तिब्बती डोक्पाहरूलाई जौ दिइ नून साटेर लिन्छन् । एकखण्ड जौ बराबर दुईखण्ड नून यस विनिमयको सटही दर हो। डोल्पा पुगेपछि अथवा त्यसभन्दा दक्षिण तिरका इलाकामा एकखण्ड नून बराबर दुईखण्ड अन्न लिन्छन् । यसरी यस व्यापारबाट आफ्नो नाफा निकाल्छन् । यस बाहेक यिनीहरूको आफ्नै पनि निर्यात व्यापार छ । यिनीहरूले आफूले बुनेका काम्लो, चौंरीको पुच्छर, भोटे कुकुर र घोडा पनि बेच्दछन् । यिनीहरूले चिया, भाँडाकुँडा, रङ, मट्टीतेल, फलाम आदि बाहिरबाट किन्छन् । यहाँको व्यापारमा थकाली र तरालीहरूको पनि निकै ठूलो भूमिका छ । गरीब डोल्पालीहरू हिउँदमा ताराकोट, रिङपुङ्मो, तिब्रिकोट इलाकातिर नै अर्काको ऊनको सामानहरू बुन्ने काम गरी जीवन यापन गर्दछन् । डोल्पामा नगदको चलन चल्ती बहुतै कम छ । डोरबहादुर बिष्टको भनाइअनुसार जग्गा समेत पनि भेडा अथवा याकसित सुक्रिविक्री गर्दछन् ।[1]

बिहाबारीमा यिनीहरू रूढीवादी देखिदैनन् । विवाह दुई किसिमबाट हुन्छ– आफूखुसी तथा आमा बाबुबाट मिलाइ दिने । चोरी बिवाहको पनि चलन छ। सम्झौताबाट भएको विवाहमा घ्यू, जाँडको ठेकी लिई केटाको घरमा गई भोज आदि खाएर रातभरी नाच गान हुन्छ । भोलीपल्ट घ्यूको पाक, छ्याङ आदि लिएर गई दुलहीलाई ल्याउने चलन छ । यसरी दुलही लिएर आउँदा आफ्नो सामर्थअनुसार घोडा अथवा पैदलमा ल्याउने गर्दछन् । केटाको गाउँका मानिसहरूलाई भ्याकुर ख्वाउने चलन छ । भ्याकुर खाँदा हरेक घरबाट एकजना मात्र आउने चलन छ । यसलाई होर्छे भन्दछन् । दुलहीलाई चयूरी, छो, बुटील, भालक, सरतोव र राता नीला काँडा केनम, सोम्बा आदि कपडा, गहना जुत्ता लिई जाने चलन छ ।

---

१. डोरबहादुर बिष्टको माथि उल्लिखित किताब, पृष्ठ १८७

दुई तीन दाज्यू भाइले एकजना स्वास्नी विवाह गर्ने यहाँको पुरानो चलन हो। बारबुङमा यस्ता केही परिवारहरू अझै छन्। तर धेरैजसो एक लोग्ने र एकै स्वास्नी मात्र भएका परिवारहरू छन्। दाज्यूको मृत्यु पछि भाउजु स्याहार्ने चलन पनि छ। बिधुवा भाउजु विवाह गरेर पारिवारिक सम्पत्ति टुक्रिनुबाट बचाउँछन्।

अविवाहित केटी गर्भवती भएमा जुन व्यक्तिको गर्भ परेको हो त्यसको सुत्केरी खर्च बेहोर्नुको साथै गाउँलाई पवित्र बनाउन धार्मिक कार्य गर्ने लामालाई पनि केही रकम तिर्न वाध्य हुन्छ। हर्जानास्वरूप तिरिएको विशेषगरी जौं, उवाबाट गाउँलेहरू जाँड रक्सी बनाई पिउने गर्दछन्। अर्काकी स्वास्नी भगाई लाँदा जारी तिर्ने प्रथा छ। पारपाचुके पनि सजिलैसित गर्न सक्दछन्।

रीतिस्थिति : डोल्पालीहरूको बच्चा जन्मेको चारदिन पछि लामाले नाम राख्ने चलन छ। मृत्यु संस्कार गर्ने काम लामाहरूबाट निर्देशित हुने हुँदा सबैको संस्कार एकै अवधि भित्र हुँदैन। कसैको मृत्यु भएमा गुम्बाबाट ठूलो लामा आएर मृतकको सिरानमा बसेर मन्त्र पढ्ने गर्दछ। मृतकलाई गाड्ने, पोल्ने या काटेर गिद्धलाई ख्वाउने लामाले यकीन गर्दछ। हिउँद महीनामा लाशलाई पोल्ने चलन छ। खेतीपातीको समयमा अन्न छरिसकेपछि पोल्यो भने पानी नपरी बिग्रन्छ भन्ने डरले लाशलाई गाड्दछन्। गाड्दा नाङ्गो पारी कसैलाई घोप्टो, कसैलाई उत्तानो पारेर गाड्ने गर्दछन्। यो कार्य पनि लामाको निर्देशनअनुसार हुन्छ। मृतकको नाममा तीनदिनसम्म लामाले पाठ पढ्दछ। हुने खाने परिवारको ४७ दिनसम्म हप्ताको एक पटक पाठ गरिन्छ। यस कामको निम्ति लामालाई रकम दिने चलन पनि छ।

यस भोट क्षेत्रका डोल्पालीहरू धार्मिक कर्म गर्दा र उत्सव, चाड पर्वमा निक्कै राम्रा देखिन्छन्। यिनीहरूले मनाउने मुख्य चाड पर्व लोसर हो, जुन भोटको परम्पराअनुसार नयाँ वर्षको प्रारम्भ हो। यस चाडमा मासु, छ्याङ, रक्सी आदि खाई बडो मोज मज्जा गर्दछन्। यस चाडमा युवक युवतीहरू केही दिनसम्म गुम्बामा जम्मा भई नाच गानमा बिताउँछन्। यस बाहेक हरेक महीना जस्तो गुम्बामा पूजा आजा हुँदा पनि सबै गाउँले पालै पालो अन्न, चम्पा र नौनी पुऱ्याउने गर्दछन्। ठूलो ठूलो गुम्बा से गुम्बा, सामलिङ गुम्बा आदिमा वर्षको एकपटक धेरै टाढा टाढाबाट मानिसहरू जम्मा भई उत्सव मनाउँछन्।

डोल्पाली भोटेहरूले मान्ने बौद्ध धर्म लामा परम्परा हो। स्थानीय लोकोक्तिअनुसार यो स्थान पद्म सम्भवले पत्ता लगाई मानिसलाई दिएका हुन् भन्ने विश्वास छ। यहाँ पुराना गुम्बाहरू हेर्दा यहाँ कुनै बेला बौद्ध धर्मको शाक्यपा र कार्ग्यु–पा भन्ने परम्पराहरू भएको अनुमान छ। तर आजकाल यहाँ निङमापा परम्परा प्रचलित छ। निङमापा परम्पराको रक्षकको रूपमा मानिएको पद्म सम्भवको विभिन्न रूपहरूलाई यहाँका मानिसहरू आराधना गर्दछन्।

यस जिल्लामा बोन्पो धर्म मान्ने पनि केही समुदायहरू छन्। यिनीहरू छार्का, तराप र सामलिङमा पाइन्छन्। यो धर्म बौद्ध धर्मभन्दा पुरानो हो भन्ने मानिन्छ। सातौं शताब्दीको मध्यतिर सम्राट् श्रोङ्गचोङ्ग गम्पोबाट बौद्ध धर्मका अन्य मतले राज्याश्रय पाएपछि तिब्बतमा बोन्पो धर्म आफ्नो उत्कर्षबाट अस्ताचलतिर लाग्यो। यो धर्मको महत्व त्यसपछि घट्दै गयो र तिब्बती क्षेत्रमा यसको प्रभाव शून्यप्रायः हुन गयो। त्यसै समयदेखि नेपालमा शरण लिएर बसेका बोन्पो धर्मका अनुयायीहरूको कारणबाट नेपालको यस दुर्गम क्षेत्रमा

यो मत अझै जीवित अवस्थामा छ । बोन्पो धर्मको मान्यता प्राप्त पथप्रदर्शक बोन्पो शेराब हुन् । यिनीहरू छोतेन आदिको परिक्रमा गर्दा दायाँबाट नगरी बायाँबाट गर्ने तथा घण्टा बजाउँदा उत्तानो पारेर बजाउने गर्दछन् । त्यस्तै पुरानो ग्रन्थ आदि पल्टाउँदा उल्टो पारेर पल्टाउने गर्दछन् ।

यस जिल्लाको धेरै ठाउँमा बोन्पो धर्मका गुम्बाहरू तथा त्यसका धेरै अनुयायीहरू भए तापनि बौद्ध धर्म र बोन्पो धर्मावलम्बीहरू सहजै छुट्याउन गाह्रो पर्छ । यी दुवै धर्म बेग्ला बेग्लै भए पातनि दुवैलाई यस जिल्लाका मानिसहरू उत्तिकै आदर गर्दछन् । बोन्पो धर्म मान्नेले बौद्ध गुम्बा र बौद्ध धर्म मान्नेले बोन्पो गुम्बामा गएर आदरपूर्वक आराधना गरेको देखिन्छ ।

स्थानीय जन जीवनमा धर्मको अत्यन्त व्यापक भूमिका छ । यहाँका पुरोहित लामाहरू हुन् जसको संख्या यहाँ निक्कै ठूलो छ । लामाहरू धार्मिक समारोहहरूमात्र सञ्चालन गर्ने होइनन् कि तिनीहरू बिरामी निको पार्ने, चित्रकार तथा शिक्षकको काम पनि गर्दछन् । लामाको निर्देशन बिना यहाँका मानिसहरू कुनै ठूलो काम गर्दैनन्, भ्रमणमा जाँदैनन् अथवा कुनै ठूलो निर्णय गर्दैनन् ।

जिल्लाका गुम्बाहरूलाई निम्नअनुसार वर्गीकरण गर्न सकिन्छ ।

(क) छोयबो–घडीको दिशामा धर्मघट्ट घुमाउने (ख) फोयबो–घडीको उल्टो दिशामा धर्मघट्ट घुमाउने ।

यस जिल्लामा जम्मा २० वटा गुम्बाहरू छन् । छोयबो किसिमका गुम्बाहरूमध्ये याङ्जोर गुम्बा सबभन्दा ठूलो छ । फोयबो किसिमका गुम्बाहरू यस जिल्लामा धेरै कम देखिन्छन् । यिनीहरूको संख्या यस जिल्लामा छ वटामात्रै छन् । यस किसिमका गुम्बामा मनाइने मुख्य चाड पर्वमा माटी र कागदोक हुन् । यिनीहरू क्रमशः फागुन र माघ महीनामा मनाउँछन् । यहाँका गुम्बाहरूमा धेरै मूल्यवान सम्पत्तिहरू छन् । यहाँ हुने भित्ते चित्र, टाङ्का, ढलोटका मूर्तिहरू, धर्मग्रन्थहरू प्रशस्त पाइन्छन् ।

तराली मगरहरू [१]

जनजीवनको क्षेत्रमा यस जिल्लाको अर्को विशेषता यहाँको तिचुरोङ भन्ने इलाकामा बस्ने मगरहरू हुन् । तिचुरोङ एउटा ठूलो भौगोलिक इलाकाको गाउँ हो जुन जिल्लाको सदरमुकाम दुनैबाट करीब १६किलो मिटर टाढा दक्षिण-पूर्वतिर पर्दछ । यस तिचुरोङ भन्ने इलाकामा ६३ जनादेखि लिएर ३६५ जनासम्म जनसंख्या भएका जम्मा १३ वटा गाउँहरू छन् । यहाँको जम्मा जनसंख्या २०२६ सालमा २,३७० थियो । यी गाउँहरू लावन र तरङ्गपुर (काल्पनिक नाम) नामका जम्मा दुई पञ्चायतहरूमा विभक्त भएका छन् जुन त्यहाँको भैरवी नदीको दायाँ–बायाँ अवस्थित छन् । यहाँको उचाइ समुद्रको सतहबाट ९,००० देखि १२,००० फीट (२,७४४ मिटरदेखि ३,६६० मिटर) सम्म छन् । यहाँ नेपाली भाषा बोल्ने कामी र दमाईहरू बाहेक यहाँका अरू निवासीहरू आफूलाई मगर नै भन्दछन् । तर यो इलाका माथि वर्णन गरिएको बौद्ध धर्मावलम्वी भोटेहरूको सांस्कृतिक इलाका र दक्षिण र पश्चिमका हिन्दू

---

[१] तराली मगरहरूको यो वर्णन संयुक्त राज्य अमेरिकाको मिनेसोटा राज्यको नर्थ फील्डको कार्लटन कलेजको मानवशास्त्र विभागका प्राध्यापक डा. जेम्सफिसरले यस परिचयको निम्ति लेखिदिनुभएको लेखमा आधारित छ । उहाँले अनुसन्धान गरेको गाउँलाई तरङ्गपुर भनी काल्पनिक नाम दिइएको छ ।

धर्मावलम्बी नेपालीहरूको सांस्कृतिक इलाकाको बीच च्यापिएको सांस्कृतिक, आर्थिक र भाषाको दृष्टिकोणले सिमान्त इलाका हो । लोग्नेमानिसहरूले दौरा सुरुवाल र स्वास्नीमानिसहरूले फरिया लगाई लामो पटुकाले बेर्छन् तापनि यहाँका मगरहरू दक्षिण तिरका मगरहरू भन्दा निक्कै फरक छन् । यहाँका घरहरू तीन तले हुन्छन् जसमा भुइँतलामा गाईवस्तु राख्ने, दोश्रो तलामा मानिस बस्ने र माथिल्लो तला अन्नको भण्डारको रूपमा पनि प्रयोग गरिन्छ । घरका छाना समथर परेको हुन्छ र बाहिर राखेको लिस्नुबाट तलमाथि गर्दछन् । यहाँ लामाहरूको घर गाउँको माथिल्लो भागमा हुन्छन् त अरू थरहरूको घर छ्यासमिस भएर रहेका छन् ।

भाषा तथा सामाजिक बनावटः उपरोक्त १३ गाउँहरूमध्ये नौ वटामा तिब्बती भाषा नै बोलिन्छ । एउटा कामीगाउँमा नेपाली भाषा बोलिन्छ र बाँकी तुप, ताराकोट र तरङ्गपुर भन्ने तीन वटा गाउँहरूमा संसारभरी अन्त कतै नबोलिने काइके नामको एउटा तिब्बती बर्मेली भाषा बोलिन्छ । यस बाहेक यिनीहरूले नेपाली र तिब्बती भाषा पनि बोल्दछन् । यिनीहरूको कुल जनसंख्या अन्दाजी एक हजार जति छन् । उक्त तिब्बती भाषा बोल्ने र काइके भाषा बोल्ने मगरहरू सामाजिक तथा सांस्कृतिक दृष्टिकोणले आपसमा समान छन् र एक अर्काको बीचमा विवाह समेत गर्दछन् । तर काइके बोल्नेहरूको उत्पत्ति सम्बन्धी एउटा आफ्नै लोकोक्ति छ जसले गर्दा तिनीहरू एउटा विशिष्ट समूहको रूपमा देखिन आउँछन् ।

कुनै बेला कल्याल राजाहरूको पालामा लडाइको कारणबाट जुम्लातिरबाट एउटी गर्भवती आइमाई भागेर आएकी रहिछ । ब्यास गाउँ पुगेपछि स्थानीय राजासित शरण मागि छन् । राजाले शरण दिनुको साथै तिनलाई पछ्याउँदै आउने दुई वटा सिपाहीहरूलाई छकाएर फर्काइ दिएछन् । त्यसपछि ती आइमाई पछि ताराकोटमा आएर बसिन् जहाँ तिन्नको गर्भबाट एउटा छोराको जन्म भयो । त्यसबेला ताराकोट लगायत तिचुरोङ इलाकामा कुनै मानिस थिएनन् । त्यसै इलाकामा तीनको छोरा हुर्के । त्यतिबेला त्यहाँ एउटा दूधले भरिएको ताल थियो जसको वरिपरि जङ्गलमा उसले गाई चराउन जान्थ्यो । एकदिन उसले उक्त तालमा दिनदिनै पौडी खेल्न आउने गरेका अप्सरा रूपी सातजना देवीहरूलाई देख्यो । उसले यो कुरा घरमा आफ्नो आमालाई बतायो । तिनीले आफ्नो छोरालाई सबभन्दा कान्छी अप्सरालाई समात्ने र तिनको शक्ति हरण गर्नलाई गाईको पुच्छर छुवाई दिने सल्लाह दिइन् । केटोले पनि ती अप्सराहरू नुहाइराखेको बेलामा तिनीहरूको लुगा बटुलेर एक ठाउँमा बस्यो । अप्सराहरू तालबाट निस्कँदा साह्रै लाज मानेर आ–आफ्ना लुगा मागे । जब त्यसले लुगाहरू फर्काउँदै गयो, सबभन्दा कान्छी अप्सराको पालो आएपछि समातेर घरमा ल्यायो । घर ल्याएपछि कुनै बोलीचाली भएन किनभने ती अप्सराले तिनीहरूको नेपाली भाषा बुझ्दैनथी । तिनीहरूले विभिन्न किसिमका रोटीहरू बनाएर ती अप्सरालाई चढाए । यो देखेर अप्सराले "टाइ केनान् ?" भनिन् जसको अर्थ थियो "के गरेको ?" सो दिनदेखि ती आमा छोराले पनि तिनकै भाषा सिक्न थाले जसलाई काइके भाषा भनिन्छ । साँरिपोच भन्ने एउटा लामाको भनाइअनुसार यसको अर्थ "देवताको भाषा" हो ।

कालान्तरमा उक्त केटा र अप्सराबाट क्वे, ज्यै र गिङग भन्ने तीनजना छोराहरूको जन्म भयो । जेठो क्वेले जुम्लातिर गई दैलेखको एउटा ठकुरीको छोरी बिहा गरी ल्याए । ज्यैले दक्षिणतिरबाट एउटा मगर केटी बिहा गरी ल्याए । गिङगले तिब्बतबाट एउटा भोटे केटी बिहा गरी ल्याए । यी तीन भाइ सबै ठकुरी नै भएको हुनाले यिनीहरूको सन्तानको आपसमा बिवाह गर्न हुँदैनथ्यो । तर यिनीहरूको बाबुले यिनीहरूको

सन्तान आपसमा विवाह गर्न हुने छुट्टाछुट्टै थर हुने छन् भन्ने नियम बसालो दिएछन्। यसरी दवेका सन्तान बूढा थर, ज्यैका सन्तान रोकाया र गिङ्गको सन्तान घरती भए। चौथो थर झाँक्री थर हो। यो थरको उत्पत्ति अलि भिन्दै तरीकाले भएको थियो। उक्त तीन भाइमध्ये एउटाको छोरा बाख्रा चराउँदथ्यो। उसको बथानबाट एउटा बाख्री सँधै हराउँथ्यो। एकदिन त्यस बाख्रीको पछि पछि लागेर हेर्न जाँदा त्यसले एउटा बाँसको रुखको खोक्रो भागमा हुर्की रहेको एउटा बच्चालाई दूध ख्वाउन जाने रहेछ भन्ने पत्ता लाग्यो। पछि त्यो बच्चालाई घर ल्याएर पालेछन्। त्यसकै सन्तान झाँक्री थर बनेछन्। झाँक्री थर दुई थरीका छन् मापा झाँक्री र टोपा झाँक्री जो आपसमा विवाह गर्दछन्। रोकायाहरूमा पनि तीन आँखे रोकाया भन्ने अलग्ग छन् जो गोम्बा गाउँमा बस्दछन्। पहिले एउटा भोटेले त्यहाँको एउटा राक्षस मार्दा क्रोधले उसको निधारमा तेस्रो आँखा उत्पन्न भएको हुनाले त्यसका सन्तान "तीन आँखे" हुन गएको हो। यसै गरी बूढा थरको पनि विभिन्न उप थरहरू छन्। भनिन्छ जङ्गबहादुरको समयमा तिब्बतसितको लडाईंमा पाल्पाको एउटा क्षेत्री सिपाही खटिएर आएको रहेछ। एउटी स्थानीय केटीले त्यसबाट गर्भ बोकेकी रहिछ। सिपाही लडाइँबाट फर्केर आउँदा ती केटीले बूढाथरको एउटा अर्कै मानिससित बिहा गरी सकेकी रहेछ। पछि झगडा हुँदा उक्त बूढाले आफ्नो सबै जग्गा (स्थानीय परम्परामा प्रत्येक जग्गाको नाउँ हुन्छ; यो चाहिं बूढा जग्गा थियो) उक्त सिपाहीको बालकलाई दिने कबूल गरे। यसरी उक्त बच्चाको सन्तान पाल्पाली बूढा भयो। यस्तै गरी जाजरकोटतिरबाट आएको मानिस (ठकुरी) को सन्तानबाट बनेको ठाकुला भन्ने बूढाको उप थर पनि यहाँ छन्। यस प्रकार बूढा, रोकाया, झाँक्री सबैको अरू पनि उप थरहरू छन्।

यहाँका परिवारहरू धेरै जसो एकात्मक छन् अर्थात् तिनीहरूमा लोग्ने, स्वास्नी र केटाकेटीहरू हुन्छ। कुनै कुनैमा बूढा बूढी भईसकेका बाबु आमा र अविवाहित दाजु भाइ पनि सँगै बस्दछन्। अंशवण्डा गर्दा जमीन सबै दाजु भाईमा बराबर बाँडिन्छ। छोरीहरूलाई आमाको गहनाहरूमात्र दिइन्छ र कहिले काहिं सानो टुक्रा जमीन पनि दाइजोको रूपमा दिइन्छ। भाइहरूमा सबभन्दा कान्छोले पारिवारिक घर पाउँछ र उसले दाजुहरूलाई घर बनाउन मद्दत दिन्छ। लोग्ने मानिसहरू व्यापारको सिलसिलामा टाढा टाढा गई रहनु पर्ने भएको हुनाले खेतीपाती र घर चलाउने काममा आइमाईहरूको भूमिका निकै ठूलो छ।

यी मगरहरू आफूलाई उत्तरका भोटेहरूका भन्दा उच्च सम्झन्छन्। यिनीहरूको बीचमा गाउँले एकता अत्यन्त बलियो छ। "नाम पा नाम मा" अर्थात् गाउँ नै बाबु आमा हो भन्ने स्थानीय उक्ति छ। परिवारहरू खेतीको समयमा आपसमा सहयोग गर्दछन्। कसैको घर आगलागीमा परे सबै गाउँलेहरू गई मद्दत गर्दछन्। अझ, जसको गाई वस्तु छैन त्यसको खेतीको निम्ति मल नहुने हुनाले अरू गाउँले आफ्नो गाई वस्तु त्यस्तो गाई वस्तु नहुने गाउँलेको गोठमा लगेर धेरै दिनसम्म राखिदिन्छन्। सबै सहयोग फिर्ता पाउने आशाले गर्दैनन्। तिजुरोङ बाहिर पनि, उत्तरतिरको भोटेहरू र दक्षिणतिरका अन्य जातिका मानिसहरूसित पनि यहाँ मानिसहरू मित र इष्ट सम्बन्ध लगाउँछन्।

यस इलाकाका बासिन्दाहरूको आर्थिक आधार खेतीपाती र व्यापारमा रहेको छ। यस इलाकाको सबभन्दा होचो कोटोबारी भेरी नदीको पारी करीब २,३१७ मिटर (अर्थात् ७,६०० फीट) को उचाईंमा अवस्थित छ। तरङ्गुरका माथिल्ला भागमा झण्डै १० हजार फीटसम्मको उचाईंको जमीनमा विस्तृत रूपले खेती गरिन्छ। कान्लाहरू बनाएर यहाँका कृषकहरूले जग्गाको भिरालोपन कम गरेको छन् तापनि कान्लाहरूको

भिरालोपन अझ पनि कहिं कहिं २५° सम्म पुगेका छन् । प्रत्येक कान्लालाई ढुङ्गाको डिल बनाइराखेको हुन्छन् । यहाँको जग्गा प्रति वयस्क अन्दाजी ८ रोपनी जति पुग्न आउँछ । यहाँका माटोमा धेरै ढुङ्गाहरू पाइन्छन् र ठूला ठूला ढुङ्गाहरू बारीको बीच बीचमा त्यसै परिरहेका देखिन्छन् । तर यो माटो यहाँ उब्जाइने बालीहरू सुहाउँदो छ। यहाँको माटोको केही सीमित नमूना जाँच गर्दा यहाँको माटोमा एसिडको मात्रा बढी पाइएको छ । यहाँको खेती सम्बन्धी प्रविधि परम्परागत छ र देशको अन्य भागमा भन्दा अत्यन्त फरक छ । यहाँको हलोमा फलामको फालीको सट्टा काठको फाली प्रयोग हुने मात्र होइन, यहाँ हलो एउटामात्र गोरूले तान्छ । हली पनि हलो पछाडि नउभी, हलोको छेउमा उभिन्छ र आधा जिउ झुकी बल लगाउँछन् । अन्न हातले चलाउने जाँतोमा पिधिन्छ । हिउँदमा जग्गामा हिउँ जम्ने भएको हुनाले ग्रीष्म ऋतुमा यहाँ एक बालीमात्र लाग्छ। डोल्पाको धेरै भाग वृष्टि छायाँमा परे तापनि तिचुरोङमा ठीक समयमा वर्षा हुन्छ र २०२६ सालमा मध्य फागुनदेखि मध्य कात्तिक सम्मको २२५ दिनको अवधिमा ९३ दिन पानी परेको थियो । मध्य असारदेखि मध्य साउनको एक महीनामा जम्मा तीन दिनमात्र पानी परेको थिएन । यहाँ उब्जाइने बालीहरूमा फापर, चिनुचामल, उवा, कोदो, सिमी, भटमास हुन् । मकै र आलु ५० वर्ष अघिमात्र यहाँ प्रवेश गराइएको थियो र यिनीहरूको महत्व बढ्दो छ । तोरी र गाँजाको पनि खेती गरिन्छ र दुवैबाट खाने तेल निकालिन्छ । खाना पकाउन गाँजाको तेल बढी मात्रामा प्रयोग हुन्छ । यी बाहेक विभिन्न किसिमको जङ्गली फलफूल, दस किसिमको सागपात र १५ किसिमको च्याउ प्रयोगमा आउँछन् । यहाँको खेतबाट आफू खान र अरू सामान साट्नको निम्ति बचत समेत हुने गरी खाद्यान्न उत्पादन हुन्छ ।

माथि उल्लेख भए अनुसार यहाँ जुन कोदो र चिनुचामल बचत हुन्छ त्यसलाई उत्तरको मानिसहरूसित भोटे नूनसित साँटिन्छ । यसमध्ये केही आफै खाने र बाँकी दक्षिणतिरको गाउँलेहरूसित चामलसित साँटिन्छ । कहिले काहीं तिनीहरू भेडा, बाख्रा, घोडा तथा ऊनबाट बनाइएका सामानहरू पनि बेच्दछन् । यसबाट आएको नाफाबाट तिनीहरू तराईतिरबाट कपडा, चुरोट र अन्य आवश्यक बस्तुहरू किन्दछन् । तिचुरोङका व्यापारीहरू नेपाली र भोटे भाषा दुवै बोल्ने हुनाले उत्तर–दक्षिणका इलाकाहरूसित सजिलै व्यापार गर्न सक्दछन् ।

धार्मिक दृष्टिकोणले यहाँका निवासीहरूले बौद्ध र हिन्दू परम्पराहरूको अनुसरण गरेर एउटा विशिष्ट धार्मिक परम्परा कायम गरेका छन् । यो धार्मिक परम्परा यिनीहरूको जीवन चक्रको विभिन्न समारोहहरूमा प्रतिबिम्बित हुन्छ । बच्चा जन्मदा लामा बोलाइन्छ र धार्मिक ग्रन्थहरू पाठ गराइन्छ । उसले नै बच्चालाई नाम दिन लगाउने गर्छ । पहिले बच्चाहरूलाई तिब्बती नाम दिइन्थ्यो । तर आजकाल हिन्दू नाम पनि दिइन थालेको छ । बच्चा यदि छोरा छ भने सात वर्षको उमेरमा हिन्दू परम्परा अनुसार कपाल काटिन्छ र त्यस बखत नाता कुटुम्बहरूलाई भोज ख्वाइन्छ । विवाह गर्दा यिनीहरू बाबु आमाको स्तरबाट मिलाएर गर्दछन् र केटाकेटी आफआफै मिलेर पनि गर्दछन् । भोज ख्वाइसके पछि विवाह सम्पन्न भएको मान्दछन् । मृत्यु संस्कार लामाले नै गर्दछ । लामा आफै बस्ने गुम्बा नभए तापनि गुम्बा भनिने सा–साना घरहरू छन् । लामा जो कोही हुन सक्ने भए तापनि यो व्यवसाय वंश परम्पराअनुसार बाबुबाट छोरोमा जान्छ । हिउँदमा एक महीनासम्म मानिने "चैती" भन्ने चाड मानिन्छ । प्रत्येक वर्ष दुई दुई घरका पालोगरी यो पर्व सञ्चालन हुन्छ । यस इलाकाको मुख्य देवता चेउपाटा भन्ने हो । यहाँका धर्माधिकारीहरू मध्ये लामा र झाँक्री हुन् । झाँक्रीलाई स्थानीय भाषामा धामी भनिन्छ । धामीहरू जुम्लातिरको जस्तै मष्टो देवताको आराधना गर्दछन् । यिनीहरूले

बिरामीको उपचार गर्नुको साथै झगडा मिलाउने, व्यापार गर्न जाने बखतमा साहित दिने काम गर्दछन्। एकातिर लामाहरू बलिमा विश्वास गर्दैनन् भने धामीहरूले भोग दिन्छन् । तर लामा र धामीहरूको बीच कुनै असहिष्णुता छैन ।

विभिन्न चाड पर्वहरू यहाँ मनोरञ्जनको पनि साधन भए तापनि यहाँ युवक युवतीहरू राती एकै ठाउँमा जम्मा भई गीत गाउनु सबभन्दा ठूलो मनोरञ्जनको साधन हो । यिनीहरूले गाउने गीतहरू धेरै जसो नेपाली गीत नै हुन् जुन यिनीहरूले दक्षिणतिर बराबर गर्ने भ्रमणको सिलसिलामा सिकेर ल्याएका हुन्छन्। यस बाहेक यहाँ भोटे भाषामा पनि दोहरी गीतहरू गाइन्छन् र यसमा एक अर्कालाई हराउन ठूलो प्रतिस्पर्धा हुन्छ ।

पहिले पहिले यो इलाका जुम्ला जिल्ला अन्तर्गत प्रशासित हुँदा यहाँका मानिसहरू त्यहाँका कर्मचारीद्वारा शोषित थिए तापनि पञ्चायत व्यवस्था पछि यहाँ पञ्चायत घर निर्माण, बाटो बनाउनु, विद्यालय बनाउनु जस्ता केही विकासको कामहरू हुन थालेका छन् । पञ्चायतको सदस्य बन्न यहाँका जनताको निम्ति ठूलो प्रतिष्ठाको कुरा भएको छ । तर यस इलाका साह्रै दुर्गम भएको हुनाले यहाँ ठूलो विकास कार्यक्रमहरूको प्रभाव परिसकेको छैन ।

आर्थिक व्यवस्था

डोल्पा जिल्ला समय समयमा जुम्ला राज्य अर्थात् हालको कर्णाली अञ्चलबाट अलग्गै प्रशासित भए तापनि प्राचीनकालदेखि जुम्लासित यसको आर्थिक, सामाजिक तथा ऐतिहासिक सम्बन्ध दरिलो थियो । अधिराज्यका अरू जिल्लाहरू सरह यो जिल्लाको आर्थिक जीवनको मूल आधार कृषि नै हो । तर जिल्लाको अधिकांश हिमाली क्षेत्रभित्र रहेका नाङ्गा पर्वतमालाहरू र जिल्लामा बग्ने नदीहरूले काटेका गहिरा खोंच तथा उच्च भूमिहरूले गर्दा कृषि व्यवसायले मात्रै जिल्लाबासीहरूलाई जीवन यापन गर्न मुश्किल पर्दछ । यस अपुरो आर्थिक आधारलाई सन्तुलनमा ल्याउन यहाँका जिल्लाबासीहरू अरू सहायक पेशा जस्तै– पशुपालन, व्यापार, घरेलु उद्योग, मौरी पालन आदि पनि अपनाइरहेका छन् ।

जिल्लाको भू–बनोट, क्षेत्रफल, खेती गरिने तरीका, जलवायुको फरक आदि कारणले गर्दा जिल्लावासीहरूले अपनाउने आर्थिक पेशालाई प्राकृतिक स्वरूपको आधारमा मुख्यतः दुई खण्डमा विभाजन गर्न सकिन्छ । उत्तरी क्षेत्र जहाँ प्रायः सबै भू–भाग उच्च ठाउँमा पर्दछ त्यहाँ ज्यादै सीमित रूपमा वर्षको एक बाली लगाउने गरिन्छ । त्यहाँका धेरैजसो निवासीहरूको मुख्य आर्थिक आधार व्यापार र पशुपालन हो । दक्षिण भागमा जहाँ भेरी नदीको किनार पर्दछ त्यहाँ होचो जमीन पाइने भएकोले अर्धउष्ण जलवायुको प्रभावको साथै नदीको पानीलाई पनि कुलोको रूपमा प्रयोग गर्न सकिने हुँदा शीतोष्ण तथा अर्धउष्ण प्रदेशमा पाइने सबै किसिमका बालीहरू लगाइन्छन् । यस भेकका निवासीहरूको मुख्य व्यवसाय खेती भई पूरक पेशाको रूपमा मात्रै पशुपालन र व्यापार गरिन्छ ।

डोल्पा जिल्लाका निवासीहरूलाई आर्थिक सन्तुलनमा राख्ने जिल्लाको महत्वपूर्ण उत्पादन चौंरीपोत हो । यहाँ चौंरीको ऊनबाट बनाइने चौंरीपोत टाढा टाढाका जिल्लाहरूमा समेत प्रख्यात छ । यस जिल्लामा खेती, पशुपालन तथा व्यापार एक अर्कोको पूरकको रूपमा रहेका हुन्छन् । खेतीबाट उत्पादित अनाजहरू पाल्तु बस्तुमा लादेर भोटतर्फ नून र ऊनको लागि लगिन्छ । त्यही नून र ऊन पछि दक्षिणतर्फ अन्नसित साँटेर यहाँका मानिसहरू जीवन निर्वाह गर्दछन् ।

कृषि.

डोल्पा जिल्लाभित्रका बहुसंख्यक जनता कृषि व्यवसायमा नै लागेको देखिन्छ । यस जिल्लाको आर्थिक दृष्टिले काममा संलग्न जनसंख्या ७,५८६ जना मध्ये ७,३५७जना अर्थात् ९७ प्रतिशत मानिसहरू कृषि व्यवसायबाट जीवन निर्वाह गरिरहेका छन् ।

कृषि तथ्याङ्क पुस्तिका २०२८ अनुसार जिल्लाको कुल जमीन ६,२१,००० हेक्टरमध्ये २,६०० हेक्टर अर्थात् ०.४ प्रतिशत जग्गामा मात्रै आवादी भएको देखिन्छ । यस पुस्तिकामा उल्लिखित आवादी जमीनमा पछि तिब्रिकोट जिल्लाबाट यस डोल्पा जिल्लामा गाभिन आएको जमीन समेत जोड्दा आवादी जमीनको क्षेत्रफल यस अङ्कभन्दा केही बढी देखिन आउँछ । जिल्लाको धेरैजसो भाग हिमालयका श्रेणीहरू, फराकिला लेकाली क्षेत्रहरू, नाङ्गा पर्वतमालाहरू, नदीका गहिरा बेंसीहरू आदिले परिपूर्ण छ । सानो भेरी नदीको बगरमा बाहेक अरू सम्पूर्ण भागमा पाखाबाली मात्रै लगाउन सकिन्छ । भेरीको बगरमा पाइने केही खेती जग्गाबाट सीमित रूपमा धान, जौ, कोदो आदि उत्पादन हुन्छ । यहाँको कृषि प्रणाली ज्यादै पुरानो प्रकारको छ । धेरै भिरालो परेको जग्गा जमीनको स्वरूप, ठण्डा हावापानी, असल खालका मल, बीउ, बीजन उपलब्ध नहुनु, सिचाइको सहूलियतको कमी, कृषि विशेषज्ञ तथा प्राविधिकहरूको सेवा नपाइनु आदि कारणहरूबाट जिल्लाको कृषि उत्पादन कम हुनु स्वाभाविक हो । जिल्लाका कृषकवर्गलाई बाह्रै महीना कठिन परिश्रम गर्दा पनि वर्ष दिनको लागि आवश्यक खाद्य पदार्थ जुटाउन कठिनाइ पर्दछ ।

प्रमुख बालीहरू

डोल्पा जिल्लामा उब्जने बालीहरूमा धान, गहुँ, मकै, कोदो, जौ, उवा, चिनो, फापर नै प्रमुख हुन् । भेरी नदीले बनाएका बेंसीहरू भएको दक्षिण–पश्चिम भागमा सिचाईको सुविधा हुने भएकोले खेत जग्गा पाइन्छ । यस क्षेत्रमा उत्तरी खण्डमा भन्दा बढी गर्मी भई बालीनाली छिटो पाक्ने हुँदा वर्षमा दुई बाली हुन्छन् । जिल्लाको प्रायः सबैजसो पाखो जग्गाहरूमा वर्षको एक बाली मात्र लगाइन्छ र सालाखाला छ महीनासम्म ती जग्गाहरू बाँझो रहन्छन् । अझ उत्तरी डोल्पा भोटतर्फका जग्गाहरूमा शीतप्रधान हावापानी हुने भएकोले फापर, आलु र चोथो (एक किसिमको गोलो मुला) नै मुख्य बालीको रूपमा लगाइन्छन् । दक्षिण–पश्चिमका खेत जग्गामा प्रायः धान, कोदो, मकै, चिनो, गहुँ, जौ आदि लगाइन्छन् । जिल्लाको सीमित खेत जग्गामा धान फागुन–चैतमा रोपिन्छ र असार–साउनमा गोडमेल गरेपछि कात्तिकमा काटिन्छ । त्यस्तै खेतमै हुने जौ मङ्सीरमा छरी जेठमा काटिन्छ । पाखामा हुने मुख्य बालीहरूमा मकै र कोदो वैशाख–जेठमा छरिन्छन् र असोज–कात्तिकतिर गएर भित्र्याइन्छन् । अरू पाखाबालीहरूमा चिनो वैशाखमा रोपी कात्तिकमा काटिन्छ भने फापर जेठ–असारमा छरी भदौ असोजमा काटिन्छ ।

यसबाट के देखिन्छ भने जिल्ला ठूलो भएकोले भौगोलिक बातावरणको आधारमा ठाउँअनुसार बाली ढिलो अथवा छिटो पाक्दछ । एउटै बाली पनि विभिन्न उचाइमा लगाइएको छ भने रोप्ने र काट्ने समय फरक हुन्छन् । जिल्लामा हुने मुख्य मुख्य बालीहरू पाक्न चार देखि छ महीनासम्म लाग्दछ ।

धान

धान जिल्लाको मध्य–दक्षिण भागमा उब्जाउ हुने बालीहरूमध्ये एक हो । दक्षिण भागमा पूर्वबाट पश्चिम बग्ने भेरी नदीको बगर नै यसको लागि उपयुक्त ठाउँ मानिन्छ । उक्त भेरी नदीमा मिल्न आउने अरू स-साना सहायक खोला तथा नदीहरूले ल्याएको मलिलो माटो पुरिएर बन्ने पङ्ग्रा आकारको जग्गा धान रोप्नलाई अझ उत्तम मानिन्छ । प्रायः जिल्लाको पूरै भाग दक्षिण–पश्चिम मनसुनी हावाको वृष्टि छायाँमा परेको हुँदा धान बालीको लागि वर्षाको सम्भावना कम हुन्छ । त्यसैले भेरी, कर्णाली तथा आसपासमा बग्ने सहायक,

खोलाहरूबाट निकालिएका कुलोहरूको सहायताले बर्षा शुरू हुनुभन्दा अगाडि जेठभरमा बाली रोपिसकिन्छ। कात्तिकको पहिलो हप्तामा धान बाली काटिन्छ। जिल्लाको आबादी जग्गासितको अनुपातमा धानले ढाकेको क्षेत्र नगण्य छ। धानपछि उक्त खेत जग्गामा जौ बाली लगाइन्छ। जिल्लामा धान बालीले ढाकेको क्षेत्रफल जम्मा ३२० हेक्टरबाट आर्थिक वर्ष २०२९।०३० भरिमा ७०४ मेट्रिक टन उत्पादन भएको देखिन्छ।

जौ

धानबाली काटिसकेपछि खाली हुने खेतमा जौ छर्ने चलन छ। यस खाद्यान्नको लागि खेत मङ्सीर महीनामा जोतिन्छ। जोत्नुभन्दा पहिले मल र पानी हाली अलि अलि गोडिन्छ। फागुनमा गोडी चैत र वैशाखमा पानी छोडेपछि जेठको दोस्रो हप्तातिर जौ बाली काटिन्छ। जौ बाली भित्र्याएपछि कुनै जग्गामा कोदो र कुनैमा धान नै दोहर्‍याइन्छ। जौ जिल्लाको मुख्य हिउँदे बाली भएकोले सबैजसो मानिसहरू जौको रोटी खान्छन्। उत्तरतिरका निवासीहरू जौको सत्तु बनाएर पनि खाने गर्दछन्।

मकै

जिल्लामा सबभन्दा बढी उत्पादन हुने खाद्यान्न मकै हो। यस बालीले ढाकेको जम्मा क्षेत्र १,३०० हेक्टरबाट आर्थिक वर्ष २०२९।०३० मा २,३५३ मेट्रिक टन मकै उत्पादन भएको थियो। यसभन्दा पहिले अर्थात् २०२८।०२९ साल मा यसको उत्पादन २,८९६ मेट्रिक टनसम्म पुगेको कुरा २०२८।०२९ को कृषि तथ्याङ्कबाट देखिन्छ। जिल्लाको पाखो जग्गामा लगाइने प्रमुख बाली नै मकै हो। गर्मी महीनामा लगाइने भएकोले यसलाई वर्षे बाली भनिन्छ। गहुँ, जौ तथा उवाको बाली काटिसकेपछि यस जिल्लामा मकै लगाउने चलन छ। असारको पहिलो हप्तामा मल हालेर जोतिन्छ अनि यसको बीउ छर्ने काम हुन्छ। साउन र भदौमा दुई चोटी गोडेपछि असोजको तेस्रो हप्तादेखि मकै खान थालिन्छ र कात्तिक महीनाभरिमा पूरै बोटहरू उखलिन्छन्। मकै र कोदो एउटै जग्गामा आलो पालो गरी लगाउने चलन छ।

कोदो

धानपछि सबैभन्दा बढी उत्पादन हुने अन्न कोदो हो। यसलाई खेत तथा पाखो दुवै ठाउँमा लगाउन सकिन्छ। उचाइअनुसार कोदो उम्रने समयमा फरक पर्न आउँछ। २०२९।०३० को तथ्याङ्कअनुसार जिल्लाभरिमा ५५० हेक्टर जमीनमा कोदो बाली लगाइएको तथा उक्त सालमा जम्मा ६८७ मेट्रिक टन कोदो उत्पादन भएको थियो।

गहुँ

यस जिल्लामा खेत तथा पाखो दुवै किसिमका जग्गामा गहुँ लगाइन्छ। यसको लागि आवश्यक भौगोलिक वातावरण जौ र उवासित मिल्दो जुल्दो छ। खेतमा गहुँ पाँच-छ महीनामा पाक्छ भने पाखो तथा उच्चा भागको गहुँ पाक्न बढी समय लाग्छ। गहुँ यस जिल्लामा मङ्सीर महीनाको दोस्रो हप्तातिर लगाइन्छ र जेठभरिमा काटिन्छ। उच्च लेकमा छरेको गहुँ पाक्न १० महीनाभन्दा बढी लाग्छ। गहुँले ढाकेको क्षेत्रअनुसार सालाखाला वर्षको जम्मा १,००० मेट्रिक टन गहुँ उत्पादन हुन्छ। २०२८।०२९ को तथ्याङ्कमा यसले ढाकेको क्षेत्र र उत्पादन क्रमशः १,१०० हेक्टर तथा १,१५५ मेट्रिक टन थियो तर २०२९।०३० सालमा आएर यसको उत्पादन घटेर ९९१ मेट्रिक टन मात्रै हुन गएको देखिन्छ।

आलु

आलु यस जिल्लामा खाद्यान्नको साथै तरकारीको लागि पनि प्रयोग गरिन्छ । तौलको हिसाबले जिल्लाको सबैभन्दा बढी उत्पादन हुने बाली यही हो । आर्थिक वर्ष २०२७।०२८ मा ६५० हेक्टर जमीनबाट ३,२५० मेट्रिक टन आलु उत्पादन भएको थियो । तर आर्थिक वर्ष २०२९।०३० मा भने ६०० हेक्टरमा मात्र खेती भई २,९१० मेट्रिक टन आलु उत्पादन भएकोबाट आर्थिक वर्ष २०२७।०२८ को दाँजोमा आर्थिक वर्ष २०२९।३० मा आलुले ढाकेको क्षेत्र र उत्पादन दुवै घट्न गएको देखिन्छ ।

फापर

जिल्लाको उत्तरी क्षेत्रमा उत्पादन हुने प्रमुख खाद्यान्न फापर हो । जिल्लाको अधिकांश भू-भागको उचाइ ज्यादा भएकोले यस जिल्लामा पनि प्रशस्त मात्रामा फापर लगाइन्छ । फापर धेरै किसिमका हुन्छन् तापनि जिल्लामा हुने तीते फापर र मीठे फापर मुख्य हुन् । जिल्लाबासीहरू मीठे फापरभन्दा तीते फापर मन पराउँछन् । यस विषयमा एउटा टुक्का पनि छ "फापर तीतो, आफ्नै मीठो" ।

माथि उल्लिखित प्रमुख बालीहरू बाहेक यस जिल्लामा उत्पादन हुने अन्य बालीहरू चीनो, कागुनो, उवा, सिमी, चोथो, तोरी आदि हुन् । यिनीहरूबारे कृषि तथ्याङ्कमा उल्लिखित नभएकोले यिनीहरूको उत्पादन र यिनीहरूले ढाकेको क्षेत्रफलबारे एकीन भन्न सकिन्न । कृषि तथ्याङ्क पुस्तिका (२०२८) तथा आर्थिक वर्ष २०२८।०२९ र २०२९।०३० को कृषि तथ्याङ्कअनुसार यस डोल्पा जिल्लाभित्र विभिन्न सालमा लगाइएका बाली, क्षेत्रफल तथा उत्पादन निम्नबमोजिम छन्:—

क्षेत्रफल: हेक्टरमा
उत्पांदन : मेट्रिक टनमा

क्षेत्रफल र उत्पांदनको तालिका

वर्ष	२०२७।०२८		२०२८।०२९		२०२९।०३०	
खाद्यान्न	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पावन
धान	२९०	६३८	२७९	६१४	३२०	७०४
मकै	१,६००	२,८९६	१,६००	२,८९६	१,३००	२,३५३
गहुँ	१,११०	१,१००	१,१००	१,१५५	१,१००	९९१
कोदो	५५०	६८२	—	—	५५०	६८७
जौ	५१०	५७०	—	—	५२५	५२५
आलु	६५०	३,२५०	—	—	६००	२,९१०
तोरी	३०	११	—	—	३०	१२

कृषि तथ्याङ्क अनुसार आर्थिक वर्ष २०२९।०३० मा यस जिल्लाको प्रमुख बालीहरूले ढाकेका क्षेत्र जम्मा ४,४२५ हेक्टर थियो। यो क्षेत्र जिल्लाको आवादी जमीन २,६०० हेक्टरभन्दा १,८२५ हेक्टर बढी देखिन्छ। उक्त तथ्याङ्कअनुसार सबभन्दा बढी क्षेत्र मकैले ढाकेको छ। यसले कुल आवादी क्षेत्रको २८.७ प्रतिशत जमीन ढाकेको छ। मकै एउटामा बाहेक अन्य सबै बाली क्षेत्र २०२४।०२५ को अनुपातमा बढी देखिएकोबाट जिल्लामा कृषि क्षेत्र बढ्दै गएको अनुमान गर्न सकिन्छ। यसमा पहिले तिब्रिकोट जिल्ला अन्तर्गतको धेरै भाग डोल्पा जिल्लामा पर्न आएको छ, तर यसमा समावेश भएको छैन र यसरी गाभिन आएको आवादी जग्गा समेत गणना भएमा कुल आवादी जमीनको क्षेत्रफल निकै बढी हुने देखिन्छ।

माथि दिइएको उत्पादन तालिकाअनुसार आर्थिक वर्ष २०२९।३० मा भएको कुल उत्पादन ८,१८२ मेट्रिक टन थियो तर पाँच वर्षको तथ्याङ्कमा सबभन्दा बढी अन्नको उत्पादन आर्थिक वर्ष २०२७।०२८ मा भएको देखिन्छ। उक्त सालमा जम्मा ९,१४७ मेट्रिक टन अन्न उत्पादन भएको थियो। जिल्लाको सबभन्दा बढी उत्पादन हुने अन्नमा आलुको पहिलो स्थान भए तापनि यसलाई तरकारीको रूपमा पनि लिने गरेको हुँदा बढी उत्पादनको स्थान मकैले लिएको छ। आर्थिक वर्ष २०२९।०३०मा मकैको उत्पादन २,३५३ मेट्रिक टन थियो जबकि यही अन्न आर्थिक वर्ष २०२७।०२८ मा २,८९६ मेट्रिक टनसम्म पुगेको थियो।

भूमि व्यवस्था

हालसम्म यस जिल्लाको वैज्ञानिक तरीकाले नापी भएको छैन। वि. सं. १९२५ र १९४६ को नापी अनुसार जग्गा दर्ता भएको छ। तर उक्त लगतमा पनि जिल्लामा भएको खेतका किसिम नखुलेको र पाखाको हकमा ठेक, सिर्तो, फाटके तथा घर धुरीका आधारमा २००९ सालको घर दर र साल सालको नम्बरीको आधारमा मालपोत असूल हुन्छ। खेत पाखो गरी मालपोत स्वरूप वार्षिक आम्दानी रू. ७,२९६। हुन्छ। हालसम्म यस जिल्लामा तालुकदारी प्रथा कायम छ। उत्तरतिरको भोट क्षेत्र तथा छार्काको १०३ थपौला समेत गरी पाखातर्फ ५३ र खेततर्फ २४ मौजा छन्। यस जिल्लामा भूमिसुधार कार्यालय २०२४ सालमा खारेज भएको हुँदा यसभन्दा अगाडि अर्थात् २०२३ सालको लगतबाट अनिवार्य बचतको सिलसिलामा नगदी रू. २२२। र जिन्सी तर्फ ७३ मेट्रिक टन उठेको देखिन्छ।

हालसम्म यहाँ कुनै किसिमको कृषि ऋणको व्यवस्था नभएकोले यस किसिमको ऋणको लागि जनता साहु महाजनसँग ऋण लिनु पर्छ। यस प्रकारको ऋणमा ब्याज दर ज्यादा हुने हुनाले किसानहरूलाई मर्का पर्छ। ग्रामीण जनतालाई रोपाइँ गर्ने बेला बीउ तथा ज्यालाको लागि, पशु तथा कृषि औजार किन्न र खाद्यान्न सङ्कटको बेलामा ऋणको आवश्यकता पर्न आउँछ।

हालसम्म यस जिल्लामा विदेशी मलको प्रयोग नभएकोले सबै कृषि परिवारले आफ्नै घरमा तयार पारिएको गाईवस्तुको मलमूत्रसित सल्लाका पातहरू मिसाएर बनाइने मल नै प्रयोगमा ल्याएको छ। कसै कसैले उत्तरी भोट क्षेत्रबाट भेडा बाखाहरू लिई औलतर्फ जाने व्यापारीहरूको भेडा आफ्नो खेतमा राखन दिएर पनि जगाको लागि मलको काम लिन्छन्। यस किसिमको प्रथा यस जिल्ला बाहेक कर्णाली अञ्चलमा पनि चल्तीमाछ।

खेतीको कामको लागि प्रयोग गरिने कृषि औजारहरूमा पनि प्राचीन कालदेखि चलिआएको हलो, फाली, कुटो, कोदालो, बाउसो, हँसिया आदि नै प्रयोगमा ल्याइन्छन् । यी औजारको लागि आवश्यक फलाम जाजरकोट र नेपालगञ्जबाट ल्याइन्छ । यी औजारहरू स्थानीय कामीहरूले नै बनाउँछन् र यी कामीहरूलाई ज्यालाको रूपमा विशेष गरी अनाजै दिने चलन छ । जिल्लामा आधुनिक औजारहरू नआउनुको मुख्य कारण यातायातकै कठिनाईं हो ।

भोटतर्फ बसोबास गर्ने सबै जातिले खेतीको सबै काम आफैले गर्छन्। प्रायः हलो जोत्ने काम लोग्ने मानिसहरूले र मल राख्ने, बाली काट्ने, गोड्ने काम आइमाईहरू गर्दछन् । बाहुन, ठकुरी आदि जातिहरू भएको दक्षिणी भागमा भने प्राचीन जजमानी प्रथा केही मात्रामा अझै कायम छ । यसअनुसार यी बाहुन, ठकुरी आदिको जग्गा जोत्ने गोड्ने आदि काम कामी, दमाई, सार्की आदिले गर्दछन् । सो काम गरे वापत यिनीहरूलाई केही जग्गा आफ्नो लागि दिइएको हुन्छ । यिनीहरूले रोपाइँको समयमा हलो जोत्नेदेखि लिएर रोप्ने, गोड्ने, काट्ने तथा दाइँ हाल्नेसम्म पनि जग्गा धनीले अह्राएको समयमा आएर काम गर्दछन् । रोपाइँको बेलामा जरूरत परेमा ज्यालामा पनि काममा लगाउने चलन छ । यसरी पारिश्रमिक काम लिंदा उनीहरू-लाई दिनको चार माना अन्न दिने चलन छ । कहिले काहीं यत्तिकै मूल्यको रूपैयाँ पनि दिने चलन छ । यसको अतिरिक्त दिउँसोको खानाको साथै साँझको निमित्त पनि चामल दिनु पर्छ । गाउँ गाउँमा एक घरले अर्को घरलाई आफूखुशी मद्दत् गर्ने परिमा प्रथा पनि केही मात्रामा छ जसलाई स्थानीय भाषामा 'बाउरे' जाने भनिन्छ । त्यसबेला जग्गा धनीले दिउँसोको खाना मात्र नै ख्वाए पनि पुग्छ ।

पशुपालन

खेतीपाती पछि दोस्रो मुख्य व्यवसाय पशुपालन हो । यस जिल्लामा पालिने पशु–वस्तुहरूमा भेडा बाखा, चौंरी, झोपा, घोडा, गाई-गोरु आदि हुन् । जिल्लामा सबभन्दा बढी पालिने पशुमा चौंरी र झोपालाई लिन सकिन्छ । एक ठाउँबाट अर्को ठाउँमा जाँदा उच्च लेकहरू काट्न परेमा भारी बोकी छिटो हिंड्न सक्ने भएकोले झोपा तथा चौंरीको निक्कै चरहाना हुन्छ । यस बाहेक उक्त क्षेत्रमा जोत्ने काममा पनि यी जनावरहरूलाई प्रयोग गरिन्छ । यसको ऊनबाट तयार गरिने चौंरीपोत टिकाउको लागि अधिराज्यका विभिन्न भागमा प्रख्यात छ । दक्षिण–पश्चिम क्षेत्रका मानिसहरूले मल, हल तथा दूधको लागि गाई वस्तु पाल्दछन् । जिल्लाको पशु-पालनमा अर्को महत्वपूर्ण पाल्तु पशु भेडा हो । यिनीहरू विशेषगरी सरसामान बोक्ने र बेच्नको लागि पालिन्छन् । जिल्लामा भइरहेको पशुपालन सम्बन्धी व्यवसायहरूको छोटकारी विवरण तल दिइएको छ ।

भेडा पालनःजिल्लाको विस्तृत भू–भागमा पाइने ठूल-ठूला पाटन तथा चौरहरू विभिन्न किसिमका घाँसहरूले ढाकिएका हुन्छन् । त्यसैले उत्तरी तथा दक्षिणी भेकका मानिसहरू सबैले प्रशस्त मात्रामा भेडा-बाखा पाल्ने गर्दछन् । यस व्यवसायको मुख्य उद्देश्य जाखनु (सामान ढुवानी गर्नु), प्रजनन गरी पशु धन बढाई मासु खाने तथा बेच बिखन गर्ने, यिनीहरूबाट प्राप्त हुने ऊनबाट लुगा कपडा बुन्ने, मलजलको लागि प्रयोग गर्ने हुन् । यस जिल्लामा भेडा बाखा र व्यापार एक अर्काको पूरकको रूपमा चलिरहेछन् ।

गाईवस्तु चौंरी आदिको पालनः यस जिल्लामा गाईवस्तु पालनुको मुख्य उद्देश्य मल–मूत्र,

हल–गोठ र दूधको लागि हो। उत्तरी क्षेत्रमा बसोबास गर्ने जातिहरूले विशेषगरी चौंरी र झोपा पाल्छन्। यिनीहरू निक्कै उचाइमा बस्ने हुँदा यहाँ गाईवस्तुहरू बाँच्न गाह्रो पर्दछ। चौंरी र गाईको प्रजननद्वारा पैदा हुने झोपालाई नै यहाँका मानिसहरू उपयोगमा ल्याउँछन्। सामान ढुवानी गर्न, हलो चलाउन, छालाको सामान बनाउन आदि काममा झोपाहरू उपयोग गरिन्छ। चौंरी गाईको दूधबाट घ्यू, छुर्पी (दुरूखा) नौनी आदि बनाइन्छ। यस जिल्लाको दक्षिण भेकका केही पञ्चायतहरूमा भैंसी पनि पालिएका हुन्छन् जुन जाडो महीनामा तल जाजरकोटतर्फ लगिन्छ र गर्मी महीनामा आफ्नै गाउँमा ल्याउने गरिन्छ। खेतीको काममा प्रयोग हुने गाईबस्तुहरूलाई छाडी अरू सबै पाल्तु जनावरलाई गाउँभन्दा माथिको पाटनमा लगी राखिन्छ।

घोडा पालनः जिल्लाको महत्वपूर्ण पशुपालन व्यवसायहरूमध्ये मानिन्छ। लेकाली क्षेत्रमा हुने घाँसको साथै अनेक थरीका बुकीहरू घोडाको लागि पोशिलो आहारा मानिन्छ। त्यसैले गर्मी महीना विशेषगरी असार, साउन र भदौमा गाउँबाट त्यस्ता ठूला ठूला फराकिला पाटनहरूमा प्रशस्त घोडा, घोडीहरू चराउन ल्याइएका हुन्छन्। चरणको सुविधाले गर्दा प्राचीनकालदेखि यहाँका मानिसहरू घोडा पालन व्यवसायलाई अपनाइआएका छन्। कर्णाली अञ्चलबाट आउने घोडाहरूका साथै यस जिल्लाबाट पनि दाङ जोल्जीवी त्रिवेणी (गण्डकी नदी) मा घोडा बिक्री गर्न लैजाने अघिदेखिको एउटा महत्वपूर्ण व्यापार थियो तर हाल केही वर्ष यता दक्षिण तराई तथा भित्री मधेशमा बस, मोटरकार आदिको चल्ती बढ्दै गइरहेको हुँदा जुम्ली घोडाको चाहना निक्कै घटेको छ।

यिनीहरू बाहेक पशुवस्तुको सुरक्षाको लागि कुकुर पाल्ने, फुल, मासुको लागि कुखुरा पाल्ने र मौरी पालन पनि जिल्लाका विभिन्न व्यवसायमध्येका हुन्। जङ्गलको आसपासमा पर्ने गाउँहरूमा फुल्ने मीठो बास्ना भएका राम्रा फूलहरू भएको ठाउँमा मौरी पालन निक्कै फष्टाएको पाइन्छ। घर नजीकैको बारीमा भीर, पहरा अथवा रूखहरूको काप-कापमा काठको मुढालाई कोपेर बनाइएका प्वालमा माहुरीको घार राखिन्छ। यसबाट वर्षको दुईचोटी मह निकालिन्छ। यस घारबाट बढीमा दुई पाथीसम्म मह जम्मा गरिन्छ। महलाई यहाँ सखर अथवा चीनीको सट्टामा प्रयोग गरिन्छ।

फलफूल खेती

जिल्लामा धेरै किसिमका फलफूलहरू पाइन्छन्। अर्धउष्ण प्रदेशमा पाइने दारिम, निबुवा, ज्यामीरदेखि लिएर शीतोष्ण प्रदेशमा पाइने आरू, ओखर, स्याउ, चिउली, चुत्रो आदिसम्म पनि हुन्छन्। यस जिल्लामा स्याउको बोट गत चार पाँच वर्षदेखि मात्र रोप्न थालिएका छन्। यसबाट जिल्लाबासीहरूमा उत्साह बढेको पाइन्छ। तर जिल्ला भित्र बागबानी केन्द्र नभएको र अञ्चल सदरमुकामबाट यो जिल्ला निक्कै टाढा परेको हुँदा स्याउ खेतीमा राम्रो ध्यान पुग्न सकेको छैन। यस बाहेक दाँते ओखर र बदामका बोटहरूको प्रसार भएकोमा दाँते ओखरलाई मानिसहरूले बढी रूचाएको देखिन्छ।

कृषि विकास

जिल्लाका बासिन्दाहरू पुरानै कृषि प्रथालाई अपनाइ रहेको पाइन्छ। जिल्लास्तरीय कृषि विकास कार्यक्रम हालसम्म लागू भएको छैन। धवलागिरि अञ्चलको सदरमकाम बागलुङमा रहेको कृषि विकास केन्द्र

अन्तर्गत यस जिल्लामा एउटा कृषि कार्यालय छ । सो कार्यालय प्रमुख जिल्ला अधिकारीको कार्यालयको शाखाको रूपमा छ ।

वि. सं. २०२८ मा यस केन्द्रबाट उन्नत जातको गहुँ ४४ मुरी दुई तीन पटक गरी जिल्लामा बिक्री वितरणको लागि पठाइएको थियो । यसरी कृषि विकासतर्फ केही फाटफूट कार्यहरू भएको भए तापनि प्रभावकारी हुन सकेको छैन । यहाँ पशुचिकित्सालय नभएकोले पशुको उपचारको लागि या त जुम्ला या बागलुङ पुग्नु पर्दछ ।

सिचाइ

जिल्लाको विशाल भू-भाग उच्चा पठार, हिमालय र नाङ्गा ढुङ्गाहरूले भरिएको र वृष्टि छायाँमा परेको हुँदा यस जिल्लामा पानी कम पर्दछ। जिल्लाको आवादी जग्गाको करीब आठ-दस प्रतिशत मात्रै खेती लायक जग्गा हुन आउँछ । यहाँ सिचाइको राम्रो व्यवस्था भएको छैन । तर जिल्लाभित्र सिचाइ बिना खेतीगर्न प्रायः नसकिने भएकोले सिचाइमा बढी महत्व दिनु पर्ने देखिन्छ। डोल्पा जिल्लामा आर्थिक वर्ष२०२०।२१ देखि हालसम्म विभिन्न स्थानहरूमा सिचाइका कुलोहरू निर्माण हुँदैआएका छन् । श्री ५ को सरकारको अनुदान तथा जिल्ला पञ्चायत र गाउँ पञ्चायतहरूको संयुक्त सहयोगबाट उक्त कुलोहरू निर्माण भएका छन्। सिचाइका कुलोहरू निर्माण भएका जुफाल, तिरल, लाउन, झाझफाल आदि स्थानहरू उल्लेखनीय छन्।

उद्योग

राजधानीबाट निक्कै टाढा पर्ने अति दुर्गम जिल्लाको संज्ञा पाएको यस डोल्पा जिल्लामा ठूल-ठूला उद्योग तथा व्यापारहरू छैनन् । धेरै समयदेखि चलिआएको कर व्यवस्था, घरेलु उद्योग तथा व्यापार यस जिल्लामन्दा पश्चिममा पर्ने तिब्रिकोट, जुम्ला तथा मुगु जिल्लाहरूसित निकै मिल्ने देखिन्छ । प्राचीन कालमा यस जिल्लाका धेरै जसो भागहरू तत्कालीन जुम्ला राज्यको अङ्गको रूपमा रहेकोले यी समानताहरू पाइएको हुन सक्दछ । क्षेत्रफलको दृष्टिकोणले अधिराज्यको सबभन्दा ठूलो जिल्ला भएकोले जिल्ला भित्रै पनि विभिन्न ठाउँमा आर्थिक स्थिति समान नभएको देखिन्छ । उदाहरणको लागि जिल्लाको उत्तरी भेकका मानिसहरू पशुपालन र व्यापारमा बढी निर्भर छन् भने दक्षिण–पश्चिम भागका मानिसहरू कृषिमा बढी निर्भर रहेको पाइन्छ । एकै किसिमको व्यवसायमा मात्रै पूर्ण रूपमा आधारित नभई विभिन्न व्यवसाय एक अर्काको पूरकको रूपमा अपनाइएको पाइन्छ ।

घरेलु उद्योग

घरेलु तथा साना उद्योगहरू जिल्लावासीहरूको जीवनको अभिन्न अङ्ग बन्न गएका छन् । जिल्लामा कतिपय कारणहरूबाट संगठित रूपमा उद्योगधन्दाहरू सञ्चालन हुन नसकेको भए तापनि सानो रूपमा गरिने घरेलु उद्योगहरू त घर घरमा गरेको पाइन्छ । जिल्लामा सञ्चालित भएका उद्योग व्यवसायमा चौरी-पोत, राडी, पाखी, लिउ, फेरुवा आदि बुन्ने काम, डोको, डालो, हलो आदि काठ बाँसको काम र सुती धागोको कपडा बुन्ने सूती उद्योग र घरमा पालिएका जीवजन्तुमा आधारित घ्यू, छुर्पी आदि बनाउने उद्योग नै मुख्य छन् ।

यस जिल्लाको प्राकृतिक स्वरूप दुई भिन्दा-भिन्दै किसिमको भएकोले उद्योग सञ्चालनमा पनि यसले असर पारेको छ । जिल्लाको दक्षिणी भाग पहाडी क्षेत्रमा परेकोले यहाँका मानिसहरू विदेशबाट ल्याइएको सूती धागोबाट कपडा बुन्ने गर्दछन् । यस प्रकारको उद्योंग उत्तरी भोट क्षेत्रमा सञ्चालन भए पनि गरम मौसममा लगाउने कपडा विशेष गरेर जिल्लाको दक्षिणी भागमा बुनिन्छ । तर यहाँ नौ इञ्चदेखि एक फूटसम्मको तान मात्र प्रयोंगमा ल्याइने हुँदा यहाँ बुनिने कपडाको चौडाइ एकदम सानो हुन्छ । यसको अलावा दक्षिणी भागमा डोका, डाला, हलो आदि र केही मात्रामा राडी, पाखी आदि पनि बुनिन्छ । उत्पादित वस्तुहरू साधारणतया आफ्नो दैनिक उपभोगको लागि मात्र प्रयोग हुन्छन् । आफ्नो आवश्यकताभन्दा बढी भएमा मात्र बेच्ने चलन छ ।

उत्तरी भोट क्षेत्रको मुख्य उद्योग व्यवसाय भेडा, च्याङ्ग्रा, याक, झोपा आदि पाल्नु तथा ती पशुहरूमा आधारित दुग्ध-सम्बन्धी व्यवसाय हुन् । यस प्रकारको दुग्ध व्यवसायबाट उत्पादित घ्यू छुर्पी आदि खाद्यान्न सँग साट्ने चलन छ । जीवनको सहारा नै भएकोले दुग्ध-सम्बन्धी उद्योग त्यति सन्तोषजनक नभए पनि राम्रैसँग सञ्चालन भइरहेको छ। वर्षको पाँच-छ महीना उत्तरी खण्डलाई हिउँले ढाक्ने र हिउँदको याममा चरनको समस्याले गर्दा आफ्ना सबै चौपायाहरू लिई दक्षिणी भागतिर आउनु पर्ने भएकोले यस उद्योग पनि घर घरमा गरिने हुँदा असंगठित रूपमै रहेको छ । पहिले चरनको राम्रो व्यवस्था छँदा कसै कसैको हजारौं पशुहरूसम्म हुन्थे । तर हाल चरनको समस्या र स्थानीय मानिसहरूको आर्थिक स्थिति बलियो नहुनु आदि समस्याले गर्दा पशुहरूको संख्या धेरै घट्न गएको छ र यसले गर्दा दुग्ध-सम्बन्धी व्यवसायमा पनि प्रतिकूल असर परेको छ ।

उत्तरी भागमा राडी, पाखी, गलैंचा, दोचा तथा अन्य ऊनी मालसामानहरू पनि उत्पादन गरिन्छन् । भेडाको ऊनबाट राम्रो नरम गलैंचा बन्दछ। चौंरी, झोपा आदिको ऊनबाट पालहरू बनाइन्छन्। चौरीको ऊन बलियो र कडा हुन्छ र यसबाट घरको अभावमा र एक ठाउँबाट अर्को ठाउँमा जाँदा शीत, हिउँबाट बच्नको लागि पालहरू बनाइन्छन् । यस प्रकारको पाल बलियो र धेरै समयसम्म खप्ने हुन्छ । विभिन्न प्रकारका भेडा, च्याङ्ग्रा आदिको ऊनबाट यहाँका मानिसहरू आपनो प्रयोगको लागि बख्खु, दोचा, जुत्ताको माथिल्लो भाग, झोला आदि बनाउँदछन् । नून र खाद्यान्नको आयात–निर्यात गर्दा सामानहरू राख्न ऊनको थैलो बनाउँछन् । यस प्रकारको थैलो धेरै समय खप्ने हुनाले र कच्चा पदार्थ पनि उपलब्ध भएकोले धेरै बन्दछ । यस प्रकारको कच्चा पदार्थबाट माथि उल्लेख गरिएका सामानहरूको अलावा आपनो दैनिक प्रयोगका सामानहरू पनि बनाउँछन्। धेरै समयसम्म हिउँ पर्ने हुनाले आफूलाई जोगाउन ऊनी ओड्ने, ओछ्याउने आदि समेत भेडा च्याङ्ग्राकै ऊनबाट बनाउँछन् । गाई, चौंरी आदिको छालाबाट जुत्ताको तलुवा बनाउँछन् । जुत्ताको माथिल्लो भाग चाहिं ऊनी, सुती धागो मिसाएर बनाउँदछन् । उत्तरी भेगका आइमाईहरू खाना पकाउँदा, बाटो हिंड्दा समेत यी उद्योगको लागि ऊन कात्दछन् ।

यसको अलवा डोल्पालीहरू ऊनको मसिनो छर्काली पाखी पनि बनाउँछन् । यो निकै मसिनो र राम्रो हुन्छ औ विदेशी पर्यटकहरूले खूब मनपराउँछन् । त्यस्तै चौंरीको पुच्छरबाट बन्ने चौंरीपोत पाखी अधिराज्यभरि प्रख्यात छ ।

पर्यटन उद्योग

आर्थिक विकासको लागि यहाँ शुरू गर्न सकिने उद्योगहरूमध्ये पर्यटन उद्योग पनि एक हो। डोल्पा जिल्लाभित्र पर्ने धवलागिरि हिमालको सम्पूर्ण शृङ्खला, संसारको सबभन्दा उच्च बस्ती भएका ठाउँहरू, पहाडी खोंचखोंचमा छरिएर रहेका तथा निर्मल पानीले भरिएका अति सुन्दर तालहरू, सयौं मिटर माथिबाट खसिरहेका नदीका झरनाहरू, विभिन्न गाउँ गाउँमा स्थापित ठूल-ठूला गुम्बा तथा मन्दिरहरू, आफ्नै संस्कृति र परम्परामा हुर्केका डोल्पालीहरूको जन-जीवन आदिले देश विदेशका पर्यटकहरूलाई आकर्षित तुल्याइराखेका छन्। पर्यटकहरूकै भारी बोकी अगुवाको रूपमा काम गर्ने यस जिल्ला निवासीहरूको अर्को पेशा हुनगएको छ।

जिल्लामा पर्ने धवलागिरि, सिस्ने, पतरासी, कान्जिरोवा, मुकुट, पाल्चुङ आदि हिमाल चढ्न आउने पर्वतारोही दलहरूको लागि पनि यो जिल्ला आकर्षणको केन्द्र बनेको छ। फोक्सुम्दो, जगदुल्ला जस्ता निर्मल पानीले भरिएका तालहरू तथा आसपासमा पर्ने झरना, वन तथा नदीका बगरमा छुट्टी मनाउन आउने पर्यटकहरूको लागि पनि यो जिल्ला कम महत्वपूर्ण छैन। त्यस्तै कोट गाउँ स्थित त्रिपुरासुन्दरीको मन्दिर, से गुम्बा, पाङसेर गुम्बा, ताराकोट गुम्बा, तराप गाउँको गुम्बा, रिम्मी, पुग्मीका गुम्बाहरू, व्यास ऋषि जस्ता धार्मिक महत्वका स्थलहरूले तीर्थयात्रा गर्ने यात्रीहरूको लागि पनि डोल्पा जिल्ला त्यत्तिकै महत्वपूर्ण बनेको छ।

अन्वेषणको केन्द्रस्थल बनेको यस जिल्लामा अन्वेषण गर्न बाँकी धेरै विषयहरू छन्। त्यसैले समय समयमा अन्वेषण गर्न आएका विदेशी विद्वानहरू जस्तै स्नेलग्रोभ, कोरनिए जेष्ट, हाइमानडोर्फ, टुची, जीम फिसर आदिले पनि यस जिल्लालाई आफ्नो अन्वेषणको केन्द्र बनाएका थिए। तर जिल्लाभित्रको अल्पविकसित यातायात प्रणाली र एक ठाउँबाट अर्को ठाउँमा जाँदा पर्ने बास, गाँसको कठिनाईले गर्दा पर्यटकहरू ठूलो संख्यामा यहाँ आउनसकेका छैनन्।

व्यापार

जिल्लामा हुने व्यापारिक गतिविधिलाई विचार गर्दा आन्तरिक तथा वैदेशिक यी दुई किसिमका व्यापारलाई बेग्ला बेग्लै हेर्नु उचित देखिन्छ।

आन्तरिक व्यापार : यस जिल्लाबाट गरिने आयातको तुलनामा निर्यात नगण्य छ। जिल्लामा आयात गरिने चीजबीजहरूमा नून, मट्टीतेल, खाद्यान्न, लुगाफाटा, चिया इत्यादि दैनिक उपभोगका सबै सामान आउँछन्। जिल्लाको मुख्य व्यापार बागलुङ बजार, मुस्ताङको जोमसोम र नेपालगञ्ज जस्ता व्यापारिक केन्द्रहरूसँग हुन्छ। जिल्लाको दक्षिणी भागका मानिसहरू अर्थात् सदरमुकामभन्दा पश्चिमका मानिसहरू जुम्ला बजार भएर नेपालगञ्जतर्फ जान्छन् र केही जाजरकोट भएर दाङ घोराही पनि जान्छन्। जिल्लाको पूर्वी भेकका मानिसहरू मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोम र त्यसभन्दा दक्षिणका निवासीहरू चाहिं बागलुङ बजार भई व्यापार गर्दछन्। यी ठाउँहरूबाट मसला, लत्ता-कपडा, जुत्ता, चुरोट आदि ल्याइन्छन्। जिल्लाबाट निर्यात

गरिने वस्तुहरूमा छुर्पी, घ्यू, भेडा, बाखा, घोडा आदि हुन् । जिल्लामा व्यापारका केन्द्र तथा पसलहरू देखिँदैनन् । व्यापारगर्ने मानिसहरू भारी बनाई आफैं बोकेर व्यापार केन्द्रहरूमा सामानहरू लैजान्छन् ।

सदरमुकाम दुनैमा समेत केही भट्टी पसल बाहेक अरू कुनै पसल छैनन् । यस प्रकारका साना तिना भारीमा सामान ल्याई व्यापार गर्ने ताराकोट निवासी तरालीहरू नै हुन् । कम सामान पाइने र दुर्गम स्थान भएकोले बजार मूल्य निकै बढेको देखिन्छ । यसको मुख्य कारण अनकण्टार जिल्ला भएको र यातायातको कठिनाईले ढुवानी खर्च बढ्न जानु नै हो । यसको अलावा बजारमा सँधै सामान प्राप्त नहुने हुनाले मौकाअनुसार व्यापारीहरूले झन बढी मूल्य लिने पनि गर्दछन् ।

उत्तरी भेकका मानिसहरू नून बोकेर दक्षिण भागमा आई खाद्यान्न साँटी लैजान्छन् । ऊन तथा चिया आफ्नै प्रयोगको लागि राख्दछन् । यस प्रकारको व्यापार पहिले निकै व्यवस्थित रूपमा सञ्चालित थियो र तिब्बती क्षेत्रबाट कस्तूरी आदि आयात पनि हुने हुँदा व्यापार पनि प्रशस्त हुन्थ्यो । तर हाल यस किसिमको व्यापार निकै सानो रूपमा चलेको पाइन्छ ।

हाल पशुहरूको व्यापार पनि निकै घट्न गएको छ । फलस्वरूप ऊन, मासु आदिको व्यापारमा पनि ह्रास आएको छ ।

वैदेशिक व्यापार : डोल्पा जिल्लाको वैदेशिक व्यापार अधिकांश रूपमा उत्तरतिर झुकेको पाइन्छ । यस जिल्लाको उत्तरतिर ४,८७८ मिटर (१६,००० फीट) भन्दा अग्ला घाँटीहरू काटेर तिब्बती क्षेत्रमा जाने धेरै भञ्ज्याङहरू छन् । वर्षको दुई-तीन महीना मात्रै खुल्ने यी भञ्ज्याङहरूमा खुम, माई, यानाङ, पिन्दू भञ्ज्याङहरू मुख्य हुन् । कुनै कुनै व्यापारीहरू लांगु खोलाको तीरैतीर मुगु नाका भएर तथा छार्का भोटबाट वर्षको एक दुई पटक चामल, गहुँ, उवा तथा अन्य खाद्यान्न लगी तिब्बती क्षेत्रबाट नून, ऊन, भोटे चिया, कुकुर, चौंरीआदि ल्याउँछन् । यो व्यापार भौगोलिक कारणले गर्दा केही महीनाको लागि मात्र सीमित छ । भारतबाट आउने नून मध्यपहाडी भागमा पनि आउन थालकोले पनि तिब्बती क्षेत्रसँगको नूनको व्यापार घट्न गएको छ । यस बाहेक जिल्लाको वैदेशिक व्यापारमा केही व्यक्तिहरू नेपालगञ्ज भएर भारतको लखनउ, कानपुरसम्म पुगेर पनि आफ्नो दैनिक उपभोगका सामानहरू जुटाउँछन् ।

यातायात र सञ्चार

अधिराज्यको अति दुर्गम जिल्लाहरूमध्ये एक यस जिल्लाको यातायात प्रणाली निक्कै पिछडिएको अवस्थामा छ। भेरी नदीको किनारी भाग बाहेक जिल्लाको सम्पूर्ण इलाका २,१३४ मिटर (७,००० फीट) भन्दा माथि पर्दछ। जिल्लाको कुनै पनि भाग हालसम्म सडक अथवा राजमार्गबाट करीब १२८ किलोमिटर (४० कोस) भन्दा टाढा छ। ठाउँ ठाउँमा झरना बनाई द्रुतगतिले बग्ने नदीहरूमा जलमार्गको सम्भावना पनि कमै छ। हालसम्म जिल्ला भित्र कुनै पनि स्थानमा हवाई सेवा चालू भएको छैन। तर परीक्षणको लागि २०३१ साल पुस २१ गतेका दिन जुफाल गाउँको नजीकै बनेको विमानस्थलमा एउटा विमान उत्रेको थियो। यसकारण निकट भविष्यमै यस जिल्लामा पनि हवाई सेवा चालू हुन सक्ने सम्भावना देखिएको छ। जिल्लाको सदरमुकामसम्म पुग्नलाई काठमाडौंदेखि जुम्लासम्म हवाइजहाजबाट गएपछि छिटोमा छ दिन लाग्दछ। सदरमुकाम पुग्न जाजरकोट भई भेरीको किनारै किनार पनि जान सकिन्छ। अञ्चल सदरमुकाम बागलुङदेखि दुनैसम्म पुग्न नौ-दश दिन लाग्दछ। यस्तै डोल्पा जिल्ला जाने अर्को दुईवटा बाटाहरू छन्– मुस्ताङबाट मुकुट हिमालको काँध भएर जाने तथा त्यस जिल्लाबाट लांगु खोलाको किनारै किनार जाने। यी बाटाहरूमा आवत-जावत गर्नु स्थानीय मानिसहरूलाई बाहेक अरूलाई प्रायः असम्भव हुन्छ। यी बाटाहरू पनि वर्षको तीन महीना मात्र खुल्दछन्।

जिल्लाको धेरै जसो भाग २,१३४ मिटर (७,००० फीट) भन्दा माथि परेको हुँदा यस जिल्लाबाट अरू छिमेकी जिल्लाहरूमा जान अग्ला लेकहरूमा जमिरहने हिउँले करीब छ महीनाभन्दा बढी बाधा पुर्‍याउँछ। भेरी नदीको किनार भई जाजरकोट जाने तथा तिब्रिकोट अथवा जुम्ला जाने बाटो पनि हिउँ पर्न थालेपछि केही दिनकोलागि बन्द हुन्छ। जिल्लामा प्रयोग गरिने यातायातका साधनहरूमा चौंरी, घोडा, झोपा, भेंडा, बाख्रा आदि हुन्।

यस डोल्पा जिल्लामा अथवा यस जिल्ला भएर जाने केही महत्वपूर्ण घोडेटो तथा गोरेटोहरू निम्नअनुसार छन् :–

दुनै (सदरमुकाम)– जङ्गला भञ्ज्याङ–बागलुङ

अञ्चलको सदरमुकामसित जोड्ने यो बाटो जिल्लाका केही महत्वपूर्ण बाटाहरू मध्ये एक हो। यसलाई मूल हुलाकी बाटो पनि भनिन्छ। दुनैदेखि बागलुङसम्म यसको लम्बाइ करीब १६० किलोमिटर (५० कोस) पर्दछ। यस बाटोको बीचमा दुईवटा ठूला-ठूला लेकहरू–जङ्गला भञ्ज्याङ र फागने धुरी काट्नु पर्दछ। यी लेकहरूमा छ महीनाभन्दा बढी हिउँ जमिरहन्छ। दुनैबाट यो बाटो गरी बागलुङसम्म पुग्न कम्तीमा

नौ-दश दिन लाग्दछ। त्यसमा पनि चार-पाँच दिनसम्म कुनै गाउँ नपर्ने हुँदा बास–गाँसको समेत ठेगान हुँदैन। यस बाटोको ठाउँ ठाउँमा बास बस्ने टीनका छाना भएका पाटी बनाइएका छन्। दुनैबाट बागलुङ जादा यस बाटोमा पर्ने मुख्य मुख्य गाउँहरू ताराकोट, लुमसुम, मुना, साली ढुला, बेनी हुन्। यस बाटोमा गर्मी महीनामा भेडाको वथान लिई तलतिर अन्न साट्न जाने तरालीहरूको घुइँचो लाग्दछ।

दुनै–काइगाउँ–जुम्ला

डोल्पा जिल्लाको पश्चिममा पर्ने तिब्रिकोट जिल्ला भई जुम्ला खलङ्गा बजार पुग्ने यो बाटो प्राचीन कालदेखि नै चल्तीको हो। अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गर्नुभन्दा पहिले डोल्पाको धेरै जसो भाग जुम्लामा पर्दथ्यो। त्यसैले डोल्पा जिल्लाका अधिकांश जनता जुम्ला माल तथा बडाहाकिम कार्यालय जान यसै बाटो प्रयोग गर्दथे। दुनैदेखि डोल्पा र तिब्रिकोटको सीमानामा पर्ने वरवरीया लाग्ना (भञ्ज्याङ) सम्म करीब ५१ किलोमिटर (१६ कोस) टाढा पर्दछ। यहाँबाट करीब ३५ किलोमिटर (११ कोस) पश्चिम गएपछि जुम्ला बजार पुगिन्छ। अञ्चलको सदरमुकाम बागलुङ भए तापनि डोल्पाबासीहरूको आवत जावत विशेषगरी जुम्लातिर भएकोले धेरै मानिसहरू यस बाटो गरी हिड्दछन्। हाल काठमाडौं जान पर्दा पनि डोल्पाबासीहरू जुम्लाको विमानस्थलबाट सजिलो पर्ने भएकोले यस बाटोलाई प्रयोग गर्दछन्। डोल्पाबासीहरू नेपालगञ्ज जान परेमा पनि जुम्ला भएर अर्थात् यसै बाटोलाई प्रयोग गरेर जाने गर्दछन्। यस बाटोमा पर्ने केही महत्वपूर्ण गाउँहरू तिब्रिकोट, पहाडा, काइगाउँ, डिल्लीकोट, देपाल गाउँ आदि हुन्। हिउँदमा जुम्लामा व्यापार गर्न आउने उत्तरी भेकका डोल्पालीहरूको घुइँचो लाग्दछ। घोडा हिंड्ने फराकिलो बाटो भएको हुँदा यसमा बाहै महीना बटुवाहरू हिंड्दछन्। ज्यादै धेरै हिउँ परेमा मात्रै दुई–तीन दिनको लागि मौर्या लाग्नामा बाटो थुनिन्छ।

दुनै–छार्का भोट–जोमसोम (मुस्ताङ जिल्ला)

जिल्लाको सदरमुकाम दुनैबाट मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोम जाने यो बाटो जिल्लाको अति बिकट बाटोहरूमध्ये एक हो। यो बाटो धोतरापसम्म भेरी नदी तथा यसको सहायक खोलाको रूपमा रहेको तराप खोलाको किनारै किनार जान्छ। यहाँबाट छार्काभोट भई मुस्ताङ जिल्ला पुग्न निक्कै ठूल–ठूला पाटन, लेकहरू पार गरी मुकुट हिमालको घाँटी पार गरेर जानु पर्दछ। यो बाटो नदीको किनारै किनार भई तेरांग गाउँ पुगेपछि दुई हाँगामा विभाजन हुन्छ। मूलबाटो यहाँबाट सोझै उत्तर दिशामा छार्का भोटसम्म पुगेर पूर्व दिशामा जान्छ र त्यसपछि सांगना भञ्ज्याङ काटी जोमसोम पुग्दछ। अर्को बाटो तेरांगबाट भेरी नदी तरेर मूकोट गाउँमा जान्छ र त्यहाँबाट मुकुट हिमाल काटी सांगना भञ्ज्याङ हुँदै जोमसोम पुग्दछ। मुस्ताङ जाने मूल बाटो भए तापनि यो अति नै डरलाग्दो छ र करीब चार-पाँच महीना मात्रै खुला रहन्छ। ठाडो भिरालो परेका ठाउँमा पैरो जाने हुनाले यो बाटो हिंड्दा ज्यान हत्केलामा राखेर हिंड्न पर्दछ। कुनै कुनै ठाउँमा नदीमा पुल नहुनाले पनि यो बाटो हिंड्न मुश्किल पर्दछ। जिल्लाबासीहरू यो बाटो गरेर चौंरी र झोपा लिई ऊन र नूनको व्यापारको लागि मुस्ताङ जाने गर्दछन्। प्राचीन कालमा डोल्पाको उत्तरी भेक मुस्ताङ राजाहरूको अधीनमा रहँदा यो बाटो निक्कै चल्तीको थियो। आजकाल केही मानिसहरू मुक्तिनाथको तीर्थयात्रा गर्नको लागि मात्र यो बाटो प्रयोग गर्दछन्।

दुनै–जाजरकोट बाटो

दुनैदेखि नै भेरी नदीको किनारैं किनार जाजरकोट पुग्ने यो बाटो वर्षातको समयमाभन्दा हिउँदमा बढी चल्ती हुन्छ। वर्षातको समयमा खोलाको बगरमा गइरहने पैरोले गर्दा यस बाटोमा हिंड्ने मानिसहरूको लागि ज्यादै कठिनाइ पर्दछ। जिल्लाको सदरमुकामदेखि भेरी अञ्चलको तुशारेसम्मको बाटो मर्मत गरिएको छ। डोल्पा जिल्लाबाट जाजरकोटमा ऊन, नूनसित हुने खाद्यान्नको वस्तु विनिमयको लागि मानिसहरू यो बाटो गरी जान्छन्। कोही कोही यही बाटो गरी सल्यान तथा दाङतर्फ पनि जाने गर्दछन्। दुनैदेखि जिल्लाको सीमानासम्म करीब ४८ किलोमिटर (१५ कोस) टाढा छ। जाजरकोट गर्मी ठाउँ भएको हुँदा हिउँदमा गाईवस्तु, भैंसी लिई जाँदा मानिसहरू यसै बाटो भएर जाने गर्दछन्।

दुनै–रिग्मो गाउँ–विजेरगाउँ (डोल्पा भोट)

जिल्लाको सदरमुकामबाट उत्तरी भोटतर्फ जाने अनेक बाटाहरूमध्ये एक यो बाटो दुनैदेखि विजेर गाउँसम्म ८६ किलोमिटर (२७ कोस) लामो छ। यो बाटो दुनै नजीकै भेरी नदीलाई नाघेर नदीको उत्तरी किनारैं किनार भई सुलिगाड (खोला) को खोंचमा परीला गाउँ भएर रहगाउँ पुग्छ। रहगाउँलाई नाघेपछि मरूवा गाउँ नपुगुन्जेलसम्म कुनै गाउँ भेटिंदैन। त्यहाँबाट करीब तीन घण्टाको उकालो गएपछि रिग्मी गाउं आउँछ। यसको नजीकको फोक्सुन्दो खोलाको तीरैं तीर गई करीब ५,३४८ मिटर (१७,५४० फीट) को गान्दला भञ्ज्याङ काटी सेगुम्बा पुगेपछि अलि फराकिलो बाटो भेटिन्छ। त्यहाँबाट करीब दुई दिनपछि जिल्लाको सबभन्दा उत्तर–पश्चिममा पर्ने बिजेर गाउँमा पुगिन्छ। यो बाटो खोलाको किनारै किनार र अग्ला भञ्ज्याङहरू काट्नु पर्ने भएको हुँदा हिंड्न निकै कठिनाइ पर्दछ। वर्षाको समयमा यो बाटो करीब तीन–चार महीनामात्रै चालू रहन्छ। यो बाटोबाट फोत गाउँ गई लांगु खोलाको किनारै किनार मुगु जिल्ला पनि पुग्न सकिन्छ तर यो ज्यादै उचाइमा परेको हुँदा स्थानीय मानिसहरूले मात्रै प्रयोग गर्न सक्छन्। उत्तरी भोट इलाकाका मानिसहरू लेक खुल्ने समयमा चौंरी, झोपा, भेडा, बाख्रालाई ऊन र नून बोकाई दक्षिण-पश्चिमका गाउँहरूमा आएर खाद्यान्न साँट्छन्। यो बाटो कठिन र गरम मौसममामात्र चल्ने भएकोले आवत–जावत कम हुन्छ।

दुनै–तराप–तिन्जे बाटो

जिल्लाको सदरमुकामबाट उत्तरी भोटतर्फ जाने विकट बाटाहरूमध्ये यो पनि एक हो। दुनैबाट तराप हुँदै तिन्जे गाउँ जाने दुईवटा बाटाहरू छन्। दुनैदेखि तिन्जेसम्मको बाटोको दूरी झण्डै १०२ किलोमिटर (३२ कोस) पुग्दछ। दुनै छाडेपछि भेरी नदीको किनारै किनार भई बिलपारा गाउँ पुग्छ। त्यहाँबाट गोरेटो बाटोलाई समाती छुलुलिया खोला र तराप खोलानिर मूल बाटो भेटिन्छ। त्यसपछि तराप खोलाको तीरैंतीर भई तराप गाउँ पुगिन्छ। त्यहाँबाट १० किलोमिटर (तीन कोस) को दूरीमा करीब ५,०५२ मिटर (१६,५७० फीट) उचाईको छोलिया भञ्ज्याङ काट्नु पर्दछ। त्यसपछि सरूङ खोलाको किनारै किनार हिंडेपछि तिन्जे गाउँ आउँछ। ठाउँ ठाउँमा खोला तथा लेकहरू काट्नु पर्ने भएकोले यो बाटो बाह्रै महीना चल्दैन। यस बाटोमा पनि तीन-चार दिनसम्म बास नपाउने हुंदा ओडार अथवा गुफाभित्र सुत्नु पर्दछ। वर्षातको समयमा खोला बढ्ने र पहिरो जाने तथा हिउँदमा लेकहरूमा हिउँले थुनिने भएकोले निश्चित समयभित्र मात्रै यो बाटो चल्ती हुन्छ। अथवा वर्षामा पानी पर्नुभन्दा अगाडि तथा शरदमा हिउँ पर्नुभन्दा अगाडि यो बाटो ज्यादै चालू रहन्छ। यहाँबाट अझ उत्तर इलाकामा पर्ने सिमेन गाउँ, याङशेर गुम्बा पनि जान सकिन्छ। दुनैदेखि तिन्जे गाउँसम्म

पुग्न कम्तीमा पनि छ-सात दिन लाग्छ । यहाँबाट तिब्बती क्षेत्र जाने ज्यादै अग्ला अग्ला भञ्ज्याङहरू पनि छन् । तीमध्ये यानाङ भञ्ज्याङ, मरेम भञ्ज्याङ, पिन्दु भञ्ज्याङ प्रमुख हुन् ।

यिनीहरू बाहेक जिल्लाभित्र एक ठाउँबाट अर्को ठाउँमा जाने अनगिन्ती गोरेटा बाटाहरू छन् । यीमध्ये तराप अथवा मदुवा गाउँबाट सालदाङ तथा माम्दु पुग्ने बाटो प्रमुख हुन् । यी दुई ठाउँबाट आउने बाटो पछि एउटै भई करीब ४,८७८ मिटर (१६,००० फीट) को जाङला भञ्ज्याङ काटेर जानु पर्दछ । रिमीबाट तराप आउने तथा छार्काभोटबाट तिन्जे जाने अरू बाटाहरू पनि छन् ।

सञ्चार

अधिराज्यको अति दुर्गम जिल्ला भन्ने संज्ञा पाएको यस डोल्पा जिल्लामा बाटो घाटोको कठिनाइ बारेमा यातायात परिच्छेदमा उल्लेख भइसकेको छ । हाल यस जिल्लामा सञ्चालित दुईवटा छोटी हुलाक र सदरमुकाम स्थित एक आकाशवाणीले जिल्लाको कुना कुनासम्म आवश्यक सेवा पुऱ्याउन सकेको देखिँदैन । जिल्लाको कुनै पनि भागमा काठमाडौंबाट आउने पत्र पुग्न तीन हप्ताभन्दा बढी समय लाग्न सक्छ ।

हुलाक

हाल जिल्लामा भएका दुईवटा छोटी हुलाकहरूमध्ये एक सदरमुकाम दुनैमा र अर्को काईगाउँमा छन् । काइगाउँ स्थित छोटी हुलाक पहिले अतिरिक्त हुलाकको रूपमा थियो। २०३० कात्तिक ३ गते यहाँको अतिरिक्त हुलाकलाई छोटी हुलाकमा परिणत गरियो। सदरमुकाम स्थित छोटी हुलाकमा आर्थिक वर्ष २०२९।०३० भरिमा आवत–जावत भएको चिट्ठीको संख्या क्रमशः ७,६१४ र ५,१३३ थियो । यीमध्ये अधिकांश पत्रहरू सरकारी कार्यालय सम्बन्धी नै थिए ।

आकाशवाणी

दुर्गम जिल्लाहरूको लागि सुहाउँदो सञ्चारका साधनहरूमा आकाशवाणीको विशेष महत्व छ । यस जिल्लाको सदरमुकाम दुनैमा एउटा आकाशवाणी कार्यालय स्थापना भएको छ । आर्थिक वर्ष २०२९।०३० मा उक्त आकाशवाणी केन्द्रबाट २,६८७ वटा खबरहरू आदान प्रदान भएको अभिलेख छ। उक्त केन्द्रबाट खबर आदान प्रदान हुने आकाशवाणी केन्द्रहरूमा काठमाडौं, गण्डकी अञ्चलका सात जिल्लाहरू, धवलागिरि अञ्चलका तीन जिल्लाहरू, कर्णाली अञ्चलका चार जिल्लाहरू छन् । साथै यहाँबाट तुल्सीपुर, धनगढी, महेन्द्रनगर र जनकपुरमा रहेका केन्द्रहरूमा समेत सोझै सम्पर्क राख्न सकिन्छ ।

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

कुनै पनि जिल्लाको जनशक्ति तयार पार्ने तथा जनताको गुणात्मक विकास गर्ने कार्यमा शिक्षाको महत्वपूर्ण स्थान हुन्छ। यस सिलसिलामा नेपाल अधिराज्यभरी लागू हुने राष्ट्रिय शिक्षा पद्धति यस जिल्लामा २०३२ सालदेखि शुरू हुँदैछ। यसको लागि आवश्यक सर्वेक्षणको काम समाप्त भइसकेको छ। यस डोल्पा जिल्लामा छ वर्षदेखि माथिको जम्मा १५,८०१ जनसंख्या छ। त्यसमध्ये जम्मा ८३५ जना अर्थात् ५.३ प्रतिशत मात्र साक्षर छन्। धवलागिरि अञ्चलभित्रका चार जिल्लाहरूको तुलनामा यस जिल्लाको साक्षर प्रतिशत सबभन्दा कम हुन आउँछ। मुस्ताङ जिल्लाको १९.५ प्रतिशत, म्याग्दीको १२.५ प्रतिशत र बागलुङको १४.० प्रतिशत साक्षरको तुलनामा डोल्पाको ५.३ प्रतिशत सार्है नै कम देखिन्छ।

उक्त साक्षर जनसंख्यामध्ये पुरुष ७१२ जना अर्थात् ८५.३ प्रतिशत र महिला १२३ जना अर्थात् १४.७प्रतिशत छन्। ६ वर्ष र सोभन्दा माथिको विभिन्न उमेर समूहको जनसंख्या र साक्षर संख्या निम्नबमोजिम रहेको छ।

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			जम्मा		
	संख्या	साक्षर	प्रतिशत	संख्या	साक्षर	प्रतिशत	संख्या	साक्षर	प्रतिशत
६–९	८९०	११५	१२.९	८८३	४६	५.२	१,७७३	१६१	९.१
१०–१४	१,०५४	२६१	२४.८	९३९	५२	५.५	१,९९३	३१३	१५.७
१५–१९	९४८	१६५	१७.४	८४०	१६	१.९	१,७८८	१८१	१०.१
२०–२४	७५१	७१	९.५	७७४	४	०.५	१,५२५	७५	४.९
२५–२९	८५७	३६	४.२	८७०	२	०.२	१,७२७	३८	२.२
३०–३४	७७०	३४	४.४	८२८	०	०.०	१,५९८	३४	२.१
३५–३९	७०६	१२	१.७	६७५	२	०.३	१,३८१	१४	१.०
४०–४४	४४८	७	१.६	५४०	०	०.०	९८८	७	०.७
४५–५४	७८८	७	०.९	७३९	१	०.१	१,५२७	८	०.५
५५–६४	४८६	२	०.४	४६६	०	०.०	९५२	२	०.२
६५ र माथि	२९९	२	०.७	२५०	०	०.०	५४९	२	०.४
जम्मा	७,९९७	७१२	८.९	७,८०४	१२३	१.६	१५,८०१	८३५	५.३

माथिको तालिकाअनुसार सबभन्दा बढी साक्षर संख्या १० वर्षदेखि १४ वर्षका उमेर समूह भित्र पर्दछ । यसमा जम्मा ३१३ जना अर्थात् १५.७ प्रतिशत साक्षर भएको देखिन्छ । यस समूहमा महिलाको प्रतिशत ५.५ को अनुपातमा पुरुषको प्रतिशत २४.८ पर्न आउँछ । यस तालिकाले यस जिल्लामा साक्षर पुरुषभन्दा साक्षर महिलाको संख्या निकै कम रहेको तथ्यलाई स्पष्ट देखाएको छ ।

यस जिल्लामा भएको शैक्षिक सर्वेक्षणअनुसार यहाँ ४२ वटा विद्यालयहरू छन् । योमध्ये माध्यमिक एक, निम्न माध्यमिक दुई र प्राथमिक ३९ छन् । दुनैको दुईवटा प्राथमिक तथा निम्नमाध्यमिक विद्यालय एउटै भवनमा रहेको हुँदा जिल्लामा जम्मा ३८ वटा विद्यालय भवनहरू छन् । त्यसमध्ये २५ वटा विद्यालयको पक्की भवन छन् र बाँकी सबै विद्यालयका भवनहरू कच्ची छन् ।

जिल्लाका विभिन्न स्तरका विद्यालयहरूमा पढ्ने कुल विद्यार्थीहरूको संख्या १,२४३ मध्ये १८३ जना छात्राहरू र अरू बाँकी १,०६० जना छात्रहरू छन् । जिल्लाभित्र पढाउने काम गरिरहेका कुल ७५ जना शिक्षकहरूमध्ये ७४ जना पुरुष र १ जना महिला छन् ।

जिल्लाका विद्यालयहरूको रेखदेख हाल प्रमुख जिल्ला अधिकारीको कार्यालयको शिक्षा शाखा अन्तर्गतको जिल्ला शिक्षा निरीक्षकद्वारा हुने गरेको छ । हरेक विद्यालयको आफ्नै बेग्लै सञ्चालक समिति पनि छ । जिल्लाका शिक्षण संस्थाहरूको आर्थिक स्थिति राम्रो अवस्थामा नभएको हुँदा सबैले सरकारी अनुदानमा बढी भर पर्दछन् । आर्थिक वर्ष २०२९।०३० मा शिक्षातर्फ श्री ५ को सरकारबाट रू. १,२४,५६०। को रकम अनुदान प्रदान गरिएको थियो ।

जिल्लाभित्र छरिएर रहेका बस्तीहरूलाई जोड्ने बाटो घाटोको कमीले गर्दा एक गाउँको विद्यार्थी अर्को गाउँको विद्यालय पुग्न नसक्ने भएकोले शिक्षाको क्षेत्रमा वाञ्छित प्रगति गर्न सकेको छैन ।

जिल्लाका २० गाउँ पञ्चायतहरूमध्ये १५ वटामा प्रौढ कक्षाहरू पनि सञ्चालन भइरहेका छन् । महिलाहरूको लागि दुई पञ्चायतमा छुट्टै प्रौढ कक्षाहरू खुलेका छन् ।

स्वास्थ्य

स्वास्थ्यको क्षेत्रमा पनि त्यो जिल्ला निक्कै पछाडि परेको छ । ठूलो भू–भागमा फैलिएको र विकट भौगोलिक अवस्थाले गर्दा यस जिल्लामा स्वास्थ्य सम्बन्धी सुविधाहरू र औषधोपचार आदिको राम्रो व्यवस्था हुन सकेको छैन । आधुनिक औषधोपचारको लागि अञ्चल सदरमुकाम बागलुङ अथवा कर्णाली अञ्चलको सदरमुकाम जुम्ला बजार पुग्नु पर्दछ । यस जिल्लाको सबभन्दा नजीकको गाउँबाट पनि बागलुङ पुग्न छिटोमा आठ दिन लाग्दछ । त्यस्तै यस जिल्लाको सदरमुकामबाट जुम्ला बजारको अस्पतालसम्म पुग्न साधारणतया चार–पाँच दिन लाग्दछ ।

अस्पताल टाढा पर्ने भएकोले पैदल यात्रा गर्ने अथवा पर्वतारोही दलहरूसँग औषधि माग्न आउने मानिसहरूको संख्या निक्कै हुन्छ । काठमाडौंतिरबाट आउने यात्रीहरूको जिल्लाको जुन गाउँमा बास पर्दछ त्यहाँ औषधि माग्न आउने मानिसहरूको घुइँचो लाग्दछ ।

यस जिल्लामा देखा परेका विभिन्न रोगहरूमा सबभन्दा बढी गाँडले सताएको पाइन्छ । यसको मुख्य कारण यहाँ पाइने पानीमा आयोडिनको कमी हो ।

यहाँ हुने रोगहरूको रोकथामकोलागि यस जिल्लामा हाल सञ्चालित चारवटा स्वास्थ्य केन्द्रहरू निक्कै नै अपर्याप्त छन् । यिनीहरूमध्ये जिल्लाको सदरमुकाममा एउटा स्वास्थ्य केन्द्र र अन्य तीनवटा स्वास्थ्य चौकीहरू पहाडा, काइगाउँ र इल गाउँहरुमा रहेका छन् । स्वास्थ्य केन्द्रमा दैनिक सालाखाला १५ बिरामीहरू तथा स्वास्थ्य चौकीमा सरदर नौ जना बिरामीहरू जचाउन आउने गर्दछन् । स्वास्थ्य केन्द्रमा एक डाक्टरको व्यवस्था छ ।

यस बाहेक जिल्लामा एउटा आयुर्वेदिक औषधालय पनि tarakोट गाउँमा रहेको छ । यस औषधालयलाई एक बैद्यले सञ्चालन गरिआएको छ । औषधिको लागि वार्षिक रू. २,०००। जतिको रकम निकासा हुन्छ । करीब रू. ६,०००। को लागतमा यस औषधालयको भवन बन्दैछ ।

जिल्लामा धामी, झाँक्रीको प्रचलनको साथै उत्तरी सीमावर्ती क्षेत्रमा लामाहरूबाट औषधोपचारको काम हुन्छ । परम्परागत औषधोपचारका किसिमहरूमा तल दिइएका तीन प्रकार प्रचलित छन् :–

नसाबाट रगत निकाल्ने :– धेरै ज्वरो आएको बिरामी छ भने खुट्टाको नसाबाट आधा चौथाइ अथवा बिरामीको शारीरिक अवस्था हेरी आधा मानासम्म रगत निकालिन्छ । खुट्टाको नसाबाट बाहेक शरीरका अरू भागबाट जस्तो हात, टाउको, नाकको टुप्पा आदिबाट रगत निकाल्ने चलन यस जिल्लामा धेरै अगाडिदेखि चलिआएको छ ।

बातो हान्नु :– अमलपित्तले ग्रस्त भएको बिरामीलाई पेटको बाहिर फलामको डण्डा तताएर डाम्ने चलन छ । त्यस्तै गाँठाहरू दुख्यो भने गाँठाको बाहिर तथा निन्द्रा नलाग्ने भएमा टाउकोको पछाडि भागमा बातो हान्ने चलन छ ।

तातो पानीको बाफमा गुम्स्याउने :– सुनिने व्यथा लागेको बिरामीलाई तातो पानीको बाफमा गुम्स्याएर बिरामीको पसिना निकाली सुनिएको कम गराउने उपचार विशेषगरी लामाहरूले प्रयोग गरेको पाइन्छ ।

माथि उल्लिखित सबै किसिमका रोगहरूको रोकथामकोलागि जिल्लाभित्र कुनै ठोस कार्यक्रम सञ्चालन भएको देखिँदैन । परिवार नियोजन र बिफर उन्मूलन कार्यक्रम सम्बन्धमा कर्णाली अञ्चलको स्वास्थ्य केन्द्रबाट कार्य भइरहेको देखिन्छ। कुष्ठ रोगको बिरामीको उपचार दुनैस्थित स्वास्थ्य केन्द्रबाटै भइरहेको छ।

टी.ए.बी.सी. आवश्यक मात्रामा स्वास्थ्य केन्द्रबाट उपलब्ध गराइएको छ । २०२८।०२९ सालमा २०० व्यक्तिलाई सेवा पुऱ्याइ आएकोमा २०२९।०३० मा यसबाट बढेर ३०० पुगेको थियो । बिफर उन्मूलनको सिलसिलामा भ्याक्सीनेसनको उपयोगिता बारे जिल्लाबासीहरूलाई बोध गराउने कार्य भइरहेको छ ।

खानेपानी

जिल्लाको कुनै पनि ठाउँमा खानेपानीको लागि धारा, कुवाको व्यवस्था भएको छैन । सिचाइको लागि ल्याइएका कुलाबाट नै खेतमा पानी पटाउने र खाने गरिन्छ । यस किसिमको व्यवस्था पनि होचो ठाउँ अथवा नदीको आसपासका ठाउँहरूमा मात्रै सम्भव छ । अधिकांश भागका जिल्लाबासीहरू नदी, खोला, मूल तथा प्राकृतिक कुवाको पानी खाने गर्दछन् । सरसफाइको लागि पनि यिनै स्रोतहरूको पानी

प्रयोगमा ल्याइन्छ । गाईवस्तु, भेडा, बाख्रा, र मानिसहरूको पानी खाने ठाउँ एकै हुने हुनाले स्वास्थ्यको दृष्टिकोणले एकदमै हानिकारक देखिन्छ ।

जिल्लाको सदरमुकाम तथा आसपासका विभिन्न पञ्चायतहरूमा चालू अवस्थामा रहेका सिचाइ तथा सामुदायिक खानेपानी योजनाहरू निम्न प्रकार छन् :–

योजना	पञ्चायत	लाभान्वित जनसंख्या	संख्या
कुलो	सुहं	९००	२
कुलो	दुनै	५०	१
कुलो	जुफाल	५००	१
कुलो	माझफाल	४००	१
कुलो	मुहुँ	३००	१
	जम्मा :–	२,१५०	६

माथि उल्लिखित योजनाहरू पूरा भएमा करीब २,१५० जना लाभान्वित हुने देखिन्छ । यस बाहेक उत्तरी भागको भोट इलाकामा टाढा टाढाबाट काठको भाँडोमा बोकी ल्याएर पानी खानु पर्दछ । धेरै ठाउँमा यिनीहरूलाई निक्कै कठिन छ ।

प्रशासन र पञ्चायत

प्रशासन

प्राचीन कालमा यस जिल्ला मल्ल राजाहरूको अधीनमा रहेको थियो । पछि कयौं टुक्रामा विभाजन भएको मल्ल राज्यहरूमध्ये एक भई यस जिल्लामा कल्यौल राजाहरूले शासन गरे । वि. सं. १८४६ मा यस जिल्लालाई नेपाल अधिराज्यमा मिलाई सकेपछि जुम्लास्थित बडाहाकिम मार्फत यो जिल्ला प्रशासित थियो । बडाहाकिमको मातहतमा रहेको प्रशासनिक एकाईलाई त्यसबेला १९ दरामा विभाजन गरिएको थियो । ती नै १९ दरामध्ये एक तिब्रिकोट दरा यस जिल्लाको धेरै जसो भागहरूमध्ये कै हो। यस दराभित्र त्यसबेला जम्मा ५० गाउँहरू परेका थिए। वि.सं. २०१८ मा तिब्रिकोट दराका केही गाउँहरू तथा उत्तरतिरका भोट गाउँहरू मिलाई एउटा अलग्ग जिल्ला गठन भइसकेपछि पनि पटक पटक गरी तिब्रिकोट जिल्लाका गाउँहरू यस जिल्लामा समावेश हुन पुगे । हाल यस जिल्लाभित्र २० गाउँ पञ्चायत छन्। हाल अञ्चल सदरमुकाम बागलुङ स्थित अञ्चलाधीश अन्तर्गत प्रमुख जिल्ला अधिकारीद्वारा यस जिल्लाको प्रशासन चलिरहेको छ । जिल्लाको सदरमुकाम दुनै गाउँलाई कायम गरिएको छ ।

प्रमुख जिल्ला अधिकारीको कार्यालयको साथै यस जिल्लाका प्रायः सबै सरकारी तथा अन्य कार्यालयहरू जिल्लाको सदरमुकाममा छन् । ती कार्यालयहरूको नाम यस प्रकार छ ।

कार्यालयको नाम	रहेको ठाउँ
प्रमुख जिल्ला अधिकारीको कार्यालय, भूमिसुधार, दुर्गम क्षेत्रको प्राविधिक र कृषि शाखा समेत	दुनै
माल कार्यालय	दुनै
जिल्ला प्रहरी थाना	दुनै
जिल्ला अदालत	दुनै
जिल्ला पञ्चायत कार्यालय	दुनै
सरकारी वकीलको कार्यालय	दुनै
छोटी हुलाक	दुनै
आकाशवाणी	दुनै
कारागार कार्यालय	दुनै

जिल्ला शिक्षा निरीक्षक कार्यालय	दुनै
छोटी हुलाक	काइगाउँ

प्रहरी

दुनैमा जिल्ला प्रहरी थाना रहेको छ । उक्त थानाको मातहतमा अन्य चार ठाउँमा प्रहरी चौकीहरू छन् । दुईवटा सशस्त्र प्रहरी चेक पोष्टहरू लावन पञ्चायतको लावनमा र ताराकोट पञ्चायतको सहरतारामा रहेका छन् ।

न्याय

जिल्लामा एक न्यायाधीशको व्यवस्था भएको जिल्ला अदालत छ । जिल्लामा पर्ने मुद्दाहरूमध्ये देवानीभन्दा फौजदारी मुद्दाको संख्या बढी देखिन्छ । वकीलको कार्यालय प्रमुख जिल्ला अधिकारीको कार्यालयमै रहेको छ ।

कारागार

जिल्लामा एउटा कारागार कार्यालय छ । नयाँ कारागार भवन निर्माण गरिँदैछ ।

पञ्चायत

यो जिल्लाको जिल्ला पञ्चायत कार्यालय दुनै गाउँमा रहेको छ । हाल यस जिल्लामा २० वटा गाउँ पञ्चायतहरू छन् ।

यस जिल्ला भित्रका पञ्चायतहरूको आम्दानी निक्कै कम छ । गाउँ पञ्चायतहरूले कर उठाउने गरेको पाइन्छ । तर स्थानीय करहरू घरधुरी कर, घट्ट कर, पुल(साँगु) कर, चरन कर, माहुरीको घार कर आदिमा सीमित छन् । यिनीहरू बाट उठ्ने रकम नगण्य छ भने पनि हुन्छ । डोल्पा जिल्लाको प्रत्येक गाउँ–पञ्चायतको सालभरको औसत आम्दानी रू. २८०। देखिन्छ । आर्थिक वर्ष २०२९।०३० मा सबभन्दा बढी आम्दानी गर्ने मुहुँ गाउँ पञ्चायत हो । यसको आम्दानी रकम रू. ४७२। देखिएको छ । सबभन्दा कम आम्दानी गर्ने लुहुन गाउँ पञ्चायतले उक्त वर्षमा जम्मा रू. ८९। मात्रै आम्दानी गर्न सकेको थियो । त्यस्तै जिल्ला सभा कोषको सालको औसत आम्दानी रू. ३,४३८। हुन आउँछ। आर्थिक वर्ष २०२९।०३० को खुद आम्दानी रू. ३,७४०। देखिन्छ ।

पञ्चायतको माध्यमद्वारा आर्थिक वर्ष २०२९।०३० मा सम्पन्न भएका योजनाहरूमध्ये काठे पुल आठवटा, कल्भर्ट दुईवटा, घोडेटो बाटो तीनवटा, कुलो दुईवटा र धारा एक छन् ।

जिल्लामा भएका वर्गीय संगठनहरूमा किसान, महिला र युवक संगठनहरू छन् । संगठनका प्रारम्भिक समितिहरू ११ पञ्चायतको मात्रै गठन भएकोले प्रत्येक संगठनको प्रारम्भिक समिति ११–११ छन् । सदस्य संख्याको हकमा किसान संगठनको १६५, महिला संगठनको १३१ र युवक संगठनको १६५ छन् ।

उपसंहार

यो जिल्ला धवलागिरि अञ्चलको मात्र नभई अधिराज्यकै सबभन्दा बढी पिछडिएका जिल्लाहरू-मध्ये एक हो । यहाँको खाद्यान्न उत्पादन साह्रै कम छ । जिल्लाका अधिकांश मानिसहरू सीमित आर्थिक साधनहरूमा बाँचिरहेका छन् ।

चारैतिर फैलिएका हिमालहरूले गर्दा डोल्पा भित्र एक ठाउँबाट अर्को ठाउमा जान ज्यादै मुश्किल छ । हालसम्म जिल्लाको कुनै ठाउँमा पनि हवाइ सेवा चालू नभएबाट यो जिल्ला अति दुर्गम रहेको छ । त्यसैले जिल्ला भित्रका गोरेटाहरूको सुदृढिकरण हुनु आवश्यक छ । साथै जिल्लाको कुनै भागमा हवाइ सेवा चालू भएमा अवश्य पनि जिल्लाको विभिन्न इलाकामा हुने विकासलाई टेवा मिल्ने छ ।

अधिकांश भाग भीर, पहरा, डाँडा तथा हिमाली भागले ढाकेको भए तापनि दक्षिणतिरका ठूला-ठूला नदी तथा खोलाहरूका बेंसीहरूमा यहाँका मानिसहरू विभिन्न किसिमका बालीहरू उब्जाउँछन् । तर यिनीहरूको कृषि प्रणाली पुरानै ढङ्गको भएको हुँदा यसमा सुधार आउन सकेको छैन । त्यसमा पनि सबैजसो खेती आकाशकै भरमा हुन्छ । त्यसैले कृषि विकासको लागि बीउ–बीजन प्राप्त गराउने, आधुनिक कृषि औजारहरू प्राप्त गराउनुको साथै सिचाई व्यवस्था हुन सकेमा अति दुर्गम मानिएको यस डोल्पा जिल्लामा पनि कृषिको क्षेत्रमा प्रगति हुन सक्ने देखिन्छ ।

यस जिल्लाभित्र ठूल–ठूला पाटन तथा चौरहरू भएकोले ती स्थानहरूमा चरन विकास शुरु गरी हाल ह्रास हुँदैगएको पशुपालनको व्यवसायलाई पुनः उठाउन सक्ने देखिन्छ । यस जिल्ला पशुपालनको लागि सुहाउँदो भएकोले चरन विकासको साथसाथै उचित बजार व्यवस्था, उन्नत जातका साँढे तथा भेडा बाख्राहरूको उपलब्धि, पशु चिकित्सालयको व्यवस्था आदि हुन सकेमा पशुपालनको विकास गर्न यथेष्ट टेवा पुग्न जाने छ ।

जिल्लाको धेरै भागमा विभिन्न किसिमका शीतोष्ण प्रदेशमा पाइने फलफूलहरू जस्तै स्याउ, नासपाती, आरू, ओखर, बदाम, खुर्पानी आदि उब्जाउन सकिन्छ । हालसम्म यस जिल्लामा संगठित रूपमा फलफूल खेती भएको छैन । यसको लागि जिल्लाभित्रै फलफूल उत्पादन केन्द्रहरू खोली फलफूलका बोटहरू बिक्री वितरण गराउनु पर्ने देखिन्छ । हालसम्म श्री ५ को सरकारको तर्फबाट फलफूलका बोटहरू प्राप्त गरेका जिल्लाबासीहरूले हेर बिचार पुऱ्याउन नसकेकाले ती बोटहरूबाट राम्ररी फल प्राप्त गर्न सकेका छैनन् । त्यस्तो हुन नदिन प्राविधिक सरसल्लाह समेत उपलब्ध गराउन सक्नु वाञ्छनीय छ ।

डोल्पा जिल्लाभित्र उत्पादित ऊनबाट बन्ने चौंरीपोत नामको पाखी निक्कै प्रख्यात छ। यस किसिमको घरेलु उद्योगको लागि यस जिल्ला प्राचीन कालदेखि नै प्रख्यात छ । उत्तरी सीमावर्ती क्षेत्रका डोल्पाली आइमाईहरू ऊनबाट विभिन्न किसिमका राडी, पाखी बुन्नमा सिपालु छन् । तर उचित बजारको कमी भएबाट ती बस्तुहरू उत्पादन गर्नमा त्यति चाख लिइएको देखिँदैन । खालि दैनिक उपभोगको लागि मात्र उत्पादन भइरहेको देखिन्छ । त्यसैले यस किसिमको व्यवसायलाई सुदृढीकरण गर्न सकेमा जिल्लाबासीहरूको क्रय शक्ति बढ्न जाने सम्भावना छ ।

प्राकृतिक दृश्यको लागि यो जिल्ला निक्कै प्रख्यात छ । चारैतिर फैलिएका हिम टाकुराहरू जस्तै धवलागिरि, कान्जिरोवा, पतरासी, मुकुट आदि फोक्सुम्दो, जगदुल्ला जस्ता तालहरू, ठाउँ ठाउँमा नदीले बनाएका झरना, गहिरा गल्छी, तथा बेंसीहरू अतिनै सुन्दर छन्। यस जिल्लाका मन्दिरहरूमा तिब्रिकोट स्थित त्रिपुरासुन्दरी र उत्तरी सीमावर्ती क्षेत्र भित्र पर्ने गाउँहरूमा पाइने प्रख्यात गुम्बाहरू पर्यटकहरूको लागि विशेष आकर्षण हुन गएका छन् । त्यसैले यस जिल्ला भविष्यमा पर्यटकहरूको लागि महत्वपूर्ण स्थान हुनेछ । यसका लागि आवश्यक बातावरण सिर्जना गर्न बाटोघाटोको सुविधा, गाँसबासको व्यवस्था आदिको व्यवस्था हुनु पर्ने देखिन्छ ।

जिल्लाको साक्षरता दर साह्रै कम छ । यसले गर्दा विकासको लागि चाहिने चेतना यहाँका जनतामा घाँहिदो मात्रामा आउन सकेको छैन । यस स्थितिलाई बदल्न जिल्लामा सुहाउँदो व्यावसायिक शिक्षाको साथै नारी शिक्षामा बढी जोड दिनु पर्ने पनि देखिन्छ ।

म्याग्दी

विषय सूची

परिचय ६१५
प्राकृतिक स्वरूप र सम्पदा ६१६
ऐतिहासिक पृष्ठभूमि ६२४
प्रमुख स्थानहरू ६२६
जनसंख्या र जनजीवन ६३०
आर्थिक व्यवस्था ६३६
यातायात र सञ्चार ६४४
शिक्षा, स्वास्थ्य तथा खानेपानी ६४७
प्रशासन र पञ्चायत ६५१
उपसंहार ६५४

परिचय

संसारको छैटौं सबभन्दा अग्लो धवलागिरि हिमालको आश्रयमा पुलस्त्य ऋषिले सत्य युगमा तपस्यागरेर होम गरेको ठाउँ हुनुको साथै जयन्ती-मङ्गला-कालीको सङ्गमले म्याग्दी जिल्लालाई धार्मिक स्थल बनाएको छ भने अर्कोतिर शक्तिशाली पुरानो पर्वत राज्यको राजधानी भएर रहेको बेनीले (जुन आजकाल म्याग्दीको सदरमुकाम छ) गौरवमय इतिहासको झझल्को बराबर दिइनै रहन्छ ।

धवलागिरि हिमालको हिम नदी पग्लेर निस्केको म्याग्दी खोला यस जिल्लाको महत्वपूर्ण खोला भएकोले यही खोलाको नामबाट यस जिल्लाको नामाकरण भएको छ । म्याग्दीको शुद्ध नाम म्याङदी हो । साथै म्याग्दीलाई मङ्गला पनि भनिन्छ ।

यसको पूर्वमा कृष्णगण्डकी, पश्चिममा पुत्था हिउँचुलीदेखि दक्षिण फैलेको पर्वतमाला गुरगाड, भुजीखोला, उत्तरमा धवलागिरि हिमालय पर्वत माला र दक्षिणमा सोले डाँडा र निसकोट पहाडहरुले जिल्लाको सीमाना छुट्याइदिएको छ ।

वि.सं. २०१९ मा एउटा अलग्ग जिल्लाको रूपमा २८° २०′ देखि २८° ४८′ उत्तरी अक्षांश र ८३° १०′ देखि ८३° ४५′ पूर्वीय देशान्तर भित्र यो जिल्ला गठन भएको छ ।

यस जिल्लाको क्षेत्रफल १,५५३ वर्ग किलोमिटर (६०० वर्गमिल) छ। पाखा, टार, बेंसी, भञ्ज्याङ र लेकमा छरिएर बसेका यहाँको २५ वटा गाउँ पञ्चायतको कुल जनसंख्या ५७,९४६ मध्ये २८,३५२ पुरूष र २९,५९४ महिला छन् । विभिन्न जातिहरूको बसोबास यस जिल्लामा भए तापनि मगर जातिको संख्या बढी मात्रामा छ ।

कृषिमै भर पर्नु परे तापनि म्याग्दीबासीहरूले व्यापार र बाहिर गई नोकरी गर्ने पेशाबाट पनि उनीहरूले आर्थिक टेवा प्राप्त गरेका छन् । म्याग्दीको सदरमुकाम बेनी हो ।

प्राकृतिक स्वरूप तथा सम्पदा

यो जिल्लाको उत्तरतिर धवलागिरि हिमाल र यसको दक्षिणतिरको धेरै भाग पहाडी प्रदेशमा पर्दछ। यस प्रकार अधिराज्यका अन्य पहाडी जिल्लाहरू झैं यो जिल्ला पनि उत्तरतिर सधैंभरि हिउँले ढाक्ने हिमाल, विभिन्न उचाइका डाँडा र विभिन्न खोलाहरुले बनाएका बेंसीहरूको सम्मिश्रणले बनेको छ। उत्तरतिरका अग्ला हिमालयका हिउँ पग्ली बगेर आइरहेका तथा मध्यवर्ती पहाडी भेकको विभिन्न उचाइबाट शुरू भई बगिरहेका विभिन्न नदी खोलाहरूले यस जिल्लालाई सिंचेको छ। विभिन्न ठाउँमा झरना तथा छहराहरूको मनोरम दृश्य जहाँतहीं हेर्न पाइन्छ। लेकतिर चौंरी, भेडाहरू छन् भने नदीका होचो बेंसीतिर गाई भैंसीहरू देखिन्छन्। विभिन्न उचाइ भएकोले यस जिल्लाका विभिन्न ठाउँमा विभिन्न प्रकारको हावापानी, वनस्पति तथा पशु पक्षीहरू पाइन्छन्।

भौगोलिक बनावटको आधारमा म्याग्दी जिल्लालाई मोटामोटी रुपले तीनभागमा बाँड्न सकिन्छः-

(१) हिमाली प्रदेश
(२) लेकाली प्रदेश
(३) पहाडी प्रदेश

हिमाली प्रदेश

समुद्रको सतहदेखि करीब ४,८७८ मिटर अर्थात् (१६,००० फीट) भन्दा उच्च भागलाई हिमाली प्रदेश भन्नसकिन्छ। म्याग्दी जिल्लाको उत्तरी सीमाको रूपमा रहेको धवलागिरि हिमालका चुचुराहरू तथा उच्च हिम भूमिका भागहरूलाई यो प्रदेशमा समाबेश गर्न सकिन्छ। यो प्रदेशको सर्बोच्च भाग धवलागिरि प्रथम हो। यो प्रदेशमा प्रायः बाह्रै महीना हिउँले ढाकिराख्ने हुनाले अन्य होचो भागमा हुने वन वनस्पति तथा पशुपक्षी हुँदैन। हिउँ नजमेका ठाउँहरूमा कतै कतै झ्याउ तथा केही विशिष्ट प्रकारका हिमाली वनस्पति उम्रिन्छन्। यहाँ अत्यधिक जाडो हुने हुनाले मानिसको बसोबास छैन। यो प्रदेशलाई हिम मरूभूमि पनि भनिन्छ। यो प्रदेशमा समुद्रको सतहबाट अन्दाजी ८,१६७ मिटर (२६,७८८ फीट) अग्लो धवलागिरि प्रथम छ। यो चुली संसारको छैटौं सबभन्दा अग्लो र पश्चिम नेपालको सबभन्दा अग्लो हिमाल पर्वत हो। यो पर्वत सर्वप्रथम ई. सं. १९६० मा स्वीसहरूले आरोहण गरेका थिए। हिमालय पर्वतारोहणको इतिहासमा धवलागिरि प्रथमको आरोहणलाई एक प्रमुख तिथी मानिन्छ। धवलागिरि प्रथमको दक्षिण हिमनदीहरूबाट राहुघाट खोलाको उत्पत्ति भएको छ। धवलागिरिको दक्षिण-पश्चिमतिरबाट म्याग्दी खोला र यसमा जोडिने अन्य जलधाराहरू प्रवाहित

भएका छन्। यो हिमालको पूर्वी ढालमा उत्पत्ति हुने पानी लेते देखि टुकुचे सम्मको इलाका कालीगण्डकीमा मिसिन्छ। धवलागिरि प्रथम बाहेक यो भागमा पर्ने अन्य उच्च हिमाली पर्वतहरूमा धवलागिरि द्वितीय, तृतीय, चौथा, चुरेन हिमाल आदि प्रमुख हुन्।

लेकाली प्रदेश

हिम रेखा देखि तल अर्थात् २,४३९ मिटर (८,००० फीट) देखि ४,८७८ मिटर (१६,००० फीट) सम्मको भू-भागलाई लेकाली प्रदेश मान्न सकिन्छ। यो प्रदेशमा अन्दाजी ४,५७८ सिटर (१५,०१६ फीट) को भोर्से, ३,७८७ मिटर (१२,४२१ फीट) को जुगिया पहाड, ३,६८८ मिटर (१२,०९७ फीट) को अर्गूल धुरी, ३,४४५ मिटर (११,३००० फीट) को ददार धुरी, ३,२३२ मिटर (१०,६०१ फीट) को भाचुली, ३,२२० मिदर (१०,५६० फीट) को निसकोट पहाड, ३,२५४ मिटर (१०,६७४ फीट) को राकहार, २,९११ मिदर (९,५४८ फीट) को मालिका पहाड, २,७५५ मिटर (९,०३६ फीट) को चिउरीबोट आदि लेकाली प्रदेशभित्र पर्नुको साथै जिल्लाको मुख्य वन वनस्पति तथा घाँसे खर्कहरू रहेका छन्। यी खर्कहरूलाई ढोर भनिन्छ। ढोरमा गाई गोठ, भैंसी गोठ, भेडा गोठ आदि पाल्तु पशुहरू लगिन्छ। म्याग्दीका धेरै जसो पाल्तु पशुहरू वर्षाको समयमा ढोरमा नै पुर्‍याइन्छन्। ढोर भन्दा केही माथिको भागलाई 'बुकी' भनिन्छ। यो बुकीमा पनि भेडा, घोडा, भैंसी गोठ राखिन्छ। प्रशस्त वन बुकी भएकोले यस प्रदेशमा बढ्ता पशुपालन गरिन्छ। यसको होचो भागमा सीमित संख्यामा लेकाली जातिहरूले बसोबास गरी सीमित रूपमा जौ, फापर आदि बालीहरूको खेती गर्छन्। ठिंग्रे सल्लो, गोब्रे सल्लो, भोजपत्र आदि यस भेगको वनमा पाइने मुख्य रूखहरू हुन्।

पहाडी प्रदेश

करीब ९१५ मिटरदेखि २,४३९ मिटर अर्थात् (३,०००देखि८,०००फीट) सम्मको सम्पूर्ण भागलाई पहाडी प्रदेशमा राख्न सकिन्छ। यो भाग जिल्लाको प्रमुख आबादी क्षेत्र हो। साथै जिल्लाको सबभन्दा धेरै खेती गरिने र खाद्यान्न उत्पादन गर्ने क्षेत्र पनि यही नै हो। यो भागमा पाखा र नदीका बेंसीहरू भएका हुनाले खाद्यान्न उत्पादन राम्रो हुन्छ। यहाँ शीतोष्ण हावापानी र मिश्रित वन हुनुको साथै, मकै, कोदो, गहुँ, धान समेतको खेती गरिन्छ। करीब ९१५ मिटर अर्थात् (३,०००फीट) भन्दा होचो भाग यस जिल्लामा पाइँदैन। यस जिल्लाको प्रख्यात टार र बेंसीहरूमा सिंह, सुर्केमेला, तातोपानी, कस्केरी, बाबियाचौर, पिपलबोट, सेरा रनवाङ, रातो ढुङ्गा, छिस्वाङ, रितुङ, फूलबारी, भारवाङ, ढाडेनी, सिम, लासोधारा, गलेश्वर, दरखोला आदिलाई लिन सकिन्छ।

नदी नालाहरू

म्याग्दी जिल्ला कालीगण्डकीको प्रस्रवण क्षेत्रमा पर्दछ। मुस्ताङ भोटको उत्तरमा नेपाल अधिराज्य र जनवादी गणतन्त्र चीनको स्वशासित तिब्बत क्षेत्रको सीमानामा स्थित सीमान्त हिमचूलीहरूबाट उत्पत्ति भएका मध्य नेपालको गण्डकी नदी-प्रणालीको सर्वाधिक महत्वपूर्ण जलधारा मानिएको कालीगण्डकी यो जिल्लाको दक्षिणी भागमा पूर्वी सीमानाको रुपमा रहेको छ। सोही भेकमा जिल्ला भित्र बग्ने नदी र खोलाहरूले जिल्लाभित्रको सम्पूर्ण खोलाहरू बटुली यसैमा समागम हुन्छन्। त्यसैले म्याग्दी जिल्लाको प्रमुख नदी म्याग्दी खोला र राहुघाट खोला, कालीगण्डकीको महत्वपूर्ण सहायक खोलाहरू हुन्।

म्याग्दी खोला

यो खोला म्याग्दी जिल्लाको सबभन्दा ठूलो तथा महत्वपूर्ण जलधारा हो । यसको उत्पत्ति धवलागिरि हिमालको दक्षिणी हिम नदीबाट भएको छ। साथै धवलागिरि पर्वत शृङ्खलाको दक्षिणी ढालका धेरै हिम नदीहरूबाट उत्पत्ति भएका अन्य अनेकौं खोलाहरू पनि यसैमा मिसिन पुगेका छन् । यो खोलामा मिसिने उल्लेखनीय अन्य खोलाहरूमा कोनावन खोला,मुदी गुर्जा खोला तथा जुग्जा पहाडको पूर्वी तथा पूर्वी-दक्षिणी ढालबाट उत्पत्ति हुने दाङ खोला, ऋतुङ खोला र दादर धुरीको दक्षिण भागबाट बहने खोला तथा भाले चुलीको पश्चिम-दक्षिण ढालमा बग्ने मराङ खोला उल्लेखनीय छन् । त्यस बाहेक मालिका पहाडको दक्षिण ढालमा उत्पत्ति हुने खोला, खहरेहरू र निसकोट पहाडी शृङ्गलाको उत्तरी ढालमा प्रतिशत जल प्रवाहलाई बटुलेर म्याग्दी खोला बेनी बजार नजीकै कालीगण्डकीमा मिसिन्छ ।

राहुघाट खोला

धवलागिरि प्रथमको दक्षिणी ढालमा उत्पत्ति भई यो खोला भाले चुली, मल्का पहाड तथा दमदम र रुङ डाँडाको बीचबाट राखोर, पाखापानी, पातलेखेत हुँदै राहुघाट काली गण्डकीमा मिसिन्छ । यो खोला जिल्लाको पूर्वी तथा उत्तर-पूर्वी इलाकाको प्रमुख जलधाराको साथै जिल्लाको दोस्रो महत्वपूर्ण खोला हो। यो खोलामा मालिका पहाडको उत्तरी तथा पूर्वी ढालको जल प्रवाहहरू, भाले चुलीको पूर्वी तथा दक्षिणी ढालहरूको जल प्रवाहहरू तथा रानी पौवा देखि धवलागिरि प्रथमसम्म एकनाससँग अग्लिदै गएको जिल्लाको पूर्वी सीमानास्थित पर्वत शृङ्गलाको पश्चिमी ढालमा उत्पत्ति जल प्रवाहहरू समेत यही खोलामा मिसिन पुग्छन् ।

म्याग्दी जिल्लाको पश्चिम तथा पश्चिम-दक्षिणी भागमा उत्पत्ति हुने खोलाहरू मध्ये उत्तर गङ्गा उल्लेखनीय छ । उत्तर गङ्गा खोला यो जिल्लाको भार्से लेकको दक्षिणी ढालमा उत्पत्ति भई बागलुङ जिल्लामा प्रवेश गर्दछ । यस जिल्लामा उत्पत्ति भई निसी अथवा बरीगाड खोलामा गएर मिसिने अन्य खोलाहरूमा खोङ अथवा तमान खोला तथा गोदिलम खोला अथवा भूत खोला हुन् ।

यिनका अतिरिक्त म्याग्दी जिल्लाको अन्य ठाडो खोलाहरू जस्तै ढोरेनी खोला, घोप्टो खोला, दूधे खोला, कोट खोला, अर्जे खोला, सिम्ले खोला, ढार्लेनी खोला, अर्मन खोला, पापु खोला, छिस्वाङ खोला, छरी खोला, मराङ खोला, भाङभूङ खोला, न्यावरे खोला, राक्से खोलाहरू सबै म्याग्दीमा गएर मिसिन्छन् ।

झरना र कुण्डहरू

लमसुङबाट करीब १५ मिटर अर्थात् ५० फीट तल खस्ने झरना यस जिल्लाको प्रख्यात झरना हो । उक्त झरनाको पानी दरखोलामा मिसिएको छ ।

अर्मन र बरङजाको धुरीबाट करीब १५ मिटर अर्थात् ५० फीट तल खस्ने अर्को झरना भजेनी खोलाको नामबाट बग्छ र म्याग्दी नदीमा मिसिन्छ ।

जङ्गलको बीचबाट पलाएर आएका मुहानहरू मिलेर केही मिटर तल खस्ने कोप्रे छहराको नाम पनि प्रख्यात छ । सो छहरा ज्यामरूक पञ्चायतमा पर्दछ ।

पुलाचौर पञ्चायत अन्तर्गत म्याग्दी खोलाको तीरमा रहेको तातोपानी भन्ने ठाउँमा तातोपानीको एउटा कुण्ड छ। सो कुण्डबाट सधैं तातोपानी बगिरहन्छ । गन्धकको गन्ध आउने उक्त तातोपानीमा फागु पूर्णेको दिन ठूलो मेला लाग्छ र अरू दिन चर्म रोगीहरु र अरू साधारण मानिसले यस कुण्डको पानीले रोग निको हुने विश्वासमा नुहाउने गर्छन् ।

हावापानी

म्याग्दी जिल्लाको सम्पूर्ण भाग धवलागिरि पर्वत शृङ्ङलाको दक्षिणी काखमा पर्दछ । यो जिल्लाको दक्षिणी भागमा कुनै ठूलो पर्वतले मनसुनी बतासलाई नछेक्ने भएको हुनाले यहाँ धेरै बर्षा हुन्छ। नेपालमा ३,००० देखि ४,००० मिलिमिटर सम्म वर्षा हुने जिल्लाहरू मध्ये यो पनि एक हो । म्याग्दी जिल्लाको जल वृष्टिलाई अध्ययन गर्दा मुख्य हिमाली क्षेत्रमा सबभन्दा ज्यादा वर्षा भई त्यो भन्दा दक्षिणी भागमा क्रमैले वर्षा कम हुँदै गई १,५०० मिलिमिटर सम्म वर्षा भएको देखिन्छ । पहाडी जिल्ला भएकोले बेंसीमा गर्मी र लेकमा ठण्डा हुने कुरा सामान्य भए तापनि म्याग्दी तट प्रदेश भित्र पर्ने बेनी, तातोपानी, बाबियाचौर, दरबाङ्मा भने गर्मीमा ज्यादैनै उकुसमुकुस हुन्छ। उचाईअनुसार हावापानी, तापक्रम र वर्षामा पनि फरक हुन जान्छ ।

म्याग्दी जिल्लामा तापक्रमको विषयमा कुनै तथ्याङ्क प्राप्त नभए तापनि यस जिल्लाको नजीकमा रहेको पोखरा विमानस्थलको मौसम अवलोकन केन्द्रबाट अभिलेख गरिएको ई. सं. १९७०को वायुको तापक्रम यस प्रकार छः—

(सेन्टिग्रेडमा)

तापक्रमको तालिका

	पोखरा विमानस्थल(८५४ मिटर)	
महीना	अधिकतम	न्यूनतम
जनवरी	१८.५	५.२
फेब्रुअरी	२०.४	६.३
मार्च	२५.८	१०.२
अप्रिल	३०.४	१४.७
मे	३१.१	१८.२
जून	२९.१	२०.२
जुलाई	२९.३	२१.३
अगष्ट	२९.५	२१.२
सेप्टेम्बर	२९.१	२०.५
अक्टोबर	२६.९	१७.१
नोभेम्बर	२३.५	१०.९
डिसेम्बर	२०.५	६.१
वार्षिक औसत	२६.२	१४.३

तापक्रमको तालिका हेर्दा अधिकतम तापक्रम २६.२ र न्यूनतम तापक्रम १४.३ सेन्टिग्रेड देखिन्छ। पोखरा विमानस्थल स्थित अवलोकन केन्द्रको तापक्रम हेर्दा १९७० को मे महीनाको ४ तारीखमा अधिकतम तापक्रम ३५.० सेन्टिग्रेड र जनवरी १३ का दिन न्यूनतम तापक्रम १.८ सेन्टिग्रेड पुगेको थियो। सालाखाला वार्षिक सापेक्षित आर्द्रता सन् १९७० मा ०८४० बजे ७६ प्रतिशत थियो।

म्याग्दी जिल्लाको बेनी बजारमा वर्षा मापक केन्द्र रहेको छ। तर यस केन्द्रबाट अभिलेख गरिएको वर्षाले सम्पूर्ण जिल्लाको प्रतिनिधित्व गर्दैन। उक्त मौसम अवलोकन केन्द्रबाट लिइएको विवरण अनुसार सन् १९७० मा भएको वर्षाको स्थिति तपसिलको तालिकाबाट देखाइएको छ :—

वर्षाको तालिका (मिलिमिटरमा)

बेनी बजार (९१५ मिटर)

महीना	वर्षा
जनवरी	३९.४
फेब्रुअरी	०.०
मार्च	१५.०
अप्रिल	२३.०
मे	४५.६
जून	३९७.८
जुलाई	३७९.८
अगष्ट	४३८.८
सेप्टेम्बर	९५.४
अक्टोबर	१४.०
नोभेम्बर	०.०
डिसेम्बर	०.०
जम्मा:—	१,४४८,८

बेनी बजारमा सन् १९७० को जुलाई ३० को दिन २४ घण्टा भित्र ८०.० मिलिमिटर पानी परेको थियो।

यो जिल्लामा पाइने हावापानी मोटामोटी रूपले चार किसिमका छन्।

(१) हिमाली हावापानी
(२) लेकाली हावापानी
(३) ठण्डाशीतोष्ण हावापानी
(४) समशीतोष्ण तथा अर्धउष्ण हावापानी

हिमाली हावापानी

करीब ४,८७८ मिटर अर्थात् १६,००० फीट र सो भन्दा माथिको उचाइमा रहेको हिमाली भागका पर्वतहरूमा पाइने हावापानीलाई हिमाली हावापानी भनिन्छ। यस्तो किसिमको हावापानी भएको ठाउँमा बाक्लो बाक्लो कहिल्यै नपग्लिने हिउँका पत्रहरूले ढाकिएको हुनाले जमीनको तापक्रम सधैं ०. सेन्टिग्रेड भन्दा तल झरेको हुन्छ। धवलागिरि हिमालको श्रृङ्खला, चुरेन हिमाल, पुत्था हिउँ चुली आदि हिमाली हावापानीको प्रभाव क्षेत्र भित्र परेकोले यस ठाउँमा सधैंनै हिउँ लटक्क जमिरहेको हुन्छ। स-साना झ्याउ आदि विशिष्ट हिमाली वन वनस्पति बाहेक यस इलाकामा ठूलो किसिमको वनस्पति उम्रन सक्तैन।

लेकाली हावापानी

हिमरेखा देखि मुनि वृक्ष रेखासम्म करीब ४,८७८ मिटर देखि ३,९६३ मिटर अर्थात् १६,००० फीट देखि माथि १३,००० फीट सम्मको भागमा लेकाली हावापानी पाइन्छ। यस भेकमा हिउँद महीनामा ज्यादै नै ठण्डी हुने हुनाले हिउँ पर्छ। वर्षादमा हिउँ नपरे तापनि हावा चिसो हुने हुनाले जाडै हुन्छ। सुनपाती, भैरुम्पाती र बुटाहरू सिवाय अरू केही हुँदैन। कतै कतै गुराँसका बोटहरू र झ्याउ र लेउ उम्रिने हुन्छ।

ठण्डा शीतोष्ण हावापानी

करीब २,१३४ मिटर अर्थात् ७,००० फीट देखि वृक्ष रेखासम्मको भागमा पाइने हावापानीलाई ठण्डाशीतोष्ण हावापानी भनिन्छ। यस भेकमा हावापानी चिसो र तापक्रम कम हुन्छ। अगूं धुरी, ददार धुरी, भाले चुली, जुगिया पहाड, चिउरीबोट, हिडी, निसकोट, कुइने खानी, झीं, पाखापानी आदि ठण्डा शीतोष्ण हावापानीको प्रभाव भित्र पर्दछ। पुस-माघ तिर त हिउँ पनि पर्छ। यस्तो किसिमको हावापानी भएको ठाउँमा धूपी, लाली गुराँस र हरियो वनको साथै मोनाल, डाँफे, चौरी आदि पशुपक्षी पाइन्छन्।

सम शीतोष्ण तथा अर्ध उष्ण हावापानी

ठण्डाशीतोष्ण हावापानी लाग्ने भाग भन्दा होचो पाखा, फाँट, बेंसी र टारमा समशीतोष्ण तथा अर्ध उष्ण हावापानीले प्रभाव पारेको हुन्छ। ज्यामरूक, बरङजा, अर्मन, रूम खानी, पाखापानी, पतियखेत, छाप आदि ठाउँमा गर्मीमा केही गर्मी हुन्छ भने जाडोमा पनि जाडै हुन्छ। बेंसी करीब ९१५ मिटर अर्थात् ३,००० फीटको उचाइमा रहेको छ। यहाँ गर्मीमा ज्यादै गरम हुन्छ भने जाडोमा अलि अलिमात्र जाडो हुन्छ। यस भेकमा बस्ती बस्नुको साथै मकै, कोदो, धान आदिको खेतीको लागि सुहाउँदो जमीन पाइने हुनाले जिल्लाका अधिकांश संख्या यस इलाकामा बसेका छन्।

प्राकृतिक वनस्पति :

करीब ९१५ मिटर देखि ८,१६७ मिटर (अर्थात् ३,००० फीट देखि २६,७८८ फीट) सम्मको विभिन्न उचाइको साथै विभिन्न किसिमको हावापानीको प्रभावले गर्दा यो जिल्लामा विभिन्न वन वनस्पति पाइनु स्वाभाविकै हो। हिमाली प्रदेशमा ठूलो किसिमको वनस्पति उम्रन सक्तैन। यस भेकलाई हिम मरूभूमि भनिन्छ। लेकाली हावापानीको प्रभाव क्षेत्र भने घाँसे वनस्पतिका साथ सुनपाती, भैरुम्पातीका बुटाहरू पाइन्छन्। गुराँस, भोजपत्रको बोटहरू उच्च लेकहरूमा देखिन्छन्। चरनको लागि घाँस हुने ठाउँ यही नै हो।

हरिताल, जटामसी, पाँच औँले, लेक पांग्रा, आम्फी, रेगाल आदि वनस्पतिहरू यही लेकाली भेगमा पाइने घाँसे वनस्पति हुन् । ठण्डाशीतोष्ण हावापानी भएको ठाउँमा कोणधारी सदाबहार वन पाइन्छ । समशीतोष्ण तथा अर्धउष्ण हावापानीमा पतझड तथा मिश्रित वनस्पति पाइन्छ । सल्ला, टुनी, सिमु (रानी चाँप), उत्तिस, चिलाउने, गुराँस, धूपी, खर्सू, देबदारू खयर, सिमल ओखर, कटुस आदिका रूखहरू यस जिल्लामा पाइन्छन् ।

पशुपक्षी

विभिन्न किसिमको हावापानीले गर्दा यस जिल्लामा विभिन्न किसिमको हावापानीसित मिलेर बस्न सक्ने पशुपक्षीहरू प्रशस्त मात्रामा पाइन्छन् । घोरल, कस्तुरी, मृग, डाँफे, थार, नावरको साथै भालू, चित्तल यस म्याग्दी जिल्लामा पाइन्छन् भने अर्कोतिर डाँफे, मोनाल, प्यूरा, चिहिर, च्याखुरा, कालिज, ढुकुर, तित्राहरूले प्रसस्त मात्रामा लेक र बेंसीलाई गुल्जार गरेका छन् । यहाँ वन जन्तु संरक्षणको लागि योजनाबद्ध तरीकाले योजना सञ्चालन नगरिए तापनि पशुपक्षीको लागि गरिनु पर्ने संरक्षण पट्टि ध्यान दिइएको छ । कस्तूरी मृग मोनाल, डाँफेहरूको बचावटको लागि शिकार खेल्नेहरू माथि विशेष निगरानी रहेकै छ ।

म्याग्दी जिल्लामा वन सर्भेक्षण भइनसकेकोले यसको इलाका तोक्न सकिएको छैन । सिमु जातका केही रूखहरू जिल्लामा उपयोग गरिएको छ । तर जे भए तापनि वनहरूको किल्ला, ब्लक छुट्याउने काम, वन सीमानाको सर्भेक्षण, बार लगाउने आदि भइनसकेको भए तापनि यहाँको बाक्लो कोणधारी वन अतिक्रमण भएर वनको स्थिति बिग्रन पाएको छैन । दाउरा र घर बनाउनको लागि चाहिने काठहरू तल्लो भेगका वनबाट लिने गरिएको छ ।

खनिज पदार्थ

भौगर्भिक बनावटको बारेमा त्यति राम्रोसित वैज्ञानिक अध्ययन र खोजी नभए तापनि बाइसे-चौबीसेको पालादेखि तामाको पैसा काट्ने चलन म्याग्दीमा थियो । त्यसैले खनिज सम्बन्धी कामको लागि ज्यादैनै प्रसिद्ध भएकोले छन्तेल भन्ने जातिहरूले पहिले देखिनै तामा खानीमा काम गरी तामा झिक्ने काम गरे । त्यसवेला तिरो तिर्दा तामा नै तिर्नु पर्थ्यो । म्याग्दी जिल्लाको रूम, छाप, लामिला, खुङखानी, नर्जा, बुङखानी, मच्छिमखानी, खवाङ्खानी, गुर्जाखानी, मलमपारखानी, मल्कावाङखानी, कुइनेखानी, डाँडाखानी, अर्नखानी, वरङ्जा खानीबाट तामा प्रसस्त मात्रामा झिकिन्थ्यो । यी सबैमध्ये रूम सबभन्दा ठूलो खानी हो । विभिन्न किसिमबाट तिरो र ठेक्कामा खानी चलेपछि २०२१ साल पछि भारतको बिड़्ला कम्पनीले दुई वर्षको ठेक्का लिएर भौगर्भिक सर्भेक्षण गर्दा यातायातको कठिनाइले उक्त कम्पनीले कार्य छाडिदियो । यसपछि पनि खानीको काम चालू नै रहेको छ ।

उक्त खानीबाट करीब सात–आठ सय राजस्व उठ्छ । रूमखानीबाट निस्केको तामा बाहिरबाट आउने तामाभन्दा चम्किलो र बलियो छ । शुद्ध किसिमको यस तामा ज्यादै लोकप्रिय भएको छ । जिल्लाका बेकारीहरूलाई यसले काम दिनुको साथै वर्षमा ६ महीना सम्म तामा खानीमा तामा झिक्ने काम भइनै रहन्छ ।

स्लेट ढुङ्गा पनि म्याग्दी जिल्लामा प्रसस्त पाइन्छ । घर छाउनको लागि ठूल-ठूला पाता काटी प्रयोग गरिएका छन् ।

श्री ५ को सरकारबाट म्याग्दी जिल्लामा भौगर्भिक अनुसन्धान कार्यको लागि प्राविधिकहरू पठाएर योजना शुरू गरिरहेको छ । अनुसन्धान र योजना सञ्चालन गर्नको लागि विभिन्न ठाउँमा अनुसन्धान गरी विभिन्न किसिमका ढुङ्गा, धाउ र माटोको अध्ययन जारी नै रहेको छ ।

म्याग्दी नदीको तीरमा रहेको बलौटे माटोहरूमा कतै कतै सुन पाइन्छ । सो बलौटे माटो चाली पखाली सुन निकाल्ने काम 'बोटे' भन्ने जातिहरूले गर्छन् ।

ऐतिहासिक पृष्ठभूमि

हाल म्याग्दी जिल्लाको उत्तरमा डोल्पा र मुस्ताङ, पश्चिम र दक्षिणमा बागलुङ र पूर्वमा मुस्ताङ र पर्वत जिल्लाहरू छन् । ऐतिहासिक दृष्टिकोणबाट यो जिल्ला मध्यकालमा पर्वत राज्यको अधीनमा थियो। यो स्थानमा विभिन्न समयमा विभिन्न ठाउँको शासकहरूले राज्य गरेका थिए ।

प्राचीनकालमा लिच्छविहरूले करीब करीब हालको नेपाल अधिराज्य भर राज गरेको हुनाले यो म्याग्दी जिल्ला पनि लिच्छवि राज्य भित्र नै पर्न आउँछ ।[1] लिच्छविहरूको अभिलेख भएको स-सानो माटोका चैत्यहरू जुम्लासम्म पनि पाइएकोले यो स्थान लिच्छविहरूको अधीनमा रहेको थियो भन्ने कुराको अझ दरिलो प्रमाण हुन्छ ।[2] लिच्छविहरूको पतन भएपछि पश्चिम नेपालमा खशिया मल्लहरूको अभ्यूदय भयो।

खशिया मल्लहरूको अभ्यूदय नागराजको शासन देखि शुरू भएको थियो । नागराज देखि प्रताप मल्लको समयसम्ममा यस वंशले वृहत राज्य खडा गरे। जितारि मल्लको समयमा यस वंशजहरूले पूर्वमा राज्य विस्तार गरे र काठमाडौं उपत्यकामा हमला गरे । यसपछि आदित्य मल्लले पनि यस उपत्यकामा हमला गरेका थिए ।[3] खशिया मल्लहरूको राज्य पश्चिममा गढवाल र पूर्व त्रिशूलीगण्डकी सम्म फैलिंदा म्याग्दी जिल्ला खशिया मल्लहरूको अधीनमा रहेको प्रमाणित हुन्छ । अभय मल्ल(इ.स.१३७६-९१)पछि खशिया मल्लको राज्य पतन भएकोले केही समय सम्म यस विशाल राज्यको इलाकामा राजनैतिक अस्थिरता भएको देखिन्छ ।

यस प्रकार राजनैतिक अस्थिर अवस्थामा पश्चिम नेपालमा मेदिनी बर्माको उदय भएको देखिन्छ ।[4] समयानुसार राजनैतिक उथलपुथल हुँदै सुदूर पश्चिममा बाइस राज्यहरू खडा भए । गण्डकी प्रस्रवण क्षेत्रमा चौबीस राज्यहरू खडा भए । यी बाइसी र चौबीसी राज्यहरूमा पर्वत राज्यको ठूलो राजनैतिक प्रभाव थियो। हालको म्याग्दी जिल्लाको सबैजसो इलाका पर्वत राज्यमा नै पर्दथ्यो यसकारण यस जिल्लाको इतिहास पर्वत राज्यको इतिहासमा सम्मिलित छ भन्नुमा कुनै अत्युक्ति हुँदैन ।

---

१. धनवज्र वज्राचार्य (सं.) – इतिहास संशोधनको प्रमाण प्रमेय, पृष्ठ २१–२८

२. धनवज्र वज्राचार्य (सं.) – लिच्छविकालका अभिलेख, पृष्ठ ५९८

३. धनवज्र वज्राचार्य – कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा, कर्णाली प्रदेश, सं . भीमप्रसाद श्रेष्ठ, जुम्ला २०२८, पृष्ठ ११–६२

४. योगी नरहरिनाथ (सं.)–इतिहास प्रकाश, अङ्क २ भाग १, पृष्ठ १०३–६

एक अप्रकाशित पाण्डुलिपी अनुसार[1] अर्नाकोटका (बागलुङ) राजा चन्द्रबमका छोरा डिम्बबम ताकमकोट (म्याग्दी) ४,००० पर्वतमा ईस्वी संवत् १६ रौं शताब्दीतिर राजा भएको देखिन्छ। डिम्बबमका छोरा नागबम छँदै डिम्बबमका नाति नागबमका छोरा प्रतापीनारायण राजा भए। यी प्रतापीनारायण गोरखाका राजा राम शाह (ई.सं. १६०६–३६) को समकालीन थिए। प्रतापीनारायणले पर्वतको सीमा सेती बेनी तक पुऱ्याएको कुरा पनि उल्लेख छ। यी प्रतापीनारायण कालीवार ८,००० पर्वत, कालीपार ८,००० पर्वत गरी कुल १६,००० पर्वतको राजा भएको बुझिन्छ। प्रतापीनारायण पछि जगत मल्ल, शिव मल्ल, नारायण मल्ल, कुम्वकली मल्ल, घनश्याम मल्ल राजा भएको उल्लेख छ। यसपछि मलेबम राजा भए।

पर्वतको राजा मलेबमले म्याग्दी र कालीगण्डकीको किनारामा ढुङ्गाको कलापूर्ण शिवालय बनाउन लगाई वि.सं. १७५४ मा पूरा गरे। यसको सात वर्ष पछि बेनीमा तेलिया ईंटको कलापूर्ण दरबार बनाई यस स्थानको विकास गरे। यसैलाई राजधानी बनाए।[2] तर प्रतापीनारायण मल्लले ताकम कोटबाट राजधानी बेनीमा सारेर ग्रीष्मकालीन राजधानी ढोलठान र शीतकालीन राजधानी बेनी बनाएको कुरा पनि उल्लेख छ।[3] ताकमकोटबाट बेनीमा राजधानी मलेबमले सारे वा प्रतापीनारायणले सारे भन्ने कुरा–विवाद ग्रस्त छ। मलेबम राजा पर्वतका राजाहरूमा ख्याती भएकोले यस पर्वत राज्यलाई मलेबम पनि भन्दथे। यस राज्यको राजधानी बेनी शहर यही म्याग्दी जिल्लाको पनि सदरमुकाम हो। यसप्रकार ऐतिहासिक दृष्टिकोणबाट पर्वत राज्यको नामको हाल पर्वत जिल्ला रहे तापनि मध्यकालको पर्वत राज्यको राजधानी हालको म्याग्दी जिल्लामा छ।

मलेबम पछि निजको छोरा शाहबम राजा भए। मोहनबहादुर मल्लको भनाईअनुसार मलेबमले आफ्नो राज्य छोरा शाहबमलाई दिई काशीबास गर्न गए।[4] शाहबमले पृथ्वीनारायण शाहको पश्चिमतिरका अभियानलाई रोक्न अरू छिमेकी राज्यहरूलाई मद्दत गरेका थिए। राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको मृत्यु हुँदा पर्वत र चौबीसी राज्यहरू केही समयको लागि निडर रहे।

शाहबम पछि कीर्तिबम राजा भए। तर कीर्तिबम देखि उनका कर्मचारीहरू असन्तुष्ट थिए। यस अवस्थामा नायब बहादुर शाहले पर्वत राज्यमा हमला गरी विजय प्राप्त गरे। पर्वतको राजाले राजकुमारलाई लिई अवधको राज्य बलिरामपुरमा गई बसे। केही कालपछि राजाको मृत्यु भयो र राजकुमार अवधको गर्मी खप्न नसकी भिरकोटमा आई बसे। हेमिल्टनको भनाईअनुसार नेपाल नरेशले उक्त राजकुमारलाई केही भत्ता दिई राखेका थिए।[5]

यस प्रकार हालको म्याग्दी जिल्ला मध्यकालको एक शक्तिशाली र प्रतिभाशाली पर्वत राज्यको अधीनमा थियो। बेनी शहर यस जिल्ला भित्र परेकाले यस जिल्लाको ऐतिहासिक महत्व छ।

---

१. होमनाथ सुवेदीबाट प्राप्त–हेमन्त मल्लको घरबाट लिइएको "चन्द्र वंशी मल्ल राजाहरूको वंशावली"
२. मोहनबहादुर मल्ल– पर्वतको इतिहास, प्राचीन नेपाल, पुरातत्व विभाग, श्री ५ को सरकार, संख्या
१६, पृष्ठ ४६। यस लेखमा पर्वत र अरू सम्बन्धित राज्यहरूको इतिहास दर्शाईएको छ।
३. होमनाथ सुवेदीको अप्रकाशित पाण्डुलिपी अनुसार
४. मोहनबहादुर मल्लको माथि उल्लिखित लेख, पृष्ठ ४६
5. Hamilton, F. B.- An Account of Kingdom of Nepal, pp. 271-72.

प्रमुख स्थानहरू

बेनी

म्याग्दी जिल्लाको यो सदरमुकाम हो । बेनी बजार धवलागिरिको दक्षिणीकाखमा कालीगण्डकी र मङ्गला नदी (म्याग्दी खोला) को सङ्गम स्थलमा अवस्थित छ । प्राचीनकालमा पुलस्त्य ऋषिले तप यज्ञादि कर्मगरेको भूमि हुनाले यस तपोभूमिलाई पुलस्त्य प्रयाग "पुला" भनिएको पनि छ। त्यस्तै भूरे राजाको पालामा बेनी शीतकालीन राजधानी भएको कुरा उनका पालाको कोट भण्डारले सिद्ध गर्दछ । पर्वतका राजा मलेबमले वि. सं. १७५१ मा बेनी दोबिल्लाको शिवालय खडा गराए ।

मलेबम, शाहबम र कीर्तिबम यी तीन राजाहरूको पाला (वि.सं. १९४२) सम्म बेनी पर्वतको राजधानी भयो । पर्वत जिल्ला विशाल नेपालमा गाभिए पछि बेनीमा कोट भण्डार, तामाको पैसा काट्ने टक्सार र नून भन्सार मात्र बाँकी रह्यो । थाक खोलाका साहु व्यापारीहरू हिउँदमा बेनी आई बस्दथे । वि. सं. १९०७ को हिस्तानको पहिरो र अर्को वि.सं. १९८९ को दरबाङको पहिरोले बेनीलाई ठूलो सङ्कटमा पारेको थियो । फेरि २०१४ सालको आगलागीले ४२ वटा घर कटेरा नोक्सान गरेको थियो ।

वि.सं. २०१९ मा नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरेपछि म्याग्दी ७५ जिल्ला मध्येको एक जिल्लाको रूपमा देखा पर्‍यो र यसको सदरमुकाम बेनी भयो । यसरी अस्ताएको बेनीले आफ्नो रूपलाई फेरि पूनर्जागरणको अवस्थामा पायो । सम्पूर्ण म्याग्दी जिल्लाको सदरमुकाम भएको बेनीबाट प्रशासन शुरू हुन थाल्यो । बजार बन्यो र सरकारीया अड्डाहरू समेत खडा भए । हाल सदरमुकाममा प्रमुख जिल्ला अधिकारीको कार्यालय स्थापना भएपछि जिल्लाको प्रशासन यहींबाट चलेको छ । साथै जिल्ला पञ्चायत, भूमिसुधार, जिल्ला अदालत, जिल्ला माल, जिल्ला प्रहरी थाना, जिल्ला शिक्षा शाखा, जिल्ला वन शाखा, जिल्ला कृषि शाखा, छोटी हुलाक, आकाशवाणी, स्वास्थ्य केन्द्र, ग्रामीण घरेलु शाखा, निर्वाचन आयोगको जिल्ला शाखा, नेपाल बंक उप-शाखाको स्थापना भएपछि त बेनीको रूपरङ्ग नै बदलिएको छ ।

गलेश्वर

बेनीबाट एक कोस जति उत्तर तर्फ कालीगण्डकी र राहुघाट खोलाको दोभानतिर गलेश्वर देवता छन् । यो ठाउँ जडभरतले तपस्या गरेको हो भन्ने धेरैको भनाइं छ । यहाँ साह्रै ठूलो र भव्य शीला छ । यही विशाल शीलाको माथि एउटा शालीग्राम छ । यिनैलाई गलेश्वर महादेव भन्दछन् । यसबारेमा विभिन्न

प्रकारका अनुश्रुतिहरू प्रचलित छन् । ती मध्ये यो अनुश्रुति उल्लेखनीय छ – शिवले सतीदेवीको लाशलाई काँधमा राखेर डुलाउँदै यहाँनिर आउँदा सती देवीको गलो खसेकोले यहाँ गलेश्वर महादेवको उत्पत्ति भएको हो । अर्को किंवदन्ती अनुसार गले गोरू भयो भने यहाँ एक जोडी रातासेता ध्वजा बाँधिदिए त्यो गोरू हलोमा सरासर हिँड्ने गरेकोले यिनलाई गलेश्वर भनेका हुन् । राहुघाटकै किनारमा गलेश्वरको मन्दिर छ र त्यही गलेश्वरको मन्दिरको पूर्व पट्टिको किनारमा जड भरतको शीला छ । यहाँ बाला चतुर्दशीमा ठूलो मेला लाग्छ ।

ढोलठान

बेनीबाट अन्दाजी एक कोसको पहाडको दूरीलाई ढोलठान भन्दछन् । भूरे राजाको पालाको गृष्मकालीन राजधानी भएकोले राजदरबारको भग्नावशेष दृश्य अद्यापि यहाँ देख्न पाइन्छ । शीतकालीन दरबार बेनी थियो । भूरे राजाहरूमा डिम्ब महाराज नामूद थिए । राजा भएता पनि उनी योगका प्रकाण्ड योगी थिए । कोही कोही उनका हाड थिएनन्, केवल मासुको थुप्रो भएकोले ताने मानिसको आकार हुने, छोडे डल्लो पर्ने रे पनि भन्दछन् । यिनै महाराजालाई उडिसामा जगन्नाथजीको दर्शन गर्ने तीव्र इच्छा भएको तर हिँड्न नसक्ने हुनाले उनलाई आफैं जगन्नाथ भगवानले दर्शन दिनुभएको भन्ने किंवदन्ती छ । अर्को भनाईअनुसार गोरखाली राजाहरूले लडाइँ गर्न आउँदा अरू भागे तर डिम्ब राजाको हात खुट्टाको हड्डी नभई खाली मासुको थुप्रो भएकोले भाग्न नसकी अलिपए । त्यहीं अलिपएको ढुङ्गा जगन्नाथको मन्दिरमा छ र त्यो मन्दिर ढोलठान कै नजीकको गाजने भन्ने ठाउँमा स्थापना गरिएको छ । खास गरेर डिम्ब महाराज जगन्नाथको शरणमा गएका थिए । अलप भएको डिम्ब महाराजको ढुङ्गाको शिलाको मुटु छाम्दा अझै पनि गिलोगिलो छ भन्ने किंवदन्ती छ । सालमा एक चोटी पूजारीले फेटा झिकी नयाँ फेटा फेर्छ । प्रत्येक दिन त्यहाँ पूजा आजा चल्छ । सो पूजा चलाउन ९५ मुरी खेत गूठी राखिएको छ । तीजमा सो ठाउँमा ठूलो मेला लाग्छ ।

ताकम

यो स्थान म्यादी जिल्लाको एक महत्वपूर्ण स्थान हो । यो सदरमुकाम बेनीबाट करीब २८ किलोमिटर (९ कोस) पश्चिममा रहेको छ यसलाई १४ गाउँको मौलो पनि भनिन्छ । वि. सं. २०२८ को जनगणनाअनुसार ताकम गाउँ पञ्चायतको जनसंख्या २,८७२ छ । यहाँ खेती योग्य जमीन प्रशस्त भएकोले यहाँका निवासीहरूको मुख्य पेशा खेतीपाती नै रहेको छ साथै यहाँबाट नजीकै ढोर पाटन तथा गुर्जा ईलाका मा चरनको सुविधा पाइने हुनाले यहाँका निवासीहरू पशुपालन पनि गर्दछन् ।

ताकमको ऐतिहासिक महत्व धेरै छ । यहाँ हालसम्म पनि पुरानो राज्यको कोटको भग्नावशेष छ । उक्त कोटमा पुराना हातहतियारहरू पाइन्छन् । ताकम कोटमा जगन्नाथ, अन्नपूर्णा, वदान देवता आदिको मन्दिरहरू छन् । यस ठाउँमा बडा दशैंको पर्वमा ठूलो मेला लाग्दछ । उक्त मेलामा ताकमका चौधै गाउँका निवासीहरू भेला हुने गर्दछन् । ताकम देखि केही माथि रहेको पहाडको धुरीमा अनेक सुरूङ्गहरू र चौताराहरू छन् । ती सुरूङ्गहरूमा पहिले राजा र सैनिकहरू लुक्ने गर्दथे भन्ने जनश्रुति पाइन्छ । यहाँ किमि चौर नाम गरेको एउटा मैदान पनि छ ।

यहाँ एउटा निम्न माध्यमिक र चारवटा प्राथमिक पाठशालाहरूको साथै एउटा स्वास्थ्य केन्द्र पनि छन् ।

म्याग्दी खोलाको किनारबाट ढोर पाटन र डोल्पा जाने मूल बाटो ताकम भएर गएको छ। यहाँ एउटा शाखा हुलाक कार्यालय पनि रहेको छ ।

ताकमको भौगोलिक अवस्थिति निकै रमाइलो छ। यहाँबाट धवलागिरि हिमाल श्रृङ्खला राम्ररी देखिन्छ ।

दरबाङ

दरबाङ सदरमुकाम बेनीबाट करीब १९ किलोमिटर (६ कोस) पश्चिममा म्याग्दी नदीको किनारमा रहेको छ । यो म्याग्दी जिल्लाको एउटा महत्वपूर्ण बजार पनि हो । यहाँ वरिपरिका गाउँहरूबाट मालासामान किनबेच गर्न म्याग्दी जिल्लाबासीहरू भेला हुनुको साथै जिल्लाका केही मूलबाटोहरू यही बजार भएर गएको हुनाले यसको महत्व झन बढेको छ । वि.सं.१९८९ मा यहाँ गएको ठूलो पहिरोले म्याग्दी खोलालाई थुन्दा दरबाङ गाउँलाई नै डुबाएकोले नयाँ गाउँ बनेको भनिन्छ । यहाँको जमीनमा धेरै बालुवा भएकोले खेतीपातीको लागि उपयुक्त छैन । यहाँ नजीकै मालिकाको धुरीबाट रसाएर निस्केको झरनाले बनाएको एउटा मनमोहक ताल छ जसलाई 'भाले बास्ने ताल' भनिन्छ।

वि. सं. २०२८ को राष्ट्रिय जनगणनाअनुसार दरबाङ गाउँ पञ्चायतको जनसंख्या ३,४०७ छ । यहाँ अधिक मात्रामा मगर जातिको बसोबास छ । यस ठाउँको व्यापारिक महत्व धेरै भएको हुनाले केही थकालीहरूले पनि यहाँ बसोबास गरेका छन् ।

यहाँ एउटा माध्यमिक, तीनवटा प्राथमिक विद्यालयहरू र एउटा पुस्तकालयको साथै एउटा स्वास्थ्य चौकी, प्रहरी चौकी पनि छन्।

पुला

बेनीदेखि करीब तीन किलोमिटर (एक कोस) उत्तरमा रहेको डाँडामा यो गाउँ पर्दछ। सत्ययुगमा पौलत्स्य ऋषिले पछि भन्ने ठाउँमा बसी होम, तप आदि गरेथे । त्यसैले यसको नाम पुला रहेको हो भन्ने जनविश्वास छ । वि. सं. २०२८ को जनगणना अनुसार पुलाचौर गाउँ पञ्चायतको जनसंख्या ४,५२२ छ ।

यहाँ एउटा निम्न माध्यमिक र केही प्राथमिक विद्यालयहरू छन् । पुलामा रहेको वरुनाथको मन्दिर प्रख्यात छ । यस पञ्चायतमा नै तातोपानीको प्रसिद्ध कुण्ड छ ।

कुइने

बेनी देखि कुइने १७ कोस उत्तरमा रहेको छ । यहाँ पनि छन्तेल जातिको बसोबास छ। यहाँका छन्तेलहरू कामीलाई आफ्नो वंशबाट छुट्टिएको भाइ भन्ने विश्वासको आधारमा व्यवहार गर्दछन् । कुइनेबाट मुस्ताङको मङ्गले खावी हुँदै लेते, टुकुचे आदि ठाउँमा जान सकिन्छ । धवलागिरि प्रथमको दक्षिणी फेदीमा यो गाउँ अवस्थित छ । छन्तेलहरूको मुख्य केन्द्र कुइने हो। यस क्षेत्रलाई

छन्तेलहरू झिङनेल भन्दछन् यहाँ एउटा प्राथमिक विद्यालय छ। यहाँको गाउँ पञ्चायतको जनसंख्या वि. सं. २०२८ मा ९७३ थियो।

गुर्जा

बेनीदेखी गुर्जाखानी करीब ६७ किलोमिटर (२१ कोस) टाढा पर्दछ। यो म्याग्दी जिल्लाको सुदूर पञ्चायत हो। यो गाउँ बेनी बजारदेखि पश्चिम-उत्तर तर्फ रहेको छ। यो गाउँ समुद्रको सतहबाट अन्दाजी २,५०० मिटर अर्थात् ८,२०० फीटको उचाइमा छ। यस गाउँमा एउटा प्राथमिक विद्यालय छ। यो हिमालयको फेदीमा नै रहेको छ। यस गाउँभन्दा माथि कुनै खास बाटोहरू र कुनै बसोबास छैनन्। यस गाउँमा जानलाई देउरालीको शिखर र अरू अनकन्टार जङ्गल पार गरेर जानु पर्छ। पाखा पखेरो च्यापेर बस्ने छन्तेलहरू नै यहाँका प्रमुख बासिन्दा हुन्। छन्तेल बाहेक केही कामीहरूको पनि यहाँ बसोबास छ। यस गाउँदेखि करीब आधाकोस टाढाको समथर भूमिमा एउटा विशाल तलाउ छ। सो तलाउको छेउमा बराह देवताको मन्दिर छ। त्यहाँको विश्वासअनुसार ती बराहहरू जाडोमा गुर्जाको तलाउमा आउँछन् र गर्मीमा लेकतिर जान्छन्। यहाँ छन्तेलहरूले खनिज निकाल्ने गरेका खानीका प्वालहरू प्रशस्त छन्। यहाँको मुख्य पेशा पशुपालनको साथै खेतीपाती पनि हो।

रूम

रूम तामाखानीको लागि प्रख्यात छ। यो तामाखानी पुराना खानीहरू मध्येको एक हो। एउटा निम्न माध्यमिक र दुईवटा प्राथमिक विद्यालयहरू छन्। साथै यहाँ एउटा फर्निचर कारखाना छ। यो फर्निचर कारखानाले धवलागिरि अञ्चल र पर्वत जिल्लासम्म फर्निचर बेचबिखन गर्दछ। यहाँ मगर जातिको बढी बसोबास छ। साथै यहाँ थकाली र कामीहरू पनि केही मात्रामा रहेका छन्।

सदर मुकाम बेनीबाट रूम करीब ३८ किलोमिटर (१२ कोस) पश्चिममा पर्दछ। रूमबाट तमान करीब २२ किलोमिटर (७ कोस) टाढा पर्दछ। पोखरा-सुर्खेत राजमार्ग सदर मुकाम बेनी हुँदै म्याग्दी खोलाको तीरैतीर गएमा रूमलाई छोएर जान्छ। तमान, बुर्तिबाङ, बुँगा, ढोरपाटन, डोल्पा जाने मानिसहरू पैदल जाँदा रूम भएर नै जानु पर्दछ। त्यसैले रूमलाई यातायातको र आर्थिक दृष्टिकोणले समेत महत्वपूर्ण स्थान मान्नसकिन्छ। वि.सं. २०२८ को जनगणनाअनुसार रूम गाउँ पञ्चायतको जनसंख्या ४,५८६ छ।

जनसंख्या र जनजीवन

जनसंख्या

वि. सं. २०२८ को जनगणनाअनुसार म्याग्दी जिल्लाको जनसंख्या ५७,९४६ मध्ये २८,३५२ पुरूष र २९,५९४ महिला छन्। धवलागिरि अञ्चलको कुल जनसंख्या २,७६,७२९ को करीब २१ प्रतिशत मानिसहरू यस जिल्लामा छन्। नेपाल अधिराज्यको ७५ जिल्लाको जनसंख्याको गणनामा म्याग्दीको स्थान ६८ मा आउँछ। कुल क्षेत्रफलको आधारबाट यहाँको जनघनत्व प्रति हेक्टरमा .३७ व्यक्ति अर्थात् एक वर्ग किलोमिटरमा ३७ व्यक्ति रहेका छन्।

यस जिल्लाको कुल जनसंख्या जम्मा ११,०४१ घर परिवारमा विभक्त रहेको देखिन्छ। बढीमा २० जनासम्म सदस्य भएको परिवार पाइन्छन्। वि. सं. २०२८ को जनगणनाअनुसार एक जना सदस्य भएको परिवार संख्या ४६९ छन् भने २० जनाभन्दा बढी सदस्य भएको परिवार संख्या केबल आठ मात्र छन्। चार जना भएको परिवार १,७२९, पाँच जना भएको परिवार १,८३९ र ६ जना भएको परिवार १,५३५ छन्। सबैभन्दा बढी परिवार संख्या भएको परिवार चाहिं पाँच जना कै देखिन्छ। सरदर जिल्लाको औसत परिवारमा ५.२५ सदस्य पर्न आउँछ।

उमेरको बनावटको दृष्टिकोणबाट म्याग्दी जिल्लाको जनसंख्यालाई उमेर र लिङ्गको आधारमा निम्न अनुसार विभाजित गरिएको छः–

उमेर समूहको तालिका

उमेर समूह	पुरूष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
० देखि ५ वर्ष	४,६८८	१६.५	४,९५८	१६.८	९,६४६	१६.६
६ देखि १५ वर्ष	७,६२५	२६.८	६,९०६	२३.३	१४,५३१	२५.१
१६ र सो माथि	१६,०३९	५६.७	१७,७३०	५९.९	३३,७६९	५८.३
जम्मा	२८,३५२	१००.०	२९,५९४	१००.०	५७,९४६	१००.०

उपर्युक्त तालिकाअनुसार जनसंख्यालाई तीन उमेर समूहमा विभाजन गर्दा ०–५ वर्ष जन्मेर हुर्किने अवस्था, ६ वर्ष देखि १५ वर्ष विद्यालय जाने उमेर, १६ वर्ष देखि माथिको उमेरलाई परिपक्व अवस्था मान्न सकिन्छ।

जुनसुकै ठाउँका जनसंख्यालाई पनि उमेरको दृष्टिबाट सक्षम र आश्रितमा विभाजन गरिएको हुन्छ। नेपाली समाजमा जीवन धान्नको लागि सानै उमेरदेखि काममा लाग्नु पर्ने हुनाले नौ वर्ष र सो भन्दा मुनिको

र ६० वर्ष र सो भन्दा माथिको उमेर समूहलाई उमेरको दृष्टिबाट आश्रित जनसंख्या मान्दा तिनिहरूको संख्या १६,७७७ अर्थात् ३४.१ प्रतिशत हुन आउँछ भने १० वर्ष देखि ५९ वर्ष भित्रको उमेर समूहलाई उमेरको दृष्टिबाट सक्षम वा काम गर्न सक्ने मानेको खण्डमा तिनीहरूको संख्या ३८,१६९ अर्थात् म्याग्दी जिल्लाको कुल जनसंख्याको ६५.९ प्रतिशत हुन्छ । यस हिसाबले उमेरको दृष्टिबाट सक्षम अर्थात् काम गर्न सक्ने उमेर भएको प्रत्येक व्यक्ति माथि सरदर ०.५ आश्रित व्यक्तिको बोझ परेको देखिन्छ अर्थात् १०० जना मानिसको कमाईले १५० जनाको जीविका चलाउनु पर्ने हुन्छ । यसरी यस जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:५० हुन आउँछ ।

अन्तर्राष्ट्रिय चलनअनुसार उमेरको दृष्टिकोणबाट म्याग्दी जिल्लाको सक्षम र आश्रित जनसंख्याको अनुपात देखाउने हो भने माथि उल्लेख गरिएको भन्दा फरक पर्न जान्छ। अन्तर्राष्ट्रिय परिपाटीअनुसार उमेरको दृष्टिबाट सक्षम अर्थात् काम गर्न सक्ने उमेर १५ देखि ६४ वर्ष मानिएको छ । यस अनुसार उमेर समूहमा पर्ने ३२,९४९ अर्थात् ५६.८ प्रतिशत देखिन्छ र १४ वर्ष र सोभन्दा मुनि र ६५ वर्ष र सोभन्दा माथिको उमेर समूहहरूमा कुल २४,९९७ अर्थात् ४३.२ प्रतिशत हुन आउँछ । यसरी हेर्दा सरदर प्रत्येक सक्षम व्यक्ति माथि .७५ आश्रित व्यक्तिको बोझ परेको देखिन्छ अर्थात् १०० जना सक्षम मानिसहरूको कमाईले १७५ जनाको जीविका चलाउनु पर्छ । यसरी आर्थिक निर्भरताको अनुपात १००:७५ हुन आउँछ ।

राष्ट्रिय जनगणनाअनुसार छ वर्षदेखि माथिको यस जिल्लाको कुल जनसंख्या ४८,३०० छ । यसमा पुरुष २३,६६४ र महिला २४,६३६ छन् । यसमध्ये ११,६१७ पुरुष र १३,७५८ महिलाले विवाह गरेर बसेका छन् । बाल विवाहको कुप्रथा जिल्लामा थोरै मात्रामा भए पनि कायमै रहेको देखिन्छ । छ वर्षदेखि १४ वर्षको उमेर समूहमा विवाहिता महिलाको संख्या ८२ छ भने त्यस्तै छ वर्षदेखि १८ वर्षभित्र पर्ने करीब ३८५ पुरुषले विवाह गरेको देखिन्छ। जिल्लामा ६१३ विधुर र १,८६८ बिधुवा भएको देखिन्छ । ५० वर्ष र सोभन्दा माथिको उमेर समूहलाई हेर्दा विधुर भन्दा बिधुवाहरू नै बढी हुन पुगेका छन् । छ वर्षदेखि माथिको उमेर समूहमा अविवाहित संख्या २०,३३२ छ। ११२ जनामध्ये २४ जना पुरुष र ८८ जना महिलाले पारपाचुके गरेको देखिन्छ ।

विभिन्न जातिहरूको बसोबास भएको म्याग्दी जिल्लामा विभिन्न स्थानीय भाषा भए तापनि नेपाली भाषालाई प्रधान मान्यता सबैले दिएका छन् । पारिवारिक रूपमा स्थानीय भाषाहरूको माध्यमद्वारा अनुभूति प्रकट गर्दछन् । राष्ट्रिय जनगणनाअनुसार भाषा भाषीको आधारमा गरिएको जनसंख्याको विभाजन यसप्रकार छः–

बोलिने भाषा	संख्या
नेपाली	५५,९२७
नेवारी	६१२
मैथिली	५६
शेर्पा	२३
अन्य भाषा	१,३२८

साथै अन्य भाषाहरूमा खास गरेर मगर, थकाली र छन्तेल भाषाहरू पनि आउँछन्। सानो रूपमा भएपनि जिल्लाको अरू कुनै भागमा नबोलिने छन्तेल भाषाले म्याग्दी जिल्लाको लागि आफ्नै विशेषता राखिदिएको छ। व्यापारिक दृष्टिले चल्ती भएका ठाउँहरूमा थकालीहरूले आफ्नो भाषा बोल्ने र सदरमुकाम बेनीमा विभिन्न पेशा लिएर बसेका नेवारहरूले नेवारी भाषालाई प्रधान्यता दिएको पाइन्छ।

विभिन्न थरीका भाषा बोलेझैं यस जिल्लामा पनि विभिन्न धार्मिक समुदायमा आस्था राखेर आफ्नो जातीय विकासको लागि अग्रसर भएका छन्। यी विभिन्न धार्मिक समुदायहरूले आ–आफ्नो परम्परा, मान्यता र आस्थामा विश्वास राखी रीतिरिवाज र संस्कृतिको आधारमा धर्मलाई पालनगर्दै आएका छन्। तैपनि परम्परा अनुसार मनाइने ठूलो चाड दशैंलाई आ–आफ्नो गच्छे अनुसार सबैले मान्दै आएकोले त्यो दिन हँसिलो मुख पारेर राताराता दही अक्षताको टीकाले र पहेंलो जमरा घुसारेर समान रूपले मग्न भएर मान्यजनसित विजय प्राप्तिको लागि आशिक लिन पुग्छन्। यही सांस्कृतिक र धार्मिक परम्पराले एक अर्कोलाई चिन्ने चिनाउने काम गरिरहेछ।

यो जिल्लाका जम्मा २५ वटा गाउँ पञ्चायतहरूको जनसंख्या तल दिए अनुसार छः–

संख्या	पञ्चायतको नाम	जनसंख्या
१.	अर्थुङ्गे	२,२९४
२.	अर्मन	२,८६८
३.	कुइने	९७३
४.	कुहुँ	४,९११
५.	कोटगाउँ	९५०
६.	गुर्जा	१,०९५
७.	घतान	३,७५२
८.	चिउरीकोट	१,५६३
९.	ज्यामरूक	१,९९१
१०.	झीं	१,११९
११.	ताकम	२,८७२
१२.	दरबाङ	३,४०७
१३.	पाखापानी	१,०५४
१४.	पुलाचोर	४,५२२
१५.	बरङजा	४,०७४
१६.	भकिम्ले	२,३९४
१७.	मगरदाङ	१,७८६
१८.	मराङ	१,३२०
१९.	मल्कावाङ	१,१६२
२०.	मालिका	१,७९३

२१.	मुदी	१,८४८
२२.	मुना	२,५३३
२३.	रत्नेचौर	१,८१६
२४.	राजदाङ	१,२६३
२५.	रूम	४,५८६

यो जिल्लामा सबैभन्दा बढी अर्थात् ४,९११ जनसंख्या हुने पञ्चायत कुहुँ गाउँ पञ्चायत हो र सबैभन्दा कम अर्थात् ९५० जनसंख्या हुने पञ्चायतमा कोटगाउँ पञ्चायत हो ।

यहाँको अधिकांश पञ्चायतहरू १,००० देखि १,९९९ को जनसंख्याको समूह भित्र पर्छन् ।

जनजीवन

म्याग्दी जिल्लामा विभिन्न जातिको मिश्रण पाइए तापनि खासगरेर बढी जनसंख्या मगर जातिको छ। त्यसपछि सबभन्दा कम र विशेष जातिको रूपमा रहेको छन्तेल जातिको आफ्नै किसिमको जीवन भएकोले विशेष अभिरुचि सबैले लिने गर्दछन् र यहाँ छन्तेल जनजीवन बारे केही उल्लेख गरिएको छ। यसरी रहेका विभिन्न जातिहरूले आफ्नै परम्परा, संस्कृति र मान्यतालाई अँगाली राष्ट्रियताको झाँकी प्रस्तुत गर्दै आएका छन्। मगर, थकाली, बाहुन, क्षेत्री, ठकुरी, नेवार, कामीको अतिरिक्त छन्तेलहरूको बसोबास भएको यस म्याग्दी जिल्लामा सांस्कृतिक विभिन्नता पाइन्छ ।

छन्तेल[1]

नेपालको जनसंख्यामा तिब्बत बर्मेली परिवारको भाषा बोल्ने समूहहरूमध्येको एक सानो समुदाय छन्तेलको छ। यिनीहरू कताबाट आए भन्ने कुराको पत्ता नलागे तापनि शुरूदेखि नै यिनीहरूले खानीमा काम गर्दै आएका यिनीहरूलाई आरनको काम गर्ने हुनाले आग्री र पहिले यिनीहरू पर्वतको छन्तुङ्ग गाउँमा बसेकोले छन्तेल पनि भनिन्छ। यिनीहरूको पेशा खानी खन्ने नै थियो। छन्तेलहरू रूकुमबाट शाही राजाको साथमा पर्वतमा आएका हुन भनिन्छ। महथोकी, थरमोकी र बूढाथोकी छन्तेलमध्येका हुन् । छिमेकीको रूपमा मगरहरू वरिपरि भएकोले यिनीहरूको मगर जातिसित विशेषरूपले उठबस हुनपुगेको हो ।

छन्तेललाई दुई समुदायमा बाँड्न सकिन्छः– पश्चिमी छन्तेल र पूर्वीय छन्तेल । यी दुईमा भाषाको भिन्नता छ। बागलुङ जिल्लाको भुजी खोला, निसी खोला र तमान खोलाको क्षेत्रतिर बस्ने छन्तेललाई पश्चिमी छन्तेल भनिन्छ। अरू जाति र भाषाले बढी प्रभाव पारेकाले छन्तेलहरूले आफ्नो भाषा र परम्परालाई बिर्संदैनन् । पूर्वीय छन्तेल म्याग्दी खोलाको दक्षिण–पश्चिम र राहुघाट खोलाको पूर्वी भेकमा धवलागिरि हिमालको दक्षिण भागमा सीमित भएर रहेका छन् । यस भेकमा छन्तेलहरू आफ्नो भाषा राम्ररी बोल्छन् र तिनीहरूले बोल्ने भाषालाई छन्तेल कुरा भनिन्छ। छन्तेल कुरा बोल्नेहरू करीब १,८०० देखि २,००० को

---

[1] Michl, Wolf— Shamanism among the Chantel of the Dhaulagiri Zone— Contributions to the Anthropology of Nepal, (ed.) Christoph Von Furer— Haimendorf, University of London, June / July 1973

बीचमा छन् भन्ने अनुमान गरिएको छ। छन्तेलहरूको सबैभन्दा ठूलो बस्ती भएको गाउँ चुरेन हिमालको फेदमा रहेको गुर्जा खानी हो। यसलाई म्याग्दी जिल्लाको अति पिछडिएको भाग भन्न सकिन्छ। करीब २,५९१ मिटर (८,५०० फीट) को उचाईमा रहेको गुर्जा खानीमा अन्दाजी ९० घर छन्तेलका छन्। पश्चिमी र पूर्वी छन्तेलहरूको बीच वैवाहिक सम्बन्ध राखेर एक अर्काको परम्परा जोगाउने काममा गुर्जा खानीमा रहेका छन्तेलहरूले ठूलो भूमिका खेलेका छन्। यहाँ भिरालो परेको पहाडमा समानान्तर रूपले घर बनाउँछन्। सबैजसो छन्तेल गाउँहरू अप्ठ्यारो र चट्टानी पहाडले घेरिएको सानो उपत्यकामा रहेको छ। अरू जातिको तुलनामा यिनीहरू एक दुईको फरकमा घर बनाएर आपसमा मिली बस्ने गरेका छन्। खेती गर्ने र घर बनाउने तरीकामा छन्तेल र मगर जातिका मानिसहरूमा कुनै फरक देखिंदैन। छन्तेलहरू खानी खन्ने र पहरा काट्ने काममा सिपालु छन्। यिनीहरू बसेको ठाउँमा अरू जाति कमै बस्छन्। छन्तेलहरूले खानी खन्ने पेशा लिंदा यिनीहरूले ढुङ्गाको गारो लगाई भकारीले छाना छाएर एक तले घर बनाउँथे। कृषि व्यवसाय अँगालेपछि दुई तले बनाई ढुङ्गाको गारो लगाई स्लेटले छाप्ने गरे। घरको माथिल्लो भागमा मालसामान राख्ने र तल्लो तलामा खाने, सुत्ने र बस्ने कामको लागि प्रयोग गर्छन्। घरको एकापट्टि अथवा दुवैपट्टि बार्दली झिकेको हुन्छ।

किंवदन्ती अनुसार पश्चिमबाट ढोर पाटनको नजीक छन्तु घाँटीमाआई खानीमा काम गर्ने भएकाले यिनीहरूलाई छन्तेल भनेको हो। त्यसैले छन्तेल र खानी सम्बन्ध भएकोले छन्तेल गाउँको पछाडि खानी जोडिएको हुन्छ।

यी छन्तेलहरू १४ थरमा विभाजित छन्[1] :—

(१) घरब्जा
(२) कुकुर भलन्जा
(३) दूध भलन्जा
(४) काग भलन्जा
(५) स्याङ भलन्जा
(६) खडका
(७) बूढाथोकी
(८) पुराने
(९) मच्छिमेल
(१०) च्याप्चन
(११) पर्लाङ्गे
(१२) डाँडामारे
(१३) सिङ्गे
(१४) स्याङजाली

छन्तेल जातिले आफूलाई हिन्दू भनेर सिद्ध गर्न खोजे तापनि यिनीहरूको जीवनमा मगर जातिको रितिथितिले विशेष रूपमा प्रभाव पारेको देखिन्छ। तैपनि केही मात्रामा हिन्दू देवतामाथि श्रद्धा देखाएर छन्तेलहरूले आफ्नै स्थानीय देवता भूमे, बराह र सिद्धलाई नै बढी महत्व दिन्छन्। बोक्सी, डायनी, वीर, मसान, प्रेत आदिले छन्तेलहरूको धार्मिक जीवनमा महत्वपूर्ण भूमिका खेलेका छन्। झाडीमा सानो देउताको स्थान बनाएर ढुङ्गाको पत्रहरूलाई कपडा आदिले सिंगारेर राख्छन् र साथै एउटा सानो घण्टा झुण्ड्याएकोले यो देवताको स्थान रहेछ भनेर चिन्न सकिन्छ।

छन्तेलहरू अक्सर आफ्नै जातिभित्र विवाह गर्छन्। मामाकी छोरी माथि आफ्नो पहिलो हक भनेर प्रत्येक छन्तेलले गर्व राख्छन्। मागी विवाह, प्रेम विवाह र लतार्ने विवाहको प्रचलन छन्तेल

---

[1] होमनाथ सुवेदी– छन्त्याल जातिको लोक धर्म, झंकार, वर्ष १७: अङ्क १, वैशाख २०३२, पृष्ठ १३

जातिमा छ। छन्तेल स्वास्नीमान्छे रजस्वला भएमा छ दिनमा चोखिन्छन् । सुत्केरी भएमा २२ दिनमा चोखाउँछन् ।[१] धेरैंजसो कर्मकाण्डमा मगर जातिसित मिल्छ । मर्दा १३ दिनसम्म कपाल खौरी क्रिया बस्छन् । छन्तेल जातिले आफ्नो भान्जोलाई मुख्य रूपमा पूजेर सम्पूर्ण विधि र काजक्रिया उसको निर्देशनमा गराउने भए तापनि संस्कृतका श्लोकहरू पाठ गराएर हुने खानेले जैसी बाहुनद्वारा जन्मपत्र लेखाउने चलन पनि निकालेका छन् ।

छन्तेल जातिमा झाँक्री प्रथा विशेष रूपले चलेको छ । लोग्नेमानिसको साथै स्वास्नीमानिस पनि झाँक्री हुन सक्छन् । झाँक्री बन्न गुरु थाप्नु पर्छ र सो गुरुले विश्वास गरेपछि राती सुतेको बेलामा गुरुको शक्ति चेलामा जान्छ भनिन्छ । त्यसपछि त्यसभित्र दैवी शक्ति देखापरेर आफ्नो कार्य सञ्चालन गर्न थाल्छ । शुरूमा ढ्याङ्ग्रो बजाउँदै गुरुलाई सम्झिनु पर्छ । पछि मन्त्र जप्दै अक्षताले रूखमा हानेर सो रूखको काठबाट ढ्याङ्ग्रोको घेरा बनाउने र घोरलको शिकार गरेर त्यसको छालाले घेरा मोरी ढ्याङ्ग्रो ठटाउनु पर्छ । यी सबको विधिविधान, नियम तथा मन्त्र आध्यात्मिक गुरुले सपनामा सिकाउँछन् भन्ने धारणा छ । देवता अथवा प्रेत जो पनि गुरु बन्न सक्छन्। पहिलो पटक जसले झाँक्रीलाई काम्न सिकाउँछ, त्यही नै जिन्दगीभरको गुरु हुन्छ । टाउको अथवा मुटुबाट प्रवेश गरेर झाँक्रीको शरीरमा गुरु पुग्छन् भन्ने विश्वास लिएका छन्तेली झाँक्रीले आफूमा परिवर्तन आउने बित्तिकै गुरुलाई धूप चढाउने र आफूलाई चोखो राख्न अगेनाबाट खरानी झिकेर टाउकोमा दल्ने काम गर्छन् । विभिन्न गुरुले विभिन्न किसिमको मन्त्र दिने हुन्छन् । त्यही मन्त्रको आधारमा गुरु र चेलाको बीच कुराकानी चल्छ । कोही मुख चलाएर मन्त्र जप्छन् त कोही मनमनै गुनेर मात्र आफ्नो विधि पुर्‍याउँछन् । यी सब क्रिया गुरुको स्वभाव बमोजिम हुन्छ । गुरुको मद्दतद्वारा झाँक्रीले अर्को देवता बोलाउने र उसको माध्यमद्वारा तिनीहरूसित कुरा समेत गर्ने गर्दछन् । बोक्सी, डायनी, राक्षस, पिचास आदिबाट झाँक्रीलाई हुने खतरालाई गुरुले रक्षा गर्छन् भन्ने विश्वास लिने झाँक्रीले यदि देवतामाथि विश्वास र आज्ञाकारी भएन भने गुरुले झाँक्रीलाई बराबर दुःख दिइनै रहन्छ । गुरुलाई खुशी पार्न शुरूमा धूप दिनै पर्छ । भूतप्रेतबाट बच्न रुद्राक्षको माला र सर्पको काँडा घाँटीमा लगाउँछन् ।

छन्तेलहरू आफ्नै जातिका मानिसहरूलाई समानता र मानवताको नाताले हेर्छन् । यिनीहरू मध्ये कोही पनि अगुवा भएर बसेको पाइन्न । लोग्नेमान्छेले कछाड र भोटो लगाउँछन् भने स्वानीमान्छेले गुन्यू, चोलो, पटुका र गुन्यू माथि टेकी लगाउने गर्छन् ।

---

[१] होमनाथ सुवेदीको माथि उल्लिखित लेख, पृष्ठ १४

आर्थिक व्यवस्था

विभिन्न कारणले गर्दा पिछडिएको म्याग्दी जिल्लाको मुख्य आर्थिक आधार कृषिको साथसाथै व्यापार पनि हो । यहाँका किसानहरू पुरानो हलो, कोदालो, गाई-भैंसीको मल प्रयोग गरेर प्रकृतिमाथि आस्था राखेर खेती गर्दछन् । त्यसैले यस्तो पुरानो तरीकाले खेती गरिएको सबै ठाउँमा एकैनासको उत्पादन हुन सकेको छैन । पहिलेदेखि चलिआएको कृषि व्यवसायको साथै यस जिल्लाबासीहरू पशुपालन र साधारण कुटीर उद्योग चलाएर जीवन निर्वाहा गरिरहेका छन् । लेक, पाखा र बेंसीले भरिएको पहाडी जिल्ला भएकोले यहाँका निवासीहरूले सक्दो रूपमा लेकमा पशु पाल्ने, गह्रा बनाएर साना साना टुक्रामा खेती गर्ने र बेंसीमा धान, गहुँ लगाएर जीवन धानेका छन् । अरू पहाडी जिल्ला झैं यो जिल्ला पहाडी जिल्ला भए तापनि यसलाई अन्नाभाव जिल्ला चाहिं भन्न सकिन्न । लेकतिर पशुपालन व्यवसाय अँगालेर ध्यू उत्पादन गर्ने, तामा खानीबाट निस्केको धाउ पगाली तामा बनाउने र अरू साधारण घरेलु उद्योगबाट माल निकाल्ने काम एकातिर गरेका छन् भने अर्कोतिर आर्थिक अवस्था मजबूत पार्न ती उत्पादित वस्तुहरू बागलुङ हुँदै केही पोखरामा र धेरैजसो स्याङजा भई भैरहवासम्म पनि बेच्ने काम समेत गरेका छन् । जति मात्रामा आर्थिक कारोबार हुन सक्थ्यो यातायातको कठिनाइले गर्दा त्यति मात्रामा हुन सकेको छैन, तर पनि जिल्लामै उत्पादन भएका वस्तुहरू म्याग्दी जिल्लाबासीहरूले बेच्न सफल भएका छन् ।

कृषि

कुर्डुँ, पुला चौर, रत्ने चौर आदि ठाउँका बेंसीहरूमा सिचाई हुन सक्ने भएकोले यस क्षेत्रमा जति धान हुन्छ त्यति हुने अरू ठाउँ म्याग्दी जिल्लामा कमै पाइन्छ । साधारण तवरले धान खेती सकेसम्म धेरै गरे तापनि कुइने, मल्कावाङ, मराङ, गुर्जा, मुना, मुदी, रूम, कोट गाउँ, राजदाङ आदि ठाउँमा मुख्य बालीको रूपमा मकै नै छ । सबै ठाउँमा हुने बालीको रूपमा चाहिं कोदोलाई लिइन्छ । म्याग्दी जिल्लाको कुल जमीन १,५५,३०० हेक्टरमध्ये ८,३०० हेक्टर जमीनमा मात्र आवादी भएको छ । कृषि तथ्याङ्क २०२८ अनुसार म्याग्दी जिल्लामा वार्षिक कुल खाद्यान्न उत्पादन १९,४०० मेट्रिक टन हुन्छ । त्यस उत्पादनमध्येबाट बीज, बीजनको लागि र विभिन्न कारणवश क्षति हुन सक्ने अन्न छुट्याउँदा १५,००० मेट्रिक टन अनाज बाँकी रहन्छ ।

जिल्लाको कुल जनसंख्या ५७,९४६ छ । प्रतिव्यक्तिको लागि सालाखाला वार्षिक १६० किलोग्राम खाद्यान्नको हिसाब गर्दा जम्मा ९,२७१ मेट्रिक टन जिल्लामा चाहिने हुनाले ५,८५५ मेट्रिक टन अनाज बढी देखिन आएकोले म्याग्दी जिल्ला खाद्यान्न बचत हुने समूहभित्र पर्दछ ।

म्याग्दी जिल्लामा विभिन्न किसिमका कृषि उत्पादन भए तापनि मुख्य स्थान मकै, धान र कोदोकै छ। अन्य बालीमा आलु, उखु, सिमी, मास, तोरी र तिल प्रमुख छन्। जिल्लाको धेरैजसो भाग पहाडी भेकमा पर्दछ। आर्थिक वर्ष २०२५।०२६ देखि २०२९।०३० सम्ममा पहाडी भेकमा बढी उत्पादन हुने खाद्यान्न बालीमा मकै नै रहिआएको छ। खेती गरिएको क्षेत्र र उत्पादनको गति हेर्दा केही वर्षदेखि अहिलेसम्ममा खास कुनै परिवर्तन देखिँदैन। साधारण तवरले जमीनको क्षेत्र बढेको छ भने उत्पादनमा पनि अलिकति वृद्धि हुन पुगेको छ। सिचाइँ सुविधाको कमी, प्राकृतिक बनोट र जगाको स्थितिले यस जिल्लामा पाखा बालीमा बढी जोड दिनु परेको देखिन्छ।

यस जिल्लामा खेत र पाखा बालीको सालाखाला उत्पादन निम्न अनुसार देखिन्छ—

खेत

(क) धान – दुई मुरी प्रतिरोपनी
(ख) गहुँ – एक मुरी दश पाथी प्रतिरोपनी

पाखा

(क) मकै – दुई मुरी दश पाथी प्रतिरोपनी
(ख) गहुँ – दुई मुरी दश पाथी प्रतिरोपनी
(ग) कोदो – दुई मुरी प्रतिरोपनी
(घ) मास – दश पाथी प्रतिरोपनी
(ङ) जौ – एक मुरी दश पाथी प्रतिरोपनी
(च) उवा – एक मुरी प्रतिरोपनी
(छ) बदाम – दश पाथी प्रतिरोपनी
(ज) तोरी – पाँच मुरी प्रतिरोपनी
(झ) भटमास – आठ पाथी प्रतिरोपनी

भौगोलिक अवस्थाले गर्दा विभिन्न समयमा विभिन्न किसिमले खेत, पाखा र लेकमा खेती लाउने, गोडमेल गर्ने र बाली भित्र्याउने काम हुन्छ। लेकाली भागमा अन्न पाकन बेंसी भागमाभन्दा धेरै समय लाग्छ।

खेतमा लगाइने बालीमध्ये धानको खेती गर्दा असार-साउनमा रोपी साउन-भदौमा गोडी कात्तिक-मङ्सीरमा काट्ने काम हुन्छ। त्यस्तै गहुँ मङ्सीर-पुसमा छरी चैत-वैशाखमा काटिन्छ। पाखा बालीमध्ये मकै बाली चैत-वैशाखतिर रोपी, जेठ-असारमा गोडमेल गरी साउन-भदौमा भाँचिन्छ। पाखामा लाग्ने गहुँ असोज-कात्तिकतिर छरी फागुन-चैततिर काटिन्छ। जेठ-असारमा कोदो रोप्ने काम हुन्छ, साउन-भदौमा गोड्न थालिन्छ र असोज-कात्तिकमा टिप्ने काम हुन्छ। साउन-भदौतिर मास लगाएर कात्तिक-मङ्सीरतिर काट्छन् भने लेकतिर भटमास रोपी कात्तिकतिर चुट्ने काम हुन्छ। तोरी असोज-कात्तिकतिर छरिन्छ र चैत-वैशाखसम्ममा पाकिसक्छ। त्यस्तै फापर साउनमा लगाइन्छ भने वैशाख-जेठमा जुनेलोको खेती हुन्छ र दुवै

बाली कात्तिक-मङ्सीरमा काटिन्छ। कृषि तथ्याङ्क २०२८ अनुसार आर्थिक वर्ष २०२५।०२६ देखि २०२९।०३० सम्म यस जिल्लामा भएको मुख्य बालीको उत्पादन प्रवृत्ति यसप्रकार छः–

क्षेत्रफल : हेक्टरमा

क्षेत्र र उत्पादनको तालिका

उत्पादन : मेट्रिक टनमा

वर्ष	२०२५/०२६		२०२६/०२७		२०२७/०२८		२०२८/०२९		२०२९/०३०	
खाद्यान्न	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
मकै	५,४००	१०,०९८	५,७००	१०,८८७	५,९००	११,५०५	५,९००	११,५०५	५,०००	१०,०००
धान	१,९००	४,५०३	१,९२५	४,६२०	१,९००	४,८४५	१,९०६	४,६७०	१,९००	४,४६५
गहुँ	५७५	७४७	६००	८१०	५५०	५५०	५५०	६०५	५००	४५४
कोदो	१,६५०	२,०१३	१,७००	२,१०८	१,७५०	२,१७०	–	–	१,८००	२,२३२
जौ	२५०	२४७	२५०	२५०	२६५	२६५	–	–	२६५	२६५
आलु	२२५	१,०८०	२२५	१,०१३	२६०	१,१७०	–	–	२८०	१,२१८
तोरी	१५०	६९	१५०	९१	१७०	८०	–	–	१७०	७१
उखु	१०	११७	१०	११८	१५	११७	–	–	१५	१७७
सुर्ती	५	३	५	३	५	३	–	–	५	३

तालिकामा देखाइएअनुसार आर्थिक वर्ष २०२५।०२६ देखि आर्थिक वर्ष २०२७।०२८ सम्म म्याग्दीको बाली उत्पादन र बालीले ढाकेको क्षेत्रमा बिस्तारै वृद्धि भएको देखिन्छ। तर २०२८।०२९ र २०२९।०३० को उत्पादन र क्षेत्रफल हेर्दा मुख्य बालीको दुवै उत्पादन र क्षेत्रफल पनि घटेको देखिन्छ। केही पाखो बालीमा अलिकति वृद्धि भए तापनि सम्पूर्ण बाली उत्पादनमा नराम्रो असर परेको देखिन्छ। मुख्य बाली मकै भएकोले मकै बालीले ढाकेको क्षेत्र आर्थिक वर्ष २०२५।०२६ को ५,४०० हेक्टरबाट बढ्दै आर्थिक वर्ष २०२७।०२८ मा ५,९०० सम्म पुगेपछि २०२८।०२९ मा उत्तिनै रही त्यसपछि ५,००० मा ओर्लेर ह्रास भएको देखिन्छ। आर्थिक वर्ष २०२८।०२९ सम्म बढ्दै गएको मकै उत्पादनमा ११,५०५ मेट्रिक टनबाट आर्थिक वर्ष २०२९।०३० मा गएर १०,००० मेट्रिक टन हुन पुगेको छ। त्यस्तै ४,८४५ मेट्रिक टनबाट ४,४६५ मेट्रिक टन धानको उत्पादन छ। कोदो बालीमा भने क्रमिक रूपले क्षेत्र र उत्पादन दुवै बढेको छ। आर्थिक वर्ष २०२५।०२६ मा २,०१३ मेट्रिक टन कोदोको उत्पादन भएको थियो भने आर्थिक वर्ष २०२९।०३० मा २,२३२ मेट्रिक टन पुगेको थियो। नगदे बालीको रूपमा रहेको आलुको उत्पादनमा पनि क्रमिक विकास हुँदै गएको छ।

म्याग्दी जिल्लाको नगदे बाली उखुको साथै गाँजाको खेती र गुर्जा, मुना, मुदी, कुइने आदि ठाउँमा ज्यादै नं माथिल्लो तहको चरेश उम्रिने हुनाले त्यसलाई हातले मलेर व्यापारीलाई बेची नगदको रूपमा धनोपार्जन गर्ने काम परम्परागत रूपमा चलिआएको थियो।

कृषि उत्पादनको लागि कुनै आधुनिक तरीका अपनाउन नसकेको हुनाले उही पुरानै मान्यता कायम गरी आपसमा मिलिजुली एक अर्काको लागि ज्याला लिएर वा पालो दिएर खेतीको लागि सहयोग गर्ने चलन छ। ज्याला दिएर वा पालो दिएर खेत खन्ने, रोप्ने, गोड्ने आदि सबै काम हुन्छ। खेतीको लागि खासगरेर मजदूरी लिने र एक अर्कोलाई मद्दत गर्ने दुवै तरीका गाउँघरमा चलेको छ। आपसमा मिलेर एक अर्कालाई मद्दत गर्ने प्रथालाई स्थानीय नाम "परिमा" राखिएको छ। यस आपसी सहयोगले मकै, धान, गहुँ, कोदो आदि खन्दा, रोप्दा, दाइँगर्दा लोग्नेमान्छेले बलको काम गर्छन् भने स्वास्नीमान्छेले हलुका कामगरेर सहयोग गर्छन्। परिवारको सदस्य अर्को परिवारको मेलामा परिमा जाँदा नगद वा जिन्सी केही लिंदैनन्। परिमाबाट मात्र नभ्याएमा ज्यालादिएर खेतालाहरूद्वारा काम लगाइन्छ। खेताला लाउँदा लोग्नेमानिसलाई खाजाखुवाएर दिनको रू. पाँच र स्वास्नीमान्छेलाई खाजा सहित दिनको रू. चार दिनु पर्छ। परिमा र ज्यालादारी दुवै तरीकाबाट म्याग्दी जिल्लाको खेती व्यवसाय चल्दै आएको छ। जिल्लाका सक्षम व्यक्तिहरू अरू पेशामा लागे तापनि खेतीको समयमा कुनै न कुनै रूपमा भए तापनि यसैमा आश्रित हुनुपर्छ।

कृषि तथ्याङ्कअनुसार म्याग्दी जिल्लाको आवादी जमीन ८,३०० हेक्टर छ। यो आवादी जमीन जिल्लाको कुल क्षेत्रफलको करीब पाँच प्रतिशत मात्र देखिन्छ। जिल्लाको कुल जमीनमध्ये९५ प्रतिशतमा खेती नगरिएकोले केही प्रतिशत खेतीयोग्य भए तापनि हिमाली शृङ्खला, पहाडी भाग, सानातिना वन जङ्गल, भीर खोला, नदी–नालाले ढाकिएको अनुमान गर्न सकिन्छ। यहाँका खेती गरिएको जमीन प्रतिव्यक्ति अन्दाजी ०.१हेक्टर अर्थात् दुई रोपनी पर्न आउँछ अथवा एक हेक्टर आवादी जमीनमा सात जना मानिसहरू आश्रित छन्। म्याग्दी जिल्लाको कुल परिवार संख्या ११,०४१ छ। खेती गरिएको जमीन कुल परिवारलाई बाँडी हेर्दा प्रतिपरिवारलाई .७ हेक्टर अर्थात् १४ रोपनी पर्दछ।

म्याग्दी जिल्लामा २०२३ सालदेखि भूमि सुधार कार्यक्रम प्रारम्भ गरिएको हो। अहिलेसम्म नापी हुन नसकेबाट लगत बमोजिम हदबन्दीभन्दा बढी जग्गा कसैको देखिंदैन। ऋण निश्चित गर्ने कार्यक्रम, अनिवार्य बचत सङ्कलन, कृषि ऋण वितरण, भोगबन्धकी जग्गा फिर्ता दिलाउने,मोहियानी हक प्रदान गर्ने,ग्राम समिति गठन गर्ने, बचतको प्रमाण पत्र तथा ब्याज वितरण र केन्द्रीय स्रेस्ता तयार पार्ने जस्ता काम भई नै रहेका छन्। जोताहालाई अस्थायी निस्सा दिने काम पनि भएको छ। भूमिसुधार कार्यक्रम शुरू भएदेखि कृषि ऋण लिन पाउने सुविधा मिलेकोले केही हदसम्म किसानलाई साहूहरूबाट पाइने चर्को ब्याजको ऋण भोग्नु परेको छैन। कृषि सम्बन्धी ऋणले गोरु, मल, बीउ, औजार आदि किन्न र कृषि कार्यमा लगाउन मद्दत पाइएको छ। ऋण निश्चित कार्यक्रम अनुसार म्याग्दी जिल्लाको कुल कारवाही रकम रू. २१,१२,४३६। मध्ये ऋण मुक्ति रकम रू. ३,०८,०४०। देखिएको छ।

मालपोत

सर्वप्रथम वि. सं. १८९६ मा म्याग्दी जिल्लाको नापी भएको थियो। यस पछि वि. सं. १९२५ मा यस जिल्लामा फेरि नापी भएको थियो। वि. सं. १९९९ को आधार बमोजिम खेततर्फ अौल, दोयम, सिम र चाहार र १९९५ सालको घर दर बमोजिम पाखातर्फ हले, पाटे, कोदाले, फट्केको आधारमा मालपोत उठाइन्छ। हाल सालवसाली लगत बमोजिम जग्गाबाट उठ्ने वार्षिक मालपोत रू. ३६,२५९। छ।

पशुपालन

कृषिको साथ साथै जिल्लामा पशुपालन व्यवसायलाई सीमित रूपमा सबैले अँगालेका छन्। म्याग्दी जिल्लामा पशुपालन व्यवसायलाई खालि कृषि व्यवसायको लागि टेवाको रूपमा मात्र हेरेका छैनन्। हुन त यस जिल्लामा गाई, गोरु, भैंसी, राँगो, भेडा, बाख्रा, च्याङ्ग्रा, कुखुरा, हाँस, बंगुर, घोडा आदि पालिए तापनि विशेष रूपले दूध, मल, मासु, ऊनको लागि गाई, भैंसी, भेडा, कुखुरा पाल्ने गरेका छन् । एकातिर दैनिक उपयोगको लागि यसले मद्दत गरेको छ भने अर्कोतिर खेतीको लागि मलको आवश्यकता पर्ने हुनाले रासायनिक मलको सट्टा यही पशु मल खेतमा प्रयोग गरी उत्पादन बढाउने काम गर्दै आएका छन् । कृषि मै लाग्नु परेको प्रत्येक परिवारले कृषिको साथसाथै पशुपालन व्यवसायलाई अँगाल्नु परेको छ । यहाँ प्रत्येक परिवारले केही न केही संख्यामा भैंसी पाल्ने गरेका छन् । प्रशस्त लेक भएको र चरनको लागि कुनै समस्या नभएकोले लेकमा गोठ राखी निजी रूपले घ्यू उत्पादन भइरहेछ । गाईलेभन्दा भैंसीले दूध बढी दिने र घ्यू पनि धेरै हुने हुनाले भैंसी पाल्ने काम धेरैले गरेका छन्। रूम पञ्चायतभित्र मात्र गरिएको भैंसी पालन व्यवसायबाट वर्षको करीब २,००० टिन घ्यू उत्पादन हुन्छ । गाई-भैंसीको साथसाथै भेडा, च्याङ्ग्रा पालेर एकातिर मासुको समस्या हल गरिएको छ भने अर्कोतिर भेडा-च्याङ्ग्राको ऊनबाट राडी, पाखी, गलैंचा आदि बुन्ने काम भएको छ । तर कृषिमा झैं पशुपालनमा पनि कुनै वैज्ञानिक सुधार चाहिं आएको छैन । सामूहिक रूपमा पशुपालन नगरिए तापनि पशुपालनको विकासको लागि ऋण र प्राविधिक सल्लाह दिनको लागि म्याग्दी जिल्लामा खास कुनै संघ–संस्था छैनन् । कृषि विकास कार्यालय यस जिल्लामा छैन, तर बागलुङबाट आएर जे. टी. ए. हरूले किसानहरूलाई सरसल्लाह दिने गरेका छन् । त्यस्तै कृषि खरीद विक्री संस्थानको डिलर भएर व्यापारीहरूले मल, बीउ यस जिल्लामा ल्याई बेच्ने गर्दछन् । ती मल र बीउको प्रयोग यस जिल्लाका किसानहरूले बढ्दो मात्रामा गर्दैआएका छन् । आर्थिक वर्ष २०२९।०३० मा १५ मेट्रिक टन रासायनिक मल प्रयोग भएको थियो तर विशेषज्ञको अभाव र यस जिल्लामा कृषि विकास कार्यक्रम अझै लागू हुन नसकेकोले साधारण किसानहरू गाई, भैंसीको मल र आफूले जोगाएर राखेका बीउ नै खेतमा प्रयोग गर्दछन् ।

सिचाइ

म्याग्दी जिल्लामा सिचाईको व्यवस्था पुरानै जमानादेखि चलिआएको रूपमा रहेको छ । कुलो काटेर पानी लगाउन हुन सक्ने ठाउँसम्म कुलो पुऱ्याइएकै छ । नेवारे खोलाबाट करीब १,००० मुरी, अर्मन खोलाबाट करीब २,०००–२,५००, अर्जे खोलाबाट करीब २,५०० मुरी, कोट खोलाबाट करीब ३,००० मुरी खेतमा सिचाई भएको छ ।

कृषि ऋण

कृषि ऋणको आवश्यकता जुनसुकै गाउँका किसानलाई पनि पर्छ । कृषि विकास बैंक र सहकारी संस्था आदि नहुँदा साहुहरूले लगाउने ब्याजको दरमा चित्त बुझाएर ऋण लिनु पर्दथ्यो । भूमिसुधार कार्यक्रमको शुरूआत र सहकारी समितिको स्थापनापछि कृषि विकासको लागि ऋण पाउन सजिलो भएको छ ।

भूमिसुधार लागू भएपछि कृषि ऋणको आवश्यकता पूर्ति गर्न भूमिसुधार कार्यक्रम अन्तर्गत सङ्कलित भएको अनिवार्य बचत रकम ग्राम समिति मार्फत किसानमा ऋण वितरण गरिएको छ । आर्थिक वर्ष २०२९।

०३० मा ग्राम समिति मार्फत जिन्सी रू. १,६०,५१७। नगदी रू. ५,८७८। र मल बीउको लागि कुपनबाट रू. ३,१६०। अल्पकालीन ऋण किसानहरूलाई दिइएको थियो । २०३०।०३१ मा रू. १,०६१। बराबरको जिन्सी र रू. १,८६,७६०। गोरु किन्न र खेतीको लागि ऋण वितरण गरिएको थियो ।

वि. सं. २०२३ मा भूमिसुधार लागू भएपछि जिल्लामा सहकारी संस्थाहरू खडा भए । यिनीहरूको मुख्य उद्देश्य कृषकहरूलाई ऋण उपलब्ध गराइदिनु थियो । वि. सं. २०२४ मा यस जिल्लामा १४ वटा सहकारी संस्थाहरू खडा भएपछि पूँजी जम्मा गर्न शेयर बिक्री गर्ने र किसानहरूको विभिन्न समस्यालाई समाधान गर्ने दिशातिर अग्रसर भए । यसरी तीव्रगतिले विकास भएको सहकारी संस्थाहरूमा शिथिलता आउनाले हाल निष्क्रिय भएर रहेका छन् ।

उद्योग

वैज्ञानिक तरीकाले म्याग्दी जिल्लामा उद्योगको विकास हुन सकेको छैन । परम्परादेखि चलिआएको घरेलु उद्योगलाई नै बढी मात्रामा प्रोत्साहन दिंदै आएकाले म्याग्दीमा खास कुनै ठूलो उद्योग सञ्चालन भएको देखिन्न । फुर्सदको बेला स्थानीय भेडा-च्याङ्ग्राका भुत्लाहरूबाट गलैंचा, राडी, पाखी बुनी घरायसी प्रयोगको लागि र हाट बजारमा बेच्नको लागि तयार पारिन्छन् । व्यवस्थित रूपबाट यस्ता किसिमका उद्योग यस जिल्लामा स्थापना भइसकेको छैन । कोही कोहीले यसैलाई पेशा बनाएर उद्योग चलाउन खोजे तापनि विभिन्न कठिनाइ र कृषिमा भर पर्नुपर्ने हुनाले राम्रोसँग बन्दोबस्त मिलाउन सकेका छैनन् । फेरि कुनै प्राविधिक र सरसल्लाह दिने व्यक्ति नभएको र छिटो छरितो तरीकाबाट ऊन फड्किने, रङ्गाउने र बुन्ने साधन नभएकोले राम्रो र किफायत तरीकाले भन्ने जस्तो रूपमा उत्पादन गर्न सकिएको छैन ।

म्याग्दी जिल्लाको रूम पञ्चायतमा एउटा ग्रामीण उद्योग फर्निचर कार्यालय निजी रूपमा रजिष्टर्ड भई सञ्चालित भएको छ । भरखरै चलन लागेको फर्निचर उद्योगले पूरा हातद्वारा त्यहाँकै स्थानीय व्यक्तिहरूद्वारा बनाईने मेच, टेबुल, दराज, पलङ आदि बेनी, बागलुङ, मुस्ताङ र डोल्पासम्म पुऱ्याउन सफल भएका छन् । तर कुनै प्राविधिक सरसल्लाह र तालीम नपाएका सिकर्मीहरूद्वारा आफ्नै साधन र बुद्धिद्वारा सामान तयार भइरहेछ ।

स्थानीय बाँस तथा निगालोको चोयाबाट मान्द्रो, डालो, ढकी, भकारी आदिको साथसाथै भूइँमा ओछ्याउनको लागि लामो मान्द्रो स्थानीय व्यक्तिहरूले तयार पार्छन् । उक्त उद्योग विस्तृत रूपमा सञ्चालन हुन नसके तापनि केही हदसम्म स्थानीय समस्यालाई समाधान गरेको छ ।

यस जिल्लामा आर्थिक वर्ष २०२९।०३० मा अन्तःशुल्क वापत रू. २,४५०। उठेको थियो ।

घरेलु उद्योग केन्द्र

यस जिल्लामा घरेलु उद्योग विभाग अन्तर्गत ग्रामीण घरेलु उद्योग कार्यालय बेनीमा स्थापना भएको छ । यसमा टेक्सटाइल (कपडा सम्बन्धी) तालीम तथा उत्पादन शाखा खोलिएको छ । यसले कपडा बुन्ने र रङ्गाउने काममा मात्र विशेष जोड दिएको देखिन्छ । यस कार्यालयमा प्राविधिक तालीम र उत्पादन कार्य सञ्चालन भइरहेको छ । बाहिरबाट धागो ल्याएर तानमा कपडा बुन्ने काम सिकाउनुको साथै त्यसबाट

उत्पादित भएका कपडाहरू विक्री गर्छ । साथै समय समयमा औद्योगिक सर्भेक्षण र प्राविधिक सर सल्लाह पनि दिइन्छ । हाल १२ जना प्रशिक्षार्थीहरू र दुईजना कामदारहरू छन् ।

व्यापार

बिलकुलै अप्ठ्यारो पहाडी धरातल हुनाले बाटो–घाटो अर्थात् यातायातको कठिनाइले गर्दा व्यापार सीमित रूपमा छ । यस जिल्लाबाट बागलुङ, पोखरा, डोल्पा, मुस्ताङ जाने घोडेटोहरू मात्र छन् । व्यापारिक दृष्टिबाट ठूल–ठूला व्यापारिक केन्द्रहरू नभए तापनि ध्यूको व्यापार उल्लेखनीय मात्रामा हुन्छ । यस जिल्लाको मुख्य व्यापारिक केन्द्र बेनी बजारको साथै दरबाङ, बाबिया चौर आदि ठाउँहरूमा आवश्यक वस्तुहरूको खुद्रा व्यापार हुन्छ । ठाउँ ठाउँमा रहेका साना–तिना पसलहरूमा स्थानीय आवश्यकताका वस्तुहरूको विनिमय हुन्छ । ध्यूको व्यापार गर्नेहरूले ठाउँ ठाउँबाट ध्यू जम्मा गरी बागलुङ, पोखरा र भैरहवा, बुटवल लगी व्यापार गर्छन् । म्याग्दीभरीको ध्यू बाहिर लगेर बेच्दा करीब २०–२५ लाख रूपैयाँ फाइदा हुन्छ । म्याग्दी जिल्लाको रूम खानीबाट निकालिएको तामा बागलुङ, पोखरा, भैरहवा, बुटवलमा समेत प्रख्यात् भएकोले ती ठाउँमा लगेर बेचिन्छ । त्यस्तै फर्निचरको व्यापार बागलुङ र मुस्ताङसम्म राम्रो रूपले चलेको छ । यस जिल्लामा खाद्यान्न र काठ बाहेक प्रायः जसो अत्यावश्यक सबै वस्तुहरूको आयात हुन्छ । आयात हुनेमा मट्टीतेल, कपडा, कागज, कलम आदि पोखरा भैरहवाबाट ल्याइन्छन् । म्याग्दी जिल्लामा हुने अन्य साधारण वस्तु पाखी, कान्लो, गलैंचा, बाँत र निगालोबाट बन्ने वस्तुहरूको साथै जरीबूटीहरू केही छिमेकी जिल्लामा लगेर बेचिन्छन् भने केही भारततिर समेत निर्यात गरिन्छन् ।

कर

म्याग्दी जिल्लामा हालसम्म कर कार्यालय स्थापना भईनसकेकोले यस जिल्लाको कर सम्बन्धी काम बागलुङ स्थिति कर कार्यालयबाट गरिन्छ। वि. सं. २०२६।०२७ देखि २०२९।०३० सम्म उठेको आय रकम निम्न अनुसार छ :–

आर्थिक वर्ष	आय रकम (रू. मा)
२०२६।०२७	७६६।
२०२७।०२८	१,५४०।
२०२८।०२९	१२,८१०।
२०२९।०३०	५,३८२।

बैंक

वि. सं. २०२९ जेठ महीनामा नेपाल बैंक लिमिटेडको एउटा उपशाखा म्याग्दीमा खुलेको छ । बैंकको उप–शाखा नखुलुञ्ज्याल सरकारी कार्यालयहरूको अर्थ सम्बन्धी कामकाज माल अड्डाले गर्ने गर्थ्यो ।

यो उप–शाखा खुलेपछि यस बैंकले सर्वसाधारण जनताको लागि खाता खोल्नुको अलावा उनीहरूलाई आवश्यकता पर्दा सुन, चांदी धितो राखी बैंकबाट कर्जा दिने काम गर्दछ । यसको अतिरिक्त स्थानीय क्षेत्रमा अनाज, घ्यू, तेल आदि धितो राखी लगानी समेत गरेको छ ।

सुन चाँदी धितो राखी कर्जा लिनेको संख्या बढेको छ । डिपोजिट गर्नेको संख्या केवल १५० मात्र देखिन्छ । अहिलेसम्म विभिन्न प्रकारको कर्जा गरी म्याग्दी जिल्लामा सात लाखको लगानी भइराखेको छ ।

म्याग्दी जिल्लाको आर्थिक गतिविधिमाथि सिंहावलोकन गर्दा कृषिको सायसाथै साधारण रूपमा भए तापनि प्रभावशाली ढङ्गले पशुपालन, उद्योग, तामा खानी आदिबाट उत्पादित वस्तुहरूको व्यापारलाई सहायक पेशाका रूपमा लिएर आर्थिक स्तर उठाउने प्रयास भएको देखिन्छ। वि. सं. २०२८ को जनगणनामा उल्लेख भए अनुसार म्याग्दी जिल्लामा कृषि, वन तथा पशुपालनलाई आफ्नो पेशा बनाउनेहरूको संख्या ३१,३११, उद्योग धन्धामा लाग्नेको संख्या ९३, व्यापारमा लाग्नेको संख्या ७३, व्यक्तिगत तथा सामाजिक सेवामा लाग्नेको संख्या १७४, अन्य पेशामा लाग्नेहरूको संख्या १३ छन्। यस अनुसार म्याग्दी जिल्लामा आर्थिक दृष्टिकोणबाट सक्रिय रूपले व्यवसायमा लागेकाहरूको संख्या ३१,६६४ देखिन्छ।

यातायात र सञ्चार

यातायात

यो जिल्लामा आन्तरिक तथा बाह्य यातायातको सुविधाको नाममा गोरेटो र घोडेटोहरू बाहेक अन्य आधुनिक सुबिधाहरू प्राप्त हुन सकेका छैनन् । उकालो, ओरालो, समथर नदीका किनारा र असजिलो गोरेटो र घोडेटोहरू पार गरेर जिल्लाको एक ठाउँबाट अर्को ठाउँमा पुग्न पैदल र घोडाको सहारा लिनु पर्छ।

नौ डाँडा–वेनी बाटो

सिद्धार्थ राजमार्गको नौ डाँडाबाट पर्वतको सदरमुकाम कुश्मा भएर बेनी पुग्ने पैदल बाटो छ। यो बाटो सेती दोभान, चिलाउने बासको समथर भूमि हुँदै कार्कीनेटाको उकालो चढेर मलाङ्दी खोलाको बेंसीतिर लाग्छ । कार्कीनेटाबाट धवलागिरि र अन्नपूर्ण हिमालयको सुन्दर दृश्यको साथै पश्चिम–उत्तरमा रहेको बलेवाको विमानस्थल र बागलुङ बजार तथा पूर्वमा आँधि खोला आदि देखिन्छन् । कार्कीनेटाबाट ओरालो लागिसकेपछि मलाङ्दी खोलाको बेंसी भएर झादी चौर पुगिन्छ । झादीबाट मोदी खोलाको पुल तरी कुश्मा पुगिन्छ। कुश्माबाट अर्नाडी, सहसूधारा हुँदै खनिया घाट पुगेपछि बेनी जाने दुईवटा बाटोहरु छन्। यस बाटोको ठाउँ ठाउँमा राखिएको भट्टीहरूले यात्रुहरूलाई खाने बस्ने सुविधा दिँदै आएका छन्। कुश्माबाट बेनी एक दिनमा पुगिन्छ। नौ डाँडाबाट म्याग्दी जिल्लाको सदरमुकाम बेनी करीब ५२ मिटर (१६ कोस) छ।

वेनी–वागलुङ बाटो

यस जिल्लाको सदरमुकाम बेनी बजारबाट अञ्चल सदरमुकाम बागलुङ जाने घोडेटो छ । बेनीबाट लाबोगरा, सारेमारेको साना गाउँहरू र ढोडिनीको उकालो चढि सकेपछि ग्रामीण दृश्य हेर्दै बागलुङ बजार पुगिन्छ । केही गाउँघर र सानो–तिनो खेतहरू बाटोको दायाँबायाँ देखिन्छन् । सदरमुकाम बेनीमा म्याग्दी खोलामाथि झोलुङ्गे पुल राखिएको छ ।

वेनी–कुश्मा बाटो

बेनीदेखि कुश्मासम्म जाने बाटो कालीगण्डकीको पूर्वी किनारबाट गएको छ । गण्डकी अञ्चलका निवासीहरूको मुस्ताङ जाने खास बाटो यही नै हो । बेनीबाट खनियाघाट पुग्न तीन कोस हिँड्नु पर्छ। बेनीबाट

खनियाघाट जाने बाटोमा पर्वत जिल्लाको मल्लाज, धाइरिङ, नाङलिवाङ, पाङको बेंसी आदि काली गण्डकीको किनाराका बस्तीहरू पर्दछन् । बाटोमा लुङदी र लस्ती खोलाहरू पर्दछन् । त्यस्तै खनियाघाटबाट कुश्मा करीब ६ किलो मिटर (दुई कोस) छ ।

बेनी–दरबाङ बाटो

यो बाटो म्याग्दी नदीको दायाँ किनार भएर गएको छ । यो बाटोमा अर्थुङ्गे, पुलाचौर, कुहुँ, दरबाङ गाउँ पञ्चायतहरू पर्दछन् । बाटोमा तातोपानीको मूल, बाबिया चौरको साथै सानातिना पसलहरू भेटिन्छन् । बेनीदेखि दरबाङसम्म समथर परेको बाटो छ । यस बाटोको बीचमा सिंग, बाबिया चौर आदि ठाउँमा पहरो काटी बाटो बनाएकोले केही भागमा बाटो साँघुरिएको छ । तातोपानी र सिमल चौर भन्ने ठाउँमा पुल तर्नु पर्छ । यसको अतिरिक्त पाँच-छ वटा अरू झोलुङ्गे पुलहरू पनि पर्दछन् । बेनीदेखि दरबाङसम्म करीब सात कोस पर्दछ ।

दरबाङ–ताकम बाटो

यो बाटो दाङ खोलासम्म म्याग्दीको किनारै किनार भएर गएकोले समथर छ । यो बाटोको धेरै भागमा वन पर्दछ र कतैकतै खर्कहरूमा गोठहरू पनि भेटिन्छन् । यो बाटो साँगुरो भएकोले पहराहरू काटेर चौपायासम्म हिँड्न सक्ने बनाइएको छ । हिउँदमा दाङ खोला तर्न सकिन्छ तर वर्षामा खोला तर्न नसकिने हुनाले झोलुङ्गे पुलको व्यवस्था गरिएको छ । यो खोला राजदाङ र मगरदाङ भई आएको छ । दाङ खोला तरेपछि धारापानी गाउँमा पुग्न वादीका धाराको उकालो चढ्नु पर्छ । उकालोमा बराहको स्थान छ । चिलाउने बिसाउनाको उकालो चढेपछि घनाबस्ती भएको ताकम गाउँ आइपुगिन्छ । दरबाङबाट ताकम करीब तीन कोस छ ।

दरबाङ–कुइने बाटो

दरबाङबाट म्याग्दी नदीको उत्तर किनारबाट जाँदा मराङ खोला पुगिन्छ । दरबाङ गाउँ पञ्चायतमा पर्ने बिम एउटा प्रशस्त आवादी भएको ठाउँ हो । ठाउँ ठाउँमा पहरा काटी बनाइएका गाउँले बाटोको बीचमा लिस्ने गौंडो छ जुन भरेङको आकारमा काटिएको छ । लगभग एक पाउ जतिको यो लिस्ने गौंडो एउटी आइमाईले आफ्नै खर्चले बनाएकी हुन् भन्ने स्थानीय जनतामा विश्वास छ । कुइने र मल्काबाङतर्फ जाने बाटो अरू नभएकोले यसको विशेष महत्व रहेको छ । यो बाटो नबनुन्जेल भित्तामा प्वाल खोपी अथवा भरेङ हाली जानु पर्थ्यो । यो बाटो करीब चार–पाँच कोसको छ । मराङ खोलामा आइपुगेपछि दुईवटा बाटो छुट्टिन्छ । मराङ खोलाको दायाँतर्फ लागे कुइने पुगिन्छ भने देब्रेतर्फ झोलुङ्गे पुल तरेर केही उकालो चढेपछि मराङ गाउँ पुगिन्छ । मराङबाट मराङखोलाको किनारै किनार उत्तर गएर केही उकालो हिंडेपछि कुइने पुगिन्छ ।

दरबाङ–तमान बाटो

दरबाङबाट पश्चिम तर्फको बाटो लागेपछि रूम गाउँ पञ्चायत आउँछ र तमान जान सोलेधुरी नाघ्नु पर्छ । सोलेको पूर्व तर्फको ढाल म्याग्दी जिल्लामा र पश्चिम ढाल बागलुङ जिल्लामा पर्दछ । यो बाटो जाँदा करीब पाँच किलोमिटर (डेढ कोस) उकालो चढ्नु पर्छ । यस उकालोको किटनी भन्ने ठाउँमा खाने पानी

को लागि केही व्यवस्थाको साथै यसैको दाहिने पट्टि अोखर बोट भन्ने खानी छ । उकालोको तीन किलोमिटर (एक कोस) माथिसम्म केही गाउँ आवादी भए तापनि जङ्गलको बीच भएर जानु पर्दछ । दरबाङदेखि तमान करीव छ किलोमिटर (दुई कोस) छ ।

अन्य बाटोहरू

ताकमबाट मुना जाने बाटो समथर सजिलो छ । मुनाबाट गुर्जा उत्तरी भेकमा पर्ने हुनाल त्यहाँ जान एउटा ठूलो डाँडा चढेर जङ्गलै जङ्गल जानु पर्छ । मुनाबाट गुर्जाधुरी काटेपछि गुर्जा खोलोतिर ओर्ली सो खोलो तरेर पौनेएक कोसको उकालोमा गुर्जा गाउँ पर्दछ। यो गुर्जा गाउँ डाँडा वरिपरि पर्ने हुनाले म्याग्दी जिल्लाबाट यो छुट्टिएको जस्तो भान हुन्छ । गुर्जा हिमालकै काखमा गुर्जा गाउँ रहेको छ । अर्को महत्वपूर्ण बाटो बेनीबाट काली गण्डकीको किनार भई मुस्ताङ जाने बाटो हो । बेनीबाट करीब तीन किलोमिटर (एक कोस) को बाटो हिंडेपछि मुस्ताङ जिल्ला पुगिन्छ । बेनीबाट मुस्ताङ जाँदा राहुघाट खोला तर्नु पर्छ ।

सञ्चार

म्याग्दी जिल्लाको सदरमुकाम बेनीमा आकाशवाणीको स्याटेलाइट केन्द्र छ । यस स्याटेलाइट केन्द्रबाट बागलुङ, डोल्पा, मुस्ताङ, कुश्मा र काठमाडौंमा सोझै सम्पर्क स्थापना हुन्छ ।

यस जिल्लामा जम्मा नौ वटा हुलाकमध्ये छोटी हुलाक दुई, अतिरिक्त हुलाक पाँच र सहकारी हुलाक दुई छन् । ती हुलाकहरू रहेको स्थान यसप्रकार छन् :–

स्थान	स्तर	पञ्चायत
बेनी	छोटी हुलाक	अर्थुङ्गे
दरबाङ	छोटी हुलाक	दरबाङ
मुना	अतिरिक्त हुलाक	मुना
ताकम	अतिरिक्त हुलाक	ताकम
बाबिया चौर	अतिरिक्त हुलाक	कुहुँ
पाखापानी	अतिरिक्त हुलाक	पाखापानी
कुइने	अतिरिक्त हुलाक	कुइने
तातोपानी	सहकारी हुलाक	पुलाचौर
ज्यामरूक	सहकारी हुलाक	ज्यामरूक

यस जिल्लामा धेरै मात्रामा चिठीपत्रहरूको आवत जावत हुन्छ । सब भन्दा बढी चिठीहरू दरबाङ क्षेत्रमा आउँछ ।

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

धवलागिरि अञ्चलका चार जिल्लाहरूमध्ये म्याग्दीको साक्षरता प्रतिशत मुस्ताङ र बागलुङकोभन्दा कम र डोल्पाकोभन्दा बढी हुन आउँछ । धवलागिरि अञ्चलको औसत साक्षरता प्रतिशत १३.६ को तुलनामा सबैभन्दा बढी मुस्ताङको १९.५ छ भने डोल्पाको केवल ५.३ प्रतिशत जनता मात्र साक्षर छन् । म्याग्दीको साक्षरता दर १२.५ प्रतिशत छ । यसरी म्याग्दी जिल्लाको साक्षरता दर अधिराज्यको १३.९ को तुलनामा कम भए तापनि अरू पहाडी जिल्लाहरूकोभन्दा बढी नै हुन आउँछ। यसरी हेर्दा अलिकति साधन र सुविधा पाएको खण्डमा म्याग्दी जिल्लाको शैक्षिकभविष्य राम्रो रूपले गतिशील तरीकाबाट अघि बढ्न सक्ने सम्भावना देखिन्छ ।

यस जिल्लाको छ वर्षदेखि माथि उमेर भएको जनसंख्या ४८,३०० मध्ये पुरुषको संख्या २३,६६४ र महिलाको संख्या २४,६३६ छ । यी जनसंख्यामध्येबाट ५,३५४ अर्थात् २२.६ प्रतिशत पुरुष र ६६७ अर्थात् २.७ प्रतिशत महिला गरी जम्मा ६,०२१ अर्थात् १२.५ प्रतिशत साक्षर छन् । साथै छ वर्षदेखि माथिको जनसंख्या मध्ये ४२,२७९ अर्थात् ८७.५ प्रतिशत निरक्षर देखिन्छन् ।

यस म्याग्दी जिल्लाको छ वर्षदेखि माथिको जनसंख्यालाई उमेर समूहमा विभाजन गर्दा विभिन्न समूहमा रहेका साक्षर संख्या यसप्रकार छन् :–

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			जम्मा		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६–९	३,२२४	४७९	१४.९	२,९५०	९४	३.२	६,१७४	५७३	९.३
१०–१४	३,६२२	१,३५३	३७.४	३,२६४	२७९	८.५	६,८८६	१,६३२	२३.७
१५–१९	२,९६५	१,१०३	३७.२	२,८२२	१५२	५.४	५,७८७	१,२५५	२१.७
२०–२४	२,१८०	६२६	२८.७	२,३४०	६६	२.८	४,५२०	६९२	१५.३
२५–२९	१,७९३	३६२	२०.२	२,३८२	२७	१.१	४,१७५	३८९	९.३
३०–३४	१,७३५	३०३	१७.५	२,२२१	११	.५	३,९५६	३१४	७.९
३५–३९	१,७५५	३२८	१८.७	१,९००	११	.६	३,६५५	३३९	९.३
४०–४४	१,४९०	२३३	१५.६	१,५९१	६	.४	३,०८१	२३९	७.८
४५–५४	१,२३९	३६७	१६.४	२,२८२	१४	.६	४,५२१	३८१	८.४
५५–६४	१,५०४	१२९	८.६	१,७५०	४	.२	३,२५४	१३३	४.१
६५ र माथि	१,१५७	७१	६.१	१,१३४	३	.३	२,२९१	७४	३.२
जम्मा:–	२३,६६४	५,३५४	२२.६	२४,६३६	६६७	२.७	४८,३००	६,०२१	१२.५

माथिको तालिकालाई अध्ययन गर्दा १० वर्षदेखि २४ वर्षको उमेर समूहले शिक्षाप्रति रुचि लिएकोले साक्षरताको संख्या बढ्न गएको छ। १० वर्षदेखि १९ वर्षको समूहभित्रमा महिलाले जति चाख लिएर साक्षर भएका छन् त्यसपछि अर्थात् २० वर्षदेखि माथिका महिलाहरूमा साक्षर संख्या घट्दै गएको देखिन्छ। १० वर्षदेखि १४ वर्ष र १५ वर्षदेखि १९ वर्षको दुई उमेर समूहमा साक्षरता बढी देखिनुको मतलव यस जिल्लामा साक्षरताको लहर भरखरै मात्र आउनु र पहाडी जिल्ला भएकोले केटा केटीहरू अलि ठूलो भए पछि मात्र विद्यालय जान सक्नु हो।

जम्मा २५ वटा गाउँ पञ्चायत भएको म्याग्दी जिल्लामा विभिन्न स्तरका जम्मा ६६ वटा शिक्षण संस्थाहरू छन्। यी विभिन्न स्तरका शिक्षण संस्थाहरू यसप्रकार छन् :–

माध्यमिक विद्यालय	२
निम्नमाध्यमिक विद्यालय	५
प्राथमिक विद्यालय	५९

यस बाहेक आर्थिक वर्ष २०२९।०३० मा विभिन्न स्तरका विद्यालयहरूको माध्यमद्वारा ४२ वटा प्रौढ साक्षरता कक्षाहरू सञ्चालन भएका थिए।

कुल २५ वटा गाउँ पञ्चायत भएको यस जिल्लामा प्रत्येक गाउँ पञ्चायतमा एकदेखि लिएर बढीमा पाँचवटासम्म प्राथमिक विद्यालय भएका गाउँ पञ्चायतहरू छन्। अर्थुङ्गे पञ्चायत अन्तर्गत सदरमुकाम वेनीमा एउटा प्रकाश माध्यमिक विद्यालय, गलेश्वरमा निम्नमाध्यमिक विद्यालय र अर्थुङ्गेमा एउटा अनिवार्य निःशुल्क प्राथमिक पाठशाला छन्। त्यसको अतिरिक्त दरबाङमा एउटा माध्यमिक विद्यालय, ताकम, रत्नेचौर, भराङ र कुहुँमा निम्नमाध्यमिक विद्यालयहरू छन्।

यी ६६ वटा शिक्षण संस्थाहरूमा अध्ययन गर्ने छात्रछात्राहरूको संख्या यस प्रकार छ :–

स्तर	छात्र	छात्रा	जम्मा
माध्यमिक	१७९	२४	२०३
निम्नमाध्यमिक	२१५	१८	२३३
प्राथमिक पाठशाला	२,३४५	३६१	२,७०६
जम्मा	२,७३९	४०३	३,१४२

प्राथमिकदेखि माध्यमिक तहसम्म अध्ययन गर्ने विभिन्न उमेर समूहका छात्रछात्राहरूको कुल संख्या ३,१४२ छ। ती छात्रछात्रहरूलाई शिक्षा दिने शिक्षकको संख्या १८४ मध्ये छ जना मात्र महिला शिक्षिका छन्। तालीमप्राप्त शिक्षकको हकमा ४४ जना शिक्षकहरूले तालीम प्राप्त गरे तापनि प्राथमिक स्तर (नर्मल) को तालीम लिने ४३ जना र माध्यमिक स्तरको तालीम लिने एक जना मात्र छन्।

गत २०३१ साल पुसदेखि म्याग्दी जिल्लामा राष्ट्रिय शिक्षा योजना लागू भएको छ। यस जिल्लाको सबै शिक्षण संस्थाहरूको आफ्नै पक्की भवन छन्। यस जिल्लामा शिक्षाको निम्ति आर्थिक

वर्ष२०२९।०३० मा श्री ५ को सरकारले रू.१,१९,५०६। अनुदान दिएको थियो ।

वि. सं. २०२८ को जनगणनाअनुसार यस जिल्लामा छ वर्षभन्दा माथि उमेर भएका ४८,३०० जनसंख्यामध्ये ४५,०७३ ले विद्यालयमा प्रवेश नै नगरेको देखिन्छ । बाँकी ३,२२७ मध्ये २,५२२ जनाले पाँच वर्षे प्राथमिक ५१६ जनाले दुई वर्षे निम्नमाध्यमिक, १७९ जनाले माध्यमिक, सात जनाले इन्टरमिडियट, ३ जनाले स्नातक स्तरको विद्यालयमा प्रवेश गरेको पाइन्छ ।

यसै सन्दर्भमा लिइएको अर्को तथ्याङ्क अनुसार म्याग्दी जिल्लामा पाँच वर्षभन्दा माथि उमेर भएका पुरुष तथा महिलाहरूमध्ये १,१२५ ले प्राथमिक, १९१ ले निम्न माध्यमिक, १५५ ले माध्यमिक, २० जनाले इन्टरमिडियट, १५ जनाले स्नातक स्तर र दुई जनाले स्नातकोत्तर शिक्षा पूरा गरेको तथ्याङ्कले बताउँछ ।

स्वास्थ्य

सदरमुकाम बेनीमा एउटा स्वास्थ्य केन्द्र भएकोले हेल्थ असिस्टेन्टहरूद्वारा जिल्लाबासीहरूको उपचार भइरहेको छ । सदरमुकाममा रहेको यस स्वास्थ्य केन्द्र बाहेक जिल्लाका अन्य गाउँ पञ्चायतमध्ये ताकम र दरबाङमा एक–एक वटा स्वास्थ्य चौकी राखिएका छन् । आर्थिक वर्ष २०२९।०३० मा स्वास्थ्य केन्द्रबाट ६,५१७ रोगीहरूको उपचार भएको थियो । करीब ४,००० जतिले दुई वटा स्वास्थ्य चौकीबाट आफ्नो उपचार गराए । यी स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरूबाट रोगीहरूको निःशुल्क उपचार गरिन्छ । साथै व्यक्तिगत रूपमा एक दुई जनाले औषधि पसल खोली निजी रूपमा पसल चलाइरहेका छन् ।

अविकसित अवस्थामा रहेको जुन सुकै ठाउँमा पनि रोग लागेपछि तत्कालै ठाउँमा पुगेर औषधोपचार गर्नु सट्टा गाउँका धामी झाँक्री कहाँ गएर ढ्याङ्ग्रो ठोक्दै थालमा अछेता छरेर फुकफाक गरेमा रोग निको हुन्छ भन्ने धारणा सर्वसाधारण जनतामा अझै पाइन्छ । आखिर केही नलागेपछि मात्र स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीतिर पाइला सार्न थाल्छन् ।

यस जिल्लामा परिवार नियोजन तथा मातृ शिशु कल्याण योजनाको काम स्वास्थ्य केन्द्र मार्फत चलिरहेछ। जिल्लामा परिवार नियोजनको दुईवटा क्लिनिक छन् । उक्त क्लिनिकहरूद्वारा परिवार नियोजनका साधनहरू वितरण हुनुको साथै शिशु र गर्भवती आमाहरूको उपचार पनि हुन्छ ।

नेपाल परिवार नियोजन तथा मातृ शिशु कल्याण योजनाको कार्यालय बागलुङमा मात्र रहेकोले बीच बीचमा घुम्ती टोली यस जिल्लामा आई परिवार नियोजनको कार्य गरेको छ ।

धवलागिरि अञ्चलका चारै जिल्लाबाट बिफर उन्मूलन गर्ने उद्देश्यले बागलुङमा बिफर उन्मूलन कार्यालय आर्थिक वर्ष २०२९।०३० देखि स्थापना भई सोही वर्ष यस जिल्लामा पनि खोपाउने काम समाप्त गरिएको छ ।

खानेपानी

अधिराज्यका अरू पहाडी जिल्लाहरूमा जस्तै म्याग्दीमा पनि स्वच्छ खानेपानीको ठूलो समस्या छ। स्थानीय जनताको श्रमदान र स्थानीय विकास विभागको अनुदानबाट समय समयमा विभिन्न ठाउँमा सञ्चालन गरिएको स–साना खानेपानी योजनाहरूले समस्यालाई केही हदसम्म समाधान गर्न सफल भएका छन् तापनि जिल्लाका अधिकांश गाउँ पञ्चायतहरूमा खानेपानीको व्यवस्था राम्रो हुन सकेको छैन । जिल्लाबासीहरूको लागि खानेपानीको स्रोत खोला–नाला र कूवाहरू नै हुन् ।

हालै मात्र ज्यामरूक गाउँ पञ्चायतमा एउटा खानेपानी योजनाको उद्घाटन भएको छ । यस योजनाले यस गाउँ पञ्चायतमा जनतालाई खानेपानीको सुविधा पुऱ्याएको छ ।

प्रशासन र पञ्चायत

प्रशासन

नेपालको चार गौंडाहरूमध्ये पाल्पाको मातहतमा बागलुङ र बागलुङको मातहतमा पर्वत भएकोले म्याग्दी पर्वतको अन्तर्गतमा रहेको थियो । पाल्पाको छोटी गौंडाको रूपमा बागलुङ भए तापनि त्यसबेला पाल्पा माल र गुल्मी माल मात्र थिए । गुल्मी माल बागलुङमा बस्थ्यो र यसले पर्वत आदि ठाउँको असूल तहसील गर्थ्यो । न्याय र प्रशासन बागलुङले हेर्ने भएकोले पर्वत र पर्वतका अन्तर्गत पर्ने म्याग्दी आदि सबैको न्याय र प्रशासन पाल्पा गौंडाको छोटीको रूपमा रहेको बागलुङबाट हेरिन्थ्यो । वि. सं. २००७ सम्म यही प्रथा चलिरह्यो । पञ्चायत व्यवस्थाको सूत्रपात भई २०१६ सालमा अधिराज्यलाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेपछि ताकम र आठ हजार पर्वत मिलाई म्याग्दी जिल्लाको गठन गरियो । यसरी विभाजन गरेपछि धवलागिरि अञ्चलको अञ्चल प्रशासन बागलुङबाट र म्याग्दीको जिल्ला प्रशासन बेनीबाट सञ्चालन भएको छ ।

प्रमुख जिल्ला अधिकारीको कार्यालय र जिल्ला पञ्चायत कार्यालयको साथै अन्य जिल्लास्तरीय कार्यालय सदरमुकाम बेनीमा रहेका छन् । यहाँ रहेका कार्यालयहरू यसप्रकार छन् :–

सरकारी कार्यालयहरू

जिल्ला भूमिसुधार कार्यालय
ग्रामीण उद्योग कार्यालय
बेनी छोटी हुलाक
जिल्ला अदालत
माल कार्यालय
जिल्ला प्रहरी नायब निरीक्षण कार्यालय
प्रमुख जिल्ला अधिकारीको कार्यालय, शिक्षा शाखा
वन शाखा
कृषि शाखा
जिल्ला निर्वाचन शाखा
सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालय

अन्य कार्यालयहरू

आकाशवाणी स्याटेल्याइट केन्द्र
नेपाल बैंक लिमिटेड उप–शाखा

प्रहरी

सदरमुकाम बेनीमा एउटा जिल्ला प्रहरी थाना रहेको छ । यस बाहेक दरबाङमा एउटा प्रहरी चौकी छ ।

यस जिल्लामा कारागारको कुनै व्यवस्था नभएकोले कैदीहरूलाई राख्नु परे बागलुङको कारागारमा राखिने व्यवस्था गरिएको छ ।

न्याय

म्याग्दी जिल्लाको सदरमुकाम बेनीमा जिल्ला अदालत स्थापना भएको छ । न्याय प्रशासन (विविध व्यवस्था) ऐन, २०१८ बमोजिम गठित जिल्ला अदालतले आफ्नो परिधि भित्र पर्ने फौजदारी तथा देवानी दुवै किसिमका मुद्दाहरू हेर्छ । नेपाल कानूनमा अर्को व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकार क्षेत्र भित्र पर्ने सबै मुद्दाहरूको शुरू कारवाही र किनारा जिल्ला अदालतले गर्दछ । २०२७ सालदेखि २०३० सालसम्म जिल्ला अदालतमा परेका मुद्दाहरूको संख्या तल दिइएको छः–

वर्ष	देवानी	फौजदारी	जम्मा
२०२७।०२८	१२५	१३४	२५९
२०२८।०२९	१५२	१३५	२८७
२०२९।०३०	१६१	१४८	३०९

आर्थिक वर्ष २०२७।०२८ देखि २०२९।०३० सम्ममा देवानी र फौजदारी दुवै गरी जम्मा ८५५ मुद्दा जिल्ला अदालतमा परेको देखिन्छ । ५६४ मुद्दा छिनिए र २९१ मुद्दाहरू बाँकी रहेका थिए ।

मुद्दाको रूप हेर्दा प्रत्येक वर्ष केही न केही रूपमा मुद्दाको संख्या बढ्दै गएको छ । हरेक वर्ष देवानी तर्फ लेनदेन, जग्गा खिचोला, वाली बिगोको अतिरिक्त फौजदारी तर्फ लुटपिट, करकाप, करणी आदि मुद्दाहरू अदालतमा पर्दछन्। सरकारवादी फौजदारीभन्दा दुनियाँदारी फौजदारीको मुद्दा बढी देखिन्छ। फौजदारीभन्दा देवानी तर्फको संख्या अलि बढी भएको कुरा उक्त तथ्याङ्कले नै बताउँछ । यस जिल्लामा रहेको सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालयले बालविवाह, बहु विवाह, ज्यान, जबर-जस्ती करणी, बाह्रमासे, चोरी, आगलागी, हातहतियार, खरखजाना आदिसित सम्बन्धित सरकारवादी मुद्दाहरूको जांचबुझ गरी तहकिकात गर्ने र सरकारी कार्यालयलाई कानूनी राय सल्लाह दिने काम समेत गर्दछ।

पञ्चायत

बेनीमा म्याग्दी जिल्ला पञ्चायतको कार्यालय छ । २५ वटा गाउँ पञ्चायत भएको म्याग्दी जिल्लामा प्रत्येक पञ्चायतबाट एक एक जना प्रतिनिधि लिई जिल्ला सभा बनाइएको छ र एक एक जनाले राष्ट्रिय पञ्चायतमा म्याग्दी जिल्लाको प्रतिनिधित्व गर्दछन् ।

धुरीकर, घट्टकर, घाटकर र अन्य विभिन्न करहरू नै पञ्चायतहरूको आयस्रोत हो । जिल्ला सभाकोषमा सालाखाला वार्षिक बीस हजार जतिको आय हुने भए तापनि आर्थिक वर्ष २०२९।०३० मा रु. २३,५५०। को आम्दानी भएको थियो ।

म्याग्दी जिल्लामा भएका वर्गीय संगठनहरू, तिनीहरूको प्रारम्भिक समिति तथा सदस्य संख्या तल दिइएको छ :–

संगठन	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
नेपाल युवक संगठन	२३	२५३
नेपाल किसान संगठन	२३	२५३
नेपाल महिला संगठन	२०	२२०
नेपाल भूतपूर्व सैनिक संगठन	१५	१३५

यी संगठनहरूले आ–आफ्नो कार्य क्षेत्रभित्र रही संगठनलाई सक्रिय पार्ने काममा लाग्नुको साथै स्थानीय जनताहरूलाई संगठनको महत्वबारे बोध गराउने काममा समेत संलग्न भएका छन् ।

उपसंहार

अधिराज्यको अन्य पहाडी जिल्लाहरू झैं म्याग्दीमा पनि परम्परादेखि चल्दै आएको कृषि, पशुपालन र साना तिना घरेलु व्यवसाय नै प्रमुख व्यवसाय हुन् । अग्ला अग्ला हिमाली टाकुराहरू, भीर, पाखा, नदी–नाला, बेंसीहरू आदि विषम भौगोलिक परिस्थितिमा रहेको यस जिल्लाको आर्थिक विकासको सम्भाव्यता पनि वर्तमान कालमा सीमित नै रहेको छ । विकासको लागि यातायात एक प्रमुख आधार भएको हुनाले यस जिल्लामा आधुनिक सुगम यातायातको सुविधा प्राप्त नभएकोले पनि यसको विकास कुण्ठित रहन गएको देखिन्छ।

म्याग्दी जिल्लामा मुख्यतया कृषि उत्पादनपट्टि नै जोड दिनु पर्ने देखिन्छ । जिल्लामा पुरानै परम्परा अनुसार गाई, भैंसीको मल र पुराना कुलोहरूद्वारा जति सिचाइ हुन्छ त्यतिकै आधारमा उत्पादन भइरहेको छ । त्यसैले उन्नत जातका बीउका साथै सिचाइको व्यवस्था गरिएमा उत्पादन निक्कै बढ्न सक्छ । पाखापानी पञ्चायत अन्तर्गत घोप्टे खोलामा बाँध बाँधी सिचाइ गर्न सके घतान, पुला चौर, अर्थुङ्गे आदि गाउँ पञ्चायतका प्रशस्त पाखा जमीनहरूमा पानी पुऱ्याई उब्जनी बढाउन सकिन्छ । ठाडाखानीको शिरबाटै पानी काटेर ल्याउनु परे तापनि यो योजना सफल पार्न सके खाद्यान्नको उत्पादन तीव्र गतिले बढ्न सक्छ । म्याग्दी जिल्लाको सबभन्दा बढी उब्जनी हुने क्षेत्रहरू पनि यिनै भएकोले यस योजनाको सफल कार्यान्वयन भएको खण्डमा उत्पादन वृद्धि गर्ने दिशातर्फ गतिशीलता ल्याउन सकिने देखिन्छ । त्यस्तै मराङ खोलाबाट पानी ल्याई सिचाइ गर्ने व्यवस्था भएमा दरबाङ पञ्चायतको भावाङ बेंसीमा करीब १,००० मुरी बढी अन्न उत्पादन गर्न सकिन्छ । पहरा काटी करीब डेढ किलो मिटर जति लामो कूलो खने पुग्छ । त्यस्तै दाङ खोलाको सिरानबाट सिचाइ व्यवस्था मिलाउन सके दुई चार हजार मुरी बढी अन्न उत्पादन गर्न सकिन्छ ।

पशुपालन व्यवसायले यस जिल्लाको आर्थिक विकासलाई ठूलो टेवा दिन सक्छ । व्यक्तिगत रूपमा पशुहरू पाल्नुको साथै भैंसीको दूधबाट घ्यू निकाली आर्थिक फाइदा नगर्ने व्यक्ति म्याग्दी जिल्लामा कमै पाइन्छन् । एउटा राम्रो भैंसीको दूधबाट बर्षको १४।१५ धार्नी घ्यू उत्पादन गर्न सकिन्छ। एउटा भैंसीको मोल करीब १,२००। जति पर्छ भने एक धार्नी घ्यूको रू. ६०।६५ मा बिक्री भइरहेकै छ । अतः सामूहिक रूपमा भैंसी पालन व्यवसायलाई प्रोत्साहन दिनुको साथै ठाउँ ठाउँमा सहकारीताको आधारमा यस व्यवसायलाई अँगाल्न सकेमा उत्पादनमा वृद्धि भई सर्व साधारण जनताको आर्थिक स्तर माथि उठ्न जाने हुन्छ। मुदी पञ्चायतको बगरा भन्ने ठाउँमा पशुपालनको लागि प्रशस्त ठाउँ र चरन समेत भएकोले त्यस क्षेत्रको प्रयोग गरिनु पर्छ साथै गुर्जा, मल्काबाङ,कुइनेको लेकमा पशुको लागि राम्रो चरन समेत उपलब्ध छ ।

फलफूल खेती यस जिल्लामा राम्रोसित नभएकोले ठाउँ ठाउँमा फलफूल खेती गर्न प्रोत्साहन दिएमा स्याउ र आरूको खेती राजदाङ, मगरदाङ आदि लेकाली भागमा राम्रोसित गर्न सकिन्छ । साथै अन्य फलफूलमा कागती, नास्पाती, अम्बा आदि फलफूल राम्रो हुने हुनाले यस व्यवसायको सम्भाव्यता वारे अध्ययन गरी फलफूल खेतीपट्टि जोड दिएमा म्याग्दी जिल्लामा फलफूल विकास हुन सक्छ ।

स्थानीय साधन अर्थात् कच्चा पदार्थको आधारमा यस जिल्लामा नेपाली कागतको उद्योग सञ्चालन गरेमा कागतको साथसाथै कागतका फाइलहरू, खाम आदि बनाई एकातिर व्यापार गर्न सकिन्छ भने अर्कातिर फुर्सदको बेला घरमा बसी साना ठूला सबैले यी काम गर्न सक्छन् । म्याग्दीमा बनेको नेपाली कागत पहिले वागलुङसम्म खपत भइरहेको थियो । नेपाली कागत बनाउनको लागि बिरूवा भन्ने एक किसिमको रूख यस जिल्लामा धेरै मात्रामा पाइन्छ । साथै यहाँको काठ उपयोग गर्ने गरी फर्निचर उद्योगहरू सञ्चालन गर्न सकिन्छ । घरेलु उद्योगको रूपमा प्रोत्साहन दिई यी उद्योगरूलाई अघिबढाएमा यसको विकास राम्रोसित हुन सक्ने सम्भावना देखिन्छ ।

स्थानीय सीपको आधारमा यस जिल्लाका मगर जातिहरूले पहिले देखिनै राडी, पाखी, गलैंचा आदि बुन्ने काम गर्दै आएकोले यो व्यवसायलाई सामूहिक अथवा सहकारिताको आधारमा योजना वद्ध तरीकाले सञ्चालन गरी उत्पादन बढाउन सके यसको विकास राम्रो रूपले हुन सक्छ । तसर्थ गुर्जा, कुइने, मल्काबाङ, राजदाङ, मगरदाङ रूम, मुना, मुदी आदि ठाउँमा राडी पाखीको उद्योग चलाउन सकिन्छ । यस उद्योगको विकासको लागि यिनै ठाउँमा भेडा पालनको प्रवर्द्धन गरिनु पर्छ ।

यस जिल्ला तामाखानीको लागि धेरै पहिलेदेखि प्रसिद्ध रहिआएको छ । भौगर्भिक अनुसन्धानबाट पनि यस जिल्लामा खनिज धन धेरै भएको अनुमान गरिछ । यहाँको विभिन्न खानीहरूको प्रशोधन सम्बन्धी उद्योगहरू सञ्चालन गर्न सकेमा जिल्लाबासीहरूको आर्थिक समुन्नति हुन जाने छ ।

बागलुङ

विषय–सूची

परिचय ६६१

प्राकृतिक स्वरूप र सम्पदा ६६२

ऐतिहासिक पृष्ठभूमि ६७१

प्रमुख स्थानहरू ६७४

जनसंख्या र जनजीवन ६७९

आर्थिक व्यवस्था ६८७

यातायात र सञ्चार ६९६

शिक्षा, स्वास्थ्य तथा खानेपानी ७००

प्रशासन र पञ्चायत ७०५

उपसंहार ७०६

परिचय

कहीं गगनचुम्बी हराभरा डाँडा र हिउँका पगरी लगाएका धुरीहरू त कहीं काली गण्डकी, दरम खोला, निसी भूजी खोला, उत्तर गङ्गा आदिले सिञ्चित उर्वरा भूमिले सुसम्पन्न भएको यो जिल्ला धवलागिरि अञ्चलको दक्षिण भागमा स्थित छ ।

पूर्वमा पर्वत, दक्षिणमा गुल्मी, पश्चिममा रूकुम, रोल्पा र उत्तरमा डोल्पा र म्याग्दी जिल्लाहरूले घेरिएको यो जिल्ला ८२°४५' देखि ८३°३६' पूर्व देशान्तर र २८°५' देखि २८°५१' उत्तर अक्षांश भित्र पर्दछ । पूर्वमा गण्डकी अञ्चलको पर्वत जिल्लालाई काली गण्डकीले, दक्षिणको गुल्मी जिल्लालाई ढरूवा पहाड, शिरखर्काको उत्तरको पर्वत शृङ्खला आदिले, पुत्था हिउँचुली र यसको दक्षिणी शृङ्खलाले म्याग्दी जिल्लालाई र डोल्पा जिल्लालाई द्वारेलेक, जङ्गला, पुत्था हिउँचुली पर्वतमालाले सीमाना छुटयाएका छन् ।

अर्को शब्दमा भन्ने हो भने यस जिल्लाको उत्तरतिर चालिके, जुगिया तथा निसकोट पहाडहरू, दक्षिणतिर डडुवा पहाड र दक्षिण पश्चिमतिर स्युलिबाङको धुरी, गुलं धुरी र चौरीबुकी पाटन जस्ता पहाडहरू पर्दछन् । यसको आकार पूर्व–पश्चिम लाम्चो भई फैलिएको छ ।

बागलुङ जिल्लाको सदरमुकाम बागलुङ बजार हो । यो बजार कालिका गाउँ पञ्चायतमा पर्दछ । यो जिल्लाको पूर्वी छेउमा काली गण्डकीको किनारमा रहेको टारमा स्थित छ ।

यो जिल्लाको क्षेत्रफल २,१५३ वर्गकिलोमिटर छ । हाल यस जिल्लामा ६१ गाउँ पञ्चायतहरू छन् । राष्ट्रिय जनगणनाअनुसार यो जिल्लाको जनसंख्या १,७२,७२९ छ जसमध्ये पुरुष ८४,२५४ र महिला ८८,४७५ छन् । यहाँ बाहुन, क्षेत्री, नेवार, मगर, गुरूङ, तामाङ, थकाली, दमाई, कामी, सार्की आदि धेरै जातिहरूका मानिसहरूले बसोबास गरेका छन् । यहाँका बहुसंख्यक जातिहरू बाहुन र मगर हुन् । यहाँका अधिकांश मानिसको पेशा कृषि नै हो । बाहुन, नेवार र थकालीहरू कृषिको अतिरिक्त व्यापार र जागिरमा लागेका छन् । मगर, गुरूङ तथा थकालीले कृषिको साथै पशुपालन, सैनिक सेवा तथा राडी, पाखी, काम्ला, गलैंचा बुन्ने र सिकर्मी, डकर्मीको काम आदि गर्दछन् ।

प्राकृतिक स्वरूप र सम्पदा

उत्तरका हिम श्रृङ्खलादेखि दक्षिणमा महाभारतको हाराहारीसम्म छुन पुगेको बागलुङ जिल्लाको प्राकृतिक स्वरूप हिमालय पहाड, डाँडा तथा बेंसीहरूले बनेको छ। एकातिर जिल्लाको उच्च हिमाली टाकुराहरू सजिएका छन् भने अर्कोतिर मध्य र दक्षिणी भागमा छियाछिया परेका डाँडा-काँडा, भीर पहराको साथै बेंसीहरू पनि फैलिएका छन्।

यसको उत्तरमा हिमाली तथा लेकाली भाग धवलागिरि हिमालकै श्रृङ्खलाको रूपमा रहेको छ। यसै श्रेणीको पूर्वी भाग अर्थात् डोल्पा, म्याग्दी र बागलुङ जिल्लाको सीमानामा स्थित हिउँचुली नामक चुचुरा नै जिल्लाको सबभन्दा उच्च भू-भाग हो। यसको उचाइ समुद्रको सतहबाट ७,२४७ मिटर (२३,७७० फीट) छ।[1]

भौगोलिक बनावट

भू-स्वरूप तथा उचाइको दृष्टिकोणले यस जिल्लालाई निम्नलिखित चार प्राकृतिक स्वरूपमा विभाजन गर्न सकिन्छ।

(१) हिमाली प्रदेश
(२) लेकाली प्रदेश
(३) पहाडी प्रदेश
(४) बेंसी र टार

हिमाली प्रदेश

यो प्रदेशमा जिल्लाको उत्तरमा धवलागिरि हिमालको पश्चिम श्रृङ्खलाको रूपमा पूर्व-पश्चिम फैलिरहेको हिमाली भाग पर्दछ। यो प्रदेश ४,८७८ मिटर(१६,०००फीट) भन्दा माथि परेको हुँदा सधैं हिममण्डित भई अति चिसो हुन्छ। यिनै श्रेणीको पूर्वमा अर्थात् जिल्लाको उत्तर-पूर्वी कुनामा पर्ने पुत्था हिउँचुली नामक टाकुरा जिल्लाभरमा अग्लो भएको कुरा माथि उल्लेख भइसकेको छ। यस भेकमा ५,१२२ मिटर अर्थात् १६,७९९ फीट अग्लो चालिके पहाड सहित ४,८७८ मिटरभन्दा अग्ला अरू धेरै टाकुराहरू छन्। यही हिमाली प्रदेशबाट उत्पत्ति भएका खोलाहरू पछि उत्तर गङ्गा नदीमा मिल्न जान्छन्।

---

[1] Gurung, H. B.-- Annapurna to Dhaulagiri, 1968, p. 38

लेकाली प्रदेश

हिमाली प्रदेश अर्थात् हिमरेखादेखि तल तर करीब २,५०० मिटर (८,२०० फीट) भन्दा माथिको भागलाई लेकाली प्रदेश मानिन्छ । हिउँदमा हिउँपर्ने तथा गर्मीको मौसममा हिउँ पग्लन थालेपछि पहाडी घाँसहरू देखिने नै यस प्रदेशको विशेषता हो । यिनै घाँसहरू पाइने यो लेकाली प्रदेशमा गर्मीको मौसममा रङ्गी बिरङ्गी फुलहरू फूल्न थाल्दछन् । अति शीतप्रधान हावापानीको प्रभाव पर्ने भएकोले उक्त प्रदेशमा स्थायी बस्ती पाइन्न । वर्षामा हरियो घाँस पलाउन थालेपछि वरपरका गाउँलेहरू आ-आफ्नो गाई वस्तु चराउन आउने हुँदा रमाइलो वातावरण सिर्जना हुन्छ ।

यस प्रदेशमा पर्ने जिल्लाका मुख्य पहाडहरूमध्ये फागुने धुरी, बुर्तिवाङको लेक, तुलाचन धुरी, सोले धुरी, सिधुलिवाङको धुरी, निसकोट, घम्टेको लेक, पञ्चासेको धुरी, राजाको धुरी आदि प्रख्यात छन् ।

पहाडी प्रदेश

हिमाली तथा लेकाली प्रदेशभन्दा होचा डाँडा, पाखालाई यो प्रदेशमा समावेश गर्न सकिन्छ । करीव २,५०० मिटर (८,२०० फीट) भन्दा मुनि तथा बेंसी र टार प्रदेशभन्दा माथि पर्ने यस पहाडी प्रदेशलाई जालझैं छरिएर बगेका नदी तथा खोलाहरूले छिया छिया पारिसकेका छन् । यिनै पहाडी ढालहरूमा तह–तह पारी बनाइएका गह्राहरूमा विभिन्न किसिमका बालीहरू लाग्दछन् । धेरै होचो भागमा धानको बाली समेत लाग्दछ । यसरी विभिन्न बालीहरू लाग्ने हुँदा भू-उपयोगको दृष्टिकोणले निकै महत्वपूर्ण भई अधिकांश जिल्लाबासीहरूको बसोबास यहीं हुन पुगेको छ । विशेषगरी जिल्लाका डाँडाहरूको दक्षिणी ढाल भन्दा उत्तरी ढाल ज्यादै भिरालो परेको देखिन्छ ।

बेंसी र टार

जिल्लाको प्रायः जसो दक्षिण–पश्चिम भागमा अनगिन्ति ठूला-साना खोला तथा नदीहरूले काटी होचो समथर भूमि बनाइदिएका छन् । यिनै भू–भागलाई प्राकृतिक स्वरूपको आधारमा टार तथा बेंसी भाग भन्न सकिन्छ । पहाडी प्रदेशकै एक अङ्गको रूपमा रहेको यो भाग नदी तथा खोलाहरूको दायाँबायाँ रहेकोले जिल्लाको कृषियोग्य भूमि बन्न गएको छ ।

नदी तथा खोलाहरूले काटी बनाइएका बेंसीहरूको चौडाइ सबै ठाउँमा एकनासको छैन । यी फाँटहरू कतै फराकिला, कतै साँगुरा छन् । जिल्लाको सदरमुकाम काली गण्डकी र काठे खोलाको दोभानदेखि माथि रहेको टारमा छ र अन्य प्रायः सबै महत्वपूर्ण गाउँहरू पनि यसै प्रदेशमा पर्दछन् ।

नदीनालाहरू

यस जिल्लाभित्र बग्ने र सीमानामा पर्ने प्रमुख नदी र खोलाहरू निम्नबमोजिम छन् :–

काली गण्डकी

यो गण्डकी नदी प्रणालीको प्रमुख सहायक नदी हो । यसको उत्पत्ति मुस्ताङ भोटको उत्तरमा रहेको सीमान्त पर्वतमालाको दक्षिणी ढालबाट भएको छ । यो नदीमा सालिग्रामहरू पाइनु यसको विशेषता हो र

यसको वालुवामा सुन पाइन्छ भन्ने विश्वास गरिन्छ। अञ्चलभित्र बग्ने खोलाहरूमा यो नदी सबभन्दा ठूलो छ, यसलाई पवित्र गङ्गाको रूपमा पुज्दछन। वागलुङ बजार मुनि पूर्वतर्फ खनिया घाटमा यो नदी तर्ने झोलुङ्गे पुल छ।

उतर गङ्गा

ढोरपाटनको चुयानेटानिर उत्तर बराई क्षेत्र नामको मन्दिरबाट एउटा सानो खोला उत्तर बगेको छ, जसलाई उत्तर गङ्गा भन्दछन्। यहाँ जनै पूर्णिमाको मेला लाग्दछ। ढोरपाटनको समथर उपत्यकालाई सिञ्चित गरी उर्वरा बनाएकोले यो गङ्गा प्रसिद्ध छ।

ढोर खोला

जलजलाको धुरीदेखि दक्षिण बगेको खोलालाई ढोर खोला भन्दछन्। यो खोला उत्तर गङ्गामा मिसिएको छ।

तमान खोला

यो खोला सोलेको धुरीमा उत्पत्ति भई झरेको छ। बुर्तिवाङमा पुगेपछि भुजी खोलामा मिल्दछ। यस खोलाको दायाँ-बायाँ किनारमा तमान, लामेला, स्याउला, खुंखानी, बुङ्गा दोभान आदि गाउँहरू छन्। तीमध्ये तमान गाउँ सबभन्दा ठूलो छ। तमान खोला सोलेको धुरीबाट निवक्कै उचाइबाट तलतिर बगेकोले यो खोलाले कतै कतै ठूलठूला झरनाको रूप लिएको छ।

निसी खोला

रियालनेटा, तुलाचन धुरी, भलकोटदेखि निसी खोला बगेर आएको छ। यस खोलाको किनारमा निसी, झिम्पा, बोहरा गाउँ, जुगा, हर्पे आदि स्थानहरू रहेका छन्। बोहरा गाउँमा ५,५४० जनसंख्या भएको बाक्लो बस्ती छ। जिल्लाभरमा सबभन्दा बाक्लो बस्ती भएको ठाउँ राजकुट हो, जहाँ ५,८९७ जना रहन्छन्। यो पनि यही खोलाको किनारनिरको पहाडमा रहेको छ। यस खोलामाथि राजकुट बोहरा गाउँ पञ्चायतमा झोलुङ्गे पुल तथा काठे पुलहरू छन्।

भुजी खोला

बुर्तिवाङको लेक चुयानेटा देउरालीबाट भुजी खोला बगेको छ। निसी र भुजी यी दुवै खोलाको संयुक्त रुप निसी भुजी हो। यी खोलाको नाउँबाट बागलुङ जिल्लाको सुदूर पश्चिम भागलाई निसी भुजी क्षेत्र भनिन्छ। भुजी खोलाको किनारमा बोवाङ, दोगाडी, अधिकारी चौर, बुर्तिवाङ आदि गाउँ रहेका छन्। दोगाडी र अधिकारी चौरमा एउटा छाना भएको पुल छ। बुर्तिवाङमा झोलुङ्गे पुल छ। बुर्तिवाङ निसी भुजी क्षेत्रको मुख्य व्यापार केन्द्र हो। यहाँ चौबाटो जोडिएको छ। निसी र भुजी खोलाको सङ्गम पाखुटे भन्ने ठाउँमा भएको छ। त्यसपछि यो खोलालाई बरिगाड भनिन्छ, जुन गुल्मी जिल्लाभित्र हुँदै काली गण्डकीमा मिसिन्छ।

भीम खोला

शिवधुरी लुकुरवन यसको सिर हो। यसको आसपासमा भेदी खोर, पूर्णा गाउँ, रणसिंह किटेनी, भिडगिठे आदि गाउँ छन्। यो खोला बरिगाडमा मिसिन्छ।

दरम खोला

किमिचौर र रूमको धुरीदेखि पश्चिम बगेको खोलालाई दरम खोला भनिन्छ। गलकोटनिरबाट बगेको हुनाले स्थानीय व्यक्तिहरू यसलाई गलकोट खोला पनि भन्दछन् । यस खोलाको किनारमा साधी, हिल, तारा, हरिचौर, हटिया गाउँहरू रहेका छन् ।

गौंदी खोला

दक्षिणतिर पुगेपछि यस गौंदी खोलामा घट्टे खोला, हादी खोला, नाइरे खोला, पचुवा खोला आदि मिल्छन् । हटियामा पुगेपछि यो दरम खोलामा मिसिन्छ । यस खोलामा नरेठाटीनिर झोलुङ्गे पुल छ ।

काठे खोला

ओखलेको डाँडा र भुस्कोटदेखि साझासम्मको पर्वत शृङ्खलाको पूर्वी तथा उत्तरी ढालका खोला, बहरे आदि मिली काठे खोला बन्दछ । दोबिल्लामा बाँध बाँधी यस खोलाबाट बागलुङसम्म करीब आठ किलोमिटर अर्थात् पाँच माइल लामो कुलो खनी सिचाइ गर्ने व्यवस्था भइरहेको छ। योजना पूरा भएपछि २४० हेक्टर जमीनमा सिचाइ सुविधा पुग्नेछ । यो खोला बागलुङ सदरमुकामको दक्षिण भागमा पुगेपछि खुंदुके घाटमा काली गण्डकीमा मिसिएको छ । दोबिल्लामा यस खोलामाथि झोलुङ्गे पुल छ ।

यी माथिका खोला बाहेक ढोरपाटन क्षेत्रमा धुस्तुङ खोला छ । लुकुरवन खोला, खुंग खोला, तारा खोला, खाल खोला आदि ठाउँको नाउँबाट खोलाको नामकरण भएको छ । यो जिल्लामा कुस्मी खोला, मदाने खोला, पातले खोला, पाण्डव खानी खोला, रीठे खोला, गलुदा खोला, सरगे खोला आदि अन्य खोलाहरू पनि छन् ।

तालहरू

रुद्रताल

बोबाङबाट ढोरपाटन जाँदा देउराली पारी फल्ले घरको पूर्वस्थित पहाडको टाकुरामा यो ताल छ, जहाँ शिवजीको एउटा स्थान छ । यहाँ माघे संक्रान्तिमा मेला पनि लाग्दछ । यसबाट बगेको पानी भुजी खोलामा मिल्छ । यसलाई रुद्र गङ्गा पनि भन्दछन् ।

जलपा खगर ताल

यो ढोरपाटनको उत्तरतिर फागुने धुरीको नजीक पर्छ । यो तालबाट पानी उत्तरतिर बगी धुस्तुङ खोलामा मिल्छ । यो ताल करीब ४६ मिटर अर्थात् १५० फीट लामो र ३० मिटर अर्थात् १०० फीट चौडा छ । स्थानीय मगरहरूले यसलाई बराह देवताको रूपमा पुज्दछन्, भेडा–बाखा बलि चढाउँदछन् र त्यहाँबाट हिंड्दा ध्वजा चढाउने गर्छन् । चिरमी मारसी ताल र गन्हाउने भुँडी फुट्टा तालहरू ढोरपाटनबाट ताराभोट जाने थाकुरे भन्ने ठाउँमा छ । यो तालको नजीकबाट हिंड्दा गन्हाउने हुँदा तालको नाउँ गन्हाउने भुँडी फुट्टा भनेको बुझिन्छ ।

हावापानी

गुल्मी जिल्लाको उत्तर-पश्चिममा र डोल्पा जिल्लाको साँधको रूपमा रही हिमाली क्षेत्रसम्म छुन पुगेको बागलुङ जिल्लाको हावापानी जिल्लाभरि एकनासको छैन । उचाइको फरकको साथसाथै यस जिल्लाको हावापानी पनि जिल्लाको विभिन्न भेकमा फरक छ । त्यसैले जिल्लाको दक्षिण–पूर्वमा अर्ध-उष्ण हावापानीदेखि लिएर उत्तर-पश्चिममा हिमाली हावापानी रहेको बागलुङ जिल्लामा दक्षिण-पश्चिम मनसुनी हावाकै प्रभाव परेको छ । प्रसिद्ध धवलागिरि हिमालको दक्षिण काखमा रहेको हुंदा हावाको मोहडा ढालमा पर्दछ । त्यसैले तुलनात्मकरूपमा धवलागिरिको उत्तरमा पर्ने डोल्पा जिल्लाभन्दा बढी पानी पर्दछ । जिल्लाको उत्तर-पश्चिमको अधिकांश भागमा हिउँदमा हिउं पर्ने गर्छ । यस जिल्लामा साधारणतः असारदेखि असोजसम्म वर्षा हुन्छ । हिउँदमा पश्चिमतिरबाट आउने आँधी-बेहरीले केही पानी पार्दछ ।

यो जिल्लामा वायुको तापक्रम अभिलेख गर्ने केन्द्र नभएकोले यहाँको कुनै ठाउँको पनि तापक्रम उपलब्ध छैन । यसको नजीकमा पर्ने कास्की जिल्लाको लुम्लेमा वार्षिक औसत अधिकतम १९.१° सेन्टिग्रेड र औसत न्यूनतम १२.३° सेन्टिग्रेड रहेको पाइन्छ । त्यस्तै पोखरा उपत्यकाको माले पाटनमा वार्षिक औसत अधिकतम २६.६° सेन्टिग्रेड र औसत न्यूनतम १२.९° सेन्टिग्रेड रहेको देखिन्छ । ती अभिलेखहरूबाट यस जिल्लाको शीतोष्ण पहाडी भेक र अर्ध-उष्ण टार–बेंसी भेकको प्रतिनिधित्व हुन सक्छ ।

तर यस जिल्लाको निसी भुजी तथा ढोरपाटन इलाकाको हिउँ पर्ने अग्ला पहाडी भागको तापक्रम कम हुने अनुमान छ ।

वर्षाको सम्बन्धमा यस जिल्लाको सदरमुकाम बागलुङ र ढोरपाटनमा रहेका मौसम अवलोकन केन्द्रबाट सन् १९७० मा गरिएको वर्षाको अभिलेख तल दिइएको छ ।

वर्षाको तालिका

(मिलिमिटरमा)

महीना	बागलुङ	ढोरपाटन
जनवरी	६३.२	–
फेब्रुअरी	१०.४	–
मार्च	०.०	–
अप्रिल	१४.५	–
मे	१२६.०	–
जून	३५२.६	२८३.९
जुलाई	७३०.०	३६५.७
अगष्ट	७०२.०	३६६.२
सेप्टेम्वर	२३१.०	१८.५
अक्टोबर	४८.०	२५.२
नोभेम्बर	३७.०	१.४
डिसेम्बर	१८.२	०.०
वार्षिक जम्मा	२,३३२.९	१,०६०.९

उपर्युक्त तालिकाबाट बागलुङमा उक्त वर्षभरिमा जम्मा २,३३२.६ मिलिमिटर वर्षा भएको देखिन्छ । सबभन्दा बढी वर्षा जुलाईमा ७३० मिलिमिटर भएको थियो । सबभन्दा कम अथवा शून्य मिलिमिटर मार्च महीनामा देखाइएको छ । त्यसै वर्ष ढोरपाटनको वर्षाको तालिकामा वर्षभरिको अभिलेख नपाइए तापनि जुलाई महीनामा उक्त वर्षमा खालि ३६५.७ मिलिमिटर देखाइएबाट यस ठाउँमा बागलुङ बजारमाभन्दा कम वर्षा हुने देखिन्छ ।

यस जिल्लाका विभिन्न स्थानहरूमा मोटामोटी चार प्रकारका हावापानी पाइन्छन् ।

(१) हिमाली हावापानी
(२) लेकाली हावापानी
(३) ठण्डा शीतोष्ण हावापानी
(४) समशीतोष्ण तथा अर्ध–उष्ण हावापानी

हिमाली हावापानी

यस जिल्लाको उत्तरी भाग पुत्था हिउँचुली र यसका वरपरका भाग ४,८७८ मिटर (१६,००० फीट) भन्दा अग्लो भएको हुँदा यहाँ सधैं हिउँले ढाक्ने भई हिमाली हावापानीको प्रभाव क्षेत्रमा पर्दछ । हिउँले ढाकी राख्ने हुँदा यहाँ ग्रीष्म ऋतुमा समेत निकै जाडो हुनेगर्दछ । यहाँ वर्षाको नाउँमा खालि हिउँ मात्रै पर्ने भई हिउँदमा ज्यादै चिसो हावा बहन्छ । मानिस तथा जीव-जन्तुहरूको लागि निकै कष्टदायक हावापानी भएको हुँदा यस इलाकामा मानिसहरूको बस्ती पाउन मुस्किल पर्दछ । यहाँ वनस्पतिको नाउँमा हिउँ जम्न नसक्ने ठाउँहरूमा झ्याउ आदि सीमित हिमाली वनस्पति अलि अलि पाइन्छन् ।

लेकाली हावापानी

यस जिल्लामा हिम–रेखादेखि मुनि वृक्ष–रेखाको हाराहारीसम्मको भागमा लेकाली हावापानीको प्रभाव पर्दछ । हिउँदमा अति जाडो र गर्मीमा दुई–तीन महीना रमाइलो हावापानी पाइने यस इलाकामा प्रायः घाँसे वनस्पतिहरू पाइन्छन् । यी बाहेक विभिन्न रङ्गका फूलहरू सहित अनेक जातका जरीबूटीहरू पनि पाइन्छन् । हिउँदमा यस इलाकाको धेरैजसो जग्गा–जमीन हिउँले ढाक्ने र गर्मीमा हिउँ पग्लन थालेपछि बोट बिरूवा पलाउने खर्कहरूमा तल्लो भेकका मानिसहरू आ-आफ्नो गाईबस्तुहरू चराउन आउँछन् ।

ठण्डा शीतोष्ण हावापानी

जिल्लाको मध्यम उचाइका डाँडाहरू तथा पाखाहरूमा यस प्रकारको हावापानी पाइन्छ । विशेषगरी ढोरपाटन, बोवांग, हुकाम, मैकोट, रन्भा आदि गाउँहरूमा यस हावापानीको प्रभाव परेको देखिन्छ । उचाइको हिसाबले २,१३४ मिटरभन्दा माथि र वृक्ष–रेखासम्म यस किसिमको हावापानी पाइन्छ । यस भागमा जाडोमा अति जाडो पनि हुँदैन र गर्मीमा धेरै गर्मी पनि हुँदैन । जिल्लाको ठण्डा शीतोष्ण हावापानी लाग्ने ठाउँमा कोणधारी सदाबहार रूखहरूको बाक्लो वन पाइन्छ । हिउँदमा शीतको प्राचुरता बढ्ने हुनाले कहिले काहीं हिउँ पर्दछ ।

समशीतोष्ण तथा अर्ध–उष्ण हावापानी

यो जिल्लाको होचो पहाडी इलाका र बेंसी, टार प्रदेशमा समशीतोष्ण तथा अर्ध–उष्ण हावापानीले प्रभाव पारेको छ। अलि माथिल्लो भागमा समशीतोष्ण तथा जिल्लाभित्र बग्ने ठूला-साना नदी तथा खोलाहरूले बनाएका बेंसी तथा टारहरूमा अर्ध–उष्ण हावापानी पाइन्छ। गर्मीमा अलि बढी गरम हुने भए तापनि जाडोमा धेरै जाडो नहुने हुँदा यो हावापानी पाइने ठाउँहरूमा अधिकांश जिल्लाबासीहरूको बसोबास भएको पाइन्छ। जिल्लाको सदरमुकाम बागलुङ सहित, बलेवा, गलकोट, हरिचौर, बुर्तिवाङ वुगा दोभान, बोहरा आदि गाउँहरूमा यो हावापानी पाइन्छ।

प्राकृतिक वनस्पति

यो जिल्ला विभिन्न उचाइका हिमाली प्रदेश, पहाडी भाग तथा बेंसी, टार इलाकाले बनेको छ। यसै कारणले गर्दा बेंसीदेखि हिमाली इलाकासम्म पाइने विभिन्न प्रकारका हावापानी अनुरूप वनस्पति पाइन्छन्, जसलाई निम्न चार भागमा बाँड्न सकिन्छ :–

(१) हिमाली प्रदेशको वनस्पति
(२) लेकाली घाँसे वनस्पति
(३) कोणधारी सदाबहार वन
(४) मिश्रित तथा पतझड मनसुनी वनस्पति

हिमाली प्रदेशको वनस्पति

हिमाली हावापानीले प्रभाव पारेको जिल्लाको सबभन्दा उच्च भेकमा हिमाली वनस्पति पाइन्छ। उक्त भागलाई बाह्रै महीना हिउँले ढाक्ने हुँदा यहाँ निक्कै जाडो हुन्छ। हिउँ जम्न नसक्ने नाङ्गा चट्टानहरूमा अलि अलि झ्याउ तथा सीमित मात्रामा पाइने अन्य वनस्पतिलाई हिमाली वनस्पति भन्न सकिन्छ।

लेकाली घाँसे वनस्पति

वृक्ष–रेखाभन्दा माथिको उचाइमा जस्तै सुर्तिवाङको धुरी, फागुनेको धुरी, तुलाचनको धुरी र ढोरपाटनको माथिल्लो भागमा बहुरङ्गी फूलहरू र बुकी घाँसहरू पाइन्छन्। वर्षको चार–पाँच महीना हिउँले ढाकिरहने हुँदा यहाँका वन वनस्पति र जनावरहरूको आफ्नै विशेषता छन्। हिउँ पग्लेपछि यहाँ गाई, भैंसी, भेडा, बाख्रा, घोडा, चौंरीहरू चराइन्छन्। बुकी घाँस पशु–वस्तुको स्वास्थ्यको लागि उत्तम हुन्छ। जरीबूटीमा पाँच औंले, जटामसी, नीरमसी, हरिताल, सतुवा आदि पाइन्छन्।

कोणधारी वन

करीव २,१३४ मिटर (७,००० फीट) देखि ३,६५८ मिटर (१२,००० फीट) को उचाइसम्ममा कोणधारी वन पाइन्छ। यसमा प्रायः सल्लो, सिमु, गुराँस, धूपी, खरसू, गोब्रे सल्ला, टुनी र निगालोको झाडी पाइन्छ। सधैं हरियो हुने स्वभावको भएको हुँदा यसलाई सदाबहार कोणधारी वनस्पति भनेको हो।

मिश्रित तथा पतझड मनसुनी वन

करीब २,१३४ मिटर (७,००० फीट) भन्दा तलको उचाइमा यस प्रकारको वन पाइन्छ । यस वनमा हिउँदमा पात झर्ने रूखहरू पनि हुन्छन् । खासगरी सल्ला, साल, गुराँस, ओखर, चिलाउने चाँप, दार, आँप, पीपल, वर, बरूवा (लोकता), चिउली, चरेस, निगालो पाइन्छ ।

माथि उल्लिखित वनहरू बाहेक यो जिल्लामा विभिन्न झारपातहरू जस्तै सतुवा, अमल पत्ता, तेज बोक्रा, हर्रो, रिठ्ठा, असुरा, नीरमसी, कुडकी, पद्मचाल, जेठीमधु, अल्लो इत्यादि पनि पाइन्छन् । सारांशमा यहाँका वनहरूमा पाइने ठूला–साना अनेक जातका रूखहरूमध्ये साल, सल्ला, ओखर, चिलाउनी, कटुस, धुपी, खर्सू, बुकी र बडुवा घाँस आदि मुख्य हुन् । जरीबूटीका नाउँमा यहाँ पाँचऔंली, जटामसी, तुवा, अमलपत्ता, चिलाउनेको बोक्रा, तेज बोक्रा, हरो, रिठ्ठा, असुरा मुख्य हुन् ।

पशुपक्षी र वन विकास

वन जन्तुहरूमा बाघ, भालू, चितुवा, ब्वाँसो, बँदेल, कस्तुरी, झारल, घोरल, थार, मृग, मावर, खरायो, दुम्सी र पक्षीहरूमा डाँफे, मोनाल, चिल, कालिज, मैना, तितरा, ढुकुर, कोकले, लेरूपा, मलेवा, प्यूरा, जुरेली, सारूङ, हलेसो, चाँचर, भ्याकुर, लाहाँचे, भँगेरो, फिस्टो, कोटेरो, चिबे, धोबी, काग आदि हुन् ।

अञ्चलभरमा बागलुङ सदरमुकाममा मात्र एउटा वन शाखा छ । हिउँका सेता पगरी लगाएका धुरीहरू, हराभरा कोणधारी वनले लटरम्म परेका पहाडहरू, कलकल ध्वनिले बगिरहेका खोलानाला र छहराहरूले यहाँको प्राकृतिक शोभालाई बढाइदिएका छन् भने यी वन–जङ्गल भित्र पाइने दुर्लभ जनावरहरू, वनऔषधि र पहराको गर्भभित्र लुकेका खानीहरूले यसको महत्व अझ बढाइदिएका छन् । यहाँ पाइने बरूवा (लोकता) को बोक्राबाट बनाइने नेपाली कागज नेपाल अधिराज्यमा प्रसिद्ध छ । यहाँका पुवा जातका मानिसहरूले यहाँ पाइने भोर्ला, मल्लातो, भडुलो, सिस्नु, भाँग्रो आदिको बोक्राबाट दैनिक आवश्यकताका चीजहरू जस्तै डोरी, नाम्ला, दाम्ला, जाल, भाङग्रा आदि बुन्ने गरेका छन् । यिनै बोक्राको सुतबाट भाङग्रा बनाई त्यसबाट लुगा सिउँछन् ।

यहाँ पाइने निगालाबाट बनाइने बुट्टेदार नली र काँगियो पनि प्रसिद्ध छन् । यहाँको बाँस तथा निगालाबाट डोको, डालो, बाकस, खुटिया, थुंसे, सोली, नाम्ला तयार गर्दछन् ।

खनिज पदार्थ

यस जिल्लामा विभिन्न किसिमका खनिज पदार्थको पाइन्छन् । यहाँ विभिन्न स्थानहरूमा खानीहरू पाइएका छन् । काँडेबास र बीरकोटमा तामाखानी, छिसगाउँमा सिसा खानी,

रिसमी र भुजुङ्गे डाँडामा स्लेट ढुङ्गाको खानी, लकुर वनमा फलाम खानी छन् । स्थानीय छन्तेलजातका मासिहरूले स्थानीय साधनद्वारा यी खानीहरूबाट धाउहरू निकाल्ने गर्दथे ।

यो जिल्ला खनिज पदार्थको लागि प्रख्यात भएकोले नै यहाँ राणा शासन कालमै २२ खानी गोश्वारा नामको खानी अड्डा स्थापना भएको थियो, जसले गोरखादेखि पश्चिम गुल्मी, अर्घाखाँची, सल्यान, प्यूठानसम्मको खानीको काम हेर्दथ्यो ।

ऐतिहासिक पृष्ठभूमि

पृथ्वीनारायण शाहबाट नेपालको एकीकरण हुनुभन्दा अघि यो बागलुङ जिल्ला चौबीसी राज्य अन्तर्गत पर्दथ्यो । यो जिल्ला १६ हजार पर्वतको नामले प्रसिद्ध थियो । त्यस बखत चौबीसी राज्यमा पाल्पा र पर्वत शक्तिशाली थिए । त्यसताका यो जिल्ला विभिन्न थुममा विभाजित थियो र कोट कोटबाट भुरे टाकुरे राजाहरूले राज्य चलाउँथे । त्यस बखतका कोटहरूमध्ये गलकोट, बिहुँकोट, सर्नाकोट, माझकोट प्रसिद्ध थिए ।

चौधौं शताब्दीमा जुम्लाका राजाहरूले पूर्वतिर दखल गर्दै यहाँको राजकाज पनि चलाएको देखिन्छ । विक्रम सम्वत् १४२९ तिर मलेबम जुम्लाको राजगद्दीमा बसेपछि यिनले जुम्लादेखि पूर्वतर्फका धेरै प्रदेशहरू जिते । राजा मलेबमका छोरा पीताम्बर र उनका छोरा जैतुबमले रूकुममा राम्रो बन्दोबस्त मिलाएर शासन चलाइराखेका थिए । निसेल भुजेल (हाल बागलुङ जिल्ला) भन्ने चार हजार पर्वत इलाकामा त्यसताक मगरहरूको रजाइँ थियो । यिनीहरूले आफ्नो राज्यको रीतिस्थिति राम्ररी मिलाउन नसकेकोले रूकुमको राजधानी गोथाममा गई राजा जैतुबमसँग एउटा राजकुमार मागे । राजा जैतुबमको आठ भाइ छोरा थिए । राजाले जेठो राजकुमार यशुबमलाई छाडी अरू सात भाइमा रोजेर लानु भने । राती सुतेको बेलामा जुन राजकुमारको सिर सिह्लानतिर बढेको हुन्छ उसैलाई लाने भन्ने सल्लाह भयो । राजकुमारहरू सुतेको ठाउँमा चियो गर्न जाँदा माहिला राजकुमार आनन्दबमको सिर सबभन्दा सिह्लानतिर बढेको देखियो र आनन्दबमलाई पिठिउँमा बोकेर भुजेलहरूले पर्वतमा ल्याई राजा स्थापना गरे । रूकुमबाट यिनका साथमा मुडुला कार्की, रूचाल, बयक महर्थोकी, थरथोकी तथा पौडेलहरू आए । पर्वतेहरूले यी शाही राजालाई तीन नामले पुकार्दथेः गोथामबाट ल्याएकोले गोथम्ब, पिठिउँमा बोकेर ल्याएको भनी पिठिम्ब र आउने भनी आनन्द । वि.सं. १५१० तिर आनन्दबम सोलेपार पर्वतका राजा बने ।[1] यस बेलासम्म गलकोट, बिहुँकोट, चन्द्रकोटमा भुरे राजाहरूले शासन गर्दथे । त्यसैताका बलेवा र बागलुङ माझकोट अन्तर्गत र थनयाप चन्द्रकोट अन्तर्गत थिए ।

राजा आनन्दबम पछि चन्द्रबम र त्यसपछि डिम्ब नाउँले प्रख्यात भएका दिलीपले आफ्नो शासन कालमा ताकम, चन्द्रकोट, बिहुँकोट र गलकोट जिती आफ्नो राज्यलाई ४,००० पर्वतबाट १४,०००

---

[1] मोहनबहादुर मल्ल—पर्वतको इतिहास, प्राचीन नेपाल, पुरातत्व विभाग, श्री ५ को सरकार, संख्या १६, पृष्ठ ४४ ।

पर्वत पुऱ्याए। राजा डिम्ब वर्षामा ढोरमा र हिउँदमा ताकममा बसी राज्य चलाउँथे। राजा डिम्बले शासनमा सुव्यवस्था ल्याउन माहिला भाइलाई डाँडाकोट, साहिलालाई बिहुँकोट र कान्छालाई गलकोटमा राखेका थिए।

ह्यामिल्टनको भनाइअनुसार गलकोट एउटा सानो राज्य थियो। यहाँ तामाको तीनवटा खानीहरू र एउटा फलाम खानी थिए। ती खानीहरूमा केही आधिकारिक व्यक्तिहरूले मात्र काम गर्न पाउँथे। यहाँ खेती प्रशस्त हुन्थ्यो। राजाको आम्दानी सालिन्दा रु. ३,५००। थियो। ३,००० घरहरू थिए। राजाको दरबार पहाडको टाकुरामा थियो। यस दरबारको वरिपरि खरको छानाभएका करीब ५०० झोपडीहरू थिए। यहाँ राजाले बिना युद्ध नै गोरखाली सेना अगाडि समर्पण गरे।[1] यस गलकोट राज्यको बारेमा कर्कपाट्रिकले पनि लेखेका थिए। निजको भनाइअनुसार गलकोट एउटा ठूलो शहर थियो र यहाँ यही गलकोट नामको एउटा ठूलो किल्ला थियो। यो गलकोट चौबीसीमध्ये एक राज्य थियो।[2]

एक वंशावलीअनुसार राजा डिम्बका पालामा गण्डकी र कर्णाली प्रदेशका राजाहरूले दिल्लीका बादशाह कहाँ पाँच–पाँच वर्षमा सिर्तो लैजाने गर्दथे। यस सिर्तोमा आफ्नो राज्यमा पाइने कस्तुरीको बिना, वाज, डाँफे, नाहुर र चितुवाको छाला, पश्मिनाको पछ्यौरा आदि सौगात दिएर राजा डिम्बले युवराज नागबमलाई वि. सं. १५३० तिर दिल्ली पठाए। त्यस बखत दिल्लीका सुल्तान सिकन्दर लोदी थिए। यो कुराको ऐतिहासिकता बारे अध्ययन कार्यले मात्र पत्ता लाग्दछ।

बादशाहको दरबारमा अतिथिकोरूपमा रहेका युवराज नागबमले त्यहाँको युद्धमा भागलिई विजयी भएकाले दिल्लीका बादशाहबाट "मल्ल" भन्ने पदवी दिइएको थियो भन्ने कुरा लेखिएको छ।[3]

यस प्रकारले युवराज नागबम त्यसबेलादेखि नागबम मल्ल भए। यिनै नागबमले जितेको मादी खोला पूर्वको डाँडाकोटलाई त्यहाँका मन्त्रीहरूले मल्ल राज भनी नाउँ राखी राजभक्ति देखाएको ठाउँ आज पनि मल्लाजको नाउँले प्रख्यात छ। राजा डिम्बको समयमा यिनको राज्यमा मुस्ताङ समेत गाभिएको थियो। राजा डिम्ब १२० वर्षसम्म बाँचेका थिए भन्ने जनश्रुति छ। यिनले ८४ वर्षको उमेरमा आफ्ना जेठा छोरा नागबम पनि अस्वस्थ भएकोले नागबमका एकमात्र छोरा प्रतापी नारायणलाई १५६० तिर पर्वतको राज्य सौंपे। यिनको शासनकालमा यहाँ जङ्गल प्रशस्त मात्रामा थियो। मानिसहरूले यसबाट धेरै काम चलाउँथे। पशुपालनको पनि महत्वपूर्ण स्थान थियो। नून र सुन भोटतिरबाट पैठारी हुन्थ्यो। काठ र माटाका भाँडाबाट निर्वाह चल्थ्यो।

प्रतापी नारायण मल्लले राजा भएको थोरै समयमा पाल्पा गई पाल्पाली राजा मुकुन्द सेनकी छोरी विवाह गरे। पाल्पाली राजाले छोरीलाई कालिका देवी दाइजो दिएर पठाएका थिए। हाल बागलुङ जिल्लाको सदरमुकाम बागलुङ बजार नजीक कृष्ण गण्डकी र काठे खोलाको दोभाननिर एउटा हात्ती सूँढे आकारको रमणीय वनमा यी भगवती देवीको मन्दिर छ। देवीका साथमा पाल्पाबाट खड्ग समाती आउने खड्गा

---

1. Hamilton, F. B.-- An Account of the Kingdom of Nepal, pp. 275-76
2. Kirkpatrick, W. J.-- An Account of the Kingdom of Nepaul, p. 288
3. Hamilton F. B.-- op. cit. p. 271

क्षेत्रीलाई पूजारी बनाए । पाल्पाबाट ल्याएका कुमालेहरूलाई बागलुङ चौरमा राखी माटाका भाँडाको उद्योग-धन्धा बढाए । राजा प्रतापीनारायणले स्थापना गरेका यस मन्दिरको पूर्व ढोका खोल्नु हुँदैन भन्ने किंवदन्ति अझैं पनि प्रचलित छ । यस भगवतीको पूजा खर्चको निमित्त यिनले गूठी राखिदिएका थिए ।

राजा प्रतापीनारायणले यस प्रकारले पाल्पासंग सम्बन्ध जोडेपछि यसको शक्ति झन् बढ्यो । त्यसबेला मुकुन्द सेनका छोरा लोहाङ सेनले पूर्वतिर विजयपुरसम्म राज्य विस्तार गर्न सफल भएकोले त्यसबाट उत्साहित भएका राजा प्रतापीनारायणले पनि मादी नदी पूर्वका देशहरू जित्दै सेती नदीसम्म आफ्नो राज्य विस्तार गरे । यस प्रकारले चौबीसी राज्यमा पाल्पा र पर्वत बलिया राज्य भए । राजा प्रतापीनारायणले आफ्नो राज्यमा फलाम र तामाको खानी खन्न लगाई यसको उद्योग-धन्धा बढाएका थिए । थिनी फलाम र तामाका भाँडाहरू छिमेकी देशमा निकासी गर्थे । यसप्रकारले त्यस बखत यो एउटा समृद्ध राज्य बन्न पुगेको थियो । यिनले करीब तीस वर्ष राज्य गरे । आफ्नो ससुरा मुकुन्द सेनले छोराहरूमा राज्य बाँडी देवघाटमा गए जस्तै यिनले पनि आफ्नो राज्य छोराहरूमा बाँडी आफू काशीवास गए । यिनले जेठा छोरा जितारीबम मल्ललाई गलकोट, माहिला राजबमलाई पर्वत र कान्छा कल्याणबमलाई कास्कीको राज्य दिए ।

पर्वतका राजा शाहबमको समयमा पृथ्वीनारायण शाहबाट नेपाल एकीकरणको महान् अभियान चलाइएको थियो । शाहबमले लमजुङ राजा रिपुमर्दनकी बहिनीसंग विवाह गरेकोले गोरखाका विरुद्ध लमजुङलाई मद्दत गरिरहन्थे । पर्वतका आखिरी राजा कीर्तिबमको समयमा बहादुर शाहले वि. सं. १८४३ मा पाल्पाली राजा महादत्त सेनकी छोरीसँग विवाह गरी पाल्पासँग गुप्त सन्धि गरे । यस प्रकारले आफ्नो नायबीकालमा पाल्पालाई साथ लिई बाँकी भाग गुल्मी अर्घाखाँची सर गर्दै गोरखाली फौज अघि बढ्यो । काजी जीव शाह, काजी शिवनारायण खत्री, काजी दामोदर पाँडे आदिको नेतृत्वमा बढ्दै गएको फौजले गुल्मी, अर्घा, प्यूठान दखल गर्दै गए । पर्वत तर्फका सेनापति धर्मराज मल्ल र भीमदत्त मल्लका नेतृत्वको फौजले बागलुङ र दुर्लुङमा सामना गरी दुई–तीन महीनासम्म गोरखाली फौजलाई रोक्यो । तर यसै बखत खाँची कब्जा गरी यहाँ बसिरहेका सुब्बा जोग मल्लले चन्द्रकोट कब्जा गर्ने सरदार प्रबल रानालाई साथमा लिएर बलेवा हुँदै बागलुङ सर गरे ।

गीर्वाणयुद्ध विक्रम शाहको समयदेखि नै पाल्पामा नेपाल दरबारका उच्च पदस्थ कर्मचारीहरू जस्तै जनरल अम्बर सिंह, कमाण्डर–इन–चीफ बद्री नरसिंह, वीर शम्शेर, खड्ग शम्शेर आदि तैनाथवाला भएर आउन थाले र पाल्पाको गौंडा अन्तर्गत बागलुङ पनि प्रशासित हुन थाल्यो । यो क्रम प्रजातन्त्र हुनुभन्दा अगाडि २००७ सालसम्म रुद्र शम्शेर पाल्पाको तैनाथवाला रहँदासम्म जारी रह्यो । पाल्पा गौंडा अन्तर्गत छोटी गौंडाबाट यहाँको प्रशासन चल्दथ्यो ।

प्रमुख स्थानहरू

बागलुङ बजार

यो बजार धवलागिरि अञ्चलको मुख्य बस्ती हो। यहाँ करीब ३,५०० मानिसहरू बसोबास गर्दछन्। जनसंख्याको दृष्टिकोणबाट यस बजारमा नेवार जातिको संख्या बढी छ। यिनीहरूको मुख्य व्यवसाय व्यापार हो। बजारको आसपासमा रहेका गूठी, रामरेखा, उपल्लाचौर, रातामाटा, भिरालाखुरी, गैह्रा गाउँ, मूलपानी कुडुले, ओडार चौर आदि गाउँहरूमा बाहुन, क्षेत्री, सार्की, दमाई, कामीहरूको बसोबास छ। यिनीहरूमा कोही कोही व्यापारमा र नोकरीमा लागेका भए तापनि मुख्य पेशा खेती नै हो।

बजारको उत्तर–पूर्वतिर काली गङ्गा र दक्षिण–पश्चिममा काठे खोला बगेका छन्। यी दुईको बीचमा उठेको समथर जगामा बागलुङ बजार छ। बागलुङ समुद्र सतहबाट करीब १,००० मिटर अर्थात् ३,२०० फीटको उचाइमा रहेको छ। यहाँ समशीतोष्ण हावापानीको प्रभाव परेको छ।

जिल्ला तथा अञ्चल दुवैको सदरमुकाम भएकोले यहाँ अञ्चल तथा जिल्लास्तरीय सबै सरकारी तथा गैह्र सरकारी कार्यालयहरू रहेका छन्।

यो बजार धवलागिरि अञ्चल तथा अन्य अञ्चलहरूका छिमेकी जिल्लाहरू समेतको शैक्षिक केन्द्र बनेको छ। यहाँ महेन्द्र क्याम्पस, विद्या मन्दिर बहुउद्देश्यीय माध्यमिक विद्यालय, वीरेन्द्र रात्रि माध्यमिक विद्यालय छन्। साथै विद्या मन्दिर र भगवती ज्ञानोदय पुस्तकालयहरू छन्।

बागलुङ बजारमा कलधाराको प्रबन्ध भएकोले खानेपानीको व्यवस्था छ। बढ्दै गएको जनसंख्याको मांगलाई पूर्ति गर्न छहरा पँधेराबाट पानीको लागि थप लाइन ल्याइने भएको छ।

बागलुङ अस्पताल अगाडि पूर्वतिर बजार जोड्ने महेन्द्र पथ नाउँको नयाँ बाटो निर्माण भइसकेको छ। यस मार्गको बीचमा श्री ५ महेन्द्र वीर विक्रम शाहको सालिक छ। यस पथले बागलुङ बजारको शोभा बढाएको छ।

बागलुङ बजार धवलागिरि अञ्चलको एउटा मुख्य व्यापारिक केन्द्र पनि हो। मुक्तिक्षेत्र र ढोरपाटन जाने यात्रुहरू बागलुङ भएर पनि जान्छन्। यो बजारमा गणेश, भीमसेन, नारायण तथा राधाकृष्णको मन्दिर र बुद्धको विहार छन्।

बागलुङ बजारको आसपासमा केही ऐतिहासिक तथा पुरातात्त्विक महत्वका स्थानहरू छन्। तीमध्ये केही उल्लेखनीय स्थानहरू निम्नअनुसार छन् :-

देवीस्थान:- बजारको एक डेढ किलोमिटर जति दक्षिणतर्फ एउटा बाक्लो वन छ। यहाँ देवीको प्रसिद्ध मन्दिर छ। पर्वतका राजा प्रतापीनारायण मल्लले पाल्पा गई मुकुन्द सेनकी छोरीसंग विवाह गर्दा राजकुमारीले पाल्पाबाट दाइजोको रूपमा ल्याएको यस देवीको मन्दिर यहाँ स्थापना भएको थियो। यसका पूजारी खड्काहरू हुन्। चैत्र अष्टमीको दिन यहाँ ठूलो मेला लाग्दछ। यही देवीको नाउँले बागलुङलाई कालिका पञ्चायतको संज्ञा दिइएको हो भनिन्छ। यस वनले बागलुङ बजारको शोभा निकै बढाएको छ।

जङ्गेश्वर महादेव:- विक्रम सम्वत् १९३८ को औलो पर्वपछि सो पर्वमा साथ दिने पर्वते राजाका कुनै एक सन्तानलाई पक्रन र मुक्तिक्षेत्रको समेत दर्शन गर्न प्रधानमन्त्री जङ्गबहादुर बागलुङमा आएको बखत उनले बनाउन लगाएको यस मन्दिरको नाउँ जङ्गेश्वर महादेव राखेको भनिन्छ। यसको नजीकै पर्वते राजा मलेबमले बनाएको श्री लक्ष्मी-नारायणको मन्दिर पनि यहीं छ। यी मन्दिरहरू बागलुङ बजारदेखि पूर्व देवीस्थानको मुनि काली गण्डकीको किनारनिरको घाटमा छ। यहाँ कार्तिकको ठूलो एकादशीको दिन मेला लाग्दछ।

उपल्ला चौर:- देवीस्थान र जङ्गेश्वर महादेवस्थानको ऐतिहासिक महत्व भए जस्तै यस गाउँको पनि ऐतिहासिक महत्व छ। कारिकोटे, माझकोटे राजाहरूको शीतकालीन राजधानी यहीं रहने गरेको थियो। यसका भग्नावशेषहरू भेटिन्छन्। राजाहरूको हात्ती बाँध्ने ढुङ्गा पनि खडा छ। देवी अल्पैको ठाउँमा पूजा गर्ने चलन अद्यापि कायम छ।

यसको उत्तरतिर माझकोटे-कारिकोटेका थुम्काहरूमा कोतघर छ। चौबीसे राजाहरूको यो गर्मीयामको राजधानी थियो भनिन्छ। यी कोत घरहरूको आसपासमा सल्लेरी जङ्गल र वन देवीको मन्दिर छन्। करीब १,५३० मिटर (५,००० फीट) अग्लो भएकोले यो ठाउँ गर्मी मौसमको लागि अति रमाइलो छ। यहाँ तीजमा मेला लाग्दछ। बागलुङ बजारनिवासीहरूको यो वनभोज खाने स्थल भएको छ।

गलकोट

यो कोट बागलुङ बजारबाट करीब २६ किलोमिटर (आठ कोस) पश्चिममा छ। गोलाकार परेको ठाउँमा त्यस वखतका दिलीपबम मल्लको सन्तानले कोत घर बनाएकोले यसको नाउँ गलकोट रहेको हो भनिन्छ।

गलकोटको दायाँ-बायाँ साधी, हिल, तारा, नरेठाटी, हरिचौर, हटिया, गलपाङ काँडेवास आदि गाउँ छन्। राजा डिम्बभन्दा अघि यहाँ ररे टाकुरे मगर राजाहरूको रजाइँ थियो। राजा डिम्बले बीउकोट गलकोट जिती चौबीसेमध्येको एउटा राज्य बनाए। बहादुर शाहको नायबीकालमा यो नेपाल अधिराज्यमा गाभिएको

थियो । त्यस वखत भोटसित लडाइँ हुँदा यहाँका राजाले नेपाल सरकारलाई ठूलो मद्दत गरेको हुँदा उनले खेत बकस पाएको हो भन्ने जनश्रुति छ । यहाँको राजाको दरबार हरिचौरमा छ । यहाँको जनसंख्या ३,६५९ छ । हरिचौरमा पृथ्वी नमूना प्रारम्भिक पाठशाला र स्वास्थ्य चौकी छन् । दरम खोला यसको नजीकैबाट बग्छ ।

घुम्टे

हरिचौरको उत्तर–पश्चिममा घुम्टे नाउको यो स्थान अग्लो पहाडमा छ । यहाँ सिद्धेश्वर महादेवको मन्दिर छ । श्रीपञ्चमी र जनै पूर्णिमामा मेला लाग्दछ । यो घुम्टेको लेक ३,७६९ मिटर अन्दाजि १०,३९३ फीट अग्लो छ । यसको काखबाट रूस्टी खोला बगेको छ । हरिचौर निवासीहरूले यही खोलाबाट कुलो ल्याई पानी खाने गर्दछन् । यसमा खानेपानी योजना बन्दैछ । गलकोट क्षेत्रमा पानी प्रशस्त हुनाको साथै खेती गर्न लायक जग्गा पनि भएकोले यहाँ धान, गहुँ, मकै आदि जिल्लाको अन्य भागमाभन्दा बढी उब्जनी हुन्छ । हरिचौर नजीक भुजुङ्गे डाँडा, चरोदी गाउँमा ढुङ्गाको ठूलो खानी छ । यस क्षेत्रको घर छाउने स्लेट ढुङ्गा र निगालोको चोयाबाट बनेको डालो र काँगियो नेपालमा प्रसिद्ध छन् ।

बुर्तिवाङ

यो निसी भुजी क्षेत्रको केन्द्र हो । यो स्थान भुजी खोला र तमान खोलाको दोभाननिर रहेको छ । यो चौबाटोमा परेकोले यहाँको मूलवाटोबाट दक्षिणमा बामी टक्सार भई गलकोट, मूसिकोट, गुल्मी र पाल्पा तथा उत्तरतिरबाट बोर्वाङ, ढोरपाटन, हुकाम, मैकोट जान सकिन्छ ।

प्रस्तावित पोखरा–सुर्खेत राजमार्ग पनि यसै ठाउँबाट जाने भएको छ । व्यापारको निमित्त पनि यो ठाउँ उपयुक्त छ । हावापानी समशीतोष्ण छ । यहाँ प्रहरी चौकी, छोटी हुलाक र उत्तर गङ्गा माध्यमिक विद्यालय छन् । भुजी खोलाको किनारामा रहेको बुर्तिवाङ बजारमा नेवार, थकालीहरू पसल र भट्टी थापेर बसेका छन् । तमान खोलामा झोलुङ्गे पुल र भुजी खोलामा काठे पुल छन् ।

हटिया बजार

गलकोट डाँडाको मुनि हटिया बजार छ । यहाँ नेवार र थकालीको वस्ती छ । २०२८ सालको जनगणना अनुसार यसको जनसंख्या २,८६२ छ । यहाँ २०२१ सालमा स्थापित गौमुखी माध्यमिक विद्यालय र एउटा छोटी हुलाक छन् । कात्तिक पूर्णिमाका दिन हटिया बजारमा मेला लाग्दछ ।

राजकुट

वि. सं. २०२८ को जनगणनाअनुसार यहाँको जनसंख्या ५,८९७ छ । यो जिल्लाको सबभन्दा ठूलो गाउँ पञ्चायत हो । हाले सम्पन्न भएको खानेपानी योजनाबाट यस ठाउँको लागि खानेपानीको व्यवस्था भइसकेको छ । यो ठाउँ शिखरमा रहेको हुँदा यहाँबाट वरिपरिको मनोहर दृश्य देखिन्छ र हावापानी स्वास्थ्यकर छ ।

यसैको नजीकै अर्नाकोट भन्ने ठाउ छ। यहाँ भगवती देवीको मन्दिर छ। यहाँ तीजमा र चैते दशैंमा ठूलो मेला लाग्छ। अर्नाकोट पहिलेका भुजेल राजाहरूको कोत रहेको जनश्रुति छ। यस ठाउँको उचाइ समुद्र सतहबाट १,८९५ मिटर (६,२१७ फीट) छ।

बोवाङ

यो गाउँ करीब १,८३० मिटर (६,००० फीट) को उचाइमा छ। यसको पूर्वतर्फबाट भुजी खोला बग्दछ। यहाँ कामीहरूको ठूलो बस्ती छ। पुरानो भुरे राजाहरूको कोत पनि छ। पुस, माघमा यहाँ हिउँ पर्दछ। यो बस्ती बुर्तिवाङबाट ढोरपाटन जाँदा बीच बाटोमा पर्दछ।

ढोरपाटन

यो बोवाङ गाउँ पञ्चायतमा पर्दछ। यो ठाउँ करीब ३,०४९ मिटर (१०,००० फीट) को उचाइमा चारैतिर पहाडले घेरिएको र बीचमा छ किलोमिटर जति सम्म परेको काठमाडौं उपत्यकाको जस्तो चाक्लो मैदान छ। यहाँ सानो हवाईजहाज बस्ने विमानस्थल पनि छ। यो उपत्यका पूर्व–पश्चिम लामो भएर उत्तरतिर पसेको हुँदा यसको आकार अंग्रेजी अक्षर "U" (यू) जस्तो छ। यस खाल्डोको बीचोबीच भएर बरा मन्दिरदेखि उत्तर फर्केको खोला छ, जसलाई उत्तर गङ्गा भनिन्छ। यहाँ जनै पूर्णिमामा ठूलो मेला लाग्दछ। यही खोला ढोर खोलामा मिली पश्चिम बगेर एउटा सानो नदी बन्दछ। यहाँको धेरैजसो भूमि दलदल छ। मैदानको बीच भागमा सानो पोखरी छ। यस ठाउँमा पानी बुलबुल भइरहने हुँदा यसको नाउँ नै बुलबुले छ। दक्षिणमा सुर्तिवाङको धुरी र उत्तरमा फागुनेको धुरी छन्। यहाँ अति जाडो हुन्छ। असोजदेखि फागुनसम्म हिउँ पर्दछ। यस अवधिमा यहाँका मानिसहरू बोवाङ, अधिकारी चौर तथा बुर्तिवाङ आई बस्दछन्। यस उपत्यकामा आलु र सर्स्यूँको उत्पादन हुन्छ। तिब्बती शरणार्थीहरूको बसोबासका लागि यस उपत्यकामा आलु, सर्स्यूँ र साग-पातहरूको खेती गर्नुका अतिरिक्त चौंरीगाई, भैंसी, भेडा, बाख्रा, घोडा, गधा, खच्चड, कुखुरा जस्ता पशु पाल्ने काममा पनि विशेष जोड दिइएको छ। स्थानीय जनताले आलु र सर्स्यूँको खेतीमा निकै चाख लिएका छन्।

यस क्षेत्रमा जौ, मकैको साथै सागपातको पनि खेती गरिन्छ। निसेल ढोर, भुजेल ढोर, हुकाम र मैकोट पञ्चायततिर बुटेन–घाँसहरू निकै छन्। यहाँ चौंरीगाई, भैंसी, भेडा, बाख्रा, घोडा इत्यादि चराइन्छन्। रेडक्रस प्रोजेक्ट अन्तर्गत तिब्बती शरणार्थीहरूको लागि आधुनिक ढङ्गको दुइटा गाउँ बनेका छन्। केही खाने, सुत्ने होटल पनि छन्। सञ्चार व्यवस्थाको निमित्त उक्त प्रोजेक्टको एउटा आकाशवाणी छ। सानो डिस्पेन्सरीद्वारा औषधोपचारको व्यवस्था छ। तिब्बती शरणार्थी र नेपाली केटाकेटीहरूको लागि एउटा विद्यालयको पनि व्यवस्था छ।

खाने पानीको लागि उत्तर गङ्गाको पानीको साथै पारा गाउँ र चौरमा पानी ट्याङ्की बनाइएको छ। तिब्बती शरणार्थीहरूको रोजगारको लागि रेडक्रस प्रोजेक्टले गलैंचा बुन्ने कारखाना बनाएको छ। यहाँको घाँस अति राम्रो भएकोले यहाँ पशुपालन, दुग्धशाला तथा 'चीज' फैक्टरी खोल्न सकिने देखिन्छ। यहाँ उत्तर गङ्गा बरास्थानमा जनै पूर्णिमामा मेला लाग्दछ। यहाँ एउटा गोरुको मूर्ति छ र वर्षको आठ सय जति बलि चढाइन्छन् भन्ने स्थानीय व्यक्तिहरूको भनाइ छ।

ढोरपाटनको बुलबुलेनिर जुम्ली राजा र भोटे राजाको बीचमा परापूर्वकालमा लडाईं भएको थियो भन्ने लोककथा छ ।

पूजा अर्खा

सदरमुकाम बागलुङबाट पूजा ९६ किलोमिटर (३० कोस) र अर्खा ८३ किलोमिटर (२६ कोस) पश्चिममा पर्दछन् ।

पञ्चासे धुरीबाट झिमरूक खोला बगेको छ, जसको किनारमा अर्खा, रजवारा पूजामा अर्खा नजीकमा मगरहरूको ठूलो बस्ती छ । अर्खाको गौमुखी भन्ने ठाउँबाट झिमरूक नदी दक्षिण प्यूठान तर्फ बगेको छ ।

हुकाम, मैंकोट

हुकाम, मैंकोट, टकवाच्छी, रम्भा आदि जिल्लाको सदरमुकामबाट उत्तर–पश्चिम लगभग २०० किलोमिटर टाढाका गाउँ पञ्चायतहरू हुन् । यहाँका सम्पूर्ण बासिन्दा मगर जातिका छन् । यिनीहरूले पहाड खोपेर एक माथि अर्को ढुङ्गा राखी घरहरू बनाएका छन् । बागलुङ जिल्लाको यो ज्यादै नै पिछडिएको इलाका हो । यी ठाउँहरूमा अतिशीतोष्ण हावापानीको प्रभाव पाइन्छ । यहाँका मगरहरूको मुख्य पेशा पशुपालन र खेती हो ।

यहाँ दाँतेओखर पाइन्छ । यसलाई एउटा आयको स्रोत मानी विवाहमा छोरीलाई रूख नै दाइजो दिने चलन छ ।

तमान

म्याग्दी जिल्लामा पर्ने सोलेको धुरीबाट तमान खोला झरेको छ । यसै खोलाको किनारमा तमान गाउँ पर्छ । यो गाउँ बाक्लो छ । तमान खोला ज्यादै उच्च ठाउँबाट बगेकोले यो खोला कतै कतै छहरा जस्तो देखिन्छ । तमान खोलाको आसपासमा लामेला, स्याउला, खुंखानी, बुङ्गा, घोषा आदि अन्य गाउँहरू पनि छन् । यो खोला बुर्तिवाङमा पुगेर भुजी खोलासंग मिल्छ ।

थन्थाप

यो स्थान बागलुङ बजारको दक्षिणमा पर्दछ । थन्थाप, दुल्लु, छिरती, दमेक आदि गाउँहरू दक्षिण फर्केको हुँदा रमाइलो मानिन्छन् । यहाँ धान, मकै, कोदो आदि प्रशस्त उब्जन्छन् । यहाँको जनसंख्या ३,२०६ छ । धेरैजसो बाहुन क्षेत्रीको बाक्लो बस्ती छ । थन्थापमा भगवती माईको मन्दिर पनि छ ।

बलेवा

यहाँ त्रिभुवन माध्यमिक विद्यालय, छोटी हुलाक तथा औषधालय छन् । यसको पूर्वी टारमा सानो हवाईजहाज उत्रन सक्ने विमानस्थल छ । हिउँदमा विमान सेवा चल्छ । यसलाई विस्तार गर्ने कार्यक्रम छ । यहाँको भैरवस्थान प्रसिद्ध छ । भदौ महीनाको पहिलो मङ्गलबारको दिन यहाँ मेला लाग्दछ । दक्षिण–पूर्वको पहाडी ढालमा बसेको बस्तीमा धेरैजसो बाहुन, क्षेत्री जाति छन् । यो बागलुङको सदरमुकामबाट करीब १० किलोमिटर (तीन कोस) दक्षिणमा पर्दछ ।

जनसंख्या र जनजीवन

जनसंख्या

वि. सं. २०२८ को राष्ट्रिय जनगणनाअनुसार यस जिल्लाको जनसंख्या १,७२,७२९ छ । अधिराज्यका ७५ जिल्लाहरूमध्ये आवादीको दृष्टिकोणले यो जिल्लाको स्थान चौबीसौं छ । धवलागिरि अञ्चलमा यो सबभन्दा बढी जनसंख्या भएको जिल्ला हो। यस हिसावले यहाँको जनसंख्या बाक्लं छ भन्नु पर्छ । कुल जनसंख्यामा महिला ८८,४७५ (५१.२ प्रतिशत) र पुरुष ८४,२५४ (४८.८ प्रतिशत) छन् । क्षेत्रफलको हिसावले धवलागिरी अञ्चलका जिल्लाहरू डोल्पा र मुस्ताङभन्दा यसले कम भू-भाग ओगटेको छ । यसको क्षेत्रफल २,१५,३०० हेक्टर छ । यहाँको सरदर जनघनत्व ०.८ प्रतिहेक्टर हुन आउँछ । अथवा एक वर्ग किलोमिटर जमीनमा ८० जना मानिसहरू वस्दछन् ।

यो जिल्लामा मानिसहरू बसेको घर परिवार संख्या ३१,७८५ छ र यहाँको बस्ती पूर्वमान्दा पश्चिम निसी भुजीतर्फ कम हुँदै गएको छ ।

राष्ट्रिय जनगणना २०२८ को घर परिवार सम्बन्धी तथ्याङ्क अनुसार यस जिल्लामा पाँच जना सदस्य भएको परिवार संख्या ५,१३६ छ । यसैमा सबभन्दा बढी परिवारहरू पर्दछन् । सबभन्दा थोरै परिवार संख्या वीस जना सदस्य भएको छ । यहाँको औसत परिवारमा ५–६ व्यक्ति पर्नआउँछ । यस जिल्लाको आर्थिक तथा सामाजिक दृष्टिकोणले काम गर्न सक्ने र विद्यालय जाने उमेरको जनसंख्या तलको तालिकामा देखाइएको छ ।

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
० देखि ५ सम्म	१४,६७१	१७.४	१४,६९८	१६.६	२९,३६९	१७.०
६ देखि १५ सम्म	२३,०४७	२७.४	२१,२८२	२४.१	४४,३२९	२५.७
१६ र सोभन्दा माथि	४६,५३६	५५.२	५२,४९५	५९.३	९९,०३१	५७.३
जम्मा:—	८४,२५४	१००.०	८८,४७५	१००.०	१,७२,७२९	१००.०

उपर्युक्त तालिकाबमोजिम पाँच वर्षसम्मका शिशुको संख्या २९,३६९ छ अर्थात् कुल जनसंख्याको १७ प्रतिशत छ। यसमध्ये बालक शिशुको संख्या १४,६७१ र बालिका शिशुको संख्या १४,६९८ छ। विद्यालय जान सक्ने उमेर छ वर्षदेखि १५ वर्षसम्मको केटाकेटीको संख्या ४४,३२१ छ। यस समूहमा बालिकाकोभन्दा बालकको संख्या १,७६५ ले बढी छ।

वयस्क समूह १६ वर्ष र सोभन्दा माथिको जनसंख्या ९९,०३१ छ, जुन कुल जनसंख्याको ५७.३ प्रतिशत हुन आउँछ। शिक्षा, स्वास्थ्य, रोजगारी आदिका सन्दर्भमा भविष्यमा हुने योजनाको लागि यी समूहहरू निकै महत्वपूर्ण हुन्छन्। सृजनात्मक जनशक्तिको मुख्य आधार पनि यी समूहलाई लिइन्छ।

कुनै पनि परिवारका सबै सदस्य काम गर्न सक्षम हुँदैनन्। उमेरको दृष्टिले सक्रिय र निष्क्रिय वा आर्थिक दृष्टिकोणले जनसंख्यालाई सक्षम र आश्रित दुई समूहमा छुट्टयाई त्यो बारे केही चर्चा गरिनु आवश्यक देखिन्छ। राष्ट्रिय जनगणनाअनुसार यस जिल्लामा १० वर्षदेखि ५९ वर्षसम्मको सक्षम जनसंख्या १,१२,८८७ अर्थात् कुल जनसंख्याको ६५.४ प्रतिशत हुन्छ र १० वर्ष मुनि र सोभन्दा माथिको जनसंख्या ५९,८४२ अर्थात् कुल जनसंख्याको ३४.६ प्रतिशत हुन आउँछ। यसप्रकार यो जिल्लामा आश्रितभन्दा सक्षम जनसंख्या ५३,०४५ ले बढी छ। यस अनुसार जिल्लाको सक्षम र आश्रित जनसंख्याको अनुपात १००:५३ हुन आउँछ, अर्थात् १०० जना व्यक्तिले आफू बाहेक अरू ५३ जनालाई पाल्नु पर्दछ।

गाउँ घरमा सानै उमेरदेखि प्रत्यक्ष वा अप्रत्यक्षरूपले खेतीपातीको काममा लाग्ने र ६० वर्ष माथिको उमेरलाई वृद्धावस्था सम्झने हाम्रो आर्थिक जीवन चक्रको आकारमा १० देखि ५९ वर्षलाई सक्षम जनशक्ति मानिएको हो, तर अन्तर्राष्ट्रिय चलन अनुसार १५ देखि ६४ वर्षसम्मकालाई सक्षम जनशक्ति मान्ने चलन छ। यस अनुसार हिसाब गर्ने हो भने यहाँको आर्थिक दृष्टिले सक्षम जनशक्ति ९६,५९० अर्थात् कुल जनसंख्याको ५५.९ प्रतिशत हुन आउँछ। त्यस्तै १४ वर्ष र सोभन्दा मुनि र ६५ वर्ष र सोभन्दा माथिका आश्रित जनसंख्या जम्मा ७६,१३९ अर्थात् ४४.१ प्रतिशत हुन आउँछ। यसअनुसार पनि आश्रित संख्याभन्दा सक्षम संख्याको प्रतिशत ११.८ बढी हुन्छ। अन्तर्राष्ट्रिय परिपाटी अनुसार १०० जना सक्षम माथि करीब ७९ आश्रितको जीवन निर्वाहको दायित्व पर्ने हुन्छ। यस परिपाटीअनुसार आर्थिक निर्भरताको अनुपात १००:७९ हुन आउँछ।

यस जिल्लामा छ वर्ष र सोभन्दा माथि उमेरको जनसंख्या १,४३,३६० छ। यस समूहमा पर्ने पुरुष ६९,५८३ मध्ये ३४,७११ विवाहित छन् र महिला ७३,७७७ मध्ये ४१,९९८ विवाहित छन्। १४ वर्ष मुनिका १५३ केटाहरू र ४२३ केटीहरूको विवाह भएको देखिएकोले यस जिल्लाबाट बाल विवाहको प्रथा पूर्ण हटेको छैन भन्ने कुरा झल्किन्छ। अविवाहित तर्फ स्वास्नीमान्छेभन्दा लोग्नेमान्छे बढी छन्। कतिपय आर्थिक तथा सामाजिक कारणले गर्दा वा सैनिक सेवाको लागि विदेश जानु पर्ने भएकोले विवाहित लोग्नेमानिसहरूको संख्या कम देखिएको हुन सक्छ। जिल्लामा बिधुवा ६,७३६ र विधुर १,९३६ छन्।

अन्य जिल्ला जस्तै बागलुङ जिल्लामा पनि विभिन्न जात–जातिले बसोबास गरेका छन् । यी जातिहरूले राष्ट्रभाषा नेपाली बुझ्दछन् तापनि आपसमा बोल्दा आफ्नो मातृभाषा नै बोल्दछन् । भाषा–भाषीको आधारमा जनसंख्याको विभाजन निम्न तालिकाबमोजिम छः–

भाषा	बोल्नेको संख्या	प्रतिशत
नेपाली	१,६५,३६६	९५.५
मगर	२,७९४	१.६
नेवारी	१,८३२	१.१
अन्य	२,७३४	१.८
जम्माः–	१,७२,७२६	१००.०

राष्ट्रभाषा नेपाली पछि मगर भाषा बोल्नेको संख्या २,७९४ हुन आउँछ । यस जिल्लाको निसी भुजी क्षेत्रमा खासगरी हुकाम, मैकोट, टकबाच्छी गाउँ पञ्चायततर्फ मगरहरूको आवादी छ ।

मगर बाहेक अन्य जातिहरू विभिन्न ठाउँमा छरिएर बसेका छन् । नेवार र थकाली जाति विशेषगरेर मूलबाटो र बजार लाग्ने ठाउँहरूमा बसेको देखिन्छ । यहाँका नेवारहरू प्रायः भादगाउँले हुँदा भाषा लवज पनि भादगाउँमा बोलिने नेवारी जस्तै छ । मगर भाषा पनि अरू जिल्लाका मगरहरूको भाषासँग मिल्दैन । निसी, भुजी, बोवाङ तथा पूजातर्फ बोलिने राष्ट्रभाषा नेपाली पनि झट्ट बुझ्न गाह्रो पर्छ ।

यस जिल्लामा सबभन्दा धेरै हिन्दू धर्मावलम्बीहरू छन् । अरू धर्ममान्नेहरूको संख्या नगण्य छ । हिन्दू धर्मअनुसार विभिन्न देवदेवी, मगरदेवता बराबरी आदिको पूजा–आजा हुन्छ । दशैं–तिहार जस्ता चाड–पर्व बाहुन, क्षेत्री, नेवार, गुरुङ, मगर सबैले आ–आफ्नो गच्छेअनुसार मान्दछन् । आफ्नो धार्मिक तथा सांस्कृतिक परम्परालाई अपनाएर यस जिल्लाका जनता सहिष्णुता र सद्भावनाका साथ मिलेर बसेका छन् ।

सीमित कृषि उपजले जीवन धान्न धौ धौ पर्ने हुँदा यस जिल्लाका धेरै युवकहरू भारत तथा मलायामा गई सैनिक सेवामा भर्ती हुन्छन् । धेरै वर्ष सैनिक सेवामा बाहिर बस्नेले आफ्नो जहान समेत लिएर जाने र त्यहीं बच्चा जन्मने भएकोले कुल जनसंख्यामा जम्मा १,१४१ विदेशमा जन्मस्थान भएको देखिन्छ । यहाँ ढोरपाटनमा तिब्बती शरणार्थीहरू बसेका छन् ।

बागलुङ जिल्लाका ६१ वटा गाउँ पञ्चायतहरूको नाउँ र जनसंख्या तल दिइएको छः–

गाउँ पञ्चायत	जनसंख्या	गाउँ पञ्चायत	जनसंख्या
१. अर्जेवा	१,८१४	२. अधिकारी चौर	२,३२३
३. अर्खा	३,२४०	४. अर्गल सिले	१,५१०
५. अमलाचौर	४,४१८	६. काँडेवास	२,३७९
७. कालिका	३,३७७	८. कुडुले	१,२०१

९. कुस्मी	२,७५२	१०. खाल (भिङखाल)	१,६५३
११. खुँगा	१,७२५	१२. खुखानी	१,४९०
१३. घसघसा (शीतलपाटी)	१,८१८	१४. छिस्ती	४,६६८
१५. जंदी	२,५३९	१६. टकबाच्छो	१,९४०
१७. तमान	२,०८२	१८. तंग्राम	२,६०५
१९. तारा	२,४५१	२०. तित्याङ	१,७६७
२१. दर्लिङ	१,७७४	२२. दमेक	४,३६६
२३. दुदिलाभाटी	२,९६३	२४. भन्जा	२,००९
२५. भुल्लुपाट्टी	२,०७८	२६. धुल्लुवाँसकोट	३,२५६
२७. नारायणस्थान	२,४१९	२८. नरेठाँटी	३,०४९
२९. निसी	३,६९०	३०. पालाकोट	२,२७८
३१. पूजा	३,३७६	३२. पैयुँपाटा	३,९४१
३३. पैयुँथनथाप (थुनियापैयुँ)	३,४०६	३४. विहु	५,१३४
३५. बुँगादोभान	३,३७३	३६. बिनामरी	१,८९९
३७. बुर्तिवाङ	३,७३७	३८. बोहरा गाउँ	५,५४०
३९. बोवाङ	५,२७२	४०. भकुण्डे	३,३१५
४१. भिङगिठे	२,५३१	४२. भीम पोखरा	२,१७२
४३. मल्म	४,२१६	४४. मूलपानी	३,८३५
४५. मुस्कट अम्बर भूमि	१,७०३	४६. मैकोट	१,३४५
४७. रजवारा	३,१८१	४८. रणसिं किटेनी	१,७२६
४९. रन्भा	९७६	५०. राङखानी	२,४६९
५१. राजकुट	५,८९७	५२. रेश	३,४१४
५३. लहरे पीपल	२,१२९	५४. लेरवानी	२,३२७
५५. सल्यानसुखौरा	३,०६१	५६. सर्कुवा	२,१११
५७. सिंगाना	५,०३३	५८. हटिया	२,८६२
५९. हरिचौर	३,६५९	६०. हिल	२,१२९
६१. हुकाम	१,३२६		

यसमा सबभन्दा बढी अर्थात् ५,८९७ जनसंख्या भएको पञ्चायत राजकुट हो र सबभन्दा कम अर्थात् ९७६ जनसंखया भएको पञ्चायत रन्भा हो। जनसंख्याको आधारमा विश्लेषण गर्दा अधिकांश पञ्चायतहरू २,००० देखि २,९९९ जनसंखयाको समूहभित्र पर्दछन् ।

जनजीवन

अन्य जिल्लाहरूमा जस्तै यहाँ पनि बाहुन, क्षेत्री, मगर, नेवार, गुरुङ, थकाली, कुमाल, दमाई, कामी, सार्कीहरूको बसोवास छ। यी जातिहरूमध्य बाहुनहरू करीब ५० प्रतिशत, मगर २५ प्रतिशत, नेवार १० प्रतिशत र अन्य विभिन्न जातिगरेर १५ प्रतिशत होला भन्ने अनुमान गरिएको छ।

यहाँको बाहुन समाजमा प्राचीन परम्परा बढी मात्रामा पाइन्छ। आफ्ना इष्टदेव देवीको पूजा गर्नु, वेद पढ्नु-पढाउनु, यज्ञ आदि गर्नु, पुरोहितको काम गर्नु आदि कार्य नै यिनीहरूको विशेषता हो। यहाँका बाहुनहरू कृषिको अतिरिक्त व्यापार तथा जागीरमा लागेका छन् ।

क्षेत्रीहरूको रीतिस्थिति प्रायः बाहुन समाजसँग मिल्दछ। यस जिल्लामा खड्का, बस्नेत, पाँडे, खत्री, थापा, रोक्का क्षेत्री, कार्की, बिष्ट छन् । कृषि, व्यापार तथा जागीर नै यिनीहरूको मुख्य पेशा हो ।

यहाँ भक्तपुरबाट आएका नेवारहरू धेरै छन् । यिनीहरूमा बढी श्रेष्ठ छन् । यस पछि जोशी, मल्ल, प्रधानाङ्ग, बाटाजु, प्रधान, पालिखे र प्रजापति छन् ।

शाक्य, गुभाजू, मानन्धर थरका पनि केही परिवार छन् । तिनीहरू बौद्ध धर्म मान्दछन् । नेवारहरू धेरैजसो बागलुङ बजार, बुर्तिवाङ, हटिया, हरिचौर, राजकुट, भिखाल आदि मूलबाटोमा पसल थापी बस्ने गर्दछन् । व्यापार यस जातिको मुख्य पेशा हो ।

बागलुङको निसी भुजी क्षेत्रमा मगरहरूको बढी बस्ती छ । निसी खोलाको किनारमा बस्नेलाई निसेल र भुजी खोलाको किनारमा बस्ने मगरहरूलाई भुजेल मगर भनिन्छ । यी बाहेक पुन, रोक्का, घर्ती, बूढा, आदि मगरहरूको आवादी बढ्ता छ । बागलुङ जिल्लाको उत्तर–पश्चिम स्थित हुकाम, मैकोट, रम्भा, टकवाच्छी गाउँ पञ्चायतहरूका प्रायः पूरै जनसंख्या नै मगरहरू छन् भने हुन्छ ।

यहाँका मगरहरू प्रायः मङ्गोलियन कदका गहुँगोरो, चेप्टे गाला, चिम्सो आँखा, थेप्चो नाक, ठूलो कान, बाटुलो टाउको र पुड्को तर हृष्टपुष्ट हुन्छन् ।

यिनीहरू चाड–पर्वमा जाँड, रक्सी, मासु बढी खान्छन् । मेहनती जात भएकोले यिनीहरूले खेतीपातीको साथै पशुपालन, खानी खोज्ने काम र सिकर्मी, डकर्मी तथा अन्य घरेलु उद्योगको काम गर्दछन् । विदेशमा गई सैनिक सेवामा लाग्ने पनि धेरै छन् र मगर जातिमा छोरा छोरीको विवाह उमेर पुगेपछि आमाबाबुको राय सल्लाहअनुसार हुन्छ । केटी माग्दा आमा बाबुले नदिएमा वा केटी स्वयंले विवाह गर्न नमानेमा वर पक्षले केटीलाई फकाएर लैजाने चलन छ । केटी मात्र नमानेमा आमाबाबुले केटी फकाएर लैजाउ भन्ने सल्लाह पनि दिने चलन छ । यिनीहरूको समाजमा पाएसम्म मामाकी छोरी नै विवाह गर्ने गर्दछन् । विवाह हुँदा तीन दिनमा दुलही फर्काउने चलन छ । वर्षको दुई पटक साउनमा १५ दिन र चैतमा १५ दिन दुलही माइत बस्ने परम्परा पनि देखिन्छ ।

यिनीहरूमा सोरठी नाच्ने चलन पनि छ, जो प्रायः सोह्रश्राद्धको अवसरमा हुन्छ । छोरा छोरीहरूलाई रोदीमा जान आमाबाबुबाट कुनै रोकटोक हुँदैन । प्रेम विवाह अथवा केटी फकाएर लगी बिहे गर्ने चलनलाई मगर जातिको रोदीमा जाने परम्पराले ठूलो टेवा दिएको मान्नुपर्छ । प्रायः चाड-पर्वमा मगर ठिटा ठिटीहरू रातमा एक ठाउँमा जम्मा हुने र नाचगान गर्ने गर्दछन्, जसलाई रोदी

बस्ने भन्दछन् । यस अवसरमा ठिटा ठिटीले प्रेम गर्ने मौका पाउँछन् र उसैसँग विवाह गर्दछन् । मगर केटीहरूले पति रोज्दा हृष्टपुष्ट, नाच्न सिपालु र लाहुरे भएकालाई महत्व दिन्छन् । मगर जातिमा माहुर खुवाउने चलन छ । जाँड, रक्सी, रोटी, मासुको परिकार भएको माहुर केटी पक्षले खाएपछि विवाह हुने कुरा पक्का भएको ठानिन्छ । तर विवाह दुई-चार वर्षपछि पनि हुन सक्छ । विवाहमा अरू जातिको जस्तो जन्ती जाने चलन छ । तर जन्तीमा आइमाईहरू पनि सोलीमा जाँड, रक्सी बोकेर जान्छन् ।

विवाहपछि बडा दशैंमा बेउला बेउली ससुराली जान्छन् र ढोग–भेट गर्दछन् । यस बखत ससुरालीतर्फको मागअनुसार केही पाथी रक्सी, जाँड, बारा, बटुक रोटी, मासु लग्दछन् । ढोग–भेट कार्य सकेपछि बिहे पाको भएको ठहरिन्छ ।

पुरानो चलनअनुसार मगर आइमाईहरू घरबुनाको सारी, भेडाको ऊनबाट बनेको पटुका, मखमलको चोलो, घलेक र मजेत्रो लगाउँछन् । लोग्नेमानिसले भोटो–कछाडदेखि दौरा-सुरुवाल, टोपी, कमीज, कोट, इस्टकोट आदि लगाउँछन् । स्वास्नीमानिसको शृङ्गार प्रसाधनमा हातमा चाँदीको बाला, चुरा; कानमा ढुङ्ग्री, चेप्टे, मुन्द्री; नाकमा बुलाकी, फूली र सिरमा किलिप; घाँटीमा पोतेको माला, मुगाको माला वा कम्पनी सिक्काको माला लगाउँछन् । बिहाबारीमा आइमाईहरूले कपालमा श्रीबन्दी, सुनको फूल आदि लगाउँछन् ।

मगरहरू छैंटी मान्दछन् र एघार दिनमा न्वारान गर्दछन् । न्वारानमा नाम राख्ने काम बाहुन पुरोहितबाट हुन्छ ।

यिनीहरूले लाशलाई डाँडामा वा खोला किनारमा जलाउँछन् । मृत्यु संस्कार कार्य बाहुन पुरोहितद्वारा चलाउँछन् । १३ दिनसम्म नून, तेलको बारन गर्ने, ४५ दिनमा बर्खी फुकाउने र श्राद्ध तर्पण आदि गर्ने चलन पनि पाइन्छ ।

बागलुङ जिल्लामा थाक खोलाबाट बसाइँ सरी आएका थकालीहरू पनि छन् । यिनीहरू बौद्धमार्गी हुन्, तरआज–भोलि समयअनुसार कसै कसैले हिन्दू धर्म पनि ग्रहण गरिसकेका छन् । यिनीहरू धेरै जसो हृष्टपुष्ट, रसिला, हँसिला र मङ्गोलियन कदका हुन्छन् ।

यिनीहरूले एघार दिनमा न्वारान आफ्नै पुरोहित (झाँक्री) बाट गराउँछन् । व्रतबन्धमा कुमार यात्रा चलाउँछन् । यिनीहरूले चौंरी देवता र आदि देवता मान्छन् । उनीहरू वर्षको एक पटक दशैंको श्राद्ध गर्न आफ्नो मूल थलो कोवाङ थाकमा गई पूजा गर्दछन् । विवाहमा यिनीहरूको मामा चेली, फुपू चेली चल्छ । "मामाको छोरी रोजी रोजी फुपूकी छोरो खोजी खोजी" भन्ने प्रचलित उखान छ । विवाहमा दुलहीलाई टीका लगाई दिने र दुलाहालाई पनि टीका लगाई नैनसुत कपडाको फेटा गुथाएर दुलहा–दुलहीलाई आमाबाबुले आशीर्वाद दिन्छन् । धेरै साहसिला, थकालीहरूमा पारपाचुके राजीखुशी साथ हुन्छ । थाक खोला यिनीहरूको पैतृक भूमि हो । यिनीहरू परिश्रमी र उद्योगी हुन्छन् । व्यापार नै यिनीहरूको मुख्य पेशा हो । मिलनसार स्वभावका यी थकालीहरू छ महीना आफ्नो पहाडी घर र छ महीना जाडो मौसममा गरम ठाउँमा गई पसल थापी बस्छन् ।

थकाली आइमाईहरूले कानमा सुनको ढुङ्ग्री, मारूली; गलामा मुगा, टुथो र सुनको नौगेडी र विवाह पर्वमा सिरमा सुनको सिर फूल, किलिप, चन्द्रमा; हातमा सुनको बाला, रैयाँ, चुरी; औंलामा जलशी (सुनको सिक्री, औंठी), बाँके, मुन्द्रा लगाउने चलन छ। पुरानो चलनअनुसार लुगामा चोलो, टाउकोमा मुजेत्रो, जामा, टेकी, पटुका र बख्खु लाउँछन्।

बागलुङ जिल्लाका बाहुन, क्षेत्री र ठकुरीको पोशाक प्रायः मिल्दछ। धेरैजसोले कमीज, सुरुवाल र टोपी लाउँछन्। कुनै कुनै ठकुरी बूढाहरूले छ-सात हातको असल कपडाको फेटा बान्ने चलन कतै कतै देखिन्छ। गाउँ घरमा धेरैजसो लोग्नेमान्छेहरूले भोटो र कछाड लगाउँछन्। कोही गादो भिर्छन्। मखमलको इस्टकोटमा कम्पनीको टाँक उनेको हुन्छ। बाहुनहरूमा लबेदाको साथमा धोती लगाउने पनि चलन छ। माथि लेखिएको बाहेक प्रायः स्त्री जातिले गुन्यू चोलो र घलेक लाउँछन् र मजेत्रो (पछ्यौरा) ओढ्ने तथा घाँटीमा तिलहरी, पोते, मुगा, नौगेडीको माला; नाकमा फूली, बुलाकी; कानमा सुनको ढुङ्ग्री, चारपाते र आजभोलि सिर मुन्द्रीको पनि चलन आएको छ।

हातमा सुन वा चाँदीका बाला र काँचका चुरा; औंलामा असर्फीका औंठी पनि लगाउँछन्। कपाल बाट्ने गर्छन्। बालक जन्मेको छैठौं दिनमा छैठी गर्ने र एघार दिनमा न्वारान गरी चोख्याउने बाहुन क्षेत्रीको चलन छ। नेवारहरू कोही चार दिनमा र कोही छ दिनमा सुतक चोख्याउने गर्दछन्।

चाड-पर्व र लोक संस्कृति

हिन्दू धर्मावलम्बीको दशैं र तिहार मुख्य चाड हुन्। माघे संक्रान्ति, साउने संक्रान्ति, वसन्त पञ्चमी, फागू पूर्णिमा, बाला चतुर्दशी, हरिशयनी र हरिबोधिनी एकादशी, कृष्ण जन्माष्टमी, ऋषि तर्पणी, राम नवमी तथा चैते दशैं जस्ता चाडहरू पनि जिल्लाभर विशेषरूपमा मनाउँछन्। चैते दशैंमा बागलुङ सदरमुकाम नजीकै स्थित कालिका भगवती स्थानमा ठूलो मेला लाग्दछ। सयकडौं व्यक्तिको मेला हुन्छ र पञ्चबलि चढाई भगवतीको पूजा हुन्छ। यस बखत टाढा टाढाका भक्तजनहरू र व्यापारी आउँछन्।

यस्तै माझकोट, गलकोट, बिहुँकोट, अर्नाकोट, राजकुट आदि ठाउँमा पनि बडा दशैं र चैते दशैंमा पूजा-आजा र मेला हुन्छ। मगरहरूले पनि आ-आफ्नो कुल देवता बराबरीको पूजा गर्दछन्।

बागलुङ बजारदेखि पूर्वतिर कृष्ण गण्डकीको किनारमा नीरहे घाटमा जङ्गेश्वर महादेव र लक्ष्मी नारायणको मन्दिर छन। यहाँ कात्तिकको ठूलो एकादशीको दिन मेला लाग्दछ।

जनै पूर्णिमाको दिन ढोरपाटन, उत्तर गङ्गामा मेला लाग्दछ। रिडी, रूकुम, आदि ठाउँबाट समेत मानिसहरू आउँछन्। सोही दिन गलकोटनिर घुम्टेको सिद्ध मन्दिरमा मेला लाग्छ।

बलेवा पैयुँपाटामा भैरवस्थान छ, जहाँ भदौ महीनामा पर्ने पहिलो मङ्गलबारको दिन मेला लाग्दछ।

कालुङ खोला र काली गण्डकीको दोभानमा परापूर्वकालमा जयमुनि ऋषिले तपस्या गरेको भनिने यस स्थानलाई ज्यामिरघाट भन्दछन् । यहाँ माघे संक्रान्तिमा ठूलो मेला लाग्छ ।

सदरमुकाम बागलुङ बजारमा घण्टाकर्ण, गाईजात्रा, रोपाइँ जात्रा, गणेश जात्रा, भीमसेन जात्रा आदि जात्राहरू लाग्छन् ।

लोक गीत

यस जिल्लामा आफ्नैपनको लोक गीत, दोहरीको रूपमा गाउने झाम्रे गीत, सोरठी आदि प्रचलित छन् । यी विभिन्न लयका गीतहरू मादलका विभिन्न तालमा गाइन्छन् । मगर र गुरूङ जातिमा मादलको बढी चलन छ । बाहुनहरूमा चलेको निर्गुण भजन र बालनहरूमा खंजडी र मजुराहरूको प्रयोग हुन्छ ।

नृत्य

विशेष पर्व, जात्रा र मेलामा बागलुङ बजारका युवक युवती र विद्यालयका केटाकेटीहरू रुचिसाथ नृत्यमा भाग लिन्छन् । गाउँ घरमा रोदी, सोरठी, घाटु र बालनका नृत्यहरू र तीजका नाचहरू उल्लेखनीय छन् ।

आर्थिक व्यवस्था

यस जिल्लाको आर्थिक व्यवस्थाको मूल आधार कृषि हो । अधिकांश जिल्लाबासीहरूले खेतीपाती तथा पशुपालनबाट जीवनयापन गरिरहेका छन् । भौगोलिक दृष्टिले जिल्लाको प्रायः सम्पूर्ण भू-भाग मध्यपर्वतीय क्षेत्रभित्र परेकोले यहाँ खेतीयोग्य भूमि पर्याप्त छैन र यहाँको उब्जनीले जिल्लाबासीहरूलाई खान पुग्दैन । केही जिल्लाबासीहरू विदेशमा गइ सैनिक सेवा तथा अन्य नोकरीबाट धन आर्जन गरी फर्कन्छन् । यस प्रकार जिल्लामा उत्पादित घ्यू, सूठो, जरीबुटी आदिको निकासीबाट जिल्लाभित्रको उपजबाट पूरा नहुने आवश्यकताहरू जस्तै खाद्यान्न, नून, तेल, कपडाको आपूर्ति गर्दछन् । घरेलुस्तरमा पशुपालनको माध्यमबाट राडी, पाखी, गलैंचा, घुम, घ्यू बनाउनुको साथै रौंबाट काम्लो र छालाबाट जुत्ता र पेटी बनाउँछन् । यहाँको बन जङ्गलमा पाइने वस्तुहरूबाट नेपाली कागज, नली, काँगियो बनाइन्छन् । यस बाहेक डोका, डाला, मान्द्रा बुन्ने काम स-साना असङ्गठित कुटीर उद्योगको रूपमा छन् । यहाँका केही मगरहरू यहाँ पाइने धातु र स्लेट खानी खन्ने व्यवसायमा लागेका छन् । यी बाहेक जिल्लामा ठूलठूलो उद्योग धन्धा छैन । ढोरपाटनले केही पर्यटकहरूलाई आकर्षण गरेको छ तर यातायातको सर्वाधिक कठिनाइले गर्दा उद्योगधन्धा र व्यापार फष्टाउन सकेका छैनन् । बागलुङ बजार र गलकोट जिल्लाभित्रका व्यापारिक स्थल हुन् र त्यहाँका प्रायः नेवार र थकाली जाति व्यापार पेशामा लागेका छन् ।

कृषि

माथि उल्लेख गरेअनुसार कृषि यस जिल्लाको आधारभूत पेशा हो तापनि कृषियोग्य भूमिको कमी, परम्परागत कृषि पद्धति, मलजलको अभाव आदि कारणले गर्दा यहाँको उब्जनी जिल्लाबासीहरूको लागि पर्याप्त छैन ।

वि.सं. २०२८ सालको कृषि तथ्याङ्कअनुसार जिल्लाको क्षेत्रफल २,१५,३०० हेक्टरमध्ये १२,८०० हेक्टर मात्र आवाद छ । यसबाट करीब छ प्रतिशत मात्र आवादी भएको देखिन्छ । जिल्लाको धेरैजसो भू-भाग पहाड-पर्वतले ढाकेको हुँदा यहाँको जमीन प्रायः पाखो बालीको लागि उपयुक्त छ । उर्वरा जमीनको नाउँमा दरमखोलाको किनारामा रहेको गलकोट बेंसी, बागलुङ र बलेवाको टार-बेंसीको नाम उल्लेखनीय छन् ।

यहाँ लगाइने प्रमुख खाद्यान्नहरूमा मकै, धान, कोदो, गहुँ, जौ हुन् । यहाँ सबभन्दा धेरै खेती मकैको हुन्छ । जिल्लामा लगाइने बालीहरूमध्ये मकै लगाइने क्षेत्रफल ठूलो छ । साथै मकैको उत्पादन पनि सबभन्दा धेरै हुन्छ । यस जिल्लाको अधिकांश होचा तथा मध्यम उचाइका पाखाहरूमा मकैलाई वर्षे बालीको रूपमा लगाइन्छ । दोस्रो महत्वपूर्ण बाली धान हो । धानको खेती प्रायः बलेवा, बागलुङ, गलकोट फाँट आदिमा हुन्छ । कोदो, गहुँ, जौ, आलु आदि यहाँका अन्य खाद्यान्न बाली हुन् । बोवाङ, तमान, निसी आदि ठाउँमा आलुको खेती उल्लेखनीय छ । निसी र भुजेल ढोर इलाकाको प्रमुख कृषि उत्पादन नै आलु हो ।

कृषि तथ्याङ्क पुस्तिकाअनुसार यस जिल्लामा विभिन्न बालीहरूले ढाकेको क्षेत्रफल र उत्पादन निम्नबमोजिम छः–

उत्पादनको तालिका

क्षेत्रफल– हेक्टरमा
उत्पादन– मेट्रिक टनमा

	२०२६।०२७		२०२७।०२८		२०२८।०२९		२०२९।०३०	
	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन	क्षेत्रफल	उत्पादन
मकै	८,१००	१५,२९०	८,४००	१६,१७०	८,४००	१२,४३२	८,०००	१६,०००
धान	२,४३०	५,४१९	२,४५०	५,६३५	२,५००	५,०००	२,३२४	४,६४८
कोदो	१,९००	२,२४२	२,०००	२,४००	–	–	२,०६६	२,४८९
गहुँ	४००	५४०	४००	३९६	५००	५००	८००	५४९
जौ	२२५	२२५	२३०	२३०	–	–	२३५	२३५
तोरी	२५०	११९	२५०	११९	–	–	२०३	९१
आलु	२७५	१,३००	३२०	१,५३६	–	–	३७५	१,६८७
जम्मा	१३,५८०	–	१४,०५०	–	–	–	१४,००३	–

उपर्युक्त तालिकाअनुसार मकैको बालीले ढाकेको क्षेत्रफल सबभन्दा धेरै छ । आर्थिक वर्ष २०२७।०२८ मा उक्त बालीले ८,४०० हेक्टर जमीन ढाकेको र उक्त वर्ष मकैको उत्पादन १६,१७० मेट्रिक टन थियो । त्यस्तै उक्त वर्ष २,४५० हेक्टरमा धान खेती भएकोमा ५,६३५ मेट्रिक टन उत्पादन भएको थियो । आर्थिक वर्ष २०२९।०३० मा आर्थिक वर्ष २०२७।०२८ को दाँजोमा मकै र धान बालीहरूको क्षेत्रफल घट्नुको साथै उत्पादन पनि घटेको छ । आर्थिक वर्ष २०२९।०३० मा तालिकामा उल्लेख गरिएका बालीहरूले ढाकेको कुल जमीन १४,००३ हेक्टर थियो । माथि उल्लिखित बालीहरू बाहेक यो जिल्लामा सुर्ती, उखु आदि नगदे बालीहरू लगायत अन्य बालीहरू जस्तै सिमी, मास, केराउ, भटमास र फापर आदिको खेती गरिन्छ ।

अन्य पहाडी जिल्लाहरूमा जस्तै यहाँ खेतमा धान, मकै, गहुँ र पाखोमा मकै, कोदो, तोरी, आलु आदि लगाइन्छन् । मकै चैत–वैशाखमा रोप्ने, जेठ–असारमा गोड्ने र साउन–भदौमा भाँच्ने गर्दछन् । धान असार–साउनमा रोप्ने, साउन–भदौमा गोड्ने र कात्तिक–मङ्सीरमा काट्ने गरिन्छ ।

कुनै पनि बाली लगाउनुभन्दा पहिले जमीनको तयारी गर्न खनजोत गर्दा मल हालिन्छ । मल प्रायः तीन पटक हालिन्छ । हिजो–आज सीमित मात्रामा रासायनिक मलखादको पनि प्रयोग हुने गरेको छ ।

स्थानीय बासिन्दाहरूले गोबर, कुहे सडेको झारपात आदिबाट कम्पोष्ट मल बनाउँछन् । धेरैंजसो यसैको प्रयोग गर्दछन् । बागलुङ बजार र अन्य केंही स्थानमा मात्र रासायनिक मलको प्रयोग भएको छ ।

अधिकांश कृषकहरू आपसमा मिलिजुली रोपाईं गर्ने, दाइँ गर्ने गर्दछन् । यसलाई पर्म भनिन्छ । यसको साथै ज्याला दिएर खेताला लगाउने चलन पनि छ, यसलाई स्थानीय व्यक्तिहरू निमेक भन्दछन् । खेतालालाई सरदर दैनिक ज्याला रू. ३। दिने र खाजा खुवाउने गर्दछन् ।

ज्यादाजसो परम्परागत कृषि प्रणाली नै चलनमा छ । स्थानीय काठको हलो, बाउँसो, कोदाली, हँसिया, बञ्चरो, कुटो आदि औजारहरू प्रयोगमा ल्याइन्छन् । धेरैंजसो स्थानीय कामीहरूबाट नै यी औजारहरू बनाइने गरिन्छ । हालसाल वीरगञ्ज कृषि औजार कारखानाबाट उत्पादित औजार पनि उपयोग गर्न थालिएको छ ।

जिल्लाको आवादी प्रतिव्यक्ति कम भएकोले र पहाडी भूमिमा उब्जाउ पनि कम हुने हुंदा यहाँको उब्जनीबाट जिल्लाबासीहरूलाई पर्याप्त खान पुग्दैन । यहाँको उब्जनीले आठ-नौ महीना खान पुग्ने अनुमान छ । यसैले यहाँ वाहिरबाट विशेषगरी बुटवल, भैरहवातिरबाट खाद्यान्न पनि भित्र्याउने गरिन्छ ।

यहाँ विभिन्न समयमा गरिएको नापीअनुसार खेत जग्गा १,३८७ खेत, ५६ मुरी, १७ पाथी अर्थात् करीब ३४,६८६ रोपनी (१,७३४ हेक्टर) छ । यहाँको पाखो जग्गाको लगत हले, पाटे, कोवाले, फड्के आदि पुरानो नापको आधारमा राखिएको छ ।

लगतबमोजिम खेततर्फ रू. ६६,२५४। र पाखोतर्फ रू. ३३,६९१। गरी जम्मा रू. ९९,९४५। मालपोत वर्षेनी उठ्दछ ।

भूमि सुधारमा पेश भएका सात नं. फाँटवारीअनुसार यस जिल्लामा जग्गा धनीहरूको संख्या यस प्रकार छः–

एक देखि बीस रोपनी (०.०५ देखि एक हेक्टर) जग्गा हुनेको संख्या	३४,५१५
२० देखि ३० रोपनी (एक देखि १.५ हेक्टर) जग्गा हुने	९८
३० रोपनीभन्दा देखि ४५ रोपनी (१.५ देखि २.३ हेक्टर) जग्गा हुने	१५
४५ रोपनीभन्दा देखि ६० रोपनी (२.३ देखि ३ हेक्टर) जग्गा हुने	७
६० रोपनीभन्दा देखि ८० रोपनी (३ देखि ४ हेक्टर) जग्गा हुने	२
८० रोपनीभन्दा देखि (४ हेक्टर भन्दा बढी) जग्गा हुनेहरूको संख्या	४

यस प्रकारले यस जिल्लामा हदबन्दीभन्दा धेरै जग्गाहरू हुनेमा चार जनाभन्दा बढी देखिंदैनन् ।

जिल्लाभरमा ६१३ मौजा छन् र जिम्मावाल तथा मुखियाको संख्या करीब ५०८ छ । यस जिल्लामा तालुकी प्रथा चालू छ। तालुकदारबाट मालपोत असूल गरी लगत फर्छाउने गरिएको छ।

यस जिल्लामा भूमि सुधार लागू भएदेखिन् २०३० साल असार मसान्तसम्मसा साहुहरूको संख्या ४,०४६ र असामीहरूको संख्या २८,४०५ देखिन्छ । उक्त अवधिमा रू. ८६,२४,६७८। को ऋण निश्चित भएकोमध्ये ऋण मुक्त फछ्र्योट रू. ७,७१,४६३। छ र ऋण निश्चित गरेपछि साहुलाई तिर्नु पर्ने रू. ७८,५३,२१५। भएको देखिन्छ । जम्मा २६,०९९ किसानहरूलाई मोहियानी हक प्रदान गरिएको छ । अनिवार्य वचततर्फ नगदी रू. १,०७,१०२। र जिन्सी ३,८३५।४।६ सङ्कलन भएको थियो । यो रकमबाट किसानहरूलाई ग्राम समिति तथा वडा समिति मार्फत ऋण वितरण गरिएको छ । ऋण वितरण भई बाँकी रहेको रकम भूमिसुधार कार्यालय मार्फत तत्कालीन भूमि सुधार वचत संस्थानमा जम्मा भएको थियो । यस रकमबाट पाइने ऋणद्वारा किसानहरूले आफूलाई चाहिने मल, बीउ उपलब्ध गर्थे ।

कृषि ऋण

यस जिल्लामा कृषि विकास बैंकको उपशाखा २०३० साउन २४ गते मात्र स्थापना भएको हो। यहांका बासिन्दाहरू परम्परागत हिसाबले स्थानीय साहुमहाजनहरूबाट ठेकी, आने, ढ्याके जस्तो ब्याज तिर्ने गरी ऋण लिने गर्दथे । कृषि विकास बैंकको स्थापना भएपछि स्थानीय साहु महाजनबाट लिइने ऋणको मात्रा घट्दै गएको छ । यस बैंकले खाद्यान्न उत्पादन ऋण, फार्म विकास तथा सिचाइ, कृषि-जन्य उद्योग तथा बेचबिखन, पशुपालन र फलफूल खेती जस्ता कार्यको लागि ऋण वितरण गर्ने गर्दछ ।

पशुपालन

बागलुङ जिल्लाको धेरैजसो भाग अग्ला अग्ला डाँडाकाँडा तथा लेकहरूले भरिएको हुँदा पशुपालन यहाँको अर्थ व्यवस्थाको अभिन्न अङ्गको रूपमा रहेको छ । ढोरपाटन, हुकाम, मैकोट, टकबाच्छी, रन्भा आदि गाउंका निवासीहरूको मुख्य पेशा नै पशुपालन हो । ती मानिसहरू प्रायः भेडा बाखा, सुंगुर पाल्दछन् । घांसले भरिएका रसिला लेकहरूमा प्रकृतिले नै चरनको राम्रो व्यवस्था गरिदिएको छ । उक्त ठाउँहरूमा खेतीयोग्य भूमिको कमीले गर्दा पनि यहाँका बासिन्दाहरू पशुपालनमा लाग्नु परेको देखिन्छ । ढोरपाटनमा घोडा, गधा, चौंरी पनि पालिन्छन् ।

मध्य पहाडी भागमा र समथर बेंसीतिर पनि धेरैजसोले गाई, भैंसी र बाखा पाल्दछन् । यसबाट दूध पाउनुको साथै दूधबाट घ्यू निकाल्ने गर्दछन् । हिउँदमा बुटौल, पाल्पा, पोखरा आदि ठाउँमा गई सो घ्यू बेचेर त्यसबाट प्राप्त हुने पैसाबाट आवश्यक सामान र बाल बच्चालाई चाहिने लत्ता-कपडा किनी फर्कन्छन् । गोरुबाट खेतबारी जोत्ने काम लिन्छन् । पशुपालनबाट प्राप्त हुने मल खेतबारीमा प्रयोग गर्दछन् । कुखुरा प्रायः घर घरमा पालिन्छ । पशुपालनबाट प्राप्त हुने घ्यू, मासु, छाला र ऊनबाट बनाइने लुगाफाटोबाट साधारण किसानको आर्थिक स्रोतमा केही टेवा मिलेको छ । हाल पशुपालनलाई प्रोत्साहन दिन कृषि विकास कार्यालयबाट उन्नत जातका भेडा, राँगा, सुंगुर तथा कुखुराको वितरण भएको छ ।

पशु चिकित्सालय

बागलुङको सदरमुकाम बागलुङ बजारमा एउटा पशु चिकित्सालय छ, जुन २०२७ साल पुसमा स्थापित भएको थियो। आर्थिक वर्ष २०२९।३० मा यस चिकित्सालयबाट १०,०१४ वटा पशुहरूको उपचार भएको थियो।

फलफूल खेती

फलफूलको लागि यहाँको माटो र हावापानी उपयुक्त छ। यहाँका बासिन्दाहरूले आफ्नो उपभोगको लागि बगैंचामा केरा, सुन्तला, कागती, आँप, कटहर, भूईकटहर, नास्पाती, अंगुर, दाख, दारिम, अनार लगाएका छन्। यहाँ काफल, ऐंसेलु, चुत्रो, जामून, आँप, अमला, चिउली ओखर आदि वनमा हुने फलफूल पनि प्रचुर मात्रामा पाइन्छ। फलफूल बिक्री हुने बजारको कमीले गर्दा फलफूल खेती त्यति फाइदाजनक हुन सकेको छैन।

सिञ्चाइ

यस जिल्लामा सघन खेतीको लागि आवश्यक पर्ने सिचाइको व्यवस्था भइरहेको छ तापनि अपर्याप्त मात्र पर्दछ। जिल्लाको सबभन्दा ठूलो सिचाइ योजना काठे खोला र अर्को महत्वपूर्ण कुडुले खोला सिचाइ योजना हुन्। काठे खोला सिचाइ योजना निर्माणाधीन छ। १५५ फीट लामो क्रस ड्रेनेजको काम करीब करीब पूरा भएको छ। हेड रेगुलेटर निर्माण कार्य भइरहेको छ। काठे खोला सिचाइ योजना पूरा भएमा यसबाट २४० हेक्टर जमीन सिचाइ हुनेछ र खाद्यान्न उत्पादनमा १५ प्रतिशत वृद्धि हुने अनुमान छ। कुडुले कुलो निर्माणबाट कुडुले गाउँ पञ्चायत लगायत वरपरका गाउँको खेत समेत गरी जम्मा २०० हेक्टर जमीन सिंचित हुने अनुमान छ। यस बाहेक गाउँ पञ्चायत स्तरमा अनुदान तथा श्रमदानबाट यहाँका धेरै गाउँ पञ्चायतहरूमा सिचाइको लागि गाउँ नजीकको खोला, छहराबाट कुलो खन्ने काम भएको छ। केही सिचाइ आयोजनाहरू कार्यान्वयन गरिएका गाउँ पञ्चायतहरूको नाम तल दिइएको छ।

गाउँ पञ्चायत	अनुमानित लगत रकम (रु.मा)
सर्कुवा (पातले खोला)	१६,०००।
पैयुँपाटा (छापा खोला)	१९,५००।
सिंगाना (ढुंगुरे खोला)	६,३००।
खुँगा–छोरे गाउँ	५,०००।
भिङ गिठे (भीं खोला)	१५,०००।
लेखानी (रेस खोला)	१५,०००।
राजकुट	१५,०००।
भीम पोखरा	१२,०००।
निसी	१०,०००।
कुस्मी	१५,०००।

रेश	१३,७३२।
काँडेवास	१५,०००।
मल्म	७,२००।
टकबाच्छी	१०,२००।
अमलाचौर	१०,०००।
घल्लु घास्कोट	१०,७००।
नारायणस्थान	६,०००।
पालाकोट	५,०३२।
तित्पाङ	८,०००।

यी कुलोहरूमध्ये केही पुराना छन् । गाउँलेहरूले प्रायः प्रत्येक वर्ष कच्ची बाँध बाँधेर खोलानालाबाट पनि सिचाइ गर्ने गर्दछन् ।

जिल्लाभरमा काठे खोला र कुडुलेमा निर्माण हुन लागेका सिचाइ योजनाहरूमात्र ठूलो र पक्कीस्तरको मान्न सकिन्छ । यी सिचाइ योजना पूरा भएमा कृषि उपजमा वृद्धि भइ यहाँको बढ्दो जनसंख्याको खाद्यान्नको खाँचो केही मात्रामा भए पनि टार्न सकिने आशा गर्न सकिन्छ ।

कृषि विकास

यस जिल्लाको खेतीपातीमा उन्नत तरीका अपनाउन उन्नत जातका बीउ, मल प्रयोग गरी उत्पादन बढाउने हेतुले कृषि विकास कार्यालयले बीउ र मलको प्रयोग तथा किरा नियन्त्रणतिर जनतालाई बोध गराउने कार्य गरेको छ । उन्नत जातको बीउ, रासायनिक मल तथा कृषि औजारहरू कृषि खरीद विक्री संस्थानका उपशाखा तथा डिलरहरूबाट सर्वसाधारण जनतालाई उपलब्ध गराउँदैछ ।

गत आर्थिक वर्ष २०२९।०३० मा गहुँको बीउ करीब १० मेट्रिक टन, मल ७५ मेट्रिक टन तथा केही कृषि औजारहरू वितरण भएको थियो ।

ढोरपाटन इलाकामा आलु खेतीको विकासको लागि वैज्ञानिक परीक्षण हुँदैछ । हालसम्मको अनुभवको आधारमा यस इलाकामा आलुको उत्पादन धेरै मात्रामा सफल भएको मानिन्छ ।

उद्योग

यो जिल्लाका बासिन्दाहरू कृषि, व्यापार, वाह्य सेवा आदि बाहेक सीमित मात्रामा खानी, वन र कृषिबाट प्राप्त हुने विभिन्न कच्चा सामानहरूमा आधारित कुटीर उद्योगमा लागेका छन् । गाई, भैंसी, भेडा आदिका छालाबाट जुत्ता, नाम्लो, पेटी, खुकुरीको दाप आदि सार्कीहरूले र लुगा आदि सिउने काम दमाईहरूले गर्ने गर्दछन् । कामीहरूले फलामको तावा, ताप्के, खुकुरी, चुलेसी र केही कृषि औजारहरू बनाउने गर्दछन् । त्यस बाहेक बागलुङ बजारमा धान कुट्ने, गहुँ पिंध्ने कलहरूको साथै विभिन्न धातुका भाँडाकुँडा बनाउने ज्यासलहरू चलाइएका छन् ।

यहाँका छन्तेलहरू खानी खन्ने काममा निपुण छन् । बागलुङमा पहिले बाइस खानी अड्डा थियो। यी (छन्तेल र आग्री) हरूले लुकुत्वनबाट फलाम, छिस गाउँबाट सीसा, काँडेबासबाट तामा, गलकोट रिसमी भुजुङ्गे डाँडाबाट स्लेट ढुङ्गा निकाली आफ्नो जीवीकोपार्जन गर्दथे। यस्तै यहाँका पुवा जातका मानिसहरूले यहाँ पाइने भोर्ला, भजुलो, सिस्नु, भाङग्रो आदिको बोक्राबाट दैनिक आवश्यकताका चीजहरू जस्तै डोरी, नाम्ला, दाम्ला, जाल, भाङग्रा बुन्दछन् । यीनै बोक्राको सुतबाट भाङग्रा बनाई लुगा सिउँछन् ।

यहाँ बरूवा (लोकता) निकै पाइने भएकोले यसको बोक्राबाट स्थानीय मानिसहरू नेपाली कागज बनाउँछन्, जुन नेपाल अधिराज्यभर प्रसिद्ध छ ।

यहाँको लेकाली वनमा पाइने निगालोबाट बनाइने बुट्टेदार नली र काँगियो पनि ज्यादै प्रख्यात छन् ।

यस शीपलाई विकास गरी बढी मानिसहरूलाई सो सम्बन्धमा राम्ररी तालीम दिएमा यसबाट धेरै लेकाली वासिन्दाहरूले जीवन बृत्ति पाउनुको साथै प्रचुर मात्रामा पाइने यस निगालोको चोयोबाट डोका, डाला, थुंसे, सोली, नाङलो, भकारीहरूको साथै नवीन ढङ्गको टोपी, ब्याग, सुट्केस, बाँसुरी जस्ता सामान हरूको पनि जिल्लामा उत्पादन गर्न सकिन्छ ।

उत्तरी भेकमा खासगरी ढोरपाटनमा तिब्बती शरणार्थीहरूले भेडाको ऊनबाट गलैंचा, राडी, पाखी काम्लो, घुम, फेरूवा, सुइटर, टोपी आदि बुन्छन् । यस्तै जिल्लाको उत्तरी भेकमा अन्य जातिहरूका आइमाई तथा लेकका मगर्नीहरूले पनि भेडा, च्याङग्रा र चौंरीका ऊनबाट गलैंचा राडी, पाखी, काम्लो, घुम, सुइटर आदि बुनी आफ्नो आमदानी बढाउँछन् । चौंरीको दूधबाट नौनी र छुर्पी बनाउँछन् । प्रायः प्रत्येक घरमा गाई भैंसीको दूधबाट केही न केही घ्यू बन्दछ ।

विभिन्न उद्योग व्यवसायको लागि चाहिने कच्चा पदार्थहरू जस्तै स्लेट ढुङ्गा, वन वृक्षहरू, लहरा, बरूवाको बोक्रा, बाँस, निगालो, बाबियो, पशुपालनको लागि हरियो खर्क, चौपायाको छाला, ऊन, विभिन्न जातका फलफूल र जरीबूटीबाट कुटीर उद्योग चलाउन सकिएला, तर सङ्गठित पूँजीको अभावले यी पदार्थको राम्रो उपयोग हुन सकेको छैन।

सङ्गठित उद्योगको नाउँमा यहाँ २०१६ सालमा स्थापना भएको घरेलु इलम जिल्ला केन्द्र हो, जुन घरेलु उद्योग अञ्चल केन्द्रमा परिणत भएको छ । जिल्ला केन्द्र छउञ्जेल यसको कपडा बुन्ने र कागज, फायल, खाम बनाउने कागज शाखा थियो । हाल अञ्चल केन्द्रमा परिणत भइसकेपछि टेक्सटाइल (सूती, उनी, रँगाइ, छपाइ) को साथै फर्निचर शाखा र छालाशाखा थप भएका छन् । उत्पादनको साथै बजारको पनि समस्या समाधान गर्न बिक्री शाखा खोलिएको छ र बागलुङ र गलकोटका साहूहरूलाई पनि बिक्री गर्न दिने व्यवस्था छ । यहाँबाट उत्पादित फर्निचरहरू पर्वत, म्याग्दी र मुस्ताङ जिल्लामा पनि लगिन्छ ।

श्री ५ को सरकारले घरेलु भवन बनाउँदैछ । यहाँ बेकरी (पाउरोटी) र छाला जुत्ता उद्योग छन्, जसलाई सरकारी सहयोग प्राप्त छ ।

पर्यटन उद्योग

बागलुङ जिल्लाको ढोरपाटन उपत्यका ज्यादै सुन्दर भएकोले यसले पर्यटकहरूलाई आकर्षण गर्न सकिने देखिन्छ। ढोरपाटन जाने पर्यटकहरू र मुक्ति क्षेत्रमा जाने तीर्थयात्रीहरू बागलुङ बजार भएर जान्छन्। हाल यी यात्रुहरूलाई खानपीनको लागि ठाउँ ठाउँमा खाने बस्ने राम्रो प्रबन्ध छैन। छ-सात वटा नेवार र थकालीहरूका होटल छन्। पुतलीखेत–बागलुङ बाटो र पोखरा–सुर्खेत राजमार्ग निर्माण भएपछि यस इलाकामा आउने पर्यटकहरूको संख्यामा निकै वृद्धि हुन सक्तछ।

व्यापार

यहाँको मुख्य व्यापार केन्द्र बागलुङ बजार, गलकोट, सेरा र बुर्तिबाङ हुन्। त्यसपछिका महत्वपूर्ण बजारहरूमा बोहरा गाउँ, तमान, बुँगादोभान हुन्। नेवार र थकाली जातिका मानिसहरू बढी संख्यामा व्यापारमा लागेका छन्।

कपडा, नून, तेल, मट्टीतेल, साबुन, चुरोट, मसला र धातुका सामान बाहिरबाट ल्याइन्छन् र बागलुङबाट घ्यू, ऊन, जरीबूटी, नत्री, छाला, राडी, पाखी, गलैंचा, नेपाली कागज र स्लेट ढुङ्गा निकासी गरिन्छन्। पशुहरूमा भेडा, व्याङग्रा, घोडा पनि बाहिर बेच्न लगिन्छन्।

यातायातको कठिनाइले गर्दा सबै मालसत्ता मानिसको पिठ्यूँमा वा घोडामा बोकाई लग्नु पर्ने भएकोले यहाँ मालसामान महँगो हुन्छ। यहाँबाट निकासी–पैठारी हुने मुख्य ठाउँ पुतलीखेत, पोखरा, पाल्पा र बुटौल नै हुन्। हाल मूल-बाटोहरूमा बाहुन, क्षेत्री, मगर, गुरुङ आदिले पनि कुम्ले दोकान तथा चिया पसलहरू थापेका छन्। थकालीहरू भट्टी थापेर बस्छन्।

सैनिक सेवा

विदेशी नोकरी यहाँको एउटा महत्वपूर्ण व्यवसाय हो। खेतीले नपुग्ने भएकोले धेरै युवकहरू नोकरी खोज्न अधिराज्यका अन्य भाग र विदेशसम्म पनि जाने गर्दछन्। कोही सैनिक सेवामा भर्तिभई विदेशमा जान्छन्।

प्रथम विश्वयुद्धमा निसी भुजी क्षेत्रका कुलवीर थापा, दोस्रो विश्वयुद्धमा थन्थापका कप्तान लालबहादुर थापामगरले 'भिक्टोरिया क्रस' पाएका थिए। यस्तै यस जिल्लाबाट मिलिटरी क्रस पाउने पनि छन्।

हरेक साल मङ्सीर महीनामा यहाँ भारतबाट र ब्रिटेनबाट अस्थायी पेन्सन क्याम्प बस्न आउँछन् र सैनिक परिवारको स्वास्थ्योपचारको लागि डाक्टर पोखराबाट समय समयमा आइरहन्छन्।

बैंक

यहाँ नेपाल बैंक लिमिटेडको एउटा उपशाखा र हालसालै कृषि विकास बैंकको कार्यालय पनि स्थापना भएका छन्। नेपाल बैंकले जिल्लास्थित सरकारी कार्यालय, जनसाधारण तथा अन्य कार्यालयहरूको

कारोबार सम्बन्धी डिपोजिट लिने र लगानी गर्ने गर्दछ । खासगरी बजारका व्यापारीहरूले यसको उपयोग गरिरहेका छन् ।

कृषि विकास बैंक गत २०३० सालमा मात्र स्थापना भएकोले यसको उपयोग विस्तृत रूपमा हुनसकेको छैन। यस बैंकबाट खाद्यान्न उत्पादन, फार्म विकास, सिचाइ, कृषिजन्य उद्योग तथा बेच बिखन, पशुपालन र फलफूल खेती जस्तो कार्यमा ऋण दिने गरेको छ ।

व्यावसायिक अनुपात

यहाँको अधिकांश जनता कृषिमै आधारित छ भन्ने कुरा माथि उल्लेख भइसकेको छ । २०२८ सालको जनगणनाअनुसार १० बर्षभन्दा माथिको काम गर्न सक्ने जनसंख्या १,१२,८८७ मध्ये विभिन्न पेशामा लागेका मानिसहरू जम्मा ८६,६२० मात्र छन्, जुन निम्न विवरणबाट स्पष्ट हुन्छ :–

	जनसंख्या	प्रतिशत
कृषि, वन, पशुपालन आदि	८४,२११	९७.२
खानी	३	२.८
उद्योग	९२३	
निर्माण	१४	
व्यापार	४६०	
यातायात र सञ्चार	२०	
अन्य	१०	
व्यक्तिगत तथा सामुदायिक सेवा	९७९	
	८६,६२०	१००.०

उपर्युक्त तालिकाअनुसार यो जिल्लाको आर्थिक दृष्टिकोणले सक्रिय जनसंख्याको ९७.२ प्रतिशत कृषि, वन, पशुपालन आदि प्रारम्भिक पेशामा लागेका छन् । धेरैजसो परिवारहरूको प्रमुख पेशा कृषि नै भए तापनि खेतीबाट फुर्सद पाएको बेला विभिन्न कुटीर उद्योगहरूमा लागेका हुन्छन् । साथै यस जिल्लाबाट स्वदेशी र विदेशी सैनिक तथा अन्य सेवामा जिल्ला बाहिर विभिन्न पेशामा लागेका व्यक्तिहरूको व्यावसायिक अनुपात माथि उल्लिखित जनगणनामा देखाइएको छैन। त्यस्तै यो जिल्लामा कुल ९२३ व्यक्तिहरू उद्योगमा लागेका र कुल ९७९ जना व्यक्तिहरु शिक्षा, स्वास्थ्य तथा अन्य सामाजिक सेवा सम्बन्धी पेशामा लागेका छन् ।

यातायात र सञ्चार

यातायात

सदरमुकाम बागलुङ बजार जिल्लाको पूर्वी किनारमै रहेकोले यहाँ जान त्यति कठिनाइ पर्दैन जति यसको पश्चिमी र उत्तरी भागमा जानु पर्छ । सदरमुकामबाट हुकाम, मैकोट, टकबाच्छी करीब २०२ किलोमिटर (६३ कोस) टाढा छन्, बाटो विकट छ र पुग्न १०–१२ दिन लाग्दछ भने बागलुङ वजारबाट काठमाडौं दुई–तीन दिनभित्रै पुग्न सकिन्छ ।

काठमाडौंबाट बागलुङ जान सानो हवाइजहाजबाट बलेवा विमानस्थल पुग्न सकिन्छ । त्यहाँबाट बागलुङ बजार करीब आठ किलोमिटर (अढाई कोस) छ र एकै दिनमा पुग्न सकिन्छ । अन्यथा पोखरा विमानस्थलमा ओर्ली त्यहाँबाट स्याङ्जाको नौडाँडासम्म करीब १६ किलोमिटर (पाँच कोस) बस वा मोटरबाट जानुपर्छ । नौडाँडाबाट बागलुङ करीब ४२ किलोमिटर (१३ कोस) पर्छ, घोडासम्म हिड्न सक्ने मूलबाटो छ । साधारणतः दुई दिन लाग्छ र बाटोमा गाँस–बासको लागि भट्टीहरू छन् । काठमाडौंबाट पोखरा जाने बसबाट गएमा पनि सोही मार्ग नजीक पर्छ ।

भैरहवा, पाल्पाबाट जाँदा बसद्वारा सिद्धार्थ राजमार्ग भई पुतलीखेत र नौडाँडा पुगी माथि उल्लेख भएकै बाटोबाट जानुपर्छ । भैरहवाबाट गए दुई दिनभित्र बागलुङ पुग्न सकिन्छ । जिल्लाको दक्षिण–पश्चिम भागमा पर्ने बुर्तिवाङबाट बागलुङ आउन गुल्मी जिल्लाको बामी टक्सार भई गलकोट हुँदै गएमा बाटोमा धेरै उकालो पर्दैन र चार दिनमा पुगिन्छ । उक्त बाटो करीब ८३ किलोमिटर (२६ कोस) लामो छ । बुङ्गादोभान वा तमान बजार भई गएमा करीब ९० किलोमिटर (२८ कोस) पर्छ । उक्त बाटोमा सोलेको अग्लो धुरी काटेर जानुपर्छ । यो बाटोबाट गए चारै दिन लाग्छ तर वर्षातको समयमा बाटोमा जूकाले दुःखदिन्छ ।

बागलुङबाट ढोरपाटन करीब ९६ किलोलिटर (३० कोस) टाढा छ । बुर्तिवाङ जाँदा पाँच दिन लाग्दछ ।

ढोरपाटनबाट बागलुङ आउँदा म्याग्दी जिल्लाको जलजला, मुना, ताकम, दरवाङ, बाबियाचौर, तातोपानी र बेनी भई आए पनि हुन्छ। उक्त बाटो करीब १०६ किलोमिटर (३३ कोस) लामो छ ।

यो बाटोमा हिउँदमा बरफ पर्ने भएकोले जान सकिन्न। बागलुङ बजारबाट म्याग्दी जिल्लाको सदरमुकाम बेनी करीब १० किलोमिटर (तीन कोस) उत्तरमा पर्छ। ती दुई बजारहरूलाई घोडेटोले जोडेको छ। यस्तै बागलुङ सदरमुकामदेखि करीब १० किलोमिटर (तीन कोस) टाढा दक्षिण–पूर्वमा पर्वत जिल्लाको सदरमुकाम कुश्मा बजार रहेको छ। प्रायः बागलुङबाट काठमाडौं आउने मानिस सोही मूलबाटोबाट हिंडछन्।

बागलुङ बजारबाट गुल्मी जिल्लाको सदरमुकाम तमघास र यस जिल्लाको पश्चिमी भेकको निसी भुजी भई ढोरपाटन हुँदै डोल्पा र रूकुम जिल्लाको सदरमुकाम जाने बाटोमा काठे खोला, गौंडी खोला, दरम खोला, भिङ खोला, तमान खोला र भुजी खोलाहरू तर्नुपर्छ। धेरैजसोमा झोलुङ्गे तथा काठे पुलहरू छन्।

सदरमुकाम बागलुङबाट दक्षिण हुँदै रिडी र पाल्पा, तानसेन जाने गोरेटो मूलबाटोमा बलवा, धापे खोला, ठेउला खोलामा झोलुङ्गे पुल तर्नुपर्छ।

पुतलीखेत–बागलुङ मार्ग

पश्चिमाञ्चल विकास क्षेत्रको विकास रेखाको मध्यभागको रूपमा यो मार्ग निर्माण गर्ने योजना छ। स्याङजा जिल्लाको पुतलीखेत बजारनिर सिद्धार्थ राजमार्गमा जोडिने उक्त मार्गको निर्माण भएपछि यो जिल्ला पनि गण्डकी तथा लुम्बिनी अञ्चलहरूसँग जोडिने छ। यो सडक स्याङजा जिल्लाको सदरमुकाम पुतलीखेतबाट शुरू भई बागलुङसम्म यसको कुल लम्बाइ करीब ६० किलोमिटर (१९ कोस) हुनेछ।

प्रस्तावित पोखरा–सुर्खेत राजमार्ग बागलुङ, बुर्तिवाङ भई जाने योजना छ। यस मार्गबाट यस जिल्लाको आर्थिक अवस्थामा निश्चयनै सुधार आउने छ।

विमानस्थल

बागलुङ सदरमुकामबाट करीब ९६ किलोमिटर (३० कोस) उत्तर–पश्चिम स्थित ढोरपाटनमा सानो हवाईजहाज उत्रन सक्ने एउटा विमानस्थल छ, जहाँ चैतदेखि भदौसम्म छ महीना विमान ओर्लन सक्छ। यो ठाउँ करीब २,९२० मिटर (९,५७७ फीट) अग्लो हुँदा असोजदेखि फागुनसम्म हिउँ पर्दछ। त्यस बखत यहाँका मानिसहरू बोवाङ, बुर्तिवाङतिर ओर्लन्छन्। अर्को सानो विमानस्थल बागलुङबाट करीब १० किलोमिटर (तीन कोस) दक्षिणस्थित बलेवामा रहेको कुरा माथि उल्लेख गरिसकेको छ। यो विमानस्थल आर्थिक वर्ष २०२१।०२२ मा निर्माण भएको थियो। विमानस्थल कच्ची भएको हुँदा हिउँदमा मात्र सानो जहाज उत्रन सक्थ्यो। आर्थिक वर्ष २०३०।०३१ मा यसलाई पक्की बनाउनुको साथै यस स्थलको सुरक्षाको लागि प्रहरी आवास गृह, टर्मिनल (बिसौनी) भवन, कर्मचारी आवास घर र जेनेरेटर घर बनाउने व्यवस्था भयो।

यस विमानस्थलले बागलुङ, म्याग्दी, पर्वत र मुस्ताङ जिल्लाबासीहरूलाई हवाइ यातायात सुबिधा पुऱ्याउँछ ।

सदरमुकाम बागलुङबाट जिल्लाका अन्य मुख्य भागहरू जाने ठाउँमा मूल बाटो र काठे तथा झोलुङ्गे पुलहरू छन् ।

सञ्चार

बागलुङ जिल्लाको र धवलागिरि अञ्चलको समेत सदरमुकाम भएकोले बागलुङमा हुलाक अञ्चल नियन्त्रकको कार्यालय छ ।

उक्त कार्यालयले बागलुङ, म्याग्दी, डोल्पा र मुस्ताङ जिल्लाको हुलाक व्यवस्थाको रेखदेख गर्दछ । बागलुङ जिल्लाभरमा मुख्य हुलाक एउटा, छोटी हुलाक तीनवटा, अतिरिक्त हुलाक १० वटा सहकारी हुलाक १४ गरी जम्मा २८ वटा हुलाकहरू छन् । मुख्य र छोटी हुलाक निम्नबमोजिम छन् ।

हुलाकको नाम

बागलुङ मुख्य हुलाक
बलेंवा छोटी हुलाक
गलकोट छोटी हुलाक
अर्नाकोट छोटी हुलाक

अतिरिक्त, र सहकारी, अन्य हुलाकहरू यस प्रकार छन्:–

अतिरिक्त हुलाक

सेरा अतिरिक्त हुलाक
विनामारे अतिरिक्त हुलाक
ढोरपाटन अतिरिक्त हुलाक
छिस्ति अतिरिक्त हुलाक
विहुँ अतिरिक्त हुलाक
तमान (लामेला) अतिरिक्त हुलाक
हिलसादी अतिरिक्त हुलाक
धम्जा अतिरिक्त हुलाक
भिङ्खाल अतिरिक्त हुलाक
काँडेवास अतिरिक्त हुलाक

सहकारी हुलाक

राङखानी सहकारी हुलाक
लिवुवा सहकारी हुलाक, वासकोट
पैयुँ थनथाप सहकारी हुलाक
क्युवाङ जैदी सहकारी हुलाक
पाला सहकारी हुलाक
सिगाना सहकारी हुलाक
रेस नूनथला सहकारी हुलाक
भीम पोखरा सहकारी हुलाक
झिम्पा सहकारी हुलाक
र्दालिङ सहकारी हुलाक
मैकोट चौतारा सहकारी हुलाक
टरूबाच्छी सहकारी हुलाक
निसी सहकारी हुलाक
हुकाम चौतारा सहकारी हुलाक

वि. सं. २०२९ चैतको एक सप्ताहव्यापी गणनाअनुसार यस जिल्लामा वर्षभरमा अन्दाजी ४,५२,३२५ चिठी पत्रको आवत–जावत भएको थियो । जिल्लाको मुख्य भेक निसी भुजी, बलेवा, गलकोट तथा बागलुङ आदि चार भेकमध्ये बागलुङ भेकमा बढी चिठी आवत-जावत हुन्छ ।

हुलाकहरूमा केही सुधार गरिएको छ तापनि सदरमुकाम बागलुङमा बाहेक अन्य ठाउँमा चिठी पुग्न ज्यादै ढिलो हुनको मुख्य कारण जिल्लाका दुर्गम पञ्चायतहरूमा हुलाक नहुनु वा भए पनि धेरै कम हुनु हो। यसको अलावा उत्तरतिर ठण्डी मौसममा बरफ परी बाटो-घाटो बन्द हुन्छन् र वर्षातमा खोला बढी वा बाटोमा पहिरो गई हुलाक सेवा रोकिन जान्छ ।

आकाशवाणी

पहिले यहाँ आकाशवाणी स्याटेलाइट स्टेशन मात्र थियो । आर्थिक वर्ष २०२७।०२८ देखि अञ्चलस्तरीय एरिया कन्ट्रोल कार्यालय रहेको छ । यसले मुस्ताङ, म्याग्दी र पर्वतको आकाशवाणी केन्द्रलाई नियन्त्रण गर्दछ । यस केन्द्रबाट काठमाडौं, म्याग्दी, मुस्ताङ र डोल्पासँग दिनको दुईपटक सिधा सम्पर्क रहन्छ । पोखरा, भैरहवा तथा कुश्मासँग दिनको एकपटक सिधा सम्पर्क रहन्छ । आर्थिक वर्ष २०२९।०३० मा यस केन्द्रबाट ५,६५६ खबर आएको र ५,८६२ खबर गएको देखिन्छ ।

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

वि. सं. २००७ भन्दा अघि जिल्लामा शिक्षाको प्रसार ज्यादै कम थियो। एक-दुई जना स्थानीय गुरुको घरमा गई दलान वा पाटीमा बसेर केटाकेटी क, ख पढ्थ्य। बाहुन जातले चण्डी, रूद्री, कौमुदी सिक्न पाए पुरोहितको काम चल्थ्यो। धेरैजसो बालकहरू सानै उमेरदेखिनै खेतीपातीको काममा लाग्दथे। प्रजातन्त्रले शिक्षाको लहर ल्यायो। बागलुङ्मा पनि यसको असर पर्‍यो। शिक्षामा चाख बढ्यो। बाक्लो बस्ती भएको बजार तथा गाउँहरूमा विभिन्न तहका विद्यालयहरू खोलिन थाले। सालाना विद्यार्थीहरूको संख्या बढ्न थाल्यो। प्रौढ कक्षाहरू पनि खुले र केही वर्षको अवधिमा नै शिक्षाको क्षेत्रमा सन्तोषजनक उन्नति भयो।

वि. सं. २०२८ को जनगणनाअनुसार यस जिल्लामा छ वर्षभन्दा माथि उमेरका जनसंख्या १,४३,३६० छन्, जसमध्ये पुरुष ६९,५८३ र महिला ७३,७७७ छन्। यो जनसंख्यामा २०,०३४ अर्थात् १४ प्रतिशत व्यक्तिहरू साक्षर छन्।

छ वर्षभन्दा माथिको जनसंख्याको विभिन्न उमेर समूहमा साक्षर संख्या निम्न बमोजिम छः–

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			जम्मा		
	जनसंख्या	साक्षर	प्रतिशत	जनसंख्या	साक्षर	प्रतिशत	जनसंख्या	साक्षर	प्रतिशत
६– ९	९,५८०	१,५०६	१५.७	९,०४२	३००	३.३	१८,६२२	१,८०६	९.७
१०–१४	११,१२०	४,५३०	४०.७	१०,०६९	६८९	६.८	२१,१८९	५,२१९	२४.६
१५–१९	९,११९	३,७८३	४१.५	९,००१	५०२	५.६	१८,१२०	४,२८५	२३.६
२०–२४	६,२०८	२,०९३	३३.७	७,४३०	२३४	३.१	१३,६३८	२,३२७	१७.१
२५–२९	५,२३१	१,२९७	२४.८	६,९७४	९९	१.४	१२,२०५	१,३९६	११.४
३०–३४	४,९४६	१,०९७	२२.२	५,९३६	४५	०.८	१०,८८२	१,१४२	१०.५
३५–३९	४,८०७	९१६	१९.१	५,४१०	४२	०.८	१०,२१७	९५८	९.४
४०–४४	४,१४१	७७१	१८.६	४,६९६	३०	०.६	८,८३७	८०१	९.१
४५–५४	६,३००	१,१०२	१७.५	६,८०५	३४	०.५	१३,१०५	१,१३६	८.७
५५–६४	४,६५५	५८४	१२.५	४,९३१	२२	०.४	९,५८६	६०६	६.३
६५ वर्ष र माथि	३,४७६	३५१	१०.१	३,४८३	७	०.२	६,९५९	३५८	५.१
जम्माः–	६९,५८३	१८,०३०	२५.९	७३,७७७	२,००४	२.७	१,४३,३६०	२०,०३४	१४.०

उपर्युक्त तालिका अध्ययन गर्दा १० देखि १४ वर्षसम्मको उमेर समूहमा साक्षरता सबभन्दा बढी छ। नेपाल अधिराज्यको औसत साक्षरता १३.९ प्रतिशत भएकोमा यस जिल्लाको साक्षरता १४ प्रतिशत हुनु उत्साहबर्धक छ। यातायातको असुविधाको कारण हुकाम, मैकोट, रन्मा, टकबाच्छी गाउँ पञ्चायत आदिका बासिन्दाहरू धेरै निरक्षर छन्।

वि. सं. २०३१ भदौसम्मको तथ्याङ्कअनुसार जिल्लाभरको ६१ गाउँ पञ्चायतहरूमा १७२ वटा विद्यालयहरू सञ्चालन भइरहेका छन्। यिनमा माध्यमिक विद्यालय ६, निम्न माध्यमिक ४५ र प्राथमिक १२१ छन्।

विद्यालय स्तर	संख्या	शिक्षक संख्या	विद्यार्थी संख्या		जम्मा
			छात्र	छात्रा	
माध्यमिक	६	४२	४६८	७९	५४७
निम्न माध्यमिक	४५	१३६	१,५३७	१७५	१,७१२
प्राथमिक	१२१	२८७	५,४७३	७१९	६,१९२

यस जिल्लामा २०२९ सालमा राष्ट्रिय शिक्षा पद्धति लागू भएको हो।

योजना लागू भएपछि विभिन्न विषयको तालीममा शिक्षा मन्त्रालयबाट कोटा निर्धारण भएअनुसार शिक्षकहरूलाई सेवाकालीन तालीम हासिल गराउने कार्य भएको छ। यस प्रकारले सेवाकालीन तालीम हासिल गर्न जाने शिक्षक तथा शिक्षिकाहरूलाई उनीहरूले पाउने तलबको पचास प्रतिशत रकम भत्ता दिने गरेको छ।

वि. सं. २०३० साउनसम्मको जानकारीअनुसार यस जिल्लाका विभिन्न स्तरका विद्यालयहरूमा जम्मा ११७ जना तालीम प्राप्त शिक्षक तथा शिक्षिकाहरू थिए जसमध्ये माध्यमिक विद्यालयहरूमा १३, निम्न माध्यमिक विद्यालयहरूमा १३ र प्राथमिक विद्यालयहरूमा ९१ जना थिए। तालीम प्राप्त शिक्षक शिक्षिकाहरूमध्ये शिक्षिकाहरूको संख्या सात मात्र थियो जसमध्ये एक माध्यमिक विद्यालयमा र बाँकी छ जना प्राथमिक विद्यालयमा थिए।

बागलुङ बजारमा त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान अन्तर्गत प्रमाणपत्र स्तरको महेन्द्र क्याम्पस रहेको छ। उक्त क्याम्पसमा ८२ जना छात्रछात्राहरू अध्ययन गरिरहेका छन्।

यस जिल्लामा जम्मा चारवटा पुस्तकालयहरू छन्।

यहाँका बहुसंख्यक जनतालाई साक्षर बनाउन आर्थिक वर्ष २०२९।०३० मा यहाँ ४० वटा प्रौढ कक्षाहरू पनि ठाउँ ठाउँमा खोलिएका थिए। यी कक्षाहरू पुरुष तथा महिला दुवैवर्गको लागि खुला थिए।

स्वास्थ्य

धेरैंजसो जिल्लाबासीहरू अझ पनि रोगको कारण भूत, प्रेत, बोक्सी र देवी देवताको कोप हो भन्ने विश्वास गर्ने भएकाले गाउँ गाउँमा धामी झाँक्रीहरूद्वारा उपचार गराइन्छ। अतः जुनसुकै रोग लाग्ने बित्तिकै फुकफाक गर्नु, धामी झाँक्री बसाउनु र उनीहरूले बताएअनुसार दशा फ्याँक्ने, ग्रह शान्ति गर्ने, देवी स्थानमा गई कालो बोका, कुखुरा, हाँस वा परेवाको बलि दिने प्रचलन प्रशस्त छ। यी सब गरेर पनि रोग निकै नभएमा मात्र डाक्टर कहाँ जचाउने प्रवृत्ति देखिन्छ। घाउ खटिरा आएमा बातो हाल्ने चलन अझै पाइन्छ।

हाल बागलुङ बजारमा एउटा अस्पताल, गलकोटमा एउटा स्वास्थ्य चौकी र बलेवामा एउटा आयुर्वेदिक औषधालय छन्।

आयुर्वेदिक औषधालय

स्वास्थ्य संस्थाको नाउँमा सर्वप्रथम बागलुङमा स्थापना भएको औषधालय यही हो। विक्रम संवत् १९९८ सालमा श्री त्रि–जुद्ध आयुर्वेदीय बागलुङ औषधालयको नाउँबाट बागलुङ बजारमा यसको स्थापना भएको थियो। त्यसबेला यस संस्थाले बागलुङका जनताका अतिरिक्त पर्वत, गुल्मी, गलकोट, थाक, दाना आदि ठाउँका मानिसहरूको पनि सेवा गर्ने गरेको थियो। १९९८ सालदेखि २०२० सालसम्म अट्ठ वाईस वर्ष बागलुङ बजारमा रही सेवा प्रदान गरेपछि यो संस्था बागलुङ बजारबाट बलेवा, पैयुँपाटामा जिल्ला प्रमुख आयुर्वेदीय औषधालयको नाउँबाट सारिएको छ।

वि. सं. २०२९ माघ महीनामा यो औषधालय अञ्चलस्तरमा परिणत भयो र यसको नाउँ पनि धवलागिरि अञ्चल आयुर्वेदीय औषधालय, बलेवा रहेको छ। यहाँ एकजना मुख्य कविराज र एकजना सहायक कविराज रहेका छन्।

यो अञ्चलस्तरीय औषधालय भएकोले यहाँका कविराजहरू हिमाली ठाउँ र अग्लाअग्ला लेकहरूमा प्राप्त हुन सक्ने विशेषखालका जरीबूटी तथा खनिज कच्चा पदार्थ शिलाजित, अभ्रख आदि वस्तुहरू उपलब्ध गर्न भ्रमणमा जाने गर्दछन्।

आयुर्वेदिक मतअनुसार यसको आठ अङ्गमध्ये एक अङ्गमा भूत विद्या र ज्योतिष शास्त्र पनि आउने भएकोले यिनीहरू भूत प्रेत धपाउनेमा ग्रहहरूको शान्ति स्वस्ति गर्न धामी, झाँक्रीको रूपमा आएको परम्परागत उपचारमा केही विश्वास राख्तछन्। यस्तै ज्योतिषशास्त्रमा विश्वास राख्नेहरूले जप, पाठ र रुद्री आदि मङ्गलसूचक पूजापाठबाट बिरामीको मानसिक चिकित्सा गर्ने चलन छ। यसप्रकारको चिकित्सा प्रणालीले पनि बिरामीको मनोबल जागृत गराई रोग हटाउने गर्छ।

यस औषधालयले चिकित्साको अतिरिक्त रोग फैलिन नदिने प्रतिकारात्मक चिकित्सामा पनि ध्यान दिएको छ। झाडा–बान्ता नफैलियोस् भन्ने उद्देश्यले टी. ए. बी. सी. सूई दिलाउने, बिफर उन्मूलनको लागि केटाकेटीलाई खोपाउने, सरसफाईमा ध्यान दिने, सडेगलेको बासी खाना नखाने जस्ता स्वास्थ्य शिक्षामा पनि ध्यान दिने गरेको छ।

बागलुङ अस्पताल

यस जिल्लाको बागलुङ कालिका गाउँ पञ्चायतमा एउटा अस्पताल रहेको छ । उक्त अस्पतालमा १५ शय्याको व्यवस्था छ ।

यस अस्पतालमा पर्वत, म्याग्दी, मुस्ताङ, स्याङ्जा र कास्की जिल्लासम्मका मानिसहरू उपचार गराउन आउँछन् । दिनमा करीब १५० जना बिरामीहरूको घुइँचो हुन्छ । आर्थिक वर्ष २०२९।३० मा जँचाउन आउने बिरामी संख्या करीब ३२,००० थियो ।

यहाँ जँचाउन आउने बिरामीहरू प्रायः पेटको जूका, चर्म रोग, अमलपित्त, क्षयरोग, मुटुको व्यथा तथा कुष्ट रोग आदि रोगहरूबाट पीडित छन् ।

यस अस्पतालमा एक महिला डाक्टर लगायत दुईजना मेडिकल अधिकृत, नर्स तथा कम्पाउण्डर आदिको व्यवस्था छ ।

यहाँ संक्रामक रोग, जस्तै हैजा, टाइफाइड आदिको रोकथामको लागि टी. ए. बी. सी. को सूई दिने व्यवस्था छ ।

परिवार नियोजन

बागलुङ सदरमुकाममा नेपाल परिवार नियोजन तथा मातृ शिशु कल्याण केन्द्रको कार्यालय छ । यसको एउटा क्लिनिक हरिचौर (गलकोट) स्वास्थ्य चौकीमा छ । यस जिल्लामा परिवार नियोजनको कार्यक्रम ज्यादै लोकप्रिय हुँदै गइरहेको छ । आर्थिक बर्ष २०२९।३० मा यस परिवार नियोजन कार्यालयद्वारा आयोजित भ्यासेक्टोमी क्याम्पहरूमा र बागलुङ अस्पतालमा रहेको क्लिनिक समेत गरी ३०९ जनाको भ्यासेक्टोमी अपरेशन भयो । यो संख्या अधिराज्यका अन्य सबै जिल्लाहरूको दाँजोमा बढी थियो ।

बिफर उन्मूलन

आर्थिक वर्ष २०२९।३० मा यहाँ बिफर उन्मूलन कार्यालयको स्थापना भएको छ । यस कार्यालयले बागलुङ, म्याग्दी र मुस्ताङ जिल्लाहरूमा सर्भे र प्रारम्भिक खोप दिने कार्य प्रायः समाप्त गरेको छ ।

खानेपानी

सदरमुकाम रहेको बागलुङ बजारमा जनश्रमदानबाट खानेपानीको लागि पाइपको व्यवस्था २०२०।२१ सालमा भएको थियो ।

आर्थिक बर्ष २०३०।३१ मा रू. १५,०००। को लागतबाट कालिका गाउँ पञ्चायत अन्तर्गत रातामाटाको लागि खानेपानीको व्यवस्था भएको छ । यस्तै बागलुङ बजारकै लागि अन्दाजी रू. २८,०००। को लागतमा छहरा पँधेराबाट चारवटा कलधारा ल्याइने भएको छ ।

कालिका गाउँ पञ्चायत लगायत जिल्लाका केही अन्य ठाउँमा सामुदायिक खानेपानीको लागि भएको व्यवस्था यस प्रकार छ ।

गाउँ पञ्चायत	खानेपानीको धारा संख्या
कालिका	१६
मूलपानी	५
कुड्डुले	२
पैंयुँ पाटा	२
नारायणस्थान	८
कुस्मी	२

यी बाहेक, भकुण्डे, अर्गले, तित्याङ, धम्जा, तंग्राम, दमेक तथा पूजा गाउँ पञ्चायतहरूमा पनि खानेपानीको समस्या छ ।

जिल्ला पञ्चायत तथा गाउँ पञ्चायतको सहयोगबाट निम्न गाउँ पञ्चायतहरूमा खानेपानीको लागि पानीको टयाङ्की, कुलो धारा आदिको व्यवस्था भएको छ ।

अर्जेवा	खानेपानी टयाङ्की	बोहरा गाउँ (झिम्पा)	खानेपानीको टयाङ्की
अधिकारी चौर	खानेपानी कुलो	भीमा पोखरा	खानेपानीको कुवा
अमला चौर	खानेपानी टयाङ्की	भिङ खाल	खानेपानी टयाङ्की
तमान	खानेपानी धारा	भिङ गिठे	खानेपानी टयाङ्की
दमेक	खानेपानी टयाङ्की	मल्म	खानेपानीको टयाङ्की र खानेपानी कुलो
बुदिलामाटी	खानेपानी टयाङ्की	राङ खानी	खानेपानी कुलो
नरै ठाँटी	खानेपानी पाइप	सल्यान सुखोरा	खानेपानी कुलो
बुर्तिवाङ	खानेपानी टयाङ्की		

प्रशासन र पञ्चायत

प्रशासन

नेपाल अधिराज्यमा गाभिनु अघि यो जिल्ला चौबीसी राज्य अन्तर्गत पर्दथ्यो । त्यसताका यो जिल्लाको विभिन्न कोट जस्तै गलकोट, बिहुँकोट, अर्नाकोट, चन्द्रकोटका राजाहरूबाट प्रशासित थियो । यी कोटहरूमा पर्वतका राजाहरू राज्य गर्दथे । पर्वतका राजा प्रतापीनारायण मल्लले बागलुङ बजार नजीकको रमणीय वनमा कालीको मन्दिर स्थापना गरेको ऐतिहासिक प्रमाणहरूबाट यो जिल्ला पर्वतका मल्ल राजाहरूबाट शासित भएको बुझिन्छ ।

विक्रम सम्वत् १८४४ मा बागलुङलाई नेपाल अधिराज्यमा गाभेपछि पाल्पाको तैनायवालाबाट यो जिल्ला प्रशासित भयो । यस प्रकारले प्रजातन्त्र अघि यसको प्रशासन पाल्पा गौंडाबाट चल्दथ्यो । त्यसबखत सरकारी अड्डाको नाउँमा यहाँ छोटी गौंडा, माल अड्डा, जिल्ला अदालत र हुलाक अड्डा रहन्थ्यो ।

वि.सं. २००८ सालमा यो छुट्टै जिल्ला घोषित भएको हो । अञ्चल विभाजन हुँदा यो जिल्ला धवलागिरि अञ्चल अन्तर्गत पर्न जानुको साथै हाल यो जिल्ला धवलागिरि अञ्चलाधीशको कार्यालय अन्तर्गत प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट प्रशासित रहेको छ । यस जिल्लाको सदरमुकाममा धवलागिरि अञ्चलाधीशको कार्यालय, अञ्चल अदालत तथा प्रमुख जिल्ला अधिकारीको कार्यालयहरू लगायत अन्य अञ्चल तथा जिल्लास्तरीय कार्यालय निम्न बमोजिम छन् :–

धवलागिरि अञ्चल प्रहरी उपरीक्षकको कार्यालय
सरकारी अधिवक्ता तथा अभियोक्ताको कार्यालय
कृषि विकास कार्यालय
जिल्ला शिक्षा अधिकारीको कार्यालय
जिल्ला अदालत
बागलुङ अस्पताल
जिल्ला भूमि सुधार कार्यालय
जिल्ला प्रहरी निरीक्षकको कार्यालय
बागलुङ माल

सार्वजनिक निर्माण कार्यालय
हुलाक अञ्चल नियन्त्रकको कार्यालय
नहर सब डिभिजन
घरेलु उद्योग अञ्चल केन्द्र
सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालय
नेपाल लोकसेवा आयोग, शाखा
बिफर उन्मूलन आयोजना जिल्ला कार्यालय
नेपाल परिवार नियोजन तथा मातृशिशु कल्याण योजना
शाखा कर कार्यालय
मुख्य हुलाक
कारागार कार्यालय

अन्य कार्यालयहरू

आकाशवाणी एरिया कन्ट्रोल कार्यालय, दूर सञ्चार समिति
जिल्ला पञ्चायत कार्यालय
नेपाल बैंक लिमिटेड
कृषि विकास बैंक
कृषि खरीद विक्री संस्थान, उपशाखा

प्रहरी

सदरमुकाम बागलुङमा धवलागिरि अञ्चल उपरीक्षकको कार्यालय छ, जस अन्तर्गत जिल्ला प्रहरी निरीक्षकको कार्यालय र सशस्त्र प्रहरी गुल्म रहेका छन् । तो बाहेक यो जिल्लाको बुर्तिवाङमा एउटा प्रहरी ठाना र गलकोट तथा ढोरपाटनमा एक एकवटा प्रहरी चौकी रहेका छन् ।

कारागार

हाल सदरमुकाम बागलुङ बजारनिरकै माईडाँडामा एउटा कारागार भवन बनेको छ । यस भवनमा पुरुष तथा महिला गरी जम्मा २५ जनासम्म कैदीहरू राख्न सकिने क्षमता छ ।

कर कार्यालय

वि.सं.२०२२ फागुनमा यहाँ कर कार्यालयको शाखा स्थापना भएको हो। कर कार्यालयको स्थापना हुनुभन्दा अघि लुम्बिनी, गण्डकी र धवलागिरि अञ्चलको लागि भैरहवा स्थित प्रमुख कर अधिकृतको कार्यालयबाट कर्मचारीहरू बागलुङ आई कर असूली गर्ने काम गर्थे ।

आर्थिक वर्ष २०२६।०२७ देखि २०२९।०३० सम्मको कर असूली यस प्रकार छः-

आर्थिक वर्ष	रकम (रु.मा)
२०२६।०२७	२८,११८।
२०२७।०२८	२६,८६६।
२०२८।०२९	४५,४६०।
२०२९।०३०	५५,६६६।

यहाँ करदाताहरूमा व्यापारी ९९ जना र कर्मचारीहरू ५२ जना छन् । हालसम्म किसान तथा व्यावसायिक वर्गहरू करदाता सूचीभित्र परेका छैनन् । साथै बागलुङ बजारस्थित धान कुट्ने मिलबाट उठ्ने अन्तःशुल्क रकम माल अड्डाबाट बुझ्ने व्यवस्था गरिएको छ ।

न्याय

यहाँ अञ्चल अदालत र जिल्ला अदालत रहेका छन् । यी अदालतहरूले आफ्नो परिधिभित्र पर्ने फौजदारी तथा देवानी दुवै थरीका मुद्दाहरू हेर्दछन् ।

यहाँ अञ्चल अदालतमा राजपत्राङ्कित प्रथम श्रेणीका र जिल्ला अदालतमा राजपत्राङ्कित तृतीय श्रेणीका न्यायाधीश छन् ।

अञ्चल तथा जिल्ला दुवैको सदरमुकाम बागलुङ वजार भएकोले यहाँ सरकारी अधिवक्ता तथा अभियोक्ता र सहायक सरकारी अधिवक्ता तथा अभियोक्ताहरू छन् ।

सरकारी अधिवक्ताले अञ्चलस्तरीय अदालततर्फ परेको फौजदारी तथा देवानी पुनरावेदन, ठाडो कारवाही, प्रचलित कानूनवमोजिम प्रतिरक्षा गर्नु पर्ने मुद्याहरूमाथि कारवाहीको साथै सहायक सरकारी अधिवक्ता तथा सहाक सरकारी अभियोक्ताले जिल्लास्तरीय देवानी तथा फौजदारी मुद्याहरूको तहकीकात तथा ठाडो कारवाही र मुद्या दायरी समेत गर्दछ ।

यी कार्यालयको काम यहाँका सरकारी कार्यालयहरूलाई कानून सम्वन्धी सरसल्लाह दिनुको साथै सरकारवादी मुद्याहरू अदालतमा दायरगरी बहस पैरवी गर्नु हो । यसको साथै निर्वाचन सम्वन्धी आइपर्ने काम, मादक पदार्थ सेवन र आयकर, अन्तःशुल्क आदि विषय सम्बन्धित अधिकृतहरूलाई कानूनी राय सल्लाह दिने काम गर्दछन् ।

जिल्ला अदालतमा परेको तीन वर्ष (२०२७।२८ देखि२०२९।३० सम्म) को मुद्याहरू यस प्रकार छः—

वर्ष	देवानी	फौजदारी
२०२७।०२८	३५४	२१५
२०२८।०२९	३८०	१८२
२०२९।०३०	२७६	१७१
	१,०१०	५६८

यस जिल्लामा प्रायः जग्गाको लेनदेन सम्बन्धी, लुटपीट, जालसाज, जारी जस्ता मुद्दाहरू बढी परेको देखिन्छ। जिल्लामा रजिष्ट्रेशन, लेनदेन सम्बन्धी र सम्बन्ध विच्छेदका कुराहरूमा एकतर्फ फैसला हुने, गाली बेइज्जती र कुटपीट मुद्दाहरूमा बढी मिलापत्रबाट फैसला भएको देखिन्छ।

पञ्चायत

यो जिल्लामा ६१ वटा गाउँ पञ्चायतहरू भएको कुरा माथि उल्लेख भइसकेको छ। बागलुङ बजारमा जिल्ला पञ्चायत कार्यालय छ। अधिकांश जिल्लाबासीहरूको आर्थिक स्थिति त्यति बलियो नभएको र कर पनि कम उठ्ने भएकोले पञ्चायतको आम्दानी स्रोत बलियो छैन। बागलुङ जिल्ला सभा कोषको आर्थिक वर्ष २०२९।३० मा रू. ६,५०२। मात्र आम्दानी भएको थियो।

आम्दानीको रकम कम भएकोले धेरैजसो विकास कार्य स्थानीय विकास विभागबाट प्राप्त भएको अनुदानबाट चलाएको देखिन्छ। श्री ५ को सरकारबाट प्राप्त आर्थिक सहायता र गाउँ पञ्चायतहरूको श्रम तथा साधनबाट विभिन्न गाउँ पञ्चायतहरूमा भवन, खानेपानी, सिचाइ, कुलो, झोलुङ्गे पुल, बाटो मरमत आदि भएका छन्।

वर्गीय संगठन

यो जिल्लाको विभिन्न क्षेत्रमा किसान, महिला, युवक तथा भूतपूर्व सैनिक संगठनहरू खुलेका छन्। यी संगठनका प्रारम्भिक समिति तथा सदस्य संख्या यस प्रकार छः-

	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
नेपाल किसान संगठन	१२	७८३
नेपाल भूतपूर्व सैनिक संगठन	४	२८०
नेपाल युवक संगठन	१०	५०४
नेपाल महिला संगठन	५	२८२

यी संगठनहरूले आ–आफ्नो क्षेत्रको समुचित विकास गर्ने प्रयास गरिरहेका छन्। साथै यी संगठनहरूले राष्ट्रिय दिवस, चाडपर्व, मेला प्रदर्शनीमा भाग लिने गरेका छन्।

उपसंहार

हराभरा जङ्गल, अग्ला अग्ला पहाड पखेरा भित्र लुकेका मूल्यवान खनिज पदार्थहरू, नदीनालाको अथाह जलराशी आदि प्राकृतिक सम्पदाले भरिपूर्ण भएको यो जिल्ला यातायातको सर्वाधिक कठिनाइ, अशिक्षा र गरीबीले गर्दा विकासको गतिमा उति अघि बढ्न सकेको छैन ।

यस जिल्लाका ९७.१ प्रतिशत जिल्लावासीहरूको व्यवसाय खेतीपाती तथा पशुपालन रहिआएको छ । जिल्लाको आर्थिक अवस्था सुधार्न जिल्लाको कृषि पैदावारमा वृद्धि गर्नुको साथै जिल्लामा सुलभ हुने वन तथा खनिज पदार्थहरूको समुचित उपयोग हुनु परेको छ ।

जिल्लामा सञ्चालित अधूरा योजनाहरू जस्तै काठे खोला सिचाइ योजना, कुडुले कुलो निर्माण पूरा भएमा ४४० हेक्टरमा सिचाइ सुविधा उपलब्ध भई यसबाट कृषिउपजमा निःसन्देह वृद्धि हुनेछ ।

जिल्लाको उत्तरी भाग खासगरी ढोरपाटन इलाकातर्फ आलुको बाली राम्रो हुन्छ । निसी भुजी इलाकाको उत्तरी क्षेत्रमा बस्ने धेरैजसो मगरहरूको मुख्य पेशा खेती बाहेक पशुपालन भएकोले उन्नत जातका साँढेहरू उपलब्ध गराई मिश्रण प्रजननद्वारा नश्ल सुधार गर्न सकेमा पशुधनबाट ठूलो आर्थिक टेवा मिल्न सक्तछ ।

यस जिल्लामा अन्दाजी ६०-७० हजार गाई–गोरु र ३०-४० हजार राँगा–भैंसी भएको अनुमान गरिन्छ । यहाँका प्रायः सबै मानिसहरूले गाई–भैंसीको दूधबाट घ्यू निकाल्ने गरेको देखिन्छ । अतः नश्ल तथा चरन सुधारको व्यवस्था गर्न सकेमा दूध तथा छालाको उद्योग चलाउन सकिन्छ ।

मगरहरूले भेडा, बाखा, सुंगुर पाली यी वस्तुहरू मासुको लागि प्रयोग गर्दछन्, भेडा च्याङ्ग्राको ऊनबाट राडी, पाखी, गलेंचा आदि बुन्ने गर्दछन् । अतः पशुपालनबाट घ्यू बनाउने, राडी, पाखी, गलैंचा, घुम, काम्लो बनाउने र छालाबाट जुत्ता बनाउने जस्ता उद्योगलाई बढावा दिन सकिन्छ ।

यहाँ पाइने चाँप, सल्लाबाट फर्निचर; खुँगा र सोलेतर्फ पाइने लोक्ता बरूवाको बोक्राबाट नेपाली कागज बनाउन सकिन्छ । बागलुङको नेपाली कागज अधिराज्यमा प्रसिद्ध

छ । लेकाली वनमा निगालो र जिल्लाको विभिन्न भागमा पाइने बाँसको बुट्टेदार नली, काँगियो, डोको, डालो, मान्द्रो, नाङ्लो, थुंसे, सोली, नाम्ला र भकारीहरूको उत्पादन हुन्छ र यसलाई उद्योगको रूप दिई बढाउने सम्भावना छ। यस जिल्लामा बन्ने बुट्टेदार नली, ध्यू, तेल हाल्ने कलापूर्ण काठका ठेकी, काँगियो र माटोको कुल्पी राम्रा र बलिया हुन्छन् ।

खानीतर्फ यस जिल्लामा सिसा, फलाम, तामा जस्ता आर्थिक विकासको लागि चाहिने धातुहरू पाइन्छन् । केही वर्ष अघिसम्म यस जिल्लाभित्र खेती पछिको अर्को रोजगार खानी नै थियो । यहाँका खानी खन्नेहरू प्रायः छन्तेल जातिका मानिस हुन्, जसलाई खनेल, छन्तेल आदि नाउँले सम्बोधन गरिन्छ । घर छाउने (स्लेट) ढुङ्गा पनि गलकोटनिर पाइन्छ । यहाँ पाइने अर्कोथरी सेतो ढुङ्गालाई घरको छाना, पेटी र आगनमा छाप्ने काममा पनि लिइन्छ ।

अतः जिल्लामा रहेको कच्चा पदार्थको आधारमा माथि उल्लिखित विभिन्न किसिमका उद्योगहरू सञ्चालन गर्न सकिन्छ तर औद्योगिक विकासको लागि चाहिने आधारभूत कुराहरू जस्तै यातायात, बिजुली, पूँजी, बैंक, दक्ष जनशक्ति, व्यापार तथा बजार व्यवस्थाको अभाव छ।

पुतलीखेतदेखि बागलुङ जोड्ने बाटो पूरा भइसकेपछि बागलुङ जिल्लाको उद्योगधन्धा, व्यापार तथा अन्य धेरै कुरामा महत्व पुऱ्याउने छ । पुतलीखेत–बागलुङ मार्गले बागलुङको लागि मात्र होइन स्याङ्जा, पर्वत, म्याग्दी तथा मुस्ताङ जिल्लाबासीहरूको आर्थिक विकासमा पनि ठूलो सघाउ पुऱ्याउने छ । मुक्तिक्षेत्र दर्शन गर्न जाने धर्मावलम्बी तथा धवलागिरि हिमाल आरोहण गर्न जाने र ढोरपाटनको दृश्यावलोकन गर्न जाने पर्यटकहरूलाई समेत सुविधा पुगी पर्यटन विकास हुने सम्भावना छ ।

वलेवा विमानस्थलको सुधार तथा विस्तार कार्यक्रमले पनि बागलुङ लगायत छिमेकी जिल्ला पर्वत तथा म्याग्दीका बासिन्दाहरूलाई आवागमनमा सुविधा पुऱ्याएकै छ ।

शिक्षातर्फ यहाँका जनताको अभिरुचि बढ्दै गएको छ । औलो, बिफर, हैजा, जस्ता संक्रामक रोगहरूको रोकथामको लागि विभिन्न कार्यालयहरूको स्थापना हुनु र परिवार नियोजनमा अभिरुचि जगाउनु जस्ता कार्यहरू पनि भएका छन् ।

प्रस्तावित पोखरा–सुर्खेत राजमार्ग यस जिल्ला भई जाने भएकोले यस जिल्लामा विकासको ठूलो सम्भावना देखिएको छ । जिल्लाबासीहरू सुखद भविष्यको आशा गर्न थालेका छन् । यी मार्गहरू यस जिल्लाबासीहरूका भाग्यरेखा हुन् । यी मार्गले प्रकृतिको गर्भमा लुकेका अनेकन खनिज पदार्थ, वन सम्पदाको उपयोग गरी आर्थिक टेवा दिनुको साथै प्राकृतिक मनोरम दृश्यावलोकनको लागि पर्यटकका आकर्षक केन्द्र पनि बन्लान् भन्ने आशा गर्न सकिन्छ ।

गुल्मी

विषय सूची

परिचय ७१५
प्राकृतिक स्वरूप र सम्पदा ७१६
ऐतिहासिक पृष्ठभूमि ७२३
प्रमुख स्थानहरू ७२५
जनसंख्या र जनजीवन ७३०
आर्थिक व्यवस्था ७३६
यातायात र सञ्चार ७४४
शिक्षा, स्वास्थ्य तथा खानेपानी ७४७
प्रशासन र पञ्चायत ७५१
उपसंहार ७५४

परिचय

रूरू, रेसुङ्गा र भृङ्गा जस्ता तपोभूमिले सुसज्जित तथा बडीगाड नदी र काली गण्डकीले सिंचित यो जिल्ला बुद्धको जन्मस्थलबाट नामकरण भएको लुम्बिनी अञ्चल अन्तर्गत पर्ने छ जिल्लामध्ये एक हो। यो जिल्ला अञ्चलको सदरमुकाम बुटवलदेखि उत्तर-पश्चिममा पर्दछ ।

पाल्पा र बागलुङको प्रशासन भित्र रहेको यस जिल्लालाई २००९ सालमा छुट्याएर एउटा बेग्लै जिल्लाको रूप दिइएको हो। योभन्दा पहिलेको जिल्ला विभाजनमा यो इस्मा, धुर्कोट, मुसीकोट तथा गुल्मी गरी चारवटा थुममा विभाजित भएको थियो । सबभन्दा ठूलो थुम गुल्मी भएकोले यस थुमको नामबाट यस जिल्लाको गुल्मी नामकरण भएको हो। यो जिल्ला करीब २७° ६५′ उत्तरदेखि २८°२७′ उत्तरी अक्षांश र ८३°१०′ पूर्वदेखि ८३°३५′ पूर्वी देशान्तरको बीचमा रहेको छ । यो जिल्ला पूर्व-पश्चिम लामो छ, उत्तर–दक्षिणको चौडाइ एकनासको छैन । नक्सा हेर्दा जिल्लाको आकार डमरूको जस्तो देखिन्छ ।

यसको पूर्वमा स्याङजा र पर्वत जिल्ला पर्दछन् । यसलाई कालीगण्डकीले सीमा छुट्याउँछ । पश्चिममा प्यूठान जिल्ला पर्दछ, जसलाई सक्तुमारे तथा मुलपानी डाँडाले छुट्याउँछन्। उत्तरतिर बागलुङ जिल्ला पर्दछ र दरूवा पहाड, शिरखर्का तथा दाह्लेगौंडाले सीमाना छुट्याउंदछन् । जिल्लाको दक्षिणतिर बगिरहेको रिडी खोलाले पाल्पाको साँध र कावरनेटा तथा सोमर भोमरले अर्घाखाँची जिल्लाको साँध छुट्याउँछन् ।

यस जिल्लाको क्षेत्रफल १,२४,५०० हेक्टर छ। यहाँ २,२७,७४६ जना मानिसहरूले बसोबास गरेका छन्। बाहुन, क्षेत्री, मगर, गुरुङ, नेवार, दमाई, सार्की, कामी, कुह्माले आदि जातिका मानिसहरूले यहाँ बसोबास गरेका छन्। यस जिल्लामा ९७ वटा गाउँ पञ्चायतहरू छन्। खेतीपाती तथा पशुपालन नै यहाँको आर्थिक आधार हो ।

जिल्लाको सदरमुकाम तमघास हो ।

प्राकृतिक स्वरूप र सम्पदा

नेपाल अधिराज्यको करीब मध्यभागमा स्थित लुम्बिनी अञ्चलको पहाडी भागमा गुल्मी जिल्ला पर्दछ। मेचीदेखि महाकालीसम्म फैलिएको महाभारत पर्वत शृङ्खलामा पर्ने अन्य पहाडी भू-भागमा जस्तै यो जिल्लामा पनि लेक र बेंसीहरू छन्। रेसुङ्गा, धुम्टे, झुले, तीखे चुली, थापले, कौडे र मदाने लेकहरू यहाँका अग्ला डाँडा हुन्, जहाँ हिउँदमा हिउँ पनि पर्दछ।

भौगोलिक बनावट

यो जिल्ला पहाड र बेंसीले बनेको छ। यहाँ करीब ६१० मिटर (२,००० फीट) उचाइका बेंसीदेखि लगभग ३,०५० मिटर (१०,००० फीट) अग्ला पहाड छन्। भौगोलिक बनावटको दृष्टिबाट यस जिल्लालाई सामान्यतः तीन भागमा बाँड्न सकिन्छ।

(१) लेकाली प्रदेश
(२) पहाडी प्रदेश
(३) बेंसी

लेकाली प्रदेश

यस जिल्लाका केही पहाडहरूको उचाइ २,५०० (८,२०० फीट) भन्दा बढी छ। २,१३४ मिटर (७,००० फीट) भन्दा अग्ला पहाडलाई पनि यहाँ लेक भन्ने चलन छ, जस्तै सत्यवती लेक, घुम्टेलेक र भार्से पञ्चायत नजीकैको थाप्ले लेक, जुन करीब २,५७१ मिटर (८,४३३ फीट) अग्लो छ। तमघासको पूर्व स्थित रेसुङ्गा लेक करीब २,३३९ मिटर (७,६७२ फीट) अग्लो छ। यस्तै हवाङ्दी पञ्चायतमा पर्ने मालिका थान लेक करीब २,६६४ मिटर (८,७३७ फीट) को छ। झुले सालिमे, र वामीदह पहाड करीब २,५२७ मिटर (८,२८८ फीट), सत्यवती लेक करीब २,४०१ मिटर (७,८७६ फीट), धारदिने गुफा करीब २,३९० मिटर (७,८३९ फीट) का छन्।

यी सबै लेकहरूका टाकुरामा हिउँदको समयमा पानी पर्दा हिउँ पर्दछ। यो भू-भागमा पतझड शीतोष्ण हावापानी पाइन्छ। ग्रीष्म ऋतुमा केही न्यानो हुन्छ भने हिउँदमा निकै जाडो हुन्छ। पहाडको तल्लो भागमा पतझड वन पाइन्छ त माथिल्लो भागमा सल्लो, गुराँस, खर्सु र धूपी जातका सदाबहार कोणधारी वन पाइन्छन्। यसको भू-बनोट प्रायः ग्रेनाइट चट्टान, दर्शन ढुङ्गा, पत्रे ढुङ्गा र स्लेट ढुङ्गाबाट भएको छ। खेतीयोग्य भूमि कम भएकोले यस भागमा मानिसहरूको बस्ती कम छ। यहाँका मानिसहरू आलु, मकै, फापरको खेती र पशु-पालनबाट जीवनयापन गर्दछन्।

पहाडी प्रदेश

करीब ९१५ मिटर (३,००० फीट) देखि २,५०० मिटर (८,२०० फीट) अग्लो पहाडी भाग यस क्षेत्रभित्र पर्दछ । जिल्लाको सबभन्दा बढी आवादी भएको क्षेत्र पनि यही पहाडी प्रदेशमा पर्दछ । जिल्लाको सदरमुकाम तमघास यसै प्रदेशमा पर्दछ । इस्मा, धुर्कोट, मुसीकोट, भार्से, थोर्गा, चोयघा, दरबार देवीस्थान, लुम्पेक, पुर्कोटदह आदि ठूलठूला बस्ती भएका ठाउँहरू यही प्रदेशमा पर्दछन् । यो भाग पनि महाभारत पर्वत शृङ्खलामा परेकोले यसको भू-बनोट प्रायः ग्रेनाइट चट्टान, पत्रेदार चट्टान, सेतो चून ढुङ्गा, स्लेट आदिबाट भएको छ । कुनै ठाउँमा रातो माटो, कतै अभ्रख मिसिएको माटो, कतै कालो माटो देखिन्छ । तमघासमा कोवाल्ट, नेटा दलिङ्गमा सिंगमरमर, नेटामा शिशा, पुर्कोट र इस्मामा तामा खानी भएको अनुमान छ ।

यस प्रदेशमा चिलाउने, कटुस, चाँप, ओखर, गुराँस आदि वनस्पति बढी पाइन्छ । हावापानी स्वास्थ्यकर छ । हिउँदमा केही बढी जाडो र ग्रीष्ममा न्यानो हुन्छ ।

मकै, कोदो, गहुँ, जौ, धान यहाँका मुख्य बाली हुन् । यहाँ सुन्तला, कागती र नाशपाती निकै हुन्छ । जङ्गल धेरै भएको हुनाले काठपात, जरीबुटी, बाँस, निगालो धेरै पाइन्छन् । प्रायः गाउँ-गाउँमा वस्तु पालेर घ्यू बनाउने काम हुन्छ ।

बेंसी

बडीगाड नदी तथा छल्ली खोलाले बनाएको बेंसी यहाँको सबभन्दा ठूलो फाँट हो । यहाँ धानको खेती हुन्छ र किसानहरू तीन बालीसम्म लिन्याउँछन् । वामी टक्सार, नयाँ गाउँ, भुर्तुङ वुल्म आदि यहाँका प्रमुख टार हुन् । यहाँ सिचाइ सुविधा पुऱ्याउन सकेमा बालीहरूको उत्पादनमा बृद्धि हुनेछ । काली गण्डकीको किनारमा रुद्र बेणी, पुर्तिघाट, रिडी बजार जस्ता स्थानहरू छन् । यो भू-भाग करीब ६१० मिटर (२,००० फीट) र सोभन्दा होचो सतहमा भएकोले यहाँको हावापानी अर्ध-उष्ण छ । वामी टक्सार, शान्तिपुर, रिडी र पुर्तिघाट बजार यहाँका मुख्य व्यापारिक केन्द्र पनि हुन् । यसको भू-बनोट नदीहरूले बगाई ल्याएको बलौटे पाँगो माटोले भएको छ । यहाँ धान, उखु, गहुँ, मकै, कोदो, भटमास, केराउ, फापर, सूला आदिको खेती हुन्छ । यहाँ साल, खयर, पीपल, सिरीस र सिसौका रूखहरू भएको मिश्रित पतझड वन पाइन्छ ।

नदीनालाहरू

यस जिल्लाबाट बग्ने प्रमुख नदीनालामा बडीगाड नदी, कालीगण्डकी, हुँग्दी खोला, निस्ती खोला, छल्ली खोला, पलाह खोला, पालुन खोला र दरम खोलाहरू हुन् ।

वडीगाड नदी

यसको उद्गम स्थल ढोरपाटननिरको रुद्रताल मानिन्छ । रुद्रतालबाट निस्केको हुनाले स्थानीय व्यक्तिहरूले यसलाई रुद्र गङ्गा पनि भन्दछन् । यस नदीमा बुर्तिवाङको लेकबाट निस्कने भुजी खोला र तुलाचन धुरी भलकोटबाट निस्कने निसी खोला बागलुङ जिल्लाको वुर्तिवाङमा मिल्दछन् । निसी खोलाको रूपमा गुल्मी जिल्लामा पसेपछि यस खोलामा लब्दी खोला, निस्ती खोला, दरम खोला, हुँग्दी खोला मिल्दछन् । यस प्रकारले यो खोला जिल्लाको उत्तर-पश्चिमबाट दक्षिण-पूर्व बगी अन्तमा रिडी बजारको

उत्तर-पूर्वको अस्लेबामा कालीगण्डकीसँग मिसिएको छ। यस स्थललाई रुद्रबेनी भन्दछन् र यो तीर्थस्थल मानिन्छ । जनै-पूर्णिमा, माघे संक्रान्ति तथा कार्तिक एकादशीमा यहाँ नुहाउनेको मेला लाग्दछ।

बडीगाड नदीले गुल्मी जिल्लालाई लगभग आधा-आधा हिस्सामा बाँडेको छ । यस जिल्लाका ठूलठूलाफाँटहरू यही नदीले बनाएको छ । जिल्लाको सबभन्दा उब्जाउ भूमि पनि यही नै हो। यहाँ तीन बालीसम्म हुन्छ। यस नदीको किनारमा टारी, ग्वाली चौर, बामीटक्सार, रातामाटा, खरवाङ, च्याघा, रिमुवा, ग्वादी, देउराली आदि ठाउँहरू पर्दछन् । जिल्लाको सबभन्दा ठूलो र महत्वपूर्ण जलाधार यसैलाई मान्नु पर्दछ ।

कालीगण्डकी

मुस्ताङ भोटको मुक्तिनाथ क्षेत्रबाट दक्षिणतर्फ बग्दैआएको कालीगण्डकी यो जिल्लाको पूर्वी सीमानाको रूपमा रहेको छ। यस नदीले गुल्मी जिल्लालाई पर्वत र स्याङ्जा जिल्लाबाट छुट्याउँछ। यस जिल्लाका नदीहरू बडीगाड, पालुन खोला, रिडी खोला यसैमा गई मिल्दछन् । यस नदीको तटमा गुल्मी जिल्लाका प्रमुख धार्मिक स्थल र व्यापार केन्द्रहरू जस्तै रूरू क्षेत्र, रुद्रबेनी तथा पुर्तिघाट पर्दछन् ।

यो हिम नदी भएकोले कहिल्यै सुक्दैन। यस नदीमा विविध चक्रहरू भएको शालिग्राम पाइने भएकोले यसलाई शालिग्राम नदी पनि भन्दछन् । यस जिल्लाको पूर्वी सीमानामा उत्तरदेखि दक्षिण र फेरि घुमेर पूर्वदेखि पश्चिम बग्ने यो नदी अञ्चल भित्रकै सबभन्दा ठूलो र गहिरो नदी हो । यस नदीलाई जिल्लाबासीहरू पवित्र गङ्गाको रूपमा पुज्दछन् । खासगरी यस नदीको किनारमा पर्ने रिडी क्षेत्रको विशेष महत्व छ ।

छल्ली खोला

महाभारत पर्वत शृङ्खलामा स्थित यस जिल्लाको मर्मुङ मदाने भन्ने पहाडको दक्षिणी पानी ढलोबाट निस्केको यो खोला जिल्लाको उत्तर-पूर्वबाट दक्षिण-पश्चिम बगेको छ । यस खोलामा इस्माकोट, रामकोट, अमरपुरबाट दक्षिण बगेका खोला, खहरेहरू मिल्दछन्। बडीगाड पछि दोस्रो ठूलो फाँट छल्ली खोला वरपरको फाँट हो। यो खोला निस्ती खोलासँग मिसिई अन्तमा परालमी पञ्चायतनिर बडीगाडमा मिल्दछ। यसले अजिमिर, धुर्कोट, गुफा वाँग्ला, दर्लमचौर, मुसीकोट, बडागाउँ, रातामाटा, परालमी आदि ठाउँहरूलाई सिंचित गर्दछ ।

निस्ती खोला

यो खोला महाभारत पर्वत शृङ्खलाको २,७११ मिटर (८,८९१ फीट) उचाइ भएको विपेगौंडा पहाडको दक्षिणी ढालबाट बग्दै नेटा, दर्लिङ, पौदी, हर्पुकोट हुँदै छल्ली खोलामा मिली अन्तमा बडीगाडमा मिल्न भएको छ ।

हुग्दी खोला

यस जिल्लाको उत्तर भागमा रहेको महाभारत पर्वतको २,७८८ मिटर (९,१४६ फीट) अग्ला ढढुवा नौले पहाडको दक्षिणी पानी ढलोबाट निस्केका विभिन्न खोला-खहरेहरू जिल्लाको उत्तर-पश्चिमबाट पूर्व

बगी मजुवाघाटमा गई बडीगामा मिल्दछन् । यस खोलाले वाराकोट, हुग्दीसीर, साग्दी, चन्द्रकोट (रेमी), तुर्राग आदि ठाहरूलाई उर्वर बनाएको छ ।

दरम खोला

यो खोला बागलुङ जिल्लाको गलकोट क्षेत्रबाट बगिआएको छ । गलकोट क्षेत्रबाट दक्षिण–पश्चिम बगी आउने यस खोलामा हाँडी खोला, पचुवा खोला आदि मिलेपछि बागलुङको काडेवास नजीक पुगेर दरम खोला नाम लिई गुल्मी जिल्लाभित्र पस्दछ । यो खोला, वामी टक्सारनिर आएपछि बडीगाडमा मिल्दछ ।

रिडी खोला

गुल्मी जिल्लाको दक्षिण-पूर्वमा पर्ने पाल्पा जिल्लालाई रिडी खोलाले साँध छुट्याएको छ । यो खोला अर्घाखाँची जिल्लाका विभिन्न खोला, खहरे तथा अर्घाखाँचीबाट बगेको खर्ज्याङ खोला मिली बनेको छ । जिल्लाको दक्षिण-पश्चिमबाट पूर्व बग्दै यो रिडी बजारमा आई काली गण्डकीमा मिसिन्छ । यसले बनाएको फाँट पनि जिल्लाको एउटा उर्वर भूमि हो ।

हावापानी

दक्षिण-पश्चिम मनसुनी हावाको प्रभावबाट यो जिल्लामा असारदेखि असोजसम्म पानी पर्दछ । साथै पश्चिमी भेकबाट बहने जलवाष्पपूर्ण हिउँदे हावाले हिउँदमा पनि केही पानी पार्दछ । नेपाल अधिराज्यका अन्य पहाडी जिल्ला जस्तै यस जिल्लामा पनि उचाइको विषमताले गर्दा तापक्रम र वर्षामा फरक हुन्छ । यस जिल्लामा मौसम अवलोकन केन्द्र नभएकोले करीब १,४५७ मिटर (४,७७९ फीट) को उचाइमा स्थित सल्यान मौसम अवलोकन केन्द्रको ई. सन् १९७० को तापक्रमको अभिलेख तल दिइएको छः–

तापक्रमको तालिका

(सेन्टिग्रेडमा)

	अधिकतम	न्यूनतम
जनवरी	१५.५	६.०
फेब्रुअरी	१७.०	७.५
मार्च	२१.९	१३.६
अप्रिल	२८.१	१९.२
मे	३०.०	२०.७
जून	२५.६	१८.४
जुलाई	२५.८	१९.३
अगष्ट	२६.५	१९.५
सेप्टेम्बर	२६.१	१८.८
अक्टोबर	२४.०	१६.३
नोभेम्बर	२०.५	११.३
डिसेम्बर	१८.६	७.९
वार्षिक औसत	२३.३	१४.८

उपर्युक्त तालिकाको तापक्रम हेर्दा उक्त वर्षको औसत अधिकतम तापक्रम २३.३ सेन्टिग्रेड र न्यूनतम औसत तापक्रम १४.८ सेन्टिग्रेड देखिन्छ । सबभन्दा गर्मी महीना मे र सबभन्दा बढी जाडो जनवरी

हुने देखिन्छ । औसत अधिकतम तापक्रम मे महीनामा ३०.० सेन्टिग्रेड र औसत न्यूनतम तापक्रम जनवरी महीनामा ६.० सेण्टिग्रेड छ । यस तापक्रम तालिकाले पहाडी प्रदेशको तापक्रमको प्रतिनिधित्व गर्दछ, लेकाली तथा बेंसी भागको तापक्रम फरक हुने अनुमान गरिन्छ ।

यस जिल्लामा असारदेखि असोजसम्म वर्षा हुन्छ । जिल्लाको रिडी बजार र मुसिकोटमा रहेका वर्षा अवलोकन केन्द्रहरूबाट लिइएको विवरणअनुसार सन् १९७० मा यहाँको वर्षाको स्थिति यस प्रकार थियो :–

वर्षाको तालिका

(मिलिमिटरमा)

महीना	रिडी बाजार (६२८ मिटर)	मुसीकोट गुल्मी (१,८१८ मिटर)
जनवरी	१८.६	२६.४
फेब्रुअरी	१६.०	१७.६
मार्च	३.६	६.४
अप्रिल	२१.४	८०.४
मे	१०३.०	१६५.१
जून	४१२.८	५४१.२
जुलाई	५२०.४	४९४.६
अगष्ट	२८८.०	२२२.३
सेप्टेम्वर	१०६.८	१७५.९
अक्टोबर	२६.०	१२.४
नोभेम्बर	०.०	०.०
डिसेम्बर	०.०	०.०
जम्मा:–	१,५१६.६	१,७४२.३

रिडी बजारमा सन् १९६१ (विक्रम सम्वत् २०१८ साल) मा सबैभन्दा बढी १,७३२.५ मिलिमिटर पानी परेको थियो । त्यस सालमा रिडी बजारमा बाढी आई बजारको केही भागमा क्षति पुगेको थियो ।

वर्षाको अभिलेखअनुसार यहाँ जून, जुलाई र अगष्ट महीनामा बढी र नोभेम्बर, डिसेम्बर महीनामा कम वर्षा हुन्छ ।

रिडी बजारमा १९७० को जून १६ मा २४ घण्टा भित्र २४७.४ मिलिमिटर वर्षा भएको थियो । हिउँदमा खासगरेर पुस, माघ र फागुनमा पनि मुसिकोट र रिडी बजारमा केही वर्षा हुन्छ भन्ने कुरा माथिको तालिकाले देखाउँछ ।

यो जिल्लामा मोटामोटी तीन किसिमका हावापानी पाइन्छन्:–

(१) ठण्डा शीतोष्ण हावापानी
(२) समशीतोष्ण हावापानी
(३) अर्ध–उष्ण हावापानी

ठण्डा शीतोष्ण हावापानी

यस जिल्लाको करीब २,१३४ मिटर (७,००० फीट) भन्दा माथि २,७४४ मिटर (९,००० फीट) सम्मको पहाड र लेकको अधिकांश भागमा ठण्डा शीतोष्ण हावापानीको प्रभाव छ । पाण्डु खानी, जलजला, भार्से, मालिका थान लेक, सालिमे वामी दह, सत्यवती लेक र सदरमुकाम तमघासमा यसप्रकारको हावापानी पाइन्छ ।

यस्तो हावापानी पाइने स्थानमा सेतो गुराँस, रक्तचन्दन, कागज बनाउने ठूलोबरूवा (जसबाट नेपाली कागज बन्दछ) र लाली गुराँसका बोटहरू प्रशस्त पाइन्छन् । कुनै कुनै डाँडामा हिउँदमा फाटफुट हिउँ पर्दछ र स्याँठ चल्छ ।

समशीतोष्ण हावापानी

करीब ९१५ मिटर (३,००० फीट) भन्दा माथि २,१३४ मिटर (७,००० फीट) सम्मको डाँडा, पाखा र भञ्ज्याङहरूमा समशीतोष्ण हावापानी पाइन्छ । यस जिल्लाको बाक्लो बस्ती यही हावापानीको प्रभाव पर्ने भागमा पर्दछ । यस भागमा ज्यादाजसो मकै, फापर, कोदो, जुनेलो जस्ता खाद्यान्न, तोरी, तिल जस्ता तेहलन, मास, गहत, बोडी, सिमी जस्ता दलहनको पाखा बाली हुन्छ ।

जिल्लाको शीतोष्ण जलवायु हुने भागमा कटुस, चिलाउने, चाँप, ओखर, गुराँसका रूखहरूले हराभरा भएको जङ्गल देखिन्छ । यहाँ सुन्तला, कागती र नाशपाती पनि निकै फल्छ । स्वास्थ्यकर हावापानी भएकोले यस भागमा धेरै मानिसहरू बस्न मन पराउँछन् ।

अर्ध-उष्ण हावापानी

यस जिल्लाका होचो टार, बेंसी र फाँटहरूमा अर्ध-उष्ण हावापानी पाइन्छ । बडीगाड, छल्ली खोला, दरम खोला तथा कृष्णगण्डकीले बनाएका फाँटहरूमा जिल्लाको अन्य भागमाभन्दा धेरै गर्मी हुन्छ । यस क्षेत्रमा ग्रीष्म ऋतुमा केही बढी गर्मी र हिउँदमा केही जाडो हुन्छ । यस प्रकारले अर्ध-उष्ण हावापानी भएको यस जिल्लाको बडीगाडको बेंसीमा धान, मकै, घैया, तोरी, तिल, उखु, पिंडालु र आलुको खेती हुन्छ ।

प्राकृतिक वनस्पति

यो जिल्लाका विभिन्न भागको उचाइको विषमताले गर्दा यहाँको हावापानी पनि विभिन्न प्रकारको भएको कुरा माथि उल्लेख भइसकेको छ । हावापानीको विभिन्नताअनुसार यहाँ विभिन्न किसिमका वन्य पैदावार हुनु स्वाभाविक हो । यहाँ साधारणतया तीन किसिमका वन-वनस्पति पाइन्छन् । जिल्लाको अग्लो भेकमा कोणधारी सदाबहार वन, केही होचो पाखा र अग्लो बेंसीमा मिश्रित पतझड वन र अर्ध-उष्ण बेंसीमा अर्ध-उष्ण सदाबहार वनहरू छन् ।

यस जिल्लामा प्रायः ओखर, चाँप, खयर, साल, सल्ला, चिलाउने, मलागेडी, बाँझ, साज, टुनी र काफलका रूखहरू बढी छन् । केही मात्रामा बाँस तथा निगालो पाइन्छ । वन पैदावारमा नागवेली, कुरीलो, बोझो, कालो हलेदो, टिमुर, तेजपात, चिराइतो, गाने गुजे, मजेठो, चौतारी, ब्राह्मनी र रूदीलो जस्ता जरीबूटी पाइन्छन् ।

जिल्लाका अधिकांश कृषकहरूका कैयौं आवश्यकताहरू यिनै वन र वन पैदावारबाट पूर्ति भएको छ। भान्छाको चुलो तताउने कामदेखि लिएर घर कटेरो बनाउन चाहिने काठपात, किसानका हलो, डोको, डालो, थुन्से, भकारी आदि यी वनका पैदावारबाट तयार भएका छन्। यहाँका जरीबूटी बेचेर कैयौं जिल्लाबासीले आफ्नो नून-तेल जुटाएका छन्। यहाँ केही मात्रामा आँपचौर गाउँपञ्चायतमा कफीको खेती पनि हुन्छ। शुरूमा एक दुई बोट कफीको बिरुवा रोपी परीक्षण गर्दा राम्रै हुनगएको हुँदा हाल धेरै बोटहरू छन्। कफी राम्रैसँग फलिरहेको छ र केही मानिसहरू त्यसतर्फ आकर्षित भएको पाइन्छ।

पशुपक्षी

यहाँ विभिन्न जातका पशुपक्षी पाइन्छन्। यहाँ पाइने वन्य जन्तुहरूमा मुख्यतः चितुवा, भालू, रतुवा, थार, घोरल, खरायो, बाँदर, ढेडू, स्याल, फ्याउरो, दुम्सी, बँदेल आदि हुन्।

पक्षीमा लुइँचे, तितरो, हलेसो, ढुकुर, कोइली, च्याखुरा, सुगा, पिउरा, डाँफे, मोनाल, चील, फक्रास, कालिज, जुरेली, मैना, लुइँचे, कोकले, सारुङ, चाँचर, फिप्टो आदि हुन्।

यस जिल्लामा पशुपक्षीको सम्वर्धन र वन संरक्षण गर्ने प्रयास भएको छ। यसैले गर्दा पशुपक्षीको धेरै हानि नोक्सानी हुन पाएको छैन।

खनिज पदार्थ

गुल्मी जिल्लामा प्राचीन समयदेखि नै तामा, फलाम, कोवाल्ट जस्ता विभिन्न किसिमका खानीहरू थिए र यी खानीबाट त्यसवखतका चौबीसी राजाहरूले विभिन्न किसिमका भाँडा कुँडा, शस्त्र अस्त्र बनाउँथे। जिल्लाका आदिवासी मानिएका मगर जातिका आग्री तथा छन्तेलहरूले यहाँको भीर, पाखा-पखेरामा बसी खानी खन्ने काम गर्दथे र यिनीहरूले खानी खने वापत तिरो माफी दिने वा कतै खनेको खानीमध्येकै केही अंश जिन्सी तिरोको रूपमा दिने चलन थियो। सरकारी तौरले खानी खनाएको भए यी आग्रीहरूले पारिश्रमिकको रूपमा निकालिएको धातुको केही अंश पाउँदथे।

खासगरी गुल्मीको बडीगाड उपत्यकामा खानीहरू धेरै भएको आशंकाले यहाँ खानी विशेषज्ञहरू बरोबर आइरहन्छन्। सोमर भोमर र तमघास क्षेत्रमा सुमिताको खानी (कोवाल्ट) पत्ता लागेको छ। यहाँ कोवाल्टको खानी बाहेक तामा, शीशा, स्लेट तथा दर्शन ढुङ्गा र सेतो चून ढुङ्गा पाइएकोछ। यस जिल्लाको निम्नलिखित ठाउँहरूमा यी खानीहरू भएको बुझिन्छः– पुर्तिघाट, बाँझ कटेरी, नेटा, आरलुंग, छापहिले, भार्से तथा जयखानी गाउँ पञ्चायतमा तामा; यस्तै पाण्डुखानी गाउँ पञ्चायतमा तामा र काभ्रे भीरमा शिशा खानी छन्। अर्लाङ्कोट गाउँ पञ्चायतमा शिशा, थाले पोखरा तथा दह गाउँमा फलाम खानी छ। यस्तै जलजला पञ्चायत तथा धुर्कोट मौला गाउँ पञ्चायतमा भएको शिशा खानी यहाँका आग्रीहरूले प्रयोगमा ल्याएका थिए।

दार्लिङ देवी चौर पञ्चायतमा तामा, शिशा र निलतुथोको खानी देखिएको थियो। हाडहाडे तथा लक्ष्मीपुर गाउँ पञ्चायतमा कोवाल्टको खानी भएको विश्वास छ।

यहाँका विभिन्न भागमा स्लेटका खानी छन्, सबभन्दा राम्रो स्लेट खानी जुभुङ पञ्चायत अन्तर्गत पर्ने डल्ली खोलानिर पाइन्छ।

ऐतिहासिक पृष्ठभूमि

मध्यकालको मुसिकोट, इस्मा, धुर्कोट र गुल्मी राज्यहरू हालको गुल्मी जिल्ला अन्तर्गत पर्दछन् । ह्यामिल्टनकाअनुसार मध्यकालमा विभिन्न राज्यहरूको समूहमा मुसिकोट र इस्माले प्यूठानको नेतृत्वलाई मान्दथे । गुल्मी राज्यले पाल्पाको नेतृत्वलाई मान्दथ्यो ।[1]

ह्यामिल्टनको भनाइअनुसार गुल्मी, खाँची, अर्घा, मुसिकोट, धुर्कोट र इस्मा यी छ राज्यहरूमा एउटै परिवारले शासन गरेका थिए । गुल्मी र मुसिकोटमा काला मकवानी वंशले शासन गरेका थिए । तर ऐतिहासिक साधनको कमीले गर्दा यो कुरा यकीनसँग भन्न सकिएको छैन कि उक्त दुई राज्यका राजपरिवारलाई किन काला मकवानी भनियो । भवदत्तकृत सेन वंशावलीअनुसार मुकुन्द सेन प्रथमले गुल्मी जिती आपना नातालाई राजा बनाएको कुरा उल्लेख भएको पाइन्छ ।[2] शङ्करमान राजवंशीअनुसार मुकुन्द सेनका बाबु रुद्र सेनले प्यूठानकी राजकुमारी विवाह गरेका थिए । उक्त राजकुमारीबाट जन्मेको उग्र सेन र पूर्ण सेनलाई गुल्मीका शासक बनाएको देखिन्छ ।[3] भवदत्तको सेन वंशावलीमा गुल्मीको राजाको रूपमा मुकुन्द सेन, महादत्त सेन र पृथ्वीपाल सेनको उल्लेख गरिएको छ । शङ्करमान राजवंशीले महादत्त सेन र पृथ्वीपाल सेनलाई उग्र सेनका सन्तान भनी लेखेका छन् । तर सत्य कुरा के हो भने महावत्त सेन र पृथ्वीपाल सेन उग्र सेनका सन्तान थिएनन्, तिनीहरू पाल्पाका शासक थिए ।

प्राचीनकालमा हालको गुल्मी जिल्ला लिच्छवि राजाहरूका अधीनमा रहेको देखिन्छ । लिच्छविहरूको पतनपछि पश्चिम कर्णाली प्रदेशमा खसिया मल्लहरूको उदय भयो र यो इलाका उक्त मल्लहरूको अधीनमा रह्यो । खशिया मल्लहरूको चौधौं शताब्दीमा पतन भए पछि यहाँका मगरहरूले स-साना राज्यहरू खडा गरे । ती राज्यहरूलाई विजयगरी काला मकवानीहरूले शासन गरे । ती भूरे राजाहरूको किल्लाहरूका भग्नावशेष ठाउँ ठाउँमा अझै पनि पाइन्छन् ।

ह्यामिल्टनका अनुसार गुल्मीको राजधानी पहाडमा थियो। टाइलको छाना भएको इँटको दरबार थियो। यस राज्यको मुख्य बजार रिडीघाट थियो। यस रिडीघाटमा तीन-चार महीनासम्म ठूलो मेला लाग्दथ्यो। यहाँ विभिन्न स्थानबाट व्यापारीहरू आउँदथे ।

---

1. Hamilton, F. B. An Account of the Kingdom of Nepal, p. 239
२. शङ्करमान राजवंशी (सं.)– सेन वंशावली, पृष्ठ २८
३. ऐजन, पृष्ठ २८

गुल्मी राज्यमा अनेक खानीहरू थिए । चन्द्रकोट र अरकुल पहाडमा तामाका खानीहरू थिए । यस प्रकार यो राज्य समृद्धिशाली थियो । पाल्पाका राजा मुकुन्द सेन द्वितीयका पालामा पाल्पा, गुल्मी, र खाँची मिली अठारौं शताब्दीको शुरूमा मगर राज्य वलिहाङ माथि हमला गरी विजय प्राप्त गरे । ती राज्यहरूले वलिहाङ राज्यलाई बाँडी लिए । गुल्मीलाई वलिहाङको समथर भाग हात पर्‍यो ।

पछि पाल्पाका राजा महादत्त सेन र नायब बहादुर शाहको संयुक्त प्रयासबाट चौबीसी र बाइसी विजय गरे पछि नायब बहादुर शाहले आफ्नो ससुरा महादत्त सेनलाई गुल्मी र खाँची दिए । पराजित गुल्मीका राजा शिव शाह राम नगरमा गई तनहूँका राजासँग बसे । शिव शाहले आफ्नी नातिनी रणबहादुर शाहसँग विवाह गरिदिए । त्यसपछि रणबहादुर शाहले गुल्मी राज्य पाल्पाबाट लिई स्वतन्त्र पारिदिए । यस प्रकार गुल्मी केही वर्ष पाल्पाको अधीनमा रह्यो। त्यसैकारण भवदत्तले सेन वंशावलीमा महादत्त सेन र पृथ्वीपाल सेनलाई गुल्मीका राजा भनी लेखेका थिए ।

तर गुल्मीले पुनर्जीवन पाए पनि धेर वर्ष टिक्न सकेन । रणबहादुर शाहको मृत्यु पछि मुख्तियार भीमसेन थापाले पाल्पा लगायत गुल्मी, अर्घा र खाँची वृहत् नेपालमा वि. सं. १८६३ मा गाभे । ह्यामिल्टनका अनुसार गुल्मीका शासक सिद्धिप्रताप शाह पहाडमै छन् भनिन्छ तर अरूहरूले यिनी निसन्तान भई मरे भन्छन् । सिद्धि प्रताप शाह आफ्नो वंशका तीसौं राजा थिए ।[1]

हालको गुल्मी जिल्ला अन्तर्गत पर्ने मध्यकालको चौबीसी राज्यहरूमध्येको इस्मा पनि थियो । इस्मा एक पहाडी राज्य थियो । राजधानीमा करीब २५० घरहरू थिए । राजाको दरवार वरिपरि करीब ५०।६० घरहरू थिए । ती घरहरू खर र ढुङ्गाबाट बनेका थिए ।

इस्माका राजाको अधीनमा समथर जग्गा थिएन । राज्यभरमा करीब २,५०० घरहरू थिए । राजस्व रु. २,०००। थियो । उक्त राज्यमा खानीहरू थिएनन् । ईस्मा र मुसिकोट बीच सधैं लडाईं भइरहन्थ्यो ।[2] इस्माली फौजले नेपाली फौजसँग बहादुरीका साथ मुकाविला गरे ।[3] राजा गोविन्द सिंह स्वयं लडेका थिए तर विजय नहुने देखेर सल्यानमा भागे ।

धुर्कोटको बारेमा कुनै पनि तथ्य इतिहास प्रकाशमा आउन सकेको छैन । यस राज्यलाई दामोदर पाँडेले विजय गरी वृहत् नेपालमा गाभेका थिए ।

मुसिकोट पनि चौबीसी राज्यहरूमध्ये एक थियो । यो राज्य पनि पहाडी क्षेत्रमा पर्दथ्यो । राज्यमा करीब ३,००० घरहरू थिए । राज्यको वार्षिक राजस्व रु. २,०००। थियो । यस राज्य भित्र कुनै ठूलो बजार थिएन तर एउटा तामा खानी थियो। यस राज्यलाई दामोदर पाँडेले विजय गरी वृहत् नेपालमा गाभेपछि यहाँका राजपरिवारका सदस्यहरू नेपाल सरकारको सेवामा रहे ।

---

1. Hamilton, F. B.- op. cit. p. 265
2. Ibid, pp. 267-68
३. इस्मामा ठूलो लडाईं भयो भनी लेखिएको छ । योगी नरहरिनाथ (सं.) इतिहास प्रकाश, अङ्क २ भाग ३, पृष्ठ ४३७

प्रमुख स्थानहरू

तमघास

तमघास गुल्मी जिल्लाको सदरमुकाम हो । यो महाभारत शृङ्खलाको करीब १,६७७ मिटर (६,४८३ फीट)को उचाइमा अवस्थित छ । अञ्चल सदरमुकाम बुटवलबाट यहाँ पुग्ने सजिलो बाटो पाल्पा तानसेन-सम्म सिद्धार्थ राजमार्गबाट र त्यहाँबाट रिडी हुँदै (करीब ३२ किलोमिटर १० कोस) पैदल हिंड्नु पर्छ । तमघासको उत्तर–पूर्वमा समुद्रको सतहबाट २,३४२ मिटर (७,६८२ फीट) अग्लो रेसुङ्गाको लेक छ । यो स्थान रेसुङ्गा र अर्जुन लेकको बीचको साँग्रो खोंचमा छ । यहाँको हावापानी समशीतोष्ण छ । यहाँको धेरैजसो भू–भाग वन–जङ्गलले ढाकिएको छ ।

तमघासमा करीब १०० वटा घरहरू छन् । यहाँ एउटा सानो बजार छ । अधिराज्यलाई ७५ जिल्लामा विभाजन गरिएपछि तमघासलाई गुल्मी जिल्लाको सदरमुकाम कायम गरिएको छ । यहाँ बाहुन, क्षेत्री, गुरुङ, मगर, नेवार आदि जातिहरूका मानिसहरूको बस्ती छ ।

तमघासको पश्चिमी भागबाट धुर्कोट, इस्मा, प्यूठान र मुसिकोट जाने, उत्तरबाट गलकोट बागलुङ तथा पूर्वबाट रिडी, पाल्पा, तानसेन जाने मूलबाटाहरू छन् । रिडीबाट तमघाससम्म मोटर मार्ग बनाउने प्रयास पनि भइरहेको छ । यस मार्ग बनेमा तमघासको बजार विशेष गुलजार हुनुको साथै यहाँको आर्थिक तथा सामाजिक स्थितिमा पनि ठूलो सुधार आउने छ ।

यहाँ एउटा माध्यमिक विद्यालय छ । स्वास्थ्य सेवातर्फ १५ शय्या भएको एउटा अस्पताल छ । यहाँ जिल्ला पञ्चायत, प्रहरी, अदालत, कारागार, भूमिसुधार, कृषि विकास, हुलाक, आकाशवाणी आदि कार्यालयहरू छन् । यहाँ राष्ट्रिय वाणिज्य बैंकको शाखा र कृषि खरीद बिक्री संस्थानको उपशाखा पनि छन् ।

रेसुङ्गा

सदरमुकाम तमघास नजीकै उत्तर–पूर्वको २,३४२ मिटर अर्थात् ७,६८२ फीट अग्लो डाँडालाई रेसुङ्गा भनिन्छ । रेसुङ्गा भन्ने नाम ऋष्य शृङ्ग ऋषिको अपभ्रंश हो भनिन्छ ।

केही शताब्दी अघि शृङ्ग मुनिले यहाँ तपस्या गरेका थिए । स्वामी शशिधर, लक्ष्मीधर आदिले पनि यहाँ तप गरी समाधिमा लीन भएको जनश्रुति छ । यो समाधिनिर एउटा शिवालय छ, यहाँ गूठीद्वारा पूजा हुने व्यवस्था छ ।

वि. सं. १९८४ मा यहाँ स्वामी यदुकानन्द काठमाडौं कालिमाटीबाट आई शुरूमा ठूलो रुखको टोड्कामा बसी तप गरेका थिए । पछि यिनी रेसुङ्गा महाप्रभुको नामले प्रसिद्ध भए । रेसुङ्गामा तामाको छाना भएको ठूलो यज्ञशाला बनाई तामाको भाँडा कुँडा र होम गर्ने सामानहरू सङ्कलन भएका छन् ।

यस शिखरमा योगी महात्माहरूले सतत योगा-भ्याश गर्दथे र गर्दैछन् भन्ने कुरा आजसम्म पनि एउटा न एउटा योगीबाट यस स्थललाई नछाडेको कुराबाट स्पष्ट हुन्छ ।

हाल यहाँ यज्ञशाला र कृष्ण मन्दिर छ । २,३४२ मिटर अर्थात् ७,६८२ फीटको उचाइमा स्थित यस तपोवनबाट जिल्लाका विभिन्न थुमहरू, गाउँ, नदीनाला र उत्तरतर्फका हिमालय शृङ्खलाको मनोरम दृश्य देखिन्छ र दक्षिणमा भारतको गोरखपुरतिर चलेको रेल गाडीको बत्ती राती देखिन्छ भन्ने स्थानीय व्यक्तिहरूको भनाइ छ । उच्च शिखरमा भएकोले मौसम सफा भएको बखत तराई प्रदेश देखिनु स्वाभाविक छ । वसन्त ऋतुमा लाली गुराँस फूलले ढपक्क हुने यो पहाड विभिन्न जातका वृक्षहरू, पशुपक्षीहरूले सुशोभित छ । यहाँ साउने संक्रान्ति र कात्तिकको ठूलो एकादशीमा ठूलो मेला लाग्दछ । यहाँको पोखरीमा अघि ऋष्य शृङ्ग मुनिले नुहाउने गर्थे भन्ने जनश्रुति छ । यहाँ लाश जलाउँदा आत्मा स्वर्ग पुग्छ भन्ने किंवदन्ती छ ।

रूरू क्षेत्र (रिडी)

तमघासबाट करीब २९ किलोमिटर अर्थात् नौ कोस पूर्व र तानसेनबाट करीब १४ किलोमिटर अर्थात् साढे चार कोस उत्तर-पश्चिममा काली गण्डकीको किनारमा रूरू क्षेत्र स्थित छ । यो धेरै पुरानो पुण्य-स्थल हो भनिन्छ ।

हाल ऋषिकेशव भगवानको मूर्ति शालिग्राम जस्तो सुस्निग्ध कालो आधार-शिलामा छ । शंख, चक्र, गदा र पद्म सहितको मुख्य मूर्तिका वरिपरि गङ्गा–जमुना, लक्ष्मी, गायत्री, सरस्वती इत्यादिका मूर्ति छन् ।

यो मूर्ति अघि पाल्पाली राजा मुकुन्द सेनले कालीगण्डकीमा स्नान गर्दा अकस्मात भेट्टाएर यहाँ स्थापना गरेको जनश्रुति छ । कात्तिक एकादशीदेखि पूर्णिमासम्म यहाँ ठूलो मेला लाग्दछ । उक्त दिन कालीगण्डकीमा स्नान गर्न र ऋषिकेशवको दर्शन गर्न यस जिल्लाका बाहेक छिमेकी जिल्लाका पनि हजारौं नरनारीहरू आउँछन् । द्वादशीको दिन ऋषिकेशव भगवानको रथ निकाली रिडी बजारमा हरिकीर्तनको साथ यात्रा गराइन्छ ।

माघे संक्रान्तिमा पनि तीन दिनसम्म यहाँ मेला लाग्दछ । यी दिनहरूमा यो स्थान ज्यादै गुलजार हुन्छ । राडी, पाखी, डाला, सुपा, ठेकी आदि मालसामानहरूको खरीद बिक्री हुन्छ ।

यहाँ काली नदीको पश्चिमी किनारमा रिडी बजार छ । २०१८ सालमा काली नदीमा बाढी आई बजारको केही भागलाई क्षति पुऱ्याएको थियो । यो क्षेत्र धार्मिक स्थल हुनुको साथै पाल्पाबाट पश्चिम अर्घाखाँची, गुल्मी, प्यूठान, सल्यान जान यतैबाट जानु पर्ने र यताबाट सिद्धार्थ राजमार्ग पुग्ने बाटो भएकोले गुल्मी, अर्घाखाँची, प्यूठान आदिको एक महत्वपूर्ण बजार यसलाई मानिएको छ ।

यहाँको जनसहयोगबाट तानसेनदेखि रिडीसम्मको मोटर बाटो बन्दैछ। श्री ५ को सरकारले दुई वर्षे कार्यक्रममा रु. चार लाख यस सडकको सर्वेक्षणको लागि छुट्याएको थियो। रिडी खोलाको झोलुङ्गे पुल तयार भइसकेकोले वर्षादको समयमा पनि यात्रीहरूको आवत-जावतमा ठूलो सुविधा पुगेको छ।

यहाँ हुलाक, आयुर्वेदिक औषधालय, माध्यमिक विद्यालय, पुस्तकालय, प्रहरी चौकी आदि छन्। तीर्थयात्री, पर्यटक तथा व्यापारीहरूको आकर्षण-स्थल यो रिडी बजार गुल्मी जिल्लाको सबभन्दा वढी कारोवार हुने बजारमा गनिन्छ।

वामी टक्सार

यो स्थान सदरमुकाम तमघासबाट करीब पाँच कोस उत्तरतिर बडीगाड नदीको किनारमा पर्दछ। यस जिल्लामा रिडी बजार पछि यस बजारको स्थान आउँछ। वि सं. १९६४-६५ सालमा यहाँ नजीकैको तामा खानीबाट तामा निकाली टक मार्ने सरकारी कार्यालय रहेकोले यस स्थानको नाउँ टक्सार भएको हो। यहाँ सम्वत् १९०६ सालमा बनेको शिव र भगवती मन्दिर, सम्वत् १९७३ सालमा वनेको शिव मन्दिर र सम्वत् १९८८ सालमा निर्मित नारायण स्थान आदि छन्। वि.सं. २०२८ सालको जनगणनानुसार यहाँको जनसंख्या १,९७४ छ। गलकोट, बागलुङ, ढोरपाटन, तारा भोट, डोल्पासम्मका मानिसहरू दक्षिणीतर्फका रिडी, पाल्पा, बुटवलसम्म ओहोर-दोहोर गर्ने मूलबाटोमा यो बजार रहेकोले व्यापारिक दृष्टिकोणले वामी टक्सारको बजारलाई महत्वपूर्ण बजार मानिन्छ। यहाँ घ्यू, जरीबूटी, कास्लो आदि बेचेर आफूलाई चाहिने नून, तेल, कपडा, चिया आदि यहाँका साहू महाजनहरूबाट उपलब्ध गर्दछन्।

वामी टक्सारमा दरम खोलाबाट कुलो ल्याई सिचाइ गर्ने प्रयास भइरहेको छ। सिचाइको व्यवस्था पूरा भएमा यस स्थानमा धान, मकै, गहुँ, आलुको उत्पादन बढाउन मद्दत मिल्ने छ।

यहाँ एउटा माध्यमिक विद्यालय, अस्थायी प्रहरी चौकी र छोटी हुलाक छन्।

दरबार देवीस्थान

सदरमुकाम तमघास नजीकै रहेको यो एउटा ऐतिहासिक स्थान हो। यहाँ एउटा पुरानो दरबार छ। गुल्मीका चौबीसे राजाका सन्तानहरू अद्यापि यहाँ बसेका छन्। यस दरबारमा पुराना भाँडा-कुँडा, खड्ग, तोप आदि अझै छन्। यहाँको देवीस्थानमा बडा दशैंमा ठूलो पूजा हुन्छ। चैते दशैं, वैशाख पूर्णिमा र मंसीरमा पनि पूजा हुन्छ। यहाँ मगरहरूको बाक्लो बस्ती छ। गाउँको बीचमा रहेको यो दरवार ऐतिहासिक र पुरातात्विक दृष्टिले पनि महत्वपूर्ण छ। २०२८ सालको जनगणनाअनुसार यस दरबार देवीस्थान गाउँ पञ्चायतको जनसंख्या ४,३७० छ।

इस्मा कोट

यो स्थान जिल्लाको उत्तर-पश्चिम सीमाना निसी खोलाको नजीकै स्थित छ। सदरमुकाम तमघासबाट एक दिनको बाटोमा पर्दछ। सत्रौं शताब्दीमा भुरे, टाकुरे राजाहरूको पालामा यो एउटा गढी थियो।

पछि चौबीसी राजाहरूले यसलाई कोट बनाए। यहाँ कुनै जमानामा अर्जेल बाहुनहरूल पनि राज गरे। पछि काला मकवानी वंशका ठकुरीहरूलाई राजा बनाई ती बाहुनहरू राज–गुरु भए भन्ने जनश्रुति छ। वि. सं. १८४५ मा गोरखाली फौजसँग इस्माली राजा लडाइँमा हारे।

यहाँ खड्ग देवताको मन्दिर छ, जहाँ बडा दशैंमा धूमधामसाथ पूजा हुन्छ। यो उच्च स्थानमा भएकोले यहाँबाट मुसीकोट, धुर्कोट, निसी, छल्ली खोलाहरूको फाँट, नेटाको लेक, हिमाली शृङ्खला आदि मनोरम दृश्यहरू देखिन्छन्। यहाँ धेरैजसो बाहुन, क्षत्री र मगरको बस्ती छ।

अर्कुलकोटभार्से

सदरमुकाम तमघासबाट करीब १९ किलोमिटर अर्थात् छ कोस उत्तरमा यो स्थान रहेको छ। यहाँ मगर राजाको दरबारको भग्नावशेष छ। स्थानीय भनाइअनुसार चौबीसी राज्यहरू छँदा यस कोटको राज्यको सीमाना पूर्वमा लुम्छी खोला, गगने नेटाको देउराली, पश्चिममा गैरी खोला, उत्तरमा चम्सेराको गैह्रा, दक्षिणमा बडीगाड खोलासम्म थियो।

भार्से अर्कुलकोटको दरबार मुनि सेना बस्ने घर र कवाज खेल्ने सानो टुँडीखेल छ, जसलाई हाल मैदान भनिन्छ। बाजा बजाउने दमाईहरू यस टुँडीखेलको केही दक्षिणतिर बसेका छन्, जसलाई दमाई थोक भन्दछन्। दरबार र सेना बस्ने व्यारेकको भग्नावशेष र टुँडीखेल पुरातात्त्विक महत्वका छन्। मगर राजाले सिर्कोटमा एक, फुर्से थानामा एक गरी दुई ठाउँमा मूल चौकी र हरिपाल कोटमा पनि चौकी बनाई पालो पहरा राखी राज्य गर्दथे र अर्कुले राजा पछि गुल्मीली राजाबाट लडाईंमा पराजित भए। त्यसपछि अर्कुल राज्य छिन्नभिन्न भयो।

हालसम्म पनि यहाँ मगरहरूको बस्ती धेरै छ। यहाँका मगरहरूले यस स्थललाई बडो सफासुग्घर र राम्रो बनाएका छन्। यी मगरहरूले आफ्नो श्रम र धनद्वारा यस गाउँलाई आदर्श गाउँ बनाएका छन्। यहाँ यिनीहरूले जन सहयोगबाट माध्यमिक विद्यालय र छात्रावास खोलेका छन्। सरकारी अनुदान रू. १२,०००। अतिरिक्त विद्यालयको आयस्रोत बढाउन २५।३० रोपनी जग्गा छुट्याइएको छ। भार्सेमा एउटा स्वास्थ्य केन्द्र र छोटी हुलाक छ। यो स्थान करीब २,१३४ मिटर (७,००० फीट) को उचाइमा छ।

यहाँका बासिन्दाहरूले छत्र देवताको मन्दिर बनाएका छन्। यहाँ यिनीहरूले भेडा, बाख्रा, परेवा आदिको भोग दिई पूजा गर्दछन्। यसलाई मगरहरू आफ्नो रक्षाका देवता मान्दछन्।

रुद्र बेणी

रिडी र रेसुङ्गा जस्तै यो एउटा धार्मिक तीर्थस्थल हो। बडीगाड नदी कृष्ण गण्डकीमा मिसिने दोभानको नाउँ रुद्र वेणी हो। बडीगाड खोलालाई रुद्र गङ्गा पनि भन्दछन्। यो रुद्र गङ्गा बागलुङ जिल्लाको ढोरपाटननिर स्थित रुद्रतालबाट निस्केको छ। यो पानी निसी खोलासँग मिली गुल्मी जिल्ला पुगेपछि यसको नाउँ बडीगाड खोला हुन्छ। यो खोला गुल्मी जिल्लाको बीचोबीचबाट बग्ने हुँदा यसले गुल्मीलाई दुई भागमा विभक्त गरेको छ।

जनै पूर्णिमा, माघे संक्रान्ति, कात्तिक एकादशी आदि दिनहरूमा यहाँ नुहाई मर्यादा पुरुषोत्तम रामको दर्शन गरी पाप पखाल्ने तथा पुण्य संचय गर्ने मानिसहरूको घुंइँचो लाग्दछ। यो मेलामा नाच–गान हुने हुँदा एक प्रकारको सांस्कृतिक संगम पनि हुन जान्छ।

खार बजार

सदरमुकाम तमघास, वामी टक्सार र बागलुङ जिल्लाको वुर्तिवाङ बीच खार बजार पर्दछ। यो तारा भोट, डोल्पा, ढोरपाटनका व्यापारीहरू आवत–जावत गर्ने बजार हो। यो बजार बेंसीमा रहेको छ। यहाँ घ्यू, नून, तेल, कपडाको खुद्रा व्यापार हुन्छ। यहाँ एउटा अतिरिक्त हुलाक कार्यालय छ।

शान्तिपुर

सदरमुकाम तमघासबाट उत्तर–पूर्व करीब २४ किलोमिटर अर्थात् साढे सात कोस पर शान्तिपुर बजार छ। यस बजारमा बागलुङ, ढोरपाटन, डोल्पाबाट आउने घ्यू, जरीबूटी, राडी पाखीको र दक्षिणबाट ल्याइने नून, तेल, कपडाको विनिमय व्यापार हुन्छ। यहाँ एउटा हुलाक र अस्थायी प्रहरी चौकी छ।

चोएघाटकोट

रिडी बजारबाट तमघास आउँदा बीचमा चोएघाकोट पर्दछ। यो पनि पहिलेका मगर राजाहरूको प्रसिद्ध कोट हो। यहाँ छत्र देवताको मन्दिर छ। यहाँ प्रत्येक आइतबार पूजा हुन्छ। बडा दशैंका दिन यहाँ खूब बली चढाइ पूजा हुन्छ र मेला लाग्दछ।

मुसीकोट

चौबिसी राज्यहरूमध्ये मुसीकोटको राज्य पनि आउँछ। यहाँ 'काला मकवानी' सेन वंशी राजाहरूले अठारौं शताब्दीतिर राज गर्दथे। यहाँ यी राजाहरू बस्ने दरवार र कोटका भग्नावशेष छन्। यस स्थलबाट चारैतर्फको रमणीय दृश्य देखिन्छ। यो लगभग १,८२९ मिटर अर्थात् छ हजार फीट अग्लो डाँडामा स्थित छ। यसको फेंदीबाट बडीगाड खोला बगेको छ।

जनसंख्या र जनजीवन

जनसंख्या

वि. सं. २०२८ को जनगणनाअनुसार गुल्मी जिल्लाको जनसंख्या २,२७,७४६ छ। यसमध्ये १,१०,२९६ पुरुष र १,१७,४५० महिला भएकोले महिलावर्ग पुरुषभन्दा केही बढी देखिन्छ। जनसंख्याको दृष्टिले नेपाल अधिराज्यको ७५ जिल्लामा यसको स्थान चौधौं छ। लुम्बिनी अञ्चलका अरू पाँच जिल्लासित तुलना गर्दा यस जिल्लाको स्थिति रुपन्देही पछिको दोस्रो स्थानमा आउँछ। यस प्रकारले पहाडी जिल्ला भएर पनि यो बाक्लो बस्ती भएको जिल्ला हो। यस जिल्लाको क्षेत्रफल १,२४,५०० हेक्टर (१,२४५ वर्ग किलोमिटर) मानिएको छ। कुल जनसंख्या र कुल जमीनको हिसाब गर्दा यहाँको सरदर जनसंख्याको घनत्व १.८ प्रति हेक्टर हुन आउँछ, अर्थात् प्रत्येक १० हेक्टरमा १८ जना मानिसहरू बस्दछन्।

यस जिल्लाको परिवार संख्या ४६,२०८ छ। पाँच जना सदस्य भएको परिवार संख्या सबभन्दा बढी ६,५१९ देखिन्छ भने २० जनाभन्दा बढी सदस्य भएको परिवार संख्या सबभन्दा कम ८१ मात्र छ। उमेरको बनावटलाई हेर्दा गुल्मी जिल्लाको जनसंख्यालाई निम्नबमोजिम विभाजन गर्न सकिन्छ :—

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
०–५ वर्ष	१९,८०४	१८.०	१९,९०९	१७.०	३९,७१३	१७.४
६–१५ वर्ष	३०,९५५	२८.०	२८,८३०	२५.०	५९,७८५	२६.३
१६ वर्ष र माथि	५९,५३७	५४.०	६८,७११	५४.०	१,२८,२४८	५६.३
जम्मा	१,१०,२९६	१००.०	१,१७,४५०	१००.०	२,२७,७४६	१,००.०

यस तालिकामा ०–५ वर्ष सम्मकालाई हुर्कंदै गरेको बालक, बालिकाको समूह, ६–१५ वर्षका विद्यालय जाने उमेर समूह र १६ वर्ष र सोभन्दा माथिको बाँकी जनसंख्याको समूह गरी जम्मा तीन समूहमा विभाजन गरिएको छ।

आर्थिक दृष्टिकोणले नौ वर्ष र सोभन्दा मुनिको र ६० वर्ष र सोभन्दा माथिको उमेर समूहलाई आश्रित जनसंख्या मान्ने हो भने तिनीहरूको संख्या ८१,०४९ अर्थात् ३५.६ प्रतिशत हुन्छ। १० वर्षदेखि ५९ वर्ष भित्रको उमेर समूहलाई आर्थिक दृष्टिकोणले सक्षम वा काम गर्न सक्ने क्षमता भएको जनशक्ति मान्ने हो भने तिनीहरूको संख्या १,४६,६९७ अर्थात् ६४.४ प्रतिशत हुन आउँछ। यसअनुसार गुल्मी जिल्लामा आर्थिक दृष्टिबाट सक्षम उमेर भएको प्रत्येक १०० व्यक्ति माथि सरदर ५५ जना थप व्यक्तिको आर्थिक भार परेको देखिन्छ। तसर्थ यस जिल्लाको आर्थिक निर्भरताको अनुपात १००:५५ रहेको छ, अर्थात् १०० जना सक्षम मान्छेले १५५ जनाको जीविका चलाउनु पर्ने हुन्छ।

अन्तर्राष्ट्रिय परिपाटीअनुसार काम गर्न सक्ने उमेर समूह १५ वर्षदेखि ६४ वर्षसम्म मानिएको छ। यस जिल्लामा यसअनुसारको उमेर समूहमा पर्ने जम्मा जनसंख्या १,२४,५८७ अर्थात् ५४.७ प्रतिशत देखिन्छ। १५ वर्ष मुनि तथा ६५ वर्ष माथि उमेर भएको जनसंख्या १,०३,१५९ अर्थात् ४५.३ प्रतिशत छ। यसबाट के स्पष्ट हुन्छ भने प्रत्येक सक्षम व्यक्ति माथि सरदर १.८ व्यक्ति आश्रित छन् अथवा एक सय व्यक्तिले आफू समेत १८० जनाको आर्थिक गुजारा चलाउनु पर्दछ। आर्थिक निर्भरताको अनुपात १००:८० हुनआउछ।

वि. सं. २०२८ सालको जनगणनाअनुसार गुल्मी जिल्लामा छ वर्षभन्दा माथिको जनसंख्या १,८८,०३३ छ। यसमध्ये ४७,१०४ पुरुष विवाहित र ४०,९०५ अविवाहित छन्। महिलातर्फ ५८,१२९ विवाहित र ३०,१४० अविवाहित छन्। ६ देखि १४ वर्षभित्रको उमेर समूहमध्येबाट १,२६२ बालिका र ३०९ बालकहरूको विवाह भएको देखिएकोले बाल विवाहको प्रचलन अझै बाँकी रहेको देखिन्छ। विवाहित संख्यामा पुरुषभन्दा महिला बढी देखिन्छन्। यस्तै पुरुषतर्फ विधुरको संख्या २,२८१ छ र विधवा संख्या ९,१६७ देखिन्छ, जसमध्ये बाल विधवा छ जना छन्।

नेपालको अन्य भागमा जस्तै यस जिल्लामा पनि विभिन्न जातजातिको बसोबास छ। यी जातिहरू राष्ट्र भाषा नेपालीको अतिरिक्त आफ्नै मातृभाषामा पनि कुरा गर्छन्। यी विभिन्न भाषा-भाषीहरूको संख्या २०२८ सालको जनगणनाअनुसार यसप्रकार छः–

भाषा	बोल्नेको संख्या
नेपाली	२,२४,५८८
नेवारी	१,८३५
मगर	४०३
गुरुङ	५०८
अन्य	४१२
जम्मा	२,२७,७४६

यस जिल्लाका ९८ प्रतिशत व्यक्तिहरू नेपाली भाषा बोल्दछन्। नेपाली भाषापछि नेवारी, गुरुङ, मगर भाषा बोल्नेहरूको संख्या ज्यादा देखिन्छ। जिल्लाको दक्षिणी भागतिर मैथिली, थारू, भोजपुरी भाषा बोल्ने केही परिवार छन्। यिनीहरू अन्य भाषाको समूहभित्र पर्दछन्। यी भाषा–भाषीहरू जिल्लाका विभिन्न ठाउँमा फैलिएर बसेका छन्। नेवारहरू तमघास, रिडी, बामी टक्सार, पुर्तिघाट आदि बजारमा र

गुरुङ तथा मगरहरू लेक लेकमा बसेका देखिन्छन् । बाहुन र क्षेत्रीहरू प्राय: बेंसी र होचो पहाडी भागमा छन्। नेवारहरू प्राय: व्यापार र खेती गरेर निर्वाह चलाउने गरेको देखिएको छ भने मगर र गुरुङहरू पशुपालन, खेती र सैनिक सेवामा भर्ती भई आफ्नो गुजारा चलाउँछन् ।

अधिराज्यका अन्य भागमा जस्तै बहुसंख्यक गुल्मीबासीहरू पनि हिन्दू र बौद्ध धर्ममा विश्वास राख्दछन् । यहाँको जनसंख्याको बहुसंख्यक भाग हिन्दू धर्मावलम्बी छन् । यिनीहरू आ आफ्नो परम्परागत रीतिस्थितिअनुसार पूजा–आजा,–धार्मिक कीर्तन आदि गर्दछन् । यहाँको कठिन जीवनलाई आनन्द दिन धर्मको ठूलो देन छ । काली गण्डकीको किनारमा स्थित रूरूक्षेत्र, रुद्र वेणी, पुर्तिघाट आदि ठाउँमा कात्तिक एकादशी, माघे संक्रान्ति, जनै पूर्णिमाको दिन स्नानगर्नेहरूको मेला लाग्छ । हरिकीर्तन, भजनको साथै लोक गीतहरू गाउने, नाच्ने कार्यको साथै लाखौं रूपैयाँको व्यापार पनि हुन्छ ।

दशैं, तिहार जस्ता महत्वपूर्ण पर्वहरूमा मगरहरू कोट कोटमा धूमधाम साथ वलि पूजा गर्दछन्। बाहुन, क्षेत्री र नेवारहरू आ–आफ्ना शक्तिअनुसार काली भगवती, लक्ष्मी आदि देव देवीहरूको पूजा गरी चाड मनाउँछन् । देश विदेशमा गइरहेका इष्टमित्रहरू पनि यी चाड मान्न घर आउँछन्। यस जिल्लामा बहुसंख्यक जातजाति बाहुन, क्षेत्री र मगर भएको हुनाले यहाँ यिनीहरूको धार्मिक परम्पराले ठूलो प्रभाव पारेको छ ।

यस जिल्लामा जम्मा ९७ गाउँ पञ्चायत छन् । यिनीहरूको नाउं र जनसंख्या निम्नअनुसार छः–

गाउँ पञ्चायत	जनसंख्या	गाउँ पञ्चायत	जनसंख्या
१. अर्खले	२,७१८	२. अर्वाथोक	२,२४८
३. अर्वेनी थुम्का	२,५२२	४. अर्लाङ कोट	२,०५३
५. अस्लेवा	२,६८७	६. आँप चौर	२,१५९
७. आरलुङ	२,१६८	८. कुर्घा	२,२११
९. खस्योक	१,७२६	१०. खर्वाङ	१,१९४
११. ग्वाघा	२,७३०	१२. ग्वादी	२,१२८
१३. ग्वाली चौर	३,३८५	१४. गुफा वांगला	२,४५६
१५. गौंडा कोट	२,०३१	१६. गौतम टोल	९६३
१७. घमिर	२,१४६	१८. च्याधा	१,९०५
१९. च्यूरेक	८५८	२०. चोयघा	१,९२८
२१. छापाचौर नयाँ गाउँ (भुतुंङ)	३,५५५	२२. छापहिलो (अर्जेछाप)	१,८१२
२३. जय खानी	१,५७५	२४. जलजला	२,८३१
२५. जुनियाँ	२,६१८	२६. जुभुङ	३,६७२
२७. जैसीथोक	२,३२९	२८. ठूलो लुम्पेक	५,२८८
२९. डोबाटा	२,०७८	३०. तल्लो कोजाङ	२,०७३

३१. तामतुङ	१,९७१	३२. तुराङ	२,६१३
३३. तोलाकोट	१,८९६	३४. तुङ डाँडा	४,०३०
३५. थोर्गा थानपति	१,३२२	३६. दरवार देवीस्थान	४,३७०
३७. दर्लामि चौर	१,७७८	३८. दर्लिङ	२,३००
३९. दिब्रुङ	२,२९२	४०. दुर्वी चौर	१,८९६
४१. दोहोली उस्मा	२,५४२	४२. दौंघा	२,०३०
४३. धरम पानी	३,०३१	४४. नयाँ गाउँ	३,११६
४५. नेटा–इस्मा	१,५९८	४६. परालमी	२,३७५
४७. पल्ली कोट	१,७२४	४८. पाडु खानी	१,७८९
४९. पीपल धारा	२,१०४	५०. पुर्तिघाट	२,२०४
५१. पुर्कोट दह	२,०४२	५२. पोखरा बारी	३,१७५
५३. पौदी अमराई	३,११७	५४. फोक्सिङ	२,८९९
५५. वग्घा टाहाटीम	३,०४८	५६. बडा गाउँ	२,७२५
५७. वस्तु	२,४७७	५८. बेली थुम	२,७६१
५९. वले टक्सार	३,३६१	६०. बाँझ कटेरी	२,२८९
६१. बाटाका चौर	१,९४६	६२. बीर बास	२,०६३
६३. बिसुखर्क	२,२९८	६४. बुढ थोक (दूध थोक)	२,३६३
६५. भटकुवा	१,१०३	६६. भनभने	२,४९३
६७. भार्से	३,२०८	६८. भारभुङ	२,९२४
६९. मलागिरी	१,१८२	७०. मानकोट	२,१८४
७१. म्याल पोखरी	१,५४९	७२. मुसिकोट मैदान	२,८४५
७३. मौला रजस्थल धुर्कोट	२,७०४	७४. रिघा	२,८५५
७५. रिंमुवा	१,८८७	७६. रूपाकोट	२,६२९
७७. रूरू	७६०	७८. रेमी चन्द्रकोट	१,४३७
७९. लक्ष्मीपुर तमघास	२,५४२	८०. लिंघा	३,०८०
८१. वामी टक्सार	१,९७४	८२. वामी मैदान	२,५८५
८३. शान्तिपुर	१,३३९	८४. भृगा (दिघमासिरुंग)	३,४३६
८५. साग्दी वारोकोट	२,३९०	८६. सिरसेनी	२,५०३
८७. सिमिचौर	३,३०२	८८. हटिया	१,४३३
८९. हर्पुकोट	१,९२१	९०. हर्मिचौर	१,८७०
९१. हर्रा चौर	१,३८३	९२. हरेवा	२,०७३
९३. हसरा	२,११९	९४. हाड हाडे	२,३९६
९५. हवाङ्दी	२,४८०	९६. हुँगा ठूलो पोखरी	३,०९९
९७. हुग्दीसिर	२,४६९		

माथिको तालिकाबाट देखिएअनुसार सबैभन्दा बढी अर्थात् ५,२८८ जनसंख्या हुने गाउँ पञ्चायत ठूलो लुम्के हो र सबभन्दा कम अथवा ७६० जनसंख्या हुने पञ्चायत रूरू हो। वास्तवमा रूरूको पूर्वी बजार (जुन काली गण्डकीको पूर्वी किनारमा पर्छ) पाल्पा जिल्ला भित्र परेकोले यहाँको जनसंख्या गुल्मी जिल्लाको भागमा कम देखिएको हो ।

जनजीवन

गुल्मी जिल्लामा विशेषतः बाहुन, क्षेत्री तथा मगरहरू बहुसंख्यामा छन् । यी बाहेक गिरी, पुरी, संन्यासी, नेवार, कामी, सार्की, दमाई, कुमाल, माझी, गुरुङ र गाइनेहरूको पनि बसोबास छ।

बाहुन, क्षेत्री

यहाँका बाहुन, क्षेत्रीहरूका पूर्वजहरू पहिले यही क्षेत्रबाट अन्यत्र गएको भन्ने धारणा छ। अतः यहाँ गरिने धर्म–कर्म, रीतिरिवाज पनि यहींबाट फैलिएको हो भन्ने स्थानीय विश्वास छ। यिनीहरूको जनजीवनमा हिन्दू धर्मको दर्शन र संस्कारले प्रभाव पारेको छ ।

बाहुन जातिमा उपाध्याय र जैसी, पूर्वीया तथा कुमाई भन्ने विभाजन यहाँ पनि छ। बाहुनहरूमा ज्ञवाली, खनाल, गौतम, अर्याल, पौडेल, पन्थी, न्यौपाने, भण्डारी, सापकोटा, खरेल, पन्त, कणेल, भट्टराई, आचार्य आदि थरहरू र क्षत्रीमा मल्ल, शाह, सिंह, चन्द, घर्ती, बोहोरा, रायमाझी, थापा, बिष्ट, कुंबर, वस्नेत, ओली, खड्का, रोक्का, खत्री आदि यहाँ पाइने थर हुन्। गुल्मीको ज्ञवा भन्ने ठाउँ ज्ञवालीहरूको मूल थलो मानिन्छ ।

यहाँका बाहुन र क्षेत्रीहरूको रीतिरिवाज धेरै जसो मिल्दछन्। बाहुनहरू नित्य स्नान पछि पाठ-पूजा गर्ने गर्दछन्। घर आँगनमा तुलसीको विरुवा लगाएको हुन्छ। गाई, खसी, बाख्राका गोठहरू पनि हुन्छन्। लिपपोत गरिएको भान्छामा धोती फेरी खाना खाने चलन प्रायः देखिन्छ। दूध, घ्यू, दही, भात, तिहुन, अचार दिएर पाहुनाको स्वागत गर्ने चलन छ। यात्रुहरूले पानी मागेमा मही दिएर सेवा गर्नु यहाँका मानिसहरू धर्म सम्झन्छन् ।

बाहुन समाजमा कन्यादानको विशेष महत्व रहन्छ। आर्य संस्कृतिअनुसार वैवाहिक कर्म गरिन्छ। विवाहको बन्दोबस्त कन्या र वरका बाबुहरू परस्पर सोझै नभेटीकन कुनै मध्यस्थद्वारा मिलाइन्छ। प्रेम विवाहको त्यति चलती छैन। यदि कुनै कन्या स्वेच्छाले आफ्नै जात वा अन्य जातको मानिससँग पोइल गएमा बाहुन समाजले त्यस कन्यालाई जात पतीत मान्छन्। त्यस्तो छोरीले छोए पकाएको भात भान्छा गर्दैनन्।

मगर

यहाँ आदिवासीको रूपमा बसोबास गरेका यी मगर जातिहरूमा खासु, बुढाथोकी, पुन, बुचा, काउचा, थापा, घर्ती, राना, बोहरा, गा, रजाली, श्रीस, राकस, कोटी, पेमी, पल्ली, दर्लामी, भलामी, नाङजाली, सिङजाली, फुङजेली, राङकोटी आदि थर छन्।

यिनीहरू नेवारहरू जस्तै एकै स्थानमा आ–आफ्ना जातको समूह बनाई बस्ने गरेका छन् ।

बच्चा जन्मंदा छैठी मनाउँछन्, ११ दिनमा न्वारान गर्दा ब्राम्हण पुरोहितद्वारा बच्चाको नामकरण गर्दछन् ।

मामाकी छोरीलाई भानिजले बिहे गर्ने हक भएको सम्झन्छ । मागी बिहे र रोजी बिहे (प्रेम बिहे) को चलन छ । चाड–पर्वमा ठिटा ठिटीहरू एकै ठाउँमा बसी नाच–गान गर्ने रोदी प्रथाले गर्दा प्रेम विवाहले प्रोत्साहन पाएको छ । बिहे गरे पछि दुलहा दुलही (मगरहरू यसलाई बेउला बेउली भन्दछन्) दशैंमा जाँड, रक्सी, रोटी, मासु साथ ढोगभेट गर्न ससुराली जानु पर्छ । ढोग भेट भएपछि विवाह पाको भएको ठहरिन्छ । मगर आइमाईहरू जति ठाउँमा पोइला गए पनि जातमा रहिरहन्छिन् । मगरहरू मर्दा लाशलाई डाँडामा वा खोलाको किनारमा लगेर जलाउने गर्दछन् । मरेकालाई बाँसमा कात्रोले बेह्रेर अन्तिम संस्कार गर्न लैजान्छन् । १३ दिनसम्म नून तेल बार्ने, पैंतालीस दिनमा बर्खी फुकाउने र श्राद्ध गरी तर्पण दिने चलन छ ।

नेवार

यहाँ नेवार सम्प्रदायमा प्रायः श्रेष्ठ, प्रधान, शाक्य, कसजु, मल्ल, अमात्य आदि थर छन् । यिनीहरू काठमाडौं उपत्यकाबाट बसाइँसर्दै आएका हुन् । अतः यिनीहरूको रीतिरिवाज, चलन आफू आएको ठाउँकोसंग मिल्न आउँछ । यिनीहरू आ-आफ्नो जातिको समूह मिलाई लङसित घर बनाएर बजारको रूप दिई बसेका हुन्छन् ।

कुम्हाल

यिनीहरू रातोमाटो भएको ठाउँमा र खोला नदीको किनारमा सगोल भई बस्छन् । मेला, पर्व, बजार सब ठाउँमा माटाका भाँडा बिक्री गर्छन् । बिहेवारी, भोज भत्यारमा कुखुरा र रक्सी प्रयोग गरेको पाइन्छ । यहाँका अधिकांश निवासीहरू किसान हुनाले यिनीहरूको रहन–सहनमा कृषिकै मुख्य प्रभाव छ ।

भेषभूषा

धोती, भोटो, कछाड, पटुका, इस्टकोट, नेपाली टोपी, मखलपोश लगाउने चलनको साथै पश्चिमी युरोपेली हावाले गर्दा कोट, पाइन्ट, बुसर्ट लगाउने प्रचलन पनि देखिन्छ ।

स्वास्नीमान्छेले सारी, फरिया, धोती, लुंगी, चोला, ब्लाउज, घलेक, मुजेत्रो लगाई खास्टो ओढ्ने चलन छ, आजभोलि विद्यालयमा पढ्ने छात्राहरू सुरुवाल, कुर्ता, कमीज पनि लगाउँछन् ।

पुरानो भेषभूषामा स्वास्नीमानिसले पहिरने घलेक एउटा विशेष लुगा हो जुन मगर, ठकुरी, कामी, दमाई, क्षेत्रीहरूले पनि लाएको देखिन्छ । हँसिया पछाडिपट्टि झुंड्याउन काठको गोलाकार बुट्टेदार पाङ्ग्रोलाई विशेष ढङ्गले कपेर कम्मरमा डोरीले बाँधी हँसिया बाँध्ने चलन जताततै देखिन्छ । यसलाई सुरपेरो भनिन्छ ।

आर्थिक व्यवस्था

यस जिल्लाको आर्थिक व्यवस्थाको मूल आधार कृषि नै हो । जिल्लाको उच्च पहाडी भागमा बस्नेहरूले गाई, भैंसी, भेडा पालनद्वारा घ्यू र ऊन पनि उत्पादन गर्दछन् । सुन्तला, नासपाती र उखु खेतीबाट पनि जिल्लाबासीहरूलाई आर्थिक टेवा पुग्न गएको छ । धेरै खोला भएकोले यहाँ माछा मार्ने व्यवसाय पनि उल्लेखनीय छ । विदेशमा गई विशेषतः सैनिक सेवामा भर्ती हुने चलन पनि यहाँ पहिलेदेखि चलिआएको छ। घरेलुस्तरमा राडी, पाखी बुन्ने बाहेक ठूलठूला उद्योग धन्धा जिल्लामा छैनन् । रिडी, पुर्तिघाट जस्ता ठाउँमा धार्मिक र ऐतिहासिक मेला, जात्रा लाग्दा ठूलो स्तरको अस्थायी व्यापार हुन्छ ।

कृषि

यो जिल्ला अधिराज्यका अन्य पहाडी जिल्ला जस्तै कृषिप्रधान जिल्ला भए तापनि यहाँको कृषि उत्पादनबाट जिल्लाको खाद्यान्नको आवश्यकता पूर्ति हुँदैन । यहाँको कुल जमीन १,२४,५०० हेक्टरमध्ये १७,५७५ हेक्टर मात्र आवादी भएको पाइन्छ, अर्थात् कुल जमीनको १४ प्रतिशत जग्गा मात्र आवाद छ ।

यस जिल्लाको मुख्य उब्जनी मकै, कोदो र धान हुन् । हिउँदे बालीमा गहुँ, जौ, तोरी उल्लेखनीय छन् । भटमास, केरा, फापरको पनि यहाँ खेती हुन्छ । बडीगाड र छल्ली नदीका फाँटहरूमा तीन बालीसम्म लगाइन्छन् । सागपातमा आलु, रायो, चमसुर, मेथी, पालुंगो, बन्दागोभी, मूला र फलफूलमा सुन्तला, अनार, दारीम, नासपाती, मेवा, कागती, ज्यामिर, केरा खूब हुन्छ । थोर्गा र दिगाममा उखुको निकै खेती हुन्छ । उखुबाट खुदो र चाकु बनाई जिल्लाबासीहरू निकै अम्दानी गर्दछन् । धुर्कोट नयाँ गाउँतिर सुन्तलाको राम्रो उत्पादन हुन्छ ।

भूमि व्यवस्था

जिल्लाको क्षेत्रफल र जनसंख्याको अनुपातलाई हेर्दा यो जिल्लामा जनघनत्व प्रतिहेक्टरमा १.३ व्यक्ति अर्थात् प्रति १० हेक्टरमा १३ व्यक्ति रहेको देखिन्छ । तर अधिकांश भाग पहाड पर्वत र भीर पहराले ढाकेको हुँदा खेतीयोग्य जमीन १७,५०० हेक्टर मात्र भएको अनुमानले यहाँ प्रति व्यक्तिलाई अन्दाजी ०.०८ हेक्टर (१.६ रोपनी) जग्गा मात्र पर्न आउँछ ।

यो जिल्लामा नापी भइसकेको छैन । तसर्थ पुरानै नापीको आधारमा जग्गा जमीन सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ ।

खेततर्फ वि. सं. १९९९ को तीन महले मोठ र पाखातर्फ १० वर्षे मोठ र २००७ साल-सम्मको मौजेनी मोठ र त्यसपछि साल सालैको नम्बरी मोठहरूमा जग्गा दर्ता भएका छन्। आवादीको दर्ता गर्ने काम स्थगित भएकोले हाल आवादी जग्गा कति छ भन्न सकिएको छैन। यस जिल्लाको भूमि सुधार कार्यालयमा दाखिल भएको सात नम्बरको लगतअनुसार यस जिल्लामा ८० रोपनी (चार हेक्टर) भन्दा बढी जग्गा हुने जग्गाधनीको संख्या तीन छ। ६० देखि ८० रोपनी (तीन देखि चार हेक्टर) सम्म जग्गा भएका ५९ जना ४५ देखि ६० रोपनी (२.२५ देखि ३ हेक्टर) सम्म जग्गा हुने २३४ जना, ३० देखि ४५ रोपनी (१.५ देखि २.२५ हेक्टर) सम्म जग्गा हुने ३०२ जना, २० देखि ३० रोपनी (एक देखि १.५ हेक्टर) जग्गा हुने संख्या ६५३ र एकदेखि २० रोपनी अर्थात् एक हेक्टरभन्दा कम मात्र जग्गा हुनेहरूको संख्या ३३,८९३ छन्। यसप्रकार आर्थिक वर्ष २०३०।०३१ सम्ममा यहाँ जग्गाधनीको संख्या ३५,१४४ पुगेको छ।

यस जिल्लामा तालुकदारी प्रथा कायमै छ र ३५६ तालुकदारहरू मार्फत मालपोत असूल हुन्छ। यहाँको माल अड्डाले पाखातर्फको हले, पाटे, कोदाले, फटके, साझाबाट प्रतिवर्ष रू. ४१,७२४। र खेततर्फ अवल, दोयम सीम, चहारबाट रू. ७५,०००। सालिन्दा आम्दानी गर्छ।

यस जिल्लामा हदबन्दीभन्दा बढी देखिएको तीनजना जग्गाधनीको जग्गाको क्षेत्रफल १९७ रोपनी चार आना देखिन्छ। भूमिसुधार लागू भैसकेपछि ५५ जनाको मोहियानी कायम भएकोछ। आफ्नो जग्गा नभई अरूको मात्र जग्गा कमाउनेको संख्या ५४ छ। यहाँ कूत निश्चित भएको छैन। अनिवार्य बचत संकलन अन्तर्गत आर्थिक वर्ष २०२९।०३० मा नगदी रू. ८९,७७७। र जिन्सीतर्फ ५,३९६ मुरी १ पाथी असूल भएको छ। यो बचत ग्राम समितिको माध्यमद्वारा कृषकहरूलाई ऋण वितरण गर्ने कार्यमा लगानी भएको छ।

भूमिसुधार कार्यक्रम लागू भएपछि पेश भएको ऋण रकम निश्चित गर्ने फाँटवारीअनुसार आर्थिक वर्ष २०३०।०३१ सम्ममा रू. २९,३१,३३४। देखिएको थियो। यसमध्ये असामीले साहूलाई ऋण तिर्नु नपर्ने गरी मुक्ति पाएको रकम रू. ९७,२१२। थियो। भोग बन्धकीतर्फ रू. ७,३१,३०६। को ऋण निश्चित भएको थियो। ऋण वापत साहूले हडप गरी राखेको ९६ रोपनी १३ आना जग्गा असामीहरूले फिर्ता पाएका थिए।

यस जिल्लाको कित्ता नापी आर्थिक वर्ष २०३०।०३१ मा शुरू भई ट्रिगोनोमेट्रिकल सर्भे र टोपोग्राफिकल सर्भे प्रायः समाप्त हुन लागेको छ।

प्रमुख बाली

यस जिल्लाको खेत पाखोमा लगाइने मुख्य बाली धान, मकै र गहुँ हुन्। खेतमा धान र गहुँ लगाइन्छ र वर्षे धान बाली जेठ, असार र साउन महीनासम्म पनि रोप्ने काम गरिन्छ। पाखो जग्गामा गहुँ, मकै, कोदो र जौ गलाइन्छ। गहुँ कात्तिक र मंसीर महीना र मकै चैत महीनादेखि जेठसम्म लागाइन्छ। बाली लाएको १५।२० दिन पछि र फेरि ३५।४० दिन पछि गोडमेल गरिन्छ।

धान बाली प्रायः मंसीर महीनामा र मकै बाली भदौ र असोजको दोस्रो हप्तासम्ममा काटिन्छ। पाखो बालीको गहुँ प्रायः चैत महीनामा र खेत बारीमा लगाइएको गहुँ वैशाख महीना भित्र काटिन्छ।

यहाँका किसानहरूले प्रायः गोबर मल र कम्पोष्ट मल प्रयोग गर्दछन् । कम्पोष्ट मल बनाउँदा खेत, बारीबाट निकालिएका झारपात, रूखबाट झरेका पात-पतिंगर र कलिला बोटका डाँठ, झ्याउ, गोबर-गहुँत तथा मास, भटमास आदिका बोटहरू पनि प्रयोग गरिन्छ । रासायनिक मलको प्रयोग पनि यहाँ शुरु भएको छ ।

खेतीपाती गर्दा यहाँका कृषकहरूले एक अर्कालाई आलोपालो गरी "पर्म" प्रथाद्वारा मद्दत गर्दछन् । यसको अतिरिक्त खेताला लगाउने पनि चलन छ । खेताला लगाउँदा खाना खुवाएर लाग्ने मानिसलाई प्रतिदिन रू. २।५० र आइमाईलाई रू. १।२५ ज्याला दिनु पर्दछ । खाना नखुवाई खाजा मात्र खाएर काम गर्ने पुरुषले रू. ५।– र महिलाले रू. ४।– प्रतिदिनको ज्याला लिन्छन् ।

कृषि तथ्याङ्क २०२८ अनुसार यस जिल्लाको आर्थिक वर्ष २०२४।०२५ देखि २०२९।०३० सम्ममा प्रमुख बालीले ढाकेको क्षेत्रफल र ती बालीहरूको उत्पादन यस प्रकार छः—

क्षेत्रफल र उत्पादनको तालिका

क्षेत्रफल– हेक्टरमा

उत्पादन– मेट्रिक टनमा

आर्थिक	धान		मकै		गहुँ		कोदो		जौ	
वर्ष	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
२०२४।२५	३,४००	८,१६०	८,२००	१८,७७८	५७५	७४७	१,७७५	२,१०९	४२५	३७८
२०२५।२६	३,४००	८,०९२	८,५००	१९,५५०	५७५	७४७	१,८००	२,१६०	४२५	३७८
२०२६।२७	३,५००	८,४००	८,६००	१९,७८०	६००	७५०	१,८००	२,१६०	४३५	३९१
२०२७।२८	३,५७५	८,७५७	९,०००	२१,१५०	६५०	६८२	१,८२५	२,१९९	४५०	४०५
२०२८।२९	३,६००	८'८२०	९,०००	२०,६५५	६५०	७३१	–	–	–	–
२०२९।३०	३,६००	८,६४०	९,०००	२०,६१०	६५०	५९२	१,८५०	२,२२९	४६०	४६०

आलु, तेलहन र अन्य नगदे बाली

	उखु		तोरी		सुर्ती		आलु	
	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
२०२४।२५	३००	४,९५०	४५०	२११	५	३	१५०	७७५
२०२५।२६	३००	४,८००	४५०	२१६	५	३	२००	१,०३४
२०२६।२७	३००	५,०१०	४५०	२२०	५	३	२५०	१,२५०
२०२७।२८	३००	५.१००	४७०	२३५	५	३	३००	१,५००
२०२८।२९	–	–	–	–	–	–	–	–
२०२९।३०	३००	५,१००	४७०	२११	५	३	३५०	१,६६७

उपर्युक्त तालिकाबाट आर्थिक वर्ष २०२४।०२५ देखि २०२७।२८ सम्म धान, मकै, गहुँ र कोदोको बाली लगाएको क्षेत्र र उत्पादनमा क्रमशः वृद्धि हुँदैगएको देखिन्छ । आर्थिक वर्ष २०२८।०२९ र २०२९।०३० मा मकै र धानको उत्पादनमा केही ह्रास आएको देखिन्छ। नगदे बालीतर्फको उत्पादनमा केही वृद्धि नै भएको देखिन्छ । अतः प्राकृतिक प्रकोप तथा सिचाइको अपर्याप्तताले गर्दा जिल्लाको धेरैजसो खेती-योग्य जमीन वर्षामा भर पर्नु पर्दछ । मौकामा वर्षाद नहुँदा र कृषि उत्पादन वृद्धि गर्न चाहिने मल, जल, उन्नतबीउ, औजार जस्ता साधनको अप्राप्यता र जनसंख्याको वृद्धिले गर्दा प्रतिवर्ष पाल्पा, बुटवल, पत्थरकोटतिरबाट खाद्यान्न आयात गरी जिल्लाको खाद्य समस्या टार्नु पर्दछ । प्रायः चैत, वैशाख, जेठतिर यी खाद्यान्न सगाइन्छ र खाद्यान्नको कुल आयातको परिमाण प्रतिवर्ष एक सय मेट्रिक टनभन्दा कम हुँदैन ।

नगदे बालीमा उखुको उत्पादन राम्रो हुन्छ । खासगरी थोर्गा र दिगाममा उखु खेती धेरै गरिन्छ । उखुबाट खुदो, सखर बनाई स्थानीय बजार मेलामा बिक्री विनिमय गरी किसानहरूले निकै आर्थिक फाइदा उठाउँदछन्। आलु खेती प्रति किसानहरूले अभिरुचि लिएको कुरा आर्थिक वर्ष २०२४।०२५ मा १५० हेक्टरमा खेती गरी ७७५ मेट्रिक टन आलु उत्पादन गरेकोमा २०२९।०३० मा ३५० हेक्टरमा खेती गरी १,६९७ मेट्रिक टन उत्पादन गरेको तथ्याङ्कले स्पष्ट पार्दछ ।

फलफूल खेती

समशीतोष्ण तथा अर्ध–उष्ण हावापानीले धेरै भू–भाग ढाकेको यस जिल्लामा सुन्तलाको राम्रो खेती हुन्छ । यस बाहेक नास्पाती, कागती, आँप, आरू, दारिम, मेवा, ज्यामिर, केरा, लिची, मयल पनि उत्पादन हुन्छ । यस जिल्लाको सुन्तला तौलिहवा, कृष्णनगर बुटवल, पाल्पातर्फ निकासी गरिन्छ। धुर्कोट, नयाँ गाउँ, भाडगाउँतिरको सुन्तला स्वादिलो हुन्छ । यहाँ चिउरी पनि पाइन्छ । गाउँलेहरूले चिउरीको घ्यू बनाउँछन् । कृषि विकास कार्यालयले यस जिल्लामा हिउँदे-वर्षे फलफूल खेतीबारे प्रसार कार्य गरेको छ। यो जिल्ला हिउँदे फलफूल विकासको लागि उपयुक्त देखिन्छ । खासगरी उखु, सुन्तला र नास्पाती खेती प्रशस्त हुन सक्ने सम्भावना भएकोले सो सम्बन्धी उद्योग खोली जिल्लाको अर्थतन्त्रमा सहायता पुऱ्याउन लागि सकिन्छ ।

पशुपालन

जिल्लामा पालिने जीव जन्तुहरूमा धेरै जसो गाई, गोरु, भैंसी, बाख्रा, सुंगुर, हाँस र परेवा हुन् । लेकतिर भेंडा पालिन्छ । अन्य ठाउँमा प्रायः गाई, भैंसी पालिन्छन् । यी गाई, भैंसीको दूधबाट घ्यू तयार गरी पाल्पा, बुटवल पत्थरकोट तौलिहवामा बेचन लगी जिल्लामा चाहिने सामान जस्तै नून, तेल, कपडा, जुत्ता आदि खरीद गरिन्छ ।

जिल्ला कृषि विकास कार्यालयले यहाँ मुर्रा राँगो, न्यू ह्याम्पसायर सुंगुर, ह्वाइट लेगहर्न र ह्याम्पसायर कुखुराहरू विक्री वितरण गरेका छन् । यसैबाट निस्केका भालेबाट स्थानीय पोथीमा नश्ल सुधार भएको छ । स्थानीय जनताले मुर्रा जातका भैंसी, राँगा, न्यू ह्याम्पसायर सुंगुर र ह्वाइट लेगहर्न र ह्याम्पसायर जातका कुखुराहरू मनपराएका छन् । तर जिल्लामा पशु- चिकित्सालय अझैं स्थापना भई नसकेकोले पशुपालन विकासमा संक्रामक रोग एउटा समस्या हुन गएको छ । पशु-रोगको उपचारको लागि पाल्पा तानसेनमा रहेको पशु–चिकित्सालयको सहायता लिइन्छ ।

कृषि विकास

विक्रम सम्वत् २०२५ सालमा सदरमुकाम तमघासमा कृषि विकास कार्यालयको स्थापना भएको थियो । कार्यालयको स्थापना भएपछि जे. टि. ए.हरूलाई जिल्लाका मुख्य-मुख्य गाउँहरू जस्तै जुवुङ, पुरकोट, जुहाङ, बस्तु, शान्तिपुर, खरिजाँग, वामी टक्सार, रिडी बजारमा कृषि विकास कार्य शुरू भएका थिए। यिनीहरूले कृषि प्रसार अन्तर्गत उन्नत जातका खाद्यान्न उत्पादनकोनतीजा र वैज्ञानिक ढङ्गबाट खेती गर्ने तरीका प्रदर्शन बेला बेलामा गर्दैआएका छन् । घर र खेतबारीमा भेटघाट, मेला, प्रदर्शनी, कृषि सभा, अगुवा तालीम कृषकहरूको क्षेत्र भ्रमण आदि कार्यद्वारा उन्नत बीउ, मल आधुनिक तरीका आदिवारे किसानहरूलाई बोध गराउने प्रयास गरिएको छ ।

कृषि विकासको निमित्त चाहिने उन्नत बीउ,मल, औजार, कीटनाशक औषधिहरू कृषि खरीद बिक्री संस्थान तथा कृषि विकास कार्यालय मार्फत कृषकहरूलाई उपलब्ध गराइन्छ । पशुपालनको विकास गर्ने सिलसिलामा नश्ल सुधार गर्ने कार्य भइरहेको छ । बागवानीको क्षेत्रमा स्याउ, ओखर, कागजी, बदाम आदिका बोट बिरूवाहरू बिक्री वितरण गर्न थालिएको छ । यी बोट लगायत सुन्तलाका बोटहरू लगाउने र तरकारी उमार्ने कार्यमा यहाँका जनताले विशेष अभिरुचि राखेका देखिन्छ । गत केही वर्षमा यहाँका जिल्लाबासीहरूले बढी मात्रामा गहुँको बीउ, रासायनिक मल, कीटनाशक औषधि र फलफूलको बिरूवा आदि किनी यी वस्तुहरूको खपत बढाईरहेका छन् ।

सिचाइ

बडीगाड खोला र छल्ली खोलाका फाँट बाहेक यस जिल्लाको अन्य खेतीयोग्य जमीनमा सिचाईको राम्रो सुविधा छैन । धेरैजसो आकाशे वर्षा र वर्षामा खोलानालाले नै यस भूमिलाई सिञ्चित गर्दछन्। अधिकांश वर्षा जेठ, असारतिर हुन्छ । हिउँदमा प्रायः सुख्खा रहन्छ । मनसुनबाट हुने वर्षा पनि अनिश्चित छ । कहिले चाँडो, कहिले ढीलो, कहिले अति र कहिले थोरै वर्षाले गर्दा यहाँको कृषि उत्पादनमा प्रतिवर्ष अन्तर पर्दछ ।

मेहनती जिल्लाबासीहरूले पहाड-पखेरा, चट्टान, ढुङ्गा काटेर कोसौं टाढाको पानीको मुहानबाटकुलो ल्याई सो कुलोबाट खेतको सिचाइको अतिरिक्त खानेपानीको पनि व्यवस्था गरेको पाइन्छ । कैयौं ठाउँमा घट्ट चलाउन पनि कुलो ल्याएको छ । जुहाँग गाउँमा एक कोसको कुलो खनी ल्याएकोमा आधाकोस जति पखेराको कालो बलौटे माटोबाट सो कुलो बग्ने हुँदा पानी सोसिएर कहिलेकाँहीं गाउँमा पानी पुग्दैन । यो हुन नदिन गाउँलेहरूले रात-दिन मानिस खटाई मर्मत सम्भारद्वारा पानी चलाईरहने प्रयास गरेको देखिन्छ । जुभुङ आदर्श गाउँ पञ्चातको घोरहा कुलोले करीब १,५०० मुरी धान आउने खेतको सिचाइ गर्दछ । वामी मैदान र वामी-टक्सारको टारमा दरम खोलाबाट नहर ल्याई सिचाइ गर्न विस्तृत सर्वेक्षण हुँदैछ ।

विकास अनुदानद्वारा गाउँस्तरीय केही सिचाई सुविधा कुर्ग, वामी टक्सार, वामी मैदान, जुभुङ, भुर्तुङ, तुराड, हरेवा, अर्खले, लिम्घा, दो बाटा, जयखानी, दरवार देवीस्थान र बडा गाउँमा उपलब्ध गराइएको छ । यसप्रकारका कच्ची कुलोहरू अन्य गाउँहरूमा पनि खनेका छन् तर यी कुलामा असारदेखि असोजसम्म मात्र पानी लाग्दछ ।

यस जिल्लाको वाभी टक्सार, नयाँ गाउँ, भुर्तुङ, बुल्म जस्ता टारहरूमा सिचाई व्यवस्था पुर्याई कृषि उत्पादन बढाउन सकिने देखिन्छ ।

कृषि ऋण

बहुसंख्यक कृषकहरूलाई ऋणको ठूलो आवश्यकता पर्नु स्वाभाविकै हो तापनि यस जिल्लामा सहकारी संघ–संस्था र कृषि विकास बैंक नभएकोले जिल्लावासीहरूको ऋणको मुख्य स्रोत गाउँका साहू महाजन नै हुन्। यी साहू महाजनहरूले चर्को व्याज लिने गरेको बुझिन्छ ।

उद्योग

यहाँ सरकारी तथा अर्ध–सरकारी रूपमा घरेलु उद्योग–धन्धाहरू खोलिएका छैनन् । नेपाल औद्योगिक विकास करपोरेशनबाट ऋण लिई यहाँका केही व्यक्तिहरूले सूती कपडाको लुगा बुन्ने र फर्निचर बनाउने कारखाना खोल्न खोजेको देखिन्छ । बले टक्सारको बले चौरमा स्थानीय मानिसहरूले कपासको तान लगाई घरबुना बुन्ने गर्दछन् । जिल्लाको उत्तरी भेकतिर बस्ने मगर तथा गुरुङ जातिले घरबुना राडी, पाखी, सुइटर, गलेबन्दी बुन्ने गर्दछन् । रिडी, खर्ज्याङ्ग, मञ्जुवा, वामी टक्सार, बुल्म धुवाखर्क आदि स्थानमा डिजेलबाट चल्ने धान, तेल, पीठो मिल र वामी टक्सार, शान्तिपुर, खैरनीमा वाटर टर्वाइनबाट चल्ने मिलहरू गरी जम्मा नौवटा मिलहरू छन् ।

जिल्लाका पूर्वतर्फका गाउँहरू जस्तै थोगा, दिगाम आदि ठाउँमा उखुको खेतीबाट खुदो, सख्खर बनाई निकै पैसा कमाउँछन् । जिल्लाका केही उद्योगी व्यक्तिहरूले कृषि ऋण लिएर धान कुट्ने, तोरी पेल्ने मिलहरू वामी टक्सार, रिडी बजार, चन्द्रकोट, जुहाङ, खर्ज्याङ्ग तथा चौरकोट गाउँहरूमा राखेका छन् । यस बाहेक ठूल-ठूला उद्योगहरू यस जिल्लामा छैनन् । यातायातको कमीले गर्दा पनि यहाँ पाइने कच्चा पदार्थमा आधारित उद्योगसम्म पनि खोल्न कठिन हुन गएको छ ।

भावी औद्योगिक विकासको दृष्टिकोणले हेर्ने हो भने यस जिल्लामा प्रचुर मात्रामा पाइने सल्ला, स्लेट ढुङ्गा तथा खानी उद्योगको सम्भावना रहेको छ ।

घ्यू उत्पादन प्रशस्त हुने भएको र उखु, सुन्तला तथा नास्पाती खेती पनि प्रशस्त हुने भएकोले यसलाई व्यवस्थित तरीकाले घरेलु उद्योगको रूप दिन सकिन्छ ।

जिल्लाको विभिन्न भागमा कपासको खेती लगाएमा राम्रो हुने सम्भावन छ । यहाँका वन, पाखा र बेंसीमा हुने बाँस र निगालोबाट जिल्लावासीहरू आफूलाई चाहिने डोको, डालो, नाङ्लो, सोली, थुन्से, मान्द्रो, चित्रो, भकारी बनाउँछन् ।

यहाँका कामीहरूले तामा र फलामका भाँडा–कुँडाहरू र कृषि औजार बनाउँछन् भने सार्कीहरूले स्थानीय छालाबाट जुत्ता सिउने काम घरेलु उद्योगको रूपमा वा जातिगत पेशाको रूपमा गरेकै छन्। छन्तेल र आग्री जातका मगरहरूले ढुङ्गा खानीबाट स्लेट झिक्ने, तामा र फलामका खानी खन्ने जस्ता परम्परागत पेशा कतै कतै कायमै राखेका छन् ।

सुर्तीको खेतीबाट बिडी, चुरोट बनाउने काम पनि यहाँ कसै कसैले गरेको देखिन्छ ।

व्यापार

यस जिल्लाको व्यापारिक कारोबार सामान्य दैनिक प्रयोगका सामान र कृषि उत्पादनको खरीद बिक्रीमा सीमित छ ।

यस जिल्लाको व्यापार मुख्यतया पाल्पाको तानसेन बजारले नियन्त्रण गरेको हुँदा तानसेन र तमघास बीचको रिडी बजार यस जिल्लाको मुख्य व्यापार केन्द्र बनेको छ । कालीगण्डकीको तीरमा स्थित रूरू क्षेत्र जस्तो पवित्र धार्मिक स्थल पनि यही रिडी बजारमा पर्ने हुनाले ठूलो एकादशी, माघे संक्रान्ति जस्ता मेला पर्वका दिन यहाँ निकै ठूलो व्यापार पनि हुन्छ । पाल्पाबाट पश्चिम अर्घाखाँची, प्यूठान जाने मूल बाटोमा यो बजार परेको छ । अतः यी जिल्लाहरूलाई चाहिने दैनिक उपभोगका वस्तुहरू देखिन् लिएर निर्माण सामग्रीहरू पनि यहाँबाट भएर जाने हुनाले यस बजारको व्यापारिक महत्व ठूलो छ ।

बागलुङ्को ढोरपाटन, तारा भोट देखिन् आउने घोडा खच्चड, ऊन, गलैंचा र जिल्लामा उत्पादित काम्लो, राडी, पाखीको व्यापार खूब हुन्छ । यस्तै जिल्लामा उत्पादन हुने घ्यू, सुन्तला, उखु, खुदो, गुँड र जरीबूटी बाहिर जान्छ र जिल्लालाई चाहिने खाद्यान्नदेखि लिएर दलहन, तेलहन, लत्ता–कपडा, नून, तेल आयात हुन्छ ।

कालीगण्डकीको किनारामा स्थित पुर्तिघाट बजार पूर्वमा गुल्मी, पश्चिममा स्याङ्जा, पर्वत तथा बागलुङ्को दक्षिणी भागको व्यापार केन्द्र हो । यस्तै ताराभोट, डोल्पा, गल्कोट, ढोरपाटनसम्म आवत–जावत गर्ने मूल बाटोमा रहेको वामी टक्सार बजार यस जिल्लाको अर्को मुख्य व्यापार केन्द्र हो । रिडी बजारबाट भार्से जाँदा बाटामा पर्ने बडीगाड खोलाको किनारामा स्थित जुहाङ खैरेनी बजार र भार्से देखिन् वामी टक्सार मूल बाटोमा पर्ने शान्तिपुर बजार यस जिल्लाको उत्तरी क्षेत्र र भोट व्यापारको मूल बाटोमा रहेका बजारहरू हुन् । पुर्कोट दह, श्रृङ्गा, घुर्कोट र खारमा स-साना बजारहरू छन् ।

सदरमुकाम तमघास एउटा मुख्य बजार मात्र नभई द्रुतगतिले विकास भइरहेको स्थान पनि हो। यहाँ दैनिक उपभोगका वस्तुहरूको साथै सिंगार र निर्माण सामग्रीहरूको पनि खपत बढ्दै छ। प्रशासकीय भवनको निर्माणले यस थलोको आकर्षण बढेको छ । आधुनिक अस्पताल, सरकारी कार्यालयहरू, बैंक, विद्यालय आदिको स्थापनाले बजारको शोभा बढाएको छ । प्रमुख जिल्ला अधिकारीको आवास गृह, थाना, समीक्षालय, कारागार आदिको निर्माण र बजारमा बनिरहेका नयाँ-नयाँ भवनले तमघास बजार गुलजार हुँदैछ । सानो सानो होटेल व्यवसायको पनि निकै विस्तार भइरहेकोछ । यस बजारमा विशेषगरी लत्ता–कपडा, चुरोट, चिया, चीनी, मसला, मट्टीतेल, सिमेन्ट, कृषिजन्य औंजार तथा सामानहरूको खरीद विक्री हुन्छ । जिल्लामा आयात गरिने वस्तु पनि प्रायः यिनै हुन् । खाद्यान्न लगायत यी सामानहरू पाल्पा, रूपन्देही (बुटवल) र कपिलवस्तु जिल्लाबाट आयात गरिन्छ र यसको बदलामा जिल्लाबाट घ्यू, उखु, सुन्तला, जरीबूटी, बाखा निकासी हुन्छ ।

जिल्लाभित्र विदेशी व्यापारी छैनन् । विशेषतः व्यापार पेशामा नेवार र थकाली जाति नै लागेको देखिन्छ ।

जिल्लाको मुख्य आयस्रोत खेतीपाती, घ्यू, फलफूल, जरीबूटीको अतिरिक्त विदेशी सेवा पनि हो ।

यस जिल्लाबाट विदेशमा गएर काम गर्नेहरूको संख्या निकै छ ।

बैंक

यो जिल्लामा राष्ट्रिय वाणिज्य बैंकको शाखा सदरमुकाम तमघासमा छ । यस बैंकले सरकारी कार्यालय, स्थानीय व्यापारी र जनसाधारणको निमित्त सेवा प्रदान गरेको छ । विदेशी मुद्रा सटही गर्ने, जिल्लाबाट ड्राफ्ट, टी. टी. को रूपमा अन्यत्र रकम पठाउने सुविधा पनि बैंकले उपलब्ध गराएको छ । थोक व्यापारीदेखि लिएर साधारण फुटकर व्यापारीलाई पनि कपडा, गल्ला आदि सामानको धितो लिई ऋण दिने, अन्य व्यक्तिहरूलाई सुन, चाँदी धितो राखी कर्जा दिने व्यवस्था पनि गरेको छ ।

यातायात र सञ्चार

यातायातको दृष्टिले यो जिल्ला पिछडिएकै अवस्थामा छ । यस जिल्लाबाट कुनै पनि राजमार्ग गएको छैन । गोरेटो, घोडेटो, कच्ची बाटो, खोलाको बगर, काठे पुल र झोलुङ्गे पुल नै यहाँका यातायातका साधन हुन् ।

व्यापारिक दृष्टिकोणले तानसेनदेखि रिडी र रिडीबाट तमघाससम्मका मूल बाटाहरूले यस जिल्लालाई सिद्धार्थ राजमार्गसँग जोड्दछन् । गाउँफर्क राष्ट्रिय अभियान अन्तर्गत अथवा सरकारी अनुदानबाट नयाँ घोडेटो बाटो बनाउने र खोलानालाहरूमा पुल हाल्ने काम ठाउँ ठाउँमा भएको छ । जिल्लालाई जोड्ने बाटो र जिल्ला भित्रका मुख्य-मुख्य बाटो, पुल यसप्रकार छन्ः–

तानसेन–रिडी मार्ग

रिडी यस जिल्लाको एउटा मुख्य बजार हो । सुनौली–पोखरा जोड्ने सिद्धार्थ राजमार्ग पाल्पाको सदरमुकाम तानसेन भई गएको हुँदा यस जिल्लाका बासिन्दाले तानसेनबाट रिडीसम्म आउने मोटर बाटो जनश्रमदानबाट खनेका थिए । करीब २५ किलोमिटर अर्थात् आठ कोस लामो यो प्रस्तावित सडकको सर्वेक्षणको लागि श्री ५ को सरकारले आर्थिक वर्ष २०२९।०३० र २०३०।०३१ को दुई वर्षे कार्यक्रममा चार लाख रूपियाँको स्वीकृति गरेको थियो । सर्वेक्षणको काम समाप्त भइसकेको छ ।

सिद्धार्थ राजमार्ग र रिडी बजार जोड्ने यो बाटो तयार भएमा रिडी बजार एउटा महत्वपूर्ण व्यापारिक केन्द्र बन्ने छ । गुल्मी लगायत पश्चिमी पाल्पा र अर्घाखाँची समेतको लागि यसले मूल बजारको काम गर्नेछ । रिडी एउटा ठूलो धार्मिक स्थल पनि भएको र पर्व-पर्वमा कालीगण्डकीमा नुहाउन आउने देश-विदेशका यात्रुहरूको भीड हुने भएकोले पनि यो सडक महत्वपूर्ण छ । रिडीको झोलुङ्गे पुल र मनभागको झोलुङ्गे पुलले गुल्मी जिल्लालाई पाल्पा जिल्लासँग जोड्दछ ।

रिडी–तमघास बाटो

वि. सं. २०२७ र २०२८ मा गुल्मी जिल्लाबासीहरूले आफ्नो श्रमदान र सरकारी अनुदानको सहायताले सदरमुकाम तमघासदेखि रिडीसम्मको ४६ किलोमिटर अर्थात् साढे चौध कोस लामो १२ फीट चौडा बाटो निर्माण गर्न थालेका थिए । यस बाटोले च्यूरेक, गौतमटोल, थानपति, वलेटक्सार, भृङ्गा, दिगाम, लुम्छा, चोएघा, वीरवास, राजा हुन्खा, गौंडाकोट, चारपाला, दुवीचौर, सिमीचौर, तमघास र रिडी सहितको

पन्ध्रवटा मुख्य गाउँहरू जोडेको छ। यसमा पन्ध्रवटा कलभर्ट परेका छन्, ठूलो पुल कहीं बनाउन परेको छैन। गुल्मी जिल्ला सभाले यस बाटोको निर्माणलाई ठूलो प्राथमिकता दिई यसलाई चक्रेटो बाटोमा परिणत गर्ने लक्ष्य राखेको छ। हाल रिडी-तमघास बाटोको अवस्था वर्षादले गर्दा कहीं-कहीं बिग्री भत्केको छ तापनि त्यसको सरसफाई र भीर–पहरामा मरमत गरेमा जीप चल्न सक्ने देखिन्छ।

रिडी–दाह्लेगैंडा बाटो

यो रिडी बजारदेखि रुद्रवेणी हुँदै बडिगाड नदीको किनारैं किनार तुराङ, वामी टक्सार हुँदै दाह्लेगौंडासम्म अन्दाजी ७७ किलोमिटर (२४ कोस) लामो मूलबाटो हो। यस मूलबाटोलाई जिल्लाबासीहरूले घोडेटो बाटो बनाउन कोशिश गर्दैछन्। जिल्लाको सम्पूर्ण भागको विकासको लागि यो बाटो महत्वपूर्ण छ। यस बाटोमा खोला धेरै ठाउँमा तर्नु पर्ने हुँदा साना–ठूला गरी सोह्र ठाउँमा झोलुङ्गे पुलहरू छन्। त्यसमध्ये खारघाट, बालुवाघाट, चिन्नेघाट, उपल्लो खर्वाङघाट, इन्द्र गौंडाघाटमा ठूला झोलुङ्गे पुल छन्। कालीरहबाट, खुदीघाट, झुवा चिदीघाट, चारखुट्टे घाट, टारीघाट, दमकुवाघाट, चोरकाटेघाट, छल्लीघाट, खैरेनीघाट र रुद्रवेणीघाटमा साना खालका झोलुङ्गे पुलहरू छन्।

मझुवाको पुल र छल्लीखोला तथा वडिगाड खोलाको दोभान निर बन्नलागेको पुलले गुल्मी र बागलुङको पनि यातायातमा मद्दत् पुऱ्याउँछ। पुलहरूको निर्माणले वर्षादमा समेत मानिसहरूलाई आवागमनमा सुविधा पुगेको छ। धेरैंजसो पुलहरू जिल्लाबासीकैं श्रमदान र अनुदानबाट बनेका छन्।

तमघास–पुर्कोट बाटो

तमघासदेखि पनाहाघाटदोभाई छल्ली खोलाको किनारैं किनार हुँदै बाँझकटेरी गाउँ पञ्चायतको साहीरे डाँडासम्म अन्दाजी ५१ किलोमिटर अर्थात् १६ कोस लामो गोरेटो बाटोलाई घोडा हिंड्न सक्ने बाटो जनश्रमदानद्वारा बनाइएको छ।

यस बाटोमा छल्ली पनाहा दोभाई घाटमा एउटा झोलुङ्गे पुल र मौला गाउँ पञ्चायत भित्रको चौरासीमा एउटा काठे पुल र बाँझकटेरी पुर्कोट पञ्चायतमा दुइवटा काठे पुल गरी जम्मा चारवटा पुलहरू पर्दछन्। यस बाटोले सदरमुकाम तमघासलाई उत्तर-पश्चिमको पुर्कोट दह हुँदै बागलुङसंग जोड्दछ। यसले गर्दा प्यूठान जिल्लाको पूर्वी भाग र बागलुङ जिल्लाको दक्षिण–पश्चिम भागसँगको आवागमनमा सुविधा पुऱ्याउँछ। छल्ली र पनाहा खोलामा पक्की पुल नहुँदा वर्षादको समयमा यदाकदा आवागमनमा बाधा पुग्दछ।

रिडी बजारदेखि मुसीकोटसम्मको २० किलोमिटर लामो बाटो निर्माण गर्ने पनि योजना छ।

यस जिल्लालाई दुई भागमा विभाजन गर्ने बडिगाड नदीको किनारैंकिनार बन्ने दाह्ले गैंडादेखि रिडीसम्मको बाटो र रिडीलाई पाल्पा तानसेन जोड्ने चक्रेटो बाटोले गर्दा सिद्धार्थ राजमार्गको समीपमा ल्याउने छ।

सञ्चार

सदरमुकाम तमघासमा एउटा जिल्लास्तरीय आकाशवाणी स्याटेलाइट स्टेशन छ। यस स्टेशनबाट प्रतिवर्ष सालाखाला २,००० खवरहरू आदान-प्रदान हुन्छ। यस आकाशवाणी केन्द्रबाट काठमाडौं, भैरहवा, तौलिहवा, कृष्णनगर, पाल्पा, अर्घाखाँची, नवलपरासी, बुटवल र त्रिवेणी आकाशवाणी केन्द्रहरूसंग सोझै सम्पर्क राख्न सकिन्छ। आफ्नो अञ्चल बाहिरका आकाशवाणीहरूसँग सम्पर्क राख्न परेमा भैरहवा आकाशवाणी नियन्त्रण कार्यालयको माध्यमद्वारा खबर आदान-प्रदान हुन्छ।

यस जिल्लामा हाल दशवटा छोटी हुलाक छन्। यी हुलाकहरू रहेको स्थान निम्नबमोजिम छः-

हुलाक र स्तर	गाउँ पञ्चायत
तमघास छोटी हुलाक	लक्ष्मीपुर
रिडी छोटी हुलाक	रूरू
द्युर्कोट छोटीहु लाक	द्युर्कोट वस्तु
पुर्तिघाट छोटी हुलाक	पुर्तिघाट
वामी छोटी हुलाक	वामी टक्सार
इस्मा दोहली छोटी हुलाक	इस्मा दोहोली
चन्द्रकोट छोटी हुलाक	शान्तिपुर
भार्से छोटी हुलाक	भार्से
श्रृङ्गा छोटी हुलाक	श्रृङ्गा
मनभाग छोटी हुलाक	धरमपानी हर्दिनेटा

आर्थिक वर्ष २०३०।०३१ मा तमघास छोटी हुलाकमा ३६,१०० चिठी–पत्र वाहिरवाट आएको र सो हुलाकबाट २६,९०० चिठी–पत्र बाहिर गएको देखिन्छ। यो भन्दा महत्वपूर्ण वामी टक्सार र चक्रकोट छोटी हुलाकवाट त्यस वर्ष क्रमशः ५५,००० र ५२,८०० पत्र आएको तथा ८,००० र २६,१०० गएको देखिन्छ।

उपर्युक्त दशवटा छोटी हुलाक बाहेक खार (ग्वाली चौर गाउँ पञ्चायत), जुमुङ, मजुवा (तुराङ गाउँ पञ्चायत), खस्योक, इस्मा, पुर्कोट दह, इस्मा अर्जे (अमरपुर) र आनन्दपुर हुक्दी शिरमा गरी सातवटा अतिरिक्त हुलाकको सेवा यस जिल्लामा उपलब्ध छ।

शिक्षा, स्वास्थ्य तथा खानेपानी

नेपाल अधिराज्यका अरू पहाडी जिल्लाको तुलनामा गुल्मी जिल्लाको १६.६ प्रतिशत साक्षरता उत्साहप्रद नै मान्नु पर्दछ । यातायातको कठिनाई भएर पनि यहाँका जिल्लाबासीहरूले विद्यालयहरू खोल्नमा सरकारी सहयोगको मात्र पनि आस नगरी गाउँघरकै सहायता र सहयोगद्वारा शिक्षालयहरू खोली शिक्षाको प्रगतिमा ठूलो योगदान पुऱ्याएका छन् ।

यस जिल्लाको शैक्षिक इतिहासमा संस्कृत विद्यालयहरूको ठूलो हात छ । विक्रम सम्वत् १९५४मा रिडी बजारमा संस्कृत प्रधान विद्यालय खुल्यो । यस्तै १९८७ सालमा स्थापित भार्से संस्कृत विद्यालयले २००८ सालमा मिडिल स्कूलको रूप लिई २०१८ सालमा हाई स्कूल भयो । हाल यस जिल्लाको प्रायः प्रत्येक गाउमा प्राथमिक पाठशाला र मुख्य-मुख्य ठाउँमा माध्यमिक वा निम्न माध्यमिक विद्यालयहरू छन् । यस जिल्लामा छ वर्ष माथिको जनसंख्या १,८८,०३३ मध्ये ३१,२०१ अर्थात् १६.६ प्रतिशत साक्षर छन् । छ वर्षदेखि ६५ वर्ष र त्यस माथिको उमेर समूहमा पर्ने ३१,२०१ साक्षर जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गरी हेर्दा १० वर्षदेखि २४ वर्षको उमेर समूहको साक्षरता बढी पाइन्छ । विभिन्न उमेर समूह अनुसार साक्षरताको हिसाब गर्दा पाँच वर्षभन्दा माथिका उमेर समूहमा ९०,४९२ पुरुष जनसंख्यामध्ये २८,३८५ अर्थात् ३१.४ प्रतिशत पुरुष साक्षर छन् भने ९७,५४१ महिला जगत्मा सिर्फ २,८१६ अर्थात् २.९ प्रतिशत महिला मात्र साक्षर रहेको कुरा तलको तथ्याङ्कले स्पष्ट गर्दछः–

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६ – ९	१३,०४८	२,६४५	२०.३	१२,४४६	५६४	४.५	२५,४९५	३,२०९	१२.६
१० – १४	१४,९८६	७,१५७	४७.८	१३,४२१	१,०७०	८.०	२८,४०७	८,२२७	२९.०
१५ – १९	११,२०७	५,२२५	४६.६	१२,०४८	५७८	४.८	२३,२५५	५,८०३	२५.०
२० – २४	७,५१९	३,०३९	४०.४	९,२०५	२३८	२.६	१६,७२४	३,२७७	१९.६
२५ – २९	६,४९७	२,०७५	३१.९	९,२२१	१२०	१.३	१५,७१८	२,१९५	१४.०
३० – ३४	६,१००	१,७२१	२८.२	७,७२२	६३	०.८	१३,८२२	१,७८४	१२.९
३५ – ३९	६,१६९	१,५५४	२५.२	७,२१७	५६	०.८	१३,३८६	१,६१०	१२.०
४० – ४४	५,४३१	१,३४८	२४.८	६,२३३	४३	०.७	११,६६४	१,३९१	११.९
४५ – ५४	८,७८१	१,९६१	२२.३	९,०२८	४७	०.५	१७,८०९	२,००८	११.३
५५ – ६४	५,८८२	९७६	१६.६	६,३२७	२९	०.५	१२,२०९	१,००५	८.२
६५ वर्ष र माथि	४,८७२	६८४	१४.०	४,६७३	८	०.२	९,५४५	६९२	७.२
जम्माः–	९०,४९२	२८,३८५	३१.४	९७,५४१	२,८१६	२.९	१,८८,०३३	३१,२०१	१६.६

प्राथमिक पाठशालहरू जिल्लाभरका पञ्चायतहरूमा रहेकोले बालकबालिकाले पढ्न पाउनु स्वभाविकै हो। महिला वर्गमा छ देखि १९ वर्षको उमेर समूहमा बढी साक्षर भएको देखिन्छ। प्रौढ शिक्षाको प्रभाव स्वास्नीमानिसमाभन्दा लोग्नेमानिसमा बढी परेको पाइन्छ ।

यस जिल्लामा १४८ वटा प्राथमिक पाठशाला छन्, जसमध्ये १३८ ले आर्थिक सहायता पाएका छन्। २४ निम्नमाध्यमिक विद्यालय र नौ माध्यमिक विद्यालयमध्ये एक संस्कृत प्रधान विद्यालय पनि छ। आर्थिक वर्ष २०३१।०३२ देखि यहाँ राष्ट्रिय शिक्षा योजना लागू भएको छ, जसअनुसार २०३१ कात्तिकदेखि साविकको शिक्षा शाखा खारेज भई जिल्ला शिक्षा कार्यालयको स्थापना भएको छ ।

यस जिल्लामा तालीम प्राप्त शिक्षक ८० र शिक्षिका पाँच समेत गरी जम्मा ८५ जना छन्। गुल्मी जिल्लामा तालीम दिने व्यवस्था छैन । प्राप्त कोटाअनुसार पाल्पा वा काठमाडौं गई तालीम लिने गर्दछन् । जिल्लामा नौ–दस वटा विद्यालयहरू बाहेक अन्य विद्यालयहरूको निजी भवन छ । दुर्गम तथा पहाडी क्षेत्र भएर पनि शिक्षा प्रति कति जागरुक र इच्छुक छन् भन्ने कुरा यस क्षेत्रमा भएका टल्किने पक्की विद्यालय भवनले दर्शाउँछ ।

यस जिल्लाको माध्यमिक, निम्न माध्यमिक र प्राथमिक स्तरका विद्यालयहरूका छात्र छात्राहरूको संख्या निम्न बमोजिम छः–

विद्यालय स्तर	छात्र	छात्रा	जम्मा
माध्यमिक	१,०८३	१०८	१,१९१
निम्न माध्यमिक	१,१९५	८४	१,२७९
प्राथमिक विद्यालय	१०,१४६	१,७५९	११,९०५
जम्मा:–	१२,४२४	१,९५१	१४,३७५

उपर्युक्तबमोजिम प्राथमिकदेखि माध्यमिकसम्मका तहमा अध्ययन गर्ने छात्र छात्राको कुल संख्या १४,३७५ छ ।

स्वास्थ्य

यस जिल्लाको सदरमुकाम तमघासमा पन्ध्र शय्याको एउटा अस्पताल छ। यस अस्पतालले जिल्ला निवासीहरूको राम्रो सेवा गरेको छ । २०२९ सालमा यस अस्पतालले १४,००० र २०३० सालमा १५,४९५ नयाँ रोगीहरूको सेवा गरेकोबाट यो अस्पतालमा आउने बिरामी संख्या बढ्दो छ भन्न सकिन्छ। २०३० सालदेखि साधारण अपरेशन र दिशा, पिसाब, रगत, कफ जाँच्ने व्यवस्था पनि यस स्वास्थ्य संस्थाले सञ्चालन गरेको छ ।

उपर्युक्त अस्पताल बाहेक यस जिल्लामा रहेको स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा आयुर्वेदिक औषधालय रहेको स्थान यस प्रकार छन् ।

नाम	स्थान
धुर्कोट स्वास्थ्य केन्द्र	मौला
भार्से स्वास्थ्य चौकी	भार्से
शान्तिपुर स्वास्थ्य चौकी	शान्तिपुर
रिडी आयुर्वेदीय औषधालय	रिडी बजार
पूर्तिघाट आयुर्वेदीय औषधालय	पुर्तिघाट
पुर्कोट स्वास्थ्य चौकी	पुर्कोट
वामी टक्सार स्वास्थ्य चौकी	वामी टक्सार

यी स्वास्थ्य संस्थाहरूले रोगोपचारको साथै टायफायड, कलेरा जस्ता संक्रामक रोगको रोकथामको लागि सूई दिने कार्य पनि गर्दछन् । उपचारार्थ आउने बिरामीहरूमा ज्यादा जसो जुका, अँकुसे कीरा, गाँड, क्षयरोग र पौष्टिक खानाको अभावले हुने रोगहरू छन् ।

स्वास्थ्योपचारमा आधुनिकता आइसकेको छ तापनि सर्वसाधारण जनतामा भूत-प्रेत पन्छाउन धामी झाँक्री लगाई, देवदेवी भाकल गरी बली चढाई रोग निको पार्न खोज्ने अन्धविश्वास हटेको छैन । तमघास स्थित अस्पतालको लागि एकजना सिनीयर मेडिकल अधिकृत र दुई जना जुनीयर मेडिकल अधिकृतको व्यवस्था छ। यस्तै एक जना नर्स, तीन जना अग्जुलरी हेल्थ वर्कर र छ जना एसिटेण्ट मिड वाइफहरूको व्यवस्था छ।

यस अस्पताल अन्तर्गत परिवार नियोजन तथा मातृ शिशु कल्याण केन्द्रको पनि सञ्चालन भइरहेको छ। २०२९ साल आसारदेखि खुलेको यस परिवार नियोजन केन्द्रले २०३१ साल आसोजसम्ममा २०२ जना पुरुषको भ्यासेक्टोमी अपरेशन गर्नुको साथै शिशु तथा आमाहरूलाई पनि औषधि उपचारको सेवा पुऱ्याएको छ। यस क्लिनिकद्वारा भ्यागुते रोग, धनुष्टंकार, लहरे खोकी आदि रोगको रोकथामको लागि पनि खोप कार्य गरिन्छ।

यस जिल्लामा बिफर उन्मूलन कार्यलय छैन । अर्घाखाँची जिल्लामा रहेको बिफर उन्मूलन आयोजना जिल्ला कार्यालयले यस जिल्लामा पनि खोपाउने काम गर्दछ । खोप दिने कार्यक्रम अन्तर्गत सर्भिलेन्स काममा सिनीयर भेक्सीनेटरहरू जिल्लाको गाउँ-गाउँमा जाने गर्दछन् ।

खानेपानी

अधिकांश जिल्लाबासीहरूको खानेपानीको स्रोत खोला, छहरा, पनेरो, कुवा जस्ता प्राकृतिक जलाधार नै हुन् ।

पाँच वर्षे योजना अन्तर्गत ७ लाख ४७ हजारको लगत इष्टिमेटमा जुभुङ्ग गाउँ पञ्चायतका जनताको लागि लगभग ३४,००० ग्यालन प्रतिदिन क्षमता भएको जुभुङ्ग खानेपानी योजना हालै सम्पन्न भएको छ । पानीको स्रोत रेसुङ्गा लेकबाट लिइएको छ । राष्ट्रिय योजनामा रूपाकोटको खानेपानी योजना परेको छ। रिघा र जुनियका योजनाहरू निर्माणावस्थामा छन् । थोर्गा र धुर्कोटको खानेपानी योजना अझै

अधुरो छ। जनश्रमदान र जिल्ला पञ्चायतको अनुदानबाट वामी मैदान, पुर्कोट, धुर्कोट, नयाँ गाउँ, दर्लाम चौर, भारमुङ्ग, रूपाकोट, ग्वाघा, दिग, साग्दी बाराकोट, हुङ्गा ठूलो पोखरामा गाउँस्तरीय खानेपानी योजना सम्पन्न भएको छ। मानकोट, पौदी अभराई, वामी टक्सार, मुसीकोट, पोखराबारी, पीपलधारा, सिमिचौर, वीरखर्क, भार्से, जलजला, अर्वाथोक, लिम्वा, सिरूङ्गामा पनि जिल्ला पञ्चायत र गाउँ पञ्चायतको मद्दतबाट खानेपानीको व्यवस्था भइरहेको छ। दौधा पञ्चायतमा खानेपानीको ज्यादै अभाव छ। गर्मी महीनामा पानीको मुहान सुक्ने हुँदा जिल्लाको केही भागमा खानेपानीको ज्यादै दुःख पर्दछ। कतिपय धर्मपरायण गाउँलेहरूले टाढा-टाढाबाट पानी बोकी ल्याई बाटामा घडा राखी दिएर यात्रुहरूको प्यास बुझाउने सत्कार्य गरेको देखिन्छ।

प्रशासन र पञ्चायत

अधिराज्यको राजनैतिक विभाजनको क्रममा यो जिल्ला नेपाल अधिराज्यमा गाभिनु अघि चौबीसी रियासतभित्र पर्दथ्यो र यो जिल्ला त्यसताका इस्मा, धुर्कोट, मुसीकोट र गुल्मी चार थुममा विभाजित थियो। बहादुर शाहको नायबी कालमा गुल्मी, अर्घाखाँची, पाल्पा रियासतभित्र पऱ्यो। वि. सं. १८६३ मा पाल्पा रियासत नेपाल अधिराज्यमा गाभिएपछि काठमाडौंबाट खटिएका जनरल अम्बर सिंह थापाको तैनाथमा यस जिल्लाको प्रशासन रह्यो। यस प्रकारले प्रजातन्त्र भइसकेपछि पनि यो कहिले पाल्पा गौंडा, कहिले बागलुङ गोश्वाराबाट प्रशासित हुँदै रह्यो। विक्रम सम्वत् २००९ सालमा ३२ जिल्लामध्ये एक जिल्ला भई गुल्मीको प्रशासनिक इतिहासमा परिवर्तन आयो। यस जिल्लाको तमघासमा सदरमुकाम स्थापित भयो। यस प्रकारले जिल्लामा गौंडा आएपछि बडाहाकिम र सहायक अञ्चलाधीश वा विशेष अधिकृत र जिल्ला पञ्चायतको सचिवको रूपमा प्रमुख जिल्ला अधिकारी खटिन थाले।

वि. सं. २०२८ वैशाख ३१ गते विशेष अधिकृतको पद खारेज भएपछि यस जिल्लामा अन्य भागमा जस्तै केवल प्रमुख जिल्ला अधिकारी नै जिल्लाको मुख्य प्रशासक बने।

यस जिल्लामा प्रमुख जिल्ला अधिकारीको कार्यालय र जिल्ला पञ्चायत कार्यालय लगायत जिल्लास्तरीय धेरैजसो कार्यालयहरू सदरमुकाम तमघासमा छ। जिल्लामा रहेका कार्यालयहरू यस प्रकार छन्:–

प्रमुख जिल्ला अधिकारीको कार्यालय	तमघास
जिल्ला प्रहरी निरीक्षकको कार्यालय	तमघास
जिल्ला अदालत	तमघास
जिल्ला कृषि विकास कार्यालय	तमघास
जिल्ला भूमिसुधार कार्यालय	तमघास
जिल्ला माल कार्यालय	तमघास
जिल्ला शिक्षा कार्यालय	तमघास
जिल्ला पञ्चायत कार्यालय	तमघास
निर्वाचन आयोग, जिल्ला शाखा	तमघास
तमघास अस्पताल, गुल्मी	तमघास
कारागार कार्यालय	तमघास

जिल्ला हुलाक कार्यालय	तमघास
सरकारी सहायक अधिवक्ता एवं अभियोक्ता कार्यालय	लमघास
रिडी आयुर्वेदिय औषधालय	रिडी बजार
पुर्तिघाट आयुर्वेदीय औषधालय	

अर्ध–सरकारी कार्यालय, संस्था, समिति

राष्ट्रिय बाणिज्य बैंक शाखा
आकाशवाणी स्याटेलाइट स्टेशन
कृषि खरीद विक्री संस्थान, उप-शाखा

प्रहरी

वि. सं. २०१२ देखि तमघासमा जिल्ला प्रहरी निरीक्षक कार्यालय रहेको छ। तमघास स्थित प्रहरी निरीक्षक कार्यालय अन्तर्गत रिडी र धुर्कोटमा स्थायी प्रहरी चौकीहरू छन्। शान्तिपुर र वामी टक्सारमा अस्थायी प्रहरी चौकी छन्। तमघास सदर मुकाममा एउटा कारागार भवन छ।

सरकारी वकील

यहाँ एक सरकारी वकीलको कार्यालय छ। अर्घाखाँची जिल्लामा सरकारी वकीलको कार्यालय नभएकोले उक्त जिल्लामा पर्ने काम पनि यहींको सरकारी वकीलले गर्दछन्। यस कार्यालयको मुख्य काम सरकारवादी मुद्दामा कानूनी राय सल्लाह दिनु हो।

जिल्ला अदालत

यहाँ गुल्मी तथा अर्घाखाँची जिल्लाहरूको निमित्त एउटा जिल्ला अदालतको व्यवस्था छ। यसको स्थापना २००२ सालमा भएको थियो। जिल्ला न्यायाधीश एउटा मात्र भएकोमा २०२८ सालदेखि एउटा अतिरिक्त न्यायाधीश पनि थप भएको छ। यिनले फौजदारी तथा देवानी दुवै किसिमका मुद्दाहरू हेर्दछन्। देवानीतर्फ जग्गा सम्बन्धी, लेनदेन, अंश, हक सफाइ, लिखत पास, सन्धिसरपन, कुलो, पानी सम्बन्धी आदि मुद्दाहरू धेरै पर्दछन्। त्यस्तै फौजदारीतर्फ लुटपिट, करकाप, गाली बेइज्जती, करणी, जालसाज, चोरी, ज्यान, बाल विवाह, बहु विवाह, जुवा, कीर्ते, ठगी, जारी इत्यादि मुद्दाहरू धेरै हुन्छन्।

आर्थिक वर्ष २०२७।०२८ सालदेखि २०२९।०३० भित्र यस जिल्ला अदालतमा गुल्मी जिल्लाको मात्र जम्मा २,१५१ मुद्दा परे, जसमध्ये १,०७७ मुद्दाहरू सोही साल किनारा लगाइएको थियो। यस प्रकारले प्रत्येक वर्ष जिल्लामा अन्दाजी सातसय मुद्दाहरू पर्दछन्।

पञ्चायत

जिल्ला पञ्चायत कार्यालय तमघासमा छ । यस जिल्लामा ९७ गाउँ पञ्चायत छन् । यहांको जिल्ला सभामा ९७ जना सदस्यहरू छन् र यस जिल्लालाई राष्ट्रिय पञ्चायतमा दुई जना सदस्यहरूले प्रतिनिधित्व गर्दछन् ।

गुल्मी जिल्ला सभा कोषमा सालको औसत आम्दानी रू. १२,०००। हुन्छ । आर्थिक वर्ष २०२९।०३० को खुद आम्दानी रू. १४,१५०। भएको थियो । जिल्लाका अधिकांश बासिन्दाहरूको आर्थिक स्थिति बलियो नभएकोले पञ्चायत कोषमा पनि आम्दानी कम छ । आयका स्रोतहरूमा व्यापार वा पेशा कर मुख्य हो । गाउँ पञ्चायतहरूको औसत वार्षिक आम्दानी रू. ५००। देखिएको छ ।

यस जिल्लामा किसान, महिला, युवक र भूतपूर्व सैनिक संगठनहरू छन् । यी संगठनहरूको आम्दानी स्रोत सदस्य शुल्क मात्र हो । यी संगठनहरूको प्रारम्भिक समिति तथा सदस्य निम्नबमोजिम छन्ः—

संगठन	प्रारम्भिक समिति संख्या	सदस्य संख्या
नेपाल किसान संगठन	१८	१९८
नेपाल युवक संगठन	२८	३०८
नेपाल महिला संगठन	१६	१७६
नेपाल भूतपूर्व सैनिक संगठन	११	१२१

उपसंहार

यस जिल्लामा कोवाल्ट, तामा जस्ता खनिज पदार्थ र वन जङ्गलमा पाइने जरीबूटी जस्ता भू-सम्पदा प्रशस्त छ। काली गण्डकी, बडिगाड लगायतका विभिन्न खोलाबाट सिचाइ व्यवस्था गर्न सकेमा यहाँका बेंसीहरूलाई उर्वरा पार्न सकिन्छ। कालीगण्डकीको किनारा स्थित रूरू, रुद्र बेनी जस्तो धार्मिक स्थल र रेसुङ्गा, शृङ्ग जस्तो तपोभूमिको दर्शन गर्न यस जिल्लामा देश विदेशका हिन्दू यात्रीहरू आउँछन् र सांस्कृतिक आदान प्रदान बढाउँछन्। धार्मिक मेला हुँदा रूरू क्षेत्रमा ठूलो बजार लाग्दछ र ठूलो स्तरको व्यापार हुन्छ।

जिल्लामा शिक्षाको प्रगति राम्रो छ। शिक्षा विकासको फलस्वरूप यहाँको जिल्लाबासीमा जन जागरण छ। सामाजिक कुरीतिहरू समाप्त गर्न र विकासको काममा श्रमशक्ति प्रदान गर्न यहाँका जनता सजग देखिन्छन्। राष्ट्रिय शिक्षा पद्धति लागू भएबाट जिल्लाबासीहरूलाई शिक्षाको विकासमा अझ बढी प्रेरणा मिल्नेछ।

यातायातको विकास विना जिल्लाको विकास हुँदैन भन्ने कुराको मनन गरी जिल्लाबासीहरूले तमघासदेखि रिडी र रिडीदेखि पाल्पा, तानसेन सिद्धार्थ राजमार्गसम्म मोटर बाटो जोड्न, बाटो खन्नमा निकै पसिना बगाएका थिए। मोटर बाटोको अभावले गर्दा नून, मट्टीतेल, चीनी, लत्ता–कपडा र अन्य दैनिक उपभोगका सामानहरू सुपथ मोलमा पाउन सकिएको छैन। निर्माण सामग्रीहरू ठाउँमा पुऱ्याउन कठिन हुनुको साथ यहाँको उत्पादित चीजहरू जस्तै उखु, खुदो, सुन्तला पनि निकासी गर्न गाह्रो परेको छ। अतः तानसेनदेखि रिडीसम्मको मोटर बाटो बनेमा यस जिल्लाको आर्थिक व्यवस्थामा ठूलो सुधार आउनेछ।

कृषिप्रधान जिल्ला भए तापनि सिचाइतर्फको समयोचित व्यवस्था नहुँदा किसानहरू ज्यादा जसो आकाश खेतीमा भर पर्दछन्। कहिले अति वृष्टि र कहिले अनावृष्टिले र उन्नत बीउ, मल, कृषि ऋणको अभावले गर्दा कृषि उत्पादनमा यो जिल्ला पिछडिएको छ। यस प्रकारले भौतिक साधनको अप्राप्यता र जनसंख्याको वृद्धिले गर्दा यस जिल्लामा प्रति वर्ष खाद्यान्न बाहिरबाट आयात गर्नु पर्दछ। बडिगाड नदी र छल्ली खोलाको बेंसीमा सिचाइको प्रबन्ध गर्न सकेमा उत्पादनमा वृद्धि आउन सक्छ। वामीटक्सार, नयाँ गाउँ, भुर्तुङ्ग, ब्रुल्म जस्ता टारहरूमा सिचाइ व्यवस्था पुऱ्याउन सकेमा कृषि उपादनमा निकै वृद्धि हुन जाने देखिन्छ।

यस जिल्लामा उखु, सुन्तला, नाशपाती र जङ्गली मयल र काफल प्रशस्त फल्दछ। यसको खेतीलाई व्यानसायिक रूप दिन सके जिल्लाबासीहरूको आर्थिक स्रोतमा मद्दत मिल्न सक्छ।

जिल्लाको अर्को आर्थिक स्रोत च्यूको निकासी हो । रोगव्याधिबाट पशुधनको क्षति हुन नदिन यहाँ पशु–चिकित्सालयको अति आवश्यक छ । हाल पशु–रोगको उपचारको लागि तानसेनसम्म पुग्नुपर्दछ, जुन यातायात र दूरीले गर्दा कठिन पर्न जान्छ ।

खेतीपाती, पशुपालन र फलफूल उद्योगमा कृषकहरूलाई मद्दत गर्न यस जिल्लामा कृषि विकास बैंक र घरेलु इलम केन्द्र जस्ता संस्थाहरूको आवश्यकता देखिन्छ । काली गण्डकीको पानीबाट विद्युत् निकाल्ने र सिचाइ गर्ने सम्भाव्यताबाट जिल्लाको भविष्य उज्वल देखिन्छ ।

यस जिल्लामा रूरू क्षेत्र, रेसुङ्गा, शृङ्गदरबार, देवी स्थान, इस्मा, धुर्कोट, मुसीकोट आदि पुरातात्विक महत्वका स्थानहरू छन् । यहाँको शालिग्रामको शीला, प्राचीन गुफा र सालिमे लेकका खण्डहरू अन्वेषणका निमित्त महत्वपूर्ण छन् । यिनको संरक्षणबाट यी स्थानहरूले धार्मिक तीर्थ यात्रीहरूलाई मात्र होइन अपितु पर्यटकहरूलाई पनि आकर्षण गर्न मनमोहक दृश्यहरू प्रदान गर्दछ । लाली गुराँसले ढकमक्क ढाकेको रेसुङ्गा तथा थाप्ले डाँडाबाट उत्तरको हिमाली शृङ्खला, दक्षिणको मधेश, जिल्लाभित्र नागबेली परी बगेको नदी–नालाहरूको अवलोकन गरी नरमाउने बिरलै होलान् ।

पालपा

विषय सूची

परिचय ७६१
प्राकृतिक स्वरूप र सम्पदा ७६३
ऐतिहासिक पृष्ठभूमि ७७२
प्रमुख स्थानहरू ७७८
जनसंख्या र जनजीवन ७८३
आर्थिक व्यवस्था ७६१
यातायात र सञ्चार ८००
शिक्षा, स्वास्थ्य तथा खानेपानी ८०४
प्रशासन र पञ्चायत ८०८
उपसंहार ८११

परिचय

नेपाल अधिराज्यको मध्यभागमा पर्ने अधिराज्यकै आकारमा पूर्व–पश्चिम फैलिएको पाल्पा जिल्लाको शिरमा धवलागिरि हिमाल र सिउँदोको रूपमा ठाउँ झरेको कालीगण्डकी मध्य पहाडी भागमा आएर यस जिल्लाको उत्तरी सीमाना बन्न पुगेको छ। विभिन्न दिशामा फैलिएका अग्ला पर्वतका शृङ्खलाहरू र कतिपय उर्वर फाँट एवं नदी खोलाहरूले यस जिल्लालाई अत्यन्त सुन्दर बनाएको छ। यो जिल्ला कैयन् धार्मिक स्थलहरूको साथै दर्शनीय ऐतिहासिक तथा प्राकृतिक महत्वका स्थानहरूले भरिपूर्ण छ।

यो जिल्ला २७°३४' उत्तरदेखि २७°५७' उत्तर अक्षांश र ८३°१५' देखि ८४°२२' पूर्व देशान्तरभित्र अवस्थित छ। यस जिल्लाको उत्तरमा गण्डकी अञ्चल अन्तर्गत स्याङ्जा र तनहूँ जिल्ला र लुम्बिनी अञ्चलको गुल्मी जिल्ला, दक्षिणमा रूपन्देही र नवलपरासी र पूर्वमा तनहूँ जिल्ला तथा पश्चिममा अर्घाखाँची पर्दछन्। यसको जम्मा क्षेत्रफल २,७४३ वर्ग किलोमिटर छ।

नेपालका विभिन्न राज्य रजौटाहरू एकीकृत हुनु अगाडि पाल्पा एक शक्तिशाली राज्य थियो। त्यस राज्यको सीमाना पूर्वमा दूधकोशी र दक्षिणमा तिरहुतसम्म फैलेको थियो। यो भू–भाग अधिराज्यमा समावेश भइसकेपछि पनि धेरै वर्षसम्म तानसेन स्थित पाल्पा गौंडाबाट मध्य पश्चिमको करीब नौवटा जिल्लाहरू प्रशासित थिए। हाल अधिराज्यलाई १४ अञ्चल ७५ जिल्लाहरूमा विभाजन गरिएपछि यो भूभागलाई लुम्बिनी अञ्चल अन्तर्गत एक प्रशासकीय जिल्ला बनाइएको छ।

वि. सं. २०२८ को राष्ट्रिय जनगणनाअनुसार यो जिल्लाको जनसंख्या २,१२,६३३ छ, जसमध्ये पुरुष १,०४,९०९ अर्थात् ४९.३ प्रतिशत र महिला १,०७,७२४ अर्थात् ५०.७ प्रतिशत छ। यहाँको जनघनत्व प्रति वर्ग किलोमिटरमा ७० व्यक्ति रहेको छ। यो जिल्लामा एउटा नगर पञ्चायत र ८० वटा गाउँ पञ्चायतहरू छन्।

जिल्लाको करीब ९५ प्रतिशत बासिन्दाहरूको पेशा कृषिमा आधारित छ। कालीगण्डकीको किनार र पहाडको बीच बीचमा रहेका विभिन्न टार तथा फाँटहरू यहाँका मुख्य कृषियोग्य भूमि हुन्। ती फाँट, टार र पाखोहरूमा मकै, धान, गहुँ आदि खाद्यान्न बालीको साथै तोरी, कपास, ऊखु, अदुवा आदि नगदेबाली लगाइन्छन्। पूर्वी पाल्पामा अदुवाबाट सूठो बनाउने काम जिल्लाको एक महत्वपूर्ण आर्थिक कार्यकलाप मानिएको छ।

साथै जिल्लाबासीहरू काँस, पित्तल आदि धातुबाट भाँडाहरू बनाउने र जिल्लाका विभिन्न ठाउँहरूमा तेल पेल्ने र धान कुट्ने कलहरू सञ्चालन गर्नेगर्दछन् । तानसेनमा बनाइएका काँसका करुवा तथा अन्य भाँडाकुँडा अधिराज्यभर प्रख्यात छन् । तानसेन धेरै पहिलेदेखि नै अधिराज्यको मध्य पश्चिम इलाकाको अत्यन्त महत्वपूर्ण व्यापारिक केन्द्र रहिआएको छ । जिल्लाको सदरमुकाम तानसेनबाट आसपासका महत्वपूर्ण स्थानहरूमा जान गोरेटो तथा घोडेटोहरू पहिलेदेखि नै बनेका थिए । हाल सिद्धार्थ राजमार्ग र तानसेन बजारदेखि बतुङसम्मको करीब चार किलोमिटर पक्की मोटर चल्ने बाटोको निर्माण भएपछि यस जिल्लाले नयाँ काँचुली फेर्न थालेको देखिन्छ ।

त्यस्तै शिक्षाको क्षेत्रमा पनि यस जिल्लाले पहिलेदेखि नै एक महत्वपूर्ण स्थान ओगटेको छ। लुम्बिनी अञ्चलका छ जिल्लाहरूमध्ये सबैभदा बढी प्रतिशत साक्षरता यसै जिल्लामा पाइन्छ । स्वास्थ्यको क्षेत्रमा पनि यस जिल्ला नेपाल अधिराज्यका अरू कतिपय पहाडी जिल्लाहरूभन्दा अगाडि नै रहेको छ। साथै जिल्लाको सदरमुकाममा घरेलु तथा औद्योगिक प्रयोग समेतको लागि विद्युत्शक्ति वितरण भइसकेको छ। यसरी पाल्पा जिल्ला खास गरेर यसका यातायातको सहूलियत पाएका इलाका र तानसेन नगर विकासको पथमा बढी गतिशील भएका छन् ।

प्राकृतिक स्वरूप सम्पदा

पाल्पा जिल्लाको दक्षिण र पूर्वको केही भाग बाहेक बाँकी सबैजसो भाग महाभारत पर्वतमा पर्दछ । यस जिल्लामा करीब १५२ मिटर (५०० फीट) को उचाइदेखि लिएर करीब १,९३६ (६,३५० फीट) सम्म अग्लो महाभारतका टुप्पाहरू पर्दछन् । उत्तरमा गण्डकी अञ्चलको स्याङजा र तनहूँ जिल्लालाई काली गण्डकीले छुट्याइराखेको छ । यो कालीगण्डकीको बेंसी करीब ४५७ मिटर (१,५००फीट) को उचाइमा पर्दछ । यस वाहेक विभिन्न उचाइका टाकुराहरूबाट शुरुभई बगेका अनेकन् नदी तथा खोलाहरूले यस जिल्लाको विभिन्न भागमा झरना, छहराका साथै उर्वर बेंसीहरू बनाएका छन् । पहाडी जिल्ला भएकोले यहाँ डाँडा, भञ्ज्याङ, पहराहरू प्रशस्त देखिन्छन् भने बेंसी, उपत्यकाहरूको पनि यहाँ कमी छैन । यस जिल्लामा बेंसीतिर धानको खेती हुन्छ भने पहाडी पाटोहरूमा रहर लाग्दा गह्राहरू बनाई मकै, कोदो, गहुँ आदिको खेती गरिन्छ । यस जिल्लाको विभिन्न उचाइमा बस्ने मानिसहरूको रहन–सहन विभिन्न प्रकारको छ । हावापानीको विभिन्नता अनुसार यहाँ विभिन्न जातका पशुपक्षीहरू पाइन्छन् ।

भौगोलिक बनावट

यस जिल्लालाई निम्नलिखित प्राकृतिक स्वरूपमा विभाजन गर्न सकिन्छ ।

(१) पहाडी प्रदेश
(२) बेंसी र टार प्रदेश

पहाडी प्रदेश

अधिराज्यको अन्य भागहरूमा झैं यस जिल्लामा पनि यो पहाड पूर्व–पश्चिम लामो भई फैलेको छ । महाभारत पर्वतकै शृङ्खलाको रूपमा रहेको यो पहाड हिमालय पर्वत बन्ने सिलसिलामा दोस्रो क्रममा बनेको मानिन्छ । जिल्लाभित्रको सबैभन्दा अग्लो टाकुरा देवचुली हो जुन पाल्पा र नवलपरासीको सीमानाको रूपमा छ । यसको उचाइ करीब १,९३६ मिटर (६,३५० फीट) अग्लो छ । बलौटे ढुङ्गा, चून ढुङ्गा, क्वार्टजाइट आदि यस पहाडमा पाइने मुख्य मुख्य चट्टान हुन् । ठाउँ ठाउँमा मूल फुटी खोलाहरू बगेका पाइन्छन् । पहाडको ओह्रालोबाट बग्दा यी खोलाहरू निक्कै जोडले बग्ने हुँदा ठाउँ ठाउँमा निकै गहिरा खोंचहरू बनाएका छन् । यस जिल्लाको धेरैजसो बस्ती पहाडतिर बसेको पाइन्छ । कौडेलेक, रिम्घालेक, श्री नगर, चिउरीवास, नुवाकोट, मेरलेक, देवचुली आदि यस जिल्लाका प्रमुख टाकुराहरू हुन् । यहाँको हावापानी फलफूल खेती गर्न र पशु पालनको निमित्त सुहाउँदो छ । तानसेन, पाल्पा, वर्तुङ, खस्यौली, मुझुङ, हार्थोक,

हुमिन, घोवाघाट, चण्डी भञ्ज्याङ, पोखरा थोक, आले भञ्ज्याङ आदि पहाडका मुख्य बस्तीहरू हुन् । साल, सल्ला, चिलाउने, कटुस यहाँ पाइने मुख्य रूखहरू हुन् ।

डाँडाकाँडामा पहाडी खेती जस्तै मकै, कोदो, भटमास आदिको खेती गरिन्छ । डाँडामा पनि गह्राहरू बनाई खोल्साबाट कुलो लगेर खेत बनाउने चलन छ । यसरी कतिपय डाँडामा खेत बनाई धान उब्जाउने परम्परा अधिराज्यका अन्य जिल्लाहरूमा जस्तै यस जिल्लामा पनि पाइन्छ ।

अग्ला पहाडका टुप्पाहरूलाई स्थिति अनुसार चुली, लेक, चुम, लुङ आदि भन्ने गर्दछन् । कौडे लेक, रिम्घालेक, बतासे डाँडा, चिउरीवास, नुवाकोट, सुन डाँडा, मरेक, बल्डचाङ गढी, देवचुली, कुइरेभीर, हात्तीलुङ, ख्याहा, वोवा, रिम्दिकोट, तारेलुङ, श्रीनगर आदि यहाँका अग्ला पहाड हुन् ।

यस जिल्लाको दक्षिण–पश्चिम सीमाना धेरैजसो ठाउँमा चुरिया डाँडाको पानी ढलोबाट गइरहेको छ । यस क्षेत्रमा महाभारत पर्वत र चुरे डाँडालाई दोभान खोला, झुम्सेखोला, विनयी सिस्ने खोलाहरूले छुट्याई राखेका छन् । यस जिल्लाभित्र पर्ने चुरे डाँडामा करीब १,२२० मिटर (४,००० फीट) भन्दा अग्लो भाग पर्दैन । बालुवा, बलौटे ढुङ्गा र कंग्लोमेराइट यस डाँडामा पाइने मुख्य चट्टान हुन् । त्यसैले यो डाँडा खेतीको निमित्त उत्तिको काम लाग्दैन ।

बेंसी र टार

यस जिल्लामा पर्ने महाभारत पर्वतका विभिन्न टाकुराहरूबाट विभिन्न खोला र नदीहरू बगेका छन् । यिनै नदीहरूले ठाउँ ठाउँमा बेंसीहरू बनाएका छन् । यी बेंसीहरू ज्यादै उब्जिलोखालका छन् । यहाँ धान, मकै र गहुँको प्रशस्त खेती हुन्छ । कतै कतै टारी जग्गामा पानी लाग्दैन र यस्ता जग्गाहरूमा प्रायः आकासे वृष्टिबाट धान खेती गरिन्छ । पानी नलाग्ने र धान बाली नहुने बारीमा मकै, कोदो, घैया, भटमास, तोरी, अदुवा, सकरखण्ड आदिको खेती हुन्छ । साना हुङ्गी, ठूला हुङ्गी, हेक्लाङ, हास्दी, रामपुर फाँटमा प्रशस्त आँप, सुन्तला, कागती, बयर आदि फलफूलको खेती गरिन्छ । पूर्वतर्फको मादी फाँट, रामपुर फाँट, सार्दी फाँट, डेड गाउँ फाँट, वुलिङ फाँट पश्चिमतर्फको सर्दैवा फाँट, उत्तरको अर्गली फाँट, छेलुङ फाँट, दैलाथु फाँट आदि यहाँका मुख्य फाँटहरू हुन् । यी फाँटहरूमा पानीको कमी छैन र खास गरेर धान बाली लगाइन्छ । त्यसैले यी फाँटहरूमा मानिसहरूको बस्ती पनि छ । धेरैजसो फाँटहरू करीब ४५७ मिटर (१,५०० फीट) को उचाइमा पर्दछ । सार्दी फाँट यस जिल्लाको दक्षिणी भागमा भित्री मधेश क्षेत्रमा पर्दछ । यहाँ धानको प्रशस्त खेती हुन्छ । यसरी यी फाँटहरूमा ग्रीष्म याममा ज्यादै गरम हुने भएकोले यस याममा यहाँका मानिसहरू गाउँमा बस्ने गर्दछन् ।

नदीनालाहरू

यस जिल्लामा कालीगण्डकी, विनयी लगायत अरू धेरै नदी, खोला तथा खहरेहरू छन् । तीमध्ये केही मुख्य नदी तथा खोलाको विवरण निम्न अनुसार छः–

कालीगण्डकी

यो नदीले यस जिल्लाको उत्तरी क्षेत्रमा सीमानाको काम गर्दछ । यो नदीको उद्गम स्थान मुस्ताङ

भोटको उत्तरी क्षेत्र हो । पाल्पा, गुल्मी र स्याङजाको मध्यस्थमा रहेको रिडी बजारदेखि यस जिल्लाको उत्तरी सीमानाको रूपमा बग्दछ । हिमालयको हिउं पग्ली बगेको नदी भएकोले यसमा कहिल्यै पानी सुक्दैन । यस नदीमा प्रशस्त शालिग्राम पाइने भएकोले कसै कसैले यसलाई शालिग्राम नदी पनि भन्दछन् । यस नदीको शास्त्रीय नाम चक्र नदी हो । यस जिल्लाको उत्तरी भागमा यो नदी करीव ४५७ मिटर (१,५०० फीट) को उचाइबाट कहीं ज्यादै साँगुरो खोंचबाट र कहीं फाँट बनाउंदै पूर्वतिर बग्दछ । रिडी जस्ता पवित्र तीर्थस्थल पनि यसै नदीको किनारामा स्थित छन् । यी तीर्थस्थल तानसेनबाट करीव १३ किलोमिटर (चार कोस) टाढा उत्तरतिर पर्दछ । माघे संक्रान्तिमा यहाँ ठूलो मेला लाग्दछ र हज्जारौं तीर्थयात्रीहरूको घुइँचो लाग्दछ । उत्तर र दक्षिणतिरको अग्लो महाभारतको शृङ्खलाहरूबाट कैयौं साना ठूला खोलाहरू आई यस नदीमा मिल्दछन् । रिडी, अङ्गाहा, पूर्व निस्दी, अरुङ आदि नदीहरू यस नदीको यस जिल्लामा पर्ने मुख्य सहायक खोलाहरू हुन्। यस कालीगण्डकी नदीको राम्दीघाटमा एउटा फलामे झोलुङ्गे पुल मात्र थियो। तर हाल सिद्धार्थ राजमार्गको निर्माण पछि यस नदीमा पक्की पुलको निर्माण गरिएको छ । यस भेकका मानिसहरू यही पुलबाट यो नदी तर्ने गर्दछन् । यस नदीको बिभिन्न घाटहरूमा काठे डुङ्गाबाट वारपार गरिन्छ । रानीघाट, राम्दीघाट, डुङ्गी घाट, खोरिया घाट, केलादी घाटआदि यस नदीका मुख्य घाटहरूहुन् । यसरी यस नदीले यस भेगका मानिसहरूलाई खेती गर्न र पिउनको लागि पानी, खानको लागि माछा र परत्र सुधार्नको लागि तीर्थस्थल प्रदान गरेको छ । श्री ५ को सरकारको सम्बन्धित विभागबाट शृङ्गानिर लिइएको पानीको नाप अनुसार यस नदीमा सन् १९६४-६७ तक चार वर्षको औसत प्रति सेकेण्ड पानी ग्यालन १,४६,४२० बग्दथ्यो ।

विनयी खोला

यो खोला यस पाल्पाको दक्षिणी भागमा पर्दछ । यो नदी करीब १,५२४ मिटर (५,००० फीट) अग्लो महाभारतको टाकुराबाट शुरू भएको छ । यहीं यो नदी केही दूरीसम्म पूर्वतिर बगेपछि दक्षिणतिर बगी नारायणी नदीमा मिल्न गइरहेको छ । यस नदीमा उत्तर महाभारत र दक्षिण चुरे डाँडाबाट धेरै खोलाहरू आई मिल्दछन् । यो नदीले बनाएको सबभन्दा ठूलो फाँट सार्दीको फाँट हो । यस फाँटमा धानको प्रशस्त खेती हुन्छ । यस फाँटमा खेती गर्न पानीको अभाव छैन ।

तिनाउ खोला

यो खोला करीब १,५२४ मिटर(५,००० फीट)अग्लो महाभारतको डाँडोबाट शुरू भई दक्षिणतिर बगेको छ । यस खोलामा महाभारतका विभिन्न उचाइका डाँडाहरूबाट बगेका अनेकन खोलाहरू मिल्न आएका छन् । ठाउँ ठाउँमा छहरा झरनाको रूपमा बग्दै जिल्लाको दक्षिण–पश्चिमी सीमानिर पुग्दा यस खोलामा पूर्वबाट झुम्से खोला र पश्चिमबाट दोभान खोला आई मिल्दछन् । यसरी रूपन्देही जिल्लाको बुटवलमा पुग्दा यसले ठूलो रूप लिइसक्छ । वर्षातको समयमा यस नदीमा ठूलो बाढी आउँछ र रूपन्देही जिल्लामा धेरै नोक्सान गर्दछ । वि. सं. २०२७ मा यसमा ठूलो बाढी आएको थियो । श्री ५ को सरकारको सम्बन्धित विभागबाट भएको सर्वेक्षण अनुसार सन् १९६५–६८ मा दोभानबाट करीब अढाई माइल दक्षिण बुटवलको झोलुङ्गे पुलतिर औसत प्रति सेकेण्ड ६,५५० ग्यालन पानी यस तिनाउ खोलामा बग्दथ्यो ।

रिडी खोला

यो खोला अर्घाखाँचीको करीब १,५२४ मीटर (५,००० फीट) अग्लो महाभारतको डाँडाबाट

शुरू हुन्छ । यस खोलामा अरू धेरै साना ठूला खोलाहरू आई मिल्दछन् । पाल्पा जिल्लाको उत्तर-पश्चिमी भागमा यस खोलाले सीमानाको काम गरेको छ । यो खोला तानसेनबाट करीब १३ किलोमिटर (चार कोस) टाढा पर्दछ । यसरी यो नदी पूर्वतिर बगी कालीगण्डकी नदीमा मिल्न जान्छ । रिडीखोला र कालीगण्डकीको दोभानमा रिडी बजार स्थित छ । यहाँ कार्तिक शुक्ल एकादशी र माघे संक्रान्तिको दिन मेला लाग्दछ । रुरु नामक एउटा ऋषि कन्याको नामबाट यस क्षेत्रको नाम रिडी रहन गएको हो भन्ने लोकोक्ति छ । यसरी यो क्षेत्र जिल्लाको एक महत्वपूर्ण तीर्थस्थल मानिन्छ ।

कुरुङ खोला

यो खोला करीब १,५२४ मीटर (५,००० फीट) अग्लो महाभारतको खस्यौली डाँडाबाट शुरू भई उत्तरतिर बगेको छ । यसमा अरू पनि साना-साना खोलाहरू मिलेका छन् । अन्तमा यो खोला कालीगण्डकी नदीमा मिल्न जान्छ । यहींनिर अर्गलीको ठूलो फाँट छ । यो फाँटमा यही खोलाको पानी लगी प्रशस्त धानको खेती गरिन्छ । यही खोलाको बाटोमा पर्ने बौधाबाट खानेपानीको निमित्त सुरुङ खनी पाइपहरू बिछ्याइएको छ ।

वराङ्दी खोला

यो खोला महाभारत पर्वतको अन्दाजी १,५२४ मिटर (५,००० फीट) अग्लो टाकुरबाट शुरू हुन्छ । यो खोला बराङ्दी गाउँबाट बगेर गएकोले सोही गाउँको नामबाट यस खोलाको नामकरण भएको हो । आसपासमा पर्ने बेंसी र टारहरू यस खोलाको पानीबाट सिंचित छन् । यसरी उत्तरतिर बगेर यो खोला काली गण्डकी नदीमा मिल्न जान्छ ।

पूर्व नदी

यो नदी यस जिल्लाको पूर्व भागमा पर्दछ । यो नदी करीब १,२२० मिटर (४,००० फीट) को उचाइबाट शुरू हुन्छ । यस नदीको धेरै जसो पहाडी बाटो करीब ६१० मिटर (२,०००फीट) भन्दा पनि कम उचाइमा पर्दछ । यसरी पहिले पूर्वतिर बगेको यो नदी उत्तरतिर बग्दछ । र यहाँ यसलाई निस्दी खोला भनिन्छ । फोक्सिकोट र रामपुर फाँट हुँदै कालीगण्डकी नदीमा मिल्न गइरहेको छ । रामपुर फाँट यस क्षेत्रको सबैभन्दा ठूलो फाँट हो र यहाँ प्रशस्त धानको खेती हुन्छ । यस नदीको पानी यस रामपुर फाँटको केही भागमा पटाइन्छ ।

ताल तथा झरना

पाल्पा जिल्लामा निम्नलिखित दुई तालहरू प्रसिद्ध छन् ।

(१) सुके ताल– यो ताल यस जिल्लाको पश्चिमतिर पर्दछ । महाभारतको अग्ला डाँडाहरूको बीचमा रहेको हुनाले यो ताल प्राकृतिक सौन्दर्यबाट सुशोभित छ ।

(२) सत्यवती ताल– यो ताल पाल्पा तानसेनको दक्षिण-पश्चिम भागमा रहेको छ । दोभानको नजीकै फौंडेलेकमा स्थित यो तालले धार्मिक, ऐतिहासिक तथा प्राकृतिक दृष्टिबाट ठूलो महत्व राख्दछ । यो ताल तानसेनबाट करीब १६ किलोमिटर (पाँच कोस) र बुटबलबाट करीब ६.४ किलोमिटर (दुई कोस) टाढा पर्दछ । यो ताल पहाडको अग्लो भागमा रहेको हुनाले यहाँ प्रायः ठण्डा नै रहन्छ । यस तालमा कार्तिक शुक्ल पूर्णिमाका दिन ठूलो मेला लाग्दछ । वाक् नफुटेको केटाकेटीहरूलाई यस तालमा स्नान गराई जल खुवाए पछि बोल्न थाल्दछन् भन्ने यहाँका मानिसहरू विश्वास गर्दछन् । छोराछोरी नहुने आइमाईहरूले यस तालमा उक्त

पूर्णिमाको दिन स्नान गरी सन्तान माग्ने परम्परा पनि अद्यापि कायमै छ। यहाँ अति ठण्डा हुने भएकोले यसरी स्नान गर्न जानेहरू यहाँ रात नबसी घर फर्कने गर्दछन् ।

यस जिल्लाको महाभारत पर्वतको अग्ला भागहरूबाट धेरैजसो खोलाहरू शुरू भएकोले यी खोलाहरू ठाउँ ठाउँमा साना ठूला अनेकन झरनाको रूपमा बगेका छन् । छरहरे, वैकुण्ठे पहाड आदिका झरनाहरू पाल्पाका प्रसिद्ध झरना हुन् ।

तिनाउ नदीको किनारैमा रहेको कुइरे भीरको काखमा एउटा तातो पानीको कुण्ड छ। त्यस कुण्डका वरिपरि सधैं कुइरो लागिरहन्छ। सोही कुइरोलाई कुइरे बाबाले खाएको गाँजाको धूवाँ भन्ने किंवदन्ती रहेको छ ।

हावापानी

यो जिल्लामा करीब ३०५ मिटर (१,००० फीट) को उचाइमा रहेका फाँटहरूदेखि करीब १,९३६ मिटर (६,३५० फीट) सम्म अग्लो पहाडी टाकुराहरू रहेकाले विभिन्न जमीनको स्वरूपमा विभिन्न किसिमको हावापानी पाइन्छ । नेपाल अधिराज्य नै मनसुनी हावापानीको प्रभावमा पर्ने भएकोले यस जिल्लामा पनि यसै मनसुनी हावाको प्रभाव परेको पाइन्छ । ग्रीष्म याममा यस जिल्लामा मनसुनी हावाले प्रशस्त पानी पार्दछ। यो हावा अधिराज्य भित्र पूर्वबाट बहने हुनाले दक्षिण-पूर्वी तराईमा जतिको पानी अधिराज्यको पश्चिमी भागमा पर्दैन । त्यस्तै ठण्डी याममा अधिराज्यको पश्चिमबाट बहने वतासले यस जिल्लामा केही पानी पार्दछ । यस याममा यस जिल्लाका अग्ला अग्ला पहाडी भागमा मात्र कहीं कहीं हिउँ पनि पर्दछ । यस याममा यहाँ असिना पनि पर्छ ।

यसरी विभिन्न हावापानी हुने क्षेत्रमा मानिसहरूको रहन सहन खेती पाती आदि पनि विभिन्न किसिमको हुन्छ ।

तापक्रम

यस जिल्लामा तापक्रम सम्बन्धी मौसम अवलोकन केन्द्र नभएकोले यस जिल्लाको तापक्रम विषयमा राम्ररी ज्ञान पाउन सकिन्न । तर भौगोलिक दृष्टिकोणले धेरै कुराहरूमा मिल्ने सल्यान अवलोकन केन्द्रको तापक्रमको रिकर्डबाट मोटामोटी ज्ञान पाउन उक्त केन्द्रमा सन् १९७० मा लिइएको तथ्याङ्क तल प्रस्तुत गरिएको छ ।

तापक्रमको तालिका

(सेन्टिग्रेडमा)

महीना	अधिकतम तापक्रम	न्यूनतम तापक्रम	महीना	अधिकतम तापक्रम	न्यूनतम तापक्रम
जनवरी	१५.५	६.०	फेब्रुअरी	१७.०	७.५
मार्च	२१.९	१३.६	अप्रिल	२८.१	१९.२
मे	३०.०	२०.७	जून	२५.६	१८.४
जुलाई	२५.८	१९.३	अगष्ट	२६.५	१९.५
सेप्टेम्बर	२६.१	१८.८	अक्टोबर	२४.०	१६.३
नोभेम्बर	२०.५	११.३	डिसेम्बर	१८.६	७.९
वार्षिक औसत	२३.३	१४.८			

माथि उल्लिखित तालिकाअनुसार अधिकतम तापक्रम २३.३° र न्यूनतम १४.८° सेन्टिग्रेड छन्। अगष्ट महीनादेखि बढ्न थालेको तापक्रम सेप्टेम्बर महीनाको आखिरीदेखि ओर्लन थाल्दछ। सबैभन्दा गर्मी मे महीनामा हुन आउँछ। उक्त महीनाको औसत तापक्रम ३०° सेन्टिग्रेड रहन्छ। त्यसै महीनाको १३ तारीखका दिन ३४.९° सेन्टिग्रेडसम्म पुगी उक्त वर्षमा सबैभन्दा बढी तापक्रम हुन पुगेको थियो। अक्टोबरदेखि घटेको तापक्रम मार्च महीनासम्म कमै रहन्छ। जनवरी महीना सबैभन्दा कम तापक्रम हुने महीना हो। उक्त महीनाको २१ र २२ तारीखका दिन ३.२° सेन्टिग्रेडसम्म झरेको थियो।

यसरी सल्यानको अवलोकन केन्द्रद्वारा रिकर्ड गरिएको तापक्रमले यस पाल्पा जिल्लाको पूरै भागलाई प्रतिनिधित्व नगरे तापनि उक्त तथ्याङ्कबाट यस जिल्लाको तापक्रम सम्बन्धमा केही ज्ञान हासिल गर्न सकिन्छ।

वर्षा

माथि उल्लेख भए अनुसार यस जिल्लामा ग्रीष्म याममा मनसुनी हावाले जूनदेखि अगष्टसम्म प्रशस्त पानी पार्दछ। हिउँद याममा पश्चिमतिरबाट बहने हावाले अलि अलि वर्षा गराउँछ। यस जिल्लाको करीब १,३४३ मिटर (४,४०५ फीट) को उचाइमा रहेको तानसेनको मौसम अवलोकन केन्द्रबाट सन् १९७० मा लिइएको वर्षाको विवरण निम्नअनुसार छ :–

वर्षाको तालिका

(मिलिमिटरमा)

महीना	वर्षा	महीना	वर्षा
जनवरी	०.०	फेब्रुअरी	०.०
मार्च	०.०	अप्रिल	७५.०
मे	४४.०	जून	४३८.९
जुलाई	६८१.८	अगष्ट	५२२.९
सेप्टेम्बर	१४०.६	अक्टोबर	०.०
नोभेम्बर	०.०	डिसेम्बर	०.०

उक्त तालिकाअनुसार यस जिल्लाको तानसेनमा जुलाईमा सबभन्दा धेरै अर्थात् ६८१.८ मिलिमिटर पानी परेको देखिन्छ। यस जिल्लाको अन्य पूर्वी पहाडी भाग र बेंसी तथा टारहरूमा वर्षाको अनुपात फरक हुन सक्छ। यस जिल्लामा ठण्डी याममा ज्यादै कम वर्षा हुन्छ भन्ने कुरा माथि उल्लिखित तालिकाबाट देखिन्छ।

यस जिल्लामा निम्नप्रकारका हावापानी पाइने देखिन्छः–

(१) सम–शीतोष्ण तथा अर्ध उष्ण हावापानी

(२) उष्ण हावापानी

सम–शीतोष्ण तथा अर्ध उष्ण हावापानी

करीब २,१३४ मिटर (७,००० फीट) भन्दा मुनि र ९१५ मिटर (३,००० फीट) देखि माथिका पहाडी भाग, बेंसी तथा टारहरूमा यस किसिमको हावापानी पाइन्छ। करीब १,२२० मिटर (४,०००) देखि २,१३४ मिटर (७,००० फीट) सम्मको पहाडी भागमा ग्रीष्म याममा उत्तिको गरम नभए तापनि ठण्डी याममा जाडो हुन्छ। स्वास्थ्यको दृष्टिबाट यो हावापानी मानिसहरूका निमित्त सुहाउँदो हावापानी मानिन्छ। यही कारणले यस जिल्लामा धेरै जसो बस्ती यही उचाइमा बसेको पाइन्छ। यहाँ धान, मकै, गहुँ, मास, भटमास, तोरी, आलु, अदुवा आदिको खेती हुन्छ भने आँप, केरा, कटहर, नाशपाती, सुन्तला, कागती आदि फलफूल पनि प्रशस्त फल्दछन्। यहाँ अग्लो भागमा पतझड वन र होंचो भागमा मिश्रित वन पाइन्छ। पानी पार्ने मनसुनी हावा ग्रीष्म याममा दक्षिण–पूर्वबाट बहने भएकोले यस जिल्लाको पहाडहरूको दक्षिणी ढालहरूमा धेरै वर्षा हुन्छ। यस याममा असार देखि करीब भदौसम्म पानी पर्दछ। जिल्लाको सदरमुकाम तानसेनमा साउन महीनामा सबभन्दा धेरै ६८१.८ मिलिमिटर पानी परेको माथि उल्लिखित तालिकाबाट देखिन्छ। त्यस्तै यहाँ वैशाख–जेठमा सबभन्दा धेरै गरम अर्थात् करीब २९° सेन्टिग्रेडसम्म तापक्रम चढ्दछ। त्यस्तै ठण्डी याममा तापक्रम करीब ७° सेन्टिग्रेड र वर्षा ज्यादै कम मात्र हुन्छ।

उष्ण हावापानी

यस जिल्लाको करीब ९१५ मिटर (३,००० फीट) भन्दा मुनि पर्ने भागमा यस किसिमको हावापानी पाइन्छ। माडी, रामपुर, सार्दी, अर्गेली आदि फाँटहरूमा यस किसिमको हावापानी पाइन्छ। यहाँ सदाबहार वन पाइन्छ। यस जङ्गलमा खासगरी साल, सिमल, खयर आदिका रूखहरू पाइन्छन्। यस हावापानीको क्षेत्रमा असारदेखि भदौसम्म धेरै वर्षा हुन्छ। त्यसैले ती फाँटहरूमा धानको प्रशस्त खेती गरिन्छ। ठण्डी याममा कम मात्र पानी पर्ने भएकोले खेतीको निमित्त सिचाइको आवश्यकता पर्दछ। उक्त फाँटहरूमा कुलोहरू द्वारा पानी पटाई ठण्डी याममा खास गरी गहुँको खेती गरिन्छ। यहाँ आँप, मेवा, निबुआ, अम्बा, वयर आदि फलफूल प्रशस्त फल्दछ।

प्राकृतिक वनस्पत्ति

यस जिल्लाको विभिन्न स्थानहरू विभिन्न उचाइ र विभिन्न हावापानी पाइने ठाउँहरूमा विभिन्न प्रकारको प्राकृतिक वनस्पति पाइन्छ। यहाँ केही उचाइमा पाइने पतझड मनसुनी वनदेखि उष्ण प्रदेशको सदाबहार वनसम्म पनि पाइन्छ। प्राकृतिक वनस्पतिको आधारमा यस जिल्लालाई निम्न लिखित दुई खण्डमा विभाजन गर्न सकिन्छ।

(१) मिश्रित पतझड मनसुनी वन
(२) उष्ण प्रदेशको सदाबहार वन

मिश्रित पतझड मनसुनी वन

यस जिल्लाको केही उच्च भाग जुन ९१५ मिटर (३,००० फीट) भन्दा माथि पर्ने भागमा यस

प्रकारको वनस्पति पाइन्छ। गर्मीमा धेरै गरम र हिउँदमा धेरै जाडो नहुने यस भेकमा गर्मीमा बढी वर्षाहुने हुँदा त्यस बेला यहाँका रूख बिरूवाहरू हरियो भई पलाएर आउँछन्। अरू बेला प्रायः सुख्खा हुने गर्दछन्। सदा बहार र पतझड रूख बिरूवाहरूको अतिरिक्त ठाउँठाउँमा घाँस, झारपात समेत हुने भएकोले नै यसलाई मिश्रित पतझड वन भन्ने गरेका छन्। यहाँ पाइने रूखहरूमा वर, पीपल, सिमल, उत्तिस, चिलाउने, कटुस, दार आदि प्रख्यात छन्। यस बाहेक ओौले सल्लो पनि पाइन्छ। सुन्तला, कागती, ज्यामीर आदि प्रकारका फलफूलहरू पनि यहाँ पाइन्छन्।

उष्ण प्रदेशको सदाबहार वन

करीब ९१५ मिटर (३,०००फीट) भन्दा होचो भागमा गर्मीमा निक्कै गरम र हिउँदमा शीतल हुने प्रदेशमा उष्ण प्रदेशको सदाबहार वनको प्रधानता रहन्छ। जिल्ला भित्र बग्ने नदी तथा खोलाहरूको बगर र टारहरूमा यसप्रकारको वनस्पति पाइन्छ। यस भागमा पाइने वन जङ्गलहरूमा सालको रूख नै प्रमुखरूपमा लिन सकिन्छ। यस बाहेक सिमल, खयर, जामुन, कर्मा, बाँस आदि रूखहरू पनि पाइन्छ। फलफूलहरूमा आँप, केरा, लीचि, कटहर आदि पर्याप्त मात्रामा छन्।

यस जिल्लामा पाइने मुख्य जरीबूटीहरू चिराइतो, रिट्ठा, हर्रो, बर्रो, काफलको बोक्रा, उनायोको जरा, अमला आदि हुन्। प्रायः खेती नै गरी जीविका गर्ने यस जिल्लाका मानिसहरूको फुर्सदको समयमा केही काम गरी केही पैसा कमाउनेहरूको निमित्त पनि यहाँको वनले बेत, बाँस, निगालो आदि वनकस पनि प्रदान गर्दछ। साथै अधिराज्यका अधिकांश पहाडी जिल्लाहरूमाझैं मानिसहरूको घर बनाउन काठ, बाल्न दाउरा, खेतीमा प्रयोग हुने हलो बनाउन काठ आदि पनि स्थानीय वनबाट नै प्राप्त गर्दछन्।

पशुपक्षी

नेपाल अधिराज्यको अन्य जिल्लाहरूमा जस्तै यस जिल्लामा पनि अनेक प्रकारका पाल्तु तथा जङ्गली जनावरहरू पाइन्छन्। यस जिल्लाको दक्षिणमा रहेको सादी फाँट बाहेक अन्त नयाँ बसोबासको कारणले जङ्गल फडानी उत्तिको नभएकोले अन्य धेरै जिल्लामाभन्दा यहाँ धेरै पशुपक्षीहरूको संरक्षण भएको पाइन्छ। घरेलु पशुहरूमा गाई, भैंसी, भेडा, बाख्रा, सुंगुर, कुकुर, बिरालो, घोडा, बनेल आदि पाइन्छन् भने जङ्गली जन्तुमा चितुवा, भालू, स्याल, पथाउरो, दुम्सी, खरायो, हरिण, बाँदर, घोरल आदि पाइन्छन्। त्यस्तै घरेलु पक्षीहरूमा हाँस, कुखुरा, परेवा आदि पाइन्छन् भने यहाँ पाइने जङ्गली पक्षीमा सुगा, मैना, जुरेली, ढुकुर, कालिज, तित्रा आदि हुन्।

वन संरक्षण तथा विकास

हालसम्म जिल्लाको सम्पूर्ण वन क्षेत्रको वन सीमाना निर्धारण भइनसकेकोले र बीच बीचमा बस्ती र वन क्षेत्र मिसिएकाले जिल्लाभरिको जङ्गलहरूको चार किल्ला छुट्याउन सकिएको छैन। हालसम्म जम्मा ६९ किलोमिटर (२२ कोस) वन सीमाना निर्धारण गरिएको छ। जिल्लाको दक्षिणतिर सार्दीमा करीब ६८० हेक्टर (१,००० बिघा) जति क्षेत्र अतिक्रमण भएको देखिन्छ। तानसेनको उत्तर–पश्चिमतर्फ वृक्षारोपण गरिएको ३०० एकडमा मात्र बार लगाएको छ। वन संरक्षण गर्ने सिलसिलामा यस जिल्लामा २०२९ साल देखि वन कार्यालयको स्थापना भएको छ।

खनिज पदार्थ

यस जिल्लामा विभिन्न खानीहरू छन् भन्ने विश्वास गरिन्छ । कालीगण्डकी नदीको किनारामा शालिग्राम र सुन पाइन्छ । 'खानी र मानिस' नामक खानी विभागबाट प्रकाशित पुस्तिका अनुसार यस जिल्लामा सुन, फलाम, कोइला, स्लेट, चून, स्वाग आदिका खानीहरू छन् । उक्त खानीहरूको प्रयोगात्मक रूपमा अन्वेषण कार्य भइसकेको छैन । यस्तै गरी हात्ती लेकमा शिशा खानी र कुसुम खोला मरेक डाँडामा तामा खानी छ भन्ने अनुमान गरिन्छ ।

ऐतिहासिक पृष्ठभूमि

नेपाल अधिराज्यको इतिहासमा यस जिल्लाको ठूलो महत्व रहेको देखिन्छ । पाल्पामा रहेको सेनवंशी राज्यले पूर्व र पश्चिम नेपालको ऐतिहासिक विकासमा गहन भूमिमा खेलेको पाइन्छ । अझ त्यसभन्दा अगाडि यस जिल्लाको भू-भागमा मगरहरूको आगमन र उनीहरूको प्रभुत्व भएको पाइन्छ । पौराणिक कालमा घटेका केही महत्वपूर्ण घटनाहरू यसै जिल्लासित सम्बन्धित भएको अनुमान गरिएको पनि पाइन्छ । यसरी यस जिल्लाको ऐतिहासिक पृष्ठभूमिमा प्राचीन कालदेखि आधुनिक युगसम्मको केही स्मरणीय घटनाहरू अङ्कित भएको पाइन्छ ।

"पौराणिक कालमा माण्डव्य, और्व, बाल्मीकि र राम-सीताको नामसित यस जिल्लास्थित क्रमशः माडी फाँट, गाईघाट, नारायणीतट, रामदीघाट, सुनगुफा आदि स्थानको सम्बन्ध रहेको किंवदन्ती छ । त्यसैगरी राम र कपिलमुनिसम्बन्धी कार्य क्षेत्रको रामायण तथा बौद्ध कथाको उल्लेखबाट विवेचना गर्दा यस सम्बन्ध सङ्केत वा अयोध्यासित रहेको अनुमान गरिएको छ । पौराणिक ग्रन्थमा माण्डव्य वा अणी माण्डव्यको शूलारोहण कथा प्रसिद्ध छ । त्यसका विभिन्न रूपान्तर महाभारत र स्कन्दपुराणमा पाइन्छ ।"[१]

बुद्धकालमा यसको नजीक दक्षिण र दक्षिण-पश्चिम दिशाको भू-भागमा शाक्य, कोली र मल्लहरूका राज्य थिए तर तिनीहरूभित्र पाल्पाली प्रदेश पर्न आएको उल्लेख पाइन्छ ।

त्यसपछि काठमाडौं उपत्यकामा लिच्छविहरूको बोलवाला हुँदा पाल्पा जिल्लाको भू-भाग पनि उनीहरूकै आधिपत्यभित्र पर्न गएको देखिन्छ । किनभने लिच्छवि शासकहरूले आफ्नो राज्यको सीमाना वर्तमान नेपालको सीमाना जतिनै फैलाएका थिए ।[२] यसै लिच्छवि वंशका प्रख्यात राजा मानदेवको राज्य पश्चिममा गण्डकी पारीसम्म फैलिएको थियो ।[3] यसरी पाल्पाको भू-भाग पनि यिनैको अधीनमा रहेको प्रष्ट हुन आउँछ । लिच्छविहरू नेपालमा ईसाको प्रथम शताब्दीतिर प्रवेश गरेको विश्वास गरिन्छ र यिनीहरूको प्रभुत्व करीब कैयौं सय वर्षसम्म रहेको देखिन्छ । यस अवधिभित्र पाल्पामा कुनै स्वतन्त्र राज्य खडा भएको नदेखिएकोले यसको भू–भाग लिच्छविहरूकै प्रभावमा परेको अनुमान हुन्छ । धनवज्र वज्राचार्यको भनाईअनुसार लिच्छविहरूको

---

१. अयोध्याप्रसाद प्रधान–पाल्पा एक परिचय, नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, पृष्ठ ७

२. धनवज्र वज्राचार्य आदि (सं.)– इतिहास संशोधनको प्रमाणप्रमेय, जगदम्बा प्रकाशन, ललितपुर २०१६, पृष्ठ २१–२८

3. Gnoli, R.-Nepalese Inscriptions in Gupta Character, Rome, No. 1.

केन्द्रीय शासन कमजोर हुँदै गएपछि गण्डकी प्रस्रवण क्षेत्र र कोशी प्रस्रवण क्षेत्रभन्दा टाढाका प्रदेशमा उनीहरूको अधिकार छुट्दै गयो ।

लिच्छविहरूको आधिपत्यकालमा यस प्रदेशमा मगरहरूको ठूलो बस्ती भएको देखिन्छ । यस भेकमा फैलिएको "बाह्र मगरांत" को पाल्पा पनि एक अङ्ग थियो र यसलाई मगरांत भन्ने गरिएको थाहा हुनआउँछ। सेनहरू पाल्पामा आउनुभन्दा अगाडि यहाँ यिनै मगरहरूको भुरे राजाहरू भएको बुझिन्छ ।[1] यी राजाहरू गाउँ गाउँमा अलग-अलग रहने गर्दथे र आ-आफ्नो गाउँमा उनीहरूको सर्वाधिकार कायम थियो । यस किसिमका भुरे राजाहरूले डाँडा डाँडामा स्थानीय शासन चलाउने गरेको र उनीहरूमध्ये कसैले पनि आफ्नो आधिपत्य विस्तार गर्ने प्रयत्न नगरेकोले उनीहरू स्वतन्त्र राज्य नभएको र त्यसैले काठमाडौं उपत्यकाका शासकहरूकै अधीनमा रही स्थानीय प्रशासन मात्र सञ्चालन गरिरहेको अनुमान गरिन्छ ।

विक्रम सम्वत्को सोह्रौं शताब्दीमा यक्ष मल्लले आफ्नो राज्य पाल्पासम्म विस्तार गरे भन्ने कुरा जगज्योतिर्मल्लले आफ्नो पुस्तक नरपतिजयचर्चा स्वरोदय टीकामा उल्लेख गरेको छ । त्यसपछि फेरि यस जिल्लामा मगरहरूले स-सानो रजवाड खडा गरे ।

ईस्वी संवत्को सोह्रौं शताब्दीतिर पाल्पामा सेनवंशको उदय भएको थियो । यहाँको पहिलो सेन राजा रुद्र सेन थिए र बाबुराम आचार्यकोअनुसार यिनको शासनकाल वि.सं. १५४० देखि १५७५ (तदनुसार ई.सं. १४८३ देखि १५१८) सम्म रहेको थियो ।[2] यिनका पूर्खाहरू भारतको चितौर राज्यबाट आएका र सिसौदिया वंशका हुन् भन्ने विश्वास गरिन्छ । सेनहरूको वंशावलीअनुसार चितौरका राजा चित्र सेनका दुई भतिजा जिलराय र अजिलराय सर्वप्रथम आफ्ना सातसय फौजको साथ हिमालयको फेदतिर पसे । त्यस समय गण्डकीको पश्चिमतिरको भावर क्षेत्रमा कर्मसिंह नाम गरेका एकजना साधारण राजा थिए । जिलराय र अजिलरायले २२ वर्षसम्म यिनको दरबारमा बसी सेवा गरे र तत्पश्चात् सो राजालाई मारेर अजिलराय सेनले शक्ति आफ्नो हातमा लिए । त्यसपछि उनका छोरा तुलासेन राजा भए । यिनले मकवानपुरको गढी बनाएपछि सो राज्य यसै नाउँमा रहन गयो । तुला सेनपछि दम्मल सेन, गजपति सेन, चन्द्र सेन, रुद्र सेन र मुकुन्द सेन (प्रथम) क्रमशः राजगद्दीमा बसे ।[3]

अर्को वंशावली[4] अनुसार चितौरका राजा चन्द्र सेनका छोरा रुद्र सेन नै हिमालय खण्डतिर पसेका हुन् । तर ह्यामिल्टनले उक्त कुरामा शङ्कागरी फेरि अर्को वंशावलीको उल्लेख गरेका छन् । त्यसअनुसार चितौरका अन्तिम राजा रत्न सेनका जेठा छोरा नय सेनले सर्वप्रथम चितौरबाट २०,००० फौजकोसाथ अलाहाबादमा आइबसे । यिनैका वंशज तुला सेनपछि अलाहाबादबाट धपिएर बुटवलको बाटो भई रिसिङतिर पसेका थिए । कालान्तरमा यिनका छोराले रिब्डीकोट जितेर यिनले यस ठाउँलाई राजधानी बनाए । यिनैका सन्तान रुद्र सेनले पछि पाल्पामा नयाँ राज्य खडा गरे ।

---

१. यो हो पाल्पा—गृह पञ्चायत मन्त्रालय, जेष्ठ २०२५, पृष्ठ ३२

२. बाबुराम आचार्य— श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, पृष्ठ ६

3. Hamilton, F. B.— An Account of The Kingdom of Nepal, pp. 129-30

4. Ibid, pp. 130-31

ई.सं. १८०२ मा भवदत्तले पनि सेन राजाहरूको वंशावली तयार पारेका थिए ।[१] यसअनुसार चितौरका राजा रत्न सेनका चार भाइ छोराहरूमध्ये कान्छा जालिम सेनले अलाहावाद आई एक स्वतन्त्र राज वंश स्थापना गरे । यिनैका छोरा तुथाराय शत्रुहरूको डरले उत्तराखण्डतिर पसे । यिनैद्वारा रिब्दीकोटे सेन-वंशको स्थापना भयो । तुथारायपछि उनका छोरा दिमीरावले नाग जाति (मगरहरू ?)लाई पराजित गरी आफ्नो राज्य विस्तार गरे । दिमीरावपछि उदयराव, अपूर्वचन्द्र, उदयचन्द्र, जगत्ब्रह्म, धर्मपाला, अनेकसिंह, खामराज, चन्द्र सेन, रुद्र सेन र मुकुन्द सेन (प्रथम) भए । रुद्र सेनको पालिदेखि सेनवंशीहरू राजाहरूको शासन केन्द्र पाल्पा (तानसेन) भयो ।

फेरि अर्को भनाइअनुसार खानसेन नामका एक राजपुतले बल्ढचाङबाट साना तिना राज्यहरूलाई आफ्नो अधीनमा गराउँदै राजकाज चलाउन लागे ।[२] यिनका छोरा ताम्र सेन थिए र उनी पछि यिनका छोरा रुद्र सेनले पाल्पाको राजकाज चलाउन शुरू गरे ।

पाल्पाका प्रख्यात राजा मुकुन्द सेन रूद्र सेनका छोरा हुन् र यिनलाई मुकुन्द सेन (प्रथम) पनि भनिन्छ । यिनी वि.सं.१५७५ मा पाल्पाको गद्दीमा बसेका थिए र करीब ३५ वर्षसम्म यिनले राजकाज चलाएका थिए । यिनको राज्य पूर्वमा दूधकोशीसम्म फैलिएको थियो ।[३] यिनले आफ्नो चारैतिरका राजाहरूलाई पनि एक किसिमले आफ्नो प्रभावमा पारेका थिए । गुल्मीका राजाकी छोरीसित मुकुन्दसेनले विवाह गरेका थिए। पर्वतका राजा नारायणमल्ल यिनका ज्वाईं थिए । उता पूर्वतिर दूध कोशीसम्मको तराई भागमा र पर्वतीय प्रदेशमा यिनले आफ्नो विजयपताका फैलाएका थिए । यसपट्टि दखल गर्ने काममा यिनका छोरा लोहाङ सेनको ठूलो देन थियो । यिनले आफ्नो तलवार दूधकोशीमा पखालेका थिए भन्ने कुरा बहुचर्चित भएको छ । यसरी यिनको राज्य तराईमा तिरहुत प्रदेश तथा पूर्व दूधकोशीसम्म थियो ।

मुकुन्द सेन विजयी र पराक्रमी हुनाकासाथै विद्याप्रेमी र भगवद्भक्त पनि थिए । आफ्नो विशाल राज्य आफ्ना छोरा, नाति र भतिजाहरूमा विभक्त गरी यिनले आफ्नो जीवनको अन्तिम समय देवघाटमा तपस्या गरी बिताएको हुनाले यो पछि मुनि मुकुन्द सेनको नामले प्रख्यात भएका पनि थिए ।

यिनको विषयमा एउटा किंवदन्ती[४] पाइन्छ जुन यसप्रकार छ– यिनी पूर्वी प्रदेश जितिसके पछि, पाल्पा फर्कंदै थिए । उनको बास माडीको बोहरा भन्ने ठाउँमा पर्‍यो । त्यहीं एउटी बूढी ब्राह्मणीले जोगी भेष लिएका मुकुन्द सेनलाई भोजन गराइन् । ती बूढियाले मुकुन्द सेनको असली रूप चिन्न सकिनन् । अनेक प्रकारको व्यञ्जन खान दिंदा मुकुन्द सेनले सबै एकै ठाउँमा मिसाएर खाए । सो देखेर बूढियाले भनी-मुकुन्द सेनले राज्यको व्यवस्था गर्न नजानेको र हजूरले खान नजानेको एकै हो । यस कुराले उनलाई झस्को पार्‍यो । बूढियाले स्पष्ट गर्दै भनि– राजाले जति प्रदेश जित्दै जान्छन्, तिनको व्यवस्था मिलाउन नजानेकोले तिनीहरू स्वतन्त्र हुँदै अरूको हुँदै जान्छन् । यस कुराबाट मुकुन्द सेन प्रभावित भए र ती बूढियालाई आफ्नो असल रूप बताई दिए । उक्त बूढियालाई मुकुन्द सेनले विर्ता दिएका थिए र सो अद्यावधि चलिरहेको पाइन्छ ।

---

[१] शङ्करमान राजवंशी (सं.)– सेन वंशावली, पुरातत्व र संस्कृति विभाग, श्री ५ को सरकार, पृष्ठ १६–३१

[२] गृह पञ्चायल मन्त्रालयद्वारा प्रकाशित माथि उल्लिखित किताब, पृष्ठ ३२

[३] शङ्करमान राजवंशी (सं.) को माथि उल्लिखित किताब, पृष्ठ २४

[४] गृह पञ्चायत मन्त्रालय द्वारा प्रकाशिक माथि उल्लिखित किताब, पृष्ठ ३२

मुकुन्द सेनले आफ्नो विशाल राज्यलाई टुक्रा टुक्रा गरी आफ्ना छोरा भतिजाहरूलाई बाँडिदिए। पाल्पाको गद्दीमा उनको जेठा छोरा माणिक्य सेन बसे तर सो राज्यमा पाल्पा को पहाडी भाग मात्र परेको थियो। उनका दोस्रा छोरा विनायक सेनले बुटवलको राज्य पाए। मुकुन्द सेनका तेस्रा छोरा विहङ सेन अथवा भृङ्ग सेनको भागमा तनहूँ र त्यसैको तराई क्षेत्र पर्न गएको थियो र कान्छा छोरा लोहाङ सेनले आफैंले जितेको मकवानपुर पाए। यसको साथै मुकुन्द सेनका नाति राम सेनले रिसिङ र पनाति चन्द्र सेनले राजपुरमा आ–आफ्ना स्वतन्त्र राज्य खडा गरेको पनि देखिन्छ।[1]

पाल्पाली राजा माणिक्य सेनको वंशक्रममा उनका पनाति पृथ्वी सेनको कुनै सन्तान भएन। यसकारण बुटवलका राजा विनायक सेनका पनाति अम्बर सेनको समय (वि. सं. १७१०) मा पाल्पा राज्य बुटवल राज्यमा गाभियो। तर बुटवल र पाल्पाको संयुक्त राज्यको ग्रीष्मकालीन राजधानी तानसेन र शीतकालीन राजधानी बुटवल थिए।

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको मावली पाल्पा थियो। रणबहादुर शाह बाल्य अवस्थामा नै नेपालको गद्दीमा बसेका थिए। उनको मुमा राजेन्द्रलक्ष्मी देवीको नायबीकालमा पनि पृथ्वीनारायण शाहले शुरू गरेको राज्य विस्तार कार्यक्रम यथावत् चालू नै रहेको थियो। त्यसबेला पाल्पाका राजा मुकुन्द सेन (द्वितीय) थिए।[2] गोरखाली फौजले लमजुङ, तनहूँ, नुवाकोट आदि राज्यहरूमाथि कब्जा गर्दै गएको थियो। तनहूँका राजा हरकुमार दत्त सेन युद्धबाट ज्यान जोगाई पाल्पामा शरण लिन पुगे। पर्वतका राजा कीर्तिबम मल्ल पनि पाल्पाली राजासित साँठोगाँठो मिलाई रहेका थिए। यी त्रिमूर्तिको गुट तनहूँलाई पुनःमुक्त गराउने कार्यमा प्रयत्नशील थियो। अन्तमा यिनीहरूले तनहूँमा गोरखाली फौज कम भएको मौका छोपी तनहूँलाई पुनः गोरखालीबाट मुक्त गराए।[3]

पश्चिम विजयको बाटोमा पाल्पालाई सबभन्दा ठूलो बाधा देखेर राजेन्द्रलक्ष्मी देवीले काजी अभिमान सिंह बस्नेतको मातहतमा पाल्पा हान्न एक फौज पठाएकी थिइन्। यस फौजले दर्घासर गरी वीरकोटको इलाकामा पाल्पाको एक ठूलो फौजसित युद्ध गर्‍यो। पाल्पाली फौज हारेर भागेकोदेखी अभिमान सिंह बस्नेत लखेट्दै तानसेनसम्म पुग्ने उद्योगमा लागेका थिए। तर त्यसै बखत पर्वत ठूलो तयारी साथ गोरखालीले कब्जा गरिसकेको लमजुङतिर बढेको समाचार सुनी उनले लमजुङको मोर्चा बलियो पार्न पछि हट्नु पर्‍यो।[4]

राजेन्द्रलक्ष्मीको ई.सं. १७८६ मा मृत्यु भएपछि बहादुर शाह नायब भए। यिनले पनि पश्चिम विजयको कार्यक्रमतिर ध्यान दिए। पर्वत र पाल्पाको बिरोधले नेपालीहरूको उक्त योजनामा निकै बाधा परेको

---

१. शङ्करमान राजवंशीद्वारा सम्पादित माथि उल्लिखित सेन वंशावलीमा सेनहरूको बारेमा सबै कुरा लेखिएको छ।

२. उक्त राजाले वि.सं. १८३४ मा काजी परशुराम थापालाई पत्र लेखेका थिए। योगी नरहरिनाथ (सं.)–इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, पृष्ठ ६५६–५७

३. ढुण्डीराज भण्डारी– नेपालको ऐतिहासिक विवेचना, पृष्ठ १९८

४. बालचन्द्र शर्मा–नेपालको ऐतिहासिक रूपरेखा, पृष्ठ २३६

हुनाले बहादुर शाहले पाल्पाली राजाहरूसित पहिलेदेखि गोरखालीहरूको सम्बन्ध चलिआएको देखाई त्यसैलाई पुनः कायम राख्न तत्कालीन पाल्पाली राजा महादत्त सेनकी छोरीसित विवाह गरे ।[1]

यसरी चतुरतासाथ पाल्पालाई आफ्नो सहायक बनाई बहादुर शाहले चौबीसी राज्य विजय गर्न एक फौज दामोदर पाँडेको नेतृत्वमा पठाए। पाल्पा र नेपालको संयुक्त शक्तिले नुवाकोट (पश्चिम चार नम्बर) उपर पुनः दखल जमायो। अर्घाकोटमा पर्वतसित युद्ध गर्न परे तापनि यस युद्धमा नेपाली फौजकै विजय भयो र गुल्मी र अर्घा दुवै नेपालीहरूको कब्जामा आए। पर्वतले यस विजयी फौजको बाटो छेक्यो। परन्तु, नेपालीहरूले पर्वतलाई पुनः हराई इस्मामा दखल जमाए। यसै समय चन्द्रकोटमा अमर सिंह थापाको नेतृत्वमा छोडिएको नेपाली पल्टनले बागलुङ सर गऱ्यो। चारैतिर घेरिएको पर्वत पनि धेरै टिक्न सकेन र उसले पनि लाचार भई नेपालीहरू समक्ष आत्मसमर्पण गर्नु पऱ्यो। नेपाली फौज यसरी लगत्तै पश्चिममा दाङ र जाजरकोटसम्म पुग्यो। पाल्पा र नेपालको संयुक्त शक्तिले यसपालि निकै ठूलो राज्य जितेको थियो। आपसी सहायताको सन्धि अनुसार विजित देशको बाँडचुँड भयो। त्यस अनुसार पाल्पाले गुल्मी, अर्घा र खाँचो पायो र अरू भाग नेपाल राज्यमा गाभियो। पाल्पामाथि पनि गोरखालीहरूले दाँत गाडेका थिए तर पाल्पाली राजा महादत्त सेनको नवाव वजीरसित राम्रो सम्बन्ध भएकोले गोरखालीले उनीमाथि धावा बोलेनन्। महादत्त सेन पछि उनका छोरा पृथ्वीपाल राजा भए। यिनी सानै उमेरका र जोशिला थिए। यिनको समयमा पनि रणबहादुर शाहले पाल्पामाथि आँखा लगाएका थिए तर नवाव वजीरले पाल्पालाई सहायता गर्ने सम्भावना देखी उनले एकैचोटी आक्रमण नगरी बसेका थिए। गुल्मीको राजा सिद्धिप्रतापकी बहिनी रणबहादुर शाहले विवाह गरेका थिए। यसैले पृथ्वीपाल सेनलाई पाल्पाराज्यमा गाभिएको गुल्मीको केही पहाडहरू गुल्मीका राजा सिद्धि प्रतापलाई फर्काउन वाध्य गराए।

रणबहादुर शाह रानी कान्तिमतीका छोरा गीर्वाणयुद्ध विक्रम शाहलाई राजा बनाउन चाहन्थे। त्यसैले उनले आफ्नो जीवनकालमै यो काम पूरा गर्नु उचित ठाने। रणबहादुर शाहले छिमेकी पहाड–खण्डका विशेष शक्तिशाली पाल्पाका राजा पृथ्वीपाल सेनकै हातबाट गीर्वाणयुद्ध विक्रम शाहको राजतिलक गराउने निश्चय गरे। अतः पृथ्वीपाल सेन काठमाडौं झिकाइए र उनैको हातबाट ई. सं. १७९७ मा गीर्वाणयुद्ध विक्रम शाहको राजतिलक सम्पन्न भयो।

ह्यामिल्टनकाअनुसार पृथ्वीपाललाई नेपाल बोलाइएको खास अभिप्राय उनलाई आफ्नो अंकुशमा पार्नु थियो। यसैले उनलाई काठमाडौंमा नै करीब ६ वर्ष सम्म ई. सं. १८०३ को जनवरी महीनासम्म नजरबन्द जस्तै गरी राखिएको थियो। तर रणबहादुर शाहकी रानी (गुल्मी राजाकी छोरी) ले पृथ्वीपाललाई दयापूर्वक पाल्पा फर्कन दिइन्। दामोदर पाँडेले गीर्वाणयुद्ध विक्रम शाहलाई पदच्यूत गरी पृथ्वी पाललाई नेपालको राजगद्दीमा राख्ने षड्यन्त्र गरेका थिए भन्ने कुरा ह्यामिल्टनले आफ्नो किताबमा उल्लेख गरेका छन्।

रणबहादुर शाह बनारसबाट फर्केपछि दामोदर पाँडेलाई मारिदिए र मुख्तियार भई शासन चलाउन थाले। पृथ्वीपाललाई सिध्याउने यिनको इरादा पहिलेदेखि थियो। यसपालि यिनले पृथ्वीपालको बहिनीसित

---

[1] Hamilton. F. B.-op. cit. p. 173; योगी नरहरिनाथ (सं.)– इतिहास प्रकाश, अङ्क २ भाग ३, पृष्ठ ४३६

विवाह गर्ने प्रस्तावना पठाए र पाल्पाको इलाका बढाइदिने लोभ पनि देखाए। सो प्रस्ताव स्वीकार गर्दै पृथ्वीपालले रणबहादुर शाहको नियत माथि शङ्का गरेर उनी आफैं आएनन् र आफ्ना भाइ पठाए। तर राजाले राजाबाट नै कन्यादान स्वीकार गर्नु उचित हुन्छ भनेर रणबहादुर शाहले पृथ्वीपालकै हातबाट कन्यादान लिने इच्छा प्रकट गरे र सो अनुरोध लिएर पाल्पाबाटै आएका पुरोहितलाई पुनः पृथ्वीपाल कहाँ पठाइयो। यिनै पुरोहितको कुरा सुनेर पृथ्वीपाल काठमाडौं आए। नभन्दै पृथ्वीपाल काठमाडौं आइपुग्ने बित्तिकै उनका साथ आएका ४०० जना सिपाहीहरूको हतियार खोसियो र मुख्य मुख्य अफिसर माथि कडा निगरानी राखियो। त्यसपछि विवाहको कुरा नै उठाइएन। यस पटक काठमाडौं आउदा पृथ्वीपालले रणबहादुर शाहलाई खुशी पार्न दामोदर पाँडेकी विधुवा पत्नी र उनका एक मात्र छोरालाई बुझाउन ल्याएका थिए। यिनीहरू दामोदर पाँडेको हत्यापछि पाल्पामा शरण लिन गएका थिए। तर यिनीहरूलाई शरण दिएको झोकमा रणबहादुर शाहले पाल्पाली राजपरिवारलाई सखाप पार्ने कदम उठाउन सकेका थिएनन् किनभने त्यस अवस्थामा नवाब वजिरले पाल्पालाई दिइराखेको तराई प्रदेशको अधिकार अंग्रेजहरूको हातमा गइसकेको थियो र अंग्रेजहरूले पाल्पालाई सहयोग गर्ने सम्भावना देखिन्थ्यो।

यसै बीच रणबहादुर शाह आफ्ना भाइ शेरबहादुर शाहबाट मारिए। यिनको मृत्युपछि भीमसेन थापाले गीर्वाणयुद्ध विक्रम शाह र राजेन्द्र विक्रम शाहको शासनकालमा मुख्तियारी भई कामकाज गरे। भीमसेन थापाले आफ्ना धेरै विरोधीहरूलाई मार्नुको साथै काठमाडौंमा कैदी स्वरूप रहेका पाल्पाका राजा पृथ्वीपाललाई पनि सिध्याइदिए। ई. सं. १८०६ को जून महीनाको आखिरीतिर भएको यस हत्याकाण्डमा पाल्पाबाट आएका धेरै अफिसरहरू पनि परे। भीमसेन थापाले आफ्नो लक्ष्य पूरा गर्न आफ्ना बाबुलाई जर्नेली दर्जा दिई पाल्पा सर गर्न पठाए। भीमसेन थापाका बाबु अमर सिंहले एकै महीना भित्र विना लडाईं पाल्पा माथि कब्जा गरे र यसको तराई प्रदेशतिर पनि गए। यसरी ई. सं. १८०६ मा पाल्पा नेपाल राज्यमा मिल्न आयो। पाल्पाले पहिले अवधलाई र पछि अंग्रेजलाई कर तिरिराखेको तराई भाग पनि नेपाल राज्यमा मिल्न आए तापनि सो भागलाई लिएर पछि भारतस्थित अंग्रेज सरकारसित झगडाको बीउ रोपियो र जसको फलस्वरूप ई. सं. १८१४ मा नेपाल–अंग्रेज युद्ध शुरू भयो।

प्रमुख स्थानहरू

तानसेन

महाभारत पर्वतमालाको उत्तरी श्रृङ्खलाको दक्षिणी ढालमा श्रीनगर डाँडाको काखमा अवस्थित तानसेन भौगोलिक दृष्टिकोणबाट निकै रमाइलो छ। करीब १,३७२ मिटर अर्थात् ४,५०० फीटको उचाइमा रहेको तानसेनमा सम-शीतोष्ण जलवायुको प्रभाव परेको छ। माडीफाँट, नयाँ पाटीको बेँसीबाट उत्तरतर्फ उठेको पारिलो पाखोमा मध्यकालीन सेनवंशी राजा ताम्र सेनले बसालेको बस्ती भनी तानसेन कहलिएको यो नगर मध्यपश्चिम नेपालका प्रमुख व्यापारिक केन्द्रहरूमध्ये एक रहेको छ।

पाल्पाका सेनवंशी राजाहरूका राजधानीको रूपमा मध्यकालदेखि नै महत्वपूर्ण रहेको यस नगर पछि राणाकालमा पनि एक सामरिक महत्व भएको उच्चस्तरमा गौंडा रहेको थियो। हाल पाल्पा जिल्लाको सदरमुकाम रहेको छ।

वि.सं.२०२८ को राष्ट्रिय जनगणना अनुसारयहाँ कुल ९४१ घर परिवारमा ६,४३४ जनसंख्या छ। हाल सिद्धार्थ राजमार्गबाट एक सहायक मार्ग बजारसम्म निर्माण हुन गएकोले मधेशबाट पहाडतिर जाने र पहाडतिरबाट मधेश जाने महत्वपूर्ण बस बिसौनी समेत भएकोले यहाँको जनसंख्या धेरै बढ्न गएको देखिन्छ। हिजो आज बुटवल तानसेन बस सेवा चालू भएकोले बुटवलबाट करीब दुई घण्टामा यहाँ आइपुग्न सकिन्छ।

तानसेन बजारमा एउटा नगर पञ्चायतको गठन भएको छ। उक्त बजार इलाकामा ११ वटा टोलहरू छन् जसलाई हाल नगर पञ्चायतको नौवटा वडामा विभाजन गरिएको छ। नगरको केन्द्रबिन्दुको रूपमा यहाँको शीतलपाटी रहेको छ। यस नगरको पूर्व-दक्षिणमा एउटा खुला चौर छ जसलाई टुँडिखेल भनिन्छ। हाल लहरेपीपलदेखि केही मिटर मुनि यहाँको बस बिसौनी छ। यस नगरको शिरको रूपमा श्रीनगरको सुन्दर डाँडा रहेको छ। उक्त डाँडामा सेनवंशी राजाको दरबारको भग्नावशेष हालसम्म पनि रहेका छन्। त्यस डाँडाबाट धवलागिरि, अन्नपूर्ण, माछापुछ्रे मनासुलु आदि हिमालय पर्वतमालाको चित्ताकर्षक दृश्यावली देखिन्छ। सोही डाँडाको दक्षिण-पश्चिम फेदमा वसन्तपुर नजीकै हाल फलोद्यान शुरू गरिएको छ।

यहाँ पाल्पा जिल्लाको जिल्लास्तरीय कार्यालयहरू रहेका छन्। हालसालै यहाँ पाल्पा अनुसन्धान केन्द्रको नामबाट स्थानीय बुद्धिजीवीहरू समेत रहेको एउटा अनुसन्धान केन्द्रको स्थापना गरिएको छ। जिल्लामा रहेको अधिकांश सरकारी कार्यालयहरू तानसेन दरबारमा राखिएका छन्। उक्त भव्य दरबारको छेउमा एक आधुनिक ढाँचाको बाल मन्दिर पनि निर्माण गरिएको छ।

यो नगरमा धेरै वर्ष पहिलेदेखि शिक्षा र स्वास्थ्यको सुव्यवस्था छ। सोही कारणल यो नगर वरिपरिका जिल्लाहरू समेतका शैक्षिक केन्द्र रहेको छ भन्नुमा अत्युक्ति नहोला। हाल यहाँ विभिन्न स्तरका विद्यालयहरूको साथै उच्च शिक्षाको लागि मानविकी तथा सामाजिक अध्ययन संस्थान अन्तर्गत एउटा डिप्लोमा स्तरको त्रिभुवन बहुमुखी क्याम्पस रहेको छ। यहाँ देववाणी संस्कृत प्रधान पाठशाला पनि रहेको छ। स्वास्थ्यतर्फ यहाँ दुइवटा अस्पतालहरू छन्। तीमध्ये युनाइटेड मिशनले सञ्चालन गरेको अस्पतालमा वरिपरिका बिरामीहरू लगायत भारतका उत्तर प्रदेशको गोरखपुरतिरका बिरामीहरूसमेत उपचार गराउन आउँछन्। त्यस्तै यहाँ करीब ४५ वर्ष पहिलेदेखि खानेपानीको निमित्त कलधाराको व्यवस्था भएको छ। तर बढ्दो जनसंख्याको कारण खानेपानी अपर्याप्त भएकोले नगरको पश्चिमी इलाकालाई होलन्दी धाराको पानी पम्पद्वारा माथि पुऱ्याई वितरण गर्ने गरिएको छ।

यहाँ मध्यमस्तरको बजार छ। मध्यपश्चिम नेपालको निकासी पैठारी व्यापारमा यहाँको बजारको ठूलो भूमिका रहिआएको छ। उक्त इलाकाको घ्यू, सूठो जरीबूटी आदिको निकासी व्यापारको एक प्रमुख सङ्कलन केन्द्रभएकोले समेत तानसेन बजारको व्यापारिक महत्व धेरै छ। हाल यहाँ नेपाल बैंक लिमिटेड तथा राष्ट्रिय वाणिज्य बैंकका कार्यालयहरू छन्।

यस नगरमा सेनहरूका पालामा ख्यातिप्राप्त टक्सार थियो। यहाँ टक लगाइएका मुद्रा दक्षिणमा गोरखपुरसम्म पनि चलन चल्तीमा रहेको कुरा इतिहासमा पाइन्छ। पछि राणाकालसम्म पनि यहाँ टक्सार चालू रहेको वृतान्त सुनिन्छ। हाल यहाँको टक्सार भनिने इलाकामा ढलोटको भाँडाकुँडा बनाइने गरिन्छ। यहाँ बनाइने ढलोटको करुवा, अंखोरा, हुक्का आदि अधिराज्यमा प्रसिद्ध रहेको छ। साथै हाल यहाँ ढाकाको कपडा बुन्ने तथा टोपी बनाइने कारखाना स्थापना भएको छ। यहाँ डिजेल प्लाण्ट जडान गरी बिजुली वितरण भइसकेको छ।

तानसेन नगर अधिराज्यको मध्यपश्चिम पहाडी भेकको व्यापारिक र प्रशासनिक केन्द्र मात्र नरही सांस्कृतिक क्षेत्रमा पनि त्यतिकै महत्वपूर्ण रहेको छ। यहाँ भगवतीको मन्दिर, नारायणस्थान, भीमसेन स्थान, गणेशस्थान,बौद्ध बिहार, वनदेवी,भैरव स्थान,विष्णु पादुका आदि मन्दिर, देवालयहरूको साथै विभिन्न पर्वहरूमा विभिन्न मेला, जात्राहरू लाग्ने गर्छन्। यहाँको सबभन्दा भव्य मन्दिर अनुमानित वि. सं. १८७२ मा तत्कालीन तैनाथवाला कर्णेल उजिर सिंह थापाले बनाउन लगाएको भगवतीको मन्दिर हो। उक्त मन्दिर तानसेन दरबारको नजीकै छ। उक्त मन्दिर वि. सं. १९९० को भूकम्पमा क्षति ग्रस्त भएको थियो र पछि फेरि जीर्णोद्धार गरिएको छ। उक्त मन्दिरलाई हालसालै पुनः जीर्णोद्धार गरिएको छ। भगवती जात्रा, भीमसेन जात्रा, लक्ष्मीनारायण जात्रा, बुद्ध जयन्ती जात्रा, माघे जात्रा आदि यहाँका महत्वपूर्ण जात्राहरू छन्। साथै तानसेनको वरिपरि पाल्पा भैरवस्थान, माण्डव्य ऋषि स्थान, ऋषिकेश (रिडी) आदि पनि छन्।

आधुनिक यातायात तथा बिजुलीको सहूलियत प्राप्त भएपछि तानसेन पश्चिमाञ्चल विकास क्षेत्रको एक महत्वपूर्ण बजारको रूपमा अझ स्पष्टतया देखा पर्न लागेको छ। निकट भविष्यमा रुपन्देही, कपिलवस्तु, नवलपरासीका बजारहरूका बासिन्दा तथा भारतको सीमावर्ती इलाकाका मानिसहरूकै लागि पनि यो नगर एक महत्वपूर्ण ग्रीष्म बस्ती तथा पर्यटन नगर हुन जाने देखिन्छ।

रूरू क्षेत्र (रिडी)

कालीगण्डकी नदीको किनारामा रहेको यो स्थान पाल्पा जिल्लाको एक महत्वपूर्ण र प्रसिद्ध तीर्थ स्थल मानिन्छ। यहाँ कात्तिक शुक्ल एकादशी र माघे संक्रान्तिको दिन ठूलो मेला लाग्दछ। कात्तिक शुल्क द्वादशीको दिन ऋषिकेशको रथ यात्रा हुन्छ। हाल रिडी क्षेत्र गुल्मी र स्याङजा समेत गरी तीन जिल्लामा विभक्त हुन गएको छ। रिडीको प्रनुख बजार गुल्मी इलाकामा पर्दछ। यस जिल्लामा पर्ने ऋषिकेशको मन्दिरको नजीकै पसलहरू छन्। यसको नजीकै अर्गेलीमा बाक्लो बस्ती रहेको छ।

रानीघाट

तानसेनदेखि उत्तरतिर कालीगण्डकीको किनारामा खड्ग शम्शेरले वि. सं. १९४९ सालमा आफ्नी रानी तेजकुमारीको मृत्यु भएपछि उनैको सम्झनामा खड्ग मुक्तेश्वर महादेव र गङ्गाजीको मूर्ति स्थापना गरी मन्दिर समेत विशाल दरबार बनाएका हुन्। उक्त मूर्तिहरूको प्रतिष्ठा वि.सं.१९५४ सालमा वैकुण्ठ चतुर्दशीको दिन भएको थियो। त्यही बेलादेखि यो कालीको तट रानीघाटको नामले प्रसिद्ध भएको हो। पुजारी तथा सफा सुगर गर्नेहरू र सर्व साधारण यात्रीहरू बस्ने एवं घाटमा ल्याइएका बिरामीहरू राख्ने खण्ड-खण्डका आवास कक्षहरू समेत यसमा जोडिएका छन्।

राम्दीघाट

यो घाट तानसेनबाट उत्तर–पूर्वतिर पर्दछ। यस घाटमा भगवान् श्री रामचन्द्रले स्नान गर्नु भएको थियो भनी मानिसहरू विश्वास गर्दछन्। यसै घाट नजीक एउटा प्राकृतिक गुफा छ। यसै गुफालाई सिद्ध गुफा अथवा सुन गुफा भन्दछन्। यहाँ श्री सीताजीका साथ रामचन्द्र बस्नु भएको थियो र त्यसैबेलादेखि यहाँ देव देवी र सिद्धहरू पनि रहन लागे भन्ने किंवदन्ती रहेको छ।

पाल्पाबाट पोखरा तिर जाने मूल बाटो यही घाट भएर गएकोले यहाँ एउटा पक्की झोलुङ्गे पुल थापिएको छ। सोही पुलको मुखदेखि खोलासम्म लामो दोहोरो बस्ती भएको बजार रहेको छ। हाल सिद्धार्थ राजमार्ग निर्माण भएपछि उक्त बजारको छेउमा काली गण्डकी माथि एउटा पक्की पुल निर्माण भएको छ।

रम्मा पानी

यो ठाउँ तानसेनबाट करीब १२ किलोमिटर पूर्वमा पर्छ। यस स्थानको ठूलो धार्मिक तथा ऐतिहासिक महत्व छ। यस बारे यस्तो किंवदन्ती छ कि भगवान् श्री रामचन्द्रले अयोध्या शहरमा यज्ञ गरी सक्नु भएपछि गण्डकीमा स्नान गर्न इच्छा गर्नु भएछ। सीताजीका साथमा यसरी गण्डकीमा स्नान गर्न जाँदा यस स्थलमा बास परेछ। त्यसवेला त्यहाँ पानीको ज्यादै अभाव थियो। त्यसैले सीताजी ज्यादै चिन्तित भइन्। सीताजीको यो अवस्था देखेर भगवान श्री रामचन्द्रले त्यो डाँडामा बाण गाड्नु भयो र त्यहीँबाट पानी निस्कन थाल्यो। यसरी रमा अर्थात् सीताजीको इच्छामा निस्केको पानी भएको ठाउँ हुनाले यस ठाउँलाई रम्मापानी र त्यस मूललाई सुरक्षित राखी रमादेवी भन्ने गरिएको हो।

पाल्पा भैरवस्थान

भैरवस्थान तानसेनबाट करीब ६.४ किलोमिटर पर पाल्पा नामक स्थानमा अवस्थित छ । यो भैरव धेरै समय पहिले सेन राजाले काशीबाट ल्याई स्थापना गरेका हुन् । यिनी कालभैरव हुन् । यस भैरव मन्दिरको आँगनमा चारैतिर पाटीहरू छन् । यसै मन्दिर भित्र एउटा देवीको मूर्ति पनि स्थापना गरिएको छ । यहाँबाट हिमालको ज्यादै राम्रो दृश्यहरू देखिन्छन् । यहाँ प्रत्येक शनिवार र मङ्गलवार पूजा गर्ने, रोट (रोटी) बलि चढाउन टाढा टाढाका मानिसहरूको घुइँचो लाग्ने गर्दछ । काल भैरवको मूर्ति यसै मन्दिरको छिंडी तल्लामा राखिएको छ । यिनको मूर्ति बडो भयङ्कर भएकोले देख्नेहरूलाई डरले अनिष्ट पार्‍यो भनी त्यस मूर्तिको दर्शन गर्न दिइदैन । सबैले दर्शन गर्ने मूर्ति माथिल्लो तल्लामा स्थापना गरिएको चाँदीको मूर्ति मात्र हो । यो भैरवलाई पाल्पाली राजाले आफ्ना इष्टदेवका रूपमा मानेका हुन् भन्दछन् । यहाँ गोरखनाथ सम्प्रदायका पुजारीहरू छन् ।

मुकुन्द सेनले काठमाडौं उपत्यका माथि धावा गरी जिती मत्स्येन्द्रनाथको रथको अगाडि राखिने भैरव आफ्नो राज्य पाल्पा पठाई दिए भन्ने विवादास्पद कुरा यसैसित सम्बन्ध राख्दछ ।

माडी फाँट

माडी फाँट माण्डव ऋषिको आश्रम हो भन्दछन् । यिनको बारेमा निम्न लिखित किंवदन्ती प्रचलित छ--

धेरै वर्ष पहिले यहाँका राजाको एउटा हीराको हार हराएछ । यो हराएको हार पत्ता लगाउन रात दिन सिपाहीहरू घुम्ने गर्दथे । त्यसैबेला यहाँका माण्डव ऋषि पनि बडो स्वच्छन्दी भई राती घुमी रहेका थिए । सिपाहीहरूले यिनैलाई चोर ठानी समाती राजाका अगाडि लगे । राजाले पनि केही नबुझी चोरलाई सुलीमा चढाई सबैलाई चेताउन सबैले देख्ने ठाउँमा राखी दिनु भन्ने हुकुम दिए । सिपाहीहरूले सोही अनुसार गरे । तर तपस्याको बलले उनी मरेनन् । पछि ऋषि भन्ने थाहापाए पछि सुलीबाट निकाल्न खोज्दा ननिस्केकोले एक टुक्रा सुली ऋषिको शरीरमा अड्कि रह्यो । तिनै माण्डव ऋषिले श्राप दिएकोले यस माडी फाँटको नजीकैको डाँडोलाई सरापकोट भनिन्छ ।

यो फाँट तानसेन बजारबाट राम्ररी देखिन्छ । यसलाई तानसेनको बेंसी पनि भन्न सकिन्छ । आजकाल यहाँ प्रशस्त धानको खेती हुन्छ र मानिसहरूको बस्ती पनि बढ्दै गइरहेको छ । यो फाँट पाल्पाको प्रसिद्ध फाँटहरूमध्ये एक हो ।

देवचुली

पाल्पाको पूर्वमा रहेको एउटा निकै अग्लो डाँडाका चुलीलाई देवचुली भन्दछन् । यहाँबाट तराई तथा हिमालय पर्वतको निकै टाढासम्मको दृश्य देखिन्छ । जिल्लाका अरू पहाडहरूमा जस्तै यस डाँडामा पनि कहिले काहीं डढेलो लाग्दछ । यसरी यस डाँडोमा डढेलो लागेको दिन वरपर गाउँमा काम नगर्ने चलन छ । यस चुलीमा एक माई छन् जसका पुजारी नवलपुरका थारुहरू हुन्छन् । यहाँ वर्षको एकपटक पूजा हुन्छ । त्यहाँ बाहिरबाट आगो ल्याउन हुँदैन । पहिले माईले प्रत्यक्षरूपले दर्शन दिन्थिन् भन्दछन् तर पछि त्यहाँको डाडु, पन्यौ चोरी दिएको रीसले क्रुद्ध भई पत्थर बनेकी हुन् भन्ने किंवदन्ती छ ।

श्रीनगर

श्री नगर डांडा समुद्रीय सतहभन्दा करीब १,५२४मिटर(५,००० फीट)को उचाइमा पर्दछ । पाल्पामा धेरै वर्ष पहिले सेनवंशी राजाहरू राज्य गर्दथे । यस राज्यको राजधानी पाल्पा पुरानो कोटमा थियो। त्यहां ठलो आगलागी भएको हुँदा यो राजधानी श्री नगरमा सारियो । श्रीनगरको डाँडोमा सेनवंशी राजाहरूको दरबारको भग्नावशेष छ । श्रीनगरको दक्षिण पानी ढलोमा बृक्षारोपण गरी यस स्थललाइ आकर्षक पारिएको छ । यहां गणेशको मन्दिर र पाटी पौवा छन्। पाल्पा वहुउद्देशीय माध्यमिक विद्यालय, नर्सीङ क्याम्प तथा खानेपानीको रिजरभ्वायर पनि यहीं छन् । यो डांडाको उत्तरतिर एउटा सानो सम्म परेको जमीन छ। सय डांडाबाट सहमायक, कान्जिरोवा, धवलागिरि, अन्नपूर्ण, मनसुलु आदिका मनमोहक दृश्य देखिन्छ ।

जनसंख्या र जनजीवन

जनसंख्या

वि.सं. २०२८ को जनगणनाअनुसार यस जिल्लामा जम्मा २,१२,६३३ जनसंख्या छ । यसमध्ये पुरुष १,०४,९०९ र महिला १,०७,७२४ छन् । यसरी यहाँ पुरुषभन्दा महिलाको संख्या २,८१५ बढी भएको देखिन्छ ।

लुम्बिनी अञ्चलका जिल्लाहरूको जनसंख्याको तुलनात्मक अध्ययन गर्दा पाल्पा तेस्रो स्थानमा पर्दछ । यहाँ भन्दा धेरै जनसंख्या रुपन्देही र गुल्मी जिल्लामा भएको पाइन्छ । तर अधिराज्यका विभिन्न जिल्लाहरूमा भएको जनसंख्याको दृष्टिबाट यो जिल्ला सोह्रौं स्थानमा पर्दछ ।

यस जिल्लाको क्षेत्रफल २,७४,३०० हेक्टर (२,७४३ वर्ग किलोमिटर) भएको हुनाले प्रति हेक्टर जगामा यहाँको जनघनत्व ०.८ व्यक्ति अर्थात् एक वर्ग किलोमिटरमा ८० जना व्यक्ति रहेको छ ।

यस जिल्लामा कुल घर परिवार ३६,५६७ छन् र तिनीहरूमा बस्ने जनसंख्या जम्मा २,१२,२७० भएको देखिन्छ । यसरी यस जिल्लाको कुल जनसंख्याभन्दा घर परिवारमा बसेका मानिसहरूको संख्यामा ३६३ जना कम देखिन आउँछ । सो कम देखिन आएको कारण जनगणना गर्दा होटल, छात्राबास अथवा कैदखाना जस्तो ठाउँमा बस्ने मानिसहरूलाई कुल जनसंख्यामा गणना गरिने तर घर परिवारमा समावेश नगरिने हुनाले हो ।

यहाँको प्रति औसत परिवारमा ५.८० सदस्यहरू बसोबास गरेको पाइन्छ । नेपाल अधिराज्यको औसत घर परिवार सदस्य संख्या ५.५३ भएको हुनाले यो जिल्लाको औसत नेपालकोभन्दा बढी भएको देखिन्छ । लुम्बिनी अञ्चलका जिल्लाहरूमा नवलपरासीलाई छाडेर पाल्पाको औसत परिवार संख्या सबभन्दा बढी भएको देखिन्छ ।

सानो ठूलो परिवारको संन्दर्भमा यस जिल्लामा एक जना मात्र सदस्य संख्या भएको घर परिवारको संख्या १,४११ र २० जना र सोभन्दा बढी सदस्य भएको परिवार संख्या १७६ छन् । यस जिल्लामा धेरै प्रचलित घर परिवारमा ४,५ र ६ सदस्यहरू भएको पाइन्छ र यिनीहरूको संख्या क्रमशः ५,२१८; ५,५४० र ५,१४२ छन् ।

उमेर समूह

यस जिल्लाको जनसंख्यालाई बिभिन्न उमेर समूहमा छुटचाउन सकिन्छ र त्यसबाट उमेरको बनावटको आधारमा जनसंख्याको आकार र प्रकृति थाहा पाउन सकिन्छ । यहाँको जनसंख्यालाई निम्न तीन उमेर समूहमा छुटचाइएको छ ।

उमेर समूहको आधारमा जनसंख्याको तालिका

उमेर समह	पुरुष संख्या	प्रतिशत	महिला संख्या	प्रतिशत	कुल संख्या	प्रतिशत
०–५	१८,९९४	१८.१	१९,५९३	१८.२	३८,५८७	१८.१
६–१५	२८,६४२	२७.३	२६,६७४	२४.८	५५,३१६	२६.०
१६ र माथि	५७,२७३	५४.६	६१,४५७	५७.१	१,१८,७३०	५५.८
जम्मा	१,०४,९०९	१००.०	१,०७,७२४	१००.१	२,१२,६३३	९९.९

उपर्युक्त तालिकाअनुसार यस जिल्लामा पाँच वर्षसम्मको उमेर भएका शिशुहरू ३८,५८७ छन् जुन यहाँको कुल जनसंख्याको १८.१प्रतिशत भएको देखिन्छ । छ देखि १५ वर्षको विद्यालय जाने योग्य केटाकेटीहरू यस जिल्लामा कुल ५५,३१६ छन् । १६ वर्ष र त्यसभन्दा माथिका वयस्कहरूको संख्या यस जिल्लामा १,१८,७३० भएको देखिन्छ जुन कुल जनसंख्याको ५५.८ प्रतिशत हो। उपरोक्त तालिकाअनुसार यस जिल्लामा ०देखि पाँच वर्षको उमेर समूहमा बालबालिकाहरूको संख्या करीब बराबर भएको पाइन्छ । तर छ देखि १५ वर्षको उमेर समूहमा पुरुषहरूको संख्या महिलाको तुलनामा धेरै छ भने १६ वर्ष देखि माथिको उमेर समूहमा यसको ठीक उल्टो छ ।

उमेरको आधारमा जनसंख्यालाई आर्थिक दृष्टिबाट सक्षम र आश्रित समूहमा छुटचाउने पनि प्रचलन पाइन्छ ।

नेपालको सामाजिक र आर्थिक स्थितिले गर्दा यहाँ सानै उमेरदेखि मानिसहरू काम गर्ने भएकोले १० वर्ष र सो भन्दा माथि र ५९ वर्षसम्मका मानिसहरूलाई आर्थिक दृष्टिबाट सक्षम मान्न सकिन्छ। यसरी १० देखि ५९ वर्षका जनसमूहलाई सक्षम मान्दा यस जिल्लामा सक्षम जनसंख्या १,३८,३७० हुने देखिन्छ जुन यहाँको कुल जनसंख्याको ६५.१ प्रतिशत पर्न आउँछ । यसै हिसाबले आश्रित जनसंख्यामा ० देखि नौ र सो भन्दा मुनि तथा ६० र सोभन्दा माथि उमेर पुगेका मानिसहरू पर्न आउँछन् । यसरी यस जिल्लामा ७४,२६३ अर्थात् कुल जनसंख्याको ३४.९ प्रतिशत आश्रित भएको पाइन्छ । यस हिसाबले यस जिल्लाको सक्षम र आश्रितको अनुपात १००:५४ देखिन आउँछ अर्थात् १०० जना सक्षम मानिसहरू माथि ५४ जना आश्रित छन् ।

तर अन्तर्राष्ट्रिय स्तरमा आर्थिक सक्षमता भएको र आश्रित रहेको जनसंख्या छुटचाउने आधार बेग्लै भएको पाइन्छ । १४ वर्षसम्म विद्यालयजाने उमेर मान्ने भएकोले त्यस वर्षसम्मको केटाकेटीहरूलाईआर्थिक दृष्टिबाट आश्रित मानिन्छ र ६५ वर्ष पुगे पछि प्रायःअवकाश ग्रहण गर्ने भएकाले यी दुई उमेर समूहका मानिसहरूलाई आश्रित मान्ने प्रचलन पाइन्छ । यस दृष्टिबाट हेर्दा यस जिल्लामा १५ देखि ६४ वर्षहरूका सक्षम मानिसहरू १,१७,३८७ छन् जुन कुल जनसंख्याको ५५.२ प्रतिशत हुन आउँछ । आश्रित जनसंख्यामा ० देखि १४

वर्ष उमेर समूहमा ८८,३८३ (४१.६ प्रतिशत) र ६५ र त्यसभन्दा माथिको उमेर समूहमा ६,८६३ (३.२ प्रतिशत) पर्न आउँछ। यसरी यस जिल्लाको ५५.२ प्रतिशत जनसंख्या माथि ४४.८ प्रतिशत जनसंख्या आश्रित देखिन्छ। यसै हिसाबबाट सक्षम र आश्रितको अनुपात निकाल्दा यहाँ १००:७५ देखिन आउँछ अर्थात् १०० जना सक्षम मानिसहरू माथि ७५ जना आश्रित छन् ।

यस जिल्लामा छ वर्षभन्दा माथि उमेरका मानिसहरू १,७४,०४६ छन् जसमध्ये ९६, ६७२ जना विवाहित छन् । विवाहित संख्यामा पुरुष ४४,८६३ र महिला ५१,८०९ छन् ती मध्ये छ देखि नौ वर्षका ६६ र १० देखि १४ वर्षका ७४७ जना बालबालिकाहरू पर्दछन् । यसरी यहाँ बाल विवाहको चलन बाँकी रहेको देखिन्छ ।

वैवाहिक स्थितिको दृष्टिबाट अर्को उल्लेखनीय कुरा के देखिन्छ भने यस जिल्लामा ठूलो उमेर आजीवन अविवाहित रहेका नरनारीहरूको संख्या सारै कम छ। ४० वर्ष भन्दा माथिका पुरुषहरू मध्येजम्मा २०० र महिलाहरू मध्ये १३२ जना मात्र अविवाहित देखिन्छन्। त्यसै उमेरका बिधुवा र विधुरहरूको संख्यालाई तुलनात्मक दृष्टिकोणबाट हेर्दा लोग्नेमान्छेहरूभन्दा स्वास्नी मान्छेहरूको धेरै लामो उमेर भएको पाइन्छ।

जिल्लाका बहुसंख्यक जनताले राष्ट्रभाषा नेपाली बोले तापनि आफ्नै मातृभाषा बोल्नेहरू केही संख्यामा छन् । राष्ट्रिय जनगणना २०२८ अनुसार यो भाषा भाषीहरूको संख्या निम्न बमोजिम छ :–

भाषा	जनसंख्या
नेपाली	१,३४,३२३
मगर	६८,८८४
नेवारी	६,९१२
स्थानीय भाषा	१,४८३
अन्य	१,०३१

माथि उल्लिखित स्थानीय भाषा समूहमा त्यस्ता भाषाभाषी आउँछन् जो जनगणनामा समाविष्ट गरिएका भाषाहरूभन्दा बेग्लै छन् । उक्त तालिकामा जनगणनामा समाविष्ट गरिएको तर एक हजारभन्दा कम मानिसहरूले बोल्ने भाषाहरू पनि अन्य शीर्षक अन्तर्गत राखिएको छ ।

यस जिल्लामा जम्मा ८१ वटा पञ्चायत छन्। त्यसमध्ये एउटा नगर पञ्चायत छ। ती पञ्चायतहरूको नामावली र जनसंख्या निम्नप्रकार छन् :–

पञ्चायत	जनसंख्या	पञ्चायत	जनसंख्या
१. अंधाखोला	१,८५५	२. अर्गली	१,८६८
३. उपल्लो अर्खंला	२,३१६	४. एमाधा गुंगा	३,३१८
५. करमवोट जौबारी	४,९९३	६. कोल्डाँडा	२,२७०
७. कुसुमखोला	१,५५०	८. क्वाङक्वाङ	१,३६१
९. खानीगाउँ	२,००६	१०. खानीछाप	१,८३०
११. खस्यौली . डाँडा	२,२४३	१२. ख्याहा	२,६९०
१३. गञ्जाछापडाँडा	३,५८८	१४. गाल्धा	२,३८०
१५. गौंडाकोट	२,४२८	१६. चापपानी	२,१९०

पञ्चायत	जनसंख्या	पञ्चायत	जनसंख्या
१७. चिडीपानी	३,४८७	१८. चिर्तुङधारा	२,७७१
१९. छहजार बतासाज्यामीर	२,५३२	२०. छहरा दसैंघर	३,४६५
२१. जगतगोथडी	३,१४६	२२. जल्पा डोलीमारा	२,५५४
२३. जोगेपानी	४२१७	२४. जुथा पौवा	२,६४७
२५. झदवा	१,५८६	२६. झिरुबास	२,७६८
२७. ठूलो हुँगी फेक्सिकोट	२,६७७	२८. डाँडा फेरीतानी	१,७७३
२९. तानसेन नगर पञ्चायत	६,४३४	३०. तेल्घा	२,०९८
३१. तहूँ घोरपालछाप	२,९४३	३२. तिमुरे भञ्ज्याङ	२,०४४
३३. दरचावर डाँडा	३,३३८	३४. दरलाम डाँडा	२,०९५
३५. देउराली देवीस्थान	२,२८३	३६. देवगिरी विद्यापोखरी	२,११४
३७. देवी नगर	२,७५४	३८. दोभान	२,२३१
३९. नमतलेस	१,८४६	४०. नरममिठुकरम	३,२४२
४१. नुवाकोट कोटथर	४,०११	४२. पालुङ	१,७३३
४३. पिलुवा खालिवान	४,०३५	४४. पीपलडाँडा मोलाटार	२,५४४
४५. पूर्वखोला रिङनेरह	१,५८४	४६. फकेदेडु दोभान	३,१२५
४७. बहादुरपुर ताकातुङ	१,६२१	४८. बल्देग सिम्ले	२,७२०
४९. बरान्दी अर्चले	२,२७६	५०. बर्तुङ	३,१३०
५१. बकामालाक	२,६२५	५२. बिर्कोट कालिका	३,०१४
५३. बुलिङटार	१,६२४	५४. बेनिमनिपुर	३,१९९
५५. बोघा गुम्बा	२,५६५	५६. बोघा पोखराथोक	२,८७५
५७. भुवन पोखरी	४,१२१	५८. भैरवस्थान	२,४८३
५९. मदन पोखरा	४,०६६	६०. माडी कसैनी	३,०६८
६१. माडी पोखराथोक	१,८२२	६२. माडी रूप्से	१,२८५
६३. मैनादी	१,२१०	६४. मस्याम	३,१९३
६५. मित्याल रूक्से भञ्ज्याङ	१,८८५	६६. मुझुङ	२,११७
६७. रहवास मतेरी	१,७४७	६८. रकुवा	३,२११
६९. रामपुर राङमोङ	३,८८५	७०. रूचाङ	२,५५१
७१. रुद्रपुर घोवाडी	१,६९०	७२. सहलकोट	१,८१४
७३. सानुहुँगी अमराहीबाग	२,०३५	७४. सिद्धिश्वर महादेव	२,४५७
७५. सिलुवा अर्चले	२,१४०	७६. सिलुवा मस्लाङ	३,३१३
७७. सोमाही भञ्ज्याङ	१,९०२	७८. स्याजुलामे	१,३७५
७९. हेक्लाङ	२,२९३	८०. हुमिन साथी कोरिया	३,२६७
८१. हुप्सेकोट	५,१२१		

जनजीवन

पाल्पा जिल्ला विशाल मगरातको एक मुख्य भाग थियो । यहाँ मगरहरूको ठूलो बस्ती भएको कुरा ह्यामिल्टनले पनि आफ्नो पुस्तक "आएन एकाउण्ट अफ द किङ्गडम अफ नेपाल" मा लेखेको पाइन्छ । उनको भनाइअनुसार यस क्षेत्रमा सेनहरूको प्रभुत्व हुनु अगाडि यहाँका हर्ताकर्ता मगरहरू नै थिए । त्यसबेला यहाँ मगरहरू सबभन्दा ठूलो संख्यामा रहे तापनि सेनवंशको अन्त्य भएपछि अरू जन-जातिहरूको तुलनामा यिनीहरूको संख्या तेस्रो स्थानमा पर्न आयो । त्यसबेला यहाँ बाहुन र खसहरूको बसोबास व्यापक रूपमा फैलिसकेको थियो । मगरहरू कहाँबाट आएका थिए भन्ने प्रश्न भने राम्ररी सुल्झिसकेको देखिन्न किनभने मगरहरू जहाँ बसेका छन् तहींका आदिबासी हुन् भन्ने धारणा प्रवल रहेको छ ।

यसरी पाल्पा जिल्ला मगरहरूको मुख्य थलो भएकोले यिनीहरूको संस्कृति, रहन सहन, रीतिथिति बारेमा यहाँ विस्तृत वर्णन गर्नु अनुपयुक्त हुने छैन । यस बारेमा क्यालिफोर्निया विश्वविद्यालयका डा. जोहन हिच्कक्ले लेख्नु भएको पुस्तक "दि मगर्स अफ् वन्यान हिल"बाट धेरै जानकारी लिइएको छ। हुनत डा. हिच्कक्ले मगरहरूबारे स्याङ्जा जिल्लाको बरडाँडामा अध्ययन सर्वेक्षण गर्नु भएको थियो तर पाल्पा, स्याङ्जा, गुल्मी आदि जिल्लाका मगरहरूको संस्कृति र रीतिरिवाजमा धेरै सामञ्जस्यता र एकरूपता देखिने गरेकोले उक्त पुस्तकको सामग्री पाल्पाका मगरहरूमा पनि उत्तिकै लागू हुन्छ ।

मगरहरूको घर ढुङ्गामाटोले बनेको, भित्र बाहिर गोबर माटोको लिउन लगाएको र खरले छाएको हुन्छ । भूइँतलामा अगेना, चलो राखिएको र एउटा कुनामा घरका देवताहरू राखी पूजा गर्ने गरेको पाइन्छ । माथिल्लो तल्लामा अन्नपात राखिन्छ र धूवाँले सारा कोठाहरू कालो र सुखा भएको हुन्छ । घरमा एउटा बार्दली निकालिएको पनि हुन्छ । गोठ, बार्दलीमा सुत्न नमिल्नेबेलामा घरका सबै मानिसहरू अगिनाको चारैतिर सुत्ने गर्दछन् । घरमा ठूलो आँगन निकालिएको हुन्छ र नाचगान, समारोह, धामी झाँक्री पूजा आदि त्यहीं हुन्छ । साथै अन्न सुकाउने झार्ने आदि काम पनि त्यहीं गरिन्छ ।

मगर समुदायमा प्रायःआमाबाबुले नै आफ्ना छोराछोरीहरूको विवाहको व्यवस्था मिलाई दिन्छन् । त्यसैले सानो उमेरमै विवाह हुने प्रचलन पाइन्छ। कोही कोहीले केटो१२ वर्ष र केटी नौ वर्षको उमेर पुग्दा विवाह गरी दिन्छन् । तर प्रायः विवाह गर्ने केटोको उमेर१५ वर्ष कटिसकेको हुन्छ र केटीको उमेर १२ वर्ष पुगिसकेको हुन्छ तर गरीब केटाहरूको विवाह धेरै अबेला मात्र हुने गरेको देखिन्छ । सानो उमेरमा विवाह भएका दुलाहा र दुलहीले एक अर्कोलाई विवाह हुनु अगाडि नदेखेको पनि हुन सक्छ ।

विवाहको कुरा मिले पछि दुलाहाले दुलहीको घरमा केही उपहार लिएर जानु पर्छ । सो उपहारमा दही रहनै पर्दछ । सो उपहार दुलही पट्टिका बूढापाकाले स्वीकार गरे पछि विवाह पक्का भएको मानिन्छ । यो विधि पछि कुनै कारणवश सम्बन्ध तोड्नु पऱ्यो भने दुलहीको तर्फबाट हर्जाना तिर्नु पर्दछ । यस्तो केटीलाई एक किसिमले जारी भन्ने गरिन्छ ।

कुनै कुमारी केटीको विवाह सम्पन्न गर्नलाई मगरहरूको समाजमा चारवटा विधि पुऱ्याउनु पर्दछ । पहिलो विधिअनुसार दुलहाको घर पस्ने बाटोमा एउटा कुखुरा काटिन्छ र त्यसको रगतमा कुल्चेर दुलही र दुलहा क्रमैले जान्छन् । यो विधि भूतप्रेत पन्छाउनलाई गरिन्छ । दोस्रो विधिमा घरको ढोकातिर दुलहाका

बाबु, काका र आमाले नवदम्पतीलाई टीका लगाई दिन्छन् । यसबाट नववधुलाई मान्यता दिएको र स्वागत गरेको मानिन्छ । घरमा भित्र्याएपछि दुलहाले दुलहीलाई चुरा, सिंदूर दिन्छ । तेस्रो विधि दुलहीले सिंदूर लगाउनु हो। सिंदूर विवाह सम्पन्न भएको चिह्न मानिन्छ। त्यस पछि नवदम्पतीलाई राम्ररी भोजन खुवाउँछन्। चौथो विधिअनुसार नवदम्पती दुलहीको बाबुआमाको घरमा जान्छन् र उनीहरूको चूलोमा भात खान्छन्। यस पछि दुलहा र दुलही दुवैपट्टिको समाजले नव दम्पतीलाई स्वीकार गरेको मानिन्छ ।

यस अतिरिक्त ठूलो विधि विधान पुऱ्याएर विवाह सम्पन्न गर्नेहरूले बाजा बजाउने, यज्ञ, गराउने, भोज खुवाउने आदि कार्य गर्दछन् । मगरहरूको समाजमा यी सबै कार्य गर्ने व्यक्तिहरू धेरै कम हुन्छन् ।

जारी अथवा सारीको विवाहमा पनि कुमारी विवाहमा जस्तै विधि अपनाइन्छ । तर विधवा अथवा जारी विवाहमा दुलाहाले चुरा दिने मात्र गर्दछन् । सिंदूर दिने गर्दैनन् । जारी तिर्नुभन्दा अगाडि नवदम्पतीले दुलहान फर्काउन जान हुँदैन, होइन भने जारीको पैसा ससुरा चाहिँले दिनु पर्ने हुन जान्छ । जारी तिर्नु अगाडि स्वास्नी चाहिँले पहिलेको लोग्नेलाई भेट्न नहुने चलन पनि छ ।

जारी कति तिर्ने भन्ने कुरामा गाउँका ठूलाबडाका हात रहन्छ । स्वास्नी अर्को लोग्नेसित गए पछि नयाँ र पुरानो लोग्नेहरूका नाता सम्बन्धी व्यक्तिहरू बीचमा कुराकानी चल्दछ र त्यसमा गाउँका मुख्य मानिहरूको नै ठूलो प्रभाव रहन्छ । कानूनले जारीको लागि ६० रूपियाँ र सारीको लागि ३० रूपियाँ तिरे पुग्दछ । तर व्यवहारमा सयौं रूपियाँ तिर्ने गर्दछन् ।

विवाहको खर्च बचाउन केटी भगाई विवाह गर्ने चलन पनि छ । यस्तो विवाहमा आमाबाबुको सहमति पनि रहन्छ । केटा चित्त बुझेको भएतापनि केटीलाई लैजाँदा केटी रूने कराउने गर्दछ । हुनत केटी भगाएर विवाह गर्ने कार्य धेरै कम मात्रामा पाइन्छ । भगाइसकेको केटीलाई तिनका आमाबाबुले फर्काई ल्याउन सक्दछन् अथवा भगाउनेको विरूद्ध मुद्दा चलाउन पनि सक्दछन् । तर सामाजिक र भावनात्मक कारणले अक्सर यस्तो कदम चलिएको पाइन्न । यस्तो केटी आफ्नो आमाबाबुको घरमा फर्कन सक्ने अथवा विवाह भएपछिपनि अरू सित जान सक्ने भएकोले केटीले आफूलाई नराम्ररी बाँधिएको ठान्दैनन् ।

मगर समाजमा लोग्नेस्वास्नी बीचको सम्ब्रन्ध घनिष्ट र प्रेमपूर्ण रहने हुन्छ । यो सम्बन्ध कुनै किसिमले खलल पर्ने वित्तिकै लोग्ने स्वास्नी छुट्टिने अवस्था आइपर्दछ । त्यसैले अलग हुने स्वतन्त्रताको कारणले गर्दा उनीहरू बीचको सम्बन्ध सुमधुर र घनिष्ट हुनु पर्ने स्थिति देखापर्दछ ।

मगर समाजमा पुरुष सन्तात्मक चलन पाइन्छ । यिनीहरूको वंशपरम्परा पुरुषतिरबाट चल्दछ। स्वास्नीमान्छे विवाह गरे पछि आफ्नो लोग्ने कहाँ जानु पर्ने, नयाँ वातावरणसित मिल्नु पर्ने, आफूले मन जस्तो हिँड्न नपाइने, घरका मानिसहरूलाई मान्नु पर्ने र लोग्नेको खुट्टाको पानी खानु पर्ने र भान्सा कुर्नु पर्ने आदि कारणहरूले पुरुषको भन्दा स्त्रीको स्थान फरक देखिन्छ । यस्तै किसिमले धार्मिक परम्परामा पनि पुरुषको प्रभुत्व देखिने, पितृहरूलाई चढाउने पिण्डमा पुरुषकोमात्र हात हुने र दाहसंस्कारमा पनि छोराकोमात्र महत्व रहने हुनाले पुरुषकै आधिपत्य देखापर्दछ ।

यस प्रकारको पुरुष सन्तात्मक समुदायमा स्त्रीहरूको स्वतन्त्रताका केही चिह्नहरू पाइन्छन् । जसले गर्दा यिनीहरूको समाजमा स्त्रीहरू दबिएका देखिन्नन् । यसको मुख्य कारणहरूमा बिहा पछि नवदम्पति

अलग घरमा सन प्रचलन हुनु, बुहारीहरूले आफ्नो सासुसित खुलेर कुरा गर्न सक्नु, स्वास्नीमानिसहरूले पेवा पाउनु र सो पेवा आफूखुशी भोग गर्न पाउनु र विवाहिता आइमाईको आफ्नो घरको सम्पत्तिमा हक हुनु आदि कुराहरू देखा पर्दछन् । कुनै किसिमले स्वास्नीमानिसल आफ्नो लोग्नेसित सन्तुष्ट रहेन भने तिनीले दुई कुरा गर्न सक्छिन्। तिनी आफ्नो आमाको घरमा फर्कन सक्छिन् अथवा अरूसित पोइल जान सक्छिन्। साधारणतः पहिलो कदम पछि दोस्रो कदम चाल्ने गर्दछन् । छुट्टिएका दम्पतीका सन्तानहरू बाबुचाहिँको घरमा बस्दछन् । किनभने बिहा नभएका केटीहरूको आफ्नो बाबुको सम्पतिमा हक लाग्दछ । यसरी सजिलैसित छुट्टिन सक्ने र पारपाचुके गर्न मिल्ने भएकोले मगर समाजमा लोग्नेहरूले आफ्ना स्वास्नीहरूप्रति दुरव्यवहार गर्न सक्दैनन्। यसैले होला यिनीहरूको समाजमा स्वास्नीलाई कुटपिट गरेको अथवा स्वास्नीमानिसहरूले आत्महत्या गरेको सुनिदैन । यस्ता प्रचलनहरूले गर्दा मगर्नीहरूको स्थान उत्तिकै महत्वपूर्ण र प्रतिष्ठित रहेको देखिन्छ ।

मगर संस्कृतिमा दाहसंस्कार सम्बन्धी रीत आफ्नै किसिमको पाइन्छ । यस सम्बन्धी रीतिथिति उमेर, लिङ्ग र धनको आधारमा अपनाइने गरिन्छ । साधारणतः मर्न लागेको मान्छेलाई सुनपानी खुवाइन्छ । मरिसकेपछि मृतकका छोरा र सम्बन्धीहरूले लाशलाई नदीमा लिएर जान्छन् र अक्सर सेलाई दिन्छन् । तर केही लाशहरू गाडिन्छन् र थोरैमात्र जलाइन्छन् त्यसपछि मृतकका छोराहरू क्रिया बस्दछन् र १३ दिनसम्म धेरै कुराहरू बार्दछन्। तेह्रौं दिनमा गउँतबाट चोख्याइन्छ र ब्राह्मणद्वारा हिन्दू शास्त्रअनुसार अनेक विधिविधान पूरा गरेर मृतकको घर र घरका जहानहरूको शुद्ध शान्ति गरिन्छ ।

मगरहरूले हिन्दू धर्मका मुख्यमुख्य देवदेवीहरू माने तापनि यिनीहरूको अलग्गै देवदेवी पनि हुन्छन् । हिन्दू देवदेवीहरूमा यिनीहरूले भोग खाने देवता र धूप खाने देवताहरू मान्दछन् । मगरहरूको आफ्नो देवदेवीहरूमा तीनवटा मुख्य हुन्छन् । उनीहरूको पूजा गर्दा सामूहिक किसिमले गरिन्छ । दुई देवदेवीलाई बाजे र बज्यै भन्ने गर्दछन् । उनीहरूको पूजा खास गरी मंसीर महीनामा हुन्छ र दुईटा सुंगुर काटिन्छन् । यिनीहरूलाई अरूभन्दा भयभीत मान्दछन् । र राति उनीहरूको नाउँलिन पनि डराउँछन् । यिनीहरूको विश्वास अनुसार तिनीहरू पहिले मगर लोग्नेस्वास्नी थिए र आफ्ना छोराछोरी र नाति नातिनाहरूसित बस्दथे । छोरा छोरी दिनभरी काममा जाँदा बाजे बज्यैले नातिनातिनीको मुटु र कलेजा निकाली खाने गरेको कुरा तिनका बाबु आमाले चाल पाए । तर उनीहरू फर्किआउँदा नातिनातिनीहरूलाई पुनः जीवित पार्दथे । बच्चाका बाबु आमाले आफ्ना बाबुआमा बोक्सा भएको चाल पाए पछि बाबु चाहिँलाई ठूलो माटोको भाँडोमा र आमा चाहिँलाई छालाको बोरामा बाँधिदिए । तिनीहरू दुवैलाई नदीमा फालिदिए । तर संयोगवश उनीहरू पुनः उत्रे र ठाउँ ठाउँमा घुम्नथाले र उनीहरू गएको ठाउँमा अनेक किसिमको सङ्कट आउन थाल्यो । यस किसिमको विश्वास मगरहरूले आजसम्म पनि गर्ने गर्दछन् । यिनीहरूको पूजाको अवसरमा मगरहरू आफ्ना नातेदारहरू कहाँ जाने गर्दछन् ।

तेस्रो किसिमको देवतालाई मण्डले भन्दछन् । माथि उल्लिखित बाजे–बज्यैहरू मण्डलेका मामा माइजू हुन् भन्ने विश्वास पाइन्छ । एक दिन मण्डलेका स्वास्नीले सुंगुरको मासु खाने इच्छा गरिन् र मण्डले सुंगुर समात्न जानुभन्दा अगाडि स्वास्नीलाई केही चामल मन्त्र गरेर दिए । ऊ घर फर्कंदा बाघको रूपमा फर्कने भएकोले उसलाई देखेपछि सो चामल उसमाथि छर्किदिनु भनी छाडेका थिए । त्यसरी मण्डले आफ्नो पुरानो रूप धारण गर्न सक्दथ्यो र सुंगुर खाने व्यवस्था मिल्थ्यो । तर बाघको रूपमा आएको मण्डलेलाई देखी

डराएकी उसकी स्वास्नीले चामल छर्कन बिर्सी फलस्वरूप मण्डले बाघको रूपमा रहिरह्यो । त्यसैले यसको पूजा हरेक महीनामा हुन्छ । मंसीर महीनामा सामूहिक रूपले पूजा गर्दा एउटा सुंगुर चढाइन्छ । मण्डले देवतालाई खुशीराख्न सकियो भने बाघले मान्छे वा गाई बाखा खाँदैन भन्ने धारणा छ ।

हरेक परिवारको आ–आफ्नो देवदेवी पनि हुन्छन् । यस्तो घरेलु देवता नयाँ घरको भान्सा कोठामा बस्ने गर्दछ । यसलाई भोग पनि दिइन्छ । यिनले घरका मानिस, गाईगोरू र बाली नालीको रक्षा गर्ने विश्वास गरिन्छ र जेठ महीनामा यसको पूजा हुन्छ ।

मगर जीवनमा अनेक रसरङ्गहरू गर्ने चलन पाइन्छ । यिनीहरूका गीतहरू विभिन्न मौसममा हुने कामसित सम्बन्धित हुन्छन् । जस्तै कोदो छर्दा अथवा धान रोप्दा विभिन्न लय र तरीकाले गाउने गर्दछन् । मगर युवक तथा युवतीहरूले गीतको जुवारी खेल्ने गर्दछन् । गीतको साथ साथमा नाच्ने पनि गर्दछन् । यिनीहरू दशैं तिहारमा पनि नाचगान गर्ने गर्दछन् । मगरहरूले रोदी गाउने पनि गर्दछन् । यसमा नव युवक तथा युवतीहरू विशेष ठाउँमा जम्मा हुन्छन् र रातभरि पनि नाचगान गर्दछन् । यसमा यताउतिका गाउँहरूबाट पनि मानिसहरू भेला हुन्छन् ।

आर्थिक व्यवस्था

यो जिल्लाको आर्थिक व्यवस्थामा कृषिको महत्व सर्वोपरि रहेको छ । यहाँका अधिकांश बासिन्दाहरू कृषि तथा सोसँग सम्बन्धित व्यवसायहरूमा संलग्न रहेका छन् । यहाँको कृषि व्यवसायमा सुहाउदो आधुनीकरण नभईसकेको हुनाले यहाँ उपलब्ध जमीनबाट वाञ्छित परिमाणमा उत्पादन भएको छैन । कृषिको साथै तानसेन, राम्दीघाट, चण्डी भञ्ज्याङ आदि स्थानमा केही व्यक्तिहरू घरेलु उद्योग र व्यापारमा पनि लागेका छन् । साथै यहाँका जिल्लाबासीहरू खेतीबाट फुर्सद पाएको बेला कृषि तथा वन्य उपजमा आधारित विभिन्न उद्यमहरूमा लाग्ने गर्दछन् । यस जिल्लाबाट सीमित मानिसहरू अधिराज्यका अन्य जिल्ला तथा विदेशमा समेत विभिन्न व्यवसायमा काम गर्न जाने गर्दछन् ।

कृषि

कृषि यस जिल्लाबासीहरूको सबभन्दा महत्वपूर्ण पेशा रहेको कुरा माथि नै उल्लेख भइसकेको छ । कृषि तथ्याङ्क पुस्तिका (१९७२) अनुसार यहाँ १७,९०० हेक्टरमा खेती भएको छ । जिल्लाको कुल क्षेत्रफल २,७४,३०० हेक्टरमा उक्त खेती गरिएको भूमि करीब ६.५ प्रतिशत हुन्छ । जिल्लाको बाँकी जमीनमा वन, भीर, पहरा, नदी खोला, गाउँ बस्ती छन् । उक्त आवाद भएको जमीन जिल्लाको कुल परिवार ३६,५६७ लाई बाँड्दा प्रति परिवारलाई करीब .५ हेक्टर अर्थात् १० रोपनी पर्ने हुन्छ । नेपालको अरू पहाडी जिल्लाहरूमा जस्तै यस जिल्लामा पनि जम्मा दुई किसिमको खेती भूमि छन् । कुलो नलाग्ने जमीनलाई पाखो बारी र कुलो लाग्ने जमीनलाई खेत भन्ने चलन छ। धेरै अग्लो पहाडी भीरहरूमा पनि गह्राहरू बनाई खेती गरिने पाखो बारीमा खासगरी मकै, कोदो, फापर, भटमास, घैया, मास, अदुवा, आदिको खेती गरिन्छ । यस जिल्लामा यस्ता पहाडी भिरालोमा पनि बडो मेहनतसाथ कुलो खनी पानी लगी खेतहरू बनाइराखेका जमीन पनि देखिन्छ । यस किसिमको खेत तथा सम्मपरेका टार र फाँटहरूमा धान नै मुख्य बालीहको रूपमा उब्जाइन्छ । कहीं कहीं अनुकुल परेका खेतहरूमा धान, मकै र गहुँ समेत गरी तीन बालीसम्म हुन्छ । आवत जावत गर्न गाह्रो पहाडी पाटोहरूमा चाहिं आकाशे पानीको भरमा मकै र अदुवाको खेती गरिन्छ ।

धान, गहुँ, मकै, कोदो, तोरी, फापर, भटमास, गहत यस जिल्लाको प्रमुख बालीहरू हुन् । यस जिल्लामा वर्षेबाली र हिंउँदेबाली गरी दुई प्रकारका बालीहरू हुन्छन्। धान असारमा लगाई साउनमा गोडमेल गरी मंसीरमा काटिन्छ । गहुँ मंसीरमा लगाई चैत–वैशाखमा काटिन्छ । त्यस्तै मकै चैत–वैशाखमा लगाई जेठ–असारमा गोडमेल गरी असार–साउनसम्ममा काटिन्छ । पाखा बारीमा लगाइने सरस्यूं, तोरी, फापर

कात्तिक–मंसीरमा लगाई पुसमा गोडमेल गरी चैतमा काटिन्छ । गहुँ र मकै पाखो बारी र खेत दुवैमा लगाउँदछन् ।

यस जिल्लामा उक्त बालीहरूका अतिरिक्त धेरै मात्रामा अदुवा, तोरी, उखु, आलु र कुनै कुनै पञ्चायतमा सुर्ती र कपासको पनि खेती गरिन्छ । केही वर्ष अघिसम्म मगर जातिले बसोबास गरेको पूर्वी पाल्पाको धेरै जसो भागमा कपासको खेती गरिन्थ्यो । तर आजकल कपासको खेतीमा भन्दा अन्य खेतीमा बढ्ता फाइदा हुनु र घरबुना जस्तो कुटीर उद्योगहरू बन्द हुँदै गएकोले कपासको खेती पनि कम हुँदै गएको पाइन्छ ।

गोबर, स्याउला आदि खाडलमा कुहाएर कम्पोष्ट मल तयार गरिन्छ । वस्तुको मलमूत्र पनि मलको रूपमा प्रयोग गर्ने चलन व्याप्त छ । यसरी तयार गरिएको कम्पोष्ट मल बाली लगाउनुभन्दा करीब महीना दिन पहिले प्रयोग गर्दछन् । यो मल प्रति रोपनी १२ देखि १५ डोकोसम्म हाल्दछन् । विदेशी मल कृषि विकास कार्यालयले सिफारिश गरेअनुसार स्थानीय र उन्नत जातको लागि भिन्दा भिन्दै मात्रामा प्रयोग गर्दछन् । यस जिल्लामा विदेशी मलको प्रयोग हरेक साल बढ्दै गएको देखिन्छ । आर्थिक वर्ष २०२९।०३० मा रासायनिक मल २६७ मेट्रिक टन प्रयोग भएको थियो । २०२८।२०२९ मा केवल ८८ मेट्रिक टन मलको प्रयोग गरिएको थियो ।

उक्त रासायनिक मलका अतिरिक्त निम्निलिखित कृषिसामग्रीहरू कृषि खरीद बिक्री संस्थानबाट निम्नलिखित वर्षहरूमा यहाँका कृषकहरूलाई उपलब्ध गराइएको देखिन्छ ।

विवरण	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
उन्नत बीउ–धान	०.१७ मे.ट.	५.४ मे.ट.	६. ५ मे. ट.
उन्नत बीउ–गहुँ	२३ मे. ट.	६२ मे. ट.	१७९.७४ मे. ट.
उन्नत बीउ–मकै	३ मे. ट	११ मे. ट.	२०.३२ मे. ट.
कृषि औजार	–	८२ थान	६२ थान
कीटनाशक औषधि			
झोल युक्त	–	१२,६०० सि. सि.	२१,२०० के. जी.
धूलो	–	२७१ के. जी.	१,७१७.२६ के. जी
टयूव	–	–	५५ टयूव

यस जिल्लामा प्रतिरोपनी सालाखाला निम्न लिखित अनुसारको उत्पादन हुन्छः–

बाली	खेत	पाखो
धान	४ मुरी	३ मुरी
गहुँ	२ मुरी १० पाथी	२ मुरी
मकै	२ मुरी १० पाथी	२ मुरी

कोदो	१ मुरी
फापर	२ मुरी
तोरी	१५ पाथी
भटमास	१ मुरी
मास	१० पाथी
गहत	१० पाथी

गाउँघरमा बस्ने सबैको पेशा कृषि भएको हुँदा अन्य जिल्लाहरूमा जस्तै यस जिल्लामा पनि कृषिकार्यमा एकले अर्कोलाई मद्दत गर्ने चलन छ। यस्तो किसिमको प्रथालाई "मेला" जाने भन्दछन्। थोरै जग्गा हुने कृषकहरूले ज्याला लिई पनि काम गर्ने गर्दछन्। ज्यालामा काम गर्ने लोग्ने मानिसहरू एक दिनको खाजा खाई रू. ५। र आइमाई तथा केटाकेटीहरू खाजा खाई रू. ३।५० लिने गर्दछन्।

यस जिल्लामा प्रायः सबै जातिले खेती गरेको देखिन्छ तर यहाँको खेतीपातीमा मगरहरूले बिशेष भूमिका खेलेको देखिन्छ। खेतीमा हलो, कुटो, कोदालो, हँसिया आदि ज्यावलहरूको प्रयोग गरिन्छ। यस्ता ज्यावलहरू वीरगञ्जको कृषि औजार कारखाना तथा स्थानीय कामी, कालिगढहरूद्वारा निर्माण गरिएका हुन्छन्।

यस जिल्लामा करीब १० रोपनीभन्दा बढी जग्गा भएका जग्गाधनीहरूले धान, गहुँ, मकै, कोदो, फापर आदि स्थानीय बजारमा बेच्ने गर्दछन्। धान पुसमा, गहुँ जेठमा र कोदो, फापर आदि मंसीर महीनातिर बिक्री गर्ने गर्दछन्। यो जिल्ला खाद्यान्नमा आत्मनिर्भर नभएकोले चामल, दाल, तेल आदि समय–समयमा नजीकको तराईबाट आयात गरिन्छ। यस जिल्लाको करीब १० प्रतिशत परिवारले अन्न आयात गरेको देखिन्छ। पाल्पा अनुसन्धान केन्द्रको प्रतिवेदनअनुसार हाल यस जिल्लाको जनसंख्यालाई करीब ५५ हजार मेट्रिक टन खाद्यान्नको आवश्यकता पर्दछ तर मौसमको सामान्य स्थितिमा यस जिल्लामा करीब ३९,००० मेट्रिक टन खाद्यान्न मात्र उत्पादन हुन सक्दछ।

जमीन र कृषि उत्पादन

यस जिल्लाको क्षेत्रफल २,७४,३०० हेक्टर छ र २०२८ सालको जनगणनाअनुसार यस जिल्लाको जम्मा जनसंख्या २,१२,६३३ छ। कृषि तथ्याङ्कअनुसार यस जिल्लाका कुल क्षेत्रफलमध्ये आवादी क्षेत्र करीब १८,००० हेक्टर मात्र छ र यस हिसाबले १ हेक्टर आवादी जमीनमा करीब ११.८ मानिसहरू बसोबास गरेको पाइन्छ। यस जिल्लामा जम्मा ३६, ५६७ परिवार छन्। यसरी परिवारको हिसाबले हेर्दा यहाँ प्रति परिवारको भागमा करीब ०.५ हेक्टर अर्थात् १० रोपनीका दरले पर्न आउँछ।

यस जिल्लाको जनसंख्याको अनुपातमा यहाँ खेती गरिएको जमीन कम भएता पनि विगत केही वर्षको उत्पादन विवरण हेर्दा यहाँको कृषि उत्पादन उत्साहवर्धक देखिन्छ। कृषि तथ्याङ्कअनुसार यस जिल्लाका मुख्य-मुख्य बालीहरूको उत्पादन र त्यसले ढाकेको क्षेत्र निम्न बमोजिम छः–

क्षत्रफल : हेक्टरमा
उत्पादन : मेट्रिक टनमा

क्षेत्र र उत्पादनको तालिका

वर्ष	२०२५/०२६		२०२६/०२७		२०२७/०२८		२०२८/०२९		२०२९/०३०	
खाद्यान्न	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
धान	४,२००	९,८७०	४,४००	१०,१२०	४,५००	११,०२५	५,०००	११,०००	५,५२०	१२,२८
मकै	६,०००	१२,०६०	६,२००	१२,४६२	६,२००	१२,६८४	६,२००	६,२८१	५,२००	१०,६०८
गहुँ	२,०००	२,६००	३,०००	३,९००	३,५००	३,५००	३,३८४	३,४५२	३,०६४	३,६३
कोदो	२,०००	२,०५०	२,०००	२,०६०	२,०००	२,०६०	–	–	२,०३६	२,११७
जौ	५०	४३	५०	४४	६०	५३	–	–	७०	६२
आलु	२७५	१,५१२	३७५	२,००२	४३०	२,२९६	–	–	४३०	२,३६५
तोरी	५५०	२६४	५५०	२६९	५६०	२८०	–	–	५०९	२३४
उखु	५०	७६५	५०	७९०	६०	९६०	–	–	६०	९६०
सुर्ती	१०	६	१०	६	१२	७	–	–	१४	८

उक्त तालिकाअनुसार सबैजसो बालीमा हरेक साल खेतीको क्षेत्रफल बढ्दै गएको र बालीको उत्पादन पनि बढ्दै गएको देखिन्छ। यस जिल्लामा विभिन्न बालीले ढाकेको क्षेत्रफल मध्ये मकैले नै सबभन्दा बढी क्षेत्रफल ढाकेको देखिन्छ। मकैको क्षेत्रफल वि.सं. २०२५।०२६ मा ६,००० हेक्टर थियो भने वि.सं. २०२८।०२९ मा यस बालीले ढाकेको क्षेत्रफल ६,२०० हेक्टर थियो। क्षेत्रफल बढेको जस्तै यस बालीको उत्पादन पनि बढेको पाइन्छ। यस्तै गहुँ र आलुको उत्पादनमा पनि निकै वृद्धि भएको पाइन्छ। उक्त तालिकाअनुसार २०२९।०३० मा मकैको उत्पादनमा भएको वृद्धि खास मौसमी कारणवश भएको हुन सक्दछ। गहुँको खेतीमा कृषकहरूको रुचि लगातार बढ्दै गएको पनि उक्त तालिकाबाट देखिन्छ। २०२५।०२६ सालको दाँजोमा २०२९।०३० सालमा गहुँ बालीको क्षेत्र दोब्बरभन्दा पनि बढी भएको देखिन्छ र उत्पादनमा पनि सन्तोषजनक रूपमा वृद्धि गएको देखिन्छ।

मालपोत

यस जिल्लाको आवादी जमीनलाई खेत र पाखोबारीमा विभाजित गर्न सकिन्छ। नेपाल अधिराज्यको अन्य जिल्लाहरूमा जस्तै यस जिल्लाको जमीनलाई पनि अब्बल, दोयम, सीम र चारमा विभक्त गरेको पाइन्छ। वि.सं.१९५३ सालको नापी, वि.सं.१९९८ सालको मोठ र साल सालको नम्बरी र विर्ता विवरणको आधारमा पाल्पा जिल्लामा निम्नलिखित बमोजिमको खेत र पाखो छन्:—

खेततर्फ

अब्बल	३।९८।७।२।४
दोयम	३०।२६।१०।६।०

सीम	८।१३।११५।०
चहार	२७३।८७।२।६।०
किसिम नखुलेको	१,९८०।७८।१६।६।५
सार्दिफाँट तर्फ बिघा	१,१०३।५।१

पाखोतर्फ

हलेदरमा	९,०४५
पाटेदरमा	१,९१२
कोदालेदरमा	१९,५३४

यसबाट वार्षिक करीब रू. १,९८,१४३। मालपोत उठ्ने गर्दछ । यस जिल्लामा जिम्मावाल, मुखियाहरूद्वारा मालपोत उठाइन्छ । यहाँ जिम्मावाल २६३, मुखिया २४० र जमीनदार छ छन् ।

पशुपालन

कृषि नै यस जिल्लाको प्रमुख व्यवसाय भएकोले प्रायः सबै जसो कृषकहरूको घरमा केही न केही संख्यामा पशुपालन गरेको पाइन्छ । अन्य पहाडी जिल्लाहरूमा जस्तै यहाँ पनि पशुपालनको व्यवसाय परम्परागत पेशाको रूपमा रहिआएको छ । गाई, भैंसी दूध र घ्यूको लागि पालिन्छ भने भेडा, सुंगुर, कुखुरा, हाँस, बाख्रा, ऊन, फुल र मासुको निमित्त पाल्ने गर्दछन् । सुगुर खासगरी मगर जातिका मानिसहरूले पाल्दछन् । आय स्रोतको दृष्टिकोणले भैंसी नै महत्वपूर्ण मानिन्छ । तर यस जिल्लामा उन्नत जातका गाई, भैंसीहरू नभएकोले प्रशस्त खाना खुवाए तापनि यिनीहरू कममात्रामा दूध दिन्छन् । २०१८ सालमा आर्थिक योजना मन्त्रालयबाट राष्ट्रिय कृषि गणना गर्दा यस जिल्लामा हरेक ५० वटा भैंसी मध्ये १४ वटाले दूध दिन्थे र हरेक ४५ गाईमध्ये पाँच वटाले मात्र दूध दिने गर्दथ्यो । यसरी यहाँ गाई, भैंसीको संख्या धेरै भएतापनि कमले मात्र आर्थिक फाइदा दिएको देखिन्छ । कृषकहरूले यसरी प्राप्त गरेको दूध केही स्थानीय बजारमा बेच्ने गर्दछन् र बाँकीको घ्यू बनाई बुटवल, त्रिवेणी, नारायणगढ, तानसेन आदि बजारहरूमा बेच्ने गर्दछन् र यसरी प्राप्त भएको पैसाबाट आफ्नो दैनिक आवश्यकताका वस्तुहरू जस्तै कपडा, नून, मट्टीतेल, मसला आदि किन्ने गर्दछन्। बाख्रा पालन व्यवसाय तानसेन वरिपरिका सबै जसो गाउँहरू र पूर्वी पाल्पाको उपल्लो अर्खला, वुलिङटार, कमरकोट आदि पञ्चायतहरूमा निकै नै लोकप्रिय भएको देखिन्छ । तर समय-समयमा लाग्ने पशुरोगहरूले यहाँका वस्तुहरूको बराबर ठूलो नोक्सानी गर्दछ । यस्तै रोगहरूको उपचारार्थ पाल्पा जिल्लामा एक पशुचिकित्सालय राखिएको छ । २०२१ सालमा जिल्लाको सदरमुकाम तानसेनमा खोलिएको सो चिकित्सालयले सक्दो चिकित्सा पुऱ्याए तापनि जिल्लाव्यापी पशुपालनको विकासको लागि विलकुलै अपर्याप्त छ । यो चिकित्सालयको वर्तमान स्तर जिल्लास्तरीय भए तापनि गुल्मी र अर्घाखाँची समेतको संक्रामक रोगको रोकथामको व्यवस्था यसैले गरी आएको छ । यहाँ खासगरी गाई, भैंसी, राँगो, गोरु, बाख्रा, बोका, भेडा, कुखुरा, हाँस आदि उपचारार्थ ल्याउने गर्दछन् । २०२९।०३० सालमा यस चिकित्सालयबाट ३,६०८ पशुपक्षीको रोगको उपचार र ४,३३५ पशुपक्षीहरूलाई भेक्सिनेशन दिइएको थियो । जिल्लाको कुनै क्षेत्रमा पशुपक्षीहरूमा संक्रामक रोगलागेमा पशु चिकित्सालयबाट प्राविधिज्ञहरू पठाई रोगको रोकथाम गर्ने व्यवस्था पनि गरिएको छ ।

फलफूल खेती

यस जिल्लामा खाद्यान्न तथा नगदेवाली उत्पादन गर्नुका अतिरिक्त विभिन्न खालको फलफूलको पनि प्रशस्त खेती गरिन्छ। जिल्लाको विभिन्न भागमा पाइने विभिन्न हावापानीअनुसार विभिन्न जातका फलफूलको उत्पादन हुन्छ। विशेष गरेर लेकमा सुन्तला, केरा, कागती, बेलौती, चिउली, काफल, ऐंसेलु, नाशपाती आदि उत्पादन हुन्छ भने औलो लाग्ने खालका होचो बेंसी तथा टारहरूमा गरम प्रदेशमा हुने खालका फलफूल- हरू जस्तै आँप, लीची, केरा, कटहर आदि प्रशस्त हुन्छ। यस्तै गरी पूर्वी पाल्पाका लेकहरूमा विशेषगरी नरम मिठु करम, डाँडा झरी, उपल्लो अर्ख ला, जौवारी, रुचाङ आदि ठाउँहरूमा प्रशस्त मात्रामा सुन्तलाको खेती गरिन्छ। अर्गली, साना हुँगी, ठूला हुँगी, हेक्लाङ, रामपुर, र बुलिङटार जस्ता होचा भागहरूमा आँपको ठूला-ठूला बगैंचाहरू देखिन्छन्। यहाँ काँचो आँपहरूबाट चूक र अमचुर बनाउने र पाकेको आँपबाट माडा बनाउने गर्दछन्। हुन त लेकतिर पनि आँपका बोटहरू कतै कतै देखिन्छन् तर यस्ता रुखमा फलेका आँपहरू बेंसीमा फलेको आँप जस्तो गुलियो हुँदैन। यस जिल्लामा हुने फलफूलको उत्पादनको धेरै जसो भाग स्थानीय बजारमै खपत हुन्छ। केही मात्रामा बुटवल, नारायणगढ आदि बजारसम्म पनि पुग्ने गर्दछ।

भूमि व्यवस्था

यस जिल्लामा २०२२ सालदेखि भूमि सुधार कार्यक्रम लागू गरिएको हो। सो कार्यक्रम अन्तर्गत प्राप्त तथ्याङ्कअनुसार यस जिल्लामा जग्गा धनीको जम्मा संख्या २६,१७० देखिएको छ। त्यसमध्ये चार हेक्टर (८० रोपनी) देखि बढी जग्गा हुनेहरूको संख्या २३२; २.५ देखि चार हेक्टर (५० देखि ८० रोपनी) जमीन हुनेहरूको संख्या २८, १.५ देखि २.५ हेक्टर (३० देखि ५० रोपनी) जमीन हुनेहरूको संख्या ५०; १देखि १.५ हेक्टर (२० देखि ३० रोपनी) जमीन हुनेको संख्या २६२ र १ हेक्टर भन्दा कम जमीन हुनेको संख्या २५,५९८ देखिन्छ। यसरी भूमिसुधार अन्तर्गत हदबन्दी भन्दा बढी जग्गा देखिए तापनि सो हदबन्दी ठहरगरी बढी भएको जग्गा प्राप्त गर्ने र वितरण गर्ने काम यस जिल्लामा वैज्ञानिक नापी सिद्धिनसकेको हुँदा सम्पन्न हुन सकेको छैन। ऋण निश्चित तर्फ निम्नलिखित कारवाही भएको छः–

ऋण रकम निर्धारण	रू. २४,९४,८००।
ऋण मुक्तिको रकम	रू. १,७१,६००।
भोगबन्धकी जग्गा फिर्ता	१८ बिघा

यस जिल्लामा कूत निश्चित गरिएको छैन। तर मुख्य वार्षिक उब्जनीको ५० प्रतिशत भन्दा बढी कूत लिन नपाइने र घटी लिने गरेको भए घटी नै कायम हुने व्यवस्था गरिएको छ।

मोहियानीबारे यस जिल्लामा स्थायी पूर्जा वितरण गर्ने कार्य शुरू नभए तापनि अस्थायी जोताहा निस्सा प्राप्त गर्ने मोहीहरूको संख्या ३६,२२६ पुगेको छ।

यस जिल्लामा २०३१ साल आश्विनसम्ममा अनिवार्य बचत सङ्कलन जिन्सीलाई समेत नगदीमा परिणत गर्दा रू. १३,६३,४४८। भएको देखिन्छ। ग्राम समितिहरूद्वारा जिन्सीलाईसमेत नगदीमा परिणत गर्दा जम्मा रू. ७६,४३,५००। किसानहरूलाई ऋण वितरण भएको देखिन्छ। यस मध्ये जम्मा रू. ७५,३३,५००।

ऋण असूली गरिएको छ। सो बचत रकम मध्ये तत्कालीन भूमि सुधार बचत संस्थानमा रू. ६,०१,८३९। जम्मा रहेको देखिन्छ। उक्त ऋणको रकम उठाउने र पुनः वितरण गरिने हुँदा बचतको कुल रकम भन्दा ऋण रकम बढी देखिन आएको हो ।

सहकारी संस्था

यस जिल्लामा २०२८ साल पौषदेखि यस सम्बन्धी कार्यालयको पुनः स्थापना भई संगठित सहकारी संस्थाहरू १४मध्ये सातको रजिष्ट्रेशन खारेज भएको, तीन संख्या निर्दिष्ट रूपमा सञ्चालित छन् र चार संस्थाहरू निस्क्रिय नै छन् । पहिलेको दाँजोमा हाल निर्दिष्ट संस्थाहरूको अवस्था राम्रो पाइन्छ । उक्त तीन निर्दिष्ट संस्थाहरूको कार्य क्षेत्र सात पञ्चायतमा छ र यी पञ्चायतहरूमा सदस्य संख्या ७०६ पुगेको छ । उक्त संस्थाहरूले आफ्नो सदस्यहरूलाई आर्थिक वर्ष २०२९।०३० मा जम्मा रू. ५३,८८०। ऋण वितरण गरी सेवा पुर्‍याउँदै आएको छ ।

सिचाइ

यस जिल्लामा हाल निम्न लिखित अनुसार सिचाइ सुविधा प्राप्त छन्:–

कुलो	स्थान	लम्बाइ	क्षमता
कच्ची कुलो	दोभान	५,००० फीट	२०० मुरी
कच्ची कुलो	अर्गेली	७,००० फीट	१,००० मुरी
कच्ची कुलो	यम्घागुंगा	१०,००० फीट	५०० मुरी

यस बाहेक हेकलाङमा दुई माइल लामो कुलो छ। यो कुलो ठाउँ ठाउँमा जीर्णोद्धार गर्नु पर्ने अवस्थामा छ रकुवामा श्री ५ को सरकारको तर्फबाट पक्की बाँध र नहर बन्दैछ। नहरहरू नभएको गाउँ पञ्चायतहरूले आफ्नो स्रोत र जिल्ला पञ्चायतको अनुदानबाट धेरै जसो गाउँहरूमा कच्ची कुलोहरू बनाएका छन् ।

उद्योग तथा व्यापार

खेतीपातीबाट फुर्सत पाएको बेला यस जिल्लाका किसानहरू केही घरेलु उद्योगमा लाग्ने गर्दछन् । यस जिल्लाको नगर र ग्रामीण इलाकामा पारिवारिक इकाइको माध्यमद्वारा लघुस्तर र असंगठित रूपमा स्थानीय कच्चा पदार्थबाट तयार भई स्थानीय निकटतम क्षेत्रमा खपत हुने वस्तुहरू जस्तै डोको, डालो, नाम्लो, दाम्लो, राडी, पाखी, उद्योग, आयात गरिएको कच्चा पदार्थबाट दैनिक आवश्यकता पूर्ति हुने र आयात नघटाउने वस्तु जस्तै कपडा आयात गरिएको कच्चा पदार्थबाट स्थानीय क्षेत्रमा खपत हुने आवश्यकताका वस्तुहरू जस्तै हँसिया, कुटो, कोदालो, पाउरोटी, इँटा, काँसका भाँडाहरू बनाउने उद्योगहरू चलिरहेका छन् । यसैगरी यस जिल्लाको सूठो बनाउने उद्योगले पनि निकै प्रसिद्धि पाएको छ ।

जिल्लाको सदरमुकाम तानेसन नगर इलाकामा वि. सं. २०१४ मा एक वस्त्र उद्योग स्थापना भएको थियो। पछि वि. सं. २०१९मा घरेलु उद्योगबाट पटक पटक गरी रू. ४२,०००। को आर्थिक सहायता प्राप्त गरी वि. सं. २०२७ मा अधिकृत पूँजी रू ७४,२००। मा उद्योग विभागबाट रजिष्टर्ड भएको

थियो। उक्त उद्योगमा केही वर्ष अघिसम्म ६० जवान कामदारहरू काम गर्दै थिए । "स्वदेशी वस्त्र कला कारखाना" उद्योगले २०२८।०२९ को आर्थिक वर्षमा जम्मा १,०२,०००। को ढाका र सूती कपडाको उत्पादन गरेको थियो। यस उद्योगबाट उत्पादित ढाका कपडाको मुख्य बजार बुटवल, पोखरा, काठमाडौं नै हो र यहाँबाट अधिराज्यको विभिन्न भागमा पुग्दछ ।

उक्त उद्योगहरूका अतिरिक्त यस जिल्लाको सदरमुकाम तानसेनमा वि. सं. २०१६ फागुनमा घरेलु उद्योग विभागको क्षेत्रिय कार्यालय वर्तमान घरेलु उद्योग अञ्चल केन्द्रको उद्घाटन भई सो अन्तर्गत वि. सं. २०१९ मा तानसेन नगर इलाकामा एक बिक्री भण्डार र वि. सं. २०२२मा केन्द्रीय कारागार र पाल्पामा उत्पादन शाखाहरूको स्थापना भएका थियो । यस केन्द्रबाट आर्थिक वर्ष २०२९।०३० सम्ममा सूती, सिकर्मी, होजियरी, नकर्मी र छाला समेतको विषयमा एक वर्षे र दुई वर्षे पाठ्यक्रम अनुसार जम्मा १८५ जना प्रशिक्षार्थीहरूले तालीम प्राप्त गरेका थिए ।

पाल्पा कारागारमा सञ्चालित यस केन्द्र अन्तर्गतका उत्पादन शाखाहरू र तालीम कार्यक्रम समेतबाट आर्थिक वर्ष २०२९।०३० सम्ममा जम्मा रू. ५,५९,७५३। बराबरको सामानहरू उत्पादन भएको थियो। यस मध्ये २०२९।०३० मा मात्र रू. १,२०,०८८। को उत्पादन गरेको थियो । यस कारागार कारखानाको उत्पादन काठमाडौं कारागार कारखाना पछि अधिराज्यमा दोस्रो हुन आउँछ । यसरी २०२९।०३० सम्ममा जम्मा रू. ४,८३,४४०। का सामानहरू विक्री गर्नुका साथै १३ पटक वस्तु तथा कार्य प्रदर्शन समेत भएको थियो ।

उक्त घरेलु उद्योग तालीम केन्द्रबाट पाँच सूती उद्योग, १५ छाला उद्योग, एउटा भाँडा उद्योग, एउटा छाता उद्योग, एउटा इँटा उद्योग, एउटा ठेकी उद्योग र एउटा होजियरी उद्योग समेतलाई जम्मा रू. १,१७,३००। को आर्थिक सहायता पनि वितरण गरिएको थियो ।

यस जिल्लाको सबै भन्दा ठूलो व्यापारिक केन्द्र तानसेन हो । यहाँको व्यापारिक संस्थानहरूमध्ये पाल्पा बहु–उद्देशीय करर्पोरेशन र व्यापार संघ मुख्य हुन् । अरू कपडा, चामल आदिका थोक बिक्रेताहरू र खुद्रा व्यापारीहरू छन् । यहाँका बासिन्दाहरू मध्ये नेवारहरू सबैभन्दा बढी विभिन्न प्रकारका व्यापारमा लागेका छन् ।

यस जिल्लामा अहिलेसम्म संगठित रूपमा बृहत् उद्योगहरू खुली नसकेकाले दैनिक उपयोगका अत्यावश्यक वस्तुहरू जस्तै कपडा, मट्टीतेल, तेल, धागो, चिया आदि भारतबाट आयात गर्नुका साथै जिल्लाको अन्नको उत्पादनले जिल्लाबासीहरूलाई खान नपुग्ने भएकोले तराईको जिल्लाहरूबाट खाद्य सामग्रीहरूको आयात गरिन्छ । जिल्लाबाट निर्यात हुने वस्तुहरूमा घ्यू, सूठो, र फलफूल मुख्य हुन् ।

आयकर

यस पाल्पा जिल्लामा २०२६ साल वैशाखदेखि कर कार्यालयको स्थापना भएको छ। यस कार्यालयबाट गुल्मी जिल्लाको कर पनि असूल गरिन्छ। यस कार्यालयमा कर रकम जम्मा हुने स्रोतहरूमा खास गरेर

आय कर, व्यावसायिक कर, बिक्री कर, आदि हुन् । विगत चार वर्षमा यस कार्यालय मार्फत यस जिल्लाबाट भएको राजस्व आम्दानी निम्नलिखित छ ।

२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
रू. ७४,३५७।	रू. १,०८,८८४।	रू. १,६६,५५६।	रू. १,७३,७७७।

लुम्बिनी र राप्ती अञ्चलको मूल कर कार्यालय लुम्बिनी अञ्चलको भैरहवामा छ । उक्त मूल कार्यालय अन्तर्गत तीन शाखाहरू छन् । यसमध्ये गुल्मी र पाल्पा जिल्ला समेत हेर्ने गरी २०२६ सालमा यस शाखाको स्थापना तानसेनमा भएको हो ।

अन्तःशुल्क

यस जिल्लामा अन्तःशुल्कको छुट्टै कार्यालय छैन । यस जिल्लाको अन्तःशुल्क उठाउने सम्बन्धी कामहरू भैरहवा अन्तःशुल्क कार्यालयले गरी आएको छ ।

बैंक

यस जिल्लामा निम्नलिखित तीनवटा बैंकहरू छन्:–

(१) नेपाल बैंक लिमिटेड उप शाखा,
(२) राष्ट्रिय बाणिज्य बैंक शाखा,
(३) नेपाल राष्ट्र बैंक को सटही काउण्टर

उक्त बैंकहरू मध्ये नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकले सर्वसाधारण जनताहरूबाट निक्षेप स्वीकार गर्ने तथा कर्जाहरू दिनुका साथै ड्राफ्ट, टी. टी. इम्पोटर्स बिल कलेक्सन इत्यादिको सुविधा पनि प्रदान गरेको छ । यस जिल्लामा खास गरी गल्ला, घ्यू तथा कपडामा बढी लगानी हुन्छ ।

यातायात, सञ्चार र बिजुली

यातायात

पाल्पा एक पहाडी जिल्ला भएकोले हालसम्म उपलब्ध यातायात सुविधा जिल्लाबासीहरूको आवश्यकताभन्दा धेरै कम छ। यस जिल्लाको हालको सदरमुकाम तानसेन धेरै समय पहिलेदेखि नै जिल्लाको एक प्रमुख स्थान भएकोले जिल्लाको धेरैजसो भाग जोडिने गोरेटो, घोडेटोहरू बनेका छन्। यिनै बाटोहरू त्यस समयको मूल बाटोहरू थिए र यिनै बाटोमा पैदल, डोला, पाल्की, ओइलिङकाठ, डोको आदिद्वारा मानिसहरू विभिन्न ठाउँमा आवत जावत गर्दथे। यसरी अधिराज्यका अन्य धेरै पहाडी जिल्लाको तुलनामा यहाँ निकै मात्रामा यातायात सुविधा उपलब्ध भएको पाइन्छ। नेपालमा बनेका थोरैमात्र राजमार्गहरू मध्ये एक सिद्धार्थ राजमार्गको करीब ६० किलो मिटर यस जिल्लामा पर्नु कम महत्वपूर्णकुरा होइन। यो राजमार्ग पोखरासम्म पुगी त्यहाँबाट पृथ्वी राजमार्ग भएर काठमाडौंसम्म आउन जान सक्ने हुनाले अझ ठूलो महत्व राख्दछ। यो बाटो बन्नुभन्दा पहिले नेपाल अधिराज्यको पश्चिमी भागमा उत्तर-दक्षिण लामो कुनै सडक थिएन। त्यसैले धेरै समय पहिलेदेखि यस क्षेत्रमा उतर–दक्षिण लामो यस सडकको नितान्त आवश्यक थियो जुन यो राजमार्गले पूरा गरेको छ। यसका अतिरिक्त बुटवलमा यो सिद्धार्थ राजामार्ग पूर्व-पश्चिम राजमार्गसँग जोडिएको छ। यसले गर्दा अब देशको कुनै पनि भागबाट यस क्षेत्रमा आवत जावत गर्न ज्यादै सजिलो भएको छ। यस जिल्लाको राजमार्ग, मूलबाटो तथा अन्य गोरेटोहरू निम्नि लिखित अनुसार छः—

सिद्धार्थ राजमार्ग (सुनौली-पोखरा राजमार्ग)

यो राजमार्ग छिमेकी जिल्ला रुपन्देहीको दक्षिणी सीमाना स्वरूप रहेको सुनौलीदेखि भैरहवा, बुटवल, बर्तुङ, राम्दीघाट, वालिङ हुँदै पोखरासम्म पुगेको छ। यो बाटो सन् १९७० मा तयार भएको थियो। पाल्पा जिल्लामा पर्ने बाटोमा पुल र कलभर्ट, पाइप कलभर्ट आदि गरी जम्मा ३५० रहेको छ। करीब २०५ किलोमिटर लामो यो राजमार्गको करीब ६० किलोमिटर यस जिल्लामा पर्दछ। यो राजमार्ग दोभानबाट पाल्पा जिल्ला भित्र पसी डुम्मेरे, बर्तुङ, आरेभञ्ज्याङ र राम्दीघाट भई स्याङ्जा जिल्ला भित्र पस्दछ। यो बाटो बनेदेखि बाटोमा पर्ने शयौं गाउँका मानिसहरूको रहन सहन तथा आर्थिक अवस्था नै सुध्रिएको देखिन्छ।

पहिले धेरै दिन हिड्नु पर्ने बाटो अब केही घण्टामै मोटरबाट पुग्न सकिन्छ। गाउँ गाउँमा सहरिया हावा बहन थालेको छ। यसरी यो बाटोलाई यस क्षेत्रका जनताको भाग्य रेखा भुन्नुमा अत्युक्ति न होला। यस राजमार्गले पाल्पाको मध्य पश्चिमी भागमा आधुनिक यातायातको सुविधा उपलब्ध गरेको छ।

तानसेन–वर्तुङ सहायक सडक (लिंकरोड)

सिद्धार्थ राजमार्गको करीब ६० किलोमिटर यस जिल्लामा परे तापनि जिल्लाको सदरमुकाम तानसेन यो राजमार्गबाट जोडिएको थिएन । सिद्धार्थ राजमार्ग यातायातको लागि खुलिसकेर पनि यस राजमार्गको फाइदा लिन सदरमुकाम र यस वरपरका मानिसहरूले वर्तुङसम्म पैदल वा घोडामा जानु पर्दथ्यो । हाल वर्तुङ देखि तानसेनसम्म करीब चार किलोमिटर लामो पक्की सहायक सडकको निर्माण भयो । यो सहायक सडकको निर्माण भएदेखि यातायातको सुलभताको कारणबाट तानसेन र यसका वरपरको बजारको विकास भएको छ ।

तानसेन–रिडी बाटो

तानसेन पाल्पा जिल्लाको सदरमुकाम भएकोले यहाँबाट जिल्लाको धेरै जसो भागमा जान पहिलेदेखि नै कच्ची बाटोहरू बनेका छन् । यिनै बाटोहरूमध्ये तानसेनबाट उत्तर–पश्चिममा पर्ने रिडीको बाटो पनि एक हो । यही बाटो गुल्मी, अर्घाखाँची र बागलुङ जिल्ला जाने मूलबाटो पनि हो । यसरी हालसम्म पनि तानसेन र यसका वरपरको मानिसहरूले उक्त जिल्लामा जानु पर्दा र रिडीमा तीर्थगर्न जाँदा यही बाटो जानेगईछन् । यस बाटोलाई मोटर चल्न सक्ने गरी फराकिलो पार्ने कार्यक्रमअनुसार आर्थिक वर्ष २०२९।३० मा यस बाटोको सर्वेक्षण प्रायः समाप्त भइसकेको थियो ।

तानसेन–छहरा बाटो

यो बाटो तानसेनबाट पश्चिमतिर गई भैरवस्थान, खस्यौली हुँदै मुझुङबाट छहरासम्म पुगेको छ । यहाँबाट यो बाटो दक्षिणतिर वल्देङ गढी हुँदै तराईमा झिमझिमेसम्म पुगेको छ ।

यो बाटोमा मोटर चलाउन हुने गरी हाल जिल्ला पञ्चायत अन्तर्गत निर्माण कार्य भइरहेको छ । यो बाटो पश्चिमी पाल्पाका मानिसहरूको तराई आवत जावत र व्यापार गर्ने मूल बाटो हो । यसरी जिल्लाको महत्वपूर्ण बाटोहरू मध्ये यो पनि एक हो ।

तानसेन–रानीघाट बाटो

रानीघाट तानसेनबाट उत्तरतिर पर्दछ । यहाँ महादेव र गङ्गाजीको प्रसिद्ध मन्दिर छ । उक्त मूर्तिहरू खड्ग शम्शेरले आफ्नो रानीको सम्झनामा स्थापना गरेका हुन् । त्यसैबेलादेखि कालीगण्डकीको यस घाटलाई रानीघाट भनिन थालेको हो । तानसेनबाट यहाँसम्मको यो बाटो धेरै पहिलेदेखि थियो । कालीगण्डकी तरेर यही बाटो स्याङ्जा, बागलुङ तथा मुक्तिनाथसम्म पुगेको छ । यस भेकका मानिसहरूको यो एक मूल बाटो हो । उक्त ठाउँमा कालीगण्डकी नदीमा राखिने झोलुङ्गे पुल निर्माणाधीन छ ।

तानसेन–पोखरा बाटो

तानसेन र यस वरपरका मानिसहरूको पोखरा र यस वरपरका गाउँहरूमा आवत जावत गर्ने यो एक पुरानो मूल बाटो हो । यो बाटो गोरखे कोट, वगनास हुँदै उत्तर-पश्चिम स्थित राम्दीघाटमा कालीगण्डकी तरेर स्याङ्जाको भुमरे वालिङ, पुतली खेत हुँदै पोखरासम्म पुगेको छ । हाल सिद्धार्थ राजमार्ग तयार भइसके पछि यस बाटोको महत्व कम हुँदै गइरहेको छ ।

तानसेन–पितौदीघाटबाटो

यो बाटो तानसेनबाट पूर्व आरेभञ्ज्याङ, चिडिपानी, वीरकोट हुँदै रामपुर फाँटसम्म र त्यहाँबाट गैंडाकोट, रकुवा, बुलिङटार हुँदै नारायणी नदीको किनारामा स्थित यसै जिल्लाको पितौदीघाटसम्म पुगेको छ । यही नारायणी नदी तरेर यो बाटो नारायणगढसम्म पुगेको छ । यो बाटोले रामपुर जस्तो उब्जाउ फाँट र नारायणगढ जस्तो व्यापारिक केन्द्रलाई जोडेकोले जिल्लामा महत्वपूर्ण स्थान ओगटेको छ ।

उक्त बाटोहरूका अतिरिक्त तानसेन नगरमा करीब एक किलोमिटर बाटोलाई पक्की वनाई अलकत्रा लगाउने कार्य हालैमात्र सम्पन्न भएको छ । त्यस्तै पूर्वी र पश्चिमी पाल्पालाई जोड्ने हेतुले पश्चिम तिर भैरवस्थानसम्म र पूर्वमा माडी फाँटसम्म सडक निर्माणको काम समाप्त भइसकेको छ । नारायणगढदेखि बुटवल सम्मको करीब १२२ किलोमिटर लामो निर्माण भइरहेको महेन्द्र राजमार्गले पाल्पाको पितौदीघाट र दुम्कीबासलाई जोडेको छ। यसरी यस जिल्लाको पूर्वी क्षेत्रमा रहेका केही गाउँहरूबाट यस राजमार्गसम्म केही सहायक सडकहरू निर्माण गर्न सकेमा यस क्षेत्रका गाउँहरूमा आधुनिक यातायातको सुविधा पुऱ्याउन सकिनेछ।

डुङ्गाबाट गरिने यातायातको सम्बन्धमा यो जिल्लाको सीमानामा कालीगण्डकी पर्ने भएको हुँदा विभिन्न ठाउँमा डुङ्गाबाट आवत जावत गरिन्छ । यसरी यस जिल्लामा रिडीघाट, प्यूधाघाट, रानीघाट, दर्पुंकघाट, खाडाघाट, हुँगीघाट, खोरियाघाट, केलादीघाट गडगडीघाट, वालीघाट, घुमारीउघाट, पुट्टाघाट, भांगवारीघाट, जलदेवीघाट, भटेरीघाट, खाल्टेघाट, पितौदीघाटहरूमा डुङ्गाबाट यातायात उपलब्ध छ ।

सञ्चार

यस जिल्लामा छोटी हुलाक र अतिरिक्त हुलाक गरी जम्मा १५ हुलाक छन् । यी हुलाकहरूको स्तर र हुलाक रहेको पञ्चायत तथा स्थान निम्नलिखित अनुसार छन् :–

हुलाकको स्तर	पञ्चायत
पाल्पा छोटी हुलाक	तानसेन नगर पञ्चायत
खस्यौली छोटी हुलाक	वर डाँडा गाउँ पञ्चायत
पाल्पा छोटी हुलाक	छहरा दशैघर गाउँ पञ्चायत
बल्ढेङगढी छोटी हुलाक	सत्यवती गाउँ पञ्चायत
रकुवा छोटी हुलाक	रकुवा गाउँ पञ्चायत
ताहुँ छोटी हुलाक	घोरपाल छाप गाउँ पञ्चायत

यस जिल्लामा उक्त हुलाक बाहेक १२ वटा अतिरिक्त हुलाकहरू छन् :–

यस जिल्लामा सालमा ३,६५,६०० चिठीपत्रहरू आउँछन् । यी मध्ये धरै चिठीपत्र तानसेन-नगर पञ्चायतमा आउने गर्दछ ।

यस जिल्लाको सदरमुकाम तानसेनमा आकाशवाणी केन्द्र रहेको छ । आर्थिक वर्ष २०२९।०३०

मा जम्मा ६,४८४ मेसेजको आदान प्रदान भएको थियो र जम्मा ५४२ मिनट कुरा भए को थियो। यस आकाशवाणीको क्षेत्रिय स्तरबाट काठमाडौं र अञ्चलस्तरबाट भैरहवा, बुटवल, परासी, तौलिहवा, नरपानी कृष्णनगर, गुल्मीसँग सिधा सम्पर्क हुन्छ ।

यस जिल्लामा पहिले ट्रङ्क टेलिफोन लाइन थियो । यहाँबाट भैरहवा, बुटवल, स्याङ्जा, आदि ठाउँहरूमा टेलिफोनबाट कुरा गर्न सकिन्थ्यो । तर आजकल यो खारेज भइसकेको छ ।

बिजुली

यस जिल्लाको सदरमुकाम तानसेनमा २०२८ साल असारदेखि विद्युत् वितरण भइरहेको छ । हाल यो विद्युत् डिजल इन्जिनहरूबाट सप्लाई गरिएको छ । यसको कुल क्षमता ३०० किलोवाट छ । माग अनुसार १३७ किलोवाट विद्युत् वितरण गरिएको छ। २०३० साल कात्तिकसम्ममा जम्मा ग्राहक संख्या ३,८८६ पुगेका थिए । १२ युनिटसम्म मिनाहा गरी न्यूनतम शुल्क रू. ६। र यस भन्दा बढी भएमा प्रति युनिट पचास पैसा महसूल लिने गरेको छ। कुनै किसिमको धरौटी नलिई मिटर बिना मूल्यमा उपलब्ध गराइएको छ। बुटबल–तानसेन ३३ के. भि. लाइन निर्माण गर्ने योजना छ ।

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

शिक्षाको क्षेत्रमा पाल्पा जिल्लाले पश्चिम नेपालमा नै एक महत्वपूर्ण स्थान ओगटेको छ। यहां २००४ सालदेखि नै माध्यमिक विद्यालय खुलिसकेको थियो। यस भन्दा पहिले धेरै वर्षसम्म अन्धकारमा गुम्सिरहेका जनताले २००७ साल पछि विभिन्न किसिमबाट देश विदेशमा अध्ययन गर्ने अवसर प्राप्त भएपछि शिक्षा प्रति विशेष जोड एवं जागरूकता आएकोले शिक्षा प्राप्त गर्नु गराउनु जीवनको निमित्त अति महत्वपूर्ण ठानेका छन्। देश, काल, परिस्थितिवाट शिक्षामा धेरै समयसम्म वञ्चित रहनु परेको महसूस गर्दै देश भरमा नै शिक्षाको जागरूकता आए जस्तै यहाँका जनताहरूले पनि आफ्ना भावी सन्तानहरूलाई शिक्षित बनाउने उद्देश्यले विभिन्नस्तरका धेरै विद्यालयहरूको स्थापना गरे । यस जिल्लामा २०३१ साल पुस देखि राष्ट्रिय शिक्षा योजना लागू भएको छ ।

लुम्बिनी अञ्चल र यस अञ्चलका छ जिल्लाको साक्षर प्रतिशतको स्थिति हेर्दा पाल्पा जिल्लाको साक्षर प्रतिशत निराशपूर्ण छैन । यस अञ्चलको साक्षर प्रतिशत जम्मा १६.३ देखिन्छ । यस जिल्लामा २१.५ प्रतिशत जनता साक्षर रहेको देखिन्छ । लुम्बिनी अञ्चलको छ जिल्लाहरू मध्ये पाल्पा जिल्लामा सबैभन्दा धेरै प्रतिशत जनता साक्षर रहेका छन् । यस अञ्चलमा सबैभन्दा कम प्रतिशत साक्षर हुने जिल्ला कपिलवस्तु जिल्ला हो । यहाँको साक्षरता ११.७ प्रतिशत मात्र देखिन्छ ।

यस जिल्लामा छ वर्ष भन्दा माथि उमेर हुने मानिसहरूको जम्मा संख्या १,७४,०४६ छन् । जस मध्ये पुरुष ८५,९१५ र महिला ८८,१३१ छन्। यस मध्ये जम्मा ३७,३९२ अर्थात् २१.५ प्रतिशत मानिसहरू साक्षर छन् । यस साक्षर संख्या मध्ये कुल पुरुष जनसंख्याको ३६.९ प्रतिशत अर्थात् ३१,६७४ पुरुष र कुल महिला जनसंख्याको ६.५ प्रतिशत अर्थात् ५,७१८ महिलाहरू साक्षर रहेका छन् । छ वर्षभन्दा माथि उमेर भएका ३७,३९२ साक्षर जनसंख्यालाई विभिन्न उमेर समूहमा विभाजन गर्दा निम्न लिखितअनुसार हुन आउँछ ।

साक्षरताको तालिका

	पुरुष			महिला			जम्मा संख्या		
उमेरसमूह	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६- ९	११,९३८	३,३४२	२८.०	११,६८४	१,१६४	१०.०	२३,६२२	४,५०६	१९.१
१०- १४	१३,८५२	७,५६२	५४.६	१२,३२२	२,०९०	१७.०	२६,१७४	९,६५२	३६.९
१५- १९	११,१६२	५,७५९	५१.६	१०,६४०	१,०९५	१०.३	२१,८०२	६,८५४	३१.४
२०- २४	८,४२०	३,५४२	४२.१	९,०७०	५३७	५.९	१७,४९०	४,०७९	२३.३
२५- २०	७,०८७	२,५१९	३५.५	८,७१०	२८३	३.२	१५,७९७	२,८०२	१७.७
३०- ३४	६,१८०	१,९३९	३१.४	६,९४१	१९९	२.९	१३,१२१	२,१३८	१६.२
३५- ३९	६,०६५	१,७८१	२९.४	६,५७१	११२	१.७	१२,६३६	१,८९३	१५.०
४०- ४४	५,२७७	१,४४५	२७.४	५,७८७	८२	१.४	११,०६४	१,५२७	१३.८
४५- ५४	७,८३६	२,१३९	२७.३	७,५७३	९२	१.२	१५,४०९	२,२३१	१४.५
५५- ६४	४,८२२	१,०२०	२१.२	५,२४६	४४	०.८	१०,०६८	१,०६४	१०.६
६५ वर्ष र सोभन्दा माथि	३,२७६	६२६	१९.१	३,५८७	२०	०.६	६,८६३	६४६	९.४
जम्मा:-	८५,९१५	३१,६७४	३६.९	८८,११३	५,७१८	६.५	१,७४,०४६	३७,३९२	२१.५

उक्त तालिकाअनुसार १० देखि २४ वर्षसम्मको उमेर समूहमा साक्षरता बढिरहेको देखिन्छ। महिलाहरूमा २० वर्षदेखि माथिको उमेर समूहमा साक्षरता निकै कम रहेको देखिन्छ। २००७ साल पछि यस जिल्लामा शिक्षाको क्षेत्रमा जागरूकता आएदेखि यहाँका महिलाहरूमा पनि अभिरुची बढेको पाइन्छ। यस जिल्लामा २५ वर्ष भन्दा माथिको उमेर समूहमा जम्मा ४४,५१५ महिलाहरू छन् जसमध्ये ८३२ महिलामात्र साक्षर छन्। यसबाट करीब ३० वर्ष पहिले नेपाल अधिराज्यको अन्य जिल्लाहरूमा जस्तै यस जिल्लामा पनि महिलाहरूले पढ्न हुँदैन भन्ने धारणा व्याप्त थियो भन्ने बुझिन्छ। २०२८ सालको जनगणनाअनुसार यस जिल्लामा छ देखि नौ वर्षको उमेर समूहमा पर्ने जम्मा २३,६२२ केटाकेटीमध्ये ४,५०६ जना अर्थात् १९.१ प्रतिशत मात्र साक्षर छन्। यस जिल्लामा निरक्षरता हटाउन श्री ५ को सरकार प्रौढ शिक्षा उप-शाखा र महिला संगठन मार्फत ज़म्मा ७० प्रौढ साक्षर कक्षाहरू सञ्चालन भएको थियो। यस जिल्लामा प्राथमिक शिक्षा सर्वसाधारणका लागि उपलब्ध गराउने नीति अनुसार प्रशस्त प्राथमिक विद्यालयहरू खुलेका छन्। यहाँ हरेक पञ्चायतमा आवश्यकता हेरी विद्यालय खुलेका छन्। यसको साथै प्राथमिक शिक्षा दरिलो पार्नका लागि यस जिल्लामा एउटा प्राथमिक शिक्षण केन्द्र पनि खुलेको छ। यसबाट वर्षेनी एकसय जनाभन्दा बढी शिक्षकहरूले तालीम पाइरहेका छन्। कुनै कुनै पञ्चायतहरूमा निःशुल्क तथा अनिवार्य प्राथमिक विद्यालयहरू पनि खुलेका छन्। यस जिल्लामा एउटा नमूना प्राथमिक विद्यालय पनि छ।

यस पाल्पा जिल्लामा ८० गाउँ पञ्चायत र एउटा नगर पञ्चायतसमेत गरी जम्मा ८१ पञ्चायतहरूमा विभिन्न स्तरका जम्मा १८६ शिक्षण संस्थाहरू सञ्चालन भइरहेका छन्। यस बाहेक यहाँ एउटा डिप्लोमा स्तरको क्याम्पस पनि छ। यो क्याम्पसबाहेक यस जिल्लामा भएका विभिन्न स्तरका विद्यालयहरूको संख्या निम्न लिखित अनुसार छ।

माध्यमिक विद्यालय	१५
निम्न माध्यमिक विद्यालय	१८
प्राथमिक विद्यालय	१५३
जम्मा:–	१८६

यस जिल्लामा विभिन्न स्तरका सबैभन्दा धेरै शिक्षण संस्था हुने पञ्चायत तानसेन नगर पञ्चायत नै हो। यस बाहेक यस जिल्लाका अरू पञ्चायतहरूमा पनि उक्त विभिन्न स्तरका शिक्षण संस्थाहरू छरिएर रहेका छन्। यसरी विभिन्न स्तरका विद्यालयहरूमा ०३० फागुनसम्ममा निम्न लिखित विद्यार्थीहरू अध्ययन गर्दथे।

विद्यालयको स्तर	छात्र	छात्रा	जम्मा
माध्यमिक	९३७	२९८	१,२३५
निम्न माध्यमिक	३,२२२	५८९	३,८११
प्राथमिक	७,२९२	१,७३३	९,०२५
जम्मा:–	११,४५१	२,६२०	१४,०७१

उक्त विभिन्न तहका छात्र छात्राहरूलाई पढाउन यस जिल्लामा माध्यमिकतर्फ १३५, निम्न माध्यमिकतर्फ ६२ र प्राथमिक तर्फ ४९२ समेतगरी जम्मा ६८९ अध्यापकहरूले अध्यापन कार्य गरिरहेका छन्। धेरै जसो शिक्षकहरू स्थानीय छन्। यसरी यस जिल्लामा एकजना शिक्षकले करीब २०.४ विद्यार्थीहरूलाई पढाउनु पर्ने देखिन्छ।

यस जिल्लामा २०३१ साल पुसदेखि राष्ट्रिय शिक्षा योजना लागू भएको छ। अन्य जिल्लाहरूमा जस्तै यहाँ पनि शिक्षा सम्बन्धी सम्पूर्ण कार्य जिल्ला शिक्षा अधिकारको कार्यालयबाट हुन्छ। जिल्लाको शिक्षा सम्बन्धी गतिविधिमा सहयोग गर्न जिल्ला पञ्चायतका सभापतिको अध्यक्षतामा १० सदस्यीय एक जिल्ला शिक्षा समिति स्थापना भएको छ। सबै शिक्षण संस्थाहरूलाई सुचारू रूपले सञ्चालन गर्न सबै विद्यालयहरूमा एक एक सहयोग समितिको गठन भएको छ। यस जिल्लामा रहेका जम्मा १८६ विद्यालय मध्ये पक्की भवन भएको विद्यालयको संख्या ७६, कच्ची भवन हुने विद्यालयको संख्या १०७ र बहालमा रहेका विद्यालयहरू तीनवटा छन्। यस जिल्लामा शिक्षा प्रचारको निमित्त २०२९।०३० को आर्थिक वर्षमा श्री ५ को सरकारबाट रू. ३,५५,७०९। को बजेट प्राप्त भएको थियो र स्थानीय जनताबाट प्राप्त रू. १८,९६,३५०। समेत गरी जम्मा रू. २२,५२,०५९। शिक्षामा खर्च भएको थियो।

वि.सं.२०२८ को जनगणनाअनुसार यस जिल्लामा छ वर्षभन्दा माथि उमेर भएका १,७४,०४६ जनामध्ये १४,०३० जनाले प्राथमिक पाठशाला, २,८२७ जनाले निम्न माध्यमिक, १,३६१ जनाले माध्यमिक, ३०३ जनाले प्रमाण-पत्र स्तर, ९२ जनाले डिप्लोमा स्तर र ३९ जनाले स्नातकोत्तर स्तरमा प्रवेश गरेको देखिन्छ। बाँकीले त्यस समयमा विद्यालयमा प्रवेश नगरेको देखिन्छ। यसरी शिक्षामा अभिरुचि लिई प्राथमिक पाठशालामा प्रवेश गरेको संख्या १४,०३० माथिल्लो स्तरको विद्यालयहरूमा घट्दै गएर स्नातकोत्तरको स्तरमा पुगेपछि ३९ मात्र बाँकी रहन गएको देखिन्छ।

स्वास्थ्य

यस जिल्लामा जम्मा दुईवटा अस्पतालहरू छन्। तानसेन नगर पञ्चायतमा रहेको श्री ५ को

सरकारद्वारा सञ्चालित १५ शय्या भएको पाल्पा अस्पतालमा तीन जना डाक्टरको दरवन्दी छ र अरू आवश्यक कर्मचारीहरू पनि रहेका छन् । यस अस्पतालमा करीब १६.१ किलोमिटर (१० माइल) टाढा गुल्मी, अर्घाखाँची, प्यूठानसम्मका बिरामीहरू पनि उपचारका निमित्त आउने गर्दछन् । यहाँ दिनको सालाखाला ९० बिरामीहरू उपचारको निमित्त आउँछन् । यस अस्पतालमा निःशुल्क उपचार गरिन्छ ।

तानसेन नगरदेखि केही पूर्वतर्फ रहेको ७४ शय्या भएको युनाइटेड मिशन अस्पतालमा पाँचजना सर्जन र तीन फिजिसियनहरू छन् । यस अस्पतालमा पाल्पा, रुपन्देही, कपिलवस्तु, नवलपरासी, गुल्मी, अर्घाखाँची दाङ र भारतबाट समेत बिरामीहरू उपचारको निमित्त आउने गर्दछन् । यहाँ दिनको सालाखाला १०० जना बिरामीहरू उपचार गर्न आउँछन् ।

यस जिल्लामा रकुवा गाउँ पञ्चायतमा एउटा र सिद्धेश्वर गाउँ पञ्चायतमा एउटा समेत गरी जम्मा दुईवटा चौकीहरू छन् । यस बाहेक यस जिल्लामा रामपुर आयुर्वेदिक औषधालय, छहरा आयुर्वेदिक औषधालय र वीरकोट औषधालय समेत गरी जम्मा तीनवटा आयुर्वेदिक औषधालयहरू छन् ।

अस्पताल, स्वास्थ्य चौकी तथा आयुर्वेदिक औषधालयमा आई उपचार गर्नु बाहेक खास गरी सरुवा रोगहरू लाग्ने समयमा विभिन्न टोलीहरू ठाउँ-ठाउँमा पठाई टी. ए. बी. सी. र खोप लगाउने कार्यक्रम पनि सञ्चालन गरिएको छ ।

यस जिल्लामा औलो उन्मूलनको काम सञ्चालन गरिएको छ । गाउँ गाउँमा फोकलस्प्रे, रक्तजाँच, रगत सङ्कलन आदि कार्यद्वारा ज्वरो आएकालाई उपचार गर्ने गरिएको छ । १९७३ को जनवरीदेखि सेप्टेम्बर-सम्ममा १०,८८४ ज्वरो आएका रोगीको जाँच गर्दा ३९ जना औलोबाट पीडित देखिएका थिए । यिनीहरूमध्ये धेरैजसो विदेशबाट आएको देखिन्छ ।

यस जिल्लाको तानसेन र अर्चलेमा परिवार नियोजन तथा मातृशिशु कल्याण केन्द्रका क्लिनिक-हरू राखिएका छन् । यी क्लिनिकहरूमा प्रशस्त मात्रामा परिवार नियोजन सम्बन्धी कामहरू भइरहेका छन् ।

यस जिल्लामा बिफर उन्मूलनको कार्यक्रम पनि लागू भएको छ ।

खानेपानी

वि.सं. १९८४ तिर पाल्पामा प्रताप शम्शेर तैनाथवाला छँदा तानसेनमा खानेपानीको निमित्त कलधाराको व्यवस्था भएकोले अधिराज्यका अन्य कतिपय पहाडी जिल्लाहरूमाभन्दा यो जिल्ला यस सम्बन्धमा अगाडि नै रहेको छ । आजकल बढ्दै गइरहेको जनसंख्याको अनुपातमा खानेपानी अपर्याप्त भएकोले हाल होलन्दीको पानी तानसेनको पश्चिमी भागमा पम्पद्वारा वितरण गरिएको छ । यस योजनाअनुसार विभिन्न आकारका ६,८५२ फीट पाइप जडान भई धारासमेत वितरण भइसकेको छ । यस योजनाबाट करीब ३,००० जनसंख्या लाभान्वित छन् । होलन्दीको पानी जम्मा गर्न ३६,००० ग्यालन क्षमताको पानी पोखरीको निर्माण गरिएको छ ।

उक्त योजना बाहेक पञ्चायत, वर्गीय संगठन र स्थानीय विकासबाट तहुँघोरपाल छाप र उपल्लो अर्खलामा क्रमशः १,२०० र ५,००० जनता लाभान्वित हुनसक्ने खानेपानीको व्यवस्था गरिएको छ ।

हाल तानसेनको बढ्दो जनसंख्याको विचार गर्दा उक्त योजनाहरूबाट प्राप्त हुने खानेपानी अपर्याप्त छ । त्यसैले उक्त पानीको अभावलाई पूर्ति गर्ने योजना हुँदैछ ।

प्रशासन र पञ्चायत

यस जिल्लामा २००७ साल अघिसम्म काठमाडौंबाट खटिएर गएका तैनाथवालाले प्रशासन चलाउने गर्दथे । संवत् २००७ को राजनैतिक परिवर्तन पछि यस जिल्लाको प्रशासन २००६ सालदेखि बडाहाकिम मार्फत र २०२१ सालमा सहायक अञ्चलाधीशद्वारा हुने गर्दथ्यो । । २०१६ सालमा अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजित गरियो । यसरी हाल यो जिल्ला अञ्चल प्रशासन अन्तर्गत प्रमुख जिल्ला अधिकारीद्वारा प्रशासित छ ।

यो जिल्लामा प्रमुख जिल्ला अधिकारीको कार्यालय, जिल्ला अदालत, पाल्पा माल छ । यसका अतिरिक्त जिल्ला प्रहरी निरीक्षक कार्यालय, घरेलु उद्योग कार्यालय, केन्द्रीय कारागार कार्यालय, कृषि विकास कार्यालय, बागवानी केन्द्र, पशु चिकित्सालय, सडक विभाग, त्रिचन्द्र अस्पताल, विद्युतीकरण योजना, हुलाक कार्यालयहरू, जिल्ला भूमिसुधार कार्यालय, जिल्ला सहकारी कार्यालय, जिल्ला शिक्षा अधिकारीको कार्यालय, कर कार्यालय, रोडसेस कार्यालय, औलो उन्मूलन कार्यालय, खानेपानी कार्यालय, ट्रिगोनोमेट्रिकल सर्भे कार्यालय, परिवार नियोजन कार्यालयहरू छन् । यहाँ रहेका अन्य कार्यालयहरूमा जिल्ला पञ्चायत, नगर पञ्चायत, राष्ट्रिय वाणिज्य बैंकको शाखा, नेपाल बैंक लिमिटेडको उपशाखा, कृषि खरीद बिक्री संस्थान, आकाशवाणी, पाल्पा व्यापार संघ, बालमन्दिर, पेन्सन बोर्ड उर-शाखा आदि हुन् ।

प्रहरी

यस जिल्लाको जिल्ला प्रहरी इन्स्पेक्टर कार्यालय सदरमुकाम तानसेनमा रहेको छ । यसका अतिरिक्त यस जिल्लामा प्रहरी थाना तथा चौकीहरू निम्नलिखितअनुसार रहेका छन्ः–

केलादी प्रहरी थाना , रामपुर
रुद्रपुर प्रहरी चौकी, ध्ववादी
माथा प्रहरी चौकी
दोभान प्रहरी चौकी
बल्ढेङगढी प्रहरी चौकी
देउले अर्चले प्रहरी चौकी
राम्दी प्रहरी चौकी

न्याय

यो जिल्लाको सदरमुकाम तानसेनमा एउटा जिल्ला अदालत रहेको छ। यस अदालतमा राजपत्रांकित द्वितीय श्रेणी स्तरको एउटा न्यायाधीश रहने व्यवस्था छ। गत आर्थिक वर्ष २०२७।०२८; २०२८।०२९ र २०२९।०३०मा परेको र छिनिएका (मिला पत्र समेत) मुद्दाहरूको संख्या यसप्रकार छ –

तीन वर्षमा परेको जम्मा मुद्दा	१,४३१
देवानी	७९५
फौजदारी	६३६
तीन वर्षमा छिनिएको मुद्दा (मिलापत्र समेत)	८१२
देवानी	४२२
फौजदारी	३९०

उपर्युक्त तथ्याङ्कअनुसार यस जिल्लामा फौजदारी मुद्दाभन्दा देवानी मुद्दाहरू धेरै जसो पर्ने देखिन्छ।

यस जिल्लामा एउटा सहायक सरकारी अभियोक्ता तथा सहायक सरकारी अभिवक्ताको कार्यालय पनि रहेको छ। उक्त कार्यालयले सरकारी मुद्दा सम्बन्धी ऐन अनुसूची १ मा उल्लेख भएका सरकारवादी भई चलाउनु पर्ने फौजदारी मुद्दाहरू र अनुसूची २ का देवानी मुद्दाहरू समेतको तहकिकात कार्यहरू पूरा गरी, गराई मुद्दा दर्ता, दायर गराउनु पर्ने र कुनै असफल हुन गएका मुद्दाहरूमा पुनरावेदन पेश गरी सो कार्य पनि पूरा गर्नु गराउनु पर्छ। यस्तै गरी आवश्यक परेमा अन्य जिल्लास्तरीय कार्यालयले कानूनी राय सल्लाह मागेमा सल्लाह दिने पनि गर्दछ।

कारागार

यो जिल्लामा एउटा कारागार रहेको छ। उक्त कारागारमा २४० पुरुष र ४० महिला बन्दीहरू राख्ने क्षमता छ। उक्त कारागार भित्र रहेको एउटा घरमा प्राथमिक पाठशाला र महिला तर्फ ४० जवान अटाउने दुईवटा घरमा घरेलु कारखाना सञ्चालित छ।

पञ्चायत

यस जिल्लामा जम्मा ८० गाउँ पञ्चायत र एक नगर पञ्चायतसमेत गरी जम्मा ८१ पञ्चायतहरू छन्। यो जिल्लाको जिल्ला पञ्चायत कार्यालय तानसेनमा रहेको छ। प्रत्येक गाउँबाट एकजना र तानसेन नगर पञ्चायतबाट तीनजनासमेत गरी जम्मा ८३ सदस्य भएको जिल्ला सभा बनेको छ। यस जिल्लालाई राष्ट्रिय पञ्चायतमा दुईजनाले प्रतिनिधित्व गर्दछन्।

यस जिल्ला सभा कोषको सालको औसत आम्दानी रू. ३,६१,००५। हुन्छ। २०२९।०३० सालको खूद आम्दानी रू. ५३,१९७। भएको थियो। जिल्लाका ८१ पञ्चायतहरूमा आयको रकम फरक फरक हुन्छ। यी पञ्चायतहरूमा तानसेन नगर पञ्चायतको वार्षिक आय अरू गाउँ पञ्चायतहरूको दाँजोमा निकै बढी हुनु स्वाभाविकै हो। यहाँका विभिन्न पञ्चायतहरूको आयको मुख्य स्रोत धुरी कर, निवेदन दस्तूर, रेडियो लाइसेन्स नवीकरण दस्तूर, भरूवा बन्दूकको लाइसेन्स नवीकरण सिफारिश दस्तूर आदि नै हुन्।

यस जिल्लामा किसान, युवक, महिला र भूतपूर्व सैनिक संगठनहरू खुलेका छन् । नेपाल किसान संगठनको प्रारम्भिक समिति २१, नेपाल महिला संगठनको प्रारम्भिक समिति ३०, नेपाल युवक संगठनको प्रारम्भिक समिति ३२ र भूतपूर्व सैनिक संगठनको प्रारम्भिक समिति १२ छन् । नेपाल महिला संगठन जिल्ला कार्य समितिले कुसुम खोलामा महिला संगठन भवनको निर्माण गरेको छ । उक्त सबै वर्गीय संगठनहरूबाट समय–समयमा आ-आफ्नो वर्गको हित र संरक्षण हुने गरी विभिन्न सामाजिक कार्यहरू गरिरहेका छन् ।

उपसंहार

सिद्धार्थ राजमार्गको निर्माणले यस जिल्लाको यातायातको समस्या केही हदसम्म समाधान भएको छ। यस जिल्लाको सदर मुकाम तानसेनबाट पाल्पा जिल्लाकै विभिन्न स्थानहरू र छिमेकका जिल्लाहरूमा समेत आवत जावत गर्न गोरेटो र घोडेटोहरू छन्। यी बाटोबाट आवात जावत गर्दा ठाउँ ठाउँमा घाटहरू तर्नुपर्छ। रानीघाट, कैलादी, गाईघाट, हुँगी, राम्दी, खोरिया, दैलाथुम, घुमाउरी, घोसर आदि यस जिल्लाका प्रमुख घाटहरू हुन्। कुनै कुनै ठाउँमा झोलुङ्गे पुलहरू छन्। सिद्धार्थ राजमार्गमा पर्ने राम्दीघाट देखि बुटवल खस्योलीसम्म मोटर चल्न सक्ने पक्की पुलहरू ठाउँ ठाउँमा छन्। त्यस्तै तानसेनबाट जिल्लाको विभिन्न इलाकामा जाने मुख्य बाटोहरूमा पर्ने नदीहरूमा पक्की पुलको निर्माण हुन सकेमा मानिसहरूको आवागमनको साथै माल सामानको वसार–पसारमा समेत वृद्धि हुन गई यस जिल्लाको आर्थिक विकासमा नै टेवा पुग्न जानेछ।

यस जिल्लाको आर्थिक अवस्थालाई सबभन्दा ठूलो टेवा कृषिले नै दिइरहेको र भविष्यमा पनि यसले दिइरहने देखिएकोले यसको विकासमा नै ध्यान दिनु पर्ने देखिन्छ। यो एक पहाडी जिल्ला भएर पनि यहाँ बग्ने खोलाहरूको छेउछाउमा केही खेतीयोग्य जमीनहरू छन्। कालीगण्डकी नदीको किनारामा स्थित टार एवं फाँटहरू र माडी, सार्दी आदि जस्ता पहाडको बीच बीचमा पर्ने फाँट र बेंसीहरू यस जिल्लाका खेती योग्य भूमि हुन्। यस्ता कतिपय भूमिहरू महाभारत पहाडको वृष्टि छायामा पर्ने भएकोले ज्यादै-कम मात्रामा पानी पर्दछ। पानीको अभावले नै कैयन यस्ता भूमिहरूमा वर्षको एक बालीमात्र धानको खेती गरिन्छ। जब कि यसै जिल्लाको अर्गली, हेलुङ र हुँगी फाँटहरूमा सिचाइको व्यवस्था भएकोले वर्षको तीन बालीसम्म पनि खेती हुन्छ। यस्तै गरी सिचाइको सुविधा रामपुर फाँट, डेढ गाउँ फाँट, बुलिङ टार, माडी फाँट तथा सार्दी फाँटहरूमा पनि सिचाइको व्यवस्था हुन सकेमा कृषकहरूको आयमा वृद्धि हुनाको साथै जिल्लाको खाद्यान्न सङ्कट हटाउन ठूलो मद्दत पुग्ने छ।

पूर्वी पाल्पामा पर्ने उपल्लो अर्खला, जौबारी, नरम मिठु करम तथा डाँडा फेरी गाउँ पञ्चायतहरूमा प्रशस्त मात्रामा सुन्तलाको खेती गरिन्छ। उन्नत बीउ लगाएर वैज्ञानिक ढङ्गबाट खेती गर्न सकेमा सुन्तलाको खेतीलाई विस्तृत गर्न सकिन्छ। त्यस्तै हुँगी, हेक्लाङ, रामपुर र वुलिङ टार मा गरिने आँपको खेतीमा पनि वैज्ञानिकता ल्याउन सकेमा र जिल्लाको विभिन्न भेकहरूमा भौगोलिक व्रातावरणलाई अनुकूल हुने फलफूलका बिरुवाहरू कृषकहरूलाई वितरण गरी खेती गराउन सकेमा फलफूलको उत्पादनमा निकै वृद्धि हुन जाने देखिन्छ। श्रीनगर स्थित फलोद्यान केन्द्रको सफलताबाट जिल्लामा फलफूल खेतीको विकासमा सहयोग मिल्नेछ।

यो कृषिप्रधान जिल्ला भएकोले पशुपालन व्यवसायल यस जिल्लामा ठूलो महत्व राख्दछ। अन्य जिल्लाहरूमा जस्तै यस जिल्लामा पनि पशुपालन व्यवसाय एउटा परम्परागत पेशाको रूपमा चलिआएको छ। यस व्यवसायबाट घ्यू, दूध, मासु, फुलको साथै खेतीमा प्रयोग गरिने मल पनि प्राप्त गरिन्छ। आवश्यक चरनको व्यवस्था, उन्नत जातका पशुपक्षी प्राप्त गरी दिने तथा समय-समयमा पशुपक्षीहरूमा लाग्ने विभिन्न रोगको उपचार उपलब्ध गराउन पशु चिकित्सालयको राम्रो व्यवस्था मिलाउन सकेमा पशुपालनमा निकै वृद्धि हुन गई जिल्लाको आर्थिक विकास गर्नमा नै मद्दत पुग्ने छ ।

यो एक पहाडी जिल्ला भएको हुनाले खेतीयोग्य जमीन जिल्लाको क्षेत्रफलको दाँजोमा धेरै नै कम छ। त्यसैले यहाँ औद्योगिक व्यवसाय जस्तो वैकल्पिक व्यवसायको सृजना गर्नु लाभदायक सिद्ध हुन्छ। कपडा बुन्ने, काँसको भाँडाहरू बनाउने, अदुवाबाट सूठो बनाउने, बाँसको चोयाबाट डोको, डालो, भकारी आदि बनाउने, काष्ठ उद्योग, तेल पेल्ने तथा अन्न पीध्ने जस्ता लघु–उद्योगहरू यस जिल्लामा परम्परागत रूपले चलिरहेका छन्। तर गुणात्मक उत्पादन, प्रतिष्पर्धा, कठिन यातायात आदि कारणहरूले गर्दा उक्त केही उद्योगहरू बन्द प्रायः भइसकेका छन्। उक्त कठिनाइहरूको यथा सम्भव समाधान गरी यहाँका प्राकृतिक वनस्पति, कृषि, पशु पैदावार, खनिज पैदावारमा आधारित विभिन्न उद्योगहरूलाई बढावा दिन सकेमा जिल्लाको आर्थिक स्थिति नै सुदृढीकरण हुन जाने देखिन्छ।

यस जिल्लाको सदरमुकाम नजीकै रहेको श्रीनगर डाँडाबाट मनासुलुदेखि पश्चिममा कान्जीरोवा हिमालसम्मको विस्तृत हिमाल शृङ्खलाको दृश्यावली राम्ररी देखिने तथा सम-शीतोष्ण जलवायु लाग्ने तानसेन नगरमा होटेलहरूको बन्दोवस्तसमेत सजिलैसँग गर्न सकिने हुँदा यहाँ पर्यटन विकासको सम्भावना प्रवल छ। यस जिल्लामा भौगोलिक आकर्षणको साथै सांस्कृतिक महत्वका स्थलहरूसमेत भएकोले पर्यटन विकासको ठूलो सम्भाव्यता छ ।

अर्घाखाँची

विषय–सूची

परिचय ८१७
प्राकृतिक स्वरूप र सम्पदा ८१९
ऐतिहासिक पृष्ठभूमि ८२६
प्रमुख स्थानहरू ८३२
जनसंख्या र जनजीवन ८३८
आर्थिक व्यवस्था ८४४
यातायात र सञ्चार ८५७
शिक्षा, स्वास्थ्य तथा खानेपानी ८६१
प्रशासन र पञ्चायत ८६५
उपसंहार ८६९

आंशिक भार

परिचय

अर्घा र खाँची दुई पुराना चौबीसी राज्यहरूबाट नामाकरण भएको अर्घाखाँची जिल्लाको सिर्जना वि.सं. २०१९ मा मात्र भएको हो र २०२४ सालसम्म यो जिल्ला गुल्मीबाट र २००९ सालभन्दा अघि तत्कालीन पाल्पा जिल्लाबाट प्रशासित थियो । अर्घा रजस्थल र खाँचीकोट जस्ता प्रसिद्ध ऐतिहासिक कोटहरू रहेको यस जिल्लामा रामायण र महाभारत कालसँग सम्बन्धित केही स्थानहरू र पाणिनी ऋषिको तपोभूमि पनि रहेको जनश्रुति पाइन्छ ।

अर्घाखाँची जिल्ला अक्षांश २७° ४५′ उत्तरदेखि २८° ६′ उत्तरसम्म र देशान्तर ८२° ४५′ पूर्वदेखि ८३° २३′ पूर्वसम्म फैलिएको छ । यसको पूर्वमा पाल्पा जिल्लाको साथै गुल्मीको केही भाग पनि पर्दछ र पश्चिममा राप्ती अञ्चलको प्यूठान जिल्ला र दाङ देउखुरी जिल्लाको केही भाग पर्दछ, जसलाई झिमरुक खोला र राप्ती नदीले छुट्याएका छन् । यसको उत्तरमा गुल्मी जिल्ला र प्यूठान जिल्लाको केही भाग पर्दछ र दक्षिणमा कपिलवस्तु जिल्ला पर्दछ, जसलाई चुरे र महाभारतका फेदीले छुट्याएका छन् ।

लुम्बिनी अञ्चलका पहाडी जिल्लाहरू मध्ये तराईसँग साँध जोडिएको जिल्ला अर्घाखाँची पनि हो । चुरे र महाभारत शृङ्खला एक आपसमा आबद्ध भएर रहेको विशेषता यो जिल्ला र पाल्पामा मात्र पाइन्छ । दक्षिणमा चुरेको फेदीसम्म फैलिएको यस जिल्लामा करीब ३०५ मिटर (१,००० फीट) देखि करीब २,५१५ मिटर (८,२५० फीट) सम्म अग्ला भू-भाग रहेका छन्, जसले गर्दा यहाँका लेकहरूमा शीत-प्रधान र समशीतोष्ण हावापानी पाइन्छ भने बेंसीहरूमा उष्ण मनसुनी हावापानीको प्रभाव पाइन्छ । जिल्लाको उत्तरपट्टिको अर्घा भागमै अधिकांश बसोबास केन्द्रित छ र दक्षिण पट्टिको खाँची भागमा जङ्गलहरू ज्यादा र गाउँ बस्तीहरू कम छन् । जिल्लाको झण्डै बीचमा पूर्व–पश्चिम फैलिएर रहेको महाभारत शृङ्खलाले दक्षिणपट्टिको कम आवादी र ज्यादा जङ्गल रहेको भागलाई र उत्तर तर्फको घना आवादी भएको भागलाई छुट्ट्याएको छ । यहाँका बेंसीहरूमा पहिले औलो पनि लाग्दथ्यो तर हाल औलो प्रायः उन्मूलन भइसकेको छ। गण्डकी र कर्णाली प्रदेशको बीचमा परेको यस जिल्लामा टाढाबाट बगेर आउने ठूला नदीहरू छैनन् र जिल्लाको पश्चिमी सीमानामा रहेको राप्ती नदी नै यहाँको सबभन्दा ठूलो नदी हो ।

झण्डै थेप्चिएको त्रिकोण जस्तो आकार भएको यो जिल्ला उत्तरतिर साँगुरिएको र दक्षिणतर्फ अलि फुकेको छ । यस जिल्लाको क्षेत्रफल १,३३१ वर्ग किलोमिटर छ र वि.सं. २०२८ को राष्ट्रिय जनगणना अनुसार यहाँको कुल जनसंख्या १,३०,२१२ छ । यहाँ जम्मा ४० गाउँ पञ्चायतहरू छन् र राष्ट्रिय पञ्चायतमा

एक जना सदस्यले यस जिल्लाको प्रतिनिधित्व गर्दछन्। लुम्बिनी अञ्चलका पहाडी जिल्लाहरूमध्ये साक्षरताको प्रतिशत (१५.०) सबभन्दा कम भएको जिल्ला अर्घाखाँची हो। जिल्लाको झण्डै माझमा पर्ने नरपानीमा अर्घाखाँचीको सदरमुकाम रहेको छ।

अधिकांश पाखाबारीहरू रहेको यस पहाडी जिल्लामा खेतहरू ज्यादै कम छन्। यहाँ मुख्यतया मकैको खेती गरिन्छ तापनि धान र कोदोको खेती पनि उल्लेखनी रूपमा गरिन्छ। यहाँका निवासीहरूको मुख्य पेशा खेती नै हो तापनि खेतीपातीबाट मात्र जीविका नचल्ने हुँदा घरेलु उद्योग, व्यापार, मजदूरी वा देश विदेशमा गई नोकरी गर्नुपर्ने वाध्यता यहाँ रहेको छ। पशुपालन गर्ने, दूधबाट घ्यू बनाउने, ऊनबाट राडी, पाखी बुन्ने र चिउलीको घ्यू बनाउने जस्ता घरेलु उद्योगहरूबाट पनि जिल्लाबासीहरू केही थप आर्जन गर्दछन्।

पहिले पनि यसभन्दा उत्तरतर्फका पहाडी जिल्लाहरू र तराईको बीचको यातायात यही जिल्ला भएर चल्दथ्यो भने अहिले पनि गुल्मी र प्यूठानको केही भागबाट यही जिल्ला भएर निकै आवत–जावत गरिन्छ। पाल्पा र प्यूठान बीचको हुलाकी बाटो पनि यही जिल्ला भएर गएको छ।

यहाँका बासिन्दाहरूमध्ये बाहुनहरूको संख्या ज्यादा छ तापनि क्षेत्री, ठकुरी, मगर, कुमाले, कामी, सार्की, दमाई, गाइने, मगर र मुसलमानहरूको पनि बसोबास भएको यस जिल्लाको जनजीवन सांस्कृतिक तथा धार्मिक विविधताले गर्दा निकै रोचक र रसिलो हुन गएको छ।

प्राकृतिक स्वरूप र सम्पदा

अधिराज्यका पहाडी जिल्लाहरूमध्ये तराईसँग सीमाना जोडिएका जिल्लाहरूमा अर्घाखाँचीलाई पनि लिन सकिन्छ । हिउँदमा हिउँ पर्ने केही अग्ला लेकदेखि लिएर थुम्किला होचा डाँडाहरूले ढाकिएको यस जिल्लामा नदीले काटेर बनाएका केही होचा बेंसी, खोंच र फाँटहरू बाहेक ठूला टार वा समथर भू-भाग पाइँदैन । यस जिल्लाभित्र ठूला नदीहरू छैनन् र सानातिना खोला खहरेहरू मात्र छन् तापनि जिल्लाको पश्चिमी सीमानाको केही भाग हुँदै रापती नदी बगेको छ । महाभारत पहाड र चुरे डाँडाका शृङ्खला यहाँ सँगसँगै र एक आपसमा आबद्ध भएर रहेका छन् र यस्तो विशेषता यस जिल्लामा बाहेक पाल्पा जिल्लामा मात्र देख्नसकिन्छ । जिल्लाका अधिकांश गाउँ, बस्ती मुख्य महाभारत शृङ्खलाको उत्तरपट्टि केन्द्रित छन् र जिल्लाको अधिकांश दक्षिणी तथा पश्चिमी भाग घना जङ्गलहरूले ढाकिएका छन्। यस जिल्लामा मुख्यतया समशीतोष्ण हावापानी पाइन्छ तापनि लेकहरूमा शीतप्रधान हावापानी र बेंसीहरूमा उष्ण हावापानीको प्रभाव पनि देख्न सकिन्छ । हिमालका मनोहर दृश्यदेखि लिएर तराईका मैदानसम्म देख्न सकिने लेकहरू यहाँ छन् र लेकहरूमा गुराँश फुलेको बेलामा वातावरण निकै रमणीय हुन्छ ।

भौगोलिक बनावट

अर्घाखाँची जिल्लाको प्रायःसम्पूर्णभागमा पहाड र डाँडाहरू रहेका हुँदा यसलाई एक पहाडी जिल्ला भन्न सकिन्छ । महाभारतको मुख्य शृङ्खला जिल्लाको केही दक्षिणमा रहे तापनि जिल्लाको उत्तरसम्म नै महाभारतका श्रेणी र हाँगाबिंगाहरू फैलिएका छन् र जिल्लाको दक्षिणी सीमाना नै चुरे डाँडाका फेदीले बनेको छ। महाभारत पहाडको उचाइ चुरे डाँडाकोभन्दा ज्यादा छ र यी दुई पहाडका शृङ्खलालाई अलग्गै प्राकृतिक स्वरूप मान्न सकिन्छ तापनि यस जिल्लाको दक्षिण पट्टि चुरे र महाभारतका हाँगाबिँगा आपसमा आबद्ध भएर सँगसँगै जोडिएर रहेका छन् । त्यसैले यहाँ भित्री मधेशको प्रदेश पाइँदैन । पहाडका हाँगाबिँगाको बीचमा केही होचा बेंसी र खोंचहरू मात्र यहाँ देखा पर्दछन् । मोटामोटी रूपमा यस जिल्लाको प्राकृतिक विभाजन महाभारत पहाड र बेंसी तथा चुरे डाँडाबाट भएको छ भन्न सकिन्छ ।

महाभारत पहाडका श्रेणी र हाँगाबिँगा जिल्लाको उत्तरी सीमानादेखि केही दक्षिणसम्म फैलिएका छन् । जिल्लाको सबभन्दा अग्लो भू-भाग यही भागमा पर्दछ। जिल्लाको उत्तरी भागमा, महाभारत पहाड क्षेत्रमा, हंसपुर र पाल्सेङको बीचमा तथा खगाबेंसी खोलाको सिरानमा रहेको करीब २,५१५ मिटर (८,२५० फीट) अग्लो चुचुरो यस जिल्लाको सबभन्दा अग्लो टाकुरा हो । जिल्लाको उत्तरी भागमा रहेका अन्य पहाडहरूको

उचाइ औसत १,५२४ मिटर (५,००० फीट) जति छ । जिल्लाको प्रायः मध्य भागमा बाङ्ला र बलकोटका थुम्किला डाँडाहरू छन् जुन नदी र खोलाहरूले गर्दा अरू पहाडबाट छुट्टिएका छन्। महाभारतको मुख्य शृङ्खला जिल्लाको केही दक्षिणमा रहेको छ र यहाँका लेकहरूको उचाइ औसत २,१३४ मिटर (७,००० फीट) जति छ। यस भागमा पर्ने केही प्रमुख चुचुराहरूमा स्याङलाङ, काफ्ले र मुलावारीको उत्तरमा रहेको करीव २,२७८ मिटर (७,४७२ फीट) अग्ला टाकुराहरूलाई लिन सकिन्छ । यहाँका लेकहरूमा हिउँदमा केही हिउँ परे पनि एक दुई हप्तामै पग्लिसक्दछ । महाभारतको यही भागमा नर्तनाचल लेकको उत्तरी ढालमा रहेको नरपानीमा जिल्लाको सदरमुकाम रहेको छ । अन्य प्रमुख लेकहरूमा घेराको लेक, जालकाडाको लेक, घोर्लासीको लेक प्रमुख छन् । महाभारतको मुख्य शृङ्खलाको उत्तरमा रहेका बेंसी तथा पहाडी भागमा जिल्लाको अधिकांश बसोबास केन्द्रित भएको छ । यहाँका बेंसी तथा फाँटहरू सानातिना खोलाहरूबाट सिंचित भएका र निकै उब्जाउ भएको हुंदा तिनीहरूको ठूलो आर्थिक महत्व छ। यस्ता बेंसीहरूमा मथुराबेंसी, चुत्राबेंसी आदि प्रमुख छन् । महाभारतको मुख्य शृङ्खलामा बाहेक जिल्लाको उत्तरमा रहेका लेक, डाँडा र बेंसीहरूमा जनसंख्याको चापले गर्दा वन जङ्गल प्रायः शून्य छ ।

जिल्लाको दक्षिणमा रहेको चुरे डाँडाको अधिकांश भाग घना वन जङ्गलले ढाकिएको छ।चुरे र महाभारतको बीचमा कुनै कुनै ठाउँमा उब्जाउ बेंसीहरू छन् तापनि यस्ता बेंसीहरूको संख्या कम र पहिले औलो पनि लाग्ने हुंदा बसोबास ज्यादै कम छ । यहाँ चुरे डाँडाको उचाइ करीब ७६२ मिटर (२,५०० फीट) देखि करीब १,२१९ मिटर (४,००० फीट) सम्म रहेको छ । चुरे र महाभारत आपसमा आबद्ध भएररहेका हुंदा चुरे र महाभारत क्षेत्र छुट्याउन केही कठिन पनि पर्दछ । यसै क्षेत्रबाट बाणगङ्गा नदी निस्किएको छ ।जिल्लाको दक्षिणी सीमाना चुरेको फेदीसम्म रहेको हुँदा जिल्लाको सबैभन्दा होचो भाग दक्षिणी सीमानामा पर्दछ, जसको उचाइ करीब ३०५ मिटर (१,००० फीट) जति मात्र छ ।

नदी नालाहरू

यस जिल्लाको पश्चिमी सीमानामा झिमरुक खोला र रापती नदी जस्ता ठूला नदीहरू छन् तापनि जिल्लाभित्र मुख्यतः साना खोला र खहरेकै प्राचुर्य छ । यहाँका प्रायः सबै नदीनाला यही जिल्लामा उत्पन्न भएका छन् र यहाँ उत्पन्न भई अरू जिल्लामा प्रवेश गर्ने उल्लेखनीय नदीहरू बाणगङ्गा र रिडी हुन् । जिल्लाका प्रायः सबै नदी नाला झिमरुक, रापती, बाणगङ्गा र रिडी नदीमै मिल्दछन् । यहाँका प्रमुख नदीनालाको छोटकरी वर्णन तल गरिएको छ ।

रापती नदी

जिल्लाको पश्चिमी सीमानाको झण्डै माझमा पर्ने जलुके पञ्चायतदेखि पश्चिमी सीमाना हुँदै रापती नदी बगेको छ । शुरूमा यस नदीलाई झिमरुक खोला भनिन्छ र झिमरुक खोला यस जिल्लाको खिल्जी बेलबोट पञ्चायतमा प्रवेश गरी जलुके पञ्चायतसम्म प्यूठानसँगको सीमाना हुँदै बगेको छ र जलुके पञ्चायतमा प्यूठानतिरबाट आएको माडी खोला यसमा मिलेपछि यसको नाम रापती नदी हुन गएको छ ।रापती नदीका बेंसीहरू करीब ३०५ मिटर (१,००० फीट) सम्म होचा छन् र यी बेंसीहरू निकै उब्जाउ पनि छन्। झिमरुक खोला वा रापती नदीकै रूपमा यस जिल्ला र प्यूठानको लगभग ४८ किलोमिटर (१५ कोस) सीमाना हुँदै रापती नदी बगेको छ । अर्घाखाँची जिल्लाका नदीहरूमा सबभन्दा ठूलो नदी रापती नै हो ।

मथुरा खोला

यो खोलालाई शुरूमा चौवाखोला पनि भनिन्छ । बाङ्ला र बलकोटको बीचबाट उत्तरदेखि बग्दै आई खाँची खोलासम्म मिलेपछि यसलाई ठूलोखोला भनिन्छ र पालीको पुछारबाट यसलाई सौरेखोला भनिन्छ । गुल्मीतिरबाट आउने खर्जेङ खोला र अर्घाखाँचीको दुर्गाखोलासँग यो खोला मिलेपछि रिडी खोला बन्दछ र त्यसपछि पाल्पा र गुल्मीको सीमाना भई पूर्वतिर बग्दछ र पछि कालीगण्डकीमा मिल्दछ । मथुरा खोलामा अरू सानातिना धेरै खोला मिलेका छन् र यसको लम्बाइ करीब १९ किलोमिटर (६ कोस) छ । मथुरा खोलाको बेंसीलाई मथुरा बेंसी भनिन्छ र यो बेंसी जिल्लाको प्रमुख उब्जाउ बेंसीमध्ये एक हो ।

गङ्गा खोला (बाणगङ्गा)

जिल्लाको अर्को प्रमुख नदी गङ्गा खोला हो । जिल्लाको दक्षिण भागमा रहेको गङ्गा खोलामा अन्य सानातिना खोलाहरू मिलेपछि दक्षिणतिर बग्दै बाणगङ्गाको नामले कपिलवस्तु जिल्लामा प्रवेश गर्दछ । यसको लम्बाइ करीब २२ किलोमिटर (७ कोस) छ ।

सीत खोला (सीताखोला)

नरपानीको केही दक्षिणमा रहेको महाभारत शृङ्खलाको काउले चुचुरोबाट उत्पन्न भएको सीत खोला पनि जिल्लाको प्रमुख नदीहरूमध्ये एक हो । पश्चिमतिर बग्दै गई जलुके पञ्चायतमा पुगेर यो खोला रापती नदीमा मिल्दछ र यसको लम्बाइ करीब ३२ किलोमिटर (१० कोस) छ । जिल्लाभित्रको सबभन्दा लामो नदी यही हो ।

जिल्लाका अन्य नदीनालामा बांगीखोला, चुत्रा बेंसी (खाँची) खोला, खाका बेंसी खोला, सिस्ने खोला, वडाहर खोला, रिङसिङ खोला, सिलिङ खोला, बद्री खोला, सिर्लिङ खोला, साम्ने खोला, केबुवा खोला, खर्जेङ खोला, तिलकुवा खोला, दुर्गा खोला, वडहरे खोला, हरिछाप खोला, कुसुम खोला, मन्द्रे खोला आदिलाई लिन सकिन्छ

झरना तथा तालहरू

अर्घा तोषको तिलकुवा खोलाको झरना तथा नरपानी र सुपाबजारको बीचमा रहेको सीत खोलाको झरना उल्लेखनीय छन् । यी बाहेक सानातिना झरनाहरू पनि यहाँ निकै पाइन्छन् ।

यहाँका उल्लेखनीय प्राकृतिक तालहरूमा स्याङलाङ दह, झिर्रादह, गौचर दह, खन दह तथा ठाडाको कमलपोखरीलाई लिन सकिन्छ । तर यी तालहरू त्यति ठूला छैनन् ।

हावापानी

अर्घाखाँची जिल्लाको दक्षिण भागमा घना जङ्गलहरू भएको र पहिले औलो पनि लाग्ने हुँदा उत्तरी भागको हावापानी विशेष स्वास्थ्यकर मानिन्छ । हाल औलो प्रायः उन्मूलन भई सकेतापनि जिल्लाको अधिकांश गाउँ बस्ती उत्तरतर्फ केन्द्रित छन् र दक्षिणतर्फ बसोबास नगण्य छ । जिल्लाको अधिकांश पहाडी भागमा समशीतोष्ण मनसुनी हावापानीकै प्रभाव मुख्यतया पाइन्छ । तर २,१३४ मिटर (७,००० फीट) उचाइका अग्ला लेकहरूदेखि लिएर झण्डै ३०५ मिटर (१,००० फीट) मात्र उचाइ भएका बेंसीहरू

पनि भएको हुँदा यहाँ उचाइ अनुसार शीत प्रधान शीतोष्ण हावापानी र उष्ण मनसुनी हावापानीको प्रभाव भएका क्षेत्रहरू पनि रहेका छन् ।

यस जिल्लाको एक मात्र मौसम अवलोकन केन्द्र खाँचीकोट मैदानमा छ जहाँ वर्षा मात्र नापिन्छ। तापक्रम नाप्ने मौसम केन्द्र यहाँ नरहेको हुँदा जिल्लाको कुनै पनि स्थानको तापक्रम बारे केही भन्न कठिन पर्दछ। तर विभिन्न स्थानको उचाइ अनुसार वर्षको कुनै पनि बेलामा तापक्रम पनि फरक फरक रहन्छ र साधारणतया अरू ठाउँमाझैं यहाँ पनि धेरै उचाइ भएका लेक र पहाडमा तापक्रम कम रहन्छ र होचा डाँडा र बेंसीहरूमा तापक्रम बढी रहन्छ। महाभारत पहाडको केही लेकहरूमा हिउँदमा हिउँ पर्ने हुंदा त्यस्ता ठाउँमा हिउँदताका तापक्रम शुन्य (०° सेन्टिग्रेड) भन्दा कम वा शून्यको हाराहारीसम्म पुग्दछ। त्यस्तै बेंसीहरूमा ग्रीष्मकालमा तापक्रम ४०° सेन्टिग्रेडको हाराहारीमा वा सो भन्दा केही बढी पनि हुनजान्छ।

यस जिल्लाको खाँचीकोट मैदानमा रहेको मौसम केन्द्रको स्थापना वि. सं २०२८ सालमा भएको हो। महाभारतको मुख्य श्रृङ्खलामा रहेको यस मौसम केन्द्रको अभिलेखबाट जिल्लाको अधिकांश पहाडी भागमा हुने वर्षाको अनुमान गर्न सकिन्छ तापनि जिल्लाका बेंसीहरूमा हुने वर्षाको मोटामोटी अनुमानको लागि यस जिल्लाको केही पूर्वमा रहेको गुल्मी जिल्लाको रिडी मौसम केन्द्रको वर्षाको अभिलेख पनि प्रस्तुत गरिएको छ। खाँचीकोट र रिडीको सन् १९७२ (वि.सं. २०२८–०२९) को वर्षाको अभिलेखहरू निम्न बमोजिम छन् र अभिलेखहरू अंग्रेजी महीनाहरूमा दिइएको छ।

वर्षाको तालिका (मिलिमिटरमा)

महीना	खाँचीकोट मैदान (१,४७० मिटर)	रिडी (गुल्मी) (६.२८मिटर)
जनवरी	०.२	२.०
फेब्रुअरी	३१.६	४०.१
मार्च	२४.८	०.०
अप्रिल	१९.९	१७.२
मे	९.२	२६.२
जून	५५.०	१२२.२
जुलाई	२८०.९	४३५.९
अगष्ट	९३.९	१६५.८
सेप्टेम्बर	१३६.५	१८२.८
अक्टोबर	२३.१	१०.०
नोभेम्बर	३.०	१८.५
डिसेम्बर	०.१	०.०
वार्षिक जम्मा	६७८.२	१,०२०.७
२४ घण्टा भित्र सबभन्दा बढी वर्षा र मिति	६९.४ मि. मि. १८ जुलाईमा	११७.० १७ जुलाईमा
वर्षभरिमा पानी पर्ने औसत दिन	५९	६३

उपरोक्त अभिलेखहरू श्री ५ को सरकार, सिचाइ तथा जलवायु विज्ञानविभागबाट प्राप्त भएका हुन्।

उपर्युक्त अभिलेखहरूको आधारमा यहाँ महाभारतको उत्तरी ढालमा रहेको खाँची कोटमा भन्दा बेंसीहरूमा बढी वर्षा हुने अनुमान गर्न सकिन्छ । साधारणतया पहाडहरूको दक्षिणी ढालमा उत्तरी ढालमाभन्दा बढी वर्षा हुन्छ । खाँचीकोटमाभन्दा रिडीमा वर्षा निकै ज्यादा हुन्छ तापनि जिल्लाका अधिकांश बेंसीहरूमा रिडीमा जत्तिकै वर्षा हुन्छ भन्न कठिन पर्दछ । महाभारतको दक्षिणी ढाल र चुरे क्षेत्रको वर्षाको अभिलेख प्राप्त नभए तापनि चुरे पहाडको अन्त्य र भावरको शिरानमा रहेको बुटवलमा वर्षमा औसत २,५०० मिलिमिटर पानी पर्ने हुँदा यस जिल्लामा पनि महाभारतको दक्षिणी ढाल र चुरे क्षेत्रमा ज्यादा वर्षा हुने अनुमान गर्न सकिन्छ । यहाँ साधारणतया जेठको अन्त्य वा असारको शुरूदेखि साउनको अन्त्य वा भदौको शुरुसम्म मनसुनको प्रभावले गर्दा ज्यादा वर्षा हुन्छ र कात्तिकदेखि पुससम्म वर्षा नगण्य रूपमा हुन्छ । माघ महीनामा प्रायः हिउँदे झरी पर्दछ । रिडी र खाँचीकोट दुवै ठाउँमा सबभन्दा बढी वर्षा साउन महीनामा भएको देखिन्छ । खाँचीकोटमा सन् १९७२को जुलाई १८ का दिनमा चौबीस घण्टाभित्र सबभन्दा बढी (६९.४ मिलिमिटर) वर्षा भएको थियो ।

मोटामोटी रूपमा यस जिल्लामा दुई प्रकारको हावापानीको प्रभाव पाइन्छ ।

(१) समशीतोष्ण हावापानी
(२) उष्ण मनसुनी हावापानी

समशीतोष्ण हावापानी

अर्घाखाँची जिल्लाको उत्तरी सीमानादेखि मध्य भागसम्म महाभारत पहाडका श्रेणीहरू फैलिएका छन् । यस क्षेत्रमा रहेका करीब १,२१९ मिटर (४,००० फीट) भन्दा बढी उचाइ भएका पहाडी भागहरूमा समशीतोष्ण हावापानीको प्रभाव पाइन्छ । यहाँ हिउँदमा साधारण किसिमको जाडो हुने र सुख्खा, सफा मौसम हुने गर्दछ । पश्चिमबाट आउने दक्षिण–पूर्वी मनसुनले गर्दा पुस, माघतिर केही पानी पर्दछ । चैत, वैशाखतिर आँधीबेहरी र असिना पर्ने गर्दछ र असारदेखि भदौ-असोजसम्म पूर्वबाट आउने दक्षिण-पश्चिमी मनसुनले गर्दा वर्षा हुन्छ । यहाँ वैशाख, जेठतिर केही गरम र सफा, सुक्खा मौसम रहन्छ। असारदेखि असोजसम्म ओसिलो र गरम मौसम रहन्छ । कात्तिक र मंसीरमा शीतल, सफा र रमाइलो मौसम हुन्छ । यस क्षेत्रमा बसोबास को लागि अनुकूल हावापानी भएको हुँदा पहिलेदेखि जिल्लाका अधिकांश तथा प्रमुख गाउँ बस्तीहरू यहीं केन्द्रित हुँदै आएका छन् । यस क्षेत्रमा थुम्किला डाँडाहरू प्रशस्त रहेका हुँदा अग्ला लेकहरू बाहेक अन्य पहाडहरूमा पाखाबारीहरू पहाडका शिरानसम्म नै पुगेका छन् । यहाँ वन जङ्गल सारै कम छन् र जति छन् निकै पातला भइसकेका छन् । यस्ता पहाडहरूमा सल्ला र साजको मिश्रित वनहरू पाइन्छन् ।

महाभारत पहाडका करीब २,१३४ मिटर (७,००० फीट) भन्दा अग्ला लेकहरूमा भने शीत प्रधान शीतोष्ण हावापानी पाइन्छ । यस्ता लेकहरूमा हिउँदमा यदाकदा हिउँ पर्ने पनि गर्दछ तर एक दुई हप्तामै पग्ली सक्दछ । हिउँदमा शून्य (०° सेन्टिग्रेड) भन्दा तल पनि तापक्रम पुग्ने हुँदा प्रायः पानी जम्ने गर्दछ । त्यसैले यस्ता लेकहरूमा हिउँदमा निकै जाडो हुने र गर्मीमा शीतल र रमाइलो मौसम पाइन्छ। जिल्लाको केही दक्षिणमा पर्ने महाभारतको मुख्य श्रृङ्खलाका लेकहरूमा उत्तरतिर रहेका लेकमाभन्दा बढी वर्षा हुन्छ साथै यिनै लेकहरूले गर्दा जिल्लाको उत्तरी भागमाभन्दा महाभारतदेखि दक्षिणपट्टिको भागमा बढी वर्षा हुने अनुमान गर्न सकिन्छ । लेकहरूमा सल्ला र गुराँसका जङ्गल तथा जरीबूटीहरू पाइन्छन् ।

उष्णमनसुनी हावापानी

यहाँका बेंसीहरूको औसत उचाइ ६१० मिटर (२,००० फीट) भएकोले बेंसीहरूमा तथा जिल्लाको दक्षिणमा रहेको चुरे डाँडाको भागमा उष्ण प्रकारको हावापानी पाइन्छ। यस क्षेत्रमा गर्मी ज्यादा हुन्छ। हिउँदमा जाडो कम र सफा, सुक्खा मौसम हुन्छ। जिल्लाको मुख्य वन जङ्गल रहेको क्षेत्र यही हो र यहाँ गाउँ, बस्तीहरू निकै कम छन्। पहिले यस क्षेत्रमा औलो पनि लाग्दथ्यो तर हाल औलो प्रायः उन्मूलन भई सकेको छ। चुरे क्षेत्रमा उब्जाउ बेंसीहरू पनि कमै छन्। यस क्षेत्रमा जिल्लाको अन्य भागमाभन्दा बढी पानी पर्दछ। यस क्षेत्रमा साल समूंहको जङ्गल ज्यादा पाइन्छ ।

प्राकृतिक वनस्पति

जिल्लाका विभिन्न ठाउँमा स्थानको उचाइअनुसार विभिन्न प्रकारका प्राकृतिक वनस्पतिहरू पाइन्छन्। लेकतिर मुख्यतया गुराँस, सल्ला, ओखर, चाँप, लेककाठ आदिका वन रहेका छन् र त्यस्ता वनमा जरीबूटीहरू पनि पाइन्छन्। मध्य उचाइमा पहाडी भागहरूमा सल्ला, साज, चिलाउने, अंगेरी, जामुनी, चिउली, तेजु (खल्टु) का वन-जङ्गल पाइन्छ ।

यहाँका बेंसीहरू तथा चुरे क्षेत्रमा मुख्यतया साल समूहका रुखहरू पाइन्छन्। घना वन क्षेत्र जिल्लाको दक्षिण र पश्चिममा रहेको छ जहाँ सालको साथै धँयेरो, खयर, हर्रो, बर्रो, आँप, सिमल, चिउली इत्यादि पनि पाइन्छन्। साथै यहाँका वन-जङ्गलमा बाँस, खन्निउ, कुटमेरो, दवदेवे र अन्य घाँस पात पनि पाइन्छ। जङ्गली जाई, वेली र चमेली महाभारतको दक्षिणपट्टिका जङ्गलहरूमा निकै पाइन्छन्। बेंसीबाट उठेका लेकहरूमा तल सालका रूखहरू देखिन्छन् भने बीचमा सल्लाको प्राधान्य र माथिल्लो भागमा गुराँसका रूख पाइन्छन्। त्यसैले यहाँ साल र सल्लाको मिश्रित वनं क्षेत्र धेरै ठाउँमा देख्न सकिन्छ ।

आवादीको चापले गर्दा जिल्लाको उत्तर र मध्य क्षेत्रमा वन जङ्गल ज्यादै कम छन्। जिल्लाको पश्चिम र दक्षिणी भागमा भने बसोबास नगण्य छ। घना वन-जङ्गलहरू छन्। यहाँका वन पैदावारमा काठ, दाउरा र घाँस पात नै मुख्य हुन्। पशु-वस्तुको निम्ति आवश्यक पर्ने घाँस पात र काठ, दाउरा आदिको लागि स्थानीय जनता वन-जङ्गलमै पूर्णतया आश्रित छन्। वन्य पैदावारमध्ये चिउलीबाट घ्यू बनाई बेच्ने चलन पनि यहाँ छ र यसबाट जिल्लाबासीहरूलाई केही आर्थिक सहयोग पुगेकोछ। त्यस्तै तेजु (खल्टु) जस्ता वनका फलफूलहरू यहाँ धेरैले खान्छन् र सल्लाका रूखहरूबाट खोटो निकाल्ने र बाल्नको लागि दियालो निकाल्ने पनि यहाँ गरिन्छ।

वन संरक्षण

पहिले औलो लाग्ने हुँदा र अझै पनि यातायातको कठिनाइ रहिरहेकोले जिल्लाको दक्षिणमा रहेका साल समूहका घना जङ्गलहरू अझै पनि सुरक्षित रहेका छन्। साथै त्यस क्षेत्रमा आवादी पनि कम रहेको र फराकिलो बेंसीहरू नहुँदा केही ठाउँमा सीमित रूपमा बाहेक वन फडानी भएको छैन। हालसालै कुनै कुनै ठाउँमा वन फडानी गरी बसोबास गर्ने प्रवृत्ति देखा पर्न थालेको छ। आवादीले गर्दा जिल्लाको उत्तर तथा मध्य भागका पहाड र बेंसीमा वन-जङ्गल निकै कम छन् र लेकतिर मात्र केही घना वन पाइन्छन्। वन संरक्षणको सिलसिलामा सीमाना तोक्ने, बार लाउने जस्ता कार्यहरू गर्न अझै बाँकी छ।

तापनि घर कटेरो बनाउन चाहिने काठको लागि पुर्जी दिने, जथाभावी रूख काट्ने माथि कारवाई गर्ने, डढेलो लाउन नदिने र वन तथा वन्यजन्तुको संरक्षण गर्ने काम जिल्ला पञ्चायत र स्थानीय पञ्चायतको सहयोगमा प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट गरिन्छ।

पशुपक्षी

यस जिल्लाको उत्तरतिरका जङ्गलहरूमा ठूला जानवरहरू पाइँदैनन्। दक्षिणतिरका जङ्गलहरूमा बाघ, भालू, चितुवा आदि पाइन्छन्। यहाँका जङ्गलहरूमा पाइने अन्य जन्तुहरूमा, बँदेल, चित्तल, राते, हरिण, बाँदर, स्याल, माउ खाने, भार्से, वन बिरालो, खरायो, ढेडुवा] आदि हुन्। चरा चुरूङ्गीहरूमा यहाँ कालिज, तित्रा, ढुकुर, हलेसो, सारूङ, भँगेरो, फिस्टो, जुरेली, भ्याकुरो, राम सारी, खोल चुच्ची, सुगा, मैना, काल्चे, धोवी चरो, लामपुच्छ्रे, कोकले, झिर्रो, वांगे चरी, कुटँया, खोले हाँस, काग, लाँचे, गिद्ध, लुइँचे, रानीचरी, न्याउलो, कुथुरको, बकुलो, लाटोकोसेरो आदि छन्। तर कालिज, तित्रा, ढुकुर र हलेसो प्रायः धेरैजसो जङ्गलहरूमा पाइन्छन्। हिउँदताका धेरैजसो जङ्गलमा डढेलो लाग्ने हुँदा पशुपक्षीहरूको केही हानी नोक्सानी हुन्छ।

खनिज पदार्थ

परम्परागत तरीकाबाट खानीहरूबाट धाउ निकाल्ने चलन यहाँ पहिले रहेता पनि त्यस्ता पुराना खानीहरू हाल सबै बन्द छन्। यस्ता पुराना खानीहरूमध्ये हंसपुर रतमारे पञ्चायतमा पर्ने सुमर भुमरको कोवाल्ट खानी प्रसिद्ध छ।[1] उक्त खानीको साथै यहाँका विभिन्न स्थानमा पाइने खनिज पदार्थहरूको पनि अध्ययन भएको छ। अध्ययन भएका स्थान र खनिज पदार्थहरूमा दुरुङ खोलाको शीशा र जस्ता खानी, खाँचीकोटको लाइमस्टोन (चूनढुङ्गा) खानी, ढिकुरा काफलवास पञ्चायतमा रहेको खानी गाउँको तामाखानी, सीतापुर पञ्चायतमा रहेको घोरवंदाको शीशाखानी, मन्द्रे सुवर्णखाल पञ्चायतमा पर्ने सन्दुको शीशा र लाईम स्टोन खानी र खिदिम गणिकोट पञ्चायतमा रहेको खुलौलेको पुरानो शीशा खानी छन्।[2] सुमर भुमरको कोवाल्ट खानीको अध्ययन सन् १९४२ मैं भएको थियो[3] र जिल्लामा खनिज पदार्थ बारेको अध्ययन सबभन्दा पहिले यहीं नै भएको देखिन्छ। विभिन्न खानीहरूबाट धाउ निकाल्न आर्थिक दृष्टिकोणले फाइदाजनक हुन्छ वा हुँदैन भन्ने बारे राम्रो अध्ययन हुन अझै बाँकी छ तापनि खाँचीकोट र सन्दुका खानीहरूका लाइमस्टोन सिमेन्ट उत्पादनको लागि उपयुक्त हुने देखिएको छ।[4]

स्थानीय भनाइअनुसार अर्घा रजस्थल पञ्चायतमा रहेको धर्तीखोरको तामा खानी र त्यसको पश्चिम पट्टि ढाँणको लेकमा रहेको फलाम खानीबाट पहिले धाउहरू झिक्ने गरिन्थ्यो। अर्घा रजस्थल, खन र वाङला बलकोट पञ्चायतहरूमा घर छाउने स्लेट ढुङ्गाका खानीहरू हाल चालू छन् र ती खानीहरूमा सेता र काला दुई रङका स्लेट ढुङ्गाहरू पाइन्छन्। स्थानीय जनताले घर छाउन त्यस्ता ढुङ्गाहरूको उपयोग गर्न थालिसकेका छन्।

---

[1] Talalov, V. A. — Geology and Ores of Nepal, Map and Vol. II, Kathmandu, 1972, p. 269

[2] Ibid, p.269

[3] Ibid, p. 270

[4] Ibid, p. 269

ऐतिहासिक पृष्ठभूमि

पौराणिक कालका केही महत्वपूर्ण घटनाहरूसँग यस जिल्लाको सम्बन्ध रहेको विश्वास गरिन्छ तापनि अर्घाखाँचीको इतिहास पश्चिम नेपालमा चौबीसी राज्यहरू जब देखापरे त्यसबेलादेखि मात्र क्रमबद्ध रूपमा भेटिन्छ ।

केही शताब्दी इसा–पूर्व यस जिल्लाको खिदिम क्षेत्रमा रहेको पणेना भन्ने स्थानमा पाणिनी ऋषि आई महादेवको तपस्या गरेर महादेवको वरदान पाई संस्कृत व्याकरण तयार गर्न सफल भए भनिन्छ। खिदिम नजीकै तुदी भन्ने डाँडा रहेको क्षेत्रलाई तुदी भनिन्थ्यो र पछि मात्र पाणिनीले तपस्या गरेको स्थानको नाम पणेना रहन गयो भन्ने भनाइ छ । पणेनाको वायव्य दिशामा करीब तीन किलोमिटर (एक कोस) टाढामा दुर्वासा ऋषिको आश्रम रहेको थियो भन्ने पनि भनाइ छ । हाल सदरमुकाम रहेको नरपानीलाई पहिले नर्तनाचल भनिन्थ्यो र नर्तनाचलमा रावणले नाचेर शिवलाई खुशी पारेको थियो र नर्तनाचलभन्दा केही दक्षिणमा रावणले पहरो फोरी निकालेको नदीलाई नै बाणगङ्गा भनिएको हो भनिन्छ । वराह पुराणमा पनि बाणगङ्गा र नर्तनाचलका विषयमा उल्लेख गरिएको छ ।[1] महाभारतकालमा यहाँ अर्को एक चाखलाग्दो घटना घटेको थियो भन्ने जनश्रुति पाइन्छ । उक्त जनश्रुतिअनुसार त्यसबेला यस जिल्लाको उलुक छत्रगञ्जमा एकलव्य नामगरेका बडा प्रतापी राजा थिए । महाभारतको लडाईंमा कमजोर पक्षलाई मद्दत गर्छु भनी ती राजा जाँदा कृष्णजीले तिनको टाउको काटिदिए । तर राजाको इच्छा अनुसार टाउकोलाई लट्ठीमा उनेर रणक्षेत्रको एक छेउमा राखी लडाईं हेर्न दिए । लडाईं समाप्त भएपछि ती राजाले लडाईंको सबै वृत्तान्त भनेका हुँदा ती राजालाई वर्वरे राजा पनि भनिनथाल्यो । पछि राजाको इच्छा अनुसार कृष्णजीले राजाको शिर उलुकमै ल्याई विधिपूर्वक समाविष्ट गरिदिए र राजालाई छत्रराजा भन्ने उपाधि पनि दिए । राजाको शिर राखेको ठाउँलाई छत्र स्थान भनिन्छ र त्यहाँ आजसम्म पनि पूजा–आजा गरिन्छ ।

लिच्छविकालमा यस जिल्लाको इतिहासबारे कुनै उल्लेख पाइँदैन तापनि लिच्छवि राज्यको सीमाना वर्तमान नेपाली सीमाना जतिनै रहेको हुँदा यहाँ पनि तिनीहरूकै शासन थियो भन्ने देखिन्छ ।[2]

---

१. कृष्णमणि त्रिपाठी (सं.)-पाणिनी तपोभूमि, भारतीय साहित्य विद्यालय, वाराणसी (सन् १९५८) पृष्ठ ५६-६५

२. धनवज्र वज्राचार्य, आदि-(सं.) इतिहास संशोधनको प्रमाण प्रमेय, जगदम्बा प्रकाशन, ललितपुर २०१६ पृष्ठ २१-२८

लिच्छविहरूको पतनपछि पश्चिम नेपालमा खशिया मल्लहरूको अभ्युदय भयो । खशिया मल्लहरूको चकचकीको समयमा हालको अर्घा र खाँचो जिल्ला उक्त खशिया मल्लहरूको अधीनमा थिए । ईसाको १४ धौं शताब्दीमा खशिया मल्लहरूको पतन भएपछि यस इलाकामा अनेक भुरे राज्यहरू खडा भए ।

पाल्पामा सेन राज्यको स्थापना हुनु अघि यस क्षेत्रमा गाउँ गाउँमा सीमित स-साना राज्यहरू मात्र थिए । त्यस्ता राज्यका राजाहरूलाई भुरे राजा भनिन्थ्यो । अर्घा र खाँचीका त्यस बखतका राजाहरूलाई अझै पनि स्थानीय जनता भुरे राजाकै संज्ञा दिन्छन् । काठमाडौं उपत्यकाको मल्ल राजाहरूको आपसी कलहले गर्दा टाढाका सामन्तहरूले स्वतन्त्र राज्यहरू खडा गरे । ती राज्यहरूको समुदायलाई चौबीसी राज्य भनिन्थ्यो । हालको अर्घा मध्यकालमा चौबीसी राज्यहरूमध्ये एक थियो । यस राज्यको नामकरण बारेमा यस प्रकारको किवदन्ती छ – अर्घा पवित्र भूमि भन्ने अघिदेखि नै असल ठाउँ थियो र त्यसलाई अर्घ्य भन्दथे । अर्घ्य शब्द बिग्रेर पछि अर्घा हुन गएको हो भनिन्छ । अर्घाको सीमाना पूर्वतिर गुल्मी, पश्चिममा प्यूठान, उत्तरतिर धुर्कोट र दक्षिणतिर खाँची थियो । त्यस बेलाको अर्घा राज्यभित्र जम्मा १९ वटा मौजाहरू थिए ।

यस राज्यमा अघि जिल्ला राईलाई पश्चिम सिस्वनगढबाट ल्याई राजा बनाएको कुरा जङ्गबहादुरकालिक कागतपत्रमा लेखिएको छ ।[3] उक्त पत्र अनुसार अर्घा रजस्थल बस्ने गुठियार देवीदास भुसालको पुर्खा रामभक्त भुसालले र श्रीमहाकाली देवीलाई बोकी निज राजा जिल्ला राईको साथ आई अर्घा पुग्दा अर्घा सर गरी त्यहीं देवीको पुजारी भई बसेका थिए । उक्त पत्रअनुसार रामभक्त भुसालको ३६ पुस्तापछि देवीदास भुसाल हुन आउँछ । यस पत्रमा लेखिएको जिल्ला राई र ह्यामिल्टनले उद्धरण गरेको जिलराई[2] एक हो कि भन्ने कुराबारे शोधकार्य हुन बाँकी नै छ । जिल्ला राईपछि कैयौं पुस्ता उनकै सन्तानले राज गरे । त्यही वंशका श्रीतर्फकाले अर्घा राज्य गरिरहेको बेलामा गढवाल राज्यमा मुसलमानहरूको आक्रमण हुँदा त्यहाँका राजा शिवराज शाह भागी अर्घामा आए ।

वंशावली अनुसार रातमा बास बसेका राजा शिवराज शाहलाई देवीले दर्शन दिई अर्घाका राजा श्रीतर्फका राईलाई हराई राज्य गर्नु भन्ने निर्देशन दिए अनुसार अर्घा विजय गरी शिवराज शाहले राज्य गर्न थाले । शिवराज शाहको छोरा मेघासीराज शाह थिए । उक्त मेघासीराज शाहले आफू जीवित छँदै जेठो छोरा जयन्तराज शाहलाई अर्घा, माहिलो खड्गराज शाहलाई धुर्कोट र कान्छो वीरेन्द्रराज शाहलाई खाँची दिएर आफू चुत्रा बेंसीमा गई तपस्या गरी समाधि भए ।[3] त्यसपछि ती तीन भाइहरूका सन्तानले उक्त तीन ठाउँमा राज्य गरे ।

जयन्तराज शाहको पुत्र अनन्तराज शाहले अर्घाबसी बिहार भन्ने ठाउँमा शीतकालकोलागि बनाएको दरबारको अवशेष मात्र बाँकी छ । अनन्तराज शाहका छोरा राजा धनराज शाहले बनाएको रतुवा भन्ने ठाउँको पोखरी अझ पनि राजाको पोखरी भन्ने नामले प्रख्यात् छ । यिनीहरूकै सन्तान वीरकुमार शाह संवत् १८३०

---

१. शङ्करमान राजवंशी– अर्घाबाट प्राप्त केही ऐतिहासिक पत्र, प्राचीन नेपाल, पुरातत्त्व विभाग, श्री ५ को सरकार, काठमाडौं, संख्या ७ पृष्ठ ३१–३३

2. Hamilton, F. B. — An Accounot of the Kingdom of Nepal, p. 129

शङ्करमान राजवंशीको माथि उल्लिखित पत्रिकाको लेख

मा अर्घाका राजा भए। राजा वीरकुमार शाहको बारेमा दुइवटा ऐतिहासिक पत्रहरू पाइएका छन्।[1] यिनै राजाको पालामा संवत् १८४३भदौ २६ मा अर्घा राज्य पाल्पाली र नेपालीहरूको संयुक्त आक्रमणमा परास्त भई पाल्पा राज्यमा गाभियो।

माथि उल्लिखित स्थानीय साधनको आधारमा देखिने इतिहासको विपरीत ह्यामिल्टनको बयान छ। उक्त कथनअनुसार अर्घा, खाँची, मुसिकोट, धुर्कोट, इस्मा र गुल्मीका राजाहरू एउटै खानदानका थिए।[2] यस खानदानको उद्भव स्थान गुल्मीलाई मानिएको छ। यस परिवारलाई किन काला मकवानी भनियो भन्ने कुरा स्पष्ट भएको छैन। माथि उल्लिखित वंशावली 3 अनुसार मेघासी नाउँ भएको राजाको सन्तान भएकोले मेघासी परिवार भनिएको हुन सक्दछ। तर नेपालको इतिहासमा खाँची र धुर्कोटको राजवंशलाई मेघासी भनिन्छ र गुल्मी, अर्घा र इस्माका राजालाई काला मकवानी वंशका भनिन्छ। यसबारे पनि तथ्य पत्ता लगाउन शोध कार्य हुन बाँकी नै छ।

पाल्पाली राजा मुकुन्द सेन (द्वितीय) ले अर्घाका राजाकी जेठी छोरी माहाकुमारीसँग विवाह गरेका थिए र आफ्ना ससुरालाई तराईको तप्पा वन्दर उपहार दिएका थिए। तराईको यो सानो प्रदेश पाल्पाले नवाव वजिरलाई मालपोत तिर्ने गरी लिएको हुँदा अर्घाका राजालाई उपहार दिए तापनि त्यस प्रदेशको मालपोत नवाव वजिरलाई पाल्पाबाटै तिरिन्थ्यो। पछि मुकुन्द सेनका छोराले भने अर्घा राज्यबाट पहाड तथा मैदानी भाग दुवै खोसे। यसरी खाँचीको दाँजोमा अर्घा त्यति सम्पन्न राज्य थिएन भन्ने देखिन्छ। करीब चारकोसको उकालो माथि डाँडामा अर्घाको राजधानी थियो। डाँडाको टुप्पामा राजाको कोट थियो र त्यहाँ करीब १५० घरहरू थिए। उकालोको आधा बाटोमा ३५० घरको एक अर्को बस्ती थियो। घरहरू कच्ची नै थिए। तल्लो बस्तीमा पानी प्रशस्त पाइन्थ्यो। तर कोट रहेको माथिल्लो भागमा पानी लिन केही पर जानु पर्दथ्यो। पहाडी भागमा कुनै खानी थिएन नत कुनै ठूलो व्यापार केन्द्र वा बजार थियो। जमीनको मालपोतबाट राजाले वार्षिक रु. ४,०००। जति आय गर्दथे।4

त्यसबेला अर्घा राज्यमा करीब ५,००० घरहरू मात्र थिए भन्ने ह्यामिल्टनको बयानबाट थाहा हुन्छ। त्यसमध्ये १०० घर जति बाहुनहरू थिए र राजपुतहरूको संख्या नगण्य थियो। झण्डै आधा जनसंख्या खसहरूको थियो र अरू बाँकीमा किसान तथा पेशेवार श्रमजीवीहरू थिए। 5

अर्घा राज्यको दक्षिणी सीमा अर्घालुरसम्म मात्र थियो र उत्तरमा २१ कोस परसम्म फैलिएको थियो।[5]

---

१. शङ्करमान राजवंशीको माथि उल्लिखित पत्रिकाको लेख

२. ऐजन, पृष्ठ २६–३३

3. Hamilton, F. B.-op. cit. p. 263

4. Hamilton, F. B.-op. cit. p. 266

5. Kirkpatrick, W. J. — An Account of the Kingdom of Nepaul, p. 288

पाल्पा र विनायकपुरका राजा गन्धर्व सेनले आफ्ना मित्र राज्यहरू गुल्मी,खाँची र अर्घाका राजाहरूको मद्दतबाट वलिहाङ (वल्डेङगढी ?)[१]का मगर राजाको राज्यमा कब्जा गरी विजित प्रदेश बाँडचुँड गरी लिए । त्यस बाँडचुँडमा विजितप्रदेशकै खिदिम (जुन हाल अर्घाखाँची जिल्लामा पर्दछ) कसले लिने भन्ने कुरामा कचिङ्गल पर्न जाँदा सबैले खिदिम एक ब्राह्मणलाई दिने कुरामा स्वीकार गरे । नेपाल अधिराज्यमा गाभिनु अघिसम्म खिदिममा ती ब्राह्मणकै सन्तानहरूको अधिकार थियो र नेपाल अधिराज्यमा गाभिएपछि रणबहादुर शाहले आफ्ना ससुरा गुल्मीका राजालाई खिदिम दिए ।[2]

यसरी अठारौं शताब्दीको शुरुसम्म यहाँ खाँची र अर्घा दुई साना राज्यहरू थिए र यी दुवै राज्य गुल्मी र पाल्पाको प्रभाव क्षेत्रभित्र पर्दथे । यी दुई राज्यमध्ये खाँची विशेष सम्पन्न रहेको देखिन्छ र खाँचीको त्यस बेलाको अवस्थाको छोटकरी वर्णन तल गरिन्छ ।

ह्यामिल्टनको वयान अनुसार वलिहाङ राज्यको बाँडचुँडमा खाँचीले पहाडसँग जोडिएको तराईको निकै ठूलो भू-भाग पाएको थियो र त्यसबेला खाँचीको राज्य सीमा दक्षिणमा वर्तमान कपिलवस्तु जिल्लासम्म फैलिएको अनुमान गर्न सकिन्छ । उत्तरमा खाँचीको सीमा अर्घालुरसम्म पुगेको थियो । खाँची राज्यमा पहाडको अन्त्य र तराईको शिरानमा वडकाद्वार भन्ने प्रसिद्ध बजार थियो र त्यहाँ ठूलो व्यापार हुन्थ्यो । पछि गएर खाँची र पाल्पा नेपाल अधिराज्यमा गाभिएपछि मात्र व्यापार केन्द्र बुटवलमा सर्न गयो । वडकाद्वारको चार कोस पूर्वमा रहेको खोर भञ्ज्याङद्वारा उकालो ओरालो ज्यादा जान नपर्ने सजिलो बाटो हुदै खाँची नगर पुगिन्थ्यो । खाँचीमा विभिन्न स्थानमा जाने मूलबाटोहरू जोडिएका थिए । खाँचीमा राजाको कोट थियो जुन पक्की ईँटले बनेको थियो र अरू करीव ३०० जति कच्चीछाना भएका घरहरू थिए । खाँचीका राजाको उल्लेखनीय जिल्ला जुकेना डाँडामा पनि थियो । राज्यका फौजी अफिसर र सिपाहीहरूलाई जमीन जागिर दिइएको थियो । बाँकी जमीनहरूबाट राजाको आम्दानी वर्षमा रू. ४,०००। जति र तराई खण्डबाट उब्जनी अनुसार रू. ५००। देखि रू. १,५००। सम्म राजस्व उठ्दथ्यो । त्यसबेला खाँचीमा मुख्यतया खसहरूकै वस्ती थियो र ह्यामिल्टनको भनाइ अनुसार राज्यको पहाडी भागमा ५।१६ भाग खसहरू, ३।१६ भाग बाहुन र राजपूतहरू र ८।१६ किसान तथा अन्य पेशेवार श्रमजीवीहरू थिए । खाँचीका अन्तिम राजा दुर्गर शाही थिए र यिनलाई पछि पाल्पाली राजा महादत्त सेनले हराए । दुर्गर शाही भागेर ज्यानसम्म बचाए तर उनको पछि के भयो सोबारे कतै केही उल्लेख पाइँदैन ।[3]

खाँचीको राजवंशको त्यसबेला निकै प्रतिष्ठा रहेको देखिन्छ । गोरखाका राजा नरभूपाल शाहको चार रानीहरूमध्ये जेठी रानी चन्द्रप्रभावतीदेवी खाँचीकी राजकन्या थिइन् ।[४] चन्द्रप्रभावतीबाट सन्तान भएन ।

---

[१] ह्यामिल्टनको वयान अनुसार अर्घा, खाँची र पाल्पा राज्यको बीचमा वलिहाङ थियो । ह्यामिल्टनको किताबमा रहेको नक्सा अनुसार पनि हाल उक्त इलाकामा वल्डेङगढी रहेको हुँदा वल्डेङ गढी नै ह्यामिल्टनले उद्धरण गरेको वलिहाङको केन्द्र हुनुपर्छ । वल्डेङगढीको इलाका उसबेलाको वलिहाङ हुनु धेरै सम्भावना छ ।

[2] Hamilton, F. B.-op. cit. p. 171

[3] Ibid. pp. 265—66

[४] योगी नरहरिनाथ (सं.) गोरखा वंशावली, २००९, पृष्ठ १०३–५

नरभूपाल शाहकी माहिली रानी पाल्पाका राजा गन्धर्व सेनकी छोरी कौशल्यावती थिइन् र कौशल्यावतीको गर्भबाट नेपाल राष्ट्रका निर्माता पृथ्वीनारायण शाह पैदा भएका थिए ।

पृथ्वीनारायण शाहको जीवनकालमा नेपाल अधिराज्यको सीमा पश्चिमतिर फैलिन सकेको थिएन। त्यसबेला पाल्पा निकै शक्तिशाली राज्यमा गणना हुन्थ्यो र पाल्पालाई अर्घा, खाँची लगायत चौबीसी राज्यहरूमध्ये अरू निकैको सहयोग प्राप्त थियो । गोरखाली राज्यको बढ्दो शक्ति देखेर पाल्पाका राजा महादत्त सेन (मुकुन्द सेन द्वितीयका छोरा) ले पृथ्वीनारायण शाहका कान्छा छोरा बहादुर शाहसँग आफ्नी छोरीको विवाह गरिदिएका थिए । त्यसबेला नेपालको राजगद्दीमा बालक रणबहादुर शाह थिए र महारानी राजेन्द्रलक्ष्मीको मृत्यु (सन् १७८६ को प्रारम्भमा) पछि बहादुर शाह फेरि नायब भएका थिए । चौबीसी राज्यहरूमाथि विजय गर्न पाल्पाको मद्दत अनिवार्य रहेको हुँदा यसरी वैवाहिक सम्बन्ध गरी बहादुर शाहले पाल्पाको राजाको मद्दत लिन दामोदर पाँडेको नेतृत्वमा चौबीसी राज्यमाथि विजय गर्न फौज पठाए ।

नेपाल र पाल्पाको संयुक्त हमलामा चौबीसी राज्यहरू पराजित भए । त्यसबेला पर्वत राज्यलाई अधीनमा ल्याउन केही कठिन परेको थियो । अर्घाकोटमा पर्वतसित युद्ध भयो । पछि अर्घा र गुल्मी कब्जा भए । पर्वतले विजयी फौजको फेरि बाटो रोकेको थियो तर पर्वतलाई फेरि हराई यसको पनि कब्जा भएको थियो । विजित राज्यहरूको बाँडचुँड अधिकांश राज्यहरू नेपाल अधिराज्यमा विलीन भए र पाल्पाले गुल्मी, अर्घा र खाँची पायो । यसरी सन् १७८८ तिर अर्घा र खाँचीको स्वतन्त्र अस्तित्व बिलायो र यी दुवै राज्य पाल्पाको अधीनमा पर्न गए ।

पाल्पाका राजा महादत्त सेनको नवाब वजिर असफुद्दौलासँग ज्यादै राम्रो सम्बन्ध थियो । त्यसले पाल्पामाथि हमला गर्दा नवाबले पाल्पालाई मद्दत गर्ने सम्भावना देखेर नै बहादुर शाहले पाल्पा कब्जा गर्न उचित ठानेका थिएनन् । त्यसैले गर्दा महादत्त सेन बाँचुञ्जेल पाल्पा राज्य स्वतन्त्र नै रह्यो । महादत्त सेनपछि उनका छोरा पृथ्वीपाल सेन पाल्पाका राजा भए । पृथ्वीपालको समयमा पनि नवाब वजिरसँगको राम्रो सम्बन्ध कायमै थियो ।

रणबहादुर शाहको उमेर पुग्दै आएको हुँदा बहादुर शाह र रणबहादुर शाहमा मनोमालिन्य बढ्दै गएको थियो । बहादुर शाहले पश्चिम सर गर्न पठाएको फौज सन् १७९१ मा गढवालसँग सन्धि गरी फर्क्यो । सन् १७९५ तिर रणबहादुर शाहले शासन भार आफैंले लिए ।

त्यसबेलासम्म पाल्पाको राजवंशको ठूलो प्रतिष्ठा भएको र पाल्पा राज्य विशेष शक्तिशाली मानिएकोले पाल्पाका राजा पृथ्वीपाल सेनबाटै गीर्वाण युद्ध विक्रम शाहलाई राजतिलक लगाउने योजना अनुरूप सन् १७९७ मा दुई वर्षका बालक गीर्वाण युद्धविक्रम शाहको राजतिलककार्य सम्पन्न गराइयो। रणबहादुर शाहले सन्यास लिएर जेठी महारानी राजराजेश्वरी नायब भइन् । राजतिलक लगाउन आएका पाल्पाका राजा पृथ्वी पाल घर फर्कन पाएनन् र काठमाडौंमा नै रोकिएका पृथ्वीपाललाई सन् १८०३ मा राजराजेश्वरीले पाल्पा फर्कने अनुमति दिइन् ।

रणबहादुर शाह सन् १८०१ मा काशी गए र केही वर्षपछि फेरि नेपाल फर्केर आफैं मुख्तियार भई शासन गर्न थाले । पाल्पामाथि कब्जा गर्ने उद्देश्य अनुरूप पृथ्वीपालकी बहिनीसित विवाह गर्ने इच्छा देखाई

रणबहादुर शाहले पृथ्वीपाललाई फेरि काठमाडौंमा झिकाए तर पृथ्वीपालकी बहिनीसँग विवाह गरेनन् र पृथ्वीपाल काठमाडौंमै रोकिए । रणबहादुर शाह नेपाल फर्के पछि दामोदर पाँडेलाई मत्यु दण्ड दिइएको थियो र रणबहादुर शाहले भीमसेन थापालाई मुख्य सल्लाहकार र काजी बनाएका थिए। सन् १८०६ (वि. सं. १८६३ वैशाख) मा रणबहादुर शाह आफ्ना भाइ शेरबहादुर शाह द्वारा मरणासन्न हुने गरी घाइते भए । गीर्वाण युद्ध विक्रम शाहको संरक्षणको अभिभारा भीमसेन थापालाई बुझाई रणबहादुर शाह मरे । तर ह्यामिल्टनको वयान अनुसार रणबहादुर शाहको मृत्यु सन् १८०४ को जून महीनातिर भएको थियो ।[1] भीमसेन थापाले रणबहादुर शाहको मृत्यु भएकै दिनमा रणबहादुर शाहलाई मार्ने षडयन्त्रमा लागेकाहरूलाई खत्तम पारिदिए र पाल्पाका राजा पृथ्वीपाल सेनको पनि सो षडयन्त्रमा हात रहेको थियो भनी त्यसै दिन पृथ्वीपाल सेन र उनका साथमा आएका सैनिक अफिसरहरूलाई मृत्यु दण्ड दिए ।

भीमसेन थापाले आफ्ना बाबु अमर सिंह थापा (राष्ट्रिय विभूति, प्रसिद्ध वीर अमर सिंह थापा यिनी हैनन्) लाई तुरुन्तै पाल्पा कब्जा गर्न पठाए । पाल्पा सजिलैसँग कब्जा भयो । भीमसेन थापाका बाबु अमर सिंह थापाले सन् १८०६ मा पाल्पा कब्जा गरेका थिए र पाल्पाको प्रशासक पनि अमर सिंह नै भए । यसरी अर्घा र खाँची जुन तत्कालीन पाल्पा राज्यकै भाग थिए सन् १८०६ मा नेपाल अधिराज्यमा गाभिए ।

---

1. Hamilton, F. B.—op. cit. p.176; तर श्री ५ गीर्वाणयुद्ध विक्रम शाहको लालमोहर अनुसार वि. सं. १८६२ फागुन (सन् १८०६) मा रणबहादुर शाहलाई मुख्तियार पदवी दिइएको हुँदा ह्यामिल्टनको कथन ऐतिहासिक क्रमसँग मेल नखाने देखिन्छ । योगी नरहरिनाथ (सं.) – इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, पृष्ठ ३९

प्रमुख स्थानहरू

नरपानी

नरपानीमा वि.सं. २०२६ भदौ महीनादेखि जिल्ला सदरमुकाम रहेको छ । पहिले राम्रो गाउँ बस्ती नभएको हुँदा यहाँ सदरमुकाम सरेपछि मात्र घरहरू बनेका छन् र यहाँ रहेका करीब २०-२५ घरहरूमा सरकारी कार्यालय वा पसलहरू रहेका छन् । सरकारी कार्यालय भवनहरू बनिनससेका हुँदा कार्यालयहरू भाडा तिरेर राखिएका छन् । यहाँ प्रमुख जिल्ला अधिकारीको कार्यालय लगायत अन्य जिल्ला स्तरीय कार्यालयहरू छन् र जिल्ला पञ्चायत कार्यालय पनि यहीं छ । यो ठाउँमा घनाबस्ती छैन तापनि एक कोसको दूरीमा खाँचीकोट तथा अन्य केही घनाबस्ती भएका गाउँहरू छन् ।

महाभारत शृङ्खलामा दुई चुचुराहरूको बीचमा रहेको भञ्ज्याङमा नरपानी अवस्थित छ र यसको उचाई समुद्र सतहदेखि करीब १,८२९ मिटर (६,००० फीट) जति छ । यहाँ गुराँसको जङ्गलको प्राधान्य छ र यहाँबाट हिमालको मनोहर दृश्यको साथै तराईको मैदानी भाग समेत देख्न सकिन्छ। ग्रीष्मकालमा यहाँको प्राकृतिक वातावरण निकै रमणीय हुन्छ तर हिउँदमा भने निकै जाडो हुन्छ र तापक्रम शून्य (०° सेन्टिग्रेड) को हाराहारीमा पुग्दछ। सित खोलाको मुहान यहीं रहेको हुँदा यहाँ पानीको अनुमान छैन र वर्षाकालमा ठाउठाउँमा मूल पनि फुट्दछ। वर्षभरिमा यहाँ करीब ७०० मिलिमिटर जति पानी पर्दछ र प्रायः असारदेखि भदौसम्म पानी ज्यादा पर्दछ ।

नरपानी पाल्पाबाट करीब ४२ किलोमिटर (१३ कोस) पर्दछ र यहाँबाट करीब २६ किलोमिटर (आठ कोस) दक्षिणमा पत्थरकोट बजार रहेको छ। यो कपिलवस्तु जिल्लाको सीमानामा पर्दछ। अर्घाखांची जिल्ला भित्र मोटर चल्ने सडकहरू नभएको हुँदा पाल्पा वा पत्थरकोटबाटै नरपानी जाने-आउने गरिन्छ। पाल्पासम्म बस सेवा भएको हुँदा पाल्पाबाट पैदल दुई दिनमा नरपानी पुग्न सकिन्छ। तौलिहवाबाट पत्थरकोटसम्म हिउँदमा मोटर, बस आदि चल्छन्। पत्थरकोटबाट एक दिनमा नरपानी पुग्न सकिन्छ। तर वर्षामा तौलिहवाबाट पत्थरकोटसम्म बस आदि नियमित रूपमा नचल्ने हुँदा वर्षामा पत्थरकोटबाट नरपानी आवत जावत गर्न कठिनाइ पर्दछ ।

नरपानीबाट जिल्लाको कुनै पनि गाउँ पञ्चायत करीब २९ किलोमिटर (नौ कोस) भन्दा टाढा पर्दैन। अर्घाखाँची जिल्लाको साथै गुल्मी जिल्लाका निवासीहरू पनि पत्थरकोट बजारबाट अनाज तथा अन्य उपभोग्य सामानहरू ल्याउनको लागि नरपानीबाट आवत-जावत गर्ने हुँदा वर्षामा बाहेक अरू बेलामा यहाँ ढाक्रेहरूको निकै आवत-जावत हुन्छ ।

यहाँ एक स्वास्थ्य केन्द्रको साथै नजीकै एक माध्यमिक विद्यालय पनि छ । यहाँ केही होटेलहरू छन् तापनि बस्ने–सुत्ने सुविधा भएका होटेलहरूको संख्या साह्रै कम भएकोले बाहिरबाट जानेहरूलाई बस्ने प्रबन्ध मिल्न निकै गाह्रो पर्दछ ।

अर्घाराजस्थल (अर्घाकोट)

"अर्घा" पवित्र भूमि भन्ने माथिदेखि नै भनिएकोले यसलाई "अर्घ्य" भनिन्थ्यो । पछि "अर्घ्य" शब्द बिग्रदै अर्घा भनेको हो भन्ने किंवदन्ती छ ।

पहिले चौबीसी राज्यहरूमध्ये अर्घा राज्यको राजधानी रहेको अर्घाकोट जिल्लाको प्रमुख ऐतिहासिक कोट हो । यहाँ भुरे (चौबीसे) राजाको दरबार तथा प्रसिद्ध भगवतीको मन्दिर छ । साथै कृष्ण मन्दिर तथा नारायणका मन्दिर पनि छन् । बडा दशैंको पूर्णिमामा यहाँ ठूलो मेला लाग्दछ । त्यस मेलामा यस जिल्ला बाहेक प्यूठान, गुल्मी आदि वरपरका अन्य जिल्लाका ४०।५० हजार यात्रुहरू समेत आउँछन् । दशैंमा यहाँ भोग दिने र सराय खेल्ने गरिन्छ साथै रामनवमी, कृष्णाष्टमी, तिहार, भाद्र कृष्ण अष्टमी र शिवरात्रिमा पनि यहाँ मेला लाग्दछ । यहाँ लाग्ने मेलाहरूमा प्रशस्त किनबेच पनि हुने हुँदा यस्ता मेलाहरूको धार्मिक महत्वका साथै व्यापारिक महत्व पनि हुन्छ ।

सदरमुकाम नरपानीबाट करीब १६ किलोमिटर (पाँच कोस) उत्तरमा करीब १,८२९ मिटर (६,००० फीट) अग्लो डाँडाको टुप्पोमा अर्घाकोट अवस्थित छ । कोटको नजीकै एउटा ठूलो मैदान र बाक्लो गाउँ छ । यो कोटबाट जिल्लाको प्रायः सम्पूर्ण उत्तरी भाग देखिन्छ । जिल्लाको कोटहरूमध्ये सबभन्दा ठूलो यस कोटको पूजा–आजाको निम्ति गूठीको व्यवस्था छ । यस गूठीको नियम अनुसार विभिन्न जात र पेशाका स्थानीय व्यक्तिहरूले गूठीको जग्गा कमाई कोटको पूजा–आजा चलाउन विभिन्न वस्तु वा आफ्नो पेशागत सेवा कोटलाई चढाउँछन् । अर्घाराज्य नेपाल अधिराज्यमा एकीकरण हुनु अघि यस कोटको अवस्थाको वर्णन ह्यामिल्टनको पुस्तकमा पाइन्छ र यस जिल्लाको ऐतिहासिक पृष्ठभूमिको परिच्छेदमा उक्त वर्णनहरू उद्धृत गरिसकिएको छ । अर्घाको बारेमा पुरातात्विक विवरण शङ्कररमान राजवंशीले पनि दिनु भएको छ ।[1]

अर्घाकोटलाई अर्घारजस्थल मैदान पनि भन्ने चलन छ र यही कोटको नाममा अर्घा रजस्थल पञ्चायतको नामाकरण भएको छ । यहाँ स्वास्थ्य चौकी र छोटी हुलाक छन् ।

खाँचोकोट

सदरमुकाम नरपानीबाट करीब तीन किलोमिटर (एक कोस) पश्चिममा करीब १,६७७ मिटर (५,५०० फीट) अग्लो डाँडाको टुप्पोमा खाँचीकोट अवस्थित छ । खाँचीकोटमा पहिले चौबीसे राज्यहरूमध्ये खाँची राज्यको राजधानी रहेको थियो । कोटमा अझ पनि त्यसबेलाका राजाका दरबारका भग्नावशेषहरू देखिन्छन् । यहाँ भगवतीको प्रसिद्ध मन्दिर, पौवा र एउटा पानी जम्मा गरी राख्ने जस्तो सानो इनार छ । यो कोट अर्घाकोट भन्दा सानो छ । कोटबाट जिल्लाको दक्षिण तथा उत्तरका अधिकांश भागहरू देख्न सकिन्छ ।

---

[1] शङ्कररमान राजवंशी-अर्घाबाट प्राप्त केही ऐतिहासिक पत्र–प्राचीन नेपाल, पुरातत्व विभाग, संख्या ७, पृष्ठ २९–३७

खाँची कोटमा बडादशैंमा बलि दिने, सराय खेल्ने आदि गरिन्छ र दशैंको त्रियोदशीको दिन ठूली मेला पनि लाग्दछ। अन्य धार्मिक चाडपर्वहरूमा पनि यहाँ मेला लाग्दछ। कोटको पूजा–आजा कोटको गूठीबाट सञ्चालित हुन्छ ।

कोटको केही तल भञ्ज्याङमा एउटा सानो मैदान छ जसलाई खाँचीकोट मैदान भनिन्छ। यो मैदान जिल्ला भित्रको आवागमनको साथै गुल्मी जिल्ला र पत्थरकोट बजारको आवागमनको मूल बाटोमा पनि पर्ने हुँदा धेरै मूलबाटोहरू मिल्दछन्। यसरी यातायातको प्रमुख केन्द्रको रूपमा पनि रहेको यो मैदानमा केही पसल, पौवा, प्राथमिक विद्यालय आदि छन्। अर्घाखाँची जिल्लाको एक मात्र मौसम केन्द्र पनि खाँचीकोट मैदानमै छ ।

खाँचीमा विभिन्न स्थानमा जाने मूलबाटोहरू जोडिएका थिए र पानी प्रशस्त पाइन्थ्यो भन्ने कुरो ह्यामिल्टनको नेपालको वर्णनमा पनि उल्लेख गरिएको छ। नेपाल अधिराज्यमा एकीकरण हुनु अघि खाँचीकोट तथा खाँची राज्यको अवस्थाको वर्णन ह्यामिल्टनले गरेका छन् र उक्त वर्णन यस जिल्लाको ऐतिहासिक पृष्ठभूमिमा उद्धृत गरिसकिएको छ ।

ठाँडा

अर्घाखाँची जिल्लाको सिर्जना भएपछि वि. सं. २०१९ देखि २०२६ साल साउनसम्म जिल्ला सदरमुकाम ठाँडामा रहेको थियो। वर्तमान सदरमुकाम नरपानीबाट करीब १० किलोमिटर (तीन कोस) दक्षिण-पश्चिममा ठाँडा रहेको छ। यहाँ चुरे र महाभारतका शृङ्खलाहरू जोडिएर रहेका देख्न सकिन्छ र करीब १,२१९ मिटर (४,००० फीट) अग्लो तथा प्रायः समतल परको डाँडामा ठाँडा बजार रहेको छ। ठाँडाको दक्षिण तथा पश्चिममा सालका घना जङ्गलहरू छन्। ठाँडादेखि पत्थरकोटसम्मको बाटोमा कुनै बाक्लो बस्ती छैन र घना जङ्गलहरू नै पाइन्छन्। ठाँडाबाट पत्थरकोट करीब १६ किलोमिटर (पाँच कोस) पर्दछ ।

यस जिल्लाको साथै प्यूठान र गुल्मीका केही भागका निबासीहरू पनि पत्थरकोट बजारसंगको व्यापार तथा भारततर्फको यातायातको निम्ति ठाँडा भएरै आवत-जावत गर्ने हुँदा ठाँडा बजार पहिले देखि यातायात तथा व्यापारको प्रमुख केन्द्रको रूपमा रहिआएको छ। ठाँडाबाट सदरमुकाम नरपानीमा सरेपछि ठाँडाको व्यापारिक गतिविधिको केन्द्र पुरानो बजारबाट केही तल अमराही भन्ने ठाउँमा सर्न गएको छ र अमराहीको बजार बढ्दै गएको छ। पत्थरकोटका व्यापारीहरूका दलाल (एजेन्ट) हरूले ठाँडा (अमराही) मै आई घ्यू, छाला, सुन्तला तथा अन्य निकासी हुने वस्तुहरू खरीद गर्न थालेको हुँदा यहाँको बजार निकै बढ्न थालेको छ ।

ठाँडामा एउटा सुन्दर पोखरी छ जसलाई कमलपोखरी पनि भनिन्छ। यो ताल करीब २६२ मिटर (८६० फीट) लामो र ११३ मिटर (३७० फीट) चौडा रहेको अनुमान गरिन्छ। यहाँबाट कपिलवस्तु जिल्लाको तराई छर्लङ्ग देखिन्छ। यहाँ एउटा माध्यमिक विद्यालय, एक स्वास्थ्य चौकी एक छोटी थाना र एक छोटी हुलाक छन्।

वि. सं. २००७ पछि एक पटक ठाँडासम्म मोटर ल्याइएको थियो। मोटर चल्ने पुरानो सडक बिग्रिसकेको छ। गत केही वर्षदेखि ठाँडा हुँदै नरपानी र पत्थरकोटलाई जोड्ने मोटर सडकको निर्माण जनश्रमबाट हुँदै आएको छ।

पत्थरकोट

ठाँडा बजारदेखि करीब १६ किलोमिटर (पाँच कोस) दक्षिणमा चुरेको फेदी र तराईको सिरानमा अर्घाखांची र कपिलवस्तु जिल्लाको सीमानामा पत्थरकोट बजार रहेको छ। अर्घाखाँची, गुल्मी, पूर्वी प्यूठान र बागलुङ्को पश्चिमी भागसम्मको लागि खाद्यान्न तथा अन्य आवश्यक उपभोग्य सामान आदिको बिक्री वितरण केन्द्र भएकोले यो बजारको ठूलो महत्व छ। अर्घाखाँची र कपिलवस्तु दुवै जिल्लालाई छोएर बसेको यस बजारको बीचमा रहेको सानो खोल्सो (कुलो) ले दुई जिल्लाहरूलाई छुट्याएको छ। यहाँ थोक व्यापार गर्ने व्यापारीहरू निकै छन् तथा स्थायी पसलहरूको संख्या पनि निकै छ। पहाडतिरबाट ल्याइएका वस्तुहरू यहाँबाट भारततर्फ निकासी गरिन्छ, जससा घ्यू, छाला, सुन्तला, जरीबूटी आदि प्रमुख छन्। खाद्यान्न, नून, कपडा, अन्य उपभोग्य सामानहरू र महुवाको रक्सी यहाँबाट पहाडतिर लगिन्छ। यहाँ महुवाको एक डिस्टिलरी (मदभट्टी) पनि छ।

तौलिहवादेखि पत्थरकोटसम्म वर्षा कालमा बाहेक अरू बेला ट्रक, मोटर आदि चल्ने हुँदा मान्छेहरूलाई आवत–जावत गर्न र मालसामान ढुवानी गर्न सजिलो हुन गएको छ। तर तौलिहवा जोड्ने बाटो कच्ची भएको हुँदा वर्षामा यातायातको कठिनाइ पर्दछ र व्यापार पनि निकै कम हुन जान्छ। गत केही वर्ष यतादेखि पत्थरकोटलाई महेन्द्रकोट पनि भनिन्छ। पत्थरकोट बजारको सम्पर्क कपिलवस्तु जिल्लाका तौलिहवा र कृष्णनगरका बजारहरूसँग रहेको छ।

चुत्राबेंसी

अर्घाखाँची जिल्लाको झण्डै बीचमा रहेको यो ठाउँ पालपाबाट प्यूठान जाने मूल (हुलाकी) बाटोमा पर्दछ। साना नदीहरूले बनाएको बेंसीमा यो अवस्थित छ र यहाँ बागी खोला, घोचो खोला र भद्रे खोलाहरूको सङ्गम परेको हुँदा यस ठाउँलाई त्रिवेणीपुर पनि भनिन्छ। गुल्मी जिल्लाबाट पत्थरकोट जाने मूलबाटो र पाल्पा तथा प्यूठान जोड्ने मूलबाटोहरू मिल्न गएको हुँदा गत केही वर्षदेखि जिल्लाको प्रमुख यातायात तथा व्यापार केन्द्रको रूपमा चुत्राबेंसी देखापरेको छ। यहाँ केही स्थायी पसलहरूको सानो तर बढ्दो बजार छ। नरपानीबाट करीब १३ किलोमिटर (चार कोस) उत्तरमा रहेको यो बजार समुद्र सतहदेखि करीब ९१५ मिटर (३,००० फीट) को उचाईमा अवस्थित छ।

यहाँ शिव मन्दिर तथा दुर्गा मन्दिरहरू छन् र त्रिवेणी सङ्गम परेकाले तीर्थस्थल मानिएको हुँदा शिवरात्रि र माघे संक्रान्तिमा ठूलो मेला लाग्दछ। फागु पूर्णिमा र कात्तिक महीनाको ठूलो एकादशीमा पनि यहाँ मेला लाग्दछ। बडा दशैंको द्वादशीको दिन यहाँ लाग्ने ठूलो मेलामा सराय पनि खेलिन्छ।

यहाँ एक माध्यमिक विद्यालय, छात्रावास, प्राथमिक विद्यालय, चामल मिल, प्रहरी चौकी आदि छन्। बजारको पश्चिमी छेउ खोला सँगै जोडिएको र अन्य खोलाहरू पनि नजीकै रहेको हुँदा बजारलाई सधैं बाढीले बिगार गर्ने भय रहेको छ। चुत्राबेंसी खोलाको पूर्वी किनारमार्वी सन्धीखर्क भन्ने ठाउँमा एउटा ठूलो सार्वजनिक आँपको बगैंचा छ।

बलकोट

यहाँ प्रसिद्ध शिवालय तथा कलात्मक सुन्दर पौवाहरू छन्। पाल्पा र प्यूठानको बीचमा रहेको मूल बाटोमा परेको हुँदा यहाँ सानो बजार पनि छ। करीब १,२१९ मिटर (४,००० फीट) को उचाईमा प्रायः समतल परेको थुम्किलो डाँडोमा रहेको बलकोटमा घना बस्ती छ। यहाँको खानेपानीको कठिनाइ हटाउन एउटा खानेपानी योजना सञ्चालन भएको छ। यहाँ एउटा माध्यमिक विद्यालय, छोटी हुलाक, प्रहरी चौकी आदि छन्। बलकोटको केही उत्तरमा केरुङ्गा देवीको मन्दिर छ।

वाङ्ला

गुल्मी र पत्थरकोटको बीचमा रहेको मूल बाटोमा पर्ने भएकोले हुँदा यातायात तथा व्यापारिक दृष्टिकोणमा वाङ्लाको केही महत्व छ। करीब १,२१९ मिटर (४,००० फीट) अग्लो प्राय: समतल परेको वाङ्ला डाँडामा निकै घना बस्तीहरू छन्। यहाँ केही स्थायी पसलहरू छन्। यहाँ खानेपानीको केही कठिनाइ छ। यस ठाउँमा संस्कृत पाठशाला तथा निम्न माध्यमिक विद्यालय र छोटी हुलाक आदि छन्। नरपानीबाट करीब १६ किलोमिटर (पाँच कोस) उत्तरमा वाङ्ला रहेको छ।

जुकेना

कर्कपेट्रिकको वर्णन अनुसार जुकेना डाँडामा पहिलो खाँचीका राजाको एउटा किल्ला रहेको थियो।[1] पहिले खाँचीकोट र खाँची राज्यको तराई भागलाई जोड्ने मूलबाटो जुकेना भएरै जाने गर्दथ्यो र जुकेनाबाट खाँचीकोटको त्यस बेलाको नगरसम्मको दूरी करीब ५४ किलोमिटर (१७ कोस) थियो भन्ने कर्कपेट्रिकको वर्णनमा उल्लेख गरिएको छ। तर जुकेना र खाँचीकोटको दूरी वास्तवमा करीब १६ किलोमिटर (पाँच कोस) जति मात्र छ। जुकेनामा रहेको किल्लाको पुरातात्विक अध्ययन हुन बाँकी नै छ।

अर्घातोष बजार

गुल्मी जिल्लाको सीमाना नजीकै नरपानीबाट करीब २२ किलोमिटर (सात कोस) उत्तर-पूर्वमा अर्घातोष बजार रहेको छ। स्थायी बजार भएको एक प्रमुख व्यापार केन्द्रको रूपमा अर्घातोषको पनि गणना हुन्छ। यहाँ एक छोटी हुलाक छ। जिल्लाको सबभन्दा बढी जनसंख्या भएको गाउँ पञ्चायत अर्घातोष छेडाको ठाँटी हो।

पणेना (देखिम)

नरपानीबाट करीब २२ किलोमिटर (सात कोस) पूर्व महाभारत श्रृङ्खलाभित्र करीब १,६७७ मिटर (५,५०० फीट) को उचाईमा खिदिम अवस्थित छ। खिदिमको पणेना भन्ने स्थानमा प्राचीनकालमा पाणिनी ऋषि आई शिवजीको तपस्या गरी त्यसको फलस्वरूप संस्कृत व्याकरण तयार गरे भन्ने केही विद्वान्हरूको भनाइ छ।[2] खिदिम क्षेत्रमा रहेका पञ्चायतहरूमध्ये पणेना रहेको पञ्चायतलाई पाणिनी तपोभूमि गाउँ पञ्चायत भनिन्छ।

---

1. Kirkpatrick, W.J—Op. Cit. p. 288.

२. कृष्णमणि त्रिपाठी (सं.) को माथि उल्लिखित किताब, पृष्ठ ५६

खिदिमकै अर्को पञ्चायत मणिकुट गाउँ पञ्चायतको दुर्वा भन्ने ठाउँमा रहेको गुफामा प्राचीन कालमा दुर्वासा ऋषिले तपस्या गरेका थिए र त्यसैले गर्दा त्यस ठाउँको नाम दुर्वा हुन गयो भनिन्छ ।[१]

ह्यामिल्टनको नेपालको वर्णनमा त्यसबेला खिदिममा शीशाखानी रहेको कुराको उल्लेख पाइन्छ ।[2] गत केही वर्ष अघि गरिएको खानी सम्बन्धी अध्ययनमा पनि खिदिम मणिकुट गाउँ पञ्चायतको खुलौलेमा पुरानो शीशाखानी रहेको उल्लेख गरिको छ ।[3]

जिल्लाको पूर्वी भागमा पाल्पाको सीमानामा रहेको खिदिम क्षेत्रमा तीन गाउँ पञ्चायतहरू छन् । खिदिमको आफ्नै ऐतिहासिक विशेषता पनि छ । यस जिल्लाका संस्कृत शिक्षाको प्रसारमा खिदिमको महत्वपूर्ण योगदान रहेको छ । खिदिम क्षेत्रका विभिन्न पञ्चायतहरूमा संस्कृत माध्यमिक विद्यालय, माध्यमिक विद्यालय तथा अन्य आठ प्राथमिक विद्यालयहरू छन् । यहाँ मणिकुट पञ्चायतमा छोटी हुलाकको पनि व्यबस्था छ ।

उलुक छत्रगञ्ज

महाभारतकालसँग सम्बन्धित अर्को स्थान उलुक छत्रगञ्ज हो । यहाँ त्यसबेला एकलव्य नाम गरेका राजा थिए जो पछि वर्वरे राजा र छत्र राजाको नामबाट प्रसिद्ध भए भन्ने जनश्रुति पाइन्छ । छत्र राजा र महाभारतको लडाईं सम्बन्धी घटनाको वर्णन यही जिल्लाको ऐतिहासिक पृष्ठभूमिको परिच्छेदमा गरिसकिएको छ । छत्रराजाको शिर राखेको ठाउँलाई नै हाल छत्र स्थान र गाउँलाई छत्र गञ्ज भनिएको हो भन्ने जनश्रुति छ । छत्र स्थानमा हाल पनि पूजा–आजा गरिन्छ । छत्र स्थानको पूजा–आजाको लागि गूठीको व्यवस्था छ । छत्र स्थानमा बडा दशैंको नवमीको दिन बाँसमा ध्वजा पताका टाँगिन्छ । त्यसको लागि छत्रस्थानको करीब १.६ किलोमिटर (आधाकोस) पर केरुंगा चौर झुण्डा भन्ने ठाउँमा उम्रेको बाँसको घारीबाट र बलकोट माध्यमिक विद्यालयको नजीकको क्षत्र स्थानको वरिपरिका बाँस घारीबाट बाँस ल्याउने चलन अद्यापि छँदैछ । अरू देवदेवीको भाकल गरेझैं छत्र राजाको पनि भाकल गर्ने चलन छ । भाकलमा धेरै जसो ध्य चढाइन्छ । नरपानीबाट करीब १६ किलोमिटर (पाँच कोस) उत्तर-पूर्वमा गुल्मीको सीमानानिर उलुक छत्रगञ्ज रहेको छ ।

उपर्युक्त स्थानहरू बाहेक जिल्लाको पश्चिममा रहेको नुवाकोट त्यहाँ रहेका कोट, शिवालय र बजारको लागि र पूर्वी भागमा रहेको पाली त्यहाँको बजार, माईस्थान आदिको लागि उल्लेखनीय छन् । त्यस्तै जिल्लाको उत्तरमा गुल्मीको सीमानामा रहेको माझकोट भगवती गाउँ पञ्चायतको भ्वांग भन्ने स्थानमा रहेको पोखरीको पानी मीठो र शक्तिवर्धक भएको हुँदा पहिले रेसुङ्गा (गुल्मी) का राजाले त्यहाँको पानी खाने गर्दथे भन्ने जनश्रुति यहाँ पाइन्छ।

---

१. कृष्णमणि त्रिपाठी (सं.)को माथि उल्लिखित किताब, पृष्ठ ५७
2. Hamilton, F.B. — Op. Cit. p. I81
3. Tolalov, V. A. — Op. Cit. p. 269

जनसंख्या र जनजीवन

अर्घाखांची जिल्लाको अधिकांश गाउँबस्ती जिल्लाको मध्य तथा उत्तरी भागमा केन्द्रित छन्। जिल्लाको दक्षिण तथा पश्चिम भागमा घना जङ्गलहरू ज्यादा भएको हुँदा गाउँ बस्ती ज्यादै कम छन्। यस जिल्लामा विभिन्न जात जाति बसोबास गर्दछन् जसमा बाहुन, क्षेत्री, ठकुरी, कुमाले, गाइने, दमाई, सार्की, नेवार, गुरुङ, मगर तथा मुसलमानहरू छन्। यहाँ हिन्दू धर्मका अनुयायीहरूको आधिक्य छ र दोस्रो स्थान इस्लाम धर्म मान्नेहरूको छ। बौद्ध मार्गीहरू यहाँ साह्रै कम छन्। विभिन्न जात जाति तथा धार्मिक समुदायका जनता यहाँ युगौंयुगदेखि रहेको आपसी सहयोग र सद्भावनाको परम्परालाई कायम राखी आ-आफ्नो रीति रिवाज पालन गर्दै एक अर्काको पूरक भइरहेका छन्।

जनसंख्या

वि. सं. २०२८ को राष्ट्रिय जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या १,३०,२१२ छ। यसमध्ये ६३,८६४ पुरुष र ६६,३४८ महिला छन्। लुम्बिनी अञ्चलको कुल जनसंख्याको ११.२ प्रतिशत जनसंख्या यस जिल्लामा छ र लुम्बिनी अञ्चलका जिल्लाहरूमध्ये सबभन्दा कम जनसंख्या यही जिल्लामा छ। अधिराज्यका जिल्लाहरूमध्ये घट्दो जनसंख्याको क्रममा अर्घाखाँचीको ४४ सौं स्थान छ। यस जिल्लाको क्षेत्रफल १,३३१ वर्ग किलोमिटर छ र क्षेत्रफलको आधारमा लुम्बिनी अञ्चलमा यस जिल्लाको तेस्रो स्थान छ। यहाँ प्रति वर्गकिलोमिटरमा करीब ९८ जनाको बसोबास भएको देखिन्छ।

जिल्लाको कुल जनसंख्यालाई पाँच वर्ष सम्मका नाबालक, छ देखि १५ वर्षसम्मका विभिन्न स्तरका विद्यालयहरूमा पढ्न जाने समूह र १६ वर्ष भन्दा माथिका वयस्कहरूलाई अर्को समूहमा विभाजन गरी तल तालिकामा देखाइएको छ।

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
५ वर्ष र सोभन्दा कम	१२,२७०	१९.२	१२,४५५	१८.८	२४,७२५	१९.०
६ देखि १५ वर्ष	१७,६९३	२७.७	१६,२४९	२४.५	३३,९४२	२६.१
१६ वर्ष र सोदेखि माथि	३३,९०१	५३.१	३७,६४४	५६.७	७१,५४५	५४.९
जम्मा	६३,८६४	१००.०	६६,३४८	१००.०	१,३०,२१२	१००.०

वि. सं. २०२८ को राष्ट्रिय जनगणनाको सिलसिलामा लिइएको उपरोक्त तथ्याङ्कअनुसार कुल जनसंख्याको ४५ प्रतिशतमा १५ वर्ष र सोभन्दा कम उमेर भएका बालक बालिकाहरू छन् । यसबाट शिशु कल्याण, शिक्षा तथा अन्य सामाजिक सेवा पुऱ्याउन र भविष्यमा रोजगार दिने किसिमका योजनाहरू सञ्चालन गर्नलाई ठूलो आर्थिक व्ययभार पर्न आउने देखिन्छ । साथै परिवार नियोजन सम्बन्धी कार्यक्रमलाई यहाँ व्यापक बनाउन पर्ने आवश्यकतालाई पनि उपरोक्त तथ्याङ्कले देखाउँछ ।

कुल जनसंख्यामध्ये १० वर्षदेखि ५९ वर्षसम्मकालाई आर्थिक दृष्टिकोणले सक्रिय र सक्षम तथा १० वर्षभन्दा मुनिका र ६० वर्षभन्दा माथिकालाई उमेरको हिसाबले काम गर्न नसक्ने आश्रितहरूमा विभाजन गर्दा १० देखि ५९ वर्षसम्मका सक्षमहरूको संख्या ८३,०६५ (६३.८ प्रतिशत) र १० वर्षभन्दा कम र ६० वर्षभन्दा बढी उमेर भएका आश्रितहरूको संख्या ४७,१४७ (३६.२ प्रतिशत) रहेको देखिन्छ। यस प्रकारको विभाजन गर्दा यहाँ सक्षम र आश्रितहरूको अनुपात करीब १००:५७ हुन आउँछ, अर्थात् काम गर्ने क्षमता भएका १०० जनाले आफू बाहेक अरू ५७ जनाको भार वहन गर्नु पर्दछ । तर अन्तर्राष्ट्रिय चलन अनुसार १५ देखि ६४ वर्षसम्म उमेर हुनेहरूलाई सक्षम मानी बाँकी अरूलाई आश्रित मानेमा सक्षमहरूको संख्या ७०,३७१ (५४ प्रतिशत) तथा १४ वर्ष र सोभन्दा कमका केटाकेटी तथा ६५ वर्ष र सोभन्दा बढी उमेरका बूढाबूढीहरूको संख्या ५९,८४१ (४६ प्रतिशत) रहेको देखिन्छ । यस विभाजन अनुसार सक्षम र आश्रितको अनुपात १००:८५ हुन आउँछ अर्थात् १०० जनाको कमाईमा अरू ८५ जना आश्रित रहेको देखिन्छ।

यस जिल्लाको कुल जनसंख्या (१,३०,२१२) जम्मा २३,४०४ घर परिवारमा बसेकाछन्। यहाँको घर परिवारको औसत आकार ५.६ छ । एक व्यक्ति मात्र भएको घर परिवारको संख्या ७८९ छ भने बीस वा सोभन्दा बढी व्यक्ति भएको घर परिवारको संख्या ५६ मात्र छ । यहाँ पाँच व्यक्ति भएको घर परिवारको संख्या (३,७०४) सबभन्दा बढी छ र चार, पाँच र छ व्यक्ति भएको घर परिवारहरूको संख्या अरूभन्दा (स्वभावतः) धेरै छन् ।

जिल्लाको कुल जनसंख्यामध्ये स्वदेशमा जन्म हुनेहरूको संख्या १,२९,८२८ र विदेशमा जन्म हुनेहरूको संख्या ३८४ छ । स्वदेशमा जन्म भएकाहरूमध्ये लुम्बिनी अञ्चलमै जन्म हुनेहरूको संख्या १,२८,१७२ छ र अन्य अञ्चलमा जन्मेकाहरूमध्ये रापती अञ्चलमा जन्म भएकाहरूको संख्या (१,५८९) सबभन्दा बढी छ । विदेशमा जन्मेकाहरूमध्ये भारतमा जन्म हुनेहरूको संख्या (३४८) सबभन्दा बढी छ । यहाँ विदेशी नागरिकहरूको संख्या (२०) सारै कम छ ।

जिल्लाका छ वर्षभन्दा बढी उमेर भएकाहरूमध्ये पुरुषहरू ५१,५९४ र महिलाहरू ५३,८९३ छन्, जसमध्ये कहिल्यै विवाह नगरेका पुरुषहरू २२,५०१ र महिलाहरू १५,१९५ छन् । उक्त संख्याहरूमा छ वर्षभन्दा बढी तर विवाहयोग्य उमेर पुगिनसकेका केटा केटीहरूको संख्या पनि समावेश छ । छ वर्षभन्दा बढी उमेर भएकाहरूमध्ये विवाहित पुरुषहरू २७,७७६ र महिलाहरू ३३,६७३ छन् । यहाँ विधुर पुरुषहरू १,१५७ जना, बिधुवा महिलाहरू ४,९४८ जना र पारपाचुके लिएका पुरुषहरू १६० र महिलाहरू ७७ जना छन् । पारपाचुके लिनेहरूको संख्या निकै कम हुँदा यहाँ पारपाचुके लिने चलन उस्तो देखिंदैन । बिधुवा महिलाहरूको संख्या भने उल्लेखनीय भएको हुँदा यहाँ बिधुवा महिलाहरूको पुनः विवाह हमेसी नहुने स्थितिको सङ्केत पाइन्छ । त्यस्तै छ देखि नौ वर्षको उमेर समूहमा विवाहित पुरुष २५ र महिला २५ जना रहेका र सोही उमेर

समूहमा एक जना महिला बिधुवा भएको र १० देखि १४ वर्षको उमेर समूहमा विवाहित पुरुषहरू १९९ र महिलाहरू १,१५६ रहेबाट यहाँ बालविवाह र त्यसमा पनि महिलाहरूको विवाह सानै उमेरमा गरिदिने पुराना परम्परा अझै दरिलो रूपमा रहेको देखिन्छ । उपरोक्त तथ्याङ्कबाट यहाँ बाल-विवाहलाई निरुत्साहित गर्ने, बिधुवाहरूको कल्याण गर्ने खालका सामाजिक अभियान र कार्यक्रमहरू सञ्चालन हुनु पर्ने आवश्यकता देखिन्छ ।

यहाँ बिभिन्न भाषा भाषीको बसोबास रहेको छ । जिल्लाको जनसंख्यालाई मातृभाषा अनुसार भएको विभाजन निम्न तालिकामा देखाइएको छ ।

मातृभाषा	जनसंख्या
नेपाली	१,२८,०८२
नेवारी	१,५४९
अन्य भाषाहरू	५८१
सबै भाषा	१,३०,२१२

यसरी नेपाली मातृभाषा हुनेहरूको संख्या यहाँ अत्यधिक देखिन्छ । तर मातृभाषा नेपाली नहुने समूहले अरूसँग र आफ्नै समूहमा पनि नेपालीमै बोलचाल गर्ने चलन भएकोले अन्य मातृभाषा हुनेहरूलाई नेपाली मातृभाषा हुनेहरूमै गणना गरिएको र त्यसैले नेपाली मातृभाषा हुनेहरूको संख्या बढ्न गएको देखिन्छ। उपर्युक्त तालिकामा अन्य भाषाहरूमा जिल्लाका स्थानीय भाषाको साथै मगर, गुरुङ, तामाङ, मैथिली, लिम्बू, शेर्पा, सतार इत्यादि भाषा बोल्नेहरूको संख्या पनि समावेश छ । यहाँका मुसलमानहरूले बोल्ने भाषामा उर्दू वा अवधीको प्रभावको साथै नेपाली भाषाको पनि निकै प्रभाव रहेको छ र स्थानीय जनता यसलाई चुरेटा भाषा पनि भन्दछन् । चुरेटा भाषा बोल्नेहरूमध्ये पनि धेरैजसो नेपाली मातृभाषा हुनेहरूमै गणना भएको देखिन्छ। यहाँ बोलिने नेवारी भाषा काठमाडौं उपत्यकामा बोलिने नेवारीभन्दा केही भिन्न छ र पाल्पामा बोलिने नेवारी भाषासँग मिल्दोजुल्दो छ ।

यहाँ हिन्दू धर्मका अनुयायीहरूको संख्या सबैभन्दा ज्यादा छ । त्यसपछि इस्लाम धर्म मान्नेहरूको स्थान आउँछ । बौद्ध धर्मावलम्बीहरूको र अरू धर्म मान्ने संख्या नगण्य छ ।

जिल्लाको कूल जनसंख्या जम्मा ४० वटा गाउँ पञ्चायतहरूमा फैलिएर रहेको छ। पञ्चायतहरूको वर्णानुक्रमअनुसार विभिन्न पञ्चायतहरूमा रहेको जनसंख्या तल दिइएको छ ।

क्रम संख्या	पञ्चायत		क्रमसंख्या	जनसंख्या	
१.	अर्घातोष छेडाको ठाँटी	८,३४०	२.	अर्घा रजस्थल मैदान	४,७४१
३.	अडगुरी कालिकास्थान	३,५७३	४.	उलुक छत्रगञ्ज	१,९७६
५.	औवल ठूलाखर्क	२,४१५	६.	औवल धारापानी	१,७०८
७.	किमडाँडा नेपाली चौर	३,२९०	८.	केरुंगा देवीपुर	३,७३९
९.	खनदह	२,६९८	१०.	खन लुटी पोखरी	३,४२२

११.	खाँचीकोट डिही डाँडा	३,१३९	१२.	खिल्जी बेलबोट	१,९८०
१३.	खिदिम पोखरा थोक	२,५४२	१४.	खिदिम मणिकुट	२,७७७
१५.	चिदिका मतिपुर	२,८६६	१६.	जलुके राता डाँडा	१,८५२
१७.	जुकेना भूमिका स्थान	४,००४	१८.	ठाँडा वरबोट	४,०६९
१९.	ढाकावाङ गोखुंगा	२,४१३	२०.	ढाकावाङ ढावाचौर	४,३५२
२१.	ढाण पटौटी (पोखरा चौर)	२,८६३	२२.	ढाण मैदान	३,४६६
२३.	ढिकुरा काफलवास	२,९२६	२४.	धनचौर मालारानी	२,७१४
२५.	धातीवाङ अमर	१,६४४	२६.	नुवाकोट शिवपुर	४,५२५
२७.	पाणिनी तपोभूमि	२,१४६	२८.	पाली माइकास्थान	३,२३९
२९.	बलकोट शिवपुर	३,५०७	३०.	बांगी आरूखोर	२,९७७
३१.	भुवन डाडा नरपानी	३,९८६	३२.	माझकोट ठूला पोखरा	२,४४७
३३.	माझकोट भगवती	३,५८२	३४.	रजस्थल डिभर्ना	३,८३४
३५.	वाङला टुनी पोखरा	४,११८	३६.	सिद्धारा कमलचौर	२,९४५
३७.	सिमल पानीकमलचौर	२,४४३	३८.	सीतापुर	२,७२३
३९.	सुवर्णखाल मन्द्रे	२,२८३	४०.	हंसपुर रतनमारे	५,९२८

उपर्युक्त तालिकाअनुसार यहाँको सबभन्दा बढी जनसंख्या (८,३४०) अर्घातोष छेडको ठाँटी गाउँ पञ्चायतमा र सबभन्दा कम जनसंख्या (१,६४४) धातीवाङ अमर गाउँ पञ्चायतमा रहेको देखिन्छ।

यहाँ ५,००० देखि ९,९९९ सम्म जनसंख्या भएका पञ्चायतहरू दुईमात्र छन् जसमा क्रमशः अर्घातोष छेडाको छोटी र हंसपुर रतनमारे गाउँ पञ्चायतहरू छन्। २,००० देखि २,९९९ सम्म जनसंख्या हुने पञ्चायतहरूको संख्या यहाँ अरूभन्दा ज्यादा रहेको देखिन्छ। जिल्लाको कुल जनसंख्या ४० पञ्चायतहरूमा रहेका हुँदा यहाँको पञ्चायतहरूको औसत जनसंख्या करीब ३,२५५ हुन आउँछ।

जनजीवन

यहाँ विभिन्न जातजातिहरू र धार्मिक समूहका निवासीहरूको बसोबास भएको हुँदा हरेकले आ-आफ्नो परम्परागत चलन र संस्कृति अनुसार जीवन व्यतीत गर्दै आएका छन्। सन् १८०० तिर यहाँ के कस्ता जातिहरूको बसोबास थियो भन्ने कुरो ह्यामिल्टनको नेपालको वर्णनमा पाइन्छ जुन ऐतिहासिक पृष्ठभूमि अध्यायमा उद्धृत गरिसकिएको छ।

अर्घा इलाका अर्थात् जिल्लाको उत्तर–पूर्व र मध्य भागका डाँडा तथा बेंसीहरूमा नै अधिकांश बसोवास केन्द्रित छ। खाँची इलाका अर्थात् जिल्लाको दक्षिण र पश्चिम भागमा अधिकांश वन जङ्गलहरू रहेको हुँदा गाउँ बस्तीहरू ज्यादै कम र पातला छन्। दक्षिण र पश्चिमी भागमा केही वर्ष अघिसम्म औलोको प्रकोप रहेको हुँदा पनि त्यता बसोबास हुन नसकेको हो। हाल औलो हट्न गएको छ तापनि दक्षिणी भागमा चुरे पहाड रहेको र फराकिलो बेंसीहरू नगण्य रहेका हुँदा जङ्गल फडानी गरी बसोबास गर्ने प्रक्रिया पनि यहाँ चलेको छैन।

यस जिल्लामा बाहुनहरूको संख्या ज्यादा रहेको छ । बाहुनहरूमध्ये पनि जैशीहरूको संख्या बढी छ । उपाध्याय तथा जैशी बाहुनहरूको थर एकै किसिमका छन् र यहाँ आचार्य, गौतम, पंथी, बेलबासे, भट्टराई, भुसाल, पोखरेल, मरासिनी, घिमिरे, रिजाल, कंडेल, गैरे, खनाल, ज्ञवाली, चुंदाली, बसेल, लम्साल, बंजाडे, न्यौपाने ,पाण्डे आदि थरका बाहुनहरू छन् । ठकुरीहरूमध्ये शाह, मल्ल ,सेन, हमाल, खान, शाही आदि थर भएका ठकुरीहरू छन् । क्षेत्रीहरूमा भाट, थापा, घर्ती, कुँवर, कार्की, खड्का, चौहान, माझी, पाण्डे, चुंडाली, बेलबासे, बुढाथोकी, टंडन, इत्यादि थरहरू छन् । मगरहरूमा राना, थापा, घर्ती, आले, दलामी, पुन , पुलामी, सिजाली, तङनामी, सूर्यवंशी, सोमै, सारू, बुढाथोकी आदि छन् । नेवारहरूमा श्रेष्ठ , प्रधान, कक्षपति, शाक्य, वज्राचार्य आदि छन् । गुरुङहरूमा थरको विभिन्नता यहाँ उति देंखिदैन । उपर्युक्त जातजाति बाहेक अन्य पेशेवार जातका कुमाले, गाइने, दमाई, कामी, सार्की आदि पनि अन्य जातजातिसँग जिल्लाका विभिन्न स्थानहरूमा छरिएर बसेका छन् । मगर बस्ती प्रायः लेकतिर पाइन्छ । पाली, वाङला र खनियावासमा मुसलमानहरूको बसोबास ज्यादा छ । व्यापार केन्द्रहरूमा नेवारहरूको बसोबास पाइन्छ । तर जिल्लाको विभिन्न गाउँहरूमा विभिन्न धार्मिक समूह र जातजातिका निवासीहरूको बसोबास सँगसँगै रहेका छन् ।

यहाँका महिलाहरूमा अन्य पोशाकको साथै घलेक लगाउने र गहनाहरूमा चाँदीका कल्ली, फुल नौगेडीको माला, पोते, तिलहरी, ढुंग्री, माडवारी, फुली, बुलाकी, चाँदीका काँडेबुट्टा भएका चुरा, बाला (रैंया) आदि लगाउने चलन पाइन्छ ।

यहाँका विभिन्न धार्मिक सम्प्रदायका व्यक्तिहरूको रीतिथिति अधिराज्यका अन्य ठाउँका समान समूहका व्यक्तिहरू सँग मिल्दोजुल्दो छ । बाहुन क्षेत्रीहरूमा पैसाले भ्याएसम्म दुई, तीन दिनको बाटो परेता पनि रिडीमा लगी दाह संस्कार गर्ने चलन पाइन्छ। नेवारहरूमा गाईजात्राको चलन छ । मगर र गुरूङहरूमा अरघुं गर्ने चलन पाइन्छ। मुसलमानहरू पनि आफ्नो धार्मिक परम्परा अनुसारको संस्कार पालना गर्दछन् जुन अन्य ठाउँका मुसलमानहरूको रीति रिवाजसँग मिल्दछ ।

यहाँका निवासीहरूमध्ये अधिकांश अलौकिक शक्ति र भूत प्रेत आदिमा धेरै वा थोरै विश्वास गर्दछन् । देवी देवताहरूमा यहाँ भगवतीको सबभन्दा ज्यादा उपासना गरिन्छ । यहाँका प्रायः हरेक डाँडा र थुम्कामा देवीका मन्दिरहरू पाइन्छन्। अर्घारजस्थलको भगवतीको मन्दिर, ठाँडाकालिका माईको मन्दिर र खाँचीकोट र उलुक छत्रगञ्जका भगवती मन्दिरहरू प्रसिद्ध छन्। दोस्रो स्थान शिव मन्दिरहरूको छ, र तिनमा बलकोट, चुत्राबेंसी र ठाँडाका शिवालयहरू प्रसिद्ध छन् । यहाँ ठाउँ ठाउँमा धार्मिक चाड पर्वका दिन मेला लाग्दछ र मेलामा ब्यापार पनि हुन्छ। यहाँका प्रमुख चाड पर्वमा बडा दशैं, तिहार, चैते दशैं, माघे संक्रान्ति, ठूलो एकादशी, जनै पूर्णिमा, तीज, साउने संक्रान्ति, होली पूर्णिमा, कृष्णाष्टमी, शिवरात्रि आदि हुन्। चुत्राबेंसीलाई त्रिवेणी तीर्थस्थल मानिएको हुँदा त्यहाँ माघे संक्रान्ति र कात्तिक एकादशीमा नुहाउने र पूजा गर्नेहरूको ठूलो घुइँचो हुन्छ र ती दिनहरूमा मेला पनि लाग्दछ । यहाँका धार्मिक चाडहरूमा भजन कीर्तन गर्ने पनि चलन छ । फागुमा ठाउँ ठाउँमा फागु खेल्ने र रामायण महाभारत आदि गाउने चलन छ । फागुमा तरुनाहरू गीत गाउने पनि गर्दछन् र यस्ता गीतहरूमा समय र स्थान अनुसार श्लील र अश्लीलको उति भेद राखिदैन । अर्घाकोट (रजस्थल), खाँचीकोट, आलि डाँडा र चुत्राबेंसीमा दशैंमा सराय खेलिन्छ। सराय खेल्ने भनेको खड्ग जात्रा जस्तो हो । त्यसबेला भगवतीको मन्दिरभित्रका हतियारहरू जस्तै खुकुरी, तरवार,

खुंडा, खड्ग र लट्ठीहरू हातमा लिई जात्राको रूपमा निस्केर हतियार नचाउँदै, लडाउँदै, बाजाको तालमा नाच्ने आदि गरिन्छ ।

मुसलमानहरू इद, मुहर्रम जस्ता चाडहरू मनाउँछन् । वाङला, खनियावास र पालीमा मस्जिदहरू छन् ।

यहाँ लोक गीत गाउने र नाच्ने चलन निकै छ । गाउँहरूमा बेलुकीपख युवक-युवतीहरू भेला भई मादलको तालमा नाच्ने र गीत गाउने गर्दछन् । यहाँको मारुनी नाच, लाखेनाच, भैरव नाच र तीजमा महिलाहरूले नाच्ने नाच निकै राम्रो हुन्छ ।

यातायातको व्यवस्थामा यहाँ खास परिवर्तन आइनसकेको र औद्योगीकरणको शुरूवात भइनसकेको हुँदा यहाँ शहरी क्षेत्रहरू बढ्न सकेका छैनन् तसर्थ पहिलेदेखि चलिआएको ग्रामीण जीवन यहाँ अझै कायम छ । विभिन्न जात जातिहरू आफ्नो परम्परागत रीतिथिति मनाउँदै आएका छन् र दशैं जस्ता चाडहरू धार्मिक रूपमामात्र हैन खुशी र रमाइलो चाडको रूपमा पनि यहाँ सबैले मनाउँदै आएका छन् । धार्मिक वा जातीय भेद रहेका समूहमा पनि युगौंदेखिको सहवासले गर्दा स्नेह र सहयोगको बन्धन बलियो रूपमा रहेको पाइन्छ । गाउँ घरमा जातजातिको भेद नराखी एकले अर्कालाई आमा-बा, काका-काकी, दिदी-बहिनी, दाजू-भाइ, मामा-भान्जा, साला-भिना जस्ता घनिष्ट नाता र सम्बन्ध दर्शाउने तरीकाबाट सम्बोधन गर्नु स्वाभाविक हुन गएको छ । यस्तै ग्रामीण जीवनमा एक समूहको सीप र श्रम अर्कोलाई अनिवार्य रूपमा आवश्यक पर्ने र साटोबाटनै व्यवहार चल्ने हुँदा विभिन्न जात जाति र धार्मिक सम्प्रदायहरूको भेदले यहाँको जन जीवनमा अनेकताको बीच रहेको एकतालाई दर्शाउँछ । शिक्षाको बढ्दो प्रसार र आधुनिक जीवनका नयाँ मान्यताहरूले गर्दा विभिन्न जातजाति बीच रहेको घनिष्ट सम्बन्धलाई झन बलियो पार्न बढी सघाउ पुग्न गएको छ ।

आर्थिक व्यवस्था

अर्घाखाँची जिल्लाको कुल जनसंख्या १,३०,२१२ मध्ये आर्थिक व्यवसायमा लाग्न सक्ने क्षमता भएका १०वर्ष र सोभन्दा बढी उमेरभएका व्यक्तिहरूको संख्या ९०,८३३ (करीब६९.८ प्रतिशत) छ, जसमध्ये पुरुष ४४,१०६ र महिला ४६,७२७ छन् । तीमध्ये खास काममा लागेकाहरूको संख्या ७०,४६० (करीब ७७.६ प्रतिशत) छ, जसमध्ये पुरुष ३५,५५३ र महिला ३४,९०७ छन् । यसरी आर्थिक दृष्टिकोणले सक्षम देखिएका तर आर्थिक उपार्जनमा नलागेकाहरूको संख्या २०,३७३ (करीब २२.४ प्रतिशत) हुन आउँछ, जसमा विद्यार्थी, गृहिणी, पेन्सन पाउने आदि पनि पर्दछन् । राष्ट्रिय जनगणना २०२८ अनुसार यस जिल्लामा आर्थिक दृष्टिकोणले क्रियाशीलरहेका विभिन्न पेशा अपनाउनेहरूको व्यावसायिक वर्गीकरण निम्नबमोजिम छ ।

व्यवसायिक वर्गीकरणको तालिका

व्यवसाय	पुरुष संख्या	महिला संख्या	जम्मा संख्या
कृषि, वन, माछा पालन	३४,६८२	३४,८३५	६९,५१७
उद्योग	३४६	२१	३६७
निर्माण	११	–	११
व्यापार	१८७	२६	२१३
यातायात र सञ्चार	९	–	९
वैयक्तिक वा सामुदायिक सेवा	३१८	२५	३४३
जम्मा:–	३५,५५३	३४,९०७	७०,४६०

काममा लागेका कुल ७०,४६० जनामध्ये ६९,५१७ जना अर्थात् करीब ९८.७ प्रतिशत कृषि सम्बन्धी व्यवसायमा लागेका देखिन्छन् । यसरी विभिन्न पेशामध्ये यहाँ कृषि नै सर्वाधिक महत्वपूर्ण व्यवसायको रूपमा देखिएको छ । विदेशी फौजमा भर्ती हुने वा विदेशमा गई नोकरी गर्ने चलन पनि यहाँ पाइन्छ । अन्य पेशामा लागेकाहरूको संख्या यहाँ ज्यादै कम देखिन्छ ।

कृषि

यस जिल्लाको मुख्य आर्थिक आधार कृषि क्षेत्र नै हो भन्ने कुरो माथिका तथ्याङ्कहरूबाट स्पष्ट रूपमा देखिएको छ । तसर्थ यस जिल्लाको तथा यहाँका निवासीहरूको आर्थिक तथा सामाजिक विकास र उन्नति मुख्यतया कृषि उत्पादनको वृद्धि र कृषि विकास कार्यहरूमै निर्भर गर्दछ ।

वि.सं. २०२८ को कृषि तथ्याङ्कअनुसार यस जिल्लामा लगभग १६,५०० मेट्रिक टन खाद्यान्न उब्जाउ भएको अनुमान गरिएको छ। त्यसमध्ये बीज बीजन, ओसार पसार गर्दा र अन्य तरीकाबाट हुने नोक्सान ४०० मेट्रिक टन जति कटाउँदा बाँकी १६,१०० मेट्रिक टन रहने र त्यसमध्ये कुटान–पिसान गरी बाँकी खाद्य सामग्रीको रूपमा १७,२०० मेट्रिक टन मात्र उपलब्ध भएको देखिन्छ। यस जिल्लाको जम्मा जनसंख्यालाई वार्षिक झण्डै २०,३०० मेट्रिक टन खाद्यान्न चाहिने भएकोले झण्डै ४,६४५ मेट्रिक टन खाद्यान्न कमी हुने देखिन्छ। तसर्थ यो जिल्ला खाद्यान्नको हकमा अभावग्रस्त जिल्ला मानिएको छ।

यस जिल्लामा नगदे बाली नगण्य मात्रामा लगाइन्छ। आलुको खेती उत्साहजनक देखिएको छ। अन्नाभावको बेलामा आलु केही हदसम्म खाद्यान्नको पूरकको रूपमा प्रयोग गरिन्छ।

अर्घाखाँची जिल्लाको करीब ९८ प्रतिशत जनता कृषि व्यवसायबाट आफ्नो जीविका चलाउँछन्। यस जिल्लामा पाखोबाली बढी भएको र सिचाइ सुविधाको कमी भएकोले सबैभन्दा बढी र मुख्य बाली मकै नै मानिन्छ। मकै पछि धान बाली र तेस्रो स्थानमा कोदोको उब्जनी हुन्छ। केही मात्रामा गहुँको खेती पनि भएको छ र गहुँ खेती क्रमशः बढ्दै छ। आलु लगाइएको क्षेत्र र उब्जनी पनि बढ्दै गएको छ। नगदेबालीमा तेलहन, दलहन, सुर्तीको खेती भए तापनि सीमित मात्रामा कुनै कुनैले मात्र खेती गरेका छन्।

सिचाइको सुविधा प्राप्त भएको बेंसी फाँटमा खासगरी दुर्वा फाँट, दुर्गा फाँट, मथुरा खोलाको फाँट, चुत्राबेंसीको फाँट, गङ्गा फाँट आदिमा धान, जौ, गहुँ र मकैको खेती हुन्छ र सहायक बालीको रूपमा मास मसुरो, भटमास आदिको खेती हुन्छ।

जलस्रोतको कमी र ठूलो नदीनालाहरूको अभाव भएकोले बाँध बाँधी सिचाइ गर्ने व्यवस्था यहाँ छैन र सिचाइ हुन नसक्ने बालीहरूमा आधुनिक रासायनिक मलको प्रयोग गर्न बाधा पर्ने भएकोले धान तथा गहुँ खेतीको बिस्तारको सम्भावना कम देखिन्छ।

वर्षे धान बाली साधारणतः वर्षा शुरू भएपछि असारदेखि भदौसम्म लगाई सकिन्छ र कात्तिकको अन्त्यदेखि मंसीरको तेस्रो हप्तासम्ममा काटिन्छ। धानको लगत्तैपछि गहुँ, जौ छरिन्छ र मंसीरसम्ममा छरिसकी चैतसम्ममा बाली भिव्याइन्छ। हिउँदे धान चैतमा रोपिन्छ र असारसम्ममा भिव्याइन्छ। यसरी हिउँदमा खेत बाँझो राख्ने प्रवृत्ति घट्दै गइरहेको पाइन्छ। धान खेतीमा पुरानै औजार, प्रांगणिक मल तथा पुरानै बीउ प्रयोग गरिन्छ। रासायनिक मलको प्रयोग तथा उन्नत बीउको प्रसार कम भएको र भरखर मात्र रासायनिक मल तथा आधुनिक बीउ बीजन प्रयोग गर्ने शुरुवात हुन लागेको छ। आर्थिक वर्ष २०३०।०३१ मा यस जिल्लामा १,७७५ हेक्टर (३५,५०० रोपनी) जग्गामा जम्मा ४,०८२ मेट्रिक टन धान उत्पादन भएको थियो।

अर्घाखाँचीको अधिकांश भू-भाग डाँडा, पहिरो, भीर र पर्वतले नै ढाकेको हुँदा खेती गरिने अधिकांश जग्गा पनि पाखो बारी हुनु स्वाभाविक नै छ। पाखो बालीमा मुख्यतया मकै, जौ, कोदो र कहीं कहीं गहुँको खेती पनि हुन्छ। सहायक बालीको रूपमा फापर, तोरी, भटमास, केराउ, बोडी, झिलिङ्गी, गहत, सिमी तथा मुसुरो लगाइन्छ। यहाँ चैतदेखि वैशाखसम्म मकै छर्ने गरिन्छ। चैते मकै पहिलो पटक वैशाखतिर र दोस्रो

पटक जेठमा गोडमेल गरिन्छ र वैशाखे मकै पहिलो पटक जेठमा र दोस्रो पटक असारमा गोडिन्छ। भदौदेखि असोजसम्ममा मकै भित्र्याइन्छ। मकै बाली भित्र्याइसकेपछि असोजदेखि कात्तिकसम्ममा जौ र कात्तिकमै गहुँ तथा तोरी लगाइन्छ। सहायक बालीमध्ये भटमास, बोडी, सिमी, गहत र झिलिङ्गी, मकै साथै छरिन्छ। झिलिङ्गी अलि पछि मात्र तयार हुने हुँदा झिलिङ्गी बाहेक अरू सहायक बाली मकै साथसाथै भित्र्याइन्छ। झिलिङ्गी कात्तिकमा भित्र्याइन्छ।

कृषि तथ्याङ्क अनुसार आर्थिक वर्ष २०३०।०३१ मा ८,८०० हेक्टर (१,७६,००० रोपनी) जग्गामा १६,२८० मेट्रिक टन मकै उत्पादन भएको देखिन्छ। प्रति हेक्टर १,८५० के. जि. मकै उब्जनी भएकोले यहाँ मकैको उत्पादन अधिराज्यको अन्य जिल्लाको तुलनामा राम्रो मानिएको छ।

मकै पछि तेस्रो महत्वपूर्ण बाली कोदो र मकै बेलामै लगाइन्छ। भदौ तथा असोजतिर कोदो बाली भित्र्याइन्छ। कृषि तथ्याङ्क अनुसार आर्थिक वर्ष २०३०।०३१ मा १,८०० हेक्टर (३६,००० रोपनी) जग्गामा कोदो लगाइएको थियो। यस बालीले ढाकेको जमीनको क्षेत्रफलको हिसाबबाट मकैपछि कोदो बालीले दोस्रो स्थान पाए तापनि उब्जनीको दृष्टिकोणबाट मकै र धानपछिको तेस्रो स्थान कोदोले ओगटेको छ। उक्त आर्थिक वर्षमा कोदो उत्पादन जम्मा २,१६० मेट्रिक टन भएको र प्रति हेक्टर १,२०० के. जि. कोदो फलेको अनुमान गरिएको छ।

लेकतिर आलुको खेती बढी हुन्छ र वर्षे आलु चैतमा लगाइन्छ र साउनमा खनिन्छ। हिउँदे आलु असोज–कात्तिकमा लगाई फागुनमा खनिन्छ। आर्थिक वर्ष २०३०।०३१ मा यस जिल्लामा २६४ हेक्टर (५,२८० रोपनी) जग्गामा आलुको खेती भएको अनुमान गरिएको छ। आलुको जम्मा उब्जनी १,४४० मेट्रिक टन र प्रति हेक्टर ५.४ मेट्रिक टन उत्पादन भएकोले आलुको खेती सन्तोषजनक छ भन्न सकिन्छ।

गहुँको खेती खेत तथा पाखो दुवैमा गरिन्छ। कृषि तथ्याङ्क अनुसार आर्थिक वर्ष २०३०।०३१ मा गहुँको खेती ६०० हेक्टर (१२,००० रोपनी) रहेको हुँदा क्षेत्रफलको दृष्टिकोणबाट मकै, कोदो, धानपछि चौथो स्थान गहुँको भए तापनि उब्जनीको दृष्टिकोणबाट पाँचौं स्थान गहुँले लिएको देखिन्छ। उक्त आर्थिक वर्षमा जम्मा ५४९ मेट्रिक टन गहुँ उत्पादन भएको हुँदा गहुँको प्रति हेक्टर उत्पादन ९१५ के. जि. भएको देखिन्छ। वर्षे बालीमा धान, मकै, कोदो, भटमास, मस्याङ र लेकतिर आलु हुन्छ। हिउँदे बालीमा धान, गहुँ, जौ, केराउ, आलु, प्याज, तोरी, सरस्यूँ आदि हुन्छ।

यस जिल्लामा विभिन्न खेती बालीले ढाकेको भूमि र ती बालीहरूको जम्मा उत्पादन तथा प्रत्येक हेक्टरको उत्पादन क्षमता निम्नबमोजिम देखिन्छः–

क्षेत्रफल र उत्पादनको तालिका

क्षेत्रफल–हेक्टरमा
उत्पादन–मेट्रिक टनमा

आर्थिक वर्ष	धान		मकै		गहुँ		कोदो	
	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पानदन
२०२४।०२५	१,७००	३,८२५	५,५००	१०,४५०	३७५	४८७	१,४००	१,६६३
२०२५।०२६	१,७००	३,९१०	५,८००	११,१९४	३७५	४८७	१,५००	१,८००
२०२६।०२७	१,७१०	३,९३३	६,१००	११,८९५	४००	५००	१,५००	१,८००
२०२७।०२८	१,७२०	४,१२८	६,४००	१२,८००	५००	५२५	१,५५०	१,८४४
२०२८।०२९	१,७०८	४,०९९	६,२००	९,२७५	५००	५६२	—	—
२०२९।०३०	१,८००	४,३२०	६,८००	१२,९२०	६००	५४९	१,७९४	२,१५२
२०३०।०३१	१,७७५	४,०८२	८,८००	१६,२८०	६००	५४९	१,८००	२,१६०

नगदे बाली

आर्थिक वर्ष	जौ		आलु		तेलहन		सुर्ती	
	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
२०२४।०२५	२२५	१९८	७५	३८८	२५०	१११	५	३
२०२५।०२६	२२५	१९८	१००	५१७	२५०	११३	५	३
२०२६।०२७	२५०	२२२	१२५	६२५	२५०	११५	५	३
२०२७।०२८	२५०	२२२	१५०	७५०	२६०	११२	५	३
२०२८।०२९	–	–	–	–	–	–	–	–
२०२९।०३०	३००	२६७	२००	९७०	२५८	११०	६	३
२०३०।०३१	३००	२६४	३००	१,४४०	१४५	१२०	८	५

माथिको तालिकामा उल्लेख भए अनुसार आर्थिक वर्ष २०२४।०२५ देखि २०२७।०२८ सम्म धान खेती गरिएको जग्गा वृद्धिभएको देखा परेको थियो तर आर्थिक वर्ष २०३०।०३१ मा घट्न गएको देखिन्छ। त्यस्तै उत्पादन पनि आर्थिक वर्ष २०३०।०३१ मा घेटेको देखिन्छ। अतः यस जिल्लामा धानको उत्पादन गत सात वर्षदेखि बढ्दै गएको भए तापनि गत तीन सालदेखि क्षेत्रफलमा घटबढ भए अनुसार नै उत्पादन पनि घटबढ भएको पाइन्छ। मकै बालीमा भने आर्थिक वर्ष २०२७।०२८ सम्म खेती गरिएको जमीन, जम्मा उत्पादन तथा उत्पादन क्षमतामा बृद्धि भइरहेको थियो। २०२८।०२९ मा एकाएक मकै बाली लगाइएको जमीन प्रशस्त घट्न गएको थियो र जम्मा उब्जनी २०२९।०३० देखि पुनः बढ्दै गएको पाइन्छ। आर्थिक वर्ष २०३०।०३१ मा मकैको खेती पनि बढेको र उब्जनी पनि बढेको थियो। मकै बालीमा पनि उत्पादन वृद्धि र क्षेत्रफल वृद्धिमा सोझो सम्बन्ध रहेको देखिन्छ। जीविका उपार्जनको लागि अन्य सुलभ साधनको अभावमा कृषिमा नै सर्वसाधारण निर्भर हुने भएकोले मकै बाली उत्पादन क्षमता बढाई कृषि उपज बढाउनुको साथै स्थानीय जनताको क्रय शक्ति वृद्धि गर्न राष्ट्रिय प्राथमिकता अनुसार फलफूलको खेतीमा बढी ध्यान दिनु पर्ने धेरै जरुरी भइसकेको छ। हाल यहाँ जिल्ला कृषि विकात कार्यालय खुलेको छैन। प्रमुख जिल्ला अधिकारीको कार्यालय अन्तर्गतको कृषि शाखामा रहेको दुई जे. टी. ए. र एक जे. टी. ले यस जिल्लाको सम्पूर्ण भागमा कृषि सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका छन्। यस जिल्लामा गहुँको खेतीको राम्रो प्रचार भएको छैन। २०२४।०२५ देखि २०३०।०३१ को सात वर्षमा गहुँको क्षेत्रफल र उत्पादनमा सुस्त सुस्त वृद्धि भएको देखिन्छ।

पहाडी इलाकामा तरकारीको रूपमा मुख्यतया आलुकै उपयोग गरिन्छ । खाद्यान्न कमी भएको बेलामा छाक टार्न मात्र नभई मुख्य खाद्य वस्तुको रूपमा उपयोग गरिने आलु नै हुन्छ । आलु लगाइएको क्षेत्रफलमा गत सात वर्षदेखि वृद्धि भइरहेको छ र उत्पादन पनि वृद्धि भइरहेको देखिन्छ ।

नगदेबालीमा सुर्ती बालीको क्षेत्रफल सुस्तसुस्त बढ्दै गएको र जम्मा उत्पादन पनि बढ्दै गइरहेको देखिएतापनि यो खेती आफ्नो आवश्यकता टार्न मात्र गरिने भएकोले यसको खेतीले खाद्यान्नमा खास ठूलो असर नपर्ने देखिन्छ ।

माथिको तालिकाबाट आर्थिक वर्ष २०२४।०२५ को तुलनामा आर्थिक वर्ष २०३०।०३१ मा सबैभन्दा बढी क्षेत्र विस्तार मकै खेतीमा भएको देखिन्छ । सबभन्दा कम क्षेत्र विस्तार सुर्ती खेतीमा भएको र तेलहनको खेतीको क्षेत्र घटेको देखिन्छ । उत्पादनको दृष्टिकोणबाट सबभन्दा बढी मकै, त्यसपछि आलुको उत्पादन भएको देखिन्छ । सबभन्दा कम उत्पादन हुने सुर्ती र तेलहनको उत्पादन घटेको देखिन्छ ।

यस जिल्लामा पहिलेदेखि कपासको खेती गरी आवश्यक पर्ने कपडाहरू आफै बुन्ने चलन रहेको थियो । कपासले ढाकेको क्षेत्रको तथ्याङ्क उपलब्ध नभए तापनि यहाँ अझै पनि ठाउँ ठाउँमा कपासको खेती गरिन्छ । यहाँ ठाउँ ठाउँमा उखुको पनि खेती हुन्छ । उखुबाट उत्पादन गरिने खुदो वा चाकु प्रायः गाउँ घरमै खपत हुन्छ ।

यहाँ खेतीगर्नेहरू मध्ये करीब ५० प्रतिशत खेताला लगाई खेतीको काम गरिन्छ । करीब ३० प्रतिशत जतिले आफैं खेती गर्दछन् । बाँकी करीब २० प्रतिशतमा एक अर्काको सघाउ गरी खेती गर्ने परिमा प्रथाको चलन छ । बढी जग्गा भएकाहरूले धेरैजसो खेताला लगाउने गर्छन् । यसरी खेताला लगाउँदा प्रतिदिन लोग्ने मानिसलाई रू. ५। र आइमाईलाई रू. ३। मज्‌री (ज्याला) को साथै साँझ– बिहानको खाने अन्न दिइन्छ। दिउँसो खाजा खुवाउने चलन पनि छ ।

खोलाहरूको आसपासका बेंसी तथा फाँटहरूमा पुरानै परम्परादेखि चलिआएको सिंचाइ व्यवस्था बाहेक पाखो बारीमा आकासको भरमा खेती गर्नु पर्ने भएकोले बाली पनि अनिश्चित रहने र केही गरी वर्षा नभइदिए सुक्खा पर्ने, बढी वर्षा भए पहिरो गई खेतनै पुरिने डर रहन्छ ।

बालीनाली बिगार्दा खासगरेर वर्षे बाली खाइसकेको र हिउँदेबाली भित्र्याई नसकेको बेला साउन महीनातिका यस जिल्लामा अन्न को अभाव भइरहन्छ । यस बेला अन्न बढी हुनेहरूकहाँबाट अन्न कम हुनेहरूले आफूसँग भए नगद तिरी र नगद नहुनेहरूले आफ्नो जग्गा बिक्री गरी अथवा धितो राखी अन्न खरीद गर्ने आठ–दश प्रतिशत जति हुन्छन् । कोही कोही बेसाहा गर्न नजीकको जिल्ला पहाडतर्फ पाल्पामा र मधेसतर्फ कपिलवस्तुमा जाने गर्छन् । बेसाहा पाउनेसम्ममा आफूलाई खान पुग्ने भएपछि र खेती गर्ने बेलामा पुनः आफ्नो जिल्लामा फर्कने गर्छन् ।

भूमि व्यवस्था

यस जिल्लाको क्षेत्रफल जम्मा १,३३,१०० हेक्टर भएको र २०२८ सालको जनगणना अनुसार जम्मा जनसंख्या १,३०,२१२ भएकोले सरदर प्रत्येक व्यक्तिलाई करीब एक हेक्टर जग्गा पर्न आउने देखिन्छ। तर खेती गरिएको जग्गाको क्षेत्रफल १३,६९२ हेक्टर मात्र भएकोले ९.५ व्यक्तिको लागि एक हेक्टर जग्गा उपलब्ध हुने देखिन्छ । यस जिल्लामा रहेको कुल परिवार संख्या २३,४२० भएकोले प्रत्येक परिवारलाई ०.६ हेक्टर (१२ रोपनी जग्गा) पर्न आउँछ ।

यस जिल्लामा हालसम्म नापी भई नसकेकोले जग्गाको विस्तृत विवरण प्राप्त हुन सकेको छैन। यस जिल्लामा माल कार्यालय खोल्नु अगावै गुल्मी मालले राजस्व सङ्कलन गर्ने गरेको थियो र २०२३ सालमा यहाँ माल खोलेपछि जिल्ला माल कार्यालयमा रहेको तथ्याङ्क अनुसार वि. सं. १९९९ देखि खेततर्फ र २००६ सालदेखि पाखो तर्फ हालसम्म भएका सालसालैको लगतबाट निम्न बमोजिम आवादी जमीन रहेको देखिन्छ।

खेततर्फ	खेत	मुरी	पाथी	माना	मुठी
अवल	१	५५	७	४	—
दोयम	—	—	—	—	—
सीम	—	३७	१२	४	—
चाहार	२२	८	११	—	—
किसिम नखुलेको	१,२९७	२७	१५	३	२

पाखातर्फ	
हले	१,९३६ (एक हल गोरुले दिनभरि जोत्न सक्ने जमीनलाई हले भनिन्छ)
पाटे	१,७९६ (एउटा गोरुले दिनभरि जोत्न सक्ने जमीनलाई पाटे भनिन्छ)
कोदाले	९,५७६ (एक कोदालाले एक जना व्यक्तिले दिनभरिमा खन्न सक्ने जमीनलाई कोदाले भनिन्छ)।

दर्ता नभएको खेत र पाखो जग्गा नापी नभई सकेकोले यकीन हुन सकेको छैन।

जग्गावालाहरूको जग्गा बारे ७ नं. फाराम अनुसार यस जिल्लामा जग्गाधनीहरूको संख्या निम्न बमोजिम देखिन्छ।

४ हेक्टर अर्थात् ८० रोपनीभन्दा बढी जग्गा हुनेको संख्या	३
३ हेक्टर अर्थात् ६० रोपनीदेखि ४ हेक्टर अर्थात् ८० रोपनीसम्म जग्गा हुनेको संख्या	२
२.३ हेक्टर अर्थात् ४५ रोपनीदेखि ३ हेक्टर अर्थात् ६० रोपनीसम्म जग्गा हुनेको संख्या	८
१.५ हेक्टर अर्थात् ३० रोपनीदेखि २.३ हेक्टर अर्थात् ४५ रोपनीसम्म जग्गा हुनेको संख्या	६४
१ हेक्टर अर्थात् २० रोपनीदेखि १.५ हेक्टर अर्थात् ३० रोपनीसम्म जग्गा हुनेको संख्या	१९३
१ हेक्टर अर्थात् २० रोपनीसम्म जग्गा हुनेको संख्या	२३,६२६
जम्मा संख्या	२३,८९६

यस जिल्लामा जम्मा २१० मौजामध्ये खेततर्फ ८१ र पाखातर्फ १२९ छन्।

यस जिल्लामा २०१३ सालमा भूमिसुधार लागूभएपछि नै किसानहरूको मोहियानी हक प्रदान गर्ने, कृषि ऋण निश्चित गर्ने र अनिवार्य बचत सङ्कलन गर्ने कार्य शुरू गरिएको थियो।

वि. सं. २०२३ मा भूमि सुधार कार्यालय स्थापना भए तापनि नापी भइनसकेको हुँदा मोहियानी हकको प्रमाणपत्र दिइएको छैन। हाल २१,०२१ मोहीहरूलाई ४ नं. जोताहा अस्थायी निस्सा

प्रदानगरी मोहियानी सुरक्षा गरिएको छ। यस जिल्लामा आर्थिक वर्ष २०३०।०३१ मा मोहियानी वेदखली सम्बन्धी जम्मा १२ वटा मुद्दा परेको देखिएकोले मोहियानी वेदखली सम्बन्धी खास समस्या यहाँ देखिंदैन।

ऋण निश्चित गर्ने कार्यक्रम अनुसार शुरुदेखि हालसम्म जम्मा रू. १२,१५,७६८। निश्चित गरिएकोमा रू. ९८,९४८। साहुलाई तिर्न नपर्ने गरी मिनाहा भइसकेको छ। अनिवार्य बचतको सिलसिलामा जिन्सीमा २,७३१ मुरी र नगदीमा रू. ९७,०६१। उठेको छ। यथार्थ लगत तयार गर्न वार्ड समितिहरूको लेखापरीक्षण हाल धमाधम हूँदैछ। जिल्लाका ४० पञ्चायतमा ३६० वार्डमध्ये २७९ वार्डमा लेखापरीक्षण भइसकेको छ। जिल्ला भूमिसुधार कार्यालयबाट १९१ वार्डका १२,२३५ बचतकर्ताहरूलाई बचतको प्रमाणपत्र पनि दिइसकिएको छ। लेखा परीक्षण समाप्त भएको वार्ड समितिको जिम्मा रहेको बचत रकम ग्राम समितिमा हस्तान्तरण गराउने काम हुँदैछ।

असूल भएको बचत रकम खास गरी किसानहरूको अल्पकालीन ऋण स्वरूप हाल ग्राम समिति मार्फत दिइने र ऋण असूल गर्ने गरिन्छ। आवश्यक नपरेको बचत रकम जिन्सी भए तोकिएको दर भाउमा बिक्री गराई सोबाट आएको रकम जिल्ला भूमि सुधार कार्यालय मार्फत बचत संस्थानको खातामा जम्मा गरिन्छ। यसरी जम्मा भइसकेको रकम ऋण वितरण गर्न पुनः उपलब्ध हुने व्यवस्था छ र आर्थिक वर्ष २०२८।०२९ र २०२९।०३० मा यस्तै रकमबाट रू. ६६,००० । ऋण वितरण गरिएको थियो ।

यस जिल्लामा जग्गाबाट प्रतिवर्ष रू. ८८,७९३। मालपोत उठ्दछ। मालपोतबाट उठ्ने रकम मध्ये घरबारदेखिबाहेकका फडके जग्गाबाट रू. ९,६१३। र घर घडेरीले चर्चेको साफा जग्गाबाट रू. १,९२४। उठ्ती हुन्छ। मालपोत बाहेक भू–राजस्वको अन्यस्रोतमा रजिष्ट्रेशन तथा दण्ड जरीवानाबाट उठ्ने रकमहरू छन्। यहाँ जिम्मावाल, मुखिया आदि तालुकदारहरूबाट मालपोत उठाइन्छ र यस्ता तालुकदारहरूको संख्या २१६ छ।

पशुपालन

अधिराज्यका अन्य जिल्लाहरू सरह यहाँका निवासीहरूले पनि खेतीको साथै पशुपालन गर्ने गरेका छन्। खास गरेर दूध तथा घ्यू बेच–बिखनबाट आफूलाई चाहिने दैनिक उपभोगको वस्तु खरीद गर्न यसरी कमाइएको नगद प्रयोगमा ल्याइन्छ। पाल्तु जनावरमा गाई, भैंसी, भेडा, बाख्रा, सुंगुर, बँदेल, घोडा पाल्ने चलन छ। भैंसी तथा गाई दूध, घ्यू र मलकोलागि पालिन्छन्। गोरुबाट खासगरी जोत्ने काम लिइन्छ। भेडा खास गरी मासु तथा ऊन र मलकोलागि र बाख्रा, बँदेल, सुंगुर मासुको निमित्त पालिन्छन्। यातायातको निमित्त उपयोगी हुने हुँदा घोडा पनि पाल्ने गरिन्छ। मुख्य पेशाको रूपमा आधुनिक तरीकाबाट पशुपालन गर्ने चलन यस जिल्लामा अझै शुरु भएको छैन। नश्ल सुधार गर्ने जस्ता काम कुराको प्रचार तथा प्रसार प्रमुख जिल्ला अधिकारीको कार्यालयको कृषि शाखाबाट भइरहेको छ र उन्नत जातका राँगा, गोरु, बोका पाल्ने काम सीमित मात्रामा शुरु भएको छ। यसका अतिरिक्त कुखुरा, परेवा जस्ता चराहरू मासुको लागि पालिन्छन् तापनि व्यवसायको रूपमा चराहरू पालिदैनन्। यस जिल्लामा पशु चिकित्सालयको व्यवस्था नभएको हुँदा पशु रोगको प्रकोप भएमा रोग नियन्त्रणको लागि भैरहवा स्थित पशुचिकित्सालयबाट सहयोग लिने गरिएको छ। सानो तिनो रोग लागेमा परम्परागत चलन अनुसार स्थानीय जडीबुटी झारफुकबाट पनि उपचार गरिन्छ।

फलफूल खेती

अर्घाखाँची पहाडी जिल्ला भए तापनि १२ महीना हिउँ लाग्ने हिम प्रदेशमा पर्दैन। केवल जाडो महीनामा महाभारत पर्वत, घेरालेक, नालकाडा लेक, घोर्लासी लेक, स्याङलाङ, नर्तनाचल लेक, साउने थुम, मसिना लेक, मणिकुट, हल्लरी थुम, गोखुंगाको लेक आदिमा हिउँ पर्छ। यस्ता लेकहरूमा स्याउ, नाशपाती, दाँते ओखर जस्ता फलफूल पाइन्छन् ।

लेक क्षेत्रभन्दा मुनि र बेंसीभन्दा अग्ला पहाडी भागमा सिट्रस जातका फलफूलहरू जस्तै सुन्तला, भोगटे,कागतीको साथै काफल,नाशपाती,आरू,आलुवखडा जस्ता फलफूल पाइन्छन् । यहाँ चिउली प्रशस्त मात्रामा पाइन्छ र यसबाट घ्यू बनाउने यहाँको पुरानो चलन हो । बेंसी फाँटमा गर्मी हुने भएकोले आँप, कटहर, लीची, अम्बा, वेल, कटहर, मेवा, दारीम, खल्टु जस्ता फलहरू पाइन्छन् । उपरोक्त फलहरू सबै स्थानीय जातका हुन् । यहाँ वैज्ञानिक तरीकाबाट फलफूलको खेती शुरु भएको छैन र व्यावसायिक रूपमा सञ्चालन पनि गरिएको छैन। नरपानीमा स्याउ र आरू प्रयोगात्मक रूपले लगाइएको छ र बोटहरू राम्ररी सप्रेका छन्। फलफूल सम्मको खेती गर्न सकिने क्षेत्रहरू यहाँ रहेका हुँदा चिउली लगायत अन्य विभिन्न किसिमका फलफूलको खेतीको विकास तथा विस्तार गर्ने राम्रो सम्भावना यहाँ देखिन्छ । यसबाट यहाँको निवासीहरूको आर्थिक उन्नतिमा निकै सघाउ पुग्न सक्तछ ।

यहाँ तरकारीको खेती व्यवसायको रूपमा नगरी निजी उपभोगको निम्ति गरिन्छ । यहाँ खेती गरिने तरकारीहरूमा काउली, बन्दाकोपी, मुला, गाजर, प्याज, लसुन, गोलभेंडा र सागपातहरू हुन् ।

पहाडी प्रदेश भएकोले स्थानीय जनताका क्रयशक्ति खाद्यान्न बालीबाट बढाउन उति सम्भव देखिंदैन र सालिन्दा खाद्यान्न आयात गर्नु पर्ने भएकोले सो आयात गर्न तथा जीवनस्तर बढाउन पहाडी इलाकामा फलफूलको खेतीलाई नै प्राथमिकता दिनु पर्ने देखिन्छ ।

सिचाइ

अर्घाखाँचीमा धेरैंजसो पाखाबारीहरू भएको हुँदा सिचाइको व्यवस्था ज्यादै कम मात्र छ र धेरैंजसो आकाशको भरमै खेती गरिन्छ । केही फाँटहरूमा सानोतिनो खोलाबाट कच्ची कुलो बनाई सिचाइको व्यवथा गरिन्छ। यस जिल्लामा प्रायः स-साना खोलाहरूको प्राचुर्य भएकोहुँदा जिल्ला पञ्चायतको माध्यमबाट सानो सिचाइ योजनाहरू सञ्चालन हुँदै आएका छन् । दुर्वाङ खोलाबाट दुर्वाङ फाँट, दुर्गा खोलाबाट सरांग वरांग फाँट, वाँगी खोलाबाट चुत्राबेंसी सन्धीखर्क फाँटमा सिचाइ गर्न सकिने सम्भावना देखिन्छ। जिल्ला पञ्चायत तथा गाउँ पञ्चायतको संयुक्त सहयोगबाट सिद्धारा कमलचौर गाउँ पञ्चायतमा दुई सिचाई कुलो निर्माण भएका छन् । उक्त सिचाइ कुलोहरूबाट त्यहाँ बाह्रै महीना करीब ३०० हेक्टर (६,००० रोपनी) जमीनमा सिचाइ भइरहेको छ।

कृषि ऋण

अर्घाखाँची जिल्लामा कृषकहरूलाई ऋण उपलब्ध गराउने संस्थाहरूको अभाव रहेको हुँदा कृषि ऋणको लागि पुरानै चलन अनुसार साहु महाजनकै मुख ताक्नु पर्ने परिस्थिति अझै रहेको छ।

अनिवार्य बचत उठेको रकमबाट कृषकहरूलाई बढीमा एक वर्षको लागि अल्पकालीन ऋण ग्राम समिति मार्फत दिने गरेको छ र बचत संस्थानमा जम्मा भइसकेको रकमबाट पनि दैवीप्रकोप आदि परेमा बचत संस्थानबाट ऋण उपलब्ध गराउन सकिने व्यवस्था यहाँ रहेको कुरा माथि पनि उल्लेख भई सकेको छ ।

कृषि व्यवसायको प्रगतिको लागि र खासगरी फलफूल उद्योगमा पनि लगानी गर्न सकिने ठूलो सम्भावना देखिएकोले यहाँ साधारण कृषकहरूलाई ऋणको सहूलियत प्रदान गर्ने संस्थाहरूको स्थापनाबाट यस जिल्लाको आर्थिक उन्नतिमा महत्वपूर्ण योगदान पुग्न जाने देखिन्छ ।

कृषि विकास

अर्घाखाँची जिल्लामा भूमि सुधार लागू भएपछि २०२३ सालमा कृषि विकास कार्यक्रम शुरु भएको थियो । २०२३ सालदेखि २०२९ सालसम्म जिल्ला पञ्चायत मार्फत कृषि विकास कार्यक्रम सञ्चालन गरिएको थियो । आर्थिक वर्ष २०३०।०३१ देखि प्रमुख जिल्ला अधिकारीको कार्यालय अन्तर्गत कृषि शाखा खडा गरी कृषि विकास कार्यक्रम सञ्चालन भईरहेको छ । कृषि शाखामा दुई जना जे. टी. ए. र एक जना जे. टी. मार्फत कृषि विकास कार्यक्रम सञ्चालन गराइएको छ । उपरोक्त प्राविधिज्ञहरूले ४० पञ्चायतमा कृषि विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरेका छन् । आर्थिक वर्ष २०३०।०३१ मा कृषि विकास कार्यहरूको सिलसिलामा तरीका प्रदर्शन, नतीजा प्रदर्शन, अगुवा तालीम आदि विभिन्न किसिमका कार्यक्रमहरूको साथै उन्नत तथा स्थानीय छनौटको बीउको बिक्री वितरण र धान, गहुँ, मकै, तरकारी, आलु, कपास आदिको उन्नत बीउले ढाकिने क्षेत्रको विस्तार गर्ने कार्यक्रमहरू चलाइएको थियो । उक्त आर्थिक वर्षमै यहाँ १५.३ मेट्रिक टन रासायनिक मल र २५० वटा फलफूलका बोट बिरुवाहरूको बिक्री वितरण पनि गरिएको थियो ।

कृषि विकास कार्यहरू भर्खरै शुरू भएका हुँदा भविष्यमा बढी जोडतोडले कार्यक्रमहरू सञ्चालन भई जिल्लाको कृषि उत्पादन क्रमशः बढ्दै जाने आशा राख्न सकिन्छ ।

उद्योग तथा व्यापार

सडक वा हवाई यातायातको शुरुवात जिल्लामा भई नसकेको र विद्युत् वा अन्य इन्धन शक्तिको पनि व्यवस्था अझै नभएको हुँदा यहाँको औद्योगिक गतिविधि असंगठित रूपमा रहेका परम्परागत घरेलु तथा ग्रामीण उद्योगहरूमै सीमित भएको छ । केही साना चामल र तेल मिल यहाँ भर्खरै देखापर्न थालेका छन् । यहाँको व्यापार पनि मुख्यतया कृषि वा पशु पैदावार र कपडा, नून, तेल तथा आधुनिक उपभोग्य सामानहरूको आयात–निर्यातमै सीमित रहेको पाइन्छ । स्थायी बजार र सानातिना खुद्रा पसलहरूको माध्यमबाट नै यहाँको व्यापार चलेको छ । यहाँ हाटको चलन छैन तर चाड पर्वहरूमा जिल्लाका विभिन्न स्थानहरूमा लाग्ने मेलाहरूमा सीमित रूपमा व्यापार हुने गर्दछ ।

जिल्लाका १० वर्षभन्दा बढी उमेर भएकाहरू (९०.८ प्रतिशत) मध्ये जम्मा ५६३ जना (०.६ प्रतिशत) मात्र उद्योग, निर्माण र व्यापारमा सक्रिय रूपले लागेका छन् भन्ने कुरो २०२८ को राष्ट्रिय जनगणनाबाट देखिन्छ । यसबाट पनि यहाँको अर्थ व्यवस्थामा उद्योग वा व्यापारको भूमिका उत्तिको महत्वपूर्ण नरहेको देखिन्छ ।

उद्योग

यस जिल्लामा कुनै पनि ठूला औद्योगिक संस्थाहरू छैनन्। गत केही वर्ष अघि मात्र चुत्रा बेंसीमा एउटा सानो चामल तथा तेल मिल, मथुरा बेंसी र दोमाही साउँबोटमा मिलहरू स्थापना भएका छन्। अर्को आधुनिक उद्योगको रूपमा यस जिल्लाको सीमानाभित्र रहेको पत्थरकोट बजारको महुवाको डिष्टीलरी (मदभट्टी) लाई लिन सकिन्छ।

यस जिल्लामा घट्टको चलन पहिलेदेखि नभएको र पीठो पिन्ने, चामल पिन्ने आधुनिक कलहरू पनि अझै धेरै संख्यामा खुली नसकेको हुँदा ढिकी र जाँतो कै भरमा धान कुट्ने र पीठो पिन्ने चलन रहेको छ। पुराना किसिमका कोलहरूमा नै धेरैजसो तेल पेलिन्छन्।

असंगठित रूपमा रहेका घरेलु तथा ग्रामीण उद्योगहरूमा दूधको घ्यू र चिउलीको घ्यू बनाउने, माटाका भाँडा बनाउने, बाँसका डोका, डाला आदि बनाउने तथा ऊनी तथा सूती कपडा बुन्ने उद्योगहरूलाई लिन सकिन्छ। यहाँ ठाउँ ठाउँमा मौरी पाली मह पनि निकालिन्छ तर व्यापक र संगठित रूपमा मह निकाल्ने चलन पाइँदैन।

जिल्लाका विभिन्न ठाउँमा खासगरी नदी तथा खोलाका बेंसी र फाँटहरूतिर बस्ने कुमालेहरू पहिलेदेखि नै माटाका भाँडाहरू बनाई गाउँ गाउँमा लगि बिक्री गर्ने गर्दै आएका छन्। कुमालेहरूको बसोबास भएका ठाउँहरूमा चुत्राबेंसी, सन्धीखर्क, वलवाङ उल्लेखनीय छन्।

जिल्लाका प्रायः धेरैजसो ठाउँमा बाँसबाट डोका, डाला, मान्द्रा, फुगा आदि बुनिन्छन्। यस्तो घरेलु उद्योग मुख्यतया चित्रेकामीहरूबाट चलेको छ।

पहिले यहाँ ऊनी, सूती दुवै किसिमका कपडाहरू बुन्ने गरिन्थ्यो। मेशीनबाट बनेका कपडाहरू आयात हुन थाले पछि तिनका दाँजोमा स्थानीय कालीगढहरूले बुनेका कपडा महँगो र भद्दा समेत हुन गएकोले सूती कपडा बुन्ने घरेलु उद्योग क्रमशः बन्द हुँदै गयो। पहिले सूती कपडा बुन्ने काम नेवार र मगरहरूले गर्दथे। ऊनी कपडा बुन्ने काम पनि निकै सेलाएर भएको छ। तर अझै पनि लेकतिर बस्ने गुरुङ र मगरहरूमा काम्ला, पाखी, गलैंचा, राडी आदि बुन्ने चलन रहिरहेको छ।

यस जिल्लाको अर्थ व्यवस्थामा घ्यू बनाउने उद्योगको महत्वपूर्ण भूमिका रहेको छ। यहाँ दुई किसिमका घ्यू बनाइन्छ–एउटा गाई, भैंसीको दूधबाट र अर्को चिउलीको बिजुलाबाट। दुवै किसिमका घ्यू बुटवल वा पत्थरकोट बजारहरूमा लगी बिक्री गरिन्छ तापनि बुटवलमा घ्यूको राम्रो भाउ पाइने हुँदा पत्थरकोटमाभन्दा बुटवलमा लगी बिक्री गर्न फाइदाजनक हुन जान्छ। आफ्नै उपभोगको लागि वा नगद अम्दानीको निम्ति बिक्री गर्न गाई, भैंसीको दूधबाट घ्यू बनाउने चलन हरेक घरमा रहेको छ भन्न सकिन्छ। यसबाट जिल्लाबासीहरूलाई थप नगद आम्दानी गर्ने र आफ्ना अन्य आवश्यकता पूरा गर्न निकै मद्दत पुगेको छ। अधिकांश पाखा बारी भएको र आवादी भएका क्षेत्रमा वन जङ्गल निकै पातला भइसकेकाले गाई, भैंसीहरू पाल्न घाँस पातको अभाव पनि हुन जान्छ। चरनको समस्याले गर्दा यहाँ हिउँदमा दक्षिणतिर पशु वस्तुहरू लगी गोठ राख्ने चलन छ। साथै खाद्यान्नको अभाव रहने यस जिल्लामा पशुहरूलाई खुवाउने दाना पनि निकै महँगो पर्न जाने हुँदा चरन विकासमा उल्लेखनीय प्रगति नभएसम्म यहाँ वृहद् रूपमा पशुपालन गर्न कठिनाइ पर्ने देखिन्छ। तसर्थ चिउलीको घ्यू बनाउने यस जिल्लाका परम्परागत घरेलु उद्योगको विकास र विस्तारको महत्व अझ बढ्न गएको छ।

यस जिल्लामा चिउलीको घ्यू बनाउने चलन धेरै पहिलेदेखि चलिआएको छ । नेपाल औद्योगिक विकास करपोरेशनबाट २०३१ साल जेठ महीनामा यस जिल्लाको चिउली घ्यू उद्योगको सम्भाव्यता अध्ययन भएको थियो र उक्त अध्ययन प्रतिवेदनको[1] आधारमा चिउली घ्यू उद्योग सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ ।

यस जिल्लाका ४० वटा पञ्चायतहरू मध्ये २३ वटा पञ्चायतहरूमा चिउकीका बोटहरू पाइन्छन्। ती मध्ये २० वटा पञ्चायतहरूमा रहेका चिउलीका बोटहरूको संख्या ३०,७१० छ । चिउलीको बोटहरू ज्यादा पाइने पञ्चायतहरू जिल्लाको दक्षिण तथा पश्चिमी भागहरूमा पर्दछन् । यहाँ चिउलीको बोट बारीमा प्रायः कमै रोप्ने र धेरैजसो जङ्गलमा रहेका चिउलीका बोटहरूबाट बिजुलाहरू सङ्कलन गरी घ्यू बनाउने चलन छ । चिउलीका बोटहरू नभएका पञ्चायतहरूमा पनि अन्यत्रबाट विजुला ल्याई घ्यू बनाउने गरिन्छ र प्रत्येक पञ्चायतमा करीब ३० देखि ६० घरहरूमा आफ्नो दैनिक उपभोगको निमित्त आवश्यक मात्रामा चिउलीको घ्यू बनाइन्छ ।

चिउलीको घ्यू बनाउने यहाँको तरीका पुरानै छ । चिउलीको फलबाट बियाँ झिकी छ-सात दिन घाममा सुकाइन्छ । त्यसपछि सुकेको बियाँलाई कराईमा एक घण्टा जति उसिनिन्छ र यो क्रियालाई "फोङ्ग" लगाउने पनि भनिन्छ । बियाँलाई फोङ्ग लगाए पछि हातेकोल (तोरी पेल्ने कोल) मा पेलिन्छ । यसरी पेल्दा घ्यू र पिना छुटिन्छ र बियाँको करीब ४० प्रतिशत घ्यू र ६० प्रतिशत खली (पिना) निस्किन्छ । यसबाट निस्केको पिना खेत बारीमा मलको रूपमा प्रयोग गरिन्छ ।

यस जिल्लामा प्रतिवर्ष करीब ३,६६५ टिन अर्थात् २७,४८७.५ धार्नी (६५,९७० किलोग्राम) चिउलीको घ्यू उत्पादन हुन्छ । त्यसमध्ये दैनिक उपभोगको लागि १५ प्रतिशत कटाएमा बाँकी करीब ५६,०७५ किलोग्राम बिक्री हुने देखिन्छ । हाल एक टिन चिउलीको घ्यू रू. २००। मा व्यापारीहरूलाई बिक्री गरिन्छ। चिउलीको फल सङ्कलन गर्ने प्रणालीमा मात्र सुधार ल्याउन सकेमा पनि चिउलीको घ्यूबाट प्रति वर्ष रू. ५५,३३,०००। आम्दानी हुन सक्ने देखिन्छ ।

चिउली घ्यूको उत्पादन सबै गाउँमा तोरी पेल्ने कोलबाट हुने हुँदा आधुनिक औजारको प्रयोग भएमा उत्पादन भई निकै वृद्धि गर्न सकिन्छ । चिउलीको बोटहरू जिल्लाको प्रायः सबै भागमा सप्रन सक्ने हुँदा चिउलीको वृक्षारोपण गरी बोटहरूको संख्या बढाउन सकिन्छ । बोटको संख्या र पानीबाट चल्ने एक्सपेलर जस्ता आधुनिक उपकरणहरूको प्रयोग हुन सकेमा मात्र पनि यहाँ चिउली घ्यूको उत्पादन निकै नै बढाउन सकिन्छ।

चिउली घ्यूको उत्पादनबाट साबुन उद्योगको लागि कच्चा पदार्थ उपलब्ध हुन जान्छ । हाल यहाँ चिउलीको फल खाने बाहेक अरू काममा प्रयोग गरिँदैन। चिउलीको उद्योग सञ्चालन भएमा चिउलीको फल पनि निकै मात्रामा सङ्कलन हुन सक्ने भएकोले उच्चस्तरको मदिरा पनि उत्पादन गर्न सकिन्छ । चिउलीबाट गुढ (सखर) पनि बनाउन सकिन्छ । तसर्थ चिउलीको फल सङ्कलन व्यवस्थित ढङ्गबाट गरी, बोटहरूको संख्या सुनियोजित ढङ्गबाट बढाई आधुनिक तरीका र उपकरणहरूको प्रयोग भएमा यस जिल्लामा चिउलीको घ्यूको उत्पादनमा निकै वृद्धि गर्न सकिने र साथै यसबाट विभिन्न किसिमका अरू साना उद्योगहरू समेत स्थापना

---

[1] अर्घाखाँची जिल्लामा चिउली घ्यू उद्योगको सम्भाव्यता अध्ययन प्रतिवेदन–नेपाल औद्योगिक विकास करपोरेशन, २०३०–३१

गर्न सकिने देखिन्छ। तसर्थ चिउली घ्यू उद्योगको विकासबाट जिल्लावासीहरूलाई बढी रोजगार दिलाई जिल्लाको अर्थ व्यवस्थामा सुदृढ बनाउन सकिने ठूलो सम्भावना देखा परेको छ।

ग्रामीण जीवनमा फुर्सदको समयलाई सदुपयोग गरी आफू वा अरूलाई आवश्यक पर्ने वस्तुहरूको माग अनुसार नै विभिन्न वस्तुहरूको उत्पादन गर्ने प्रचलन भएको र नाफा–नोक्सानभन्दा थप नगद आम्दानीको स्रोतको रूपमा नै घरेलु उद्योगहरू सञ्चालन भएकोले उत्पादित वस्तुहरू वरपरका गाउँघरमै बेच्ने उद्देश्यले बनाइन्छन्। आफ्नो उत्पादन अनाज वा अरू आवश्यक पदार्थसँग साट्ने चलनको साथै वरपरका गाउँघरका निवासीहरूको आवश्यकता र अनुरोधमा नै विभिन्न वस्तुहरू उत्पादन गर्ने चलन पनि यहाँ पाइन्छ। विभिन्न कठिनाइहरूले गर्दा निकट भविष्यमा यहाँ ठूला उद्योगहरू स्थापना हुन सक्ने सम्भावना कम भए तापनि चिउली घ्यू उद्योगको स्थापनाको यहाँ राम्रो सम्भावना रहेको कुरा माथि उल्लेख भइसकेको छ। त्यस बाहेक गाई भैंसीको घ्यू, बाँसका विभिन्न वस्तु, राडी, पाखी र गलैंचा तथा जुत्ता बनाउने जस्ता उद्योगहरूको संगठित रूपमा सञ्चालन गर्न सकिने सम्भावना पनि यहाँ देखिन्छ।

अन्तःशुल्क

यस जिल्लामा अन्तःशुल्क कार्यालय नभएतापनि अन्तःशुल्क तिर्ने केही चामल मिल र मदभट्टीहरू छन्। यहाँका मिलहरूको अन्तःशुल्क रूपन्देही जिल्लाबाट असूल गरिन्छ र मदभट्टी तथा रक्सी पसलहरूको अन्तःशुल्क हाल यस जिल्लाकै माल कार्यालयले असूल गर्ने गरेको छ।

व्यापार

यस जिल्लाको आर्थिक स्रोतको मुख्य आधार कृषि उत्पादन नै हो। तसर्थ कृषि उब्जनी र अन्य कृषि उत्पादन तथा लत्ता, कपडा, नून, तेल, मट्टीतेल जस्ता अत्यावश्यक उपभोग्य सरसामानको किनबेच मै यहाँको व्यापारिक गतिविधि सीमित रहेको छ। कृषि तथ्याङ्क २०२८ अनुसार यस जिल्लामा प्रतिवर्ष ४,९४५ मेट्रिक टन खाद्यान्नको अभाव पर्न आउँछ। त्यसकारण यहाँ आयात–प्रधान व्यापार चलेको छ। कृषि उत्पादन आवश्यकताभन्दा कम हुने हुँदा जिल्लाबासीहरू ज्याला मजूरी गरी वा विदेश वा स्वदेशका अन्य ठाउँमा नोकरी गरी आफ्नो सीमित क्रय शक्तिलाई बढाई कपडा, नून तेल जस्ता अत्यावश्यक र अन्य आधुनिक उपभोग्य सामानहरू जुटाउन समर्थ हुन्छन्।

यसरी सीमित रूपमा चलेको यहाँको व्यापारको लागि पाल्पाको तानसेन बजार र कपिलवस्तु तथा यस जिल्लाको सीमानामा रहेको पत्थरकोट बजार वितरण केन्द्रको रूपमा रहेका छन् र ती दुई बजारबाटै यस जिल्ला भित्रको व्यापार सञ्चालन हुन्छ।

व्यापार मुख्यतया मूल बाटोहरूमा रहेका केही स्थायी साना बजारहरू र गाउँ गाउँमा रहेका पसलहरूकै माध्यमबाट हुन्छ। यहाँ हाटको चलन छैन तर चाडपर्वमा विभिन्न ठाउँमा लाग्ने मेलाहरूमा अस्थायी बजारहरू खोली व्यापार गर्ने चलन यहाँ पाइन्छ। मोटर चल्ने सडकहरू नभएको यस जिल्लामा घोडाहरू पनि ढुवानीको लागि उपयोग गरिँदैनन् र मालतालहरू भरियाहरूद्वारै बोकानी गराउने चलन छ। यसले गर्दा यहाँ पाइने सामानहरूको भाउ पनि स्वभावत केही महँगो नै पर्दछ। भरियाहरूले पत्थरकोटदेखि नरपानीसम्म प्रति धार्नी रू. ११५० को दरले र पाल्पादेखि नरपानीसम्म प्रतिधार्नी रू. २१५० का दरले भारीको मजूरी (ज्याला) लिने गर्छन्। वर्षादको समयमा करीब २० प्रतिशत बढी ज्याला लिने चलन छ।

यस जिल्लाबाट बाहिर निकासी गरिने वस्तुहरूमा दूध र चिउलीको घ्यू, छाला, जरीबूटी, फापर, टिमुर, सुन्तला प्रमुख छन् । गुल्मी र प्यूठानका केही भागबाट पनि यही जिल्ला हुँदै घ्यू, छाला, जरीबूटी र कृषि उत्पादन मुख्यतया पत्थरकोट बजारमा निकासी गरिन्छ । पत्थरकोट बजारबाट कपिलवस्तु जिल्लाको कृष्णनगर बजार हुँदै यहाँका चीजबीजहरू भारततर्फ निर्यात गरिन्छन् । तर रुपन्देही जिल्लाको बुटवल बजारमा घ्यू बढी मूल्यमा बिक्री गर्न सकिने हुँदा घ्यू निकै मात्रामा बुटवल तर्फ लगि बिक्री गरिन्छ ।

खाद्यान्नको प्रतिवर्ष अभाव रहने हुँदा यहाँ खाद्यान्न पनि ठूलै परिमाणमा आयात गरिन्छ । खाद्यान्न मुख्यतया पत्थरकोट बजारबाट यहाँ ल्याइन्छ । पत्थरकोट र तानसेन बजारहरूबाट आयात गरिने अन्य प्रमुख वस्तुहरू कपडा, नून, मट्टीतेल, तेल, मसला, चीनी, भाँडा वर्तन आदि हुन् ।

यहाँ प्रायः सबै जात जातिका मानिसहरू व्यापार गर्दछन् तापनि नेवार र मुसलमानहरू व्यापारमा बढी संख्यामा लागेको पाइन्छ ।

कपिलवस्तु र अर्घाखाँची जिल्लाहरूको सीमानामा रहेको पत्थरकोट बजारको सानो भाग यस जिल्लाभित्र पर्ने हुँदा जिल्लाको सबभन्दा ठूलो व्यापार केन्द्र पत्थरकोट बजार नै हुन आएको छ । प्यूठान र गुल्मीतिरबाट पनि मालसामानहरू आउने हुँदा यातायातको केन्द्रको रूपमा रहेको ठाँडाको अमराही बजार बढ्दै गएको छ । जिल्लाको केही दक्षिणमा रहेको ठाँडा पहिलेदेखि नै प्रमुख बजारको रूपमा रहिआएको छ । पत्थरकोट र ठाँडा पछि जिल्लाको अर्को मुख्य व्यापार केन्द्रको रूपमा पाल्पा तथा प्यूठानको मूलबाटोमा पर्ने चुत्राबेंसीको बजार देखापरेको छ । जिल्लाको उत्तरी भागमा रहेको अर्घातोष बजार अर्को प्रमुख र पुरानो व्यापार केन्द्र हो । यस बाहेक मूलबाटोमा रहेका र केही स्थायी पसलहरू भएका स्थानहरूमा पाली-खगडी, वाङ्ला, नुवाकोट, बलकोट र सदरमुकाम नरपानी उल्लेखनीय छन् ।

जिल्लामा बैंकहरू नभएको हुँदा सरकारी रकमको कारोबार माल कार्यालयबाटै गरिन्छ ।

यस जिल्लामा कर कार्यालय नभएकोले यहाँका व्यापारी, उद्योगपति र कर्मचारीहरूबाट कपिलवस्तु जिल्ला अन्तर्गत कृष्णनगर शाखा कर कार्यालय र रूपन्देही जिल्ला अन्तर्गतका कर कार्यालयद्वारा कर असूल गरिन्छ ।

यातायात र सञ्चार

अर्घाखाँची जिल्लाको आन्तरिक वा अन्य जिल्लाहरूसँगको यातायातको सम्पर्क केवल पैदल हिड्ने मूलबाटो, गोरेटो र घोडेटाहरूबाटै रहेको छ। अर्घाखाँची र कपिलवस्तु जिल्लाको सीमानामा रहेको पत्थरकोट बजार देखि सदरमुकाम नरपानीसम्म जनश्रमबाट मोटर चल्ने बाटो बनाउने प्रयत्न भए तापनि सो बाटो अझै बनिनसकेको हुँदा मोटर चल्ने बाटोले यस जिल्लालाई पत्थरकोटमा मात्र छोएको छ। जिल्ला भित्र खास ठूला नदीहरू नभएको र सारै अग्ला लेकहरू पनि नभएको हुँदा आवत–जावत गर्न खास कठिनाइ पर्दैन। तर मूलबाटाहरूमा पनि पुलको राम्रो व्यवस्था नभएको हुँदा वर्षामा खोला र खहरेहरूमा बाढी आउँदा यातायातमा केही बाधा पर्न जान्छ। जिल्लाबाट अधिराज्यका विभिन्न ठाउँ वा भारततर्फ तानसेन बजार (पाल्पा) वा पत्थरकोट बजार हुँदै आवत–जावत गरिन्छ। पाल्पामा पक्की सडक पुगेपछि यस जिल्लाको बाहिरी यातायातलाई पनि निकै सघाउ पुगेको छ। पत्थरकोटदेखि तौलिहवासम्मको करीब २६ किलोमिटर लामो कच्ची सडकमा हिउँदमा बस, ट्रकहरू चल्ने हुँदा हिउँदताका पत्थरकोट र तौलिहवा हुँदै, जिल्ला बाहिर आवत–जावत गर्न पनि सुविधा पर्दछ। यसरी आधुनिक यातायातको दृष्टिकोणमा यो जिल्ला अझै पछाडि नै परेको छ। यहाँको सञ्चारको मुख्य साधन हुलाक हो। पाल्पा र सो भन्दा पश्चिमका पहाडी जिल्लाहरूलाई जोड्ने पहिलेदेखि रहेको हुलाकी बाटो यही जिल्लाको झण्डै मध्य भागबाट गएको छ। सञ्चारको अर्को महत्वपूर्ण साधन नरपानीमा रहेको आकाशवाणीको उप-केन्द्र हो जसबाट लुम्बिनी अञ्चलका अरू जिल्ला र काठमाडौंसँग दूर सञ्चारको सम्पर्क रहेकोछ।

यातायात

यस जिल्लाको कृषि उत्पादनले जिल्लाबासीहरूको खाद्यान्नको आवश्यकता पूर्ति नहुने र धेरैजसोलाई वर्षको केही महीना बाहिर गई कमाई गरी खाद्यान्न तथा अन्य उपभोग्य वस्तुहरू खरीद गर्नु पर्ने भएकोले यस जिल्लाको बाहिरी यातायात निकै महत्वपूर्ण छ। प्यूठान र गुल्मीका केही भागका निवासीहरू पनि पाल्पा वा पत्थरकोट यही जिल्ला भएर आउने–जाने गर्ने हुनाले यहाँको यातायात अरू जिल्लाका निवासीहरूको लागि पनि महत्वपूर्ण हुन गएको छ। जिल्लाका केही प्रमुख मूलबाटोहरूको विवरण तल दिइएको छ।

नरपानी–पत्थरकोट मूलबाटो

जिल्लाबासीहरू खाद्यान्न, नून, कपडा र अन्य उपभोग्य वस्तुहरू खरीद गर्न प्रायः पत्थरकोट नै जाने हुँदा पत्थरकोटसँगको यातायात विशेष महत्वपूर्ण हुन गएको छ। सदरमुकामदेखि करीब ३० किलोमिटर (९.५ कोस) दक्षिणमा पत्थरकोट बजार रहेको छ। नरपानीबाट सुपा

बजार र ठाँडा हुँदै पैदल पत्थरकोट जाने बाटो निकै चल्तीको छ । बर्षादमा प्रतिदिन २००।२५० यक्तिहरूको आवत– जावत हुन्छ। नरपानीबाट पत्थरकोट जाँदा प्रायः ओरालो र केही तेर्सो हिंड्नु पर्ने र बाटो पनि राम्रै अवस्थामा भएकोले यसबाट आवत जावत गर्न खास कठिनाइ पर्दैन। रित्तो हिंड्नेहरू साधारणतः पत्थरकोट एकै दिनमा पुग्छन् तर भारी बोक्नेहरूलाई नरपानीबाट पत्थरकोट पुग्न प्रायः दुई दिन लाग्दछ। नरपानी र पत्थरकोटको झण्डै बीचमा रहेको ठाँडा पहिलेदेखिको बजार, पुरानो सदरमुकाम र प्यूठानसँगको यातायातको केन्द्र पनि भएको हुँदा ठाँडामा बास बस्न र खानको लागि केही साना होटेलहरू पनि रहेका छन्। तर ठाँडादेखि पत्थरकोटसम्म प्रायः जङ्गलै जङ्गल हिंड्नु पर्दछ र गाउं-बस्तीहरू निकै कम भेटिन्छन्। तर त्यस खण्डमा पनि ठाउँ ठाउँमा चिया पसल वा भट्टीहरू रहेका छन्। यो बाटो सबै कुराबाट सुविधाजनक छ तापनि बाटोमा पुल नहुँदा वर्षामा यसबाट आवत–जावत गर्न केही कठिनाइ पर्दछ।

नरपानीदेखि पत्थरकोटसम्म जनश्रमबाट मोटर चल्ने बाटो बनाउन यस जिल्लाका निवासीहरूले पहिलेदेखि कोशिश गर्दैआएका छन्। स्थानीय भनाइ अनुसार सर्वप्रथम २००९ सालतिर पत्थरकोट र तमघास (गुल्मी) जोड्ने मोटरको बाटो बनाइएको थियो तर ठाउँ ठाउँमा आवश्यकता पर्ने पुलहरू भने बन्न सकेका थिएनन्। त्यसबेला ठाउँ ठाउँमा डोरीले तानेर पनि ठाँडासम्म मोटर लगिएको थियो भन्ने स्थानीय भनाइ छ। त्यो पुरानो बाटोको अवशेष अझै पनि कतै कतै भेटिन्छ। पत्थरकोटदेखि तौलिहवासम्म करीब २५ किलोमिटर (आठ कोस) कच्ची सडकमा हिउँदमा ट्रक,बस आदि चल्दछन् र व्यापार र यात्रुहरूको आवागमनलाई यसले सुविधा पुऱ्याएको छ।

वि. सं. २०२५ देखि नै बराबर ठाँडादेखि पत्थरकोटसम्मको बाटो जनश्रमदानबाट बनाउने गरिएकोमा २०२९ सालको हिउँदमा राम्ररी रेखाङ्कन गरी प्रत्येक गाउँ पञ्चायत र वडालाई नरपानीदेखि पत्थरकोटसम्मको विभिन्न खण्डको जिम्मा दिई जनश्रम र सरकारी अनुदानबाट सडक निर्माणको काम भएको थियो। नरपानीदेखि पत्थरकोटसम्मको सडकको लम्बाइ करीब करीब ५८ किलोमिटर (१८ कोस) हुने अनुमान गरिएको छ। उक्त सडकको ठाँडा-पत्थरकोट खण्डको लम्बाइ करीब करीब २९ किलोमिटर (नौ कोस) हुने अनुमान गरिएको छ। यस सडकको धेरैजसो भाग चुरे डाँडाको क्षेत्रमा पर्ने हुँदा हिउँदमा बनेको सडकको धेरै भाग वर्षामा नराम्रोसँग बिग्रने र भत्किने हुँदै आएको छ। पत्थरकोटदेखि कोन्द्रे खोलासम्म करीब ११ किलोमिटर (३.५ कोस) एक तर्फी मोटर चल्ने कच्ची सडक तयार भएको छ। जिल्लाको आर्थिक उन्नति वा विकासमा यस्तो सडक बन्न सकेमा ज्यादै ठूलो सघाउ पुग्ने कुरो निर्विवाद छ।

गुल्मीबाट पत्थरकोट जादा प्रायः चुत्राबेंसी, खाँचीकोट र ठाँडा हुँदै पत्थरकोट जाने गरिन्छ। हयामिल्टनको नेपालका वर्णनहरूमा पनि पहिले भारत र तराई जिल्लाहरूबाट बागलुङ, गलकोट, मुसिकोट (गुल्मी) आदि ठाउँहरूमा खाँचीकोट हुँदै आवत–जावत गरिन्थ्यो र खाँचीकोट यातायातको केन्द्रको रूपमा रहेको थियो भन्ने उल्लेखहरू पाइन्छन्। प्यूठानका पूर्वी भागका निवासीहरू यस जिल्लाको खिल्जी र ठाँडा हुँदै पत्थरकोटसँगको व्यापार र आवत जावत गर्दछन्।

आर्थिक वर्ष २०३१।०३२ मा यस सडकको ठाँडा–पत्थरकोट खण्डको निर्माणको लागि श्री ५ को सरकारबाट रू ३,२९,४३१। को अनुदान र ३०० सुरी मकै सहायतार्थ दिइएको थियो। यसभन्दा अघिका

वर्षहरूमा पनि श्री ५ को सरकारबाट नरपानी-पत्थरकोट सडकको निर्माणको लागि आर्थिक अनुदान र खाद्यान्न सङ्कट हटाउन प्राप्त भएका मकै र गहुँ सहायतार्थ दिइएको थियो।

यसरी पत्थरकोट र ठाँडा तथा नरपानी बीच रहेको मूलबाटो यस जिल्लाको लागि मात्र होइन गुल्मी र प्यूठानको लागि पनि आर्थिक अभिवृद्धिको मेरुदण्डको रूपमा रहेको छ र श्री ५ को सरकारले आर्थिक अनुदान र अन्य सहायता प्रदान गरी नरपानीदेखि पत्थरकोटसम्म जोड्ने सडक बनाउने र जन अभिलाषालाई सहयोग पुऱ्याउँदै आएको छ।

नरपानी–पाल्पा मूलबाटो

यस जिल्ला र प्यूठानको लागि पनि पाल्पासँगको यातायात महत्वपूर्ण छ। खाद्यान्न बाहेक कपडा, नून, तेल तथा अन्य उपभोग्य वस्तुहरू पाल्पाबाट प्रशस्त मात्रामा यहाँ आयात हुन्छ। नरपानीदेखि करीब ३८ किलोमिटर (१२ कोस) उत्तर–पूर्वमा तानसेन बजार (पाल्पा) रहेको छ। नरपानीबाट प्रायः दुई दिनमा पाल्पा पुगिन्छ। पाल्पाबाट रिडी, खर्जेङ, बलकोट, मथुराबेंसी हुँदै नरपानी जाने मूल बाटो नै प्रायः ज्यादा चल्तीको छ। पाल्पाबाट खिदिम भएर पनि नरपानीतिर आउने जाने गरिन्छ ।

अरू विभिन्न जिल्लाहरूसँगको यातायात सम्बन्धी विवरण तल दिइएको छ।

प्यूठान सँगको यातायातः– यस जिल्ला र प्यूठानका बीच विभिन्न बाटोहरूबाट आवत–जावत गरिन्छ। प्यूठानसँगको सबभन्दा महत्वपूर्ण सम्पर्क पाल्पा र प्यूठानको बीचमा रहेको हुलाकी मूलबाटोबाट रहेको छ, जुन यस जिल्लाको खर्जेङ, बलकोट, वाङला, चुत्राबेंसी र खिल्जी हुँदै गएको छ। नरपानीबाट प्यूठानको सदरमुकाम खलङ्गा करीब करीब ४२ किलोमिटर (१३ कोस) पश्चिममा रहेको छ। नरपानीबाट नुवाकोट र खिल्जी हुँदै खलङ्गा पुगिन्छ ।

प्यूठान र यस जिल्लालाई जोड्ने अर्को प्रमुख तथा व्यापारको लागि महत्वपूर्ण पनि रहेको बाटो ठाँडा (अमराही) बाट खिल्जी हुँदै खलङ्गा जाने मूल बाटो हो। प्यूठान र पत्थरकोटको बीचको व्यापार यही बाटोबाट चल्दछ ।

गुल्मीसँगको यातायातः– गुल्मी र यस जिल्ला बीच प्रशस्त आवागमन चल्दछ। गुल्मी निवासीहरू यही जिल्लाका मूल बाटोहरू हुँदै पत्थरकोटतर्फ व्यापार वा अन्य कामको लागि आवत-जावत गर्छन्। गुल्मी र यस जिल्लाका विभिन्न गाउँहरूका बीचमा धेरै बाटोहरू छन्। नरपानीबाट गुल्मीको सदरमुकाम तमघास करीब ३२ किलोमिटर (१० कोस) उत्तरमा पर्दछ र नरपानीबाट चुत्राबेंसी र अर्घातोष हुँदै तमघासतिर आवत–जावत गरिन्छ। गुल्मीबाट दक्षिणतिर र भारततर्फ जाँदा पहिलेदेखि नै यो जिल्ला भई आउने जाने गरिन्थ्यो ।

यहाँ चिउली वा गाई भैंसीका दूधबाट बनेको घ्यू बुटवलतिर गई बेच्नेहरू पनि निकै हुन्छन्। तर बुटवलसँगको यातायात कुनै खास बाटोबाट हुँदैन। कोही पाल्पा भएर पनि बुटवलतिर जान्छन्। जिल्लाको दक्षिणी भेकका विभिन्न ठाउँहरूबाट सोझै बुटवल निस्कने गोरेटोहरू छन् र अक्सर यस्तै बाटोहरूबाट बुटवलतिर विभिन्न ठाउँबाट सोझै आवत–जावत गरिन्छ ।

यहाँ प्रायः पैदल वा घोडामा नै आवत जावत गरिन्छ। ढुवानीको साधन यहाँ केही छैन र मान्छेले नै भारी बोकी हिंड्ने चलन छ।

लपु

जिल्लामा ठूला नदीहरू छैनन् र प्रायः सबै खोलानाला हिउँदमा तर्न सकिने किसिमका छन् । तर मूल बाटोहरूमा समेत पुलहरूको अभाव रहेको हुँदा वर्षामा केही खोलाहरू जस्तै चुत्रावेंसी खोला, छिलिङ खोला, सीता खोला, बाणगङ्गा, दुर्गा खोला र सुपाखोलामा बाढी आउँदा तर्न कठिन पर्दछ र यातायातमा केही बाधा पर्न जान्छ। सीता खोलामा स्थानीय पञ्चायत र जिल्ला पञ्चायतको सहयोगबाट हाल एक काठे पुल निर्माण भएको छ। त्यस्तै सुपा बजार नजीकै दुर्गा खोलामा पनि काठे पुलको निर्माण स्थानीय पञ्चायत र जिल्ला पञ्चायतको सहयोगबाट भएको छ। यसरी जिल्लामा पुलहरूको संख्या नगण्य रूपमा रहेको देखिन्छ ।

सञ्चार

जिल्लाको कृषि उत्पादनबाट जिल्लाबासीहरूको गुजारा नचल्ने हुँदा यहाँ प्रायः धेरंजसो घरबाट कामको खोजीमा स्वदेशका अन्य भाग वा विदेशमा जानु पर्ने वाध्यता रहेको छ। कतिपय जिल्लाबासीहरू विदेशी फौजमा भर्ती भएर जाने पनि गर्दछन्। तसर्थ यहाँको सञ्चार व्यवस्था जिल्लावासीहरूको लागि निकै महत्वपूर्ण हुन गएको छ। यहाँको सञ्चारका मुख्य साधन हुलाक र आकाशवाणी हुन्।

हुलाक

यस जिल्लामा जम्मा आठ हुलाक कार्यालयहरू छन् जसमध्ये छ वटा छोटी हुलाक, एउटा अतिरिक्त हुलाक र एउटा सहकारी हुलाक छन्। हुलाकहरूको स्तर अनुसार हुलाक रहेका स्यानहरूको विवरण निम्न बमोजिम छ ।

छोटी हुलाकहरू रहेको ठाउँ	गाउँ पञ्चायत
सदरमुकाम, नरपानी	भुवन डाँडा नरपानी
बलकोट पौवा	बलकोट शिवपुर
नाङ्गे ठाँटी, वाङला	वाङला टुनी पोखरा
अर्घा कुँडापानी	अर्घा रजस्थल
ठाँडा बजार	ठाँडा वरवोट
खिदिम मैदान	खिदिम मणिकुट

उपरोक्त छोटी हुलाकको साथै अर्घातोष छेडाको ठाँटी गाउँ पञ्चायत अन्तर्गत अर्घातोष बजारमा एक अतिरिक्त हुलाक कार्यालय र पाली माईका स्थान गाउँ पञ्चायत अन्तर्गत पाली गाउँमा एउटा सहकारी हुलाक कार्यालय पनि छ।

जिल्लाका विभिन्न हुलाक कार्यालयहरू गरी यहाँ प्रतिवर्ष करीब८,५०० चिठीपत्र आवत जावत हुन्छ ।

आकाशवाणी

सदरमुकाम नरपानीमा आकाशवाणीको एक उपकेन्द्र छ जसबाट लुम्बिनी अञ्चलका सबै जिल्लाका आकाशवाणी उपकेन्द्रहरू, एरिया कन्ट्रोल कार्यालय भैरहवा र केन्द्रीय टेलिफोन कार्यालय काठमाडौंसँग सोझै कुराकानी गर्न सकिन्छ । यहाँको आकाशवाणीबाट अधिराज्यका विभिन्न जिल्ला र विदेशमा पनि खबर पठाउन सकिन्छ।

आर्थिक वर्ष २०२९।०३०मा यहाँबाट ६७२ खबरहरू बाहिर पठाइएका थिए र ७१५ खबरहरू यहाँ प्राप्तभएका थिए ।

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

यस जिल्लाको कुल जनसंख्या (१,३०,२१२) मध्ये छ वर्ष र सोभन्दा माथिका १,०५,४८७ जना छन्, जसमध्ये १५.० प्रतिशत साक्षर रहेको तथ्याङ्क २०२८ को राष्ट्रिय जनगणनाबाट देखिन्छ। अधिराज्यमा छ वर्ष र सोभन्दा बढी उमेर भएकाहरूमध्ये १३.९ प्रतिशत मात्र साक्षर रहेको तथ्यलाई हेर्दा यस जिल्लामा साक्षरताको प्रतिशत उत्साहवर्धक देखिन्छ। तर लुम्बिनी अञ्चलका जिल्लाहरू मध्ये साक्षरताको प्रतिशत सबभन्दा कम रहेका जिल्लाहरूमा अर्घाखांचीको स्थान कपिलवस्तु जिल्ला (११.७ प्रतिशत) भन्दा मात्र माथि रहेको छ। जिल्लाका छ वर्ष र सोभन्दा बढी उमेर भएकाहरूमध्ये विभिन्न उमेर समूहका पुरुष तथा महिलाहरूको साक्षरताको संख्या र प्रतिशत तलको तालिकामा दिइएको छ।

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुलसंख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६–९	७,४८८	१,४१९	१९.०	७,१६६	२८४	४.०	१४,६५४	१,७०३	११.६
१०–१४	८,५१२	३,७४५	४४.०	७,३९७	४७७	६.४	१५,९०९	४,२२२	२६.५
१५–१९	६,२६१	२,७३३	४३.७	६,४८३	२३६	३.६	१२,७४४	२,९६९	२३.३
२०–२४	४,४३२	१,६६६	३७.६	५,४०८	११६	२.१	९,८४०	१,७८२	१८.१
२५–२९	४,०६२	१,१८०	२९.०	५,४६२	६९	१.३	९,५२४	१,२४९	१३.१
३०–३४	३,७०५	९२२	२४.९	४,३१९	३९	०.९	८,०२४	९६१	१२.०
३५–३९	३,७०७	७५२	२०.३	४,०३८	२२	०.५	७,७४५	७७४	१०.०
४०–४४	३,२२९	६०२	१८.६	३,५३१	२४	०.७	६,७६०	६२६	९.३
४५–५४	४,८७०	८७१	१७.९	४,७२२	२०	०.४	९,५९२	८९१	९.३
५५–६४	३,०४९	३९६	१३.०	३,०९३	१६	०.५	६,१४२	४१२	६.७
६५ र सो भन्दा र माथि	२,२७९	२३९	१०.५	२,२७४	६	०.३	४,५५३	२४५	५.४
जम्मा	५१,५९४	१४,५२५	२८.२	५३,८९३	१,३०९	२.४	१,०५,४८७	१५,८३४	१५.०

उपर्युक्त तथ्याङ्क अनुसार १० देखि १४ वषको उमेर समूहमा पर्ने पुरुष वा महिलाहरूमा साक्षरताको प्रतिशत सबभन्दा बढी रहेको देखिन्छ। ३४ वर्ष र सोभन्दा माथिका विभिन्न उमेर समूहको दाँजोमा ३४ वर्षसम्मको उमेर समूहहरूमा साक्षरताको प्रतिशत ज्यादा रहेको देखिन्छ। पुराना पींढीमाभन्दा नयां पींढीमा साक्षरताको राम्रो प्रतिशत रहेको तथ्यले यहाँको जनजीवनमा शिक्षा प्रतिको बढ्दो जागरुकतालाई परिलक्षित गर्दछ।

नारी शिक्षामा यो जिल्ला साह्रै पछाडि परेको कुरा माथिका तथ्याङ्कहरूबाट स्पष्ट देखिन्छ। प्रौढ साक्षरताका कार्यक्रमहरू र त्यसमा पनि महिला प्रौढ साक्षरता कार्यक्रमहरूको भूमिका जिल्लाको सर्वाङ्गीण विकासको सन्दर्भमा ज्यादै महत्वपूर्ण हुने कुरो प्रष्ट छ। यसै सिलसिलामा आर्थिक वर्ष २०२८।०२९ मा पञ्चायतको माध्यमबाट र २०२९।०३० मा विभिन्न विद्यालयहरूको माध्यमबाट पुरुष तथा महिला दुवैको लागि प्रौढ साक्षरता कक्षाहरू चालू गरिएको थियो।

यस जिल्लामा २०३१ साल पुस १ गतेदेखि राष्ट्रिय शिक्षा पद्धति लागू भएको छ। राष्ट्रिय शिक्षा पद्धति भर्खरै मात्र लागू भएको हुँदा यहाँको पहिलेको शिक्षाको अवस्थाबारे छोटकरी वर्णन गनु अप्रास ङ्गीक देखिदैन।

यस जिल्लाको प्रत्येक गाउँ पञ्चायतमा कम्तीमा एक प्राथमिक विद्यालय छ। जिल्लावासीहरूको प्रयासबाट नै यहाँका धेरैजसो विद्यालय खुलेका र सञ्चालन हुँदै आएका छन्। यसरी खुलेका प्रायः धेरैजसो विद्यालयहरूले सरकारी आर्थिक सहायता पनि प्राप्त गर्दै आएका छन्। आर्थिक वर्ष २०२९।०३० मा यस जिल्लाका विभिन्न विद्यालयहरूलाई श्री ५ को सरकारबाट रू. १,८६,२००। को आर्थिक सहायता प्रदान गरिएको थियो र सोही अवधि भित्र जनताबाट रू. १,८०,०००। को आर्थिक सहायता विभिन्न विद्यालयहरूलाई प्राप्त भएको थियो।

यहाँका विद्यालयहरूमध्ये पूर्ण सरकारी सहायता पाउने र सरकारी सहायता नपाउने जम्मा तीन किसिमका छन् र तीमध्ये केही संस्कृत विद्यालयहरू पनि छन्। अरू किसिमका विद्यालयहरूको दाँजोमा पूर्ण सरकारी विद्यालयहरू नगण्य संख्यामा रहेको कुराले यहाँ शिक्षा प्रसारमा जिल्लावासीहरूबाट महत्वपूर्ण योगदान भएको तथ्यलाई दर्शाउँछ। तर धेरैजसो विद्यालयहरूको आर्थिक स्रोत राम्रो नभएको हुँदा कतिपय विद्यालयहरूको पक्की भवन छैन। प्रत्येक विद्यालयको सञ्चालन आफ्नै सञ्चालक समितिबाट हुने गर्दथ्यो र प्राथमिक विद्यालयमा एक देखि पाँच कक्षासम्म निम्न माध्यमिकमा छ देखि आठ कक्षासम्म र माध्यमिकमा प्रायः छ देखि १० कक्षासम्मको पढाइ हुने गर्दथ्यो। तर माध्यमिक विद्यालयहरूमा निम्न माध्यमिक र प्राथमिकसम्मको पढाई पनि हुने वा निम्न माध्यमिकमा प्राथमिक कक्षाहरूको पढाइ हुने उदाहरण पनि निकै पाइन्थ्यो। तसर्थ विभिन्न स्तरका विद्यालयमा निर्धारित स्तरका कक्षाहरू बाहेक अन्य कक्षाहरू पनि रहने र त्यस्तै शिक्षकहरूमा पनि कुनै पनि कक्षामा पढाउन न्यूनतम योग्यता निश्चित गर्न पनि निकै कठिनाइ पर्दथ्यो। विभिन्न विद्यालयहरूको सामान्य निरीक्षण र आवश्यक नियन्त्रण जिल्ला शिक्षा निरीक्षक कार्यालयबाटै हुने गर्दथ्यो तापनि माध्यमिक विद्यालयहरूको विशेष निरीक्षण पाल्पा जिल्ला स्थित जिल्ला शिक्षा अधिकारीको कार्यालयबाट नै हुने गर्दथ्यो। यसरी राष्ट्रिय शिक्षा पद्धति लागू हुनुभन्दा अघि यहाँको शिक्षा क्षेत्रमा विभिन्न किसिमका समस्या र विषमताहरू थिए।

राष्ट्रिय शिक्षा पद्धति लागू गर्ने उद्देश्यले गरिएको जिल्लाको शैक्षिक सर्वेक्षण अनुसार विभिन्न स्तरका विद्यालय, विद्यार्थी र शिक्षकहरूको संख्या निम्न बमोजिम थियो ।

	प्राथमिक	निम्न माध्यमिक	माध्यमिक
विद्यालय संख्या	१०४	१७	५
विद्यार्थी संख्या	४,७०९	१,८३७	४१३
शिक्षक संख्या	२४२	४५	१९

राष्ट्रिय शिक्षा पद्धति भर्खरै लागू भएको छ तापनि विद्यालयहरूको आर्थिक अनिश्चितता, विभिन्न किसिमका विषमता र शिक्षा क्षेत्रमा रहेका अन्य विभिन्न कठिनाइहरू क्रमशः हट्दै जानेछन् । राष्ट्रिय शिक्षापद्धति लागू भएपछि शिक्षा क्षेत्रको विकासमा पहिलेदेखि जुटेका यहाँका जिल्लाबासीहरूबाट (अझ बढी प्रगति गर्ने दिशा तर्फ) झन् बढी सहयोग प्राप्त हुने आशा राख्न सकिन्छ ।

वि. सं. २०२८ को राष्ट्रिय जनगणना अनुसार छ वर्षभन्दा बढी उमेर भएका जम्मा १,०५, ४८७ मध्ये विद्यालयहरूमा भर्ना नभएका ९७,८१७ जना (करीब ९२.७ प्रतिशत) थिए। यस जिल्ला वा अन्य जिल्लाका विभिन्न स्तरका विद्यालयहरूमा भर्ना भई अध्ययन गरिरहेका ७,६७० जना (७.३ प्रतिशत) मध्ये प्राथमिक कक्षाहरूमा ४,९७८ बालक र ६४४ बालिकाहरू, निम्नमाध्यमिक कक्षाहरूमा १,२२९ बालक र ९१ बालिकाहरूमध्ये, माध्यमिक कक्षाहरूमा ५७७ केटा र २८ केटीहरू, प्रमाणपत्र (इन्टर) स्तरमा ७२ जना पुरुष र चार जना महिला, स्नातक स्तरमा ३७ जना पुरुष एक जना महिला र स्नातकोत्तरमा नौ जना पुरुषहरू थिए ।

उक्त गणना अनुसार नै विद्यालयहरूमा भर्ना नभएका ९७,८१७ मध्ये विभिन्न स्तरका शिक्षा हासिल गरिसकेकाहरू ४,१०६ जना थिए । पढाइ पूरा गरिसकेकाहरूमा, प्राथमिक शिक्षा पूरा गर्ने २,७७९ बालक र १६६ बालिकाहरू, निम्नमाध्यमिक शिक्षा पूरा गर्ने ५०७ बालक र ४२ बालिकहरू, माध्यमिक शिक्षा पूरा गर्ने ४३५ केटा र २१ केटीहरू, प्रमाणपत्र (इन्टर) स्तर पूरा गर्ने ९८ जना पुरुष र दुई जना महिला, स्नातक स्तर पूरा गर्ने ४२ जना पुरुष र स्नातकोत्तर स्तर पूरा गर्ने १४ जना पुरुषहरू थिए ।

स्वास्थ्य

यातायातको असुविधा र आधुनिक स्वास्थ्य केन्द्रहरूको अभावले गर्दा यहाँ अझैं पनि परम्परागत तरीकाहरूबाट उपचार गर्ने चलन पाइन्छ । त्यसैले कोही बिरामी परेमा धामी, झाँक्री लगाउने, देवी देवतालाई भाकल चढाउने र स्थानीय जरीबूटीको उपयोग गर्ने जस्ता चलनहरू अझैं हराइसकेका छैनन् । यहाँ साधारणतया पेट सम्बन्धी रोगहरू ज्यादा पाइन्छन् । अन्य रोगहरूमा दाँत र आँखाका रोग र घाउ चोट-पटक इत्यादि प्रायः पाइन्छन् । यस जिल्लामा अस्पताल नभएको हुँदा ठूलो चोट–पटक वा कडा रोगको उपचारको लागि पाल्पा वा बुटवलका अस्पतालहरूमा बिरामीहरूलाई लगिन्छ । साधारण उपचारको-लागि जिल्लाका विभिन्न स्थानमा रहेका स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकीहरूबाट सेवा पुऱ्याइएको छ ।

यहाँ जम्मा तीनवटा स्वास्थ्य संस्थाहरू छन् । प्रायः सबै स्वास्थ्य संस्थाहरूबाट बिरामीहरूलाई उपचारको साथै केही औषधिहरू पनि निःशुल्क वितरण गरिन्छ । जिल्लाको उत्तरी भागका निवासीलाई अर्घा रजस्थलको स्वास्थ्य चौकी र दक्षिणी भागका निवासीहरूलाई ठाँडाको स्वास्थ्य चौकीबाट उपचार गर्ने

सहूलियत प्राप्त छ तापनि यातायातको कठिनाइ, औषधिको कमी र अन्य कतिपय कारणहरूले गर्दा स्वास्थ्य संस्थाहरूबाट सीमित सेवा मात्र पुगेको छ। यहाँका स्वास्थ्य केन्द्र वा चौकीहरूमा बिरामीहरूलाई भर्ना गरी उपचार गर्ने प्रबन्धको पनि अभाव छ।

बिफर उन्मूलनको जिल्ला कार्यालय सदरमुकाम नरपानीमा छ। यहाँ परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी कार्यक्रम भर्खरै शुरू भएको छ। जिल्लाको दक्षिणी भेक र केही होचा बेंसीहरूमा पहिले औलो लाग्ने गर्दथ्यो। हाल औलो प्राय: उन्मूलन भएको छ र यस सम्बन्धी काम ठाँडा बजारमा रहेको नेपाल औलो उन्मूलन संघको एक कार्यालयबाट गरिन्छ।

खानेपानी

जिल्लाका विभिन्न ठाउँमा खानेपानीको अभाव रहेको छ। आधुनिक तरीकाबाट फलामे वा पोलिथिन पाइपद्वारा पानी ल्याई धाराहरू राखी खानेपानी वितरण गर्ने व्यवस्था धेरै कम ठाउँहरूमा मात्र भएको छ। यहाँ धेरैजसो बाक्ला गाउँ बस्तीहरू डाँडामाथि रहेका छन् र डाँडाहरूमा खेती पनि गरिने भएको हुँदा जङ्गलहरू नहुनु आदि कारणले गर्दा पानीको राम्रो स्रोत प्राय: पाइँदैन, जसले गर्दा बलकोट र वाङला जस्ता डाँडामा रहेका गाउँ–बस्तीहरूमा खानेपानीको निकै कठिनाइ पर्न गएको छ। बेंसीहरू कम भए पनि साह्रै उब्जाउ भएका हुँदा पहिलेदेखि बेंसीको जमीनलाई खेतीको निमित्त मात्र उपयोग गरी त्यस्ता उब्जाउ खेतहरूलाई बचाई राख्ने उद्देश्यले पनि बसोबास प्राय: डाँडाहरूतिरै रहन गएको छ र यो कुरा अन्य पहाडी जिल्लाहरूमा पनि देखिन्छ। खानेपानीको समस्या समाधान गर्न जिल्लाभित्र ठूला नदीहरू नहुँदा पनि कठिनाइ पर्न गएको छ। सानातिना खोला, कुवा र पँधेरा जस्ता जलस्रोतहरूबाट नै जिल्लाबासीहरूले खाने पानीको अभाव पूर्ति गर्दै आएका छन्। पानी शुद्ध छ वा छैन सो नहेरी खाने गर्दा पनि यहाँ पेटको रोग ज्यादा पाइन्छ।

जिल्ला पञ्चायत र गाउँ पञ्चायतको सहयोगबाट ठाउँ ठाउँमा खानेपानीका लघु योजनाहरू सञ्चालन गरी खाने पानीको अभाव हटाउने काम हुँदै आएको छ। पानीको टयाङ्की बनाई वा पाइपहरूबाट धारा ल्याई अडगुरी ठाँडा, ढिकुरा काफलवास, खिदिम, मणिकुट र अन्य विभिन्न गाउँ पञ्चायतहरूमा खानेपानीको व्यवस्था गरिएको छ।

जिल्लाको सबभन्दा ठूलो खानेपानी योजना बलकोटको खानेपानी योजना हो। आर्थिक वर्ष २०३१।०३२ मा रू.७,२१,०००। को लागतमा सञ्चालन भएको यो योजना यस जिल्लामा सञ्चालन भएको राष्ट्रिय स्तरको पहिलो योजना पनि हो। यो योजना पूरा भएपछि बलकोटमा रहेको खानेपानीको समस्या समाधान हुने आशा गरिन्छ।

सदरमुकाम नरपानीमा पानीको राम्रो स्रोत भएको हुँदा खानेपानीको अभाव छैन। तर नरपानीमा पनि खानेपानी कलधाराहरूबाट वितरण गर्ने व्यवस्था भइसकेको छैन।

प्रशासन र पञ्चायत

नेपाल अधिराज्यमा सन् १८०४ मा गाभिए पछि अर्घा र खाँची राज्य अन्तर्गत पर्ने इलाकाहरू पाल्पा गौंडाबाटै प्रशासित हुँदै आएका थिए । पाल्पाबाट वि. सं. २००९ मा गुल्मी छुट्टिएर बेग्लै जिल्लाको स्वरूप लिदा वर्तमान अर्घाखाँची जिल्लामा पर्ने क्षेत्र पनि गुल्मी जिल्ला अन्तर्गत नै पर्न गयो । वि. सं. २००९ देखि २०१९ सालसम्म गुल्मी जिल्लाकै एक अङ्गको रूपमा अर्घाखाँची रह्यो । वि. सं. २०१९ मा विकास जिल्ला एवं अञ्चल विभाजन समितिको अर्घा, खाँची र वार गुल्मीको दक्षिणी भाग समावेश गरी अर्घाखाँचीलाई भिन्दै जिल्लाको रूप दिने प्रस्ताव अनुसार अर्घाखाँची विकास जिल्लाको सिर्जना भयो । विकास जिल्ला एवं अञ्चल समितिले अर्घाखाँची जिल्लाको सदरमुकाम बढी मात्रामा केन्द्र पर्ने खाँचीकोटमा रहनु पर्ने राय दिए तापनि कतिपय कारणले गर्दा अर्घाखाँची जिल्लाको सदरमुकाम वि. सं. २०१९ मा जिल्लाको केही दक्षिण पट्टी रहेको ठाँडामा रहन गयो । वि. सं. २०१९ मा बेग्लै जिल्लाको रूप लिए तापनि वि. सं. २०२४ सम्म यहाँको प्रशासन गुल्मी जिल्लाबाटै हुने गर्दथ्यो । वि. सं. २०२४ मा मात्र यहाँ प्रमुख जिल्ला अधिकारीको कार्यालय रह्यो र त्यसवेलादेखि मात्र अर्घाखाँची एक छुट्टै जिल्लाको साथै प्रशासनिक एकाईको रूपमा पनि देखा पर्‍यो । वि.सं. २०२४ मै जिल्ला सदरमुकाम ठाँडाबाट केही उत्तरतर्फ तथा खाँचीकोटको नजीकमा रहेको नरपानीमा सर्‍यो र हालसम्म सदरमुकाम नरपानीमै रहेको छ ।

अर्घाखाँची जिल्लाको प्रमुख जिल्ला अधिकारीको कार्यालय तथा जिल्लास्तरीय अन्य सरकारी कार्यालयहरू नरपानीमा छन्। सदरमुकाम नरपानीमै स्थायी रूपमा रहने कुराको यकीन नभएको हुँदा यहाँ प्रशासकीय भवन तथा अन्य सरकारी कार्यालयका भवनहरू बनिसकेका छैनन् र सबै सरकारी कार्यालयहरू भाडाका घरमा रहेका छन् । जिल्लामा रहेका मुख्य सरकारी तथा गैर सरकारी कार्यालयहरू निम्न बमोजिम छन् ।

प्रमुख जिल्ला अधिकारीको कार्यालय, नरपानी
जिल्ला पञ्चायत कार्यालय, नरपानी
माल कार्यालय, नरपानी
जिल्ला भूमिसुधार कार्यालय, नरपानी
जिल्ला प्रहरी थाना, नरपानी
छोटी हुलाक, नरपानी

खाँची स्वास्थ्य केन्द्र, नरपानी
प्रमुख जिल्ला अधिकारीको कार्यालय शिक्षा शाखा, नरपानी
निर्वाचन आयोग जिल्ला शाखा, नरपानी
बिफर उन्मूलन आयोजना जिल्ला कार्यालय, नरपानी
नेपाल औलो उन्मूलन संघ शाखा कार्यालय, ठाँडा
आकाशवाणी उपकेन्द्र, नरपानी

यस जिल्लामा अदालत, कारागार र सरकारी वकील कार्यालय छैनन् र गुल्मीमै रहेको अदालतबाट यहाँको मुद्दा मामिला हेरिन्छ ।

प्रहरी

जिल्ला प्रहरी थाना सदरमुकाम नरपानीमा छ । उक्त कार्यालय अन्तर्गत ठाँडामा एक छोटी प्रहरी थाना तथा बलकोट शिवपुर गाउँ पञ्चायतमा एक र अर्घा रजस्थल गाउँ पञ्चायत अन्तर्गत चुत्राबेंसीमा एक गरी जम्मा दुईवटा अस्थायी प्रहरी चौकीहरू रहेका छन् ।

न्याय

अर्घाखाँची तथा गुल्मी जिल्लाहरूको निम्ति एउटै अदालतको मात्र व्यवस्था छ, जुन गुल्मीको सदरमुकाम तमघासमा रहेको छ । अदालतको नाम २०१७ साल अघि गुल्मी अदालत थियो र २०१७ सालमा यसको नाम गुल्मी इलाका अदालत रहन गयो। फेरि २०२१ सालमा यसको नाम परिवर्तन भई अर्घाखाँची तथा गुल्मी इस्मा जिल्ला अदालत रहन गयो र हालसम्म त्यही नाम कायम रहेको छ । दुवै जिल्लाको निम्ति एउटै जिल्ला न्यायाधीशबाट न्याय सम्पादनको साथै अदालतको प्रशासन सम्बन्धी तथा अन्य काम कारवाही भई आएको थियो । वि. सं. २०२८ देखि पाँच वर्षको लागि एक अतिरिक्त न्यायाधीशको दरबन्दी भएको हुनाले त्यसबेलादेखि अदालतमा दुई जना न्यायाधीशहरूको व्यवस्था भएको छ ।

सरकारी वकीलको कार्यालय पनि यस जिल्लामा नै नरहेको हुँदा गुल्मी जिल्लामा रहेका सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ताले नै यस जिल्लासँग सम्बन्धित सरकारवादी मुद्दा हेर्ने तथा अन्य आवश्यक राय सल्लाह दिने कार्यहरू गर्दछन् ।

अर्घाखाँची तथा गुल्मी जिल्ला अदालतमा आर्थिक वर्ष २०२७।०२८ देखि २०२९।०३० सम्म परेका यस जिल्लासँग सम्बन्धित देवानी तथा फौजदारी मुद्दाहरूको संख्या निम्न बमोजिम थियो ।

	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
परेका मुद्दा	४७६	५४१	६५९
छिनेका मुद्दा	२८१	२४०	३०३

देवानी मुद्दाहरू मध्ये मुख्यतया जग्गा खिचोला, लेनदेन, अंश, हक सफा, बिक्री बदर सम्बन्धी र फौजदारी मुद्दाहरूमध्ये बाली लुटपिट, धनमाल लुटपिट, गाली बेइजती, चोरी, ज्यान, जालसाज, कुटपिट, सम्बन्धी मुद्दाहरू यहाँ पर्ने गरेको देखिन्छ ।

पञ्चायत

अर्घाखाँची जिल्लामा जम्मा ४० वटा गाउँ पञ्चायतहरू छन् र जिल्ला पञ्चायत कार्यालय सदरमुकाम नरपानीमा रहेको छ। राष्ट्रिय पञ्चायतमा एकजना सदस्यले यस जिल्लाको प्रतिनिधित्व गर्दछन्। जिल्ला पञ्चायत तथा गाउँ पञ्चायतहरूको आम्दानीका स्रोतहरूमा व्यापार मुनाफा कर, रेडियो लाइसेन्स नवीकरण, टिकट दस्तूर, घरधुरी कर र भरूवा बन्दूक लाइसेन्स नवीकरण आदिबाट उठाइने रकमहरू मुख्यछन्। यहाँको जिल्लासभाको वार्षिक औसत आम्दानी करीब रू. ५,०००। जति हुन्छ। यहाँको सबभन्दा बढी आय भएको गाउँ पञ्चायत वाङलाटुनिपोखरा हो र आर्थिक वर्ष २०२९।०३० मा उक्त गाउँपञ्चायतको आम्दानी करीब रू. २,३३१। थियो। जिल्लाको सबभन्दा कम आय हुने गाउँ पञ्चायत माझकोट ठूलो पोखरा हो, जसको आम्दानी आर्थिक वर्ष २०२९।०३० मा करीब रू. २९। मात्र थियो। व्यापारको ठूला केन्द्रहरू नहुनु र ठूला औद्योगिक प्रतिष्ठानहरू नरहनु र जन साधारणको आर्थिक स्थिति बलियो नहुनु आदि कारणहरूले गर्दा यहाँको पञ्चायतहरूको आय स्वभावत कम हुन गएको छ। यहाँका प्रत्येक गाउँ पञ्चायतको औसत वार्षिक आम्दानी रू. ७५०। जति मात्र हुन आउने देखिन्छ।

जिल्ला सभाको खूद आम्दानी तथा श्री ५ को सरकारको अनुदानको आधारमा प्रतिवर्ष जिल्ला सभाले विभिन्न गाउँ पञ्चायतहरूमा विभिन्न किसिमका गाउँस्तरीय वा जिल्लास्तरीय योजनाहरू सञ्चालन गर्न स्वीकृत प्रदान गर्दछ। जिल्ला पञ्चायतको अनुदान तथा गाउँ पञ्चायतका जनताहरूको श्रमदानबाट यस्ता स्वीकृत योजनाहरूको काम पूरा गरिन्छ। यस्ता योजनाहरूको लागत साधारणतया ठूलो नभए तापनि स्थानीय जनताले आफ्नो आवश्यकता, साधन र योजनाको सार्वजनिक महत्वको मनन गरेर योजनाहरूको तर्जुमा गर्ने भएको हुँदा स्थानीय विकासमा यस्ता योजनाहरूको महत्वपूर्ण भूमिका रहन्छ। यस्ता योजनाहरूमा साधारणतया सिचाइ कुलो, बाँध, खानेपानी, विद्यालय भवन, पञ्चायत भवन, बाटो घाटो, पुल इत्यादि निर्माण गर्ने योजनाहरूको प्राधान्य पाइन्छ। यस्ता योजनाहरू सञ्चालन गर्न जिल्ला पञ्चायतबाट गाउँ पञ्चायतहरूलाई प्राविधिक सहायता पनि प्रदान गरिन्छ र योजनाहरू पूरा भएपछि जिल्ला पञ्चायतका ओभरसियरले जाँचपास गर्ने व्यवस्था पनि छ। तर यातायातको कठिनाइले गर्दा बाहिरबाट झिकाउनु पर्ने सिमेण्ट, टिन, पाइप, जस्ता निर्माण सामग्रीहरू समयमै उपलब्ध हुन नसक्ने, प्राविधिकको कमीले गर्दा समयमै लगत इस्टमेट गर्न नपाइने आदि कारणहरूले गर्दा कतिपय आयोजनाहरू तोकिएको अवधि भित्रै पूरा गर्न यहाँ निकै कठिनाइ पर्दछ। आर्थिक वर्ष २०२९।०३० मा सिचाइ कुलो, खानेपानी, विद्यालय भवन निर्माण र मर्मत, बाटो, पुल, बाँध, पञ्चायत भवन मर्मत सम्बन्धी १३ वटा आयोजनाहरू पूरा भएका थिए। खिदिम मणिकुट गाउँपञ्चायत अन्तर्गत देवल चौरमा हालै मात्र सम्पन्न भएको खानेपानी आयोजनाबाट करीब २५० जना स्थानीय जनता लाभान्वित भएका छन्। यसरी गाउँ पञ्चायत, जिल्ला पञ्चायत र दुर्गम क्षेत्र एवं स्थानीय विकास विभागको परस्पर सहयोगमा विभिन्न किसिमका गाउँस्तरीय वा जिल्ला स्तरीय योजनाहरू सञ्चालन हुँदै आएका छन् जसबाट स्थानीय विकासको साथै सार्वजनिक हित र स्थानीय जनताको खाँचो हटाउन महत्वपूर्ण योगदान पुग्न गएको छ।

यहाँ नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन तथा नेपाल भूतपूर्व सैनिक संगठनका जिल्लास्तरीय कार्यालयहरू छन्। प्रत्येक संगठनको ११ जनाको जिल्ला कार्य समिति छ र विभिन्न गाउँ पञ्चायतहरूमा प्रत्येक संगठनको प्रारम्भिक समितिहरू पनि छन्। विभिन्न वर्गीय संगठनको प्रारम्भिक समिति रहेका गाउँ पञ्चायतहरूको संख्या र सदस्य संख्या तल दिइएको छ।

वर्गीय संगठन	प्रारम्भिक समिति गठन भएका गाउँ पञ्चायत संख्या	सदस्य संख्या
नेपाल किसान संगठन	३६	३३७
नेपाल युवक संगठन	३६	३४०
नेपाल महिला संगठन	२३	२२०
नेपाल भूतपूर्व सैनिक संगठन	१८	१९२

जिल्लाका सबै गाउँ पञ्चायतहरुमा उपर्युक्त वर्गीय संगठनहरूको प्रारम्भिक समितिहरू गठन भई सकेका छैनन् । वर्गीय संगठनहरूको आम्दानीको कुनै खात स्रोतहरू छैनन् र सदस्यहरूबाट उठ्ने चन्दा तथा आर्थिक अनुदानबाटै आ–आफ्नो वर्गीय हितको साथै सार्वजनिक हितको लागि विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन हुदै आएका छन् । उदाहरणार्थ स्थानीय कृषकहरूलाई आधुनिक कृषि तरीकाहरूसँग परिचित गराउन किसान संगठन सक्रिय रहेको छ भने बेला बेलामा लाग्ने समारोह आदिमा स्वयं सेवकहरू पठाई भूतपूर्व सैनिक संगठनले सहयोग गर्ने गरेको छ । कुनै वर्गीय संगठनले आफ्नो वर्गीय हितका लागि अझ ठोस कदम पनि चालेको छ जस्तै महिला संगठनले बेला बेलामा महिला साक्षरता कक्षा सञ्चालन गर्दैआएको छ ।

उपसंहार

सडक यातायातबाट पर रहेको र विद्युत् शक्तिको व्यवस्था नरहेको यस अर्घाखाँची जिल्लामा ठूला विकास आयोजनाहरूको सञ्चालन वा ठूला स्तरका उद्योगहरू स्थापना हुन सक्ने वातावरणको सिर्जना अझैं भइसकेको छैन। जिल्लाको खाद्यान्नको आवश्यकता यहाँको कृषि उत्पादनबाट पूर्ति नहुने र बाहिरबाट वर्षेनी खाद्यान्न आयात गर्नु पर्ने स्थिति रहेको हुँदा यहाँको व्यापारिक गतिविधि पनि खाद्यान्न, कपडा तथा अन्य अत्यावश्यक उपभोग्य सामानहरूको आयात गर्नमा नै सीमित रहेको छ। यसरी औद्योगीकरणका पूर्वाधारहरू नरहेको र आर्थिक व्यवस्था पनि दरिलो नभएको हुँदा अर्घाखाँची जिल्ला लुम्बिनी अञ्चलका अरू जिल्लाहरूको तुलनामा साह्रै अविकसित अवस्थामा रहेको छ।

यस जिल्लाको प्रायः सम्पूर्ण भाग पहाडहरूले भरिएको हुँदा यहाँ हवाई यातायातको सम्भावना ज्यादै नै सीमित रहेको छ। तसर्थ बाहिरी यातायातको साथै यस जिल्लाको विकासमा सडक यातायातको ठूलो महत्व रहेको छ। पहाडी प्रदेशमा सडकहरू निर्माण गर्न साह्रै खर्चिलो हुने हुँदा निकट भविष्यमा यहाँ राजमार्गहरू निर्माण हुन सक्ने सम्भावना कमै रहे तापनि जिल्लाबासीहरूको श्रमदान र सरकारी अनुदानबाट पत्थरकोटदेखि नरपानीसम्म जोड्ने सडकको निर्माण कार्य यहाँ शुरू भइसकेको छ। गुल्मी र प्यूठानको व्यापार पनि केही हदसम्म यही जिल्ला भएर चल्ने हुँदा पत्थरकोट र नरपानी जोड्ने सडक निर्माण भएमा यस जिल्लाको साथै गुल्मी र प्यूठान जिल्लाहरूको आर्थिक विकासमा समेत मद्दत पुग्न जाने देखिन्छ।

टाढाबाट बगेर आउने ठूला नदीहरू जिल्लाभित्र नहुँदा यस जिल्लाको पश्चिमी सीमानामा रहेको रापती नदीबाट बाहेक जिल्लाभित्रका साना खोलाहरूबाट भविष्यमा जल विद्युत् केन्द्रहरूको स्थापना हुन सक्ने सम्भावना ज्यादै सीमित देखिन्छ। भविष्यमा औद्योगीकरणको लागि आवश्यक पर्ने विद्युत् शक्तिको आपूर्ति पनि जिल्ला बाहिरबाट गर्नु पर्ने स्थिति यहाँ रहेको छ। तसर्थ जिल्लाका विभिन्न ठाउँमा वायु शक्तिको सदुपयोग गरी सिचाइ सुविधा पुऱ्याउने, उद्योगहरू स्थापना गर्ने र विद्युत् शक्ति उत्पादन गर्ने बारे वायुशक्तिको उपयोग गर्ने सम्भाव्यता अध्ययन यस जिल्लाको विकासको लागि निकै लाभदायक हुने देखिन्छ।

कृषि योग्य–जमीन सीमित रूपमा रहेको यस जिल्लामा प्रतिवर्ष रहने खाद्यान्नको अभाव हटाउन निकै कठिनाइ पर्ने देखिन्छ। सिचाइ सुविधा बढाउँदै हिउँदे बाली क्षेत्रको विर्स्तार र उन्नत कृषि तरीकाबाट कृषि उत्पादनमा केही वृद्धि गर्न सकिने देखिन्छ। तर अधिकांश पाखाबारीहरू रहेको यस पहाडी जिल्लामा पशुपालन र फलफूल तथा तरकारी खेतीको विकासबाट जिल्लाबासीहरूको आर्थिक उन्नतिमा निकै सघाउ

पुग्न जाने देखिन्छ । कृषिबाटै जीविका नचल्ने हुँदा कामको खोजीमा देश विदेश जानु पर्ने यहाँ रहेको वाध्यता हटाउन र बढी रोजगारको व्यवस्था गर्न सन्दर्भमा जिल्लाबासीहरूको सीप र श्रमलाई बढी मात्रामा उपयोग गर्ने किसिमका घरेलु तथा साना उद्योगहरूको स्थापनाबाट पनि धेरै मद्दत मिल्न जानेछ। यस जिल्ला हुँदै गुल्मी र प्यूठानबाट पनि फलफूल, छाला, घ्यू आदि बाहिर निकासी हुने हुँदा यस जिल्लामा पनि फल फूल खेती र पशुपालनको विकास हुन सकेमा यहाँ फलफूल तथा घ्यू प्रशोधन र छालाका सामानहरू बनाउने जस्ता उद्योगहरूको स्थापना गरी बढी रोजगारको व्यवस्था हुन सक्ने देखिन्छ ।

घरेलु उद्योगमध्ये चिउली घ्यू बनाउने उद्योगको यहाँ विशेष महत्व रहेको छ। श्री ५ को सरकारबाट पनि यहाँ चिउली घ्यू उद्योगको स्थापनाको लागि आवश्यक कामहरू भइरहेका छन् । यसै सन्दर्भमा नेपाल औद्योगिक विकास करपोरेशनले हालसालै गरेको चिउली घ्यू सम्भाव्यता[1] अध्ययनबाट यहाँ चिउली घ्यू विकास गर्न सकिने राम्रो सम्भाव्यता देखिएको छ । चिउलीको बोटहरू प्रायः बारीमा नरोपी जङ्गलमै रहेका चिउलीका बोटहरूबाट चिउली सङ्कलन गरी, परम्परागत तरीका र औजारको उपयोग गरी चिउली घ्यू बनाउने चलन यहाँ रहेको छ। आधुनिक औजार र तरीकाहरूको उपयोग गर्न सकेमा चिउली घ्यूको उत्पादनमा निकै वृद्धि हुन जाने देखिन्छ। खेती हुन नसक्ने पहाडी क्षेत्रमा चिउलीको बोटहरू वृहद् रूपमा रोप्न सकेमा चिउली घ्यू उद्योगको विस्तार गर्न सकिने मात्र हैन भू–संरक्षणलाई पनि मद्दत पुग्न जाने देखिन्छ। तसर्थ चिउली घ्यू उद्योगको आधुनीकरण र विस्तारबाट यस जिल्लाको आर्थिक विकासमा ठूलो सघाउ पुग्न जाने देखिन्छ।

जिल्लाको उत्तरी भागमा रहेका डाँडाहरूमा नै जिल्लाको अधिकांश जनसंख्या केन्द्रित भएको हुँदा त्यस भेकमा वन जङ्गलहरू प्रायः शून्य छन् । यसबाट प्राकृतिक जलस्रोतहरू सुक्न गई ठाउँ ठाउँमा खानेपानीको समस्या उत्पन्न हुन गएको छ भने काठ र दाउराको समस्या पनि उत्पन्न भएको छ । साथै भू–क्षयले गर्दा ठाउँ ठाउँमा बराबर पहिरो जाने हुँदा खेतीयोग्य पाखाबारीहरूलाई पनि निकै नोक्सान परेको छ। यहाँ करीब ३०० मिटर (१,००० फीट) देखि करीब २,४७५ मिटर (८,२५० फीट) सम्म उचाइ भएका बेसी, डाँडा र लेकहरू भएकाले विभिन्न जातका रूखहरू लगाउन सकिन्छ । तसर्थ पातलिएका वनहरूमा चिउली तथा अन्य उपयुक्त जातका रूखहरू रोपी भू-तथा जल संरक्षणको साथै चिउली घ्यू उद्योगलाई विस्तार गर्न र जिल्लाबासीहरूको काठ र दाउराको भागलाई समेत पूरा गर्न सकिने सम्भावना रहेको छ। जिल्लाको दक्षिणमा अझै साल समूहका घना जङ्गलहरू छन् र त्यस क्षेत्रको वन संरक्षण गरी वनमा आधारित उद्योगहरू सञ्चालन गरी काठ र फर्निचरहरू अन्य जिल्लाहरूमा निकासी गर्न सकिने सम्भावना पनि यहाँ रहेको छ।

यस जिल्लाका विभिन्न स्थानमा रहेका खानीहरूको विस्तृत अध्ययन नभएसम्म खानीहरूको आर्थिक उपादेयता बारे हाल केही भन्न सकिँदैन तापनि भविष्यमा यहाँको खानीहरूबाट पनि जिल्लाको आर्थिक संवृद्धिमा केही सघाउ पुग्न जाने सम्भावना पनि देखिन्छ ।

माथि उल्लेख गरिएका विभिन्न कार्यहरूबाट यस जिल्लालाई आर्थिक विकास र संवृद्धिको बाटोमा लग्न सकिने सम्भावनाहरू देखा पर्दछन् तापनि जिल्लामा हाल विद्यमान यातायातको कठिनाइ हटाउन नसकेसम्म यस जिल्लाको विकासको गति तीव्र हुन सक्ने देखिँदैन । तसर्थ सडक यातायातको विकासको महत्व यस जिल्लाको लागि सर्वोपरी रहेको छ ।

---

[1] अर्घाखाँची जिल्लामा चिउली घ्यू उद्योगको सम्भाव्यता अध्ययन प्रतिवेदन, नेपाल औद्योगिक विकास करपोरेशन, २०३०–२०३१

नवलपरासी

विषय सूची

परिचय ८७५
प्राकृतिक स्वरूप र सम्पदा ८७७
ऐतिहासिक पृष्ठभूमि ८८६
प्रमुख स्थानहरू ८९३
जनंख्या र जनजीवन ८९७
आर्थिक व्यवस्था ९०४
यातायात र सञ्चार ९१९
शिक्षा, स्वास्थ्य तथा खानेपानी ९२४
प्रशासन र पञ्चायत ९२८
उपसंहार ९३३

परिचय

अधिकांश भू-भाग मलिलो, रसिलो र समथर भएकोले यो जिल्लाले अधिराज्यको खाद्यान्न बचत हुने जिल्लाहरूमध्ये सातौं स्थान ओगटेको छ । विकासको दृष्टिले केही वर्ष अघिसम्म सुषुप्त अवस्थामा रहे तापनि आज नवलपरासी जिल्लाको ओल्लो छेउबाट पल्लो छेउ सम्म महेन्द्र राजमार्गले छिचलेको, वृहत् सिचाइ योजना लागू भइरहेको, अधिराज्यको दोस्रो सबभन्दा बढी क्षमता भएको विद्युत् गृहको निर्माण कार्य पूरा हुनलागेको तथा नेपालमा व्यवस्थित पुनर्वास कार्यक्रम यहींबाट शुभारम्भ गरिएको हुंदा हाल यस जिल्लाले कांचुली फेर्न लागेको छ ।

यो जिल्लालाई उत्तर-पूर्वबाट दक्षिण-पश्चिममा झण्डै आधा आधी पारेर चुरे पर्वतले काटेको हुनाले परासी र नवलपुर दुई भिन्नै इलाका भए जस्तो देखिन्छ ।

यी दुईवटा इलाकाको बीचमा पर्ने पाल्पा जिल्लाले गर्दा एक स्थानबाट अर्को स्थानमा जान पाल्पा जिल्लालाई काटेर जानु पर्दछ । लुम्बिनी अञ्चलका जिल्लाहरूमध्ये भित्री मधेश र तराई क्षेत्र दुवै रहेको एकमात्र जिल्ला यही हो । यस जिल्लाको नवलपुर क्षेत्रका घना जङ्गलहरू पहिलेदेखि सालका ठूला रूखहरूको लागि प्रसिद्ध रहेका छन् ।

तर पहिलेदेखि नै परासी र नवलपुर एउटै प्रशासकीय एकाईभित्र पर्दथ्यो । त्यसताक यसलाई पाल्ही भनिन्थ्यो। परासी बजारदेखि करीब ६४ किलोमिटर (४० माइल) दक्षिणस्थित प्राचीन पाल्ही देवीको नामबाटै यस क्षेत्रको नाम राखिएको थियो । वि. सं. २०१६ मा नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजित गर्दा पाल्ही जिल्लाको परासी क्षेत्रको नगवा, सतगागा, तरैनी र वघोरै तप्पाहरूलाई नयाँ नामकरण भएको रूपन्देही जिल्लामा गाभियो र पाल्ही जिल्ला अन्तर्गतका बाँकी तप्पाहरू खुरहट, जवा, वरहगांगा, पञ्च गांगा, लोकोली र नवलपुर अतिरिक्त पूर्वी पाल्पाका केही पञ्चायतहरूलाई मिलाई नयाँ जिल्ला नवलपरासी भनी नामकरण गरियो ।

माथि उल्लेख गरिए झैं जिल्लाको पश्चिमी भाग परासी र पूर्वी भाग नवलपुरलाई चुरे पर्वतले छुट्याएको छ । परासी क्षेत्र उत्तर–पश्चिमबाट दक्षिण–पूर्व ढल्केर बसेको देखिन्छ भने नवलपुर क्षेत्र उत्तर–पूर्व चापेर बसेको छ । भिन्न भिन्न किसिमले अवस्थित भए तापनि यी दुवै भागको आकार सामान्यतः चारपाटे परेको छ । मध्यतराईमा अवस्थित लुम्बिनी अञ्चलका छ जिल्लामध्ये एक नवलपरासी जिल्लाको पूर्वमा चित-

वन, पश्चिममा रूपन्देही, उत्तरमा पाल्पा र तनहूँ तथा दक्षिणमा भारतको उत्तर प्रदेश पर्छन् । जिल्लाको सदरमुकाम परासी बजारमा रहेको छ ।

भौगोलिक स्थितिको दृष्टिबाट यो जिल्ला २७°२१′ उत्तरदेखि २७°४७′ उत्तर अक्षांश र ८३°३६′ पूर्वदेखि ८४°२५′ पूर्व देशान्तरभित्र पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल ९३५ वर्ग किलोमिटर छ । २०२८ को राष्ट्रिय जनगणनाअनुसार यहाँको जनसंख्या १,४६,५४८ छ । त्यसमध्ये पुरुषहरूको संख्या ७५,३१९ र महिलाहरूको संख्या ७१,२२९ छ ।

जिल्लाबासीहरूको आर्थिक आधार कृषि र पशुपालन हो । धान, मकै, तोरी र काठ आदि भारत निकासी गर्ने कार्य र उपभोगका सामान आयात गर्ने कार्य नै यहाँको मुख्य व्यापारिक गतिविधि हो । यहां केही मात्रामा उखु र सनपाट जस्ता नगदे बालीको खेती पनि गरिन्छ ।

यहाँका आदिबासी थारूहरू हुन् तापनि यहाँ अन्य विभिन्न जात–जातिको बसोबास पनि रहेको छ । साथैं औलोउन्मूलन भएपछि व्यवस्थित ढङ्गबाट बसाइएको पुनर्वास क्षेत्रमा विभिन्न जात–जातिको बसोबास हुन गएकोले यहाँ विभिन्न भाषा भाषी तथा जात–जातिको समागम हुनगएको छ र यहाँको जनजीवन विविधतापूर्ण तथा रोचक पनि हुनगएको छ ।

प्राकृतिक स्वरूप र सम्पदा

नेपाल अधिराज्यको मध्यतराई क्षेत्रमा पर्ने नवलपरासी जिल्लामा महाभारत लेक र चुरेका पहाडी पार्वत्य प्रदेश तथा त्यसका दक्षिणमा भित्रीमधेश र तराई क्षेत्र समेत रहेकोले भौगोलिक दृष्टिबाट यो स्थान निकै विविधतापूर्ण छ। लुम्बिनी अञ्चलका जिल्लाहरूमा तराई तथा भित्रीमधेश क्षेत्र भएको जिल्ला नवलपरासीमात्र हो । यसको उत्तरी भागमा साधारणतः पूर्व-पश्चिम फैलिएर गएको पर्वत शृङ्खलाहरूको प्राध्यान्यता पाइन्छ। जिल्लाको पूर्वी भाग अर्थात् नवलपुरको उत्तरबाट पूर्व-पश्चिम लम्बिएर आएको महाभारत लेकको समानान्तर भई फैलिएको चुरेको एक शाखा (दाउन्ने डाँडा) दक्षिण-पूर्वतिर फैलिदै नारायणीसम्म पुगेको छ। यसले यो जिल्लालाई झण्डै आधा आधा पारेर दुई प्राकृतिक भाग (नवलपुर र परासी) मा विभाजन गरेको छ। जिल्लाको पूर्वी भागमा नारायणी नदीले बनाएको भित्रीमधेश अर्थात् नवलपुर र पश्चिमी भागमा परासीको तराई क्षेत्र रहेको छ। यहाँ समुद्रको सतहबाट घटीमा करीब ९१ मिटर (३०० फीट) देखि बढीमा करीब १,९३६ मिटर (६,३५० फीट) सम्म उचाइ भएका भू-भागहरू पाइन्छन् । त्यसैले यहाँ महाभारत लेकतिर समशीतोष्ण हावापानी पाइन्छ भने दक्षिणको भित्रीमधेश र तराई क्षेत्रमा उष्ण जलवायु पाइन्छ ।

पहाडी प्रदेशबाट बगेर आएका सप्त गण्डकी (नारायणी) तुरिया, झरही, भलुही, कुसुही, धनेवा, खजुराविन, आरूङ, गिरवारी, उल्टी आदि अनेकौं नदीनालाहरूले मैदानी भू-भागलाई मलिलो बनाउनुका साथै सिचाइको निम्ति पानीको ठूलो स्रोतको आवश्यकता पनि पूर्ति गरेका छन् ।

यस जिल्लाको भू-बनोटलाई हेर्दा मोटामोटी दुई भाग अर्थात् पहाडी र तराई क्षेत्रमा विभाजन गर्न सकिने भए तापनि विभिन्न क्षेत्रको प्राकृतिक विशेषताअनुसार निम्न चार भागमा विभाजन गर्न सकिन्छ :-

(१) पहाडी प्रदेश
(२) चुरे डाँडा
(३) भित्री मधेश
(४) तराई प्रदेश

पहाडी प्रदेश

यस जिल्लाको भौगोलिक बनोटलाई ध्यानमा राखेर करीब ९०० मिटर (२,९५२ फीट) देखि करीब १,९३६ मिटर (६,३५० फीट) सम्मको उचाइको भू-भागलाई पहाडी प्रदेशमा लिन सकिन्छ । यहाँ

पहाडी प्रदेश भन्नाले जिल्लाको उत्तरी सीमानामा पर्ने महाभारत लेकको दक्षिणी ढाललाई लिइएको छ। महाभारत शृङ्खला जिल्लाको पूर्व भागमा नवलपुर क्षेत्रस्थित बेल्डिहा (पूर्वी सीमानाको अन्तिम पञ्चायत) गाउँ पञ्चायतदेखि करीब ५१ किलोमिटर (३२ माइल) पश्चिम कुनापानी (नयाँ वेल्हनी गाउँ पञ्चायत) सम्म कहिले उत्तर कहिले दक्षिण चाप्दै पूर्व-पश्चिम लम्बिएर गएको छ। यस लेक खण्डमा पर्ने अग्ला होचा टाकुराहरूमध्ये उचाइको दृष्टिले सबभन्दा अग्लो देउचुली १,९३६ मिटर(६,३५० फीट)र बडा चुली १,७६५ मिटर (५,७९० फीट) उल्लेखनीय छन्। यी शिसुवार पञ्चायतमा पर्दछन्।

यस क्षेत्रमा ठाउँ ठाउँमा भिर, खोंच, पाखा र पखेराहरूको बाहुल्य रहेको पाइन्छ। यही पहाडको विभिन्न भागबाट झरही, लोक, केरङ्ग, पथर आदि साना खोला र गिरवारी र अरूङ्ग जस्ता ठूला खोलाहरू दक्षिण बगेका छन्। नवलपुर क्षेत्रमा नयाँ बसोबास बस्नु अघि यिनै खोलाका छेउछाउमा र केही कम भिराला परेका पाखाहरूमा परम्परागत बसोबास रहेको पाइन्छ।

यस क्षेत्रमा मुख्यतः मकै, कोदो र खोलाका फाँटहरूमा धान खेती गरेको पाइन्छ। महाभारत लेकको उच्च भागमा लाली गुराँस, ढिंग्रे सल्लो र गोब्रे सल्लो आदिका रूखहरू पाइन्छन्। यसको दक्षिणी ढालको होचो भागमा मुख्यतः सालको निकै घना जङ्गल रहेको छ।

चुरे डाँडा

जिल्लाको भौगोलिक स्वरूप र विशेषताको निर्धारणमा चुरे शृङ्खलाको स्थिति निकै महत्वपूर्ण रहेको छ। चुरे शृङ्खलालाई यहाँ दाउन्ने डाँडा पनि भनिन्छ। यो जिल्लाको उत्तर–पश्चिम सीमानामा महेल पोखरी (उचाइ १,०२३ मिटर अर्थात् ३,३५६ फीट) नजीकै करीब करीब महाभारतसँग जोडिएको यो श्रेणी पछि फाट्टिएर कल्याण नग र कुडिया (उचाइ ८१० मिटर अर्थात् २,६५६ फीट) सम्म दक्षिण चाप्दै नारायणी नदीको किनारासम्म पुगेको छ। जिल्लाभित्र यसको लम्बाइ करीब ३८ किलोमिटर (२४ माइल) छ। चुरे शृङ्खलाको दक्षिण-पूर्वी खण्डमा सबभन्दा कम अर्थात् ५८५ मिटर (१,९१९ फीट)उचाइको भञ्ज्याङबाट निक्लने गरी महेन्द्र राजमार्गको निर्माण गरिएको छ। चुरे पर्वतको आसपासमा कतै कतैमात्र मानिसहरूको बसोबास रहेको छ।

यो पर्वत विशेषगरी फोस्रो माटो तथा ढुङ्गाहरूले बनेको छ। कतै कतै बलौटे माटो पनि हुन्छ। यस क्षेत्रमा बढी पैरो जाने प्रवृत्ति रहन्छ। यस पहाडको दक्षिणी ढालमा रहेको वन-जङ्गल निकै मासिंदै गएको छ।

चुरे पर्वतमालाले खासगरी परासी क्षेत्रलाई उत्तर-पूर्वबाट घेरेको छ। यसबाट निस्कने उल्लेखनीय खोलानालाहरूमा तुरिया, झरही, घनेवा, सतवर्वे आदि छन्।

भित्री मधेश

साधारणतः महाभारत लेकको दक्षिण र चुरे पर्वतमालाको उत्तरमा रहेको शुरूमा औलिया प्रदेश मानिने समथर भू-भागलाई भित्री मधेश भनिन्छ। त्यसैले यस जिल्लाको नवलपुर इलाका पनि भित्री मधेश क्षेत्रमा परेको छ।

नवलपुरको उत्तरमा महाभारत लेक खण्ड पर्न आए तापनि यसको दक्षिण–पश्चिम भागमा तमासपुर निर मात्र चुरेले छोएको छ। यसको पूर्वी सीमानाकारूपमा नारायणी नदी रहेको छ। नवलपुर र चितवनका बीचमा नारायणी नदी बगेकोले यी दुवै भिन्ना भिन्नै उपत्यका जस्ता देखिए तापनि वास्तवमा नवलपुर र चितवन एउटै उपत्यकाका दुई खण्ड हुन्।

नवलपुरको भित्री मधेश क्षेत्र पूर्वतिर साँघुरिएको र दक्षिण र पश्चिमतिर निकै फुकेर गएको छ। यो क्षेत्र समुद्रको सतहबाट मोटामोटी ३०० मिटर (९८५ फीट) को उचाइमा रहेको छ। ठाउँ ठाउँमा करीब १,००० मिटर (३,२८१ फीट) को उचाइका गोल परेर गएका र महाभारत लेकबाट अलग्गै रहेका होचा डाँडाहरू पाइन्छन्। उक्त लेकबाट निक्लने सबैजसो खोलानाला यही भू-भाग भएर बगेका छन्। तिनीहरू मध्ये गिरवारी र अरूङ्ग मुख्य हुन्।

यहाँ गिरवारी, विष्णुनगर र तमासपुर क्षेत्रमा घना वन जङ्गल रहेको छ र गैंडा, बाघ जस्ता जनावरहरू पनि पाइन्छन्। नवलपुरको सालको जङ्गल अधिराज्यमा सबभन्दा राम्रो मानिएको छ। शुरूमा वन जङ्गलको आधिक्य भएको र औलो लाग्ने जलवायु हुने हुनाले यहाँ ज्यादै पातलो बसोबास थियो। क्रमशः औलो नियन्त्रण हुनुका साथै योजनाबद्ध बसोबास शुरू भएको र यस क्षेत्र नवलपुरको बीचै बीचबाट महेन्द्र राजमार्गको निर्माण कार्य सम्पन्न हुनलागेकोले यस क्षेत्रमा ठूलो परिवर्तन र नयाँ नयाँ गाउँ बस्तीको वृद्धि हुँदै गएको छ।

यहाँ धान, मकै, गहुँ आदि बाली लाग्नुका साथै नगदेबालीमा तोरी र सुर्ती आदिको राम्रो खेती हुन्छ।

भावर प्रदेश

यस जिल्लाको पश्चिमी भाग अर्थात् परासी क्षेत्रको उत्तरमा रहेका चुरेका घाँच भावर प्रदेश भित्र पर्दछ। परासीको दक्षिण–पूर्वमा रहेका कल्याण नगर र कुंडिया पञ्चायतदेखि सुनवल पञ्चायतको उत्तरी क्षेत्रसम्म यो प्रदेश करीब ३८ किलोमिटर (२४ माइल) फैलिएर गएको छ। यहाँ खासगरी फोस्रे ढुङ्गा, कङ्कड र बालुवा पाइन्छ। यो नेपाल अधिराज्यको पूर्वदेखि पश्चिम फैलिंदै आएको भावर प्रदेशको एक खण्ड हो। यस प्रदेशमा पाइने घना वन जङ्गललाई चारकोसे झाडी भनिन्छ। तर यस जिल्लाको भावर प्रदेश खण्डमा त्यति बाक्लो वन जङ्गल रहेको पाईंदैन।

चुरेबाट आएका कतिपय खोलानालाहरू यस प्रदेशमा आइपुगे पछि जमीन मुनि बग्दछन् र तराई क्षेत्रमा फेरि देखा पर्दछन्।

भावर प्रदेशमा बसोबास निकै कम छ र यहाँ रहेका केही गाउँहरू समुद्र सतहदेखि करीब १५२ मिटर (५०० फीट) देखि ३०५ मिटर (१,००० फीट) सम्मको उचाइमा अवस्थित छन्।

तराई प्रदेश

भावर प्रदेशको दक्षिणमा रहेको समथर भू-भागलाई तराई प्रदेश भनिन्छ। यस जिल्लाको पश्चिमी खण्ड अर्थात् परासी क्षेत्रको सबैजसो भू-भाग तराई क्षेत्रमा पर्दछ। जिल्लाको तराई खण्ड झण्डै वर्गाकार परेको

र पश्चिमबाट दक्षिण-पूर्व चापेर बसेको छ। यहाँको तराई खण्ड दक्षिण–पूर्वमा नारायणी नदीसम्म र दक्षिणमा भारतीय सीमानासम्म तथा पश्चिममा रूपन्देही जिल्लाको पूर्वी सीमानासम्म फैलिएको छ ।

यस क्षेत्रमा चुरेबाट निक्लेका अनेकौं नदीहरू बगेका छन् । त्यसैले यहाँको माटो नरम, ओसिलो र मलिलो हुन्छ । यी खोलानालाले हरेक वर्ष मलिलो माटो बगाएर ल्याउनुका साथै चुरे डाँडाबाट कङ्कड, बालुवा र ढुङ्गाहरू बगाइ ल्याउँछन् । परिणामस्वरूप खोलाका किनारहरू र वरपर ढुङ्गा र कङ्कडको बाहुल्य हुन्छ ।

यस प्रदेशको अधिकांश भूभाग आवाद गरिएको छ । यहाँ धान, मकै, गहुँ आदिको राम्रो खेती हुन्छ । यो क्षेत्र जिल्लाको अन्न भण्डारको रूपमा रहेको छ ।

यो भू-भाग समुद्रको सतहबाट करीब १०० मिटर (३२८ फीट) देखि २०० मिटर (६५६ फीट) सम्मको उचाइमा रहेको छ । यहाँ ग्रीष्ममा निकै गर्मी र हिउँदमा सामान्य जाडो हुने गर्छ । नवलपुर जस्तो भित्री मधेशको तुलनामा यहाँ बढी स्वास्थ्यकर हावापानी पाइन्छ भन्ने धारणा रहेको र उर्वरापूर्ण समथर जमीन उपलब्ध भएकोले शुरूदेखि नै परासी क्षेत्रमा घना बसोबास रहेको पाइन्छ ।

जिल्लाका अधिकांश पञ्चायतहरूको साथै सदरमुकाम र अन्य प्रमुख कार्यालय तथा महत्वपूर्ण स्थानहरू पनि यस प्रदेशमा रहेका छन् ।

नदीनालाहरू

यस जिल्लाका विभिन्न भू-भागबाट अनेकौं ठूला साना नदीहरू सामान्यतः दक्षिण लागेर बगेका छन् । यहाँका उल्लेखनीय नदीनालाको संक्षिप्त वर्णन तल गरिन्छ :–

नारायणी (सप्त गण्डकी)

तिब्बतको दक्षिणी प्रदेशबाट उत्पन्न भएर धवलागिरि र गण्डकी अञ्चल हुँदै देवघाटसम्म आइपुग्दा सबै मुख्य नदीहरू सम्मिलित भई एकै नदीको रूपमा बग्दछन् । त्यहाँदेखि भैंसालोटनसम्म यस नदीलाई सप्तगण्डकी वा नारायणी भन्ने गरिन्छ। यस जिल्लामा यो नदीले सर्वप्रथम बेल्डिहा पञ्चायत (जिल्लाको पूर्वी सीमानाको पञ्चायत) देखि प्रवेश गरेर तमासपुर पञ्चायतसम्म पश्चिम चापेर बगेको छ र जिल्लाको दक्षिण–पूर्वी सीमानाको रूपमा रहेको छ। दक्षिणमा यसले भारत र नेपालको सीमानाको काम गरेको छ। त्यसपछि ठाउँ ठाउँमा बाङ्गो टिङ्गो आकार लिँदै यो नदी त्रिवेणी बजारसम्म दक्षिण र भैंसालोटन (नेपाल–भारत सीमाना) सम्म पश्चिम चापेर बगेको छ ।

यस जिल्लाको नवलपुर क्षेत्रका सबैजसो नदीनालाहरू अन्ततः नारायणीमा गएर मिसिएका छन्। कतिपय पञ्चायतहरूको क्षेत्र नारायणी नदीकै किनारसम्म फैलिएको छ। दक्षिणमा यही नदीको बायाँ किनारमा जिल्लाको प्रमुख धार्मिक र व्यापारिक केन्द्र त्रिवेणी बजार रहेको छ ।

जिल्लाभित्र यस नदीमा खोरिया मोहन, भोसर घाट, त्रिवेणी घाट, तमासपुर घाट आदि घाटहरू छन्। नवलपुर क्षेत्रको तमासपुरबाट त्रिवेणीसम्म ठूलटूला डुङ्गाहरूद्वारा माल सामान ओसारिन्छ र मानिसह

आवतजावत गर्दछन् । वर्षा याममा नदी बढेर निकै हानि नोक्सानी पनि पुऱ्याउँछ र त्यसबेला यो जलमार्ग पनि बन्द रहन्छ ।

नारायणगढदेखि करीब ३.२ किलोमिटर (दुई माइल) उतर–पूर्वमा सन् १९६३ देखि १९६८ सम्म लिइएको नापअनुसार यस नदीको छ वर्षको औसत प्रवाह १,५७२ क्यूविक मिटर प्रति सेकेण्ड छ। यसको जलोत्सारण क्षेत्र ३१,३०० वर्ग माइल छ ।

नेपाल–भारत सीमाना भैंसालोटनमा यसै नदीमाथि गण्डकी बाँधको निर्माण गरिएको छ र यसबाट नेपाली भू-भाग भित्र निर्माण गरिने दुई मुख्य नहरमध्ये पश्चिमी नहरले नवलपरासीको करीब ४०,५०० एकड जमीन सिंचित हुने भएको छ। त्यसका अतिरिक्त पश्चिमी नहरबाट जाने ३५० क्यू. सेक. पानीबाट विद्युत् उत्पादन गर्नको लागि यस जिल्लाको दक्षिणी भागमा पर्ने सूर्यपुरा पञ्चायतमा एक विशाल विद्युत् गृहको निर्माण गरिएको छ ।

अरूङ्ग खोला

यस जिल्लाको अर्को महत्वपूर्ण नदी 'अरूङ्ग' नामले सुपरिचित छ। यो नदी नवलपुर क्षेत्रमा महाभारत लेकबाट उत्पन्न भएर सिधा दक्षिणतिर बगेको छ ।

यो नदी द्वारी दह, नाङ्दी गाउँ, खरसाल र मझुवा आदि पहाडी क्षेत्र हुँदै नयाँ बेल्हनी गाउँ पञ्चायतको समथर भू-भागमा प्रवेश गर्दछ। मैदानी भागमा यो दुई भंगालोमा बाँडिएर बगेको छ र परसौनी पञ्चायत क्षेत्रको दक्षिणी भागमा नारायणीमा सम्मिलित हुन पुगेको छ । नारायणीमा मिसिनु अघि यसमा अनेकौं स-साना खोलाहरू लगायत पूर्वबाट बगेर आएको गिरवारी र उल्टी खोला मिसिएका छन् ।

यो नदीको जललाई परम्परागत ढङ्गको कुलो हालेर नयाँ बेल्हनी, तमसरिया र पर्सौनी पञ्चायतका हजारौं बिघा जमीन सिंचित गर्ने काम भएको छ । जिल्लाका बाह्रै महीना निकै पानी रहने ठूलो खोलाहरूमध्ये एक अरूङ्ग खोला पनि हो । तर वर्षा याममा यो खोलामा निकै बाढी आउँछ र आसपासका खेतलाई जलाम्मे पार्नुका साथै बालीनाली पनि नोक्सानी गर्छ । महेन्द्र राजमार्ग निर्माणको सिलसिलामा यसमाथि एक पक्की र ठूलो पुल निर्माण हुने भएको छ ।

किरण खोला

महाभारत लेकको बालुवा डाँडाबाट निक्लेर आएको किरण खोला नवलपुर क्षेत्रको मध्यभागबाट दक्षिण लागेर बगेको छ र शेरगञ्जनिर नारायणी नदीमा मिस्सिएको छ। हाथी खोर र छिप छिपिया जस्ता पहाडी प्रदेश हुँदै यो खोला कावास्वती पञ्चायतको समथर भू-भागमा प्रवेश गरेको छ । यस खोलामा फेरङ्गी र मिन्द्री खोला जस्ता सानासाना खोलाहरू मिस्सिएका छन् र जति तल गयो उति यसमा बढी जल भएको पाइन्छ ।

यस खोलाबाट परम्परागतरूपमा कच्ची कुलो काटी कावास्वती, अर्ग्यौली र कोलुवा पञ्चायत क्षेत्रको जमीनमा सिचाइ गरिएको छ। कावास्वती पञ्चायत अन्तर्गत पर्ने त्रिभुवन टार निर महेन्द्र राजमार्ग निर्माणको क्रममा यो खोलामा एक पक्की पुल हालिने भएको छ ।

झराही खोला [1]

यो खोलाको उद्गम स्थल पनि महाभारत लेक हो । पहाडी प्रदेश हुँदै यो खोला शिसुवार र बेल्हिडा पञ्चायतको समथर भू-भागबाट दक्षिणतिर बगेर गएको छ । यो खोलाले यी दुई पञ्चायतको सीमानाको काम पनि गरेको छ । यस खोलाको पानीबाट यी दुवै पञ्चायत तथा झर टार, टौंगीकोट, छिपनी र माथिल्लो अमरापुरी आदि गाउँका जगा जमीनलाई केही मात्रामा सिचाइ गरिन्छ । यो खोला पिप्राहार निर नारायणीमा मिस्सिएको छ ।

नवलपुर क्षेत्रमा भएका उपर्युक्त नदीनालाका अतिरिक्त परासी क्षेत्रका केही उल्लेखनीय नदी नालाको चर्चा गरिन्छ :–

झरही

नवलपुर क्षेत्रमा महाभारत लेकबाट उत्पन्न भए झैं परासी क्षेत्रका धेरैजसो खोलाहरू चुरे डाँडाबाट उत्पन्न भएका छन् । यहाँ कतिपय खोलाहरू जिल्लाको विशेष किसिमको भू-बनोटको कारणले बग्दा बग्दै भूमिमा दबिने र अन्यत्र गएर निक्लने गर्दछन् । तर झरही खोला भने चुरे पर्वतबाट उत्पन्न भएर दक्षिण लागेपछि नेपाल-भारत सीमाना पारीसम्म जमीनको सतहमाथिबाटै बगेर गएको छ ।

यो खोला जिल्लाको पश्चिमी भागबाट दक्षिण लागेर बगेको छ र परासी बजारनिर पुग्दा झण्डै जिल्लाको पश्चिमी सीमाको रूपमा रहेको छ । यसका प्रमुख सहायक खोलाहरूमा भलुही र पिरूवा खोला हुन् ।

यस खोलामा वर्षा याममा निकै पानी हुने र प्रायः भेल र बाढी आउने गर्छ । हिउँदमा भने सुकुवा भई कतै कतैमात्र पानी रहने गर्छ । तर यस खोलाको जलले परासी, कुस्मा, हरपुर र रामपुरवा आदि गाउँ पञ्चायतहरूको खेत जग्गामा वर्षामा पटनी गर्न सम्भव भएको छ ।

धनेवा

परासीको पूर्वी भागबाट उत्तर-दक्षिण भएर बग्ने धनेवा खोलाको उद्गम स्रोत पनि चुरे शृङ्खला हो । यस खोलामा वर्षामा बाहेक अरू याममा पानी बगेको हुँदैन र दक्षिणमा मजुवा निर आइपुगेपछि यो खोला जमीनमुनि गएको छ । यसको किनारमा ठाउँ ठाउँमा पानी जम्मा भएर बसेको हुन्छ । यस खोलाको पानीबाट वर्षा याममा जहाडा, दुबैलिया, रामपुर खडौना आदि पञ्चायतको जग्गामा सिचाइ गरिन्छ ।

सतवर्त्त

चुरे डाँडाबाट निक्लेका दुई खोला अनुरा र पोताहा मिलेर दक्षिणमा निकै तल आएपछि सतवर्त्त भन्ने नाम लिने यो खोला परासी क्षेत्रको सबभन्दा पूर्वमा रहेको खोला हो ।

यो खोला र धनेवा खोलामा धेरै कुरामा समानता छ । यसमा वर्षामा मात्र पानी हुन्छ र हिउँदमा यो खोला झण्डै सुक्खा रहन्छ । वर्षा याममा यस खोलाको पानीले प्रतापपुर, गूठी पसौंनी, सूर्यपुरा र मझावा आदि गाउँ पञ्चायतको जगा सिंचित गर्नमा मद्दत पुऱ्याएको छ ।

---

[1] जिल्लाको पश्चिमी भागको परासी क्षेत्रमा पनि झरही नामको अर्को एक खोला छ ।

हावापानी

भौगोलिक विविधता अनुरूप यस जिल्लाका विभिन्न भागमा भिन्न भिन्न प्रकारका हावापानी पाइन्छन्। उत्तरतिरको पहाडी क्षेत्रको हावापानीलाई महाभारत र त्यसको दक्षिणको चुरे पर्वत श्रेणीले प्रभाव पारेको हुन्छ। त्यसैले उच्च भागमा केही बढी जाडो र गर्मीको समयमा शीतल जलवायु पाइन्छ भने भावर र तराई प्रदेशमा निकै गर्मी हुन्छ। यस क्षेत्रमा दक्षिण-पश्चिम मनसुनी हावापानीको प्रभाव रहन्छ।

यस जिल्लाको नवलपुर क्षेत्रमा रहेको गीरवारीमा एक वर्षामापक केन्द्र छ। तापक्रमको लागि समुद्र सतहबाट करीब एउटै उचाइमा रहेको नवलपरासी जिल्लाको सदरमुकामदेखि करीब ३२ किलोमिटर (२० माइल) उत्तर-पश्चिममा रहेको बुटवल मौसम अवलोकन केन्द्रको अभिलेख यहाँ प्रस्तुत गरिएको छ।

बुटवल मौसम अवलोकन केन्द्रको उचाइ करीब २६३ मिटर (८६.३ फीट) छ। उक्त मौसम केन्द्रको अभिलेखअनुसार सन् १९७० को तापक्रम निम्नअनुसार छः–

तापक्रमको तालिका

(सेन्टिग्रेडमा)

महीना	अधिकतम औसत	न्यूनतम औसत
जनवरी	२२.७	१२.५
फेब्रुअरी	२४.४	१३.७
मार्च	३०.६	१७.७
अप्रिल	३५.८	२३.९
मे	३७.०	२५.८
जून	३२.६	२४.९
जुलाई	३०.८	२५.७
अगष्ट	३१.१	२५.२
सेप्टेम्बर	३०.१	२४.६
अक्टोबर	२८.६	२२.३
नोभेम्बर	२३.३	१७.१
डिसेम्बर	२०.०	१३.६
वार्षिक जम्मा	२८.९	२०.५

उपर्युक्त अभिलेखअनुसार बुटवलमा खासगरी मार्च महीनादेखि गर्मी बढ्ने गरेको देखिन्छ र यो क्रम सेप्टेम्बरसम्म कायम रहन्छ। यसबाट वर्षमा सात महीना यहाँको तापक्रम ३०° सेन्टिग्रेडभन्दा माथि रहेको देखिन्छ। सन् १९७० मा सबभन्दा बढी तापक्रम (४१.४° सेन्टिग्रेड) मे महीनाको १३ तारीखको दिनमा भएको थियो। गर्मीका उक्त सात महीना बाहेक बाँकी पाँच महीनामा अगष्टदेखि तापक्रम घट्न थालेको देखिन्छ। सन् १९७० मा सबभन्दा कम तापक्रम ७.७ सेन्टिग्रेड, जनवरीको २८ तारीखमा पुगेको थियो। यसरी यस केन्द्रको अभिलेखअनुसार यहाँ वार्षिक अधिकतम औसत तापक्रम २८.९° सेन्टिग्रेड र न्यूनतम २०.५° सेन्टीग्रेड पुगेको देखिन्छ। बुटवल भावर क्षेत्रमा पर्ने हुँदा बुटवलको तापक्रम र नवलपरासी जिल्लाको तराई वा भित्री मधेश इलाकाहरूको तापक्रम एकै समान हुन्छ भन्न सकिँदैन तापनि त्यसले यस जिल्लाको तराई र भित्री मधेशको तापक्रम बारे मोटामोटी चित्र प्रस्तुत गर्छ।

यस जिल्लामा दक्षिण–पश्चिमबाट बहेर आउने मनसुनी हावाले वर्षा गराउँछ। तर भौगोलिक विविधताले गर्दा जिल्लाको विभिन्न भागमा वर्षाको अलग अलग स्थिति रहनु स्वाभाविक हो। जिल्लाको भित्री मधेश क्षेत्र (नवलपुर) को गीरवारीमा वर्षामापक केन्द्र रहेको छ। त्यहाँ अभिलेख गरिएका वर्षा सम्बन्धी तथ्याङ्कले सो भेकको वर्षाको स्थितिको मात्र जानकारी हुन्छ। परासी अर्थात् तराई क्षेत्रमा वर्षाको स्थिति हेर्न भैरहवा विमान स्थलका परासीबाट २७ किलोमिटर पश्चिममा पर्ने मौसम केन्द्रको वर्षा सम्बन्धी तथ्याङ्कलाई लिनु उचित देखिन्छ। अतः गीरवारी र भैरहवा विमानस्थलका सन् १९७० को वर्षा सम्बन्धी तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

वर्षाको तालिका

(मिलिमिटरमा)

	गीरवारी	भैरहवा विमान स्थल
जनवरी	३८.४	१८.१
फेब्रुअरी	७.८	१०.३
मार्च	१३.२	११.७
अप्रिल	७०.६	०.०
मे	९१.४	२४.८
जून	६७३.६	५११.६
जुलाई	९९२.४	५४०.०
अगष्ट	४०१.०	२७१.९
सेप्टेम्बर	३४०.४	१३५.८
अक्टोबर	७४.४	६४.२
नोभेम्बर	०.०	०.०
डिसेम्बर	०.०	०.०
वार्षिक जम्मा	२,७०३.२	१,५८८.४

सन् १९७० मा २४ घण्टाभित्र सबभन्दा बढी वर्षा गीरवारीमा १७७.८ मिलिमिटर २१ जुलाईको दिन र भैरहवा विमानस्थलमा १५८.० मिलिमिटर २० जुलाईमा परेको थियो।

उपर्युक्त दुवै केन्द्रको अभिलेखले सन् १९७० को नोभेम्बर र डिसेम्बर बाहेक अन्य महीनामा केही न केही वर्षा भएको देखाउँछ। अगष्टदेखि अक्टोबरसम्म सामान्यतः पानी परेको देखिन्छ तापनि दुवै केन्द्रका अभिलेखअनुसार सबभन्दा बढी वर्षा जुलाई महीनामा भएको थियो। वर्षभरिमा गीरवारीमा ९८ र भैरहवामा ७४ दिन पानी परेको थियो। माथिको अभिलेखको तुलनात्मक अध्ययनबाट पहाडबाट जति दूरीमा समथर प्रदेश रहेको छ त्यति नै कम वर्षा भएको कुरा देखिएकाले नवलपुर क्षेत्रको तुलनामा परासी क्षेत्रमा कम वर्षा हुने गरेको अनुमान गर्न सकिन्छ।

यस क्षेत्रमा अप्रिलदेखि मेसम्म कहिले काहीं आँधीबेहरी आउने र असीना पर्ने गर्छ।

यस जिल्लाका विभिन्न भागमा पाइने विभिन्न किसिमका हावापानीको मोटामोटी वर्णन निम्नबमोजिम छ।

१. सम–शीतोष्ण हावापानी
२. उष्ण तथा अर्ध–उष्ण हावापानी

सम–शीतोष्ण हावापानी

यस जिल्लाको दुई खण्डमध्ये नवलपुर क्षेत्रको उत्तरमा पर्ने महाभारत प्रदेश ९१४ मिटर (३,००० फीट) भन्दा माथि पर्दछ। तुलनात्मकरूपमा तराई र भित्री मधेश क्षेत्रमाभन्दा कम तापक्रम रहनुबाट यहाँको हावापानी निकै रमाइलो हुन्छ। यहाँ वायुको तापक्रम सालाखाला अधिकतम २६° डिग्री सेन्टिग्रेड तथा न्यूनतम ४° डिग्री सेन्टिग्रेड पुग्दछ। प्रायः जसो गर्मीमा नै पानी पर्दछ। महाभारत श्रेणीको दक्षिणी ढालमा परेको हुँदा यसैको उत्तरी ढालहरूमाभन्दा बढी वर्षा हुन्छ।

उष्ण तथा अर्ध–उष्ण हावापानी

नवलपुरको भित्री मधेश, चुरे डाँडा तथा तराई क्षेत्रमा यस प्रकारको हावापानी पाइन्छ। यहाँ गरम मौसममा निकै गर्मी र ठण्डी याममा सामान्य जाडो हुने गर्छ। गर्मीको समयमा ठूलो बेगले वायु चल्ने र प्रशस्त धुलो उडी तुवाँलो लाग्ने र धमिलो वातावरण पैदा हुने गर्छ। हिउँदको मौसममा बिहान कुइरो लाग्ने, शीत पर्ने र ठिन्याउने गर्छ तर दिनमा घाम लाग्ने र सफा मौसम रहने गर्छ। जलवायुको यही विषमताले र औलोको डरले गर्दा शुरूमा नवलपुर क्षेत्रमा ज्यादै पातलो बस्ती रहेको थियो। हाल औलोको नियन्त्रण र उपचारको सुविधाले गर्दा यहाँ बसोबास बढ्दै गइरहेको छ।

जिल्लाको तराई क्षेत्र अर्थात् परासीमा चैत–बैशाखतिर असह्य गर्मी हुने गर्छ। त्यसताक भित्री मधेशमा जस्तै तराईमा पनि धुलो उड्ने, तुवाँलो लाग्ने गर्छ। वर्षा आरम्भ भएपछि केही कम गर्मी हुन्छ। तर मौसम ओसिलो रहिरहन्छ। भित्री मधेश क्षेत्रभन्दा यहाँ केही कम वर्षा हुन्छ। कात्तिक– मंसीरतिर यहाँ धेरै जाडो वा गर्मी नहुने बडो रमाइलो र आनन्ददायक मौसम रहन्छ। यस समयमा कहिले काहीं पानी पर्छ नत्र सुक्खा मौसम रहन्छ। यस किसिमको मौसम फागुनसम्म रहन्छ।

प्राकृतिक वनस्पति

यो जिल्लाको खास गरी पूर्वी भाग अर्थात् नवलपुर क्षेत्र र यसैसँग जोडिएको चितवन जिल्लामा वन सम्पदाको दृष्टिले धेरै समानता देखिन्छ। नवलपुरको जलवायु अनुकूल यहाँ साल, सतीसाल, विजय साल, सिसौ, असना, खयर आदिका विशाल रूख र घना वन जङ्गल रहेका थिए। उचाइ र मोटाइमा यहाँको सालको रूख अधि राज्यमा अद्वितीय मानिन्थ्यो। त्यसका अतिरिक्त जिल्लाको पश्चिमी भाग अर्थात् परासीको तराई क्षेत्रमा पनि विशेषतः साल समूहका केही वन जङ्गल कायम थियो। जिल्लाको उत्तरी भागमा पर्ने पहाडी प्रदेशमा भने वन वनस्पति बाक्लो रहे तापनि विशेष उल्लेखनीय जातका रूखहरूको कमी थियो।

नयाँ बसोबास, बढ्दो आवादी र वन फडानी तथा महेन्द्र राजमार्गको निर्माणले समेत यहाँको वन जङ्गलको घनत्वमा केही धक्का पुग्न गएको छ। यहाँ पाइने वन वनस्पतिका प्रकार निम्नअनुसार छन्:–

(१) मिश्रित पतझड मनसुनी वन
(२) उष्ण प्रदेशीय सदाबहार वन

मिश्रित पतझड मनसुनी वन

यो वन जिल्लाको पहाडी प्रदेश अर्थात् महाभारत लेक र चुरेका चुचुराहरूमा पाइन्छ। यस प्रदेशमा गोब्रे सल्लो, गुराँस, वर, पीपल, चिलाउने आदि जातका रूखपात पाइन्छन्। यस प्रदेशको जलवायु र उचाइले गर्दा यहाँ वन बाक्लो देखिए तापनि, ठूला ठूला रूखहरू पाइँदैनन्। वर्षातको समयमा यहाँका रूख, झारपातहरू हरियो देखिए तापनि हिउँदका महीनामा सुख्खा मौसम भई पात झर्ने हुँदा यसलाई मिश्रित पतझड वन भनेको हो। तल्लो भागमा सालको रूख पनि हुन्छ।

उष्ण प्रदेशीय सदाबहार वन

नवलपुरको भित्री मधेश तथा परासी क्षेत्रको धेरैजसो ठाउँमा अलग्गिएर रहेका साना वनहरू उष्ण प्रदेशीय वन हुन्। यहाँ विशेषतः नवलपुरको विशननगर र गीरवारीको घनाजङ्गल उल्लेखनीछन्।

यस सदाबहार वनलाई पनि उम्रने स्थान र रूखको किसिमको आधारमा तीन भागमा विभाजन गर्न सकिन्छ।

(क) नयाँ नदी तटका जङ्गल
(ख) पुरानो नदी तटका जङ्गल
(ग) भावर प्रदेशको जङ्गल

नयाँ नदी तटका जङ्गलः जिल्लाको पूर्वी सीमानाको रूपमा बग्ने नारायणीको किनारी भाग तथा नदीको बीचका टापुहरूमा यस प्रकारका जङ्गलहरू पाइन्छन्। यी भागहरूमा नारायणी तथा सहायक नदीहरूमा आउने बाढीले हरेक वर्ष मलिलो माटो थुपारिदिन्छ। यही मलिलो माटो तथा बढी तापक्रमले गर्दा यहाँ आर्थिक दृष्टिकोणले महत्वपूर्ण रूखहरू उम्रन्छन्। यहाँका प्रख्यात रूखहरूमा खयर र सिसौ उल्लेखनीय छन्। खयरबाट बन्ने कत्था पान खानको लागि तथा औषधिको लागि प्रयोग हुन्छ। सिसौको काठ विशेष गरी फर्निचर बनाउने काममा प्रयोग हुन्छ।

पुरानो नदी तटका जङ्गलः नदीको किनारी भागभन्दा अलि माथि (जहाँ वर्षातको समयमा बाढीको पानी आउन सक्तैन) यस किसिमका जङ्गलहरू हुन्छन्। जिल्लाको पूर्वी भाग विशेषगरी नवलपुरको अधिकांश भाग यस क्षेत्रमा पर्दछ। यहाँ पनि खयर र सिसौका रूखहरू पाइन्छन्। यिनीहरू बाहेक सिमल, कर्मा, सिरीस, लाटीकरम आदि रूखहरू पनि पाइन्छन्। बाक्लो जङ्गलहरूको बीच बीचमा लामा लामा खर (अग्लो घाँस) पनि उम्रन्छन्।

भावर प्रदेशको जङ्गलः यस जिल्लाको दक्षिण परासीखण्डमा चुरे डाँडा र खास तराई क्षेत्रको बीच भागलाई भावर प्रदेश भन्ने गरेको कुरा माथि उल्लेख भइसकेको छ। यहाँ विशेष गरी बालुवा र कङ्कडहरू मिसिएका माटोले ढाकिएको हुँदा यस क्षेत्रबाट बग्ने सबैजसो नदीहरू जमीन मुनि बग्दछन्। त्यसैले यो प्रदेश भूमिगत जलभण्डारको लागि प्रख्यात छ। यहाँ लामो जरा भएका अग्ला अग्ला रूखहरू प्रचुर

मात्रामा भई घना जङ्गलले ढाकेको छ। यहाँको प्रमुख रूखको रूपमा साललाई लिन सकिन्छ। यस बाहेक यस प्रदेशमा पाइने अन्य जातका रूखहरूमा सिसौ, सिरीस, सिमल, कर्मा, चाँप, असना, बाँझ, विजयसाल, हर्रो बर्रो आदि हुन्। यिनीहरू कडा काठको लागि प्रयोग गरिन्छ।

पशुपक्षी

यस जिल्लाको वन जङ्गल वन्य जन्तुको दृष्टिले महत्वपूर्ण रहेको छ। चितवन जिल्ला बाहेक दुर्लभ जन्तु गैंडा पाइने अधिराज्यको दोस्रो जिल्लाको रूपमा नवलपरासी जिल्लाको वन जङ्गल सुपरिचित छ। यहाँ गैंडा लगायत चितुवा, जङ्गली हात्ती, भालु, बँदेल, नील गाई, वन गधा, चित्तल, घोरल, हरिण, दुम्सी आदि जनावर र पक्षीमा मजुर, चखेवा, कालिज, वन कुखुरा, हलेसो, सुगा, मैना आदि पाइन्छन्। यसका अतिरिक्त यो क्षेत्रमा गोमन, अजिङ्गर आदि सर्पहरू पनि पाइन्छन्। यहाँ विभिन्नथरीका रङ्गीबिरङ्गी पुतलीहरू हुन्छन्। नारायणी नदीमा गोही र गोंज आदि पनि पाइन्छन्।

नवलपुर क्षेत्रको केही भाग समेत शाही राष्ट्रिय निकुञ्जभित्र पर्छ र चितवन टिकौलीस्थित गैंडा गस्ती कार्यालयले यहाँको गैंडा लगायत अन्य पशुहरूको संरक्षण गर्ने अभिभारा लिएको छ। बढ्दो यातायातको सुविधा र आवादीलाई ध्यानमा राख्दै यहाँ हाल गैंडा र बाघको संरक्षणको विशेष व्यवस्था गर्न अत्यावश्यक हुन गएको देखिन्छ। यी बहुमूल्य जनावरहरू खासगरी नवलपुरको दक्षिण पूर्वमा, नारायणी नदीको किनारका खयर बारीहरू र ढड्डीहरूमा बस्ने गर्छन्। पहिले यहाँ प्रशस्त गैंडा पाइन्थ्यो तापनि हाल गैंडाको संख्या निक्कै घटेको छ।

वन संरक्षण र विकास

यस जिल्लाको वन संरक्षण र वन विकास कार्य लुम्बिनी डिभिजन, वन कार्यालय अन्तर्गत रहेका विभिन्न वन कार्यालयहरूबाट गरिन्छ। यहाँका वन कार्यालय र वनका सीमाना निम्नबमोजिम छन्।

भलुइ वन कार्यालयः– पूर्व भलुवा नदी, पश्चिम सिद्धार्थ राजमार्ग, दक्षिण नेपाल–भारत सीमाना, उत्तर पाल्पा जिल्लाको सीमाना ।

त्रिवेणी वन कार्यालयः–पूर्व नारायणी नदी, पश्चिम फजराट नदी, दक्षिण नेपाल-भारतको सीमाना, उत्तर पाल्पा जिल्लाको सीमाना ।

कावास्वती वन कार्यालयः– पूर्व नारायणगढ, पश्चिम दाउन्ने डाँडा (चुरेको शाखा), उत्तर महाभारत पर्वत, दक्षिण नारायणी ।

सम्बन्धित वन कार्यालयहरूका अनुसार यस जिल्लाभित्र जम्मा ७८,३४० एकड (३१,३३६ हेक्टर) क्षेत्रमा वन जङ्गल कायम छ। त्यसमध्ये नवलपुर क्षेत्रमा ५२,१८६ एकड (२०,८७४.४ हेक्टर) र परासी क्षेत्रमा २६,१५४ एकड (१०,४६१.६ हेक्टर) वन जङ्गल छ।

आर्थिक वर्ष २०२९।०३० मा नवलपुर क्षेत्रमा वन सीमाना लगाउने काम सम्पन्न भएको थियो। तर भलुइ र त्रिवेणी वन कार्यालय अन्तर्गतको वन क्षेत्रमा वन सीमाना लगाउने काम हुन सकेको छैन। त्रिवेणी वन कार्यालय अन्तर्गत एक नर्सरी रहेको छ । यहाँ उमारिएका असल र उपयुक्त जातका बिरुवाहरूलाई मौसमअनुसार तोकिएका ठाउँहरूमा लगाउने कार्य भएको छ । वन फडानीले गर्दा यहाँ ठाउँ ठाउँमा वन जङ्गल मास्सिएको थियो तर हाल फडानी नियन्त्रण भएको छ ।

उपर्युक्त वन जङ्गलबाट स्थानीय जनताले घाँस, दाउरा र घरसंघा र हरसंघाका निम्ति चाहिने काठ आदि नियमानुसार लिने व्यवस्था गरिएको छ ।

ऐतिहासिक पृष्ठभूमि

नेपालमा हालसम्म पाइएका पुरातात्विक वस्तुहरूमध्ये सबभन्दा पुराना सामानहरू यस जिल्लामा पाइएका छन् । पुरातत्व विभागबाट खोज कार्य हुँदा यस जिल्लामा प्रागऐतिहासिक कालका पुरा पाषाण युगका हतियार र अरू सामानहरू पाइएका छन् ।[1] यसबाट यो भन्न सकिन्छ कि यस इलाकामा पुरा पत्थर युग देखि बसोबास थियो र यस इलाकाको इतिहास प्रागऐतिहासिक काल (दुई लाख वर्ष जति पुरानो) देखि शुरू भएको थियो ।

यसै इलाकामा "ग्रेवेर" र "रेडवेर" जस्ता पुरातात्विक वस्तुहरू पाइएका छन् । ती "ग्रेवेर" र "रेडवेर" चीजहरू भारतवर्षको इतिहासको सन्दर्भमा प्राग–मौर्यकालीन सामानहरू मानिन्छन् । यस प्रकार यस स्थानको इतिहास धेरै लामो छ र अरू उत्खनन् तथा अध्ययन भएको खण्डमा प्रागऐतिहासिक कालदेखि ऐतिहासिक कालसम्मको सिलसिलाबद्ध इतिहासको ज्ञान हासिल हुन सक्ने देखिन्छ । बौद्धजातक कथाअनुसार बौद्धकालीन समयमा वर्तमान लुम्बिनी अञ्चलको तराई भू–भागमा शाक्य तथा कोलीयहरूको राज्य थियो । कोलीयहरूको राज्य सम्भवतः रोहिणी नदीदेखि पूर्व गण्डकी नदीसम्म र दक्षिणतिर भारतको वर्तमान उत्तर प्रदेशको देवरीया खोला नदीसम्म फैलिएको थियो । रोहिणी नदीदेखि पश्चिम र वर्तमान कपिलवस्तु जिल्लासम्म शाक्यहरूको राज्य थियो । रोहिणीनदी वर्तमान रूपन्देही जिल्लामा पर्ने हुँदा हालको नवलपरासी जिल्लामा त्यसबेला कोलीयहरूकै राज्य थियो भन्न सकिन्छ । जातक कथाअनुसार नै सिद्धार्थ (गौतम बुद्ध) को मावली (मायादेवीको माइती) र यशोधराको माइती पनि कोलीय राज्यको देवदहमा पर्दथ्यो । भगवान बुद्धका मामा दण्डपाणी कोलीय वंशका राजा थिए । मायादेवी आफ्नो माइती देवदह जान लाग्दा बाटोमा प्रसव व्यथा लागी राजकुमार सिद्धार्थ (भगवान बुद्ध) को जन्म लुम्बिनी बगैंचामा भएको थियो । कोलीय राज्यको राजधानी रामग्राममा थियो । चिनीया यात्री हुयनसाङले ईसाको सातौं शताब्दीमा कपिलवस्तु, लुम्बिनी र रामग्रामको यात्रा गरेका र त्यसबेला कोलीय राज्यको राजधानी उजाड भइसकेको भन्ने कुरा उनको यात्रा वर्णनमा पाइन्छ ।[2] कोलीयहरूले भगवान बुद्धको महापरिनिर्वाण भएपछि बुद्धको अस्थि धातुको एक भाग कुशिनगरका मल्ल राजाहरूबाट पाएका थिए भन्ने कुराको उल्लेख जातक कथाहरूमा पाइन्छ ।

---

1. Banerjee, N. R.-Discovery of Remains of Prehistoric Man of Nepal, Ancient Nepal, No. 6, pp. 6--9
2. Beal, S. (tran.)-Travels of Hiouen Thsang, Sushil Gupta (India) Pvt. Ltd.,Calcutta, 1958, vol. II1 p. 272.: फाहियानको विवरण vide–सत्यकेतु विद्यालंकार-भारतका प्राचीन इतिहास, मसुरी, १९६०, पृष्ठ ५४७

यस जिल्ला सम्बन्धी जनश्रुतिहरू पनि धेरै छन् । लोकोक्तिअनुसार यहाँ वाल्मीकिको तपोभूमि भएको हुँदा लवकुश यहीं नै हुर्केका थिए । रामचन्द्रले गर्न लागेको अश्वमेघ यज्ञको लागि छाडेको श्यामकर्ण घोडा लवकुशले पकडेकोले रामचन्द्र र लवकुश बीच लडाइँ भएको स्थान पनि यहीं थियो ।

यस जिल्लाको इतिहास मध्यकालदेखि स्पष्टरूपमा देखा पर्दछ ।

नेपालको तराई क्षेत्रको इतिहास बारे डा० डिल्ली रमण रेग्मीले लेखेका छन्–"व्यवहारिक आधारमा हेर्ने हो भने, नेपालको तराईको वर्तमान सीमानाभित्र मात्र होइन कि त्यसदेखि केही पर उत्तरी बिहारसम्म समेत नान्यदेवका (१०९७ ई. सं.) पालासम्म भित्री वा बाहिरी कुनै शक्तिले यो क्षेत्रमा शासन वा अधिकार गरेको आधारित प्रमाण भएको पाइँदैन" ।[1] ऐतिहासिक आधारमा हेर्ने हो भने यस क्षेत्रलाई सर्वप्रथम कर्णाली प्रदेशका मल्ल राजाहरूले आफ्नो अधिकारमा लिएका थिए । यी मल्ल राजाहरूले काठमाडौंसम्म पनि आक्रमण गरेका थिए । अर्को कुरा, यिनीहरू बौद्ध धर्ममा आस्था राख्दथे । राज्य विस्तारको अभिलाषा मात्र नभएर बुद्ध धर्मप्रतिको झुकावले पनि यो प्रदेशलाई यिनीहरूले आफ्नो अन्तर्गत ल्याएको हुनु पर्छ । लुम्बिनीमा खडा गरिएको अशोक स्तम्भमा, उक्त वंशजमध्ये रिपु मल्लको अभिलेख हुनाले पनि यो अनुमानलाई पुष्टि गर्दछ । इतिहासकार रेग्मीले पनि "खस (मल्ल) राज्य तराईमा पश्चिमबाट गण्डकसम्म फैलिएको"[2] ठहर्‍याएका छन् । त्यस्तै, अर्को इतिहासकारको भनाइअनुसार, "दक्षिणमा लुम्बिनीका वरपर रिपु मल्ल तथा संग्राम मल्लका अभिलेख पाइएको हुनाले सम्पूर्ण पश्चिम तराई मल्ल राजाहरूको अधीनमा भएको बुझिन्छ ।[३]

मध्यकालमा भारतमा मुसलमानहरूले विभिन्न भू–भाग विजित गर्दै आफ्नो अधिकारमा ल्याएका थिए । परिणामस्वरूपमा युद्धमा पराजित राजा वा राजपूतहरू तथा अन्य मानिसहरूमा आफ्नो सम्मान, धर्म र प्राण बचाउन समेत उत्तरतिर प्रवेश गर्ने क्रम चल्न थाल्यो । सेन वंशीय राजाहरू पनि त्यही समूहमा पर्छन् यद्यपि इतिहासकारहरू यस बारे भिन्न भिन्न दृष्टिकोण राख्छन् । जे होस् यी सेन वंशीयहरूले पाल्पामा एक महत्वपूर्ण राज्य खडा गर्ने काम गरे । यिनीहरूमध्ये मुकुन्द सेन प्रथम निकै पराक्रमी र शक्तिशाली थिए । यिनले पाल्पादेखि निकै ठूलो भू–भागमा अधिकार जमाएका थिए । तर उक्त ठूलो राज्यलाई यिनले आफ्नो छोराहरूमा बाँडी दिएका थिए । पाल्पा राज्यको वंशानुक्रम टुटेकोले पाल्पा बुटवल राज्यमा गाभियो ।[४] यो राज्य पुनः निकै शक्तिशाली भयो ।

हाल नवलपरासी जिल्ला रहेको भू-भाग त्यसबेला पाल्पाली सेनहरूकै अधीनमा रहेको हुँदा नवलपरासीको इतिहास बुटवल र पाल्पाको सेन राजाहरूको इतिहाससँग सम्बन्धित छ ।

पाल्पाली राजाहरूमा मुकुन्द सेन (द्वितीय) (ईस्वी सन् १७५६–१७८२) निकै महत्वाकांक्षी थिए । यिनले पहाडी क्षेत्रमा आफ्नो राज्य विस्तार गर्नुकासाथै दक्षिणको मैदानी भू-भागमा पनि आफ्नो प्रभुत्व बढाए । ह्यामिल्टनको वर्णनअनुसार यस क्रममा मुसलमानी नवाबीसँग युद्ध पनि भएको थियो । मुकुन्द सेनले

---

1. Regmi, D. R.—Medieval Nepal, Vol. 1, p. 4
2. Ibid, p. 3
३. धनवज्र वज्राचार्य–कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा, कर्णाली प्रदेश, पृष्ठ ११-६१
4. Hamilton, F. B.—An Account of the kingdom of Nepal, p. 170

नवाबहरूसँग घनिष्ठ सम्बन्ध राखेका थिए र गण्डक नदीको पश्चिमको तिलपुर र राजपुर समेत मध्यतराई क्षेत्रको भू-भाग जमिन्दारीमा लिएका थिए ।[1] यिनका जेठा छोरा महादत्त सेन (ईस्वी १७८२–१७९३) ले पनि आफ्नै पिताको नीतिलाई अवलम्बन गरेका थिए ।

यसताक पाल्पा राज्यदेखि पूर्वका तनहुँ, मकवानपुर, विजयपुर राज्यहरूमा सेनवंशीहरूकै सन्तानको चकचकी थियो । तराई प्रदेश लगायत बुटवल जस्तो व्यापारिक महत्वका स्थानहरू यही राज्य अन्तर्गत पर्दथे । आर्थिक र राजनैतिक दृष्टिले पाल्पा बलियो स्थितिमा रहेकोले गण्डक प्रदेशको चौबीसी राज्यहरूको अगुवा भएर पाल्पा रहेको थियो । यसैताक पृथ्वीनारायण शाहबाट नेपाल एकीकरण गर्ने अभियानको श्रीगणेश भएको थियो । तर शुरूमा नेपाल (काठमाडौं) अधिकार गर्ने नीति अनुरूप बाइसी चौबीसी राज्यहरूलाई थामथुम पार्ने नीति रहेको र पाल्पाको आफ्नै विशिष्ट स्थिति रहेकोले गोरखालीहरूको प्रारम्भिक आक्रमणको लक्ष पाल्पामाथि भएन । त्यसमाथि पाल्पालाई नवाबहरूले आड दिइरहेका थिए ।

पृथ्वीनारायण शाहले काठमाडौं शर गरेपछि पनि नेपालको पश्चिमी सीमा मर्स्याङदी पारी पुग्न सकेको थिएन । यसमा पाल्पाको भूमिका चौबीसेहरूलाई सघाउने वा समर्थन गर्ने खालको रहे तापनि पृथ्वीनारायण शाह जीवित रहँदासम्म पाल्पा र नेपाली फौजको खुला संघर्ष भएको देखिंदैन । पछि रणबहादुर शाहको पालामा राजेन्द्रलक्ष्मीद्वारा नायबी चलाएको समयमा पाल्पा हान्न अभिमानसिंह बस्नेतको नेतृत्वमा फौज पठाइएको थियो । तीरकोटको लडाईंमा पाल्पा पराजित भए पनि चौबीसे राज्यको संयुक्त शक्तिसँग मकैं डाँडा (लमजुङ)मा लडिरहेको नेपाली फौजलाई सहायता गर्न अभिमान सिंह बस्नेतलाई तुरून्त जानु परेकोले पाल्पा विजय स्थायी हुन सकेन ।

रणबहादुर शाहको पालामा बहादुर शाहले नायबी सम्हालेपछि उनले चौबीसे राजाहरूबाट पाल्पालाई फुटाल्न अनेकौं युक्ति गरे र महादत्तसेनकी छोरीसँग बिहा पनि गरे । गोप्य सन्धिअनुसार जितेका प्रदेश आपसमा बाँड्ने व्यवस्था गरियो । पाल्पा र नेपालको संयुक्त फौजको शक्तिले गर्दा चौबीसी राज्यहरू विजित भए । यसरी बाइसी चौबीसी राज्यमध्ये नेपालमा गाभिन पाल्पा मात्र बाँकी रह्यो । रणबहादुर शाह काशीबाट फर्केपछि पाल्पाका अन्तिम राजा पृथ्वीपाल सेनलाई उनकी बहिनीसँग रणबहादुर शाहको बिहा गर्ने प्रस्तावका साथ पृथ्वीपाललाई काठमाडौं निम्त्याइएको थियो । वि.सं. १८६३ मा रणबहादुर शाहको हत्या भएपछि सो हत्याकाण्डमा संलग्न रहेको अभियोगमा पृथ्वीपाल सेनलाई मृत्यु दण्ड दिइयो र भीमसेन थापाले पाल्पा हान्न आफ्ना पिता अमर सिंहलाई तुरून्तै खटाए । विना कुनै रोकतोक पाल्पा र त्यस अन्तर्गतका सबै प्रदेशलाई पनि नेपाल अधिराज्यमा एकीकरण गरियो । फलस्वरूप नवलपरासी जिल्ला पनि वृहत् नेपाल राज्यमा सम्मिलित हुन गयो ।

यता अंग्रेजहरूले ईस्वी सन् १८०१ मा अवधको नवाब बजीरलाई भारतका अन्य भू-भाग लगायत पाल्पा राज्य अन्तर्गतका माथि उल्लिखित तराई भू-भाग समेत इष्ट इण्डिया कम्पनी अन्तर्गत रहने गरी सम्झौतामा हस्ताक्षर गर्न वाध्य गराएका थिए । सो सम्झौता हुनासाथ आफ्ना दाबी देखाउन अंग्रेजहरूले एक अधिकृतलाई पाल्पा खटाइसकेका थिए। तर पृथ्वीपाल सेन काठमाडौंमा भएकाले, अंग्रेजहरूले बडा अधैर्यताका साथ उनको

---

[1] Hamilton,F.B. — Op. Cit. p. 192

प्रतिक्षा गरिरहेका थिए । बुटवल र त्यसका मैदानी प्रदेशमाथि उनीहरूको आँखा नराम्रोसित गडेको थियो भन्ने कुरा अंग्रेजहरूको एक पत्रको निम्न अंशबाट स्पष्ट हुन्छ ।

'बुटवलको बजारमा अवधीहरू (भारतीयहरू) बसेका छन्, जहाँ नियमितरूपले भोट तिब्बत र नेपालका व्यापारीहरू सुन, सुनको धाउ, पित्तल, फलाम, भोटे नून, मैन र उत्तरी मुलुकका अन्य धेरै मालहरू बिक्री गर्न ल्याउँछन् र कच्चा कपास र कपडा लत्ता र अन्य चीजबीज खरीद गरेर लैजान्छन् ।'[१] त्यस्तै बुटवल वरपरका परासी, नवलपुर लगायतको भू-भागको बारेमा उक्त पत्रमा लेखिएको छ-ज्यादै अस्वास्थ्यकर हावा-पानी भए पनि, गोरखपुर जस्तो झण्डै मरूभूमि नभएर (यो क्षेत्रमा) बिहार र बनारस जत्तिकै राम्रोसंग आवाद गरिएको छ । यहाँ निकै संख्यामा रैतीहरू भएको उन्नत स्थितिमा खेतीपाती गरिएको देखिन्छ ।[२]

यसरी बुटवल र त्यसको वरपरको आर्थिक महत्वलाई राम्ररी बुझिरहेका अंग्रेजहरूले पृथ्वीपाललाई भेट्न नपाउँदै एकैचोटी सो भू-भाग नेपालमा एकतृत हुन जाँदा अंग्रेजहरूले मर्का परेको अनुभव गरे ।

विशेषतः बुटवल र स्युराजको भू-भागलाई लिएर कुराकानी चल्दा चल्दै मार्च १८१४ मा गभर्नर जनरल हास्टिङ्गस्द्वारा नेपाल सरकारलाई एकैचोटी एक कडा पत्र प्रेषित गरियो । आखिर सन् १८१४ को अन्ततिर नेपालका विरुद्ध अंग्रेजहरूले युद्ध छेडे । यस युद्धमा अन्य मोर्चामा नेपालको स्थिति नराम्रो रहे पनि बुटवल मोर्चामा नेपालको स्थिति राम्रो थियो । मेजर उडस्को फौजले पैलो घम्सा घम्सीमा कम संख्यामा रहेका नेपाली फौजलाई हराए तापनि बुटवलमाथि डाँडामा रहेको नुवाकोट र अनि पाल्पा अधिकार गर्ने उनको स्वप्न पूरा हुन पाएन । उजीर सिंह थापाको नेतृत्वमा रहेको दुई-चार सय फौजले उसको तीन-चार हजार फौजलाई पहिले नै तितो स्वाद चखाइसकेको थियो । त्यसमध्ये थप १२,०००नेपाली सैनिक अंग्रेजी फौजको सामना गर्न डटेर पर्खिरहेका छन् भन्ने हल्ला चलेकोले उड्सले अरू अगाडि बढ्नु फौजी दृष्टिकोणले उचित ठानेनन् । बुटवल र गोरखपुरको मार्ग अवरुद्ध गर्न नै श्रेयस्कर सम्झे र निचलौंलामा आइबसे ।[३]

तर यस युद्धमा नेपालीहरूको हार भयो र ई.सन् १८१५ डिसेम्बर २ का दिन सन्धि भयो । तदनुसार अन्य व्यवस्था लगायत नेपालको सबैजसो तरा भाग अंग्रेजहरूको हात पर्न जाने भयो । तर कोशी, गण्डकी र रापती नदी बीचका तराई प्रदेश (खास बुटवल बाहेक) मा नेपालका भारदारहरूको पनि जग्गा जमीन भएकोले अंग्रेजहरूले क्षतिपूर्तिको रूपमा नेपाललाई सालिन्दा रू. दुई लाख दिने व्यवस्था समेत गरियो । तर त्यो सन्धि विधिवत् स्वीकृत गर्न नेपाल दरबारले ढिलो गरिरहेको देखेर अंग्रेजहरूले पुनः युद्ध शुरू गरिदिए । अन्तमा सुगौली सन्धिको आधारमा ई.सन् १८१६ मा पुनः अर्को सन्धि भयो । दोस्रो सन्धिअनुसार कञ्चनपुरदेखि बाँकेसम्मको तराई भाग बाहेक अन्य तराई भाग नेपालले पाउने र क्षतिपूर्तिको रूपमा दिइने दुई लाख अंग्रेजहरूले दिन नपर्ने भयो । यसरी नवलपरासी लगायतका भू-भागहरू यथावत नेपालको भू-भागमा अटलै भएर रहे ।

---

1. Selections from English Records (1801-3 A.D.) letter No. 22, vide Regmi, D. R.— Modern Nepal, p. 114
2. Ibid, Letter No. 22

३. ढुण्डिराज भण्डारी–नेपालको ऐतिहासिक विवेचना, पृष्ठ २३१

प्रमुख स्थानहरू

परासी

परासी बजार यस जिल्लाको सदरमुकाम तथा प्रमुख व्यापारिक केन्द्र पनि हो । यो बजार नवलपरासी जिल्लाको पश्चिमी सीमानानिर तराई क्षेत्रमा रहेको छ। यहाँबाट भैरहवा २२½ किलोमिटर (करीब १४ माइल) पश्चिममा पर्दछ ।

परासी क्षेत्रमा मैदानी भू-भाग र मलिलो माटो पाइन्छ । परासी बजारको छेवैबाट झरही तथा अन्य खोलाहरू बगेर गएका छन् । यहाँ धान, गहुँ, मकै, आलु आदिको राम्रो खेती हुन्छ ।

नवलपरासी जिल्लाका सबैंजसो सरकारी तथा गैर सरकारी जिल्लास्तरीय कार्यालयहरू परासी बजारमा रहेका छन् । जिल्लाको एकमात्र १५ शय्या भएको अस्पताल तथा विभिन्न शैक्षिक र सामाजिक संस्थाहरू यहीं छन् । यहाँ दोहोरो लाइन पारेर गएको करीब १७५ घरहरू भएको एक सानो तर बढ्दो बजार छ । यस बजारमा उपभोग्य वस्तुहरूको साथै खाद्यान्न र नगदेबालीको व्यापार हुन्छ । यहाँ हरेक हप्ता हाट बजार लाग्छ ।

परासी बजार भएर विभिन्न परम्परागत बाटाघाटा र कच्ची सडक गएका छन् । परासी क्षेत्रबाट दक्षिणतिर पाँचवटा कच्ची सडक भारतीय सीमानासम्म र अर्को कच्ची सडक भैरहवासम्म पुगेको छ । परासीबाट जिल्लाको धार्मिक तथा प्रमुख व्यापारिक केन्द्रकोरूपमा रहेको त्रिवेणी बजार ३२ किलोमिटर (करीब २० माइल) पर पूर्व दक्षिणमा पर्दछ । प्रायः नवलपुर क्षेत्रबाट परासी आउँदा यही त्रिवेणी बजार भएर आउने जाने गरिन्छ। परासी बजारदेखि साढे नौ किलोमिटर (करीब छ माइल) उत्तरबाट महेन्द्र राजमार्ग गएको छ। महेन्द्र राजमार्ग र परासीलाई जोड्ने सुनवल-परासी पक्की सडकको निर्माण हालसालै पूरा भएको हुँदा अब परासीबाट राजमार्गद्वारा अन्यत्र आवत जावत गर्न निकै सजिलो भएको छ ।

परासी बजार परासी पञ्चायत अन्तर्गत पर्दछ । यस पञ्चायतको जनसंख्या ३,१९६ छ । यहाँ पनि निकटभविष्यमा विद्युत् शक्ति उपलब्ध हुने भएकोले बढ्दो बजारको विकासमा नयाँ आयाम थपिने आशा गर्न सकिन्छ ।

यो स्थान समुद्रको सतहबाट करीब १५२ मिटर (५०० फीट) उच्चाइमा रहेको छ । तराई क्षेत्र भएकोले वर्षामा यहाँ बढी गर्मी हुने गर्दछ तर हिउँदमा भने सामान्य जाडो र रमाइलो मौसम हुन्छ ।

त्रिवेणी बजार

जिल्ला बाहिर तीर्थस्थलको रूपमा सुपरिचित रहेको त्रिवेणी बजार नवलपरासी जिल्लाको सर्वप्रधान व्यापारिक केन्द्र हो । नवलपुर क्षेत्रबाट यो स्थल दक्षिणमा पर्छ भने परासीबाट दक्षिण–पूर्वमा छ । यो स्थल पञ्चखोला र तमांसा (साना) खोला नारायणी नदीमा मिसिने ठाउँनिर रहेकोले, परापूर्वकालदेखि त्रिवेणी नामले प्रख्यात रहेको छ । यहाँबाट नेपाल-भारत सीमाना डेढ किलोमिटर (करीव एक माइल) र भैंसालोटन (गण्डक बाँध) पाँच किलोमिटर (करीब तीन माइल) दक्षिणमा पर्दछ ।

त्रिवेणीको नजीकै दक्षिण–पश्चिममा शिवपुर गढी छ । यहाँ राजा भर्तृहरि निवास गर्थे भनिन्छ । उक्त गढीका छेउ छाउमा मन्दिरका भग्नावशेषहरू पाइएका छन् । त्रिवेणीमा प्रत्येक माघे संक्रान्तिमा ठूलो मेला लाग्दछ । त्यस पर्वमा यहाँ असंख्य मानिसहरू आएर नारायणीमा स्नान गर्दछन् । त्यसबेला अधिराज्यका व्यापारीहरूको साथै भोट र भारतका अनेकौं व्यापारीहरू पनि आफ्ना मालहरू यहाँ ल्याई बिक्री विनिमय गर्ने गर्दछन् ।

जिल्लाको नवलपुर क्षेत्रबाट भारततिर धान, तोरी, मकै आदि निकासी वा भारतीय सामान पैठारी गर्ने मूलद्वारको रूपमा त्रिवेणी बजार रहेको छ । पाल्पा र तनहूँका निवासीहरू समेत नवलपुर हुँदै सुन्तला, घ्यू, सूठो, बेसार आदि ल्याई यहीं बिक्री गरी नून, मट्टीतेल, मरमसाला, लत्ता कपडा खरीद गरी लैजान्छन् । हिउँदमा नवलपुरको तमासपुरघाटबाट त्रिवेणीघाटसम्म ठूलाठूला डुङ्गाहरूद्वारा यात्रुहरू र मालसामान ल्याउने लैजाने काम हुन्छ । यहाँ दोहोरो लाइन परेर बसेका करीब २०० घरहरू भएको एक सानो बजार छ । राष्ट्रिय वाणिज्य बैंकको उपशाखा, छोटी भन्सार, आकाशवाणी, प्रहरी चौकी, सम्पर्क अधिकारी कार्यालय आदि पनि यहीं राखिएका छन् ।

यो बजार त्रिवेणी गाउँ पञ्चायत अन्तर्गत पर्दछ । यस पञ्चायतको जनसंख्या २,६७८ छ । कर उठ्ने स्रोतहरूमध्येमुख्य त्रिवेणीघाट भएकोले यो पञ्चायत जिल्लाको सबैभन्दा धनी पञ्चायत हो । नारायणघाट र त्रिवेणीघाटको बीचमा जल यातायातको अझ बढी विकास गर्न सकिने हुँदा त्रिवेणीघाटको महत्व अझ बढ्दै जाने सम्भावना देखिन्छ ।

कोल्हुवा

नवलपुर क्षेत्रमा नारायणीको किनारमा कोल्हुवा अवस्थित छ । यहाँबाट जिल्लाको सदरमुकाम करीब ५३ किलोमिटर (३३ माइल) पश्चिममा रहेको छ । नवलपुरका पूर्वी र उत्तरी भागहरूबाट तमासपुर हुँदै त्रिवेणी जाने मूलबाटो यही कोल्हुवा पञ्चायत भएर गएको छ । यहाँबाट असलदारीघाट भएर चितवन जाने आउने गरिन्छ । यस पञ्चायतबाट महेन्द्र राजमार्ग पाँच किलोमिटर (करीब तीन माइल) उत्तरमा पर्छ । यहाँ पनौती, लेहडा, जितौरा, रत्नाशा आदि गाउँहरू पर्दछन् । यहाँ नवलपरासी जिल्ला प्रहरी कार्यालय अन्तर्गत एक प्रहरी ठाना कार्यालय र स्वास्थ्य चौकी रहेका छन् । यस पञ्चायतको जनसंख्या ४,५८३ छ ।

दुम्कौली

नवलपरासी जिल्लाको पूर्वी सीमानाको अन्तिम पञ्चायत बेल्डिहासँगै अवस्थित सिसुवार पञ्चायत अन्तर्गत दुम्कौली पर्दछ । त्यसैले यहाँबाट जिल्लाको सदरमुकाम निकै टाढा दूरीमा अर्थात् ७५ किलोमिटर

(करीब ४७ माइल) पश्चिममा पर्दछ । महेन्द्र राजमार्ग यसै स्थलबाट गएको र नवलपुर क्षेत्रमा पुनर्वास कार्यक्रम दुम्कौंलीलाई केन्द्र बनाई सञ्चालित गरिएकोले यो स्थान निकै महत्वपूर्ण हुन गएको छ ।

यहाँ राष्ट्रिय वाणिज्य बैंकको उप-शाखा, अस्पताल (पुनर्वास कम्पनीद्वारा सञ्चालित), नेपाल पुनर्वास कम्पनीको क्षेत्रिय कार्यालय, सहकारी तेल मिल आदि छन् । यसका साथै यहाँ एक निम्नमाध्यमिक विद्यालय छ । विभिन्न कार्यालयहरू रहेका हुँदा दुम्कौंली गुल्जार भएको देखिन्छ । निकटभविष्यमा नै उल्लेखनीय रूपमा यहाँको बजार विकास हुने देखिन्छ ।

भित्री मधेश क्षेत्रभित्र पर्ने भएकोले यहाँको हावापानी पहिले ज्यादै औलिया र अस्वास्थ्यकर मानिन्थ्यो । तर औलो नियन्त्रण र औषधोपचारको व्यवस्थाले स्थितिमा धेरै परिवर्तन आएको छ । यहाँ ग्रीष्ममा निकै गर्मी भए तापनि हिउँदमा निकै जाडो हुने, बिहान कुइरो लाग्ने र शीत पर्ने गर्छ ।

सुस्ता

नवलपरासी जिल्लामा सप्त गण्डकीको पूर्वी किनारामा र भारतको बिहार प्रदेशको चम्पारण जिल्लाको पश्चिमी–उत्तरी किनारामा सुस्ता अवस्थित छ । पहिले सुस्तामा विशाल जङ्गल थिए तापनि यहाँ यस जिल्लाका पशु पालन व्यवसायीहरूको ठाउँ-ठाउँमा बस्ती रही आएको थियो । सुस्ताका आदिबासी मुसहर, थारू र अहीरहरू थिए र पछि गए र यहाँ नयाँ बस्तीहरू पनि बस्न थाले । हाल सुस्ता गाउँ पञ्चायतमा विभिन्न जात-जातिको बसोबास पाइन्छ । यहाँ सुस्ता क्लब र प्राथमिक विद्यालय आदि छन् । यहाँ प्रहरी चौकी र हुलाक घर पनि छ । यहाँ प्रत्येक साता हाट लाग्दछ ।

बर्दघाट

दाउन्ने पहाडको पश्चिमी–दक्षिणी किनारामा परासी क्षेत्रमा नवलपरासी जिल्लाको पुरानो गाउँको रूपमा बर्दघाटको नाम रहे तापनि महेन्द्र राजमार्गको निर्माण कार्य आरम्भ भएदेखि बर्दघाटको महत्व बढेको छ । बर्दघाटबाटै दाउन्ने पहाड भई नवलपुर क्षेत्र भए र राजमार्ग गएको छ । बुटवल- बर्दघाटसम्म मोटर यातायात चालू भएकोले बर्दघाटमा लाग्ने शुक्रवारे साप्ताहिक हाटले नवलपरासीको महत्वपूर्ण व्यापार केन्द्रको रूप लिंदैछ । त्रिवेणी, भैरहवा, बुटवलसम्मका गल्ला व्यापारीहरू व्यापारको लागि बर्दघाट आउँछन् । बर्दघाटमा धान मिल र एक निम्नमाध्यमिक विद्यालय पनि छ ।

महेशपुर

रामपुरवा गाउँ पञ्चायत अन्तर्गत पर्ने महेशपुर नेपाल-भारत सीमावर्ती गाउँ हो । यहाँ छोटी भन्सार र प्रहरी चौकी छ । रामपुरवा गाउँ पञ्चायत कार्यालय पनि यहीं छ । भारतको गोरखपुर जिल्लाको उत्तरी क्षेत्रको ठुठीवारी बजार यहाँबाट मुश्किलले एक किलोमिटर पर्दछ ।

त्रिभुवनीटार

त्रिभुवनीटार अर्ग्यौली गाउँ पञ्चायत अन्तर्गत नवलपुरको राम्रो बस्तीमध्ये हो । यहाँ नेपाल पुनर्वास कम्पनी मार्फत् जग्गा प्राप्त गरी सुकुम्बासीहरूलाई बसोबास गराइएको छ र सुनियोजित ढङ्गबाट

यो बजार बसाइँदैछ। दोहरा लाइनका कच्ची पक्की घरहरू बन्दैछन्। यहाँ बहुमुखी सहकारी संस्थाको कार्यालय, जनता माध्यमिक विद्यालय, अर्ग्याँली गाउँ पञ्चायत कार्यालय भवन, घरेलु उद्योग भवन आदि छन्। महेन्द्र राजमार्ग त्रिभुवनीटारदेखि दुई किलोमिटर उत्तरमा पर्दछ।

चोरमारा

तम्सरिया गाउँ पञ्चायत अन्तर्गत पर्ने चोरमारा गाउँ महेन्द्र राजमार्गसँगै जोडिएर रहेको छ र गिरवारी खोलाको पूर्वी किनारमा पर्दछ। सडक विभागको सब डिभिजन कार्यालय यहीं छ। गिरवारी खोलाको पश्चिमी किनारमा नवलपुरको प्रसिद्ध गाउँ भागरा पर्दछ। भागरा र चोरमारालाई जोड्ने गरी गिरवारी खोलामा ठूलो पुल निर्माण भइरहेको छ र सो पुल बनेपछि यी दुवै गाउँ एउटै ठूलो बजारको रूपमा विकसित हुने लक्षण देखिन्छ। पूर्वी पाल्पाका सुठो, अदुवा, सुन्तला र अन्य उत्पादन नारायणघाट र त्रिवेणीतिर र निकट भविष्यमै राजमार्ग पूर्णतया निर्माण हुने बित्तिकै बुटवल वा परासीतिर चोरमारा भएरै लग्न सकिने हुँदा यो स्थान राम्रो व्यापार केन्द्रको रूपमा विकसित हुने देखिन्छ। यहाँ एक प्राथमिक विद्यालय छ। यहाँ हरेक हप्ता हाट लाग्दछ।

जनसंख्या र जनजीवन

जनसंख्या

राष्ट्रिय जनगणना (२०२८) अनुसार यस जिल्लाको कुल जनसंख्या १,४६,५४८ छ, जसमध्ये पुरुषहरूको संख्या ७५,३१९ र महिलाहरूको संख्या ७१,२२९ छ। यसबाट यहाँ पुरुषहरूको तुलनामा महिलाहरूको संख्या ४,०९० कम देखिन्छ। लुम्बिनी अञ्चलको कुल जनसंख्या (११,६५,७०१) मध्ये १२.६ प्रतिशत यस जिल्लामा बस्दछन्। जनसंख्याको दृष्टिबाट यस अञ्चलका छ जिल्लाहरूमध्ये यस जिल्लाको स्थान पाँचौं रहेको छ। नेपाल अधिराज्यका ७५ जिल्लाहरूको क्रममा जनसंख्याको दृष्टिले यो जिल्लाको स्थान ३७ सौं हुन आउँछ। यस जिल्लाको कुल क्षेत्रफल ९३५ वर्ग किलोमिटर (९३,५०० हेक्टर) छ। यसबाट यहाँको जनघनत्व १.६ व्यक्ति प्रतिहेक्टर हुन आउँछ। अर्को शब्दमा यहाँ प्रति १० हेक्टर जमीनमा १६ व्यक्तिको बसोबास छ।

यस जिल्लामा जम्मा घर परिवारको संख्या २४,३४६ छ। २०२८ सालको जनगणनाअनुसार यहाँ पाँचजना सदस्य हुने परिवारको संख्या (३,५२२) सबैभन्दा धेरै छ। यहाँ एकजना मात्र सदस्य हुने परिवारहरूको संख्या १,१४१ छ भने २० वा सोभन्दा बढी सदस्य संख्या भएको परिवारको संख्या केवल ३९९ छ। यस जिल्लाको औसत घर परिवारको सदस्य संख्या ६.०२ छ।

जनसंख्याको उमेरको स्थितिले जिल्लाको सामाजिक र आर्थिक स्थितिलाई प्रभाव पार्दछ। त्यसैले यस जिल्लाको कुल जनसंख्यालाई हुर्कंदै गरेका ० देखि पाँच वर्षका शिशु, विद्यालय जाने उमेरका अर्थात् ६ देखि १५ वर्षका किशोर किशोरी र १६ वर्ष र सोभन्दा माथिका वयस्क गरी जम्मा तीन उमेर समूहमा विभाजित गरी तलको तालिकामा देखाइएको छ।

उमेर समूहको तालिका

	पुरुष		महिला		जम्मा	
उमेर समूह	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
० देखि ५ वर्ष	१३,४५२	१७.९	१३,८३०	१९.४	२७,२८२	१८.६
६ देखि १५ देखि	१९,०६४	२५.३	१६,९८१	२३.८	३६,०४५	२४.६
१६ देखि माथि	४२,८०३	५६.८	४०,४१८	५६.८	८३,२२१	५६.८
जम्मा	७५,३१९	१००.०	७१,२२९	१००.०	१,४६,५४८	१००.०

उपर्युक्त तालिकाअनुसार यो जिल्लामा ०-५ वर्ष उमेर समूहका शिशुहरूको जम्मा संख्या २७,२८२ (१८.६ प्रतिशत) छ। औलो, हैजा र बिफर जस्ता विभिन्न संक्रामक रोगको नियन्त्रणले एकातिर शिशु मृत्यु दरमा निकै कमी आएको छ भने अर्कोतिर परिवार नियोजन कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन बाँकी नै छ। त्यसका अतिरिक्त माथिको संख्याले यिनीहरूको उचित किसिमले लालन पालनको व्यवस्था र भविष्यमा यिनीहरूलाई रोजीरोटी प्रदान गर्न कति ठूलो लगानी गर्न आवश्यक हुन आउँछ भन्ने पनि देखाउँछ। ६ देखि १५ वर्ष बीचको उमेर समूह निकट भविष्यमा जिल्लाको आर्थिक र सामाजिक जीवनमा सक्रियरूपले भाग लिने समूह हो। यस समूहका किशोर किशोरीहरूलाई विद्यालय जाने उमेरको मानिन्छ। यस उमेर समूहको निकै सानो अंश मात्र विद्यालयमा भर्ना भएको छ। यिनीहरूमध्ये कतिपयले विद्यालय जाने उमेरका भनिए तापनि प्रत्यक्ष वा अप्रत्यक्षरूपमा परिवारको आम्दानीका निमित्त सघाएका हुन्छन्।

बाँकी १६ वर्ष र सोभन्दा माथिको वयस्क उमेर समूहको जम्मा संख्या ८३,२२१ (५६.६ प्रतिशत) छ। त्यसमध्ये पुरुषहरूको संख्या ४२,८०३ (५६.८ प्रतिशत) र महिलाहरूको संख्या ४०,४१८ (५६.८ प्रतिशत) छ। माथि उल्लिखित शिशुहरू (०-५ वर्ष उमेर समूह) र विद्यालय जाने (उमेर समूह ६-१५ वर्ष) दुवैको समूहलाई जोड्ने हो भने यहाँ तिनीहरूको जम्मा संख्या ६३,३२७ (४३.२ प्रतिशत) भएको देखिन्छ। यो हिसाबले यस जिल्लाका ४३.२ प्रतिशत केटाकेटीहरूलाई हुर्कन र शिक्षा दीक्षा प्राप्त गर्न (५६.८ प्रतिशत) वयस्कमाथि निर्भर रहनु पर्ने देखिन्छ।

अधिराज्यका अन्य जिल्लामा जस्तै यहाँ पनि निकै कम उमेरबाटै केटाकेटीहरूले आफ्नो परिवारलाई कृषि तथा अन्य व्यवसायमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सघाउ पुऱ्याउने गर्छन्। नेपालको आर्थिक र सामाजिक पृष्ठभूमिलाई ध्यानमा राखेर यहाँ १० देखि ५९ वर्षको उमेर समूहलाई काम गर्ने क्षमता भएका र सो समूहदेखि माथि वा मुनिकालाई आश्रित समूह मानिएको छ। २०२८ को राष्ट्रिय जनगणनाअनुसार यस जिल्लामा १० देखि ५९ वर्षको उमेर समूहको सक्षमहरूको संख्या ९३,९७६ (६४.१ प्रतिशत) छ। सो बाहेक ०-९ वर्षको उमेर समूह र ६० वर्ष र सोभन्दा माथिको उमेर समूह गरी आश्रितहरूको जम्मा संख्या ५२,५७२ (३५.९ प्रतिशत) हुन आउँछ। अतः ९३,९७६ (६४.१ प्रतिशत) सक्षम व्यक्तिहरू माथि ५२,५७२ (३५.९ प्रतिशत) आश्रित व्यक्तिहरूको गाँस बास प्रदान गर्ने अभिभारा पर्न गएको देखिन्छ। यस हिसाबले यहाँ सक्षम र आश्रितको अनुपात १००: ५६ भएको देखिन्छ अर्थात् १०० सक्षम व्यक्तिले आफू बाहेक अरु ५६ जनाको गाँसबास जुटाउनु पर्ने हुन्छ।

सक्षम र आश्रित जनसमूहलाई छुट्याउन अन्तर्राष्ट्रिय परिपाटीलाई अपनाउने हो भने माथिको भन्दा केही भिन्न स्थिति देखापर्दछ। अन्तर्राष्ट्रिय चलनअनुसार आर्थिक दृष्टिले क्रियाशील उमेर १५ देखि ६४ को उमेर समूहलाई मानेको छ। सो बाहेक अर्थात् उक्त उमेर समूह मुनि र माथिकालाई आश्रित समूहमा राखिएको छ। राष्ट्रियजनगणना २०२८ अनुसार यहाँ पहिलो समूह (१५देखि६४वर्ष) को संख्या ८०,८५३ (५५.२ प्रतिशत) र दोस्रो समूहको (१५ वर्षमुनि र ६० वर्षमाथिको समूहको) जम्मा संख्या ६५,६९५ (४४.८ प्रतिशत) छ। यस हिसाबले ८०,८५३ (५५.२ प्रतिशत) सक्षम मानिसहरूले ६५,६९५ (४४.८ प्रतिशत) आश्रित मानिसहरूको जीविका चलाउनु पर्ने हुन्छ। अतः यस दृष्टिबाट यहाँ सक्षम र आश्रितको अनुपात १००: ८१ हुन आउँछ अर्थात् १०० जना सक्षम मानिसले ८१ जनाको आर्थिक भार बोक्नु पर्ने हुन्छ।

यस जिल्लामा छ वर्षदेखि माथिका जम्मा १,१९,२६६ जना छन् । तिनीहरूमध्ये पुरुषको संख्या ६१,८६७ र महिलाको संख्या ५७,३९९ छ । विवाहित पुरुष र महिलाको संख्या क्रमशः ३७,७१२ र ३८,१०८ र अविवाहितको संख्या २१,७२३ र १४,४४१ छ । यहाँ छ देखि नौ वर्षको उमेर समूहबाट समेत २१५ जना केटाहरू र ५६९ जना केटीहरूले विवाह गरेको देखिन्छ । त्यस्तै १० देखि १४ वर्षको उमेर समूहमा १,६८२ जना केटा र २,३३८ केटीहरूले विवाह गरेका छन् । त्यसबाट यहाँ बाल-बिवाहको प्रथा अझै हराइनसकेको देखिन्छ । यहाँ विदुरहरूको संख्या २,०६० र बिधुवाहरूको संख्या ४,७५२ रहेको छ ।

मातृभाषा

यस जिल्लाका विभिन्न जात-जातिहरू आ-आफ्नै मातृभाषा बोल्छन् । यहाँ थारू भाषीको आधिक्य छ र संख्याको हिसाबले नेपाली राष्ट्रभाषाको स्थान तेस्रो रहेको छ । वि. सं. २०२८ को राष्ट्रिय जनगणना अनुसार यस जिल्लाका विभिन्न भाषा–भाषीको संख्या निम्नानुसार छः–

मातृभाषा	बोल्नेकोसंख्या
थारू	३६,९२८
अवधी	३५,६२६
नेपाली	२६,८६०
भोजपुरी	१३,९९३
मगर	४,३७२
नेवारी	१,१२७
जिल्लामा एक हजारभन्दा कम जनसंख्याले बोल्ने भाषाहरू	१,६२०
जिल्लाका स्थानीय भाषा	२३,४१३
अन्य भाषा	२,६०९
जम्मा–	१,४६,५४८

जिल्लामा एक हजारभन्दा कम जनसंख्याले बोल्ने मातृभाषाहरूमा गुरूङ (संख्या ९०१), मैथिली (संख्या ३६५), तामाङ (संख्या २९८) र केही संख्यामा भए पनि राई किराती, लिम्बू, शेर्पा, दनुवार, सतार, सन्याली आदि भाषा-भाषीहरू छन् । अन्य भाषामा अंग्रेजी, उर्दू जस्ता विदेशी भाषाहरू पर्दछन् र स्थानीय भाषामा त्यस जिल्लामा बोलिने तर भाषा-भाषीको छुट्टै गणना नभएका नेपाली भाषाहरू पर्दछन् । थारूहरू यहाँका आदिबासीहरू हुन् । यहाँको थारू बोलीमा मागधी अवधीको प्रभाव पाइन्छ ।

यहाँ विभिन्न भाषा बोल्नेहरूमा पनि नेपालीमा कुराकानी गर्ने चलन बढ्दै गएको छ । यस जिल्लामा स्थानीय भाषा बोल्नेहरूको संख्या २३,४१३ हुनुले यहाँ स्थानीय भाषा-भाषीहरूको संख्या निकै धेरै रहेको देखिन्छ ।

राष्ट्रिय जनगणना २०२८ अनुसार यस जिल्लाको कुल जनसंख्या १,४६,५४८ मध्ये १,३०,९९२ जना (८९.४ प्रतिशत) स्वदेशमा र बाँकी १५,५५६ जना (१०.६ प्रतिशत) विदेशमा जन्म भएकाहरू

छन् । विदेशमा जन्म हुने पुरुषहरूको संख्या ६,१२८ र महिलाहरूको संख्या ९,४२८ छ । विदेशमा जन्म हुनेहरूमध्ये भारतमा जन्म हुने १४,३४५, बर्मामा १,१७९, अन्य एशियाली मुलुकमा २९ र अन्य देशहरूमा जन्म हुनेहरूको संख्या तीन छ । यसरी विदेशमा जन्म हुनेहरूको संख्या निक्कै छ ।

नागरिकताका दृष्टिले समेत यस जिल्लाका विदेशी नागरिकमध्ये सबैभन्दा धेरै भारतीय नागरिकहरू भएको पाइन्छ । यहाँ भएका विदेशी नागरिकहरूको कुल संख्या ७,९६३ मध्ये भारतीयहरूको संख्या ७,९३० छ । भारतीय नागरिकमध्ये पुरुषहरूको संख्या ४,०३९ र महिलाहरूको संख्या ३,८९१ छ ।

माथि देखाइएअनुसार विदेशमा जन्मेका र विदेशी नागरिकहरूको संख्यामा निकै फरक पर्न आउँछ । यसबाट के देखिन्छ भने विदेशमा जन्मेका सबै विदेशी नागरिक थिएनन् र त्यसमा नेपाली नागरिकहरू पनि समावेश भएका थिए । विदेशमा जन्मेकाहरूमध्ये जति माथिको उमेर समूहमा हामी जान्छौं त्यति नै पुरुषको तुलनामा महिलाको संख्या बढी रहेको पाउँदछौं । उदाहरणका लागि २० देखि २४ को उमेर समूहमध्ये विदेशमा जन्मेकाहरूमा पुरुषका संख्या ४४४ मात्र छ भने महिलाको संख्या १,११२ छ । सबैजसो उमेर समूहमा (ज्यादै धेरै उमेर पुगेको समूह बाहेक) यही प्रवृत्ति रहेको देखिन्छ । यस जिल्लाका निवासी र भारततर्फका छिमेकी प्रदेशका निवासीहरू बीच रहिआएको वैवाहिक सम्बन्धले गर्दा विदेशमा जन्म भएका महिलाहरूको संख्या उल्लेखनीय हुन गएको छ ।

मधेश प्रदेशमा पर्ने जिल्ला भए तापनि यहाँ चितवन जिल्लामा जस्तो ठूलो संख्यामा आप्रावासन भएको देखिदैंन । परासी क्षेत्रमाभन्दा खासगरी नवलपुर क्षेत्रमा नै नयाँ बसोबासहरू पाइन्छन् ।

मुलुकका अन्य भागमा झैं यस जिल्लाका निवासीहरूले विभिन्न धर्म अँगालेको पाइन्छ । धर्मावलम्बीहरूको संख्याको दृष्टिले सबैभन्दा बढी संख्या हिन्दूहरूको छ । त्यसपछि यहाँ इस्लाम र बौद्ध धर्मका अनुयायीहरू छन् ।

यस जिल्लामा जम्मा ४९ गाउँ पञ्चायतहरू छन् । तिनीहरूको नाम र जनसंख्या तल दिइएको छः-

गाउँ पञ्चायत	जनसंख्या	गाउँ पञ्चायत	जनसंख्या
१. अग्यौंली	५,०९१	२. अमाराउदी	२,२११
३. उनावाधा	२,२५३	४. कल्याण नगर कुडिया	३,५८३
५. कावासोती	५,१८७	६. कुस्मा	२,२६३
७. कोल्हुवा	४,५८३	८. गारामी	३,०४०
९. गुठी पर्सौंनी	३,२५४	१०. सूर्यपुरा	२,२१६
११. जामुवाद	२,६६९	१२. जामुनिया	३,७११
१३. जाहाडा	२,२८४	१४. तान सरूया	३,९८१
१५. तिलकपुर	३,२५१	१६. ठूलो खैरतावा	२,२९०
१७. देवगावा	२,४०४	१८. नयाँ वेल्हनी	२,६११
१९. नरशाही	२,५६०	२०. पकलीहवा	४,४४७

२१. परासी	३,१९६	२२. प्रताप नगर	४,०६५
२३. प्रतापपुर	३,१७४	२४. प्रसौनी	२,३३५
२५. पिथौली	३,०४४	२६. बडाहारा दुर्वैलिया	३,२२०
२७. बञ्जारिया	२,३०८	२८. बेंदौली	२,९५५
२९. बेल्डीहा	३,९२०	३०. भुजहवा	३,१७७
३१. मकार	२,७२६	३२. मन्झारिया	२,०९३
३३. मनारी	२,८००	३४. रामनगर	३,०९९
३५. रामपुर खडौना	२,२८५	३६. रामपुरवा	२,३२८
३७. रूपौलिया	२,५९५	३८. लौहारौली	२,८०१
३९. सनाही	३,३२१	४०. सरावाल	२,२७७
४१. सवाथी गाउँ	३,०३९	४२. सिसवार	४,१६०
४३. सुक्रौल	२,३२१	४४. सुनवल	२,४६२
४५. सुस्ता	१,४७६	४६. सोमानी	२,९२०
४७. हरपुर	२,८४८	४८. हाकुई	२,३०७
४९. त्रिवेणी	२,६७८		

यस जिल्लाका गाउँ पञ्चायतहरूमध्ये सुस्ता गाउँ पञ्चायतको सबभन्दा कम जनसंख्या (१,४७६) र सबैभन्दा बढी कावासोती गाउँ पञ्चायतको जनसंख्या (५,१८७) छ। यस जिल्लाको ४९ पञ्चायतमा जिल्लाको कुल जनसंख्या १,४६,५४८ निवास गर्ने भएकोले यहाँको प्रति गाउँ पञ्चायत औसत जनसंख्या २,९९१ भएको देखिन्छ।

भू–भागको दृष्टिले नवलपुर र परासी क्षेत्रमा धेरै असमानता छैन। तर पञ्चायत संख्या र जनसंख्याका दृष्टिले भने निकै ठूलो फरक रहेको छ। जिल्लाको ४९ गाउँ पञ्चायतमध्ये केवल १० पञ्चायत र कुल जनसंख्या १,४६,५४८ मध्ये ३८,९७७ (२६ प्रतिशत) मात्र नवलपुरमा रहेका छन्। यस हिसाबले नवलपुरमा प्रति पञ्चायत औसत जनसंख्या पुरा जिल्लाको २,९९१ को तुलनामा ३,८९८ हुन आउँछ। नवलपुर क्षेत्रमा परासीको तुलनामा जनसंख्याको कमी मात्र होइन, भएको जनसंख्या पनि निकै छरिएर रहेको छ। जिल्लाको पहाडी क्षेत्र पनि नवलपुरमा पर्दछ। तर औलो नियन्त्रण, नयाँ बसोबास कार्यक्रमको सञ्चालन र बढ्दो यातायात सुविधा आदिले नवलपुर र परासी क्षेत्रको बीच पहिले रहेका परम्परागत विषमता क्रमशः हट्दै जाने देखिन्छ।

जनजीवन

यस जिल्लाको उच्च र पहाडी भागमा खास गरी पहाडी मूलका जाति, मध्यभागमा आदिबासी थारूहरू र दक्षिणी भागमा तराई मूलका जातिहरूको बसोबास भएको पाइन्छ। क्षेत्रिय आधारमा हेर्ने हो भने परासी र नवलपुरमा जनसंख्याको परिमाणमा मात्र होइन, जात–जातिहरूमा पनि निकै फरक देखिन्छ।

यस जिल्लामा हिन्दूहरूको संख्या सबभन्दा धेरै रहेको हुँदा यहाँको सामाजिक बनोट पनि हिन्दू समाज अनुरूप नै रहनु स्वाभाविक हो। यहाँ तराईका बाहुनहरूमा विशेषतः मिश्र र पहाडबाट आएका बाहुनहरूमा उपाध्याय, रेग्मी, शर्मा र जैसी आदि छन् । परम्परागत दृष्टिले पहाड र मधेशका विभिन्न जात-जातिहरूमा मुख्यतः हिन्दू धर्म र संस्कारअनुसार जीवनचक्र चल्दछ ।

यहाँको बासिन्दाको मुख्य पेशा कृषि र पशुपालन हो । अन्य धेरै जसो व्यवसायिक जात–जातिले परम्परागतरूपमा आफ्नो पेशा र मुख्यतः खेती–पातीबाट जीविकोपार्जन गर्छन् ।

जात–जातिको दृष्टिले यहाँको अर्को महत्वपूर्ण जाति थारू हो । जुन ताक तराईको औलिया प्रदेशबाट अन्यत्रका मानिसहरू तर्सन्थे त्यसभन्दा कैयौं हजार वर्षअघिदेखि यो जातिले तराई प्रदेशमा निवास गरेको छ। यहाँ थारू भाषीहरूको संख्या ३६,९२८ (करीब २५.२ प्रतिशत) छ। यिनीहरूका धेरै थरहरूमध्ये यहाँ मुख्यतः महतो र पश्चिमा थरका थारूहरू पाइन्छन् र अन्यत्र झैं यहाँ पनि यिनीहरूको मुख्य व्यवसाय कृषि र पशुपालन हो ।

यिनीहरू मूलतः मङ्गोल जातिसँग सम्बन्धित रहेको मानिए तापनि यिनीहरूमा गैह्र मङ्गोल विशेषताहरू पनि पाइन्छन् ।[1] थारूहरू सोझा, इमान्दार र परम्परा प्रेमी हुन्छन् । थारूहरू हिन्दू धर्म नै मान्दछन् र होली र माघे संक्रान्ति विशेष चाडकोरूपमा मनाउँछन् ।

यस जिल्लामा विभिन्न चाड पर्वहरू मनाइन्छन् । परापूर्वकालदेखि यहाँ नागपञ्चमी, फागु, तिज, ठूलो एकादशी, माघे संक्रान्ति, कृष्णाष्टमी, छठ, तिहार (दीपावली), रक्षा वन्धन आदि चाडपर्वहरू हर्षोल्लासका साथ मनाइन्छन् । यस्ता अवसरमा जिल्लाबासी आ–आफ्नो गच्छेअनुसार राम्रो लाउने र मीठो खाने गर्छन् र ठाउँ ठाउँमा मेला लाग्ने गर्छ । चाड पर्व मनाउने सम्बन्धमा यस जिल्लामा बडा दशैं मुलुकका अन्य भागमा जत्तिको धुमधाम मनाईँदैन । त्यस्तै तिहार (दीपावली) को समयमा दाज्यूभाइले आफ्ना दिदी बहिनीबाट टीका लगाउने प्रचलन पनि निकै कम छ । त्यसो भएता पनि उक्त पर्वहरूमा नवदुर्गा र अन्य देवी देवताको पूजा र भजन आदि हुने गर्छ ।

जिल्लाको अर्को उल्लेखनीय समुदाय इस्लाम धर्मावलम्बीहरूको छ । यहाँका विभिन्न जात–जातिसँग मिलेर बसेको यो समुदायले मुहर्रम "ईद" र "वकरे ईद" जस्ता चाडहरू मनाउँछन् ।

जिल्लाका लोक-नृत्यहरूमध्ये झमटा, भेँडर जस्ता थारू नाच प्रमुख छन् । यहाँका अन्य उल्लेखनीय लोक नृत्यहरूमा झर्रा, झुमडा, सोरठी, फरुवाही, कहंरवा आदि उल्लेखनीय छन् । लोक गीतको सुरमा नाचिने यहाँका लोक नृत्यहरू निकै चित्ताकर्षक हुन्छन् ।

यस जिल्लाका विभिन्न तीर्थस्थलहरूमा धार्मिक तिथिहरूमा मेलाहरू लाग्दछन् । यस्ता मेलाहरूमा नुहाउने, पूजा गर्ने आदि धार्मिक क्रियाहरूको साथै अस्थायी रूपमा खोलिने बजारहरूमा निकै खरीद विक्री पनि गरिन्छ । यस्ता मेलाहरूमा नाटक, चटक, प्रदर्शनी आदि पनि देखाइन्छ । यस जिल्लामा लाग्ने मेलाहरूमा त्रिवेणीमा लाग्ने माघे औंसीको मेला प्रसिद्ध छ र अधिराज्यका ठूला मेलाहरूमा त्रिवेणी मेलाको गणना हुन्छ ।

---

1. Sribastab, S. K.—The Tharus, A study in culture and dynamics, p. 133 quoted in People of Nepal by Dor Bahadur Bista

त्रिवेणी मेला

नारायणी नदीमा पञ्च र सोना नदीहरू यही त्रिवेणीमा आएर मिल्दछन्। यस जिल्लाको प्रमुख व्यापार केन्द्रको रूपमा रहेको त्रिवेणी बजारमा माघे औंसीको मेलामा अस्थायी बजारहरू पनि खुल्दछन् र निकै ठूलो रूपमा व्यापार चल्दछ। मेला मुख्यरूपले तीन दिनसम्म रहन्छ। जुम्ला, मुस्ताङ, मनाङ जस्ता अधिराज्यका उत्तरी क्षेत्रका व्यापारीहरूको साथै उत्तर भारत र सिकिमका व्यापारीहरू पनि ठूलो संख्यामा यहाँ जमघट हुन्छन्। त्यसबेला यहाँ अन्य वस्तुहरूको साथै अधिराज्यका उत्तरतर्फको घोडा र कुकुरहरूको पनि ठूलो संख्यामा किनबेच हुन्छ। त्यसबेला नारायणी (सप्त गण्डकी) मा पूजाआजा गराउन भारतका पण्डाहरू पनि आउँछन् र साथै भारतका नाच र सर्कस कम्पनीहरू समेत आउँछन्। मेलामा यहाँ अनगिन्ति यात्री तथा व्यापारीहरू भेला हुन्छन्। यसरी त्रिवेणी मेलामा प्रशस्त यात्रीहरूको जमघट हुने हुँदा मेलाको रेखदेख गाउँ पञ्चायत र जिल्ला पञ्चायतको साथै जिल्ला तथा अञ्चल प्रशासनबाट संयुक्त रूपमा गरिन्छ।

अधिराज्यको पूर्वी भागमा उदयपुर र सिंधुली जिल्लाको सीमानामा लाग्ने मैनी (त्रिवेणी) मेला जति प्रसिद्ध छ यस जिल्लाको त्रिवेणी मेला पनि अधि राज्यको पश्चिमी भागमा उत्तिकै प्रख्यात छ।

जिल्लाका अन्य प्रमुख मेलाहरूमा रूपौलिया गाउँ पञ्चायतको सतपती गाउँ माथिको दाउन्ने (चुरे) डाँडामा रहेको मदारथानको मेलालाई लिन सकिन्छ। डाँडामाथि यहाँ एक ठूला मुसलमान संतको समाधी छ। उर्दूमा समाधीलाई मजार भनिने हुँदा मजारकै अप्रभ्रंशबाट यस स्थानको नाम मदार हुन गएको अनुमान गरिन्छ। मदारथानको नाम भारतसम्म फैलिएको छ र अधिराज्यका विभिन्न भागहरूको साथै भारतका विभिन्न भागका मुसलमान र हिन्दूहरू समेत सन्तान प्राप्तिकोलागि मदारस्थानमा भाकल (मनौती) चढाउन आउँछन्। मुख्यतया मुसलमानहरूको मेला लाग्ने भए तापनि मदारथान हिन्दू र मुसलमानहरूको धार्मिक समन्वयको केन्द्रकोरूपमा रहेकोछ। यहाँ प्रत्येकवर्ष १५ दिनसम्म मेला लाग्दछ।

यहाँका अन्य मेलाहरूमा परासी क्षेत्रका देव गाउँ र लोहरौली गाउँका शिव मन्दिरहरूमा शिवरात्रीमा लाग्ने मेलाहरू र कात्तिक पूर्णिमामा नवलपुर क्षेत्रका गुन्द्रिहा र भीम रहन गाउँमा लाग्ने मेलाहरू उल्लेखनीय छन्।

यस जिल्लामा विगत एक दशकमा अप्रावाशनले गर्दा ठाउँ ठाउँमा नयाँ बसोबासहरू देखा परेका छन्। पुनर्वास कार्यक्रम अन्तर्गत जिल्लाका नवलपुर क्षेत्रमा निकै नयाँ बस्तीहरू बसाइएको छ, जसमा यस जिल्लाको साथै अधिराज्यका अन्य जिल्लाका निवासीहरू पनि आई बसेका छन्। यसरी यहाँ विभिन्न जातजातिको संमिश्रण हुन गएको छ। आ–आफ्नो धार्मिक विश्वास र मान्यताअनुसार जीवनयापन गर्ने र अरूहरूको मान्यता र धार्मिक विश्वासलाई पनि आदर गर्ने परम्परा यहाँ पहिलेदेखि रहिआएको हुँदा यहाँ विभिन्न जातजातिको बीच गहिरो आत्मीयता र सद्भावना रहिआएको छ। साथै महेन्द्र राजमार्गको निर्माणले गर्दा यातायातको सुविधा बढ्न गएको छ। यसकारण यस जिल्लाका विभिन्न क्षेत्रका निवासीहरू बीचको सम्पर्क बढ्न गएको छ र आपसी सम्बन्ध झन घनिष्ट हुन गएको छ

आर्थिक व्यवस्था

यस जिल्लाका बासिन्दाहरूको मुख्य ग्रार्थिक ग्राधार कृषि तथा पशुपालन हो । भित्रीमधेश र तराईका मलिला मैदानहरूमा खेतीपातीको काम हुन्छ भने वरपरका जङ्गल तथा चरणहरूले गाई वस्तुलाई पाल्न सम्भव बनाएका छन् । कृषि बाहेक यहाँका बासिन्दाहरूमध्ये केही बन्द व्यापार, नोकरी ग्रादि व्यवसायमा लागेका छन् । साधारणतः यहाँ ग्रन्न सङ्कट पर्दैन ।

कृषि

यस जिल्लाको कुल क्षेत्रफल ९३,५०० हेक्टरमध्ये खाद्य कृषि मन्त्रालय, खाद्य विभागद्वारा प्रकाशित कृषि तथ्याङ्क (२०२८) ग्रनुसार ग्रावादी जमीनको क्षेत्रफल ४२,००० हेक्टर छ । कृषि तथ्याङ्कग्रनुसार नै त्यहाँ प्रति वर्ष २६,१२५ मेट्रिक टन खाद्यान्न बचत हुने गर्छ । लुम्बिनी ग्रञ्चलको खाद्यान्न बचत हुने जिल्लाहरूमा नवलपरासीको स्थान तेस्रो रहेको छ ।

भौगोलिक स्थिति, हावापानी, जमीनको धरातल र माटोको प्रकार तथा पानीको प्राप्यता हेरी जिल्लाको नवलपुर क्षेत्रमा विशेषतः मकै, कोदो, तोरी, सुर्ती, जौ ग्रादिको खेती ज्यादा र धानको खेती कम गरिन्छ भने परासी क्षेत्रको ग्रधिकांश जग्गामा धानको खेती ज्यादा गरिन्छ । मुख्यतः धान र मकै जस्ता खाद्यान्न बाली उत्पादन गरेर वर्ष दिनसम्म खान पुगोस् भन्ने प्रवृत्तिले गर्दा नगदेबालीको तुलनामा धान बालीलाई ज्यादै बढी महत्व दिइन्छ । त्यसैले परासी क्षेत्रको सबैजसो खेत जग्गामा र पाखो तथा उच्चा खेतमा पनि धान लगाइन्छ । यहाँ पानी लाग्ने (खाडा खेत) मा जडहन, बास्पती, गौरियार, कालानमक, कनकजिरा जातका धान लगाइन्छन् र पाखो खेतमा वसहन, पडनी ग्रभिझुते र केही मात्रामा उन्नत जातको सि. एच. ४५ त्वाई चुंग, एन १३६, ग्राई. ग्रार. २० जस्ता धान रोपिन्छन् । जेठदेखि साउन महीनासम्ममा धान बाली लगाएपछि ग्रसोजदेखि मंसीरसम्ममा काटिन्छ । यस ग्रवधिभर धान खेतमा प्रायः चिसो रहिरहने हुनाले हिउँदेबाली लगाउन ज्यादै थोरै समय बाँकी रहन्छ । धान काट्नुभन्दा करीव चार पाँच हप्ता पहिले यहाँ केही मात्रामा खेतमा धान बालीभित्र ग्रालस छर्ने काम हुन्छ । तर गैह्री खेत जग्गाभन्दा उच्च भागमा रहेको खेत जग्गाबाट पानी चाँडै सुक्ने र धान पनि चाँडै पाक्ने गर्छ । वर्षा कम भएको समयमा भने उच्च खेतहरूमा निकै कम उब्जनी हुन्छ । त्यसैले यस्ता भू–भागमा माथि उल्लेख गरिएका चाँडै पाक्ने जातका धानहरू लगाइन्छन् । यसले गर्दा जौ, गहुँ, तोरी र दलहन जस्ता हिउँदेबाली लगाउन सकिन्छ । यस्तो उच्चा खेतहरूमा प्रायः हिउँदे र वर्षे दुवै बाली लाग्दछन् ।

परासी क्षेत्रमा पाँगो माटो पाइने भएको र यहाँको अनुकूल जलवायुले गर्दा एकै खेतमा विभिन्न हिउँदे बाली लगाउन सकिन्छ । परासी क्षेत्रमा केही मात्रामा उखुको खेती पनि गरिन्छ । एक पटक लगाएपछि करीब साढे चार वर्षको अवधिसम्ममा तीन पटक उखु लिने गरिन्छ ।

पाखो जग्गाको धरातल प्रायः पानीको सतहबाट धेरै माथि हुने भएकोले यहाँ खेती गर्नको लागि मुख्यतः वर्षामा भरपर्नु पर्ने हुन्छ । यस्ता जग्गाहरूमा घैया धान (जसलाई पानी चाहिँदैन वा कम चहिन्छ) पनि लगाइन्छ । तर उब्जा ज्यादै कम हुन्छ । यस्ता स्थानहरूको मुख्य बाली मकै र कोदो हुन् । बालीको विविधताको हिसाबले खेतमाभन्दा पाखो जग्गामा अनेकौं किसिमका बालीहरू खास गरी हिउँदमा लगाइन्छ । हिउँदे बालीमा मुख्य तोरी र गहुँ हुन् । कोलुवाको छेउछाउमा जौ खेती बढी गरिन्छ जबकि विष्णुनगर, टाँगीकोटको उत्तर र अग्ला स्थानहरूमा ज्यादा दलहन लगाइन्छ । डाँडाहरूमा र निकै उचाइमा रहेका पाखा पखेरा र बारीहरूमा कोदो, दलहन, अदुवा आदिको खेती गरिन्छ ।

माथि उल्लिखित सबैजसो बालीहरू परम्परागत रूपमा लगाउने गरिएकोछ तापनि गहुँ बाली भने कृषि विकास कार्यक्रम अन्तर्गत थालिएपछि बढी जनप्रिय हुँदै आएको छ ।

कृषि तथ्याङ्क अनुसार आर्थिक वर्ष २०२४।०२५ देखि आर्थिक वर्ष २०२९।०३० सम्मको यहाँको मुख्य मुख्य बालीको उत्पादन प्रवृत्ति निम्न तालिकामा देखाइएको छ ।

क्षेत्रफल र उत्पादनको तालिका

क्षेत्रफल – हेक्टरमा
उत्पादन – मेट्रिक टनमा

	धान		मकै		गहुँ		जौ		कोदो	
वर्ष	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
२०२४।०२५	३१,०००	५१,१५०	१०,०००	१८,१००	८,५००	७,०१२	१२५	८८	५००	४००
२०२५।०२६	३१,३००	५२,४२७	१०,३००	१८,६४३	१०,०००	८,२५०	१००	७०	५००	४००
२०२६।०२७	३१,५००	५२,९२०	१०,५००	१९,११०	१०,५००	१०,५००	१५०	१०६	६२५	५६२
२०२७।०२८	३१,५००	५५,१२५	११,०००	२०,०२०	११,०००	८,३६०	१६०	११४	७००	६३०
२०२८।०२९	३३,०००	५८,०८०	११,०००	१९,८५५	११,५००	९,२००	---	---	---	---
२०२९।०३०	३०,०००	५१,०००	१०,०००	२०,०००	९,३००	९,३००	१७०	१२३	७००	६३०

	आलु		तोरी (तेलहन)		उखु		सनपाट (जूट)		सुर्ती	
वर्ष	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
२०२४।०२५	२२५	१,६६५	२,५००	१,२५०	१,८००	२६,६४०	२०	१४	७०	४७
२०२५।०२६	२५०	१,८५०	२,६००	१,२२२	१,८००	२७,०००	२०	१४	७५	५१
२०२६।०२७	३००	२,२८०	२,६००	१,३२६	१,८५०	२७,९३५	२५	१८	७५	५१
२०२७।०२८	३५०	२,६२५	२,७००	१,१६१	१,८५०	२८,६७५	३०	२३	८०	५४
२०२८।०२९	--	--	--	--	--	--	--	--	--	--
२०२९।०३०	४५०	३,६९०	२,३४०	१,२८७	१,९००	२९,४९८	--	--	८५	५८

उपर्युक्त तालिकाबाट यहाँ आर्थिक वर्ष २०२४।०२५ देखि २०२९।०३० को छ वर्षमा धान बाली बाहेक अरू बालीमा साल बसालै बालीले ढाकेको क्षेत्र र उत्पादन केही न केही बढेको देखिन्छ। त्यसमध्ये २०२९।०३० को वर्षलाई छाडेर धान बालीको क्षेत्रमा पनि वृद्धि हुनाको साथै उत्पादनमा पनि वृद्धि हुन गएको देखिन्छ। उदाहरणकोलागि २०२८।०२९ मा धानबालीले ढाकेको क्षेत्र आधार वर्ष (२०२४।०२५) को तुलनामा २,००० हेक्टर बढी जग्गामा लगाइएको र उत्पादनमा पनि ६,९३० मेट्रिक टन वृद्धि भई ५८,०८० मेट्रिक टन पुगेको देखिन्छ। जनसंख्याको चाप बढ्नुका साथै माथि उल्लेख गरिए झैं धानबालीमा किसानहरूको परम्परागत झुकावले पनि सो वृद्धि भएको हुनु पर्छ। धानबालीको तुलनामा मकै बालील ढाकेको क्षेत्र र उत्पादनमा उक्त छ वर्षमा विशेष उल्लेखनीय वृद्धि भएको पाइँदैन। यहाँ हाल लगाइने गरेको क्षेत्र र उत्पादनका दृष्टिले उल्लेखनीय बाली गहुँ बाली हो। नयाँ बाली भए तापनि गहुँतिर क्रमशः किसानहरू निकै आकर्षित भएको देखिन्छ। शुरू वर्षमा ८,५०० हेक्टरमा जम्मा ७,०१२ मेट्रिक टन गहुँ उत्पादन गरिएको देखिन्छ भने क्रमशः बालीले ढाकेको क्षेत्र र उत्पादन समेत निकै वृद्धि हुँदै गएर २०२८।०२९ मा ११,५०० हेक्टर जमीनमा ९,२००मेट्रिक टन गहुँ उत्पादन हुन गएको छ। परासी स्थित कृषि विकास कार्यालय र नवलपुरको पुनर्वास कम्पनीको प्रोत्साहन र निर्देशनमा गहुँ खेतीमा अझ उल्लेखनीय उपलब्धि हुने आशा राख्न सकिन्छ।

नगदे बालीमा उपर्युक्त तथ्याङ्कहरूले सबभन्दा राम्रो स्थिति आलु बालीको देखाउँछ। आधारवर्षमा २२५ हेक्टरमा १,६६५ मेट्रिक टन उत्पादन भएको थियो भने २०२९।०३० मा आलु लगाएको क्षेत्र ४५० हेक्टरबाट उत्पादन ३,६९० मेट्रिक टन पुगी छ वर्षमा करीब दोब्बर बृद्धि भएको छ। तर यो बाली लगाइएको क्षेत्र निकै न्यून भएकोले जिल्लाको कृषि उत्पादनमा यसको गहकिलो स्थान हुन बाली लगाइने क्षेत्र र उत्पादनमा झैं वृद्धि हुन आवश्यक देखिन्छ। त्यस्तै यस क्षेत्रमा नवलपुरको तोरीको राम्रो नाम छ। लगाइएको क्षेत्रमा धेर थोर बृद्धि भएको देखिए तापनि उत्पादन भने आधार वर्ष र त्यसपछिका वर्षमा धेरै फरक भएको पाइँदैन। उखु खेतीमा भने लगाइएको क्षेत्रमा उल्लेखनीय प्रगति नभए तापनि उत्पादनको परिमाणको लक्षण राम्रो देखिन्छ। नवलपरासीमा उखु मील नभए तापनि नजीकै भैरहवामा उखुको खपतको राम्रो सम्भावनालाई हेर्दा यस जिल्लामा उखु खेतीको विकास हुन सक्ने राम्रो सम्भाव्यता रहेको छ। त्यस्तै सनपाट (जूट) र सुर्ती ज्यादै कम क्षेत्रमा लगाइने गरेको देखिन्छ। यी बालीहरूबाट किसानहरूले खास गरी पारिवारिक आवश्यकता मात्र पूर्ति गर्ने गरेका छन्। सनपाटमाभन्दा पनि सुर्तीको निम्ति नवलपुर प्रख्यात छ।

यस जिल्लामा खेती गर्दाखेरी एक अर्कालाई सघाउने पर्मा प्रथाको चलन पाइँदैन। प्रायः किसानहरूले आफ्नै परिवारको श्रमशक्तिबाट र नपुग भएमा ज्याला मजूरी तिरी मजदूरहरूलाई काममा लगाउने गर्छन्। खास गरी असार महीनामा धान रोप्ने कामको लागि सीमा पारीबाट निकै संख्यामा भारतीय मजदूरहरू आउने गर्छन्। यस्ता खेत मजदूरहरूलाई काम गरेको प्रतिदिनको लोग्नेमान्छेलाई रू. छ र स्वास्नी मान्छेलाई रू. पाँच ज्याला (मजूरी) दिइन्छ। त्यसका अतिरिक्त काम गरेको प्रतिदिन एक कुरुवा चामल (सीधा) र नाहारी भुजा दिनको दुई पटक गरी एक कुरुवा दिने गरिन्छ। हलीलाई मजदूरीमा राखेमा दैनिक रू सात र जिन्सीमा माथि लेखिएअनुसार अन्य मजदूर सरह नै दिने गरिन्छ। यहाँ "हरूवा" (हली) "चरुवा" (गोठालो) राख्ने पनि चलन छ। यिनीहरूले वार्षिक एक मुष्ट धान पाउने गर्छन्। धान बाली लगाउने र थन्क्याउने काममा बाहेक अन्य बालीहरू लगाउँदा, थन्क्याउँदा भने यहाँ विदेशी श्रमिकहरू लगाउने गरिँदैन।

आधुनिक कृषि प्रणालीसित भर्खरै परिचित हुन लागेका यहाँका किसानहरू परम्परागत कृषि औजार नै व्यापकरूपले प्रयोग गर्दछन् । यहाँका खेत र पाखामा हलो कोदालोद्वारा नै खनजोत गरिन्छ । यी औजारहरूको निर्माण पनि जिल्लाभित्रै हुन्छ । केही संपन्न किसानहरूले ट्रेक्टरहरूको प्रयोग गरेको पाइन्छ । तर औसत खेतको क्षेत्रफल, उत्पादनको स्तर र पूँजीको अभाव र श्रमशक्तिको प्राचुर्य आदि कारणले गर्दा ट्रेक्टर जस्ता मेशिनहरूको उपयोग बढ्न सकेको छैन । तर वीरगञ्ज कृषि औजार कारखानाका सुधारिएका औजारहरूको प्रयोग बढ्दै गएको छ । त्यस्तै यहाँ पनि व्यापकरूपमा कम्पोष्ट मल हाल्ने चलन छ । कृषि विकास कार्यालयको तत्वावधानमा गोबर मललाई वैज्ञानिक ढङ्गबाट उपयोग गर्ने तरीकाहरू सिकाइनुका साथै रासायनिक मलको प्रयोग गर्ने पनि विभिन्न कार्यक्रमहरू चलाइएको छ ।

भूमि व्यवस्था

वि.सं. २०२४ मा गरिएको नापीअनुसार यहाँ खेत र पाखो जगाको प्रकार र क्षेत्र फल निम्नअनुसार छ :–

खेत (धनहर)		पाखो (भीट)	
प्रकार	क्षेत्रफल (बिघामा)	प्रकार	क्षेत्रफल (बिघामा)
अब्बल	७,४७९–११–५½	पाखो (भीट) अब्बल	५,७४८–२–११½
दोयम	२२,२०१–१५–१०	पाखो दोयम	३२९–१०–१०
सीम	१८,४५१–१७–१५	मिनाहा पर्ती जङ्गल	
चाहार	४१३–१८–१९	नदी नाला	१,३३,०४४–०–१८½

यसरी यहाँ करीब ३३,०१२ हेक्टर खेत, ४,१३२ हेक्टर पाखो (भीट) र ९०,४७० हेक्टर पर्ती जङ्गल र नदी नालाले ढाकिएको जमीन रहेको देखिन्छ ।

भूमि सुधार लागू भएपछि यहाँ करीब ३७३ बिघा हदभन्दा बढी जग्गा अधिकरण भएको थियो । सो जमीनमध्ये आर्थिक वर्ष २०२८।०२९ र २०२९।०३० मा जम्मा करीब १३७ बिघा भूमिहीन किसानहरूलाई बिक्री वितरण भइसकेको छ ।

भूमिसुधार लागु भएपछि यस जिल्लामा १२ नं. फाँटवारी र उजुरीका आधारमा जम्मा रू. १२,८४,६००। नगदी र ५०,४४९।२५।१७ मन जिन्सी ऋण निश्चित गर्नु परेको थियो । त्यसमध्ये रू. ७,२७,१११। र जिन्सी ३०,१०१।२७।४ मन साहुलाई तिर्नु नपर्ने ठहऱ्याई युग युगदेखिको ऋणबाट किसानहरूलाई मुक्ति दिलाइएको थियो ।

यहाँ निकै उल्लेखनीय परिमाणमा बचत सङ्कलन भएको देखिन्छ । अनिवार्य बचत कार्यक्रम अन्तर्गत नगद रू. ४,८२,९९८। र जिन्सी १,२१,९७३–२५–० मन अनाज उठेको थियो । उठेको बचतमध्येबाट गोरु वा बीउ आदि जस्ता अत्यावश्यक वस्तुहरू किन्न नगदीमा रू.३,८८,२३०। र जिन्सीमा २,३४,०६६–२७–७ मन किसानहरूलाई नै ऋण स्वरूप गएको थियो । यसरी लगानी गरिएकोमा साँवा ब्याज समेत रू. ५,७८,२११।

र जिन्सीमा ३,१०,४०६–२९–७ मन असूल भएको थियो । यसका साथै अनिवार्य बचतबाट उठेको रू. ७,१९,२६०। कृषि विकास बैंकमा जम्मा भएको छ र बचतकर्ताहरूलाई ब्याज वितरण स्वरूप रू. २,६०,४९१। र पारिश्रमिकको रूपमा रू. ८२,०४२। र जिन्सी ६६–१५–१४ मन अनाज वितरण भएको छ । यसबाट यहांका किसानहरूले बचतको महत्व र फायदालाई निकै राम्रोसँग महसूस गर्दै जान लागेको देखिन्छ ।

मालपोत

शुरूमा जमिन्दार पटवारीद्वारा मालले राजस्व असूल उपर गर्दथ्यो तर २०२६ सालदेखि भूमि प्रशासन ऐन लागू भई कोष तथा तहसील कार्यालय परासीबाट सोझै मालपोत उपर गर्ने गरिन्छ। यस जिल्लामा आर्थिक वर्ष २०२९।०३० मा रू. २२,४३,७५२। मालपोत असूल भएको थियो । यहाँ उखडा जग्गाहरू पनि छन् । उखडा जमीनको लगत तयार हुने क्रममा रहेकोले हालसम्म उखडा जमीनहरूबाट उठ्ने मालपोत धरौटीमा लिइन्छ ।

पशुपालन

कृषि कार्यसँग अभिन्नरूपले जोडिएको पशुपालन कार्य नवलपुरका किसानहरूको महत्वपूर्ण पूरक आम्दानीको स्रोत हो । यहाँ सबभन्दा धेरै संख्यामा गाई गोरु २६,०००, भेडाबाख्रा ३७,२०० र पक्षीमा हाँस कुखुरा आदि पालिन्छन् ।

आर्थिक वर्ष २०२८।०२९को एक सर्वेक्षणअनुसार यस जिल्लाको एक किसान परिवारले पाल्ने गरेको औसत (पशु वस्तुको संख्या) निम्न तालिकामा देखाइएको छ ।[1]

नवलपरासीमा प्रति परिवार पशुहरूको औसत संख्या

पशुहरूको किसिम	परासी	नवलपुर परम्परागत बसोबास क्षेत्र	पुनर्वास योजना बसोबास क्षेत्र
गोरु	३.४३	६.२३	२.९४
गाई	३.८८	४.८५	२.८०
भैंसी	१.६८	३.३७	१.४९
भेडा	०.३९	२.३७	०.०४
बाख्रा	०.९७	२.४७	२.९६

माथिको तालिकाले परासी क्षेत्रमाभन्दा घना वन जङ्गल खुला चरनहरू धेरै भएको नवलपुर क्षेत्रमा पशुहरूको औसत संख्या बढी भएको देखिन्छ । अर्को कुरा राँगा भैंसीको तुलनामा बूढाबूढी र अशक्त वा रोगी भए पनि काट्न नहुने प्रचलन र कानूनले गर्दा गाई गोरुको संख्या सबभन्दा धेरै भएको देखिन्छ । हुन पनि यी पशुहरूलाई पाल्न नून बाहेक अन्य आहाराहरू प्रायः खरीद गर्नुपर्ने हुँदैन । पराल, भूस, च्यांखला आदि सबै कृषि उत्पादन कै उपफल र वनको वा चरनको हरिया घाँस आदिले नै पशुहरू पालिन्छन् । तैपनि खेती

---

[1] Berry, N. J. & others —Development Potential of the Nawal Parasi Area of Nepal, Land Resources Division Tolworts Tower, Surbition, Surrey England, 1974, p.74

गरिएको जमीनको तुलनामा यहाँ पालिने पशुहरूको घनत्व, अन्य विकासशील देश र भारतकोभन्दा पनि बढी भएको मानिन्छ ।[1] त्यसैले पशुहरूको स्वास्थ्य र क्षमतालाई धान्न सक्नेगरी पालनसकेको देखिंदैन । बाछा,पाडाको मृत्यु दर ४५ प्रतिशत जति भएको अनुमान गरिन्छ । यहाँ प्रतिदिन एक गाईले एक लिटर र एउटा भैंसीले तीन लिटरभन्दा शायद बढी नै दूध दिने गरेको पाइन्छ । गोरु र राँगाको भने जोत्ने र ढुवानी गर्ने काममा ठूलो उपयोगिता छ । बाखा, भेंडा मुख्यतः मासु खानकोलागि पालिन्छन् । भेंडाको ऊनको उपयोगितातिर भने यहाँ त्यति ध्यान दिइएको पाइँदैन ।

यस जिल्लाको पशुपालन सम्बन्धी स्थिति त्यति राम्रो नदेखिए तापनि परासीको सीमावर्ती क्षेत्रमा सुधारिएको नश्ल खासगरी जेबु अर्थात् हरियाना जातका गाई वस्तुहरू निजीरूपमा भारतबाट ल्याई केही संख्यामा पाल्ने गरेको देखिन्छ । नवलपरासीमा सीमित मात्रामा योर्कशायर र ह्याम्पशायर जातका सुंगुरका पाठा पाठीहरूलाई भरतपुर (चितवन) स्थित रापती पशु विकास केन्द्रबाट खरीद गरी पाल्न थालेका छन् । उक्त केन्द्रले यस जिल्लामा उन्नत जातका पशुहरूको प्रचार प्रसार बढाउने योजना पनि गरेको छ ।

यस जिल्लाभित्र दुम्कोली र परासीमा गरी जम्मा दुईवटा पशु चिकित्सालय छन् ।

फलफूल खेती

यस जिल्लामा व्यापारिक उद्देश्यले फलफूल खेती गरेको पाइँदैन । उष्ण हावापानी अनुकूल स्थानीय जातका आँप, लीची, निबुवा, कागती, अम्बा, केरा र मेवा तथा रामबुटान आदि फलफूलहरू यदाकदा लगाइएको पाइन्छ । कहीं कहीं आँपका बगैंचाहरू छन् ।

विशेषज्ञहरूले फल र पापाइनकोलागि मेवा खेती गर्न विशेषतः नवलपुर क्षेत्रको हावापानी र माटो अनुकूल भएको हुँदा यहाँ मेवा खेती वृहद्‌रूपमा गर्न सकिने सम्भाव्यता देखाएका छन् ।[2]

कृषि विकास

मुख्यतः भित्रीमध्येश र तराईको समथर भू–भाग भएको यो जिल्ला कृषि विकासको दृष्टिले महत्वपूर्ण रहेको छ । श्री ५ को सरकारले यहाँ खाद्यान्न र नगदेबाली विकास लागू गर्ने कार्यक्रम बनाएको छ ।

माथि उल्लेख गरिएझैं बहुसंख्यक किसान आधुनिक कृषि प्रणालीबाट अनभिज्ञ रहेका छन् तापनि कृषि विकास कार्यक्रमबारे धेरैले सुनेका छन् र केहीले प्रारम्भिकरूपमा भए पनि प्रयोग गर्नथालेका छन् ।

यस जिल्लामा २०२४ सालमा जिल्ला कृषि कार्यालयको स्थापना गरिएको थियो । जिल्लाको सदरमुकाम परासीमा रहेको उक्त कार्यालयमा जिल्ला कृषि विकास अधिकृत अन्तर्गत जे.टी.ए. र जे. टी. हरू रहेका छन् । कृषि प्रसार कार्यक्रम अन्तर्गत यहाँ नतीजा प्रदर्शन, तरीका प्रदर्शन, अगुवा कृषक तालीम, बाली प्रतियोगिता, फील्ड भ्रमण, कृषक दिवस, कृषि विकास प्रदर्शनी प्राविधिक तालीम र अनुसरण कार्य आदि गर्ने गराउने गरिएको छ । यसका अतिरिक्त सीमित मात्रामा भए पनि राँगा, साँढे, कुखुरा, सुंगुर, बाखा, माछा, र तरकारीको बीउ किसानहरूलाई उपलब्ध गराउने कार्य पनि भएको छ ।

---

[1] Berry, M. J. & Others —op. cit. p.74

[2] Berry, N. J. & Others —op. cit. pp. 203-205

यहाँ कृषि खरीद बिक्री संस्थानको उपशाखा कार्यालयद्वारा सहकारी संस्थाहरू मार्फत् औषधि, बीउ, मल र कृषि औजारको बिक्रीवितरण गरिन्छ। रासायनिक मल र अन्य सामाग्रीहरूको खपतमा प्रतिवर्ष उल्लेखनीय वृद्धि हुँदै गएको छ।

कृषि विकास कार्यक्रमको प्रचार र प्रसार कार्यमा नेपाल पुनर्वास कम्पनीको दुम्कौली (नवलपुर) स्थित क्षेत्रिय कार्यालयले पनि निकै सघाउ पुऱ्याएको छ।

नवलपुर पुनर्वास आयोजना

यस जिल्लाको नवलपुर क्षेत्रमा भूमिहीन असहाय तथा दैवी प्रकोपबाट पीडित अधिराज्यका विभिन्न भागका निवासी तथा बर्मा र अन्य मुलुकहरूबाट फर्केर आएका नेपालीहरूलाई व्यवस्थित ढङ्गबाट बसोबास गराउने उद्देश्यले श्री ५ को सरकारले आर्थिक वर्ष २०२०।०२१ देखि नवलपुर पुनर्वास योजना शुरु गरेको छ। पुनर्वास योजनालाई सुव्यवस्थित ढङ्गबाट सञ्चालन गर्न श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको नेपाल पुनर्वास कम्पनी नामको एक स्वशासित र व्यावसायिक संस्था गठन भएको छ। यो संस्था खाद्य कृषि मन्त्रालय अन्तर्गत पुनर्वास विभागसँग सम्बन्धित छ। नेपाल पुनर्वास कम्पनीको योजना कार्यालय दुम्कौली नवलपुरमा छ। नेपाल पुनर्वास कम्पनीले सबभन्दा पहिले नवलपुरमा नै पुनर्वास योजना सञ्चालन गऱ्यो र त्यसपछि नेपालगञ्ज (बाँके जिल्ला) मा पनि पुनर्वास योजना सञ्चालन गर्दै आएको छ।

पूर्व नारायणी नदी, पश्चिम गिरवारी खोला, उत्तर महाभारत यति चार किल्लाभित्र श्री ५ को सरकारले तोकिदिएको करीब ६,००० बिघा (४,०८० हेक्टर) जमीनमा पुनर्वास कार्यक्रम चलाउने योजना अनुरूप नेपाल पुनर्वास कम्पनीले २०३१ साल असोज मसान्तसम्ममा १,४०२ परिवारलाई ४,४३१ बिघा (३,०१३ हेक्टर) जमीन वितरण गरी बसोबास गराइसकेको छ। पुनर्वास क्षेत्रको केही भाग पाल्पा जिल्लामा पनि पर्दछ र पाल्पा जिल्लाको नुवाकोट थर र नवलपरासी जिल्लाको नवलपुर क्षेत्रका बेल्डीहा, शिशुवार, प्रगतिनगर, अर्ग्यौली र कावासेती गाउँ पञ्चायतहरूमा पुनर्वास योजना अन्तर्गत बसोबास गराइएको छ। प्रत्येक परिवारलाई चार बिघा (२.७ हेक्टर) को दरले जमीन वितरण गरिएको छ र घर बनाउन काठपात कम्पनीले निःशुल्क दिने गरेको छ।

दश वर्षसम्म जग्गामा बसोबास गरी खेतीपाती गरेपछि बसोबास गर्ने परिवारलाई जग्गाको स्वामित्व प्राप्त हुन्छ। योजना क्षेत्रमा खेतीपातीको साथै कृषकहरूको अन्य आवश्यकता पूरा गर्न छ वटा सहकारी संस्था गठन भएका छन् र अरू सहकारी संस्थाहरू मार्फत् कृषि विकास बैंकले कृषकहरूलाई ऋण उपलब्ध गराउँदै आएको छ। योजना क्षेत्रमा एउटा कृषक सहकारी मिलको पनि स्थापना भएको थियो र हाल उक्त मिल कृषि विकास बैंकलाई हस्तान्तरण गरिएको छ। यहाँ १५ बिघा (१०.२ हेक्टर) जमीनमा कपास खेती गरिएको छ र आगामी वर्षदेखि व्यापारिकरूपमा बढी जमीनमा कपास खेती गरिने भएकोछ। कृषकहरूलाई आधुनिक कृषि प्रणाली बारे सल्लाह र मद्दत दिन प्राविधिज्ञहरूले नियमितरूपमा योजना क्षेत्रको निरीक्षण र बाली सर्वेक्षण गर्ने व्यवस्था पनि गरिएको छ। योजना क्षेत्रभित्र ठाउँ ठाउँमा सिचाइ नहर पनि निर्माण गरिएको छ र जनश्रमबाट करीब ४० किलोमिटर (२५ माइल) लामो सिचाइ नहर खनिएकोछ।

पुनर्वास योजना अन्तर्गत परिवारहरूलाई योजनाबद्धरूपमा गाउँहरूमा बसाइएकोले र प्रत्येक गाउँमा करीब नौ मिटर (३० फीट) चौडा कच्ची मूल सडकको व्यवस्था गरिएको छ र योजना क्षेत्रका सबै

गाउँहरूमा गरी करीब ११६ किलोमिटर कच्ची सडक निर्माण भएको छ । बसोबास गर्न आएका परिवारका केटाकेटीहरूलाई शिक्षा दिलाउन हालसम्ममा योजना क्षेत्रमा एउटा माध्यमिक विद्यालय, तीनवटा निम्न-माध्यमिक विद्यालय र सातवटा प्राथमिक विद्याश्रम गरी जम्मा ११ वटा विद्यालयहरू सञ्चालन भइरहेका छन् । त्यस्तै स्वास्थ्य सेवा उपलब्ध गराउन दुम्कौलीस्थित कम्पनीको कार्यालयमा नौ शय्याको एक अस्पताल स्थापना भइसकेको छ । योजना क्षेत्रका गाउँहरूमा खेलकूदको मैदान र साना पसलहरूको निमित्त पनि योजनाबद्धरूपमा जमीनको व्यवस्था गरिएको छ । कम्पनीको कार्यालय कम्पाउण्डमा हुलाक र प्रहरी चौकीको पनि व्यवस्था छ ।

योजना क्षेत्रभित्र बसोबास गर्ने परिवारहरूको आर्थिक स्थिति र जीवनस्तर अन्य ठाउँका कृषक परिवारहरूकोभन्दा राम्रो छ । पुनर्वास परिवारहरूमा आत्मसम्मान र आत्मनिर्भरताको भावना बढेकोछ ।

सिचाइ

यस जिल्लाको दुवै भाग अर्थात् परासी र नवलपुरमा वर्षायाममा परम्परागत ढङ्गबाट गरिने खेतीपातीकालागि पानीको अभाव हुँदैन । परासीमा चुरे पर्वत शृङ्खला र नवलपुरमा महाभारतका लेक खण्डबाट उत्तर हुँदै दक्षिणतिर लागेका ठूला साना अनेकौं खोलानाला छन् । जिल्लाको पूर्व भागबाट नारायणी नदी बगेको छ ।

परासी क्षेत्रमा तुरिया खोला जिल्लाको पश्चिमी सीमानानिरबाट, झरही खोला परासी बजारको छेउबाट, झरले खोला मध्यपरासी क्षेत्रको मध्यभागबाट र घनेमा तथा सतवरी खोला आदि परासीको पूर्वी भागबाट बगेर गएका छन् । यी खोला र अनेकौं सहायक खोलाहरूले गर्दा यस क्षेत्रमा सिचाइ गर्न निकै सुविधा पुगेको छ । ठाउँ ठाउँमा केही ताल पनि छन् । यी खोलाहरूको जलोत्सारण क्षेत्र साँघुरो छ । पानी परेमात्र खोला बढ्ने र अरू बेला सुक्खा हुने खहरेको प्रवृत्ति यी खोलाहरूमा पाइन्छ ।

परासी क्षेत्रको तुलनामा कतिपय कुरा समान भएर पनि नवलपुरका खोलाहरूका केही भिन्दै विशेषताहरू छन् । नवलपुरका खोलाहरूको जलोत्सारण क्षेत्र ठाडो र भिरालो परेको र विस्तृत पनि भएकोले तीव्र गतिले बग्ने र जल पनि प्रशस्त हुने तथा ज्यादा पैरो ल्याउने खालका छन् । परासी क्षेत्रमा खोलानालाहरू मैदानी भागका विभिन्न स्थानहरूलाई चिस्याउँदै बगेका छन् भने नवलपुर क्षेत्रका मुख्य खोलाहरूमा पानी प्रशस्त हुने भए तापनि ती खोलाको छेउमा कृषि-योग्य भूमिको कमी छ । नवलपुर क्षेत्रमा पश्चिमी भागमा अरूङ खोला र गिरवारी, केरूङ उल्टी गिदेरी, लाखा, मुकुण्डे, बहुलाहा, झरही, वेल्डिया आदि खोलाहरू क्रमशः नवलपुरको पूर्वी भागमा उत्तरबाट दक्षिण लागेर बगेका छन् । यी खोलाहरूमध्ये विशेषतः अरूङ्ङ खोलामा हिउँदमा पनि निकै पानी हुन्छ ।

परासी र नवलपुर दुवै क्षेत्रमा उपर्युक्त खोलाहरूको पानीबाट परम्परागत ढङ्गले कच्ची बाँध हाली कुलो काटेर खेतलाई सिचाइ गरिन्छ । अझ नवलपुरमा त गाई वस्तुलाई खवाउने, मानिसले पिउने र सिचाइका लागि समेत हुने गरी कतिपय स-साना खोलाहरूलाई घर घरै पुन्याइएको छ । यी दुवै भागमा खोलानालाको समानता के छ भने सबैजसो खहरे प्रकृतिका छन् । त्यसैले यी दुवै भू-भागमा वर्षाको याममा प्रायः सिचाइको लागि पनि पानी मनग्गे हुन्छ तर हिउँदमा पानीको अभाव हुन्छ । उपर्युक्त खोलाहरू बाहेक यहाँ

ट्यूबवेल र इनारबाट पानी निकालेर केही मात्रामा सिचाइ गरिन्छ। साधारणतया किसानहरूले धानबालीलाई बढी महत्व दिने र धानबालीका लागि वर्षा याममा प्रायः पानी उपलब्ध हुने भएकोले माथि भनिए झैं सिचाइ सुविधाको स्थिति राम्रो जस्तो देखिएको हो। तर पानी परेमा मात्र खोलामा पानी हुने हुँदा यहाँका किसानहरूलाई आकाशेपानीमा अनिश्चित किसिमले निर्भर रहनु पर्दछ। त्यसकारण वर्षेबाली बाहेक हिउँदे र अन्य बाली लगाउनलाई सिचाइको आवश्यकता पर्दछ। पानी उपलब्ध नहुने बाँझो पर्ती वा "पाखो" जगा जमीनको परिमाण पनि यहाँ निकै छ।

यस जिल्लामा केही वर्ष अघिदेखि लघु तथा वृहत् सिचाइ योजनाहरू प्रारम्भ गरिएका छन्। पहिलो योजना अन्तर्गत पुसाहा र दोस्रो अन्तर्गत गण्डक (पश्चिम नहर) सिचाइ योजना पर्दछ। तिनीहरूको विवरण क्रमशः यस प्रकार छ।

पुसाहा लघु सिचाइ योजना

यो योजना आर्थिक वर्ष २०२३।०२४ मा सुनवल गाउँ पञ्चायत (परासी क्षेत्र) अन्तर्गत पुसाहा भन्ने स्थानमा शुरू गरिएको थियो र आर्थिक वर्ष २०२९।०३० मा पूरा पनि भइसकेको छ।

यस योजना अन्तर्गत तुरिया खोलाको शिर खरेहा भन्ने खोलामा बाँध हाली, ३,०४८ मिटर(१०,००० फीट) लामो नहर निर्माण कार्य सम्पन्न भएको छ। नहरको क्षमता २५ क्यूसेक्स छ। यसबाट करीब ९६० हेक्टर जमीनमा सिचाइ सुविधा उपलब्ध भएको छ।

गण्डक पश्चिमी नहर सिचाइ योजना

गण्डक योजनाको मुख्य कार्यस्थल यसै जिल्लाको दक्षिणी-पूर्वी भागमा पर्ने त्रिवेणी बजारदेखि दक्षिणमा भारत-नेपाल सीमाना निर भैंसालोटनमा रहेको छ र त्यहाँ नारायणी (सप्तगण्डकी) मा बाँध निर्माण भएको छ। गण्डक योजना अन्तर्गत नेपालभित्र सिचाइ सुविधा उपलब्ध गराउन गण्डक बाँधबाट पूर्वी र पश्चिमी नहर निर्माण गरिने व्यवस्था छ र सोहीअनुसार पूर्वी नहरको निर्माण कार्यमा केही प्रगति पनि भएको छ। पश्चिमी नहर ३२ किलोमिटर (२० माइल) लामो र ३०० क्यूसेक्स क्षमताको हुनेछ। यसबाट नवलपरासी जिल्ला (परासी क्षेत्रको दक्षिणी भाग) को करीब १६,२०० हेक्टर (४०,५०० एकड) जमीन सिचाइ हुनेछ। सोही नहरलाई अर्को ४३ किलोमिटर (२७ माइल) पश्चिमतिर विस्तार गर्दा र ७५० क्यूसेक्स पानी उपलब्ध भएमा रूपन्देही जिल्लाको मर्चवार तप्पा र कपिलवस्तु जिल्लाको केही भाग समेत गरी शुरूको १६,२०० हेक्टर (४०,५०० एकड) लगायत जम्मा २६,२४० हेक्टर(६५,६०० एकड) जमीनमा सिचाइ सुविधा पुऱ्याउन सकिने भएकोले नहर विस्तार गर्ने परिकल्पना गरिएको छ। गण्डक योजना एउटा वृहत् योजना हो। भैंसालोटनमा गण्डक बाँध निर्माण कार्य सम्पन्न भइसकेको छ। सो योजना अन्तर्गत यस जिल्लामा सूर्यपुरामा एउटा १५,००० किलोवाट क्षमता भएको विद्युत् केन्द्र पनि स्थापना हुनेछ। पश्चिमी नहर निर्माण कार्य सम्पन्न भएपछि सिचाइ सुविधा बढ्न जाने हुँदा नवलपरासी जिल्लाको खाद्यान्न उत्पादनको वृद्धिको साथै यहाँको कृषि क्षेत्रमा नयाँ सम्भावनाहरू देखा पर्ने आशा गर्न सकिन्छ।

कृषि ऋण

परम्परागत चलनअनुसार यहाँका कृषकहरू साहु महाजनहरूबाट ऋण लिने गर्दथे र अझै पनि यो चलन पूर्णतया हराइसकेको छैन। गत एक दशक यता भने कृषकहरूलाई संस्थागत ऋण प्रदान गर्ने सिलसिलामा

उल्लेखनीय प्रगति भएको छ। यस जिल्लामा कृषि ऋण प्रदान गर्ने संस्थाहरू कृषि विकास बैंक, सहकारी संस्थाहरू तथा भूमिसुधार कार्यक्रम अन्तर्गत स्थापित ग्राम समितिहरू हुन् ।

सहकारी

यस जिल्लामा २०१९ सालदेखि सहकारी कार्यक्रम शुरू गरिएको थियो र २०२८ सालसम्ममा २५ वटा सहकारी संस्थाहरू खोलिएका थिए। तर यी संस्थाहरू प्रायः निष्क्रिय हुँदै गएको हुँदा सहकारी संस्थाहरूलाई सुव्यवस्थित ढङ्गबाट सञ्चालन गर्न २०२८ सालदेखि यहाँ निर्दिष्ट सहकारी संस्थाहरू खोलिएका छन् । निर्दिष्ट सहकारी संस्थाहरूको व्यवस्थापन सम्बन्धी काम कृषि विकास बैंकबाट हुन्छ र अन्य कार्यहरूमा यस्तो सहकारी संस्थाहरूलाई सहकारी विभागको पनि सहयोग प्राप्त हुन्छ । जिल्लाका अन्य सहकारी संस्थाहरूलाई निर्दिष्ट संस्थामा एकीकरण गर्ने र एकदमै निष्क्रिय संस्थाहरूलाई विघटन गर्ने कार्यक्रम छ । हाल यस जिल्लामा स्थापित भएका निर्दिष्ट सहकारी संस्थाहरू र तिनका सदस्य संख्या र शेयर पूँजीको विवरण निम्न प्रकार छ ।

निर्दिष्ट सहकारी संस्थाहरूको विवरण

नाम	ठेगाना	सदस्य संख्या	शेयरपूँजी
श्री परासी आदर्श बहुमुखी सहकारी संस्था (लि.)	परासी गाउँ पञ्चायत	२८६	९,५००।
श्री दयालु व. स. सं. (लि.)	सनही गाउँ पञ्चायत	३८८	३,८८०।
श्री नौलोबिहान स.सं. (लि.)	गुठी पर्सौनी गाउँ पञ्चायत	३९०	३,९००।
श्री परोपकार स.सं. (लि.)	वसन्तपुर	१६८	२,१९०।
श्री त्रिभुवन टार स.सं. (लि.)	त्रिभुवनटार, अर्ग्यौली गाउँ पञ्चायत	१९२	२,४७०।
श्री कृषक सहकारी स.सं. (लि.)	सिसवार गाउँ पञ्चायत	६५८	१७,६००।

उपर्युक्त निर्दिष्ट सहकारी संस्थाहरूद्वारा यस जिल्लामा आर्थिक वर्ष २०३०।०३१ मा मात्र गहुँ खेतीको लागि रू. ९६,८७५, धान खेतीकोलागि रू. १,५६,९८९।, उखु खेतीकोलागि रू. १२,३७०।, गोरुखरीदको लागि रू. ३९,४२३।, उपभोक्ता भण्डारलाई रू. १०,०००। गरी जम्मा रू. ३,१५,६५७। लगानी भएको र सोमध्ये रू. १,३५,००८। असूल भएको समेत देखिन्छ ।

उक्त सहकारी संस्थाहरूको दोस्रो चरणको कार्यक्रममा कृषि उत्पादनको बिक्री व्यवस्था गर्ने लक्ष्य राखिएको छ । यो निकै महत्वपूर्ण काम हो । यसको राम्रो व्यवस्था हुन सकेमा किसानहरूले आफ्नो उब्जनीको उचित मूल्य पाउन सक्नेछन् । यस दिशामा गोदाम घरको अभावले गर्दा अपेक्षितरूपमा प्रगति हुन सकेको छैन ।

नेपाल पुनर्वास कम्पनीले बसोबास गराइएको पुनर्वास क्षेत्रमा निकै प्रभावकारी ढङ्गले सहकारी कार्यक्रम चलाइएको छ । यहाँ प्रत्येक ३० जना कृषकहरूको एउटा ग्रामीण सहकारी संस्था गठन गरिएको छ ।

कृषि सम्बन्धी सबै ऋणहरू यिनै सहकारी संस्था मार्फत् वितरण गरिन्छ । प्रति किसानले सहकारी संस्थाको शुल्क रू. ५०। तिर्नपर्ने नियम छ । यी संस्थाहरूको समन्वयकर्ताकोरूपमा नेपाल पुनर्वास कम्पनीले काम गर्दछ । यहाँ धान, तोरी र पीठो मिल समेत सहकारी संस्थाहरूद्वारा सञ्चालन गरिएको छ ।

कृषि विकास बैंक

यस जिल्लाको सदरमुकाम परासीमा २०२६ साल भदौमा र नवलपुरमा २०२७ जेठमा स्थापित कृषि विकास बैंकका दुई उपशाखा कार्यालयहरू छन् । कृषकहरूलाई विभिन्न अवधीको संस्थागत ऋण प्रदान गर्नुका साथै केही मात्रामा बैंकिङ्ग कारोबार समेत यी दुई उपशाखाहरूबाट हुने गर्छ ।

कृषि विकास बैंकले सहकारी संस्थाहरू मार्फत् कृषि उत्पादन बढाउन आवश्यक पर्ने कृषि सामग्रीहरू खरीद गर्न दिइने ऋण अल्पकालीन ऋण हो । अल्पकालीन ऋण बाहेक कृषि विकास बैंकले मोहीलाई जग्गा किन्न र खेती विकास सुविधा ऋण अन्तर्गत ट्रेक्टर, पावर टिलर, पम्पसेट र गोदाम आदिका लागि (छ-सात वर्षको लागि) कृषकहरू लाई सोझै मध्यकालीन ऋण दिन्छ। त्यस्तै माछा, सुंगुर, कुखुरा, फलफूल र नगदे बालीको खेतीकोलागि दिइने ऋण परियोजनाअनुसार मध्यकालीन वा दीर्घकालीन ऋण पनि हुन सक्छन् । यसका अतिरिक्त कृषि उद्योग, सिचाइ आदिका लागि पनि परियोजना हेरी दीर्घकालीन ऋण दिइन्छ ।

परासी बजारस्थित कृषि विकास बैंकको उपशाखाले २०३०।६।३० सम्म विभिन्न अवधिका विभिन्न शीर्षक अन्तर्गत यहाँका चार सहकारी संस्था र ३१५ जना किसानहरूलाई प्रदान गरेको ऋण रकमको विवरण निम्नबमोजिम छ ।

कृषि विकास बैंक परासी उपशाखाबाट प्रदान भएको ऋणको विवरण

(२०३०।६।३० सम्म)

(रू. मा)

खाद्यान्न उत्पादन (धान र गहुँ खेती आदिका लागि)	१,९४,९५१।
नगदेबाली (उखु खेती)	१२,२३५।
कृषि उद्योग (मील सञ्चालन र स्थापना) चल अचल पूँजी	५६,०३८।
कृषि यान्त्रीकरण (ट्रेक्टर, पावर टिलर थ्रेसर स्प्रेयर र गोरू) खरीद आदिका लागि	८,१३,३१२।
सिचाइ (पम्प सेट टयूबवेल)	१,७२,६४६।
कृषि व्यवसाय (भैंसी पालन)	३,८००।
उपभोक्ता भण्डार	१०,०००।
जम्मा	१२,६२,९८५।

त्यस्तै कृषि विकास बैंकको नवलपुर उपशाखाले पनि आर्थिक वर्ष २०२७।०२८ मा रू. १६,४४,५००।, आर्थिक वर्ष २०२८।०२९ मा रू. ६,७४,२४७। र आर्थिक वर्ष २०२९।०३० मा रू. ५६,२४,४३। गरी जम्मा रू. २८,८१,१९०। ऋण माथि उल्लेख गरिए जस्तै विभिन्न शीर्षक अन्तर्गत लगानी गरेको छ ।

साथैं भूमि सम्बन्धी प्रकरणमा उल्लेख गरिए झैं यहाँ भूमिसुधार कार्यक्रम अन्तर्गत प्रत्येक जसो वडामा खडा गरिएका ग्राम समिति मार्फत् पनि हालसम्म २,३४,०६६ मन जिन्सी र नगद रू. ३,८८,२३०। ऋण वितरण गरिएको छ ।

यसरी संस्थागत ऋण अझ व्यापक हुँदै गएपछि यस जिल्लाका किसानहरूले आधुनिक कृषि तरीका र उपकरणहरूको बढी मात्रामा उपयोग गर्न सक्ने हुँदा भविष्यमा यस जिल्लाको कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन जाने देखिन्छ ।

उद्योग

नवलपरासी जिल्लाभित्र उल्लेखनीय ठूला औद्योगिक संस्था वा संगठितरूपमा गरिएको घरेलु उद्योग आदि पाइँदैन । सम्पूर्णरूपमा कृषिमाथि आधारित अर्थतन्त्र भएकोले धान, तोरी प्रशोधन गर्ने मिल-हरूतिर केही पूँजी आकर्षित भएको देखिन्छ । २०१७ सालपछि विशेषगरी जिल्लाका गाउँ गाउँमा जम्मा ५४ वटा धान कुट्ने, तोरी पेल्ने र पीठो पिध्ने मिलहरू स्थापना गरिएका छन् । नवलपुरमा स्थापित सहकारी मिल पनि त्यसैमध्ये एक हो । यहाँ भएको एक काठ मिल हाल निष्क्रिय अवस्थामा छ । यहाँ केही मात्रामा बिंडी पनि उत्पादन गरिन्छ ।

मिलहरूकोलागि आवश्यक हुने कच्चा पदार्थको आपूर्ति केही मिलमालिकहरूले स्वयं प्रबन्ध गर्छन् । साथै किसानहरूले पारिवारिक आवश्यकता पूर्ति गर्न वा बेच बिखन गर्ने उद्देश्यले धान, तोरी कुट्न वा पेल्न ल्याउने हुनाले पनि कच्चा पदार्थ उपलब्ध हुन्छ ।

परम्परागत जाँतो, ढिकी र कोलभन्दा मिलहरूको स्थापना र उपयोग हुनु निकै ठूलो सुधार मान्न सकिन्छ तापनि एक अध्ययनअनुसार उपर्युक्त मिलका मेशिन पुरानो खालको भएकोले धानबाट आयतनमा ६० प्रतिशत र वजनमा ४४ प्रतिशत चामल तथा तोरीमा ३० देखि ४० प्रतिशतसम्म मात्र तेल निकालिन्छ । नवलपुर दुम्कौलीस्थित सहकारी मिल जिल्लाको सबैभन्दा बढी क्षमता भएको मिल हो । २०२४ सालमा स्थापना गरिएको यस मिलमा २६ अश्वशक्तिको दुईवटा आएल एक्स्पेलर जडान गरिएको छ । यो मिलले २४ घण्टामा सात टन तोरी पेल्न सक्छ । यहाँ धानको भूस र तोरीको पिना गाई वस्तुलाई कुँडो तयार पारेर ख्वाउने काममा उपयोग हुन्छ । एकथरी व्यापारीले तोरीको पिना खरीद गरेर भारत निकासी गर्ने गर्छन् ।

खासगरी फुर्सतको बेलामा पारिवारिक आवश्यकताअनुसारका वस्तुहरू बनाउने चलनले गर्दा घरेलु उद्योगका उत्पादनहरू गाउँ घरमै खपत हुन्छन् । घरेलु उत्पादनहरूमध्ये डोको, मान्द्रो, पेरूङ्गो, काठको ठेकी, ढक्की, गुन्द्री, चकटी, डोरी, नाम्लो, टोकरी, नाङलो आदि र माटाका भाँडाकुँडाहरू उल्लेखनीय छन् ।

यस जिल्लामा २०२६ सालमा अन्तःशुल्क शाखा कार्यालय (परासी) खोलिएको थियो । सो कार्यालयअनुसार नवलपरासी जिल्लाको मदभट्टी रकम समेत विभिन्न औद्योगिक प्रतिष्ठानबाट असूल भएको अन्तःशुल्क रकम निम्नअनुसार छः—

आर्थिक वर्ष	आम्दानी
२०२६।०२७	१,४५,६५२।
२०२७।०२८	१३,५९,२००१।
२०२८।०२९	११,९२,७९१।
२०२९।०३०	८,३१,३०७।

औद्योगिक तथा अन्य क्षेत्रको विकासकोलागि समेत नभई नहुने आधारभूत कुरामध्ये यातायात सुविधाको अभावले यो जिल्ला मुख्यतः कच्चा पदार्थ प्रदायकोरूपमा मात्रै रहन परेको हो तापनि महेन्द्र राजमार्गको निर्माण र विद्युत्शक्तिको उपलब्धताले यस जिल्लाको औद्योगिक क्षेत्रमा उल्लेखनीय परिवर्तन आउने आशा गर्न सकिन्छ ।

व्यापार

यस जिल्लाको व्यापारिक गतिविधि कृषि तथा वन्य पैदावारहरूको निकासी र भारतीय मालसामानको पैठारीमा केन्द्रित रहने गरेको छ। यहाँ कृषि उत्पादनको करीब ७० प्रतिशत जिल्लाकै खपतको निमित्त आवश्यक हुने र बाँकी बचतमध्ये जिल्ला बाहिर स्वदेश र विदेशमा विशेषतः भारततर्फ निकासी गर्ने गरिन्छ। वन्य पैदावारमा नवलपुर क्षेत्रको वनमा पाइने विभिन्न साल तथा अन्य जातका काठहरू यहाँबाट निकासी गरिन्छ । जिल्लाको पहाडी भेक र त्यसका छेउछाउका पाल्पा जिल्लाका निवासीहरू समेत सुठो, बेसार, सुन्तला र घ्यू यही जिल्लाको नवलपुर क्षेत्र हुँदै जिल्लाको दक्षिण–पूर्वी भागमा भारतीय सीमाना निर रहेको त्रिवेणी बजारमा ल्याई बिक्री गर्दछन् । परासी क्षेत्रबाट परासीको दक्षिणमा भारतीय सीमाना नजीकै रहेका पाँचवटा भन्सारहरूबाट धान, मकै, तोरी आदि निकासी हुन्छ । भारतबाट यस जिल्लामा सूती, ऊनी कपडा, नून, मट्टीतेल, डिजेल, सिमेण्ट, फलाम, स्टेशनरी, औषधि आदि मालहरू मगाइन्छन् । त्यसका अतिरिक्त दुम्कौली र त्रिभुवनटारदेखि पूर्व र त्यसको उत्तरमा रहेका निवासीहरू छिमेकी चितवन जिल्लाको नारायणगढमा गई मालसामान बिक्री विनिमय गर्ने गर्दछन्। भैरहवामा चीनी र तोरी तेल मिल भएकोले त्यतापट्टि पनि यस जिल्लाबाट केही मात्रामा उखु र तोरी लैजाने गरिन्छ । हेर्ने हो भ ने, अन्यत्र झैं परम्परागत चलनअनुसार यस जिल्लाको निकासी पैठारी व्यापार मुख्यतः दक्षिणतिर नै ज्यादा रहेको छ ।

जिल्लाका मुख्य बजारहरूमा त्रिवेणी, परासी, दुम्कौली, त्रिभुवनटार आदि हुन् । यहाँ मुख्यतः दुई किसिमका व्यापारीहरू पाइन्छन् । एक थरी खासगरी नेपाली कृषि पैदावारको खरीद र निकासीमा संलग्न हुन्छन् । अर्कोथरी केवल भारतीय मालसामानका विक्रेताहरू हुन्छन् ।

यस जिल्लामा हप्तामा वा १५ दिनमा विभिन्न स्थानमा हाट बजार लाग्ने चलन छ । यी बजारहरूमा किसानहरू कृषि तथा घरेलु उद्योगका उत्पादनहरू बिक्री गर्दछन् । बिक्रीबाट आएको पैसाले आफैंलाई चाहिने नून, चीनी, मट्टीतेल, लत्ताकपडा किनेर लैजान्छन् । केही ठूला व्यापारीहरूले किसानहरूलाई बाली पाक्नु अगावै सशर्त केही रूपैयाँ पेश्की दिएर आफूले खरीदगर्ने बाली बटुल्नेकुरामा निश्चित हुन चाहन्छन् तर दर भाउ पहिले नै तोकिने भएकोले किसानहरूले माल दिंदा बजार भाउभन्दा केही कम दरमा बिक्री गर्नुपर्ने स्थिति पैदा हुन्छ ।

नवलपुरको तुलनामा परासी क्षेत्रमा केही बढी विकसित बजार छन् । यहाँ व्यापारिक दृष्टिले पायक परेका कमसेकम नौ स्थानहरूमा हप्ता वा १५ दिनमा हाट लाग्ने गर्छ । स्वभावतः बढी जनसंख्या भएकोले पनि यस्ता हाटहरूमा निकै मान्छे जम्मा हुन्छन् र व्यापार पनि बढी हुन्छ । नवलपुरको क्षेत्रमा भने व्यापारिक गतिविधिको सबैभन्दा मुख्य वाधा यातायात र ढुवानीको असुविधाले पर्न गएको छ । ढुवानीको निम्ति बढी पैसा लाग्ने भएकोले कृषि पैदावारको मोल कम हुन जान्छ । तर अर्कोतिर भारतबाट आयात गरिएका सामान त्यही कारणले बढी महँगो पर्न जान्छ ।

यस जिल्लाको खाद्यान्न, तोरी र काठ निकासीको परिमाणलाई ध्यानमा राखेरै जिल्लाको खासगरी परासी क्षेत्रमा जम्मा पाँचवटा भन्सार कार्यालयहरू राखिएका छन् । त्यसमध्ये नवलपुर क्षेत्रको मालसामान त्रिवेणी भन्सार भएर लानेल्याउने गरिन्छ । ती कार्यालयहरू राखिएको स्थान र आर्थिक वर्ष २०२६।०२७ देखि २०२९।०३० सम्म भन्सार कार्यालयहरूबाट सालबसालै उठेको राजस्वको विवरण निम्नअनुसार छ ।

पञ्चायत	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
विष्णुपुर छोटी भन्सार	६३,२६३।	७२,०६९।	८५,२३८।	४५,६९१।
महेशपुर छोटी भन्सार, रामपुखा	१,४१,९८६।	१,८३,११७।	१,६८,९३६।	१,५०,५९५।
भुजहवा छोटी भन्सार, भुजहवा	९५,४०७।	४६,५६७।	५६,८९८।	६३,४१३।
त्रिवेणी छोटी भन्सार, त्रिवेणी	३३,३०३।	२,४५,७५५।	२,४६,८५२।	१,०५,४४१।
गुठी पर्सौनी छोटी भन्सार, पर्सौनी	४७,२३६।	२९,१२६।	४७,७४७।	१,००,०५०।
जम्माः—	३,८१,१९५।	५,७६,६३४।	६,०५,६७१।	४,६५,४९०।

बैंक

यस जिल्लाका नवलपुर र परासी क्षेत्रमा कृषि विकास बैंकका जम्मा दुई उपशाखाहरू रहेका छन् । जिल्लाको सदरमुकाम परासी बजारमा राष्ट्रिय वाणिज्य बैंकको शाखा कार्यालय र त्रिवेणी बजारमा राष्ट्र बैंकको शाखा खोलिएका छन् ।

कृषि विकास बैंकका उपशाखाहरूको कार्यविधिहरूबारे कृषि सम्बन्धी विवरणमा उल्लेख गरिसकिएको छ । परासीस्थित राष्ट्रिय वाणिज्य बैंकको शाखाले सरकारी अड्डाखाना, पञ्चायत, कृषि विकास बैंक, तथा अन्य संघ संस्थाहरूको चल्ती, बचत, मुद्दती, नन् अपरेटिभ खाताहरू खोली रकम दिने गर्छ । ड्राफ्ट, टी. टी. र मेल ट्रान्सफरहरूको भुक्तानी लिने तथा पठाउने र सर्वसाधारण जनता तथा व्यापारीहरूले ल्याएको सुनचाँदी र कपडा, तेलहन आदि धितो राख्ने एवं लगानी गर्ने गरेको छ । यसका अतिरिक्त विदेशी मुद्राको सटहीको कारोवार पनि गरेको छ । परासी बजार जिल्लाको सदरमुकाम र एक व्यापारिक केन्द्र समेत भएकोले यहाँ बैंक सम्बन्धी कारोवार स्वभावतः बढ्दै गएको छ । हाल यस बैंकमा १३१ जनाले चल्ती र ३०४ ले मुद्दती खाताहरू खोलेकाछन् । नन् अपरेटिभ खाता खोल्नेहरूको संख्या ३१ पुगेको छ । यहाँ मुख्यतः सुन र चाँदी राखी ऋण लिने गरिन्छ । ५०० जनाले सुन र १८४ जनाले चाँदी धितो राखेर ऋण लिएका छन् ।

तोरी र कपडामा पनि केही मात्रामा ऋण लगानी हुने गर्छ । २०३०।६।२३ सम्ममा यस बैंकले सुनमा रू. १,६१,०८१। र चाँदीमा रू. २४,३१७। लगानी गरेको थियो ।

जिल्लाको दक्षिणी सीमाना नजीकको त्रिवेणीस्थित नेपाल राष्ट्र बैंकको शाखाले त्रिवेणी वजार र महेशपुरमा विदेशी मुद्रा खास गरी भारतीय रूपैयाँको सटही काउण्टर खोली मुद्रा सटही कारोवार गरेकोले यसबाट सीमा क्षेत्रको व्यापारमा निकै सुविधा पुग्न गएको छ ।

नवलपुर क्षेत्रमा रहेको कृषि विकास बैंकको उपशाखाले कृषि ऋण दिनुको साथै राष्ट्र बैंकको अनुमति लिएर बैंकिङ कारोवार समेत गर्ने गरेको छ । हाल यस बैंकमा १२१ जनाले चल्ती र आठ जनाले मुद्दती खाता खोलेका छन् ।

यस जिल्लामा बैंक सेवा क्रमशः विस्तार हुँदै गएकोले कृषि, व्यापार तथा उद्योगको विकासमा भविष्यमा अझ बढी महत्वपूर्ण योगदान पुग्न जाने देखिन्छ । २०२८ को राष्ट्रिय जनगणनाअनुसार यस जिल्लामा कृषि, वन तथा पशुपालनको पेशा लिएका ५३,६३० जना (९५.९ प्रतिशत र बाँकी २,२९१ जना (४.१ प्रतिशत) उद्योग धन्दा, वाणिज्य, व्यापार वैयक्तिक तथा सामुदायिक सेवा, यातायात तथा सञ्चार जस्ता गैर कृषि पेशामा लागेका छन् । यसरी यहाँ १० वर्षभन्दा बढी उमेर भएका जम्मा १,०१,७३९ मध्ये आर्थिक दृष्टिकोणले सक्रिय र विभिन्न पेशामा संलग्न रहेका जम्मा ५५,९२१ जना (करीब ५५ प्रतिशत छन्) र कृषि बाहेक अन्य व्यवसायमा लागेकाहरूको संख्या निकै थोरै छ ।

महेन्द्र राजमार्गको निर्माण, विद्युतीकरणको शुरूवात, बैंक सेवाको विस्तार जस्ता यस जिल्लाको आर्थिक व्यवस्थामा निकै महत्वपूर्ण परिवर्तन ल्याउने खालका आधारशिलाहरू थपिंदैछन् तापनि हाल र निकट भविष्यमा पनि कृषि तथा कृषि सम्बन्धी उद्योग वा व्यवसायमा नै यहाँको अधिकांश जनसंख्यालाई निर्भर गर्नु पर्ने कुरा माथिका तथ्याङ्कहरूबाट देखिन्छ ।

यातायात, सञ्चार र बिजुली

यातायात, सञ्चार र बिजुली जस्ता महत्वपूर्ण साधनहरूको अभावले गर्दा केही वर्ष अघिसम्म नवलपरासी जिल्ला छिमेकी चितवन र रूपन्देही जिल्लाहरूभन्दा पछि परेको मानिन्थ्यो। हाल यहाँ सम्पन्न भएका र निकटभविष्यमै सम्पन्न हुने आशा गरिएका विशेषतः सडक र बिजुलीका वृहत् आयोजनाहरूलाई ध्यानमा राख्दा यातायात र बिजुलीको क्षेत्रमा यो जिल्ला पनि छिनेकी जिल्लाहरूको दाँजोमा अगाडि बढ्न थालेको छ।

यातायात

यहाँका परम्परागत बाटाघाटालाई हेर्दा आर्थिक स्रोतको उपलब्धताको आधारमा नै मार्गहरू बनेको देखिन्छ। पहाडी क्षेत्र अर्थात् नवलपुरको उत्तरमा रहेको महाभारत शृङ्खला र परासीको उत्तर-पूर्वमा फैलिएको चुरे पर्वतमालालाई नाघेर गएका अनेकौं गोरेटो र मूल बाटाहरू छन्। तर यी पहाडी क्षेत्रका बाटाघाटाहरू कम चलन चल्तीमा आउँछन्। तर मधेश वा तराई क्षेत्रमा कच्ची सडक र बाटाघाटाले प्रत्येकजसो गाउँलाई जोडेको छ। अझ नवलपुरमा भन्दा परासी क्षेत्रमा बढी बाटाघाटाहरू छन्। परासी क्षेत्रमा मात्र दक्षिणतिर जाने पाँचवटा कच्ची सडकहरू छन्। यी प्रत्येक सडकहरू भारतको सीमानासम्म पुगेर टुङ्गिगिएका छन्। परासीको धान, मकै, तोरी आदि भारत निकासी गर्ने मुख्य मार्गहरू यिनै हुन्। त्यसदेखि बाहेक नवलपुर क्षेत्रबाट तमासपुर भएर परासी आउने जाने र परासीदेखि भैरहवा आउने जाने (पूर्वपश्चिम भएर) कच्ची सडकहरू छन्। स्थल मार्गमा यहाँ ढुवानीको साधन बयल गाडा हो र गाडा बाहेक घोडा र यदाकदा भरियाद्वारा पनि माल सामान ओसार पसार गरिन्छ।

यसका अतिरिक्त नवलपुर क्षेत्रबाट तोरी, लकडी आदि भारत निकासी गर्ने अर्को मुख्य ढुवानीको साधन नारायणीमा लाग्ने ठूलाठूला डुङ्गाहरू हुन्। तमासपुरबाट त्रिवेणी (नेपाल–भारत सीमानानिर) घाटसम्म प्रायः यही जलमार्गबाट मालसामान र यात्रुहरू ल्याउने लैजाने गरिन्छ। यसरी शुरूदेखि नै यहाँ स्थलमार्ग र जलमार्गको प्रयोग भएको र यहाँका परम्परागत मार्गहरू दक्षिणतिर कच्चा पदार्थ ओसार्ने साधनका रूपमा रहेको देखिन्छ। माथि उल्लेख गिरिए झैं यातायात र ढुवानी सुविधाको क्षेत्रमा अब यस जिल्लामा पनि निकै ठूलो परिवर्तन आउन लागिरहेको छ। यस जिल्लामा सम्पन्न भएका र निर्माणाधीन राजमार्ग तथा सडकहरूको साथै जिल्लाका अन्य प्रमुख सडकहरूको छोटकरी वर्णन तल दिइएको छ।

महेन्द्र राजमार्ग (बुटवल–नारायणगढ खण्ड)

अधिराज्यकै लागि अत्यन्त महत्वपूर्ण मानिएको महेन्द्र राजमार्गको निर्माण कार्यको शुभारम्भ २०१८ सालमा स्व. श्री ५ महेन्द्रका बाहुलीबाट यस जिल्लाको पूर्व सीमानाकै छेउ गैंडाकोट (तनहूँ) मा सुसम्पन्न भएको थियो। यस राजमार्गको नारायणगढ–बुटवल खण्ड (११३ कि. मि.) यही जिल्ला भएर गएको छ। नवलपरासी जिल्ला भित्र यो राजमार्ग पूर्वमा बेल्डिहा पञ्चायतदेखि शुरू भएर पश्चिममा सुनवल पञ्चायतसम्म करीब ९८ किलोमिटर (६१ माइल) लामो छ।

यो राजमार्ग नवलपुरको मध्यभागबाट घना जङ्गल र धेरैजसो समथर भू–भाग हुँदै दुम्कौली प्रगति नगर र त्यहाँदेखि त्रिभुवन टारसम्म दक्षिण पश्चिम चापेर गएको छ। अरूङ्ग खोलादेखि केही पश्चिमबाट पाल्पा जिल्लाको दक्षिण–पूर्व भू–भाग भएर परासीको पूर्व–उत्तरमा रहेको चुरे पहाडलाई पार गर्दछ र परासीको उत्तरी भागमा पर्ने वर्दघाट, राम नगर र सुनवल हुँदै पश्चिमतिर लागेको छ। जिल्लाको सदरमुकाम परासी बजारदेखि १० किलोमिटर (करीब छ माइल) उत्तरमा राजमार्ग रहेको छ।

यस राजमार्गमा नवलपुर क्षेत्रमा ठूला खालका तर कम संख्यामा खोला नाला भएकोले तीन ठाउँमा र परासी क्षेत्रको उत्तरमा चुरे पर्वतबाट रसाएका धेरै खोलानाला भएकोले त्यस क्षेत्रमा जम्मा नौवटा गरी ठूला साना पुलहरूको जम्मा सख्या १२ र ठूला साना पुलेसाहरूको संख्या ५९२ छन्। यो राजमाग नौ मिटर चौडा छ र तीन मिटरमा कालोपत्र गरिएको छ। आर्थिक वर्ष २०३१।३२ भित्र महेन्द्र राजमार्गको यो खण्डको निर्माण कार्य सम्पन्न हुने भएको छ।

राजमार्गको यस खण्डको निर्माणले यो जिल्लालाई एकातिर सुनवल–पोखरा तथा वीरगञ्ज काठमाडौं उत्तर–दक्षिण विकास रेखालाई जोडिदिने भएको छ भने अर्कोतिर यातायातको असुविधाले अलगिएर बसेको नवलपरासी जिल्लालाई राष्ट्रिय मुख्य धारामा पूर्णरूपले सम्मिलित हुने मौका दिनुका साथै विकासका दृष्टिले यस जिल्लाको कायापलट हुने सम्भावनालाई खोलिदिएको छ।

सुनवल-परासी सडक

राजमार्गहरूका निर्माणका साथै तिनका शाखा सडकको निर्माण अत्यन्त महत्वपूर्ण हुन्छ। सदरमुकाम परासी बजारलाई राजमार्गसँग जोड्ने आवश्यकतालाई पूरा गर्न यहाँ पहिलेदेखि गाडा चल्ने सुनवल-परासी कच्ची सडकलाई पक्की गराउने तथा कालोपत्र हाल्ने कार्य २०३१ सालमा सडक विभागद्वारा सम्पन्न गरिएकोछ। अब परासीबाट राजमार्गसम्म मोटर र ट्रक आवत–जावत गर्न सक्ने भएका छन्। यसको लम्बाइ १० किलोमिटर (करीब छ माइल) छ। यस्ता पक्की सडकहरूबाट तुरून्त हुने फाइदामा ढुवानी खर्च निकै कम हुन जाने पनि हो। यहाँ प्रचलित ढुवानीका साधन गोरु र राँगा गाडाहरू, घोडा तथा भरिया आदि हुन्।

माथि उल्लिखित पक्की सडक बाहेक यस जिल्लामा भएका केही मुख्य कच्ची सडक निम्नअनुसार छन्:–

परासी–त्रिवेणी कच्ची सडक

यो सडकले परासी र त्यसको दक्षिण–पूर्व नारायणीको किनारमा भारतीय सीमानिर रहेको त्रिवेणी बजारलाई जोड्छ। बीचमा पिपरा, सेमरी, बेलारी आदि स्थानहरू पर्छ छन्। शुरूमा यसबाट केवल गाडा मात्र

चल्थ्यो। हाल यसमा केही सुधार र मरमत गरिएको छ। परासीदेखि त्रिवेणीसम्म यो सडक करीब ३४ किलोमिटर (२१ माइल) लामो छ र सडकको चौडाइ करीब नौ मिटर (३० फीट) छ र त्यसमा मोटर चलन सक्छ तर वर्षा लागे पछि पैदलसवारी बाहेक अन्य सवारीहरू चलन गाऱ्हो पर्दछ।

यस सडकबाट परासी र त्रिवेणीका बीच व्यापारिक मालसामान आवत–जावत हुनाका साथै, परासी क्षेत्रका निवासीहरू त्रिवेणीमा माघे मेला भर्न र नारायणीमा नुहाउन जाने आउने गर्छन्। तर नवलपुर र त्यसको पहाडी प्रदेशका निवासीहरूका लागि त्रिवेणीको जति व्यापारिक महत्व छ त्यति परासी र त्यस क्षेत्रका निवासीहरूका लागि छैन।

परासी-त्रिवेणी सडकका बीच खण्डहरूबाट दक्षिण भारतसम्म जाने चारवटा मुख्य सहायक कच्ची सडकहरू छन्। यिनीहरू सबैको स्तर, लम्बाइ र चौडाइ प्रायः एकै किसिमको छ र प्रत्येक सडकको दक्षिणी अन्तमा भन्सार कार्यालय रहेका छन्। यिनीहरूको मुख्य उपयोग भारततिर खाद्यान्न र नगदेबाली निकासी गर्ने काममा गरिन्छ। तिनीहरूमध्ये एक परासी–विष्णुपुरा कच्ची सडकको वर्णन तल गरिन्छ।

परासी–विष्णुपुरा कच्ची सडक

यो सडक परासीदेखि सोझै दक्षिण विष्णुपुरा नामक स्थानसम्म करीब २७ किलोमिटर (१७ माइल) लामो छ। विष्नुपुरानिर भन्सार अड्डा छ र सीमाना पारी भारतको ठूटीबारी बजार छ। परासी क्षेत्रमा भारतबाट उपभोग्य माल सामान ल्याउन र धान, तोरी, मकै आदि निकासी गर्नमा नै यो सडकको उपयोग हुन्छ। तर अन्य कच्ची सडकहरू जस्तै वर्षामा यो सडक पनि प्रायः बन्द रहन्छ।

परासी–भैरहवा कच्ची सडक

यो मार्ग यस क्षेत्रको निकै पुरानो सडकमध्ये एक हो। शुरूमा हात्ती मात्र हिंड्न सक्ने भए तापनि पछि आएर यसको सुधार र मरमत गरिएको छ। हाल यसमा हिउँदमा मोटर चलन सक्छ। परासीदेखि भैरहवासम्म यो सडकको लम्बाइ २४ किलोमिटर (१५ माइल) छ।

यस सडकले लुम्बिनी अञ्चलको एक मुख्य औद्योगिक र व्यापारिक नगरको रूपमा विकास भैरहेको भैरहवासँग यो जिल्लालाई जोडिदिएको छ। भैरहवाको चीनी तथा तेल (तोरी) मिलको कच्चा पदार्थको आवश्यकता पूरा गर्न नवलपरासी जिल्लाबाट जाने तोरी र उखु यही मार्गबाट ढुवानी गरिन्छ।

हाल महेन्द्र राजमार्गको निर्माणले यो सडक त्यति चालू नरहे तापनि उक्त राजमार्ग बुटवल-खस्यौली निक्लने र यो सडकबाट सोझै भैरहवा पुग्न सकिने भएकोले यो सडक अझै पनि महत्वपूर्ण छ।

त्रिभुवनटार–तमासपुर कच्ची सडक

यो सडक जिल्लाको पूर्वी भागमा पर्ने नवलपुर क्षेत्रबाट दक्षिणतिर आउने जाने माल सामान लग्ने ल्याउने मुख्य सडक हो। तमासपुरबाट त्रिवेणीघाटसम्म एक छुट्टै गोरेटो बाटो गएकोछ तापनि अधिकांश मानिसहरू तमासपुरबाट ठूला ठूला डुङ्गाहरूद्वारा त्रिवेणी बजार पुग्दछन्।

जलमार्ग

यस जिल्लालाई पूर्वमा छिमेकी चितवन जिल्लासँग र दक्षिण–पूर्वी भागमा भारतसँग नारायणी नदीले छुट्याएको छ। त्यसैले चितवन जिल्ला र परासी क्षेत्रको त्रिवेणी बजार जान आउन नारायणी नदीमा

ठाँडी घाट, भौसर घाट, तमासपुर घाट, लेढाघाट र त्रिवेणीघाट गरी छ ठाउँमा डुङ्गा लाग्दछ । नवलपुर क्षेत्रबाट चितवन जिल्ला मात्र होइन, सोभन्दा पूर्वका जिल्ला र काठमाडौं सँगको यातायात पनि उक्त घाटहरूबाटै चल्ने गरेको थियो । तमासपुरबाट त्रिवेणीसम्म जान आउनका लागि नदीको प्रवाहसँगै दक्षिण जाने आउने गर्नु पर्ने हुन्छ । नदीको प्रवाहसँग बहनु सजिलो हुने हुनाले यस स्थानबाट त्रिवेणी पुग्न एक दिन लाग्छ । तर तलबाट माथि अर्थात् उत्तरतर्फ आउँदा भने नदीको प्रवाहको विपरीत डुङ्गा खियाउनु पर्ने हुनाले दुई दिन लाग्छ ।

व्यापारीहरूले नवलपुरको तोरी, मकै, दलहन आदि दक्षिणतिर लैजादा जल मार्गबाट ढुवानी गर्छन् । पहाडी प्रदेशका मानिसहरूले सुन्तला, घ्यू, बेसार, सुठो आदि यिनै डुङ्गाको उपयोग गरेर त्रिवेणीमा लगी बिक्री गर्छन् । यसका अतिरिक्त नवलपरासी क्षेत्रबाट भारततिर काठ ढुवानी गर्दा उक्त काठलाई नारायणी नदीको प्रवाहका साथै स्वतः बगेर जानेगरी नदीमा हाली दिने र गन्तव्य स्थानमा सो काठ जम्मा गर्ने काम पनि हुन्छ ।

यसरी यस जिल्लाको विशेषतः पूर्व भागको यातायात र ढुवानी सुविधाको क्षेत्रमा परम्परागत रूपमा भए पनि यो जलमार्गको निक्कै ठूलो महत्व रहेको छ ।

सञ्चार

यस जिल्लामा उपलब्ध सञ्चारका साधनहरूमा आकाशवाणी र हुलाक सेवा मुख्य छन् ।

आकाशवाणी

जिल्लाको सदरमुकाममा र त्रिवेणीमा समेत यहाँ दुई स्थानमा आकाशवाणीका स्याटेलाइट केन्द्रहरू छन् । यी दुवै केन्द्रहरूबाट काठमाडौं, भैरहवा, तमघास (गुल्मी) बुटवल, पाल्पा, नरपानी, कृष्णनगर (तौलिहवा) आदि ठाउँका स्टेशनहरूसँग सम्पर्क राख्न सकिन्छ । यी दुवै केन्द्रहरूको एरिया कण्ट्रोल स्टेशन भैरहवामा रहेको छ । गतवर्ष मा परासी र त्रिवेणीबाट आए गएको खबर संख्या क्रमशः ४,००० र १,१०० थियो ।

हुलाक

यस जिल्लामा रहेका हुलाक अड्डाहरू र तिनीहरूको स्तर तथा राखिएका स्थानहरू निम्नअनुसार छन् ।

हुलाकको नाम र स्तर	रहेको स्थान	पञ्चायत
छोटी हुलाक	परासी	परासी आदर्श गाउँ पञ्चायत
छोटी हुलाक	सेमरी	जामुनिया आदर्श गाउँ पञ्चायत
छोटी हुलाक	त्रिवेणी वजार	त्रिवेणी आदर्श गाउँ पञ्चायत
छोटी हुलाक	शेरगञ्ज	कोल्हुवा आदर्श गाउँ पञ्चायत
शाखा हुलाक	लुम्कौली	सिसवार आदर्श गाउँ पञ्चायत
अतिरिक्त हुलाक	कुसुनहरी	पिथौली आदर्श गाउँ पञ्चायत
अतिरिक्त हुलाक	सुस्ता	सुस्ता आदर्श गाउँ पञ्चायत

बिजुली

नवलपरासी जिल्लामा अहिलेसम्म कुनै किसिमको बिजुली उपलब्ध छैन । तर केही वर्षभित्र गण्डक योजना अन्तर्गत पश्चिमी नहरबाट निकालिने जलविद्युत्बाट यो जिल्ला मात्र होइन कि पश्चिमाञ्चल र मध्यमाञ्चल क्षेत्रका कतिपय जिल्लाहरू समेत लाभान्वित हुने देखिन्छ ।

गण्डक योजना अन्तर्गत पश्चिमी नहरको १५,००० किलोवाट क्षमता भएको विद्युत् गृह निर्माण गर्ने व्यवस्था छ । तदनुसार गण्डक बाँध (भैंसालोटन) बाट १४ कि. मि. (नौ माइल) पश्चिम सूर्यपुरा गाउँ पञ्चायत क्षेत्रमा विद्युत् गृहको निर्माण कार्य पूरा भइसकेको छ । यहाँ ५,००० किलोवाट क्षमता भएको तीन यूनिट जनरेटरहरू जडान गरिने छन् । सो जडान कार्य अक्टोबर, १९७४ देखि शुरू भई अक्टोबर, १९७५ अर्थात् शुरू भएको एक वर्ष भित्र एक यूनिट र जून १९७६ सम्म बाँकी दुई यूनिट संयन्त्रहरूको जडान कार्य पूरा हुने लक्ष्य राखिएको छ ।

विकासशील नेपालको लागि सूर्यपुरा विद्युत् गृहबाट उत्पादित जलविद्युत्को ठूलो महत्व छ । यहींबाट मध्यमाञ्चल विकास क्षेत्रको बढ्दो मांगलाई पूरा गर्न हेटौंडादेखि गण्डकसम्म १३२ किलोभोल्ट प्रसारण लाइनको निर्माण कार्य शुरू भइसकेको र १९७६ सम्म सो कार्य पूरा गर्ने लक्ष्य राखिएको छ ।

पश्चिमाञ्चल क्षेत्रको बिजुलीको बढ्दो मागलाई पनि सूर्यपुरा जलविद्युत् केन्द्रबाट उत्पादित हुने विद्युत्शक्तिबाट निकै मद्दत पुग्न जानेछ । आर्थिक वर्ष २०३१।०३२ मा परासी बुटवल क्षेत्रका लागि ३३ किलोभोल्ट प्रसारण लाइनको निर्माण गरिने भएको छ । यसैगरी बुटवल, भैरहवा, तौलिहवा, कृष्णनगर आदि स्थानमा समेत सोही सूर्यपुरा विद्युत् गृहबाट बिजुली उपलब्ध गराउने लक्ष्य राखिएको छ ।

यस प्रकार नवलपरासी जिल्ला लगायत अन्य विभिन्न जिल्लाहरूमा निकट भविष्यमा बिजुलीको व्यवस्था हुने भएको छ । यसबाट हाल डिजेल आदिबाट सञ्चालित हुने यस जिल्लाका विभिन्न कारखानाहरू विद्युत्शक्तिबाट सञ्चालित हुन थाल्नेछन् । हाल औद्योगिक दृष्टिले तत्कालीन फाइदा त्यति मात्र भए तापनि बिजुलीको उपलब्धताले नवलपरासीका बासिन्दाहरूलाई उद्योगको क्षेत्रमा अघि बढ्न प्रेरणा दिने आशा गर्न सकिन्छ ।

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

भौगोलिक अवस्थिति, औलोको प्रकोप र यातायातको असुविधा आदि कारणले गर्दा २००७ सालपछि पनि नवलपरासी जिल्लामा शिक्षाको क्षेत्रमा अपेक्षितरूपमा प्रगति हुन सकेको थिएन। तर औलो उन्मूलन र यातायातको बढ्दो सुविधा र आप्रावाशन आदि कारणले गर्दा हाल यस जिल्लाको शैक्षिक स्थिति पाल्पालाई छाडेर लुम्बिनी अञ्चलका अन्य जिल्लाहरूको दाँजोमा समकक्ष र केही जिल्लाहरूकोभन्दा अझ राम्रो रहेको देखिन्छ। लुम्बिनी अञ्चलमा सबैभन्दा बढी साक्षरता प्रतिशत (२१.५) पाल्पामा र सबैभन्दा कम (११.७ प्रतिशत) साक्षरता कपिलवस्तुमा छ। अञ्चलका अन्य जिल्लाहरूमा अर्घाखाँचीको १५ प्रतिशत, गुल्मीको १६.६ प्रतिशत, रूपन्देहीको १६.३ प्रतिशत र नवलपरासीको १५.६ प्रतिशत साक्षरता भएको देखिन्छ। अञ्चलकै साक्षरता १६.३ प्रतिशत छ।

यस जिल्लाका छ वर्ष र सोभन्दा माथिको जम्मा जनसंख्या १,१९,२६६ मध्ये पुरुषहरूको संख्या ६१,८६७ र महिलाहरूको संख्या ५७,३९९ छ। यिनीहरूमध्ये पुरुषहरूमा १६,३५१ जना (२६.४ प्रतिशत) र महिलाहरूमा २,३०४ जना (४.० प्रतिशत) गरी जम्मा १८,६५५ (१५.६ प्रतिशत) साक्षर र त्यसदेखि वाहेक १,००,६११ (८४.४ प्रतिशत) निरक्षर छन्। उक्त छ वर्षदेखि माथिका १८,६५५ जना साक्षर मानिसहरूमध्ये विभिन्न उमेर समूहमा रहेको साक्षरताको स्थिति निम्नअनुसार छः–

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			जम्मा		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६ – ९	८,८००	१,८३१	२०.८	८,७२७	४४६	५.१	१७,५२७	२,२७७	१३.०
१० – १४	९,१७१	३,९२२	४२.८	७,३५४	६६४	९.०	१६,५२५	४,५८६	२७.८
१५ – १९	५,६४२	२,३७३	४२.१	४,८८९	३८२	७.८	१०,५३१	२,७५५	२६.२
२० – २४	५,८७३	२,१५२	३६.६	६,६०२	२७४	४.२	१२,४७५	२,४२६	१९.४
२५ – २९	६,४१५	१,८२४	२८.५	६,०३६	१८४	३.०	१२,४४१	२,००८	१६.१
३० – ३४	५,२२५	१,१५६	२२.१	५,५१३	११६	२.१	१०,७३८	१,२७२	११.८
३५ – ३९	५,४३२	९६०	१७.७	४,५६१	७३	१.६	९,९९३	१,०३३	१०.३
४० – ४४	४,२११	६३३	१५.०	३,८५७	५३	१.४	८,०६८	६८६	८.५
४५ – ५४	५,९६७	८७५	१४.७	४,४८१	६८	१.५	१०,४४८	९४३	९.०
५५ – ६४	३,१४१	४११	१३.१	३,०१८	२५	.८	६,१५९	४३६	७.१
६५ र सोभन्दामाथि	२,०००	२१४	१०.७	२,३६१	१९	.८	४,३६१	२३३	५.३
जम्मा–	६१,८७७	१६,३५१	२६.४	५७,३९९	२,३०४	४.०	१,१९,२६६	१८,६५५	१५.६

उर्युपक्त तथ्याङ्कअनुसार यहाँ ६ देखि २९ वर्षसम्मको उमेर समूहमा साक्षरताको मात्रा तुलनात्मक दृष्टिले अरू समूहकोभन्दा बढी रहेको छ। उक्त उमेर समूहमध्ये सबैभन्दा धेरै साक्षरताको परिमाण १० देखि १४ वर्षको उमेर समूहमा पाइन्छ। यस समूहमा साक्षरहरूको जम्मा संख्या ४,५८६ (२७.८ प्रतिशत) छ। तिनीहरूमध्ये पुरुषको संख्या ३,९२२ (४२.८ प्रतिशत) र महिलाहरूको संख्या ६४४ (९.० प्रतिशत) छ। यस समूहमा पुरुषहरूको मात्र होइन कि महिलाहरूको (अरू उमेर समूहका महिलाहरूको साक्षरताको तुलनामा) समेत पनि सबैभन्दा धेरै साक्षरता भएको देखिन्छ। यसबाट यहाँका जनतामा शिक्षा प्रतिको अनुराग बढ्दै गएको र नारी–शिक्षाप्रति पनि जागरुक भएको देखिन्छ।

यसका अतिरिक्त ३० वर्षदेखि माथिको उमेर समूहमा साक्षरताको प्रतिशत निकै तीव्र दरले घट्दै गएको पाइन्छ। यस समूहका महिलाहरूमा साक्षरताको प्रतिशत निकै कम हुँदै गएको देखिन्छ।

हाल यहाँ विभिन्न स्तरका ७६ वटा विद्यालय सञ्चालित छन्। यी विद्यालयहरूले केही मात्रामा सरकारी अनुदान पाएका छन्। स्थानीय जनताको शिक्षाप्रतिको रुचि र सहयोग नभएको भए यत्तिका विद्यालयहरू सञ्चालित हुन सम्भव हुने थिएन। त्यस माथि परासी क्षेत्रको तुलनामा नवलपुरमा शैक्षिक जागरण तीव्ररूपमा भएको देखिन्छ। जिल्लाको ४९ पञ्चायतमध्ये १० पञ्चायत र कूल १,४६,५४८ जनसंख्या मध्ये ३८,९७७ जनसंख्या भए तापनि जिल्लाका कुल ६७ प्राथमिक विद्यालयहरूमध्ये १७ वटा र छ वटा निम्न माध्यमिक विद्यालयहरूमध्ये तीनवटा तथा तीनवटा माध्यमिक विद्यालयहरूमध्ये दुई माध्यमिक विद्यालय नवलपुर क्षेत्रमा रहेका छन्। यसरी विद्यालयहरूको संख्यात्मक वृद्धिको दृष्टिले यो जिल्ला पछि परेको देखिंदैन।

सम्बन्धित जिल्ला कार्यालयबाट प्राप्त विवरणअनुसार यस जिल्लामा विभिन्न स्तरका विद्यालयहरू र तिनमा रहेका विद्यार्थीहरूको संख्या निम्नबमोजिम थियो।

विद्यालय तथा विद्यार्थीहरूको संख्यात्मक विवरण

स्तर	विद्यालय संख्या	छात्र संख्या	छात्रा संख्या	जम्मा छात्रछात्रा संख्या
प्राथमिक विद्यालय	६७	५,०५०	७५४	५,८०४
निम्न माध्यमिक	६	३०९	२१	३३०
माध्यमिक	३	५०९	५९	५६८
जम्मा:–	७६	५,८६८	८३४	६,७०२

उपर्युक्त तालिकामा देखाइए अनुसार यहाँ प्राथमिक विद्यालयको संख्या ६७ छ। यी विद्यालयहरूमध्ये १० वटा केही वर्ष अघिदेखि अस्थायी स्वीकृति पाएका र बाँकी स्थायी स्वीकृति प्राप्त गरी सञ्चालित भई आएका छन्। नवलपुर क्षेत्रका तमसरिया र परासी क्षेत्रको तिलकपुरमा एउटै पञ्चायतमा तीनवटा प्राथमिक विद्यालय सञ्चालित छन्। कुनै पनि यस्तो पञ्चायत छैन जहाँ एक प्राथमिक विद्यालय सञ्चालित नभएको होस्।

यी प्राथमिक विद्यालयहरूमा पाँचौं कक्षासम्म पढाई हुन्छ। यहाँको जम्मा ६७ वटा प्राथमिक विद्यालयहरूमा ५,८०३ विद्यार्थीहरू पढ्छन्। त्यस हिसाबले एक प्राथमिक विद्यालयमा औसत ८७ जना विद्यार्थी पर्न आउँछन्। यहाँ यी विद्यालयमा पढाउने शिक्षक १५५ र शिक्षिका १० गरी जम्मा १६५ जना प्राथमिक शिक्षक शिक्षिका छन्। त्यस हिसाबले शिक्षक विद्यार्थी अनुपात करीब १:३५ हुन्छ, अर्थात् एक शिक्षकले करीब ३५ जना विद्यार्थीहरूलाई अध्यापन गर्नु पर्ने हुन्छ।

यहाँ प्राथमिक विद्यालयहरूको तुलनामा त्यसभन्दा माथिका विद्यालयहरूको र विद्यार्थीहरूको संख्या निकै कम भएको पाइन्छ। यहाँ जम्मा छवटा निम्न माध्यमिकमध्ये दुईवटा स्थायी र दुई अस्थायी गरी चारवटा र दुईवटा अस्थायी निम्नमाध्यमिक विद्यालय नवलपुरमा रहेकाछन्। त्यस्तै एक स्थायी माध्यमिक विद्यालय परासीमा र बाँकी अस्थायी दुई नवलपुरको प्रगतिनगर र अर्मैली पञ्चायतमा खोलिएका छन्।

सबै निम्न माध्यमिक विद्यालयमा छ, सात, आठ कक्षा सञ्चालन गरिएको छ। अर्कोतिर उपर्युक्त तीनवटै माध्यमिक विद्यालयमा पनि ६ देखि १० सम्मका कक्षाहरू खोलिएका छन्।

प्राथमिक विद्यालयहरूको संख्याको दृष्टिले मात्र होइन पढ्ने विद्यार्थीको संख्याको दृष्टिले समेत निम्न माध्यमिक र माध्यमिक विद्यालयहरूमा ज्यादै कम विद्यार्थी संख्या भएको देखिन्छ। माथिको तालिकामा देखाइए अनुसार निम्न माध्यमिक विद्यालयमा जम्मा ३३० र माध्यमिकमा ५६८ विद्यार्थीहरू पढ्दछन्।

यहाँ निम्न माध्यमिक र माध्यमिक विद्यालयमा पढाउने शिक्षक ४९ र शिक्षिका एक गरी जम्मा संख्या ५० छ। यिनीहरूमध्ये पाँच शिक्षकमात्र तालिम प्राप्त छन्।

तर यस जिल्लामा छात्राछात्राको अनुपातमा निकै ठूलो फरक देखिन्छ। प्राथमिक विद्यालयमा जम्मा विद्यार्थीमध्ये छात्रहरू ८७ प्रतिशत र बाँकी १३ प्रतिशत छात्राहरू छन्। तर निम्न माध्यमिकमा यो अनुपातः क्रमशः ९३.६ प्रतिशत र ६.४ प्रतिशत र माध्यमिकमा केही वृद्धि भएर ८९.६ प्रतिशत र १०.४ प्रतिशत हुनपुग्छ। यस जिल्लाका विभिन्न स्तरका विद्यालयका पढ्ने सम्पूर्ण विद्यार्थीहरूमध्ये ८७.६ प्रतिशत छात्रहरू र १२.४ प्रतिशत छात्राहरू छन्।

वि.सं. २०२८ मा लिइएको राष्ट्रिय जनगणनाअनुसार यो जिल्लाका छ वर्षभन्दा माथि उमेरका १,१९,२६६ जनसंख्यामध्ये १,१०,५६० ले विद्यालय प्रवेश नगरेको देखिन्छ। बाँकी ८,७०६ मध्ये ६,५५७ ले प्राथमिक, १,४७२ ले निम्न माध्यमिक, ५२७ ले माध्यमिक विद्यालयमा र प्रमाणपत्र (इण्टरमिडियट) मा १११, स्नातकमा ३४ र स्नातकोत्तर स्तरमा पाँच जनाले विभिन्न स्तरका विद्यालयका भर्ना भई पढिरहेको पाइन्छ। माध्यमिकदेखि माथिको पढाइकोलागि भारततिर वा काठमाडौं तथा अञ्चलका अन्य शैक्षिक संस्थाहरूमा यहाँका विद्यार्थीहरू पढ्न जाने गर्दछन्।

सोही स्रोतअनुसार यस जिल्लामा ३,०६६ जनाले प्राथमिक, १,१२९ जनाले निम्न माध्यमिक, ७६१ जनाले माध्यमिक र १५५ जनाले प्रमाणपत्र (इण्टर मिडियट), ६३ जनाले स्नातक, ३५ जनाले स्नातकोत्तर स्तरको शिक्षा पूरा गरेको देखिन्छ। यिनीहरूमध्ये ६८ जनाले माध्यमिक, आठजना प्रमाणपत्र (इण्टर मिडियट), तीनजना स्नातक र तीनजना स्नातकोत्तर स्तरको शिक्षा हासिल गरेका महिलाहरू छन्।

राष्ट्रिय शिक्षा योजना लागू हुनु अघि यस जिल्लाका प्रत्येक विद्यालयको आफ्नै सञ्चालक समिति थियो । जिल्ला शिक्षा अधिकारीको कार्यालयको सामान्य निर्देशनमा विद्यालय सञ्चालनको अभिभारा यही सञ्चालक समितिमाथि रहन्थ्यो । विद्यालयको सञ्चालनकोलागि आर्थिक स्रोतको रूपमा सरकारी आर्थिक सहायता जनताबाट उठेको अनुदान र श्रमदान तथा विद्यार्थीबाट शुल्क उठाइने गरिन्थ्यो । यहाँ आर्थिक वर्ष २०२९।०३० मा श्री ५ को सरकारको तर्फबाट रू. १,४४,१४०। र जनताको तर्फबाट २४,७५८। गरी जम्मा रू. १,६८,८९८। शैक्षिक कार्यकालागि खर्च भएको थियो ।

यहाँका कतिपय विद्यालयहरूमा आवश्यक फर्निचर र शैक्षिक सामाग्रीहरूको कमी हुनुको साथै पक्की भवनहरूको पनि व्यवस्था भइसकेको छैन ।

यस जिल्लामा २०३१ साल पुसदेखि राष्ट्रिय शिक्षा पद्धति लागू भएको छ । राष्ट्रिय शिक्षा पद्धति लागू भएपछि यहाँको शिक्षा क्षेत्रमा पहिले देखिएका विद्यालयहरू सञ्चालन तथा पठनपाठनमा रहेका विषमता क्रमशः हट्दै जाने तथा अध्यापनको स्तरमा पनि स्वभावतः वृद्धि हुँदै जानेछ । यहाँ राष्ट्रिय शिक्षा पद्धति भर्खरै लागू भएको हुँदा सो लागू हुनुभन्दा अघिको जिल्लाको शैक्षिक स्थितिको चर्चा गरिएको छ ।

स्वास्थ्य

यस जिल्लामा भएका तीनवटा मुख्य स्वास्थ्य संस्थाहरूमध्ये १५ शय्यायुक्त परासी अस्पताल, परासीको एक स्वास्थ्य केन्द्र नवलपुरको कोल्हुवामा र एक आयुर्वेदीय औषधालय कुश्मा (परासी क्षेत्रमा) गाउँ पञ्चायतमा रहेका छन् । त्यसका अतिरिक्त यहाँ औलो उन्मूलन, परिवार नियोजन र बिफर उन्मूलन, कार्यक्रमहरू पनि सञ्चालन गरिएका छन् । नेपाल पुनर्वास कम्पनीद्वारा बसोवास गराइएको पुनर्वास क्षेत्रकोलागि कम्पनीले नै एक नौ शय्याको अस्पतालको व्यवस्था गरेको छ जसको उल्लेख कृषि शीर्षकमा गरिसकिएको छ ।

यो अस्पतालमा एक डाक्टरको दरवन्दीको व्यवस्था छ । परासी र वरपरका बिरामीहरूको उपचार गराउन यहाँ ल्याइन्छ । आर्थिक वर्ष २०३०।०३१ को प्रथम आठ महीना अर्थात् बैशाखदेखि मार्गसम्म यस अस्पतालमा जम्मा १०,००१ आउटडोर र ११६ इण्डोर गरी जम्मा १०,११७ रोगीहरूको उपचार गरिएको थियो ।

जिल्लाको एकमात्र स्वास्थ्य केन्द्र जिल्लाको पूर्वी भाग नवलपुरको कोल्हुवा गाउँ पञ्चायतमा राखिएको छ । यस केन्द्रमा एक हेल्थ असिष्टेण्ट वा सिनियर अक्जिलरी हेल्थ वर्कर र त्यस अन्तर्गत दुई जना असिष्टेण्ट मिड वाइफ वा जुनियर अक्जिलरी हेल्थ वर्करको व्यवस्था रहेको छ । परासी अस्पतालमा गएर उपचार गराउन टाढा पर्ने र यातायातको कठिनाई पर्ने हुँदा यस केन्द्रबाट नवलपुर क्षेत्रका निवासीहरूलाई स्वास्थ्योपचारको लागि निकै सुविधा पुगेको छ । २०२९।०३० आर्थिक वर्षमा यस स्वास्थ्य केन्द्रमा जम्मा ६,८९३ रोगीहरूलाई उपचार गरिएको थियो ।

यस जिल्लामा झाडाबान्ता लाग्ने, आउँ र जूका पर्ने आदि पेटका रोगले धेरैजसो मानिसहरूलाई सताउँछ । त्यसकासाथै लुतो, खटिरा, खोकी, ज्वर, निमोनिया र क्षय रोग जस्ता रोगहरू पनि यहाँ देखिन्छ । अस्पताल र स्वास्थ्य केन्द्र भएका स्थान बाहेक अन्यत्रका धेरैजसो रोगीहरू रोगलाग्दा लामा, झाँक्री, ओझा

आदिद्वारा पनि उपचार गराउने गर्छन् । स्वास्थ्य सम्बन्धी चेतनाको र पौष्टिक आहाराको कमी आदिले गर्दा पनि यस्ता रोगहरू आइलाग्दछन् ।

परिवार नियोजन

माथि उल्लिखित अस्पताल र स्वास्थ्य चौकीमा परिवार नियोजन तथा मातृ शिशु कल्याण केन्द्रका क्लिनिकहरू स्थापना गरिएका छन् । परासी केन्द्रमामात्र २०३० साल कात्तिकसम्ममा १५ जना पुरुषको नसच्छेदन गरिएको र पाँच जना महिलालाई लुप प्रयोग गरेको तथा परिवार नियोजनका अन्य साधनहरू वितरित गरिएको थियो । यसका अतिरिक्त यस केन्द्रद्वारा १० जना गर्भवती आमाहरूलाई सेवा पुऱ्याएको र चार वर्ष मुनिका ६८९ जना शिशुहरूलाई औषधि र साबुन वितरण गरिएको थियो । यसबाट जिल्लामा परिवार र मातृ शिशु कल्याण सेवा जनप्रिय हुँदै जान लागेको देखिन्छ ।

बिफर तथा औलो उन्मुलन

यहाँ स्वास्थ्यको क्षेत्रमा उपचारात्मक सेवाभन्दा प्रतिकारात्मक सेवा निकै प्रभावकारी रहेको देखिन्छ । यस जिल्लामा आर्थिक वर्ष २०२९।०३० मा १४,००० मानिसलाई बिफर निरोधक खोप दिइएको थियो । खत निरीक्षणको साथै बिफर, ठेउला र दादुरा बारे तथ्याङ्क र सूचना सङ्कलन तथा अनुसन्धान समेत हुनेगर्छ । हाल यहाँ बिफर नियन्त्रण भएको छ । भित्रीमधेश र तराई भू-भाग भएकोले यहाँ पहिले औलोको प्रचण्ड प्रकोप थियो ।

वि.सं. २०१६ मा औलो उन्मूलन कार्यक्रम शुरू गरिएपछि जिल्लाको सबैजसो भू-भागमा औलो नियन्त्रण गरिसकिएको छ । तर यसमाथि पूर्ण नियन्त्रण राख्नकोलागि हाइपर इण्डिमिक वेल्ट छुट्याएर थलामा गई रेखदेख (सर्भिलेन्स) गर्ने कार्यक्रम सञ्चालन गरिएको छ । तदनुसार सन् १९७१, १९७२ र १९७३ मा क्रमशः २८,५४६; ३६,१४५ र २६,८७५ जनाबाट औलोका कीटाणुहरू परीक्षण गर्न रगत झिक्ने परीक्षण गर्ने काम भएको थियो । त्यस परीक्षणबाट १९७१ मा ४१४; १९७२ मा ३५२ र १९७३ मा १३१ जनालाई अझै औलो रोग लागेका देखियो । यो संख्या नगण्य देखिए पनि सोही सर्भिलेन्स कार्यक्रम अन्तर्गत क्षेत्र हेरी पाक्षिक, साप्ताहिक र दैनिक औषधि छर्किने गर्ने कार्य गरिएको छ । उपर्युक्त तीन वर्षमा क्रमशः औलो लागेका रोगीको संख्या घट्दै गएको देखिएको छ । आगामी केही वर्ष भित्रै धेरैजसो स्थानहरूमा औषधि छर्न नपर्ने र खालि बिरामी पत्ता लगाई औषधि गर्ने र देखरेख गर्ने कन्सोलिडेशनको अवस्थामा पुग्न सकिने स्थिति देखाको परेकोछ ।

खानेपानी

यस जिल्लामा खानेपानीका मुख्य स्रोतहरू ट्यूबवेल, धारा, इनार र कुवा हुन् । परासी क्षेत्रको समतल भू-भागमा ट्यूबवेलमा इनारबाट पानी निकाल्न पानी धेरै गहिरो खन्नु पर्दैन । त्यसैले यहाँ खानेपानीको विकट समस्या हम्मेसी पर्दैन । परासीको तुलनामा नवलपुरमा खानेपानीको समस्या केही जटिल छ । यस नवलपुर क्षेत्रमा खोलानालाहरू धेरै मात्रामा उत्पत्ति हुन गएको छ ।

यस जिल्लामा खानेपानीको पहिलो उल्लेखनीय आयोजना नवलपुरमा शुरू भएकोछ । यसबाट प्रगति नगर, बेल्डिहा र सिसवार गाउँ पञ्चायतहरूमा खानेपानी उपलब्ध हुने आशा गरिएकोछ ।

प्रशासन र पञ्चायत

प्रशासन

इतिहास परिच्छेदमा उल्लेख गरिए झैं शुरूमा यो क्षेत्र पाल्पा (चौबीसी राज्य) अन्तर्गत रहेको थियो । नेपाल अधिराज्यमा पाल्पाको एकीकरण भएपछि परासी क्षेत्र लगायत पाल्पाको पहिलो तैनाथवाला (प्रशासक) भएर अमर सिंह थापा आएका थिए । राणाकालीन समयमा खासगरी वीर शमशेरको प्रधानमन्त्रित्व कालमा नेपाल अधिराज्यको पहाडी क्षेत्रलाई २३ तहसील र मधेश क्षेत्रलाई १२ जिल्लामा विभाजित गरिएको थियो । सोही समयमा तराई क्षेत्रका १२ जिल्लालाई चारवटा सर्कल अन्तर्गत राख्ने व्यवस्था हुँदा हालको नवलपरासी जिल्ला बुटवल, पाल्ही र दाङ मिलाएर कायम गरिएको तौलिहवा सर्कल अन्तर्गत पर्दथ्यो ।[1] यस्ता सर्कलहरूमा एक एक बडाहाकिम खटाइएको हुन्थ्यो ।

वि.सं. २००७ भन्दा अघि यो क्षेत्र पाल्ही माझ खण्ड गोश्वारा अन्तर्गत रहेको थियो । त्यसताक यस क्षेत्रलाई पाल्ही भनिन्थ्यो र पाल्ही क्षेत्रको न्यायिक तथा राजस्व सम्बन्धी कामकोलागि परासीमा अमिनी माल कार्यालयहरू रहन्थे ।

पञ्चायत व्यवस्थाको सूत्रपात भए पछि २०१९ सालमा अधिराज्यलाई १४ अञ्चल र ७५ विकास जिल्लामा विभाजित गर्ने क्रममा लुम्बिनी अञ्चलका जिल्लाहरूमा यो जिल्ला पनि पर्न गयो । नवलपुर र परासी भू–भाग मिलेर बनेको यो जिल्लाको नयाँ नाम नवलपरासी रहन गयो । यस जिल्लाका मुख्य प्रशासक प्रमुख जिल्ला अधिकारी हुन् । जिल्ला सदर मुकाम परासीमा रहेका जिल्लास्तरीय सरकारी तथा गैर सरकारी कार्यालयहरू निम्नअनुसार छन् :–

प्रमुख जिल्ला अधिकारीको कार्यालय, परासी
जिल्ला प्रहरी निरीक्षक कार्यालय, परासी
जिल्ला अदालत कार्यालय, परासी
सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालय, परासी
जिल्ला भूमि प्रशासन कार्यालय, परासी
कोष तथा तहसील कार्यालय, परासी

---

[1] Satish Kumar—Rana Polity in Nepal, Asia Publishing House, New York, 1967, p.108

जिल्ला सहकारी कार्यालय, परासी
आकाशवाणी स्याटेलाइट कार्यालय, परासी
अन्तः शुल्क शाखा कार्यालय, परासी
जिल्ला शिक्षा अधिकारीको कार्यालय, परासी
निर्वाचन शाखा कार्यालय, परासी
जिल्ला तथ्याङ्क सङ्कलन कार्यालय, परासी
छोटी हुलाक कार्यालय, परासी
मेण्टेनेन्स नापी शाखा कार्यालय, परासी
कारागार कार्यालय, परासी
परासी अस्पताल कार्यालय, परासी
औलो उन्मूलन संघ कार्यालय, परासी
बिफर उन्मूलन आयोजना कार्यालय, परासी
नेपाल परिवार नियोजन कार्यालय, परासी
गूठी संस्थान कार्यालय, परासी
कृषि विकास बैंक (उपशाखा) कार्यालय, परासी
कृषि खरीद बिक्री संस्थान (उपशाखा) कार्यालय, परासी

सदरमुकाम परासी स्थित उपर्युक्त सरकारी र गैर सरकारी कार्यालयहरूका अतिरिक्त यस जिल्लाका अन्य विभिन्न स्थानहरूमा पनि केही कार्यालयहरू रहेका छन्, जुन निम्नबमोजिम छन्।

औलो उन्मूलन कार्यालय, दुम्कौली, नवलपुर
आकाशवाणी स्याटेलाइट कार्यालय, त्रिवेणी
नेपाल पुनर्वास कम्पनी कार्यालय, दुम्कौली नवलपुर
नेपाल पुनर्वास कम्पनी कार्यालय, घनेवा
महेशपुर छोटी भन्सार कार्यालय, महेशपुर
गूठी पर्सौनी छोटी भन्सार कार्यालय, पर्सौनी
त्रिवेणी छोटी भन्सार कार्यालय, त्रिवेणी
विष्णुपुर छोटी भन्सार कार्यालय, विष्णुपुर
भुजहवा छोटी भन्सार कार्यालय, भुजहवा
त्रिवेणी वन कार्यालय, त्रिवेणी
कावास्वती वन कार्यालय, कावास्वती, नवलपुर
भलुइ वन कार्यालय, भलुइ
दुम्कौली छोटी हुलाक, दुम्कौली, नवलपुर
कृषि विकास बैंक उपशाखा, नवलपुर
राष्ट्रिय वाणिज्य बैंक शाखा, त्रिवेणी
सम्पर्क पदाधिकारी कार्यालय, वाल्मीकि नगर

सदरमुकामदेखि बाहिर रहेका केही महत्वपूर्ण कार्यालयहरूमा भन्सार कार्यालयहरू मुख्य छन् । यस जिल्लामा जम्मा पाँच स्थानमा छोटी भन्सार कार्यालयहरू छन् । यी कार्यालयहरू भैरहवा भन्सार कार्यालय अन्तर्गत रहेका छन् । यसका साथै त्रिवेणीमा राष्ट्र बैंकको एक सटही काउण्टर कार्यालय राखिएको छ ।

प्रमुख जिल्ला अधिकारीको कार्यालय

यस जिल्लामा पनि राजपत्रांकित दोस्रो स्तरको प्रमुख जिल्ला अधिकारीको एक कार्यालय रहेको छ । लुम्बिनी अञ्चलाधीश कार्यालय अन्तर्गत रहेर जिल्लाको शान्ति सुरक्षा कायम राख्ने र पञ्चायत र वर्गीय संगठनका कार्यकर्ताहरूसँग उचित सम्बन्ध राखी विकासका निम्ति अनुकूल वातावरण सिर्जना गर्ने जिम्मेवारी प्रमुख जिल्ला अधिकारी माथि हुन्छ । त्यसका अतिरिक्त जिल्लाका कर्मचारीहरूको सामान्य रेखदेख, समन्वय र भ्रष्टाचार सम्बन्धी उजुरी हेर्ने कार्यहरू पनि प्रमुख जिल्ला अधिकारीबाट गरिन्छ ।

जिल्ला प्रहरी निरीक्षक कार्यालय

भैरहवा स्थित प्रहरी सुपरिक्षक कार्यालय अन्तर्गत रहेको नवलपरासी जिल्लाको प्रहरी निरीक्षक कार्यालय सदरमुकाम परासीमा रहेको छ । जिल्ला प्रहरी कार्यालय परासीमा रहेकाले नवलपुर क्षेत्रको शान्ति सुरक्षालाई ध्यानमा राखी नवलपुरको कोल्हुवा पञ्चायतमा एक प्रहरी ठाना राखिएको छ । त्यसका अतिरिक्त निम्न स्थानहरूमा प्रहरी चौकीहरू राखिएका छन् ।

चोरमारा प्रहरी चौकी, नवलपुर
त्रिवेणी प्रहरी चौकी, त्रिवेणी गाउँ पञ्चायत
पर्सौनी प्रहरी चौकी, पर्सौनी गाउँ पञ्चायत
अमानीगञ्ज प्रहरी चौकी, महेशपुर गाउँ पञ्चायत
सिमरी प्रहरी चौकी, जमुनिया गाउँ पञ्चायत
विष्णुपुरा अस्थायी प्रहरी चौकी, गेर्मी पञ्चायत
भुजहवा अस्थायी प्रहरी चौकी, भुजहवा पञ्चायत

जिल्ला अदालत

यस जिल्लाका सदरमुकाम परासीमा जिल्ला अदालत रहेको छ जसको हाकिम राजपत्रांकित द्वितीय श्रेणी स्तरका छन् ।

यहाँ गत तीन वर्ष अर्थात् आर्थिक वर्ष २०२७।०२८ देखि २०२९।०३० सालसम्म परेका मुद्दाको प्रकार र संख्या निम्नअनुसार छः–

वर्ष	जम्मा परेको मुद्दा संख्या	छिनिएको सख्या
२०२७।०२८	३२८	२२५
२०२८।०२९	३९१	१४७
२०२९।०३०	५९७	४३२

उपर्युक्त मुद्दा संख्यामा देवानी तथा फौजदारी दुवै किसिमका मुद्दाहरूको संख्या समावेश छ ।

सरकारी वकील

यहाँ राजपत्र अनंकित प्रथम श्रेणी स्तरका सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ता रहन्छन् । सरकारी वकीलले सरकारवादी मुद्दाहरूको पैरवी गर्ने र सरजमीन गर्ने तथा आवश्यकता अनुसार सरकारी कार्यालयहरूलाई कानूनी राय सल्लाह दिने गर्दछन् ।

कारागार

सदरमुकाम परासीमा एक कारागार रहेको छ । यस कारागारमा साधारणतः २५ जना बन्दी राख्ने व्यवस्था छ। यहाँ बढी भएका वा अन्य कारणले अन्तै सार्नु पर्ने बन्दीहरूलाई साधारणतः भैरहवा कारागारमा लैजाने गरिन्छ ।

पञ्चायत

नवलपरासी जिल्लाको जिल्ला पञ्चायत कार्यालय परासीमा रहेको छ । जिल्लाभरमा जम्मा ४९ गाउँ पञ्चायत भएकोले यहाँको जिल्ला सभाको सदस्य संख्या ४९ छ। यस जिल्लाबाट एकजनाले राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्दछन् ।

यहाँका पञ्चायतहरूको आयको स्रोतमा चौपाया खरीद बिक्री कर, हाटबजार कर, व्यवसायिक कर, माछाठेक्का कर, घाटको कर र सवारी कर आदि मुख्य छन् । गाउँ पञ्चायतहरूमध्ये सबैभन्दा धेरै वार्षिक आय त्रिवेणी पञ्चायतको र सबैभन्दा थोरै बन्जरिया पञ्चायतको छ । आर्थिक वर्ष २०२९।०३० मा त्रिवेणी पञ्चायतको रू. २८,४००। र बन्जरिया पञ्चायतको रू. ४१०। वार्षिक आय भएको थियो । यहाँका गाउँ पञ्चायतको औसत वार्षिक आय रू. ९००। छ। आर्थिक वर्ष २०२९।०३० मा यहाँको जिल्ला सभाको आम्दानी जम्मा रू. २९,०१४। भएको थियो ।

यहाँ स्थानीय विकास विभागको अनुदान र जिल्ला पञ्चायतको सहयोग तथा स्थानीय जनताको श्रमदानद्वारा विभिन्न साना स्तरका योजनाहरू सञ्चालित गरिएका छन् । यस्ता आयोजनाहरूमा पञ्चायत भवन निर्माण, विद्यालय भवन निर्माण र मरमत, सिचाइ कुलो, खानेपानी सम्बन्धी योजनाहरू हुन्छन् । आर्थिक वर्ष २०२९।०३० मा यहाँ पाँचवटा पञ्चायत भवन र दुईवटा विद्यालय भवन निर्माण गर्ने योजनाहरू सम्पन्न भएका थिए ।

यहाँ रहेका विभिन्न वर्गीय संगठनहरूको प्रारम्भिक समिति निम्नअनुसार छः–

संगठन	प्रारम्भिक समिति
नेपाल किसान संगठन	२६
नेपाल युवक संगठन	२५
नेपाल भूतपूर्व सैनिक संगठन	१६
नेपाल महिला संगठन	१२

वर्गीय संगठनहरूमध्ये महिला संगठनद्वारा परासी, त्रिवेणी, सुस्ता, प्रतापपुर, कुश्मा, जहदा, सुक्रौली आदि गाउँहरूमा साक्षरता कक्षाहरू चलाइएका थिए ।

उपर्युक्त सबै संगठनको आयको स्रोत चन्दा, सदस्य शुल्क र सरकारी अनुदान आदि हुन् ।

उपसंहार

पहिले यातायातको विकटता (असुविधा) र औलोको प्रकोपले गर्दा छिमेकी जिल्लाहरूबाट एक्लिन गएको र आर्थिक विकासमा पछाडि परेको नवलपरासी जिल्लामा महेन्द्र राजमार्गको निर्माण र औलो उन्मूलन जस्ता कार्यहरूबाट आर्थिक तथा औद्योगिक विकासका नयाँ क्षितिजहरूको अभ्युदय भएको छ ।

महेन्द्र राजमार्गको निर्माण हुनु अघि यस जिल्लाको नवलपुर र परासी क्षेत्रको बीच समेत यातायातको विकट अवस्था थियो भने हाल यस जिल्लाका नवलपुर र परासी क्षेत्र मात्र हैन यो जिल्ला र रूपन्देही जिल्ला समेत सोझो सम्पर्कमा आइपुगेका छन् । महेन्द्र राजमार्गले यस जिल्लालाई सिद्धार्थ राजमार्गसँग जोडेको छ जसबाट पाल्पा लगायत अन्य जिल्लाहरूसँग यातायात सम्पर्क कायम हुन गएको छ र नारायणी नदीमा पुल बनेपछि नवलपरासी जिल्ला र यसभन्दा पूर्वका अन्य जिल्ला तथा काठमाडौंको पनि अझ नजीक पुग्न जाने छ र राष्ट्रिय आर्थिक विकासको मूल प्रवाहमा सक्रियहरूपले संलग्न हुन जानेछ । साथै सुनवल-परासी सडक जस्ता राजमार्गको उत्तर–दक्षिण सहायक सडकहरूको निर्माणले गर्दा जिल्ला भित्रका यातायात पनि निक्कै सुगम हुँदै गएको छ ।

यस जिल्लाको नवलपुर क्षेत्र पहिले औलोग्रस्त र घना जङ्गलहरूले भरिएको थियो भने औलो उन्मूलन भएपछि नवलपुरमा पुनर्वास योजना अन्तर्गत व्यवस्थित ढङ्गले बसोबास गराइएको छ । यस्ता पुनर्वास क्षेत्रमा आधुनिक कृषि प्रणाली, पशुपालन सम्बन्धी नयाँ तरीका र सहकारी कार्यक्रमहरूबाट नयाँ बसोबास गर्नेहरूको आर्थिक स्थिति अरूकोभन्दा अपेक्षाकृत राम्रो भएको मात्र होइन यसबाट जिल्लाका अन्य भेगका निवासीहरूलाई पनि उन्नत कृषि तरीका अपनाउन प्रेरणा दिएको छ । पुनर्वास क्षेत्रमा परीक्षणकोरूपमा गरिएको कपास खेतीको सफलताको आधारमा कपास खेती व्यावसायिकरूपमा गरिने योजना तर्जुमा भएको छ ।

खाद्यान्नको आधिक्य रहेको यस जिल्लामा कृषि विकास बैंक र सहकारी संस्थाहरूद्वारा कृषिऋणको सुविधा र कृषि खरीद बिक्री संस्थान र सहकारी संस्थाहरूद्वारा रासायनिक मल, उन्नत बीउ र आधुनिक कृषि उपकरणहरूको बिक्री वितरणको सुविधा आदि बढ्दै गएको हुँदा धान, मकै लगायत अन्य विभिन्न बालीहरूको उत्पादनमा अझ वृद्धि हुँदै जाने देखिन्छ । साथै तोरी, उखु जस्ता नगदेबालीको क्षेत्र वृद्धि र गहुँ, बदाम जस्ता हिउँदे बालीहरूको क्षेत्र पनि बढाउँदै लग्न सकिने राम्रो सम्भावना रहेको छ । यो जिल्ला अझ खास गरी नवलपुर क्षेत्र तोरीको लागि पहिलेदेखि नै प्रसिद्ध रहिआएको छ । कृषि विकासबाट यहाँ हाल सञ्चालन भइरहेको ठूला साना धान, गहुँ तोरी आदि प्रशोधन गर्ने र पेल्ने कारखानाहरूको संख्या अझ बृद्धि हुन जाने छ जसबाट बढी रोजगारको सिर्जना हुनेछ ।

नवलपरासी जिल्ला र आसपासका अन्य क्षेत्रको विकास सम्भावना बारे गरिएको एक विस्तृत अध्ययन[1] अनुसार नवलपुर क्षेत्रमा करीब ४,७०० हेक्टरमा चिया खेतीको राम्रो सम्भाव्यताको साथै मेवा खेतीबाट ठूलो आर्थिक लाभ हुन सक्ने सम्भाव्यता देखिएको छ । यहाँ रेशम कीरा पाल्ने उद्योगको विकास हुन सक्ने सम्भावना पनि देखिएको छ ।

कृषिको विकासमा यहाँ सबभन्दा ठूलो बाधा सिचाइको राम्रो व्यवस्थाको अभावबाट पर्न गएको छ। पुसाहा सिचाइ योजना तथा अन्य स्थानीय जनश्रमबाट बनेका सिचाइ कुलोहरूबाट सिचाइ सुविधामा केही सघाउ पुग्न गएको छ । गण्डक योजना अन्तर्गत पश्चिमी नहरको निर्माण पूरा भएपछि यहाँ सिचाइ हुने जमीन निक्कै बढ्ने छ । साथै गण्डक योजना अन्तर्गत नै सूर्यपुरा जलविद्युत् केन्द्रबाट १५,००० किलोवाट विद्युत् शक्ति उपलब्ध हुन थालेपछि सिचाइको लागि पनि निक्कै सघाउ पुग्न जाने छ ।

नवलपुरको सालको जङ्गल ज्यादै घना र ठूला रूखहरूको लागि प्रसिद्ध रहेको छ । महेन्द्र राजमार्गको निर्माण, जनसंख्याको बढ्दो चाप र आवादीको वृद्धिबाट यहाँका वन जङ्गललाई निक्कै चाप पर्न जाने हुँदा यहाँ निश्चित क्षेत्रहरू तोकी वन जङ्गलको यथाशीघ्र सुरक्षा गर्नु पर्ने ठूलो आवश्यकता रहेकोछ । वन संरक्षणको अर्को महवपूर्ण पक्ष यहाँका गैंडा, बाघ, गोंजसोंज जस्ता प्रायः दुर्लभ हुँदै गएका वन्य जन्तु र चरा चुरूङ्गीहरूको संरक्षण गर्नु पनि हो । यहाँ खेतीपाती भएको क्षेत्र नजीकै फ्याउरो, स्याल, बुट्टे लोखर्के, नारायणी नदीमा गोंजसोंज, गोही, अजिंगर तथा महासेर र असला माछा, ढड्डी घाँसहरू रहेका क्षेत्र तथा साल, सिमल र कर्माका जङ्गलहरूमा गैंडा, बाघ, चितुवा, बँदेल, विभिन्न किसिमका मृगहरू र पहाडी क्षेत्रका वन जङ्गलमा बँदेल विभिन्न किसिमका मृग, दुम्सी, भालू, आदि पाइन्छन् ।[2] यहाँ विभिन्न किसिमका सर्पहरू, चराहरू तथा पुतलीहरू पनि पाइन्छन् । तसर्थ वन्य जन्तुहरू तथा चरा चुरूङ्गीहरूको संरक्षण गर्न चितवन राष्ट्रिय निकुञ्ज सँग जोडिने गरी एक संरक्षित वन क्षेत्र कायम भएमा गैंडा, बाघ लगायत अन्य जनावरहरूको संरक्षण अझ बढी प्रभावकारी हुने देखिन्छ ।

वन तथा वन्य जन्तु संरक्षणबाट यहाँ पर्यटकहरूलाई आकर्षित गर्न सकिने हुँदा पर्यटन उद्योगको पनि विकास हुन जानेछ । यस्तो संरक्षित क्षेत्रमा हात्तीमा चढी वा अरू किसिमका साधनहरूको उपयोग गरी पर्यटकहरूलाई प्राकृतिक वातावरणमा रहेका वन्य जन्तुहरू देखाउने व्यवस्था निक्कै आकर्षक हुन सक्तछ ।

यसरी नवलपरासी जिल्लामा विकासका विभिन्न सम्भाव्यता देखिएका छन् । निकट भविष्यमा विद्युत् शक्ति उपलब्ध भएपछि यहाँ औद्योगीकरणको निम्ति पनि उपयुक्त वातावरणको सिर्जना हुन जानेछ, जसबाट यो जिल्ला आर्थिक सम्बृद्धिको बाटोमा द्रुतगतिले अगाडि बढ्न सक्ने देखिन्छ ।

---

[1] Berry, M. J; & Others— op. cit. pp. 186-206

[2] Ibid, pp. 206—211

रुपन्देही

विषय सूची

परिचय ९३९
प्राकृतिक स्वरूप र सम्पदा ९४०
ऐतिहासिक पृष्ठभूमि ९४७
प्रमुख स्थानहरू ९५२
जनसंख्या र जनजीवन ९५७
आर्थिक व्यवस्था ९६४
यातायात, सञ्चार र बिजुली ९७७
शिक्षा, स्वास्थ्य तथा खानेपानी ९८३
प्रशासन र पञ्चायत ९८[illegible]
उपसंहार ९९३

परिचय

एशियाका ज्योति गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनी बगैंचालाई आफूमा समेटेर पश्चिमाञ्चल विकास क्षेत्रको मूलद्वारको रूपमा रहेको रुपन्देही जिल्ला उत्तरमा पाल्पा जिल्लामा पर्ने चुरे डाँडाको काखदेखि दक्षिणमा नेपाल-भारत अन्तर्राष्ट्रिय सीमानासम्म फैलिएको छ । यस जिल्लाको पूर्वमा महाव नदी र पश्चिममा कोठी नदीले क्रमशः नवलपरासी र कपिलवस्तु जिल्लाको साँध छुट्याउँछन् । यसको क्षेत्रफल १,१७२ वर्ग किलोमिटर छ । यो जिल्ला ८३°१०′ देखि ८३°३०′ पूर्वी देशान्तर र २७°२०′ देखि २७°४५′ उत्तरी अक्षांशभित्र पर्दछ । जिल्लाको सदरमुकाम भैरहवामा र लुम्बिनी अञ्चलको सदरमुकाम पनि यही जिल्लाको बुटवल खस्यौलीमा पर्दछन् । २०२८ सालको जनगणनाअनुसार यस जिल्लाका जनसंख्या २,४३,३४६ देखिएको छ, जसमा पुरुषको संख्या १,२६,१५७ र महिलाको संख्या १,१७,१८९ छ । यस जिल्लाका आदिवासी थारू हुन् र यहाँ थारू र यादवहरूको आधिक्य छ । ती बाहेक मुसलमान तथा अधिराज्यका विभिन्न भाग तथा विदेशबाट आएका विभिन्न जात-जातिको बसोबास पनि यहाँ रहेको छ ।

यो जिल्लाको नामाकरण लुम्बिनीस्थित मायादेवीको मन्दिरसँग सम्बन्धित छ । लुम्बिनीलाई रुम्बिनी भन्ने चलन थियो । स्थानीय बासिन्दाहरूले मायादेवीको मूर्तिलाई रूम्बिनीदेवी भन्थे । पछि रूम्बिनी देवीबाट अपभ्रंश हुँदै रुमिनदेवी र रुमिनदेवीबाट रुपन्देही भयो ।

जिल्लाको आर्थिक आधार कृषि नै हो तापनि बुटवल र भैरहवा बजार पश्चिमाञ्चल विकास क्षेत्रको मुख्य व्यापार केन्द्र मानिन्छन् । प्राचीनकालदेखि नै बुटवल पश्चिमी पहाडी क्षेत्रको मूल ढोकाको रूपमा रहेको छ र एउटा महत्वपूर्ण व्यापार केन्द्र बन्दै आएको छ। यहाँबाट लाखौं रूपैयाँको घ्यू, सुठो, जरीबूटी निकासी हुन्छ । हाल सिद्धार्थ राजमार्ग यस जिल्लाको बीचोबीच भएर गएको छ र महेन्द्र राजमार्गको नारायणगढ-बुटवल खण्ड तथा बुटवल-नेपालगञ्ज खण्ड पनि तयार हुँदैछ । यसले गर्दा पनि यस भेकको कृषि, व्यापार तथा लगानीमा ठूलो वृद्धि भएको छ । यातायात, बिजुली तथा उद्योगको क्षेत्रमा द्रुतगतिले विकास हुँदै गएको र विभिन्न नदीनालाले सिंचित तराई क्षेत्र र वन सम्पदाले सुसम्पन्न रहेको यस जिल्लामा आर्थिक विकासको ठूलो सम्भाव्यता छ ।

यस जिल्लामा ७८ गाउँ पञ्चायत र दुइटा नगर पञ्चायतहरू छन् ।

प्राकृतिक स्वरूप र सम्पदा

प्राकृतिक स्वरूप

उत्तरमा चुरे पर्वतको शृङ्खला, चारकोसे झाडी र दक्षिणमा तराईको उर्वरा भूमि तथा अनेकौं नदीनाला, अमूल्य वन जङ्गल र जनावरले सम्पन्न यस रुपन्देही जिल्लालाई भौगोलिक बनावटको दृष्टिकोणले तीन भागमा बाँड्न सकिन्छ ।

(१) उत्तरी भागको चुरे डाँडा
(२) मध्यभागको भावर प्रदेश
(३) दक्षिणको समथर भूमि (तराई प्रदेश)

उत्तरी भागको चुरे डाँडा

रुपन्देही जिल्लाको उत्तरी भागमा चुरे डाँडा पर्दछ । फोस्रो माटो र ढुङ्गा, कङ्कड आदिले बनेको हुँदा चुरे डाँडामा खेतीयोग्य जमीन कम छ र त्यसैकारण यहाँ खास बस्ती छैन । यो डाँडाको उत्तरी पानी ढलोभन्दा दक्षिणी भाग ज्यादै भिरालो परेको छ । उत्तरबाट दक्षिण बग्ने खोलानालाहरूले यस डाँडालाई ठाउँ ठाउँमा काटेका छन् । यो पहाड पूर्व-पश्चिम फैलिएर बसेको छ । चुरे पहाडको फेदमा तिनाउ नदीको किनारमा बुटवल बजार र कञ्चन नदीको किनारमा पचकापुर, झीम झिमिया गाउँहरू छन् । यहाँको चुरे डाँडाको औसत उचाइ लगभग १,२१९ मिटर (४,०००फीट) छ ।

मध्य भागको भावर प्रदेश

यस जिल्लाको चुरे पहाडको फेदीबाट बिस्तारै भिरालो पर्दै दक्षिणतिर गएको भू-भागलाई भावर प्रदेश भनिन्छ । समुद्रको सतहबाट करीब १५२देखि ३०५ मिटर (५०० देखि १,००० फीट) सम्मको उचाईमा रहेको यस क्षेत्रमा घना जङ्गल पाइन्छ । यस प्रकारले उत्तर-दक्षिण तर्फ यस भूभागको चौडाई लगभग चार कोस भएको र सो भाग घना जङ्गलले ढाकिएको हुँदा यस क्षेत्रलाई यहाँ चारकोसे झाडी भनिन्छ । यो भू-भाग बालुवा, कङ्कड र ढुङ्गाले बनेको छ यसै कारणले गर्दा पहाडबाट बगिआउने खोलानाला यहाँको जमीन मुनिबाट बगी पछि समथर तराईको सतह माथि देखापर्छन् । भू-बनोटको कारणले गर्दा यो क्षेत्र खेतीपातीको लागि तराईको समथर भाग जति उपयोगी छैन ।

नारायणघाटबाट बुटवल पुग्ने महेन्द्र राजमार्गको भाग नवलपरासी जिल्लाको सुनवल पञ्चायतबाट भएर बुटवल निस्कन्छ र यो बाटोको धेरै भाग भावर प्रदेशमा पर्दछ। चार कोसे झाडीको धेरै भाग राजमार्गहरूको निर्माण तथा नयाँ बसोबासले गर्दा पातलिंदै गएको छ ।

दक्षिणको समथर भूमि (तराई प्रदेश)

भावर प्रदेशदेखि दक्षिण भारत-नेपालको अन्तर्राष्ट्रिय सीमानासम्मको समथर भूमिलाई तराई भाग भनिन्छ। यस क्षेत्रको औसत उचाइ १५२ मिटर (५०० फीट) भन्दा कम छ। पूर्व महाव नदीदेखि पश्चिम कोठी नदीसम्म फैलिएको यो भू-भाग नरम पाँगो माटोले बनेको छ। उत्तरबाट दक्षिण बगिरहेको रोहिणी नदी, डाँडा नदी, तिनाव नदी, दानव नदी, कोठी नदी, घाघरा नदी, महाव नदी, बघेला नदी आदिले बगाई ल्याएको पाँगो माटोले गर्दा जिल्लाको यो भाग ज्यादै उब्जाउ छ। यहाँ धान, तोरी, उखु, जौ, गहुँको राम्रो उत्पादन हुन्छ। यस क्षेत्रबाट उत्पादित अन्नहरू भारतमा तथा नेपालको पहाडी भागमा निकासी हुन्छ। जिल्लाको बाक्लो बस्ती पनि यही तराई भागमा छ ।

नदीनालाहरू

उत्तरबाट दक्षिण बगेका स-साना नदीनालाहरू धेरै छन् । धेरैजसो खोलामा वर्षादमा मात्र पानी देखा पर्दछ। यहाँका मुख्य नदीहरूमा तिनाव, रोहिणी, दानव, कोठी, महाव, कञ्चन, बघेला र कोहीला झाङ हुन्। यी नदीहरू प्रायः सबै पालपा जिल्लाबाट आई दक्षिण भारततर्फ बगेका छन्।

तिनाव नदी

पालपा जिल्लाबाट बगिआउने झुम्से खोला, तिनाव खोला र दोभान खोला मिलेर बुटवल पुगेपछि यसको नाउँ तिनाव नदी हुन्छ। बुटवलबाट यो नदी फाटेर पश्चिम बग्दा दानव नदी बन्छ। तिनाव नदीबाट सिचाइ व्यवस्था गर्ने तिनाव सिचाइ योजना अन्तर्गत बाँध तथा नहरहरूको निर्माण भएको थियो। २०२२ साल र २०२७ सालका बाढीहरूले बाँधलाई ठूलो क्षति पुऱ्याएको र नदीको प्रवाह दिशा पनि बदलिएको हुँदा योजनाबाट आशा गरेझैं सिचाइ सुविधा उपलब्ध भएन। भावर प्रदेशमा रहेको हुँदा नदीको पानी बाँधनिर जमीन भित्र बिलाउने र १०।११ किलोमिटर(छ-सात माइल) दक्षिणतिरबाट उम्रिने प्रक्रियाले गर्दा पनि यो योजना सफल भएन। यो योजना सफल नभए तापनि यस नदीबाट स्थानीय जनताले कुलो ल्याई सिचाइ गरेर लाभ उठाएका छन्। बुटवल पावर कम्पनीले दोभाननिर यस नदीको पश्चिम किनारामा सुरूङ खनेर पानी जाने बाटो बनाई एक हजार किलोवाटको विद्युत् शक्ति उत्पादन गर्ने योजनाको कार्यान्वयन गरिरहेको छ। हालसालै ५० किलोवाट बिजुली बुटवल र खस्यौली नगर पञ्चायतलाई उपलब्ध भइसकेको छ। सुरूङ खनेर बिजुली निकाल्ने यो पहिलो योजना हो। यस प्रकारले यस नदीबाट स्थानीय जनताहरूले खानेपानी लगायत सिचाइ र बिजुलीको सुविधा पाएका छन्।

दानव नदी

तिनाव नदी बुटवलबाट दक्षिण बग्दा फाटेर दुई भाग भएको छ। पश्चिम फर्की दक्षिण बग्ने भङ्गालोको नाम दानव नदी हो ।

रोहिणी नदी

हाटिकोट, पोखरा डाँडा, धाव आदि चुरे पर्वत श्रृङ्खलामा पर्ने स्थानहरूबाट निस्केका खोला-खहरेहरू मिलेर रोहिणी नदी बन्दछ। यस नदीबाट जिल्लाको पूर्वी भागको केही सिचाइ हुन्छ। यो ऐतिहासिक नदी हो। गौतम बुद्धको समयमा यस नदीका पानी विषयमा कोली र शाक्यहरू बीच लडाईं हुन लाग्दा बुद्धले पानीभन्दा रगत ठूलो भन्ने उपदेश दिई मेल मिलाप गराएको कुराको उल्लेख बौद्ध जातकमा पाइन्छ।

कोठी नदी

यो नदी पनि जिल्लाको चुरे पर्वत श्रृङ्खलाबाट निस्की दक्षिणतर्फ बगेको छ। नदीले रुपन्देही जिल्लाको पश्चिमी सीमाको काम गर्दछ र यस जिल्लालाई कपिलवस्तु जिल्लाबाट छुट्याउँछ।

कञ्चन नदी

पाल्पा जिल्लाको दक्षिणी भागबाट बगिआउने यो नदी दानव नदीमा मिल्दछ। कञ्चन-दानव नदीबाट वृहत् सिचाइ योजना गर्ने सम्भावना छ।

बघेला नदी

यो नदी भैरहवा बजारबाट पूर्व पटखौली गाउँ पञ्चायत धन्छी निरबाट जान्छ। यस नदीमा पटखोली गाउँ पञ्चायतमा २५ क्यू. सेक्स क्षमताको सिचाइ योजना बनेको छ। यसले पोखरा भिन्डी, धकधई आदि क्षेत्रको करीब ६८० हेक्टर (१,००० बिघा) को धानबालीलाई मद्दत गर्दछ। वर्षा याममा मात्र पानी रहने हुंदा यसको पानी रबी बालीको निमित्त उपयोग हुन सकेको छैन।

डण्डा नदी

पाल्पा जिल्लाबाट बगिआएको यस नदीले आनन्द वन मणिग्राम, करहिया, गंगवलिया, फर्साटिकर तथा पडसरी गाउँ पञ्चायत भित्रको जग्गा जमीनमा सिचाइ गर्दछ। यो नदी भैरहवाको पूर्वी छेउ हुँदै भारत पस्तछ।

महाव नदी

जिल्लाको सुदूर पूर्वी भागबाट बगिरहेको यस नदीले रुपन्देही जिल्लालाई नवलपरासी जिल्लासँग छुट्याउँछ। केरवानी, छिपागढ, पर्सा र बोदवार पञ्चायतहरूले यस नदीको पानी खेतीको लागि उपयोग गर्दछन्।

हावापानी

रुपन्देही जिल्ला नेपालको पश्चिमाञ्चल क्षेत्रभित्र पर्ने लुम्बिनी अञ्चलको तराई जिल्ला हो। ग्रीष्म महीनामा यहाँ ज्यादै गर्मी हुन्छ र तापक्रम ४१° सेन्टिग्रेडसम्म पुग्दछ। वर्षा शुरू हुनुभन्दा अघि

सुक्खा भई धुलो उड्ने र वर्षा भइसके पछि जलवाष्पयुक्त हावा चल्दछ । हिउँदमा हावापानी रमाइलो र न्यानो हुने हुँदा पहाडबाट मानिसहरू यस जिल्लामा आउँछन् । मौसम पनि प्रायः सफा रहन्छ र यहाँबाट उत्तर तर्फको हिमालयको रमणीय दृश्य देखिन्छ ।

यस जिल्लाको बुटवल र भैरहवास्थित मौसम अवलोकन केन्द्रहरूबाट देखिएको सन् १९७०को तापक्रमको तालिका यस प्रकार छ :–

तापक्रमको तालिका (सेन्टिग्रेडमा)

महीना	बुटवल		भैरहवा विमानस्थल	
	अधिकतम	न्यूनतम	अधिकतम	न्यूनतम
जनवरी	२२.७	१२.५	२२.८	–
फेब्रुअरी	२४.४	१३.७	२५.१	११.४
मार्च	३०.६	१७.७	३१.३	१४.०
अप्रिल	३५.८	२३.९	३६.८	२०.२
मे	३७.०	२५.८	३७.९	२३.६
जून	३२.६	२४.९	३३.२	२४.२
जुलाई	३०.८	२५.७	३२.३	२५.०
अगष्ट	३१.१	२५.२	३२.७	२५.४
सेप्टेम्बर	३०.१	२४.६	३२.१	२३.७
अक्टोबर	२८.६	२२.३	३१.१	२०.२
नोभेम्बर	२३.३	१७.१	२८.३	११.१
डिसेम्बर	२०.०	१३.६	२४.०	६.२
वार्षिक औसत	२८.९	२०.५	३०.६	–

उपर्युक्त तालिकाबाट यस जिल्लामा मार्चदेखि सेप्टेम्बर, अक्टोबरसम्म सात आठ महीनाको अधिकतम तापमान ३०° सेन्टिग्रेडभन्दा माथि नै रहन्छ। मार्च महीनामा निकै सुक्खा गर्मी हुने भए तापनि जुलाईमा पानी पर्ने हुँदा गर्मी केही घट्दछ । जून–जुलाई–अगष्ट ताकाको अधिकतम र न्यूनतम तापक्रमको भिन्नता सात–आठ डिग्रीमात्र देखिन्छ । जाडो मौसममा भने राती निकै ठण्डा हुने र दिउँसो ताप चढ्ने हुँदा १०।१२ डिग्रीको फरक परेको देखिन्छ । यस प्रकारले जाडोमा अलि जाडो र गर्मीमा अति गर्मी भएको भान हुन्छ ।

सन् १९७० मा बुटवल र भैरहवा विमानस्थलमा लिइएको वर्षा सम्बन्धी तथ्याङ्कको तालिका निम्नअनुसार छ ।

वर्षाको तालिका

(मिलिमिटरमा)

	बुटवल	भैरहवा विमानस्थल
जनवरी	२६.२	१८.१
फेब्रुअरी	१५.८	१०.३
मार्च	२०.६	११.७
अप्रिल	३५.२	०.०
मे	६१.९	२४.८
जून	९७०.६	५११.६
जुलाई	१,१८८.४	५४०.०
अगष्ट	६२२.२	२७१.६
सेप्टेम्बर	६७४.८	१३५.८
अक्टोबर	७७.४	६४.२
नोभेम्बर	०.०	०.०
डिसेम्बर	०.०	०.०

बुटवल र भैरहवा विमानस्थलको वार्षिक वर्षा क्रमशः ३,६९३.१ र १,५८८.४ मिलिमिटर छ। अधिकतम वर्षा भएको दिन क्रमशः बुटवलमा २० जुलाईमा ३३८.२ मिलिमिटर र भैरहवामा पनि २० जुलाईमा १५८.० मिलिमिटर थियो ।

हावापानीको दृष्टिकोणले यस जिल्लामा उष्ण हावापानीकै प्रभाव रहेको देखिन्छ। यस जिल्लाको उत्तरी चुरे पर्वत शृङ्खलाको केही भागलाई छोडी सम्पूर्ण भाग भावर र तराई प्रदेशले ढाकेको छ। यो जिल्लाको धेरैजसो भू–भाग १०० देखि ३०० मिटर उचाइ भित्र पर्दछ। ग्रीष्म ऋतुमा वर्षा हुनु अघि ज्यादै गर्मी हुन्छ। ज्यादा वर्षा असारदेखि भदौसम्म हुन्छ। मंसीरदेखि वैशाखसम्म प्रायः सुक्खा रहन्छ। चैत र वैशाखमा सबभन्दा बढी सुक्खा गर्मी हुन्छ। असारदेखि वर्षाद हुने हुँदा तापक्रम घट्दछ। राती बतास पनि निक्कै चल्छ। यो भू–भागको माटो मलिलो छ र औलोको उन्मूलनले गर्दा यहाँको आवादी बढ्दैछ।

प्राकृतिक वनस्पति

यस जिल्लामा साल, सती साल, सिसौ, खयर, अस्ना, कर्मा, सिमल, विजय साल, जामन, टुन, राजवृक्ष, बोट धैयाँरो, पानन, हर्रो, बर्रो, भुरकूल, सिरिस, कदम, तँदु जस्ता विभिन्न किसिमका वन पाइन्छन्। यस जिल्लाको करीब २५ प्रतिशत भू–भाग वन जङ्गलले ढाकेको अनुमान गरिएको थियो। केही वर्ष यता यहाँको वन जङ्गलको केही भाग सिद्धार्थ राजमार्ग, महेन्द्र राजमार्ग जस्ता निर्माण कार्यको लागि काटिए भने केही वनक्षेत्रमा नयाँ बसोबासले गर्दा यहाँका वनजङ्गल पातलिएका छन् ।

जिल्लामा पाइने साल, असना, कर्मा, सिरीसबाट यहाँका जनताले घर बनाउनलाई चाहिने दलिन, खम्बा खापा बनाउँछन् भने यस जिल्लाको नदीहरूको किनारामा र बलौटे जगगामा पाइने खयर, सिसौका रूखहरूबाट विभिन्न किसिमका फर्निचरहरू बनाउने कच्चा काठ उपलब्ध भएको छ ।

वर्षामा समेत पानी नपुग्ने भावर प्रदेशको क्षेत्रमा सिमल, लाटी कर्मा, हल्दु, जामुन, कटेल, र सिरीसका रूखहरू पाइन्छन् । सिमल र लाटी कर्माको काठबाट राम्रो सलाई बन्ने हुँदा सो सलाई फ्याक्टरीको लागि भारततर्फ निकासी हुन्छ । यही वनबाट पाइने वन पैदावारहरूबाट सलाई, प्लाइउड उद्योग चल्नुको अतिरिक्त जिल्लाबासीहरूको दैनिक व्यवहारमा चाहिने धेरैजसो आवश्यकताहरू पूर्ति भएको छ ।

वन पैदावारहरू जस्तै बेत, वनकस,तँदु पत्ता, खजुर पत्ता, सन्तावर, पिस्ता, माहुने र जरीबूटीबाट घरेलु सामान जस्तै टोकरी, ढक्की डाली, माछा मार्ने जाली देखिलिएर वनौषधिहरू तयार पारिन्छन् । महुवाबाट रक्सी बनाइन्छ । पकाउने कामदेखि लिएर गाईवस्तु चराउन, घर बनाउन र छाउन यहाँका मानिसलाई वनमा भर पर्नु पर्छ । वनमा पाइने स्याउला घाँस गाई वस्तुलाई खान दिने आहारा मात्र नभई स्याउलाको मल बनाई खेतमा प्रयोग गरिन्छ । खेतीको लागि चाहिने काठको हलो, कोदालो, डालो र घरको लागि खाट, बैल गाडाका पाँग्राहरू, काठको खोर, मृदङ्ग, मादल तथा ढोल जस्ता गाउँले संगीतका बाजाहरू पनि यसैबाट बनाइन्छन् ।

पशु पक्षी

यहाँको वन जङ्गलमा बाघ, भालु, चितुवा, बँदेल, जरायो, रतुक, गैंडा, घोरल, थार, चित्तल, नीलगाई, स्याल, दुम्सी, खरायो, बाँदर, वन बिरालो जस्ता पशु र लुइँचे, चित्रा, मुजर, कालिज, च्याखुरा, पानीहाँस, सिम कुखरा, सुगा, ढुकुर, बकुल्ला, सारस, धनेश आदि पक्षीहरू पाइन्छन् । यहाँको जङ्गल भित्र करेत, गोमन, अजिङ्गर, बिच्छी जस्ता विषालु सर्प आदि पाइन्छन् । यहाँका नदीनालामा माछा र कछुवा पनि खूब छन् ।

बढ्दो जनसंख्याको चाप, वन अतिक्रमण, चोरी शिकारी जस्ता कार्यले गर्दा वन जङ्गलको क्षतिको साथै वन्य जन्तुको पनि ह्रास हुन गएको छ ।

वन संरक्षण तथा विकास

पहाडबाट तराई झरेका सुकुम्बासी, बर्माबाट फर्केका प्रवासी नेपाली र विभिन्न योजना अन्तर्गत जङ्गलको जगा वितरण गरिंदा यस जिल्लाको विभिन्न ठाउँमा अव्यवस्थित तरीकाले बसोबास बढ्दै गएको थियो। सुव्यवस्थित तरीकाले बसोबास गराउने उद्देश्यले पुनर्वास कम्पनी तथा अञ्चल बसोबास समितिद्वारा सञ्चालित कार्यक्रम अन्तर्गत रुपन्देही जिल्लाको जानकीनगर, देवीनगर, शङ्करनगर आदि स्थानहरूमा सुकुम्वासीहरूलाई करीब १,००० हजार हेक्टर अर्थात् करीब १,५०० बिघा जमीन छुटयाइएको थियो ।

लुम्बिनी प्रधान वन कार्यालयले जङ्गलको स्थिति र भौगोलिक अवस्थाअनुसार यस जिल्लालाई विभिन्न बिट तथा ब्लकहरूमा विभाजित गरी वन इलाका छुटयाइदिएको छ । यस अन्तर्गत ठकुरापुर

बिट, पश्चिम झिम झिमे बिट, पूर्व झिम झिमे बिट, खस्यौली बिट, जोगीकुटी बिट र कदमीपुर बिट गरी जम्मा छ ब्लक गरिएको छ ।

वि. सं. २०१६।०१७ देखि हालसम्ममा वन क्षेत्रहरूमा काठका खम्बाहरू लगाई वन सीमाको रेखाङ्कन गरिआएको छ । वन जङ्गल र गाउँ बस्तीको स्थितिअनुसार एक भागबाट अर्को भागमा जाँदा वन भित्रबाट जानु पर्ने हुँदा वन जङ्गललाई तारबाट फेन्सीङ्ग गर्ने कार्य अव्यवहारिक हुन आएकोले सिर्फ काठबाट वन सीमानाको रेखाङ्कन गरी वन इलाकालाई आवादी जग्गाबाट अलग्याइएको छ । वनलाई आगलागीबाट बचाउन मुख्य मुख्य वनहरूमा अग्नि संरक्षण रेखाहरू बनाई एक भागबाट सल्केको आगो अर्को भागमा जान नसक्ने गरिएको छ ।

जङ्गलको हैसियत सुधार गर्ने प्रथा पनि लागू गरिएको देखिन्छ । सशस्त्र गश्ती टोलीहरूद्वारा वन जङ्गलको सुरक्षा गर्ने कार्य पनि सञ्चालन भइसकेको छ । वर्षौंदेखि कटानी गरी नाश भएको चिलियाँ जङ्गललाई सरपट कटानी गरी मूल्यवान सालका रूखहरू लगाइएको छ । सो वृक्षारोपण करीब १६० हेक्टर (४०० एकड) जमीनमा भएको थियो र यी बिरूवाहरू सन्तोषजनकरूपमा हुर्किरहेका देखिन्छन् ।

ऐतिहासिक पृष्ठभूमि

नेपालको इतिहासमा यस जिल्लाको इतिहासको ठूलो महत्व छ। नेपाललाई विश्वसित परिचित गराउने केही प्रसिद्ध कुरामध्ये बुद्धको जन्मस्थल लुम्बिनी पनि एउटा हो।

आजभन्दा २५९८ वर्ष अगाडि यस तराईक्षेत्रमा गणतन्त्र राज्य थियो। कपिलवस्तु शाक्य वंशहरूको गणराज्य थियो र शुद्धोदन यहाँका राजा थिए। राजा शुद्धोदनकी रानी मायादेवी आफ्नो माइत देवदह जान लाग्दा बाटोमा प्रसव व्यथा लाग्यो र उनको कोखबाट लुम्बिनी बगैंचाको सालको रूख मन्तिर ईशा पूर्व ६२३[1] वैशाख पूर्णिमाको दिन राजकुमार सिद्धार्थको जन्म भयो। आफ्नो परिवार र राजदरबारको सुख त्यागी परम शान्ति र सुखको खोजमा हिंडेका सिद्धार्थलाई गयाको एक पीपलबोट मनि मार्ग फल (बुद्धत्व) प्राप्त भयो। तदनन्तर सिद्धार्थ गौतम "बुद्ध" को नामले प्रख्यात भए र बुद्धले प्रतिपादन गरेको धर्म "बौद्ध धर्म"को नाउँले विश्व प्रसिद्ध भयो। यस प्रकारले विश्वका एक महान् रत्नको जन्म यस भूमिमा भएकोले लुम्बिनी एक विश्व प्रसिद्ध बौद्ध तीर्थस्थल बन्न गएको छ।

सम्राट् अशोकले बुद्ध जन्मभूमि लुम्बिनीको दर्शन गरे र यस स्थलमा एउटा ऐतिहासिक अशोक स्तम्भ खडा गरेर गए। यस स्तम्भमा प्रचलित प्राकृत भाषा र ब्राह्मी लिपिमा लेखिएको अभिलेखको नेपाली अनुवाद यस प्रकार छ– "राज्याभिषेक भएको बीस वर्ष पुगेका, देवताहरूमा प्रिय, प्रियदर्शी राजाले स्वयं यहाँ आएर पूजा गरे। यहाँ शाक्यमुनि बुद्ध जन्मेका थिए भनी ढुङ्गाको ठूलो पर्खाल बनाइयो र शिला–स्तम्भ खडा गरियो। यहाँ भगवान जन्मेका थिए भनी लुम्बिनी गाउँको बलि र अष्ट भाग (कर विशेष) क्षमा गरियो।"[2]

यही पुरातात्विक स्तम्भ जुन ईशाभन्दा २४९ वर्ष अघि मौर्य सम्राट् अशोकले स्थापना गरी छोडेका थिए सो को वर्णन चिनियाँ यात्री फाहियान[3] तथा हुयनसाङ्ले[4] पनि आफ्नो कृतिमा गरेका छन्। कालान्तरमा

---

1. Smith, V.- The Early History of India, Oxford Clarendon Press, IV edition, p.5; H.M.G., Lumbini Development Committee—Lumbini, The Birthplace of Buddha, Kathmandu, Nepal, 1975. p. 1
   गौतन बुद्धको जन्म तिथि बारे विभिन्न मत छन्–तर वि. सं. २०३१ मा नेपालमा २५१८ बुद्ध जयन्ति समारोह मानिएको बुद्धको जन्म जयन्ति नभई महापरिनिर्वाणको जयन्ति मानिएको हो। यस प्रकार २५१८ जयन्ति (महापरिनिर्वाण जयन्ति) हुँदा २५९८ औं जन्म जयन्ति हुन आउँछ।

२. बालचन्द्र शर्मा– नेपालको ऐतिहासिक रूपरेखा, वाराणसी, २०२२, पृष्ठ ६७

३. सत्यकेतु विद्यालंकार–भारतका प्राचीन इतिहास, सरस्वती सदन, मसुरी, १९६०, पृष्ठ ५४७

4. Beal, S. (tran.)- Travels of Hiouen Thsang, Sushil Gupta (India) Pvt. Ltd., Calcutta, 1958, vol. III. p. 272

यो पुरिएर गएको थियो । अन्त्यमा डा. फुहररको प्रयासले सन् १८९५ मा स्तम्भ भेटियो र त्यस समयदेखिन् यसको संरक्षण श्री ५ को सरकारले गर्दै आएको छ । अशोक स्तम्भ र चिनियाँ यात्रीहरूको बयानको आधारमा गौतम बुद्धको जन्मस्थल यही लुम्बिनी हो भन्ने स्पष्ट हुन्छ ।

बौद्ध जातक कथाअनुसार पनि राजा विम्बिसारले बुद्धलाई तपाईंको जन्मभूमि कहाँ हो भनी सोद्धा बुद्ध भन्छन् "उजम् जनपतदों राजा हिम वत्तस्स पस्सतो" अर्थात् "राजा जहाँबाट हिमाल देखिन्छ, त्यसै जनपदमा म जन्मेको हुं ।'[1]

बौद्ध जातक कथाअनुसार सिद्धार्थको मावली तथा यशोधराको माइती हाल रूपन्देही जिल्लाको पूर्व देवदहमा पर्दथ्यो । भगवान बुद्धको मामा दण्डपाणी कोली वंशका राजा थिए । कोलीहरूको राज्य[2] सम्भवतः रोहिणी नदीदेखिन् पूर्वमा गण्डकीको पश्चिमी तट वर्तमान नवलपरासी जिल्लासम्म र दक्षिणमा भारतको उत्तर प्रदेशको देवरिया तक फैलिएको थियो। यस प्रकारले वर्तमान रुपन्देहीका केही भाग र नवलपरासी जिल्लामा कोलीहरू आजभन्दा पच्चीस छब्बीस सय वर्ष अगाडि राज गर्दथे । यिनीहरूको राजधानी रामग्राममा थियो । ईशाको सातौं शताद्वीमा चिनियाँ यात्री हुयनसाङले कपिलवस्तु, लुम्बिनी र रामग्रामको यात्रा गरेको वर्णन पाइन्छ ।[3] हुयनसाङ ले यात्रा गर्दा कोलीहरूको राजधानी रामग्राम उजाड भइसकेको थियो । धेरै भू-भाग जङ्गलले ढाकिसकेको र बस्ती कम थियो । बुद्धको महापरिनिर्वाण हुँदा बुद्धको अस्थि धातुको एक भाग कोली राज्यले पनि कुशीनगरका मल्ल राजाहरूबाट पाएको थियो ।

गौतम बुद्धको समयमा कपिलवस्तुमा शाक्य वंशको राज्य थियो त रुपन्देहीमा कोली वंशका राजा दण्डपाणी राज गर्दथे । गोरखपुरको नजीकै कुशीनगरतर्फ जहाँ बुद्धको निर्वाण (देहत्याग) भएथ्यो त्यहीं मल्लहरूको राज्य थियो । वैशाली (मुजफ्फरपुर जिल्ला) मा लिच्छविहरूको गणराज्य थियो ।

कौशल नरेश प्रसेनजीतकी रानी महानाम शाक्य नाम गरेका कपिलवस्तुका एक उच्च पदस्थ व्यक्तिको दासी पुत्री वासभखतिया (वासवदत्ता) थिइन् [4] र तिनीबाट जन्मेका विरूधक राजाले शाक्य वंशको मूलोच्छेदन गरेका थिए । ऐतिहासिक साधनको अभावले अशोक पछि र नेपालमा लिच्छविहरूको शासनभन्दा अघिको समयावधिको राजनैतिक अवस्थाको तथ्य ज्ञान प्राप्त हुन सकेको छैन ।

लिच्छवि राजा मानदेव प्रथमको पालामा नेपाल राज्यको सीमाविस्तार पश्चिममा गण्डकी पारी मल्ल राज्यसम्म फैलिएको थियो भन्ने कुरा मानदेवको ३८६ शक संवत्को चाँगु अभिलेखबाट पुष्टि हुन्छ । लिच्छवि शासकहरूले आफ्नो राज्यको सीमाना प्रायः वर्तमान नेपाल अधिराज्य जति नै पारेका थिए ।[5] तसर्थ त्यसबेला यो क्षेत्रमा पनि लिच्छविहरूकै शासन रहेको देखिन्छ ।

लिच्छविहरूको प्रभुत्व ईस्वी संवत्को पहिलोदेखि नवौं शताद्वीसम्म रहेको अनुमान हुन्छ । लिच्छविहरूको केन्द्रीय शासन कमजोर हुँदै गएपछि वर्तमान नेपालको सुदूर पश्चिमी भाग कर्णाली क्षेत्रमा दशौंदेखि

---

१. बालकृष्ण सम– नेपाली संस्कृतिको भूमिका, प्राचीन नेपाल, अंक ३, पृष्ठ ३

२. सत्यकेतु विद्यालंकारको माथि उल्लिखित किताब, पृष्ठ २५६

3. Beal, S. (tran.)- op. cit. pp. 268-82

४. सत्यकेतु विद्यालंकार– माथि उल्लिखित किताब, पृष्ठ २४६

५. धनवज्र वज्राचार्य– लिच्छविकालका अभिलेख, नेपाल र एशियाली अध्ययन संस्थान, काठमाडौं २०३० पृष्ठ २७–२८; धनवज्र वज्राचार्य आदि (सं.) इतिहास संशोधनको प्रमाण प्रमेय, जगदम्बा प्रकाशन, ललितपुर, २०१८, पृष्ठ २१-२८

चौधौं शताब्दीसम्म खारी प्रदेशको नागराज र उनका सन्तानहरूको र पछि गेलाका पाल वंशका राजाहरूले शासन चलाए ।[१]

यिनै नाग राजवंशी राजाहरूले मल्ल उपाधि धारणा गरेका थिए । नेपाल उपत्यकाका मल्ल राजाहरूको शासन कमजोर हुँदै गएको समयमा कर्णाली प्रदेशका राजा जितारी मल्ल, आदित्य मल्ल र पुण्य मल्लले काठमाडौं उपत्यकामा आक्रमण गरेका थिए ।[२] जितारी मल्लका भतिजा रिपु मल्लले लुम्बिनीको अशोक स्तम्भमा आफ्ना नाउँ कुँदाएका छन् । यस्तै निग्लीहवामा अशोक स्तम्भमा कुँदिएको पंक्ति "ओं, मणि पद्मे हुँ, रिपु मल्लस्य चीरंजयतु– १२३४"[3] ले यो भू–भाग कर्णाली प्रदेशका मल्ल राजाहरूको अधीनमा पर्न गएको सङ्केत गर्दछ । तर चौधौं शताब्दी पछि यो मल्ल राज्यको पतन भयो ।

मुसलमानहरूको दमनले भारतका राजपूतहरू र तिनीहरूसँग सम्बन्धित अनेक हिन्दू परिवार धार्मिक र जातीय स्वाभिमानको रक्षार्थ भारतको उत्तराखण्ड तिर पसे । यसरी आउनेहरूमध्ये सेनहरू पनि थिए र सेनहरूले पाल्पामा राज्य खडा गरेका थिए । रुपन्देही र नवलपरासीको मध्यकालिक इतिहास पाल्पा र बुटवलको इतिहाससँग सम्बन्धित छ ।

रुद्र सेनले पाल्पामा आफ्नो राज्य खडा गरे । यिनका छोरा मुकुन्द सेन प्रथमको ३५ वर्षको शासन काल(ई.सं. १५४० देखि १५७५)[४] मा सेनराज्य पश्चिम पाल्पा देखिन् पूर्वमा कोशी क्षेत्रसम्म फैलिएको थियो । यस प्रकारले पाल्पाको राजा मुकुन्द सेनले आफ्नो राज्यकालमा निकै प्रभुत्व जमाई प्रसिद्ध भए । छिमेकी राज्य गुल्मीका राजाकी छोरीसँग यिनले विवाह गरेका थिए । पर्वतका राजा प्रतापीनारायण मल्ल यिनका छोरी जुवाई थिए । यिनका कान्छो छोरा लोहाङ सेनले मोरङसम्म विजय गरी पाल्पाराज्यको विस्तार गरे । मुकुन्द सेनले पछि आफ्नो विशाल राज्य आफ्नो छोरा र नातीहरूमा बाँडिदिए । मुकुन्द सेनले जेठा छोरा माणिक्य सेनलाई पाल्पा, माहिला छोरा विनायक सेनलाई बुटवल, साँहिला विहंग अथवा भृङ्गी सेनलाई तनहूँ, र लोहाङ सेनलाई मकवानपुर राज्य बाँडिदिए ।[5] मुकुन्द सेनका भतिजा राज सेनले रिसिङ र नाती चन्द्र सेनले राजपुर पाए । यस प्रकारको आफूले आर्जन गरेको यो विशाल राज्य सानसानो एकायमा विभक्त गरिएकोले मुकुन्दसेनको विशाल राज्यको कुनै स्थायी महत्व रहेन ।

मुकुन्द सेनका जेठा छोरा माणिक्य सेनको वंशक्रम उनका पनाती पृथ्वी सेनको पालामा टुङ्गिन गएकोले पाल्पा राज्य विक्रम संवत् १७१० मा बुटवल राज्यमा गाभियो र विनायक सेनका पनाती अम्बर सेनले यस संयुक्त राज्यको राजधानी पाल्पा तानसेन बनाए ।[6] यस प्रकारले यस जिल्लामा सेन वंशको शासन ई. सं.

---

१. योगी नरहरिनाथ (सं.) –इतिहास प्रकाश, अङ्क २ भाग १, पृष्ठ ५८–६१

२. धनवर्ज वज्राचार्य– कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा, कर्णाली प्रदेश एक विस्तृत अध्ययन, पृष्ठ ११–६२

3. Rijal, B. K.- Excavation and Exploration in Tilaurakot, Ancient Nepal, No. 22 p. 66

४. बाबुराम आचार्य– श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, श्री ५ महाराजाधिराजका प्रेस सचिवालय, काठमाडौं, २०२४, पृष्ठ ६

5. Hamilton, F. B.- An Account of the Kingdom of Nepal, p. 132.

6. Ibid, p. 170.

१८०६ (पृथ्वीपाल सेनको पाला) सम्म रह्यो । गोरखाका राजा नरभूपाल शाहले पाल्पाली राजा गन्धर्व सेनकी छोरी कौशल्यावती देवीसँग दोस्रो विवाह गरेका थिए ।[1] जसबाट पृथ्वीनारायण शाह जस्ता प्रतापी पुत्ररत्न प्राप्त भएथ्यो । यसै नाताले पृथ्वीनारायण शाह बनारसबाट फर्कंदा केही काल आफ्नो मावली बुटवलमा पनि आई बसेथे । मुकुन्द सेन द्वितीयले आफ्नो शासनकाल (सन् १७५६–१७८२) मा अवधका नवाब बजीरलाई खुशी पारी तराईका तिलपुर र राजापुरका केही भाग पाएका थिए ।[2] मुकुन्द सेन (द्वितीय) पछि उनका छोरा महादत्त सेन पाल्पाका राजा भए । यस बखतसम्म गोरखाको राज्य पूर्वमा टिस्टासम्म पुगिसकेको थियो र पश्चिमतर्फ भने मर्स्याङ्दी नदी नाघ्न सकेको थिएन ।

विक्रम संवत् १८४१ मा अमरसिंह थापाको नेतृत्वमा गएको गोरखाली फौजले पल्लो नुवाकोट पैय्यूंसम्म विजय गरे तर पाल्पा र पर्वतको मद्दतले गर्दा तनहूँ स्वतन्त्र नै रहेको थियो । यसबाट क्रुद्ध भई रण बहादुर शाहको नायब भई काम गर्ने वीर रमणी राजमाता राजेन्द्रलक्ष्मी देवीले अभिमानसिंह बस्नेतको नेतृत्वमा पाल्पा हान्न फौज पठाइन् । वीरकोटमा घमासान युद्ध भएपछि गोरखाली फौज तानसेनसम्म पुग्न लागेको बेलामा पर्वतको ठूलो फौज लमजुङतिर बढेको समाचारले गोरखाली फौज लमजुङको मोर्चा बलियो गर्न लमजुङतिर लागे । बहादुर शाहलाई पाल्पाका राजा महादत्तसेन अत्यन्त शक्तिशाली थिए भन्ने कुराको ज्ञान थियो। पाल्पाली राजा महादत्त सेनको नवाब बजीर आसफउद्दौलाको दरबारमा ठूलो सम्मान थियो । यिनले नवाबबाट सस्तो दरमा तराईको एउटा ठूलो भू-भाग पाएका थिए ।[3] बहादुर शाहले पाल्पा राज्यसँग कूटनीतिद्वारा मैत्री सम्बन्ध कायम गर्न पाल्पा र गोरखाको पूर्व सम्बन्ध देखाई पाल्पाली राजा महादत्त सेनकी पुत्रीसँग विवाह गरे । यसरी पाल्पालाई साथ लिई दामोदर पाँडेको नेतृत्वमा चौबीसी राज्य सर गर्न फौज अघि बढ्यो । यस संयुक्त शक्तिले निकै ठूलो राज्य जित्यो । आपसी सन्धिअनुसार विजित राज्यहरूमध्ये पाल्पाले गुल्मी, अर्घा र खाँची पायो ।[4]

विक्रम संवत् १८५१ मा रणबहादुर शाहले आफ्ना काका बहादुर शाहको नायबी हटाई शासन व्यवस्था आफ्नो हातमा लिएपछि पाल्पा अन्तर्गत परेको गुल्मीलाई पुनः आफ्नो जेठान शिव शाहका नाती सिद्धी प्रतापलाई फिर्ता दिलाए ।[5] पाल्पाली राजा महादत्त सेनका छोरा पृथ्वीपाल सेनको हातबाट गीर्वाण युद्ध विक्रम शाहको राजतिलक दिने काम सन् १७९७ (वि.सं. १८५४) मा गराइयो । पृथ्वीपाल सेन पछि काठमाडौंमा नजरबन्दमा परेर सन् १८०० मा नजरबन्दबाट छुटी पाल्पा फर्के । आफूले स्वामी महाराजको उपाधि धारण गरी रणबहादुर शाह काशी गए । काशीबाट फर्केर पुनः प्रशासन आफ्नो हातमा लिई गीर्वाणयुद्धका नायबीको रूपमा रहे । यसैबखत रणबहादुर शाहले पाल्पाका राजा पृथ्वीपाल सेनकी बहिनीसँग विवाह गर्ने कुरो पठाई पृथ्वीपाललाई पुनः काठमाडौं झिकाई नजरबन्दमा राखे । विक्रम संवत् १८६३ (ई. सं. १८०६) मा चौतरिया शेरबहादुर शाहबाट रणबहादुर शाहको हत्या भयो । मर्ने बेलामा

---

१. योगी नरहरिनाथ (सं.) गोरखा वंशावली, गोरक्षाटल्ला, वाराणसी, २००६, पृष्ठ १११
2. Hamilton, F. B.- op. cit. p. 172
3. Ibid. pp. 172-73.
4. Ibid p. 173.
5. Ibid p. 174.

रणबहादुर शाहले गीर्वाण युद्ध विक्रम शाहलाई भीमसेन थापाको संरक्षणमा छोडेका थिए । रणबहादुर शाहको मृत्युको तत्कालै पछि भीमसेन थापाले आफ्ना विरोधीहरूलाई सखाप पारे । रणबहादुर शाहको हत्याकाण्डमा पृथ्वीपालको पनि हात रहेको भन्ने अभियोगमा त्यसै बेला पाल्पाली राजा पृथ्वीपाल सेन र उनका समस्त सैनिकहरूलाई मृत्युदण्ड दिइयो । भीमसेन थापाले तुरुन्त नै आफ्ना पिता अमर सिंह थापालाई ठूलो फौजका साथ पाल्पा कब्जा गर्न पठाए ।[1] यसरी यस जिल्लामा विक्रम संवत् १८६३ देखि सेनवंशको शासन समाप्त भयो र त्यसपछि यो जिल्ला नेपाल अधिराज्यमा गाभियो ।

गीर्वाण युद्ध विक्रम शाहको राज्यकालमा पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म नेपाल अधिराज्यको विस्तार भएथ्यो । यस विजयले पश्चिममा पंजावका राजा रणजित सिंहको सिख राज्य विस्तार गर्ने विचारमा आघात परिरहेको थियो त नेपालको दक्षिणतर्फ राज्य विस्तार गरिरहने अंग्रेजी कम्पनी सरकारको मनमा पनि ठूलो चिसो पसेको थियो । एक दोस्रालाई लडाइ आफ्नो शक्ति बढाउने सिद्धान्त भएका अंग्रेजहरूले २५ जुलाई १८०९ तदनुसार विक्रम संवत् १८६६ मा 'अमृतसरको सन्धि" द्वारा सिख शक्तिलाई आफ्नो पक्षमा मिलाए । यस्तो जाल रची अंग्रेजहरूले नेपाललाई युद्धको धम्किदिए ।[2] यस युद्धको मुख्य बीउ बुटवल र स्यूराज प्रदेशलाई नै बनाए । मार्च १८१४ मा गभर्नर जनरल हेस्टिंगसले नेपाल सरकारलाई २५ दिनभित्र बुटवल र स्यूराजको भू–भाग छाडिदिने पत्र लेखी पठाएका थिए । म्याद सकिनासाथ गोरखपुरका अंग्रेज मेजिष्ट्रेटले विवादग्रस्त इलाका कब्जा गर्न फौज पठाई सो भूभाग विना लडाईं नै कब्जा गरी फर्केपछि पाल्पाबाट आएको नेपाली फौजले सो इलाका पुनः कब्जा गरे । अंग्रेजहरूले नेपाललाई सन् १८१४ मा विभिन्न क्षेत्रबाट हमला गरे । गोरखपुरबाट मेजर जनरल उडको नेतृत्वमा आएका फौजले सन् १८१५ मा बुटवल तथा पाल्पा कब्जा गर्ने हेतुले अघि बढे । तिनीहरूलाई पाल्पाली सेन राजाका नोकरहरूले बाटो देखाउँदै बुटवलतिर ल्याए।[3] बुटवलको तिनाव नदीको किनारमा रहेको गढमा नेपाली फौज त्यस बखत तैनाथवाला उजिर सिंह थापाको मातहतमा थियो । नेपाली फौजको प्रहारले केही अंग्रेजी सेनानीहरू नराम्रोसित घाइते भए । नेपालीहरूको अद्भूत पराक्रम र १२,००० नेपाली फौज पाल्पामा दुश्मनको सामना गर्न तयार भइबसेका छन् भन्ने समाचारले जनरल उडको होसहवास उड्यो र उनी त्यहाँबाट पछि हटे । यस प्रकारको पराक्रम र चलाकीले अंग्रेजी फौजलाई हराएकोले बुटवलको गढी त्यस बखतदेखि जीतगढीको नामले प्रख्यात भयो जुन गढी आजसम्म बुटवलमा तिनाव नदीको पश्चिमी तटमा छ ।

सन् १८१५ डिसेम्बर २ का दिनमा इष्ट इण्डिया कम्पनीसँग सुगौलीमा भएको सन्धिअनुसार खास बुटवल र स्यूराज नेपालमै रहने भए । तर अरू तराई क्षेत्र गुमाउनु परेको हुँदा सो सन्धिलाई नेपाल दरबारबाट स्वीकृति नदिंदा अंग्रेजहरूले फेरि आक्रमण गरे । त्यसपछि सन् १८१६ मा पुनः सन्धि भयो जसअनुसार बुटवल लगायत राप्तीदेखि मेची सम्मका सबै तराई क्षेत्र यथावत् नेपाल अधिराज्यकै अभिन्न भागको रूपमा रहन गए ।

---

1. Hamilton, F. B.- op. cit. pp. 176-77.
२. ढुण्डिराज भण्डारी–नेपालको ऐतिहासिक विवेचना, २०२७, पृ. २२३
३. बालचन्द्र शर्माको माथि उल्लिखित किताब, पृष्ठ २६४

प्रमुख स्थानहरू

भैरहवा बजार

भैरहवा रुपन्देही जिल्लाको सदरमुकाम हो । बुटवलमा सारिनु अघि अञ्चलको सदरमुकाम पनि यहीं नै थियो । यहाँ राणा कालदेखि नै बडाहाकिम बस्ने गर्दथे । बडाहाकिम बस्ने दरबारमा हाल प्रमुख जिल्ला अधिकारीको कार्यालय छ । अञ्चलस्तरीय केही कार्यालयहरू जस्तै एस. पी. कार्यालय, कर कार्यालय, हुलाक नियन्त्रकको कार्यालय, आकाशवाणी क्षेत्रिय नियन्त्रकको कार्यालय, वन प्रधान कार्यालय आदि यहीं नै छन् । यस बाहेक जिल्लास्तरीय सबै कार्यालयहरू छन् ।

महेन्द्र सुगर मिल, पश्चिम नेपाल सलाई फैक्टरी, शेरचन राईस मिल जस्ता ठूला ठूला औद्योगिक प्रतिष्ठानहरू पनि यहाँ छन् ।

पश्चिञ्माचल विकास क्षेत्रको दक्षिणी ढोकाको रूपमा रहेको यस स्थलको व्यापारिक महत्व पनि कम छैन । सिद्धार्थ राजमार्ग र भैरहवा विमानस्थलले गर्दा यहाँको आर्थिक तथा सामाजिक स्थितिमा निकै सुधार आएको छ । वर्षेनी नयाँ नयाँ आधुनिक भवनहरू बन्दैछन् । केही वर्ष अघिसम्म गाउँ पञ्चायतको रूपमा रहेको यो बजारले नगर पञ्चायतको रूप धारण गरिसकेको छ । यहाँबाट भारत सीमाना करीब एक किलोमिटर दक्षिणमा पर्दछ । यस्तै भैरहवा बजारको करीब डेढ किलोमिटर दक्षिणमा पक्लिहवा बजार छ । पक्लिहवामा ब्रिटिश गोरखाको रिक्रुटिङ क्याम्प, अस्पताल र एउटा माध्यमिक विद्यालय छ ।

भैरहवा नगर पञ्चायत क्षेत्रभित्र त्रिभुवन विश्वविद्यालयको एउटा मानविकी तथा सामाजिक शास्त्र अध्ययन क्याम्पस, दुइटा माध्यमिक विद्यालय, दुइटा निम्न माध्यमिक विद्यालय र छ वटा प्राथमिक पाठशालाहरू लगायत एउटा बाल मन्दिर पनि छ । १५ शय्या भएको भीम अस्पताल पनि बजारमै पर्छ ।

भैरहवा बजारबाट बुद्धको जन्मस्थल लुम्बिनी करीब २१ किलोमिटर (१३ माइल) दक्षिण – पश्चिममा पर्दछ । लुम्बिनी विकास योजना अन्तर्गत भैरहवा लुम्बिनी मार्गले पक्की रूप लिंदछ । यस लुम्बिनी योजना र निर्माण भइरहेको भैरहवाको विमानस्थलले यसको भविष्य निकै उज्यालो पार्ने छ ।

भैरहवाबाट देश भित्र उत्पादित घ्यू, सूठो, अदुवा, छाला, काठ, ढुङ्गा, बालुवा, जरीबूटी निकासी हुन्छ भने भारतबाट लत्ता कपडा, पेट्रोल, डिजेल, मट्टीतेल, नून, धातु र धातुका सामान, सिमेण्ट, मसला, साबुन, चिया, कफी आदि पैंठारी हुन्छ ।

लुम्बिनी

यसको पुरानो नाउँ रुपन्देही हो, जसको नाउँबाट जिल्लाको नामकरण भएको छ । त्यस्तै ऐतिहासिक स्थान लुम्बिनीबाट अञ्चलकै नामकरण भएको छ । यो ठाउँ भैरहवा बजारबाट २१ किलोमिटर पश्चिममा पर्दछ । आजभन्दा २५९८ वर्ष अर्थात् ६२३ ईशा पूर्वमा शाक्य वंशका कुलमणि राजकुमार सिद्धार्थले राजा शुद्धोदनकी महारानी मायादेवीका कोखबाट लुम्बिनी बगैंचामा जन्म लिएका थिए । यिनै नेपालका विभूति पछि गएर गौतम बुद्धको नामले विश्वविख्यात भए । भगवान बुद्धको जन्मस्थल भएकोले यहाँ सालिन्दा अनेकौं देश विदेशका बौद्ध धर्मावलम्बीहरू दर्शनार्थ आउँछन् ।

गौतम बुद्धको जन्म भएको समयमा यो ठाउँ ज्यादै रमणीय थियो भन्ने कुरा बौद्ध धर्म ग्रन्थहरू र चिनियाँ यात्री हुयनसाङ तथा फाहियानहरूको यात्रा बर्णनबाट थाहा पाइन्छ । त्यस बखत यो स्थल साल एवं अन्य विभिन्न जातका रूखहरू, फलफूलका बिरूवाहरू, पोखरीहरूले युक्त रमणीय उद्यान थियो ।

सन् १९६७ मा संयुक्त राष्ट्रसंघका तत्कालीन महा-सचिव उथान्त यहाँ आउनु भएको बेलामा उहाँले यस पवित्र स्थललाई लुम्बिनी उद्यानको रूप दिई यहाँ आउने तीर्थ यात्री एवं पर्यटकहरूका लागि आवास तथा अन्य सुविधाहरू दिई विकास गर्ने सुझाव दिनु भएको थियो ।

संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम अन्तर्गत सन् १९६७ मा यसको गुरु योजना तयार गर्ने कार्य जापानका संसारप्रसिद्ध वास्तुकलाविद् प्रो. टाँगेद्वारा भयो । यस योजना अन्तर्गत यस स्थलको अन्वेषण, अनुसन्धान आदि भई यी कार्यहरू सबै सम्पन्न गर्न गराउन र आर्थिक स्रोत जुटाउन लुम्बिनी विकास समिति गठन भएको छ । संयुक्त राष्ट्रसंघका लागि शाही नेपाली स्थायी प्रतिनिधिको अध्यक्षतामा लुम्बिनी विकास समिति खडा भई चन्दा सङ्कलन भइरहेको छ ।

भैरहवादेखि लुम्बिनीसम्मको सडक पक्का गर्ने, लुम्बिनीमा विद्युतीकरण र लुम्बिनी विकास योजनाको निमित्त आवश्यक पर्ने जग्गा अधिकरणको कार्य भइराखेको छ ।

लुम्बिनी विकास योजना सफल भएपछि यो एक विश्वप्रसिद्ध धार्मिक स्थल बन्नेछ । हाल यहाँ एउटा माध्यमिक विद्यालय, स्वास्थ्य चौकी र अतिथि भवन छ । २४९ ईशा पूर्व भारत सम्राट् अशोकले यहाँ दर्शन गर्न आउँदा यस स्थललाई चिनाउन राखेर गएको अशोक स्तम्भ अद्यापि खडा छ । यहाँ बनाइएको महेन्द्र स्तम्भले पनि यस स्थानको शोभा बढाएको छ । नजीकै दुई बिहारहरू छन् । सिद्धार्थ जन्माइरहेकी मायादेवीको मूर्ति रहेको मन्दिर, पोखरी र पुरातात्विक अभिलेखालय हेर्न लायक छ । यो स्थान पडरिया गाउँ पञ्चायतमा पर्दछ । यहाँका बहुसंख्यक निवासीहरू मुसलमान र थारू छन् ।

भारतको रेल स्टेशन नौगढबाट लुम्बिनीसम्म बस जाने पक्की सडक भएकोले प्रायः जसो विदेशी तीर्थयात्रीहरू यही बाटोबाट लुम्बिनीको दर्शन गर्न आउँछन् । तर हाल निर्माण भइरहेको भैरहवा-लुम्बिनी बाटो तयार भएपछि नेपालपट्टीबाट धेरै पर्यटकहरू लुम्बिनी जाने छन् । यो बाटो र लुम्बिनी विकास योजना पूरा भएपछि यस पुण्यभूमिको दर्शन गर्न विश्वका बौद्ध धर्मावलम्बीहरूको ओइरो लाग्ने अनुमान गर्न सकिन्छ । हाल यहाँ बस्ने खाने होटलको प्रबन्ध नभएकोले विदेशी पर्यटक तथा तीर्थ यात्रीहरू प्रायः नौगढ

बाटोबाट लुम्बिनी आई बुद्ध जन्मस्थलको दर्शन गरी सोही दिन फर्कन्छन् र गोरखपुर, सारनाथ, बनारसतिर बस्न जान्छन् ।

लुम्बिनीमा चैत्र पूर्णिमामा ठूलो मेला लाग्दछ । यस मेलामा देश विदेशका धेरै मानिसहरू भेला हुन्छन् र लाखौं रूपैयाँको फुटकर व्यापार हुन्छ । अर्को मेला वैशाख पूर्णिमामा हुन्छ । सो दिन बुद्धको मूर्ति खटमा राखी यात्रा चलाइन्छ तर यो जात्रा चैत्र पूर्णिमामा जस्तो ठूलो हुँदैन ।

लुम्बिनी विकास गुरु योजना (मास्टर प्लान) अनुसार यस स्थलमा रू. पाँच करोड ६६ लाखको लागतमा पवित्र उद्यान ,मठ, बिहार, हरिया उपवन, यात्रु गाउँ र भैरहवा-लुम्बिनी सडकको निर्माण हुनेछ । पवित्र उद्यानले बुद्धको जन्म सम्बन्धी विचार अनुकूल शान्त वातावरणको सिर्जना गर्नेछ भने बौद्ध विहार मठहरूभित्र बुद्धको जीवनसँग सम्बन्धित वस्तुहरू, चित्रहरूको साथै पुरातात्विक वस्तुको संग्रहालय (म्युजियम) हुनेछ । साथै पुस्तकालय र सूचना केन्द्र पनि रहने योजना छ । यात्रु गाउँले एकातिर पर्यटक र तीर्थ यात्रीहरूको लागि पर्याप्त सेवा सुलभ गराउने छ भने अर्कोतिर सेवा गर्ने स्थानीय जनताको लागि आवास उपलब्ध हुनेछ । हरिया उपवनहरूले पवित्र उद्यान र विहारहरूलाई घेरी तिनीहरूलाई पृथक राख्नेछ ।

बुटवल खस्यौली

बुटवल नगर रूपन्देही जिल्लाको उत्तर सीमानामा पर्दछ । समुद्र सतहबाट करीब १८३ मिटर (६०० फीट) को उचाइमा स्थित यो स्थान भावर प्रदेशमा पर्दछ । बुटवल बजार चुरे डाँडाको फेदीमा तिनाव नदीको किनारामा छ । उत्तर, पश्चिम र पूर्व तीनतिरबाट यस बजारलाई चुरे पहाडले घेरेको छ । यहाँ वर्षको सात महीना गर्मी रहन्छ र औसत तापक्रम ३०° सेन्टिग्रेडभन्दा बढी नै रहन्छ । कार्तिकदेखि फागुनसम्म न्यानो हुन्छ । यसैले हिउँदमा यहाँ पाल्पा, गुल्मी, प्यूठान, बागलुङ जिल्लाका मानिसहरू आई व्यापार गर्छन् । यो बजार धेरै अघिदेखि घ्यूको व्यापारको लागि प्रसिद्ध छ ।

लुम्बिनी अञ्चलको सदर मुकाम खस्यौलीमा छ । खस्यौली र बुटवल बजार मिलेर बुटवल नगर पञ्चायत बनेको छ । २०२८ सालको जनगणनाअनुसार यहाँको जनसंख्या १२,८१५ छ ।

पाल्पाको सेन वंशावलीअनुसार यो पाल्पाली राजा मुकुन्द सेन र उनका सन्तानको शीतकालीन वासस्थान थियो । यहाँको जङ्गलमा यी राजाका दरबारहरूको भग्नावशेष पाइन्छ । यो ठाउँमा अवध नवाबहरूको पनि बस्ती थियो भन्ने कुरा यहाँको गाउँ जङ्गलमा देखिने मस्जिदहरूको भग्नावशेषबाट अनुमान हुन्छ । पृथ्वीनारायण शाह बनारस यात्राबाट फर्कंदा केही दिन बुटवलमा बसी आफ्ना मामा गान्धर्व सेनसँग बसेका कुरा इतिहासमा पाइन्छ । गीर्वाणयुद्ध विक्रम शाहको राज्यकालमा अंग्रेजहरूले बुटवल र स्यूराजको भू-भागलाई लिएर नेपालसँग लडाईं छेडेका थिए ।

ई. सन् १८१५ मा बुटवल हान्न आउने मेजर उड्सको फौजलाई पाल्पाका तैनाथवाला उजिर सिंह थापाका फौजले बुटवलको गढीबाट धपाएर पठाएकोले बुटवलको यो गढी जीतगढीका नाउँले प्रख्यात भयो । यो गढी तिनाउ नदीको दायाँ किनारमा बुटवल बजारको दक्षिणमा छ ।

तिनाव नदीले बुटवल र खस्यौली बजार छुट्ट्याएको छ। तिनाउ पारी बुटवल बजार र वारी खस्यौली बजार छ। बुटवल बजार धेरै समय अघिदेखि व्यापारको केन्द्र रहिआएको छ। हाल यहाँ ठूलठूला घ्यू व्यापारी र थोक तथा खुद्रा माल सामानका विक्रेताहरू छन्।

यहाँबाट गइरहेको २०० किलोमिटर लामो सिद्धार्थ राजमार्गले यस स्थानलाई दक्षिणमा भैरहवा, सुनौली, नौतनवा (भारत) र उत्तरमा पाल्पा, स्याङ्जा लगायत पोखरासँग जोड्दछ। यस्तै महेन्द्र राजमार्गको नारायणगढ-बुटवल, बुटवल-कोहलपुरको मार्ग पनि यहींबाट गएकोले यातायातको दृष्टिकोणबाट लुम्बिनी अञ्चलमा यसको महत्वपूर्ण स्थान छ। त्यसमाथि पनि यहाँ टेक्निकल इन्स्टिच्यूट, पावर कम्पनी, प्लाइउड कारखाना, अटोमोबाइल वर्क शप, बस बिसौनी, होटल, रेष्टुराँ र अञ्चलस्तरीय विभिन्न सरकारी कार्यालयहरूले गर्दा यहाँको चहल पहल निकै बढेको छ।

बुटवल पावर कम्पनीबाट वितरित बिजुली बत्तीले नगरलाई झिलिमिली पार्नुको साथै उद्योगलाई मद्दत गरेको छ। यहाँ खानेपानीको पनि व्यवस्था भएको छ। यहाँ त्रिभुवन विश्वविद्यालयको शिक्षा शास्त्र अध्ययन संस्थानको एक क्याम्पस र तीन माध्यमिक विद्यालयहरू पनि छन्। ५० शय्याको लुम्बिनी अञ्चल अस्पताल खस्यौलीमा छ।

बुटवलको नजीकै उत्तरतिर चिडिया खोला छ जहाँबाट खानेपानीको पाइप ल्याएको छ। यहाँ सिद्ध बाबाको मन्दिर छ। यो स्थानलाई राजा भर्तृहरी तपस्या गरी समाधीस्थ भएको स्थान भन्ने जनश्रुति छ। यो स्थानको शिरमा कुइरोको मुस्लो उठिरहेको बुटवलबाट देखिन्छ। यसैले यस स्थानको पहाडलाई स्थानीय मानिसहरू कुइरे भीर पनि भन्दछन्। यसकै वरिपरि सहस्र धारा छ जहाँ माघे संक्रान्तिमा नुहाउने मानिसको भीड हुन्छ। बुटवल बजारमा गणेश, कृष्ण, नारायण, भीमसेन, हनुमान आदिका मन्दिरहरू छन्।

परोँहा

बुटवलको दक्षिणतर्फ परोँहा गाउँ पञ्चायत छ। त्यहाँ सेना मैना नाउँको ठूलो जङ्गल छ। उक्त ठाउँ पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण देखिन्छ, किनकि सो जङ्गलमा पुरानो दरबारको भग्नावशेष, कलात्मक देव मूर्ति र मन्दिरका अंश, शिलालेखको पनि केही अंश कुँदिएका ढुङ्गाहरू, सिक्काहरू, ढुङ्गाको पांग्रा, पुरानो कूवा र टुँडिखेल जस्तो चाक्लो मैदान देखिन्छ। यी वस्तुहरूको सम्वन्धमा शोध कार्य गरी तथ्य पत्ता लगाउन बाँकी नै छ।

मानन्द वन मणिग्राम

यो गाउँ भैरहवाबाट बुटवल जाने सिद्धार्थ राजमार्गको छेवैमा पर्दछ। यहाँ शान्ति माध्यमिक विद्यालय, सवारी कर कार्यालय, केही ईंटा भट्टाहरू, छोटी हुलाक आदि छन्। यस गाउँको नजीकै जोगीकुटी भन्ने स्थानमा कपास खेतीको अनुसन्धान भएको थियो।

पक्लिहवा

यो भैरहवाभन्दा करीब एक किलोमिटर दक्षिण, नेपाल-भारत सीमानानिर पर्दछ । यहाँ ब्रिटिश गोर्खा भर्ती केन्द्र छ । यहाँ १५ शय्याको अस्पताल छ । ब्रिटिश सैनिक सेवामा काम गर्ने गोरखालीहरूले आफ्नो पेन्सन यहींबाट पाउँछन । यहाँ एउटा माध्यमिक विद्यालय र अतिरिक्त हुलाकको साथै सानो बजार छ ।

महदेइया, मर्चवार, कबमहवा, धकधई, सूर्यपूरा, मोतीपुर, बरेवा, बेथरी, भलुही, बेलहीया कालीदह आदि पनि यस जिल्लाका उल्लेखनीय स्थानहरू हुन् ।

जनसंख्या र जनजीवन

जनसंख्या

वि.सं. २०२८ को जनगणनाअनुसार यस जिल्लाको जनसंख्या २,४३,३४६ छ, जसमध्य पुरुषको संख्या १,२६,१५७ र महिलाको संख्या १,१७,१८९ छ। लुम्बिनी अञ्चलको कुल जनसंख्याको २०.९ प्रतिशत मानिस यस जिल्लामा बस्दछन्। अञ्चलको छ जिल्लाको जनसंख्याको तुलनामा रुपन्देहीको पहिलो स्थान छ भने अधिराज्यको ७५ जिल्लाको तुलनामा यसको एघाह्रौं स्थान हुन आउँछ। यस जिल्लाको कुल जमीन १,१७,२०० हेक्टर मानिएको छ। सरदर जनसंख्याको घनत्व २.१ प्रति हेक्टर अर्थात् १० हेक्टरमा करीब २१ जना भएको देखिन्छ।

यस जिल्लामा बसोबास भएको घर परिवारको जम्मा संख्या ४५,३६८ छ। २०२८ सालको जनगणनाअनुसार एकजना सदस्य भएको परिवार संख्या २,३५२ छ भने २० जना र सोभन्दा बढी व्यक्ति भएको परिवार संख्या १७७ छ। यस जिल्लामा सात जनाको परिवार संख्या ४,१३५ छ, जुन सबभन्दा ज्यादा भएको मानिन्छ।

विभिन्न उमेर समूहमा विभाजित यस जिल्लाबासीहरूलाई पाँच वर्षसम्मका हुर्कंदै गरेका बालक-बालिका, ६ देखि १५ वर्षसम्मका विद्यालयमा पढ्ने किशोर किशोरी र १६ वर्ष र सोभन्दा माथिकालाई एक समूहमा विभाजन गर्दा जनसंख्याको बनोट यस प्रकार देखिन्छ :–

उमेर समूहको तालिका

उमेर समह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
०– ५ वर्ष	२०,५३७	१६.३	२०,८४२	१७.४	४१,३७९	१७.०
६–१५ वर्ष	२९,६९१	२३.५	२५,९५२	२२.१	५५,६४३	२२.९
१६ वर्ष र माथि	७५,९२९	६०.२	७०,३९५	६०.५	१,४६,३२४	६०.१
जम्मा:–	१,२६,१५७	१००.०	१,१७,१८९	१००.०	२,४३,३४६	१००.०

आर्थिक दृष्टिकोणले काम गर्न सक्ने र नसक्ने जनसंख्यालाई विभाजित गर्दा नौ वर्ष र सोभन्दा मुनिका बालक र ६० वर्ष र सोदेखि माथिका जन समूहलाई आश्रित जनसंख्या मान्ने हो भने आश्रित जनसंख्या ८१,६१२ अर्थात् ३३.५ प्रतिशत हुन आउँछ । १० देखि ५९ वर्ष समूहका काम गर्न सक्ने क्षमता भएको जनसंख्या १,६१,७३४ अर्थात् ६६.५ प्रतिशत देखिन आउँछ । यसरी यस जिल्लामा आर्थिक दृष्टिबाट सक्षम र आश्रित जनशक्तिको हिसाब गर्दा प्रत्येक सक्षम व्यक्तिमाथि सरदर निर्भरताको अनुपात १००: ५० रहेको छ अर्थात् प्रत्येक १०० जना मानिसले १५० जनाको आर्थिक निर्वाह आर्थिक चलाउनु पर्ने हुन्छ ।

आर्थिक दृष्टिकोणबाट सक्षम र आश्रित जनसंख्याको अनुपात देखाउन अन्तर्राष्ट्रिय परिपाटी अनुसार १४ वर्ष र सोभन्दा मुनिका किशोर किशोरी तथा ६५ वर्ष र सोभन्दा माथिका उमेर समूहमा पर्ने बूढा-बूढीहरूलाई आश्रित जनशक्ति मानिएमा सोको जनसंख्या १,०१,८७३ अर्थात् ४२ प्रतिशत हुन्छ र १५ देखि ६४ वर्षका सक्षम जनसंख्या १,४१,४७३ अर्थात् ५८ प्रतिशत देखिन आउँछ । यसबाट हिसाब गर्दा प्रत्येक १०० जना सक्षम व्यक्तिले आफू लगायत १७२ जनाको जीवन निर्वाह चलाउनु पर्छ ।

जिल्लाको वैवाहिक तथ्याङ्क हेर्दा यहाँ बाल विवाहको अझै प्रचलन भएको देखिन्छ । २०२८ सालको तथ्याङ्क अनुसार छ देखि नौ वर्षको उमेर समूहमा १,१२१ केटा र १,७२० केटीको विवाह भइसकेको छ । १० देखि १४ वर्षको उमेर समूहमा विवाहित केटाको संख्या ४,५६५ र केटीको संख्या ५,१४८ छ । ४० देखि ५४ वर्षको उमेर समूहभित्र विधुरको संख्या १,५५३ र बिधुवाको संख्या २,७१० छ र त्यस उमेर समूहमा बिधुवा र विधुरको संख्या सबभन्दा बढी देखिन्छ ।

यहाँ बढी संख्यामा थारू, यादव, मुसलमान र बाहुनहरू बसोबास गर्दछन् । केही वर्ष यता पहाड तिरबाट आएका नेवार, मगर, गुरूङ, क्षेत्री, बाहुन, थकाली र बर्माबाट फर्केर आएका नेपालीहरू पनि यहाँ बसोबास गर्न थालेका छन् यहाँका निवासीहरू आफ्नो राष्ट्रभाषा नेपालीको अतिरिक्त आ-आफ्नो समुदायमा जातीय भाषा पनि बोल्दछन् । भाषा–भाषीको आधारमा यहाँका निवासीहरूको विभाजन यस प्रकार छः–

भाषा–भाषी	बोल्नेको संख्या
नेपाली	४३,५३१
नेवारी	२,८०७
भोजपुरी	१,०४,६६१
अवधी	७०,४४०
थारू	७,५१०
मगर	७७६
गुरूङ	१,३२१
स्थानीय भाषा	५,४६८
अन्य	६,८३२
	२,४३,३४६

उपर्युक्त तालिकाअनुसार यस जिल्लामा सबभन्दा बढी बोलिने भाषा भोजपुरी हो । त्यसपछि मात्र अवधी, नेपाली, थारू आदि भाषाहरूको स्थान आउँछ । बर्माबाट आउने नेपालीहरूले आफू आफू बीच बर्मेली भाषा पनि बोलेको देखिन्छ । राष्ट्र भाषा नेपालीको प्रचलन बढ्दै छ । जिल्लामा बोलिने स्थानीय भाषामा अन्य विभिन्न भाषाहरू जस्तै थारू, उर्दू, हिन्दी, नेपाली, गुरुङ, मगर, नेवारीबाट अपभ्रंश भई प्रचलनमा आएको देखिन्छ ।

हिन्दू, बौद्ध, इस्लाम आदि धर्मावलम्बीहरूले आ–आफ्नो धार्मिक मान्यता, संस्कृति र रीतिस्थिति बमोजिम चाडपर्व मनाउँछन् । यहाँका थारू र अहिरहरू होली पर्व विशेष उल्लासका साथ मनाउँछन् । साउन र भदौ महीनामा जताततै धानका बोटहरू देखापरेपछि हरेली मानी भोज खाने चलन छ । प्रायः सबै हिन्दू धर्मावलम्बीहरूले बडा दशैं, तिहार, रक्षाबन्धन, नागपञ्चमी र होली मनाउँछन् । मुसलमानहरू मुहर्रम र ईदका चाडहरू मनाउँछन् ।

यो जिल्लाको दक्षिणी सीमा भारतसँग जोडिएको छ । यसले गर्दा यहाँका मानिसहरूको आवत-जावत, बन्द व्यापार तथा बिहावारी भारतीयहरूसँग भइरहन्छ । भारतीय नागरिकहरू मुख्यतः व्यापारीको रूपमा रहेका छन् । प्रायः वर्षाको समयमा रोपाइँ गर्न (बैठोनी गर्न) आउनेहरू भारतीय मजदूर हुन्छन् । २०२८ सालको जनगणनाअनुसार जिल्लाको जनसंख्याको करीब ७ प्रतिशत अर्थात् १६,९६५ जना मानिस भारतीय नागरिक थिए । तलको तालिकाले जिल्लाबासीहरूको जन्मस्थान देखाउँछ ।

विवरण	जम्मा	पुरुष	महिला
स्वदेशमा जन्मेका	२,०९,०९५	१,१२,७६९	९६,३२६
विदेशमा जन्मेका जम्मा	३४,२५१	१३,३८८	२०,८६३
जम्माः–	२,४३,३४६	१,२६,१५७	१,१७,१८९

माथिको तालिकामा देखिएको विदेशमा जन्मेकाहरूमध्ये ३२,२८६ जना भारतमा, १,५१५ जना बर्मामा, ४४९ जना अन्य एशियाली देशहरूमा जन्मेका छन् ।

यस जिल्लामा दुईवटा नगर पञ्चायत र ७८ गाउँ पञ्चायत छन् । २०२८ सालको जनगणना-अनुसार तिनीहरूको जनसंख्या यसप्रकार छः–

पञ्चायत	जनसंख्या	पञ्चायत	जनसंख्या
१. अमुवा	२,३६२	२. अमारी	२,२५०
३. असुरेना	३,४१५	४. आनन्द वन मणिग्राम	६,२४३
५. अमा	२,७५९	६. एकला	२,५४५
७. ओडवलिया	२,१८३	८. कटया	२,१६३
९. कर्महवा	२,२२१	१०. कह्मरिया	३,०६१
११. करहिया	४,०३१	१२. करोता	२,२७३
१३. केरवानी	३,९०९	१४. खुदावगर	४,२५८

१५. गजेडी	५,०६१	१६. गंगवलिया	२,५७८
१७. गोनाहा	२,६१३	१८. चिलिया	२,४८३
१९. छिपागढ	२,०९०	२०. छोटकिरामनगर	२,१७१
२१. जोगडा	२,२१७	२२. टिकुलीगढ	४,३८१
२३. ठर्की	२,४१५	२४. तरकुलह्वा	२,६७५
२५. तेनुहवा	२,४३३	२६. थुमुवा पिपरहवा	२,०००
२७. दया नगर	३,१४४	२८. दूधराछ	२,६१३
२९. धकधई	२,८२६	३०. पकडी	४,१२८
३१. पकडियू	४,४७२	३२. पजरकट्टी	२,६८३
३३. पटखौली	२,७१७	३४. पडरिया	२,२२०
३५. पड़सरी	२,२३५	३६. पर्रोहा	२,९६८
३७. पश्चिम अमुवा	३,२७६	३८. पर्सा	२,१०७
३९. पोखर भिन्डी	२,४६९	४०. फर्सा टिकर सौराहा	२,५८०
४१. फर्सा टिकर हाटी	१,७३६	४२. फरेना	१,६३३
४३. बरगढवा	२,३८८	४४. बगहा	२,१६४
४५. बनगाई (क)	३,०३८	४६. बनगाई (ख)	२,५९०
४७. बैरघाट	२,३९८	४८. बगौली	२,२२८
४९. बभनी	२,४७२	५०. बलरामपुर	३,०११
५१. बसन्तपुर	२,३१६	५२. बरसौली	२,५६२
५३. बहगेंड़ा	१,९५४	५४. विष्णुपुर	२,१६०
५५. वेतकुइयाँ	२,३३८	५६. बोगडी	२,१५६
५७. वोदवार	१,९९७	५८. भगवानपुर	१,९६६
५९. भुजौली (बनगाई)	२,३२१	६०. मक्रहर	२,९४०
६१. मझगावा	२,५००	६२. मधवलिया	२,३५७
६३. मधुवनी	२,६१६	६४. मर्यादपुर	२,५७१
६५. मसिना	२,४४३	६६. मैनहिया	२,८६१
६७. मोतीपुर	२,८०५	६८. रायपुर	२,७२८
६९. रोइनीहवा	२,०९९	७०. साघी	१,९७१
७१. सीकटहन	२,८६६	७२. सिपवा मर्चवार	२,९५५
७३. सिलौटिया	१,८६७	७४. सूर्यपुरा	५,१९१
७५. सेमलार	४,८७३	७६. सेमरा	२,६०६
७७. सेमरी	२,८२९	७८. हरनैया	१,५२५
नगर पञ्चायत		नगर पञ्चायत	
७९. बुटवल	१२,८१५	८०. भैरहवा	१७,२७२

यस जिल्लामा सबभन्दा बढी जनसंख्या भएको भैरहवा नगर पञ्चायत हो, जसको जनसंख्या १७,२७२ छ। गाउँ पञ्चायततर्फ सबभन्दा बढी जनसंख्या भएको आनन्दवन मणिग्राम हो, जसको जनसंख्या ६,२४३ पुग्दछ। सबभन्दा कम जनसंख्या (१,५२५) भएको गाउँ पञ्चायत हरनैया हो। जिल्लाका धेरैजसो गाउँ पञ्चायतहरू २,००० देखि २,९९९ जना जनसंख्या भएका समूहमा पर्दछन्।

जनजीवन

यस जिल्लामा थारू, अहिर, बनिया, बाहुन, मुसलमान, मगर, गुरुङ, क्षेत्री, नेवार, थकाली, कुर्मी, दमाई, सार्की, ठकुरी, मारवाडी आदि जातिका मानिसहरूले बसोबास गरेका छन्। यी विभिन्न समुदाय मध्ये यहाँ थारू जातिको संख्या बढी देखिन्छ। यहाँको आदिबासी पनि थारू नै भएको अनुमान गरिन्छ।

तराईको औलो उन्मूलनले गर्दा छिमेकी पहाडी जिल्ला पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाँची, बागलुङ र सीमाना पारिबाटसमेत सुकुम्बासी र व्यापारीको रूपमा यस जिल्लामा बसाइँ सर्ने व्यक्तिहरूको संख्या बढ्दैछ।

यहाँ विभिन्न जातिका विभिन्न रीतिस्थिति पाइन्छ। यहाँको बहुसंख्यक थारूहरूको आफ्नै किसिमको रहन सहन, रीति रिवाज, भेष भूषा र आफ्नै भाषा छ। तिनीहरूको भाषामा भोजपुरी, अवधी, मागधी तथा हिन्दी भाषाको प्रभाव देखिन्छ। यिनीहरूको चेप्टो नाक, सानो आँखा, मझौला कद र रङ्ग कालो तथा गहुँगोरो हुन्छ। खाने वस्तुमा यिनीहरू दाल, भात, माछा, मासु, प्याज, खुर्सानी, रक्सी आदिको प्रयोग गर्दछन्। भेषभूषामा थारू पुरुषहरूले भोटो र कछाड़ लगाउँछन्। थरुनीहरूले पछाडि मुजा परेको फरिया गुन्यू र चोलो लाउँछन्।

यहाँको थारू जातिको बच्चा जन्मदा न्वारान गरिन्छ, ब्रतबन्ध हुन्छ। सानै उमेरमा बाबु आमाले यिनीहरूको विवाहको बन्दोबस्त गरिदिन्छन्।

थारू परिवारको कुनै सदस्यको मृत्यु भएमा दाह संस्कारको काम सकेपछि कोही मरेकै दिन घडा फोर्दछन् र भोज खाई क्रिया समाप्त गर्दछन्। आर्थिक स्थिति कमजोर भएमा जुठो फुकाउने काम एक वष भित्र जहिलेसुकै गरेपनि हुन्छ। क्रिया गर्दा पीपलको बोटमा एउटा घडा झुण्ड्याई १३ दिनसम्म पानी हाल्छन् र अन्तमा आफ्नो पुरोहितलाई र इष्टमित्रलाई भोजन गराएर जुठो फुकाउँछन्। यस किसिमको बन्धन फुकाउने पुरोहितलाई यहाँ महापातक भनिन्छ। यहाँका थारूहरू तन्त्र–मन्त्र र भूत, प्रेत, बोक्सीमा विश्वास राख्दछन्। कुनै अनिष्ट भयो वा रोग लाग्यो भने फुक–फाक गराउने चलन छ। यिनीहरू बजारमाभन्दा गाउँमा बस्न रुचाउँछन्, होली चाड बडो उल्लासपूर्वक मनाउँछन्।

यादवहरू यस जिल्लाको अर्को प्रमुख समुदाय हुन्। यिनीहरू धेरै काल अघिदेखिन् तराईमा बसोवास गरेको पाइन्छ। यादवहरू आफ्नो जातलाई "यदुवंशी" भनी भगवान् कृष्णको वंशज सम्झन्छन् र यस किसिमले यदुवंशी सम्झी यिनीहरू काटमारको काम कम गर्दछन्। कृष्णाष्टमी बडो धुमधामसाथ मनाउँछन्। यिनीहरूको जातमा अहिर, ग्वाला, गोलाह, बेल्खरिया, दाखिना आदि थर हुन्छन्।

यादवहरू आफ्नो जात विषयमा गौरवान्वित छन् र जन्मदा मर्दा पर्दा र बिहावारीमा हिन्दू विधि अपनाउँछन्।

यहाँका त्रिपाठी, शुक्ला,पाण्डे, मिश्र आदि थरहरू मधिशे बाहुन जात वर्ग हुन् । थारू र यादवको तुलनामा यिनीहरूको जनसंख्या कम भएपनि यिनीहरू यहाँका गण्यमान्य समूहको रूपमा रहेकाछन् । यिनीहरूको विवाहको प्रचलन अरू जातिकोभन्दा अेग्लै हुन्छ । विवाहको लागि केटी पक्षबाट केटाको खोजी गरिन्छ । त्यसपछि आफ्नो जातीय परम्परा अनुसार साइत हेरी विवाहको मिति तोक्दछन् । यस प्रथालाई स्थानीय भाषामा “वरै” भन्दछन् । विधिवत् तरीकाले विवाह तीन दिन लगाई गरिने चलन छ । एक पक्षको फरक गरी तीन पक्षमा विवाहको सम्पूर्ण कर्म पूरा गर्दछन् । बरई, तिलक र विवाह यस प्रचलनका तीन भिन्न पक्षहरू हुन् ।

जिल्लाको पश्चिमी भाग लुम्बिनीनिर मुसलमानहरूको बस्ती धेरै छ । मुसलमान जातमा पठान, खाँ, टुर्की, फकिर, हजाम, मियाँ, शेख, हकिम, घुनियाँ आदि छन् । यिनीहरूको रीतिस्थिति आफ्नै धार्मिक आचरण अनुसार हुन्छ । कुनै मुसलमान मरेमा मृत लाशलाई कपडाले छोपी मान्द्रोले बेरी खाल्डो खनी गाड्दछन्, यसलाई कफन दिएको भन्दछन् ।

चाड़वाड़को हकमा हिन्दूहरू दशैं, तिहार, रक्षाबन्धन, नागपञ्चमी, होली, बुद्ध पूर्णिमा, कृष्णाष्टमी, राम नवमी, चैते दशैं आदि मनाउँदछन् । सबैभन्दा ठूलो चाड होलीलाई मानेको देखिन्छ ।

यहाँका मुसलमानहरू मूहर्रम, ईद आदि चाड मनाउँदछन् । भैरहवामा यौटा ठूलो मस्जिद पनि छ ।

यस किसिमले यो जिल्लामा विभिन्न जात जाति र भाषा भाषीको बसोबास भएको पाउँदछौं । यस जिल्लामा बर्मा, भारतबाट आउने र पहाडबाट झर्ने व्यक्तिहरूको सम्मिश्रण भएको छ । यसले गर्दा यहाँको संस्कृति, रीतिरिवाज र भेषभूषामा पनि विविधता आएको छ । यहाँको पुरानो भेषभूषालाई जातीय पोशाक मान्न सकिन्छ । मुसलमानहरू प्रायः लुङ्गी र कमीज लाउँछन् । थारूहरू भोटो र कछाड, थरुनीले पछाडि मुजा पारेको फरिया र बर्माबाट आई बसोबास गरेका पुरुषले पैण्ट लगाएको पाइन्छ । आइमाईहरूले ब्लाउज तथा लुङ्गी लगाउँछन् । पहाडबाट बसाइँ सरी यहाँ आएकाहरूले भोटो, कछाड, पटुका, टोपी लाउँछन् । यस्तै पहाड़बाट आउने आइमाईहरूले धोती वा गुन्यू चोलो, पटुका र खास्टो वा मजेत्रो, घलेक आदि लगाउँछन् ।

जिल्लाको शहर बजार जस्तै बुटवल, भैरहवा आदिमा बस्ने लोग्नेमानिसहरू कमीज, सुरुवाल, सूट-पैन्ट, मैलपोश–सुरुवाल र कोट, युवकहरू सूट-पैन्ट, बुसर्ट लगाउँछन् । शहरका आइमाईहरूमा साडी लगाउने र कानमा रिङ, कानपाशा वा टप आदि लगाउने चलन छ । विद्यालयमा पढ्न जाने छात्राहरूले कुर्ता, सुरुवाल तथा पैण्ट आदि लुगा लगाउने गरेको पनि पाइन्छ ।

यहाँका जातजातिको परम्परागत पेशा पनि यथावत् छ । मधिसे बाहुन, क्षेत्री, थारू तथा कुर्मीहरू मुख्यतः खेतीपाती व्यवसायमै लागेका छन् । नेवारहरू र बनियाँहरू व्यापारमा लागेका पाइन्छन् । ग्वाला, अहिर तथा यादवहरू दुग्ध व्यवसायमा बढी लागेका देखिन्छन् । तेली कलवारहरू तेल निकाल्ने र बेच्ने व्यवसायमा लागेका छन् । काहार र कुमालले माटोको भाँडो बनाउँछन् भने लोहार र चमारले आरन र जुत्ता सिउने काम गर्दछन् । मुसलमानहरू प्रायः बाख्रा पाल्ने र व्यापार गर्ने काममा लागेका छन् । यसरी विभिन्न जातिले विभिन्न काम गरेर जीविकोपार्जनको साथै आर्थिक तथा सामाजिक खाँचोको पूर्ति गरेका छन् ।

उत्पादित सामानहरूको खरीद बिक्री स्थानीय बजार र हाट मेलामा हुन्छ । भैरहवामा हप्ताको दुईदिन आइतबार र बिहिबार, सितापुर र सूर्यपुरमा बुधवार, सेमरामा सोमबार, फर्सा टिकरामा मङ्गलबार, सुकी र जोगडामा बिहिबार, पडरियामा सोमबार, वेतकुइयाँ र ककरहवामा शुक्रबार हाट बजार लाग्दछ ।

गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा कात्तिक पूर्णिमा, चैत पूर्णिमा र वैशाख पूर्णिमामा मेला लाग्दछ ।

आर्थिक व्यवस्था

नेपाल अधिराज्यको अन्य जिल्ला सरह यस जिल्लाको मुख्य आर्थिक आधार कृषि हो। लुम्बिनी अञ्चलको तराई क्षेत्रमा पर्ने रुपन्देही जिल्ला दक्षिणमा भारत सीमानासम्म फैलिएको छ। अधिकांश समथर तथा उर्वरा जमीन रहेको यस जिल्लाको करीब ९२ प्रतिशत जिल्लाबासीहरूको पेशा कृषि नै छ। बुटवल, भैरहवा, सुनौली, पडरिया जस्ता केही स्थानहरू उद्योग तथा व्यापारको लागि प्रसिद्ध छन्। नदीनालाहरू भएकोले केही जिल्लाबासीहरू माछा मार्ने व्यवसायमा पनि लागेका छन् तर कृषि बाहेक अन्य पेशामा लागेको जनसंख्या निकै थोरै छ। २०२८ सालको जनगणनाअनुसार १० वर्ष र सोभन्दा माथि उमेर भएका र विभिन्न पेशामा लागेको जनसंख्या करीब ८८,२९१ छ जसमध्ये ८१,१०२ जना कृषिजन्य पेशामा, २,१९८ जना वाणिज्य, ८९१ जना उद्योग, ३२१ जना यातायात सञ्चार, २०० जना निर्माण, ८७ जना आर्थिक सेवा र ३,५०२ जना सामाजिक सेवामा लागेको देखिन्छ। यसबाट अधिकांश जिल्लाबासी कृषि पेशामा लागेको भन्ने कुरा स्पष्ट हुन आउँछ।

कृषि

जिल्लाको कुल जमीन १,१७,२०० हेक्टरमध्ये नापीअनुसार ८३,४२३ हेक्टर (अर्थात् १,२२, ९८० बिघा) जग्गा आवाद देखिन्छ। यस प्रकारले जिल्लाको प्रायः सबैजसो भाग समथर जमीनमा परेकोले कुल जमीनको करीब ७१ प्रतिशत जग्गा आवाद छ।

यस जिल्लाको कुल जनसंख्यालाई आवादी भएको जग्गा विभाजन गर्दा प्रतिव्यक्ति ०.३ हेक्टर पर्न आउँछ अर्थात् यहाँको एक हेक्टर आवादी जमीनमा करीब तीनजना मानिस बस्दछन्।

कृषि तथ्याङ्कको अभिलेखअनुसार आर्थिक वर्ष २०२७।०२८ मा ७८,००० हेक्टरमा खेती भएको थियो, जसबाट उक्त सालमा १,३६,२०० मेट्रिक टन अनाज उत्पादन भयो। यसमध्ये बीज, बीजन र अन्य भुस चोकर आदि कटाउँदा खान-योग्य रूपमा ७५,५०० मेट्रिक टन कृषि उपज हुन आएको थियो। जिल्लाबासीहरूको लागि खपत हुने ४४,८०० मेट्रिक टन छुट्याउँदा यस जिल्लामा त्यो वर्ष ३०,६८८ मेट्रिक टन अनाज बचत हुन आएको थियो। यस प्रकार यस जिल्लाले परम्परागतरूपमा खेती गर्दा पनि उत्पादनमा बचत गर्दछ र छिमेकी जिल्ला तथा भारतमा समेत निकासी गर्न समर्थ भएको छ।

खाद्यान्नमा धान, गहुँ, मकै र नगदेबालीमा तोरी, उखु एवं दलहन मुख्य बाली हुन्। यहाँ सबैभन्दा बढी उब्जा हुने अनाज धान र गहुँ हो र सबैभन्दा बढी भू-भाग पनि धान र गहुँ बालीले नै ढाकेको छ।

कृषि तथ्याङ्क अनुसार आर्थिक वर्ष २०२४।०२५ देखि २०२९।०३० सम्मको प्रमुख बालीहरूले ढाकेको क्षेत्र र उत्पादनको स्थिति देहायको तालिकाबाट स्पष्ट हुन्छ ।

क्षेत्र – हेक्टरमा
उत्पादन – मेट्रिक टनमा

क्षेत्र र उत्पादनको तालिका

आर्थिक वर्ष	धान		गहुँ		मकै		कोदो	
	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
२०२४।०२५	६४,०००	१,०५,६००	१२,०००	९,६००	३,०००	४,६५०	९००	७२०
२०२५।०२६	६४,०००	१,०९,४४०	१२,६००	११,३४०	३,२००	४,९६०	९५०	७६०
२०२६।०२७	६५,०००	१,१७,०००	१३,७००	१४,३८५	३,२००	४,९९२	९००	७५६
२०२७।०२८	६५,८००	१,२१,७३०	१२,५००	७,५००	३,२५०	५,२००	१,१००	९३५
२०२८।०२९	६६,०००	१,२३,१५६	१०,०००	७,३००	३,९००	६,२४०	–	–
२०२९।०३०	६०,३००	१,०५,५२५	१४,६५५	२९,३१०	३,२४०	५,३४६	१,१००	९३५

आर्थिक वर्ष	जौ		उखु		तोरी		आलु	
	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन	क्षेत्र	उत्पादन
२०२४।०२५	१,०८०	७५६	९००	१३,५००	३,९००	१,८७२	९३०	६,८८२
२०२५।०२६	१,१२०	७८४	९५०	१४,२५०	४,०००	१,८८०	९५०	७,०३०
२०२६।०२७	१, ६०	८१८	९५०	१४,७२५	४,२००	२,१४२	९७०	७,२२५
२०२७।०२८	१,२००	८४६	१,०००	१६,०००	३,८००	१,७१०	१,०२०	७,३४४
२०२८।०२९	–तथ्याङ्क प्राप्त नभएको			–	–	–	–	–
२०२९।०३०	१,२००	८७०	७०४	१७,६२८	४,०००	१,७२०	१,१००	९,०२०

उपर्युक्त तालिकाअनुसार आर्थिक वर्ष २०२९।०३० मा विगत वर्षहरूको तुलनामा धान बालीको क्षेत्रफल र उत्पादनमा केही कमी देखिन्छ । मकै बालीको हकमा आर्थिक वर्ष २०२४।०२५ देखि २०२८।०२९ सम्म खेती गरिएको क्षेत्रफल र उत्पादनमा वृद्धि भएको तर आर्थिक वर्ष २०२९।०३० मा भने खेती गरिएको क्षेत्रफल र उत्पादन समेतमा केही कमी भएको देखिन्छ। गहुँ बालीको क्षेत्रफल र उत्पादनमा उत्साहवर्धक वृद्धि भएको देखिन्छ ।

खेततर्फ जेठ र साउन महीनामा धानबाली लगाइन्छ र कात्तिक–मंसीरमा बाली काटिन्छ । छिटो पाक्ने धान भदौमा काटिन्छ । प्रायः कात्तिक र मंसीरमा गहुँको बाली लगाइन्छ र फागुन तथा चैत महीनामा काटिन्छ । यहाँको खेत तथा पाखो बारीमा मकै वैशाखतिर लगाइन्छ ,साउनमा पाक्दछ । तोरी र दलहन प्रायः असोज-कात्तिकमा लगाइन्छ र पुस-माघतिर काटिन्छ । यहाँका कृषकहरूले बाली लगाउनुभन्दा केही दिन अघि कम्पोष्ट मल हाल्दछन् । रासायनिक मल चाहिं बाली लगाउनुभन्दा एक दुई दिन अघि र बाली लगाइसकेपछि पनि हाल्दछन् ।

जिल्लाबासीहरूमा थारू, यादव, कुर्मी लगायत अन्य जात–जातिले पनि खेतीपातोको काम गरेका छन् । यहाँ खेती गर्दा मजदूरी दिएर गराउने चलन छ । लोग्नेमानिसलाई रू. चार देखि पाँचसम्म

र आइमाईलाई रू. तीन देखि चार सम्म प्रति दिन ज्याला दिई काममा लगाइन्छ । खाजा खुवाउने चलन कुनै भागमा छ, कुनै भागमा छैन । परिमा प्रथा धेरै कम छ ।

कृषि विकास बैंक तथा कृषि खरीद बिक्री संस्थानबाट बिक्री वितरण हुने उपकरणको सहुलियतले गर्दा खेतमा ट्रेक्टर, थ्रेसर, पम्पसेट जस्ता आधुनिक कृषि औजारहरू पनि प्रयोग हुन थालेका छन् ।

भूमी व्यवस्था

भूमि सुधार कार्यक्रम लागू भएपछि आर्थिक वर्ष २०२४।०२५ देखि यस जिल्लामा नापी कार्य शुरू भयो। यस जिल्लाको ८० पञ्चायत मध्ये आर्थिक वर्ष २०२४।०२५ मा नौ पञ्चायत, २०२५।०२६ मा २१ पञ्चायत र २०२६।०२७ मा ५० पञ्चायतमा नापी समाप्त भयो । यस नापीअनुसार जिल्लाको जम्मा क्षेत्रफल ९८,८३५ हेक्टर अर्थात् १,४५,३४५ बिघा देखिएको छ । सो नापीअनुसार देखिनआएको जगाको किसिम र क्षेत्रफल यस प्रकार छ :–

खेत (धनहर) तर्फ

अब्बल	१७,३२९ हेक्टर	(२५,४८४ बिघा)
दोयम	४९,२१२ हेक्टर	(७२,३७१ बिधा)
सीम	८,००४ हेक्टर	(११,७७० बिघा)
जम्मा	७४,५४५ हेक्टर	(१,०९,६२५ बिघा)

पाखो (भीट) तर्फ

अब्बल	८,८६८ हेक्टर	(१३,०४१ बिघा)
दोयम	११ हेक्टर	(१६ बिघा)
जम्मा	८,८७९ हेक्टर	(१३,०५७ बिघा)

यस प्रकारले जम्मा आवादी जग्गा ८३,४२४ हेक्टर (१,२२,६८२ बिघा) देखिन्छ र बाँकीरहेको जग्गा १५,४११ हेक्टर (२२,६६४ बिघा) मध्ये २,९३८ हेक्टर (४,३२१ बिघा) दर्ता हुन बाँकी र १२,४७३ हेक्टर अर्थात् १८,३४३ मिनाहा देखिएको छ। उपर्युक्त नापीबाट जग्गा धनीको संख्या ३८,७६१ छ। मोटामोटी रूपमा जिल्लाका जग्गाधनीहरूको वर्गीकरण यस प्रकार छ :–

१९	हेक्टर (२८ बिघा) भन्दा बढी जग्गा हुने जग्गाधनीको संख्या	५७
१०.२–१९	हेक्टर (१५–२८ बिघा) जग्गा हुने जग्गाधनीको संख्या	४,१४०
६.८–१०.२	हेक्टर (१०–१५ बिघा) जग्गा हुने जग्गाधनीको संख्या	७२८
२.७–६.८	हेक्टर (४–१० बिघा) जग्गा हुने जग्गाधनीको संख्या	५,११९
२.७	अर्थात् चार बिघाभन्दा कम जग्गा हुने जग्गाधनीको संख्या	३१,४२३

आर्थिक वर्ष २०२९।०३० सम्म देखिएको आवादी जग्गाबाट सालाना उठ्ने मालपोत रू. ५५,७५,५६७ देखिन्छ । जिल्लामा जम्मा मौजाहरूको संख्या ४६६ छ । आर्थिक वर्ष २०२९।०३० देखि यस जिल्लामा भूमि प्रशासन लागू भएपछि जमीनदारी प्रथा उन्मूलन भएको छ ।

जमीनदारी प्रथा उन्मलन हुनुभन्दा पहिले जमीनदार र पटवारीले मालपोत असूल गरी तत्कालीन माल अड्डामा दाखिल गर्ने गर्दथे । भूमि प्रशासन ऐन लागू भएपछि जमीनदारी उन्मूलन हुनुको साथै माल अड्डा पनि खारेज भयो र सो ठाउँमा नापीबाट ठहरेबमोजिम भूमि प्रशासन कार्यालयबाट पठाएको लगत–अनुसार कोष तथा तहसील कार्यालयबाट मालपोत उठाउने काम भइरहेको छ ।

यो जिल्लामा हदबन्दीभन्दा बढी देखिनआएको जग्गा २९९ हेक्टर अर्थात् ४४० बिघामध्ये १४ हेक्टर (२० बिघा) बिक्री वितरण भई २८५ हेक्टर (४२० बिघा) बिक्री वितरण हुन बाँकी छ । बिक्री वितरण गर्दा सम्बन्धित जग्गा कमाइरहेका मोहीलाई नै प्राथमिकता दिइएको छ ।

ऋण निश्चित गर्ने कार्यक्रम अन्तर्गत जम्मा रू. ३,३४,९२१। को ऋण निश्चित भएको छ । सोमध्ये कृषि ऋण ठहर भएको रू. ८५,९६९।, गैर कृषि ऋण रू. ६१,८०८। र रू. १,८७,१४४ । ऋणीहरूलाई साहुलाई फिर्ता बुझाउनु नपर्ने गरी मिनाहा भएको छ ।

मोहियानीको सम्बन्धमा १६,८५७ जनाले जोताहाको अस्थायी पूर्जा प्राप्त गरे । नापीले देखाए अनुसार १,१०६ मोहीहरूलाई मोहियानी हकको स्थायी प्रमाण-पत्र पनि दिइसकेको छ ।

रुपन्देही जिल्लामा आर्थिक वर्ष २०२९।०३० सम्मको लेखा परीक्षणबाट देखिएअनुसार जिन्सीमा १,८६,३३७ मन र नगदी रू. ३,९७,६७५। अनिवार्य बचत सङ्कलन गरिएको छ । उक्त रकममध्ये रू. १५,२२,२७२। ऋण असूल हुन बाँकी छ । अनिवार्य बचतको व्याजकोरूपमा रू. २,३३,३८७। वितरण भएको छ र रू. ३०,३०,४९७। र कृषि ऋण असूली समेत गरी कृषि विकास बैंकमा जम्मा भएको छ । बाँकी हुने रू. ५,६९,९४५। ग्राम समिति तथा वार्ड समितिहरूमा मौज्दात छ ।

पशुपालन

कृषिको पूरक व्यवसायको रूपमा पशुपालनको स्थान आउँछ। यसबाट कृषकहरूले हलो जोत्ने कामदेखि लिएर बैलगाडा चलाउने, दूध-दही, मासु, छाला प्राप्त गर्नुको साथै यिनीहरूको मल मूत्र खादकोरूपमा प्रयोग गरी ठूलो आर्थिक लाभ गर्दछन् । अतः सबै किसानहरूले केही न केही रूपमा दोपाया, चौपाया पालेको देखिन्छ । यहाँ विशेष गरी गाई, गोरु, भैंसी, सुंगुर, बाख्रा, कुखुरा, हाँस, परेवा, माछा आदि पाल्ने चलन छ । गाई, भैंसी, खसी, बाख्रा आदि पशुहरू प्रायः सबै जातले पाल्ने गर्दछन् । तर पहाडबाट बसाइँ सरी आएका क्षेत्री, बाहुनहरूले र यहाँका मुसलमानहरूले सुंगुर पाल्दैनन् । थारूहरूले सुंगुर, हाँस, कुखुरा पालनमा ज्यादा ध्यान दिएको देखिन्छ भने मुसलमानहरूले ज्यादा बाख्रा पाल्दछन् । प्रायः गाई, भैंसी, दूध–दहीको लागि पालिन्छन् त गोरु, राँगो बैलगाडा तान्न; खसी बोका, सुंगुर, कुखुरा हाँस आदि मासुको लागि पालिन्छन् । जिल्लाका केही सम्पन्न परिवारहरूले कतै कतै सवारी साधनको रूपमा हात्ती र घोडा पनि पालेको देखिन्छ ।

पशुपालनमा कृषकहरूको अभिरुचि बढ्दैछ। कुखुरा, सुंगुर, साँढे र भैंसीको प्रसार भइरहेको छ। नेपालको कृषि तथ्याङ्क अनुसार आर्थिक वर्ष २०२६।०२७ मा यस जिल्लामा अन्दाजी ४८,००० गाई, ८२,००० गोरू, २७,००० भैंसी र २६,००० बाखा भएको अनुमान थियो ।

भैरहवामा माछा प्रजनन तथा वितरण केन्द्रको पनि स्थापना भएको छ । यसले जर्मन तथा इजरायली कार्पका भुराहरू उत्पादन गरी किसानहरूलाई बिक्री वितरण गर्दछ । यहाँका खोलाहरूमा रद्दु बुहारी, सिंघी, गरही, अन्धा, बाम जस्ता स्थानीय माछाहरू पाइन्छन् । जर्मन कार्प, ग्रास कार्प, सिलभर कार्प जस्ता उन्नत जातका माछा पाल्नमा भैरहवा माछा केन्द्रले मद्दत गरेको छ । किसानहरूले वर्षा लागेपछि धानका खेतहरूमा र कहीं कहीं पोखरी समेत खनी माछा पाल्नेतर्फ उत्सुकता देखाएका छन् । आर्थिक वर्ष २०३१।०३२ मा यस केन्द्रमा तीन लाख भुरा माछा उत्पादन गर्ने, दुई हजार किलोग्राम खाने माछा उत्पादन गर्ने तथा बीस हजार ग्रास र सिलभर कार्प माछाको प्रजनन गरिने भएको छ ।

बुटवलमा एउटा पशु चिकित्सा केन्द्र छ। यहाँबाट अन्दाजी बीस पञ्चायतका कृषकहरूको पशुपक्षीहरूलाई संक्रामक रोग रोक्ने सूई दिनुकोसाथै चिकित्सा सेवा पनि उपलब्ध गराइन्छ ।

फलफूल खेती

यस जिल्लामा मुख्यतया आँप, रूख कटहर, कागती, अम्बा, केरा, लीची पाइन्छन् । आँप, लीची र केराको उत्पादनमा यहाँको किसानहरूले विशेषरूपमा दिलचस्पी दिएको देखिन्छ तापनि योजनाबद्ध रूपमा फलफूल खेती गर्ने कुनै परम्परा छैन ।

श्री ५ को सरकारको कृषि तथ्याङ्कमा उल्लेख भएअनुसार आर्थिक वर्ष २०२७।०२८ मा यस जिल्लामा आँपको बोट ५४,०००, केराको बोट ५७,०००, मेवाको बोट ७,०००, अम्बाको बोट ४,०००, रूख कटहरको बोट ३,०००, कागतीको बोट २,००० र लीचीको बोट १,००० रहेको अनुमान गरिएको छ ।

कृषि विकास

यहाँका बहुसंख्यक किसानहरूको व्यवसायलाई यथाचित लाभ होस् भन्ने हेतुले यस जिल्लामा कृषि विकास कार्यालय, कृषि केन्द्र, माछा प्रजनन तथा वितरण केन्द्र, कृषि ऋण तथा सहकारी संस्थाहरू आदि स्थापना भएका छन् ।

यस जिल्लाको भैरहवामा एक कृषि केन्द्र छ । २०१७ सालमा स्थापित यस केन्द्रले धान, गहुँ र मकैको उन्नत बीउहरूमा अनुसन्धान गर्ने, प्रदर्शन गर्ने र वितरण गर्ने काम गरिआएको छ । यो केन्द्र भैरहवा नगरभन्दा डेढ किलोमिटर जति उत्तरमा सिद्धार्थ राजमार्गको किनारमा छ । यस केन्द्रको ३५ हेक्टर (५२ बिघा) जमीन छ । पानीको व्यवस्थाको लागि यस केन्द्र भित्र आर्टिजन वेल (कूवा) छ र यसैबाट भूमिगत पानी वितरण गरिएको छ । यो केन्द्रले आफ्नो अनुसन्धान र प्रदर्शन कार्य मुख्यरूपमा धान र गहुँमै केन्द्रित गरेको छ । शुरू शुरूमा सानै रूपमा भए पनि कपास खेतीतर्फ अनुसन्धान गरिएको थियो ।

यस केन्द्रले रुपन्देही, पाल्पा, नवलपरासी र तौलिहवा जिल्लाहरूका किसानहरूलाई उन्नत बीउबाट उन्नत तरीकाले खेती गर्ने र प्रदर्शन गर्ने तरीका सिकाउँदै आएको छ। यस्तो प्रदर्शन किसानहरूलाई केन्द्रमै ल्याई गराउने वा उक्त जिल्लाहरूमा उपयुक्त ठाउँहरूमा छानिएका किसानहरूको खेतहरूमा गई गर्ने गर्दछन् ।

सिचाइतर्फ हाल करीब ४,०६० हेक्टर (६,००० बिघा) जमीनमा कुलोबाट सिचाइ व्यवस्था भएको छ भने अर्को ४,०६० हेक्टर(६,००० बिघा)जमीन सिचाइको लागि ठाउँ ठाउँमा ट्यूबबवेल पम्पबाट पनि खेतमा पानी पुऱ्याउने प्रयास भएको छ। हाल सिचाइको सुविधा उपलब्ध भएका जग्गाहरू मोतीपुर तथा क्षेमलार गाउँ पञ्चायतभित्र पर्दछन् ।

यस जिल्लाभित्र जमीनमुनिको पानीको सर्वेक्षण पूरा गरी बोरिङ्ग सिस्टम लागू गर्ने व्यवस्था गरिएको छ। कृषि विकास बैंकको ऋणबाट खरीद भएका ३०० जति पम्पहरू जिल्लाभरि छरिएका छन् । भौतिक जल अन्वेषण कार्यक्रम अन्तर्गत बोरिङ्गको निम्ति सर्वोत्कृष्ट भूमि ठानिएको रुपन्देही जिल्लामा माटोको अवस्था तथा भूमिगत जलस्रोतको अध्ययन एवं अनुसन्धान गरिएको छ ।

कृषि विकास कार्यालय, भैरहवाले कृषि विकासको सिलसिलामा तरीका तथा कृषि नतीजा प्रदर्शन गरेको छ। उन्नत बीउ, रासायनिक मलको प्रयोग, बाली संरक्षण, धान, तथा गहुँ रोप्ने तरीका, बीजोपचार इत्यादिको प्रसारको प्रभाव कृषकहरू माथि राम्रो परेको छ। बागवानीको क्षेत्रमा पनि प्रचार प्रसार भइरहेको छ। पशुपालनतर्फ गाई, भैंसी, बाख्रा, सुंगुर, कुखुरा आदिमा नश्ल सुधार गर्ने कार्यमा कृषकहरूले अभिरुचि लिएका छन् । प्राकृतिक नश्ल सुधारको लागि उन्नत साँढे, राँगो, बोकाहरू उपलब्ध गराइदिने कार्यक्रम अन्तर्गत आनन्दवन र परोँहा गाउँ पञ्चायतहरूमा उन्नत जातका राँगो र साँढेहरूद्वारा नश्ल सुधारको काम भएको छ।

कृषि खरीद बिक्री संस्थानको कार्यालय मार्फत् यहाँका किसानहरूले उन्नत बीउ, रासायनिक मल, कीटनाशक औषधि र कृषि औजार उपलब्ध गर्ने गरेका छन् । यिनीहरूको उपयोगबाट उत्पादन राम्रो भएकोले यी वस्तुहरूको लोकप्रियता बढ्दै गएको छ ।

यस जिल्लामा धान, गहुँ र उखुको उत्पादन विशेषतः राम्रो भएको देखिन्छ। आर्थिक वर्ष २०२६।०२७ मा यहाँको गहुँको उत्पादन १४,३८५ मेट्रिक टन थियो, जुन उत्पादन त्यो सालमा अधिराज्यको अन्य जिल्लाको दाँजोमा सबभन्दा बढी थियो। आर्थिक वर्ष २०३०।०३१ मा गहुँ बाली विकास कार्यक्रम अन्तर्गत २०,२९८ हेक्टर (३०,००० बिघा) जमीनमा गहुँ बाली लगाइयो र करीब ३१ हजार मेट्रिक टन गहुँ उत्पादन भएको अनुमान छ। यसमा १६,२३८ हेक्टर (२४,००० बिघा) जग्गामा उन्नत जातको गहुँ र बाँकी ४,०६० हेक्टर (६,००० बिघा) मा पुरानै तरीकाले खेती गरिएको थियो ।

सिचाइ

यस जिल्लामा प्रयोग गरिएका सिचाइका साधनहरूमध्ये नहर, ट्यूबवेल, इनार मुख्य छन् । सिचाइको लागि जिल्लाभित्रबाट बगिरहेका तिनाब, दानव, कञ्चन, कोठी, महाव, बघेला, कोहिलाझाङ, रोहिणी आदि खोलानालाहरूले मद्दत गरेका छन् । जिल्लाको धेरैजसो भागमा भूमिगत जलबाट सिचाइ हुन सक्ने सम्भावना देखिएको छ ।

तिनाव नहर

आर्थिक वर्ष २०१५।०१६ मा यस नहरको निर्माण कार्य शुरू भएको थियो । यसको मूल नहर करीब २१ किलोमिटर (१३माइल) लामो छ र शाखा नहरहरूको लम्बाइ समेत गर्दा यसको लम्बाइ ५३ किलोमिटर अर्थात् ३३ माइल हुन आउँछ । यस नहरको एक छेउमा नहरको अन्तिम भागसम्म जान हुने गरी कच्ची सडक बनाइएको छ ।

बुटवल नगरभन्दा एक किलोमिटर दक्षिणमा बाँध बाँधिएको छ । तर यो बाँधको अवस्था राम्रो छैन, बाँधमा पानी जम्मा हुँदैन । यो नहर चुरे पहाडको नजीकै भावर क्षेत्रमा परेकोले वर्षामा आउने भेलले गर्दा प्रति वर्ष यस नहरमा क्षति पुग्दछ । योजना सफल भएको खण्डमा ४५० क्यू. सेक. पानी उपलब्ध भई करीब २५,६०० हेक्टर अर्थात् ६४,००० एकड जमीनमा सिचाइ सुविधा पुऱ्याउन सकिन्छ ।

हाल बाँधतिर वर्षादमा करीब डेढ सय र अरू समयमा ४५ क्यू. सेक. जति पानी आउँछ । २०२७ सालको बाढीले बाँधको केही भाग बिगारेको छ ।

अन्य सानातिना नहर योजनाहरूमा यस जिल्लाको करैया गाउँ पञ्चायतमा १० क्यू.सेक. क्षमताको मयल पोखरी र संगलापुरमा पाँच क्यू. सेक. क्षमताको बाँध बनेको छ । यस्तै पटखौली गाउँ पञ्चायतको धन्छी बघेलामा ३५ क्यू. सेक. क्षमताको ३,७२० मिटर (१२,०० फीट) लामो नहर निर्माण भएको छ ।

लुम्बिनी आदर्श गाउँ पञ्चायतमा बीस क्यू. सेक. क्षमता भएको कुलो निर्माण भएको छ । उपर्युक्त नहरहरूबाट जिल्लाको केही भागको धान बाली र हिउँदे बालीमा सिचाइ व्यवस्था पुगेको छ ।

जिल्लाका विभिन्न ठाउँमा ट्यूबवेलबाट पनि लघु सिचाइ भइरहेको छ । भुजौली, मुगलहा, मसिना, असनहिया, गजेडी, सेमरी, मधौलिया, बेलहिया, छोटकी राम नगर, छपिया वेदौली दया नगर आदि गाउँ पञ्चायतहरूमा आर्टिजन कूवाबाट सिचाइमा मद्दत भइरहेको छ । मणिग्राम आनन्दवन गाउँ पञ्चायतमा डिजेल पम्पबाट पानी निकाली सिचाइ भएको छ ।

गण्डक योजनाको पश्चिमी नहर विस्तार योजनाको निर्माण कार्य सम्पन्न भएपछि यस जिल्लाको दक्षिणी भागको खाद्यान्न उत्पादन धेरै राम्रो हुनेछ । यस जिल्लामा भूमिगत जल सर्वेक्षणको कार्यक्रम चालु छ ।

कञ्चन, दानव तथा कजरा नदीबाट वृहत् सिचाइ योजनाको सम्भावना भए जस्तै डाण्डा र सियारी नदीबाट लघु सिचाइ हुन सक्तछ ।

कृषि ऋण

यस जिल्लाका अधिकांश कृषकहरूको आर्थिक स्थिति बलियो नभएकोले बीउ, मल, सानातिना औजार, कीटनाशक औषधिआदिको खरीदको लागि यिनीहरूलाई कृषि ऋणको आवश्यकता पर्दछ । यी ऋण अधिकांश स्थानीय साहूमहाजन, कृषि विकास बैंक, सहकारी संस्था, ग्राम समिति र भूमि प्रशासन कार्यालयबाट प्राप्त हुन्छ । भूमि सुधार लागू भएपछि ऋण पाउने परम्परागत स्रोतको रुपमा रहेका साहु महाजनको महत्व घट्दै गएको छ ।

संस्थागत ऋण प्रणालीलाई बढी महत्व दिने सिलसिलामा सहकारी संस्थाहरूको सुसंगठनतर्फ ध्यान दिइएको थियो, तर पनि यसतर्फ संख्यात्मक वृद्धि भई गुणात्मक विकास क्रम देखिएकाले पुराना सहकारी संस्थाहरूलाई विघटन गरी निर्दिष्ट सहकारी संस्थाहरू सञ्चालन गरिएका छन् । जसको व्यवस्थापन सम्बन्धी कार्य कृषि विकास बैंकले गर्दछ ।

हाल यस जिल्लामा नौवटा सहकारी संस्थाहरू छन् जसको सदस्य संख्या २,२९५ छ र शेयर पूंजी रू. ५५,०००। छ । यी सहकारी संस्थाहरूद्वारा २०३० कात्तिकसम्ममा रू. ९,००,०००। ऋण वितरण भइसकेको छ । यी सबै सहकारी संस्थाहरू हाल नाफामा नै सञ्चालन भइरहेकाछन् । सहकारी संस्थाहरू बाट करीब २,३०० किसानहरूलाई ऋणको सुविधा पुग्न गएको छ ।

कृषि विकास बैंक

वि. सं. २०१३ देखि यस जिल्लामा सहकारी कार्यक्रम चालू भएको थियो । २०२३ सालमा सहकारी बैंकको प्रशाखाको स्थापना भयो । २०२४ सालमा उक्त सहकारी बैंक, कृषि विकास बैंकमा परिणत भयो । २०२६ सालमा कृषि विकास बैंक शाखाको रूपमा परिणत भई उक्त बैंकले व्यक्तिगत एवं संस्थानतिर पनि ऋण लगानीमा अभिवृद्धि गर्न थाल्यो। मुख्यतया यस बैंकले धान, गहुँ, मकै, उखु जस्ता कृषि उत्पादन तथा यसको बेच बिखन, पशुपालन व्यवसाय र मिल, ट्यूबवेल, ट्रेक्टर, पावर टिलर, थ्रेसर, पम्पसेट जस्ता कृषि औजारहरू खरीद गर्न चाहिने ऋण सुविधा दिंदै आएको छ । शुरूदेखिको लगानी र असूलीअनुसार २०३० कात्तिकसम्ममा उपर्युक्त कामको लागि गएको ऋणमध्ये रू. ५०,००,०००। असूल उपर हुन बाँकी देखिन्छ । सहकारी संस्था एवं निर्देशित ग्राम समितिहरू बाहेक यस बैंकले सोझै २,५०० किसानहरूलाई आर्थिक सहयोग प्रदान गरेको छ ।

उद्योग

बुटवल तथा भैरहवा यस जिल्लाका उद्योग तथा व्यापारका प्रमुख केन्द्र हुन् । यो जिल्लामा डिष्टीलरी, चीनी कारखाना, सलाई फ्याक्टरीदेखि लिएर चामल, तेल, घ्यू आदिका मिलहरू भएकोले यो जिल्ला नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको सबभन्दा विकसित औद्योगिक क्षेत्र मान्नु पर्दछ । तराई क्षेत्र हुनुको साथै सिद्धार्थ राजमार्ग तथा निर्माण अवस्थामा रहेको महेन्द्र राजमार्गका बुटवल–नारायणघाट तथा बुटबल-कोहलपुर खण्डहरूले जिल्लाभित्र रहेका उद्योगहरूलाई मद्दत पुगेको छ । जिल्लाभित्र रहेका ठूला कारखानाहरूमा भैरहवा स्थित डिष्टीलरी तथा चीनी कारखाना मुख्य हो । पश्चिम नेपाल सलाई कारखाना भैरहवा, घ्यू प्रशोधन कारखाना बुटवल, प्लाइउड कारखाना बुटवल, लगायत दुईवटा बिडी उद्योग, ११ वटा कन्फेक्शनरी उद्योग, १५ वटा ईंटा कारखाना, ५३ वटा आठ अश्व शक्तिभन्दा कमको चामल तथा तेल मिलहरू र ४८ वटा नौ देखि २५ अश्व शक्तिका चामल मात्र कुट्ने मिल तथा पाँचवटा समिल (काठ चिर्ने कारखाना) हरू छन् । उपर्युक्त मिलहरूबाट आर्थिक वर्ष २०२८।०२९ मा रू. ३९,६९,६७३। र २०२९।०३० मा रू. ४६,५७, १००। अन्तः शुल्कको रूपमा राजस्व सङ्कलन भएको थियो । बुटवल टेक्नीकल इस्टिच्यूट तथा पावर कम्पनीको स्थापनाले पनि उपर्युक्त उद्योगहरूलाई मद्दत पुगेको छ ।

ग्रामीण जनताले आ–आफ्नो जातिगत पेशाअनुसार आपना घर आँगनमा स-साना तान राखी लुगा बुन्ने, डोको, नाम्लो, गुन्द्री, टोकरी, माछा मार्ने जाल, धातु र माटाका भाँडा कुँडा, काठका चक्का र पाङ्ग्राहरू बनाउने गर्द छन् ।

आर्थिक वर्ष २०२४।०२५ देखि यस जिल्लामा ग्रामीण उद्योग कार्यालयको स्थापना भएदेखिन् संगठित रूपमा फर्निचर, साबुन, आइसक्रिम, कपडाबुन्ने, छालाको जुत्ता सिउने आदि उद्योगको पनि स्थापना भयो । आर्थिक वर्ष २०२७।०२८ मा घरेलु उद्योग विभाग अन्तर्गत घरेलु केन्द्र कार्यालयहरूबाट उत्पादित वस्तुहरूको बिक्री वितरण गर्न बिक्री भण्डारको व्यवस्था भयो । त्यसै वर्षदेखि उद्योग सञ्चालन गर्न अभिरुचि राख्ने साहु महाजनहरूलाई ऋण दिने सुविधा दिलाई फर्निचर तथा साबुन बनाउने घरेलु उद्योगको पनि स्थापना भयो । आर्थिक वर्ष २०२८।०२९ मा सूती उत्पादन केन्द्र स्थापना गरी दश जवानलाई दुई महीने प्रशिक्षण समेत दिई केही कपडाहरू तयार गरियो । लघु उद्योगहरूमा अभिरुचि राख्ने जिल्लाबासीहरूलाई ऋणको साथै प्राविधिक राय सल्लाह, चाहिने कच्चा पदार्थहरू उपलब्ध गराई दिने प्रयास भएको छ ।

यस जिल्लाका मुख्य मुख्य औद्योगिक प्रतिष्ठानहरूको विवरण यस प्रकार छः–

भैरहवा चीनी कारखाना

भैरहवा चीनी कारखाना (महेन्द्र सुगर एण्ड जनरल इण्डष्ट्रिज लिमिटेड) ले विगत २०२१।०२२ सालदेखि चीनी उत्पादन गर्न थालेको थियो । यसले श्री ५ को सरकार तथा नेपाल औद्योगिक विकास निगमबाट ऋण सुविधा पाएको छ । आर्थिक, सामाजिक तथा यातायातको कठिनाइको साथै कच्चा पदार्थ, इन्धन, शक्ति आदि बाधाहरूको सामनागर्दै चीनी उत्पादनमा बृद्धि गर्ने प्रयास जारी छ । यस कारखानाले आर्थिक वर्ष २०३०।०३१ मा ३३,००० क्विन्टल चीनी उत्पादन गरेको थियो । यस कारखानाले रक्सी पनि उत्पादन गर्छ । यसको उत्पादन क्षमता प्रति दिन ६,००० वोटल छ ।

घ्यू प्रशोधन उद्योग

अधिराज्यमा सबभन्दा बढी घ्यू निकासी हुने क्षेत्र बुटवल बजार हो । चुरे डाँडाको फेदमा स्थित यो बुटवल बजार शताब्दियौं अघिदेखि नाउँ चलेको व्यापार केन्द्र हो । लुम्बिनी, गण्डकी र धवलागिरि अञ्चलको पहाडी भेकका निवासीहरू पशुपालनबाट उपलब्ध घ्यू, ऊन, छाला र वनमा पाइने जरीबूटी यहाँ ल्याई बेच्छन् र आफूलाई चाहिने सामान जस्तै नून, तेल, लत्ता, कपडा किनी पहाड फर्कन्छन् । बुटवल बजारमा पहिले देखि नै घ्यूको थोक तथा खुद्रा व्यापार चल्दै आएको छ । सालको दुई तीन हजार मेट्रिक टन घ्यू बुटवलबाट भारत निकासी हुन्छ । यहाँको प्रशोधन कारखानालाई चाहिने भवनहरू तयार भई करीब ६० प्रतिशत मेशिन उपकरणहरू पनि जडान भइसकेको छ । यस कारखानाको स्थापना आर्थिक वर्ष २०२९।०३० मा भएको हो ।

यस कारखानाले दिनको चार हजार किलोग्राम घ्यू प्रशोधन गर्ने लक्ष राखेको छ । यस प्रकारले वर्षको आठ महीना मात्र कारखाना चालु राख्न सकेमा पनि दशलाख किलोग्राम घ्यू प्रशोधन हुनेछ ।

पाल्पा, गुल्मी, अर्घाखाँची, बागलुङ, पर्वत, स्याङ्जा, प्यूठान, म्याग्दी आदि पहाडी जिल्लाहरूमा कृषि पछि पशुपालन मुख्य व्यवसाय हो। प्रायः प्रत्येक कृषकहरूको घरमा गाई, भैंसी, बाख्रा पालिएका हुन्छन्। यी वस्तुहरूबाट प्राप्त दूधबाट दिनहुँ अलि अलि गरी घ्यू जम्मा पार्छन् र हिउँदमा बुटवल आई बेच्छन्। तर यसरी बनाएको घ्यूको गुण विभिन्न स्तरको हुन्छ। हाल वैज्ञानिक ढङ्गले प्रशोधित हुँदा यसको माग भारतको उत्तर प्रदेशसम्म मात्र सीमित नभई समुद्र पार समेत बेच्न सकिने आशा गर्न सकिन्छ।

श्री पश्चिम नेपाल सलाई कम्पनी

वि.सं. २०२५ मा यस जिल्लाको पक्लिहवामा स्थापित यो कारखाना सो वर्ष नौ महीना चलेर बन्द भएको थियो। २०२९ सालमा यसको पुनरुत्थान भयो र सोही सालको साउन महीनादेखि पुनः उत्पादन शुरू भयो।

यस कारखानाले आर्थिक वर्ष २०२९।०३० मा २५,३०० ग्रोस सलाई उत्पादन गर्‍यो। यस कारखानाले श्री तथा गुराँस चिह्न भएको दुईथरी सलाई उत्पादन गर्दछ।

प्लाइउड उद्योग

युनाइटेड मिशन र नेपाल औद्योगिक विकास निगमको सहयोगबाट प्लाइउड उद्योगको स्थापना बुटवलको खस्यौली बजारमा भएको छ। यस कारखानाको वार्षिक उत्पादन क्षमता ७३ लाख वर्गफूट छ।

पर्यटन उद्योग

गौतम बुद्धको जन्मस्थल लुम्बिनी यसै जिल्लाको दक्षिण–पश्चिम भागमा परेको र यस स्थलको विकासको लागि अन्तर्राष्ट्रिय सहयोगको सम्भावना भएकोले पर्यटन उद्योगको भविष्य राम्रो देखिन्छ। लुम्बिनी विकास योजना अन्तर्राष्ट्रिय योजना भएकोले यसको गुरु योजना जापानको प्रसिद्ध वास्तुकलाविद प्रो. टाँगेद्वारा तयार हुँदैछ। सो गुरु योजनाको सम्पूर्ण डिजाइन आर्थिक वर्ष २०३३।०३४ मा प्राप्त हुने आशा गरिएको छ।[1]

योजनाअनुसार १३ वर्ग मिल भूमि अधिग्रहण गरी लुम्बिनीमा हरिया उपवन, बौद्ध विहार, यात्रु गाउँ र पवित्र उद्यान बन्नेछ जसबाट यो स्थललाई पावन तीर्थ स्थलको रूपमा विकास गर्नुको साथै उक्त स्थलको आसपासको कृषि क्षेत्रको विकास गर्ने कार्यक्रम छ।

श्री ५ को सरकार तर्फबाट भैरहवा विमानस्थलदेखि लुम्बिनीसम्मको बाटो निर्माण भइरहेको छ र धेरैजसो काम समाप्त भइसकेको छ। यस बाटोले गर्दा भैरहवाको पर्यटन विकासमा समेत सघाउ पुगेको छ। हालसालै भैरहवामा २५ कोठा भएको होटेल भवन बन्दैछ।

---

[1] यज्ञराज सत्याल–लुम्बिनी विकास योजनाको प्रगति, २०३१।१।१६ को गोरखापत्रबाट

सिद्धार्थ राजमार्गले भैरहवा,बुटवल, तानसेन र पोखरालाई जोड्छ भने पृथ्वी राजमार्गले काठमाडौं र पोख्रालाई जोडेको छ। मनोरम प्राकृतिक दृश्यावलोकन गर्ने पर्यटकहरू काठमाडौं, पोखरा र तानसेन जाने र तानसेनबाट करीब दुई-तीन घण्टाको बस यात्राबाट बुटवल, भैरहवा पुग्ने भएबाट पनि यस स्थलमा पर्यटन विकासको ठूलो सम्भावना छ। भारतको गोरखपुर जिल्लाबाट नेपालभित्र पस्ने यात्रुहरूको मुख्य बाटो भैरहवा बुटवल हुँदै गएकोले बौद्ध तीर्थ यात्री, पर्यटक, व्यापारी आदिको लागि यो जिल्लाको लुम्बिनी, भैरहवा तथा बुटवल क्षेत्र महत्वपूर्ण हुन गएको छ।

व्यापार

उद्योग व्यवसायमाभन्दा व्यापार क्षेत्रमा यस जिल्लाको बुटवल तथा भैरहवा बजार धेरै अघिदेखि प्रख्यात छन्। भौगोलिक दृष्टिकोणले यी बजारहरू भारत सीमाना नजीक रहेका र भारतसँग आवागमन गर्ने मुख्य ढोकाको रूपमा रहेका हुँदा यो जिल्ला पश्चिमाञ्चल विकास क्षेत्रको व्यापारिक कारोबारमा सर्वोपरि स्थान राख्तछ। बुटवल र भैरहवा बजार क्षेत्रको विस्तार हुँदैछ। यहाँको जनआबादी पनि बढ्दै गएको फलस्वरूप यी दुवै नगरहरूमा नगर पञ्चायत खडा भएका छन्। पश्चिमाञ्चल क्षेत्रको प्रमुख व्यापार केन्द्र भएकाले यी स्थानहरूमा पाल्पा, बागलुङ, गुल्मी, थाकखोलाबाट आई दोकान थाप्ने व्यापारी र भारतबाट आई बसोबास गर्ने व्यापारीको संख्या धेरै भएको अनुमान गरिन्छ।

बुटवल शताब्दियौं अघिदेखि नेपालको प्रमुख व्यापार केन्द्रको रूपमा रहिआएको छ। लुम्बिनी, धवलागिरि र गण्डकी अञ्चलका पहाडी जिल्लाहरूबाट आउने घ्यू, सूठो, सुन्तला, छाला यहाँबाट भारततर्फ निकासी हुन्छ। भारतबाट आयात हुने सामानहरू पनि यहींबाट पहाडतिर लगिन्छ। यहाँ टेक्नीकल इन्स्टिच्यूटको साथै पावर कम्पनीको पनि स्थापना भएको र सिद्धार्थ राजमार्ग तथा महेन्द्र राजमार्ग यसै क्षेत्रबाट गएकोले बुटवलमा उद्योग तथा व्यापार दुवैको विस्तार भइरहेको छ। यहाँको व्यापार प्रबर्धनमा बुटवल व्यापार संघको पनि महत्वपूर्ण भूमिका छ।

स्थानीय व्यापार खासगरी मेला पर्व र हाटहरूको माध्यमद्वारा चलेको देखिन्छ। रामनवमी, चैत पूर्णिमा र वैशाख पूर्णिमाको दिन लुम्बिनीमा ठूलो मेला लाग्दछ। हजारौं मानिस भेला हुन्छन् र लाखौंको खरीद बिक्री हुन्छ।

भैरहवामा हप्ताको दुई दिन आइतबार र बिहीबार, सूर्यपुरामा बुधबार, सेमरामा सोमबार, फर्सा, टिकरामा मंगलबार, धकधइमा शुक्रबार र लुम्बिनी आदर्श गाउँ पञ्चायतको पडरीयामा सोमबार हाट बजार लाग्दछ। विशेष गरी यी हाट बजारहरूमा दैनिक उपभोगका सामानहरू जस्तै नून, तेल, तरकारी, माछा, मासु, लत्ता कपडा, भाँडावर्तन तथा अनाजहरूको खरीद बिक्री हुन्छ। कुनै हाटहरूमा गाई वस्तु, भेडा, बाखा, घोडा इत्यादिको पनि बेच बिखन हुन्छ।

अन्तर जिल्ला र वैदेशिक व्यापारको लागि यस जिल्लाको बुटवल र भैरहवा बजार मुख्य छन् भन्ने कुरा माथि उल्लेख भइसकेको छ। यी बाहेक जिल्लाका केही भाग जस्तै मर्चवार, मणिग्राम, धकधई, झिमझिमे, मोतीपुर, पक्लिहवा, पर्रोहामा पनि साना साना बजारहरू छन्। यस्ता बजारहरूको संख्या बुटवल भैरहवा बीचको सिद्धार्थ राजमार्ग र नारायणगढ बुटवल राजमार्गको वरिपरि बढ्दै गएको देखिन्छ। यातायातकै

सुविधाले गर्दा बुटवल र भैरहवा पश्चिमाञ्चल विकास जिल्लाका प्रमुख व्यापार केन्द्र बन्न गएका छन् । बुटवल र भैरहवा बजारमा विलासिताको सामानदेखिन् लिएर खाद्य तथा निर्माण सामाग्रीहरू उपलब्ध छन् । लाखौं रूपैयाँको घ्यू, सूठो, चामल, दाल, काठ, जरीबूटी निकासी हुनुको साथै लाखौंको कपडा, डिजेल, पेट्रोल, मट्टीतेल, नून, मसला, सिमेण्ट, कर्कटपाता, फलाम, स्टेशनरी सामान र श्रृङ्गारका सामानहरू आयात भई यस जिल्लाबाट पहाड पस्तछ ।

राष्ट्रिय व्यापार निगम भैरहवा कार्यालयले आर्थिक वर्ष २०२८।०२९ मा रू. २४,०२,४५३। र २०२९।०३० मा रू. ८१,३५,११२। को मालसामान बिक्री गरेको थियो ।

भैरहवा नगर पञ्चायतको बेलहियामा मूल भन्सार छ । भगवानपुर बुची बरवा, पक्लिहवा, कदम हवा, थुमवा, लुम्बिनी र खैरानामा छोटी भन्सार छन् । यस जिल्लाबाट निकासी तथा पैठारी हुने मुख्य मुख्य सामानहरू यस प्रकार छन् :–

निकासी:– घ्यू, सूठो, अदुवा, चामल, काठ, ढुङ्गा, आलु, हर्रो, गेडा दाल र जरीबूटी इत्यादि ।

पैठारी:– सबै किसिमको लत्ता कपडा, धातु र धातुका सामान, नून, साबुन, सिमेण्ट, मसला, औषधि, जुत्ता, चिया, कफी आदि ।

यस प्रकारले लुम्बिनी, धवलागिरि र गण्डकी अञ्चलका पहाडी जिल्लाहरूको लागि चाहिने आवश्यक पदार्थहरू यही जिल्ला भएर जाने हुँदा यहाँको आयात परिमाण निकै बढेको छ। त्यस्तै उपर्युक्त जिल्लाहरूबाट हुने निकासी पनि प्रायः यही जिल्ला भएर भारत वा अन्य देशमा पठाइन्छ । कृषि तथा वन्य पैदावरमा आधारित उल्लिखित पदार्थहरूको निर्यात नै यस जिल्लाको मुख्य व्यापारिक कारोबार हुन् । यसको अतिरिक्त सुन्तला तथा कच्चा ऊन पनि यस जिल्लाबाट निकासी भएको देखिन्छ ।

यस जिल्लाको आर्थिक वर्ष २०२६।०२७ देखि २०२९।०३० सम्म भन्सारबाट उठ्ने राजस्व निम्नबमोजिम देखिन्छ ।

विवरण	२०२६।०२७	२०२७।०२८	२०२८।०२९	२०२९।०३०
निकासी	१२,६७,६८६।	१४,६५,२९७।	१५,८३,४२२।	८,३९,१०२।
पैठारी	४७,५६,१५४।	३०,७८,३८०।	३३,१९,८८६।	२९,९५,७१५।
बी. फर्म, ए. फर्म तथा एक्साइज ड्यूटी समेत	३८,६५,०७४।	५२,२०,१३४।	७०,३४,७३९।	८१,४७,७८७।
सरचार्ज	२२,७५,०९०।	२८,६३,१९४।	३०,६५,५५१।	३९,८४,५१८।
विविध	१,३७,०४७।	१,३२,७४९।	१,०७,७९१।	१,०५,३१४।
बिक्रीकर	२३,३६,१५९।	२७,४५,०५९।	३०,२१,५२६।	३३,४२,६५०।

उपर्युक्त तालिकाबाट भन्सारबाट सालिन्दा राजस्वको वृद्धि भइरहेको देखिन्छ र यस जिल्लाको भन्सारबाट श्री ५ को सरकारलाई करीब दुई करोडको आम्दानी हुन्छ । यसबाट पनि यहाँको व्यापारिक कारोबार निकै ठूलो छ भन्ने कुरो स्पष्ट हुन्छ ।

आयकर

वि. सं. २०१७ जेठ महीनादेखिन् भैरहवा बजारमा कर कार्यालयको स्थापना भएको छ। कर कार्यालयमा रकम जम्मा हुने स्रोतहरूमा मुख्यतः आयकर, मनोरञ्जन कर, घर जग्गा कर, ठेक्का कर, सवारी कर, बिक्री कर तथा होटेल ग्राहक कर हुन्। विगत चार वर्षमा कर कार्यालयले यस जिल्लाको उद्योग व्यापारी, व्यवसायी तथा कर्मचारीहरूबाट उठाएको राजस्व यस प्रकार छः–

आर्थिक वर्ष	कर राजस्व
२०२६।०२७	२८,८८,२१३।
२०२७।०२८	३६,००,९८२।
२०२८।०२९	४४,४७,०३४।
२०२९।०३०	४९,६७,२५४।

आर्थिक वर्ष २०२९।०३० को लगतअनुसार करदाताहरूमा उद्योग संख्या २९, व्यापारी ४२४ र किसान व्यवसायी तथा कर्मचारीहरू २३३ जना छन्।

बैंक

यस जिल्लाको भैरहवा बजारमा नेपाल राष्ट्र बैंक, राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक तथा कृषि विकास बैंकका कार्यालयहरू छन्। यसको अतिरिक्त बुटवलमा पनि नेपाल बैंक कार्यालय छ। यी बैंकका स्थापनाले गर्दा यहाँको व्यापारमा ठूलो सघाउ पुगेको छ। सरकारी कार्यालयहरूको बढी कारोवार नेपाल राष्ट्र वैंक मार्फत् भएको छ भने नेपाल बैंक तथा राष्ट्रिय वाणिज्य बैंकले यहाँका धेरैजसो जनताहरूलाई विभिन्न प्रकारका सेवाहरू जस्तै चल्ती, बचत, नन् अपरेटिभ, मुद्दती खाता खोल्ने, ड्राफ्ट टी. टी. द्वारा एक स्थानबाट अर्को स्थानमा रकम पठाउने, विभिन्न वस्तुहरू धितो राखी कर्जा उपलब्ध गराउने, सुन चाँदीको धितोमा कर्जा दिने, अर्ध सरकारी तथा सरकारी कार्यालयहरूलाई पनि विशेष सुविधाअनुसार ऋण उपलब्ध गराउने गरिआएका छन्। यहाँ थोक व्यापारी, खुद्रा व्यापारी, आयात निर्यातकर्ता, जम्मा गर्नेहरू, भुवतानी दिनेहरू, मिलवाला, कर्जा लिन आउनेहरू, ड्राफ्ट टी. टी. किन्नेहरू, भारतीय रूपैयाँ खरीद बिक्री गर्नेहरू आदि थरि थरिका ग्राहकहरू छन्।

यस जिल्लाको मुख्य लगानी सुन-चाँदी, लत्ता-कपडा आदिमा भएको छ। ग्रामीण समाजमा शिक्षित जनसंख्याको कमीले गर्दा यस जिल्लाका ग्रामीण जनतालाई बैंकको उपयोगिताको अझै राम्रो ज्ञान भइसकेको छैन। शहर बजारमा बस्ने साहु महाजन, उद्योगपति तथा व्यापारीहरूले यहाँका बैंकहरूबाट राम्रो सेवा सुलभ गरी आफ्नो कारोवार बढाइरहेका छन्।

कृषि विकास बैंकको गतिविधिबारे पनि कृषि ऋण शीर्षकमा उल्लेख गरिसकिएको छ र यस बैंकले सहकारी संस्था मार्फत् र सोझै आफ्नै कार्यालयबाट कृषकहरूलाई ऋण उपलब्ध गराउँदै आएको छ।

यातायात, सञ्चार र बिजुली

यातायात

रुपन्देही जिल्लाको अधिकांश भाग समथर भूमि हुनाले र सिद्धार्थ राजमार्ग, महेन्द्र राजमार्ग, भैरहवा–लुम्बिनी तथा लुम्बिनी–तौलिहवा मार्ग, लुम्बिनी–ककरहवा मार्ग, भैरहवा–परासी मार्गहरूले गर्दा अधिराज्यका अन्य कैयौं जिल्लाहरूको तुलनामा यहाँको यातायात निकै विकसित अवस्थामा रहेको छ। सिद्धार्थ राजमार्गले कास्की, स्याङजा, पाल्पा जिल्लाबासीहरूलाई नेपाल–भारत सीमा सुनौली र त्यहाँबाट नौतनवा हुँदै भारत जाने आउने उत्तर–दक्षिण मार्गको सुविधा दिएको छ भने नारायणगढ–बुटवल र बुटवल-कोहलपुर तथा भैरहवा–लुम्बिनी जस्ता राज-मार्गहरूले यस जिल्लालाई पूर्व–पश्चिमका जिल्लाहरू जस्तै नवलपरासी, चितवन तथा कपिलवस्तु, दाङ र बाँकेसम्म जोडेका छन्। यस प्रकारले यस जिल्लामा बनिसकेको र बनिरहेका राजमार्गहरूले गर्दा जिल्लाको चौतर्फी विकासमा ठूलो मद्दत पुगिरहेछ। यिनै राजमार्गको अवस्थितिले गर्दा पश्चिमाञ्चल विकास क्षेत्रबाट भारत पस्ने मुख्य ढोकाको रूपमा भैरहवा छ भने तराईबाट पहाड पस्ने मुख्य ढोकाको रूप बुटवल बजारले लिएको छ।

यसो हुनुको एउटा मुख्य कारण सुनौलीदेखि पोखरासम्म जाने सिद्धार्थ राजमार्ग बाह्रै महीना बस चल्ने पक्की सडक भएर पनि हो। जिल्लाका अन्य सडकहरू कुनै कच्ची र कुनै निर्माण अवस्थामा रहेकाले तिनीहरूमा बाह्रै महीना सवारी चलाउन सकिंदैन। वर्षादको समयमा उत्तरबाट दक्षिण बगेका खोलानालाहरू बढ्दा जिल्लाको पूर्व–पश्चिम आवागमनमा बाधा पुग्छ। हिउँदमा भने तराई क्षेत्र भएकोले एक ठाउँबाट अर्को ठाउँमा बैलगाडा, ट्रक, जीप तथा अन्य सवारी साधनहरू चलाउन सकिन्छ। जिल्लाभित्रका राजमार्ग तथा सडकहरूको छोटकरी वर्णन यस प्रकार छः–

सिद्धार्थ राजमार्ग

यस जिल्लाको दक्षिणमा नेपाल-भारत सीमास्थित सुनौली बजारदेखि उत्तरमा पोखरासम्म पुगेकोले यस राजमार्गलाई शुरूमा सुनौली-पोखरा राजमार्ग भनिन्थ्यो। पछि यसको नाउँ लुम्बिनीमा जन्मेका राजकुमार सिद्धार्थ (गौतम बुद्ध) को नाउँबाट सिद्धार्थ राजमार्ग भयो। २०० किलोमिटर लामो १० मिटर (३२ फीट) चौडा यो राजमार्ग पक्की कालोपत्रे भएकोले यसले आधुनिक यातायातको सुविधा उपलब्ध गराएको छ। २०० किलोमिटर लम्वाइमध्ये सुनौलीदेखि बुटवलसम्मको २८ किलोमिटर मात्र यस जिल्लाभित्र पर्दछ। वर्षभरि सवारी चल्न सक्ने यो राजमार्गले यस जिल्लालाई पाल्पा, स्याङजा र कास्कीसँग जोडी पोखरामा पृथ्वी राजमार्ग भेट्टाउँछ। यस प्रकारले धवलागिरि र गण्डकी अञ्चलका मुस्ताङ, मनाङसम्मका मानिसहरू

सिद्धार्थ राजमार्गको सहायताले मधेश झर्छन् र सीमापार नौतनवामा रेल चढी विदेश यात्रा गर्छन् । विदेशी पर्यटक तथा तीर्थयात्रीहरू यही बाटो बुटवलदेखि उतर चुरे तथा महाभारत पहाडी शृङ्खला चढ्दै धवलागिरि र अन्नपूर्णको मनोरम हिमाली शृङ्खलाको दृश्यावलोकन गर्दै पोखरा पुग्छन् । अनि पैदल यात्रीहरू कोही मुक्तिनाथ पुग्छन् भने बस यात्रीहरू पृथ्वी राजमार्गबाट पशुपतिनाथ तथा स्वयम्भूनाथको दर्शन गर्न काठमाडौं आइपुग्छन् । मधेश र पहाडको सम्पर्क र व्यापार तथा उद्योगधन्धा बढाउनमा यसको ठूलो महत्व भएकोले पश्चिमाञ्चल विकास क्षेत्रकोलागि यो बाटो एक प्रमुख मेरुदण्ड भएको छ । यस बाटोमा नियमित बस सेवाको सहूलियत छ । सुनौलीदेखि बुटवलसम्म जाँदा यस मार्गमा भैरहवा, पडसारी, चिलिया, मधवलिया, आनन्दवन, जोगीकुटी गाउँ पञ्चायतहरू पर्दछन् ।

महेन्द्र राजमार्ग

नेपाल अधिराज्यको पूर्वी सीमालाई पश्चिम सीमासँग जोड्ने अत्यन्त महत्वपूर्ण महेन्द्र राजमार्गको नारायणगढ-बुटवल र बुटवल-कोहलपुरको केही भाग यस जिल्लामा पर्दछ ।

महेन्द्र राजमार्गको बुटवल-नारायणगढ भागको कुल लम्बाइ ११६ किलोमिटर छ, जसमध्ये यस रुपन्देही जिल्लाभित्र पर्ने बुटवल चौराहादेखि नवलपरासी जिल्लाको सीमाना पर्ने केरवानी पञ्चायतसम्मको दूरी १३ किलोमिटर, चौडाइ नौ मिटर र कालोपत्रे भइसकेको छ । हाल बुटवलदेखि ४५ किलोमिटर पूर्व वर्दघाटसम्म बस सेवा चलिसकेको छ । यस राजमार्गले रुपन्देही जिल्लालाई पूर्वमा नवलपरासी र चितवनको नारायणगढसम्म जोड्दछ । नारायणगढ र हेटौंडा जोडिइसकेकोले नारायणीमा पुल बनेपछि यस खण्डको निर्माणले एकातिर सुनौली–पोखरा तथा वीरगञ्ज–काठमाडौं जस्ता उत्तर–दक्षिण गएको विकास मार्गलाई जोडिदिने छ भने अर्कोतर्फ अधिराज्यको एक ठाउँबाट अर्को ठाउँमा जान देशकै भू-भागबाट आवत जावत गर्नमा सुविधा पुऱ्याउने छ । बुटवल, परासी, त्रिवेणी, नारायणगढ तथा हेटौंडा जस्ता मुख्य व्यापार केन्द्रहरूलाई जोडी महेन्द्र राजमार्गले उद्योग तथा व्यापारको विकासमा पनि ठूलो योगदान दिएको छ ।

यस भेकको महेन्द्र राजमार्गको पश्चिमी बुटवल-कोहलपुर खण्ड निर्माणाधीन छ । यसको कुल लम्बाइ ३०० किलोमिटर हुनेछ जसमध्ये २५ किलोमिटर मात्र रुपन्देही जिल्लामा पर्दछ । यसको चौडाइ १० मिटर हुनेछ र कालो पत्रे गरिने छ । यस राजमार्गले रुपन्देही जिल्लालाई पश्चिमतर्फ कपिलवस्तु, दाङ र बाँके (नेपालगञ्ज) सम्म जोड्ने छ ।

भैरहवा–पक्लिहवा मार्ग

भैरहवा बजारदेखि पक्लिहवा भएर नेपाल-भारतको सीमा सुनौलीसम्म जाने छ किलोमिटरको पक्की बाटो पनि यसै जिल्लाभित्र पर्दछ । यसको चौडाइ छ मिटर (करीब २० फीट) छ । पक्लिहवामा ब्रिटिश गोरखाको रिक्रुटिङ्ग क्याम्प र अस्पताल छ । यस सडकको निर्माणले पक्लिहवाको चहल पहल बढेको छ ।

भैरहवा–शान्तिनगर सडक

भैरहवा बजारबाट पुरानो विमानस्थल जाने बाटोमा शान्तिनगरसम्म पाँच किलोमिटर लामो, सात मिटर चौडा कालो पत्रे सडक छ । यसमा सवारी चलिरहेको छ ।

भैरहवा–लुम्बिनी मार्ग

भैरहवाबाट लुम्बिनीसम्मको २१ किलोमिटरको कच्ची सडक आर्थिक वर्ष २०३१।०३२मा पूरा हुने अनुमान छ। माटो पुर्ने काम पूरा भइसकेको छ। दानव र तिनाव नदीहरूमा पुल हाल्न बाँकी छ। यी नदीहरू माथि पुल नभएकोले वर्षादमा आवागमनमा बाधा पुऱ्याउँछ। हिउँदमा जीप, बैलगाडा जस्ता सवारीहरू चल्दछन्। लुम्बिनी विकास योजनाको कार्यान्वयनको लागि यस बाटोको ठूलो महत्व भएकोले यसको निर्माण द्रुतगतिले भइरहेको छ।

लुम्बिनी–ककरहवा सडक

भैरहवा–लुम्बिनी मार्ग पूरा भइसकेकोले गौतम बुद्धको जन्मस्थलको दर्शन गर्न चाहने प्रायः जसो बौद्ध यात्रीहरू भारतको नौगढ रेलवे स्टेशनबाट खुनुवा हुँदै यस मार्गबाट लुम्बिनी आउँछन्। नौगढबाट लुम्बिनीसम्म ३४ किलोमिटरको पक्की सडक छ। यसमध्ये नेपाल–भारत सीमा ककरहवाबाट लुम्बिनीसम्म आठ किलोमिटर छ जुन रुपन्देही जिल्लाभित्र पर्दछ। यो सडक सात मिटर (करीब२४ फीट) चौडा छ। सडक पक्की छ तापनि सडकको अवस्था राम्रो छैन। यो सडकको निर्माण २०२२ सालमा भएकोले गत २०३० सालको बाढीले गर्दा यस मार्गलाई निकै क्षति पुगेको छ। भारततर्फबाट आउने यात्रीहरूको भीडले गर्दा यस मार्गमा बस, जीप तथा टचाक्सीहरूको आवत जावत हुन्छ।

भैरहवा–परासी सडक

यो सडकको लम्बाइ २२ किलोमिटर छ जसमध्ये १८ किलोमिटर रुपन्देही जिल्ला भित्र पर्दछ। यो सडकको चौडाइ सात मिटर (२४ फीट) छ र सडकलाई पक्की बनाउने काम भइरहेको छ। हुलाकी हिड्ने बाटो भएकोले यसलाई हुलाकी सडक पनि भनिन्छ। बीच बीचमा नदीहरूमा पुल नभएकोले हिउँदमा मात्र बैलगाडा, जीप आदि सवारी चल्दछ। यस मार्गले भैरहवालाई परासी र त्रिवेणीसम्म जोडेको छ।

बुटवलमा निर्मित तिनाव बाँधदेखि नहरको अन्तसम्म नहरको रेखदेखको लागि जाने एक कच्ची सडक छ। नहरको अवस्था राम्रो नभएकोले यस सडकको प्रयोग कम छ।

पुल

बुटवल र खरयौली बजार बीचको तिनाव नदीबाट चार फीट चौडा, चार सय फीट लामो पक्की झोलुङ्गे पुल बन्दैछ। यस पुलले विशेषगरी पुरानो बजार बुटवल रखरयौली बजारको आवागमनमा सुविधा पुऱ्याउने छ।

हवाइ यातायात

रुपन्देही जिल्लाको सदरमुकाम भैरहवामा एउटा पक्की विमान स्थल छ। पहिलेको विमान स्थल भैरहवा बजारको पूर्व शान्तिनगर जाने बाटोमा पर्दथ्यो। हाल यो विमान स्थल भैरहवा बजारको दुई तीन किलोमिटर पश्चिममा छ।

यो विमानस्थलको धावन मार्गलाई हालको ९७५ मिटर (३,२०० फीट) बाट १,५२४ मिटर (५,००० फीट) सम्म विस्तार गर्ने कार्य भइरहेको छ। यसको चौडाइ ३०.५ मिटर (१००फीट) छ। यसको साथै टर्मिनल भवनको काम भइरहेको छ।

जिल्लामा रहेको यस विमानस्थलले यहाँको आवागमनमा ठूलो सुविधा पुऱ्याएको छ। भैरहवा र काठमाडौं बीच दिनहुँ वायु सेवा चलिरहेको छ। यसको अतिरिक्त भैरहवा–पोखरा, भैरहवा–भरतपुर–काठमाडौं सेवा पनि चलेको छ। हप्ताको केही दिन भैरहवा–दाङ–नेपालगञ्ज–सुर्खेत सेवा चल्दछ। यसको अतिरिक्त भैरहवाबाट धनगढी र डोटी पनि जान सकिन्छ।

विमान स्थलको विस्तार, टर्मिनल भवन, उपकरण कक्ष, वारुण यन्त्र, कार्यशाला ट्रान्समिटिङ्ग तथा रिसिभिङ्ग स्टेशनको सुधार, आवास गृह आदिको निर्माण पूरा भएपछि यसले जिल्लाको विकासमा ठूलो सघाउ पुऱ्याउने छ।

सञ्चार

भैरहवामा आकाशवाणी एरिया कन्ट्रोल कार्यालय छ। यसले लुम्बिनी अञ्चलभरिका आकाशवाणी स्टेशनहरूको नियन्त्रण गर्दछ।

भैरहवा एरिया कन्ट्रोल कार्यालयले काठमाडौं, नेपालगञ्ज, दाङ, महेन्द्रनगर, जुम्ला, धनगढी जनकपुर, बागलुङ, पोखरा, ओखलढुङ्गा, विराटनगर र लुम्बिनी अञ्चल अन्तर्गतका बुटवल, पाल्पा, परासी त्रिवेणी, तौलिहवा, तमघास (गुल्मी), कृष्णनगर र नरपानी (अर्घाखाँची) मा रहेका आकाशवाणी स्टेशनहरूसँग सम्पर्क राख्दछ। यस प्रकारले रुपन्देही जिल्लाभित्र भैरहवामा अञ्चलस्तरीय क्षेत्रिय नियन्त्रण कार्यालय र बुटवलमा आकाशवाणी स्याटेलाइट स्टेशन छ, जसले लुम्बिनी अञ्चल भित्रका आठवटा आकाशवाणी केन्द्रहरू र काठमाडौंसँग सोझै र अन्यत्र भैरहवा मार्फत सम्पर्क राख्दछ।

वि. सं. २००७ भन्दा अघि भैरहवा, बुटवल, पाल्पा, स्याङजा, पोखरा, कुन्छा, गोरखा, त्रिशूली हुँदै काठमाडौंसम्मको ट्रङ्क टेलिफोन लाइनको व्यवस्था थियो। पछि भैरहवादेखि स्याङजासम्मको ट्रङ्क लाइन खारेज भयो र यसको बदलामा आकाशवाणीको स्थापना भएकोले जिल्लाबासीहरूले दूर सञ्चारको सेवा पाइनै रहेका छन्।

पश्चिमी नेपालको प्रमुख औद्योगिक तथा व्यापारिक केन्द्रहरूमा भैरहवामा एउटा मुख्य बजार भएको र बढ्दै गएको यहाँको व्यापार, औद्योगिक धन्धा, जनसंख्या आदिको कारणले आर्थिक वर्ष २०३०। ०३१ मा यहाँ १०० तन्तु स्थानीय दूरवाणी विनिमय (सि. भि. टेलिफोन) सेवा उपलब्ध गराइयो। भैरहवा बजारको मागअनुसार यो एक सय लाइन टेलिफोन अपर्याप्त भएकोले अर्को सय लाइन थप गर्ने कार्य शुरु भएको छ।

पूर्व-पश्चिम माइक्रोवेभ सञ्चार

हाल स्थापना भइरहेको सञ्चार तन्तु पथ ज्यादा पुरानो पद्धतिको र मागअनुसार अपर्याप्त छ। टेलिफोन सेवा भैरहवा बजारभित्र मात्र सीमित भएको र आकाशवाणीबाट कुरा गर्दा अन्य व्यक्तिहरूले सुन्ने र एक क्षेत्रबाट एक पटकमा एक जनाले मात्र कुरा गर्न सक्ने भएकोले यी त्रुटिहरूलाई हटाउन माइक्रोवेभ आयोजनाको स्थापना भएको छ। यसबाट देशका प्रमुख स्थलहरूसँग र विदेशसँग समेत सोझो टेलिफोन सम्पर्क राख्न सकिने छ। यसको विशेषता तारको प्रयोग विना विभिन्न स्थानहरूसँग छुट्टा छुट्टै

कुरा गर्न तथा खबरहरूको आदान प्रदानको व्यवस्था गर्नु हो ।

हुलाक

लुम्बिनी अञ्चलको सदरमुकाम भैरहवामा लुम्बिनी अञ्चल हुलाक नियन्त्रकको कार्यालय छ । यसले अञ्चलभरका हुलाकहरूको निरीक्षण, नियन्त्रण र अञ्चलस्तरीय प्रशासन समेत गर्दछ ।

भैरहवामा रुपन्देही जिल्ला हुलाक पनि छ । यो जिल्लाको मुख्य हुलाक र विनिमय हुलाक पनि हो । यसले रुपन्देही जिल्ला अन्तर्गतका हुलाकहरूलाई आवश्यक निर्देशन दिने, भारतसँग डाँक आदान प्रदान गर्ने, वैदेशिक पुलिन्दा दर्ता गर्ने, डेलिभरी र चलान गर्ने काम समेत गर्दछ । यहाँ २०३१ सालदेखि धनादेश सेवा पनि शुरू भएको छ ।

अन्य हुलाकहरूमध्ये बुटवल नगर पञ्चायत, महादेइया, मणिग्राम र लुम्बिनीमा गरी चारवटा छोटी हुलाक छन् । यसका अतिरिक्त जिल्लाका विभिन्न ठाउँमा छ वटा अतिरिक्त हुलाकहरू छन् ।

बिजुली

रुपन्देही जिल्लाका भैरहवा, बुटवल र बेलहियामा बिजुली बत्तीको प्रबन्ध छ । पश्चिमाञ्चल विद्युतीकरण आयोजना भैरहवामा २५० किलोवाट क्षमता भएका दुई डिजेल जेनरेटरहरू छन् । यी डिजेल जेनरेटरहरू २०२८ साल जेठ महीनामा जडान भएका थिए । यो भन्दा पहिले २०२७ साल पुस महीनादेखि नै यहाँको महेन्द्र सुगर मिलबाट विद्युत् शक्ति लिई भैरहवा बजारमा वितरण भएको थियो । २०२९ साल फागुन १ गतेदेखि भारतको आनन्द नगरबाट बिजुली ल्याई भैरहवामा वितरण भएको छ । कहिलेकाहीं विद्युत् शक्ति उपलब्ध नभएको बेलामा उपर्युक्त जेनेरेटरहरूबाट विद्युत् वितरण हुन्छ । आर्थिक वर्ष २०३०।०३१ सम्म भारतबाट २७० किलोवाट विद्युत् शक्ति उपलब्ध हुन्थ्यो । यसबाट भैरहवाको आवस्यकता पूरा हुन सकेको छैन, फलस्वरूप, साँझ दुइ तीन घण्टा भैरहवा विद्युत् केन्द्रकै जेनेरेटरहरू चलाउनु परेको छ । भारतबाट ५०० किलोवाट विद्युत् शक्ति उपलब्ध हुने भएको छ ।

यस प्रकारले डिजेल जेनेरेटरबाट ५०० किलोवाट र भारतबाट प्राप्त हुने ५०० किलोवाट विद्युत् शक्तिको वितरण गर्न सक्ने क्षमता भैरहवा विद्युतीकरण आयोजनासँग छ । हाल उच्चतम लोड ३०० देखि ३२० किलोवाटसम्म पुगेको छ, जसमध्ये १४० किलोवाट यहाँको औद्योगिक क्षेत्र र बाँकी घरेलु काममा प्रयोग भएको छ ।

बुटवल–भैरहवा ३३ के. भी. लाइन

भैरहवामा विद्युत शक्तिको ठूलो माग छ । यसको पूर्तिको लागि तिनाव जल विद्युत् योजनाबाट प्राप्त हुने १,००० किलोवाट विद्युत् शक्तिलाई भैरहवा डिजेल केन्द्रसँग मिलाउने योजनाअनुसार मालसामानको उपलब्धि कार्य पूरा भई प्रसारण लाइन निर्माण र सब–स्टेशन निर्माण कार्य भइरहेको छ ।[1]

---

[1] विद्युत् विभागबाट प्रकाशित २०२९।०३० विद्युत् विकास योजना प्रमुखहरूको गोष्ठीको प्रतिवेदन २०२९।४।२७, पृष्ठ ५ र १२

भैरहवा–लुम्बिनी ३३ के. भी. लाइन

गण्डक योजना, तिनाव जल विद्युत् केन्द्र र भैरहवा डिजेल विद्युत् केन्द्रलाई एकै विद्युत् प्रणालीमा मिलाई विद्युत् सेवा उपलब्ध गराउने लक्ष अन्तर्गत २२.४ किलोमिटर (१४ माइलको) प्रसारण लाइनको निर्माण काम हुँदैछ।[1] यो प्रसारण लाइन तौलिहवासम्म पुऱ्याउने योजना छ। यस अन्तर्गत लुम्बिनीमा विद्युत वितरण गरिने छ।

बुटवल पावर कम्पनी

श्री ५ को सरकार, नेपाल औद्योगिक विकास निगम, बुटवल टेक्नीकल इन्स्टिच्यूट र नेपाल विद्युत् कर्पोरेशन शेयर होल्डर भई स्थापित भएको यो कम्पनीले हाल ५० किलोवाट विद्युत् शक्ति उत्पादन गर्दछ।

तिनाव नदीको पश्चिमी किनारको पहाराभित्र सुरूङ्ग खनी पानी जाने पावर हाउसको निर्माण भएको छ। प्रथम चरणको काम सकिएकोले यस योजनाबाट ५० किलोवाट विद्युत् शक्ति मात्र वितरण भएको छ तापनि सो सुरुङलाई अरू ९०० मिटर बढाएर अरू तीन लाइनहरू जडान गरी विद्युत् उत्पादन क्षमता १,००० किलोवाट पुऱ्याइने भएको छ।

साँझदेखि राती नौ बजेसम्म बुटवल नगर पञ्चायतलाई १२० किलोवाटको आवश्यकता पर्नेमा नपुग बिजुली उक्त पावर कम्पनी र बुटवल टेक्नीकल इन्स्टिच्यूटको डिजेल जेनेरेटरहरू चलाई पूर्ति गरिएको छ।

परासी बुटवल ३३ के. भी. लाइनको आयोजना अन्तर्गत गण्डकबाट उत्पादित विद्युत् शक्ति परासी हुँदै बुटवलमा ल्याउन प्रसारण लाइनको निर्माण हुनेछ। सर्वेक्षण, डिजाइन र मालसामानको व्यवस्था भइसकेको छ। यस प्रकारले यहाँको विकासको लागि यी विद्युत शक्तिबाट निकै सहयोग पुग्नेछ।

---

[1] विद्युत विभागको माथि उल्लिखित प्रतिवेदन, पृष्ठ १२

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षा

वि.सं.२००७ पछि जिल्लाबासीहरूले शिक्षातर्फ विशेष अभिरुचि देखाएका छन्। केही वर्ष अघिसम्म यो जिल्ला औलोग्रस्त थियो र जिल्लामा बाह्रै महीना बस्नेहरू निकै कम थिए। अरु धेरैजसो हिउँदको पाँच महीना मात्र यहाँ बस्दथे। खासगरी औलो उन्मूलन जस्तो स्वास्थ्य कार्यक्रम सफल भएपछि र बाटो-घाटो तथा पानीको सुविधा र भारतीय बजारको निकटताले गर्दा यहाँको बसोवास निकै बढ्यो। यसको साथ साथै शिक्षातर्फको जन-जागृति पनि बढेर गयो।

वि.सं. २०२८ को राष्ट्रिय जनगणनाअनुसार यस जिल्लाको छ वर्ष र सो भन्दा बढी उमेर भएकाहरू मध्ये १६.३ प्रतिशत साक्षर छन्। लुम्बिनी अञ्चलमा सबैभन्दा बढी (२१.५ प्रतिशत) साक्षरता पाल्पामा र सबैभन्दा कम (११.७ प्रतिशत) साक्षरता कपिलवस्तुमा छ। अञ्चलका अन्य जिल्लाहरूमा गुल्मीको १६.६ प्रतिशत र अर्घाखाँचीको १५ प्रतिशत साक्षरता छ। लुबिम्नी अञ्चलको औसत साक्षरता १६.३ प्रतिशत हुन आउँछ। रुपन्देही जिल्लाको स्थान पाल्पा र गुल्मी पछि हुन आउँछ। सालाखाला १३.९ प्रतिशत जनसंख्या साक्षरता भएको नेपालमा १६.३ प्रतिशत साक्षरता भएको रुपन्देही जिल्लाको स्थिति उत्साहवर्धक मानिन्छ।

यो जिल्लामा ६ वर्षभन्दा माथिको जनसंख्या २,०१,९६७ छ, जसमध्ये पुरुषको संख्या १,०५,६२० र महिला संख्या ९६,३४७ छ। यिनीहरूमध्ये पुरुषमा २७,६२१ जना (२६.२ प्रतिशत) र महिलामा ५,२८८ (५.५ प्रतिशत) गरी जम्मा ३२,९०९ जना (१६.३ प्रतिशत) साक्षर छन्। ६ वर्षभन्दा माथि उमेर भएका जनसंख्यालाई विभिन्न समूहमा विभाजन गर्दा साक्षरताको स्थिति यस प्रकार छ।

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुलसंख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६–९	१३,१२१	३,१४५	२४.०	१२,७४२	१,०९०	८.६	२५,८६३	४,२३५	१६.४
१०–१४	१४,६२३	६,२८२	४३.०	११,६५२	१,६७४	१४.४	२६,२७५	७,९५६	३०.३
१५–१९	९,५९६	४,३३५	४५.२	८,२४९	९७२	११.८	१७,८४५	५,३०७	२९.७
२०–२४	१०,५१२	३,६८०	३५.०	१०,८३७	५७६	५.३	२१,३४९	४,२५६	१९.९
२५–२९	१०,७१३	२,८०२	२६.२	९,९७३	३४८	३.५	२०,६८६	३,१५०	१५.२
३०–३४	९,६०८	१,८८०	१९.६	१०,१३८	२०४	२.०	१९,७४६	२,०८४	१०.६
३५–३९	९,६३०	१,६१८	१६.८	८,०९०	१५५	१.९	१७,७२०	१,७७३	१०.०
४०–४४	७,९६५	१,२४७	१५.७	६,७१५	१०६	१.६	१४,६८०	१,३५३	९.२
४५–५४	१०,६७१	१,५७०	१४.७	८,०४३	१०३	१.३	१८,७१४	१,६७३	८.९
५५–६४	५,४०८	६६३	१२.३	५,३२५	३२	०.६	१०,७३३	६९५	६.५
६५ र माथि	३,७७३	३९९	१०.६	४,५८३	२८	०.६	८,३५६	४२७	५.१
जम्मा	१,०५,६२०	२७,६२१	२६.२	९६,३४७	५,२८८	५.५	२,०१,९६७	३२,९०९	१६.३

माथिको तालिकाअनुसार १० देखि २४ वर्ष उमेर समूहका मानिसहरू बढी साक्षर देखिन्छन्। १० देखि १९ वर्ष भित्रका महिला वर्गको साक्षरता प्रतिशत पनि उत्साहवर्धक नै छ। २४ वर्षभन्दा माथिको उमेर समूहमा साक्षरता प्रतिशत घट्दै गएको छ। त्यसमाथि महिलाहरूको शैक्षिक गतिविधि ५.३ प्रतिशतबाट घट्दै ०.६ प्रतिशतसम्म पुगेको र ६ वर्षदेखि १४ वर्षसम्मको उमेर समूहमा प्रतिशत बढ्दै गएकोबाट महिलाहरूले लेखपढ गर्नु पर्दैन भन्ने जुन पुरानो धारणा थियो, सो धारणा अब क्रमशः लोप हुँदै गइरहेको छ भन्ने कुरा देखिन्छ ।

यस जिल्लामा त्रिभुवन विश्वविद्यालय अन्तर्गत मानविकी र सामाजिक शास्त्र अध्ययन संस्थान भैरहवा क्याम्पस एक र शिक्षा शास्त्र अध्ययन संस्थान बुटवल क्याम्पस एक तथा व्यावहारिक विज्ञान र प्रविधि संस्थान बुटवल क्याम्पस गरी जम्मा तीनवटा क्याम्पसहरू छन्। शिक्षा मन्त्रालयबाट प्राप्त शैक्षिक तथ्याङ्क अनुसार यसको अतिरिक्त नौवटा माध्यमिक विद्यालय, ४० वटा निम्न माध्यमिक र ११६ वटा प्राथमिक पाठशाला गरी जिल्लाभरमा जम्मा १६५ विद्यालयहरू छन्। यीमध्ये ६५ विद्यालयहरूको पक्की भवन छन् र बाँकी विद्यालयहरू कच्ची भवन तथा छाप्राहरूमा सञ्चालित छन् ।

भैरहवा क्याम्पसमा प्रमाणपत्रस्तरको नेपाली, अंग्रेजी, संस्कृत, अर्थशास्त्र र राजनीति शास्त्रको पढाइ हुन्छ। बुटवल क्याम्पसमा पनि प्रमाणपत्रस्तरकै शिक्षा शास्त्रको अध्ययन गराइन्छ। सन् १९६३ मा स्थापना भएको बुटवल टेक्नीकल इन्स्टिच्यूटले व्यवहारिक विज्ञान तथा शिल्पकला सम्बन्धी अध्ययन गराउँछ। यस संस्थानमा हाल मेशिन शप, वेल्डिङ शप, इन्जिनियरिङ्ग र डिजाइन, बिजुली जडान तथा मोटर मर्मत, काष्ठ कार्य र अन्य मर्मत कार्य गरी जम्मा छ वटा शाखाहरू छन् ।

यस इन्स्टिच्यूटमा प्रवेश गर्न सातौं कक्षा पूरा गरेको हुनु पर्दछ। तालीम अवधि चार वर्षको हुन्छ। आर्थिक वर्ष २०३०।०३१ सम्ममा ४३ जनाले तालीम पाइसकेका थिए र ४५ जनाले तालीम हासिल गरिरहेका छन्। यी प्रशिक्षार्थीबाट फर्निचर, फलामका सामान, मेशीनरी आदि उत्पादन गरिएको छ। यस प्रकारले प्रशिक्षणको साथ साथै छात्रहरूलाई काम गराएर विभिन्न वस्तुहरूको उत्पादन कार्य भइरहेको छ।

यहाँ १०० किलोवाट, ७० किलोवाट र ४० किलोवाट क्षमताका तीनवटा डिजेल जेनेरेटर छन्, जसबाट विद्युत् शक्तिको उत्पादन र वितरण भइरहेको छ। यस इन्स्टिच्यूटले रुपन्देही जिल्लाको औद्योगिक विकासको सम्बर्द्धनमा मद्दत गरिरहेको छ ।

यो जिल्लामा नयाँ शिक्षा योजना २०३० साल पुसदेखि लागू भइसकेको छ। विभिन्न स्थायी विद्यालयहरूको अतिरिक्त पुरुष तथा महिलाहरूको लागि प्रौढ शिक्षाका कक्षाहरू खोलिएका छन्। यस अन्तर्गत १,३६५ जना प्रौढहरू साक्षर भइसकेका छन् ।

शिक्षा मन्त्रालयबाट प्राप्त तथ्याङ्कअनुसार २०३० साल फागुनसम्ममा यस जिल्लामा भएका विभिन्न स्तरका विद्यालयहरू, छात्र, छात्रा तथा शिक्षक शिक्षिकाको संख्या यस प्रकार छ :—

विद्यालय	संख्या	छात्र	छात्रा	जम्मा	शिक्षक संख्या		जम्मा
					तालीम प्राप्त	तालीम अप्राप्त	
प्राथमिक	११६	६,९२६	१,८९२	८,८१८	२५०	९३	३४३
निम्न माध्यमिक	४०	३,८५६	९४४	४,८००	७५	११०	१८५
माध्यमिक	९	१,१७५	३०८	१,४८३	३६	३०	६६
जम्माः–	१६५	११,९५७	३,१४४	१५,१०१	३६१	२३३	५९४

यी विद्यालयहरूको प्रशासनिक एवं अन्य व्यवस्था जिल्ला शिक्षा समितिको निर्देशनमा जिल्ला शिक्षा अधिकारीको कार्यालय, भैरहवाबाट हुन्छ । शिक्षा प्रसार तथा प्रचारमा जिल्लाबासीहरूबाट राम्रो प्रयास तथा सहयोग भइरहेको छ । खासगरी बुटवल र भैरहवा जस्ता बजार क्षेत्रका साहु महाजन तथा व्यापारीहरूको संगठनले शैक्षिक विकासमा योगदान दिंदैआएको छ । फलतः बुटवल नगर पञ्चायत भित्रै शिक्षा शास्त्र अध्ययन संस्थान लगायत टेक्निकल इन्स्टिट्यूट, दुइटा माध्यमिक विद्यालय र कतिपय निम्न माध्यमिक तथा प्राथमिक विद्यालयहरू भए जस्तैं भैरहवा नगर पञ्चायतमा पनि मानविकी र सामाजिक शास्त्र अध्ययन संस्थान भैरहवा क्याम्पस र तीनवटा माध्यमिक विद्यालय छन् । रुपन्देही जिल्लामा सबभन्दा बढी विद्यालय र साक्षर संख्या हुने पञ्चायत पनि यिनै हुन् । प्रत्येक क्याम्पस र माध्यमिक विद्यालयहरूको आफ्नै पुस्तकालय छन् । यसको अतिरिक्त सार्वजनिक जनवाचनालय, पुस्तकालयहरू पनि ठाउँ ठाउँमा छन् ।

शैक्षिक क्षेत्रमा जस्तै साहित्यिक क्षेत्रमा पनि जनजागरण बढेको छ । समय समयमा साहित्य सम्मेलन तथा कवि गोष्ठी भइरहन्छ । विभिन्न नामले बुटवल र भैरहवाबाट स्थानीय पत्र पत्रिकाहरू प्रकाशित भएको पाइन्छ । बढ्दै गइरहेको शिक्षण संस्था र बुद्धिजीवीहरूको जमातबाट जिल्लाको भविष्य उज्ज्वल देखिन्छ ।

स्वास्थ्य

केही दशक पहिले यो जिल्ला औलोको घर थियो भने स्वास्थ्य संस्थाको कमी र खानेपानी तथा नुहाई धुवाई गर्ने स्वच्छ पानीको अभावले गर्दा यहाँका बासिन्दाहरू माथि विभिन्न रोगको आक्रमण भइरहन्थ्यो । व्यापारी र ग्राहकहरूको घुइँचो लाग्ने बुटवल बजारमा केही दशक अघि वर्षेनी हैजा चम्कन्थ्यो, कारण तिनाव नदी नै खानेपानीको स्रोत भए जस्तै, यही नदी लुगा धुने, नुहाउने र अन्य कामको लागि पनि प्रयोग हुन्थ्यो । औलो उन्मूलन तथा टायफाइड, हैजा, बिफर विरुद्धको सूई तथा टीका दिने कार्यक्रमले गर्दा यी संक्रामक रोगको मात्रा निकै घटेको छ । तराईका इनार, पोखरीहरूमा गाई वस्तुहरू नुहाउने जस्तो काम र खानेपानीको अभावले गर्दा लुतो खटिरा जस्ता चर्म रोगको साथै पेट सम्बन्धी रोगको संख्या ज्यादा छ ।

लुम्बिनी अञ्चल अस्पताल, बुटवल

बुटवल नगर पञ्चायतको खस्यौली बजारमा ५० शय्याको अञ्चस्तरीय अस्पताल छ । यस अस्पतालमा एक सिभिल सर्जन रहन्छन् र यहाँ साधारण चिकित्सादेखि लिएर चिरफार, प्रसूति सम्बन्धी विशेषज्ञ

रहन्छन् । यहाँ दन्त चिकित्सक र बाल विशेषज्ञको पनि व्यवस्था छ । एक्सरे फोटो लिने र बिरामीको दिशा, पिशाव, रगत जाँच्ने प्रबन्ध पनि छ । यस किसिमको सुविधा प्राप्त अञ्चलस्तरीय अस्पताल भएकोले यस अस्पतालमा अन्य जिल्लास्तरीय अस्पतालमा उपचार गर्न नसकेका बिरामीहरू पठाइन्छन् । बिरामी संख्या वर्षेनी बढ्दैछ र गत २०२९ सालमा यहाँबाट २४,०८० बिरामीहरूको उपचार भएको थियो ।

भैरहवा नगर पञ्चायतभित्र १५ शय्या भएको भीम अस्पताल छ । यहाँ एकजना सिनियर मेडिकल अधिकृत र दुईजना मेडिकल अधिकृतको व्यवस्था छ । यस अस्पतालले विशेष गरी भैरहवा र आसपासका गाउँका बिरामीहरूलाई चिकित्सा सेवा पुऱ्याएको छ ।

भैरहवा नजीकै पक्लिहवा भन्ने स्थानमा १५ शय्याको अस्पताल छ । यो अस्पतालले विशेषतः ब्रिटिश सैनिक सेवामा काम गर्नेहरूको परिवारलाई उपचार सेवा पुऱ्याएको छ ।

माथि उल्लिखित अस्पतालहरू बाहेक रुपन्देही जिल्लाको लुम्बिनी ग्राममा एउटा स्वास्थ्य चौकी छ । यहाँ एकजना हेल्थ असिष्टेन्ट वा सिनियर अक्जुलरी हेल्थ वर्कर र दुईजना असिष्टेन्ट मिडवाइफ र जुनियर अक्जुलरी हेल्थ वर्कर हुन्छन् ।

बुटवलमा जनताको सहयोगबाट २०११ सालमा स्थापित परोपकार दातव्य औषधालय छ ।

यस जिल्लामा परिवार नियोजन तथा मातृ शिशु कल्याण योजनाको जिल्ला कार्यालय भैरहवा बजारमा छ । यसले भैरहवा लगायत बुटवल, धकधई घुम्ती क्लिनिक, लुम्बिनी स्वास्थ्य चौकी आदि ठाउँमा क्लिनिकहरू राखी परिवार नियोजन सम्वन्धी कार्यक्रम चलाइरहेको छ । त्यसमध्ये बुटवल अञ्चल अस्पतालमा सञ्चालित परिवार नियोजन क्लिनिकले विशेष प्रगति गरेको देखिन्छ ।

औलो उन्मूलन

औलो उन्मूलनको अञ्चल कार्यालय भैरहवामा छ । यस कार्यालयले अञ्चलका अन्य जिल्लाहरू (गुल्मी बाहेक) को पनि रेखदेख र प्रशासन गर्दछ । जिल्लाका विभिन्न भागमा डी. डी. टी. छर्कने र औलो रोग पत्ता लगाउने यसको मुख्य उद्देश्य रहेको छ । आर्थिक वर्ष २०२९।०३० मा भन्दा २०३०।०३१ मा औलोका रोगीहरू बढेको देखिन्छ । धेरैजसो बिरामीहरू नेपाल–भारत सीमाना निर पाइएको छ । अतः कारणको राम्रो पत्ता लगाउन र रोगको नियन्त्रणकोलागि सीमा क्षेत्रमा युनिटहरू बढाइएको छ । ई. सन् १९७४ देखी डी. टी. टी. को सट्टा बी. एच. सी. भन्ने कीटनाशक औषधि छर्किएको छ । विगत वर्षहरूको औलो उन्मूलन कार्यक्रमले गर्दा यहाँका धेरै जनताहरू लाभान्वित भए । रुपन्देही जिल्लामा आप्रावासनले गर्दा जनसंख्या बढी हुनुको एउटा प्रमुख कारण औलो रोगको नियन्त्रण र उपचार सुविधा हो ।

यस जिल्लामा लुम्बिनी अञ्चल जनस्वास्थ्य कार्यक्रम अन्तर्गत विभिन्न संक्रामक रोग निवारण गर्ने कार्यक्रम सञ्चालित छ । यस अन्तर्गत हैजा तथा टायफाइड रोगको रोकथामको लागि टी. ए. बी. सी., डिप्थेरिया, खोकी तथा धनुषटंकार रोग विरुद्ध बच्चाहरूलाई डी. पी. टी. र क्षय रोग विरुद्ध बी. सी. जी. को सूई दिने काम हुन्छ । विद्यालयहरूमा वर्षेनी मौसमअनुसार उपर्युक्त सूई दिनुको अतिरिक्त बिफिर विरुद्ध खोप दिने कार्य पनि हुन्छ ।

आर्थिक वर्ष २०२९।०३० मा ८०,४४१ जनालाई शुरू खोप र ६,४५,८५५ जनालाई पुनः खोप दिइएको थियो ।

लुम्बिनी अञ्चल जनस्वास्थ्य कार्यालय, बुटवलले यस जिल्लामा झाडाबान्ताका रोगीहरूको सहयोगार्थ "डिहाइड्रेशन थेरापी" २०३० साल वैशाखदेखि खोलेको छ ।

यस प्रकारले यस जिल्लाले छिमेकी तराई तथा पहाडी जिल्लाको तुलनामा राम्रो स्वास्थ्य सेवा पाएको देखिन्छ । तैपनि अशिक्षा र गरीबीको कारणले कैयौं गाउँवासीहरू रोगका शिकार भएका छन् । यहाँको ग्रामीण समाजमा अझै रोगको कारण भूत, प्रेत, बोक्सी नै हुन् भन्ने विश्वास छ । अतः गाउँ गाउँमा धेरै मानिसहरू गुरुवा, धामी, झाँक्रीकै औषधि गराउन पुग्छन् । जेहोस् जनस्वास्थ्य कार्यक्रमको सञ्चालनले गर्दा संक्रामक रोगको रोकथाममा निकै मद्दत पुगेको छ ।

खानेपानी

यस अञ्चलको सदरमुकाम बुटवल र जिल्लाको सदरमुकाम भैरहवामा खानेपानीका लागि कल धाराको व्यवस्था छ । बाँकी अन्य भागको लागि कूवा, इनार, पोखरी, ट्यूबवेल तथा खोलानाला नै खानेपानीको स्रोत हुन् ।

जलस्रोत तथा जलवायु विज्ञान विभागको तर्फबाट केही वर्ष अघि यस जिल्लाको भूमिगत जल स्रोतको अन्वेषण गर्दा यस जिल्लाका धेरैजसो भागमा आर्टिजियन पानीको स्रोत पाइएको थियो । अतः यस जिल्लाको खानेपानी र सिंचाइको लागि यस स्रोतको पानीको उपयोग हुने ठूलो सम्भावना छ ।

भैरहवा बजारमा खानेपानीको व्यवस्था त्यति राम्रो हुनसकेको छैन । यहाँ केही वर्ष अघि ५०,००० ग्यालन पानी अटाउने एक ट्याङ्की बनाइएको थियो र यहाँ आर्टिजन प्रेसरबाट पानी चढाउने गरेकोमा पानीको प्रेसर कम हुन गई मूल ट्याङ्कीमा पानी चढाउन मुश्किल भएकोले बीस हजार ग्यालन क्षमताको ग्राउण्ड रिजर्भ्वायर निर्माण गरी बोरिङ्गबाट पानी निकाल्ने योजना छ । यो योजना सम्पन्न भएपछि भैरहवा नगर पञ्चायतको खानेपानी समस्या हट्नेछ ।

बुटवल खस्यौली नगर पञ्चायतमा २० लाख रूपैयाँको खानेपानी योजना कार्यान्वित भएको छ । तिनाव नदीको दायाँ बायाँ स्थित बजारहरूले कैयौं वर्ष अघिदेखि तिनाव नदीकै पानी उपयोग गर्थे । केही दशक अघि खस्यौलीको पुरानो दरबार (राणा बडाहाकिम बस्ने शीतकालीन भवन) मा मात्र चिडिया खोलाको रिजर्भ्वायरबाट नलद्वारा पानी जान्थ्यो । चिडिया खोला बुटवलबाट करीब एक किलोमिटर उत्तर पाल्पा जाने बाटोमा पर्दछ । यहींबाट चार इन्ची पाइपद्वारा पानी लगिएको थियो । २०२८ सालको जनगणना अनुसार बुटवलको जनसंख्या १२,८१५ छ । यो बजार प्रतिवर्ष विस्तार हुँदै गएको छ र व्यापारको साथसाथै नयाँ नयाँ उद्योगहरू स्थापना हुँदैछन् । हिउँद महीनामा यो बजार ज्यादै गुलजार रहन्छ र त्यसबखत यहाँ बस्ने मानिसहरूको संख्या बीसौं हजार पुग्दछ । यसकारण यस बजारमा प्रतिदिन ५०,००० ग्यालन पानी वितरण गर्ने रिजर्भ्वायरको व्यवस्था अपर्याप्त भएकोले नै ४,५०,००० ग्यालन क्षमताको रिजर्भ्वायर निर्माण भएको छ । यस खानेपानीको स्रोत पनि चिडिया खोला नै हो । चिडिया खोलाबाट आठ इन्चीको पाइपद्वारा करीब

१,००६ मिटर (३,३०० फीट) टाढा रहेको रिजर्भ्वायरमा पानी आउँ छ। चैत, वैशाख र जेठमा पानीको स्रोत सुक्ने हुँदा अन्दाजी ७०,००० ग्यालनभन्दा बढी पानी उपलब्ध हुँदैन। यसैले चैतदेखि असारसम्म पानी कम रहन्छ। पानी शुद्धीकरण (फिल्ट्रेशन) गर्ने काम भइसकेको छैन। ग्राहकहरूलाई निजी धारा वितरण गर्ने काम नगर पञ्चायतबाट हुँदैछ।

यस जिल्लाको प्रायः धेरैजसो गाउँ पञ्चायतहरूमा खानेपानीको लागि नयाँ इनार खन्ने, मर्मत गर्ने तथा धारा हाल्ने काममा अनुदान रकम खर्च भएको देखिन्छ। यस जिल्लामा खानेपानी तथा सिचाइको प्रयोगकोलागि भुजौली, मणिग्राम, मसिना, असनैहिया, बेलहिया, छपिया, बेदौली आदि गाउँहरूमा आर्टिजियन कूवा खनिएको छ र यस्तै जिल्लाको अन्य भागमा पनि टचूबवेल बोरिङ्गद्वारा पानी निकाल्ने कार्य भइरहेकोछ।

प्रशासन र पञ्चायत

प्रशासन

वि. सं. २००७ अघि पाल्ही माझ खण्ड गोश्वाराको नाउँबाट यस क्षेत्रको प्रशासन चल्थ्यो । शुरूमा यो गोश्वारा बेथरीमा थियो र वि.सं.१९९२मा सो गोश्वारा बेथरीबाट भैरहवामा सारियो । यो जिल्ला विभिन्न तप्पामा विभाजित थियो जस्तै नगवा, सतगाँवा, बद्यौर, तरैनी, हाटी, मर्चवार, भाटिनपार रूपन्देही, खडवा, सौराहा, जोगडा, खुँदावागर, सक्रौन अग्या, मझारवाडी, जोगडा गोरावाल तप्पा आदि । अहिले पनि पुराना मानिसहरू यसका विभिन्न भू-भागलाई यही तप्पाकानामबाट पुकार्दछन् । नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरेपछि यो जिल्ला लुम्बिनी अञ्चल अन्तर्गत रुपन्देही जिल्लाको नाउँबाट प्रख्यात भयो र यसलाई ७८ वटा गाउँ पञ्चायत तथा दुईवटा नगर पञ्चायतमा विभाजन गरियो । भैरहवामा केही कालसम्म अञ्चल र जिल्लाको सदरमुकाम रह्यो र पछि आएर २०२७ सालमा अञ्चलको सदरमुकाम बुटवलमा सऱ्यो । यस जिल्लामा स्थित विभिन्न सरकारी, अर्ध सरकारी तथा गैर-सरकारी कार्यालयहरू निम्नबमोजिम छन् :–

कार्यालयको नाम	रहेको स्थान
लुम्बिनी अञ्चलाधीश कार्यालय	बुटवल
लुम्बिनी अञ्चल अदालत	बुटवल
लुम्बिनी अञ्चल अस्पताल	बुटवल
लुम्बिनी अञ्चल जन स्वास्थ्य कार्यालय	बुटवल
नहर विभाग तिनाव सिचाइ योजना	बुटवल
बुटवल प्रहरी ठाना कार्यालय	बुटवल
सरकारी अधिवक्ता तथा अभियोक्ताको कार्यालय	बुटवल
लुम्बिनी अञ्चल कार्यालय, पञ्चायत शाखा	बुटवल
बुटवल आकाशवाणी स्याटेलाइट स्टेशन	बुटवल
बुटवल खानेपानी योजना	बुटवल
नेपाल बैंक लि.	बुटवल
बुटवल नगर पञ्चायत कार्यालय	बुटवल

सवारी कर कार्यालय	मणिग्राम
प्रमुख जिल्ला अधिकारीको कार्यालय	भैरहवा
लुम्बिनी अञ्चल प्रहरी उपरीक्षकको कार्यालय	भैरहवा
जिल्ला प्रहरी नायब उपरीक्षकको कार्यालय	भैरहवा
कर कार्यालय	भैरहवा
हुलाक नियन्त्रकको कार्यालय	भैरहवा
मुख्य विनिमय हुलाक	भैरहवा
सार्वजनिक निर्माण कार्यालय सडक शाखा	भैरहवा
आवास तथा भौतिक परियोजना शाखा कार्यालय	भैरहवा
सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालय	भैरहवा
कारागार	भैरहवा
भूमि प्रशासन कार्यालय	भैरहवा
जिल्ला अदालत	भैरहवा
कृषि विकास कार्यालय	भैरहवा
खानेपानी नहर डिभिजन	भैरहवा
अन्तशुल्क कार्यालय	भैरहवा
प्रमुख भन्सार कार्यालय	भैरहवा
हवाई कार्यालय	भैरहवा
पश्चिमाञ्चल विद्युतीकरण आयोजना	भैरहवा
लुम्बिनी अञ्चल प्रधान वन कार्यालय	भैरहवा
नेपाल लोक सेवा आयोग अञ्चल कार्यालय	भैरहवा
कोष तथा तहसील कार्यालय	भैरहवा
जिल्ला सहकारी कार्यालय	भैरहवा
परिवार नियोजन तथा मातृ शिशु कल्याण केन्द्र	भैरहवा
जिल्ला शिक्षा अधिकारीको कार्यालय	भैरहवा
ग्रामीण घरेलु उद्योग कार्यालय	भैरहवा
जिल्ला तथ्याङ्क कार्यालय	भैरहवा
कृषि विकास बैंक शाखा	भैरहवा
नेपाल राष्ट्र बैंक	भैरहवा
राष्ट्रिय वाणिज्य बैंक शाखा	भैरहवा
नेपाल बैंक लिमिटेड	भैरहवा
राष्ट्रिय व्यापार निगम अञ्चल कार्यालय	भैरहवा
साल्ट ट्रेडिङ कर्पोरेशन	भैरहवा
कृषि खरीद बिक्री संस्थान	भैरहवा

जिल्ला पञ्चायत कार्यालय	भैरहवा
भैरहवा नगर पञ्चायत कार्यालय	भैरहवा
नेपाल औलो उन्मूलन संघ	भैरहवा
आकाशवाणी एरिया कन्ट्रोल कार्यालय	भैरहवा
स्थानीय टेलिफोन कार्यालय	भैरहवा
भीम अस्पताल	भैरहवा
पशु अस्पताल	भैरहवा
	भैरहवा

प्रहरी

जिल्लाको सदर मुकाम भैरहवामा प्रहरी उपरीक्षकको कार्यालय छ । भैरहवामा प्रहरी नायब उपरीक्षकको कार्यालय छ, जस अन्तर्गत जिल्लाका विभिन्न स्थानमा रहेका प्रहरी ठाना, चौकी तथा चेक पोष्टहरू छन् । जिल्लाका दुईवटा प्रहरी ठानाहरू बुटवल र लुम्बिनी आदर्श गाउँ पञ्चायत पडरिया, लुम्बिनी बगँचामा छन् । काली दह, गुलरिया, सुमेरगढ, कदमहवा धकधइ, भलुही, बेथरी, पोहवा, पीपरहवा गाउँ पञ्चायतहरूमा प्रहरी चौकीहरू छन् ।

कारागार

भैरहवामा एउटा कारागार छ । यस कारागार भित्र प्रौढ शिक्षा कक्षा चल्दछ र ग्रामीण उद्योग कार्यालय भैरहवाबाट घरेलु उद्योग कार्यक्रम सञ्चालन गर्ने प्रयास भएको छ ।

न्याय

यस जिल्लामा विभिन्न किसिमका मुद्दाहरूको संख्या बढ्दै गएकोले यहाँ “क” स्तरको अदालत छ । आर्थिक वर्ष २०२८।०२९ मा मुद्दाहरूको संख्या १,१९९ को तुलनामा आर्थिक वर्ष २०२९।०३० मा १,३३५ मुद्दाहरू परे जसमध्ये २०२८।०२९ मा ५८४ र २०२९।०३० मा ७३३ मुद्दाहरूको किनारा लाग्यो । यहाँ पर्ने सरकारवादी र दुनियावादी देवानी तथा फौजदारी मुद्दाहरूमध्ये दुनियाँवादी देवानी मुद्दातर्फ जग्गा र अंशतर्फको मुद्दा धेरै देखिन्छ ।

बुटबलमा सरकारी वकीलहरू छन् जसले सरकारी मुद्दा सम्बन्धी ऐन नियम अन्तर्गत अनुसूची भित्र पर्ने मुद्दाहरूको तहकीकातको साथै अन्य आवश्यक व्यवस्था गर्दछन् । यसको अतिरिक्त जिल्लास्थित सरकारी कार्यालयहरूलाई आवश्यक परेमा कानूनी सल्लाह सेवा उपलब्ध गराउँछन् ।

पञ्चायत

यस जिल्लामा ७८ वटा गाउँ पञ्चायत र दुईटा नगर पञ्चायत समेत गरी जम्मा ८० पञ्चायत छन् । जिल्ला पञ्चायत कार्यालय भैरहवामा छ र लुम्बिनी अञ्चल कार्यालय पञ्चायत शाखा बुटवलमा छ ।

प्रत्येक गाउँ पञ्चायतबाट एक एक जना र बुटवल नगर पञ्चायतबाट तीनजना र भैरहवा नगर पञ्चायतबाट तीनजना सदस्य गरी जिल्ला सभामा जम्मा ८४ सदस्यहरू छन् । यो जिल्लाबाट राष्ट्रिय पञ्चायतमा एकजना सदस्य निर्वाचित हुन्छन् ।

आर्थिक वर्ष २०२९।०३० को जिल्ला सभा कोषको आम्दानी रू. ५९,९४०। थियो । सालको औसत आम्दानी करीब दुई लाख रूपैयाँ पुग्दछ । जिल्लाका गाउँ पञ्चायतहरूको आम्दानीको रकम फरक फरक छ तर गाउँ पञ्चायतको तुलनामा भैरहवा तथा बुटवल नगर पञ्चायतको आम्दानी निकै बढी हुन्छ । २०१८ सालमा नगर पञ्चायतमा परिणत भएको बुटबल खस्यौली नगर पञ्चायतले २०१८ सालदेखि २०२८ सालसम्मको एक दशकभित्र नगर पञ्चायत क्षेत्र भित्रको विकास गर्ने कार्यमा करीब सोह्र लाख रूपैयाँ रकम खर्च गरेको थियो । यो खर्च विद्यालयहरूको भवन निर्माण, बुटवल तिनाव नदी वारी पारीको घाट निर्माणको साथै बजारको सडक र महेन्द्र पार्क निर्माण तथा खानेपानी व्यवस्थामा भएको थियो ।

यस्तै भैरहवा नगर पञ्चायतले आर्थिक वर्ष २०२९।०३० मा ९,५६,७६०। आम्दानी गरी रू. ६,७२,२५०। खर्च गरेको थियो । यी दुवै नगर पञ्चायतहरूको आम्दानीमा मुख्य स्रोत व्यापार कर, सवारी कर, हाट बजार कर, व्यवसाय कर, विभिन्न दस्तूर तथा सरकारी अनुदान हुन् ।

यस जिल्लामा किसान संगठन, युवक संगठन, महिला संगठन, भूतपूर्व सैनिक संगठनका कार्यालयहरू छन् । व्यावसायिक संस्थाहरूमा बुटवल तथा भैरहवा व्यापार मण्डल छन् । यी सबै वर्गीय र व्यावसायिक संगठनहरूबाट आ–आफ्नो वर्गको हित र संरक्षणको साथै जिल्लाको सामाजिक तथा आर्थिक पक्षको विकास एवं सम्वर्द्धनतर्फ ठूलो सहयोग भइरहेको छ ।

उपसंहार

करीब एक दशकभन्दा अघिसम्म पूर्णतया कृषिमा आधारित अर्थव्यवस्था भएको रुपन्देही जिल्लामा महेन्द्र राजमार्ग तथा सिद्धार्थ राजमार्गको निर्माणबाट आर्थिक विकासका नयाँ क्षितिजहरूको अभ्युदय भएको छ। यातायातको सुविधा र विद्युत्शक्तिको व्यवस्थाले गर्दा पहिले कृषिजन्य पदार्थ र घ्यूको व्यापारको लागि प्रसिद्ध रहेको यस जिल्लामा कृषि, पशुपालन तथा वन्य पैदावारमा आधारित उद्योगहरू सञ्चालन भइसकेका छन्।

प्रायः सबै भू–भाग समथर रहेका यस जिल्लामा कृषिको आधुनिकीकरणको शुरूवात भइसकेको छ। पुरानै तरीकाबाट खेती गर्दा पनि आवश्यकताभन्दा बढी खाद्यान्न उत्पादन हुने यस जिल्लामा आधुनिक कृषि प्रणाली र सिचाइको सुव्यवस्थाद्वारा कृषि उत्पादन बढाउन सकिने हुँदा सिचाइ व्यवस्थाको विस्तारको ठूलो महत्व रहेको छ। सिचाइ सुविधाको विस्तार हुन सकेमा वर्षे पानीमा भर पर्ने वाध्यता हट्न जानुको साथै कृषिमा रहने अनिश्चितता पनि हट्न जानेछ। सिचाइको लागि जिल्लाका नदीनाला र भूमिगत जलस्रोतको भण्डारको सदुपयोग गर्न सकिन्छ।

सिद्धार्थ राजमार्गले यस जिल्लालाई उत्तरका जिल्लाहरूको नजीक पुऱ्याएको छ भने महेन्द्र राजमार्गका बुटवल-नारायणगढ खण्ड र बुटवल-कोहलपुर खण्डको निर्माणबाट पूर्व तथा पश्चिमका जिल्लाहरूसँग निकटतम सम्पर्क रहन जानेछ। यसरी राजमार्गहरूको निर्माणले गर्दा पहिलेदेखि व्यापारको लागि प्रसिद्ध रहेको यस जिल्लाको व्यापारमा झन वृद्धि हुन गएको छ।

यातायातको सुविधाले नै गर्दा बुटवल तथा भैरहवामा प्लाइउड, घ्यू प्रशोधन, चामल र तेल कारखाना, चीनी र डिस्टिलरी जस्ता उद्योगहरू सञ्चालन भइसकेका छन्। बुटवलमा औद्योगिक क्षेत्रको स्थापना गर्ने सिलसिलामा प्रारम्भिक कार्यहरू भइसकेका छन्। यसरी यस जिल्लाको औद्योगीकरणतर्फ महत्वपूर्ण पाइलाहरू चालिसकिएको छ। यहाँ प्रशोधित तथा उत्पादित वस्तुहरूको खपतको लागि अधिराज्यकै अन्य जिल्लाहरू तथा भारतीय बजारहरू पनि पायक पर्ने हुनाले यहाँको आर्थिक व्यवस्थामा उद्योगको स्थान अझ महत्वपूर्ण हुँदै गएको छ।

पर्याप्त विद्युत्शक्ति उपलब्ध नहुनाले यस जिल्लामा औद्योगीकरणको गति छिटो हुन सकेको छैन। पश्चिमाञ्चल विद्युतीकरण आयोजना अन्तर्गत भैरहवामा ५०० किलोवाट क्षमताको डिजेल प्लान्टबाट औद्योगिक संस्था र बजारलाई विद्युत्शक्ति उपलब्ध गराएको छ। बुटवल पावर कम्पनीले पनि तिनाव नदीबाट

हाल ५० किलोवाट मात्र विद्युत्शक्ति उत्पादन गरेको भए तापनि निकट भविष्यमा १,००० किलोवाट विद्युत्शक्ति उत्पादन गर्नेतर्फ कारवाही भइरहेको छ। बुटवलमा पनि डिजेल प्लान्टबाट थप विद्युत्शक्ति वितरण भइरहेको छ। तर उपलब्ध विद्युत्शक्तिबाट बुटवल वा भैरहवाको माग पूर्ति हुन सकेको छैन। नयाँ उद्योगहरूको स्थापनाको लागि बढी विद्युत्शक्तिको दीर्घकालीन आवश्यकता पूर्ति गर्न थप व्यवस्था गर्दै जानु पर्ने देखिन्छ।

यस जिल्लामा निर्माण भइरहेका भैरहवा लुम्बिनी मार्ग र भैरहवा विमानस्थलको विस्तार कार्यक्रम पूरा भएपछि गौतम बुद्धको पवित्र तीर्थस्थल लुम्बिनी जाने स्वदेशी तथा विदेशी तीर्थयात्री तथा पर्यटकहरूलाई निकै सुविधा पुग्न जानेछ। त्यसबाट यस जिल्लामा पर्यटन उद्योग पनि फष्टाउने छ। भविष्यमा लुम्बिनी विकास आयोजना पूरा भएपछि जिल्लाको अर्थ व्यवस्थामा पर्यटन उद्योगले पनि विशिष्ट स्थान लिन जानेछ।

कपिलवस्तु

विषय-सूची

परिचय ९९९
प्राकृतिक स्वरूप र सम्पदा १००१
ऐतिहासिक पृष्ठभूमि १००९
प्रमुख स्थानहरू १०१५
जनसंख्या र जनजीवन १०२०
आर्थिक व्यवस्था १०३०
यातायात, सञ्चार र विजुली १०३९
शिक्षा, स्वास्थ्य तथा खानेपानी १०४२
प्रशासन र पञ्चायत १०४६
उपसंहार १०५०

परिचय

नेपाल अधिराज्यको अति प्राचीन नगरकोरूपमा रहेको कपिलवस्तु जिल्ला करीब २५०० वर्ष पहिले गौतम बुद्धका पिता राजा शुद्धोदनको राजधानी भएको कुरामा इतिहास साक्षी छ । यसै जिल्ला अन्तर्गतको तिलौराकोट भन्ने ऐतिहासिक स्थल नै तत्कालीन शुद्धोदनको राजप्रासाद रहेको कुरा विभिन्न अभिलेखहरूबाट पुष्टि हुन्छ ।

प्राचीनकालमा कपिल नामका एक ऋषि भागीरथी (वर्तमान वाणगङ्गा) नदीको किनारमा कुटी बनाई तपस्या गरी बसेका बखतमा कौशल देशबाट निष्काशित राजकुमारहरूले यिनै कपिलमुनिको आदेशअनुसार बसालेको नगर भएको हुँदा कपिलवस्तु नामाकरण भएको कुरा इतिहासमा उल्लेख छ । यसैको नाउँबाट पछि यस जिल्लाको नाम कपिलवस्तु रहन गएको हो ।

वि. सं. २०१९ मा भएको जिल्ला विभाजन भन्दा पहिले शिवराज र खजहनी दुई मुख्य तप्पाको नामले प्रसिद्ध भए तापनि यस अन्तर्गत जम्मा १३ वटा तप्पाहरू थिए ।[1] मुख्य बडाहाकिम तौलिहवामा रहने गरेको हुँदा त्यसबेला यस जिल्लालाई तौलिहवा पनि भनिन्थ्यो । हाल लुम्बिनी अञ्चलका छ वटा जिल्लाहरू मध्ये एक भई यो जिल्ला अञ्चलको दक्षिण–पश्चिम भागमा स्थित छ । यसको उत्तरमा पहाडको फेदीदेखि माथि अर्घाखाँची जिल्ला र केही मात्रामा दाङ जिल्ला पर्दछन् । दक्षिणमा भारतको उत्तर प्रदेश राज्यको बस्ती जिल्लासँग दशगजाहरूले सीमाना छुट्याउँछन् । पूर्वमा कोठी नदीले रुपन्देही जिल्लासित र पश्चिममा अर्रा नदीले उत्तर प्रदेशकै गोण्डा जिल्लासित छुट्याउँछ ।

क्षेत्रफलको आधारमा अञ्चलको दोस्रो सबभन्दा ठूलो जिल्ला भई १,५४४ वर्ग किलोमिटर जमीनले ढाकेको छ । चारपाटे आकार भएको कपिलवस्तु जिल्लाको पूर्व–पश्चिम लम्बाइ करीब ४८ किलोमिटर (३० माइल) र उत्तर-दक्षिण चौडाइ ३२ किलोमिटर (२० माइल) जति छ।

भौगोलिक स्थितिको दृष्टिकोणले यो जिल्ला २७°२५′ देखि २७°४८′ उत्तरी अक्षांश र ८२°४३′ देखि ८३°१४′ पूर्व देशान्तरभित्र पर्दछ ।

वि. सं. २०२८ मा लिइएको जनगनणाअनुसार यस कपिलवस्तु जिल्लामा जम्मा २,०५,२१६ जना मानिसले बसोबास गरेका छन् । यस मध्ये पुरुष १,०५,५८९ जना अर्थात् ५१.४ प्रतिशत र महिला ९९,६२७ जना अर्थात् ४८·६ प्रतिशत छन् । जनसंख्याको दृष्टिकोणबाट अञ्चलभित्र यसले चौथो स्थान प्राप्त गरेको छ । यहाँ अञ्चलको कुल संख्याको १७.६ प्रतिशत मानिसहरू यस जिल्लामा बस्दछन् ।

---

[1] वज्रानन्द वज्राचार्य – कपिलवस्तुको रुपरेखा, २०२९, पृष्ठ १

सम्पूर्ण भाग तराई क्षेत्रमैं परेको यस जिल्लामा तराई प्रदेशका निवासीहरू बाहेक पहाडी जनताहरूले पनि बसोबास गर्न थालेका छन् । जिल्लाभित्र रहेका मुख्य जातिहरू थारू, कुर्मी, यादव, मुसलमान बाहेक नेवार, मगर, गुरूङ, खस, बाहुन, ठकुरी आदि पनि छन् ।

अधिराज्यको दक्षिणी सीमानामा परेकोले अधिकांश जिल्लाबासीहरूको रहन, सहन, सांस्कृतिक तथा धार्मिक परम्परा आदि उत्तरी भारतका मानिसहरूसित मिल्दा जुल्दा छन् । यिनीहरू सबै जिल्लाको उत्तरी भागमा पर्ने घना जङ्गलको क्षेत्रलाई छोडेर अन्य सबै भागमा करीब करीब समान रूपले छरिएर रहेका छन् । यस जिल्लाभित्र बसोबास गर्ने प्रायः सबै मानिसहरूको मुख्य पेशा कृषि नै छ र केही मानिसहरू मात्र व्यापार गर्दछन् ।

प्राकृतिक स्वरूप र सम्पदा

मध्य तराई प्रदेशमा स्थित कपिलवस्तु जिल्लाको अधिकांश भाग पाँगो माटोको समथर भूमिले भरिएको छ। जिल्लाको उत्तरमा चुरे डाँडाको फेदीबाट यसको सीमाना गएको छ। त्यसैले अर्घाखाँची जिल्लास्थित चुरे डाँडाबाट उत्पत्ति भएका साना–ठूला खोलानालाहरू तथा उक्त डाँडालाई छिचोलेर आएको वाणगङ्गा नदी उत्तरबाट दक्षिण बगेको हुँदा जमीनको ढाल पनि उत्तरबाट दक्षिण भिरालो परेको जनाउँछ। समथर जग्गा नै भए तापनि उत्तर र दक्षिण क्षेत्रको जमीनको स्वरूप, माटोको गुण अनुसार भिन्दा भिन्दै हुन आउँछ।

भौगोलिक बनावट

उचाइको दृष्टिकोणबाट यस कपिलवस्तु जिल्लाको जमीनको स्वरूप साधारणतया एकै किसिमको छ। त्यसैले यस क्षेत्रलाई मधेशको फाँट पनि भनिन्छ। तर जमीनको ढाल, माटो, उक्त क्षेत्रमा उम्रने वनस्पति तथा भू–उपयोगको दृष्टिकोणले यस कपिलवस्तु जिल्लालाई मोटामोटी दुई अलग क्षेत्रमा छुट्याउन सकिन्छ।

(१) उत्तरको भावर प्रदेश
(२) दक्षिणको समथर भूमि

उत्तरको भावर प्रदेश

जिल्लाको उत्तरी भाग अर्थात् चुरेडाँडा मुनि करीब १५२ मिटर (५०० फीट) भन्दा माथिको क्षेत्र यस प्रदेशभित्र पर्दछ। उत्तर–पश्चिम कुनातिर यस जिल्लाको सीमाना दुन्दुवा अथवा स्यूराज डाँडाको पानी ढलोसम्म गएको हुँदा यस भागमा चुरेडाँडाको केही अंश पनि परेको मात्र पर्दछ। जिल्लाको सबभन्दा अग्लो चुचुरा पनि यसै क्षेत्रभित्र पर्दछ। यसको उचाइ १,१६९ मिटर (३,८३४ फीट) छ। उक्त पर्वत श्रेणीले दाङ जिल्ला र कपिलवस्तु जिल्लाको सीमानाको काम दिएको छ। यस श्रेणीभन्दा तल जिल्लाको पूर्वदेखि पश्चिमी सीमानासम्म करीब १२.८ किलोमिटरको चौडाइभित्रको भाग भावर प्रदेशको नामबाट प्रख्यात छ। यस भागको भू-बनोट विशेष गरी बालुवा, कङ्कड र ढुङ्गाहरूले बनेको छ। र उक्त भाग उत्तरबाट दक्षिण बिस्तारै भिरालोपरेर गएको छ। पहाडी क्षेत्र अर्थात् चुरे डाँडाको अन्त हुने क्षेत्र भएको नाताले यहाँवाट बग्ने खोलानालाहरू दक्षिणको तराई भागभन्दा यहाँ छिटो बग्दछन्। चुरे तथा महाभारत

श्रेणीबाट बगी आएका यी नदी तथा खोलाहरूमध्ये धेरै जसो जमीनको सतहमाथि देखा पर्दैनन् । यसरी खोला नालाहरू सतह मुनिबाट बगेर गई तराईको फाँटमा पुगेपछि निस्कन्छन् । भू–उपयोगको दृष्टिबाट पानीको सतहभन्दा अलिमाथि परेको हुँदा कृषिको लागि त्यतिको लाभदायक छैन । तर वन जङ्गलको लागि यो ठाउँ ज्यादै सुहाउँदो छ । त्यसैले यो क्षेत्र घना जङ्गलले ढाकेको छ ।

दक्षिणको समथर भूमि

जिल्लाको दक्षिणी भाग अर्थात् भावर प्रदेशभन्दा दक्षिण भारतको सीमानासम्म फैलेको समथर भूमिलाई नै वास्तविक रूपमा तराई प्रदेश भनिन्छ । यसको सालाखाला उचाइ १०१ मिटर (३३० फीट) छ । जिल्लाको पूर्वी सीमानादेखि पश्चिम सीमानासम्म फैलिएको यस तराई भूमि नरम पञ्चमाटोले ढाकिएको छ । उत्तरको भावर प्रदेशमा जमीन मुनि सुकेर गएका खोलानालाहरू यस क्षेत्रमा पुगेपछि फेरि देखा पर्ने हुँदा कृषिकोलागि ज्यादै उपयोगी भएको छ । ठाउँ ठाउँमा धापिला जग्गाहरू पनि छन् । प्रायः समथर भूमिकै-रूपमा फैलिएको यस तराई भागमा बग्ने सबै नदीनालाहरूको जोड ज्यादै कम हुन्छ । ठाउँ ठाउँमा बाङ्गोटिङ्गो भई बगेका नदीहरूले छोडेका बाटाहरूमा पानी जम्मा भई गोरूखुरे ताल बन्दछन् । नदीको अलि माथि उठेको पुरानो पाँगामाटो भएको किनारी भागलाई स्थानीय भाषामा "टाँड" भन्दछन् भने बाढीले भेट्टाउन सक्ने नदी तथा खोलाको होचो बेंसीलाई "धाप" भन्दछन् । यस्ता धापमा सधैं पानी जम्मा भइरहन्छन् ।

नदीनालाहरू

जिल्लाको सम्पूर्ण भाग तराईको समथर भूमिमा रहेको यस कपिलवस्तु जिल्लाको जमीनको ढाल उत्तरबाट दक्षिण भिरालो पर्दै गइरहेको हुँदा यहाँ सबै खोलानालाहरू जिल्लाको उत्तरबाट दक्षिणतर्फ बगिरहेका छन् । यसको उत्तरी सीमानास्थित अर्घाखाँची र दाङ जिल्लाभित्र पर्ने चुरिया तथा महाभारत श्रेणीहरू नै जिल्लामा बग्ने खोलानालाहरूका स्रोतहरू हुन् । हाल जिल्लाभित्र बग्ने खोलाहरूमध्ये वाणगङ्गा, कोठी नदी, बेटे नदी, अर्राह नदीहरूको साथै बेते खोला, कुँडे खोला, मैनाहार खोला, सुराई खोला, चिरूवा खोला आदि मुख्य हुन् । तर जिल्लाको सबभन्दा ठूलो तथा महत्वपूर्ण नदी वाणगङ्गा नै हो भन्न सकिन्छ । जिल्लाका केही महत्वपूर्ण नदी तथा खोलाहरूको वर्णन यस प्रकार छ ।

वाणगङ्गा

यो नदी अर्घाखाँचीस्थित चुरिया डाँडाको उत्तरी ढालबाट उत्पत्ति भई पूर्वतर्फ बग्छ। करीब १४.४ किलोमिटर (नौ माइल) टाढा पुगेपछि यसमा अर्को ढुङ्गेखोला मिसिन्छ र सिधा दक्षिणतर्फ मोडिन्छ। त्यसपछि यस नदीले चुरिया डाँडालाई काटी कपिलवस्तु जिल्लाको दक्षिण–पश्चिम कुनाबाट तराईका फाँटमा निस्कन्छ र जिल्लाको मध्यभाग हुँदै भारतमा पुगी रापती नदीमा मिल्न जान्छ । नदी उत्पत्ति भएपछि अर्घाखाँची जिल्लाभित्र करीब २७ किलोमिटर (१७ माइल) बगेपछि मात्र कपिलवस्तु जिल्लाभित्र पस्दछ । यस कपिलवस्तु जिल्लामा मात्रै यस नदी करीब ४५ किलोमिटर अर्थात् २८ माइल बग्छ । जिल्लाभित्र यस नदीमा मिल्न आउने सहायक खोलाहरू फेला खोला, घेक्राहवा खोला, वेलवागुरूद्धा नदी आदि हुन् । रामघाट, लक्ष्मणघाट आदि धार्मिक दृष्टिकोणले महत्वपूर्ण स्थानहरू पनि यसको किनारमा छन् । यी स्थानहरूमा माघे संक्रान्ति

तथा अन्य महत्वपूर्ण चाडको वेला मेला लाग्दछन् । यो नदीको पानी सिचाइको लागि प्रयोग गर्ने हेतुले लक्ष्मणघाट निर एउटा बाँध बाँध्ने काम भइरहेको छ । बैकुण्ठपुरदेखि दक्षिण भारतको सीमानासम्मको कच्ची नहर बनाउने काम प्रायः समाप्त भइसकेको छ । वर्षातको समयमा यस नदीमा ठूल–ठूला बाढी आउने गर्दछ । धार्मिक दृष्टिकोणले यो नदी रामचन्द्रले बाण हानी उत्पन्न गरेको हुँदा यसको नाम वाणगङ्गा रहेको हो भन्ने किंवदन्ती छ । यस नदीमा साना ठूला अनेक जातका माछाहरू छन् । यस बाहेक कछुवा, गोही आदि जलजन्तुहरू पनि पाइन्छन् ।

कोठी नदी

जिल्लाको पूर्व रुपन्देही जिल्लासित सीमानाको रूपमा रहेको यो कोठी नदी चुरे डाँडास्थित करेचुली गाउँको नजीकै पर्ने चुचुराको दक्षिण ढालबाट उत्पत्ति भएको छ । यो नदी सिधा दक्षिण बगेर भारतमा पसी रापती नदीमा मिल्न जान्छ । मुहानबाट करीब ८ किलोमिटर (पाँच माइल) दक्षिण पुगेपछि यो नदी यस कपिलवस्तु जिल्लाभित्र पस्दछ । त्यहाँदेखि दक्षिणमा भारतको सीमानासम्मै यो रुपन्देही जिल्लासित सीमानाको रूपमा गएको छ । मुहानदेखि भारतको सीमानासम्म यसको कुल लम्बाइ मोटामोटी ४३·२ किलोमिटर (२७ माइल) लामो छ । यसमा मिल्न आउने सहायक खोलहरूमा भुटहवा, छिरखावा तथा तेलार नदीहरू प्रमुख हुन् । वर्षातको समयमा यस नदीमा पनि बाढी आउने गर्दछ । कहीं कहीं यस नदीले जमीनको भाग गहिरो हुने गरी काटेको हुँदा यसको जोड बढी भएको अनुमान गर्न सकिन्छ ।

सुरई खोला

यो खोला जिल्लाको उत्तर-पश्चिमी सीमानास्थित चुरे डाँडाको शिवगढी अथवा सुरईनाकाको केही उत्तरी भागबाट उत्पत्ति भई सिधा दक्षिण बगी भारतमा पस्दछ । छिटौनी फार्म नजीकै पुगेपछि यो खोला घौरही नदीको नामले प्रख्यात छ । यसमा मिल्न आउने मुख्य खोलाको रूपमा भटनी नदीलाई लिन सकिन्छ । यस खोलाबाट वरपरका खेतहरूमा कच्ची कुलो बनाई सिचाइ गरेको पाइन्छ । मुहानदेखि जिल्लाको दक्षिण सीमानासम्म यसको लम्बाइ करीब ३२ किलोमिटर (२० माइल) लामो पर्दछ ।

अर्रा नदी

यो नदी पनि जिल्लाको उत्तर-पश्चिम कुनास्थित स्यूराज श्रेणीबाट उत्पत्ति भई दक्षिण बग्दछ । पश्चिममा यसले भारतसितको अन्तर्राष्ट्रिय सीमानाको काम दिएको हुँदा यस नदीको पनि राजनैतिक महत्व निक्कै भएको मान्नु पर्दछ । भारतमा पुगेपछि यो रापती नदीमा मिल्न जान्छ । उत्तरतिरको धेरैजसो भाग बाक्लो जङ्गलको बीच भएर बग्ने हुँदा आर्थिक दृष्टिकोणले त्यति महत्वपूर्ण मानिंदैन । यो नदीमा मिल्नआउने मुख्य सहायक खोला चिरहवा खोला हो ।

यी माथि उल्लिखित नदीहरू बाहेक यस जिल्लाभित्र अन्य अनगिन्ती ठूला-साना खोलाहरू पनि जालझैं छरिएर रहेका छन् । यिनीहरू विशेषगरी वर्षातको समयमा देखापरी अरू बेला प्रायः सुक्खा नै रहन्छन् ।

ताल तथा पोखरीहरू

यस जिल्लाका ठाउँ ठाउँमा ताल तथा पोखरीहरू पाइन्छन् । यिनीहरूमध्ये सिसवा ताल, बाँझा ताल, सगरा ताल, निग्ली सगर ताल, बिजुवा ताल आदि प्रख्यात् छन् । यस बाहेक जिल्लाको झण्डै प्रत्येक गाउँहरूमा कृत्रिम पोखरीहरू खनिएका हुन्छन् । ती सबै ताल तथा पोखरीहरूमा माछा पालिएका हुन्छन् ।

तराईतर्फका जिल्लाहरूमा यस किसिमका ताल तथा पोखरीहरूको विशेष उपयोगिता हुने देखिन्छ । गर्मीमा नुहाउने, पौडी खेल्ने, गाई वस्तुलाई पानी खुवाउने, माछा पाल्ने, लुगा धुने र सुक्खा परेको बेला खेतमा पानी लैजाने आदि कामकोलागि यसको प्रयोग गरिन्छ ।

हावापानी

कपिलवस्तु जिल्ला नेपाल अधिराज्यको मध्य-दक्षिणी भागमा रहेको एक जिल्ला हो । यो क्षेत्र निक्कै कम उच्चाइमा रहेको हुनाले गर्मीमा ज्यादै गर्मी र जाडोमा न्यानो किसिमको हावापानी हुने गर्दछ । त्यसैले जिल्लाको सम्पूर्ण भाग गरम जलवायुको क्षेत्रभित्रै पर्दछ भन्न सकिन्छ । बाक्लो जङ्गलले ढाकेको यस जिल्लाको उत्तरी भागमा दक्षिणी भागमाभन्दा कम तापक्रम भए तापनि स्वास्थ्यको दृष्टिकोणले त्यति बेश मानिदैन । तराई जिल्लाहरूमध्ये पनि ज्यादा गर्मी हुने जिल्ला मानिने यस कपिलवस्तुमा चैतको पहिलो हप्तादेखि नै गर्मी बढ्न थाल्दछ । वैशाख र जेठमा भारतको मरूभूमितर्फबाट बहने राँके (लू) नामको अति तातो हावा वहन थाल्दछ । त्यसबेला जिल्लाको अधिकांश भागको तापक्रम ४२°–४३° सेन्टिग्रेड (१०९°फ)[1] रहेको हुन्छ ।

ऋतुअनुसार यस जिल्लालाई पनि दुई भागमा अर्थात् गृष्म र हिउँद ऋतुमा विभाजन गर्न सकिन्छ । वर्षा शुरू हुनुभन्दा अगाडि सुक्खा भई धूलो उडी वायुमण्डल नै धमिलो पारिदिन्छ ।

असार लागेपछि वर्षा हुन थाल्दछ । ९५ प्रतिशतभन्दा बढी वर्षा असारदेखि असोजसम्ममा हुन्छ । हिउँदमा मौसम अलि रमाइलो हुन्छ । पुस र माघ यस जिल्लाकोलागि निक्कै जाडो महीना हुनआउँछ । त्यसबेला मौसम प्रायः सफा रहन्छ ।

यस जिल्लाभित्रै मौसम अवलोकन केन्द्र नभएको हुँदा उच्चाइ तथा जिल्लासँगै रहेको भैरहवा विमानस्थलबाट अभिलेख गरिएको तथ्याङ्कद्वारा यस जिल्लाको हावापानी सम्बन्धी मोटामोटी ज्ञान पाउन सकिन्छ । उक्त ठाँउ समुद्रको सतहबाट १४० मिटरको उचाईमा स्थित छ र उक्त अवलोकन केन्द्रबाट सन १९७० मा अभिलेख गरिएको तापक्रम र वर्षा यस प्रकार छः–

---

[1] वज्रानन्द वज्राचार्यको माथि उल्लिखित किताब, पृष्ठ ११

तापक्रम र वर्षाको तालिका

तापक्रम– सेन्टिग्रेडमा
वर्षा– मिलिमिटरमा

महीना	तापक्रम		वर्षा	आर्द्रता
	अधिकतम	न्यूनतम		बिहान ८.४० मा (प्रतिशतमा)
जनवरी	२२.८	९.५ (करीब)	१८.१	९२
फेब्रुअरी	२५.१	११.४	१०.३	८८
मार्च	३१.३	१४.०	११.७	६५
अप्रिल	३६.८	२०.२	०.०	४३
मे	३७.९	२३.६	२४.८	५७
जून	३३.२	२४.२	५११.६	७९
जुलाई	३२.३	२५.०	५४०.०	८२
अगष्ट	३२.७	२५.४	२७१.९	८०
सेप्टेम्वर	३२.१	२३.७	१३५.८	८२
अक्टोवर	३१.१	२०.२	६४.२	७९
नोभेम्वर	२८.३	११.१	०.०	७९
डिसेम्वर	२४.०	६.२	०.०	८५
वार्षिक औसत तथा जम्मा	३०.६	१७.०	१,५८८.४	७५

तापक्रम

उपर्युक्त तालिकाअनुसार यस ठाउँमा वार्षिक औसत अधिकतम तापक्रम ३०.६° सेन्टिग्रेड र न्यूनतम १७.०° सेन्टिग्रेडसम्म पुग्दछ । गर्मी महीनाको अप्रिलदेखि सेप्टेम्वरसम्मको मात्रै औसत लिन हो भने अधिकतम तापक्रम ३४.१° सेन्टिग्रेड रहन आउँछ । सबभन्दा बढी गर्मी हुने मे महीनाको औसत अधिकतम ३७.९° सेन्टिग्रेड देखिन्छ । उक्त महीनाको १३ तारीखमा वर्षभरिको सबभन्दा बढी तापक्रम चढेको दिन हो । त्यस दिन ४२.०° सेन्टिग्रेडसम्म तापक्रम चढेको थियो । अक्टोवरदेखि तापक्रम कम हुन थाल्दछ । सबभन्दा जाडो महीना डिसेम्वर र जनवरी हुन आउँछ । जनवरी महीनाको तथ्याङ्क खाली भएको हुँदा अन्दाजी लिइएको छ । तथ्याङ्कमा देखिएको आधारमा सबैभन्दा कम तापक्रम डिसेम्वर महीनाको छ । उक्त महीनाको २७ तारीखमा जम्मा ४.४° सेन्टिग्रेडसम्म ओर्लेको थियो । न्यूनतम औसत करीब १७.०° सेन्टिग्रेड भएको माथि पनि उल्लेख भई सकेको छ ।

वर्षा

उक्त अवलोकन केन्द्रकै तथ्याङ्कअनुसार यस जिल्लामा पनि वार्षिक १५–१६ सय मिलिमिटर वर्षा हुने अनुमान गर्न सकिन्छ, किनकि सन् १९७० मा भैरहवा विमानस्थलमा वर्षभरिमा जम्मा १,५८८.४

मिलिमिटर वर्षा भएको थियो । सबभन्दा बढी वर्षा जून महीनादेखि सेप्टेम्वरसम्म हुने देखिन्छ । जुलाई महीनामा मात्र ५४०.० मिलिमिटर वर्षा भएको थियो । सोही महीनाको २० तारीखको एकै दिन सबभन्दा बढी अर्थात् १५८ मिलिमिटर पानी परेको उक्त तथ्याङ्कबाट देखिन्छ । हिउँद महीना लागेपछि वर्षा प्रायः घट्न थाल्दछ । उक्त वर्षमा तीन महीना अर्थात् नोभेम्वर, डिसेम्वर र अप्रिलमा वर्षा नै नभएको हुँदा उक्त महीनाहरू प्रायः सुक्खा रहन्छन् ।

सापेक्षिक आर्द्रताको हकमा उक्त अवलोकन केन्द्रमा बिहान ८.४० बजे लिइएको तथ्याङ्कअनुसार यस क्षेत्रमा पनि मोटामोटी वार्षिक औसत ७५ प्रतिशत हुने अनुमान गर्न सकिन्छ । सबभन्दा बढी आर्द्रता जनवरी महीनामा भएको देखिन्छ । उक्त महीनामा जम्मा ९२ प्रतिशत आर्द्रता पुगेको थियो । सबभन्दा कम अप्रिल महीनामा ४३ प्रतिशत मात्रै भएको हुँदा उक्त महीना सुक्खा रहेको देखिन्छ ।

कपिलवस्तु जिल्लाभित्र पाइने तापक्रम र वर्षाअनुसार यस जिल्लाको सम्पूर्ण भाग उष्ण हावापानी क्षेत्रभित्रै पर्ने देखिन्छ । यसको छोटकरी वर्णन तल दिइन्छ ।

उष्ण हावापानी

कपिलवस्तुको सम्पूर्ण भाग तराई तथा भावर प्रदेशभित्रै परेकोले जिल्लाका सबै भागमा उष्ण हावापानीले प्रभाव पारेको छ । गर्मीमा अति गरम र जाडोमा न्यानो मौसम हुने, वर्षा शुरू भएपछि मात्र तापक्रम अलि ओर्लन थाल्दछ । तर सेपिलो हावा तथा ठाउँ ठाउँमा जम्ने पानी तथा हिलोले गर्दा मानिसहरूको लागि एक ठाउँबाट अर्को ठाउँमा जान असजिलो तुल्याउने मात्रै होइन स्वास्थ्यमा पनि निक्कै नराम्रो प्रभाव पार्ने गर्दछ । गर्मीमा अर्थात् वैशाख-जेठमा पनि पश्चिमतर्फबाट आउने लू (एक किसिमको तातो हावा) चल्ने हुँदा निक्कै असजिलो तुल्याइदिन्छ । यस किसिमको हावापानीमा वर्षा प्रायः जसो १,६०० मिलिमिटरभन्दा बढी हुने गर्दछ । बढी तापक्रम र वर्षाको प्रभावले गर्दा यहाँको वनस्पति पनि घना भई सधैंजसो हरियो रहन्छ ।

प्राकृतिक वनस्पति

प्राकृतिक वनस्पतिको आधारमा यस कपिलवस्तु जिल्ला पनि अधिराज्यका सम्पन्न जिल्लाहरूमध्येमा नै गणना हुन्छ । जिल्लाको उष्ण हावापानीले गर्दा यहाँ सधैं हरियो रहने उष्ण प्रदेशका जङ्गलहरू प्रशस्त मात्रामा पाइन्छन् । विशेषगरी जिल्लाको उत्तरी क्षेत्र अर्थात् भावर प्रदेशलाई घना जङ्गलको प्रदेश भएको मान्नु पर्दछ । ८।१० वर्ष अगाडिसम्म यस जिल्लाका ५० प्रतिशतभन्दा बढी जग्गा बाक्लो जङ्गलले ढाकेको थियो । हाल उक्त वन जङ्गलको अटुट फँडानीले गर्दा वनजङ्गलभित्रै पनि आवादी क्षेत्रहरू बढ्न थालेका छन् । जिल्लाका बाक्लो वनजङ्गलले ढाकेका पञ्चायतहरूमध्ये छोटी भगवानपुर, बरकुलपुर, हरिहरपुर, बुढी, कर्डरिया, महेन्द्रकोट, मोतीपुर, कोपुवा, पिपरा, गजेहडा, हथौसा, पटना आदि मुख्य हुन् ।

हावापानीको दृष्टिकोणबाट यस जिल्लाको प्राकृतिक वनस्पति एकै किसिमको अर्थात् उष्ण प्रदेशको सदावहार मनसुनी जङ्गल भए तापनि ठाउँ र उम्रने रुख झारपातको आधारमा उक्त वन जङ्गललाई तीन खण्डमा विभाजन गर्न सकिन्छ ।

(१) नयाँ नदीतटका जङ्गल
(२) पुराना नदीतटका जङ्गल
(३) भावर प्रदेशमा पाइने जङ्गल

नयाँ नदीतटका जङ्गल

तराईको तल्लो मैदानी भागमा बग्ने नदीहरूको किनारी भाग अर्थात् वाणगङ्गा तथा यसको वरपरका जग्गाहरूमा यस किसिमका जङ्गलहरू हुन्छन् । यस किसिमका जङ्गलहरू यी नदी बाहेक अन्य ठूलठूला खोलाहरूको किनारी भागमा पनि पाइन्छन् । वर्षेनी बाढीले ल्याएको मलिलो माटो थुप्रेर जम्मा भएका स्थानहरूमा नै यस किसिमका जङ्गलहरू पलाउँछन् । पोसिलो माटो तथा बढी तापक्रम भएका क्षेत्रहरूमा उम्रने हुँदा आर्थिक दृष्टिकोणले यी रुखहरू अति महत्वपूर्ण खालका हुन्छन् । तिनीहरूमध्ये खयर र सिसौ प्रख्यात छन् । खयरबाट बन्ने कत्था खानेपानकोलागि तथा विभिन्न किसिमका औषधिहरू बनाउनमा प्रयोग गरिन्छ भने सिसौको काठ धेरै जसो घर छाउन तथा फर्निचर बनाउने काममा प्रयोग गरिन्छ ।

पुराना नदीतटका जङ्गल

जिल्लाको उत्तरी भागस्थित भावर प्रदेश र दक्षिणका ओसिलो जग्गाहरूको बीचमा अलि अग्लोमा रहेका ठाउँहरूमा वर्षातको समयमा पनि बाढीको पहुँचबाट टाढै पर्ने हुँदा बाढीले ल्याउने मलिलो माटो त्यहाँ पुग्न सक्तैन । त्यस्ता जग्गाहरूमा यस किसिमको वनस्पति पाइन्छ । कपिलवस्तु जिल्लामा पाइने यस जङ्गलभित्र खयर र सिसौ बाहेक सिमल, कर्मा, सिरिस, लाटीकरम आदिका रुखहरू पाइन्छन् । लाटीकरम (जसलाई भूरकुल पनि भनिन्छ) सलाई उद्योगमा प्रयोग गरिन्छ । कर्मा भन्ने काठ मेच, टेबुल, दराज आदि बनाउने काममा प्रयोग गरिन्छ ।

भावर प्रदेशमा पाइने जङ्गल

यस जिल्लाको उत्तरी भाग अर्थात् चुरे डाँडा मुनिको भागलाई भावर प्रदेशको रूपमा लिन सकिन्छ । यस प्रदेशका नदीनालाहरू जमीनमुनिबाट बग्ने हुँदा भूमिगत जल भण्डार पर्याप्त भएकोले लामालामा जरा भएका रुखहरूको लागि ज्यादै महत्वपूर्ण हुन्छ । जिल्लाको घना वन क्षेत्र पनि यसै भागमा पर्ने भई रुखहरू सधैं हरियै देखिन्छ । यस किसिमको जङ्गललाई सदावहार जङ्गल पनि भन्ने गर्दछन् । यहाँ पाइने मुख्य रुखमा सालको नाउँ अगाडि आउँछ । यस बाहेक अन्य जातका रुखहरूमा सिमल, सिरिस, कर्मा, असना, बाँझ, रुद्राक्ष, विजय साल, हर्रो, बर्रो आदि उल्लेखनीय छन् । यस प्रदेशमा पाइने जङ्गल कडा काठकोलागि प्रख्यात हुन्छन् ।

पशुपक्षी

यस कपिलवस्तु जिल्लामा पाइने वन्य जन्तुहरूमा चित्तल, घोरल, जरायो, कछुवा, तरूवा, चितुवा, बँदेल, लघुना, भालू, दुम्सी, पयाउरो, मृग, स्याल, बाघ, सोनिहार, ब्वाँसो, गौरीगाई, वन बिरालो, निगाले चितुवा, खरायो, बाँदर, ढुंडु आदि हुन् । यिनीहरू बाहेक विभिन्न जातका सर्पहरू जस्तै गोमन, धामिन, करेट, अँजिगर, नागि, घोड करेत, गण्डाइन, चितन, मजिदवा, डोडहा, लोहाइन, हरेउ, सूगापंखी, मटिहारी अंधवा (दुइमुखी) पानी सर्प आदि यहाँ देखिन्छन् । ठाउँ ठाउँमा बिच्छीहरू देखा पर्छन् ।

जल जन्तुहरूको हकमा जिल्लाका नदीनाला, पोखरी, तालहरूमा गोही, घरिया, नाक, कछुवाको साथै विभिन्न जातका माछाहरू पाइन्छन् ।

जिल्लाभित्र पाइने विशेष उल्लेखनीय पक्षीहरूमा सारस, घनेस, घांघिला, मुजूर, तित्रा, हाँस, लुँइचे, ढुकुर, बकुला, सुगा, मैना, हुट्टिट्याउँ, नीलकण्ठ, जुरेली, लाहाचे, हारिल, रानीचरी, लामपुछ्रे आदि हुन् । यिनीहरू बाहेक अधिराज्यभित्र पाइने साधारण चराहरू पनि प्रशस्त मात्रामा छन् ।

वन संरक्षण तथा वन विकास

यस जिल्लाको खासगरी उत्तरीभाग घना जङ्गलले ढाकेको कुरा माथि नै उल्लेख भइसकेको छ । उक्त जङ्गल चारकोशे झाडीको नामबाट पनि प्रख्यात छ । ती जङ्गलहरूको चार किल्ला पूर्वमा कोठी नदी, पश्चिममा अरा नदी (भारत सीमाना), उत्तरमा चुरे पानी ढलो र दक्षिणी सीमा करीब करीब जिल्लाको बीचबाट गएको भए तापनि भारतको सीमानासम्म पुगेको छ । यस जङ्गललाई निम्न रेञ्ज र विटहरूमा बाँडेको छ ।

कोठी रेञ्ज– यस रेञ्जभित्र उचडिहवा, भगवानपुर, बैंजलपुर र चप्कीपुर विटहरू पर्दछन् ।
मर्ती रेञ्ज– यसमा पनि जगदिशपुर, चौवाह, ढांडखोला र विजवा विटहरू छन् ।
वाणगङ्गा रेञ्ज– यस रेञ्जका विटहरू बैकुण्ठपुर बुट्ठी, पुरैना, टिकर हुन् ।
हरिहरपुर रेञ्ज– यस रेञ्ज कार्यालयभित्र पर्ने विटहरू नंगाडिह, हरिहरपुर, जुगडिहवा. गब्दहवा हुन् ।
सुरही रेञ्ज– यसमा पनि चार विटहरू छन्, जस्तै सदवा, मितरिया, शिवपुर र मैनार ।
अरा रेञ्ज– यस रेञ्जका विटहरू गुगौली, नेवालगञ्ज, भगवानपुर र रमवादहवा हुन् ।

वन सीमानालाई बार लगाउने कार्य पनि हालसम्म भएको छैन । बार लगाउन नसकेकोले वनको ह्रास भइरहेको पाइन्छ । वन संरक्षण गर्ने सिल सिलामा हाल सशस्त्र गार्ड भर्ना भइरहेका छन् । वर्मा तथा आसामबाट आएका नेपालीहरूलाई निम्नअनुसार पडरिया तथा रूघौलामा बसोबास गराई जग्गा वितरण गरिएको छ ।

(१) पडरियामा ४१ परिवारलाई अन्दाजी प्रति परिवार १.३६ हेक्टर (दुई बिघाका दरले) जम्मा ५५.८ हेक्टर (८२ बिघा) वितरण भएको छ ।
(२) रूघौलामा पनि ४३ परिवारलाई माथि उल्लिखित दरबाट जम्मा ५८.५ हेक्टर (८६ बिघा) जमीन वितरण भएको छ ।

ऐतिहासिक पृष्ठभूमि

कपिलवस्तु जिल्ला भित्र रहेको तिलौराकोट र लुम्बिनीमा भएको उत्खनन कार्यबाट धेरै चिजहरू र शहरी क्षेत्र पनि फेला परेका छन्। तिलौराकोटको उत्खनन कार्य गर्दा फेला परेका अनेक वस्तुहरू मध्ये 'ग्रेवेर' सामानहरू अनि छन्।[1] भारतमा यस्ता 'ग्रेवेर' सामानहरू हस्तिनापुरमा फेला परेका छन्। भारतको इतिहासको सन्दर्भ 'ग्रेवेर' समानहरू ईशा पूर्व एघारौं शताब्दी पुरानो मानिएका छन्। यस जिल्ला स्थित अरौराकोट कनकमुनि बुद्धको जन्मस्थल भनिएको छ। त्यस्तै पिपरीलाई ककुच्छन्द बुद्धको जन्मस्थल मानिएको छ। यस प्रकार यस जिल्लाको विशेष महत्व छ।

कपिल ऋषिको नाउँबाट नामाङ्कित यस कपिलवस्तु क्षेत्रको इतिहास गौतम बुद्धको समयभन्दा पहिले देखि प्रख्यात थियो। गौतम बुद्धको जन्मस्थल लुम्बिनी हाल रुपन्देही जिल्लाभित्र परेतापनि उनको बाल्यकाल तथा यौवनावस्था यस जिल्लामा पर्ने तिलौराकोटको तत्कालीन दरबारमा भएको कुरा उत्खननकार्यबाट पुष्टि हुन्छ। रोहिणी नदीको पश्चिममा परेको हुँदा उहिले बुद्धको समयमा यो क्षेत्र प्रसिद्ध कपिलवस्तु राज्य अन्तर्गत नै थियो। त्यसताका यहाँका प्रसिद्ध जाति शाक्यहरूको चकचकी थियो तर पनि ठूलो आक्रमणको मारमा परी यी शाक्यहरूले आत्मरक्षाकोलागि यताउति भाग्नु पऱ्यो। यिनीहरूमध्ये कुनै शाक्यहरू काठमाडौं उपत्यकामा पनि बसेको अनुमान इतिहासकारहरूले गरेका छन्। कोही शाक्यहरू बैशालीमा शरण लिन पुगे त कोही बेदीतिर।

बुद्धको समयसम्म नेपालको तराई मैदानमा र वरपरको भागमा लिच्छवि, कोली, शाक्य, मल्लहरू आदिको जुन राज्यहरू विकसित भएथे पछि ती राज्यहरूले उता भारतको मैदानमा बलिया राज्य खडा भएपछि

---

[1] यस क्षेत्रमा खोज र उत्खनन कार्य विभिन्न समयमा विभिन्न विद्वानहरूले गरेका छन्: Fuhrer, A.— Monograph on Budha Sakyamuni's Birth-place in the Nepalese Tarai, Arch, Surv. North, India, VI (Allahabad, 1897); Prog. Rep., Arch. Surv., N. W. P. and Oudh Circle, 1896-97, pp. 1-5; Mukherjee, P.C.A Report on a Tour of Exploration of the Antiquities in the Tarai, Nepal, Arch. Surv. Ind, Imperial Series, XXVI part 1 (Calcutta, 1901); Mitra, D.- Excavalation At Tilaurakot and kodan And Explorations in the Nepalese Tarai, Dept. of Archaeology, H. M. G. Nepal, 1972; Deo, S. B.- Archaeological Investigations in the Nepal Tarai, 1964; andRijal, B.- Excavation and other Archaeological Activities in Tilaurakot (Ancient Kapilavastu), Reprint Ancient Nepal, No. 26. Dept. of Archaeology, H. M. G. Nepal.

आत्मरक्षा गर्न सकेनन् । तिनमा धेरैले आत्म रक्षाकोलागि नेपालको पहाडी भागमा आश्रय लिएका थिए। यसले गर्दा तराईका ती मैदानी भाग पहिले जस्तो गुल्जार नरही त्यसको महत्व कम हुन गयो। यसको फलस्वरूप यस क्षेत्रको इतिहास पनि अस्पष्ट हुन थाल्यो ।

कपिलमुनीको आदेशअनुसार कौशल देशका राजकुमारहरूद्वारा कपिलवस्तु नामक शहर बसालेदेखि यसको लामो इतिहास शुरू हुन्छ । आजभन्दा २५९८ वर्ष अगाडि यस तराई क्षेत्र मा परेको कपिलवस्तु राज्यमा शाक्य वंशका राजा शुद्धोदनले राज्य गर्दथे । यिनको दरबार हालको सदरमुकाम तौलिहवाभन्दा करीब ४.८ किलोमिटर उत्तरमा वाणगङ्गा नजीकै तिलौराकोटमा भएको मानिन्छ । राजा शुद्धोदनकी रानी मायादेवी आफ्नो माइत देवदह जान लाग्दा बाटामा प्रसव व्यथा लाग्यो र उनको कोखबाट लुम्बिनी बगैंचाको सालको रुखमुनि ईशापूर्व ६२३ मा वैशाख पूर्णिमाको दिन राजकुमार सिद्धार्थको जन्म भएको थियो। २९ वर्षको उमेरमा राजकुमार सिद्धार्थले आफ्नो राजदरबार, पत्नी, यशोधरा, सानो छोरा राहुल आदिलाई त्यागी सुख र शान्ति मार्गको खोजमा निस्के । गयाको एक पिपलको बोटमुनी सिद्धार्थलाई बुद्धत्व प्राप्त भएपछि "गौतम बुद्ध"को नामले प्रख्यात भई उनले प्रतिपादन गरेका धर्म "बौद्ध धर्म" को नाउँले विश्व विख्यात भयो । बुद्धलाई मानिसले संसारमा शान्तिका अग्रदूत माने, भगवान सम्झे, ईश्वरका अवतार माने र यूरोपीयनहरूले एशियाका दीपक भन्ने संज्ञा दिए ।

राज्याभिषेक भएको चौधवर्षपछि ई.पू.२५५ मा सम्राट् अशोकले कनकमुनी बुद्धको जन्मभूमि यस कपिलवस्तुको निग्लिहवा र यसका वरपर तीर्थ यात्रा गरी अशोक स्तम्भ खडा गरेर गएका थिए। फेरि ईशाभन्दा २४९ वर्ष अघि मौर्य सम्राट् अशोक लुम्बिनी आई जुन अशोक स्तम्भ राखी छाडेका थिए चिनिया यात्री फाहियान[1] तथा हुयनसांङ्ले[2] पनि आफ्ना कृतिमा उल्लेख गरेका छन् । ई.सं. १३१५ पछि यो पुरिएर गयो । अन्तमा डा. फुहररको प्रयासले सन् १८९५ मा पुरिएको स्तम्भ भेटियो र त्यस वखतदेखि यसको संरक्षण श्री ५ को सरकारले गर्दै आइरहेको छ । अशोक स्तम्भ र चिनिया यात्रीहरूको वयानको आधारमा गौतम बुद्धको जन्मस्थल रुपन्देही जिल्लास्थित लुम्बिनी तथा उनको दरबार कपिलवस्तु जिल्लास्थित तिलौराकोटमा थियो भन्ने स्पष्ट हुन्छ ।

भगवान बुद्धको समयमा रोहिणी नदीको पूर्वतर्फ अथवा वर्तमान रुपन्देही तथा नवलपरासीको केही भागमा कोली वंशी शासन चलेको बेला कपिलवस्तुमा शाक्य वंशको आधिपत्य रहेको कुरा माथि उल्लेख भइसकेको छ। गोरखपुरको आसपास कुशी नगरतर्फ जहाँ गौतम बुद्धको निर्वाण (देह त्याग) भएको थियो, मल्लहरूको राज्य थियो ।

भगवान बुद्धको जीवन कालमै जातीय भेदभावको भावनाले उत्प्रेरित भई महानाम शाक्यकी दासी पुत्री वासम खत्तिया (जुन कौशल नरेश प्रसेनजीतकी रानी थिइन्)[3] बाट जन्मेका पुत्र विरूधक राजाले शाक्य वंशको मूलच्छेदन गरेका थिए ।

---

१. सत्यकेतु विद्यालङ्कार – भारतका प्राचीन इतिहास, सरस्वती सदन, मसुरी, १९६० पृष्ठ ५४७

2. Beal, S. (trans.) - Travels of Hiouen Thsang, Sushil Gupta (India) Limited, Calcatta, 1957, vol. No. III, p. 318-19

३. सत्यकेतु विद्यालङ्कारको माथि उल्लिखित किताब, पृष्ठ २४६

उहिले बैशाली (राजकाजको मुजफ्फरपुर जिल्लाको वसार) लिच्छविहरूको गणराज्य थियो। त्यहींका लिच्छविहरूले ई.सं. को पहिलो शताब्दीतिर नेपाल आएर आफ्नो राज्य जमाए। ई.सं. को चौथो शताब्दीतिर भारतमा गुप्त सम्राट समुद्रगुप्तको ठूलो दवाब थियो। हरिषेण विरचित समुद्रगुप्त (३३०–३७५ ई.सं.) को प्रयागको शिलालेखमा नेपालको उल्लेख एक "करद प्रत्यन्त" राज्य (सीमाको राज्य) को रूपमा भएको छ।[1] तर नेपालको आफ्नो अस्तित्व थियो।

लिच्छवि राजा मानदेव प्रथमको पालामा नेपाल राज्यको सीमा विस्तार पश्चिममा गण्डकी पारी मल्ल राज्यसम्म र पूर्वमा लगभग कोशीसम्म फैलिएको थियो भन्ने कुरा मानदेवको ३८६ शाक्य संवत्को चाँगु अभिलेखबाट पुष्टि हुन्छ। लिच्छवि शासकहरूको राज्यको सीमाना झण्डै वर्तमान नेपाल अधिराज्यको जस्तै भएकोबाट यो क्षेत्र पनि तत्कालीन नेपालभित्रै परेको कुरा स्पष्ट हुन्छ।[2]

खशिया मल्ल :– लिच्छविहरूको प्रभुत्व ईशाको प्रथम शताब्दि देखि नवौं शताब्दी सम्म रहेको अनुमान हुन्छ। लिच्छविहरूको केन्द्रीय शासन कमजोर हुँदै गएपछि वर्तमान नेपालको सुदूर पश्चिमी भाग कर्णाली प्रदेशमा करीब दशौं देखि चौधौं शताब्दीसम्म खारी प्रदेशको नागराज र उनका सन्तानहरू र पछि गेलाका पालवंशका राजाहरूले शासन चलाए।[3]

यिनै नागवंशी राजाहरूले मल्ल उपाधि धारणा गरेका थिए। नेपाल उपत्यकामा मल्लराजाहरूको शासन कमजोर हुँदै गएको समयमा कर्णाली प्रदेशका राजा जितारी मल्लले पूर्वतिर राज्य विस्तार गरे।[4] जितारी मल्लका भतिजा रिपु मल्लले लुम्बिनीको अशोकस्तम्भमा आफ्ना नाउँ कुँदाएका छन्। यस्तै निग्लीहवामा अशोकस्तम्भमा कुँदाएको पंक्ति "ओं, मणिपद्मे हुँ, रीपुमल्लस्य चीरंजयतु-१२३४"ले यो भू-भाग कर्णाली प्रदेशका मल्ल राजाहरूको अधीनमा पर्न गएको सङ्केत गर्दछ। त्यस्तै अभिलेख लुम्बिनीमा पनि पाइन्छ।[5] तर चौधौं शताब्दी पछि यो मल्ल राज्य साना–साना रियासतमा फुटेर गयो।

मुसलमानहरूको दमनले भारतका राजपूतहरू र तिनीहरूसँग सम्बन्धित अनेक हिन्दू परिवार धार्मिक र जातीय स्वाभिमानको रक्षार्थ भारतको उत्तराखण्डतिर पसे। कपिलवस्तु, रुपन्देही र नवलपरासीको मध्यकालीन इतिहास पाल्पा, बुटबल र तनहूँको इतिहाससँग सम्मिलित छ।

सेनवंश पनि यसै गण्डक प्रदेशभित्र पसेको थियो। रुद्र सेनको पालामा पाल्पा कब्जा गरेर यिनका छोरा मुकुन्द सेन प्रथमको ३५ वर्षको शासन काल ई.सं. १५४० देखि १५७५[6] मा सेन राज्य पश्चिममा

---

[1] समुद्र गुप्तको प्रयाग स्तम्भाभिलेख

[2] धनवज्र वज्राचार्य– लिच्छविकालका अभिलेख, नेपाल र एशियाली अध्ययन संस्थान, काठमाडौं २०३०, पृष्ठ २७-२८

[3] योगी नरहरिनाथ (सं.)– इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, पृष्ठ ७६७–६८; भीमप्रसाद श्रेष्ठ (सं.)–कर्णाली प्रदेश, जुम्ला, २०२८, परिशिष्ट पृष्ठ ६–८

[4] धनवज्र वज्राचार्य– कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा, कर्णाली प्रदेश, पृष्ठ ११–६२

[5] योगी नरहरिनाथ (सं.)-इतिहास प्रकाश, अङ्क २ भाग १, पृष्ठ ८१,

[6] बाबुराम आचार्य– श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, श्री ५ महाराजाधिराजका प्रेस सचिवालय, काठमाडौं २०२४, पृष्ठ ६

पाल्पादेखि पूर्वमा कोशी क्षेत्रसम्म फैलिएको थियो । यस प्रकारले पाल्पाली राजा मुकुन्द सेनले आफ्नो राज्य कालमा निकै प्रभुत्व जमाई प्रसिद्ध भए । छिमेकी राज्य गुल्मीका राजाकी छोरीसँग यिनले विवाह गरेका थिए । पर्वतका राजा प्रतापी नारायण मल्ल यिनका छोरी ज्वाई थिए । आफ्नो कान्छो छोरा लोहाङ सेनले मोरङसम्म विजय गरी यिनले आफ्नो तलवार दूध कोशीमा पखालेको किंवदन्ती छ । तर यिनी शूरा, पराक्रमी हुनाको साथै ज्ञानी, विद्याप्रेमी तथा भगवद्भक्त पनि थिए । आफ्नो विशाल राज्य आफ्ना छोरा र नातिहरूमा बाँडि अन्तिम समय देवघाटमा तपस्या गरी बिताएकाले यिनलाई मुनि मुकुन्द सेन पनि भन्दछन् ।

मकुन्द सेनले जेठा छोरा माणिक्य सेनलाई पाल्पा, माहिला छोरा बिनायक सेनलाई बुटवल, साहिंला छोरा विहंग अथवा भृङ्गी सेनलाई तनहूँ र लोहाङ सेनलाई मकवानपुर राज्य बाडि दिए ।[1] मुकुन्द सेनका भतिजा राम सेनले रिसिङ र नाति चन्द्रसेनले राजपुर पाए ।

मुकुन्दसेनका जेठा छोरा माणिक्य सेनको वंशक्रम उनका पनाति पृथ्वी सेनको पालामाटुङ्गिन गएकोले पाल्पा राज्य विक्रम संवत् १७१० मा बुटवल राज्यमा गाभियो र विनायक सेनका पनाति अम्बर सेनले यस संयुक्त राज्यको राजधानी पाल्पा तानसेन बनाए ।[2] यस प्रकारले यस क्षेत्रमा सेन वंशको शासन ई. सं. १८०३ पृथ्वीपाल सेनको पालासम्म रह्यो । गोरखाका राजा नरभूपाल शाहले पाल्पाली राजा गन्धर्व सेनकी छोरी कौशल्यावती देवीसँग दोस्रो विवाह गरेका थिए ।[3] जसबाट पृथ्वीनारायण शाह जस्ता प्रतापी पुत्र प्राप्त भएथ्यो । यसै नाताले पृथ्वीनारायण शाह केही काल आफ्नो मावली यस जिल्लामा पनि आई बसेका थिए । पृथ्वीनारायण शाह काशीबाट निकैमात्रामा नयाँ प्रकारका हतियार, बान्दूक तथा बारूद लिई फर्कदा भन्सार असूल गर्न खोज्ने लखनौका नवाबका सिपाहीहरूसँग झगडा पर्दा ती सिपाहीहरूलाई सखाप पारी फर्कदा केही दिन बुटवलमा सेनराजा कहाँ बसेका थिए । मुकुन्द सेन द्वितीयले आपनो शासनकाल (सन् १७५६-१७८२) मा अवधका नवाब बजीरलाई खुशी पारी तराईका तीलपुर र राजापुरका केही भाग जागीरमा पाएका थिए ।[4] मुकुन्द सेन (द्वितीय) पछि उनका छोरा महादत्त सेन पाल्पाका राजा भए । यस बखतसम्म नेपालको राज्य पूर्वमा टिस्टासम्म पुगिसकेको थियो । पश्चिमतर्फ भने मर्स्याङदी नदी नाघ्न सकेको थिएन ।

विक्रम संवत् १८४१ मा अमर सिंह थापाको नेतृत्वमा गएको गोरखाली फौजले पल्लो नुवाकोट पैयूंसम्म विजय गरेपछि पाल्पा र पर्वतको मद्दतले तनहूँ स्वतन्त्र भएको थियो । यसबाट क्रुद्ध भएका रणबहादुर शाहको नायबी भई काम गर्ने वीर रमणी राजमाता राजेन्द्रलक्ष्मी देवीले अभिमानसिंह बस्नेतको नेतृत्वमा पाल्पा हान्न पठाइन् । वीरकोटको घमासान युद्ध पछि गोरखाली फौज तानसेनसम्म पुग्न लागेको बेलामा पर्वतको ठूलो फौज लमजुङ तिर बढेको समाचारले गोरखाली फौज लमजुङको मोर्चा बलियो गर्न पछि हटे । अतः राजेन्द्रलक्ष्मीले आफ्नो जीवितावस्थामा पश्चिमतर्फको चौबीसी राजमा प्रवलरूपमा रहेको पाल्पा र पर्वतलाई विजय गर्न सकिनन् । तनहुँ विजय पछि नवलपरासीको केही भाग वृहत् नेपालमा गाभियो । राजेन्द्र लक्ष्मीको देहावशान पछि विक्रम संवत् १८४३–१८५१ सम्म बहादुर शाहले नायबको काम गरे । बहादुर

---

1. Hamilton, F. B.- An Account of the Kingdom of Nepal, Manjusri Publishing House, New Delhi, 1971, p. 132
2. Ibid, p. 170
३. योगी नरहरिनाथ (सं.)– गोरखा वंशावली, गोरक्षटिल्ला, वाराणसी, २००६, पृष्ठ १११
4. Hamilton, F. B.-op. cit, p. 172

शाहलाई पाल्पाका राजा महादत्त सेन अत्यन्त शक्तिशाली थिए भन्ने कुराको ज्ञान थियो । पाल्पाली राजा महादत्त सेनको नवाब बजीर आसफउद्दौलाको दरबारमा ठूलो सम्मान थियो । यिनले नवाबबाट सस्तो दरमा तराईको एउटा ठूलो भू–भाग जागीरमा पाएका थिए[1] । बहादुर शाहले पाल्पा राज्यसँग कुटनीतिद्वारा मैत्री सम्बन्ध कायम गर्न पाल्पा र गोरखाको पूर्व सम्बन्ध देखाई पाल्पाली राजा महादत्त सेनकी सुपुत्रीसँग विवाह गरे । यसरी पाल्पालाई साथ लिई दामोदर पाँडेको नेतृत्वमा चौबीसी राज्य सर गर्न फौज अघि बढ्यो । यस संयुक्त शक्तिले निकै ठूलो राज्य जित्यो । आपसी सन्धिअनुसार विजित देशमध्ये पाल्पाले गुल्मी, अर्घा र खाँची पायो ।[2]

विक्रम संवत् १८५१ मा रणबहादुर शाहले आफ्ना काका बहादुर शाहको नायबी हटाई शासन व्यवस्था आफ्नो हातमा लिएपछि पाल्पा अन्तर्गत परेको गुल्मीलाई पुनः आफ्ना जेठान शिव शाहका नाति सिद्धी प्रतापलाई फिर्ता दिलाए ।[3] सिद्धी प्रतापकी बहिनी राज राजेश्वरी रणबहादुर शाहकी जेठी रानी थिइन् । पाल्पाली राजा महादत्त सेनका छोरा पृथ्वीपाल सेनको हातबाट गीर्वाण युद्ध विक्रम शाहलाई १७९७ ई. मा राजतिलक दिने कार्य सम्पन्न गराइयो । पृथ्वीपाल सेन पछि नजर बन्दमा परे । १८०० ईस्वीमा नजरबन्दबाट छुटी उनी पाल्पा फर्के । आफूले स्वामी महाराजको उपाधी धारण गरी रणबहादुर शाह काशी गए । काशीबाट फर्केर पुनः प्रशासन आफ्नो हातमा लिई गीर्वाण युद्ध विक्रम शाहका नायबीको रूपमा रहे । यसै बखत रण बहादुर शाहले पाल्पाका राजा पृथ्वीपाल सेनकी बहिनीसँग विवाह गर्ने निहुँ गरी पुनःकाठमाडौं झिकाई नजरबन्दमा राखे । विक्रम संबत् १८६३ (ई. सं. १८०५) मा चौतरिया शेरबहादुर शाहबाट रणबहादुर शाहको हत्या भयो । मर्ने बेलामा रणबहादुर शाहले गीर्वाण युद्ध विक्रम लाई भीमसेन थापाको संरक्षणमा छोडेका थिए । भीमसेन थापाले आफ्ना विरोधीहरूलाई सखाप पारे । यसै बेला पाल्पाली राजा पृथ्वीपाल सेन आफ्ना समस्त सैनिक अफिसरकासाथ मारिए । भीमसेन थापाले तुरुन्त नै आफ्ना पिता अमरसिंह थापालाई ठूलो फौजका साथ पाल्पा कब्जा गर्न पठाए ।[4] यसरी यस जिल्लामा विक्रम संवत् १८६३ देखि सेन वंशको शासन समाप्त भई शाह वंशको राज्य कायम भयो र वर्तमान नेपालको एकीकरणमा यो सम्मिलित भयो ।

गीर्वाणयुद्ध विक्रम शाहको समयमा पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म नेपाल राज्यको विस्तार भयो । यस विजयले पश्चिमका पञ्जाव केशरी रणजित सिंहको सीख राज्य विस्तार गर्ने विचारमा आघात परिरहेको थियो त नेपालको दक्षिणतर्फ राज्य विस्तारले कम्पनी सरकार (अंग्रेजहरू) को मनमा पनि चिसो पसेको थियो । एक दोस्रालाई लडाई शक्ति सञ्चय गर्ने सिद्धान्त भएका अंग्रेज सरकारले २५ जुलाई १८०९ तदनुसार विक्रम संवत् १८६६ मा "अमृतसरको सन्धि" द्वारा सीख शक्तिलाई आफ्नो पक्षमा मिलाई यस प्रकारको कूटनीतिको जालमा नफस्ने नेपाललाई युद्धको धम्कि दिए ।[५]

यस युद्धको मुख्य बीउ बुटवल र स्यूराज प्रदेश (वर्तमान कपिलवस्तु, रुपन्देही र नवलपरासी) लाई नै बनाए । मार्च १८१४ मा गभर्नर जनरल हेस्टिङले नेपाल सरकारलाई २५ दिनभित्र बुटवल र स्यूराजको

---

1. Hamilton,F. B.— op. cit. p. 172-73
2. Ibid, p. 173
3. Ibid, p. 174
4. Ibid, p. 176-77

५. ढुण्डिराज भण्डारी– नेपालको ऐतिहासिक विवेचना, २०२७, पृष्ठ २२३.

भू-भाग छाडिदिने पत्र लेखिपठाएका थिए । म्याद सकिनासाथ गोरखपुरका अंग्रेज मेजिष्ट्रेटले विवाद ग्रस्त इलाका कब्जा गर्न फौज पठाई सो भू-भाग विना लडाईंनै कब्जा गरी फर्केपछि पाल्पाबाट आएको नेपाली फौजले पुनः फिर्ता लिए । अंग्रेजहरूले नेपाललाई सन् १८१४ मा पूर्वमा पूर्णियाबाट, पश्चिममा सहारनपुरबाट देहरादुन, दक्षिणमा गोरखपुरबाट पाल्पा, भारतबाट मकवानपुर भई काठमाडौं र लुधियानाबाट सतलजको निकट, पहाडी भागमा आक्रमण गरे । गोरखपुरबाट मेजर जनरल उडको कमानमा सन् १८१५ मा बुटवल तथा पाल्पा कब्जा गर्ने हेतुले अधि बढेको फौजलाई पाल्पाली सेन राजाका नोकरहरूले बाटो देखाउँदै बुटवलतिर ल्याए ।[1] बुटवलको तिनाउ खोलाको किनारमा पाल्पाली फौज त्यस बखतका तैनाथवाला उजिर सिंह थापाको मातहतमा थियो । गोरखाली फौजको प्रहारले ब्रिगेड मेजर कप्तान हेट र इन्जिनीयर लेफ्टिनेण्ट मोरिसन नराम्रोसित घाइते भए । गोरखालीहरूको अद्भुत पराक्रम र पहाडमा यिनीहरू दुश्मनको सामना गर्न तयार भइसकेका छन् भन्ने समाचारले जनरल उडको होस हवास् उड्यो र उनी त्यहाँबाट भागी निचलौलमा गई बसे । यस प्रकारको पराक्रम र चलाकीले अंग्रेजी फौजलाई हराएकोले बुटवलको गढीलाई त्यस बखतदेखि जितगढीको नामले पुकारियो, जुन गढी आजसम्म बुटवल या तिनाउ नदीको पश्चिमी तटमा छ । त्यस बेलादेखि कपिलवस्तु लगायतका यसका वरपरका भू-भाग वृहत् नेपाल राज्यमा गाभिएको थियो ।

---

[1] बालचन्द्र शर्मा-नेपालको ऐतिहासिक रूपरेखा, पष्ठ २५८ र २६४

प्रमुख स्थानहरू

तौलिहवा

प्रसिद्ध तौलेश्वर नाथको नाउँबाट नामाकरण गरिएको तौलिहवा शहर नै वर्तमान कपिलवस्तु जिल्लाको सदरमुकाम बनेको छ । पूर्वमा जमवार र पश्चिममा वाणगङ्गा नदीको बीचमा परेको यो बजार समुद्रको सतहबाट १०३ मिटर (३४० फीट) को उचाइमा छ ।

भैरहवा शहरबाट करीब ५१ किलोमिटर (३२ माइल) पश्चिममा परेको यो शहर प्राचीन कालमा कपिलवस्तुको नामबाट प्रख्यात थियो । त्यसैले यो शहर सहितको पञ्चायतको नाम पनि कपिलवस्तु आदर्श गाउँ पञ्चायत राखिएको छ । बौद्धकालीन समयदेखि प्रख्यात यो शहरले हाल जिल्लाभित्रको सबभन्दा ठूलो बजारको रूप लिएको छ । यहाँ करीब १७५ देखि २०० सम्म सानाठूला पसलहरू छन् । एकै ठाउँमा ज्यादै गुचमुच्च परेको यस शहरको बीच बीचमा साँगुरा गल्लीहरू छन् । बजारभित्र ज्यादा जसो तराई-मूलक जातिका मानिसहरू मुसलमान र दुई चार घर नेवारहरू पाइन्छन् । बजारको बीचमा ठिङ्ग उभिएको तौलेश्वर नाथको मन्दिर झ्वाट्ट हेर्दा शहरलाई पहरा दिइरहेको जस्तो भान हुन्छ ।

शहरको पूर्वी भागमा अति सुन्दर मानिएको बालमन्दिरको आफ्नै विशेषता छ । मन्दिरकै रूपमा उभिरहेको यो भवन टाढाबाट हेर्दा ज्यादै नै सुन्दर देखिन्छ । यसको पछाडि अर्थात् पूर्वपट्टि एउटा पोखरी र यसको पारी अतिथि भवन रहेका छन् । यसको वरपर ठूल-ठूला सातवटा चामलका कारखानाहरू पनि छन् ।

जिल्लाको सदरमुकाम भएकोले हाल यहाँ जिल्लास्तरीय सबै कार्यालयहरू छन् । काठमाडौंबाट यहाँसम्म पुग्न भैरहवा पुगी त्यहाँबाट भारतको रेलमार्ग भई सोहरतगढ गई त्यहाँबाट मोटर अथवा टाँगाद्वारा पुगिन्छ । अर्को हिउँदभरि चल्ने लुम्बिनी भएर जाने पैदल बाटो पनि छ । मध्य–पश्चिम नेपालका पहाडी बासिन्दाहरूको भारत जाने मुख्य बाटोको बीचमा पर्ने भएको हुँदा यो स्थान व्यापारिक केन्द्र बन्न गएको छ । यो अर्घाखाँची, गुल्मी आदि जिल्लासम्मको व्यापार केन्द्रको रूपमा रहेको छ । बजार भित्र विशेषगरी खुद्रा (किराना), चिया, कपडा, मिठाई, पान, औषधि, भाँडा कुडा, फलाम आदिको पसलहरू छन् । सुन चाँदीका गहना बनाउने तथा विदेशी सामानहरूको पसलहरू पनि छन् ।

यस बजारभित्र चारवटा माध्यमिक विद्यालयका अतिरिक्त केही प्राथमिक विद्यालयहरू पनि छन् ।

कृष्णनगर

जिल्लाको सदरमुकामबाट ३०.४ किलोमिटर (१९ माइल) पश्चिममा रहेको यो शहर नेपाल र भारतको सीमानामा पर्दछ । यस शहरसँगं जोडिएको झण्डी नगर गाउँका नामबाट यसलाई झण्डीनगर पनि भन्ने चलन छ । हुन पनि झण्डी नगर र कृष्णनगर पञ्चायतहरूको सीमाना यसै शहरको एउटा मुख्य बाटोलाई लिइएको छ । भारतको बढनी रेलवे स्टेसन यसको नजीकै पर्ने भएको हुँदा यो ठाउँ व्यापरिक दृष्टिकोणले निकै महत्वपूर्ण भएको छ ।

यहाँ तौलिहवाको मूल भन्सार कार्यालय, कर कार्यालय र अन्तः शुल्क कार्यालय, नेपाल बैंक शाखा, हुलाक कार्यालय तथा पुलिस ठाना कार्यालयहरू पनि छन् । बजारको वरपर करीब १०० वटा ठूला–साना पसलहरू छन् । हाल यसमा विशेषगरी विदेशी सामानहरूको बेच बिखन हुने गरेको पाइन्छ ।

यहाँबाट चामल, घ्यू तथा अन्य खाद्य पदार्थहरू भारततर्फ निर्यात गरिन्छ र भारतबाट लुगा कपडा, फलामको सामान, मसला आदि आयात हुन्छन् । यहाँ पाइने कारखानाहरूमा चामल मिलनै मुख्य रूपमा आउँछन् । यहाँ एउटा ठूलो बिडी कारखाना पनि छ ।

जिल्लाको सदरमुकामबाट यहाँसम्म पुग्ने बाटो कच्ची भएको तथा ठाउँ–ठाउँमा बग्ने ठूल–ठूला नदीमा पुल नभएकोले वर्षातको समयमा निकै कठिनाइ महसूस हुन्छ । तर महेन्द्र राजमार्गसँग यस स्थानलाई जोड्ने बाटो निर्माण भएकोले भैरहवा र अन्य स्थानसँग यसको सम्पर्क बढेको छ । यहाँ हाल सालै मात्र बिजुली उपलब्ध गराइएको छ ।

बजारमा मुख्यतया मारवाडी तथा मुललमानहरूको बस्ती छ । बजार भित्रै एउटा माध्यमिक विद्यालय तथा प्राथमिक विद्यालय छन् । यस बाहेक जिल्लामा एउटा मदारसा स्कूल पनि छ । हरेक मंगलबार यहाँ हाट लाग्दछ ।

बहादुरगञ्ज

जिल्लाको सदरमुकाम तौलिहवाबाट करीब २१ किलोमिटर (१३ माइल) पश्चिममा रहेको बहादुरगञ्ज तौलिहवा र कृष्णनगर जोड्ने बाटोमा पर्दछ । करीब १०० वटा घर बस्ती भएको यो स्थान एउटा पुरानो बजारको रूपमा रहेको छ । यहाँ ५०।६० वटा खुद्रा तथा मिठाई पसलहरू छन् ।

अधिराज्यलाई ७५ विकास जिल्लामा छुट्याउनुभन्दा पहिले यो ठाउँ सदरमुकामको रूपमा रहेको थियो । त्यस बेला यहाँ बडाहाकिम तथा सबै सरकारी अड्डाहरू रहेकोले यहाँ निकै चहल–पहल देखिन्थ्यो । अर्घाखाँची र गुल्मीबाट आउने सबैकोलागि यो व्यापारको केन्द्र थियो । हाल दाङ जिल्लाभित्र पर्ने भालु दाङ र कपिलवस्तुको सीधा उत्तरमा पर्ने पत्थरकोट तथा कृष्णनगर आदि बजारहरूको निर्माण पछि यस बजारको महत्व घट्दै गइरहेको छ । यस ठाउँका धेरै जसो व्यापारीहरूले यो स्थान छाडी तौलिहवा तथा पत्थरकोटतर्फ लागेका छन् । एउटा भव्य भवन भएको वहुउद्देश्य माध्यमिक विद्यालय रहेकोले मात्रै यस वजारको अस्तित्व रहेको छ भन्न सकिन्छ । अलि अग्लो भागमा रहेकोले यहाँ पानीको अभाव छ ।

कृष्णनगरदेखि उत्तरबाट गएको महेन्द्र राजमार्गसम्म जोड्ने सहायक मार्ग यहाँबाट गएको हुँदा भविष्यमा यो बजारको महत्व फेरि बढ्न जाने आशा गर्न सकिन्छ। डिजेलबाट चल्ने जेनेरेटरको सहायताबाट हालसालै बिजुली उपलब्ध गराइएको छ। यहाँ हरेक बुधबारको दिन हाट लाग्दछ।

पत्थरकोट

तौलिहवाबाट करीब २६ किलोमिटर (१६ माइल) उत्तरमा पर्ने यो बजार अर्घाखाँची र कपिलवस्तु जिल्लाको सीमानामै पर्दछ। चुरिया डाँडाको फेदीमा पर्ने पत्थरकोट बजार समुद्रको सतहबाट १८५ मिटर (६०९ फीट) माथि परेको हुँदा जिल्लाभित्रका गाउँहरूमध्येको सबभन्दा माथि परेको छ भन्न सकिन्छ।

यस पत्थरकोट बजारमा करीब १०० वटा जति ठूला–साना पसलहरू छन्। यो ठाउँ अर्घाखाँची, गुल्मी, प्यूठान जिल्लाहरू र पाल्पा जिल्लाको पश्चिमी भाग समेतको मुख्य बजारको रूपमा रहेको छ। पहाडतर्फबाट घ्यू, टिमुर, जरीबूटी, सूठो आदि बेच्न ल्याउने र यहाँबाट पहाडतर्फ अन्न, नून, मट्टीतेल, कपडा, फलाम, मसला, चीनी, चीया, चुरोट आदि किनेर लैजाने गरिन्छ।

तौलिहवादेखि यहाँसम्म पुग्न बीचमा बाणगङ्गा नदी तथा बाक्लो जङ्गल काट्नु पर्दछ। हिउँद महीनामा यस सडकमा केही ट्रक तथा जीपहरूको सर्विस ज्यादै मुस्किलले चल्ने गर्दछ। हाल यसै जङ्गलको बीचबाट गएको पूर्व–पश्चिम राजमार्गले गर्दा भविष्यमा यस पत्थरकोटको विकास हुने सम्भावना छ।

यस बजारबाट महेन्द्रकोट आदर्श गाउँ पञ्चायतलाई सालाना १६।१७ हजारको आम्दानी हुने गर्दछ। यस पञ्चायतभरि नै पानीको अभाव छ। गर्मीमा अति गर्मी र जाडोमा ठीक्क किसिमको मौसम हुने हुँदा यहाँको बजार अस्थाई रूपमा मात्रै चालू छ। हिउँदमा पहाड-पहाडतर्फबाट झर्ने ढाक्रेहरू तथा व्यापारीहरूको जमघटले गर्दा यहाँ निक्कै रमाइलो हुन्छ।

पकडी

तौलिहवाबाट लुम्बिनी भई भैरहवा जाने पुरानो कच्ची बाटोमा पर्ने यस पकडी गाउँ जिल्लाको सदरमुकामबाट करीब १०.५ किलोमिटर पूर्वमास्थित छ। यहाँ एउटा निम्न माध्यमिक विद्यालय र एउटा प्राथमिक पाठशाला छन्। अन्य सामाजिक संस्थाहरूमा आयुर्वेदिक औषधालयको साथै हुलाक तथा औलो उन्मूलन शाखाहरू छन्। यहाँ एउटा सानो धानको मिल पनि छ। गाउँमा प्रायः कुर्मी जातिका मानिसहरूको बसोबास पाइन्छ।

महाराजगञ्ज

महाराजगञ्ज तौलिहवाबाट करीब १० किलोमिटर (६ माइल) पश्चिममास्थित छ। निक्कै बाक्लो बस्ती भएको यस बजारमा करीब ५०।६० वटा घरहरू छन्। यहाँ १५।२० वटा स्थाई पसलहरूको अतिरिक्त हरेक शुक्रबारको दिन हाट लाग्दछ। यहाँ एउटा ठूलो माध्यमिकस्तरको विद्यालयको साथै हुलाक शाखा तथा पुलिस चौकी छ। यहाँ एउटा सानो खालको धानको मिल पनि छ। वरपरका मानिसहरूकोलागि यो एक महत्वपूर्ण बजारको रूपमा रहेको छ।

तिलौराकोट

तौलिहवा बजारबाट लगभग पाँच किलोमिटर (तीन माइल) उत्तरमा वाणगङ्गा नदीको पूर्वी किनारमास्थित तिलौराकोट ऐतिहासिक दृष्टिकोणले निक्कै प्रख्यात छ। विश्व विख्यात गौतम बुद्धका पिता राजा शुद्धोदनको राजधानी मानिएको यस कोटभित्र प्राचीन भवनका भग्नावशेषहरू प्रशस्त मात्रामा फेला परेका छन्। हाल यो क्षेत्र एउटा जङ्गलको रूपमा देखिएको छ। उत्तर–दक्षिण करीब ४८७ मिटर (१,६०० फीट) लामो र पूर्व-रश्चिम ३०५ मिटर (१,००० फीट)[1] चौडाइ भएको यो प्राचीन स्थल चारैतिर ईंटको पर्खालले घेरिएको थियो। पर्खालदेखि बाहिर चारै दिशामा ढोकाहरूको अवशेषहरू पनि भेटिएका छन्। पर्खालदेखि बाहिर चारैतिर खाल्टो वा पोखरी खनिएको छ। यहाँ दुईवटा पोखरीहरू, एउटा माईको मन्दिर तथा जताततै प्राचीन भवनका भग्नावशेषहरू छन्। यो पर्खालबाहिर नजीक–नजीकै जहाँ तहीं थुम्काहरू देखिन्छन्। यहाँ उत्खनन गरेमा स्तूप, भवन तथा मन्दिरहरू पाउने आशा गरिन्छ। हाल यहाँ २०२४।०२५ सालदेखि उत्खनन कार्य भइरहेको छ।

अन्य ऐतिहासिक तथा पुरातात्विक स्थलहरू

यस जिल्लाभित्र तिलौराकोट बाहेक अनगिन्ति ऐतिहासिक स्थलहरूमध्ये सगरहवा, निग्लिहवा, गोटिहवा तथा लोरी कुदान नामक स्थलहरूको विशेष महत्व छ। यिनीहरूको छोटकरी वर्णन तल गरिएको छ।

सगरहवा– यो गाउँ तिलौराकोटदेखि करीब तीन किलोमिटर (दुई माइल) उत्तरमा वाणगङ्गा नदीको किनारमै स्थित छ। सगरनाम भन्ने पुरानो तालको नामबाट यस गाउँको नाम सगरहवा गरेको अनुमान गरिन्छ। यहाँ ठूला–साना १७ वटा स्तूपहरू भेट्टाइएका छन्। यी स्तूपहरूभित्र कमलका आकारको ईंट र त्यसमा अस्थि, सुनका नागहरू, त्रिशूल, भाला इत्यादि राखिएको पाइन्छ। यस स्थानमा राजा विरूद्धकले शाक्यहरूको सामुहिक हत्या गरेको अडकल गरिएको छ। यस हत्या काण्डमा मारिएका शाक्यहरूको स्मृतिमा ती स्तूपहरू खडा गरिएको अनुमान छ। वास्तविक कुराको अन्वेषण गर्न बाँकी नै छ।

निग्लिहवा– सगरहवा गाउँबाट करीब २.४ किलोमिटर (डेड माईल) पूर्वमा पर्ने यस गाउँमा एउटा तालको पश्चिम किनारमा अशोक स्तम्भ रहेको छ। यसको माथिल्लो भाग फुटेर लडेको छ। स्थानीय भाषामा यस आकार वस्तुलाई निगाली भनिन्छ। त्यसैले यस स्तम्भको नामबाट उक्त काललाई निग्लिसागर र यसको सँगैको गाउँलाई निग्लिहवा भनेको हुनु पर्दछ। यस अशोक स्तम्भमा ब्राह्मीलिपि र पाली भाषामा कुँदिएको अभिलेखहरू छन्। विभिन्न समयमा यस क्षेत्रमा तीर्थ यात्रा गर्न आएका यात्रुहरूले आफ्-आफ्नो लिपि र भाषामा तीर्थ यात्राको स्मरण अङ्कित गर्न यी अभिलेखहरू कुँदेको हुनुपर्दछ भनी अडकल गरेका छन्।

गोटिहवा– तौलिहवा बजारदेखि करीब पाँच किलोमिटर (तीन माइल) दक्षिण-पश्चिममा परेको यस गोटिहवा गाउँको बीचमा पनि एउटा अशोक स्तम्भ र एउटा स्तूप छन्। यसको माथिल्लो भाग टुक्रा–टुक्रा परी गोटी जस्तो यता उति परिरहेकोले यस गाउँको नाम गोटिहवा रहेको थियो।[2] यस स्तम्भमा अक्षर वा

---

[1] वज्रानन्द वज्राचार्यको माथि उल्लिखित किताब, पृष्ठ ३८

[2] ऐजन, पृष्ठ ४१

चित्र कुनै भेटिएको छैन । यी स्तम्भ र स्तूप क्रकूच्छन्द बुद्धको अस्थि स्तूप र अशोकल खडा गरेको जन्म–स्तम्भ अनुसार गरिएको हुँदा क्रकुच्छन्द बुद्धको जन्मस्थल पनि यहीं हुनु पर्दछ ।

कुदान– तौलिहवा बजारदेखि करीब २.४ किलोमिटर (डेढ माइल) दक्षिणमा लोरी कुदान नामक स्थान छ। यहाँ चारवटा थुम्का वा ढिस्काहरू र एउटा पोखरी छन् । यी थुम्काहरू स्तूप, मन्दिर, मठहरू भत्की अवशेषहरू थुप्रिएर बनेको देखिन्छ । बुद्धत्व प्राप्त गरे पछि शुद्धोदन राजाले आफ्नो छोरा सिद्धार्थलाई बोलाई भेटेको "निग्रोध आराम" भन्ने ठाउँ यही हो भन्ने अन्दाज गरिएको छ ।

शिवगढी– कपिलवस्तु जिल्लाको उत्तर–पश्चिमको भाग बाँके जिल्लाको सीमानासित जोडिएको छ । उक्त क्षेत्रको डाँडाको टुप्पामा एउटा पुरानो गढी र शिवजीको मन्दिर जङ्गलको बीचमा रहेको छ । यो गढी कोही प्राचीन राजाको हो भन्ने मानिन्छ । यसै शिवजीको मन्दिर रहेको ठाउँको नाउँबाट यस क्षेत्रको नाम पनि शिवराज अथवा स्यू राज रहेको भन्ने स्थानीय मानिसहरूको भनाइ छ । यहाँ महा शिवरात्रीको दिन मेला लाग्दछ ।

जनसंख्या र जनजीवन

जनसंख्या

यस कपिलवस्तु जिल्लाको जनसंख्या प्रत्येक वर्ष उल्लेखनीय मात्रामा बढ्दै गइरहेको छ। यसको कारण यहाँको मानिसहरूको जन्मदर बढ्नाले अथवा मृत्युदर घट्नाले मात्र नभई अन्यत्र जिल्लाहरूबाट बसोबास गर्न आउने मानिसहरूले गर्दा हो। प्रत्येक वर्ष छिमेकी जिल्लाहरू जस्तै गुल्मी, अर्घाखाँची, प्यूठान, स्याङ्जा आदिबाट मानिसहरू यहाँ बसोबास गर्न आउने गर्दछन्। खुला अन्तर्राष्ट्रिय सीमाना पनि यस जिल्लाको जनसंख्या वृद्धि हुनाको कारण बन्न गएको छ। उदाहरणको लागि कपिलवस्तु जिल्ला पञ्चायत र औलो उन्मूलन संघको कार्यालयमा भएको वि. सं. २०२७ को जनसंख्याको तथ्याङ्कअनुसार जम्मा जनसंख्या १,९८,४८७ बाट बढेर वि. सं. २०२८ को राष्ट्रिय जनगणनामा यस जिल्लाको कुल जनसंख्या २,०५,२१६ पुगेको छ। उक्त कुल जनसंख्या मध्ये पुरुष १,०५,५८९ अर्थात् ५१.४ प्रतिशत र महिला ९९,६२७ अर्थात् ४८.६ प्रतिशत छन्। यसबाट महिलावर्गभन्दा पुरुष वर्गको संख्या बढी भएको देखिन्छ। लुम्बिनी अञ्चलको कुल जनसंख्या मध्ये १७.६ प्रतिशत यस जिल्लामा बसोबास गर्दछन्। यस जिल्लाले जनसंख्याको दृष्टिकोणबाट अञ्चलका अन्य छ जिल्लाहरूमा चौथो स्थान प्राप्त गर्दछ। यस्तै जनसंख्याको दृष्टिकोणबाट अधिराज्यका ७५ जिल्लाहरूको तुलनामा यो जिल्ला १८ रौं स्थानमा पर्न आउँछ। यस कपिलवस्तु जिल्लाको क्षेत्रफल करीब १,५४४ वर्ग किलोमिटर छ। त्यसैले यस जिल्लाको सरदर जनसंख्याको घनत्व १३३ व्यक्ति प्रति वर्ग किलोमिटर हुन आउँछ।

यस कपिलवस्तु जिल्लाका मानिसहरू जम्मा ४०,६५१ घर परिवारमा बसेका छन्। अधिराज्य भित्रका अन्य जिल्लाहरू जस्तै यहाँ पनि घटीमा एक सदस्य देखि बढीमा बीस र सोभन्दा पनि बढी सदस्य भएका परिवारहरू छन्। २०२८ सालको जनगणनामा चार जना सदस्य भएको परिवार सबभन्दा बढी अर्थात् ६,४१० छन्। यस जिल्लाको औसत परिवार ५.०४ भएको उक्त तथ्याङ्कमा उल्लेख छ।

यो जिल्लाको कुल जनसंख्यामध्ये हुर्किरहेका बालबालिका, विद्यालय जान सक्ने र आर्थिक दृष्टिबाट सक्षम तथा आश्रित मानिसहरूलाई विभिन्न उमेर समूहमा विभाजन गर्दा निम्न तालिका बमोजिम हुन आउँछ।

---

१. वज्रानन्द वज्राचार्यको माथि उल्लिखित किताब, २०२९, पृष्ठ १४

उमेर समूहको तालिका

उमेर समूह	पुरुष		महिला		जम्मा	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
०-५	१७,३२४	१६.४	१७,३५४	१७.४	३४,६७८	१६.९
६-१५	२२,३३७	२१.१	१९,५३७	१९.६	४१,८७४	२०.४
१६ र माथि	६५,९२८	६२.५	६२,७३६	६३.०	१,२८,६६४	६२.७
जम्मा	१,०५,५८९	१००.०	९९,६२७	१००.०	२,०५,२१६	१००.०

उपरोक्त तालिकाअनुसार पाँचवर्ष र सोभन्दा मुनिका नाबालक केटाकेटीहरू यस जिल्लामा जम्मा संख्या ३४,६७८ अर्थात् १६.९ प्रतिशत छन् । विद्यालय जाने १५ वर्षसम्मको उमेर समूहमा जम्मा संख्या ४१,८७४ अर्थात् २०.४ प्रतिशत र बाँकी १,२८,६४४ अर्थात् ६२.७ सबै १६ वर्ष र सोभन्दा माथिको उमेर समूहभित्र पर्दछन् ।

त्यस्तै यस जिल्लाको कुल जनसंख्यालाई सक्षम र आश्रितको दृष्टिबाट बिचार गर्दा ९ वर्ष र सोभन्दा मुनि र ६० वर्ष र सोभन्दा माथिको उमेर भएका केटाकेटी एवं बृद्धलाई आर्थिक दृष्टिकोणबाट आश्रित मान्ने हो भने तिनीहरूको संख्या ६७,१०६ (३२.७ प्रतिशत) हुन आउँछ । अर्कोतर्फ १० वर्षदेखि ५९ वर्षसम्मको उमेर समूहलाई आर्थिक दृष्टिबाट सक्षम मानेमा तिनीहरूको संख्या १,३८,११० (६७. ३ प्रतिशत) हुन्छ । यसरी जिल्लाको आर्थिक निर्भरताको अनुपात १०० : ४९ अर्थात् प्रत्येक १०० जना सक्षम जनश्रमले आफू बाहेक अन्य ४९ जना आश्रित मानिसहरूलाई समेत पालिराखेका हुन्छन् ।

अन्तर्राष्ट्रिय चलन चलितअनुसार सक्षम र आश्रित जनसंख्याको उमेर समूह अलिफरक छ । यसअनुसार १५ वर्ष देखि ६४ वर्षसम्मको समूहलाई सक्षम र बाँकी जम्मै आश्रित मानिन्छ। उक्त समूह अनुसार यस कपिलवस्तु जिल्लाको सक्षम जनसंख्या १,२४,२५३ अर्थात् ६०.५ प्रतिशत पर्न आउँछन् । बाँकी ८०,९६३ अर्थात् ३९.५ प्रतिशत आश्रित समूहभित्र पर्दछन् । यसबाट प्रत्येक १०० सक्षम व्यक्ति माथि अरु थप ६५ आश्रित रहन्छन् । अर्को शब्दमा हरेक १०० जना सक्षम जनसंख्याले आफूसमेत १६५ जनालाई पालेका हुन्छन् । यसरी अन्तर्राष्ट्रिय चलनअनुसार आर्थिक निर्भरताको अनुपात १००:६५ हुन आउँछ ।

यो जिल्लाको वैवाहिक स्थितिलाई अध्ययन गर्दा वि. सं. २०२८ को जनगणनाअनुसार छ वर्ष र सोभन्दा बढी उमेर पुगेका कुल १,७०,५३८ जनामध्ये पुरुष ८८,२६५ र महिला ८२,२७३ छन् । त्यसमध्ये पुरुष ५९,४०१ र महिला ५९,४२० ले विवाह गरेको पाइन्छ । विवाहित जनसंख्यामध्ये १४ वर्ष भन्दा मुनिका केटा ४,५०६ र केटी ६,१८३ गरी जम्मा १०,६८९ पुगेको तथ्यबाट यस जिल्लामा अझै पनि बाल विवाहको प्रचलन भएको देखिन्छ । यस जिल्लामा विधुर संख्या ५,४४३ र बिधुवा संख्या ६,७५६ देखिन आउँछ । अन्य जिल्लाहरू सरह यहाँका मानिसहरूले पनि पारपाचुके गरेको पाइन्छ । यसरी पारपाचुके गर्ने पुरुष र महिलाको संख्या क्रमशः ४५३ र १७९ छन् ।

जिल्लाका मानिसहरूको नागरिकताको सम्बन्धमा कुल जनसंख्या २,०५,२१६ मध्ये १,९७,७८१ नेपाली नागरिक छन् । भारतीय सीमाना नजिकै पर्ने भएकोले यहाँ भारतीय नागरिकहरू पनि धेरै मात्रामा छन् । यस जिल्लामा बसोबास गरिरहेका भारतीय नागरिकहरू ७,३५४ मध्ये पुरुष ३,९२९ र महिला ३,४२५ जना छन् । यो संख्या जिल्लाको कुल जनसंख्याको३.६प्रतिशत पर्न आउँछ । बाँकी८१जना अन्य विदेशी नागरिक हुन् ।

कपिलवस्तु एक तराई जिल्ला हो । त्यसैले तराईमा बसोबास गर्ने यादव, कुर्मी, थारू जातिको संख्या यहाँ बढी हुनु स्वाभाविक हो । तर केही दशक यतादेखि बसाइँ सर्दै पहाडबाट आएका मानिसहरू पनि यस जिल्लामा बसोबास गरेका पाइन्छन् । यिनीहरूमा बाहुन, क्षेत्री, नेवार, मगर, गुरूङ आदि प्रमुख हुन् । यिनीहरूका घर–घरमा आफ्–आफ्नै मातृभाषा बोल्ने गरे तापनि अधिकांश मात्रामा अवधी भाषालाई प्रयोग गर्दछन् । तर आइमाईहरू बाहेक प्रायः सबै पुरुषहरू नेपाली भाषा बोल्न सक्तछन् । २०२८ को जनगणना अनुसार भाषा भाषीको आधारमा यो जिल्लाको जनसंख्या यस प्रकार छ ।

भाषा	संख्या
अवधी	१,६४,५५५
थारू	२१,९६४
नेपाली	९,८०६
नेवारी	२७९
मगर	१९८
गुरूङ	८४
मैथिली	८२
अन्य	८,२४८
जम्मा	२,०५,२१६

माथि उल्लिखित तालिकाअनुसार यस जिल्लामा सबभन्दा बढी बोलिने भाषा अवधी र दोस्रो थारू भाषालाई लिन सकिन्छ । त्यसपछि नेपाली भाषा पर्न आउँछ । यस बाहेक नेवारी, मगर, गुरूङ र मैथिलीको संख्या केही कम मात्रामा देखा पर्दछ । यसै तथ्याङ्कमा उल्लिखित अन्य भाषा बोल्नेको समहमा भोजपुरी, राजवंशी, सुनुवार, राई, शेर्पाको अतिरिक्त अन्य स्थानीय भाषाहरू पनि समावेश छन् ।

जिल्ला भित्रका अधिकांश मानिसहरू हिन्दू धर्मावलम्बी छन् । दोस्रो स्थानमा इस्लाम धर्म आउँछ । यस बाहेक केही मात्रामा बौद्ध तथा अन्य धर्म मान्नेहरू पनि छन् ।

जिल्लाभित्र हालसम्ममा जम्मा ८१ वटा गाउँ पञ्चायतहरू गठन भइसकेका छन् । यी पञ्चायतहरू र यिनको जनसंख्या निम्नअनुसार छ ।

पञ्चायत	जनसंख्या	पञ्चायत	जनसंख्या
१. अजिगरा	२,४६४	२. अभिराव	२,७९७
३. इटरोल	१,९१३	४. कजरहवा	२,३५६

५. कपिलवस्तु	४,४७७	६. कुशहवा	२,३८५
७. कोपवा	२,६६४	८. कृष्णनगर	२,६१७
९. खास विजुवा	२,३८८	१०. खुरहुरिया	३,३८५
११. गजेहडा ✓	२,८२४	१२. गणेशपुर	३,०४४
१३. गुगौली	२,४३७	१४. गोटीहवा	२,५८७
१५. गोवरी	३,२५९	१६. गौरापिपरा	२,२६९
१७. चनई	२,९६०	१८. चौदहवा	२,६०४
१९. छोटी भगवानपुर	४,२०५	२०. जमुनी	१,७४६
२१. जवाभारी	२,११९	२२. जुमिला	१,७०९
२३. झण्डेनगर	१,९५५	२४. ठूलो नन्दनगर	३,२११
२५. ठूलो वर्गदहवा	२,६०५	२६. डुमरा	२,२९५
२७. तितिर्खी	२,२२५	२८. तेनुवा माञ्त्रे फिदराट	४,०७३
२९. थुनिया	२,५०७	३०. दोहनी	२,७७२
३१. धनकौली	३,३४२	३२. धरम पनिया	२,०६५
३३. पकडी	२,२९५	३४. पटना	२,५४५
३५. पडरिया	२,४०२	३६. पतरिया	३,०५२
३७. परसोहिया	२,०३१	३८. पिपरा ✓	२,७३२
३९. पिपरी ✓	१,८९६	४०. पुरुषोत्तमपुर	२,१२१
४१. बकडरिया	२,५०८	४२. बडकी भगवानपुर	२,६०९
४३. बनगाँई	१,९५८	४४. बरकुलपुर	२,०१०
४५. बरैपुर	१,६४०	४६. बलरमवापुर	२,३८३
४७. बलुहवा	२,४७९	४८. वसन्तपुर	१,४६४
४९. बहादुरगञ्ज	२,९७६	५०. बाँसखोर	२,९३८
५१. बिठुवा	१,६९१	५२. बिसुनपुर	२,९९२
५३. वीरपुर	२,७६३	५४. बुढ्ढी	३,२९५
५५. बैदौली	२,१९४	५६. भडेहर माञ्त्रेगौरी	१,८८७
५७. भलुबारी	२,३२३	५८. भिल्मी	२,२८५
५९. महदेइया	१,८२१	६०. महाराजगञ्ज	२,९४८
६१. महुवा	३,१८३	६२. महेन्द्रकोट	३,१२२
६३. मालपारा	२,३७१	६४. मोतीपुर ✓	३,६९३
६५. रंगपुर	२,४१३	६६. रामनगर	२,३१९
६७. रेहरा	२,२९९	६८. लवनी	२,३२३
६९. लालपुर	१,६५६	७०. शिवपुर पल्टा	१,७७१
७१. शिवानगर	२,२५२	७२. सिर्सिहवा	२,०१६

७३. सिंहखोर	२,६६८	७४. सेमरी माञ्रे सिसवा	३,१८४
७५. सोमडीह	२,७८४	७६. सौहारा	१,८१९
७७. हथिहवा	३,८४६	७८. हथोसा ✓	२,४७८
७९. हर्दोना	२,१७७	८०. हरनामपुर	२,४०९
८१. हरिहरपुर	१,९३६		

उपर्युक्त तालिकाअनुसार यस जिल्लामा कुनै पनि पञ्चायतमा १,४६४ भन्दा कम जनसंख्या छैन । सबैभन्दा धेरै जनसंख्या हुने पञ्चायत कपिलवस्तु आदर्श गाउँ पञ्चायत हो । यसमा जम्मा ४,४७७ जना मानिसहरू बसोबास गर्दछन् । त्यस्तै जनसंख्याकै दृष्टिकोणले सबैभन्दा थोरै जनसंख्या हुने पञ्चायतको रूपमा वसन्तपुर गाउँ पञ्चायत हो, जसमा १,४६४ जना मानिसहरूमात्र बस्दछन् । अधिकांश पञ्चायतहरू २,००० देखि ३,००० सम्म जनसंख्या भएका छन् ।

जनजीवन

लुम्बिनी अञ्चलको यस कपिलवस्तु जिल्लामा हाल विभिन्न जात जातिल बसोबास गरेको भए तापनि यस जिल्लाको आदिबासीको रूपमा शाक्यहरूलाई लिइएको कुरा इतिहासको परिच्छेदमा पनि उल्लेख भइसकेको छ ।तर आदिबासीको रूपमा प्रख्यात उक्त शाक्यजातिको एउटै परिवार पनि हाल यस जिल्लामा रहेको देखिन्न । यिनीहरूमध्ये धरैजसोले इतिहासको विभिन्न कालमा बसाइँ सरेर गएका अनुमान गरिन्छ । बाँकी रहेका शाक्यहरूले परिस्थितिअनुसार सुरक्षाकोलागि सम्भवतः आफ्नो पुरानो जातीय नाउँ "शाक्य" त्यागी अर्कै नयाँ जात वा थर अपनाउन सफल भए ।

थारूहरू पनि यहाँका पुराना जाति नै हुन् । यिनीहरू विशेषगरी उत्तरी भागमा पर्ने जङ्गलको आसपासमा बसेका हुन्छन् । जिल्लामा यिनीहरूको संख्या मोटामोटी४०प्रतिशत भएको अनुमान गर्न सकिन्छ। यसरी आदिबासीहरूको अतिरिक्त भारतबाट आई पहिलेदेखि बसोबास गरिआएको अहिर यादव, बनिया, बाहुन, कुर्मी, मुसलमान, हरिजन आदि पनि यस जिल्लामा पाइन्छन् । त्यस्तै करीब दुई दशक अगाडि शुरू भएको औलो उन्मूलन कार्यक्रमले गर्दा छिमेकी पहाडी जिल्ला अर्घाखाँची, गुल्मी, बागलुङ, पाल्पा, स्याङजा आदिबाट पनि निक्कै संख्यामा मानिसहरू यसतर्फ झरेका पाइन्छन् । यसरी पहाडबाट झर्ने बाहुन, क्षेत्री, गुरुङ, मगर, नेवार आदि निक्कै छन् । त्यसैले यस कपिलवस्तु जिल्ला पनि नेपाल अधिराज्यका अन्य जिल्लाहरू सरह विभिन्न जातिहरूको साझा घर बनेको छ। यिनीहरूमध्ये केही प्रमुख जातिहरूको छोटकरीमा तल वर्णन गरिएको छ ।

थारू

थारू जाति यस जिल्लाकोमात्र नभई नेपाल अधिराज्यका तराई तथा भित्री मधेशमा बस्ने आदिबासीन्दाको रूपमा पनि लिइन्छन् । यिनीहरूको उत्पत्ति बारेमा विभिन्न मतहरू भएको पाइन्छ । "सिन्धुको थार" भन्ने ठाउँबाट आएका हुनाले यिनीहरूलाई थारू भनिएको हो भन्ने कसैको भनाइ छ । फेरि अरूको भनाइमा भारतमा मुसलमानहरूको राज्य स्थापना भएपछि उनीहरूको अत्याचार सहन नसकी राजपूत आइ-

भाई तथा केटाकेटीहरू यसतर्फ भागी आएका हुन् र पछि तीनै नोकरहरूसित बिहाबारी गरी बसेका मानिसहरू नै थारू हुन् ।[1] यसरी उच्च जातका आइमाईले आफ्नो नोकर चाकरलाई पनि मान्दछन् र घरायसी काम कारवाहीमा आइमाईलाई नै माथि राख्ने चलन अद्यापि यस जतिमा पाइन्छ ।

थारूहरू विभिन्न जातहरूमा विभाजन भएका छन् । यिनीहरूमध्ये यस जिल्लामा राना तथा दङरिया थारूहरू विशेषरूपले बसोबास गरेको पाइन्छ ।

थारू जाति यस जिल्लाको सबै भागमा बसेका छैनन् । यिनीहरू मुख्यरूपमा जिल्लाको उत्तरी भागको भावर प्रदेशभित्र पाइन्छन् । यिनीहरू बसोबास गरेका पञ्चायतहरू महेन्द्रकोट, बरकुलपुर, हरिहरपुर, बुढ्ढी, मोतीपुर, बरैंपुर, गजेहडा, पिपरा, तेनुवा, हथोसा, छोटी भगवानपुर आदि हुन् । यिनीहरू विशेषगरी भावर प्रदेशको घना जङ्गलको आसपासमा बस्न रूचाउँछन् । शहरी जीवन मन पराउँदैनन् । शहर बजारलाई उनीहरू "बाजीको" देश भन्दछन् । यसको मतलव थारूदेखि इतर अथवा विरानो हो ।

झट्ट हेर्दा भारतको दक्षिणी भागमा बस्ने द्रविदियन जस्तो लाग्ने थारू जातिको होचो कद, चेप्टो नाक, गोल आँखा, कालो वर्ण भई मंगोलियन आकृति देखिन्छन् । यिनीहरूको रहन सहन र भाषा रीतिरिवाज आफ्नै प्रकारका हुन्छन् । उनीहरू आपसमा थारू भाषामा बोल्ने गर्दछन् । यसमा अवधी, भोजपुरी, हिन्दी आदिभाषाको सम्मिश्रण भएको पाइन्छ । तर जिल्लाका अन्य जातिहरूसित बोल्नु पर्दा स्थानीय तराई भाषा वा राष्ट्र भाषा नेपाली प्रयोग गर्दछन् ।

यिनीहरूको भेष भूषा पनि भिन्न किसिमको हुन्छ । पुरुषहरू एक प्रकारको भोटो, कुर्ता र धोती लाउँछन् । आइमाईहरू साधारणतया कालो र ठाउँ ठाउँमा रातो भएको चोलो ब्लाउज र लेहंगा जामा लाउँछन् । यिनीहरूको जामा पनि अधिराज्यका अन्य थारू जातिहरूभन्दा भिन्नै हुन्छ अर्थात् पछाडी पट्टि मुजाले पूरा ढाकेको हुन्छ र अगाडि पट्टि बीचमा फूर्का जस्तो पारेको हुन्छ र तलतिर खुलै हुन्छ । आजकाल केही लोग्ने मानिसहरू पाइण्ट कमीज र आइमाईहरू मेला जात्रामा जान सारी र ब्लाउज लगाउन थालेका छन् । आइमाईहरू गहना लगाउन असाध्यै मन पराउँछन् । यिनीहरूले लगाउने गहनाहरूमध्ये कुरा (कल्ली), ठैडिया (पाखुरामा लगाउने एक किसिमको बाजु), हुँसुली (घाँटीमा लगाउने), पछेल्ला (हातमा लाउने), दरकी (कानमा लगाउने), कंधन (पेटी), नोक्साखील (नाकमा लगाउने) आदि मुख्य हुन् ।

यस जातिको मुख्य पेशाकोरूपमा खेतीलाई नै लिइन्छ । यिनीहरूको खेतीपाती पुरानो तरीकाबाट भए पनि प्रशस्त मल र जलको व्यवस्था गरी निकै राम्रोसँग खेती गर्दछन् । यिनीहरूले गाई, गोरू, भैंसी, भेंडा, बाखा, सुंगुर, हाँस, कुखुरा, परेवा आदि पालेका हुन्छन् । यिनीहरू गाईलाई कमै दुहुने गर्दछन् । गाई, गोरू, बाछा, बाछी नबाँधी एकै गोठमा राख्ने चलन छ । खाली खेतीकालागि गोबर मलको निमित्त र हलो गाडाको लागि बैल चाहिने भएकाले मात्र गाई पाल्दछन् । गाईको दूध बाछोलाई नै ठीक हुने ठानी गाई दुहुन उनीहरू अनुचित ठान्दछन् ।

---

1. Bista, Dor Bahadur—People of Nepal, 2nd Edition 1972, p. 119

थारू जातिका आइमाईहरू निकै मेहनती हुन्छन् । यिनीहरू ढकिया, मचीया, गुन्द्री आदि बनाउने काम गर्दछन् । लोग्ने मानिसहरू माटाका भाँडा, हलो, जुवा, खटिया, जालबुन्ने काम पनि गर्दछन् । यस बाहेक अन्य दैनिक सामानहरू जस्तै कपडा, नून, मट्टीतेल, तेल, फलामको औजार तथा धातुका भाँडा वर्तनकोलागि शहर बजार आवत जावत गर्दछन् ।

यिनीहरूको धार्मिक परम्परा र विश्वास आफ्नै प्रकारको छ । ठूल–ठूला रुखको फेदमा वा झाडीहरूमा ढुङ्गा ठड्याएर माटोको ढिस्का बनाएर थारूहरूले पूजा गरेको देखिन्छ । मूर्ति कतै नभए पनि दिउहार, समयमाई, चमरिया आदि देवी तथा देउवा, रक्सा, बैरा, दहरचण्डी, वनसप्ती र कारा देउ जस्ता देवताहरूको पूजा गर्दछन् । दहरचण्डी भन्ने देवता बाटा बाटामा काठको मूढाकोरूपमा गाडेको हुन्छ । वनसप्ती भन्ने देवी जङ्गलको बीचमा हुन्छ । पहाडमा देउराली जस्तो ढुङ्गा स्याउलाहरू बटुवाहरूले थुपारी थुप्रो बनाएको हुन्छ । देउवा चाहिं घरभित्र पूजा गरिने कुल देवता हो । माटाका बाघ, हात्ती, घोडा बनाएर पनि थारूहरू देवतालाई चढाउँछन् । उनीहरूको पुरोहित वा पूजारी थारू जातिकै "गुरुवा" वा "सोखा" भन्ने हुन्छ । यिनीहरूमा पनि देवताहरू कुपीत भई मानिसलाई रोग लाग्छ भन्ने विश्वास छ । भूत–प्रेतहरूमा पनि यिनीहरू ज्यादै विश्वास गर्दछन् । कुनै रोग लाग्यो भने "गुरूवा" वा सोखा"ले कुनै देव वा देवी कुपीत भएको अथवा कुन भूत–प्रेत लागेको हो बताउँछन् । देव, देवता पूजा गर्नु पर्ने वा भूत–प्रेत पन्छाउनु पर्ने काम पुरोहित गुरुवाले गरिदिन्छ । गुरुवा वा सोखा धामी जस्तै कामी मन्त्र-तन्त्रद्वारा भूत–प्रेत, देवता आदिको दोष हटाई उपचार गर्दछन् ।

थारू जातिमा बच्चा पैदा भएको छैठौं दिनमा नाभी झरेपछि आफूलाई शुद्ध मान्छन् । परिवारका सबैले कुवामा गई नुहाई धुवाई गरी टीका लगाई घरमा आई चामलको पीठोको केक सठौरा बनाई नजीकका सबै छिमेकीलाई बाँड्ने गर्दछन् । बच्चा जन्मेको बाह्रौं दिनमा मात्रै आफ्ना नाता कुटुम्बहरूलाई भोज खुवाउँछन् । न्वारान ब्रतबन्ध जस्तो कुनै संस्कार यिनीहरूको हुँदैन । तर बच्चा एक वर्ष पुगेपछि पाँचवर्षभित्रमा नाउँले कपाल खौरी टुप्पी राखिदिन्छ । यसरी कुनै धार्मिक संस्कार बिना यिनीहरूले टुप्पी राखेका हुन्छन् ।

थारू समाजमा विवाहको लागि केटीतर्फबाट केटा खोज्ने लगाउँछन् । जब केटातर्फको आमा बाबुले विवाह पक्की गर्दछन् त्यसबेला केटी तर्फबाट आएका मानिसहरू आफ्ना गाउँको नाताहरू सहित खसी काटी भोज गरी विवाहको घोषणा गर्दछन् । घरको अवस्था हेरी एक दुई महीना देखि लिएर एक दुई वर्ष पछि पनि विवाहको दिन तोक्न सक्तछन् । तोकिएको दिनमा दुलहालाई लिएर बरियात जान्छन् र दुलहालाई केटीको घरको ढोकामा उभ्याई पर्छने[1] क्रिया गर्दछन् । यो क्रिया केटीको आमा अथवा दिदी बहिनीले गर्दछन् । त्यसपछि बरियातका सबैलाई भोज ख्वाउँछन् । भोज खाइसकेपछि राति करीब ११ बजेदेखि विवाहको कार्य प्रारम्भ हुन्छ । कन्यादानमा सबै पाहुनाहरूले दुलहा र दुलहीको खुट्टा धोई टीका लगाइदिन्छन् र आफ्नो श्रद्धा अनुसार एक एक गर्दुवा (उपहार) दिने चलन छ । त्यसपछि दुवैले जग्यशाला सात चोटी घुम्दछन् । त्यसबेला दुलहीको भाइले तिनीहरूको पिठ्यूँमा लाभा छर्ने काम गर्दछन् । अनि दुलहाले दुलहीको बुढी औंला समातेर सिलौटमा छुवाउने गर्दछन् । त्यसपछि दुलाहाले काँटा र सुन हातमा लिएर दुलहीलाई सिन्दूर राखिदिन्छ ।

---

[1] दुलहालाई ढोका अगाडि राखी सिलौटे लोहरी र सेडरू मदनी (दही मथ्ने) आदि वस्तुले शरीरमा घुमाउने र तोरी आगोमा पड्काउने क्रियालाई "पर्छने" भन्दछन् ।

त्यसपछि हवन कार्य हुन्छ । गजुवा (दुलहा) र गजइन (दुलही) को रक्षकहरूले आफ्नो पारिश्रमिक लिन्छन् । त्यति भइसकेपछि दुलहीलाई लिएर बरियात घर फर्कन्छन् फेरी केटा तर्फ भोज हुन्छ ।

थारू जातिमा मृत्यु हुँदा बच्चा अवस्थामा छ भने गाड्ने र प्रौढ अवस्थामा भए शक्ति अनुसार जलाउने र गाड्ने गर्दछन् ।

थारू जातिको सबभन्दा ठूलो चाड-पर्व वडका इतवार हो । भदौ महीनाको सबभन्दा पछिल्लो आइतवारलाई नै उनीहरू "वडका इतवर" भन्दछन् र त्यस दिन हिन्दूहरूले दशैं मनाए जस्तै देव-देवता पूजा गरेर राम्रा राम्रा लुगा लगाई मीठो मीठो चीज बीज खाएर चाड पर्व मनाउँछन् । यिनीहरू दशहरा भनी दशैं पनि तीन दिनसम्म मनाउँछन् ।

मुसलनान

यस जिल्लामा मुसलमान निक्कै ठूलो संख्यामा छन् । विशेषगरी यिनीहरू जिल्लाको दक्षिणी भागमा बसेका छन् ।

यस जिल्लाका मुसलमानहरूको रहनसहन र भेषभूषामा अरूजातिहरूसित मिल्दो जुल्दो रहेको र भाषा पनि स्थानीय अवधी भाषा बोल्ने गरे तापनि धार्मिक दृष्टिकोणले उनीहरू आफ्नै धर्म मान्दछन् । यिनीहरूको बढी संख्या भएका गाउँहरूमा मस्जिद बनाइएका छन् । हरेक शुक्रबार दिनको एक बजेतिर उनीहरू मस्जिदमा गई नमाज पढ्दछन् । यिनीहरू मध्ये कसै कसैले साँझ बिहानै पनि यताउति नमाज पढ्दै गरेको देखिन्छ ।

मुसलमान जातिका दुई थरी शिया र सुन्नीमा यस जिल्लामा सुन्नी जातिनै धेरै रहेको पाइन्छ । साधारण बोलचालमा यहाँका मुसलमानहरूले उर्दू भाषा बोलेको सुनिंदैन र यसको लिपि प्रयोगमा ल्याइएको पनि देखिंदैन तापनि मस्जिदहरू भएको ठाउँमा उर्दू लिपि र भाषा पढाउने प्राथमिक तहका पाठशालाहरू खोलिएको देखिन्छन् । यस जिल्लाको झण्डिनगर बजारमा माध्यमिकस्तरको एउटा मदरसा पाठशाला पनि छ ।

धनी मुसलमानहरू प्रत्येक वर्ष कावामा हज गर्न जान्छन् । विशेषगरी वृद्ध अवस्थामा हज गर्न जाने गर्दछन् । उनीहरू धर्मको दृष्टिबाट निषेद गरिएको मार हानेको मासु खाँदैनन् । हलाहल गरेको वा रेटेर मारेकै खसी, बोका आदिको मात्र मासु खाने गर्दछन् ।

यस जाति पनि हिन्दू जस्तै खेती र बसोबासकालागि यहाँ समय–समयमा आई बसेका थिए । उनीहरूले आफ्नो धर्म, संस्कृति र रहन सहनको पालन गरी आएका छन् । यस जातिमा भएका अनेक उप जातिहरू मध्ये दर्जी,, मौलवी, धोबी, हजाम, चौधरी आदि मुख्य हुन् ।

साधारणतया यिनीहरूको रहन सहन, व्यवहार आदिमा हिन्दूहरूसितै मिल्दो जुल्दो भएतापनि चुच्चे टोपी, कुर्ता, लुंगी, लाउने, जुंगा खौरी दारी पाल्ने, बुर्का लगाउने चलन इत्यादिबाट मुसलमानहरूको संस्कृति छुट्टिन्छ ।

यहाँका धनी मुसलमान परिवारमा आइमाईहरूको पर्दा प्रथा अहिलेसम्म पनि कायमै रहेको देखिन्छ । यिनीहरू आफ्ना जातीय चाड पर्व इद, मोहर्रम आदि परम्परागत विधि अनुसार नै मनाउँछन् ।

बच्चा जन्मेको चारदेखि आठवर्ष भित्रमा उनीहरूको आफ्नै धार्मिक विधि अनुसारको न्वारान हुन्छ । उक्त अवसरमा नमाज पढ्ने र नजीकका नाता कुटुम्बहरूलाई भोज ख्वाउने चलन छ ।

यिनीहरूको बिहाबारी पनि अन्य नेपालीहरूको बिहाबारी प्रथाभन्दा बेग्लै देखिन्छ । एकै आमा बाबुको सन्तान बाहेक अरू कुनैसित विवाह गर्न सक्तछन् । यिनीहरूको विवाह धेरैजसो आमा-बाबुमार्फत् नै मिलाइन्छन् । दुवैतर्फबाट कुरा मिलिसकेपछि केटीको बाबुले केटातर्फको बाबुलाई आफ्नो छोरी स्वीकार्न अनुरोध गरेपछि केटाको बाबुले गाउँका अन्य साक्षीहरू समक्ष स्वीकार गर्दछ । यस क्रियालाई "निस्वत" भन्दछन् ।[1] निस्वत भएको करीब एक वर्षपछि पनि विवाह हुन सक्तछ । यस बीचमा ती दुई परिवारहरूमा खानेकुराको उपहारहरू आदान प्रदान गर्दछन् । विवाहको दिन आफ्ना केही मित्र तथा नाता कुटुम्बहरू सहित दुलहीको घरमा जान्छन् । उसले दुलहीको लागि केही लुगा तथा गहनाहरू उपहार स्वरूप लगेको हुन्छ । केटीको आमा बाबुले पनि आफ्ना छोरीलाई औगात अनुसारको भाँडा वर्तन, लुगा, गहना दहेजस्वरूप दिने चलन छ । त्यसपछि दुलहीको बाबुले दुलहाको बाबुलाई दहेजकैरूपमा ५०।६० रूपैयाँ दिने गर्दछन् ।

विवाहकै समयमा दुलहाले दुलहीकोलागि केही रूपैयाँ तिर्न कबुलियत पनि गर्नु पर्दछ । यो रूपैयाँ पारपाचुकेको लागि छुट्याइन्छ । यसलाई दुलही मूल्य अथवा स्थानीय भाषामा "महर" भन्दछन् । यस महरको रूपैयाँ ती दुई परिवारहरूको औगात हेरी रू. ५०। देखि केही हजारसम्म पनि पुग्न सक्तछ ।

मुसलमानहरूको मृतक व्यक्तिहरूलाई गाड्ने चलन छ । चिहानमा लानुभन्दा पहिले मृत शरीरलाई राम्ररी पानीले धोई सफा गरिसकेपछि कपूर र अत्तरले छर्की दिन्छ । यो क्रिया मानिसको मृत्यु हुनासाथै गरेर चिहानतर्फ लगिन्छ । त्यसपछि खाल्टो खनी खाल्टोमा लास हालेपछि लास माथि कपडाले ढाकी दिन्छन्। धनी ममुसलमानहरू चिहान माथि सम्झनास्वरूप मस्जिद बनाउने गर्दछन् ।

मुसलमानहरूका मस्जिदहरू चन्द्रमा मीनार उर्दू अक्षरमा लेखिएका धार्मिक वाक्यहरूले सजाएका हुन्छन् । यिनीहरूको पक्कीघरहरूमा पनि यस्तै सजावट पाइन्छ ।

संस्कृति

विभिन्न प्रकारको जाति तथा संस्कृतिको साझा घरको रूपमा रहेको यस कपिलवस्तु जिल्लामा आफ्-आफ्नै प्रकारको सांस्कृतिक र रीति स्थितिहरू पनि छन् । त्यस्तै यहाँ विभिन्न धर्ममा आस्था राख्ने मानिसहरू पनि छन् । यसै सिलसिलामा सुख्खा लागेको समयमा यस जिल्लाबासीहरूले अपनाउने विधि एउटा अत्यन्त रोचक छ ।

---

[1] Bista, Dor Bahadur— op. cit. p. 155

गत २०२९ सालको वर्षातको समयमा पानी नपरी सुक्खा लागेको बेला गाउँ–गाउँका हजारौं महिलाहरू वाणगङ्गाका नदीबाट लोटामा पानी भरी शिवजीको स्तुति गाउँदै तौलिहवा वजार स्थित तौलेश्वर नाथ(जिल्लाको सबैभन्दा ठूलो शिव मन्दिर)मा गई महिलाहरूले जल चढाएका थिए। बच्चा भएकी महिलाहरूले आपना स्तनको दूध शिवजीमा चढाउने प्रथा पनि छ। अन्य महिलाहरूले गाईको दूध लोटामा ल्याई शिवजीमा चढाएका थिए। उसबेला एक व्यक्तिले त सुक्खाको दुखद स्थितिको महसूस गरी भावावेशमा आएर दशौं औंलाहरूका टुप्पाहरू काटी तौलेश्वरनाथमा रगत पनि चढाएका थिए। पछि घाउको वेदना सहन नसकी उनको देहावसान भएको बुझिन्छ।[1]

यसरी सुक्खा लागेको बेला वाणगङ्गा नदीको रामघाटमा गई नुहाउने, पाठपूजा यज्ञगर्ने चलन पनि छ। जिल्लाका प्रतिष्ठित व्यक्तिहरू समेत अनावृष्टिको बेला पानी माग्ने भनि बाण गङ्गामा डुबुल्की मार्ने गरेको चलन पनि पाइन्छ। यसरी डुबुल्की लगाउन लगाए पछि पानी पर्छ भन्ने स्थानीय जनताको विश्वास छ।

यसबाट जिल्लामा रहेका विभिन्न धर्मका अनुयायीहरूको बीच धार्मिक सहिष्णुता र केही हदसम्म धार्मिक एकतासमेत रहेको देखिन्छ।

---

१ वज्रानन्द वज्राचार्यको माथि उल्लिखित किताब, पृष्ठ ५७

आर्थिक व्यवस्था

नेपाल अधिराज्यका कतिपय तराईका जिल्ला सरह यो जिल्ला पनि खाद्यान्नमा सम्पन्न छ । यस कृषिप्रधान जिल्लामा खाद्यान्नको उत्पादन बढी हुने हुँदा पहाडका अन्य जिल्लाहरू जस्तै गुल्मी, अर्घाखाँची, बागलुङ, प्यूठान तथा पालपासम्मका व्यापारीहरूले यहाँबाट खाद्यान्न लगी बेच्ने गरेका छन् । आर्थिक रूपले सक्रिय हुने ९०,७३१ जनसंख्यामध्ये ८६,२४१ जनसंख्याले कृषि सम्बन्धी व्यवसायमा लागिरहेको देखिन आएको छ । यो संख्या सक्रिय जनसंख्याको करीब ९५.०५ प्रतिशत तथा सम्पूर्ण जनसंख्याको करीब ४२.०२ प्रतिशत हुन आउँछ । कृषिप्रधान जिल्ला भएको हुनाले यहाँ स्वभावतः कृषिमा आधारित उद्योगहरू बढी छन् । केही अरू ससाना मिल कारखानाहरू पनि यहाँ छन् । एउटा चीनी कारखानाको स्थापनाबारे सम्भाव्यता अध्ययन पनि भएको छ र स्थापना गर्ने प्रारम्भिक कारवाहीहरूको शुरुवात भएको छ ।

कृषि

यस जिल्लाको कुल क्षेत्रफल १,५४,४०० हेक्टर (१,५४४ वर्ग किलोमिटर) मध्ये वि. सं. २०२८ को कृषि तथ्याङ्कअनुसार यहाँ ७७,००० हेक्टर जमीनमा खेती गरिएको छ । यसरी यहाँ कुल भूमिको ४९.८ प्रतिशत भूमिमा खेतीपाती गरिन्छ । यहाँ खेतीयोग्य भूमि र जनसंख्याको अनुपात प्रतिव्यक्ति करीब ०.३७ हेक्टर भूमि अथवा १०० व्यक्तिको लागि करीब ३७.५ हेक्टर भूमि पर्छ । आर्थिक वर्ष २०२७।०२८ मा यहाँ १,३२,३०० मेट्रिक टन खाद्यान्न उत्पादन भएको थियो । यसमध्ये बीज बीजनकोलागि आवश्यक हुने ४,६०० मेट्रिक टन पशुलाई खुवाउने, कीरा तथा चराचुरुङ्गीहरूले खाएर नासिने र अरू विभिन्न कारणले हानिनोक्सानी भई खेर जाने १२,८०० मेट्रिक टन तथा भूस धूलो आदिबाट खेर जाने ३९,५०० मेट्रिक टन कटाउँदा ७५,४०० मेट्रिक टन खान योग्यअनाज बाँकी रहन्छ । एक व्यक्तिलाई वार्षिक १९० किलोग्रामको दरले जम्मा ३८,९९० मेट्रिक टन अनाज जिल्लाभित्र खपत हुन्छ । यसरी यस जिल्लामा प्रति वर्ष करीब ३६,४१० मेट्रिक टन खाद्यान्नको बचत हुन्छ ।

यो जिल्लाको सम्पूर्ण भू-भाग समथल छ । यस जिल्लाभित्रको खेतीयोग्य जग्गालाई धनहर (खेत) र भिट (पाखो) भनिन्छ । धनहर जग्गामा धान र भिट जग्गामा मकै, गहुँ, कोदो, तोरी, रहर तथा उखु लगान्छ । यस जिल्लामा रबी, अगहनी तथा भदैया गरी तीन किसिमको बाली लगाउने चलन छ । रबी बाली हिउँदमा अगहनीबालीहरू साउनदेखि मंसीरसम्म तथा भदैयाबाली असारदेखि असोजसम्ममा काटिन्छ ।

यहाँ धान, गहुँ, मकै, जौ, कोदो, रहर मास, आलु, तोरी, सुर्ती तथा उखुको खती गरिन्छ। यस जिल्लाको प्रमुख नगदे बालीको रूपमा उखु तथा तोरी देखिन्छ। सुर्ती र सनपाटको पनि केही खेती गरिन्छ।

आर्थिक वर्ष २०२४।०२५ देखि २०२९।०३० सम्मको विभिन्न बालीहरूको उत्पादन तथा बाली लगाइएको क्षेत्रफलको स्थिति कृषि तथ्याङ्कअनुसार निम्न बमोजिमको देखिन्छ :–

क्षेत्रफल र उत्पादन तालिका

क्षेत्र– हेक्टरमा
उत्पादन– मेट्रिक टनमा

	२०२४।२५	२०२५।२६	२०२६।२७	२०२७।२८	२०२८।२९	२०२९।३०
धान क्षेत्र	६१,५००	६१,५००	६२,०००	६२,२००	६२,३०५	६०,०००
उत्पादन	१,०६,३९५	१,०७,०१०	१,०९,१२०	१,११,९६०	१,१२,७७२	१,०५,०००
मकै क्षेत्र	६,३००	६,४००	६,४००	६,६००	७,५००	६,५००
उत्पादन	९,८२८	१०,०८०	१०,२०४	१०,७५८	१२,२२५	११,८९५
गहुँ क्षेत्र	१०,०००	११,५००	१३,५००	१३,२००	१५,०००	१३,०००
उत्पादन	९,२५०	१०,९२५	१३,२३०	८,४४८	११,८५०	१३,८००
कोदो क्षेत्र	८००	७५०	८००	७५०		७००
उत्पादन	६४०	६००	६७२	६३७		५९५
जौ क्षेत्र	६००	६००	६५०	६६०		६५०
उत्पादन	४२०	४२०	४६५	४७२		४७१
आलु क्षेत्र	४००	४५०	५००	५५०		५५०
उत्पादन	२,९६०	३,३३०	३,८००	४,१२५		४,४२७
तोरी क्षेत्र	१,८००	१,८००	१,९००	१,९००		१,९००
उत्पादन	९१८	१,००८	१,०४५	९५०		७७९
सुर्ती क्षेत्र	७०	७५	७५	८०		८५
उत्पादन	४९	५२	५३	५६		६०
उखु क्षेत्र	१,०००	१,१००	१,२००	१,२५०		१,३००
उत्पादन	१५,२००	१६,५००	१९,५६०	२०,८७५		२१,७४३
सनपाट क्षेत्र	४०	४५	४५	५०		
उत्पादन	३०	३४	३५	३९		
जम्मा क्षेत्रफल	८२,५१०	८४,२२०	८७,०७०	८७,२४०		८४,४८५
उत्पादन	१,४५,६९०	१,४९,९५९	१,५८,१८४	१,५८,३२०		१,५८,७७०

कपिलवस्तु जिल्लामा परम्परागत तरीकाबाट नै बढी खेती गरिन्छ। उन्नत बीज बीजनको प्रयोग गर्ने किसानहरूको संख्या निकै कम देखिन्छ। खेतमा पशुहरूको गोबरलाई नै प्रमुख मलको रूपमा प्रयोग गरिन्छ। करीब ६०–६५ गाडा गोबर प्रति हेक्टर खेतमा मलको रूपमा बीउ छर्नुभन्दा अगाडि प्रयोग गरिन्छ। यहाँ रासायनिक मलको प्रयोग पनि बढ्दै गएको देखिन्छ।

कृषि औजारहरूमा विशेष गरी हेक्टर, विकास हलो, कोदालो र हँसियाहरूको प्रयोग गरिन्छ। कृषि औजार कारखानाद्वारा निर्मित भएको औजारहरूको प्रयोग बढ्दै गएको छ। हँसिया, कोदालो तथा हलो जस्ता औजारहरू जिल्ला भित्रका कामीहरूले पनि निर्माण गर्दछन्।

यस जिल्लामा कुनै जाति विशेष मात्र कृषि पेशामा लागेका छैनन्। सबैले समानरूपले कृषि पेसामा लागेको देखिन्छ। खेती गर्दा प्रायः ज्यालादारीमा ज्यामीहरू लगाई खेती गर्ने चलन यहाँ पाइन्छ।

भूमि व्यवस्था

कपिलवस्तु जिल्लामा भूमि सुधार कायक्रम लागू भइसकेको छ। वि. सं. २०२६ को नापी अनुसार यस जिल्लामा दर्ता भएको जम्मा जग्गा करीब ८१,९९८ हेक्टर (१,२०,५८५ बिघा) देखिएको छ। यसको अतिरिक्त दर्ता नभएको पाखो र खेतगरी आवादी जग्गा करीब १०,२४२ हेक्टर (१५,०६२ बिघा) छ। दर्ता भएका जग्गाको गुण अनुसार निम्न प्रकारले विभाजन गरिसकेको छ।

		अवल	दोयम	सीम	चाहार
धनहर–	बिघा–	३१,१६८	विघा– ५१,०१८	बिघा– ६,६१०	–
	हेक्टरमा–	२१,१९४	हेक्टरमा ३४,६९२	हेक्टरमा ४,४९५	–
भोठ–	बिघा–	३१,७८९	–	–	–
	हेक्टरमा–	२१,६१७	–	–	–

यस जिल्लामा मोहियानी हक प्राप्त गरी सकेका किसानहरूको संख्या २४,५५७ छन्। दर्ता भएको जग्गालाई आधारमानी जग्गाको स्वामित्वको वर्गीकरण निम्न बमोजिम देखिन आउँछ।

४ बिघा (२.७ हेक्टर) भन्दा कम हुने जग्गा धनीको संख्या–	२८,१५४
४ बिघा (२.७ हेक्टर.) देखि १० बिघा (६.८ हेक्टर) सम्म हुने जग्गा धनीको संख्या–	५,७८३
१० बिघा (६.८ हेक्टर) देखि १५ बिघा (१० हेक्टर) सम्म हुने जग्गा धनीको संख्या–	१,२६९
१५ बिघा (१० हेक्टर) देखि २५ बिघा (१७ हेक्टर) सम्म हुने जग्गा धनीको संख्या–	९८६
२५ बिघा (१७ हेक्टर) भन्दा माथि हुने जग्गा धनीको संख्या–	९४

भूमि प्रशासन लागू हुनुभन्दा अगाडि यस जिल्लामा करीब १३,००० जमीनदार तथा ६८ जवान पटवारीद्वारा मालपोत असूल गरिन्थ्यो। भूमि प्रशासन लागू भएपछि कोष तथा तहसील कार्यालयद्वारा मालपोत उठाइन्छ। यस जिल्लाको लगतअनुसार प्रति वर्ष करीब रू. ५७,१४,०७०। मालपोत असूल हुन्छ। यस जिल्लामा ८३१ मौजा छन्।

भूमि सुधार लागू भएपछि यस जिल्लामा जम्मा हदवन्दी भन्दा बढी देखिएको जग्गा २१० हेक्टर (३११ बिघा) र त्यसमध्ये ३६ हेक्टर (५३ बिघा) जग्गा बिक्री वितरण पनि भइसकेको छ। भूमिसुधार कार्यक्रम अन्तर्गत किसानहरूको ऋण निश्चित गर्ने कार्य पनि भएको छ। यस अनुसार यस जिल्लामा रू. ८,२९,३६३। ऋण निश्चित भएको छ। त्यसमध्ये ऋणीहरूले तिर्नु नपर्ने गरी मिनाहा भएको रू.१,४०,८३५। र ऋणीलाई नै १४५ हेक्टर (२१३ बिघा) जग्गा फिर्ता पनि भएको छ।

भूमि सुधार कार्यक्रमको सिलसिलामा अनिवार्य बचत योजना अन्तर्गत जिन्सी १,६०,०८४ मनको हुन आउने रकम रू. ५७,७८,५५४। र नगदीमा रू. १,७२,७९३। गरी जम्मा रू. ५९,५१,३४७। बचत सङ्कलन भएको छ। यस मध्ये रू. ४६,३६,०००। भूमि सुधार बचत संस्थानमा हस्तान्तरण भएको थियो। भूमि-सुधार बचत संस्थान हाल कृषि विकास बैंकमा गाभिन गएको छ।

पशुपालन

यस जिल्लामा गाई, गोरू, भैंसी, राँगो, बाखा, भेडा, सुंगुर, घोडा तथा हात्ती पाल्ने चलन बढी देखिन्छ। गाई भैंसी खास गरी दूध खानाको निमित्त पालिन्छ भने बाखा भेडा सुंगुर मासु खानको निमित्त पालिन्छ। घोडा र खास गरी हात्ती वर्षा याममा सवारीको लागि बढी उपयोगी हुने भएकोले पालिन्छन। पशु बाहेक कुखुरा, हाँस, परेवा आदि पनि मासु खानाको लागि पालिन्छन्। त्यस्तै जोतन र सवारीको लागि पनि प्रायः प्रत्येक परिवारले गोरू पालदछ।

यस जिल्लामा पशु चिकित्सालय वि. सं. २०२७ देखि स्थापना भएको छ। औषधोपचारको निमित्त प्रायः सबै प्रकारका पशुपक्षीहरू चिकित्सालयमा ल्याइन्छन्। आर्थिक वर्ष २०२९।२०३० मा जम्मा उपचार भएको पशुपक्षीको संख्या ३,५६५ थियो। यहाँ गौ गोटीको रोकथाम कार्यक्रम पनि चलाइएको छ। बेला बेलामा एच. एस. भ्याक्सिनेशन पनि लगाउने कार्यक्रम छ।

फलफूल खेती

यस जिल्लामा आँप, लीची, अम्बा, कटहर, केरा, ज्यामीर र कागतीको खेती गरिन्छ। खासगरी आँप, लीची, कटहर, अम्बा र केरा मुख्य रूपले लगाइन्छ। बागवानीको क्षेत्रमा कृषि विकास कार्यालयद्वारा काजु र सुपारीको खेती गर्न उत्साहित गराइएको छ। कटहरका बोटहरू लगाउनमा कृषकहरूले बढी अभिरूचि देखाएका छन्।

सिचाइ

कपिलवस्तु जिल्लामा अनेकौं नदी नालाहरू छन्। वाणगङ्गा यस जिल्लाको प्रमुख नदी हो। यसका अतिरिक्त कोठी, मर्थी, जमुहार, वल, गुडगुडवा, अगिया, कैला, घिरिया कुनुख्वा, सुरही कन्चनिया, घोरही चिरइ, विश्व, चरंहवा र अर्रा नदीहरू छन्। यहाँका साना–साना नदीहरूलाई सिचाइको लागि प्रयोग गरिएको छ। कतिपय गाउँ पञ्चायतले उक्त नदीहरूबाट सिचाइको व्यवस्था गरेको देखिन्छ। यस जिल्लाको करीब १०,८०९ हेक्टरमा (१५,९९७ बिघामा) सिचाइ हुन्छ। यो आवादी जग्गाको ११.७ प्रतिशत हुन आउँछ।

यो जिल्लामा केही ठूला र लघु सिचाइ योजना सञ्चालन भइरहेका छन्। ठूला साना सिचाइ योजनाहरू निम्न प्रकारका छन्।

सिचाइ आयोजनाको नाम	सिचाइ हुने क्षेत्र (हेक्टरमा)
बाणगङ्गा सिचाइ योजना	६,०७३
भुतहाबाँध	१,६१९
कन्चनियाबाँध	६४८
जमुहारबाँध	६०७
मर्थीबाँध	८१०
लट्ठहवाबाँध	१६२
सागरताल	४०
जवई सिचाइ योजना	२०२
कच्चीबाँध तौलिहवा नहर शाखा	६४८

उपर्युक्त बाँधहरूको अतिरिक्त तौलिहवा, गोश्वारा पोखरी र धर्म पनिया पोखरीद्वारा पनि सिचाइ गरिन्छ। स्थानीय विकास विभागको विकास अनुदानबाट ३२ गाउँ पञ्चायतमा गरिएको पम्प बोरिङ कार्यक्रमअनुसार ३२ ट्यूबवेल पाइप वितरण गरिएको छ । प्रत्येक ट्यूबवेलबाट पाँच देखि १० बिघा सम्म सिचाइ गर्न सकिने देखिएको छ । यसको अतिरिक्त जिल्ला पञ्चायतको विकास अनुदानबाट पनि २६ हाते पम्प २६ गाउँ पञ्चायतमा वितरण भएको छ ।

कृषि विकास

तौलिहवा कृषि विकास कार्यालयद्वारा समय समयमा कृषि प्रसार सम्बन्धी कार्यक्रमहरू सञ्चालन भई नै रहेकाछन्। यसको प्रमुख उद्देश्य किसानहरूलाई उन्नत बीउ बीजनको प्रयोग, रासायनिक मलको उपयोग, आधुनिक कृषि औजारहरूको प्रयोग तथा कृषि सम्बन्धी आधुनिक ज्ञानको प्रसार गराउनु हो । यसको साथै पशुको नश्ल सुधार, उन्नत खालका फल–फूल तथा तरकारी खेतीमा नयाँ किसिमको प्रयोगहरू गराउन पनि हो । कपिलवस्तु जिल्लामा कृषि विकास कार्यालयबाट उन्नत जातका बालीहरू को नतीजा प्रदर्शन पनि गरिन्छ। औषधिको प्रयोग गर्ने तरीका प्रदर्शन तथा बढी उत्पादन प्रतियोगिताद्वारा प्रसार कार्यक्रम गर्ने गरिएको छ।

किसानहरूले कृषि प्रसार कार्यक्रममापनि निकै उत्साह देखाएका छन् । उन्नत बीउ बीजनको प्रयोग निकै बढ्दैछ र विगत केही वर्षहरूदेखि खासगरी धान, गहुँ र मकैको उन्नत बीउको प्रयोग उल्लेखनीय रूपमा वृद्धि हुँदैगएको छ।

यस बाहेक किसानहरूले न्यू हेमशायर सुंगुर, रेड सिन्धी गाई, इजरायली भेडा, तथा उन्नत जातका भैंसी–राँगाहरू पाल्न शुरूगरेका छन्। न्यूहेमशायर तथा व्हाईट लेगहर्न कुखुरा पनि पाल्ने गरेका छन्।

कृपि ऋण

कपिलवस्तु जिल्लाको लगभग ९५ प्रतिशत मानिसहरू कृषि पेशामा लागेका छन् । उन्नत जातको बीज–बीजन, मल र कृषि औजार खरीद गर्न कृषकहरूलाई ऋणको आवश्यकता पर्दछ । साहुमहाजनले पनि

मौकाको फाइदा उठाई चर्को व्याज लिई ऋण दिने गरेको परम्परागत प्रथा पनि अद्यापि कतै कतै पाइन्छ। चर्को व्याजको चपेट.बाट कृषकहरूलाई बचाउन तथा कृषि उत्पादन बढाउनकोलागि जिल्लास्तरीय कृषि ऋणको व्यवस्था सहकारी संस्थाहरू तथा कृषि विकास वैंकका शाखाहरूवाट गरिएको छ।

यस जिल्लामा वि. सं. २०१९ देखि १० गाउँ पञ्चायतहरूमा १० वटा वहुमुखी सहकारी संस्थाहरूको स्थापना भएको थियो। वि. सं. २०२६ मा सहकारिता सम्बन्धी नयाँ कार्यक्रम अनुसार सहकारी कार्यालयहरूको पुनर्गठन गरी जिल्लामा जम्मा दुईवटा बहुमुखी सहकारी संस्थामात्र सञ्चालन गरिएका छन्। आर्थिक वर्ष २०२९।०३० मा उक्त संस्थाहरूको सदस्य संख्या ३४० थिए। उक्त संस्थाको कुल शेयर पूँजी रू. १७,५२८। थियो।

यी दुवै सहकारी संस्थाहरूले आर्थिक वर्ष २०२९।०३० सम्ममा कृषि विकास बैंकबाट रू. १,०४,७८९। ऋण प्राप्त गरेका थिए। यसबाट सदस्यहरूलाई बीज वीजन, रासायनिक मल तथा हल गोरू खरीद गर्नको लागि रू. १,१२,९७६। ऋण वितरण गरिएको थियो। उक्त ऋणमध्ये रू.८८,३२३। असूल उपर पनि भइसकेको छ।

कपिलवस्तु जिल्लामा कृषि ऋण उपलब्ध गराउने हेतुले कृषि–विकास बैंकको स्थापना वि. सं. २०२६ मा भएको थियो। यस बैंकबाट अल्पकालीन तथा दीर्घकालीन ऋण किसानहरूलाई उपलब्ध गराइन्छ। किसानहरूलाई रासायनिक मल, बीउ, कृषि सम्बन्धी औजार तथा कीटाणुनाशक औषधिहरू उपलब्ध गराउने काम पनि यसले गर्दछ। कृषि सम्बन्धी लघु उद्योगहरूकोलागि पनि ऋृण तथा प्राविधिक ज्ञान उपलब्ध गराई दिने गरेको छ। कृषि विकास बैंकद्वारा ट्रेक्टर, पम्पसेट तथा मील स्थापनाकोलागि ऋण उपलब्ध गराइएको छ। ऋण प्राप्त गर्ने किसानको संख्या ७३८ छन्। कृषि विकास बैंकबाट यहाँ वि. सं. २०२६।२७ मा रू. ३,४२,०००।; वि. सं. २०२७।२८ मा रू. ५,६९,०००।; वि. सं. २०२८।२९ मा रू. ३,८४,०००।; वि. सं. २०२९।०३० मा रू. ९,३०,०००। तथा वि. सं. २०३०।०३१ मा रू. २३,००,०००। गरी जम्मा रू. ४५,२६,०००।ऋण वितरण भएको छ। ऋणको सदुपयोग सम्बन्धी निरीक्षणकोलागि कृष्ण नगरमा एउटा एजेण्ट कार्यालयको स्थापना पनि भएको छ।

पुनर्वास कार्यक्रम

यस जिल्लामा पुर्नवास कार्यक्रम पनि चालू गरिएको थियो। पडरिया तथा रूघौला क्षेत्रमा बसोबास गराई पनि सकिएको छ। पडरिया क्षेत्रमा ४१ परिवार र रूघौलामा ४३ परिवारलाई बसाइएको छ।

उद्योग

यहाँ जे जस्ता औद्योगिक प्रतिष्ठानहरू छन् ती सबैं कृषिमै आधारित छन्। जिल्लामा धान, गहुँ, तथा तोरीको निकै राम्रो उत्पादन हुन्छ। यसकारण यस जिल्लामा धान कुट्ने, गहुँ पिन्ने तथा तोरी पेल्ने मिलहरूको संख्या सबैभन्दा बढी छ। तेल, चामल तथा गहुँ मिलहरूको संख्या करीब ११२ जति छन्। यस बाहेक यहाँ केही बिडी, स–मीलहरू तथा खाँडासारी (सखर मिल) मिलहरू छन्। प्रत्येक उद्योगहरूको क्रमवद्ध रूपमा वर्णन तल गरिएको छ।

घरेलु उद्योग

यो जिल्लामा असंगठित रूपमा परम्परागत किसिमले सञ्चालन भइरहेका घरेलु उद्योगहरू प्रशस्त संख्यामा पाइन्छन् । ती घरेलु उद्योगहरू जातीय परम्परा अनुसार गर्ने गरेको देखिन्छ । जस्तै गोरू, गाडा, मेच, टेबुल तथा हलोको जुवा बनाउने काम सिकर्मीले गर्दछन् भने माटाका भाँडावर्तन बनाउने काम कुमालेले गरेको देखिन्छ । त्यसकारण घरेलु उद्योग कुनै पेशाको रूपमा नभई जातीय आधारमा गरेको देखिन्छ । यस जिल्लामा पङ्खा, डालो, टोकरी, ढकीया, झौवा, मान्द्रो, गुन्द्री, मचिया, खाट, बाँस–वेतका सामानहरू, टेबुल, मेच तथा दराजहरू पनि घरेलु उद्योगको रूपमा बनाइन्छ । यो जिल्लामा घरेलु उद्योग उल्लेखनीय रूपमा फष्टाउन सकेको देखिँदैन ।

सखर (खाँडसारी गुड) कारखाना

यो जिल्लामा आर्थिक वर्ष २०२९।३० मा १,३०० हेक्टरमा उखुको खेती गरिएको थियो । उखुको उत्पादन आर्थिक वर्ष २०२९।०३० मा २१,७४३ मेट्रिक टन भएको कृषि गणनाबाट देखिन्छ । जिल्लाको पश्चिमी भाग बहादुरगञ्ज र कृष्णनगर क्षेत्रमा बढी उखुको उत्पादन हुन्छ । र केही वर्षदेखि वीरपुर गाउँ पञ्चायतको कुदर वेटवा भन्ने ठाउँमा नेपाल खाँडसारी इण्डष्ट्रिजको नामले दैनिक १५० क्वीन्टल उखु पेल्ने तीनवटा खाँडसारी मिलहरूको स्थापना भएको छ । वर्षको करीब चार महीना उखु पेल्ने काम यी मिलहरूबाट हुन्छ । खाँडसारीको उत्पादन पाँच प्रतिशत देखि छ प्रतिशतसम्म हुन्छ । यस क्षेत्रमा उत्पादन हुने उखुको केही प्रतिशत मात्र खाँडसारी मिलले प्रयोग गर्छ र बाँकी भारततततर्फ निर्यात गरिन्छ । निकट भविष्यमा यस जिल्लामा चीनी कारखाना खोल्ने सम्भाव्यताको अध्ययन गरिएको छ ।

धान कुट्ने मिल

कृषि पैदावार नै यहाँको मुख्य उत्पादन हुँदा त्यस सम्बन्धी मिलहरूको आधिक्य हुनु स्वाभाविकै छ । यसकारण यहाँ प्रत्येक ठाउँमा धान कुट्ने, तोरी पेल्ने तथा गहुँ पिन्ने मिलहरू प्रशस्त मात्रामा पाइन्छन् । जिल्लाका सम्पन्न किसानहरूले यस्ता मिलहरूको स्थापना गर्नेमा बचत रकम लगानी गर्ने गरेका छन् । यस्ता मिलहरू वर्षैभरि सञ्चालन भइरहन्छन् । कपिलवस्तु जिल्लामा यस्ता मिलहरूको संख्या ६ देखि ५० अश्व शक्ति भएक ११२ छन् ।

उपर्युक्त प्रमुख उद्योगहरू बाहेक यस जिल्लामा बिडी बनाउने, स–मील, शिवगञ्ज म्याच फ्याक्टरी नामक एउटा सलाई कारखाना, मदभट्टी तथा फर्निचर कारखानाहरू प्रशस्त मात्रामा छन् ।

अर्घाखाँची, गुल्मी, प्यूठान जस्ता पहाडी जिल्लाहरूबाट कच्चा मालसामानहरू पनि पाइने भएको हुनाले यस जिल्लामा भविष्यमा ठूल–ठूला उद्योग जस्तो चीनी, फर्निचर तथा कागज कारखानाहरू स्थापना गर्न सकिने सम्भावना बढेको छ ।

अन्तःशुल्क

यस जिल्लाको कृष्णनगरमा एउटा अन्तःशुल्क कार्यालय छ । अन्तःशुल्कको ठूलो रकम मदभट्टी ठेक्काबाट असूल हुन्छ । आर्थिक वर्ष २०२६।०२७ देखि २०२९।०३० सम्मको चार वर्षको अन्तःशुल्क राजस्वको लगत निम्न बमोजिम छ ।

आर्थिक वर्ष	अन्तःशुल्क (मारू.)
२०२६।०२७	११,८८,४४७।
२०२७।०२८	१८,७०,९९९।
२०२८।०२९	१७,८१,७७४।
२०२९।०३०	२०,७४,३२२।

व्यापार

कृषि पैदावार बढी हुने जिल्ला भएको हुनाले यस जिल्लाको मुख्य व्यापार नै खाद्यान्नको खरीद बिक्रीमा सीमित रहेको देखिन्छ। भारतको सीमाना पनि नजीकै भएको हुनाले पनि यहाँको खाद्यान्न भारतमा निकासी हुन्छ। यस जिल्लामा साना ठूला गरी जम्मा ६५ वटा पसलहरू छन्। जसमा चामल, तेल, चीनी, चुरोट, रक्सी तथा स्पात (स्टेनलेस स्टील) का भाँडाकुँडाको थोक व्यापार हुन्छ।

यस जिल्लाको प्रमुख व्यापारिक केन्द्रहरू कृष्णनगर, बहादुरगञ्ज, तौलिहवा, पत्थरकोट तथा महाराजगञ्ज भएता पनि मुख्य चल्तीको व्यापारिक तथा औद्योगिक केन्द्र कृष्णनगर नै हो भन्न सकिन्छ। यी स्थानहरूमा विभिन्न किसिमका मालसामानहरूको खरीद बिक्री हुन्छ। यहाँ रहेका व्यापारिक संस्थानहरूमा नेशनल ट्रेडिङ्ग लि. र कृषि खरीद बिक्री संस्थान मुख्य हुन्। यस जिल्लाको पत्थरकोट भन्ने ठाउँबाट अर्घाखाँची, गुल्मी तथा प्यूठान जिल्लाहरूमा मालसामानहरूको आयात तथा निर्यात गरिन्छ। पहाडी भेकबाट ल्याइएको जरीबूटी तथा खाद्यान्न वस्तुहरू कृष्णनगरबाट निकासी हुन्छ। कृष्णनगर भन्सार कार्यालयबाट आर्थिक वर्ष २०२६।०२७ देखि २०२९।०३० को चार वर्षमा उठेको राजस्व आम्दानीको विवरण तल दिइएको छ।

आर्थिक वर्ष	राजस्व रकम (रू.मा)
२०२६।०२७	२२,७८,६६६।
२०२७।०२८	१६,६१,२९९।
२०२८।०२९	२८,५५,५२६।
२०२९।०३०	१४,५१,८६३।

हाटबजार

माथि उल्लिखित प्रमुख व्यापारिक केन्द्रहरूबाट कारोवारहरू भई नै रहने भए तापनि हाट बजारमा पनि निकै व्यापार हुन्छ। दैनिक उपभोगका वस्तुहरू स्थानीय हाटको माध्यमबाट किनमेल हुने गर्दछ। यस जिल्लामा हाटबजारको संख्या करीब १२ छन्।

निकासी र पैठारी

यस जिल्लाबाट भारततर्फ निकासी हुने वस्तुहरूमा चामल, काठ तथा जरीबूटी मुख्य हुन्। केही मात्रामा ,घ्यू र उखुको पनि निकासी हुने गरेको छ। यस जिल्लाबाट पहाडतर्फ निकासी हुने वस्तुहरूमा पनि चामल, कपडा, नून, तेल, मरमसला तथा दाल जस्ता सामानहरू मुख्य हुन्।

यस जिल्लामा पैठारी हुने मालसामानमा कपडा, नून, मट्टीतेल, औषधि, गाई, गोरू, भैंसी, साइकल, कृषि औजार, सिमेण्ट, फलामे छड आदि मुख्य हुन् । पहाडबाट खसी बोका, फलफूल, घ्यू आदि वस्तुहरू बिक्रीको लागि यहाँ ल्याइन्छ ।

बैंक

उद्योग तथा व्यापारको सफल कार्यान्वयनकालागि सुदृढ बैंक व्यवस्थाको आवश्यकता हुन्छ । उद्योग तथा व्यापारमा गरिने लगानी रकम पनि यस्तै संस्थाहरूबाट प्राप्त हुन्छ । त्यसकारण यस जिल्लामा राष्ट्रिय बाणिज्य बैंक, नेपाल बैंक लि. तथा कृषि विकास बैंकको स्थापना भई केही हदसम्म उक्त खाँचोलाई पूर्ति गरेको देखिन्छ । कृषि विकास बैंकले कृषि सम्बन्धी छोटो र लामो अवधिको ऋण किसानहरूलाई उपलब्ध गराउँदछ भने वाणिज्य बैंकहरूले उद्योगी तथा व्यापारी वर्गलाई कर्जा दिने गर्दछ ।

यस जिल्लामा भएका बैंकहरूमा राष्ट्रिय वाणिज्य बैंकको शाखा तौलिहवामा, नेपाल बैंक लि.को शाखा कृष्णनगरमा र कृषि विकास बैंकको शाखा तौलिहवामा तथा नेपाल राष्ट्र बैंकको सटही काउण्टर चारै ठाउँमा छन् ।

नेपाल बैंक लिमिटेड, कृष्णनगर

यस बैंकले वि.सं. २०१४ देखि नै यस जिल्लाका जनतालाई बैंक सेवा उपब्लध गराई आइरहेको छ । आर्थिक वर्ष २०२९।०३० सम्ममा चल्ती, मुद्दति, रिकरिंग तथा बचत खाताहरूको निक्षेप (जम्मा) रकम रू. १३,००,००० । पुगेको थियो । खातावालाको संख्या ५४९ पुगेको थियो । बैंकले धान, चामल, गहुँ, तेलहन, कपडा तथा सुन चाँदी धितो लिई व्यापारी तथा उद्योगपतिहरूलाई कर्जा दिने गरेको छ । आर्थिक वर्ष २०२९।०३० सम्ममा लगानी (कर्जा) तर्फ रू. ३५,००,०००। पुगेको थियो । व्यापारिक कार्य बाहेक यस बैंकले नेपाल राष्ट्र बैंक तथा राष्ट्रिय वाणिज्य बैंक नभएका ठाउँमा सरकारी कार्यालयहरूको बैंक सम्बन्धी काम पनि गर्ने गरेको छ ।

राष्ट्रिय वाणिज्य बैंक, तौलिहवा

यस बैंकले पनि नेपाल बैंक सरह काम गर्दछ । यसले पनि सुन, चाँदी, कपडा, खाद्यान्न पदार्थ आदि जस्ता मालसामानहरूमा लगानी गर्ने गर्दछ । यस बैंकले सरकारी कार्यालयहरूको रकम जम्मा गर्ने र अन्य आवश्यक काम पनि गर्ने गरेको छ । यसका खातावालाहरूको संख्या करीब १,००० छ ।

कृषि विकास बैंक बारे कृषिको परिच्छेदमा वर्णन भइसकेको छ ।

व्यावसायिक अनुपात

यस जिल्लाको कुल जनसंख्या २,०५,२०८ मध्ये १० वर्ष देखि माथिको आर्थिक दृष्टिकोणबाट सक्रिय जनसंख्या ९०,७३१ (४४.२ प्रतिशत) भएको देखिन्छ । ती मध्ये कृषि, वन, माछा पालन तर्फ लागेका ८६,२४१ (९५ प्रतिशत) र बाँकी ४,४९० (पाँच प्रतिशत) मध्ये उत्पादन तथा उद्योग तर्फ ५६६, बिजुली, पानी ग्याँस र निर्माण तर्फ २६, वाणिज्य, वितिय तथा व्यापार तर्फ १,७०७, यातातात तथा सञ्चारमा ८४ र व्यक्तिगत तथा सामूहिक सेवामा २,१०७ जना लागेका देखिन्छन् ।

यातायात, सञ्चार तथा बिजुली

यातायात

भारतको सीमानासँग जोडिएको तराईको समथर जग्गा भए पनि यातायात,सञ्चार तथा विद्युतको क्षेत्रमा यो जिल्ला पिछडिएकै छ । एक ठाउँबाट अर्को ठाउँमा जाने यातायातको साधनहरू कमै छन् । जिल्लाको सदरमुकामदेखि प्रत्येक गाउँ पञ्चायतसम्म जाने कच्ची बाटोहरू छन् तर यी सबै बाटोहरू वर्षमा छ महीना मात्र चालू रहन्छन् । वर्षा लागेपछि बाटोहरू हिंड्ने लायक रहँदैनन् । वर्षामा खाली हात्ती मात्र सवारीको साधनको रूपमा प्रयोग गरिन्छ । जिल्लाभित्रका राजमार्ग तथा सडकहरूको छोटकरी वणन तल गरिएकोछ ।

महेन्द्र राजमार्ग

हाल निर्माण भइरहेको महेन्द्र राजमार्गको बुटवल-नेपालगञ्ज खण्ड यस जिल्लाभित्रबाट जाने भएको छ।यस महेन्द्र राजमार्गको करीब ५१.२ किलोमिटर (३२माइल) बाटो यस जिल्लाभित्र पर्दछ । हाल यस सडकमा सरकारी तथा निजी सवारीका साधनहरूको आवत जावत हुन्छ । महेन्द्र राजमार्गमा जोडिने सहायक सडकहरू पनि तौलिहवा तथा कृष्णनगरबाट बन्न लागेकोछ । तौलिहवाबाट जोडिने सहायक सडकको लम्बाइ करीब ११.२ किलोमिटर (सात माइल) र कृष्णनगरबाट जोडिने सहायक सडकको लम्बाइ करीब १४.४ किलोमिटर (नौ माइल) छ ।

तौलिहवा–सुनुवा सडक

यो सडक तौलिहवादेखि भारतको सीमाना सुनुवासम्म ९.६ किलोमिटर (छ माइल) लामो सबभन्दा चल्तीको बाटो हो । यो भारतको रेलस्टेशन सोहरतगढसम्म जाने भएकोले यसमा प्रायः सबै किसिमका सवारीका साधनहरूको आवत जावत हुन्छ । यो बाटो पक्की भएकोले बाह्रै महीना चालू रहन्छ । यस सडकले तौलिहवालाई सुगम पारी निकासी पैठारीको साथै जिल्लाको विकास आयोजनाहरूलाई पनि सहयोग पुऱ्याएको छ ।

तौलिहवा–लुम्बिनी सडक

यो बाटो निकै महत्वपूर्ण छ । गौतम बुद्धको जन्मस्थल लुम्बिनी हो । संसारका श्रद्धालु भक्तगणहरू गौतम बुद्धको जन्मस्थलको अवलोकन गर्न आउने र राजा शुद्धोदनको दरबार रहेको तिलौराकोट लगायत गोटिहवा र निग्लीहवा जस्ता महत्वपूर्ण स्थलहरू तौलिहवा नजीकै रहेकाले यो बाटो निकै महत्वपूर्ण छ ।

यो बाटो रुपन्देही र कपिलवस्तु जिल्ला अन्तर्गत पर्दछ । भैरहवा-लुम्बिनी सडक लुम्बिनी योजना अन्तर्गत बनिरहेको छ। तौलिहवा-लुम्बिनी सडक करीब ३०.४ किलोमिटर (१९ माइल) लामो छ। यो बाटो कच्ची भएकोले हिउँदमामात्र जीप, ट्रक, मोटरहरूको आवत जावत हुन्छ ।

तौलिहवा-पत्थरकोट सडक

यस जिल्लाको मूल सडकमध्ये तौलिहवा-पत्थरकोट सडक पनि एउटा हो । यो जिल्लाको अति महत्वपूर्ण कच्ची सडक हो । यो बाटोको लम्बाइ करीब २२.४ किलोमिटर (१४ माइल) छ । यो सडक शुरुमा वनको कामकोलागि मात्र प्रयोग भएको थियो । मानिसहरू यही बाटो भएर गुल्मी, अर्घाखाँची र प्यूठान जाने आउने गर्दछन् । यो बाटोमा वाणगङ्गा नदी पर्छ र उक्त नदीमा पुल नभएकोले यो बाटो पनि हिउँदमा मात्र चल्दछ । हिउँदमा तौलिहवादेखि जीप, ट्रक जस्ता सवारीका साधनहरू दिनहुँ पाइनै रहन्छन् । यस बाटोको बीचमा महेन्द्र राजमार्ग पनि पर्दछ । यही सडकले तौलिहवालाई शुद्धोदनको राजधानी तिलौराकोटसँग जोडेको छ ।

तौलिहवा-वहादुरगञ्ज -कृष्णनगर सडक

करीब २५.६ किलोमिटर (१६ माइल) लामो यो सडकले बहादुरगञ्ज र कृष्णनगर जस्ता प्रमुख व्यापारिक स्थानहरूलाई तौलिहवासँग जोड्दछ । यो कच्ची सडक हो । यसमा करीब आठ-दशवटा पुल, पुलेसाहरू छन् । यस बाटोमा वाणगङ्गा नदी पर्ने भएकोले र उक्त नदीमा पुल नभएकोले यो सडक पनि हिउँदमामात्र प्रयोग हुन्छ । महेन्द्र राजमार्गसँग जोडिने सहायक सडक बहादुरगञ्ज तथा कृष्णनगरबाट बन्न लागेको छ ।

तौलिहवा-वैंरिया सडक

यो रुपन्देही जिल्लाको बुटवल बजारसँग जोड्ने सडक हो । यो पनि हिउँदमामात्र प्रयोग गर्न सकिन्छ। यसमा जीप, मोटरकार तथा ट्रकहरू चल्दछन् । यो जिल्लाको सबभन्दा पुरानो सडक हो ।

उपर्युक्त मुख्य सडकहरूका अतिरिक्त जिल्लाको सदरमुकाम तौलिहवादेखि प्रत्येक गाउँ पञ्चायतमा जाने गोरेटो र कच्ची सडक छन् । जिल्लाको सदरमुकामदेखि अन्य जिल्लाहरूमा जाने कच्ची बाटोहरू पनि छन् । वर्षातमा भने प्रायः भारत भएर नै ओहर दोहर गर्नु पर्छ ।

यातायातको मुख्य साधनको रूपमा बैलगाडी नै रहे तापनि यहाँ मोटर, ट्रक जस्ता आधुनिक साधन र घोडा, हात्ती जस्ता परम्परागत साधनहरूको पनि उपयोग गरिन्छ । जिल्लामा दर्ता भएको मोटर र मोटर साइकलको संख्या ४०, साइकल ३,६४४ रिक्सा र एक्का २०, हात्ती १००, घोडा करीब ३,००० तथा बैलगाडा करीब १०,००० छन् ।

आकाशवाणी

तौलिहवा तथा कृष्णनगर गरी यहाँ दुईवटा आकाशवाणी कार्यालयहरू छन् । तौलिहवा आकाशवाणी केन्द्रबाट वर्षको करीब २,९१७ खवर आउने र करीब २,८८५ जाने गरेको संख्या लगतबाट देखिन्छ ।

हुलाक

यस जिल्लामा एक विनियम हुलाक, चार छोटी हुलाक तथा पाँच अतिरिक्त हुलाक कार्यालयहरू छन् । ती हुलाकहरू निम्न स्थानमा रहेका छन् ।

हुलाक	स्थान
कृष्णनगर नगर विनिमय हुलाक	आदर्श गाउँ पञ्चायत, कृष्णनगर
शिवराज छोटी हुलाक	आदर्श गाउँ पञ्चायत, बहादुरगञ्ज
महाराजगञ्ज छोटी हुलाक	महाराजगञ्ज गाउँ पञ्चायत
पत्थरकोट छोटी हुलाक	महेन्द्रकोट आदर्श गाउँ पञ्चायत
तौलिहवा छोटी हुलाक	कपिलवस्तु आदर्श गाउँ पञ्चायत, तौलिहवा
अतिरिक्त हुलाक	पकडी
अतिरिक्त हुलाक	वसन्तपुर
अतिरिक्त हुलाक	बेदौली
अतिरिक्त हुलाक	कोपवा
अतिरिक्त हुलाक	वीरपुर

यस जिल्लामा सालको करीब ९,४६,७०० थान चिठी, बुकपोष्ट तथा पत्रपत्रिकाहरूको आवत-जावत हुन्छ । त्यसमध्ये सबभन्दा बढी चिठीपत्रको आवत–जावत जिल्लाको सदरमुकाम तौलिहवामा हुने गरेको छ ।

बिजुली

यस जिल्लाको तीन प्रमुख स्थान तौलिहवा, कृष्णनगर तथा बहादुरगञ्जमा बिजुलीको व्यवस्था छ । बहादुरगञ्जमा ११० किलोवाटको एक जेनेटर तथा तौलिहवामा २५ र ५० किलोवाटका दुई डिजेल जेनेटरहरूको व्यवस्था गरी बिजुली वितरण भएको छ ।

नेपाल र भारत बीच विद्युत् आदान–प्रदान गर्ने सम्झौताअनुसार कृष्णनगरमा भारतको उत्तर प्रदेशबाट बिजुली प्राप्त भइरहेको छ ।

बहादुरगञ्जमा २५ किलोवाटको एक जेनेरेटर छ । तर उक्त जेनेरेटर ज्यादै पुरानो भएको हुँदा १२ किलोवाट मात्र विद्युत उत्पादन गर्ने क्षमता छ । यहाँ घरायसी काममा मात्र प्रयोग गरीने हुँदा बर्तमान क्षमता भन्दा कम अर्थात् १० किलोवाट मात्र खपत भइरहेको छ । तौलिहवामा दुई जेनेरेटर मध्ये ५० किलोवाटको राती र २५ किलोवाटको दिनमा प्रयोग गरिन्छ । विद्युत्‌को अधिकतम माग ४५ किलोवाटसम्म पुग्छ । त्यसैकारण शहरी क्षेत्रको घरायसी प्रयोगकोलागि बिजुली दिइएको छैन ।

नेपाल–भारत विद्युत् आदान प्रदान सम्झौताअनुसार भारतको बढनी भन्ने ठाउँको बाटो भई कृष्णनगरमा ३३ के.भि. प्रसारण लाइनबाट ८०० किलोवाट विद्युत् शक्ति प्राप्त हुने भएको छ । उक्त प्रसारण लाइनलाई बहादुरगञ्ज, तौलिहवा हुँदै लुम्बिनी र भैरहवासम्म पुऱ्याउने निर्माण कार्य पनि भइरहेको छ । यो योजना पूरा भएपछि यस जिल्लाको ३३ के.भि. लाइनमा पर्ने धेरै जसो गाउँहरूमा बिजुली दिन सकिन्छ ।

शिक्षा, स्वास्थ्य तथा खानेपानी

शिक्षाको दृष्टिकोणले यो जिल्ला पछाडि नै परेको देखिन्छ । लुम्बिनी अञ्चलको पाँच जिल्लामध्ये यस जिल्लामा साक्षरताको प्रतिशत सबभन्दा कम छ ।

वि.सं. २०२८ को जनगणनाअनुसार यस जिल्लाको कुल जनसंख्या २,०५,२१६ मध्ये छ वर्षदेखि माथिको जनसंख्या १,७०,५३८ छ । यस उमेर समूहमा पर्ने जम्मा पुरुष जनसंख्या ८८,२६५ मध्ये १७,३१६ जना अर्थात् १९.६ प्रतिशत साक्षर छन् भने ८२,२७३ महिलामध्ये २,६०७ जना अर्थात् ३.२ प्रतिशतमात्र साक्षर देखिन्छन् । यसरी यस जिल्लामा जम्मा ११.७ प्रतिशत जनसंख्यामात्र साक्षर छन् ।

वि.सं.२०२८ को राष्ट्रिय जनगणनाअनुसार छ वर्षभन्दा बढी उमेर भएको जनसंख्यामध्ये विभिन्न उमेर समूहमा रहेको साक्षरहरूको संख्या र प्रतिशत निम्न बमोजिम छ ।

साक्षरताको तालिका

उमेर समूह	पुरुष			महिला			कुल संख्या		
	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत	जम्मा	साक्षर	प्रतिशत
६– ९	९,९७३	१,९१८	१९.२	९,४१८	४४३	४.७	१९,३९१	२,३६१	१२.२
१०–१४	१०,७५४	३,८७२	३६.०	८,७६७	६४९	७.४	१९,५२१	४,५२१	२३.२
१५–१९	७,४२७	२,४७५	३३.३	६,६५२	३९१	५.९	१४,०७९	२,८६६	२०.४
२०–२४	८,५०७	२,३३५	२७.४	९,६८५	३९७	४.१	१८,१९२	२,७३२	१५.०
२५–२९	१०,०५७	१,९०८	१९.०	९,३२२	२३५	२.५	१९,३७९	२,१४३	११.१
३०–३४	८,६९८	१,१८१	१३.६	८,९९०	१६८	१.९	१७,६८८	१,३४९	७.६
३५–३९	८,८९४	१,०६४	१२.०	७,१०५	१०५	१.५	१५,९९९	१,१६९	७.३
४०–४४	६,७८९	७१९	१०.६	५,७७९	७४	१.३	१२,५६८	७९३	६.३
४५–५४	९,२३७	९३२	१०.१	७,२३६	८६	१.२	१६,४७३	१,०१८	६.२
५५–६४	४,७२२	५६८	१२.०	५,१५३	३८	०.७	९,८७५	६०६	६.१
६५ र माथि	३,२०७	३४४	१०.७	४,१६६	२१	०.५	७,३७३	३६५	५.०
जम्मा–	८८,२६५	१७,३१६	१९.६	८२,२७३	२,६०७	३.२	१,७०,५३८	१९,९२३	११.७

उपरोक्त तालिकाअनुसार विद्यालय जाने उमेर समूहमध्ये १० देखि १४ वर्षको उमेर समहमा सबभन्दा बढी साक्षर देखिएको छ । यस समूहमा जम्मा २३.२ प्रतिशत जनता साक्षर देखिन्छन् । तर यस समूहमा पनि पुरुषको साक्षरता प्रतिशत ३६.० को तुलनामा महिला साक्षरता केवल ७.४ प्रतिशतमात्र देखिन्छ ।

यस जिल्लामा राष्ट्रिय शिक्षा पद्धतिको योजना वि. सं. २०३१ पुष १ गतेदेखि लागू भएको छ । शिक्षण संस्थाहरूको स्थापना र हाल यस जिल्लाका विभिन्न स्तरका विद्यालयहरू तथा त्यसमा अध्ययन गरिरहेका छात्र छात्राहरूको संख्या निम्न प्रकारको छ ।

शिक्षण संस्थाको स्तर	संख्या	छात्र संख्या	छात्रा संख्या
प्राथमिक पाठशाला	१०७	४,८८१	६४५
निम्नमाध्यमिक विद्यालय	६	२१७	२२
माध्यमिक विद्यालय	७	८६५	१३८
जम्माः—	१२०	५,९६३	८०५

कुनै कुनै माध्यमिक विद्यालयमा निम्न माध्यमिक कक्षाहरू पनि राखिएका छन् तर उपर्युक्त तालिकामा माध्यमिक विद्यालयमा समावेश भएका निम्न माध्यमिक विद्यालयहरू सम्बन्धी विवरण समावेश गरिएको छैन ।

उपर्युक्त तालिकामा देखाइएको माध्यमिक विद्यालयको संख्यामा तौलिहवाको एक छात्रा विद्यालय, बहादुरगञ्जको राम गोरखा बहुउद्देश्यीय माध्यमिक विद्यालय तथा तौलेश्वरनाथ संस्कृत प्रधान पाठशाला पनि समावेश गरिएको छ । यी माथि उल्लिखित विद्यालयहरू बाहेक यस जिल्लामा एउटा उर्दू पढाउने माध्यमिक स्तरको विद्यालय पनि छ । यस्तै करीब ४४ वटा मदरसा (विद्यालय) पनि यसै समुदाय अन्तर्गत सञ्चालन भइरहेका छन् ।

विद्यार्थीको संख्याको दृष्टिकोणले प्राथमिक पाठशालामा सबभन्दा बढी विद्यार्थीहरू अध्ययन गरी रहेका देखिन्छन् । यो सम्पूर्ण विद्यार्थी संख्याको ६५ प्रतिशत हुन आउँछ । प्राथमिक विद्यालयको संख्या जम्मा १०७ छ । प्रत्येक विद्यालयमा औसत रूपले ५२ जवान विद्यार्थीहरू अध्ययन गर्दछन् ।

विद्यार्थीहरूमा छात्र छात्राको अनुपात निकै असमान छ । छात्रको दाँजोमा छात्राको संख्या नगण्य नै छ । यस जिल्लामा नारी शिक्षामा उदारवादी प्रवृत्ति अझै आउन सकेको छैन ।

यस जिल्लामा जम्मा शिक्षक संख्या २४० छन् । यसमध्ये १४१ शिक्षकले तालीम प्राप्त गरेका छन् । शिक्षकहरू प्रायः सबै नेपाली नै छन् । तर माध्यमिक विद्यालयहरूमा केही विदेशी शिक्षकहरू पनि छन् ।

राष्ट्रिय शिक्षा पद्धति भर्खरै लागू भएको हुँदा सो लागू हुनुभन्दा अगाडिको जिल्लाको शैक्षिक क्षेत्रको स्थितीको चर्चा यहाँ गरिएको छ ।

प्रायः सबै स्तरका विद्यालयहरूको आर्थिक स्तर कमजोर भएको हुनाले श्री ५ को सरकारबाट प्रत्येक विद्यालयलाई आर्थिक सहायता प्राप्त हुँदै आएको छ। आर्थिक वर्ष २०२९।०३० मा जम्मा रू. २,६७,३८७। आर्थिक सहायता स्वरूप विद्यालयहरूलाई वितरण भएको थियो ।

आफ्नो भवन भएका विद्यालयहरूको संख्या यहाँ कम छ । पक्की भवन भएका विद्यालयहरूका संख्या जम्मा २६, छाप्रो भएका विद्यालयको संख्या ३२, भवन निर्माण भइरहेका विद्यालयहरूको संख्या जम्मा १२ वटा तथा भवन नभएका विद्यालयहरूका संख्या ४८ छन् ।

यहाँ प्रौढ साक्षरता कक्षाहरू पनि सञ्चालित हुँदै आएका छन् । प्रौढ साक्षरता अभियान अन्तर्गत जम्मा २७ ठाउँमा प्रौढ साक्षरता कक्षा सञ्चालन भएका छन् ।

यस जिल्लाको पशुपति प्रताप पुस्तकालय स्थानीय जिल्ला पञ्चायतको संरक्षणमा सञ्चालन भइरहेको छ । कृष्णनगरमा पनि एउटा पुस्तकालय छ ।

स्वास्थ्य

सदरमुकाम तौलिहवामा १५ शय्याको एउटा अस्पताल र बहादुरगञ्जमा सात शय्याको एउटा गरी कपिलवस्तु जिल्लामा दुईवटा अस्पतालहरू छन् । यस बाहेक पकडी गाउँ पञ्चायत अन्तर्गत एउटा आयुर्वेदिक औषधालय पनि छ । सदरमुकामको अस्पतालमा तीन जना डाक्टर, छ जना नर्स र तीन जना सहायक स्वास्थ्य कार्यकर्ताको व्यवस्था छ । आर्थिक वर्ष २०२९।०३० मा करीब ४३,१९६ रोगीहरूको उपचार भएको थियो ।

बहादुरगञ्जको शिवराज अस्पतालमा दुई डाक्टरहरूको व्यवस्था छ । यस अस्पतालमा जचाउन आउने रोगीहरूको संख्या प्रशस्त हुन्छन् ।

यस जिल्लामा धेरै पाइने रोगहरू खासगरी क्षयरोग, कुष्ठ रोग, औलो, बिफर, हैजा, फाइलेरिया तथा पेट सम्बन्धी रोगहरू हुन् । यी सबै रोगहरूको उपचार अस्पतालको माध्यमद्वारा नै हुन्छन् । तर केही व्यक्तिहरूमा झाँक्री जस्ता "शोखा" भन्ने व्यक्तिहरूबाट पनि उपचार गराएको देखिन्छ। आयुर्वेदिक औषधालयले स्थानीय जरीबूटी औषधि बनाएर पनि उपचार गर्ने गरेको छ ।

तौलिहवाको पी–वी अस्पतालभित्र परिवार नियोजन तथा बिफर उन्मूलन योजना कार्यालयहरू पनि छन् । परिवार नियोजन कार्यक्रम प्रारम्भिक अवस्थामै भए पनि यसको क्रिया कलाप उत्साहवर्धक नै छ ।

बिफर उन्मूलन कार्य सुचारू रूपले चलाउन जिल्ला पञ्चायत क्षेत्रलाई तीन चार भागमा विभाजन गरी बिफर उन्मूलन कार्यक्रम सञ्चालन भइरहेको छ । आर्थिक वर्ष २०२९।०३० मा ९२,४४८ जवानलाई खोपाउने काम भएको थियो । बिफरलाई पनि धार्मिक दृष्टिकोणले हेर्ने गरेकोले ग्रामीण समूदायमा यसको प्रचार अपेक्षित रूपले हुन नसके तापनि खोपाउने अभियानमा सक्रियता नै देखिन्छ ।

यस जिल्लामा औलो उन्मूलनको पनि एउटा कार्यालय छ । पत्थरकोट तथा पकडी ठाउँहरूमा यसको शाखाहरू छन् । पत्थरकोटमा औलोको प्रकोप बढी देखिन्छ । आर्थिक वर्ष २०२९।०३० मा डी. डी. टी. छर्कने काम जम्मा ५०,५९७ घरमा भएको थियो । यस जिल्लामा औलोको रोगीहरू देखिएकोले औलोको औषधिहरू खुवाउने काम गरिएको छ ।

खानेपानी

पोखरी, इनार, तथा टच्यूववेल नै यस जिल्लाका खानेपानीका स्रोतहरू हुन् । प्रत्येक गाउँ पञ्चायतमा इनार, पोखरी, टच्यूववेलको व्यवस्था स्थानीय जनताले गरेका छन् । जिल्ला पञ्चायतले पनि विभिन्न गाउँ पञ्चायतहरूलाई खानेपानीको व्यवस्थाकोलागि विकास अनुदान दिएको छ । केही गाउँ पञ्चायतहरूलाई टच्यूववेलहरू वितरण भएको छ । टच्यूववेलले खानेपानीको समस्याको समाधान गरी सिचाइकोलागि पनि सहयोग पुऱ्याएको छ ।

प्रशासन र पञ्चायत

नेपाल अधिराज्यको अति प्राचीन र ऐतिहासिक स्थानहरूमध्ये कपिलवस्तु पनि एक हो। कपिलवस्तुमा नै शान्तिका अग्रदूत गौतम बुद्धका पिता राजा शुद्धोदनको प्राचीन राज्य पनि थियो । नेपाल अधिराज्यमा गाभिइसकेपछि पाल्पाका तैनाथवालाले नै यहाँको प्रशासन चलाउने गरेका थिए । यो जिल्ला बुटबलको चार तप्पामा पर्दथ्यो। वि. सं. १९५३ मा खडा भएको पाल्हीमाझ खण्ड गोश्वारा अन्तर्गत यसको प्रशासन चल्न थाल्यो । पछि यसमा पनि परिवर्तन भयो र शिवराज तथा खजहनीको नामले यो जिल्ला प्रसिद्ध भयो। शिवराज तथा खजहनी दुवै क्षेत्रमा केही प्रशासक कार्यालयहरू रही प्रशासन चल्दथ्यो । तर मुख्य प्रशासनिक केन्द्र तौलिहवामा थियो ।

वि.सं. २०१९ मा नेपाल अधिराज्यलाई १४अञ्चल तथा ७५ जिल्लामा विभाजन गर्दा यसको नाम कपिलवस्तु रहन गयो र यसको सदरमुकाम तौलिहवा तोकियो । जिल्ला प्रशासकको रूपमा यहाँ बडा-हाकिम, सहायक अञ्चलाधीश तथा विशेष अधिकृत रहे । वि. सं. २०२८ देखि प्रमुख जिल्ला अधिकारीको कार्यालयको स्थापना भई अञ्चलाधीशको सामान्य नियन्त्रण तथा निर्देशनमा रही जिल्लाको प्रशासन सुचारू रूपले सञ्चालन भइरहेको छ ।

यस जिल्लामा निम्नलिखित सरकारी तथा गैर सरकारी कार्यालयहरू छन् ।

कार्यालयको नाम	कार्यालयको स्थान
प्रमुख जिल्ला अधिकारीको आर्यालय	तौलिहवा
जिल्ला पञ्चायत कार्यालय	तौलिहवा
भूमि प्रशासन कार्यालय	तौलिहवा
कोष तथा तहसील कार्यालय	तौलिहवा
कपिलवस्तु वन सर्कल कार्यालय	तौलिहवा
कपिलवस्तु जिल्ला अदालत	तौलिहवा
कपिलवस्तु वन डिभिजन कार्यालय	तौलिहवा
सिचाइ आयोजना कार्यालय	तौलिहवा
तौलिहवा पी–वी अस्पताल	तौलिहवा
जिल्ला प्रहरी निरीक्षक कार्यालय	तौलिहवा

मूल भन्सार कार्यालय	कृष्णनगर
शाखा कर कार्यालय	कृष्णनगर
अन्तःशुल्क कार्यालय	कृष्णनगर
शिवराज अस्पताल	बहादुरगञ्ज
सुदूर पश्चिमाञ्चलन विद्युतीकरण आयोजना	कृष्ण नगर, तौलिहवा
कृषि विकास कार्यालय	तौलिहवा
पुरातत्व संग्रहालय	तौलिहवा
सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी	तौलिहवा
अभियोक्ताको कार्यालय	तौलिहवा
कपिलवस्तु कारागार कार्यालय	तौलिहवा
जिल्ला शिक्षा अधिकारीको कार्यालय	तौलिहवा
मेण्टनान्स नापी शाखा	तौलिहवा
नेपाल औलो उन्मूलन कार्यालय	तौलिहवा
बिफर उन्मूलन आयोजना	तौलिहवा
जिल्ला तथ्याङ्क सङ्कलन कार्यालय	तौलिहवा
जिल्ला सहकारी कार्यालय	तौलिहवा
जिल्ला शाखा निर्वाचन आयोगको कार्यालय	तौलिहवा
विनिमय हुलाक कार्यालय	कृष्णनगर
आयुर्वेदीय औषधालय	पकडी
आकाशवाणी स्याटलाइट कार्यालय	तौलिहवा
आकाशवाणी स्याटलाइट कार्यालय	कृष्णनगर
कृषि खरीद बिक्री संस्थान शाखा कार्यालय	तौलिहवा
राष्ट्रिय व्यापार निगम शाखा कार्यालय	कृष्णनगर
साल्ट ट्रेडिङ कर्पोरेशन शाखा कार्यालय	कृष्णनगर
राष्ट्रिय बाणिज्य बैंक	तौलिहवा
कृषि विकास बैंक उप–शाखा कार्यालय	तौलिहवा
नेपाल बैंक लिमिटेड उप–शाखा कार्यालय	कृष्णनगर
नेपाल राष्ट्र बैंक सटही काउण्टर प्रबन्ध टोली	तौलिहवा
रेडक्रस सोसाइटी जिल्ला कार्यालय	तौलिहवा
बाल मन्दिर	तौलिहवा
बहुमुखी सहकारी संस्था	बहादुरगञ्ज
धर्मपनिया सहकारी संस्था	धर्मपनिया
व्यापार संघ	तौलिहवा तथा कृष्णनगर

प्रमुख जिल्ला अधिकारीको कार्यालयले स्थानीय प्रशासन ऐन २०२८ अनुसार शान्ति सुरक्षा सुव्यवस्था कायम गर्न तथा कार्यालयहरूको परस्पर समन्वय कायम गरी सुचारू रूपले प्रशासन सञ्चालन गर्नु पर्ने जिम्मेवारी वहन गर्दछ । नेपाली नागरिकताको प्रमाणपत्र दिने तथा ठाडो उजुरीहरू सुन्ने र निराकरण गर्ने काम पनि यस कार्यालयबाट हुन्छ ।

प्रहरी

यस जिल्लामा एउटा जिल्ला प्रहरी निरीक्षक कार्यालय, एउटा प्रहरी थाना तथा सातवटा प्रहरी चौकीहरू छन् । यसका अतिरिक्त अस्थाई रूपमा दोहनी प्रहरी चौकी, बिसुनपुर प्रहरी चौकी तथा ठकुरापुर प्रहरी चौकी पनि खडा गरिएका छन् ।

कपिलवस्तु जिल्लामा निम्न लिखित प्रहरी कार्यालयहरू छन् :–

जिल्ला प्रहरी कार्यालय	तौलिहवा
प्रहरी थाना	कृष्ण नगर
सशस्त्र प्रहरी चौकी	तौलिहवा

यी बाहेक जिल्लाको कोपवा, मर्यादपुर, चाकखौडा, फदवा, घन्चौरा, बहादुरगञ्ज र वीरपुरमा प्रहरी चौकीहरू छन् ।

कारागार कार्यालय

तौलिहवामा यस जिल्लाको कारागार कार्यालय छ । कारागारको समुचित व्यवस्था गर्नकोलागि स्थानीय रूपमा कारागार सुधार समितिको गठन गरिएको छ । यस समितिले कारागार सम्बन्धी विभिन्न सुधार गर्नुको साथै खेती योग्य जग्गामा कैदीहरूद्वारा खेती गराउने कार्यक्रम पनि लागू गरेको छ । उत्पादनको ४० प्रतिशत कैदीहरूलाई नै वितरण गर्ने र बाँकी ६० प्रतिशत कारागार सुधार समितिको कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ ।

न्याय प्रशासन

कपिलवस्तु जिल्ला अदालतमा एउटा राजपत्रांकित द्वितीय श्रेणी र एउटा राजपत्रांकित तृतीय श्रेणी गरी दुई जना न्यायाधीशको दरवन्दी छ । यस जिल्लामा देवानीतर्फ खास गरी लिखित पास, लेन देन, जग्गा सम्बन्धी विभिन्न मुद्दा तथा जग्गा नापी वदर गर्ने जस्ता मुद्दाहरू पर्दछन् । फौजदारीतर्फमा ज्यान सम्बन्धी मुद्दा, डाँका, चोरी, गोवध, घूस, जालसाजी लूटपीट, कुटपिट, करणी तथा नागरिकताको प्रमाणपत्र बदर गर्ने जस्ता मुद्दाहरू पर्दछन् । जिल्ला अदालतमा आर्थिक वर्ष २०२७।०२८ देखि २०२९।०३० सम्म परेका र छिनिएका मुद्दाहरूको विवरण निम्न वमोजिम छ ।

आर्थिक वर्ष	देवानी		फौजदारी	
	परेको	छिनिएको	परेको	छिनिएको
२०२७।०२८	८२५	४३६	५५१	३८६
२०२८।०२९	८१२	४७४	४८२	३४१
२०२९।०३०	८३३	३९९	३६७	२६६

जिल्ला अदालत बाहेक प्रमुख जिल्ला अधिकारीको कार्यालय, भूमि प्रशासन कार्यालय तथा जिल्ला वन कार्यालयहरूमा पनि मुद्दाहरू परी रहन्छ ।

सरकारी वकिल

सरकारवादी हुने मुद्दाहरूमा सरकारको तर्फबाट प्रारम्भिक तहकीकात, जाँचबुझ तथा वहस गर्ने कामकोलागि सहायक सरकारी अधिवक्ता तथा सहायक सरकारी अभियोक्ताको कार्यालयको स्थापना भएको छ । यहाँका राजपत्र अनंकित प्रथम श्रेणीका सरकारी वकिल रहन्छन् ।

कर कार्यालय

जिल्ला शाखा कर कार्यालयको स्थापना वि. सं. २०२२ मा कृष्णनगरमा भएको हो । करदाताहरूको वर्गीकरणअनुसार हाल यहाँका करदाताहरूमा उद्योगपति ७६, व्यापारी १७४ र व्यवसायी वर्ग तीन गरी जम्मा २५३ छन् । ती बाहेक बिक्रीकर दाता संख्या २७, ठेकेदार संख्या ३२ तथा मोटर करदाता संख्या १० गरी जम्मा ६९ देखिन्छन् । यसरी यस जिल्लाको करदाताहरूको कुल संख्या ३२२ छ । गत चार आर्थिक वर्षको कर असूली निम्न प्रकार छ ।

वर्ष	जम्मा कर (रु मा)
२०२६।०२७	६,२४,५८५।
२०२७।०२८	७,३६,६६७।
२०२८।०२९	९,६९,६९९।
२०२९।०३०	११,१४,३९१।

पञ्चायत

यस जिल्लालाई ८१ गाउँ पञ्चायतमा विभाजन गरिएको छ । यस जिल्लामा छ वटा आदर्श गाउँ पञ्चायतहरू छन् । केही गाउँ पञ्चायतहरूको औसत आम्दानी सालाना रू. ५०,०००। सम्म पुग्दछ। बढी आम्दानी हुने गाउँ पञ्चायतहरूमध्ये कृष्णनगर, कपिलवस्तु, महेन्द्रकोट र बहादुरगञ्ज आदर्श गाउँ पञ्चायतहरू छन् । कम आम्दानी हुने गाउँ पञ्चायतहरूको संख्या बढी छ ।

यस जिल्लामा भूतपूर्व सैनिक संगठन बाहेक नेपाल युवक संगठन, नेपाल किसान संगठन तथा नेपाल महिला संगठनहरूको प्रारम्भिक समितिहरू छन् । नेपाल किसान संगठनको जम्मा २४ गाउँ पञ्चायतमा र नेपाल महिला संगठनको जम्मा ११ गाउँ पञ्चायतमा प्रारम्भिक समितिहरू छन् ।

कपिलवस्तु जिल्ला पञ्चायत तथा विभिन्न गाउँ पञ्चायतहरूले सञ्चालन गरेका विभिन्न विकास कार्यक्रम मध्ये इनार खन्ने, हाते कल (हेंण्ड पम्प) जडान गर्ने, स्कूल भवनहरू निर्माण गर्ने, पुल कलभर्टहरू बनाउने, बाटो सोलिंग तथा कच्ची बाँधहरूको निर्माण गर्ने कामहरू प्रमुख रूपमा देखिन्छन् ।

उपसंहार

नेपाल अधिराज्यको मध्य दक्षिण भागको तराई क्षेत्रमा स्थित कपिलवस्तु जिल्ला प्राचीन कालदेखि आवादी क्षेत्रको रूपमा रहेको छ । जिल्लाको अधिकांश भाग कृषि–योग्य जमीन र वन-जङ्गलले ढाकेको हुँदा आर्थिक दृष्टिकोणले सम्पन्न जिल्लाको रूपमा यसलाई मान्न सकिन्छ । तर बाटोघाटोको अभावले गर्दा आर्थिक दृष्टिकोणले सम्पन्न भएर पनि अधिकांश जिल्लाबासीहरूको जीवनस्तर उति माथि उठ्न सकेको छैन । महेन्द्र राजमार्ग तथा यस राजमार्गलाई यहाँका प्रमुख स्थानहरूसँग जोड्ने सडकहरूको निर्माण पूरा भएपछि जिल्लाको आर्थिक विकासमा निकै सघाउ पुग्न जानेछ ।

कपिलवस्तु कृषि–प्रधान जिल्ला भएको हुँदा अधिकांश जिल्लाबासीहरूको आर्थिक आधार कृषि व्यवसाय नै हुन आउँछ । वर्षेनी बाढीले ल्याएको पाँगो माटोले बनेको तराईको समथर जग्गा कृषि उत्पादनको लागि निक्कै महत्वपूर्ण छ । तर प्राचीनकालदेखि अपनाइआएको कृषि प्रणाली तथा पानीकोलागि आकाशको भरमा पर्नु पर्दा कृषि व्यवसायको अपेक्षित रूपमा विकास गर्न कठिनाई परेको छ । अतिवृष्टि र अनावृष्टि जस्तो प्राकृतिक प्रकोपबाट जिल्लामा उत्पन्न हुने समस्यालाई हटाउन जिल्लाभित्र रहेका नदी, खोलाहरूलाई नियन्त्रण गरी सिचाइको व्यवस्था गर्ने क्रममा वाणगङ्गा सिचाइ आयोजनाको कार्यान्वयन भइरहेको छ ।

जिल्लाको करीब एक चौथाई जमीन वन जङ्गलले ढाकेको छ । वन सम्पदाको ह्रासबाट वन्यजन्तुहरूको साथै वन्य पैदावारमासमेत आघात पर्न जाने हुँदा वन संरक्षणतर्फ आवश्यक जोड दिनु परेको छ । यस सम्बन्धमा यस जिल्लामा पनि वृक्षारोपण गर्ने योजना छ ।

समथर जग्गा र मलिलो माटोले भरिएको कपिलवस्तु जिल्लामा प्रशस्त मात्रामा कृषि पैदावार पाइनु स्वाभाविकै हो । तर यी पैदावारहरूलाई प्रशोधित गर्ने एक आध चामल मिललाई छाडेर अन्य कारखानाहरू नभएबाट प्रायः सबै कच्चा पदार्थहरू भारत जाने गर्दछ । त्यसैले चामल मिलहरूको संख्या बढाउनुको साथै चीनी कारखाना ,काठ चिर्ने कारखानाहरू र घरेलु उद्योगमा आधारित लघु उद्योगहरूको स्थापना यहाँ हुन सक्ने देखिन्छ ।

अति प्राचीनकालदेखि प्रख्यात यस कपिलवस्तु जिल्लामा बुद्धकालीन समयमा शाक्य वंशी राजा शुद्धोदनको राजप्रसादसमेत बनेको थियो । तौलिहवाबाट उत्तरमा पर्ने तिलौराकोटको उत्खननबाट पाइएको भग्नावशेषहरू नै तत्कालीन राजप्रसादका भग्नावशेष हुन् भन्ने कुरो विभिन्न अभिलेखहरूबाट थाहा पाइएको छ । यी ऐतिहासिक स्थलको साथै अशोकले स्थापना गरी गएका स्तम्भहरूको संरक्षणबाट जिल्लामा आउने

तीर्थ यात्रीहरू र पर्यटकहरूबाट हुने आम्दानीले निश्चय नै जिल्लाबासीहरूको क्रयशक्ति बढ्न जाने सम्भावना रहेको छ ।

कुनै पनि जिल्लाको औद्योगीकरण तथा आधुनीकरणमा विद्युत विकासको ठूलो महत्व रहने कुरा निर्विवाद छ। यस सन्दर्भमा तौलिहवा, कृष्णनगर र बहादुरगञ्जमा बिजुली वितरण हुनुको साथैं तौलिहवा र बहादुरगञ्जको विद्युतीकरणकोलागि ३३ के.भि. प्रसारण लाइनको निर्माण गर्ने कार्य पनि भइरहेको छ। विद्युत शक्ति सुचारू रूपले पर्याप्तमात्रामा वितरण हुन थाले पछि यस जिल्लामा औद्योगीकरणको गति पनि तीव्र हुँदै जानेछ ।

यसरी जिल्लामा चालू रहेका वा निकट भविष्यमा चालू हुने शिक्षा, यातायात, विद्युत र सिचाइ सम्बन्धी आयोजनाहरूले यस जिल्लाको आर्थिक तथा सामाजिक जीवनमा क्रान्तिकारी परिवर्तन ल्याई जिल्लाबासीहरूलाई आर्थिक संवृद्धिको बाटोमा अग्रसर हुन सघाउ पुऱ्याउने छन् ।

शुद्धिपत्र

पृष्ठ संख्या	लहर	अशुद्ध	शुद्ध
१	८	१८,५४,१०० १८,५४१	१८,६४,१०० १८,६४१
१	९	३,७५,१०० ३,७५१ १०.४	३,६५,१०० ३,६५१ १०.१
२	२३	१०.४	१०.१
२	२४	२,७५,१०० ३,७५१	३,६५,१०० ३,६५१
३	२८	८,०९१ मिटर	८,०६१ मिटर
४	३	४,५८० मिटर	४,५०० मिटर
५	१५	आदिमा	आदिका
५	१९	३,५९८	३,५६७
६	१८	१८३ मिटर (६०० फीट)	१६८ मिटर (५५० फीट)
७	१२	३.६	–३.६
७	१३	२.५	–२.५
७	२३	३.७	–३.७
७	२४	६.२	४.५
८	१३	१०.	१०.३
८	१८	१,३५९.०	१,३६९.०
८	२१	१०.०	१०.९
८	३०	२,३३२.०	२,३३२.९
९	२५	५,८०० मिटर	५,४९५ मिटर
१३	४	या	यो
१३	१८	पर्वत लामा श्रृङ्खला	पर्वत श्रृङ्खलामा
२३	१६ र १७	(प्रति वर्ग किलोमिटर)	(प्रति हेक्टर)
२४	२१	४०.८	४२.१
२४	२६	१००:३५	१००:५३
२४	२७	१०.००	१००.००
२७	१४	पानम खोला	तामन खोला
२७	१५ र १७	छँटेल	छन्तेल
२७	२३	अंग	अंश
२८	४	गाएर र मागेर	गाएर मागेर
२८	१४	गर्ने	सर्ने
३१	१९	१,८५,६४१	१,८४,६४१
३१	२७	९४,४२९ हेक्टर	९४,४४९ हेक्टर
३२	६ र ७	९३,५१२	९३,५९२
३३	१	बडेला	बघेला
३३	१६ र १७	८३ १७	८७ १३
३३	१९	टन भएको छ।	टन प्रयोग भएको छ।
४१	२३	१५६ किलोमिटर	१७४ किलोमिटर
४२	उपशीर्षक	कृष्णनगर–राजमार्ग सडक	कृष्ण नगर-महेन्द्र राजमार्ग सडक
४३	९	८० किलोमिटर अर्थात् २५ कोस	६० किलोमिटर अर्थात् १९ कोस
४३	१२	नौ किलोमिटर अर्थात तीन कोस	आठ किलोमिटर अर्थात् अढाई कोस

पृष्ठ संख्या	लहर	अशुद्ध	शुद्ध
४३	१९ र २०	१८ किलोमिटर अर्थात साढे पाँच कोस	२१ किलो मिटर अर्थात् साढे ६ कोस
४६	३	जनसंख्या उमेर	जनसंख्याको उमेर
४७	८	१,९२९	१,७२९
४७	९	२,९८३	२,९३०
४७	१०	१२,९६४	१२,९११
४९	३०	अस्पतालमध्ये हिमाली प्रदेशमा एउटा पहाडी	अस्पतालमध्ये पहाडी
५१	२५	बजार रहेको	बजारको रूपमा रहेको
५१	३०	एक आर्थिक वर्षमा	एक वर्षमा
५२	१७	वगनास	बेगनास
५२	२१	त्यसरी त्यहाँको	तसर्थ यहाँको
५८	१९	५,०००	५,०३०
५८	२१	७,८६४	७,८९५
५९	८ र १७	८,२५०	८,२००
५९	१७	२,९७०	२,९५२
६०	२९	७,८६४	७,८९५
६२	१८	चोरकोटे	चोरकाटे
६२	२६	पालुटार	पालुङटार
६२	२६	च्यालिटारको	च्याङलीटारको
६३	६	५,०९१	५,०९६
६५	२३	जनवरी १५ तथा डिसेम्बर २८ मा ६.० सेण्टिग्रेड थियो ।	डिसेम्बर
६६	११	७४४.०	७४४.६
६७	१ र ६	५,०००	५,०३०
६७	६	१३,२००	१३,१२०
६७	८	भैंगुनपाती	भैरुङपाती
६७	१२ र १६	२,०००	२,०१२
६७	१६	१,२००	१,२२०
६८	४	भैंगुनपाती	भैरुङपाती
६८	५	१३,२००	१३,१२०
७६	१०	२,६०१	३,६०१
७७	२३	५७.४	५८.४
७७	२४	९१	१००.१
७९	२०	आरू खारवाङ	आरू अरवाङ
७९	२६	घेरूङ	धैरूङ
८०	१	३,२२१	२,३२१
८०	८	भीरकोट ३,१२८	पाँचखुवा देउराली १,८४७
८०	१५	४,१२८	४,१८८
८१	२०	उहियाक	उहिया
८२	२२	टोली	टोपी
८२	२५	बुलखो	बुलाकी
८३	१५	छोराल	छोराले

पृष्ठ संख्या	लहर	अशुद्ध	शुद्ध
८५	५	कृषि तथ्याङ्क २०२८ अनुसार	कृषि तथ्याङ्क २०२८ र अन्य स्रोत अनुसार
८५	१३	२,५१०	३,५१०
८५	१६	२,७२०	३,७२०
८६	६	बसीमा	बेंसीमा
८७	४	.२	१.२
८८	१	मोड	मोठ
८८	२९	साना	सानन
८९	१०	रानीस्वाँर	रानीस्वाँरा
८९	२१	कीटाणु	कीट
९१	२५	खर	खरे
९२	६	२९,५६५।	२९,५७५।
९७	१०	चोरकोटे	चोरकाटे
९८	४	तातोपानीमा तुहिन र ठाडो भन्याङमा झोलुङ्गे पुलको मात्र व्यवस्था छ।	तातोपानीमा र ठाडो भन्याङमा मात्र झोलुङ्गे पुलको व्यवस्था छ।
९९	२४	तुहिन लाग्ने	झोलुङ्गे पुल
१०१	२४	२,६४,१५७ ४,६७,६५५	३,२२,३५७ ४,९५,८५५
१०२	२४	.९	.८
१०३	२५	अध्यन	अध्ययन
१०६	१९	तौलीचोक	ताङलीचोक
१०९	२३	वार्षिक रू. ३३,०००। हुन्छ	वार्षिक रू. ३३,०००। आम्दानी हुन्छ
१११	१७	वापारक	वारपाक
१२३	१०	३४.०	३६.०
१२३	१४	४०.४	७०.४
१२३	३१	जुलाई	जन
१३१	१	३,७१२	३,८११
१३१	२४	२,१६५	२,२२६
१३२	२३	२,२५७	२,२८७
१३४	१६	३०२	४०२
१३५	१२	११.०	११.१
१३५	१४	४,७६३	४,६६३
१३५	२५	६१	१.६१
१३६	११	१५६.	१५.६
१४२	३	कृषि तथ्याङ्क २०२८ साल	कृषि तथ्याङ्क २०२८ र अन्य स्रोत
१४२	१०	२२४	२७४
१४२	१५	४२०	४३०
१४२	१८	३,११५	३,१२५
१४२	२१	५३८ ३,९२८	५३० ३,९२०
१५१	८	धाक्रेहरू	ढाक्रेहरू
१५४	१७	१,२०,०२९	१,२०,०२८
१५४	१९	१७,०९१	१७,०९७
१६१	१५	५५	५७

पृष्ठ संख्या	लहर	अशुद्ध	शुद्ध
१६९	१६	११.८	११,७८४
१६९	२२	१.२	२.१
१७२	२०	२,९६३	३,९६३
१८६	१६	९६४	९७६
१८७	१७	१,२१२	१,२२०
१८७	२२	९६४	९७६
१८९	१३	४८५	४८८
१९०	२	१,२१२	१,२२०
१९०	६	१,५४०	१,५२४
१९१	१८	५३३	५.३३
१९२	१३	६८.३	६८.२
१९४	१५	१,६७७	१,७१७
१९४	१९	२,९३०	१,९३०
१९४	२१	२७	३६
२०५	२०	१,९२,२००	१,९२,०००
२०६	१	क्षेत्रफलको १,९३,४०० हेक्टर	क्षेत्रफल १,९३,४०० हेक्टरको
२०६	५	७.३	७.२
२०६	१३	३०,३६९।	३,०३,३६९।
२०६	१५	३७३	७७३
२०७	१४	१,०७४	१,४९४
२३९	६	९.२	३.२
२३९	१०	२०.६	३०.६
२३९	१२	३२७.२	३२६.२
२३९	१४	२०३.०	२०४.०
२३९	१९	अगष्ट	जुलाई
२४०	६	६०९	६१०
२४८	५	१,३४२	१,३४४
२४८	८	२,१३३	२,१३४
२४९	२०	१,२४०	१,२४१
२५१	८	१,६७६	१,६७८
२५२	८	रिसिङ	रिसिङ रानीपोखरी
२५३	८	२५	२६
२५४	६	३१	५१
२५४	१८	२४.७	२४.८
२५४	१९	५७.५	५७.४
२५५	२	५५,६९३	५५,७९३
२५५	४	१,०२,४४६	१,०२,३४६
२५६	२७	३,२४५	३,२६७
२५६	३३	परम्पानी	धरमपानी
२५७	१	पनपाङ	मनपाङ्ग
२५७	६	साभु भगवतीपुर	साभुङ्ग भगवतीपुर
२६१	१९	४,४०० हेक्टर	आ.व.२०२७।०२८ मा ४,४०० हेक्टर

पृष्ठ संख्वा	लहर	अशुद्ध	शुद्ध
२६१	२०	मेट्रिक टन उत्पादन	मेट्रिक टन मकै उत्पादन
२६१	२३	कृषि तथ्याङ्क २०२८ अनुसार	कृषि तथ्याङ्क २०२८ तथा अरू स्रोत अनुसार
२६२	९	१४६	२४६
२६२	१६	२००	२२०
२६४	३	१,८९,३९८।	१,७९,३९६।
२६४	८	२.५ ५०	२.२५ ४५
२६४	१६	१९६५	१९२५
२६५	२१	१६,११६	१४,८५३
२६६	१६	१,५५२।	१,४५२।
२६७	२२	अहिलेसम्म	२०२९।०३० सम्ममा
२६९	३	वैरेनी	कौरेनी
२६९	४	अत्रौली	अर्मोली
२७०	१	७६,३०५	७६,३०६
२७०	२	१,५०८	१,४०७
२७१	२६	२०	१३
२८२	८	५,७२५	५,७२०
२८३	१८	९,९१५	९,९२५
२९७	९	२,००५	२०५
२९९	२	४५०	४५७
२९९	८	शृङ्खलाका एक अन्नपूर्ण	शृङ्खलाको अन्नपूर्ण
२९९	१९	७,५५६	७,५४५
२९९	२०	७,५२५ ६,९६४	७,५२७ ६,९९५
३००	१	४,८८०	४,८७८
३००	८र१६	(सात–आठ हजार फीट)	(७,५४४ फीट)
३०१	३	बनाइएको	बनाएको
३०४	१९	१३.३	१८.३
३०५	२	१५°	१५.९°
३०६	४	३२	३२.५
३०६	५	३५	३५.७
३०६	१५	४,८८०	४,८७८
३०६	१९	(सात–आठ हजार फीट)	(७,५४४ फीट)
३०६	२५	तीन–चार हजार फीट	३,२८० फीट
३०८	१	छ–सात हजार फीट	७,५४४ फीट
३०९	२	फलस्वरूप इलाकाको	फलस्वरूप यस इलाकाको
३०९	११	यज्ञ	यक्ष
३०९	१७	काठमाडौं	ललितपुर
३१२	२	१७६६	ई. सं. १७६६
३१२	१३र१५	कहरसिंह	केहर सिंह
३१७	२२	१,७३७	१,७३८
३१९	७	७८,१५०	७८,१५९
३२०	११	२५.९६	२५.९

पृष्ठ संख्या	लहर	अशुद्ध	शुद्ध
३२०	२५	१,००,६९४	१,००,६०४
३२१	९	१००.७५	१००:७७
३२२	३	१०.४	६.१
३२२	४	७२,४९६	७२,४६९
३२३	८	रूपाकोत	रूपाकोट
३३४	१८	७२	७४
३३८	१४	६,५००	६,४००
३४०	३	२,७३,६८०।	२,७२,६८०।
३४६	२०	५२.१	४७.९
३५३	९	२.७	२.०
३५४	३०	१५,१८३	१५,२८३
३५६	२०र२१	माध्यमिक विद्यालय जाने १,८२३ छात्र र ५०५ छात्रा छन् भने माध्यमिक विद्यालय १८२३ छात्र	माध्यमिक विद्यालय जाने १,८२३ छात्र
३५६	३०र३१	दुई स्नातकोत्तर स्तरमा;	स्नातकोत्तर स्तरमा
३५९	१७	सम्पूर्ण जनसंख्या	९८,४३६
३७७	८ र अन्य ठाउँ मा पनि	भृगुतेश्वर	भृगुतुम्भेश्वर
३७७	१८	९६	६४
३७९	२६	सेप्टेम्बर	अक्टोबर
३८०	१६	२७.५	२०.५
३८१	१७	४.२२	२४.२
३८२	१०	ठीक मौसम	ठीकै किसिमको मौसम
३८४	११	अजय	अभय
३८६	७	नाती	छोरा
३८६	२५	ल्याइएको	ल्याएको
३८८	६	गराइयो	गरायो
३८९	२	३३	५१
३९१	१२	नारायणी	सेती
३९४	२०	५९.२	५९.३
३९४	२१	९९.९	१००.०
३९५	१	४९,०५४	४८,०५४
३९६	१४	कुवाकोक	कुवाकोट
३९६	१७	क्रुम्ति	क्रुस्ति
३९६	२८	तले	तर्ले
३९७	१२	मलपाङ	मल्याङ कोट
३९७	१२	माफकटरी	माझकटेरी
३९७	२०	परसार	पठसार
४०१	१६	३।७०।१८	३।७०।१८।२
४०१	१८	१०९।७७।१८।६	१०९।७७।१८।–।६
४०१	२९	४००	४,०००
४०२	१	रोपनीको दरले	रोपनी, प्रतिकोदाले

पृष्ठ संख्या	लहर	अशुद्ध	शुद्ध
४०२	११	६,७९९	६,८००
४०२	३२	अनुमानित र स्वेच्छिक हुन् ।	अनुमानित हुन् ।
४०४	३३	२४५	३४५
४०५	२८	रापाको	रापाकोट
४०७	१३	तेब्बर	दोब्बर
४०९	६	पेखु, बाँधखोर	पेखु बाघखोर
४०९	७	दर्भू	दभूं
४१०	२०	६,८७८ ४१,११०।	६८७ ४८,११०।
४१०	२७	२७,८२६।	२२,८२६।
४१३	१४	वलाछी	वलादी
४१३	१८	अखछी	अखदी
४१६	१२	७९	८०
४१७	१४	करीब ३२ किलोमिटर (१० कोस) र जिल्लाभित्र स्याङ्‌जादेखि कुस्मासम्म १६ किलोमिटर (पाँचकोस) छ।	करीब १६ किलोमिटर (पाँच कोस) र स्याङ्जादेखि कुस्मासम्म करीब ३२ किलोमिटर (१० कोस) छ।
४१८	२	नाला केही पर्दैन ।	यस बाटोमा नदीनाला केही पर्दैन ।
४१८	तेस्रो उपशोर्षक	वालिम–पींढी घेला मूलबाटो	वालिम–पींढी खोला मूल बाटो
४१९	१५	रानीघाट, पक्कीपुल	राम्दीघाट पक्कीपुल
४२३	९	१४,६५६ ३.३	१४,६७५ ५.१
४२४	२७	३,४३४ जनाले माध्यमिक	३,४३४ जनाले निम्न माध्यमिक १,३०२ ले माध्यमिक;
४२५	९	८१	१७२
४२६	१०	कृस्ति ताभेचौर	कृस्ति नाच्नेचौर
४२९	(कार्यालयको नाममा	जिल्ला पञ्चायत कार्यालयको नाम छुटेको)	
४३७	विषय सूची	यातायात, सञ्चार र बिजुली	यातायात र सञ्चार
४४०	१७	७,५४८	७,५५०
४४२	१	९१२	९१५
४४६	१६	२९.२	२९.१
४४७	१३	३,६७६.६	३६७.६
४४८	४	३,९९६	३,९६३
४४८	८	३,९६२	३,९६३
४५०	१६	१,२१८	१,२२०
४५८	१	३,२५०	२,१७९
४६२	१९	२७.३ २३.७ २५.५	२७.२ २३.८ २५.४
४६२	२०	५९.६	५९.५
४६२	२१	१००.१ १००.१	१००.० १००.०
४६३	९	५९.६	५९.५
४६४	७	९३.३	९०.३
४६४	२०	खुर्कोटे	खुर्कोट
४६५	२३	१,३३	१,३८३
४६५	१७	१८	१७
	२३	२,४२२	२,३७४

पृष्ठ संख्या	लहर	अशुद्ध	शुद्ध
४६६	२१	१,२२,०८७ (आठ प्रतिशत)	१,३५,११८ (सात प्रतिशत)
४६८	१५	कृषि तथ्याङ्क २०२८	कृषि तथ्याङ्क २०२८ र अन्य स्रोत
४६८	१५	२०२४।०२५	२०२५।०२६
४६९	१३	२०२४।०२५	२०२५।०२६
४६९	२७	७,५००	७,३७२
४७०	२१	२०२६	२०१६
४७९	२	(३.५ कोस)	(तीन कोस)
४८३	२३	७८.५	१७.५
४८५	१२	५२९	४२९
४८६	२६	२५,००० व्यक्तिहरूलाई खोप	२,५८,००० खोप
४९८	१६	२,६००	२,५६१
४९९	४	१,४०६	१,३७२
४९९	१३	४,८८०	४,८७८
४९९	१९	६,१००	६,०९८
५०१	१४	४,८७५	४,७५६
५०५	१९	१६,००	१६,०००
५०६	१३	४,८८०	४,८७८
५१९	२	घाससम्मको	घासासम्मको
५२०	३	१३,७१०	१३,५१०
५२०	४	२७६	७६
५२०	८	.०८	.०७
५२०	९	प्रति हेक्टरमा आठजना	प्रति वर्गकिलोमिटरमा सातजना
५२०	२७	आर्थिक	उमेरको
५२०	२९	६,४१३	६,४०३
५२१	१	८,१८२	८,१७२
५२१	३	६९.८ र ६९.६ प्रतिशत	५०.३ र ४९.७ प्रतिशत
५२१	१९	४९.९ र ५० प्रतिशत	२५.१ र २२.६ प्रतिशत
५२१	२१	४७ र ५३ प्रतिशत	२०.८ र २३.७ प्रतिशत
५२१	२६	दोस्रो स्थान स्थानीय भाषाको आउँछ जसमध्ये थकाली, पुनेल मुस्ताङ आदि हुन् ।	स्थानीय भाषाहरूमा थकाली, पुनेल, मुस्ताङ आदि हुन् ।
५२१	२७	१७.४	१७.८
५२१	२७	मगरहरूको	मगरभाषीहरूको
५२२	५	अन्य	स्थानीय र अन्य
५२२	१५	८७८	८८७
५२२	२१	२,४५९	२,९६९
५२२	२२	२,९६९	२,४५९
५३१	१ र २	विक्रम सम्वत् २०२८ को जनगणना अनुसार यस जिल्लामा १० वर्ष र सो भन्दा माथिका आर्थिक दृष्टिकोणले सक्षम जनसंख्या २०,५४१ भएका देखिएको छ,	विक्रम संवत् २०२८ को जनगणना अनुसार यस जिल्लामा १० वर्ष र सो भन्दा माथिको जनसंख्या २०,५४१ देखिएको छ,

पृष्ठ संख्या	लहर	अशुद्ध	शुद्ध
५३२	२५	०.८	०.७
५३९	२१	२,९५३	२,८८१
५४२	१०	७०	३०
५४२	१३	०.४	०.८
५४२	२५	२०८	२७५
५४२	२६	३२	२४
५७५	११	बिजेर	भिजेर
५८८	३	समेत जोड्दा आवादी	समेत जोड्दा कुल क्षेत्रफल तथा आवादी
५९१	४	२८.७	५०.०
५९१	१८	१०३	१०॥
६१७	७	११,३०००	११,३००
६१९	६ र ७	३,००० देखि ४,०००	१,००० देखि २,०००
६२०	१६	३९७.८	३९७.२
६२०	२३	१,४४८,८	१,४४८.२
६३१	१९	१८	१९
६३८	१	कृषि तथ्याङ्क २०२८ अनुसार	कृषि तथ्याङ्क २०२८ तथा अन्य स्रोतअनुसार
६३८	१४	११७	१७७
६४७	२४	१,२३९	२,२३९
६६२	७	७,२४७	७,२४४
६७६	६	३,७६९	३,१६९
६७९	११	५,१३६	५,१३७
६८१	५	९५.५	९५.७
६८१	८	१.८	१.६
६८७	१८	वि. सं. २०२८ को कृषि तथ्याङ्क अनुसार जिल्लाको क्षेत्रफल २,१५,३०० हेक्टर मध्ये १२,८०० हेक्टर	यस जिल्लाको क्षेत्रफल २,१५,३०० हेक्टरमध्ये वि. सं. २०२८ को कृषि तथ्याङ्क अनुसार १२,८०० हेक्टर
६८८	१४	१५,२९०	१५,३९०
६८८	२०	१,३००	१,३२०
६८९	१८	१,७३४	१,७६४
६९१	१	२०२७	२०२२
६९५	७	१० वर्ष भन्दा माथिको	१० वर्षदेखि ५९ वर्षसम्मको
६९७	१५	सदर मुकाम पुतलीखेतबाट	सदरमुकाम नजीकैको पुतलीखेतबाट
७०७	६	९९, ५२	८८, २२
७०९	४	यस जिल्लाका ९७.१ प्रतिशत जिल्लाबासीहरूको	यस जिल्लाका करीब ९७ प्रतिशत बासिन्दाहरूको
७३०	८	४९,२०८	४१,२०८
७३०	१४	२५.०	२४.५
७३०	१५	५४.०	५८.५
७३६	९	१७,५७५ १४	१५,००० १२
७३६	१७	१.३ १३	१.८ १८

पृष्ठ संख्या	लहर	अशुद्ध	शुद्ध
७३६	१८	१७,५००	१५,०००
७३६	१९	०.०८ (१.६ रोपनी)	०.०६ (१.२ रोपनी)
७३८	९	कृषि तथ्याङ्क २०२८ अनुसार	कृषि तथ्याङ्क २०२८ तथा अन्य स्रोत अनुसार
७४७	९	६ वर्ष माथिको	६ वर्ष र सोभन्दा माथिको
७४७	१८	२५,४९५	२५,४९४
७६४	१	आले भञ्ज्याङ	आरे भञ्ज्याङ
७७०	२६	६९	७०
७७३	१४ र १५	वि.सं. १५४० देखि १५७५ (तदअनुसार इ.सं. १४८३ देखि १५१८)	ई.सं. १५१३ देखि १५४० (तदनुसार वि.सं. १५७० देखि १५९७)
७७४	१२	वि.सं. १५७५	ई.सं. १५४०
७७५	३	भृङा सेन	भृङ्गीसेन
७८२	६	सय	यस
७८२	७	सहमायक	हिमालयका
७८४	८	५७.१	५७.०
७८४	९	१००.१	१००.०
७८५	३	१०० : ७५	१०० : ८१
७८५	४	७५	८१
७८५	२८	एमाधा	यम्घा
७८५	२९	करमबोट	करमकोट
७८६	२ र अन्य ठाउँ	चिडीपानी	चिदिपानी
७८६	६	झदवा	झडेवा
७८६	७	डाँडाफेरी तानी	डाँडा झेरीतानी
७८६	९	तिमुरे	टिमुरे
७८६	१९	बकामालाक	बकामलाङ्ग
७८६	३२	सोमाही भञ्ज्याङ	सोमाडी भञ्ज्याङ
७८६	३३	हुमिन साथी कोरिया	हुमिन साठी कुडिया
७८९	२०	भयभीत	भयङ्कर
७९२	२२	के. जि.	सि. सि.
७९४	१८	पाइन्छ	देखिदैन
७९४	१९	बृद्धि	कमी
७९४	२१	दोब्बर	५० प्रतिशत
८०२	उपशीर्षक र २, ८, १४	पितौदीघाट	पितौंजीघाट
८०२	२१	पाल्पा	छहरा
८०२	२५	१२	९
८०५	१६	८८,११३	८८,१३१
८०५	२०	४४,५१५	४४,४१५
८३५	३१	किनारमार्वो	किनारमा
८४५	३	४०० १६,१००	२,३०० १७,२००
८४५	४	१७,२००	करीब १५,४००
८४६	१६	२६४	३००

पृष्ठ संख्या	लहर	अशुद्ध	शुद्ध
८४६	१७	(५,२८० रोपनी)	(६,००० रोपनी)
८४६	१८	५.४	४.८
८४६	२५–२६	जम्मा उत्पादन तथा प्रत्येक हेक्टरको उत्पादन क्षमता निम्नबमोजिम	जम्मा उत्पादन निम्नबमोजिम
८४८	३१	१३,६६२ ६.५	८,५०० १५.३
८४८	३२	२३,४२० ०.६	२३,४०४ ०.३६
८४८	३३	१२	७.२
८४९	२८	२०१३	२०२३
८५०	१०	किसानहरूको	किसानहरूलाई
८५२	२७	(९०.८प्रतिशत) ५६३ (०.६	(९०,८३३) ५९१ ०.७
८५३	१९	भएको	गएको
८५४	५	चिउकीका	चिउलीका
८६०	उपशीर्षक	लपु	पुल
८६८	८	खात	खास
८७०	२०	३०० २,४७५	३०५ २,५१५
८७६	१	उत्तर प्रदेश पर्छन् ।	उत्तर प्रदेश र बिहार पर्छन् ।
९००	२४	२,२९२	२,९९२
९००	२८	तान सरुया	तन सरिया
९०१	१	प्रताप नगर	प्रगति नगर
९०४	१५	अभिझुते	आमझुते
९०७	२०	१३७	१३८
९१३	५	२०२८	२०२६
९१७	२०	राष्ट् बैंकको शाखा	राष्ट्रिय वाणिज्य बैंकको शाखा र राष्ट्र बैंकको सटही काउण्टर
९१७	२७	३०४ ले मुद्दती	३०४ जनाले बचत, १८ जनाले मुद्दती
९१८	८	मुद्दती	बचत
९२०	३	(११३ कि.मि.)	(११६ कि. मि.)
९२२	२७	लुम्कौली	दुम्कौली
९२४	२१	६,४१५	६,४०५
९२४	२८	६१,८७७	६१,८६७
९२५	४	६४४	६६४
९२५	१४	१७	१५
९२५	१५	तीनवटा	दुईवटा
९२८	१०	१४,०००	६५,२७०
९३०	१	कार्यालयको नाममा जिल्ला पञ्चायत कार्यालय, जिल्ला कृषि विकास कार्यालयको नाम छुटेको	
९३४	१४ र १५	नारायणी नदीमा	नारायणी नदी र यसको समीपवर्ती क्षेत्रमा
९४२	५	नदीले	यो नदीले
९४४	२६	वन	वनस्पति
९५३	१३	१९६७	१९६९

पृष्ठ संख्या	लहर	अशुद्ध	शुद्ध
९६३	३	सुकी	सुन्दी
९६४	११	८३,४२३	८३,४२४
९६४	११ र १२	१,२२,६८०	१,२२,६८२
९६८	५	रद्दु	रहु
९७०	१२	मयलपोखरी	भेलाहीपोखरा
९७०	१३	३५ (१२,०० फीट)	२५ (१२,२००फीट
९७१	२	क्रम	कम
९७८	८	जोगीकुटी	(जोगीकुटी)
९७९	६	भइसकेकोले	भइनसकेकोले
९७९	२५	९७५ मिटर (३,२०० फीट)	१,००६ मिटर (३,३०० फीट)
९९९	१	२५००	२६००
९९९	२४	यहाँ अञ्चलको कुल संख्याको	अञ्चलको कुल जनसंख्याको
१००५	१९, २१ र २७	१७.०	१७.९
१००७	२५	ढुंडु	ढेडु
१०१६	१७	जिल्लामा	यहाँ
१०१९	७	बाँके	दाङ देउखुरी
१०२१	१०	१,२८,६४४	१,२८,६६४
१०२४	२	सौहारा	सौराहा
१०३५	२१	४५,२६,०००।	४५,२५,०००।
१०३९	उपशीर्षक	तौलिहवा–सुनुवा सडक	तौलिहवा–खुनवा सडक
१०३९	१२	सुनुवा	खुनवा
१०४८	१२	चाकखौडा	चाकरचौडा
१०४९	१६	छ वटा	पाँचवटा
१०४९	२२	छन् ।	छन् र नेपाल युवक संगठनका प्रारम्भिक समितिहरू २६ वटा गाउँ पञ्चायतहरूमा छन् ।

अनुरोध

यस "मेचीदेखि महाकाली" पुस्तकमा समावेश भएका विभिन्न विषयका जानकारीहरूमा कुनै त्रुटि हुन गएको अथवा थप गर्नु पर्ने भए अर्को संस्करणमा समावेश गर्न पाठकवर्गको सुझाव तलको ठेगानामा पठाइदिनु भई सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।

आँचबुझ केन्द्र
राजदरबार
काठमाडौं, नेपाल ।

आंशिक भार

त्रिभुवन विश्वविद्यालय
KATHMANDU NEPAL

वाल्मीकि [illegible]
पुस्तकालय

आंशिक भार